नेपाल
मानवअधिकार वर्षपुस्तक २०१४



यस वर्षको उल्लेख्य

संविधानसभा:

अग्रगमनको प्रस्थान विन्दु

मानवअधिकार वर्षपुस्तक २०१४

(नेपाली संस्करण)

(०६९ पुस १७ देखि ०७० पुस १६ गतेसम्म अर्थात् सन् २०१३ भरिका घटनाहरूको सङ्कलन)

प्रधान सम्पादक

योगीशकृष्ण खरेल

सम्पादक

मदन पौडेल

सम्पादन मण्डल

प्रशन्नता वस्ती

गणेश भण्डारी

नीर लामा

तथ्याङ्क विश्लेषण

प्रमीन घिमिरे

अनुज के.सी.

कभर डिजाइन

गीता माली

ले-आउट

गोविन्दप्रसाद त्रिपाठी

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलङ्की, स्यूचाटार

पोस्ट बक्स २७२६, काठमाडौँ, नेपाल

फोन नं. ०१-४२७८७७०, फ्याक्स नं. ०१-४२७०५५१

e-mail: insec@insec.org.np

Web-site: www.insec.org.np

मानवअधिकार वर्षपुस्तक २०१४

प्रकाशन मिति
०७० फागुन ७ गते

सङ्ख्या
३ हजार प्रति

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुनःमुद्रण गर्न सकिनेछ।)

भाषा सम्पादन
ईश्वरी ज्ञवाली

मूल्य
रु. ५००।-

आईएसबीएन : ९७८-९९३७-८५८३-५-९

मुद्रक
ड्रिम ग्राफिक्स प्रेस
धापासी, काठमाडौँ

विषय सूची

पृष्ठ सङ्ख्या

भूमिका

परिच्छेदहरू

परिच्छेद १	सन् २०१३ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन	१
	मानवअधिकार प्रतिविम्ब : सन् २०१३	२१
परिच्छेद २	संविधानसभा : अग्रगमनको प्रस्थान विन्दु	३७
परिच्छेद ३	राज्य र मानवअधिकार	
	३.१ न्यायपालिका	५३
	३.२ कार्यपालिका	७७
	३.३ व्यवस्थापिका	९३
परिच्छेद ४	जोखिममा नेपाली मानवअधिकार रक्षक	१०३
परिच्छेद ५	आप्रवासी नेपाली कामदार र मानवअधिकार	११७
परिच्छेद ६	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार	
	६.१ सप्तरी र सिरहामा जनता आवास कार्यक्रम	१४५
	६.२ सिन्धुपाल्चोक जिल्लामा मानव बेचबिखन	१५७
	६.३ रुपन्देही जिल्लामा सुकुमवासी समस्या	१७१
	६.४ कालीकोटमा स्वास्थ्य अधिकारको अवस्था	१८३
	६.५ डडेल्धुरामा मुक्त हलियाको अवस्था	१९३

अनुसूचीहरू

अनुसूची १	सन् २०१३ र मानवअधिकार उल्लङ्घनका तथ्यहरू	
	१. पूर्वाञ्चल	२०७
	२. मध्यमाञ्चल	३०७
	३. पश्चिमाञ्चल	४३३
	४. मध्यपश्चिमाञ्चल	५१३
	५. सुदूरपश्चिमाञ्चल	६०३
अनुसूची २	मानवअधिकार उल्लङ्घनका तथ्याङ्क २०१३	६४९
अनुसूची ३	सन् २०१३ को मानवअधिकार अवस्थाबारे राजनीतिक पार्टीको धारणा	६६१
अनुसूची ४	सन् २०१३ को मानवअधिकार अवस्थाबारे विभिन्न क्षेत्रको धारणा	६७५
अनुसूची ५	क्रिया/प्रतिक्रिया	६९१
अनुसूची ६	वर्षपुस्तक २०१४ तयारीका क्रममा संलग्न व्यक्तिहरू	७२९

आभार

मानवअधिकार वर्षपुस्तक २०१४ तयार गर्ने क्रममा हामीलाई नैतिक, भौतिक तथा बौद्धिक सहयोग गर्ने : नर्वेजियन दूतावास, इको तथा ईईडी, डानिडा, ह्यूगोप्रति आभार व्यक्त गर्दछौं। कठिन परिस्थितिमा पनि मानवअधिकार उल्लङ्घनका घटनाहरूको विवरण सङ्कलन गर्ने जिल्ला-जिल्लाका प्रतिनिधिहरू विशेष धन्यवादका हकदार छन्। अघिल्लो वर्षपुस्तक पढेर प्रतिक्रिया व्यक्त गर्नुहुने तमाम संस्था तथा व्यक्तिहरूमा धन्यवाद ज्ञापन गर्दछौं। सन् २०१३ को मानवअधिकार अवस्थाका सम्बन्धमा धारणा उपलब्ध गराउने सम्पूर्ण राजनीतिक दल, आयोग, मन्त्रालय, सुरक्षा निकाय तथा पेसागत सङ्घ-संस्थाहरूप्रति आभार प्रकट गर्दछौं।

जिल्लागत विषय सूची

१. पूर्वाञ्चल

१.१ झापा २०५
१.२ इलाम २१५
१.३ पाँचथर २१८
१.४ ताप्लेजुङ २२२
१.५ मोरङ २२६
१.६ सुनसरी २४०
१.७ धनकुटा २४८
१.८ तेह्रथुम २५४
१.९ भोजपुर २५९
१.१० सङ्खुवासभा २६३
१.११ सप्तरी २६७
१.१२ सिरहा २८०
१.१३ उदयपुर २८७
१.१४ खोटाङ २९२
१.१५ ओखलढुङ्गा २९८
१.१६ सोलुखुम्बु ३०२

२. मध्यमाञ्चल

२.१ धनुषा ३०९
२.२ महोत्तरी ३१६
२.३ सर्लाही ३२०
२.४ सिन्धुली ३२६
२.५ रामेछाप ३३४
२.६ दोलखा ३३९
२.७ रौतहट ३४२
२.८ बारा ३५०
२.९ पर्सा ३५५
२.१० चितवन ३६१
२.११ मकवानपुर ३६७
२.१२ ललितपुर ३७४
२.१३ काभ्रे ३८०
२.१४ भक्तपुर ३९२
२.१५ काठमाडौँ ३९५
२.१६ धादिङ ४०५
२.१७ सिन्धुपाल्चोक ४१८
२.१८ नुवाकोट ४२४
२.१९ रसुवा ४२९

३. पश्चिमाञ्चल

३.१ तनहुँ ४३५
३.२ गोरखा ४४०
३.३ लमजुङ ४४७
३.४ स्याङ्जा ४५१
३.५ कास्की ४५७
३.६ मनाङ ४७०
३.७ नवलपरासी ४७१
३.८ रूपन्देही ४७८
३.९ पाल्पा ४८५
३.१० कपिलवस्तु ४८७
३.११ अर्घाखाँची ४९३
३.१२ गुल्मी ४९५
३.१३ बाग्लुङ ४९९
३.१४ पर्वत ५०३
३.१५ म्याग्दी ५०६
३.१६ मुस्ताङ ५१०

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ ५१५
४.२ प्यूठान ५२१
४.३ रोल्पा ५२६
४.४ सल्यान ५३३
४.५ रूकुम ५३८
४.६ बाँके ५४५
४.७ बर्दिया ५५४
४.८ सुर्खेत ५६२
४.९ जाजरकोट ५७१
४.१० दैलेख ५७६
४.११ डोल्पा ५८१
४.१२ जुम्ला ५८६
४.१३ कालीकोट ५९०
४.१४ मुगु ५९५
४.१५ हुम्ला ६००

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ६०५
५.२ अछाम ६१६
५.३ डोटी ६१९
५.४ बाजुरा ६२५
५.५ बझाङ ६३०
५.६ कञ्चनपुर ६३४
५.७ डडेलधुरा ६३९
५.८ बैतडी ६४२
५.९ दार्चुला ६४६

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। पाँच विकास क्षेत्रमा पाँच क्षेत्रीय कार्यालय तथा १४ जिल्लामा जिल्ला कार्यालय स्थापना गरी इन्सेकका नियमित कार्यक्रम तथा परियोजनाहरू सञ्चालन भइरहेका छन्। मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ।

२०६९ वैशाख २४ गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति

अध्यक्ष - सुबोधराज प्याकुरेल

महासचिव - लालबाबुप्रसाद यादव

कोषाध्यक्ष - डा. मदनप्रसाद परियार

सदस्यहरू

- डा. पुष्पा कर्ण
- कुन्दन अर्याल
- टीकाराम भट्टराई
- रक्षा बस्याल
- रमेश पौडेल
- हरि फुँयाल
- वसन्तीदेवी झा

कार्यकारी निर्देशक तथा निम्नलिखित विभागहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सम्पादन गरिन्छ ।

मानवअधिकार प्रलेख तथा प्रसार विभाग

यस विभाग अन्तर्गत मानवअधिकार उल्लङ्घन/ज्यादतीसम्बन्धी घटनाहरूको अनुगमन, अध्ययन, अनुसन्धान र प्रलेखीकरण तथा स्थलगत अध्ययनमा आधारित प्रतिवेदन प्रकाशन गर्ने गरिन्छ। *त्रैमासिक स्थितिसूचक, नेपाल मानवअधिकार वर्षपुस्तक, प्राची, इन्फर्मलल*गायतका प्रकाशन यही कार्यक्रमअन्तर्गत गरिँदै आएको छ। यसै कार्यक्रम अन्तर्गत *इन्सेक अनलाइन* कार्यक्रम पनि सञ्चालन गरिँदै आएको छ। पीडितहरूलाई तात्कालिक राहत सहयोग गर्न पहल गर्ने, अर्जेन्ट अपिल जारी गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार र सरोकारवाला सङ्घ-संस्थासँग समेत समन्वय कायम गर्नेलगायतका काम यस कार्यक्रममार्फत् हुँदै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत पुस्तकालय तथा सूचना प्रविधिसम्बन्धी शाखाहरू पनि यस कार्यक्रम अन्तर्गत रहेका छन्।

मानवअधिकार शिक्षा विभाग

यस विभागअन्तर्गत इन्सेकले जिल्ला स्तरमा कार्यालय स्थापना गरी तथा स्थानीय मानवअधिकार संस्थाहरूसँगको सहकार्यमा मानवअधिकार शिक्षाको प्रचार प्रसार गरिँदै आएको छ। संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानवअधिकारसम्बन्धी तालिम, समूह परिचालन, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत मानवअधिकार सम्बन्धी पुस्तक तथा तालिम सामग्री पनि प्रकाशन तथा वितरण हुँदै आएको छ।

मानवअधिकार शिक्षा रेडियो कार्यक्रम

मानवअधिकारका विषयमा रेडियो नेपाल तथा स्थानीय एफएमहरूबाट सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको छ। समसामयिक मानवअधिकारका विषयवस्तुहरूलाई साप्ताहिक रूपमा यो कार्यक्रम मार्फत् प्रशारण गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत रेडियो श्रोता क्लबसँग समन्वय गरी स्थानीय स्तरमा मानवअधिकारसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिन्छ। त्यसैगरी विभिन्न सरकारी विद्यालयहरूमा बालअधिकार सचेतना समूह गठन गरी बालअधिकारको विषयमा सचेतना तथा बालबालिकाको व्यक्तित्व विकास सम्बन्धी क्रियाकलापहरू यस कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेका छन्।

मानवअधिकार अभियान तथा पैरवी विभाग

राज्यलाई अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनका आधारमा नीति-नियम बनाउन र सीमान्तकृत समुदायका अधिकार पहिचान गराउन दबावका लागि सिर्जना गर्नु यो विभागको प्रमुख उद्देश्य रहेको छ। कानुन पुनरावलोकन, मानवअधिकार सन्धि अनुगमन र मानवअधिकार अभियान कार्यक्रमको सञ्चालन पनि यही कार्यक्रमद्वारा हुँदै आएको छ।

व्यवस्थापन विभाग

यस विभाग अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन तथा अर्थ व्यवस्थापन पर्दछ। यस विभागले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा पनि काम गर्दै आएको छ। इन्सेकको संस्थागत योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस विभाग अन्तर्गत हुँदै आएको छ। इन्सेकको वार्षिक प्रतिवेदन, *इन्सेक अभियान*जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही विभाग अन्तर्गत हुँदै आएको छ।

क्षेत्रीय कार्यालयहरू :

- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय,** जनपथ टोल, विराटनगर। फोन नं. ०२१-४७१०२५, ४७११२७
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय,** कलङ्की, काठमाडौँ, फोन नं. ०१- ४२७८७७०
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** जनप्रिय मार्ग, पोखरा। फोन नं. ०६१- ४६५५१२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** नेसनल ट्रेडिङ रोड, नेपालगञ्ज। फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** उत्तरबेहडी, धनगढी। फोन नं. ०९१- ५२२५७६, ५२१४४६

जनताको अभिमत नबुझ्नेको भविष्य छैन

मङ्सिर ४ गते पुनः भएको संविधानसभाको निर्वाचनले जनताको कार्यसूचीलाई यथास्थानमा राखेर स्पष्ट अभिमत दिएको छ। जनमतले नेपाली जनतामा राष्ट्रियताको भावना अपूर्व किसिमले बलियो भएको सङ्केत गरेको छ। उनीहरू एकआपसमा एकताबद्ध रहन चाहन्छन्। जातीय पहिचानलाई विकृत बनाएर जनतालाई विभाजित पारिदिने र विभाजित जनताको कमजोर अवस्था भजाएर सत्तास्वार्थको फाइदा लिने मनसुवालाई जनताले यसपटक राम्रैसँग पहिचान गरे। एक्काइसौँ शताब्दीका नेपाली जनता विश्व चेतनामा कोहीभन्दा कम छैनन् भन्ने कुराको पछिल्लो र दर्विलो उदाहरण यसपटकको चुनावमा जनताले दिएको अभिमतले स्पष्ट पारेको छ।

तत्कालीन राजा महेन्द्रले ०२० सालमा छुवाछूतविरुद्धको कानुन ल्याए। तर, व्यवहारमा दलितहरूमाथि हुने विभेदमा त्यसले तात्त्विक अन्तर पार्न सकेन। ०४७ सालमा प्रजातन्त्रको पुनःस्थापनासँगै जब यो विषयमा स्वतन्त्र नागरिक समाज संलग्न हुन थाल्यो, त्यसपछिका दिनहरूमा जातीय विभेदविरुद्धको सङ्घर्षमा सफलता प्राप्त हुन थालेको हो। कानुनमा त दासत्वको उन्मूलन राणाकालमा नै भइसकेको थियो। तर, व्यवहारमा त्यसका परिणामहरू देखिन पनि बहुदलीय व्यवस्था नै पर्खनुपऱ्यो। चेतना र व्यवहार सच्याउने जिम्मा चेतनशील नागरिकहरूको हो। नागरिकहरूको सबै चेतना र एजेन्डाको समुच्च सङ्ग्रहकर्ताका नाताले चेतनशील कामहरूको समायोजन गर्ने काम राजनीतिज्ञहरूको हो। तर, काल्पनिक शत्रु खडा गरेर एकआपसमा द्वेष बढाउने, त्यसलाई चर्काउने र द्वन्द्वको सिर्जना गर्दै त्यसैलाई क्रान्ति भनेर परिभाषा गर्ने उग्रवादले हामी नेपालीको एक पुस्ताको सम्भावनाको अन्त्य गरिदियो।

कृषि मजदुरहरूको न्यूनतम ज्याला तोक्ने, महिलाहरूलाई राजनीतिक निर्वाचनमा आरक्षण दिनेलगायत शिक्षा, स्वास्थ्य, विकास संरचनाहरूको निर्माणलाई प्राथमिकता दिने कार्यमा भएका कमी-कमजोरी औँल्याउँदै त्यसलाई सच्याउने काममा जनताको चेतनशील हस्तक्षेप बढाउन प्रयास गर्नुपर्नेमा तत्कालीन नेकपा माओवादीलाई लागेको हतारोपनले काल्पनिक शत्रु खडा गर्दै एकआपसमा सिद्धिने, सिध्याउने गृहयुद्धमा हामी फस्यौं। अन्तर्राष्ट्रिय परिभाषाको गलत अर्थ लगाउँदै भाषिक समूहलाई बेग्लै जातिमा दर्ज गरिदिने, दुइ अर्थ लाग्ने परिभाषा कोर्दै आफू अनुकूल एकल स्वार्थका माग गर्ने र हुँदाहुँदा परिवर्तनका नाममा झन्डा फेर्ने, नाम फेर्नेजस्ता बाहिरी आवरणका कुरामा जनतालाई अलमल्याएर त्यसैलाई जनताको एजेन्डा हो भन्दै भ्रामक परिभाषा गर्ने जेजस्ता कुकृत्य भए, ती कुकृत्यको एकमुष्ट जवाफ आमनागरिकले यसपटकको निर्वाचनमा शालीनतापूर्वक दिइसकेका छन्। जनताको अभिमतलाई नबुझ्ने र बुझेर पनि बुझपचाउनेहरूको राजनीतिक भविष्य अब बाँकी रहने छैन। जनता आदर्श व्यवहार, न्याय र स्वतन्त्रताको पक्षमा छन्। उदाहरणीय नेतृत्वको खोजीमा छन्। उनीहरू आफ्नो विकास आफैँ गर्न सक्षम छन्। बाधा हाल्न र नचाहिँदो विषयमा राजनीतिका नाममा पार्टीकरण र गुटबन्दीजन्य भेदभाव नगरियोस् भन्ने जनताको चाहना हो। राज्यले सहयोगी, सूचनाप्रदायक र सहजकर्ताको भूमिकामा सीमित रहिदिए पुग्छ।

विगतमा जनताका विरुद्ध गरिएका अत्याचारको उपचार र फेरि त्यस्तो नदोहोऱ्याउने भरपर्दो सङ्कल्प अर्को प्रमुख एजेन्डा हो। हिजो भएका संस्थागत अपराधको संस्थागत सुधारका दृष्टिकोणले उपचार खोजिनुपर्छ। सङ्क्रमणकालीन न्यायका विश्वस्तरीय परिभाषा र साझा प्रतिबद्धता छन्। नेपाल तिनको पक्षराष्ट्र हो। हाम्रो सर्वोच्च अदालतले यथेष्ट फैसला र निर्देशनसमेत दिएको छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतको पक्षराष्ट्र बन्नका लागि पुनःस्थापित संसद्ले सर्वसम्मत निर्देश पनि दिइसकेको छ। हामी संसारबाट अलग्गिएर रहन सक्दैनौं। सङ्क्रमणकालीन सजायको कानुन बनाएर र विशेष अदालतको गठन गरेर स्थापित न्यायिक प्रक्रिया नबिग्रने गरी विगतका द्वन्द्वको समाधान खोज्नुपर्छ। फौजदारी अपराधको निरूपण गर्दा अन्तर्राष्ट्रिय फौजदारी अदालत र संयुक्त राष्ट्रसङ्घीय मान्यताका प्रतिकूल हुने गरी निर्णय गर्न पाइँदैन। मानवीय कानुनको पक्षराष्ट्र भएको नाताले पनि अन्तर्राष्ट्रिय मानवीय कानुनको साझा धारा ३ को सम्मान हामीले गर्नैपर्छ। आजको युग अन्तर्राष्ट्रिय क्षेत्राधिकारको युग हो भन्ने कुरालाई सबैले मनन गर्नैपर्छ। अन्यथा सभ्य संसारले हाम्रा निर्णयलाई मान्यता दिने छैन।

अहिले पनि हामी पुरानो पुस्ताका पुरानै चिन्तनका नेताहरूको बोलबाला भएको अवस्थामा छौं। उनीहरूले सरकारमा जाने, सत्ता चलाउने र राजकीय अधिकार प्रयोग गरेर मात्र राजनीति गर्न सकिने मानसिकता दर्शाउने गरेका छन्। उनीहरू मन्त्रालयलाई समेत बढी वा कम महत्त्वका भनेर परिभाषित गर्दैछन्। सम्पूर्ण साधनस्रोत भनेको राजकीय बजेट मात्र हो भन्ने उनीहरूको बुझाइ छ। जनताको चेतना, उत्प्रेरणा र सहभागिताको जगमा राजनीति

विकसित र स्थापित हुन्छ भन्ने कुराको राजनीतिक चेतना हामीकहाँ व्यवहारमा प्रकट हुन सकेको छैन। तर, यहाँ बिर्सनु नहुने विषय के हो भने, झन्डै ४० लाख तन्नेरीहरू वैदेशिक रोजगारीको विभीषिका भोग्दै छन्। २ करोडभन्दा बढी जनता दूरसञ्चारको पहुँचमा छन् र १ करोडभन्दा बढी इन्टरनेटसँग अभ्यस्त छन्। ४ सयभन्दा बढी स्थानीय रेडियो र अन्य सञ्चारमाध्यमहरूले नागरिक चेतना र तिनको संलग्नतालाई साकार रूप दिइरहेका छन्। प्राकृतिक, मानवीय र अन्तर्राष्ट्रिय क्षमताको पहुँचमा रहेको नेपालमा अब ढाँटको राजनीति चल्नेवाला छैन। त्यसको पछिल्लो उदाहरण संविधानसभाको निर्वाचन हो। राजनीतिक दलहरू असफल भएर प्रधानन्यायाधीशको अध्यक्षतामा गठन गरिएको गैरदलीय सरकारले सक्षम तवरले सरकार सञ्चालन गऱ्यो। उसले स्वच्छ निर्वाचन सम्पन्न गरेर आफ्नो दायित्व निर्वाह गऱ्यो। जनताको साथ र सहयोगले यो सम्भव भयो।

दण्डहीनताको मानसिकता र भेदभावको संस्कार हाम्रा मुख्य चुनौतीहरू हुन्। अहिले महिला हिंसामा अत्यधिक बढोत्तरी भएको पाइएको छ। महिलाहरूमा उजुरी गर्ने चेतना र साहस थपिएकाले पनि यस्तो भेदभाव सार्वजनिक हुन थालेका हुन्। कानुन निरूपण गर्ने निकायहरूमा क्षमता र चेतना थप्न सकियो भने अरू प्रकारका मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका मामिलाहरू सार्वजनिक रूपमा प्रकट हुन थाल्ने छन्। त्यसले समाधानतर्फको चासो र बाध्यता बढाउनेछ।

नवगठित संसद्लाई काम गर्न सजिलो छ। बनाउनुपर्ने कानुन र गर्नुपर्ने कामका बारेमा नागरिक समाज, विभिन्न आयोगहरू र अन्तर्राष्ट्रिय क्षेत्रमा विश्वव्यापी आवधिक समीक्षा र विभिन्न मानवअधिकारसम्बन्धी महासन्धिका आवधिक समीक्षामार्फत सुझावहरू प्रस्तुत गरिसकिएको छ। सर्वोच्च अदालतले जारी गरेका निर्देशनहरूबाट त झन् स्पष्ट ज्ञान प्राप्त भइसकेको छ। विघटित संविधानसभामा गरिएका छलफलहरूले पनि मार्गनिर्देश गरिसकेको छ।

राज्यको काम जनताको बौद्धिक उन्नयन र आर्थिक सबलीकरणमा सहयोग गर्ने हो। आजको युगमा मानिसलाई कस्तो अवस्थामा पछाडि परेको भनिन्छ भन्ने कुराको वैज्ञानिक मापदण्ड लागू गरेर उनीहरूको विकासलाई पहिलो प्राथमिकतामा राख्ने कुरामा आधुनिक ज्ञान, बुद्धि र विवेकको प्रयोग गर्नु नै आजको प्रमुख चुनौती हो। भएका कानुनको निष्पक्ष प्रयोग र गरिएका वाचाको इमानदारीपूर्वक परिपालना गरियो भने हामी मानवअधिकारका दृष्टिकोणले उन्नत राज्य निर्माणको यात्रामा लाग्न सफल हुनेछौं। लोकतन्त्र र मानवअधिकार एकअर्काका परिपूरक हुन्। हामी शान्तिपूर्वक सम्मानजनक जीवनको खोजीमा रहेका नागरिकले आफ्नो सिर्जनशीलताको निर्बाध उपयोग गर्न पाऊन भन्ने चाहन्छौं।

मानवअधिकार वर्षपुस्तकमा समाविष्ट सूचनाहरूले हामीलाई भविष्यका लागि सुधिन, सप्रिन र चेतनशील बन्न अभिप्रेरित गरोस्। सहिदहरूले आजभन्दा ६३ वर्ष पहिलेदेखि सँगाल्नु भएको सपना आजका नेताहरूले राम्ररी बुझ्नुहोस्। नबुझ्नेलाई जनताले असल पाठ पढाउन सकून्।

अन्त्यमा यो सँगालोको प्रकाशन देशभर रहनुभएका हाम्रा साथीहरूको मानवअधिकार अभियानमा निरन्तर संलग्नताको परिणाम हो। यसको उपयोग पीडितहरूको पहिचान गर्नका लागि संयुक्त राष्ट्रसङ्घ, नेपालका शान्ति समितिलगायतले गरेका छन्। भविष्यमा बन्ने सत्य निरूपण तथा बेपत्तासम्बन्धी आयोगहरूका लागि पनि इन्सेकको २२ वर्षदेखिको स्थानीय उपस्थितिले सहयोग गर्नेछ भन्ने वाचा गर्दछु।

हार्दिक शुभकामना।

सुबोधराज प्याकुरेल
अध्यक्ष

०७० फागुन ७

परिच्छेद

१

सन् २०१३ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन

१. परिचय

अन्योलपूर्ण पूर्वार्द्ध रहेको वर्ष सन् २०१३ उत्तरार्द्धमा भने आशालाग्दो अवस्था देखाएर बिदा भयो। वर्षौंदेखि अवरुद्ध हुँदै आएको शान्ति प्रक्रियाका केही अप्ठ्याराहरूलाई पार लगाउने वातावरणको सिर्जना यस वर्ष भयो। राष्ट्रपतिबाट अघिल्लो वर्ष नै कामचलाउ घोषित सरकारको संवैधानिक महत्त्व नभएका कारण पनि राज्यका कतिपय त्यस्ता अङ्ग अधुरो हुन पुगे, जसको उपस्थिति आमजनताको अधिकार र सुविधासँग गाँसिएको हुन्छ।

बृहत् शान्ति सम्झौताको माध्यमबाट सशस्त्र द्वन्द्व विधिवत् अन्त्य भएको सात वर्ष बितिसक्दा पनि द्वन्द्वपीडितहरूका मुद्दा ज्यूँका त्यूँ रहे। जबकि, तिनको यथाशीघ्र सम्बोधन मुलुकको आवश्यकता थियो। संविधानसभाको विघटन, जननिर्वाचित संस्थाको अनुपस्थिति, विधिको शासनको अपर्याप्तता आदि कारणले राजनीतिक शक्तिहरूप्रति आमजनताको विश्वास पातलिँदै गएको अनुभूति भयो।

नेपालको अन्तरिम संविधान, २०६३ शान्ति सम्झौताको कार्यादेश र भावी नेपाल निर्माणको सहमतीय दस्तावेजका रूपमा त्यसका निर्माताहरू स्वयम्ले सम्मान गर्न सकेनन्। फलस्वरूप मुलुकले विविध अप्ठ्याराहरूको सामना गर्नुपऱ्यो। सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका मानिसहरूको खोजतलास र मारिएका मानिसहरूको सम्बन्धमा सत्यतथ्य पत्ता लगाउने संयन्त्रको निर्माण हुन सकेन। जुन मान्यतामा ती संयन्त्रको निर्माण गर्न अध्यादेश जारी भए, ती अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नभएको ठहरियो।

ज्येष्ठ नागरिकहरू सन् २०१३ को सुरुआतसँगै संयुक्त सङ्घर्ष समिति गठन गरी आन्दोलन जारी राख्दै आए तापनि सरकारले उनीहरूको माग पूरा गर्न ध्यान दिएको छैन।

स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको दरबन्दी कायम नगरिनु, दुर्गम भेगमा खटाइएका स्वास्थ्यकर्मीहरू सम्बन्धित ठाउँमा नबस्नु जस्ता समस्या यस वर्ष पनि दोहोरिए। इन्सेक प्रतिनिधिहरूको प्रतिवेदन अनुसार देशभरि ४ हजार ६ सय १६ स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ को उपधारा ३ मा खाद्य अधिकारलाई मौलिक अधिकारका रूपमा समेटे पनि पश्चिम नेपालमा वर्षको उत्तरार्द्धमा सधैँ खाद्य सङ्कट हुँदै आएको छ। मध्य र सुदूरपश्चिमका ५० प्रतिशत

तालिका १ **सन् २०१३ मा हत्या गरिएकाको सङ्ख्या र पीडक पक्ष**



बालबालिका कम तौलका छन्। सरकारी आँकडा अनुसार नै हाल देशका ७५ मध्ये २७ जिल्ला खाद्य सुरक्षामा आत्मनिर्भर छैनन्।

राष्ट्रिय मानवअधिकार आयोगका प्रमुख आयुक्त तथा आयुक्तहरूको ६ वर्षे कार्यकाल भदौ ३० गतेबाट समाप्त भएपछि आयोग पदाधिकारीविहीन हुन गयो। यस वर्षको अन्त्यसम्म पनि पदाधिकारीहरूको नियुक्ति भएको छैन।

विदेशी श्रमबजारमा कार्यरत आप्रवासी कामदार र तिनका परिवारहरूप्रति राज्यको समुचित चासो देखिएन। उनीहरूको कमाइबाट प्राप्त विप्रेषण अर्थात् रेमिट्यान्स (आप्रवासी कामदारले कमाएर नेपाल पठाउने पैसा) भने सधैँ गर्वको विषय बन्दै गएको छ। यसबाट पर्न जाने दूरगामी प्रभावबारे कुनै अध्ययनसमेत गरिएको छैन।

नेपालको राष्ट्रिय अर्थतन्त्रमा कृषिपछि विप्रेषणले दोस्रो स्थान ओगटे पनि यो क्षेत्र सरकारको उच्च प्राथमिकताभन्दा बाहिर छ। आप्रवासी कामदार रहेका मुलुकहरूसँग प्रगाढ कूटनीतिक सम्बन्ध कायम गर्न नसक्दा नेपाली कामदारले भोगेका समस्या समाधान हुन सकेका छैनन्। सरदर दैनिक १ हजार ५ सयको सङ्ख्यामा कामका लागि तेस्रो मुलुक जाने युवाको लर्को र दैनिक तीनको हाराहारीमा भित्रिने गरेको तिनका लास, परराष्ट्र मन्त्रालयको सँघारमा राहदानी लिने युवाको भीड, जनसङ्ख्यामा आएको असन्तुलन, सामाजिक विचलन आदिले गर्दा गुणात्मक र दीर्घकालीन रूपमा वैदेशिक रोजगार नेपाल सरकारका लागि गम्भीर चुनौती पनि हो।

नेपाल सरकारले सुरु गरेको त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी लागू गरेकामा यस वर्षदेखि पञ्चवर्षीय कार्ययोजना सुरु गरेको छ। यसको प्रभावकारिता भविष्यले नै बताउनेछ।

यिनै पृष्ठभूमिमा इन्सेकले मानवअधिकार वर्षपुस्तक २०१४ प्रकाशन गरेको हो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को मानवअधिकार अनुगमन एक प्रमुख कार्य हो, जो यसले स्थापनाकालदेखि नै गर्दै आएको छ। सन् २०१३ को मानवअधिकार अवस्थाको अनुगमन प्रतिवेदनका रूपमा वर्षपुस्तक २०१४ प्रकाशन भएको छ, जो इन्सेकका ७५ जिल्लामा रहेका प्रतिनिधिहरूले पठाएका प्रतिवेदनमा आधारित रहेको छ।

२. शान्ति प्रक्रियाका बाँकी मुद्दा

सात वर्षदेखि सुचारु शान्ति प्रक्रियाको

सन् २०१३ मा अपहृतको सङ्ख्या र पीडक पक्ष

तालिका २



एउटा महत्त्वपूर्ण एवम् जटिल विषय माओवादी लडाकुको सम्पूर्ण समायोजन प्रक्रिया यस वर्ष सम्पन्न भयो। तत्कालीन राष्ट्रसङ्घीय मिसन अनमिनको प्रमाणीकरणमा उपस्थित झन्डै ३२ हजार लडाकुमध्ये १९ हजार ६ सय २ मात्र वास्तविक लडाकु ठहरिएका थिए। अन्तिम प्रक्रियामा आइपुग्दासम्म प्रमाणित लडाकुमध्ये १० प्रतिशत पनि समायोजन हुन इच्छुक देखिएनन्। ६ हजार ५ सय लडाकु समायोजन गरिने राजनीतिक सहमति भए पनि करिब १ हजार ४ सय लडाकुले मात्र समायोजन प्रक्रियालाई रोजे। माओवादी लडाकुको नेपाली सेनामा समायोजन हुनु यस वर्ष भएको उल्लेख्य प्रगति थियो।

३. राज्य सञ्चालनको अन्तरिम प्रबन्ध

अघिल्लो वर्ष संविधानसभा विघटन भएपछि तत्कालीन प्रधानमन्त्री पनि व्यवस्थापिका संसद्का सदस्य नरहेकाले संविधानको धारा ३८ (७) अनुसार स्वत: पदमुक्त भएको भन्दै धारा ३८ (९) अनुसारको अर्को मन्त्रिपरिषद् गठन नभएसम्मका लागि उनको नेतृत्वको सरकारलाई राष्ट्रपति रामवरण यादवले कामचलाउ भएको स्मरण गराएका थिए। अन्तरिम संविधानमा यस सम्बन्धमा स्पष्ट प्रावधान नभएका कारण राजनीतिक सहमतिकै आधारमा यसको हल खोजियो। लामो समयको विवाद र छलफलपछि ठूला राजनीतिक दल र मधेसी मोर्चा सर्वोच्च अदालतका

तालिका ३

सन् २०१२ मा क्षेत्रगत आधारमा पीडित सङ्ख्या

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
घाइते	३४	१०५	६	१४	५०	२०९
बेपत्ता		१				१
बालअधिकार	१०२	२०८	७४	६३	४५	४९२
अमानवीय व्यवहार	१०	१०	९	३	२	३४
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	७	१०	४	७		२८
अपहरण	१८	४८	१	३	१	७१
महिलाअधिकार	१६२	२२२	११३	३२८	८५	९१०
भूमिहीन/सुकुमवासी समस्या	८					८
भेला/सङ्गठित हुने अधिकार	८८	१२६	१४१	६९	१८	४४२
जेलमा मृत्यु	३		१			४
जातीय विभेद	२१	२६	१२	२१	३१	१११
गिरफ्तारी/यातना	१३	१९	१५	१९		६६
हिरासत वा थुनामा मृत्यु		१				१
कुटपिट	१४३	११८	१३१	१३४	५९	५८५
धम्की	२७	१७	१४	६३	१५	१३६
हत्या	११४	२०२	३४	३४	३९	४२३
जम्मा	७५०	१११३	५५५	७५८	३४५	३५२१

प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा चुनावी सरकार गठनका लागि सहमत भए।

राज्यका दुई अङ्गका प्रमुख एकै व्यक्ति रहँदा शक्ति पृथकीकरणको सिद्धान्तविपरीत भएको आधारमा मानवअधिकार समुदायले यसको विरोध जनायो। नेकपा-माओवादीको नेतृत्वमा रहेको मोर्चाले आन्दोलन नै जारी गरेको थियो। वस्तुत: संविधानसभा निर्वाचनका लागि सहमतीय आधारमा गठित उक्त मन्त्रिपरिषद्को विरोध सेलाउनुका साथसाथै निर्वाचनको वातावरण पनि निर्माण हुँदै गयो र अन्तत: ०७० मङ्सिर ४ गते निर्वाचनको मिति तय भयो।

४. संविधानसभा निर्वाचन अग्रगमनको प्रस्थान विन्दु

राजनीतिक दलहरू र सरकार निर्वाचनको तयारीमा रहेकै बेला तत्कालीन एमाओवादीबाट फुटेर बनेको नेकपा-माओवादीले निर्वाचनमा सहभागी हुन सारेका सर्त पूरा नभएको भन्दै निर्वाचन सफल हुन नदिन आरम्भ गरेको आन्दोलन हिंसात्मक रह्यो। अघिल्लो समयमा हिंसात्मक घटनामा आफ्नो संलग्नता नरहेको जनाए तापनि पछिल्लो चरणमा उसले त्यस्ता घटनामा आफ्नो संलग्नतालाई दाबी गर्दै कारबाही गर्न चुनौतीसमेत दियो। निर्वाचन अवधिमा भएका हिंसात्मक घटनाबाट दुई जनाको मृत्यु भयो भने कैयन् घाइते भए (हेर्नूहोस् परिच्छेद कार्यपालिका)। निर्वाचनपूर्व

तालिका ४ **सन् २०१३ मा क्षेत्रगत आधारमा पीडित सङ्ख्या**

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
घाइते	३४	१३२	८८	८६	५५	३९५
बालअधिकार	३२८	३३१	१८८	८७	७५	७९९
अमानवीय व्यवहार	३३	४	७	४	२	४०
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१६	२	९	९	३	३९
अपहरण	१८	३२	१२	३१	४	७७
महिलाअधिकार	५३४	९००	३४४	३५५	३१५	३३४८
भूमिहीन/सुकुमवासी समस्या				६		६
भेला/सङ्गठित हुने अधिकार	८१	१५९	३५	३८	१३	३३६
जेलमा मृत्यु		२		१	१	४
जातीय विभेद	८	३९	९	३६	१९	१०१
गिरफ्तारी/यातना	३८	३२	६५	४७	९	१७१
हिरासत वा थुनामा मृत्यु	१		२	१		४
कुटपिट	१३१	१८२	११२	३१०	३९	६७४
धम्की	३६	३५	१९	४३	७	१२०
हत्या	१३८	१०४	४१	३४	३४	३३१
जम्मा	**१३५६**	**१८१४**	**९३१**	**९६८**	**४६६**	**५४३५**

भएका त्यस्ता घटनाबाट आमजनता त्रस्त भएनन्, निर्वाचनमा ७८ प्रतिशत मतदान भयो।

उक्त निर्वाचन पक्रियामा ठूलो सङ्ख्यामा मतदाता भने उपस्थित हुन सकेनन्। निर्वाचन आयोगले नामावली सङ्कलन गर्दा विदेशमा रहेका कारण उनीहरूको नामसमेत मतदाता नामावलीमा समाविष्ट भएको थिएन। रोजगारीका लागि त्यसरी विदेशिएका नेपालीहरूको सङ्ख्या ५० लाखको हाराहारीमा अनुमान गरिएको छ, निर्वाचनमा उनीहरूले समेत विदेशमै रहेर भए पनि मतदान गराउने प्रबन्ध मिलाउन सके मात्र सम्पूर्ण मतदाताले सही अर्थमा आफ्नो अधिकार प्रयोग गरेको ठहर हुन जान्छ। प्रवासिएका नेपालीका परिवारजनले इन्सेकसमेतको संलग्नतामा सञ्चालित स्वच्छ निर्वाचनका लागि नागरिक अभियानद्वारा सञ्चालित स्थानीय स्तरका छलफल कार्यक्रममा यी विषयप्रति ध्यानाकर्षण गराएका थिए।

स्वच्छ निर्वाचनका लागि नागरिक अभियानले मतदाता सचेतना, उम्मेदवारहरूको सार्वजनिक सम्परीक्षण, सार्वजनिक सभा, अन्तरक्रियाहरू केन्द्र, क्षेत्र, जिल्ला र गाविस तहसम्म सञ्चालन गरेको थियो। यस्ता कार्यक्रमहरूमा १० हजारभन्दा बढी नागरिकको सहभागिता रहेको थियो। आमसञ्चारमाध्यमहरू मुख्य गरी सामुदायिक रेडियो, मोफसलका सामुदायिक टेलिभिजनहरू, पत्रपत्रिकाहरूको समेत सक्रियता र सहयोगका कारण स्वच्छ निर्वाचनका लागि नागरिक अभियानका सन्देशहरू १ करोड श्रोता, दर्शक र पाठकहरूले सुसूचित र सचेत हुने अवसर प्राप्त गरेका थिए। निर्वाचनपूर्व, निर्वाचनको दिन र निर्वाचनपछि प्रभावकारी पर्यवेक्षण तथा अनुगमन गर्नका लागि ३ सय १ जना अभियानका पर्यवेक्षकहरूले निर्वाचन आयोगको अनुमति प्राप्त गरेका थिए। ती पर्यवेक्षकहरूलाई स्थानीय सञ्जाल, मानवअधिकार रेडियो श्रोता क्लबका २० हजार सदस्य, इन्सेकका स्थानीय कार्यकर्ताहरूले सूचना सङ्कलन गर्न सहयोग पुऱ्याएका कारण अभियान २ सय ४० निर्वाचन क्षेत्रका प्रायः सबै निर्वाचन केन्द्रबाट सूचना प्राप्त गर्न सक्षम भएको थियो। फोटोसहितको मतदाता परिचयपत्रको प्रावधान र मतदानका लागि परिचयपत्रको अनिवार्यताका कारण फर्जी मतदानको अभ्यास हतोत्साही भएको पाइयो। अघिल्ला निर्वाचनभन्दा यो निर्वाचन निष्पक्ष र धाँधलीरहित भएको इन्सेकको ठहर छ। यद्यपि, सुधारका गुञ्जायस यथेष्ट छन्।

तालिका ५ **दाइजोका कारण भएका महिला हिंसा र पीडित सङ्ख्या**

५. सङ्क्रमणकालीन न्याय

१० वर्ष लामो सशस्त्र द्वन्द्वको अवधिमा भएका मानवअधिकारविरोधी घटना र यसबाट सिर्जित मानवीय पीडालाई सम्बोधन गर्ने उद्देश्यका साथ बृहत् शान्ति सम्झौताको बुँदा नं. ५:२:५ मा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने भनिएको छ। यससम्बन्धी अध्यादेश यसै वर्ष जारी पनि भयो। उक्त अध्यादेश सम्झौताको आशय अन्तर्राष्ट्रिय मापदण्डविपरीत रहेको ठहरियो।

सरकारले ०६९ चैत १ गते सत्य निरूपण र बेपत्ता छानबिन आयोगलाई एकै ठाउँमा राखी एउटै आयोग बनाउने प्रस्ताव अनुसारको अध्यादेश राष्ट्रपतिसमक्ष प्रस्तुत गरेको थियो। प्रस्तावित अध्यादेशमा मानवताविरोधी अपराधमा संलग्नसमेतलाई क्षमा दिने व्यवस्था गरिएको थियो। सर्वोच्च अदालतको अन्तरिम आदेशका कारण आयोग गठन हुन सकेन। अध्यादेशको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विरोध भएको थियो। *(हेर्नूहोस् परिच्छेद : न्यायपालिका)*

यस अध्यादेशको दफा २ र ३ मा मानवअधिकारको गम्भीर उल्लङ्घनको परिभाषा फरक हुनु, दफा २१ को पर्याप्त आधार नभए मुद्दा तामेलीमा राख्न सक्ने व्यवस्था, दफा २२ को पीडकले मात्र माफी मागे पनि आयोगले मेलमिलाप गराउने व्यवस्था, दफा २३ को क्षमादान दिने व्यवस्था, दफा २५, २७, २८ लगायतका उपदफा पीडितलाई न्याय दिने भन्दा पीडकलाई प्रश्रय र उन्मुक्ति दिन प्रेरित गर्ने खालका छन्।

६. चिन्ताजनक दण्डहीनताको अवस्था

नेपालमा रहेको दण्डहीनताको कुसंस्कृतिप्रति अन्तर्राष्ट्रिय समुदायसमेतले चिन्ता र चासो व्यक्त गर्दै आएका छन्। शान्ति सम्झौतापश्चात् संविधानसभाको निर्वाचन भएपछि पाँचओटा सरकार बने। कुनै पनि सरकारले यस विषयप्रति गम्भीरतापूर्वक ध्यान दिएनन्। यस वर्ष पनि दण्डहीनता न्यून गरिने कुनै सार्थक प्रयास भएनन्, अझ उल्टै हत्या वा अन्य आपराधिक घटनामा संलग्न भएको भनी अदालतले सजाय सुनाएका व्यक्तिहरूको मुद्दा फिर्ता लिने, उच्च पदमा पदोन्नति वा नियुक्त गर्ने वा अन्य प्रकारले तिनको संरक्षण गर्ने अभ्यास यस वर्ष पनि गरेको पाइयो। सर्वोच्च अदालतबाट सर्वस्वसहित

तालिका ६

सन् २०१३ मा पीडित बालबालिका

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	महिला	जम्मा	महिला	पुरुष	जम्मा
बालश्रम			४	३	७
बालबालिका बेचबिखन			५१	१५	६६
बालविवाह			१८	२	२०
बलात्कार			४०६		४०६
नवजात शिशुको हत्या			१६	११	२७
विद्यालयमा शारीरिक सजाय			२६	५८	८४
यौन दुर्व्यवहार	१	१	१७१	१०	१८१
कमलरी			७		७
जम्मा	१	१	६९९	९९	७९८

जन्मकैदको सजाय पाएका ओखलढुङ्गाका एमाओवादी नेता प्रहरीको अभिलेखमा फरार देखिए पनि उनी प्रधानमन्त्री डा. बाबुराम भट्टराईसँगसँगै ओखलढुङ्गामा आयोजित एक कार्यक्रममा सहभागी भएका थिए।

भट्टराई सरकारले पत्रकार डेकेन्द्र थापाको हत्यामा संलग्न अभियुक्तको बयान लिने र अनुसन्धान गर्ने काम तुरुन्त बन्द गर्न दैलेखको जिल्ला सरकारी वकिलको कार्यालय र प्रहरीलाई आदेश दिएको थियो। महान्यायाधिवक्ता मुक्ति प्रधानले ०६९ पुस २७ गते दैलेखका जिल्ला न्यायाधिवक्ता र जिल्ला प्रहरीलाई ठाडो निर्देशन दिँदै अनुसन्धान रोक्न पत्र पठाएका थिए।

द्वन्द्वकालका घटनाको छानबिन 'सत्य निरूपण तथा मेलमिलाप आयोगले हेर्ने हो, अदालतले होइन' भनेर एमाओवादी नेताहरूले बोले। पूर्वप्रधानमन्त्रीद्वय पुष्पकमल दाहाल, डा. बाबुराम भट्टराई र पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले मन्त्रिपरिषदका अध्यक्ष खिलराज रेग्मीलाई भेटेर गोरखा, फुजेलका कृष्णप्रसाद अधिकारीका हत्यारालाई कारबाही आरम्भ गरिएको सन्दर्भमा यस्तो धारणा व्यक्त गरेका थिए। *(हेर्नूहोस् परिच्छेद : कार्यपालिका)*

आफ्ना छोरा १८ वर्षीय कृष्णप्रसादको हत्यामा संलग्नलाई कानुनी कारबाहीको माग गर्दै अनशनमा बसेका ५६ वर्षीय नन्दप्रसाद र ५५ वर्षीया गङ्गमाया अधिकारी दम्पतीको न्यायको माग यस वर्ष पनि अधुरै रह्यो। यी त प्रतिनिधि उदाहरण हुन्, यस्ता धेरै द्वन्द्वपीडित न्यायको पर्खाइमा छन्।

७.राज्य र मानवअधिकार

७.१ न्यायपालिका

प्रधानन्यायाधीश खिलराज रेग्मीको कार्यपालिका प्रमुखका रूपमा अन्तरिम चुनावी मन्त्रिपरिषद् अध्यक्षको पदभार ग्रहण आलोचनाको विषय बन्यो। शक्ति पृथकीकरणको सिद्धान्तविपरीत बहालवाला प्रधानन्यायाधीशले सरकारको नेतृत्व

तालिका ७

सन् २०१३ मा कुटपिटको सङ्ख्या र पीडक पक्ष



गर्दा न्यायपालिकाको स्वतन्त्रतामा हस्तक्षेप भएका दृष्टान्तहरू देखिए। यद्यपि, यसैबीचका कतिपय मानवअधिकार-मैत्री फैसलाका कारण न्यायपालिका प्रशंसित पनि रह्यो।

प्रधानन्यायाधीश खिलराज रेग्मीले आफ्नो पदबाट राजीनामा पनि नगरी प्रधानमन्त्री अर्थात् मन्त्रिपरिषद् अध्यक्षको पदका लागि शपथ ग्रहण गर्दा संविधानमा उल्लेखित विशेष न्यायिक समिति या मानवअधिकार आयोगबाहेक अन्य कुनै निकायमा नियुक्ति लिन नहुने प्रावधानको बर्खिलाप गएको आरोप लाग्यो। सर्वोच्चमा उनको नियुक्तिविरुद्ध दायर गरिएका १७ रिटको सुनुवाइ नभई खारेज गरिँदा न्यायको माग गरिरहेका व्यक्तिद्वारा अदालत कार्यपालिकाको प्रभावमा परेको चर्चा पनि उठाइयो। केही राम्रा फैसला भए पनि न्यायपालिकाप्रतिको छाप भने रेग्मीको कदम नै रह्यो। अधिकारी दम्पतीको भोक हडताल जबरजस्ती भए पनि तोड्नु भन्नु शान्तिपूर्ण विरोधको विपक्षको निर्णय थियो। मानवअधिकार आयोगको स्वायत्ताको रक्षा महत्त्वपूर्ण विषय हो भने बेपत्ता र सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेश खारेज गर्नु नेपालमा पनि अन्तर्राष्ट्रिय स्तरको मानवअधिकार मैत्री कानुन स्थापना गराउने प्रयास रहेको मान्न सकिन्छ।

७.२ कार्यपालिका

संविधानसभा निर्वाचनको प्रमुख दायित्व बोकेको प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको सरकारले आफ्नो दायित्व एक हदसम्म पूरा गऱ्यो। तर, निर्वाचनमा भाग लिने सबै राजनीतिक दल तथा व्यक्तिको अधिकारलाई सम्मान गर्दै उनीहरूलाई निर्वाचनमा सहभागी गराउनु पर्नेमा यस निर्वाचनमा केही राजनीतिक दल तथा समूहलाई सरकारले समेट्न सकेन। तर, जुन परिस्थितिमा चुनाव सम्पन्न भयो, त्यो जनता र सरकार आफैंले सोचेको भन्दा सफल थियो।

सशस्त्र द्वन्द्वका कारण १० वर्षसम्म जनताको मौलिक अधिकारभित्रका शिक्षा, स्वास्थ्य, आवास, खाद्य, रोजगारलगायतका क्षेत्र सङ्कुचित हुँदा जनताको न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न सरकार असक्षम रह्यो। यस वर्ष पनि अन्तरिम संविधान, २०६३ ले प्रत्याभूत गरेका

तालिका ८ **सन् २०१३ मा महिला हिंसा क्षेत्रगत आधारमा**

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
बेचबिखनको प्रयास		४	७		२	१३
बोक्सीको आरोपमा	१५	२८	१३	८	५	६९
बलात्कार	६८	६९	४१	३१	६	२१५
बलात्कारको प्रयास	४१	१९	६	१३	१०	८९
बहुविवाह	८८	१०२	५७	२३	१३	२८३
महिला बेचबिखन	१०	१९	१०	७	६	५२
जारी					१	१
प्रसूति सेवा	१		१	१	१	४
पारिवारिक हिंसा	३०३	६५१	२०६	२५३	१५६	१५६९
यौन दुर्व्यवहार	८	७	३	१९	१५	५२
गर्भपतन		१				१
जम्मा	५३४	९००	३४४	३५५	२१५	२३४८

बेपत्ता पारिएका नागरिकसम्बन्धी आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन प्रक्रिया पूरा हुन सकेनन्। वर्षौंदेखि थाती रहेको रोम विधान पारित गर्नेतर्फ सरकार अग्रसर रहेन।

७.३ व्यवस्थापिका

गत वर्ष संविधानसभा विघटनको नौ महिनापछि प्रधानन्यायाधीशको नेतृत्वमा अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन गर्न राजनीतिक दलहरू सहमत भए। दलहरूबीच भएको ११ बुँदे सहमति र त्यसलगत्तै राष्ट्रपतिद्वारा जारी गरिएको २५ बुँदे बाधा अड्काउ फुकाउ आदेशले निर्वाचनको मार्गप्रशस्त गऱ्यो। पहिलो संविधानसभामा झैं यसपटक पनि संविधानसभालाई संविधान निर्माणका साथै व्यवस्थापिका संसद्को भूमिकामा राख्ने दलहरूबीच सहमति भयो।

व्यवस्थापिका संसद्विहीन हुँदा जनताका सरोकारका विषयले स्थान पाएनन्। मानवअधिकारका विषयमा सरकारको ध्यानाकर्षण गराउने समितिहरूको उपस्थिति भएन। साथै, व्यवस्थापिका संसद्बाट विभिन्न चरण पार गरी पारित हुनुपर्ने महत्त्वपूर्ण विधेयकलाई अध्यादेशका रूपमा जारी गरियो।

८. सन् २०१३ मा मानवअधिकार उल्लङ्घनका ज्यादती र तथ्य

८:१ नागरिक तथा राजनीतिक अधिकार

मानवअधिकारको सर्वमान्य सिद्धान्त अनुसार सबै नागरिक भयरहित वातावरणमा बाँच्न पाउने अवस्थाको सुनिश्चितता नभएसम्म त्यस राज्यमा मानवअधिकारको अवस्था सकारात्मक रहयो भनेर भन्न सक्ने ठाउँ रहँदैन। यस वर्ष इन्सेकको तथ्याङ्क अनुसार मानवअधिकार उल्लङ्घनका ४ हजार ५ सय ११ ओटा घटना सार्वजनिक भए। तराई मधेसमा सक्रिय सशस्त्र समूहका कारण हुने गरेका मानवअधिकार उल्लङ्घनका घटना यस वर्ष नगन्य मात्र भए। यस वर्ष बलात्कार, घरेलु हिंसा, दाइजोका कारण गरिएका हत्या, कथित बोक्सीका नाममा हुने दुर्व्यवहारजस्ता घटना बढी अभिलेख भए।

राजनीतिक दलका भ्रातृसङ्गठनका कार्यकर्ताबीच हुने गरेका झडपका घटनामा गएका वर्षहरूभन्दा यस वर्ष कमी आयो। यस्ता घटना सन् २०१३ मा नगन्य मात्र भए। अघिल्ला वर्षहरूमा गैरराज्यपक्षका कारण हुने मानवअधिकार उल्लङ्घनका घटनामा एमाओवादीका कार्यकर्ताको संलग्नता धेरै हुने गरेको भए पनि यस्ता घटनामा यस वर्ष कमी आयो। सन् २०१३ मा ५ हजार ४ सय ३५ जनाको मानवअधिकार उल्लङ्घन भएको तथ्याङ्क इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष राज्यपक्षबाट १ सय ९ महिला र ५ सय ३१ पुरुष गरी ६ सय ४० जना पीडित भए। गैरराज्यपक्षबाट ३ हजार ४ सय ६८ महिला, १ हजार ३ सय २५ पुरुष र २ अन्य गरी ४ हजार ७ सय ९५ जना पीडित भए। यो सङ्ख्या सन् २०१२ को तुलनामा धेरै हो। सन् २०१२ मा यो सङ्ख्या ३ हजार ५ सय २१ मात्र थियो। यस वर्ष महिला अधिकार उल्लङ्घनका घटना बढेको पाइयो। सन् २०१२ मा ९ सय १० जना महिला पीडित भएको अभिलेख

तालिका ९

सन् २०१३ मा साठी वर्ष नाघेका पीडितहरूको सङ्ख्या



भएकामा यस वर्ष २ हजार ३ सय ४८ जना महिला पीडित भएको अभिलेख रहयो।

८.२ बढ्दो महिला हिंसाका घटना

यस वर्ष विगतका वर्षहरूभन्दा पनि महिला हिंसाका बीभत्स घटनाहरू इन्सेकमा अभिलेखित भए। आफ्नै बाबुले भाडाका हत्यारा प्रयोग गरी छोरीको हत्या गर्न लगाएको, पतिले पत्नीको हत्या गरेको, बालिकादेखि वृद्धासम्म बलात्कृत भएका घटनाहरू यस वर्ष पनि अभिलेखित भइरहे। हिंसाको सबैभन्दा डरलाग्दो पक्ष कथित प्रतिष्ठाका लागि छोरीबुहारीको हत्या गर्नु रहयो। सप्तरीमा आफ्नै बाबुद्वारा छोरीको हत्या गरिएको घटना सार्वजनिक भयो। पर्सामा कथित बोक्सीको आरोपमा एक जना महिलाको हत्या भयो। यस वर्ष परिवारजनबाट १ सय ८ जना महिलाको हत्या भयो। सिरहा जिल्लामा मात्रै सात जना महिलाको परिवारजनबाट हत्या भयो। कैलाली र मोरङ जिल्लामा पाँच-पाँच जना महिलाको परिवारजनबाट हत्या भयो। यस वर्ष १ वर्षदेखि १७ वर्षसम्मका ४ सय ६ बालबालिका बलात्कृत भए भने सोही उमेर समूहका १ सय ८२ जना बालबालिकामाथि यौन दुर्व्यवहार भयो।

यसै गरी, यस वर्ष कथित बोक्सीको आरोपमा ६८ जना महिला प्रताडित भए। काठमाडौँ, जैसीदेवलकी एक महिलालाई पति तथा परिवारका सदस्यले बोक्सी भएको आरोपमा विगत नौ वर्षदेखि शारीरिक तथा मानसिक यातना दिने गरेको एक घटना सार्वजनिक भयो। प्रहरीमा दर्ता भएको कथित बोक्सी घटनामा पीडकलाई कानुनी दायरामा ल्याउने अभ्यास कम भयो। अत्यन्त अमानवीय र हिंसात्मक घटनामा समेत मिलापत्र गराइएको पाइयो।

अझै पनि घरेलु हिंसाबाट महिलामाथि हुने शारीरिक तथा मानसिक आघातलाई संवेदनशीलताका साथ हेर्ने संस्कृतिको निर्माण हुन सकेको छैन। महिलामाथि हुने घरेलु हिंसालाई परम्परागत रूपमा लिइने सोच यथावत् नै रहेको देखियो। हाम्रा प्रतिनिधिले देशका ७५ जिल्लाका प्रहरी कार्यालयमा रहेका महिला तथा बालबालिका केन्द्रको अनुगमन गरेका थिए। यस वर्ष रुकुम जिल्लाको प्रहरी कार्यालयमा घरेलु हिंसाका कुनै

तालिका १०

जिल्लागत आधारमा पीडित सङ्ख्या



तालिका ११

परिवारबाट हत्या गरिएका महिला

जिल्ला	पीडित सङ्ख्या
सिरहा	७
कैलाली	५
मोरङ	५
बाँके	४
धनुषा	४
झापा	४
सप्तरी	४
सुनसरी	४
बर्दिया	३
चितवन	३
दैलेख	३
जुम्ला	३
कास्की	३
काभ्रे	३
नवलपरासी	३
नुवाकोट	३
रुकुम	३
सङ्खुवासभा	३
अर्घाखाँची	२
दाङ	२
खोटाङ	२
मकवानपुर	२
ओखलढुङ्गा	२
पाँचथर	२

जिल्ला	पीडित सङ्ख्या
प्यूठान	२
रामेछाप	२
रौटहट	२
सोलुखुम्बु	२
ताप्लेजुङ	२
तेह्रथुम	२
वाग्लुङ	१
बझाङ	१
बारा	१
दार्चुला	१
दोलखा	१
गोखा	१
गुल्मी	१
इलाम	१
कञ्चनपुर	१
काठमाडौँ	१
लमजुङ	१
पर्वत	१
रुपन्देही	१
सल्यान	१
सर्लाही	१
स्याङ्जा	१
उदयपुर	१
जम्मा	१०८

घटना दर्ता भएनन्। सबैभन्दा बढी काठमाडौँमा १ हजार ५ सय ६७ उजुरी दर्ता भए। दर्ता भएका अधिकांश घटनामा मिलापत्र भयो भने ६८ ओटा घटनामा मात्रै कानुनी प्रक्रिया आरम्भ भएको छ। घरेलु हिंसा नियन्त्रण ऐनमा रहेको मेलमिलापसम्बन्धी व्यवस्था अनुसार घरेलु हिंसाका घटनामा मिलापत्रलाई बढावा दिनुपरेको प्रहरी कार्यालयहरूले जनाए। फितलो कानुन र भएकै कानुनको पनि कार्यान्वयन नहुनाले महिलामाथि हुने हिंसाका घटनामा कमी नआएको इन्सेकको आकलन छ।

५. सन् २०१३ मा मानवअधिकार रक्षक

यस वर्ष १ सय २६ जना मानवअधिकार रक्षक आफ्नो अधिकारको हनन तथा ज्यादतीबाट पीडित भए। सन् २०१३ मा एक जना मानवअधिकार रक्षकको हत्या भयो भने ६० जनालाई कुटपिट गरियो। त्यसै गरी चार जना मानवअधिकार रक्षक अपहृत भए भने ४७ जनालाई धम्की, एक जनालाई गिरफ्तार, नौ जनालाई दुर्व्यवहार र चार जनालाई घाइते बनाइयो।

१०. क्षेत्रगत विषयहरू

१०.१ डडेल्धुरा जिल्लामा हलिया प्रथा

नेपालको सुदूरपश्चिमका नौ जिल्ला तथा मध्यपश्चिमका चार जिल्ला गरी १२ ओटा जिल्लाहरूमा हलिया प्रथाजनित समस्या विद्यमान रहेको छ। समाजको उपल्लो जातका (बाहुन, क्षेत्री, ठकुरी)हरूले हलो जोत्नु हुँदैन भन्ने अन्धविश्वासले गर्दा यो प्रथा कायम रहेको मानिन्छ। हलिया प्रथाअन्तर्गत उपल्लो जातका साहूबाट ऋण लिएबापत वा उनीहरूले बसोवासका लागि केही जग्गा दिएबापत अत्यन्त गरिब, अझ खासगरी दलित जातिका व्यक्तिहरू त्यस ऋणको ब्याज चुक्ताबापत साहूको घरमा हलो जोत्न बाध्य हुनु पर्दथ्यो। आफूले लिएको साँवा रकम नतिरेसम्म सो व्यक्ति हलियाबाट मुक्त हुन पाउँदैन थियो।

ऋण तिर्ने वैकल्पिक उपाय नभएका कारण पुस्तौँदेखि हलिया बस्दै आउनेहरूको सङ्ख्या झन्डै २० हजार रहेको मानिन्छ। दास प्रथाको अवशेष भएको भन्दै यस प्रथाको अन्त्यका लागि राष्ट्रव्यापी अभियान सञ्चालन गरेपछि ०६५ भदौ २१ गते नेपाल सरकारले यसको अन्त्य भएको औपचारिक घोषणा गरेको थियो।

नेपाल सरकारले हलियाहरूलाई मुक्त घोषणा गरेको ५ वर्षभन्दा बढी समय भइसकेको छ। हलियाहरूले वास्तविक जीवनमा मुक्तिको

अनुभूति गर्न पाइरहेका छैनन्। मुक्त घोषणापछि पुन:स्थापना दायित्व निर्वाह गर्न रहे तापनि सरकारीस्तरबाट मुक्त हलियाको पुन:स्थापनामा ढिलासुस्ती हुँदा हलियाहरू सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेका छन्। सरकारले हलियाहरूसँग भएको पाँचबुँदे सहमतिअनुसार ऋण खारेजी गरेको छ भने अर्कातर्फ साहूहरूले आफूले दिएको ऋण रकम फिर्ता गर्नुपर्ने भनी मुक्त हलियाहरूलाई दबाब दिन थालेपछि उनीहरू ऋण तिर्नकै लागि भारततर्फ पलायन हुनुपरेको अवस्था विद्यमान छ।

हलियाहरूको जीविकोपार्जनको स्रोत साहूको खेतमा काम गर्नु रहेकामा मुक्तिको घोषणापश्चात् साहूहरूले हलियालाई गरिरहेको कामबाट निष्कासन गरेका घटनाहरू दिन प्रतिदिन बढिरहेका छन् भने सरकारी पुन:स्थापनाका कार्यक्रमहरू आउन नसक्दा मुक्त हलियाहरूका आधारभूत अधिकार (गाँस, बास र कपास)को समेत प्रत्याभूत भएको छैन। कतिपय ठाउँमा पुस्तौँदेखि बस्दै गरेको घरबास रहेको जमिन साहूको नाममा नै दर्ता भएका कारण मुक्त घोषणापछि उक्त घरबास छोड्न मालिकहरूले दबाब दिने गरेका छन्। मुक्तिको घोषणापछि सरकारले हलियाहरूको तथ्याङ्क लिने कार्य गरी प्रमाणीकरणसहित परिचय पत्र दिने कार्य गरिरहेको भए पनि हलियाहरूलाई बिहान बेलुकीको छाक टार्नसमेत धौधौ परिरहेको छ।

१०.२ कालीकोट जिल्लामा स्वास्थ्यअधिकारको अवस्था

कालीकोट जिल्लामा आ.व. ०६९/०७० मा मातृ मृत्यु दर औसतमा १ सय ९२ प्रति १ लाख जीवित जन्ममा (रिपोर्टेड केसको आधारमा) देखाएको छ भने नवजात शिशुको मृत्युको दर १० प्रति १ हजार जीवित जन्ममा (रिपोर्टेड केसको आधारमा) रहेको छ। यसैगरी दादुरा खोपको सेवा ८१ प्रतिशत, पाँच वर्षमुनिका बच्चाहरूको कुपोषण अनुपात आठ प्रतिशत रहेको छ। परिवार नियोजन साधनको प्रयोग दर २६ प्रतिशत रहेको छ। एचआईभी सङ्क्रमितहरूको सङ्ख्या प्रत्येक वर्ष

तालिका १२ **सन् २०१३ मा हत्या सङ्ख्या (जिल्लागत आधारमा)**



तालिका १३

सन् २०१३ मा महिला हिंसा (जिल्लागत आधारमा)



बढ्दै गएको छ। जिल्लामा १७ जना पुरुष र ११ जना महिला गरी २८ जना एचआईभी सङ्क्रमितहरू रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ। यसै गरी स्वास्थ्य संस्थामा डेलिभरी गराउनेको प्रतिशत जम्मा ३७ मात्र रहेको जिल्ला जनस्वास्थ्य कार्यालय कालीकोटको तथ्याङ्कमा उल्लेख छ। गर्भवतीलाई सही तरिकाले परामर्श गर्न नसक्नु, गर्भवती महिलाका लागि आवश्यक आइरन चक्की जिल्ला स्वास्थ्य कार्यालयमा नै उपलब्ध नहुनु, मातृ शिशु सुरक्षाका लागि प्रमुख समस्याका रूपमा रहे।

१०.३ रूपन्देहीका सुकुमवासी

रूपन्देहीमा १८ औँ शताब्दीअघिदेखि नै बस्तीको विकास भएको इतिहास छ। यहाँ दक्षिणको भन्दा उत्तरतिरको बस्ती अलि पुरानो हो। उत्तरतिर चुरे पर्वत र जङ्गलका छेउछाउमा फँडानी गरेर बस्ती बस्न थालेको वि.सं. १८९१ भन्दा पहिलेदेखि नै हो।

नेपालको पछिल्लो जनगणना २०६८ मा उल्लेख भए अनुसार रूपन्देहीको जनसङ्ख्या ८ लाख ८० हजार १ सय ९६ छ। जसमा महिला ४ लाख ४८ हजार ३ र पुरुष ४ लाख ३२ हजार १ सय ९३ रहेको छ। यहाँ १ लाख ६६ हजार ८ सय ३५ परिवार छन्। जसमध्ये १ लाख ३७ हजार १ सय १६ परिवार मात्रै आफ्नो घरबार भएका छन्। रूपन्देहीमा ८ हजार ६ सय १४ जति परिवार घरजग्गा केही पनि नभएका छन्।

रूपन्देहीमा सुकुमवासीको नाममा ऐलानी, पर्ती जमिन, खोलाकिनार र गुठीका जमिनहरूमा अतिक्रमण गरी बस्नेहरूको वस्ती बढेको छ। रूपन्देहीको तिनाउ, दानव, घाघरा तथा रोहिणी नदी किनार र नहरका छेउछाउमा सुकुमवासीका नाममा बस्ती बसेका छन्। रूपन्देहीका बुटवल नपा, सिद्धार्थनगर नपासहित ६९ ओटै गाविसमा सुकुमवासीका नाममा बस्ती बसेका छन्। सबैभन्दा बढी बुटवलको तिनाउ नदी किनार र त्यस आसपासका नदी किनारमा छन्। त्यहाँ मात्रै करिब १० हजार सुकुमवासी बस्ती बसेको अनुमान छ। तिनाउ नदी किनारमा टप मजुवा, सिरान गाउँ मजुवा, दुर्गानगर, न्यु दुर्गानगर, बुद्धनगर, तिलोत्तमा नगर, सिर्जना नगर, न्युसिर्जना नगर गरी आठ ओटा बस्ती बसेका छन्। यस्तै पहिला सुकुमवासीका रूपमा बसेका तर पछि लालपुर्जा पाएका यी बस्तीहरूमा मात्र ३ हजार ३ सय २० घरधुरी रहेको जिल्ला मालपोत कार्यालयका मालपोत अधिकृत शङ्करप्रसाद सुवेदीले बताए।

तालिका १४

महिला हिंसा (उमेर समूहका आधारमा)

उमेर समूह	घरेलु हिंसा	बोक्सीको आरोपमा	बहुविवाह	बलात्कार	बलात्कारको प्रयास	यौन दुर्व्यवहार	जम्मा
१८-२३	३४६	८	६३	८०	३९	३८	५५४
२४-२९	५३०	८	१०६	५४	३३	१३	७३४
३०-३५	३५७	१०	६५	३३	१९	२	४८६
३६-४१	१७०	५	३५	१४	४	७	२२५
४२-४७	८८	१५	१६	११	१	२	१३३
४८-५३	४३	७	५	८	२	१	६६
५४-५९	१४	५	२	६	१		३८
६०-६५	३३	५		४			३१
६६-७१	५	४		२			११
७२+	४	२		३			९
जम्मा	१५६९	६९	३८३	३१५	८९	५३	२२७७

रूपन्देहीलाई भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीहरूको बाहुल्य रहेको जिल्ला पनि भनिन्छ। यहाँका छिमेकका विभिन्न जिल्लाहरूबाट यहाँ बसाइँसराइ गरी आउने क्रम तीव्र भएकाले पनि यहाँ दक्षिणतर्फ मोही किसान, भूमिहीन श्रमिक, उखडा, गाउँब्लक पीडित किसानको बढी सङ्ख्या छ भने उत्तरतर्फका बस्तीहरूमा सुकुमवासी र अव्यवस्थित बसोवासीहरूको बाहुल्य छ। अर्कोतिर न्यून जमिन हुने गरिब किसानको ठूलो सङ्ख्यासमेत यही जिल्लामा रहेको छ। पछिल्ला समयमा तिनाउ नदी किनारमा सयौँ बस्ती बसेका छन्। बगरमा छाप्रा बनाएर बस्ने हजारौँ जनता छन्। वास्तविक सुकुमवासीको पहिचान गरेर समाधान गर्न उनीहरूले पटकपटक माग गर्दै आए पनि त्यो सुनुवाइ भएको छैन। ०७० मङ्सिर ४ गते सम्पन्न संविधानसभा चुनावमा यही सुकुमवासी बस्ती नै सबैको नजरमा पऱ्यो। सुकुमवासी बस्तीमा मात्रै १० हजार भन्दा बढी मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख तुलसीराम ज्ञवालीले बताए। यही बस्तीलाई थुप्रै दलहरूले भोट बैंकका रूपमा लिदै सुकुमवासी समस्या समाधान गर्न पहल गर्ने प्रतिबद्धता जनाएका थिए।

१०.४ सिन्धुपाल्चोक जिल्लामा मानव बेचबिखन

मानव बेचबिखन हाम्रो समाजमा व्याप्त एक निकृष्ट अपराध हो। नेपालमा पछिल्लो समयमा महिला बेचबिखनका घटनाहरू बढ्दै गएको देखिन्छ। गरिबी, अशिक्षा र घरेलु हिंसाबाट पीडित महिलालाई राम्रो काममा लगाइदिने भनी प्रलोभनमा पारी देशभित्र तथा देशबाहिर बेचिने गरिएको घटनाहरू सार्वजनिक हुँदै आएका छन्।

पछिल्लो समयमा मानव बेचबिखनको शैलीमा परिवर्तन आएको छ। हाल मानव बेचबिखन कार्यमा सक्रिय दलालहरूले नयाँ तौरतरिकाहरू अपनाउन थालेकाले झन् चुनौती थपिएको छ। विगतमा चेलीहरूलाई पत्नी बनाएर भारतमा लगेर बेचिन्थ्यो भने अहिले कानुनी प्रक्रिया पुऱ्याएर पासपोर्ट बनाएर खाडी मुलुकहरूमा पठाएर बेचिने गरिएका छन्। भारत हुँदै खाडी मुलुकसम्म चेलीबेटी बेचबिखन गर्नेमा दलालहरूको सञ्जाल सक्रिय भए पनि त्यस कार्यमा आफन्त र छिमेकीको संलग्नता खुल्न आउँछ। यसरी बेचिनेहरूमा १५ देखि ४० वर्ष उमेर समूहका महिला तथा युवतीहरू रहेका छन्।

महिला तथा बालबालिका समाजकल्याण मन्त्रालयले भर्खरै एक कार्यक्रमको आयोजना गरी

तालिका १५ सन् २०१३ मा महिला हिंसा (प्रकार र पीडक पक्ष)

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट	
	महिला	जम्मा	महिला	जम्मा
बेचबिखनको प्रयास			१३	१३
बोक्सीको आरोपमा			६९	६९
बलात्कार			२१५	२१५
बलात्कारको प्रयास			८९	८९
बहुविवाह			२८३	२८३
महिला बेचबिखन			५२	५२
जारी			१	१
प्रसूति सेवा	४	४		
घरेलु हिंसा			१५६९	१५६९
यौन दुर्व्यवहार			५२	५२
गर्भपतन			१	१
जम्मा	४	४	२३४४	२३४४

गत आर्थिक वर्ष ०६९/०७० मा १ सय ५८ जना महिला तथा किशोरीलाई उद्धार गरिएको तथ्याङ्क सार्वजनिक गरेको छ।

बेच्ने, बिकिने आफ्नै नातागोता, आफन्त हुने हुनाले अदालतमा नआइदिँदा मुद्दा किनारा लगाउन समस्या हुने गरेको छ। आरोपित पक्षबाट धक्की आएपछि र पीडित परिवार अदालतमा गएर बयान फेरेपछि मुद्दा होस्टायल भइदिन्छ। उमेर नपुगेको व्यक्तिको नागरिकता बनाउन आफन्तहरू नै लागेका हुन्छन्। अर्काको पासपोर्टबाट विदेश जाने गरेको पनि पाइन्छ। विदेश गएकाहरूको लास नेपाल आउँदा उनी गएको पासपोर्ट हेर्दा त्यो व्यक्ति गाउँमा जीवितै रहेका तथ्यहरू पनि भेटिने गरेका छन्।

ओसारपसार तथा बेचबिखन गरिनेमा मुख्यत: महिला तथा बालबालिका नै पर्ने गरेका छन्, कदाचित बेचिएको ठाउँबाट फर्किएर आए भने तापनि समाजले सहजै स्वीकार्ने गरेको पाइँदैन।

१०.५ तराईका दलित र जनता आवास कार्यक्रम

सरकारले आर्थिक वर्ष ०६६/६७ को बजेट वक्तव्यमार्फत पहिलोपटक सप्तरी, सिरहा र कपिलवस्तु जिल्लाबाट 'जनता आवास कार्यक्रम' सुरु गरिने घोषणा गरेको थियो। दलित र विपन्न मुसलमान परिवारलाई बस्नका लागि घर निर्माण गरिदिने योजनाका साथ एमाले नेतृत्वको सरकारका पालामा यो कार्यक्रम कार्यान्वयनमा आएको थियो। कार्यक्रम साउनबाटै सुरु हुनुपर्ने भए तापनि मन्त्रालयबाटै निर्णयमा केही ढिलाइ गरेका कारण फागुनबाट सर्भेको काम सुरु भएको थियो। दलित तथा अति विपन्न मुसलमानको सङ्ख्या उल्लेखनीय रहेका तीन जिल्लामा एक हजारका दरले तीन हजार आधुनिक घर (आवास) निर्माण गरी लक्षित समुदायलाई हस्तान्तरण गर्ने योजना राखिएको थियो।

यस कार्यक्रमलाई आ.व. ०६७/६८ मा निरन्तरता दिँदै चेपाङ, राउटे तथा कुसुण्डा जातिसम्म विस्तार गरियो। त्यस्तै आ.व. ०६८/६९ मा वादी, वनकरिया, सुरेल र गन्धर्व जातिलाई यस कार्यक्रममा समावेश गरियो। आ.व. ०६९/७० मा भने कुनै पनि जाति थप नगरी यथावत् राखियो। चालू आ.व.मा ८ सय ५६ जनता आवास निर्माण गर्ने लक्ष्यका साथ १७ करोड रुपियाँ बजेट विनियोजन गरिएको छ। आर्थिक वर्ष ०६९/७० मा १० करोड ६४ लाख रुपियाँ बजेट विनियोजन गरिएको थियो। विनियोजित रकममध्ये ८ करोड ४० लाख रुपियाँ खर्च भएको सहरी विकास तथा भवन निर्माण विभागले जनाएको छ।

चालू आ.व.को समाप्तिसम्ममा ५ हजार ८ सय ७१ आवास निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ। सरकारले पछिल्लो पाँच वर्षमा जनता आवास कार्यक्रममा १ अर्ब २६ करोड रुपियाँ

विनियोजन गरेको छ। विनियोजितमध्ये ८८ करोड ६९ लाख रुपियाँमा ४ हजार ८ सय ५० परिवारलाई आवास सुविधा उपलब्ध गराइएको विभागका आवास शाखा प्रमुख सीडीई श्यामकिशोर सिंहले बताए। सिंहले भने, "सन् २०२० भित्र ४० हजार घरपरिवारलाई आवास सुविधा उपलब्ध गराइनेछ।"

११. निष्कर्ष

अघिल्लो वर्षदेखि जारी अन्योलग्रस्त अवस्थाको अन्त्य भयो र पुन: भएको संविधानसभा निर्वाचनले मुलुकलाई नयाँ दिशातर्फ उन्मुख गराएको छ। यसबाट जनताले आफ्ना निर्वाचित प्रतिनिधिमार्फत शासित हुने अवसर पाउनुका साथसाथै सात वर्षदेखि जारी शान्ति प्रक्रिया विवेकपूर्ण टुङ्गोमा पुग्ने आशा पलाएको छ। यसै वर्ष तत्कालीन विद्रोही नेकपा माओवादीका लडाकुहरूको समायोजन कार्य सम्पन्न भएपछि उक्त पार्टी पनि पूर्णत: निशस्त्र भएकामा विश्वस्त हुने आधार तयार भएको छ।

अघिल्ला निर्वाचनभन्दा यस वर्ष सम्पन्न निर्वाचन स्वच्छ र धाँधलीरहित तवरले पूरा भएको छ। निर्वाचनमा जनताको आशातीत सहभागिता उल्लेखनीय रह्यो।

यस वर्ष महिलाविरुद्धका हिंसाका घटनामा वृद्धि भएको पाइयो। विधिको शासनको अनुपस्थिति र दण्डहीनताको संस्कृतिले गर्दा मानवअधिकार ज्यादती एवम् जोखिमी समुदायविरुद्ध आपराधिक घटना वृद्धि हुँदै गएको इन्सेकको ठम्याइ छ।

नेपालको न्यायपालिकाका लागि यस वर्ष विवादको वर्ष रह्यो। प्राय: कुनै अदालती निर्णयमा चित्त नबुझाउने पक्षले अदालतको, यसको फैसलाको विषयमा सार्वजनिक, लिखितरूपमा विरोध गर्ने गरेका छन्। तर, २०१३ मा भने न्यायपालिकाले कहींकतै कल्पना नगरेको विवादास्पद परिस्थिति भोग्नुपऱ्यो। प्रधानन्यायाधीश खिलराज रेग्मीले आफ्नो पदबाट राजीनामा पनि नगरी प्रधानमन्त्रीको पदका लागि शपथग्रहण गर्दा संविधानमा उल्लेखित विशेष न्यायिक समिति या मानवअधिकार आयोगबाहेक अन्य कुनै निकायमा नियुक्ति लिन नहुने प्रावधानको बर्खिलाप गएको आरोप लाग्यो।

दुईवर्षे कार्यकाल रहेको अघिल्लो संविधानसभा समय थपेर चार वर्ष पुऱ्याउँदा पनि संविधान नै नबनाई विघटन भयो। त्यसपछिको निर्वाचनबाट गठित पुन: संविधानसभाको पहिलो बैठकको टुङ्गो यस वर्षको अन्त्यसम्म हुन सकेन। यस पटक सकेसम्म सहमतिबाट, नभए विधि र प्रक्रियामा गएर भए पनि एक वर्षभित्र संविधान निर्माण गरिने उनीहरूको धारणा रहेको छ।

संविधान निर्माणका विवादित मुद्दामा पुन: सम्पन्न संविधानसभाको परिणामले एक किसिमको दिशानिर्देश गरेको छ। जस्तो, सङ्घीयताकै सवालमा एकल जातीय राज्यको एजेन्डालाई जनताले उतिसारो रुचाएको देखिएन। चार वर्षमा संविधानका मुद्दामा जे-जति छलफल भए, त्यसपछि राजनीतिक दलहरूले चुनावी घोषणापत्रमार्फत अघि सारेको एजेण्डालाई जनताले दिएको जनादेशले एक किसिमको मार्गनिर्देश गरेको छ।

गएको संविधानसभाले छोडेर गएका धेरै विषयहरू यस संविधानसभाका लागि सन्दर्भ सामग्रीका रूपमा प्रयोग हुन सक्छन्। देशका कुनाकन्दराबाट प्रतिनिधित्व गरेका विचारहरू संविधानसभालाई उपलब्ध छन्। त्यहाँ उपलब्ध असल विचारलाई संविधानसभाले ग्रहण गर्न सक्छ। विचार र विषयका हिसाबले गएको संविधानसभाले असल काम त गऱ्यो तर सम्पूर्ण कुरालाई गोलमटोल पार्ने गरी तयार भएका विषयको स्वामित्व ग्रहण गर्ने कि नगर्ने आजको मूल विषय हो। संविधानसभा विषयगत समितिहरूले तयार

तालिका १६ **सन् २०१३ मा उमेर समूहका आधारमा पीडित बालबालिका**

उमेर	बलात्कार	यौन दुर्व्यवहार	जम्मा
१ – ५	५३	१७	७०
६ – ११	११४	५०	१६४
१२ – १७	३३९	११५	३५४
जम्मा	४०६	१८३	५८८

पारेका प्रतिवेदनलाई संविधानसभाको बैठकमा प्रस्तुत् नै गरिएनन्। बरू उच्चस्तरीय राजनीतिक समितिका कोठे बैठकहरूमा असहमतिहरूमा सहमति कायम गरिएको भन्ने गरियो।

संविधानसभामा छलफल नै नभएका सहमतिहरूको स्वामित्व ग्रहण गर्ने विषय त्यति सान्दर्भिक हुँदैन कि भन्ने पनि चर्चा चलेको छ। नयाँ संविधान बनाउने मुलुकका हिसाबले नेपाल संसारकै कान्छो मुलुक हो। यो समयको पुस्ता लोकतान्त्रिक र विवेकशिलताबाट निर्देशित छ। ०६४ सालयता विश्वमा मात्रै होइन, नेपालमा पनि सूचना र सञ्चारको प्रयोग व्यापक बढेको छ। वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूले नयाँ चेतना लिएर आएका छन्। उनीहरूमा जागरुकता छ। यो पुस्ता अग्रगमन, शान्ति र समृद्धि चाहन्छ। अरु देशको विकास र समुन्नति देखेर आएका युवा आफ्नो देशमा पनि त्यस्तै होस् भन्ने चाहना राख्छन्। नवनिर्वाचित संविधानसभाले जनताका यी र यस्ता भावना समेट्न सक्नुपर्छ। सार्वजनिक नैतिकता र व्यक्तिगत उत्तरदायित्वलाई बोध गराउन संविधानसभा सफल हुनुपर्छ आजको आवश्यकता पनि यही नै हो।

अब नवनिर्वाचित संविधानसभाले शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न तथा एक वर्षभित्र लोकतान्त्रिक संविधान जारी गरी देशलाई अग्रगमनको दिशातर्फ अगाडि बढाउनुपर्छ। लामो समयदेखि रिक्त रहेको स्थानीय निकायको निर्वाचन राजनीतिक दलहरूले वाचा गरेकै समयमा गराउनु राजनीतिक दलहरूको अर्को जिम्मेवारी हो। निर्वाचन आयोगले स्थानीय निकायको निर्वाचन आउँदो वर्षको सुरुकै महिनामा सम्पन्न गर्न सक्षम रहेको जनाइसकेको छ।

व्याप्त दण्डहीनताको समाप्तिबिना लोकतान्त्रिक समाजको परिकल्पना गर्न सकिँदैन। दण्डहीनताका कारण समाजमा अपराधको संस्कार बढ्दै गएको छ। सशस्त्र द्वन्द्वको समाप्तिपछिका ६ वर्षमा राजनीतिक आवरणमा हुने अपराध र अपराधलाई राजनीतिक आवरण दिने प्रवृत्ति बढेर गएको थियो। लोकतान्त्रिक संस्कारमा दण्डहीनता सुहाउँदो विषय होइन। यसको अन्त्यका लागि राजनीतिक प्रतिबद्धताका साथै कानुनको पूर्ण पालना जरुरी छ।

राज्यपक्षबाट मानवअधिकार उल्लङ्घनका घटना कम भएको पाइयो। तर, व्यक्ति-व्यक्तिबीचको सम्बन्धका कारण मानवअधिकार ध्वंस भएका घटना न्यूनीकरण गर्ने, दोषीलाई दण्ड र पीडितहरूलाई न्याय प्रदान गर्न राज्य असफल भएको देखियो। तराईमा राज्यपक्षबाट गैरन्यायिक हत्याको यथार्थ छानविन हुन सकेन। राष्ट्रिय मानवअधिकार आयोग पदाधिकारीविहीन भएको हुँदा यस्ता घटनाप्रति उदासीन रहेको विश्लेषण छ। यसरी सन् २०१३ को समग्र मानवअधिकार अवस्था मिश्रित प्रकारको रहेको पाइयो।

१२. सुझाव

- अदालतले जतिसुकै मानवअधिकार-मैत्री आदेश दिए पनि कार्यान्वयन गराउने निकाय सरकार नै हो। कागजमा न्याय प्राप्त हुने र अन्यायपूर्ण स्थितिचाहिँ नहट्ने हो भने पीडितलाई अझै पीडित बनाउने, न्यायपालिका र राज्यका अङ्गमा अविश्वास पैदा हुनेछ, जुन विकास र शान्तिप्रिय राज्यका लागि हितकारी हुनेछैन। यसर्थ, अदालतको सम्मान गर्दै यसका आदेशहरू पालना गर्नेतर्फ ध्यान दिने।
- पुन:स्थापित संसद्ले निर्देशनात्मक आदेश दिएको सात वर्ष बितिसक्दा पनि सरकारले रोमविधान अनुमोदनमा चासो देखाएको छैन। रोमविधान अनुमोदनले मुलुकको अन्तर्राष्ट्रिय छवि सकारात्मक हुने मात्र होइन, भविष्यका मानवअधिकार उल्लङ्घनकर्तालाई चेतावनी पनि हुने हुनाले यसको शीघ्र अनुमोदन गर्नुपर्ने।
- अन्तर्राष्ट्रिय मानवअधिकार सङ्घसंस्था तथा संयन्त्रहरूसँग समन्वय गरी आप्रवासी नेपाली कामदारको मानवअधिकार अवस्था अनुगमनलाई नियमित र प्रभावकारी बनाइ त्यसको व्यवस्थित अभिलेखीकरण गरिनुपर्ने।
- सरकारले राष्ट्रिय मानवअधिकार आयोगले ०६६ साउन २० गतेपछि गरेको सिफारिस अनुरूप पीडित पक्षलाई क्षतिपूर्ति उपलब्ध गराउने निर्णय लियो। हाल आयोगका २८

प्रतिशत सिफारिस मात्रै पूर्ण कार्यान्वयन भएका छन्। कुनै समयसीमा नतोकी राष्ट्रिय मानवअधिकार आयोगका सबै सिफारिस कार्यान्वयन हुनुपर्ने।

- संविधान निर्माणको मूल कार्यभारलाई पूरा गर्न राजनीतिक दलहरूका बीचमा रहेका असहमतिलाई कम गर्नुपर्छ। दलीय स्वार्थभन्दा माथि शान्ति र संविधानलाई राख्नुपर्छ।
- विभिन्न समयमा गरिएका सहमतिको इमानदारीपूर्वक कार्यान्वयन आजको आवश्यकता हो। विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका विभिन्न आयोगहरू गठनमा ढिलाइ गर्नुहुँदैन।
- राष्ट्रिय मानवअधिकार आयोग पदाधिकारी-विहीन भएको अवस्थालाई पूरा गर्न राष्ट्रिय सहमतिका आधारमा पेरिस सिद्धान्त अनुरूप पारदर्शी रूपमा नियुक्त गर्नुपर्छ।
- बेपत्ता नागरिक छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग बेग्लाबेग्लै बनाउनुपर्छ।
- स्थानीय निकायमा जनप्रतिनिधि नहुँदा सर्वसाधारण जनताले स्थानीय सेवाप्रदाय छिटो छरितो रूपमा नपाएको हुँदा यस रिक्ततालाई परिपूर्ति गर्न स्थानीय निकायको निर्वाचन गर्नुपर्छ।
- न्यायका लागि अनशनरत अधिकारी दम्पतीको ज्यानको रक्षा र न्यायलाई सम्बोधन गर्न सरकारद्वारा भएका प्रतिवद्धतापत्रको कार्यान्वयन गर्नुपर्छ।
- लामो समयदेखि रिक्त रहेका स्थानीय निकायको निर्वाचन गरी मृतप्रायः रहेको स्थानीय प्रशासनलाई पुनःजीवित गर्नु जरुरी छ। स्थानीय निकायको अभावमा मौलाएको भ्रष्टाचार र अनियमितताका कारण जनताको दैनन्दिनका समस्याहरू ओझेलमा परेका छन्। तसर्थ, राजनीतिक दलहरूले प्रतिज्ञा गरेअनुसार आगामी वर्षको सुरुआतमै स्थानीय निकायको निर्वाचन गरी स्थानीय निकायको रिक्तताको अन्त्य गर्नुपर्छ।
- गएको संविधानसभाको चार वर्षको अवधिमा चारओटा सरकार फेरिए। व्यवस्थापिका संसद्को मुख्य काम नै सरकार गठन गर्नुमा बितेको थियो। यो संविधानसभाले विगतको संविधानसभाको जस्तो सरकार गठनमा आफ्नो समय खेर फाल्नु हुँदैन।

विजयराज गौतम
कार्यकारी निर्देशक

मानवअधिकार प्रतिविम्ब सन् २०१३

संयोजन : विमलचन्द्र शर्मा

धुलिखेलबाट यात्रु लिएर मेलम्ची जाँदै गरेको बा२ख ५६७२ नम्बरको बसमा नेकपा-माओवादीका कार्यकर्ताले आगो लगाएका थिए। नेकपा-माओवादीसहितको मोर्चाले आह्वान गरेको बन्दको अवज्ञा गरेको भन्दै बसमा रहेका यात्रुलाई बसबाट झर्न नदिई सो मोर्चाका कार्यकर्ताले पेट्रोल बम प्रहार गरेका थिए। बसमा आगो लाग्न थालेपछि यात्रुहरू सिसा फोडेर बाहिर हाम फालेका थिए।

०६५ चैत १ गते खिलराज रेग्मीको अध्यक्षतामा गठित मन्त्रिपरिषद् असवैधानिक भएको भन्दै विरोधमा उत्रिएको नेकपा-माओवादी र उसको ३३ दलीय मोर्चाले यस वर्षभर नै विरोधका कार्यक्रमहरू गरिरहयो। निर्वाचन लक्षित उसका गतिविधि आतङ्कारी भएको सरकारले ठहर गरेको थियो। निर्वाचन हुन नदिन उसले गरेको बन्दको अवज्ञा गरेको भन्दै सार्वजनिक सवारी साधनमा गरिएको आगजनीका कारण दुई जना सर्वसाधारणको मृत्यु भयो। निर्वाचनका क्रममा भएका घटनाहरूमा आफ्नो संलग्नता नभएको नेकपा-माओवादीले पटक-पटक दोहोऱ्याएयो। तर, ०७० पुस १ गते आयोजना गरेको पत्रकार सम्मेलनमा नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले ती घटनाको जिम्मेवारी आफूले लिने बताए। सरकारले अपराधमा संलग्नलाई कारबाहीको दायरामा ल्याएको जानकारी यस वर्षको अन्त्यसम्म प्राप्त भएन।

तस्बिर: भोजराज तिमल्सिना

सिरहा

बस्तीपुर गाविस–८ की ४५ वर्षीया रुनादेवी रामलाई ०७० असार ५ गते उनका पति ५५ वर्षीय रामविलास रामले बन्चरो प्रहार गरी हत्या गरेका थिए। हत्या गरी भाग्ने क्रममा आरोपितलाई स्थानीयवासीले नियन्त्रणमा लिएर सोही दिन प्रहरीलाई बुझाएका थिए। जिल्ला अदालतको आदेशमा आरोपित ०७० साउन १५ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका छन्।

यस वर्ष देशभर महिलामाथि हुने हिंसाका घटनामा वृद्धि भयो। इन्सेकको अभिलेखमा गएको वर्ष नौ सयको हाराहारीमा अभिलेखित भएका महिला हिंसाका घटना यस वर्ष २ हजार ३ सय ४४ को हाराहारीमा अभिलेखित भए। दाइजो नल्याएको, छोरा नपाएको, झगडा गरेको आरोपमा परिवारजनबाटै महिलाको हत्या भयो। यस वर्ष १ सय ८ जना महिला परिवारजनबाट मारिए। सिरहा जिल्लामा मात्रै परिवारजनबाट सात जना महिलाको हत्या भएको थियो।

तस्बिरः दुर्गा परियार

प्रहरीको कुटपिटबाट घाइते भएकी गढी गाविस–४ की मनीषा थापा।

जिल्ला प्रहरी कार्यालय, सुर्खेतको हिरासतमा ०६५ फागुन ७ गते प्रहरीले पाइप र लाठीले कुटपिट गरेको पीडितले जनाइन्। वीरेन्द्रनगर नपा–११ बाट गिरफ्तारपछि मनीषाको क्षेत्रीय अस्पताल सुर्खेतमा प्राथमिक उपचार भयो भने थप उपचारका लागि कोहलपुर शिक्षण अस्पतालमा क्षेत्रीय अस्पताल सुर्खेतले रिफर गरे पनि प्रहरीले कोहलपुर लैजान दिएन।

नेपालका प्रहरी हिरासतहरूमा अझै पनि यातना दिने गरेका तथ्याङ्क सार्वजनिक भए। यस वर्ष प्रहरी हिरासतमा प्रहरीको कुटपिटबाट एक जनाको हत्या भयो भने थप चार जनाको मृत्यु भयो। नेपालका प्रहरी हिरासतहरू साँघुरा भएका, शौचालयको उचित व्यवस्था नभएका, हावा छिर्ने कोठाहरूको अभावमा बन्दीहरू समस्यामा पर्ने गरेको प्रतिवेदनहरू सार्वजनिक हुने गरेका छन्। हिरासतमा हुने यातनाका घटनामा कमी नआएको तथ्याङ्कहरू सार्वजनिक हुने गरेका छन्।

तस्बिरः दुर्गा थापा

धनुषा

प्रहरीको लाठीचार्जबाट घाइते भएका जनकपुर-७ का बैजु साह।

निलम्बनमा परेका जिल्ला विकास समितिका कर्मचारीहरूलाई तलब दिएको विषयमा स्थानीय विकास अधिकारी र फोरम लोकतान्त्रिकका कार्यकर्ताबीच ०६५ फागुन २० गते विवादका क्रममा एलडीओ कास्की जिल्ला, पोखरा निवासी ३८ वर्षीय तारानाथ अधिकारीलाई फोरमका कार्यकर्ताले हातपात गरेका थिए। जिल्ला विकास समितिको कार्यालयमा चलिरहेको परिषद्को विरोधमा नाराबाजी गरेपछि सुरक्षामा खटिएका प्रहरीको लाठीचार्जबाट १३ जना फोरम कार्यकर्ता घाइते भएका थिए।

तस्बिरः विनोदकुमार रविदास

सशस्त्र द्वन्द्वको समयमा प्रयोग भएको रकेटजस्तो देखिने विस्फोटक पदार्थ फुटाउन खोज्दा ०६५ फागुन १६ गते गम्भीर घाइते भएका मेच्छे गाविस-८, मुक्पाटारका ४५ वर्षीय मुलुकसिंह तामाङ।

सशस्त्र द्वन्द्वको अवशेषका रूपमा रहेको बारुदी सुरुङ हटाउने र नेपाल बारुदी सुरुङमुक्त राष्ट्र घोषणा भएको तीन वर्षभन्दा बढी भइसकेको छ। सशस्त्र द्वन्द्वका समयमा राज्य तथा गैरराज्यपक्षले प्रयोग गरेका विस्फोटक पदार्थ अझै पनि फेला पर्ने गरेका छन्।

तस्विर: भोजराज तिमल्सिना

गैरदलितहरूको आक्रमणबाट घाइते भएका ३२ वर्षीय गुरुदयाल महरा।

पिपरिया दोस्तिया गाविस-८, भीमडावर टोलका झमन राम चमारका छोरा उमेश राम चमारको विवाहमा सो गाविस-५ स्थित भगवती ब्रह्मस्थान मन्दिरमा बेहुलाबेहुलीलाई पूजा गर्न लैजाँदा आरोपितहरूले दलितहरूले मन्दिरमा प्रवेश गर्न र पूजा गर्न पाइँदैन भनी रोकेका थिए। दलितहरूले भनेको नमानेको आरोपमा गैरदलित समुदायले कुटपिट गरेका थिए।

यस वर्ष जातीय छुवाछूतका १ सय ८ घटना इन्सेकमा अभिलेखित भए। धेरैजसो घटनाका पीडक पक्षलाई कारबाही गरिएन। जातीय विभेदविरुद्ध मुलुकमा कानुनी प्रावधान भए पनि छुवाछूतका घटना न्यून हुन सकेका छैनन्। प्रहरीमा उजुरी दर्ता भएका धेरैजसो घटना मिलापत्रमा टुङ्गिने गरेका छन्।

सप्तरी जिल्लामा छोरीले तल्लो जातको केटासँग विवाह गरेको आरोपमा उनका बाबुले भाडाका हत्यारा प्रयोग गरी यस वर्ष हत्या गराएका थिए।

तस्बिरः विपिन गौतम

अखिल तराई मुक्तिमोर्चा (गोइत समूह)का कार्यकर्ताले ०७० भदौ २८ गते मलङ्गवा नपा–८ स्थित नापी कार्यालयको मूलढोकानजिकै गराएको बम विस्फोटमा परी घाइते भएका हेमपुर गाविस–८ का २३ वर्षीय राजकिशोर राम।

तत्कालीन नेकपा माओवादीबाट फुटेर जनतान्त्रिक तराई मुक्ति मोर्चा गठन गरेका जयकृष्ण गोइतको मूल सङ्गठन विभिन्न समूहमा विभाजित भएपछि उनले आफ्नो संगठनलाई अखिल तराई मुक्ति मोर्चा नामकरण गरेका हुन्।

तस्बिरः विदुरकुमार प्याकुरेल

काठमाडौँ

भोटेबहालस्थित अरनिको विद्यालयमा रहेको मतदान केन्द्रनजिकै अज्ञात समूहले राखेको बम विस्फोट हुँदा घाइते भएका काठमाडौँ मनपा–१२, भोटेबहालका आठ वर्षीय समिर खड्गी।

संविधानसभा निर्वाचनको दिन ०७० मङ्सिर ४ गते समिरले खेलौनाका रूपमा खेलाउँदा सो बम विस्फोट हुँदा हातका आँला टुक्रा–टुक्रा भएर चुँडिएका थिए। घाइते समिरको वीर अस्पतालमा उपचारपछि मङ्सिर २१ गते डिस्चार्ज भएको प्रहरीले जनायो। उक्त घटनामा अन्य दुई बालबालिका पनि सामान्य घाइते भएका थिए।

संविधानसभा निर्वाचन र मतदातालाई लक्षित गरी नेकपा–माओवादीसमेतको संयुक्त मोर्चाका गतिविधि आतङ्ककारी भएको सरकारले जनाउँदै आएको थियो।

तस्बिर: विवेक ढुङ्गाना

डोटी

दिपायल, सिलगढी नपा–१ निवासी डोटी–१ का प्रत्यक्षतर्फका एमाओवादी उम्मेदवार मोहन बम।

चुनावी प्रचारप्रसार समापन गरेर घर फर्कदै गरेको अवस्थामा से१ज ६०६ नम्बरको जिपमाथि ०७० कात्तिक २४ गते राति केही युवाहरूले दिपायल सिलगढी नपा–११ तिखामा आक्रमण गरी उनीसहित १४ जना नेता तथा कार्यकर्तालाई घाइते बनाएका थिए।

तस्बिरः लवदेव भट्ट

लिपनीमाल गाविस–१ निवासी एमालेका केन्द्रीय सदस्य तथा बारा–४ का संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फका तत्कालीन उम्मेदवार ५० वर्षीय महमुद आलमको असोज १८ गते लिपनीमाल–८ स्थित चावासती खाद्य उद्योगनिर फोनमा कुरा गरिरहेका बेला मोटरसाइकलमा आएका दुई जना व्यक्तिले गोली प्रहार गरी हत्या गरे। दाहिने कन्चटमा गोली लागी गम्भीर घाइते आलमलाई तत्काल वीरगन्ज मेडिकलमा उपचार गरी थप उपचारका लागि सोही दिन नेपाली सेनाको हेलिकप्टरबाट त्रिवि शिक्षण अस्पताल, महराजगन्ज काठमाडौँमा भर्ना गरिएकामा उपचारका क्रममा ०७० असोज २४ गते अस्पतालले मृत घोषणा गरेको थियो।

तस्बिरः लक्ष्मी साह

सन् २०७३ को सुरुआतमै महिला हिंसाका दोषीलाई कारबाहीलगायतका माग राखेर स्वस्फूर्त रूपमा प्रधानमन्त्रीनिवास बालुवाटारअगाडि धर्ना दिँदै आएका युवाहरूको मागमा ध्यानाकर्षण हुन सय दिनभन्दा बढी लाग्यो। यस अभियानलाई अकुपाई वालुवाटार नामकरण गरिएको थियो। तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले कुनै सम्वाद नगरे पनि मन्त्रिपरिषद्का अध्यक्ष भएको एक महिनापछि खिलराज रेग्मीले धर्नामा संलग्न अभियन्तालाई वार्ताका लागि समय दिएका थिए। वार्तामा मन्त्रिपरिषद् अध्यक्ष रेग्मीले आन्दोलनका मागहरू सम्बोधन भइरहेको र आन्दोलनले पीडितलाई न्याय दिन पहल गरिरहेको बताएपछि धर्ना स्थगन भएको थियो।

तस्बिरः विमलचन्द्र शर्मा

आफ्नो कान्छो छोराका हत्याराहरूलाई कारबाही गर्न माग गर्दै विगत ६ वर्षदेखि न्यायका लागि सङ्घर्षरत गोरखा, फुजेल गाविसका नन्दप्रसाद अधिकारी र उनकी पत्नी गङ्गामाया अधिकारी।

एसएलसी परीक्षा सकेर चितवनमा रहेका आफ्ना हजुरबा/हजुरआमालाई भेट्न गएका फुजेल-७ गोरखाका कृष्णप्रसाद अधिकारीको ०६१ जेठ ७ गते माओवादी कार्यकर्ताले निर्ममतापूर्वक हत्या गरेका थिए।

आमरण अनशनमा बसेका अधिकारी दम्पतीको माग सम्बोधनतर्फ राज्यले पहल गरेन। राज्यले उनीहरूको माग सम्बोधन गर्नुको साटो कहिले मानसिक अस्पताल त कहिले वीर अस्पतालमा भर्ना गऱ्यो। घटनामा संलग्नलाई गिरफ्तार नगर्न बरु आफैँलाई गिरफ्तार गर्न एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल र वरिष्ठ नेता डा. बाबुराम भट्टराईले पत्रकार सम्मेलन नै गरी सरकारलाई चेतावनी दिएका थिए। यस वर्षको अन्त्यसम्म पनि अनशन गरिरहेका अधिकारी दम्पतीलाई सरकारले वीर अस्पतालमा राखेको छ।

तस्बिरः विवेक ढुङ्गाना

काठमाडौँ

कमलरी उन्मूलन सङ्घर्ष समितिले ०७० जेठ १५ गते काठमाडौँमा आयोजना गरेको धर्ना कार्यक्रममा प्रहरीले हस्तक्षेप गरी लाठी, बुट तथा बन्दुकको कुन्दाले प्रहार गर्दा घाइते भएकी टीकापुर कैलालीकी १४ वर्षीया मीना चौधरी।

सरकारले आफ्ना जायज मागलाई बेवास्ता गरेको भन्दै दबाब दिन सिंहदरबार दक्षिणढोका पुगेका कमलरीहरूमाथि ०७० जेठ १५ गते प्रहरीले हस्तक्षेप गर्दा दाडकी उर्मिला चौधरी, कैलालीकी सुजाता चौधरी, सीता चौधरी, कमला विक, रिता चौधरी, निर्मला चौधरी, दीपिका चौधरी, रिदीका चौधरी, एलिसा चौधरी, राजकुमारी चौधरी, सुखदैया चौधरी लगायत घाइते भए। घाइते उनीहरूको अन्नपूर्ण अस्पतालमा उपचार भयो।

तस्बिर: विमलचन्द्र शर्मा

ओखलढुङ्गा

तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईसँगसँगै एमाओवादीका नेता बालकृष्ण ढुङ्गेल। ढुङ्गेललाई ०५५ असार १० गते ओखलढुङ्गाका उज्जनकुमार श्रेष्ठको हत्याको दोषी ठहर गर्दै सर्वोच्च अदालतले सर्वस्वसहित जन्मकैदको सजाय सुनाएको थियो। नेपाल प्रहरीको फरार सूचीमा रहेका ढुङ्गेल प्रधानमन्त्री भट्टराईसँगसँगै ओखलढुङ्गाको ग्रामोदय युगकवि सिद्धिचरण उच्चमाविको स्वर्णजयन्तीका अवसरमा ०५५ फागुन २० गते सम्पन्न कार्यक्रममा उपस्थित थिए।

तस्बिर सौजन्य : अन्नपूर्ण पोस्ट

बरहीवीरपुर गाविस–७ स्थित जनता राष्ट्रिय प्राविको पठनपाठन स्थगित गरी एमाओवादी पार्टीले ०६५ पुस १८ गते गरेको गाउँ सम्मेलन कार्यक्रममा मन्तव्य दिँदै पार्टीका जिल्ला संयोजक उमेश यादव।

बालअधिकार महासन्धिले बालअधिकारको रक्षा गर्ने दायित्व सरकारलाई तोकेको छ। सरकारले गरेको विद्यालय शान्ति क्षेत्र घोषणाको पक्षमा देशका सबै राजनीतिक दलले समर्थन जनाए पनि नेपालका राजनीतिक दलहरूले आफ्ना बैठक तथा आमसभाहरू गर्दा विद्यालयको प्रयोग गर्ने गरेका छन्।

तस्बिरः मनोहरकुमार पोखरेल

स्रोत : सूचना विभाग

परिच्छेद २

संविधानसभा : अग्रगमनको प्रस्थान विन्दु

हरु

१. परिचय

अन्योलग्रस्त सुरुआती अवस्था रहेको सन् २०१३ को अन्तिम महिनामा पुन: संविधानसभाको निर्वाचन सम्पन्न भयो। यस निर्वाचनले नेपाली जनताको चाहना अनुरूपको संविधान निर्माण र जननिर्वाचित सरकार गठन गर्ने प्रक्रियाको पुन: मार्गप्रशस्त गरिदिएको छ। जननिर्वाचित प्रतिनिधिको अनुपस्थिति र शान्ति प्रक्रियाका सरोकारवालाहरूको मतभिन्नताका कारण गैरराजनीतिक प्रकृतिको सरकार गठन यस्ता विषय थिए, जसले सात वर्षअघि आरम्भ भएको शान्ति प्रक्रियाको बाटो अवरुद्ध हुन गएको भान आमजनतामा पर्न थालेको थियो।

दुई वर्षभित्रै नयाँ संविधान निर्माण गर्नुपर्ने संवैधानिक कार्यादेशसहित ०६४ चैत २८ गते नेपालको पहिलो संविधानसभाको निर्वाचन भएको थियो। संविधान लेखन कार्य अपूर्ण रहेकै अवस्थामा उक्त संविधानसभा विघटन गरिएपछि संविधान लेखन त अपूरो रह्यो नै, संवैधानिक जटिलताहरू पनि सिर्जना भए । एमाओवादी नेता डा. बाबुराम भट्टराईको नेतृत्वमा रहेको सरकारले ०६९ जेठ १४ गते संविधानसभा विघटन गर्दै ०६९ मङ्सिर ७ गते संविधानसभा निर्वाचन मिति घोषणा गरे पनि आवश्यक संविधान संशोधन र राजनीतिक सहमतिको अभावमा घोषित मितिमा निर्वाचन हुन सकेन। त्यसपछि उनले वैशाखमा निर्वाचन गरिने बताउँदै आए पनि सम्भव भएन। कारण सरकारबाहिर रहेका दलहरूको असहमति थियो। संविधानसभा निर्वाचनको प्रयोजनका लागि सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा ०६९ चैत १ गते गैरराजनीतिक प्रकृतिको चुनावी मन्त्रिपरिषद् गठन भएपछि निर्वाचन सम्पन्न हुन्छ वा हुन्न भन्ने विषयमा अन्योल यसकारण पनि बढेको थियो कि सशस्त्र द्वन्द्वको विद्रोही पक्षकै एक समूहले कुनै पनि हालतमा निर्वाचन सम्पन हुन नदिने दाबी मात्रै गरेन, हिंसात्मक उपायद्वारा निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने प्रयास पनि गऱ्यो। प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा गठित मन्त्रिपरिषद्को ०७० जेठ ३० गते बसेको बैठकको निर्णयबमोजिम मङ्सिर ४ गते संविधानसभाको निर्वाचन सम्पन्न भयो।

नेपालको मानवअधिकार अवस्थाको चर्चा वा विश्लेषण गर्दा अझै पनि सशस्त्र द्वन्द्वकालमा भएका गम्भीर मानवअधिकार उल्लङ्घनका विषयवस्तुको उपेक्षा गर्न सकिँदैन। पीडितहरूले न्याय पाउनेलगायतका विषय संसद् र संविधानका अभिन्न अङ्ग भएका कारण पनि संविधानसभा निर्वाचन मानवअधिकारका दृष्टिकोणले महत्त्वपूर्ण सीमारेखाभित्र पर्दछ। संविधानसभा निर्वाचनमार्फत एकातिर जनताले आफूप्रति उत्तरदायी हुनुपर्ने जनप्रतिनिधिमार्फत शासित हुन पाउने अधिकारको उपभोग गर्न पाउने अवस्था सिर्जना भएको छ भने अर्कातिर लम्बिँदै गएको सङ्क्रमणकाल र शान्ति प्रक्रियालाई विश्राम दिलाउने अवसर पनि जुटेको छ। संविधानसभाको निर्वाचन हुनासाथ सबै विषयको सरल तरिकाले टुङ्गो लागिहाल्ने अवस्था भने यसकारण पनि देखिँदैन कि अघिल्लो संविधानसभाले गरेका निर्णयहरूलाई सडकबाट विरोध गर्नेहरू यसपटक सदनमा पुगेका छन् र निर्वाचनको परिणामले राजनीतिक ध्रुवीकरणको नयाँ सङ्केत पनि गरेको छ। यिनै पृष्ठभूमिमा सन् २०१३ मा अराजनीतिक सत्ता हस्तान्तरण, संविधानसभा निर्वाचन र यसबाट सिर्जित विषयवस्तुहरूको यस आलेखमा विश्लेषण गरिएको छ।

२. कामचलाउ सरकारको बहिर्गमन

संविधानसभाको म्याद थप्न नमिल्ने भनी सर्वोच्च अदालतले ०६८ मङ्सिर महिनामा आदेश दिएपछि बाँकी रहेको ६ महिनामा संविधान निर्माण हुने आशामा नेपाली जनता रहेका थिए। यो आशालाई मलजल पुऱ्याएको थियो संविधानको ८० प्रतिशत काम सकिइसकेको भन्ने पटक-पटकको नेपाली राजनीतिक दल र तिनका नेताको अभिव्यक्तिले। तर,संविधानसभाको हठात् विघटन गरियो। सङ्घीयता र राज्यको शासकीय स्वरूपका बारेमा राजनीतिक दलहरूबीच सहमति कायम हुन नसक्नु नै विघटनको मूल कारण थियो।

संविधानसभाको विघटन भएको पर्सिपल्ट राष्ट्रपति डा. रामवरण यादवले डा. बाबुराम भट्टराईको सरकार कामचलाउ भएको र सहमतीय सरकार गठनका लागि आह्वान गरे। तर, आफ्नो सरकार वैधानिक भएको पटक-पटक बताएर डा. भट्टराईले प्रधानमन्त्री पदबाट राजीनामा दिन आनाकानी गरिरहे। एमाओवादीबाहेकका राजनीतिक दलहरूले नेपाली काङ्ग्रेसका सभापति सुशील कोइरालाको नेतृत्वमा चुनावी सरकार बनाउन मार्गप्रशस्त गरिदिन एमाओवादीलाई आग्रह गर्दा एमाओवादीको अस्वीकृतिका कारण त्यो सम्भव भएन। संसद्को अभावमा सरकारविरुद्ध अविश्वास प्रस्ताव ल्याउन सक्ने अवस्था नै थिएन। न त कुनै अन्य संवैधानिक उपाय नै अस्तित्वमा थियो।

एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल, काङ्ग्रेसका सभापति सुशील कोइराला, एमालेका अध्यक्ष झलनाथ खनाल र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका तर्फबाट विजयकुमार गच्छदारले ०६९ फागुन ३० गते ११ बुँदे सहमतिमा हस्ताक्षर गरी ०७० असार महिनाको पहिलो सातासम्ममा संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी दिने गरी प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा गैरदलीय सरकार गठन गर्ने सहमति गरे। (हेर्नुहोस् सहमतिको पूर्ण पाठ) त्यो बेलासम्म संविधानसभाको म्याद अन्तिमपटकलाई थपिएको आदेश दिने सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मी नै दलीय सहमतिमा मन्त्रिपरिषद्को अध्यक्ष होलान् भन्ने कसैले सोचेका थिएनन्।[१]

३. गैरराजनीतिक प्रकृतिको मन्त्रिपरिषद्को गठन

नेपालको अन्तरिम संविधानले कल्पना नगरेको गैरराजनीतिक प्रकृतिको सरकार गठनको विषयमा राष्ट्रियस्तरमा व्यापक विरोध भए पनि यसले अन्तर्राष्ट्रिय समर्थन प्राप्त गरेको थियो।[२] कतिपय राजनीतिक दलका नेताहरूले डा. बाबुराम भट्टराई नेतृत्वको सरकारलाई बहिर्गमन गर्न यो सरकार गठन हुनुलाई सकारात्मक रूपमा लिए। किनभने, राष्ट्रपतिद्वारा कामचलाउ घोषणा गरिएको डा. बाबुराम भट्टराईको सरकार सत्ता छोड्न तयार थिएन। सरकार सत्ता छोड्न नचाहने अनि त्यही सरकारले गराउने संविधानसभाको निर्वाचनमा भाग नलिने एमाओवादी र मधेसी मोर्चा आबद्ध बाहेकका राजनीतिक दलहरूको अडानका बीच तीन ठूला दल र मधेसी मोर्चा सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा गैरदलीय सरकार गठनका लागि सहमत भएका थिए। मन्त्री पदमा संविधानसभा निर्वाचनमा भाग नलिने नेपाल सरकारका पूर्वसचिवहरूलाई राख्ने राजनीतिक दलहरूबीच सहमति भएको थियो। सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा चुनावी मन्त्रिपरिषद् गठन गर्ने निर्णयले कार्यपालिकाको छायाँमा न्यायपालिका परेको भनी आलोचना भएको भए पनि सरकारले संविधानसभाको निर्वाचनका लागि गरेको तयारी सँगसँगै विरोधका स्वरहरू क्रमश: मत्थर हुँदै गएका थिए।

लोकतान्त्रिक व्यवस्थामा गैरदलीय सरकारको परिकल्पना पनि हुँदैन। त्यसैले त खिलराज रेग्मी सरकार गठनसँगै कार्यपालिकाको छायाँमा न्यायपालिका परेको भनी सर्वत्र आलोचना भयो। देशमा निरङ्कुशता फर्किएको भनी राजनीतिक दलहरूका बीचमा मात्रै होइन, नेपालको नागरिक समाजले आफ्नो विरोध जनायो।[३] नेपाल बार एसोसिएसनले सर्वोच्च अदालतका प्रधानन्यायाधीश कार्यपालिका प्रमुखमा नियुक्त हुनुलाई प्रतिगमनको सुरुआत भनी गम्भीर आलोचना गऱ्यो।[४]

संसदीय व्यवस्था भएको मुलुकमा गैरदलीय चरित्रको सरकार गठन हुनुलाई प्रतिगमनको बाटातर्फ बढेको भनी चर्को विरोध हुनु पनि अस्वाभाविक थिएन। दलहरूबीच बढेको खिचातानीका साथै उनीहरूमा रहेको सत्तालिप्साका कारण एक ठाउँमा आउन सम्भवै थिएन। दलहरूका आन्तरिक किचलो, दलहरूबीचमा आएको विभाजन राजनीतिक दलहरूलाई एक ठाउँमा ल्याउन बाधक थिए।

निर्वाचन गर्ने मुख्य जिम्मेवारी पाएको खिलराज रेग्मीको सरकारले आफ्नो जिम्मेवारी सफलतापूर्वक सम्पन्न गऱ्यो। विगतमा भएका निर्वाचनभन्दा सफल यसपटकको संविधानसभाको निर्वाचनलाई मानियो। सुदृढ शान्ति सुरक्षा, मतदानप्रति जनताको उत्कट इच्छा, सचित्र मतदाता नामावली र निर्वाचन आयोगले अन्तिम समयमा भए पनि लागू गरेको फोटोसहितको मतदाता परिचय-पत्रले चुनावमा हुने गरेको धाँधलीलाई रोक्न मद्दत पुऱ्याएको आकलन धेरैले गरे। यही समयमा संविधानसभा निर्वाचन बहिष्कार हुने र जनता मतदान गर्न नजाने विश्लेषण गर्नेहरूको सङ्ख्या पनि कम थिएन। तर, उनीहरूको विश्लेषण उत्साहित जनताको मतदानमा भाग लिने अठोटसँगै सेलायो। जनता स्वत:स्फूर्त मतदानमा भाग लिन जानुलाई धेरैले आवधिक निर्वाचनको महत्त्व, जनतामा भोट खसाल्ने र

---

१. सुधीर शर्मा, 'प्रयोगशाला'। फाइनप्रिन्ट। पृष्ठ ३५२-३६०
२. सुधीर शर्मा, 'प्रयोगशाला'। फाइनप्रिन्ट। पृष्ठ ३५२-३६०
३. लोकतन्त्रमाथिको प्रतिगमन रोक्न शीतलनिवासअगाडि धर्ना। फागुन ३० गते। इन्सेक अनलाइन http://inseconline.org/index.php?type=news&lang=np&id=39780_ ०७० पुस ३ गते हरिएको
४. http://inseconline.org/index.php?type=news&lang=np&id=39782 ०७० पुस ८ गते हेरिएको

परिवर्तनलाई संस्थागत गर्ने दृढ आकाङ्क्षाका रूपमा लिए। उत्साहका साथ मतदान गरी जनताले लोकतन्त्रप्रतिको आफ्नो आस्थालाई मुखरित गर्ने महान् कार्य गरे।

४. संविधानसभाको निर्वाचन

यस वर्षको सुरुमा गठन भएको गैरदलीय सरकारले असारको पहिलो साता संविधानसभाको निर्वाचन सम्पन्न गरिसक्ने तीन प्रमुख ठूला दल र मधेसी मोर्चाबीच भएको सहमतिमा उल्लेख थियो। तर, संविधानसभाको आकारका बारेमा भएको लगातारको विवादका कारण निर्वाचन आयोगले छोटो अवधिमा निर्वाचन सम्पन्न गर्न कठिनाइ हुने जनायो। फलस्वरूप सहमतिमा भनिए अनुसार असार पहिलो साता निर्वाचन सम्पन्न हुन सकेन। अनि, सरकारले तोक्यो मङ्सिर ४ गतेका लागि संविधानसभाको दोस्रो निर्वाचनको तिथि। यसबीचमा निर्वाचन आयोगले निर्वाचन सम्पन्न गर्न आवश्यक कानुनी संशोधन, सुरक्षाको उचित प्रबन्ध, मतदाता नामावलीमा नाम राख्नेलगायतका कार्यहरू कुशलतापूर्वक सम्पन्न गऱ्यो। यसै गरी उसले फोटोसहितको परिचय-पत्र वितरणका साथै निर्वाचनको पर्यवेक्षण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक संस्था र व्यक्तिलाई अनुमति प्रदान गऱ्यो। नेपाल सरकारले निर्वाचनसँग सम्बन्धित सुरक्षाको उचित प्रबन्ध मिलायो। मतदाता र निर्वाचन प्रक्रियाको सुरक्षाका लागि नेपाल सरकारले नेपाली सेनाका साथै सशस्त्र प्रहरी र नेपाल प्रहरीलाई परिचालन गरेको थियो। सुदृढ गरिएको शान्ति सुरक्षाका कारण मतदाता लक्षित आतङ्ककका बाबजुद नेपाली जनता मतदानमा संलग्न भए। यसपटक सम्पन्न भएको संविधानसभाको निर्वाचनलाई नेपालमै पहिलोपटक धाँधलीरहित र शान्तिपूर्ण भएको मानियो।

निर्वाचन आयोगले प्रकाशन गरेको तथ्याङ्क अनुसार ७५ प्रतिशत मतदाताले संविधानसभाको निर्वाचनमा मतदान गरेका थिए। प्राप्त अन्तिम मत परिणाम अनुसार काङ्ग्रेस पहिलो, एमाले दोस्रो, एमाओवादी तेस्रो र राप्रपा-नेपाल चौथो राजनीतिक शक्तिका रूपमा देखा परे। पहिलो संविधानसभाको निर्वाचनका बेला दुईओटा मधेसवादी पार्टी रहेकामा यसपटकको निर्वाचनमा ३४ ओटा मधेसवादी पार्टी चुनावी मैदानमा थिए। यीमध्ये पाँचओटा दलले मात्रै संविधानसभामा आफ्नो स्थान बनाउन सफल भए। मधेसवादी दलले खसेको मतमध्ये ११ प्रतिशत मत प्राप्त गरे। अघिल्लो संविधानसभा निर्वाचनमा ३३ प्रतिशतभन्दा बढी महिलाको प्रतिनिधित्व रहेकामा यसपटक यो सङ्ख्यामा कमी आयो। पहिलो हुनेले जित्ने प्रणाली अन्तर्गत १० जना महिलाले मात्र विजय हासिल गरे। दुई जना दलित मात्र पहिलो हुनेले जित्ने प्रत्यक्ष प्रणालीबाट संविधानसभामा विजयी हुन सफल भए।

निर्वाचन आयोगका अनुसार खसेको मतमध्ये ४.९६ प्रतिशत मत बदर भयो। गएको संविधानसभाको निर्वाचनभन्दा यो सङ्ख्या बढी हो। ठूलो मतपत्र, धेरै राजनीतिक दलहरू तथा निर्वाचन सचेतनाको अभावमा धेरै मतपत्रहरू बदर भएको धेरैले अनुमान गर्नुका साथै बदर मतको अनुपातलाई हेर्दा मतदाता शिक्षालाई प्रभावकारी बनाउनुपर्ने टड्कारो आवश्यकता महसुस भयो।

४.१ जनप्रतिविहीन अवस्थाको अन्त्य

६ वर्षअघिको निर्वाचित संविधानसभा ०६९ जेठ १४ गते विघटन भएपछि मुलुक जनप्रतिनिधिविहीन हुन पुग्यो। बहुमतीय तवरले व्यवस्थापिका-संसद्बाट गठित एमाओवादी नेता बाबुराम भट्टराईको सरकार संविधानत: कामचलाउमा परिणत हुन पुग्यो। संसद्को अभावमा शान्ति सम्झौतासँग सम्बन्धित विभिन्न आयोगहरूको गठनसँग सम्बन्धित कानुनहरूको निर्माण हुन सकेका थिएनन् भने लोकतन्त्रको मूल आधार आवधिक निर्वाचन पनि हुन सकेको थिएन। जनताको प्रतिनिधित्व हुने संसद्को उपस्थितिले मात्रै जनताका आवाज मुखरित गर्न मद्दत पुग्छ। संविधानसभाको निर्वाचनले जनप्रतिनिधिविहीन अवस्थाको अन्त्य गर्न मद्दत पुऱ्यायो।

४.२ संविधानसभा निर्वाचन परिणामबाट प्राप्त जनादेश

०४८ सालपछि सम्पन्न भएका संसदीय निर्वाचनमा स्पष्ट बहुमत ल्याएका पार्टीहरूले पनि पूरा अवधि सरकार सञ्चालन गर्न सकेनन् । ०६४ सालको संविधानसभा निर्वाचनपश्चात् गठित सरकारहरूको पनि यस्तै अवस्था रह्यो। पुन: ०७० मा भएको संविधानसभा निर्वाचनको परिणामले सहमतीय आधारमा संविधान निर्माण गर्नुपर्ने निर्देश दिएको छ। यद्यपि, पहिलो संविधानसभामा सबैभन्दा बढी २९ प्रतिशत मत प्राप्त गर्ने एमाओवादी १५ प्रतिशतमा झरेको छ भने काङ्ग्रेस २१ प्रतिशतबाट बढेर २६ र एमाले २० बाट २४ प्रतिशतमा उक्लिएको छ। मधेसकेन्द्रित दलहरूको सिट सङ्ख्या घटे पनि

उनीहरूले पाएको संयुक्त मत १२ प्रतिशतबाट ११ प्रतिशतमा झरेको छ। मुलुकको भावी शासकीय स्वरूप, राज्यको पुन:संरचना र प्रादेशिकीकरण तथा निर्वाचन प्रणालीका सम्बन्धमा अडानहरू फरक-फरक देखिन्छन्। एमाओवादी र एमाले प्रत्यक्ष निर्वाचनमार्फतको शासकीय स्वरूपमा एकमत छन्, मतान्तर राष्ट्रपतीय प्रणाली वा प्रधानमन्त्रीय व्यवस्थामा मात्र हो।

संसद्बाट निर्वाचित प्रधानमन्त्री र संवैधानिक राष्ट्रपतिसहितको शासकीय स्वरूपका बारेमा काङ्ग्रेस र मधेसकेन्द्रित दलहरूको धारणा समान देखिन्छ। अघिल्लो संविधानसभामा धेरै मुद्दाहरू टुङ्गो लागिसकेको थियो। ती मुद्दाहरूलाई यस सभाले कसरी अपनाउँदै जाने भन्ने नै सर्वाधिक महत्त्वको विषय हो।

पुन: भएको संविधानसभा अघिल्लो संविधानसभाकै पूरक भएकाले १२ बुँदे सहमति, ०६२-६३ को जनआन्दोलन, नेपालको अन्तरिम संविधान २०६३ र मधेस आन्दोलनपछि भएका सहमतिकै जगमा उभिएको यथार्थ मनन गरिनुपर्ने हुन्छ। तसर्थ, अघिल्लो संविधानसभाका सहमत विषयहरू स्वाभाविक रूपले अनुमोदित हुनसक्ने सम्भावना रहेको छ। सात दल र तत्कालीन विद्रोही माओवादीका उत्तराधिकारप्राप्त राजनीतिक शक्तिको नै अहिलेको संविधानसभामा सुदृढ प्रतिनिधित्व रहेको छ। जनताको अभिमतका बारेमा माथि गरिएको विश्लेषणले यो तथ्यलाई स्वीकार गर्दछ। दलीय स्वार्थको पर्खाल रहेको दलहरूबीचको सहज सहमति हुन भने अप्ठ्यारो पर्ने कुरा विगतको संविधानसभाका अभ्यासले पनि प्रमाणित गरिसकेका छन्।

४.३ निर्वाचनमा धाँधलीको आरोप

संविधानसभाको मतदान सकिनासाथ निर्वाचन आयोग, नेपाल सरकार र मतदातालाई धन्यवाद ज्ञापन[५] गरेका एमाओवादीका नेताहरूको बोली निर्वाचन परिणाम आउन सुरु हुनासाथ फेरियो। एमाओवादीले निर्वाचन सकिएको पर्सिपल्ट बिहान निर्वाचनमा धाँधली भएको भन्दै निर्वाचन परिणाम नस्वीकार्ने र सम्पूर्ण प्रक्रियाबाट बाहिरिने घोषणा गऱ्यो। निर्वाचन परिणाम आफ्नो पक्षमा आउने सङ्केत नदेखेपछि काठमाडौँमा उपलब्ध आफ्ना नेताहरूको बैठक मङ्सिर ५ गते बिहान एमाओवादी अध्यक्ष पुष्पकमल दाहालको निवास लाजिम्पाटमा बसेको थियो। बैठकले निर्वाचनमा सङ्गठित रूपमा धाँधली गरिएको र सो प्रक्रियामा नेपाल सरकार, नेपाली सेना र निर्वाचन आयोग योजनाबद्ध रूपमा संलग्न भएको आरोप लगायो।[६] यसपछि उसले देशभरका मतगणनास्थलमा रहेका आफ्ना प्रतिनिधिलाई मतगणना प्रक्रियामा सामेल नहुन सर्कुलर गऱ्यो। यससँगै एमाओवादीका प्रतिनिधिहरूले मतगणनास्थल छोडे। एमाओवादीको बैठकको निर्णयसँगै निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले बिहान ७ बजे नै पत्रकार सम्मेलन गरी निर्वाचन शान्तिपूर्ण र धाँधलीरहित रूपमा सम्पन्न भएको र निर्वाचन परिणामलाई स्वीकार्न गर्न आग्रह गरे। एमाओवादीको घोषणासँगै आफ्नो प्रतिकूल मत परिणाम आएपछि मधेसवादी दलहरूमध्ये मधेसी जनअधिकार फोरम लोकतान्त्रिकले पनि निर्वाचन परिणाम नस्वीकार्ने बताएको थियो।

मतदान प्रक्रियामा गरिएको सुधारका कारण मतदानमा धाँधली हुने सम्भावना एकदमै न्यून रहेको निर्वाचन आयोगको भनाइमा राजनीतिक विश्लेषकहरूले सही जनाएका थिए। निर्वाचनमा भएको धाँधलीबारे प्रतिवेदन दिन गठन गरिएको एमाओवादीको टोलीले आफ्नो ६३ पेजको प्रतिवेदन पार्टीमा त बुझायो नै तर कुन ठाउँमा कसरी धाँधली भयो भन्ने तथ्य खुलाएको थिएन।[७] 'बीबीसी' नेपाली सेवाको साझा सवाल कार्यक्रममा बोल्दै एमाओवादी प्रवक्ता अग्निप्रसाद सापकोटाले 'कोण-प्रतिकोणबाट, अदृश्य शक्तिले धाँधली गरेको' बताएका थिए। तर, बिनाप्रमाण बोलिएको एवम् आरोप लगाइएको भनी नेपाली जनता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले माओवादी आरोपलाई पत्याएनन्।[८] नेपाली सेनाले त एक विज्ञप्ति नै प्रकाशन गरी नेपाली सेनाको व्यावसायिकतामाथि प्रश्नचिन्ह नउठाउन र गलत आरोप नलगाउन एमाओवादीलाई अनुरोध नै गऱ्यो। नेपाली सेनाले

५. https://www.facebook.com/DrBaburamBhattarai ०७० पुस १६ गते हेरिएको
६. http://www.bbc.co.uk/nepali/news/2013/12/131204_investigation_commitee.shtml ०७० पुस १६ गते हेरिएको
७. http://setopati.com/chapa-bata/6251/ ०७० पुस १५ गते हेरिएको
८. http://www.inseconline.org/index.php?type=news&id=43416&lang=np ०७० पुस १० गते हेरिएको

प्रकाशन गरेको विज्ञप्तिमा 'नेपाली सेनाले मङ्सिर ४ गते सम्पन्न भएको संविधानसभा निर्वाचनमा नेपालको अन्तरिम संविधान, २०६३ अनुरूप नेपाल सरकारको वैधानिक निर्णयबमोजिम नेपाली सेना परिचालन भई संविधानसभा निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्ने नेपाल सरकारको लक्ष्य अनुरूप नेपाली सेनालाई प्राप्त कार्यादेश नितान्त इमानदारीपूर्वक, उत्कृष्ट एवम् व्यावसायिक ढङ्गले सम्पन्न गरेको तथ्य सबैसामु छर्लङ्ग भएको' उल्लेख गऱ्यो। विज्ञप्तिमा उसले 'इमानदार एवम् कर्तव्यनिष्ट भई पालना गरेको परिप्रेक्ष्यमा केही सञ्चार माध्यममार्फत निर्वाचनमा धाँधली भएको भन्ने नाममा आधारहीन, तथ्यरहित एवम् भ्रमपूर्ण प्रचारबाजी गरी राष्ट्रिय सेनालाई अनावश्यक रूपमा विवादमा तानी नेपाली सेनाको अराजनैतिक एवम् व्यावसायिक चरित्रमाथि प्रहार गर्ने प्रयास भएको'[९] जनायो।

४.४ महँगिएको निर्वाचन खर्च

'मतदाताहरू उम्मेदवारलाई बेहुलो मान्छन्। तर, निर्वाचनका बेला उम्मेदवार बहुलो नभई बेहुलीको बाबुजस्तो हुँदोरहेछ ।' काङ्ग्रेसका नेता गगन थापाले 'सेतोपाटी' इन्टरनेट पत्रिकामा दिएको अन्तर्वार्तामा सो भनाइ उल्लेख गरे। 'सेतोपाटी'मै काङ्ग्रेसका अर्का नेता नरहरि आचार्य र एमालेका नेता सुरेन्द्र पाण्डेले पनि निर्वाचन खर्च असाध्यै महँगिएको र सानोतिनो खर्चले निर्वाचन जित्न र निर्वाचनमा भाग लिन नसकिने अवस्था रहेको बताएका थिए।

०६४ सालको संविधानसभाको निर्वाचनमा २ अर्ब ८१ करोड रुपियाँ खर्च भएको थियो। सो बेला खसेको कूल १ करोड ७ लाख मतलाई हेर्दा त्यसबेला प्रतिमत २ सय ६२ रुपियाँ खर्च भएको थियो। यसपटक मतदाताको सङ्ख्या घटेको भए पनि प्रतिमत २ हजारभन्दा बढी खर्च भएको अनुमान छ।[१०]

चुनाव प्रचार-प्रसारमा राजनीतिक दलहरूले गरेको खर्च झन् बढी थियो। निर्वाचन आयोगले जारी गरेको आचारसंहितामा पहिलो हुनेले जित्ने प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत एक उम्मेदवारले १० लाखसम्म र समानुपातिकका प्रतिस्पर्धीले ७५ हजार रुपियाँसम्म खर्च गर्न पाउने उल्लेख थियो। तर, खर्चिलो निर्वाचन परिचालनका कारण आचारसंहितामा उल्लेख गरिएको रकमले निर्वाचन खर्च धान्न सकेन।[११]

निर्वाचन आचारसंहिताले तोकेको खर्चको सीमामा कुनै राजनीतिक दलहरू र तिनका उम्मेदवार कायम रहेनन्। अघिल्लो निर्वाचनमा उम्मेदवार बनेका मध्ये २ सयभन्दा बढी उम्मेदवारले निर्वाचन आयोगमा खर्च विवरण बुझाएका थिएनन्।

४.५ समानुपातिक सभासद् चयनको सान्दर्भिकता र विवाद

पञ्चायती व्यवस्थामा राजाले राष्ट्रिय पञ्चायतमा माननीय मनोनीत गर्ने गर्दथे। यो परम्परा प्रजातन्त्रको स्थापना भएपछि पनि राष्ट्रियसभामा सांसद् मनोनीत गर्दा कायम राखियो। ०६२/६३ सालको जनआन्दोलनपछि पुनःस्थापित प्रजातन्त्र र त्यसलगत्तै जारी भएको नेपालको अन्तरिम संविधानमा समानुपातिक निर्वाचन प्रणालीको विषय उल्लेख थिएन। पहिलो संविधानसभा ६ सय १ सदस्यीय थियो। २ सय ४० जना प्रत्यक्ष निर्वाचित भएर आएका थिए भने ३ सय ३५ जना समानुपातिक प्रणाली र २६ जना नेपाल सरकारले मनोनयन गरेका सभासद्हरूले संविधानसभामा प्रतिनिधित्व गरेका थिए। खिलराज रेग्मीको अध्यक्षतामा गैरदलीय सरकार बनाउने सहमति गरेका राजनीतिक दलहरूले ४ सय ९० सदस्यीय संविधानसभा बनाउने सहमति गरेका थिए।

प्रत्यक्ष निर्वाचन प्रणालीबाट संविधानसभामा प्रतिनिधित्व कायम गर्न नसकिने त्रासमा रहेका केही राजनीतिक दलहरू यो बनावटको विरोधमा थिए। जसले सहमति नसच्चिए निर्वाचनमै भाग नलिने धम्की दिँदै आएका थिए। निर्वाचनमा सबैलाई सहभागी गराउने नीति अनुसार नै विरोधमा रहेका राजनीतिक दलहरूसँग सरकारले सहमति गऱ्यो। सहमतिमा संविधानसभामा समानुपातिक सभासद्को सङ्ख्या ३ सय ३५ नै कायम रहने र संविधानसभाको बनावट ६ सय १ नै हुने उल्लेख थियो। *(थप जानकारीका लागि हेर्नुहोस् उच्चस्तरीय राजनीतिक समिति र सङ्घीय समाजवादी पार्टी, नेपालबीच भएको सहमति, बक्स- २)*

---

९. नेपाली सेना। 'सिपाही' पाक्षिक । वर्ष ९ अङ्क ८, ०७० । पृष्ठ ७

१०. 'हिमाल' खबरपत्रिका *खर्चिलो निर्वाचन* ०७० कात्तिक ७ गते । पृष्ठ २३

११. पूर्ववत्

पछाडि पारिएका, दलित, जनजाति, आदिवासी, महिलाको संविधानसभामा उचित सहभागिता हुन सकोस् भनी परिकल्पना गरिएको पद्धतिले राजनीतिक दलहरूलाई समस्यामा पाऱ्यो। जनताको परीक्षामा भाग नलिई सभासद् बन्न पाइने भएपछि निर्वाचन आयोगमा पार्टीले बुझाएका सूचीमा परेका नेता तथा कार्यकर्ताले सभासद् बन्ने चाहना राख्नु अस्वाभाविक थिएन। नेपालको परिप्रेक्ष्यमा समानुपातिकमा ५८ र प्रत्यक्षमा ४२ प्रतिशत प्रतिनिधित्वको व्यवस्था गरिएको छ, जुन न्यायसङ्गत नभएको धेरै विश्लेषकहरूले बताउँदै आएका छन्।[१२]

४.६ अघिल्लो संविधानसभाको स्वामित्वको प्रश्न

नवनिर्वाचित संविधानसभालाई अध्ययन गर्न विगतको संविधानसभाले छोडेर गएका धेरै दस्तावेजहरू उपलब्ध छन्। गएको संविधानसभाका सभासद्हरू गाउँगाउँ गएर सङ्कलन गरेका सुझावहरूका आधारमा विषयगत समितिले विभिन्न विषयका मस्यौदा तयार पारिसकेका थिए।[१३] राष्ट्रिय मानवअधिकार आयोग, लोकसेवा आयोग, निर्वाचन आयोगजस्ता संवैधानिक आयोगहरूका बारेमा सहमति कायम भएको थियो। त्यसै गरी, राज्यका निर्देशक सिद्धान्त के हुने भन्नेबारेमा पनि त्यतिबेला नै सहमति कायम भएको छ। द्वन्द्वपरान्त मुलुकहरूका संविधानहरूको अध्ययन गरी सभासद्हरूले त्यसका अनुभवका आधारमा नेपालको संविधानमा राख्नुपर्ने विषयमा समेत छलफल चलाइएको थियो। संविधानको अवधारणा नै लगभग तयार भइसकेको अवस्था छ।

गएको संविधानसभाले छोडेर गएका धेरै विषयहरू यो संविधानसभाका लागि सन्दर्भ सामग्रीका रूपमा प्रयोग हुन सक्छन्। देशका कुना-कन्दराबाट प्रतिनिधित्व गरेका विचारहरूको सङ्ग्रह संविधानसभालाई उपलब्ध छ। त्यहाँ उपलब्ध असल विचारलाई संविधानसभाले ग्रहण गर्न सक्छ। विचार र विषयका हिसाबले गएको संविधानसभाले असल काम त गऱ्यो तर सम्पूर्ण कुरालाई गोलमटोल पार्ने गरी तयार भएका विषयको स्वामित्व ग्रहण गर्ने कि नगर्ने भन्ने आजको मूल विषय हो। संविधानसभा विषयगत समितिहरूले तयार पारेका प्रतिवेदनलाई संविधानसभाको बैठकमा प्रस्तुत नै गरिएन । बरू उच्चस्तरीय राजनीतिक समितिका कोठे बैठकहरूमा ती विषयहरूमा सहमति कायम गरिएको भन्ने गरियो।

पहिलो संविधानसभाले तयार गरेको सङ्घीयतासम्बन्धी खाकालाई यस संविधानसभाले स्वामित्व ग्रहण गर्दै अगाडि बढ्न सक्यो भने सङ्घीयताको सवालमा सहमतिमा पुग्न सकिन्छ । यसै गरी, एकल जातीय सङ्घीयता र एक मधेस एक प्रदेशजस्ता विषयलाई सङ्घीयताको आधार हो भन्ने राजनीतिक शक्तिहरूको सोचमा परिवर्तन आएको सन्दर्भमा ती प्रसङ्गप्रति पुनःविचार हुन सक्ने गुञ्जायस छ।

संविधानसभामा छलफल नै नभएका सहमतिहरूको स्वामित्व ग्रहण गर्ने विषय सान्दर्भिक होइन भन्ने चर्चा पनि चलेको छ। नयाँ संविधान बनाउने मुलुकका हिसाबले नेपाल संसारकै कान्छो मुलुक हो। यो समयको पुस्ता लोकतान्त्रिक र विवेकशीलताबाट निर्देशित छ। ०६४ सालयता विश्वमा मात्रै होइन, नेपालमा पनि सूचना र सञ्चारको प्रयोगमा व्यापक वृद्धि भएको छ। लाखौँलाखको सङ्ख्यामा वैदेशिक रोजगारीमा गएका युवाहरू देश फर्कंदा कुनै न कुनै विषयमा दक्षता लिएर फर्कने गरेका छन्। उनीहरूले नयाँ चेतना लिएर आएका छन्। उनीहरूमा जागरुकता छ। यो पुस्ता अग्रगमन, शान्ति र समृद्धि चाहन्छ । विकसित देशको समुन्नति देखेर आएका युवा आफ्नो देशमा पनि त्यस्तै होस् भन्ने चाहना राख्छन्। नवनिर्वाचित संविधानसभाले संविधान बनाउँदा जनताको प्रतिनिधिमूलक भावनालाई समेट्न सक्नुपर्छ। सार्वजनिक नैतिकता र व्यक्तिगत उत्तरदायित्वलाई बोध गराउन संविधानसभा सफल हुनुपर्छ। आजको आवश्यकता पनि यही नै हो।

यसै गरी, यस संविधानसभाका अगाडि विभिन्न चुनौतीहरू पनि छन्। व्यवस्थापिका-संसद्को समेत कार्यभार सम्हाल्ने भएकाले शान्ति सम्झौतामा उल्लेख भई हालसम्म तय हुन नसकेका शान्ति, पुनःनिर्माण तथा मेलमिलाप, बेपत्ताजस्ता विषयमा आयोगहरू गठन

१२. http://en.wikipedia.org/wiki/Proportional_representation ०७० पुस १५ गते हेरिएको
१३. नेपाल मानवअधिकार वर्षपुस्तक २०१३, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पृष्ठ २५

गर्ने काम बाँकी नै छन्। त्यस्तै, विगतमा जस्तै यसपटक पनि सत्ताको खेल हुँदैन भन्ने कुनै ग्यारेन्टी छैन। सरकार गठन र विघटन गर्ने खेलमा फेरि पनि समय खेर जान सक्छ। यसतर्फ पनि ध्यान जानु जरुरी छ। संविधानसभालाई प्राप्त मूल कार्यभार पूरा गर्नु नै निर्वाचित संविधानसभाको मूल कार्यभार हो। त्यसै गरी सङ्घीयता, राज्यका शासकीय स्वरूपजस्ता विषयमा विगतमा जस्तै यसपटक पनि किचलो हुन सक्छ। जातीय पार्टीहरू तथा हिन्दू अधिराज्यको माग गर्ने पार्टीको संविधानसभामा दरिलो उपस्थिति रहेकाले उनीहरू पनि संविधानसभाका लागि चुनौती हुने कुरामा दुईमत छैन।

४.७ संविधानसभाबाहिरका दलहरू

संविधानसभा निर्वाचन सक्रिय बहिष्कारको नीति लिएको नेकपा-माओवादी र उसको ३३ दलीय मोर्चाले राखेको गोलमेच सम्मेलन, खिलराज रेग्मीले प्रधानन्यायाधीश पदबाट राजीनामा दिनुपर्ने र मङ्सिर ४ गतेका लागि घोषित संविधानसभा निर्वाचनको मिति सारिनुपर्ने माग नेपाल सरकार, एमाओवादी, काङ्ग्रेस, एमाले तथा मधेसी मोर्चाले अस्वीकार गरेपछि ती दलहरूले संविधानसभा निर्वाचनमा भाग लिएनन्। बरू, घोषित निर्वाचन विथोल्न उनीहरूले गरेका कतिपय क्रियाकलाप जनविरोधी तथा नेपाल सरकारले प्रकाशन गरेको विज्ञप्तिमा आतङ्कारी भएको उल्लेख थियो।[१४]

परिवर्तनका लागि योगदान गरेका राजनीतिक दलहरूको ठूलो हिस्सा संविधानसभाबाहिर रहँदा परिवर्तनलाई संस्थागत गर्न मात्रै होइन, जनताका एजेन्डाहरूलाई संविधानमा उल्लेखित गर्न सकिँदैन। यस्तै संविधान निर्माणको साझा एजेन्डामा राजनीतिक दलहरू सहभागी नहुने हो भने जनताले अपनत्व ग्रहण नगर्ने सम्भावना पनि उत्तिकै हुन्छ। ३३ दलीय मोर्चासँगको वार्ता असफल भएपछि एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले संविधानसभामा सरकारले मनोनयन गर्ने २६ सभासद् नेकपा-माओवादीलाई दिने बताएका थिए। तर, दाहालको प्रस्ताव नेकपा-माओवादीले ठाडै अस्वीकार गऱ्यो।

संविधानसभा निर्वाचन परिणामपछि नेकपा-माओवादीले संविधानसभा विघटनको मागलाई पटक-पटक दोहोऱ्यायो। उसले परिवर्तनकारी जनसमुदायका लागि संविधानसभाको औचित्य समाप्त भएको उल्लेख गर्दै जनविद्रोहको लामो तयारीमा जुट्ने निर्णय गऱ्यो। उसले मुलुक ०४७ सालको अवस्थामा फर्केको दाबीसमेत गरेको छ। १० वर्षे 'जनयुद्ध'का उपलब्धि षड्यन्त्रपूर्वक सिध्याएर मुलुकलाई यथास्थितिवादीको हातमा पुऱ्याएको भन्दै नेकपा-माओवादीले काङ्ग्रेस र एमालेको दुईतिहाइ भएको संविधानसभाबाट जनपक्षीय संविधान बन्न नसक्ने बतायो।[१५]

४.८ संविधानबारे प्रमुख तीन दलका घोषणापत्र

पहिलो संविधानसभाबाट संविधान दिन नसकेर आलोचित बनेका मुख्य दलहरूले दोस्रो संविधानसभामा भोट माग्दा वर्षदिनमै संविधान बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। तर, संविधानसभाको निर्वाचन परिणाम आएको डेढ महिना बित्दा पनि उनीहरूले समानुपातिक उम्मेदवारको टुङ्गो लगाउन सकेनन्। संविधानसभाको बैठक राष्ट्रपति वा प्रधानमन्त्रीमध्ये कसले बोलाउने ? यसै गरी, राष्ट्रपतिको नयाँ निर्वाचन गर्ने वा हालकै राष्ट्रपति कायम राख्ने भन्ने विवादले निकै समय लियो। त्यसबाहेक कुन दलले सरकारको नेतृत्व गर्ने ? प्रधानमन्त्री को हुने ? लगायतका विवादहरू सुरु भइसकेका छन्। संविधानसभाको बैठक बसेपछि संविधानसभाका अध्यक्ष र संवैधानिक समितिका सभापति को हुने ? कुन राजनीतिक दलले कस्तो भूमिका पाउने भन्ने विषयमा व्यापक विवाद हुनेमा कुनै शङ्का छैन। संविधान निर्माणसँगै मुलुकमा विकास निर्माणको कामलाई तीव्रता दिने र स्थानीय निकायको निर्वाचन सम्पन्न गर्ने राजनीतिक दलहरूको प्रतिबद्धता थियो। तर, संविधानसभाको निर्वाचन सम्पन्न भएको डेढ महिनासम्म पनि बैठक नै गर्न नसक्ने दलहरूले वर्षदिनमा कसरी संविधान दिन सक्छन् भन्ने प्रश्न जनताले गर्न थालेका छन्।

५. उच्चस्तरीय संयन्त्रको भूमिका र औचित्य

एमालेका नेता माधवकुमार नेपालको नेतृत्वमा ०६६ सालमा बहुमतीय सरकार गठन भएपछि काङ्ग्रेस सभापति स्व. गिरिजाप्रसाद कोइरालाको प्रस्तावमा उच्चस्तरीय राजनीतिक समितिको सुरुआत

१४. http://nagarikplus.nagariknews.com/component/flippingbook/book/1580-nagarik-15-nov-2013/2-nagarik.html ०७० पुस १५ गते हेरिएको

१५. http://www.himalkhabar.com/?p=50518 ०७० पुस १५ गते हेरिएको

एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी), नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी एमाले र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका बीच भएको सहमति

संविधान निर्माणको कार्य पूरा नहुँदै संविधानसभाको कार्यकाल समाप्त भएकाले सर्वोच्च अदालतको फैसलासमेतलाई ध्यानमा राख्दै नेपाली जनताले आफ्ना लागि आफैँ संविधान बनाउन पाउने अधिकारको प्रत्याभूति गरी देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत रूपमा सुदृढ गर्न, ०६९ साल जेठ १४ गतेपछि संविधानसभा कायम नरहेको तथा नयाँ संविधानसभाको निर्वाचन गर्ने राजनीतिक सहमति भएको र सोका लागि राष्ट्रिय सहमतिको सरकार निर्माण हुनु अत्यावश्यक भएकाले आवश्यकताको सिद्धान्तलाई समेत विचार गरी राजनीतिक सहमतिका आधारमा प्रधानन्यायाधीशको अध्यक्षतामा सरकार गठन गरी नयाँ संविधान निर्माणका लागि अर्को संविधानसभाको निर्वाचन गरी ताजा जनादेशको माध्यमबाट संविधानसभाको स्थापना गर्न र संविधानसभाको निर्वाचन स्वच्छ, स्वतन्त्र र भयमुक्त वातावरणमा सम्पन्न गरी देशमा लोकतान्त्रिक राजनीतिक निकासको मार्गप्रशस्त गर्न संवैधानिक र कानुनी रूपमा रहेका बाधा अड्काउ फुकाएर राजनीतिक सहमतिको सरकार गठन गरी अघि बढ्न निम्नबमोजिम सहमति गरेका छौँ :

१. चुनावी सरकारको संरचना, काम-कर्तव्य र अवधि

१.१. संविधानसभा व्यवस्थापिका-संसद्को निर्वाचन ०७० असार महिनाको ७ गतेभित्र गरिनेछ। यसका लागि अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन गरिनेछ र सो मन्त्रिपरिषद्मा अध्यक्ष र मन्त्री रहनेछन्।

१.२. संविधानमा प्रधानमन्त्रीले गर्ने भनी उल्लेखित सबै कामहरू अन्तरिम चुनावी मन्त्रिपरिषद्का अध्यक्षले गर्नेछन्। मन्त्रीहरूको कार्यविभाजन संविधान अनुसार मन्त्रिपरिषद्का अध्यक्षले गर्नेछन्।

१.३. अन्तरिम चुनावी मन्त्रिपरिषद्को मन्त्रीमा नेपाल सरकारका सबै निजामती सेवाका विशिष्ट श्रेणीमा रही अवकाश प्राप्त व्यक्तिहरूमध्येबाट नियुक्त गरिनेछ।

१.४.१. सर्वोच्च अदालतका प्रधानन्यायाधीशले अन्तरिम चुनावी मन्त्रिपरिषद्को अध्यक्षता गर्नेछन्।

१.४.२. अन्तरिम चुनावी सरकारको प्रमुख काम संविधानसभा व्यवस्थापिका-संसद्को निर्वाचन निर्धारित समयमा सम्पन्न गर्नुहुनेछ।

१.४.३. मन्त्रिपरिषद्ले गर्ने अन्य सबै कामहरू संविधानबमोजिम अन्तरिम चुनावी मन्त्रिपरिषद्ले गर्नेछ। तर, दीर्घकालीन प्रकृतिका कामहरू अन्तरिम चुनावी मन्त्रिपरिषद्ले गर्ने छैन।

१.४.४. प्रधानन्यायाधीशले गर्ने सम्पूर्ण कामहरू कायम-मुकायम प्रधानन्यायाधीशले गर्नेछन्।

१.४.५. कार्यपालिका तथा न्यायपालिकाको कार्य लोकतान्त्रिक मूल्य-मान्यता, संवैधानिक सर्वोच्चता, स्वतन्त्र न्यायपालिका, शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनका सिद्धान्तप्रति प्रतिबद्ध रही सम्पादन हुनेछ।

१.५. मन्त्रिपरिषद्का सदस्यहरूको सङ्ख्या अध्यक्षसहित बढीमा ११ हुनेछ। मन्त्रीहरूको नियुक्ति मन्त्रिपरिषद्का अध्यक्षले गर्नेछन्। यसो गर्दा समावेशी मान्यतालाई ध्यान दिइनेछ।

१.६. अन्तरिम चुनावी मन्त्रिपरिषद्को समयावधि संविधानसभा व्यवस्थापिका-संसद्को निर्वाचन सम्पन्न भई व्यवस्थापिका-संसद्बाट नयाँ प्रधानमन्त्री चयन भएर निजले कार्यभार सम्हालेपछि स्वत:समाप्त हुनेछ।

१.७. प्राविधिक कारण वा काबुबाहिरको परिस्थिति उत्पन्न भई संविधानसभा व्यवस्थापिका-संसद्को निर्वाचन ०७० असार ७ गतेभित्र हुन नसकेमा ०७० मंसिर मसान्तभित्र यथासम्भव चाँडो अर्को मितिमा निर्वाचन सम्पन्न गर्न उच्चस्तरीय राजनीतिक समितिको सहमति अनुसार मन्त्रिपरिषद्ले मिति तय गर्नेछ।

१.८. अर्को प्रधानमन्त्री चयन भएपछि अन्तरिम चुनावी मन्त्रिपरिषद्का अध्यक्ष पूर्ववत् पदमा फर्कनेछन्।

२. उच्चस्तरीय राजनीतिक समितिको गठन र कार्यक्षेत्र

२.१. संयुक्त जनआन्दोलनको भावना, राजनीतिक सहमति र सहकार्यको संस्कृति अनुरूप सरकार सञ्चालन गर्ने कार्यमा सहयोग पुऱ्याउन तथा राजनीतिक क्षेत्रमा उत्पन्न हुने समस्या समाधान गर्न प्रमुख राजनीतिक दलहरूको प्रतिनिधित्व रहेको एक उच्चस्तरीय राजनीतिक समिति हुनेछ।

२.२. यसको कार्यक्षेत्र निम्नबमोजिम हुनेछ :

२.२.१. निर्धारित समयमा निर्वाचन सम्पन्न गर्न उपयुक्त वातावरण सिर्जना गर्ने। काबुबाहिरको परिस्थिति उत्पन्न भई संविधानसभाको निर्वाचन निर्धारित समयभित्र हुन नसकेमा उच्चस्तरीय राजनीतिक समितिले अर्को मितिमा निर्वाचन सम्पन्न गर्नेलगायतका विषयहरूमा आवश्यक निर्णय गरी मन्त्रिपरिषद्लाई सिफारिस गर्नेछ।

२.२.२. राजनीतिक दलहरूका बीचमा सहमतिको वातावरण निरन्तर बनाइराख्न प्रयत्नशील रहने।

२.२.३. अन्तरिम चुनावी सरकारलाई आवश्यक सहमति, राय र परामर्श दिने। यस प्रयोजनका लागि कार्यविधि र सञ्चालन प्रक्रिया समितिले स्वयम् निर्धारण गर्नेछ।

३. संविधानसभाका सदस्यको सङ्ख्या र अवधि

३.१. संविधानसभा व्यवस्थापिका-संसद्का सदस्यहरू महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसी, किसान, श्रमिक/मजदुरलगायत सबै वर्ग र समुदायको प्रतिनिधित्व समानुपातिक समावेशी आधारमा हुने गरी पहिलो हुने निर्वाचन प्रणालीबाट २ सय ४० जना, समानुपातिक निर्वाचन प्रणालीबाट २ सय ४० जना र राजनीतिक सहमतिमा मन्त्रिपरिषद्बाट मनोनित हुने ११ जना गरी जम्मा ४ सय ९१ रहनेछन्। निर्वाचन क्षेत्र हाल कायम भएबमोजिम रहनेछन्।

३.२. संविधानसभाले संविधान निर्माणको काम सम्पन्न नभएसम्म संविधानसभा र व्यवस्थापिका-संसद दुवै हैसियतमा काम गर्नेछ र संविधान निर्माणको काम सम्पन्न भएपछि नयाँ संविधानबमोजिम हुनेछ।

४. मतदाता नामावली

४.१. निर्वाचन आयोगले तोकेको मितिमा १८ वर्ष उमेर पुगेका नेपाली नागरिकहरू मतदाता हुनेछन्।

४.२. अर्को संविधानसभाको निर्वाचन प्रयोजनका लागि ०६४ सालको संविधानसभाको निर्वाचनको मतदाता नामावलीलाई आधार मानी निर्वाचन आयोगले हालसम्म अद्यावधिक गरेको फोटोसहितको मतदाता नामावलीलाई क. नागरिकताको प्रमाणपत्रका आधारमा मतदाता नामावली अद्यावधिक गर्न र साथै नागरिकताको प्रमाणपत्र पाउनुपर्ने नेपाली नागरिकलाई नागरिकताको प्रमाणपत्र दिन तथा ख. उपर्युक्त अनुसार पनि नाम छुटेका व्यक्तिका हकमा ०६४ साल र त्यसपछिको मतदाता सूचीका आधारमा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ११ अनुसार मतदाता नामावली अद्यावधिक गर्न, गृह मन्त्रालय र निर्वाचन आयोगलगायतका निकायहरूको समन्वयमा विशेष अभियान सञ्चालन गरिनेछ।

४.३. अर्को संविधानसभाको निर्वाचनपछि सम्पूर्ण बालिग नेपाली नागरिकहरूलाई नागरिकताको प्रमाणपत्रका आधारमा राष्ट्रिय परिचयपत्र वितरण गरिनेछ र त्यसै आधारमा मतदाता सूची तयार पारिनेछ।

५. बाधा अड्काउ फुकाउने प्रक्रिया र विषयहरू

५.१. राजनीतिक दलहरूका बीच सहमति गरी सोही अनुरूप बाधा अड्काउसम्बन्धी आदेशमा समावेश हुने विषयहरू तय गर्ने र बाधा अड्काउ फुकाउने सम्बन्धमा मन्त्रिपरिषद्ले प्रस्ताव तयार पारी राष्ट्रपतिसमक्ष सिफारिस गर्नेछ। सो सिफारिस अनुसार राष्ट्रपतिबाट प्रधानन्यायाधीशलाई अन्तरिम चुनावी मन्त्रिपरिषद्को अध्यक्ष पदको शपथ गराइनेछ। यी सबै कामहरू क्रमशः एकसाथ गरिनेछन्।

५.२. उक्त सिफारिसबमोजिम बाधा अड्काउ फुकाइ कार्यान्वयन भएका व्यवस्थाहरू कार्य सम्पन्न भएपछि स्वत: निस्क्रिय हुनेछन्।

६. निर्वाचनसम्बन्धी आवश्यक प्रबन्ध

यो सहमति अनुरूप राजनीतिक दलहरूसँग परामर्श गरी निर्वाचनसम्बन्धी आवश्यक कानुन र अन्य व्यवस्थापनबारे निर्वाचन आयोगले प्रबन्ध गर्नेछ।

७. सर्वोच्च अदालत तथा संवैधानिक निकायमा नियुक्ति

७.१. सर्वोच्च अदालतका न्यायाधीशहरूको रिक्त पदमा यथाशीघ्र पूर्ति गर्न आवश्यक संवैधानिक प्रबन्ध गरिनेछ।

७.२. उच्चस्तरीय राजनीतिक समितिको सहमतिका आधारमा संवैधानिक निकायका रिक्त पदहरूमा आवश्यक कानुनी प्रबन्ध गरी यथाशीघ्र नियुक्ति गरिनेछ।

७.३. परराष्ट्र सेवाबाट नियुक्त गरिने व्यक्तिबाहेकका राजदूतका रिक्त पदहरूमा उच्चस्तरीय राजनीतिक समितिको सहमतिका आधारमा नियुक्ति गरिनेछ।

८. विघटित संविधानसभाका कामहरूको स्वामित्व लिनेबारे संविधानसभामा राजनीतिक दलहरूका बीच भएका सहमतिहरूको स्वामित्व लिइनेछ।

९. शान्ति प्रक्रियाका बाँकी कामहरू

९.१. शान्ति प्रक्रियाका बाँकी कामहरू यथाशीघ्र सम्पन्न गरिनेछ। यस सन्दर्भमा नेपाली सेनामा तालिम गरिरहेका पूर्वमाओवादी सेनाका लडाकुहरूको दर्जासम्बन्धी विषयलाई विगतमा भएको सहमति तथा आवश्यक तालिम, अभ्यास र प्रक्रियाका आधारमा विशेष समितिबाट तुरुन्त निर्णय गरिनेछ।

९.२. सत्य निरूपण र मेलमिलाप तथा बेपत्ता छानबिन आयोगको गठनका लागि आवश्यक कानुन तुरुन्त तर्जुमा गरिनेछ।

९.३. विगतको द्वन्द्वकालमा कब्जा गरिएका घर-जग्गालगायतका सबै सम्पत्ति सम्बन्धित हकवालालाई तुरुन्त फिर्ता गर्न एनेकपा (माओवादी)ले पूर्णरूपमा सहयोग गर्नेछ।

१०. नागरिकताको विषय जन्मका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिकका सन्तानलाई वंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिइनेछ। निर्वाचन प्रयोजनका लागि तत्काल उक्त कार्य गर्न आवश्यक भएकाले संविधानको बाधा अड्काउ फुकाउद्वारा त्यस प्रकारको नागरिकता प्रदान गरिनेछ।

११. स्थानीय निकायको निर्वाचन २०७० सालभित्र गर्ने गरी संविधानसभाको निर्वाचनपछि गठन हुने सरकारले निर्वाचनको मिति तोक्नेछ।

पुष्पकमल दाहाल 'प्रचण्ड'	**सुशील कोइराला**	**झलनाथ खनाल**
अध्यक्ष एनेकपा (माओवादी)	सभापति, नेपाली काङ्ग्रेस	अध्यक्ष, नेकपा एमाले

विजयकुमार गच्छदारा
संयुक्त लोकतान्त्रिक मधेसी
मोर्चाका तर्फबाट
२०६९ फागुन ३० गते

भएको थियो। पहिलो संविधानसभाताका अस्तित्वमा आएको यस समितिले कतिपय विवादहरूको समाधानमा भूमिका निर्वाह गरेको भए पनि संविधानले परिकल्पना नगरेको गैरसंवैधानिक उच्चस्तरीय समिति स्थापना गर्न नहुने आवाज उठेको थियो। संयन्त्रले समानान्तर सत्ता र शक्तिकेन्द्रको अभ्यास गर्ने त होइन भन्ने टीका-टिप्पणी भएको थियो। विगतको उच्चस्तरीय राजनीतिक संयन्त्रको अभ्यास सन्तोषजनक नरहेको भनी आलोचना पनि नभएको होइन। उच्चस्तरीय राजनीतिक समिति विपरीत राजनीतिक आस्था र सिद्धान्त बोकेका दलहरू र तिनका नेतावीच संवाद गर्ने थलो त बन्यो तर यसले अपेक्षा गरेजसरी राष्ट्रिय राजनीतिक मतभेद र सङ्क्रमणलाई पार लगाउन सकेन। शीर्ष केही नेता मतभेद सुल्झाउन भनी बैठक बसे पनि सबै मतभेद टुङ्गिएनन्। र, पहिलो संविधानसभा विघटन हुँदा न यसलाई बचाउन सके, न त संविधान नै जारी गर्न सके। बरू, मतभेदलाई छिनोफानो गर्ने जिम्मा संयन्त्रलाई दिँदा संविधानसभाचाहिँ निरीहजस्तो देखियो।

दोस्रो संविधानसभाको निर्वाचनपछि आठ राजनीतिक दलहरूबीच भएको चारबुँदे सहमतिमा विगतको जस्तै उच्चस्तरीय संयन्त्र बनाउने उल्लेख छ। तर, उच्चस्तरीय राजनीतिक समितिलाई न संविधान, न त संविधानसभाले नै चिनेको छ।[१६] उच्चस्तरीय राजनीतिक समिति विगतको जस्तै संविधानसभाबाहिर सहमति खोज्ने संयन्त्रका रूपमा रहनु हुँदैन। यसको औचित्य त्यतिबेला साबित हुनेछ, जब यसले संविधानसभाभित्रका असहमतिलाई त्यहींभित्रबाट सहमति खोज्ने प्रयास गर्नेछ।

६. लम्बिँदै गएको सङ्क्रमणकाल

शान्ति सम्झौता भएदेखि थाती रहेको माओवादी लडाकुको नेपाली सेनामा समायोजनको प्रक्रिया यस वर्ष सम्पन्न भयो। दुई वर्षअघि तीन प्रमुख दल र मधेसी मोर्चाका बीचमा भएको सम्झौता अनुसार अस्थायी शिविरमा रहेका माओवादी लडाकुको वर्गीकरण सम्पन्न भएको थियो। सम्झौता अनुसार ६ हजार ५ सय माओवादी लडाकुलाई नेपाली सेनामा समाहित गर्ने सहमति भएको थियो। अनमिनले प्रमाणीकरण गरेका १९ हजार माओवादी लडाकुमध्ये १५ हजार ६ सय ३० ले स्वैच्छिक अवकाश रोजेर घर फर्किए भने १ हजार ४ सय २१ जनाले समायोजन रोजे। नेपाली सेनामा समायोजन रोजेका माओवादी लडाकुलाई असार महिनामा नेपाली सेनाले तालिमको प्रमाणपत्र प्रदान गऱ्यो। शान्ति सम्झौताको सबैभन्दा कठिन कार्य मानिएको सेना समायोजनको विषयलाई नेपालको राजनीतिमा निकै नै चासोका रूपमा हेरिएको थियो। शान्ति सम्झौतापछि अस्थायी शिविरमा रहेका माओवादी लडाकुको नेपाली सेनामा समायोजनसम्मको प्रक्रिया पूरा हुँदा राज्यको करिब २० अर्ब रुपियाँ खर्च भयो।[१७]

शान्ति प्रक्रियासँग सम्बन्धित महत्त्वपूर्ण मानिएको यो विषय मात्र यस वर्ष समाधान भयो। शान्ति प्रक्रिया र अन्तरिम संविधानसँग सम्बन्धित अन्य विषयमा भने उपलब्धिमूलक कुनै कार्य सम्पन्न हुन सकेन।

विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका सहमतिहरू शान्ति सम्झौताका सात वर्ष पूरा भइसक्दा पनि कार्यान्वयन नगरिँदा नेपालको सङ्क्रमणकाल दिन-प्रतिदिन लम्बिँदै गएको छ। जसका कारण देशमा दण्डहीनता बढ्नुका साथै न्यायको प्रतीक्षामा रहेका हजारौँ द्वन्द्वपीडितको आशामा तुषारापात भएको छ। विस्तृत शान्ति सम्झौताको बुँदा ५.२.५ दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् भनेर उल्लेख गरिएको छ।

ठूला भनिएका राजनीतिक दलहरूबीच ०६९ फागुन ३० गते भएको सहमति अनुसार सरकारले राष्ट्रपतिसमक्ष सत्य निरूपण तथा बेपत्ता छानबिन आयोग गठन गर्न बनेको अध्यादेश पेस गरेकामा त्यो अध्यादेशमा राष्ट्रपतिले लालमोहर त लगाए तर त्यो आयोग विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधानको विपरीत भएको भनी सर्वोच्च अदालतमा रिट परेपछि आयोग गठनको प्रक्रिया रोकियो।

---

१६. 'प्राची'को अङ्क ८३, ०७० पुसका लागि कुराकानी गर्दै बार एसोसिएसनका उपाध्यक्ष टीकाराम भट्टराई। थप जानकारीका लागि हेर्नुहोस् http://inseconline.org/index.php?type=interview&lang=np

१७. 'हिमाल' खबरपत्रिका । २ भदौ ०७० । पृष्ठ २९-३३

उच्चस्तरीय राजनीतिक समिति र सङ्घीय समाजवादी पार्टी, नेपालबीच भएको सहमति

नेपाल सरकारद्वारा घोषित दोस्रो संविधानसभाको निर्वाचनलाई सुनिश्चित गर्दै उच्चस्तरीय राजनीतिक समिति र सङ्घीय समाजवादी पार्टी, नेपालबीच देहायबमोजिम सहमति भएको छ :

१. सम्वत् ०६९ फागुन ३० गते भएको ११ बुँदे राजनीतिक सहमति र त्यसपछि नेपाल सरकारको सिफारिसमा नेपालको अन्तरिम संविधान-२०६३ बमोजिम जारी भएको बाधा अड्काउ फुकाउ आदेशमा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानसभाको दोस्रो निर्वाचनका लागि संविधानसभाको सदस्य सङ्ख्या, अनुपात र प्रतिनिधित्व ०६४ सालको संविधानसभाको निर्वाचनमा कायम रहे अनुरूप संविधानको धारा ६३ को उपधारा ३ बमोजिम गर्न सम्माननीय राष्ट्रपति र नेपाल सरकार, मन्त्रिपरिषदलाई अनुरोध गर्ने।

२. संविधानसभाको घोषित निर्वाचन सुनिश्चित गर्न विघटित संविधानसभाको सभासद् रहेका सबै दलहरूको सर्वदलीय बैठक आयोजना गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।

३. भावी संविधानका आधारभूत सिद्धान्तका विविध पक्षमा छलफल अघि बढाई विगत संविधानसभामा भएका सहमतिसमेतका आधारमा आवश्यक सहमति कायम गर्न अधिकतम प्रयत्न गर्ने।

४. विदेशमा रहेका नेपाली नागरिकहरूलाई मतदानको अधिकार प्रदान गर्ने सन्दर्भमा यथासमय आवश्यक कानुनी व्यवस्था गरी सोको प्रक्रिया थालनी गर्ने।

५. उपरोक्त सहमतिका आधारमा सङ्घीय समाजवादी पार्टी, नेपालद्वारा घोषित आन्दोलन फिर्ता लिई ०७० मङ्सिर ४ गते हुने निर्वाचनमा सहभागी हुने।

अशोक राई
अध्यक्ष, सङ्घीय समाजवादी पार्टी, नेपाल

रामचन्द्र पौडेल
संयोजकका तर्फबाट, उच्चस्तरीय राजनीतिक समिति

मानवअधिकारकर्मीहरूले उक्त अध्यादेश अन्तरिम संविधान र विस्तृत शान्ति सम्झौता अनुरूप नभएको भनी विरोध गरे। शान्ति सम्झौतामा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोग गठन गरिने उल्लेख गरिएको भए पनि दुईओटा नाम राखेर एउटा आयोग गठन गर्ने सरकारी प्रयास तत्कालका लागि रोकियो। प्रस्तावित अध्यादेशले क्षमादानलाई जोड दिएको छ र न्यायिक निरूपणको पाटोलाई बेवास्ता गरेको छ।

शान्ति सम्झौतामा उल्लेख गरिएका कतिपय विषयवस्तुहरू हालसम्म टुङ्गो नलागदा द्वन्द्वपीडितहरूले न्यायको महसुस गर्न सकेका छैनन्। शान्ति सम्झौता र मानवअधिकारका विषयहरूमा भरपर्दो तरिकाले सम्बोधन गर्न सकिएन भने नेपालको मानवअधिकार अवस्थाबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रश्न उठ्नेछ।

दक्षिण अफ्रिकामा गठन भएको सत्य निरूपण तथा मेलमिलाप आयोगकी सदस्य यास्मिन सुकाका अनुसार 'द्वन्द्वका क्रममा के भएको हो ? आफ्नो मान्छे किन मारियो ? बेपत्ता पारिएको भए किन बेपत्ता पारियो ? भन्ने जानकारी पाउने अधिकार पीडितलाई हुन्छ।' मेलमिलाप वा क्षमादान राज्य वा राजनीतिक दलले दिने कुरा होइन, यो त पीडितमा निर्भर हुन्छ। पीडक र पीडित आमने-सामने भएपछि क्षमादान दिने-नदिने कुरा पीडितका मुखबाट सुनिनुपर्छ। दक्षिण अफ्रिकाको सत्य निरूपण तथा मेलमिलाप आयोगले पीडकलाई पीडितका सामु उभ्याएर उसले गरेको कुकृत्यका बारेमा बयान लिने गरेको थियो।

सशस्त्र द्वन्द्वका क्रममा भएका गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्न राज्य गम्भीर नहुँदा सशस्त्र द्वन्द्वका पीडितहरू न्याय खोज्न आ-आफ्ना तरिका अवलम्बन गर्न थालेका छन्। ०६१ जेठ महिनामा चितवनमा मारिएका आफ्ना छोरा कृष्णप्रसाद अधिकारीका हत्यारालाई कारबाहीको माग गर्दै आमरण अनशनमा बसेका गोरखा, फुजेलका अधिकारी दम्पतीको माग सम्बोधनतर्फ राज्यले पहल गरेन। राज्यले उनीहरूका माग सम्बोधन गर्नुको साटो कहिले मानसिक अस्पताल त कहिले वीर अस्पतालमा भर्ना गऱ्यो। अधिकारी दम्पतीको माग सम्बोधन गर्न प्रहरीले दुई जनालाई गिरफ्तार गरेको भए पनि प्रमाण नपुगेको भन्दै चितवन प्रहरीले रिहा गऱ्यो। घटनामा संलग्नलाई गिरफ्तार नगर्न बरू आफैँलाई गिरफ्तार

गर्न एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल र वरिष्ठ नेता डा. बाबुराम भट्टराईले पत्रकार सम्मेलन नै गरी सरकारलाई चेतावनी दिए।[१८] उनीहरूले मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई भेटी कृष्णप्रसाद अधिकारी प्रकरणमा कारबाही प्रक्रिया अगाडि नबढाउन आग्रह गरेका थिए। द्वन्द्वकालका एक-एक मुद्दा उठाउँदै जाने हो भने कोही बाँकी नरहने चेतावनी एमाओवादी नेताहरूले पटक-पटक दिइरहँदा सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता आयोग गठन गर्ने तदारूकता देखिएन।

८. निष्कर्ष

दुईवर्षे कार्यकाल रहेको अघिल्लो संविधानसभा समय थपेर चार वर्ष पुऱ्याउँदा पनि संविधान नै नबनाई विघटन भयो। त्यसपछिको निर्वाचनबाट गठित दोस्रो संविधानसभाको पहिलो बैठकको टुङ्गो यस वर्षको अन्त्यसम्म हुन सकेन। यसपटक सकेसम्म सहमतिबाट, नभए विधि र प्रक्रियामा गएर भए पनि एक वर्षभित्र संविधान निर्माण गरिने उनीहरूको धारणा रहेको छ।

संविधान निर्माणका विवादित मुद्दामा दोस्रो संविधानसभाको परिणामले एक किसिमको दिशानिर्देश गरेको छ। जस्तो, सङ्घीयताकै सवालमा एकल जातीय राज्यको एजेन्डालाई जनताले उतिसारो रुचाएको देखिएन। चार वर्षमा संविधानका मुद्दामा जे-जति छलफल भए, त्यसपछि राजनीतिक दलहरूले चुनावी घोषणापत्रमार्फत अघि सारेको एजेन्डालाई जनताले दिएको जनादेशले एक किसिमको मार्गनिर्देश गरेको छ।

अब नवनिर्वाचित संविधानसभाले शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न तथा एक वर्षभित्र लोकतान्त्रिक संविधान जारी गरी देशलाई अग्रगमनको दिशातर्फ अगाडि बढाउनुपर्छ। लामो समयदेखि रिक्त रहेको स्थानीय निकायको निर्वाचन राजनीतिक दलहरूले वाचा गरेकै समयमा गराउनु राजनीतिक दलकहरूको अर्को जिम्मेवारी हो। निर्वाचन आयोगले स्थानीय निकायको निर्वाचन आउँदो वर्षको सुरुकै महिनामा सम्पन्न गर्न सक्षम रहेको जनाइसकेको छ।

व्याप्त दण्डहीनताको समाप्तिबिना लोकतान्त्रिक समाजको परिकल्पना गर्न सकिँदैन। दण्हीनताका कारण समाजमा अपराधको संस्कार बढ्दै गएको छ। सशस्त्र द्वन्द्वको समाप्तिपछिका ६ वर्षमा राजनीतिक आवरणमा हुने अपराध र अपराधलाई राजनीतिक आवरण दिने प्रवृत्ति बढेर गएको थियो। लोकतान्त्रिक संस्कारमा दण्डहीनता सुहाउँदो विषय होइन। यसको अन्त्यका लागि राजनीतिक प्रतिबद्धताका साथै कानुनको पूर्ण पालना जरुरी छ।

९. सुझाव

- सफलतापूर्वक सम्पन्न भएको संविधानसभाबाट जनताले लोकतान्त्रिक संविधानको अपेक्षा गरेका छन्। विगतको संविधानसभाले पूरा गर्न नसकेको कार्यभार यो संविधानसभाले पूरा गर्नुपर्नेछ। गएको संविधानसभा जे जे कारणले विघटन भएको हो, त्यसका कमी-कमजोरीलाई पहिल्याएर अगाडि बढ्नु जरुरी छ। राजनीतिक दलहरूले एक वर्षभित्रमा संविधान जारी गरिसक्ने प्रतिबद्धता आ-आफ्नो घोषणापत्रमार्फत जनतासामु गरेका छन्। पहिलो संविधानसभाले गरेका कार्यहरूको स्वामित्व ग्रहण गरी एक वर्षभित्रमा संविधान निर्माणको कार्य सक्नु पर्दछ।
- लामो समयदेखि रिक्त रहेका स्थानीय निकायको निर्वाचन गरी मृतप्रायः रहेको स्थानीय प्रशासनलाई पुनःजीवित गर्नु जरुरी छ। स्थानीय निकायको अभावमा मौलाएको भ्रष्टाचार र अनियमितताका कारण जनताको दैनन्दिनका समस्याहरू ओझेलमा परेका छन्। तसर्थ, राजनीतिक दलहरूले प्रतिज्ञा गरे अनुसार आगामी वर्षको सुरुआतमै स्थानीय निकायको निर्वाचन गरी स्थानीय निकायको रिक्तताको अन्त्य गर्नुपर्छ।
- गएको संविधानसभाको चार वर्षको अवधिमा चार ओटा सरकार फेरिए। व्यवस्थापिका-संसद्को मुख्य काम नै सरकार गठन गर्नुमा बितेको थियो। यो संविधानसभाले विगतको संविधानसभाको जस्तो सरकार गठनमा आफ्नो समय खेर फाल्नु हुँदैन।
- सङ्घीयता तथा राज्यको शासकीय स्वरूपसँग सम्बन्धित विषयमा विवादका कारण पहिलो संविधानसभाको विघटन भएको थियो। यो संविधानसभाले त्यस विषयको निरूपण गरी अगाडि बढ्न सक्यो भने पक्कै पनि समयमै संविधान निर्माण गर्न सकिन्छ। संविधानसभामा एकल

१८. http://nepaliheadlines.com/ucpn-maoist-pressurizes-gvt-to-withdraw-adhikari-case/ ०७० पुस ९ गते हेरिएको

जातीय पहिचानसहितको सङ्घीयता पक्षधर कमजोर भएका छन् भने बहुपहिचानसहितको सङ्घीयता पक्षधर राजनीतिक दलहरू दुईतिहाइ बहुमतको नजिक छन्। संविधानसभामा असहमति भएका विषयलाई मतदान प्रक्रियामा लैजानुपर्छ, जसका कारण विगतको जस्तो अन्योलको अवस्था कायम रहने छैन भने संविधान निर्माणको बाटो पनि खुल्नेछ।

- विस्तृत शान्ति सम्झौताको मूल उद्देश्य शान्ति स्थापनाका लागि आवश्यक संयन्त्रहरूको गठन गर्नु रहेको थियो। यससँगसँगै देशको आर्थिक विकास पनि शान्ति सम्झौताको अर्को पक्ष हो। देशको समृद्धि भएमा जनताको समृद्धि हुन सक्छ। रोग, भोक र अशिक्षामा जीवन गुजारिरहेका नेपाली संविधान निर्माणसँगै आर्थिक रूपमा सम्पन्न हुन चाहन्छन्। संविधान निर्माण गरेर मात्रै आर्थिक विकासमा अगाडि बढ्ने भन्ने कतिपय राजनीतिक दल र तिनका नेताको भनाइ तर्कसङ्गत छैन। तीव्र आर्थिक विकास आजको आवश्यकता हो। अबको कार्यसूची संविधान निर्माणसँगै आर्थिक विकासको पनि हो। यस विषयमा नेपालका राजनीतिक दलहरूको तदारूकताको आवश्यकता छ।

परिच्छेद

३

३.१ राज्य र मानवअधिकार

न्यायपालिका

हरु

घटनाक्रम

(०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म)

पुस १७ गते

एमाओवादी केन्द्रीय महाधिवेशन आयोजक कमिटी सदस्य एवम् नेता शालिकराम जमकट्टेल आक्रमणको मुद्दा फिर्ता लिन सर्वोच्च अदालतद्वारा रोक।

माघ २ गते

पत्रकार डेकेन्द्रराज थापा हत्याका अभियुक्तको बयान रोक्न महान्यायाधिवक्ता मुक्ति प्रधानद्वारा जारी उर्दी गैरकानुनी ठहर गर्दै सर्वोच्च अदालतद्वारा पुस २९ गते त्यसविरुद्ध अन्तरिम आदेश।

माघ ३ गते

अध्यादेश जारी गर्ने/नगर्ने राष्ट्रपतिको असाधारण अधिकार भएको भन्दै सर्वोच्च अदालतले अध्यादेश रोक्नुको कारणबारे माग गरेको जवाफमा राष्ट्रपति कार्यालयद्वारा राष्ट्रपतिबाट स्वीकृत नभएका अध्यादेशको विषयमा अदालत प्रवेश गर्न नहुने जिकिर।

माघ १४ गते

अभियुक्तमाथि मुद्दा नचलाउने निर्णय संविधानसम्मत भएको महान्यायाधिवक्ता मुक्ति प्रधानको जिकिरपत्र अन्तरिम संविधान र विस्तृत शान्ति सम्झौताविपरीत नभएको भन्दै द्वन्द्वकालका सबै मुद्दा सत्यनिरूपण तथा मेलमिलाप आयोगमार्फत छिनोफानो गर्नुपर्नेसमेत जिकिर।

माघ १७ गते

प्रधानमन्त्री बाबुराम भट्टराई र महान्यायाधिवक्ता मुक्ति प्रधानलाई उनीहरूविरुद्ध दायर भएको अदालतको अवहेलनासम्बन्धी मुद्दामा सर्वोच्च अदालतद्वारा दुवैलाई वारेस राख्न अनुमति।

माघ २१ गते

सर्वोच्च अदालतले दैलेखका पत्रकार डेकेन्द्रराज थापा हत्याका अभियुक्तमाथिको अनुसन्धान प्रक्रिया अघि बढाउन दिएको आदेश 'गैरकानुनी' भएको दाबीसहित प्रधानमन्त्री डा. बाबुराम भट्टराईद्वारा सर्वोच्चमा जवाफ पेस।

फागुन ५ गते

राष्ट्रिय सूचना आयोगले गर्न लागेको कारवाहीविरुद्ध प्रहरी महानिरीक्षक कुबेरसिंह रानाद्वारा सर्वोच्च अदालतमा रिट निवेदन दायर।

माघ १० गते

पूर्वन्यायाधीश अवधेशकुमार यादवलाई प्रेस काउन्सिलको अध्यक्षमा नियुक्त गर्ने मन्त्रिपरिषद्को निर्णयको प्रतिलिपि मगाइ पेस गर्न सर्वोच्च अदालतको आदेश।

फागुन १४ गते

प्रधानन्यायाधीश खिलाराज रेग्मीद्वारा सर्वोच्च अदालतका सहायक प्रवक्ता हेमन्त रावलमार्फत विज्ञप्ति जारी गराई मुलुकको बृहत्तर राष्ट्रिय हित एवम् सरोकारको विषय भएकाले सरकारको नेतृत्व लिन तयार रहेको सन्देश प्रवाह।

फागुन १७ गते

प्रधानन्यायाधीश खिलराज रेग्मीविरुद्ध पेस भएको अदालतको अवहेलनासम्बन्धी मुद्दा सर्वोच्च अदालतद्वारा दरपीठ।

फागुन २१ गते

राष्ट्रपतिको कार्यालयद्वारा प्रधानमन्त्री बनाउने विषय राजनीतिक प्रकृतिको भएका कारण यसलाई अदालतले हेर्न नमिल्ने सर्वोच्च अदालतलाई लिखित जवाफ पेस ।

प्रधानन्यायाधीश खिलराज रेग्मीविरुद्ध परेको रिट सर्वोच्च प्रशासनले दरपीठ गरेपछि त्यसविरुद्ध अर्को निवेदन दर्ता ।

फागुन २२ गते

प्रधानन्यायाधीश खिलराज रेग्मीद्वारा अदालतको अवहेलना भएको भन्दै परेको रिटमा सर्वोच्च प्रशासनले गरेको दरपीठलाई सर्वोच्च अदालतका न्यायाधीश गिरीशचन्द्र लालको एकल इजलासद्वारा सदर।

मानव अधिकारको उल्लङ्घन भएका विषयमा मुद्दा चलाउन राष्ट्रिय मानव अधिकार आयोगबाट सिफारिस भएपछि महान्यायाधिवक्ताले सिफारिस विपरीत गर्न सक्ने कानुनी अधिकारलाई सर्वोच्च अदालतद्वारा खारेज।

फागुन २३ गते

मानवअधिकारको उल्लङ्घन भएका विषयमा मुद्दा चलाउन राष्ट्रिय मानवअधिकार आयोगबाट सिफारिस भएपछि महान्यायाधिवक्ताको सिफारिस विपरीत गर्न सक्ने कानुनी अधिकारलाई सर्वोच्चद्वारा खारेज।

चैत ११ गते

चैत १ गते राष्ट्रपतिद्वारा जारी सत्य निरूपण तथा मेलमिलाप आयोगको ऐनमा मानव अधिकारका अपराधमा दोषी देखिएकालाई पनि आममाफी दिने गरी तयार पारिएको भन्दै द्वन्द्वपीडित आठ संस्थाका पदाधिकारीबाट संयुक्त रूपमा रिट दायर।

चैत २० गते

सर्वोच्च अदालतद्वारा सत्यनिरूपण तथा मेलमिलाप आयोग गठनसम्बन्धी अध्यादेश कार्यान्वयन नगर्न सरकारका नाममा अन्तरिम आदेश।

चैत २६ गते

सङ्गठित अपराध निवारण अध्यादेश, २०६९ को प्रमाणसम्बन्धी व्यवस्थाका केही प्रावधान तत्काल कार्यान्वयन नगर्न/नगराउन सर्वोच्च अदालतद्वारा अन्तरिम आदेश जारी ।

चैत २५ गते

सर्वोच्च अदालतद्वारा बहिरोपन प्रभावितको हकमा पनि चालक अनुमति-पत्र दिन आदेश जारी।

न्यायपरिषद्बाट सर्वोच्च अदालतमा प्रकाश वस्ती, वैद्यनाथ उपाध्याय, तर्कराज भट्ट, ज्ञानेन्द्रबहादुर कार्की र डा.भरतबहादुर कार्कीलाई एक वर्षका लागि अस्थायी न्यायाधीशमा नियुक्त गर्न प्रधानन्यायाधीशसमक्ष सिफारिस।

वैशाख ३ गते

सर्वोच्च अदालतद्वारा संविधानसभा निर्वाचन मिति घोषणासँगै निर्वाचन क्षेत्र निर्धारण आयोग बनाउन सरकारलाई आदेश।

असार ११ गते

अन्तरिम संविधानको प्रस्तावनासँग संविधानसभा निर्वाचनसम्बन्धी अध्यादेशको दफा १९ बाझिएको भन्दै प्रारम्भदेखि नै बदर गर्नुपर्ने मागसहित सर्वोच्च अदालतमा रिट दायर।

साउन २८ गते

एमाओवादी नेता बाबुराम भट्टराई नेतृत्वको तत्कालीन सरकारले 'जनयुद्ध'लाई वैधानिकता दिने गरी तयार गरेको निर्देशिका कार्यान्वयनमा सर्वोच्च अदालतद्वारा रोक ।

भदौ १८ गते

अधिकारी दम्पतीद्वारा आफ्नो छोराको हत्या भएको भनी दायर गरेको जाहेरी दरखास्तका सम्बन्धमा अनुसन्धान कारबाही भयो भनी अनुसन्धान विवरण माग गर्दै अधिकारी दम्पतीलाई अनशन तोड्न र नमानेमा उनीहरूको जीवन रक्षार्थ जबरजस्ती खाना खुवाउने (Force Feeding) लगायतका जे जे गर्नुपर्छ सो अविलम्ब गर्नु भनी अन्तरिम आदेश जारी ।

भदौ २० गते

बाधाअड्काउ फुकाउ आदेश, सरकारको वैधता, अध्यादेशलगायतका १७ ओटा रिट निवेदन सुनुवाइ नै नगरी एकसाथ खारेज।

भदौ २३ गते

कर छलीको शङ्कामा वरिष्ठ अधिवक्ता शम्भु थापामाथि थालिएको छानबिन तथा कारबाही प्रक्रिया तत्कालका लागि रोक्न अन्तरिम आदेश।

असोज २ गते

सर्वोच्च अदालतद्वारा सार्वजनिक सेवा प्रदायक निकायहरूलाई सर्वसाधारणको काम मौखिक नभई लिखित रूपमा गर्न परमादेश जारी ।

असोज ७ गते

सर्वोच्च अदालतद्वारा जन्मकैद सजाय पाएको व्यक्ति पनि संविधानसभा निर्वाचनमा उम्मेदवार हुन पाउने आशयसहितको अन्तरिम आदेश जारी, जन्मकैद सजाय पाएको व्यक्ति उम्मेदवार बन्न अयोग्य हुने गरी राष्ट्रपतिद्वारा जारी अध्यादेशको प्रावधान तत्काल कार्यान्वयन नगर्न सर्वोच्चद्वारा अन्तरिम आदेश।

कात्तिक ३ गते

प्रहरीद्वारा काभ्रेका अर्जुन लामाको हत्यामा एमाओवादी नेता अग्नि सापकोटासहितको संलग्नता रहेको बयानसहितको अनुसन्धान प्रतिवेदन सर्वोच्च अदालतमा पेस।

कात्तिक २८ गते

नेकपा-माओवादीको नेतृत्वमा निर्वाचन बहिष्कारमा उत्रिएको मोर्चालाई बन्द फिर्ता लिन अन्तरिम आदेश जारी ।

१. पृष्ठभूमि

नेपालको न्यायपालिकामा सन् २०१३ मा केही अभूतपूर्व घटना भए। प्रधानन्यायाधीश खिलराज रेग्मीले कार्यपालिका प्रमुखका रूपमा अन्तरिम चुनावी मन्त्रिपरिषद् अध्यक्षको पदभार ग्रहण गरे। कानुन व्यवसायी तथा मानवअधिकार वृत्तमा आलोचित यस कदमका कारण न्यायपालिकासँग उनीहरूको सम्बन्ध तिक्त नै रह्यो। शक्ति पृथकीकरणको सिद्धान्तविपरीत बहालवाला प्रधानन्यायाधीशले सरकारको नेतृत्व गर्दा न्यायपालिकाको स्वतन्त्रतामा हस्तक्षेप भएका दृष्टान्तहरू देखिए। यद्यपि, यसैबीच कतिपय मानवअधिकारमैत्री फैसलाका कारण न्यायपालिका प्रशंसित पनि रह्यो। केही सवाल देशको सन्दर्भमा नौला थिए, जसले एक छलफलको सुरुआत पनि गऱ्यो।

प्रत्यक्ष न्यायपालिकाको काम-कारबाहीसँग सम्बन्धित नदेखिए पनि प्रधानन्यायाधीशका रूपमा रहेका खिलराज रेग्मीले पदबाट राजीनामा नदिई कार्यपालिकाको नेतृत्व गर्न जानुलाई सहजरूपमा लिन सकिने अवस्था रहेन। तसर्थ, मानवअधिकारकर्मी तथा कानुन व्यवसायीहरूले उनको कदमको निरन्तररूपमा आलोचना गरिनै रहे। एकै व्यक्तिले राज्यका दुई अङ्गको नेतृत्व लिँदा न्याय सम्पादन प्रभावित हुने, शक्ति पृथकीकरणको सिद्धान्तको उपेक्षा हुने जिकिर गर्दै यस कदमको आलोचना भएको थियो। विभिन्न विरोधहरूका बाबजुद चार राजनीतिक दलहरूबीचको सहमतिलाई आधार बनाई राष्ट्रपतिबाट संविधानको धारा १५८ बमोजिम जारी वाधाअङ्काउ फुकाउ आदेशमार्फत संविधान संशोधन गरियो। अन्ततः बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मी प्रधानमन्त्री भए। यद्यपि, कतिपयले राज्यमा निकासका सबै मार्ग अवरुद्ध भएको अवस्था आवश्यकताको सिद्धान्त अनुसार यही कदम नै उपयुक्त देखिएको तथा यो सरकार चुनावी सरकार भएकाले आफ्नो जिम्मेवारी पूरा गरेपछि स्वतः यसको प्रयोजन समाप्त हुने हुनाले यो कदमको समर्थन गर्नु आवश्यक रहेको आशय पनि व्यक्त गरेका थिए।

२. प्रधानन्यायाधीशको नयाँ जिम्मेवारी : शक्ति पृथकीकरणको सिद्धान्तलाई चुनौती

प्रधानमन्त्री डा. बाबुराम भट्टराईले राजीनामा दिएपछिको परिस्थितिमा राजनीतिक दलहरूबीच नयाँ प्रधानमन्त्रीको चयनमा सहमति हुन सकेन। यसपछि एमाओवादी अध्यक्ष पुष्पकमल दाहालको प्रस्ताव अनुरूप प्रधानन्यायाधीश खिलराज रेग्मीलाई प्रधानमन्त्रीको पदधारणका लागि प्रस्ताव गरियो। यसअघि नै एमाओवादीको हेटौँडा महाधिवेशनलाई सम्बोधन गर्दै एमाओवादी अध्यक्ष दाहालले खिलराज रेग्मीको नाम प्रस्ताव गरेका थिए । नागरिक समाज, मानवअधिकारकर्मी तथा कानुन व्यवसायीको विरोध रहँदारहँदै पनि उनले राजनीतिक दलको प्रस्तावमा स्वीकृति जनाए। चार राजनीतिक दलीय संयन्त्रको स्वीकृतिमा तत्कालीन भट्टराई सरकारले संविधानको धारा १५८ अनुरूप बाधाअङ्काउ फुकाउने आदेश जारी गर्नका लागि राष्ट्रपतिसमक्ष सिफारिस गऱ्यो। संविधानले परिकल्पना नै नगरेको अवस्थामा पनि राजनीतिक दलहरूको अनुरोधमा बाधाअङ्काउ फुकाउने आदेशमार्फत संविधान नै संशोधन हुने अवस्था आउनु निश्चय नै देशका लागि चिन्ताको विषय हो।

संविधानसभा भङ्ग भई व्यवस्थापिका-संसद्को समेत अस्तित्व नरहेको र सरकार पनि कामचलाउ मात्र रही राज्यका प्रमुख निकायहरू शून्यप्रायः रहेको अवस्थामा बाधाअङ्काउ फुकाउ आदेशमार्फत भए पनि निकास आउने सम्भावना चुनावी सरकारको गठनसँगै आए पनि राज्यका दुवै अङ्गको प्रमुखको पद धारण गरिरहनु भने शक्ति पृथकीकरणको सिद्धान्तको मर्मविपरीत थियो। कमसेकम प्रधानन्यायाधीशको पदबाट राजीनामा दिई यस सिद्धान्तको सम्मान गर्न विभिन्न क्षेत्रबाट अनुरोध आउँदा पनि त्यसो नगरिनाले उनलाई स्वाभाविक रूपमा पदलोलुपको आरोप लाग्यो।

कुनै पनि लोकतान्त्रिक राष्ट्रमा राज्यका तीन अङ्ग बनाई तिनको कार्यक्षेत्र तोकिनुको मतलब शक्ति केन्द्रहरू एकै स्थानमा नहून् र एकले बाटो बिराउँदा अन्य दुईले मार्गनिर्देशन गर्न सकून् भन्ने नै हो। यस्तो गहन तथ्यप्रति प्रधानन्यायाधीश जस्ता व्यक्तिको उपेक्षा उदेकलाग्दो थियो। यस्तो कदमका विरुद्ध सुनुवाइको माग भई मुद्दाहरू सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा एकाबिहानै सुटुक्क पदको शपथग्रहण गरियो, त्यसले उनी नै प्रमुख रहेको सर्वोच्च अदालतको मानमर्दन गऱ्यो।[१]

जुन दिन प्रधानन्यायाधीश नेतृत्वमा सरकार गठन गर्न मिल्छ वा मिल्दैन भन्ने संवैधानिक विवादको विषयका मुद्दाहरूको फैसलाका लागि पूर्ण सुनुवाइ हुने भनिएको थियो, त्यसै दिन अदालतमा विचाराधीन

१. http://www.spotlightnepal.com/News/Article/Two-chairs-for-Regmi

मुद्दाको फैसला नपर्खीकनै स्वयम् सर्वोच्च अदालतलाई नै छक्याउँदै अदालतको काम-कारबाही सुरु हुनुअगाडि नै सरकार प्रमुख पदको शपथ लिने कार्य भयो। प्रधानन्यायाधीश स्वयम्ले न्यायपालिकाको स्वतन्त्रतामा आँच पुग्ने यो हदको कार्य गर्नु र केवल आफ्नो अभीष्ट अनुरूप चल्नुले राम्रो परिपाटी सुरु गरेन। प्रधानन्यायाधीशको नेतृत्वमा सरकार गठन भएको दिन ०६९ चैत १ गतेलाई कानुन व्यवसायीहरूको छाता सङ्गठन नेपाल बार एसोसिएसनले न्यायपालिकाको इतिहासमा कालो दिन भनी घोषणा नै गऱ्यो। आइन्दा उनको कार्यकारी प्रमुखका रूपमा भएको नियुक्तिलाई चुनौती दिँदै दर्ता गरिएका मुद्दामा न्यायाधीशहरूले दिने निर्णय प्रभावित हुने आशङ्का पनि उठ्यो।[२]

मन्त्रिपरिषद् अध्यक्ष र प्रधानन्यायाधीशको दोहोरो सम्बोधनलाई पनि सर्वोच्च अदालतले मात्रै रोक्न सक्यो। प्रधानन्यायाधीश नेतृत्वमा सरकार गठनलगायत विषयहरूलाई असंवैधानिक घोषित गर्न माग राखी सर्वोच्च अदालतमा दायर अधिवक्ता ओमप्रकाश अर्यालविरुद्ध राष्ट्रपतिको कार्यालयसमेत भएका विभिन्न १७ थान रिट निवेदनहरू कायममुकायम प्रधानन्यायाधीश दामोदरप्रसाद शर्मा नेतृत्वको विशेष इजलासबाटै बिनासुनुवाइ खारेज गर्दा कार्यपालिकाको प्रभाव न्यायसम्पादनमा परेको स्पष्टरूपमै पुष्टि भयो। यो कदमको पनि नेपाल बार एसोसिएसनले कडा शब्दमा भर्त्सना गऱ्यो। बाधाअड्काउ फुकाउ आदेशलाई असंवैधानिक घोषित गर्न दायर गरिएका मुद्दाहरूको सुनुवाइलाई विलम्ब गर्दै आजसम्म पनि फैसला नगर्नुले न्यायपालिका स्वतन्त्ररूपमा सञ्चालन हुन नसकेको पुष्टि भयो। सरकार गठनको मुख्य उद्देश्य संविधानसभाको सफल चुनावपछि वर्षको अन्त्यसम्म पनि दलीय सरकार गठन नहुँदा रेग्मीकै कर्मचारी सरकार कामचलाउ रूपमा रहिरह्यो। उनले न्यायपालिकालाई कायममुकायम प्रधानन्यायाधीशका भरमा छोड्नुको कारण सरकारबाट बहिर्गमनपछि पुरानै जिम्मेवारी लिने या जागिर जोगाउने रहेको अनुमान रहेको छ। यस सम्बन्धमा विभिन्न चर्चा छापामा आइरहे।[३] केहीले उनी फर्किएर सर्वोच्च अदालतमा आउन सक्ने र कार्यसम्पादन गर्न सक्ने विचार राखे भने केहीले राजीनामा नै उनको सर्वोत्तम कदम हुने बताए। तथापि, नयाँ सरकारको गठन नहुनाले ०७१ जेठ २२ गते सेवानिवृत्त हुने रेग्मीको अगाडिको कदम भने अनिर्णीत नै रहेको छ।

३. राजनीतिक मुद्दा सर्वोच्चमा

सर्वोच्च अदालतले संविधानसभाको म्याद थप गर्ने विषयमा फैसला गर्दाका बखत नै राजनीतिक विषयमा हात हालेको आरोप खेपेको थियो। चुनावपछि पनि संविधानसभाको पहिलो बैठक बोलाउने विषयमा मुद्दा दर्ता गरेर फेरि पनि राजनीतिक मुद्दामा विवादको विषय बनायो। अदालतको यस कदमलाई राजनीतिक दलका नेताले यस्ता मुद्दा नलिन अप्रत्यक्ष रूपमा चेतावनी दिन थालेका छन्।[४] सबैतिरबाट निराश भएका जनतालाई केही राहत अदालतले दिए पनि सबै विषयमा निर्णय गर्न थाल्दा राज्यका अन्य दुई अङ्गको सीमाक्षेत्रमा अतिक्रमण हुने सम्भावना हुन्छ। सबै महत्त्वपूर्ण निर्णय बाधाअड्काउ फुकाउने संवैधानिक प्रावधानमै चलिरहेको समयमा राजनीतिक दलबीच छलफलबाट समाधान हुन सक्ने राजनीतिक प्रकारका मुद्दा दर्ता गर्दा अदालत अनाहकमा विवादमा आउने तथ्यप्रति सर्वोच्च अदालत र यसका मातहतका अदालत सावधान रहन जरुरी छ।

४. शब्दमै सीमित न्यायपालिका सुधारका घोषणा

सर्वोच्च अदालतले समय-समयमा न्यायपालिकाको काम-कारबाहीमा सुधारका लागि विभिन्न घोषणा गर्ने गरेको छ। तथापि, ज्यादातर त्यस्ता घोषणा कार्यान्वयनमा आउन भने लामो समय नै कुर्नुपर्ने अवस्था छ। यसरी न्यायपालिकाको सुधारका लागि घोषित केही कदमहरूमा भ्रष्टाचार नियन्त्रण, रात्रि अदालत, घुम्ती अदालत, फास्ट ट्रयाक कोर्ट आदि रहेका छन्।

४.१. '**विकृतिविहीन न्यायपालिका**'

भ्रष्टाचार नेपालका लागि गम्भीर र पुरानो

---

२. http://thehimalayantimes.com/fullTodays.php?headline= Commentary%3A+Has+Nepal's+judiciary+come+to+a+sorry+pass%3F&NewsID=386112
३. http://www.ekantipur.com/2013/12/11/top-story/regmis-sc-return-highly-likely/382164.html
४. http://khasokhas.com/n/1947#sthash.PuDmR37u.dpuf

समस्या हो। राष्ट्रका प्राय: संस्थाहरू यो समस्याले आक्रान्त छन्। अदालत पनि यसबाट अछुतो छैन। विभिन्न प्रधानन्यायाधीशहरूले पदको शपथग्रहणसँग दोहोऱ्याउने प्रण 'भ्रष्टाचारमुक्त स्वच्छ न्यायपालिका' पनि हो। स्वयम् न्यायपालिकाका मूलीले यसरी आफ्नो संस्थामा भ्रष्टाचार समस्याको रूपमा रहेको स्वीकार्ने गरेका छन्। सामान्य जनमानसमा पनि न्यायपालिकाको प्रमुख समस्याका रूपमा भ्रष्टाचार रहेको छ, जसलाई ट्रान्सपरेन्सी इन्टरनेसनलको एक प्रतिवेदनले[५] पनि समर्थन गरेको छ। प्रतिवेदनका अनुसार नेपालमा सबैभन्दा भ्रष्ट संस्थाहरूको सूचीमा राजनीतिक दल र प्रशासनपछि न्यायपालिका रहेको छ। सो प्रतिवेदनका अनुसार सर्वेक्षणमा सहभागीमध्ये ५१ प्रतिशतले न्यायपालिका सबैभन्दा बढी भ्रष्ट रहेको बताएका थिए। सबैले व्यक्तिगत रूपमा न्यायको अन्तिम उपाय मान्ने र विगतमा सरकारहरूको मनोमानीलाई नियन्त्रण गरेको मानिने संस्था यसरी भ्रष्ट मानिनु दु:खको विषय हो।

४.२. रात्रि अदालत

०६८ भदौमा अदालतले रात्रि अदालतको अवधारणाको घोषणा गऱ्यो, जस अनुसार ०६९ साउन महिनादेखि काठमाडौँ जिल्ला अदालतमा कार्यालय समयपछि बेलुकी साढे ५ देखि ८ बजेसम्म रात्रि अदालत या सन्ध्याकालीन अदालत सुरु हुने जानकारी दिइएको थियो।[६] सर्वोच्च अदालतले नियमित कार्यालय समयमा अदालतमा उपस्थित हुन नसक्ने सेवाग्राहीलाई वैकल्पिक व्यवस्था मिलाई सुविधा प्रदान गर्न, न्यायमा सहज पहुँच बढाउन र अदालतमा बढ्दो कार्यबोझलाई आधुनिक र सुविधाजनक ढङ्गले व्यवस्थापन गरिने र यसको परिणाम हेरी मुद्दाको चाप धेरै भएका मोरङ, सप्तरी, धनुषा, पर्सा, रूपन्देही र बाँके जिल्ला अदालतमा पनि विस्तार गरिने योजना पनि रहेको थियो। सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश ताहिर अलि अन्सारीको संयोजकत्वमा रहेको समितिले पेस गरेको यससम्बन्धी प्रतिवेदनमा जिल्ला अदालत नियमावलीमा केही संशोधन गरी रात्रि अदालत स्थापना गर्न सकिने सुझाव दिएको थियो।

४.३.पारिवारिक अदालत

पारिवारिक अदालत स्थापना गर्ने माग विभिन्न क्षेत्रबाट उठ्ने गरेको छ भने यस्तो अदालत गठन गर्ने योजना पनि प्रधानन्यायाधीशहरूले बताउने गरेका छन्। नेपालको परिप्रेक्ष्यमा अदालती मुद्दाको विषय अनुसार दोस्रोमा पर्दछ। अन्तर्राष्ट्रिय रूपमा पारिवारिक कानुनका मुद्दा र बालबालिकाको कस्टडी आदि विषयमा केन्द्रित भएर निर्णय गर्न पारिवारिक अदालतको गठन गरिने प्रचलन छ। नेपालको न्यायपालिकामा पनि यसको गठनसम्बन्धी चर्चा चल्ने गरेको छ। वर्षको सुरुआतसम्म प्रधानन्यायाधीश रहेका खिलराज रेग्मीले पनि यही वर्षभित्र पारिवारिक अदालत गठन हुने बताए पनि सो व्यवहारमा आएको भने देखिएन।

४.४.घुम्ती अदालत

सरकारले गठन गरेको एक महत्त्वपूर्ण कानुन परिमार्जन कार्यदलले घुम्ती अदालतको अवधारणा पेस गरेको छ। कार्यदलको सुझाव अनुसार यो अवधारणा लागू भएमा सानातिना मुद्दामा अदालत गइरहनुपर्ने छैन। परम्परागत कानुनी व्यवस्था, अदालती संरचना एवम् अभ्यासका कारण आमजनताले न्याय पाउन नसकेको निष्कर्ष निकाल्दै फौजदारी कानुन परिमार्जन तथा सुधार कार्यदलले हालै यस्तो सिफारिस गरेको हो। कार्यदलले अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको मस्यौदामा घुम्ती अदालतको व्यवस्थामा जोड दिएको छ। कार्यदलले फौजदारी न्याय प्रशासनको मूलप्रवाहबाट बाहिर रहेकाले तिनको सदरमुकामबाहेकका स्थानमा पनि न्यायाधीशलाई पुऱ्याएर सङ्क्षिप्त कार्यविधि अपनाइ कारबाही र किनारा गर्न सक्नेछन्।

५. नयाँ न्यायाधीशको नियुक्ति

५.१. सर्वोच्च अदालतमा न्यायाधीश नियुक्ति

सर्वोच्च, पुनरावेदन र जिल्ला अदालतमा न्यायाधीश पद रिक्त रहँदा न्यायसेवा प्रभावित भयो। मुद्दा फैसला मात्र एकतिहाइले घटेको बताइयो। सर्वोच्च अदालत शून्यप्राय: हुँदा मुद्दा फर्स्यौट दर एक दशकयताकै सबैभन्दा न्यून भएको जानकारीमा आयो।

५. Transparency International, Global Corruption Barometer.http://www.transparency.org/gcb2013/report

६. http://www.ekantipur.com/np/2068/5/20/full-news/335315/?utm_source=twitterfeed&utm_medium=twitter

आर्थिक वर्ष ०६१/०६२ मा ३१ दशमलव ४३ प्रतिशत फर्स्यौट दर रहेकामा ०६९/०६२ मा २१ प्रतिशत मुद्दा फर्स्यौट भएको छ, जुन अघिल्लो आवभन्दा १२ प्रतिशतले कम हो। सर्वोच्चमा यस आवका लागि १६ हजार मुद्दा जिम्मेवारी सरेर आएका छन्।

प्रधानन्यायाधीश खिलराज रेग्मीले सर्वोच्च तथा मातहत अदालतहरूमा न्यायाधीश नियुक्ति गर्न खासै चासो देखाएको देखिएन। मन्त्रिपरिषद्को अध्यक्षता ग्रहण गरेपछि यो जिम्मेवारी कामु प्रधानन्यायाधीश दामोदरप्रसाद शर्मामा आइपुग्यो। न्यायपरिषद् सर्वोच्चको न्यायाधीश नियुक्त गर्ने कुरामा मतैक्य ल्याउन नसकेपछि सन् २०१२ को अन्तमा अदालतमा प्रधानन्यायाधीशबाहेक पाँच जनामा सीमित रहेको थियो। यस वर्ष पनि निकै लामो छलफलपछि मार्चमा मात्रै आएर पदावधि समाप्त भएका अस्थायी न्यायाधीशमध्ये पाँच जनालाई एक वर्षका लागि अस्थायी न्यायाधीशकै रूपमा नियुक्त गरियो। यसरी नियुक्त हुनेमा प्रकाश वस्ती, वैद्यनाथ उपाध्याय, ज्ञानेन्द्रबहादुर कार्की, तर्कराज भट्ट र भरतबहादुर कार्की रहेका थिए। संविधानसभासँगै संसद् पनि स्वत: भङ्ग भएपछि संसदीय सुनुवाइ हुन नसकी नयाँ नियुक्ति हुन सकेको थिएन। कम न्यायाधीश भई मुद्दा थपिने क्रम बढ्न जाँदा सेवाग्राही नराम्ररी प्रभावित हुन थालेपछि स्थायी वा अस्थायी न्यायाधीशको नियुक्तिको सिफारिस गर्ने अधिकार प्राप्त गरेको न्याय परिषद्ले बाधा अड्काउ फुकाउ आदेशबमोजिम बिनासंसदीय सुनुवाइ एकपटक न्यायाधीश भइसकेका व्यक्तिहरूलाई पुन: नियुक्ति गर्न सिफारिस गरी सोबमोजिम पाँच जना न्यायाधीशहरूको पुन:नियुक्ति भएको थियो।

स्थायी न्यायाधीश पर्याप्त नहुँदा केही जटिल प्रकारका मुद्दाका सम्बन्धमा विवाद देखियो।[६] बाधा अड्काउ फुकाउ आदेशकै आधारमा न्यायाधीश नियुक्त भएकाले ती न्यायाधीशहरूले रेग्मीलाई मन्त्रिपरिषद्को अध्यक्षका रूपमा गरिएको नियुक्ति र त्यसको आधारका रूपमा रहेको बाधा अड्काउ फुकाउ आदेश अवैधानिक भनी परेका रिट निवेदनहरूको सुनुवाइ गर्न नहुने केही कानुनविदको तर्क रह्यो। अन्य केहीले न्यायाधीश भइसकेपछि सबै मुद्दा हेर्न हुने विचार राखे। यस्ता विवादका कारण मुद्दा समयमा निर्णीत हुन सकेनन्। अस्थायी न्यायाधीशले आफ्नो जागिरलाई प्राथमिकतामा राखी यस प्रकारका मुद्दा हेर्दा न्याय निरूपण गर्न नसक्ने प्रकारको आशङ्का पनि नआएको होइन। यसरी कुनै प्रकारले न्यायाधीशको कार्य सम्पादन प्रभावित हुन्छ भने न्यायपालिकाको स्वतन्त्रता र प्रभावकारितामा पनि आशङ्का उठ्ने अवस्था आउन सक्छ।

संविधानत: सर्वोच्चमा स्थायी न्यायाधीश १५ जनासम्म हुन सक्ने र कामको चाप अनुसार निश्चित अवधिका लागि मात्रै अस्थायी न्यायाधीश नियुक्त हुनुपर्ने प्रावधानलाई उपेक्षा गरिनुमा केही राजनीतिक अभीष्ट त छैन भन्ने प्रश्न उठ्छ। न्याय परिषद्लाई पनि अन्य राष्ट्रिय संयन्त्रमा जस्तै राजनीतिक भागबन्डा हुने रोगले आक्रान्त पारेको भन्ने पनि आरोप लाग्ने गरेको छ।[७] यसरी न्यायाधीशविहीनजस्तै हुने अवस्था भविष्यमा पनि नदोहोरिएला भन्न सकिन्न। संविधानमा रहेको व्यवस्था अनुरूप कम्तीमा स्थायी न्यायाधीशको पदपूर्ति गर्ने, यसका लागि तयार गरिएको भनिएको न्याय परिषद् ऐन संशोधनका लागि संसद्मा पेस गर्न तदारुकता देखाउन अत्यन्त जरुरी देखिएको छ।

५.२. पुनरावेदन तथा जिल्ला अदालतमा न्यायाधीश नियुक्ति

करिब पाँच वर्षपछि अन्ततः न्यायपरिषद्ले पुनरावेदन तथा जिल्ला अदालतमा न्यायाधीश नियुक्तिका लागि सिफारिस गऱ्यो। यस निर्णय अन्तर्गत ८० जना पुनरावेदन र ८९ जना जिल्ला अदालतका लागि रहे। अदालतमा न्यायाधीशको सङ्ख्या अपुग भई न्याय सम्पादनमा परिरहेको प्रभावप्रति संवेदनशील भएरै होला, गत वर्ष नै खुला आवेदनको माग गरी नियुक्तिको प्रक्रिया सुरु भइसकेको थियो। यद्यपि, परिषद्को यो कदम पनि विवादमुक्त भने रहेन। कानुनको जानकारी, अदालत तथा न्यायप्रतिको प्रतिबद्धता, व्यावसायिक दक्षता, उच्च नैतिक चरित्र तथा इमानदारीलाई छनोटको आधार बनाइएको थियो।[९] लिखित तथा अन्तर्वार्ताका आधारमा उनीहरूको छनोट

६. Lawyers divided over temp judges hearing Regmi case, http://www.ekantipur.com/the-kathmandu-post/2013/07/04/top-story/lawyers-divided-over-temp-judges-hearing-regmi-case/250774.html

७. योग्य न्यायाधीश धमाधम अवकाश, http://nagariknews.com/politics/law-custody/story/4363#sthash.Nmn6o6uO.dpuf

९. http://ekantipur.com/2013/06/10/editors-pick/jc-recommends-169-names/373010.html

भयो। कानुन व्यवसायीको अनुमति-पत्र लिएका तर यस क्षेत्रबाट पूर्ण रूपमा पलायन भइसकेका व्यक्ति पनि अमूक राजनीतिक दलसँगको निकटताका कारण न्यायाधीशमा चयन भएको चर्चा पनि उठ्यो।[१०]

जिल्ला तहका अदालतहरूमा पनि न्यायाधीश नियुक्ति वर्षौंदेखि हुन सकेको थिएन। विभिन्न जिल्लामा न्यायाधीशको कमी या अनुपस्थितिका कारण जनता धेरै नै प्रभावित भए। यस्तै प्रकारको समस्या उदयपुर जिल्ला अदालतमा देखियो, जुन केही समय न्यायाधीशविहीन रहेको थियो।[११] जिल्ला न्यायाधीश नारायणप्रसाद धिताल बिरामी बिदामा बस्दा विभिन्न समस्या देखियो। जिल्ला कारागारमा रहेका बन्दीहरू थुनामा राख्न आदेश दिइएका बन्दीको मुद्दा फैसला नहुँदा पनि उनीहरू कारागारमै बस्नुपऱ्यो। सयौँ मुद्दाको फैसला हुन बाँकी रहयो। महिनामा ७०/८० मुद्दा दर्ता हुने अदालतमा न्यायाधीश लामो समयसम्म बिरामी बिदामा बस्दा पनि अस्थायी रूपमा कोही पठाइएन।

मानवीय संशाधनका अतिरिक्त अदालतमा भौतिक संरचना पनि अपुग भएको प्रसङ्ग उठेको छ।[१२] पुनरावेदन अदालत, पाटनमा १८ न्यायाधीशको दरबन्दीमा ११ थपेर २९ न्यायाधीश पुऱ्याइए पनि आवश्यक जनशक्ति र भौतिक संरचनाको अभावले न्याय सम्पादनको जिम्मावारी बाँडफाँट गर्न कठिनाइ भएको छ। पुनरावेदन अदालतले काठमाडौँ, ललितपुर, भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, नुवाकोट, रसुवा र धादिङ जिल्लाका जिल्ला अदालतको फैसलाउपर पुनरावेदन र सोझै पुनरावेदनमा आउने विशेष प्रकृतिका समेत बर्सेनि ११ हजारभन्दा बढी मुद्दा हेर्ने गरेको छ।

केही समयलगत्तै, न्याय परिषद्ले पुनरावेदन अदालतका न्यायाधीशमध्ये ११ जनालाई निगरानीमा राखेको जनायो।[१३] तीमध्ये केहीका विरुद्ध जिल्लामै विरोध भएको थियो भने केहीमाथि आर्थिक अनियमितताको आरोप लागेको थियो। जिल्ला अदालतको नियुक्तिसम्बन्धी अध्यादेशलाई लिएर कर्मचारी सङ्घहरूले विरोध प्रकट गरे।[१४] उनीहरूको विरोध जिल्ला न्यायाधीश नियुक्तिसम्बन्धी मापदण्ड बनाइएको एक वर्ष भइसक्दा पनि न्यायाधीश नियुक्ति नगरिएको विषयसँग सम्बन्धित थियो।

६. सार्वजनिक सरोकारको विषयमा रिट निवेदनमा कडाइ

सार्वजनिक सरोकारको विषयमा रिट निवेदन हाल्ने व्यवस्था कानुनी सन्दर्भमा सैद्धान्तिक रूपमा राम्रो व्यवस्था हो। छिमेकी राष्ट्र भारतमा राम्रो उपस्थिति बनाएको यस प्रकारको निवेदन नेपालमा पनि लागू गरिनु उत्तम मान्न सकिन्छ। मुद्दासँग सरोकार नभएका व्यक्ति भन्दै कुनै बेथितिप्रति चिन्तित व्यक्तिले कतै उजुरी गर्ने मार्ग विगतमा उपलब्ध नभएकामा यस प्रकारको व्यवस्थाले कानुनी पहुँच नभएका सर्वसाधारण व्यक्तिलाई ठूलो राहत दिएको छ। यस अन्तर्गत रहेर नै नेपालमा जनमानसविरुद्ध या सुशासनविरुद्धका सरकारी निर्णयहरूमा अङ्कुश लगाइएको दृष्टान्त भेटिन्छ। सार्वजनिक सरोकारका विषयमा रिट दायर गर्न पाउने व्यवस्था नेपालको संविधानमा नै उल्लेख छ।

०६२/०६३ को जनआन्दोलनका दमनकर्ता भनी उच्चस्तरीय रायमाझी आयोगले किटानी गरेका तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा भ्रष्टाचारको अभियोग लगाइएका पूर्वमुख्यसचिव लोकमानसिंह कार्कीलाई सोही आयोगको प्रमुख आयुक्त बनाउने संवैधानिक परिषद्को निर्णयको विरोधमा दायर गर्न लागिएको रिट निवेदनलाई सर्वोच्च अदालत प्रशासनले एउटा नजिरको हवाला दिँदै दरपीठ गरिदियो। सर्वोच्चको पूर्ण इजलासले ०६९ पुस ५ गते खानेपानी संस्थानसम्बन्धी एक मुद्दाको फैसलामा प्रतिपादित उक्त नजिरले सार्वजनिक सरोकारका रिट निवेदनलाई व्यवस्थित गर्ने नाममा व्यापक अङ्कुश लगाएको थियो। उक्त फैसलाले सार्वजनिक सरोकारका मुद्दाको अवधारणाको वास्तविक मर्मलाई आत्मसात् गर्न नसकेको प्रतीत हुन्छ।

अति गरिब र निमुखा व्यक्तिहरूलाई पनि न्यायमा पहुँच दिन र जनतालाई प्रभावित गर्ने प्रकारका

१०. http://nagariknews.com/politics/law-custody/story/2630
११. http://www.souryadaily.com/2013/03/62569.html
१२. http://www.freenepal.com.np/?p=38566#sthash.2kEM933b.dpuf
१३. http://ekantipur.com/2013/06/11/capital/11-new-judges-in-jcs-watch-list/373085.html
१४. नेतालाई अब न्यायपालिका ?, http://nagariknews.com/politics/law-custody/story/2566#sthash.RYsE64Fg.dpuf

निर्णयमा रोक लगाउन यस प्रकारका निवेदन लिने व्यवस्था चलेको हो।[१५] विवादास्पद छवि भएका लोकमानसिंह कार्कीको नियुक्तिविरुद्धको रिट निवेदनमा उक्त फैसलामा वर्णित सर्तहरू लागू गरिएकामा राम्रो नियत देखिएन। नितान्त झीनामसिना कुरामा रिट निवेदन दिने र एक मुद्दामा विभिन्न व्यक्तिले विभिन्न मुद्दा दिने प्रवृत्तिलाई रोक्ने आदेशको नजिरलाई अमूक मुद्दाका मामिलामा आश्चर्यजनक रूपले लागू गरेको देखियो।

हुन त सार्वजनिक सरोकारका मुद्दाका निवेदन कसै-कसैले व्यक्तिगत रिसइबी आदिका कारणले दुरूपयोग गरेका पनि हुन सक्छन् भने केहीले व्यक्तिगत प्रचारका लागि या कुनै संस्थाको परियोजनाका दातालाई देखाउन मात्र पनि पनि यस्तो मुद्दा दायर गराएका हुन सक्छन्। त्यस प्रकारका मुद्दा रोक्ने व्यवस्था गर्न पनि आवश्कता महसुस नभइसकेको होइन। तर, उक्त फैसला अनुसारको नियमावली नै नबनी नजिरलाई मात्रै उद्धृत गर्नु संयोग मात्र नभई कुनै व्यक्तिविशेषलाई फाइदा पुऱ्याउन मात्र हो भन्ने नै देखिन्छ, जुन न्यायपालिकाको अत्यन्त खेदजनक कदम हो।

७. विशेष अदालतको शून्यता

विशेष अदालत ०५९ असार ५ गते विशेष अदालत ऐन, २०५९ अनुसार गठन भएको हो। खास प्रकारका मुद्दाहरूको कारबाही र किनारा छिटो-छरितो तथा प्रभावकारी ढङ्गले गराउन विशेष अदालतको गठन, अधिकार र कार्यविधिका सम्बन्धमा समयानुकूल कानुनी व्यवस्था गर्न विशेष अदालतको स्थापना गरिएको हो। विगतका केही वर्षमा विशेष अदालतले भ्रष्टाचारका विषयमा पहुँचवाला नेता तथा पूर्वमन्त्री एवम् पदाधिकारीहरूविरुद्ध सजाय दिई जनमानसमा उत्साह जगाएको थियो। यस वर्ष भने केही भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाबाहेक खासै मुद्दाको फैसला भएन। केही न्यायाधीशको व्यक्तिगत प्रयासमा मात्रै संस्था चलाइएजस्तो यस वर्ष देखियो। राष्ट्रिय संस्था कुनै व्यक्तिमा भर पर्ने प्रवृत्ति हुनुहुँदैन। अदालत जस्तो निकायमा नियम र अनुशासनको विकास भएमा कोही उत्साहित र इमान्दार पदाधिकारीलाई कुर्नुपर्ने अवस्था आउने थिएन।

यसैबीच, अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पाँचै विकास क्षेत्रमा सार्वजनिक पदमा रहेका व्यक्तिबाट हुने भ्रष्टाचार दुरूपयोगका मुद्दा हेर्न पाँच ओटा विशेष अदालत गठन गर्न सरकारसमक्ष प्रस्ताव गरेको छ।[१६] देशैभर हुने भ्रष्टाचार र अख्तियार दुरूपयोगका मुद्दा राजधानीको एक मात्र विशेष अदालतमा दायर गर्ने व्यवस्थाले फर्स्यौट गर्न झन्झटिलो र लामो समय लाग्ने भएकाले अख्तियारले अदालत थप्न प्रस्ताव गरेको हो।

अख्तियारले धनकुटा, हेटौँडा, पोखरा, सुर्खेत र दिपायलमा पाँच ओटा क्षेत्रीय कार्यालय स्थापना गरिसकेको छ भने छिट्टै थप पाँच ओटा सम्पर्क कार्यालय खोल्ने क्रममा रहेको छ। अख्तियारले आफ्ना क्षेत्रीय कार्यालय खोलिएका क्षेत्रका पुनरावेदन अदालतलाई विशेष अदालत तोक्न या नयाँ विशेष अदालत तोक्ने वा गठन गर्ने व्यवस्थाका लागि सरकारलाई अनुरोध गरिएको छ।

८. केही महत्वपूर्ण फैसलाहरू

८.१.श्रवणशक्ति कमजोर भएकालाई सवारी चालक प्रमाणपत्रः समान अधिकारको प्रत्याभूति

सर्वोच्च अदालतले एक रिट निवेदनमा फैसला गर्दै श्रवणशक्ति कमजोर भएका या नभएका व्यक्तिलाई विभिन्न देशमा भइरहेका अभ्यासको आधारमा सबलाङ्गसरह सवारी चालकको अनुमतिपत्र दिन निर्देशन दियो।[१७] राज्यले उपलब्ध गराएको सडक र यातायात सबैको लागि हुने हुनाले त्यसको पूर्ण सदुपयोग गर्ने अधिकारबाट बहिरोपनबाट प्रभावित वर्ग वा यस्तै अन्य वर्गलाई समेत वञ्चित गर्न नमिल्ने आदेशमा उल्लेख छ। नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अभिसन्धिमा हस्ताक्षर गरिसके पनि यो समुदायको हितका लागि विशेष तथा पर्याप्त कदम चालिएका छैनन्। निर्धक्क हिँड्न पाउनुपर्ने आफ्नो अधिकारका लागि अपाङ्गता भएका व्यक्तिहरूले अभियान नै सञ्चालन गर्नुपरेको थियो।

---

१५. http://www.academia.edu/3349357/Public_Interest_Litigation_PIL_in_India

१६. http://www.ekantipur.com/np/2070/8/25/full-story/380521.html#sthash.PRusk9ia.dpuf

१७. 'नेपाल कानुन पत्रिका', निर्णय नं. ८९३९ । ओमप्रकाश अर्यालसमेत वि.राष्ट्रिय मानव अधिकार आयोग, हरिहर भवन

यस सन्दर्भमा श्रवणशक्तिमा अवरोध भएको कारणले मात्र दृश्यशक्ति र अरू सामान्य सुझबुझ दुरुस्त रहेको अवस्थामा सवारी चालक प्रमाणपत्रको लागि सर्वथा अयोग्य हुन् भनी मान्नु पर्ने वैज्ञानिक आधार नदेखिने भन्दै यस्तो निर्देशन दिइएको थियो।

यस निर्देशनसँगै अदालतले भौतिक पूर्वाधार निर्माण, सडकको स्तरोन्नति, सडक व्यवस्थापनको मापदण्डमा परिमार्जन र सुधार, सवारी साधनको सङ्केत चिह्नसम्बन्धी प्रविधि विकास, प्रशिक्षण र परीक्षण प्रणालीको निर्धारण, सवारी चालक र सर्वसाधारणबीचको सम्बन्ध आदि विविध विषयमा बहिरोपन प्रभावित वर्गमैत्री नीतिनिर्णय, कानुन निर्माण, व्यवस्थापन सुधार र कार्यान्वयन रणनीति लगायतका कुराहरूमा ध्यान दिई एउटा कार्ययोजना निर्माण गर्नुपर्ने तथ्य पनि इङ्गित गर्दै यस सम्बन्धमा एक वर्षभित्रमा श्रवणशक्तिविहीन व्यक्तिहरूले सवारी चालक अनुमतिपत्र लिन सक्ने कदम चाल्न सरकारलाई निर्देशन दियो। अदालती निर्णयले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सम्मान गरे पनि नियम बनाउने निर्देशन पाएको सरकारले आवश्यक कदम नचालेमा अदालतले चाल्न सक्ने कदम भने सीमित नै छ।

८.२. लोकमान सिंह कार्कीको पक्षमा फैसलाः मानवअधिकार उल्लङ्घनकर्तालाई उन्मुक्ति

अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तमा जनआन्दोलनका दमनकर्ता पूर्वमुख्यसचिव लोकमानसिंह कार्कीलाई नियुक्त गर्नबाट रोक्न दायर भएको रिट निवेदनमा सर्वोच्च अदालतका माननीय न्यायाधीश सुशीला कार्कीको एकल इजसालले उनको नियुक्ति प्रक्रियालाई रोक्न २०६९ चैत ९ गते अन्तरिम आदेश जारी गऱ्यो। यद्यपि, ०७० साल वैशाख १६ गते माननीय न्यायाधीश गिरिसचन्द्र लाल र तर्कराज भट्टको संयुक्त इजलासले उक्त अन्तरिम आदेशलाई खारेज गरी नियुक्तिको बाटो खोलिदियो।

अन्तरिम आदेश खारेज गरिए पनि प्रमुख आयुक्तमा विद्यमान कानुनी व्यवस्थाअनुसार योग्य र उच्च नैतिक चरित्रयुक्त व्यक्तिमा सिफारिस हुन सक्ने भनी उक्त आदेशले स्मरण गराएको थियो। त्यसका बाबजुद चुनावी मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी अध्यक्ष रहेको संवैधानिक परिषद्ले लोकमानसिंह कार्कीको योग्यता र उपयुक्तताको मुल्याङ्कन नगरिकनै नागरिक समाज, पेशाकर्मी तथा मानवअधिकारकर्मीहरूको विरोधलाई बेवास्ता गरी प्रमुख आयुक्त पदमा नियुक्ति गर्न सिफारिस गऱ्यो। उक्त कदमसँग प्रधानन्यायाधीश नेतृत्वको नवगठित चुनावी मन्त्रिपरिषद् निकै आलोचित भयो र मानवअधिकार विरोधीको रूपमा चित्रित हुन पुग्यो।

लोकमानसिंह कार्कीको नियुक्ति हुनुपूर्व र नियुक्त भएपश्चात् दायर भएका उनको नियुक्ति सम्बन्धी विषयका रिट निवेदनहरूको सुनुवाइ गर्न सर्वोच्च अदालतले कुनै पनि तदारुकता देखाएन। यस विषयमा अदालत र सरकारबीच एकअर्कालाई सहज बनाइदिने अवस्थाको सृजना गरेको आरोप लाग्यो। संसद् नभएको मौका छोपी बिना संसदीय सुनुवाइ बाधा अडकाउ फुकाउ आदेशको फाइदा उठाउँदै उनको नियुक्ति भएको र सर्वोच्च अदालतले समेत उनको नियुक्ति विरुद्धको मुद्दाको सुनुवाइलाई विलम्ब गरेको कुरालाई निकै अर्थपूर्णरूपमा हेरिएको छ।

खिलराज रेग्मी नेतृत्वको सरकार, प्रमुख राजनीतिक दलका शीर्ष नेताहरू तथा स्वयं न्यायपालिकाप्रति नै आम जनताको तीव्र गुनासो रहन गयो। प्रमुख आयुक्तमा विद्यमान कानुनी व्यवस्थाअनुसार योग्य र उच्च नैतिक चरित्रयुक्त व्यक्तिको सिफारिस हुनुपर्ने कुरा स्मरण गराउने सर्वोच्च अदालत जनआन्दोलन दबाउन पदीय आचारणविपरीत राष्ट्रिय ढुकुटी, सत्ता, शक्ति र पदको दुरूपयोग तथा मानवअधिकारको उल्लङ्घन गरेको तथा २०५१ सालको सुन तस्करी काण्ड मुछिएको भनिएका व्यक्तिलाई अख्तियार प्रमुखका लागि अनुपयुक्त भन्न किन हिचकिचाउँदैछ मानवअधिकारकर्मीलाई बुझ्न कठिन भयो।

राजस्व अनुसन्धानको टोलीले ०७० भदौ २१ गते वरिष्ठ अधिवक्ता शम्भु थापाको ल फर्ममा छापा मारी भ्याट बिल, कम्प्युटरलगायत सामाग्री लगेको थियो। यस कदमका विरुद्ध थापाले सर्वोच्चमा हालेको रिटमा फैसला गर्दै राजस्वलाई भदौ २५ सम्म कारवाही अगाडि नबढाउन आदेश दियो। दोस्रो जनआन्दोलनमा पेशाकर्मीका तर्फबाट थापाले नेतृत्वदायी भूमिका निर्वाह गर्दैगर्दा कार्की राज्यको स्रोत प्रयोग गर्दै आन्दोलन दबाउन लागिपर्दै थिए। कार्कीको अख्तियार प्रमुखको नियुक्तिमा पनि विरोध हुनु र थापाको फर्ममा छापा पर्नुलाई एक संयोग मात्र मान्न धेरै तयार नभएको देखियो।

८.३. मानवअधिकार आयोगको सम्प्रभूताको रक्षा[१८]

मानवअधिकार आयोग ऐनका केही प्रावधानसँग सम्बन्धित विषयमा सर्वोच्च अदालतद्वारा गरिएको फैसला मानवअधिकार समुदायका लागि सकारात्मक रह्यो। मानवअधिकार आयोग ऐन २०१२ का कतिपय व्यवस्थाहरूका सम्बन्धमा मानवअधिकार समुदायको विरोध रहेको थियो। यसैबीच, यसका केही प्रावधानहरूमा प्रश्न उठाउँदै रिट निवेदन पनि दायर भएको थियो। यी प्रावधानहरूमा आयोगले मुद्दा चलाउन गरेको सिफारिसमा विचार गरी मुद्दा दायर गर्ने या नगर्ने अधिकार महान्यायाधीवक्तालाई दिइएको थियो। साथै, कुनै पनि मानवअधिकार उल्लङ्घन भएका अवस्थामा ६ महिनाको हदम्याद पनि तोकिएको थियो।

यही मुद्दामा फैसला गर्दै सर्वोच्च अदालतले नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने विषयमा निर्णय गर्ने अन्तिम अधिकार महान्यायाधिवक्ताको हुने भए पनि मानवअधिकार आयोगले मुद्दा चलाउन गरेको सिफारिशका सम्बन्धमा भने उसले आफ्नो स्वविवेक प्रयोग गरी मुद्दा नचलाउने निर्णय गर्न नपाउने र बाध्यात्मक रूपमा आयोगको सिफारिसबमोजिम नै दोषीउपर मुद्दा चलाउनु पर्ने भनी प्रष्ट पाऱ्यो। सर्वोच्चअदालतले अन्तरिम संविधानको व्यवस्थासँग बाझिएको भन्दै मानवअधिकार आयोग ऐन, २०६८ को दफा १७ उपदफा १० लाई बदर घोषित गऱ्यो। साथै, उसले ६ महिने हदम्यादसम्बन्धी दफा १० को उपदफा ५ पनि बदर गरिदियो। आयोग संवैधानिक निकाय भएको र यसले हचुवाका भरमा मुद्दा चलाउने सिफारिश नगर्ने भएकाले यस्तो निकायको सिफारिसमा महान्यायाधिवक्ताले पुनरावलोकन गर्न नपाउने भन्ने व्यवस्था अत्यन्तै अर्थपूर्ण रूपमा बुझिएको छ।

तथापि, ऐनको कुनै विदेशी सङ्घ वा संस्थाले नेपालभित्र मानवअधिकारको संरक्षण र सम्बर्धनसम्बन्धी कुनै कार्यक्रम सञ्चालन गर्न चाहेमा तोकिएबमोजिम आयोगको सहमति लिनु पर्ने प्रावधानलाई बदर गर्न माग गरिएको विषयमा भने सर्वोच्चले बदर घोषित गर्न इन्कार गऱ्यो। उक्त व्यवस्थाले आयोगको भूमिकालाई सीमित गर्ने नभई अझ व्यापक बनाउन सक्ने ठहर गऱ्यो। फैसलाको उक्त पक्षलाई भने मानवअधिकार समुदायले स्वागत गर्न हिचकिचाएको देखियो।

आयोगको छानबिनअनुसार हालसम्म करिब १५ सयभन्दा बढी मानवअधिकार उल्लङ्घनकर्ता छन् भने पीडितको सङ्ख्या पनि करिब ४ हजार छ।[१९] मानवअधिकार उल्लङ्घनका घटनामा हदम्याद नहुनाले अब पुराना निवेदनमा पनि आयोगले छानबिन गरी दोषीविरुद्ध मुद्दा दायर गराउन सक्नेछ। आयोगको १० वर्षमा ६ सय मुद्दा सिफारिस भए पनि सरकारले एउटै पनि मुद्दा दायर नगरेको अवस्था रहेको छ।[२०] दशक लामो द्वन्द्व र अन्य अवस्थामा पनि भएका मानवअधिकार उल्लङ्घनका अभियुक्तहरूले उन्मुक्ति पाइरहेको अवस्थामा कम्तीमा आयोगको सिफारिसले उनीहरूमाथि र कानूनी निकायमाथि नैतिक दबाव पार्ने विश्वास गर्न सकिन्छ।

८.४. गम्भीर मुद्दा विशेषतः महिलासम्बन्धी मुद्दालाई प्राथमिकता

नेपालको अदालतमा निरन्तर सुनुवाइको कानुनी व्यवस्था रहेको छ। जिल्ला अदालत नियमावली[२१]मा केही मुद्दाहरूमा निरन्तर सुनुवाइ गरिने व्यवस्था गरिएको भए पनि जिल्ला अदालतहरूमा यो प्रावधान खासै लागू भएको देखिँदैन। यो प्रावधान ऐच्छिक नभएको भन्दै यही प्रचलनलाई रोक्नका लागि र पीडितलाई शीघ्र न्याय दिलाउनका लागि दिइएको यो निर्णय सराहनीय छ। अदालतले बलात्कार, अपहरण र मानव बेचबिखनजस्ता मुद्दालाई यस प्रकारको सुनुवाइको व्यवस्था गराउने निर्देशन प्रधानमन्त्रीको

---

१८. 'नेपाल कानुन पत्रिका', निर्णय नं. ९०२९

१९. http://ekantipur.com/nep/2069/11/24/full-story/363909.html

२०. http://ekantipur.com/nep/2069/11/24/full-story/363909.html

२१. जिल्ला अदालत नियमावली २०५२, २४ (ग) : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची ४ (ख) बमोजिमका मुद्दाहरू अदालतमा अभियोगपत्र पेस भएपछि अभियोग लगाइएका सबै प्रतिवादीहरू उपस्थित गराइएकामा निजहरूको बयान गराइ अदालतले आदेश दिएमा लगातार प्रमाण परीक्षण गरिनेछ। अनुसूची ४ (ख) मा लगातार कारबाही र सुनुवाइ गरिने मुद्दा निम्न तोकिएका छन् : १. अपहरण तथा शरीर बन्धक, २. आगलागी, ३. घरेलु हिंसासम्बन्धी, ४. सबै प्रकारको चोरी, ५. जबरजस्ती करणी, ६. ठगी, ७. जीउ मास्ने बेच्ने, ८. मानव बेचबिखन तथा ओसारप्रसार, ९. लागूऔषध १०. सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मुद्दाहरू

अधिकांश पीडितले पाएनन् क्षतिपूर्तिको रकम

मकवानपुर । ०७० मङ्सिर २५ गते

अदालतले मानव बेचबिखन र बलात्कारका मुद्दाका पीडितहरूलाई पीडकबाट क्षतिपूर्ति भराउने आदेश गरे पनि त्यो कार्यान्वयनमा आउन सकेको छैन। अधिकांश फैसलाहरू कागजमात्र सीमित हुन पुगेका छन्। पीडितहरू भने फैसलाको कार्यान्वयन होला भनेर प्रतीक्षारत छन् । ०६९ माघमा जिल्ला अदालत, मकवानपुरले भैसे गाविसका शुक्रराज नेगीलाई बालिकालाई बलात्कार गरेको ठहर गर्दै १८ वर्ष कैद र पीडितलाई २ लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने आदेश गरेको छ। तर, पीडित बालिकाले पाउन सकेकी छैनन्।

मानव बेचबिखनमा टिस्टुङ गाविसका मानबहादुर थोकरलाई अदालतले २० वर्ष कैद गर्ने फैसला गर्नुका साथै ३ लाख रुपियाँ पीडितलाई क्षतिपूर्ति स्वरूप उपलब्ध गराउनुपर्ने आदेश गरेको छ। पीडितले उक्त रकम पाउन सकेकी छैनन्। मुम्बईमा नारकीय जीवन बिताएर गाउँ फर्केकी ती महिलाले गाउँमा पनि अत्यन्त कष्टकर जीवन बिताइरहेकी छन्। क्षतिपूर्ति रकमको आशामा उनले छिमेकीसँग ऋण लिएर घुम्ती पसल थापेकी छन्।

यसै गरी, अदालतले बालिकालाई बलात्कार गरेको ठहर गर्दै रोशन पुडासैनीलाई पाँच वर्ष कैद र ३ लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउने फैसला गरेको छ। तर, पीडितले क्षतिपूर्ति भने पाउन सकेकी छैनन्। ०६८ सालदेखि अदालतले पीडकबाट पीडितलाई क्षतिपूर्तिस्वरूप नगद उपलब्ध गराउने फैसला गर्दै आएको छ तर अधिकांश पीडितले क्षतिपूर्ति पाउन सकेका छैनन्।

यसै गरी, अदालतले बालिकालाई बलात्कार गरेको ठहर गर्दै रोशन पुडासैनीलाई ५ वर्ष कैद र ३ लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउने फैसला गरेको छ। तर, पीडितले क्षतिपूर्ति भने पाउन सकेकी छैनन् । ०६८ सालदेखि अदालतले पीडकबाट पीडितलाई क्षतिपूर्तिस्वरूप नगद उपलब्ध गराउने फैसला गर्दै आएको छ तर अधिकांश पीडितले क्षतिपूर्ति पाउन सकेका छैनन्।

जिल्ला अदालत मकवानपुरका सेस्तेदार कौशलेश्वर झवालीका अनुसार पुनरावेदन अदालतको म्याद नगुज्रेसम्म वा त्यहाँबाट सदर भएर नआएसम्म क्षतिपूर्ति रकम उपलब्ध गराउन समस्या हुने गरेको छ। अधिकांश पीडकहरू कारागारमा नै भएकाले पनि पीडितले क्षतिपूर्ति रकम पाउन नसकेका हुन्। महिला हिंसाको १६ दिने अभियानका अधिकांश कार्यक्रमका सहभागीहरूले पीडित महिलाहरूले क्षतिपूर्ति पाउन नसकेका आवाज उठाउने गरेका छन्।

प्रताप विष्ट

कार्यालय, नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय र यसका मातहतका कार्यालयलाई पनि दिएको छ।

मानवअधिकार समुदायले पनि महिलामाथि हुने हिंसाका घटनामा पीडित महिलालाई तत्काल न्याय दिन सरकारले द्रूत न्यायिक अदालतको गठन गर्नुपर्ने माग गऱ्यो। उनीहरूले महिलामाथि हुने जघन्य हिंसामा संलग्न भई सार्वजनिक भएका अपराधीलाई तत्काल कडा कानुनी कारबाही गरी पीडितलाई न्याय दिन तत्काल सो अदालत गठन गर्न सरकारसँग माग गर्दै आएका छन्।

माइती नेपालकी उमा तामाङ, शक्ति समूहकी सुनीता दनुवार र महिला कानुन तथा विकास मञ्चले केही मुद्दाहरूमा लगातार सुनुवाइ नहुँदा पीडित पक्षविमुख (होस्टाइल) हुन सक्ने, सरकारी साक्षीलाई आर्थिक या अन्य प्रकारको प्रलोभन दिई प्रभावित गराउन सकिने र प्रमाण नष्ट गर्न गराउन सकिने र सरकारी साक्षीकै पनि सुरक्षामा खलल पुग्न सक्ने हुनाले ती मुद्दामा लगातार सुनुवाइ गराउन प्रहरी प्रधान कार्यालय, गृह मन्त्रालयका नाममा परमादेश जारी गर्न माग गरेका थिए। यसका साथै, जिल्ला अदालत नियमावली २०५२, २४ (ग) अनुसार कारबाही गर्न आफ्ना मातहतका कार्यालयलाई परिपत्र गराउन महान्यायाधिवक्ताको कार्यालयका नाममा पनि परमादेशको माग गरिएको थियो। सरकार वादी रहेको यस्ता मुद्दामा अदालतले पनि सक्रिय भई निरन्तर सुनुवाइका आदेश दिनु पर्ने र यस्तो आदेश नआएको खण्डमा पनि अनुसन्धान अधिकृत र सरकारी वकिलको कार्यालयले आफै पहल गरी निरन्तर सुनुवाइ गराउन पर्ने मर्मसहित सर्वोच्च अदालतले यस्तो फैसला गरेको देखियो।

८.५. न्यायविरोधी अध्यादेशमा रोक

सर्वोच्च अदालतले सत्य निरूपण तथा मेलमिलाप आयोग अध्यादेश, २०६९ का कतिपय प्रावधानहरू संविधानको मर्मविपरीत भन्दै त्यसलाई लागु नगर्न ०६९ चैत १९ गते अन्तरिम आदेश जारी गऱ्यो। सर्वोच्च अदालतले अध्यादेशका दफा ३, १३, २३, २५ र २९ अन्तरिम संविधानसँग बाझिएको भन्दै तत्कालका लागि कार्यान्वयनमा रोक लगाएको हो।

तत्काल कार्यान्वयनमा रोक लगाइएका प्रावधानहरूमध्ये दफा १३ मा सत्य निरूपण तथा मेलमिलाप आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा उल्लेख गरिएको छ। दफा १३ मा मानवअधिकारको गम्भीर उल्लङ्घन एवम् मानवताविरुद्धको अपराध तथा युद्धअपराधसम्बन्धी घटनामा संलग्न व्यक्तिलाई क्षमादान गर्न नसकिने स्पष्ट व्यवस्था छैन। यही दफाको उपदफा ४ मा आयोगको सल्लाह लिन सक्ने उल्लेख छ। दफा २५ मा क्षमादानमा लागि नपरेका पीडकहरूलाई प्रचलित कानुनबमोजिम कारबाही सिफारिस गर्न व्यवस्था छ। त्यस्तै, दफा २९ मा भने आयोगले छानबिन गरिसकेर दोषी ठहर गरे पनि मुद्दा दायर गर्ने अन्तिम अधिकार महान्यायाधिवक्ता वा उसले तोकेको सरकारी वकिललाई रहने उल्लेख छ।

गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनमा क्षमादान दिनु अन्तर्राष्ट्रिय कानुनविपरीत रहेको, बेपत्ता पार्ने कार्यलाई अपराधीकरण नगरेको, बेपत्ता र सत्य निरूपण आयोगलाई एउटै आयोगको रूपमा प्रस्तुत गरेको, पीडितलाई आर्थिक सहायता दिनेतर्फ मात्रै ध्यान दिइएको र समग्र परिपूरणलाई स्थापित नगरिएको इत्यादि विषयमा मानवअधिकारकर्मीले व्यापक सरोकारहरू व्यक्त गरेको थिए। सामान्यतया हत्या, बलात्कार, अपहरण र यातनासम्बन्धी अपराधका घटनामा क्षमादान हुन नहुने अन्तर्राष्ट्रिय मान्यता छ। पीडितसँग सहमति नलिइकनै पनि क्षमादान दिन सकिने भन्ने प्रावधानप्रति मानवअधिकारकर्मीको निकै आपत्ति थियो।[११] उनीहरूका अनुसार गम्भीर अपराध भनी प्रकार नतोकिनाले आयोगले स्वविवेक प्रयोग गरी पीडकलाई उन्मुक्ति दिनसक्ने प्रबल सम्भावना थियो। यही सम्भावनालाई इङ्गित गर्दै दायर गरिएको रिट निवेदनमा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको थियो।

यही रिट निवेदनको फैसलाका क्रममा अदालतले द्वन्द्वमाथि नै प्रश्न उठायो। अदालतले द्वन्द्वको सैद्धान्तिक कारणसँग सहमत भई कुनै पक्षबाट द्वन्द्वसँग सम्बन्धित घटनामा सम्बन्धित हुनु वा संलग्न हुनु एउटा कुरा भए पनि द्वन्द्वमार्फत परिवर्तन ल्याउने वा द्वन्द्व दबाउने वा समाधान गर्ने कुनै नाममा पनि आपराधिक र अवाञ्छित क्रियाकलापमा छुट दिन सकिने ठाउँ नहुने बतायो। यसरी अन्तर्राष्ट्रिय रूपमा लडाइँलाई गैरकानुनी मानिएको अवस्थामा सर्वोच्च अदालतको फैसलाको पाठले पनि द्वन्द्वसँग सम्बन्धित हिंसालाई अपराध नै ठहर गऱ्यो।

---

११. बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०६९ का क्षमादानसम्बन्धी व्यवस्था

(१) आयोगले यस अध्यादेशबमोजिम छानबिन गर्दा पीडकलाई क्षमादान गर्न उपयुक्त देखेमा त्यसको पर्याप्त आधार र कारण खुलाई नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखेको भए तापनि बलात्कारलगायत आयोगको छानबिनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएको गम्भीर प्रकृतिका अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानका लागि सिफारिस गर्ने छैन।

(३) उपदफा (१) बमोजिम आयोगले कुनै व्यक्तिलाई क्षमादानका लागि सिफारिस गर्नुअघि त्यस्तो व्यक्तिले सशस्त्र द्वन्द्वका क्रममा आफूबाट मानव अधिकारको गम्भीर उल्लङ्घन भएको र सो सम्बन्धमा पीडितलाई चित्त बुझ्दो ढङ्गले पश्चात्ताप गर्दै आयोगले तोकेको म्यादभित्र क्षमादानका लागि आयोगसमक्ष लिखित निवेदन गरेको हुनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम क्षमादानका निमित्त कुनै निवेदन पर्न आएमा आयोगले त्यस्तो व्यक्तिलाई क्षमादानका निमित्त सिफारिस गर्ने वा नगर्ने भन्ने सम्बन्धमा निर्णय गर्नुअघि सो विषयमा पीडितसँग सल्लाह गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम क्षमादानको निमित्त निवेदन दिनुअघि निवेदकले सशस्त्र द्वन्द्वका क्रममा आफूबाट भएको त्यस्तो काम-कारबाहीका सम्बन्धमा आफूलाई थाहा भएसम्मको सत्यतथ्य विवरण आयोगसमक्ष पूर्ण रूपमा प्रकट गरेको र आयोगले पनि सो विवरणको अभिलेखन गरेको हुनुपर्नेछ।

(६) उपदफा (१) बमोजिम क्षमादानका लागि सिफारिस गर्दा लिइने आधार र मापदण्ड तोकिएबमोजिम हुनेछ।

(७) उपदफा (१) बमोजिम आयोगबाट सिफारिस भएको व्यक्तिलाई नेपाल सरकारले क्षमादान दिएमा त्यस्तो व्यक्तिको नाम नेपाल राजपत्रमा प्रकाशन गरिनेछ। ।

सर्वोच्च अदालतले २ जनवरी २०१४ मा अन्तिम फैसला गर्दै उक्त अध्यादेशका कतिपय प्रावधानहरूलाई बदर नै घोषित गरी दियो भने अन्य धेरै प्रावधानहरूलाई अन्तर्राष्ट्रिय मापदण्डहरू अनुकुल बनाउन भनी परमादेश जारी गऱ्यो। उक्त फैसलाको मानवअधिकार समुदायले खुलेरै प्रशंसा गऱ्यो।[३३] संविधानले प्रत्याभूत गरेका सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १२), समानताको हक (धारा १३) एवम् यातनाविरुद्धको हक (धारा २६) तथा संवैधानिक उपचारको हक (धारा ३२) युद्धकाल एवम् सङ्कटकालमा कुनै पनि अवस्थामा अविछिन्न रूपमा लागू हुने भन्दै विवादित प्रावधानहरूमा सुधार गरी बेपत्ता छानबिन आयोग र सत्य निरूपण र मेलमिलाप आयोग छुट्टाछुट्टै गठन हुनुपर्ने आदेश जारी गऱ्यो।

८.६.अदालतद्वारा साबिकको कानुनी व्यवस्थाको महत्त्व पुनःस्थापित

सत्य निरूपण आयोग स्थापित नहुँदैमा देशमा न्यायिक प्रक्रिया ठप्प हुँदैन भन्ने आफ्नै नजिर सर्वोच्च अदालतले फेरि दोहोऱ्यायो। यो तत्कालीन माओवादी कार्यकर्ताहरूबाट हत्या गरिएका दैलेखका पत्रकार डेकेन्द्र थापाको मुद्दा व्यूँतिएपछि यससम्बन्धी प्रहरी कारवाही रोक्न महान्यायाधिवक्ताले जारी गरेको परिपत्रविरुद्धको फैसला थियो।

भट्टराई सरकारका प्रमुख कानुनी सल्लाहकार महान्यायाधिवक्ता मुक्तिनारायण प्रधानको कार्यालयले देशका संयन्त्रहरू शून्यतामै रहेजसरी सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना नभएसम्म अन्तरिम संविधान र विस्तृत शान्ति सम्झौताको भावनाबमोजिम दैलेखका पत्रकार डेकेन्द्र थापाको हत्याका अभियुक्तमाथि अनुसन्धान अघि बढाउन नहुने जिकिर गर्दै भट्टराईको निर्देशनमा जिल्ला सरकारी वकिलको कार्यालय र प्रहरी प्रधान कार्यालयलाई छानबिन रोक्न पत्र लेखे।

संविधानको धारा ३३ 'ध' मा सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन गर्ने उल्लेख छ। यसै गरी, विस्तृत शान्ति सम्झौताको प्रकरण ५.२.५ मा दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत रहेको उल्लेख छ।

प्रधानमन्त्री भट्टराईले पनि द्वन्द्वकालमा भएका घटनाहरूका सम्बन्धमा सर्वप्रथम सत्य अन्वेषण गर्नुपर्ने र त्यसका लागि निरूपण तथा मेलमिलाप आयोग गठन गरी ती घटनाहरू सोही आयोगको क्षेत्राधिकारमा पर्ने हुँदा अन्य बेलाको घटनाहरूका सन्दर्भमा आकर्षित हुने नियमित फौजदारी प्रणाली प्रयोग हुन सक्ने अवस्थालाई संविधानले कल्पना नै नगरेको भन्दै उनले डेकेन्द्र थापाको मृत्यु सशस्त्र द्वन्द्वका क्रममा नै भएको पुष्टि हुँदाहुँदै पनि सो घटनाका सम्बन्धमा प्रचलित सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम अनुसन्धान गर्नुपर्ने भनी जारी भएको अन्तरिम आदेश कायम हुनुपर्ने अवस्था नदेखिँदा रद्द हुनुपर्ने माग गरे। नियमित अदालतबाटै यस्ता घटनाको टुङ्गो लाग्ने भए छुट्टै संयन्त्र स्थापना गरी हेरिने प्रचलन नै नहुने भट्टराईको दलिल थियो। यस प्रकरणमा महान्यायाधिवक्ताको कार्यालयकै अधिकारीले प्रधानमन्त्री र महान्यायाधिवक्ताका यस्तै हठले फौजदारी न्याय प्रणाली ध्वस्त हुने गुनासो गरे।[३४]

यस सम्बन्धमा अदालतले यस हस्तक्षेपमाथि रोक मात्र लगाएन, थापा हत्याका अभियुक्तलाई कारवाही अघि बढाउन अदालतले दिएको आदेशविपरीत पत्राचार गरेर अनुसन्धान प्रभावित पार्न खोजेको भन्दै परेको अपहेलना मुद्दाको लिखित जवाफसहित उपस्थित हुन अदालतले दिएको आदेशका कारण स्वयम् अदालतमा उपस्थित भएर बयान पनि दिनुपऱ्यो। यसका साथै तल्ला तहका अदालतमा महान्यायाधिवक्ताको कार्यालयले हस्तक्षेप गर्न नपाउने भन्दै यस कार्यालयको क्षेत्राधिकार पनि तोकिदियो।

सत्य निरूपण आयोगको स्थापना नभए पनि थापाको हत्याको छानबिन र यसअगाडिका कारवाही अगाडि बढाउने सर्वोच्चको आदेश यही आयोगको

३३. 069-WS-0057_http://www.supremecourt.gov.np/download/069-WS-0057-0058.pdf

३४. घनश्याम खड्का, अभियुक्त छुटाउन प्रधानमन्त्री सर्वोच्चमा, http://www.ekantipur.com/kantipur/news/news-detail.php?news_id=288903

स्थापना भन्दै सङ्क्रमणकालीन न्यायलाई पन्छाउने राजनीतिक दलहरूको प्रवृत्तिविरुद्ध नै मान्न सकिन्छ। आयोगको स्थापनापछि द्वन्द्वकालीन सबै मुद्दाको छिनोफानो हुन्छ भन्ने तर आयोग स्थापनाका लागि पटक्कै लागिनपरेका दल र यी दलका कार्यकर्तालाई उन्मुक्तिको बाटो बन्द गराउने सर्वोच्चको फैसलाले मानवअधिकारकर्मीलाई उत्साहित बनायो।

कुनै पनि सत्य निरूपण आयोगले मुद्दाको फैसला गर्ने होइन, गम्भीर प्रकृतिका मुद्दालाई सोही राष्ट्रका सक्षम अदालतमा लैजान फैसला गर्ने हो। फेरि ६ वर्षसम्म हुन नसकेको सत्य निरूपण तथा मेलमिलाप आयोग गठनलाई द्वन्द्वपीडितले कहिलेसम्म कुर्ने ? ज्यादा ढिला हुँदै जाँदा साक्षी-प्रमाण हराउँदै जान्छन्, पीडक हराउँदै जान्छन्। यही आयोग कुरेर बस्दा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने व्यक्तिहरूले उन्मुक्ति नपाऊन् भन्ने हेतु नै सर्वोच्चको फैसलामा पाउन सकिन्छ।

८.७. लैङ्गिक न्यायको पक्षमा

लङ्गैगिक न्यायको मामिलामा नेपालका अदालत उदार नै देखिएका छन्। अदालतकै आदेशमा भए पनि तेस्रो लिङ्गीहरूलाई छुट्टै पहिचान दिने मामिलामा विश्वमै नेपाल अगाडि देखिएको छ। सन् २००७ मा नै सर्वोच्च अदालतले तेस्रो लिङ्गीलाई पहिचानसहित नागरिकता दिलाउन आदेश दिएको छ। यसरी नै २०१२ मा नै उमेर पुगेका दुई जना वयस्कहरू जहाँ जसरी बसे पनि व्यक्तिगत मामिला हुने भन्दै समलिङ्गी सम्बन्धलाई केही हदसम्म मान्यता दिएको छ। अदालतले मानवअधिकारमैत्री निर्णय गरिदिने तर यो व्यवहारमा भने सहजरूपमा लागू नहुने विषयमा तेस्रो लिङ्गीको मामिला पनि पर्दछ। अदालतले पटक-पटक उनीहरूको पक्षमा निर्णय गर्दछ तर, सहजरूपमा नागरिकता लिन या अन्य रूपमा पहिचान खुलाउन उनीहरूलाई पटक-पटक अदालतकै ढोका ढक्ढक्याउनु परिरहेको छ ।

यस्तै मुद्दामा सर्वोच्च अदालतले राहदानी नियमावली संशोधन गरी तेस्रो लिङ्गीलाई पहिचान खुल्ने गरी राहदानी दिलाउन सरकारलाई निर्देशन दियो। आफूले तेस्रो लिङ्गीका रूपमा नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको तर राहदानी भने नपाएको भन्दै दायर गरिएको रिट निवदेन[२५]मा निर्णय गर्दै यस्तो फैसला गरिएको हो। आफ्नो पहिचान स्थापित गर्न प्रयासरत समुदायका लागि यस प्रकारको फैसला स्वागतयोग्य छ।

८.८. जबरजस्ती खाना खुवाउन निर्देशन: जीवनको रक्षा या विरोध गर्न पाउने अधिकारमा अतिक्रमण

वर्ष २०१३ को चर्चित घटनामध्ये एक न्यायको खोजीमा रहेको द्वन्द्वपीडित जोडीको लडाइँ पनि हो। गोरखा जिल्ला, फूजेल गाविस-७ का नन्दप्रसाद अधिकारी र गङ्गामाया अधिकारीले आफ्नो कान्छो छोरा कृष्णप्रसाद अधिकारीका हत्यारालाई कारबाहीको माग गर्दै विभिन्न मितिमा विरोध गर्दै आमरण अनशन सुरु गरे। सरकारको विभिन्न प्रतिबद्धता र नागरिक समाजको अनुरोधमा पनि उनीहरूको अनशन तोडिएन। उनीहरूको अनशन तोड्नका लागि दायर गरिएको रिट निवेदनमा फैसला गर्दै सर्वोच्च अदालतले उनीहरूको जीवनरक्षाका लागि जबरजस्ती खाना खुवाउन परे सो कदम पनि चाल्न निर्देश दियो।[२६] यसका साथै, प्रतिवादी प्रधानमन्त्रीको कार्यालयले नन्दप्रसाद र गङ्गामायाको माग पूरा गर्न आवश्यक कदम नचालेको भन्दै यसतर्फ गरिएका प्रयासका बारेमा अदालतलाई जानकारी दिलाउन आदेश दियो।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ (१) को संरक्षण तथा नेपालले सन् १९९१ मा अनुमोदन गरेको आईसीसीपीआर (ICCPR) १९६० को धारा ६ द्वारा प्रत्याभूत प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण यस अदालतको कर्तव्य हो। साथै, कानुनको शासनको संवर्द्धन पनि यस अदालतको प्रत्यक्ष सरोकारको विषय रहेको अदालतले जनायो।

अधिकारी दम्पतीले आफ्नो छोराको हत्या भएको भनी दायर गरेको जाहेरी दरखास्तका सम्बन्धमा आजसम्म के कस्तो अनुसन्धान कारबाही भई अनुसन्धानको अवस्थाका सम्बन्धमा विपक्षीमध्येको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट अविलम्ब सार्वजनिक रूपमा विवरणपत्र जारी गर्न र यसपश्चात् अधिकारी दम्पतीलाई अनुसन्धानमा उनीहरूको

२५. http://ekantipur.com/2013/06/11/top-story/issue-passports-to-lgbts-sc-to-govt/373073.html

२६. सर्वोच्च अदालत बुलेटिन, भदौ २, पृ २१ ०७०-WO-०१७७, परमादेशसमेत, रामराज सिवाकोटी वि. राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालय, पुल्चोक

आवश्यकता र महत्त्व सम्झाइ अनशन तोड्न आग्रह गर्नु र यसो गर्दा पनि नमानेमा जीवन रक्षार्थ जबरजस्ती खाना खुवाउने (Force Feeding) लगायतका जे गर्नुपर्छ, सो अविलम्ब गर्नु भनी अन्तरिम आदेश जारी गरिदियो।

यसरी अनशनकारीको मागलाई सम्बोधनका लागि अदालतले निर्देशन दिनु स्वागतयोग्य कुरा भए पनि जबरजस्ती खाना खुवाउने निर्देशनका विषयमा भने विवाद भयो। कुनै व्यक्तिले शान्तिपूर्ण तरिकाले गरेको माग पूरा नगरी उसको ज्यान जाने स्थिति आउनु निश्चय नै खेदजनक छ तर पूर्ण होसमा रही कुनै वयस्कले गरेको निर्णयका विरुद्ध जानुलाई राज्यको जबरजस्ती नै मान्नुपर्छ।

आफ्ना छोराका हत्याराहरूको पहिचान गरी उनीहरूलाई कानुनी दायरामा ल्याउने माग पूरा गराउन आमरण अनशनजस्तो गम्भीर कदम चाल्नु नै सरकारका लागि लज्जास्पद अवस्था हो। तर, जायज मागचाहिँ पूरा नगर्ने तर जीवन रक्षा गर्न उद्यत रहन्छु भन्नुचाहिँ देखावटी व्यवहार नै हो। यस्तो अवस्थामा जबरजस्ती नाकबाट खाना खुवाइ आत्महत्या प्रयासको आरोप लागि भारत मणिपुरकी इरोम शर्मिला[३६]को जस्तो अवस्था आउनु भनेको राज्यको मानवअधिकारप्रतिको प्रतिबद्धतालाई हलुका बनाइनु हो। सायद अदालती निर्णयको यस्तै सम्भावित अवस्थालाई मनन गरेर होला, कृष्णप्रसाद अधिकारीको हत्यामा किटानी जाहेरी दिइएका व्यक्तिलाई चितवनमा गिरफ्तार गरी नन्दप्रसाद र गङ्गामायाको अनशन तोड्न सरकार सक्रिय रह्यो। अदालती निर्देशनको सकारात्मक पाटो यही मान्न सकिन्छ, भलै ती व्यक्तिलाई कुनै मुद्दा नचलाई प्रमाणको अभाव भन्दै प्रहरीले केही दिनपछि रिहा गऱ्यो। नन्दप्रसाद र गङ्गामाया फेरि आमरण अनशनमा छन्। राज्यले उनीहरूको जीवन रक्षाका लागि अदालतको जबरजस्ती खाना खुवाउने निर्णय लागू गर्छ कि गर्दैन, सरकारको मानवअधिकारप्रतिको प्रतिबद्धताको कसीमै भर पर्छ।

८. ५. इँटा मजदुरहरूको उद्धारः श्रम क्षेत्रको विसङ्गति तथा न्यायिक सक्रियताको संयुक्त उदाहरण

नेपालजस्तो जागरुक उपभोक्ता नभएको, शिक्षा तथा अवसरको कमीका कारण आफ्नो कुरा खोल्न नसक्ने जनसङ्ख्या उल्लेख्य सङ्ख्यामा भएको देशमा उनीहरूको हितका लागि कसैले त कदम चाल्नुपर्ने हुन्छ। अदालत जस्तो जनताले भर गर्न सक्ने निकायले उनीहरूको पक्षबाट कदम चाली न्यायिक सक्रियता देखाउँदा उनीहरूले न्याय पाउने सम्भावना उच्च रहन्छ।

सिरहा जिल्लाको बेलाहनकटहस्थित ॐ अङ्कित इँटा भट्टामा ६४ जना भारतीयलाई बाँधा मजदुरको अवस्थामा राखिएको भनी पीडितमध्ये एक जनाका नातेदारले सर्वोच्च अदालतमा ०७० मङ्सिर ७ गते दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटमा अदालतले महान्यायाधिवक्ताको कार्यालयलाई मामिलाको छानबिन गर्न आदेश दियो।[३८] सो आदेशपछि जिल्ला अदालतका कर्मचारी र प्रहरीले ती मजदुरहरूको उद्धार गर्न सफल भए। मुद्दाको अन्तिम सुनुवाइमा सम्बधित व्यक्तिहरू रिहा भई घर फर्किसकेको भन्दै रिट[३९] खारेज भए पनि सर्वोच्च अदालतले यस क्षेत्रको व्यवस्थापनका विषयमा भने केही निर्देशनात्मक आदेश जारी गऱ्यो। यसमा श्रम ऐन, २०४८ अनुसार राज्यको आफ्नो दायित्व पूरा गर्दै कारखाना निरीक्षकको नियुक्ति गरी इँटाभट्टालगायतका कारखानाहरूमा कामदारहरूलाई श्रमसम्बन्धी कानुनबमोजिम काममा लगाइएको छ कि छैन भन्ने सम्बन्धमा कारखाना निरीक्षकबाट नियमित

---

३६. इरोम शर्मिलाले ०५७ कात्तिक १९ गतेदेखि भारतको उत्तरपूर्वी राज्य मणिपुरमा भारतीय केन्द्रीय सरकारले लागू गरेको अफ्स्पा वा Armed Forces Special Powers Act (AFSPA) लाई हटाउने माग गर्दै आमरण अनशन सुरु गरेकी थिइन्। अफ्स्पाले सुरक्षाकर्मीलाई हिंसाग्रस्त क्षेत्रमा सजायको भागीदार बन्न नपर्ने गरी शङ्कास्पद विद्रोहीलाई गोली प्रहार गरी ज्यान लिन र कुनै वारेन्टबिना नै शङ्कास्पद व्यक्तिलाई गिरफ्तार गर्न अधिकार दिन्छ। २ नोभेम्बर २००० मा सुरक्षाकर्मीले यही कानुनको आडमा मणिपुरको राजधानी इम्फालमा १० जनाको हत्या गरेपछि अफ्स्पा फिर्ता लिन माग गर्दै अनशन थालेकी थिइन्। उनलाई भारतमा अपराध मानिने आत्महत्या उद्योगमा हिरासतमा राखिएको छ र उनलाई जबरजस्ती नाकबाट खाना खुवाइएको थियो।

३८. http://www.thehimalayantimes.com/fullNews.php?headline=64+Indian+workers+rescued+from+brick+kiln&NewsID=362185

३९. कार्की, ०६९-WH-००४४, बन्दी प्रत्यक्षीकरण, सेवाराम वि. पूर्वाञ्चल क्षेत्रीय प्रशासन कार्यालय

अनुगमन तथा निरीक्षण गरी कानुन प्रतिकूलको कार्य भएको अवस्थामा तत्काल आवश्यक कारबाही हुन सकेमा विपक्षी ॐ अङ्कति इँटा उत्पादन गर्ने इँटाभट्टामा भएजस्ता गैरकानुनी कार्यमा नियन्त्रण हुन सक्ने जनायो।

तसर्थ, श्रम ऐन, २०४८ को दफा ६६ बमोजिम कारखाना निरीक्षकको नियुक्ति भए/नभएको र नभए यथाशीघ्र नियुक्त गर्ने र नियुक्त भइसकेको भए पनि कारखाना निरीक्षकबाट इँटाभट्टालगायतका कारखानाहरूमा श्रम ऐन, २०४८ को दफा ६७[30] एवम् श्रम नियमावली, २०५० को नियम ५४[31] मा उल्लिखित विषयहरूका अतिरिक्त श्रमसम्बन्धी अन्य प्रचलित कानुनको पालना भए/नभएका सम्बन्धमा प्रभावकारी रूपमा नियमित अनुगमन तथा निरीक्षण गरी गराई श्रमसम्बन्धी कानुनको उल्लङ्घन भएको पाइएमा आवश्यक कारबाही गर्नू/गराउनू भनी नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको २९ नम्बर बलात् श्रम महासन्धि, १९३० को धारा २.क.अनुसार बलात् या जबरजस्ती श्रम भन्नाले कुनै पनि व्यक्तिलाई सजायको त्रासका कारण या उक्त व्यक्तिले स्वस्फूर्त रूपमा नभई जबरजस्ती कार्य सम्पादनका लागि या सेवा प्रदान गर्न लगाइएको अवस्थालाई मानेको छ। नेपालको कमैया उन्मूलनलगायत अन्य कानुनी व्यवस्थाले बाँधा श्रमलाई रोक लगाएको छ। कानुनी रूपमा मजदुरको हितका लागि व्यवस्था भए पनि ती प्रभावकारी रूपमा लागू नभइरहेको अवस्थामा अदालतले यस प्रकारको आदेश जारी गर्नुले सबै समूहलाई न्यायमा पहुँच बढाउनेतर्फ महत्त्वपूर्ण कदम हुने विश्वास गर्न सकिन्छ।

८.१०. हदम्यादमा लचकता अपनाउने स्वागतयोग्य अदालती निर्णय

आफ्नी पाँच वर्षीया धर्मपुत्रीमाथि यौन शोषण भएको भन्दै दायर भएको एक मुद्दामा सर्वोच्च अदालतले सो मुद्दाको सुनुवाइ गर्न आदेश दियो। प्रहरीले ३५ दिने हदम्याद कटेको भन्दै बालिकाको यौन शोषणको मुद्दा दर्ता गर्न अस्वीकार गरेपछि उनले सर्वोच्च जानु परेको थियो।[32] बालिकामाथि शङ्कास्पद घटना भएको बालमन्दिरमा खुलेपछि उनको विधिविज्ञान प्रयोगशालामा स्वास्थ्य परीक्षण गराइँदा पनि बलात्कार भएको हुनसक्ने बेहोराको प्रतिवेदन आएको थियो। तैपनि, बालमन्दिरले त्यो घटनाबारे प्रहरीलाई जानकारी नगराएको देखिएको छ। प्रहरीले ३५ दिने हदम्याद नाघेको भन्दै बालिकाविरुद्ध भएको जघन्य अपराधविरुद्ध उजुरी लिन अस्वीकार गर्दै आएकामा घटनाको छानबिनका लागि पुस २४ गते सर्वोच्चमा मुद्दा दायर गरेकी थिइन्। यो मुद्दा हालसम्म अदालतमा विचाराधीन नै रहेको छ।

सामान्यत: कुनै पनि मुद्दालाई प्रहरीमा दर्ता गराउन हदम्यादको व्यवस्था गरिएको हुन्छ तर केही मुद्दामा भने यस विषयमा पुनर्विचार गर्न आवश्यक भएको छ। बलात्कारजस्तो अपराधमा अन्तर्राष्ट्रियस्तरमा हदम्याद नराखिने या राख्नैपरेमा पनि लामो समय दिइएको हुन्छ। मानवअधिकारको दृष्टिबाट पनि यस प्रकारको हदम्याद हटाउनुपर्ने या लम्ब्याउनुपर्ने माग उठिरहेकै छ। हुन त सीधा रूपमा हेर्दा कानुनमा व्यवस्था भएको प्रावधान अनुरूप चल्ने हुनाले प्रहरीले दर्ता गर्न नसके पनि अदालतले यस विषयमा पीडितको पक्षबाट निर्देशन दिनु सकारात्मक कदम हो। नेपालको सामाजिक परिप्रेक्ष्यमा हेर्दा कुनै महिलामाथि जबरजस्ती करणी भएको कुरा समाजमा पुगेमा परिवार, समुदाय र समाजको इज्जतका लागि भन्दै स्थानीय तहमा नै जरिवाना तिराई या पीडितलाई डर, धाक, धम्की दिई मिलाउने प्रयास गरिन्छ। यस अवस्थामा पीडितले ३५ दिनभित्र आफूमाथि भएको अपराधको उजुरी गर्न नसक्दैमा ऊ न्यायबाट विमुख हुनु हुँदैन। यही तथ्यलाई मनन गर्दै सर्वोच्च अदालतले विगतमा पनि पीडितलाई सहायता हुने उपयुक्त कदम चाल्न निर्देशनात्मक आदेश जारी गरिसकेको छ। यसरी अदालतको निर्देशनात्मक आदेश मात्रको पनि पालना हुने हो भने पनि द्वन्द्वका क्रममा यौनिक हिंसाबाट पीडित भएका तर हाल सार्वजनिक हुन नसकेका पीडितलाई पनि न्यायको मार्ग प्रशस्त हुनेछ।

---

३०. श्रम ऐन, २०४८ को दफा ६७

३१. श्रम नियमावली, २०५० को नियम ५४

३२. बालिका बलात्कारको मुद्दा पनि दर्ता गर्दैन सरकार, http://www.ekantipur.com/np/2069/10/3/full-news/360950/

अदालतहरूको विगत पाँच वर्षका मुद्दाहरूको लगत, फर्स्यौंट र बाँकीको लगत

आर्थिक वर्ष	सर्वोच्च अदालत			पुनरावेदन अदालतहरू			जिल्ला अदालतहरू		
	लगत	फर्स्यौंट	बाँकी	लगत	फर्स्यौंट	बाँकी	लगत	फर्स्यौंट	बाँकी
०६४/०६५	१८,५६४	५,६०८	१२,५५६	१८,३४२	८,६२०	५,७२२	६३,७२१	२५,४०४	३४,३१७
०६५/०६६	१७,५६१	६,५८५	१०,२८८	२०,२८८	५,८६७	१०,४२१	७५,०४८	३८,३१७	३६,७३१
०६६/०६७	१७,३५४	७,७६५	५,५८५	२४,०२४	१५,२७३	८,७५१	८२,६३१	४६,२५७	३६,३७४
०६७/०६८	१७,८५२	७,४७०	१०,४२२	२४,६२६	१५,६४८	८,५७८	८७,७५५	४८,५७७	३८,८१८
०६८/०६५	१५,०५३	६,३३५	१२,७१४	२७,५६१	१६,८८१	११,१००	५६,४२४	५६,०७४	४०,३५०

स्रोत: सर्वोच्च अदालतको प्रतिवेदन, २०६८/०६९, पृ. ३०

८.११. अपराधीलाई चुनावको उम्मेदवारी दिन रोक

अपराधीहरू विभिन्न दलसँग आबद्ध रहेको आधारमा राजीतिक भूमिकामा देखिएका उदाहरण विगतमा देखिए। अघिल्लो संविधानसभामा सभासद् रहेकै अवस्थामा सर्वोच्च अदालतले हत्यारा ठहर गरेका एमाओवादीका बालकृष्ण ढुङ्गेल सभासद्का रूपमा नियमित र हत्याराका रूपमा फरार रहिरहे। धेरै जनाको हत्याको आरोप लागेका अग्नि सापकोटालाई अदालतको नैतिकताको पाठ अक्षरमै सीमित रह्यो भने बबन सिंह पनि आरोप खेप्दै सभासद् पदमै रहे। यसपटक पनि राजनीतिक दलहरूले सोही स्थिति दोहोऱ्याउन नखोजेका होइनन्। यहाँसम्म कि सर्वोच्च अदालतबाट समेत हत्यारा ठहर गरिएका बालकृष्ण ढुङ्गेल नै पनि समानुपातिक उम्मेवारका रूपमा उनको दल एमाओवादीबाट छानिए। सामान्य सिद्धान्तले पनि हत्यारा ठहर भइसकेको व्यक्ति अदालतको आदेशबमोजिम जेल चलान हुनुपर्नेमा उनको उम्मेदवारीमा औंला उठ्नासाथ उनलाई सहयोग हुने प्रकारले ०६४ को संविधानसभाको कानुनी प्रावधानले हत्यारालाई चुनावको प्रत्यासी बन्न रोक नलगाएकाले यसपटक पनि त्यसै हुनुपर्ने मागसहितको रिट निवेदन पऱ्यो।

सार्वजनिक सरोकारका विषयमा पनि जोकोहीले मुद्दा हाल्न नपाउने भन्दै जनआन्दोलन दमनकर्ता लोकमान सिंह कार्कीको नियुक्तिसम्बन्धमा आफ्नो नजिर देखाउने सर्वोच्च अदालत प्रशासनले कानुनको सामान्य सिद्धान्त पनि बुझपचाउने कानुन व्यवसायीलाई चाहिँ सहजतापूर्वक ढोका खुला गरी आफ्नो कमजोरी देखायो। तथापि, पछि सुनुवाइका क्रममा भने सर्वोच्च अदालतले सरकार र निर्वाचन आयोगलाई हत्याराहरूलाई चुनावमा लड्न रोक लगाउने आदेश दिई आफ्नो साख केही हदसम्म जोगायो। अदालतले संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा १९ अनुसार हत्यारा ठहर गरिएका ढुङ्गेललाई रोक लगाएको थियो। द्वन्द्व समाप्तिको सात वर्ष हुन लाग्दा पनि राष्ट्र सामान्य हुन नसकेको र राज्यका निकायभन्दा राजनीतिक दल प्रभावशाली भइरहेको अवस्थामा यस प्रकार गैरजिम्मेवार, अलोकतान्त्रिक निर्णयहरूमा अदालतले लगाम लगाउँदा सामान्य जनताको अन्तिम आशा अदालत नै रहेको पुन: प्रमाणित भयो।

८.१२. द्वन्द्वपीडितलाई परिचयपत्र नबाँड्न आदेश

सर्वोच्च अदालतले सशस्त्र द्वन्द्वका क्रममा हत्या गरिएकाहरूलाई राजनीतिक द्वन्द्वमा मृत्युवरण गरेको भनेर परिचयपत्र वितरण कार्य तत्काल रोक्न अन्तरिम आदेश दियो। माओवादीद्वारा सशस्त्र द्वन्द्वका क्रममा हत्या गरिएका लमजुङका शिक्षक मुक्तिनाथ अधिकारीका छोरा सुमन अधिकारीलगायतले तत्कालका लागि अन्तरिम आदेश जारी नभए एक पक्षले मात्र राहत तथा परिपूरण पाउने गरी परिचयपत्र लिन सक्ने र आफूहरूजस्ता माओवादीपीडित थप अन्यायमा पर्ने जिकिर लिएका थिए।

न्यायाधीश कल्याण श्रेष्ठ र वैद्यनाथ उपाध्यायको संयुक्त इजलासले राजनीतिक द्वन्द्वका क्रममा मृत्युवरण गरेका वा बेपत्ता पारिएका व्यक्ति तथा परिवारलाई प्रदान गरिने परिचयपत्रसम्बन्धी निर्देशिका, २०६९ कार्यान्वयन नगर्न/नगराउन अन्तरिम आदेश दिएको हो। द्वन्द्वपीडितहरूको पहिचान गरी विभिन्न राहत र क्षतिपूर्ति दिने मनसायले डा. बाबुराम भट्टराईको सरकारले परिचयपत्र निर्देशिका तयार पारेको थियो।

निर्देशिकामा समावेश भएका केही शब्दावली

अन्तरिम संविधानको धारा ३३ मा प्रयोग भएभन्दा बाहेक भएको र त्यसले पीडितहरूलाई समग्रमा नसमेटिने प्रश्न विद्यमान रहेको तथा निर्देशिका जारी गरी सुविधा दिनेलगायतका व्यवस्थाको कानुनी आधार प्रस्ट नभएको आदेशमा उल्लेख छ। तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले सरकार छाड्नु केही दिनअघि निर्देशिका स्वीकृत गरेका थिए। निर्देशिकामा सशस्त्र द्वन्द्वदेखि मधेस आन्दोलन, जनजाति आन्दोलन, थरुहट आन्दोलनलगायतलाई राजनीतिक द्वन्द्व भनेर परिभाषित गरिएको छ। यस्तै द्वन्द्वका क्रममा तत्कालीन नेकपा माओवादी र राज्यपक्षबाट हत्या गरिएकाहरूलाई पनि राजनीतिक द्वन्द्वका क्रममा मृत्युवरण गरेको भन्ने आशयको परिचयपत्रको व्यवस्था छ।

अदालतहरूमा रहेका केही मुद्दा तथा रिट निवेदनहरूको सङ्ख्या प्रतिशतमा

क्रम सं.	मुद्दाको विषय	सङ्ख्या	प्रतिशत
१.	करणी	२,३५४	१.७८
२.	ज्यान	८,५२८	६.३३
३.	मानव बेचबिखन/ओसारपार	७४८	०.५६
४.	पारिवारिक	३१,८३०	२३.६३
५.	भ्रष्टाचार	५५०	०.४१
६.	अपहरण तथा शरीर बन्धक	९१५	०.६८
७.	घरेलु हिंसासम्बन्धी	११८	०.०९
८.	नागरिकता	२१३	०.१६
९.	यातना क्षतिपूर्ति	८३	०.२०
१०.	हतियार तथा खरखजाना	३७०	३.७०

स्रोत: सर्वोच्च अदालतको प्रतिवेदन २०६८/०६९, पृ. ग

निर्देशिका र त्यस अन्तर्गत जारी गरिएको परिचयपत्रमा राजनीतिक द्वन्द्व भन्ने शब्द प्रयोग गर्दा पीडकहरूलाई समेत उन्मुक्ति मिल्न सक्ने भन्दै यस्तो शब्द हटाउन माग गरिएको हो।

८.१३. मतदाता नामावलीका सम्बन्धमा अदालतको निर्णय

नागरिकता नभएकालाई पनि मतदाता परिचयपत्र दिने निर्वाचन आयोगको निर्णयविरुद्ध सर्वोच्च अदालतले ०७० असार ३१ गते अन्तरकालीन अन्तरिम आदेश जारी गऱ्यो। निर्वाचन आयोगले ०७० असार २३ गते सूचना प्रकाशित गरी मतदाता नामावली सङ्कलनको अन्तिम म्याद साउन लाग्नुअघि नै सकिने घोषणा गर्दै नागरिकता नहुनेलाई पनि परिचयपत्र बनाउन आग्रह गरेको थियो। आयोगले प्रचलित कानुनबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नगरेको तर ०६४ सालको मतदाता नामावलीमा नाम रहेका व्यक्तिहरूले पनि मतदाता परिचयपत्र लिन पाउने आयोगले सूचना प्रकाशित गरेको थियो। कुनै पनि देशको नागरिक मात्र त्यस देशको मतदाता बन्न सक्ने र नागरिकसँग नागरिकता स्वत: हुने भएकाले मतदाता परिचयपत्रका लागि नागरिकतालाई अनिवार्य गराउनै नपर्ने रिटमा उल्लेख थियो।

अदालतले यसअघि पनि यस विषयमा बोलिसकेको छ। सर्वोच्च अदालतले ०६७ माघ २४ गते नै नागरिकतामा आधारमा मात्र मतदाता बनाउन सरकारका नाममा निर्देशनात्मक आदेश दिएको थियो। साथै, योग्य नागरिकलाई नागरिकता जतिसक्दो छिटो दिने व्यवस्था गर्नसमेत आदेश दिइएको थियो। बलराम केसी, भरतराज उप्रेती र भरतबहादुर कार्कीको विशेष इजलासले मतदाता नामावली सङ्कलन विषयमा निर्वाचन आयोगको निर्णयविरुद्ध परेका रिटहरूमाथि अन्तिम सुनुवाइ गर्दै सरकारलाई यस्तो आदेश दिएको हो।

अदालतको यस विषयमा एकै प्रकारको निर्णय आएको छ भने मधेसवादी दलबाट पनि यस्तै एकै प्रकारको प्रतिक्रिया आएको छ। अनागरिकले मताधिकार प्राप्त गर्न नहुने अदालतको मतलाई ती दलले मधेसविरोधी भनी प्रस्तुत गरेका छन्। ती दलले अदालतको निर्देशन अनुसार योग्य व्यक्तिले नागरिकता पाउन किन कठिनाइ भयो, राज्यका निकायमा पहुँच नभएका मधेसका नागरिकले कसरी नागरिकता पाउन सक्छन् भन्ने सुझाव दिएको भने जानकारी भएको छैन। यसरी, राष्ट्रिय सम्प्रभुताको पक्षमा अदालतको मत सराहनीय छ भने एकोहोरो अन्यायको दाबी गरिरहने तर यस्तो गम्भीर विषयमा ठोस निकास दिन भन्दा विषयलाई राजनीतीकरण गर्नाले स्वयम् मधेसी जनतालाई प्रभाव पार्नेछ भनी दलले सम्झन जरुरी छ।

साथै, यस संविधानसभाको चुनावको तयारीका क्रममा उठेको एउटा विषयमा भने अदालत,

सरकारलगायत सबैको ध्यान पुग्न आवश्यक छ। नेपालका लाखौं जनता हाल अध्ययन तथा वैदेशिक रोजगारीका सिलसिलामा भारत, मध्यएसियाका राष्ट्रहरू, पूर्वी तथा दक्षिणपूर्वी एसियामा कार्यरत छन्। यति ठूलो सङ्ख्यामा जनता विदेशिएको अवस्थामा तिनको मत पनि लिन सकिने व्यवस्था गर्नु भने अत्यावश्यक भइसकेको देखिन्छ। विदेशमा रहेका नेपालीहरूले पनि आगामी संविधानसभाको निर्वाचनमा सहभागी गराउने परमादेश माग गर्दै अमेरिकामा बस्दै आएका नेपालीले सर्वोच्च अदालतमा रिट दायर पनि गरे। रिटमा निर्वाचन आयोगले देशभन्दा बाहिर रहेका नेपालीहरूलाई समावेश नगरी निर्वाचन गराउन तयारी गरेको दाबी उनीहरूको छ। रिट निवेदनमा नेपालले अन्य १ सय १५ राष्ट्रले जस्तै दूतावासमार्फत मतदानमा सहभागी गराउने व्यवस्था गर्नुपर्ने माग पनि थियो। अदालतले पनि यस विषयमा न्याय सक्रियता देखाई सरकारलाई उचित कदमका लागि घच्घचाउन सकेको भए उनीहरू मताधिकारबाट विमुख हुने थिएनन्।

८.१४ बन्दविरुद्धको आदेश

सर्वोच्च अदालतले ०७० कात्तिक २८ गते ३३ दलीय मोर्चाको नेतृत्वलाई बन्द फिर्ता लिन अन्तरिम आदेश जारी गऱ्यो। न्यायाधीश रामकुमारप्रसाद साहको एकल इजलासले जनताले मतदान गर्न पाउने अधिकार कुण्ठित गर्ने अधिकार निर्वाचन आयोगमा दर्ता भएका र नभएका कुनै पनि दललाई नभएको भन्दै बन्द फिर्ता लिन अन्तरिम आदेश जारी गरेको हो। फैसलामा अन्तरिम संविधानले रोजगारी, पेसा, व्यवसाय, आवतजावत र निर्बाध रूपमा मत खसाल्न पाउने अधिकार दिएको भन्दै मताधिकार कुण्ठित गर्ने गरी मोर्चाले गरेको बन्दलगायतका कार्यक्रम तत्काल रोक्न लगाउनु भनिएको छ। बन्द फिर्ता लिन अन्तरिम आदेशको माग गर्दै डेमोक्रेटिक लयर्स एसोसिएसनले सर्वोच्च अदालतमा रिट दायर गरेको थियो। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा २५ (ख)का अनुसार पनि हरेक नागरिकलाई आवधिक चुनावमा गोप्य मतदानद्वारा आफ्ना प्रतिनिधि चुन्ने र चुनिने अधिकार छ। यसै अनुसार जनताको निर्वाचनमा सहभागी हुने अधिकारप्रति संवेदनशीलता देखायो।

कानुनी सहायता/प्रतिनिधित्व

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ (१०) मा मौलिक हकका रूपमा पहिलोपटक असमर्थ पक्षलाई कानुनमा व्यवस्था भएबमोजिमको निःशुल्क कानुनी सेवा पाउने हकको प्रत्याभूति गरिएको छ। अदालतको न्याय सम्पादनको लागि दायर हुने धेरैजसो मुद्दाहरूमा पक्षले आफ्नो तर्फबाट कानुन व्यवसायी राख्ने गरेका छन्। कानुनी राज्यको सिद्धान्त अनुरूप सबैलाई समान रूपमा न्याय उपलब्ध गराउन आवश्यक भएकाले पक्ष स्वयम्ले कानुन व्यवसायी तोकी कानुनी प्रतिनिधित्व गराउन नसकेको अवस्था र आर्थिक-सामाजिक कारणबाट आफ्नो कानुनी हकहितको संरक्षण गर्न नसक्ने असमर्थ, असहाय पक्षका तर्फबाट कानुनी प्रतिनिधित्व गराउने तथा आवश्यक कानुनी सहायता उपलब्ध गराउने उद्देश्यले ०१५ सालमै सर्वोच्च अदालत, पूर्ण इजलासको निर्णयबाट वैतनिक कानुन व्यवसायीको व्यवस्था भएको छ। हाल सर्वोच्च अदालतमा दुई जना र अन्य सबै पुनरावेदन तथा जिल्ला अदालतहरूमा एक/एक जना वैतनिक कानुन व्यवसायी नियुक्त गरिएको छ। आर्थिक वर्ष ०६८/६९ मा सर्वोच्च अदालतमा ३ सय २२, पुनरावेदन अदालतहरूमा ३ सय ३०, जिल्ला अदालतहरूमा १ हजार ६ सय ४२ गरी २ हजार २ सय ९४ मुद्दाहरूमा वैतनिक कानुन व्यवसायीबाट निःशुल्क कानुनी सेवा उपलब्ध गराइएको छ।

त्यस्तै, कानुनी सहायता ऐन, २०५४ बमोजिम तोकिएको वार्षिक आयभन्दा कम आय भएका आर्थिक र सामाजिक कारणबाट आफ्नो कानुनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तिका लागि सम्बन्धित कानुनी सहायता समितिको सिफारिसमा निःशुल्क कानुनी सहायता प्रदान गर्न सकिने व्यवस्था छ। उक्त प्रयोजनका लागि कानुन तथा न्यायमन्त्रीको अध्यक्षतामा केन्द्रीय कानुनी सहायता समिति तथा सहन्यायाधिवक्ता/जिल्ला न्यायाधिवक्ताको अध्यक्षतामा जिल्ला कानुनी सहायता समिति गठन गरिएको छ।

स्रोत: सर्वोच्च अदालतको प्रतिवेदन २०६८/०६९, पृ. ५३-५४

अदालतको १० वर्षको तुलनात्मक कार्य बोझ र कार्य सम्पादन स्थिति

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फर्स्यौट	बाँकी
०५९/०६०	११६७४	७४९०	२४४२३	६४८३	१७९४०
०६१/०६२	१७९४०	६६३०	२४५७०	६७९६	१७७७४
०६२/०६३	१७७७४	६०६६	२३८४०	७४९४	१६३४६
०६३/०६४	१६३४६	६०३१	२२३७७	८१८१	१४१९६
०६४/०६५	१४१९६	५५९९	१९७९५	६३१९	१३४७६
०६४/०६५	१३४७६	५०८८	१८५६४	५६०८	१२९५६
०६५/०६६	१७९६१	५००५	१७९६१	६९८५	१०९७६
०६६/०६७	१७३५४	६३५५	१७३५४	७७६५	९५८९
०६७/०६८	१७८९२	८३०३	१७८९२	७४७०	१०४२२
०६८/०६९	१९०५३	८६३१	१९०५३	६३३९	१२७१४

स्रोत: सर्वोच्च अदालतको प्रतिवेदन २०६८/२०६९, पृ. १०

५. दबाबमा न्यायपालिका

न्यायपालिकाले गरेका विभिन्न निर्णय कार्यान्वयन नहुने समस्या नै रहेको छ। अदालतले आदेश दिने तर सो आदेश लागू नहुने तथ्य साधारण नै हुन थालेको छ। एक विषयमा आफ्ना विगतका फैसला र नजिर दोहोऱ्याउने आवश्यकता पनि असाधारण हुन छोडेको छ। प्रधानन्यायाधीश खिलराज रेग्मीले मन्त्रिपरिषद्को अध्यक्षको पदग्रहण गर्ने विषयमा विवाद भएपछि कायममुकायम प्रधानन्यायाधीश भएका दामोदर शर्माले आफू कायममुकायम प्रधानन्यायाधीश रहँदासम्म सिंहदरबारको छायाँ रामशाहपथमा पर्न नदिने प्रतिबद्धता सार्वजनिक गरेका थिए। तथापि, यसपछिका केही फैसलाले भने देशको राजनीतिक परिस्थितिको छायाँ रामशाहपथमै आइपुगेको भान भयो।

आफू पदेन अध्यक्ष रहेको न्यायपरिषद् पनि विपक्षीमा रहेका केही मुद्दामा भने शर्माले आफ्नै नेतृत्वमा दुई अस्थायी न्यायाधीशहरूसहितको विशेष इजलास तोकी रेग्मीलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउने निर्णयविरुद्ध तथा अरू संवैधानिक विषयमा परेका १७ ओटा रिट निवेदन खारेज गरिदियो। रेग्मीलाई प्रधानमन्त्री बनाउने चर्चासँगै फागुनदेखि नै दायर रिटहरू पटक-पटक मिति तोक्दै सुनुवाइ सार्दै भदौ २० गते आएर सुनुवाइ नै नभई खारेज गरिँदा पनि यही रेग्मीको कार्यपालिकाको प्रभाव परेको कुरा उठ्यो।[३३]यस विषयमा कानुन व्यवसायीहरूको छाता सङ्गठन नेपाल बार एसोसिएसनको बैठकले स्वतन्त्र न्यायापालिकाको उपहास भन्दै त्यसविरुद्ध आन्दोलन पनि गऱ्यो। बार र बेन्चको सम्बन्ध दुई निकायबीच तीनबुँदे समझदारीपछि मात्रै सामान्य अवस्थामा आयो।

०६९ जेठ १८ मा भएको सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश रणबहादुर बमको हत्या पनि अदालतलाई दबाबमा पार्नका लागि केही तत्त्वहरूले गराएको चर्चा चलेको थियो।[३४] उनको हत्याको अनुसन्धान सम्बन्धमा खासै केही प्रगति भएन। अवकाशप्राप्त न्यायाधीश प्रेम शर्माको संयोजकत्वमा गठित आयोगले प्रतिवेदन बुझाए पनि त्यसका सुझावमाथि हालसम्म केही कारबाही भएको छैन। अदातल स्वयम्ले पनि यस विषयमा सु मोटो (sue moto) नोटिस लिई कारबाही लिन सक्थ्यो। तर, छानविन समितिको प्रतिवेदन बुझ्नेबाहेक अदालतबाट यस विषयमा केही पहल भएको सार्वजनिक भएन।

१०. गत वर्षको अनुगमन

एमाओवादीका प्रवक्ता तथा पूर्वमन्त्री अग्निप्रसाद सापकोटाको मुद्दा तामेलीमा राख्ने विरुद्ध सर्वोच्च अदालतले ०६९ मङ्सिर १० गते अन्तरिम आदेश जारी[३५] गरे पनि यस सम्बन्धमा केही प्रगति भएको देखिएन। उनलाई मानवअधिकार उल्लङ्घनको

३३. कार्यकारीको छायाँमा न्यायालय (विस्तृत रिपोर्ट), http://www.himalkhabar.com/?p=39888

३४. The assassin creed, http://nepalitimes.com/issue/2012/06/15/Editorial/19383

३५. सर्वोच्च अदालतद्वारा सापकोटाविरुद्ध मुद्दा चलाउन आदेश,http://www.inseconline.org/index.php?type=news&lang=np&id=38875

आरोपित भन्दै संविधानसभाको चुनावमा उठ्नबाट पनि बन्देज लगाइएन। अदालतले उनीबाट गरेको नैतिकताको आशामा उनले तुषारापात गरिदिए। अदालतको ०६९ असार १९ गतेको आदेशको कार्यान्वयन गर्दै प्रहरीले पेस गरेको प्रतिवेदनले अर्जुन लामाको हत्यामा एमाओवादीका नेता अग्नि सापकोटासहितको संलग्नता रहेको बयान पेस गऱ्यो। सो प्रतिवेदन काभ्रेको महान्यायाधिवक्ताको कार्यालयमार्फत सर्वोच्चमा बुझाइएको थियो।

यसै गरी, पहिलो संविधानसभाको चुनावताका बम विस्फोटनबाट घाइते भएका २३ जनालाई जिउँदै जलाएको आरोप लागेका पूर्वमन्त्री तथा काङ्ग्रेस नेता मोहम्मद अफताब आलमलाई गिरफ्तार गरी कानुनी प्रक्रिया अगाडि बढाउन सर्वोच्च अदालतले रौतहट प्रहरीका नाममा सन् २०१२ मा आदेश गरेको थियो। जिउँदै जलाइएका भनिएकामध्ये रौतहट राजपुर गाविस-४ का कौसी अफ्तर मियाँकी आमा सोक्सना खातीले दिएको रिट निवेदनमा सो आदेश दिइएको हो। रिट परेपछि अज्ञात व्यक्तिद्वारा खातीको हत्या हुँदा शङ्का आलममाथि नै आए पनि प्रहरीले पर्याप्त प्रमाण जुटाउन नसकेको भन्दै मुद्दा चलाएको थिएन। यस सम्बन्धमा सर्वोच्चले दिएको आदेश कार्यान्वयन गर्ने दायित्व रौतहट जिल्लाका सम्बन्धित निकायमा आए पनि यस वर्षको अन्त्यसम्म पनि कुनै कारबाही अघि बढेन। काङ्ग्रेस केन्द्रीय सदस्य रहेका आलम रौतहट-२ बाट पछिल्लो संविधानसभा सदस्यका निम्ति पनि प्रत्यासी बने। सर्वोच्चको आदेश जिल्लामा कतै मिल्किरह्यो।

११. निष्कर्ष

नेपालको न्यायपालिकाका लागि यो वर्ष विवादको वर्ष रह्यो। प्राय: कुनै अदालती निर्णयमा चित्त नबुझाउने पक्षले अदालत र यसको फैसलाका विषयमा सार्वजनिक-लिखितरूपमा विरोध गर्ने गरेका छन्। तर, २०१३ मा भने न्यायपालिकाले कहींकतै कल्पना नगरेको विवादास्पद परिस्थिति भोग्नुपऱ्यो। प्रधानन्यायाधीश खिलराज रेग्मीले आफ्नो पदबाट राजीनामा पनि नगरी प्रधानमन्त्रीको पदका लागि शपथग्रहण गर्दा संविधानमा उल्लेखित विशेष न्यायिक समिति या मानवअधिकार आयोगबाहेक अन्य कुनै निकायमा नियुक्ति लिन नहुने प्रावधानको बर्खिलाप गएको आरोप लाग्यो। उनले चुनावी सरकारको उद्देश्य प्राप्तिपछि पुरानै कार्यालयमा फर्किने मनसुवा राखेको प्रतीत भयो। सर्वोच्चमा उनको नियुक्तिविरुद्ध परेका १७ रिट सुनुवाइ नभई खारेज गरिँदा न्यायको माग गरिरहेका व्यक्तिलाई अदालत कार्यपालिकाको प्रभावमा परेको चर्चा पनि उठ्यो। केही राम्रा फैसला भए पनि न्यायपालिकाप्रतिको छाप भने रेग्मीको कदम नै रह्यो। अधिकारी दम्पतीको भोक हडताल जबरजस्ती भए पनि तोड्नु भन्नु शान्तिपूर्ण विरोधको विपक्षको निर्णय हो। मानवअधिकार आयोगको सम्प्रभूताको रक्षा महत्त्वपूर्ण विषय हो भने बेपत्ता र सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेश खारेज गर्नु नेपालमा पनि अन्तर्राष्ट्रिय स्तरको मानवअधिकारमैत्री कानुन स्थापना गराउने प्रयास रहेको मान्न सकिन्छ।

१२. सुझाव

- अदालती फैसलाहरू शब्दमा उत्कृष्टै भए पनि व्यवहारत: लागू हुन कठिन नै रहेको छ। यस्ता फैसलाहरू कार्यान्वयनमा ल्याउन अटेर गर्नेलाई अदालतको अवहेलनाको मुद्दा लगाउने व्यवस्थाका लागि पहल गर्ने।
- कार्ययोजनामै रहेका रात्रि अदालत, पारिवारिक अदालतको शीघ्र गठनका लागि पहल गर्नुपर्ने ।
- विकृतिविहीन न्यायपालिका लोकतन्त्रका लागि पनि अपरिहार्य भएकाले भ्रष्टाचार नियन्त्रणतर्फ कदम चाल्नुपर्ने।
- न्यायपालिकामा कार्यपालिकाको छाप एकपटक आवश्यकताको सिद्धान्त अनुरूप मात्र पर्न गएको हो भन्ने यकिन दिलाई भविष्यमा यस्तो चूक नहुने व्यवस्था मिलाउनुपर्ने।
- बारले बेन्चको विरोध गर्ने प्रकारको सम्बन्ध नियमित हुन नदिन सम्बन्धित सबैले आवश्यक कदम चाल्ने।
- गत वर्षझैं न्यायालय रिक्त हुन नदिन न्यायपरिषद् ऐनलगायत अन्य आवश्यक प्रावधान लागू गराउन पहल गर्ने।

स्रोत : सूचना विभाग

परिच्छेद

३

३.२ राज्य र मानवअधिकार

कार्यपालिका

हरु

घटनाक्रम

(०६५ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म)

०६५ फागुन ३० गते

प्रमुख चार राजनीतिक दलद्वारा सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीलाई चुनावी सरकारको नेतृत्व दिन राष्ट्रपति रामवरण यादवसमक्ष सिफारिस।

चैत १ गते

राष्ट्रपति रामवरण यादवद्वारा प्रधानन्यायाधीश खिलराज रेग्मीलाई मन्त्रिपरिषद्का अध्यक्षका रूपमा सरकार प्रमुखको शपथ।

सरकारद्वारा 'बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग अध्यादेश, २०६९' जारी।

चैत ११ गते

राष्ट्रपति रामवरण यादवद्वारा निर्वाचन आयोगका प्रमुख आयुक्तमा नीलकण्ठ उप्रेती तथा आयुक्तहरूमा दोलखबहादुर गुरुङ, अयोधीप्रसाद यादव, रामभक्त पीबी ठाकुर र ईला शर्मा नियुक्त।

०७० वैशाख २२ गते

विभिन्न राजनीतिक दलका नेता तथा क्षेत्रबाट विरोध हुँदाहुँदै पनि संवैधानिक परिषद्ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा नेपाल सरकारका पूर्वमुख्यसचिव लोकमानसिंह कार्कीलाई नियुक्त गर्न राष्ट्रपतिसमक्ष सिफारिस।

वैशाख २५ गते

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा नेपाल सरकारका पूर्वमुख्यसचिव लोकमानसिंह कार्की नियुक्त।

वैशाख ३० गते

मन्त्रिपरिषद्द्वारा नेकपा-माओवादीसहित ३३ दलीय मोर्चालाई वार्तामा आउन आग्रह।

जेठ १६ गते

संयुक्त राष्ट्रसङ्घको यातनाविरुद्धको समितिको सदस्यमा नेपाल सरकारका तर्फबाट डा. भोगेन्द्र शर्मालाई उम्मेदवार मनोनयन।

जेठ ३० गते

मन्त्रिपरिषद्द्वारा संविधानसभाको निर्वाचन ०७० मङ्सिर ४ गते गर्ने घोषणा। निर्वाचनको मिति घोषणासँगै पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फको निर्वाचन प्रयोजनका लागि निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन।

साउन २४ गते

निर्वाचन क्षेत्र निर्धारण आयोगद्वारा २ सय ४० ओटै निर्वाचन क्षेत्रलाई यथावस्थामा कायम राख्दै मन्त्रिपरिषद्का अध्यक्षलाई प्रतिवेदन हस्तान्तरण।

असोज १० गते

मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी राष्ट्रसङ्घको ६८ औँ महासभामा भाग लिन अमेरिका प्रस्थान।

कात्तिक १३ गते

स्याङ्जा जिल्लाको चापाकोटमा प्रहरीले चलाएको गोली लागी मृत्यु भएका दुई जनाका परिवारलाई जनही १०/१० लाख रुपियाँ राहत उपलब्ध गराउने सरकारको निर्णय।

यसै गरी, निर्वाचनका क्रममा बम विस्फोटनमा परी घाइते भई उपचारका क्रममा मृत्यु भएका बारा, निजगढका राजु दाहाल र कलैयाका राकेश यादवको परिवारलाई जनही १०/१० लाख रुपियाँ राहत उपलब्ध गराउने निर्णय।

१. पृष्ठभूमि

सन् २०१३ मा दुईओटा सरकार अस्तित्वमा रहे। अघिल्लो वर्ष नै राष्ट्रपतिद्वारा कामचलाउ घोषित एमाओवादी नेतृत्वको सरकारले वर्षको पूर्वार्द्धमा शासनभार सम्हालेको थियो, जो आफैंले घोषणा गरेको मितिमा संविधानसभाको निर्वाचन गर्न असफल भयो। यस वर्षको सुरुआतमा संविधानसभा निर्वाचन प्रयोजनका लागि दलहरूको सहमतिमा गैरराजनीतिक प्रकृतिको मन्त्रिपरिषद् गठन भयो। यसै मन्त्रिपरिषद्ले पुन: संविधानसभा निर्वाचन सम्पन्न गरेर आफूलाई दिएको जिम्मेवारी पूरा गऱ्यो भने अघिल्लो सरकारले तत्कालीन विद्रोही माओवादीका लडाकुलाई नेपाली सेनामा समायोजन गरी शान्ति प्रक्रियाको एक प्रमुख जिम्मेवारी सम्पन्न गरेको थियो।

मानवअधिकारका दृष्टिकोणले दुवै सरकार अविवादित भने रहन सकेनन्। एमाओवादी नेतृत्वको सरकार कामचलाउको हैसियत भए पनि ऊ आफैं पुन: संविधानसभा निर्वाचन गराउन उद्यत रहेको थियो। तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले दुईपटकसम्म संविधानसभा निर्वाचनको समय पनि घोषणा गरिसकेका थिए। तर, उनको सरकारको वैधानिकतामाथि प्रश्न उठाउँदै राजनीतिक सहमति हुन नसकेका कारण निर्वाचनको प्रसङ्ग यत्तिकै सेलायो।

यसैबीच, सत्तारुढ दल एमाओवादीको हेटौंडा महाधिवेशनले प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा सरकार बनाउने प्रस्तावसमेत पारित गरेपछि नयाँ सरकार गठन गर्ने चर्चा आरम्भ हुनासाथै उक्त प्रस्तावको आलोचना र विरोध पनि सुरु भयो।

प्रकारान्तरमा तीन ठूला दलका साथै मधेसी मोर्चाले ११ बुँदे सहमति गरेपछि सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा ०६९ चैत १ गते गैरदलीय सरकारको गठन हुन सक्यो। राज्यका दुई अङ्गका प्रमुख एकै व्यक्ति भएका कारण अलोकतान्त्रिक अभ्यास सुरु भएको भन्दै विवाद मात्र भएन, न्यायिक निरूपणको मार्ग पनि खोजियो।

माओवादी लडाकुको सेनामा समायोजन भएपछि शान्ति प्रक्रियाको एक महत्त्वपूर्ण पाटो पूरा भयो। शान्ति प्रक्रियाको महत्त्वपूर्ण कार्यसूची सङ्क्रमणकालीन न्यायिक आयोगको गठन भने हुन सकेन। यससम्बन्धी अध्यादेश अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नभएकाले सर्वोच्च अदालतको आदेश लागू हुन सकेन। संस्थागत हुँदै गएको दण्डविहीनताको कुसंस्कार न्यूनीकरणको प्रयास भएन, बरू उल्टै मानवअधिकार उल्लङ्घनकर्तालाई राज्यस्तरबाट उन्मुक्ति दिने हरसम्भव प्रयास भयो।

पछिल्लो सरकारको मूल दायित्व संविधानसभा निर्वाचन रहेकाले उसको सम्पूर्ण ध्यान निर्वाचनमै केन्द्रित रहेको पाइयो। सशस्त्र द्वन्द्वका पीडितहरूलाई न्याय प्रदान गर्ने र राहत दिने विषय उसको प्राथमिकतामा परेको देखिएन। यिनै पृष्ठभूमिमा सन् २०१३ मा सरकारले मानवअधिकारको क्षेत्रमा निर्वाह गरेको भूमिकाको विश्लेषण यस आलेखमा गर्ने प्रयास भएको छ।

२. कामचलाउ सरकारको प्रतिस्थापन

नेपालको अन्तरिम संविधान, २०६३ ले दुई वर्ष कार्यकाल तोकेको संविधानसभाको म्याद पटक-पटक गरी दुई वर्ष थप गर्दा पनि संविधानसभाले संविधान जारी गर्न नसकेपछि तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले ०६९ जेठ १४ गते राति १२ बजे संविधानसभा विघटन गरे। प्रधानमन्त्री पनि व्यवस्थापिका संसद्का सदस्य नरहेकाले संविधानको धारा ३८ (७) अनुसार प्रधानमन्त्री भट्टराई स्वत: पदमुक्त भएको भन्दै धारा ३८ (९) अनुसारको अर्को मन्त्रिपरिषद् गठन नभएसम्मका लागि उनको नेतृत्वको सरकारलाई राष्ट्रपति रामवरण यादवले कामचलाउ भएको घोषणा[1] गरेका थिए।

कामचलाउ सरकारको विकल्पका लागि राष्ट्रपतिबाट सहमतीय सरकारका लागि राजनीतिक दललाई समयसीमा तोकी नौपटक आह्वान गर्दा पनि सरकार गठन हुन नसकेपछि माघ २ गते समयसीमा नतोकीकन सहमतीय सरकारका लागि आह्वान गरिएको थियो।

नेपालको अन्तरिम संविधानमा पुन: संविधानसभा निर्वाचन गराउने प्रावधान नरहेको अवस्थामा राजनीतिक निकासका लागि सहमतीय सरकार नै निर्विकल्प उपाय थियो। प्रधानमन्त्री भट्टराईले भने ०६९ मङ्सिर ८ गते निर्वाचन गराउने भनिरहेका थिए, जो सम्भव भएन। उनले ०७० वैशाखमा निर्वाचन

१. नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ : काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), ०६९ फागुन ७ : पृ. १०२

गराउने भने तापनि त्यसका लागि कुनै पूर्वाधार भने तयार हुने अवस्था थिएन। निर्वाचन आयोगले पनि ०६९ पुस २६ गतेपछि आयोग पदाधिकारीविहीन हुने भन्दै मङ्सिर अन्तिम वा पुस पहिलो साताभित्र आवश्यक ऐन कानुन संशोधन नभए ०७० वैशाखमा निर्वाचन हुन नसक्ने धारण व्यक्त गरेको थियो।[३]

संविधान निर्माण नगर्दै विघटन भएको संविधानसभाको विकल्प पुन: अर्को संविधानसभाको निर्वाचन नै भएकामा प्रमुख राजनीतिक दलहरूका बीच विमति नभए पनि कसको नेतृत्वमा संविधानसभाको निर्वाचन गराउने भन्ने विवाद लामो समयसम्म कायम रह्यो। लामो समयको विवाद र छलफलपछि ठूला राजनीतिक दल र मधेसी मोर्चा प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा चुनावी सरकार गठनका लागि सहमत हुन पुगेका थिए।

२.१ शक्ति पृथककीकरणको प्रश्न

न्यायपालिका र कार्यपालिकामा एकै व्यक्ति प्रमुख हुनु भनेको शक्ति पृथककीकरणको सिद्धान्तविपरीत भएको भन्दै विभिन्न संस्था तथा राजनीतिक दलले प्रधानन्यायाधीश कार्यकारी प्रमुख हुने यस प्रक्रियाको विरोध गरे। नेकपा-माओवादीले त रेग्मी नेतृत्वको सरकार विघटन गरी राजनीतिक दलको नेतृत्वमा सरकार गठनको माग गर्दै आन्दोलनको घोषणासमेत गऱ्यो। उसले रेग्मी नेतृत्वको सरकारले गराउने निर्वाचनमा सहभागी नहुने र बहिष्कार गर्ने निर्णय गरेको थियो।

मन्त्रिपरिषद्को अध्यक्ष पदमा सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीशलाई नियुक्त गर्ने राजनीतिक दलहरूको निर्णयलगत्तै बसेको नेपाल बार एसोसिएसनको बैठकले न्यायपालिकाका लागि कालो दिन भन्दै प्रधानन्यायाधीश पदबाट खिलराज रेग्मीले राजीनामा दिनुपर्ने मागसमेत गऱ्यो। न्यायपालिका र कार्यपालिकामा एकै व्यक्तिले नेतृत्व गर्न नहुने भन्दै विरोध हुन थालेपछि रेग्मीले शक्ति पृथकीकरणको सिद्धान्त मनन गर्दै न्यायपालिका र कार्यपालिका दुवैको काम एउटै व्यक्तिले गर्नु हुँदैन भन्दै आफू न्यायपालिकाबाट अलग रहेको दावी गरेका थिए।[३]

सरकारको नेतृत्व प्रधानन्यायाधीशलाई दिन अध्यादेशमार्फत भएको बाधा अड्काउ फुकाउ र प्रधानन्यायाधीश खिलराज रेग्मी मन्त्रिपरिषद्को अध्यक्ष भएपछि विभिन्न मितिमा बाधा अड्काउ फुकाउ र अन्तरिम मन्त्रिपरिषद्को गठन प्रक्रियाविरुद्ध २४ ओटा रिट निवेदनहरू सर्वोच्च अदालतमा दायर भए। तीमध्ये सातओटा रिटको एकपटक र बाँकी १७ ओटा रिटको पालैपालो सुनुवाइ गर्ने निर्णय सर्वोच्च अदालतले गरेको थियो। सातओटा रिटको सुनुवाइ हुन बाँकी नै रहेको छ भने १७ ओटा रिटलाई सर्वोच्च अदालतले सुनुवाइ नै नगरी खारेज गरिदियो।[४] (*हेर्नूहोस् यसै पुस्तकको परिच्छेद न्यायपालिका*)

संविधानसभाको निर्वाचनले मात्रै मुलुकको राजनीतिक सङ्क्रमणलाई निकास दिने भएकाले त्यसलाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउन एवम् निर्वाचनमा मुलुकका सबै राजनीतिक दलहरूको सहभागिता सुनिश्चित गराउन सरकार सक्षम हुने आशामा रेग्मी सरकारका विरुद्ध रहेका विरोधका स्वरहरू क्रमश: मत्थर हुँदै गए।

३. संविधानसभा निर्वाचन

स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गराएर नौ महिनाअघि गठन भएको रेग्मी सरकार आफ्नो प्रमुख लक्ष्य पूरा गर्न सफल रह्यो। लोकतन्त्र र प्रजातन्त्रको जग निर्वाचन सम्पन्न हुनु आफैंमा ठूलो उपलब्धिका रूपमा हेरियो। संविधानसभा निर्वाचन निर्बाध रूपमा हुन नसक्ने र भए पनि हिंसात्मक हुने अडकलबाजीका बीचमा शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न भएको थियो।

जनमतको अभिव्यक्त गर्ने पद्धति निर्वाचन भएको र त्यसका लागि निष्पक्ष, स्वतन्त्र र भयरहित मतदानले नै सही जनमत अभिव्यक्ति हुन्छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा २१ मा देशको शासन व्यवस्थामा स्वतन्त्र चुनावबाट चुनिन पाउने, सर्वव्यापी समान मताधिकारद्वारा निष्पक्ष, स्वतन्त्र र गोप्य मतदानमा भाग लिने अधिकार सबै नागरिकलाई रहेको उल्लेख छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को

---

३. पूर्ववत्। पृ. ७४

३. सर्वोच्चले रिट खारेज गरेपछि बार आन्दोलनमा। http://epaper.ekantipur.com/showtext.aspx¿ boxid =15222765&parentid =28935&issuedate=1732013, ०७० पुस १० हेरिएको

४. http://www.nagariknews.com/politics/law-custody/story/6938

धारा २५ मा प्रत्येक नागरिक प्रत्यक्षरूपमा वा छानिएका प्रतिनिधिहरूमार्फत सार्वजनिक जीवन सञ्चालनमा भाग लिने, सर्वव्यापी तथा समान मताधिकार र गोप्य मतदानबाट निर्वाचकहरूको इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने शुद्ध आवधिक निर्वाचनहरूमा मतदान गर्ने र निर्वाचित हुने अधिकार सुनिश्चत गरिएको छ।[५] जनप्रतिनिधिविहीनताको अवस्थामा हुन लागेको संविधानसभाबाट नै सरकारको समेत गठन हुने भएकाले यस निर्वाचनको दोहोरो महत्त्व रहेको थियो।

३.१ निर्वाचनको तयारी

मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामवरण यादवले निर्वाचन आयोगका प्रमुख आयुक्तमा नीलकण्ठ उप्रेती तथा आयुक्तहरूमा दोलखबहादुर गुरुङ, अयोधीप्रसाद यादव, रामभक्त पीबी ठाकुर र ईला शर्मालाई नियुक्त गरी आयोगलाई पूर्णता दिए। सरकारले निर्वाचन आयोगका आयुक्तहरूको नियुक्तिमा सिफारिस गरेका नाममा पनि विवाद देखियो। राष्ट्रपतिले यसअघि पनि आयुक्त भइसकेका उप्रेतीसँगै गुरुङ र यादवको सिफारिसमा संवैधानिक प्रश्न उठाएपछि संवैधानिक परिषद्ले नयाँ सन्दर्भमा आयोगको जिम्मेवारी दिन संविधानअनुसारै सिफारिस गरेको जानकारी राष्ट्रपति कार्यालयलाई गराएपछि मात्र राष्ट्रपतिले संविधानको धारा १ सय २८ को उपधारा २ बमोजिम प्रमुख आयुक्त र आयुक्तहरूको नियुक्तिको घोषणा गरेका थिए।[६]

आयुक्तहरूको नियुक्तिपछि निर्वाचनका लागि आवश्यक पूर्वाधार तयारी आरम्भ भयो। मतदाता नामावली सङ्कलनमा नागरिकता अनिवार्य भएपछि सबै जनताले मतदाता नामावलीमा नाम लेखाउन नपाएको भन्दै विरोध हुन थालेपछि नागरिकता वितरणसम्बन्धी नियमावली आवश्यक संशोधन गरी सहज व्यवस्था मिलाइ सरकारले घुम्ती शिविर सञ्चालन गरी नागरिकता वितरण र फोटोसहितको मतदाता नामावली सङ्कलनको व्यवस्था गऱ्यो। निर्वाचन आयोगले विगत वर्षदेखि थालेको फोटोसहितको मतदाता नामावली सङ्कलन असार मसान्तसम्म कायम राख्यो।

यसै प्रयोजनका लागि सरकारले जेठ ३० गते पूर्वन्यायाधीश ताहिर अली अन्सारीको अध्यक्षतामा नेत्रप्रसाद धिताल, डम्बर चेम्जोङ, मधुनिधि तिवारी सदस्य तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव राजुमानसिंह मल्ल सदस्यसचिव रहेको निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन गऱ्यो। त्यसैदिन संविधानसभाको निर्वाचन मङ्सिर ४ गते गर्ने घोषणा पनि सरकारले गरेको थियो। आयोगलाई एक महिनाको समयसीमा निर्वाचन क्षेत्र पुन:निर्धारण गर्न दिइएको भए पनि दुईपल्टसम्म समयसीमा बढाइएको थियो। आयोगले काम थालेको डेढ महिनापछि संविधानसभा निर्वाचन, २०६४ मा नै भएको २ सय ४० ओटा क्षेत्रलाई यथास्थितिमा कायम राख्ने सिफारिस गर्दै प्रतिवेदन बुझाएको थियो।

यता सरकार निर्वाचनको तयारी गर्दै थियो भने अर्कातिर नेकपा-माओवादीको नेतृत्वमा रहेको मोर्चा निर्वाचन बहिष्कार गर्ने मात्रै होइन, यसलाई असफल बनाउने प्रयासमा समेत थियो। सरकारले निर्वाचन बहिष्कारमा संलग्न नेकपा-माओवादीसहितको मोर्चालाई संविधानसभा निर्वाचनमा सहभागी गराउन दुईपटक वार्ता गऱ्यो। तर, मोर्चाको माग पूर्णरूपमा सम्बोधन नहुँदा मोर्चाले संविधानसभा निर्वाचनमा भाग लिएन। उसले खिलराज रेग्मी सरकारको विघटन, गोलमेच सम्मेलन र निर्वाचन मिति सार्नुपर्ने माग राखेको थियो।

मोर्चालाई पटक-पटक उच्चस्तरीय राजनीतिक समिति र सरकारले निर्वाचनमा आउन आह्वान गरिरहे। असोज २ गते सङ्घीय लोकतान्त्रिक र सङ्घीय समाजवादी पार्टीसँग भएको सहमतिपछि उनीहरूलाई पनि निर्वाचनमा सहभागी गराउने उद्देश्यले सरकारले निर्वाचन आयोगबाट प्रकाशित निर्वाचन कार्यक्रमबमोजिम उम्मेदवारहरूको मनोनयनपत्र दर्ता गर्ने मिति र समानुपातिकतर्फको उम्मेदवारका लागि राजनीतिक दलहरूले निवेदन पेस गर्ने एवम् बन्दसूची पेस गर्ने मिति यथासम्भव केही दिन पर सार्ने सम्बन्धमा विचार गर्न निर्वाचन आयोगलाई अनुरोधसमेत गरेको थियो।

---

५. नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ : काठमाडौँ: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), ०६९ फागुन ७ : पृ. १०२

६. http://epaper.ekantipur.com/showtext.aspx¿boxid=12113734&parentid=29097&issuedate=2432013,०७० पुस १३ गते हेरिएको।

सरकारले निर्वाचन वहिष्कार गर्ने दलहरूलाई आफ्ना क्रियाकलाप सञ्चालन गर्दा जनताको स्वतन्त्र रूपमा आवतजावत गर्ने, पेसा व्यवसाय सञ्चालन गर्ने, शान्तिपूर्ण तरिकाले निर्वाचनसम्बन्धी क्रियाकलापमा सहभागी हुने र मतदान गर्ने अधिकारको सम्मान गर्न र आफ्ना राजनीतिक क्रियाकलाप सञ्चालन गर्दा बन्द, हडताल, हिंसा वा बल प्रयोग नगर्नसमेत आग्रह गरेको थियो।

किराँत जनवादी वर्कस पार्टी र सरकारबीच असार १७ गते धुलिखेलमा भएको वार्तामा पाँचबुँदे सहमति भयो। वार्तामा शान्ति तथा पुनःनिर्माणमन्त्री रामकुमार श्रेष्ठ र सो पार्टीको वार्ता टोलीका सहसंयोजक महेश राईसहितको टोलीबीच सो सहमति भएको थियो। वार्तामा राजनीतिक प्रकृतिका जायज माग पूरा गर्ने र वर्कस पार्टीसँग रहेको हातहतियार यथाशीघ्र शान्ति मन्त्रालयमा बुझाउने सहमति भएको थियो। वार्तामा सो पार्टीका कार्यकर्तामाथि लागेको अभियोगका सम्बन्धमा कारबाही प्रक्रियामा रहेका कार्यकर्ताको नामावली पार्टीले शान्ति मन्त्रालयमा अविलम्ब बुझाउने र बुझाएपछि प्रचलित कानुन र स्वीकृत मापदण्डबमोजिम मुद्दा फिर्ता सम्बन्धित निकायले गर्नेलगायत सहमति गरेको थियो।[७]

उच्चस्तरीय राजनीतिक समिति र सङ्घीय लोकतान्त्रिक मोर्चाबीच साउन ३१ गते तथा उच्चस्तरीय राजनीतिक समिति र सङ्घीय समाजवादी पार्टी, नेपालबीच असोज २१ गते निर्वाचनमा भाग लिने सहमति भएको थियो।

शान्ति तथा पुनःनिर्माण मन्त्रालयले नेपाल सरकारका तर्फबाट जनतान्त्रिक तराई मुक्तिमोर्चा (पृथ्वी समूह)सँग पटकपटक वार्ता गऱ्यो। सरकार र मोर्चाको टोलीबीच भएको पाँचबुँदे सहमति कार्यान्वयनका लागि मन्त्रिपरिषद्ले स्वीकृत गरी कार्यान्वयनमा ल्याएको थियो।

३.२ निर्वाचनका क्रममा हिंसात्मक घटना

एमाले बारा-४ का प्रत्यक्षतर्फका उम्मेदवार महमुद अलामको उम्मेदवारी मनोनयन दर्ता गरेको भोलिपल्ट उनकै पार्टीका सहकर्मीद्वारा गोली प्रहार गरी घाइते भएकामा उपचारका क्रममा असोज २४ गते उनको मृत्यु भयो। निर्वाचन र मतदाता लक्षित हिंसाका कारण दुई जना सर्वसाधारण मारिए। काठमाडौँ, चितवन, मकवानपुर, बारा जिल्लामा यात्रु सवार सवारी साधनमा पेट्रोल बम प्रहार हुँदा बालबालिका, महिलासहितका यात्रुहरू घाइते भए।

४.२ अधुरै रहेको मानवअधिकार कार्ययोजना

नेपाल सरकारले सुरु गरेको त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी लागू गरेकामा यस वर्षदेखि पञ्चवर्षीय कार्ययोजना लागू गरेको छ। कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट कानुनको शासनलाई प्रत्याभूत गर्न, सबै नागरिकलाई आधारभूत मानवअधिकारको सुनिश्चितता प्रदान गर्न र मुलुकमा मानवअधिकार संस्कृतिको विकास गर्नमा सहयोग पुग्ने सरकारले विश्वास लिएको छ। यसै गरी, सरकारले लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजनालाई समयसापेक्ष परिमार्जन गरी लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ लाई कार्यान्वयनमा ल्याएको छ।

मानवअधिकार उल्लङ्घनका घटनामा राष्ट्रिय मानवअधिकार आयोगबाट भएका सिफारिसहरू कार्यान्वयन गर्न सम्बन्धित निकायमा लेखी पठाउनुका साथै त्यसको प्रभावकारी कार्यान्वयन भए/नभएका बारेमा अनुगमन गर्ने, अभिलेख अद्यावधिक गर्ने र सिफारिस अनुसारको क्षतिपूर्ति/राहत रकम पीडित एवम् पीडितका परिवारलाई दिने निर्णय गरी शान्ति तथा पुनःनिर्माण मन्त्रालय र गृह मन्त्रालयबाट त्यसरी सिफारिस गरिएका व्यक्तिहरूलाई तोकिएबमोजिमको राहत रकम वितरण गरेको जनायो।

यसका साथै मानवअधिकार कुनै एक विषय, क्षेत्र वा निकायसँग मात्र सम्बन्धित नभएर सबै विषय, विविध क्षेत्र र विभिन्न निकायसँग अन्तरसम्बन्धित हुने भएकाले मानवअधिकार राष्ट्रिय कार्ययोजनाले मानवअधिकार संरक्षण तथा संवर्द्धनका लागि आवश्यक समन्वय र सहभागिता अभिवृद्धि गर्न १२ ओटा विषयको पहिचान गरेको छ, जसमा शिक्षा, स्वास्थ्य तथा जनसङ्ख्या, कानुन, व्यवस्थापन सुधार र न्याय प्रशासन, आदिवासी जनजाति र दलित, श्रम तथा रोजगार, शान्ति प्रवर्द्धन, संस्कृतिसम्बन्धी अधिकारको संरक्षण र प्रवर्द्धन, वातावरण र दिगो विकास, नेपाली सेनामा मानवअधिकारको संरक्षण र प्रवर्द्धन, अपाङ्गता, ज्येष्ठ नागरिक, महिलाअधिकार तथा सामाजिक न्याय, बालअधिकार तथा विकास, यौनिक तथा लैङ्गिक

७. किराँत जनवादी वर्कस पार्टी र सरकारबीच पाँचबुँदे सहमति। http://setopati.com/raajneeti/2079, ०७० पुस ९ गते हेरिएको

अल्पसङ्ख्यक, शान्ति सुरक्षा, कानुन कार्यान्वयन र मानव अधिकार संरक्षण र संस्थागत सुदृढीकरण छन्। कार्ययोजनाको प्रगति विवरण नियमित र अनिवार्य रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नियमित रूपमा अनुगमन गर्ने/गराउने व्यवस्था गरिएको छ।

५. राष्ट्रिय मानवअधिकार संयन्त्रहरू

५.१ पदाधिकारीविहीन राष्ट्रिय मानवअधिकार आयोग

६ वर्षे कार्यकाल रहेको राष्ट्रिय मानवअधिकार आयोगका प्रमुख आयुक्त तथा आयुक्तहरूको कार्यकाल भदौ ३० गतेबाट समाप्त भएपछि आयोग पदाधिकारीविहीन हुन गयो।

संविधानसभाको पुन:निर्वाचन सम्पन्न भए पनि देश सङ्क्रमणकालमा छ। राजनीतिक अस्थिरताको फाइदा उठाउँदै मानवअधिकार उल्लङ्घनका घटनाहरू हुन सक्छन्। मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने कर्तव्य र अधिकार प्राप्त निकाय राष्ट्रिय मानवअधिकार आयोग पदाधिकारीविहीन हुँदा आयोगमा परेका उजुरीहरू छानबिनका साथै निर्णय हुन सक्दैनन्। मानवअधिकार उल्लङ्घनका घटनाको निगरानी गर्ने दायित्व भएको संवैधानिक निकाय राष्ट्रिय मानवअधिकार आयोग पदाधिकारीविहीन हुनु लोकतान्त्रिक राज्यका लागि सुहाउने विषय होइन।

५.२ राष्ट्रिय महिला आयोग

महिला हकहितको संरक्षण एवम् संवर्द्धन गरी विकासको मूलप्रवाहमा महिलालाई समाहित गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्यअनुरूप स्थापित राष्ट्रिय महिला आयोग आफ्नो उद्देश्य प्राप्तिमा क्रियाशील रहँदै आएको छ। राष्ट्रिय महिला आयोगले महिला हकहितको संरक्षण र संवर्द्धनसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि सिफारिस गर्ने, प्रचलित कानुनमा सुधार गरी लैङ्गिक न्याय कायम गर्ने तथा नेपालपक्ष भएका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूको कार्यान्वयन समेतको विषयमा अनुगमन गरी सरकारलाई सिफारिस गर्ने, महिला अधिकार उल्लङ्घन तथा महिला हिंसाका घटनाहरूको अनुगमन तथा जाँचबुझ गर्ने लगायतका कार्यक्षेत्रको पहिचान गरी आफ्नो काम गर्दै आएको छ।

यस वर्ष आयोगमा दर्ता भएका ३ सय ९२ ओटा उजुरीमध्ये घरेलु हिंसाका २ सय ५३ ओटा र महिलामाथि हुने अन्य हिंसाका १ सय ३९ ओटा रहेका थिए। आयोगमा दर्ता भएका निवेदनहरूमा आयोगका तर्फबाट पक्षहरूको सहमतिमा मिलापत्र, कानुनी सहायता तथा मनोसामाजिक परामर्श सेवा तथा अन्य आवश्यक सहयोगका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने कार्यहरू भएको देखिन्छ।

५.३ राष्ट्रिय दलित आयोग

राष्ट्रिय दलित आयोगले आफ्नो कार्यलाई दलित अधिकारका लागि सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक एवम् सांस्कृतिक क्षेत्रको पहिचान गरी काम गर्दै आएको छ। 'जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८' लागू भएपछि पनि जातकै आधारमा हुने घटनामा संलग्नलाई अपराध मानी कारबाही गर्ने व्यवस्था भए पनि जातका आधारमा हुने विभेद कायमै रहेको पाइन्छ।

दलितसँग सम्बन्धित उजुरी आयोगमा लिइने कानुनी प्रावधान भए पनि आयोगमा ज्यादै कम उजुरीहरू दर्ता हुने गर्छन्। प्राप्त भएका उजुरीहरू आयोगले सम्बन्धित क्षेत्रमा कानुनी प्रक्रियाका लागि पठाउने र ताकेता गर्ने गरेको छ।

६. जनसरोकारका विषय

६.१ मूल्यवृद्धि कायमै

रेग्मी सरकारको कार्यकालमा पनि मूल्यवृद्धि एक समस्याका रूपमा कायमै रह्यो। अघिल्लो वर्ष ११ दशमलव ९ प्रतिशत रहेको मूल्यवृद्धि यस वर्ष १३ दशमलव १ प्रतिशतमा पुग्यो। नेपाल राष्ट्र बैंकले मूल्यवृद्धि दोहोरो अङ्कमा बढ्न नदिने भनिरहँदा पनि नेपाली जनताले दैनिक उपभोग्य वस्तुको दोहोरा अङ्कको मूल्यवृद्धिको मार खेप्नु पऱ्यो। नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको मुलुकको आर्थिक अवस्थासम्बन्धी मासिक प्रतिवेदन अनुसार साउनमा खाद्य तथा पेय पदार्थको मूल्य १३ दशमलव ४ प्रतिशतले बढेको छ भने गैरखाद्य तथा सेवा समूहको वृद्धि १२ दशमलव ७ प्रतिशत छ।[८]

निर्वाचनपछि मूल्यवृद्धि हुने पुरानो अवस्थाको पुनरावृत्ति यसपटक पनि भयो। यसलाई सरकारले

८. मूल्यवृद्धि दुई अङ्कमा : राष्ट्र बैंक।
http://www.ekantipur.com/kantipur/news/news-detail.php?news_id=162840

नियन्त्रण गर्ने भरपर्दो संयन्त्र नबनाउँदा जनतालाई सधैँ भार पर्दै आएको छ। सरकारले खाद्यन्नलगायतमा भएको मिसावट र मूल्यवृद्धिको अनुगमन थाले पनि प्रभावकारी भएन।

६.२ खाद्यअधिकार

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ को उपधारा ३ मा खाद्य अधिकारलाई मौलिक अधिकारका रूपमा समेटे पनि पश्चिम नेपालमा वर्षको उत्तरार्द्धमा सधैँ खाद्य सङ्कट हुँदै आएको छ। खाद्यान्नको नियमित आपूर्ति नहुँदा त्यस भेगका जनता भोकभोकै बस्न बाध्य छन्। उपयुक्त पोषण नहुँदा बालबालिकाको स्वास्थ्य अवस्था पनि कमजोर छ। मध्य र सुदूरपश्चिमका ५० प्रतिशत बालबालिका कम तौलका छन्। सरकारी आँकडा अनुसार नै हाल देशका ७५ मध्ये २७ जिल्ला खाद्य सुरक्षामा आत्मनिर्भर छैनन्। यस्ता जिल्लामध्ये १७ जिल्ला मध्य र सुदूर पश्चिमाञ्चलमा पर्छन्।[९]

७. सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रमलाई सरकारले आफ्नो बजेटमा पनि समावेश गरेको छ। ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता र लोपोन्मुख जातिलाई भत्ताको व्यवस्थाका लागि ११ अर्ब १ करोड रुपियाँ विनियोजन गरिएको छ। कर्णाली अञ्चल तथा बझाङ र बाजुरा जिल्लाका दलित बालबालिकाका लागि बाल सुरक्षण र देशैभरिका दलित, जनजाति, सीमान्तकृत समूह, मुक्त कमैया, वादी, हरुवा, चरुवा, छात्रवृत्तिलाई पनि निरन्तरता दिइएको छ। शिक्षा क्षेत्रमा लक्षित वर्ग, कर्णाली अञ्चल, अपाङ्गता भएकालाई छात्रवृत्ति दिन १ अर्ब ८५ करोड बजेट यस आर्थिक वर्षमा सरकारले व्यवस्था गऱ्यो।

७.१ स्वास्थ्य सेवा

स्वास्थ्य सेवाको प्रभावकारी अनुगमन हुन नसक्दा दुर्गम गाउँमा औषधी समयमा पुगेन। जाजरकोट जिल्लामा म्याद गुज्रिसकेका औषधी स्वास्थ्य चौकीमा पुग्दा निःशुल्क औषधी पाउने सेवाबाट जनता वञ्चित भए। नेपालगन्जबाट १५ महिनाअघि जाजरकोट जिल्ला अस्पताल पठाइएका १८ लाख मूल्यबराबरका २९ पेटी औषधी सुर्खेतमा अलपत्र अवस्थामा रहँदै रहेकामा असोज महिनामा जाजरकोट पुऱ्याइएका ती औषधीको म्याद गुज्रिसकेको थियो भने म्याद भएका औषधीको पनि दुई महिना मात्र बाँकी थियो।[१०]

सरकारले यस वर्ष विपन्न वा आर्थिक अवस्था कमजोर भएका नागरिकका हकमा मिर्गौंला प्रत्यारोपण गर्नका लागि बढीमा दुई लाख रुपियाँसम्म आर्थिक सहयोग उपलब्ध गराउने घोषणा गऱ्यो। सरकारले ०६९ पुस १९ गते देशका ४ सय ७८ उपस्वास्थ्य चौकीलाई स्वास्थ्य चौकीहरूमा स्तरोन्नति गर्ने निर्णय गऱ्यो। तर, ४० प्रकारका औषधी निःशुल्क उपलब्ध गराउने सरकारी प्रतिबद्धता यस वर्ष पनि पूरा हुन सकेन। जिल्ला अस्पतालबाट ४०, स्वास्थ्य चौकीबाट ३२ र उपस्वास्थ्य चौकीबाट २५ प्रकारका औषधी निःशुल्क वितरण गर्नुपर्ने सरकारी नियम रहे पनि अधिकांश स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीले निःशुल्क औषधी वितरण नगरेको सेवाग्राहीको आरोप छ।[११] सरकारले ७५ वर्षमाथिका ज्येष्ठ नागरिक र १५ वर्षमुनिका बालबालिकाको मुटुको निःशुल्क औषधोपचार गर्ने निर्णय गरेको छ।

स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको दरबन्दी कायम नगरिनु, दुर्गम भेगमा खटाइएका स्वास्थ्यकर्मीहरू सम्बन्धित ठाउँमा नबस्नु जस्ता समस्या यस वर्ष पनि दोहोरिए। इन्सेकको अभिलेख अनुसार देशभरि ४ हजार ६ सय १६ स्वास्थ्यकर्मीको दरबन्दी खाली छ। *(हेर्नूहोस् यसै पुस्तकमा प्रकाशित जिल्लागत विवरणमा स्वास्थ्य सेवाको अवस्था)*।

७.२ लोपोन्मुख जातजातिको उत्थानका सम्बन्धमा

नेपालभरि आफ्नो र परिवारका नाममा स्थायी घरवास, जग्गाजमिन नभएका चेपाङ, कुसुन्डा, राउटे र वनकरिया समुदायको व्यवस्थापन गर्न, स्वास्थ्य,

---

९. इन्सेक, खाद्य सुरक्षामा नेपालको चुनौती। प्राची द्वैमासिक। पुस ०७०। पूर्णाङ्क ८३। पृ.२३

१०. http://www.inseconline.org/index.php?type=news&lang=np&id=42141 ०७० पुस १४ गते हेरिएको

११. http://www.inseconline.org/index.php?type=news&id=38159&lang=np ०७० पुस १४ गते हेरिएको

शिक्षा, खानेपानी, जीविकोपार्जन, रोजगारी, आवास, सीपमूलक तालिमलगायतका व्यवस्था गर्न नेपाल सरकार, मन्त्रिपरिषद्मा सिफारिस गर्ने गरी सरकारले ०६९ फागुन ४ गते वन तथा भू-संरक्षण मन्त्रालयका सचिवको संयोजकत्वमा अर्थ मन्त्रालय, गृह मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, सहरी विकास मन्त्रालय र राष्ट्रिय योजना आयोगका सहसचिवहरू सदस्य रहने गरी कार्यदल गठन गऱ्यो। तीनमहिने कार्यकाल भएको कार्यदलले प्रतिवेदन सरकारलाई बुझाए पनि कार्यान्वयनमा आइसकेको छैन।

७.४ ज्येष्ठ नागरिक

ज्येष्ठ नागरिकलाई सरकारले सामाजिक सुरक्षा अन्तर्गत मासिक भत्ता उपलब्ध गराउँदै आएको छ। तर, आफ्नो संविधानप्रदत्त अधिकार र सर्वोच्च अदालतले दिएको आदेश पनि पूरा नभएको भन्दै ज्येष्ठ नागरिकहरू सन् २०१३ को सुरुआतसँगै शान्तिपूर्ण आन्दोलनमा छन्। ज्येष्ठ नागरिक संयुक्त सङ्घर्ष समिति गठन गरी आवाज उठाएको एक वर्ष पूरा हुँदा पनि सरकारले उनीहरूको माग पूरा गर्न ध्यान दिएको छैन। उनीहरूको माग सार्वजनिक यातायातमा ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुट दिनुपर्ने, ६० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई मासिक ३ हजार रुपियाँ भत्ता दिनुपर्ने, ज्येष्ठ नागरिकको औषधीउपचार सेवा निःशुल्क हुनुपर्नेलगायत छन्। सरकारले ज्येष्ठ नागरिक ऐन, २०६३ लागू गरेको छ। उक्त ऐनमा ज्येष्ठ नागरिक कल्याण समिति, विशेष बजेट र योजना बनाउनुपर्ने, सार्वजनिक यातायातका भाडामा ५० प्रतिशत छुट र अस्पतालमा निःशुल्क उपचार पाउनुपर्नेलगायतका विषय समेटिए पनि कार्यान्वयनमा आउन सकेको छैन। सरकारले ज्येष्ठ नागरिकलाई उसले तोकेका १२ ओटा अस्पतालमा निश्चित रोगको उपचारमा छुटको व्यवस्था भने गरेको छ। तर, यसको प्रभावकारी कार्यान्वयन भए/नभएको बारे कुनै अध्ययन भएको छैन।

७.५ विपद् व्यवस्थापन

महाकाली नदीमा आएको बाढीका कारण भएको भौतिक क्षतिको व्यवस्थापन गर्न सरकारले दार्चुला जिल्लाका बाढीपीडितलाई राहत दिन ५० करोड रुपियाँको राहत प्याकेजको घोषणा गऱ्यो। सो रकम सडक, तटबन्ध, खानेपानीलगायत नदीकटान रोक्न र महाकाली नदीमा दीर्घकालीन रूपमा तटबन्ध निर्माण गर्न सहरी बसोवास व्यवस्थित गर्ने गुरुयोजना तयार गर्ने कार्यका लागि खर्च भयो। तर, त्यहाँका जनता यस वर्षको अन्त्यसम्म पनि उचित राहत पाउन तथा पुनःस्थापना हुन सकेनन्।

७.६ अपाङ्ग अधिकार

सरकारले अपाङ्ता भएका व्यक्तिहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धिमा हस्ताक्षर गरी अपाङ्गहरूको अधिकार संरक्षणको दिशामा क्रियाशील रहेको जनायो। तर, देशका संरचनाहरू अपाङ्गमैत्री नभएको, उनीहरूलाई समानुपातिक प्रतिनिधित्वको व्यवस्था नगरिएको भनी अपाङ्गताका क्षेत्रमा क्रियाशील सङ्घसंस्था तथा व्यक्तिहरूले बताइरहे। सरकारले फरक किसिमले सक्षम (अपाङ्ग) व्यक्तिहरूविरुद्ध हुने भेदभाव अन्त्य र उनीहरूको उत्थान विकास र अधिकारको प्रवर्द्धनसम्बन्धी संयन्त्र, २०६८ लाई संशोधन गरी 'अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरूविरुद्ध हुने भेदभाव अन्त्य र निजहरूको उत्थान, विकास र अधिकार प्रवर्द्धनसम्बन्धी संयन्त्र, २०६८'मार्फत उनीहरूको अधिकारको संरक्षणका लागि केन्द्रदेखि स्थानीय तहसम्म प्रभावकारी संयन्त्रको निर्माण गऱ्यो। यस संयन्त्रको संशोधनपछि सरकारले अपाङ्गताको क्षेत्रमा गर्ने कामलाई बाध्यात्मक बनाएको छ। यसअघि अपाङ्गताका लागि नीति नियम र कानुन बनाइनेछ वा गरिनेछ भनिएकामा अब गर्नुपर्नेछ भनेर निर्देशनात्मक आदेश दिएको छ। अपाङ्गमैत्री संरचना सडक, कार्यालय भवन, अपाङ्गतासम्बन्धी परिचयपत्र, यातायात भाडामा ५० प्रतिशत छुट जस्ता कुरा अनिवार्य गर्नुपर्ने व्यवस्था यसका उपलब्धि हुन्।

७.७ महिलाअधिकार

यस वर्ष देशभर महिला हिंसाका घटना बढेको पाइयो। इन्सेकको अभिलेख अनुसार सन् २०१२ मा ९ सय १० जना महिला पीडित भएकामा यस वर्ष २ हजार ३ सय ४८ जना महिला पीडित भए। ७५ जिल्लाका प्रहरी कार्यालयमा रहेका महिला तथा बालबालिका केन्द्रमा घरेलु हिंसाका सयौँ उजुरी परेको भए पनि घरेलु हिंसा नियन्त्रण तथा सजाय ऐन-२०६५ मा घरेलु हिंसाका घटनामा मिलापत्र गर्न सकिने प्रावधानका कारण केन्द्रमा परेका उजुरीहरूमध्ये अधिकांश मिलापत्रबाट टुङ्गिएका छन्। गम्भीर

खालका हिंसामा परेका महिलालाई राख्न बनाइएका अल्पकालीन आवास गृहको व्यवस्था सबै जिल्लामा अझै हुन सकेको छैन।

आर्थिक वर्ष ०७०/०७१ मा सरकारले लैङ्गिक समानता अभिवृद्धि गर्न प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट वृद्धि गरी २१ दशमलव ७५ प्रतिशत पुऱ्याएको छ। लैङ्गिक हिंसा निवारण कोष र महिला पुनःस्थापना कोषलाई एक/एक लाख तथा एकल महिला सुरक्षाकोषमा ३ लाख विनियोजन भएको छ। थप आठ जिल्लामा बाल इजलासको गठन गरी ४८ जिल्ला पुऱ्याउने र केन्द्रीय आपतकालीन बाल कोषका लागि दुई करोड रुपियाँ खर्च गरेर महिला तथा बालबालिका क्षेत्रमा उदाहरणीय कार्य भएको छ।

सरकारले पाँचै विकास क्षेत्रमा गरी १५ जिल्लामा हिंसापीडित महिलाका लागि आवास गृह सञ्चालनमा ल्याएको छ। तीन महिनाका लागि मात्र आवास गृहमा राख्न सकिने व्यवस्थाका कारण हिंसापीडित महिलाहरू तीन महिनापछि कहाँ जाने भन्ने समस्याले झन् पीडित हुने गरेका छन्।

आफ्नो निवासअघि अकुपाई बालुवाटारका नाममा महिला हिंसामा संलग्नलाई कारबाहीको माग गर्दै दिनदिनै धर्ना जारी रहेपछि तत्कालीन सरकारले नेपाल सरकारका सचिव राजुमान सिंह मल्लको संयोजकत्वमा महिला आयोगकी सदस्य मोहना अन्सारी, अधिवक्ता सपना मल्ल प्रधान र अधिकारकर्मी डा. रेणुराज भण्डारी सम्मिलित एक महिला समिति गठन गऱ्यो। समितिले गठन भएको १५ दिनभित्र सरकारलाई प्रतिवेदन बुझायो। प्रतिवेदनले घटनामा संलग्नहरूलाई कारबाहीको दायरामा ल्याउन सरकारलाई अनुरोध गरेको थियो।[१९]

भट्टराई सरकार अकुपाई बालुवाटारमा सहभागी अभियन्ताका मागको कुनै सनुवाइ नगरी सरकारबाट बिदा भयो। घटनामा संलग्नलाई कारबाहीका लागि कानुनी प्रक्रिया थालिसकेको बताउँदै मन्त्रिपरिषद् अध्यक्ष रेग्मीले यसलाई अझै लम्ब्याउने हो भने समाजमा नकारात्मक सन्देश फैलन सक्ने भन्दै आन्दोलन रोक्न सहमत गराएका थिए।

८. निरन्तरता दण्डहीनताको

मानवअधिकारको सम्मान, संरक्षण र प्रत्याभूत गर्ने भनी नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता मानवअधिकार एवम् मानवीय कानुन अनुसार नेपालको दायित्व र बेलाबखतका सहमति र सम्झौतामा गरिएका बाचाका विपरीत नेपालमा दण्डविहीनता संस्थागत गरिएकामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा समेत आलोच्य बनेको छ। १० वर्ष लामो सशस्त्र द्वन्द्वको अवधिमा बेसरोकारका सर्वसाधारणलगायत हजारौँ नागरिकउपर राज्य र तत्कालीन विद्रोही पक्षबाट गैरन्यायिक हत्या, अपहरण, यातना अङ्गभङ्ग, यौनजन्य हिंसा, विस्थापनजस्ता कार्य भए। यस्ता मानवअधिकारविरोधी घटना र यसबाट सिर्जित मानवीय पीडालाई सम्बोधन गर्ने उद्देश्यका साथ बृहत् शान्ति समझौताको बुँदा न ५:२:५ मा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने भनिएको छ।

शान्ति सम्झौतापश्चात् संविधानसभाको निर्वाचन भएपछि पाँचओटा सरकार बने। तर, न त्यस्ता आयोग गठन भए, न त कसैलाई कारबाही नै गरियो। अझ उल्टै हत्या वा अन्य आपराधिक घटनामा संलग्न भएको भनी अदालतले सजाय सुनाएका व्यक्तिहरूको मुद्दा फिर्ता लिने, उच्च पदमा पदोन्नति वा नियुक्त गर्ने वा अन्य प्रकारले तिनको संरक्षण गर्ने अभ्यास यस वर्ष पनि गरेको पाइयो। सर्वोच्च अदालतबाट सर्वस्वसहित जन्मकैदको सजाय पाएका ओखलढुङ्गाका एमाओवादी नेता प्रहरीको अभिलेखमा फरार जनाए तापनि उनी प्रधानमन्त्री डा. बाबुराम भट्टराईसँगसँगै ओखलढुङ्गामा आयोजित एक कार्यक्रममा सहभागी भएका थिए। *(हेर्नुहोस् तस्विर यसै पुस्तकको मानवअधिकार प्रतिविम्ब : सन् २०१३)*

भट्टराई सरकारले पत्रकार डेकेन्द्र थापाको हत्यामा संलग्न अभियुक्तको बयान लिने र अनुसन्धान गर्ने काम तुरुन्त बन्द गर्न दैलेखको जिल्ला सरकारी वकिलको कार्यालय र प्रहरीलाई आदेश दिएको थियो। महान्यायाधिवक्ता मुक्ति प्रधानले ०६९ पुस २७ गते दैलेखका जिल्ला न्यायाधिवक्ता र जिल्ला प्रहरीलाई ठाडो निर्देशन दिँदै अनुसन्धान रोक्न पत्र पठाएका थिए। प्रधानले पुनरावेदन सरकारी वकिल कार्यालय सुर्खेत र प्रहरी प्रधान कार्यालय, नक्सालमा पनि उही बेहोराको पत्र पठाएका थिए।

१९. http://www.inseconline.org/index.php?type=news&lang=en&id=11241 ०७० पुस १३ गते हेरिएको

फौजदारी न्याय प्रणालीको न्यूनतम आदर्शलाई पनि लत्याउँदै अनुसन्धान नै रोक्ने यो कामप्रति सरकारी वकिलहरू नै असन्तुष्ट रहे। पत्रकार थापाका हत्याका अभियुक्तविरुद्ध प्रहरीले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ अनुसार जिल्ला सरकारी अधिवक्ताको प्रत्यक्ष रोहबरमा अनुसन्धान अघि बढाएको थियो। अभियुक्तहरू पक्राउ परेदेखि नै अनुसन्धान रोक्न मौखिक दबाब दिँदै आएका प्रधानले थापा हत्या प्रकरणबारे पुस २७ गते लेखेको पत्रमा 'सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ अन्तर्गत कारबाही अगाडि बढाउन नमिल्ने प्रस्ट देखिन्छ' उल्लेख गरेका थिए।

द्वन्द्वकालमा भएका घटना सत्य निरूपण तथा मेलमिलाप आयोगको क्षेत्राधिकारभित्र पर्ने भएकाले सरकारी वकिल कार्यालय, दैलेखबाट अभियोजन तथा अनुसन्धान प्रक्रियामा संलग्न भई कारबाही प्रक्रिया अगाडि बढाउन मिल्ने देखिँदैन भन्दै उनले पत्रमा अनुसन्धान प्रक्रियामा संलग्न हुने तथा अभियोजन गर्नेलगायतका अन्य कुनै पनि कारबाही नगर्नु र नगराउनू भनी निर्देश गरे।

एक सार्वजनिक कार्यक्रममा प्रधानमन्त्री भट्टराईले यस सम्बन्धमा दिएको अभिव्यक्तिप्रति मानवअधिकार समुदायले गम्भीर आपत्ति प्रकट गऱ्यो। पत्रकार थापाको हत्याका आरोपीहरूले हत्या अभियोग स्वीकार गरेको अवस्थामा फौजदारी न्यायिक प्रक्रियालाई नै अवरोध पुऱ्याउने गरी दिएको उनको अभिव्यक्ति र हत्या प्रकरणको अनुसन्धान प्रक्रियामा नै अवरोध पुऱ्याउने गरी दिइएको ठाडो निर्देशनको घोर निन्दा र भर्त्सना[13] गरेका थिए

बाबुराम भट्टराई प्रधानमन्त्री भएयता १६ महिनामा ३ सयभन्दा बढी हत्या, अपहरण र बलात्कारका गम्भीर फौजदारी मुद्दा महान्यायाधिवक्ताको राय र सिफारिसमा सरकारले फिर्ता लिइसकेको थियो। पत्रकार डेकेन्द्र थापाको मुद्दामा अनुसन्धान रोक्ने आदेश त्यसैको निरन्तरता हो।

द्वन्द्वकालका घटनाको छानबिन सत्य निरूपण तथा मेलमिलाप आयोगले हेर्ने हो, अदालतले होइन भनेर एमाओवादी नेताहरूले सार्वजनिक अभिव्यक्ति नै दिए। दुई पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल, डा. बाबुराम भट्टराई र पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई भेटेर[14] गोरखा, फुजेलका कृष्णप्रसाद अधिकारीका हत्यारालाई कारबाही आरम्भ गरिएको सन्दर्भमा यस्तो धारणा व्यक्त गरेका थिए।

सत्य निरूपण आयोग वा कुनै पनि आयोगले फौजदारी न्याय संयन्त्रहरूलाई प्रतिस्थापन गर्न सक्दैन। केवल कारबाहीका लागि सिफारिस गर्ने हो र कारबाही प्रक्रियाको अन्तिम टुङ्गो न्यायिक निकायले नै गर्ने हो। सत्य निरूपण तथा मेलमिलाप आयोगले घटनाको छानबिन गर्दा सत्य पत्ता लगाउँछ र कुनै घटना राष्ट्रिय-अन्तर्राष्ट्रिय कानुन अनुसार गम्भीर अपराधको परिभाषाभित्र पर्ने रहेछन् भने पीडितले पीडकलाई माफी दिन चाहेमा मेलमिलापको प्रक्रिया अघि बढाइ कारबाहीको प्रक्रिया अघि बढाउँदैन। सत्य निरूपण आयोगले पनि गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनामा मेलमिलाप गराउन सक्दैन। मेलमिलाप वा माफी पीडित पक्षले चाहेमा मात्र हुन सक्छ, कुनै दल वा अरूले निर्णय गरेका आधारमा हुन सक्दैन। हालै जारी भएको सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यादेशमा आयोगले चाहेमा आममाफीको सिफारिस गर्न सक्ने व्यवस्था गरिएबाट आयोग गठनपश्चात् पनि न्याय सुनिश्चित हुने कुरा समाप्त हुने भएकाले सर्वोच्च अदालतमा रिट निवेदन परेको थियो।

सरकारले ०६९ चैत १ गते सत्य निरूपण र बेपत्ता छानबिन आयोगलाई एकै ठाउँमा राखी एउटै आयोग बनाउने प्रस्ताव अनुसारको अध्यादेश राष्ट्रपतिसमक्ष प्रस्तुत गऱ्यो। प्रस्तावित अध्यादेशले मानवताविरोधी अपराधमा संलग्नसमेतलाई क्षमा दिने व्यवस्था गरेको थियो। तर, सर्वोच्च अदालतको अन्तरिम आदेशका कारण आयोग गठन हुन सकेन। अध्यादेशको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विरोध भएको थियो। जारी अध्यादेशमा 'बेपत्ता भएका' शब्दावली राखिएकामा यसले आफूखुसी पनि बेपत्ता हुने

१३. प्रधानमन्त्री भट्टराईको अभिव्यक्तिप्रति घोर आपत्ति
http://www.inseconline.org/linkedfile/Joint_Press_Statement_Dailekh.pdf

१४. UCPN-Maoist pressurizes gvt to withdraw 'Adhikari Case'
http://nepaliheadlines.com/ucpn-maoist-pressurizes-gvt-to-withdraw-adhikari-case
०७० पुस १५ गते हेरिएको

हुँदा यसले आयोगको उद्देश्य 'बेपत्ता पारिएका व्यक्ति' (बलपूर्वक बेपत्ता पारिएका) व्यक्तिहरूको बाँच्न पाउने अधिकारको हनन अधिकारलाई समेट्न नसक्ने देखिन्छ।

साथै, विस्तृत शान्ति सम्झौता, २०६३ एवम् नेपालको अन्तरिम संविधान, २०६३ ले गरेको प्रतिबद्धता तथा सम्मानित सर्वोच्च अदालतले विभिन्न मुद्दामा दिएको निर्देश अनुरूप सत्य निरूपण तथा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा छुट्टाछुट्टै आयोगहरू गठन गर्नुपर्नेमा सोको बर्खिलाप भएको थियो। साथै यस अध्यादेशको दफा २ र ३ मा मानवअधिकारको गम्भीर उल्लङ्घनको परिभाषा फरक हुनु, दफा २१ को पर्याप्त आधार नभए मुद्दा तामेलीमा राख्न सक्ने व्यवस्था, दफा २२ को पीडकले मात्र माफी मागे पनि आयोगले मेलमिलाप गराउने व्यवस्था, दफा २३ को क्षमादान दिने व्यस्था, दफा २५, २७, २८ लगायतका उपदफा पीडितलाई न्याय दिने भन्दा पीडकलाई प्रश्रय र उन्मुक्ति दिन प्रेरित गर्ने खालका छन्। यस अध्यादेशविरुद्ध सर्वोच्च अदालतमा परेको मुद्दाको फैसला गर्दै सन् २०१३ को अन्त्यसँगै सत्य निरूपण तथा मेलमिलाप आयोग अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको बनाउन सरकारलाई आदेश दिएको छ।

आफ्ना छोरा १८ वर्षीय कृष्णप्रसादको हत्यामा संलग्नलाई कानुनी कारबाहीको माग गर्दै अनशनमा बसेका गोरखा, फुजेलका ५६ वर्षीय नन्दप्रसाद र ५५ वर्षीया गङ्गामाया अधिकारी दम्पतीको न्यायको माग यस वर्ष पनि अधुरै रह्यो। अधिकारी दम्पतीले आमरण अनशन थालेको ४७ औँ दिन अधिकारी हत्याको आरोपमा रामप्रसाद अधिकारीलाई भदौ २१ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धान थालेपछि सरकारका सचिवसँगको तीनबुँदे सहमतिमा अधिकारी दम्पतीले अनशन तोड्यो। तर, अनुसन्धान प्रक्रिया पूर्ण नभएको भन्दै आरोपित अधिकारी २५ दिनपछि जिल्ला सरकारी वकिलको आदेशमा रिहा भए।

न्याय नपाएको भन्दै पुन: अधिकारी दम्पती कात्तिक ७ गतेदेखि वीर अस्पतालमा उपचारार्थ रहेकै अवस्थामा अनशन सुरु गरे। फेरि सरकारले अर्का आरोपित अजित भनिने पर्शुराम पौडेललाई मङ्सिर २१ गते गिरफ्तार गऱ्यो। पहिलाका आरोपित गिरफ्तार भएर रिहा भएकै प्रक्रिया अनुसार यो मुद्दा पनि अदालत नपुग्दै २५ दिनको हिरासतपछि पौडेल रिहा भए। यसअघि साउन ७ गतेदेखि अनशन बस्दै आएका नन्दप्रसाद र गङ्गामायाको अनशन तोड्न सरकारले भदौ २२ गते प्रतिबद्धतापत्र तयार गरेको थियो।

कृष्णप्रसाद अधिकारीका हकदारलाई १० लाख रुपियाँ राहत दिने निर्णय सरकारले असोज १० गते गऱ्यो। अनशनमा भएको सहमति प्याकेजमै पूरा हुनुपर्ने भन्दै अधिकारी दम्पतीले सो रकम बुझ्न र पहिले गरेको सहमति कार्यान्वयन नगरेको र न्याय नपाएको भन्दै पुन: अनशनमा बस्यो।

सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूमा संलग्नलाई कानुनी दायरामा ल्याउने प्रयास सरकारले गरेन। सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न आवश्यक सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोगको गठनका विषयहरू विभिन्न बहनामा पछाडि सर्दै गए। न्यायका आशामा बसेका नागरिकले न्यायका लागि विभिन्न तौरतरिका अवलम्बन गर्न थालेका छन्। नेपालका राजनीतिक दल र सरकार पीडितका पक्षमा उदासीन रहेको प्रस्ट भयो। सशस्त्र द्वन्द्वको एक पक्षधर एमाओवादीका नेताहरूले सशस्त्र द्वन्द्वका मुद्दाहरूलाई एकैसाथ हेरिनुपर्ने बताए।[१५] प्रहरी महानिरीक्षक कुबेरसिंह रानाले द्वन्द्वकालका घटनाहरूका विषयमा अनुसन्धान प्रक्रिया अगाडि नबढाउन निर्देशनसमेत दिए।[१६]

दण्डहीनताको सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखको नियुक्ति उल्लेख्य घटना हो। संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले पूर्वमुख्यसचिव लोकमानसिंह कार्कीलाई वैशाख २५ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त र आयुक्तमा कयोदेवी यमीलाई नियुक्त गरे। उच्चस्तरीय राजनीतिक समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा कार्कीलाई नियुक्त गर्न ०६९ चैत ४ गते सरकारलाई सिफारिस गरेदेखि नै त्यसको व्यापक विरोध हुँदै आएको थियो। जनआन्दोलन ०६२/०६३ दबाउन मुख्य भूमिका निर्वाह गरेको प्रमाणित भएका कार्की सरकारी सेवाका लागि अयोग्य

१५. http://nepaliheadlines.com/ucpn-maoist-pressurizes-gvt-to-withdraw-adhikari-case/
०७० पुस १६ गते हेरिएको

१६ http://www.inseconline.org/index.php?type=news&lang=np&id=39375
०७० पुस १५ गते हेरिएको

रहेको भनी जनआन्दोलनमा भएका घटनाहरूको छानबिन गर्न गठन भएको उच्चस्तरीय रायमाझी आयोगले सरकारलाई सिफारिस गरेको थियो। यसरी जुन संस्थाले उनीउपर अभियोग लगाएको थियो, त्यसकै प्रमुखमा उनलाई नियुक्त गरेर विधिको शासनको मर्यादाप्रति आघात पुऱ्याउने काम भयो। दण्डहीनतालाई प्रश्रय दिँदै आएका राजनीतिक शक्तिको बदनियत उदाङ्गो हुन पुग्यो।

५. द्वन्द्वपीडितलाई राहत

डा. बाबुराम भट्टराई सरकारले सशस्त्र द्वन्द्वका क्रममा मृत्युवरण गरेका व्यक्तिका परिवार र बेपत्ता पारिएका व्यक्तिका हकदारलाई दिइने थप राहत रकमको ५० प्रतिशत रकम निर्माणाधीन माथिल्लो तामाकोसी जलविद्युत् आयोजनामा सेयर लगानी गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दियो। यसअघि १ लाखदेखि ३ लाख रुपियाँसम्म राहत उपलब्ध गराएकामा थप पाँच लाख पुऱ्याउने तथा पाँच लाखबराबरको सेयर उपलब्ध गराई १० लाख रुपियाँ पुऱ्याउने कार्ययोजना बनाए पनि सो काम हुन सकेन।

द्वन्द्वपीडितलाई परिचयपत्र उपलब्ध गराउन सरकारले ०६९ चैतमा निर्देशिका तयार पारेको थियो। साउनदेखि वितरण गरिने भनेको द्वन्द्वपीडित परिचयपत्र सर्वोच्च अदालतको अन्तरिम आदेशका कारण सुरुआतमै रोकियो। सर्वोच्च अदालतले साउन २८ गते अन्तिम निर्णय नभएसम्म द्वन्द्वका क्रममा मृत्युवरण गरेका वा बेपत्ता पारिएका परिवारलाई प्रदान गरिने परिचयपत्र निर्देशिका, २०६९ को कार्यान्वयन जहाँ जे अवस्थामा छ, त्यसलाई रोक्नु, अघि नबढाउनु भन्ने आदेश दिएको थियो। निर्देशिका अनुसार ०७०/०७१ देखि सरकारले परिचयपत्र वितरण गर्न सुरु गरेकामा त्यसविरुद्ध साउन ९ गते द्वन्द्वपीडितहरूले परिचय वितरण अन्तरिम संविधान, २०६३ को धारा ३३ मा प्रयोग भएको शब्दभन्दा फरक शब्द परेको भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

१०. मानवताविरोधी अपराधका मुद्दाको अन्तर्राष्ट्रियकरण

सशस्त्र द्वन्द्वका क्रममा हिमाल शर्मालाई गैरकानुनी थुना, बलपूर्वक बेपत्ता पारेको तथा यातना दिएको भन्दै दण्डहीनताविरुद्ध कार्यरत स्वीस संस्था ट्रायलले वैशाख ९ गते संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिमा उजुरी गऱ्यो।

यसै गरी, सशस्त्र द्वन्द्वकालमा सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा लिइएकी सरीता शर्मालाई महाराजगन्ज ब्यारेकबाट बेपत्ता पारिएको घटनाका सम्बन्धमा ट्रायलले समितिमा उजुरी दिएको हो। शर्माको प्रतिनिधित्व गर्दै जेनेभास्थित सङ्गठनका निर्देशक फिलिप ग्रान्टले शर्मामाथि भएको स्वेच्छाचारी हिरासत, बलपूर्वक बेपत्ता तथा यातनाको घटनामा संलग्नविरुद्ध कुनै पनि विश्वसनीय र प्रभावकारी अनुसन्धान नभएको बरू नेपालले न्यायको कठघराबाट पीडितलाई जोगाउन र दण्डहीनतालाई थप मजबुत पार्न एकपछि अर्को कदम चालिरहेको बताए।[१६]

नेपाली सेनाका तर्फबाट संयुक्त राष्ट्रसङ्घीय मिसनमा सुडानमा कार्यरत महासेनानी कुमार लामा घरबिदामा श्रीमती भेट्न बेलायत पुगेको समयमा बेलायत प्रहरीले मानवताविरोधी अपराध गरेको आरोपमा गिरफ्तार गऱ्यो। मानवअधिकार उल्लङ्घन गर्नेहरूविरुद्ध राज्यले कारबाही नगरेपछि पीडितका तर्फबाट तेस्रो पक्षले न्यायका लागि बेलायती अदालतमा मुद्दा दायर गरेको थियो। लामालाई कपिलवस्तुको गोरुसिङ्गे गणमा गणपति हुँदा सर्वसाधारणलाई हिरासतमा यातना दिएको आरोप लागेको थियो।

कपिलवस्तु जिल्ला अदालतले यातना भएको ठहर गरी निजलाई क्षतिपूर्ति दिनु र यातना दिने कर्णेल कुमार लामालाई विभागीय कारबाही गर्नु भनी फैसला गरेको थियो। सरकारले न पीडितलाई क्षतिपूर्ति दियो, न त कर्णेल लामालाई कुनै विभागीय कारबाही नै गऱ्यो। क्रिमिनल जस्टिस एक्ट १९९८ को दफा १३४ अनुसार बेलायत सरकारले कारबाही प्रक्रिया अगाडि बढायो। त्यो दफामा अन्य जुनसुकै देशमा यातनाजस्तो मानवताविरोधी कार्यमा संलग्न भएको मानिस बेलायती नागरिक नभए पनि बेलायती भएको सरह मानी कारबाही गरिनेछ भन्ने प्रावधान रहेको छ।[१७]

लामाको गिरफ्तारीपछि नेपाल सरकारले देशको सार्वभौमिकतामा कुठाराघात भएको भनी विरोध जनायो। नेपाल सरकारका परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले बेलायती राजदूत जोन टकनटसँग भेट गरी

१६. http://www.inseconline.org/index.php?type=news&id=40117&lang=np ०७० पुस १५ गते हेरिएको

१७. http://www.insec.org.np/pics/1363149212.pdf, ०७० पुस ११ गते हेरिएको

नेपाल सरकारका तर्फबाट विरोधपत्र बुझाएका थिए। सरकारले लामाको गिरफ्तारी सार्वभौमसत्ताको विपक्षमा रहेको बतायो।[१९]

नेपाल सन् १९४९ देखि नै जेनेभा महासन्धिको पक्षराष्ट्र भएकाले बेलायतले महासन्धिले आतङ्कवाद, नरसंहार, मानवताविरुद्धको अपराध, युद्ध अपराध, बेपत्ता र यातनासम्बन्धी अपराधलाई अन्तर्राष्ट्रियकरण गरेको छ। अन्तर्राष्ट्रियकरण भएका अपराधमा संलग्न व्यक्तिलाई कारबाही गर्ने कानुन उसको राष्ट्रमा छैन। तर, ऊ कानुन भएको राष्ट्रमा गए जुनसुकै बेला गिरफ्तार हुन सक्छ।

यातनासम्बन्धी महासन्धि, १९८४ को धारा २(२) ले यातनालाई कुनै पनि विशिष्ट परिस्थितिको कारणबाट उन्मुक्ति दिन सकिँदैन भन्ने उल्लेख गरेको छ भने सम्बन्धित पक्षराष्ट्रले कानुन बनाइ यातनालाई अपराधका रूपमा परिभाषित गर्नुपर्ने दायित्व तोकेको छ। त्यस्तै, सोही महासन्धिको धारा ५(२) मा 'प्रत्येक पक्षराष्ट्रले न्यायिक क्षेत्राधिकार कायम गर्नका लागि आवश्यक मापन कायम गर्नुपर्छ, जहाँ त्यस्ता अपराधीहरू न्यायिक क्षेत्राधिकार भएका भू-भागमा छन्' भन्ने उल्लेख छ। त्यस्तै उक्त महासन्धिको धारा ७(१) र २ ले पक्षराष्ट्रलाई धारा ५(२) बमोजिमको व्यक्तिलाई या त सम्बन्धित देशमा सुपुर्दगी गर्ने वा आफ्नो देशमा कारबाही गर्ने दायित्व निर्धारण गरेको छ।[२०]

११. संयुक्त राष्ट्रसङ्घ महासभामा नेपालको प्रतिनिधित्व

अमेरिकामा हुने संयुक्त राष्ट्रसङ्घको ६८औँ महासभामा नेपालको प्रतिनिधित्व गर्दै भाग लिन विदेश भ्रमणमा जाने मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीको निर्णय पनि आलोच्य हुनबाट बचेन।

अध्यक्ष खिलराज रेग्मीले संयुक्त राष्ट्रसङ्घको ६८औँ महासभामा भाग लिन आफ्नै नेतृत्वमा १५ सदस्यीय नेपाली टोली असोज ४ देखि १४ गतेसम्म जाने निर्णय भएको थियो। निर्वाचनको मुखमा देशको शान्तिसुरक्षाको जिम्मेवारी लिएका गृहमन्त्री तथा परराष्ट्रमन्त्री माधव घिमिरेलाई समेत टोलीमा समावेश गरेका कारण रेग्मीको आलोचना बढी भएको मानियो।

यसरी विरोधका स्वरहरू सार्वजनिक हुन थालेपछि निर्वाचनको पूर्वसन्ध्यामा सरकारका प्रमुख अध्यक्षको नेतृत्वमा संयुक्त राष्ट्रसङ्घ महासभाको ६८ औँ नियमित अधिवेशनमा जाने प्रतिनिधिमण्डलमा समावेश भएका परराष्ट्र तथा गृहमन्त्री माधवप्रसाद घिमिरेले महासभामा भाग लिन नजाने निर्णय गरेका थिए। चौतर्फी विरोध हुन थालेपछि मन्त्रिपरिषद्का अध्यक्ष रेग्मी आफैँ पनि असोज १० गते मात्र महासभामा भाग लिन अमेरिका प्रस्थान गरेका थिए।

१२. शान्तिसुरक्षा

जनतालाई शान्ति सुरक्षाको प्रत्याभूति दिन यो सरकार केही हदसम्म सफल रहेको पाइयो। रेग्मी नेतृत्व सरकारले शान्ति सुरक्षालाई प्राथमिकताका साथ महत्त्व दियो। पूर्वी पहाडी जिल्ला र तराईमा रहेका सशस्त्र समूहको गतिविधि निष्प्रभावी रह्यो। तराईमा सशस्त्र गतिविधिका नाममा चन्दा, अपहरण, हत्यालगायतका गतिविधिमा संलग्न भएका भनिएका केही सशस्त्र समूहका नाइकेहरूलाई सरकारले गिरफ्तार गरी कानुनी कारबाहीको दायरामा ल्याउन सफल भयो। तराईमा सशस्त्र गतिविधि गर्दै आएको जयकृष्ण गोइत नेतृत्वको अखिल तराई मुक्ति मोर्चाका पोलिटब्युरो सदस्य पृथ्वीसिंह भनिने श्याम यादवलाई असोज ५ गते प्रहरीले गिरफ्तार गरी कानुनी दायरामा ल्यायो। उनी जनकपुर निवासी एमाले कार्यकर्ता माथवर मुखियाको हत्याका योजनाकार र तराईमा हुने अन्य आपराधिक गतिविधिमा रहेको प्रहरीको दावी छ।[२१]

यसै गरी, जनतान्त्रिक तराई मुक्ति मोर्चाका अध्यक्ष राजन मुक्ति भनिने रञ्जितकुमार झालाई पनि प्रहरीले मङ्सिर २ गते गिरफ्तार गऱ्यो। मध्यपश्चिम क्षेत्रमा पनि आपराधिक क्रियाकलापमा संलग्न रहेको तराई मुक्ति पार्टीका केन्द्रीय अध्यक्ष भगत सिंह सरदारलाई मङ्सिर १४ गते प्रहरीले गिरफ्तार गऱ्यो। डेढ वर्षअघि युद्धविराम गरेर सरकारसँग वार्ता गरे पनि

१९. http://www.ekantipur.com/2013/01/04/top-story/nepal-govt-objects-to-col-lam as-arrest-in-uk/365148.html ०७० पुस ११ गते हेरिएको

२०. फुयाल, हरि। विश्वव्यापी क्षेत्राधिकारको अवधारणा र प्रयोग। इन्सेक। प्राची। पूर्णाङ्क ८०, फागुन ०६९। पृ. १५

२१. http://www.inseconline.org/index.php?type=news&id=41958&lang=np ०७० पुस १० गते हेरिएको

गत असोज ११ गते वार्ता भङ्ग भएको घोषणा गरेर सशस्त्र गतिविधि सञ्चालन गरेको आरोपमा सिंहलाई प्रहरीले गिरफ्तार गरेको थियो। प्रहरी प्रशासनको यस सक्रियताले पनि शान्ति सुरक्षामा सकारात्मक प्रभाव परेको छ।

तर, सरकार आफैंले गिरफ्तार गरी हिरासतमा राखेका वा नियन्त्रणमा लिएका र थुनामा राखेका व्यक्तिको पनि बाँच्न पाउने अधिकारको सुरक्षा गर्न सकेन। सिन्धुली कारागारमा थुनामा रहेका एक कैदीको आपसी झगडामा परी मृत्यु भयो। प्रहरी हिरासतमा चार जनाको मृत्यु भएको विवरण सार्वजनिक भयो भने खोटाङमा एक जनाको प्रहरी हिरासतमा कुटपिटबाटै मृत्यु भयो। यस्ता घटनाले नेपालका प्रहरी हिरासतहरू अझै पनि यातनागृहका रूपमा रहेको मान्न सकिन्छ।

स्याङ्जामा घरेलु हिंसापीडित महिलाको मृत्युको विषयमा अनुसन्धान गर्न दबाब दिन विरोध प्रदर्शनमा संलग्न सर्वसाधारणमध्ये दुई जनाको चापाकोट प्रहरी चौकीका प्रहरीले चलाएको गोली लागी मृत्यु भएको थियो भने ३१ जना घाइते भए।

१३. निष्कर्ष

संविधानसभाको निर्वाचनको प्रमुख दायित्व बोकेको प्रधानन्यायाधीश खिलराज रेग्मीको सरकारले आफ्नो दायित्व एक हदसम्म पूरा गऱ्यो। तर, निर्वाचनमा भाग लिने सबै राजनीतिक दल तथा व्यक्तिको अधिकारलाई सम्मान गर्दै उनीहरूलाई निर्वाचनमा सहभागी गराउनुपर्नेमा यस निर्वाचनमा केही राजनीतिक दल तथा समूहलाई सरकारले समेट्न सकेन। तर, जुन परिस्थितिमा चुनाव सम्पन्न भयो, त्यो जनताले र सरकार आफैंले सोचेको भन्दा सफल थियो।

सशस्त्र द्वन्द्वका कारण १० वर्षसम्म जनताको मौलिक अधिकारभित्रका शिक्षा, स्वास्थ्य, आवास, खाद्य, रोजगारलगायतका क्षेत्र सङ्कुचित हुँदा जनताको न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न सरकार असक्षम रह्यो।

संविधानसभाले संविधान जारी गरी सङ्क्रमणकालको अन्त्य गर्नु पहिलो कार्य हो। यसका साथै नयाँ बन्ने सरकारले जनताका आधारभूत आवश्यकतालाई सम्बोधन गर्नु जरुरी छ। स्वास्थ्य, शिक्षा, रोजगारसँग आर्थिक समृद्धिका लागि विकासलाई पनि सँगसँगै लैजान आवश्यक छ। प्रत्येक निर्वाचनपछि हुने मूल्यवृद्धिले जनतालाई थप आहत पार्दै आएको छ।

सङ्क्रमणकालका नाममा पीडितको न्यायलाई पन्छाउन हुँदैन। दिगो शान्तिका लागि पीडितले न्यायको अनुभूति गर्नुपर्छ। दण्डहीनता, असुरक्षाको अन्त्य गर्न सरकारले कानुनको प्रभावकारी कार्यान्वयन र उचित शान्ति सुरक्षाको व्यवस्था मिलाउन आवश्यक छ। संविधानसभाको निर्वाचन सम्पन्न भएर व्यवस्थापिका-संसद् र संविधानसभाको गठन हुनु आफैंमा ठूलो उपलब्धि हो। यो उपलब्धिलाई फलदायी बनाएर संविधान जारी गर्न संविधानसभा निर्वाचनमा सहभागी नभएका तथा नआएका राजनीतिक दलको भावनालाई सरकारले समेट्ने वातावरण बनाउनुपर्छ। पूर्वी पहाड, तराई-मधेसका सशस्त्र समूह तथा जातीय समूहलाई सरकारले वार्ताका माध्यमद्वारा संविधान निर्माण प्रक्रियामा सामेल गराउन सक्नुपर्छ।

द्वन्द्वपीडितको न्यायका लागि र बृहत् शान्ति सम्झौताको कार्यान्वयनका लागि अन्तरिम संविधान, २०६३ ले प्रत्याभूत गरेका बेपत्ता पारिएका नागरिकसम्बन्धी आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग यथाशीघ्र गठन गरी शान्ति प्रक्रियालाई गतिशील र पुनःताजगी गर्नु आवश्यक छ। यसका लागि सरकारमा सहभागी राजनीतिक दल, प्रतिपक्षमा रहने राजनीतिक पार्टी तथा संविधानसभाभित्र तथा बाहिर रहेका सबै दल, समूह, नागरिक समाज, पत्रकार, व्यवसायीलगायत सबैको जिम्मेवारी घटबढ भए पनि उत्तरदायित्व सबैको रहन्छ।

१४. सुझाव

- राष्ट्रिय मानवअधिकार आयोग पदाधिकारीविहीन भएको अवस्थालाई पूरा गर्न राष्ट्रिय सहमतिका आधारमा पेरिस सिद्धान्त अनुरूप पारदर्शी रूपमा नियुक्ति गर्नुपर्छ।
- बेपत्ता नागरिक छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग बेग्लाबेग्लै बनाउनु पर्छ।
- स्थानीय निकायमा जनप्रतिनिधि नहुँदा सर्वसाधारण जनताले स्थानीय सेवाप्रदाय छिटोछरितो रूपमा नपाएको हुँदा यस रिक्ततालाई परिपूर्ति गर्न स्थानीय निकायको निर्वाचन गर्नुपर्छ।
- न्यायका लागि अनशनरत अधिकारी दम्पतीको ज्यानको रक्षा र न्यायलाई सम्बोधन गर्न सरकारद्वारा भएका प्रतिबद्धता-पत्रको कार्यान्वयन गर्नुपर्छ।

स्रोत : सूचना विभाग

परिच्छेद

३

३.३ राज्य र मानवअधिकार

न्यवस्थापिका

हरु

घटनाक्रम

(०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म)

फागुन ३० गते

प्रमुख चार राजनीतिक दलद्वारा प्रधानन्यायाधीशको नेतृत्वमा चुनावी सरकार गठन गर्ने ११ बुँदे सहमतिमा हस्ताक्षर।

चैत १ गते

प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा तीन सदस्यीय मन्त्रिपरिषद् गठन।

अन्तरिम चुनावी मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिद्वारा २५ बुँदे बाधा अड्काउ फुकाउ आदेश जारी ।

राष्ट्रपतिद्वारा बेपत्ता व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग गठनसम्बन्धी अध्यादेश जारी।

चैत ८ गते

संवैधानिक परिषद्द्वारा निर्वाचन आयोगमा प्रमुख आयुक्त र चार आयुक्तहरू नियुक्त गर्न सिफारिस।

चैत ११ गते

बेपत्ता व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग गठनसम्बन्धी अध्यादेशमा मानवअधिकार उल्लङ्घनका दोषीलाई क्षमादान दिन सकिने प्रावधान राखिएको भन्दै द्वन्द्वपीडित सङ्गठनहरूद्वारा सर्वोच्च अदालतमा संयुक्तरूपमा रिट दायर।

चैत १५ गते

बेपत्ता व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग गठनसम्बन्धी अध्यादेश लागू नगर्न सर्वोच्च अदालतद्वारा अन्तरिम आदेश।

चैत २५ गते

नेपाल नागरिकता ऐन, २०६३, निर्वाचनसम्बन्धी केही नेपाल ऐन, निजामती सेवा ऐन, २०४९ को संशोधन तथा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को संशोधन गर्न बनेका अध्यादेशहरू राष्ट्रपतिद्वारा प्रमाणीकरण।

वैशाख २५ गते

संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिद्वारा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखमा लोकमानसिंह कार्कीलाई नियुक्त।

जेठ ३१ गते

संविधानसभा सदस्यको निर्वाचनका सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश राष्ट्रपतिद्वारा जारी।

भदौ ३० गते

मानवअधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायसहित पाँचै जना आयुक्तको पदावधि सकिएपछि आयोग आयुक्तविहीन।

कात्तिक २० गते

निर्वाचन आयोगद्वारा संविधानसभा सदस्यमा समानुपातिकतर्फका एमाओवादी उम्मेदवार बालकृष्ण ढुङ्गेल र उषा साह फकिरको उम्मेदवारी खारेज।

मङ्सिर ४ गते

संविधानसभाको पुनः निर्वाचन सम्पन्न।

१. पृष्ठभूमि

गत वर्ष संविधानसभा विघटनको नौ महिनापछि प्रधानन्यायाधीशको नेतृत्वमा अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन गर्न राजनीतिक दलहरू सहमत भए। दलहरूबीच भएको ११ बुँदे सहमति र त्यसलगत्तै राष्ट्रपतिद्वारा जारी गरिएको २५ बुँदे बाधा अड्काउ फुकाउ आदेशले निर्वाचनको मार्गप्रशस्त गऱ्यो। ०६४ को संविधानसभामा झैं यसपटक पनि संविधानसभालाई संविधान निर्माणका साथै व्यवस्थापिका-संसद्को भूमिकामा राख्ने दलहरूबीच सहमति भयो।

बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई अन्तरिम चुनावी मन्त्रिपरिषद्को अध्यक्षका रूपमा राख्ने विषयमा संवैधानिक विवाद उत्पन्न भयो। कार्यपालिकालाई नियन्त्रण गर्ने थलो व्यवस्थापिका-संसद् हो। व्यवस्थापिका संसद्विहीन अवस्थामा न्यायपालिका प्रमुखले कार्यपालिकाको समेत नेतृत्व लिँदा यसले शक्ति पृथकीकरणको सिद्धान्तमा गम्भीर असर पार्ने भनी आलोचना मात्र भएन, न्यायिक उपचार पनि खोजियो।

संवैधानिक निकायमा नियुक्त गर्ने दलहरूबीचको सहमति अनुसार निर्वाचन आयोग र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आयुक्तहरूका साथै सर्वोच्च अदालतमा पाँच अस्थायी न्यायाधीशहरू नियुक्त भए। राष्ट्रपति रामवरण यादवले रेग्मी नेतृत्वको मन्त्रिपरिषद्को सिफारिसमा निर्वाचनलगायत केही महत्त्वपूर्ण अध्यादेशहरू जारी गरे। डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले सिफारिस गरेको बेपत्ता छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग गठनसम्बन्धी अध्यादेश जारी गरेपछि सो विरुद्ध सर्वोच्चमा रिट दायर भयो।

व्यवस्थापिका संसद्विहीन हुँदा जनताको सरोकारका विषयले स्थान पाएनन्। मानवअधिकारका विषयमा सरकारको ध्यानाकर्षण गराउने समितिहरूको उपस्थिति भएन। ती समितिहरूले मानवअधिकारसम्बन्धी मुद्दाहरूमा गरेका हस्तक्षेप, व्यवस्थापिका-संसद्मा उठाइएका चासोहरूबारे यस परिच्छेदमा चर्चा गरिने भए पनि यस वर्ष त्यस्तो केही भएन। तसर्थ, कुनै संसदीय कारबाही नभएको अवस्थामा यसबाट परेका प्रभावहरू र असरहरूबारे यस परिच्छेदमा विश्लेषण गरिएको छ। साथै, व्यवस्थापिका संसद्बाट विभिन्न चरण पार गरी पारित हुनुपर्ने महत्त्वपूर्ण विधेयकलाई अध्यादेशका रूपमा जारी गरियो। मानवअधिकारसँग प्रत्यक्ष रूपमा सरोकार राख्ने ती अध्यादेशबारे पनि यस आलेखमा छलफल गरिएको छ।

२. संविधानसभाको पुनः निर्वाचन

संविधान निर्माणको ऐतिहासिक दायित्व प्राप्त गरेका दलहरूले आफ्नो जिम्मेवारी पूरा गर्न सकेनन्। फलस्वरूप संविधानसभाको पुनः निर्वाचन गर्नुपर्ने बाध्यता सिर्जना भयो। निर्वाचनमा जानुअघि संविधान बन्न नसक्नुको मूल कारणबारे जनतालाई जानकारी दिन दलहरूले साहस देखाएनन्। चार ठूला राजनीतिक शक्तिबीच संविधानसभा व्यवस्थापिका-संसद्को निर्वाचनका लागि अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन गरिने सहमति भयो। सोही अनुसार बनेको प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको मन्त्रिपरिषद्ले संविधानसभा व्यवस्थापिका-संसद्को निर्वाचन सम्पन्न गर्न ०७० मङ्सिर ४ गतेको मिति तोक्यो। संवैधानिक परिषद्को सिफारिसमा निर्वाचन आयोगका प्रमुख आयुक्तमा नीलकण्ठ उप्रेती, आयुक्तहरूमा दोलखबहादुर गुरुङ, अयोधीप्रसाद यादव, रामभक्त पीवी ठाकुर र इला शर्मालाई नियुक्त गरेपछि संविधानसभा निर्वाचनको बाटो खुलेको थियो। आयोगले तोकिएको निर्वाचन मितिभन्दा १ सय २० दिनअघिबाट संविधानसभा सदस्य निर्वाचन आचारसंहिता जारी गऱ्यो। नेकपा-माओवादी नेतृत्वको ३३ दलीय मोर्चाको निर्वाचनविरोधी गतिविधिका बावजुद शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भयो। ०६४ को संविधानसभामा २५ दलको प्रतिनिधित्व भएकामा यसपटक भने ३० दलले आफ्ना प्रतिनिधि संविधानसभामा पठाउने अवसर पाए। *(हेर्नूहोस् बक्स)* निर्वाचन आयोगद्वारा फोटोसहितको मतदाता परिचयपत्र वितरण गरिनाले पनि निर्वाचनलाई स्वच्छ एवम् सफलतापूर्वक सम्पन्न गर्न मद्दत पुऱ्यायो।

निर्वाचन आचारसंहिताले निर्वाचन प्रचारमा खर्चको सीमा तोकिदिए पनि दल तथा उम्मेदवारहरूले तडकभडकपूर्ण प्रचार गरे। निर्वाचन आचारसंहिता उल्लङ्घनका धेरै घटनाहरू भए पनि थोरै उम्मेदवारलाई मात्र निर्वाचन आयोगले सचेत गरायो। *(हेर्नूहोस् परिच्छेद, संविधानसभा: अग्रगमनको प्रस्थान विन्दु)*

२.१ संविधानसभा सदस्य उम्मेदवारको योग्यतामा विवाद

सक्षम, नैतिकवान् र स्वच्छ छवि भएका व्यक्तिहरूले मात्र सही अर्थमा जनप्रतिनिधित्व गर्न सक्ने आशा गर्न सकिन्छ। राष्ट्रपतिले जेठ ३१ गते जारी गरेको संविधानसभा सदस्य निर्वाचन अध्यादेशको दफा १९ ले उम्मेदवारको योग्यता तोक्यो। यस दफाको उपदफा (घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण वा राहदानी दुरुपयोगसम्बन्धी कसूरमा अदालतको अन्तिम फैसलाबाट सजाय पाएको, र (ङ) ज्यानसम्बन्धी मुद्दामा अदालतको अन्तिम फैसलाबाट सर्वस्वसहित जन्मकैद वा जन्मकैदको सजाय पाएको भनी आपराधिक मुद्दाहरूमा दोषीहरूलाई उम्मेदवारका रूपमा प्रस्तुत हुन बन्देज लगायो। यद्यपि, यस व्यवस्थाविरुद्ध सर्वोच्च अदालतमा रिट परेकामा अदालतले अन्तरिम आदेश जारी कार्यान्वयन गर्न रोक लगायो। सो रिटसम्बन्धी छलफलमा अदालतले अध्यादेशबमोजिम नै आदेश जारी गरेपछि भने अदालतद्वारा हत्यारा ठहर गरिएका समानुपातिकतर्फका एमाओवादी उम्मेदवार बालकृष्ण ढुङ्गेलको उम्मेदवारी बदर भयो। यसै गरी लाभको पदमा रहेका राष्ट्रिय मुस्लिम आयोगका सदस्य तथा समानुपातिकतर्फ एमाओवादी अर्का उम्मेदवार उषा साह फकिरको पनि उम्मेदवारी निर्वाचन आयोगले रद्द गऱ्यो। गम्भीर मानवअधिकार उल्लङ्घनका घटनाका आरोपितहरूलाई उम्मेदवारका रूपमा नपठाउन द्वन्द्वपीडित तथा मानवअधिकारकर्मीहरूले गरेका आग्रहको राजनीतिक दलहरूले बेवास्ता गरे। संविधानसभा र व्यवस्थापिका-संसद्मा स्वच्छ छविका जनप्रतिनिधि पठाई जनताको विश्वास जित्ने अवसर दलहरूले गुमाए।

गम्भीर मानवअधिकार उल्लङ्घनका घटनाहरूबाट पीडित निःशस्त्र नागरिकहरूको घाउमा न्यायको मलम लगाउने काम थाती नै रहेको सन्दर्भमा त्यस्ता आरोप लागेका व्यक्तिलाई संविधानसभाको निर्वाचनमा उम्मेदवार नबनाउन द्वन्द्वपीडित समुदायले दलहरूको ध्यानाकर्षण गराएको थियो। तर, सर्वोच्च अदालतको अन्तिम फैसलाबाट दोषी ठहरिएका व्यक्ति मात्र उम्मेदवार बन्न नपाउने प्रावधान राखेर गम्भीर मानवअधिकार हननका आरोपितहरू उम्मेदवार बन्न सक्ने प्रावधान राखी निर्वाचन ऐन जारी गरियो। जनताको प्रतिनिधि छान्ने विशुद्ध प्रक्रियामा समेत निःशस्त्र नागरिकको हत्या, जबरजस्ती बेपत्ता, बलात्कार, यातनाजस्ता आपराधिक पृष्ठभूमिका व्यक्तिहरू उम्मेदवार बन्न पाउने प्रावधान राखेर राजनीतिक सहमतिमा मानवअधिकारका मूल्य र मान्यताहरूमाथि सम्झौता गरी जारी गरिएको ऐनले अपराधको राजनीतिलाई संरक्षण गरेको छ। यसले दण्डहीनतालाई बढावा दिने र कानुनी सर्वोच्चतालाई निषेध गर्ने निश्चित छ।[१]

२.२ संविधानसभा सदस्य सङ्ख्या

दोस्रोपल्ट राष्ट्रपतिले बाधा अड्काउ फुकुवा गरेपछि संविधानसभा ६ सय १ सदस्यीय नै हुने निश्चित भएको थियो। जसअनुसार ०६४ सालको जस्तै समानुपातिकतर्फ ३ सय ३५, प्रत्यक्षतर्फ २ सय ४० र मन्त्रिपरिषद्ले मनोनयन गर्ने २६ जना सदस्य रहने व्यवस्था गरियो। यसअघिको संविधानसभामा सदस्य सङ्ख्या धेरै भएको भन्दै आलोचना भएको थियो। चैत १ गते जारी भएको बाधा अड्काउ फुकुवा आदेशले समानुपातिकतर्फ २ सय ४० सिट सङ्ख्या राखी ११ मनोनीत सभासद् गरी संविधानसभा सदस्य सङ्ख्या ४ सय ९१ हुने व्यवस्था गरेको थियो। विभिन्न जनजाति सभासद्, मधेसी दललगायतको विरोधले सभासद्को सङ्ख्या पुनः ६ सय १ नै कायम गरियो।

प्रत्यक्षभन्दा समानुपातिक सङ्ख्या बढी भएपछि दलीय नेतृत्वलाई अनुचित खेलकुद गर्ने 'मैदान' उपलब्ध भयो। संविधानसभालाई समावेशी बनाउने 'असल उद्देश्य'मा धेरै तोडमोडका दृश्य विस्मृति पुग्नु नपर्ने हो। पहिलो संविधानसभाको चारवटै कार्यकालमा समानुपातिक पद्धतिबाट निर्वाचित भएकाहरूको अनुहार र क्रियाकलाप विश्लेषण नगरिनु दुर्भाग्य हो। सानो आकारमा पनि खँदिलो समावेशी बनाउन सकिन्थ्यो। तर, मुलुकलाई भार पार्ने र आफू उकासिने खेल रुचिकर हुन पुग्यो।[२]

---

१. अधिकारी, सुमन। 'निर्वाचनमा द्वन्द्वपीडितका सवाल' कान्तिपुर, २०७० असोज ९ : पेज ७

२. थापा, हरिबहादुर। 'संविधानसभामा तमसुके प्रवृत्ति' कान्तिपुर, २०७० असोज १० : पेज ७

२.३ महिला तथा दलितको कमजोर प्रतिनिधित्व

महिलाको ३३ प्रतिशतसहित विभिन्न जातजाति, वर्ग, समुदाय र क्षेत्रका जनताको प्रतिनिधित्व रहेको ०६४ को संविधानसभा विश्वकै लागि समावेशिताको नमुनाका रूपमा रहेको थियो। तर, संविधानसभाको पुन: भएको निर्वाचनमा निर्वाचित ५ सय ७५ जना सभासद्हरूमध्ये जम्मा १ सय ७२ अर्थात् ३० प्रतिशत मात्र महिलाको प्रतिनिधित्व रहेको छ। त्यसमा पनि प्रत्यक्षतर्फ निर्वाचित सभासद्मध्ये जम्मा १० जना अर्थात् चार प्रतिशत र समानुपातिकतर्फको ३ सय ३५ सिटमा जम्मा १ सय ६२ जना अर्थात् ४८.३५ प्रतिशत महिला सभासद्हरू विभिन्न दलका तर्फबाट निर्वाचित भएका छन्। कुल जनसङ्ख्याको १३ प्रतिशत रहेका दलित समुदायको यसपालि प्रतिनिधित्व सात प्रतिशत अर्थात ३९ जना मात्र रहेको छ।[३] प्रत्यक्ष निर्वाचनमा राजनीतिक दलहरूले महिला र दलित समुदायलाई उम्मेदवार बनाउन कन्जुस्याइँ गर्दा संविधानसभामा उनीहरूको अर्थपूर्ण सहभागिता नहुने स्थिति उत्पन्न भएको हो। काङ्ग्रेसले एक जना दलित प्रतिनिधिलाई पनि प्रत्यक्ष निर्वाचनमा नपठाउनु थप विडम्बनापूर्ण मानियो।

दलहरूले समानुपातिक प्रणाली अन्तर्गत सिफारिस गरेका सूचीमा भएको गलत क्रियाकलापहरू नजिरका रूपमा स्थापित भए यसले आफ्नो उद्देश्य प्राप्त गर्ने छैन। राजनीतिक, आर्थिक, सांस्कृतिक रूपमा पछाडि पारिएका, पहुँच नभएका, वञ्चितीकरणमा परेको वर्ग र समुदायको मुद्दालाई पनि नयाँ संविधानमा स्थान दिई उनीहरूलाई मूलप्रवाहमा ल्याउन आधार तयार गर्न यो प्रणाली अवलम्बन गरिएको थियो। तथापि, समानुपातिक कोटामा राख्नका लागि भएको आर्थिक चलखेलका समाचार, एकै व्यक्ति धेरै दलका सूचीमा समावेश, नेताहरूले पत्नीलाई समानुपातिक सूचीमा पठाउने अभ्यासले यस प्रणालीबारे नै नकारात्मक धारणा बन्यो।

संविधानसभा निर्वाचन सम्पन्न भए पनि यसपालि अपाङ्गता भएका व्यक्ति र यौनिक अल्पसङ्ख्यकको संविधानसभामा प्रतिनिधित्व भएको छैन। यी पछाडि पारिएका वर्ग र समुदायलाई मनोनीत हुने २६ सदस्यमा राख्न सके उनीहरूको सरोकारका विषयहरूले पनि संविधानसभा र सदनमा उचित स्थान पाउनेछ भन्ने आशा गर्न सकिन्छ।

३. अध्यादेशको बाटो

व्यवस्थापिका-संसद् नरहेको अवस्थामा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले निर्वाचनसम्बन्धी र अन्य अध्यादेशहरू जारी गरे। निर्वाचनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०६९, संविधानसभा सदस्यसम्बन्धी निर्वाचन अध्यादेश २०७०, संविधानसभा सदस्य संशोधन (पहिलो) अध्यादेश २०७०, संविधानसभा सदस्य संशोधन (दोस्रो) अध्यादेश २०७० राष्ट्रपतिले जारी गरेपछि संविधानसभाको दोस्रो निर्वाचनका लागि कानुनी आधार खडा भयो। यसै गरी, मन्त्रिपरिषद्को सिफारिसमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अध्यादेश २०७०, सुपुर्दगी अध्यादेश २०६९, पूर्वपदाधिकारीहरूको सुविधा तथा सुरक्षासम्बन्धी अध्यादेश २०६९, सङ्गठित अपराध निवारण अध्यादेश २०६९ र नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश २०६९ लगायत अध्यादेशहरू पनि राष्ट्रपतिले जारी गरे। सङ्गठित अपराध निवारण अध्यादेश २०६९ जारी भएपछि त्यसविरुद्ध परेको रिटमा त्यसलाई तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गऱ्यो। अधिवक्ता कमलप्रसाद इटनीले अभियुक्तले अदालतसमक्ष उपस्थित भई जिरह गर्न पाउने संविधानको व्यवस्थासँग बाझिने गरी अध्यादेश ल्याएकाले खारेज हुनुपर्ने माग गर्दै रिट दायर गरेका थिए।

देशको मूल कानुन संविधान भएको र सोसँग बाझिने अन्य कानुन, ऐन निर्माण भएमा अमान्य हुने व्यवस्था भएकाले सो अध्यादेशका केही प्रावधानहरू खारेज हुनुपर्ने रिटमा जिकिर गरिएको थियो। अध्यादेशको दफा ३४ मा भएको सङ्गठित अपराधमा संलग्न अभियुक्तलाई सुरक्षाका दृष्टिकोणले अदालतमा उपस्थित गराउन नसकिने भएमा श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स)मार्फत गर्न सकिने व्यवस्था दुरुपयोग भई अभियुक्तहरूलाई अदालतमा पेस नगर्ने परम्परा विकास हुने जिकिर रिट निवेदनमा गरिएको थियो। अन्तरिम संविधानमा कुनै पनि व्यक्ति पक्राउ परेलगत्तै कानुन व्यवसायीसँग सल्लाह, पुर्पक्षलगायतको हकबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था मौलिक हकको विषयमा राखिएको तर अध्यादेशमा सो व्यवस्था हटाएको थियो। अध्यादेश कार्यान्वयन भएमा फौजदारी

---

३. http://setopati.com/raajneeti/7562/ ०७० पुस १० गते हेरिएको ।

सर्वोच्च अदालतको आदेशको अंश (रिट निवेदन नं. ०६५-WS-००५७, ०६५-WS-०५८)

उक्त अध्यादेशको दफा २(ञ) ले परिभाषित गरेको मानवअधिकारको गम्भीर उल्लङ्घनका कार्य जस्तै हत्या, व्यक्ति बेपत्ता पार्नेसमेतलाई समेट्ने गरी दफा २३(३) मा पीडकले मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाका सम्बन्धमा पीडितसमक्ष पश्चात्ताप गरेमा आयोगले क्षमादानको सिफारिस गर्न सक्ने भन्ने व्यवस्था राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको प्रतिकूल भएको पाइयो। साँच्चै भन्ने हो भने यस्ता जघन्य प्रकृतिका अपराधमा पीडित पक्षको सहमति मात्रले पनि अपराधमा संलग्न व्यक्तिले उन्मुक्ति पाउन सक्दैन। जघन्य अपराधमा संलग्न कसूरदारहरूलाई खोजी गरी कानुनबमोजिम अभियोजन गर्नु राज्यको दायित्व हुन्छ। गम्भीर प्रकृतिका अपराध र मानवअधिकारको गम्भीर उल्लङ्घनका कसूरदारलाई जबरजस्ती राजनीतिक द्वन्द्वसँग जोडेर क्षमादान गर्दा दण्डहीनताले प्रश्रय पाउनु मात्र होइन, विधिको शासन (Rule of Law) कायम नहुने हुन्छ।

संविधानको धारा ३३ (थ) तथा ३३ (ध) ले दुईओटा छुट्टाछुट्टै आयोगका गठनमा परिकल्पना गरेको तथा विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ समेतले सत्य निरूपण तथा मेलमिलाप आयोगको गठनका सम्बन्धमा व्यवस्था गरेको देखिँदा ती दुवै आयोगहरू एउटै अध्यादेशबाट गठन हुनु र एउटै अध्यादेशले व्यवस्था गरेबमोजिम ती आयोगहरूको काम, कर्तव्य र अधिकारसमेतको प्रबन्ध हुनु संविधान तथा विस्तृत शान्ति सम्झौताको परिकल्पनाविपरीत हुन जान्छ।

न्याय प्रणालीविपरीतको कार्य हुने भएकाले उत्प्रेषणको आदेशले बदर गर्न निवेदनमा माग गरिएको थियो।[४] बेपत्ता छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग गठनसम्बन्धी अध्यादेशविरुद्ध पनि सर्वोच्च अदालतमा रिट दर्ता भयो।

३.१ सङ्क्रमणकालीन संयन्त्र गठनसम्बन्धी अध्यादेश

गत वर्ष बेपत्ता छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग गठनसम्बन्धी अध्यादेश डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा राष्ट्रपतिलाई जारी गर्न पठाएका थिए। विभिन्न सरोकारवाला निकायहरूसँग परामर्शपश्चात् ती विधेयकहरू विघटित व्यवस्थापिका-संसद्मा छुट्टाछुट्टै रूपमा पेस भएका थिए। *(हेर्नूहोस्, मानवअधिकार वर्षपुस्तक २०१३, परिच्छेद व्यवस्थापिका)*

मानवअधिकारकर्मी, द्वन्द्वपीडितलगायत सरोकारवालाहरूको आग्रहलाई बेवास्ता गरी राष्ट्रपतिले सो अध्यादेशलाई यस वर्ष जारी गरेपछि राष्ट्रपतिको सो कदमको आलोचना भयो। अध्यादेशले मानवअधिकार उल्लङ्घनका दोषीलाई क्षमादान दिन सकिने प्रावधान राखिएको भन्दै द्वन्द्वपीडितहरूले रिट दर्ता गरेका थिए। न्यायाधीश सुशीला कार्कीको एकल इजलासले सो अध्यादेश लागू नगर्न अन्तरिम आदेश जारी गरेको थियो। सो रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश कल्याण श्रेष्ठ, गिरीशचन्द्र लाल र सुशीला कार्कीको विशेष इजलासले सशस्त्र द्वन्द्वका क्रममा भएका हत्या, अपहरण, बेपत्ता र बलात्कारजस्ता गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा आममाफी नदिन सरकारका नाममा परमादेश जारी गऱ्यो।

सर्वोच्च अदालतले गरेको परमादेशमा सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानबिन दुई अलग-अलग विषय रहेकाले यससम्बन्धी बेग्लाबेग्लै आयोग गठन गर्न पनि भनिएको छ। यो परमादेशले द्वन्द्वकालमा भएका अलग विषयलाई अलग तरिकाले निरूपण गर्न मद्दत पुऱ्याउने अपेक्षा गर्न सकिन्छ। सर्वोच्च अदालतको आदेशपछि नेपाल सरकारमाथि अदालतको आदेश अनुसारका आयोगहरू गठनसम्बन्धी विधेयकहरू संसद्मार्फत पारित गर्नुपर्ने दायित्व थपिएको छ।

४. संसदीय सुनुवाइको अभाव

संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने संवैधानिक पद तथा सर्वोच्च अदालतका न्यायाधीश र राजदूतको पदमा नियुक्तपूर्व सार्वजनिक सुनुवाइ हुने व्यवस्था अन्तरिम संविधानमा छ। व्यवस्थापिका संसद्विहीन अवस्था विद्यमान हुँदा बाधा अड्काउ फुकाउ आदेशमार्फत संवैधानिक निकायहरूमा पदाधिकारीहरू मन्त्रिपरिषद्ले नियुक्त गऱ्यो। निर्वाचन

४. www.karobardaily.com/nepali/news/2013/04/ सङ्गठित अपराध निवारण अध्यादेश तत्काल कार्यान्वयन नगर्न आदेश ०७० पुस १ गते हेरिएको ।

आयोगमा आयुक्तहरूका साथै सर्वोच्च अदालतमा न्यायाधीशहरू तत्काल नियुक्त हुन जरूरी भए पनि अन्य संवैधानिक निकायमा पदाधिकारीहरू नियुक्त गर्न आवश्यक थिएन। निर्वाचन सम्पन्न भएपश्चात् गठन हुने व्यवस्थापिका-संसद्को संसदीय सुनुवाइ अनुरूप नै योग्य, स्वच्छ छवि भएका पदाधिकारी नियुक्त हुने थिए। यसरी उनीहरूलाई जनताप्रति उत्तरदायी बनाउन सकिने थियो। तथापि, बाधा अड्काउ फुकाउ आदेश अनुसार जनआन्दोलन ०६२/०६३ दबाउन निर्वाह गरेको भूमिका रहेको आरोप लागेका लोकमानसिंह कार्कीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रमुखमा नियुक्त गरियो। अख्तियारले नै यसअघि रायमाझी आयोगको सिफारिस अनुसार कार्कीलाई भविष्यमा समेत सरकारी सेवाका लागि अयोग्य ठहर गरेको थियो। जनआन्दोलन दमनमा संलग्न कार्कीलाई संवैधानिक आयोगको प्रमुखका रूपमा नियुक्ति दिँदा सबैतिर निन्दा भयो। विवादित व्यक्तित्वलाई राजनीतिक सहमतिका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा नियुक्त गरेर यो सरकार आलोचित भयो।

४.१ न्यायाधीश नियुक्ति

अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन भएलगत्तै राष्ट्रपतिको बाधा अड्काउ फुकाउ आदेशबाट सर्वोच्च अदालतमा पाँच जना अस्थायी न्यायाधीश नियुक्त भए। वर्षको अन्त्यसम्ममा कायममुकायम प्रधानन्यायाधीश दामोदरप्रसाद शर्मासहित १० जना न्यायाधीश कार्यरत रहँदै आएका छन्। करिब १७ हजार मुद्दा विचाराधीन रहेको सर्वोच्च अदालतमा न्यायाधीश अभाव हुँदा न्याय सम्पादनमै असर गरिरहयो। प्रधानन्यायाधीशसहित १५ जना स्थायी र आवश्यकता अनुसार थप अस्थायी न्यायाधीश नियुक्त गर्न सकिने प्रावधान रहेको छ। बाधा अड्काउ अनुसार नै न्यायाधीश नियुक्ति गर्ने वा निर्वाचनपछि संसदीय सुनुवाइमार्फत गर्ने भन्ने विषयमा छलफल भइरहयो। 'देशभरका न्यायाधीशहरूको सिफारिस गर्ने अधिकार पाएको न्यायपरिषद्ले व्यवस्थापिका संसद् नवन्दासम्म सर्वोच्च अदालतका न्यायाधीशको सिफारिस नगर्ने जनाएको थियो।'[५] न्यायपालिकामा नियुक्त गर्दा संसद्को भूमिका देखिने यस्तो प्रक्रिया लोकतान्त्रिक मुलुकमा प्रचलनमा छ।

४.२ आयुक्तविहीन मानवअधिकार आयोग

यस वर्ष मानवअधिकार आयोगका प्रमुख आयुक्त र अन्य चार आयुक्तहरूको पदावधि सकियो। सङ्क्रमणकालीन अवस्थामा मानवअधिकारको संरक्षणमा आयोगको भूमिका थप सुदृढ गर्नुपर्नेमा आयुक्तविहीन अवस्था विद्यमान रहयो। आयुक्तहरूको पदावधि सकिने पहिल्यै जानकारी भए पनि नयाँ आयुक्तहरू नियुक्तिको तयारी सरकारले गरेन। अर्को संवैधानिक आयोग अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रमुख आयुक्त नियुक्त गर्ने तत्परता देखाउने सरकारले मानवअधिकार आयोगमा पदाधिकारी पूर्ति गर्न भने सक्रियता देखाएन। यसले मानवअधिकार संरक्षण र संवर्द्धन गर्ने कार्य सरकारको प्राथमिकतामा नरहेको सन्देश राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायमा प्रवाह भयो। संविधानसभा निर्वाचनमा हुनसक्ने मानवअधिकार उल्लङ्घनका घटनाहरूका अनुसन्धान र अनुगमनका लागि पनि आयुक्तहरूको उपस्थिति महत्त्वपूर्ण अर्थ राख्थ्यो । जनप्रतिनिधिमूलक संस्था संसद्को उपस्थिति नभएको अवस्थामा नागरिकका अधिकारहरू खोसिने खतरा हुन्छ। यस्तोमा आयुक्तहरू थप सक्रिय हुनुपर्ने हुन्छ। नयाँ नियुक्ति हुन नसक्ने अवस्थामा केही समयका लागि पुरानै आयुक्तहरूलाई निरन्तरता दिन सकिने विकल्पप्रति पनि सरकारले चासो देखाएन। आयुक्तहरूको पदावधि सकिएपछि आयोग नेतृत्वविहीन अवस्थामा सञ्चालन हुँदै आएको छ।

आयोगका अध्यक्षसहितका पदाधिकारीले दुई महिनाअघि नै राष्ट्रपति र सरकारलाई संविधान, कानुन र अन्तर्राष्ट्रिय सिद्धान्त अनुसार पदाधिकारी नियुक्ति प्रक्रिया अगाडि बढाउन सुझाव दिएका थिए। आयोग चार महिनादेखि सचिवविहीन छ। आयोग पदाधिकारीको कार्यकालको अन्तिम दिनको बैठकले दैनिक कार्य सञ्चालन, मानवअधिकारको स्थिति अनुगमन, अनुसन्धान र प्रशासनिक कार्य सञ्चालनको जिम्मेवारी कामु सचिवलाई प्रत्यायोजन गरेको छ। ऐनमा निर्णय र सिफारिस गर्ने अधिकार प्रत्यायोजन गर्ने व्यवस्था नभएकाले आयोग पदाधिकारीविहीन अवस्थामा क्रियाशील हुने ठाउँ छैन।[६]

---

५. http://www.bbc.co.uk/nepali/news/2013/12/131220_judgeappointment.shtml_ ०७० पुस ३ गते हेरिएको ।

६. 'चुनावको मुखमा मानवअधिकार आयोग रित्तो' अन्नपूर्ण पोस्ट, ०७० असोज ३ : पेज १

संविधानसभा निर्वाचन २०७०
राजनीतिक दलहरूले प्राप्त गरेको सिट सङ्ख्या

राजनीतिक दल	प्रत्यक्ष	समानुपातिक
नेपाली काङ्ग्रेस	१०५	९१
नेकपा एमाले	९१	८४
एकीकृत नेकपा माओवादी	२६	५४
राप्रपा नेपाल	-	२४
राष्ट्रिय प्रजातन्त्र पार्टी	३	१०
तमलोपा	४	७
फोरम नेपाल	२	८
सद्भावना पार्टी	१	५
नेकपा माले	-	५
सङ्घीय समाजवादी	-	५
नेमकिपा	१	३
तराई मधेस सद्भावना पार्टी	१	२
राष्ट्रिय चनमोर्चा	-	३
नेकपा संयुक्त	-	३
राष्ट्रिय समाजवादी पार्टी	-	३
राष्ट्रिय जनमुक्ति पार्टी	-	२
थरूहट तराई पार्टी	-	२
परिवार दल	-	३
दलित जनजाति पार्टी	-	२
अखण्ड पार्टी नेपाल	-	१
नेपाली जनता दल	-	१
फोरम गणतान्त्रिक	-	१
खम्बुवान राष्ट्रिय मोर्चा	-	१
नेवाः राष्ट्रिय पार्टी	-	१
जनजागरण पार्टी	-	१
सङ्घीय सद्भावना पार्टी	-	१
मधेस समता पार्टी	-	१
सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च	-	१
समाजवादी जनता पार्टी	-	१
स्वतन्त्र	२	-

स्रोत : निर्वाचन आयोग

५. नयाँ जनादेश, पुरानै शैली

यसपटकको निर्वाचन परिणामले पनि पहिलेको जस्तै सबै दलहरूको सहकार्यमा नयाँ संविधान निर्माण हुनुपर्ने प्रस्ट जनादेश दियो। संविधानसभाको निर्वाचन परिणाम आएलगत्तै एमाओवादीले त्यसलाई स्वीकार नगर्ने प्रतिक्रिया व्यक्त गऱ्यो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले निर्वाचन स्वच्छ र निष्पक्ष रहेको बताए पनि तेस्रो ठूलो दलमा सीमित हुने पुगेको एमाओवादीले निर्वाचनमा धाँधली भएको दावी गरिरह्यो। मङ्सिर ४ गते निर्वाचन सम्पन्न भए पनि वर्षको अन्त्यसम्म पनि नयाँ सरकार गठन गर्ने प्रयासहरू भएनन्। व्यवस्थापिका-संसद्को बैठक पनि मन्त्रिपरिषद् अध्यक्ष वा राष्ट्रपति कसले बोलाउने भन्ने विषयमा विवाद भयो। संविधानसभा निर्वाचनलगत्तै नयाँ राष्ट्रपति र उपराष्ट्रपतिको चयन गर्नुपर्नेमा विवाद निर्वाचनबाट सबैभन्दा ठूलो दल भएको काङ्ग्रेस र दोस्रो ठूलो दल एमालेबीच जारी रह्यो। यस्तो प्रवृत्तिले संविधान निर्माण प्रक्रियालाई थप जटिल मात्र बनाउने सङ्केत देखापऱ्यो। नयाँ संविधान नबनेसम्म दलहरूबीच सहकार्यको विकल्प भने छैन।

आगामी एक वर्षभित्र संविधान निर्माण गर्ने जनादेश पाएका प्रमुख दलहरू ध्रुवीकरणको राजनीतिमा अग्रसर भएको पछिल्ला घटनाक्रमले देखाएको छ। दलहरूबीचको यो ध्रुवीकरण रोकिएन भने त्यसले व्यवस्थापिकामा त प्रतिस्पर्धा बढाउने नै छ, सँगसँगै संविधानसभालाई पनि प्रभावित पार्नेछ। सरकार गठन गर्ने विषयमा व्यवस्थापिकामा हुने हानथापले नयाँ संविधानसभामा एक वर्षभित्र संविधान बनाउने मुलुकको लक्ष्य धुमिल बन्नेछ।[७]

६.निष्कर्ष

यस वर्षभरि व्यवस्थापिका-संसद्को अभाव हुँदा जनसरोकार, सार्वजनिक महत्त्वका

७. 'ध्रुवीकरण नबढाऊ'। साप्ताहिक खबरपत्रिका हिमाल, ०७० पुस १४ : पेज ४

विषयहरूबारे बहस/छलफल हुन पाएन। सर्वोच्च अदालतमा न्यायाधीशहरू नियुक्त नहुँदा न्यायका लागि लामो समय पर्खिनुपर्ने अवस्था यथावत् रह्यो। मानवअधिकार आयोगमा आयुक्तहरू नियुक्त नहुँदा पीडितको न्यायका लागि सरकारलाई उचित दबाब दिने संस्थाको उपस्थिति भएन। गम्भीर मानवअधिकार उल्लङ्घनका दोषीहरूले उन्मुक्ति पाउने अवस्थासमेत यसले सिर्जना गऱ्यो। पुनःस्थापित प्रतिनिधिसभाले ०६३ साउन ९ गते सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न दिएको निर्देशनबारे पनि यस वर्ष सरकारबाट केही पहल भएन।

संवैधानिक गतिरोधलाई निकास दिनका लागि भनी संविधानसभा निर्वाचन र अन्तरिम चुनावी मन्त्रिपरिषद् गठनका लागि राष्ट्रपतिले तीनओटा बाधा अड्काउ फुकाउ आदेश जारी गरे। यसरी संविधान संशोधनका लागि कार्यकारीको सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्ने प्रक्रिया नजिरका रूपमा स्थापित भए विधायिकाको भूमिका कमजोर हुने निश्चित छ। संविधानसभाको पुनः निर्वाचन सम्पन्न गर्नका लागि गठन भएको मन्त्रिपरिषद्ले दीर्घकालीन प्रभाव पार्ने अध्यादेशहरू जारी गऱ्यो। व्यवस्थापिका-संसद्को उपस्थिति भएको अवस्थामा यी विधेयकहरूले विभिन्न चरणका चुनौती सामना गनुपर्ने हुन्छ। यसरी अध्यादेशका रूपमा ल्याउँदा सरकारकै नियतप्रति आशङ्का उब्जियो। यसबारे जनतालाई प्रस्ट पार्न सरकारले जरुरी ठानेन।

नयाँ संविधान बन्ने आशमा जनता त्यत्तिकै उत्साहका साथ संविधानसभाको दोस्रो निर्वाचनमा सहभागी भएका थिए। सङ्क्रमणकालको अन्त्य भई महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, पछाडि पारिएका वर्ग, समुदायको हक अधिकार सुनिश्चित गर्ने संविधान जारी हुने सबैले आशा गरेका छन्। यस्तो जनमुखी संविधान जारी भए यसले राजनीतिक स्थायित्व दिन सक्षम हुने निश्चित छ। राजनीतिक स्थायित्व नै देशको आर्थिक र सामाजिक विकासमा मेरुदण्ड हो। यसका लागि महत्त्वपूर्ण समय खेर नफाली सभासद्हरू संविधान निर्माणमा गम्भीर रूपले लाग्न जरुरी छ। गणतन्त्र, सङ्घीयतालगायत पहिलो संविधानसभाका उपलब्धिहरूलाई ग्रहण गरी निर्वाचनअघि घोषणा गरे अनुसार एक वर्षभित्रै संविधान जारी गर्न दलहरू अग्रसर हुनुपर्छ। विगतमा झैं राजनीतिक स्वार्थ पूरा गर्ने, सरकार परिवर्तनका लागि संसद्लाई अनिर्णयको बन्दी बनाउने अभ्यासको अन्त्य हुनुपर्छ। संसद्मा गणपूरक सङ्ख्यासमेत नपुग्ने, सभासद्हरूको गैरजिम्मेवार क्रियाकलापले सदनको गरिमामा नै आँच पुग्ने, प्रमुख दलका शीर्ष नेताहरूको उपस्थिति नै नहुने जस्ता क्रियाकलापको पुनरावृत्ति यसपटक हुनु हुँदैन।

केही शीर्ष नेताहरूको निर्णय लाद्नुभन्दा पनि व्यवस्थापिका-संसद्मार्फत निर्णयहरू पारित गर्ने लोकतान्त्रिक प्रक्रिया अपनाउँदा जनताले त्यसको स्वामित्व लिनेछन् भन्ने कुरा नेतृत्व पङ्क्तिले स्मरण गर्नु जरुरी छ।

परिच्छेद

४

जोखिममा नेपाली मानवअधिकार रक्षक

१. पृष्ठभूमि

'मानवअधिकार रक्षक' भन्नाले व्यक्तिगत रूपमा, समूहमा वा संस्थागत रूपमा मानवअधिकारको संवर्धन, संरक्षण, सम्मान तथा पालनासम्बन्धी काममा संलग्न व्यक्ति सम्झनुपर्छ। सो शब्दले पूर्णकालीन वा आंशिक रूपमा वैतनिक वा अवैतनिक रूपमा उक्त कार्यमा संलग्न व्यक्तिलाई समेत जनाउँछ।[१]

राष्ट्रिय मानवअधिकार आयोगले जारी गरेको मानवअधिकार रक्षकसम्बन्धी निर्देशिकामा मानवअधिकारका विभिन्न क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई पनि मानवअधिकार रक्षकको परिभाषामा समेटिएको छ। जस अनुसार 'विविध क्षेत्रका मानवअधिकार रक्षक' भन्नाले मानवअधिकारका विभिन्न क्षेत्रहरू जस्तै: बालबालिका, महिला, दलित, आदिवासी/जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, वातावरण, अल्पसङ्ख्यकलगायत अन्य विषयगत तथा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा क्रियाशील अधिकार रक्षकहरूलाई समेत जनाउँछ।[२]

इन्सेकले तयार गरेको मानवअधिकार रक्षकहरूका सम्बन्धमा व्यवस्था गर्न बनेको नमुना विधेयक, २०६६ मा 'मानवअधिकार रक्षक' भन्नाले 'व्यक्तिगत रूपमा वा सङ्गठित वा असङ्गठित रूपमा मानवअधिकारको संवर्धन, प्रवर्द्धन र संरक्षणमा लागेका कुनै पनि नागरिक, नागरिक समूह वा सङ्गठनलाई जनाउनेछ। सो शब्दले मानवअधिकारको संरक्षण र प्रवर्द्धनको क्षेत्रमा क्रियाशील मानवअधिकारकर्मी, कानुन व्यवसायी, सञ्चारकर्मी, सामाजिक कार्यकर्ता र स्वास्थ्यकर्मी वा अन्य यस्तै प्रकारका व्यक्ति वा तिनको समूहसमेतलाई जनाउनेछ।'[३]

संयुक्त राष्ट्रसङ्घको मानवअधिकार रक्षकसम्बन्धी घोषणापत्र, १९९८ ले मानवअधिकार रक्षकहरूको परिभाषा व्यापक अर्थमा लगाएको छ। जसमा भनिएको छ, 'मानवअधिकार रक्षक' भन्नाले मानवअधिकारको प्रवर्द्धन र सरंक्षणका लागि व्यक्तिगत वा सामूहिक रूपमा कार्य गर्ने व्यक्तिलाई जनाउँछ।[४]

नेपालमा मानवअधिकारकर्मीहरू लोकतन्त्रको स्थापनादेखि लिएर जनताका आधारभूत मानवअधिकार संरक्षण र प्रवर्द्धनका लागि विगत लामो समयदेखि सक्रिय रहँदै आएका छन्। तत्कालीन सरकार र नेपाल कम्युनिस्ट पार्टी माओवादीबीच ०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौतामा मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवअधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्ध रहँदै भन्ने शब्द उल्लेख गरिएको थियो। तर, शान्ति सम्झौताको सात वर्षका बीचमा उक्त सम्झौताको बर्खिलाप राज्यपक्ष, गैरराज्यपक्ष र अन्य समूहबाट भएका अधिकार उल्लङ्घनका घटनामा पत्रकार, कानुन व्यवसायी, शिक्षक, मानवअधिकारकर्मीहरूमध्ये कतिपयले ज्यान गुमाए भने कतिपय अपाङ्ग भएका छन्। आफ्नो पेसा व्यवसाय गरेकै कारण उनीहरू डर-त्रासमा बाँच्न बाध्य भएको अवस्था पनि छ।

नेपालका मानवअधिकार रक्षकहरूले आफ्नो अधिकार निर्बाध ढङ्गबाट उपभोग गर्ने क्रममा बेहोरिरहेका व्यवधानहरूको समीक्षा एवम् उनीहरूका अधिकार उल्लङ्घन कसरी भइरहेको छ भन्ने समीक्षा यस आलेखमा गर्ने प्रयास गरिएको छ।

२. नेपालमा मानवअधिकार रक्षकको अवस्था

प्रत्येक व्यक्तिलाई, व्यक्तिगत रूपमा र अरूसँगको सहकार्यमा वा सामूहिक रूपमा कानुनसङ्गत ढङ्गले आफ्नो पेसा व्यवसाय गर्ने अधिकार छ। आफ्नो पेसाका कारण अरूको मानव गरिमा, मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूमाथि प्रभाव पार्न सक्ने प्रत्येक व्यक्तिले त्यस्ता अधिकार तथा स्वतन्त्रताहरूको सम्मान गर्नुपर्दछ र पेसागत र व्यावसायिक आचरणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूको पालना गर्नुपर्दछ।[५]

मानवअधिकार रक्षकको घोषणापत्रको परिभाषाले रक्षकहरूलाई व्यापक अर्थमा बुझाएको भए पनि खासगरी घोषणापत्रमा परिभाषित रक्षकहरूमध्ये इन्सेकको अभिलेखमा सन् २०१३ मा समाजका ६ क्षेत्रका मानवअधिकार संरक्षण र प्रवर्द्धनमा कार्यरत

१. राष्ट्रिय मानवअधिकार आयोग। मानवअधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका। ०६९ : पृ. २
२. राष्ट्रिय मानवअधिकार आयोग। मानवअधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका। ०६९ : पृ. २
३. इन्सेक। मानवअधिकार रक्षकहरूको सम्बन्धमा व्यवस्था गर्न बनेको नमुना विधेयक, ०६६
४. इन्सेक। मानवअधिकार रक्षक र उनीहरूका अधिकार आधारभूत जानकारी। ०६५ : पृ. ५
५. धारा ११ मानवअधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, १९९८

सन् २०१३ मा पीडित मानवअधिकार रक्षकहरूको सङ्ख्या

घटना प्रकृति	पीडित सङ्ख्या						
	पत्रकार	शिक्षक	मानवअधिकार कार्यकर्ता	स्वास्थ्यकर्मी	सामाजिक कार्यकर्ता	कानुन व्यवसायी	जम्मा
हत्या		१					१
कुटपिट	३६	१६	४	२	२		६०
धम्की	३७	६	१	१	२		४७
गिरफ्तारी/यातना	१						१
दुर्व्यवहार	३	५				१	५
घाइते		३		१			४
अपहरण	१	१		१		१	४
जम्मा	७८	३२	५	५	४	२	१२६

पेसाकर्मीहरू शिक्षक, सञ्चारकर्मी, कानुन व्यवसायी, स्वास्थ्यकर्मी र मानवअधिकारकर्मीमाथि भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादती कति र कसरी भयो भन्ने विषयमा यो आलेख केन्द्रित रहेको छ।

प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ[६] भन्ने संवैधानिक व्यवस्था र प्रत्येक व्यक्तिलाई जीवनको अधिकार[७] हुनेछ भन्ने मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को व्यवस्थाले व्यक्तिको जीवनको अधिकारको सुरक्षा गरे पनि यस वर्ष १ सय २६ जना मानवअधिकार रक्षक आफ्नो अधिकार हनन तथा ज्यादतीको सिकार बने।

सन् २०१३ मा एक जना मानवअधिकार रक्षकको हत्या भयो भने ६० जना मानवअधिकार रक्षकलाई कुटपिट गरियो। त्यसै गरी चार जना मानवअधिकार रक्षक अपहरित भए भने क्रमश: ४७ जना मानवअधिकार रक्षकलाई धम्की, एक जनालाई गिरफ्तार, नौ जना मानवअधिकार रक्षकलाई दुर्व्यवहार गरियो भने चार जना मानवअधिकार रक्षक घाइते पारियो।

३. मानवअधिकार रक्षकहरूका चुनौती

दण्डहीनता र लम्बिएको सङ्क्रमणकालीन अवस्थाको फाइदा उठाउँदै राज्य, राजनीतिक दलका कार्यकर्ताहरू, सशस्त्र समूहहरू, अज्ञात समूह र व्यक्तिहरूबाट मानवअधिकार रक्षकहरू पीडित भइरहेका छन्। आफ्नो पेसामा निरन्तर सक्रिय भएका कारण उनीहरूको हत्या गर्ने, अपहरण गरिने, कुटपिट र ज्यानको धम्कीसमेत आउने गरेका छन्।

सन् २०१३ मा राज्य पक्षबाट १७ जना र गैरराज्य पक्षबाट १ सय ९ जना मानवअधिकार रक्षकहरू पीडित भए। कुल पीडितमध्ये पुरुष मानवअधिकार रक्षकको सङ्ख्या १ सय १४ र १२ महिला मानवअधिकार रक्षक रहेका छन्। अधिकारकर्मीहरूको ज्यान लिने, धम्क्याउने, कुटपिट गर्ने, बेपत्ता पार्ने, अपहरण गर्ने र दुर्व्यवहार गर्ने कार्य विभिन्न पक्षबाट भयो।

प्रत्येक नागरिकलाई पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता[८] विद्युतीय प्रकाशन, प्रसारण तथा छापाखानालगायत अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य

६. धारा १२ नेपालको अन्तरिम संविधान, २०६३
७. धारा ४ मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८
८. धारा १२, ३ (च) नेपालको अन्तरिम संविधान २०६३

पेशागत आधारमा पीडित मानवअधिकार रक्षक

पीडित	महिला	पुरुष	जम्मा
पत्रकार	२	७६	७८
शिक्षक	६	२६	३२
मानवअधिकार कार्यकर्ता	२	३	५
स्वास्थ्यकर्मी	२	३	५
सामाजिक कार्यकर्ता		४	४
कानुन व्यवसायी		२	२
जम्मा	१२	११४	१२६

श्रव्यदृश्य प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्वप्रतिबन्ध लगाइने छैन[९] भन्ने संवैधानिक व्यवस्था हुँदाहुँदै पनि आफ्नो पेसा गरेबापत शिक्षक, सञ्चारकर्मी, स्थास्थ्यकर्मी, कानुन व्यवसायी र अधिकारकर्मीहरू विभिन्न पक्षबाट पीडित हुन पुगे। यस वर्ष दुई महिलासहित ७८ जना पत्रकारहरू, ६ महिलासहित ३२ जना शिक्षकहरू, दुई जना महिला मानवअधिकार कार्यकर्तासहित पाँच जना पुरुष मानवअधिकार कार्यकर्ताहरूको अधिकार हनन भयो। यसै अवधिमा पाँच जना स्वास्थ्यकर्मी, चार जना सामाजिक कार्यकर्ता र दुई जना कानुन व्यवसायी पीडित भए।

राज्य, गैरराज्य र अज्ञात समूह अधिकारकर्मीको अधिकार हनन गर्नमा अग्रपङ्क्तिमा रहेको इन्सेकले सङ्कलन गरेको तथ्याङ्कमा उल्लेखित छ। यस वर्ष तीन जना महिलासहित १७ जना मानवअधिकार रक्षकहरू राज्यबाट पीडित भए भने नौ जना महिला मानवअधिकार रक्षकसहित १ सय ९ मानवअधिकार रक्षकहरू गैरराज्यपक्ष र अज्ञात समूहबाट पीडित भए। राज्यबाट भएको घटनामा १३ जना पत्रकार, एक जना शिक्षक, तीन जना मानवअधिकार कार्यकर्ता पीडित भए भने गैरराज्य पक्षबाट ६५ जना पत्रकार, ३१ जना शिक्षक, दुई जना मानवअधिकार कार्यकर्ता, पाँच जना स्वास्थ्यकर्मी, चार जना सामाजिक कार्यकर्ता र दुई जना कानुन व्यवसायी पीडित हुन पुगे।

काठमाडौँ जोरपाटी-२ बस्ने समता शिक्षा निकेतनका सञ्चालक तथा इन्सेकका मानार्थ सदस्य ४० वर्षीय उत्तम सञ्जेललाई असार ३० गते साँझ स्कुलभित्रै रहेको मेडिकल पसलमा बसिरहेका बेला समता स्कुलका ठेकेदार रामबहादुर भुजेलसँगको विवादको विषयलाई लिएर दोलखा जिल्ला ठूलोपातल गाविस-७ घर भई हाल काठमाडौँ कामनपा-३२ डिल्लीबजार घर भई काठमाडौँ मनपा-६ बौद्ध बस्ने २५ वर्षीय सुशील मुखिया सुनुवार र काठमाडौँ मनपा-६ बौद्धका २८ वर्षीय सत्यमान लामाले कुटपिट गरी घाइते बनाए। आरोपित दुवै जनालाई साउन १ गते

सन् २०१३ मा पेसागत आधारमा पीडित भएकाहरूको सङ्ख्या

पीडित	गैरराज्यपक्ष			राज्यपक्ष		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
पत्रकार	१	६४	६५	१	१२	१३
शिक्षक	६	२५	३१		१	१
मानवअधिकार कार्यकर्ता		२	२	२	१	३
स्वास्थ्यकर्मी	२	३	५			
सामाजिक कार्यकर्ता		४	४			
कानुन व्यवसायी		२	२			
जम्मा	५	१००	१०५	३	१४	१७

९. धारा १५, (१) नेपालको अन्तरिम संविधान, २०६३

महानगरीय प्रहरी वृत्त महाराजगन्जले गिरफ्तार गरी कर्तव्य ज्यान उद्योगसम्बन्धी मुद्दा दायर गरेको थियो। हाल आरोपितहरू जिल्ला अदालतको साउन २४ गतेको आदेशले जनही ५० हजार रुपियाँ धरौटी तिरी रिहा भए।

३.१ हत्या

यस वर्ष एक जना शिक्षकको हत्या भयो। सिरहा अरनमा-५ घर भई धनुषा जिल्ला जनकपुर नगरपालिका-८ निवासी सहायक प्राध्यापक ४२ वर्षीय सत्यनारायण गरेरीलाई अज्ञात समूहले कुर्था-६ स्थित जनकपुरबाट कुर्था जाने बाटोमा हत्या गरी फालेको अवस्थामा असोज ११ गते बिहान ६ बजे लास फेला परेको जिल्ला प्रहरी कार्यालयले जनायो। दाहिने छाती तल पेटभन्दा माथि एक गोली लागेका गरेरीको घाँटीमा समेत धारिलो हतियार प्रहार गरी काटिएको थियो। असोज १० गते साँझ रामानन्द चौकस्थित इरे इन्टरनेसनल स्कुलबाट बच्चालाई घर ल्याउन निस्केका प्राध्यापक गरेरी राति घर नफर्केको सोही क्याम्पसका उपप्राध्यापक रुद्रकुमार झाले बताएका थिए। मृतक जनक हजारी विद्यापीठ क्याम्पसका नेपाली विषयका सहायक प्राध्यापक थिए। लासको जनकपुर अञ्चल अस्पतालमा ०७० असोज ११ गते पोस्टमार्टम गरियो। पीडित पक्षले ०७० असोज १२ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराएको मृतकका भाइ देवनारायण गरेरीले बताए। प्रहरीले घटनालगत्तै बौहर्वा-६ का ३२ वर्षीय लक्ष्मेश्वर राउत, देवहिडा-३ का २४ वर्षीय नन्दकुमार पासवान र सोही गाउँका ३१ वर्षीय ललन पासवानलाई प्रहरीले ०७० असोज १३ गते गिरफ्तार गऱ्यो।

३.२ कुटपिट

राज्य, गैरराज्य र अज्ञात समूहबाट यस अवधिमा मानवअधिकार रक्षकहरूमाथि कुटपिटका घटना उल्लेख्यरूपमा वृद्धि भएको तथ्याङ्कले देखाउँछ। एक वर्षको अवधिमा ६० जना मानवअधिकार रक्षकमाथि कुटपिट भयो। यस अवधिमा ३६ जना पत्रकार, १६ जना शिक्षक, चार जना मानवअधिकार कार्यकर्ता, दुई जना स्वास्थ्यकर्मी र दुई जना सामाजिक कार्यकर्ता कुटपिटमा परे।

बाजुरा जिल्ला सडक निर्माण तथा बुढीगङ्गा नदीमा बेलिब्रिजको माग गर्दै जिल्ला प्रशासन कार्यालयको गेटमा ताला लगाएर धर्नामा बसेका स्थानीय बासिन्दामाथि ०७० वैशाख २४ गते प्रहरीले लाठीचार्ज र अश्रुग्यास प्रहार गरेपछि दिनभर दोहोरो झडप भयो। झडपका क्रममा कुल्देवमाडौँ-६ का २३ वर्षीय तिलक शाह र जगन्नाथका ४४ वर्षीय डबलबहादुर विष्ट गम्भीर घाइते भए। सोही क्रममा गोत्री गाविस-६ की ३० वर्षीया विनीता विकलाई प्रहरीले गालीगलौज गरी दुर्व्यवहार गऱ्यो भने कैलाशमाडौँ गाविस-३, कैलाशमाडौँ निवासी पत्रकार ३१ वर्षीय गगन अयडीले झडप भइरहेको तस्बिर खिचेको आरोपमा जिल्ला प्रशासन कार्यालयकै हाताभित्र प्रहरीले लाठी प्रहार गरी उनको क्यामेरा तोडफोड गरे। नेपाल पत्रकार महासङ्घका उपाध्यक्षसमेत रहेका अयडी बुढीगङ्गा नदीमा बेलिब्रिज निर्माणको माग गर्दै सुरक्षाकर्मी र नागरिक समाजका प्रतिनिधिहरूबीच भइरहेको दोहोरो झडपको तस्बिर खिचिरहेको अवस्थामा उनीमाथि प्रहरीले लाठीचार्ज गरेको थियो। जिल्ला प्रशासन कार्यालय, बाजुरामा ०७० वैशाख २५ गते बसेको सर्वपक्षीय बैठकमा महिला र पत्रकारहरूमाथि भएको दुर्व्यवहार त्रुटिपूर्ण भएको प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डे र डीएसपी जनकराज पाण्डेले स्वीकार गरे। पत्रकारहरूले आफ्नो तोडफोड गरिएको क्यामेराको क्षतिपूर्ति माग गरेको भए पनि कुनै सुनुवाइ भएन।

बैजापुर गाविस-६ बाँके निवासी २४ वर्षीय 'नयाँ कोर्स' दैनिकका सहसम्पादक तथा 'न्युज २४' मा कार्यरत पत्रकार हेमन्त चौधरीलाई पुष्पलाल चोकबाट प्रेसतर्फ गइरहेको अवस्थामा ०७० साउन २२ गते राति पुष्पलाल चोकमा ड्युटीमा खटिएका दङ्गा नियन्त्रण प्रहरी गण, कोहलपुरमा कार्यरत प्रहरी जवान गान्धीराज गुरुङले कुटपिट गर्नुका साथै दुर्व्यवहार गरे।

सन् २०१३ मा कटुपिट गरिएका मानवअधिकार रक्षकको सङ्ख्या

पीडित	कुटपिट
पत्रकार	३६
शिक्षक	१६
मानवअधिकार कार्यकर्ता	४
स्वास्थ्यकर्मी	२
सामाजिक कार्यकर्ता	२
जम्मा	६०

जिल्ला प्रहरी कार्यालयले ०७० साउन २३ गते इन्स्पेक्टर शिव सिंहको नेतृत्वमा छानबिन समिति गठन गरेको जनायो। उक्त घटना सम्बन्धमा साउन २३ गते इन्सेकलगायत अधिकारकर्मी तथा सञ्चारकर्मीहरूले छुट्टाछुट्टै प्रेस विज्ञप्ति प्रकाशित गरी ध्यानाकर्षण गराउँदै घटनामा संलग्नलाई कारबाहीको माग गरे। घटनामा संलग्न प्रहरीलाई ०७० साउन २७ गते पहिलोपटक चेतावनी दिई आन्तरिक कारबाही गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो।

३.३ धम्की

भयरहित वातावरणमा बाँच्न पाउने आधारभूत मानवअधिकारका विरुद्धमा विभिन्न पक्षले ज्यान मार्ने धम्कीलगायत विभिन्न खाले धम्कीबाट यस वर्ष ४७ जना मानवअधिकार रक्षक पीडित भए। यस अवधिमा सबैभन्दा बढी ३७ जना पत्रकारले धम्की सहनु पऱ्यो।

सन् २०१३ मा धम्कीबाट पीडित मानवअधिकार रक्षक

पीडित	धम्की
पत्रकार	३७
शिक्षक	६
मानवअधिकार कार्यकर्ता	१
स्वास्थ्यकर्मी	१
सामाजिक कार्यकर्ता	२
जम्मा	४७

चैनपुर गाविस-१ बझाङ निवासी तथा 'नयाँ पत्रिका'का समाचारदाता २६ वर्षीय सम्राटबहादुर सिंहले ०७० जेठ ९ गते 'एक दिन विद्यालय नगएर ६ महिनाको हाजिर' भन्ने समाचार लेखेको आरोपमा ०७० जेठ ११ गते राती १० बजे खिरातडी गाविस-३ का ३५ वर्षीय रमेश बोहराले फोन गरी मार्ने धम्की दिए। चैनपुरबाट अन्यत्र गएको समयमा आफूलाई मार्ने धम्की दिइएको पीडितले बताए। पीडितले सुरक्षाको माग गर्दै ०७० जेठ १२ गते जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, मानवअधिकारकर्मी र जिल्ला पत्रकार महासङ्घमा निवेदन दिए। आरोपित फरार रहेका कारण कारबाही अगाडि बढ्न नसकेको जिल्ला प्रहरी कार्यालय, बझाङले जनायो।

३.४ दुर्व्यवहार

सम्मानपूर्वक बाँच्न पाउने आधारभूत मानवअधिकारका विरुद्धमा विभिन्न पक्षले मानवअधिकार रक्षकहरूलाई अपमानित गर्ने घटनाहरू भए । यस अवधिमा तीन जना पत्रकार, पाँच जना शिक्षक र एक जना कानुन व्यवसायीलाई दुर्व्यवहार गरियो।

सन् २०१३ मा दुर्व्यवहारबाट पीडित मानवअधिकार रक्षक

पीडित	दुर्व्यवहार
पत्रकार	३
शिक्षक	५
कानुन व्यवसायी	१
जम्मा	९

नेकपा-माओवादीका कार्यकर्ताहरूले मुच्चोक गाविस-३, गोरखा मुच्चोकटार निमाविका ४५ वर्षीय प्रधानाध्यापक इन्द्रलाल अधिकारीलाई ०७० भदौ ११ गते विद्यालय परिसरमा नै मोसो दलेर अमानवीय व्यवहार गरे। दिउँसो ११ बजे विद्यालय पुगेका जिल्ला सदस्य सुनील परियारलगायत नेकपा-माओवादीका कार्यकर्ताले शिक्षकलाई मोसो दलेर कार्यालयबाट बाहिर चौरमा निकालेर लछार-पछार गरे। विद्यालयमा महिला परिचर पदमा लीलामाया थापालाई नियुक्त नगरेको, विद्यालयको रकम हिनामिना गरेको, महिलाहरूलाई दुर्व्यवहार गरेको आरोपमा माओवादीले मोसो दलेर सचेत गराएको माओवादी इन्चार्ज परशुराम रम्तेलले बताए। नेकपा-माओवादी र काङ्ग्रेस कार्यकर्ताबीच भदौ १५ गते भएको छलफलमा माओवादीले गल्ती स्वीकार गरी मिलापत्र भयो।

४. क्षेत्रगत आधारमा पीडित मानवअधिकार रक्षक

यस अवधिमा सबैभन्दा बढी मध्यमाञ्चल क्षेत्रका मानवअधिकार रक्षकहरू पीडित भएको इन्सेकको तथ्याङ्कमा उल्लेख छ। क्षेत्रगत आधारमा विश्लेषण गर्दा पूर्वाञ्चल क्षेत्रमा ६ जना महिला मानवअधिकार रक्षकसहित ३६ जना मानवअधिकार रक्षकहरू पीडित भए भने मध्यमाञ्चलमा दुई महिलासहित ४१ जना मानवअधिकार रक्षकहरू विभिन्न पक्षबाट पीडित भए। त्यसै गरी यसै अवधिमा पश्चिमाञ्चलमा १ महिला र १३ पुरुषसहित १४ जना

सन् २०१३ मा पीडित महिला तथा पुरुष मानवअधिकार रक्षक

क्षेत्र	महिला	पुरुष	जम्मा
पूर्वाञ्चल	६	३०	३६
मध्यमाञ्चल	२	३५	४१
पश्चिमाञ्चल	१	१३	१४
मध्यपश्चिमाञ्चल	३	२७	३०
सुदूरपश्चिमाञ्चल		५	५
जम्मा	१२	११४	१२६

मानवअधिकार रक्षकहरू पीडित भए भने यो सङ्ख्या मध्यपश्चिमाञ्चलमा तीन महिलासहित ३० जना र सुदूरपश्चिमाञ्चलमा पाँच जना रहयो।

क्षेत्रगत रूपमा घटना विश्लेषण गर्दा सबै क्षेत्रमा पीडित हुनेहरूमा पत्रकारहरू सबैभन्दा बढी रहे भने त्यसपछि शिक्षण पेसामा संलग्न मानवअधिकार रक्षकहरू पीडित भएको तथ्याङ्कले देखाउँछ।

उदयपुर जिल्ला त्रिवेणी गाविस घर भई हाल काठमाडौँ मनपा गैरीधारा बस्ने वरिष्ठ अधिवक्ता शम्भु थापा, ललितपुर जिल्ला उमनपा-१ कुपण्डोल बस्ने ६० वर्षीय मानवअधिकारकर्मी चरण प्रसाईं, ललितपुर जिल्ला उमनपा पाटनढोका बस्ने वरिष्ठ पत्रकार कनकमणि दीक्षित ०७० वैशाख २५ गते बिहान अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा पूर्वमुख्यसचिव लोकमानसिंह कार्कीको नियुक्तिको विरोध गर्दै राष्ट्रपति कार्यालय शीतलनिवास काठमाडौँमा धर्ना दिने क्रममा प्रहरीले गिरफ्तार गरी महानगरीय प्रहरी वृत्त महाराजगन्जमा राखेकामा सोही दिन दिउँसो रिहा गऱ्यो।

पूर्वाञ्चल क्षेत्रमा मानवअधिकार रक्षकमाथि भएका ३६ ओटा घटनामा कुटपिटबाट १५ जना, धम्की दिइएका घटनामा १३ जना, गिरफ्तार गरिएका घटनामा एक जना, दुर्व्यवहार गरिएका घटनामा पाँच जना र दुई जना मानवअधिकार रक्षक पीडित भए।

मध्यमाञ्चल क्षेत्रमा मानवअधिकार रक्षकमाथि भएका ४१ ओटा घटनामा एक जना मानवअधिकार रक्षकको हत्या भयो भने कुटपिटबाट २० जना, धम्की दिइएका १५ जना, दुर्व्यवहार गरिएका घटनामा एक जना, घाइते तीन जना र एक जना मानवअधिकार रक्षक अपहरणमा परे।

पश्चिमाञ्चलमा क्षेत्रमा भएका १४ ओटा घटनामा कुटपिटका कारण पाँच जना, धम्कीका घटनामा आठ जना र दुर्व्यवहारका घटनामा एक जना मानवअधिकार रक्षक पीडित भए। त्यसै गरी, मध्यपश्चिमाञ्चल क्षेत्रमा भएको ३० ओटा घटनाहरूमा कुटपिटबाट १९ जना, धम्की दिइएको घटनामा सात जना, दुर्व्यवहारमा दुई जना, घाइते एक जना र एक जना मानवअधिकार रक्षक अपहरित भए। सुदूरपश्चिमाञ्चलमा भएका पाँचओटा घटनामा कुटपिटबाट एक जना, धम्कीका घटनामा चार जना मानवअधिकार रक्षक पीडित भए।

बयरबन गाविस-६, मोरङ निवासी 'उद्घोष' दैनिक पत्रिकाका संवाददाता २० वर्षीय हरि अधिकारीलाई ०७० वैशाख २६ गते सोही गाविस-८

सन् २०१३ मा क्षेत्रगत आधारमा पीडित मानवअधिकार रक्षक सङ्ख्या

घटना	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
हत्या		१				१
कुटपिट	१५	२०	५	१५	१	६०
धम्की	१३	१५	८	७	४	४७
गिरफ्तारी/यातना	१					१
दुर्व्यवहार	५	१	१	२		५
घाइते		३		१		४
अपहरण	२	१		१		४
जम्मा	३६	४१	१४	३०	५	१२६

निवासी रमाइलो अस्पताल प्रालिका सञ्चालक ३० वर्षीय कुमार फुयालले 'अस्पतालमा मदिरा पसल' शीर्षक समाचार प्रकाशन गरेको विषयमा डेकेन्द्र थापाको जस्तो अवस्था बनाइदिने धम्की दिएका थिए। पीडितले जिल्ला प्रहरी कार्यालयमा वैशाख ३१ गते उजुरी दिए। सो घटनाको नेपाल पत्रकार महासङ्घ र प्रेस चौतारीले विज्ञप्तिमार्फत विरोध जनाए। आरोपितले लिखित रूपमा माफी मागेपछि आरोपित र पीडितबीच जेठ ५ गते जिल्ला प्रहरी कार्यालयमा मिलापत्र भएको थियो।

सन् २०१३ मा पीडित महिला मानवअधिकार रक्षक

पीडित	कुटपिट	धम्की	दुर्व्यवहार	घाइते	जम्मा
पत्रकार	२				२
शिक्षक	३	१	१	१	६
मानवअधिकार कार्यकर्ता	२				२
स्वास्थ्यकर्मी	१	१			२
जम्मा	८	२	१	१	१२

५. महिला मानवअधिकार रक्षक

महिला मानवअधिकार रक्षकले पुरुष मानवअधिकार रक्षकहरूले भोग्ने खतराहरू त झेल्नुपर्दछ नै, महिला भएकै कारणले निश्चित प्रकारका जोखिमहरूको पनि सामना गर्नुपरिरहेको हुन्छ। उनीहरूमाथि हुने दुर्व्यवहार र आक्रमणहरूका विभिन्न स्वरूपहरू हुन्छन्। उनीहरूविरुद्ध लक्षित मौखिक दुर्व्यवहार तथा शारीरिक आक्रमण, यौन दुर्व्यवहार, बलात्कारजस्ता घटनमा पुरुषहरूभन्दा बेग्लैरूपमा पर्ने दबाबको सामना गर्नुपर्ने अवस्था विद्यमान छ। पुरुष रक्षकको दाँजोमा उनीहरू अझै बढी जोखिममा देखिन्छन्। यौन हिंसा, चरित्रहत्या गरिने हिंसा उनीहरूले भोग्नुपर्ने विशिष्ट खालका हिंसा हो। यस वर्ष १२ महिला मानवअधिकार रक्षकहरू पीडित भएको तथ्याङ्क इन्सेकसँग उपलब्ध छ। महिला मानवअधिकारकर्मीहरूमध्ये पत्रकार दुई जना र शिक्षक ६ जना, मानवअधिकार कार्यकर्ता दुई जना र स्वास्थ्यकर्मी दुई जना महिला मानवअधिकार रक्षक पीडित भएका थिए।

राजविराज नपा-८, सप्तरीस्थित जिल्ला शिक्षा कार्यालयमा तालाबन्दी गरी धर्नामा बसेका आठ जना पीसीएफ शिक्षकहरू र समाचार सङ्कलनका लागि पुगेकी 'सूचना दिग्दर्शन' साप्ताहिकका संवाददाता राजविराज नपा-८ की २४ वर्षीया रक्षा चौधरीलाई जेठ २६ गते दिउँसो ३ बजे प्रहरीले कुटपिट र दुर्व्यवहार गऱ्यो। दरबन्दी कायम गरिनुपर्ने, बिमाको व्यवस्था, अन्य शिक्षकसरह तलब सुविधालगायतको माग गर्दै नेपाल पीसीएफ शिक्षक सङ्घर्ष समितिको आह्वानमा तालाबन्दी गरी धर्नामा बसेका शिक्षकहरू प्रहरीको लाठीचार्जबाट घाइते भए भने लाठीचार्जको फोटो खिचिरहेकी पत्रकार चौधरीमाथि दुर्व्यवहार भयो।

काठमाडौँ काँडाघारी पेप्सीकोला-८ घर भई काँडाघारी खहरेस्थित युरो किड्स इन्टरनेसनल स्कुलका प्रिन्सिपल ३१ वर्षीया अन्जु भनिने रमा भट्टराईलाई पेप्सीकोलास्थित मनोहरा पुलनजिकै ०७० वैशाख ६ गते साँझ बा३६प २३२६ नम्बरको स्कुटरमा जाँदै गर्दा अज्ञात समूहले गोली प्रहार गऱ्यो। भट्टराईको पेटमा गोली लागेको थियो। घाइते उनको बीएन्डबी अस्पतालमा उपचार भयो। घटनास्थलबाट प्रहरीले ७.४५ एमएमको गोलीको खोका बरामद गरेको थियो। घटनाका आरोपितहरू यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। घटनाको अनुसन्धान भइरहेको महानगरीय प्रहरी वृत्त नयाँ बानेश्वरले जनायो।

६. मानवअधिकार रक्षकसम्बन्धी नेपालको कानुनी व्यवस्था

नेपालमा मानवअधिकार रक्षकहरूको संरक्षणका लागि छुट्टै कुनै कानुनी वा संस्थागत संयन्त्र नभएको अवस्थामा आमनागरिकले नेपालका नागरिकसरह पाउने संरक्षण र अधिकार नै मानवअधिकार रक्षकहरूको अधिकारका रूपमा लिनुपर्ने अवस्था छ। नेपालको अन्तरिम संविधान, २०६३, नागरिक अधिकार ऐन, सरकारी मुद्दासम्बन्धी ऐन, कानुन व्यवसायी परिषद् ऐन, समाज कल्याण परिषद् ऐन, संस्था दर्ता ऐन, ट्रेड युनियन अधिकारका सम्बन्धमा ट्रेड युनियन ऐन, श्रम ऐन र अन्य कानुनहरूमा नागरिकका यस्ता अधिकारको व्यवस्था गरिएको छ। राष्ट्रिय मानवअधिकार आयोगको 'मानवअधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका, २०६९', राष्ट्रिय मानवअधिकार आयोगको

कानुनलगायत अन्य मानवअधिकार निकायहरूका कानुनहरू पनि मानवअधिकार रक्षकको अधिकार संरक्षणका लागि उपयोग गर्न सकिने अवस्था रहेको छ। त्यसै गरी विभिन्न पेसागत समुदायको कानुन तथा निर्देशिकाहरू पनि पेसागत हकहितका लागि उपयोगी रहेका छन्।

७. नेपालको अन्तरिम संविधान, २०६३

नेपालको अन्तरिम संविधान, २०६३ मा प्रत्याभूत गरिएका मौलिक अधिकारहरूमध्ये स्वतन्त्रताको हक[१०] समानताको हक[११], प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक[१२] मानवअधिकार रक्षकको हैसियतले लागू हुने अधिकारका रूपमा लिन सकिन्छ। त्यसै गरी विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानवअधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, कानुनको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरूका क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरूको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्बन गरी भ्रष्टाचार र दण्डहीनताको अन्त्य गर्दै सुशासन कायम गर्ने[१३] भन्ने उल्लेख छ।

८. ऐन कानुनहरू

मानवअधिकार रक्षकको हैसियतले काम गर्दा उनीहरूको हक अधिकारहरू नेपालमा प्रचलित विभिन्न ऐन कानुनमा व्यवस्था गरिएको छ। प्रचलित नेपाल कानुनको अधीनमा रही कानुनको अगाडि समानता र कानुनको समान संरक्षण कुनै नागरिकलाई पनि इन्कार गरिने छैन।[१४] वाक्स्वतन्त्रता इत्यादिसम्बन्धी अधिकार प्रचलित नेपाल कानुनको अधीनमा वाक् र प्रकाशन स्वतन्त्रता[१५]। शान्तिपूर्वक र बिनाहतियारको सम्मेलन सभा गर्ने[१६]। संस्था वा सङ्घ खडा गर्ने[१७] र नेपाल राज्यभर बिनारोकटोक घुमफिर गर्ने।

मानवअधिकार रक्षकको हैसियतले काम गर्ने क्रममा पीडितको पक्षबाट घटनाहरू सरकारी निकायमा जानकारी गराउने अधिकारको संरक्षण गर्दै सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ मा कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले तत्सम्बन्धी अपराधबारे आफूसँग भएको वा आफूले देखेजानेसम्मको सबुद प्रमाण खुलाई यथाशीघ्र सो कुराको लिखित दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्नेछ[१८]।

९. मानवअधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका, २०६९

समाजमा मानवअधिकारको संवर्द्धन, संरक्षण, सम्मान र पालना गर्ने/गराउने राज्यको जिम्मेवारीलाई पर्याप्तता, प्रभावकारिता र गुणस्तरीयताको दृष्टिकोणले अनुगमन गर्ने मानवअधिकार रक्षकहरूको भूमिकालाई सबल, उत्तरदायी र पारदर्शी बनाउन सहयोग गर्ने उद्देश्यले राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका, २०६९ जारी गरेको छ। निर्देशिकामा 'मानवअधिकारको संवर्द्धन र संरक्षणमा मानवअधिकार रक्षकहरूको महत्त्वपूर्ण भूमिकालाई सबल र उत्तरदायी बनाउन एवम् मानवअधिकार रक्षकहरूको काम, कर्तव्य र दायित्वलाई स्पष्ट गरी निजहरूको कामलाई सुचारु र सुव्यवस्थित गर्न तथा उनीहरूको सुरक्षा सम्बन्धमा मार्ग निर्देशिका बनाउन वाञ्छनीय भएको उल्लेख छ।

---

१०. धारा १२ नेपालको अन्तरिम संविधान, २०६३
११. धारा १३ नेपालको अन्तरिम संविधान, २०६३
१२. धारा १५ नेपालको अन्तरिम संविधान, २०६३
१३. धारा ३३ (ग) नेपालको अन्तरिम संविधान, २०६३
१४. दफा ३ नागरिक अधिकार ऐन, २०१२
१५. दफा ६ (१) नागरिक अधिकार ऐन, २०१२
१६. दफा ६ (२) नागरिक अधिकार ऐन, २०१२
१७. दफा ६ (३) नागरिक अधिकार ऐन, २०१२
१८. दफा ३ सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

९.१ निर्देशिकामा मानवअधिकार रक्षकहरूको सुरक्षा र राज्यको दायित्व

निर्देशिकामा मानवअधिकार रक्षकको सुरक्षाका लागि राज्यको दायित्वमा मानवअधिकार र स्वतन्त्रताको संवर्द्धन, संरक्षण र सम्मान गर्नु र त्यसको निमित्त वातावरण बनाउनु राज्यको प्राथमिक दायित्व हुनेछ।[१९] मानवअधिकारको संवर्द्धन, संरक्षण र सम्मानका निमित्त राज्यले कानुनी, न्यायिक तथा प्रशासनिकलगायतका माध्यम अवलम्बन गर्नुपर्नेछ।[२०] मानवअधिकार रक्षकहरूलाई कानुनबमोजिम आवश्यक सूचनाहरू प्रदान गर्नु राज्य तथा अन्य निकायहरूको कर्तव्य हुनेछ।[२१] त्यसै गरी जोखिम र खतराको अवस्थामा रहेका मानवअधिकार रक्षकहरूको तुरुन्त उद्धार गर्नु सुरक्षा निकाय तथा सम्बन्धित सबैको प्राथमिक कर्तव्य हुनेछ।[२२]

९.२ मानवअधिकार रक्षकहरूको अधिकार संरक्षणमा मानवअधिकार आयोग

समाजमा मानवअधिकारको संवर्द्धन र संरक्षणको काममा लागिपरेका मानवअधिकार रक्षकहरूको भूमिका प्रभावकारी, उत्तरदायीपूर्ण र पारदर्शी बनाउन आयोगले मानवअधिकार रक्षकहरूको सुरक्षाका निमित्त राष्ट्रिय मानवअधिकार आयोगले आवश्यक पहल गर्नेछ।[२३] आयोगले मानवअधिकार रक्षकहरूको मानवअधिकारको रक्षामा संलग्न संस्थाहरूबीच समन्वयकारी भूमिका खेल्नेछ।[२४] आयोगले मानवअधिकार रक्षकहरूको हित र सुरक्षाको निमित्त राज्य तथा अन्य निकायहरूसँग समन्वयकर्ताको भूमिका निर्वाह गर्नेछ।[२५] आयोगले मानवअधिकार र व्यक्तिगत स्वतन्त्रताउपर कुनै सीमा लगाउने कानुन, नीति र काम भएको पाएमा मानवअधिकार रक्षाको काममा संलग्न संस्थाहरूसँग समन्वय गरी एकबद्ध भई त्यस्तो कानुन, नीति र काम रोकथाम गर्न प्रयत्न गर्नेछ।[२६] आयोगले घाइते, बन्धक तथा ज्यान जोखिममा परेका मानवअधिकार रक्षकलगायतका व्यक्तिको उद्धार र स्वास्थ्य उपचारका लागि तुरुन्त पहल गर्नेछ।[२७] आपतकालीन अवस्थामा मानवअधिकार रक्षकहरूमाथि आइपर्ने सबैखाले जोखिमबाट जोगाउन भरमगदुर प्रयत्न गर्नेछ।[२८]

१०. मानव अधिकार रक्षकहरूका सम्बन्धमा व्यवस्था गर्न बनेको नमुना विधेयक, २०६६

इन्सेकले मानवअधिकार रक्षकहरूको अधिकार संरक्षणका लागि छुट्टै कानुन बनाउन राज्यलाई दबाब

---

१९. दफा १० (क) राष्ट्रिय मानवअधिकार आयोग, पेज नं १, मानवअधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका, २०६९

२०. दफा १० (ख) राष्ट्रिय मानवअधिकार आयोग, पेज नं १, मानवअधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका, २०६९

२१. दफा १० (ग) राष्ट्रिय मानवअधिकार आयोग, पेज नं १, मानवअधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका, २०६९

२२. दफा १० (घ) राष्ट्रिय मानवअधिकार आयोग, पेज नं १, मानवअधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका, २०६९

२३. दफा ११ (क) राष्ट्रिय मानवअधिकार आयोग, पेज नं १, मानवअधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका, २०६९

२४. दफा ११ (ख) राष्ट्रिय मानवअधिकार आयोग, पेज नं १, मानवअधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका, २०६९

२५. दफा ११ (ग) राष्ट्रिय मानवअधिकार आयोग, पेज नं १, मानवअधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका, २०६९

२६. दफा ११ (घ) राष्ट्रिय मानवअधिकार आयोग, पेज नं १, मानवअधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका, २०६९

२७. दफा ११ (ङ) राष्ट्रिय मानवअधिकार आयोग, पेज नं १, मानवअधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका, २०६९

२८. दफा ११ (च) राष्ट्रिय मानवअधिकार आयोग, पेज नं १, मानवअधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका, २०६९

दिने उद्देश्यले मानवअधिकार आयोग, मानवअधिकार रक्षकहरू र विभिन्न मानवअधिकारवादी सङ्घसंस्थाहरूसँग छलफल गरी नमुना मस्यौदा विधेयक तयार पारेको छ।

मानवअधिकारको संरक्षण, संवर्द्धन र पालना गर्ने सम्बन्धमा नेपाल विभिन्न अन्तर्राष्ट्रिय अनुबन्ध, सन्धि तथा सम्झौताहरूको पक्षराष्ट्र भएको तथ्यलाई हृदयङ्गम गर्दै, नेपालको लोकतान्त्रिक आन्दोलनमा नेपालका मानवअधिकार रक्षकहरूले निर्वाह गरेको भूमिकाको उच्च मूल्याङ्कन गर्दै, संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा पारित 'विश्वव्यापी रूपमा स्वीकार गरिएका मानवअधिकार र मौलिक स्वतन्त्रताहरूको प्रवर्द्धन तथा संरक्षणमा व्यक्ति, समूह तथा समाजका अङ्गहरूको अधिकार तथा उत्तरदायित्वसम्बन्धी घोषणा-पत्र १९९८' ले सिर्जना गरेको राष्ट्रिय दायित्वसमेतको स्मरण गर्दै, नेपालका मानवअधिकार आन्दोलनमा क्रियाशील मानवअधिकार रक्षकहरूको जीवन जोखिममा रहेको तथ्यलाई मनन गर्दै उनीहरूको सेवाको सुरक्षा र सुव्यवस्थामार्फत मानवअधिकारको संरक्षण र संवर्द्धन गर्नका लागि यो ऐन बनाउन वाञ्छनीय भएकाले[29] गणतन्त्र नेपालको अन्तरिम व्यवस्थापिका संसद्ले यो ऐन बनाएको छ।

उक्त नमुना विधेयकमा मानवअधिकार रक्षकका अधिकार, कर्तव्य र सुरक्षासम्बन्धी व्यवस्था गरिएको छ। नमुना विधेयकमा मानवअधिकार रक्षकका लागि अलग्गै आयोगको व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ भने रक्षकहरूको मानवअधिकार उल्लङ्घन हुँदा उपचारको व्यवस्था पनि गरिएको छ।

११.मानवअधिकार रक्षकसम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्था

११.१ मानवअधिकार रक्षकहरूसम्बन्धी घोषणापत्र

मानवअधिकार घोषणा-पत्र १९४८ मानवअधिकार संरक्षण गर्नका लागि बनेको पहिलो दस्तावेज हो भने 'विश्वव्यापीरूपमा मान्यता प्राप्त मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको संवर्द्धन र संरक्षण गर्न व्यक्ति, समूह र समाजका अङ्गहरूको अधिकार र दायित्वसम्बन्धी घोषणापत्र' मानवअधिकार रक्षकसम्बन्धी पहिलो दस्तावेज हो र यो संयुक्त राष्ट्रसङ्घको महासभाले ९ डिसेम्बर १९९८ मा यसको प्रस्ताव नं. ५३/१४४ द्वारा पारित गरेको थियो। यो घोषणापत्रलाई छोटकरीमा 'मानवअधिकार रक्षकहरूसम्बन्धी घोषणापत्र' पनि भनिन्छ। त्यसै गरी संयुक्त राष्ट्रसङ्घले जारी गरेको मानवअधिकारसम्बन्धी विभिन्न सन्धि-सम्झौताहरू पनि प्रत्यक्षरूपले रक्षकहरूको अधिकार संरक्षण गर्ने संयत्रहरू हुन्। नेपाल पक्षराष्ट्र भएका सबै सन्धि-सम्झौताहरूले रक्षकहरूको अधिकारको सुनिश्चित गर्दछ। मानवअधिकार रक्षकहरूसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र मानवअधिकार रक्षकका रूपमा मानवअधिकारसम्बन्धी कार्य गर्ने व्यक्तिहरूको पहिचान स्थापित गर्ने र उनीहरूको अधिकार तथा ती अधिकारको 'रक्षा'का लागि पूरा गरिनुपर्ने दायित्व वा जिम्मेवारीहरूलाई औपचारिकरूपमा परिभाषित गर्ने पहिलो प्रमुख दस्तावेज हो। मानवअधिकारको विशवव्यापी घोषणापत्र जारी भएको पचासौँ वर्षगाँठका अवसरमा सन् १९९८ मा संयुक्त राष्ट्रसङ्घको महासभाले सदस्य राष्ट्रहरूको मतैक्यतामा यो घोषपणापत्र पारित गरेको हो । त्यस कारण यो घोषणापत्रले कार्यान्वयनका लागि राज्यहरूको बलियो प्रतिबद्धता प्राप्त गरेको छ।[30]

यो घोषणापत्रमा प्रत्येक व्यक्तिलाई व्यक्तिगत रूपमा र सामूहिकरूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको प्रवर्द्धन र संरक्षणका लागि शान्तिपूर्ण ढङ्गले भेटघाट वा सभा गर्ने, गैरसरकारी संस्था, सङ्गठन वा समूहहरू गठन गर्ने, संलग्न र सहभागी हुने अधिकार हुनेछ[31] भन्ने व्यवस्था गरिएको छ। त्यसै गरी घोषणापत्रले मानवअधिकारसँग सम्बन्धित सूचनाको अधिकार र सूचना सङ्कलन गर्ने र सम्प्रेषण गर्ने अधिकारको सुनिश्चित गरेको छ। प्रत्येक व्यक्तिलाई व्यक्तिगतरूपमा र सामूहिकरूपमा अधिकार र स्वतन्त्रताबारे राष्ट्रिय कानुनी र न्यायिक वा प्रशाशनिक प्रणालीहरूमा कस्तो व्यवस्था गरिएको छ भन्ने थाहा पाउनका लागि त्यस्ता सूचनासम्म पहुँच हुनसमेत सबै मानवअधिकार तथा मौलिक स्वतन्त्रताबारेका सूचना सम्बन्धमा जानकारी लिने,

---

२९.इन्सेक, प्रस्तावना, मानव अधिकार रक्षकहरूको सम्बन्धमा व्यवस्था गर्न बनेको नमुना विधेयक, २०६६

30.इन्सेक। मानवअधिकार रक्षक र उनीहरूका अधिकार आधारभूत जानकारी। २०६५: पृ. ११

31.इन्सेक। मानवअधिकार रक्षक र उनीहरूका अधिकार आधारभूत जानकारी। २०६५: पृ. ३८

खोजी गर्ने सङ्कलन गर्ने, प्राप्त गर्ने[३१] अधिकार रहेको छ।

११.२ महिला मानवअधिकार रक्षकहरूसम्बन्धी प्रस्ताव

४ नोभेम्बर २०१३ मा भएको संयुक्त राष्ट्रसङ्घको महासभाको अठ्सट्ठीऔँ बैठकले महिला मानवअधिकार रक्षकसम्बन्धी रिजोलुसन लागू गरेको छ।[३३] उक्त रिजोलुसनमा महिला मानवअधिकार रक्षकको अधिकार संरक्षणका लागि राज्यलाई उपयुक्त कानुनहरू निर्माण गर्न निर्देशित गरिएको छ। महिलामाथि गरिने संरचनागत विभेद र महिलामाथि हुने हिंसाका घटनामा हुने गरेको दण्डहीनतालाई अन्त्य गर्न राज्यलाई विभिन्न उपायहरू अवलम्बन गर्न निर्देशन दिएको छ।

११.३ मानवअधिकार रक्षकसम्बन्धी युरोपेली सङ्घको मार्गनिर्देशिका

मानवअधिकार रक्षकसम्बन्धी युरोपेली सङ्घको मार्गनिर्देशिका अर्को अन्तर्राष्ट्रिय दस्तावेज हो। युरोपेली सङ्घभन्दा बाहिरी राष्ट्रहरूमा मानवअधिकार रक्षकहरूलाई कसरी संरक्षण र सहयोग गर्ने भन्ने सम्बन्धमा ईयूका सदस्य राष्ट्रहरूलाई व्यावहारिक मार्गनिर्देशन प्रदान गर्ने उद्देश्यले १४ जुन २००४ मा ईयू परिषद्ले मानवअधिकार रक्षकसम्बन्धी मार्गनिर्देशिका पारित गरेको हो। यो 'संरक्षणको सुनिश्चिताका लागि मानवअधिकार रक्षकसम्बन्धी युरोपेली सङ्घ (ईयू)को मार्गनिर्देशिका'लाई छोटकरीमा 'मानवअधिकार रक्षकसम्बन्धी ईयू मार्गनिर्देशिका' पनि भन्ने गरिन्छ।[३४]

मानवअधिकार रक्षकसम्बन्धी यी अन्तर्राष्ट्रिय दस्तावेजहरू कानुनी रूपले बाध्यकारी होइनन्। तर पनि संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्रहरूलाई सन्धि सम्झौताको पालना गर्न नैतिकरूपले दबाव भने पक्कै दिन्छ। तर, नेपाल यी दस्तावेजमा व्यवस्था गरिएका संरक्षणका प्रावधानहरू व्यवहारमा लागू गर्न सकिरहेको छैन। घरेलु कानुनको अभावमा मानवअधिकार रक्षकका अधिकार हनन भएको अवस्थामा राज्यले प्रभावकारी संरक्षण नै दिन सकेको छैन।

१२. निष्कर्ष र सुझाव

मानवअधिकारको संरक्षण र संवर्द्धनमा ज्यान जोखिममा राखेर लागिपरिरहेका मानवअधिकार रक्षकहरू सुरक्षित छैनन्। यस अवधिमा १ सय २५ जना मानवअधिकार रक्षक पीडित भएको तथ्याङ्कले देखाउँछ। उनीहरूमाथि हुने मानवअधिकारको उल्लङ्घन र ज्यादतीको निष्पक्ष छानबिन गरी पीडितलाई कारबाही गर्ने एक छुट्टै निकायको व्यवस्था राज्यले गर्नुपर्ने हुन्छ। संयुक्त राष्ट्रसङ्घले मानवअधिकार रक्षकको अधिकारका सम्बन्धमा जारी गरेको घोषणापत्र अनुरूप मानवअधिकार रक्षकका लागि छुट्टै कानुन निर्माण गर्नुपर्ने देखिन्छ।

राष्ट्रिय मानवअधिकार आयोगले जारी गरेको मानवअधिकार रक्षकसम्बन्धी निर्देशिकाका बारेमा मानवअधिकार रक्षकहरूले जानकारी राख्न जरुरी छ। राज्यले पनि निर्देशिकामा उल्लेख गरिएका रक्षकका अधिकारहरू संरक्षण गर्नेतर्फ प्रभावकारी संयन्त्र बनाउन जरुरी छ।

महिला मानवअधिकार रक्षकहरूको विशिष्ट खाले अवस्था र उनीहरूमाथि हुने मानवअधिकार उल्लङ्घनलाई राज्य र सबै निकायले सम्वेदनशील भई कानुनी तथा मनोवैज्ञानिक उपचारको प्रभावकारी व्यवस्था मिलाउनुपर्छ।

मानवअधिकार रक्षकहरूको भयरहित वातावरणमा बाँच्न पाउने अधिकार, आत्मसम्मानपूर्ण जीवनयापन गर्न पाउने, अभिव्यक्तिको स्वतन्त्रता, पेसा व्यवसाय गर्न पाउने अधिकारहरू संविधान र विभिन्न कानुनहरूमा व्यवस्था भए अनुसार उपभोग गर्न पाउने वातावरणको सिर्जना राज्यले गर्नुपर्छ।

मानवअधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिनिधिलाई नेपाल भ्रमण गर्न आमन्त्रण गरी रक्षकहरूको अधिकारको अवस्था अनुगमन गर्न अनुमति दिनुपर्छ।

---

३१. धारा ६, मानवअधिकार रक्षकसम्बन्धी घोषणापत्र, १९९८

३३. http://www.ishr.ch/news/un-adopts-landmark-resolution-protecting-women-human-rights-defenders

३४. इन्सेक। मानवअधिकार रक्षक र उनीहरूका अधिकार आधारभूत जानकारी। २०६५: पृ. २५

परिच्छेद

५

आप्रवासी नेपाली कामदार र मानवअधिकार

१. पृष्ठभूमि

मानिस अवसर, अभाव र महत्त्वाकाङ्क्षाले गर्दा आफ्नो थातथलो छाडेर नयाँ ठाउँमा बसाइँ सर्ने प्रचलन निकै पुरानो हो। मानव सभ्यता प्रारम्भ हुनुअगावै पूर्व पाषाणकालीन युगका घुमन्ते मानवहरूसमेत सिकार र सुरक्षित बसोवासका लागि नयाँ ठाउँमा बसाइँ सर्ने गर्दथे। बसाइँ-सराइको यो क्रमले वर्तमान युगमा अझ व्यापकता पाउँदै गएको छ। एक्काइसौँ शताब्दीको भूमण्डलीकरण तथा विश्वव्यापीकरणको प्रभावले संसार सानो ग्राममा परिणत भएको छ। आधुनिक प्रविधिको विकासले संसारको जुनसुकै कुनामा मानिसको आवतजावत सहज बनेको छ। यही सहजताको उपयोग गर्दै काम र अवसरको खोजीमा एक देशको मानिस अर्को देशमा जाने क्रम बढ्दो छ। अवसरको खोजीमा भौँतारिनेहरूका लागि राष्ट्रिय सिमाना गौण बन्दै गएको छ। यसरी कामका लागि विदेशिनेमा विशेषत: नेपालजस्ता अल्पविकसित र विकासोन्मुख राष्ट्रका नागरिकहरू रहेका छन्। विशेषत: आफ्नोभन्दा सम्पन्न र विकसित मुलुकमा यस्ता कामदारहरू जाने गर्दछन्। आफ्नो देशको सीमा पार गरी अर्को देशमा काम गर्न जाने यस्ता कामदारलाई संयुक्त राष्ट्रसङ्घले आप्रवासी कामदारको संज्ञा दिएको छ। आप्रवासी कामदारहरूले भोग्दै गरेका बढ्दो जोखिमलाई सम्बोधन गर्न र तिनको मानवअधिकारको प्रत्याभूत गर्न संयुक्त राष्ट्रसङ्घले सबै आप्रवासी कामदार र तिनका परिवारका सदस्यका अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९० समेत प्रयोगमा ल्याएको छ।

विश्वव्यापी रूपमा हाल २ अर्ब १४ करोड अन्तर्राष्ट्रिय आप्रवासी कामदार रहेको र त्यसमा १० देखि १५ प्रतिशत आलेखबद्ध नभएका कामदारहरू रहेको अनुमान गरिएको छ।[१] सरकारी तथ्याङ्क अनुसार वि.सं. २०५० देखि ०७० असारसम्म वैदेशिक रोजगारमा जाने नेपालीको सङ्ख्या २८ लाख ८१ हजार ५ सय १७ रहेको छ। जसमा ०६९/०७० मा मात्र ४ लाख १५ हजार ८ सय १८ नेपाली देश बाहिरिएका छन्। ०५१/०५२ मा यसरी बाहिरिनेको सङ्ख्या ३ हजार ६ सय ५ मात्र थियो।[२] सो तथ्याङ्कले पनि नेपालको आप्रवासीको कामदारको बढ्दो सङ्ख्यालाई प्रस्ट्याउँछ।

त्यसो त मानिस रहरले आफ्नो घर, परिवार, भाषा, धर्म, संस्कृति, भेषभूषा, साथीसङ्गी, राष्ट्र, पहिचान आदि छाडेर बिरानो ठाउँमा जान रुचाउँदैन। आप्रवासन रहर कम र बाध्यता बढी हो। मानिसको यो बाध्यात्मक परिस्थितिले कतिपय अवस्थामा उसको आत्मसम्मान र मानवअधिकार सङ्कटमा पर्न जान्छ। सबैका लागि सबै मानवअधिकार भनिए पनि आप्रवासी कामदारका हकमा यो लागू हुन सकेको छैन। आप्रवासी कामदारहरूको व्यवस्थापन, उनीहरूको मानवअधिकार र न्यायको सुनिश्चितता अन्तर्राष्ट्रिय चुनौती र दायित्व दुवै हो। विशेषत: आफ्ना नागरिकको मानवअधिकार सुनिश्चित गर्ने दायित्वको हिसाबले कामदार पठाउने मुलुक यो सबालमा नैतिक र कानुनी दुवैरूपले बढी जिम्मेवार भए पनि कामदारलाई रोजगार दिने मुलुक पनि आप्रवासी कामदारको मानवअधिकारको संरक्षणमा जिम्मेवार हुनुपर्दछ। संसारका जुनसुकै कुनामा रहेका आफ्ना नागरिकका मानवअधिकारको सम्मान, संरक्षण र प्रत्याभूत गर्ने आधारभूत जवाफदेहीताबाट कुनै पनि बहानामा राज्य पञ्छिन पाउँदैन। आफ्नो प्रत्यक्ष संरक्षणबाट टाढा रहनु, फरक राष्ट्रमा रहेर मजदुरी गर्नु र राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुको हिसाबले आप्रवासी कामदारलाई राज्यले अझ विशेष ध्यान दिनुपर्दछ।

आप्रवासी नेपाली कामदारको मानवअधिकार सुनिश्चित गर्ने सबालमा नेपाल सरकार फितलो देखिएको छ। नेपालको राष्ट्रिय अर्थतन्त्रमा कृषिपछि रेमिट्यान्स वा विप्रेषण (आप्रवासी कामदारले कमाएर नेपाल पठाउने पैसा)ले दोस्रो स्थान ओगटे पनि यो क्षेत्र सरकारको उच्च प्राथमिकताभन्दा बाहिर छ। वैदेशिक रोजगार व्यवसायको फितलो नियमन, अनियमितता र भ्रष्टाचार, एजेन्टको मनपरी, मौजुदा कानुनको अप्रभावकारी कार्यान्वयन, जनचेतनाको कमी, ऐन-कानुन, नीति-नियमको समयसापेक्ष संशोधन हुन नसक्नु, अपर्याप्त सीपमूलक जनशक्ति उत्पादन, अन्तर्राष्ट्रिय अभ्यासको अनुसरण नहुनु र सन्धि महासन्धिको अनुमोदनमा ढिलाइ आदि कारणले वैदेशिक रोजगारमा जाने नेपाली कामदार ठगिने र जोखिम बेहोर्नुपर्ने क्रम बढ्दो छ। परिमाणात्मक रूपमा विप्रेषणले अर्थतन्त्रमा पुऱ्याएको योगदान सराहनीय भए

१. मानवअधिकारका ठूला महासन्धिहरूको कार्यान्वयन अवस्था, अध्ययन प्रतिवेदन ०७०, पेज ३१६

२. नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभागको प्रतिवेदन, http://www.dofe.gov.np/uploads/document/50_68-69data%20with%20chart_20120725092530.pdf ०७०पुस १० गते हेरिएको

पनि विदेशमा नेपाली कामदारले भोग्नुपरेको जोखिम र पीडा, देशमा युवाविहीन बन्दै गएका गाउँहरू, वृद्धाश्रममा परिणत बन्दै गएको देश, सरदर दैनिक १५ सयको सङ्ख्यामा कामका लागि तेस्रो मुलुक जाने युवाको लर्को र दैनिक तीनको हाराहारीमा भित्रिएको तिनका लास, परराष्ट्र मन्त्रालयको सँघारमा राहदानी लिने युवाको भीड, जनसङ्ख्यामा आएको असन्तुलन, सामाजिक विचलन आदिले गर्दा गुणात्मक र दीर्घकालीन रूपमा वैदेशिक रोजगार नेपाल सरकारका लागि गम्भीर चुनौती पनि हो। वैदेशिक रोजगार नेपाली युवाका लागि रोजगारीको महत्त्वपूर्ण विकल्प भए पनि राज्यले तिनको आधारभूत मानवअधिकारको प्रत्याभूत गर्न नसक्दा यो क्षेत्रमा असुरक्षा र जोखिम बढेको छ। यस परिच्छेदमा नेपाली आप्रवासी कामदार र तिनको मानवअधिकारको अवस्था, आप्रवासी कामदारसम्बन्धी महासन्धि, अन्तर्राष्ट्रिय कानुन र घरेलु कानुनमा भएका व्यवस्था, विद्यमान नीति नियम र तिनको कार्यान्वयन, आप्रवासनका समस्या र चुनौती, सबल र दुर्बलपक्ष, वर्ष सन् २०१३ मा भएका केही प्रतिनिधिमूलक घटनाको विश्लेषण र नेपाल सरकारलाई सुझाव अनुरोध समावेश गरिएको छ।

२. परिभाषा

सामान्यतया आफू स्थायीरूपमा बसोवास गर्दै आएको थलोबाट अर्को ठाउँमा गरिने स्थान्तरण बसाइँ-सराइ हो। सैद्धान्तिक रूपमा आफ्नो स्थायी बसोवास छाडी ६ महिनाभन्दा बढी अर्को ठाउँमा बसोवास गर्ने प्रक्रियालाई बसाइँसराइ भनिन्छ। एउटा मुलुकबाट अर्को मुलुकमा गई त्यहाँको प्रचलित नियम-कानुन र ज्यालादरमा काम गर्ने प्रक्रिया वैदेशिक रोजगार हो।[३] सबै प्रकारका आप्रवासी कामदार र तिनका परिवारका सदस्यहरूको अधिकार संरक्षण गर्ने अन्तर्राष्ट्रिय महासन्धिका धारा २.१ अनुसार कुनै व्यक्तिले आफ्नो देशभन्दा बाहिर गई अर्को देशमा काम गर्नु, कुनै काम गर्नु, कुनै काममा संलग्न भइरहनु वा काममा संलग्न भई अर्थोपार्जन गर्नुलाई जनाउँछ।

वैदेशिक रोजगारसम्बन्धी ऐन', २०६४ को परिच्छेद एक, धारा २ (क) अनुसार वैदेशिक रोजगार भन्नाले कामदारले विदेशमा पाउने रोजगार सम्झनु पर्दछ भनी उल्लेख छ। सोही ऐनको धारा २ (ख) मा कामदार भन्नाले वैदेशिक रोजगार पाउने नेपाली नागरिक सम्झनु पर्दछ भनिएको छ।[४] यसप्रकार विदेशमा गई श्रम (काम) गर्ने सबै नेपालीलाई आप्रवासी कामदार मानिन्छ।

सीएमडब्ल्यू महासन्धिले आप्रवासी कामदारलाई आलेखबद्ध भएका र नभएका गरी दुई भागमा विभाजन गरेको छ। सामान्यतया गन्तव्य मुलुकमा कानुनी तवरले बसेका कामदारलाई आलेखबद्ध भएका र आवश्यक स्वीकृतिबिना बसिरहेका वा कानुनी रूपमा गन्तव्य मुलुकमा बस्ने अख्तियारी नपाएका कामदारलाई आलेखबद्ध नभएका कामदार भनिन्छ। रोजगार दाताको राष्ट्रमा पारिश्रमिक पाउने कार्यमा प्रवेश गर्न, रहन र संलग्न हुन अनुमति नपाएको आप्रवासी कामदारलाई अभिलेखबद्ध नभएको कामदार भनी बुझ्नुपर्छ। यसलाई नियमित (रेगुलर) र अनियमित (इरेगुलर) कामदार पनि भनिन्छ। आईएलओका अनुसार गन्तव्य मुलुकमा कानुनी स्वीकृतिबिना प्रवेश गर्ने वा काम गर्नेलाई गैरकानुनी, गुप्त, आलेखबद्ध नभएको वा अनियमित भनिन्छ। अनियमित कामदार शब्दले कामदारलाई अवैध र आपराधिक अर्थमा बुझाउँछ। तसर्थ, सन् १९९४ को अन्तर्राष्ट्रिय विकास र जनसङ्ख्या सम्मेलनले अनियमित कामदारलाई आलेखबद्ध नभएका कामदार भन्न सुझायो। तर, यसले पर्यटकीय भिसामा कानुनी रूपमा नै गन्तव्य मुलुकमा प्रवेश गरेका तर कामदारका रूपमा बसेका तथा मानव ओसारपसार गर्नेले गलत कागजपत्रद्वारा पुऱ्याइएका कामदारलाई नसमेट्ने भन्दै सन् १९९९ अप्रिलमा थाइल्यान्डको बैङ्कमा सम्पन्न अन्तर्राष्ट्रिय गोष्ठीले अनियमित कामदार नै भन्न सिफारिस गऱ्यो।[५] *(यस परिच्छेदमा आलेखबद्ध नभएका कामदार भन्ने शब्द प्रयोग गरिएको छ।)*

महासन्धिको धारा ६७, ६८ र ६९ मा आलेखबद्ध नभएका तथा अनियमित अवस्थामा रहेका आप्रवासी कामदारहरूलाई मानवअधिकारको दृष्टिमा अविभेदकारी नीति अनुरूप उनीहरूका सबै प्रकारका अधिकार सुनिश्चित गरिने उल्लेख छ। तर,

३. अधिवक्ता खत्री, विष्णुबहादुर। अधिकारको खोजीमा नेपाली आप्रवासी कामदारहरू। प्राची संचेतना द्वैमासिक, वर्ष १९, पूर्णाङ्क ७८, साउन, ०६९, पेज ३४

४. वैदेशिक रोजगारी ऐन, २०६४

५. ग्रान्ट स्टेफनी, सोलिक्टर्स ग्रान्ट ह्यारिसोन, इन्टरनेसनल माइग्रेन्ट एन्ड ह्युमन राइट्स। सेप्टेम्बर, २००५, पृ.२

महासन्धिको कुनै पनि भागमा लेखिएका कुनै पनि कुरालाई अभिलेखबद्ध भएका वा अनियमित अवस्थामा रहेका आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूलाई नियमित गरेको वा अधिकार प्रदान गरेको भन्ने गरी व्याख्या गरिने छैन भनी धारा ३५ मा उल्लेख भएको छ। साथै धारा ६८ र ६९ ले अनियमित अवस्थामा रहेका कामदारहरूको संरक्षणको व्यवस्था तथा उनीहरूको पूर्वअवस्था, अनियमित हुने कारणसमेत पत्ता लगाई अभिलेखबद्ध अवस्थालाई नलम्ब्याउने उचित कदम चालिने र त्यस्ता कामदारलाई काममा लगाउने रोजगारदातालाई समेत सजाय गर्नेबारेमा उल्लेख गर्दछ। मानवअधिकार र आप्रवासनसम्बन्धी अन्तर्राष्ट्रिय र क्षेत्रीय सन्धि महासन्धिका अनुसार अभिलेखबद्ध वा आलेखबद्ध नभएका कामदार जोकोही भए पनि मानवअधिकारका आधारभूत अधिकार उपभोग गर्नबाट विमुख गर्न पाइँदैन। व्यक्तिको आधारभूत मानवअधिकारको प्रत्याभूति गर्न अभिलेखबद्ध नभएको भन्ने आधारमा विभेद गर्न वा बन्देज लगाउन हुँदैन।[६] यद्यपि, नेपालको कानुनले आलेखबद्ध नभएका कामदारको विषयमा प्रस्ट पारेको छैन।

३. अन्तर्राष्ट्रिय प्रावधान

आप्रवासी कामदाहरूको अधिकार संरक्षणका लागि विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार महाससन्धि, अनुबन्ध, कानुन र संयन्त्रहरू प्रचलनमा छन्, तीमध्ये केही मुख्य प्रावधान यस प्रकार छन्:

३.१ मानवअधिकार सन्धिहरू

मानवअधिकारको सामान्य सिद्धान्त अनुसार जस्तोसुकै अवस्थामा पनि व्यक्तिका आधारभूत मानवअधिकारको सम्मान र संरक्षण हुनुपर्दछ। मानवअधिकारका सिद्धान्तहरू विश्वव्यापी रूपमा विनाभेदभाव सबै व्यक्तिमा लागू हुन्छन्। मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा १ मा सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र हुन्, ती सबैको समान अधिकार र महत्त्व छ, धारा २ मा विभेद गर्न नपाइने, धारा ३ मा स्वतन्त्रताको अधिकार, धारा १३ मा प्रत्येक व्यक्तिलाई प्रत्येक देशको सिमानाभित्र स्वतन्त्रतापूर्वक विचरण र बसोवास गर्ने अधिकार हुने र आफ्नो देश वा अरू कुनै देश छोड्ने र फिर्ता हुने अधिकार प्रत्याभूत गरिएको छ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिले गैरन्यायिक हत्या, अमानवीय व्यवहार, दासत्व, बँधुवाश्रम, स्वेच्छाचारी गिरफ्तारी आदिविरुद्ध सबै व्यक्तिको अधिकार सुनिश्चित गरेको छ। त्यस्तै हरेक व्यक्तिलाई स्वच्छ सुनुवाइ, शान्तिपूर्ण सभा-सम्मेलन, धार्मिक स्वतन्त्रता, गोपनीयता, वैवाहिक अधिकार आदिको पनि व्यवस्था गरेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिले पक्षराष्ट्रले शिक्षा, स्वास्थ्य, आवासलगायत आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका लागि प्रगतिशील इच्छाशक्तिसहित लाग्नुपर्ने भन्दै श्रमिकलाई सामूहिक सौदावाजी, सामाजिक सुरक्षा, स्वच्छ वातावरणमा काम गर्न पाउने अधिकार, समान कामका लागि समान ज्यालासहित बिदाको अधिकार, स्वास्थ्य शिक्षामा सबैको समान पहुँच आदिको व्यवस्था गरेको छ।

यातनाविरुद्धको महासन्धिले यातनालाई निषेध गर्दै कुनै व्यक्ति यातना पाउन सक्ने खतरा रहेको अवस्थामा यातना नपाउने अवस्था सुनिश्चित गर्नुपर्ने, जातीय विभेदविरुद्धको महासन्धिले कुनै पनि व्यक्तिलाई जात वा रङ्गका आधारमा विभेद गर्न नपाइने, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिले रोजगारीको समान अधिकार, पारिवारिक लाभमा पुरुषसरह समान अधिकारका बारेमा व्यवस्था गर्दछ। बालअधिकारसम्बन्धी महासन्धिले प्रत्येक बालबालिकाले बिनाभेदभाव नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा धार्मिक अधिकार पाउनुपर्ने र ती अधिकारहरू अविभाज्य रहनुपर्ने कुरालाई स्थापित गर्दै उनीहरूको सुरक्षा, संरक्षण विकास र सहभागिता प्रत्याभूत गरेको छ। त्यसै गरी अन्तर्राष्ट्रिय मानवीय कानुन (जेनेभा महासन्धि)ले सशस्त्र द्वन्द्वको समयमा सबै नागरिक तथा व्यक्तिको सुरक्षाको प्रत्याभूत गरेको छ। मानवअधिकारका यी सबै व्यवस्था समानरूपमा आप्रवासी कामदारका लागि पनि लागू हुन्छन्।

३.२ सबै आप्रवासी कामदार र तिनका परिवारका सदस्यका अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९० (सीएमडब्ल्यू)

संयुक्त राष्ट्रसङ्घद्वारा जारी गरिएका

६. पूर्ववत १। पृ. ३२४

मानवअधिकारका नौ ठूला महासन्धिमध्ये सीएमडब्ल्यू एक हो। सन् १९९० डिसेम्बर १८ मा राष्ट्रसङ्घको महासभा सङ्कल्प ४५/१५८ द्वारा पारित यस महासन्धिमा नौ भाग ९३ धारा रहेका छन्। संयुक्त राष्ट्रसङ्घद्वारा जारी गरिएको महासन्धिलाई २० सदस्य राष्ट्रले अनुमोदन गरेपछि मात्र कानुनी अनुबन्धको रूपमा प्रयोगमा आउने प्रावधान भए अनुसार १४ मार्च, २००३ मा एल साल्भाडोर र ग्वाटेमालाले महासन्धिलाई अनुमोदन गरेसँगै यसले कानुनी हैसियत पाएको हो। हाल (सेप्टेम्बर, २०१३)सम्म यस महासन्धिलाई संसारका ४७ राष्ट्रले अनुमोदन गरेका छन् भने १६ राष्ट्रले हस्ताक्षर गरेका छन्।[७] यद्यपि, नेपालले यो महासन्धि अनुमोदन गरेको छैन।

यस महासन्धिले आप्रवासी कामदार र तिनको मानवअधिकारको सबाललाई महत्त्व दिँदै आप्रवासी कामदार र तिनका परिवारको अधिकारको संरक्षण गर्ने उद्देश्य राखेको छ। आप्रवासीहरू कामदार मात्र होइनन्, मानव पनि हुन् भन्ने तथ्यलाई मध्यनजर गर्दै महासन्धिले आप्रवासी कामदारहरूको नयाँ अधिकार सिर्जना गर्नेमा भन्दा पनि तिनको समान कानुनी उपचार, संरक्षण र रोजगाररत देशका कामदारसरह कामको समान वातावरणको प्रत्याभूत गरेको छ। सबै आप्रवासी कामदारको न्यूनतम संरक्षणमा पहुँच हुनेमा जोड दिँदै महासन्धिले आलेखबद्ध भएका कामदारले आलेखबद्ध नभएका कामदारको तुलनामा वैधानिकरूपमा बढी अधिकारको दाबी गर्नसक्ने भए तापनि आलेखबद्ध नभएका कामदारको पनि अन्य मानवसरह तिनको आधारभूत मानवअधिकारको सम्मान गरिनुपर्नेमा जोड दिएको छ।[८]

यस महासन्धिको धारा १ को उपधारा १ बमोजिम सबै आप्रवासी कामदारहरूलाई उनीहरूको लिङ्ग, जातजाति, वर्ण, भाषा, धर्म वा आस्था वा राजनीतिक तथा अन्य धारणा, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, राष्ट्रियता, उमेर, आर्थिक हैसियत, सम्पत्ति, वैवाहिक स्थिति, जन्म वा अन्य अवस्थालगायत कुनै पनि आधारमा भेदभावबिना सबै आप्रवासी कामदारहरू र तिनका परिवारहरूको मानवअधिकार संरक्षणका लागि समान व्यवस्था गरेको छ। यो महासन्धिले काम गर्ने देशका नागरिक र आप्रवासी कामदारबीचमा समानताको हक सुनिश्चित गर्दछ। रोजगारका अन्य सर्तहरू जस्तै रोजगारका लागि न्यूनतम उमेर, घरमा काम गर्न प्रतिबन्ध तथा राष्ट्रिय कानुन र व्यवहारजस्ता कुराहरूका बारेमा रोजगारको देशका नागरिकसरह समान व्यवहार सुनिश्चित गर्ने व्यवस्था गरेको छ। यस महासन्धिको भाग ३ अन्तर्गत धारा ८ देखि ३४ सम्म सबै आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूको मानवअधिकारका बारेमा लेखिएको छ, जसमध्ये केही धाराहरू निम्नलिखित रहेका छन्:

धारा ८ : आप्रवासी कामदार तथा तिनका परिवारहरूका सदस्यहरूलाई आफ्नो उत्पत्तिको राष्ट्रलगायत अन्य कुनै पनि राष्ट्र छाड्ने र कुनै पनि समय उत्पत्तिको राष्ट्रमा फर्कन पाउने स्वतन्त्रताको अधिकार।

धारा ११ : आप्रवासी कामदार तथा निजको परिवारको सदस्यलाई जबरजस्ती वा अनिवार्य श्रम गर्न लगाइने छैन।

धारा १३ : आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवार का सदस्यहरूलाई कुनै हस्तक्षेपबिना नै विचार राख्ने स्वतन्त्रता हुनेछ।

धारा १४ : कुनै पनि आप्रवासी कामदार वा निजको परिवारको सदस्यहरूलाई स्वेच्छाचारीपूर्वक वा गैरकानुनी तवरले उनीहरूको गापनीयता, परिवार, घर, पत्राचार वा अन्य सञ्चारमाथि हस्तक्षेप गरिने छैन र उनीहरूको सम्मान तथा प्रतिष्ठामा कुनै गैरकानुनी आक्रमण गरिने छैन। प्रत्येक आप्रवासी कामदार तथा तिनीहरूको परिवारका सदस्यलाई त्यस्तो हस्तक्षेप वा आक्रमणविरुद्ध कानुनद्वारा संरक्षित हुन पाउने अधिकार हुनेछ।

धारा २० : कामसम्बन्धी करारको दायित्व पूरा गर्नुपर्ने कुरा बसोवास वा काम गर्ने अनुमतिको पूर्वशर्त भएका बाहेकको कसैलाई कामसम्बन्धी करारको दायित्व पूरा नगरेको भन्ने आधारमा मात्र बसोवास वा काम गर्ने अनुमतिबाट वञ्चित गरिने छैन।

धारा २२ : आप्रवासी कामदारहरूलाई रोजगारीका राष्ट्रबाट निष्कासन गरेको अवस्थामा समेत उनीहरूले पाउने ज्याला र अन्य वस्तुहरू दाबी गर्ने अधिकार।

---

७. http://en.wikipedia.org/wiki/United_Nations_Convention_on_the_Protection_of_the_Rights_of_All_Migrant_Workers_and_Members_of_Their_Families, ०७० पुस १० गते हेरिएको

८. पूर्ववत्

धारा २३ : उत्पत्ति राष्ट्रको कन्सुलर वा कूटनीतिक निकायबाट संरक्षण तथा सहयोगको याचना गर्न पाउने अधिकार हुनेछ।

धारा २४ : कानुनका अगाडि समानताको अधिकार पाउने।

धारा २८ : सम्बन्धित राष्ट्रको नागरिकलाई गर्ने समान व्यवहारका आधारमा आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूलाई जीवन रक्षाका लागि र स्वास्थ्यमा पर्ने अपूरणीय क्षति कम गर्न आवश्यक पर्ने स्वास्थ्य सुविधा पाउने अधिकार हुनेछ। उनीहरूको बसाइ वा रोजगारीमा अनियमितता भएको आधारमा मात्र त्यस्तो स्वास्थ्य सुविधा अस्वीकार गर्न पाइने छैन।

महासन्धिको भाग ३ मा साधारणतया सबै आप्रवासी कामदार तथा तिनीहरूका परिवारका अधिकारका बारेमा उल्लेख गरिएको छ भने भाग ४ मा प्रस्टरूपमा अभिलेखबद्ध भएका कामदार तथा तिनीहरूका परिवारका थप अधिकारको व्यवस्था भनेर व्यवस्था गरेको छ। धारा ७ ले प्रस्टरूपमा अधिकारको सम्बन्धमा अविभेदी शीर्षकमा कुनै प्रकारले विभेद गर्न नपाउने व्यवस्था सुनिश्चित गरेको छ। यो महासन्धिमा भएका प्रावधानहरूको कार्यान्वयनका बारेमा अनुगमन गर्ने एक समितिको व्यवस्था गरिएको छ। अनुमोदन गर्ने राष्ट्रले नियमित रूपमा यस समितिलाई प्रतिवेदन पेस गर्नुपर्ने तथा समितिले पनि पक्षराष्ट्रले के कति कार्यान्वयन गरेको छ, सोबारे जानकारी लिन सक्ने र महासन्धिमा भएका प्रावधान कार्यान्वयन नगर्ने राष्ट्रका विरुद्ध उजुर गर्न सकिने प्रावधान यसमा रहेको छ।[९]

३.३ अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) महासन्धि

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ)ले श्रमिकको अन्तर्राष्ट्रिय मापदण्ड तय गर्दै सबै सदस्य राष्ट्रका श्रमिकहरूको अधिकारको सुनिश्चितता गरेको छ। आईएलओले श्रमिकका पारिश्रमिक, अधिकार, सामाजिक सुरक्षा, कर, ट्रेड युनियनमा पहुँच आदि सबाललाई महत्त्वका साथ उठाउँछ। आप्रवासी कामदारको सुरक्षा र अधिकारका लागि आईएलओमा विशेष व्यवस्थासमेत गरिएको छ। कष्टकर अवस्थामा रहेका आप्रवासीहरू र आप्रवासी श्रमिकका अवसरहरू तथा उनीहरूमाथि गरिने व्यवहारको प्रवर्द्धनसँग सम्बन्धित आप्रवासी श्रमिक (पूरक प्रावधान)सम्बन्धी आईएलओ महासन्धि, १९७५ (महासन्धि नं. १४३)ले विभिन्न कारणबाट अभिलेखबद्ध नभएका आप्रवासी कामदारहरूको अधिकारका बारेमा व्यवस्था गरेको छ। त्यस्तै, आईएलओ महासन्धि, १८९ ले घरेलु कामदारको अधिकारलाई सुनिश्चित गरेको छ। घरेलु श्रमिकलाई अन्य श्रमिकसरह मान्यता दिँदै यस महासन्धिले कामदारको न्यूनतम उमेर, पारिश्रमिक, काम गर्ने समय, विदा, सामूहिक सौदाबाजी, सङ्गठित हुने अधिकार सुनिश्चित गरेको छ। त्यस्तै श्रमिकहरूलाई सबै खाले दुर्व्यवहार र हिंसाबाट संरक्षण, गोपनीयताको सम्मान, अनिवार्य श्रम सम्झौता, स्वच्छ वातावरण, उजुरी संयन्त्र, रात्रिकालीन काममा प्रतिबन्ध, बिदाको समयमा घरमा बस्न बाध्य नहुने आदिको पनि व्यवस्था गरेको छ। घरेलु कामदार नोकर, परिवारको सदस्य तथा दोस्रो दर्जाको नागरिक नभएको तथ्यमा जोड दिँदै यस महासन्धिले घरेलु कामदारमाथि हुने विभेदलाई निषेध गरेको छ। सन् २०११ मा जेनेभामा सम्पन्न आईएलओ अधिवेशनमा मतदानका लागि राखिएको यस महासन्धिको पक्षमा ३ सय ९६ र विपक्षमा १६ मत परेको थियो। महासन्धिलाई दुई राष्ट्रले अनुमोदन गरेको एक वर्षपछि मात्र कानुनी रूपमा बन्धनकारी हुने आईएलओको मापदण्डबमोजिम ५ सेप्टेम्बर २०१३ बाट यसले कानुनी मान्यता पाएको छ। सन् २०१२ को २६ अप्रिलमा उरुग्वे र ५ सेप्टेम्बरमा फिलिपिन्सले महासन्धिलाई अनुमोदन गरेको वर्ष दिनपछि यसले कानुनी मान्यता पाएको हो। नेपालले हालसम्म आईएलओ १८९ लाई अनुमोदन गरेको छैन।

४. घरेलु कानुन तथा नीति नियम

आप्रवासी कामदारको नाम नदिइए पनि नेपालीहरू विदेशी भूमिमा श्रम गर्न जाने प्रचलन पुरानो हो। आधुनिक नेपालको स्थापनापछि वैधानिक रूपमा आलेखबद्ध भएर नेपाली नागरिक विदेशमा कामका लागि जाने प्रचलन सन् १८१५ डिसेम्बर २ मा नेपाल र इस्टइन्डिया कम्पनी (अङ्ग्रेज)बीच भएको सुगौली सन्धिपछि प्रारम्भ भएको पाइन्छ। युद्धमा नेपालले हार बेहोरेपछि अङ्ग्रेजले केही नेपाली सेनालाई समेत आफ्नो पल्टनमा राखेको इतिहास छ। सन् १९४७ नोभेम्बर ९ मा नेपाल, बेलायत र भारतबीच भएको त्रिपक्षीय सम्झौतासँगै नेपाली नागरिक गोर्खाली सेनाको नाममा भारत र बेलायत सेनामा व्यवस्थित रूपमा भर्ती हुन

९. पूर्ववत्। पृ. ३२४

थालेका हुन्।[10] त्यस्तै नेपालीहरू १९औँ शताब्दीको मध्यतिरबाट अन्य रोजगारीहरूजस्तै दार्जीलिङको चिया बगान, आसामको जङ्गलमा काम गर्न र सन् १९७० को दशकतिरबाट तेलको खानी भएका खाडी मुलुकहरूमा स्थानागमन गर्न थालेको पाइन्छ।[11] वि.सं. १८६३ मा भीमसेन थापाले नेपालमा राहदानी (पासपोर्ट)को प्रयोग प्रचलनमा ल्याए। उनले नेपालमा अङ्ग्रेजको प्रवेशलाई निषेध गर्न राहदानी प्रयोगमा ल्याए पनि आधुनिक राहदानीसमेत त्यसकै निरन्तरता हो। ०६७ पुस ११ गतेबाट नेपाल सरकारले मेसिनले पढ्ने राहदानी प्रयोगमा ल्याएको छ।

भारत स्वतन्त्र हुनुपूर्व पनि अध्ययन, तीर्थयात्रा, पुजारी, भान्से आदिका रूपमा नेपालीहरू भारत जाने क्रम रहे पनि भारत स्वतन्त्रतापश्चात् नेपालीहरू कामका लागि भारत जाने क्रमले तीव्रता पायो। मौसमी कामदार (केही निश्चित महिना मात्र कामका लागि भारत जाने)का रूपमा भारत जाने नेपाली कामदार ह्वात्तै बढे, जुन यद्यपि जारी छ। नेपालीहरू भारतबाहेक तेस्रो मुलुकमा कामका लागि जाने चलन ४० को दशकमा व्यवस्थित तवरले सुरु भयो। सोही दशकको पूर्वार्द्धमा तत्कालीन नेपाल सरकारले वैदेशिक रोजगारलाई नियमन गर्ने उद्देश्यले वैदेशिक रोजगार ऐन, ०४२ लागू गऱ्यो। यस ऐनले वैदेशिक रोजगारीलाई संस्थागत गरे पनि यो ऐन संरक्षणात्मकभन्दा पनि नियन्त्रणमुखी थियो। वि.सं. ०४६ सालमा प्रजातन्त्रको पुन:स्थापनापछि कामका लागि विदेशिने नेपालीको सङ्ख्या दिनानुदिन बढ्दै गयो। फलत: यो क्षेत्रलाई व्यवस्थित गर्न नेपाल सरकारले समय-समयमा विभिन्न ऐन, कानुन, नीतिनियम, निर्देशिका, कार्यक्रम आदि जारी गर्दै आएको छ, जुन यसप्रकार रहेका छन् :

४.१ वैदेशिक रोजगार ऐन, २०४२

वैदेशिक रोजगारसम्बन्धी नेपालको पहिलो ऐन हो। हाल यस ऐनलाई परिमार्जन तथा एकीकरण गरी वैदेशिक रोजगार ऐन, २०६४ कार्यान्वयनमा आएको छ। वैदेशिक रोजगार ऐन, २०४२ अन्तर्गत भए गरेका काम-कारवाही वैदेशिक रोजगार ऐन, २०६४ अन्तर्गत भए गरेको मानिनेछ।[12]

४.२ वैदेशिक रोजगार ऐन, ०६४

वैदेशिक रोजगार ऐन, २०४२ लाई परिमार्जन तथा एकीकरण गरी बनेको यो ऐन ०६४ भदौ १९ गते प्रमाणीकरण भई कार्यान्वयनमा आएको हो। वैदेशिक रोजगारमा जाने कामदारहरूको हकहित संरक्षण गर्नु ऐनको उद्देश्य रहेको छ। ऐनले वैदेशिक रोजगार र कामदारको परिभाषित गर्दै १८ वर्ष उमेर पूरा नगरेको नाबालिगलाई वैदेशिक रोजगारमा नपठाउने व्यवस्था गरेको छ। त्यस्तै ऐनले वैदेशिक रोजगारमा कामदार पठाउँदा लैङ्गिक भेदभाव नगरिने, महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित, दैवीप्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्न सक्ने, कामदार पठाउँदा नेपाल सरकारद्वारा तोकेबमोजिमको सङ्ख्यामा महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवम् दुर्गम क्षेत्रका व्यक्तिलाई आरक्षण प्रदान गर्नुपर्ने, इजाजतपत्रवाला संस्थाले कामदार विदेश पठाउन नसके कामदारले तिरेको रकम र सो रकममा वार्षिक २० प्रतिशतले ब्याजको रकमसमेत जोडी फिर्ता गर्नुपर्ने, कामदार पठाउँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्ने, स्वदेशी विमानस्थलबाट कामदार पठाउन नसक्ने भए श्रम तथा रोजगार प्रवर्द्धन विभागको स्वीकृति लिनुपर्ने, इजाजतपत्रवाला संस्थाले कामदारसँग सेवा-शुल्कबापत र काम लिँदा भर्पाई दिनुपर्ने अनिवार्य व्यवस्था, नेपाल सरकारले इजाजतपत्रवाला संस्थाले कामदारबाट लिन पाउने सेवाशुल्क रकमको अधिकतम हद तोक्न पाउने, रोजगार करारको नेपाली भाषामा अनुवादको प्रमाणित एक प्रति कामदारले श्रम तथा रोजगार प्रवर्द्धन विभागका तर्फबाट पाउने, रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्किएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा र कल्याणका लागि वैदेशिक रोजगार कल्याणकारी कोषको स्थापना गरिने, करारविपरीतको काम लगाएमा इजाजतपत्रवालाबाट नपुग रकम असुल गरिने, पाँच हजार वा सोभन्दा बढी कामदार रहेको मुलुकमा श्रमसहचरी अनिवार्यरूपमा राख्नुपर्ने, गलत स्वास्थ्य परीक्षणका कारण स्वदेश फर्कनुपरे स्वास्थ्य परीक्षण गर्ने संस्थाबाट आउँदाजाँदाको खर्च भराई पाउने, नेपालबाहिर बसी ऐनविपरीत कार्य

---

१०. पण्डित मनोज, द ग्रेटर नेपाल, वृतचित्र, http://www.youtube.com/watch?v=Q_RbR3Naaqc ०७० पुस १० गते हेरिएको

११. पूर्ववत्। पृ. ३१६

१२. वैदेशिक रोजगार ऐन, २०६४ धारा ८६

गरेमा समेत ऐनको व्यवस्था लागू हुने गरी बहुक्षेत्राधिकार प्रयोग हुने, नेपाल सरकारले पुनरावेदन अदालतको न्यायाधीशको अध्यक्षतामा तीन सदस्यीय वैदेशिक रोजगार न्यायाधिकरण गठन गर्ने, वैदेशिक रोजगारीमा गएका कामदार जुनसुकै समयमा जनुसुकै कारणले मृत्यु भएमा वा अङ्गभङ्ग भएमा त्यसको क्षतिपूर्ति पाउने गरी कामदारलाई वैदेशिक रोजगारमा पठाउनुअघि इजाजतपत्रवाला संस्थाले प्रत्येक कामदारको करार अवधिभर कायम रहने गरी कम्तीमा ५ लाख रुपियाँ बिमा गराउनुपर्ने, वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्न, सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन, वैदेशिक रोजगारमा जाने नेपाली कामदारको हकहित संरक्षण गर्न वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड गठन गर्ने, वैदेशिक रोजगार व्यवसायमा हुन सक्ने ठगी, शोषण वा अन्य गैरकानुनी कार्यलाई रोक्न कसुर अनुसार दण्ड सजाय हुने, महिला कामदारका लागि निःशुल्क अभिमुखीकरण तालिमको व्यवस्था गर्ने, वैदेशिक रोजगारमा गएका महिला कामदारका बालबच्चाको उचित संरक्षणका लागि शिशु स्याहार केन्द्रको स्थापना गर्ने, १ हजार वा सोभन्दा बढी महिला कामदार पठाइएको मुलुकमा महिला श्रमसहचरी नियुक्त गर्न सकिने, वैदेशिक रोजगारमा गएका महिला कामदारका निमित्त सुरक्षित गृहको स्थापना गरी सञ्चालन गर्ने लगायतका महत्त्वपूर्ण व्यवस्थाहरू गरेको छ।

४.३ वैदेशिक रोजगार नियमावली, ०६४

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी बनाइएको यस नियमावलीले वैदेशिक रोजगारमा कामदार पठाउने संस्था छनोट गर्ने आधार तथा कार्यविधि, सन्धि सम्झौता गरी कामदार पठाउँदा छनोट गर्ने मापदण्ड र प्रक्रिया, इजाजतपत्र, बैंक ग्यारेन्टी, इजाजतपत्र नवीकरण, कामदारका लागि विज्ञापन गर्दा खुलाउनुपर्ने विवरण, कामदार छनोट गर्ने आधार, बिमा, तालिम, कोष आदि लगायत महत्त्वपूर्ण व्यवस्था गरेको छ।

यसका अतिरिक्त वैदेशिक रोजगारीलाई व्यवस्थित, प्रभावकारी र जोखिममुक्त बनाउनका लागि नेपाल सरकारले वैदेशिक रोजगार नीति, ०६८, वैदेशिक रोजगार विभाग कार्यसञ्चालन निर्देशिका, २०६६, नेपाली प्राविधिक अभ्यासार्थी कामदार जापान पठाउने निर्देशिका, २०६६ (जिट्को), वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड कार्यसञ्चालन निर्देशिका, २०६८, घरेलु कामदार व्यवस्थापन कार्यविधि, २०६७, इजरायलमा नेपाली केयर गिभर पठाउनेसम्बन्धी कार्यविधि, २०६८, व्यक्तिगत श्रम स्वीकृतिसम्बन्धी निर्देशिका, २०६९ आदि प्रयोगमा ल्याएको छ। सरकारले वैदेशिक रोजगारलाई व्यवस्थित र नियमन गर्नका लागि वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका साथै वैदेशिक रोजगार न्यायाधिकरणको स्थापना गरेको छ।

त्यस्तै नेपालको अन्तरिम संविधान, २०६३ मा आप्रवासी कामदारको सम्बन्धमा कुनै व्यवस्था नगरिए पनि सो संविधानको भाग ३ अन्तर्गत व्यवस्था गरिएका सबै (२१ ओटा) मौलिक हकहरू आप्रवासी कामदारको पनि अधिकार हुन्। संविधानले कानुनको नजरमा सबै नागरिक समान हुने व्यवस्था गरेकाले वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको आधारभूत मानवअधिकारको प्रत्याभूत गराउने दायित्व नेपाल सरकारको हो। संविधानमा अविभेद, रोजगारी, श्रमको अधिकारलाई प्रत्याभूत गरिनुले संविधानले कामको अधिकार, शोषण, दासता र बलजफ्ती श्रमविरुद्धको अधिकारलाई सुनिश्चित गरेको ठहर गर्न सकिन्छ।

५. नेपाली कामदारको अवस्था

श्रम सर्वेक्षण प्रतिवेदन, २००८ अनुसार प्रत्येक वर्ष नेपाली श्रम बजारमा ४ लाख युवा आउँछन्। यसरी श्रम बजारमा भित्रिने जनशक्तिको ठूलो हिस्सा अदक्ष श्रमिकले ओगटेको छ। यस्ता श्रमिकले अन्तर्राष्ट्रिय श्रम बजारमा कमजोर प्रतिस्पर्धात्मक क्षमता राख्छन्। ७५ प्रतिशत नेपाली कामदार अदक्ष र २५ प्रतिशत अर्धदक्ष छन्। तिनीहरूमध्ये ८० प्रतिशत २० देखि ३० वर्ष उमेर समूहका छन्। जसमा ७५ प्रतिशतले विद्यालय स्तरको शिक्षा पनि पूरा गरेका छैनन्। त्यस्तै नेपालको कूल जनसङ्ख्याको २० प्रतिशत मानिस घरभन्दा बाहिर छन्। ५३ प्रतिशत परिवारका कम्तीमा एक सदस्य घरमा अनुपस्थित छन्। जसमध्ये २८ प्रतिशत विदेशमा रहेका छन्। त्यस्तै नेपालका ५६ प्रतिशत घरपरिवारले विप्रेषण प्राप्त गरिरहेका छन्। औसतमा हरेक परिवारले ८० हजार ४ सय ३६ का दरले विप्रेषण पाइरहेका छन्।[१३]

१३. वैदेशिक रोजगार नीति, ०६८। *http://www.dofe.gov.np/uploads/pdf/ForeignEmploymentPolicy2068eng.pdf* ०७० पुस १० गते हेरिएको

वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष ०५०/०५१ देखि ०६९/०७० सम्म २८ लाख ८१ हजार ५ सय १७ नेपालीहरू वैदेशिक रोजगारीको सिलसिलामा देश बाहिरिएका छन्। आ.व. ०७०/०७१ को सुरुका पाँच महिनामा मात्र ४१ हजार ६ सय ३४ (पुरुष ३९,०५६ र महिला २,५७८) नेपाली वैदेशिक रोजगारीमा गएका छन्।[१४] यो तथ्याङ्क वैधानिक प्रक्रियाबाट गएकाहरूको मात्र हो। आलेखबद्ध नभएका र भारतीय श्रम बजारमा कार्यरत नेपाली कामदारलाई यसले समेटेको छैन।

वि.सं. ०६८ को राष्ट्रिय जनगणना अनुसार २ करोड ६६ लाख २० हजार ८ सय ९ कूल जनसङ्ख्यामध्ये १९ लाख १७ हजार ९ सय ३ नेपाली देशबाहिर छन्। जसमध्ये पुरुष १६ लाख ६३ हजार २ सय ३७ (८६.७ प्रतिशत) र महिला २ लाख ५४ हजार ६ सय ६६ (१३.३ प्रतिशत) रहेका छन्। क्षेत्रगत आधारमा तराईका ८ लाख ११ हजार ८ सय ८०, पहाडका ९ लाख ९८ हजार ८७ र हिमालका १ लाख ७ हजार ९ सय ३६ नेपाली विदेशमा छन्। यसले ७.२० प्रतिशत नेपाली देशबाहिर रहेको देखाउँछ।[१५] नेपाल सरकारले १ सय ८ मुलुक वैदेशिक रोजगारीका लागि खुला गरेको छ। जसमा मलेसिया, कतार, साउदी अरब, कुवेत, यूएई, बहराइन, ओमन, दक्षिण कोरिया आदि नेपाली कामदारका मुख्य गन्तव्य मुलुकहरू हुन्।

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका अनुसार हाल दैनिक सरदर वैदेशिक रोजगारीमा गएका तीन जना नेपालीको लास स्वदेश भित्रिन्छ। बोर्डका अनुसार आ.व. ०६९/०७० मा विदेशमा रोजगाररत ७ सय २६ नेपालीको मृत्यु भयो। जसमा ७ सय १५ पुरुष र ११ महिला रहेका छन्। मृत्युको यो सङ्ख्या अघिल्लो आर्थिक वर्षको भन्दा १३ प्रतिशत बढी हो। अघिल्लो वर्ष मृत्यु हुनेको सङ्ख्या ६ सय ४३ थियो। देशगतरूपमा सबैभन्दा बढी मृत्यु मलेसियामा २ सय ५३ र साउदी अरबमा २ सय ५ रहेको छ। मृत्युको यो सङ्ख्या वैधानिक बाटोबाट विदेश गएका र क्षतिपूर्ति र बिमाको रकम दावी गर्नेहरूको मात्र हो।

६. जोखिममा आप्रवासी कामदार

आप्रवासी कामदार जहाँ बसेर काम गर्छन्, उनीहरू त्यस देशका नागरिक होइनन्। कामदारको भौतिक उपस्थिति आफ्नो राष्ट्रियताभन्दा फरक देशमा हुने भएकाले उनीहरू रोजगाररत मुलुकको भाषा, धर्म, समाज, संस्कृति, राजनीति, कानुन आदिका बारेमा कम जानकारीयुक्त हुन्छन्। त्यस्तै उनीहरू आफ्ना हक अधिकारका बारेमा पनि पर्याप्त जानकार हुँदैनन्। उनीहरूले आफ्नो दैनिक जीवन तथा कामका दौरानमा विभेद तथा असमान व्यवहार भोग्नुपर्ने हुन्छ। यस्तो विभेद जातीय तथा धार्मिक पनि हुनसक्छ। आलेखबद्ध नभएका र महिला कामदारका लागि यस्तो जोखिमता झनै बढी हुन्छ। पुरुषको तुलनामा महिला कामदारले दोहोरो जोखिम बेहोर्नुपर्ने हुन्छ। महिलाहरूमाथि यौन शोषण, बेचबिखन तथा शारीरिक हिंसाको खतरा बढी हुन्छ। न्यायिक संयन्त्रमा स्वतन्त्र पहुँचको कमी हुन्छ। आलेखबद्ध नभएकाहरूलाई न्यायिक प्रक्रियामा पहुँचसमेत सीमित हुन्छ। कतिपय देशमा आप्रवासी कामदारको अधिकारलाई सम्बोधन गर्ने कानुन छैनन् भने श्रम ऐनहरू आप्रवासीका लागि विभेदकारी छन्। तसर्थ, समान काममा सस्तो ज्याला आप्रवासीको अर्को पीडा हो। आफ्नो देशमा सामान्य ठहरिने गतिविधि रोजगारत मुलुकमा गम्भीर अपराध अन्तर्गत पर्न सक्छ। जानकारीको अभावमा कामदारबाट हुने यस्ता सामान्य त्रुटिले कठोर सजायको भागीदार बन्नुपर्ने हुनसक्छ। भाषाको अज्ञानताले स्थानीय प्रहरी अधिकारीले सोधेका सामान्य प्रश्नको जवाफ दिन नसक्दा वा गलत जवाफ दिँदा अप्ठ्यारोमा परेका उदाहरण पनि प्रशस्त छन्। आप्रवासीहरू सधै सीमान्तकृत तथा बहिष्करणमा पर्छन् र उनीहरूले मानवअधिकारको उपभोग पर्याप्त मात्रामा गर्न पाउँदैनन्। आप्रवासी कामदारले भोगेका जोखिम तिनको दक्षतामा समेत निर्भर हुन्छ। विशेषगरी अदक्ष र अशिक्षित कामदारहरूले तुलनात्मक बढी जोखिम खेप्नुपर्छ। संसारभरि नै घरेलु कामदारको रूपमा कामगर्ने महिला आप्रवासी कामदारहरू सबैभन्दा जोखिमपूर्ण अवस्थामा छन्। केही परिवारमा उनीहरूले पारिवारिक सदस्यको जस्तो व्यवहार पाए पनि धेरै ठाउँमा दास तथा बँधुवा श्रमिकको व्यवहार गरिन्छ। त्यस्तै, गन्तव्य मुलुकका लागि गैरकानुनी प्रक्रिया र गलत मार्ग अपनाउनेहरूले सबैभन्दा बढी जोखिम र खतरा मोल्नुपर्छ। जोखिमको मात्रा गन्तव्य मुलुकको

---

१४. वैदेशिक रोजगार विभाग, http://www.dofe.gov.np, ०७० पुस ११ गते हेरिएको

१५. पूर्ववत्

आ.व. ०६९/०७० मा वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका नेपाली कामदार देशगत र कारणगत विवरण

क्र.सं	देश	मृत्युको कारण								जम्मा		जम्मा
		कार्डियाक अरेस्ट (हृदयगति अवरोध)	सवारी दुर्घटना	प्राकृतिक	आत्महत्या	हृदयघात	काममा दुर्घटना	हत्या	अन्य	पुरुष	महिला	
१	मलेसिया	१४	११	४	३४	१२	२		१७६	२५१	२	२५३
२	साउदी अरब	४	७०	८०	१७	३	१७		१४	२०५		२०५
३	कतार	८१	५		१५	४	४	२	४०	१५१		१५१
४	यूएई	१३	६	७	३	४	२		१२	४६	१	४७
५	कुवेत		५		३	७			७	१७	५	२२
६	दक्षिण कोरिया	२	१	१	३	१			६	१४		१४
७	बहराइन		३	७	१		२		१	१४		१४
८	ओमन		१	४	१				१	७		७
९	लेवनान	१		१	१					१	२	३
१०	जापान		१		१					२		२
११	इजरायल			१	१	१				२	१	३
१२	रसिया				१				१	२		२
१३	श्रीलङ्का	१								१		१
१४	इटली			१						१		१
१५	अफगानिस्तान								१	१		१
जम्मा		११६	१०३	१०६	८१	३२	२७	२	२५९	७१५	११	७२६

स्रोत : वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड।[१६]

लोकतन्त्र, मानवअधिकार, कानुन र राजनीतिक व्यवस्थाले समेत निर्धारण गर्दछ।

६.१ महिला कामदार

संसारमा हुने दैविक प्रकोप, युद्ध, महामारी, भोकमरी आदि सबै जटिलताहरूमा महिलाहरू जोखिम समूहमा पर्छन्। वैदेशिक रोजगारीको सिलसिलामा पनि महिला कामदार दोहोरो जोखिममा पर्छन्। पुरुष कामदारले भोग्नुपर्ने जोखिम महिलाका पनि साझा समस्या हुन्। यसबाहेक महिला भएकै कारण भोग्नुपर्ने विशेष प्रकृतिका जोखिमको सामना महिला कामदारले गर्नुपर्ने हुन्छ। यौन शोषण, शारीरिक तथा मानसिक हिंसा, बेचबिखनमा पर्नु आदि महिलाका विशेष प्रकृतिका जोखिम हुन्। यसका अलावा हाम्रो समाज पुरुषप्रधान भएकाले कुनै महिला विदेश जाने भन्नासाथ उसले विभिन्न लाञ्छनाहरूको सामना गर्नुपर्छ।

१६. वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड। वार्षिक प्रतिवेदन ०६९/०७०, http://fepb.gov.np/downloadfile/progress-Report%20069-70%20_Autosaved__1387429578.pdf

अर्कोतर्फ महिलाहरूले गन्तव्य मुलुकमा गर्ने काम सामान्यतया अनौपचारिक र घरेलु हुने गरेकाले शोषणमा पर्ने जोखिम उच्च हुन्छ। युनिसेफका अनुसार विश्वका २१ करोड ४० लाख आप्रवासीमा आधा महिला रहेका छन्। राष्ट्रिय जनगणना ०६८ का अनुसार २ लाख ५४ हजार ६ सय ६६ महिला वैदेशिक रोजगारीका लागि गएका छन्। वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार आ.व. ०६९/०७० मा वैदेशिक रोजगारीमा जाने महिलाको सङ्ख्या २४ हजार ५ सय ४९ र ०७०/०७१ को पहिलो पाँच महिनामा २ हजार ५ सय ७८ छ। यो आलेखबद्ध भएका महिला कामदारको तथ्याङ्क हो। नेपाल भित्रने कुल विप्रेषणमा ११ प्रतिशत महिला कामदारको योगदान छ।

विभिन्न अध्ययनका आधारमा अभिलेखीकरण भएकाभन्दा अभिलेखीकरण नभएका नेपाली महिला प्रवासी कामदारको सङ्ख्या ठूलो छ। अनौपचारिक क्षेत्रमा विशेषगरी घरेलु कामदारका रूपमा काम गर्ने, कम तलबमा काम गर्नुपर्ने, घरेलु कामलाई सम्बन्धित देशको श्रम कानुनले नसमेट्ने, रोजगारदाताबाट विभिन्न खालका हिंसा हुने जस्ता कारणले नेपाली प्रवासी महिला कामदारहरू मात्र होइन विश्वव्यापी रूपमा महिला कामदारहरू बढी जोखिममा रहेको तथ्य बाहिर आइरहेको छ। ओरेक नेपालले सन् २०१० मा आप्रवासी महिला कामदारहरूको अवस्था विषयक सुनसरी जिल्लामा गरेको एक अध्ययनले ९० प्रतिशतभन्दा बढी महिलाहरू आलेखबद्ध नभएका कामदारको रूपमा भारतको बाटो भएर वैदेशिक रोजगारीमा गएको देखाएको छ। महिलाहरू बढी अनौपचारिक क्षेत्रका काम गर्ने र प्रक्रिया नपुऱ्याई गएका वा भागेर काम गरेकाले उनीहरूको सामाजिक सुरक्षा समेटिएको हुँदैन। लामो समय बालबच्चाबाट टाढा रहनुपर्ने र चाहेको समयमा घरमा आउन नपाएका कारण आत्महत्या गरेका र मानसिक सन्तुलन गुमाएका महिलाहरूको सङ्ख्यामा पनि बढिरहेको छ। वैदेशिक रोजगार विभागको पछिल्लो तथ्याङ्क अनुसार करिब दुई हजारमध्ये १ सय ५० जना महिलाले श्रम स्वीकृति लिने गरेका छन्। यूएन वुमनले गरेको एक अध्ययन अनुसार अहिले १ सय ११ नेपाली महिला कुवेत, साउदी अरब र लेबनानका कारागारमा छन्। ८२ जनाले गन्तव्य मुलुकमा आत्महत्या गरे। जानकारीमा आएका ३१ जना बेपत्ता छन् तर जानकारीमा नै नआएका कति महिला बेपत्ता छन्, तिनको खोजी गर्नुपर्ने आवश्यकता छ। दूतावास, नेपाली सङ्घसंस्था तथा सरकारको पहलमा उद्धार गरी नेपाल आएका २ हजार ८ सय २० मध्ये ४ सय १५ जना मानसिक सन्तुलन गुमाएर फर्किए, ८६ जना रोजगारदाताको अनिच्छित गर्भ लिएर फर्किए, ३२ जना साथमा रोजगारदाताको बच्चा लिएर फर्किए।[१६] यसरी विदेशमा हिंसामा परेर फर्किएका महिलालाई पारिवारिक एकीकरणमा समेत समस्या परेको छ। उनीहरूलाई समाजले हेयको दृष्टिले हेर्दा उनीहरूको बाँकी जीवन झनै कष्टकर बन्ने गरेको छ। हाल कुवेतस्थित दूतावासको आश्रयस्तलमा मात्र २ सय नेपाली महिला कामदार बसेका छन्।[१७] कुवेतमा नेपाली महिला कामदार कामी शेर्पाको मृत्युको बीभत्स घटना सार्वजनिक भएपछि तत्कालीन सरकारले ०५४ जेठ ३ गते खाडी मुलुकमा नेपाली महिला कामदार पठाउन प्रतिबन्ध लगाएको थियो। सरकारको यो निर्णयपछि अवैध बाटो हुँदै खाडी जाने महिलाको सङ्ख्यामा वृद्धि भएपछि ०५७ प्रतिबन्ध फुकुवा गरी खाडी क्षेत्रमा जाने महिलाले सङ्गठित क्षेत्र (घरेलु कामदार बाहेक)का कामका लागि मात्र जान पाउने व्यवस्था गऱ्यो। यसले पनि समस्याको समाधान गरेन। खाडी क्षेत्रमा नेपाली महिला कामदारमाथि यौन हिंसाका घटनाहरू बाक्लिएपछि पुनः नेपाल सरकारले ०६९ साउन २४ गते ३० वर्षभन्दा तल उमेरका महिलालाई खाडी देश काममा जान प्रतिबन्ध लगाउने निर्णय गऱ्यो। यो नियम पनि व्यावहारिक नभएको र लिङ्गविभेद गरेको भन्दै आलोचित बनेको छ। अर्कोतर्फ महिलामाथि उमेरको हदबन्दीले समस्या समाधान गर्नेभन्दा पनि भारतीय बाटो भएर विदेश जाने महिला बढेकाले समस्या झनै थपिँदै गएको छ।

६.२ आलेखबद्ध नभएका कामदार

संसारभरका आप्रवासी कामदारमध्ये १० देखि १५ प्रतिशत आलेखबद्ध नभएका कामदार रहेको

१६. पूर्ववत्। पृ. ३६-३७

१७. भट्टराई, देवेन्द्र। *गार्जियनले नबुझेको यथार्थ*। कान्तिपुर दैनिक। http://epaper.ekantipur.com/showtext.aspx¿boxid=3445546&parentid=34132&issuedate=2102013, ०७० पुस १० गते हेरिएको

अनुमान छ। नेपाली कामदारको मात्र कुरा गर्दा आलेखबद्ध नभएका कामदारको प्रतिशत अझ ठूलो रहेको आकलन छ। श्रम तथा यातायात व्यवस्था मन्त्रालय र आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आईओएम)ले सन् २०१० मा गरेको एक अध्ययनले आप्रवासी श्रमिकहरूको कुल सङ्ख्यामा ४० देखि ५० प्रतिशत अवैधानिक मार्गको प्रयोग गरी आलेखबद्ध नभई देशबाहिर गएको देखाएको छ।[१९] नेपाल विकास अध्ययन संस्था (निडस)का अनुसार २ लाख २५ हजारभन्दा बढी नेपाली महिला कामदार गल्फ मुलुकमा छन्। जसमध्ये सन् २००७ यता ६० हजार मात्र औपचारिक रूपमा आलेखबद्ध भएका छन्। कुवेतमा मात्र आलेखबद्ध नभएका २८ हजार नेपाली महिला कामदार छन्। औसतमा हरेक हप्ता रियादस्थित नेपाली दूतावासले नेपाली महिला कामदारमाथि भएको शोषण र दुर्व्यवहारको ३० ओटा उजुरी प्राप्त गर्छ।[२०] यूएन विमेनका अनुसार साउदी अरबमा करिब ६३ हजार नेपाली महिला कामदार कार्यरत छन्, जसमा ९० प्रतिशत आलेखबद्ध भएका छैनन्। तिनीहरू घरेलु कामदारका रूपमा काम गर्ने भएकाले उनीहरूसम्म कुनै सूचनाको पहुँच पुऱ्याउन पनि अप्ठ्यारो छ। साउदी अरबस्थित नेपाली दूतावासले सन् २०१३ को मे महिनामा दूतावासले जनाए अनुसार पछिल्लो २२ महिनामा ६ सय ३५ घरेलु कामदारको उद्धार गऱ्यो। तीमध्ये अधिकांश भारतीय मार्ग प्रयोग गर्दै गैरकानुनी रूपमा त्यहाँ पुगेका थिए।[२१] गल्फ मुलुकमा कार्यरत अनुमानित २७ लाख नेपाली कामदारमध्ये ७ लाख कामदार आलेखबद्ध नभएका छन्। जसमा २ लाख महिला कामदार छन्। साउदीमा मात्र पछिल्लो दुई वर्षमा नेपाली दूतावासले १३ हजार नेपालीलाई उद्धार गरेको छ।[२२] साउदी सरकारले आलेखबद्ध नभएका आप्रवासी कामदारलाई कानुनी प्रक्रियामा आउन दिएको समयसीमा नाघेको भन्दै नोभेम्बरमा ५० हजारभन्दा बढी आप्रवासी कामदारलाई गिरफ्तार गऱ्यो। तीमध्ये १ सय ५० नेपाली रहेको नेपाली दूतावासले पुष्टि गरेको थियो। दुई वर्षअघि मलेसिया सरकारले आलेखबद्ध नभएका कामदारलाई घरफर्क वा वैधानिक होऊ भन्दै दिएको आममाफीको सुविधालाई प्रयोग गरी ३४ हजार नेपाली बायोमेट्रिक प्रणालीमा दर्ता हुँदै वैधानिक भएका थिए। त्यस्तै साउदी सरकारले यस वर्ष दिएको आममाफीको सुविधामा ३० हजारभन्दा बढी नेपाली स्वदेश फर्किएका थिए। यी प्रतिनिधिमूलक घटनाले आलेखबद्ध नभएका नेपाली आप्रवासी कामदारको अवस्था चित्रण गर्दछ।

सामन्यतया व्यक्ति बाध्यता, प्रलोभन तथा अञ्जानवस आलेखबद्धविहीन कामदार बन्न पुग्छ। विदेश जाँदा कामदारभन्दा फरक भिसा वा कागजातमा जाने, रोजगार सम्झौताभन्दा बढी बस्ने, रोजगारदाता कम्पनी वा घर छोडेर भाग्ने, पासपोर्ट वा अन्य सम्बन्धित कागजातविहीन हुने आदि आलेखबद्ध नहुने प्रमुख कारण हुन्। दलालको आश्वासन, शोषणबाट मुक्ति, गन्तव्य मुलुकको कानुनी ज्ञानको अभाव आदि कारणले पनि व्यक्ति आलेखबद्ध नहुने दर्जामा पुग्दछ। आप्रवासी कामदारको अधिकारसम्बन्धी महासन्धिले पनि प्रस्टरूपमा कुनै आप्रवासी कामदारहरू आलेखबद्ध नहुनाका कारणहरूको बारेमा व्याख्या गरेको छ। उसको आर्थिक अवस्था, उसलाई लोभ्याउने परिस्थिति, आन्तरिक द्वन्द्व, बेरोजगारीको अवस्था, दलालहरूको बिगबिगी, श्रमशोषण, मानव बेचबिखनलगायतका अवस्थामा आप्रवासी कामदार आलेखबद्ध नभएको हुनसक्ने भनी उल्लेख भएको छ। आलेखबद्ध नभएका कामदारहरू जुनसुकै समय मानसिक त्रासमा रहनुपर्ने, स्थानीय प्रहरीले कुनै पनि समय धरपकड गर्नसक्ने, स्वास्थ्य सेवा र स्वतन्त्र आवतजावतजस्ता आधारभूत सेवा प्राप्तिमा समेत कठिनाइ हुने, चाहेको समय स्वदेश फर्कन नसक्ने, समान श्रममा पारिश्रमिक विभेद हुने, रोजगारदाता वा कम्पनीले श्रम शोषण गर्ने, धम्क्याउनेजस्ता समस्या आइपर्छन्।

---

१९. http://www.insec.org.np/pics/1386578345.pdf, ०७० पुस १२ गते हेरिएको

२०. काफ्ले अनुप। द वासिङ्गटन पोस्ट ।
http://www.washingtonpost.com/blogs/worldviews/wp/2014/01/06/a-nepali-woman-went-to-kuwait-with-dreams-but-came-home-in-a-coffin/

२१. द हिमालयन टाइम्स। http://www.thehimalayantimes.com/fullNews.php?headline=%27Rescuing+housemaids+a+tough+task%27&NewsID=376591

२२. http://www.thehimalayantimes.com/fullNews.php?headline=Labour+diplomacy+must+in+GCC+countries%3A+Envoys+&NewsID=375940&utm_source=feedly
०७० पुस ११ गते हेरिएको

६.३ घरेलु कामदार

वैदेशिक रोजगारीमा जानेमध्ये सबैभन्दा जोखिममा घरेलु कामदार हुन्छन्। यस्ता कामदार अधिकांश आलेखबद्ध नभएका हुन्छन्। २०१३ अप्रिलको मध्यतिर अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ)ले सार्वजनिक गरेको प्रतिवेदनले यो क्षेत्रमा काम गर्नेहरूको दयनीय अवस्थालाई उजागार गरेको छ। 'ट्रिक्ड एन्ड ट्रचाप्ड ह्युमन ट्राफिकिङ इन द मिडिल इस्ट' नामक उक्त प्रतिवेदनमा महिला कामदारलाई मध्यपूर्वमा जबरजस्ती काम लगाइने गरेको उल्लेख छ। आईएलओले १७ महिना लगाएर गरेको अध्ययनका क्रममा मध्यपूर्वमा कार्यरत कुल ६ सय ५३ जना कामदारसँग अन्तर्वार्ता लिइएको थियो, जसमध्ये ३ सय ५४ जना आप्रवासी थिए। अन्तर्वार्ता लिएकाहरूमध्ये २ सय ६६ ले आफूलाई जबरजस्ती काममा लगाइएको बताए। अन्तर्वार्ताका क्रममा २ सय ६ जनाले नक्कली करारपत्र, १ सय ३ जनाले सीमित स्वतन्त्रता, १ सय ४९ ले तलब समयमा नदिने (रोकेको), १ सय ९६ ले जबरजस्ती बढी समय काम गराएको र १ सय ६८ ले परिचयपत्र लिँदा तनाव दिने गरेको बताए। प्रतिवेदन अनुसार मध्यपूर्वमा ६ लाख आप्रवासी कामदारलाई जबरजस्ती काममा लगाइएको छ। त्यहाँ निर्माण, उत्पादन, कृषि उद्योगमा पुरुष र मनोरञ्जन उद्योगमा महिला कामदार बढी पीडित रहेका छन्। घरेलु कामदार र मनोरञ्जन उद्योगमा काम गर्न गएकामाथि यौनहिंसा बढी हुने गरेको छ। मध्यपूर्वका मुलुकमा २० लाखभन्दा बढी घरेलु कामदार रहेको अनुमान छ।

अध्ययनका क्रममा मध्यपूर्वमा घरेलु कामदारका रूपमा कार्यरत नेपालीसहित १ सय ४३ आप्रवासी महिलासँग अन्तर्वार्ता लिइएको थियो। उनीहरूको उमेर १९ देखि ५५ वर्षसम्म थियो। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'सेटिङ' मिलाई नक्कली करारपत्रमा मध्यपूर्व पुगेको त्यहाँ कार्यरत नेपाली घरेलु महिला कामदारले 'सेटिङ'का लागि अलग्गै पैसा बुझाएको, विमानस्थलस्थित अध्यागमनका कर्मचारीलाई १ सयदेखि ७ सय अमेरिकी डलरसम्म घूस खुवाउनु परेको बताए। प्रतिवेदनमा घरेलु कामदारको किनबेच हुने गरेको उल्लेख छ। घरेलु महिला कामदार बेच्दा अफ्रिकन तथा एसियालीलाई ३ हजारदेखि ४ हजार अमेरिकी डलरसम्म र सबैभन्दा चर्को मूल्यमा किनबेच जोर्डनमा ५ हजारदेखि ७ हजार अमेरिकी डलरसम्म हुने गरेको छ।

घरेलु कामदारको राहदानी जफत गर्ने, सुत्ने ठाउँ साँघुरो हुने, करारपत्रमा काम गर्ने समय आठ घन्टा भनिए पनि दबाब दिई दैनिक १५ घन्टासम्म काममा लगाउने, बिहान ६ बजेदेखि भोलिपल्ट बिहान २ बजेसम्म काममा लगाउने, मोबाइल बोक्न नदिने, सञ्चार तथा हिँडडुलमा सीमित स्वतन्त्रता दिने गरिन्छ। मध्यपूर्वमा कार्यरत घरेलु महिला कामदारमाथि मनोवैज्ञानिक, भौतिक र यौन गरी तीनैथरी हिंसा हुने गरेको छ। कपाल काटिदिने, साहुले भनेजस्तै कपडा लगाउनुपर्ने, आइफोनमा अश्लील तस्बिर तथा भिडियो देखाउने, राति कोठामा निर्वस्त्र आउन बाध्य पार्नेलगायत यातना खेप्नुपरेको गुनासो अन्तर्वार्तामा सहभागी महिलाले गरेका छन्। कतिपयले बलात्कृत भएको पनि बताएका छन्।

कुवेत पुगेका घरेलु कामदारलाई साउदी अरबमा लगेर बेचिएको समेत अध्ययनमा उल्लेख छ। यस्ता ५० भन्दा बढी कामदारलाई उद्धार गरेको कुवेतस्थित नेपाली दूतावासले जनाएको छ। घरेलु काममा लगाउने प्रलोभनमा कुवेत पुगेका उनीहरूलाई साउदीमा भेँडा र ऊँटको रेखदेख गर्न लगाइएको थियो। कुवेतमा मात्र ३० हजारभन्दा बढी नेपाली महिला घरेलु कामदार छन्। यौन हिंसाबाट धेरै महिला पीडित भएपछि गत वर्ष सरकारले ३० वर्षभन्दामुनिका महिलाले घरेलु कामदारको रूपमा मध्यपूर्वका मुलुक जान नपाउने निर्णय गरेको थियो।[33]

७. आप्रवासी कामदारको अधिकार र दायित्व

आप्रवासी कामदारको पनि मानवअधिकारको सम्मान गरिनु पर्दछ। आलेखबद्ध भएका हुन् वा नभएका उनीहरूको न्यूनतम मानवअधिकारको सुनिश्चितता हुनु पर्दछ। संयुक्त राष्ट्रसङ्घद्वारा प्रतिपादित नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, यातनाविरुद्धको अधिकार, सबै प्रकारका विभेदविरुद्धको अधिकार, महिला अधिकार, बाल अधिकारलगायत सबै अधिकार आप्रवासी कामदारको पनि अधिकार हुन्। यसको स्वतन्त्र उपभोगमा बन्देज लगाउन पाइन्न। अर्कोतर्फ स्थानीय भाषा, संस्कृति, मूल्य मान्यता आदिको सम्मान गर्नु

३३. *ट्रिक्ड एन्ड ट्रचाप्ड ह्युमन ट्राफिकिङ इन द मिडिल इस्ट*। आईएलओ प्रतिवेदन
http://www.ilo.org/beirut/publications/WCMS_211214/lang--en/index.htm

कामदारको दायित्व हो। आफ्नो अधिकारको दावी गर्दा अरूको मानवअधिकारको सम्मान गर्नु पर्दछ। कानुनको अज्ञानता अक्षम्य हुने भएकाले स्थानीय कानुनका बारेमा कामदारले आधारभूत जानकारी राख्नु पर्दछ।

८. आप्रवासन चक्र र ठगी

आफ्नो थातथलो छोडेर वैदेशिक रोजगारीमा जाने कामदार श्रम गरी आर्थिक आर्जन गरेर पुन: घरसम्म आइपुग्ने क्रमलाई आप्रवासन चक्र भनिन्छ। आप्रवासन चक्रका क्रममा वैदेशिक रोजगारीका लागि जान व्यक्ति घरबाट निस्कँदादेखि घर भित्रिँदासम्म विभिन्न चरणमा ठगीको मारमा पर्छ। 'थर्ड एलाइन्स' नामक एक मानवअधिकार संस्थाले गरेको अध्ययन अनुसार वैदेशिक रोजगारमा जाने प्रवासी नेपाली कामदार विभिन्न १६ स्थानमा ठगीमा पर्ने गर्दछ। स्थानीय दलाल, म्यानपार, होटल, यातायात, वैदेशिक रोजगार विभागसहितका ती १६ स्थानहरूमा एयरपोर्ट तथा अध्यागमन पनि पर्दछ।[३४] आलेखबद्ध नभएका कामदारले खेप्नुपर्ने ठगीको मात्रा झनै बढी हुन्छ। किनभने, यस्ता कामदारहरूले कानुनी रूपमा आफ्ना अधिकार दाबी गर्न झन्झटिलो हुने भएकाले उनीहरू ठगीको सूचना लुकाउन बाध्य हुन्छन्। आलेखबद्ध नभएका कामदारले आफूले कमाएको पैसा घरपरिवारमा पठाउँदा होस् वा कोठा भाडामा बस्दा, हरेक पाइलामा ठगिने सम्भावना रहेको हुन्छ।

अनियमितताको आशङ्कामा सम्बन्धित मन्त्रालयका मन्त्रीसमेत बर्खास्त हुनु र एक वर्षको बीचमा प्रधानमन्त्रीले दुई मन्त्रीलाई फिर्ता पठाएको घटनाले यस क्षेत्रमा संस्थागत अनियमितता र ठगी हुने गरेको देखाउँछ। वैदेशिक रोजगार विभाग कर्मचारीको उच्च प्राथमिकताको कार्यालय हुनुले पनि यस क्षेत्रमा आर्थिक अनियमितता हुने गरेको मानिन्छ। विशेषत: किर्ते कागजात, नक्कली करारनामा, नक्कली स्वास्थ्य परीक्षण, तेस्रो देशमा जान भारतीय भूमिलगायत अवैध मार्ग प्रयोग, भ्रमण भिषाका नाममा मानव तस्करीलगायतका ठगीहरू भइरहेका छन्। कामदार एजेन्सीलाई नेपाल सरकारले तोकेभन्दा बढी रकम दिन र रोजगार कम्पनीबाट तोकिएभन्दा कम पारिश्रमिक लिन बाध्य छन्। फितलो नियमन, संरचनागत ठगी, अभिमुखीकरणको अभाव, शिक्षाको कमी आदि कारणले ठगीका घटनामा कमी आउन सकेको छैन।

८.१ अवैध ठहरिएका कामदारको समस्या

आलेखबद्ध नभएका कामदारलाई विदेशमा मात्र होइन, नेपालमा समेत सास्ती खेप्नुपर्ने हुन्छ। नक्कली पासपोर्ट र कागजपत्रमा विदेश गएका, विदेशमा गिरफ्तार परेका तथा गैरकानुनी रूपमा बसेर फर्केका नेपाली कामदारलाई २५ दिन हिरासतमा राख्न पाउने नियमको आडमा अध्यागमनका कर्मचारीले सास्ती दिने र जबरजस्ती रकम असुल्ने गर्छन्। गत वर्ष विदेशबाट फर्किएकी भोजपुरकी एक युवतीलाई अध्यागमन र विमानस्थलका कर्मचारीले उनको पैसा लुटेर बलात्कारसमेत गरेको घटना सार्वजनिक भएपछि कर्मचारीहरू मौन रहेको जस्तो देखिए पनि मध्यस्थकर्ता राखेर पैसा असुल्ने क्रम रोकिएको छैन। कानुनत: अध्यागमनले अनुसन्धानका लागि बढीमा २५ दिन हिरासतमा राखी अदालत पुऱ्याउनु पर्छ। 'ओभरस्टे' भएर फर्केकालाई सामान्य सोधपुछ गरिन्छ। सम्बन्धित देशले आगमन नदिएर फर्केकाबाट अध्यागमनले आगमन शुल्क भनेर लिन्छ। नक्कली राहदानी प्रयोग गर्नेलाई अदालत पुऱ्याइन्छ। अदालतले फैसला गरेमा पाँच वर्ष कैद र ५० हजार रुपियाँसम्म जरिवाना हुने व्यवस्था छ। यिनै प्रावधानहरू अध्यागमनका कर्मचारीलाई घूस खाने माध्यम बनेको छ।[३५]

८.२ म्यानपार व्यवसायी

सरकारले इजाजत लिएका म्यानपार कम्पनीलाई मात्रै वैदेशिक रोजगारमा पठाउने प्रावधान छ। सोही प्रावधानको आडमा म्यानपावर एजेन्सी वैदेशिक रोजगारमा जाने कामदाहरू ठग्ने एउटा गतिलो माध्यम बनेको छ। विभागबाट अनुमति लिएर कारोबार गरिरहेका कम्पनी हाल ७ सय ६१ छन्। विभागले आर्थिक वर्ष ०६९/०७० को असार मसान्तसम्म इजाजत लिने कम्पनीको सङ्ख्या १ हजार ३२ रहेकामा सोही वर्षको मङ्सिर मसान्तसम्म २ सय ७१ कम्पनी खारेजीमा परेका थिए। समयमै नवीकरण नगर्ने कम्पनी स्वत: खारेज हुने व्यवस्था छ। हालसम्म

३४. खत्री, विष्णुबहादुर। *जोखिम र ठगीको मारमा आप्रवासी कामदारहरू*। प्राची संचेतना द्वैमासिक: पूर्णाङ्क ८०। ०६९ फागुन : पृ. ३७

३५. *कारबाहीसँगै जबरजस्ती घूस लिन्छन् अध्यागमन कर्मचारी*। कारोबार दैनिक। ०६९ पुस २५

गैरकानुनी काम वा अनियमितता र ठगीको आरोपमा कुनै पनि म्यानपावर खारेज भएका छैनन्। खारेज भएका म्यानपावरहरू इजाजत नवीकरण नगरेकाले स्वत: खारेजीमा परेका हुन। विभागले इजाजत दिए पनि कानुन अनुसार अनुगमन नहुँदा म्यानपार कम्पनी ठगीमा संलग्न हुने गरेका छन्। केही थोरै कम्पनीबाहेक यस्ता कम्पनीहरू मानव बेचविखनकै स्तरभन्दा माथि उठन नसकेको आरोप लाग्दै आएको छ। म्यानपार कम्पनीको यस्तो ठगी एजेन्ट नियुक्तिदेखि आरम्भ हुन्छ। कम्पनीहरूले इजाजत प्राप्त एजेन्ट राख्नुपर्नेमा जथाभावी गरिरहेका छन्। यस्ता एजेन्टले गाउँ गाउँसम्म पुगेर विभिन्न प्रलोभनमा पारी वैदेशिक रोजगारीमा पठाउने नाममा अनावश्यक रकम लिने र अलपत्र पार्नेसमेतका काम गरिरहेका छन्। अहिले दर्ता भएर काम गरिरहेका एजेन्टको सङ्ख्या ६ सय मात्रै छ। जबकि, १ लाखको सङ्ख्यामा एजेन्टहरू रहेको अनुमान गरिएको छ। कानुनी रूपमा एजेन्ट दर्ता हुँदा विभागमा २ लाख रुपियाँ धरौटी राखेर इजाजत लिनुपर्छ। कामदारले ठगीको उजुरी गरेमा विभागले यही धरौटी रकमबाट पनि क्षतिपूर्ति भराउन सक्ने व्यवस्था छ। तर विभागले अनुगमन नगर्दा यो कार्यान्वयनमा आउन सकेको छैन भने पहिलो चरणको ठगी एजेन्टबाटै सुरु हुने गरेको छ। म्यानपार कम्पनीले वैदेशिक रोजगारीमा पठाउन सरकारले मुलुकैपिच्छे तोकेको न्यूनतम रकमभन्दा बढी असुल गरेर अर्को ठगी गरिरहेका छन्। यो विषयमा विभाग जानकार हुँदा पनि कारबाही गर्न सकेको छैन। सरकारले लागत खर्च खाडीका सात मुलुकमा ७० हजार तोकेको छ तर म्यानपार कम्पनीले ४ लाख रुपियाँसम्म लिने गरेका छन्। त्यसै गरी मलेसियाका लागि ८० हजार अधिकतम तोकिएकामा १ लाख २० हजार रुपियाँसम्म तिरेर जान कामदारहरू बाध्य छन्। खाडी मुलुकमा सुरक्षा गार्ड र ड्राइभर कामका लागि बढी आकर्षण भएकाले यो काममा जानेहरूसँग तोकिएभन्दा धेरै रकम असुल्ने गरिएको छ। त्यसै गरी श्रम सम्झौतामा तोकिएको भन्दा अर्को कम्पनीमा पठाउने, तोकिएको पारिश्रमिक नदिने, तोकिएको काम नदिने र विदेशमा पुऱ्याएर अलपत्र पार्ने काम धेरै म्यानपार कम्पनीले गर्दै आएका छन्। म्यानपारको ठगी बढ्दै जानु र यसलाई अनुगमन गर्न नसकेपछि विभागले ०६९ कात्तिकदेखियता नयाँ म्यानपार कम्पनी दर्ता रोक्का गरेको छ।

५. समस्या र चुनौती

५.१ दलालीको सञ्जाल

वैदेशिक रोजगारीमा गाउँ तहसम्म पुगेका दलालको सञ्जाल कामदार ठगीका प्राथमिक कारण बनेका छन्। गाउँदेखि केन्द्र र सरकारी कार्यालयदेखि गन्तव्य मुलुकसम्म पहुँच भएका यस्ता दलालहरू गाउँका सोझा युवाहरूलाई झूटा भ्रम र सपना बाँड्दै ठगीमा संलग्न भएका छन्। म्यानपावर व्यवसायी, तिनका एजेन्ट, उपएजेन्ट र बिचौलियाहरू वैधानिक वा अवैधानिक जे भए पनि उनीहरूले कामदारलाई झूटो भ्रम बाँड्दै सरकारी मापदण्डविपरीत रकम असुल्ने, झूटो करारनामा बनाउने, बढी रकम लिएर कममा हस्ताक्षर गराउने, अवैध मार्ग प्रयोग गरेर कामदारलाई तेस्रो मुलुक पुऱ्याउने, कामदारको राहदानी जफत गर्ने, भारत हुँदै कामदारको ओसारपसार गर्नेजस्ता क्रियाकलाप गर्ने गर्छन्। वैदेशिक रोजगारीका क्रममा ठगिनेहरू अधिकांश रोजगारदाता कम्पनीभन्दा पनि आफ्नै मुलुकमा सक्रिय यस्ता एजेन्टहरूबाट बढी छन्। भिसा, बिमा, करार, अभिमुखीकरण आदि बिना नै कामदारलाई श्रम गर्न बाध्य पार्न पनि नेपाली एजेन्टकै हात रहेको पाइन्छ। वैदेशिक रोजगारीको आधारभूत ज्ञान नभएकाहरूसमेत दलाल वा एजेन्टको रूपमा परिचालित छन्। एउटै दलाल धेरै म्यानपावरसँग आबद्ध भएर काम गरिरहेको अवस्था पनि विद्यमान छ। कानुनत: कुनै पनि व्यक्ति स्थानीय एजेन्टका रूपमा काम गर्न वैदेशिक रोजगार विभागमा दर्ता हुनुपर्छ र एउटा एजेन्ट एउटा म्यानपावरसँग मात्र काम गर्न सक्छ। सम्बन्धित व्यक्तिको स्वीकृतिबेगर नेपालभित्र र वैदेशिक रोजगार विभागको स्वीकृतिबिना अरूको राहदानी विदेश लैजान पाइँदैन। वैदेशिक रोजगारीको काम गर्ने एजेन्टले पनि कुनै एउटा म्यानपावरको नाममा स्वीकृति लिनु पर्दछ तर अहिलेसम्म जम्मा ६ जनाले मात्र यस प्रकारका स्वीकृति लिएका छन्। वैदेशिक रोजगारीको काम गर्नका लागि स्वीकृति नलिई गाउँगाउँमा क्रियाशील दलालहरू गैरकानुनी हुन्। तिनले गरिरहेको काम गैरकानुनी हो। उनीहरूलाई मानव बेचबिखन तथा ओसारपसार कार्य (नियन्त्रण) ऐन, २०६४ तथा वैदेशिक रोजगारी ऐन, २०६४ दुवै अनुसार कानुनी कारबाही हुन सक्छ।[१६] वैदेशिक रोजगारका नाममा मानव ओसारपसारमा संलग्न यस्ता गिरोहको सञ्जाल अमेरिका, युरोपलगायतका

१६. पूर्ववत्

मुलुकसम्म पनि विस्तार भएको छ। नेपाली युवासँग प्रतिव्यक्ति ३० लाख रुपियाँ लिएर अवैध बाटो हुँदै अमेरिका पुऱ्याउने गिरोहको समाचार सञ्चारमाध्यममा सार्वजनिकसमेत भएका छन्। नेपालबाट अमेरिका पुऱ्याउन यो गिरोहले कतार, ब्राजिल, बोलिभिया, पेरु, इक्वेडर, कोलम्बिया, पानामा, कोस्टारिका, निकारागुवा, होन्डुरस, ग्वाटेमाला, मेक्सिकोलगायत १४ राष्ट्र पार गराउँछन्। जहाज, बस, जिप, डुङ्गा, पैदल हुँदै गरिने यो यात्रामा गन्तव्यमा नपुगेसम्म जीवनको टुङ्गो हुँदैन। यो गिरोहले नेपालको विमानस्थलदेखि यात्राका क्रममा पर्ने मुलुकमा समेत आवश्यक सेटिङ मिलाएका हुन्छन्। एक महिनादेखि सात महिनासम्म लाग्ने यो यात्राका क्रममा केहीले बीचबाटोमा नै जीवन गुमाउँछन्।[३७] साउदीस्थित नेपाली दूतावासले पीडितबाट पाएको जानकारीका आधारमा गैरकानुनी रूपमा नेपाली कामदार साउदी अरब तथा अरब पठाउने दलालहरूलाई कारवाही गर्न सिफारिस गर्दै नेपालस्थित वैदेशिक रोजगार विभाग, गृह र परराष्ट्र मन्त्रालयलाई पत्राचारसमेत गरेको छ। दूतावासको पत्रमा १ सय ४४ दलालको नाम र ठेगाना समावेश गरिएको छ।[३८]

५.२ काफला प्रणाली

वैदेशिक रोजगारीका लागि नेपाली कामदारको प्रमुख गन्तव्य अरब हो। अरबी देशमा विद्यमान कतिपय कानुनी व्यवस्था तथा प्रचलन मानवअधिकार मैत्री नहुँदा आप्रवासी कामदारको जोखिम बढेको छ। त्यस्तैमध्ये एक काफला प्रणाली हो। कानुनीरूपमा कतै स्पष्ट उल्लेख भएको नपाइए तापनि काफला प्रणाली व्यवहारमा कार्यान्वयनमा रहेको छ। यसलाई स्पोन्सरसिप सिस्टम पनि भनिन्छ। यसका अनुसार करार अवधि दुई वर्षको, कामदारको भिसा र कानुनी हैसियतमा पूर्ण नियन्त्रण, कामदारको आर्थिक र कानुनी जिम्मेवारी पूर्णरूपमा प्रायोजकमा, कामदारको गतिशीलतामा प्रायोजकको पूर्ण नियन्त्रण गरिएको हुन्छ। यो एक प्रकारको दासप्रथा नै हो। वास्तवमा काफला प्रणाली अनुसार कफिल अर्थात् स्पोन्सरले विभिन्न देशका कामदार मगाएर आवश्यकता अनुसार कमिसन लिएर विभिन्न कम्पनी तथा रोजगारदाताहरूलाई बेच्छन्। जसबापत उनीहरूले रोजगारदाताबाट एकैपटक वा नियमित पैसा लिन्छन्। कतिपयले त मासिक तलबको नियमित कमिसनसमेत लिने गर्दछन्। यो प्रणालीको विरोधमा हालसम्म राष्ट्रसङ्घ, मानवअधिकारको जेनेभा मुख्यालय, युरोपेली नियोग तथा अन्य अन्तर्राष्ट्रिय निकायले समेत खुलेर बोल्न चाहेका छैनन्।[३९] ह्युमन राइट्स वाचको सन् २०११ को प्रतिवेदनमा काफला प्रणालीलाई आधुनिक दासता भनिएको छ।

खाडी राष्ट्रहरू बहराइन, कुवेत, कतार, साउदी अरब, यूएई र ओमानमा लागू गरिएको यो व्यवस्था अनुसार रोजगारदाता वा मालिकले अनुमति नदिएसम्म अर्थात् एक्जिट भिसा नदिएसम्म मृत कामदारको लाससमेत स्वदेश फर्कन पाउँदैन। काफला प्रणाली अनुसार आप्रवासी कामदार सम्बन्धित मुलुकमा प्रवेश गर्ने वित्तिकै सम्पूर्ण आर्थिक तथा कानुनी अधिकार तथा दायित्व रोजगारदातामा रहेको हुन्छ। कामदारको भिसाको अवस्था रोजगारदातासँग आबद्ध हुन्छ। कामदारको काम, बसाइँ र आवत-जावत पूर्णरूपमा रोजगारदाताले नियन्त्रण गर्छ। कामदारले आफ्नो इच्छाले काम वा कम्पनी परिवर्तन गर्न पाउँदैन। रोजगारदाताबाट एक्जिट भिसा नपाएसम्म मुलुक छाड्न पाइँदैन। रोजगारदाताले कामदारको राहदानीसमेत आफैँ राख्न पाउँछ। रोजगारदाताले नचाहेसम्म करार अवधि नसकिएको अवस्थामा काम छाड्न, काम परिवर्तन गर्न वा मुलुक छाड्न पाइँदैन।

५.३ विवाहका नाममा मानव तस्करी

नेपाली युवकयुवतीमा बढ्दै गएको विदेशको मोह र सजिलै पैसा कमाउने महत्त्वाकाङ्क्षालाई दलालहरूले विभिन्न रूपमा गलत प्रयोग गरिरहेका छन्। पछिल्लो समय नेपाली युवतीहरूलाई विदेशी नागरिकसँग विवाह गराएर गन्तव्य मुलुक पुऱ्याउने क्रम बढेको छ। विशेषत: कोरियाली नागरिकसँग विवाह गरेर दक्षिण कोरिया भित्रिने नेपाली युवतीहरूको सङ्ख्यासँगै समस्या पनि बढेको छ। यस्तो मानव तस्करीमा नेपाली दलालहरू नै सक्रिय छन्। आधुनिक

३७. पौडेल, सुरेन्द्र। *डलर पछ्याउँदै सात महिनामा अमेरिका*। नागरिक दैनिक http://nagariknews.com/feature-article/story/1382

३८. पौडेल, सुरेन्द्र। *दलालको सूचीसहित दूतावासको चिट्ठी* । नागरिक दैनिक। २०७० असोज २३

३९. पूर्ववत्

जीवनशैली र आर्थिक सम्पन्नताको मोह अनि देखासिखीले गर्दा यस्तो फन्दामा नेपाली युवतीहरू फस्ने गरेका छन्। यसरी कोरिया भित्रिने नेपाली युवतीहरूले घरेलु हिंसाको सिकार हुनुपरेको अध्ययनले देखाएको छ। उमेर, भाषा, संस्कृति आदिको बेमेलले गर्दा यी सम्बन्धहरू कागजी मात्र बन्ने गरेका छन्। यसरी कोरिया भित्रिने युवती तथा महिलाहरूले शारीरिक, आर्थिक साथै श्रम शोषण पनि भोगिरहेका छन्। त्यसरी गएकामध्ये अधिकांशले पत्नीको होइन, घरेलु कामदारको दर्जा मात्र पाएका छन्। कतिपयले जानासाथ बच्चा पाएकाले ती बच्चाहरूको मायाले गर्दा हिंसा र शोषण खेपेर बस्न बाध्य भएका छन्। कोरियामा यस्ता नेपाली महिलाको सङ्ख्या १ हजार १ सय छ, जसमा ७ सयले विवाह गरेको आधार कागज मात्र बनाएका छन्। ४ सय महिला कोरियाली दम्पतीका रूपमा बसेका छन्।[30]

५.४ नेपाली कामदारको मृत्यु बढ्दै

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा विदेशमा मृत्यु हुने नेपालीको सङ्ख्यामा ३३ प्रतिशत वृद्धि भएको छ। गत वर्षको सोही महिनाको अवधिमा २ सय ६४ कामदारको लास नेपाल आएकामा यस वर्ष ३ सय ५२ कामदारको लास नेपाल आएको छ। मङ्सिरमा मात्र हालसम्मकै बढी ९९ कामदारको लास नेपाल आएको छ। यो कात्तिक महिनाको भन्दा ६५ प्रतिशत बढी हो। हालको अवस्थालाई सरदर मान्दा दैनिक तीनओटा कामदारको लास नेपाल आइरहेको छ। यसमा आलेखबद्ध नभएका कामदारको तथ्याङ्क समावेश छैन। त्यस्तै चालू आर्थिक वर्षको पाँच महिनामा ३१ कामदार अङ्गभङ्ग भएर फर्किएका छन्। शोषण सहन नसकेर गरिने आत्महत्या, प्रतिकूल हावापानी र वातावरण, कठिन परिश्रम, उचित स्वास्थ्य सुविधाको कमी आदिलाई कामदारको मृत्युको प्रमुख कारण मानिन्छ। दक्षिण कोरियामा सन् २०१३ मा मात्र १८ जनाको मृत्यु भएको छ। सन् २००७ देखि हालसम्म दक्षिण कोरियामा ५७ नेपालीको मृत्यु भएको छ। कोरियामा मृत्यु हुनेमध्ये २३ जनाको सुतेकै ठाउँमा, १९ जनाले आत्महत्या र नौ जनाको सामान्य मृत्यु भएको थियो। सन् २०१० देखि २०१३ को जुनसम्ममा दुबईमा २ सय ३८ नेपालीले ज्यान गुमाए। जसमध्ये ३३ जनाले समुन्द्रमा हाम फालेर, आफैंले छुरा प्रहार गरेर, झुन्डिएर आत्महत्या गरे। सन् २००० यता साउदी अरबमा ३ हजार ५ सय, कतारमा १ हजार ७ सय र मलेसियामा २ हजार ३ सय कामदारको मृत्यु भएको छ। सन् २०१३ मा मलेसियामा मात्र ३ सय ४१ जनाको मृत्यु भयो। यो २०१२ को भन्दा ८९ बढी हो। यस्ता मृत्युहरू अधिकांश स्वाभाविक भन्दै राहत उपलब्ध गराइन्न। मलेसियामा मृत्यु भएकामध्ये २० प्रतिशतले मात्र राहत पाउने गरेका छन्। सडक दुर्घटनामा मृत्यु हुनेले मात्र राहत पाउने गरेका छन्। मलेसियाको कानुनले आत्महत्या, प्राकृतिक मृत्यु आदिमा कामदारलाई राहत उपलब्ध गराउँदैन। त्यहाँको कामदार क्षतिपूर्ति ऐन आप्रवासी कामदारका लागि विभेदपूर्ण छ।[31] देशको मृत्युदरका आधारमा विदेशमा नेपालीको उपस्थिति र मृत्युदर सामान्य भए पनि जुन उमेर समूहका मानिस कामदारका रूपमा छन् र जे कारणले मृत्यु भइरहेको छ, त्यो भने अति नै असामान्य र विडम्बनापूर्ण छ।

५.४ भ्रष्टाचार र अनियमितता

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको आरोपमा वैदेशिक रोजगार प्रवर्द्धन विभाग र अध्यागमन विभागका १९ अधिकृतसहित ३५ कर्मचारीलाई ०७० भदौ ७ गते गिरफ्तार गऱ्यो। गिरफ्तारीमा पर्नेमा वैदेशिक रोजगार विभागका १७ र अध्यागमनका १८ जना कर्मचारी थिए। आर्थिक लाभ लिएर झूटा बेहोराका कागजात स्वीकृत गरी ७७ जना नेपालीलाई वैदेशिक रोजगारमा जान इजाजत दिएको आरोपमा ती कर्मचारी गिरफ्तार भएका थिए। वैदेशिक रोजगार र अध्यागमन विभागका कर्मचारीको मिलेमतोमा भ्रष्टाचार हुने गरेको ठहर अख्तियारको छ।[32] यसअघि भदौ ४ गते अख्तियारले वैदेशिक रोजगार विभागका निर्देशक रमेश मैनालीसहित ६ जनालाई गिरफ्तार गरेको थियो। वैदेशिक रोजगार विभागका मात्रै २३ जना कर्मचारीलाई अख्तियारले गिरफ्तार गऱ्यो। नक्कली कागजात सक्कली भनेर इजाजत दिने, कम्प्युटर प्रविष्ट गर्ने, भाषा अनुवाद गर्ने,

30. उप्रेती, मीनप्रकाश। *कोरियालीसँग विवाह गर्ने नेपालीको वेदना*। अनलाइनखबर, ०७० माघ ३
31. गिरी रामचन्द्र, सेढाईं रोशन। 'Discriminatory' law denies migrants compensation', ekantipur.com
32. अख्तियार दुरुपयोग अनुसन्धानद्वारा ०७० भदौ ७ गते जारी विज्ञप्ति।

फाइल सदर गरेर पेस गर्ने र स्वीकृत गर्ने सबै कर्मचारीबाट अनियमितता र बदमासी भएको अख्तियारको ठहर छ। नक्कली कागजात ठीक छ भनी इजाजत दिने निर्णयका फाइल कर्मचारीले बेपत्ता पारेको पनि अख्तियारको दाबी छ। यसअघि पटकपटक वैदेशिक रोजगार विभाग र अध्यागमन कार्यालयमा हुने आर्थिक लेनदेन र भ्रष्टाचारका समाचार सार्वजनिक हुँदै आएका थिए। वैदेशिक रोजगार विभागकै लेनदेन, अनियमितता र विवादका विषयलाई लिएर तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई नेतृत्व सरकारका तत्कालीन श्रममन्त्री सरीता गिरी र कुमार बेलबासेलाई पदबाट हटाउनुपरेको थियो। भ्रष्टाचारविरुद्धको अभियान नेपालले स्टिङ अपरेसनपछि सार्वजनिक भिडियो फुटेजमा मन्त्री बेलबासे घूस माग्दै गरेको समेत सार्वजनिक भएको थियो।[33] उनले पार्टीलाई सहयोग भन्दै नयाँ म्यानपावर दर्ता गर्न खोज्नेसँग २ लाख रुपियाँ घूस मागेको सार्वजनिक भएपश्चात् प्रधानमन्त्रीको आदेशमा उनले राजीनामा दिएका थिए।

५.४.१ न्याय पाउन घूस

ओमनमा यौन शोषणमा परेर नेपाल फर्किएकी नुवाकोटकी एक महिलाले न्यायका निम्ति वैदेशिक रोजगार विभागमा उजुरी दर्ता गर्न खोज्दा तीन दिनसम्म उजुरी दर्ता भएन। अन्ततः बिचौलियामार्फत ७ हजार रुपियाँ घूस दिएपछि उनको उजुरी दर्ता भयो। उनले आफूलाई विदेश पठाउने म्यानपावरका विरुद्ध उजुरी गरेकी थिइन्।[34]

५.५ कूटनीतिक कमजोरी

नेपाली कामदारको अत्यधिक चाप रहने गल्फ मुलुकमध्ये कतार, कुवेत, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स गरी चार मुलुकमा मात्र नेपाली दूतावास छन्। नेपाली दूतावास नहुँदा नेपाली कामदारका समस्या सुनुवाइमा अप्ठ्यारो हुने गरेको छ। भएका दूतावासमा समेत राजनीतिक भागबन्डाका आधारमा कूटनीतिक ज्ञान नभएका व्यक्तिहरूलाई राजदूत नियुक्त गरिँदा समस्या बढेको छ। यसै वर्ष कूटनीतिक मर्यादाविपरीत काम गरेको ठहर गर्दै कतारस्थित नेपाली राजदूत मायाकुमारी शर्मालाई नेपाल सरकारले बर्खास्त गर्नुपरेको थियो। एक सार्वजनिक कार्यक्रममा कतार नेपाली कामदारका लागि खुला जेल भनी अभिव्यक्ति दिएपछि कतारी विदेश मन्त्रालयले त्यसप्रति आपत्ति जनाउँदै नेपाल सरकारसमक्ष कारबाहीको माग गरेको थियो। एमाओवादी कोटा अन्तर्गत राजदूत चयन भएकी शर्मालाई विवादमा परेपछि एमाओवादीका अध्यक्ष प्रचण्डले फिर्ता आउन आग्रह गरे पनि उनले अटेर गरेकी थिइन्। मन्त्रिपरिषदको असोज १० गतेको बैठकले उनलाई पदमुक्त गरी फिर्ता बोलाउने निर्णय गरेको थियो। उनले परराष्ट्र मन्त्रालयले फिर्ता आउन गरेको आग्रहलाई समेत बेवास्ता गरेकी थिइन्। कूटनीतिक मर्यादाविपरीत उनको अभिव्यक्तिप्रति शर्मालाई कतारी परराष्ट्र मन्त्रालयले स्पष्टीकरणसमेत लिएको थियो। उनको स्पष्टीकरण चित्तबुझ्दो नभएपछि कतारी विदेश मन्त्रालयले नेपाल सरकारसमक्ष उनलाई कारबाही गर्न माग गरेको थियो। यसअघि साउदी अरबका लागि नेपाली राजदूत हमिद अन्सारी पनि आप्रवासी कामदारकै विषयमा विवादित भएपछि पदमुक्त गरिएका थिए। एमाले कोटाबाट राजदूत चयन भएका अन्सारीले पनि विवादपश्चात् एमालेले फिर्ता आउन गरेको अनुरोधलाई अटेर गरेपछि उनलाई सरकारले पदमुक्त गरेको थियो भने एमालेले साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट निष्कासन गरेको थियो। त्यस्तै सन् २००८ मा तत्कालीन गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले बेलायतका लागि राजदूत नियुक्त गरिएका राजदूत मुरारीप्रसाद शर्मा पनि कूटनीतिक मर्यादाविपरीत काम गरेको आरोपमा जनवरी २००९ मा बर्खास्तीमा परेका थिए। आश्चर्यजनक कुरो त पदमुक्त गरिएपश्चात् राजदूत शर्माले बेलायतमा राजनीतिक शरणार्थीको आवेदन दिई सोही देशको राहदानीसमेत लिएको खुलासा भएको छ।[35]

५.६ श्रम सम्झौता नहुँदा समस्या

नेपाली कामदारको हकहित र सुरक्षाका लागि नेपाल सरकारले गन्तव्य मुलुकसँग दुईपक्षीय श्रम सम्झौता गर्नुपर्ने हुन्छ। तर, नेपाल सरकारले नेपाली कामदारको अत्यधिक चाप रहेको साउदी अरब,

33. http://new1.onlinekhabar.com/2012/10/6230, ०७० पुस १२ गते हेरिएको
34. *उजुरी दर्ता गर्न ७ हजार घूस*। अन्नपूर्ण पोस्ट दैनिक। ०७० असार २
35. पाण्डे, लेखनाथ। द हिमालयन टाइम्स। २०१३ अगस्ट २२
http://www.thehimalayantimes.com/fullNews.php?headline=THT+EXCLUSIVE%3A+Former+envoy+seeks+asylum+in+UK&NewsID=388321

मलेसियाजस्ता मुलुकसँग श्रम सम्झौता गरेको छैन। जसका कारण नेपाली कामदारका समस्याप्रति ती मुलुकहरू उत्तरदायी छैनन्। नेपाल सरकारले सन् २००७ मा दक्षिण कोरियासँग रोजगार अनुमति प्रणाली (ईपीएस)मार्फत नेपाली कामदार पठाउने सम्झौता गरेयता अन्य मुलुकसँग श्रम सम्झौता गरेको छैन। नेपालले हालसम्म कतार, बहराइन, यूएई, दक्षिण कोरिया र जापानसँग मात्र श्रम सम्झौता गरेको छ। यद्यपि, यी पनि पुनरावलोकन गर्नुपर्ने अवस्थामा छन्। आईएलओ मापदण्डबमोजिम आठ घन्टा बढी काममा लगाउन नपाउने र लगाएमा अतिरिक्त ज्याला दिनुपर्ने हुन्छ। तर, श्रम सम्झौताको अभावमा नेपाली कामदारहरू निर्धारित पारिश्रमिक नपाउने, बढी समय काम गर्नुपर्नेलगायतका समस्या खेपिरहन बाध्य छन्। हरेक वर्ष सबैभन्दा बढी कामदारको मृत्यु मलेसिया र साउदी अरबमा हुने तर ती मुलुकसँग श्रम सम्झौत नहुँदा ती लास समयमा स्वदेश फर्काउनसमेत कठिनाइ हुने गरेको छ। नेपाल सरकारको कूटनीतिक पहल प्रभावकारी नहुँदा साउदी, कुवेत, मलेसिया, जोर्डन, ओमन र लेबनानसँग दुईपक्षीय श्रम सम्झौताका लागि परराष्ट्र मन्त्रालयले मस्यौदा पठाए पनि त्यसको जवाफ आएको छैन। श्रम सम्झौता भएका मुलुकमा नेपाली कामदारको न्यूनतम पारिश्रमिकको प्रत्याभूति, आठ घन्टा काम सोभन्दा बढीको ओभरटाइम, वासस्थान र मनोरञ्जन सुनिश्चित हुन्छ।[३६]

१०. वैदेशिक रोजगार नियमनको प्रयास

वैदेशिक रोजगार ऐन, २०६४ ले करारबमोजिमको सुविधा नपाएका कारण कामदार अलपत्र परी स्वदेश फिर्ता हुनुपर्ने स्थिति आएमा सम्बन्धित इजाजतपत्रवालाले त्यस्ता कामदारलाई स्वदेश फिर्ता गराउनुपर्ने, नेपाली कामदार रहेको मुलुकमा युद्ध, महामारी, प्राकृतिक विपत्तिमा परी कामदारलाई तत्काल फिर्ता गर्नुपर्ने भएमा नेपाल सरकारले कूटनीतिक नियोग वा श्रम सहचरीमार्फत कामदार फिर्ता गर्ने व्यवस्था मिलाउने, वैदेशिक रोजगारीका लागि गएका कामदार सम्बन्धित देशको प्रवेशाज्ञाको म्याद सकिएपछि स्वदेश नफर्कने कामदारलाई विभागको सहयोगमा स्वदेश फर्काउने दायित्व इजाजतपत्रवालाको हुने, कामदार स्वदेश फर्काइसकेपछि त्यसरी फर्काइएको व्यक्तिलाई तीन वर्षसम्म विदेश जान नपाउने गरी प्रतिबन्ध लगाउन सक्ने, वैदेशिक रोजगारमा ५ हजार वा सोभन्दा बढी कामदार पठाइएका मुलुकमा श्रमसहचरी नियुक्त गर्ने, वैदेशिक रोजगार व्यवसायीले कामदार पठाउँदा अनिवार्यरूपमा सेवाशुल्कसम्बन्धी भर्पाई बुझाउनुपर्ने, सीमा अनुसारको सेवाशुल्क तोक्नुपर्ने र श्रम स्वीकृतिका लागि निर्धारण गरेको प्रक्रिया पूरा गरेको हुनुपर्ने, वैदेशिक रोजगारमा जानका लागि अनुमति लिई राष्ट्रिय विमानस्थलको प्रयोग गर्नुपर्ने, वैदेशिक रोजगारमा हुने ठगीको घटनालाई फौजदारी अपराध अन्तर्गत वर्गीकरण गरी त्यस सम्बन्धमा अनुसन्धान गरी अभियोजन गर्न वैदेशिक रोजगार विभागलाई अधिकार प्रत्यायोजन गरेको, वैदेशिक रोजगारमा हुने ठगी मुद्दालाई सरकारवादी फौजदारी अपराध हुने भनिएको छ। वैदेशिक रोजगारसँग सम्बन्धित मुद्दाहरूको सम्बन्धमा वैदेशिक रोजगारसम्बन्धी न्यायाधिकरणको व्यवस्था गरी सर्वोच्च अदालतलाई पुनरावेदन अदालतको रूपमा रहने जस्ता प्रमुख व्यवस्था यस ऐनले गरेको छ। सोही अनुसार नेपाल सरकारले केही सकारात्मक प्रयासहरूको थालनी गरेको छ।

नेपाल सरकारले वैदेशिक रोजगारी नीति, २०६८ मार्फत वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र भरपर्दो बनाउने लक्ष्य राखेको छ। नीतिमा वैदेशिक रोजगारीको प्रक्रियालाई सरल, पारदर्शी, भरपर्दो, व्यवस्थित र सुरक्षित गर्ने उल्लेख छ। नीतिले गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता गरी सम्झौताको अनुगमन गर्ने संयन्त्र विकास गर्ने, नेपाली कामदार रहेको मुलुकमा नेपाली नियोग खोल्ने तथा श्रम सहचारी तथा कल्याणकारी अधिकृतहरूको व्यवस्था गर्नेजस्ता रणनीति लिएको छ। नीतिले आलेखबद्ध नभएका कामदारलाई गन्तव्य मुलुकमा नै लेखबद्ध गराउने र श्रम स्वीकृतिको नवीकरण प्रणालीको विकास गर्ने र उनीहरूको आपतकालीन उद्धारका लागि संयन्त्र बनाउने, कामदारको सुरक्षाका लागि गन्तव्य मुलुकहरूको विमानस्थलमा श्रम डेस्क स्थापनाका लागि कूटनीतिक प्रयास गर्ने, वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग गरी कठिन परिस्थितिमा रहेका कामदारको उद्धार गर्नेजस्ता विषयलाई पनि समेटेको छ। साथै वैदेशिक रोजगारसम्बन्धी ऐन, नीति नियम र

३६. गुरुङ, मोहन। *सात वर्षमा शून्य श्रम सम्झौता*। कारोबार दैनिक
http://www.karobardaily.com/nepali/news/2014/01/1390099603

कार्यक्रमलाई समयसापेक्ष परिमार्जन गर्दै लैजाने व्यवस्था गरिएको छ।

बर्सेनि फैलिँदै गरेको श्रम बजारलाई व्यवस्थित गर्न बेग्लै श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार न्यायाधिकरण, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डलगायत विभिन्न निकायहरूको स्थापना गरिएको छ। वैदेशिक रोजगार ऐन, २०६४ अनुसार २०६५ मा गठन गरी कार्य प्रारम्भ गरेको बोर्डले आ.व. ०६५/०६६ देखि बोर्डको सचिवालयको व्यवस्था गरी विदेशमा अलपत्र परेका कामदारको उद्धार गर्ने, मृतक कामदारका परिवार र अङ्गभङ्ग भएका कामदारलाई आर्थिक सहायता प्रदान गर्ने र सुरक्षित वैदेशिक रोजगारका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने कार्य प्रारम्भ गरेको छ। नेपाल सरकारले हालसम्म संसारका १ सय ८ मुलुकमा नेपाली कामदारलाई वैदेशिक रोजगारीका लागि खुला गरेको छ। त्यस्तै इजाजत प्राप्त १ हजा ३२ म्यानपावर कम्पनीमध्ये २ सय ७१ कम्पनी खारेज भई ७ सय ६१ सञ्चालनमा रहेका छन्।[३६] वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षणका लागि २ सय ५ स्वास्थ्य संस्थालाई परीक्षणको मान्यता दिइएको छ। चारओटा देशसँग द्विपक्षीय सम्झौता भएको छ। ६ ओटा देशमा घरेलु कामदार पठाउँदा ख्याल गर्नका लागि सरकारले देश विशेष निर्देशक सिद्धान्त तयार गरी कार्यान्वयन गरेको छ। इजरायलमा पठाउने महिला 'केयरगिभर'सम्बन्धी निर्देशिका तयार गरेको छ। कोरियामा ईपीएस र जापानमा जिट्को अन्तर्गत कामदारले प्रशिक्षार्थी कामदार पठाउने सहमति अनुसार कामदार पठाउने काम भएको छ।

घरेलु कामदारलाई व्यवस्थित गर्ने कार्यविधि (२०६७) अनुसार घरेलु कामदारका रूपमा कतार जाने कामदारका लागि १ हजार रियाल, कुवेतका लागि ६० क्युडी, साउदी अरेबियाका लागि ७ सय साउदी रियाल र यूएईका लागि ९ सय दिराम न्यूनतम पारिश्रमिक तोकिएको छ। घरेलु कामदारका लागि तोकिएको मापदण्ड पूरा भएपछि मात्रै सम्बन्धित दूतावासले करारनामा प्रमाणित गर्ने व्यवस्था रहिआएको छ। न्यूनतम तलब, बिमाको व्यवस्था, घरेलु कामदार राख्ने व्यक्तिको मापदण्ड, कामदार बस्ने सुरक्षित बासस्थानको व्यवस्था, कामदार माग गर्ने व्यक्तिको सामाजिक आधार, दूतावास वा घरपरिवारसँग नियमित सञ्चार सम्पर्क, सम्बन्धित निकायले प्रदान गरेको घरेलु कामदार राख्ने स्वीकृति वा सहमतिपत्रको व्यवस्था तथा सुरक्षाको प्रत्याभूति भएपछि करारनामा प्रमाणित गर्ने प्रावधान तोकिएको छ।[३८] तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले विभागमा पेस गरेको १० बुँदे निर्णय, राष्ट्रिय सतर्कता केन्द्रको २३ बुँदे निर्देशन र वैदेशिक रोजगार सुझाव, सुधार कार्यदलले बनाएको कार्यतालिकासहित ३० बुँदे कार्ययोजना कार्यान्वयन गरेर संस्थागत भ्रष्टाचार हटाउने प्रयास भएको छ।

१०.१ वैदेशिक रोजगार न्यायाधिकरण

वैदेशिक रोजगार विभागले छिनोफानो गर्न नसकेका मुद्दाको किनाराका लागि सरकारले ०६८ सालमा वैदेशिक रोजगार न्यायाधिकरण गठन गरेको छ। वैदेशिक रोजगार ऐन, २०६४ अनुसार गठन भएको यो न्यायाधिकरणले अहिलेसम्म ३ सय ३३ मुद्दा छिनोफानो गरिसकेको छ। आर्थिक वर्ष ०६८/६९ मा ३ सय ७० मुद्दा दर्ता भएकामा १ सय २४ सोही वर्ष फर्स्यौट भएका थिए। आर्थिक वर्ष ०६९/०७० सम्म ४ सय २४ मुद्दा रहेकामा सो वर्ष १ सय ६३ को फैसला भयो। चालू आर्थिक वर्षमा ६३ मुद्दा दायर भएकामा ४६ को फैसला भइसकेको छ। न्यायाधिकरणसँग अझै किनारा लगाउनुपर्ने मुद्दाको सङ्ख्या २ सय ७८ छ।

न्यायाधिकरण गठन नहुँदासम्म जिल्ला अदालतले यससम्बन्धी मुद्दा हेर्ने व्यवस्था थियो। न्यायाधिकरणले गरेको निर्णयमा चित्त नबुझे सम्बन्धित पक्षले ३५ दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन दिन सक्ने व्यवस्था ऐनमा छ। वैदेशिक रोजगार विभागले नहेरेका मुद्दा न्यायाधिकरणमा विभागले नै पठाउने गरेको छ। कम्पनीसँग लिएको धरौटीबाट कामदारलाई रकम क्षतिपूर्ति दिन नसकिने मुद्दा खासगरी विभागले न्यायाधिकरणमा पठाउँछ। म्यानपावर कम्पनीले विभागमा दर्ता हुँदा ७ लाख रुपियाँ र २३ लाख रुपियाँ 'बैंक ग्यारेन्टी' राख्नुपर्ने व्यवस्था छ। यो दुवै रकमभन्दा

३६. वैदेशिक रोजगार विभाग नेपाल। http://www.dofe.gov.np/uploads/cmsfiles/file/kharej%20manpower%20list_20120626011300_20130509112103.pdf

३८. भट्टराई, देवेन्द्र। *विचार गरेर बोल्नुस् प्रवक्ताज्यू* । कान्तिपुर दैनिक। ०६९ साउन २८

कतारको कष्ट (घटना विशेष)

कतार, विश्वकप र नेपाली कामदार : सन् २०१३ मा कतारमा मात्र १ सय ८५ नेपाली कामदारको मृत्यु भयो। बेलायती पत्रिका 'द गार्जियन'का अनुसार सन् २०२२ मा कतारमा हुने फिफा विश्वकप फुटबलका लागि पूर्वाधार निर्माणका क्रममा ती कामदारको मृत्यु भएको हो। उसका अनुसार सन् १०१३ को जुन ४ देखि अगस्ट ८ सम्ममा ४४ नेपाली कामदारको हृदयघात तथा कार्यक्षेत्रको दुर्घटनाबाट मृत्यु भएको छ। २०१३ सेप्टेम्बरपछि कतारमा ३६ जना नेपालीको मृत्यु भएको छ। आधाभन्दा बढी नेपाली कामदार हृदयघात, मुटुको रोग वा कार्यस्थल दुर्घटनामा मृत्यु हुने गरेको 'द गार्जियन'ले जनाएको छ। ६५ भन्दा बढी कामदारको अचानक मृत्यु भएको छ। तीमध्ये आधा मुटुको समस्याका कारणले भएको जनाइएको छ। नोभेम्बर महिनामा एम्नेस्टी इन्टरनेसनलले प्रचण्ड गर्मीमा पनि दैनिक १२ घन्टा काम गर्नुपर्ने, फोहोर ठाउँमा बस्नुपर्ने र बस्ने ठाउँमा बढी भीडभाड रहेकाले मृत्यु भएको प्रतिवेदनमा उल्लेख गरेको थियो। दुई वर्षको अवधिमा नेपालको मुख्य श्रम गन्तव्य कतारमा मृत्यु हुने नेपालीको सङ्ख्या ३ सय ८२ पुगेको छ। 'द गार्जियन'ले सन् २०१२ को जनवरीदेखि सेप्टेम्बरसम्म १ सय २७ नेपालीको मृत्यु भएको प्रतिवेदन सार्वजनिक गरेको थियो। सो वर्षको अन्तिम तीन महिनामा ७० जना कामदारको मृत्यु भएको थियो। नेपाली युवाको हृदयघातबाट कसरी मृत्यु भयो भन्ने प्रश्नको सन्तोषजनक जवाफ कतारको श्रम मन्त्रालयबाट नपाएको 'द गार्जियन'ले जनाएको छ। कतारले विश्वकप फुटबलका लागि १ सय ३७ अर्ब अमेरिकी डलर (१ खर्ब ३७ अर्ब रुपियाँ)बराबरको लगानीमा ठूलठूला पूर्वाधार निर्माण गरिरहेको छ। इन्टरनेसनल ट्रेड युनियन काङ्ग्रेसले वर्तमान अवस्थामा सुधार नआए पूर्वाधार निर्माण सम्पन्न हुँदासम्म ४ हजार कामदारले ज्यान गुमाउने दाबी गरेको छ। यसैबीच, सन् २०२२ मा फिफा विश्वकप फुटबल आयोजनामा असर पर्ने सङ्केतपछि कतार सरकारले नेपाली कामदारको मृत्युको सङ्ख्या लुकाएको पनि 'द गार्जियन'ले जनाएको छ। कतार सरकारले उपलब्ध गराएको तथ्याङ्कभन्दा मृत्यु हुनेको सङ्ख्या बढी हुन सक्ने उसले जनाएको छ।[३९] सन् २०१३ को सेप्टेम्बरमा 'द गार्जियन'ले पहिलोपटक कतारमा नेपाली कामदारको शोषणसम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गरेपछि अन्तर्राष्ट्रिय ध्यान आकर्षण भएको थियो। पहिलो अध्ययन प्रतिवेदनमा कतारमा नेपाली कामदारले आधुनिक दासता भोग्न बाध्य भएको उल्लेख छ। 'द गार्जियन'को प्रतिवेदनपछि कतारी राष्ट्रिय मानवअधिकार आयोगले समेत घटनाको विस्तृत अध्ययन गर्ने प्रतिबद्धता सार्वजनिक गऱ्यो। उसले सार्वजनिक गरेको भिडियोमा कतिपय नेपाली कामदारले खानेपानी र शौचालयसमेत नभएको, एउटै कोठामा १४ जनासम्म राखिएको, तोकिएको पारिश्रमिक नपाएको, भान्साको फोहरले रोगको सङ्क्रमण रहेको, नक्कली करारनामा गराएको, तलब नपाएको आदि गुनासो गरेका छन्। त्यस्तै नेपाली राजदूतावासको सेल्टरमा राखिएकाहरूले जसरी भए पनि आफ्नो देश फर्कन चाहेको बताएका छन्।[४०]

बढी रकम मागसहित पीडित कामदारबाट उजुरी परेमा त्यसलाई न्यायाधिकरणमा पठाउने गरिएको छ।

११. संरक्षणका संयन्त्र

११.१ कूटनीतिक संरक्षण

आप्रवासी कामदारको संरक्षणका लागि कूटनीतिक संयन्त्र सबैभन्दा पुरानो तथा परम्परागत प्रणाली हो। जब कुनै विदेशी कामदार कुनै मुलुकमा गिरफ्तार हुन्छ। सबैभन्दा पहिले त्यसको जानकारी गिरफ्तार भएको व्यक्तिको देशको 'काउन्सलर'लाई गराइनुपर्छ। आफ्नो देशका नागरिक गिरफ्तार हुनासाथ त्यसको जानकारी पाउने, उसलाई भेट्ने र आवश्यक कानुनी सहायता उपलब्ध गराउने काउन्सलर अधिकारीहरूको कूटनीतिक अधिकार र जिम्मेवारी हो। विदेशमा रहेका आफ्ना नागरिकको सुरक्षाका लागि यो अभ्यास संसारभरि नै लागू हुन्छ। यो आलेखबद्ध भएका वा नभएका दुवै कामदारका हकमा लागू हुन्छ।[४१] तर, व्यवहारत: नेपाली आप्रवासी कामदारको हकमा अधिकांश घटनामा नेपाली काउन्सलर तथा दूतावासले सञ्चारमाध्यममा सार्वजनिक भइसकेपछि मात्र आफ्ना नागरिक गिरफ्तार परेको, कारवाहीमा परेको वा कानुनी समस्यामा परेको जानकारी पाउँछन्।

११.२ मानवअधिकार सन्धिजन्य संरक्षण

मानवअधिकारजन्य संरक्षण प्रणाली पछिल्लो समय अभ्यासमा आएको संरक्षण प्रणाली हो। संसारका सबै मानिसले मानवअधिकारका अन्तर्राष्ट्रिय प्रावधानहरू संसारको जुनसुकै कुनामा

३९. पिटर प्याटिसन र गिवसोन वेन, द गार्जिएन। Qatar World Cup: 185 Nepalese died in 2013 – official records. http://www.theguardian.com/world/2014/jan/24/qatar-2022-world-cup-185-nepalese-workers-died-2013

४०. http://www.theguardian.com/world/2013/sep/25/revealed-qatars-world-cup-slaves ०७० पुस १३ गते हेरिएको

४१. पूर्ववत् । पृ. २४

रहे पनि स्वतन्त्र ढङ्गले उपभोग गर्न पाउनुपर्छ। मानवअधिकारको उपभोगका लागि आफ्नो स्वदेशमा रहनु वा विदेशमा रहनुले फरक पारिनु हुन्न। समानता र अविभेद मानवअधिकारको आधारभूत सिद्धान्त हो। मानवअधिकारका सबै अन्तर्राष्ट्रिय महासन्धिहरूले यसलाई स्वीकारेको छ। मानवअधिकारका मूल महासन्धिका पक्षराष्ट्र भएका मुलुकमा सम्बन्धित महासन्धिका व्यवस्थाहरू स्वदेशी तथा विदेशी दुवैलाई समानरूपमा लागू हुन्छन्। महासन्धिले गरेका व्यवस्थाहरू लागू नभएमा संयुक्त राष्ट्रसङ्घ मानवअधिकार समितिमा सन्धिजन्य (ट्रिटी बडी) प्रणाली अन्तर्गत उजुरी गर्न सकिन्छ। तसर्थ, आप्रवासीको मानवअधिकार संरक्षणका लागि मानवअधिकार सन्धिजन्य प्रणाली प्रभावकारी हुन सक्छ।[४१] आप्रवासीका अधिकार संरक्षणका लागि संयुक्त राष्ट्रसङ्घको विशेष संयन्त्रमार्फत स्पेसल समाधीक्षकको भूमिका पनि महत्त्वपूर्ण हुन्छ।

११.३ क्षेत्रीय संयन्त्र

अन्तर्राष्ट्रियस्तरमा क्षेत्रीय रूपमा मानवअधिकारको वकालत तथा संरक्षण गर्न क्षेत्रीय संयन्त्रहरू गठन गरिएका छन्। जस्तो, दक्षिणपूर्वी (साउथइस्ट) एसियन मुलुकमा आसिएन इन्टरगभर्नमेन्टल कमिसन अन ह्युमन राइट्स नामक क्षेत्रीय संयन्त्र गठन गरिएको छ। त्यस्तै अमेरिका, अफ्रिका, युरोपमा पनि यस्ता क्षेत्रीय संयन्त्रहरू गठन भएका छन्। तर, दक्षिण एसियमा भने यसबारेमा बहसको सुरुवात भए पनि मानवअधिकारको क्षेत्रीय संयन्त्र गठन भएको छैन। सार्क गठन भए पनि यसले मानवअधिकारभन्दा पनि अन्य आपसी हितका मुद्दामा जोड दिन्छ। यदि सार्कस्तरीय मानवअधिकार संयन्त्रको गठन भएमा त्यस क्षेत्रका नागरिकको मानवअधिकार उल्लङ्घन हुँदा त्यो संयन्त्रले सामूहिक रूपमा आवाज उठाउन सक्छ। आप्रवासी कामदारको मानवअधिकार सुरक्षा गर्ने सवालमा सार्कस्तरीय संयन्त्र अझ प्रभावकारी हुन सक्छ। किनभने, सार्क मुलुकमध्ये भारत, बङ्गलादेश, पाकिस्तान र नेपाल संसारमा नै सबैभन्दा बढी विप्रेषण भित्र्याउने मुलुकमा पर्दछन्। तसर्थ, यी देशका आप्रवासी कामदारका समस्याहरू पनि समान प्रकृतिका भएकाले क्षेत्रीय संयन्त्रमार्फत गन्तव्य मुलुकसँग सामूहिक सौदाबाजी गर्नसमेत सजिलो हुन सक्छ।

११.४ राष्ट्रिय संयन्त्र

मानवअधिकारको अन्तर्राष्ट्रिय संयन्त्रमार्फत न्याय पाउन पीडितले आफ्नो मुलुकमा भएका न्यायिक निकायहरूबाट न्याय नपाएको अवस्था हुनुपर्छ। सम्बन्धित देशको माथिल्लो अदालतबाट समेत न्याय नपाएपछि मानवअधिकार उल्लङ्घनका पीडितले अन्तर्राष्ट्रिय प्रक्रियामा जान सक्छन्। तसर्थ, राष्ट्रिय संयन्त्र पीडितको अधिकार संरक्षणका लागि प्राथमिक संयन्त्र हो। नेपालमा पनि वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन र पीडितलाई न्याय दिलाउन वैदेशिक रोजगार ऐन, २०६४ लगायत फरक प्रकृतिका मुद्दाहरू सम्बोधन गर्न फरक-फरक ऐन कानुनहरू प्रयोगमा छन्। वैदेशिक रोजगारीसम्बन्धी मुद्दा हेर्नका लागि वैदेशिक रोजगार न्यायाधिकरण स्थापना भई सञ्चालनमा छ। वैदेशिक रोजगारसम्बन्धी ऐन, २०६४ तथा नियमावलीले सुरु मुद्दा हेर्ने अधिकार वैदेशिक रोजगार न्यायाधिकरणलाई प्रदान गरेको छ भने यसउपर आवेदन सुन्ने अधिकार सर्वोच्च अदालतमा हुने भनिएको छ। त्यस्तै वैदेशिक रोजगारसम्बन्धी मुद्दालाई सरकारवादी फौजदारी मुद्दाका रूपमा राखिएको छ। मुद्दाको एक तह मात्र पुनरावेदन भएकाले पीडितहरूलाई छिटो न्याय दिलाउन केही हदसम्म सहज पनि भएको छ। प्रहरी, प्रशासन, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार न्यायाधिकरण, अदालत आदि राष्ट्रिय संरक्षण संयन्त्रका निकायहरू हुन्।

१२. निष्कर्ष

वैदेशिक रोजगार नेपालका लागि बेरोजगारी समस्या हल गर्ने र वैदेशिक मुद्रा आर्जन गर्ने उचित विकल्प साथै बर्सेनि श्रम बजारमा भित्रिने बेरोजगार युवाहरूको आकर्षक गन्तव्य बनेको छ। दैनिक सरदर १ हजार ५ सयको सङ्ख्यामा विदेशिएका युवाहरूको कमाइले राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण टेवा पुऱ्याइरहेको छ। दसवर्षे सशस्त्र द्वन्द्व, राजनीतिक सङ्क्रमण, ठप्पप्रायः औद्योगिक विस्तार आदिका बावजुद पनि ०५२ सालमा ४२ प्रतिशत रहेको

४१. पूर्ववत् ५। पृ. २५

नेपालको गरिबी ०७० सालसम्म आइपुग्दा २५.१६ प्रतिशतमा झरेको छ। देशको कुल ग्रार्हस्थ्य उत्पादनमा कृषिपछि विप्रेषणले (२३ प्रतिशत) योगदान गरेको छ। नेपाल विश्वमै विप्रेषण बढी भित्र्याउने उत्कृष्ट छैटौँ मुलुकमा समेत दरिएको छ। सहश्राब्दी विकास लक्ष्यमा नेपालले शिक्षा, स्वास्थ्यमा गरेको आशातीत प्रगति पनि वैदेशिक रोजगारीबाट भित्रिएको विप्रेषणको कारण हो। वैदेशिक रोजगारीमा रहेका अभिभावकले आफ्नो कमाइको महत्त्वपूर्ण हिस्सा सन्तानको पालनपोषण, शिक्षा, स्वास्थ्य आदिमा खर्चने गरेका छन्। फलत: ग्रामीण भेगका मानिसहरूको समेत शिक्षा, स्वास्थ्यमा पहुँच वृद्धि भएको छ। गाउँका फुसका छानाहरू पातलिएका छन्, टिनका छानाहरू बाक्लिएका छन्। टेलिभिजन, कम्प्युटर, मोबाइलजस्ता आधारभूत आवश्यकताका आधुनिक प्रविधिमा सर्वसाधरणको पहुँच वृद्धि भएको छ। कामका लागि विदेश जानेले देशमा पैसा मात्र होइन, सीप र प्रविधि पनि भित्र्याएका छन्। जाँदा अदक्ष वा अर्धदक्ष गएकाहरू आउँदा कुनै न कुनै विधामा दक्ष भएर फर्किएका छन्। वैदेशिक रोजगारमा जाने नेपाली युवालाई परिश्रमको महत्त्व अझ बढी ज्ञात भएको छ।

माथिका तमाम उज्याला पक्षका बावजुद वैदेशिक रोजगारीका अँध्यारा पक्ष पनि उत्ति नै छन्। वैदेशिक रोजगारीमा रहेको बढ्दो जोखिम, असुरक्षा र ठगीले उनीहरूको मानवअधिकारको उपभोगमा प्रश्न खडा भएको छ। वैदेशिक रोजगारीले जीवनस्तर सुधार्ने मात्र होइन, ठगीमा परेर जायजेथा गुमाउनेको सङ्ख्या पनि कम छैन। युवा शक्तिको विदेश पलायनले गाउँ बस्तीहरू वृद्धाश्रममा परिणत भएका छन्। जीवनको ऊर्जाशील समय विदेशी भूमिमा बिताएर ढल्कँदो उमेरमा स्वदेश रोज्नेहरू बढेका छन्। विदेशबाट दीर्घरोग र अङ्गभङ्ग भएर फर्कनेको सङ्ख्या पनि थपिँदै छ। दैनिक सरदर तीन जनाको सङ्ख्यामा आइरहेको नेपाली कामदारको लासले पनि यसको भयावह अवस्थालाई पुष्टि गर्छ। हिजो छाती नापेर भारत र बेलायतको लाहुरे बन्न लालायित हुने संस्कृति आज पासपोर्ट काखी च्यापेर अरब र खाडीको श्रमिक बन्ने लहडमा परिणत भएको छ। नयाँ पुस्तामा कुनै सिर्जनशील काम गर्नेभन्दा पनि वैदेशिक रोजगारमा जाने विषय निर्विकल्प छनोट बन्न थालेको छ। फितलो नियमन, अप्रभावकारी कानुनी कार्यान्वयन, अभिमुखीकरणको कमी, अशिक्षा, सूचनाको अभाव, अनियमितता, भ्रष्टाचारजस्ता विविध कारणले वैदेशिक रोजगारीका नाममा ठगिनेहरूको सङ्ख्या कम हुन सकेको छैन। त्यस्तै, वैदेशिक रोजगारीको बढ्दो क्रमसँगै नेपालको परम्परागत सामाजिक संरचनामा परिवर्तन आउन थालेको छ। हिजो पुरुषले मात्र कमाएर घर चलाउँदै आएको समाज आज महिलाहरू पनि विदेशमा गएर कमाउन थालेपछि कतिपय मान्यताहरू भत्किएका छन्। लामो समयसम्म पति-पत्नी विछोडिएर बस्नु, विदेशी संस्कृतिप्रति अभ्यस्त हुनु आदिका कारण पारिवारिक विखण्डनका घटनाहरू पनि बाक्लै सार्वजनिक हुन थालेका छन्। सम्बन्धविच्छेदका घटना ह्वात्तै बढेका छन्। छोराछोरीले बुढेसकालमा बाबुआमालाई पाल्ने सामाजिक दायित्व पनि भत्किएको छ। बुबाआमाको मृत्युको संस्कार अन्त्येष्टिमा समेत घर फर्कन नपाउने अवस्थाले मानवीय संवेदनालाई मार्दैछ। गाउँबस्तीमा जन्ती र मलामीसमेत नपाउने अवस्थामा पुग्न थालेको छ। देशैभर गाउँसमाजमा युवाहरूको उपस्थिति न्यून हुनाका कारण सामाजिक असुरक्षा बढेको छ। घरमूलीको अभावमा महिलामाथि जिम्मेवारीहरू थपिएका छन्। घरलाई पहिलो पाठशाला र अभिभावकलाई पहिलो गुरु मानिने भए तापनि नयाँ जन्मने पुस्ता अभिभावकत्वबाट वञ्चित हुन थालेको छ। जनगणना ०६८ को परिणाममा नेपालको जनसङ्ख्या वृद्धिदर अकल्पनीय रूपमा ह्रास आउनुलाई पनि विश्लेषकहरूले युवाहरूको विदेश पलायन पनि एक महत्त्वपूर्ण कारण मानेका छन्। यो क्रम बढ्दै गएमा सामाजिक असन्तुलन समेत पैदा हुन सक्ने खतरा छ। देशको दक्ष जनशक्तिसमेत विदेश पलायन हुने लहड अर्को भयावह समस्या बन्दै गएको छ।

विश्वमा विप्रेषण बढी भित्र्याउने देशको सूचीमा परिसकेको अवस्थामा नेपालले सबै आप्रवासी कामदारहरू तथा तिनका परिवारहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० लाई अनुमोदन नगरेर नैतिक रूपमा आप्रवासी कामदारप्रति असम्मान गरेको छ। यता वैदेशिक रोजगार ऐन, २०६४ लगायतका घरेलु प्रावधानको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। वैदेशिक रोजगारीमा रहेका आफ्ना नागरिकको अधिकार प्रत्याभूतिका लागि नेपालको अन्तर्राष्ट्रिय कूटनीतिक पहल पनि प्रभावकारी प्रमाणित हुन सकेको छैन। वैदेशिक रोजगार विभाग, अध्यागमनलगायतका निकायमा हुने संस्थागत अनियमितता नियन्त्रणमा सरकार विफल देखिएको छ। सरकारका नीति-नियम र कार्यक्रम सकारात्मक भए पनि कागजमा सीमित बनेका छन्। सरकारी नियमन

घटना विशेष :

नेपालको विद्यमान वैदेशिक रोजगार ऐन, २०६४ ले वैदेशिक रोजगारीमा जानका लागि न्युनतम उमेरसम्बन्धी प्रष्ट व्यवस्था गरेको छ । ऐनको धारा ७ मा नाबालिगलाई रोजगारीमा पठाइने छैन भन्ने व्यवस्था अन्तर्गत १८ वर्ष उमेर पुरा नगरेको कुनै पनि नाबालिगलाई वैदेशिक रोजगारमा पठाइने छैन भन्ने उल्लेख छ । तर व्यवहारमा दलाल र म्यानपावरको फटाइ अनि सरकारी कर्मचारीसमेतको लापरवाही र मिलेमतोमा उमेर बढाएर राहदानी लिदै नाबालिगहरु विदेश गइरहेका छन् ।

त्यस्तैमध्ये एक प्रतिनिधि पात्र हुन दाङका १६ वर्षीय गणेश विश्वकर्मा । उनका लागि कतारको मरुभूमि स्वर्ग जस्तै थियो । उनका लागि कतारको मरुभूमि एउटा स्वर्गजस्तै थियो । एउटा त्यस्तो भूमि, जसले दाङमा पुस्तौंदेखि गरिबीको चपेटामा रहँदै आएको उनको परिवारलाई छुटकारा दिने सपना देखाएको थियो । गाउँका अन्यले झैं उनले पनि म्यानपावरका एजेन्टलाई भेटे, जसले उनलाई परिवार पाल्न पुग्ने राम्रो तलबयुक्त जागिरको वचन दियो । फर्केर सुन्दर घर बनाउने सपनाका साथ आमालाई छाडेर उनी कतार उडे ।

दुई महिनामै उनी फर्कीए पनि । तर, कफिनमा । उनी १६ वर्षका मात्र थिए । 'उसको मृत्यु यसरी हुन्छ भन्ने हामीले पटक्कै सोचेका थिएनौं,' हजुरआमा मोतीकलाले भनिन, 'हामी यसरी रुनुपर्छ भन्ने पनि कहिल्यै सोचेनौं ।'

माटोले बनेको सानो घरमा एम्बुलेन्सले गणेशको शव ओराल्दा रात छिप्पिसकेको थियो । तर, उनका साथी तथा छिमेकी घन्टौंअघिदेखि कुरिरहेका थिए । अभिभावक रातभर आफ्नो कलिलो छोराको कफिनको आड लागेर बसे । जब रात कटेर मिर्मिरे बिहान सुरु भयो, उनीहरू अन्तिम बिदाइ गर्दै दागबत्ती दिनेतर्फ मोडिए ।

१६ वर्षे उमेरमा कानुनतः कामका लागि विदेशिन योग्य थिएनन गणेश । तर, उनको त्यो अयोग्यता स्थानीय म्यानपावरका दलालका लागि बाधक बनेन । उनको उमेर २० वर्ष भएको पासपोर्ट बन्यो । दलालहरूले कतारमा सरसफाइको कामका लागि भन्दै अचाक्ली धेरै पैसा पनि असुले, जुन नेपाल सरकारले तोकेको मापदण्डभन्दा निकै बढी थियो । त्यसका लागि उनको परिवारले १ लाख ५० हजार रुपियाँ ३६ प्रतिशतको ब्याजमा ऋण लिएको थियो ।

स्रोत : द गार्जियन (अनुवाद नेपाल साप्ताहिक)

प्रभावकारी नहुँदा वैदेशिक रोजगारीका नाममा अवैध कामदार र मानव तस्करी मौलाएको छ। भारतीय मार्ग हुँदै तेस्रो देशमा कामदार पठाउने क्रम झनै बढ्दो छ। विदेशमा आलेखबद्ध नभएका कामदारको सङ्ख्या थपिँदै गएको छ।

नेपालले आप्रवासी कामदारको अधिकारसम्बन्धी महासन्धि अनुमोदन नगरे तापनि करिब आधा करोड नेपालीको रगत र पसिनाबाट आर्जित पैसा (विप्रेषण)ले मुलुकको अर्थतन्त्र धानिरहँदा नैतिक रूपमा तिनको मानवअधिकारको प्रत्याभूति गर्नु राज्यको दायित्व हो। त्यस्तै सन्धि ऐन, २०४७ ले नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि महासन्धि नेपालको कानुनसरह लागू हुने र घरेलु कानुनसँग बाझिएमा अन्तर्राष्ट्रिय सन्धि/महासन्धिको प्रावधान लागू हुने व्यवस्था गरेको र नेपालले आठ ठूला महासन्धिलगायत करिब २२ ओटा अन्तर्राष्ट्रिय सन्धिहरू अनुमोदन गरिसकेकाले पनि तिनका प्रावधान लागू गर्दै आफ्ना नागरिकको आधारभूत मानवअधिकारको सम्मान र संरक्षण गर्नु नेपाल सरकारको दायित्व हो।

अन्ततः तत्कालीन अवस्थामा सरकारले चाहेर पनि वैदेशिक रोजगारीको उचित विकल्प स्वदेशमा नै सिर्जना गर्न सक्ने सम्भावना नभएकाले वैदेशिक रोजगारीलाई नै कम जोखिमयुक्त र सुरक्षित बनाउनु नै सरकारसँग विकल्प रहेको छ। सुरक्षित वैदेशिक रोजगारीका लागि सरकार, म्यानपावर व्यवसायी, नागरिक समाज, गैरसरकारी संस्था, राजनीतिक दल, सञ्चारमाध्यम र स्वयम् काममा जानेहरू सबै जिम्मेवार र सजग हुन जरुरी छ। यसका लागि मौजुदा कानुनको प्रभावकारी कार्यान्वयन, सरकारी, अर्धसरकारी तथा निजी क्षेत्रबाट भइरहेको अनियमितता र ठगी रोक्न प्रभावकारी नियमन र सर्वसाधारणमा अर्थपूर्ण जनचेतना र अभिमुखीकरण आवश्यक छ। साथै नेपाल सरकारले सबै आप्रवासी कामदारहरू तथा तिनका परिवारहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० लाई अविलम्ब अनुमोदन गरी आप्रवासी कामदारहरूको मानवअधिकार प्रत्याभूत गराउनेतर्फ प्रतिबद्ध हुन जरुरी छ।

१३. सुझाव, सिफारिस

- आप्रवासी कामदारको अधिकारका पक्षमा संवेदनशील हुन र अन्तर्राष्ट्रिय जवाफदेहिता बहन गर्न अविलम्ब आप्रवासी कामदार र उनीहरूका

परिवारका सदस्यहरूको अधिकार संरक्षण गर्ने महासन्धि (१९९०) र घरेलु कामदारको अधिकारसम्बन्धी आईएलओ महासन्धि (नं.१८९) अनुमोदन गरी सोही मापदण्डको राष्ट्रिय कानुनहरूको व्यवस्था गरिनुपर्ने।

- नयाँ बन्ने संविधानमा संवैधानिक रूपमा नै वैदेशिक रोजगारीका बारेमा उल्लेख गरिनुपर्ने।
- ३० वर्षभन्दा माथिका महिलालाई मात्र खाडी मुलुकमा कामका लागि पठाउने व्यवस्था नेपाल पक्षराष्ट्र भएको महिलाविरुद्ध हुने सबैखाले विभेद उन्मूलनसम्बन्धी महासन्धि, १९७९ र वैदेशिक रोजगार ऐन, २०६४ तथा नेपालको अन्तरिम संविधान, २०६३ को समानताको हकविरुद्धसमेत भएको तथा यो व्यवस्थाले नेपाली महिला कामदारले भारत तथा बङ्गलादेशको भूमि प्रयोग गरी खाडी जाने क्रम बढेर झनै महिलाहरू बढी जोखिम र असुरक्षित हुने भएकाले सो व्यवस्था खारेज गरी महिला कामदारको सुरक्षाका लागि अन्य प्रभावकारी र कानुनसङ्गत उपायहरू अविलम्बन गरिनुपर्ने।
- नेपालको विद्यमान ऐन कानुन आलेखबद्ध नभएका आप्रवासी कामदारका विषयमा प्रस्ट नभएकाले आवश्यक संशोधन गरी त्यस्ता कामदारलाई पनि कानुनी संरक्षणको व्यवस्था गरिनुपर्ने।
- नेपाली कामदारको अत्यधिक चाप रहेको अरब मुलुकहरूमा हालसम्म चारओटा देशमा मात्र नेपालको राजदूतावास भएकाले नेपालको दूतावास अन्य देशमा पनि स्थापना गरिनुपर्ने र राजदूतजस्तो अन्तर्राष्ट्रिय रूपमा देशको गरिमा र कूटनीतिसँग जोडिएको पदलाई राजनीतिक भागबन्डाको विषय बनाउन बन्द गरिनुपर्ने।
- नेपालको वर्तमान कानुनी मापदण्डबमोजिम सबै मुलुकमा श्रमसहचारी नियुक्त गरिनुपर्ने।
- वैदेशिक रोजगार न्यायाधिकरणको क्षेत्राधिकारलाई फराकिलो पारिनुपर्ने।
- राजनीतिक दलका घोषणापत्र र नीति तथा कार्यक्रमले वैदेशिक रोजगारीलाई पनि महत्त्वका साथ सम्बोधन गर्नुपर्ने।
- वैदेशिक रोजगार विभाग, अध्यागमनलगायतका सरकारी निकायमा हुने गरेका अनियमितता र आर्थिक लेनदेनविरुद्ध प्रभावकारी अनुगमन संयन्त्रको विकास गरिनुपर्ने।
- आप्रवासी नेपाली कामदारको व्यवस्थित तथ्याङ्क उपलब्ध नभएकाले आवश्यक अध्ययन अनुसन्धान गरी अभिलेखीकरण प्रणाली चुस्त-दुरुस्त बनाउनुपर्ने।
- हिंसा तथा शोषणमा परेर फर्किएका कामदारका लागि निःशुल्क कानुनी परामर्श, सामाजिक मनोविमर्श, संरक्षणगृह आदिको व्यवस्था गरिनुपर्ने।
- कामदारको हित र पहुँच विस्तारका लागि श्रम तथा रोजगार मन्त्रालयको बजेट र जनशक्तिमा वृद्धि गरी कम्तीमा क्षेत्रीयस्तरको सेवा विकेन्द्रीकरण गरिनुपर्ने। साथै वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, वैदेशिक रोजगार न्यायाधिकरणलगायतका संयन्त्रहरू पनि अधिकतम विकेन्द्रीकृत गरिनुपर्ने।
- म्यानपावर व्यवसायीहरूको प्रभावकारी अनुगमन तथा नियमन गर्दै विभिन्न स्थानमा स्वीकृतिबेगर सञ्चालनमा रहेका म्यानपावरका शाखा र गाउँगाउँमा छरिएका दलालहरूलाई कारवाही गरी कानुनी दायरामा ल्याइनुपर्ने।
- गन्तव्य मुलुकमा आलेखबद्ध नभएका कामदारको मानवअधिकारको संरक्षण तथा तिनको सुरक्षाका लागि आवश्यक कूटनीतिक पहल गरिनुपर्ने।
- अन्तर्राष्ट्रिय मानवअधिकार सङ्घसंस्था तथा संयन्त्रहरूसँग समन्वयमार्फत आप्रवासी नेपाली कामदारको मानवअधिकार अवस्था अनुगमनलाई नियमित र प्रभावकारी बनाई त्यसको व्यवस्थित अभिलेखीकरण गरिनुपर्ने।
- वैदेशिक रोजगारीका नाममा भइरहेका मानव बेचबिखन, ओसारपसार तथा तस्करी र किर्ते कागजसम्बन्धी अपराधहरूलाई सम्बन्धित ऐन अनुसार नै कानुनी दायरामा ल्याइनुपर्ने।
- शैक्षिक परामर्शदाताका नाममा सञ्चालित संस्थाहरूबाट विदेश पठाइएका नेपाली विद्यार्थीहरू ठगिने क्रम बढेकाले यस्ता संस्थाहरूको पनि निगरानी तथा नियमन गरिनुपर्ने।
- वैदेशिक रोजगार सिलसिलामा समस्यामा परेका कामदार र उनका परिवारका समस्या, गुनासो र दर्ता हुने निवेदनहरूका सुनुवाइका लागि श्रम र परराष्ट्र दुवै मन्त्रालयमा विशेष एकाइको व्यवस्था हुनुपर्ने।
- आप्रवासी नेपाली कामदारको आपतकालीन उद्धारका लागि विशेष आर्थिक कोषको व्यवस्था गरिनुपर्ने।
- राहदानी वितरण प्रक्रियालाई व्यवस्थित, सर्वसुलभ र विकेन्द्रीकृत गरिनुपर्ने।
- सन् २००७ यता नयाँ देशसँग द्विपक्षीय श्रम सम्झौता हुन नसकेको र हालसम्म जम्मा चारओटा

देशसँग मात्र त्यस्तो सम्झौता भएकाले नयाँ देशहरूसँग द्विपक्षीय श्रम सम्झौताका लागि प्रभावकारी पहलकदमी हुनुपर्ने।

- खाडी राष्ट्रहरूमा अस्तित्वमा रहेको काफला प्रणालीको खारेजीका लागि कूटनीतिक रूपमा अन्तर्राष्ट्रिय मञ्चहरूमा मुद्दाको उठान गरिनुपर्ने।
- नेपाली कामदारको चाप भएका र जोखिम बढी भएका राष्ट्रमा कार्यरत कामदारको आपतकालीन सुरक्षाका लागि टोल फ्रि हटलाइन टेलिफोन सेवाको व्यवस्था हुनुपर्ने।
- वैदेशिक रोजगारीमा जान चाहने महिलाहरूलाई बेग्लै विशेष सूचना स्रोतकेन्द्रको स्थापना गरिनुपर्ने।
- वैदेशिक रोजगारीमा जान चाहनेका लागि सरकारी स्तरबाट सर्वसुलभ ऋण उपलब्ध गराउने व्यवस्था गरी व्यक्तिगत रूपमा हुने चर्को ब्याजदरको ऋणलाई निरुत्साहित तथा निश्चित मापदण्डभन्दा चर्को ब्याजको लेनदनलाई दण्डनीय बनाइनुपर्ने।
- अन्तर्राष्ट्रिय श्रम बजारको मागलाई ध्यानमा राखी सोही अनुरूपको दक्ष जनशक्ति उत्पादनका लागि प्रभावकारी कार्यक्रम लागू गरिनुपर्छ। प्राविधिक जनशक्ति उत्पादनका लागि दीर्घकालीन नीति तथा कार्यक्रमहरू निर्माण तथा कार्यान्वयन हुनुपर्ने।
- वैदेशिक रोजगारीका लागि राज्यद्वारा प्रदान गरिने सेवा तथा अवसरमा सीमान्तकृत क्षेत्र, जाति, लिङ्ग र समुदायको पहुँच सुनिश्चित गरिनुपर्ने।
- कामदारलाई गन्तव्य मुलुकको कानुन, संस्कृति, मूल्य मान्यता, भाषा, जोखिम आदिका बारेमा आधारभूत जानकारी उपलब्ध गराइनुपर्ने।
- वैदेशिक रोजगारलाई सुरक्षित र व्यवस्थित बनाउनका लागि यस क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थासँग प्रभावकारी समन्वय गरिनुपर्छ। साथै, कामदारको मानवअधिकार सुरक्षित गर्नका लागि मानवअधिकार रक्षक, गैसस, अन्तर्राष्ट्रिय सञ्जाल, गैरआवासीय नेपाली सङ्गठन, प्रवासी नेपाली सङ्गठनहरू, सञ्चारमाध्यम आदिसँग पनि समन्वय कायम राख्नुपर्ने।
- स्कुलस्तरीय पाठ्यक्रममा नै वैदेशिक रोजगारीसम्बन्धी व्यवस्था, ऐन कानुन र यसका सबल दुर्बल पक्षका बारेमा आधारभूत जानकारीको व्यवस्था गरिनुपर्ने।
- रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन आदिमार्फत वैदेशिक रोजगारीका फाइदा, बेफाइदा, सुरक्षाका विधि, कानुनी प्रक्रिया आदि विविध पक्षका बारेमा व्यापक प्रचारप्रसार गरिनुपर्ने।

परिच्छेद

६

६.१ सप्तरी र सिरहामा जनता आवास कार्यक्रम

१. पृष्ठभूमि

मानिसलाई अछूत स्तरमा झारेर चरम घृणित व्यवहार गर्ने नियम, कानुन र परम्परा उत्तरी भारत र हाम्रो तराई क्षेत्रमा ई.पू. ६०० देखि चल्दै आएका हुन्। नेपालको पहाडी र उपत्यका क्षेत्रमा भने ईसाको पहिलो शताब्दीपछि यता आउने लिच्छवि र मल्ल आदिको साथमा ती कुरा उक्लन थालेका हुन् अनि लिच्छवि राजा शङ्करदेव (अनु.ई. ४०१-४३२) देखि व्यवस्थित रूपले समाजमा फैलाइन थालेका हुन्। त्यसको चरम रूप उपत्यकामा जयस्थिति मल्ल (ई. १३६०-३६) आदिले नयाँ व्यवस्था चलाएपछि फैलिएको हो। यसरी हजारौँ वर्षदेखि धर्म, नियम, कानुन, शासन आदि सबै कुरावाट तीव्र रूपले दलित उत्पीडित र शोषित समुदायहरूलाई नै अहिले 'दलित-उत्पीडित समुदाय' भनिन्छ।[१] यसै सन्दर्भमा नेपालको अन्तरिम संविधानको धारा ३३ को राज्यको दायित्व खण्ड 'ज' र 'झ'मा शिक्षा, स्वास्थ्य, रोजगारी र खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने, सुकुम्वासी, कमैया, हलिया, हरुवा-चरुवालगायतको आर्थिक, सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक, सामाजिक सुरक्षा व्यवस्था गर्ने नीति लिने भनिएको छ।

राजा जयस्थिति मल्लले वैधानिकीकरण गरेपछि जातीय विभेद दुरुत्साहित हुँदै गएको पाइन्छ। विक्रम सम्वत् १९९० को मुलुकी ऐनमा रहेको जातको आधारमा विभेदकारी दण्डसजायको प्रावधानलाई हटाएर मुलुकी ऐन, २०२० ले समान अपराधमा सबैलाई समान सजाय हुने व्यवस्था गऱ्यो। तर, त्यही मुलुकी ऐनको अदलको १० नम्बरले अप्रत्यक्ष तवरबाट छुवाछूतलाई संरक्षण गरेको थियो, जो प्रजातन्त्रको पुन:बहालीपश्चात् निर्मित नेपाल अधिराज्यको संविधान, २०४७ को प्रावधानसमेतको विपरीत रहेको थियो। संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्र रहेको मुलुकमा उक्त प्रावधान रहनु विडम्बनायुक्त मान्नु पर्छ।

विक्रम सम्वत् १९९७ मा सुरु भएको छुवाछूतविरोधी 'जनैअभियान'देखि लिएर दलित आन्दोलन अद्यापि जारी छ। १० वर्ष लामो सशस्त्र द्वन्द्व र ०६२/०६३ को आन्दोलनसँगसँगै दलित आन्दोलन गाँसिएरै गएको देखिन्छ। हरेकपटक राजनीतिक परिवर्तनको पक्षमा उभिएको दलित समुदायको उत्साह पनि दलित आन्दोलनको महत्त्वपूर्ण पक्ष हो। नेपाली दलित आन्दोलनको सङ्गठित सुरुआत भएको सात दशक भएको छ। यद्यपि, ००३ सालदेखि ०२३ सालसम्मको दलित आन्दोलनको मुख्य उद्देश्य छुवाछूतविरोधी थियो। नेपालको दलित आन्दोलन अब समग्रतामा फैलिएको छ। सबै प्रकारका समानता र त्यसका लागि संरक्षणको आवश्यकता देखिएको छ।

नेपालले सन् १९७१ जनवरी ३० मा संयुक्त राष्ट्रसङ्घको सबै किसिमको जातीय विभेद उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गरेको थियो। सो महासन्धिको धारा १(४)मा भेदभावमा परेका जनताको राज्यद्वारा विशेष संरक्षणको अधिकार उल्लेख गरिएको छ। यसै आधारमा सरकार ०६६-६७ सालमा मुलुकका तीन जिल्ला सप्तरी, सिरहा र कपिलवस्तु जिल्लाका दलित एवम् मुस्लिम समुदायका लागि आवास आयोजना तर्जुमा गरेको हो।

२. अध्ययन विधि

मध्यतराईका दुई जिल्ला सप्तरी र सिरहामा लागू गरिएको जनता आवास कार्यक्रमबारे इन्सेकको टोलीले स्थलगत अध्ययन गरेको थियो। सेवाग्राही, स्थानीय अधिकारकर्मी, गैससका प्रतिनिधि र सरकारी निकायका सरोकारवालासँग भेटघाट गरेको थियो। यस विषयमा पूर्वप्रकाशित लेख, पुस्तक, पत्रिका, कार्यपत्रलगायतको अध्ययन गरेको थियो।

३. अध्ययनको सीमा

पूर्वाञ्चल क्षेत्रका दुई जिल्ला सप्तरी र सिरहाका चारओटा गाविसका दलित वस्ती अध्ययनको छनोटमा परेका थिए। ती चार गाविसहरूमा सप्तरी जिल्लाका वरिवीरपुर गाविसका हात्तीवन र मुसरी टोल तथा बभरगामाकट्टी गाविसका तोपा र मन्सासुर टोल रहेका थिए। त्यस्तै सिरहा जिल्लाका पडरिया र गोविन्दपुर गाविसका क्रमश: वस्तीपुर र मुसरी टोल छनोटमा परेका थिए। यी गाविसहरूमा जनता आवास योजना लागू भएका कारण नै यिनको छनोट गरिएको थियो।

४. अध्ययनको महत्त्व

जनता आवास कार्यक्रमका बारेमा अध्ययन-अनुगमन गरी तथ्य कुरा नेपाल मानवअधिकार वर्षपुस्तकमा प्रकाशन गरिँदा यस पुस्तकमार्फत

[१] पश्चित, मोदनाथ। *मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा*। पृ. ८४

सिरहा गोविन्दपुर गाविस–३ मा जनता आवासका लागि नाम निस्किए पनि घर नबनाइएकाले झुपडीमा बस्न बाध्य दलित परिवार

आयोजनाका सबल एवम् दुर्बल पक्ष राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा प्रसारित हुनाका साथै सरोकारवालाहरूको ध्यान केन्द्रित गराउने उद्देश्यका साथ यो अध्ययन आरम्भ गरिएको हो।

विपन्न दलित समुदायको जीवनस्तर माथि उकास्न र उनीहरूको उत्थानमा सहयोग पुगोस् भन्ने हेतुले नेपाल सरकारले ०६६ मा अवलम्बन गरेको जनता आवास कार्यक्रम उद्देश्य अनुरूप पूरा भए/नभएको अनुगमन गर्दा यस्ता आयोजनाका लागि मार्गनिर्देशन हुन सक्छ। यस कार्यले मूलतः राज्यलाई झकझक्याउने तथा सरोकारवाला निकायलाई ध्यानाकृष्ट गराएर नीतिमा परिमार्जन र कार्यान्वयनमा तदारुकता ल्याउन मद्दत गर्दछ भन्ने आशा राख्न सकिन्छ।

५. दलितहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था

मुलुकको राजनीति नयाँ नेपालको निर्माण गर्नेतर्फ अग्रसर भइरहेको अवस्थामा पनि 'दलित समस्या जस्ताको तस्तै छ। उदारीकरण र विश्वव्यापीकरणका नाममा उनीहरूको इलम खोसिएको छन्। बहुराष्ट्रिय पुँजीवादको मार पनि दलितहरूकै थाप्लोमा सबैभन्दा नराम्ररी बजारिएको छ।'[२] नयाँ दलित समुदाय अहिले पनि राज्यको मूल प्रवाहमा पर्न नसकेको, सबैभन्दा पिछडिएको र कमजोर अवस्थामा छ। सबै क्षेत्रमा सबैभन्दा पछाडि रहेको दलित समुदायले भोगिरहेको आर्थिक समस्या अन्तर्गत बेरोजगारी, भूमिहीनता, परम्परागत पेसाको गिरावटलगायत छन् भने राजनीतिक समस्यामा सार्थक प्रतिनिधित्व, पहुँच, नियन्त्रण र सहभागिता अत्यन्त न्यून छ।

गरिबी र भूमिहीनताले खाद्यान्न सङ्कट झेलिरहनुपरेको छ। होटल, पसलमा बाहिर बसेर चिया र खाजा खानुपर्ने, आफ्नै भाँडामा खानुपर्ने वा खाएको भाँडा माझ्नुपर्नेजस्ता चलनहरू यद्यपि विद्यमान छन्। सरकारी तथ्याङ्कले सप्तरीमा दलितको जनसङ्ख्या २०.९ प्रतिशत रहेको जनाए पनि नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घले गरेको नमुना जनगणना अनुसार २८.१४ प्रतिशत दलितको जनसङ्ख्या रहेको दावी गरेको छ।[३]

यहाँका दलितमध्ये पनि डोम, मरिक, हलखोर, मुसहर, सरभङ्ग, सदा, मोची, हरिजन, राम, चमार समुदाय शैक्षिक, सामाजिक, आर्थिक, राजनीतिक रूपले अत्यन्त पिछडिएको समुदाय हो। यिनीहरूलाई अन्य दलितले समेत अछूत भनेर हेप्ने चलन कायम छ। समग्र दलित समुदायको अवस्था र डोम, मुसहर समुदायको आर्थिक, सामाजिक तथा राजनीतिक अवस्थामा आकाश-जमिनको अन्तर छ। यिनीहरू २१औँ शताब्दीमा पनि शैक्षिक, आर्थिक, सामाजिक, राजनीतिक रूपले समग्र दलित समुदायभन्दा पछाडि पारिएका छन्। बाँसको सामग्री बेचेर बिक्री गर्ने डोम जाति सामग्री बिक्री गर्न गाउँ बाँडफाँट गर्छन् र गाउँमा एक/दुई परिवार मात्रै बसोवास गर्छन्। मधेसमा लास जलाउनका लागि डोम जातिसँग आगो खरिद गर्ने चलन छ।[४]

दलितहरूले पुर्ख्यौली पेसालाई निरन्तरता दिन खोजे पनि पेसा र व्यवसायलाई आधुनिकीकरण गर्न नसक्दा समय अनुसारको रोजगारी नपाउने र व्यवसायबाट विस्थापित हुने स्थितिमा पुगेका छन्। आर्थिक अभावले वैकल्पिक पेसा पनि अँगाल्न नसक्दा आर्थिक अवस्था कमजोर बन्दै गएको छ। यसमध्ये धोबी

२ भट्टराई, रमेश। *दलित परिप्रेक्ष्य: प्रगतिवादी आख्यानका सन्दर्भमा, दलित सौन्दर्यबोध* । पृ. १८१

३ नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घबाट प्रकाशित दलित जातिको विस्तृत परिचय

४ पासवान, भोला। *नेपालको डोम समुदाय पहिचान, प्रतिनिधित्व एवम् सामाजिक, आर्थिक अवस्था* । समता फाउन्डेसन

र खत्वे समुदायले शिक्षातर्फ ध्यान दिएकाले छिटफुट रूपमा सरकारी सेवा र वैदेशिक रोजगारीमा जाने अवसर पाएका छन्।[५]

पहाडमा हलो जोत्नेलाई हली र गाईवस्तु चराउनेलाई गोठाला भनेझैं तराई/मधेसमा खेतीपातीमा लगाइने कृषि मजदुरमध्ये हलो जोत्नेलाई हरुवा र गाईवस्तु चराउनेलाई चरुवा भनिन्छ। सरकारले कमैया, हलिया, कमलरी प्रथा अन्त्य गरे पनि तराईका हरुवा-चरुवाहरूको समस्या यथावत् छ। अहिलेसम्म हरुवा-चरुवाले साहू र गिरहत (मालिक)को ऋणबाट मुक्ति पाएका छैनन्। सरकारबाट पनि उनीहरूले राहत पाएका छैनन्। ऐलानी, पर्ती, गाउँ ब्लक, गुठी, सडकलगायतका जग्गामा बसोवास गर्ने हरुवा-चरुवामा सङ्ख्यात्मक रूपमा सबभन्दा बढी मुसहर, राम, खत्वे, पासवानलगायतका जाति छन्। हरुवा-चरुवा प्रथा दलितहरूको सघन बसोवास भएको सप्तरी र सिरहामा बढी छ। हरुवा-चरुवा बस्नेमध्ये ७६ प्रतिशतभन्दा बढी दलित समुदायको रहेको पाइएको छ। आईएलओ र सीएसआरसीले सन् २००६ मा सप्तरी, सिरहाका तीन/तीनओटा गाविसमा गरेको सर्वेक्षणले सप्तरीमा ७ सय ८ जना र सिरहामा ५ सय ५४ जना हरुवा-चरुवा रहेको तथ्याङ्क सार्वजनिक गरेको थियो। पूर्वी तराई र केही पहाडी जिल्लामा बालकुमार केसीले गरेको अध्ययनले करिब ९ प्रतिशत वयस्क पुरुष अर्थात् १ लाख ४३ हजार (कुल १६ लाखमध्ये) बँधुवा श्रमिकका रूपमा कार्यरत देखाएको थियो।

५.१ वर्तमान अवस्था

अहिले पनि जातीय विभेद र छुवाछूत तथा सबै प्रकारका विभेदको अन्त्यका लागि अगाडि ल्याइएका नीतिहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। तथापि, जागरण र चेतनाको विकासले कानुनको ज्ञान र दण्डको भय बढेको छ। राजनीतिक परिवर्तनसँगै दलित

सप्तरी : सिनो बहिष्कार आन्दोलन

चमार जातिले मरेका पशुको सिनो फाल्ने काम गर्दै आएकामा १२ वर्षअघि सोविरुद्ध अभियान चलेपछि विभिन्न किसिमका नाकाबन्दीजस्ता अप्रिय घटना भए। मानराजा गाविस-९ का मोहन रामलाई मरेको सिनो नफालेको र पूजामा ढोल नबजाएको भन्दै ०५८ असार २९ गते मानराजा गाविस-६ का जहुरी यादव, बौवालाल यादवसमेतले कुटपिट गर्दै बाटो, पसल, खानेपानी, मजदुरी आदिमा प्रतिबन्ध लगाए।

बनौला गाविस-६ का रमेश राम, मानराजा गाविस-९ का मोहन राम, दशै राम, मधुपट्टी गाविस-५ का गणेशप्रसाद रामसमेतलाई ०५८ साउन ७ गते मानराजा गाविस-९ मा उत्पन्न समस्याको छलफलमा सिनो नफाल्ने भनेका कारण बनौला गाविस-७ का दीपेन्द्र यादव, मुन्ना यादव गङ्गाई यादव, जितेन्द्र यादव, सुधीर यादव, अजय यादव, खुसीलाल साफीले दलित प्रतिनिधिसँग हातपात गर्दै डायरी, क्यामेरा खोसे। नकटी रायपुर गाविस-५, हरिरावा टोलका चमार जातिका मानिसलाई सिनो नफालेका कारण ०५८ भदौ २५ गते सोही ठाउँका वासुदेव चौधरी, सुकदेव चौधरी, सहदेव साह हलुवाईले चमारवस्तीको बीचमा सिनो फ्याँकेर नाकाबन्दी गरे। घटनाको विरोधमा दलित समुदायले ०५८ असोज ७ गते जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएको थियो।

पकरी गाविस-२ का सुरज सदा, मेघनाथ सदा, रामेश्वर सदा, रीता सदालगायतलाई निर्धारित ज्याला माग्दा पकरी गाविस-१ र २ का लोचन यादव, कपलेश्वर यादव, सत्यनारायण यादवलगायतकाले कुटपिट गरे। अर्नाहा गाविस-८ कुशहाका चमार जातिका मानिसले सिनो नफाल्ने निर्णय गरेका कारण सोही ठाउँका रामदेव साहसमेतले ०५९ पुस २९ गते घर छाड्न धम्काउँदै बद्री रामसमेत ११ परिवारलाई नाकाबन्दी गरे। प्रसवनी गाविस-८ का रामदेव सदा, सुमनीदेवी सदालाई दलित भएका कारण ०६० वैशाख १३ गते सोही ठाउँका भटाइ यादव, रामकृष्ण यादव र रामविलास यादवले कुटपिट गरे। शम्भुनाथ गाविस-९ नरहीका १२ वर्षीय दिनेश रामलाई भैँसीले बाली खाएको आरोपमा ०६० कात्तिक ४ गते सोही ठाउँका शम्भु चौधरीले कुटपिट गरे। विवाद बढेपछि टनेश्वर चौधरी, मुनर चौधरीलगायतले भागवत राम, फुदीदेवी रामलाई कुटपिट गरी नाकाबन्दी गरे। सो घटनामा पूर्वसांसद दानालाल चौधरीलाई प्रहरीले गिरफ्तार गरी कारबाही गरेको थियो।[६]

---

५ सप्तरी र सिरहाका मधेसी दलितहरूको सामाजिक, आर्थिक एवं राजनीतिक अवस्था र समावेशीकरण एक अनुसन्धान, मुरलीप्रसाद यादवबाट, कार्यपत्र : विनोद विसुन्के, दलित जनकल्याण युवा कल्ब, सिरहा

६ इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकहरू र पत्रिकाहरूबाट

जनता आवास कार्यक्रमद्वारा निर्मित सिरहाको गोविन्दपुर गाविस-३ मा रहेको गोबर्द्धन सदाको भित्ता चर्किएको घर

समुदायहरूको आवाजले छलफल र बहसमा स्थान पाउन थालेको छ। शोषित, पीडित र अन्यायमा बाँचेकाहरूले न्यायको प्रत्यक्ष अनुभूति गर्न नपाए पनि मान्छेको मनोविज्ञानमा क्रमशः परिवर्तन आउन थालेको छ। दलित समुदायभित्र विद्यमान आन्तरिक छुवाछूत र आन्दोलनभित्रको लोकतान्त्रीकरण तथा सुशासनको विषयमा पनि सामान्य बहस हुन थालेको छ। डोमहरूले ०५७ चैत १५ गते सखडाको छिन्नमस्ता भगवती मन्दिर र ०५९ वैशाख २५ गते भारदहको कङ्कालिनी भगवती मन्दिर प्रवेश गरेपछि मन्दिर प्रवेशमा रोक लगाइने कार्य कम भएको छ।[६]

मन्दिरमा छुवाछूत प्रथा नरहे तापनि कथित उच्च जातका घर-पसलहरूमा छुवाछूत कायमै छ। ०६० जेठ १५ गते छुवाछूतको मुद्दा दर्ता भई सप्तरीका तीनओटा पसललाई जनही ५१ रुपियाँ जरिवाना भएको थियो। दलित सङ्घसंस्थामा दलितहरूको बाक्लो संलग्नता हुन थालेको छ भने बिस्तारै राजनीतिक दलहरूमा सहभागिता बढ्न थालेको छ।

६. जनता आवास कार्यक्रम

सरकारले आर्थिक वर्ष ०६६/०६७ को बजेट वक्तव्यमार्फत पहिलोपटक सप्तरी, सिरहा र कपिलवस्तु जिल्लाबाट 'जनता आवास कार्यक्रम' सुरु गरिने घोषणा गरेको थियो। दलित र विपन्न मुसलमान परिवारलाई बस्नका लागि घर निर्माण गरिदिने योजनाका साथ एमाले नेतृत्वको सरकारका पालामा यो कार्यक्रम

सिरहा : सिनो बहिष्कार आन्दोलन

सिरहाको कचनारी गाविस-३ का १८ घर दलित परिवारलाई सिनो नफालेको आरोपमा गैरदलित समुदायले ०५८ असोज १ गतेदेखि आर्थिक र सामाजिक रूपले नाकाबन्दी गरे। पीडितहरूलाई पसलमा सामान किन्न प्रतिबन्ध लगाउनुका साथै बाटो, धारा, मिल आदि ठाउँमा आउजाउ गर्न रोक लगाए। लहान नपा-१ मा दलितहरूमाथि जातीय विभेद गरी नाकाबन्दी लगाइएको घटनाको एक वर्ष बितिसक्दा पनि दोषीलाई कारबाही नगरेको भन्दै दलितहरूले ०५८ चैत १० गते प्रशासनको विरोधमा हातमा कालोपट्टी बाँधेर नगर परिक्रमा गरी लोकमार्गमा धर्ना दिए। राष्ट्रिय दलित मुक्ति मोर्चा, नेपालले ०५८ चैत १० गते दोषीहरूमाथि कारबाहीको माग गर्दै कालो दिवसका रूपमा मनायो। लहान नपा-७ का मेस्तर र डुम जातिका मानिसलाई तल्लो जातिको भन्दै ०५९ फागुन १७ गते सोही वडाका होटल मालिक लक्ष्मण साहले चिया पिउनबाट वञ्चित गरे।

चन्द्रलालपुर गाविस-६ का राजगीर मरिक डुमलाई अछूत जाति भन्दै ०६० असार ३१ गते सोही ठाउँका कथित उपल्लो जातिका व्यक्तिहरूले सार्वजनिक इनारबाट पानी पिउन वञ्चित गरे। ढोढना गाविस-७, वीरनगरका मुखिदास तत्मालाई ०६० साउन ३२ गते सोही ठाउँका चौधरी समुदायले डिहीबार मन्दिर जानबाट रोक लगाए र सामाजिक दण्ड तोके। १० घरपरिवार चमारहरू र अन्य दलितलाई सो मन्दिर प्रवेश गरेको आरोपमा तोकिएको जरिवाना तिर्न नमानेकाले ०६० भदौ २ गतेदेखि आर्थिक र सामाजिक रूपमा नाकाबन्दी गरे। सोही ठाउँका १६ वर्षीय भोलादास तत्मालाई स्थानीय अरविन्द चौधरी, विद्यानन्द चौधरी, कुशे चौधरी, छेदी चौधरी र प्रदीप साहले ०६० भदौ ५ गते दलित भनेर होच्याउँदै कुटपिट गरे। ०६० भदौ ८ गते इलाका प्रहरी कार्यालय लहानमा बहिष्कार र छुवाछूतको भेदभाव गर्न नपाइने, गरिआएको काममा रोक्न नपाइने, मन्दिरमा पूजा गर्न पाइने, मजदुरीको पारिश्रमिक दिनुपर्ने, दलितमाथि मानसिक र शारीरिक यातना दिन नपाउने सहमति भएको थियो।[८]

---

६ डोम उत्थान समाज सप्तरीका अध्यक्ष युक्तिलाल मरिकबाट

८ इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकहरू र पत्रिकाहरूबाट

कार्यान्वयनमा आएको थियो। कार्यक्रम साउनबाटै सुरु हुनुपर्ने भए तापनि मन्त्रालयबाटै निर्णयमा केही ढिलाइ गरेका कारण फागुनबाट सर्भेको काम सुरु भएको थियो। दलित तथा अति विपन्न मुसलमानको सङ्ख्या उल्लेखनीय रहेको तीन जिल्लामा एक हजारका दरले तीन हजार आधुनिक घर (आवास) निर्माण गरी लक्षित समुदायलाई हस्तान्तरण गर्ने लक्ष्य राखिएको थियो।[९]

यस कार्यक्रमलाई आ.व. ०६७/०६८ मा निरन्तरता दिँदै चेपाङ, राउटे तथा कुसुण्डा जातिसम्म विस्तार गरियो। त्यस्तै आ.व. ०६८/०६९ मा वादी, वनकरिया, सुरेल र गन्धर्व जातिलाई यस कार्यक्रममा समावेश गरियो। आ.व. ०६९/०७० मा भने कुनै पनि जाति थप नगरी यथावत् राखियो। चालू आ.व.मा ८ सय ५६ जनता आवास निर्माण गर्ने लक्ष्यका साथ १७ करोड रुपियाँ बजेट विनियोजन गरिएको छ। आर्थिक वर्ष २०६९/७० मा १० करोड ६४ लाख रुपियाँ बजेट विनियोजन गरिएको थियो। विनियोजित रकममध्ये ८ करोड ४० लाख रुपियाँ खर्च भएको सहरी विकास तथा भवन निर्माण विभागले जनाएको छ।[१०]

चालू आ.व.को समाप्तिसम्ममा ५ हजार ८ सय ७१ आवास निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ। सरकारले पछिल्लो पाँच वर्षमा जनता आवास कार्यक्रममा १ अर्ब २६ करोड रुपियाँ रकम विनियोजन गरेको छ। विनियोजितमध्ये ८८ करोड ६९ लाख रुपियाँमा ४ हजार ८ सय ५० परिवारलाई आवास सुविधा उपलब्ध गराइएको विभागका आवास शाखा प्रमुख सीडीई श्यामकिशोर सिंहले बताए। सिंहले भने, "सन् २०२० भित्र ४० हजार घरपरिवारलाई आवास सुविधा उपलब्ध गराइनेछ।" ती आवास निर्माणका लागि करिब ६ अर्ब ५० करोड रुपियाँ खर्च लाग्ने विभागले अनुमान गरेको छ। यो कार्यक्रम हाल सप्तरी, सिरहा, कपिलवस्तु, अर्घाखाँची, चितवन, मकवानपुर, धादिङ, गोरखा, तनहुँ, प्यूठान, रोल्पा, रुकुम, दाङ, डडेलधुरा, कास्की, गुल्मी, बाँके, बर्दिया, कैलाली, सुर्खेत, जाजरकोट, दैलेख र दोलखा गरी २३ जिल्लामा सञ्चालित छ। यो कार्यक्रम लक्षित वर्गका लागि सीधै व्यक्तिगत आवास सुविधा उपलब्ध गराउने र अव्यवस्थित बस्तीलाई व्यवस्थित बनाउने अवधारणा अन्तर्गत कार्यान्वयनमा ल्याइएको छ।[११]

६.१ जनता आवास कार्यक्रमको नीतिगत व्यवस्था

नेपाल सन् १९९१ मे १४ मा संयुक्त राष्ट्रसङ्घको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा सहमति जनाएको थियो। जस अनुसार प्रतिज्ञापत्रको धारा ११ (१)मा प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवासको प्रत्याभूति गराउनुपर्ने प्रावधान रहेको छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (ज) र (झ)ले शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभूतामा सबै नागरिकको अधिकार स्थापित गर्ने र आर्थिक, सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक, सामाजिक सुरक्षाको व्यवस्था गर्ने राज्यको दायित्व हुने उल्लेख छ।[१२]

सोही दायित्वबमोजिम लक्षित वर्गलाई आवासको व्यवस्था गर्न सहरी विकास तथा भवन निर्माण विभागमार्फत जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०६६ तत्कालीन मन्त्रिपरिषद्ले ०६६ फागुन ५ गते स्वीकृत गरेको थियो। यो कार्यक्रम कार्यान्वयनका लागि केन्द्रीयस्तरमा भौतिक योजना तथा निर्माणमन्त्रीको संयोजकत्वमा मन्त्रिपरिषद्मा बहाल, लक्षित वर्गका मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीहरू, सचिवहरू सदस्य रहेको केन्द्रीय निर्देशक समिति रहेको छ। त्यस्तै जिल्लास्तरमा मन्त्रालयले तोकेको जिल्लाको निर्वाचित सभासद्, संयोजक र प्रमुख जिल्ला अधिकारी उप-संयोजक रहेको जिल्लास्तरीय समन्वय समितिको सदस्यमा थप दुई सभासद्, कार्यक्रमसँग सम्बन्धित जिल्लास्तरीय कार्यालयहरूका अधिकृत प्रतिनिधिहरू तथा समितिले तोकिदिएको लक्षित वर्गको प्रतिनिधित्व रहेको हुन्छ। सोही समितिको सिफारिसमा आवास निर्माण गरिन्छ। कार्यविधि, २०६६ लाई नेपाल सरकारले ०६८ जेठ २७ गते आवश्यक संशोधन गरी स्वीकृत गरेको छ।[१३]

---

९ नेपाल सरकारको आर्थिक वर्ष ०६६/०६७ को बजेट तथा कार्यक्रम

१० आर्थिक वर्ष ०६७/०६८, आर्थिक वर्ष ०६८/०६९ र आर्थिक वर्ष ०६९/०७० को बजेट तथा कार्यक्रम

११ सहरी विकास तथा भवन निर्माण विभागका आवास शाखा प्रमुख सीडीई श्यामकिशोर सिंह

१२ नेपालको अन्तरिम संविधान, २०६३

१३ जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, ०६६ र जनता आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, ०६८

६.२ जनता आवास कार्यक्रमबाट लाभान्वित जाति

कार्यक्रम लागु हुने स्थानमा स्थायी बसोवास गर्दै आएका डोम, मुसहर, चमार, दुसाध, खत्वे, चेपाङ, राउटे, कुसुन्डा, वादी, बनकरिया, सुरेल, गन्धर्वलगायत अन्य दलित र विपन्न मुसलमान परिवार छन्। अन्य दलितका हकमा गन्धर्व, परियार, विश्वकर्मा, सार्की, कलर, ककैहिया, मलङ, कोरी, खटिकलगायत छन्। त्यस्तै चिडिमार, तत्मा, धोबी, पत्थरकट्टा, पासी, बाँतर, मेतर, सरभङ्ग परिवार समूहभित्र पर्ने सबै थर समावेश गरिएको छ।[१४]

६.३ जनता आवास (घर) निर्माण

जनता आवास कार्यक्रम अन्तर्गत दुई कोठा र पाँच फिट चौडाइ भएको भान्सासहितको बरन्डा रहेको घर राष्ट्रिय आवास नीतिले तोकेको मापदण्ड अनुसार निर्माण गरिन्छ। यस्तो आवास निर्माणका लागि सरकारले सुरुमा १ लाख ३९ हजार २ सय ८० रुपियाँ र शौचालयका लागि १० हजार रुपियाँ उपलब्ध गराउँदै आएकामा आर्थिक वर्ष ०७०/०७१ बाट १ लाख ६९ हजार रुपियाँ उपलब्ध गराएको छ। आवास निर्माणका लागि सरकारले चार किस्तामा रकम उपलब्ध गराउँछ। जग खन्ने काम सकिएपछि २५ प्रतिशत, डीपीसी प्लिन्थको काम सकिएपछि थप ३० प्रतिशत, गारो तयार भएपछि थप ३५ प्रतिशत र छानो तथा झ्याल-ढोकाको काम सकिएपछि बाँकी १० प्रतिशत रकम उपलब्ध गराइन्छ। लाभग्राहीले कुल लागतमा १० हजार रुपियाँ सहभागितावापत बेहोर्नु पर्छ।[१५]

६.४ सप्तरीमा जनता आवास कार्यक्रम

सप्तरी जिल्लामा आर्थिक वर्ष ०६६/०६७ मा १ हजार र आर्थिक वर्ष ०६८/०६९ मा थप ३ सय ४७ घर निर्माण भइसकेको छ। जस अन्तर्गत आर्थिक वर्ष ०६६/०६७ मा सप्तरीको ६ ओटा निर्वाचन क्षेत्र अन्तर्गत क्रमश: घोघनपुर गाविसमा १ सय ७० तथा बथनाहा, बरहीवीरपुर, औरही, कल्याणपुर र मानराजा गाविसमा १ सय ६६/१ सय ६६ का दरले घर (आवास) निर्माण भएको छ। आर्थिक वर्ष ०६८/०६९ मा घोघनपुर गाविसमा ८६, बथनाहामा २०, बरहीवीरपुरमा ३०, औरहीमा ९७, कल्याणपुरमा ४९ र मानराजा गाविसमा ६५ घर (आवास) थप निर्माण भएको छ।

सप्तरीमा घरका लागि निवेदन दिने १७ डोममध्ये १७ ले, ३ सय ६ मुसहरमध्ये २ सय ८९ ले, ३ सय ५१ चमारमध्ये ३ सय २ ले, ५० दुसाधमध्ये ४० ले, २ सय ६ खत्वेमध्ये १ सय ७० ले, २७ विश्वकर्मामध्ये २५ ले, ५० तत्मामध्ये ४२ ले, ३३ धोबीमध्ये २० ले, १ सय ६१ बाँतरमध्ये १ सय ३३ ले, १ मलङमध्ये १ ले र ४ सय १५ विपन्न मुसलमानमध्ये ३ सय ८ मुसलमानले आवासका लागि घर पाएका छन्। घरका लागि घोघनपुरबाट ३ सय २२, बथनाहाबाट १ सय ९२, बरहीवीरपुरबाट २ सय १९, औरहीबाट ३ सय ४९, कल्याणपुरबाट २ सय ५५ र मानराजा गाविसबाट २ सय ३१ जनाले माग गर्दै निवेदन दिएका थिए।

आर्थिक वर्ष ०६९/०७० मा सप्तरीको बननिया गाविसमा ५० ओटा घरको डीपीसीस्तरसम्मका लागि कार्य आरम्भ भएको छ भने १२ ओटा घरको सर्भे भई छनोट गर्न बाँकी छ। त्यहाँ गाविसका दुई टोलबीच विवाद देखिएपछि जिल्ला अदालतको आदेशमा आवास निर्माण कार्य रोकिएको छ। त्यहाँ २ सय ९९ जनाले निवेदन दिएका थिए। बभनगामाकट्टी गाविसमा छनोट भएका ५० मध्ये ४९ घरको छानाबाहेकको कार्य सम्पन्न भएको छ भने १९ ओटा घरका लागि सर्भे भई छनोट गर्न बाँकी रहेको छ। त्यहाँ ५ सय ४ जनाले निवेदन दिएका थिए। एक महिनामा निर्माण भइसक्नुपर्नेमा ६ महिना बितिसक्दा पनि घरमा छानो नलाग्नाले बभनगामाकट्टी गाविसका दलितहरू कठ्याङ्ग्रिँदो जाडोमा चटाइ र फुसको झुपडीमुनि कोचिएर कष्टसाथ बस्न बाध्य छन्।[१६]

६.५ सिरहामा जनता आवास कार्यक्रम

यसै गरी सिरहा जिल्लामा आर्थिक वर्ष ०६६/०६७ मा ८ सय ४८ घर र आर्थिक वर्ष ०६८/०६९ मा थप ४ सय २४ घर निर्माण भइसकेको छ। जस अन्तर्गत आर्थिक वर्ष ०६६/०६७ मा सिरहाका ६ ओटा निर्वाचन क्षेत्र अन्तर्गत क्रमश: गोविन्दपुर मल्हनमा गाविसमा १ सय ३०, भगवतीपुर तमसुइयामा १ सय ३८, सारस्वरमा १ सय ३३, दुर्गापुरमा १ सय

---

१४ जनता आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०६८ को परिभाषाबाट

१५ सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय सप्तरीका ई. रामअशिष दाससँगको कुराकानीबाट

१६ जनता आवास कार्यक्रम कार्यान्वयन एकाइ कार्यालय, सप्तरी

६४, बेतौनामा १ सय ५० र अर्नामा गाविसमा १ सय ३३ घर (आवास) निर्माण भएको थियो। आर्थिक वर्ष ०६८/०६९ मा गोविन्दपुर मल्हनमा गाविसमा १ सय ४८, भगवतीपुर तमसुइयामा ४६, सारस्वरमा ६७, दुर्गापुरमा २१, बेतौनामा सात र अर्नामा गाविसमा १ सय ३३ घर (आवास) थप निर्माण भएको छ। छनोट सूचीमा परे पनि गोविन्दपुर मल्हनमाका सात घर बन्न सकेनन् भने स्थलगत निर्माणका क्रममा झूटा विवरणका आधारमा छनोट भएका घर पत्ता लागेपछि भगवतीपुर तमसुइयाको चार, सारस्वरको आठ र अर्नामाको एक घर बनाइएन्। घरका लागि निवेदन दिनेमध्ये सिरहाका २३ डोमले, २ सय ९७ मुसहरले, ३ सय चमारले, १ सय ९३ दुसाधले, १ सय ८ खत्वेले, ६ विश्वकर्माले, १ सय ६४ तत्माले, २३ धोबीले, १४ दमाईले, १४ सार्कीले र १ सय ३० विपन्न मुसलमानले आवासका लागि घर पाएका छन्। घरका लागि गोविन्दपुर मल्हनमा गाविसबाट ३ सय ५८, भगवतीपुर तमसुइयाबाट २ सय १, सारस्वरबाट २ सय ३७, दुर्गापुरबाट १ सय ९६, बेतौनाबाट १ सय ५७ र अर्नामा गाविसबाट ३ सय २९ जनाले माग गर्दै निवेदन दिएका थिए।[१७]

६.६ भवन निर्माणमा ध्यान दिने कुराहरू[१८]

- स्थानीयस्तरमा उपलब्ध हुने निर्माण सामग्रीको अधिकतम उपयोग स्थानीय क्षेत्रमा उपलब्ध हुने दक्ष, अर्धदक्ष तथा अदक्ष जनशक्तिबाट आवास निर्माण गर्ने ।
- नमुना आवास निर्माण गर्ने क्रममा लाभग्राहीहरूलाई काममा लगाइ स्थानीय रोजगारी तथा सीप विकासमा टेवा पुऱ्याउने ।
- सामाजिक सद्भाव अभिवृद्धि गर्दै आफ्नो घर आफैं बनाउने परम्परालाई निरन्तरता दिई निर्माण गर्ने।
- लक्षित वर्गहरू बसोवास गर्दै आएको स्थानमा न्यूनतम ३ सय २४ वर्गफिट क्षेत्रफलमा २१ फिट ९ इन्च लम्बाइ, १५ फिट चौडाइ र उचाइ अधिकतम ९ फिटदेखि न्यूनतम ७ फिट ६ इन्च भएको, दुईपाखे, दुई कोठा तथा ५ फिट चौडाइ भएको भान्सासहितको बरन्डा रहेको आवास निर्माण गर्ने ।



पडरिया गाविस-९ मा जनता आवासले निर्माण गरेर छाना नहाली छोडेको दयावती रामको घर

- सिमेन्ट-बालुवाको जोडाइमा स्थानीयस्तरमा उपलब्ध हुने इँटाको प्रयोगबाट दुई फिट गहिराइ र १८ इन्च चौडाइ भएको जग निर्माण गर्ने र घरको पर्खाल निर्माण गर्ने ।
- दुई कोठाबीचको पार्टिर्सन वाल बाँसको टाटीमा दुवैतर्फ माटोको प्लास्टर लगाई निर्माण गर्ने ।
- बाँसको फ्रेममा सादा जस्तापाता एकातर्फ ठोकी झ्याल तथा ढोका निर्माण गर्ने ।
- बाँसको डाँडाभाटामा २६ गेज मिडियम जस्तापाताको छाना छाउने तथा त्यसका लागि लाभग्राही सम्मिलित निर्माण समिति गठन गर्ने ।
- सामूहिक शौचालय निर्माणका लागि प्रतिपरिवार १० हजार रुपियाँ उपलब्ध हुने।

६.७ लाभग्राहीहरूको भनाइ

गरिबी र विपन्नताका कारण फुसको भत्केको घरमा लामो समयदेखि कष्टपूर्ण जीवन बिताउँदै आएका दलित र विपन्न व्यक्तिहरू जनता आवास कार्यक्रम लागू भएपछि सुरक्षित आवासको सपना साकार भएको भन्दै दङ्ग परेका छन्। "सरकारले घरनिर्माण गरिदिएपछि मेरो खुसीको सीमा छैन्," बभनगामाकट्टी गाविस-२ की सुनीतादेवी खड्गले भनिन्- "यस्तो पक्की आवास भवन यो जन्ममा पाउँछु भन्ने सोचेकी पनि थिइनँ तर सरकारले बनाइदियो।" फुसको भत्किएको घरमा बस्दै आएका बभनगामाकट्टी गाविस-१ का रसुल

१७ जनता आवास कार्यक्रम कार्यान्वयन एकाइ कार्यालय, सिरहा

१८ सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय सप्तरीका ई. सदरे आलमसँगको कुराकानीबाट

मियाँले भने- "अब झुप्रोमा बसेर जीवन काट्ने दिन टरेर गयो, सरकारले गर्दा आफूहरूले नयाँ पक्की घर नै पायौँ।" "पहिले गाउँमा इँटाको घर हेरेपछि धनी उच्च जातको घर हो भन्ने बुझिन्थ्यो अहिले त आफ्नै इँटाको पक्की घर पायौँ। अब त हामी पनि उनीहरूजस्तै भएको महसुस गर्न थालेका छौँ," बरहीवीरपुर गाविस-२ की चुलोदेवी रजक बताउँछिन्। दलित समुदायका अगुवा एवम् दलित नेटवर्क जिल्ला अध्यक्ष युक्तिलाल मरिक भन्छन्- "आर्थिक विपन्नता र गरिबी नै जातीय विभेदको प्रमुख कारण हो।" सरकारले भवन बनाइदिएपछि यसले जातीय विभेद र गरिबी न्यूनीकरण गर्न केही हदसम्म मद्दत पुग्नेछ।

बभनगामाकट्टी गाविस-८ का असर्फी मरिकले भने- "घर निर्माणबाट आर्थिकरूपमा सबल बन्ने आधार निर्माण भएको छ। अब घर बनाउने र मर्मत गर्ने समस्याबाट दीर्घकालीन रूपमा मुक्त भएका छौँ।" बभनगामाकट्टी गाविस-८ का बिन्दीलाल खड्ग भन्छन्- "मानिसको मुख्य आधारभूत आवश्यकतामध्ये बासको व्यवस्था सरकारले गरिदिएपछि गाँस र कपासको व्यवस्था आफैँले पनि गर्न सक्ने छौँ।" घोघनपुर गाविस-४ का रमेश सदा भन्छन्- "हाम्रो मुख्य समस्या घर थियो। अब घरको समस्या समाधान भएको छ।" बभनगामाकट्टी गाविस-५ का खटर रामले भने- "आफू एक्लैले गरेको परिश्रमबाट आर्जन गरेको पैसाबाट घर चलाउन र छोराछोरीलाई पढाउन धौधौ हुन्थ्यो घर बनाउन सकेको थिइनँ। अब त यो समस्याबाट मुक्त भएको छु।"[१९]

६.८ जनता आवासबारे जनगुनासो

सरकारले ल्याएको जनता आवास कार्यक्रममा अनियमितता भएको, भवन निर्माणमा पूरा गर्नुपर्ने न्यूनतम मापदण्ड पूरा नगरेको, लाभग्राही छनोट गर्दा कतिपय ठाउँमा आर्थिक लाभ लिने गरेको, अधिकांश घरनिर्माणमा लाभग्राही र निर्माण समितिबीच विवाद रहेको, तोके अनुसारको निर्माण सामग्री नपाएको, जङ्गल अतिक्रमण गरी बसेकालाई यथास्थानमा नै आवास निर्माण गर्न दिइएको गुनासाहरू रहेका छन्। त्यस्तै एउटा घरनिर्माण गर्दा कम्तीमा ३२ बोरा सिमेन्ट आवश्यक पर्नेमा मापदण्डविपरीत २५ देखि ३० बोरा सिमेन्टमात्रै प्रयोग भएको, निर्मित घरहरू चर्किएको, भवनमा प्रयोग गरिएका इँटा पनि गुणस्तरीय नभएको, आवश्यक मात्रामा इँटा प्रयोग नगरिएको, लाभग्राही संलग्न भएर काम गरे पनि ज्यालाका नाममा रहेको रकम कर्मचारीले खाएको, काममा ढिलाइ भएको, योजनाले जसरी हुन्छ बजेट सक्ने काम मात्रै गरेको आदि गुनासाहरू रहेका छन्। भवनको निर्माण कार्य सम्पन्न भएपछि थप १० हजार रुपियाँले शौचालय निर्माण नगरिएको, कार्यक्रम कार्यान्वयनमा जिल्लास्तरीय समन्वय समितिका सदस्यहरूको समन्वय हुन नसकेको, भवन निर्माण सुरु गर्नुअघि न्यूनतम रूपमा व्यवस्था गर्नुपर्ने बाटो, खानेपानी, शौचालयको व्यवस्था नगरिएको, अधिकांश घरहरू भवनसंहिताविपरीत निर्माण भएका आरोपहरू छन्।[२०]

सिरहाका स्थानीय बासिन्दा र अधिकारकर्मीहरूको पनि यस्तै भनाइ छ। प्रमुख जिल्ला अधिकारी अनिलकुमार ठाकुर जनता आवास कार्यक्रम सन्तोषजनक नरहेको स्वीकार गर्छन्। अधिकारकर्मी विनोद बिसुन्के घर बनाउँदा-बनाउँदै भत्किसकेको जानकारी दिन्छन्। अधिकारकर्मी सुनिलकुमार साहका अनुसार आवास कार्यक्रमका घरहरू जसरी बनाइएका छन्, ती घर नै खतरापूर्ण छन्। गत वर्ष आँधी आउँदा ती घरका पर्खाल भत्किनुका साथै छानाहरू उडेका थिए।

प्राध्यापक भैरवप्रसाद गेलाल आवास कार्यक्रम सत्ताधारी दलका कार्यकर्तालाई पाल्ने साधनका रूपमा प्रयोग भएको बताउँछन्। उनको भनाइमा बजेटको ५० प्रतिशत रकम मात्र सदुपयोग भएको छ। अध्ययन टोलीले स्थलगत अध्ययनको क्रममा अवलोकन गरिएका आवासको हालत हेर्दा उपरोक्त भनाइमा सत्यता रहेको बुझ्न् असहज भएन। घर चर्किएका र कतिपय घरहरू अधुरो अवस्थामा रहेको पाइएको थियो। *(हेर्नूहोस् तस्विरहरू)*

६.९ समस्या र समाधान

छनोटमा परेका जिल्लाका सम्पूर्ण भवन निर्माण सम्पन्न नहुँदै सरकारले हरेक आर्थिक वर्षमा नयाँ

---

१९ सप्तरीको बरहीवीरपुर र बमनगामाकट्टी गाविसलगायतका दलितहरूसँगको सामूहिक छलफल र अन्तरक्रियाबाट

२० सप्तरीको बरहीवीरपुर, बभनगामाकट्टी गाविसमा जनता आवास कार्यक्रमबाट बनेका घरहरूको अवलोकन, निरीक्षण र सरोकारवालासँगको छलफलका आधारमा

जिल्ला तथा जाति थप्दै गएको छ भने घर सङ्ख्या र गाविस सङ्ख्या क्रमशः घटाउँदै गएको छ। यसले गर्दा कुनै पनि क्षेत्र वा जातिको छनोट गरिएको सम्पूर्ण जनता आवास निर्माण सम्पन्न हुन सकेको छैन। क्षेत्रगत वा जातिगत हिसाबले छनोटमा परेको जनता आवासको निर्माण सम्पन्न गर्दै जाँदा राम्रो हुने देखिन्छ। मूल्यवृद्धिको आधारमा प्रतिवर्ष सरकारले उपलब्ध गराउने रकममा वृद्धि नगर्दा कमसल इँटा तथा सिमेन्टको प्रयोग, स्वीकृत डिजाइन तथा नक्साभन्दा बाहेकको घर बन्ने सम्भावना बढेको छ। आवास निर्माणका लागि आवश्यक पर्ने जस्तापाता, सिमेन्ट, बालुवा, इँटा, हुक, कब्जाजस्ता निर्माण सामग्रीको मूल्यवृद्धिको मूल्याङ्कन गरी प्रतिवर्ष उपलब्ध गराउने रकममा वृद्धि गरिनुपर्छ।

धेरैओटा घर पाउने लोभमा सगोलमा रहेका परिवारका सदस्यहरूले समेत अलग-अलग माग निवेदन दिनाले तोकिएको कोटाभन्दा घरको अपेक्षा गर्नेको सङ्ख्या अत्यधिक हुने गरेको छ। यस्तोमा कतै सिङ्गो परिवारले घर नपाउने र कतै एकै परिवारका विभिन्न सदस्यहरूले घर पाउने स्थिति बनेको छ। यस्तोमा सूक्ष्म र गहन ढङ्गले सर्भे र स्थलगत निरीक्षण अनुगमनमा ध्यान दिइनुपर्छ।

हाल प्रयोगमा र उपभोगमा रहेको घरको क्षेत्रफल, घरभित्रको भुई, घरको गारो, छानो, लाभग्राहीको सङ्ख्याका आधारमा गरिने छनोट प्रक्रियाबारे जानकारी नहुँदा विवाद हुने गरेको देखिएको छ। अधिकांशले शौचालय बनाएका छैनन् भने बनाएका केहीले पनि प्रयोग गरेका छैनन्। छनोट प्रक्रिया तथा शौचालय र सरसफाइको महत्त्वबारे सुसूचित गराउन सके राम्रो हुने देखिन्छ। राजनीतिक दलको सरकार बनेपछि राजनीतिक प्रभाव फैलाउन सम्बन्धित मन्त्रालयको दलका कार्यकर्ताहरूले आफूनिकटका मानिसलाई आवास निर्माणका लागि छानेर प्रभाव र दबाब बढाउने तथा सशस्त्र समूहबाट अवरोध आउने सम्भावना बढेको छ। यसलाई राजनीतिक प्रभावबाट मुक्त राख्नुपर्छ।[३१]

७. सकारात्मक परिवर्तन

जनता आवास कार्यक्रम अन्तर्गत घर निर्माण गरी हस्तान्तरण गरिएका क्षेत्रका बासिन्दाको शिक्षा, स्वास्थ्य, सञ्चारलगायतका क्षेत्रमा पहुँच बढ्दै गएको पाइन्छ। व्यवस्थित आवास नभएका लक्षित वर्गले घर पाएपछि अरू आवश्यकताका बारेमा सोच्न थालेका छन्। यस्तो व्यवस्थित घरबाट सम्बन्धित व्यक्तिहरूको स्वास्थ्यकर बसाइ हुनुका साथै घामपानी, सर्पदंश, आगलागीलगायतका समस्याबाट बचेका छन्। सबैको एकै किसिमको घर बनेपछि उनीहरूमा समानताको भावनासमेत विकास भएको छ। गैरदलित र दलितबीच तथा दलित-दलितबीच रहेको असमानतासमेतको न्यूनीकरणमा एउटै किसिमको घरले समान भावनाको विकासमा मद्दत पुऱ्याएको छ।

८. निष्कर्ष

देशमा प्रजातन्त्र आएको ६३ वर्ष बितिसक्दा पनि उपयुक्त ढङ्गले यो समुदायलाई राजनीतिक क्रियाकलापमा स्थान दिने, संरक्षण गर्ने काम भएन। विगत ६७ वर्ष लामो दलित आन्दोलनको अवस्था हेर्दा सबैभन्दा कमजोर अहिले अर्थात् ०६२/०६३ को जनआन्दोलनपछिको समय हो। ०६२/०६३ को परिवर्तनसँगै र परिवर्तनपछि अरू दर्जनौँ जाति र समुदायले आफ्नो समुदायको हकहितका लागि आवाज उठाएको देखिन्छ। जसको उदाहरणका रूपमा आदिवासी/जनजातिको आन्दोलन, मधेस आन्दोलनलगायतलाई लिन सकिन्छ। राजनीतिक स्वार्थ र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर दलित समुदाय जातीय मुक्तिका लागि एकताबद्ध हुन सकेको छैन। राजनीतिक दलको झन्डामुनि बसेरभन्दा पनि सबै मधेसीहरू एकताबद्ध भएरै मधेस आन्दोलन सफल पारे तर दलित आन्दोलनमा लागेकाहरू कि त राजनीतिक दलको छत्रछायाँमै रुमलिइरहे कि त व्यक्तिगत स्वार्थसिद्धपछि लाखापाखा लागे। हिजो दलित आन्दोलनको सुरुआत गर्नेहरूले भेदभावको नै मुख्य रूपमा विरोध गरेका थिए र समानता नै खोजेका थिए। अहिले आन्दोलनले ६७ वर्ष पार गरिसक्दा पनि सोही खालको समस्यामा आन्दोलनको एजेन्डा कायम छ। विगतमा जसले दलित आन्दोलनको नेतृत्व गरेको थियो ऊ सीमित परिवर्तनसँगै विलय भयो। ठोस उपलब्धि हासिल नहुँदै दलित आन्दोलनको आँधीबेहरीलाई मत्थर पारेर आफ्नो व्यक्तिगत जीवन सुधार्नेहरूका कारण पनि दलित आन्दोलन सफल हुन नसकेको दलित समुदायको

[३१] जनता आवास कार्यक्रम कार्यान्वयन एकाइ कार्यालयका कर्मचारी, निर्माण समिति, लाभग्राहीसँगको अन्तर्वार्ता र घरहरूको अवलोकन, निरीक्षणका आधारमा

ठम्याइ छ। यसर्थ, समस्याको ठोस समाधान र दलितहरूको आमूल परिवर्तनका लागि समुदायको स्वार्थमा अडिग रहने नेतृत्वको जरुरी छ।

दलितहरू आर्थिक, सामाजिक रूपमा सबल हुन सकेका छैनन् भने सांस्कृतिक रूपमा पनि अरू जात समान बन्न सकेका छैनन्। अनि, राजनीतिक रूपमा पनि दलितहरू प्रयोगमा मात्रै सीमित भइरहेको देखिन्छ। यति लामो दलित आन्दोलनको उपलब्धिका रूपमा केही आरक्षणका कोटा छुट्याइए, केही सङ्घ, सङ्गठन तथा समितिहरू समावेशी बनाउने अभ्यास भए, जातीय भेदभावविरुद्ध केही नियम-कानुन बने। दलित आन्दोलनले खोजेको अरू जातसरह समान भएर समाजमा जिउने जातीय मुक्तिको चाहना अझै पूरा हुन सकेको छैन। यो नाजुक अवस्थालाई दृष्टिगत गर्दा उनीहरूलाई विकासको मूल प्रवाहमा ल्याउन र समानताको हकको वास्तविक हकदार बनाउन औपचारिक समानताको प्रावधान अपर्याप्त हुने भएकाले उनीहरूका पक्षमा सकारात्मक विभेदको व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ।

९. सुझाव

दलितहरूको समस्या अन्य जातिभन्दा फरक रहेकाले समाधान पनि फरक किसिमले गर्नुपर्दछ। उत्थान र विकासका लागि परम्परागत सीपको आधुनिकीकरण, आयआर्जनको स्रोतमा वृद्धि, शैक्षिक क्षेत्रमा विशेष व्यवस्था गर्नुपर्ने टड्कारो खाँचो छ। जातीय रूपले सबै मानव बराबर हो भन्ने भावनाको विकास गरी समाजमा अन्तरघुलन गर्न पहल गर्नुपर्दछ। सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक अवस्थामा परिवर्तन र विकासका लागि सरकारी/गैरसरकारी सङ्घसंस्थाको सहयोग अपरिहार्य छ। दलितभित्र पनि अत्यन्त पछाडि परेका समुदायको समुचित विकासका लागि प्राथमिकीकरण निर्धारण गर्नुपर्दछ। मूलधारको दलित आन्दोलनले पछाडि परेका दलितको मुद्दालाई सशक्त रूपमा उठाउनु आवश्यक छ। त्यसका लागि विभिन्न दलित समुदायबीच अन्तरसंवादको खाँचो छ। आजको वैज्ञानिक युगमा पनि धारा छोइएको निहुँमा जातीय भेदभाव गर्ने समाज नै नहोस् भन्ने चाहना दलितहरूको हो। दुर्व्यवहार सहेर कानुनी लडाइँ लड्नुभन्दा दुर्व्यवहार नै नभएको समाजको परिकल्पना दलितहरूको आन्दोलनले गरेको थियो। कानुन कार्यान्वयनको आवश्यकता पनि महत्त्वपूर्ण छ। सामाजिक र सांस्कृतिक रूपमा दलितहरू अरू जात समान नहुँदासम्म आर्थिक रूपमा सम्पन्न हुन सक्ने अवस्था रहँदैन। आर्थिक रूपले आत्मनिर्भर नभएसम्म शोषण, उत्पीडन र उपेक्षित बन्नुपर्ने हुन्छ। त्यसैले सबैभन्दा पहिले जातीय भेदभावलाई निर्मूल पार्नमै लक्ष्य केन्द्रित हुनुपर्छ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड 'झ'मा सुकुम्वासी, कमैया, हलिया, हरुवा-चरुवालगायतका आर्थिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायतका आर्थिक, सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने भन्ने प्रावधान अनुरूप नेपाल सरकारले आर्थिक वर्ष ०६६/०६७ मा जनता आवास कार्यक्रम लागू गरेको थियो। यो कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय निकायका जनप्रतिनिधिको भूमिका महत्त्वपूर्ण हुने देखिन्छ। त्यसका लागि सरकारले स्थानीय निकायको निर्वाचन जतिसक्दो छिटो गर्नुपर्दछ। घर निर्माण कार्यमा हुने ढिलासुस्ती र अनियमितता रोक्न स्थानीयस्तरमा नै सर्वपक्षीय उपभोक्ता समिति र निगरानी समिति निर्माण गर्नु वाञ्छनीय हुन्छ। ती समितिहरूले काम गरे/नगरेको सरकारी निकायबाट नियमित अनुगमन गरिनुपर्छ। घर निर्माण गुणस्तर मापनका लागि एउटा छुट्टै प्राविधिक टोली खटाइनु पर्दछ। यसरी सबै सरोकारवालाहरूले चासो राख्दै सहयोग, समन्वय, खबरदारी र निगरानी गरेको खण्डमा जनता आवास कार्यक्रमको उद्देश्य अनुरूपको कार्यान्वयन सबल हुन सक्छ, जसले गर्दा अति विपन्न र विभेदमा परेको समुदायले सही अर्थमा बसोवासको सुविधा पाउँछन्।

परिच्छेद

६

६.२ सिन्धुपाल्चोक जिल्लामा मानव बेचबिखनको अवस्था

१. पृष्ठभूमि

'बेचबिखन तथा ओसारपसार' भन्ने शब्दको प्रयोग सबैभन्दा पहिला सन् १९०४ मा 'श्वेत दास व्यापार' उन्मूलन गर्ने अन्तर्राष्ट्रिय अभिसन्धिमा गरेको पाइन्छ। १७औँ शताब्दीदेखि १८औँ शताब्दीमा खासगरी उपनिवेश राष्ट्रका गोरा शासकहरूले आफ्नो भोगविलासका लागि काला जाति र कतिपय विपन्न तथा कमजोर गोरा जातिका महिलाहरूलाई आफ्ना भारदारी/दलालहरूमार्फत ओसारपसार गर्ने गराउने गरेको इतिहास रहेको छ। पछि बिस्तारै सैनिक इलाकाहरूमा सैनिकहरूको भोगविलासको निमित्त बृहत् सङ्ख्यामा युवा महिलाहरूको बेचबिखन तथा ओसारपसार हुन थाल्यो। ती महिलाहरूलाई युरोपबाट अरब तथा अन्य पूर्वी देशहरूमा लगिन्थ्यो। पछि ती लगिएका महिलाहरूले आफूमाथि हुने गरेका शोषणको विरोध गर्न थालेपछि युरोपेली मध्यम वर्गीय महिला र सरोकारवालाहरूका लागि यो चासोको विषय बन्यो। परिणामस्वरूप त्यसलाई नियन्त्रण गर्नका लागि सन् १९०४ मा उक्त अन्तर्राष्ट्रिय सन्धिको निर्माण गरिएको थियो। त्यसबेला बेचबिखन, ओसारपसार भन्ने शब्द खासगरी वेश्यावृत्तिका लागि गरिने बुझिन्थ्यो र बेचबिखन, ओसारपसार देशको सिमाना नाघेपछि मात्र हुन्छ भन्ने मान्यता थियो। सन् १९१० तिर यो कार्य देशभित्रै पनि हुन सक्छ भन्ने मान्यता स्थापित भयो।

धर्म, परम्परा, संस्कृतिका नाममा महिला तथा बालबालिकालाई मठ, मन्दिरहरूमा चढाउने र अन्य स्वार्थ पूर्तिका लागि एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गरिन्थ्यो। पद, ओहदा र धन सम्पत्ति भएकाहरू खासगरी शासक वर्गको भोगविलास र अन्य स्वार्थपूर्तिका लागि पनि दासदासी, कमारा-कमारीको रूपमा महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार हुन्थ्यो।

नेपालको सन्दर्भमा भन्ने हो भने पृथ्वीनारायण शाहले आफ्नो राज्यकालमा वि.सं. १८२५ मा बनेपा, धुलिखेललगायत सात गाउँकाले कमारा-कमारी राख्न नपाउने गरी जारी गरेको रुक्का १८८७ सालमा राजेन्द्रविक्रम शाहले समेत थामेको अभिलेख पाइन्छ। रणबहादुर शाह, गीर्वाणयुद्धविक्रम शाह, राजेन्द्रविक्रम शाह र प्रधानमन्त्री भीमसेन थापा तथा देवशमशेरले पनि दास प्रथा अन्त्य गर्न चाहेको कुरा इतिहासमा उल्लेख छ।

त्यस्तै राणाकालमा प्रधानमन्त्री भएका चन्द्रशमशेरले वि.सं. १९८१ मा दास प्रथा उन्मूलन भएको घोषणा गरेका थिए र त्यसलाई कार्यान्वयन गर्न वि.सं. १९८९ मा दास तथा कमारा-कमारी राख्ने तथा बेच्ने कार्यलाई निषेध गर्ने कानुन जारी गरेका थिए। यसरी यी सबै कुराबाट नेपालमा मानव बेचबिखन ओसारपसारको इतिहास निकै पुरानो छ भन्ने पुष्टि हुन्छ। तर, बेलाबेलामा राज्यका तर्फबाट विभिन्न कानुन, नियम एवम् आदेश जारी भए तापनि कार्यान्वयन पक्षको फितलो कार्यान्वयनले गर्दा यो अपराध अद्यापि उन्मूलन भने हुन सकेको छैन।

नेपालबाहिर देहव्यापारका निम्ति नेपाली महिलाहरूको बेचबिखन र ओसारपसारको इतिहास सन् १८५० मा गरेको सुगौली सन्धिबाट सुरु भएको सरोकारवालाहरूको भनाइबाट अनुमान गरिन्छ। त्यसबेला भारतमा ब्रिटिसहरूको साम्राज्य थियो। भारतको मुम्बई, कलकत्ता, दिल्लीजस्ता महानगरहरूमा सैनिक आधार इलाकाहरू खडा गरिएका थिए। सैनिक ब्यारेक इलाकावरिपरि देहव्यापार गर्ने बजार विकास भएको थियो। सुगौली सन्धिपछि नेपालीहरू ब्रिटिस भारत सेनामा भर्ती हुन थालेपछि नेपालीहरू उनीहरूका सम्पर्कमा आउन थाले र उनीहरूको कुदृष्टि नेपाली महिलाहरूमाथि पर्न थाल्यो। त्यसपछि बिस्तारै विभिन्न माध्यमबाट नेपाली महिलाहरूको बेचबिखन तथा ओसारपसार भारतका विभिन्न ठाउँमा सुरु हुन थालेको मानिन्छ।[१]

सामान्यतया मानव बेचबिखन भन्नाले मानिस किनबेच (खरिदबिक्री) गर्नु, वेश्यावृत्तिमा लगाउनु, वेश्यागमन गर्नु, बेचबिखन वा शोषणका लागि देशभित्र वा बाहिर ओसारपसार गर्नु वा लैजानु, कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्नु, मानिसलाई बाँधा वा दास बनाएर अनुचित कार्यमा लगाउनुलाई बुझिन्छ। संयुक्त राष्ट्रसङ्घको बेचबिखनको आलेख अनुसार मानव बेचबिखन भन्नाले 'मानव बेचबिखन तथा ओसारपसारले शोषणका लागि त्रास पैदा गरी वा बल प्रयोग गरी, अपहरणमा पारी, ठगी गरी, झुक्यानमा पारी, अख्तियारको दुरुपयोग गरी वा जोखिमी अवस्थाको लाभ लिई वा कुनै प्रकारको भुक्तानी प्राप्त गरी वा दिएर वा अर्को व्यक्तिको सहमतिमाथि नियन्त्रण प्राप्त गर्ने व्यक्तिको सहमति प्राप्त गर्न कुनै लाभ प्रदान गरेर व्यक्तिको भर्ती, ओसारपसार, स्थानान्तरण, जहाजमा

१. मानव बेचविखनविरुद्धको ऐतिहासिक प्रतिवेदन, २०४८, महिला अत्मनिर्भरता केन्द्र

मानव बेचबिखन सम्बन्धमा जिल्ला प्रहरी कार्यालयद्वारा जाहेर गरिएका मुद्दा

क्र.सं.	आर्थिक वर्ष	दायर मुद्दा सङ्ख्या	अभियुक्तले सजाय पाएको सङ्ख्या	सजाय नपाएको आरोपित सङ्ख्या	अभियुक्त फरार सङ्ख्या	मुद्दा फिर्ता
१	०४३/०४४	१	१	४	४	
२	०४४/०४५	२	२	७	७	
३	०४५/०४६	५	५	१६	१६	
४	०४६/०४७	५	१५	६	६	
५	०४७/०४८	४	११	३	३	
६	०४८/०४९					
७	०४९/०५०					
८	०५०/०५१					
९	०५१/०५२					
१०	०५२/०५३	२	१	१		
११	०५३/०५४	३	२	१	१	
१२	०५४/०५५	३	३			
१३	०५५/०५६	२	२	२	२	
१४	०५६/०५७	४	१४			
१५	०५७/०५८					
१६	०५८/०५९	२	३	३	३	
१७	०५९/०६०					
१८	०६०/०६१	४	४	६	६	
१९	०६१/०६२					
२०	०६२/०६३					
२१	०६३/०६४					
२२	०६४/०६५	१	१			
२३	०६५/०६६	१	१			
२४	०६६/०६७	१	१	४	४	
२५	०६७/०६८	२	६	६	६	
२६	०६८/०६९	२	१			१
२७	०६९/०७०	४	७			
२८	०७०/०७१	३	७			
	जम्मा	५५	८७	५९	५८	१

स्रोत : जिल्ला अदालत र जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोक

चढाउने वा प्राप्त गर्ने कार्यलाई बुझाउँछ।'

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा ४ (१) अनुसार बेचबिखन भन्नाले 'कुनै पनि उद्देश्यले मानव बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, कानुनबमोजिम बाहेक अङ्ग झिक्ने र वेश्यागमन गर्ने कार्यलाई जनाउँदछ।'

उक्त ऐनमा ओसारपसारलाई यसरी परिभाषित गरिएको छ : 'किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाइफकाइ, प्रलोभनमा पारी, झुक्याइ, जालसाज गरी, प्रपञ्च मिलाइ, जबरजस्ती गरी करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिइ, बेहोस पारी, पद

वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाइ लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रण लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्य गरेमा ओसारपसार गरेको जनाउँदछ।'

त्यसैले हाम्रो देशमा हुने गरेका सबै घटनाहरू र बेचबिखन मात्र नभएर ओसारपसारका पनि हुन सक्दछन् र त्यस्ता ओसारपसारका घटनालाई पनि कानुनले अपराध मानी दण्डको व्यवस्था गरेको छ।

सिन्धुपाल्चोक जिल्लामा मानव बेचबिखन, ओसारपसारलाई बढाउन वि.सं. २००७ को क्रान्तिपछि भारत पलायन भएका राणापरिवार एवम् तिनका भाइभारदारहरूको ठूलो हात रहेको पाइन्छ। नेपाल छाडेर भारत जाँदा आफ्नो शाही परम्परा अनुसार नेपालका हिमाली मूलका खास गरी सिन्धुपाल्चोक जिल्लाको मङ्गोलियन जातिका महिलाहरूलाई आफूसँगै भारत लगेका थिए। त्यहाँ उनीहरूले आफ्ना समकक्षी भारतीय राजा, महाराजाहरूलाई खुसी पार्न राम्राराम्रा नेपाली महिलाहरूलाई हिमकन्या भनी उपहारस्वरूप प्रदान गरेका कुराहरू बेलाबेलामा भएको अनुसन्धान र पत्रपत्रिकामा प्रकाशित लेखहरूबाट थाहा पाइन्छ।

पछि भारतमा नेपाली मूलका महिलाहरूको माग बढेपछि भारतमा राणा र बाबुसाहेबहरूको दरबार र महलमा काम गरिसकेका महिला र पुरुषहरूमार्फत विभिन्न कुराको आकर्षण र लोभ देखाइ नेपाली महिलाहरूलाई भारतका विभिन्न वेश्यालयहरूमा पुऱ्याउन थाले। यसरी विगतमा जिल्लाको केही गाउँबाट सुरु भएको मानव बेचबिखनको अपराध आज कुनै निश्चित जातजाति र समुदायमा मात्र सीमित नरही प्रायः सबै जातजाति र जिल्लाका महिला र बालबालिका यसबाट आक्रान्त भएका छन्। यसबाहेक 'राजा र राणाका दरबारमा केटी र सुसारे राख्ने प्रचलन पनि ओसारपसारसँगै सम्बन्धित रहेको छ। त्यतिबेला सिन्धुपाल्चोकबाट बालिकाहरूको ओसारपसार हुने गरेकाले यस जिल्लाबाट ओसारपसारको सुरुआत भएको मानिन्छ'।[१] मानव बेचबिखनको घटना तुलनात्मक रूपले सिन्धुपाल्चोक जिल्लामा बढी हुने गरेको विगतको इतिहास र तथ्याङ्कले स्पष्ट पार्दछ। मानव बेचबिखनका घटनामा महिला तथा बालबालिका बढी पीडित हुने गरेका छन्। मानव बेचबिखनमा परेका महिला तथा बालबालिकाको अवस्था तथा तथ्याङ्क पनि भयावह रहेको छ।

सिन्धुपाल्चोक जिल्लामा बढ्दो मानव बेचबिखनजस्ता आपराधिक गतिविधि तथा यसबाट प्रभावित पीडित महिला तथा बालबालिकाको अवस्था कहालीलाग्दो छ । यसर्थ, जिल्लामा व्याप्त मानव बेचबिखनको अवस्था सम्बन्धमा अध्ययन गर्न यस जिल्लाको छनोट गरिएको हो।

२. अध्ययनको उद्देश्य

मानव बेचबिखनको अवस्था तथा स्वरूपको पहिचान गरी पीडितको न्यायमा पहुँचको अवस्था बारेमा जानकारी लिने, यस सम्बन्धमा जिल्लाका सरोकारवालाको सक्रियता तथा कदमबारे बुझ्ने, यस समस्याले समाजमा पारेको प्रभावबारे विश्लेषण गर्नुका साथै मानव बेचबिखन समस्यालाई न्यूनीकरणका लागि सुझाव सङ्कलन गर्ने।

३. अध्ययनको औचित्य

संयुक्त राष्ट्रसङ्घले सन् १९४८ डिसेम्बर १० मा जारी गरेको मानवअधिकारको विश्वव्यापी घोषणापत्रको प्रस्तावनामा जाति, धर्म, वर्ण र लिङ्गका आधारमा कुनै पनि व्यक्तिलाई भेदभाव गर्न नहुने गरी अधिकार सुनिश्चत गरेको छ। त्यस्तै महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ को प्रस्तावना ६ मा पक्षराष्ट्रहरूले महिलाहरूको सबै प्रकारका बेचबिखन र महिलाहरूको वेश्यावृत्तिमा गरिने शोषणलाई अन्त्य गर्ने अधिकार सुनिश्चित गरेको छ। यो महासन्धिलाई नेपालले अनुमोदन गरिसकेको अवस्थामा मानव बेचबिखन अन्त्यका लागि कानुनीलगायत सबै उपयुक्त सोचहरू अवलम्बन गर्नुपर्ने हुन्छ। बालअधिकार महासन्धि, १९८९ को यस महासन्धिको प्रस्तावना ३५ मा पक्षराष्ट्रहरूले कुनै पनि रूपमा बालबालिकाको अपहरण, बेचबिखनमा पूर्ण रोक लगाउन उचित सबै राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय सोचहरू अपनाउने उल्लेख छ। यस महासन्धिको नेपाल १९९१ मा पक्षराष्ट्र भएपछि बालबालिका ऐन, २०४८ बनेको छ। यसको दफा १६ मा बालबालिकालाई यौन

१. Siddharth Kara Trafficking: Inside the Business of Modern Sljvery Page 14 Colambiya University Press

शोषण, क्रूर तथा यातनापूर्ण व्यवहार गर्न, अनैतिक पेसामा संलग्न गराउन प्रतिबन्ध लगाइने प्रावधान रहेको छ।

दासता उन्मूलनसम्बन्धी महासन्धि, १९२६ प्रति नेपालले १९६३ मा प्रतिबद्धता जनाएको छ। यस महासन्धिको प्रस्तावना १ मा बँधुवा र दास, बलजफ्ती गरिने विवाह र श्रम शोषणका लागि बालबालिकाको बेचबिखन ओसारपसारलगायतका दासतापूर्ण व्यवहारहरूको उन्मूलन गरिनुपर्ने उल्लेख छ।

जीउ मास्नेबेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको नियन्त्रणका लागि बनेको महासन्धि १९४९ प्रति १९९५ मा नेपालले प्रतिबद्धता जनाएको छ। उक्त महासिन्धको धारा १ मा बिनामन्जुरी वा मन्जुरी भए पनि महिलालाई वेश्यावृत्तिमा लगाउने कार्य दण्डनीय अपराध भएको उल्लेख छ। त्यस्तै धारा १७ मा वेश्यावृत्तिको प्रयोजनका लागि महिलाहरूको खरिदबिक्री कार्यमा रोक लगाउन राज्यले अध्यागमन स्थलमा आवश्यक जाँच तथा सुरक्षाको व्यवस्था गर्नुपर्ने उल्लेख छ।

देहव्यापारका लागि महिला तथा बालबालिकाको ओसारपसार निषेध गर्न तथा यसविरुद्ध लड्नका लागि सार्क महासन्धि सन् २००२ जनवरी २ देखि ६ मा काठमाडौँमा सम्पन्न ११औँ सार्क सम्मेलनबाट पारित सार्कस्तरमा बेचबिखनलाई उल्लेख गरेर पहिलो क्षेत्रीय कानुन निर्माण गरेको छ। सार्क सम्मेलनमा उक्त सन्धिमा नेपालले हस्ताक्षर गरे पनि अनुमोदन गरिसकेको छैन।

चौथो विश्व महिला (बेइजिङ) सम्मेलनमा पारित घोषणापत्र १९९५ को नेपाल १९९५ मा पक्षराष्ट्र भएको छ। उक्त घोषणापत्रका बुँदा नम्बर ४ मा महिलाविरुद्ध हुने हिंसामध्ये प्रमुख एक महिला बेचबिखनलाई निर्मूल गर्ने तथा वेश्यावृत्ति र बेचबिखनबाट हुने पीडित महिलालाई सहयोग गर्ने उल्लेख छ। यसप्रति नेपालले प्रतिबद्धता जनाउँदै बेचबिखनविरुद्ध राष्ट्रिय कार्ययोजना तयार भएको छ।

संयुक्त राष्ट्रसङ्घीय महासभाको २३ औँ विशेष अधिवेशन (बेइजिङ+) २००० जुन ५ देखि ९, न्युयोर्कमा आयोजित अधिवेशनमा नै नेपालका प्रतिनिधि उपस्थित भई प्रतिबद्धता जनाएको थियो। राष्ट्रियस्तरमा चालिनुपर्ने कदमहरू बुँदा नम्बर २२ मा महिला र बालबालिकालाई वेश्यावृत्तिका लागि बेचबिखन गर्ने, जबरजस्ती विवाह गराइदिने तथा जबरजस्ती काममा लगाउनेजस्ता कार्यहरू रोक्न तिनीहरूको मूल कारण पत्ता लगाई कानुनको तर्जुमा वा संशोधन र अन्य उपायहरूबाट प्रभावकारी कदम चाल्ने उल्लेख छ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २९ को शोषणविरुद्धको हकको उपधारा ३ मा मानिसलाई बेचबिखन गर्न दास वा बाँधा बनाउन नपाउने उल्लेख छ। मानव बेचबिखन तथा ओसारपसारको परिभाषालाई विस्तृत र फराकिलो बनाइ यस अपराधबाट पीडित वा प्रभावितहरूको संरक्षण र पुनःस्थापनाका लागि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ जारी भई लागू भएको छ। तर, मानव बेचबिखनजस्तो अपराधलाई यो ऐनले पनि नियन्त्रण गर्न सकेको छैन।

भारतीय खुला सिमानाका कारण भारतका विभिन्न सहरहरूमा नेपालकी चेलीबेटी बेचिने क्रम बढ्दो छ। यसविरुद्ध प्रहरी प्रशासन र सङ्घसंस्थाहरू सक्रिय भएर लागेपछि यस अपराधका तस्कर तथा दलालहरूबाट कानुनी तथा प्रक्रियागत रूपमा देशभित्र तथा देशबाहिर लगेर बेच्ने कार्य सुरु भएको छ। सानै उमेर भएकालाई उमेर बढाएर नागरिकता र पासपोर्ट बनाइ खाडी मुलुक पठाउने तथा भारतबाट युरोप देशहरूमा लगी बिक्री गर्ने गरेको पाइन्छ।

मानव बेचविबखनको इतिहासलाई हेर्दा सिन्धुपाल्चोक बढी प्रभावित जिल्ला हो। तसर्थ, सिन्धुपाल्चोक जिल्लामा मानव बेचबिखनको वर्तमान अवस्थाको पहिचान तथा विश्लेषण गर्न यो जिल्ला छनोट गरिएको छ। जिल्लामा व्याप्त यस आपराधिक गतिविधिलाई निरुत्साहित गर्न सरोकारवालाको ध्यानाकर्षण गराउने अपेक्षाका साथ यो अध्ययन गरिएको हो।

४. अध्ययन विधि

सिन्धुपाल्चोक जिल्लामा मानव बेचबिखनका घटनाहरूको पहिचान र त्यसको न्यूनीकरणका उपायका बारेमा पीडित परिवार, सरकारी निकायका प्रतिनिधि, राजनीतिक दल र महिला अधिकारका क्षेत्रमा कार्यरत अधिकारकर्मीहरूसँग भेटघाट तथा छलफल गरिएको थियो। यसै गरी यस सम्बन्धमा प्रकाशित समाचार, पुस्तक, प्रतिवेदन र मानव बेचबिखनसम्बन्धी राष्ट्रिय ऐन कानुन र पुस्तक तथा लेखहरूलाई पनि अध्ययन सामग्रीका रूपमा प्रयोग गरिएको छ। साथै सिन्धुपाल्चोक जिल्लामा मानव बेचबिखनको विगत र वर्तमानको अवस्थालाई पनि विश्लेषण गर्ने प्रयास गरिएको छ।

५. अध्ययनको सीमा

यो अध्ययन मूलत: मानव बेचबिखनजस्ता आपराधिक गतिविधि तथा वर्तमान अवस्था र यस अपराधको अन्त्यका लागि बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूको विश्लेषणात्मक अध्ययनमा आधारित छ। अध्ययन क्षेत्र सिन्धुपाल्चोक जिल्लामा केन्द्रित भएकाले यस प्रतिवेदनमा संलग्न तथ्याङ्क, उदाहरण र सरोकारवालाको भनाइहरू सिन्धुपाल्चोक जिल्लाको मात्र समावेश गरिएको छ। मानव बेचबिखनबाहेक अन्य हिंसा तथा आपराधिक गतिविधिको स्वरूपलाई यस अध्ययनमा चर्चा गरिएको छैन।

६. मानव बेचबिखन र यसले पारेको समस्या

मानव बेचबिखन तथा ओसारपसार अपराध कुनै एक देश वा स्थानमा मात्र नभई यो अपराध अहिले विश्वव्यापी भएको छ। यो समस्या कुनै एक देशको मात्र नभई अन्तर्राष्ट्रिय चुनौतीका रूपमा देखा परेको छ।

संयुक्त राष्ट्रसङ्घका अनुसार विश्वभरि प्रत्येक वर्ष करिब २ करोड ४० लाख मानिसहरू बेचबिखनका सिकार हुने गरेका छन्। तीमध्ये ८० प्रतिशतलाई यौनदासीका रूपमा राखिन्छ। तीमध्ये करिब १७ प्रतिशतलाई बलात श्रमिकका रूपमा राखिन्छ। प्रत्येक तीन जनामध्ये दुई जना महिला पीडित हुने गरेका छन्। १ सय जना पीडितमध्ये एक जनाको मात्रै उद्धार गरेको छ।[3]

ILO-IPEC का अनुसार नेपालबाट १८ वर्षमुनिका १२ हजार बालबालिका बर्सेनि व्यावसायिक यौन शोषणका लागि भारतर्फ पुऱ्याइने गरेको अनुमान गरिएको छ।

यसरी नेपालबाट बेचबिखन गरिएका महिला तथा बालबालिकाहरू वेश्यावृत्ति, घरेलु मजदुर, सर्कस, बँधुवा मजदुरका रूपमा शारीरिक, मानसिक एवम् अन्य प्रकारका हिंसाका सिकार हुन बाध्य भएका छन्। मानिसमा रहेको बेरोजगारी, अशिक्षा, अज्ञानता, चरम गरिबीका बाबजुद जीवन बाँच्नुपर्ने बाध्यताले गर्दा

मानव बेचबिखन आरोपितलाई १ सय ७० वर्ष जेल सजाय

सिन्धुपाल्चोक जिल्लामा चेलीबेटी बेचबिखनको डन भनेर चिनिने शिखरपुर गाविस-९ का ३७ वर्षीय बजिरसिंह तामाङलाई ०७० असार २७ गते जिल्ला अदालतका न्यायाधीश अनन्तराज डुम्रेको एकल इजलासले १ सय ७० वर्षको जेल सजाय फैसला सुनाएको छ। विभिन्न मितिमा ६ जना किशोरीलाई भारतको आगरा सहरको कोठीमा बिक्री गरेको अभियोगमा उक्त सजाय गरिएको हो। बेचबिखनका ६ ओटा मुद्दा लागेका बजिरलाई प्रत्येक मुद्दामा फरकफरक सजाय तोक्दा १ सय ७० वर्ष पुगेको थियो। जिल्ला अदालत, चौताराका अनुसार कुल सजाय १ सय ७० वर्ष भए पनि बजिरसिंह तामाङले ४४ वर्ष जेल बस्नुपर्छ। कानुन अनुसार फरकफरक सजाय तोकिए पनि सबैभन्दा बढी अवधिको सजाय भोग्नुपर्ने भएकाले उनले ४४ वर्ष जेल बस्नुपर्ने भएको हो। बजिरसिंह तामाङलाई १३ लाख रुपियाँ जरिवाना र प्रत्येक पीडितलाई १ लाख ५० हजार रुपियाँका दरले ९ लाख रुपियाँ क्षतिपूर्ति पनि तोकिएको छ।

मानव बेचबिखन गरेको अभियोगमा जेलजीवन बिताइरहेका बजिरसिंह तामाङ यतिबेला आफूले गरेको गल्ती महसुस गर्न थालेका छन्। नराम्रो काम हो भनेर जान्दाजान्दै पैसाको अभावमा अरूको लहैलहैमा परेर बेचबिखनमा संलग्न भएको उनी बताउँछन्। बजिरको भनाइमा उनलाई यो काममा प्रोत्साहन गर्ने नवलपुर गाविसका दावा तामाङ हुन्। बजिरसिंहविरुद्ध परेका अधिकांश जाहेरीमा दावाको पनि नाम छ। दावा भने अझै फरार छन्। यो जुनीमा जेल बाहिर आफू बस्न नपाउनेमा बजिरसिंह निश्चिन्त छन् तर आफूलाई यो अवस्थामा पुग्न उत्साहित गर्ने दावा तामाङलाई पनि गिरफ्तार गरी आफूजस्तै गरी जेल जानुपर्ने बताउँछन्। भारतको कोठीमा बेचिएर नेपाल फर्केका पीडित महिलाहरू भने बजिरसिंह जेल गएकामा खुसी छन्। बजिर जेल गएको साँझ उनीहरूले मिठाई र फलफूल बाँडेर खुसी आदानप्रदान गरेको सुनाउँदै उनीहरूमध्ये एकले आशङ्का गरिन्- "जिल्ला अदालतले बजिरसिंहलाई सजाय तोके पनि फेरि पुनरावेदन र सर्वोच्च अदालतले फैसलालाई उल्टाउने पो हो कि ?"

3. Introducing Situation on Trafficking in Persons (TIP)-National Coordination Meeting with Agencies in Combating TIP Saath-Saath Project, July 26, 2012.

मानिसहरू बेचबिखन र ओसारपसार अपराधका सिकार भइरहेका छन्। यसले समाजका सबै प्रकारका, सबै वर्गका मानिसहरूलाई प्रभावित बनाइरहेको छ। यो अपराध नियन्त्रण गर्नका लागि राज्य तथा समाजले ठूलो चुनौतीको सामना गर्नुपरेको छ।

नेपालमा मानव बेचबिखन तथा ओसारपसार गर्ने क्रम जारी रहे पनि बर्सेनि कति नेपालीको बेचबिखन हुने गरेको छ भन्ने आधिकारिक तथ्याङ्कको अभाव छ। नेपालबाट खासगरी यौन व्यवसाय, यौनशोषण, जोखिमपूर्ण घरेलु श्रम, कम ज्यालामा काम लगाउन होटल, क्याबिन, डान्स बार, रेस्टुरेन्टमा काम गर्न तथा लागूऔषध ओसारपसार मानव अङ्ग बेचबिखनलगायतका प्रयोजनका लागि मानव बेचबिखन तथा ओसारपसार हुने गरे पनि त्यसबाट प्रभावित व्यक्तिहरूका बारेमा विस्तृत अध्ययन हुन सकेको छैन।

विदेश गएकालाई बेचबिखन भन्न नमिल्ने र बेचबिखनको परिणाम ढिला गरी थाहा हुने भएकाले यसको आधिकारिक तथ्याङ्क पाउन कठिन हुने गरेको छ। विगतमा विवाह गरेर महिलालाई बेचबिखनका लागि भारतमा लैजाने गरिए पनि हाल वैदेशिक रोजगारीलगायतका प्रलोभनमा पारेर मानव बेचबिखन हुने गरेको पाइन्छ।

भारतको मुम्बई, कोलकाता, सिलीगुडी, गोरखपुर, सुरत र पुनालगायतका स्थानहरूमा नेपालकी चेलीहरू बेचिने मुख्य थलो हुन्। नेपाली महिला तथा बालबालिका भारतबाहेक हङकङ, थाइल्यान्ड, मलेसिया, कुवेत, कतार, साउदी अरबलगायतका देशहरूमा पनि बेचिने गरेको तथ्यहरू सार्वजनिक हुने गरेका छन्। महिला तथा बालबालिका हरेक दिन दक्षिण एसियाका मुलुकहरूमा रोजगारीका लागि विदेश जाने गर्छन् तर भने अनुसारको नोकरी तथा काम पाउँदैनन्। नेपालमा मानव बेचबिखन अपराध झन् बढी सङ्गठित तरिकाले बढेको पाइन्छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू बनाइ यस अपराधलाई रोक्न तथा निर्मूल गर्न विभिन्न समयमा प्रयासहरू भएका छन्। ती राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले यस आपराधिक कार्यलाई बन्देज लगाउने प्रयास गरे पनि यसको रूप फेरिएर झनै फैलिँदै गएको पाइन्छ।

८. मानव बेचबिखनको वर्तमान अवस्था

मानव बेचबिखन हाम्रो समाजमा व्याप्त एक निकृष्ट अपराध हो। नेपालमा पछिल्लो समयमा महिला बेचबिखनका घटनाहरू बढ्दै गएको देखिन्छ। गरिबी, अशिक्षा र घरेलु हिंसाबाट पीडित महिलालाई राम्रो कममा लगाइदिने भनी प्रलोभनमा पारी देशभित्र तथा देशबाहिर बेचिने गरिएका घटनाहरू सार्वजनिक हुँदै आएको छ।

सिन्धुपाल्चोक जिल्लाको इचोक गाविस त्यस्तो गाविस हो, जहाँबाट दलालको प्रलोभनमा परी धेरै महिलाहरू भारत र खाडी मुलुकमा बेचिएको सरोकारवालाहरू बताउँछन्। यहाँ तामाङ समुदायको बाहुल्य छ। यस समुदायका प्रत्येक घरबाट चेलीबेटी विदेश गएका छन्। कुनै घरबाट विदेश नगएको अवस्थामा त्यो घर अनिकाल लागेको भन्ने अन्धविश्वास अहिले पनि छ ।[४]

पछिल्लो समयमा मानव बेचबिखनको शैलीमा परिवर्तन आएको छ। हाल मानव बेचबिखन कार्यमा सक्रिय दलालहरूले नयाँ तौरतरिकाहरू अपनाउन थालेकाले झन् चुनौती थपिएको छ। विगतमा चेलीहरूलाई पत्नी बनाएर भारतमा लगेर बेचिन्थ्यो भने अहिले कानुनी प्रक्रिया पुऱ्याएर पासपोर्ट बनाएर खाडी मुलुकहरूमा पठाएर बेचिने गरिएका छन्। भारत हुँदै खाडी मुलुकसम्म चेलीबेटी बेचबिखन गर्नमा दलालहरूको सञ्जाल सक्रिय भए पनि त्यस कार्यमा आफन्त र छिमेकीको संलग्नता खुल्न आउँछ। यसरी बेचिनेहरूमा १५ देखि ४० वर्ष उमेर समूहका महिला तथा युवतीहरू रहेका छन्।

महिला तथा बालबालिका समाजकल्याण मन्त्रालयले भर्खरै एक कार्यक्रमको आयोजना गरी गत आर्थिक वर्ष ०६९/०७० मा १ सय ५८ जना महिला तथा किशोरीलाई उद्धार गरिएको तथ्याङ्क सार्वजनिक गरेको छ।[५]

आफ्नै छोरी, बुहारी र पत्नीलाई बेचेको अभियोगमा जिल्ला अदालतले सजाय सुनाएको विगतको इतिहास सिन्धुपाल्चोक जिल्लामा रहेको छ। मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ पछिको मात्र जिल्ला अदालत पुगेको मुद्दाको तथ्याङ्क हेर्ने हो भने २० ओटा मुद्दा रहेको जिल्ला अदालतले जनाएको छ। जिल्ला अदालतका अनुसार आर्थिक वर्ष ०६४/०६५

४. हस्त पण्डित, पूर्व जिल्ला अध्यक्ष एमाले, इचोक गाविस
५. arghakhanchi.com, २०७० भदौ २३

देखि आर्थिक वर्ष ०६९/०७० सम्ममा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध परेका २० थान मुद्दामा सबै फैसला भइसकेको छ। मानव बेचबिखन यी घटनामा साथी दुई, काका तीन, मामा दुई, बाबु दुई, दाजु दुई, सानीआमा एक गरी १२ जना आफन्तको संलग्नता रहेको थियो भने अरू अपरिचित व्यक्ति संलग्न रहेका थिए।

बेच्ने, बिकिने आफ्नै नातागोता, आफन्त हुने हुनाले अदालतमा नआइदिँदा मुद्दा किनारा लगाउन समस्या हुने गरेको छ। आरोपित पक्षबाट धम्की आएपछि र पीडित परिवार अदालतमा गएर बयान फेरिने र मुद्दा होस्टायल[६] भइदिन्छ। कम उमेरका व्यक्तिको नागरिकता बनाउन आफन्तहरू नै लागेका हुन्छन्। अर्काको पासपोर्टबाट विदेश जाने गरेको पनि पाइन्छ। विदेश गएकाहरूको लास नेपाल आउँदा उनी गएको पासपोर्ट हेर्दा ती व्यक्ति गाउँमै जीवितै रहेका तथ्यहरू पनि भेटिने गर्छन्।[७]

बाहिर बेचिएर पीडित महिला तथा युवतीहरू स्वदेश फर्केर गाउँमा आएपछि पीडित परिवारले वेश्याको संज्ञा दिँदै पालेर बस्ने भनेर मानसिक यातना दिने गरेको छ। पीडितहरूलाई बैठकमा बोलाउँदा वेश्याहरूको बैठक भन्ने गरेको छ।[८]

ओसारपसार तथा बेचबिखन गरिनेमा मुख्यत: महिला तथा बालबालिका नै पर्ने गरेका छन्, कदाचित बेचिएको ठाउँबाट फर्किएर आए भने पनि समाजले सहजै स्वीकार्ने गरेको पाइँदैन।

८. विद्यमान कानुन र यसको प्रभावकारिता

नेपालले अन्तर्राष्ट्रियस्तरमा बनेका सन्धि, सम्झौताहरूलाई सहज अनुमोदन गर्ने गरेको छ भने सो अनुरूप विभिन्न ऐन-कानुन तथा संयन्त्रहरू पनि निर्माण गर्दै आइरहेको छ। तर, प्रभावकारी कार्यान्वयन कानुनी छिद्रताका कारण मानव बेचबिखनबाट महिला तथा बालबालिकाहरू बढी पीडित हुने गरेका छन्।

नेपलमा प्रथमपटक मानव बेचबिखन अपराध नियन्त्रण गर्न मुलुकी ऐनमा व्यवस्था गरेको देखिन्छ। वि.सं. २०२० मा बनेको नयाँ मुलुकी ऐनमा मानव बेचबिखन अपराधलाई 'जीउ मास्ने बेच्ने महल'मा उल्लेख गरी यस अपराधलाई नियन्त्रण गर्ने कार्यलाई पूर्ण बन्देज लगाउने प्रयास गरेको पाइन्छ। तर, यस ऐनमा मानव बेचबिखनको परिभाषालाई साँघुरो बनाएर जीउ मास्ने बेच्ने कार्यसम्म मात्रलाई अपराधको कोटीमा राखेकाले यसले मानव बेचबिखन तथा ओसारपसारलाई उपयुक्त ढङ्गबाट नियन्त्रण गर्न सकेन। त्यसपछि ०४३ सालमा जीउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐनको नामकरणबाट छुट्टै ऐनको व्यवस्था गरिएको थियो। तर, मानव बेचबिखन अपराधको स्वरूप र प्रक्रियाहरू फरकफरक ढङ्गले आउन थालेपछि यो ऐनले पनि मानव बेचबिखनजस्ता जघन्य अपराधलाई पूर्ण रूपमा समेट्न नसकेको महसुस गरी सरोकारवालाहरूको परामर्श अनुसार यस्ताखाले अपराधको नियन्त्रण तथा यसबाट पीडित वा प्रभावित भएकाहरूको संरक्षण र पुन:स्थापना गर्नका लागि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ जारी भई लागू भएको छ।

यो ऐनले मानव बेचबिखन तथा ओसारपसारको परिभाषालाई विस्तृत र फराकिलो बनाइ मानव बेचबिखनबाट पीडित वा प्रभावितहरूको संरक्षण तथा पुन:स्थापनाका लागि विशेष व्यवस्था गरेको पाइन्छ। तर, मानव बेचबिखनजस्तो अपराधलाई यो ऐनले पनि नियन्त्रण गर्न सकेको छैन।

मानव बेखबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा मानिस किन्ने/बेच्नेलाई २० वर्षसम्म कैद र २ लाख रुपियाँ जरिवाना, वेश्यावृत्तिमा लगाउनेलाई १० देखि १५ वर्षसम्म कैद र ५० हजारदेखि १ लाख रुपियाँसम्म जरिवाना, मानिसको अङ्ग झिक्नेलाई १० वर्ष कैद र २ लाखदेखि ५ लाख रुपियाँसम्म जरिवाना, किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेशमा लैजानेलाई १० देखि १५ वर्ष कैद र ५० हजारदेखि १ लाख रुपियाँसम्म जरिवाना, किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले बालबालिकालाई विदेशमा लैजानेलाई १५ देखि २० वर्षसम्म कैद र १ लाखदेखि २ लाख रुपियाँसम्म जरिवाना, वेश्यागमन गर्नेलाई १ महिनादेखि ३ महिनासम्म कैद र २ हजारदेखि ५ हजार रुपियाँसम्म जरिवाना, दुरुत्साहन, षड्यन्त्र, उद्योग वा मतियारलाई सम्बन्धित सजायको आधा हुने उल्लेख छ।

---

६. इन्स्पेक्टर, इलाका प्रहरी कार्यालय, मेलम्ची
७. पूर्ववत्
८. भवानी लामिछाने, शक्ति समूह, इचोक गाविस, सहजकर्ता

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २९ को शोषणविरुद्धको हकको उपधारा ३ ले मानिसलाई बेचबिखन गर्न दास वा बाँधा बनाउन पाउने छैन भनी व्यवस्था गरेको छ।

९. मानव बेचबिखन सम्बन्धमा सरोकारवालाहरूको भनाइ

महिला आत्मनिर्भरता केन्द्र (मांक)का अध्यक्ष भगवती नेपाल सिन्धुपाल्चोक जिल्लाको हिमाली भेगमा मानव बेचबिखनजस्ता आपराधिक गतिविधि बढी हुने गरेकाले जनचेतना र सबैको सामूहिक प्रयासबाट मात्र यो अपराधलाई निर्मूल गर्न सकिने बताउँछन्। ग्रामीण महिला सिर्जनशील समूहका अधिकृत हर्क तामाङका अनुसार मानव बेचबिखनविरुद्धको अभियान सञ्चालन गर्न जिल्लामा एक प्रभावकारी अन्तरसमूह सञ्जाल गठन गरी यसविरुद्ध जनचेतना फैलाउनु आवश्यक छ। सिन्धुपाल्चोक चौतारा-५ निवासी एमाओवादी ताम्सालिङ राज्य समिति सम्मेलन आयोजक समिति सदस्य टङ्कप्रसाद ढुङ्गेलले जिल्लाबाट चेलीहरूलाई पत्नी बनाएर सुरुमा लगिन्थ्यो भने अहिले खुलेआम पासपोर्ट बनाएर खाडी मुलुकमा पठाएर बेचिने गरिएको बताउँछन्। यो सङ्ख्यामा कम भए पनि निर्मूल गर्नका लागि जनचेतना कार्यक्रम प्रभावकारी रूपमा अगाडि बढाउन जरुरी रहेको उनको तर्क छ।

जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोक चौतारा मुद्दा शाखाका इन्स्पेक्टर कमलबहादुर विष्टका अनुसार महिला बेचबिखनसम्बन्धी मुद्दा जिल्ला प्रहरी कार्यालयमा आर्थिक वर्ष ०४५/०४६ मा बढी दर्ता भएको छ। अशिक्षा, आर्थिक अवस्था कमजोर, गरिबी र देखासिकीले महिला तथा युवतीहरू विदेशिने गरेको उनको भनाइ छ। संस्थामार्फत पीडित प्रहरीमा आउँदा जुन सक्रियता हुन्छ, त्यसको निरन्तरता भने हुने नगरेको उनी बताउँछन् । इलाका प्रहरी कार्यालय, मेलम्चीका इन्स्पेक्टर सुदीप पाठकका अनुसार सङ्गठनात्मक तवरले मानव बेचबिखन जिल्लामा हुने गरेको छ। साथै, आरोपित पक्षको धम्की र पीडितको आफन्त तथा परिवारकै संलग्नता खुलेपछि अदालतमा गएर पीडितले बयान फेर्दा मुद्दा होस्टायल भइदिने गरेको छ।

एमाले सिन्धुपाल्चोक जिल्लाका पूर्वअध्यक्ष हस्त पण्डितले ०४८ सालबाट मानव बेचबिखनविरुद्धको अभियान सञ्चालन गरिए पनि मानव बेचबिखनबाट इचोकका तामाङ समुदाय बढी प्रभावित रहेकोले यस अपराधलाई निस्तेज गर्न जनचेतना, शिक्षा र रोजगारीको अवसर सुनिश्चित गर्न जरुरी रहेको बताउँछन्। पुनःस्थापना केन्द्र, चौताराकी होस्टेल वार्डेन, हरिकला भट्टका अनुसार मानव बेचबिखनमा पीडित भएका पाङ्ग्रेटार, गोल्चे र चोकटी गरी तीन गाविसका ६ जना बालबालिकासहित ११ जना पुनःस्थापना केन्द्रमा छन्। उनीहरू घरमा बस्नै नसक्ने, असुरक्षित, डरत्रास महसुस गरिरहेकै कारणले घर जान मान्दैनन् र कतिपयले त पढाइ पूरा गराएर पठाइदिन पनि आग्रह गर्ने गरेका छन्।

प्रमुख जिल्ला अधिकारी, सिन्धुपाल्चोकका डिल्लीराज पोखरेलका अनुसार विगतमा जस्तो अहिले जिल्लामा मानव बेचबिखन त्यति छैन तर संस्थाको पहुँच नभएका दुर्गम क्षेत्रमा मानव बेचबिखन हुन्छ। महिला तथा बालबालिका कार्यालय, सिन्धुपाल्चोकका कार्यालय प्रमुख अञ्जु ढुङ्गानाका अनुसार एक चेलीलाई भारतमा पुऱ्याएर बेचिए र उनी भाग्न सफल भई उतै बिहे गरिन् र पछि नेपाल फर्केर आरोपितउपर प्रहरीमा उजुरी गरेपछि आरोपितलाई कारबाही भयो। पीडितलाई आर्थिक क्षतिपूर्ति आरोपितबाटै दिने प्रावधानले पीडितहरू झन् पीडित हुने र न्याय नै नपाएको अनुभूति गर्ने गरेको बताउँछिन्।

१०. अध्ययनबाट प्राप्त तथ्यहरू

६ जना महिलालाई भारतका विभिन्न सहरमा लगेर बेचेको अभियोगमा शिखरपुर गाविसका बजिरसिंह तामाङलाई १ सय ७० वर्ष जेल सजाय गरेको ऐतिहासिक फैसला जिल्ला अदालतल सिन्धुपाल्चोकले गरेको छ।[९] त्यस्तै छोरी बेचेको अभियोगमा दुवाचौर गाविस-६ का लोकबहादुर घलेलाई जिल्ला अदालतले ११ वर्षको जेल सजायको फैसला गरेको छ। यी माथिका मानव बेचबिखन गर्ने आरोपितहरूलाई सजाय सुनाएको प्रतिनिधिमूलक घटना मात्र हुन्।

मानव बेचबिखनमा संलग्न भएको आरोपमा जिल्लामा १० जनाले जेल जीवन बिताइरहेका छन्। भने १५ जना आरोपित अहिले पनि फरार छन्। बेचबिखनका पछिल्लो समय मानव बेचबिखनका आरोपितमाथि हुने कानुनी कारबाही प्रभावकारी बन्दै

९. जिल्ला न्यायाधीश अनन्तराज डुम्रेको भनाइ

गए पनि मानव बेचबिखन समस्या रोकिँदै गएको भने भन्न सकिने अवस्था छैन। मानव बेचबिखनको रूप फेरिएको जिल्लाका सरोकारवालाहरू बताउँछन्।

वि.सं. २००० देखि यस जिल्लामा चेलीबेटी बेचबिखनसम्बन्धी मुद्दा दर्ता भएको इतिहास भए तापनि जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकमा आर्थिक वर्ष ०४३/०४४ देखि मात्रको तथ्याङ्क रहेको पाइएको छ। जिल्ला प्रहरी कार्यालयमा भएको उक्त रेकर्डको तथ्याङ्क अनुसार यस जिल्लाका ९४ जना महिला बेचबिखनमा परेका थिए भने १ सय ९४ जना आरोपित यस आपराधिक कार्यमा संलग्न रहेका थिए।

मानव बेचबिखन कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पीडित परिवारको संलग्नता घटनाको अनुसन्धानका क्रममा खुल्ने गरेको छ। विगतमा पारिवारिक संलग्नतामा महिला तथा युवतीहरू बाहिर जाने गरेका थिए भने अहिले पनि परिवारमार्फत नै जान्छन् तर वेश्यावृत्तिकै उद्देश्यले होइन तर यसको सिकार बढी हुने गरेको छ।[10]

मानव बेचबिखनमा परी स्वदेश फर्किएका महिला तथा युवतीहरूलाई वेश्याका रूपमा मानिने र अपमानित गर्ने गरेको अधिकारकर्मी बताउँछन्। पीडितहरूलाई सङ्गठित गरी समाजमा स्थापित गर्ने प्रयास भइरहँदा स्थानीयले बेश्याहरूको बैठक भनेर कुरा काट्ने काम पनि हुन्छ।

तर, मानव बेचबिखनबाट पीडित सिन्धुपाल्चोक जिल्लाका किउल र इचोक गाविसकी २१ र २३ वर्षीया दुई महिला काठमाडौँस्थित पुनःस्थापना केन्द्रको संरक्षणमा बसी हाल गाउँमै विवाह गरेर जीवन निर्वाह गरिरहेका पनि छन्।

सिन्धुपाल्चोक जिल्लामा ०४३ देखि ०७१ को अवधिमा ५५ ओटा मानव बेचबिखन मुद्दा परेको जिल्ला प्रहरी कार्यालयको रेकर्डमा रहेको छ।

महिला तथा बालबालिका कार्यालय सिन्धुपाल्चोक जिल्लामा ०६६/०६७ मा १२ जना, ०६७/०६८ मा ४४ जना र ०६९/०७० मा ५५ जना महिला घरेलु हिंसा तथा लैङ्गिक हिंसाबाट पीडित भई उजुरी दिएको पाइयो। यसरी घरेलु तथा लैङ्गिक हिंसाको घटना प्रत्येक वर्ष यो जिल्लामा बढेर गएको देखिन्छ।

10. ०७० पुस २० गते, हस्त पण्डित, एमाले पूर्वजिल्ला अध्यक्ष, इचोक गाविस, सँग गरिएको कुराकानीका आधारमा

चरिमायाको जाहेरी सरकारपक्ष भएको मुद्दा

सिन्धुपाल्चोक जिल्लाको गरिब परिवारमा जन्मिएकी चरिमाया बुबाको निधन भएपछि १६ वर्षको उमेरमा भारतमा बेचिएको प्रतिवेदनमा उल्लेख छ। वेश्यालयमा २२ महिनासम्म नारकीय जीवन काटेकी तामाङलगायत अन्य २ सय नेपाली चेलीलाई सन् १९९६ मा भारत सरकारले उद्धार गरेको थियो।

भारतको नारकीय जीवनबाट घर फर्किएपछि तिरस्कृत र अपहेलित भएकी तामाङ आफूलाई बेच्ने सङ्गठित समूहका प्रतिवादी उत्तम लामालगायतले ०४३ साउनमा भारतको मुम्बईमा लगी बिक्री गरेको भनी ०५५ सालमा जाहेरी दिएपछि मुद्दाको कारवाही प्रक्रिया अगाडि बढेको थियो। सन् १९९७ मा जिल्ला अदालतले तामाङलाई बेच्ने आठ जना दोषीलाई जेल चलान गरेको थियो। यस मुद्दामा अदालतको निर्णय 'पीडितहरू नेपाल फर्की आएपछि मात्र अपराधका बारेमा जानकारी हुन आएको, जाहेरी दरखास्त दर्ता भई अभियोगपत्र पेस हुँदा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ क्रियाशील भइरहेको, प्रतिवादीहरूले कसूर गर्दाको अवस्थामा मानिस बिक्री गर्ने कार्यलाई कानुनले अपराध नमानेको वा पछि बनेको कानुनले बढी सजायको व्यवस्था गरेको भन्न मिल्ने अवस्थासमेत नहुँदा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई Ex Post Facto Law सम्बन्धी अवधारणाविरुद्ध भएको भन्न नमिल्ने ।'

पीडित चरिमाया तामाङ नेपाल फर्केर दोषीविरुद्ध जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिने पहिलो साहसी महिला बनिन्। मानव बेचबिखनको पीडा भोगेकी तामाङले देशबाट यो अपराध नहुन दिन उद्धार गरिएकी अन्य १५ जना महिलाहरूको सहयोगमा सन् २००० मा शक्ति समूह स्थापना गरिन्। यस अपराधविरुद्ध सक्रियतापूर्वक लागेकी तामाङलाई अमेरिकाले हिरो एक्टिङ टू एन्ड मोर्डन डे स्लेभरी अवार्ड, २०११ ले सम्मानित गऱ्यो।

स्रोत: (hellonepalkorea.com, मानव बेचबिखनविरुद्ध सक्रिय नेपालका चरिमाया तामाङलाई हिरो एक्टिङ टू एन्ड मोर्डन-डे स्लेभरी अवार्ड-२०११)

११. मानव बेचबिखन समस्याका प्रमुख कारण

गरिबी, अशिक्षा र बेरोजगारी मानव बेचबिखन बढाउन प्रमुख कारणका रूपमा देखा परेका छन्। साथै, भारतसँगको खुला सिमाना, जनचेतनाको कमी, घरेलु हिंसा, दाइजो प्रथा, महिलामाथि हुने हिंसा तथा विभेद पनि मानव बेचबिखन बढाउने प्रमुख कारण हुन्। सुखमय जीवन बिताउने र समाजमा धनी तथा सम्पन्न बन्ने चाहना व्यक्तिमा बढेको छ।

दुर्गम क्षेत्र तथा भौगोलिक विकटताले पहाड र लेकको जनजीवन निकै कष्टकर हुन्छ। त्यस क्षेत्रमा आयमूलक रोजगारका अवसरहरूको अभावले गर्दा त्यहाँका महिला र बालिकाहरू सुविधापूर्ण जीवनयापनको लोभमा सजिलै फकिन्छन् र आफ्नो शोषण हुने कामका लागि बेचिन पुग्छन्।[११]

मानव बेचबिखनको समस्यालाई सम्बोधन गर्ने राजनीतिक इच्छाशक्तिको अभाव, शक्तिकेन्द्रको नजिक रहेकाहरूबाट दलालहरूको संरक्षण, आन्तरिक द्वन्द्व, मानव बेचबिखनका मुद्दाहरू हेर्ने प्रभावकारी कानुनी संयन्त्रको अभाव आदि पनि नेपालमा मानव बेचबिखनलाई उत्साहित गर्ने महत्त्वपूर्ण तत्त्वहरू हुन्।

परम्परागत तथा पितृसत्तात्मक सोचका कारण समाजमा महिलामाथि विभिन्न हिंसा हुने गरेको छ। समाजमा व्याप्त पितृसत्तात्मक सोच पनि मानव बेचबिखनको एक कारणका रूपमा लिन सकिन्छ। महिलालाई मनोरञ्जनको साधनका रूपमा लिने प्रवृत्ति कायम छ। उनीहरूलाई मनोरञ्जन तथा यौनजन्य कार्यका लागि बेचबिखन तथा ओसारपसार गर्ने गरिएको छ। यसरी बेचबिखन तथा ओसारपसार गर्ने कार्य स्वदेशमा मात्र नभई विदेशसम्म फैलिएको छ। विदेशमा गरिने बेचबिखनमा भारत, चीनको खासा, मलेसिया, दुबई, अरब, थाइल्यान्ड, कुवेतलगायतका देशहरू रहेका छन्।

१२. मानव बेचबिखनविरुद्धको अभियान

नेपालमा मानव बेचबिखनविरुद्धको अभियानमा धेरै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू सक्रिय छन्, तीमध्ये धेरैले रोकथामपट्टि केन्द्रित हुने गरी कानुन र नीतिसम्बन्धी कार्यक्रम सञ्चालन गरेका छन्। जोखिममा पर्ने शक्ति एवम् पीडित व्यक्तिलाई जागरुक तुल्याउने कार्यहरू भएका छन्। कार्यशाला, अन्तरक्रिया, च्याली, गोष्ठी सञ्चालन गरिएका छन्। आय आर्जनमूलक गतिविधि चालू छन्। बस बिसौनी, राजमार्ग, सवारी साधन र चल्तीका सीमा नाकाहरूमा निरन्तर निगरानी भइरहेको छ। व्यवस्थित ढङ्गमा एक ठाउँबाट अर्को ठाउँमा जाने कामदारहरूलाई सान्दर्भिक सूचना, जानकारी उपलब्ध गराउने काममा लागेका गैरसरकारी संस्थामध्ये कतिपयले केही जिल्ला कार्यालयका हातामा सूचनाकक्ष स्थापना गरिदिएका छन्।

यसको अतिरिक्त गैरसरकारी संस्थाहरूले विद्यार्थी एवम् शिक्षकलाई अभिमुखीकरण प्रशिक्षण दिने गरेका छन्। किशोरी तथा महिलाका लागि तालिमको व्यवस्था गरिएको छ, प्रमुख सरोकारवाला निकाय र तिनका प्रतिनिधिहरूलाई स्थानीय र जिल्लास्तरमा सुरक्षित बसाइसराइसम्बन्धी पहलकदमीका लागि जागरुक तुल्याइएको छ।[१२]

११औँ शार्क शिखर सम्मेलनबाट पारित मानव बेचबिखनविरुद्धको महासन्धिलाई ०६३ सालमा तत्कालीन पुन:स्थापना भएको संसद्ले अनुमोदन गरेको भदौँ २० गतेको दिनलाई मानव बेचबिखनविरुद्धका राष्ट्रिय दिवसका रूपमा यस क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरूले मनाउँदै आएका हुन्।[१३]

गैरसरकारी संस्थाहरूको यस अभियानले मानव बेचबिखनविरुद्ध सकारात्मक प्रभाव पर्दै गएको छ। मानव बेचबिखन प्रभावित क्षेत्रमा शक्ति समूह, माइती नेपाल, साथीलगायतका संस्थाहरूले मानव बेचबिखन नियन्त्रण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरेका छन्। यी संस्थाहरूले मानव बेचबिखन हुने नाकाहरूमा निगरानी गर्ने, रोकथाम, उद्धार, स्वदेश फिर्ता, पुन:स्थापना र पुन:एकीकरणका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छन्।

१०. निष्कर्ष

मानव बेचबिखन तथा ओसारपसार समस्या पनि हिंसाका विभिन्न स्वरूपमध्ये एक हो। यो मानवताविरोधी कार्य अर्थात् मानवअधिकारविरुद्ध गरिने कार्य हो, जसले महिला र पुरुष तथा बालबालिका सबै वर्गलाई पीडित बनाइरहेको हुन्छ।

---

११. राष्ट्रिय मानवअधिकार आयोग, मानव बेचविखन राष्ट्रिय प्रतिवेदन, २०६२

१२. मानवबेचविखन महिला तथा बालबालिकासम्बन्धी राष्ट्रिय प्रतिवेदन सारांश, ०६४/०६५-०६५/०६६

१३. himalayatv.com, published on September 05,2012

एसियाली मुलुकहरूमा यो विकराल समस्याका रूपमा देखापरेको छ। सन् १९७० यता यो अवैध व्यापार अन्तर्राष्ट्रियस्तरमा बहुराष्ट्रिय व्यापार बन्न पुगेको छ। यसबीचको लामो अन्तरालमा मुलुकमा राजनीतिक परिवर्तनहरू भई दलहरूको नेतृत्वमा सरकार गठन भए पनि मुलुकमा व्याप्त सामाजिक अपराध जस्ताको त्यस्तै रहेको छ।

आर्थिक प्रलोभन देखाएर बढीजसो दलित, जनजाति, गरिब, बेसहारा र अशिक्षित महिला तथा युवतीहरूलाई भारत र खाडी मुलुकसम्म पुऱ्याइएको छ। झूटो आश्वासन दिएर, नक्कली विवाह गरेर, फकाएर, तर्साएर, वैदेशिक रोजगारको बहाना बनाएर कलिला बालिका, किशोरी र युवतीलाई यौन शोषण तथा बलात् श्रमका लागि बेचबिखन हुने गरेको छ।

सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, मकवानपुरलगायतका जिल्लाहरू यो समस्याबाट बढी प्रभावित छन्। यो अपराध नियन्त्रण गर्नका लागि कुनै एक व्यक्ति वा संस्था लागिपरेर मात्र समाधान हुँदैन। समाजमा रहेका हरेक तह र वर्गका मानिसहरूबीच यो अपराध नियन्त्रण गर्न सहयोग र सहकार्य आवश्यक छ। यो समस्या भनेको पीडितको मात्र नभई देश र समाजको कलङ्कका रूपमा रहेको मानवताविरोधी कार्य हो भन्ने भान हुनुपर्दछ, अनि मात्र यस्ता आपराधिक क्रियाकलापलाई निर्मूल गर्न सकिन्छ।

मानव बेचबिखनमा उत्पत्ति, गन्तव्य र फिर्तीजस्ता तीन प्रमुख सवालहरू भएकाले कानुनले पनि रोकथाम, संरक्षण र प्रभावितहरूको स्वदेश फिर्तीको समस्यालाई सम्बोधन गर्नुपर्छ। सरकार र अन्य अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ संस्थाहरू र निजी क्षेत्रले मानव बेचबिखनविरुद्धका प्रयासहरू कार्यान्वयन गर्नुपर्छ। लक्षित समूहसम्म मानव बेचबिखनविरुद्धको सन्देश प्रचारप्रसार गर्न र चेतना जगाउन अत्यन्त प्रभावकारी साधन जनसञ्चारका माध्यमहरूको परिचालन हुनुपर्ने छ।

१२. सुझावहरू

सरकारी र गैरसरकारी निकायहरूले संयुक्त रूपमा एउटै दस्तावेज बनाएर समस्याको पहिचान गरी मानव बेचबिखनविरुद्धको अभियान सञ्चालन गरी सक्रिय भई लाग्नुपर्छ। साथै, नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि महासन्धिको मापदण्ड अनुसार मानव बेचबिखन अन्त्यका लागि प्रभावकारी कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ।

सिन्धुपाल्चोक जिल्लामा मानव बेचबिखन अधिकांश तामाङ समुदायमा भएको पाउन सकिन्छ। तामाङ समुदायमा चेतनाको कमी भएका कारण बेचबिखनको समस्या बढेको छ। यो समस्या रोक्ने अभियानमा गैरसरकारी सङ्घसंस्थालगायत स्थानीय तहमा गठन भएका विभिन्न समूहहरूलाई समेत संलग्न गराउन जरुरी छ।

गैरसरकारी सङ्घसंस्था र प्रहरी प्रशासन र स्थानीय गाउँलेहरूबीचको समन्वय र सहकार्यमा गाउँ तथा नाकाहरूमा निगरानी बढाउनुपर्दछ। मानव बेचबिखनविरुद्धको अभियान सञ्चालन गर्नुका साथै विद्यालय र घरदैलो कार्यक्रम गरी जनचेतना जगाउनु पर्दछ।

पशुसरह मानवलाई बेचबिखन गराइने जघन्य अपराध नियन्त्रणका लागि नागरिक समाज, पत्रकार विभिन्न सङ्घसंस्था र सरोकारवाला निकाय सक्रिय भएर लाग्न तथा महिला समुदाय स्वयम् सजग रहन र चेलीबेटी बेचबिखन तथा ओसारपसार कार्यमा संलग्नलाई संरक्षण होइन, इन्कार गर्दै विभिन्न क्षेत्रबाट आवाज उठाउनुपर्छ।

मानव बेचबिखनविरुद्धका सामग्रीहरू विद्यालय पाठ्यक्रममा प्रभावकारी रूपले समावेश गर्नुपर्ने देखिन्छ। यो समस्याको समाधानका लागि राजनीतिक प्रतिबद्धता पनि उत्तिकै जरुरी छ। राजनीतिक दल र तिनका भ्रातृसंस्थाहरूलाई मानव बेचबिखनविरुद्ध अभियान सञ्चालन गराउन जिम्मेवार बनाउनुपर्छ। मानव बेचबिखनजस्ता निकृष्ट अपराध के कारणले हुने गर्छन्, त्यसको उद्गमस्थलमै पुग्ने गरी कार्यक्रमहरू केन्द्रित हुनुपर्छ।

परिच्छेद

६

६.३ रुपन्देही जिल्लामा सुकुमवासी समस्या

१. **पृष्ठभूमि**

नेपाल राज्य एकीकरणको सिलसिलामा पृथ्वीनारायण शाहले वि.सं. १८२५ देखि शासन सुरु गरेयता काठमाडौँ उपत्यकासहित मुलुकभर खस जातिका अतिरिक्त अन्य जातिसमेतको प्रवेश हुँदै गएको पाइन्छ। यसरी शासककै आवश्यकताले प्रवेश गर्नेहरूलाई त्यस बखतका शासकले बसोवासका लागि जग्गाजमिन उपलब्ध गराउने समेत व्यवस्था भएको इतिहासमा उल्लेख छ। नेपालमा जबसम्म राणा शासन थियो, तबसम्म उपत्यकाबाहिरबाट आई अस्थायी रूपमा बासोवास गर्ने वर्ग भनेको राज्यको शासन यन्त्रका रूपमा रहेका राणा शाहीका कर्मचारी मात्र पर्थे। पशुपतिनाथलगायत धार्मिकस्थलको भ्रमणमा, बन्द व्यापारको सिलसिलामा आउने अन्य मानिस धर्मशाला तथा पाटीपौवामा बस्ने र आफ्नो काम सकिएपछि घर फर्कने चलन थियो। राणा शासनको अन्त्यसँगै शासन सञ्चालनमा देशैभरिका राजनीतिक प्रतिनिधि काठमाडौँ उपत्यकामा आउने र डेरा खोजी बसोवास गर्ने अभ्यास सुरु भएको इतिहास छ।

जमिन्दारहरूका काम गर्ने हरुवा, चरुवा, हलिया, कमैयाहरू हुने गर्थे। वर्षभरिमा यति अन्नपात यति नगद लिने दिने गरेर यी श्रमिकहरू सम्झौता गरी बसेर काम गर्थे। यी जनशक्तिका बाबजुद पनि जमिन्दारहरूले सबै भूमिमा खेती गर्न उत्पादन गर्न सक्दैन थिए। अब्बल र दोयम भूमि मात्र उपयोग गर्थे। सिम र चहार क्षेत्रका भूमि आमनागरिकहरूलाई अलिअलि करको रूपमा शुल्क लिएर खेती गर्न दिन गर्थे। यस्तै जमिन्दारहरूले उब्रेको भूमिमा खेती गर्न दिने व्यवस्थालाई उखडा भन्ने गरिन्छ। वसन्तकुमार शर्म्मा नेपालद्वारा रचित शब्दकोश 'नेपाली शब्द सागर'मा सुकुम्बास र सुकुमबासी शब्दको यसरी व्याख्या गरिएको छ। सुकुम्बास (सुखिम +बास) (ना) (घर) जमिन (धनसम्पदा सम्पत्ति केही नभएको स्थिति) जीविकोपार्जन नभएको अवस्था। सुकुमबासी (सुकुमबास+ई) (वि) सुकुम्बास भएको। कुनै प्रकारको जायजेथा नभएको (ना) त्यसप्रकारको नागरिक अथवा व्यक्तिलाई जनाउँदछ।

'भारतको सिक्किमलाई पहिले सुखिम भनिन्थ्यो। त्यहाँबाट नेपालको पूर्वी क्षेत्रमा शरणार्थीका रूपमा आएका नेपाली मूलका बासिन्दालाई सुखिमबासी भनिन्थ्यो। पछि अपभ्रंश हुँदै सुकुम्बासी भएको संस्कृतिविद्हरूको भनाइ छ। कालान्तरमा देशभित्रकै घरबारविहीन, आफ्नो नाममा घरजग्गा नभएका र सरकारी तथा सार्वजनिक जमिनमा बसेकाहरूलाई समेत सुकुम्बासी भन्न थालियो।'[१]

सुकुमवासीका नाममा अनेक समस्या आउन थालेपछि ०५२ साउन १९ गतेको मन्त्रिपरिषद् बैठकले सुकुमवासीका नाममा यस्तो परिभषा बनायो : 'सुकुमवासी भन्नाले जीविकाका लागि कुनै ठोस विकल्प नभएका, आफ्नो वा आफ्नो अंशियारका नाममा वा कब्जामा कुनै घर वा जग्गा नभएका तथा घर (जग्गा जोड्न सक्ने कुनै साधन, स्रोत नभएका भूमिहीन तथा नि:सहाय (कृषि मजदुर, कमैया, हली, हरुवा, चरुवा आदि) व्यक्ति र दैवीप्रकोपबाट घर (जग्गाविहीन हुन पुगेका व्यक्ति एवम् निजप्रति आश्रित परिवारका सदस्य समेत जनाउँछ।

नेपालमा राणाहरूकै पालादेखि वनजङ्गल र भूमिमाथिको राजनीति सुरु भएको हो। दास प्रथाको उन्मूलन गर्ने बहानामा तराईको अमलेखगन्जमा सयौँ हेक्टर जङ्गल फँडानी गरी दासदासीहरूलाई बसोवास गराइएको थियो। राणा र तत्कालीन अङ्ग्रेजको साँठगाँठमा नेपालको तराईका भूभागका सालका काठले जर्मनीमा रेलको लिक बनेको थियो। जङ्गल उजाड हुँदै गएपछि तराईका भूमि त्यसबेला पनि अतिक्रमण भएको थियो। तर, कम जनसङ्ख्याको बखत नापीको समयमा यसरी फँडानी भएका भूमि नापी भई अतिक्रमण गर्नेहरूले वैधानिकता पाउँदै आएका थिए।

'राणा शासनको अन्तपछि राजा महेन्द्रले ०१४ सालमा चितवनको जङ्गल फँडानी गरी बस्ती बसाल्ने क्रममा हजारौँ हेक्टर जमिनभित्रको जङ्गल सखाप भएको थियो। त्यसपछि सुकुमवासीलाई जमिन वितरण गर्ने काममा पुनर्वास कम्पनी स्थापना गरियो। पुन:वासको नामबाट नवलपरासीको गैँडाकोट, माकर गाविसका वर्दघाटलगायतका क्षेत्र र आसपासका जङ्गल तथा रुपन्देही जिल्लाका रुद्रपुर, पक्लिहवालगायतका केही भाग, कपिलवस्तु हुँदै बर्दिया, कैलाली र महेन्द्रनगरसम्मका हजारौँ हेक्टर जमिन

१. श्रेष्ठ, डम्बरकृष्ण। *सुकुमवासी समस्या कहिल्यै सुल्झेन* । हिमाल खबर पत्रिका। वर्ष १९। अङ्क १६। ०६६ पुस १-१५

राजा महेन्द्रकै निर्देशनमा वितरण गरिएको इतिहास छ'।[१]

सुकुमवासी समस्या खासगरी सहरीकरणको समस्याका रूपमा लिइन्छ तर नेपालमा सुकुमवासीहरू भनेर सहरीकरण र सहरभित्रको समस्या भनेर मात्र बुझ्न हुँदैन किनकि यो समस्या गाउँमा समेत छ। वि.सं. २०२१ को भूमि सुधारले पश्चिम तराईमा उखडा, गाउँ ब्लक, पाँच नम्बरी र आठ नम्बरीजस्ता नयाँ समस्या जन्मायो। यसबाट पीडित गरिब मोही किसानको समस्या अहिले पनि यथावत् छ। यसबाहेक भूमि नै नहुनेको सङ्ख्या पनि सबैतिर बढ्दै गयो। यस्तै हरुवा-चरुवाहरूको समस्या अझै पनि विद्यमान छ। अर्कोतिर बाढी पीडित, आगलागी पीडितहरू विपन्नताका कारण प्रतिजग्गा आवाद गरी बस्ने, भारतका पूर्वोत्तर राज्यहरू मेघालय आसाम, बर्माबाट लखेटिएर मातृभूमिमा आएका नेपालीहरू पनि सकुमवासीका रूपमा रहेका छन्। यसै गरी हिमाल र पहाडबाट साहुको ऋण तिर्न नसकी दामासाही भई परिवारको जिविका चलाउन नयाँ व्यवसाय र जीविकोपार्जनको खोजीमा तराई झरी आश्रय लिन खोज्नेहरू नै बढी सुकुमवासीको रूपमा रहेका छन्। यसमध्ये पनि दलित, जनजातिको ठूलो हिस्सा यसभित्र पर्दछ। तराईमा औलो उन्मूलनअघि बस्ती बढाउन र आवाद गर्न सरकारी पहलमै भारतबाट ल्याइएका मानिसहरू, पहाडबाट तराई झरेका निमुखा समुदाय र यहाँ सर्यौं वर्षदेखि बसोवास गर्ने, थारु, मुसहर, मल्लाहलगायतका गरिब किसानहरू भूमिहीन अवस्थामै छन्।

२. अध्ययनको महत्त्व

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ११ मा प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवाससमेत आफू स्वयम् तथा आफ्नो परिवारको पर्याप्त जीवनस्तर तथा जीविकाको अवस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्ने उल्लेख छ। यसले नागरिकको बसोवासको अधिकारलाई प्रत्याभूत गरेको छ। नेपाल यस महासन्धिको पक्षराष्ट्र भएको हुँदा आफ्ना नागरिकका लागि उचित बसोवासको व्यवस्था मिलाउनु उसको दायित्व हुन आउँछ।

सुकुमवासी समस्या राष्ट्रिय समस्याका रूपमा विकसित भएको छ। मुलुकका प्राय: सबै सहरहरूमा यो समस्या व्याप्त छ। विभिन्न पहाडी भेगबाट कामको खोजीमा तथा सुविधाको खोजी गर्दै सहरतिर झर्ने र त्यही खाली ठाउँमा झुपडी बनाएर बस्ने चलन वर्षौं पहिलेदेखि चलेको पाइन्छ। रुपन्देहीमा खास गरी ०३४ सालतिर राजा वीरेन्द्रले चुरे पहाडको फेदमा रहेका केही बस्तीलाई असुरक्षित ठानेर नलपरासीको हर्दिया, कीर्तिपुर, भाटा क्षेत्रमा सार्ने व्यवस्था गरेका थिए। त्यससँगै बस्तीलाई व्यवस्थित गर्ने क्रम सुरु भए पनि बिस्तारै खाली रहेको जग्गामा बस्ती बस्ने क्रम रोकिएन। त्यसअघि राजा महेन्द्रले रुपन्देहीको रुद्रपुर र पक्लिहवामा बस्ती बसालेका थिए। त्यतिबेला रुपन्देहीका अहिलेका सहरहरूका अधिकांश जग्गा खाली नै थिए। रुपन्देहीमा कति सङ्ख्यामा सुकुमवासी छन् भन्ने आधिकारिक तथ्याङ्क कुनै पनि निकायमा छैन। जिल्ला विकास समितिले वास्तविक सुकुमवासी चार/पाँच हजार भएको अनुमान गर्दछ। राजनीतिक दलहरूले बीसौं हजार सुकुमवासी भएको हुनसक्ने अनुमान गर्दछन्। यथार्थमा जिल्लामा सुकुमवासीको अवस्था के छ ? के कति सुकुमवासी बसोवास गर्दै आएका छन् ? उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था के छ ? कुन-कुन स्थानमा सुकुमवासी बस्दै आएका छन् ? वास्तविक सुकुमवासी को हुन् ? भन्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन तयार गर्दा यो समस्या समाधान गर्न मद्दत पुग्ने भएकाले यो अध्ययन गरिएको हो।

३. अध्ययन विधि

जिल्लामा सुकुमवासीहरूको बसोवास भएको स्थानको स्थलगत रूपमा अध्ययन, सुकुमवासी र तिनका परिवारसँग भेटघाट, कुराकानी, सरोकारवाला सरकारी निकाय, गैरसरकारी निकाय, राजनीतिक दल एवम् तिनका प्रतिनिधिहरूसँग अन्तर्वार्ता र कुराकानी गरिएको थियो। साथै, सुकुमवासी समस्याका बारेमा पूर्वप्रकाशित सामग्री, पत्रपत्रिकामा प्रकाशित लेख, विशेषज्ञबाट लेखिएका पुस्तकहरू, सान्दर्भिक वेबसाइटहरूको अध्ययन गरेर यो प्रतिवेदन तयार पारिएको हो।

४. अध्ययनको सीमा

जिल्लामा सुकुमवासी समस्या प्रमुख रूपमा रहेको छ। सुकुमवासीहरू सहरका विभिन्न स्थान तथा

१. गिरी, प्रा.डा.गितु। *नेपालमा उखडा प्रथा* । रुपन्देही : लुम्बिनी प्रतिष्ठान। ०६८

नदी किनारामा अस्थायी प्रकृतिको घरटहरा निर्माण गरेर बसोवास गर्दै आएका छन्। उनीहरू असुरक्षित र अव्यवस्थित रूपमा बस्दै आएको पाइन्छ। भूमिहीन सुकुमवासीका रूपमा बसोवास गर्दै आएका उनीहरूको समस्याका बारेमा पहिचान गर्ने र त्यसको समाधानका लागि पहल गर्नका लागि यो अध्ययन गरिएको छ। सुकुमवासी समस्यामध्ये प्रमुख समस्या उखडा र अव्यवस्थित बसोबासलाई यसमा समावेश गरिएको छ।

५. रुपन्देहीका सुकुमवासी

रुपन्देहीमा १८औँ शताब्दीअघिदेखि नै बस्तीको विकास भएको इतिहास छ। यहाँ दक्षिणको भन्दा उत्तरतिरको बस्ती अलि पुरानो हो। उत्तरतिर चुरे पर्वत र जङ्गलका छेउछाउमा फँडानी गरेर बस्ती बस्न थालेको वि.सं. १८९१ भन्दा पहिलेदेखि नै हो।

नेपालको पछिल्लो जनगणना ०६८ मा उल्लेख भए अनुसार रुपन्देहीको जनसङ्ख्या ८ लाख ८० हजार १ सय ९६ छ, जसमा महिला ४ लाख ४८ हजार ३ र पुरुष ४ लाख ३२ हजार १ सय ९३ रहेको छ। यहाँ १ लाख ६६ हजार ८ सय ३५ परिवार छन्। जसमध्ये १ लाख ३७ हजार १ सय १६ परिवार मात्रै आफ्नो घरबार भएका छन्। रुपन्देहीमा ८ हजार ६ सय १४ जति परिवार घरजग्गा केही पनि नभएका छन्।[3]

रुपन्देहीमा सुकुमवासीका नाममा ऐलानी, पर्ती जमिन, खोलाकिनार, र गुठीका जमिनहरूमा अतिक्रमण गरी बस्नेहरूको वस्ती बढेको छ। रुपन्देहीको तिनाउ, दानव, घाघरा तथा रोहीणी नदी किनार र नहरका छेउछाउमा सुकुमवासी बस्ती बसेका छन्। रुपन्देहीका बुटवल नपा, सिद्धार्थनगर नपासहित ६९ ओटै गाविसमा सुकुमवासीका नाममा बस्ती बसेका छन्। सबैभन्दा बढी बुटवलको तिनाउ नदी किनार र त्यस आसपासका नदी किनारमा छन्। त्यहाँ मात्रै करिब १० हजार सुकुमवासी बस्ती रहेको अनुमान छ। तिनाउ नदी किनारमा टप मजुवा, सिरान गाउँ मजुवा, दुर्गानगर, न्यु दुर्गानगर, बुद्धनगर, तिलोत्तमा नगर, सिर्जना नगर, न्युसिर्जना नगर गरी आठओटा बस्ती बसेका छन्। यस्तै पहिला सुकुमवासीका रूपमा बसेका तर पछि लालपुर्जा पाएका यी बस्तीहरूमा मात्र ३ हजार ३ सय २० घरधुरी रहेको जिल्ला मालपोत कार्यालयका मालपोत अधिकृत शङ्करप्रसाद सुवेदीले माघ ९ गतेको कुराकानीमा बताए।

यहाँ सुकुमवासी समस्यामध्ये उखडा, गाउब्लक, बेदर्ता, झोडासम्बन्धी बढी छन्। त्यसमध्ये पनि सबैभन्दा बढी उखडा जग्गासम्बन्धी छन्। उखडा जग्गाका बारेमा अध्ययन गर्दै आएका प्रा.डा. गितु गिरीका अनुसार रुपन्देहीमा मात्र २ हजारभन्दा बढी परिवार उखडा समस्यामा छन्। वर्षौंदेखि जोतभोग गर्दै आएका नापजाँच भएका तर, जग्गाको स्वामित्व नभएकालाई उखडा समस्या भनिन्छ। त्यसैगरी पहिलेदेखि नै बसोवास गरेका तर जग्गाको स्वामित्व आफूसँग नभएका परिवारको सङ्ख्या ६ हजारभन्दा बढी रहेको छ। यो समस्यालाई झोडा भनिन्छ।

दक्षिणको मर्चवार क्षेत्रदेखि उत्तरका बुटवलको तिनाउ, दानव, घाघरा तथा रोहीणी नदी किनार र १६/३६ नहरको डिलमा बसेका बस्तीहरूको विकास दिनप्रतिदिन बढ्दो छ। यिनै नदी किनारमै सुकुमवासी समस्या बढ्दो मात्रामा रहेको छ। जहाँका बस्तीहरू जोखिमपूर्ण र असुरक्षित पनि छन्। यी बस्तीहरूमा समुदायले नै आफ्नै स्रोतबाट (पैसा सङ्कलन गरेर) खानेपानीको व्यवस्था गरेका छन्। बिजुलीका लागि पनि उनीहरूले सामुदायिक विद्युतीकरणमार्फत एक जनाको नाममा मिटर जडान गरी त्यसैबाट सबैलाई वितरण गरेका छन्।

रुपन्देहीलाई भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीहरूको बाहुल्य रहेको जिल्ला पनि भनिन्छ। यहाँ छिमेकका विभिन्न जिल्लाहरूबाट बसाइँसराइ गरी आउने क्रम तीव्र भएकाले पनि यहाँ दक्षिणतर्फ मोही किसान, भूमिहीन श्रमिक, उखडा, गाउँब्लक पीडित किसानको बढी सङ्ख्या छ भने उत्तरतर्फका बस्तीहरूमा सुकुमवासी र अव्यवस्थित बसोवासीहरूको बाहुल्य छ। अर्कोतिर न्यून जमिन हुने गरिब किसानको ठूलो सङ्ख्यासमेत यही जिल्लामा रहेको छ। पछिल्ला समयमा तिनाउ नदी किनारमा सयौँ बस्तीहरू बसेका छन्। बगरमा छाप्रा बनाएर बस्ने हजारौँ जनता छन्। वास्तविक सुकुमवासीको पहिचान गरेर समाधान गर्न उनीहरू पटकपटक माग गर्दै आए पनि त्यो सुनुवाइ भएको छैन। संविधानसभा चुनावमा यही सुकुमवासी बस्ती नै सबैको नजरमा पऱ्यो। सुकुमवासी बस्तीमा मात्रै १० हजारभन्दा बढी मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख तुलसीराम ज्ञवालीले बताए। यही बस्तीलाई थुप्रै दलहरूले भोट बैंकका रूपमा लिँदै

3. राष्ट्रिय जनगणना-२०६८। केन्द्रीय तथ्याङ्क विभाग

सुकुमवासी समस्या समाधान गर्न पहल गर्ने प्रतिबद्धता जनाएका थिए।

५.१ के हो उखडा समस्या ?

जग्गा कमाएबापत तोकिएको हिस्सा किसानले जग्गाधनीलाई बुझाउने सिलसिलामा उखडा प्रथाको प्रादुर्भाव भएको देखिन्छ। जमिन्दारको सेवा चाकडी गर्ने, नि:शुल्क श्रम गर्ने, बेठबेगारी दिने आदि क्रममा किसानहरू आसपासमा बस्ने-बसाउने गर्दा यो प्रचलन सुरु भएको थियो। खासगरी बाँझो जग्गाको मालपोत नेपाल सरकारलाई बुझाउन असजिलो परेका बखत बाहिरबाट किसानहरू ल्याई तोकिएको बोलकबोलबमोजिम जग्गा कमाउन दिँदा कालान्तरमा यस्तो सङ्ख्या बढ्दै गयो र उखडा जग्गालाई व्यवस्थित गर्नुपर्ने बाध्यता आयो। यस परिवेशमा पश्चिम तराई क्षेत्रमा अवस्थित नवलपरासी, रुपन्देही र कपिलवस्तु जिल्लामा उखडा प्रथा सुरु भएको हो। करिब २ हजार परिवार यो समस्यामा रहेका छन्।

वि.सं. ०६१ मा रुपन्देहीमा २ हजार परिवारले उखडासम्बन्धी निवेदन दिएका थिए। सरकारको कार्य सम्पादन नियमावली, २०४७ को अनुसूची १ को खण्ड क.१ अनुसार उखडा समिति गठन गरिएको थियो। यस समितिलाई तोकिएबमोजिम कारबाही गर्न थाल्दा निकै कम सङ्ख्यामा निवेदन आएका थिए। तर, विभिन्न अड्चनले यी समस्या जीवन्त नै देखिएकाले किसानहरूको आन्दोलन तथा नागरिक समाजको दबाबको कारणले ०६९ सालमा यसको अधिकार मालपोतलाई दिए पनि कानुनी अडचनले काम पूरा गर्न नसकिएको देखिन्छ। मालपोत कार्यालय रुपन्देहीको तहसिल फाँटको तथ्याङ्कमा उखडा जग्गाका करिब २ हजार थान मिसिल रहेको ०७० पुस १० गतेको कुराकानीमा मालपोत अधिकृत शङ्करप्रसाद सुवेदीले बताए।

सूचनाको अभावले पनि कैयन् किसानहरू भूमि अधिकारबाट वञ्चित भएका छन्। सरकारले उखडा जग्गासम्बन्धी समस्या हेर्ने स्थायी निकाय वा अधिकार प्राप्त निकायको व्यवस्था गर्नुपर्दछ। तोकिएको म्यादमा काम गर्ने अधिकारी वा समिति गठन भएको सूचना सरकारले राजपत्रमा प्रकाशित गरे पनि सर्वसाधारण किसानको पहुँचबाहिर पर्दछ। गाउँ पञ्चायत वा गाउँ विकास समितिमा सूचना टाँस गर्नुपर्ने र सबैले देख्ने ठाउँमा राख्नुपर्ने कानुनी प्रावधान भए पनि गाउँका जमिन्दार वा टाठाबाठाले मात्र थाहा पाउने परम्परा हुँदा सामान्य किसानहरू सूचनाबाट समेत वञ्चित भएको अध्ययनका क्रममा जानकारी प्राप्त भयो।

५.२ वास्तविक सुकुमवासी कति ?

नेपालको जनसङ्ख्या ०६८ को जणगणना अनुसार २ करोड ६६ लाख पुगेको छ। देशमा अहिले ४७ लाख ६७ हजार १ सय ९६ घर र ५६ लाख ५१ हजार ९ सय ८४ घरपरिवार छन्। जनसङ्ख्याको चाप अनुसार ग्रामीण क्षेत्रमा भन्दा सहरी क्षेत्रमा जनघनत्व निकै उच्च रहेको देखिन्छ। जस अनुसार सहरी क्षेत्रमा १ हजार ३ सय ८१ जना र ग्रामीण क्षेत्रमा १ सय ५३ जना प्रतिवर्गकिलोमिटर मानिसको बसोवास रहेको छ।[४]

पछिल्लो तथ्याङ्क अनुसार सबैभन्दा धेरै जनघनत्व काठमाडौँ जिल्लामा रहेको छ। जहाँ ४ हजार ४ सय १६ जना प्रतिवर्गकिलोमिटर मानिसको बसोवास रहेको छ। बस्ती बसोवास संरक्षण समाजको तथ्याङ्क अनुसार नेपालमा अझै ४० लाख सुकुमवासी छन्। राजधानीमा मात्रै करिब ७० स्थानमा सुकुमवासी र अव्यवस्थित बसोवासीका बस्ती बसेका छन्। काठमाडौँपछि मुलुकका प्राय: सहरमा सुकुमवासी बस्ती बसेको छ।

०५१ सालमा एमाले सरकारमा रहेको बखत ऋषिराज लुम्सालीको अध्यक्षतामा सुकुमवासी आयोग गठन गरिएको थियो। त्यति बेला आयोगले ४८ जिल्लाका कुल ५८ हजार ३ सय ४० घर परिवारलाई २१ हजार ९ सय ७४ बिघा जमिन वितरण गरेको थियो। त्यसरी दिइएको जमिन विवादमा परेका कारण कतिपयले हालसम्म लालपुर्जा प्राप्त गर्न सकेका छैनन्।[५]

डा. बाबुराम भट्टराई सरकारको नेतृत्वको सरकारद्वारा गठित पछिल्लोपटकको सुकुमवासी समस्या समाधान आयोगले तराईका दुईसहित मुलुकभरका २५ जिल्लामा समिति गठन गरेको थियो। सोही आयोगले मुलुकभरबाट ३ लाख ९५ हजार ४ सय ५६

४. राष्ट्रिय जनगणना, २०६८। केन्द्रीय तथ्याङ्क विभाग, http://cbs.gov.np/wp content/uploads/2014/01/NPHC2011%20(Tables%20from%20Form-II).pdf

५. भट्टराई, सिद्धिचरण। *लालपुर्जा* देऊ । बुटवल : बीजी डिजाइनर्स। ०६९

सुकुमवासीहरूले दिएको निवेदनमध्ये प्रमाणित सुकुमवासीको सङ्ख्या १ लाख ५१ हजार ६ सय ३३ रहेको छ। उक्त आगोगले कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, सुर्खेत, दाङ, कपिलवस्तु, रुपन्देही, नवलपरासी, कास्की, चितवन, मकवानपुर, सिन्धुली, रौतहट, उदयपुर, धनुषा र पर्सालगायत २५ जिल्लामा सुकुमवासीका नाममा परिचयपत्र वितरण गरेको थियो। विगतको आयोगका तथ्याङ्क अनुसार हालसम्म २५ जिल्लाबाट ४ लाख २२ हजार सुकुमवासी रहेकामा पछिल्लो आयोगले नेपालमा कुल ८९ हजार सुकुमवासीलाई परिचयपत्र बाँडेको छ।[६]

तर, पछिल्लोपटक एमाओवादी नेता डा. बाबुराम भट्टराई नेतृत्वको सरकारका पालामा गठन भएको सुकुमवासी समस्या समाधान आयोगले रुपन्देहीमा सुकुमवासीका फारम सङ्कलन गर्ने र टोकन दिने काम गरेको थियो। उक्त आयोगका सदस्य तथा एमाओवादीका ४ नम्बर क्षेत्रीय संयोजक कृष्ण पोखरेलका अनुसार फारम मात्रै ३० हजार सङ्कलन भएका थिए। तर, ३ हजार जतिलाई मात्र उक्त आयोगले टोकन दिएको थियो। आयोगको रुपन्देही अध्यक्षमा भूपराज चापागाईं थिए। उक्त आयोगले रुपन्देहीमा एक जनालाई पनि जग्गाको पुर्जा वितरण नगरेको सदस्य पोखरेलले बताए। फराम सङ्कलन हुँदै गर्दा आयोग नै विघटन भएको उनी बताउँछन्।

३. सुकुमवासीका मागहरू र यसको वैधानिकता

स्वायत्त शासन लोकतान्त्रिक गणतन्त्रको मुख्य तत्त्व हो। स्थानीय स्वायत्त शासन ऐन जनतालाई स्थानीय तहमा शासनको अभ्यास गर्न र अधिकारको विकेन्द्रीकरणका लागि ल्याइएको ऐन हो। स्थानीय स्वायत्त शासन ऐन, ०५५ र त्यसको विनियमावली ०५६ बमोजिम अधिकार प्रयोग गरी दफा २८ (च) बमोजिम भू-उपयोग नीति बनाउने, भू-उपयोग नीतिबमोजिम सुकुमवासीप्रति जग्गा, वन क्षेत्रको जग्गाको व्यवस्थापन नियमावली बनाएर गाउँ परिषद्बाट पारित गर्ने र धेरै सुकुमवासी भएका गाविसले आफ्नै खालको स्थानीय घरजग्गा व्यवस्थापन एकाइ बनाएर मालपोत कार्यालयले जस्तै जग्गा खरिद बिक्री र त्यसको पास गर्ने व्यवस्था गर्ने काम गर्न सक्छ। यसो गर्दा गाविसको आम्दानी वृद्धि गर्न सुकुमवासी जग्गा व्यवस्थापन शुल्क लिने र लगत अभिलेख राख्ने, सार्वजनिक जग्गा सीमाङ्कन गर्ने काम गर्न सक्छ।[७]

अहिले गाउँमा सामुदायिक वनहरूले धेरै सार्वजनिक र खाली जग्गा एवम् वनलाई सामुदायिक वनमा रूपान्तरण गरी विधानसमेत स्वीकृत गरी व्यवस्थापन गरेकाले अतिक्रमण निकै कम भएको छ। यसकारण अब बाँकी जग्गामा अतिक्रमणको पनि त्यति सम्भावना छैन। अर्कोतिर सरकारले बाटोघाटो, खानेपानी, विद्युत्, टेलिफोन, विद्यालयजस्ता सुविधा सुकुमवासी क्षेत्रमा उपलब्ध गराएर यी वस्तीहरूलाई वैधानिकता प्रदान गरिसकेको हुँदा तत्काल गाविस र नगरपालिकाले स्थानीय तहमा अस्थायी आधार जग्गा प्रमाणपत्र उपलब्ध गराउन सक्छ। सुशासनको एउटा नमुना भूमिहीनहरूलाई भूमि, बस्तीहीनहरूलाई बस्ती र जीवीकोपार्जनको माध्यम जुटाइदिनु पनि हो।

६. सुकुमवासी समस्या हल नहुनाका कारणहरू

सुकुमवासीका समस्याका सम्बन्धमा राजनीतीकरण बढी हुने गरेको स्वयम् राजनीतिक दलहरू नै स्वीकार गर्दछन्। शक्तिशाली सुकुमवासी समस्या समाधान आयोग गठन हुनुपर्नेमा उनीहरू सहमत भए पनि सुकुमवासी बस्तीलाई भोट बैंकका रूपमा प्रयोग गरिँदा यो समस्या समाधान हुन नसकेको देखिन्छ। यसका साथै वास्तविक सुकुमवासी कति छन् भन्ने नै पहिचान गरिएको छैन। यसको पहिचान गरी तथ्याङ्क अद्यावधिक गर्नु जरुरी छ। राज्यका निकाय र राजनीतिक दलहरूका बीचमा साझा धारणा बन्न नसक्नु र दलहरूका प्रतिबद्धता कार्यान्वयन नहुनु पनि सुकुमवासी समस्या बल्झिनुका कारण हुन्। साथै, सुकुमवासी समस्या समाधानसम्बन्धी राज्यको स्पष्ट नीतिको अभाव र भएका नीतिको समेत कार्यान्वयन नहुनु नै हो।

६.१ सुकुमवासीका समस्याहरू र आधारभूत अधिकार

अधिकांश सुकुमवासी भनिएकाहरूको बस्ने

---

६. श्रेष्ठ, डम्बरकृष्ण। *सुकुमवासी समस्या कहिल्यै सुल्झेन*। हिमाल खबर पत्रिका। ०६६ पुस १-१५

७. राष्ट्रिय भू-उपभोग नीति, २०६९
http://www.molrm.gov.np/downloadfile/Land_Use_Policy_%20Final%20Version_1336114962.pdf

स्थान भनेको नदी किनारजस्ता असुरक्षित स्थानहरू रहेका छन्। उनीहरू सुरक्षित स्थानमा व्यवस्थित तरिकाले बसोवास गर्न सक्दैनन्। राज्यका निकायसमेत सुकुमवासी समस्यालाई सम्बोधन गर्न तर्फ ध्यान दिँदैन। शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत अधिकारको उपभोग गर्नबाट सुकुमवासीहरू वञ्चित रहेका छन्। रुपन्देहीका सुकुमवासी बस्तीमा विद्यालय जाने उमेरका ५ हजार बालबालिका रहेका छन् भने सातओटा सरकारी र तीनओटा निजी विद्यालयमा उनीहरूले अध्ययन गर्दै आएका छन्। सुकुमवासी बस्तीमा स्वास्थ्य सस्थाहरू छैनन् भने बिरामी हुँदा छिमेकी गाविसस्थित स्वास्थ्यचौकी तथा जिल्ला एवम् अञ्चल अस्पतालमा उपचार गर्न जाने गरेको सिर्जनानगर बस्ती विकास तथा संरक्षण समितिका अध्यक्ष नहकुल शाहीले बताए।

नदी किनारामा बसोवास गर्ने भएकाले दैवीप्रकोपको समस्या छ। विशेषगरी वर्षाको समयमा उनीहरूले जोखिम बेहोर्नुपर्दछ। वर्षाका समयमा भौतिक तथा मानवीय क्षतिसमेत हुने गरेको छ, सुकुमवासी बस्तीमा। सुकुमवासी बस्तीहरूमध्ये तिनाउ नदीको किनारमा रहेका बासिन्दाले आफैँ जनश्रम गरेर सङ्कलन गरेको रकमबाट सामुदायिक विद्युतीकरणका माध्यमबाट बिजुली र खानेपानीका लागि बोरिङ निर्माण गरेका छन्। वर्षामा तिनाउ नदीको बाढी सीधै झपुडीसम्म पुग्ने खतरा छ। हरेक वर्ष बाढीमा परी जनधनको क्षति हुने गरेको छ। अधिकांश सुकुमवासी बस्तीहरू जोखिमपूर्ण, असुरक्षित र अव्यवस्थित रहेका छन्। यसका साथै समय-समयमा राजनीतिक प्रभावका कारण सुकुमवासी बस्ती हटाउने हल्लाले समेत सुकुमवासीलाई त्रस्त बनाउँदै आएको छ। उनीहरू सरकारले व्यवस्थित ढङ्गले बसोवासको व्यवस्था मिलाइदेओस् भन्ने चाहन्छन् । राज्यले भने सुकुमवासी समस्यालाई गम्भीरतापूर्वक लिएको देखिँदैन।

७. सुकुमवासी समस्या समाधानका लागि राज्यबाट भएका प्रयासहरू

राणाशासनको पतनपछि जमिन्दार र साहू-महाजनको शोषण/उत्पीडनविरुद्ध किसानहरूले विभिन्न नामका सङ्घ तथा सङ्गठनहरू गठन गरे। अखिल नेपाल किसान सङ्घलगायतका सङ्गठनमार्फत सुकुमवासीलाई जग्गाको मालिक बनाउनुपर्ने माग राख्दै विभिन्न चरणका आन्दोलन पनि भए।

सुकुमवासीलाई जग्गा बाँड्ने सरकारी प्रयास ०१३ सालदेखि हुँदै आएको छ। पञ्चायतकालमा तराई र भित्री मधेसका जिल्लामा क्षेत्रीय बसोवास समिति, अञ्चल बसोवास समिति, वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न आयोग र वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगलगायतका धेरै निकाय गठन भएका थिए, जसलाई सुकुमवासीको छानबिन, बसोवास क्षेत्र पहिचान र जग्गा दर्ता गर्नेसम्मको अधिकार दिइएको थियो। तर, तिनले धेरैजसो जग्गा वास्तविक सुकुमवासीको भन्दा पनि गैरसुकुमवासीकै नाममा दर्ता गरेको गुनासो अझै पनि छ। यतिबेलादेखि नै बल्झिएको सुकुमवासी समस्या दिनदिनै बढ्दो छ। ०२१ मा जारी भूमिसम्बन्धी ऐनले गरेको कृषि ऋणको छानबिन गर्ने व्यवस्थाले कृषि दास र बँधुवा मजदुरसरह जीवन बिताइरहेका सुकुमवासीहरूलाई उन्मुक्ति दिएको थियो। तर, सो कानुनमा भएको हदबन्दीभन्दा बढी जग्गा त्यसकै मोही तथा सुकुमवासीहरूलाई दिने व्यवस्था पनि कार्यान्वयन भएन।[८]

प्रजातन्त्रको पुन:स्थापना ०४६ सालमा भएपछि मात्रै सुकुमवासी समस्या समाधानका नाममा बनेका विभिन्न आयोगहरूमार्फत मुलुकमा डेढ लाख परिवारलाई जग्गा वितरण गरेको भूमिसुधार मन्त्रालयको तथ्याङ्कमा छ। तत्कालीन भूमिसुधार मन्त्री बुद्धिमान तामाङको अध्यक्षतामा ०५३ वैशाखमा बनेको आयोगले २५ जिल्लामा समिति गठन गरी लगत उठाएको थियो। काङ्ग्रेस नेता चिरञ्जीवी वाग्ले नेतृत्वको आयोगले ६८ जिल्लामा समिति बनाएर लगत सङ्कलन गरेको मन्त्रालयको तथ्याङ्कमा छ। आयोगले फागुन ०५९ मा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ४२ जिल्लामा गठन गरेको समितिमार्फत ०६१ भदौसम्म ३ हजार ८१ सुकुमवासी र ४१ हजार ३५ अव्यवस्थित बसोवास गरेकालाई लालपुर्जा वितरण गरेको थियो।[९]

यसअघि गठन भएको आयोगमा ओम अर्याल जिल्ला अध्यक्ष थिए। उक्त आयोगले रुपन्देहीको सिक्टहन गाविसका ११ जना सुकुमवासी परिवारलाई सर्वदलीय सहमतिमा लालपुर्जा वितरण गरेको आयोगका उपाध्यक्ष तथा नेमकिपाका जिल्ला अध्यक्ष हरिसुन्दर

८. भट्टराई, सिद्धिचरण। *लालपुर्जा* देऊ । बुटवल : विजी विजाइनर। ०६९ फागुन
९. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, ०६५ *http://www.molrm.gov.np*

बासीले बताए। उनका अनुसार बुटवललगायत विभिन्न बस्तीका १ सय ८५ जनालाई पुर्जा वितरणको काम सुरु भएको तर विवादको अन्तिम टुङ्गो लाग्न नसकेको बताए । उनका अनुसार त्यसरी प्रक्रिया चलाइएको १ सय ८५ परिवारको जग्गामा अहिले ग्रेस्ता चल्नेलगायतका काम भएको छ। त्यतिबेला कागजात पूर्ण नभएको र सबै दलको सहमति नभएकाले विवाद उत्पन्न भएको बासीले बताए। उक्त आयोगको समयावधि सकिनु दुई दिनअगावै मुलुकका विभिन्न जिल्लाका आयोगले सङ्कलन गरेका कागजातहरू अख्तियारले नियन्त्रणमा लिएको थियो।

७.१ राष्ट्रिय कानुन तथा व्यवस्था

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ मा मौलिक हकको रूपमा सम्पत्तिको अधिकारलाई उल्लेख गरिएको छ। त्यस्तै संविधानको भाग ४ मा राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरूको व्यवस्था गरिएको छ। जस अन्तर्गत राज्यको दायित्व अन्तर्गत धारा ३३ (झ) मा सुकुमवासी, कमैया, हलिया, हरुवा, चरुवालगायतका आर्थिक, सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति राज्यले लिने उल्लेख छ।[१०]

यी सबै संवैधानिक नीति, नियम र व्यवस्था अनुसार पनि राज्यले समष्टिको सर्वोत्तम हित गर्न भूमिको न्यायोचित वितरण गर्नु जरुरी छ। भूमि उत्पादनको अनिवार्य र आवश्यक तत्त्व हो। विडम्बना के छ भने नेपालमा भूमिको न्यायोचित वितरण हुन सकेको छैन। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको शासनकालमा (०५८ साउन ३२ गते) आठबुँदे क्रान्तिकारी कार्यक्रमको घोषणा हुँदा भूमिको नयाँ हदबन्दीको घोषणा गरिएको थियो।[११] संसद्मा भूमिको नयाँ हदबन्दीसम्बन्धी विधेयक पेस हुँदा सबै दलहरूले सो विधेयकको विरोध गरेका थिए। राजनीतिक दलका नेताहरू आफूहरू दीनदु:खी र गरिबहरूप्रति सहानुभूति राख्ने पक्षमा रहेको तर व्यावहारिक रूपले गरिबी उन्मूलन गर्ने पक्षमा नरहेको स्वत: स्पष्ट पारेका छन्। प्रजातन्त्र प्राप्तिको ६३ वर्षपछि पनि राष्ट्रमा रोग, भोक, अशिक्षा, गरिबीले जरो गाडेकै छ। योजनाबद्ध कार्यक्रम थालनीको ५७ वर्षपछि पनि राष्ट्रमा निरपेक्ष गरिबीको रेखामुनि जीवन बिताउन बाध्य नेपालीहरूको सङ्ख्या २५ प्रतिशतभन्दा तल झर्न सकेको पाइन्न।[१२]

जीवन बाँच्न चाहिने न्यूनतम आधारभूत आवश्यकताहरू (जस्तै खाद्यान्न, आवास, लत्ताकपडा, शिक्षा, स्वास्थ्य, सुरक्षा, सेवा गर्न पाउने अवसरहरूको उपलब्धता र व्यक्तित्व विकासको समान सु-अवसरहरू आदि)को आपूर्ति राज्यका निकायबाट व्यवस्थित हुन सकेको छैन।[१३]

म्यानमारमा (तत्कालीन वर्मामा) क्रान्ति हुँदा कैयन् नेपालीहरू लखेटिए र शरणार्थीका रूपमा नेपाल आए। त्यस बेला श्री ५ महेन्द्रबाट यी शरणार्थीहरूलाई रुपन्देही जिल्लाको छपियामा भैरहवादेखि पश्चिम बसाल्ने काम भएको थियो।

लुम्बिनी अञ्चलमा तराईका जिल्लाहरू रुपन्देही, कपिलवस्तु र नवलपरासीमा उखडा कृषकहरू छन्। नियमानुसार दस्तुर लिएर, छानबिन गरेर, उखडा जग्गा दर्ता गरिदिने सरकारी निर्णय अनुसार उखडा अदालत खडा गरिएको थियो। रुपन्देहीका उखडा न्यायाधीशको सडक दुर्घटनामा असामयिक निधन भएपछि उखडा अदालत न्यायाधीशविहीन बन्न पुगेको थियो। हाल प्रमुख मालपोत अधिकृतलाई सो अदालतको समेत कामकाज गर्ने गरी जिम्मेवारी तोकिएकामा बढी जसो गैरनेपाली नागरिक (भारतीय) भएकाले मात्र २ सय ५० उखडा किसानहरूको (नेपाली नागरिकहरूको) दाबी पर्न आए अनुसार ६५ जनालाई जग्गाधनी प्रमाणपुर्जा प्रदान गरिसकेको र बाँकीलाई पनि क्रमश: जग्गाधनी प्रमाणपुर्जा (जाँचबुझ गरेर) दिने प्रक्रिया रहेको मालपोत कार्यालयको भनाइ छ। सुकुमवासीको सम्बन्धमा नेपालमा पटक-पटक सुकुमवासी आयोगहरू गठन भएको, भूमि वितरण पनि हुँदै आएकामा पछिल्लोपटकको सुकुमवासी आयोग विघटन हुँदासम्म पनि रुपन्देही जिल्लामा २३ हजारदेखि २४ हजार निवेदकहरूको निवेदन परेकामा आयोग विघटन

१०. नेपालको अन्तरिम संविधान, २०६३
११. उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदन, २०६५
१२. भट्टराई, सिद्धिचरण। *लालपुर्जा* देऊ । बुटवल : विजी विजाइनर। ०६९ फागुन
१३. घिमिरे पुष्प, तुलसी, स्तम्भकार। बुटवल : मेचीकाली दैनिक। ०७० पुस १६ : पृ. २

भएपछि सबै कागजातहरू पोको पारी थन्काइएको छ।[१४]

८. रुपन्देहीको सुकुमवासी समस्या समाधानका लागि प्रमुख राजनीतिक दलका स्थानीय नेताहरूको भनाइ

सुकुमवासी समस्या राष्ट्रिय समस्या रहेको विषयमा दलका स्थानीय नेताहरूबीच मतैक्य देखिन्छ। यसको समाधानका लागि सरकारको स्पष्ट नीति तथा कार्यक्रम चाहिन्छ भन्नेमा सबैको समान दृष्टिकोण पनि छ। एमालेका अध्यक्ष भोजप्रसाद श्रेष्ठ शक्तिशाली सुकुमवासी समस्या समाधान आयोग बनाएर वास्तविक सुकुमवासीको पहिचान गरी एउटा नीति बनाएर निश्चित अवधिका लागि निश्चित रकम लिएर बसोवासको व्यवस्था गर्नुपर्ने धारणा व्यक्त गर्छन्।

उनको भनाइ अनुसार रुपन्देहीमा हाल पनि झन्डै ३० हजारजति परिवार सुकुमवासी र अव्यवस्थित बसोवासीका रूपमा रहेको अवस्था छ। ४०/५० वर्षदेखि नै यस्ता बस्तीहरू बस्न थालेका हुन्। यसमा पनि कोही वास्तविक र कोही अन्यत्र पनि जग्गा भएर सुविधाका लागि सहरको नजिकमा आएका हुनसक्ने उनको धारणा छ।

काङ्ग्रेस महासमिति सदस्य युवराज गिरी यस समस्यालाई जटिल मान्दै दलहरू नै जिम्मेवार बन्न जरुरी रहेका ठान्दछन्। राज्यले पनि राजस्वका नाममा अव्यावहारिक नीति बनाएको उनको आरोप छ। उनको तथ्याङ्क एमाले नेताको तथ्याङ्कभन्दा निकै फरक देखिन्छ । उनको अनुमानमा रुपन्देहीमा वास्तविक सुकुमवासी बढीमा चार-पाँच हजारजति मात्र रहेका छन्। वास्तविक सुकुमवासीको पहिचानका लागि राज्यले एउटा मापदण्ड र निष्पक्ष आयोग बनाउनुपर्ने उनको धारण छ।

राजनीतिक दलले भोट बैंकका रूपमा पनि यस्ता बस्तीहरू बसाल्ने गरेका छन्। साथै स्वरोजगारका कार्यक्रमहरूमा पनि प्राथमिकता दिनुपर्छ। काम गर्ने वातावरण बनाइदिएपछि वास्तविक सुकुमवासी काममै लाग्छन् भने अरू ठगी गरेर बसेकाहरू आफैं छुट्टिन्छन्।

एमाओवादी रुपन्देहीका संयोजक यज्ञ पोखरेल पनि सुकुमवासी समस्या समाधानका लागि राज्यका निकाय र सबै राजनीतिक दलहरूबीच सहकार्य जरुरी रहेको धारणा व्यक्त गर्दछन्। उनी पनि सुकुमवासीलाई भोट बैंकका रूपमा प्रयोग गरिएको स्वीकार गर्दछन्।

स्थानीय विकास अधिकारी पेशलकुमार पोखरेल यस समस्यालाई समाधान गर्न राजनीतिक दलहरूको भूमिका नै महत्त्वपूर्ण ठान्दछन्। उनी रुपन्देहीमा बढीमा ५ हजार जति परिवार सुकुमवासी हुन सक्ने विचार व्यक्त गर्दछन्।

नगरपालिका मात्रै यसमा दोषी छैन्। यहाँका राजनीतिक दलहरू पनि जिम्मेवार छन्। सुकुमवासी समस्या समाधानका लागि राज्यले नै एउटा स्पष्ट नीति बनाउनुपर्छ र वास्तविक सुकुमवासीको पहिचान गरी तिनलाई निश्चित अवधिका लागि निश्चित रकम लिएर लिजमा जग्गा उपलब्ध गराउनुपर्छ। साथसाथै उनीहरूलाई स्वरोजगार बनाउने, सीपमूलक तालिमहरू दिने र काममा लगाउने खालका योजनाहरू बनाउन जरुरी छ। राज्यका निकाय नै उदासिन र गैरजिम्मेवार बन्दा समस्या झन् जटिल बन्दै गएका छन्।

बुटवल नगरपालिकाका विभिन्न स्थानमा मात्रै सुकुमवासीका नाममा करिब १० हजारजति परिवारहरूका बस्ती बसेका छन्। त्यस्ता बस्तीहरू तिनाउ, दानव नदीका किनारमा, सोह्रछत्तीस नहरका डिलमा र जङ्गलका छेउछाउमा छन्। जुन बस्तीहरू जोखिमपूर्ण अवस्थामा पनि छन्। यस्ता बस्तीलाई सुरक्षित बनाउन सकिएन भने भविष्यमा जनधन दुवैको ठूलो क्षति हुन सक्ने खतरा छ।

९. निष्कर्ष

विगतमा सुकुमवासीका रूपमा नि:शुल्क रूपमा प्राप्त भूमिको कदर नगरी औनेपौने दाममा भूमि बेच्ने प्रवृत्ति थियो। प्राकृतिक विपत्ति, बाढी, पहिरोले गर्दा मानिसहरू सुकुमवासी हुने गर्छन्। तर, विगतका आयोगहरूमा छदम्भेषी सुकुमवासीहरूलाई पार्टीका आफ्ना कार्यकर्ताहरू, आसेपासेहरूलाई पनि भूमि दिने प्रयासहरू भएको पाइन्छ। रुपन्देहीका नदीहरू, खोलाहरूको नगरमा, सरकारी भूमिमा रातारात सुकुमवासी बनेर टहरा र झुप्रा ठड्याउने, वनजङ्गल अतिक्रमण गरेर टहराहरू बनाउने व्यवसाय बनेको पाइन्छ। यसो दुष्प्रयासमा केही राजनीतिक दलहरू उनका नेता तथा कार्यकर्ताहरू एवम् भू-माफियाहरू संलग्न हुने गरेका छन्। यस्तो अवस्थामा राज्यले स्पष्ट भूमिसम्बन्धी नीति तर्जुमा गरेर वास्तविक सुकुमवासीको पहिचान गरी उनीहरूलाई सुरक्षित आवासको व्यवस्था मिलाइदिनु पर्दछ। नागरिकको मौलिक अधिकारका

१४. घिमिरे पुष्प, तुलसी, स्तम्भकार। बुटवल : मेचीकाली दैनिक। ०७० पुस १६ : पृ. २

रूपमा रहेको आवासलाई राज्यले व्यवस्थित गर्न सकेमा मात्र भूमिसम्बन्धी समस्याको समाधान हुन सक्दछ। राज्यका नीति नियमहरूसमेत कार्यान्वयन हुन नसक्दा नेपालमा सुकुमवासी समस्या समाधानतर्फभन्दा जटिलतातर्फ उम्मुख हुँदै गएको छ। यस्तो अवस्थामा समाजमा बेरोजगारी बढ्ने, आपराधिक घटनाक्रम मौलाउने हुँदा सुकुमवासी समस्यालाई गम्भीरतापूर्वक लिएर राज्य र राजनीतिक दललगायतका सरोकारवाला निकायले विशेष योजना र पहल गर्नुपर्ने देखिन्छ।

१०. सुझाव

- प्रत्येक जिल्लामा शक्तिशाली सुकुमवासी आयोग गठन गरिनुपर्छ। वास्तविक भूमिहीन घरबाट विहीन, सुकुमवासी, मुक्त कमैया, हलिया, हरुवा, चरुवाको पहिचान गरी घडेरी र खेती गर्न स-शुल्क रूपमा (किस्ताबन्दीमा मूल्य लिएर जग्गावालाई क्षतिपूर्ति दिने र राजस्व उठाउने) भूमि वितरण गरिनुपर्छ।
- वास्तविक सुकुमवासीको पहिचान गरेर जग्गाधनी प्रमाणपत्र दिइनुपर्छ।
- बुटवल नगरक्षेत्रभित्र तिनाउ नदीको किनार (झोलुङ्गेपुल वरिपरि, पक्कीपुलमुनि, बुद्धनगर क्षेत्र)मा पक्की घरहरू निर्माण भएका छन्। यी को हुन् ? कसरी त्यहाँ पक्की घरहरू निर्माण भए ? सत्यतथ्य बुझेर यदि वास्तविक सुकुमवासी हुन् भने जग्गाधनी पुर्जा दिने नीति बनाउनु पर्छ।
- नि:शुल्क रूपमा घडेरी, जग्गा प्रदान गर्नुहुन्न। भूमिबाट उत्पादकत्व वृद्धि गर्ने सत्प्रयास गरिनुपर्छ। त्यो उत्पादकत्व वृद्धि अन्नपात अथवा राजस्व वृद्धिका रूपमा हुनुपर्छ।
- अव्यवस्थित बसोवास हटाएर व्यवस्थित र सुरक्षित बसोवासको व्यवस्था मिलाउनुपर्दछ।

परिच्छेद

६

६.४ कालीकोटमा स्वास्थ्य अधिकारको अवस्था

१. पृष्ठभूमि

नागरिकको स्वास्थ्य अधिकार उसको मानवअधिकारको विषय हो। नेपालको अन्तरिम संविधान, २०६३ मा स्वास्थ्यलाई मौलिक हकका रूपमा परिभाषित गर्दै प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने व्यवस्था गरेको छ। यसै गरी मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार महासन्धिको धारा ५, ७, १० र १२, महिलाविरुद्धका सबै भेदभावसम्बन्धी महासन्धिको धारा १०, ११, १२, १४, बालअधिकारसम्बन्धी महासन्धिको धारा ६, १९, २०, २३, २४ मा समेत स्वास्थ्यको अधिकारसँग सम्बन्धित प्रावधान रहेको छ। कालीकोट जिल्लामा जिल्ला जनस्वास्थ्य कार्यालयले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत प्रमुख निकायका रूपमा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ। यस जिल्लामा जिल्ला जनस्वास्थ्य कार्यालय र त्यस अन्तर्गतका स्वास्थ्य संस्थाहरूले परिवार नियोजन, सुरक्षित मातृत्त्व, नवजात शिशु, बाल स्वास्थ्य र पोषणलगायत विभिन्न प्रतिकारात्मक, प्रवर्द्धनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्दै आएका छन्। जिल्लाका खिन, धौलागोह, माल्कोट, लालु, कोटवाडा, भर्ता, सुकाटिया, दाहाँ, पाँखा, छाप्रे, सुकाटिया, मुग्रहा गाविसहरूमा परिवार नियोजनका साधनहरूको प्रयोग दर निकै कम (१० प्रतिशतभन्दा कम) रहेको छ। मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत कर्णाली अञ्चलमा रहेको विकट हिमाली जिल्ला कालीकोट हो। नेपालको १ लाख ४७ हजार १ सय ८१ वर्ग किमि क्षेत्रफलमध्ये १ हजार ७ सय ४१ वर्ग किमि भू-भाग ओगटेको यस जिल्लाको जनसङ्ख्या १ लाख ३६ हजार ९ सय ४८ रहेको छ। नेपालको अन्तरिम संविधान, २०६३ को मौलिक हकमा आधारभूत स्वास्थ्य अधिकारका विषयमा उल्लेख गरिए पनि कालीकोटजस्ता देशका विकट जिल्लाहरूमा यसको कार्यान्वयन हुन सकेको छैन। राज्यले प्रदान गरेका स्वास्थ्य सेवाको अवस्था कालीकोट जिल्लामा कस्तो रहेको छ, थाहा पाउने उद्देश्यले यो अध्ययन गरिएको हो।

२. अध्ययनको महत्त्व

कालीकोट पर्याप्त मात्रामा औषधी नहुनु, भौगोलिक विकटता देखाउँदै विशेषज्ञ डाक्टरहरू कार्यस्थलमा नजानु, अधिकांश स्वास्थ्य संस्थामा दरबन्दीको कमी हुनु, कर्णालीका जिल्लाहरूमा अनमिको दरबन्दी कटौती गरिनुलगायतका कारणले यहाँका बासिन्दा सरकारी स्वास्थ्य सेवाबाट लाभान्वित हुन सकेका छैनन्। स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र औषधीको अभावमा प्रसूति सेवा पाउन नसकेर महिलाको मृत्यु हुने गरेको छ। समुदायमा परिवार नियोजनका बारेमा सही जानकारीको अभाव, विभिन्न किसिमका मिथ्या तथा गलत धारणाहरू एवम् नियमित सेवाको उपलब्धता नभएका कारणले सेवाको प्रयोगदरमा उल्लेख्य सुधार हुन सकेको छैन। सरकारले घोषणा गरेको निःशुल्क औषधी वितरण प्रणाली प्रभावकारी छैन। नियमित अनुगमनको अभावलगायत समस्याहरूका बारेमा राज्यको ध्यानाकर्षण गराउन यो आलेखको महत्त्व हुनेछ।

३. अनुगमनको उद्देश्य

- कालीकोट जिल्लाको स्वास्थ्य अवस्थाका बारेमा नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत राष्ट्रिय/अन्तर्राष्ट्रिय रूपमा उजागर गर्ने।
- विकट कालीकोट जिल्लाको स्वास्थ्य क्षेत्रमा रहेको साधन स्रोतको कमीले मातृ मृत्युदर, बाल मृत्युदरको अवस्थाका बारेमा राज्यका निकायलाई जानकारी गराई समाधानका लागि सचेत रहन दबाब दिन।

४. अध्ययन विधि

यो अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सरोकारवालासँग अन्तर्वार्ता, सोधखोज, स्थानीय स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी अन्य सरोकारवालासँगको कुराकानी, इन्सेक अनलाइन, स्थानीय पत्रपत्रिका, एफएममा विभिन्न समयमा प्रकाशन तथा प्रसारण भएका समाचारलाई द्वितीय स्रोतका रूपमा प्रयोग गरिएको छ।

५. अध्ययनको सीमा

जिल्लाको स्वास्थ्य अवस्था, जिल्लाका विकट गाउँमा स्वास्थ्य क्षेत्रमा राज्यले उपलब्ध गराउने सेवा सुविधा र त्यसको पहुँचका विषयमा अध्ययन गरिएकाले जिल्लाको स्वास्थ्य अवस्थाको सम्पूर्ण विवरण यस अध्ययनमा समावेश नभएको हुन सक्छ।

६. नेपालमा स्वास्थ्य अधिकारको अवस्था र सरकारी नीति

नेपालमा स्वास्थ्य उपचारको क्षेत्रमा सदियौंदेखि नै परम्परागत रूपमा औषधीमूलो गर्न धामीझाँक्रीकहाँ जाने प्रचलन छ। मल्लकालमा विदेशी मिसनहरूको प्रवेशसँगै आधुनिक औषधी पद्धति नेपाल भित्रिएको मानिन्छ। स्वास्थ्य मन्त्रालयका अनुसार नेपालमा ८३ अस्पताल, ७ सय स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र १०, प्राथमिक स्वास्थ्य केन्द्र १ सय ८०, डाक्टर ५ हजार ४ सय १५, नर्स ९ हजार १ सय ४६, एचए ५ हजार २ सय ५९, आयुर्वेदिक सेवा केन्द्र २ सय ८७, स्वास्थ्य कार्यकर्ता ३ हजार १ सय ९० रहेका छन्। नेपालको कुल बजेटमध्ये यस आर्थिक वर्ष स्वास्थ्य क्षेत्रमा ६.३ प्रतिशत बजेट छुट्याइएको छ। जिल्ला विकास समिति कालीकोटका अनुसार यस आर्थिक वर्षमा कालीकोट जिल्लामा विनियोजन गरिएको १ अर्ब ८२ करोड ११ लाख ७४ हजार रुपियाँमध्ये जिल्लाको स्वास्थ्य क्षेत्रमा ६ करोड ४३ लाख १४ हजार बजेट विनियोजन गरिएको छ। स्वास्थ्य क्षेत्रमा विनियोजन गरिएको बजेटलाई आधार मान्दा प्रतिव्यक्ति ४ सय ७९ रुपियाँ पर्न आउँछ। स्वास्थ्य मन्त्रालयले जिल्लामा पठाउनका लागि विनियोजन गरेको सबै रकम जिल्लामा नपुग्ने, पुगेको रकम पनि प्रभावकारी रूपमा उपयोग नहुने समस्याबाट अन्य क्षेत्रजस्तै स्वास्थ्य क्षेत्र पनि मुक्त रहन सकेको छैन।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६ (१) मा प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ। धारा १६ (२) मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवा नि:शुल्क रूपमा पाउने हक हुनेछ भनेर उल्लेख गरिएको छ। सरकारको नीति तथा कार्यक्रममा कर्णाली अञ्चलका जिल्लाहरूमा नि:शुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने भनिने गरिएको भए पनि त्यो व्यवहारमा कार्यान्वयन हुन सकेको छैन। गुणस्तरीय स्वास्थ्य सेवा पाउनु सबै नागरिकको नैसर्गिक अधिकार हो। सरकारले आफ्ना देशका प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न विभिन्न प्रयासहरू गरेको हुन्छ। स्थानीय स्वास्थ्य संस्थाहरूलाई स्थानीय निकायहरूमा हस्तान्तरण गर्ने क्रमको सुरुआत आर्थिक वर्ष ०५९/०६० मा गरियो। नेपाल सरकारले आफ्नो सीमित साधन र स्रोत एवम् विभिन्न सङ्घसंस्थाहरूको सहयोगमा हालसम्म २८ जिल्लाका १ हजार ४ सय ३३ स्वास्थ्य संस्थालाई स्थानीय निकायमा हस्तान्तरण गरी व्यवस्थापनको जिम्मा स्थानीय समुदायलाई दिइसकेको छ।

७. कालीकोटमा स्वास्थ्यको अवस्था

जिल्ला जनस्वास्थ्य कार्यालय, कालीकोट अन्तर्गत यस जिल्लामा जिल्ला अस्पताल एक, प्राथमिक स्वास्थ्य केन्द्र एक, स्वास्थ्य चौकी १७ तथा उपस्वास्थ्य चौकी ११ रहेका छन्। ती स्वास्थ्य संस्थामा २३ वटा वर्थिङ सेन्टर रहेका छन् भने समुदाय तथा वडास्तरमा गाउँघर क्लिनिक ६८, खोप क्लिनिक १ सय ८ रहेका छन्। यस जिल्लामा २ सय ९४ जना महिला स्वास्थ्य स्वयम्सेविकाहरूले बालस्वास्थ्य, परिवार नियोजन, सुरक्षित मातृत्त्व तथा पोषण कार्यक्रम वडास्तरमा गर्दै आए पनि आवश्यक साधनस्रोतको अभावमा यो सेवा प्रभावकारी हुन सकेको छैन। तीन जनाको डाक्टरको दरबन्दी रहेको कालीकोट जिल्ला अस्पतालमा हाल दुई जना मात्र डाक्टर कार्यरत छन्। एक जना डाक्टरले ६८ हजार ४ सय ७४ जनालाई सेवा दिनुपरेको छ। यसै गरी तीन जना स्टाफ नर्सको दरबन्दी रहेकामा यस वर्षको अन्त्यसम्म तीनै जनाको दरबन्दी रिक्त रहेको छ। २० जना हेल्थ असिस्टेन्टको दरबन्दी रहेकामा १७ जना कार्यरत छन्। एक जना हेल्थ असिस्टेन्टले ८ हजार ५५ जनालाई सेवा दिनुपर्ने अवस्था छ। यसै गरी ६१ जना अहेबको दरबन्दी रहेकामा हाल ४९ जना कार्यरत छन्। कार्यरत अहेब अनुसार एक जना अहेबले २ हजार ७ सय ९४ जनालाई सेवा दिनुपर्छ। २१ जना अनमिको दरबन्दी रहेकामा १८ जना कार्यरत रहेका छन्। जिल्लामा कार्यरत एक जना अनमिले ७ हजार ६ सय ८ जना सेवाग्राहीलाई सेवा दिनुपर्ने अवस्था छ।

जिल्लामा तीन जना मेडिकल अधिकृतको दरबन्दी तीन रहेकामा दुई जना मात्र कार्यरत रहेका छन् भने प्राथमिक स्वास्थ्य केन्द्रमा मेडिकल अधिकृतको दरबन्दी रिक्त रहेको छ। जिल्ला स्वास्थ्य कार्यालयले पनि करारमा २२ जना अनमि नियुक्ति गरी वर्थिङ सेन्टरमा नियमित सेवा दिँदै आएको छ।

कालीकोट जिल्लामा आ.व. ०६९/०७० मा मातृ मृत्युदर औसतमा १ सय ९२ प्रति १ लाख जीवित जन्ममा (रिपोर्टेड केसका आधारमा) देखाएको छ भने नवजात शिशुको मृत्युको दर १० प्रति १ हजार जीवित जन्ममा (रिपोर्टेड केसको आधारमा) रहेको छ। यसै गरी दादुरा खोपको सेवा ८१ प्रतिशत, पाँच वर्षमुनिका

बच्चाहरूको कुपोषण अनुपात ८ प्रतिशत रहेको छ। परिवार नियोजन साधनको प्रयोग दर २६ प्रतिशत रहेको छ। एचआईभी सङ्क्रमितहरूको सङ्ख्या प्रत्येक वर्ष बढ्दै गएको छ। जिल्लामा १७ जना पुरुष र महिला ११ जना गरी २८ जना एचआईभी सङ्क्रमितहरू रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो।

यसै गरी स्वास्थ्य संस्थामा डेलिभरी गराउनेको प्रतिशत जम्मा ३७ मात्र रहेको जिल्ला जनस्वास्थ्य कार्यालय कालीकोटको तथ्याङ्कमा उल्लेख छ। गर्भवतीलाई सही तरिकाले परामर्श गर्न नसक्नु, गर्भवती महिलाका लागि आवश्यक आइरन चक्की जिल्ला स्वास्थ्य कार्यालयमा नै उपलब्ध नहुनु मातृशिशु सुरक्षाका लागि प्रमुख समस्याका रूपमा रहेको छ।

८. कालीकोटमा स्वास्थ्य अधिकारको सवाल

जिल्लाका १२ ओटा गाविसहरूमा परिवार नियोजनको साधनको प्रयोग दर निकै कम अर्थात् १० प्रतिशतभन्दा कम रहेको छ। ती गाविसमा रहेका स्वास्थ्य संस्थामा आवश्यक मात्रामा औषधी, स्वास्थ्यकर्मीको उचित दरबन्दी नहुनुले, अहिले पनि विपन्न महिलाहरू उचित प्रसूति सेवा नपाएर मृत्युको मुखमा पुग्नुपर्ने बाध्यता रहेको छ। लामो समयका लागि अपनाइने परिवार नियोजन साधनहरू स्वास्थ्य संस्थामा नहुनु र भए पनि यसप्रति जनताको चासो नहुनुले मातृमृत्यु र बालमृत्यु दरमा वृद्धि भएको छ। कालीकोट जिल्ला सबैजसो गाविसमा खोप सेवा उपलब्ध भए पनि मालकोट, रुप्सा, गेला, ओदानकु, पाखा, कोटबाडा, लालु, मुग्राहा र राचुली गाविसमा खोप सेवाको उपलब्धता बढाउनुपर्ने आवश्यकता रहेको छ। ग्रामीणस्तरमा अझै पनि खोपबारे चेतनामा कमी, नियमित तथा पूर्ण खोप लगाउनमा उदासिनता प्रमुख समस्याका रूपमा रहेका छन्। बीसीजी र दादुरा खोप नियमित र पूरा नलगाउने प्रवृत्ति पनि देखिएको छ। यस भेगमा झन्डै १८ प्रतिशत बालबालिकालाई उनीहरूका अभिभावकले नियमित तथा पूरा खोप लगाउने नगरेको देखिएको छ।

यसै गरी जनस्वास्थ्य कार्यालयको तथ्याङ्कलाई आधार मान्दा आर्थिक वर्ष ०६७/०६८ मा तौल लिइएका २२ प्रतिशत बच्चाहरूमध्ये ११ प्रतिशत बच्चाहरू कुपोषित रहेका थिए। यही आर्थिक वर्षमा कडा निमोनिया भएका बच्चाहरू ८ प्रतिशत र आर्थिक वर्ष ०६९/०७० मा कडा जल वियोजन भएका बच्चाहरूको प्रतिशत ०.९४ देखिएको छ। सरकारी तथा गैरसरकारी संस्थाका स्वास्थ्य कार्यक्रम लक्षित वर्गसम्म नपुग्नु, ग्रामीण क्षेत्रका अधिकांश आमाहरू निरक्षर हुनुलाई पनि जिल्लाको प्रमुख स्वास्थ्य समस्याका रूपमा लिन सकिन्छ। स्वास्थ्यकर्मीहरूबाटै एचआईभी सङ्क्रमितहरूप्रति अपहेलना हुने गरेको, एचआईभी सङ्क्रमितहरूका लागि आवश्यक PMTCT र ART सेवा नहुनु, स्वास्थ्य संस्थामा औजार निर्मलीकरण हुने नगरेको, स्वास्थ्य कार्यकर्ता तथा महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई पर्याप्त तालिम नहुनुजस्ता समस्या पनि विद्यमान छन्।

९. खाद्य अधिकारको अवस्था

बाँच्नका लागि पर्याप्त खान पाउनुका साथै स्वस्थ जीवनयापन गर्न पाउनु प्रत्येक मानिसको आधारभूत अधिकार हो। अझ आफ्ना नागरिकहरूलाई गुणस्तरीय, पोषणयुक्त खाना, शारीरिक आवश्यकता अनुसारको खाद्यान्न प्राप्त गराउनु राज्यको दायित्व हो। तर, पोषणयुक्त खानेकुरा पाउनु त कता हो कता, कालीकोटजस्ता विकट जिल्लाहरूमा बिहान-बेलुकी छाक टार्न नपाएर कुपोषणका कारण मृत्यु हुने गरेको छ। खाद्य अधिकार भन्नाले मानवीय आवश्यकता अनुसार पाउनुपर्ने उचित पोषणयुक्त स्वच्छ खानाको अधिकारलाई बुझिन्छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार प्रत्येक मानिसले २४ घन्टामा तीनपटक खाना खान पाउनुपर्छ। संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ)का अनुसार दैनिक १८ सय किलो क्यालोरीभन्दा कम शक्तिको खाद्य उपभोग भएकालाई भोकमरी वा भोको मानिन्छ। कालीकोट जिल्लामा २९ गाविस र १ लाख ३६ हजार ९ सय ४८ जनसङ्ख्या रहेको छ। यस जिल्लाका स्थानीयवासीहरूको जीविकोपार्जनको प्रमुख आधार कृषि नै हो। २७ हजार ५० मेट्रिक टन खाद्यान्न आवश्यक हुने कालीकोट जिल्लाभित्र १४ हजार ४ सय ७९ मेट्रिक टन मात्र उत्पादन हुने गरेको छ। तथ्याङ्कका अनुसार जिल्लामा १२ हजार ५ सय ७१ मेट्रिक टन खाद्यान्न अपुग रहँदै आएको जिल्ला विकास समिति कालीकोटद्वारा प्रकाशित ०७०/०७१ को योजना पुस्तिकामा उल्लेख छ। जिल्लाको खाद्य गोदाममा चामल स्टक भए पनि संस्थाद्वारा निर्धारित परिणाममा मात्र खरिद गर्न पाइने नियमका कारण सर्वसाधारणले चामल खरिद गर्न सकेका छैनन्। यस जिल्लामा वितरण गरिने खाद्यान्नको स्तर मध्यम गुणस्तरको हुने गर्दछ। केही व्यक्तिहरूलाई सहज भए पनि अधिकांश सर्वसाधारण जनतालाई

खाद्यान्न प्राप्त गर्न सहज छैन। जिल्लामा वितरण गरिने खाद्यान्न करिब ६ महिनासम्म भण्डारण हुने गर्दछ। बर्सेनि भोकमरीको चपेटामा परिरहने पलाता क्षेत्र, खिन, धौलागोह, थिर्पु, नानीकोट र राम्नाकोट गाविसका बासिन्दाहरूले खाद्यान्न सङ्कट भोग्नुपरेको छ।

१०. खोप र बाल स्वास्थ्यको अवस्था

जिल्ला स्वास्थ्य कार्यालय, कालीकोटको वार्षिक प्रतिवेदन ०६९/०७० अनुसार खोप कभरेज गत तीन वर्षको तथ्याङ्कका अनुसार जिल्लामा बीसीजी खोप लगाएका एक वर्षमुनिका शिशुहरूको सङ्ख्या ९९ प्रतिशत छ। यसै गरी डीपीटी-३ खोप लगाएका शिशुहरूको सङ्ख्या ८८ प्रतिशत छ। यसै गरी दादुरा खोप लगाउने शिशुको सङ्ख्या ८१ प्रतिशत छ। कालीकोट जिल्लामा खोप लगाउने शिशुहरूको सङ्ख्या बढिरहेको देखिए पनि मालकोट, रुप्सा, गेला, ओदानकु, पाखा, कोटबाडा, लालु, मुग्राहा र राचुली गाविसमा खोपका बारेमा अभिभावकहरूमा चेतना बढाउनुपर्ने देखिन्छ। समुदायमा अझै पनि खोपबारे चेतनामा कमी, नियमित तथा पूर्ण खोप लगाउनमा लापरवाही र बीसीजी र दादुरा खोपबीचको ड्रप आउट दर झन्डै १८ प्रतिशत रहेको छ।

११. खानेपानी तथा सरसफाइ सुविधा

जिल्लामा सार्वजनिक धाराको सङ्ख्या १५ सय ५५ छ। खानेपानीको पहुँच ८०.४० प्रतिशत रहेको छ, शौचालय प्रयोग गर्ने ९८ प्रतिशत, साधारण खाल्टे शौचालय प्रयोग गर्ने ५ प्रतिशत, आधुनिक प्यान शौचालय प्रयोग गर्ने ८८ प्रतिशत रहेका छन्। कालीकोट जिल्ला ०७० सालमा खुला दिसामुक्त घोषणा भएको थियो। यस तथ्याङ्कका आधारमा जिल्लामा ८८ व्यक्तिले एक सार्वजनिक धारा प्रयोग गर्ने गर्दछन्। खानेपानी तथा सरसफाइ सुविधा प्रभावकारी बनाउनका लागि पानीको आपूर्ति, फोहरमैला, खाद्य पदार्थको सुरक्षा तथा खाद्य पदार्थको सरसफाइ, आवास, स्वच्छ हावालगायतका विषयमा ध्यान दिनु जरुरी छ।

१२. कालीकोटमा स्वास्थ्य अधिकारको आवश्यकता

- कालीकोट जिल्लाको विकट पलाता क्षेत्र खिन, धौलागोह, थिर्पू, राम्नाकोट र नानीकोट गाविसमा स्वास्थ्य सेवाको उपलब्धता अत्यन्तै न्यून छ। यहाँका नागरिक सामान्य ज्वरो आउँदा सिटामोलसमेत पाउँदैनन्। झाडापखाला लागेर मृत्यु हुने मानिसहरूको सङ्ख्यामा कमी आउन सकेको छैन। स्थानीय स्वास्थ्य संस्थामा जीवनजलसमेत उपलब्ध छैनन्।
- कालीकोट जिल्लाको स्वास्थ्य अवस्थालाई हेर्दा समग्रमा सम्पूर्ण खोपको कभरेज राम्रो देखिए पनि मालकोट, रुप्सा, गेला, ओदानकु, पाखा, कोटवाडा, लालु, मुग्राहा र राचुलीमा खोपको पहुँच पुगेको छैन।
- समुदायमा अझै पनि खोपबारे चेतनामा कमीका कारण बालबालिकाले समयमा खोप नपाउने अवस्था रहेको छ।
- २२ प्रतिशत बच्चाहरूको तौल लिइएकामध्ये ११ प्रतिशत बच्चाहरूमा कुपोषण भएको पाइएको छ।
- कडा निमोनिया भएका बच्चाहरूको मृत्यु भइरहेको छ। कडा जलवियोजन भएका बच्चाहरूको प्रतिशत ०.९४ देखिन्छ।
- सरकारी तथा गैरसरकारी संस्थाका कार्यक्रमहरूको पहुँच लक्षित वर्गसम्म पुग्न सकेको छैन।

१३. स्वास्थ्य सेवाको आपूर्तिको अवस्था

'सबैलाई नि:शुल्क स्वास्थ्य' भन्ने अवधारणा अनुसार उपस्वास्थ्य चौकीबाट २५, स्वास्थ्य चौकीबाट ३५, प्राथमिक स्वास्थ्य केन्द्र एवम् जिल्ला अस्पतालबाट ४० प्रकारका औषधीहरू नि:शुल्क वितरण गरिनुका साथै २५ शय्यासम्मका जिल्ला अस्पतालसरहका स्वास्थ्य संस्थाहरूमा नि:शुल्क उपचार सेवा उपलब्ध गराउनुपर्ने नेपाल सरकारको नीति रहे पनि भौगोलिक विकटताका कारण कालीकोट जिल्लाको सदरमुकामसम्म औषधी ढिला पुग्ने, पुगे पनि मिति सकिएका औषधी मात्र पुग्ने गरेको छ। जिल्ला जनस्वास्थ्य कार्यालयमा भण्डारण गरिएका औषधीसमेत ढुवानीको अभावमा विकट गाविसहरूमा पुग्न सकेको छैन। राज्यले दिने गरेको नि:शुल्क औषधी केवल नारामा सीमित भएको छ। तर, उनीहरूले चर्को मूल्य तिरेर पनि औषधी नपाउने अवस्थाले गर्दा बर्सेनि बालबालिका, गर्भवती महिला, वृद्धाहरू अकालमै मृत्युको सिकार हुने गरेको पाइन्छ।

१४. स्वास्थ्य सेवा दिने निकायहरू

कालीकोट जिल्लामा स्वास्थ्य सेवा दिने कार्यालयहरू जिल्ला अस्पताल, जिल्ला जनस्वास्थ्य

कार्यालय, जिल्ला आयुर्वेदिक औषधालय, सामुदायिक स्वास्थ्य केन्द्र, इलाका स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, निजी क्लिनिकहरू रहेका छन्।

१५. स्वास्थ्य संस्थाहरूमा औषधी उपलब्धताको अवस्था

जिल्लाको एक मात्र जिल्ला अस्पतालमा सामान्य औषधीबाहेक अन्य औषधी उपलब्ध हुँदैनन्। गाउँमा रहेका स्वास्थ्य चौकीहरूमा सामान्य खालका औषधीसमेत पाइँदैन। औषधी ढुवानीका लागि सरकारले बजेट उपलब्ध नगराएका कारण गाउँका स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकीहरूका लागि आएको औषधी पनि उपलब्ध नभई सदरमुकाममै थन्किने गरेको छ।

१६. स्वास्थ्य अधिकारबारे सरोकारवाला निकायको भनाइ

जिल्लाका राजनीतिक दलहरूको अदूरदर्शिताका कारण स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा सोचे अनुसारको काम हुन सकिरहेको छैन। स्वास्थ्य क्षेत्रमा लगानी गर्ने एनजीओ, आईएनजीओहरूलाई राम्रो वातावरण बनाए स्थानीयवासीले राम्रो सुविधा पाउने देखिन्छ। जिल्ला अस्पतालदेखि गाउँका स्वास्थ्य चौकीसम्ममा आवश्यक मात्रामा खानेपानी, भवन, शौचालयको सुविधा नहुँदा बिरामीलाई थप समस्या उत्पन्न भएको छ। यसतर्फ सबैको ध्यान केन्द्रित हुन आवश्यक रहेको जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख डा. सूर्यप्रसाद भुसाल बताउँछन्।

राज्यले कानुनमा उल्लेख गरे अनुसारको आधारभूत अधिकार स्वास्थ्यको अधिकारलाई जस्तै पोषण, प्रजनन स्वास्थ्य, वातावरण, सुत्केरी स्वास्थ्यलगायत सबै अधिकारहरू सेवाग्राहीले पाउनु पर्दछ। ३६ प्रतिशत मात्र गर्भवती महिलाहरू प्रसूति हुन स्वास्थ्य संस्थामा पुग्ने भएको हुनाले यसलाई बढाउन राज्यले विशेष कार्यक्रम ल्याउनुपर्ने प्रगतिशील स्वास्थ्यकर्मी सङ्घका अध्यक्ष कटकबहादुर महत सुझाव दिन्छन्।

सरकारले स्वास्थ्यजस्तो संवेदनशील विषयमा अनुगमन प्रणाली अलि कडा गर्नुपर्ने थियो, त्यो हुन सकेको छैन। गाउँका नागरिकलाई कति औषधी निःशुल्क पाइन्छ ? कुन-कुन औषधी हुन्छ, जानकारी नै छैन। अहेबहरू गाउँमा भेटिँदैनन्। सामान्य रुघा लाग्दा जिल्ला सदरमुकाम पुग्नुपर्दछ, यसलाई राज्यले समयमै ध्यान दिन आवश्यक छ। बर्सेनि झाडापखाला, निमोनिया रोगले बालबालिकाको मृत्यु भइरहेको छ। यसका लागि ठोस योजना नदेखिएको गाविस स्वास्थ्य संस्था व्यवस्थापन समिति अध्यक्ष एवम् पाँखा गाविस सचिव तिलबहादुर विष्टको भनाइ छ।

१६. जिल्ला जनस्वास्थ्य कार्यालयको योजना र भावी कार्यक्रम

- सबै उपस्वास्थ्य चौकीहरूलाई स्वास्थ्य चौकी बनाउने, इलाका स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा परिणत गर्ने।
- यस जिल्लाका पाँच वर्षमुनिका २२ हजार ४ सय ९४ बालबालिकालाई खोप सेवा उपलब्ध गराई सम्पूर्ण बालबालिकालाई सबै खोपहरू सतप्रतिशत पुऱ्याउने।
- जिल्लामा 'एक स्वास्थ्य संस्था, एक विशेषता' भन्ने नारालाई सार्थक बनाउने।
- जिल्लाका विकट गाविसमा औषधीको सहज पहुँच पुऱ्याउने प्रसूति केन्द्रको व्यवस्था गर्ने।
- समुदायस्तरसम्म पहुँच बढाउन आमसञ्चारलाई एकीकृत तथा स्वास्थ्य शिविरहरूमा अवसरको खोजी गर्न अन्तरव्यक्ति सञ्चार कार्यक्रम सञ्चालन गर्ने।
- नागरिकलाई स्वास्थ्यसम्बन्धी जनचेतना जगाउन स्थानीय सञ्चार माध्यमबाट सन्देशमूलक कार्यक्रम सञ्चालन गर्ने।
- ग्रामीण तथा पहुँच नपुगेको क्षेत्रमा बढीभन्दा बढी औषधी उपचारको व्यवस्था मिलाउन थप जनशक्तिको माग गरी सम्बन्धित क्षेत्रमा पठाउने।
- एचआईभी एड्सजस्ता प्राणघातक रोग लाग्न नदिन चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

१७. चेतना अभिवृद्धिको प्रयास

मातृमृत्युको अनुपात, नवजात मृत्युदर र कुल प्रजनन दर घटाउन निर्दिष्ट लक्षित समूहमा परिवार नियोजन, मातृ स्वास्थ्य, बाल स्वास्थ्य, एचआईभी तथा किशोरकिशोरीको प्रजनन स्वास्थ्य तथा यौन स्वास्थ्यसम्बन्धी जनचेतना जगाउने, माग बढाउने तथा व्यवहार परिवर्तनमा सहयोग पुऱ्याउन जनस्वास्थ्य कार्यालय क्रियाशील रहेको छ। क्षमता तथा अन्तरव्यक्ति सञ्चारको माध्यमबाट चेतनाको विकास गरी सेवा प्रदायकको स्वास्थ्य सेवाको गुणस्तरमा सुधार ल्याउने। समुदायमा आधारित वार्ता, वकालत र सामाजिक परिचालनमार्फत सहयोग तथा समर्थनको

वातावरण सिर्जना गर्ने। धेरै मानिसहरू भेला हुने ठाउँहरूको पहिचान गरी स्वास्थ्य सूचनाहरू सोही ठाउँमा प्रवाह गर्ने रहेका छन्। जस्तै: सिनेमा हल, निजी स्वास्थ्य क्लिनिकहरू, गाउँघर तथा खोप क्लिनिकहरूमा सूचना प्रवाह गर्ने आदि पर्दछन्।

१८. स्वास्थ्य सेवा लिनका लागि देखिएका अवरोध तथा सामाजिक/धार्मिक विश्वास

बिरामी हुनेबित्तिकै धामीझाँक्रीकहाँ लैजाने र निकै गम्भीर भएपछि मात्र स्वास्थ्य संस्था लैजाने परम्परा समाजमा अझै विद्यमान छ। महिलाहरूलाई स्वास्थ्य सेवा लिनका लागि अझै पनि पतिको अनुमति आवश्यक पर्छ। पति, सासू तथा अन्य परिवारका सदस्यहरू सकेसम्म स्वास्थ्य सेवा लैजान प्रोत्साहन गर्दैनन्। छोराको आशामा धेरैपटक गर्भवती हुनुपर्ने अवस्था विद्यमान छ। स्वास्थ्य संस्थामा प्रसूति गराउन लैजाने चलन अझै विकास भइसकेको छैन। परिवार नियोजनको साधनले नराम्रो असरहरू गर्छ भन्ने धारणा समाजमा कायम छ।

१९. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति

गुणस्तरीय स्वास्थ्य सेवा पाउनु सबै नागरिकको नैसर्गिक अधिकार हो। त्यसैले सरकारका तर्फबाट प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न विभिन्न प्रयासहरू गरिएका हुन्छन्। हाम्रो देशमा पनि यो प्रयास जारी छ। यो कुरा नेपालको संविधानले पनि व्यवस्था गरेको छ। विगतका दशकहरूमा अन्य देशहरू र हाम्रै नेपालमा पनि भएका विभिन्न विकासका प्रयासहरूलाई विश्लेषण गर्दा स्थानीय तहका मानिसहरूलाई विकास कार्यको व्यवस्थापन जस्तै: समस्याको पहिचान गर्ने, समाधानका उपायहरूको खोजी गर्ने, स्रोत साधनको परिचालन गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने आदि कार्यहरूमा सहभागी गराउँदा कम लागत, प्रभावकारिता बढेको साथै बढी दिगोपन तथा सबैलाई समावेश गराउँदा अपनत्वको भावनाको विकास भएको तथ्य सर्वमान्य भइसकेको छ। यही तथ्यलाई आधार मानेर नेपाल सरकारले ०५५ सालमा विकेन्द्रीकरणको सिद्धान्तमा आधारित स्थानीय स्वायत्त शासन ऐन पारित गरी स्थानीय स्वास्थ्य संस्थाहरू क्रमश: स्थानीय निकायलाई हस्तान्तरण गरी स्थानीय समुदायको सहभागिता बढाउँदै लैजाने निर्णय गरिसकेको छ।

आर्थिक वर्ष ०६७/०६८ मा यूएसएआईडी-नेपाल परिवार स्वास्थ्य कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा जिल्ला स्वास्थ्य कार्यालयले सो समितिहरूलाई तीनदिने क्षमता विकास तालिम दिएको थियो। उक्त तालिमपश्चात् करिब एक वर्षसम्म व्यवस्थापन समितिको नियमित बैठक बस्ने, आवश्यक छलफल गरी निर्णय गर्ने, स्थानीय स्रोतको खोजी गर्ने, स्वास्थ्य संस्था तथा पीएचसी, ओआरसी र खोप क्लिनिकमा अनुगमन गर्नेजस्ता क्रियाकलापहरू भएको देखिन्छ। तर, त्यसपछिका समयमा बैठकमा बस्न क्रमश: कमी हुँदै गएको, गणपूरक सङ्ख्यामा कमी हुन थालेको र आवश्यक छलफल तथा निर्णय गरी कार्य योजना बनाएको देखिँदैन।

२०. निष्कर्ष

राज्यले कानुनी रूपमा मौलिक हक भनेर राखे पनि कालीकोटजस्ता विकट जिल्लाका नागरिकले कानुनमा उल्लेख भए अनुसारको सेवासुविधा पाएका छैनन्। विकट जिल्लाका लागि भनिएका नि:शुल्क औषधी तथा स्वास्थ्य सेवा नाम मात्रका छन्। अझ यस जिल्लाको विकट गाविसहरूमा सिटामोल, जीवनजलसमेत नपाएर ज्यान गुमाउनुपर्ने अवस्था छ। त्यसैले यस्तो अवस्थामा राज्यले यस जिल्लाका नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्नुका साथै यस क्षेत्रमा भएका ऐन-कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

२१. समग्रमा देखिएका स्वास्थ्य समस्याहरू

- उपचार सेवाका आवश्यक भागहरू निर्धारण गरिए अनुसार कुनै पनि तहमा तोकिए अनुसारको स्वास्थ्य सेवा उपलब्ध नहुनु।
- उपचारात्मक, पुन:स्थापनात्मक र प्रतिरोधात्मक जनस्वास्थ्य सेवाबीच एकआपसमा समन्वयको अभाव रहेको।
- जिल्ला अस्पतालमा उपलब्ध स्रोत साधनको सेवा प्राप्त गर्ने जनसङ्ख्याको आकारसँग कुनै सम्बन्ध राख्दैन।
- तालिम प्राप्त कर्मचारीको कमी, दरबन्दी अनुसार कर्मचारी उपलब्ध नहुनु।
- स्वास्थ्य संस्थाबाट पुऱ्याइएका स्वास्थ्य सेवाहरूले निर्धारित मापदण्ड पूरा नगर्नु।
- परम्परागत चिकित्सा पद्धतिमा उपचारात्मक विधिको विकास र विस्तारका लागि ठोस रणनीति, कार्यनीति र योजनाको अभाव हुनु।

- आधुनिक र परम्परागत चिकित्सा उपचार पद्धतिमा सरकार, गैसस/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र निजी क्षेत्रबीच समन्वय र प्रभावकारी संयन्त्रको अभाव हुनु।

२२. **सुझाव**

- अस्पताल व्यवस्थापन समिति सक्रिय नहुँदा जिल्ला अस्पतालको अवस्था नाजुक हुँदै गएको हुनाले यसलाई सक्रिय गराइनुपर्ने।
- कर्णाली अञ्चलका जिल्लाहरूका लागि भनेर नेपाल सरकारले लागू गर्दै आएको नि:शुल्क स्वास्थ्य सेवा प्रभावकारी ढङ्गले विकट गाउँसम्म लागू हुनुपर्ने।
- स्वास्थ्य क्षेत्रमा बनाइएका राष्ट्रिय/अन्तर्राष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्ने।
- दुर्गम क्षेत्रमा मिहिनेतका साथ काम गरिरहेका स्वास्थ्यकर्मीहरूको मूल्याङ्कन गरी पुरस्कारको व्यवस्था गर्नुका साथै सेवा सुविधामा वृद्धि गर्नुपर्ने।
- उपचारात्मक, पुन:स्थापनात्मक र प्रतिरोधात्मक स्वास्थ्य सेवाबीच समन्वय बढाउनुपर्ने।
- जनसङ्ख्याका आधारमा कर्मचारी संरचना, सामग्री, उपकरण र आवश्यक सुविधाको व्यवस्था गरिनुपर्ने।

सन्दर्भ सामग्री

- District Public Health, Kalikot Annual Report 2069/070
- NHSP-IP 2 (2010-2015)
- District Public Health, Kalikot HMIS Data 2069/070
- District Population Profile 2069/070, DHO Kalikot
- District Development plan 070/71 of Kalikot District Development committee
- Annual Review Report 2069/070 of District Development committee, Kalikot
- Discussion with WCO Supervisor/ Staffs, Kalikot
- Nepal Census Report 2011 Vol.II
- Nepal Census Caste Ethinicity Population_2058
- Discussion with Kalikot DHO Supervisors/ Focal persons to gap identification
- Kalikot District Rapid Assessment Report 2013
- Discussion with BNMT, ADRA/Safemotherhood Network Federation staffs
- जिल्ला वस्तुगत प्रतिवेदन २०६५, जिल्ला विकास समिति, कालीकोट
- मानवअधिकार वर्षपुस्तक २०१३, इन्सेक
- इन्सेक अनलाइन
- नेपालको अन्तरिम संविधान, २०६३
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सङ्क्षिप्त परिचय तथा प्रगति विवरण, २०७०

परिच्छेद

६

६.५ डडेल्धुरामा मुक्त हलियाको अवस्था

१. पृष्ठभूमि

एक्काइसौँ शताब्दीमा पनि विश्वका झन्डै तीन करोड मानिस दाससरह जीवन बिताइरहेको तथ्य ग्लोबल स्लेभरी इन्डेक्स २०१३ मा उल्लेख छ। तीमध्ये ७० प्रतिशत एसियामा छन्। अस्ट्रेलियाको वाक फ्रि फाउन्डेसनले आधुनिक किसिमको दास प्रथालाई अध्ययनको आधार बनाएर यो प्रतिवेदन तयार पारेको हो। उक्त अध्ययन अनुसार कुल जनसङ्ख्याका आधारमा दासदासीसरह रहेका जनसङ्ख्याको आधारमा नेपाल पाँचौँ राष्ट्रका रूपमा पर्दछ। नेपालमा लगभग २ लाख ५० हजार मानिस दासदासीसरह रहेको उक्त अध्ययनले बताउँछ।[१] इन्टरनेसनल लेबर अर्गनाइजेसनका अनुसार विश्वमा झन्डै २ करोड १० लाख मानिस बाध्यश्रममा लगाइने गरेका छन्।

दास प्रथाको सुरुआत यसै समयदेखि भयो भन्ने कुरा किटान गर्न सम्भव छैन। भारतको प्राचीन ग्रन्थ मनुस्मृतिमा दास प्रथाको उल्लेख गरेको पाइन्छ। चीनमा १८-१२औँ शताब्दी ई.पू.मा दासत्व रहेको उल्लेख भएको पाइन्छ। १५औँ शताब्दीमा अफ्रिकामा पनि दास व्यापार फैलिएको थियो। बेलायतमा सन् १८०७ मा दासप्रथा उन्मूलन कानुन लागू भएको थियो भने सन् १८०८ मा अमेरिकामा। सन् १८३३ सम्म ब्रिटेनले आफ्नो सम्राज्यभरबाट दास प्रथा उन्मूलन गरेको घोषणा गरेको थियो।

यसै विश्व परिस्थितिमा नेपालमा वि.सं. १९८५ मा प्रधानमन्त्री चन्द्रशमशेरले नेपालमा कमारा-कमारीलाई मुक्त गरेका थिए। विश्वमा यसप्रकारका वैधानिक प्रयासहरू भए तापनि दासत्वका नयाँ शैलीहरू व्यवहारमा देखा पर्न थाले। विश्व मजदुर सङ्गठनले बाँधाश्रम, बालविवाह तथा बलात विवाह, बाध्यश्रम, वंशानुगत दास, मानव बेचविखन र बालश्रमलाई आधुनिक दासप्रथाका रूपमा स्वीकारेको छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ र दास, दास व्यापार तथा दास समानका व्यवहार र यस्ता संस्था उन्मूलनका लागि संयुक्त राष्ट्रसङ्घको सन् १९५६ को पूरक महासन्धिमा आधुनिक दास प्रथामाथि रोक लगाउने प्रावधान रहेको छ। उपरोक्त आधारमा हेर्ने हो भने नेपालमा कमैया, हलिया, हरुवा, चरुवालगायतका श्रम आधुनिक दासत्वका रूपमा अस्तित्वमा रहँदै आएका छन्। नेपालको सुदूरपश्चिम र मध्यमपश्चिमका केही जिल्लामा भने हलिया प्रथा प्रचलनमा रहेको छ। यो प्रथामा कामदारलाई सुरुआतमा केही ऋण वा जग्गा उपभोग गर्न दिइन्छ र त्यसको ब्याजबापत उनीहरूले मालिकको जग्गामा काम गर्छन् र त्यसको साटो केही नगद वा जिन्सी पनि पाउँछन्, जो यति अपर्याप्त हुन्छ कि उनीहरू कहिल्यै ऋण मुक्त हुन सक्दैनन्। र, यो पुस्तौँ पनि यथावत् रहन सक्छ।

नेपालको सुदूरपश्चिमका नौ जिल्ला तथा मध्यपश्चिमका चार जिल्ला गरी १२ ओटा जिल्लाहरूमा हलिया प्रथाजनित समस्या विद्यमान रहेको छ। समाजको उपल्लो जातका (बाहुन, क्षेत्री, ठकुरी)हरूले हलो जोत्नु हुँदैन भन्ने अन्धविश्वासले गर्दा यो प्रथा कायम रहेको मानिन्छ। हलिया प्रथा अन्तर्गत उपल्लो जातका साहूबाट ऋण लिएबापत वा उनीहरूले बसोवासका लागि केही जग्गा दिएबापत अत्यन्त गरिब अझ खासगरी दलित जातिका व्यक्तिहरू त्यस ऋणको ब्याज चुक्ताबापत साहूको घरमा हलो जोत्न बाध्य हुनु पर्दथ्यो। आफूले लिएको साँवा रकम नतिरेसम्म सो व्यक्ति हलियाबाट मुक्त हुन पाउँदैन थियो।

ऋण तिर्ने वैकल्पिक उपाय नभएका कारण पुस्तौँदेखि हलिया बस्दै आउनेहरूको सङ्ख्या झन्डै २० हजार रहेको मानिन्छ। दास प्रथाको अवशेष भएको भन्दै यस प्रथाको अन्त्यका लागि राष्ट्रव्यापी अभियान सञ्चालन गरेपछि ०६५ भदौ २१ गते नेपाल सरकारले यसको अन्त्य भएको औपचारिक घोषणा गरेको थियो।

२. अध्ययनको महत्त्व

हलिया प्रथा बाँधाश्रम प्रणालीकै एक रूप हो। यस प्रकारका प्रथाहरूको अन्त्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा नै कानुनहरू निर्माण गरिएका छन्। संयुक्त राष्ट्रसङ्घद्वारा पारित मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा नै सबै मानिसहरू समान हुन्छन्, कसैलाई पनि कुनै पनि बहानामा विभेद गर्नु हुँदैन भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गरेको छ। यसका साथै संयुक्त राष्ट्रसङ्घले दास प्रथाका रूपमा रहेका हलिया प्रथा, कमैया प्रथालगायतका प्रथाहरूको अन्त्यका लागि केही बाध्यकारी महासन्धिहरू निर्माण गरेको छ। नेपालले हस्ताक्षर गरेका महासन्धिहरूमा अन्तराष्ट्रिय श्रम सङ्गठनको बाँधाश्रम उन्मूलन महासन्धि, १९३० र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९६ मा जाति, रङ्गभेदविरुद्धको समानताको अधिकार,

१. http://www.globalslaveryindex.org/ Walk free foundation ०७० पुस १५ गते हेरिएको

सम्मानपूर्वक बाँच्न पाउने अधिकार, उचित ज्याला पाउने हकको प्रत्याभूति, दासदासी राख्न नपाउने व्यवस्था गरिएका छन्। नेपालको अन्तरिम संविधान, २०६३ को धारा २९ को १, २, ३ ले कसैले कसैलाई प्रथा, प्रचलन र परम्पराका आधारमा दास-दासी, कमारा-कमारी र बाँधा बनाउन नपाउने व्यवस्था गरेको छ। कसैले यस प्रकारका कार्यहरू गरेमा कानुनबमोजिम दण्डनीय हुने स्पष्ट गरिएको छ। यसै गरी नागरिक अधिकार ऐन, २०१२ मा कसैले कसैलाई उसको इच्छाविपरीत काममा लगाउन पाइने छैन भन्ने व्यवस्था गरेको छ। मुलुकी ऐन, २०२० को जीउ मास्ने बेच्ने महलको ३ नं. मा कसैले कसैलाई कमारा-कमारी बनाउने, दास तुल्याउने वा बाँधा बनाउने व्यक्तिलाई तीन वर्षदेखि १० वर्षसम्म कैद गरिने व्यवस्था गरिएको छ। यस ऐनमा पीडितलाई अदालतले क्षतिपूर्तिसमेत भराइदिने व्यवस्था छ। कमैया श्रम (निषेध गर्ने)सम्बन्धी ऐन, २०५८ को दफा ४ मा कसैले कसैलाई कमैया श्रमिकका रूपमा काममा लगाउन नपाउने व्यवस्था गरेको छ भने सोही ऐनको दफा १६ (क) मा दफा ४ विपरीत कार्य गर्ने मानिसलाई १५ हजारदेखि २५ हजारसम्म जरिवाना गरी काम गर्ने व्यक्तिलाई काम गराउने व्यक्तिबाट नेपाल सरकारले तोकेको न्यूनतम ज्यालाको दोब्बर रकम मुद्दा हेर्ने अधिकारीले पीडितलाई दिन लगाउन सक्ने व्यवस्थासमेत गरिएको छ। यसरी अन्तर्राष्ट्रिय कानुनी दायित्व र आफ्नै घरेलु कानुनविपरीत अस्तित्वमा रहेको हलिया वा अन्य बाध्यश्रम प्रणालीलाई समाप्त पार्न राज्यले कुनै तदारुकता देखाएन।

सरकारले हलियाहरू मुक्त घोषणा गरेको पाँच वर्ष बितिसक्दासम्म पनि उनीहरूको वास्तविक तथ्याङ्कसम्म पनि सङ्कलन हुन सकेको छैन। यसर्थ, मुक्त हलियाहरूका वास्तविक समस्याहरूको पहिचान गरी समाधानका लागि सुझाव सार्वजनिक गर्न यस अध्ययनको महत्त्व रहेको छ।

३. अध्ययनको उद्देश्य

- डडेल्धुरा जिल्लामा रहेका मुक्त हलियाहरूको वर्तमान अवस्था र यसका कारण हलियाहरूमा परेको असरबारे जानकारी प्राप्त गर्नु।
- हलिया मुक्ति घोषणापश्चात् नेपाल सरकारले निर्माण गरेका ऐन, नियम र निर्देशिकाहरूको कार्यान्वयनको अवस्थाका बारेमा जानकारी लिनु।
- मुक्त हलिया र साहूहरू बसोवास गरिरहेको स्थानमा गई उनीहरूका धारणा सङ्कलन गर्नु र मुक्ति घोषणापश्चात् मालिक र मुक्त हलियाहरूबीचको सम्बन्धका बारेमा जानकारी लिनु।

४. अध्ययन विधि

यस अध्ययनका लागि डडेल्धुरा जिल्लास्थित अमरगढी नगरपालिकामा रहेका विभिन्न सरकारी तथा गैरसरकारी निकायका प्रमुख, राजनीतिक दलका नेता, मानवअधिकारकर्मीलगायतका सरोकारवालाहरूसँग सम्पर्क गरी मुक्त हलियाहरूका बारेमा सूचना सङ्कलन गरिएको थियो। यसै क्रममा छलफल, अन्तरक्रिया, प्रश्नोत्तर, अन्तर्वार्तालगायतका विधिहरू प्रयोग गरिएको थियो। विभिन्न अभियान तथा कार्यक्रम सञ्चालन गर्दै आएका सरकारी तथा गैरसरकारी निकायहरूका प्रतिनिधिहरूसँग भेट गरी कार्यक्रम र त्यसले पारेको प्रभावका सम्बन्धमा पनि छलफल गरिएको थियो। अनुगमनका क्रममा मुक्त हलिया पुनःस्थापन तथा अनुगमनसम्बन्धी कार्यविधि, २०६९ का बारेमा पनि राजनीतिक दल, सरकारी निकाय, स्थानीय बासिन्दा, मुक्त हलिया, अगुवा महिला, महिलाअधिकारकर्मी, शिक्षक, बुद्धिजीवी र हलिया राख्ने साहूहरूसँग पनि छलफल गरिएको थियो। सो क्रममा ४५ जनासँग प्रत्यक्ष भेटघाट गरी मुक्त हलियाका समस्याका बारेमा तथ्य सङ्कलन गरिएको थियो। जसमध्ये तीन जना शिक्षक, स्थानीय अगुवा मुक्त हलिया र स्थानीय बासिन्दा गरी २५ जना, पाँच जना अधिकारकर्मी, सरकारी कार्यालयका चार जना अधिकारी, राजनीतिक दलहरूका तीन जना नेता र एक जना साहूका अगुवा र चार जना साहू रहेका थिए।

५. अध्ययनका सीमा

सीमित समय र स्रोतका कारण प्रस्तुत अध्ययन डडेल्धुरा जिल्लाको सदरमुकाम र तिनका आसपासका गाउँहरूमा मात्र सीमित रहेको छ।

हलियाहरूको मुक्तिको घोषणा गरिसकेपछि उनीहरूको वास्तविक तथ्याङ्क लिई पुनःस्थापना तथा अनुगमनसम्बन्धी कार्यविधि निर्माण भएको र सोही अनुसार सुदूरपश्चिमका नौ जिल्ला र मध्यमाञ्चलका तीन जिल्ला गरी १२ जिल्लामा प्रमुख जिल्ला अधिकारी संयोजक रहने गरी मुक्त हलिया पुनःस्थापना तथा अनुगमन कार्यदल निर्माण भएको र उक्त कार्यदलले मुक्त हलियाहरूको तथ्याङ्क सङ्कलन गरी

सरकारलाई बुझाउने कार्यसमेत गरिसकेको छ। तर कार्यदलले बुझाएको हलियाको तथ्याङ्क सत्य नभएको भन्दै हलियाका क्षेत्रमा क्रियाशील सङ्घसंस्था र स्वयम् हलियाहरूले पनि विरोध गरेपछि डडेल्धुरा जिल्लामा हलियाहरूको वास्तविक अवस्थाको अध्ययन गर्न खोजिएको हो।

६. को हुन् त हलिया ?

कतिपय किसान तथा जमिन्दारहरू गरिब श्रमिकलाई परिवारको आर्थिक, सामाजिक, सांस्कृतिक जीवनमा आइपर्ने कामका लागि आवश्यक ऋण दिएर त्यसको ब्याज र दिनको दुई छाक खानाको भरमा वर्षभरि हलियाको रूपमा काम गराउँदथे। अन्य आम्दानीको स्रोतको अभाव, ऋणको चर्को ब्याज (वार्षिक १२० प्रतिशतसम्म) र जग्गावालाले पूरै ऋण-रकम एकैपटक बुझाउनुपर्ने सर्त राखेका कारण ऋण तिर्न नसकेपछि हलियाहरूले लिएको ऋण एक पुस्तादेखि अर्को पुस्तामा सर्दै गयो। उनीहरूका सन्ततिलाई पनि उनीहरूका पूर्वजले लिएको ऋणका कारण बाँधा श्रमिकको रूपमा हलिया बस्नुभन्दा अर्को विकल्प रहँदैन थियो। यसरी थोरै रकम ऋणको रूपमा दिएर ऋणी वा उसका परिवारलाई पुस्तौँपुस्तासम्म हलिया बनाइने गरिन्थ्यो। ऋणबाहेक कतिपय किसान वा जमिन्दारले हलिया काम गरेबापत केही जमिन कमाउन दिने गरेका थिए भने कतिले वर्षभरि जोतेबापत निश्चित मात्रामा अन्न दिने चलन रहँदै आएको थियो।

हलिया प्रथा (निषेध गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा 'हलिया भन्नाले वि.सं. ०६५ भदौ २० गतेभन्दा अगाडि आफू वा आफ्नो परिवार वा पुर्खाले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्न वा अरू कसैको जमानी बसेकामा त्यस्तो ऋण चुक्ता गर्न वा जग्गा उपभोग गरेबापत खेती लगाउनेदेखि भित्र्याउनेसम्मका सबै वा केही कार्य गर्ने सर्त राखी न्यून वा कम ज्यालामा अरू कसैको हली, गोठालो, बाउसे, खेताला, खलिया, कमारा-कमारी वा अन्य यस्तै नामबाट जग्गा जोत्ने, खन्ने, बालीनाली लगाउने, गोडमेल गर्ने वा भित्र्याउने समेतका कार्य वा सेवा गर्ने व्यक्तिलाई सम्झनुपर्छ' भनिएको छ।

'एक वाक्यमा भन्ने हो भने थोरै जमिन, ऋण वा निश्चित रकम दिएबापत कथित ठूला जातिका श्रमिकहरूलाई बिनापारिश्रमिक सित्तैँमा जमिन जोत्न, खेतीपाती गर्न र श्रम गर्न लगाउने सामन्ती प्रणालीले

राष्ट्रिय हलिया मुक्ति समाज महासङ्घको ११ बुँदे माग

१. हलियाहरूले भोगचलन गर्दै आएको घर-जग्गा हलियाका नाममा दर्ता गराई घर निर्माणका लागि आवश्यक सामग्रीसहित उपलब्ध गराउने र कमाई खाने जग्गा वैज्ञानिक तथा क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू नहुन्जेलसम्मका लागि तराईमा कम्तीमा १० कट्ठा र पहाडमा १० रोपनी जग्गा हलिया परिवारलाई उपलब्ध गराइयोस्।
२. हलिया श्रम निषेध गर्नेसम्बन्धी ऐन जारी गरियोस्।
३. अधिकार सम्पन्न उच्चस्तरीय 'मुक्त हलिया पुनःस्थापना आयोग' गठन गरियोस्।
४. मुक्त हलिया प्रतिपरिवार क्षतिपूर्तिस्वरूप न्यूनतम १ लाख रुपियाँ र बढीमा हलिया काम गरेको अवधिका आधारमा उपलब्ध गराइयोस्।
५. तथ्याङ्क छुट भएका मुक्त हलियाको यथाशक्य चाँडो तथ्याङ्क लिई वर्गीकरण, प्रमाणीकरण र परिचयपत्र वितरण गरी पुनःस्थापना गराइयोस्।
६. हलियाको वैकल्पिक रोजगारका लागि 'एक घर एक रोजगार'को व्यवस्था गर्न स्वदेशभित्र तथा वैदेशिक, सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट ग्यारेन्टी गरियोस्।
७. जातीय छुवाछूत विभेद कसूर सजाय ऐन, २०६८ र नियमावली कार्यान्वयन गरियोस् र मुक्त हलियाको शान्ति सुरक्षा र सामाजिक सुरक्षा ग्यारेन्टी गरियोस्।
८. राज्यको हरेक क्षेत्र र तहमा मुक्त हलियाको समानुपातिक प्रतिनिधित्व गराइयोस्।
९. नेपाल सरकारको स्थानीय निकाय सञ्चालन निर्देशिकामा विकास निर्माणको रकमबाट १० प्रतिशत रकम मुक्त हलियाको आय आर्जन र राज्यको मूल प्रवाहीकरण गर्न अनिवार्य रूपमा विनियोजना प्रावधान राखियोस्।
१०. व्यावसायिक तथा प्राविधिक शिक्षामा मुक्त हलियाका बालबालिकाहरूलाई छात्रवृत्तिको व्यवस्था र परिचयपत्रका आधारमा गम्भीर प्रकृतिका रोगको उपचार निःशुल्क गर्ने व्यवस्था गरियोस्।
११. मुक्त हलिया पुनःस्थापना तथा अनुगमन कार्यविधि, २०६८ लाई मुक्त हलियाको वर्गीकरणको मापदण्ड स्पष्ट गर्न र घर-जग्गाजस्ता शब्दावलीको परिभाषा गरी संशोधन गरियोस्।

हलिया प्रथा उत्पन्न गरेको हो। हलिया भनेका सामन्तवादको अवशेषका रूपमा बाँकी रहेका अवैतनिक बँधुवा कृषि श्रमिक हुन्'।[२]

नेपाल सरकारले ०६५ सालमा सबै हलियालाई मुक्त गरिएको घोषणा गरेको थियो। सरकारले सहजरूपले यो घोषणा गरेको थिएन। वर्षौंदेखिको सङ्घर्षको परिणाम थियो। हलियामध्ये अधिकांश दलित रहेका कारण यो मुद्दा दलित आन्दोलनसँग पनि गाँसिएको थियो। यसर्थ, अधिकारकर्मीहरू पनि यस आन्दोलनसँग स्वाभाविक गाँसिएका थिए। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले सन् १९९६ मा नेपालमा रहेको बाँधाश्रम प्रथाको अध्ययन गरेको थियो। एन्टी स्लेभरी इन्टरनेसनल र इन्सेकको संयुक्त प्रयासबाट प्रकाशित प्रतिवेदन 'नेपालको कृषि अर्थतन्त्रमा बाँधा श्रम' सार्वजनिक भएपछि नेपालमा रहेका बाँधा श्रमप्रथा राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा सरोकारको विषय बन्न गयो।[३]

राष्ट्रिय दलित नेटवर्कका अनुसार बैतडीको मेलौली गाविसमा स्थानीय दलित अगुवा एवं शिक्षक पुरनसिंह दयालले ०५३ सालमा यस प्रथाविरुद्ध आवाज उठाएका थिए । त्यति बेला उनलाई हलिया प्रथाविरुद्ध बोल्यो भनेर थुनामा पनि राखिएको थियो । ०५९ सालमा अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसर पारेर जिल्लाका अगुवा हलियाहरूको सहभागितामा क्षेत्रीय भेला सम्पन्न गरिएको थियो। भेला बढी प्रभावकारी बनोस्, हलिया सवाल राष्ट्रिय महत्त्व र चासोको सवाल बनोस् र सहयोग पनि पाओस् भन्ने ध्येयले भेलामा मानवअधिकार आयोगका सदस्य सुशील प्याकुरेल, नागरिक समाजका अगुवाहरू दमननाथ ढुङ्गाना तथा श्याम श्रेष्ठलाई पनि आमन्त्रण गरिएको र उहाँहरूले सहभागिता जनाउनुभएको थियो।[४] यसै भेलाको सारस्वरूप राष्ट्रिय मानवअधिकार आयोगमा यसै वर्ष ज्ञापनपत्र बुझाइएको थियो। यस भेलालाई अझ उपलब्धिमूलक बनाउने उद्देश्यले भेलामा सहभागी भएका नौ जिल्लाका प्रतिनिधिहरूको सक्रिय सहभागितामा नौओटै जिल्लामा तदर्थ समितिको तथा दार्चुलाका प्रतिनिधि श्री दानीराम तिरुवाको अध्यक्षतामा

राष्ट्रिय हलिया मुक्ति समाज महासङ्घ र नेपाल सरकारबीच भदौ २० गते भएको पाँचबुँदे सहमति

१. पुस्तौंदेखि हलियाका नाममा रहेको ऋण खारेजीसहित औपचारिक रूपमा हलिया मुक्तिको घोषणा गर्ने।
२. हलियाका ११ बुँदे मागहरूका सम्बन्धमा ठोस कार्य गर्न नौ सदस्यीय कार्यदल गठन गर्ने।
३. हलियाका ११ बुँदे मागहरूप्रति नेपाल सरकार सकारात्मक रहँदै कार्यदलले दिएको प्रतिवेदनलाई कार्यान्वयन गर्नेछ।
४. आन्दोलनका क्रममा जातीय छुवाछूत तथा सम्भावित असुरक्षालाई ध्यानमा राख्दै नेपाल सरकारले शान्ति सुरक्षाको व्यवस्था गर्नेछ।
५. नेपाल राष्ट्रिय हलिया मुक्ति समाजले गर्दै आएका सम्पूर्ण आन्दोलनका कार्यक्रमहरू आजैदेखि फिर्ता लिनेछ।

क्षेत्रीय समिति निर्माणको काम पनि सम्पन्न गरिएको थियो।[५]

०६१ सालमा हलियाहरूको महाकाली-काठमाडौं अभियान सम्पन्न भयो। यसै वर्ष कञ्चनपुरका रामबहादुर पार्कीले जिल्ला प्रशासन कार्यालयमा दिएको उजुरीउपर फैसला गर्दै जिल्ला प्रशासन कार्यालयले क्षतिपूर्तिबापत १५ हजार रुपियाँ उपलब्ध गराउन आदेश दियो। यसबाट हलियाहरू उत्साहित भई सशक्त हुन थाले। ०६१/०६२ सालभित्र यस प्रकृतिका ७१ मुद्दा जिल्ला प्रशासन कार्यालयमा दायर भएका थिए ।

हलिया मुक्तिका लागि ०६२ सालमा २४ दिने रिले अनशन भयो। यस्ता आन्दोलन र अभियानको सङ्गठित प्रयासको रूपमा ०६४ सालमा हलिया मुक्ति समाज महासङ्घको गठन भयो। ०६४ सालमा सर्वोच्च अदालतले हलियाको पक्षमा परमादेश जारी गरे पनि हलिया मुक्तिको प्रश्न सहज बन्न सकेन। हलिया मुक्ति समाज महासङ्घको अगुवाइमा सुदूरपश्चिमका सात

२. श्रेष्ठ श्याम, हलिया मुक्तिको दुरावस्था । गोरखापत्र, http://www.gorkhapatraonline.com.html ०७० पुस १४ गते हेरिएको
३. यो प्रतिवेदन फोर्स्ड टू प्लोको नामबाट इन्सेकले १९९७ मा अङ्ग्रेजी भाषामा प्रकाशन गरेको थियो।
४. मुक्त हलिया अध्ययन प्रतिवेदन, २००९, पृ. १९
५. मुक्त हलिया अध्ययन प्रतिवेदन, २००९, पृ. १९

जिल्लामा ०६५ साल असार २७ गतेदेखि आन्दोलन आरम्भ भयो। जसबाट कुनै सार्थक उपलब्धि प्राप्त हुन नसकेपछि सोही वर्ष भदौ १२ गतेदेखि २० गतेसम्म ११ बुँदे माग प्रस्तुत गर्दै काठमाडौँको माइतीघर मण्डलामा धर्ना सुरु भयो। आन्दोलनको दबाबस्वरूप भदौ २० गते नेपाल सरकार तथा राष्ट्रिय हलिया मुक्ति समाज महासङ्घबीच वार्ता भयो र पाँचबुँदे सहमतिमा हस्ताक्षर भयो ।

७ मुक्त हलियाको वर्तमान अवस्था

नेपाल सरकारले हलियाहरूलाई मुक्त घोषणा गरेको पाँच वर्षभन्दा बढी समय भइसकेको छ। हलियाहरूले वास्तविक जीवनमा मुक्तिको अनुभूति गर्न पाएका छैनन्। मुक्त घोषणापछि पुन:स्थापना दायित्व निर्वाह गर्न रहे तापनि सरकारीस्तरबाट मुक्त हलियाको पुनर्स्थापनामा ढिलासुस्ती हुँदा हलियाहरू सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेका छन्। सरकारले हलियाहरूसँग भएको पाँचबुँदे सहमति अनुसार ऋण खारेजी गरेको छ भने अर्कातर्फ साहूहरूले आफूले दिएको ऋण रकम दिनुपर्ने भनी मुक्त हलियाहरूलाई दबाब दिन थालेपछि उनीहरू ऋण तिर्नकै लागि भारततर्फ पलायन हुनुपरेको अवस्था विद्यमान छ।

हलियाहरूको जीविकोपार्जनको स्रोत साहूको खेतमा काम गर्नु रहेकामा मुक्तिको घोषणापश्चात् साहूहरूले हलियालाई गरिरहेको कामबाट निष्कासन गर्ने घटनाहरू दिन प्रतिदिन बढिरहेका छन् भने सरकारी पुन:स्थापनाका कार्यक्रमहरू आउन नसक्दा मुक्त हलियाहरूका आधारभूत अधिकार (गाँस, बास र कपास)को समेत प्रत्याभूत भएको छैन। कतिपय ठाउँमा पुस्तौँदेखि बस्दै गरेको घरबास रहेको जमिन साहूको नाममा नै दर्ता भएका कारण मुक्त घोषणापछि उक्त घरबास छोड्न मालिकहरूले दबाब दिने गरेका छन्। मुक्तिको घोषणापछि सरकारले हलियाहरूको तथ्याङ्क लिने कार्य गरी प्रमाणीकरणसहित परिचयपत्र दिने कार्य गरिरहेको भए पनि हलियाहरूलाई बिहान-बेलुकीको छाक टार्नसमेत धौ धौ परिरहेको छ।

मुक्त हलिया परिचयपत्र वितरण र प्रमाणीकरणको अद्यावधिक विवरण

क्र.सं.	जिल्ला	जम्मा हलिया घरधुरी	प्रमाणीकरण भएको घरधुरी
१	दार्चुला	४५५	४२७
२	बैतडी	४,४३६	१,४३८
३	डडेल्धुरा	२,५७६	१,६३६
४	कञ्चनपुर	३,७३२	१,४०५
५	बझाङ	१,३५१	१,५०१
६	बाजुरा	१,६३४	१,३५३
७	अछाम	२४२	१५७
८	डोटी	१,८२६	१,०००
९	कैलाली	२२०	१६०
१०	सुर्खेत	६६९	१४२
११	हुम्ला	१,४२३	९७२
१२	जाजरकोट	४५५	१६५
	जम्मा	१५,०५९	१०,७५६

६.२ जातीय छुवाछूतबाट पीडित मुक्त हलिया

हलियामध्ये अधिकांश दलित समुदायका रहेका हुनाले उनीहरू जातीय विभेदबाट पनि थप पीडित भएका छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनद्वारा मानवअधिकारको उल्लङ्घन तथा अपराध र सामाजिक रूपमा कलङ्कित घोषणा गरिसकेको जातीय छुवाछूत प्रथा अहिले पनि उत्तिकै पीडादायी रहँदै आएको छ। उनीहरू हलिया प्रथाबाट मुक्त भए पनि जातीय छुवाछूतबाट मुक्त हुन सकेका छैनन्। उनीहरूलाई गैरदलितहरू घरनजिक पनि आउन दिँदैनन्। खाने कुरा दिनुपर्दासमेत टाढैबाट उनीहरूको हातमा पर्ने गरी फाल्दछन्। डडेल्धुरामा प्रमाणीकरण गरिएका २ हजार ४ सय २६ जना हलियाहरूमध्ये १ सय ५० जना मात्र गैरदलित रहेका छन्। "विद्यमान हलियाहरूमध्ये ९८ प्रतिशतजति दलितहरू छन् भने बाँकी २ प्रतिशत बाहुन, क्षेत्री, मगर, थारुलगायतका गैरदलितहरू छन् ।"[६] डडेल्धुरा जिल्लामा मुक्त हलिया पुन:स्थापना तथा अनुगमन कार्यदल, डडेल्धुराले २ हजार ५ सय ७६ जना हलिया रहेकामा १ हजार ६ सय १२ जनाको

६. भट्टचन, डा. कृष्ण। मुक्ति सन्देश, ०७० राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ, मुक्ति परियोजना

प्रमाणीकरण भइसकेको र १ हजार २ सय ६ जनाले परिचयपत्र पाएको र ९ सय ६४ जनाको प्रमाणीकरण नै हुन बाँकी रहेको बतायो।

६.३ आर्थिक, समाजिक र सांस्कृतिक रूपबाट वञ्चित हलिया

सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल क्षेत्रमा बसोवास गर्दै आएका हलियाहरू अहिले पनि आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपबाट वञ्चित रहेका छन्। डडेल्धुरा जिल्लामा २ हजार ५ सय ७६ जना मुक्त हलियाहरू रहेको भए पनि मालपोत कार्यालयले २० जना हलियालाई बाखा वितरण गरेको छ। उनीहरूसँग जीविकोपार्जनका कुनै आधार नभएको तथा सीप र क्षमताको कमी भएका कारण मुक्त हलियाहरूको आर्थिक अवस्था कमजोर रहेको छ।

आर्थिक अवस्था कमजोर भएकै कारण उनीहरूलाई बिहान-बेलुकीको छाक टार्न पनि समस्या छ। सीप र क्षमता नभएका कारण आफू बसेको क्षेत्रमा केही गर्न नसक्ने भएपछि केही निकृष्ट खालको श्रम गर्न मुक्त हलियाहरू भारततिर पलायन हुने गरेका छन्।

हलियाहरूलाई अछूत मानिने भएकाले उनीहरूलाई समाजमा आयोजना गरिने विवाह, ब्रतवन्ध, पूजापाठ, पानी पँधेरामा नजिकै आउन दिइँदैन। त्यस्ता ठाउँहरूमा उनीहरूलाई छुन वर्जित छ। सार्वजनिकस्थलमा प्रवेश निषेध गरिन्छ। मन्दिर र होटलमा उनीहरूलाई प्रवेश गर्न दिइँदैन। मालिक अथवा साहूहरूले खानेकुरा दिँदा पनि अलग्गै अथवा बाहिरतिर बसेर खानुपर्ने, बोलीचालीमा पनि साहूहरूले होच्याएर बोल्ने, अपशब्द प्रयोग गरी बोलाउने प्रचलन छ। सरकारले मुक्त घोषणा गरेपछि पनि साहू अथवा मालिकहरूले मुक्त हलियाहरूलाई गर्ने सामाजिक तथा सांस्कृतिक क्षेत्रमा कुनै परिवर्तन आएको छैन।

६.४ श्रमशोषणबाट पीडित मुक्त हलिया

मुक्त घोषणा भएपछि पनि केही हलियाहरूले मालिकहरूको हलो जोत्न छोडेका छैनन्। मुक्त हुनुभन्दा पहिलाको जस्तो श्रम शोषण नभए पनि अझै उनीहरूले सम्मानित रूपमा श्रमको ज्याला पाउन सकेका छैनन्। एक बिहान हलो जोतेबापतको ज्याला पाँच सय हो तर मुक्त हलियाहरूलाई तीन-चार सय रुपियाँ मात्र दिने गरिन्छ। महिलाले गोबर (पर्सो) बोकेबापत तीन सय पाउनुपर्नेमा दुई सय रुपियाँ दिने गरिन्छ। जिल्ला विकास समितिका अनुसार कृषि मजदुरको दैनिक ज्याला झन्डै ६ सय रुपियाँ कायम भएको छ।

६.५ पुनःस्थापनाका प्रयासहरू

हलियाहरूको लामो आन्दोलन र दबाबका कारण नेपाल सरकारले हलियाहरूलाई मुक्त गरेको थियो। यो आफैँमा सुधारको प्रक्रिया हो। मुक्त भएपछि पनि उनीहरूका हकअधिकारको प्रत्याभूत गर्ने भन्ने उद्देश्यले सरकारी र गैरसरकारी तहबाट विभिन्न प्रकारका प्रयासहरू भएका छन्। नेपाल सरकारले मुक्त हलियाहरूको गाँस, बास र कपासको प्रत्याभूति गर्नका लागि मुक्त हलिया पुनःस्थापना तथा अनुगमनसम्बन्धी कार्यविधि तयार गरेको छ। सोहीबमोजिम जिल्ला तहमा संरचनाहरू निर्माण गरी उनीहरूको तथ्याङ्क सङ्कलन गर्ने काम गरेको छ। यद्यपि, यी संरचना र गतिविधिहरू मुक्त हलियाका लागि पर्याप्त प्रमाणित भएका छैनन्। हलियाहरू मुक्त भइसकेपछि हलियाका क्षेत्रमा क्रियाशील विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूले उनीहरूको क्षमता अभिवृद्धि गर्ने तालिमहरू दिने, विभिन्न प्रकारका सीपमूलक तालिमहरू सञ्चालन गरी स्वरोजगार बनाउने कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। तर, ती पर्याप्त छैनन्।

मुक्त हलियाका बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र रोजगारको क्षेत्रमा पनि सम्बन्धित निकाय संवेदनशील छैन। अहिले मुक्त हलिया र उनीहरूका पत्नीहरू पनि विभिन्न स्थानीय तथा जिल्लातहमा निर्माण गरिने सञ्जाल तथा सङ्गठनहरूमा आवद्ध भएका छन्। उनीहरूको सीप र क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न संस्थाहरूले सीपमूलक तालिम र सामग्रीहरू पनि प्रदान गर्दै आएका छन्। सरकारी

क वर्ग	**आफ्नो स्वामित्वमा घर र जग्गा दुवै नभएका**	**१६५**
ख वर्ग	**आफ्नो घर भएका, जग्गा नभएका**	**४५०**
ग वर्ग	**आफ्नो जग्गा भएका, घर नभएका**	**३८**
घ वर्ग	**आफ्नो स्वामित्वमा घर-जग्गा दुवै भएका**	**५४५**
जम्मा		**१२०६**

नोट : यो वर्गीकरण मुक्त हलिया पुनःस्थापना तथा अनुगमनसम्बन्धी कार्यविधि (तेस्रो संशोधन), २०६९ अनुसार गरिएको हो।

तहबाट पनि उनीहरूको आर्थिक उन्नतिका लागि बाख्रा र भैंसीपालन गर्नका लागि आर्थिक सहयोग गरिएको छ। तर, उनीहरूका भैंसीको दूध गाउँ र बजारमा कसैले पनि किन्न मान्दैनन्। कारण उनीहरूमध्ये धेरैजसो दलित समुदायका हुन्।

डडेल्धुरा जिल्लास्थित सरोकारवालाहरूसँग भेटघाट गर्दा कार्यदलले तयार गरेको तथ्याङ्क पूर्ण नभएको उनीहरूले बताए। सङ्कलन गरिएको तथ्याङ्कलाई समेत पुनः प्रमाणीकरण गर्नुपर्ने उनीहरूले बताए। मुक्त भएपछि कतिपय हलियाहरू भारततर्फ गएका कारण परिचयपत्र प्राप्त गर्न सकेका छैनन्। यसबाहेक प्रमाणीकरण गर्नका लागि सदरमुकाम आउनुपर्ने बाध्यता पनि रहेको छ। बिहान-बेलुकीको छाक टार्नका लागि दिनहुँ काम गर्नैपर्ने बाध्यता भएकाले पनि कतिपय हलिया प्रमाणीकरणमा सामेल हुन सकेका छैनन्। उनीहरूको यो विवशतालाई सरकारी कर्मचारीहरूले अनुभूत गर्न सकेका छैनन्।

डडेल्धुराका प्रमुख जिल्ला अधिकारी सागरमणि पराजुलीले पूर्वगृहकार्यबिना हलिया मुक्त घोषणा गर्नुमा नै कमजोरी रहेको बताए। हाल जिल्लामा २ हजार ५ सय ७६ जना मुक्त हलिया रहेको तथ्याङ्क भए तापनि सो तथ्याङ्क वास्तविक नभएकाले यसलाई पनि स्पष्ट पार्नुपर्ने उनको भनाइ छ। मुक्त हलियाको पुनःस्थापनाका लागि जिल्लामा सार्वजनिक पर्ती जग्गा नभएकाले पुनःस्थापनामा समस्या देखिएको उनको भनाइ छ। सबै जनाले हलियाका बारेमा बोल्ने मात्र गरेको तर हलियाको समस्यामा केन्द्रित भएर कार्य गरेको देखिँदैन तथा हलियासम्बन्धी कार्य गर्ने सङ्घसंस्थाहरू पनि परियोजनामुखी भएको र सीमित व्यक्तिका लागि रोजगारीको माध्यम बनेको उनको धारणा रहेको छ।

हलियाहरू मुक्त भएपछि सरकारी तथा गैरसरकारी तवरबाट ५० करोड रुपियाँभन्दा बढी खर्च भइसकेको अध्ययन टोलीले आकलन गरेको छ। विभिन्न सङ्घसंस्थाले गरेको खर्च र सरकारले विनियोजन गरेको बजेटका आधारमा यो आकलन गरिएको हो। यथार्थमा यसभन्दा बढी खर्च भइसकेको हुनु सम्भव देखिन्छ। तर, हलिया र तिनका परिवारको जीवनमा न परिवर्तनका सङ्केत देखिएका छन्, न त सुखद भविष्यको मार्गचित्र नै कोरिएको छ।

मुक्त हलिया पुनःस्थापना तथा अनुगमन जिल्ला कार्यदलका सदस्य-सचिव तथा मालपोत अधिकृत रघुनाथ अवस्थीका अनुसार प्रमाणीकरणका लागि हलिया समुदायमा नै जाँदा मान्छेहरू नभेटिने, प्रमाणीकरणका लागि पर्याप्त प्रमाणहरू नहुने कारणले गर्दा स्थानीय ठाउँमा नै प्रमाणीकरण गर्न समस्या देखिएको छ। मन्त्रालयबाट न्यून बजेट आउने कारणले समयमा नै प्रमाणीकरण गरी परिचयपत्र दिन नसकिएको तथा जिल्ला कार्यदलद्वारा सञ्चालन गरिने मुक्त हलिया वृत्ति विकास कार्यक्रमहरूमा समेत न्यून बजेटका कारणले प्रभावकारी हुन नसकेको उनी स्वीकार गर्छन्।

जिल्लामा रहेको तथ्याङ्कमा परेका हलियाहरू वास्तविक हुन् कि अवास्तविक स्पष्ट नभएको देखिन्छ भने कुनै-कुनै ठाउँमा वास्तविक हलिया छुटेको र गैरहलियाहरू तथ्याङ्कमा परेको देखिएको छ। 'क' वर्गमा परेका हलियाहरूसँग घर र जग्गा केही पनि नहुने भएकाले उनीहरूका लागि अन्य व्यावसायिक तालिमभन्दा घरवासको समस्या नै पहिलो प्राथमिकता भएको देखिन्छ। हाल जति पनि सङ्घसंस्थाहरू तथा सरकारी निकायबाट हलियाका लागि सञ्चालित कार्यक्रमहरू छन्, ती अधिकांश रूपमा हलियाको आवश्यकतामा आधारित नदेखिएको जिल्ला विकास समितिका निमित्त स्थानीय विकास अधिकारी युवराज अर्यालको भनाइ रहेको छ।

हलियाभित्र पनि महिला र बालबालिकाहरू बढी पीडित देखिएका छन् र हलियासम्बन्धी काम गरिरहेका संस्थाहरू प्रायः सदरमुकाम केन्द्रित छन्। हलियासम्बन्धी कार्य गर्ने संस्था, जिल्ला कार्यदल तथा अन्य संस्थाहरूबीच समन्वय तथा सहकार्यको कमीले हलिया सबाल सबैको साझा सरोकारको विषय बन्न सकेको छैन। केही हलियाका पढेलेखेका छोराछोरीहरूले पनि रोजगारको अवसर नपाउँदा जीविकोपार्जनका लागि भारत पलायन हुनुपर्ने अवस्था सिर्जना भएको दलित महिला सङ्घ जिल्ला शाखा डडेल्धुरा अध्यक्ष ज्ञानु स्वर्णकारको भनाइ छ । मुक्त हलिया जिल्ला कार्यदल अन्तर्गतका सरकारी निकायहरूले नै हलिया सवाललाई प्राथमिकता नदिएकाले नै मुक्त भएको पाँच वर्ष बितिसक्दा पनि प्रमाणीकरण तथा परिचयपत्रसमेत वितरण गर्न नसकेको राष्ट्रिय मुक्त हलिया समाज महासङ्घका निमित्त कार्यक्रम संयोजक हरिसिंह बोहराले बताए। हलिया वर्गीकरणको मापदण्ड संशोधनका लागि पटकपटक पहल गरे पनि मुक्त हलिया कार्यदल तथा मन्त्रालयबाट नै बेवास्ता गरिएको उनले बताए।

घटना अध्ययन

मुक्त हलियाहरूको आश्रयस्थल सामुदायिक वन

असीग्राम गाविस-९ भेटा, डडेल्धुरामा विगत तीन पुस्तादेखि १५ परिवार मुक्त हलियाहरूको बसोवास रहेको थियो। उनीहरू सोही ठाउँका गैरदलित कृषककहाँ हलिया तथा खलिया कार्य गर्दै आइरहेका थिए। हलिया कामबाहेक अन्य बेला स्थानीय भातकाडा बजारमा ज्याला मजदुरी गरेर पनि जीवन गुजारा गर्दै आएका थिए। ०६६ साउन १ गतेका दिन भएको अविरल वर्षाका कारण आएको पहिरोले सबै परिवारका घरहरू बगाएको थियो। साँझतिर पहिरो आएकाले एक जना वृद्ध महिलाको पहिरोमा पुरिएर मृत्यु भएको थियो भने अन्य दुई जनाको उद्धार गरिएको थियो। अरूहरू कामबाट घर फर्केका थिएनन्। पहाडी क्षेत्रको बसाइको बनोट हेर्दा दलितहरूको बसाइ डाँडाको भीरमा तथा सम्भावित पहिरो जाने स्थानमा रहेकाले पनि उनीहरू जोखिममा परेका थिए। अलि समथर तथा सुरक्षित ठाउँमा स्थानीय हुनेखानेहरूको बसोवास रहने गरेको छ। पहिरोले घर बगाएर लगेपछि उनीहरू नजिकैको महादेव सामुदायिक वनमा विस्थापित हुनुपरेको छ। हाल उनीहरू काठ र खरका ससाना झुपडी बनाएर बसेका छन्। "उक्त ठाउँमा सामुदायिक वन र जिल्ला वन कार्यालयबीच ०६८ देखि ०७२ (पाँच वर्ष)सम्म ती हलियाहरूलाई पुन:स्थापना गर्ने सम्झौता भएको छ," महादेव सामुदायिक वनका अध्यक्ष प्रजापति अवस्थी भन्छन् । यहाँ बसोबास गर्दै आएको १५ परिवारमा करिब ८० जनाको जनसङ्ख्या छ। बसोवास गर्दै आएको उक्त ठाउँ जङ्गलको बीचमा पनि भएकाले त्यहाँ कुनै पनि किसिमको आधारभूत सुविधा उपलब्ध छैन। पछिल्लो समय गरिबी निवारण कोषले खानेपानीको व्यवस्था गरिदिएको छ। त्यही कोषमार्फत भैंसीपालन कार्यक्रम सञ्चालन गरिए तापनि जातीय विभेदका कारण स्थानीय बजारमा उनीहरूको दूध बिक्री हुँदैन। त्यस गाउँका १५ परिवारका करिब २५ जना बालबालिकाहरू विद्यालय जाने उमेरका भए पनि गाउँमा विद्यालय नहुँदा पढ्न पाउने अधिकारबाट वञ्चित भएका छन् गाउँबाट विद्यालय दुई घन्टा टाढा भएकाले उनीहरू पठनपाठनबाट वञ्चित भएका हुन्। विद्यालय जाने बाटो पनि जङ्गलमा भएका कारण केटाकेटीहरू विद्यालय जान नसकेको शान्ति मुक्त हलिया समूहकी सदस्य दुर्गादेवी दमाई बताउँछिन्। घरमाथिबाट नै बिजुलीको तार गए पनि मिटर बक्स र तार खरिद गर्न नसकेर घरमा विद्युत् जडान गर्न नसकिएको उनको भनाइ छ। सामुदायिक वनसँगको सम्झौता अनुसार अब दुई वर्ष उनीहरूले त्यहाँ बस्न पाउँछन्। त्यसपछि उनीहरूको बास कहाँ हुने हो ? कसैलाई पनि थाहा छैन।



दलहरूको हलियालाई हेर्ने दृष्टिकोण राजनीतिक किसिमको छ। राजनीतिक दलहरूले हलिया सवाललाई द्वन्द्वको समयमा अनौपचारिक रूपमा उठान गरे पनि सङ्घसंस्थाहरूले यसलाई औपचारिक रूपमा उठाएका हुन्। हाल राजनीतिक दलबाट हलियासम्बन्धी गतिविधि पनि गरिएको छैन भने मुक्त हलियाको पुन:स्थापनाका लागि भनी गठन भएको मुक्त हलिया पुन:स्थापना तथा अनुगमन जिल्ला कार्यदलबारे आफूहरूलाई जानकारी पनि नभएको एमाओवादी राज्य समिति सदस्य सोनलाल दमाईले बताए। त्यस्तै काङ्ग्रेस जिल्ला कार्यसमिति सदस्य जयराज पनेरुले मुक्त हलियाको समस्या तत्काल कानुन निर्माण गरी राज्यद्वारा नै सम्बोधन गरिनुपर्दछ तर हालसम्म पनि राज्यद्वारा प्रभावकारी कदम चालिएको देखिँदैन । यो राज्यको बेइमानी भएको भन्दै हलियासम्बन्धी जिल्ला कार्यदलबारे अनविज्ञता व्यक्त गरे । एमालेका जिल्ला

डडेल्धुरामा मुक्त हलियाको अवस्था

अध्यक्ष डा. तारा जोशीले हलिया प्रथा सामन्ती परम्परा तथा असमान श्रम सम्बन्धसँग जोडिएकाले हलिया राख्ने तथा बस्नेसँग छलफल हुनुपर्ने र मुक्त हलियाको जीवन निर्वाहका लागि राज्यद्वारा तत्काल पुनःस्थापनाको प्याकेज ल्याउन आवश्यक रहेको बताए। राजनीतिक दलका प्रतिनिधिहरूको भनाइबाट नै स्पष्ट बुझ्न सकिन्छ- यो विषय उनीहरूको प्राथमिकतामा पर्दैन।

हलियाबाट मुक्त भएपछि आफ्नो सबै दुःख हरिन्छ भन्ने आशामा रहेका मुक्त हलियाहरूमा अझै पनि सुखको आशा पलाउन सकेको छैन । अध्ययन टोलीले अमरगढी नपा-१० तल्लो बुडालीमा गठित लटेश्वरी हलिया समूहका कोषाध्यक्ष दुर्गा टमाटा तथा सोही समूहका सदस्य ७७ वर्षीय हीरा सार्कीलगायतका अन्य सदस्यहरूसँग छलफल गरेको थियो। त्यस गाउँमा ५१ परिवार हलिया रहेको र आफूहरूले मुक्त घोषणा भएपछि बिहान खाएर बेलुका के खाने भन्ने चिन्ताबाट पनि मुक्त भइन्छ भन्ने ठानेकामा मुक्त घोषणा भएको लामो समय भइसक्दा पनि केहीले मात्र परिचयपत्र पाएको र केहीले अझैसम्म पनि परिचयपत्रसमेत नपाएको उनीहरूले बताए।

जीविकोपार्जनको अन्य विकल्प नहुँदा अचेल पनि हलियाहरू दैनिक ज्यालामा हलो जोतिरहेका छन् तर पहिलाको जसरी साहूले बाध्य पारेका छैनन्। कुनै अप्ठ्यारो परी ऋण लिनुपऱ्यो भने स्थानीय गाउँघरमा उनीहरूले ऋण पाउने गरेका छैनन्। स्थानीय गाउँघरमा ज्याला मजदुरी गरी जीवन गुजारा गर्नुपर्ने अवस्था रहेको भए तापनि खेतीपातीको समयबाहेक अन्य बेला उक्त काम पनि नपाइने भएकाले पुरुषहरू भारतमा गएर मजदुरी गर्नुपर्ने बाध्यता रहेको छ।

७. सकारात्मक परिवर्तन

परम्परागत दासताबाट मुक्त भएपछि हलिया र तिनका परिवारमा चेतना अभिवृद्धि भएको छ। समाजका अन्य सदस्यसरह आफूहरूले पनि इच्छाएको काम गर्न स्वतन्त्र छौं भन्ने भावना उनीहरूमा जागृत भएको छ। जीविकोपार्जनका अन्य स्रोत र सीप नभएका कारण आफूहरू मुक्त भए पनि जीवनमा परिवर्तन आउन नसकेकामा उनीहरू चिन्तित पनि छन्। हलिया राख्ने कृषकहरू सस्तो र निश्चित श्रमबाट वञ्चित भएका कारण मुक्त हलियालाई विगतमा झैं आपतविपतमा सहयोग गर्ने भावना कम भएको उनीहरूको व्यवहारबाट बुझ्न गाह्रो छैन। हलिया प्रथा उचित होइन र यसलाई पुनः लागू गर्न सम्भव छैन भन्ने निष्कर्षमा उनीहरू पुगेका छन्। पूर्व साहू र मुक्त हलियाबीच सहजीकरण गरिदिने माध्यमको खाँचो रहेको अध्ययन टोलीले अनुभूत गऱ्यो।

८. निष्कर्ष तथा सुझाव

हलिया प्रथा प्राचीन समयको दास प्रथाको अवशेष मात्र नभई यो एक असमान श्रम सम्बन्ध तथा सामाजिक कुरीतिसँग जोडिएको समस्या पनि हो। यो प्रथा विशेष गरेर सुदूरपश्चिममा अलि बढी देखिन्छ, जहाँ बसोवास गर्ने बाहुन तथा ठकुरी जातकाले हलो जोत्नु हुँदैन भन्ने अन्धविश्वास अद्यापि कायम छ।

नेपाल सरकारले औपचारिक रूपमा हलिया मुक्त घोषणा गरेको पाँच वर्षभन्दा बढी भइसकेको छ। मुक्त घोषणापश्चात् पुनःस्थापना गर्नुपर्ने विश्वव्यापी मान्यता रहे तापनि हलियासँग भएको पाँचबुँदे सहमति अनुसार राज्यले प्रभावकारी कदम चालेको पाइएन, जसले गर्दा मुक्तिको घोषणाबाट हर्षित देखिएका हलियाहरूले वास्तविक जीवनमा सुखानुभूति गर्न सकेका छैनन्।

हलियाहरू मुक्त गरिसकेपछि उत्पन्न हुन सक्ने चुनौती र समस्याका बारेमा अध्ययन र गृहकार्यबिना गरिएको सरकारी घोषणा व्यावहारिकभन्दा राजनीतिक प्रकृतिको रहेको देखियो। सरकार र गैरसरकारी क्षेत्रबाट जुन अनुपातमा लगानी भएको छ, त्यस अनुरूप प्रतिफल भने पाउन सकेको अवस्था छैन। मुक्त हलिया तथा उनीहरूका परिवारको आवश्यकताको पहिचान र स्थानीय तहमा उनीहरूको पुनःस्थापना कसरी सम्भव गराउन सकिन्छ भन्ने वस्तुगत अध्ययन नगरिएका कारण नै केही मुक्त हलिया पुनः साहूकै शरणमा जानुपर्ने अवस्थासमेत सिर्जना भएको छ।

हलिया प्रथा अन्त्य तथा मुक्त हलियाका समस्या समाधानका लागि यस क्षेत्रसँग सम्बन्धित सबैको साझा बुझाइ तथा साझा सवाल हुन आवश्यक देखिन्छ भने स्थानीय हलिया राख्ने पूर्वहलियाका मालिकसँगको छलफल हुन पनि जरुरी छ, जसले हलिया र मालिकबीचको सामाजिक सम्बन्ध पनि नबिग्रियोस्।

परिवारका सबै सदस्य बस्न र सुत्न नअटाउने प्लास्टिक वा पातले बारेका छाप्रो र ऐलानी जग्गामा बनेका छाप्रो वा कटेरोलाई समेत घर मानिएको र खेतीपाती नहुने टुक्रा जग्गालाई पनि जग्गाजमिन मानिएकाले सरकारले गरेको वर्गीकरण अन्यायपूर्ण

रहेकाले वर्गीकरणको मापदण्ड व्यावहारिक र यथार्थपरक बनाउन मापदण्डमा तत्काल संशोधन गर्नु आवश्यक देखिन्छ।

सरकारद्वारा गठित मुक्त हलिया पुनःस्थापना तथा अनुगमन कार्यदलको सक्रियता नभएका कारण सामान्य सेवासुविधा र न्यायबाट पनि मुक्त हलियाहरू पीडित भएका छन्। त्यसका लागि कार्यदलको अनुगमन सक्रिय हुन आवश्यक देखिन्छ। स्थानीय रूपमा राज्यका सेवासुविधा तथा स्रोत, साधनमाथि हलियाको पहुँच अभिवृद्धिका लागि राज्य तथा सम्बन्धित पक्षले ध्यान पुऱ्याउनु पर्छ। कतिपय ठाउँमा मुक्त हलियाको पहिचान गर्न आवश्यक रहेको छ भने तथ्याङ्कमा आएको विवाद समाधानका लागि प्रमाणीकरणको कार्यलाई अगाडि बढाउन पनि आवश्यक देखिन्छ।

अनुसूची

१

सन् २०१३ र मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

उल्लेख गर्नैपर्ने केही कुरा

- यो वर्षपुस्तकमा सन् २०१३ भरिका अर्थात् ०६९ पुस १७ देखि ०७० पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्।
- परिच्छेदहरूमा उद्धरण तथा सन्दर्भ लिँदा सन् २०१३ को अवधिसम्म प्रकाशित सामग्रीहरूबाट मात्र लिइएको छ।
- हामीले पुष्टि गर्न नसकेको घटनामा सरकारी स्रोत उल्लेख गरिएको छ। तिनलाई तथ्याङ्कमा समावेश गरिएको छैन।
- सङ्कलन गरिएकामध्ये प्रतिनिधिमूलक घटना मात्रै वर्षपुस्तकमा उल्लेख गरिएका छन्। वर्षभरि सङ्कलन गरिएका सबै घटना समावेश गर्न सम्भव नभएको जनाउँदछौँ।
- मानवअधिकार उल्लङ्घनका घटनालाई प्रकाशमा ल्याउने, त्यस्ता घटनाको प्रकाशनद्वारा नागरिकलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने तथा मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने उद्देश्य वर्षपुस्तकले राखेको छ। पुस्तकमा उल्लिखित घटनाबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भए हामी क्षमाप्रार्थी छौँ।
- वर्षपुस्तकका निम्ति घटना सङ्कलन गर्न पचहत्तरै जिल्लामा प्रतिनिधिको व्यवस्था गरिएको छ। तर, विविध कारणले जिल्लाका सबै गाउँ र ठाउँमा पुगेर घटना सङ्कलन गर्न सम्भव नभएको हामी स्वीकार्दछौँ। सार्वजनिक जानकारीमा नआएका केही घटना हाम्रा लागि अज्ञात नै रहेका पनि हुन सक्छन्। तर विभिन्न सम्भाव्य माध्यमद्वारा पुष्टि गरी हामीले सकेसम्मका घटनाको सङ्कलन भने गरेका छौँ।
- पत्रपत्रिका पनि वर्षपुस्तकका सूचना स्रोत हुन्। तर पत्रपत्रिकामा प्रकाशित सूचनालाई सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र समावेश गरिएको छ।
- नेपालले अनुमोदन गरेका मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला छओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC र CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा विवरण प्रस्तुत गरिएको छ।
- विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।
- विभिन्न सशस्त्र समूह, अज्ञात समूह, राजनीतिक दलहरूबाट भएका घटना गैरराज्यपक्ष अन्तर्गत राखिएको छ। त्यसको विस्तृत विवरण अनुसूची २ मा उपलब्ध छ। सामान्यत: व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।
- विवादास्पद घटनाहरू (पीडकको स्पष्ट पहिचान नभएका) लाई पनि 'अन्यबाट' शीर्षकअन्तर्गत समावेश गरेका छौँ।
- जिल्लाको तथ्याङ्कमा यो पुस्तक प्रकाशित भइसक्दासम्म धेरै फेरबदल भइसकेको हुन सक्छ। जिल्ला प्रतिनिधिद्वारा सम्बन्धित निकायबाट सङ्कलित तथ्याङ्क नै पुस्तकमा प्रस्तुत गरिएको छ।
- मानवअधिकार वर्षपुस्तकमा समेटिएका घटनाको अनुगमनलाई (विगतको अनुगमन) शीर्षकमा समेट्ने प्रयास गरेका छौँ। गत वर्षको वर्षपुस्तकमा पुष्टि हुन नपाएर नसमेटिएका घटनाहरू पनि आवश्यक अध्ययनपछि त्यसै शीर्षकअन्तर्गत यस वर्ष समावेश गरिएका छन्।
- विभिन्न समूहबाट भएका ज्यादतीको तथ्याङ्क अन्य शीर्षकअन्तर्गत समावेश गरिएको छ।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौँ।
- अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार अन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका र सामान्य चोटपटक लागेका पीडितहरूको मात्र तथ्याङ्क हो।

तथ्याङ्कका अन्य स्रोत

क. केन्द्रीय तथ्याङ्क विभागको संक्षिप्त प्रतिवेदन २०१३

ख. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू

ग. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

घ. १९९२ देखि २०१३ सम्मका इन्सेक मानवअधिकार वर्षपुस्तकहरू

ङ. इन्टेन्सिभ रिसर्च एण्ड स्टडी सेन्टर; *भिलेज डिभलपमेन्ट कमिटी एण्ड डेमोग्राफिक प्रोफाइल अफ नेपाल २०१३, मेघा पब्लिकेशन एण्ड रिसर्च सेन्टर काठमाण्डु, नेपाल*

च. वर्षपुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।

छ. शिक्षासम्बन्धी तथ्याङ्क जिल्लाका शिक्षा कार्यालय, स्वास्थ्यसम्बन्धी तथ्याङ्क जिल्ला स्वास्थ्य कार्यालयबाट उपलब्ध गराइएका हुन्। ग्रामीण स्वास्थ्य कार्यकर्ता र मासिकालाई संयुक्त रूपमा स्वास्थ्य कार्यकर्ताको रूपमा उल्लेख गरिएको छ।

पूर्वाञ्चल

१.१ झापा

१.२ इलाम

१.३ पाँचथर

१.४ ताप्लेजुङ

१.५ मोरङ

१.६ सुनसरी

१.७ धनकुटा

१.८ तेह्रथुम

१.९ भोजपुर

१.१० सङ्खुवासभा

१.११ सप्तरी

१.१२ सिरहा

१.१३ उदयपुर

१.१४ खोटाङ

१.१५ ओखलढुङ्गा

१.१६ सोलुखुम्बु

१.१ झापा



जिल्ला सदरमुकाम: चन्द्रगढी
क्षेत्रफल (वर्ग कि. मि.): १,६०६.००
घरधुरी सङ्ख्या: १८४,५५२
जम्मा जनसङ्ख्या: ८,१२,६५०
पुरुष: ३,८५,०५६
महिला: ४,२७,५५४
अपाङ्ग सङ्ख्या: १५,३७६
गाविस/नपा सङ्ख्या: ४७/३
पुरुष साक्षरता सङ्ख्या: २,५४,३०६
महिला साक्षरता सङ्ख्या: २,७७,३५६
हिन्दू धर्मावलम्बी प्रतिशत: ७५.८८
बौद्ध धर्मावलम्बी प्रतिशत: ४.८४
इस्लाम धर्मावलम्बी प्रतिशत: ३.२
किराँत धर्मावलम्बी प्रतिशत: ८.३२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.५४
प्रकृति धर्मावलम्बी प्रतिशत: १.४४
अन्य धर्मावलम्बी प्रतिशत: ०.०३
प्रतिपरिवार सरदर सङ्ख्या: ४.४०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यपक्षबाट

लखनपुर गाविस-१ घर भई सोही ठाउँको रतुवामाई वृक्षारोपण आयोजनाका वनपाले ४० वर्षीय सुरेन राई ०७० वैशाख ३१ गते सशस्त्र प्रहरी गण पाथीभरा लखनपुरका प्रहरीले तालिमका क्रममा फायरिङ गरेको गोली देब्रे आँखामुनि लागी घाइते भए। पीडितको ०७० जेठ १ गते बिहान उपचारका क्रममा विराटनगरस्थित न्युरो अस्पतालमा मृत्यु भयो। घटनापछि पीडित परिवारलाई राहत, दोषीलाई कारवाहीलगायतका माग राख्दै आफन्त र स्थानीयवासीले विरोध गरेका थिए। ०७० वैशाख २ गते सशस्त्र प्रहरी गणमा झापाका सीडीओ एकमणि नेपालले पीडित परिवारलाई १० लाख रुपियाँ दिने पीडित पक्षसँग सहमति गरे। सोही दिन पीडितका आफन्तले लास बुझेर दाहसंस्कार गरे। पीडित परिवारले यस वर्षको अन्त्यसम्म क्षतिपूर्तिबापतको रकम प्राप्त गरेको छैन।

जेल र बन्दी

'ख' श्रेणीको यस जिल्ला कारागारको क्षमता २ सय २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ३ सय ६३ र कैद नतोकिएका ३ सय ३५ जना गरी जम्मा ६ सय ९८ जना कैदी बन्दीहरू रहेका छन्। आश्रित पाँच जना बालक र चार जना बालिका रहेका छन्। कारागारको भौतिक अवस्था अत्यन्त जीर्ण रहेको र क्षमताभन्दा बढी कैदी बन्दी रहेकाले कारागारमा रहेका बन्दी तथा कैदीहरूको दिनचर्या कष्टकर रहेको कारागारका कर्मचारी जीवराज भट्टराईले बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

संविधानसभा निर्वाचनमा झापा-३ का सङ्घीय लिम्बूवान राज्य परिषद्का प्रत्यक्षतर्फका उम्मेदवार ४० वर्षीय गोपाल थेवेलाई ०७० कात्तिक २६ गते निर्वाचनमा भाग लिएको आरोपमा नेकपा-माओवादीका कार्यकर्ताहरूले चारपाने गाविस-१, बिर्तामोडबाट अपहरण गरेकामा ०७० कात्तिक २८ गते बिर्तामोड ल्याई मुक्त गरे।

नेकपा मालेका जिल्ला सचिव नवराज खरेललाई ०७० कात्तिक २५ गते निर्वाचनमा भाग लिएको आरोपमा बिहान जलथल गाविसस्थित आफ्नै घरबाट नेकपा-माओवादीका कार्यकर्ताहरूले अपहरण गरेकामा सोही दिन दिउँसो बिर्तामोडबाट अपहरण मुक्त गरे। अपहरण मुक्त गर्नुअघि आरोपितहरूले कथित निर्वाचनको औचित्य नरहेको भन्ने कागजमा पीडितलाई हस्ताक्षर गराएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला

अदालतमा फौजदारीतर्फका १ हजार ४ सय ६९ मुद्दामध्ये ६ सय २९ थानको फैसला भयो भने ८ सय ४० थान बाँकी रहे। देवानीतर्फ २ हजार ६ सय ३३ मुद्दामध्ये १ हजार २ सय ३३ थानको फैसला भयो भने १ हजार ४ सय थान बाँकी रहे।

०७० साउनदेखि ०७० पुस १६ सम्म

यस जिल्ला अदालतमा फौजदारीतर्फ ८ सय ५७ थान मुद्दामध्ये २ सय ११ थानको फैसला भयो भने ६ सय ४६ थान बाँकी रहे। देवानीतर्फ १ हजार ५ सय ७३ थान मुद्दामध्ये ३ सय १७ थानको फैसला भयो भने १ हजार २ सय ५६ थान मुद्दा बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी २२ र देवानी मुद्दा ३२ थान रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउन १ गतेदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ हजार ४७ छ, जसमा ३ सय ९१ थान मुद्दा सफल भए भने ६६ थान असफल भए। मुलतवी, तामेली र कारबाही चलिरहेका ६ सय ३० थान मुद्दा रहेको जिल्ला सरकारी वकिलको कार्यालयले जनाएको छ। दायर मुद्दामध्ये कर्तव्य ज्यानका १५ थानमध्ये सात थानमा कसुर कायम र आठ थान असफल रहे। बलात्कारतर्फका ३६ थान मुद्दामध्ये १४ थान सफल रहे भने ११ थान असफल रहे। बाँकी ११ थान मुद्दा मुलतवीमा रहेका छन्। अपहरणसम्बन्धी दुई थान सफल र तीन थान असफल रहे। मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी तीन थान सफल र चार थान असफल रहे। बाँकी चालू अवस्थामा रहेका छन्।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		२	२	३		३
बालअधिकार				२७		२७
अमानवीय व्यवहार		५	५			
अपहरण				१	२	३
महिलाअधिकार				११		११
गिरफ्तारी/यातना	१		१			
हत्या		१	१	६	८	१४
जम्मा	१	८	९	४८	१०	५८

बहुविवाहसम्बन्धी १८ थान मुद्दामध्ये ११ थान सफल र ५ थान असफल भए। दुई थान मुद्दा अदालती कारबाहीमा बाँकी रहे।

यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

अनारमनी गाविस-६ का २१ वर्षीय विमल थापा, सोही गाविस-३ का २६ वर्षीय रोहित भण्डारी, दिनेश पौडेल, निर्मल शङ्कर र २७ वर्षीय नेत्र खतिवडालाई ०६९ चैत ३ गते राति मादक पदार्थ सेवन गरेर मोटरसाइकल चलाएको आरोपमा अनारमनी गाविस-३ बाट प्रहरीले गिरफ्तारपछि कपाल मुण्डन गऱ्यो। उनीहरूलाई प्रहरीले एक रात हिरासतमा राखेर चैत ४ गते रिहा गऱ्यो। उनीहरूको टुप्पीसमेत मुण्डन गरेको घटना विषयमा सर्वत्र विरोध भएपछि ०६९ चैत ४ गते प्रहरीले पीडितहरूसँग माफी मागेको थियो। माफीपछि पीडितहरूले कतै उजुरी गरेनन्।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १२ हजार ९सय ३४ मध्ये छात्र ६ हजार ३ सय ६५ र छात्रा ६ हजार ५ सय ६९ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला र पुरुष गरी दरबन्दी र राहत गरी जम्मा २ हजार ४ सय ७७ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा महिला र पुरुष गरी जम्मा दरबन्दी र राहत गरेर ६ सय २५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला र पुरुष गरी दरबन्दी र राहत गरेर जम्मा ७ सय ४९ शिक्षक रहेका छन्। जम्मा महिला र पुरुष शिक्षकहरु दरबन्दीमा प्राबि देखि माबि सम्म ३ हजार ८ सय ५१ मध्ये दलित महिला शिक्षक ३ जना र पुरुष शिक्षक १५ जना रहेका छन्।

बालविकास केन्द्रमा छात्र ५ हजार ५ सय ३३ छात्रा ५ हजार ७ सय ६७ गरी जम्मा १३ हजार ३ सय जना रहेका छन्। दलित छात्र २ सय ४३ र छात्रा २ सय ९७ जना यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

अपहरण

मेचीनगर नपा-३ की ९ वर्षीया रेशम शाहलाई ०६९ पुस २६ गते साँझ सोही स्थानकी २७ वर्षीया

सीमा पटेल र मेनुका शाहले पीडितकै घरअगाडि खेलिरहेको समयमा अपहरण गरी भारतको सिलिगुडीमा लगे। पीडितलाई प्रहरीले भारतको सिलिगुडीबाट ०६९ पुस २८ गते साँझ उद्धार गरी परिवारको जिम्मा लगाएको थियो। आरोपितहरूविरुद्ध पीडित परिवारले ०६९ पुस २७ गते उजुरी दिएको थियो। प्रहरीले उजुरी दिएकै दिन आरोपितलाई गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ माघ २५ गतेदेखि मानव ओसारपसार मुद्दा अन्तर्गत झापा कारागारमा पुर्पक्षका लागि थुनामा छन्।

गिरफ्तारी र यातना

पृथ्वीनगर गाविस-९ घर भई अनारमनी गाविस-३ स्थित हिमाली उच्च माविमा कक्षा-४ मा अध्ययनरत सोही ठाउँका नीरज चुडालको घरकी कामदार १३ वर्षीया सुनीता सोरेनलाई घर मालिकको सुनको गहना चोरेको आरोपमा ०७० पुस ११ गते इलाका प्रहरी कार्यालय, बिर्तामोडले गिरफ्तार गऱ्यो। घरधनी चुडालले बालिकाविरुद्ध पुस १० गते उजुरी दिएका थिए। बालिकाकी आमा टुब्ली सोरेनले बालिकालाई सो दिन प्रहरी हिरासतमा नडमा सियोले घोचेको र आफूलाई पनि सोही दिन गिरफ्तार गरेर पाँच दिनसम्म प्रहरी हिरासतमा राखेको बताइन्। पीडितलाई एक वर्षअघि घरेलु कामदारका रूपमा पृथ्वीनगर गाविस-९ निवासी बालमुकुन्द पोखरेलको सम्पर्कबाट चुडालको घरमा काम गर्न पुऱ्याइएको पीडितका बुबा डेम्का सोरेनले बताए। चुडालले उनको घरमा पनि बालिकालाई चोरीको आरोपमा मरणासन्न हुने गरी कुटपिट गरेको र प्रहरीले नडमा सियोले घोचेको पीडितले अन्नपूण पोस्टका पत्रकार उमाकान्त खनाल र स्थानीयसामु रुँदै बताएकी थिइन्। गिरफ्तारीपछि बालिकालाई सोही दिन साँझ रिहा गरेको प्रहरीको भनाइ छ। सो घटनाको विषयमा इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएपी भुवनेश्वर तिवारीले उनीहरू कसैलाई पनि प्रहरीले यातना नदिएको र घटनालाई अतिरञ्जित पार्न खोजिएको बताए। यस वर्षको अन्त्यसम्म पीडित तथा पीडित पक्षले डर-त्रासका कारण उजुरी दिएको छैन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१५ वर्षीया एक बालिकालाई चन्द्रगढी गाविस-४ का ७९ वर्षीय मसालु राजवंशीले ०६९ माघ ३ गते आफ्नो घरमा बोलाई बलात्कार गरेको आरोपमा पीडित पक्षले सोही दिन प्रहरीमा उजुरी गरेको थियो। प्रहरीले आरोपितलाई माघ ३ गते नै गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ माघ २८ गतेदेखि झापा जिल्ला कारागारमा थुनामा छन्।

१५ वर्षीया एक सुस्त मनस्थितिकी बालिकालाई ०६९ फागुन २५ गते शरणामती गाविस-५ का २५ वर्षीय लालबहादुर विक, २६ वर्षीय वीरबहादुर विक र २७ वर्षीय फौदराज विकले सोही ठाउँको विरिङ खोला किनारको काँसघारीमा बलात्कार गरे। पीडितको स्वास्थ्य परीक्षण भोलिपल्ट मेची अञ्चल अस्पतालमा भयो। स्थानीयवासीले बालिकाको उद्धार गरेका थिए। आरोपितमध्ये वीरबहादुर विकलाई स्थानीयले घटनास्थलबाटै समातेर प्रहरीको जिम्मा लगाए। आरोपितविरुद्ध पीडित परिवारले ०६९ फागुन २६ गते प्रहरीमा उजुरी दिएको थियो। आरोपित लालबहादुर विकलाई पनि प्रहरीले सोही साँझ घरैबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपितहरू ०६९ फागुन १७ गते लालबहादुर विक र वीरबहादुर विक झापा कारागारमा थुनामा रहेका छन्। फौदसिंह भने हालसम्म फरार छन्।

११ वर्षीया एक बालिकालाई खुदुनाबारी गाविस-१ का ३२ वर्षीय सुरेन विकले विगत एक वर्षदेखि बलात्कार गरेको भन्दै पीडित परिवारले ०७० वैशाख ६ गते इलाका प्रहरी कार्यालय, बिर्तामोडमा उजुरी दियो। घटना सार्वजनिक हुँदा पीडित ६ महिनाकी गर्भवती थिइन्। पीडितलाई एबीसी नेपालले उद्धारपछि सोही संस्थाको विराटनगरस्थित संरक्षण गृहमा राखेको छ। उनले कोसी अञ्चल अस्पतालमा शिशु जन्माइन्। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

१३ वर्षीया एक बालिकालाई ०७० वैशाख १४ गते साँझ खुदुनाबारी गाविस-४ का ५६ वर्षीय विमलकुमार ढकालले पीडितकै घरमा बलात्कार गरे। पीडितको ०७० वैशाख २१ गते मेची अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। बलात्कारपछि पीडित परिवारले ०७० वैशाख २१ गते इलाका प्रहरी कार्यालय, बिर्तामोडमा उजुरी दिएको थियो। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

आठ वर्षीया एक बालिकालाई ०७० जेठ २२ गते बलात्कार प्रयास गरेको आरोपमा प्रहरीले गरामनी गाविस-७ का २० वर्षीय सागर मगरलाई ०७० जेठ २३ गते गिरफ्तार गऱ्यो। पीडित परिवारले आरोपितविरुद्ध ०७० जेठ २३ गते इलाका प्रहरी कार्यालय, बिर्तामोडमा उजुरी दियो। पीडितको ०७०

जेठ २४ गते मेची अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको आदेशमा आरोपित ०७० असार १२ गते २० हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

१४ वर्षीया एक बालिकालाई हल्दीवारी गाविस-७ का ८२ वर्षीय राजेन्द्र लिम्बू र १८ वर्षीय मानिक लिम्बूले ६ महिनाअघिदेखि धेरैपटक यौनशोषण गरेको आरोपमा पीडित परिवारले ०६९ फागुन ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई उजुरी दिएकै दिन प्रहरीले गिरफ्तार गऱ्यो। पीडित बालिकाको ०६९ फागुन १२ गते मेची अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको आदेशमा आरोपित मानिक ०६९ चैत ४ गतेदेखि पुर्पक्षका लागि झापा कारागारमा थुनामा छन् भने राजेन्द्र लिम्बू सोही दिन ३५ हजार रुपियाँ धरौटी राखी रिहा भए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२१ वर्षीया एक युवतीलाई ०६९ पुस १८ गते साँझ दमक नपा-१५ स्थित चिया बगानछेउमा आफ्ना केटा साथीसँग गफ गरेर बसिरहेको समयमा दमक नपा-९ का १९ वर्षीय सचिन भट्टराई, सन्दीप दर्जी, २२ वर्षीय आशिष दर्नाल र २४ वर्षीय भूपेन्द्र विकले नियन्त्रणमा लिई उनका केटा साथीलाई कुटपिट गरेर पीडितलाई चिया बगानमा लगेर सामूहिक बलात्कार गरेको आरोपमा आरोपितहरूविरुद्ध पीडितले ०६९ पुस १९ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दिइन्। युवतीको ०६९ पुस १९ गते मेची अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। घटना भएकै रात आरोपितहरूमध्ये भूपेन्द्र विकबाहेकलाई प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत, झापाको ०६९ माघ २२ गतेको आदेशमा आरोपित झापा जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म आरोपित विक फरार छन्।

१८ वर्षीया एक महिलालाई ०६९ चैत २३ गते उनका ५० वर्षीय ससुराले पीडितलाई माइती पुऱ्याउँदै गर्दा सुरुङ्गा गाविस-८ स्थित जङ्गलमा बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध चैत २४ गते इलाका प्रहरी कार्यालय, बिर्तामोडमा उजुरी दिइन्। पीडितको ०६९ चैत २५ गते मेची अञ्चल अस्पताालमा स्वास्थ्य परीक्षण भयो। आरोपित यस वर्षको अन्त्यसम्म फरार छन्।

१९ वर्षीया एक युवतीलाई ०६९ माघ २ गते दिउँसो अर्जुनधारा गाविस-४ का २७ वर्षीय रोशन कार्कीले सुरुङ्गा गाविस-८ को जङ्गलमा बलात्कार गरेको आरोपमा पीडितका परिवारले आरोपितविरुद्ध माघ ३ गते इलाका प्रहरी कार्यालय, बिर्तामोडमा उजुरी दियो। पीडितको ०७० माघ ४ गते मेची अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

२५ वर्षीया एक महिलालाई ०७० भदौ ६ गते मेचीनगर नपा-१३ स्थित टोकला चिया बगानमा आफ्ना साथीसँग घुम्न गएका बेला मेचीनगर नपा-१० का २३ वर्षीय प्रदीप राई, १७ वर्षीय एक बालक र सोही नपा-१० का १९ वर्षीय युगेन भुजेलले सामूहिक बलात्कार गरेको आरोपमा पीडितले इलाका प्रहरी कार्यालय, काँकरभिट्टामा सोही दिन उजुरी दिइन्। आरोपितहरूलाई घटना भएकै दिन राति प्रहरीले गिरफ्तार गऱ्यो। पीडित महिलाको ०७० भदौ ७ गते मेची अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको आदेशमा आरोपित चारै जना ०७० असोज ४ गतेदेखि झापा कारागारमा थुनामा छन्।

२१ वर्षीया एक महिलालाई ०६९ फागुन १८ गते साँझ अर्जुनधारा गाविस-५ का २५ वर्षीय अम्बिका पौडेलले पीडित झापाबाट आफ्नो घर इलाम जाँदै गर्दा अर्जुनधारा-५ को दहीझोडा सामुदायिक वनमा बलात्कार प्रयास गरे। स्थानीयवासीहरूले थाहा पाई पीडितको उद्धार गरी आरोपितलाई प्रहरीको जिम्मा लगाए। पीडितले ०६९ फागुन १९ गते इलाका प्रहरी कार्यालय बिर्तामोडमा कारबाहीका लागि उजुरी दिएकी थिइन्। पीडितको ०६९ फागुन १९ गते मेची अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ चैत १३ गतेदेखि जिल्ला कारागार झापामा पुर्पक्षका लागि थुनामा छन्।

सुस्त मनस्थितिकी एक २८ वर्षीया महिलालाई ०६९ फागुन २५ गते बिहान चारपाने गाविस-७ का १८ वर्षीय मिलन भुजेलले घरनजिकैको बाँसघारीमा लगेर बलात्कार प्रयास गरेको आरोपमा पीडित परिवारले सोही दिन प्रहरीमा उजुरी दियो। इलाका प्रहरी कार्यालय बिर्तामोडले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको सोही दिन मेची अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ चैत १६ गतेदेखि झापा कारागारमा पुर्पक्षका लागि थुनामा छन्।

१९ वर्षीया एक युवतीलाई ०६९ पुस २३ गते दमक नपा-५ का २० वर्षीय अजित खड्का, अतीत खड्का र २२ वर्षीय रोशन राईले पीडित आफन्तबाट घरबाट फर्कदै गर्दा सामूहिक बलात्कारको प्रयास गरेको आरोपमा पीडित परिवारले ०६९ पुस २४ गते आरोपितहरूविरुद्ध इलाका प्रहरी कार्यालय दमकमा उजुरी गऱ्यो। पीडितको ०६९ पुस २४ गते मेची अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितहरूलाई प्रहरीले सोही दिन गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ माघ १९ गतेदेखि जिल्ला कारागारमा थुनामा छन्।

भोजपुर जिल्ला घर भई म्यादी प्रहरीमा कार्यरत २४ वर्षीया युवतीलाई ०७० मङ्सिर ७ गते बिहान झापा-७ को चन्द्रगढीस्थित मतगणना स्थलमा सुरक्षार्थ खटिएका सशस्त्र प्रहरी हवल्दार २७ वर्षीय वैशाखु राजवंशीले बलात्कार प्रयास गरे। पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालय, झापामा उजुरी दिइन्। पीडितको उजुरी परेकै दिन मेची अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित राजवंशीलाई प्रहरीले घटनास्थलबाटै गिरफ्तार गरी अनुसन्धान अघि बढाइरहेकामा ०७० मङ्सिर २८ गते जिल्ला अदालत झापाले दिएको आदेश अनुसार झापा कारागारमा थुनामा छन्।

परिवारजनबाट हत्या

मेचीनगर नपा-१० की ३२ वर्षीया कुन्ती राईलाई ०६९ माघ १२ गते उनका पति ४० वर्षीय ऋषि राईले घरायसी विवादमा कुटपिट गरी हत्या गरे। लासको माघ १३ गते मेची अञ्चल अस्पतालमा पोस्टमार्टम भएको थियो। लास पीडितका आफन्तले दाहसंस्कार गरेका थिए। पीडितका आफन्तले ०६९ माघ १३ गते प्रहरीमा उजुरी दिए। आरोपितलाई इलाका प्रहरी कार्यालय काँकरभिट्टाले घटनास्थलबाटै सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६९ फागुन १८ गतेदेखि पुर्पक्षका लागि झापा कारागारमा थुनामा छन्।

गोल्धाप गाविस-३ की ५३ वर्षीया सुकमाया राईलाई ०६९ फागुन २० गते उनका पति ६१ वर्षीय देउमान राईले घरायसी विवादमा कुटपिट गरी हत्या गरे। हत्या भएकै दिन लासको मेची अञ्चल अस्पतालमा पोस्टमार्टम भयो। लास मृतकका आफन्तले दाहसंस्कार गरेका थिए। आफन्तले आरोपितविरुद्ध हत्या भएकै दिन जिल्ला प्रहरी कार्यालय, झापामा उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ चैत १६ गतेदेखि झापा कारागारमा थुनामा छन्।

राजगढ गाविस-४ की ५० वर्षीया सुमी मुर्मूलाई ०६९ चैत २२ गते पति ५२ वर्षीय चुड्का मुर्मूले कुटपिट गरी हत्या गरे। लासनजिकै रहेको खोला किनारमा गाडेको अवस्थामा स्थानीयवासीले ०७० वैशाख ४ गते फेला पारेर प्रहरीमा खबर गरेका थिए। पीडितका आफन्तले ०७० वैशाख ४ गते जिल्ला प्रहरी कार्यालय, झापामा उजुरी दिए। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले सोही दिन गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०७० जेठ २ गतेदेखि जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा थिए। उनको सोही कारागारमा ०७० असोज २३ गते बिरामी भई मृत्यु भयो।

दमक नपा-१५ की ३५ वर्षीया गङ्गा राईलाई ०७० जेठ १६ गते उनका पति ४० वर्षीय भूपाल राईले घरायसी विवादमा घरैमा धारिलो हतियार प्रहार गरी हत्या गरे। लासको सोही दिन मेची अञ्चल अस्पतालमा पोस्टमार्टम भयो। मृतकका परिवारले सोही दिन दाहसंस्कार गरेका थिए। मृतकका छोरा नवीनले जेठ १७ गते इलाका प्रहरी कार्यालय, दमकमा आरोपितविरुद्ध उजुरी दिए। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

कुटपिट

अर्जुनधारा गाविस-६ की १९ वर्षीया मनीषा सिटौलालाई ०७० जेठ २५ गते राति उनका ससुरा ५७ वर्षीय नारदमणि सिटौलाले घरायसी विवादका क्रममा खुकुरीले टाउको तथा शरीरमा प्रहार गरी गम्भीर घाइते बनाए। आरोपितले सोही रात इलाका प्रहरी कार्यालय, बिर्तामोडमा आत्मसमर्पण गरे। पीडितका आफन्तले ०७० जेठ २७ गते इलाका प्रहरी कार्यालय, बिर्तामोडमा उजुरी दिए। जिल्ला अदालतको आदेशमा आरोपित ०७० असार १९ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १५ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला

गरिएका ७ जना, खानलाउन नदिएको ४ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको २ जना, अर्को श्रीमती ल्याएर हेला गरेकोमा १ , मार्ने धम्की दिइएकोमा १, बोक्सीको आरोप लगाएको घटनामा कुनै पनि घटना उजुरी नभएको। ती घटनामध्ये प्रहरीले ९ घटनामा मिलापत्र गराएको र ६ घटनाहरु विचाराधीन अवस्थामा रहेकाछन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरक्षण क्षति, सम्पति कब्जा

गैरराज्यपक्षबाट

नेकपा-माओवादीबाट

सुरुङ्गा गाविस-५, सुरुङ्गा बजारस्थित माता मनकामना ट्रेडर्सका सञ्चालक जमी तिम्सिनाको ट्रेडर्स ०६९ फागुन ८ गते दिउँसो बन्दको अवज्ञा गरेको आरोपमा नेकपा-माओवादीका कार्यकर्ताहरूले तोडफोड गरी करिब ५० हजार रुपियाँ बराबरको क्षति पुऱ्याए। घटनामा नेकपा-माओवादीका कार्यकर्ता रहे पनि को को थिए भन्ने खुल्न सकेन। पीडितले सोही दिन प्रहरी चौकी, सुरुङ्गा घटनाको विषयमा लिखित जानकारी गराए।

मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्बाट

अनारमनी गाविस-३ का शान्तिराम निरौलाको मे४प २४१ नम्बरको मोटरसाइकल ०७० वैशाख २२ गते मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरूले आफूहरूले आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा दुवागढी गाविस-५ स्थित राजमार्गमा आजगनी गरी क्षति पुऱ्याए। पीडितले कानुनी कारबाहीको माग गर्दै वैशाख २३ गते प्रहरीमा उजुरी दिए। यस वर्षको अन्त्यसम्म आरोपितहरूको पहिचान हुन सकेको छैन।

काठमाडौँबाट इलामतर्फ जाँदै गरेको ना२ख २५६९ नम्बरको बस ०७० वैशाख २७ गते शान्तिनगर गाविस-१, वर्नेस्थित राजमार्गमा मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरूले बन्दको अवज्ञा गरेको आरोपमा तोडफोड गरी क्षति पुऱ्याए। पीडित पक्षले सोही दिन प्रहरी कार्यालय, बुधबारेमा उजुरी दियो। यस वर्षको अन्त्यसम्म आरोपितहरूको पहिचान हुन सकेन।

चारपाने गाविस-३ स्थित महेन्द्र राजमार्गमा ना४ख ६५६९ नम्बरको ट्रकमा ०७० वैशाख २३ गते मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरूले बन्दको अवज्ञा गरेको आरोपमा आगजनी गरी क्षति पुऱ्याए। पीडित पक्षले घटनामा संलग्नलाई कारबाहीका लागि सोही दिन इलाका प्रहरी कार्यालय, बिर्तामोडमा उजुरी दियो। यस वर्षको अन्त्यसम्म आरोपितहरूको पहिचान हुन सकेन।

दुवागढी गाविस-३ स्थित राजमार्गमा मेञप ७९२ नम्बरको मोटरसाइकल ०७० वैशाख २३ गते मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरूले बन्दको अवज्ञा गरेको आरोपमा तोडफोड गरी क्षति पुऱ्याए। पीडित पक्षले घटनामा संलग्नलाई कारबाहीका लागि सोही दिन चारआली प्रहरी चौकीमा उजुरी दियो। यस वर्षको अन्त्यसम्म आरोपितहरूको पहिचान हुन सकेन।

राप्रपा नेपालबाट

चारपाने गाविस-१ स्थित राजमार्गमा ना४ख ८०८४ नम्बरको ट्रकमा आगजनी र ना१ख ११४५ नम्बरको ट्रक र को१ख १७२६ नम्बरको बसमा बन्दको अवज्ञा गरेको आरोपमा राप्रपा नेपालका कार्यकर्ताले ०७० वैशाख २७ गते तोडफोड गरी क्षति पुऱ्याए। आफ्ना कार्यकर्तालाई अपहरण आरोपमा मुद्दा दर्ता गरेको र उनीहरूको रिहाइको माग गर्दै सो पार्टीले जिल्लामा एक दिन यातायात बन्दको आह्वान गरेको थियो। पीडित पक्षले ०७० वैशाख २८ गते इलाका प्रहरी कार्यालय, बिर्तामोडकमा उजुरी दियो। यस वर्षको अन्त्यसम्म आरोपितहरूको पहिचान भएको छैन।

युवा सङ्घ नेपालबाट

चारपाने गाविस-१ मा ना३ ३१०३ नम्बरको बसमा ०७० वैशाख २५ गते युवा सङ्घका कार्यकर्ताहरूले आफूहरूले आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा तोडफोड गरी क्षति पुऱ्याए। पीडित परिवारले इलाका प्रहरी कार्यालय, बिर्तामोडमा सोही दिन उजुरी दिए। यस वर्षको अन्त्यसम्म आरोपितहरूको पहिचान हुन सकेन।

जिल्लामा स्वास्थ्यको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	६		
उपस्वास्थ्यचौकी	३८		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	२४	१०	१४
स्टाफ नर्स	२५	२१	४
ल्याब असिस्टेन्ट	११	८	३
अहेब	७७	६५	८
अनमि	३५	३४	५
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	५	८	१
स्वास्थ्य कार्यकर्ता	४२	३८	४

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यानका २८, ज्यान मार्ने उद्योगका २१, केही सार्वजनिक अपराधका २ सय ३७, जबरजस्ती करणीका ३०, जबरजस्ती करणी उद्योगका २३, हातहतियार खरखजानाका तीन, कुटपिट अङ्गभङ्गका तीन, मानव बेचबिखन तथा ओसार पसारका १२, बहुविवाहका १८, अपहरण तथा शरीर बन्धकका दुई, अपहरण उद्योगका एक, गर्भपतनका एक र मानव ओसारपसार तथा जबरजस्ती करणीका एक ओटा मुद्दा दर्ता भयो।

१.२ इलाम

जिल्ला सदरमुकाम: इलाम
क्षेत्रफल (वर्ग कि. मि.): १,७०३.००
घरधुरी सङ्ख्या: ६४,५०२
जम्मा जनसङ्ख्या: २,५०,२५४
पुरुष: १,४१,१२६
महिला: १,४५,१२८
अपाङ्ग सङ्ख्या: ७,६३६
गाविस/नपा सङ्ख्या: ४८/१
पुरुष साक्षरता सङ्ख्या: १,१३,०४८
महिला साक्षरता सङ्ख्या: १,०३,४५८
हिन्दू धर्मावलम्बी प्रतिशत: ४४.४५
बौद्ध धर्मावलम्बी प्रतिशत: १५.२५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०८
किराँत धर्मावलम्बी प्रतिशत: ३५.६१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.५
प्रकृति धर्मावलम्बी प्रतिशत: १.३४
जैन धर्मावलम्बी प्रतिशत: ०.०२
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.६६८
प्रतिपरिवार सरदर सङ्ख्या: ४.५०

जेल र बन्दी

'ग' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता १ सय २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएको १ सय ८८ जना कैदी र कैद नतोकिएका ८६ जना थुनुवा गरी जम्मा २ सय ७४ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक एक र बालिका दुई जना रहेका छन्। यो जिल्ला कारागार ०६९ सालमा निर्माण भएको हो। कारागार सुविधा सम्पन्न छ। कारगारको पुरुष वार्डमा पुस्तकालयको व्यवस्था छ। यस्तै सूचनाको पहुँचका लागि एक लाइन

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			१६	१	१७
महिलाअधिकार			३९		३९
कुटपिट	३	३		१	१
हत्या			१		१
जम्मा	३	३	४६	३	४८

टेलिफोन रहेको छ। महिला वार्डमा भने पुस्तकालय छैन। तर, स्थानीय संस्था मानवअधिकार मञ्च इलामले महिलाहरूका लागि एक वर्षसम्म 'नागरिक' दैनिक पठाउने व्यवस्था गरेको छ। कारागारमा क्षमताभन्दा बढी बन्दी भएकाले खानेपानीको समस्या रहेको छ।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

इलाम र पाँचथरको सीमावर्त्ती क्षेत्र रविमा चुनावी कार्यक्रम सकेर फर्कंदै गरेका इलाम-२ का एमाओवादी उम्मेदवार रमेश लिङ्देनमाथि कात्तिक १० गते साँझ रवि-राँके सडकको दशमी भन्ने स्थानमा १०-१२ जनाको सङ्ख्यामा आएको अज्ञात समूहले आक्रमण गऱ्यो। आक्रमणमा परी लिङ्देनको खुट्टामा चोट लागेको थियो। रविबाट कात्तिक ११ गते हुने चुनावी कार्यक्रमका लागि कार्यकर्तासहित इलामको आमचोक फर्कंदै गरेका लिङ्देन चढेको मे१ज ३८२ नम्बरको ल्यान्डरोबर गाडी र मोटर साइकलहरूमा पनि सामान्य तोडफोड भएको जिल्ला सुरक्षा समिति, इलामले जनायो। आक्रमणबाट अन्य कार्यकर्ताहरू पनि सामान्य घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २ सय ६६ थानमध्ये १ सय ८५ थानको फैसला भयो भने ८१ थान बाँकी रहे। देवानीतर्फ १ सय ७३ थानमध्ये १ सय १ थानको फैसला भयो भने ७२ थान बाँकी रहे। मुलतवी र तामेलीमा रहेका मुद्दाको संङ्ख्या दुई थान छ। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी १८ थानमध्ये नौ थान सफल र एक थान असफल रहे। बलात्कारसम्बन्धी ३० थानमध्ये नौ थान सफल रहे। महिला बेचविखनसम्बन्धी परेको एक थान मुद्दा बाँकी नै रह्यो। बहुविवाहसम्बन्धी परेका १६ थान मुद्दामध्ये पाँच थान सफल र एक थान असफल रह्यो।

०७० साउनदेखि ०७० पुस १५ सम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ १ सय ६८ थानमध्ये ३२ थानको फैसला भयो भने १ सय ३६ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय १९ थानमध्ये १३ थानको फैसला भयो भने १ सय ६ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक र देवानी मुद्दा एक थान छन्।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २ सय ३४ थान छ, जसमध्ये १ सय १६ थान सफल भए भने १६ ओटा बाँकी रहे। मुलतवी, तामेली पेण्डीमा मुद्दा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या ७५ थान छ, जसमध्ये १० थान सफल भए। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म १ सय थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।_

पुनरावेदन अदालत इलाम

०६९ साउनदेखि ०७० असार मसान्तसम्म ५ जना मात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालत, इलाममा फौजदारी मुद्दातर्फ ५ सय ६५ थानमध्ये ४ सय २४ थानको फैसला भयो भने १ सय ४१ थन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ८५ थानमध्ये १ सय २५ थानको फैसला भयो भने ६० थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म पाँच जना मात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालत, इलाममा फौजदारी मुद्दातर्फ २ सय ६२ थानमध्ये १ सय २३ थानको फैसला भयो भने १ सय ३९ थान बाँकी रहे। देवानी मुद्दातर्फ ७४ थानमध्ये ४० थानको फैसला भयो भने ३४ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा छैनन्।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका मध्ये छात्र २४ हजार ७ सय र छात्रा २७ हजार ७ सय ३६ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ हजार १२ र छात्र १ हजार ७ सय ९२ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ५ सय ४ र पुरुष ८ सय ९३ गरी जम्मा १ हजार ३ सय ९७ शिक्षक कार्यरत छन्। निमाथि तहमा महिला २२ र पुरुष २ सय ३३ गरी जम्मा २ सय ५५ शिक्षक कार्यरत छन्। यसै गरी माथि तहमा महिला ४ र पुरुष १ सय ७३ गरी जम्मा १ सय ७७ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक २ हजार ९७ र बालिका २ हजार २ सय ४३ गरी जम्मा ४ हजार ३ सय ४० रहेका छन्, जसमध्ये दलित बालक १ सय ४५ र बालिका १ सय ६८ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क ०६९ असार मसान्तसम्म अद्यावधिक गरेको पाइयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१३ वर्षीया एक बालिकालाई ०७० जेठ २१ गते चुलाचुली गाविसका २३ वर्षीय सचिन रसाइलीले बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० जेठ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको जेठ २४ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित यस वर्षको अन्त्यसम्म फरार छन्। मुद्दा मुलतबीमा छ।

१४ वर्षीया एक बालिकालाई ०६९ फागुन २४ गते पुवामझुवा गाविस-९ का १८ वर्षीय सञ्जय लिम्बूले बलात्कार गरेको आरोपमा प्रहरीले आरोपितलाई ०६९ फागुन २८ गते गिरफ्तार गऱ्यो। पीडितको ०६९ फागुन २४ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ चैत १८ गतेदेखि पुर्पक्षका लागि इलाम कारागारमा थुनामा छन्। मुद्दाको फैसला भएको छैन।

१७ वर्षीया एक बालिकालाई ०७० जेठ ११ गते धुसेनी गाविस-४ का ३० वर्षीय चेतप्रसाद खत्रीले बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध ०७० जेठ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। कामका सिलसिलामा मावली गएको समयमा आरोपितले पीडितलाई बलात्कार गरेको उजुरीमा उल्लेख छ। आरोपित फरार छन्। जिल्ला अदालतले ०७० असार १३ गते खत्रीलाई गिरफ्तार गर्न वारेन्ट जारी गरेको छ। मुद्दा मुलतबीमा।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२८ वर्षीया एक महिलालाई झापा बेलडाँगीस्थित भुटानी शरणार्थी शिविरका १८ वर्षीय राजु गुरुङले ०६९ माघ ९ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले ०६९ माघ १५ गते प्रहरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले ०६९ माघ १९ गते गिरफ्तार गऱ्यो। पीडितको ०६९ माघ ९ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला अदालतको ०७० असार ३ गतेको आदेशले राजुलाई २ वर्ष ६ महिना कैद सजाय तोकेको छ।

सुस्त मनस्थितिकी ३६ वर्षीया एक महिलालाई ०७० वैशाख १० गते जितपुर गाविस-५ का २८ वर्षीय सुरेन मगर भनिने फौदबहादुर मगरले बलात्कार गरेको आरोपमा पीडित पक्षले वैशाख ११ गते आ उजुरी दियो। पीडितको ०७० वैशाख ११ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। इलाका प्रहरी कार्यालय, मङ्गलबारेले आरोपितलाई वैशाख ११ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०७० वैशाख ३० गतेदेखि जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा रहेका छन्। मुद्दाको फैसला भएको छैन।

४० वर्षीया महिलालाई गोर्खे गाविस-६ का ३० वर्षीय अमृत राईले ०६९ चैत २६ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले ०६९ चैत २७ गते इलाका प्रहरी कार्यालय पशुपतिनगरमा उजुरी दियो। पीडित पक्षको ०६९ चैत २७ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई इलाका प्रहरी कार्यालय, पशुपतिनगरले ०७० वैशाख ३ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा ०७० वैशाख १८ गतेदेखि आरोपित पुर्पक्षका लागि थुनामा छन्। मुद्दाको फैसला भएको छैन।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३२ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, इलाममा उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका सात, खानलाउन नदिएका सात,

विवाह दर्ता तथा नागरिकता नबनाएका आठ, अर्की पत्नी ल्याएर हेला गरेका १०, मार्ने धम्की दिइएका एक, बोक्सीको आरोप लगाएका दुई घटना थिए। प्रहरीले ३२ ओटै घटनामा मिलापत्र गराएको छ।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१८		
उपस्वास्थ्यचौकी	२६		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	७		७
स्टाफ नर्स	८	५	३
ल्याब असिस्टेन्ट	७	५	२
अहेब	६०	४८	१२
अनमि	२५	१५	६
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१३	६
माशिका	३८	३४	४
स्वास्थ्य कार्यकर्ता	४८	१५	२५

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यानका छ, सार्वजनिक अपराधका ६४, बहुविवाहका १५, जबरजस्ती करणी उद्योगका चार, ज्यान मार्ने उद्योगका चार, हातहतियार खरखजानाका चार, मानव बेचबिखनका दुई र विस्फोटक पदार्थका दुई ओटा मुद्दा दर्ता भए।

१.३ पाँचथर

जिल्ला सदरमुकाम: फिदिम
क्षेत्रफल (वर्ग कि. मि.): १,२४१.००
घरधुरी सङ्ख्या: ४१,१५६
जम्मा जनसङ्ख्या: १,५१,८१७
पुरुष: ५०,१८६
महिला: १,०१,६३१
अपाङ्ग सङ्ख्या: ५,०४५
गाविस/नपा सङ्ख्या: ४१/०
पुरुष साक्षरता सङ्ख्या: ६८,०५७
महिला साक्षरता सङ्ख्या: ६४,१५५
हिन्दूधर्मावलम्बी प्रतिशत: ३४.३१
बौद्धधर्मावलम्बी प्रतिशत: ११.६७
इस्लामधर्मावलम्बी प्रतिशत: ०.०३
किराँत धर्मावलम्बी प्रतिशत: ५२.०३
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.५८
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१३
बोन धर्मावलम्बी: ०.०२
अन्य धर्मावलम्बी प्रतिशत: ०.१६३
प्रतिपरिवार सरदर सङ्ख्या: ४.६६

जेल र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ७३ जना कैदी र कैद नतोकिएका ५८ जना थुनुवा गरी जम्मा १ सय ३१ जना बन्दीहरू रहेका छन्, जसमा आश्रित बालक एक जना रहेका छन्। यो जिल्ला कारागार ०३० सालमा निर्माण भएको हो।

यस कारागारका दुईओटा पक्की भवन रहेका छन्। भवनमा रहेका पाँचओटा कोठामध्ये दुईओटा महिला, तीनओटा पुरुष थुनुवा र कैदीले प्रयोग गरेका छन्। कारागारमा रेडियो सुन्ने, टेलिभिजन हेर्ने र

अध्ययनका लागि पुस्तकालय तथा पत्रपत्रिकाको व्यवस्था गरिएको छ। यहाँ खानेपानीको अभाव रहेको छ भने दरबन्दी अनुसार कर्मचारी नहुँदा थुनुवा र कैदीहरूको स्वास्थ्य परीक्षण तथा उपचार गर्न जिल्ला अस्पताल लैजानुपर्ने बाध्यता रहेको छ।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				४	४
बालअधिकार			१६	१	१८
महिलाअधिकार			९		९
भेला/सङ्गठित हुने अधिकार				१	१
जातीय विभेद				१	१
गिरफ्तारी/यातना	१	१			
कुटपिट			३	६	९
धम्की				१	१
हत्या			६	५	११
जम्मा	१	१	३५	१९	५४

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

भारापा गाविस-७ का ४० वर्षीय सन्तोष योङहाङलाई ०७० भदौ २४ गते बन्द अवज्ञा गरेको भन्दै सङ्घीय गणतान्त्रिक समाजवादी पार्टीका कार्यकर्ताले फिदिम गाविस-४ सारन्ता भन्ने स्थानमा सवार मोटरसाइकलसहित पेट्रोल छर्केर आगो लगाउने प्रयास गरे। घटनामा संलग्न रहेको आरोपमा पार्टीका जिल्ला अध्यक्ष तथा केन्द्रीय सदस्य मित्र लिङ्देनलाई प्रहरीले सोही दिन गिरफ्तार गरी साँझ रिहा गऱ्यो। औपचारिक उजुरी नआएकाले उनलाई कानुनी कारबाही नगरिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी दीपशमशेर राणाले बताए।

फाक्तेप गाविस-२ निवासी मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्, फाक्तेप गाउँ समितिका सचिव ३४ वर्षीय विजय भनिने श्यामशेर नेम्बाङलाई ०७० कात्तिक १७ गते फुटबल खेलेर घर फर्किरहेको समयमा निर्वाचनविरोधी गतिविधिमा संलग्न रहेको आरोपमा सशस्त्र प्रहरी बलको गस्ती टोलीले सराङडाँडा गाविस-२ बाट गिरफ्तार गऱ्यो। सशस्त्र प्रहरीको टोलीले उनलाई फाक्तेप प्रहरी चौकीमा बुझाएको थियो। सो चौकीले कात्तिक १८ गते जिल्ला प्रहरी कार्यालयमा बुझाएकोमा उनी २० गते राति रिहा भए। पार्टीले निर्वाचनको बहिष्कार गरे पनि आफू त्यस्ता कार्यमा संलग्न नरहेको उनले बताए। बिदाको समय रहेकाले उनलाई सोधपुछ गर्न र छाड्नमा ढिलाइ भएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर राकेश थापाले बताए।

लुङरुपा गाविस-७ का ५२ वर्षीय सुकदल नेम्बाङ र उनकी छोरी २० वर्षीया सुनमाया नेम्बाङ तथा छिमेकी ५० वर्षीय नरबहादुर नेम्बाङलाई ०७० मङ्सिर ३ गते राति ३३ दलीय मोर्चा घटक नेकपा-माओवादीका कार्यकर्ताहरूले निर्वाचनमा मतदान नगर्न धम्क्याउँदै कुटपिट गरे। पीडितहरूको जिल्ला अस्पताल, पाँचथरमा मङ्सिर ५ गते उपचार भयो। ती कार्यकर्ताहरूले पीडितको घरबाट एक मन अलैची, दुई थान मोबाइल र नागरिकताको प्रमाणपत्र लुटेर लगेका थिए। पीडितले आरोपितहरूविरुद्ध जिल्ला प्रहरी कार्यालयमा मङ्सिर १० गते उजुरी दिए। समयसीमा काटेपछि कार्यालयमा उजुरी आएकाले दर्ता हुन नसकेको प्रहरी कार्यालयले जनायो। यस वर्षको अन्त्यसम्म कानुनी कारबाही भएको छैन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३ सय २० थानमध्ये एक सय ३२ थानको फैसला भयो भने २ सय २ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ६५ थानमध्ये ७७ थानको फैसला भयो भने ८८ थान बाँकी रहे।

०७० साउनदेखि पुस १५ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ८३ थानमध्ये ४८ थानको फैसला भयो भने १ सय ३५ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय १९ थानमध्ये २८ थानको फैसला भयो भने ९१ थान बाँकी रहे। दुई वर्ष नाघेका कुनै मुद्दा छैनन्।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ५५थान छ, जसमध्ये ६८ थान सफल भए भने १४ थान असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या दुई थान छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी २४ थानमध्ये ६ थान सफल र दुई थान असफल रहे। बलात्कारसम्बन्धी १४ थान मुद्दामध्ये तीन थान सफल र दुई थान असफल रहे। महिला बेचबिखनसम्बन्धी दुई थान मुद्दामध्ये दुवै असफल रहे। अपहरणसम्बन्धी एक मुद्दा असफल रह्यो। बहुविवाहसम्बन्धी सात थान मुद्दामध्ये पाँच थान सफल र एक थान असफल रह्यो। बालविवाह र छुवाछूतसम्बन्धी एक/एक थान मुद्दा असफल रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या १ सय १५ छ, जसमध्ये ६ थान सफल भए। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म १ सय ९ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ५६ हजार ८ सय ९५ मध्ये छात्र २७ हजार ३२ र छात्रा २९ हजार ८ सय ६३ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १ हजार ८ सय ९० र छात्र १ हजार ७ सय ५३ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ३ सय २५ र पुरुष ९ सय ५३ गरी जम्मा १ हजार २ सय ७८ शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला ३४ र पुरुष ३ सय १७ गरी जम्मा ३ सय ५१ शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला १२ र पुरुष २ सय २० गरी जम्मा २ सय ३२ शिक्षक छन्।

बालविकास केन्द्रमा बालक १ हजार ७ सय ४१ र बालिका १ हजार ८ सय ८८ गरी जम्मा ३ हजार ६ सय २९ रहेका छन्, जसमध्ये दलित बालक १ सय १४ र बालिका १ सय छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१५ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा कुरुम्बा गाविस-४ का ३७ वर्षीय लक्ष्मी लावतीविरुद्ध ०६९ माघ १४ गते प्रहरीले जिल्ला अदालतमा उजुरी दर्ता गऱ्यो। पीडितको माघ १४ गते जिल्ला अस्पताल फिदिममा स्वास्थ्य परीक्षण भएको थियो। पीडितकी आमाले दोस्रो विवाह गरेपछि पीडितमाथि यौनशोषण हुन थालेको थियो। इलाका प्रहरी कार्यालय दमकले आरोपित र पीडितलाई ०६९ माघ १० गते झापा जिल्ला दमक नपास्थित रवि बस स्टेनबाट गिरफ्तार गरेको थियो। प्रहरीको सोधपुछपछि पीडितमाथि बेहोस हुने औषधी सेवन गराएर पाँच वर्षअघिदेखि पीडितलाई बलात्कार गर्दै आएको रहस्य खुलेको थियो। दमक प्रहरीले उनीहरू दुवैलाई ०६९ माघ १२ गते नै जिल्ला प्रहरी कार्यालय, पाँचथरमा बुझाएको थियो। जिल्ला प्रहरी कार्यालयले माघ १४ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ फागुन ९ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१४ वर्षीया एक बालिकालाई ०७० साउन २७ गते मेमेङ गाविस-३ का ३७ वर्षीय भवानी राईले मदिरा सेवन गरी बलात्कार प्रयास गरेको आरोपमा पीडितका आफन्तले ०७० साउन २९ गते इलाका प्रहरी कार्यालय, मेमेङमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण भएन। पीडितका आफन्तले आरोपितलाई २७ गते राति स्थानीयले नियन्त्रणमा लिई हात बाँधेर राखेकामा भोलिपल्ट खाना खाने क्रममा उनी भागेका थिए। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

५२ वर्षीया एक वृद्धालाई ०६९ पुस २४ गते रानीटार गाविस-२ का ३० वर्षीय राम राई, १९ वर्षीय टाइसन तामाङ र १५ वर्षीय एक बालकले सामूहिक बलात्कार गरेको आरोपमा पीडितले आरोपितहरूविरुद्ध पुस २५ गते नै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण एवम् उपचार पुस २५ गते जिल्ला अस्पतालमा भएको थियो। पीडितलाई नग्न र बेहोस अवस्थामा स्थानीयवासीले मानेडाँडा जङ्गलमा पुस २५ गते फेला पारेका थिए। पीडितको गाला, ढाड र तिघ्रामा नीलडामसमेत रहेको थियो। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले सोही ठाउँका १५ वर्षीय एक

बालकलाई पुस २५ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ माघ २१ गते सादा तारेखमा रिहा भए। यस वर्षको अन्त्यसम्म आरोपित राम र टाइसन फरार छन्।

घरेलु हिंसा

परिवारजनबाट हत्या

सिदिन गाविस-१ की ३५ वर्षीया रेनुका राईलाई ०६९ माघ ८ गते ४४ वर्षीय पति मनकुमार राईले रक्सी खाएको र अटेरी गरेको आरोपमा कुटपिट गरी हत्या गरे। आरोपितले हत्यापछि लासको छेउमा रक्सीका बोतलहरू राखेका थिए। पत्नीले बढी रक्सी खाएका कारण उनको मृत्यु भएको भन्दै आरोपितले स्थानीयलाई मलामी बोलाएका थिए। लास दाहसंस्कारका लागि लैजान लाग्दा आरोपितले पत्नीको हत्या गरेको स्थानीयवासीलाई बताएका थिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। लासको ०६९ माघ ९ गते जिल्ला अस्पताल, पाँचथरमा पोस्टमार्टम भएको थियो। आरोपितविरुद्ध पीडितका आफन्तले माघ ९ गते प्रहरीमा उजुरी दिए। प्रहरीले ०६९ फागुन ३ गते कर्तव्य ज्यानसम्बन्धी मुद्दा जिल्ला अदालतमा दायर गरेको थियो। अदालतको आदेशलमा आरोपित ०६९ फागुन ३ गतेदेखि पुर्पक्षका लागि थुनामा थिए। अदालतले ०७० जेठ ३० गते आरोपितलाई सर्वस्वसहित जन्मकैद गर्ने फैसला गऱ्यो।

हत्या प्रयास

फिदिम गाविस-७ की २८ वर्षीया मनिता रसाइलीलाई ०७० असोज २२ गते राति च्याङथापु गाविस-९ बस्ने उनका पति ३१ वर्षीय रमेश रसाइली, याङनाम गाविस- ८ घर भई फिदिम-१ बस्ने २० वर्षीय मिलन लोवा, याङनाम गाविस-६ घर भई हाल फिदिम-१ बस्ने १८ वर्षीय टाइसन केरुङ र फिदिम-१ का १९ वर्षीय राजेश गहतराजले घरमा सुतिरहेको समयमा नकाब लगाएर छुरा र भालाले आक्रमण गरी घाइते बनाए। उनको जिल्ला अस्पताल पाँचथरमा उपचार भयो। घटनामा संलग्न पीडितका पति रमेशलाई प्रहरीले कात्तिक ४ गते र राजेशबाहेक मिलन, टाइसनलाई कात्तिक ८ गते गिरफ्तार गरेको थियो। उनीहरूविरुद्ध प्रहरीले ज्यान मार्ने उद्योग अन्तर्गत जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो। अदालतको आदेशमा आरोपितहरूमध्ये रमेश, टाइसन र मिलन कात्तिक २९ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा १ सय उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका छ, खानलाउन नदिएका चार, विवाह दर्ता तथा नागरिकता नबनाएका चार, अर्की पत्नी ल्याएर हेला गरेका एक, मार्ने धम्की दिइएका छ, बोक्सीको आरोप लगाएका घटनामा एक जना पीडित भएका थिए। तीमध्ये प्रहरीले ८४ घटनामा मिलापत्र गराएको र १६ उजुरी बाँकी रहेको केन्द्रले जनायो।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

अस्पताल	**१**		
स्वास्थ्यचौकी	**२०**		
उपस्वास्थ्यचौकी	**२०**		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर			
स्टाफ नर्स	**६**	**५**	**१**
ल्याब असिस्टेन्ट	**३**	**२**	**१**
अहेब	**८३**	**५५**	**२८**
अनमि	**८५**	**४४**	**२१**
खोप सुपरभाइजर	**१**	**१**	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	**१**	**१**	
हेल्थ असिस्टेन्ट	**२५**	**८**	**१७**

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म जबरजस्ती करणीका १३, कर्तव्य ज्यानका १७, ज्यान मार्ने उद्योग ५, हातहतियार खरखजाना ऐन दुई, बहुविवाह पाँच, आत्महत्या नौ, मानव अपहरण, शरीर बन्धक तथा जबरजस्ती करणी एक, जबरजस्ती करणी उद्योग चार ओटा मुद्दा दर्ता भए।

१.४ ताप्लेजुङ

जिल्ला सदरमुकाम: फुङलिङ
क्षेत्रफल (वर्ग कि. मि.): ३,६४६
घरधुरी सङ्ख्या: २६,५०५
जम्मा जनसङ्ख्या: १,२७,४६१
पुरुष: ६०,५५२
महिला: ६६,९०५
अपाङ्ग सङ्ख्या: ३,७३०
गाविस/नपा सङ्ख्या: ५०/०
पुरुष साक्षरता सङ्ख्या: ४४,४१४
महिला साक्षरता सङ्ख्या: ४०,४२३
हिन्दू धर्मावलम्बी प्रतिशत: ३५.९
बौद्ध धर्मावलम्बी प्रतिशत: २०.५२
किराँत धर्मावलम्बी प्रतिशत: ४१.३७
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.४७
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०२
वोन धर्मावलम्बी प्रतिशत:०.४८
अन्य धर्मावलम्बी प्रतिशत: ०.२४
प्रतिपरिवार सरदर सङ्ख्या: ४.८०

जेल र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ६६ र कैद नतोकिएका ३१ कैदी र थुनुवा गरी जम्मा ९७ जना बन्दीहरू रहेका छन्। यो जिल्ला कारागार वि.सं. १९५२ मा निर्माण भएको हो। कैदी बन्दीहरूलाई आदिवासी जनजाति पत्रकार शाखा फोनिज ताप्लेजुङले एक वर्षका लागि 'कान्तिपुर' दैनिक पत्रिका उपलब्ध गराएको छ। बन्दीहरूले सातामा चार दिन आफन्तसँग फोन सम्पर्कंध र भेटघाट गर्न पाउँछन्। शनिबार र सार्वजनिक बिदा परेका दिन फोन तथा भेटघाट गर्न पाइँदैन। क्षमताभन्दा तेब्बर कैदी तथा थुनुवा भएकाले शौचालय, खानेपानी र सुत्नमा समेत समस्या भएको जेलर बालकृष्ण गुरागाईंले बताए। कारागारको अवस्था जीर्ण बन्दै गएको छ।

गोली/विस्फोटक पदार्थद्वारा घाइते गैरराज्यपक्षबाट

नेकपा-माओवादीबाट

खोक्लिङ गाविस-२ का आठ वर्षीय पदमबहादुर मगर कात्तिक २३ गते खोक्लिङ गाविसस्थित मोती उच्च माविको मैदानमा एमाले ताप्लेजुङ-२ ले आयोजना गरेको चुनावी सभामा चुनावविरोधी समूहले प्रहार गरेको बम विस्फोट हुँदा घाइते भए। उनको सोही दिन जिल्ला अस्पतालमा प्राथमिक उपचार भएको थियो। उनलाई सो अस्पतालले छातीमा बमको छर्रा पसेकाले सोही दिन पाँचथर अस्पताल रिफर गरेको थियो। बालकलाई दुई दिनपश्चात् अस्पतालले डिस्चार्ज गऱ्यो। उनको अवस्था सामान्य छ। पीडितले उजुरी दिएनन्। विस्फोटको जिम्मेवारी लिँदै नेकपा-माओवादी जिल्ला इन्चार्ज सन्तोष पतङ्वाले मानवअधिकारकर्मीलाई फोनमार्फत जानकारी गराए। उक्त विस्फोटमा परी खोक्लिङकै ५१ वर्षीय मानवबहादुर विक, रेनुका अधिकारी र तुलसा अधिकारी सामान्य घाइते भएका थिए। रेनुका र तुलसा घटना भएकै दिन खोक्लिङ उपस्वास्थ्य चौकीमा सामान्य उपचार भई घर फर्किएका थिए। विकलाई भने कात्तिक २३ गते जिल्ला अस्पतालमा भर्ना गरी २४ गते उपचारपछि डिस्चार्ज गरिएको थियो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

हाङ्देवा गाविस-७ निवासी तथा संविधानसभाका लागि क्षेत्र नम्बर एकका एमाओवादी उम्मेदवार ४५ वर्षीय सञ्चपाल मादेनलाई कात्तिक ८ गते बिहान मेहेले गाविस-२ स्थित कमल भण्डारीको घरमा सुतिरहेका बेला नेकपा-माओवादीका जिल्ला नेता तथा कार्यकर्ताले आक्रमण गरे। आक्रमणमा घाइते भएका मादेनलाई कात्तिक ८ गते राती अबेर जिल्ला अस्पतालमा उपचार गर्न ल्याइयो। उनको टाउको, डाढ र तिघ्रामा चोट तथा नीलडाम थियो। सुरक्षाकर्मीसहित बास बसेको घरमा माओवादीका जिल्ला इन्चार्ज सन्तोष पतङ्वा, जिल्ला सहसचिव पर्शुराम पौडेल र वाईसीएल इन्चार्ज तारा भट्टराईसहितको टोलीले सुतेको कोठामा प्रवेश गरी कुटपिट गरेको पीडित मादेनले बताए।

सुरक्षाकर्मीलाई समेत नियन्त्रणमा लिएर बन्दुकको कुन्दाले हिर्काएको सञ्चार माध्यममा समाचार प्रसारण भएपछि डीएसपी गोविन्दप्रसाद आचार्यले त्यो कुरा हल्ला मात्र भएको दावी गरे। मादेनले प्रहरीमा कात्तिक ९ गते २२ जनाविरुद्ध किटानी जाहेरी दिए। अदालतमा २२ जनाविरुद्ध ज्यान मार्ने तथा डाँका मुद्दा दर्ता भएको अदालतका श्रेस्तेदार रिद्धिनाथ निरौलाले बताए। रकम र मोबाइल गरी ४ लाख ५ सय रुपियाँ लुटिएको जाहेरीमा उल्लेख गरिएको छ। घटनामा संलग्नमध्ये हाडपाङ गाविस-८ का २२ दिपचन आङ्बुहाङ, आम्बेगुदिन गाविस-६ का २३ वर्षीय रक्की थेबे, पेदाङ गाविस-५ का ३१ वर्षीय विचिन्द्र मावो, फुङलिङ गाविस-२ का ४२ वर्षीय धनबहादुर मादेन र साब्लाखु गाविस-४ का २८ वर्षीय सागर लिम्बूलाई प्रहरीले घटनालगत्तै गिरफ्तार गऱ्यो। गिरफ्तार भएकालाई ज्यान मार्ने उद्योगमा सादा तारेखमा अदालतले छाड्ने आदेश गरेको भए पनि डाँका मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने आदेश गरेको अदालतका श्रेस्तेदार निरौलाले जानकारी दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय ३२ थानमध्ये १ सय २९ थानको फैसला भयो भने १ सय ३ थान बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ३ थानमध्ये १ सय १ थानको फैसला भयो भने १ सय २ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ८३ थानमध्ये ४१ थानको फैसला भयो भने १ सय ४२ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ४८ थानमध्ये ३२ थानको फैसला भयो भने १ सय १६ थान बाँकी रहे। दुई वर्ष नाघेको एक देवानी मुद्दा छ।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ३७ छ, जसमध्ये ६८ सफल भए भने १३ असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या एक छ। सरकारी वकिलको सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म ५५ मुद्दा बाँकी रहेको उक्त कार्यालयले जनायो।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			३	३	४
बालअधिकार			४		४
महिलाअधिकार			६		६
कुटपिट	१	१		३	३
हत्या			४	३	७
जम्मा	१	१	१६	७	२३

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी ७ थानमध्ये दुई सफल रहे। बलात्कारसम्बन्धी तीन थानमध्ये एक सफल रह्यो। महिला बेचबिखन र अपहरणसम्बन्धी एक/एक मुद्दा सफल रहे। बहुविवाहसम्बन्धी परेका चार थानमध्ये एक थान सफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या ४७ छ, जसमध्ये १७ सफल भए। सरकारी वकिलको सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म ५५ थान बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार

दोखु गाविस-८ का ३५ वर्षीय कुमार लिम्बूलाई ०६९ फागुन १ गते जिल्ला प्रहरी कार्यालयबाट गएको

नेकपा-माओवादीका कार्यकर्ताले चुनावी सभामा गराएको बम विस्फोटनमा परी घाइते भएका पदमबहादुर मगर

नेकपा-माओवादीका कार्यकर्ताले आक्रमण गरी घाइते बनाएका ताप्लेजुङ-१ का प्रत्यक्षतर्फका एमाओवादी उम्मेदवार सञ्चपाल मादेन

प्रहरी टोलीले घरमै नियन्त्रणमा लिएर शारीरिक र मानसिक यातना दिएको भन्दै ०६९ फागुन २ गते जिल्ला प्रशासन कार्यालयमा दोषीलाई कारबाही गर्न माग गर्दै उजुरी दिए पीडितको परिवारले उजुरी दियो। पीडितको जिल्ला अस्पतालमा उपचार भएको थियो। प्रहरीको सूचीमा रहेका प्रवेश पालुङवालाई लुकाउन सहयोग गरेको आरोपमा पीडितलाई प्रहरीले लाठी र बुटले मरणासन्न हुने गरी कुटपिट गरेको पीडितकी दिदी कल्पना थुलुङले जानकारी दिइन्। यस वर्षको अन्त्यसम्म आरोपितलाई कारबाही भएन।

बालअधिकार

शिक्षाको अवस्था

प्राविततर्फ १८ हजार ९ सय १० छात्रा र १७ हजार ४ सय ६३ जना छात्र संख्या रहेको छ। निमाविततर्फ ६ हजार ५ सय ३१ छात्रा र ५ हजार ९ सय ८६ जना छात्र संख्या रहेको छ। त्यस्तै माविततर्फ ३ हजार १सय २१ छात्रा र २ हजार ६ सय ४९ जना छात्र संख्या रहेको छ। क्याम्पसतर्फ छात्रा संख्या १ हजार ७ सय ४६ र छात्र संख्या १ हजार ३ सय ३९ जना रहेको छ। कुल छात्रा-छात्र संख्या ५७ हजार ७ सय ३६ रहेको छ। जसमा दलित छात्रा संख्या ३ हजार ३ सय २ र छात्र संख्या १९ हजार ४ सय ३४ रहेको छ।

प्रावि तहमा प्रथम, द्वितीय र तृतीय श्रेणीका स्थायी ६ सय ३१ जना, अस्थायी तृतीय श्रेणीका ३ सय ६ र राहत दरबन्दीका २ सय १ गरी कुल १ हजार १ सय ३८ जना प्रावि तहमा कार्यरत छन्।

बालबालिका बेचबिखन तथा ओसारप्रसार

हाङदेवा गाविस-३ की १४ वर्षीया एक बालिकालाई ०६९ पुस २४ देखि सात दिनसम्म बन्धक बनाई बेच्न प्रयास गर्ने सोही गाविस-३ की ३५ वर्षीया मुना लाबुङलाई प्रहरीले ०६९ माघ ७ गते गिरफ्तार गऱ्यो। फुपूको घरमा बसेकी ती बालिकालाई मुनाले फुपू घरमा नभएको समयमा फुपूको बाकस फोरेर पैसा झिक्न लगाई भगाएर ताप्लेजुङ सदरमुकामस्थित एक होटलमा लगेर तीन दिनसम्म लुकाएर राखेकी थिइन्। बालिकालाई ०६९ माघ १ गते स्थानीयवासी र प्रहरीले घर फर्काइदिएका थिए। घर फर्किएलगत्तै बालिकाले घटनाका बारेमा फुपू र छिमेकीलाई जानकारी दिएकी थिइन्। सोही घटनामा संलग्न भएको आरोपमा तेह्रथुम ह्वाकु गाविस-९ निवासी २४ वर्षीय राज लिम्बू र झापा सतासी गाविस-८ निवासी ३९ वर्षीय युविन सुब्बालाई ०६९ माघ १५ गते प्रहरीले गिरफ्तार गरेको थियो। जिल्ला अदालतले ०७० पुस १६ गते सबै आरोपितलाई ११ वर्ष कैद र ५० हजार रुपियाँका दरले जरिवाना हुने सजाय सुनायो।

१४ वर्षीया एक बालिकालाई ०६९ माघ १० गते फूलबारी गाविस-३ की कृष्णकुमारी सेन्दाङले आफ्नै भाइसँग विवाह गरिदिन्छु भनी ललाइफकाइ बेचबिखन गर्न लाँदै गर्दा पाँचथर जिल्लाको सिङ्गापुरबाट प्रहरीले आरोपितलाई गिरफ्तार गऱ्यो। पीडित बालिकालाई आरोपितले भाइसँग विवाह गर्न जिल्ला सदरमुकाम फुङलिङ जाउँ भनेर बिर्तामोड जाने गाडीमा चढाएकी थिइन्। सिङ्गापुरबाटै कृष्णकुमारीले लोकेन्द्रकुमार श्रेष्ठसँग टेलिफोनमा कुरा गर्दा आफूलाई बेचबिखन गर्न लगेको थाहा पाएकी थिइन्। उनले सो कुरा सोही बसमा रहेका गाउँकै चिनेका व्यक्तिहरूलाई जानकारी गराएकी थिइन्। जानकारीलगत्तै प्रहरीले कृष्णकुमारीलाई माघ ११ गते नाङखोल्याङस्थित मेवाखा प्रहरी चौकी चेकप्वान्टबाट गिरफ्तार र पीडितलाई उद्धार गरेको थियो। जिल्ला अदालतको ०७० असार १२ गतेको फैसलाबमोजिम सेन्दाङलाई १६ वर्ष कैद र नगद १ लाख ५० हजार रुपियाँ जरिवाना गराउने फैसला गरेको छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१२ वर्षीया एक बालिकालाई ०७० असार ३१ गते तापेथोक गाविस-४ घर भई हाल फुङलिङ गाविस-४ मा डेरा गरी बसेका ३२ वर्षीय जीवन भनिने

गोपी राईले पीडितको घरमै बलात्कार प्रयास गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङमा साउन २ गते उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण गरिएन। मादक पदार्थ निगार बनाउन लगाएर सो पदार्थ खाएपछि आरोपितले पीडितलाई बलात्कार प्रयास गरेका थिए। पीडितले हारगुहार गरेपछि आरोपित घटनास्थलबाट भागेका थिए। आरोपितलाई प्रहरीले साउन २ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित भदौ १५ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

१४ वर्षीया एक बालिकालाई ०६९ चैत ४ गते डुम्रिसे गाविस-५ का २१ वर्षीय नवीन लाम्गादे र थुम्वेदिन गाविस-२ का १९ वर्षीय चन्द सापकोटाले बेलुकी थुम्वेदिन गाविस-२ को देवीथानमा साथीको घर जाने क्रममा बाटोबाटै नियन्त्रणमा लिई सामूहिक बलात्कार गरे। पीडितले जिल्ला प्रहरी कार्यालय ताप्लेजुङमा ०६९ चैत ६ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण नभएको प्रहरीले जनायो। आरोपित दुवै जना फरार रहेकाले खोजी भइरहेको सई कृष्णप्रसाद सापकोटाले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका विभेद, दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

फूलबारी गाविस-५ की २१ वर्षीया एक महिलालाई लिम्बूदिन गाविस-४ का लोकेन्द्रकुमार श्रेष्ठले विवाह गर्ने आश्वासन दिई झापा जिल्लास्थित बिर्तामोड लैजाँदै गर्दा नाङ्खोल्याङ गाविस-५ स्थित खहरेबाट प्रहरीले ०६९ माघ ११ गते गिरफ्तार गऱ्यो। विवाह गर्न गाउँबाट भागेका उनीहरू दोखु गाविसको बाहनन्दे भन्ने ठाउँबाट बस चढेका थिए। पीडितले शङ्का लागी खहरेबाट प्रहरी चौकीअगाडि बस रोकिएको समयमा प्रहरीलाई उजुरी गरेकी थिइन्। उजुरीलगत्तै प्रहरीले लोकेन्द्रलाई बसबाटै गिरफ्तार गरेको थियो। जिल्ला अदालतले ०६९ असार १२ गते गरेको फैसलामा १२ वर्ष ६ महिना कैद र १ लाख २५ हजार रुपियाँ जरिवाना गर्ने आदेश गऱ्यो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

साँवा गाविस-१ की ३८ वर्षीया कमला तुम्बाहाम्फे साँवा, उनका पाँच वर्षका छोरा अमन साँवा र १४ दिनका एक शिशुलाई सोही ठाउँका उनका देवर ४२ वर्षीय अमृत साँवा र देउरानी ४२ वर्षीया धनमति साँवा मिलेर घाँटी चिथेर हत्या गरी नजिकैको खोल्सामा फाले। प्रहरीले ०६९ चैत ३ गते शिशुबाहेक दुई जनाको लास फेला पाऱ्यो। कमलाका पतिको १४ महिनाअघि मृत्यु भएकाले देवर अमृतबाट बलात्कृत भएपछि उनले शिशु जन्माएकी थिइन्। घटनालाई ढाकछोप गर्न देवर-देवरानी मिलेर हत्या गरेका थिए। प्रहरीले अमृतलाई ०६९ चैत १३ गते र धनमतीलाई चैत २५ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपितहरू ०७० वैशाख १२ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। मुद्दाको फैसला हुन बाँकी रहेको प्रहरीले जनायो।

खाम्लुङ गाविस-३ की २६ वर्षीया अनुशा लिम्बूलाई ०७० मङ्सिर ६ गते सासू ६३ वर्षीया आइतमाया लिम्बूले कुटपिट गरी घाइते बनाइन्। उनको ढुङ्गा प्रहारबाट टाउको र आँखामा चोट लागेको थियो। उनको मङ्सिर ८ देखि १७ गतेसम्म जिल्ला अस्पताल र बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भएको थियो। पीडितले मङ्सिर ७ गते दोभान प्रहरी चौकीमा उजुरी गरेकी थिइन्। प्रहरीको दबाबमा आरोपित र पीडितबीच उपचार गर्ने सर्तमा सहमति भएको थियो। उनका पति रवीन सामेखाम लिम्बूलाई साउन ३ गते राति ९ बजे सोही ठाउँका जोन नाल्बो नाल्बो र महेन्द्र सामेखामलगायतको टोलीले घुँडामा खुकुरी प्रहार गरी घाइते बनाएको थियो। उनका पतिको धरानमा उपचार भएको थियो।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै २२ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र ताप्लेजुङमामा उजुरी दर्ता गराए। जसमध्ये अर्को श्रीमती ल्याएर हेला गरेकोमा पाँच जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले १७ घटनामा मिलापत्र गराएको र पाँच उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	८		
उपस्वास्थ्यचौकी	४२		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	४	२	२
स्टाफ नर्स	५	२	३
ल्याब असिस्टेन्ट	३	१	२
अहेब	५६	२४	३२
अनमि	१६	५	११
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१३	४	५
स्वास्थ्य कार्यकर्ता	५०	२३	२७

जिल्ला प्रहरी कार्यालय

०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यानका नौ, ज्यान मार्ने उद्योग २३, गर्भपतन ६, आत्महत्या १९, कुटपिट अङ्गभङ्ग चार, बहुविवाह दुई, जबरजस्ती करणी पाँच, मानव बेचबिखन तथा ओसारपसार एक, अपहरण तथा शरीर बन्धक एक र केही सार्वजनिक अपराधका ५३ ओटा मुद्दा दर्ता भए।

१.५ मोरङ



जिल्ला सदरमुकाम: बिराटनगर
क्षेत्रफल (वर्ग कि. मि.): १,८५५
घरधुरी सङ्ख्या: २,१३,५५७
जम्मा जनसङ्ख्या: ५,६५,३७०
पुरुष: ४,६६,७१२
महिला: ४,५८,६५८
अपाङ्ग सङ्ख्या: ८,३८५
गाविस/नपा सङ्ख्या: ६५/१
पुरुष साक्षरता सङ्ख्या: ३,४१,५८४
महिला साक्षरता सङ्ख्या: २,५७,६२३
हिन्दूधर्मावलम्बी प्रतिशत: ८०.२७
बौद्धधर्मावलम्बी प्रतिशत: ४.१३
इस्लामधर्मावलम्बी प्रतिशत: ४.७४
किराँत धर्मावलम्बी प्रतिशत: ६.५५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.६४
प्रकृति धर्मावलम्बी प्रतिशत: २.२५
जैन धर्मावलम्बी प्रतिशत:०.१
शिख धर्मावलम्बी प्रतिशत: ०.००२
वोन धर्मावलम्बी प्रतिशत: ०.०१
वहाइ धर्मावलम्बी प्रतिशत: ०.०२
अन्य धर्मावलम्बी प्रतिशत: ०.२८
प्रतिपरिवार सरदर सङ्ख्या: ४.५२

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
गैरराज्यपक्षबाट
अज्ञात समूहबाट

सुन्दरपुर गाविस-६ की ३५ वर्षीय मानवहादुर तामाङलाई ०७० पुस ८ गते साँझ अज्ञात समूहले सोही ठाउँको बूढीखोला किनारमा घाँटीमा गोली प्रहार

गरी सख्त घाइते बनायो। पीडितलाई उपचारका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान लैजाने क्रममा बाटोमा मृत्यु भयो। लासको पोस्टमार्टम सोही प्रतिष्ठानमा भएको थियो। लास मृतकका आफन्तले बुझेका थिए। पीडितका दाजु हस्तबहादुरले इलाका प्रहरी कार्यालय, बेलबारीमा पुस ९ गते उजुरी दिएका थिए। आरोपितको सङ्ख्या ६ जना रहेको इलाका प्रहरी कार्यालय बेलबारीले जनायो। पीडित उनका साथी विनोद तामाङ र दीपेन राईसँग मोटरसाइकलमा साथीले बोलाएको भन्दै इटहरी जाने क्रममा आरोपित समूहसँग बूढीखोला किनारमा भेट भएको थियो। भेट दुवै पक्षबीच विवाद भएको थियो। विवादका क्रममा सो समूहले पीडितलाई एक गोली हानेको र विनोद र दीपेनलाई कुटपिट गरेको थियो। घटनालगत्तै आरोपितहरू फरार भएका थिए। यस वर्षको अन्त्यसम्म उनीहरू फरार छन्।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					३	३
बालअधिकार				४४	३	४६
अमानवीय व्यवहार				४	४	८
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	३
अपहरण				४	३	६
महिलाअधिकार				१८३		१८३
भेला/सङ्गठित हुने अधिकार	१	३	४			
गिरफ्तारी/यातना		६	६			
कुटपिट		७	७	४	४	८
धम्की					१	१
हत्या				६	१३	१८
जम्मा	१	१६	१७	३४५	३९	३७४

जेल र बन्दी

'ख' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २ सय ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४ सय ३ जना कैदी र कैद नतोकिएका २ सय २१ जना थुनुवा गरी जम्मा ६ सय २४ जना बन्दीहरू रहेका छन्। आश्रित बालक एक र बालिका चार जना रहेका छन्।

कारागारभित्र दिइने सुविधा प्रत्येक कैदीले ४५ रुपियाँ र ७ सय ग्राम चामल दैनिक पाउँछन्। बन्दीहरूलाई वर्षको दुईपटक कात्तिक र वैशाखमा शरीरमा लगाउने लुगा दिइन्छ। उनीहरूलाई प्रत्येक दुई वर्षमा ओड्ने-ओच्छ्याउने उपलब्ध गराइन्छ। यस जिल्ला कारागारमा सशस्त्र प्रहरीका डीएसपी राजु गौतमको नेतृत्वमा ५८ जना प्रहरीले र जनपथ प्रहरीबाट सई मोहन थापाको नेतृत्वमा १६ जनाले सुरक्षा दिइरहेका छन्। यस वर्ष कैदी हासपोसा गाविस-२ का ७० वर्षीय रुद्र तामाङको क्यान्सर रोगबाट पीडित भई कोसी अञ्चल अस्पताल विराटनगरमा उपचारका क्रममा ०७० भदौ ८ गते मृत्यु भयो। कारागारमा क्षमताभन्दा बढी कैदी बन्दी भएकाले सुत्न समस्या भएको, शौचालयको पनि समस्या रहेको कारागारका चौकीदार वीरेन्द्र मेहताले बताए। केबलसहितको टीभी, रेडियो, पत्रपत्रिका 'कान्तिपुर', 'नागरिक', 'उज्यालो', 'उद्घोष', 'सृष्टि', 'दर्शन' लगायतका पत्रपत्रिकाहरू बन्दीहरू आफैँले व्यवस्था गरेका छन्। १४ ओटा धारा, तीनओटा मोटर, ६ ओटा चापाकलमा बन्दीहरूले पालो कुरेर नुहाउने गरेका छन्। टेलिफोन सेवा दुई सेट, दुई सेट कम्प्युटर, खेलकुदका लागि टेबलटेनिस, भलिबल, ब्याडमिन्टन, लुडो, चेस, क्यारमबोर्ड, फिलिम हेर्न प्रोजेक्टरको समेत व्यवस्था गरिएको छ। बिजुली बत्ती गएको अवस्थामा जेनेरेटर चलाउने गरिएको छ। बन्दी क्षमताभन्दा कम कोठा भएकाले सुत्न समस्या रहेको छ। औषधी उपचारका लागि पर्याप्त बजेट नहुँदा ठूलाखाले रोगको उपचार गर्न असम्भव नै हुने गरेको छ।

बेपत्ता/अपहरण

गैरराज्यपक्षबाट

अन्यबाट

शनिश्चरे गाविस-९ स्थित भुटानी शरणार्थी शिविर निवासी उर्लाबारी गाविसस्थित नेपाल दर्शन उच्चमाविमा अध्ययनरत २१ वर्षीय राधाकृष्ण न्यौपानेलाई ०६९ फागुन ९ गते सर्लाही जिल्ला

सुन्दरपुर चोहर्वा गाविस-१ का ३५ वर्षीय वीरेन्द्रकुमार यादव, सोही जिल्ला बरहथवा गाविस-८ का ३२ वर्षीय राजदेव चौधरी र मुर्तिया गाविस-७ का ३२ वर्षीय सुरेश चौधरीले दर्शन उच्च मावि परिसरबाट बाहिर बोलाएर जिपमा राखी अपहरण गरे। प्रहरीले ०६९ फागुन १४ गते सर्लाही जिल्ला बरहथवा गाविस-१ स्थित राजदेव चौधरीको घरबाट पीडितलाई उद्धार गरेको थियो। आरोपितत्रयलाई ०६९ फागुन १४ गते नै प्रहरीले गिरफ्तार गरेको थियो। आरोपितमध्येका वीरेन्द्र यादवले अमेरिकामा रहेकी पीडितकी दिदी सावी न्यौपानेसँग आफ्नो प्रेमसम्बन्ध रहेकामा धोका दिएकाले बदला लिन भाइलाई अपहरण गरेको प्रहरीमा बयान दिएका थिए। अपहरणपछि पीडितलाई आरोपितहरूले आँखामा कालोपट्टी बाँधी घरमा थुनेर राखेका थिए। आरोपितहरू जिल्ला अदालतका न्यायाधीश इन्द्रबहादुर कार्कीको एकल इजलासको आदेशमा ०६९ चैत १२ गतेदेखि मोरङ कारागारमा पुर्पक्षका लागि थुनामा थिए। उनीहरू जिल्ला अदालतलको फैसलाबाट ०७० असार १७ गते सादा तारेखमा रिहा भए। पीडित पक्षले सो फैसलामा चित्त नबुझेको भनी ०७० कात्तिक २० गते पुनरावेदन गरेको छ। यस वर्षको अन्त्यसम्म सो मुद्दाबारे सुनुवाइ भएको छैन।

बवियाविर्ता गाविस-५ की १९ वर्षीया अनिशा खड्कालाई ०७० वैशाख २७ गते विराटनगर-११, देवकोटा चोकबाट सर्लाही जिल्ला जाने क्रममा विराटनगर उमनपा-१४ का २५ वर्षीय सोनु भन्ने सुमितकुमार साहले अपहरण गरे। पीडितलाई ०७० जेठ ५ गते विराटनगर उमनपा-१४ बाट प्रहरीले उद्धार गर्‍यो। पीडितको उद्धारसँगसँगै आरोपित साहलाई पनि प्रहरीले सोही दिन गिरफ्तार गरेको थियो। अपहरण गरी पीडितलाई भारतको फारबीसगन्ज र पूर्णियामा राखेर जबरजस्ती विवाह गर्न भनी विराटनगर ल्याएको समयमा प्रहरीले पीडितलाई उद्धार गरेको थियो। पीडितलाई अपहरण गर्दा साथमा पीडितका साथी केशल रायमाझी थिए। उनीहरू दुवै बवियाविर्ताबाट सर्लाही जान विराटनगर उमनपा-११, हाटखोलास्थित बसबाट ओर्लिएर रिक्सा चढी विराटनगर-१५ स्थित बसपार्क जाँदै थिए। जिल्ला अदालतको आदेशमा आरोपित अपहरण तथा शरीर बन्धक मुद्दामा ०७० जेठ ३१ गते सादा तारेखमा रिहा भएका थिए।

डाँगीहाट गाविस-२ की २० वर्षीया आशा राजवंशीलाई ०७० जेठ २४ गते उनका पूर्वपति सिरहा जिल्ला, भवानीपुर गाविस-४ का ३१ वर्षीय लक्ष्मण ठाकुर, सोही गाविस-४ कै ३२ वर्षीय वसन्त राजवंशी, सोही ठाउँका भ्यान चालक २० वर्षीय सुदीप राई, ५२ वर्षीय राजेन्द्र ठाकुर र २१ वर्षीय चन्दन ठाकुरले पीडितको घरैबाट अपहरण गरे। पीडितलाई प्रहरीले मृगौलिया गाविसबाट जेठ २६ गते उद्धार गर्‍यो। पीडित पक्षले इलाका प्रहरी कार्यालय, बेलबारीमा ०७० जेठ २३ गते उजुरी दिएको थियो। प्रहरीले जेठ २६ गते नै आरोपितमध्ये सुदीप, वसन्त, राजेन्द्र र चन्दनलाई गिरफ्तार गरेको थियो। उनीहरूमध्ये सुदीप र वसन्त जिल्ला अदालतको आदेशमा असार १८ गतेदेखि पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा छन्। राजेन्द्र र चन्दन सोही दिनको अदालतको आदेशमा सादा तारेखमा रिहा भए।

धम्की/कुटपिट

राज्यपक्षबाट

विराटनगर उमनपा-२२ का ३५ वर्षीय पवन सारडालाई ०६९ चैत १७ गते जिल्ला ट्राफिक प्रहरी कार्यालयका हबल्दार मणिकान्त झाले ट्राफिक नियम उल्लङ्घन गरेको आरोपमा कार्यकक्षमा लगेर लाठीले कुटपिट गरी घाइते बनाए। उनको खुट्टा, पाखुरालगायत शरीरका विभिन्न भागमा चोट लागेको थियो। उनको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा ०६९ चैत १७ गते उपचार भयो। कुटपिटपछि पीडितलाई सोही दिन ट्राफिक प्रहरी कार्यालयबाट रिहा गरियो। पीडितले कतै पनि उजुरी दिएनन्।

तेह्रथुम जिल्ला म्याङलुङ गाविस-१ घर भई शनिश्चरे गाविसस्थित आफन्त भेट्न आएका ३३ वर्षीय जितबहादुर लिम्बूलाई प्रहरीले ०६९ फागुन २२ गते अपराह्न लाठी र बुटले शरीरका विभिन्न भागमा कुटपिट गर्‍यो। पीडित आफन्तको घर जाने क्रममा पथरी गाविस-१ स्थित केचना बसपार्कमा एक होटलमा खाजा खाइरहेको समयमा इलाका प्रहरी कार्यालय प्रथरीको गस्ती टोलीले कुटपिट गरेको थियो। उनको स्थानीय स्वास्थ्य संस्थामा उपचार भएको थियो। इलाका प्रहरी कार्यालय, पथरीका सई गोपाल कार्कीले आरोपितले मादक पदार्थ सेवन गरी होहल्ला गरेकाले गस्ती टोलीले सामान्य बल प्रयोग गरेको बताए। पीडितले खाजा मात्र खाएको, मादक पदार्थ सेवन गरेर आफूले होहल्ला नगरेको बताए। पीडितले कतै उजुरी दिएनन्।

केरौन गाविस-३ निवासी मिल उद्योगका व्यवसायी २४ वर्षीय विकास राई र सोही ठाउँका २१

वर्षीय विलास कार्कीलाई ०७० भदौ ६ गते इलाका प्रहरी कार्यालय, पथरीमा एक जना फुटबल खेलाडीको मृत्यु भएको विषयमा छलफलमा भाग लिन गएको समयमा लामो कपाल पालेको र कुन्डल लगाएको आरोपमा प्रहरीले नियन्त्रणमा लिई रबरको पाइप, बुट र मुक्काले कुटपिट गऱ्यो। कुटपिटका क्रममा पीडितलाई उत्तानो सुत्न लगाएर छातीमा बुटले कुल्चिएर पैतालामा रबरको टायरले प्रहार गरेको पीडितहरूले बताएका थिए। कुटपिटपछि पीडितद्वयलाई प्रहरीले गिटीमा टेकेर उफ्रन लगाएको विकासले बताए। विकासका अनुसार प्रहरीले कार्यालय परिसरमै पीडितद्वयलाई माटोको खाल्टो खन्न लगाएको थियो। उनीहरूले खाल्टो खन्न लागेको देखेर छलफलमा सहभागी हुन प्रहरी कार्यालय पुगेका केरौन गाविसकै बालकृष्ण सङ्ग्रौलाले पीडितद्वय असल व्यक्ति बताएर उनीहरूलाई प्रहरी नियन्त्रणबाट मुक्त गरेका थिए। सो घटनाका बारेमा पीडित पक्षले कार्यालय प्रमुख इन्स्पेक्टर राजन कार्कीसँग आफूहरूलाई अनाहकमा कुटपिट गरेकाले अन्याय भएको भन्दै दोषीलाई कारवाही गर्न मौखिक माग गरेको थियो। प्रमुख कार्कीले नचिनेर घटना भएको स्वीकार गर्दै दोषी पाइए कारवाही गर्ने पीडित पक्षसँग प्रतिबद्धता जनाएका थिए। यस वर्षको अन्त्यसम्म आरोपितहरूलाई कारवाही भएको जानकारी सार्वजनिक गरिएको छैन।

मधेसी जनअधिकार फोरम नेपालबाट

विराटनगर उमनपा-१६ निवासी 'जनहित' साप्ताहिकका सम्पादक ३५ वर्षीय सत्यनारायण शर्मालाई समाचार सङ्कलनका क्रममा जिल्ला प्रशासन कार्यालय पुगेको समयमा मधेसी जनअधिकार फोरम



प्रहरी कार्यालय पथरीमा यातना दिइएका डम्बरकुमार साँवा

नेपालका कार्यकर्ताहरूले ०६९ फागुन २८ गते कुटपिट गरे। विवादका कारण बन्द रहेको विराटनगर उमनपा-९ स्थित सुरक्षा अस्पताल खुलाउन माग गर्दै जिल्ला प्रशासन कार्यालयमा धर्नामा बसेका मधेसी जनअधिकार फोरमको भगिनी सङ्गठन मधेसी महिला फोरम नेपालकी जिल्ला अध्यक्ष बसुन्धरा यादवको नेतृत्वमा पीडितमाथि कुटपिट भएको थियो। सुरक्षा अस्पतालको विषयमा गलत समाचार लेखेको आरोपमा घेरा हाली पीडितमाथि आक्रमण भएलगत्तै प्रहरीले पीडितको उद्धार गरेको थियो। सुरक्षा अस्पताल विवादका कारण ०६९ फागुन २५ गतेदेखि बन्द रहेको थियो। गर्भवती एक महिलाको उपचारका क्रममा फागुन २४ गते मृत्यु भएपछि सो अस्पताल बन्द भएको थियो। सो घटनाका विषयमा स्थानीय सबै सञ्चारमाध्यमले समाचार प्रसारण गरेका थिए। पीडितले ०६९ फागुन ३० गते विराटनगर उमनपा-१८ का ३० वर्षीय सुशील यादव र ३० वर्षीय जितेन्द्र देवविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। आरोपितद्वयले ०६९ चैत ५ गते जिल्ला प्रहरी कार्यालयमा नेपाल पत्रकार महासङ्घका मोरङ शाखा अध्यक्षको रोहबरमा पीडितसमक्ष माफी मागेका थिए। आरोपितको माफीपछि पीडितले सोही दिन प्रहरीमा दिएको उजुरी फिर्ता लिएर मिलापत्र गरेका थिए।

अन्यबाट

बयरवन गाविस-६ निवासी 'उद्घोष' दैनिक पत्रिकाका संवाददाता २० वर्षीय हरि अधिकारीलाई ०७० वैशाख २६ गते सोही गाविस-८ निवासी रमाइलो अस्पताल प्रालिका सञ्चालक ३० वर्षीय कुमार फुयालले 'अस्पतालमा मदिरा पसल' शीर्षक समाचार प्रकाशन गरेको विषयमा मोबाइलमा पत्रकार स्वर्गीय डेकेन्द थापाको जस्तो अवस्था बनाइदिने धम्की दिए। पीडितले जिल्ला प्रहरी कार्यालयमा वैशाख ३१ गते उजुरी दिएका थिए। सो घटनाको नेपाल पत्रकार महासङ्घ र प्रेस चौतारीले विज्ञप्तिमार्फत विरोध जनाए। आरोपितले लिखित रूपमा माफी मागेपछि आरोपित र पीडितबीच जेठ ५ गते जिल्ला प्रहरी कार्यालयमा मिलापत्र भएको थियो।

विराटनगर उमनपा-७ निवासी विराटनगर उमनपाका बालबालिका फोकल पर्सन ४६ वर्षीय डिल्ली घिमाललाई ०७० भदौ २७ गते विराटनगर उमनपा-४ निवासी सेभ नेपाल प्रमुख ३० वर्षीय अनुप देवले पेस गरेको कागज नदिएको भन्दै कार्यकक्षमै

कुटपिट गरे। पीडितको कोसी अञ्चल अस्पताल विराटनगरमा उपचार भएको थियो। कुटपिटबाट पीडितको नाकमा चोट लागेको थियो। पीडितले जिल्ला प्रहरी कार्यालयमा भदौ २८ गते उजुरी दिएका थिए। प्रहरीले आरोपितलाई भदौ २७ गते नै गिरफ्तार गरेको थियो। उनलाई प्रहरीले सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा लगाएको थियो। उनी जिल्ला प्रशासन कार्यालयबाट ०७० असोज २ गते २ हजार रुपियाँ धरौटी राखेर रिहा भए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

विराटनगर उमनपा-१३ नवीन टोल निवासी नेपाल पत्रकार महासङ्घका साधारण सदस्य ३५ वर्षीय ब्रह्मदेव यादव र विराटनगर उमनपा-५ निवासी महासङ्घका साधारण सदस्य कौशल निरौला ०७० जेठ १७ गते विराटनगर उमनपा भवनअगाडिको गेटमा नेपाल आदिवासी जनजाति महासङ्घ नगर समितिको नेतृत्वमा विभिन्न माग राखी धर्नामा बसेको समाचार सङ्कलन गर्न पुगेको समयमा प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। यादवको ढाड र छातीमा, निरौलाको मुखमा चोट लागेको थियो। पीडितद्वयको विराटनगरकै कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडितद्वयले नेपाल पत्रकार महासङ्घमार्फत जिल्ला प्रहरी कार्यालयमा दोषीलाई कारबाही गर्न मौखिक रूपमा माग गरेका थिए। जिल्ला प्रहरी कार्यालयका डीएसपी दीपक पोखरेलले भने नगरपालिकाको काम-कारबाहीमा बाधा पुगेकाले खुलाउन लाठीचार्ज गर्दा पत्रकार घाइते भएको बताए। पत्रकारले आफ्नो पहँलो ड्रेस नलगाएकाले प्रहरीले नचिनेर प्रदर्शनकारी ठानेर लाठी प्रहार गर्दा घाइते भएको उनले बताए। आदिवासी जनजाति महासङ्घका नगर समिति अध्यक्ष मिलन राईले शान्तिपूर्ण धर्ना कार्यक्रममा प्रहरीले दमन गरेको बताए। प्रहरीले दोषीलाई कारबाही गरेन।

हात्तीमुडा गाविस-९ का ३४ वर्षीया मोफिल मियाँ, सोही ठाउँका ३६ वर्षीया महिरून खातुन, हुरदेन यादव र मथित मियाँलाई ०७० जेठ १२ गते मजदुर पुन:बहालीको माग गर्दै हात्तीमुडा गाविस-७ स्थित स्वस्तिक जुट मिल मूल गेटमा धर्ना बसेको समयमा इलाका प्रहरी कार्यालय, नेमुवाका इन्चार्ज पुनम चौधरीको नेतृत्वको प्रहरी टोलीले लाठीचार्ज गर्दा घाइते भए। पीडितहरूको विराटनगरस्थित कोसी र नोबेल अस्पतालमा उपचार भयो। उनीहरूको शरीरका विभिन्न भागमा लाठीले लागेर नीलडाम भएको अस्पताललले जनायो। हात्तीमुडा गाविस-९ का ३८ वर्षीया मोहमद कैयुम, २८ वर्षीया जहिरन खातुन, २० वर्षीय रामकुमार कुमाल, विराटनगर उमनपा-११ का मोहमद इस्लाम, हात्तीमुडा-९ का जीवरिल मियाँ, ३४ वर्षीया कुमारीदेवी कुमाल, ३० वर्षीया हजुरा खातुन, महिरुनलाई प्रहरीले धर्नास्थलबाटै गिरफ्तार गरेको थियो। उनीहरूलाई दिनभर जिल्ला प्रहरी कार्यालयमा राखेर प्रहरीले साँझ रिहा गरेको थियो। मिलका मजदुर मोहमद कैयुमलाई उद्योग प्रशासनले ०६९ चैत १३ गते निष्कासन गरेको थियो। उनी ०६३ देखि मिलमा कार्यरत थिए। ०६६ मा उनको दाइने खुट्टा काम गर्ने क्रममा मिलको मेसिनले काटेको थियो। सोको क्षतिपूर्ति व्यवस्थापनले नदिएको पीडितको भनाइ थियो। मिलका प्रशासन प्रमुख घनश्याम निरौलाले कैयुमको उपचार खर्च मिलले बेहोरेको र खुट्टा मेसिनले काटेका कारण काम गर्न नसक्ने भएकाले हटाएको बताए। मिल प्रशासनले सुरक्षा मागेकाले धर्नाकारीलाई मौखिक रूपमा हट्न सूचना गर्दा नमानेको र उल्टै मिल तोडफोड गर्न लागेकाले बल प्रयोग गरेको जिल्ला प्रहरी कार्यालयका एसपी नीरबहादुर साहीले बताए।



मझारे प्रहरी चौकीमा यातना दिइएका मनोजकुमार सिंह

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

चार जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ हजार ८ सय १२ थानमध्ये १ हजार १ सय ५४ थानको फैसला भयो भने ६ सय ५८ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ९ सय ३६ थानमध्ये १ हजार १ सय ४८ थानको फैसला भयो भने ७ सय ८८ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

पाँच जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ हजार १ सय

५२ थानमध्ये १ सय ३२ थानको फैसला भयो भने १ हजार २० थान बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार १ सय ९९ थानमध्ये ९६ थानको फैसला भयो भने १ हजार १ सय ३ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा २१ र देवानी मुद्दा ९ थान रहे।

पुनरावेदन अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

सात जना न्यायाधीश रहेको यस पुनरावेदन अदालत विराटनगरको फौजदारी मुद्दातर्फ ९ सय ३८ थानमध्ये ६ सय ५८ थानको फैसला भयो भने २ सय ८० थान बाँकी रहे। देवानी मुद्दातर्फ ८ सय ७४ थानमध्ये ४ सय ६१ थानको फैसला भयो भने ४ सय १३ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

१२ जना न्यायाधीश रहेको यस पुनरावेदन अदालत विराटनगरको फौजदारी मुद्दातर्फ ६ सय ६ थानमध्ये १ सय ५२ थानको फैसला भयो भने ४ सय ५४ थान बाँकी रहे। देवानी मुद्दातर्फ ६ सय ९१ थानमध्ये १ सय ८९ थानको फैसला भयो भने ५ सय २ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १४ थान र देवानी मुद्दा दुई थान रहे।

पुनरावेदन न्यायाधिवक्ता कार्यालय

पुनरावेदन सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ हजार ४ सय ३३ थान छ, जसमध्ये ४ सय ६४ थान सफल भए भने २ सय ६५ थान असफल रहे। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या १२ थान छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी ९८ थानमध्ये २७ थान सफल र १३ थान असफल रहे। बलात्कारसम्बन्धी १ सय ८ थानमध्ये १६ थान सफल र १२ थान असफल रहे। महिला बेचबिखनसम्बन्धी २८ थानमध्ये १० थान सफल र पाँच थान असफल रहे। अपहरणसम्बन्धी २५ थानमध्ये चार थान सफल र चार थान असफल रहे। बहुविवाहसम्बन्धी २७ थानमध्ये चार थान सफल र चार थान असफल रहे। बालविवाहसम्बन्धी मुद्दा तीन थानमध्ये एक थान सफल र एक थान असफल रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या १ सय ७० थान छ, जसमध्ये सात थान सफल भए। सरकारी वकिल सङ्ख्या पाँच जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ८ सय ६८ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ हजार ५ सय ७० थान छ, जसमध्ये ६ सय ९० थान सफल भए भने १ सय ८१ थान असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या १२ थान छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी ५१ थानमध्ये १२ थान सफल र १३ थान असफल रहे। बलात्कारसम्बन्धी ९१ थानमध्ये १८ थान सफल र २५ थान असफल रहे। महिला बेचबिखनसम्बन्धी २३ थानमध्ये चार थान सफल र १९ थान असफल रहे। अपहरणसम्बन्धी १५ थानमध्ये दुई थान सफल र आठ थान असफल रहे। बहुविवाहसम्बन्धी २५ थानमध्ये आठ थान सफल र सात थान असफल रहे। बालविवाहसम्बन्धी चार थानमध्ये एक थान सफल र तीन थान असफल रहे। छुवाछूतसम्बन्धी दायर एक थान मुद्दा सफल रहयो।

पुनरावेदन सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या १ हजार १ सय ४९ थान छ, जसमध्ये चार थान सफल भए। सरकारी वकिल सङ्ख्या दुई जना रहेको यस पुनरावेदन कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म १ हजार १ सय ४५ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

आमगाछी गाविस-४ का ४२ वर्षीय सुरेन्द्र मण्डललाई ०६९ माघ २७ गते अस्थायी प्रहरी चौकी, आमगाछीका इन्चार्ज याम सुब्बाले पीडितलाई जग्गासम्बन्धी विवादमा प्रहरी चौकीमा बोलाएर बाँदर र कुकुरजस्तो बनेर हिँड्न लगाई लाठी र बुटले कुटपिट गरी घाइते बनाए। पीडितलाई सोही दिन रिहा गरिएको थियो। पीडित ऐलानी जग्गामा बसेको आरोपमा स्थानीय नगेन्द्र मण्डल, जितेन्द्र मण्डल, अविनकुमार मण्डल र प्रदीपकुमार मण्डलले प्रहरी चौकी, आमगाछीमा ०६९ माघ ५ गते उजुरी दिएका थिए। सोही उजुरीका आधारमा पीडितलाई प्रहरी कार्यालयमा बोलाएर

कुटपिट गरिएको थियो। पीडितले ०६९ फागुन १ गते विराटनगरस्थित राष्ट्रिय मानवअधिकार आयोग र जिल्ला प्रशासन कार्यालमा उजुरी दिए। पीडितलाई इलाका प्रहरी कार्यालय, रङ्गेलीमा बोलाएर ०६९ फागुन ५ गते जबरजस्ती मिलापत्र गराइयो। पीडितले शान्ति सुरक्षाको माग गर्दै ०६९ फागुन १३ गते आयोग र जिल्ला प्रशासन कार्यालमा पुन: उजुरी दिए। आयोगले जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयलाई पत्र लेखेर पीडितको जीउधनको सुरक्षा गर्न निर्देशन गऱ्यो। जिल्ला प्रहरी कार्यालयले इलाका प्रहरी कार्यालय, रङ्गेलीलाई पत्र लेखेर पीडितको सुरक्षामा ध्यान दिन निर्देशन गऱ्यो।

विराटनगर उमनपा-७, सरौचियाका ११ वर्षीय साहिल अन्सारी, १५ वर्षीय टिपु अन्सारी, १५ वर्षीय अमिर अन्सारी र १९ वर्षीय नैयर आजमलाई ०६९ माघ १४ गते वडा प्रहरी कार्यालय, विराटनगर र जिल्ला प्रहरी कार्यालयका प्रहरीले विराटनगर सडकको डिभाइजरमा टाँसेको स्टिकर च्यातेको आरोपमा लाठीले शरीरका विभिन्न भागमा कुटपिट गरी घाइते बनाए। पीडितहरूको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडितलाई माघ १४ गते प्रहरीले गिरफ्तार गरी माघ १६ गते रिहा गऱ्यो। बालकहरूलाई प्रहरीले सडकमै कुटपिट गरेको देखेर छुट्याउन गएका नैयरलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लाठी र लात्तीले कुटपिट गरेको पीडितले बताए। पीडित पक्षले विराटनगर उमनपा-४ स्थित राष्ट्रिय मानवअधिकार आयोगमा ०६९ माघ १६ गते उजुरी दियो। उजुरीउपर छानबिन गरी दोषीलाई कारबाही प्रक्रिया अघि बढाउन जिल्ला प्रहरी कार्यालयलाई निर्देशन दिएको आयोगका क्षेत्रीय प्रमुख कोषराज नेउपानेले बताए। कारबाही भएको जानकारी प्रहरीले सार्वजनिक गरेन। जिल्ला प्रहरी कार्यालयका डीएसपी उमाप्रसाद चतुर्वेदीले आरोपित नैयरलाई सोधपुछ मात्र गरेको बताए।

पथरी गाविस-५ का २८ वर्षीय डम्बरकुमार साँवा लिम्बूलाई ०६९ चैत १८ गते इलाका प्रहरी कार्यालय, पथरीको हिरासतमा प्रहरीले तरबार, लाठी र बुटले प्रहार गरी गम्भीर घाइते बनायो। उनको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा ०६९ चैत २३ गते उपचार तथा स्वास्थ्य परीक्षण भयो। कुटपिटबाट पीडितको दायाँ कान च्यातिएको, छाती, ढाड, घुँडालगायत शरीरका विभिन्न भागमा चोट र नीलडाम भएको कोसी अञ्चल अस्पतालका चिकित्सकले बताए। अस्पतालले पीडितको अवस्था गम्भीर भएको भन्दै विराटनगरस्थित न्युरो अस्पताल रिफर गऱ्यो। पीडितलाई गाउँमा झगडा गरेको आरोपमा ०६९ चैत १८ गते प्रहरीले गिरफ्तार गरेको थियो। घटना सम्बन्धमा इलाका प्रहरी कार्यालय, पथरीका प्रमुख केशव भट्टराईले सोधपुछका क्रममा आफूले सुधार्ने उद्देश्यले सार्वजनिक स्थलमा लाठीले सातपटक कुटपिट गरेको मानवअधिकार अनुगमन टोलीलाई बताए। पीडितलाई ०६९ चैत २३ गते जिल्ला प्रशासन कार्यालयले सार्वजनिक अपराध ऐनअन्तर्गतको मुद्दामा सात हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दियो। पीडित चैत २३ गते नै तोकिएको धरौटी राखेर रिहा भए। उनले जिल्ला अदालतमा ०७० वैशाख १९ गते यातना क्षतिपूर्ति ऐन अन्तर्गत मुद्दा दर्ता गरेका थिए। सो मुद्दा अदालतमा विचाराधीन अवस्थामा छ।

मध्कारे गाविस- ३ का प्लम्बर मजदुर ४१ वर्षीय मदन भन्ने मनोजकुमार सिंहले पैसा र मोबाइल चोरेको आरोपमा ०७० जेठ ९ गते प्रहरी चौकी मध्कारेका इन्चार्ज ४५ वर्षीय प्रल्हादकुमार शर्माको नेतृत्वमा गएको टोलीले गिरफ्तार गरी कुटपिट गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा जेठ १० गते उपचार भयो। पीडितको पेट, पाखुरा , तिघ्रालगायत शरीरका विभिन्न भागमा लाठी र बुटले कुटपिट गरेको निलडाम रहेको अस्पतालले प्रतिवेदनमा उल्लेख गरिएको छ। पीडितले जेठ १० गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका थिए। पीडितको जेठ १२ गते कोसी अञ्चल अस्पतालमा घाउ जाँच भएको थियो। पीडितले जेठ २३ गते जिल्ला अदालतमा यातना क्षतिपूर्ति ऐनअन्तर्गत मुद्दा दर्ता गरेका थिए । उजुरीमा १ लाख रुपियाँ बराबरको क्षतिपूर्ति र दोषीलाई कारबाही गर्न माग गरेको उल्लेख गरिएको छ। प्रहरीले मध्कारे गाविस-३ का ३८ वर्षीय सन्तोष महतोसँग झगडा गर्दा महतोको मोबाइल र केही पैसा चोरेको आरोपमा जेठ ९ गते राति ८ बजे गिरफ्तार गरेको आरोपित पक्षको भनाइ छ । उनलाई राति १२ बजे प्रहरीले रिहा गरेको थियो । महतो र सिँहबीच आपसी कुटपिटबाट पीडित घाइते भएको आरोपितको भनाइ छ। सो घटनापछि आरोपित चौकी इन्चार्ज प्रल्हादकुमार वडा प्रहरी कार्यालय विराटनगरमा जेठ ३० गते सरुवा भएका थिए। सो घटनामा इन्सेक र एड्भोकेसी फोरमले मुद्दा दर्ता गर्न सहयोग गरेका थिए।

विराटनगर उमनपा-६, गौमुखी चोकका २१ वर्षीय मोहमद कादिरलाई ०७० भदौ ३० गते सोही

ठाउँका सुनील बन्जारा, चन्द्रमणि लुईटेल र श्यामसुन्दर पौडेलले सोही ठाउँकी भीमाकुमारी खतिवडाको साइकल चोरेको आरोपमा कपाल चारपाटा मुडेर कुटपिट गरे। आरोपितमध्ये सुनीता र चन्द्रमणिलाई प्रहरीले घटनास्थलबाटै गिरफ्तार गरेको थियो। घाइते कादिरको कोसी अञ्चल अस्पताल, विराटनगरमा उपचार भयो। चन्द्रमणि र सुनीतालाई प्रहरीले सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा दर्ता गरेको थियो। आरोपित श्यामसुन्दर फरार छन्। सुनील र चन्द्रमणि ०७० असोज १५ गते प्रतिव्यक्ति ६ हजार रुपियाँ धरौटीमा रिहा भए।

तेतरिया गाविस-३ का ५० वर्षीय टेकनारायण माझीलाई ०७० भदौ २० गते तेतरिया गाविस-४ का ३२ वर्षीय बजरिया माझी, ४८ वर्षीय सुरेशकुमार माझी, ५५ वर्षीया फुसना माझी र ४५ वर्षीय पूजनादेवी माझीले बोक्सो लागेको आरोपमा कुटपिट गरेको भन्दै पीडितकी पत्नी मुखियादेवीले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको कोसी अञ्चल अस्पतालमा उपचार भएको थियो। प्रहरीले आरोपितहरूलाई भदौ २३ गते गिरफ्तार गरेको थियो। आरोपितहरूले गल्ती स्वीकार्दै पीडितको स्वास्थ्य उपचार खर्च बेहोर्ने प्रतिवद्धतापछि भदौ २४ गते पीडितसँग सहमति भएको थियो।

गोविन्दपुर गविस-१ का ६० वर्षीय कन्टुसिंह गोडीलाई ०७० असार २३ गते राति घरमा सुतेको अवस्थामा बोक्सो भएको आरोपमा सोही गाउँका ३३ वर्षीय मोहमद हबिब, २२ वर्षीय मोहमद अब्दुल्ल, ३२ वर्षीय मोहमद जजाल, २५ वर्षीय मोहमद बाँदरु, २१ वर्षीय मोहमद जोबारी, २२ वर्षीय मोहमद जेलु, २२ वर्षीय मोहमद कोटा, २८ वर्षीय देवकीदेवी गोडी, ३२ वर्षीय अशोकसिंह गोडीले नियन्त्रणमा लिई टोलमा लगेर कुटपिट गरे। कुटपिटपछि पीडितलाई बिष्टा खुवाउन लाग्दा प्रहरीको गस्ती टोलीले बचाएको थियो। गाउँकै मोहमद हबिबको गाई तथा दीपक गोडी बोक्सो लागेका कारण मृत्यु भएको र गाउँमा आगलागी हुँदा पीडितको घरमा नलागेको आरोप लगाएर गालीगलैज गरेको थिए। पीडितका छोरा देवकुमार गोडीले प्रहरी चौकी गोविन्दापुरमा असार २४ गते उजुरी दिएका थिए। प्रहरी चौकीका इन्चार्ज बैजनाथ यादवले जनशक्ति कम भएकाले आरोपितहरूलाई कारवाही गर्न नसक्ने बताएका थिए। त्यसपछि पीडितका छोराले इन्सेक क्षेत्रीय कार्यालय, विराटनगरमा असार २५ गते पहल गर्न भन्दै निवेदन दिएका थिए। इन्सेक प्रतिनिधिले प्रहरी चौकीका इन्चार्ज सई बैजनाथ यादवलाई फोन सम्पर्क गरी पीडितको उजुरीउपर कारबाही गर्न सुझाव दिएका थिए। इन्चार्जले इलाका प्रहरी कार्यालय सिजुवामा पीडितको उजुरी पठाएको जानकारी दिए। प्रहरीले सो घटना गाउँमै सहमति गराएको थियो।

बालअधिकार

जिल्ला शिक्षा कार्यालयका अनुसार जिल्लाको महिला साक्षरता प्रतिशत ६३.३ र पुरुष साक्षरता प्रतिशत ७८.७३ प्रतिशत रहेको छ । सामुदायिक विद्यालयतर्फ कक्षा-१ देखि ८ सम्मको आधारभूत तहमा ७६ हजार ३ सय ६० छात्रा, ६७ हजार ३ सय छात्र गरी १ लाख ३ हजार ६ सय ६० सङ्ख्या रहेको छ। कक्षा-९ र १० सम्मको तहमा छात्रा १२ हजार ७ सय ९९ र छात्र ११ हजार ३ सय ९ गरी ११ हजार १ सय आठ संख्या रहेको छ। प्रावि तहमा ३ सय १ ओटा ,निमावि तहमा ५० ओटा , मावि तहमा १ सय ५३ ओटा विद्यालय र सरकारी क्याम्पस संख्या पाँच ओटा रहेका छन्। बालविकास केन्द्रमा ९ हजार ६ सय ७ छात्रा र ९ हजार ४ सय ३८ छात्र गरी १९ हजार ४५ संख्या रहेको छ ।

बालबालिका ओसारपसार

विराटनगर उमनपा-८ की १५ वर्षीया एक बालिकालाई अपहरण र शरीर बन्धक बनाएको आरोपमा विराटनगर उमनपा-१४, गुदरी बजारका २२ वर्षीय विष्णु पासवान र उनकी दिदी ३८ वर्षीया भजियादेवी पासवानविरुद्ध प्रहरीले ०६९ चैत २२ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रका प्रमुख सुमा कार्कीका अनुसार पीडितको अवस्था अज्ञात रहेको छ। आरोपितलाई प्रहरीले ०६९ चैत २० गते गिरफ्तार गरेको थियो। पीडितका बुबा ढुण्डिराज पोखरेलले जिल्ला प्रहरी कार्यालयमा ०६९ चैत २० गते छोरीलाई बेपत्ता बनाएको भन्दै उजुरी दिएका थिए। पीडितलाई ०६९ चैत १७ र १८ गते विराटनगर उमनपा-२२ स्थित सुप्रिम होटल एन्ड लजमा र चैत १९ देखि २१ गतेसम्म विष्णुकी दिदीको घरमा बन्धक बनाएर राखेको उजुरीमा उल्लेख छ। आरोपित जिल्ला अदालतका न्यायाधीश इन्द्रबहादुर कार्कीको एकल इजलासको आदेशमा ०७० वैशाख १६ गतेदेखि पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा छन्।

डाँगीहाट गाविस-५ की सात वर्षीया अञ्जु राईलाई अपहरण गरेको आरोपमा प्रहरीले झापा जिल्ला

गौरीगञ्ज गाविस-९ का ३५ वर्षीय शङ्कर तामाङलाई ०६९ फागुन २८ गते गिरफ्तार गऱ्यो। प्रहरीले पीडितको झापा जिल्लाको तोपगाछीबाट फागुन २८ गते उद्धार गरेको थियो। उद्धारपछि बालिकालाई उनका बाबु जीवन राईको जिम्मा लगाइएको थियो। बालिकाको उद्धारसँगै प्रहरीले अपहरण घटनाका आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। इलाका प्रहरी कार्यालय, बेलबारीका निमित्त प्रमुख सई चोलेन्द्र अधिकारीका अनुसार आरोपितले पीडितलाई ०६९ फागुन २५ गते डाँगीहाट गाविसबाट अपहरण गरेका थिए। छिमेकी जमुना दर्जीको विवाहमा गएको समयमा आरोपितले बालिकालाई चकलेट दिएर ललाइफकाइ अपहरण गरेका थिए। आफ्नै छोरीजस्तो लागेर लगेको आरोपितले प्रहरीलाई बयान दिएका थिए। पीडित पक्षले बालिका बेपत्ता भएकै दिन प्रहरीमा उजुरी दिएको थियो। जिल्ला अदालतका न्यायाधीश इन्द्रबहादुर कार्कीको आदेशमा आरोपित ०६९ चैत २१ सादा तारेखमा रिहा भए।

झापा जिल्ला गौरादह गाविस-५ घर भई हसन्दह गाविस-६ स्थित फुपूको घर आएकी कक्षा-११ मा अध्ययनरत १५ वर्षीया लक्ष्मी बोगटीलाई ०७० साउन ३० गते हसन्दह गाविस-६ का ४० वर्षीय नन्द सुब्बाले मेला हेर्न पथरी बजार आएको समयमा ललाइफकाइ बेचबिखन गर्ने प्रयास गरेको भन्दै बालिकका बुबा भीमबहादुर बोगटीले इलाका प्रहरी कार्यालय, पथरीमा भदौ ६ गते उजुरी दिए। प्रहरीले भदौ ६ गते नै मानव ओसारपसार तथा बेचबिखन मुद्दा दर्ता गरेको थियो। पीडितलाई ०७० भदौ ५ गते प्रहरीले चितवनबाट उद्धार गऱ्यो। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

बनिगामा गाविस-७ की १७ वर्षीया एक बालिकाले आफूलाई बेचबिखन गर्न लैजान लागेको आरोपमा ०७० जेठ २५ गते हात्तीमुढा गाविस-१ का २२ वर्षीय लजनारायण थारु, सुनसरी जिल्ला इटहरी नपाका २२ वर्षीय सुरज चौधरी र ललितपुर जिल्ला लामाटार गाविस-३ की अपेक्षा गिरीविरुद्ध ०७० असार १५ गते इलाका प्रहरी कार्यालय, बेलबारीमा उजुरी दिइन्। प्रहरीले अपेक्षालाई असार १५ गते सुनसरी जिल्ला इटहरी नपाबाट गिरफ्तार गऱ्यो। उनलाई जिल्ला अदालतले ०७० साउन ७ गते सादा तारेखमा रिहा गऱ्यो। लजनारायण र सुरज फरार छन्। पीडितलाई ललाइफकाइ इटहरी हुँदै सिराहा जिल्ला, लहान नपास्थित एक लजमा थुनेर राखी बेचबिखनको लागि तयारी गरेको आरोप पीडितको उजुरीमा उल्लेख छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१६ वर्षीया एक बालिकालाई यौनशोषण गरेको आरोपमा बेलबारी गाविस-१ निवासी सगरमाथा इङ्लिस स्कुलका सहायक प्रिन्सिपल २५ वर्षीय गणेश दुलाललाई ०६९ फागुन २२ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित पक्षले इलाका प्रहरी कार्यालय, बेलबारीमा फागुन २२ गते नै उजुरी दिएको थियो। उजुरीमा आरोपितले पीडितलाई १३ वर्षको उमेरदेखि डर-त्रास देखाएर यौनशोषण गर्दै आएको उल्लेख गरिएको थियो। आरोपितले पछिल्लोपटक ०६९ फागुन ३ गते प्रेम दिवसका अवसरमा पीडितलाई घुमफिर गर्न बोलाएका थिए। पीडितले अस्वीकार गरेपछि आरोपितले पीडितको नाङ्गो तस्बिर फेसबुकमार्फत सार्वजनिक गरेका थिए। घटना सार्वजनिकपछि पीडितका परिवारले थाहा पाएका थिए। आरोपितले यसअघि नै पीडितलाई खानेकुरामा लठ्याउने औषधी हालेर पीडितको नाङ्गो तस्बिर खिचेका थिए। सोही तस्बिर सार्वजनिक गर्ने धम्की दिँदै आरोपितले पीडितलाई यौनशोषण गर्दै आएका थिए। यसअघि ती बालिकालाई आरोपितले सगरमाथा इङ्लिस स्कुलमा पढाउने गरेका थिए। सो स्कुलबाट पास भएर अहिले उनी बेलबारीकै एक उच्च माविमा कक्षा-११ मा अध्ययरत छिन्। आरोपितलाई बलात्कार, अपहरण तथा शरीर बन्धक र साइबर अपराध गरी तीनओटा अलग-अलग मुद्दामा प्रहरीले कारबाही प्रक्रिया अघि बढायो। आरोपित जिल्ला अदालतका न्यायाधीश चण्डीराज ढकालको एकल इजलासको आदेशमा ०६९ चैत १९ गतेदेखि मोरङ कारागारमा पुर्पक्षका लागि थुनामा छन्।

सिसवनी जहदा गाविसकी १२ वर्षीया सौतेनी छोरीलाई ०७० वैशाख ९ गतेदेखि परिवार नियोजनको अस्थायी साधन निलोकन खान दिएर उनका बाबुले बलात्कार गर्दै आएको घटना पीडितले इलाका प्रहरी कार्यालय रङ्गेलीमा ०७० असार २८ गते उजुरी दिएपछि सार्वजनिक भयो। पीडितको असार २८ गते विराटनगर उमनपा-९ स्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। पीडितकी आमा वैदेशिक रोजगारमा गएदेखि आरोपितले पीडितलाई मार्ने धम्की दिँदै मादक पदार्थ सेवन गरेर हरेक रात बलात्कार गर्ने गरेको आरोपितको बयानमा उल्लेख छ। छिमेकीहरूले पीडितको उद्धार गरी प्रहरीलाई खबर गरेपछि घटना

सार्वजनिक भएको थियो। आरोपितलाई प्रहरीले ०७० असार २८ गते नै गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित ०७० साउन २२ गतेदेखि पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा छन्।

चार र सात वर्षीया दुई बालिकालाई ०७० भदौ २५ गते लेटाङ गाविस-७ का ट्याक्टर सहचालक २१ वर्षीय जीवन बरालले बलात्कार गरेको आरोपमा ती दुई बालिकाका आमाद्वयले भदौ २७ गते इलाका प्रहरी कार्यालय, लेटाङमा उजुरी दिए। बालिकाद्वयको कोसी अञ्चल अस्पताल, विराटनगरमा भदौ २८ गते स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले भदौ २७ गते गिरफ्तार गरेको थियो। आरोपितले ती बालिकालाई उनीहरूकै घरमा सिरकले छोपेर बलात्कार गरेको उजुरीमा उल्लेख छ। जिल्ला अदालतका न्यायाधीश शेखर पौडेलको आदेशमा आरोपित असोज ३ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। पीडितका बाबुहरू वैदेशिक रोजगारीमा र आमाहरू मजदुरी गर्छन्।

एक वर्षीया एक बालिकालाई ०७० कात्तिक २ गते शनिश्चरे गाविस-१ स्थित भुटानी शरणर्थी शिविरका २० वर्षीय भविलाल विश्वकर्माले बलात्कार गर्ने प्रयास गरेको भन्दै बालिकाका आफन्तले कात्तिक २ गते इलाका प्रहरी कार्यालय, पथरीमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण कात्तिक २ गते नै कोसी अञ्चल अस्पतालमा भएको थियो। आरोपितलाई प्रहरीले कात्तिक २ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित कात्तिक २५ गतेदेखि पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा छन्।

अमानवीय व्यवहार

मधुमल्ला गाविस-३ की १४ वर्षीया, १६ वर्षीया बालिका र १९ वर्षीया महिलालाई ०६९ फागुन १५ गते मोसो दलेर लाठीले कुटपिट गर्दै गाउँ घुमाइ दुर्व्यवहार गरेको आरोपमा प्रहरीले इलाम साक्फारा गाविस-२ का ३५ वर्षीय रमेश बोहरा, ३८ वर्षीय टङ्क श्रेष्ठ र ४२ वर्षीय अशोक साङपाङलाई प्रहरीले उर्लाबारी गाविसबाट ०६९ फागुन १९ गते गिरफ्तार गऱ्यो। गाउँमा यौन विकृति फैलाएको आरोपमा उनीहरूले पीडितलाई मोसो दलेर जुत्ताको माला लगाइ गाउँ घुमाएका थिए। सो क्रममा उनीहरूलाई आरोपितहरूले कुटपिट पनि गरेका थिए। आरोपितले पीडित पढिरहेको स्थानीय विद्यालयको कक्षाकोठा र घरबाट निकालेर दुर्व्यवहार गरेको स्थानीय अधिकारकर्मी गोपाल नेपालीले बताए। पीडितहरू ०६९ फागुन १५ गते राति छिमेकी साथीको घरमा जन्मदिन मनाएर राति नै घर फर्किएका थिए। पीडित पक्ष असुरक्षित र त्रस्त भएकाले अधिकारकर्मीको पहलमा ०६९ फागुन १९ गते उनीहरूले स्थानीय अस्थायी प्रहरी चौकीमा उजुरी दिएका थिए। प्रहरी चौकीले आरोपितत्रयलाई गिरफ्तारपश्चात् इलाका प्रहरी कार्यालय, उर्लाबारीमा बुझाएको थियो। सो कार्यालयले उनीहरूलाई सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा लगाएको थियो। पीडितहरूलाई ओरेक नेपालको विराटनगर उमनपा-१५ स्थित कार्यालयले सुरक्षित आवासगृहमा राखेर कानुनी र मानसिक उपचार गरेको थियो। जिल्ला प्रशासन कार्यालयका प्रमुख तारानाथ गौतमको ०६९ चैत ४ गतेको आदेशमा आरोपितत्रय प्रतिव्यक्ति २/२ हजार रुपियाँ धरौटीमा तारेखमा रिहा भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

टङ्कीसिनवारी गाविस-३ की २५ वर्षीया कल्पना ऋषिदेवलाई ०७० भदौ २ गते सोही ठाउँका ३२ वर्षीय विनोद ऋषिदेवले बेचबिखन गर्न खोजेको भन्दै कल्पनाले भदौ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले भदौ ८ गते गिरफ्तार गरेको थियो। जिल्ला प्रहरी कार्यालयले उनीविरुद्ध मानव बेचबिखन तथा ओसारपसार ऐन अन्तर्गत भदौ ९ गते नै मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित ०७० असोज ४ गतेदेखि पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा छन्।

विराटनगर उमनपा-१९ की १९ वर्षीया एक युवती र विराटनगर-१५ की एक २१ वर्षीया युवतीलाई ०७० मङ्सिर ११ गते विराटनगर उमनपा-१५ की २७ वर्षीया रञ्जिता भन्ने राधिका विश्वकर्मा, सोही ठाउँका २६ वर्षीय प्रकाश सिवाकोटी, सोही ठाउँकी २५ वर्षीया मनीषा सिवाकोटीले भारत लगेर यौन व्यवहारका लागि बेचबिखन गर्न खोजेको आरोपमा जिल्ला प्रहरी कार्यालयले मङ्सिर १२ गते विराटनगर-१५ बाट आरोपितहरूलाई गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितहरूलाई मानव बेचबिखन तथा ओसारप्रसार ऐन अन्तर्गत मुद्दा दर्ता गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपितत्रय ०७० पुस १६ गतेदेखि पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, दुर्व्यवहार

२८ वर्षीया एक महिलालाई ०७० जेठ ४ गते

महादेवा गाविस-३ निवासी नेकपा-माओवादीका स्थानीय कार्यकर्ता ३५ वर्षीय मनोज शर्माले बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ १७ गते इलाका प्रहरी कार्यालय, सिजुवामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा ०७० जेठ १७ गते भयो। पीडितले आरोपितको धम्की, डर-त्रासका कारण ढिलो मात्र उजुरी दिएकी थिइन्। घटनापछि पीडित असुरक्षा भएको भन्दै विराटनगरस्थित ओरेकको सुरक्षा आवस गृहमा बसेकी थिइन्। पीडितको उजुरी प्रहरीले अनुसन्धान हुँदैछ भन्दै दर्ता गर्न अस्वीकार गरेको थियो। राष्ट्रिय मानवअधिकार आयोग, इन्सेक र ओरेकको दबाबपछि जेठ २३ गते सो उजुरी दर्ता भएको थियो। घटनापछि पीडितलाई सासू र ससुराले घरनिकाला गरे। घटना पीडितको घरमा राति सुतेको समयमा भएको थियो। पीडितलाई मिल्न सासू-ससुराले दबाब दिएका थिए। पीडितले नमानेपछि उनलाई घरनिकाला गरिएको थियो। पीडितलाई आरोपितकी पत्नी तारा शर्मा र उनका सासू-ससुराले मुद्दा हालेको भन्दै कुटपिट गरेका थिए। आरोपित फरार छन्। घटनाको अधिकारकर्मीको टोलीले ०७० जेठ २९ गते अध्ययन अनुगमन गरेको थियो। टोलीले घटनाको तथ्य भने सार्वजनिक गरेन।

२२ वर्षीया एक महिलालाई मादक पदार्थ सेवन गरेर बलात्कार प्रयास गरेको आरोपमा इलाका प्रहरी कार्यालय, बेलबारीका प्रहरी जवान ज्ञानबहादुर कार्कीलाई ०६९ फागुन १६ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित पक्षले ०६९ फागुन १७ गते इलाका प्रहरी कार्यालय, बेलबारीमा उजुरी दिएको थियो। पीडितको धरानस्थित स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ०६९ फागुन १७ गते स्वास्थ्य परीक्षण भएको थियो। इलाका प्रहरी कार्यालय बेलबारीका निमित्त प्रमुख चोलेन्द्र अधिकारीले पीडित र आरोपित आफन्त भएकाले मिलापत्र भएको बताए। आरोपितलाई विभागीय कारबाही गर्ने निमित्त प्रमुख अधिकारीको भनाइ थियो। विभागीय कारबाही भए/नभएको प्रहरीले सार्वजनिक गरेको छैन।

विराटनगर उमनपा-१५ की १८ वर्षीया एक महिलालाई ०६९ पुस २४ गते महोत्तरी जिल्ला दमहीमडेत गाविस-५ घर भई विराटनगर उमनपा-१५ निवासी सुनसरी मोरङ सिँचाइ आयोजनाका इन्जिनियर ५४ वर्षीय कमलकिशोर लालले विराटनगर उमनपा-५ स्थित बरगाछीमा यौन दुर्व्यवहार गर्न खोजेको आरोपमा प्रहरीले ०६९ पुस २५ गते गिरफ्तार गऱ्यो। पीडित बरगाछीस्थित लाइफगार्ड अस्पतालमा बिरामी आफन्तलाई भेट्न गएकी थिइन्। पीडितले ०६९ पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा लगायो। आरोपित जिल्ला प्रशासन कार्यालयका प्रमुख तारानाथ गौतमको आदेशमा ०६९ माघ ५ गते तारेखमा रिहा भएका थिए।

१८ वर्षीया एक सुस्त मनिस्थतिकी महिलालाई ०६९ पुस २० गतेदेखि सोराभाग गाविस-५ भलुवाका ३० वर्षीय पुष्पराज खड्का पोस्टेले यौन शोषण गरेको आरोपमा पीडितकी दिदीले जिल्ला प्रहरी कार्यालयमा ०७० जेठ ५ गते दिइन्। अस्थायी प्रहरी चौकी, कर्सियाले ०७० जेठ ४ गते उजुरी दर्ता नमानेको भन्दै पीडितकी दिदीले दिएको उजुरीमा उल्लेख गरिएको थियो। पीडितको स्वास्थ्य परीक्षण जेठ ६ गते कोसी अञ्चल अस्पतालमा भएको थियो। स्वास्थ्य परीक्षणपछि उनको पेटमा ६ महिनाको गर्भ रहेको सो अस्पतालले पुष्टि गरेको थियो। आरोपितलाई प्रहरीले जेठ ५ गते गिरफ्तार गरेको थियो। उनलाई प्रहरीले अदालतबाट मुद्दा चल्ने भन्दै जेठ ६ गते रिहा गरेको थियो। पीडितलाई महिला तथा बालबालिका सेवा केन्द्रले जिल्ला अदालतमा नाता प्रमाणित मुद्दा दिन सुझाव दिएको थियो। इन्सेक जिल्ला प्रतिनिधिको पहलमा पीडितलाई ओरेक विराटनगरको सुरक्षा आवास गृहमा पठाएको थियो। ओरेकले पीडित पक्षलाई आरोपितको जग्गा नक्साको प्रतिलिपि ल्याएमा जिल्ला अदालतमा नाता प्रमाणित तथा अंश मुद्दा हाल्ने जानकारी गराएको थियो। तर, पीडित पक्षले नक्साको प्रतिलिपि तथा कित्ता नम्बर उपलब्ध गराउन नसकेकाले मुद्दा दर्ता हुन सकेन। पीडित आरोपितकहाँ ०६९ कात्तिकदेखि घरेलु कामदारका रूपमा बसेकी थिइन्। उनलाई आरोपित पक्षले ०६९ मा घरबाट जबरजस्ती निकालेको थियो। पीडितले ०७० भदौमा कोसी अञ्चल अस्पतालमा छोरो जन्माएकी थिइन्। ओरेकले आफ्नै सक्रियतामा ०७० कात्तिकमा पीडितको पक्षबाट जिल्ला अदालतमा नाता कायम तथा अशंसम्बन्धी मुद्दा दिएको थियो। यस वर्षको अन्त्यसम्म मुद्दा किनारा लागेको छैन।

३४ वर्षीया एक महिलालाई ०७० असोज १९ गते राति विराटनगर उमनपा-१३ निवासी नोवेल मेडिकल कलेज एन्ड रिसर्च सेन्टरमा कार्यरत ३० वर्षीय चिकित्सक सञ्जीवकुमार जैसवालले उपचारको निहुँमा बलात्कार प्रयास गरेको भन्दै पीडितले ०७० असोज २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्।

पीडितको स्वास्थ्य परीक्षण असोज २० गते कोसी अञ्चल अस्पतालमा भएको थियो। आरोपितलाई प्रहरीले असोज २० गते गिरफ्तार गरेको थियो। पीडित पथरीको अप्रेसन गर्न सो मेडिकल कलेजमा भर्ना भएकी थिइन्। आरोपितलाई असोज २० गते मेडिकल कलेज प्रशासनले निष्कासन गरेको जनायो। जिल्ला अदालतको आदेशमा आरोपित कात्तिक १० गते ५० हजार रुपियाँ धरौटीमा रिहा भए। पीडितले जिल्ला अदालतको आदेशउपर चित्त लबुझेको भन्दै पुनरावेदन अदालत विराटनगरमा कात्तिक २३ गते निवेदन दिइन्। सो निवेदनउपर अदालतबाट यस वर्षको अन्त्यसम्म आदेश भएको छैन।

घरेलु हिंसा

दाइजोका कारण कुटपिट तथा घरनिकाला

विराटनगर उमनपा-१३ की २१ वर्षीया सुषमा खड्का थापालाई ०७० जेठ १६ गते उनका पति २८ वर्षीय रविन थापा र उनकी जेठानी सुशीला थापाले कम दाइजो ल्याएको आरोपमा कुटपिट गरेको भन्दै ०७० असार १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितले साथीहरू र सामाजिक सङ्घसंस्थाको सहयोगमा उजुरी दिएकी थिइन्। कुटपिटपछि पीडित विराटनगरमै मामाघरमा बसेको उजुरीमा उल्लेख गरिएको थियो। आरोपित रविनलाई प्रहरीले ०७० असार २० गते गिरफ्तार गरेको थियो। आरोपित पक्षले २ लाख ७५ हजार रुपियाँ दिएर सम्बन्धविच्छेद गर्ने असार २१ गते जिल्ला प्रहरी कार्यालयमा सहमति भएको थियो। सहमति अनुसार नै पीडितले असार २५ गते जिल्ला अदालतमा सम्बन्धविच्छेद गर्न माग गर्दै निवेदन दिएकी थिइन्। यस वर्षको अन्त्यसम्म मुद्दा किनारा लागेको छैन।

भातिगछ्ग गाविस-२ की २९ वर्षीया सवितादेवी यादवलाई ०७० भदौ १ गते उनका पति २५ वर्षीय धमेन्द्र यादव र सासू ४० वर्षीय मीनादेवी यादवले दाइजो नल्याएको आरोपमा कुटपिट गरेको भन्दै पीडितले असोज ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रले आरोपितलाई झिकाउन असोज ४ गते पोखरिया प्रहरी चौकीलाई पत्राचार गरेको थियो। आरोपितहरू उपस्थित नभएका कारण समस्या समाधान भएन। यस वर्षको अन्त्यसम्म पनि घटना टुङ्गो लागेको छैन।

विराटनगर उमनपा-११ की २० वर्षीया सुन्नत खातुनलाई ०७० भदौ २४ गते उनका पति २८ वर्षीय रिजमान मियाँले दाइजो नल्याएको आरोपमा कुटपिट गरी घर छाडेर जान धम्की दिएको भन्दै पीडितले असोज १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रले आरोपितलाई झिकाउन वडा प्रहरी कार्यालय हाटखोलालाई असोज २ गते पत्राचार गरेको थियो। आरोपित र पीडितबीच जिल्ला प्रहरी कार्यालयमा असोज ३ गते छलफल भएको थियो। सो छलफलमा सहमति हुन सकेको थिएन। यस वर्षको अन्त्यसम्म पनि घटना टुङ्गो लागेको छैन।

परिवारजनबाट हत्या

इटहरा गाविस-७ की २२ वर्षीया मैना बर्देवा भित्रीकोटीलाई ०६९ चैत २६ गते उनका पति २८ वर्षीय पृथ्वी भित्रीकोटीले घरायसी विवादमा लात्ती र मुक्काले छातीमा कुटपिट गरी परालको थुप्रोमा राखी आगो लगाएर हत्या गरे। लासको रङ्गेली अस्पतालमा ०६९ चैत २६ गते पोस्टमार्टम भएको थियो। आरोपित, उनका बाबु छविलाल, नन्द कवितालगायत परिवारका अन्य सदस्यहरूलाई इलाका प्रहरी कार्यालय, सिजुवाले चैत २६ गते नै गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश इन्द्रबहादुर कार्कीको आदेशमा आरोपित पृथ्वी ०७० वैशाख २५ गतेदेखि पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा छन्। अन्य आरोपितहरू सोही दिन सादा तारेखमा रिहा भए।

सिजुवा गाविस-८ की ५२ वर्षीय गङ्गा दाहाललाई ०७० वैशाख १५ गते उनका पति ६२ वर्षीय टीकाराम दाहालले लात्ती र मुक्काले टाउकोलगायत शरीरका विभिन्न भागमा प्रहार गरी हत्या गरे। लासको पोस्टमार्टम उर्लाबारी गाविस-६ मङ्गलबारेस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा भयो। पीडित पक्षले वैशाख १५ गते नै इलाका प्रहरी कार्यालय, सिजुवामा उजुरी दिएको थियो। आरोपितलाई प्रहरीले वैशाख १५ गते नै गिरफ्तार गरेको थियो। आरोपित जिल्ला अदालतका न्यायाधीश इन्द्रबहादुर कार्कीको एकल इजलासको आदेशमा ०७० वैशाख २५ गतेदेखि पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा छन्।

कुटपिट

उर्लाबारी गाविस-८ सुनझोडा की २५ वर्षीय मुना अधिकारीलाई ०७० वैशाख ३ गते उनका पति

३० वर्षीय सुमन अधिकारीले कुटपिट गरेका कारण मृत्यु भएको भन्दै पीडितकी आमा रमा खड्काले ०७० वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। लासको पोस्टमार्टम वैशाख ४ गते विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा भयो। पीडितकी आमाले दिएको उजुरी प्रहरीले दर्ता गर्न अस्वीकार गरेको थियो। पीडितका पतिलाई प्रहरीले वैशाख ४ गते नै कोसी अञ्चल अस्पतालबाटै गिरफ्तार गरेको थियो। पीडित घरैमा बेहोस भएपछि पीडितका ससुरा दिव्यराज कट्टेलले झापा जिल्लाको दमक नपास्थित आम्दा अस्पताल र त्यहाँ उपचार सम्भव नभएको कारण विराटनगरस्थित नोवेल अस्पताल लगेका थिए। पीडितको उपचारका क्रममा नोवेल अस्पतालमा वैशाख ४ गते मृत्यु भयो। पीडित पक्षको लगातारको प्रयास र दबाबपछि इलाका प्रहरी कार्यालय, उर्लाबारीमा वैशाख १३ गते पीडित पक्षले दिएको उजुरी दर्ता भएको थियो। पीडितले विष सेवन गरेका कारण मृत्यु भएको कोसी अञ्चल अस्पतालको रिपोर्टमा उल्लेख भएको डीएसपी दीपक पोखेलले बताए। आरोपित जिल्ला अदालतको आदेशमा ०७० जेठ ६ गते सादा तारेखमा रिहा भए। पीडित र आरोपितबीच ६ वर्षअघि प्रेमविवाह भएको थियो। बुहारी तल्लो जातको क्षेत्री भएको भन्दै पीडितका सासू-ससुराले असन्तुष्टि पोख्दै छोरालाई बुहारी त्याग्न दबाब दिँदै आएको पीडितको आमा रमा खड्काको भनाइ छ। लगातारको दबाबपछि पीडित र आरोपित सुमनबीच द्वन्द्व चर्किएको थियो। त्यही द्वन्द्वका कारण पीडितलाई कुटपिट गरिएको र यातना सहन नसकेर विष सेवन गर्न बाध्य भएको पीडित पक्षको आरोप छ।

विराटनगर उमनपा-१ की ४१ वर्षीया मोतीमाया आचार्यलाई ०६९ चैत ४ गते विराटनगर उमनपा कार्यालय विद्युत मर्मत शाखामा कार्यरत उनका पति ४५ वर्षीय होमनाथ आचार्यले लाठी र मुक्काले कुटपिट गरी घाइते बनाए। पीडितको कोसी अञ्चल अस्पताल विराटनगरमा उपचार भयो। पीडितले चैत ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रले होमनाथलाई चैत ५ गते नै गिरफ्तार गरी एक रात राखेर तारेखमा रिहा गऱ्यो। उनले केही वर्षअघि दोस्रो विवाह गरेका थिए। दोस्रो विवाहपछि जेठी पत्नी र उनका दुई सन्तानलाई अपहेलना एवम् कुटपिट गर्ने गरेको पीडितको उजुरीमा उल्लेख छ। पीडितले ०७० वैशाख १२ गते जिल्ला अदालतमा अंश माग गरी उजुरी दिएकी थिइन्। उजुरीपछि आरोपितले पीडितलाई पुनः कुटपिट गरी घाइते बनाएको महिला तथा बालबालिका कार्यालय मोरङकी अञ्जु लोहनीले बताइन्। यस वर्षको अन्त्यसम्म मुद्दा अदालतमा विचाराधीन छ।

थलाहा गाविस-२ की २४ वर्षीया मञ्जु खड्का थापालाई ०६९ पुस २० गते राति सोही गाविसका उनका पति २६ वर्षीय राजेश खड्काले आफूलाई जबरजस्ती विवाह गराएको भन्दै लाठीले शरीरका विभिन्न भागमा प्रहार गरी घाइते बनाए। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडित पक्षले गाविस कार्यालयमा ०६९ पुस २१ गते र जिल्ला प्रहरी कार्यालयमा माघ १० गते उजुरी दिएको थियो। आरोपितलाई प्रहरीले उजुरी दिएकै दिन गिरफ्तार गरेर भोलिपल्ट तारेखमा रिहा गऱ्यो। प्रहरीले ०६९ फागुन १३ गते जिल्ला अदालतमा घरेलु हिंसा अन्तर्गत मुद्दा दर्ता गरेको थियो। सो मुद्दा अदालतमा विचाराधीन छ।

कटहरी गाविस-६ की ४२ वर्षीया पारोदेवी सहनीलाई ०७० पुस २ गते उनका पति ४६ वर्षीय समेली सहनी, आमा ६५ वर्षीय कारोदेवी सहनी, छिमेकी ४५ वर्षीय अशोक सहनी, ४६ वर्षीय गिथनी सहनी र ४० वर्षीय सामादेवी सहनीले परपुरुससँग लागेको आरोपमा कुटपिट गरी गाउँ निकाला गरे। पीडितले पुस ३ गते वडाप्रहरी कार्यालय, हाटखोलामा उजुरी दिइन्। आरोपितहरूलाई प्रहरीले पुस ३ गते नै गिरफ्तार गरेको थियो। उनले पुस ४ गते पत्रकार भेटघाटमा प्रहरीले उजुरी दर्ता नगरेको भन्दै न्याय दिलाइदिन अनुरोध गरेकी थिइन्। उनले जिल्ला प्रहरी कार्यालय र वडाप्रहरी कार्यालय हाटखोला, विराटनगरविरुद्ध पुनरावेदन अदालत विराटनरमा पुस ८ गते निवेदन दिइन्। पुनरावेदन अदालतले पीडितको उजुरी दर्ता गर्न आदेश दिएको थियो। सो आदेशपछि प्रहरीले उनको उजुरी दर्ता गरी अनुसन्धान सुरु गरेको छ। यस वर्षको अन्त्यसम्म मुद्दाको अनुसन्धान कार्य सकिएको छैन।

अमानवीय व्यवहार

गोविन्दपुर गाविस-३ की १९ वर्षीया कविता अधिकारीलाई ०६९ पुस १८ गते राति उर्लाबारी गाविस-७, कटहरेका ४० वर्षीय गोविन्द ढकालले जङ्गली लागेको भनी झारफुक गर्ने क्रममा आगोमा तताएको फलामको पन्यूले शरीरमा डामेर घाइते बनाए। पीडितको उर्लाबारी गाविस-६ स्थित प्राथमिक

स्वास्थ्य केन्द्र, मङ्गलबारेमा उपचार भयो। पीडित पक्षले इलाका प्रहरी कार्यालय, उर्लाबारीमा ०६९ पुस १९ गते उजुरी दियो। आरोपितलाई प्रहरीले उजुरी दिएकै दिन गिरफ्तार गरेको थियो। आरोपित सार्वजनिक अपराध ऐन अन्तर्गतको मुद्दामा ०६९ पुस २८ गते जिल्ला प्रशासन कार्यालयबाट पाँच हजार धरौटीमा रिहा भए।

बेलबारी गाविस-३ करमडाँडाकी ३० वर्षीया माया सार्की र सोही ठाउँ निवासी 'फाइट' साप्ताहिकका कार्यकारी सम्पादक २८ वर्षीय मनोज विश्वकर्मालाई ०७० साउन ७ गते सोही ठाउँका जीवन भेटवाल, अम्बिका भेटवाल, चन्द्रकला भेटवाल, सविता भेटवाल, अमित भेटवाल, कमला भेटवाललगायतका व्यक्तिले पीडित मायाले इलाका प्रहरी कार्यालयमा झूटो उजुरी दिएको आरोपमा मुखमा मोसो दली जुत्ताको माला लगाएर लात्ती र मुक्काले कुटपिट गर्नुका साथै दलित भएको भन्दै गालीबेइज्जती पनि गरे। प्रहरीले घटना भएकै दिन आरोपितहरूलाई गिरफ्तार गऱ्यो। पीडितमध्ये मनोज घटनास्थल बेलबारी गाविस-३ स्थित अन्नपूर्ण बोर्डिङ स्कुल परिसरबाट भागेर इलाका प्रहरी कार्यालय बेलवारी पुगेका थिए। पीडित मायालाई प्रहरीले घटनास्थलबाट उद्धार गरेको थियो। प्रहरीले आरोपित र पीडितबीच इलाका प्रहरी कार्यालय, बेलबारीमा सहमति गराएर घटना भएकै दिन आरोपितहरूलाई रिहा गरेको थियो। पीडित माया साउन ८ गतेदेखि विस्थापित भई इन्द्रपुर गाविस-३, त्रिवेणी चोकस्थित दिदी मैयादेवी सार्कीको घरमा दुई छोराछोरीमा साथ आश्रय लिन बाध्य भइन्। मनोजले साउन ८ गते न्याय दिलाइपाऊँ भनी राष्ट्रिय मानवअधिकार आरोग क्षेत्रीय कार्यालय, विराटनगरमा उजुरी दिएका थिए। इलाका प्रहरी कार्यालयले साउन ८ गते राति साढे ८ बजे मायालाई भ्यानमा हालेर इलाका प्रहरी कार्यालय बेलबारीमा लगी अमानवीय व्यवहार गर्नेहरूविरुद्ध उजुरी हाल्न लगायो। उजुरी हाल्नुअघि नै उल्लिखित आरोपितहरूलाई साउन ८ गते बिहान र दिउँसो गिरफ्तार गरेको थियो। पीडित मायालाई विभिन्न अधिकारकर्मी संस्थाको पहलमा साउन १० गते विराटनगरस्थित ओरेक नेपालको सुरक्षा आवास गृहमा राखिएको थियो। जीवन भेटवाललगायतका आरोपितविरुद्ध जातीय छुवाछूत गरेको उजुरी दिएकी थिइन्। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण एवम् उपचार भएको थियो। प्रहरीले जीवनलगायत ६ जना आरोपितलाई सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दामा कारबाही चलायो। आरोपितहरू जिल्ला प्रशासन कार्यालयको आदेशमा ०७० साउन ३१ गते प्रतिव्यक्ति २८ हजार रुपियाँ धरौटीमा रिहा भए। कमलाबाहेकलाई पुनः प्रशासन कार्यालय परिसरबाटै प्रहरीले गिरफ्तार गरी सबैलाई जातीय छुवाछूत ऐन अन्तर्गत जिल्ला अदालतमा भदौ ३ गते पेस गऱ्यो। सोही दिनको थुनछेक बहसपछि आरोपित जीवनसहित पाँचै जना प्रतिव्यक्ति तीन हजार रुपियाँ धरौटीमा रिहा भए। सो मुद्दामा चित्त नबुझेको भन्दै पीडित पक्षले पुनरावेदन अदालत, विराटनगरमा निवेदन दिए। सो मुद्दामा ०७० पुस ११ गते पुनरावेदन अदालतका न्यायाधीश राजकुमार वन र सत्यमोहन जोशीको संयुक्त इजलासले सबै आरोपितहरूसँग प्रतिव्यक्ति ३० हजार रुपियाँ धरौटी माग गऱ्यो। धरौटी माग गरे पनि आरोपितहरू अदालतमा हाजिर भएनन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय ४१ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १ सय १७, खानलाउन नदिएका ९३, विवाह दर्ता तथा नागरिकता नबनाएका १३, अर्की पत्नी ल्याएर हेला गरेकामा १४, मार्ने धम्की दिइएकामा चार जना पीडित भएका थिए। तीमध्ये १ सय ७८ घटनामा प्रहरीले मिलापत्र गरायो भने ६३ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

हात्तीमुडा गाविस-९ का ३८ वर्षीय कैयुम मियाँलाई ०६९ चैत १३ गते हात्तीमुडा गाविस-७ स्थित स्वस्तिक जुट मिल प्रशासनले निष्कासन गऱ्यो। उनी सो मिलमा ०६३ देखि कार्यरत थिए। ०६६ असोज ३० गते काम गर्ने क्रममा मिलको मेसिनले उनको देब्रे खुट्टा काटेको थियो। पीडितको उपचार खर्च मिल प्रशासनले बेहोरेको प्रशासक घनश्याम निरौलाले बताए। पीडितले मिलले शारीरिक अपाङ्गता बनाएर क्षतिपूर्ति नदिएको भन्दै ०६९ चैत १५ गते मिल प्रशासनसमक्ष निवेदन दिएका थिए। तर, मिल प्रशासनले क्षतिपूर्ति दिन अस्वीकार गरेको थियो। प्रशासनले पीडित काम गर्न नसक्ने भएकाले निष्कासन गर्नुपरेको जनायो। पीडितले पुनः बहालीको माग गरे पनि यस वर्षको अन्त्यसम्म बहाली भएको छैन।

संरचना क्षति

अनेरास्ववियु क्रान्तिकारीबाट

विराटनगर उमनपा-१९ मिल्स एरियास्थित गौतम बुद्ध सेकेन्डरी बोर्डिङ स्कुलमा ०६९ फागुन २१ गते एमाओवादीनिकट अनेरास्ववियु क्रान्तिकारीका कार्यकर्ताहरूले बन्द अवज्ञा गरेको आरोपमा तोडफोड गरी क्षति पुऱ्याए। तोडफोडबाट कार्यालयको एउटा कम्प्युटर, दुईओटा प्रिन्टर, दुईओटा सीपीयू र एउटा रिक्सामा तोडफोड गरेर क्षति पुऱ्याएको स्कुलका प्रिन्सिपल केशवलाल सुवालले बताए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	३४		
उपस्वास्थ्यचौकी	२६		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	७	२	५
स्टाफ नर्स	७	७	
ल्याब असिस्टेन्ट	१०	१०	
अहेब	१०२	७९	२३
अनमि	१०५	१०४	१
खोप सुपरभाइजर	२	२	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	२	२	
हेल्थ असिस्टेन्ट	४३	२१	२२

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कायालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यानका २९, केही सार्वजनिक अपराधका ५ सय ५९, आत्महत्याका १ सय ४३, मानव बेचबिखनका १५, जबरजस्ती करणीका ४५, हातहतियार खरखजानाका १३, जबरजस्ती करणी उद्योगका ३८, ज्यान मार्ने उद्योगका २६ र कुटपिट अङ्गभङ्गका तीन ओटा मुद्दा दायर भए।

१.६ सुनसरी



जिल्ला सदरमुकाम: इनरुवा
क्षेत्रफल (वर्ग कि. मि.): १,२५७
घरधुरी सङ्ख्या: १,६२,४०७
जम्मा जनसङ्ख्या: ७,६३,४८७
पुरुष: ३,७१,२२९
महिला: ३,९२,२५८
अपाङ्ग सङ्ख्या: १०,४०९
गाविस/नपा सङ्ख्या: ४९/३
पुरुष साक्षरता सङ्ख्या: २,६५,४६१
महिला साक्षरता सङ्ख्या: २,२४,५२९
हिन्दू धर्मावलम्बी प्रतिशत: ७३.२८
बौद्ध धर्मावलम्बी प्रतिशत: ४.१२
इस्लाम धर्मावलम्बी प्रतिशत: ११.५४
किराँत धर्मावलम्बी प्रतिशत: ६.८८
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.४९
प्रकृति धर्मावलम्बी प्रतिशत: १.५४
जैन धर्मावलम्बी प्रतिशत:०.०५
शिख धर्मावलम्बी प्रतिशत: ०.००३
अन्य धर्मावलम्बी प्रतिशत: ०.३५८
प्रतिपरिवार सरदर सङ्ख्या: ४.७०

जेल र बन्दी

'ख' श्रेणीको यस क्षेत्रीय कारागार, झुम्काको बन्दी क्षमता तोकिएको छैन। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४ सय ५६ जना कैदी र कैद नतोकिएका २ सय ९९ जना थुनुवा गरी जम्मा ७ सय ५५ जना बन्दीहरू रहेका छन्। क्षेत्रीय कारागारमा अहिले पुरुष कैदी बन्दी मात्र भएकाले आश्रित बालबालिका छैनन्। ३९ ओटा कोठा रहेको कारागारमा शौचालय र खानेपानीको राम्रो व्यवस्था छ। राष्ट्रिय र स्थानीय पत्रपत्रिका नियमित उपलब्ध हुने कारागारका सबै

कोठामा टेलिभिजन सेट छन्। प्राथमिक उपचारका लागि अहेब तथा अनमिको सेवा उपलब्ध छ। कारागारको सुरक्षाका लागि इन्स्पेक्टर केशवकुमार थेवेको नेतृत्वमा ४६ जना प्रहरी कार्यरत छन्।

यस वर्ष लागूऔषधको मुद्दामा कैद भुक्तान गरिरहेका इटहरी नपा-६ का २२ वर्षीय सुभाष चौधरीको ०७० वैशाख १२ गते न्युरो अस्पताल विराटनगरमा मृत्यु भएको थियो। त्यस्तै जबरजस्ती करणीको मुद्दामा कैद भुक्तान गरिरहेका सुनसरी महेन्द्रनगर-७ का ६० वर्षीय सुकदेव सदाको ०७० साउन २९ गते बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचारका क्रममा मृत्यु भएको थियो। डाँका मुद्दाका कैदी बारा जिल्ला रतनपुरीका ५० वर्षीय रामबहादुर बलको ०७० असार १० गते बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचारका क्रममा मृत्यु भएको थियो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यपक्षबाट

स्थानीय राधा कामतको हत्यारालाई कारबाही गर्नुपर्ने माग गर्दै ०७० जेठ १२ गते स्थानीयवासीले दुहबी बजार र यातायात बन्द गराउने क्रममा प्रहरीले चलाएको गोली लागेर दुहबी गाविस-९ का २८ वर्षीय विजय चौधरी र सोही गाविस-५ का ४० वर्षीय मोहमद जलिल मियाँ घाइते भए। घाइतेद्वयको विराटनगरस्थित न्युरो अस्पतालमा उपचार भयो। विजयको थप उपचार धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। सोही घटनालाई लिएर प्रदर्शनकारीहरूले प्रहरीविरुद्ध नाराबाजी गर्दै सडकबाट नहटेपछि प्रहरीले लाठीचार्ज तथा अश्रुग्यास प्रहार गर्दा दुहबी गाविस-६ का २४ वर्षीय अरुण साह, ३० वर्षीय मुकेश चौधरी, २८ वर्षीय राकेश राम, ३५ वर्षीय पल्टन भट्टचार्य, ३२ वर्षीय दिनेश रौनियार, राजेश मण्डल, विनोद चौधरी, राहुल रौनियार, रञ्जित गोस्वामी र सद्भावना पार्टीकी केन्द्रीय सदस्य ३५ वर्षीया सुनीता विश्वाससहित घाइते भए। प्रहरीले स्थितिलाई नियन्त्रणमा लिन ६ राउन्ड अश्रुग्यास तथा दुई राउन्ड गोली प्रहार गर्दा दुहबी बजार तनावग्रस्त बनेको थियो। घटनाको छानविन गर्न सहायक प्रमुख जिल्ला अधिकारी चण्डेश्वर पोखरेलको नेतृत्वमा तीन सदस्यीय छानविन टोली गठन भएको थियो। सो टोलीले प्रतिवेदन सार्वजनिक गरेन। सोही क्रममा प्रदर्शनकारीले इटहरीस्थित ओमसाई मनकामना सेवा केन्द्रको बा२च ४६४३, रेडक्रस सोसाइटी इटहरी उपशाखाको को१च ५९२५, सामुदायिक संस्था इटहरीको को१च ३३०५, न्युरो अस्पताल विराटनगरको को१च ३६१० नम्बर अङ्कित एम्बुलेन्सहरू तोडफोड गरी क्षति पुऱ्याए। झडपमा सशस्त्र प्रहरीका हबल्दार विजय कार्की तथा नेपाल प्रहरीका एक जवान पनि घाइते भए। ०७० वैशाख १४ गते दुहबी गाविस-५ की १७ वर्षीया राधा कामतलाई दुहबीकै इरफान मियाँ र मियासँग प्रेमसम्बन्ध राख्दै आएकी सबनम खातुनले मिलेर हत्या गरेको आरोप लागेको थियो। दुवै फरार रहेकाले उनीहरूलाई गिरफ्तार गरी कारबाही गर्न स्थानीयवासीले माग गरेका थिए। यस वर्षको अन्त्यसम्म आरोपितहरू फरार छन्।

अज्ञात समूहबाट

धरान नपा-१२ स्थित चतरा लाइनमा रहेको 'विश्वस्त सूत्र' साप्ताहिकका प्रकाशक तथा सम्पादक ४५ वर्षीय गोपाल देवानमाथि अज्ञात समूहले ०७० कात्तिक २४ गते गोली प्रहार गर्ने प्रयास गऱ्यो। साँझ कार्यालयमा काम गरिरहेको अवस्थामा मुखमा माक्स लगाएर कालो पल्सर मोटरसाइकलमा आएका अज्ञात दुई व्यक्तिले कार्यालयको कोठाबाहिरबाट गोली हानी पश्चिमतर्फ भागेका थिए। सो गोली पीडितलाई लाग्न सकेन। पत्रकार सुरक्षाको ग्यारेन्टी तथा गोलीकाण्डमा संलग्नलाई तत्काल पक्राउ गरी कारबाही गर्नुपर्ने माग राखी नेपाल पत्रकार महासङ्घ, सुनसरी शाखाले इलाका प्रशासन कार्यालय, धरानका प्रमुख दिलकुमार तामाङलाई ज्ञापनपत्र बुझाएको थियो। महासङ्घका अध्यक्ष केशव घिमिरेको नेतृत्वमा पत्रकारहरूको समूहले मौन जुलुस प्रदर्शन गर्दै धरानको भानुचोकमा कोणसभा गरेको थियो। पत्रकारको समूहले कोसी अञ्चल प्रहरी प्रमुख यादवराज खनाललाई भेटी पत्रकारको सुरक्षामा संवेदनशील हुन आग्रह गरेको थियो। पत्रकारको टोलीसँग कुरा गर्दै एसएसपी खनालले भने, "हामीले घटनालाई गम्भीर रूपमा लिएका छौं। दोषी पत्ता लगाएर जतिसक्दो चाँडो कारबाहीको दायरामा ल्याउने प्रतिबद्धता जाहेर गर्दछौं।" यस वर्षको अन्त्यसम्म आरोपितको पहिचान हुन सकेको छैन।

झडप

कोसी टप्पु बन्यजन्तु आरक्ष क्षेत्रबाट निस्किएको जङ्गली हात्ती हरिपुर गाविस-३ स्थित सुकुम्बासी बस्तीमा प्रवेश गरी घर तोडफोड र मानिस मारेको विषयमा ०६९ माघ १७ गते पीडित परिवार

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		२	२		३	३
बालअधिकार				८		८
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१
अपहरण					२	२
महिलाअधिकार				२०		२०
भेला/सङ्गठित हुने अधिकार	४	२२	२६		१०	१०
कुटपिट				४	३	७
धम्की					३	३
हत्या				९	३	१२
जम्मा	४	२४	२८	४१	२५	६६

तथा स्थानीयवासीहरूले पूर्व-पश्चिम लोकमार्ग अन्तर्गत हरिपुर गाविस १ स्थित सडकखण्डमा प्रदर्शन गर्दै चक्काजाम गरे। बाटो खुलाउने क्रममा प्रहरी र स्थानीयबीच झडप भएको थियो। झडपका क्रममा प्रहरीले लाठीचार्ज गर्दा हरिपुर गाविस-२ का ३० वर्षीय सीतकुमार मुखिया, सोही गाविस-३ का २५ वर्षीय मुनिलाल सदा, ३० वर्षीय सञ्जय सदा, ४० वर्षीय कामेश्वर सदा, ३६ वर्षीय वसन्त मुखिया, ४५ वर्षीय देवनारायण बहरदार, ३८ वर्षीय अनिल कुसियत, ३५ वर्षीय रामनारायण मण्डल, ४२ वर्षीय ब्रह्मदेव मुखिया, १२ वर्षीय सञ्जय यादव, २० वर्षीय अरुण यादव, ३० वर्षीय उमेश मुखिया, ४० वर्षीय श्यामसुकल मुखिया घाइते भए। सोही क्रममा प्रहरीले सुकुम्बासीहरूको घरमा पसेर लाठीचार्ज गर्दा ३२ वर्षीया मीना बजगाईं, २५ वर्षीया मुनिया सदा र २७ वर्षीया सुनीता सदाको शरीर तथा हातखुट्टामा चोट लागी घाइते भए। घाइतेहरूको जिल्ला अस्पताल, इनरुवा र हरिपुर उपस्वास्थ्य चौकीमा उपचार भयो। प्रदर्शनकारीहरूले प्रहार गरेको ढुङ्गा लागेर इन्स्पेक्टर सागरबहादुर थापा, प्रहरी जवानहरू चन्दन यादव, सन्तोषकुमार मेहता, दिनेश ठकुरी, सन्तोष रायमाझी र कात्तिकलाल यादव तथा सशस्त्र प्रहरीका इस्पेक्टर श्रीराम कुँवर घाइते भए।

धरान नपा-१० स्थित महेन्द्र बहुमुखी क्याम्पसमा एमाओवादीनिकट अखिल क्रान्तिकारीले स्वयिु निर्वाचनलाई लक्षित गरी ०७० जेठ १२ गते गरिएको प्रचारात्मक कार्यक्रममा विद्यार्थीहरूबीच झडप हुँदा अखिल क्रान्तिकारीका केन्द्रीय सचिव आइन्द्रबिक्रम मेघा, सुनसरी उपाध्यक्ष खेम रणदाल, प्रवेश लिम्बू र विदुर महत, अखिलका जिल्ला सदस्य, क्षेत्रीय अध्यक्ष एवम् क्याम्पस कमिटीका सचिव मोहन खड्का र नेविसङ्घका जिल्ला उपाध्यक्ष चन्द्रसुन्दर खेवाहाङ गरी ६ जना विद्यार्थी घाइते भए। उनीहरूको उपचार धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। क्रान्तिकारीद्वारा आयोजित सो कार्यक्रममा क्रान्तिकारीका केन्द्रीय उपाध्यक्ष जागृत रायमाझीले सम्बोधन गर्ने क्रममा अखिल र नेविसङ्घलाई लडाइँमै उत्रिन चुनौती दिएपछि झडप भएको थियो। घाइतेहरूले इलाका प्रहरी कार्यालय, धरानमा जेठ १३ गते उजुरी दिएका थिए। आरोपित यस वर्षको अन्त्यसम्म फरार छन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

दुहबी गाविस-७ स्थित आफ्नै कार्यकक्षमा 'गणराज्य' दैनिकका पत्रकार ३२ वर्षीय आशिष यादवलाई ०७० साउन ८ गते सोही गाविस-४ स्थित सुनसरी सामुदायिक स्वास्थ्य सेवा केन्द्र प्रालिका सञ्चालक ३५ वर्षीय सरोजकुमार सिंहले समाचार लेखेको विषयलाई लिएर कुटपिट र दुर्व्यवहार गरे। पीडितले सोही दिन इलाका प्रहरी कार्यालय, दुहबीमा उजुरी दिए। आरोपितलाई प्रहरीले साउन ८ गते

गिरफ्तार गऱ्यो। उनलाई प्रहरीले सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाएको थियो। जिल्ला प्रशासन कार्यालयको साउन १४ गतेको आदेशमा दुई हजार रुपियाँ धरौटीमा रिहा भए।

धरानबाट प्रकाशित हुने 'फास्ट टाइम्स' दैनिकका सम्पादक तथा नेपाल पत्रकार महासङ्घ, सुनसरी शाखाका अध्यक्ष ४० वर्षीय केशव घिमिरेलाई नेकपा-माओवादी पार्टीका सुनसरी सेक्रेटरी जयकुमार राईले ०७० भदौ २२ गते आफ्नो अनुकूल समाचार नलेखेको भन्दै फोनमार्फत 'देखाइदिने' तथा 'पत्रिकाको कार्यालय बमले उडाइदिने' धम्की दिए। पार्टीले मार्चपासमा साना विद्यार्थी प्रयोग गरेको विषयलाई लिएर भदौ २० गते विभिन्न सञ्चार माध्यमहरूमा समाचार प्रकाशित भएका थिए। सो विषयमा नेपाल पत्रकार महासङ्घ, सुनसरी शाखाका सचिव अमर खड्का, प्रेस चौतारीका सचिव शेखर ढकाल, क्रान्तिकारी पत्रकार महासङ्घ, सुनसरीका अध्यक्ष श्रीशीशा राई तथा प्रेस युनियन सुनसरीका सचिव राजन सुवेदीद्वारा जारी विज्ञप्तिमार्फत विरोध जनाएका थिए। नेकपा-माओवादीको जिम्मेवार नेतावाट आएको धम्कीका कारण तमाम पत्रकार असुरक्षित भएको भन्दै शारीरिक तथा पेसागत सुरक्षाको ग्यारेन्टी गर्न र दोषीलाई कारवाहीको दायरामा ल्याउन प्रहरी प्रशासनसमक्ष उनीहरूले माग गरेका थिए। यस वर्षको अन्त्यसम्म कुनै कारवाही भएको छैन।

सुनसरीको क्षेत्र नम्बर-६ मा प्रचारप्रसार गरी फर्कदै गरेको समयमा सिंगिया गाविस-६ मा काङ्ग्रेसका ३० वर्षीय विनय बस्नेत, ३५ वर्षीय महेन्द्र यादव, ३६ वर्षीय राजन कोइराला र ३५ वर्षीय दिलबहादुर राईलगायतका नेता तथा कार्यकर्ताहरूको मोटरसाइकल तोडफोड र उनीहरूलाई ०७० कात्तिक २६ गते सिंगिया गाविसका अर्जुन खड्का, प्रकाशपुर गाविसका जोगिन लिम्बू तथा दीपक लिम्बू समूहले दुर्व्यवहार गऱ्यो। सो पार्टीका जिल्ला सचिव केदार भण्डारीले विज्ञप्ति जारी गर्दै स्वतन्त्रतापूर्वक चुनावी प्रचारप्रसारमा गरेको अवरुद्ध र दुर्व्यवहारप्रति आपत्ति जनाउँदै घटनाका दोषीहरूलाई कारवाही गर्नुपर्ने माग प्रहरी प्रशासनसँग गरेका थिए। सचिव भण्डारीले घटनाको विषयमा इलाका प्रहरी कार्यालय, पकलीमा कात्तिक २७ गते उजुरी दिएका थिए। यस वर्षको अन्त्यसम्म घटनामा संलग्न आरोपितहरूलाई कारवाही भएको छैन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

तीन जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारीतर्फ २ हजार ३१ थान मुद्दा रहेकामा १ हजार २८ थानको फैसला भयो भने १ हजार ३ थान बाँकी रहे। देवानीतर्फ २ हजार ४ सय ३० थानमध्ये १ हजार १ सय ३९ थानको फैसला भयो भने १ हजार २ सय ९१ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

६ जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ हजार ६ सय २१ थानमध्ये २ सय ७१ थानको फैसला भयो भने १ हजार ३ सय ५० थान बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ८ सय ५१ थानमध्ये ३ सय ३४ थानको फैसला भयो भने १ हजार ५ सय १७ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारीतर्फ ७६ र देवानीतर्फ १ सय १ थान मुद्दा रहेका छन्।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयमा ०६९ पुस १७ देखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या १ हजार १ सय ५३ थान छ, यीमध्ये कुनै पनि मुद्दा फैसला भएका छैनन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी ४१, बलात्कारसम्बन्धी ४९, महिला बेचबिखनसम्बन्धी ११, अपहरणसम्बन्धी १३, बहुविवाहसम्बन्धी २१ थान रहेका छन्। सरकारी वकिल सङ्ख्या तीन रहेको यस जिल्ला कार्यालयमा पुराना मुद्दाको चापले गर्दा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म दर्ता भएका मुद्दाको पालो नआएकाले यस वर्षका कुनै पनि मुद्दाको फैसला नभएको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लामा रहेका ९१ ओटा माविं, ६८ ओटा निमाविं र २ सय ३५ ओटा प्राविमा जम्मा ४३ हजार ७ सय ५६ जना छात्र र ४९ हजार ४ सय ७२ छात्रा अध्ययनरत छन्। यसमध्ये दलित छात्रा ११ हजार ९ सय ४६ र छात्र ११ हजार १ सय ३२ रहेका छन्। सरकारी र सामुदायिक विद्यालयमा जम्मा २ हजार ६ सय २६ शिक्षक कार्यरत छन्। सरकारी र सामुदायिक

विद्यालय गरी प्रावि तहमा महिला र पुरुष गरी जम्मा १ हजार ७ सय १२ शिक्षक कार्यरत छन्। निमावि तहमा महिला र पुरुष गरी जम्मा ५ सय ५९ शिक्षक कार्यरत छन्। यसै गरी मावि तहमा महिला र पुरुष गरी जम्मा ३ सय ९५ शिक्षक रहेका छन्।

यस जिल्लामा रहेका ७ सय ६४ बालविकास केन्द्रमा जम्मा १३ हजार ९३ जना बालबालिका रहेका छन्। ८४ ओटा मदरसा, सातओटा आश्रम र चारओटा गुम्बाबाट पनि बालबालिकाले शिक्षा लिइरहेका छन्।

यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बेचबिखन तथा ओसारपसार

धनकुटा जिल्ला धनकुटा नपा-१, हिले की १६ वर्षीया एक बालिकालाई इटहरी नपा-८ विराटनगर लाइनस्थित फ्रेण्डसिप रेस्टुरेन्टका सञ्चालक ४० वर्षीय हरि थेवे र उनकी पत्नी ३५ वर्षीय धनु थेवेले यौन व्यवसायमा लगाउने गरेको र नमाने शारीरिक, मानसिक यातना र दुर्व्यवहार गरेको घटना ०६९ फागुन ३० गते सार्वजनिक भयो। पीडितको स्वास्थ्य परीक्षण धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भएको थियो। पीडित बालिकालाई एक वर्षदेखि बन्धक बनाई यौन व्यवसायमा लगाउने गरेको घटना बाहिर आएपछि इलाका प्रहरी कार्यालय इटहरीले पीडकद्वयलाई सोही दिन गिरफ्तार गरेको थियो। बालिकाका अनुसार ०६८ माघ १० गते काम लगाई दिने भन्दै काइला नामका एक युवकले धरानबाट ललाइफकाइ उनलाई रेस्टुरेन्ट पुऱ्याएका थिए। त्यसपछि त्यहाँ बन्धक बनाएर यौन व्यवसायमा संलग्न गराएको र त्यसो नगरे शारीरिक-मानसिक यातना तथा दुर्व्यवहार गर्ने गरेका थिए। जिल्ला अदालतको आदेशमा ०६९ चैत २७ गतेदेखि आरोपितद्वयमध्ये पति क्षेत्रीय कारागार झुम्का र पत्नी मोरङ जिल्लास्थित विराटनगर कारागारमा पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यहार

१५ वर्षीया एक दलित बालिकालाई ०७० वैशाख ५ गते सिमरिया गाविस-१ का ३० वर्षीय दिलीप चौधरीले स्थानीय मेलामा घुमेर घर फर्कने क्रममा बाटोमै नियन्त्रणमा लिई खेतमा पुऱ्याई हातखुट्टा बाँधेर बलात्कार गरेको आरोपमा पीडित परिवारले इलाका प्रहरी कार्यालय, दुहबीमा वैशाख ९ गते किटानी जाहेरी दिएको थियो। बालिकाको स्वास्थ्य परीक्षण वैशाख ६ गते विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा भएको थियो। यस वर्षको अन्त्यसम्म आरोपितहरू फरार छन्।

कुटपिट

धरान नपा-१६ की १४ वर्षीया अनुपा राईलाई आफ्नै बुबा ४२ वर्षीय काजी भन्ने तिलक राईले ०७० पुस ३ गते घरमा लट्ठीले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट पीडितको करङको हड्डी भाँचिनुका साथै टाउकामा गहिरो चोट लागेको प्रहरीले जनायो। उनको उपचार बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भयो। पीडितकी सानीआमा ममता राईले कुटपिट गरेको भन्दै इलाका प्रहरी कार्यालय धरानमा पुस ४ गते उजुरी दिएकी थिइन्। प्रहरीले सोही दिन कुटपिटमा संलग्न रहेको आरोपमा पीडकलाई नियन्त्रणमा लिएको जनायो। सार्वजनिक मुद्दा लगाइएका उनी जिल्ला प्रशासन कार्यालय, सुनसरीको पुस ११ गतेको आदेशमा ५ हजार रुपियाँ धरौटीमा रिहा भए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

झापा जिल्ला गोलधाप गाविस-४ की १८ वर्षीया एक किशोरीलाई ०६९ पुस २१ गते मोरङ जिल्ला, इन्द्रपुर गाविस-८ का ३५ वर्षीय कमल सुवेदीले जागिर लगाइदिने भन्दै इटहरी नपा-१ स्थित एक होटलमा लगेर बलात्कार गरेको आरोपमा पीडितले ०६९ पुस २३ गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भएको थियो। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

२६ वर्षीया एक महिलालाई ०७० साउन २६ गते राति चिमडी गाविस-१ का ४९ वर्षीय गुडु भन्ने वंसराज चौधरीले पति नभएको अवस्थामा घरको पछाडीबाट प्रवेश गरी बलात्कार प्रयास गरेको आरोपमा पीडितले इलाका प्रहरी कार्यालय, दुहबीमा साउन २७ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा भयो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा ०७० भदौ २४ गतेदेखि पुर्पक्षका लागि क्षेत्रीय कारागार, झुम्कामा थुनामा छन्।

कप्तानगन्ज गाविस-२ की २८ वर्षीया एक विवाहित महिलालाई ०७० जेठ १० गते राति भारतको अररिया जिल्ला केस्कापुरका २६ वर्षीय भकुवा मन्सुरी र कप्तानगन्ज गाविस-६ का २८ वर्षीय अबुल मन्सुरीले घरमा एक्लै सुतिरहेको अवस्थामा बलात्कार प्रयास गरेको आरोपमा पीडितले इलाका प्रहरी कार्यालय देवानगन्जमा ०७० जेठ १२ गते उजुरी दिइन्। यस वर्षको अन्त्यसम्म आरोपितहरू फरार छन्।

घरेलु हिंसा

हाँसपोसा गाविस-४ की २९ वर्षीय पुष्पा तामाङलाई ०७० असार १५ गते उनका पति ३४ वर्षीय लालबहादुर तामाङ तथा सासू ५१ वर्षीया अमृतमाया तामाङले घरायसी विवादलाई लिएर गालीगलौज र कुटपिट गरे। पीडितले जिल्ला अदालतमा साउन ३१ गते घरेलु हिंसासम्बन्धी उजुरी दिएकी थिइन्। आरोपितले ०६५ मा प्रेमविवाह भएदेखि नै कुटपिट गर्ने गरेको पीडितले दिएको उजुरीमा उल्लेख छ। जिल्ला अदालतका श्रेस्तेदार विष्णु गिरीले तामाङले दिएको उजुरी दर्ता गरी घरेलु हिंसासम्बन्धी ऐन, २०६६ अनुसार कानुनी प्रक्रिया अगाडि बढेको छ। यस वर्षको अन्त्यसम्म मुद्दाको किनारा लागेको छैन।

जल्पापुर गाविस-६ की १९ वर्षीया सविला खातुनलाई ०७० असोज ७ गते पति २२ वर्षीय मोहमद उमरहुसेन र ससुरा ५० वर्षीय अल्लाउद्दिन मियाँले दाइजोको निहुँका कुटपिट गरी घरनिकाला गरे। पीडितको जिल्ला अस्पतालमा असोज ९ गते उपचार भयो। पीडितले पति तथा ससुराविरुद्ध असोज १० गते जिल्ला प्रहरी, कार्यालयमा उजुरी दिएकी थिइन्। पतिलाई सम्झाउन खोज्दा आरोपितले उनलाई बाँसको भाटाले ढाड, पिठ्यूँ, खुट्टालगायतका ठाउँमा कुटपिट गरी घाइते बनाएर लुगाफाटा बाहिर फ्याँकी घरनिकाला गरेको उजुरीमा उल्लेख गरेकी छन्। रामनगरभुटाहा गाविस-१ का पीडितका बुबा जाकिर मियाँका अनुसार ०६९ माघमा छोरीको विवाह गर्दा दाइजोस्वरूप २ लाख रुपियाँ ज्वाइँलाई दिएको थियो। ज्वाइँको परिवारले पीडितको माइती परिवारले मोटरसाइकल खरिद गर्नुपर्ने र विदेशको भिसा झिकाइ विदेश पठाइदिनुपर्ने माग गर्दै आएको छ। यस वर्षको अन्त्यसम्म आरोपितहरू फरार छन्।

बक्लौरी गाविस-३ की २३ वर्षीया सविना खातुनलाई ०७० कात्तिक २ गते उनकी सासू ७० वर्षीया खतमा खातुन, ससुरा ६५ वर्षीय मोहमद दिलसा मियाँ, जेठानी ३५ वर्षीया रुवेदा खातुन र देवर २५ वर्षीय मस्तकिम मियाँले घरायसी विवादलाई लिएर घरमै प्लास्टिकको डोरीले हातखुट्टा बाँधेर रातभर कोठामा थुनेर यातना दिए। पीडित पक्षले कात्तिक ३ गते उजुरी दिएको थियो। प्रहरीले सार्वजनिक अपराध मुद्दा चलायो। घटनामा संलग्न चारै जनालाई प्रहरीले ०७० कात्तिक ३ गते गिरफ्तार गरेको थियो। घटनाका आरोपित सासूबाहेक तीनै जनालाई जिल्ला प्रशासन सुनसरीको ०७० कात्तिक ११ गते जनही ५ हजार रुपियाँ धरौटी लिएर रिहा गरेको थियो। सासू दमको बिरामी भएका कारण उनलाई उपचारका लागि रिहा गरेको इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर राजन चापागाईंले जानकारी दिएका थिए।

दाइजोका कारण हत्या

छिटाहा गाविस-९ की २० वर्षीया राधा मेहतालाई ०६९ माघ २० गते उनका ५५ वर्षीय ससुरा शिवराम मेहता र पति २५ वर्षीय सन्तोषकुमार मेहताले दाइजोको विषयमा उनको घरमै हत्या गरी लासनजिकैको रूखमा लगेर झुन्ड्याए। लासको पोस्टमार्टम माघ २१ गते धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भएको थियो। लासको दाहसंस्कार स्थानीय गडनखोलामा गरिएको थियो। मृतकको माइती पक्षले ०६९ माघ २२ गते इलाका प्रहरी कार्यालय, दुहबीमा किटानी जाहेरी दिएका थिए। प्रहरीले सन्तोष र शिवरामलाई जाहेरी दिएकै दिन गिरफ्तार गरेको थियो। इनरुवा नपा-६ मा माइती घर भएकी मृतकको ०६८ फागुन २६ गते सन्तोषसँग मागी विवाह भएको थियो। मृतकका बुबा रामप्रसाद मेहताका अनुसार ज्वाइँको परिवारबाट दाइजोको रूपमा मोटरसाइकल, ५० हजार रुपियाँ नगद रकम माग गर्दै छोरीलाई तनाव दिँदै आएका थिए। मृतक सात महिनाकी गर्भवती थिइन्। ज्वाइँको परिवारले विभिन्न किसिमको तनाव दिएपछि छोरीले घरमा सम्पर्क गरेकी थिइन्। पीडितले आत्महत्या गरेको भनी खबर ज्वाइँकै परिवारले गरेका थिए। जिल्ला अदालतको आदेशमा आरोपितहरू ०६९ फागुन २५ गते सादा तारेखमा रिहा भएका थिए।

परिवारजनबाट हत्या

धरान नपा-१४, दुईधारे बाटोकी २७ वर्षीय बबिता राईलाई ०७० साउन १ गते उनका पति २५ वर्षीय रोशन तामाङले घरायसी विवादलाई लिएर

कुटपिट गरी हत्या गरे। लासको पोस्टमार्टम साउन ४ गते धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भएको थियो। प्रहरीले परिवारको जिम्मा लगाएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०७० साउन ३० गतेदेखि पुर्पक्षका लागि क्षेत्रीय कारागार, झुम्कामा थुनामा छन्।

धरान नपा-१७ की ३८ वर्षीया सावित्री सुनुवारलाई आफ्नै पति थ्रीस्टार फुटबल क्लबका राष्ट्रिय खेलाडी ३४ वर्षीय विष्णु सुनुवारले ०७० भदौ २१ गते सम्बन्धविच्छेदको विषयमा विवाद हुँदा टाउकामा हिर्काएर घाइते बनाइ डोरी घाँटीमा कसेर हत्या गरे। लासको पोस्टमार्टम धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भएको थियो। मृतकका छोरा विश्वास राईले भदौ २३ गते लासको दासंस्कार गरेका थिए। मृतकका छोरा विश्वासले आरोपतविरुद्ध इलाका प्रहरी कार्यालय धरानमा भदौ २२ गते किटानी जाहेरी दिएका थिए। प्रहरीले आरोपितलाई असोज २६ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०७० कात्तिक ४ गतेदेखि पुर्पक्षका लागि क्षेत्रीय कारागार, झुम्कामा थुनामा छन्।

इटहरी नपा-८ मा होटल सञ्चालन गर्दै आएकी ४५ वर्षीया पुनम सहनीलाई आफ्नै ज्वाइँ सोनापुर गाविस-३ का ४२ वर्षीय अनिल चौधरीले ०७० कात्तिक १८ गते घरायसी विवादलाई लिएर घाँटीमा खुकुरी प्रहार गरी घाइते बनाए। उनको धरानस्थित बीपी कोइराला स्वाथ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा लाँदै गर्दा मृत्यु भएको थियो। लासको पोस्टमार्टम सोही प्रतिष्ठानमा भएको थियो। प्रहरीले लास परिवारको जिम्मा लगाएको थियो। घटनामा संलग्न पीडक सोही दिन गिरफ्तारीमा परे। आरोपित जिल्ला अदालत सुनसरीको आदेशमा ०७० मङ्सिर ११ गतेदेखि पुर्पक्षका लागि क्षेत्रीय कारागार, झुम्कामा थुनामा छन्।

भादगाउँ सिनुवारी गाविस-५ की १८ वर्षीया मुना लुईंटेललाई ०६९ फागुन ४ गते उनका बुबा ४५ वर्षीय जयबहादुर लुईंटेलले घरायसी विवादमा हत्या गरी घरमै झुन्ड्याए। लासको जिल्ला अस्पतालमा सोही दिन पोस्टर्माटम भएको थियो। लास परिवारले बुझेका थिए। मृतकका भाइ रिजनले बुबाले मुग्राले हिर्काएर दिदीको हत्या गरेको जानकारी दिएका थिए। स्थानीयले छानबिन र दोषीलाई कारबाहीको माग गर्दै ०५९ फागुन ७ गते इलाका प्रहरी कार्यालय, पकली घेराउ गरेका थिए। प्रहरीले सोही दिन जयबहादुरलाई गिरफ्तार गरेको थियो। लुगा धुने विषयमा बुबा-छोरीबीच विवाद भएको र त्यसपछि बुबाले कुटपिट गर्दा देखेको उनले बताए। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ चैत १ गते सादा तारेखमा रिहा भए। पोस्टमार्टम रिपोर्टमा घाँटीमा दाग भएको उल्लेख थियो।

अमानवीय व्यवहार

डुम्राहा गाविस-८ की २३ वर्षीया एक महिलालाई ०६९ फागुन २६ गते सोही गाविस-२ का १८ वर्षीय गोविन मण्डलको एक समूहले बजारबाट सब्जी बेचेर घर फर्कने क्रममा सोही गाविस-२ स्थित नहरमा बाटो छेकेर उनका संवेदनशील अङ्ग छोएर दुर्व्यवहार गरे। पीडितले हारगुहार गरेपछि स्थानीयले घर-परिवारलाई खबर गरेका थिए। छिमेकी तथा स्थानीय युवाहरूले सोही दिन आरोपितलाई नियन्त्रणमा लिई कुटपिट गरेर प्रहरीको जिम्मा लगाए। घाइते मण्डलको जिल्ला अस्पतालमा प्रहरीको निगरानीमा उपचार भएको थियो। पीडित परिवारले ०६९ फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा लिखित उजुरी दिएको थियो। पीडकलाई सार्वजनिक अपराधको मुद्दा लगाइ जिल्ला प्रशासन कार्यालयले ०६९ चैत्त १५ गते २ हजार रुपियाँ धरौटी लिएर रिहा गरेको थियो।

रामनगर भुटाहा गाविस-६ की ४४ वर्षीया महिसुन खातुनलाई सोही ठाउँका १८ वर्षीय सुर्सिद साफी, ५२ वर्षीय मोलिम साफी, २५ वर्षीय तस्लिम साफी, ४८ वर्षीय रहिम साफी र १७ वर्षीय मोसिम साफीले ०७० साउन ३ गते कथित बोक्सीको आरोप लगाउँदै कुटपिट गरी घाइते बनाए। बोक्सीको मन्त्रवाणबाट नातिलाई बिरामी पारेको भन्दै खातुनलाई साफीहरूले कुटपिट गरे। कुटपिटबाट पीडितको टाउको फुटेको थियो। उनको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भएको थियो। पीडितले जिल्ला प्रहरी कार्यालयमा साउन ७ गते उजुरी दिएकी थिइन्। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले सोही दिन खुर्सिद साफी, मोलिम साफी, तस्लिम साफी र रहिम साफीलाई गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा ०७० साउन २० गते जनही २० हजार रुपियाँ धरौटी बुझाएर आरोपितहरू तारेखमा रिहा भएका थिए।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ८८ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, इनरुवामा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएकाको सङ्ख्या धेरै छ। ११ जनाले विवाह दर्ता तथा नागरिकता नबनाइदिएको भन्दै केन्द्रमा उजुरी दिएका थिए। ती घटनामध्ये प्रहरीले ६९ घटनामा मिलापत्र गराएको र दुईओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति तथा संरचना क्षति, कब्जा

गैरराज्यपक्षबाट

एमालेबाट

महेन्द्रनगर गाविस-४ का ५३ वर्षीय रामप्रसाद झा एमाले त्याग गरी सद्भावना पार्टीमा प्रवेश गरेको भन्दै सोही ठाउँका एमाले कार्यकर्ताहरू ४० वर्षीय विनोद लिम्बू र ४५ वर्षीय पद्म माझी र काङ्ग्रेस कार्यकर्ता ५५ वर्षीय गङ्गा आचार्यले ०६९ पुस १९ गते जग्गा छोड्नुपर्ने भन्दै उनको घरमा आगजनी गरे। आगजनीबाट घरमा भएका लत्ताकपडा, भाँडावर्तन, नगद तथा सुनचाँदी गरी १० लाख रुपियाँ बराबरको क्षति भएको थियो। पीडित सोही गाविस-१ स्थित बुबाको सानो घरमा बसेका छन्। पीडितले इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा उजुरी दिन जाँदा नलिएपछि ०६९ पुस २० गते जिल्ला प्रहरी कार्यालयमा दिएका थिए। सो उजुरी दिए पनि दर्ता भएको थिएन। सद्भावना पार्टीका जिल्ला अध्यक्ष देवनारायण यादव र सचिव महादेवप्रसाद मेहताले घटनाको छानबिन गरी दोषीलाई कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा पुस २४ गते ज्ञापनपत्र बुझाएका थिए। घटनासम्बन्धमा विभिन्न मधेसवादी दलहरूले सदरमुकाम इनरुवामा मसाल जुलुस प्रदर्शन, धर्ना, ज्ञापनपत्र र जिल्ला प्रशासन कार्यालयअगाडि अनशनलगायतको कार्यक्रम गरिसकेपछि दोषीलाई कारवाही गर्ने र विस्थापितलाई पुनःस्थापित गराउने पहल भएपछि अनशन तोडिएको थियो। जिल्ला प्रशासनसँग भएको सम्झौता यस वर्षको अन्त्यसम्म कार्यान्वयन भएको छैन। पीडित पुनःस्थापित भएका छैनन्।

बजार बन्द गराउने क्रममा प्रदर्शनकारीद्वारा इटहरीस्थित ओमसाई मनकामना सेवा केन्द्र, रेडक्रस सोसाइटी इटहरी उपशाखा र सामुदायिक संस्थाको तोडफोड भएका एम्बुलेन्स

नेकपा-माओवादी पक्षबाट

नेकपा-माओवादीले प्रधानन्यायाधीशको नेतृत्वमा चुनावी सरकार गठन बाह्य शक्तिको निर्देशनमा भएको भन्दै ०६९ फागुन ८ गते आह्वान गरेको बन्दमा पसल खोलेको भन्दै बन्दकर्ताहरूले धरान नपा-६ सब्जी बजारको बिस्कुट पसल, सनराइज भेराइटी र जुत्ताचप्पल पसल तथा महिमा सु-सेन्टरमा तोडफोड गरी क्षति पुऱ्याए। प्रदर्शनकारीले समूहले देसीलाइनस्थित जुत्ताचप्पल पसलमा पनि तोडफोड गरे भने महावीर आइरनको एउटा हिलट्याङ्की फुटाइदिएका थिए। पीडित पक्षले उजुरी दिएन। यस वर्षको अन्त्यसम्म आरोपित कोही गिरफ्तार भएका छैनन्।

प्रधानन्यायाधीश खिलाराज रेग्मीको नेतृत्वमा चुनावी सरकार गठनको तयारी असंवैधानिक भएको भन्दै ०६९ फागुन २३ गते नेकपा-माओवादी नेतृत्वको सङ्घीय जनगणतान्त्रिक मोर्चाले आह्वान गरेको बन्दका क्रममा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको ना२ख ९६१२ सिमेन्ट बोकेको ट्रक र ना१क २१३९ ग्यास बोकेको ट्रकमा श्रीपुर गाविस-५ पूर्व-पश्चिममा माओवादी कार्यकर्ताले तोडफोड गरी क्षति पुऱ्याए। बन्दकर्ताहरूले बजार बन्द गर्ने क्रममा इनरुवा नपा-१ स्थित सुपरमार्केटमा सज्जा ब्युटी पार्लर तोडफोड गरे। प्रहरीले बन्दकर्ताहरू इनरुवा नपा-६ का ४० वर्षीय राजकुमार उराँव, डुम्राहा गाविस-८ का ३२ वर्षीय सुरेन्द्र मण्डल र इनरुवा नपा-२ निवासी २८ वर्षीय कुमार सुवेदीलाई नियन्त्रणमा लिई सोही दिन साँझ रिहा गरेको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	४३		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	५	४	५
स्टाफ नर्स	१०	६	४
ल्याब असिस्टेन्ट	१०	१०	
अहेब	१०४	५५	५
अनमि	१०४	१०२	२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२५	८	१७

जिल्ला प्रहरी कार्यालय

०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यान २३, बहुविवाह १५, अपहरण दुई, बोक्सीको आरोप एक, आत्महत्या १ सय १२, जबरजस्ती करणी ३० र अन्य ७ सय ५३ ओटा मुद्दा दर्ता भए।

१.७ धनकुटा



जिल्ला सदरमुकाम: धनकुटा
क्षेत्रफल (वर्ग कि. मि.): ८५१.००
घरधुरी सङ्ख्या: ३७,६३७
जम्मा जनसङ्ख्या: १,६३,४१२
पुरुष: ७६,५१५
महिला: ८६,८५७
अपाङ्ग सङ्ख्या: ४,८८१
गाविस/नपा सङ्ख्या: ३५/१
पुरुष साक्षरता सङ्ख्या: ५८,२७१
महिला साक्षरता सङ्ख्या: ५५,४३५
हिन्दू धर्मावलम्बी प्रतिशत: ४५.१७
बौद्ध धर्मावलम्बी प्रतिशत: १३.५५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१
किराँत धर्मावलम्बी प्रतिशत: ३४.५४
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.७८
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१२
जैन धर्मावलम्बी प्रतिशत: ०.०१
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.२५१
प्रतिपरिवार सरदर सङ्ख्या: ४.३४

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४४ जना कैदी र कैद नतोकिएका १७ जना थुनुवा गरी जम्मा ६१ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालबालिका छैनन्। यस जिल्ला कारागारको आफ्नै भवन रहेको छैन। जिल्ला अदालतको पुरानो भवनमा रहेको कारागार ओसिलो र जीर्ण अवस्थामा रहेको छ। क्षमताभन्दा बढी कैदी तथा थुनुवा रहेका कारण खान, बस्न, सुत्न असहज रहेको

कारागारका चौकीदार मिलन खड्काले गुनासो गरे। गत वर्षदेखि महिलाहरूका लागि आफ्नो छुट्टै भवन निर्माण भएपछि केही सहज भएको छ। कारागारभित्र कैदी तथा थुनुवाहरूलाई डोको-डालो बुन्नका लागि आवश्यक व्यवस्था मिलाइएको छ। त्यस्तै दैनिक तथा साप्ताहिक पत्रपत्रिकाहरू पढ्ने व्यवस्था मिलाइएको छ भने टेलिभिजनको समेत सेवा उपलब्ध गराइएको कारागारका नायब सुब्बा सन्तोषकुमार साहले बताए। टीभीमा केबुल भने कैदी बन्दी र कारागार शाखा मिलेर जोडिएको कारागार शाखाले जनाएको छ। विगतको तुलनामा सेवासुविधाहरू केही बढी मात्रामा उपलब्ध गराएको र कारागारको आफ्नै भवन निर्माणका लागि सम्बन्धित निकायमा पहल भइरहेको पनि कारागार शाखाले जनाएको छ।

धम्की/कुटपिट

राज्यपक्षबाट

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हबल्दार ३८ वर्षीय युवराज पोखेललाई ०७० असोज २१ गते सोही कार्यालयका एसपी ईश्वरीप्रसाद चापागाईंले कार्यालय परिसरभित्र कुटपिट गरे। उनको जिल्ला अस्पतालमा उपचार भएको थियो। कुटपिटबाट पीडितको बायाँ कान र छातीमा असर परेको अस्पतालले जनायो। कुनै कारण नै नसोधी एसपी चापागाईंले कुटपिट गरेको पीडितले बताए। जिल्ला प्रहरी कार्यालयका एसपी ईश्वरीप्रसाद चापागाईंले नियम पालन नगरेकाले उनलाई सुध्रने चेतावनी दिँदै एक थप्पड गालामा हानेको बताए। हबल्दार पोखेलले प्रहरी चौकी सिधुवाबजारमा कार्यरत रहँदा मादक पदार्थ सेवन गर्ने गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा झिकाइएको थियो। उनलाई कात्तिक ११ गते निलम्बन गरी पुस ४ गते फुकुवा गरिएको थियो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

संविधानसभा निर्वाचनमा धनकुटा-२ का काङ्ग्रेस प्रत्यक्षतर्फका उम्मेदवार ६३ वर्षीय आनन्दसन्तोषी राईले चुनावी प्रचारका क्रममा प्रयोग गर्दै आएको मे१ज २३७ नम्बरको गाडीमाथि ३३ दलीय मोर्चाका कार्यकर्ताले ०७० कात्तिक १२ गते राति आगजनी गरे। आगजनीबाट गाडीको पछाडिपट्टिको दुईओटा टायरमा क्षति पुगेको थियो। मोर्चाले मङ्सिर ४ गते हुने संविधानसभाको निर्वाचन बहिष्कार गरेको

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			३	१	३
अमानवीय व्यवहार				१	१
महिलाअधिकार			१७		१७
कुटपिट	१	१			
धम्की			३		३
हत्या			१	४	५
जम्मा	१	१	३३	६	३८

थियो। पीडितले जिल्ला प्रशासन कार्यालय र जिल्ला निर्वाचन अधिकृतको कार्यालयमा मौखिक जानकारी गराए पनि लिखित उजुरी दिएनन्।

धनकुटा-२ का राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार सुनीलबहादुर थापाले प्रयोग गर्दै आएको को१च १७३८ नम्बरको ल्यान्डरोभर गाडीमा ०७० कात्तिक २४ गते साँझ अज्ञात समूहले तोडफोड गरी क्षति पुऱ्यायो। तेलिया गाविस भवनमा चुनावी सभा सकेर फर्कने क्रममा तेलिया र ताङ्खुवा गाविसको सिमानामा पर्ने काजीमाने चौतारोनजिकैको पानीट्याङ्कीमा अज्ञात समूहले उम्मेदवारसहित कार्यकर्ता चढेको गाडीमाथि आक्रमण गरेको थियो। आक्रमणबाट गाडीमा पूर्णरूपमा क्षति पुग्यो। राप्रपाका जिल्ला उपाध्यक्ष टीकाप्रसाद घिमिरेले कात्तिक २६ गते एमालेका कार्यकर्ताहरू सानबहादुर लिम्बू, चन्द्रबहादुर चोङवाङलगायतको निर्देशनमा आक्रमण भएको भन्दै जिल्ला प्रहरी कार्यालयमा किटानीसहित उजुरी दिए। यस वर्षको अन्त्यसम्म घटनाको कुनै निर्णय भएको छैन।

धनकुटा नपा-७ मा रहेको एमाओवादीको पार्टी कार्यालयमा ०७० कात्तिक २५ गते अज्ञात समूहले बम विस्फोट गरायो। सो पार्टीको निर्माणाधीन कार्यालय भवनको छतमा बिहान साढे ७ बजे सुतली बम विस्फोटन गराइएको थियो। बम विस्फोटनबाट भवनको छतमा सामान्य क्षति पुगे पनि कुनै मानवीय क्षति भने भएन।

खुवाफोक गाविस-२, मादेनमा एमाले र सङ्घीय समाजवादीका कार्यकर्ताबीच ०७० कात्तिक २७ गते राति दोहोरो झडप हुँदा दुईओटा मोटरसाइकलमा आगजनी भयो। झडपका क्रममा

सङ्घीय समाजवादीका कार्यकर्ताले प्रयोग गरेको को९प ३३१२ र को४प ४१३८ नम्बरको मोटरसाइकल पूर्णरूपमा जलेको थियो। खुवाफोक गाविस भवनछेउमा एमालेको चुनावी सभा भइरहेको समयमा कात्तिक २७ गते र सङ्घीय समाजवादी पार्टीका डाँडाबजार अध्यक्ष लालबहादुर लिम्बू र बुढीमोरङ गाउँ कमिटीका सदस्य निर्देश लिम्बूले पर्चा, पम्प्लेट च्यातेका थिए। उनीहरू कार्यक्रम अवरोध गर्न आएको र सम्झाएर पठाए पनि पुन: राति मोबाइलमार्फत धम्क्याउँदै आएपछि प्रतिकारका क्रममा दुईओटा मोटरसाइकल जलेको एमाले खुवाफोकका अध्यक्ष राजकुमार राईले बताए। यता सङ्घीय समाजवादी पार्टीका जिल्ला अध्यक्ष लोकबहादुर चेम्जोङले भने आफ्ना कार्यकर्ताहरू खुवाफोकबाट बुढीमोरङतर्फ जाने क्रममा एमालेका कार्यकर्ताले खुवाफोक गाविस-२, मादेनमा रोकेर आक्रमण गरेको बताए। झडपका क्रममा सङ्घीय समाजवादीका डाँडाबजार अध्यक्ष ३२ वर्षीय लालबहादुर लिम्बू र युथफोर्सका सदस्य ३० वर्षीय दीपक याख्खा घाइते भएका थिए। उनीहरूको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। सङ्घीय समाजवादी पार्टीले एमाले खुवाफोक गाउँ कमिटी अध्यक्ष राजकुमार राई, युवासङ्घ खुवाफोक अध्यक्ष युक्साधन याखा र सोही पार्टीका कार्यकर्ता मइनराज राईविरुद्ध कात्तिक २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकामा प्रहरीले उनीहरूविरुद्ध सार्वजनिक मुद्दा दायर गरेको थियो। जिल्ला प्रशासन कार्यालयको आदेशमा आरोपितहरू पुस ७ गते जनही १७ हजार रुपियाँ धरौटीमा रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ३६ थानमध्ये ९९ थानको फैसला भयो भने ३७ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ५ थानमध्ये ६७ थानको फैसला भयो भने ३८ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३६ थानमध्ये १९ थानको फैसला भयो भने १७ थान बाँकी रहे। देवानी मुद्दातर्फ २६ थानमध्ये १६ थानको फैसला भयो भने १० थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा छैनन्।

पुनरावेदन अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

चार जना मात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ १ सय ८० थानमध्ये १ सय २४ थानको फैसला भयो भने ५६ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ८ थानमध्ये ६६ थानको फैसला भयो भने ४२ थान फैसला हुन बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

चार जना मात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ १ सय ४७ थानमध्ये ५२ थानको फैसला भयो भने ९५ थान बाँकी रहे। देवानी मुद्दातर्फ ६५ थानमध्ये २५ थानको फैसला भयो भने ४० थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी कुनै मुद्दा छैनन्।

०६९ साउनदेखि ०७० पुस १६ सम्म जिल्ला न्यायाधिवक्ता कार्यालयबाट दायर मुद्दा

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ७८ थान छ, जसमध्ये ५२ थान सफल भए भने ८ थान असफल भए। मुलतवी र तामेलीमा कुनै मुद्दा छैनन्। आर्थिक वर्ष ०७०/७१ का लागि १८ थान मुद्दा जिम्मेवारी सरेका छन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी नौ थानमध्ये पाँच थान सफल र एक थान असफल रह्यो। बलात्कारसम्बन्धी १३ थानमध्ये नौ थान सफल र एक थान असफल रह्यो। महिला बेचबिखनसम्बन्धी कुनै मुद्दा छैनन्। अपहरणसम्बन्धी एक थान सफल रह्यो। बहुविवाहसम्बन्धी पाँच थानमध्ये दुई थान सफल र तीन थान विचाराधीन रहेका छन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या ५१ थान छ, जसमध्ये ६ थान सफल र एक थान असफल रह्यो। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ४४ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

पुनरावेदन सरकारी वकिल कार्यालय

पुनरावेदन सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म पुनरावेदन भएका मुद्दाको सङ्ख्या १ सय ९ थान छ, जसमध्ये ४६ थान सफल भए भने २९ थान असफल रहे।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी २० थानमध्ये नौ थान सफल र पाँच थान असफल रहे। बलात्कारसम्बन्धी १५ थानमध्ये पाँच थान सफल र दुई थान असफल रहे। मानव बेचबिखनसम्बन्धी तीन थानमध्ये दुई थान सफल र एक थान असफल रह्यो। अपहरणसम्बन्धी एक थान मुद्दा असफल रह्यो। बहुविवाहसम्बन्धी ६ थानमध्ये एक सफल र एक थान असफल रह्यो।

पुनरावेदन सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या ८४ थान छ। जसमध्ये सात थान सफल भए। सरकारी वकिल सङ्ख्या पाँच जना रहेको यस पुनरावेदन कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ७७ थान मुद्दा बाँकी रहेको पुनरावेदन सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

धनकुटा बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख ५८ वर्षीय डा.गोपालबहादुर भट्टराईलाई ०७० पुस २ गते एमालेका कार्यकर्ताहरूले कुटपिट गर्दै मोसो दलेर दुर्व्यवहार गरे। त्रिभुवन विश्वविद्यालय अन्तर्गत क्याम्पस प्रमुखहरूको बुटवलमा हुने दुईदिने भेलामा माइक्रो बस चढेर धनकुटाबाट बुटवलतर्फ जाने क्रममा धनकुटा नपा-३, बाखेखोलानजिक गाडी रोकेर क्याम्पस प्रमुख भट्टराईलाई कुटपिट गर्दै मोसो दलेको पीडितले बताए। पीडितकी पत्नी ४० वर्षीया हिमादेवी बस्नेत भट्टाराईले पुस ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले पुस ४ गते घटनाको योजना बनाएको आरोपमा एमालेका नगर अध्यक्ष ३१ वर्षीय अर्जुन छारा र घटनामा संलग्न भएको आरोपमा अनेरास्वावियुका क्याम्पस कमिटी अध्यक्ष २७ वर्षीय जीवन किराँतीलाई धनकुटा बजारबाट र युवासङ्घका जिल्ला सदस्य २८ वर्षीय शिव राई र सोही सङ्गठनका कार्यकर्ता २३ वर्षीय अगमसिंह राईलाई बेलहाराबाट गिरफ्तार गरेको थियो। प्रहरीले सोही दिन उनीहरूविरुद्ध सार्वजनिक अपराध अन्तर्गतको मुद्दा दर्ता गऱ्यो। आरोपितहरू जिल्ला प्रशासन कार्यालयको आदेशमा पुस १४ गते जनही १५ हजार रुपियाँका दरले धरौटी राखेर तारेखमा रिहा भए। एक वर्षदेखि क्याम्पस प्रमुखको कार्यशैलीप्रति असहमति जनाउँदै आन्दोलनमा उत्रिएका प्राध्यापक तथा विद्यार्थीहरू पछिल्लोपटक मङ्सिर २५ गते क्याम्पस प्रमुखले थप १४ जना आंशिक शिक्षक नियुक्ति गरेपछि अझ आक्रोशित बनेका थिए।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ३७ हजार ७ सय १८ जनामध्ये छात्र १८ हजार ८ सय २७ जना र छात्रा १८ हजार ८ सय ९१ जना प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ हजार ३ सय २७ जना र छात्र २ हजार २ सय ७५ जना रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ३ सय ७८ जना र पुरुष ६ सय ५४ जना गरी जम्मा १ हजार ३२ जना शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला ४३ जना र पुरुष २ सय ४७ जना गरी जम्मा २ सय ९० जना शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला २६ जना र पुरुष १ सय ९२ जना गरी जम्मा २ सय १८ जना शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ३ हजार ४ सय ६९ जना र बालिका ३ हजार २ सय ३८ जना गरी जम्मा ६ हजार ७ सय ७ जना रहेका छन्, जसमध्ये दलित बालक ३ सय ६१ र बालिका ३ सय २ जना रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी केही तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सात वर्षीया एक बालिकालाई ०७० जेठ ६ गते पाखिवास गाविस-९, कार्कीगाउँका १९ वर्षीय पुष्पबहादुर कार्कीले ललाइफकाइ घरनजिकैको जङ्गलमा लगेर बलात्कार गरेको आरोपमा पीडितका आफन्तले ०७० जेठ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको जिल्ला अस्पतालमा ०७० जेठ ८ गते नै स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले सोही दिन घरबाट गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित जेठ ३२ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन्। जिल्ला अदालतले भदौ १३ गते आरोपितलाई १० वर्ष कैदको फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

छिन्ताङ गाविस-४ की २१ वर्षीया गङ्गामाया राईलाई ०६९ माघ ६ गते सोही गाविस-५ का स्थायी घर भई हाल भारतमा मजदुरी गर्दै आएका २४ वर्षीय विपीन राईले विवाह गर्ने प्रलोभन देखाएर भारततर्फ बेच्न लैजाने प्रयास गरे। पीडितले माघ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितविरुद्ध प्रहरीले सोही दिन जिल्ला अदालतमा जीउ मास्ने बेच्ने उद्योग अन्तर्गतको मुद्दा दायर गऱ्यो। आरोपितले माघ ६ गते गङ्गामायाको घरमा गई उनका बुबाआमासँग मागी विवाह गर्ने प्रस्ताव राखेका थिए। बुबाआमाले छोरीको विवाह गर्न स्वीकार गरेपछि उनले गङ्गामायालाई मगनी भएको राति नै भागेर विवाह गरौँ भन्दै घरबाट लगेका थिए। पीडितलाई विपीनले आफ्नो घर लैजानुको साटो भारततर्फ लैजान खोजेपछि उनीहरूबीच बाटोमा विवाद भएको थियो। विपीन मोबाइल चार्ज गर्ने बहाना गर्दै बाटोबाट नै बेपत्ता भएका थिए। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ८६ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, धनकुटामा ८६ उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएकामा २३ र खानलाउन नदिएका ६ घटनामा उजुरी परे। ती घटनामध्ये प्रहरीले ८३ घटनामा मिलापत्र गरायो। एक उजुरी कानुनी प्रक्रियामा अगाडि बढेको छ भने दुई उजुरी विचाराधीन रहेको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

गैरराज्यपक्षबाट

स्थानीय बासिन्दाबाट

महाभारत गाविस-६, ढुङ्गेस्थित रोडोडेनड्रोन इङ्लिस बोर्डिङ स्कुलमा सोही स्थानका २५ वर्षीय ज्वाला राई र ३५ वर्षीय विष्णुप्रसाद राईको नेतृत्वमा १० जना युवाहरूले ०६९ माघ ७ गते तोडफोड गरे। तोडफोडमा संलग्न युवाहरूविरुद्ध बोर्डिङ स्कुलका प्रिन्सिपल २४ वर्षीय ज्ञानेन्द्रप्रसाद राई र शिक्षक २३ वर्षीय हरेन्द्रकुमार राईले माघ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। उजुरीका आधारमा प्रहरीले सोही दिन पीडकहरूविरुद्ध जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक मुद्दा दायर गऱ्यो। स्थानीय कुस राईको विवाहमा दुई पक्षका युवाहरूबीच विवाद हुँदा बिनाकारण बोर्डिङ स्कुलमाथि तोडफोड भएको थियो। तोडफोडमा संलग्न युवाहरूमध्ये २१ वर्षीय मोहन राईलाई सुनसरीको धरानबाट ०६९ फागुन ८ गते प्रहरीले गिरफ्तार गऱ्यो। उनी जिल्ला प्रशासन कार्यालयको आदेशमा ०६९ फागुन ११ गते ७० हजार रुपियाँ धरौटीमा रिहा भए। अन्य फरार युवाहरूलाई पनि ७०/७० हजार रुपियाँ जरिवाना तिर्नुपर्ने जिल्ला प्रशासन कार्यालयले आदेश गऱ्यो। यस वर्षको अन्त्यसम्म उनीहरू फरार छन्।

नेकपा–माओवादीबाट

नेकपा-माओवादीले आह्वान गरेको एकदिने आमहडतालको अवज्ञा गरेको भन्दै सो पार्टीका कार्यकर्ताले धरानबाट धनकुटातर्फ खाद्यान्न लिएर आउँदै गरेको ना४ख ५६९ र इँटा बोकेको ना३ख ४४१७ नम्बरका ट्रकलाई धनकुटा नपा-३, ढाँटनजिक र कुखुराको सुली लिएर आउँदै गरेको को१ख २१४७ नम्बरको ट्रकलाई धनकुटा नपा-६ स्थित सरस्वती चोकमा ०६९ फागुन ८ गते तोडफोड गरे। तोडफोडबाट गाडीमा सामान्य क्षति पुगेको थियो। सवारी साधनमाथि तोडफोड गर्ने क्रममा सिसाले लागेर ट्रक चालक फुर्बा शेर्पा घाइते भए। उनको जिल्ला अस्पतालमा उपचार भयो। पीडित पक्षले कतै उजुरी दिएनन्।

नेपाल बन्दको अवज्ञा गरेको भन्दै नेकपा-माओवादी कार्यकर्ताले धनकुटा नपा-१, कुवापानीस्थित नारायणी टी स्टेटमा ०६९ चैत २५ गते तोडफोड गरे। बन्दकर्ताको तोडफोडबाट कार्यालयको सिसाको झ्याल र ल्यापटप पूर्णरूपमा फुट्यो भने कम्प्युटरमा सामान्य क्षति पुगेको जिल्ला प्रहरी कार्यालयका डीएसपी विष्णुबहादुर कार्कीले बताए।

नेविसङ्घबाट

काङ्ग्रेसको भ्रातृ सङ्गठन नेविसङ्घका कार्यकर्ताले धनकुटा बहुमुखी क्याम्पसका प्रमुख र सहायक क्याम्पस प्रमुखको कुर्सी ०६९ फागुन २० गते आगजनी गरे। नेविसङ्घले फागुन १३ गते क्याम्पस प्रमुखलाई बुझाएको १३ बुँदे माग क्याम्पस प्रशासन र क्याम्पस प्रमुखले बेवास्ता गरेको भन्दै क्याम्पस प्रमुख डा.गोपालबहादुर भट्टराई र सहायक क्याम्पस प्रमुख रामअखिलेश साहको कुर्सी जलाएका थिए। नेविसङ्घले तीनदिने अल्टिमेटम दिँदै विज्ञान तथा प्रविधि सङ्कायमा

रिक्त रहेका सहायक क्याम्पस प्रमुख कोटाको पदपूर्ति गर्नुपर्ने, पुस्तकालयमा सबै सङ्कायको विद्यार्थीका अनुपातमा पुस्तकहरूको व्यवस्था गर्नुपर्ने, प्राध्यापक, कर्मचारी र विद्यार्थीका लागि आचारसंहिता निर्माण गरी कार्यन्वयन गर्नुपर्नेलगायतका माग राखेका थिए। नेविसङ्घले राखेका मागहरू क्याम्पस प्रशासनले सम्बोधनका लागि तयारी गरिरहेको भए पनि विद्यार्थीहरूले कुर्सी जलाएर अराजक गतिविधि सिर्जना गरेको क्याम्पस प्रमुख डा.गोपालबहादुर भट्टराईले बताए। उनले विद्यार्थीहरूका मागका सम्बन्धमा योजनासहित बजेट छुट्याइएको जानकारी गराए।

सात राजनीतिक दलबाट

जिल्लामा क्रियाशील सात राजनीतिक दलले गरेको आमहडतालको अवज्ञा गरेको भन्दै ०६९ फागुन २३ गते नेपाल विद्युत् प्राधिकरणको गाडीमाथि बन्दकर्ताहरूले तोडफोड गरी क्षति पुऱ्याए। प्राधिकरणको कार्यालयबाट जिल्ला प्रहरी कार्यालयतर्फ जाने क्रममा धनकुटा नपा-७ रमाइलो घुम्तीमा बन्दकर्ताहरूले प्राधिकरणको ना१ञ १०६ नम्बरको गाडी तोडफोड गरी क्षति पुऱ्याए। तोडफोडबाट गाडीको पछाडिपट्टिको व्याकलाइट फुट्यो भने अन्य भागमा सामान्य क्षति पुगेको थियो। त्यस्तै बन्दकर्ताहरूले धनकुटा नपा-६ स्थित सरस्वती चोकमा सोही दिन पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य तालिम केन्द्रको बा१प ६७३८ नम्बरको मोटरसाइकल पनि तोडफोड गरे। तोडफोडबाट मोटरसाइकलको लुकिङ ग्लास र इन्डिभेटर लाइट फुटेको थियो। नेकपा-माओवादीसहितका ३३ दलले न्यायपालिका प्रमुखलाई कार्यपालिका प्रमुख बनाउँदा मुलुकमा निरङ्कुशता निम्तिन सक्ने भन्दै सोको विरोधमा आमहडतालको आह्वान गरेका थिए।

सङ्घीय विद्यार्थी युनियनबाट

धनकुटा वहुमुखी क्याम्पस प्रशासनले आफ्नो मागलाई सम्बोधन नगरी जबरजस्ती ढङ्गले स्ववियु निर्वाचनको तयारी गरेको भन्दै सङ्घीय विद्यार्थी युनियनले स्ववियु निर्वाचन समितिको कार्यालयमा ०७० जेठ ११ गते तोडफोड गऱ्यो। सङ्घीय विद्यार्थी



अज्ञात समूहले सुतली बम विस्फोट गराई क्षति पुऱ्याएको एमाओवादी जिल्ला पार्टी कार्यालय

युनियनका केन्द्रीय अध्यक्ष जेन्टल लावतीको नेतृत्वमा लिम्बूवान विद्यार्थीहरूले आफूहरूको मागलाई सम्बोधन नै नगरी बिदाको दिन शनिबार पनि निर्वाचन समितिले लुकेर विद्यार्थीहरूको मतदाता नामावली तयार गरेकाले तोडफोड गरेको युनियनका केन्द्रीय अध्यक्ष जेन्टल लावतीले बताए। तोडफोडबाट निर्वाचन समितिको एउटा कम्प्युटरमा क्षति पुगेको थियो। युनियनले पूर्ण समानुपातिक समावेशी स्ववियु निर्वाचन हुनुपर्ने माग राख्दै विरोध गरेको थियो।

सङ्घीय लिम्बूवान राज्य परिषद्बाट

६ नम्बर बुधबारे गाविसबाट तरकारी बोकेर धरानतर्फ गइरहेको को१च १९९१ नम्बरको महेन्द्रा पिकअप मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताले ०७० कात्तिक २८ गते राति आगजनी गरी क्षति पुऱ्याए। ६ नम्बर बुधबारे बजारबाट तरकारी लिएर धरानतर्फ जाने क्रममा वसन्तटार गाविस-२, एसपी मोडमा रोकेर लिम्बूवानका कार्यकर्ताले आगजनी गरेका थिए। आगजनीबाट गाडीको अगाडीको भाग जलेर पूर्णरूपमा क्षति पुगेको थियो। सो घटनामा संलग्न भएको आरोपमा मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्का जिल्ला सदस्य ४० वर्षीय कबिर लिम्बूलाई घटनास्थलबाट नै सोही दिन इलाका प्रहरी कार्यालय, राजारानीको प्रहरी टोलीले गिरफ्तार गऱ्यो। उनीविरुद्ध कात्तिक २९ गते प्रहरीले सार्वजनिक मुद्दा दायर गरेको थियो। अनुसन्धानबाट घटनामा संलग्न नभएको भन्दै प्रहरीले लिम्बूलाई मङ्सिर ६ गते रिहा गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१८		
उपस्वास्थ्यचौकी	२६		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	७		७
स्टाफ नर्स	८	५	३
ल्याब असिस्टेन्ट	७	५	२
अहेब	६०	४८	१२
अनमि	२५	१५	६
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१३	६
माशिका	३८	३४	४
स्वास्थ्य कार्यकर्ता	४८	१५	२५

जिल्ला प्रहरी कार्यालय

०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म जबरजस्ती करणी उद्योग चार, जबरजस्ती करणी पाँच, बहुविवाह चार, घरेलु हिंसा एक, केही सार्वजनिक अपराध १५, कर्तव्य ज्यान ११ र ज्यान मार्ने उद्योगका सात ओटा मुद्दा दायर भए।

१.८ तेह्रथुम

जिल्ला सदरमुकाम: म्याग्लुङ
क्षेत्रफल (वर्ग कि. मि.): ६७५.००
घरधुरी सङ्ख्या: २२,०५४
जम्मा जनसङ्ख्या: १,०१,५७७
पुरुष: ४७,१५१
महिला: ५४,४२६
अपाङ्ग सङ्ख्या: २,६२६
गाविस/नपा सङ्ख्या: ३२/०
पुरुष साक्षरता सङ्ख्या: ३६,४६५
महिला साक्षरता सङ्ख्या: ३४,५२३
हिन्दू धर्मावलम्बी प्रतिशत: ५२.१७
बौद्ध धर्मावलम्बी प्रतिशत: १२.५३
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०३
किराँत धर्मावलम्बी प्रतिशत: ३३.५३
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.०२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१५
अन्य धर्मावलम्बी प्रतिशत: ०.१६१
प्रतिपरिवार सरदर सङ्ख्या: ४.६०

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४० कैदी र कैद नतोकिएका १२ थुनुवा गरी जम्मा ५२ जना बन्दीहरू रहेका छन्। जसमा महिला सङ्ख्या तीन र पुरुष सङ्ख्या ४९ रहेको छ। आश्रित बालकबालिका छैनन्। यो जिल्ला कारागार ०११ सालमा निर्माण भएको हो। यस जेलमा महिला र पुरुषका लागि एउटै भवनभित्र छुट्टाछुट्टै कोठा छन्। जेलमा खानेपानी र चर्पीहरू जीर्ण अवस्थामा छन्। बाथरुमको व्यवस्था गरिएको छैन। जेलमा बिजुलीको पनि व्यवस्था गरिएको छ। जेलको भवन ज्यादै पुरानो

भई बन्दीहरू बस्ने भवनमा पानी चुहिने गरेको छ। बन्दी सुत्ने काठका फलेकहरू मक्काएर चिसो भुइँमा सुत्नुपर्ने अवस्था बनेको छ। भवन पुरानो भएर भित्ता र भुइँको प्लास्टर भत्किएर जीर्ण बनेको छ। जेलको अग्लो पर्खाल भत्किने अवस्थामा पुगेको छ। महिला र पुरुष बन्दीका लागि भलिबल, चेस, क्यारमबोर्ड र लुडोजस्ता खेल सामग्रीको व्यवस्था गरिएको छ। पुरुष बन्दीहरूका लागि टेलिभिजनको व्यवस्था गरिएको छ भने महिला बन्दीहरूका लागि त्यो व्यवस्था छैन। जेलका कर्मचारीहरू प्राय:जसो बिदामा जाने र कार्यालयमा कम समय बस्ने गरेकाले काम गर्न असजिलो भएको जेलमा खटिएका सुरक्षाकर्मीले बताए।

गैरकानुनी गिरफ्तारी

चुहानडाँडा गाविस-४ निवासी नेकपा-माओवादीका जिल्ला सचिवालय सदस्य ३८ वर्षीय शशिधर ठटाल सोही ठाउँका जिल्ला सदस्य ५० वर्षीय तेजप्रसाद कन्दङ्वा, कार्यकर्ताहरू चुहानडाँडा गाविस-४ का जितेन्द्र घिसिङ, रत्नकुमार मोक्तान, सुरेन्द्र मोक्तान, वीरबहादुर मोक्तान र रत्नबहादुर मोक्तानलाई ०७० कात्तिक २८ गते राति आठराई प्रहरी चौकीका प्रहरी र सशस्त्र प्रहरी बल आठराईका सशस्त्र प्रहरी बलले निर्वाचन प्रक्रियामा अवरोध गरेको आरोपमा बिनापूर्जी गिरफ्तार गऱ्यो। उनीहरू मङ्सिर ५ गते साँझ रिहा भए। हातहतियारसम्बन्धी सोधपुछ गरेर मानसिक यातना दिएको पीडितहरूले बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जिल्ला प्रशासन कार्यालयले नयाँ वर्ष ०७० वैशाख १ गते चौतारी युवा क्लबको सांस्कृतिक कार्यक्रममा हस्तक्षेप गरेर कार्यक्रम गर्न अवरोध गऱ्यो। प्रहरीले हस्तक्षेप गर्दा युवा क्लबका अध्यक्ष म्याङलुङ गाविस-१ निवासी ३५ वर्षीय सन्तोष निङ्लेखु, म्याङलुङ गाविस-२ का ३२ वर्षीय राजकुमार नेपाल र म्याङलुङ गाविस-१ का विपीन लिम्बू सामान्य घाइते भए। उनीहरूको जिल्ला अस्पतालमा उपचार भएको थियो। प्रहरीले कार्यक्रमबाट क्लबका कार्यकर्तालाई तितरबितर बनाएपछि उनीहरूले प्रशासनविरुद्धमा नारा-जुलुस गरेका थिए। नारा-जुलुसपछि उनीहरूले वैशाख २ गते जिल्ला बन्दको घोषणा गरेका थिए। पीडित पक्षले प्रशासनले गरेको दुर्व्यवहारको विरोधमा स्थानीय मानवअधिकारकर्मी र नागरिक समाज तथा राजनीतिक दलहरूलाई निवेदन दिएका थिए। युवा क्लबले म्याङलुङ बजारस्थित सिंहबाहिनी उच्च माविमा आयोजना गरेको सांस्कृतिक कार्यक्रममा स्थानीय प्रशासनलाई औपचारिक रूपमा खबर नगरिएको आरोपमा प्रशासनले प्रहरीमार्फत हस्तक्षेप गरेर सांस्कृतिक कार्यक्रमका उपकरणसमेत कब्जा गरी कार्यक्रम गर्न दिएको थिएन।

ओयाक्जुङ गाविस-९ निवासी एमाले कार्यकर्ता २७ वर्षीय आइतबहादुर लिम्बूलाई ०७० कात्तिक २२ गते सोही ठाउँ निवासी काङ्ग्रेसका कार्यकर्ताहरू चित्रराज लिम्बू, दुर्गाबहादुर लिम्बू र प्रकाश गुरागाईंले पार्टी छोडेको विषयलाई लिएर कुटपिट गरी घाइते बनाए। पीडितको स्थानीय स्वास्थ्य चौकीमा उपचार भएको थियो। कुटपिटबाट पीडितको टाउको फुटेको र मुखमा चोट लागेको थियो। पीडितले कात्तिक २२ गते प्रहरी चौकी ओयाक्जुङमा दोषीलाई कारबाही गर्न माग गर्दै उजुरी दिएका थिए। ओयाक्जुङ प्रहरी चौकीमा कात्तिक २५ गते दुवै पक्षबीच प्रहरी चौकीमा सहमति भएको थियो। यसअघि पीडित काङ्ग्रेस पार्टीमा नै आबद्ध रहेका थिए। उनले सो पार्टी परित्याग गरी एमालेमा प्रवेश गरेको विषयलाई लिएर काङ्ग्रेसका कार्यकर्ताहरूले कुटपिट गरेका थिए।

ओयाक्जुङ गाविस-८ बस्ने २४ वर्षीय कञ्चनकुमार जोगीलाई ०७० कात्तिक १९ गते राति काङ्ग्रेसका स्थानीय कार्यकर्ताहरूको समूहले चुनाव प्रचारप्रसारको विषयमा विवाद हुँदा कुटपिट गरी घाइते बनाए। एमालेको प्रचारप्रसारमा जुटेका पीडितलाई काङ्ग्रेसका स्थानीय कार्यकर्ता दीपकबहादुर जोगीको नेतृत्वमा चार जनाले टर्चलाइट र लाठीले कुटपिट गरेका थिए। पीडित परिवारले कात्तिक २० गते ओयाक्जुङ प्रहरी चौकीमा आरोपितहरूलाई कारबाही गर्न माग गर्दै उजुरी दिएका थिए। कात्तिक २२ गते दुवै पक्षबीच पीडितको पीडितको उपचार गरिदिने सर्तमा चौकीमा सहमति भएको थियो।

सुडनाम गाविस-४ घर भई हाल जिल्ला सदरमुकाम म्याङलुङ निवासी एमाओवादीका राज्य समितिका सदस्य ३७ वर्षीय राजेन्द्र बरालालाई ०७० कात्तिक २५ गते काङ्ग्रेसका २०/२५ जना कार्यकर्ताको समूहले निर्वाचनको विषयमा विवाद हुँदा सुडनामस्थित लसुने प्रहरी चौकीमा कुटपिट गरी घाइते बनाए। काङ्ग्रेस सुडनाम गाविसका कार्यकर्ता बलबहादुर घिमिरेलाई पीडित बरालले एमाओवादीमा प्रवेश गराएको विषयमा दुई पक्षबीच विवाद भएको

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१
बालअधिकार			३		३
अमानवीय व्यवहार				२	२
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				१	१
महिलाअधिकार			३१		३१
भेला/सङ्गठित हुने अधिकार	३	३		२	२
जातीय विभेद			१	२	३
गिरफ्तारी/यातना	६	६			
कुटपिट	१	१	३	९	१२
धम्की				५	५
हत्या			२	२	४
जम्मा	१०	१०	३०	२४	५४

थियो। पीडितले कतै लिखित उजुरी दिएनन्।

म्याङलुङ गाविस-१ निवासी ३० वर्षीय एमाओवादीका जिल्ला समिति सदस्य तथा अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य मदनकुमार भट्टराईलाई ०७० मङ्सिर ५ गते राति मतगणनास्थल जाँदै गर्दा काङ्ग्रेसनिकट तरुण दलका कार्यकर्ताहरूले आक्रमण गरी घाइते बनाए। पीडितले मतदानमा काङ्ग्रेसले नजित्ने धारण राखेको आरोपमा आरोपितले लोकतान्त्रिक चोकमा आक्रमण गरेका थिए। आक्रमणबाट पीडितको टाउको र अनुहारमा चोट लागेको थियो। घाइते भट्टराईको उपचार जिल्ला स्वास्थ्य कार्यालयमा मङ्सिर १२ गतेसम्म भएको थियो। एमाओवादी जिल्ला नेतृत्वले आफ्ना कार्यकर्तालाई कुटपिट गरेकामा विरोध जनाउँदै निर्वाचनको मतगणनाकार्य बहिष्कार गर्ने चेतावनी दिएको थियो। उसको चेतावनीपछि प्रहरीले आरोपितलाई गिरफ्तार गरेको थियो। आरोपित गिरफ्तारपछि एमाओवादी पक्षका निर्वाचन प्रतिनिधि मतगणना कार्यमा सहभागी भएका थिए। आरोपितहरूलाई स्थानीय प्रशासनले कुनै पनि कारबाही गरेन।

जल्जले गाविस-६ घर भई म्याङलुङ गाविस-१ मा होटल व्यवसाय गरी बस्ने ४५ वर्षीय दीपक खनाललाई ०७० मङ्सिर ४ गते साँझ सोही ठाउँका घरधनी काङ्ग्रेसका स्थानीय कार्यकर्ता ५० वर्षीय ढकबहादुर अधिकारीले आफ्नो पार्टीलाई मतदान नगरेको आरोपमा घरनिकाला गरे। पीडितलाई आरोपित अधिकारीले काङ्ग्रेसको चुनाव चिन्ह रूखमा मतदान गरी काङ्ग्रेसका उम्मेदवार तुलसी सुब्बालाई विजयी गराउनका लागि आग्रह गरेका थिए। पीडितले अन्यत्र मतदान गरेको आरोपमा तत्काल घर छोड्न भनेपछि पीडित होटल व्यवसायका सबै सामान लिएर पुस १ गतेदेखि आफन्तको घरमा सरेका थिए।

संविधानसभा निर्वाचनको प्रसारप्रचारका क्रममा एमालेका जिल्ला कमिटी अध्यक्ष ५४ वर्षीय तेजमान कन्दङ्वा, सोही पार्टीका राष्ट्रिय प्रतिनिधि परिषद्का सदस्य ५९ वर्षीय रामचन्द्र थपलिया र अञ्चल कमिटीका सदस्य पूर्वसांसद ३५ वर्षीया विष्णुमाया विश्वकर्मालाई ०७० कात्तिक १७ गते जलजले गाविस-१ निवासी काङ्ग्रेसका कार्यकर्ता लोकेन्द्र लिम्बू, हरिबहादुर लिम्बू र जलजले गाविस-४ का मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्का गाउँ कमिटी अध्यक्ष मोहन सिंह लिम्बूको समूहले जलजले गाविस-१, शङ्कर उमाविनजिकै आठराईबाट म्याङलुङ बजारतिर आउँदै गरेको समयमा खेलमा शिल्ड र पुरस्कार नदिएको आरोपमा आक्रमणको प्रयास गरे। ०६९ को दीपावली मेलाका अध्यक्ष रहेका कन्दङ्वाले खेलाएको खेलमा आफूलाई उचित पुरस्कार र शिल्ड नदिएको भन्दै पुरस्कार बहिष्कार गरे। पीडितलाई बाटो ढुकेर बसेका ती कार्यकर्ताहरूले आक्रमणको प्रयास गरे। आक्रमणको प्रयास गर्ने काङ्ग्रेस र लिम्बूवानका कार्यकर्तालाई पोक्लवाङ प्रहरी चौकीको टोलीले तितरवितर पारेको थियो। त्यसपछि प्रहरीको सुरक्षाका साथ एमाले नेताहरू जिल्ला सदरमुकाम गएका थिए।

ओयाक्जुङ गाविस-१ निवासी ५० वर्षीय एमाले कार्यकर्ता गङ्गाप्रसाद रिजाल र सोही ठाउँका ४६ वर्षीय भक्तबहादुर सिलवाललाई ०७० कात्तिक २९ गते काङ्ग्रेसका स्थानीय कार्यकर्ताहरूले ज्यान मार्ने धम्की दिए। पीडित परिवार कात्तिक २४ गते काङ्ग्रेस परित्याग गरेर एमालेमा प्रवेश गरेको थियो। पीडितहरूको घरमा काङ्ग्रेसका स्थानीय कार्यकर्ता

भोगवीर लिम्बू, लीलाबहादुर बस्नेतसहितको पाँच जनाको समूहले पार्टी परित्याग गरेका कारण काङ्ग्रेसलाई ४५ मत असर पर्ने भएको भन्दै तुरुन्तै पार्टीमा फर्कन दबाब दिएको थियो। पार्टीमा फर्किए पीडितहरूलाई निर्वाचन खर्च उपलब्ध गराउने आरोपितहरूले जानकारी दिएका थिए। उनीहरूको आग्रहलाई पीडितहरूले अस्वीकार गरेपछि काङ्ग्रेस कार्यकर्ताहरूले गाउँबाट विस्थापित गराउने र हत्या गर्ने धम्की दिएका थिए। आरोपितहरूविरुद्ध पीडितहरूले कतै पनि उजुरी दिएनन्।

पाँचथर जिल्ला यासोक गाविस-१ घर भई तेह्रथुम जिल्लाको म्याङलुङ गाविस-४ मा बस्ने २७ वर्षीया देवका लुङ्गेली मगरलाई ०७० मङ्सिर २६ गते साँझ सोही गाविस-२ निवासी काङ्ग्रेसका कार्यकर्ता विश्वप्रकाश तुम्बाहाम्फेले काङ्ग्रेसका उम्मेदवारलाई रुख चिन्हमा मतदान नगरेको भन्दै लात्ती र मुक्का प्रहार गरी घाइते बनाए। संविधानसभाको निर्वाचनमा आरोपित तुम्बाहाम्फेले काङ्ग्रेसका प्रत्यक्षतर्फका उम्मेदवार तुलसी सुब्बाको चुनाव चिन्ह रुखमा मतदान नगरी अन्यत्र मतदान गरेको विषयलाई लिएर कुटपिट गरेका थिए। पीडितले आरोपित तुम्बाहाम्फेलाई कारबाही गर्न माग गर्दै मङ्सिर २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। यस वर्षको अन्त्यसम्म आरोपितलाई कारबाही भएको छैन।



काङ्ग्रेसका कार्यकर्ताहरूको कुटपिटबाट घाइते भएका एमाओवादीका राज्यसमिति सदस्य राजेन्द्र बराल

मोराहाङ गाविस-४ घर भई जिल्ला सदरमुकाम म्याङलुङमा चिया पसल गरी बस्ने काङ्ग्रेसका स्थानीय कार्यकर्ता ५० वर्षीय पृथ्वीबहादुर खड्कालाई ०७० मङ्सिर ३ गते राति सोही ठाउँका एमालेका जिल्ला सचिवालय सदस्य यादवबहादुर खापुङसहित तीन जनाको समूहले काङ्ग्रेसको पक्षमा मत किनेको आरोपमा लात्ती र मुक्का प्रहार गरी घाइते बनायो। कुटपिटपछि आरोपितहरूले पीडितहरूको साथमा रहेको १ हजार ५ सय रुपियाँ र मतदात परिचयपत्र कब्जामा लिएका थिए। आरोपितले कब्जा गरेको रकम एमाले पक्षका कार्यकर्ताले मतदान गरिसकेपछि मात्र फिर्ता गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ७२ मध्ये ५४ थानको फैसला भयो भने १८ थान बाँकी रहे। देवानी मुद्दातर्फ ९२ मध्ये ७४ थानको फैसला भयो भने १८थान बाँकी रहे।

०७० साउनदेखि ०७० पुस १६ गतेसम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ४४ थानमध्ये चार थानको फैसला भयो भने ४० थान बाँकी रहे। देवानी मुद्दातर्फ ५४ थानमध्ये पाँच थानको फैसला भयो भने ४९ थान बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३४ छ, जसमध्ये २५ थान सफल भए भने नौ थान असफल भए। सरकारी वकिलको सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म २३ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी ७ थानमध्ये चार सफल र तीन असफल रहे। बलात्कारसम्बन्धी तीन थानमध्ये तीनै थान सफल रहे। बहुविवाहसम्बन्धी चार थानमध्ये तीन सफल र एक असफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या २७ छ, जसमध्ये २२ सफल भए। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म पाँच थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका ३१ हजार ८ सय १ मध्ये छात्र १५ हजार ४ सय १३ र छात्रा १६ हजार ३ सय ८८ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १ हजार ९ सय २२ र छात्र १ हजार ४ सय ४० रहेका छन्। सामुदायिक र संस्थागत विद्यालय गरी प्राविं तहमा महिला ४ सय ७ र पुरुष ३ सय ७४ गरी जम्मा १

हजार १ सय ४१ शिक्षक कार्यरत छन्। निमावि तहमा महिला ३५ र पुरुष २ सय ६१ गरी जम्मा २ सय ९६ शिक्षक कार्यरत छन्। यसै गरी मावि तहमा महिला १३ र पुरुष १ सय ७५ गरी जम्मा १ सय ८८ शिक्षक छन्। बालविकास केन्द्रमा बालक २ हजार ५ सय ९ र बालिका ३ हजार ३ सय ९७ गरी जम्मा ५ हजार ९ सय ६ रहेका छन्, जसमध्ये दलित बालक २ हजार ६६ र बालिका २ सय ७६ गरी जम्मा ४ हजार १ सय ४२ छन्। जिल्ला शिक्षा कार्यालयले शिक्षकको दरबन्दीका आधारमा समानुपातिक शिक्षक वितरण नगरी जिल्ला सदरमुकाम र सुगममा भन्दा विद्यार्थी अनुपातमा दुर्गमका विद्यालयमा कम शिक्षक पठाएको गुनासो छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२९ वर्षीया एक महिलालाई ०७० वैशाख १९ गते म्याङलुङ गाविस-९ का ४५ वर्षीय भीमबहादुर नेपालीले बलात्कार गरेको आरोपमा पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा वैशाख २४ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन २१ गते भयो। आरोपितलाई प्रहरीले उजुरी दिएकै दिन गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेशमा आरोपित जेठ २ गतेदेखि जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

घरेलु हिंसा

दाइजोको निहुँमा घरनिकाला

भोजपुर जिल्ला, केउरानीपानी घर भई हाल

काङ्ग्रेसका कार्यकर्ताहरूको कुटपिटबाट घाइते भएका अनेरास्ववियु क्रान्तिकारीका केन्द्रीय सदस्य मदनकुमार भट्टराई

तेह्रथुम जिल्ला सदरमुकाममा डेरा गरी बस्ने २४ वर्षीया एलिना विश्वकर्मालाई ०७० साउन १६ गते उनका २८ वर्षीय पति रनोज दर्नालले दाइजो नल्याएको आरोपमा कुटपिट गरी घर निकाला गरे। पीडित दुई वर्षीया छोरीसहित माइतीघर सिम्लेमा बसेकी छन्। पीडितले सँगै बस्न नसक्ने भन्दै साउन २९ गते जिल्ला अदालतमा सम्बन्धविच्छेदका लागि मुद्दा दिएकी थिइन्। यस वर्षको अन्त्यसम्म मुद्दा विचाराधीन अवस्थामा रहेको छ।

परिवारजनबाट हत्या

पौठक गाविस-७ की ४५ वर्षीया कौशिला लिम्बूलाई ०७० जेठ २५ गते साँझ उनका पति ५२ वर्षीय नन्दबहादुर लिम्बू र उनका भाइहरू ३५ वर्षीय गोविन्द लिम्बू र १९ वर्षीय मानबहादुर लिम्बूले कुटपिटपछि झुन्ड्याएर हत्या गरे। लासको पोस्टमार्टम जेठ २६ गते भएको थियो। मृतकका भाइ राजबहादुर लिम्बूले जिल्ला प्रहरी कार्यालयमा असार २८ गते उजुरी दिएका थिए। आरोपित तीनै जनालाई प्रहरीले साउन ५ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा उनीहरू साउन २२ गते तारेखमा रिहा भएका थिए। जिल्ला अदालतको फैसलामा आरोपितहरू भदौ ११ गतेदेखि कर्तव्य ज्यानसम्बन्धी मुद्दामा कारागारमा पुर्पक्षका लागि थुनामा छन्।

सुङनाम गाविस-७ की ४१ वर्षीया दिलु लिम्बूलाई ०७० असोज २१ गते उनका पति २९ वर्षीय सगम लिम्बूले मादक पदार्थ सेवन गरेर घरायसी विवादमा धारिलो हतियार प्रहार गरी घाइते बनाए। पीडितको जिल्ला अस्पतालमा उपचारका क्रममा असोज २१ गते मृत्यु भयो। लासको सोही अस्पतालमा पोस्टमार्टम भएको थियो। पीडितको पेट र बायाँ खुट्टामा गहिरो चोट लागेको थियो। पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको थियो। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले असोज २२ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित कात्तिक ७ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

यो वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १७ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा १७ ओटा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका पाँच, खानलाउन नदिएका तीन, विवाह दर्ता तथा नागरिकता नबनाएका दुई र अर्की

पत्नी ल्याएर हेला गरेकामा सात घटना दर्ता भए। ती घटनामध्ये प्रहरीले चार घटनामा मिलापत्र गराएको र सात थान उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सो केन्द्रले जनायो।

सबै प्रकारका जातीय विभेद

मोराहाङ गाविस-२ का २० वर्षीय प्रवीणकुमार भण्डारीलाई ०७० साउन २० गते उनका बाबु ५० वर्षीय धर्मानन्द भण्डारी र ४७ वर्षीया आमा अम्बिका भण्डारीले अन्तरजातीय विवाह गरेको आरोपमा घरमा प्रवेश गर्न रोक लगाए। पीडिते साउन १२ गते सङ्खुवासभा जिल्लाको तामाफोक गाविस-४ की १८ वर्षीया शान्ताकुमारी रानामगरसँग अन्तरजातीय विवाह गरेका थिए। पीडितले साउन २२ गते स्थानीय प्रहरी चौकी, महिलाअधिकार मञ्च, मोहोराहाङ र सङ्घसंस्थामा निवेदन दिए। स्थानीय महिला अधिकार मञ्च, महिला सञ्जाल र प्रहरी चौकी मोराहाङको सहयोग र सहजीकरणमा उनीहरूले घरमा प्रवेश गर्न पाएका थिए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	५		
उपस्वास्थ्यचौकी	२०		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	४		
स्टाफ नर्स	५	३	२
ल्याब असिस्टेन्ट	४	२	२
अहेब	५५	४६	५
अनमि	५३	३५	२३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२	२	

जिल्ला प्रहरी कार्यालय

०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कार पाँच, बलात्कारको प्रयास एक, घरेलु हिंसा तीन, बहुविवाह चार, हत्या दुई र कुटपिट सात ओटा मुद्दा दर्ता भए।

१.९ भोजपुर



जिल्ला सदरमुकाम: भोजपुर
क्षेत्रफल (वर्ग कि. मि.): १,५०७.००
घरधुरी सङ्ख्या: ३५,४१५
जम्मा जनसङ्ख्या: १,८२,४५५
पुरुष: ८६,०५३
महिला: ९६,४०६
अपाङ्ग सङ्ख्या: ४,६१८
गाविस/नपा सङ्ख्या: ६२/१
पुरुष साक्षरता सङ्ख्या: ६२,५२४
महिला साक्षरता सङ्ख्या: ५६,०००
हिन्दू धर्मावलम्बी प्रतिशत: ५३.३३
बौद्ध धर्मावलम्बी प्रतिशत: १४.१७
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०१
किराँत धर्मावलम्बी प्रतिशत: ३१.५१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.५४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१८
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.२४६
प्रतिपरिवार सरदर सङ्ख्या: ४.६३

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार गोली/विस्फोटक पदार्थद्वारा घाइते गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

संविधानसभा निर्वाचनको प्रचारप्रसारका लागि गाउँ गएकामा भोजपुर-२ का प्रत्यक्षतर्फका एमाओवादी उम्मेदवार सुदन किराँतीको टोलीमाथि अज्ञात समूहले ०७० कात्तिक २७ गते सकेट बम प्रहार गऱ्यो। गोगने गाविसमा चुनावी अभियान सकेर कोट गाविस जाने क्रममा गोगने गाविस-७ स्थित गोगने खोलामा सकेट

घटनाको प्रकार	गैरराज्यपक्षबाट			
	महिला	पुरुष	नखुलेको	जम्मा
बालअधिकार	३			३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार		६	१	७
महिलाअधिकार	१५			१५
भेला/सङ्गठित हुने अधिकार		३		३
जातीय विभेद	१			१
कुटपिट		३		३
हत्या	१	१		३
जम्मा	३०	१३	१	३३

बम प्रहार भएको थियो। सात जनाको अज्ञात समूहले उम्मेदवार सुदन किराँती र उनका टोलीलाई लक्षित गरी दुईओटा सकेट बम प्रहार गरेको थियो। सो क्रममा बाटोमाथिको भीरबाट ढुङ्गामुढासमेत प्रहार गरिएको थियो। भीरमाथिबाट प्रहार गरेको सकेट बम रूखमा ठोक्किएकाले मानवीय क्षति नभएको एमाओवादी जिल्ला इन्चार्ज गणेश प्रधानले बताए। बम प्रहार चुनाव बहिष्कार गर्ने समूहले गरेको उनले आशङ्का गरे। आक्रमणको जिम्मेवारी कसैले लिएन। सो घटनामा आफ्नो पार्टीको संलग्नता नरहेको नेकपा-माओवादीले जनायो। घटनाको भर्त्सना गर्दै शान्ति सुरक्षा कायम गर्न एमाओवादीले स्थानीय प्रशासनसँग माग गरेको थियो।

जरायोटार गाविसमा एमाओवादीको चुनावी आमसभालाई लक्षित गरी ०७० मङ्सिर १ गते अज्ञात समूहले बम विस्फोट गरायो। जरायोटारस्थित महेन्द्रोदय माविमा भइरहेको चुनावी आमसभामा भोजपुर-१ का एमाओवादी उम्मेदवार खेमराज नेपालीको नेतृत्व रहेको कार्यकर्तासहितको टोलीमाथि दुई जना नचिनेका मान्छेले कार्यक्रमस्थलमा बम प्रहार गरेको एमाओवादी भोजपुरले जनायो। दुईओटा बम प्रहार गरिएकामा एउटा मात्र विस्फोट भएको थियो। बम विस्फोटबाट मानवीय वा भौतिक क्षति भएन। घटनामा संलग्नहरूको खोजीका लागि तत्काल प्रहरी परिचालन गरिएको थियो। यस वर्षको अन्त्यसम्म आरोपितहरू फरार छन्।

जेल र बन्दी

'ख' श्रेणीको यस जिल्ला कारागार कार्यालय, भोजपुरमा ०७० पुस १६ गतेसम्म कैद तोकिएका ४७ पुरुष र ६ जना महिला छन् भने कैद नतोकिएका ३० जना पुरुष र तीन जना महिला रहेका छन्। जिल्ला कारागारमा जम्मा ८६ जना बन्दीहरू रहेका छन्। जिल्ला कारागार कार्यालय, भोजपुरमा कैदीको संख्या क्षमताभन्दा तेब्बर नाघेपछि उनीहरूको दैनिकी कष्टकर बनेको छ। २५ जना क्षमताको जिल्ला कारागारमा हाल दुई जना बालक र एक जना बालिका आश्रित रूपमा रहेका छन्। क्षमताभन्दा बढी कैदी राखिँदा शौचालयका लागि एक घन्टा लाइन बस्नुपर्ने बाध्यता छ। पुरुष कैदीहरूको संख्या क्षमताभन्दा तेब्बर बढी भएकाले सुत्न पालो कुर्नु परेको कैदीहरूले बताए। कैदीहरू भुइँ, भान्साकोठा र त्रिपालमुनि सुत्ने गरेका छन्। कारागार भवन विस्तारपछि महिला कैदीहरूलाई नयाँ स्थानमा सारिएको जेलर छत्र श्रेष्ठले बताए। जिल्ला कारागार कार्यालयमा एक जना अहेवको दरबन्दी रहे पनि सो दरबन्दीमा हालसम्म सरकारले कर्मचारी पठाएको छैन। बन्दी बिरामी हुँदा जिल्ला अस्पतालमा लगेर उपचार गर्ने व्यवस्था मिलाइएको जेलर श्रेष्ठले बताए। नियमित मर्मतको अभावमा कारागारका शौचालय र अन्य भौतिक पूर्वाधार जीर्ण बनेको जेलर श्रेष्ठको भनाइ छ।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

चुनाव प्रचारप्रसारका लागि गाउँ गएको भोजपुर-१ का एमाले उम्मेदवार कृपाशुर शेर्पाको टोलीमाथि अज्ञात समूहले ०७० कात्तिक १६ गते आक्रमण गऱ्यो। दोभाने गाविसमा चुनावी सभा गरी फर्कने क्रममा कुदाककाउले गाविसको ताँबु खोलानजिकै आक्रमण भएको थियो। अज्ञात समूहले बिहान १० बजे तीन राउन्ड गोली चलाउनुका साथै बाटोमाथिको डाँडाबाट ढुङ्गामुढा गरेको थियो। सो घटनामा मानवीय तथा भौतिक क्षति भएन। आक्रमणको जिम्मेवारी कसैले लिएन। सो घटनामा आफ्नो संलग्नता नरहेको नेकपा-माओवादी किराँत राज्य समितिका इन्चार्ज दीपेश किराँतीले बताए। उनले 'आफूहरू चुनाव बहिष्कार अभियानमा भए पनि कुनै दलका उम्मेदवारमाथि भौतिक आक्रमण गर्ने कार्यक्रम नभएको' बताए। एमालेले विज्ञप्तिमार्फत आक्रमणको

भर्त्सना गर्दै प्रशासन र सुरक्षा निकायसँग शान्ति सुरक्षाको माग गऱ्यो।

निर्वाचन आयोगले तोकेको मापदण्डविपरीत चुनाव प्रचारप्रचार गर्न नपाइने भए पनि भोजपुरका मुख्य दलहरूले होडबाजी गर्दै आचारसंहिताविपरीत कार्यहरू गरे। एमाओवादी, काङ्ग्रेस र एमालेले आचारसंहिताविपरीत चुनाव प्रचारप्रसारका सामग्रीहरू पर्चा, पम्प्लेट र व्यानरहरू टाँसेका थिए। रङ्गीन छपाइ भएका र मुद्रण उल्लेख नगरिएका पम्प्लेट, फ्लेस प्रिन्टहरू होडबाजी गर्दै दलहरूले टाँसेका थिए। रङ्गीन पोस्टर एमालेले टाँसेपछि निर्वाचन आयोगमा उजुरी परेको थियो। निर्वाचन आयोगमा उजुरी परेपछि निर्वाचन आयोगको कार्यालयले एमालेलाई लिखित रूपमा सचेत गराएपछि त्यसलाई एमालेले आफैँ च्यातेको थियो। भोजपुर-काठमाडौँ सम्पर्क मञ्चका कार्यकर्ताहरूले थाहा नभएर काठमाडौँदेखि रङ्गीन पम्प्लेट छपाएर टाँसेकाले निर्वाचन आयोगले सचेत गराएको एमाले भोजपुरका सचिव शरणकुमार राईले बताए। निर्वाचन नजिकिँदै गएपछि मुख्य दलहरूले आचारसंहिताविपरीत उम्मेदवारका पोस्टरहरू टाँसेका थिए। एमाओवादी, काङ्ग्रेस र सङ्घीय समाजवादी पार्टीले पनि आचारसंहिता उल्लङ्घन गर्दै प्रचारप्रसार गरेका थिए। काङ्ग्रेस र एमालेले पनि ठूला र रङ्गीन फ्लेस प्रिन्टहरू बनाएर आचारसंहिताविपरीत प्रचारप्रसार गरेको थियो। उनीहरूले विभिन्न सार्वजनिक स्थलहरूमा फ्लेस प्रिन्टहरू राख्ने र कार्यक्रमहरूमा बोक्ने गरेका थिए। सबैभन्दा बढी सङ्घीय समाजवादी पार्टीले रङ्गीन पोस्टरलगायतका व्यानरहरू विभिन्न सार्वजनिक स्थलहरूमा टाँसेको थियो। चुनाव प्रचारप्रसारमा आचारसंहिता उल्लङ्घन बढेपछि जिल्ला निर्वाचन कार्यालयले दलहरूलाई कारबाहीको चेतावनी पत्र काटेको थियो।

एमाओवादी, काङ्ग्रेस र एमालेको संविधानसभा चुनावी सभालाई लक्षित गरी नेकपा-माओवादीलगायत केही साना दलहरूले ०७० कात्तिक ९ गते सडक अवरुद्ध गरे। भोजपुर-लेगुवा मुख्य सडकमा नेकपा-माओवादीका कार्यकर्ताले रूख ढालेर बाटो अवरोध गरेका थिए। एमाओवादी, काङ्ग्रेस र एमालेले विभिन्न स्थानमा राखेको चुनावी सभालाई असहज बनाउन र बिथोल्नका लागि माओवादीसहितका ती दलहरूले सडकका विभिन्न ठाउँमा रूख ढालेर बाटो अवरुद्ध गरेका थिए। बाटो अवरोधका कारण सर्वसाधारण जनतालाई आवतजावतमा समस्या भएको थियो। तीन घन्टा पैदल दूरीको जङ्गलमा धेरै संख्यामा रूखहरू ढालेर बाटो अवरोध गरेपछि सर्वसाधारणसमेत त्रस्त बनेका थिए। राति रूख ढालेपछि बिहान पाँच घन्टासम्म बाटो अवरुद्ध हुँदा सर्वसाधारणहरूलाई गन्तव्यतर्फ लाग्न समस्या भएको थियो। प्रहरीलाई बाटो खुलाउन लडाएका रूखहरू हटाउन तीन घन्टा लागेको थियो।

नेकपा-माओवादीसहित ३३ दलीय मोर्चाले ०७० भदौ २९ गते गरेको बन्दले जनजीवन प्रभावित बन्यो। गोलमेच सम्मेलन भाँडेर एकतर्फी चुनाव गर्न खोजेको, देशलाई सिक्मीकरण हुँदै फिजीकरणतर्फ उन्मुख गराएको र पेट्रोलियम पदार्थमा मूल्यवृद्धिको भएको भन्दै बन्दको आह्वान गरेको थियो। माओवादीका कार्यकर्ताले सदरमुकामका बजार-पसल बन्द गराउँदै हिँडेका थिए। जसका कारण जिल्लाका शैक्षिक संस्था, बजार, पसल र यातायात सेवा ठप्प भएका थिए। यातायात सेवा बन्द भएपछि सर्वसाधारणहरू गन्तव्यसम्म पुग्न कठिन हुनुका साथै बीचैमा यात्रुहरू अलपत्र परेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

१ जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ४५ ओटा मध्ये १ सय ५ ओटा फैसला भए भने ४० ओटा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ८७ ओटा मध्ये ४४ ओटा फैसला भए भने ४३ ओटा फैसला हुन बाँकी रहे।

०७० साउनदेखि पुस १५ सम्म

१ जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ४७ ओटा मध्ये ४७ ओटा नै फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४७ ओटा मध्ये ४७ ओटा नै फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ५ ओटा र देवानी मुद्दा २ ओटा रहे।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ९६ ओटा छन्, जसमध्ये ५५ ओटा सफल भए भने ८ ओटा असफल भएको छ । मुलतवी, तमेली पेण्डीमा मुद्दा १ ओटा रहेको छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १२ ओटा मध्ये १० ओटा सफल र १ ओटा असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा १२ ओटा मध्ये ७ ओटा सफल र २ ओटा असफल रह्यो। महिला बेचविखनसम्बन्धी मुद्दा १ ओटा सफल र १ ओटा असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा १ ओटा मध्ये १ ओटा सफल रह्यो । बालविवाहसम्बन्धी मुद्दा १ ओटा मध्ये १ ओटा सफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या १ सय ११ ओटा छन्, जसमध्ये ६७ ओटा सफल भएको छ । सरकारी वकिल सङ्ख्या २ जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ३२ ओटा मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका छात्र १५ हजार ३ सय ६० र छात्रा १४ हजार ९ सय ६५ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ हजार ९ सय ५३ र छात्र २ हजार २ सय ३० रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला १ सय ५७ र पुरुष १ हजार १ सय २ गरी जम्मा १ हजार २ सय ५९ शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला ८२ र पुरुष २ सय ११ गरी जम्मा २ सय ९३ शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला ७४ र पुरुष १ सय ५४ गरी जम्मा २ सय २८ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक १ हजार ९ सय ६१ र बालिका २ हजार २ सय २८ गरी जम्मा ४ हजार १ सय ८९ रहेका छन्, जसमध्ये दलित बालक ३ हजार ८९ र बालिका ४ सय १ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१३ वर्षीया एक बालिकालाई ०७० मङ्सिर १६ गते मानेभञ्ज्याङ गाविस-४ का कृष्ण गिरीले बलात्कार गरेको आरोपमा मङ्सिर २१ गते उनलाई गिरफ्तार गऱ्यो। पीडितको मङ्सिर २१ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। पीडितका बाबुले मङ्सिर १७ गते प्रहरीमा उजुरी दिएका थिए। गिरीलाई प्रहरीले मङ्सिर १७ गते गिरफ्तार गरेको थियो। गिरीले बालिकालाई राति घरनजिकै एकान्तमा लगेर बलात्कार गरेका थिए। बलात्कृत बालिकाको शारीरिक अवस्था सामान्य रहे पनि मानसिक रूपमा चोट परेको र एकान्तमा टोलाउने, झोक्राउने गरेको बालिकाका बुबाले बताए। जिल्ला अदालत, भोजपुरले ०७० पुस ९ गते आरोपितलाई पुपर्क्षका लागि थुनामा राख्ने आदेश दिएपछि उनी जिल्ला कारागारको थुनामा छन्।

आठ वर्षीया एक बालिकालाई ०७० मङ्सिर २९ गते मूलपानी गाविस-३, साङग्राङका १७ वर्षीय एक बालकले बलात्कार गरेको आरोपमा पीडितका अभिभावकले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। मानसिक सन्तुलन ठीक नभएकी बालिकालाई घरैमा बसिरहेको समयमा आरोपितले बलात्कार गरेका थिए। बालिकाको जिल्ला अस्पताल भोजपुरमा मङ्सिर २९ गते स्वास्थ्य परीक्षण र उपचार भएको थियो। आरोपितलाई मङ्सिर २९ गते नै प्रहरीले गिरफ्तार गऱ्यो। यस वर्षको अन्त्यसम्म आरोपित प्रहरी हिरासतमा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२२ वर्षीया एक महिलालाई ०७० मङ्सिर १६ गते टक्सार गाविस-३ का बलबहादुर श्रेष्ठले बलात्कार गरेको आरोपमा पीडितका बाबुले ०७० मङ्सिर १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण र उपचार मङ्सिर १७ गते जिल्ला अस्पतालमा भयो। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १४ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा १७ उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका पाँच, खानलाउन नदिएका पाँच, विवाह दर्ता तथा नागरिकता नबनाएका दुई, अर्की पत्नी ल्याएर हेला गरेकामा नौ, मार्ने धम्की दिइएकामा १० र बोक्सीको आरोप लगाएका घटनामा तीन जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले १३ घटनामा मिलापत्र गरायो भने दुई थान उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सो केन्द्रले जनायो।

स्वास्थ्य सेवाको अवस्था

पूर्वी पहाडका दुर्गम जिल्लाका रूपमा रहेका स्वास्थ्य संस्थामा दरबन्दी अनुसारका स्वास्थ्यकर्मी नहुँदा ग्रामीण भेगका नागरिकहरू आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित हुँदै आएका छन्। जिल्लामा सुविधासम्पन्न अस्पतालको अभावमा गम्भीर किसिमका बिरामीलाई उपचारका लागि विराटनगर र काठमाडौँ लैजानुपर्ने अवस्था रहेको छ। सरकारले स्वास्थ्य संस्थामा प्रसूति सेवालाई प्रोत्साहित गर्न भत्ता दिने व्यवस्था गरे पनि भौगोलिक विकटताले सबै ग्रामीण भेगमा स्वास्थ्य सेवाको पहुँच नपुग्दा अझै पनि गर्भवती आमा र बच्चाले ज्यान गुमाइरहेका छन्। सुरक्षित प्रसूतिका लागि जिल्ला अस्पताल, भोजपुरसँगै निर्माण गरिएको प्रसूतिगृह भवन स्वास्थ्यकर्मीको अभावमा विगत तीन महिनादेखि बन्द भएको छ।

अस्पताल	१		
स्वास्थ्यचौकी	५		
उपस्वास्थ्यचौकी	५१		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	६	२	४
स्टाफ नर्स	७	७	
ल्याब असिस्टेन्ट	४	३	१
अहेब	६३	५५	४
अनमि	२०	१८	२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१३	२
माशिका	५१	३१	२०
स्वास्थ्य कार्यकर्ता	५१	२८	२३

जिल्ला प्रहरी कार्यालय

०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यान सात, केही सार्वजनिक अपराध नौ, जबरजस्ती करणी १०, मानव बेचबिखन एक, आत्महत्या २९, हातहतियार खरखजाना तीन, जबरजस्ती करणी उद्योग दुई, कुटपिट अङ्गभङ्ग एक र ज्यान मार्ने उद्योगका दुई ओटा मुद्दा दर्ता भए।

१.१० सङ्खुवासभा



जिल्ला सदरमुकाम: खाँदबारी
क्षेत्रफल (वर्ग कि. मि.): ३,४८०
घरधुरी सङ्ख्या: ३४,६२४
जम्मा जनसङ्ख्या: १,५८,७४२
पुरुष: ७५,२२५
महिला: ८३,५१७
अपाङ्ग सङ्ख्या: ४,०५४
गाविस/नपा सङ्ख्या: ३३/१
पुरुष साक्षरता सङ्ख्या: ५४,२३३
महिला साक्षरता सङ्ख्या: ४५,३४७
हिन्दू धर्मावलम्बी प्रतिशत: ४२.७३
बौद्ध धर्मावलम्बी प्रतिशत: १५.२८
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०३
किराँत धर्मावलम्बी प्रतिशत: २८.७५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.४७
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.११
जैन धर्मावलम्बी प्रतिशत: ०.०४
अन्य धर्मावलम्बी प्रतिशत: ०.२५४
प्रतिपरिवार सरदर सङ्ख्या: ४.५८

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ८० र कैद नतोकिएका ३० थुनुवा गरी जम्मा १ सय १० जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालबालिका छैनन्। यो जिल्ला कारागार ०४२ सालमा निर्माण भएको थियो। नयाँ कारागार भवन आर्थिक वर्ष ०६८/०६९ देखि निर्माण हुँदै आएको छ। आर्थिक वर्ष ०७०/०७१ भित्रमा तयार भई स्थानान्तरण भइसक्ने कार्यालयले जनायो।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

नेकपा-माओवादीबाट

खाँदबारी नगरपालिका-१ मा रहेको जिल्ला कृषि विकास कार्यालयका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत नीलकण्ठ पोखेलमाथि ०७० जेठ ३ गते नेकपा-माओवादीका कार्यकर्ता पुष्प कोइराला, अमर विष्टलगायत २५ जनाको समूहले बन्दको अवज्ञा गरेको भन्दै पीडितकै कार्यकक्षमै गालीगलौज र कुटपिट गरी बाहिर निकाले। पीडितले जेठ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। प्रहरीले राजनीतिक समूह भएको भन्दै आरोपितहरूलाई गिरफ्तार गर्न नसकेको जनायो।

वाईसीएलबाट

सिद्धपोखरी गाविस-५ का युथ फोर्सका जिल्ला कोषाध्यक्ष फुर्वा शेर्पाले सोही गाविसका वाईसीएलका जिल्लास्तरका नेता रविन भनिने अर्जुन मगरलाई ०७० असोज ६ गते कुटपिट गरे। पीडितले सोही दिन प्रहरी चौकी सिद्धपोखरीमा उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। राजनीतिक विषयमा विवाद हुँदा कुटपिट भएको पीडितको निवेदनमा उल्लेख गरिएको थियो। राजनीतिक घटना भएकाले दुवै पक्षका पार्टी प्रतितिधिहरूको छलफलपछि असोज ९ गते सहमति भयो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मादीराम्बेनी गाविस आखरबोटेको बिहीबारे बजारमा सङ्खुवासभा-२ का एमाले प्रत्यक्षतर्फ उम्मेदवार राजेन्द्रप्रसाद गौतमले बोल्दै गरेको चुनावी सभामा कात्तिक २६ गते दिउँसो अज्ञात समूहले दुईओटा सुतली बम विस्फोटन गरायो। विस्फोटनपछि सभा पूरै बिथोलिएको थियो। घटनामा मानवीय क्षति भएन।

एमालेले मङ्सिर १ गते चैनपुर बजारमा आयोजना गरेको चुनावी सभामा भाग लिन जाने क्रममा सो पार्टीका कार्यकर्ता चढेको को१ख २४७० नम्बरको ट्रकमा अज्ञात समूहले जलजला गाविस-४ को दोभानेमा आगजनी गऱ्यो। एमालेले मङ्सिर १ गते दोषीलाई कारबाहीको माग गर्दै प्रहरीमा उजुरी दर्ता गऱ्यो। आगजनीबाट ट्रकको अगाडिको भाग जलेर पूरै क्षतिग्रस्त भएको थियो। घटनामा मानवीय क्षति भएन। सोही दिन कार्यकर्ता लिन जाने क्रममा को१ख २५१७ नम्बरको ट्रकमा अज्ञात समूहले वाना गाविस-१ मा तोडफोड गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ६० थानमध्ये १ सय १३ थानको फैसला भयो भने ४७ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ८४ थानमध्ये १ सय ८ थानको फैसला भयो भने ७६ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ९५ थानमध्ये सात थानको फैसला भयो भने ८८ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय १२ थानमध्ये १२ थानको फैसला भयो भने १ सय थान बाँकी रहे। एउटा मुद्दाको रिट फैसला भएको थियो। दुई वर्ष नाघेका कुनै पनि फौजदारी मुद्दा छैनन्।

सरकारी वकिल कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४० छ, जसमध्ये २२ थान सफल भए भने १८ थान असफल। मुलतवी र तामेलीमा कुनै मुद्दा छैनन्। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म १८ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी सातमध्ये एक सफल र ६ असफल रहे। बलात्कारसम्बन्धी १६ मध्ये नौ सफल र सात असफल रहे। महिला बेचबिखनसम्बन्धी तीनमध्ये एक सफल र दुई असफल रहे। बहुविवाहसम्बन्धी नौमध्ये सात सफल र दुई असफल रहे। बालविवाहसम्बन्धी दुईमध्ये एक सफल र एक असफल रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या ३० छ, जसमध्ये २६ सफल भए चार थान बाँकी रहे। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म १८ थान बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ४६ हजार १ सय ३८ मध्ये छात्र २२ हजार ७ सय ४९ र छात्रा २३ हजार ३ सय ८९ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ हजार १ सय ५७ र छात्र १ हजार ९ सय ८९ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला २ सय ४४ र पुरुष ८ सय ६ गरी जम्मा १ हजार ५० शिक्षक कार्यरत छन्। निमाथि तहमा महिला ११ र पुरुष १ सय ५८ गरी जम्मा १ सय ६९ शिक्षक कार्यरत छन्। यसै गरी माथि तहमा महिला ७ र पुरुष १ सय ३० गरी जम्मा १ सय ३७ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ३ हजार ५६ र बालिका २ हजार ७ सय ११ गरी जम्मा ५ हजार ७ सय ६७ रहेका छन्, जसमध्ये दलित बालक २ सय ५८ र बालिका २ सय ८३ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइयो।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	महिला	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				४	४
बालअधिकार			१५		१५
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				२	२
महिलाअधिकार	१	१	१२		१२
भेला/सङ्गठित हुने अधिकार				३	३
कुटपिट				६	६
हत्या			५	१	६
जम्मा	१	१	३२	१६	४९

बेचबिखन तथा ओसारपसार

१६ वर्षीया राई थरकी एक युवतीलाई काठमाडौँ लगेर यौन पेसामा प्रयोग गरी बिक्री गरेको आरोपमा माडतेवा गाविस-८ की २५ वर्षीया पुष्पा राईलाई प्रहरीले ०७० वैशाख १९ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितलाई सोही दिन मानव बेचबिखन ओसारपसार महलमा मुद्दा दर्ता गरेको थियो। पीडितका बुबाको मृत्यु भएको र आमाले दोस्रो विवाह गरेपछि बिचल्लीमा परेकी बालिकालाई काठमाडौँ लगी पढाइदिने र सहारा दिने भन्दै आरोपितले यौन पेसा गर्न लगाएका थिए। पीडित भागेर खाँदबारी आई प्रहरीमा उजुरी दिएकी थिइन्। जिल्ला अदालतको आदेशमा आरोपित जेठ १३ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

खप्टुवाकी पाँच वर्षीया बालिकालाई ०७० वैशाख १३ गते शीतलपाटी गाविस-६ का १६ वर्षीय बालकले बलात्कार गरेको आरोपमा पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको वैशाख १८ गते जिल्ला प्रहरी स्वास्थ्य कार्यालय, खाँदबारीमा स्वास्थ्य परीक्षण भएको थियो। पीडितलाई आरोपितले गाउँमा बाख्रा हेर्ने क्रममा जङ्गलमा लगी मुख थुनेर बलात्कार गरेको प्रहरीले जनायो। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

जलजला गाविस-४ की १९ वर्षीया सञ्जु कार्कीलाई ०६९ फागुन १ गते उनकै मामा ३० वर्षीय कुलबहादुर न्यौपानेले भारतमा बिक्री गर्ने प्रयास गरे। पीडितले ०६९ फागुन ५ गते इलाका प्रहरी कार्यालय, चैनपुरमा आरोपितविरुद्ध उजुरी दिएकी थिइन्। आरोपितविरुद्ध प्रहरीले ०६९ फागुन ९ गते मानव बेचबिखन तथा ओसारपसार महलमा मुद्दा दर्ता गरेको थियो। ०६९ फागुन १ गते घरबाट काठमाडौँमा ब्युटीपार्लरमा काम लगाइदिने बहाना बनाइ आरोपितले उनलाई भारतमा बिक्री गर्ने तयारी गरेका थिए। भारत लैजाने क्रममा मोरङको पथरीस्थित बीबीक्युट्स होटलमा राखेको र पछि होटल साहूले थाहा पाएपछि पीडितको उद्धार भएको थियो। आरोपित फरार छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

शेर्पा थरकी ३२ वर्षीया एक महिलालाई ०७० मङ्सिर २ गते मकालु गाविस-५ का लाक्पा वाङ्दी र फुदोर्ची शेर्पाले बलात्कारपछि हत्या गरे। मकालु गाविस-७ मा मङ्सिर ९ गते फेला परेको लासको पोस्टमार्टम खाँदबारी अस्पतालमा भएको थियो। पीडित

पक्षले मङ्सिर ५ गते मकालु प्रहरी चौकीमा उजुरी दिएको थियो। आरोपित लाक्पालाई प्रहरीले मङ्सिर १० गते गिरफ्तार गरेको थियो। प्रहरीले आरोपितविरुद्ध मङ्सिर १४ गते कर्तव्य ज्यान, जबरजस्ती करणी र चोरी मुद्दा दर्ता गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित लाक्पा पुस ७ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार, खाँदबारीमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म आरोपित फुदोर्ची फरार छन्।

घरेलु हिंसा

शीतलपाटी गाविस-३ की ४५ वर्षीया कृष्णकुमारी थापालाई ०७० साउन १० गते उनकै भतिज ३० वर्षीय देवराज थापाले घरायसी विवादमा कोदालोले टाउको र दुवै खुट्टामा प्रहार गरी घाइते बनाए। पीडितको खाँदबारी अस्पतालमा उपचार भएको थियो। पीडितको टाउकामा चारओटा टाँका लगाउनुपरेको थियो। पीडितले साउन ११ गते जिल्ला प्रहरी कार्यालय, खाँदबारीमा उजुरी दिएकी थिइन्। प्रहरीले ज्यान मार्ने उद्योग महलमा मुद्दा दर्ता गरेको थियो। आरोपित फरार छन्। पीडितका पति दोस्रो विवाह गरेर अलग बसेका छन्।

परिवारजनबाट हत्या

खराङ गाविस-२ की ४२ वर्षीया फूलकुमारी दर्नालको ०७० असोज १४ गते उनका पति ४५ वर्षीय भोलामान दर्नाल र उनकी कान्छी पत्नी ४३ वर्षीया चन्द्रकला दर्नालले हत्या गरे। लासको पोस्टमार्टम प्राथमिक स्वास्थ्य केन्द्र, चैनपुरमा असोज १४ गते भएको थियो। पीडितका आफन्तले इलाका प्रहरी कार्यालय, चैनपुरमा असोज १४ गते उजुरी दर्ता गरेका थिए। प्रहरीले आरोपितद्वयलाई असोज १४ गते गिरफ्तार गऱ्यो। प्रहरीले उनीहरूविरुद्ध कर्तव्य ज्यान महलमा मुद्दा दर्ता गरेको थियो। जिल्ला अदालत चैनपुरको आदेशमा आरोपित दम्पती असोज १८ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार खाँदबारीमा थुनामा छन्।

मादीमुखर्क गाविस-४ का ६७ वर्षीया धनमाया जिमीको असोज २६ गते उनकै छोरा ३८ वर्षीय बुद्धिलाल जिमीले हत्या गरे। लासको प्राथमिक स्वास्थ्य केन्द्र, चैनपुरमा असोज २८ गते पोस्टमार्टम भयो। आरोपितलाई इलाका प्रहरी कार्यालय, चैनपुरले असोज २७ गते गिरफ्तार गरी असोज ३० गते कर्तव्य ज्यान महलमा मुद्दा दर्ता गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित कात्तिक ११ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार, खाँदबारीमा थुनामा छन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १० जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा १० उजुरी दर्ता गराए। कुटपिट गरी घरनिकाला गरिएकामा एक, खानलाउन नदिएकामा एक, अर्की पत्नी ल्याएर हेला गरेकामा सात उजुरी परेका थिए। सबै उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सो केन्द्रले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	**१**		
स्वास्थ्यचौकी	**२३**		
उपस्वास्थ्यचौकी	**११**		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	**३**	**२**	**१**
स्टाफ नर्स	**६**	**२**	**४**
ल्याब असिस्टेन्ट	**३**	**२**	**१**
अहेब	**८०**	**४७**	**३३**
अनमि	**६७**	**३०**	**३७**
खोप सुपरभाइजर	**२**	**२**	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	**१**	**१**	
हेल्थ असिस्टेन्ट	**२८**	**६**	**२२**

ताम्कु गाविस-७, लकुवाकी २० वर्षीया स्यमसिरा कुलुङ उपचारको अभावमा सुत्केरी हुन नसकेपछि खाँदबारी अस्पतालमा साउन १९ गते उनको मृत्यु भयो। प्राथमिक स्वास्थ्य केन्द्र ताम्कुमा साउन १६ गते सुत्केरी व्यथा लागेर भर्ना भए पनि उपचार अभावले खाँदबारी अस्पताल ल्याएपछि बढी रक्तश्रावका कारण मृत्यु भएको थियो।

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म आत्महत्याका १७, बहुविवाहका सात, अवैध हतियारका दुई, जबरजस्ती करणी उद्योगका एक, जबरजस्ती करणीका १३, मानव बेचबिखनका चार, सार्वजनिक अभियोगका दुई, कर्तव्य ज्यानका छ, ज्यान मार्ने उद्योगका दुई ओटा मुद्दा दर्ता भयो।

१.११ सप्तरी



जिल्ला सदरमुकाम: राजविराज
क्षेत्रफल (वर्ग कि. मि.): १,३६३
घरधुरी सङ्ख्या: १,२१,०५८
जम्मा जनसङ्ख्या: ६,३५,२८४
पुरुष: ३,१३,८४६
महिला: ३,२५,४३८
अपाङ्ग सङ्ख्या: ८,०४४
गाविस/नपा सङ्ख्या: ११४/१
पुरुष साक्षरता सङ्ख्या: १,५६,७०५
महिला साक्षरता सङ्ख्या: १,३४,४४५
हिन्दू धर्मावलम्बी प्रतिशत: ८५.७३
बौद्ध धर्मावलम्बी प्रतिशत: ४.६८
इस्लाम धर्मावलम्बी प्रतिशत: ८.५२
किराँत धर्मावलम्बी प्रतिशत: ०.०६
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.०५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
जैन धर्मावलम्बी प्रतिशत:०.०३
अन्य धर्मावलम्बी प्रतिशत: ०.५२१
प्रतिपरिवार सरदर सङ्ख्या: ५.२८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
गैरराज्यपक्षबाट
अन्यबाट

कल्याणपुर गाविस-२, विसनपुर निवासी ५५ वर्षीय पूर्वसभासद् सदरुल मियाँ हकलाई निजकै माहिली छोरीको योजनामा लहान नपा-५, पानीट्याङ्कीका ३७ वर्षीय जमिरुल शेख, सिरहाको चतरी गाविस-६ घर भई लहान नपा-५ पानीट्याङ्की बस्ने ४० वर्षीय अब्दुल रउफ र सिरहा चतरी गाविस-२ का ३२ वर्षीय एनुल शेखले ०७० जेठ ६ गते राति धारिलो हतियारले घाँटीमा प्रहार गरी हत्या गरे। घरदेखि ५ सय मिटर पश्चिम रहेको खोजपुर गाविस-७ स्थित निजकै हुमा आयल ट्रेर्डस पेट्रोल पम्प भवनको पहिलो तलामा जेठ ७ गते बिहान साढे ८ बजे हकको लास फेला पऱ्यो। घटनाबारे सरकारले तत्कालै छानबिन समिति र न्यायिक जाँचबुझ आयोग गठन गरेको थियो। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको विशेष टोलीले हत्याको योजनाकारको आरोपमा जेठ २३ गते मृतककी छोरी १९ वर्षीया रुबेदा खातुन र जेठ २४ गते मृतककी पत्नी ५० वर्षीया नूरजहाँलाई कल्याणपुर गाविस-२ स्थित घरबाट तथा हत्यामा प्रत्यक्ष संलग्न अब्दुल रउफलाई लहान नपा-५ बाट गिरफ्तार गरेको थियो। प्रहरीले जिल्ला अदालतमा असार १७ गते मुद्दा दर्ता गरेको थियो। जिल्ला न्यायाधीश किरणप्रसाद सिवाकोटीको एकल इजलासले असार २३ गते नूरजहाँ, रुबेदा र रउफलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकामा उनीहरू सोही दिनदेखि राजविराज कारागारमा पुर्पक्षका लागि थुनामा छन्। आरोपितहरू मौलवी जमिरुल शेख र एनुल शेख फरार छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता १ सय २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ९७ जना कैदी र कैद नतोकिएका १ सय ५२ जना थुनुवा गरी जम्मा २ सय ४९ जना बन्दीहरू रहेका छन्, जसमा पुरुष २ सय ४२ र महिला सात जना रहेका छन्। यो जिल्ला कारागार ०१० सालमा निर्माण भएको हो।

पाँच वर्षदेखि पुर्पक्षका लागि कारागारमा थुनामा बसेकाहरूको मुद्दा नटुङ्गिँदा तथा पेसी र बयानमा ढिलाइ भई समयमै फैसला नहुनाले कैदीभन्दा बढी थुनुवालाई कारागारमा राख्नुपरेको छ। बन्दीहरू सुत्ने ठाउँ नपुगेर चिसो भुइँ, बरन्डा र भान्सामा कोचाकोच भएर सुत्छन्।

झडप

राजविराज नपा-७ स्थित सप्तरी कारागारमा ०६९ चैत २० गते बिहान बन्दीहरूबीच भएको झडपमा मोरङ जिल्ला विराटनगर उमनपा-५ का ३२ वर्षीय मूलनाइके विकेश चौधरी भन्ने विकेशकुमार साह, झापा जिल्लाका हल्दीबारी गाविस-२ का २८

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		१	१		१	१
बालअधिकार				३३	६	३८
अमानवीय व्यवहार					१	१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				१		१
अपहरण					३	३
महिलाअधिकार				६८		६८
भेला/सङ्गठित हुने अधिकार	३	३६	३९			
गिरफ्तारी/यातना		१	१			
कुटपिट	१	३	३	१	१३	१४
धम्की		३	३	१		१
हत्या				४	७	११
जम्मा	४	३३	३६	१०६	३०	१३६

वर्षीय भाइनाइके ज्ञानेयोगेश भन्ने ज्ञानेन्द्र राई, इलाम जिल्लाको खासेजुङ गाविस-९ का ३२ वर्षीय टिलेन भन्ने ढिले शेर्पा, मकवानपुर जिल्लाको सिस्नेरी गाविस-६ का २९ वर्षीय राजन लामा भन्ने राजेन्द्र मोक्तान, उदयपुर जिल्लाको त्रियुगा नपा-७, गाईघाटका २२ वर्षीय विदुर भन्ने विनोद भट्टराई, मोरङ जिल्ला उर्लाबारी गाविस-२ का २७ वर्षीय सुसन भन्ने राजेश्वर लिम्बू, सप्तरी जिल्लाको कोइलाडी गाविस-१ का ३२ वर्षीय टिङ्कु भन्ने गणेशप्रसाद सिंह घाइते भए। घाइतेमध्ये विकेश र ढिलेको न्युरो अस्पताल, विराटनगरमा र अन्यको राजविराज नपा-३ स्थित सगरमाथा अञ्चल अस्पतालमा उपचार भयो। नयाँ बन्दीसँग पैसा असुल्ने र यातना दिने कार्यको विरोध गरेका कारण झडप भएको घाइतेहरूले बताए। घाइतेहरूलाई अस्पतालले डिस्चार्ज गरे पनि कारागारभित्र प्रवेश गर्न नदिएपछि उनीहरूलाई इलाका प्रहरी कार्यालय, रूपनीमा राखिएको थियो। घटनामा संलग्न रहेको आरोपमा ०६९ चैत ३० गते ढिले शेर्पा, विकेशकुमार साह, ज्ञानेन्द राई, राजेन्द्र मोक्तान, सुनसरी भरौल गाविस-३ का विष्णु धामी, सप्तरी फत्तेपुर गाविस-३ का रविन तामाङ, चितवन रत्ननगर-९ का कमल पनेरु, मकवानपुर हेटौँडा नपा-१ का हेमजङ्ग बानियाँ, सर्लाही कविलासी गाविस-१ का विकाउ राय, सर्लाही राजघाट गाविस-७ का दिनेश राई, पर्सा बागेश्वरी त्रिकोल गाविस-२ का किशोरी गिरीलाई पर्सा कारागार वीरगन्ज सरुवा गरिएको थियो।

सिस्वा वेल्ही गाविस-२ निवासी जिल्ला कारागार सप्तरीका कैदी एचआईभी संक्रमित ३७ वर्षीय सुरेशकुमार चौधरीको असार १६ गते मृत्यु भयो। एचआईभी संक्रमित भई मर्ने/बाँच्ने दोसाँधमा रहेकाले कारागार ऐन, २०१९ को दफा ११ को उपदफा ३ बमोजिम हाजिरजमानीमा रिहा गर्न निवेदनमार्फत आग्रह गरे पनि कारागार प्रशासनले नछाडेको उनका भाइ ३५ वर्षीय छोटु चौधरीले बताए। नेपाली सेनाबाट भागेर मधेसमा सशस्त्र सङ्घर्षरत जनतान्त्रिक तराई मुक्ति मोर्चामा क्रियाशील भएका सुरेश पछिल्लो समयमा अपहरण मुद्दामा ०६६ चैत १५ गतेदेखि सप्तरी कारागारमा थुनामा थिए।

धम्की/कुटपिट

राज्यपक्षबाट

राजविराज नपा-८ निवासी 'सूचना दिग्दर्शन' साप्ताहिकका पत्रकार २४ वर्षीया रक्षा चौधरीलाई जेठ २६ गते राजविराज नपा-८ स्थित जिल्ला शिक्षा कार्यालयमा तालाबन्दी गरी धर्नामा बसेका पीसीएफ शिक्षकहरूको समाचार सङ्कलनका लागि पुगेको समयमा प्रहरीले कुटपिट र दुर्व्यवहार गऱ्यो। दरबन्दी कायम, बिमाको व्यवस्था, अन्य शिक्षकसरह तलब

सुविधालगायतको माग गर्दै नेपाल पीसीएफ शिक्षक सङ्घर्ष समितिको आह्वानमा तालाबन्दी गरी धर्नामा बसेका आठ जना शिक्षकहरू प्रहरीको लाठीचार्जबाट घाइते भएका थिए। लाठीचार्जको फोटो खिचिरहेकी पत्रकार चौधरीमाथि दुर्व्यवहार भएको थियो। लाठीचार्जबाट नेपाल पीसीएफ शिक्षक सङ्घर्ष समिति, सप्तरीका अध्यक्ष ४० वर्षीय पञ्चदेव यादव, समितिका सदस्यहरू ३२ वर्षीय दीपक मण्डल, ३२ वर्षीया सुनीता यादव, ४५ वर्षीय सुकदेव यादव, ३० वर्षीय मन्जुला चौधरी, २८ वर्षीय श्यामकुमार यादव, ३५ वर्षीया सुनीता साह, ३३ वर्षीय गुञ्जेश्वर यादव घाइते भएका थिए। घाइतेमध्ये दीपक र सुनीताको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा तथा अन्यको राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा उपचार भएको थियो। सीडीओ निवासमा असार ५ गते भएको छलफलमा दुवै पक्षबीच सहमति भएको थियो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पूर्वराजा ज्ञानेन्द्र शाहको विरोधमा नाराबाजी गरेको आरोपमा प्रहरीले राजविराज नपा-१ स्थित गजेन्द्र चोकबाट जेठ २७ गते ६ जना विद्यार्थी नेतालाई गिरफ्तार गऱ्यो। धार्मिक भ्रमणका लागि सप्तरी आएका पूर्वराजा शाह राजविराज नपा-१ स्थित गजेन्द्र चोकमा गाडीबाट ओर्लिने बित्तिकै नाराबाजी गर्दै विरोध गरेको आरोपमा प्रहरीले अनेरास्वियुका २५ वर्षीय रविकुमार राय, एमाओवादीनिकट अनेरास्वियु (क्रान्तिकारी)का ३२ वर्षीय वीरेन्द्रप्रसाद गुप्ता, नेविसङ्घका ३० वर्षीय रामचन्द्र यादव, २८ वर्षीय सन्तोष यादव, २८ वर्षीय जयप्रकाश यादव, २४ वर्षीय पार्थो सरकारलाई गिरफ्तार गरेको थियो। शान्तिपूर्ण तरिकाले विरोध गर्दा प्रहरीले दुर्व्यवहार गर्दै गिरफ्तार गरेको नेविसङ्घका रामचन्द्र यादवले बताए। विद्यार्थीहरूले मानवअधिकारको उल्लङ्घन गर्दै अप्रजातान्त्रिक तरिकाले राजालाई फाँसी सजायको मागसहित ढुङ्गामुढा गरेको पूर्वराजा स्वागत मूल समारोह समितिका संयोजक विनोद पाण्डेले बताए।



आफ्नै परिवारजनबाट हत्या गरिएका पूर्वसभासद सदरुल मियाँ हक

विषहरिया गाविस-६ बेल्हीका २६ वर्षीय श्रवण यादवलाई ०७० भदौ ४ गते राति ७ बजे राजविराज नपा-७ मा दर्जनौँ प्रहरीले घेरेर कुटपिट गरे। राजविराज नपा-३ स्थित अञ्चल अस्पतालमा घाइते यादवको टाउकामा आठवटा टाँका लगाएपछि न्युरो अस्पताल विराटनगरमा थप उपचार भएको थियो। नर्घो गाविस-४ का २२ वर्षीय रामचन्द्र यादव र झुटकी गाविस-८ का २१ वर्षीय दिलीपकुमार यादवलाई निसर्त छाड्नुपर्ने माग राख्दै अनेरास्वियु, अनेरास्वियु क्रान्तिकारी, नेविसङ्घ, विद्यार्थी मञ्च, मधेसी विद्यार्थी फोरम नेपाल, मधेसी विद्यार्थी फोरम लोकतान्त्रिकलगायत विद्यार्थी सङ्गठनका कार्यकर्ताहरूले निकालेको मसाल जुलुसमा प्रहरीले एक सेल अश्रुग्यास प्रहार गर्दै लाठीचार्ज गर्दा यादव घाइते भएका थिए। पीडितले कतै उजुरी दिएनन्।

पिप्रा पश्चिम गाविस-२ का रमित अधिकारी, मनोज थापा, हिमाल भट्टराई, डोलेन्द्र राउतलाई ०७० भदौ १० गते पिप्रा पश्चिम गाविसको सिसवारी चोकस्थित सगरमाथा राजमार्गको कदमाहा-गाईघाट सडकखण्डमा प्रहरीले लाठीचार्ज गरी घाइते बनायो। उदयपुरको गाईघाटबाट तेल भर्न विराटनगर गइरहेको ना४ख ३०८३ नम्बरको ट्याङ्करको ठक्करबाट साउन ९ गते राति ११ बजे मृत्यु भएका पिप्रा पश्चिम गाविस-२ का २५ वर्षीय भोला विष्टको लास सडकबाट प्रहरीले जबरजस्ती उठाउन खोजेको थियो। सो क्रममा स्थानीय र प्रहरीबीच झडप भएको थियो। प्रदर्शनकारीले लास उठाउन नदिएपछि प्रहरीले लाठीचार्ज गर्दा स्थानीयवासीले ढुङ्गामुढा गरेपछि तनाव बढेको थियो। इलाका प्रहरी कार्यालय कल्याणपुरका इन्स्पेक्टर जीतेन्द्र भट्टराईले सामान्य विवाद भएको बताए। ठक्कर दिने ट्याङ्कर र चालक ठेलिया गाविस-५ का दुर्गा चौधरीलाई प्रहरीले भारदहबाट नियन्त्रणमा लिएपछि अवरुद्ध सडक सञ्चालन भएको थियो। ठक्कर दिने ट्याङ्कर र चालक समातिएपछि आन्दोलन स्थगित भयो र अवरुद्ध सडक खुलेको थियो।

छिन्नमस्ता गाविस-२ स्थित सखडा बजारमा ०७० असोज १२ गते प्रहरीको लाठीचार्जबाट स्थानीय वीरेन्द्र यादव, गजानन्द यादव, भोगी शर्मा, भूपेन्द्र यादव, देवनारायण यादव, सुधीर यादव, प्रमोद यादव, धनीलाल पण्डित र सुरेन्द्र यादव घाइते भए। स्थानीयवासी र प्रहरीबीचको झडपमा स्थानीयको ढुङ्गा प्रहारबाट प्रहरी हवल्दार बलबहादुर राई घाइते भएका थिए। भीड उत्तेजित भएपछि नियन्त्रण गर्न प्रहरीले केहीबेर लाठीप्रहार

र दुई राउन्ड अश्रुग्यास प्रहार गरेको थियो। झडपका कारण दिनभर इलाका प्रहरी कार्यालय आसपासको सखडा बजारक्षेत्र तनावग्रस्त भएको थियो। भारतीय सीमासँग जोडिएको लालापट्टी गाविस-२ स्थित दशगजा क्षेत्रमा रहेको खरहर नदीमा बाँध निर्माण गर्न प्रयोग गरिएको लालापट्टी गाविस-३ का जगदीश यादवको स१त ८४४ नम्बरको ट्रयाक्टर भारतको एसएसबी जवानहरूले र अनटेस्ट लेखिएको भारतीय ट्रयाक्टर सशस्त्र प्रहरीले नियन्त्रणमा लिएपछि स्थानीय कृषकहरूले टायर बाली प्रदर्शन गरेका थिए। कात्तिक २६ गते सशस्त्र प्रहरी र एसएसबीले ट्रयाक्टर फिर्ता गरेपछि सहमति भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

५. जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ हजार ६ सय ५३ थान मध्ये ८ सय १५ थान फैसला भए भने ८ सय ३८ थान फैसला हुन बाँकी रहे । देवानी मुद्दातर्फ ३ हजार ९ सय ७९ थानमध्ये २ हजार १ सय ३७ थान फैसला भए भने १ हजार ८ सय ४२ थान फैसला हुन बाँकी रहे।

०७० साउनदेखि पुस १५ सम्म

९ जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ हजार २ सय ४२ थान मध्ये १ सय ८५ थान फैसला भए भने १ हजार ५७ थान फैसला हुन बाँकी रहे । देवानी मुद्दातर्फ २ हजार ७ सय ९० थान मध्ये ४ सय ८३ थान फैसला भए भने २ हजार ३ सय ७ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय २७ थान र देवानी मुद्दा २ सय ७१ थान रहे।

पुनरावेदन अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

नौ जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ ६ सय ५१ थानमध्ये २ सय ६ थानको फैसला भयो भने ४ सय ४५ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ४ सय ७० थानमध्ये ३ सय ९९ थानको फैसला भयो भने १ हजार ७१ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

१२ जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ ६ सय १६ थानमध्ये १ सय ३६ थानको फैसला भयो भने ४ सय ८० थान बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ३ सय ९४ थानमध्ये ३ सय २३ थानको फैसला भयो भने १ हजार ७१ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ४४ थान र देवानी मुद्दा २१ थान छन्।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ५१ थान छ, जसमध्ये दुई थान सफल भए भने ४९ थान बाँकी रहे।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी १६ थानमध्ये १६ थान नै बाँकी रहे। बलात्कारसम्बन्धी १८ थानमध्ये दुई थान सफल र १६ थान बाँकी रहे। मानव बेचबिखनसम्बन्धी दुई थानमध्ये दुई थान नै बाँकी रहे। अपहरणसम्बन्धी आठ थानमध्ये आठ थान नै बाँकी रहे। बहुविवाहसम्बन्धी सात थानमध्ये सात थान नै बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या २७ थान छ, जसमध्ये २७ थान नै बाँकी रहे। सरकारी वकिल सङ्ख्या दुई जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ७६ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ३९ हजार ९ सय ८१ मध्ये छात्र ६६ हजार ७ सय ६३ र छात्रा ७३ हजार २ सय १८ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २२ हजार ९१ र छात्र २१ हजार ५ सय ७९ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ५ सय १ र पुरुष १ हजार २४ गरी जम्मा १ हजार ५ सय २५ शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला ४६ र पुरुष ३ सय १७ गरी जम्मा ३ सय ६३ शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला ८ र पुरुष २ सय ७२ गरी जम्मा २ सय ८० शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ३ हजार ६ सय

७३ र बालिका ३ हजार ८ सय ६३ गरी जम्मा ७ हजार ५ सय ३६ रहेका छन्, जसमध्ये दलित बालक १ हजार २ सय ७५ र बालिका १ हजार ३ सय ११ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

सरकारी र सामुदायिक विद्यालय ४ सय ८९ मध्ये २३ ओटा विद्यालयले तथ्याङ्क नबुझाएकाले ४ सय ६६ ओटा सरकारी र सामुदायिक विद्यालयको तथ्याङ्क मात्र समेटिएको छ। यसै गरी निजी विद्यालय १ सय १० मध्ये २४ ओटा विद्यालयले मात्र तथ्याङ्क बुझाएकाले बाँकीको तथ्याङ्क समेट्न सकिएको छैन। उच्च मावि र क्याम्पसको तथ्याङ्क कुनै निकायले पनि राखेको पाइएन।

हत्या

देउरी गाविस-३ का तीन वर्षीय नरेशकुमार साहलाई ०७० वैशाख १ गते उनका बुबा २७ वर्षीय रामलाल साहले विषादी सेवन गराएकामा वैशाख २ गते मृत्यु भयो। लासको पोस्टमार्टम वैशाख ३ गते राजविराजस्थित अञ्चल अस्पतालमा भएको थियो। मृतकका आमा अमेरिकादेवी साहले इलाका प्रहरी कार्यालय, कल्याणपुरमा दिएको कर्तव्य ज्यान मुद्दाको उजुरी वैशाख ८ गते दर्ता भयो। वैशाख १ गते विषादी सेवनले बेहोस भएका नरेशलाई रामलाल र निजकी कान्छी पत्नी २० वर्षीया सन्तोषीकुमारी साहले देउरी गाविस-५ स्थित जेठी पत्नी अमेरिकादेवीको माइतीघरमा छाडेर गएका थिए। नरेशको उपचारका लागि भारतको दरभङ्गा लैजाँदै गर्दा वैशाख २ गते विषादीका कारण मृत्यु भएको थियो। रामलालले कान्छी पत्नी सन्तोषीलाई घर भित्र्याएपछि अमेरिकादेवी देउरी गाविस-५ स्थित माइतीमा बसेकी थिइन्। उनका छोरा नरेश बाबु रामलालसँग बसेका थिए। इलाका प्रहरी कार्यालय बोदे बर्साइनले वैशाख ७ गते आरोपित रामलाललाई गिरफ्तार गरी इलाका प्रहरी कार्यालय, कल्याणपुरमा बुझाएको थियो। प्रहरीले वैशाख ८ गते मुद्दा दर्ता गरी अनुसन्धानपश्चात् जेठ १ गते अदालतमा मुद्दा दर्ता गरेको थियो। फरार आरोपित सन्तोषीलाई जेठ १ गते वारेन्टसहितको म्यादी पुर्जी जारी भएको थियो। जिल्ला अदालतका न्यायाधीश किरणप्रसाद सिवाकोटीको आदेशमा आरोपित पुर्पक्षका लागि जेठ ३ गतेदेखि कारागारमा थुनामा छन्। यस वर्षको अन्त्यसम्म आरोपित सन्तोषी फरार रहेकी छन्।

बथनाहा गाविस-७ की १५ वर्षीया रुबी राउतलाई ०७० जेठ ७ गते उनका बाबु ४० वर्षीय चन्द्र राउतले तल्लो जातको केटासँग भागेको आरोपमा भाडाका मानिस लगाएर हत्या गरे। लासको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पोस्टमार्टम भएको थियो। स्थानीय बजरङ्गी निमाविमा कक्षा ८ मा अध्ययनरत रुबी चैत ३ गते कक्षा ९ मा अध्ययनत वथनाहा गाविस-८ का १५ वर्षीय अरूणकुमार साहसँग भागेकी थिइन्। भागेकी छोरीलाई दुवै परिवारको संयुक्त पहलमा घर फर्काएपछि रुबीले भागेकै केटासँग बिहे गर्ने जिद्दी गरेपछि हत्या गरिएको थियो। रुबीको अनुहारलगायत शरीरका अधिकांश भाग जलेको अवस्थाको लास जेठ ८ गते बिहान कोइलाडी गाविस-९, चट्टीटोलस्थित नहरछेउ फेला परेको थियो। जलेको लास अनुसन्धानपछि जेठ ११ गते मात्र पहिचान भएको थियो। ०७० जेठ १६ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता भएको थियो। प्रहरीले जेठ १७ गते चन्द्रलाई र बर्साइन गाविस-३ का ५२ वर्षीय मोहन साहलाई गिरफ्तार गरेको थियो। एक जना आरोपित फरार छन्। जिल्ला न्यायाधीश किरणप्रसाद सिवाकोटीको आदेशमा आरोपितद्वय चन्द्र र मोहन असार १२ गतेदेखि राजविराज कारागारमा थुनामा छन्।

उदयपुर जिल्लाको त्रियुगा नपा-१२ की १७ वर्षीया सानु राउतलाई ०७० मङ्सिर २९ गते मोहनपुर गाविस-६, कठौना बजार पुच्याइ पति उदयपुरको त्रियुगा नपा-१४ का १८ वर्षीय सुमन विश्वकर्माले विष खुवाइ हत्या गरे। लासको पास्टमार्टम मङ्सिर ३० गते राजविराजस्थित अञ्चल अस्पतालमा भएको थियो। मृतकका आमा शोभा राउतले जिल्ला प्रहरी कार्यालयमा मङ्सिर ३० गते किटानी जाहेरी दिएकी थिइन्। आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयले पुस ३ गते कर्तव्य ज्यान मुद्दा दर्ता गरेको थियो। आरोपितले सानुलाई ललाइफकाइ प्रलोभनमा पारी उदयपुर जिल्लाको जलजलेबाट मङ्सिर २८ गते सप्तरीको बसबलपुर गाविस-२ स्थित सानीआमा शर्मिला विकको घरमा राखेका थिए। मङ्सिर २९ गते मोहनपुर गाविस-६, कठौना बजार पुच्याइ विष खुवाइ पत्नीको हत्या गरेको आरोपमा राजविराजबाट पुस १ गते आरोपित गिरफ्तार भएका थिए। कर्तव्य ज्यान मुद्दा दर्ता गरी आरोपितलाई पुस ३ गते जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको थियो। यस वर्षको अन्त्यसम्म मुद्दा छिनिएको छैन।

बेपत्ता/अपहरण

१६ वर्षीया एक बालिकालाई ०६९ पुस २३ गतेदेखि ०६९ फागुन १० गतेसम्म तेरहौता गाविस-५, वीरेन्द्रबजारका २५ वर्षीय शिवनारायण मेहताले ललाइफकाइ कान्छी पत्नीका रूपमा घरमा राखे। बालिकाको सगरमाथा अञ्चल अस्पताल, राजविराजमा ०६९ फागुन १४ गते स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला प्रहरी कार्यालयले ०६९ फागुन १२ गते शिवनारायणसहित उनका दाजु ३० वर्षीय तेजनारायण, बुवा ५८ वर्षीय जागेश्वर मेहता कोइरी र जेठान सुनसरी छिटाहा गाविस-९ का २२ वर्षीय नागेन्द्र मेहता कोइरीविरुद्ध अपहरण तथा शरीर बन्धक र बलात्कार मुद्दा दर्ता गरेको थियो। ०६९ फागुन १२ गते तेरहौता गाविस-५ वीरेन्द्रबजारबाट नागेन्द्रलाई प्रहरीले गिरफ्तार गरेको थियो। प्रहरीले जिल्ला अदालतमा ०६९ चैत ८ गते अपहरण तथा शरीर बन्धक एवम् बलात्कार मुद्दा दर्ता गरेको थियो। जेठी पत्नीको माइतपक्षको दबावमा शिवनारायण मेहता फागुन १० गते घरबाट बेपत्ता भएका थिए। शिवनारायणलाई उनकी जेठी पत्नीका दाजु नागेन्द्रले बेपत्ता बनाइ पीडित बालिकालाई कुटपिट गर्दै घरबाट निकालेका थिए। जिल्ला न्यायाधीश किरणप्रसाद सिवाकोटीको आदेशमा नागेन्द्र ०६९ चैत ९ गतेदेखि पुर्पक्षका लागि थुनामा थिए। अरू आरोपितहरू यस वर्षको अन्त्यसम्म फरार छन्। थुनामा रहेका नागेन्द्र पुनरावेदन अदालतबाट जेठ २३ गते सादा तारेखमा रिहा भए।

बेचबिखन तथा ओसारपसार

मोहनपुर गाविस-५ का नौ वर्षीय सविनकुमार चौधरी, नौ वर्षीय नवीनकुमार चौधरी, १४ वर्षीय किसुनदेव चौधरी र १४ वर्षीय देवप्रकाश चौधरीलाई ०६९ माघ २२ गते मोहनपुर गाविस-५ का २५ वर्षीय दुर्गाराम मोचीले नेपालबाट बाहिर लगी बेचबिखन गरे। बालकहरूका अभिभावकहरू क्रमश: देवनन्द चौधरी, माधुरी चौधरी, फुरैता चौधरी र फूलोदेवी चौधरीले मोचीविरुद्ध ०६९ चैत २३ गते जिल्ला प्रहरी कार्यालय उजुरी दिएका थिए। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले ०६९ चैत २३ गते गिरफ्तार गरी सोही दिन मानव बेचबिखन तथा ओसारपसार मुद्दा दर्ता गरेको थियो। प्रहरीले वैशाख १७ गते आरोपितविरुद्ध जिल्ला अदालतमा मुद्दा दर्ता गरेको थियो। जिल्ला न्यायाधीश किरणप्रसाद सिवाकोटीको आदेशले आरोपितहरू वैशाख २० गतेदेखि कारागारमा थुनामा छन्। आरोपित पक्षले अदालतको आदेशविरुद्ध पुनरावेदन गरेकामा पुनरावेदन अदालत राजविराजले असार ६ गते जिल्ला अदालतकै आदेश सदर गरेको थियो। यस वर्षको अन्त्यसम्म बालकहरूको अवस्था पत्तो लागेको छैन।

हरिहरपुर गाविस-२ की १६ वर्षीया बालिका र प्रसवनी गाविस-३ की १७ वर्षीया बालिकालाई ०७० असार २२ गते हरिहरपुर गाविस-२ निवासी प्रसवनी गाविस-३ स्थित श्यामा राप्राविको बालविकास सहयोगी कार्यकर्ता ३९ वर्षीया द्रौपतीदेवी चौधरीले तालिममा भाग लिन भन्दै झुक्याइ इटहरी नपा-१ स्थित रङगमञ्च गेस्ट हाउस पुऱ्याइ यौनधन्दामा लगाउने प्रयास गरिन्। आरोपितसँगै पुगेका फत्तेपुर गाविस-३ का ३१ वर्षीय मुकेशजङ्ग खड्का र बथनाहा गाविस-२ का २७ वर्षीय मिथिलेश यादवले होटलमा पुगेका पीडितहरूलाई ललाइफकाइ शारीरिक सम्बन्ध राख्न सुरुमा पैसाको प्रलोभन दिएका र नमानेपछि डर-त्रास देखाई हातपात गरेका थिए। होटलमा द्रौपतीदेवीले मुकेश र मिथलेशसँग पीडितहरूलाई बेचबिखन गर्ने तयारी गरिरहेको सुनेर असार २२ गते राति उनीहरू होटलबाट भागेका थिए। सडकमा भाग्दै गरेको अवस्थामा राति भेटिएका इटहरी नपा-५ का बलराम गुप्ताको सहयोगमा उनीहरूले इटहरी नपा-७ स्थित चानोदेवी चौधरीको घरमा शरण लिएका थिए। चानोदेवीले किशोरीहरूको घरमा तत्कालै फोन गरी असार २३ गते उनीहरूलाई घर फर्काइन्। आरोपितहरूविरुद्ध पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा साउन ६ गते किटानी जाहेरी दिए। प्रहरीले साउन १७ गते मानव बेचबिखन, ओसारपसार र जबरजस्ती करणी उद्योगको मुद्दा दर्ता गरी आरोपित खड्कालाई साउन १८ गते गिरफ्तार गरेको थियो। आरोपित खड्का भदौ १३ गते जिल्ला अदालतका न्यायाधीश रामप्रसाद अधिकारीको एकल इजलासको आदेशमा पुर्पक्षका लागि कारागारमा थुनामा थिए। आरोपित खड्का पुनरावेदन अदालतका न्यायाधीशद्वय बलराम विष्ट र महेन्द्रराज गौतमको संयुक्त इजलासबाट मङ्सिर २८ गते साधारण तारेखमा रिहा भए। फरार रहेका चौधरी र यादवको हकमा वारेन्ट पुर्जी जारी भएको थियो। उनीहरू यस वर्षको अन्त्यसम्म फरार छन्।

नकटी रायपुर गाविस-४, हरिरावाका पाँचमहिने बालकलाई ०७० भदौ २० गते उनका बाबु ३५ वर्षीय गजेन्द्र सरदारले रक्सी पिउने पैसाका लागि

राजविराज नपा-९ का ३८ वर्षीय जाकिर अन्सारी र निजकी पत्नी ३० वर्षीया कोरेसा खातुनसँग २० हजार रुपियाँ लिएर बेचे। प्रहरीले बालकसहित जाकिर र कोरेसालाई भदौ २० गते राति ९ बजे घरबाट गिरफ्तार गरेको थियो। अन्सारी दम्पतीको बयानका आधारमा शिशु किनबेचमा सहयोग गर्ने नकटी रायपुर गाविस-४, हरिरावाका ३० वर्षीय लाल मोहम्मद राइनलाई प्रहरीले भदौ २० गते राति ११ बजे गिरफ्तार गरेको थियो। राइनले छिमेकी सरदारले छोरा बेच्न खोजेपछि नि:सन्तान रहेका अन्सारी दम्पतीकहाँ बालक पुऱ्याइदिएको प्रहरीसमक्ष बयान दिएका थिए। प्रहरीले बालक बिक्री गर्ने सरदारलाई पुन: छोरा नबेच्ने सर्तमा बालक जिम्मा लगाइ सबैलाई भदौ २१ गते रिहा गरेको थियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१६ वर्षीया एक बालिकालाई ०६९ माघ ६ गते सिस्वाबेल्ही गाविस-९ का १८ वर्षीय उपेन्द्रनारायण चौधरीले बनरझुला गाविस-२ बाट उठाएर सीतापुर गाविसको घोगिदाहादेखि उत्तर जन्डौल गाविस-९ अन्तर्गत भलुवाही सामुदायिक वनको झाडीमा पुऱ्याएका थिए। सो ठाउँमा सिस्वाबेल्ही गाविस-९ का १८ वर्षीय युवराज विश्वकर्माले बलात्कार गरेको पीडित पक्षको आरोप छ। पीडितलाई उपेन्द्रले राजविराज नपा-५ स्थित आफ्नो डेरामा पुऱ्याएर ०६९ माघ ६ र ७ गते दुई दिन बलात्कार गरेको भन्दै पीडित पक्षले उपेन्द्र र युवराजविरुद्ध इलाका प्रहरी कार्यालय कल्याणपुरमा ०६९ माघ १० गते उजुरी दिएको थियो। पीडितको स्वास्थ्य परीक्षण ०६९ माघ १० गते लहान अस्पतालमा भएको थियो। इलाका प्रहरी कार्यालय कल्याणपुरले ०६९ माघ ११ गते सिस्वा बेल्ही गाविस-९ बाट उपेन्द्रलाई गिरफ्तार गरेको थियो। धनगढी गाविस-९ का २४ वर्षीय धीरेन्द्र विश्वकर्मालाई लहान नपा-३ बाट र जन्डौल गाविस-८ का १६ वर्षीय रोमन विश्वकर्मालाई प्रहरीले घरबाट माघ ११ गते गिरफ्तार गरेको थियो। आरोपितलाई प्रहरीले ०६९ फागुन ८ गते जिल्ला अदालतमा पेस गरेको थियो। जिल्ला न्यायाधीश किरणप्रसाद सिवाकोटीको एकल इजलासको आदेशमा उपेन्द्र ०६९ फागुन १० गतेदेखि पुर्पक्षका लागि कारागार थुनामा थिए। धीरेन्द्र र रोमन सो दिन सादा तारेखमा रिहा भए। अदालतले पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनका लागि आरोपित उपेन्द्र र युवराजका नामको अचल जग्गाजमिन र अंशलगायतका अन्य सम्पत्ति रोक्का राख्नसमेत आदेश गरेको थियो। घटनामा संलग्न आरोपित युवराज विश्वकर्मा यस वर्षको अन्त्यसम्म फरार छन्। पुनरावेदन अदालतका मुख्य न्यायाधीश ओमप्रकाश मिश्र र न्यायाधीश पवनकुमार शर्माको आदेशमा उपेन्द्र ०७० जेठ ९ गते सादा तारेखमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१३ वर्षीया एक बालिकालाई प्रिपापूर्व गाविस-४ का १९ वर्षीय राजाराम सरदारले र ११ वर्षीया बालिकालाई प्रिपापूर्व गाविस-४ का २३ वर्षीय रबी सरदारले ०६९ माघ २५ गते पिप्रापूर्व गाविस-४ स्थित कोसी टप्पु वन्यजन्तु आरक्ष केन्द्रको जङ्गलमा बलात्कार गरेको आरोपमा पीडितका अभिभावकहरूले ०६९ माघ २६ गते इलाका प्रहरी कार्यालय, कञ्चनपुरमा उजुरी दिए। पीडितहरूको ०६९ माघ २६ गते अञ्चल अस्पताल राजविराजमा स्वास्थ्य परीक्षण भएको थियो। आरक्षभित्र गुइँठाका लागि चौपायाको गोबर लिन गएको समयमा आरोपितहरूले बलात्कार गरेको आरोप उजुरीमा लगाइएको छ। प्रहरीले ०६९ माघ २९ गते मुद्दा दर्ता गरेको थियो। प्रहरीले ०६९ चैत २ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। आरोपितहरू यस वर्षको अन्त्यसम्म फरार छन्।

१५ वर्षीया एक बालिकालाई ०६९ चैत ९ गते राती ११ बजे घोघनपुर गाविस-५ स्थित गहुँ खेतमा कमलपुर गाविस-२ घर भई ओद्राहा गाविस-९ बस्ने २४ वर्षीय रामचन्द्र खड्गले बलात्कार गरेको भन्दै पीडित पक्षले चैत १५ गते इलाका प्रहरी कार्यालय कञ्चनपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत १५ गते राजविराजस्थित अञ्चल अस्पतालमा भएको थियो। पीडित पिसाब फेर्न घरबाहिर निस्किएको समयमा गहुँ खेतमा उनलाई बलात्कार गरेको भन्दै पीडितले प्रहरीमा उजुरी दिएकी थिइन्। प्रहरीले आरोपित खड्गलाई ६ देखि १० वर्ष कैद र पीडितलाई क्षतिपूर्तिको माग गर्दै वैशाख १२ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेको थियो। वैशाख १२ गते नै अदालतले वारेन्टसहितको म्यादी पुर्जी जारी गरेको थियो। आरोपित यस वर्षको अन्त्यसम्म फरार छन्।

१३ वर्षीया एक बालिकालाई ०७० असार ७ गते बदगामा गाविस-५ महादेवपट्टीका २२ वर्षीय सैजुन सेख भन्ने सुजु दुल्लाह शेखले घरनजिकैको बारीमा लगी बलात्कार गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय कञ्चनपुरमा असार ९ गते उजुरी दिएको थियो। पीडितको अञ्चल अस्पतालमा असार ८

गते स्वास्थ्य परीक्षण भयो। आरोपितले पीडितको मुखमा रुमाल कोचेर बलात्कार गरेका थिए। प्रहरीले साउन १० गते जिल्ला अदालतमा आरोपितविरुद्ध मुद्दा दर्ता गरेको थियो। भदौ १६ गते आरोपितका नाममा म्यादी पुर्जी जारी भयो। अदालतले पुस ८ गते जाहेरवालाको साक्षी बुझी मुद्दा पेस गर्न आदेश गरेको थियो। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

१३ वर्षीया एक बालिकालाई ०७० भदौ ११ गते नकटी रायपुर गाविस-३ का १८ वर्षीय रबिया भन्ने रूपेश मण्डलले बन्धक बनाएर बलात्कार गरेको आरोपमा इलाका प्रहरी कार्यालय भारदहले भदौ १८ गते भारदह गाविस-१ स्थित कङ्कालिनी भगवती मन्दिरअगाडिबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण भदौ २६ गते धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। आरोपितहरूविरुद्ध पीडित पक्षले भदौ २१ गते उजुरी दिएको थियो। जिल्ला प्रहरी कार्यालयले असोज १४ गते अदालतमा बलात्कार, शरीर बन्धक र मानव ओसारपसार मुद्दा दर्ता गरेको थियो। जिल्ला अदालतका अतिरिक्त जिल्ला न्यायाधीश तेजनारायण पौडेलको आदेशमा आरोपित असोज १६ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्। अर्का आरोपित भारदह गाविस-२ का ४५ वर्षीया वासुदेव खड्गा यस वर्षको अन्त्यसम्म फरार छन्।

१३ वर्षीया बालिकालाई पछिल्लोपटक ०७० असोज ३ गते बननियाँ गाविस-३ का १९ वर्षीय अशोककुमार पण्डितले पीडितको घरमा बलात्कार गरेको आरोपमा पीडितकी आमाले आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा असोज ७ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण असोज ७ गते बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भएको थियो। मजदुरीबाट फर्केकी पीडितकी आमाले नाङ्गो अवस्थामा रोइरहेकी छोरीलाई सोधपुछ गर्दा आठ महिनादेखि पीडित बलात्कृत भइरहेको थाहा पाएकी थिइन्। उजुरीमा पीडितको सुरक्षा र दोषीमाथि कारबाहीको माग गरिएको थियो। आरोपितले पीडितलाई डर-धाक देखाइ मार्ने धम्की दिई बलात्कार गर्ने गरेका थिए। जिल्ला अदालतका श्रेस्तेदार नवराज दुलालले कात्तिक १० गते वारेन्ट पुर्जी जारी गरेका थिए। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

१४ वर्षीया एक बालिकालाई ०६९ माघ ११ गते प्रसवनी गाविस-९ का २२ वर्षीय रोशनकुमार मण्डलले बलात्कार प्रयास गरेको भन्दै पीडितका बुबाले ०६९ फागुन १५ गते पुनरावेदन अदालत राजविराजमा निषेधाज्ञामिश्रित परमादेशको रिट दायर गरे। बलात्कारको प्रयास गरेको मुद्दा दर्ता नगरी जिल्ला प्रहरी कार्यालय राजविराज र इलाका प्रहरी कार्यालय कञ्चनपुरले आरोपितको संरक्षण गरिरहेको आरोप लगाउँदै पीडितका बुबाले जिल्ला प्रशासन कार्यालय र इलाका प्रहरी कार्यालय, कञ्चनपुरविरुद्ध निषेधाज्ञामिश्रित परमादेशको रिट दायर गरेका थिए। घरमा पढिरहेकी छोरीमाथि बलात्कारको प्रयास भएको र छोरीले गुहार मागेको सुनेर जम्मा हुँदा धक्का दिँदै आरोपित भागेका थिए। उजुरी दर्ता गराउन खोज्दा इलाका प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयले अस्वीकार गरेको पीडितका बुबाले गुनासो गरेका थिए। पुनरावेदन अदालतका मुख्य न्यायाधीश ओमप्रकाश मिश्र र न्यायाधीश टेकराज नेपालको संयुक्त इजलासले जबरजस्ती करणी उद्योगको मुद्दा दर्ता गरी कानुनी प्रक्रिया अघि बढाउन जिल्ला प्रशासन कार्यालय र इलाका प्रहरी कार्यालय कञ्चनपुरका नाममा असार ३० गते परमादेशको आदेश जारी गरेको थियो। प्रहरीले कात्तिक १२ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेको थियो। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

१५ वर्षीया एक बालिकालाई ०७० भदौ १४ गते बभनगामाकट्टी गाविस-६ का २० वर्षीय सत्यदेव यादवले मधेपुरा गाविस-८ स्थित पोखरीमा कृष्णजन्माष्टमीका दिन कृष्णको माटोको मूर्ति विसर्जन गर्न गएको समयमा बलात्कारको प्रयास गरेको आरोपमा पीडितका हजुरबुबाले जिल्ला प्रहरी कार्यालयमा भदौ १४ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण राजविराज नपा-३ स्थित अञ्चल अस्पतालमा भदौ २७ गते भयो। जिल्ला प्रहरी कार्यालयले भदौ २७ गते जबरजस्ती करणी उद्योगमा मुद्दा दर्ता गरेको थियो। प्रहरीले जिल्ला अदालतमा असोज १७ गते जबरजस्ती करणी उद्योग मुद्दा दर्ता गऱ्यो भने सोही दिन अदालतले वारेन्टसहितको म्यादी पुर्जी जारी गऱ्यो। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२१ वर्षीया एक महिलालाई ०६९ फागुन १६ गतेदेखि ०७० भदौ २४ गतेसम्म सिस्वावेल्ही गाविस-१ का ५३ वर्षीय काकाससुरा श्रीलाल मण्डलले यौन शोषण तथा बलात्कार गरेको आरोपमा पीडितले

जिल्ला प्रहरी कार्यालयमा ०७० असोज १ गते उजुरी दिइन्। उजुरीमा पति वैदेशिक रोजगारीमा गएपछि ०६९ फागुन १६ गतेदेखि साउन १९ गतेसम्म आरोपितले बलात्कार गरे र साउन १९ गते गर्भपतन गर्न दबाब दिएको आरोप लगाइएको थियो। आरोपितले भदौ २४ गते अन्तिमपटक बलात्कार गरेको पीडितले दिएको उजुरीमा उल्लेख छ। प्रहरीले असोज १ गते हाडनाता करणी मुद्दा दर्ता गरी सोही दिन आरोपितलाई गिरफ्तार गरेको थियो। सासूसँग बसेकी पीडित आठ महिनाकी गर्भवती थिइन्। जिल्ला अदालतका अतिरिक्त जिल्ला न्यायाधीश नवराज दाहालको एकल इजलासको आदेशमा आरोपित कात्तिक ४ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

घरेलु हिंसा

मानराजा गाविस-५ घर भई राजविराज नपा-५ बस्ने ४० वर्षीया रन्जनादेवी यादवलाई ०६९ फागुन ४ र ५ गते पति ४१ वर्षीय अमरकुमार यादव र सासू ६५ वर्षीया उमादेवी यादवले छोरा नजन्माएको आरोपमा कुटपिट गरेर आगो लगाइ मार्ने धम्की दिए। पीडितले ०६९ फागुन १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। दुई छोरी जन्मे पनि छोरा नजन्मेकाले पति र सासूले शारीरिक तथा मानसिक यातना दिँदै कुटपिट गरेको रन्जनाले दिएको उजुरीमा उल्लेख छ। यस वर्षको अन्त्यसम्म आरोपितलाई कारवाही भएको छैन।

जन्डोल गाविस-५ की ४५ वर्षीया छुटहरिया खातुनलाई वैशाख १४ गते उनका छोरा २५ वर्षीय रिक्सल मियाँले घरायसी विवादका कारण टाउकामा चिर्पटले प्रहार गरी घाइते बनाए। घाइतेको धर्मेश्वर अस्पताल, ठेलियामा वैशाख १४ गते उपचार भएको थियो। पीडितले वैशाख १४ गते प्रहरी चौकी, महुलीमा उजुरी दिएकी थिइन्। यस वर्षको अन्त्यसम्म आरोपित मियाँ फरार छन्।

तेरहौता गाविस-९ की २१ वर्षीया चार महिनाकी गर्भवती सङ्गीता सरदारलाई ०७० असार ११ गते उनका पति २५ वर्षीय दुलिचन सरदारले घरायसी विवादमा कुटपिट गरी घाइते बनाए। घाइतेको असार १२ गतेदेखि सगरमाथा अञ्चल अस्पतालमा उपचार भएको थियो। पीडितले पतिविरुद्ध उजुरी दिइनन्। कुटपिटबाट पीडितको टाउकामा चोट लागेको र शरीरभरि नीलडाम भएको अस्पतालका चिकित्सकले बताए। मादक पदार्थ सेवन गरी आएका आरोपितले सासूसँग सुत्न गएको भन्दै गर्भवती पीडितमाथि कुटपिट गरेका थिए। कुटपिट गरेपछि दुलिचन फरार भए। दुलिचन र सङ्गीताबीच ०६९ फागुन २५ गते विवाह भएको थियो।

बोरिया गाविस-५ की २७ वर्षीया मन्जु यादवलाई ०७० असार ३१ गते उनका जेठाजु ४५ वर्षीय सूर्यनारायण यादव, जेठानी ४० वर्षीया अनीता यादव र निजका छोरी रन्जना यादवले डोरीले हात-खुट्टा बाँधेर कुटपिट गरे। पीडितले साउन ३२ गते जिल्ला अदालतमा कुटपिट मुद्दा दिएकी थिइन्। प्रहरीले बाँधेकै स्थलबाट पीडितलाई मुक्त गरी राजविराज नपा-३ स्थित अञ्चल अस्पताल भर्ना गरेको थियो। अंशसम्बन्धी विवाद चल्दै आएकाले बोरिया गाविसस्थित नरेन्द्र उच्च माविका कार्यालय सहायक सूर्यनारायणले कुटपिट गरेको पीडितका बाबु प्रसवनी गाविस-४ का जहिन्द्रप्रसाद यादवले बताए। पीडितको एउटा काखे छोरी र हिँडडुल गर्न नसक्ने अपाङ्ग पति भएकाले जेठाजुले बारम्बार कुटपिट गरिरहने पीडितले बताइन्। जिल्ला अदालतमा ०७० साउन ३२ गते दर्ता भएको मुद्दा यस वर्षको अन्त्यसम्म फैसला भएको छैन।

फर्सेठ गाविस-१ की ३० वर्षीया आशादेवी यादवले घरायसी विवादमा आफूलाई कुटपिट गरी यातना दिएको भन्दै जेठाजु ३१ वर्षीय दिनेशकुमार यादव र जेठानी २९ वर्षीया ललितादेवी यादवविरुद्ध साउन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पति वैदेशिक रोजगारीमा रहेकाले आरोपितहरूले बिनाकारण साउन १ गते घर प्रवेश गरी कुटपिट गर्नुका साथै मानसिक यातना दिएको पीडितले उजुरीमा उल्लेख गरेकी छन्। पीडित महिलाको शरीरभरि लाठीका नीलडाम र चोट लागेको महिला तथा बालबालिका सेवा केन्द्रका इन्चार्ज असई सुरेन्द्र खेडवारले जानकारी दिए। यस वर्षको अन्त्यसम्म आरोपितलाई कारवाही भएको छैन।

राजविराज नपा-९ की २१ वर्षीया चाँदनी गिरीले लहान नपा-४ का पति महेश गोस्वामी, ससुरा समला भन्ने सुन्दर गोस्वामी र सासू सुमित्रादेवी गोस्वामीविरुद्ध घरमा बस्नखान पाऊँ भन्दै ०७० साउन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। घरपरिवारका सदस्यले खानलाउन नदिइ यातना दिएर घरनिकाला गरेपछि चाँदनी राजविराज नपा-९ मा माइतीघरमा बसेकी छन्। ०६७ सालमा भएको विवाहमा माइतीले पाँच लाख रुपियाँ दाइजो दिएको तर पतिले विभिन्न लाञ्छना लगाएर यातना दिई

घरनिकाला गरेकाले उजुरी दिएको पीडितले उल्लेख गरेकी थिइन्। यस वर्षको अन्त्यसम्म आरोपितलाई कारबाही भएको छैन।

ठेलिया गाविस-९ की १८ वर्षीया पूर्णिमाकुमारी मण्डलले घरमा बस्न माग गर्दै पति २३ वर्षीय दीपेन्द्रकुमार मण्डल, ससुरा ५२ वर्षीय पप्पु भन्ने टिपलेश्वर मण्डल, जेठाजु २५ वर्षीय राजेश मण्डल र देवर २१ वर्षीय महेन्द्र मण्डलविरुद्ध ०७० साउन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। विवाहपश्चात् ससुरा, जेठाजु र देवरले पति दीपेन्द्रलाई घरबाट भगाइ अन्यत्र लुकाएको र आफूलाई घरमा बस्न नदिएको भन्दै उनले पतिको खोजी गरी घरमा बस्ने व्यवस्था मिलाइदिन प्रहरीमा उजुरी दिएकी थिइन्। ठेलिया गाविस-९ स्थित तपेश्वरी मन्दिरमा ०६९ चैत २९ गते प्रेमविवाह गरेकी पूर्णिमालाई घरमा बस्न नदिएपछि उनी राजविराजस्थित सेफ हाउसमा बसेकी छन्। आरोपितहरूलाई जिल्ला प्रहरी कार्यालयमा झिकाउन महिला सेलले ठेलिया प्रहरी चौकीलाई साउन १० गते पत्राचार गरेको थियो। यस वर्षको अन्त्यसम्म आरोपितहरू फरार रहेको ठेलिया प्रहरीले जनायो।

बभनगामा कट्टी गाविस-१ की २९ वर्षीया दशनीदेवी खड्ग खत्वेलाई ०७० साउन २८ गते जेठाजु ४५ वर्षीय रामचन्द्र खड्गले इँटाले टाउकामा प्रहार गरी घाइते बनाए। पति वैदेशिक रोजगारीका गएपछि पाँच छोरीका साथ घरमा रहेकी दशनीलाई घरायसी विवादमा जेठाजुले कुटपिट गरी घाइते बनाएका थिए। पीडितको सगरमाथा अञ्चल अस्पताल राजविराज साउन २८ गते उपचार भएको थियो। पीडितका दाजु खोजपुर गाविस-६ रञ्जितपुरका जुगेश्वर मण्डलले साउन २९ गते प्रहरीमा उजुरी दिएका थिए। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

मानराजा गाविस-९ बघबिराका ३७ वर्षीया शोभा सदालाई ०७० भदौ २० गते पति ३९ वर्षीय सुन्दर सदा र नन्द २४ वर्षीया घुरनी सदाले चुलोमा फलामको रड र पन्यु तताएर शरीरभरि डामेर घाइते बनाए। मादक पदार्थ सेवन नगर्न र अन्य महिलासँगको अनैतिक सम्बन्ध रोक्न पीडितले दबाब दिएको रिसमा पति र नन्दले उनलाई पन्युले डामेका थिए। बेहोस भएकी पीडितलाई हत्या गर्ने उद्देश्यले आरोपितले घिसार्दै स्थानीय खड्ग नदीतर्फ लगिरहेको बटुवाहरूले देखेर सोधखोज गरेका थिए। त्यसपछि आरोपितले पीडितलाई उपचार नगरी घरमै लगी थुनेर राखेका थिए। बटुवाहरूले पीडितको माइत बेल्ही चपेना गाविस-९ मा खबर गरेका थिए। पीडितको सदरमुकाम राजविराजस्थित अञ्चल अस्पतालमा भदौ २२ गते उपचार भएको थियो। पीडितका दुवै गाला, पेट, तिघ्रा, पाखुरा, छाती र गुप्ताङ्गमा चोट लागेको थियो। उनका दुई छोरा र एक छोरी छन्। पीडितका भाइ बेल्ही चपेना गाविस-९ का ३६ वर्षीय पशुपति सदाले जिल्ला प्रहरी कार्यालयमा भदौ २५ गते उजुरी दिएका थिए। जिल्ला अदालतका अतिरिक्त जिल्ला न्यायाधीश नवराज दाहालको एकल इजलासले आरोपित सुन्दरसँग १५ हजार रुपियाँ धरौटी माग गरेको थियो। जिल्ला अदालतले माग गरेको धरौटी रकम बुझाउन नसकेपछि आरोपित कात्तिक २५ गतेदेखि राजविराज कारागारमा थुनामा छन्। यस वर्षको अन्त्यसम्म आरोपित घुरनी सदालगायत फरार छन्।

इनरुवा गाविस-९ सखुवाकी २१ वर्षीया चन्द्रकला भन्ने चान्दनीदेवी खड्गलाई ०७० मङ्सिर २३ गते राति २ नम्बर योगिनिया गाविस-८, सकरदहीस्थित बाँधमा प्रेमीका बुवा शिवचन्द्र यादवले गोली हानी मार्ने धम्की दिएर पीडितका प्रेमी २० वर्षीय जयप्रकाश यादवबाट अलग गराइ घरनिकाला गरे। जीउज्यानको सुरक्षा माग्दै मङ्सिर २४ गते इलाका प्रहरी कार्यालय, हनुमाननगर पुगेकी पीडितको उजुरी प्रहरीले लिएन। पीडितलाई कुरीतिजन्य हिंसा अन्त्य राष्ट्रिय सञ्जालको अनुरोधमा सुरक्षाका लागि मङ्सिर २६ गतेदेखि महिला तथा बालबालिका कार्यालयको सेफ हाउसमा राखिएको छ। पहिलो पतिले दैनिक कुटपिट गरेपछि उनलाई छाडेर इनरुवा गाविस-५ स्थित माइतीमा बसेकी चान्दनी र प्रेमी जयप्रकाश कात्तिक ९ गते भागेर भारतको लुधियानामा गई विवाह गरेका थिए। घरजम गरेर सँगै आफ्नै घरमा बस्नु भनी पीडितलाई आरोपित शिवचन्द्रले ल्याएका थिए। यस वर्षको अन्त्यसम्म आरोपितहरू फरार छन्।

अमानवीय व्यवहार

डिमन गाविस-६ की ३५ वर्षीया इमलीदेवी रामलाई ०७० जेठ २८ गते राति सोही वडा निवासी दलित अधिकार संरक्षण केन्द्रका अध्यक्ष एवम् मधेसी जनअधिकार फोरम लोकतान्त्रिक आबद्ध नेपाल लोकतान्त्रिक दलित फ्रन्टका केन्द्रीय सदस्य भोला राम र उनका छोरा सञ्जय रामले बोक्सीको आरोप लगाइ बेतको लाठीले कुटपिट गरे। पीडित इमली र उनलाई बचाउ गर्न पुगेका घाइते ससुरा ६० वर्षीय अगमलाल

रामको जेठ २९ गते सगरमाथा अञ्चल अस्पतालमा उपचार भएको थियो। घाइते इमलीको टाउको, बायाँ पाखुरा, बायाँ खुट्टा र तिघ्रामा चोट तथा नीलडाम रहेको अस्पताललले जनायो। रमणीदेवीको घरमा काम गर्न राखेको १४ वर्षीया प्रेमकलालाई टुनामुना गरी पीडितले बोक्सी लगाइ बिरामी पारेको आरोपमा धामी खेल्दै भोलाले इमलीको घरभित्र पसेर बेतको लाठीले कुटपिट गरेका थिए। सो समयमा डिमन, लोहजरा र मैनाकडेरी प्रहरी चौकीका प्रहरीहरू मूकदर्शक बनेका थिए। प्रहरीले आपसमा मिल्न दबाब दिँदै पीडितको उजुरी दर्ता गर्न मानेन। यस वर्षको अन्त्यसम्म आरोपितलाई कारबाही भएको छैन।

बसविट्टी गाविस-८, मुसहरनियाकी ७० वर्षीया जानकी सुतिहारलाई ०७० साउन १६ गते सोही ठाउँका देवर ४१ वर्षीय लखन सुतिहार र भतिजा ३० वर्षीय प्रभु शर्माले कथित बोक्सीको आरोपमा कपाल समाएर घिसार्दै बाँसको भाटाले शरीरभरि कुटपिट गरी घाइते बनाए। माहिलो देवर ५० वर्षीय राम सुतिहारको ज्वरोका कारण उपचारका क्रममा सगरमाथा अञ्चल अस्पताल, राजविराजमा असार २३ गते मृत्यु भएपछि आरोपितहरूले बोक्सीको आरोप लगाउँदै पीडितलाई कुटपिट गरेका थिए। कुटपिटबाट पीडितका हात-खुट्टासहित शरीरका विभिन्न ठाउँमा काटिएको थियो। घाइतेको उपचारका लागि सदरमुकाम राजविराजस्थित अस्पताल आउन खोजे पनि पत्रकार र अधिकारकर्मीले थाहा नपाउन् भनेर आरोपितहरूले पीडितलाई घरमै थुनेर राखेका थिए। पीडितका भाइ औरही गाविस-६ का कमल दासको सहयोगमा पीडितको साउन २८ गते राजविराज नपा-३ स्थित अञ्चल अस्पतालमा उपचार भएको थियो। पीडितले जिल्ला प्रशासन कार्यालयमा साउन २८ गते उजुरी दिएकी थिइन्। जिल्ला प्रशासन कार्यालयले कारबाहीका लागि सक्कलै उजुरी जिल्ला प्रहरी कार्यालयमा पठाएपछि जिल्ला प्रहरी कार्यालयले आरोपितहरूको खोजीका लागि साउन २८ गते नै इलाका प्रहरी कार्यालय रूपनीलाई पत्राचार गरेको थियो। पतिको २५ वर्षअघि मृत्यु भएको र छोराछोरी जन्मेर पनि नबाँचेकाले जानकीलाई घरपरिवारका सदस्यहरूले बोक्सी भन्दै दुर्व्यवहार गरेका थिए। यस वर्षको अन्त्यसम्म आरोपितहरूलाई कारबाही भएन।

परिवारजनबाट हत्या

रामनगर गाविस-२ की २७ वर्षीया उर्मिलादेवी यादवलाई जेठ २६ गते पति ३२ वर्षीय जोगेन्द्र भन्ने योगेन्द्र यादवले राति घाँटी थिचेर हत्या गरी फरार भए। लास घरनजिकैको खेतमा फ्याँकिएको अवस्थामा जेठ २७ गते बिहान फेला परेको थियो। लासको पोस्टमार्टम जेठ २७ गते अञ्चल अस्पताल, राजविराजमा भएको थियो। उर्मिलाका बाबु रामनगर गाविस-८ का ६० वर्षीय केशोरी यादवले पीडितकी भाइबुहारी २७ वर्षीया लक्ष्मीदेवी र योगेन्द्रविरुद्ध जेठ ३१ गते इलाका प्रहरी कार्यालय, कल्याणपुरमा उजुरी दिएका थिए। आरोपित योगेन्द्रलाई इलाका प्रहरी कार्यालय पातो र प्रहरी चौकी रामनगरको टोलीले असार १८ गते औरही गाविस-७ बाट गिरफ्तार गरेको थियो। इलाका प्रहरी कार्यालय कल्याणपुरले साउन १३ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेको थियो। जिल्ला न्यायाधीश मोहनराज भट्टराईको एकल इजलासको आदेशमा आरोपित योगेन्द्र साउन १४ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

बर्साइन गाविस-६, जाँजर टोलकी २७ वर्षीया हौवा खातुनलाई ०७० साउन ३० गते पति ३० वर्षीय मुर्तुजा भन्ने दरगुद मोहम्मद मियाँले घाँटीमा सलले बाँधेर घरमा हत्या गरे। लासको साउन ३१ गते राजविराज नपा-३ स्थित सगरमाथा अञ्चल अस्पतालमा पोस्टमार्टम भएको थियो। पन्सेरा गाविस-७ बस्ने मृतकका बुबा फरमुद मियाँले जिल्ला प्रहरी कार्यालयमा आरोपितहरूविरुद्ध साउन ३१ गते कर्तव्य ज्यान मुद्दामा उजुरी दिएका थिए। प्रहरीले भदौ २ गते कर्तव्य ज्यान मुद्दा दर्ता गरेको थियो। इलाका प्रहरी कार्यालय कल्याणपुरले साउन ३० गते पीडितका ससुरा ६० वर्षीया गफुर मियाँलाई गिरफ्तार गरेको थियो। जिल्ला अदालतका न्यायाधीश रामप्रसाद अधिकारीको आदेशमा गफुर ४५ हजार रुपियाँ धरौटीमा भदौ ३० गते रिहा भएका थिए। हत्या आरोपमा फरार रहेका पति, सासू ५८ वर्षीया सबिरन खातुन र नन्द १८ वर्षीया ऐसा खातुनलाई अदालतले वारेन्ट पुर्जी काटेको थियो। यस वर्षको अन्त्यसम्म उनीहरू फरार छन्।

दुर्व्यवहार

राजविराज नपा-२ चनौरा पडरियाकी २५ वर्षीया राखी झालाई ०७० असार ११ गते राजविराज नपा-१ स्थित बजरङ्गबली मन्दिरका पुजारी उनका ससुरा ६० वर्षीय राधाकान्त झा र पति ३० वर्षीय प्रवीण झालगायत घरपरिवारका सदस्यहरूले दाइजो नल्याएकामा दुर्व्यवहार गरे। आरोपितको योजनामा सोही ठाउँका २८ वर्षीय मोहमद सल्लाउद्दिनलगायतका

केही युवाबाट असार ११ गते साँझ घरमै पीडितमाथि दुर्व्यवहार भएको थियो। पीडितले पति, ससुरा, सासू ५९ वर्षीय मोतीदेवी झा, जेठाजुहरू ३५ वर्षीय अरविन्द झा र नवीनकुमार झाविरुद्ध मङ्सिर १७ गते जिल्ला अदालतमा मानाचामल मुद्दा दर्ता गरेकी छन्। उनले उजुरीमा शिक्षादीक्षा, खाना र औषधोपचारका लागि मासिक १० हजार रुपियाँ र मानाचामल दिलाइभराइ पाउँ भनी माग गरेकी छन्। ०६९ माघ महिनामा पतिसहितले घरबाट निकाला गरेपछि अधिकारकर्मीको पहलमा जिल्ला प्रहरी कार्यालयले विवाह दर्ता गराइदिएको थियो। त्यसपछि उनलाई सासू र ससुराले अझ क्रूर यातना दिन थालेका थिए। पीडितले असार १२ गते दिएको उजुरी प्रहरीले दर्ता नगरेपछि नेपाल पत्रकार महासङ्घको कार्यालयमा असार १९ गते पत्रकार सम्मेलनमार्फत घटना सार्वजनिक गरेकी थिइन्। घरबाट निकालिएपछि पीडित बरही वीरपुर गाविस-६ स्थित माइतीमा बस्दै आएकी छन्। यस वर्षको अन्त्यसम्म अदालतले फैसला गरेको छैन।

घरनिकाला

तिलाठी गाविस-३ की ३३ वर्षीया रुनाकुमारी मिश्रलाई ०६९ माघ १३ गते पति ३६ वर्षीय सोहनकुमार मिश्रले माइतीबाट दाइजो ल्याउन दबाब दिई घरबाट निकाले। पीडितले जिल्ला प्रशासन कार्यालयमा ०६९ फागुन ९ गते उजुरी दिइन्। प्रमुख जिल्ला अधिकारी हरिराज पन्तले कारबाहीका लागि उजुरी जिल्ला प्रहरी कार्यालय पठाए। सो उजुरी जिल्ला प्रहरी कार्यालयको महिला सेलमा ०६९ फागुन ९ गते घरेलु हिंसा अन्तर्गत दर्ता भएको थियो। १० वर्षीय छोरा र ६ वर्षीया छोरीसँग राजविराज नपा-९ मा डेरा लिई माइतीको शरणमा बसेकी रुनाले छोराछोरीको उचित शिक्षा, खाना र भरणपोषण खर्च दिलाइ जिउज्यानको सुरक्षा माग गर्दै उजुरी दिएकी थिइन्। उनको ०५८ जेठ १८ गते विवाह भएको थियो। यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएको छैन।

मलेकपुर गाविस-८ की २९ वर्षीया अनितादेवी मण्डललाई ०७० असार ८ गते पति जिल्ला प्रहरी कार्यालय उदयपुरमा कार्यरत प्रहरी जवान ३४ वर्षीय शत्रुघन मण्डललगायत घरपरिवारका सदस्यहरूले घरबाट निकाले। अर्को बिहे गर्ने धम्की दिँदै पतिले आफूलाई खानलाउन नदिइ घरबाट निकालेको भन्दै असार २७ गते अनिताले पतिसहित सासू ५५ वर्षीया आर्जादेवी मण्डल, जेठाजु ३५ वर्षीय लक्ष्मी मण्डलविरुद्ध जिल्ला अदालतमा मानाचामलको मुद्दा दिएकी थिइन्। तीन जना छोराछोरीको शिक्षादीक्षा, खाना र औषधोपचारका लागि प्रतिमहिना १५ हजार रुपियाँका दरले मानाचामल दिलाइभराइ पाउन उनले उजुरीमा माग गरेकी छन्। पीडित तीन छोराछोरीका साथ सिम्राहा सिंग्यौन गाविस-२ स्थित माइतीमा बसेकी छन्। ०५८ चैत २९ गते विवाहित उनीहरूका १० वर्षीया एक छोरी, आठ वर्षीय र नौ महिनाका दुई छोरा छन्। अदालतले मुद्दाको टुङ्गो नलागेसम्म आरोपितले खाइपाइ आएको तलब ११ हजार २ सय ४० रुपियाँको दुई तिहाइ मासिक रूपमा सगरमाथा अञ्चल प्रहरी कार्यालयको लेखा शाखामार्फत पीडितलाई दिन जिल्ला प्रहरी कार्यालय उदयपुरलाई लेखी पठाउन साउन १० गते आदेश गरेको थियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

लोहजरा गाविस-२ की आठ महिनाकी गर्भवती २० वर्षीया मञ्जुकुमारी मण्डललाई ०७० मङ्सिर ३ गते उनका ससुरा सीताराम यादवले कुटपिट गरी खान र बस्नसमेत नदिइ घर निकाला गरे। जन्डौल गाविस-७ मा डेरा लिई बस्ने पीडितका अनुसार पति २५ वर्षीय महानन्द यादव असोज १६ गतेदेखि बेपत्ता भएपछि मङ्सिर ३ गते घर जाँदा ससुरा सीताराम यादवले घरनिकाला गरेका थिए। घरभाडा तिर्न नसकेपछि डेराबाट निकालिएकी पीडित पुनः पुस ३ गते घर जाँदा जेठाजु ३० वर्षीय रामानन्द यादवले जबरजस्ती विष सेवन गराइ घरबाट निकालेका थिए। घरनिकालापछि लोहजरा गाविस-५ स्थित माइती पुग्नेबित्तिकै बेहोस भएकी पीडितको राजविराज नपा-३ स्थित अञ्चल अस्पतालमा उपचार भएको थियो। जिल्ला प्रहरी कार्यालयले ज्यान मार्ने उद्योगमा पुस ७ गते मुद्दा दर्ता गरेको थियो। प्रहरीले आरोपितलाई पुस ६ गते गिरफ्तार गरेको थियो। यस वर्षको अन्त्यसम्म मुद्दाको टुङ्गो लागेको छैन।

यो वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ७ सय ६२ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा ७ सय ४५ उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका पाँच, खानलाउन नदिएका ३०, विवाह दर्ता तथा नागरिकता नबनाएका सात, अर्की पत्नी ल्याएर हेला गरेका १०, मार्ने धम्की दिइएका एक र बोक्सीको आरोप लगाएका घटनामा एक जना

पीडित भएका थिए। प्रहरीले ६ सय ८७ घटनामा मिलापत्र गरायो भन पाँच उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना , सम्पत्ति क्षति

गैरराज्यपक्षबाट

मधेसी विद्यार्थी फोरमबाट

बिरामी लिएर राजविराजस्थित सगरमाथा अञ्चल अस्पताल आइरहेको स१ज २६७ नम्बरको म्याजिक भ्यानलाई जेठ २१ गते मधेसी जनअधिकार फोरम नेपाल आबद्ध मधेसी विद्यार्थी फोरमका कार्यकर्ताहरूले बसविट्टी गाविस-७ स्थित राजविराज-रूपनी सडक खण्डमा तोडफोड गरे। बन्दको अवज्ञा गरेको भन्दै बन्दकर्ताहरूले भाडामा चल्ने म्याजिक भ्यानको अगाडि, पछाडि र झ्यालका सबै सिसा फुटाएका थिए। जेठ २१ गते पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। आरोपितहरूविरुद्ध कुनै कारवाही भएन।

गाविस कर्मचारी सङ्घ नेपालबाट

सप्तरीका १ सय १४ गाविसका कर्मचारीहरूले ०७० भदौ १६ गतेदेखि असोज १६ गतेसम्म गाविस सचिवहरू, जिल्ला विकास समिति र राजविराज नगरपालिकाका कर्मचारीहरूको ऐक्यबद्धतामा कामकाज ठप्प गरेपछि सेवाग्राही सेवा लिनबाट वञ्चित भए। गाविस कर्मचारी सङ्घ नेपालले कर्मचारीहरूको तलब-भत्ता र सेवा-सुविधा राज्य कोषबाट व्यवस्था हुनुपर्ने, स्थानीय निकाय सेवा आयोग गठन हुनुपर्ने र वृत्ति विकासको व्यवस्था गर्नुपर्ने माग गर्दै गाविसको काम छाडेर जिल्ला विकास समितिको कार्यालयमा धर्ना दिएपछि र गाविस सचिवहरूले समेत ऐक्यबद्धता जनाएपछि सेवाग्राहीहरू गाविसबाट लिने सेवाबाट वञ्चित भए। धर्नामा ९३ प्राविधिक सहायक, ३० खरिदार, २८ मुखिया र १ सय १४ कार्यालय सहायक गरी २ सय ६५ कर्मचारी धर्नामा बसेको गाविस कर्मचारी सङ्घका अध्यक्ष परशुराम यादवले जानकारी दिए।

स्थानीय बासिन्दाबाट

प्रसवनी गाविस-३ स्थित श्यामा राप्राविका प्रधानाध्यापक हरिहरपुर गाविस-२ का महेशकुमार चौधरीलाई ०७० साउन २८ गते प्रसवनी र हरिहरपुर गाविसका स्थानीयवासीले दुर्व्यवहार गर्दै विद्यालयबाट बाहिर निकाले। विद्यालयका बालविकास सहयोगी कार्यकर्ता द्रौपतीदेवी चौधरीले हरिहरपुर गाविस-२ र प्रसवनी गाविस-३ की बालिकाहरू बेच्न खोजेको भन्दै हरिहरपुर गाविस-१ का अरूणकुमार चौधरी, प्रसवनी गाविस-३ का उचितनारायण चौधरी र प्रसवनी गाविस-३ का कपिल सरदारको नेतृत्वमा नाराजुलुसहित गएको समूहले विद्यालय परिसर प्रवेश गरी प्रधानाध्यापकलाई दुर्व्यवहार गर्दै विद्यालयबाट बाहिर निकालेको थियो। प्रधानाध्यापक चौधरीलाई आरोपितहरूले हरिहरपुर गाविस-२ स्थित रामजानकी हटियामा साउन १५ गते कुटपिट गरेका थिए। जिल्ला प्रहरी कार्यालयले पीडितको उजुरी नलिएपछि साउन २१ गते जिल्ला प्रहरी कार्यालयविरुद्ध परमादेशको रिट दायर गरेको पीडितले बताए। पुनरावेदन अदालतले कात्तिक २३ गते परमादेश जारी जिल्ला प्रहरी कार्यालयलाई निवेदन दर्ता गर्न आदेश गरेको थियो। यस वर्षको अन्त्यसम्म प्रधानाध्यापकले विद्यालय प्रवेश गर्न पाएका छैनन्।

मलेठ गाविस-९, जगदरीस्थित मदर्सा रहमानिया दारुल कुरान विद्यालयका प्रधानाध्यापक ४० वर्षीय मौलाना अब्दुल रहमान काश्मीलाई ०७० भदौ ३१ गते बिहान सोही ठाउँका ४६ वर्षीय इनुस मियाँलगायतकाले मदर्सामा कुटपिट गरे। मदर्सामा पढाइरहेका प्रधानाध्यापक रहमानसँग दुर्व्यवहार गर्दै कुटपिट गरिरहेको देखेपछि पीडितलाई जोगाउन गएका पीडितका भाइ मलेठ गाविस-९ का २२ वर्षीय सलिम मियाँ र भाइबुहारी ३२ वर्षीय सबुदनी खातुनलाई समेत कुटपिट गरी घाइते बनाएका थिए। घाइतेहरूको राजविराज नपा-३ स्थित अञ्चल अस्पतालमा उपचार भएको थियो। मदर्सा विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष इनुस मियाँविरुद्ध आर्थिक अनियमितता गरेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय र जिल्ला शिक्षा कार्यालयमा उजुरी दिएको आक्रोशमा आरोपितले प्रधानाध्यापकलाई कुटपिट भएको थियो। जिल्ला प्रहरी कार्यालयका डीएसपी श्यामसिंह चौधरीले मदर्सामा हिन्दु शिक्षक ल्याइ पढाउन लगाएको विषयमा विवाद गरी विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष इनुसले प्रधानाध्यापक रहमानलाई कुटपिट गरेको बताएका थिए। कुटपिटको आरोपमा गिरफ्तार भएका मलेठ गाविस-९ का ४६ वर्षीय इनुस मियाँ, ४० वर्षीय कुदुस

मियाँ, ४८ वर्षीय सकुर मियाँ, ४५ वर्षीय रहमुल मियाँ, ४० वर्षीय छबु मियाँ, २७ वर्षीय पिर मोहमद मियाँ र मलेठ गाविस-८ का ४७ वर्षीय मोहम्मद मुस्लिम मियाँलाई आपसमा सहमति गर्न भन्दै भदौ ३१ गते साँझ रिहा गरिएको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	३०		
उपस्वास्थ्यचौकी	८२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	१	३
स्टाफ नर्स	४	१	३
ल्याब असिस्टेन्ट	७०	७०	
अहेब	१५१	१४५	२
अनमि	१४३	१२३	२०
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	

जिल्ला प्रहरी कार्यालय

०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म अपहरण तथा शरिर बन्धक तीन, जबरजस्ती करणी पाँच, कर्तव्य ज्यान सात, जबरजस्ती करणी उद्योग छ, बहुविवाह चार, मानव बेचबिखन तथा ओसार पसार चार, अप्राकृतिक मैथुन जबरजस्ती करणी एक, हाडनाता जबरजस्ती करण दुई, कथि बोसीको एक ओटा मुद्दा दर्ता भए।

१.१२ सिरहा



जिल्ला सदरमुकाम: लहान (सिरहा)
क्षेत्रफल (वर्ग कि. मि.): १,१८८
घरधुरी सङ्ख्या: १,१७,५६२
जम्मा जनसङ्ख्या: ६,३७,३२८
पुरुष: ३,१०,१०१
महिला: ३,२७,२२७
अपाङ्ग सङ्ख्या: ६,६६५
गाविस/नपा सङ्ख्या: १०६/२
पुरुष साक्षरता सङ्ख्या: १,७७,७०८
महिला साक्षरता सङ्ख्या: १,२३,१००
हिन्दू धर्मावलम्बी प्रतिशत: ५०.१५
बौद्ध धर्मावलम्बी प्रतिशत: १.७३
इस्लाम धर्मावलम्बी प्रतिशत: ७.४६
किराँत धर्मावलम्बी प्रतिशत: ०.०७
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.०६
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१२
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.३६४
प्रतिपरिवार सरदर सङ्ख्या: ५.४०

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता १ सय ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४१ जना कैदी र कैद नतोकिएका १ सय ६४ जना थुनुवा गरी जम्मा २ सय ५ जना बन्दीहरू रहेका छन्, जसमा आश्रित एक जना गरी जम्मा २ सय ६ जना रहेका छन्। यो जिल्ला कारागार ०२८ सालमा निर्माण भएको हो।

जिल्ला कारागारमा पुरुष वार्डमा सुत्ने कोठा आठओटा, भान्साकोठा दुईओटा, एउटा पसल कोठा र एउटा चामल गोदाम रहेका छन्। त्यसै गरी महिला

वार्डमा एउटा सुत्ने कोठा, एउटा भान्साकोठा र एउटा गोदामघर रहेको छ। विभिन्न साइजका कोठा भएको कारागारमा १२ जनादेखि ५० जनासम्म सुत्ने गरेका छन्। पुरुष वार्डमा आठओटा चापाकल भएकामा शुद्ध पानी आउने दुईओटा कल रहेका छन् भने महिला वार्डमा एउटा कल रहेको छ। यसको पानी शुद्ध छैन। प्रत्येक कोठामा सिलिङ पङ्खा रहेका छ भने टीभी ६ ओटा रहेका छन्। कारागार भवन पुरानो भएकाले ठाउँठाउँमा पर्खाल चर्केको, छानाको प्लास्टर झर्ने गरेको छ। जसले गर्दा वर्षामा पानी चुहिने समस्या रहेको छ। कारागारमा सिनियर अहेवको दरबन्दी रहे पनि दरबन्दी खाली रहेकाले स्वास्थ्य जाँचका लागि समस्या हुने गरेको छ। कैदी बन्दीलाई दैनिक गुजाराका लागि ७ सय ग्राम चामल र ४५ रुपियाँ दिने गरेको र वर्षमा एकपटक मासुबापत ३ सय रुपियाँ दिने गरेकामा बन्दीहरूले सो रकम अपुग भएको गुनासो गरेका छन्।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

बडहरामाल गाविस-१ का १३ वर्षीय सर्वजित मुखिया, नौ वर्षीय सन्तोष मुखिया र ११ वर्षीया किरण मुखिया ०७० जेठ २२ गते अज्ञात समूहले सोही ठाउँकी रेणु मुखियाको आँगनमा राखेको बम खेलाउँदा विस्फोट भई घाइते भए। घाइतेहरूको उपचार धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भएको थियो। घाइतेमध्ये सर्वजित मुखियाको उपचारका क्रममा जेठ २५ गते न्युरो अस्पताल काठमाडौँमा मृत्यु भएको थियो। इलाका प्रहरी कार्यालय, मिर्चैयाका इन्स्पेक्टर पदम थपलियाका अनुसार बडहरामाल गाविस-१ का राजकुमार बानियाँको बारीबाट डाँकाहरूको समूहले पानको बट्टामा छाडेको घरेलु बम फेला पारी रेणु मुखियाको आँगनमा बच्चाहरूले खेलाउने क्रममा बम विस्फोट भएको थियो।

धम्की/कुटपिट

एमालेबाट

कुशहाल्क्ष्मीनिया गाविस-३ निवासी जिल्ला शिक्षा शिक्षा अधिकारी ३८ वर्षीय दिलीपकुमार ठाकुरलाई ०७० असार १३ गते एमालेका कार्यकर्ताहरूले गालीगलौज तथा हातपात गरे। पीसीएफ शिक्षकहरूको आन्दोलनका क्रममा भेट्न समय माग गरेका र भेट नदिएपछि कार्यकर्ताहरूले सो दिन कार्यकक्षमै गएर अधिकारी ठाकुरलाई गाली-बेइज्जती तथा हातपात गरेका थिए। जिल्ला प्रहरी कार्यालयले साउन १३ गते असनपुर गाविस-७ का २६ वर्षीय विशाल महतो, सिरहा नपा-७ का २६ वर्षीय राजेश यादव र सोही ठाउँका १८ वर्षीय शम्भु यादवलाई गिरफ्तार गरेको थियो। उनीहरूलाई केही सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा लगाइएको थियो। जिल्ला प्रशासन कार्यालयले आरोपितहरूलाई जनही पाँच हजार रुपियाँ धरौटी लिएर असार १९ गते रिहा गरेको थियो।

अभिव्यक्ति, भेला हुने,सङ्गठित हुने अधिकार

(राजनीति स्वतनत्रता, स्वतनत्र र निष्पक्ष चुनावसमेत)

धनगढी गाविस-२ घर भई लहान नगरपालिका-२ निवासी २६ वर्षीया अनिल झा नेतृत्वको सङ्घीय सद्भावना पार्टीकी क्षेत्र नम्बर ४ की उम्मेदवार आशापालमाथि ०७० कात्तिक १ गते अज्ञात समूहले आक्रमण गऱ्यो। पिप्रा प्रध गाविसमा आयोजित चुनावी सभा सकेर पतिसँग साइकलमा लहान फर्किने क्रममा सिसवनी गाविस-९ स्थित मेदनीपुरको पुलनजिक दुईओटा मोटरसाइकलमा आएका अज्ञात व्यक्तिहरूको समूहले उनीमाथि आक्रमण गरेको थियो। धनगढी प्रहरीको सहयोगमा पीडित र उनका पतिलाई सुरक्षा दिई लहान पुऱ्याइएको थियो। मोटरसाइकलको नम्बर र व्यक्तिको हुलिया पहिचान गर्न नसकेकाले आरोपितहरूको यस वर्षको अन्त्यसम्म पहिचान हुन सकेको छैन।

मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका केन्द्रीय सदस्य तथा सिरहा-४ का उम्मेदवार शत्रुघनप्रसाद सिंहमाथि ०७० असोज ३० गते राति काङ्ग्रेसका कार्यकर्ताहरूले आक्रमणको प्रयास गरे। आसोपुर वलकवा गाविस एवम् सिरह-५ मा लोकतान्त्रिकका उम्मेदवार जावेद पप्पुको घरमा इद पर्वको अवसरमा भोज खान गएको समयमा काङ्ग्रेसका कार्यकर्ताहरूले उनमाथि आक्रमण गरेका थिए। आक्रमणमा लोकतान्त्रिक पार्टीका केही कार्यकर्ता घाइते भएका थिए भने तीनओटा गाडीमा तोडफोड भयो। इलाका प्रहरी कार्यालय, मिर्चैयाले काङ्ग्रेसका नेता रामवृक्ष साहलाई कात्तिक ११ गते गिरफ्तार गरेको थियो। दलहरूको आपसी सहमतिमा कात्तिक १३ गते काङ्ग्रेस नेता साहलाई प्रहरीले रिहा गऱ्यो।

'कान्तिपुर' टेलिभिजनका लहान संवाददाता राजकुमार राउत, 'राससं'का मणिलाल विश्वकर्मा, 'गोरखापत्र'का सन्तोष सुवेदी र 'अन्नपूर्ण पोस्ट'का

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	३
बालअधिकार			३१	३	३४
अमानवीय व्यवहार				१	१
अपहरण				३	३
महिलाअधिकार			४८		४८
जातीय विभेद				३	३
कुटपिट	४	४	४	९	१३
हत्या			८	५	१३
जम्मा	४	४	८१	३५	१०६

रामबाबु यादवलाई ०६९ चैत ५ गते सशस्त्र प्रहरीका असई जयराम सिंहले लहान नपा-७ स्थित पशुपति आदर्श उच्च माविमा प्रवेशिका परीक्षासम्बन्धी समाचार सङ्कलन गर्न गएको समयमा कुटपिट र दुर्व्यवहार गरे। सशस्त्र प्रहरीका एक जवानले भेटेको चिटलाई पत्रकारहरूले फोटो खिच्न खोच्दा नखिच्न भन्दै गालीगलौज गरेर क्यामरा खोसी विश्वकर्मालाई आरोपितले कुटपिट गरेका थिए। कुटपिटबाट विश्वकर्माको दाहिने कानमा र यादवको देब्रे घुडामा चोट लागेको थियो। प्रहरी जवानले सुवेदी र यादवका दुईओटा क्यामेरा र एउटा नोकिया मोबाइल सेट खोसेका थिए। यस वर्षको अन्त्यसम्म पीडित पत्रकार रामबाबुका अनुसार क्यामरा फिर्ता गरे पनि मोबाइल फिर्ता नभएको र औषधी खर्च उपलब्ध भएको छैन।

लहान नगरपालिका-५ की ३० वर्षीया मजिबुल खातुन, २७ वर्षीया नजदा खातुन, २६ वर्षीया नजबुन खातुन र २८ वर्षीय मोहमद अब्बासलाई आफ्नो पार्टीको पोस्टर च्यातेको आरोपमा कात्तिक १५ गते राति १० बजे एमाओवादीका कार्यकर्ताहरूले पोस्टर च्यातेको आरोपमा बाँसको भाटाले कुटपिट गरे। सो पार्टीका कार्यकर्ताहरूले सो दिन बिहान सिरहा-१ का उम्मेदवार मुनी साहको प्रचार सामग्री पोस्टर नजबुनको घरमा टाँसेका थिए। सो पोस्टर नजबुनकी दिदी मजेबुल खातुनले च्यातेको आरोपमा उनीहरूमाथि कुटपिट भएको थियो। घाइते पीडितहरूको लहानस्थित फ्रेन्डस मोडल अस्पतालमा उपचार भएको थियो। पीडितहरूले इलाका प्रहरी कार्यालय, लहानमा कात्तिक १६ गते उजुरी दिएका थिए।

एमाओवादी कार्यकर्ताको कुटपिटबाट घाइते भएकी मजिबुल खातुन

५० वर्षीय मोहम्मद शेख सहिदुल, उनका १५ वर्षीय छोरा मोहम्मद सहाबुद्दिन बडहरामाल गाविसका १९ वर्षीय सुमित यादव, १९ वर्षीय रेशमलाल मुखिया र राघोपुर गाविसका १८ वर्षीय रूपेश यादवलाई कात्तिक २६ सोही गाविसका श्रवण यादवको नेतृत्वमा एमाओवादी कार्यकर्ताहरूले रामपुरबिर्ता गाविस-८ स्थित मनहर्वामा एमालेको घरदैलो अभियानमा रहेका सो पार्टीका कार्यकर्ताहरूलाई खानाको व्यवस्था गरेको आरोपमा कुटपिट गरे। कुटपिटबाट शेख सहिदुलको नाकमा चोट लागेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

तीन जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ९ सय ९८ थानमध्ये २ सय ९९ थानको फैसला भयो भने ६ सय ९९ थान बाँकी रहे। देवानी मुद्दातर्फ ३ हजार ३ सय ६१ थानमध्ये १ हजार ४ सय ६१ थानको फैसला भयो भने १ हजार ९ सय थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

पाँच जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ९ सय १६ थानमध्ये १ सय ३० थानको फैसला भयो भने ७ सय ८६ थान बाँकी रहे। देवानी मुद्दातर्फ २ हजार ५ सय २९ थानमध्ये ३ सय ६० थानको फैसला भयो भने २ हजार १ सय ६९ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ४३ थान र देवानी मुद्दा ४ सय ९२ थान रहे।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४ सय ३ थान छ, जसमध्ये १ सय ७९ थान सफल भए भने ३५ थान असफल भए। मुलतवी र तमेलीमा रहेका मुद्दाको सङ्ख्या पाँच थान छ।

दायर मुद्दामध्ये कर्तव्य

ज्यानसम्बन्धी २५ थानमध्ये ६ थान सफल र आठ थान असफल रहे। बलात्कारसम्बन्धी मुद्दा १८ थानमध्ये दुई थान सफल र दुई थान असफल रहे। महिला बेचबिखनसम्बन्धी एक थान मुद्दा सफल रह्यो। अपहरणसम्बन्धी पाँच थानमध्ये पाँच थान नै सफल रहे। बहुविवाहसम्बन्धी १० थानमध्ये तीन थान सफल।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या ९० थान छ, जसमध्ये सात थान सफल भए। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ८३ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ३३ हजार ९ सय ४५ मध्ये छात्र ७० हजार ६ सय ४० र छात्रा ६३ हजार ३ सय ५ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २० हजार ५ सय ८६ र छात्र २० हजार ५ सय २२ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला र पुरुष गरी दरबन्दी र राहतमा जम्मा १ हजार ७ सय ३ शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला र पुरुष गरी जम्मा दरबन्दी र राहत गरेर ३ सय १२ शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला र पुरुष गरी दरबन्दी र राहत गरेर जम्मा २ सय ७९ शिक्षक रहेका छन्। जम्मा महिला र पुरुष शिक्षकहरू दरबन्दीमा प्राविदेखि माविसम्म १ हजार ७ सय ३६ र राहत कोटामा ५ सय ५८ गरी जम्मा २ हजार २ सय ९४ शिक्षकहरू रहेका छन्।

बालविकास केन्द्र ५ सय ८३ ओटा रहेका छन्, जसमा बालक र बालिका गरी जम्मा ११ हजार ६ सय ६० जना रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

१३ वर्षीया एक बालिकालाई ०६९ फागुन ३ गते सोठियाइन गाविस-५ का २२ वर्षीय सुरेन्द्र यादव र १५ वर्षीय राजकुमार यादवले बलात्कार गरेको आरोपमा पीडित परिवारले ०६९ फागुन ५ गते वडाप्रहरी कार्यालय, लहानमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा फागुन ४ गते भएको थियो। पुरुष सदस्यहरू घरमा नभएको र पीडित घरबाहिर निस्केको समयमा यादवले पीडितलाई नजिकैको चौरमा लगेर बलात्कार गरेका थिए। ०६९ माघ १६ गते र फागुन ४ गते गाउँलेले घटना मिलाउन पीडित परिवारलाई दबाब दिएका थिए। जिल्ला अदालतको आदेशमा आरोपित राजकुमार ०७० साउन १६ गतेदेखि संरक्षकको जिम्मामा रहेका छन्। यस वर्षको अन्त्यसम्म आरोपित सुरेन्द्र फरार छन्।

१४ वर्षीया एक बालिकालाई ०६९ माघ १९ गते बस्तीपुर-८ का २५ वर्षीय मागैन भन्ने चन्द्रेश्वर यादवले बलात्कार गरेको आरोपमा स्थानीय बासिन्दाले माघ २० गते पकिटोल अस्थायी प्रहरी चौकीमा घटनाबारे खबर गरेका थिए। पीडितको स्वास्थ्य परीक्षण माघ २३ गते धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सोही दिन भएको थियो। खेतमा गएको समयमा पीडितलाई आरोपितले नजिकै एक झुपडीमा लगेर बलात्कार गरेका थिए। स्थानीयवासीको रोहवरमा सो चौकीका असई रोहणी पोखरेलले पीडितलाई १ लाख रुपियाँ दिने सर्तमा घटनाको मिलापत्र गराएका थिए। असई पोखरेलले पीडितका बाबुलाई ०६९ माघ २१ गते ९० हजार रुपियाँ दिएका थिए। घटनालाई मिलापत्रमा टुङ्ग्याउन संलग्नहरू जोगिन्द्र यादव, रामसुन्दर यादव र सिगहेश्वर पासवानलाई वडाप्रहरी कार्यालय लहानले गिरफ्तार गरी सार्वजनिक अपराधमा ०६९ माघ २३ गते मुद्दा चलायो। असई पोखरेललाई विभागीय कारवाहीका लागि अञ्चल प्रहरी कार्यालय, राजविराज पठायो। यस वर्षको अन्त्यसम्म आरोपित चन्द्रेश्वर फरार छन्। मिलापत्र गराउने असईलाई कस्तो विभागीय कारवाही भयो, सार्वजनिक गरिएन।

१६ वर्षीया एक बालिकालाई ०७० असार १२ गते राति भगवतपुर तमसुइया गाविस-६ का ३२ वर्षीय पशुपति यादव, १७ वर्षीय एक बालक र २१ वर्षीय अमिरी यादवले अपहरण गरी ३५ दिनसम्म बलात्कार गरेको आरोपमा पीडितले असार १७ गते इलाका प्रहरी कार्यालय, लहानमा उजुरी दिइन्। पीडितको असार १७ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। पीडित पिसाब फेर्न घरबाहिर निस्केको समयमा आरोपितहरूले मुख थुनेर अपहरण गरेका थिए। यस वर्षको अन्त्यसम्म आरोपितहरू फरार छन्।

चार वर्षीया बालिकालाई ०७० असार १२ गते

अर्नमारामपुर गाविस-१ का १९ वर्षीय प्रमोद कामतीले बलात्कार गरेको आरोपमा पीडित परिवारले जिल्ला प्रहरी कार्यालय सिरहामा असार १३ गते उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण असार १३ गते जिल्ला अस्पताल, सिरहामा भएको थियो। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

१२ वर्षीया एक बालिकालाई ०७० मङ्सिर १९ गते अयोध्यानगर गाविस-४ का २५ वर्षीय भरोसी मण्डलले बलात्कार गरेको आरोपमा पीडित परिवारले इलाका प्रहरी कार्यालय, मिर्चैयामा मङ्सिर २० गते उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण मङ्सिर १९ गते नै जिल्ला अस्पतालमा भएको थियो। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

१३ वर्षीया एक बालिकालाई ०७० मङ्सिर १९ गते चन्द्रलालपुर गाविस-२ का २६ वर्षीय राजेस दास मलाहले बलात्कार गरेको आरोपमा पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा मङ्सिर २१ गते उजुरी दियो। पीडितको स्वास्थ्य जाँच जिल्ला अस्पतालमा मङ्सिर २१ गते भएको थियो। राति ९ बजे बारीमा दाउरा लिन जाऊँ भनी आरोपितले ती बालिकालाई बलात्कार गरेका थिए। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्

१५ वर्षीया बालिकालाई मुक्सार गाविस-६ का १८ वर्षीय नजामुदिन अली, १९ वर्षीय मनोज ठाकुर र १९ वर्षीय दाउद अलीले ०७० पुस ६ गते दिउँसो खेतमा गएका बेला सामूहिक बलात्कार गरेको आरोपमा पीडित परिवारले जिल्ला प्रहरी कार्यालय सिरहामा पुस १२ गते उजुरी दिएको थियो। पीडितको स्वास्थ्य जाँच जिल्ला अस्पताल सिरहामा पुस ११ गते भएको थियो। घटना गाउँमै मिलाउन आरोपितहरूले पीडित पक्षलाई दबाब दिएको थियो। स्थानीयहरूले थाहा पाएपछि घटना मिलाउने स्थानीय नेता तथा आरोपित नजामुदिनलाई प्रहरीले पुस ११ गते गिरफ्तार गऱ्यो। यस वर्षको अन्त्यसम्म अन्य आरोपितहरू फरार छन्।

१४ वर्षीया एक बालिकालाई भवानीपुर कलाबन्जर गाविस-६ का ३० वर्षीय किशोरीलाल साह र ५५ वर्षीय रामजी साहले बलात्कार गरी गर्भ बोकाएको आरोपमा पीडित परिवारले इलाका प्रहरी कार्यालय लहानमा मङ्सिर २९ गते उजुरी दिएको थियो। पीडित परिवारका अनुसार ६ महिनाअघि पीडितको घरमा काम गर्न गएका आरोपितहरूले बालिकालाई बलात्कार गरेका थिए। आरोपितहरूले पीडितलाई कसैलाई भने परिवारका सबैको हत्या गर्ने डर-त्रास र धम्की दिएकाले बालिकाले कसैलाई भन्न सकेकी थिइनन्। परिवारका सदस्यले केरकार गरेपछि पीडितले घटनाबारे आफन्तहरूलाई बताएकी थिइन्। यस वर्षको अन्त्यसम्म आरोपितहरू फरार छन्।

बालबालिका ओसारपसार

जानकीनगर गाविस-७ का १० वर्षीय बालक दिनेश यादवलाई ०७० जेठ ६ गते सोही ठाउँका ३२ वर्षीय मुस्लिम मन्सुरीले २ हजार भारतीय रुपियाँ दिने र कपडा, मोबाइल किनिदिने प्रलोभन देखाएर भारतको पन्जाबमा लगी बेचबिखन गरेको आरोपमा पीडित परिवारले जिल्ला प्रशासन कार्यालयमा भदौ २५ गते र जिल्ला प्रहरी कार्यालयमा भदौ २८ गते किटानी जाहेरी उजुरी दिएको थियो। जिल्ला प्रहरी कार्यालय, सिरहाका अनुसार आरोपितहरू पीडित खोज्ने निहुँले भारत फरार भएका छन्। यस वर्षको अन्त्यसम्म आरोपितहरू फरार छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३९ वर्षीया महिलालाई ०७० वैशाख १५ गते ब्रह्माण गोर्छारी गाविस-६ का ४० वर्षीय बुधुवा सदाले बलात्कार गरेको आरोपमा पीडितले ०७० वैशाख १६ गते वडाप्रहरी कार्यालय, लहानमा उजुरी दिइन्। पीडितको जिल्ला अस्पतालमा वैशाख १६ गते स्वास्थ्य परीक्षण भयो। पीडित दिउँसो खेतमा गहुँ काट्न गएको बेला आरोपितले खेतको आलीमा उनलाई बलात्कार गरेका थिए। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

उदयपुर जिल्लाकी २३ वर्षीया एक महिलालाई ०७० भदौ ४ गते सिरहा चन्द्रअयोध्यापुर गाविस-१ का २५ वर्षीय जङ्गली भन्ने जयकुमार यादव र ३३ वर्षीय शङ्कर भनिने ओमशङ्कर साहले बलात्कार गरेको आरोपमा इलाका प्रहरी कार्यालय मिर्चैयामा पीडितले उजुरी दिइन्। पीडितको सोही दिन जिल्ला अस्पतालमा स्वास्थ्य जाँच भएको थियो। आरोपित ओमशङ्करलाई प्रहरीले भदौ ९ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ओमशङ्कर ०७० असोज २ गते सादा तारेखमा रिहा भए। यस वर्षको अन्त्यसम्म आरोपित जयकुमार फरार छन्।

घरेलु हिंसा

परिवारजनबाट हत्या

लहान नपा-५ की २७ वर्षीया रञ्जु साहलाई ०६९ चैत १४ गते उनका पति ३० वर्षीय रमेश नायकले कुटपिटपछि विष खुवाएर हत्या गरेको आरोपमा पीडितको माइती पक्षले वडा प्रहरी कार्यालय, लहानमा ०६९ चैत १५ गते उजुरी गऱ्यो। रञ्जुको लहान अस्पतालमा मृत्यु भएको थियो। लासको पोस्टमार्टम लहान अस्पतालमा सोही दिन भएको थियो। मृतकका बुबा राजकुमार पूर्वेका अनुसार चैत १४ गते होलीको दिन दिउँसो रङ्गको विषयमा आरोपित, उनकी आमा गङ्गा नायक र बहिनी गौरी नायकले पीडितलाई कुटपिट गरेका थिए। कुटपिटपछि रमेशले पसलबाट लामखुट्टे धपाउनका लागि प्रयोग गरिने झोल ल्याएर पत्नीलाई खुवाएका थिए। आरोपितहरू रमेश नायक, उनकी आमा गङ्गा नायक र बहिनी गौरीलाई प्रहरीले चैत १५ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा ०७० वैशाख ९ गते आरोपितमध्ये रमेशकी आमा र बहिनी सादा तारेखमा रिहा भए भने रमेश पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

गाढा गाविस-९ की ३२ वर्षीया बवितादेवी महतोलाई ०७० जेठ ४ गते राति पति ३५ वर्षीय श्यामसुन्दर महतोले घरमा गोली हानी हत्या गरे। लासको जेठ ५ गते पोस्टमार्टम रामकुमार-उमाप्रसाद स्मारक लहान अस्पतालमा भएको थियो। पत्नीको हत्या गरी उनी आफ्ना तीनओटा सन्तान लिएर सोही गाविस-३ मा रहेको आफ्नो सानोबुबाको घरमा गएर घटनाबारे बताएका थिए। आरोपित सानोबुबाको घरबाट फरार भएका थिए। आरोपितका सानोबुबा नन्दीले वडाप्रहरी कार्यालय लहानमा जेठ ५ गते उजुरी दिएका थिए। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

बडहरामाल गाविस-२ की २५ वर्षीया गीतादेवी यादवको कात्तिक ९ गते राति घाटी रेटी हत्या भयो। लासको पोस्टमार्टम जिल्ला अस्पतालमा कात्तिक १० गते भएको थियो। उनको लास बडहरामाल गाविस-५ नगिना पेट्रोल पम्पनजिक पुलको छेउमा कात्तिक १० गते फेला परेको थियो। लास फेला परेको स्थानीयले प्रहरीलाई खबर गरेका थिए। कात्तिक ९ गते साँझ स्थानीय बजारबाट तरकारी खरिद गरी ३० वर्षीय पति अक्षयकुमार यादवसँग घर फर्किएकी थिइन्। सोही समयदेखि मृतकका पति बेपत्ता भएका थिए। उनकै पति अक्षयले पत्नीको हत्या गरेको प्रहरीले आशङ्का गरेको छ। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

इटारीप्रसाही गाविस-१ की २० वर्षीया आशादेवी मण्डललाई ०७० मङ्सिर २६ गते ससुरा ४५ वर्षीय निरञ्जन मण्डल, सासू ४१ वर्षीया जहरी मण्डल र देवर २४ वर्षीय पप्पु मण्डलले हत्या गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा पुस ५ गते पीडित परिवारले उजुरी दियो। मृतकका बाबु भारतको मधुबनी जिल्ला वीरपुर गाविस बस्ने इन्द्रजित मण्डलले सो उजुरी दिएका थिए। छोरीलाई आरोपित पक्षहरूले कुटपिट गरी गम्भीर भएपछि विष खुवाएर आत्महत्या गरेको भनी मिर्चैया प्रहरीमा उजुरी हालेको र माइती पक्षलाई खबरै नगरी दाहसंस्कार गरेको उनले उजुरीमा उल्लेख गरेका थिए। लासको पोस्टमार्टम जिल्ला अस्पतालमा मङ्सिर २६ गते भएको थियो। ०६७ फागुन २७ गते आरोपितका छोरा प्रेमचन्द्र मण्डलसँग विवाह भएको थियो। एक वर्षदेखि पीडितका पति वैदेशिक रोजगारीमा छन्। घरमा सासू, ससुराहरूले दाइजोका लागि मानसिक र शारीरिक यातना दिने गरेका थिए। सिरहाका एसपी पूर्णचन्द्र जोशीले घटना रहस्यमय भएकाले अनुसन्धान जारी रहेको बताए। यस वर्षको अन्त्यसम्म पनि आरोपितहरूलाई प्रहरीले गिरफ्तार गरेको छैन।

कथित बोक्सीको आरोप

ढोढना गाविस-२ की ४४ वर्षीया डोमनीदेवी चौधरीलाई ०६९ माघ २३ गते कथित बोक्सीको आरोपमा स्थानीय ३० वर्षीय रमानन्द चौधरी, ३२ वर्षीय उमाकान्त चौधरी, ३२ वर्षीय शोभा चौधरीले कुटपिट गरे। आरोपितहरूले उनीहरूलाई चोर लगाएको भन्दै बारीमा काम गरिरहेको समयमा पीडितलाई बोक्सीको आरोपमा कुटपिट गरेका थिए। ०६९ माघ १५ गते पीडितको बाँसघारीबाट छिमेकी रमानन्द चौधरीले दुईओटा बाँस उनलाई नसोधी काटेर लगेका थिए। सो कुरा उनले थाहा पाएर स्थानीय बाँसघारी देखाउन लगेकी थिइन्। कुटपिटबाट मरणासन्न भएकी पीडितलाई माघ २३ गते थप उपचारका लागि विराटनगरस्थित न्युरो अस्पतालमा लगिएको थियो। टाउको र शरीरका संवेदनशील अङ्गहरूमा कुटपिट गरिएकी पीडितको हातको बीचको औंला भाँच्चिएको थियो। पीडित परिवारले ०६९ माघ २४ गते वडा प्रहरी कार्यालय लहानमा उजुरी दिएको थियो। आरोपितहरूलाई प्रहरीले ०६९ माघ २७ गते गिरफ्तार गरेको थियो। ०६९ फागुन १३ गते जिल्ला अदालतबाट

आरोपित १० हजार रुपियाँ धरौटीमा रिहा भएका थिए।

बर्छवा गाविस-१ की ६५ वर्षीया हवरीदेवी महतो र ३५ वर्षीया सावित्रीदेवी महतोलाई ०७० भदौ १५ गते बोक्सीको आरोपमा सोही गाविसका २८ वर्षीय जगदीश महतो, ३० वर्षीय रामजतन महतो र २१ वर्षीय जिवछ महतोले बाँसको भाटाले कुटपिट गरे। कुटपिटबाट सावित्रीको हात भाँच्चिएको र हवरीको आँखा तथा टाउकोमा चोट लागेको थियो। दुवै जना पीडितको नवउदय पोली क्लिनिक विष्णुपुरामा सोही दिन उपचार भएको थियो। पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा भदौ १६ गते उजुरी दिएका थिए। जिल्ला प्रहरी कार्यालय सिरहाले आरोपित जगदीशलाई भदौ १६ गते र डुमरी गाविसका धामी ४१ वर्षीय रामविलास सदायलाई भदौ २४ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा जगदीश र रामविलास ०७० असोज ४ गते जनही १० हजार रुपियाँ धरौटीमा रिहा भएका थिए। अन्य आरोपितहरू फरार छन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै २९ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र सिरहामा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ९ जना, खानलाउन नदिएको ४ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको १, अर्को श्रीमती ल्याएर हेला गरेकोमा ४, मार्ने धम्की दिइएकोमा ११, बोक्सीको आरोप लगाएको घटनामा दुई जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले २७ घटनामा मिलापत्र गराएको र २ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

राष्ट्रिय मधेस समाजवादी पार्टीका समानुपातिक उम्मेदवारको गाडीमा अज्ञात समूहले कात्तिक २५ गते राति आगजनी गऱ्यो। समानुपातिक उमेदवार सिरहा, मझौलिया गाविस-५ का मोहमद हुम्जा राइनको बा४च ८१६ नम्बरको मारुती भ्यानमा राति ११ बजे अज्ञात समूहले आगजनी गरेको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	**१**		
स्वास्थ्यचौकी	**३३**		
उपस्वास्थ्यचौकी			
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	**५**	**३**	**२**
स्टाफ नर्स	**८**	**३**	**५**
ल्याब असिस्टेन्ट	**८**	**८**	
अहेब	**२५६**	**१९३**	**६३**
अनमि	**१४०**	**८९**	**५१**
खोप सुपरभाइजर	**१**	**१**	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	**१**	**१**	
हेल्थ असिस्टेन्ट	**४०**	**१७**	**२३**
माशिका	**७१**		
स्वास्थ्य कार्यकर्ता	**७१**		

जिल्ला प्रहरी कार्यालय

०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यान १४, बलात्कार १६, बलात्कार प्रयास ११, बहुविवाह १२, बोक्सी दुई र अपहरण दुई, आत्महत्या ३७, केही सार्वजनिक अपराध १ सय ७, ज्यानमार्ने उद्योग नौ, हातहतियार तथा खरखजाना १३, मानव बेचबिखन एक र विस्फोटन दुई ओटा मुद्दा दायर भयो।

१.१३ उदयपुर



जिल्ला सदरमुकाम: गाईघाट
क्षेत्रफल (वर्ग कि. मि.): २,०६३.००
घरधुरी सङ्ख्या: ६६,५५७
जम्मा जनसङ्ख्या: ३,१७,५३२
पुरुष: १,४५,७१२
महिला: १,६७,८२०
अपाङ्ग सङ्ख्या: ७,७८१
गाविस/नपा सङ्ख्या: ४४/१
पुरुष साक्षरता सङ्ख्या: १,०६,५५१
महिला साक्षरता सङ्ख्या: ५७,५३५
हिन्दू धर्मावलम्बी प्रतिशत: ७२.५७
बौद्ध धर्मावलम्बी प्रतिशत: १२.१२
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.६८
किराँत धर्मावलम्बी प्रतिशत: ५.८५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.३५
प्रकृति धर्मावलम्बी प्रतिशत: २.११
वोन धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.२३८
प्रतिपरिवार सरदर सङ्ख्या: ४.७७

जेल र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ५१ र कैद नतोकिएका ७३ जना कैदी र थुनुवा गरी जम्मा १ सय २४ जना कैदी बन्दीहरू रहेका छन्, जसमा आश्रित बालक एक जना छन्। यसरी यस कारागारमा जम्मा १ सय २५ जना रहेका छन्। जिल्ला कारागारको भवन ०३८ मा निर्माण भएको हो। भवन जीर्ण बन्दै गएकाले वर्षादमा छतबाट पानी चुहिने र ढलान उक्किएर झर्ने गरेको बन्दीहरूले बताए। क्षमताभन्दा बढी बन्दी राखिएका कारण सुत्न-बस्न अभाव भएको र साँघुरो स्थानमा चेपिएर बस्नुपर्ने बाध्यता रहेको बन्दीहरूको गुनासो छ। कारागारभित्र स्थानीय र राष्ट्रिय गरी ६ ओटा पत्रपत्रिका जाने गरेको पाइयो। बन्दीका लागि विभिन्न निकायले दिएका रेडियो र चारवटा टेलिभिजन, साधारण खेलकुद सामग्रीहरू रहेका छन्। बन्दीले कारागारभित्र हाते होजियारीका कार्यहरू सुइटर, टोपी, मुढा बनाइ कारागार प्रशासनमार्फत बिक्री गर्ने गरेका छन्।

झडप

त्रियुगा नपा-१ बोक्सेमा रहेको जिल्ला कारागारका कैदी बन्दीहरूको एक समूहले अर्को समूहलाई ०६९ फागुन ९ गते दिउँसो ३ बजे आक्रमण गर्दा सात जना घाइते भए। झडपमा त्रियुगा नपा-१ का २१ वर्षीय पृथ्वी मगर, त्रियुगा नपा-७ का ३१ वर्षीय बिदुर भट्टराई, सुनसरी भरौल गाविस-३ का २७ वर्षीय विष्णु धामी, त्रियुगा नपा-१२ का २४ वर्षीय विनोद दनुवार, उदयपुर बेल्टार गाविस-९ का १८ वर्षीय दीपक परियार, सप्तरी बरमजिया गाविसका २२ वर्षीय शियाराम पासवान, सिन्धुली ककुरठाकुर गाविस-३ का १८ वर्षीय लोकबहादुर तामाङ घाइते भएका थिए। उनीहरूको जिल्ला अस्पताललगायत विभिन्न स्वास्थ्य संस्थाहरूमा उपचार भयो। घाइतेमध्ये विदुर भट्टराई र विष्णु धामीलाई सप्तरी कारागार र पृथ्वी मगर, विनोद दनुवारलाई सिन्धुली कारागार र शियाराम पासवान, दीपक परियार र लोकबहादुर तामाङलाई सुनसरीको झुम्कास्थित क्षेत्रीय कारागार सरुवा गरिएको थियो।

हिरासतमा मृत्यु

त्रियुगा नपा-१ का ३३ वर्षीय प्रमोद बस्नेतलाई ०६९ चैत २८ गते राति १० बजे जिल्ला प्रहरी कार्यालयले मादक पदार्थ खाएको भन्दै हिरासतमा लिएकामा चैत २९ गते बिहान अचेत अवस्थामा फेला परे। तत्काल जिल्ला अस्पताल पुऱ्याइएका बस्नेतलाई अस्पतालले मृत घोषित गरेको थियो। लासको पोस्टमार्टम ०६९ चैत ३० गते भएको थियो। पोस्टमार्टम रिपोर्टमा मृत्युको कारण खुल्न नसकेको तथा कलेजो, फोक्सो तथा भिसेरा जाँचका लागि पठाइएको उल्लेख छ। मृतकका आफन्त तथा परिवारका सदस्यहरूले उचित क्षतिपूर्ति दिनुपर्ने र उच्चस्तरीय जाँचबुझ समिति गठन गर्नुपर्ने माग गर्दै लास बुझ्न मानेनन्। स्थानीय प्रशासन, प्रहरी, पीडित परिवार, नागरिक समाज तथा मानवअधिकारकर्मीबीच

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			११		११
महिलाअधिकार			१२		१२
गिरफ्तारी/यातना	११	११			
हिरासत वा थुनामा मृत्यु	१	१			
कुटपिट	१	१		५	५
हत्या			२		२
जम्मा	१३	१३	३५	५	३०

२९ र ३० गते छानबिन समिति गठन गर्न अनुरोध गर्ने, राहतका लागि सिफारिस गर्ने तथा आश्रित परिवारलाई करारमा नोकरी दिने सहमति मृतकका आफन्तले लास बुझेका थिए। क्षेत्रीय प्रशासन कार्यालयका उपसचिव वासुदेव कोइरालाको संयोजकत्वमा राष्ट्रिय अनुसन्धानका डीएसपी टीका पोखरेल र नेपाल प्रहरीका डीएसपी मनोज यादव रहेको तीन सदस्यीय समिति ०७० वैशाख ६ गते गठन भएको थियो। समितिले घटनाबारे छानबिन गरे पनि प्रतिवेदन सार्वजनिक गरेको छैन। स्थानीय प्रशासनको पहलमा मृतकी पत्नी यशोदा बस्नेतलाई सिँचाइ डिभिजन कार्यालय उदयपुरले करारमा नियुक्ति गरेको छ। प्रहरीका अनुसार हिरासतमा सुतेको अवस्थाबाट बिहान नउठेपछि खोजी गर्दा बस्नेत अचेत अवस्थामा भेटिएका थिए। घटना सम्बन्धमा जिल्लाका मानवअधिकारकर्मीले स्वतन्त्र अनुगमन गरे। मानवअधिकारकर्मीको अनुगमनमा मृत्यु हुनपूर्व कसैले कुटपिट गरेको हुन सक्ने निष्कर्ष निकालेको थियो। डीएसपी लोकेन्द्र श्रेष्ठले प्रमोदलाई हिरासतमा कुनै प्रकारको यातना नदिएको बताए। यस वर्षको अन्त्यसम्म कसैलाई कारवाही भएको छैन।

धम्की/कुटपिट

राज्यपक्षबाट

चौडण्डीगढी माध्यमिक विद्यालयबाट परीक्षा दिन आएका परीक्षार्थी १६ वर्षीय उत्तम राईलाई ०७० चैत १ गते जिल्ला प्रहरी कार्यालयका डीएसपी लोकेन्द्र श्रेष्ठले एसएलसी परीक्षा केन्द्रमा बिनाकारण कुटपिट गरे। एसएलसी परीक्षा अनुगमनमा गएका डीएसपी श्रेष्ठले ज्यामिरेझोर एसएलसी परीक्षा केन्द्रबाट परीक्षा दिइरहेका राईलाई चिट चोरेको आरोप लगाउँदै परीक्षा हलभित्र पसेर गालामा थप्पड हानेको विद्यार्थीका अभिभावकले बताए। कुटपिटपछि प्रहरीले परीक्षा नियन्त्रकमार्फत पीडितलाई परीक्षा हलबाहिर निकालेका थिए। अनुसन्धानपछि पीडित निर्दोष देखिएका थिए। आधा घन्टापछि पीडितलाई पुनः परीक्षामा सामेल गराइएको थियो। पीडितले मानसिक यातनाका कारण हतोत्साहित भएर परीक्षामा राम्रो लेख्न नसकेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्याम कार्कीले बताए। पीडितले दबाब र डर-त्रासका कारण कतै उजुरी दिएनन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

रिस्कु गाविस-६ निवासी एमालेका केन्द्रीय सदस्य एवम् संविधानसभा निर्वाचनमा उदयपुर-३ का नेकपा एमालेका प्रत्यक्षतर्फका उम्मेदवार जगन्नाथ खतिवडामाथि ०७० मङ्सिर ३ गते रिस्कु गाविस-७ गालटारस्थित यादव पोखरेलको घरमा राति काङ्ग्रेसका कार्यकर्ताहरू निरज कार्की, उमेश कार्की, सहदेव खड्कासहितको २०-२५ जनाको समूहले आक्रमण गऱ्यो। आक्रमणमा खतिवडासँगै रहेका रिस्कु गाविस-७ का एमाले कार्यकर्ता लक्ष्मण राई, सन्तोष राई, जयबहादुर राई र कृष्ण भट्टराई घाइते भएका थिए। घाइतेमध्ये कृष्ण भट्टराई र सन्तोष राईको कटारी अस्पतालमा र अन्य दुईको विराटनगरस्थित न्युरो अस्पतालमा उपचार भएको थियो। घटनामा कटारी बजारबाट गएका काङ्ग्रेस कार्यकर्ताले फायरिङ गर्दै अन्धाधुन्ध आक्रमण गर्न थालेपछि खतिवडाको सुरक्षार्थ खटिएका अङ्गरक्षकले दुई राउन्ड हवाई फायर गरेका थिए। फायरिङपछि आक्रमणकारी तितरवितर भएका थिए।

त्रियुगा नपा-७, मोतीगडा निवासी एमाओवादीको उदयपुर जिल्ला समितिका सदस्य एवम् त्रियुगा नपा-१, बोक्सेस्थित बालमन्दिर माविका प्रधानाध्यापक ४१ वर्षीय यादवबहादुर कार्कीको घरलाई लक्षित गर्दै ०७० कात्तिक २७ गते राति ११ बजेको समयमा अज्ञात समूहले सकेट बम विस्फोट गरायो। प्रहरीले निर्वाचनको विरोधी नेकपा-माओवादीले विस्फोट गराएको बतायो। यस वर्षको अन्त्यसम्म आरोपितको पहिचान हुन सकेको छैन।

कटारी गाविस-२, मरुवा खोला निवासी एमाले जिल्ला कमिटी सदस्य ४५ वर्षीय कृष्ण थापाको घरमा ०७० कात्तिक २९ गते राति ९ बजेको समयमा अज्ञात

समूहले रेडबुलको बोतलमा बम राखेर विस्फोट गरायो। थापाका परिवारका सदस्यले घरबाहिर अपरिचित व्यक्तिहरू हिँडडुल गर्दै गरेको देखेर सोधपुछ गर्ने क्रममा घरको आँगनमा बम फालेर सो समूह भागेको थियो। थापा उदयपुर-३ का एमाले निर्वाचन परिचालन कमिटीका सदस्य तथा आर्थिक विभाग प्रमुख थिए। एमालेले विज्ञप्ति जारी गर्दै घटनाको भर्त्सना गरेको थियो। पीडितले विस्फोट नेकपा-माओवादीले गराएको दाबी गरे पनि आरोपितले सो दाबी अस्वीकार गऱ्यो। पीडितले घटनाका बारेमा प्रहरीलाई मौखिक जानकारी गराए पनि लिखित उजुरी दिएनन्। यस वर्षको अन्त्यसम्म आरोपितहरूको पहचिान भएको छैन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ५ सय ४५ थानमध्ये ३ सय १ थानको फैसला भयो भने २ सय ४४ थान बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय १२ थानमध्ये २ सय ४५ थानको फैसला भयो भने २ सय ६७ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

दुई जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ८८ थानमध्ये ५४ थानको फैसला भयो भने १ सय ३४ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ५८ थानमध्ये ७७ थानको फैसला भयो भने ८१ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा चार र देवानी मुद्दा आठ थान रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २ सय ८७ थान छ, जसमध्ये १ सय ७ थान सफल भए भने ३७ थान असफल। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म २ सय ६२ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १४ थानमध्ये तीन सफल र दुई असफल रहे। बलात्कारसम्बन्धी २० थानमध्ये चार सफल र तीन असफल रहे। महिला बेचबिखनसम्बन्धी ६ थानमध्ये एक सफल रह्यो। बहुविवाहसम्बन्धी चार थानमध्ये एक सफल र एक असफल रह्यो। जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या ४२ छ, जसमध्ये पाँच सफल भए। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म १ सय ४३ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

त्रियुगा नपा-७, मोतीगडा निवासी क्रान्तिकारी पत्रकार महासङ्घ, उदयपुरका जिल्ला अध्यक्ष, नेकपा-माओवादीनिकट कर्मचारी सङ्गठनका अध्यक्ष ३८ वर्षीय मधुकर थापालाई ०७० मङ्सिर १ गते निर्वाचनविरोधी गतिविधिमा सक्रिय रहेको र निर्वाचन आचारसंहिताविपरीत कार्य गरेको भन्दै प्रहरीले त्रियुगा नपा-२ गाईघाटस्थित चिया पसलबाट गिरफ्तार गऱ्यो। नेपाल विद्युत् प्राधिकरण उपशाखा कार्यालय, गाईघाटका सहायक लेखापालसमेत रहेका थापालाई प्रहरीले निर्वाचनविरुद्ध नेकपा-माओवादीले आह्वान गरेको बन्द-हडतालमा सहयोग पुऱ्याएको आरोप लगाएको थियो। नेपाल पत्रकार महासङ्घले थापालाई तत्काल रिहा गर्न ध्यानाकर्षण गयो। उनलाई मङ्सिर ५ गते जिल्ला प्रहरी कार्यालयले रिहा गऱ्यो।

तपेश्वरी गाविस-१ पारुहाङ चोकका २९ वर्षीय विकास राई, २८ वर्षीय कमल राई र तपेश्वरी-१, गलफडिया निवासी स्थानीय आदर्श सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष ३६ वर्षीय जीवन खतिवडालाई ०७० मङ्सिर १८ गते राति स्थानीय एक व्यक्तिले अवैध काठ ल्याएको विषयलाई लिएर प्रहरीले गिरफ्तार गरी कुटपिट गऱ्यो। गिरफ्तारपछि इलाकापुर लैजाने क्रममा खतिवडालाई तपेश्वरी प्रहरी चौकी र इलाका प्रहरी कार्यालय, रामपुरमा हत्कडी लगाएकै अवस्थामा सई दिवाकर कटवालले बुट र लाठीले कुटपिट गरेका थिए। कुटपिटका कारण पीडितहरूको ढाड, पिँडौला, खुट्टालगायत शरीरका विभिन्न ठाउँमा चोटपटक र नीलडाम लागेको थियो। सो विषयमा जिल्ला प्रहरी कार्यालयका एसपी अजय भट्टराईले कुटपिट गर्ने कार्य गलत भएको भन्दै आरोपितहरूलाई विभागीय कारबाही गरिएको बताए। जीवन मङ्सिर २० गते रामपुरबाट रिहा भए। कमल र विकासलाई प्रहरीलाई हातपात गरेको भन्दै सार्वजनिक मुद्दा लगाइए

पनि मङ्सिर २६ गते सादा तारेखमा रिहा भए। आरोपितलाई तत्काल स्पष्टीकरण सोधी विभागीय कारबाही सुरु गरिएको एसपी भट्टराईले बताए। तर, के कारबाही भयो भन्ने सार्वजनिक गरिएन।

त्रिवेणी गाविस-७ का १५ वर्षीय चन्द्रबहादुर राईलाई ०७० जेठ २७ गते काम गर्ने घरमा चोरी गरेको अभियोगमा विद्यालयबाटै प्रहरी चौकी खोक्सा र इलाका प्रहरी कार्यालय कटारीमा ल्याई कुटपिट गरी यातना दिइयो। प्रहरी चौकी खोक्सामा गालामा झापड हानेको र इलाका प्रहरी कार्यालय कटारीमा बुट, लाठी र पाइपले शरीरका विभिन्न स्थानमा प्रहार गरिएको थियो। पीडितलाई प्रहरीले जेठ २८ गते जाहेरवालाकै जिम्मा लगायो। पीडितका आफन्त र छिमेकीले २ हजार ५ सय रुपियाँ सङ्कलन गरेर सिरहाको मिर्चैयास्थित नर्सिङ होममा उपचार भएको थियो। घटनाका बारेमा इलाका प्रहरी कार्यालयका प्रमुख डीएसपी किसनसिंह थापाले बालकलाई सोधपुछका क्रममा ल्याइएको र कुटपिट नगरिएको दावी गरे। आमाको मृत्यु भएको र बुबाको मानसिक अवस्था बिग्रिएपछि बेसहारा बनेका बालक तीन वर्षको उमेरदेखि त्रिवेणी गाविस-७, खोक्साका विशाल कटवालको संरक्षणमा बसेका थिए। कटवालकै घरमा सुनको मङ्गलसूत्र र औँठी हराएको विषयलाई लिएर विशालले प्रहरीमा उजुरी दिएका थिए। स्थानीय कल्याणपुर माविमा पढ्दै गरेका विशाललाई प्रधानाध्यापक खिलाराज दाहालसँग बुझेर विशालले प्रहरी चौकी, खोक्सा पुऱ्याएका थिए। पीडित पक्षले कतै उजुरी दिएन।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका छात्र ४२ हजार ४ सय २६ र छात्रा ४६ हजार ३ सय ७ प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित बालक ६ हजार ५९ र बालिका ६ हजार १ सय ६० छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ३ सय २६ र पुरुष १ हजार ३४ गरी जम्मा १ हजार ३ सय ६० शिक्षक कार्यरत छन्। निमावि तहमा महिला ६५ र पुरुष ३ सय ५९ गरी जम्मा ४ सय २४ शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला १३ र पुरुष २ सय ६२ गरी जम्मा २ सय ७५ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ३ हजार ५ सय ४५ र बालिका ३ हजार ८ सय ५१ गरी जम्मा ७ हजार ३ सय ९६ रहेका छन्, जसमध्ये दलित कक्षा १ देखि १२ सम्म बालक ६ हजार ५९ र बालिका ६ हजार १ सय ६० छन्। यस जिल्ला शिक्षा कार्यालयले विद्यालय जाने उमेरका बालबालिकाको सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६ वर्षीया एक बालिकालाई ०६९ फागुन ९ गते जोगीहद गाविस-३ का ३५ वर्षीय दयाराम चौधरीले घरनजिकैको जङ्गल गाईवस्तु चराउन गएका समयमा बलात्कार गरेको भन्दै पीडित परिवारले फागुन ११ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। पीडितको फागुन ११ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। घटनालगत्तै स्थानीयवासीले आरोपितलाई नियन्त्रणमा लिएर प्रहरी चौकी जोगीदहमा बुझाएका थिए। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा ०६९ चैत २ गते मुद्दा दर्ता गऱ्यो। अदालतको सोही दिनको आदेशमा आरोपित पुर्पक्षका लागि कारागारमा थुनामा छन्। पीडितले अदालतसमक्ष घटना अस्वीकार गर्दै बकपत्र गरेकी थिइन्। अदालतले ०७० पुस २२ गते अरोपितलाई १२ वर्ष कैद सजाय गर्ने निर्णय सुनाएको थियो।

नौ वर्षीया एक बालिकालाई ०६९ चैत १० गते हडिया गाविस-८ का ५५ वर्षीय डिगबहादुर बस्नेतले आफ्नै घरमा बलात्कार गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०६९ चैत ११ गते उजुरी दियो। आमासँग आरोपितको घरमा गएकी पीडितलाई आमा काम गर्न गएको समयमा डर-त्रास देखाउँदै आरोपितले बलात्कार गरेका थिए। पीडितको स्थास्थ्य परीक्षण चैत ११ गते जिल्ला अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले जबरजस्ती करणीको महल अन्तर्गत मुद्दा चलाएको थियो। सो मुद्दामा जिल्ला अदालतले ०७० वैशाख ४ गते आरोपितका नाममा पक्राउ आदेश जारी गरेको थियो। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव

बेचबिखन तथा ओसारपसार

बलम्ता गाविस-३ की ४२ वर्षीया शान्तिकुमारी राईलाई त्रियुगा नपा-१२ का ५४ वर्षीय जितबहादुर राईले भारतमा बेचबिखन गरी बेपत्ता बनाएको भन्दै पीडितका बाबु त्रियुगा नपा-१ का ७४ वर्षीय डोरबहादुर राई, २० वर्षीया छोरी सुषमा राई र

१६ वर्षीय छोरा मधु राईले जिल्ला प्रहरी कार्यालयमा ०६९ फागुन ९ गते उजुरी दिए। उजुरीअघि नै पीडित परिवारको मौखिक अनुरोधमा शान्ति कुमारीसँग दोस्रो विवाह गर्ने जितबहादुर राईलाई प्रहरीले फागुन ६ गते जिल्ला प्रहरी कार्यालय झिकाई दुवै पक्षबीच छलफल गराएको थियो। विवाहपछि दुवै जना भारतको मेघालयमा गएको र दुई वर्षसम्म सँगै बसेको आरोपितले प्रहरी बयानका भनेका थिए। शान्तिकुमारीको बलम्ता गाविसका गौरबहादुर राईसँग पहिलो विवाह भएको थियो। शान्तिकुमारीले ०५४ मङ्सिरमा जितबहादुरसँग दोस्रो विवाह गरेकी थिइन्। प्रहरीले जितबहादुरलाई मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुर गरेको अभियोग जिल्ला सरकारी वकिल कार्यालयमार्फत अदालतमा फागुन १७ गते पेस गरेको थियो। अदालतको आदेशमा आरोपित फागुन १८ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

३३ वर्षीया एक महिलालाई ०६९ फागुन ३ गते त्रियुगा नपा-२ का २७ वर्षीय विनोद कार्कीले त्रियुगा नपा-२ स्थित निर्माणाधीन नेपाल पत्रकार महासङ्घको भवननजिकै बलात्कार गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको जिल्ला अस्पतालमा फागुन ३ गते नै स्वास्थ्य परीक्षण भयो। सदरमुकाम गाईघाटस्थित दिदीको घरमा आएकी पीडितलाई घर फर्कने क्रममा बजारनजिकै बलात्कार गरिएको थियो। जिल्ला प्रहरी कार्यालयबाट करिब दुई सय मिटरको दूरीमा रहेको घटनास्थलबाट कराउँदै पीडित जिल्ला प्रहरी कार्यालय पुगेकी थिइन्। उनीसँगै त्यहाँ पुगेका पत्रकार र इन्सेक प्रतिनिधिको सहयोगमा पीडितले प्रहरीमा सोही दिन उजुरी दिएकी थिइन्। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

घरेलु हिंसा

परिवारजनबाट हत्या

तपेश्वरी गाविस-१ की २३ वर्षीया मैना राई भुजेललाई ०६९ चैत १९ गते राति मादक पदार्थ सेवन गरेका पति ३३ वर्षीय रिमबहादुर भुजेलले घरायसी विवादका कारण टाउकामा ढुङ्गाले प्रहार गरी हत्या गरे। मैनाको घटनास्थलमै मृत्यु भएको थियो। पीडित पक्षले इलाका प्रहरी कार्यालय, रामपुरमा चैत २० गते जाहेरी दिएको थियो। भुजेललाई प्रहरी चौकी तपेश्वरीले घटना भएकै दिन गिरफ्तार गरेको थियो। लासको पोस्टमार्टम जिल्ला अस्पताल गाईघाटमा भएको थियो। लास आफन्तले बुझेका थिए। लासको सद्गत गाईघाटस्थित त्रियुगा नदीमा चैत २० गते भएको थियो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत ०६९ चैत २९ गते जिल्ला अदालतमा कर्तव्य ज्यानसम्बन्धी मुद्दा पेस गरेको छ। अदालतको आदेशमा आरोपित ०७० वैशाख २ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसमम मुद्दाको फैसला भएको छैन।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै जिल्ला प्रशासन कार्यालय मार्फत प्रहरीमा आएका ११ जना र जिल्ला प्रहरी कार्यालयमा १४ जना महिलाहरूले ठाडो निवेदन दर्ता गराए। जसमध्ये कुटपिट गरेको ७ खानलाउन नदिएको ५.जना, विवाह दर्ता तथा नागरिकता नबनाएको ३, अर्को श्रीमती ल्याएर हेला गरेका बहुविवाह गरेको ४, मार्ने धम्की दिइएकोमा २, बोक्सीको आरोप लगाएको १ घटनामा २२ जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले मिलापत्र गराएको घटना नभएपनि प्रहरी कार्यालयमा मुद्दा चलेका बाहेकका सबै घटनाहरु दुई पक्षबीच मिलापत्र भए भने अन्य उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

त्रियुगा नपा-११, जलजलेका ३६ वर्षीय सुनील चौधरीको बा१४प ९२०४ नम्बरको मोटरसाइकल ०७० कात्तिक २७ गते रौता गाविस-९, मुर्कुची बजारमा बन्दको अवज्ञा गरेको भन्दै अज्ञात समूहले आगजनी गऱ्यो। आगजनीबाट मोटरसाइकलमा पूर्ण रूपमा क्षति पुगेको थियो। यसै गरी ०७० कात्तिक २७ गते अज्ञात समूहले जलजले-सुकैरा सडक खण्डमा कुदिरहेको मोटरसाइकललाई लक्षित गर्दै बम विस्फोटन गराउँदा मोटरसाइकल चालक पञ्चावती गाविस-४ का ३० वर्षीय दीपक तामाङ सामान्य घाइते भएका थिए। विस्फोटबाट स३प ५०४० नम्बरको पल्सर मोटरसाइकलमा सामान्य क्षति पुगेको थियो। संविधानसभा निर्वाचनको विरोध गर्दै आएका नेकपा-माओवादीसहित ३३ दलीय मोर्चासम्बद्ध कार्यकर्ताले आगजनी गरेको प्रहरीको भनाइ छ। यस वर्षको अन्त्यसम्म आरोपितहरूको पहिचान हुन सकेको छैन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	२०		
उपस्वास्थ्यचौकी	२५		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	१७	२	१५
स्टाफ नर्स	१५	२	१३
ल्याब असिस्टेन्ट	२	२	
अहेब	५४	८७	७
अनमि	७०	५७	१३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	३०	१५	११

जिल्ला प्रहरी कार्यालय

०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म जबरजस्ती करणीका १५, मानव बेचबिखनका तीन, कर्तव्य ज्यानका चार, कुटपिटबाट अङ्गभङ्गका एक, हातहतियार खरखजानाका दुई, गर्भपतनका एक, जबरजस्ती करणी उद्योगका तीन, अपहरण उद्योग एक, बहुविवाहका सात, शरीर बन्धकका एक, बोक्सीको आरोपमा एक, गर्भपतनका एक, अपहरण तथा शरीर बन्धक एक, विस्फोटक पदार्थ एक, ज्यानमार्ने उद्योगका आठ र आत्महत्याका २३ ओटा मुद्दा दर्ता भयो।

१.१४ खोटाङ



जिल्ला सदरमुकाम: दिक्तेल
क्षेत्रफल (वर्ग कि. मि.): १,५५१.००
घरधुरी सङ्ख्या: ४२,६६४
जम्मा जनसङ्ख्या: २,०६,३१२
पुरुष: ९७,०९२
महिला: १,०९,२२०
अपाङ्ग सङ्ख्या: १,१५८
गाविस/नपा सङ्ख्या: ७६/०
पुरुष साक्षरता सङ्ख्या: ७०,३५८
महिला साक्षरता सङ्ख्या: ६३,७८३
हिन्दू धर्मावलम्बी प्रतिशत: ५८.७८
बौद्ध धर्मावलम्बी प्रतिशत: ७.३३
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०२
किराँत धर्मावलम्बी प्रतिशत: ३१.३८
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.०९
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०६
वहाइ धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.३२
प्रतिपरिवार सरदर सङ्ख्या: ४.८३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यपक्षबाट

पाथेका गाविस-२ का १८ वर्षीय भूदेउ भनिने किरण राईलाई प्रहरीले हिरासतमा यातना दिएका कारण मृत्यु भएको भन्दै पीडित पक्षले ०७० असार २७ गते राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गऱ्यो। पीडितलाई प्रहरीले ०७० जेठ २८ गते खार्मी गाविस-६ का ४० वर्षीय ध्रुव श्रेष्ठको हत्या आरोपमा गिरफ्तार गरेको थियो। पीडित जिल्ला प्रहरी कार्यालयको

हिरासतबाट शौचालय जाने क्रममा ०७० असार २१ गते भागेका थिए। उनलाई सोही दिन दुई घन्टापछि बुइपा गाविसको जङ्गलबाट प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तारीपश्चात् पुर्पक्षका लागि राईलाई प्रहरीले अदालतमा पेस गरेको थियो। पीडितलाई प्रहरीले अदालत लैजाने क्रममा पीडित परिवारले बाटोमा भेटेको र भूदेउले मातृ भाषामा परिवारका सदस्यलाई हिरासतमा यातना पाएको बताएको पीडित पक्षले आयोगमा दिएको उजुरीमा उल्लेख छ। जिल्ला अदालतले राईलाई असार २३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको थियो। उनी असार २३ गतेदेखि कारागारमा थुनामा थिए। पीडित कारागारमा बिरामी भएपछि असार २५ गते अस्पताल भर्ना भएका थिए। पीडितको असार २६ गते उपचारका क्रममा जिल्ला अस्पतालमा मृत्यु भयो। पीडित परिवारले प्रहरीको चरम यातनाकै कारण मृत्यु भएको भन्दै काठमाडौँबाट चिकित्सक र राष्ट्रिय मानवअधिकार आयोगको रोवहरमा मृतकको पोस्टमार्टम गर्न माग गरेका थिए। लासको पोस्टमार्टम ०७० असार २९ गते स्वास्थ्य मन्त्रालयका चिकित्सक डा. युवराज पोखरेल र राष्ट्रिय मानवअधिकार आयोगको रोहवरमा भएको थियो। आयोगले फरेन्सिक विशेषज्ञ डा. हरिहर वस्तीसमेतको परार्मशमा राईको एकोरेनल फेलिएर मल्टिपल ब्लन्ट फोर्स मस्कुलर इन्जुरिजका कारण ०७० असार २६ गते मृत्यु भएको रिपोर्टमा उल्लेख गरेको थियो। राष्ट्रिय मानवअधिकार आयोगले घटनामा संलग्न ११ जना प्रहरीलाई कारबाहीका लागि ०७० भदौ १९ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिस गरेको थियो। आयोगले घटनामा संलग्न पहिचान भएका र मुख्य दोषी देखिएका प्रहरी हबल्दार सुरेशप्रसाद यादव, प्रहरी जवानहरू नकुल राई, रामकुमार बोगटी, कैलाश खत्री, चन्द्र खड्का, देवराज माझी, नारायण खड्का, सईहरू महेन्द्र खत्री, मुकुन्दप्रसाद बिडारीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कारबाही गर्न सिफारिस गरेको थियो। त्यस्तै आयोगले पीडित परिवारलाई राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ को दफा १६ को ३ बमोजिम ३ लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउन, जिल्ला प्रहरी कार्यालय परिसरको शौचालय र भौतिक संरचनामा सुधार गर्न सरकारलाई सुझाव दिएको छ। साथै जिल्ला अस्पताल खोटाडका डाक्टर नवलकिशोर झालाई आगामी दिनमा कुनै पनि बिरामीको उपचार र जटिलताका विषयमा संवेदनशील हुन आयोगले सुझाव दिएको थियो। प्रहरीको लापरवाही र भौतिक संरचना कमजोरीले सो घटना भएको आयोगले ठहर गरेको थियो।

जेल र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता ३३ जना महिला र ६६ जना पुरुषको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३६ जना कैदी र कैद नतोकिएका ६० जना थुनुवा गरी जम्मा ९६ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित दुई महिनाकी बालिका १ जना गरी जम्मा ९७ जना रहेका छन्। कारागारको भौतिक अवस्था सामान्य छ, पुन:निर्माणपश्चात् ठेकेदारको लापरवाहीले गुणस्तरहीन भवनहरू बनेकाले ठाउँठाउँमा चर्किएपछि पुन:निर्माण हुँदै गरेको छ।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

गैरराज्यपक्षबाट

अन्यबाट

नेर्पा गाविस-५ निवासी युवासङ्घका नेर्पा गाउँ कमिटी अध्यक्ष एवम् वँसीटोलका २२ वर्षीय पविन राईलाई ०६९ फागुन २१ गते नेकपा-माओवादीका कार्यकर्ता तथा नेर्पा गाविस-३ निवासी २५ वर्षीय लोकेन्द्र राई र २८ वर्षीय ध्रुव राईले भरुवा बन्दुक प्रहार गर्दा घाइते भए। पीडित ०६९ फागुन २२ गते हुने गाउँस्तरीय कार्यक्रमको प्रचारप्रसार गरी फर्कँदै गर्दा बाटोमा गोली प्रहार भएको थियो। घटना राजनीतिक प्रतिशोधका कारण भएको एमाले जिल्ला अध्यक्ष विशाल भट्टराईले बताए। ढाडको दायाँ भाग र देब्रे गालामा गोली लागेर गम्भीर घाइते भएका पीडितको जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि न्युरो अस्पताल काठमाडौँमा उपचार भएको थियो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा फागुन २२ गते उजुरी दियो। आरोपितहरूविरुद्ध ०६९ फागुन २३ गते ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा जिल्ला अदालतमा दर्ता भएको थियो। आरोपितहरू वर्षको अन्त्यसम्म फरार छन्।

धम्की/कुटपिट

राज्यपक्षबाट

बाहुनीडाँडा गाविस-५ का ३९ वर्षीय दिनेश राईलाई ०७० वैशाख ७ गते महादेवस्थान गाविस-४ स्थित हलेसी मेला भर्न गएको समयमा हलेसी प्रहरी

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	३
बालअधिकार			८	१	९
अमानवीय व्यवहार			३	१	४
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार				३	३
महिलाअधिकार			४७		४७
जातीय विभेद				१	१
गिरफ्तारी/यातना	१	१			
कुटपिट	३	३	७	९	१६
धम्की				३	३
हत्या	१	१	३	७	१०
जम्मा	५	५	६८	३६	९४

चौकीका प्रहरीहरूले कुटपिट गरी घाइते बनाए। महिला प्रहरीमाथि अभद्र व्यवहार गरेको भन्दै प्रहरीले उनलाई नियन्त्रणमा लिएर खुट्टा भाँचिदिएका थिए। उनको काठमाडौँस्थित नेपाल अर्थमेडिक अस्पतालमा उपचार भएको थियो। पीडितसहित २० जनाको समूहले मादक पदार्थ सेवन गरी मन्दिरको मुख्यद्वारअगाडि स्थानीय व्यापारीसँग वादविवाद गरेको र सो क्रममा प्रहरीले सम्झाउँदा प्रहरीमाथि हातपात गरेको प्रहरीको भनाइ छ। पोसाक च्यातेपछि प्रहरीले सामान्य बल प्रयोग गरेको जिल्ला प्रहरी कार्यालयका तत्कालीन डीएसपी राजीव बस्नेतले बताए। भीड तितरबितर बनाउन लाठीचार्ज गर्दा दिनेश राईको भाग्ने क्रममा ढुङ्गामा लडेर घुँडामा चोट लागेको उनले जानकारी दिएका थिए।

गैरराज्यपक्षबाट

नेकपा-माओवादीबाट

डुम्रेधारापानी गाविस-९ भोर्लेनीका ६० वर्षीय चन्द्रसिं बस्नेतलाई नेकपा-माओवादीका कार्यकर्ताले हातखुट्टा भाँच्ने धम्की दिए। गाउँबाट विस्थापित भएको भन्दै गाउँ फर्किने वातावरण मिलाइदिन ०७० असार ४ गते जिल्ला प्रहरी कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग उपक्षेत्रीय कार्यालय दिक्तेल र इन्सेक कार्यालय खोटाङमा उजुरी दिए। उनले दिएको उजुरीमा नेकपा-माओवादीका डुम्रेधारापानी गाउँ कमिटीका समर्थकहरू तुलबहादुर मगर, डिल्लीबहादुर मगर, दीननाथ पाण्डे र भवकृष्ण पाण्डेले बिनाकारण ०७० जेठ २९ गते कुटपिट गर्ने धम्की दिएपछि आफू गाउँ बस्न नसकेको उल्लेख छ। जिल्ला प्रहरी कार्यालयमा नेकपा-माओवादीका जिल्ला सेक्रेटरी सुनील चौलागाईं, विशेष एरिया सेक्रेटरी झमप्रसाद आचार्य, नेकपा-माओवादी नेता देवी रिजाल, निवेदक चन्द्रसिं बस्नेत, डुम्रेधारापानी गाविसवासी, इन्सेक प्रतिनिधिलगायतको ०७० असार ७ गते छलफल भएको थियो। सो छलफलपछि पीडित गाउँमा निर्भीकतापूर्वक बस्न पाउने, धम्की नदिने, दिएमा कानुनी कारबाही गरिने भन्ने सर्तमा दुवै पक्षबीच सहमति भएको थियो।

युवासङ्घ, नेपालबाट

जिल्ला सिँचाइ सव-डिभिजन कार्यालय खोटाङका इन्जिनियर एकराज भट्टराईलाई सङ्घका जिल्ला सदस्यहरू हरि गुरुङ र खेमराज राईले ०७० भदौ ३ गते कुटपिट गरी घाइते बनाएको भन्दै पीडित पक्षले ०७० भदौ १० गते जिल्ला प्रशासन कार्यालय, दिक्तेलमा उजुरी दियो।

उदयपुर त्रिनपा-२ का काष्ठ व्यवसायी ३५ वर्षीय जनार्दन रेग्मीलाई ०६९ चैत १५ गते एमालेनिकट युथफोर्सका जिल्ला अध्यक्ष वुईपा गाविस-२ का ३० वर्षीय सुनील राई, युथफोर्स सदस्यहरू २९ वर्षीय दिनेश राई, ३० वर्षीय अम्बर राई र सल्ले गाविस-९ का २० वर्षीय रवि राईसहितको समूहले चन्दा नदिएको भन्दै विजयखर्क गाविस-२ बाट अपहरणपश्चात् कुटपिट गरी घाइते बनाए। खयर निकासीबापतको कमिसन नदिएको भन्दै रेग्मीमाथि आक्रमण भएको थियो। कुटपिटबाट रेग्मीको देब्रे हात भाँचिनुका साथै टाउकोमा गहिरो चोट लागेको थियो। उनको जिल्ला अस्पतालमा उपचार हुन नसक्दा काठमाडौँ नर्भिक अस्पतालमा उपचार भएको थियो। कुटपिटमा संलग्न भएको आरोपमा सुनील र रविलाई प्रहरीले घटना भएकै दिन राति गिरफ्तार गरेको थियो। आरोपितहरूविरुद्ध ज्यान मार्ने उद्योग, चन्दा माग, फिरौती र अपहरण शीर्षकमा ०६९ चैत १८ गते मुद्दा दायर भएको थियो। अपहरण, शरीर बन्धक तथा फिरौतीसम्बन्धी मुद्दामा जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार काफ्लेको एकल इजलासको आदेशमा आरोपितहरू ०७० वैशाख १२ गते १०/१० हजार

रुपियाँ धरौटीमा रिहा भए। राजविराज पुनरावेदनले जिल्ला अदालतको आदेश बदर गरी ०७० मङ्सिर १७ गते आरोपितहरूलाई आवश्यक कारबाही गर्न आदेश दिएको थियो। यस वर्षको अन्त्यसम्म आरोपितहरू फरार छन्।

नेपाली काङ्ग्रेसबाट

अर्खौंले गाविस-२, बिजुलेका २९ वर्षीय नवराज विश्वकर्मालाई मङ्सिर २१ गते सोही ठाउँ निवासी काङ्ग्रेस गाउँ सभापति ३४ वर्षीय ज्ञानबहादुर पुरीले कुटपिट गरी घाइते बनाए। पीडितको जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि काठमाडौँमा उपचार भएको थियो। बाँसको भाटा प्रहार उनको टाउकामा गहिरो चोट लागेकामा सातओटा टाँका लगाइएको थियो। बालबच्चाले घरमा ढुङ्गाले हानेको विषयमा पुरीले आरोपितलाई दोषी देखाएका थिए। पीडितले घाउजाँच केसफारम गराउन तथा आरोपितलाई कानुनी कारबाही गर्न ०७० मङ्सिर २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। आरोपित पुरी र पीडितबीच मङ्सिर २५ गते झैझगडा नगर्ने र पीडितको उपचारखर्च बेहोर्ने सर्तमा सहमति भयो। पीडितले यस वर्षको अन्त्यसम्म उपचार खर्च पाएनन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेर्पा गाविस-५ निवासी एमाले गाउँ पार्टी कमिटी सदस्य ६० वर्षीय नरसिंहबहादुर खड्कालाई ०७० कात्तिक २५ गते राति १० बजे काङ्ग्रेस कार्यकर्ताहरू दोर्पाचिउरीडाँडा गाविस-९ का ४५ वर्षीय डिल्ली गुरुङ, २५ वर्षीय नन्दीराम थापासहित १५-१६ जनाको समूहले खुकुरी प्रहार गरी घाइते बनायो। खुकुरी प्रहारबाट टाउको र बायाँ आँखाछेउमा गहिरो चोट लागेका पीडितको जिल्ला स्वास्थ्य कार्यालयमा उपचार र घाउजाँच भएको थियो। पीडितका तर्फबाट ०७० कात्तिक २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी परेको थियो। घटनामा संलग्न दुवै जनालाई प्रहरीले कात्तिक २६ गते नियन्त्रणमा लिएको थियो। आरोपितहरू बिनाकारबाही कात्तिक २६ गते रिहा भए।

रतन्छा गाविस-९ निवासी राष्ट्रिय शिक्षक सङ्गठनका पूर्वसचिव तथा नेपाल शिक्षक युनियनका केन्द्रीय प्रतिनिधि ५० वर्षीय शिवेन्द्रकुमार राईलाई मङ्सिर ३ गते रतन्छा गाविस-८ निवासी सङ्घीय समाजवादी पार्टीनिकट युवासङ्घ, नेपालका सदस्य २९ वर्षीय विजय राईले रतन्छा गाविसस्थित बाटोमा हिँडिरहेको समयमा खुकुरी देखाएर कुटपिट गरे। प्रहरीले आरोपितलाई मङ्सिर ४ गते गिरफ्तार गरी हिरासतमा राख्यो। सङ्घीय समाजवादी पार्टीका नेता-कार्यकर्ताले आफ्ना कार्यकर्ताको रिहाइपछि मात्र मतगणनामा सहभागी हुने बताएपछि आरोपित र पीडितबीच मङ्सिर ७ गते सहमति भयो। प्रहरीले सोही दिन आरोपितलाई रिहा गऱ्यो। आरोपित र पीडित पक्षबीच चुनावी प्रचारप्रसारका क्रममा विवाद भएपछि उक्त घटना भएको थियो।

क्षेत्र नं. २ को चिउरीडाँडा गाविस-१, रङ्कुमा संविधानसभा सदस्य निर्वाचनका क्रममा घरदैलो अभियान गरिरहेका एमाले कार्यकर्तालाई लक्षित गरी ०७० मङ्सिर २ गते अज्ञात समूहले बम विस्फोट गरायो। सर्वसाधारणलाई आतङ्क सिर्जना गर्ने उद्देश्यले विस्फोट गराइएको बमबाट कुनै भौतिक तथा मानवीय क्षति भएन। बम विस्फोटनको कुनै समूहले जिम्मा लिएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ४७ थानमध्ये ८२ थानको फैसला भयो भने ६५ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ८ थानमध्ये ४७ थानको फैसला भयो भने ६१ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ११ थानमध्ये ११ थानको फैसला भयो भने ९९ थान बाँकी रहे। देवानी मुद्दातर्फ ६३ थानमध्ये आठ थानको फैसला भयो भने ५५ थान बाँकी रहे। दुई वर्ष नाघेको एक फौजदारी मुद्दा रहेको छ।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ५१ थान छ, जसमध्ये ४९ थान सफल भए भने १४ थान असफल भए। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी १३ थानमध्ये दुई थान सफल र एक थान असफल रह्यो। बलात्कारसम्बन्धी आठ थानमध्ये सबै सफल रहे। अपहरणसम्बन्धी परेको एक थान सफल

रहयो। जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या ३४ थान छ। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ३४ थान मुद्दा नै बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७२ हजार ३ सय २० मध्ये छात्र ३४ हजार ४ सय ५८ र छात्रा ३७ हजार ८ सय ६२ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ४ हजार ५ सय ५३ र छात्र ४ हजार १ सय ३७ रहेका छन्। सरकारी र सामुदायिक विद्यालयका प्राथि तहमा जम्मा १ हजार ४ सय ६२ शिक्षक कार्यरत छन्। निमाथि तहमा जम्मा ३ सय ६० शिक्षक कार्यरत छन्। यसै गरी माथि तहमा महिला र पुरुष गरी जम्मा १ सय ६९ शिक्षक रहेका छन्। जिल्लाभरिमा महिला शिक्षिकाको सङ्ख्या ५ सय ९७ रहेको छ।

बालविकास केन्द्रमा बालक २ हजार ८ सय ३७ र बालिका २ हजार ७ सय ५० गरी जम्मा ५ हजार ५ सय ८७ रहेका छन्, जसमध्ये दलित बालक ४ सय ७३ र बालिका ५ सय १७ जना रहेका छन्।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

चार वर्षीया एक बालिकालाई ०७० साउन १९ गते नचिनेका व्यक्तिले बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० साउन २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन २८ गते भयो। दोषीलाई कारबाही र बालिकाको औषधी उपचारको व्यवस्था मिलाइदिन भन्दै बालिकाकी आमाले उजुरी दिएकी थिइन्। यस वर्षको अन्त्यसम्म आरोपितको पहिचान हुन सकेन।

१७ वर्षीया एक युवतीलाई ०७० भदौ २७ गते बलात्कार गरेको आरोपमा बाकाचोल गाविस-६ का ५१ वर्षीय भक्तकुमार राईविरुद्ध पीडित पक्षले कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा ०७० असोज १ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा उजुरी दिएकै दिन भएको थियो। आरोपितले पीडितलाई ज्यान मार्ने धम्की दिँदै धेरैपटक यौन दुर्व्यवहार र बलात्कार गरेको पीडितको उजुरीमा उल्लेख छ। प्रहरीले ०७० असोज १८ गते जिल्ला अदालतमा आरोपितविरुद्ध जबरजस्ती करणी मुद्दा दायर गरेको थियो। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सुस्त मनस्थितिकी ४० वर्षीया एक अविवाहिता महिलालाई गर्भवती बनाएको आरोपमा लफ्याङ गाविस-५ का ६० वर्षीय छत्रपाल राईलाई कारबाहीको माग गर्दै पीडितले मङ्सिर २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। महिलाको स्वास्थ्य परीक्षण उजुरी परेकै दिन जिल्ला अस्पतालमा भएको थियो। ती महिलालाई आरोपितले विभिन्न प्रलोभन देखाएर एक वर्षदेखि शारीरिक सम्पर्क गर्दै आएको उनले दिएको उजुरीमा उल्लेख छ। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

घरेलु हिंसा

परिवारजनबाट हत्या

पाथेका गाविस-९ की ५३ वर्षीय मट्याङ्ग्री राईलाई ०६९ चैत ९ गते घरायसी विवादका कारण जेठाजु ५८ वर्षीय शङ्करमणि राईले चिर्पट प्रहार गरी हत्या गरे। मृतकको लास ०६९ चैत १० गते जिल्ला अस्पतालमा पोस्टमार्टम भएको थियो। घरमै बसिरहेकी राईलाई आरोपितले टाउकोमा चिर्पट प्रहार गर्दा उनको घटनास्थलमै मृत्यु भएको थियो। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरेको थियो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार काफ्लेको आदेशमा आरोपित ०७० वैशाख ८ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

घरनिकाला

मोरङ बयरवन गाविस-४ घर भई खोटाङ दिक्तेल गाविस-३ मा अस्थायी बसोवास गर्दै आएकी २९ वर्षीया सङ्गीता राई राजवंशीले मानसिक यातना दिएर अलपत्र पारेको भन्दै जिल्ला अस्पताल खोटाङमा क्षयरोग सहायकका रूपमा कार्यरत पति ४८ वर्षीय कर्मचन्द्र राजवंशीविरुद्ध ०७० भदौ ११ गते महिला तथा बालबालिका कार्यालय खोटाङ र भदौ २१ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिइन्। पतिले खानलाउन नदिएको, परिवारलाई बेवास्ता गरेको, धम्की दिएर मानसिक यातना दिएको भन्दै उनले उजुरीमा उल्लेख गरेकी थिइन्। पीडित जिल्ला अस्पताल

दिक्तेलको क्वाटरमा ०६९ भदौ ५ गतेदेखि शरण लिएर बसेकी छन्। आरोपित ०६९ भदौ ५ गते काठमाडौँ गएको र जिल्ला अस्पताल सोलुमा सरुवा भएपछि टेलिफोनमार्फत आरोपितले धम्की दिएका थिए। जिल्ला अस्पताल दिक्तेललाई राजवंशीको तलब रोक्का गर्न पीडितले माग गरे पनि सुनुवाइ भएको छैन। महिला तथा बालबालिका कार्यालयले कानुनी परामर्शका लागि सहयोग गरेको र जिल्ला प्रशासन कार्यालयले उनलाई जिल्ला भिकाउन स्वास्थ्य कार्यालयमार्फत प्रक्रिया अघि बढाउने भनेको थियो। सो प्रक्रिया यस वर्षको अन्त्यसम्म अघि बढेको छैन। आरोपित र पीडितबीच ०६५ माघ ४ गते विवाह भएको थियो।

बाम्राङ गाविस-४ की ३४ वर्षीया ज्ञानमाया राईले ४५ वर्षीय पति चित्रकुमार राईले खानलाउन नदिई घरनिकाला गरेको भन्दै ०६९ माघ १७ गते पतिसँग सम्बन्धविच्छेद गरिदिन जिल्ला अदालतमा मुद्दा दायर गरिन्। एक छोरीसहित बुइपा गाविसस्थित माइतीघर बस्दै आएकी ज्ञानमायाले पतिसँग जीवन निर्वाह नहुने भन्दै मुद्दा दायर गरेकी हुन्। पतिसँगसँगै बस्दा दिनहुँ कुटपिट गर्ने गरेको र ०६९ पुस २८ गते घरबाट निकाला गरेको भन्दै पीडितले नाबालक छोरीको लालनपालन, शिक्षादीक्षा र खानबस्नेको व्यवस्था कानुन अनुसार मिलाइदिन दायर गरेको मुद्दामा उल्लेख गरेकी छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बुइपा गाविस-१ टारीकी २८ वर्षीया राधा राईले पति ३५ वर्षीय नविन राई, ससुरा ५८ वर्षीय रघुवीर राई, सासू ६० वर्षीया फूलमाया राई, देवर ३३ वर्षीय सेतुमान राई र कान्छी सौता ४७ वर्षीया डम्बरकुमारी राईले खानलाउन नदिइ ०६९ पुस २८ गते घरबाट निकाला गरेको भन्दै ०६९ माघ ५ गते जिल्ला अदालतमा अंशमुद्दा दायर गरिन्। उनी अहिले १२ वर्षीय छोरा रोशन राईसहित माइती बुइपा गाविसमा नै बसेकी छन्। यस वर्षको अन्त्यसम्म मुद्दको टुङ्गो लागेको छैन।

दिक्तेल गाविस-९ की ४३ वर्षीया राधाकुमारी पुरीले पति ४३ वर्षीय मोहनबहादुर पुरीविरुद्ध ०७० जेठ २९ गते जिल्ला अदालत खोटाडमा अंशमुद्दा दायर गरिन्। पीडितले महिला तथा बालबालिका कार्यालय खोटाडको परामर्श र कानुनी सहयोगमा पतिले वास्ता नगरेको भन्दै जिल्ला अदालतमा मुद्दा दिएकी थिइन्। यस वर्षको अन्त्यसम्म मुद्दाको टुङ्गो लागेको छैन।

टेम्मा गाविस-५ की ४२ वर्षीया सुनीता राईले महिला तथा बालबालिका कार्यालयको सहयोगमा पति ४५ वर्षीय उत्तरकुमार राईविरुद्ध ०७० जेठ १४ गते जिल्ला अदालत खोटाडमा अंशमुद्दा दायर गरिन्। पतिले खानलाउन समेत नदिई अलपत्र पारेको भन्दै मुद्दा दायर गरेकी थिइन्। यस वर्षको अन्त्यसम्म मुद्दाको किनारा लागेको छैन।

सिम्पानी गाविस-५ की ३५ वर्षीया दिलकुमारी प्रधानले विवाह दर्ता गर्नबाट समेत वञ्चित भन्दै उनका पति ४० वर्षीय नारायण खड्काविरुद्ध ०७० जेठ २२ गते महिला तथा बालबालिका कार्यालयमा उजुरी दिइन्। महिला तथा बालबालिका कार्यालयले नातासम्बन्ध कायम गर्न सहयोग पुऱ्याएको महिला विकास अधिकृत जुनु राईले बताइन्। यस वर्षको अन्त्यसम्म आरोपितलाई कुनै कारबाही भएन।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३० जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, खोटाडमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १०, खानलाउन नदिएको सात, विवाह दर्ता तथा नागरिकता नबनाएको चार, अर्की पत्नी ल्याएर हेला गरेका चार, ज्यान मार्ने धम्की दिइएकामा तीन र बोक्सीको आरोप लगाएका घटनामा दुई जना पीडित भएका थिए। सबै घटनामा प्रहरीले मिलापत्र गराएको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

गैरराज्यपक्षबाट

नेकपा-माओवादीबाट

नेकपा-माओवादीले ०७० वैशाख २३ गते डुम्रेधारापानी गाविस-५ स्थित रावाखोला किनारामा रहेको ४० रोपनी ऐलानी जग्गामा कब्जा गरे। खोलाले बगाएर बनाएको बगरमा डुम्रेधारापानी गाविस-५ का स्थानीय किसानहरू ४२ वर्षीय तुलबहादुर मगर, ३९ वर्षीय डिल्लीराम मगर, डुम्रेधारापानी गाविस-९ का ५७ वर्षीय सीताराम बस्नेत, ५२ वर्षीय रामबहादुर विश्वकर्मा र डुम्रेधारापानी-७ का ४८ वर्षीय रत्नबहादुर पौड्यालले उब्जनी गर्दै आएको जग्गामा स्थानीय साहू चन्द्रसिं बस्नेतले हैकम जमाएको भन्दै सो जग्गा पार्टीले कब्जा गरेको नेकपा-माओवादी जिल्ला सह-सेक्रेटरी उत्तर किराँतीले ०७० वैशाख २४ गते विज्ञप्तिमार्फत जनाए। विवाद समाधान नभएसम्म

पार्टीको झन्डा नहटाउने माओवादीको भनाइ छ। यस वर्षको अन्त्यसम्म समस्याको टुङ्गो लागेन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	२४		
उपस्वास्थ्यचौकी	४५		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	५	३	२
स्टाफ नर्स	६	२	४
ल्याब असिस्टेन्ट	३	२	१
अहेब	१४४	८०	६४
अनमि	५८	५४	३४
खोप सुपरभाइजर	१		१
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	३०	७	१३
स्वास्थ्य कार्यकर्ता	१०	४	६

जिल्ला प्रहरी कार्यालय

०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म केही सार्वजनिक अपराधका ३०, अवैध चन्दा एक, ज्यान मार्ने उद्योग पाँच, बहुविवाह एक, हातहतियार खरखजना दुई, जबरजस्ती करणी उद्योग तीन, कर्तव्य ज्यान छ, आगजनी एक, मानिस अपहरण शरीर बन्धक एक, कटुपिट अङ्गभङ्ग एक, जबरजस्ती करणी सात ओटा मुद्दा दर्ता भयो।

१.१५ ओखलढुङ्गा



जिल्ला सदरमुकाम: ओखलढुङ्गा
क्षेत्रफल (वर्ग कि. मि.): १,०७४.००
घरधुरी सङ्ख्या: ३२,५०२
जम्मा जनसङ्ख्या: १,४७,५८४
पुरुष: ६८,६८७
महिला: ७५,२५७
अपाङ्ग सङ्ख्या: ३,४५०
गाविस/नपा सङ्ख्या: ५६/०
पुरुष साक्षरता सङ्ख्या: ४७,५३४
महिला साक्षरता सङ्ख्या: ४२,५५६
हिन्दू धर्मावलम्बी प्रतिशत: ७०.७६
बौद्ध धर्मावलम्बी प्रतिशत: १७.६५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०२
किराँत धर्मावलम्बी प्रतिशत: १०.२४
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.५२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०६
जैन धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.३०१
प्रतिपरिवार सरदर सङ्ख्या: ४.५६

जेल र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३३ जना कैदी र कैद नतोकिएका २१ जना थुनुवा गरी जम्मा ५४ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक १ जना रहेका छन्। यो जिल्ला कारागार ०४७ सालमा निर्माण भएको हो। २३ वर्षअघि निर्माण गरिएको २५ जना क्षमताको भवन जीर्ण अवस्थामा रहेको छ भने क्षमताभन्दा बढी बन्दी रहेकाले उनीहरूको बसोवास कष्टकर भएको छ। कारागारमा स्वास्थ्यकर्मीको दरबन्दी खाली हुँदा समस्या भएको

कारागारका जेलर सुवास भट्टराईले बताए। पुरुषतर्फको कोठामा पालैपालो सुत्नुपर्ने अवस्था छ, भवन जीर्ण भएकाले भूकम्प आउँदा भत्किने त्रास हुने गरेको बन्दीहरूको गुनासो छ। कारागारमा दुइटा बुर्जा, महिला र पुरुष गरी दुई बन्दीगृह, एउटा भान्छाघर र दुईवटा शौचालय छन्। कारागारमा एउटा टेलिभिजन र 'गोरखापत्र' दैनिक पत्रिका बन्दीहरूका लागि उपलब्ध छ। जीर्ण संरचना मर्मत गर्न सम्बन्धित निकायले ध्यान नदिएको बन्दीहरूको गुनासो छ।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

एमाओवादीबाट

काभ्रे जिल्ला बनेपा घर भई ओखलढुङ्गा जिल्ला शिक्षा कार्यालयका जिल्ला शिक्षा अधिकारी ३६ वर्षीय लोकबहादुर लोप्चनलाई वाईसीएल नेपालका केन्द्रीय सदस्य तथा ओखलढुङ्गाका इन्चार्ज इतिहास भनिने सुरेशकुमार थापाले ०७० पुस ७ गते मार्ने धम्की दिए। सुनकेशरी माबि रानीवनको प्रधानाध्यापक परिवर्तनको विषयलाई लिएर थापाले मार्ने धम्की दिएका थिए। विद्यालयको स्वर्ण महोत्सव मनाउने क्रममा रकम हिनामिना गरेको आरोपमा विद्यालय व्यवस्थापन समितिले हटाउन गरेको सिफारिस कार्यान्वयन नगर्न दबाब दिँदै थापाले धम्की दिएका थिए। थापाले पहिलोपटक पुस ७ गते विद्यालयका प्रधानाध्यापक रत्न श्रेष्ठलाई फोन गरी धम्की दिएका थिए। आरोपित थापाले भने टेलिफोनमा सामान्य कुराकानी भएको विषयलाई धम्कीको रूपमा प्रचार गरेको दाबी गरे। घटनाको विषयमा मौखिक रूपमा जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराएको पीडितले बताए। यस वर्षको अन्त्यसम्म घटनाको टुङ्गो लागेको छैन।

सिस्नेरी गाविस-२ का २६ वर्षीय एमाओवादीका जिल्ला सदस्य नवराज खड्काले आफ्नो पार्टीका विरुद्ध समाचार लेखेको भन्दै ०७० भदौ १८ गते 'कमान्डर पोस्ट' दैनिकका ओखलढुङ्गा समाचारदाता २२ वर्षीय पूर्णप्रसाद न्यौपानेलाई भौतिक आक्रमणको धम्की दिए।

धम्कीपछि पीडितले नेपाल पत्रकार महासङ्घ, ओखलढुङ्गामा ०७० भदौ २४ गते लिखित जानकारी गराएका थिए। प्रेस चौतारी नेपालका पूर्वाञ्चल इन्चार्ज कुशलबाबु बस्नेत र पत्रकार महासङ्घ ओखलढुङ्गा शाखाका जिल्ला सचिव कुम्भराज राईले ०७० भदौ २५ गते छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै धम्कीको विरोध गरेका थिए। घटनापछि नेपाल पत्रकार महासङ्घको समन्वयमा ०७० भदौ २९ गते दुवै पक्षबीच समाचारका विषयमा विवाद नगर्ने सहमति भएको महासङ्घका अध्यक्ष दिपेन्द्र रुम्दालीले बताए। पीडितले अन्यत्र उजुरी नदिएकाले आरोपितमाथि कुनै कारबाही भएन।

एमालेबाट

काङ्ग्रेसका कार्यकर्ता ठूलाछाप गाविस-२ का ५५ वर्षीय टीकाराम कार्कीलाई सोही ठाउँका एमालेसम्बद्ध युवा सङ्घका कार्यकर्ताहरू १९ वर्षीय दिनेश कटवाल, २७ जीवन कटवाल र २९ वर्षीय सुधीर कार्कीले ०७० मङ्सिर २ गते राति ११ बजे निर्वाचनमा मत माग्दा पैसा बाँड्दै हिँडेको आरोपमा कुटपिट गरे। लौरो प्रहारबाट टाउकामा चोट लागेका कार्कीको सोही रात ओखलढुङ्गा सामुदायिक अस्पतालमा उपचार भयो। अहिले उनको अवस्था सामान्य छ। घटनापछि कार्कीले ०७० मङ्सिर ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घटनाको अध्ययनपछि कारबाही प्रक्रिया अगाडि बढाइने प्रहरीले बतायो। यस वर्षको अन्त्यसम्म उक्त मुद्दा किनारा लागेको छैन।

बेपत्ता / अपहरण

गैरराज्यपक्षबाट

एमाओवादीबाट

विलन्दु गाविस-५ घर भई नेपाल बार एसोसिएसन, पुनरावेदन अदालत ललितपुर, पाटनका एकाइ अध्यक्ष ३९ वर्षीय कुमार घिमिरे र सोही गाविस-८ का ३६ वर्षीय एमाले कार्यकर्ता गणेश कार्कीलाई ०७० कात्तिक २५ गते एमाओवादी नेता बालकृष्ण ढुङ्गेल, कार्यकर्ता ईश्वर जोशी, सुरेश थापा, खड्ग कार्कीलगायतले अपहरण गरी फूलबारी गाविस-८ का गणेश केसीको घरमा पुऱ्याइ पाँच घन्टापछि मुक्त गरे। उनीहरूबाटै घिमिरे र कार्कीलाई आरोपितहरूले कब्जामा लिएका थिए। पीडितहरूलाई प्रहरीले मुक्त गरेको थियो।

नेकपा-माओवादीबाट

नेकपा-माओवादीले ०७० कात्तिक ११ गते एमाओवादीको चुनावी सभामा अवरोध पुऱ्याउन यातायात बन्द गऱ्यो। एमाओवादी अध्यक्ष प्रचण्ड आउने कार्यक्रममा अवरोध गर्दै नेकपा-माओवादीले सदरमुकाम आउने नाकाहरूमा रुख ढालेर सडक अवरुद्ध पारेको थियो। सुरक्षा निकायले सडकका रुख पन्छाएपछि

अपराह्ननबाट सडक सञ्चालन भएको थियो। त्यस्तै, नेकपा-माओवादीले ०७० कात्तिक २५ गतेदेखि २७ गतेसम्म आमहडताल र कात्तिक २८ गतेदेखि मङ्सिर ४ गतेसम्म यातायात बन्दको आयोजना गऱ्यो। दुर्गमका मतदाता सवारी नचल्दा आफ्नो मतदाता नामावली भएको ठाउँमा पुगेर मतदान गर्नबाट वञ्चित भएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ८८ थानमध्ये १ सय ३३ थानको फैसला भयो भने ५५ थान बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ५ थानमध्ये १ सय ३४ थानको फैसला भयो भने ७१ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ५ थानमध्ये १६ थानको फैसला भयो भने ८९ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ३ थानमध्ये २२ थानको फैसला भयो भने ८१ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी दुई र देवानी सात थान मुद्दा बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २७ थान छ, जसमध्ये १० थान सफल भए भने पाँच थान असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दा १२ थान रहे। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी दुईमध्ये एक असफल रह्यो। बलात्कारसम्बन्धी परेका तीन थानमध्ये एक थान असफल रह्यो भने दुई विचाराधीन छन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि पुससम्म दायर मुद्दाको सङ्ख्या १२ थान छ। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म १२ थान मुद्दा नै बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				६		६
अमानवीय व्यवहार				१		१
अपहरण					३	३
महिलाअधिकार				४		४
गिरफ्तारी/यातना		१	१			
कुटपिट	१		१		३	३
धम्की					४	४
हत्या				३	३	५
जम्मा	१	१	३	१४	११	२५

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड यातना

रावादोलु गाविस-७ का ४० वर्षीय ज्ञानबहादुर बस्नेतलाई मादक पदार्थ सेवन गरी होहल्ला गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा दरबन्दी भई अस्थायी प्रहरी चौकी, रावादोलुमा कार्यरत ४२ वर्षीय प्रहरी हबल्दार खगेन्द्र राजवंशीले ०६९ पुस १८ गते साँझ हिरासतमा राखी कुटपिट गरी घाइते बनाए। अण्डकोषमा चोट लागेका पीडितको ०६९ पुस १९ गते हेलिकप्टरमार्फत काठमाडौं लगी शिक्षण अस्पताल, महाराजगन्जमा उपचार भएको थियो। उपचारपछि पीडितको अवस्था सामान्य छ। छिमेकीको घरमा साथीहरूसहित मादक पदार्थ सेवन गरी बाख्राको पाठी काटेर खाएको विषयमा स्थानीयले प्रहरीलाई खबर गरेपछि राजवंशीको नेतृत्वमा गएको प्रहरी टोलीले पीडितलाई नियन्त्रणमा लिई राति १२ बजेसम्म यातना दिएको थियो। घटना सार्वजनिक भएपछि सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा ०६९ पुस २५ गते छानबिन समिति गठन गरिएको थियो। आरोपितले पीडितको उपचार खर्च र क्षतिपूर्तिसमेत दिएका थिए।

बालअधिकार

शिक्षाको अवस्था

जिल्ला शिक्षा कार्यालयको तथ्याङ्क अनुसार कार्यालयमा प्रावि तहमा ८ सय ३५ दरबन्दी र २ सय ४७ राहत कोटा गरी १ हजार ८१ कायम रहेको छ। त्यस्तै निमावि तहमा १ सय ७४ दरबन्दी र ८८ राहत गरी २ सय ६२

तथा मावि तहमा ९० दरबन्दी र ९४ राहत कोटा गरी १ सय ८४ रहेको छ

यस जिल्लामा ३ सय ३२ ओटा सरकारी (सामुदायिक) र संस्थागत २४ ओटा गरी ३ सय ५६ ओटा विद्यालय रहेका छन्। जस अन्तर्गत जिल्लामा मावि तहमा ६९ ओटा, निमावि तहमा ४९ ओटा र प्रावि तहमा २ सय १४ ओटा विद्यालय सञ्चालनमा रहेका छन्। प्राथमिक तहमा २५ हजार २ सय २ जना विद्यार्थी अध्ययनरत छन्। जिल्लामा उच्च मावि १८ ओटा र क्याम्पस ६ ओटा सञ्चालनमा रहेका छन्।

यस जिल्लाका विद्यालय जाने उमेरका ४५ हजार १ सय २९ मध्ये छात्र २१ हजार ८ सय ७ र छात्रा २३ हजार ३ सय २२ प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ हजार ६ सय ८५ र छात्र २ हजार ६ सय ३४ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा १ हजार ८१ शिक्षक कार्यरत छन्। निमावि तहमा २ सय ६२ शिक्षक कार्यरत छन्। यसै गरी मावि तहमा १ सय ८४ शिक्षक रहेका छन्।

कुटपिट

सरस्वती उच्च मावि खानीभञ्ज्याङमा कक्षा-९ मा अध्ययनरत कुइभीर गाविस-९ की १४ वर्षीया रमिला निरौलालाई विद्यालयका शिक्षक गोविन्द बस्नेतले परीक्षा दिइरहेको समयमा चिट चोरेको आरोपमा ०६९ चैत २० गते कुटपिट गरे। यातनाले मानसिक सन्तुलन बिग्रिएपछि बालिकाको ०६९ चैत २५ गते सामुदायिक अस्पताल र त्यसपछि ०७० वैशाख ७ गते काठमाडौँको पाटन अस्पतालमा उपचार भयो। बालिकाको अवस्था सुधारोन्मुख रहेको परिवारले बतायो। आरोपित गोविन्द बस्नेतले भने परीक्षामा चिट खोसेको तर कुटपिट नगरेको प्रतिक्रिया दिए। आरोपितलाई कारबाही गर्न पीडितकी आमा शारदा निरौलाले ०६९ चैत २३ गते विद्यालयमा उजुरी दिएकी थिइन्। उजुरीमाथि सुनुवाइ नभएपछि उनले ०७० भदौ ५ गते जिल्ला शिक्षा कार्यालयमा उजुरी दिएकी थिइन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार (बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार)

४८ वर्षीया एक महिलालाई सिस्नेरी गाविस-५ का ३८ वर्षीय शुक्रबहादुर विकले ०७० साउन १ गते राति ढोका खोल्न लगाइ घरबाहिर निकालेर मुख थुनी बलात्कार गरेको आरोपमा पीडितले ०७० साउन ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको जिल्ला अस्पताल रुम्जाटारमा साउन ६ गते स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले पीडितको उजुरी प्राप्त गरेकै दिन गिरफ्तार गरेको थियो। प्रहरीले ०७० साउन ७ गते जबरजस्ती करणी मुद्दा दर्ता गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०७० साउन २७ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार कार्यालय, ओखलढुङ्गामा थुनामा छन्।

घरेलु हिंसा

घरनिकाला

उवूँ गाविस-२ की ३६ वर्षीया दिलमाया राईलाई ०७० कात्तिक १७ गते साँझ उनका पति ३४ वर्षीय सर्वधन राईले घरायसी विवादमा कुटपिट गरी घरबाट निकाला गरे। पीडित अहिले माइतीको सहारामा काठमाडौँमा बस्दै आएकी छन्। पीडितले पतिविरुद्ध जिल्ला अदालत, ओखलढुङ्गामा ०७० कात्तिक २४ गते घरेलु हिंसासम्बन्धी उजुरी दिएकी थिइन्। यस वर्षको अन्त्यसम्म मुद्दा विचाराधीन छ। आरोपित गिरफ्तार भएनन्।

परिवारजनबाट हत्या

रगनी गाविस-१ का ६३ वर्षीया मनकुमारी परियारलाई ०७० जेठ १३ गते बुहारी ४० वर्षीया चित्राकुमारी परियार र छोरा ४३ वर्षीय काजीमान परियारले झगडा गर्ने क्रममा मुक्का प्रहार गरी घाइते बनाए। उनको सोही रात मृत्यु भएको थियो। पीडितको कालगतिले मृत्यु भएको भन्दै आरोपितले छिमेकी बोलाइ ०७० जेठ १४ गते नजिकैको लिखुखोला किनारमा लास गाडेका थिए। स्थानीयवासीले घटना थाहा पाइ ०७० जेठ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेका थिए। प्रहरीले लास उत्खनन गरेको थियो। लासको पोस्टमार्टम ०७० जेठ १७ गते रामेछाप जिल्ला अस्पतालमा भयो। आरोपित ४० वर्षीया चित्राकुमारी र उनका पति काजीमानलाई प्रहरीले ०७० जेठ २१ गते घरबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालत, ओखलढुङ्गामा प्रहरीले ०७० जेठ ३० गते मुद्दा दर्ता गरेकामा अदालतको आदेशमा आरोपित ०७० असार १४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

अर्धेरी नारायणस्थान गाविस-७ का ३३ वर्षीय केशव राईले ०७० असोज २९ गते राति ९ बजे घरायसी विवादमा ३० वर्षीया पत्नी गीता राईलाई ढोकाको आग्लो टाउकामा प्रहार गरी हत्या गरे।

पीडितको मृत्यु भएपछि आरोपित फरार छन्। पत्नीको हत्या गरेको सूचना छिमेकीले दिएपछि प्रहरीले ०७० कात्तिक २८ गते प्रहरी प्रतिवेदन तयार गरी सोही दिन मुद्दा दर्ता गरेको थियो। आरोपितको खोजी भइरहेको प्रहरी निरीक्षक भगीरथ रेग्मीले बताए।

यस वर्ष घरेलु हिंसाका कुनै पनि घटना यस वर्ष ओखलढुङ्गा जिल्ला प्रहरी कार्यालयमा दर्ता नभएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक भगीरथ रेग्मीले जानकारी दिए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	३३		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	३	३	
स्टाफ नर्स	७	२	५
ल्याब असिस्टेन्ट	१		१
अहेब	१०६	२४	८२
अनमि	७२	१८	५४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१२	७

जिल्ला प्रहरी कार्यालय

०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कारका तीन, यौन दुर्व्यवहारका एक, कर्तव्य ज्यानका चार, अपहरण तथा शरीर बन्धकका एक, बहुविवाहका एक, केही सार्वजनिक अपराधका दुई ओटा मुद्दा दर्ता भए।

१.१६ सोलुखुम्बु



जिल्ला सदरमुकाम: सल्लेरी
क्षेत्रफल (वर्ग कि. मि.): ३,३१२.००
घरधुरी सङ्ख्या: २३,७८५
जम्मा जनसङ्ख्या: १,०५,८८६
पुरुष: ५१,२००
महिला: ५४,६८६
अपाङ्ग सङ्ख्या: २,६०५
गाविस/नपा सङ्ख्या: ३४/०
पुरुष साक्षरता सङ्ख्या: ३५,४४५
महिला साक्षरता सङ्ख्या: २५,१५७
हिन्दू धर्मावलम्बी प्रतिशत: ४०.२१
बौद्ध धर्मावलम्बी प्रतिशत: २७.१५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०१
किराँत धर्मावलम्बी प्रतिशत: ३०.१६
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.२१
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०६
अन्य धर्मावलम्बी प्रतिशत: ०.१८६
प्रतिपरिवार सरदर सङ्ख्या: ४.४५

जेल र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४४ जना र कैद नतोकिएका १२ कैदी र थुनुवा गरी जम्मा ५६ जना बन्दीहरू रहेका छन्। यो जिल्ला कारागार ०६१ सालमा निर्माण भएको हो। यस कारागारमा रहेका बन्दीहरूको स्वास्थ्य उपचार तथा आयआर्जनका निम्ति विभिन्न सीपमूलक तालिमहरूको व्यवस्था गरिएको कारागार प्रमुख नीरमान पाखिनले बताए। उनीहरूलाई टीभी हेर्न र रेडियो सुन्न पाउने व्यवस्था मिलाइएको छ। बन्दीहरूका लागि आवश्यक

पर्ने सबै किसिमको व्यवस्था सक्दो रूपमा मिलाइएको प्रमुख पाखिनले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ९० थानमध्ये ७४ थानको फैसला भयो भने १६ थान बाँकी रहे। देवानी मुद्दातर्फ ३४ थानमध्ये २४ थानको फैसला भयो भने १० थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २० थानमध्ये दुई थानको फैसला भयो भने १८ थान बाँकी रहे। देवानी मुद्दातर्फ १३ थानमध्ये एक थानको फैसला भयो भने १२ थान बाँकी रहे। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी र देवानी कुनै मुद्दा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३२ थान छ, जसमध्ये १३ थान सफल भए भने नौ थान असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या ७८ थान छ। सरकारी वकिलको सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म १० थान बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी आठमध्ये दुई सफल र चार असफल रहे। बलात्कारसम्बन्धी आठमध्ये एक सफल र चार असफल रहे। बहुविवाहसम्बन्धी दुई मुद्दामध्ये एक सफल र एक असफल रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या सात थान छ, जसमध्ये एक सफल भयो। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म ६ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका २५ हजार १ सय ६३ मध्ये छात्र १३ हजार २ सय ६५ र छात्रा ११ हजार ८ सय ९८ जना प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १ हजार ५ सय ५ र छात्र २ हजार २० रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राविं तहमा महिला ४ सय १ र पुरुष ३ सय ७२ गरी जम्मा ७ सय ७३ जना शिक्षक कार्यरत छन्। निमाविं तहमा महिला ६३ र पुरुष ६७ गरी जम्मा १ सय ३० जना शिक्षक कार्यरत छन्। यसै गरी माविं तहमा महिला १३ र पुरुष ९० गरी जम्मा १ सय ३ शिक्षक रहेका छन्। बालविकास केन्द्रमा बालक १ हजार ५ सय ५१ र बालिका १ हजार ६ सय ८९ गरी जम्मा ३ हजार २ सय ४० जना रहेका छन्। यसमा दलित बालक २ सय ४१ र बालिका १ सय ९५ जना रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

चार वर्षीया एक बालिकालाई ०६९ पुस १९ गते गुदेल गाविस-७ का १५ वर्षीय एक बालकले चक्लेट र बिस्कुट दिने भनी ललाइफकाइ घरनजिकैको जङ्गलमा लगेर बलात्कार गरेको आरोपमा सोही दिन पीडित परिवारले आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको जिल्ला अस्पताल, फाप्लुमा ०६९ पुस २१ गते स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले ०६९ पुस २२ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ माघ ५ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागारको थुनामा थिए। सो अदालतले उनलाई ०६९ फागुन १३ गते पाँच वर्ष कैद र १ लाख रुपियाँ क्षतिपूर्ति तिराउने आदेश गऱ्यो।

पाँच वर्षीय एक बालकलाई ०७० वैशाख १९ गते गार्मा गाविस-९ का ३९ वर्षीय काजी शेर्पाले चक्लेट दिन्छु भनी ललाइफकाइ घरनजिकैको डाडाखर्क जङ्गलमा लगेर मलद्वारमा अप्राकृतिक मैथुन गरेको आरोपमा पीडितका आफन्तले वैशाख १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख २० गते जिल्ला अस्पताल, फाप्लुमा भएको थियो। प्रहरीले सोही दिन आरोपितलाई गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०७० जेठ १० गतेदेखि जिल्ला कारागार, सोलुखुम्बुमा पुर्पक्षका लागि थुनामा रहेका थिए। जिल्ला न्यायाधीश सीताप्रसाद पोखेलको एकल इजालासले ०७० असार

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते	१	१	३
बालअधिकार	५	१	६
महिलाअधिकार	३३		३३
कुटपिट	६	३	९
धम्की	५		५
हत्या	४		४
जम्मा	४३	५	४८

१० गते आरोपितलाई १३ वर्ष कैद र ५० हजार रुपियाँ जरिवाना गर्ने फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

२१ वर्षीया एक महिलालाई ०७० असोज २७ गते सल्लेरी गाविस-७, दोर्फुबजारका ४७ वर्षीय बालकृष्ण राजभण्डारीले च्यात्सा गुम्बाको जङ्गलमा भैंसी चराइरहेको अवस्थामा बलात्कार गरेको आरोपमा आरोपितविरुद्ध असोज २८ गते पीडितले जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बुमा जाहेरी दिइन्। पीडितको जिल्ला अस्पताल, फाप्लुमा असोज २८ गते स्वास्थ्य परीक्षण भएको थियो। आरोपितलाई असोज २९ गते जिल्ला प्रहरी कार्यालय, सोलुखम्बुले गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको आदेशमा ०७० कात्तिक १३ गतेदेखि आरोपित जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा छन्।

२५ वर्षीया एक महिलालाई ०७० असोज ३१ गते राति पञ्चन गाविस-८ का १९ वर्षीय विवश राईले घरमै सुतिरहेको अवस्थामा ढोका खोल्न लगाएर बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध कात्तिक २ गते जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बुमा जाहेरी दिइन्। पीडितको जिल्ला अस्पताल, फाप्लुमा कात्तिक १ गते स्वास्थ्य परीक्षण भयो। कात्तिक ३ गते आरोपितलाई जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको आदेशमा आरोपित ०७० कात्तिक १३ गतेदेखि जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा छन्।

घरेलु हिंसा

परिवारजनबाट हत्या

बेनीगाविस-४ की १९ वर्षीया मञ्जु विश्वकर्मालाई ०६९ फागुन २० गते पति २५ वर्षीय मोती विश्वकर्माले पारिवारिक विवादमा घरमा बसिरहेका समयमा खुकुरी प्रहार गरी हत्या गरे। आरोपित मोती विश्वकर्मा ०६९ फागुन २५ गते बेनी गाविस-४ र ५ को सिमानामा झुन्डिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयले जनायो। घटनाको अनुसन्धानपछि जिल्ला सरकारी वकिलको कार्यालयमा मुद्दा दायर गर्ने प्रहरीले बतायो।

बेनी गाविस-३, टाक्टोर की ३२ वर्षीया माया शेर्पालाई ०७० भदौ २ गते राति पति ४० वर्षीय फुर्वा शेर्पाले घरायसी विवादमा ढोकामा लगाउने आग्लो प्रहार गरी हत्या गरे। लासको भदौ ६ गते फाप्लु अस्पतालमा पोस्टमार्टम भयो। प्रहरीले लास आफन्तलाई जिम्मा लगाएको थियो। ०७० भदौ ४ गते पीडितका १८ वर्षीय छोरा कामीदावा शेर्पाले जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बुमा उजुरी दिएका थिए। सोही दिन आरोपितलाई जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको आदेशमा आरोपित ०७० भदौ १६ गतेदेखि जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा छन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय १२ जना महिलाले घरेलु हिंसा प्रभावितका लागि सेवाकेन्द्र सोलुखुम्बुमा उजुरी दर्ता गराए। त्यसमध्ये कुटपिटका ७६, घरनिकाला गरिएका पाँच, खानलाउन नदिएका सात, बहुविवाहका चार शीर्षकमा उजुरी दर्ता भएका थिए। त्यस्तै, नागरिकता नबनाएकामा एक, मार्ने धम्की दिइएकामा १३, बोक्सीको आरोपमा दुई उजुरी दर्ता भएका थिए। केन्द्रमा दर्ता भएका ती घटनामध्ये २८ थान सेवाकेन्द्रले मिलापत्र गरेको थियो भने बाँकी ८४ थान उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रकी सचिव टङ्कीमाया बस्नेतले बताइन्।

भयरहित वातावरणमा काम गर्न पाउने अधिकार

काँकु गाविस-३ स्थित उपस्वास्थ्य चौकीमा कार्यरत ४५ वर्षीया अहेव टङ्ककुमारी तामाङलाई

०७० साउन ३२ गते काँकु गाविस-६ का ३६ वर्षीय डिकसेर राईले धम्की दिएको भन्दै ०७० भदौ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितमाथि उपस्वास्थ्य चौकीमा काम गर्ने क्रममा एक्कासि कार्यालयमा पुगेर आरोपितले गाली-बेइज्जति गरेको र जागिर नछाडे हातखुट्टा भाँचिदिने भन्दै खुकुरी देखाइ कार्यालयबाट घोक्र्याउँदै बाहिर निकालेको पीडितको उजुरीमा उल्लेख गरिएको छ। आरोपितलाई प्रहरीले भदौ ८ गते गिरफ्तार गरेको थियो। जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुको आदेशमा आरोपित भदौ १३ गते केही सार्वजनिक अपराध ऐन अन्तर्गत २० हजार रुपियाँ धरौटीमा तारेखमा रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१८		
उपस्वास्थ्यचौकी	१४		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	५	१	४
स्टाफ नर्स	७	६	१
ल्याब असिस्टेन्ट	३	२	१
अहेब	५६	१२	४४
अनमि	५६	२५	३१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२३	५	१८

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालय सोलुखम्बुमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कारका तीन, बहुविवाहका तीन, कर्तव्य ज्यानका तीन, ज्यान मार्ने उद्योगका दुई, आत्महत्याका ४२, भवितव्य ज्यानका ४२ गरी १ सय ३५ थान मुद्दा दर्ता भयो।

मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाडौँ
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

२.१ धनुषा



जिल्ला सदरमुकाम: जनकपुर
क्षेत्रफल (वर्ग कि. मि.): १,१८०
घरधुरी सङ्ख्या: १,३८,२४५
जम्मा जनसङ्ख्या: ७,५४,७७७
पुरुष: ३,७८,५३८
महिला: ३,७६,२३५
अपाङ्ग सङ्ख्या: ८,४१२
गाविस/नपा सङ्ख्या: १०१/१
पुरुष साक्षरता सङ्ख्या: २,१७,२२३
महिला साक्षरता सङ्ख्या: १,४८,२६०
हिन्दू धर्मावलम्बी प्रतिशत: ८५.३५
बौद्ध धर्मावलम्बी प्रतिशत: १.४५
इस्लाम धर्मावलम्बी प्रतिशत: ८.३६
किराँत धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.०५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०८
शिख धर्मावलम्बी प्रतिशत: ०.६२
अन्य धर्मावलम्बी प्रतिशत: ०.००१
प्रतिपरिवार सरदर सङ्ख्या: ५.४६

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार गोली/विस्फोटक पदार्थद्वारा घाइते गैरराज्यपक्षबाट

जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह)बाट

महोत्तरी जिल्ला, इटहर्वा गाविस-८ घर भई हाल जनकपुर नपा-४ बस्ने ५० वर्षीय ओपेन्द्र ओझा ०६९ वैशाख ३ गते जनकपुर नपा-४ स्थित अशोक सिन्हाको घरमा दिउँसो अज्ञात सशस्त्र समूहले प्रहार गरेको गोली प्रहारबाट गम्भीर घाइते भए। छातीमा गोली लागी घाइते भएका ओझाको जनकपुर अञ्चल अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचार काठमाडौँको महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा भयो। जानकी मेडिकल कलेजका डाइरेक्टर सिन्हाको घरमा रहेको बेला ओझालाई अज्ञात व्यक्तिले गेट खोल्न बोलाई गोली प्रहार गरेको पारिवारिक श्रोतले जनायो। ओझा अशोक सिन्हाका स्वकीय सचिव हुन्। दुई जनाको सङ्ख्यामा आएका अज्ञात सशस्त्र समूहले गोली प्रहार गरी फरार भएको इन्स्पेक्टर गोविन्द पुरीले बताए। घटनाको जिम्मा जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह)ले लिएको समाचार माध्यमले जनाए। पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा ०७० असार २७ गते जाहेरी दर्ता गरायो। प्रहरीले आरोपित मोर्चाका अध्यक्ष राजन मुक्ति भनिने लक्ष्मीपुर बगेवा-७ का २७ वर्षीय रन्जीत झा र सोही समूहका एसटिएफ कमान्डर महोत्तरी जिल्ला, मथनाहा-४ का २९ वर्षीय अजय मुक्ति भनिने दीपककुमार सिंहलाई विभिन्न ठाउँबाट ०७० मङ्सिर २ गते गिरफ्तार गरी कारबाही प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनायो।

गिरफ्तारी र यातना

औरही गाविस-२ का एक १४ वर्षीय बालक अजयकुमार यादवलाई ०६९ फागुन २४ गते प्रहरीले रातभर कुटपिट गरेको पीडित परिवारले बतायो। छिमेकी सुके साहको घरमा टेलिभिजन हेरी पिसाब गर्न बाहिर आएका अजयको साथी प्रेम साहले शरीरमा पिसाब फेरेपछि दुवै जनाबीच झगडा भएको र प्रेमको गर्धनमा नङले कोरिएर रगत बगेपछि विवाद झन् बढेको थियो। सोही क्रममा प्रहरी बोलाइएपछि प्रहरीको डरले अजय स्थानीय रामएकवाल यादवको घरमा लुकेको अवस्थामा प्रहरीले गिरफ्तार गऱ्यो। अजयलाई प्रहरीले रामएकवालकै घरमा लाठीले पैताला, पिठ्यूँ, पाखुरा, तिर्घा र टाउकामा निर्घात कुटपिट गरी चौकीमा ल्याएको पीडितले बताए। प्रत्यक्षदर्शी मिथिलेश यादव र सन्तोषकुमार साहको भनाइअनुसार अजयलाई प्रहरीले रामएकवालको घरमा भएको खाटमा सुताएर लाठी प्रहार र कुटपिट गर्दै घरबाट बाहिर ल्याई लाठी, बुट र टर्चले प्रहार गर्दै प्रहरी चौकीतर्फ लगेका थिए। पीडितका बाजे रामविलास यादव, काका अरूण यादवलाई समेत प्रहरीले कुटपिट गरेको पीडित पक्षले बतायो। अजयलाई थुनामा राखी राति १२ बजेदेखि बिहान ७ बजेसम्म कुटपिट गरेको पीडितले जानकारी दिए। प्रहरीले थुनामा उभिन नसके पनि जबरजस्ती

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	३	३
बालअधिकार				१३		१३
महिलाअधिकार				६१		६१
भेला/सङ्गठित हुने अधिकार	३	८	११			
गिरफ्तारी/यातना		१	१			
कुटपिट					७	७
हत्या				१०	१	११
जम्मा	३	९	१३	८४	१०	९४

उभ्याएर लाठी र बुटले कुटेको र खाटमा सुताएर पैतालामा लाठी प्रहार गरी बुटले छातीमा कुटेको पीडित अजयले आरोप लगाए। पीडितको ०६९ फागुन २६ गतेदेखि २८ गतेसम्म जनकपुर अञ्चल अस्पतालमा उपचार भयो र थप उपचार गर्न बाहिर लैजान डाक्टरले सल्लाह दिएको पीडित परिवारले बतायो। पीडित परिवारले प्रहरीको डरका कारण कतै उजुरी दिएन।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

धनुषा क्षेत्र नम्बर ४ का सद्भावना र काङ्ग्रेसका कार्यकर्ताबीच कात्तिक ७ गते भएको भडपमा जनकपुर नपा-२ का काङ्ग्रेस कार्यकर्ता ३० वर्षीय छेदी राउत घाइते भए। टाउकामा चोट लागेका घाइते राउतको जनकपुर अञ्चल अस्पतालमा उपचार गरेको पीडितले बताए। पीडित पक्षले सोही राति जिल्ला

जनतान्त्रिक तराई मुक्ति मोर्चा राजन मुक्ति समूहका कार्यकर्ताले प्रहार गरेको गोलीबाट घाइते भएका ओपेन्द्र ओझा

प्रहरी कार्यालयमा उजुरी दिएकामा सद्भावनाका कार्यकर्ता जनपा-१ का नवीन यादवलाई प्रहरीले गिरफ्तार गऱ्यो। सो घटनाका सम्बन्धमा सार्वजनिक अपराधमा जिल्ला प्रशासन कार्यालयमा मुद्दा चलाइयो। जिल्ला प्रशासन कार्यालयको आदेशमा उनलाई कात्तिक १५ गते १ हजार ५ सय रुपियाँ धरौटीमा रिहा गरियो।

धनुषा क्षेत्र नम्बर १ का एकीकृत नेकपा माओवादी कार्यकर्ता र स्वतन्त्र उम्मेदवार श्रवण यादवका समर्थकबीच ०७० कात्तिक ९ गते बालाबाखर-६ स्थित कुम्करणमा झडप भयो। झडपमा परी एमाओवादीका कार्यकर्ताहरू बालाबाखर-६ का ४५ वर्षीय भरत यादव, हरिने-१ का जिवछ सहलैता, यदुकुहाका मुक्ति साह, पतनुका भग्ती यादव, हरिने-१ का सरोज मरिकलगायतका एक दर्जन घाइते भएका थिए। घाइतेमध्ये भरत यादवको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। घाइते यादवको टाउकामा १५/१६ ओटा टाँका लागेको पीडितले बताए। अन्य घाइतेहरूको स्थानीय स्तरमा उपचार गराएको एमाओवादीका एक नेताले बताए। सो घटनामा पीडित पक्षले कात्तिक १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराधमा मुद्दा चलाइएको एसपी उत्तमराज सुवेदीले बताए। घटना संलग्न भएको आरोपमा माचिझिटकैया-४ का वीरेन्द्र यादवलाई प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालयको आदेशमा कात्तिक २९ गते उनलाई ३ हजार रुपियाँ धरौटीमा रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

आठ जना मात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ ८ सय ३६ थानमध्ये ३ सय ६९ थानको फैसला भयो भने ४ सय ६७ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ७ सय ५१ मध्ये ८ सय ३८ थानको फैसला भयो भने ९ सय १३ थान बाँकी रहे।

२०७० साउनदेखि पुस १६ गतेसम्म

१२ जना न्यायाधीश रहेको यस पुनरावेदन

प्रहरीको लाठी प्रहारबाट घाइते भएका उपेन्द्र भगत, उमाशङ्कर अरगरिया र नसिमा बेगम

अदालतको फौजदारी मुद्दातर्फ ७ सय ३९ थानमध्ये ७४ थानको फैसला भयो भने ६ सय ६५ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ४ सय ८९ थानमध्ये २ सय ४४ थानको फैसला भयो भने १ हजार २ सय ४५ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी ५३ र देवानी मुद्दा ७७ थान रहे।

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

चार जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ हजार १ सय २१ थानमध्ये ४ सय ८४ थानको फैसला भयो भने ६ सय ३७ थान बाँकी रहे। देवानी मुद्दातर्फ ३ हजार ३ सय ७० थानमध्ये १ हजार ८ सय २१ थानको फैसला भयो भने १ हजार ५ सय ४९ थान बाँकी रहे।

२०७० साउनदेखि पुस १६ गतेसम्म

६ जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ९ सय ३ थानमध्ये ७६ थानको फैसला भयो भने ८ सय २७ थान बाँकी रहे। देवानी मुद्दातर्फ २ हजार ३ सय ७५ थानमध्ये ३ सय ४८ थानको फैसला भयो भने २ हजार २७ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी १ सय ५६ र देवानी २ सय ३७ थान मुद्दा रहेका छन्।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३ सय ५७ छ, जसमध्ये २ सय ६६ थान सफल भए भने ३४ थान असफल भए। मुलतवी-तामेलीमा रहेका मुद्दाको सङ्ख्या १ सय ३१ थान छ। सरकारी वकिल सङ्ख्या तीन रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म ६ सय ५९ थान बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर कर्तव्य ज्यानसम्बन्धी ५३ मुद्दामध्ये आठ सफल भए भने बाँकी अदालती प्रक्रियामा रहे। बलात्कारसम्बन्धी १५ थान मुद्दामध्ये १ सफल र चार असफल रहे। अपहरणसम्बन्धी १७ थान मुद्दामध्ये एक सफल र तीन असफल रहे। बहुविवाहसम्बन्धी १५ थान मुद्दामध्ये सात सफल र दुई असफल रहे। महिला बेचबिखन, बालविवाह र छुवाछूतसम्बन्धी कुनै मुद्दा दायर भएनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या १ सय ३९ छ, जसमध्ये ९३ सफल भए। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म ६ सय ५९ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ७८ हजार ३ सय ६५ मध्ये छात्र ८७ हजार ९ सय ४९ र छात्रा ९० हजार ४ सय १६ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रछात्रा ४६ हजार ६ सय १५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राविं तहमा महिला ६ सय १७ र पुरुष ६ सय ७६ गरी जम्मा १ हजार २ सय ९३ शिक्षक कार्यरत छन्। निमाविं तहमा महिला १० र पुरुष २ सय २७ गरी जम्मा २ सय ३७ शिक्षक कार्यरत छन्। यसै गरी माविं तहमा महिला १३ र पुरुष २ सय ६१ गरी जम्मा २ सय ७४ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ८ हजार ९ सय ९२ र बालिका ८ हजार १ सय १२ गरी जम्मा १७ हजार १ सय ४ रहेका छन्, जसमध्ये दलित बालबालिकाको रेकर्ड पाइएन। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६ वर्षीया एक बालिकालाई ०६९ चैत १० गते धनुषाधाम-१ का ५० वर्षीय मोहमद सलिम राइनले बलात्कार प्रयास गरेको आरोपमा पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा ०६९ चैत २१ गते जाहेरी दर्ता गराएलगत्तै प्रहरीले आरोपित राइनलाई चैत २२ गते गिरफ्तार गऱ्यो। बालिका कराएपछि बालिकाको हातमा अङ्गुर राखेर सलिम फरार भए। जिल्ला अदालतको आदेशमा ०७० वैशाख १५ गतेदेखि आरोपित पुर्पक्षका लागि थुनामा छन्। ढिलो भएकाले बालिकाको स्वास्थ्य परीक्षण नगराएको परिवारजनले बताए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

रमदैया भवाडी गाविस-३ का राजदेवी मन्दिरका पुजारी ४५ वर्षीय रामपुकार यादवले झारफुक गर्ने बहानामा १३ वर्षीया एक बालिकालाई असार १८ गते बलात्कारको प्रयास गरेको पीडित परिवारले बतायो। बालिकालाई पेट दुखेपछि झारफुकका लागि असार १८ गते सो मन्दिरका पुजारीकहाँ उनकी आमाले पुऱ्याएको र पुजारीले आमालाई झारफुकका लागि सामान किन्न पठाएर बालिकामाथि बलात्कारको प्रयास गरेको पीडित पक्षले बतायो। झारफुकको सामान लिएर त्यहाँ आएपछि घटनाबारे आमाले थाहा पाएर होहल्ला गरेपछि पुजारी भागेका थिए। बालिकाको स्वास्थ्य परीक्षण सोही दिन जनकपुर अञ्चल अस्पतालमा गरियो। आक्रोशित स्थानीयवासीले घटनाका आरोपित यादवले झारफुकका नाममा पटकपटक यस्तो कार्य गर्दै आएकाले उनलाई गिरफ्तार गरी कारबाही गर्न माग गरे। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०७० असार २३ गते जाहेरी दर्ता गराए पनि घटनाका आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। फरार यादवको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

१५ वर्षीया एक बालिकालाई रजिस्ट्रेसन फर्म भर्न असार १८ गते दिउँसो १ बजे विद्यालय पुगेको अवस्थामा खरिहानी-५ का श्री ज.मा.वि.सिमराढीका लेखापाल ४४ वर्षीय केदार कापरले कोठाभित्र बोलाई लछारपछार गरी बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा साउन १६ गते जाहेरी दर्ता गरायो। करिब एक महिनादेखि घटनालाई गाउँमै मिलापत्र गर्न दबाब दिँदै आएको पीडित परिवारले बतायो। घटनाका आरोपित केदार कापरलाई प्रहरीले साउन १५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा साउन २२ गतेदेखि आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

१३ वर्षीया एक बालिकालाई ०७० मङ्सिर २० गते पनि पुष्पलपुर गाविस-८ का ६० वर्षीय माइतबहादुर हेम्जन, २० वर्षीय मङ्गलबहादुर हेम्जन, १८ वर्षीय चन्द्रबहादुर हेम्जन, ३८ वर्षीय ज्ञानबहादुर घिसिङ र १८ वर्षीय गोविन्द बलले सामूहिक बलात्कार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय ढल्केवरमा किटानी जाहेरी दर्ता गरायो। पटक-पटक बलात्कारको सिकार हुँदै आएको रहस्य खुलेपछि पीडित पक्षले घटनाका बारेमा इलाका प्रहरी कार्यालय, ढल्केवरमा उजुरी गरेका आधारमा आरोपितहरूलाई मङ्सिर २६ गते गिरफ्तार गरी मङ्सिर २७ गते मुद्दा चलाएको इलाका प्रहरी ढल्केवरका इन्स्पेक्टर मिलन

प्रहरीको लाठी प्रहारबाट घाइते भएका बैजु साह र प्रहरीको कुटपिटबाट घाइते भएका अजयकुमार यादव

केसीले बताए। परिवारको आर्थिक स्थिति कमजोर भएका कारण अर्काको घरमा काम गरेर गुजारा गरिरहेकी ती बालिकालाई उनीहरूले करिब ६ वर्षदेखि यौन शोषण गर्दै आएको रहस्य सार्वजनिक भयो। मङ्सिर २६ गते आरोपितहरू चन्द्रबहादुर, ज्ञानबहादुर र गोविन्द बललाई प्रहरीले गिरफ्तार गऱ्यो। घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो। गिरफ्तार भएका तीन जनामध्ये ज्ञानबहादुर घिसिङ बाथरुम जाने बहानामा पुस १ गते साँझ ढल्केवर प्रहरी थुनाबाट फरार भए। फरार अभियुक्तको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

बलात्कारपछि हत्या

कजरा रमौल-६ की १५ वर्षीया पूर्णिमा ठाकुरको लास इनर्वदिखि पूर्वमा रहेको बालुवाको खोला, सबैला जाने बाटोदेखि उत्तरतिरको धानखेतको उत्तर-पश्चिम कोणमा ०७० कात्तिक २२ गते बलात्कारपछि बीभत्स हत्या गरी फालिएको अवस्थामा कात्तिक २३ गते फेला परेको स्थानीयवासीले बताए। सामूहिक बलात्कारपछि हत्या गरिएको शङ्का गरिएको छ। छठको दिन घाँस काट्न गएकी पूर्णिमालाई केही चिनजानका मान्छेहरू पछि लागेर योजनाबद्ध रूपमा साँझ साढे ४ बजेको समयमा एक्लो भएको मौका छोपी बलात्कार गरेको र पछि हत्यासमेत गरेको स्थानीयवासीले बताए। छठको दिनमा सबै मान्छे घरमा भएको मौकामा एक्लो पाएर मानवीयताको पराकाष्ठा नाघेर क्रूरतापूर्वक सो घटना गरेको स्थानीवासी र इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर गोविन्द झाले बताए। गाउँमा आफ्नो सुरक्षा नभएको भन्दै पीडित परिवार सो गाउँमा नबस्ने मनसायमा पुगेको पीडित परिवारले बतायो। अल्पसङ्ख्यक जात भएकाले सुरक्षाको प्रत्याभूति हुन नसकेको उनीहरूको भनाइ रहेको छ। प्रहरीले लासको जनकपुर अञ्चल अस्पतालमा कात्तिक २४ गते पोस्टमार्टम गराई परिवारजनलाई बुझायो। सोही दिन जनकपुरको स्वर्गद्वारीमा लासको अन्तिम संस्कार गरेको पीडित परिवारले बतायो। पीडित पक्षले ०७० पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। अनुसन्धानको प्रक्रियामा रहेकाले दर्ता हुन ढिलो भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता इन्स्पेक्टर गोविन्द पुरीले बताए। घटनामा संलग्नहरूको खोजी कार्य भइरहेको प्रवक्ता पुरीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

इटहर्वा गाविस-१ का चार जना युवतीलाई महोत्तरी धिरापुर-३ का १९ वर्षीय राहुल भनिने राजीव ठाकुरले ०७० वैशाख १२ गते ललाइफकाइ गरिबी निवारण तालिमका लागि भन्दै काठमाडौँबाट भारत लगी बेचबिखन गर्न लागेका बेला उद्धार गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो। घरबाट तालिमका लागि काठमाडौँ जानुपर्ने भनेर हिँडेका ती चार जना युवतीलाई जनकपुरमा दुई दिन राखी काठमाडौँको एउटा लजमा सात-आठ दिनदेखि बन्दी बनाएर राखिएको थियो। काठमाडौँमा सात-आठ दिन बितिसक्दा पनि तालिममा नपठाएको वा तालिम नगराएको र बन्द कोठामा राखेकाले ती युवतीहरूले शङ्का गरी एक जना आफ्नो मान्छेलाई फोन गरेपछि त्यही मान्छेको सहयोगमा ती युवतीहरूको उद्धार गरिएको पीडित परिवारले बतायो। पीडित पक्षले जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरायो। प्रहरीले घटनाका आरोपित ठाकुरलाई जेठ ४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०७० जेठ ३० गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा राखिएको छ। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३० वर्षीया एक महिलालाई ०७० वैशाख ७ गते साँझ रम्दैया भवाडी-८ का ३५ वर्षीय सरोज यादव, सोही गाविसका २६ वर्षीय पप्पु यादव, २२ वर्षीय जितु यादव र २५ वर्षीय सरोज यादवले रम्दैया-५ स्थित मटकोर्वा पोखरीको पूर्व-उत्तरतर्फको परालको टाल तल सामूहिक बलात्कार गरेको आरोपमा पीडित पक्षले ०७० वैशाख १० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरायो। चैती छठको मेला हेरी घर फर्किरहेका बेला चार-पाँच जनाको सङ्ख्यामा आएको समूहले बलात्कार गरेको पीडित पक्षले जनायो। पीडितको ०७० वैशाख ८ गते जनकपुर अञ्चल अस्पतालमा स्वास्थ परीक्षण भयो। यस वर्षको अन्त्यसम्म आरोपितहरू गिरफ्तार भएनन्।

घरेलु हिंसा

परिवारजनबाट हत्या

धनुषा गोविन्दपुर-७ की २५ वर्षीया रीताकुमारी यादवलाई ०६९ माघ २५ गते पति २६ वर्षीय रामस्वागारथ यादव, ससुरा ४५ वर्षीय रामबलि यादव

र सासू ४० वर्षीया जगतारैन देवी यादवसमेत मिली धारिलो हतियारले निधार र टाउकामा प्रहार गरी हत्या गरेको माइती पक्षले आरोप लगायो। लासको जनकपुर अञ्चल अस्पतालमा ०६९ माघ २६ गते पोस्टमार्टम गराई माइती पक्षलाई बुझाइयो। सोही दिन लासको अन्तिम संस्कार माइती पक्षले गरे। पीडित पक्षले ०६९ माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरायो। घटनाका आरोपित रामबलि यादवलाई ०६९ चैत १ गते प्रहरीले गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेशमा ०६९ चैत २७ गतेदेखि आरोपित पुर्पक्षका लागि थुनामा छन्। घटनाका अन्य आरोपित भनिएका मृतकका पति रामस्वगारथ र सासू जगतारैन देवी यादव फरार छन्। यस वर्षको अन्त्यसम्म आरोपितहरू गिरफ्तार भएनन्।

जनकपुर नपा-१३ की ३५ वर्षीया पुनमदेवी राउतलाई ०७० असोज १७ गते बिहान ४ बजे देवर ३० वर्षीय नागेन्द्र राउतले घरमै धारिलो हतियार प्रहार गरी हत्या गरे। टाउकामा धारिलो हतियार प्रहार गरेकाले गम्भीर घाइते पुनमलाई उपचारका लागि जनकपुर अञ्चल अस्पताल ल्याउने क्रममा बाटोमै मृत्यु भएको सई रवि घिमिरेले बताए। पारिवारिक विवादका कारण हत्या भएको प्रहरीले बतायो। पुनमका पति रवीन्द्र राउत वैदेशिक रोजगारीका क्रममा साउदीअरेबियामा छन्। दुई छोरा र तीन छोरीकी आमा पुनमको हत्या भएपछि बच्चाहरू बेसहारा भए। पीडित पक्षले ०७० असोज १७ गते नै जाहेरी दर्ता गरायो। घटनाका आरोपित नागेन्द्रलाई प्रहरीले असोज १८ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा कात्तिक १२ गतेदेखि आरोपित थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

बटेश्वर-८ की १८ वर्षीया बबिता यादवलाई ०७० मङ्सिर २६ गते उनका पति २२ वर्षीय विश्वनाथ यादवले धारिलो हतियार प्रहार गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालले जनायो। धारिलो हतियार बन्चरोले गर्धन, टाउकामा प्रहार गरी उनको हत्या गरिएको थियो। घरमा आमाबुबा नभएको मौकामा पति-पत्नीबीच विवाद भई घटना भएको स्थानीयले बताए। लासको जनकपुर अञ्चल अस्पतालमा मङ्सिर २७ गते पोस्टमार्टम गराई मृतकका ससुराले बुझेको जिल्ला प्रहरी कार्यालयले जनायो। पीडित पक्षले मङ्सिर २७ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरायो। घटनाका आरोपित विश्वनाथलाई मङ्सिर २७ गते नै गिरफ्तार गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी प्रवक्ता इन्स्पेक्टर गोविन्द पुरीले बताए।

दाइजोका कारण हत्या

गोपालपुर-१ की २० वर्षीया रिभादेवी यादवलाई ०७० असार १८ गते उनका पति २४ वर्षीय सञ्जय यादवले दाइजो नदिएका कारण गहुँमा हाल्ने औषधी सल्फेट नामक विषादी ट्याबलेट घरमै खुवाएर हत्या गरेको पीडित परिवारले बतायो। असार १८ गते विष खुवाएपछि उपचारका लागि भारतको सिलगुडीमा असार १९ गते मृत्यु भएको मृतकका दाइ शम्भु यादवले बताए। उपचार गराउन लगिरहेका बेला विष कसरी खायौ भनेर सोध्दा आफूलाई पति र सासू-ससुरा मिली विष खुवाएको मृतक रिभाले जानकारी दिएको मृतकका दाइ शम्भुले बताए। पहिलेदेखि कुटपिट गर्दै विभिन्न समयमा दाइजोमा अरू सरसामान र नगद ल्याउन बहिनीलाई दबाब दिँदै आएको र अन्त्यमा सबै मिली हत्या गरिदिएको पीडित पक्षले आरोप लगायो। विष खुवाउनुभन्दा एक दिन पहिले राति कुटपिट गरेकाले भागेर माइत आउन लागेकी रिभालाई उनका पतिले फर्काएर घर लगे पनि रातभर शारीरिक यातना दिएर अन्ततः बिहान ५ बजेतिर गहुँमा हाल्ने सल्फेट ट्याबलेट खुवाएको मृतकको मुखबाट आफूले सुनेको मृतकका आफन्तले बताए। लासको असार २१ गते जनकपुर अञ्चल अस्पतालमा पोस्टमार्टम गराई प्रहरीले पीडित पक्षलाई बुझायो। पीडित परिवारले असार २३ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरायो। सोही दिन घटनाका आरोपित सञ्जयलाई प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा साउन २६ गतेदेखि आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

सोनिगामा-६ की १८ वर्षीय अमृता पासमानलाई ०७० मङ्सिर ९ गते पति २५ वर्षीय दीपक पासमान, ससुरा ४५ वर्षीय सोगारथ पासमान र सासू भगरथीयादेवी पासमानसमेत मिली पासो लगाई घरमा झुन्ड्याई हत्या गरेको पीडित पक्षले बतायो। दाइजोको कारण मानसिक यातना दिएको तथा मङ्सिर ९ गते हत्या गरेको आरोपमा पीडित पक्षले मङ्सिर २४ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरायो। लासको जनकपुर अञ्चल अस्पतालमा कात्तिक १० गते पोस्टमार्टम गरी पीडित परिवारलाई बुझाइयो। आरोपितहरू फरार रहेकाले उनीहरूको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

दुर्व्यवहार

मुखियापट्टी मुसहरनियाकी १८ वर्षीया एक युवतीलाई ०७० भदौ ४ गते विहान ११ बजेको समयमा भारत मधुबनी पिपरौनका १९ वर्षीय सन्तोष महतोले सुनसान भएको मौका छोपी शरीरमा पेट्रोल छर्केर आगो लगाए। महतोको प्रेम प्रस्ताव अस्वीकार गरेपछि कोचिङ पढेर घर फर्किरहेकी युवतीको शरीरमा पेट्रोल खन्याएका थिए। गम्भीर घाइते युवतीको जनकपुर अञ्चल अस्पतालमा उपचार सम्भव नभएपछि भदौ ७ गते त्रिवि शिक्षण अस्पताल, काठमाडौँमा उपचारका लागि लगिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर दीपेन्द्र पञ्जियारले बताए। आगोले युवतीको देब्रे भागको अनुहारदेखि पैतालासम्मको भाग जलेको थियो। आरोपित सोही गाउँमा मामाघरमा बस्दै आएका थिए। घटनास्थलबाट सलाई र साइकल बरामद भएको प्रहरी कार्यालयले जनायो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा भदौ ९ गते जाहेरी दर्ता गरायो। घटनाका आरोपित महतोलाई प्रहरीले भदौ ११ गते गिरफ्तार गऱ्यो। अदालतको आदेशमा असोज ६ गतेदेखि आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय ८५ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा २ सय ८५ उजुरी दर्ता गराए। उजुरीमध्ये कुटपिट गरी घरनिकाला गरिएका १ सय ३, खानलाउन नदिएका १ सय ४, विवाह दर्ता तथा नागरिकता नबनाएका ४३, अर्की पत्नी ल्याएर हेला गरेकामा ३५, बोक्सीको आरोप लगाएका घटनामा दुई जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले २ सय १७ घटनामा मिलापत्र गराएको र पाँच सम्बन्धविच्छेदका उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

अमानवीय व्यवहार

नौँवाखोर प्रसाही-९ की ६० वर्षीया देवकी साहलाई ०७० वैशाख ७ गते बोक्सीको आरोपमा छिमेकी रामेश्वर साह र उनका छोरा दिनेश साह र उनकी पत्नीले कुटपिट गरी अभक्ष खुवाएको पीडितले बताइन्। रामेश्वरको घरमा नयाँ बुहारी ल्याएको दिनदेखि भूतप्रेत लगाएर हैरान गरेको भन्दै अभक्ष खुवाएको प्रत्यक्षदर्शी बघचौडाका रामचन्द्र साहले बताए। बोक्सी लगाएको आरोपमा घरमा कोही नभएको मौकामा घरबाट समातेर कुटपिट गर्दै छातीमा बसेर सिसीमा घोलेर राखेको दिसा खुवाएको भन्दै पीडित परिवारले वैशाख १३ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरायो। पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। घटनाका आरोपित रामेश्वरलाई प्रहरीले वैशाख १३ गते नै गिरफ्तार गरेकामा जिल्ला अदालतको ०७० जेठ १ गतेको आदेशमा आरोपित २० हजार रुपियाँ धरौटीमा रिहा भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्मानजनक वातावरणमा काम गर्न पाउने अधिकार

निलम्बनमा परेका जिल्ला विकास समितिका कर्मचारीहरूलाई तलब खुवाएको विषयमा स्थानीय विकास अधिकारी र फोरम लोकतान्त्रिकका कार्यकर्ताबीच ०६९ फागुन २० गते विवादका क्रममा एलडिओ कास्की जिल्ला पोखरा उपमहानगरपालिका निवासी ३८ वर्षीय तारानाथ अधिकारीलाई फोरमका कार्यकर्तले हातपात गरे। सो जिल्ला विकास समितिको कार्यालयमा चलिरहेको परिषद्को विरोधमा नाराबाजी गरेपछि सुरक्षामा खटिएका प्रहरीको लाठी चार्जबाट १३ जना घाइते भए। घटनामा फोरम लोकतान्त्रिक जिल्ला अध्यक्ष ३५ वर्षीय उमाशङ्कर अरगरिया, जनकपुर-७ का ३४ वर्षीय बैजु साह, लक्ष्मीपुर बगेवा-२ का ४५ वर्षीय राम गोविन्द यादव, जनकपुर नपा-२ की ५५ वर्षीया सुमित्रा महतो, जनकपुर नपा-१ अब्दुल हलिम जनकपुर नपा-४की ४२ वर्षीया रुक्मीनी मण्डल, जनकपुर नपा-४ की ४५ वर्षीया मुन्द्रीका महतो, जनकपुर नपा-४ की ५० वर्षीया नसिमा वेगम, जनकपुर नपा-२ का ४० वर्षीय अच्छेलाल यादव, जनकपुर नपा-८ का फुलबाबु यादव, जनकपुर नपा-४ का प्रदिपकुमार यादव, सिमाञ्चलका पत्रकार ५४ वर्षीय उपेन्द्र भगत नागबंशी घाइते भएका थिए। सोही क्रममा प्रर्दशनकारीले गरेको ढुङ्गामुढमा परी असई वीरेन्द्र गिरी, प्रहरी जवान रुपेन्द्र साह घाइते भए। घाइते मध्ये फोरम लोकतान्त्रिकका जिल्ला अध्यक्ष अरगरियाको टाउको, गर्धन र ढाडमा चोट लागी गम्भीर घाइते भएकोमा उनलाई थप उपचारको लागि काठमाडौँ रेफर गरिएको जनकपुर अञ्चल अस्पतालका डा. अवधेश कान्त झाले बताए। यसैगरी लोकतान्त्रिकका कार्यकर्ता बैजु साहको टाउको फुटेका कारण थप उपचारको लागि काठमाडौँ रेफर गरिएको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	३४		
उपस्वास्थ्यचौकी	६५		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	५	५	
स्टाफ नर्स	५		५
ल्याब असिस्टेन्ट	८	८	
अहेब	२२६	२०८	
अनमि	१३३	९९	३४
खोप सुपरभाइजर	२	२	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	३६	२०	१६

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कार नौ मुद्दा दर्ता भए। जसमा नौ जनालाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखे। घरेलु हिंसा तीन मुद्दा दर्ता भए जसमा तीन जनालाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखे। ओसारपसार र जीउ मास्ने बेच्ने एक मुद्दा दर्ता भए। जसमा एक जनालाई गिरफ्तार गरी पुर्पक्षका थुनामा राखे। कर्तव्य ज्यान १३ मुद्दा दर्ता भए। जसमा १५ जनालाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखे। ज्यान मार्ने उद्योग १२ मुद्दा दर्ता भए। जसमा १६ जनालाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखे। अपहरण उद्योग एक मुद्दा दर्ता भए। जसमा एक जनालाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखे। बाल विवाह एक मुद्दा दर्ता भए। जसमा एक जनालाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखे।

२.२ महोत्तरी



जिल्ला सदरमुकाम: जलेश्वर
क्षेत्रफल (वर्ग कि. मि.): १,००२
घरधुरी सङ्ख्या: १,११,३१६
जम्मा जनसङ्ख्या: ६,२७,५८०
पुरुष: ३,११,०१६
महिला: ३,१६,५६४
अपाङ्ग सङ्ख्या: १०,१६६
गाविस/नपा सङ्ख्या: ७६/१
पुरुष साक्षरता सङ्ख्या: १,६२,३५०
महिला साक्षरता सङ्ख्या: १,०५,७८२
हिन्दू धर्मावलम्बी प्रतिशत: ८४.२४
बौद्ध धर्मावलम्बी प्रतिशत: २.०२
इस्लाम धर्मावलम्बी प्रतिशत: १३.३४
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.१४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.२४२
प्रतिपरिवार सरदर सङ्ख्या: ५.६४

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
गैरराज्यपक्षबाट
अज्ञात समूहबाट

सरपल्लो-७ निवासी माछा व्यापारी २४ वर्षीय विक्रम सहनीलाई ०७० साउन १२ गते छिमेकी गाविस पोखरभिन्डा बजारबाट फर्कने क्रममा सहसौला गाविस-६ मा अज्ञात समूहले अपहरण गरेकामा साउन १४ गते सहसौला गाविस-५ स्थित खेतमा उनको लास फेला परेको थियो। मृतकका पिता रामलखन सहनीले ०७०

साउन १७ गते जिल्ला प्रहरी कार्यालयमा घटनामा संलग्न दोषी पत्ता लगाई अनुसन्धान गरी पाऊँ भनी कर्तव्य ज्यानको जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्म दोषीको पहिचान हुन नसकेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। लासको पोस्टमार्टम जिल्ला अस्पताल जलेश्वरमा ०७० साउन १४ गते भयो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

गैरराज्यपक्षबाट

जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) समूहबाट

मनरा गाविस-६ का ३६ वर्षीय अभयकुमार सिंह र उनकी पत्नी २८ वर्षीया पूजा सिंहलाई ०७० असार ५ गते बन्दको अवज्ञा गरेको भन्दै जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) समूहका कार्यकर्ताले सोही वडाको सडकमा गोली हानी घाइते बनाए। दाहिने पाखुरामा गोली लागेर घाइते भएका अभयकुमार र तिघ्रामा गोली लागेर घाइते भएकी पूजाको जलेश्वर अस्पतालमा उपचार भएको प्रहरीले जनायो। पीडितले प्रहरीमा उजुरी गरेनन्।

जलेश्वर नपा-६ निवासी मधेसी जनअधिकार फोरम नेपालका जिल्ला सदस्य तथा कार्यालय सचिव ३५ वर्षीय प्रयास साहलाई ०७० साउन १० गते सदरमुकाम जलेश्वर-६ स्थित पार्टी कार्यालयमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) समूहका कार्यकर्ताले गोली हानी घाइते बनाए। पाखुरामा गोली लागी घाइते भएका साहको काठमाडौँस्थित त्रिवि शिक्षण अस्पताल, महाजगन्जमा उपचार भयो। प्रहरी प्रतिवेदनका आधारमा ०७० साउन १७ गते ज्यान मार्ने उद्योग मुद्दा दर्ता गरिएकामा उक्त घटनाका दोषी यस वर्षको अन्त्यसम्ममा गिरफ्तार भई कारबाही प्रक्रिया अघि बढेन।

अज्ञातबाट

मनरा गाविस-८ का १९ वर्षीय विकासकुमार सिंह र ३९ वर्षीय शैलेन्द्र मण्डललाई ०७० असार २ गते सोही ठाउँमा रहेको बजारको एक चियापसलमा बसेर चिया खाँदै गर्दा अज्ञात समूहले गोली प्रहार गर्दा घाइते भए। सिंहको पेटमा र मण्डलको दाहिने खुट्टामा गोली लागेको थियो। घाइते उनीहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। पीडित

अज्ञात समूहद्वारा अपहरणपछि हत्या गरिएका विक्रम सहनी

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते	१	४	५
बालअधिकार	१२		१२
अपहरण	१	४	५
महिलाअधिकार	१०		१०
हत्या	३	६	९
जम्मा	३८	१४	४१

पक्षबाट जाहेरी नआएकाले मुद्दा दर्ता गर्न नसकिएको जिल्ला प्रहरी कार्यालय, महोत्तरीले जनायो।

जेल र बन्दी

'ख' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता १ सय ३५ रहेको छ। यस कारागारमा वर्षको अन्त्यसम्म कैद तोकिएका ७४ र कैद नतोकिएका ३ सय ७९ कैदी थुनुवा गरी जम्मा ४ सय ५३ जना बन्दी रहेका छन्, जसमा महिला ३३ र पुरुष ४ सय २० जना रहेका छन्। यसबाहेक आश्रित बालक दुई र बालिका चार गरी जम्मा ६ जना छन्। पुरुष कारागारभित्र १० ओटा शौचालयमध्ये नौओटा प्रयोगमा छन्। महिला कारागारतर्फ दुईओटा शौचालय प्रयोगमा छन्। पुरुष कारागारतर्फ धारा र चापाकल गरी ६ ओटा रहेकामा एउटा चापाकल बिग्रिएर पाँचओटा मात्र प्रयोगमा छन्। महिलातर्फ एउटा चापाकल मात्र रहेको छ। पुरुष कारागारभित्र चारओटा टेलिभिजन र महिलातर्फ एउटा टेलिभिजन प्रयोगमा रहेको चौकीदार बिकरु मिजारले बताए। कारागारभित्र रहेको पुस्तकालयमा 'नागरिक' दैनिक, 'गोरखापत्र' र केही स्थानीय पत्रपत्रिका उपलब्ध गराएको कारागार प्रशासनले जनायो। यस वर्ष कैद तोकिएका १ सय ३५ कैदीलाई अन्यत्र स्थानान्तरण गरिए पनि धनुषा जिल्लामा कारागार नहुनु र सर्लाहीमा निर्माणाधीन रहेकाले तीन जिल्लाको एक मात्र कारागार भएकाले कैदी बन्दी नघटेको जेलर सोमेन्द्र ठाकुर बताउँछन्। क्षमताभन्दा बढी कैदी भएकाले स्थान अभावमा जाडो होस् वा गर्मी, छतमा त्रिपाल टाँगेर बन्दीहरूको व्यवस्थापन मुस्किलले भइरहेको छ। राणाकालमा

बनेको जीर्ण कारागारको कम्पाउन्ड पनि सानो भएकाले दाउरामा खाना पकाउँदा कारागारभरि धूवाँ रुमल्लिएर महिनामै ५० भन्दा बढी कैदीलाई आँखा उपचारका लागि अस्पताल पुऱ्याउनुपरेको जेलर ठाकुरले बताए। कारागारमा कैदी बन्दीको कोचाकोच भएकाले स्थान अभावमा कैदीहरूको आयआर्जनको काम वा खेलकुद धेरै टाढाको विषय भएको चौकीदार मिजार बताउँछन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउन देखि ०७० असारसम्म

पाँच जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ७ सय १६ थानमध्ये ३ सय ६१ थानको फैसला भयो भने ३ सय ५५ थान बाँकी रहे। देवानी मुद्दातर्फ २ हजार ४ सय ९७ थानमध्ये १ हजार २ सय १९ थानको फैसला भयो भने १ हजार २ सय ७८ थान बाँकी रहे।

०७० असारदेखि पुस १६ गतेसम्म

यस जिल्ला अदालतमा फैजदारी मुद्दातर्फ ५ सय ५ थानमध्ये ५५ थानको फैसला भयो भने ४ सय ५० थान बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ७ सय ६० थानमध्ये २ सय ४० थानको फैसला भयो भने १ हजार ५ सय २० थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी ४८ थान र देवानी मुद्दा १ सय ३७ थानको फैसला हुन बाँकी रहयो।

जिल्ला सरकारी वकिलको कार्यालय

यस कार्यालयबाट फौजदारी कसुरमा अभियोजन गरिएका ३ सय ६ थान मुद्दामध्ये २५ थानको फैसला भई २ सय ८१ बाँकी रहे, जसमा अदालततर्फ १ सय ७३ थानममध्ये १५ थानको फैसला भयो १ सय ५८ थान बाँकी रहे भने जिल्ला प्रशासन कार्यालयतर्फ १ सय ३३ थानमा १० थानको फैसला भई १ सय २३ बाँकी रहे। यस वर्ष दाबी सफल भएका १२ थान मुद्दा छन् भने १९ थान मुद्दा पुनरावेदन गरिएको छ। कार्यालय अभिलेखमा दुई वर्ष नाघेका ९० थान मुद्दा रहेका छन्, जसमा अदालततर्फ ३७ र जिल्ला प्रशासनतर्फ ५३ थान रहेका छन्।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) समूहका कार्यकर्ताद्वारा गोली हानी घाइते बनाइएका प्रयास साह

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लामा विद्यालय जाने उमेरका १ लाख ५८ हजार ७ सय ४ विद्यार्थीमध्ये छात्रा ८२ हजार ७ सय ४१ र छात्र ७९ हजार ८ सय ६१ प्राथमिक तहदेखि माविसम्म भर्ना भए, जसमध्ये दलित छात्रा २३ हजार ४ सय ५६ र छात्र २३ हजार ९ सय ६९ रहेका छन्।

सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ५ सय १३, पुरुष १ हजार ४ सय ९५ गरी जम्मा २ हजार ८ सय शिक्षक कार्यरत छन्। निमावि तहमा महिला २६ र पुरुष २ सय ६० गरी २ सय ८६ कार्यरत छन्। त्यसै गरी माबि तहमा महिला १० पुरुष २ सय ६५ गरी जम्मा २ सय ७५ शिक्षक कार्यरत छन्।

बालविकास केन्द्रमा रहेका बालबालिकाहरूको तथ्याङ्क अद्यावधिक गरेको पाइएन। पुरानो तथ्याङ्क अनुसार बालविकास केन्द्रमा बालक ६ हजार ४ सय ४० र बालिका ६ हजार ४ सय गरी जम्मा १२ हजार ८ सय ४० रहेका छन्, जसमध्ये दलित बालक २ हजार ५ र बालिका १ हजार ९ सय १३ छन्।

महोत्तरी जिल्ला शिक्षा कार्यालयको अभिलेख प्रणाली अत्यन्त अव्यवस्थित रहेको छ। तथ्याङ्कहरू कार्यालयभन्दा कर्मचारीको झोलामै सीमित छन्। ०६३ सालपछि हालसम्म १३ जना जिल्ला शिक्षा अधिकारी आउने-जाने क्रम भएकाले कार्यालय व्यवस्थित हुन नसकेको कर्मचारीहरू बताउँछन्।

अज्ञात समूहबाट हत्या

दनौलीबनौली गाविस-५ की पाँच महिनाकी शिशु सञ्जनाकुमारी मण्डललाई ०७० वैशाख २२ गते राति अज्ञात समूहले घरबाट अपहरण गरी नजिकैको खेतमा लगेर हत्या गऱ्यो। मृतक शिशुकी आमाले ०७० वैशाख २३ गते जिल्ला प्रहरी कार्यालयमा दिएको कर्तव्य ज्यानको जाहेरी प्रहरीले दर्ता गरे पनि आरोपित किटान नहुँदा फाइल अघि बढ्न नसकेको जिल्ला प्रहरी कार्यालयले जनायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१२ वर्षीया एक बालिकालाई बनौटा गाविस-७ का २३ वर्षीय रामकैलाश भण्डारीले ०७० पुस ३ गते बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले ०७० पुस १५ गते जिल्ला प्रहरी कार्यालयमा जबरजस्ती करणी उद्योगको जाहेरी दियो। आरोपितलाई ०७० पुस १५ गते नै गिरफ्तार गरी अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

बालविवाह

पर्सापतैली गाविस-६ की १३ वर्षीया रेणुकुमारीको सोही ठाउँका १८ वर्षीय नवीन कापरसँग ०७० साउन ३१ गते विवाह भयो। आफ्नी नाबालिक छोरीलाई ललाइफकाइ विवाह गराएको भन्दै रेणुका बुबाले आरोपित नवीन र उनका पिता सिकिन्दर कापरलाई विपक्षी बनाउँदै ०७० भदौ ९ गते जिल्ला प्रहरी कार्यालयमा बालविवाहको जाहेरी दिए। प्रहरीले आरोपितमध्येका सिकिन्द्र कापरलाई ०७० असोज १२ गते गिरफ्तार गरी मुद्दा चलाउँदा जिल्ला अदालत, महोत्तरीले ०७० कात्तिक ७ गते २ हजार रुपियाँ धरौटीमा रिहा गरेको छ भने अर्का आरोपित फरार रहेको बताइएको छ। यस वर्षको अन्त्यसम्म मुद्दा विचाराधीन छन्।

गैढाभेटपुर गाविस-९ की १४ वर्षीया अहिल्याकुमारी दाहालाई अनकार गाविस-५ का ५० वर्षीय झिङ्गुर मण्डलले ०७० वैशाख ९ गते भगाएर विवाह गरे। पीडितका पिता वीरेन्द्र दाहाले ०७० मङ्सिर २१ गते जिल्ला प्रहरी कार्यालयमा बालविवाहविरुद्ध जाहेरी दिएकाले प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी मुद्दा चलायो। यस मुद्दाको थुनछेक बहस ०७० पुस १७ गतेका लागि तोकियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार
बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३५ वर्षीया एक महिलालाई धमौरा गाविस-१ का ४५ वर्षीय अपुव शेष मुसलमानले ०६९ माघ २१ गते राति पीडितकै घरमा बलात्कार प्रयास गरेको आरोपमा पीडतले माघ २२ गते जिल्ला प्रहरी कार्यालय, जलेश्वरमा जाहेरी दिएपछि सोही दिन प्रहरीले आरोपित मुसलमानलाई गिरफ्तार गऱ्यो। पीडितको जलेश्वर अस्पतालमा स्वास्थ्य जाँच पनि सोही दिन भएको प्रहरीले जनायो। जिल्ला अदालत महोत्तरीको आदेशमा आरोपित ०६९ फागुन १६ गते ३० हजार रुपियाँ धरौटीमा रिहा भए।

२७ वर्षीया एक महिलालाई पिगौना गाविस-२ का ३५ वर्षीय बिकाउ साहले घाँस काट्न गएका बखत ०७० असार ११ गते बलात्कार गरेको आरोपमा कानुनी ज्ञान र तत्काल सहयोगी पनि नभएकाले साउन ९ गते मात्र जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। सोही दिन प्रहरीले जिल्ला अस्पताल, जलेश्वरमा पीडितको स्वास्थ्य परीक्षण गरायो। आरोपित फरार भएको जनाउँदै प्रहरीले कारबाही अघि बढाउन सकेन।

३५ वर्षीया एक महिलालाई घाँस काट्न खेतमा गएका बखत सुन्दरपुर गाविस-४ का ५० वर्षीय रामएकवाल यादवले ०७० साउन १६ गते बलात्कार गरेको आरोपमा पीडितका पति रामकिनकिन रायले ०७० साउन २१ गते इलाका प्रहरी कार्यालय, गौशालामा जाहेरी दर्ता गराए पनि आरोपित फरार भएकाले यस वर्षको अन्त्यसम्म पक्राउ परेनन्। पीडितको स्वास्थ्य परीक्षण साउन २१ गते नै प्रहरीले प्राथमिक स्वास्थ्य केन्द्र, गौशालामा गराएको थियो।

२७ वर्षीया एक महिलालाई परौल गाविस-५ का ३५ वर्षीय श्रीप्रसाद यादव र सोही गाविस-५ का ३१ वर्षीय सञ्जय यादवले झारफुकको बहानामा ०७० मङ्सिर २४ गते बलात्कार प्रयास गरेको आरोपमा पीडितले ०७० मङ्सिर २७ गते जिल्ला प्रहरी कार्यालयमा जबरजस्ती करणी उद्योगको जाहेरी दिइन्। प्रहरीले पुस १ गते आरोपितमध्येका सञ्जयलाई गिरफ्तार गरी सोही दिन मुद्दा दर्ता गरेको थियो। अर्का आरोपित श्रीप्रसाद फरार रहेको बताउँदै जिल्ला प्रहरी कार्यालयले यस वर्षको अन्त्यसम्ममा घटना अनुसन्धानमै रहेको जनायो।

घरेलु हिंसा

बहुविवाह

रामगोपालपुर गाविस-२ घर भई हाल माइतीघर पिपरा गाविस-२ मा बस्दै आएकी २६ वर्षीया रेखा देवीले बहुविवाह गरेको भन्दै पतिविरुद्ध ०७० फागुन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। पति रामगोपालपुर गाविस-२ का २९ वर्षीय विष्णुदेव ठाकुरले ०६९ माघ २८ गते २३ वर्षीया पूजा भनिने पुनमदेवीसँग बहुविवाह गरे। आरोपित फरार भएकाले कारबाही प्रक्रिया अघि नबढेको प्रहरीले जनायो।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ९६ जना महिलाले जिल्ला प्रहरी कार्यालय

अन्तर्गतको महिला सेलमा उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ४५, खानलाउन नदिएका ३२, विवाह दर्ता तथा नागरिकता नबनाएका ११, अर्की पत्नी ल्याएर हेला गरेका आठ घटना थिए। ती सबै घटनामा प्रहरीले मिलापत्र गराएको जनाएको छ।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	१८		
उपस्वास्थ्यचौकी	५२		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	२१	१६	५
स्टाफ नर्स	१८	१३	५
ल्याब असिस्टेन्ट	६	६	
अहेब	११०	११०	
अनमि	२२४	१५४	३०
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२६	२६	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ देखि ०७० पुस १६ गतेसम्म बलात्कार १०, बलात्कार प्रयास सात, कर्तव्य ज्यान ११, आत्महत्या ५२, गर्भपतन एक, हातहतियार तथा खरखजाना ६, कुटपिट तथा अङ्गभङ्गका चार मुद्दा दर्ता भए।

२.३ सर्लाही



जिल्ला सदरमुकाम: मलङ्गवा
क्षेत्रफल (वर्ग कि. मि.): १,२५५
घरधुरी सङ्ख्या: १,३२,८४४
जम्मा जनसङ्ख्या: ७,६५,७२५
पुरुष: ३,८५,७५६
महिला: ३,७५,९७३
अपाङ्ग सङ्ख्या: ५,५८५
गाविस/नपा सङ्ख्या: ५५/१
पुरुष साक्षरता सङ्ख्या: २,०२,३११
महिला साक्षरता सङ्ख्या: १,३३,०७०
हिन्दू धर्मावलम्बी प्रतिशत: ८५.५६
बौद्ध धर्मावलम्बी प्रतिशत: ५.७२
इस्लाम धर्मावलम्बी प्रतिशत: ७.८८
किराँत धर्मावलम्बी प्रतिशत: ०.०४
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.२३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.२५
अन्य धर्मावलम्बी प्रतिशत: ०.३०७
प्रतिपरिवार सरदर सङ्ख्या: ५.७५

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार गोली/विस्फोटक पदार्थद्वारा घाइते गैरराज्यपक्षबाट

अखिल तराई मुक्ति मोर्चा (गोइत)बाट

पिडारी गाविस-४ निवासी जिल्ला नापी कार्यालयका अधिकृत ४० वर्षीय नागेन्द्र राय यादव, सलेमपुर गाविस-६ का २५ वर्षीय सरोज महतो, वसन्तपुर गाविस-२ का ६० वर्षीय फेकु मण्डल, बेल्वाजब्दी गाविस-५ का २७ वर्षीय सरोजकुमार पासवान, बेल्वाजब्दी गाविस-९ का ४१ वर्षीय हरिचन्द्र राम, हेमपुर गाविस-८ का २३ वर्षीय राजकिशोर राम,

रामवन गाविस-८ का ४० वर्षीय गौरीशङ्कर महतो र भक्तिपुर गाविस-८ का ३० वर्षीय फेकु महतो ०७० भदौ २८ गते मलङ्गवा नपा-८ स्थित नापी कार्यालयको मूलढोकानजिकै अखिल तराई मुक्तिमोर्चा (गोइत समूह)का कार्यकर्ताले गराएको बम विस्फोटमा परी घाइते भए। गम्भीर घाइते गौरीशङ्कर महतोको जिल्ला अस्पतालमा उपचारपछि थप उपचार त्रिवि शिक्षण अस्पताल, काठमाडौँमा भयो भने घाइते राजकिशोरको जिल्ला अस्पतालमा उपचारपछि थप उपचार पुरानो मेडिकल कलेज भरतपुर, चितवनमा भयो। अन्य घाइतेहरूको जिल्ला अस्पताल, मलङ्गवामा उपचार भयो। घाइतेमध्ये गौरीशङ्करको दाहिने कुर्कुच्चाको पूरै भाग बमले उडेको थियो भने राजकिशोरको घुँडामुनि पूरै घाउचोट लागेको थियो। बाँकी ६ जनाको शरीरका विभिन्न भागमा चोटपटक लागेको थियो। बम विस्फोटले नापी कार्यालयको काउन्टर क्षतिग्रस्त भएको थियो भने कार्यालयका कागजात छरपस्ट भएका थिए। विस्फोट भएको स्थानमा ब्याट्री र तारहरू भेटिएको र झोलामा राखिएको प्रेसरकुकर टायम बम विस्फोट भएको प्रहरीले बतायो। घटनामा संलग्न भएको आशङ्कामा मलङ्गवा नपा-२ का ३८ वर्षीय तेजनारायण रायलाई ०७० भदौ २९ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरेकामा पुर्पक्षका लागि कारागार चलान गरियो।

अज्ञात समूहबाट

गडैया गाविस-१, विर्ताटोलका तराई मधेस लोकतान्त्रिक पार्टीका कार्यकर्ता १६ वर्षीय अजयकुमार यादव र रामनगरवोहर्वा गाविस-७ का २८ वर्षीय शिवशङ्करप्रसाद साहलाई ०७० मङ्सिर ५ गते दिउँसो मलङ्गवा नपा-८ स्थित सडकमा हिँडिरहेको समयमा अज्ञात समूहले गोली प्रहार गरी घाइते बनायो। काङ्ग्रेसका कार्यकर्ताले घरमाथिबाट गोली हानेको पीडितले दाबी गरे भने काङ्ग्रेसले घटनामा आफ्ना कार्यकर्ताको संलग्नता नभएको बतायो। गोलीको छर्राले घाइते भएका दुवै जनाको जिल्ला अस्पतालमा उपचार भयो।

जेल र बन्दी

'ग' श्रेणीको १ सय जनाको क्षमता भएको यस जिल्ला कारागारको नयाँ भवनको निर्माण कार्य भइरहेको हुँदा कैद तोकिएका र कैद नतोकिएका कैदी र थुनुवाहरूलाई महोतरी र रौतहट जिल्लामा पठाइएको जेलर अनिल आचार्यले बताए। सशस्त्र द्वन्द्वका क्रममा ०६२ चैत २३ गते माओवादीले आक्रमण गरी ध्वस्त बनाएको कारागार भवन शान्ति तथा पुन:निर्माण मन्त्रालयको सहयोगमा बनिरहेको छ।

बेपत्ता/अपहरण

गैरराज्य पक्षबाट

अज्ञात समूहबाट

ब्रह्मपुरी गाविस-३ का इँटा व्यवसायी ४२ वर्षीय श्याम साहलाई चन्द्रनगर गाविसमा रहेको इँटाभट्टाबाट घरतर्फ मोटरसाइकलमा जाँदै गर्दा अज्ञात समूहले ०७० पुस ८ गते साँझ सखुवा भेल्हीबाट अपहरण गऱ्यो। पीडित घटनाको केही समयपछि प्रहरीको विशेष सक्रियतामा सखुवा-भेल्ही क्षेत्रको उँखुबारीबाट अपहरणमुक्त भए। यस वर्षको अन्त्यसम्म घटनामा संलग्नहरूको पहिचान हुन नसकेको प्रहरीले जनायो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

धनकौल गाविस-३ का तराई मधेस लोकतान्त्रिक पार्टीका कार्यकर्ता ६५ वर्षीय शुभनारायण साह, तराई मधेस सद्भावना पार्टीका कार्यकर्ताहरू धनकौल गाविस-१ का २५ वर्षीय मेगु राय, ३५ वर्षीय

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			६	३८	३४
बालअधिकार			४		४
अपहरण				३	३
महिलाअधिकार			५५		५५
भेला/सङ्गठित हुने अधिकार	१३	१३			
कुटपिट	१	१		९	९
धम्की	३	३			
हत्या			३	३	५
जम्मा	१६	१६	६८	४१	१०९

नागेन्द्र राय, २८ वर्षीय रमेश सिंह, २६ वर्षीय उपेन्द्र राय, २३ वर्षीय सलेन्द्र राय, सोही गाविस-२ का ३५ वर्षीय रामनिधि राय, ३० वर्षीय रामसोगारथ राय र ४४ वर्षीय भिखारी रायलाई ०७० मङ्सिर ४ गते धनकौल गाविस-३, पछ्यारीमा काङ्ग्रेस कार्यकर्ताले गोली तथा लाठी प्रहार गरी घाइते बनाए। काङ्ग्रेस कार्यकर्ताहरूले बुथ कब्जा गरी अरूलाई मतदान केन्द्रमा जान नदिएपछि प्रतिवाद भएको थियो। घाइतेमध्ये मेगु र रामनिधि रायलाई ०७० मङ्सिर ४ गते जिल्ला अस्पतालमा उपचार गरी साँझ थप उपचारका लागि नेसनल मेडिकल कलेज वीरगन्ज लगियो। अन्य घाइते सबैको जिल्ला अस्पताल, मलङ्गवामा उपचार भयो।

खुटौना गाविस-५ निवासी सद्भावना पार्टीका जिल्ला अध्यक्ष ४० वर्षीय प्रमोद साह, पार्टीका कार्यकर्ता रामकैलाश साह, लक्ष्मी सिंह, देवानन्दन पासवान, महादेव पासवान, वालेश्वर पासवान, राजेश भण्डारी, प्रदीप केसी र गोपाल पासवानलाई ०७० जेठ १२ गते बिहान महेन्द्र राजमार्ग अवरुद्ध गरेको भन्दै प्रहरीले नवलपुरबाट गिरफ्तार गरी जिल्ला ट्राफिक कार्यालय, नवलपुरमा राखी साँझ मलङ्गवा जिल्ला प्रहरी कार्यालय लगिएकामा ०७० जेठ १३ गते बिहान रिहा गरियो। बन्दको अवज्ञा गरी गाडी चलाएको भन्दै सद्भावना पार्टीका कार्यकर्ताले पूर्व-पश्चिम लोकमार्गको सर्लाही खण्डमा वीरगन्जबाट सिमेन्ट र प्लास्टिकको पाइप लिएर जलेश्वरतर्फ जाँदै गरेको ना२ख ६३३३ नम्बरको ट्रकलाई नवलपुर र लालबन्दीको बीचमा पर्ने बागवानी जङ्गलनजिक प्रदर्शनकारीले रोकेर आगो लगाएका थिए। आगलागीबाट ट्रक पूर्ण रूपमा जलेर ध्वस्त भएको थियो। प्रहरीले जल्दै गरेको ट्रकबाट केही सामान निकाले पनि आधाभन्दा बढी सामान भने जलेको थियो। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले गरेको हस्तक्षेपमा घाइते भएका राजेश भण्डारीको नमुना अस्पताल हरिवनमा ०७० जेठ १३ गते उपचार भयो।

तराई मधेस लोकतान्त्रिक पार्टी र तराई मधेस सद्भावना पार्टीका कार्यकर्ताहरू जमुनिया गाविस-२ का ९० वर्षीय रामअधीन राय, हरकठवा गाविस-८ का ३२ वर्षीय रामविनय राय र खैर्वा गाविस-४ का २४ वर्षीय धर्मेन्द्र यादव ०७० मङ्सिर ५ गते क्षेत्र नम्बर ६ को वलरा गाविस अन्तर्गत जब्दी, मदरसा र धनकौल गाविसका दुई ओटा मतदान केन्द्र गरी जम्मा चार ओटामा काङ्ग्रेसले बुथ कब्जा गरी धाँधली गरेको भन्दै मुख्य निर्वाचन अधिकृतको कार्यालयअगाडि धर्ना दिँदै नाराबाजी गर्ने क्रममा प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। घाइते उनीहरूलाई गोलीका छर्रा र बाँसका भाटाले चोटपटक लागेको थियो। घाइतेहरूको मलङ्गवा जिल्ला अस्पतालमा उपचार भयो।

झडप

तमलोपाका कार्यकर्ता गोडैता गाविस-७ का ३० वर्षीय मोहमद ऐजाजुल दर्जी, २३ वर्षीय मोहमद खुर्सिद दर्जी, ३५ वर्षीय महमद फिरोज दर्जी, ३५ वर्षीय अब्दुला दर्जी, ४० वर्षीया सकिला खातुन, ४५ वर्षीय महमद कलाम दर्जी, २५ वर्षीय मो. हारुल दर्जी, १२ वर्षीय मो. जुनेद आलम, १६ वर्षीय मो. इवरान, २० वर्षीया नुरजहान खातुन, ३० वर्षीया फरिदा खातुन, सात वर्षीया बालिका नगमा खातुन, ३० वर्षीया ममताज खातुन, २० वर्षीय मो. जाकिर आलम, १२ वर्षीय रियाज दर्जी, फोरम लोकतान्त्रिकका कार्यकर्ता ३५ वर्षीय मो. कलाम दर्जी र ३२ वर्षीय मो. तौकिर दर्जी ०७० असोज ३१ गते बिहान पर्चा च्यातेको विषयम तमलोपा र मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका कार्यकर्ताबीच भएको झडपमा परी घाइते भए। घाइतेमध्ये १२ जना तमलोपा समर्थक र पाँच जना फोरम लोकतान्त्रिकका कार्यकर्ता थिए। फोरम लोकतान्त्रिकका कार्यकर्ताले पर्चा च्यातेपछि विवाद भएको तमलोपाका कार्यकर्ताले बताए। गम्भीर घाइते भएका मो. ऐजाजुल दर्जी र मो. खुर्सिद दर्जीको जिल्ला अस्पताल, मलङ्गवामा उपचारपछि थप उपचार क्रमश: जनकपुर अञ्चल अस्पताल र नारायणी उपक्षेत्रीय अस्पताल वीरगन्जमा भयो भने सामान्य अन्य घाइतेहरूको जिल्ला अस्पताल, मलङ्गवामा उपचार भयो। जनकपुर र वीरगन्ज लगिएका ऐजाजुल र

अखिल तराई मुक्ति मोर्चा (गोइत) समूहका कार्यकर्ताले गराएको बम विस्फोटनमा परी घाइते भएका राजकिशोर राम

खुर्सिदको दाहिने गोडा भाँचिएको प्रहरीले बतायो। सामान्य घाइते भएकाहरूको हात, गोडा, टाउको, पाखुरा र ढाडमा चोटपटक लागेको थियो। दुवै पक्षबीच ०७० असोज ३१ गते साँझ थप विवाद नगर्ने लिखित सहमति भएको प्रहरी उपरीक्षक रवीन्द्र धानुकले बताए। झडपमा भाला, तरबार र फर्साजस्ता धारिला घरेलु हतियारको प्रयोग भएको थियो। केही महिलासहित सबै पक्षका मानिस घाइते भएका थिए। मुस्लिम समुदायको बस्तीभित्र गोडैता-७ का मैतुन मन्सुर र मुस्तफा दर्जीका १०/१२ वर्षका छोराहरूबीच भएको झगडाले दुवै परिवारका महिला हुँदै राजनीतिक रूप लिएको थियो। तमलोपा एवम् सद्भावनाका कार्यकर्ता एकातर्फ र लोकतान्त्रिकका कार्यकर्ता अर्कोतर्फ रहेर पोस्टर च्यातिएको विषयमा विवाद भएको स्थानीयले बताए।

रामवन गाविस-५, मुसलमान टोलका २५ वर्षीय रौजन खातुन, १३ वर्षीय इनताज मन्सुर, ६५ वर्षीय सुरज सिंह राजपुत, सात वर्षीया सोसार खातुन ०७० कात्तिक ४ गते साँझ तराई मधेस लोकतान्त्रिक पार्टी र तराई मधेस सद्भावना पार्टीका कार्यकर्ताबीच चुनावी पोस्टर च्यातेको विषयमा भएको झडपमा परी घाइते भए। तमलोपाको चुनावी पोस्टर र तराई मधेस सद्भावना पार्टीको पोस्टर एकअर्काले टाँसिएको ठाउँबाट च्यातेको विषयमा विवाद हुँदा दुवै पक्षका कार्यकर्ताबीच कुटपिट भएको थियो। कुटपिटमा इँटा, ढुङ्गा, भाला र फर्साजस्ता धारिलो हतियार प्रयोग भएको थियो। घइतेमध्ये रौजनको गोडामा, इनताजको टाउको फुटेको, सुरजको अनुहारमा र सोसारको ढाडमा चोटपटक लगेको थियो। घाइते उनीहरूको स्थानीय स्वास्थ्य चौकी रामवनमा उपचार गरिएको थियो। ०७० कात्तिक ५ गते दिउँसो दुवै पक्षबीच भएको छलफलमा तमलोपाका कार्यकर्ताले घाइतेलाई उपचार खर्च दिएको र आइन्दा कसैले कसैलाई धाकधम्की नदिने र मिलेर बस्ने सहमति भएको कुरा स्थानीय समाजसेवी रामप्रकाश महतोले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ पुस १७ देखि ०७० पुस १६ गतेसम्म

चार जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ७ सय ४७ थानमध्ये २ सय ३१ थानको फैसला भयो भने ५ सय १६ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ६ सय ३८ थानमध्ये ४ सय ६९ थानको फैसला भयो भने १ हजार १ सय ६९ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ३१ थान र देवानी मुद्दा ५९ थान रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ८२ थान छ, जसमध्ये ४३ थान सफल भए भने १ सय ३९ थान असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या १४ थान छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २२ थानमध्ये १६ थान सफल र पाँच थान असफल रहे। बलात्कारसम्बन्धी मुद्दा १२ थानमध्ये ६ थान सफल र ६ थान असफल रहे। महिला बेचबिखनसम्बन्धी परेको एक थान मुद्दा सफल रह्यो। अपहरणसम्बन्धी नौ थान मुद्दामध्ये तीन थान सफल र ६ थान असफल रहे। बहुविवाहसम्बन्धी मुद्दा तीन थानमध्ये एक थान सफल र दुई थान असफल रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या ९४ थान छ, जसमध्ये १७ थान सफल भए। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ७७ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

राज्य पक्षबाट

बारा जिल्ला, कचोर्वा गाविस-१ का ३० वर्षीय प्रहरी जवान गणेश यादवलाई ०७० वैशाख २३ गते राति आफ्नी सासूलाई अनावश्यक रूपमा सोधपुछ

तमलोपा र फोरम लोकतान्त्रिकका कार्यकर्ताबीच भएको झडपमा परी घाइते भएका स्थानीय बासिन्दा

गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय सर्लाहीका डीएसपी ५५ वर्षीय उमाशङ्कर पँजियारले प्रहरी कार्यालयको क्वार्टरभित्रै निर्घात कुटपिट गरे। घटना विवरण अनुसार सदरमुकाम मलङ्गवास्थित क्वार्टरमा परिवारसहित बस्दै आएका डीएसपी पँजियारकी सासूलाई प्रहरी जवान यादवले अपरिचित ठानेर सोधपुछ गरेका थिए। त्यसपछि डीएसपी पँजियारले आफ्नी सासूको अपमान गरेको भन्दै प्रहरी जवान यादवलाई कोठाभित्र लगेर आफू र केही प्रहरी जवानसमेतको सहयोगमा मरणासन्न हुने गरी कुटपिट गरेका थिए। मोबाइलसमेत खोसेर रातभरि हिरासत अर्थात् कोर्ट गार्डमा राखिएको थियो। उक्त घटना बाहिर आएपछि ०७० वैशाख २४ गते बिहान मात्र प्रहरी जवान यादवलाई छाडिएको थियो। कुटपिटबाट प्रहरी जवान यादवको टाउको लगायत शरीरका विभिन्न भागमा चोट लागेको थियो। पीडितलाई जिल्ला प्रहरी कार्यालयभित्रै उपचार गराइएको थियो। आफ्नो ड्युटी पूरा गर्दा यादवले कुटाइ खानुपरेको पीडित परिवारको गुनासो थियो। पीडितले उजुरी दिएनन्।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ८४ हजार ७ सयमध्ये छात्र ९२ हजार ४ सय ५५ र छात्रा ९२ हजार २ सय ४५ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १३ हजार ९ सय ५० र छात्र १३ हजार ७ सय ५५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ३ सय ३६ र पुरुष ८ सय ३७ गरी जम्मा १ हजार १ सय ३७ शिक्षक कार्यरत छन्। निमाथि तहमा महिला १४ र पुरुष २ सय ४६ शिक्षक कार्यरत छन्। यसै गरी माथि तहमा महिला चार र पुरुष १ सय ५ शिक्षक रहेका छन्। ४ सय ४७ ओटा बालविकास केन्द्रमा बालक ५ हजार ४ सय ४ र बालिका ७ हजार ९ सय ७६ गरी जम्मा २७ हजार ७ सय ५ रहेका छन्।

कुटपिट

नेत्रगन्ज गाविस-७ की लर्ड ब्राइट बोर्डिङ स्कुल नेत्रगन्ज-६ स्थित नवलपुरमा यूकेजीमा अध्ययनरत बालिका सात वर्षीया आशिका घिसिङलाई ०७० साउन ३० गते सोही विद्यालयमा अध्यापन गराउने शिक्षिका २० वर्षीया बविता गोलेले विद्यालयभित्रै कुटपिट गरिन्। शिक्षिकाको पिटाइबाट घाइते भएकी बालिकाको नमुना अस्पताल, हरिवनमा उपचार गरियो। पीडित पक्षले ०७० साउन ३१ गते इलाका प्रहरी कार्यालय, नवलपुरमा उजुरी दियो। ०७० साउन ३२ गते पीडितका अभिभावक, विद्यार्थी सङ्गठन र विद्यालय सञ्चालकबीच भएको छलफलबाट घाइते बालिकालाई विद्यालयले १० कक्षासम्म निःशुल्क पढाइदिने र कुटपिट गरेकामा गल्ती स्वीकार गरी विवाद समाधान भएको थियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१५ वर्षीया एक बालिकालाई ०७० मङ्सिर १८ र १९ गते मलङ्गवाको नेपाल-भारत लज, हिमालय लज र भारत सोनवर्षामा तीन जना प्रहरीसहितको समूहले पटकपटक जबरजस्ती बलात्कार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय, मलङ्गवामा कार्यरत प्रहरी जवान रौतहट जिल्ला पौराई गाविस-६ का २५ वर्षीय सञ्जित कार्की, चितवन जिल्ला भरतपुर नपा-१३ का ३० वर्षीय राजकुमार कुमाल र रौतहट जिल्ला भलोहिया गाविस-३ का २६ वर्षीय अरविन्द महतोलाई ०७० मङ्सिर २० गते गिरफ्तार गरी अनुसन्धान गरिरहेको छ भने श्रृष्टि बसका चालक ऋषि, सहचालक विनोद यादव, सोनी डिलक्स रात्रिबसका कन्डक्टर शम्भु भने हालसम्म फरार रहेका छन्। काठमाडौँ-मलङ्गवा चल्ने सृष्टि रात्रिबसका कर्मचारीले काठमाडौँ तीलगङ्गा आँखा अस्पतालमा आँखा परीक्षण गर्न आएकी ती बालिकालाई ०७० मङ्सिर १७ गते सोमबार काठमाडौँबाट मलङ्गवा ल्याएका थिए। कन्डक्टरले मलङ्गवास्थित एक लजमा राखेर बलात्कार गरेको र पछि उनले ती किशोरीलाई छाडेका थिए। त्यसपछि पाँचदेखि सात जनाको अर्को समूहले बालिकालाई १८ र १९ गते बलात्कार गरेको थियो। सामूहिक बलात्कारपछि बेहोस भएकी ती किशोरीलाई उपचार गरेर महिला तथा बालबालिका कार्यालय अन्तर्गत महिला शान्ति केन्द्रको संरक्षणमा राखिएको थियो। कानुनी कारबाही प्रक्रिया अगाडि बढाउन महिला तथा बालबालिका कार्यालयले ६ जनाका नाममा ०७० मङ्सिर २१ गते जिल्ला प्रहरी कार्यालयमा लिखित निवेदन दिएकामा तीन जना प्रहरीविरुद्ध जबरजस्ती करणी मुद्दामा कारबाही अघि बढाइएको प्रहरीले बतायो। ०७० पुस १६ गते जिल्ला अदालतको इजलासले तीन जना प्रहरी जवानहरूसँग १-१ लाख रुपियाँ धरौटी माग गरेको थियो भने अन्य

अभियुक्तहरूलाई भने गिरफ्तारी वारेन्ट जारी गरेको थियो। यस वर्षको अन्त्यसम्म तीन जना प्रहरी जवान हिरासतमा छन्। पीडितलाई ०७० मङ्सिर २४ गते दाजुको जिम्मा लगाएर शक्ति समूहको संरक्षणमा रहने गरी काठमाडौँ पठाइएको थियो। पीडितको पालनपोषण र अध्ययनलगायत सम्पूर्ण जिम्मेवारी शक्ति समूहले नै बेहोर्ने शान्ति केन्द्रकी बनिता कार्कीले बताइन्। पीडित किशोरीले घर जानुभन्दा बरु मर्नु वेश भन्ने गरेकाले अप्ठ्यारो परिस्थिति सिर्जना भएकाले शक्ति समूहको जिम्मामा छाड्न तयार भएको पीडितका दाजुले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

१९ वर्षीया एक युवतीलाई हरिवन गाविस-१, बेतालीका ३८ वर्षीय भक्तबहादुर खड्काले ०६९ फागुन १३ गते साँझ जबरजस्ती बलात्कार प्रयास गरेको आरोपमा पीडितले ०६९ फागुन १४ गते इलाका प्रहरी कार्यालयमा उजुरी गरेकामा फागुन २० गते इलाका प्रहरी कार्यालय, हरिपुरमा आरोपितका नाममा पीडितले किटानी जाहेरी दिइन्। घरमा एक्लै भएको मौका पारी खड्काले ती युवतीलाई घरबाट बोकेर नजिकैको रहरबारीमा लैजाने प्रयास गरेका थिए। युवती चिच्याएपछि छिमेकीले थाहा पाएका थिए। पीडितको जिल्ला अस्पताल मलङ्गवामा उपचार भयो। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

घरेलु हिंसा

खोरिया गाविस-७ की ३० वर्षीया राजवतीदेवी यादवलाई परपुरुषसँग कुरा गरिस् भन्दै जेठाजु ३८ वर्षीय भियुसन यादवसहित भतिजा र बुहारीसमेतले ०६९ फागुन ६ गते कुटपिट गरे। घटनाका विरुद्धमा पीडितले जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रमा ०६९ फागुन १० गते निवेदन दर्ता गराएकामा हालसम्म आरोपितलाई कुनै कारवाही भएको छैन।

भेल्ही गाविस-५ की २० वर्षीया ललितादेवी रायलाई पति २५ वर्षीय रामलखन रायले ०६९ फागुन ११ गते मादक पदार्थ सेवन गरी कुटपिट गरे। पीडितले पतिविरुद्ध ०६९ फागुन १५ गते जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रमा निवेदन दर्ता गराइन्। आरोपितलाई हालसम्म कुनै कारवाही भएको छैन।

कौडेना गाविस-९ की २५ वर्षीया सङ्गीतादेवी यादवलाई पति ३० वर्षीय सकल यादवले ०६९ फागुन १५ गते कुटपिट गरी खानलाउन नदिई घरनिकाला गरे। पीडित सङ्गीताले पतिलाई कारबाही गरी पाऊँ भनी ०६९ फागुन २० गते जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रमा निवेदन दर्ता गराएकामा हालसम्म कुनै कारबाही भएको छैन।

मलङ्गवा नपा-२ की ३२ वर्षीया मिसरिया देवी साह र उनका छोरालाई पति ३६ वर्षीय राजनारायण साहले ०६९ फागुन १७ गते खानलाउन नदिई घरबाट निकाला गरे। पीडित मिसरियादेवीले पतिलाई कारबाही गरी पाऊँ भनी ०६९ फागुन २२ गते जिल्ला प्रहरी कार्यालय महिला बालबालिका सेवा केन्द्रमा निवेदन दर्ता गराएको भए पनि हालसम्म कुनै कारबाही भएको छैन।

परिवारजनबाट हत्या

हजरिया गाविस-७ की ४८ वर्षीया कौशिलादेवी महतोलाई ०७० पुस १२ गते साँझ छोरा २९ वर्षीय रामकैलाश महतोले मादक पदार्थ सेवन गरी चिरपटले टाउकामा प्रहार गरी हत्या गरे। आरोपितलाई ०७० पुस १३ गते मानपुरबाट प्रहरीले गिरफ्तार गरी कर्तव्य ज्यानसम्बन्धी मुद्दामा आवश्यक कारबाही अघि बढाएकामा पुर्पक्षका लागि कारागार चलान भए। मृतकको पोस्टमार्टम ०७० पुस १३ गते जिल्ला अस्पताल, मलङ्गवामा गरिएको थियो। पीडित पक्षले ०७० पुस १४ गते इलाका प्रहरी कार्यालय, बरहथवामा उजुरी गरेको थियो।

अमानवीय व्यवहार

बगदह गाविस-४ की ५५ वर्षीया रामकुमारी पण्डितलाई ०६९ फागुन २७ गते बोक्सीको आरोपमा सोही स्थानका चन्दका ठाकुर, भिकारी ठाकुर र राजदेवी ठाकुरले कुटपिट गरी दुर्व्यवहार गरे। पीडितले आरोपित तीनै जनाका नाममा जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रमा ०६९ फागुन ३० गते किटानी जाहेरी दिइन्। आरोपितलाई कारबाहीका लागि निवेदन दर्ता गराएकामा हाल पीडित सम्पर्कमा नआएको महिला बालबालिका सेवा केन्द्रकी पार्वती बोहराले बताइन्। आरोपित तीनै जना हालसम्म गाउँमै छन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४५ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र

मलङ्गवामा उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ३२, खानलाउन नदिएका १६, बोक्सीको आरोपमा एक गरी घटनामा ४९ जना महिला पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले तीन घटनामा मिलापत्र गराएको र ४५ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाइएको सो केन्द्रले जनायो।

स्वास्थ्यको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१६		
उपस्वास्थ्यचौकी	६८		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	२५	८	१७
स्टाफ नर्स	१३	१	१२
ल्याब असिस्टेन्ट	८	८	
अहेब	२२२	२१०	१२
अनमि	१३८	८५	५३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	३४	१७	१७

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ देखि ०७० पुस १६ गतेसम्म बलात्कार तीन, कर्तव्य ज्यान १३, ज्यान मार्ने उद्योग १४, आत्महत्या १७, हातहतियारसम्बन्धी २१ थान मुद्दा दर्ता भए। त्यसै गरी चोरीका १७, लागूऔषध ३६, केही सार्वजनिक अपराध ५५ र सवारी दुर्घटनाका २२ थान मुद्दा दर्ता भए।

२.४ सिन्धुली



जिल्ला सदरमुकाम: सिन्धुलीमाडी
क्षेत्रफल (वर्ग कि. मि.): २,४५१
घरधुरी सङ्ख्या: ५७,५८१
जम्मा जनसङ्ख्या: २,५६,१५२
पुरुष: १,४२,१२३
महिला: १,५४,०६५
अपाङ्ग सङ्ख्या: ५,५८५
गाविस/नपा सङ्ख्या: ५३/१
पुरुष साक्षरता सङ्ख्या: ५२,३२१
महिला साक्षरता सङ्ख्या: ७६,५८१
हिन्दू धर्मावलम्बी प्रतिशत: ६४.४७
बौद्ध धर्मावलम्बी प्रतिशत: ३०.४३
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०६
किराँत धर्मावलम्बी प्रतिशत: ०.३५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.५८
प्रकृति धर्मावलम्बी प्रतिशत: ३.२५
अन्य धर्मावलम्बी प्रतिशत: ०.४२६
प्रतिपरिवार सरदर सङ्ख्या: ५.१४

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ६२ जना र कैद नतोकिएका ३१ जना थुनुवा गरी जम्मा ९३ जना बन्दीहरू रहेका छन्, जसमध्ये महिलाको सङ्ख्या १० रहेको छ। यस कारागारमा आश्रित बालबालिका रहेका छैनन्। यो जिल्ला कारागार ०२९ सालमा निर्माण भएको हो।

सिन्धुली कारागारको भवन जीर्ण अवस्थामा छ। छत फुटेका कारण सबै कोठामा पानी चुहिने गरेको छ। क्षमताभन्दा बढी बन्दीहरू राखिएका कारण सुत्ने ठाउँको अभाव, खानेपानी र शौचालय जाँदा लाइनमा

बस्नुपर्ने समस्या रहेको बन्दीहरू बताउँछन्। महिला बन्दीतर्फ कोठा साँघुरो भएकाले बस्न, सुत्न समस्या हुने गरेको, भान्सामा पानी चुहिएर खाद्यान्न भिज्ने र खाना पकाउन कठिनाइ हुने गरेको महिला बन्दीहरू बताउँछन्। दुई जनासम्म अट्ने ठाउँमा १० जना बन्दी राखिएको छ। महिला बन्दीहरूको बसाइ अति कष्टकर रहेको छ। बन्दीहरूले आफ्नै प्रयासमा बाँसबाट बन्ने सामानहरू मुढा, नाङ्लो, चाल्नु, घडी-फ्रेमलगायतका सामानहरू बनाउने गरेका छन्। उत्पादित सामग्रीको बजार राम्रो रहेको बन्दीहरू बताउँछन्।

सरकारले कर्मचारीको तलब वृद्धि गरेको र महँगी अकासिएकाले हाल बन्दीहरूलाई सरकारले उपलब्ध गराउँदै आएको ४५ रुपियाँले खर्च धान्न ज्यादै कठिनाइ भएको नाइके भुवन सिंजालीले दुखेसो गरे। यो रकम ज्यादै न्यून भएकाले यसलाई वृद्धि गरी समयसापेक्ष पार्न र एउटा टेलिभिजनका लागि पहल गरिदिन इन्सेकसँग नाइके भुवन सिंजालीले अनुरोध गरे। कोठामा पानी चुहिने गरेको, उडुसको समस्या रहेको र शौचालयको पाइप जाम भएर हैरान पारेको बन्दीहरू बताउँछन्।

०७० असार २ गते बन्दीहरूले मूल नाइके निरञ्जन खनाल र भाइनाइके शम्भु चौधरीले यातना दिएको, रासन, दाउरा, तरकारीमा मूल्यवृद्धि गरी अनियमितता गरेको भनी उनीहरूको सरुवाको माग राख्दै धर्ना र नाराबाजी गरेका थिए। सोही दिन प्रशासनले मूल नाइके र चौकीदार फेर्ने जानकारी गराएपछि स्थिति सामान्य भएको थियो।

कारागारको भवन जीर्ण भई पानी चुहिने गरेको, महिला बन्दीहरूलाई बस्न समस्या रहेको, अस्पताल टाढा रहेकाले बन्दीहरू बिरामी भएका बेला अस्पताल लैजान र ल्याउन समस्या हुने गरेकाले कारागारका लागि एउटा सवारी साधनको व्यवस्था हुनुपर्ने निमित्त जेलर रवि नेपालीले बताए। बन्दीहरूको चाप अत्यधिक भएको र आउने क्रम जारी रहेकाले बस्न समस्या भएको र नियमानुसार उनीहरूले पाउने सबै सुविधा दिएको जेलर नेपालीको भनाइ छ।

घटनाको प्रकार	राज्यबाट			गैरराज्यबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				४	१	५
अमानवीय व्यवहार				१		१
अपहरण				१		१
महिलाअधिकार				३३		३३
भेला/सङ्गठित हुने अधिकार	३	८	१०			
जातीय विभेद					१	१
गिरफ्तारी/यातना		१	१			
कुटपिट		१	१	३	३८	३१
हत्या					३	३
जम्मा	३	१०	१३	४३	३३	७४

जिल्ला कारागारमा बन्दीहरूबीच झडप हुँदा मृत्यु भएका निरोज देवकोटा

कारागारमा हत्या

कमलामाई नपा-१, कुँडुलेका २२ वर्षीय निरोज देवकोटाको ०६९ पुस १८ गते राति जिल्ला कारागारमा बन्दीहरूबीच झडप हुँदा घाइते भएकामा पुस १९ गते बिहान उपचारका क्रममा वीर अस्पतालमा मृत्यु भयो। पीडित देवकोटाविरुद्ध जिल्ला अदालतमा ज्यान मार्ने उद्योग, सार्वजनिक अपराध र अङ्गभङ्गसमेत गरी तीनओटा मुद्दा दर्ता रहेकामा ज्यान मार्ने उद्योग मुद्दा अन्तर्गत ०६८ जेठ ११ गतेबाट कारागारमा थुनामा राखिएको थियो। देवकोटा ०६९ साउन ११ गते कारागारको नाइके भएका थिए। ०६९ साउन १ गते कारागारका बन्दीहरूले सर्वसम्मतिबाट नाइके चुनिसकेका तिलक स्याङ्तानलाई हटाउँदै तत्कालीन कारागार प्रमुख कुलनाथ पोखेललाई दबाब दिई देवकोटा नाइके बनेको बन्दीहरूले बताए। कारागारका नाइके बनिसकेपछि देवकोटाले पद अनुसारको ऐसआराम खोज्ने क्रममा जेलभित्रका बन्दीहरूलाई कुटपिट गर्ने, धम्की दिने, पैसा उठाउने लगायतका अमानवीय व्यवहार गरी अत्याचार गर्न थालेपछि बन्दीहरूले उनीमाथि आक्रमण गरेको बन्दीहरूको भनाइ थियो। कुटपिटमा संलग्न भई हत्या गरेको आरोपमा प्रहरीले सोही कारागारमै रहेका उदयपुर जिल्ला जहडी-५ का २५ वर्षीय राजकुमार

दनुवार, सिमरिया-५, सुनसरीका ३३ वर्षीय शम्भु चौधरी, सर्लाही जिल्ला ईश्वरपुर-६ का २९ वर्षीय दिनेश चौधरी, सोही गाविस-१ का २१ वर्षीय जलसिंह पासवान, नेत्रगन्ज गाविस-१, सर्लाहीका २३ वर्षीय सियाराम पासवान, धर्ना-१, दाङका २६ वर्षीय निरञ्जन खनाल र कमलामाई नपा-३ का ४५ वर्षीय ज्ञानबहादुर घलानलाई कर्तव्य ज्यान अन्तर्गतको मुद्दा चलायो। आरोपितहरू जेलमा छन्। घटनाको छानबिन गर्न सरकारले कारागार व्यवस्थापन विभागका निर्देशक शम्भु कोइरालाको नेतृत्वमा तीन सदस्यीय छानबिन समिति, काङ्ग्रेसले आनन्द ढुङ्गानाको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरेको थियो भने स्थानीयस्तरमा सहायक प्रमुख जिल्ला अधिकारी डा. डिजन भट्टराईको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरिएको थियो। यसरी गठित समितिहरूले पुस २२ र २३ गते छानबिन गरी काठमाडौँ फर्किए पनि प्रतिवेदन भने सार्वजनिक भएन। लासको पोस्टमार्टम शिक्षण अस्पताल, महाराजगन्जमा ०६९ पुस २६ गते गरिएको थियो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

रत्नावती गाविस-७ का एमाले जिल्ला कमिटी सदस्य ५२ वर्षीय धनबहादुर कार्कीलाई ०७० कात्तिक २४ गते राति भाइ खडिन्द्र कार्कीको घरमा शौचालय जान लाग्दा रत्नावती गाविस-८ का ३० वर्षीय लासाङ तामाङ, सोही ठाउँका २५ वर्षीय देवेन्द्र पाखिनलगायत लुकेर बसेका चार जना एमाओवादीका कार्यकर्ताले कुटपिट गरे। उनको प्राथमिक उपचार स्थानीय स्वास्थचौकीमा र थप उपचार सिन्धुली जिल्ला अस्पतालमा भयो। पीडितले ०७० कात्तिक २६ गते जिल्ला प्रहरी कार्यालय, सिन्धुलीमा उजुरी गरेका थिए।

सशस्त्र प्रहरीको कुटपिटबाट घाइते भएका कुलबहादुर श्रेष्ठ

प्रहरीले घटनामा संलग्न भएको आरोपमा रत्नावती-८ का २१ वर्षीय सागर घिमिरेलाई कात्तिक २५ गते र सोही ठाउँका लासाङ तामाङलाई मङ्सिर ७ गते गिरफ्तार गऱ्यो। उनीहरूलाई केही सार्वजनिक अपराधको मुद्दा अन्तर्गत मुद्दा चलाएकामा जनही ३६ हजार ७ सय ७१ रुपियाँ धरौटीमा मङ्सिर ११ गते तारेखमा रिहा भए।

पोखरी गाविस-८ का एमाले इलाका कमिटी सदस्य ४४ वर्षीय नारायण काफ्लेलाई ०७० कात्तिक २३ गते आफ्नै घरमा बसिरहेको अवस्थामा एमाओवादीका कार्यकर्ताले घरमै गई कुटपिट गरे। कुटपिटपछि एमाओवादीका कार्यकर्ताले उनलाई चार घन्टासम्म नियन्त्रणमा लिएर छाडेको एमालेले जनायो। पीडितले कहीं उजुरी गरेनन्।

टाँडी गाविस-६, धनसरीस्थित जङ्गलमा ०७० कात्तिक २५ गते साँझ सिन्धुली-१ का एमाले उम्मेदवार गणेश पहाडीसहितको टोलीमाथि एमाओवादीका कार्यकर्ताहरूले ढुङ्गा प्रहार गरी आक्रमण गरे। एमाओवादीको आक्रमणबाट एमालेका कार्यकर्ताहरू लदाभीर गाविस-६ का ५५ वर्षीय थीरबहादुर खड्का, दुधौली गाविस-७ का पूर्ण खत्री, त्रिवेणी गाविस-६, उदयपुरका ३६ वर्षीय श्याम माझी, सोही ठाउँका २५ वर्षीय विशेश्वर माझी घाइते हुनुका साथै आफ्ना आठओटा मोटरसाइकल क्षति भएको एमालेले जनायो।

हर्षाही गाविस-५ का ३४ वर्षीय राजकिशोर अधिकारी दनुवार र उनकी पत्नी ३९ वर्षीया अञ्जनी राईलाई ०७० कात्तिक २८ गते दिउँसो आफ्नै घरमा बसिरहेको अवस्थामा घरमा गएका एमाओवादीका कार्यकर्ताले कुटपिट गरे। निर्वाचनका विषयमा सामान्य विवाद हुँदा उनलाई कुटपिट गरिएको प्रहरीले जनायो।

भुवनेश्वरी गाविस-२ का ४९ वर्षीय नेकपा-माओवादीका ताम्सालिङ राज्य समिति सदस्य तथा ५ नम्बर इलाका इन्चार्ज अर्जुन थापालाई ०७० मङ्सिर ३ गते दिउँसो डुङभन्ज्याङ गाविस-६ स्थित चित्रबहादुर थापाको घरमा बसिरहेको अवस्थामा एमाओवादीका कार्यकर्ताहरूले काङ्ग्रेसलाई भोट माग्दै हिँडेको आरोपमा कुटपिट गरे। निर्वाचनका विषयमा उनीहरूसँग सामान्य विवाद हुँदा आफूलाई कुटपिट गरिएको पीडितले बताए। घटनाका बारेमा पीडित पक्षले कहीं उजुरी गरेन।

रतनचुरा गाविस-६ का एमाओवादी कार्यकर्ता ५० वर्षीय रामकुमार थापा, सोही गाविस-१ का ४२ वर्षीय टेकबहादुर मगर, ४५ वर्षीय मेघबहादुर मगर,

सोही गाविस-७ की एमाओवादी ताम्सालिङ राज्य समिति सदस्य २६ वर्षीया आस्था भनिने सुषमा भुजेल, रतनचुरा गाविस-७ नयाखर्कका ५१ वर्षीय कपिल भनिने कल्पना भुजेललगायत ६ जनालाई ०७० कात्तिक ५ गते साँझ रतनचुरा गाविसको खनियाखर्कमा एमालेका कार्यकर्ताहरूले कुटपिट गरे। कात्तिक ५ गते उक्त स्थानमा एमालेको चुनावी सभा रहेको थियो। कार्यक्रम सकेर फर्कने क्रममा एमालेका कार्यकर्ताहरूले खनियाखर्कमा रहेको एमाओवादीको सम्पर्क कार्यालयमा ढुङ्गा प्रहार गरी झन्डा र व्यानर झिक्न लागेपछि एमाओवादीका कार्यकर्ताले रोक्न खोज्दा एमालेका कार्यकर्ताहरूले एमाओवादी कार्यकर्तालाई कुटपिट गरेको एमाओवादीले जनायो।

पुरानो झाँगाझोली गाविस-६ घर भई सिन्धुली-१ का प्रत्यक्षतर्फका एमाओवादी उम्मेदवार ३६ वर्षीय लेखनाथ दाहाल, भाइ ३४ वर्षीय हरि दाहाल र कल्पवृक्ष गाविस-३ का एमाओवादीका कार्यकर्ता दूधबहादुर थिङ्गलाई ०७० कात्तिक २९ गते दुधौली गाविसमा एमालेका कार्यकर्ताहरूले कुटपिट गरी घाइते बनाए। सिन्धुली-१ मा केही दिनअघिदेखि भइरहेका झडपहरूका बारेमा छलफल गरी वार्ताद्वारा समाधान गर्न भनी एमालेले बोलाएकाले दुधौलीस्थित एमाले कार्यकर्ता घनश्याम राउतको घरमा वार्ताका लागि गएर फर्किंदा एमालेको टोलीले पछाडिबाट आक्रमण गरी घाइते बनाएको एमाओवादीले जनायो।

डुडभन्ज्याङ गाविस-१ निवासी एमाओवादी कार्यकर्ता ४५ वर्षीय मीनबहादुर सुनुवार, एमाओवादी कार्यकर्ता सोही गाविस-६ निवासी ३६ वर्षीय गणेश थापा, २८ वर्षीय नारायण नेपाली, सोही गाविस-८ निवासी ४३ वर्षीय दिनानाथ न्यौपाने, डुडभन्ज्याङ गाविस-६ का ३९ वर्षीय सोमबहादुर बस्नेत, २१ वर्षीय जितबहादुर बस्नेतलगायत १२ जनालाई ०७० मङ्सिर ३ गते दिउँसो डुडभन्ज्याङ गाविस-६ मा बितिजोर गाविस-७ निवासी काङ्ग्रेसका कार्यकर्ता २५ वर्षीय दौलत कार्की, ४५ वर्षीय मोहन कार्की, डुडभन्ज्याङ गाविस-६ का लोकबहादुर थापा, राजकुमार माझी, बितिजोर गाविस-२ का २६ वर्षीय दीपबहादुर हमाल, सोही गाविस-७ का ३५ वर्षीय गोकर्ण कार्कीलगायतको समूहले काङ्ग्रेसको भोट भाँड्दै हिँडेको आरोपमा कुटपिट गरे। मीनबहादुर सुनुवार र गणेश थापाको टाउको फुटेको थियो भने नारायण नेपाली, सोमबहादुर बस्नेतको खुट्टामा गम्भीर घाउचोट लागेको थियो। त्यसैगरी दिनानाथ न्यौपानेको तिघ्रा, हात र करङ्ग खुस्किएको पीडित पक्षले जनायो। निर्वाचनका विषयमा सामान्य विवाद हुँदा आफूलाई कुटपिट गरिएको पीडितहरूले बताए। पीडितहरूमध्ये मीनबहादुर सुनुवार र दिनानाथ न्यौपानेको जनकपुर अञ्चल अस्पतालमा र अन्य पीडितहरूको स्थानीय अस्पतालमा उपचार भयो। पीडितहरूले भने कहीँ उजुरी गरेनन्।

एमाओवादी कार्यकर्ताहरूको कुटपिटबाट घाइते राजकिशोर अधिकारी दनुवार र उनकी पत्नी अन्जनी राई

एमाले र एमाओवादीका कार्यकर्ताबीच ०७० कात्तिक २४ गते हर्षाही गाविस-४ मा दोहोरो झडप भयो। कात्तिक २३ गते साँझ सोही ठाउँमा आफ्ना कार्यकर्तालाई एमाओवादीले कुटपिट गरेको विरोधमा कात्तिक २४ गते जम्मा भएर बसेका एमालेका कार्यकर्ताहरूले एमाओवादीमाथि आक्रमण गरेपछि दोहोरो झडप भएको थियो। एमालेका कार्यकर्ताको आक्रमणबाट हर्षाही गाविस-८ का एमाओवादी कार्यकर्ता ३८ वर्षीय देवनारायण कुँवरसहित दुई जना घाइते भए। सिन्धुली-१ का एमाओवादी उम्मेदवार लेखनाथ दाहालले निर्वाचन प्रचारप्रसारका लागि प्रयोग गरेको ना४ख ९८९७ नम्बरको गाडी एमालेका कार्यकर्ताहरूले तोडफोड गरेको एमाओवादीले जनायो। झडपमा एमाले कार्यकर्ताहरू हर्षाही गाविस-४ का ३२ वर्षीय शोभितलाल फनेत र भाइ ३० वर्षीय विजय फनेत घाइते भएको एमालेले जनायो। पीडितहरूले भने कहीँ उजुरी गरेनन्।

जिल्ला कारागारमा भएको घटनाको विरोधमा पीडित पक्षले ०६९ पुस २१ गते गरेको जिल्ला बन्दको तेस्रो दिन प्रदर्शनकारीहरूमाथि प्रहरीले लाठीचार्ज गर्दा डाडीगुराँसे गाविस-५ का २७ वर्षीय देवीप्रसाद गौतम, महादेवस्थान-९ का २७ वर्षीय कृष्णबहादुर माझी र कमलामाई नपा-४ का २२ वर्षीय पृथ्वीलाल श्रेष्ठ, घाइते भए। घाइतेहरूमध्ये देवीप्रसाद गौतमको दायाँ खुट्टाको तिघ्रा, हातको कान्छी औँला भाँचिएको र टाउकामा गहिरो चोट लागेको थियो भने पृथ्वीलाल श्रेष्ठको टाउको फुटेको थियो भने कृष्णबहादुर माझी अश्रुग्यास लागेर बेहोस भएका थिए। घाइतेहरूमध्ये देवीप्रसाद गौतमको सामान्य उपचार

जिल्ला अस्पतालमा गरी थप उपचारका लागि काठमाडौँ लगिएको थियो। कृष्णबहादुर माझीको सिन्धुली जिल्ला अस्पतालमा र पृथ्वीलाल श्रेष्ठको निजी क्लिनिकमा उपचार भयो। प्रहरीलाई आक्रमण गर्न थालेको र स्थिति नियन्त्रणभन्दा बाहिर जान थालेपछि बाध्य भई लाठीचार्ज गरेको प्रहरीले जनायो। प्रदर्शनकारीहरूको ढुङ्गा प्रहारबाट इन्स्पेक्टर दिलीप झासहित पाँच जना प्रहरी घाइते भएका थिए।

जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा कार्यरत प्रहरी जवान २८ वर्षीय कलाम मियालाई ०६९ पुस २१ गते दिउँसो राष्ट्रिय वाणिज्य बैंकमा ड्युटी सकाएर कोठातर्फ जाँदै गर्दा बजार बन्द गराउँदै हिँडेका नेविसङ्घ तथा काङ्ग्रेससम्बद्ध युवाहरूले कमलामाई नपा-६, दुई नम्बर बजारमा कुटपिट गरे। जिल्ला कारागारमा भएको घटनाको विरोधमा पीडित पक्षले गरेको जिल्ला बन्दका क्रममा प्रदर्शनकारीहरूले बाटो हिँडिरहेका प्रहरीमाथि आक्रमण गरेका थिए। घाइते प्रहरीको सिन्धुली जिल्ला अस्पतालमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ३६ थानमध्ये ५३ थानको फैसला भयो भने ८३ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ३४ थानमध्ये ६२ थानको फैसला भयो भने ७२ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ३० थानमध्ये ४० थानको फैसला भयो भने ९० थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय २३ थानमध्ये २८ थानको फैसला भयो भने ९५ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा दुई थान र देवानी मुद्दा एक थान रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ४४ थान छ, जसमध्ये ५२ थान सफल भए भने चार थान असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या ८८ थान छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १६ थानमध्ये आठ थान सफल र तीन थान असफल रहे। बलात्कारसम्बन्धी मुद्दा नौ थानमध्ये तीन थान सफल र ६ थान बाँकी रहे। मानव बेचबिखन र ओसारपसारसम्बन्धी मुद्दा तीन थानमध्ये एक थान असफल रह्यो भने दुई थान बाँकी रहे। अपहरणसम्बन्धी एउटा मुद्दा परेकामा फैसला हुन बाँकी रह्यो। बहुविवाहसम्बन्धी मुद्दा चार थानमध्ये चारै थान फैसला हुन बाँकी छन्। ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा ६ थान दर्ता भएकामा ६ थानै बाँकी छन्। बलात्कार प्रयाससम्बन्धी दुई थानमध्ये दुई थानै फैसला हुन बाँकी छन्। केही सार्वजनिक अपराधसम्बन्धी मुद्दा ६५ थानमध्ये ३४ थान सफल र ३१ थान बाँकी छन्। वनसम्बन्धी मुद्दा २० थानमध्ये दुई थान सफल भए भने १८ थान फैसला हुन बाँकी छन्। हाहखखसम्बन्धी तीन थानमध्ये दुई थान सफल भई एक बाँकी रहेको छ। अङ्गभङ्ग/कुटपिटमा एक बाँकी, चोरीका दुईमा दुई थान नै बाँकी छन। लागूऔषधका तीन मुद्दा दर्ता भएकामा तीनै बाँकी रहे। सवारी ज्यान अङ्गभङ्गका नौ थानमध्ये तीन थान सफल भई ६ थान फैसला हुन बाँकी रहेको जिल्ला सरकारी वकिलको कार्यालयले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउन १ गतेदेखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या ४१ रहेको छ, जसमध्ये कर्तव्य ज्यानसम्बन्धी एक, बलात्कारसम्बन्धी पाँच, बलात्कार प्रयाससम्बन्धी दुई, अपहरणसम्बन्धी एक, केही सार्वजनिक अपराधसम्बन्धी मुद्दा २५, अङ्गभङ्ग/कुटपिट एक, चोरीका दुई, सवारी ज्यान अङ्गभङ्ग एक र वनसम्बन्धी तीन थान गरी ४१ थान मुद्दा फैसला हुन बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

कमलामाई नपा-४, चिसापानीझोराका ३० वर्षीय कुलबहादुर श्रेष्ठलाई ०६९ फागुन २५ गते राति सशस्त्र प्रहरी बल सुरक्षा वेश क्याम्पका प्रहरीले कुटपिट गरे। उक्त दिन राति अबेरसम्म बाबु केदारबहादुर श्रेष्ठ घर नआएपछि बाबुलाई लिन घरदेखि केही तल आउँदा सात जनाको सङ्ख्यामा सादा पोसाकमा आएका सशस्त्र प्रहरीले आउनासाथै मान्छे नचिनी अन्धाधुन्ध लाठीले कुटपिट गरेको पीडितले बताए। सशस्त्र प्रहरीको कुटाइबाट पीडितको शरीरभरि नीलडाम थियो। पीडितको बायाँ तिघ्राको हड्डी फुटेको

स्थानीय जयमान तामाङले बताए। पीडितको सिन्धुली जनरल अस्पतालमा सामान्य उपचार गरी थप उपचारका लागि बर्दिबास लगिएको थियो। पीडितको उपचारका लागि सशस्त्र प्रहरीले सहयोग गरेपछि पीडितले कहीँ उजुरी गरेनन्।

कमलामाई नपा-४, बोझे घर भई सोही नपा-४ जरायोटारस्थित श्री मनकामना प्राविमा कार्यरत विद्यालय सहयोगी १९ वर्षीया मैया कार्कीलाई ०६९ फागुन २२ गते विद्यालय हाताभित्र स्थानीय ३१ वर्षीया सुनीता राना मगर, २३ वर्षीया देविका जर्घामगरलगायतले कुटपिट गरी मोसो लगाई दुर्व्यवहार गरे। घाइतेको सिन्धुली जिल्ला अस्पतालमा उपचार भयो। पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा सार्वजनिक मुद्दा दर्ता गरेकामा हाल जिल्ला प्रशासन कार्यालयमा विचाराधीन अवस्थामा रहेको छ। शिक्षा कार्यालयले पीडितलाई ०७० साउन २० गतेबाट जनज्योति उच्चमावि फोस्रेटारमा सरुवा गऱ्यो। ०६९ असोजदेखि विद्यालयमा व्यवस्थापन समितिको गठनका सम्बन्धमा विवाद रहँदै आएको थियो। नौ वर्षअघिदेखि उक्त विद्यालयमा राहत दरबन्दीमा कार्यरत रहेका प्रधानाध्यापक बिनु खड्का र शिक्षिका कमला खड्कालाई हटाई आफ्ना मान्छे नियुक्ति गर्न स्थानीय गैरअभिभावकहरूले विद्यालयमा भ्रष्टाचार गरेको आरोप लगाउँदै ६ महिनाअघिदेखि विद्यालय प्रवेशमा रोक लगाई विद्यालयमा तालाबन्दी गरेको पीडित पक्षले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ९३ हजार ८ सय ३५ मध्ये छात्र ४५ हजार ८ सय ८६ र छात्रा ४७ हजार ९ सय ४९ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ६ हजार ९ सय ६४ र छात्र ६ हजार ४ सय ५० रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला १ सय ९३ जना र पुरुष ७ सय ५५ गरी जम्मा ९ सय ४८ शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला ११ र पुरुष १ सय ४४ गरी जम्मा १ सय ५५ शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला ४ र पुरुष १ सय ४१ गरी जम्मा १ सय ४५ शिक्षक रहेका छन्। त्यसबाहेक राहत दरबन्दीमा प्राबि तहमा ६ सय ८४ जना, निमाबि तहमा १ सय ७१ जना र माबि तहमा १ सय २२ जना गरी जम्मा ९ सय ७७ जना कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ।

बालविकास केन्द्रमा बालक ४ हजार ३ सय ८७ र बालिका ४ हजार ९ सय ५१ गरी जम्मा ९ हजार ३ सय ३८ रहेका छन्, जसमध्ये दलित बालक ६ सय ८९ र बालिका ७ सय ८६ छन्। जनजाति बालक २ हजार ६ सय १८ र बालिका ३ हजार २ सय ४१ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएको छ।

अपहरण/बेपत्ता

मावली घर आएकी चार वर्षीया एक बालिकालाई ०७० कात्तिक १८ गते दिउँसो कमलामाई नपा-९ ढुङ्ग्रेबासबाट अपहरण गरेको आरोपमा कमलामाई नपा-९ ढुङ्ग्रेबासका २८ वर्षीय रविराम विश्वकर्मालाई ०७० कात्तिक १८ गते राति प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितले कात्तिक १८ गते दिउँसो बालिकालाई चकलेट किनिदिन्छु भनी प्रलोभनमा पारी अपहरण गरी लगेको र तत्काल पीडितकी आमा र स्थानीयको सहयोगमा सोही दिन राति ८ बजे कमलामाई नपा-९, ढुङ्ग्रेबासस्थित एक गोठमा बन्धक बनाई राखेको अवस्थामा फेला पारी अपहरणमुक्त गराएको प्रहरीले जनायो। आरोपितलाई सिन्धुली जिल्ला अदालतको आदेशमा ०७० मङ्सिर १३ गतेबाट पुर्पक्षका लागि सिन्धुली कारागारमा थुनामा राखिएको छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६ वर्षीया एक बालिकालाई ०७० मङ्सिर १६ गते दिउँसो निपाने गाविस-६ का ३५ वर्षीय अर्जुन गिरीले विभिन्न प्रलोभन तथा लोभलालच देखाई डर-त्रासमा पारी बलात्कार गरेको आरोपमा ०७० मङ्सिर १८ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितले निपाने गाविस-६ स्थित जनहित प्राबि माथिल्लो खुट्टेपानीको कक्षा कोठाभित्र लगी बलात्कार गरेको प्रहरीले जनायो। पीडित बालिकाको मङ्सिर १७ गते सिन्धुली जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपितलाई सिन्धुली जिल्ला अदालतको आदेशमा ०७० पुस ८ गतेबाट पुर्पक्षका लागि सिन्धुली कारागारमा थुनामा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२५ वर्षीया एक विवाहित महिलालाई ०७० जेठ ७ गते राति ककुरठाकुर गाविस-८ का ३२ वर्षीय यम्बरबहादुर तामाङले छुरी देखाई आफ्नै घरमा लगी बलात्कार गरेको आरोपमा प्रहरीले जेठ १६ गते गिरफ्तार गऱ्यो। पीडितले ०७० जेठ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेकी थिइन्। सोही दिन पीडितको सिन्धुली जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। पीडितका पति र आरोपितकी पत्नी वैदेशिक रोजगारीमा गएकाले दुवै जना घरमा एक्लाएक्लै बस्दै आएका थिए। आरोपितलाई ०७० असार ६ गतेदेखि जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि सिन्धुली कारागारमा थुनामा राखिएको छ।

१८ वर्षीया एक महिलालाई ०७० असोज १७ गते राति रानीबास गाविस-७ का ४० वर्षीय वद्री लुङ्गेली मगरले घरमा राति एक्लै सुतिरहेको अवस्थामा गई विभिन्न धाक-धम्की, डर-त्रासमा पारी बलात्कार गरेको आरोप लगाउँदै पीडितले असोज १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। पीडितका बाबुको मृत्यु भएपछि आमा अर्को विवाह गरी गएको र जेठो भाइ काठमाडौँ बस्ने गरेकाले घरमा दुई जना भाइबहिनीलाई साथमा लिएर पीडित बस्ने गरेकी थिइन्। उक्त दिन बहिनी मावल गएकी र भाइ काकाको घरमा सुत्न गएकाले पीडित घरमा एक्लै थिइन्। रातिको खाना खाएर आफ्नै घरको बरन्डामा सुतिरहेको अवस्थामा आरोपित राति १० बजेतिर आएर मुख थुनी विभिन्न धाक-धम्की दिएर तीनपटक बलात्कार गरेको पीडितको आरोप छ। पीडितको असोज १८ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। प्रहरीले कात्तिक २० गते जिल्ला अदालतमा मुद्दा पेस गऱ्यो। आरोपितलाई भने प्रहरीले पक्राउ गर्न सकेको छैन।

३० वर्षीया एक महिलालाई ०७० कात्तिक १९ गते राति अरुणठाकुर गाविस-१, बाले गाउँका १९ वर्षीय सुदीप आले मगरले घरमा एक्लै सुतेको अवस्थामा राति घरभित्र प्रवेश गरी बलात्कार गर्ने प्रयास गरेको आरोपमा ०७० मङ्सिर ८ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित महिलाका पति देउसीभैलो खेल्न गाउँतिर गएका बेला आरोपित राति १२ बजे पीडितको घरमा देउसी खेल्न आएका थिए। पीडितले उनीहरूलाई बिदा गरेर घरमा सुतेपछि आरोपित त्यहीँ लुकेर बसी पीडित महिलाको घरभित्र प्रवेश गरी बलात्कार गर्ने प्रयास गरेको प्रहरीले जनायो। पीडित पक्षले कात्तिक २८ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा उजुरी गरेपछि प्रहरीले आरोपितलाई गिरफ्तार गरेको थियो। आरोपित ०७० मङ्सिर १४ गते सिन्धुली जिल्ला अदालतको आदेशले २० हजार रुपियाँ धरौटीमा रिहा भए।

घरेलु हिंसा

कमलामाई नपा-४, चिसापानीकी ५० वर्षीया रेणुकाकुमारी राउतलाई ०६९ माघ २२ गते पति ५७ वर्षीय बलराम देवकोटाले मादक पदार्थ सेवन गरी कुटपिट गर्ने, दुर्व्यवहार गर्ने र विभिन्न आरोप लगाउँदै घरनिकाला गर्दै आएका थिए। पतिले कुटपिट गर्ने, परपुरुषसँग लागेको झूट्टा आरोप लगाउने, खानलाउन नदिने, घरनिकाला गर्ने, सम्बन्धविच्छेद गर्न दबाब दिने गरेको र पटकपटक गाउँ समाजमा राखी छलफल गराउँदा समेत पतिको व्यवहारमा परिवर्तन नआएकाले कानुनी सहायता समितिमार्फत ०६९ माघ २४ गते सिन्धुली जिल्ला अदालतमा मुद्दा दायर गरेकी छन्। उनको मुद्दा हाल जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको छ।

बितिजोर गाविस-६, डिहिडाँडाकी २३ वर्षीया अञ्जु भनिने टङ्ककुमारी कार्कीलाई ०६९ चैत १ गते ससुरा ६५ वर्षीय टेकबहादुर कार्की र सासू ५५ वर्षीया लीलामाया कार्कीले कुटपिट गरी खानलाउन नदिएर घरबाट निकाला गरे। पीडितका पति केशव कार्की रोजगारीका क्रममा विदेशमा बस्दै आएका थिए। ०६९ माघमा पति घर आएपछि सासू-ससुराले बुहारीका बारेमा कुरा लगाएर अर्को विवाह गर्न छोरालाई भनेपछि उनले दुर्व्यवहार गर्ने गरेको र घरमा बस्नु पर्दैन, मबाट केही आशा नगर्नु भनेर बिदेशबाट एसएमएस र फोन गरेर धम्की दिने गरेको पीडिले बताइन्। पीडितले माघ २१ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी गरी छलफलका लागि बोलाउँदा पति सदरमुकामबाट भागेको र माघ २५ गते प्रहरी लगाएर काठमाडौँबाट ल्याई छलफल गर्दा सम्बन्धविच्छेद गर्छु भनी बिनानिष्कर्ष हिँडेर फागुन ६ गते दुबई गएका थिए। पति विदेश गएपछि सासू-ससुराले घरमा शारीरिक तथा मानसिक यातना दिने, खान नदिने गर्दै आएका थिए। चैत १ गते ससुराले घरको ढोका थुनेर दाउरा र ढोकाको आग्लोले कुटेर मरणासन्न पारेका र पछि सासूले पनि कुटपिट गरी बाहिरबाट ढोका लगाएर खान नदिई थुनेर राखेको पीडितले बताइन्। पीडितले प्रहरी चौकी, ग्वालटारमा चैत २ गते उजुरी गरेपछि

प्रहरीले गिरफ्तार गरी चैत ४ गते जिल्ला प्रहरी कार्यालय, सिन्धुली ल्याएको थियो। चैत ५ गते प्रहरी कार्यालयमा छलफल गरी पाँच महिनाभित्र छोरालाई विदेशबाट झिकाउने, त्यस बेलासम्म माइतीतर्फका बुबाले जिम्मा लिने, उपचार गर्दा लागेको खर्च छोरा आएपछि तिर्ने लगायतका सर्तमा काकाससुरा परशुराम कार्कीले जिम्मा लिएपछि कागज गराई प्रहरीले पाँच महिनासम्मका लागि माइतीको जिम्मा लगाएको थियो। पाँच महिना बितिसक्दा पनि काकाससुरा परशुराम कार्कीले जिम्मा लिएको काम पूरा नगरेपछि पीडितले ०७० भदौ ९ गते पुन: प्रहरी कार्यालयमा उजुरी गरिन्। जिल्ला प्रहरी कार्यालयले भदौ ९ गते देखि ११ गतेसम्म तीन दिन छलफल गराउँदा पनि सासूले पीडितलाई अंश पनि नदिने, खानलाउन र घरमा बस्न पनि नदिने भनी अस्वीकार गरेपछि पीडितले ०७० भदौ २६ गते कानुनी सहायता समितिमार्फत सिन्धुली जिल्ला अदालतमा घरेलु हिंसा र अंश मुद्दा दायर गरिन्। अदालतले ०७० असोज ६ गते विपक्षीहरूका नाममा संरक्षणात्मक आदेश जारी गऱ्यो। अदालतले घरमा बसोवास गर्न दिन, आम्दानी अनुसार खानलाउन दिन, धम्की, कुटपिट, दुर्व्यवहार तथा कुनै प्रकारको दु:ख दिने र सताउने काम नगर्नु भनी संरक्षणात्मक आदेश जारी गर्दा समेत आरोपितहरूले पीडितलाई दुर्व्यवहार गर्दै घरमा बस्न, खान नदिई अदालतको आदेशको समेत उल्लङ्घन गरेका छन्। उनको मुद्दा हाल जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको छ।

कुशेश्वर दुम्जा गाविस-२, तेस्रेपाखाकी ४३ वर्षीया टुकुली सार्कीलाई ०७० असोज २२ गते र त्यसअघि पटकपटक पति ४२ वर्षीय रामजी सार्की र सासु ७० वर्षीया बच्चु सार्कीले खानलाउन नदिएर कुटपिट गरी घरनिकाला गरे। पति र सासूले दिनहुँ मदिरा सेवन गरी गालीगलौज, कुटपिट तथा दुर्व्यवहार गर्दै खानलाउन नदिई घरनिकाला गरेको र अंश दिनसमेत इन्कार गरेपछि आफू काठमाडौँ गएर छोरी उर्मिलाको डेरामा आश्रय लिएर बसेको पीडितले बताइन्। उनले कानुनी सहायता समितिमार्फत ०७० कात्तिक २४ गते सिन्धुली जिल्ला अदालतमा अंश मुद्दा दायर गरेको कानुनी सहायता समितिका अधिवक्ता प्रवीण हायूले बताए। उनको मुद्दा अहिले जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको छ।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३३ जना महिला र दुई जना पुरुषले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, सिन्धुलीमा उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १९, खानलाउन नदिएका आठ, विवाह दर्ता तथा नागरिकता नबनाएका दुई, अर्की पत्नी ल्याएर हेला गरेकामा तीन, झैझगडा गरेको भनी तीन जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले २४ घटनामा मिलापत्र गराएको र एक अदालत गएको, चार ओटा मातहतमा पठाएको, दुई ओटा उजुरीमा आवश्यक करबाही भइरहेको र उजुरी दिएका चार जना सम्पर्कमा नआएको सो केन्द्रले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	२५		
उपस्वास्थ्यचौकी	२६		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	७	५	६
स्टाफ नर्स	८	२	६
ल्याब असिस्टेन्ट	५	३	२
अहेब	१२०	८०	४०
अनमि	८१	५७	२४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	३२	१०	२२

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कार सात मुद्दा दर्ता भई अदालतमा पेश गरे। जसमा छ जनालाई गिरफ्तार भए भने एक फरार रहे। घरेलु हिंसा ३५ मुद्दा दर्ता भई एक अदालत पेश गरे भने चार मुद्दा मातहतमा पठाए। र दुई मुद्दा विचाराधीन रहे। जसमा २४ मुद्दा मेलमिलाप भए। बलात्कार प्रयास दुई मुद्दा दर्ता भए। जसमा एक जनालाई गिरफ्तार भए भने एक आरोपित फरार रहे। ज्यान मार्ने उद्योग एक मुद्दा दर्ता भई विचाराधीन रहे। जसमा एक फरार रहे। अपहरण गरी शरीर बन्धक एक मुद्दा दर्ता भई अदालत पेश भए। जसमा एक जनालाई गिरफ्तार गर। बहुविवाह एक मुद्दा दर्ता भई अदालतमा पेश भए। दुई जनालाई फरार रहे।

२.५ रामेछाप



जिल्ला सदरमुकाम: मन्थली
क्षेत्रफल (वर्ग कि. मि.): १,५४७
घरधुरी सङ्ख्या: ४३,९१०
जम्मा जनसङ्ख्या: २,०२,६४६
पुरुष: ९३,३८६
महिला: १,०९,२६०
अपाङ्ग सङ्ख्या: ४,४१८
गाविस/नपा सङ्ख्या: ५५/०
पुरुष साक्षरता सङ्ख्या: ६५,२८५
महिला साक्षरता सङ्ख्या: ५७,७४६
हिन्दू धर्मावलम्बी प्रतिशत: ७१.९३
बौद्ध धर्मावलम्बी प्रतिशत: २४.६७
इस्लाम मावलम्बी प्रतिशत: ०.०२
किराँत धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.५७
प्रकृति धर्मावलम्बी प्रतिशत: १.४४
वोन धर्मावलम्बी प्रतिशत:०.०३
अन्य धर्मावलम्बी प्रतिशत: ०.३१५
प्रतिपरिवार सरदर सङ्ख्या: ४.६१

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता ५५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २ सय १४ जना कैदी र कैद नतोकिएका ६४ जना थुनुवा गरी जम्मा २ सय ७८ जना बन्दीहरू रहेका छन्। यीमध्ये कैद तोकिएका महिलाको सङ्ख्या आठ र कैद नतोकिएका महिलाको सङ्ख्या १४ रहेको छ। रामेछाप कारागारलाई क्षेत्रीय स्तरको कारागार बनाउने उद्देश्यले दुई वर्षअघि भवनहरू निर्माण गरिएका छन्। अहिले बनेको भवनमा २ सय ५० जनासम्म बन्दी अट्न सक्ने भए पनि अन्य व्यवस्थापन हुन सकेको छैन, जसले गर्दा बन्दीहरूले समस्या भोग्नुपरेको छ।

धम्की/कुटपिट

राज्यपक्षबाट

प्रीति गाविस-४ स्थित प्रहरी चौकीका असई ३५ वर्षीय दीपेन्द्रप्रसाद जैसवाललाई ०७० साउन १४ गते चौकीका इन्चार्ज सई ३६ वर्षीय अजयकुमार झाले कुटपिट गरी टाउको फुटाई दिए। गाउँमा गई रक्सी खाएर आएका सई झाले प्रहरी चौकीमा रहेका असई जैसवाललाई बिनाकारण कुटपिट गरेको पीडितको आरोप छ। कुटपिटबाट उनको टाउको तथा आँखामाथि चोट लाग्नुका साथै रगत बगेको थियो। आरोपितउपर कारबाही भएको सार्वजनिक भएन।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकपा-माओवादी रामेछाप जिल्ला सदस्य खिम्ती गाविस निवासी ३६ वर्षीय कैलाश थापा र मन्थली गाविस निवासी ३५ वर्षीय चूडाबहादुर कार्कीलाई ०७० कात्तिक २९ गते संविधानसभा निर्वाचनविरोधी क्रियाकलापमा संलग्न भएको आरोपमा प्रहरीले रामेछापको खिम्ती गाविसबाट गिरफ्तार गऱ्यो। उनीहरूका साथबाट नगद १० हजार २ सय रुपियाँ, चन्दा असुल गर्ने रसिद प्याड, नेकपा-माओवादीको छाप र विभिन्न पुस्तकहरू पनि फेला परेको रामेछापका प्रहरी प्रवक्ता राजेन्द्र थापाले जानकारी दिए। गिरफ्तार गरिएका दुवै जनालाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी मङ्सिर ९ गते इन्सेक जिल्ला प्रतिनिधि नवराज पथिक र नेपाल पत्रकार महासङ्घ, रामेछापका अध्यक्ष टीका भट्टको रोहवरमा रिहा गरियो।

गुन्सी गाविस-९ निवासी नेकपा-माओवादीका कार्यकर्ता ३७ वर्षीय नरबहादुर श्रेष्ठलाई ०७० मङ्सिर १ गते निर्वाचनविरोधी गतिविधिमा संलग्न भएको आरोपमा गिरफ्तार गरिएको रामेछापका इन्स्पेक्टर राजेन्द्र थापाले जानकारी दिए। उनले निर्वाचनविरुद्ध कस्तो गतिविधि गरेका थिए भन्ने बारेमा प्रहरीले केही खुलाएन। आरोपितलाई प्रहरीले निर्वाचन सकिएपछि तारेखमा रिहा गऱ्यो।

गुन्सी गाविस-९ निवासी नेकपा-माओवादीका एरिया सदस्य ५५ वर्षीय ध्याम्सो लामालाई ०७० कात्तिक २७ गते साँझ एमाओवादीका जिल्ला कमिटी सदस्य ३५ वर्षीय बोधबहादुर घिसिङलगायतका

व्यक्तिहरूले लौराले कुटेर टाउको फुटाई दिए। एमाओवादी र नेकपा-माओवादी कार्यकर्ताहरूबीच भएको विवादका क्रममा प्रहार गरेको लौरोले लागी उनको टाउको फुटेको थियो। घाइतेको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। उनको टाउकामा १७ ओटा टाँका लगाइएको थियो। सो घटनामा नेकपा-माओवादीका गाउँ सदस्य टोपबहादुर घिसिङ र पाल्साङ घिसिङ पनि घाइते भएको नेकपा-माओवादीका जिल्ला सह-इन्चार्ज गणेशबहादुर खड्गीले जनाकारी दिए। उनीहरूको हात भाँच्चिनुका साथै शरीरका विभिन्न ठाउँमा चोटपटक लागेको थियो। त्यसै गरी उक्त घटनामा एमाओवादीका पूर्णबहादुर विक घाइते भएको उक्त पार्टीले जनायो। एमाओवादीका जिल्ला संयोजक धावा लामाका अनुसार विकमाथि खुकुरी प्रहार भएको थियो। चुनावी प्रचारका लागि घरदैलो गर्ने क्रममा एमाओवादीका कार्यकर्तामाथि आक्रमण भएपछि त्यसको प्रतिकार गर्ने क्रममा झडप भएको उनले बताए। जिल्ला प्रहरी कार्यालयले घटनाको पुष्टि गर्दै नेकपा-माओवादीका कार्यकर्तामाथि चिर्पटले कुटपिट भएको जनाए। इन्स्पेक्टर राजेन्द्र थापाका अनुसार एमाओवादीका ऋद्धिनारायण श्रेष्ठसहित नौ जना कार्यकर्ताले नेकपा-माओवादीका कार्याकर्तामाथि चिर्पट प्रहार गरी कुटपिट गरेको प्रहरीमा उजुरी पऱ्यो। घटनामाथि कुनै कारवाही भएन। एमाओवादी कार्यकर्ताले घाइतेलाई उपचारका लागि काठमाडौँ नलैजानसमेत धम्की दिए। घाइतेलाई कात्तिक २८ गते काठमाडौँ लगी उपचार गरियो।

आफ्नै प्रहरी कर्मचारीको कुटपिटबाट घाइते असई दीपेन्द्रप्रसाद जैसवाल

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समितिका पर्यवेक्षक लखनपुर गाविस-१ निवासी ३२ वर्षीय टङ्क गौतमलाई ०७० मङ्सिर १ गते टोकरपुर गाविस-९ को रजमनटारमा निर्वाचन पर्यवेक्षणका लागि मन्थलीबाट लखनपुरतर्फ जाँदै गर्दा एमाओवादी कार्यकर्ता गुन्सी-९ का ४० वर्षीय हीरा श्रेष्ठलगायतले कुटपिट गरेका पीडितले बताए। रजमनटारमा पुगेका उनलाई एमाओवादी कार्यकर्ताले पार्टीलाई सहयोग गर्न आग्रह गरेका थिए। तर, गौतमले आफू पर्यवेक्षणमा हिँडेकाले कुनै पनि दललाई सहयोग नगर्ने बताएपछि एमाओवादी कार्यकर्ताहरूले कुटपिट गरेका थिए। उनीहरूले घटना कतै सार्वजनिक नगर्नसमेत धम्की दिए। पीडितले प्रहरीमा मौखिक जानकारी गराए पनि लिखित उजुरी गरेनन्।

लखनपुर गाविस-२ निवासी एमाले कार्यकर्ता ३६ वर्षीय राजकुमार गौतमलाई ०७० मङ्सिर २ गते लखनपुर-२ को कालिका उच्चमावि मतदान केन्द्रमा एमाओवादीका एरिया इन्चार्ज लखनपुर गाविस निवासी ३८ वर्षीय अम्बिका गजुरेलको नेतृत्वमा रहेको टोलीले हातपात गऱ्यो। मतदान केन्द्रमा मतदाता परिचयपत्र वितरणको काम भइरहेका बेला एमाओवादी कार्यकर्ताहरूले उनीमाथि हातपात गरेको एमालेको आरोप छ। दुई पक्षबीच सामान्य विवाद भएकामा सुरक्षाकर्मी पुगी विवाद साम्य पारेको रामेछापका प्रहरी प्रवक्ता इन्स्पेक्टर राजेन्द्र थापाले बताए। घटनाबारे प्रहरीमा लिखित उजुरी परेन।

दुरागाउँ गाविस-६ निवासी काङ्ग्रेस कार्यकर्ता २२ वर्षीय प्रचण्ड सुनुवारलाई ०७० मङ्सिर ३ गते एमाओवादीकी क्षेत्र नम्बर १ प्रत्यक्षतर्फकी उम्मेदवार ३७ वर्षीय लक्ष्मी गुरुङ नेतृत्वको समूहले कुटपिट गरी घाइते बनायो। सुनुवारको टाउकामा चोट लागेको थियो। पीडितको मन्थलीस्थित तामाकोसी सहकारी अस्पतालमा उपचार गरियो। आरोपितउपर कारवाही भएन।

टोकरपुर-२ निवासी एमाले वाग्मती अञ्चल सदस्य ५२ वर्षीय तुलप्रसाद कँडेललाई ०७० मङ्सिर ५ गते दिउँसो खाँडादेवी गाविसको गाल्वा बजारनजिकै गुन्सी गाविस-८, गुन्साल निवासी एकीकृत नेकपा

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				४	४
बालअधिकार			६	१	७
महिलाअधिकार			१९		१९
जातीय विभेद			१	२	३
गिरफ्तारी/यातना	४	४			
कुटपिट	२	२	२	१०	१२
हत्या			३		३
जम्मा	६	६	३१	१७	४८

माओवादीका ९ नम्बर इलाका इन्चार्ज ४२ वर्षीय हीरा श्रेष्ठको नेतृत्वको टोलीले आक्रमण गरी घाइते बनायो। आफ्नो घर टोकरपुर गाविसमा मतदान गरी मोटरसाइकलमा सदरमुकाम मन्थली फर्कने क्रममा बाटो छेकेर उनीमाथि आक्रमण गरिएको थियो। आक्रमणमा परी उनको दाहिने गोडा फ्याक्चर भएको थियो भने अनुहार र शरीरका अन्य भागमा पनि चोट लागेको थियो। घाइतेको मन्थलीस्थित तामाकोसी सहकारी अस्पतालमा उपचारपछि थप उपचार काठमाडौँ लगी गरियो। पीडितले कुटपिटको आरोपमा मङ्सिर २५ गते जिल्ला अदालमा मुद्दा दर्ता गरेका छन्। मुद्दा विचाराधीन छ।

गेलु गाविसका सचिव २८ वर्षीय फणिन्द्र महतारालाई ०७० असार ७ गते सडक मर्मतका लागि गाविसमा परेको योजनाको पैसा तत्काल भुक्तानी गर्न माग गर्दै गेलु गाविस-४ का नेकपा-माओवादीका कार्यकर्ता ४५ वर्षीय प्रह्लाद केसीले सदरमुकाम मन्थलीस्थित कार्यालयभित्रै हातपात गरे। योजनाका लागि जिल्ला विकास समितिले पैसा निकासा नगरेको तथा काम भए/नभएको यकिन नभएको हुँदा कानुनी प्रक्रिया पूरा नभई तत्काल पैसा दिन नमिल्ने बताएपछि माओवादी कार्यकर्ता केसीले आफूमाथि कार्यालयमा काम गरिरहेकै अवस्थामा हातपात गरेको गाविस सचिव महतारालेे बताए। कुटपिट भएपछि पीडित गाविस सचिव महतारासहितको गाविस सचिवको टोली सुरक्षा र न्यायको माग गर्दै ०७० असार ८ गते जिल्ला प्रशासन कार्यालय, रामेछाप पुगेको थियो। गेलु गाविसको पशुपति-साउनेपानी सडक मर्मत योजनाको काम गरेको कागज लिएर पैसा माग गर्दै पुगेका उनले गाविस सचिवमाथि हातपात गरेको गाविस सचिवको आरोप छ। केसी सो सडक उपभोक्ता समितिको आधिकारिक व्यक्तिसमेत नभएका कारण आफूले समितिका आधिकारिक व्यक्ति नभई कुनै पनि काम गर्न नसक्ने बताएका थिए। दुवै पक्षलाई राखी जिल्ला प्रशासन कार्यालय, रामेछापले आइन्दा गल्ती नगर्ने गरी ०७० असार ९ गते मिलापत्र गराई छाडिदियो।

एमाओवादी कार्यकर्ताहरूको कुटपिटबाट घाइते तुलप्रसाद कँडेल

टोकपुर गाविस-१ निवासी एमाओवादी कार्यकर्ता ३८ वर्षीय केशव कँडेललाई ०७० मङ्सिर ५ गते टोकरपुर गाविस-३ मा एमाले कार्यकर्ताहरूले कुटपिट गरी घाइते बनाए। उनको टाउको र अनुहारमा चोट लागेको थियो। घटनका पीडित र आरोपित दुवै पक्षले मादक पदार्थ सेवन गरेका थिए। घाइतेलाई साँझ स्थानीय मेडिकलमा प्राथमिक उपचार गरी भोलिपल्ट काठमाडौँ लगी थप उपचार गरियो। पीडितले कतै उजुरी गरेनन्।

गौश्वारा गाविस-४ का एमाले कार्यकर्ता ३५ वर्षीय धनबहादुर नगरकोटी, ३२ वर्षीय सहबहादुर नगरकोटी र २४ वर्षीय ख्यामबहादुर नगरकोटी तथा एमाओवादीका ३८ वर्षीय नरबहादुर मगरलगायतका मानिसहरू ०७० मङ्सिर ४ गते संविधानसभा निर्वाचनको मतदानका क्रममा दुई पक्षबीच भएको झडपमा घाइते भए। घाइतेमध्ये एमाले कार्यकर्ताहरूको टाउकामा खुकुरीको चोट लागेको थियो भने एमाओवादी कार्यकर्तालाई लाठीले लागेको थियो। घाइतेहरूको स्थानीयस्तरमा नै उपचार गरियो। दुवै पक्षले गाउँमा नै मिलापत्र गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना न्यायाधीश रहेको रामेछाप जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ४ थानमध्ये ६६ थानको फैसला भयो भने ३८ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ४५ थानमध्ये ७६ थानको फैसला भयो भने ६९ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

रामेछाप जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ८६ थानमध्ये १७ थानको फैसला भयो भने ६९ थान बाँकी रहे। देवानी मुद्दातर्फ ९५ थानमध्ये १८ थानको फैसला भयो भने ७७ थान बाँकी रहे। अदालतमा दुई वर्ष नाघेका कुनै मुद्दा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९

पुस १७ देखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या ३८ छ, जसमध्ये ६ सफल भए भने ३२ मुद्दाको फैसला हुन बाँकी छ। जिल्ला प्रशासन कार्यालयमा पेस गरिएका केही सार्वजनिक अपराधका १८ मुद्दामध्ये पाँच सफल भए भने १३ फैसला हुन बाँकी रहे। जिल्ला प्रशासन कार्यालय, रामेछापमा नै दायर गरिएको हातहतियार तथा खरखजानासम्बन्धी एक मुद्दामा सफलता मिलेको छ। जिल्ला अदालत, रामेछापमा पेस गरिएका मुद्दातर्फ बहुविवाहका दुई मुद्दामा फैसला हुन बाँकी छ। त्यस्तै ठगीको एक मुद्दामा पनि फैसला हुन बाँकी छ। भवितव्य ज्यान एक, कर्तव्य ज्यान पाँच, सवारी ज्यान चार मुद्दा अदालतमा पेस भएकामा सबै फैसला हुन बाँकी छन्। त्यसै गरी जातीय विभेद दुई, जबरजस्ती करणी एक र नकवजनी चोरीका तीन मुद्दा अदालतमा कार्यालयका तर्फबाट पेस भएकामा फैसला हुन बाँकी छन्। कार्यालयका तर्फबाट अदालतमा पेस गसरएका मध्ये दुई वर्ष नाघेका मुद्दाहरू कुनै पनि छैनन्। जिल्ला प्रशासन कार्यालयमा पेस गरिएका मुद्दामध्ये सात मुद्दा दुई वर्ष नाघेका छन्।

बालअधिकार

शिक्षाको अवस्था

रामेछाप जिल्लाका विद्यालय जाने उमेरका मध्ये छात्र ३० हजार ९ सय ७७ र छात्रा ३३ हजार ९ सय १३ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३ हजार ४ सय १४ र छात्र ३ हजार ३ सय १६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला १ सय ५६ र पुरुष ८ सय ७० गरी जम्मा १ हजार २६ शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला सात र पुरुष १ सय ५० गरी जम्मा १ सय ५७ शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला पाँच र पुरुष १ सय १२ गरी जम्मा १ सय १७ शिक्षक रहेका छन्। बालविकास केन्द्रमा बालक ३ हजार ३ सय १७ र बालिका ३ हजार २ सय ९२ गरी जम्मा ६ हजार ६ सय ९ रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

११ वर्षीया एक बालिकालाई ०७० साउन १९ गते राति बलात्कार गरेको आरोपमा गुप्तेश्वर गाविस-३ का १५ वर्षीय सरोज कार्कीलाई स्थानीयले नियन्त्रणमा लिई साउन २० गते बिहान प्रीति प्रहरीको जिम्मा लगाए। बालिकाको घरमा टेलिभिजन हेर्न गएका थापाले परिवारका अन्य सदस्यहरू खान खान अर्को कोठामा गएको मौका पारी निदाइरहेकी ती बालिकालाई बलात्कार गरेको आरोप पीडितका आफन्तहरूको छ। आरोपित कार्कीविरुद्ध प्रहरीले जिल्ला अदालत, रामेछापमा मुद्दा दर्ता गरेकामा अदालतको ०७० भदौ १३ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म उनी पुर्पक्षका लागि रामेछाप कारागारमा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

माकादुम गाविस-९ की २५ वर्षीया सपना खत्रीलाई ०७० असार ५ गते नन्द १८ वर्षीया राधना खत्री र ससुरा ७० वर्षीय सम्बरबहादुर खत्रीले भीरबाट लडाएर हत्या गरेको आरोपमा मृतका माइती पक्षले ०७० असार १० गते जिल्ला प्रहरी कार्यालय, रामेछापमा उजुरी दर्ता गऱ्यो। नन्दसँग घाँस काट्न पाखोमा गएकी ती गर्भवती महिलाको लास भीरबाट खसेर मृत अवस्थामा फेला परेपछि ससुराको दबाबमा पोस्टमार्टम नगरी जलाइएको थियो। काठमाडौँमा रहेका मृतकका पति र माइती पक्षलाई खबर नै नगरी पोस्टमार्टमसमेत नगरेर अन्तिम संस्कार गरेको भन्दै माइती पक्षले हत्या गरिएको भन्दै मुद्दा दर्ता गरेको थियो। प्रहरीले बाबु-छोरी तथा मलामी गएका सहित १३ जनाविरुद्ध जिल्ला अदालत रामेछापमा मुद्दा दायर गरेकामा क्रमशः राधालाई ४० हजार, सम्बरबहादुरलाई २० हजार र मलामी जाने ११ जनालाई पाँच-पाँच सय रुपियाँ धरौटी लिई ०७० साउन ७ गते तारेखमा रिहा गऱ्यो।

परिवारजनबाट हत्या

तिल्पुङ गाविस-२ की ४६ वर्षीया सुन्तली बुढाथोकीलाई ०७० भदौ २३ गते अपराह्न छोरा २१ वर्षीय भोला बुढाथोकीले बन्चरो प्रहार गरी हत्या गरे। जिल्ला प्रहरी कार्यालय, रामेछापका प्रहरी प्रवक्ता तथा इन्स्पेक्टर राजेन्द्र थापाका अनुसार घरमा अरू कोही नभएको बेला आमासँग पैसा मागेका थापाले पैसा नदिएपछि आमालाई बन्चरोले शरीरका विभिन्न भागमा आक्रमण गरेका थिए। बन्चरोले हानेर हत्या गरेपछि आरोपित आमाले लगाएका गहना लिएर भागेका थिए। उनलाई प्रहरीले असोज ४ गते महोत्तरी जिल्लाबाट गिरफ्तार गऱ्यो। आरोपित रामेछाप कारागारमा छन्।

अमानवीय व्यवहार

नागदह गाविस-५ की ५२ वर्षीया तिलमाया विश्वकर्मालाई ०७० जेठ १० गते सोही स्थानका ५० वर्षीय रामनारायण श्रेष्ठले बोक्सीको आरोप लगाए। नागदह बजारमा बसिरहेको अवस्थामा उनलाई बोक्सीको आरोप लगाएका थिए। उनले घटनापछि इलाका प्रहरी कार्यालय, धोवीमा ०७० जेठ ११ गते उजुरी दिएकामा प्रहरीले गाउँकै स्थानीयवासीलाई घटना मिलाउन जिम्मा दिएको थियो। गाउँका स्थानीयवासीले भने आरोपितलाई माफी माग्न लगाउँदै १ हजार रुपियाँ हर्जाना तिर्न लगाएका थिए।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १९ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा १९ उजुरी दर्ता गराए, जसमध्ये बहुविवाहमा एक, शारीरिक र मानसिक यातनामा तीन, कुटपिटमा ६, गालीगलौजमा एक, घरनिकालामा दुई, हेला गरेकामा एक, मार्ने धम्की दिएकामा एक र खानलाउन नदिएकामा चार पीडित भए। प्रहरीले सबै घटनामा मिलापत्र गऱ्यो।

सबै प्रकारका जातीय विभेद

सैपु गाविस-३ शिरिसेका २९ वर्षीय टङ्कराम मुगरातीलाई ०७० वैशाख २९ गते क्षेत्री समुदायको वैवाहिक कार्यक्रममा सहभागी भई पानी र टीकाको सामान छोएको आरोपमा सोही स्थानका स्थानीय शिक्षक ४८ वर्षीय हितकुमार कार्कीलगायतले अपमानित गरे। स्थानीय प्रेमबहादुर कार्कीकी छोरी अप्सरा कार्कीको विवाहमा बेहुलीलाई टीका लगाएर मुगराती निस्किएपछि दलितले छोएको भन्दै उनीहरूले टीकाको सामान तथा बेहुलीले लगाएको टीकासमेत पुछ्न लगाई आफूलाई विवाह मण्डपमा अपमानित गरेको मुगरातीले बताए। पीडितले ०७० जेठ ९ गते जिल्ला प्रहरी कार्यालय, रामेछापमा उजुरी गरे। मुद्दा अदालतमा विचाराधीन छ।

सैपु गाविस-३ की ४० वर्षीया शान्ति दमाई सार्कीले ०७० जेठ २६ गते आफ्नै परिवारका सदस्यहरूले जातीय विभेद गरेको भन्दै जिल्ला प्रहरी कार्यालय, रामेछापमा उजुरी गरिन्। पीडित शान्तिले ०६० सालमा चुमबहादुर सार्कीसँग काठमाडौँमा प्रेमविवाह गरेकी थिइन्। पाँच वर्षअघि पतिको मृत्यु भएपछि शान्ति घरमा आएपछि उनका जेठाजु ५० वर्षका धनबहादुर सार्की र भतिजा टङ्कराम सार्कीले तल्लो जातको भएको भन्दै घरभन्दा टाढा जङ्गलको छेउमा गोठ बनाएर राखिदिएको पीडितले जनाइन्। जेठाजुले पतिको नागरिकतासमेत नदिएका कारण आफूले नागरिकता बनाउन नपाएको शान्तिको आरोप छ। ०७० जेठ २२ गते गाउँमा नागरिकता बनाउने टोली पुगेका बेला आफ्नो नागरिकता बनाउनका लागि पतिको नागरिकता माग्न जाँदा जेठाजु र भतिजाले नागरिकता नदिएर उल्टै दमिनी भएर सार्की समुदायको घरमा प्रवेश गर्न खोजेको भन्दै अपमानित गरेको उनले बताइन्। सो मुद्दा अदालतमा विचाराधीन छ।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	**१**		
स्वास्थ्यचौकी	**१७**		
उपस्वास्थ्यचौकी	**३५**		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	**५**	**३**	**२**
स्टाफ नर्स	**६**	**३**	**३**
ल्याब असिस्टेन्ट	**५**	**३**	**२**
अहेब	**१५५**	**१११**	**४४**
अनमि	**८०**	**६१**	**१५**
खोप सुपरभाइजर	**२**	**२**	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	**१**	**१**	
हेल्थ असिस्टेन्ट	**२३**	**१०**	**१३**

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यान ६ मुद्दा दर्ता भई फैसला भए। छुवाछूत दुई मुद्दा दर्ता भई फैसला भए। ज्यान मार्ने उद्योग दुई मुद्दा दर्ता भई विचाराधीन रहे। जबरजस्ती करणीको एक मुद्दा दर्ता भई फैसला भयो।

२.६ दोलखा



जिल्ला सदरमुकाम: चरिकोट
क्षेत्रफल (वर्ग कि. मि.): २,१५१
घरधुरी सङ्ख्या: ४५,६८८
जम्मा जनसङ्ख्या: १,८६,५५७
पुरुष: ८७,००३
महिला: ९५,५५४
अपाङ्ग सङ्ख्या: ५,५८७
गाविस/नपा सङ्ख्या: ५१/१
पुरुष साक्षरता सङ्ख्या: ६०,६१८
महिला साक्षरता सङ्ख्या: ५२,५९५
हिन्दू धर्मावलम्बी प्रतिशत: ६७.८
बौद्ध धर्मावलम्बी प्रतिशत: २२.३
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०२
किराँत धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.६३
प्रकृति धर्मावलम्बी प्रतिशत: ८.०७
अन्य धर्मावलम्बी प्रतिशत: ०.१४६
प्रतिपरिवार सरदर सङ्ख्या: ४.०८

जेल र बन्दी

'ग' श्रेणीको यस कारागारमा १५ जना महिला राख्ने क्षमताको नयाँ भवन ०६८ सालमा निर्माण भएको छ। हाल महिला बन्दी आएमा अन्य जिल्लामा पठाई पुरुष बन्दी सो भवनमा राखिएको छ। पुरुष बन्दीगृह निर्माणको ठेक्का दिइएकामा पुरानो भवन भत्काई काम स्थगनमा रहेको छ। कारागारमा बालबालिका छैनन्। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका २७ र कैद नतोकिएका २७ जना गरी जम्मा ५४ जना बन्दीहरू कारागारमा रहेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

दुई जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३ सय २७ थानमध्ये १ सय ६१ थनको फैसला भयो भने १ सय ६६ थान बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ९८ थानमध्ये १ सय २० थानको फैसला भयो भने १ सय ७८ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

दुई जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय ४० थानमध्ये १४ थानको फैसला भयो भने २ सय २६ थान बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ४३ थानमध्ये १८ थानको फैसला भयो भने २ सय २५ थानको फैसला हुन बाँकी रह्यो। दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा ५७ थान रहे।

जिल्ला सरकारी वकिल कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ५८ थान छ, जसमध्ये २५ थान सफल भए भने नौ थान असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या तीन थान छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ११ थानमध्ये दुई थान सफल र दुई थान असफल रहे। बलात्कारसम्बन्धी आठ थान मुद्दामध्ये दुई थान सफल र एक थान असफल रहे। महिला बेचबिखनसम्बन्धी परेको एक थान मुद्दा असफल रह्यो। बहुविवाहसम्बन्धी तीन थान मुद्दामध्ये दुई थान सफल रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या ३० थान छ। यस अवधिमा १२ थान सफल र ११ थान सफल भए। सरकारी वकिल सङ्ख्या दुई जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ५८ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमाओवादीका कार्यकर्ताले ०७० कात्तिक ७ गते जुँगु गाविस-८ मा रूख ढालेर बाटो अवरुद्ध गरी चुनावी प्रचार कार्यक्रम बिथोल्ने प्रयास गरेको भन्दै काङ्ग्रेस जिल्ला कार्यसमिति दोलखाले विज्ञप्ति जारी

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		३	३
बालअधिकार	९		९
महिलाअधिकार	८		८
हत्या	३	३	५
जम्मा	१९	५	२४

गऱ्यो। दोलखा-१ का काङ्ग्रेस प्रत्यक्षतर्फका उम्मेदवार जिपछिरिङ लामालगायत काङ्ग्रेसका नेता-कार्यकर्ता झ्याकु गाविसको कार्यक्रम सम्पन्न गरी बिहान जुँगु गाविसको पूर्वनिर्धारित कार्यक्रममा जाँदै गर्दा दोलखा-१ का एमाओवादी उम्मेदवार विशाल खड्काका दाइ ढालबहादुर खड्काको नेतृत्वमा एमाओवादीका कार्यकर्ताद्वारा जुँगु-८ का विभिन्न स्थानमा रूख ढाली बाटो अवरोध गरेर कार्यक्रम बिथोल्न खोजेको भन्दै काङ्ग्रेसले विज्ञप्ति प्रकाशित गरेको थियो। काङ्ग्रेस जिल्ला कार्यसमितिका तर्फबाट सचिव सन्तोष रिमालद्वारा हस्ताक्षर गरिएको विज्ञप्तिमा एमाओवादी कार्यकर्ताले निर्वाचन आचारसंहिता उल्लघङ्न गरेको भन्दै मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिने उल्लेख छ। एमाओवादीका बलराम खड्काले रूख ढालेर बाटो अवरुद्ध पार्ने काममा आफ्नो पार्टीको संलग्नता नभएको बताए।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ६१ हजार ९ सय २९ मध्ये ६१ हजार ४ सय ५४ छात्र/छात्रा प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३ हजार ५९ र छात्र २ हजार ९ सय ४७ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला/पुरुष गरी १ हजार २ सय २९ शिक्षक कार्यरत छन्। निमाथि तहमा महिला/पुरुष गरी २ सय ९८ शिक्षक/शिक्षिका कार्यरत छन्। यसै गरी माथि तहमा २ सय ४० र प्लस टूमा ६८ शिक्षक/शिक्षिका रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयमा छात्र/छात्रा र शिक्षक (महिला/पुरुष) भिन्दाभिन्दै विवरण अध्यावधिक गरेको पाइएन।

बालविकास केन्द्रमा बालक ३ हजार १ सय २८ र बालिका २ हजार ९ सय ६५ गरी जम्मा ६ हजार ९३ रहेका छन्, जसमध्ये दलित बालक ३ सय ३० र बालिका ३ सय ६४ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन। जिल्लाको साक्षरता प्रतिशत ६२.७८ मध्ये महिला साक्षरता प्रतिशत ५३.६७ र पुरुष साक्षरता प्रतिशत ७३.३४ रहेको छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सात वर्षीया एक बालिकालाई सुरी गाविस-९ का १५ वर्षीय बालकले ०६९ माघ १९ गते आरोपितकै घरपछाडिको बारीमा बलात्कार गरेको आरोपमा पीडित परिवारले ०६९ फागुन ६ गते इलाका प्रहरी कार्यालय सिँगटीमा उजुरी दियो। स्थानीय हलेश्वर प्राविमा कक्षा एकमा अध्ययनरत बालिकालाई आरोपितले पाँच रुपियाँ दिन्छु भनी ललाइफकाइ बलात्कार गरेका थिए। घटना भएको एक सातासम्म बालिकाले परिवारलाई नभनेको र पछि लगातार ज्वरो आई बिरामी भएकाले पीडितकी आमाले सोधिखोजी गर्दा बालिकाले घटनाबारे जानकारी दिएकी थिइन्। पीडित बालिकाले दिएको जानकारीका आधारमा आरोपित परिवारले उपचार गरिदिने भनी स्थानीय सिँगटीको निजी स्वास्थ्य क्लिनिकमा उपचार गराउन खोज्दा स्वास्थ्यकर्मीले उपचार हुन नसक्ने बताएपछि काठमाडौँ कान्ति बाल अस्पताल र प्रसूति गृहमा उपचार गराउन लगिएको थियो। काठमाडौँमा उपचार गराउन लैजाँदा प्रहरीमार्फत केस फाराम नभरी उपचार गर्न नसकिने भनेकाले सोही उजुरीका आधारमा आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरेकामा दोलखा जिल्ला अदालतको ०६९ फागुन ८ गतेको आदेशमा ५ हजार रुपियाँ धरौटी राखी अभिभावकको जिम्मा लगाइएको थियो।

१३ वर्षीया एक बालिकालाई घ्याङसुकाठोकर गाविस-५ का २६ वर्षीय सञ्जीव स्याङ्बोले ०७० साउन १ गते घ्याङसुकाठोकर गाविस-५ को मकैबारीमा बलात्कार गरेको आरोपमा पीडितले ०७० साउन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। साउने संक्रान्तिका लागि मावल जान लागेकी बालिकालाई मादक पदार्थ सेवन गरी घरमा बसिरहेका आरोपितले 'मावल लैजाने कोसेली हामीलाई पनि देऊ' भन्दै घरमा बोलाई मकैबारीमा र पुनः सोही वडाको उर्लिङडाँडामा लगी बलात्कार गरेको पीडित परिवारको

आरोप छ। पीडितको स्वास्थ्य परीक्षण ०७० साउन ६ गते प्राथमिक स्वास्थ्य केन्द्र, चरिकोटमा भयो। आरोपित हाल फरार छन्।

१७ वर्षीया एक बालिकालाई जुँगु गाविस-७ घर भई चरिकोटमा होटल व्यवसाय गर्दै आएका २२ वर्षीय अशोक बस्नेतले ०७० वैशाख ३१ गते आफ्नै होटलमा बलात्कारको प्रयास गरको आरोपमा आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। भीमेश्वर नपा-१, चरिकोटको सुपर स्टार होटलमा कक्षा ११ को परीक्षा दिन भाडामा कोठा लिई बस्दै आएकी ती बालिकालाई दिउँसो सोही होटलका मालिक बस्नेतले बलात्कारको प्रयास गरेका थिए। दिउँसो होटलको कोठामा एक्लै बसेको समयमा बलात्कारको प्रयास गरेकामा युवती उम्कन सफल भएपछि स्थानीयको सहयोगमा बस्नेतलाई नियन्त्रणमा लिई सोही दिन जिल्ला प्रहरी कार्यालयमा बुझाइएको थियो। युवतीले प्रतिकार गर्दा होटल मालिक बस्नेतको घाँटीमा चोट लागेको थियो। जिल्ला अदालतको ०७० जेठ २० गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्।

१४ वर्षीया एक बालिकालाई भीमेश्वर नपा-१३, साखिनेका ३८ वर्षीय सिजन बस्नेतले ०७० साउन २३ गते बिहान आफ्नै घरको पहिलो तलाको कोठामा बलात्कारको प्रयास गरेको आरोपमा ०७० साउन २४ गते पीडितका तर्फबाट आवाज नेपाल संस्थाकी अध्यक्ष सिजना कार्की, एड्भोकेसी फोरम दोलखामा कार्यरत शान्ता बस्नेत र हुराडेक नेपालमा कार्यरत शर्मिला थापाले आरोपितउपर कारबाहीको माग गर्दै लागि जिल्ला प्रहरी कार्यालय, दोलखामा उजुरी दिए। आरोपितलाई ०७० साउन २३ गते गिरफ्तार गरिएकामा जिल्ला अदालतको ०७० भदौ १४ गतेको आदेशमा हाल उनी पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

हत्या

गौरीशङ्कर गाविस-३ की ४५ वर्षीया सुनमाया शेर्पालाई ०७० जेठ ५ गते छोरा २५ वर्षीय मनगेल्जी शेर्पाले पीडितकै घरमा हत्या गरे। घरायसी विवादमा झडगा हुँदा आरोपितले आमालाई लछारपछार गरी लडाएर कोदालोको बिँडले प्रहार गरी हत्या गरेका थिए। आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा सोही दिन उजुरी दिएकामा दोलखा जिल्ला अदालतको ०७० भदौ २५ गतेको आदेशमा हाल उनी पुर्पक्षका लागि थुनामा छन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय २९ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा १ सय २९ थान उजुरी दर्ता गराए। उजुरीमध्ये खानलाउन नदिएका २२, विवाह दर्ता तथा नागरिकता नबनाएका ११, अर्की पत्नी ल्याएर हेला गरेका १५, मार्ने धम्की दिइएकामा १४ जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले ५१ थान उजुरीमा मिलापत्र गराएको छ भने १६ थान उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाइएको सो केन्द्रले जनायो।

स्वास्थ्य अवस्था

अस्पताल	**१**		
स्वास्थ्यचौकी	**२५**		
उपस्वास्थ्यचौकी	**२७**		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	**२**	**५**	**१**
स्टाफ नर्स	**२**	**१**	**१**
ल्याब असिस्टेन्ट	**२**	**१**	**१**
अहेब	**११७**	**८२**	**३५**
अनमि	**८२**	**५०**	**३२**
खोप सुपरभाइजर	**१**	**१**	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	**१**	**१**	
हेल्थ असिस्टेन्ट	**२५**	**८**	**२१**

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बहुविवाह सात मुद्दा दर्ता भई विचाराधीन रहे। जसमा सात जनालाई गिरफ्तार भए भने सात अभियोगी पहिचान हुन सकेन। बलात्कार सात मुद्दा दर्ता भई विचाराधीन रहे। जसमा पाँच गिरफ्तार भए भने सात अभियोगी पहिचान हुन सकेन। बलात्कार प्रयास दुई मुद्दा दर्ता भए। जसमा दुई गिरफ्तार भए भने दुई अभियोगी पहिचान हुन सकेन।

२.७ रौतहट

जिल्ला सदरमुकाम: गौर
क्षेत्रफल (वर्ग कि. मि.): १,१२६
घरधुरी सङ्ख्या: १,०६,६६८
जम्मा जनसङ्ख्या: ६,८६,७२२
पुरुष: ३,५१,०७५
महिला: ३,३५,६४३
अपाङ्ग सङ्ख्या: ८,६५८
गाविस/नपा सङ्ख्या: ५६/१
पुरुष साक्षरता सङ्ख्या: १,६५,२०५
महिला साक्षरता सङ्ख्या: १,०५,५०२
हिन्दू धर्मावलम्बी प्रतिशत: ७७.७७
बौद्ध धर्मावलम्बी प्रतिशत: १.८५
इस्लाम धर्मावलम्बी प्रतिशत: १५.७
किराँत धर्मावलम्बी प्रतिशत: ०.१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.१५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१६
जैन धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.२५८
प्रतिपरिवार सरदर सङ्ख्या: ६.४४

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यपक्षबाट

भारत, विहार जिल्लाको पूर्वीचम्पारन थाना कुण्डवा, चैनपुर ग्राम तेलहारा जटौलियाका ४० वर्षीय हरेन्द्र साहको ०६९ चैत ३१ गते विहान जिल्ला प्रहरी कार्यालय, रौतहटबाट खटी गएको प्रहरी गस्ती टोलीसँगको दोहोरो भिडन्तमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनायो। बञ्जरहा गाविस-८ स्थित बकैया नदी किनारमा गस्तीमा हिँडिरहेको प्रहरी र भारतबाट नेपालतर्फ आइरहेको समूहबीच बिहान भिडन्त भएको र सो भिडन्तका क्रममा साहको मृत्यु भएको प्रहरीले दावी गऱ्यो। सो क्षेत्रमा डकैतीका घटना बढ्न थालेपछि निगरानी बढाएर सुरक्षामा बसेको प्रहरी टोलीले १० देखि १२ जनाको समूहमा हतियारसहित आएको देखेपछि उनीहरूलाई घेरा हाल्न खोज्दा सो समूहले प्रहरीलाई लक्षित गर्दै गोली चलाएपछि प्रहरीले जवाफी कारबाहीमा गोली हानेपछि केही बेर दोहोरो भिडन्त भएको एसपी गोविन्दराम परियारले बताए। घटनामा मारिएका साहको ०७० वैशाख १ गते सनाखत भएको थियो। उक्त घटना दोहोरो भिडन्त नभई नियन्त्रणमा लिएर हत्या भएको भन्दै मृतककी पत्नी सोनादेवी साहले राष्ट्रिय मानवअधिकार आयोगमा ०७० वैशाख २४ गते मौखिक उजुरी गरेपछि आयोगले उक्त घटनाको छानबिन गरे पनि प्रतिवेदन सार्वजनिक भएको छैन। मृतकको वैशाख १ गते जिल्ला अस्पताल, गौरमा पोस्टमार्टम भएको थियो।

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ७५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएको महिला दुई र पुरुष ६१ गरी ६३ जना र कैद नतोकिएका महिला चार र पुरुष ९१ जना गरी ९५ जना गरी जम्मा १ सय ५८ जना बन्दीहरु रहेका छन्। जसमा आश्रित बालक एक र बालिका एक रहेको छ। यस जिल्लाको गौरमा रहेको 'ग' श्रेणीको कारागार वि.सं १९७५ मा निर्माण भएको हो।

यस कारागारमा महिला बन्दी गृहतर्फ एक र पुरुष बन्दीगृहतर्फ दुई ओटा भवन रहेका छन्। खेलकुदका सामानहरूमा चेस, क्यारमबोर्ड दिइएको छ भने पुरुष बन्दी गृहतर्फ चार ओटा र महिला बन्दी गृहमा एक ओटा शौचालय रहेको छ। पुरुष बन्दी गृहतर्फ शौचालय कम रहेकाले कठिनाइ हुने गरेको बन्दीहरूले बताएका छन्। कारागारमा क्षमताभन्दा बढी कैदी तथा थुनुवाहरू रहने गरेकाले सुत्न कठिनाई हुने

प्रहरीको गोली प्रहारबाट मारिएका हरेन्द्र साह

गरेको बन्दीहरूले गुनासो गरेका छन्। कारागारमा ढल तथा खाना पकाउने ठाउँको समस्या रहेकाले वर्षायाममा कठिनाई हुने गरेको बन्दीहरुले बताएका छन्। पत्रपत्रिकामा स्थानीय पत्रिका बाहेक कुनै पनि पत्रिका पढ्ने सुविधा नभएको कैदीहरुले गुनासो गरेका छन्।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

वाईसीएलबाट

जिल्ला वन कार्यालय, रौतहटका प्रमुख वन अधिकृत नन्दलाल राय यादवलाई वाईसीएलका कार्यकर्ताले ०६९ फागुन २१ गते साँझ उनकै कार्यकक्षमा कुटपिट गरे। वाईसीएल कार्यकर्ताहरू चन्द्रनिगाहपुर गाविस-३, महादेवडाँडाका ४२ वर्षीय चन्द्रमान मोक्तान र सोही ठाउँका ४० वर्षीय कालबहादुर जिम्बालाई वन अतिक्रमण गरी खनजोत गरिरहेको अवस्थामा जिल्ला वन कार्यालय रौतहटको टोलीले ०६९ फागुन २१ गते बिहान गिरफ्तार गरी जिल्ला वन कार्यालयमा ल्याई मुद्दा चलाएपछि वाईसीएल कार्यकर्ताहरूले यादवलाई कुटपिट गरेका थिए। पीडित यादवलाई कुर्सी र मुक्काले हिर्काएको वन कर्मचारीले बताए। वाईसीएलका जिल्ला अध्यक्ष साहको नेतृत्वमा १ सयभन्दा बढीको सङ्ख्यामा वन कार्यालय पुगेका वाईसीएल कार्यकर्ताले उनीहरू रिहा नभएसम्म कार्यालय घेराउ गर्नुका साथै नाराबाजीसमेत गरेका थिए। वन अतिक्रमण गरी खनजोत गरेको आरोपमा वन कार्यालयले गिरफ्तार गरेका दुवै जनालाई जिल्ला वन कार्यालयले म्याद थप गरी मुद्दा चलाए पनि वाईसीएलको आक्रमणपछि दबाबमा दुवै जनालाई वन अधिकृत यादवले प्रक्रिया नपुऱ्याई सोही दिन साँझ रिहा गरिदिएका थिए। वन प्रमुखलाई कुटपिट गर्ने कसैलाई पनि प्रहरीले गिरफ्तार गरेन।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

गम्हरिया विर्ता गाविस-७ का एमालेका स्थानीय कार्यकर्ताहरूमाथि काङ्ग्रेसका ६ नम्बर क्षेत्रीय सभापतिसहितका कार्यकर्ताहरूले ०७० कात्तिक २ गते दिउँसो कुटपिट गर्दा एमालेका सात जना कार्यकर्ता घाइते भए। काङ्ग्रेस कार्यकर्ताहरूको आक्रमणबाट एमाले कार्यकर्ताहरू गम्हरिया विर्ता गाविस-७ का ५० वर्षीय सियाराम राय यादव, ७० वर्षीय किसुन महतो, ३३ वर्षीय रामकिशोर महतो, ३५ वर्षीय वीरेन्द्र यादव, ५५ वर्षीय रमन महतो, २१ वर्षीय सलामुद्दिन दर्जी, ५५ वर्षीय भदई पासवान घाइते भएका थिए। घाइतेमध्येका सियाराम राय यादवको टाउकामा चारओटा र किसुन महतोको टाउकामा दुईओटा टाँका लगाइएको थियो। अन्य घाइतेहरूको टाउको तथा ढाडमा चोटपटक लागेको छ। एमाले कार्यकर्ताहरूको प्रतिकारमा काङ्ग्रेसका कार्यकर्ता २५ वर्षीय मुक्तिप्रसाद यादवसमेत घाइते भए। गम्हरिया विर्ता गाविस-७ स्थित बहुअरी टोलमा कात्तिक २ गते विहान संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फ रौतहट-२ का एमाले उम्मेदवार रामकुमार भट्टराईले घरदैलो कार्यक्रम सकी एमालेका कार्यकर्ताहरू फर्किएपछि काङ्ग्रेस ६ नम्बर क्षेत्रीय सभापति रामाज्ञा राय यादवको नेतृत्वमा आएका करिब ३० जना काङ्ग्रेस कार्यकर्ताले हाम्रो गाउँमा एमालेको कार्यक्रममा हिँड्ने भन्दै एमाले कार्यकर्ताहरूमाथि लाठी प्रहार गरी घाइते बनाएको घाइते सियाराम राय यादवले बताए। घाइतेहरूको चन्द्रनिगाहपुरस्थित जनता अस्पतालमा उपचार भयो। घटनापछि सशस्त्र प्रहरी बेस क्याम्प सन्तपुर, दुधियाभारका सशस्त्र प्रहरी, इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी घटनास्थलमा पुगी स्थिति नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय, गरुडाका प्रहरी इन्स्पेक्टर कृष्णसुन्दर विष्टले बताए। घटनापछि प्रहरीले काङ्ग्रेस क्षेत्रीय सभापति रामाज्ञा राय यादव, काङ्ग्रेस कार्यकर्ता विवेक राय यादव, एमाले कार्यकर्ताहरू उमेश राय यादव, चन्द्रिका राय यादव र भुइल राय यादवलाई प्रहरीले गिरफ्तार गरे पनि दुवै पक्षबीच सहमति भएकाले उनीहरूलाई कात्तिक ४ गते प्रहरीले रिहा गऱ्यो।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			१	१	२
बालअधिकार			१७	१	१८
अपहरण				२	२
महिलाअधिकार			४६		४६
जातीय विभेद			१३	१२	२५
कुटपिट			१	१०	११
धम्की				१	१
हत्या	१	१	३	२	५
जम्मा	१	१	८१	२९	११०

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

चार जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको सरकारवादी फौजदारी १ सय ५० थान, दुनियावादी फौजदारीतर्फ ४ सय ५ थान र दुनियावादी देवानीतर्फ १ हजार ६ सय ६५ थान मुद्दा फैसला हुन बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

यस जिल्ला अदालतको सरकारवादी फौजदारी मुद्दातर्फ ६५ थानमध्ये चार थानको फैसला भयो भने ६१ थान बाँकी रहे। देवानी मुद्दातर्फ ६ सय ४० थानमध्ये ३ सय ८२ थानको फैसला भयो भने २ सय ५८ थान बाँकी रहे। दुई वर्ष नाघेका सरकारवादी फौजदारी मुद्दा १४ थान, दुनियावादी फौजदारी मुद्दा ५४ थान र देवानी मुद्दा १ सय ७० थान रहे।

यस जिल्ला अदालतमा आर्थिक वर्ष ०६९/०७० को जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी १ सय ५० र यस वर्ष ०७० पुस १६ गतेसम्म दर्ता भएका ६५ समेत जम्मा २ सय १५ मुद्दामध्ये जिम्मेवारीतर्फ ६ र यस वर्ष दर्ता भएका मध्ये चारसमेत जम्मा १० थान मुद्दा फैसला भई २ सय ५ थान मुद्दा बाँकी रहे। दुनियाँवादी देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ हजार ६ सय ६५ र यस वर्ष दर्ता भएका ६ सय ४० समेत जम्मा २ हजार ३ सय ५ थान मुद्दामध्ये ३ सय ८२ थान मुद्दाको फैसला भई १ हजार ९ सय २३ थान मुद्दा बाँकी रहे। यसै गरी दुनियावादी फौजदारी र संक्षिप्त फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४ सय २९ र यस वर्ष दर्ता भएका १ सय ६३ समेत ५ सय ९२ मुद्दामध्ये ८९ मुद्दा फैसला भई ५ सय ३ मुद्दा बाँकी रहे भने रिटतर्फ बन्दी प्रत्यक्षीकरणमा जिम्मेवारी सरेर आएका दुई र यस वर्ष दर्ता भएका तीनसमेत जम्मा पाँच, निषेधाज्ञातर्फ जिम्मेवारी सरेर आएका ७० र यस वर्ष दर्ता भएका ३८ समेत जम्मा १ सय ८ मध्ये बन्दी प्रत्यक्षीकरण चार र निषेधाज्ञातर्फका २५ थान मुद्दा फर्स्यौट भए। यस जिल्ला अदालतमा दुई वर्ष नाघेका सरकारवादी फौजदारी १४, दुनियावादी देवानी १ सय ७०, दुनियावादी फौजदारी ५४ र रिटतर्फ आठ थान मुद्दा रहेको रौतहट जिल्ला अदालत प्रशासनले जनाएको छ।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ४० थान छ, जसमध्ये २६ सफल भए भने ४ असफल भए। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म १ सय १० मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये सवारी ज्यान २२, जुवा दुई, लागू औषध एक, नागरिकता एक सफल रहे भने कर्तव्य ज्यान दुई, ज्यान मार्ने उद्योग एक, जबरजस्ती करणी एक असफल रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या ५६ थान छ, जसमध्ये कुनै पनि फैसला भएनन्। दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म जम्मा २ सय ६५ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लामा प्रावि विद्यालयहरू सामुदायिक २ सय ८० र संस्थागत ४० समेत गरी ३ सय २०, निमावि सामुदायिक ७० र संस्थागत १८ गरी जम्मा ८८, मावि सामुदायिक ४८ र संस्थागत सात गरी गरी जम्मा ५५, कलेज सात, मदरसा २० रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा उल्लेख रहेको छ। यसैगरी प्रावितर्फ महिला र पुरुष समेत जम्मा १ हजार ५ सय ९२, निमावितर्फ २ सय ५८ र मावितर्फ २ सय ३८ शिक्षक कार्यरत रहेको कार्यालयले जनाएको छ। जिल्लाको कुल विद्यार्थी सङ्ख्याको फ्ल्यास सिट प्रकाशन नभएकाले एकिन तथ्यांक नभएको समेत कार्यालयले जनाएकोछ।

बेचबिखन तथा ओसारपसार

तनहुँ जिल्लाकी १४ वर्षीया एक बालिकालाई भारत, उत्तर प्रदेश राज्य सीतापुर जिल्ला घर भएका ४० वर्षीय बच्चन बेगले बेचबिखन गर्ने उद्देश्यले भारतमा लैजाँदै गरेको अवस्थामा प्रहरीले ०६९ चैत २१ गते बरियारपुर गाविसस्थित मलाही बजारबाट उद्धार गर्नुका साथै आरोपितलाई गिरफ्तार गऱ्यो। आरोपित बेगले पीडित बालिकालाई जादु सिकाउने बहानामा ०६९ माघ ८ गते उनको घरबाट ललाइफकाइ

भारतमा लगी अर्को जादुगरलाई बिक्री गर्ने योजना बनाएको र विभिन्न स्थानमा जादु देखाउँदै हिँडाउने क्रममा प्रहरीले उद्धार गरेको थियो। पीडित बालिकाले ०६९ चैत २२ गते जिल्ला प्रहरी कार्यालय, रौतहटमा मानव बेचबिखनविरुद्ध किटानी जाहेरी दिइन्। आरोपित रौतहट जिल्ला अदालतको मिति ०७० वैशाख १६ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

जुडीबेला गाविस-१ फूलबारी टोलकी १३ वर्षीया एक बालिकालाई बन्धक बनाई राखिएको भारतको पटनास्थित एक निजी विद्यालयबाट सकुशल उद्धार गरी साउन १६ गते नेपाल ल्याइयो। भारत, बिहार राज्य पटनास्थित जिरो माइल पाइजावा, पहरीमा स्थापित डी नोबिली मिसन स्कुलमा बिगत ६ महिनादेखि बन्धक बनाई राखिएकी ती बालिकालाई महिला सुरक्षा दबाब समूह रौतहटको सक्रियतामा नेपाल प्रहरीले भारतीय प्रहरीको सहयोगमा भारतबाट साउन १४ गते उद्धार गरी नेपाल ल्याई साउन १६ गते अभिभावकको जिम्मा लगाएको थियो। रोजगारीको सिलसिलामा छ महिनाअघि बालिकाकी आमासहित उक्त विद्यालयमा पुगेकी ती बालिकालाई विद्यालय सञ्चालक रञ्जन राय यादवले श्रम शोषण र यौन दुर्व्यवहार गर्ने गरेको उद्धार गरिएकी बालिकाले बताइन्। विद्यालयबाट भागेर नेपाल आइपुगेकी पीडित बालिकाकी आमाले जिल्ला प्रशासन कार्यालय रौतहटमा साउन ११ गते छोरीको अवस्था र उद्धारका लागि निवेदन दिएपछि बालिकाको उद्धारका लागि जुटेको महिला सुरक्षा दबाब समूह रौतहटकी अध्यक्ष देवकी नेपालले बताइन्। रोजगारको खोजीमा भारतको उक्त सहर पुग्ने नेपालीहरूलाई उक्त स्कुलका सञ्चालकले विभिन्न प्रलोभनमा पारेर आफ्नो स्कुलमा पुऱ्याइसकेपछि बन्धक बनाउने र श्रम तथा यौन शोषण गरी पारिश्रमिक समेत नदिने गरेको पीडित बालिकाकी आमाको आरोप छ। उक्त बालिकाको उद्धारका क्रममा पुगेकी महिला सुरक्षा दबाब समूहकी अध्यक्ष देवकी नेपालले उक्त विद्यालयमा अझै पनि १० जना बालबालिका बन्धक अवस्थामा रहेको बताइन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१३ वर्षीया एक बालिकालाई विश्रामपुर गाविस-४ का ३५ वर्षीय देवेन्द्र यादवले ०६९ फागुन १५ गते दिउँसो बलात्कार गरेको आरोपमा पीडितले फागुन १७ गते प्रहरीमा जाहेरी दर्ता गरिन्। आरोपित देवेन्द्र यादवको घरमा ज्याला मजदुरीमा काम गर्ने ती बालिकालाई आरोपितले दिउँसो आफ्नो घरमा काम गरेको ज्याला लिन बोलाई घरमा कोही नभएको अवस्थामा घरभित्र लगेर बलात्कार गरेको पीडित बालिकाको आरोप छ। बलात्कार भएपछि गाउँघरमा नै घटनाको मिलापत्र गराउने भनी पीडितलाई प्रहरीसमक्ष उजुर गर्न गाउँका मानिसले रोक लगाएकाले समयमै प्रहरीसमक्ष उजुर नआएको प्रहरीले जनायो। आरोपित यादवलाई प्रहरीले गिरफ्तार नगरी ०६९ चैत १६ गते जिल्ला सरकारी वकिल कार्यालयमार्फत रौतहट जिल्ला अदालतमा उक्त मुद्दा बुझाएकामा आरेपित यस वर्षको अन्त्यसम्म अदालतमा हाजिर भएनन्। पीडितको फागुन १७ गते जिल्ला अस्पताल, गौरमा स्वास्थ्य परीक्षण गरिएको थियो।

११ वर्षीया एक बालिकालाई भलोहिया गाविस-३ का २५ वर्षीय बच्चा महतो सुडी, सोही ठाउँका ३६ वर्षीय उमेश महतो, २८ वर्षीय झिगवा भन्ने जलिल मियाँ लहेरी, २२ वर्षीय राजीव महतोसमेतले ०७० साउन २४ गते राति सामूहिक बलात्कार गरेको आरोपमा पीडितले साउन २७ गते जिल्ला प्रहरी कार्यालय, रौतहटमा जाहेरी दर्ता गराइन्। पीडित बालिका आफ्नै घरमा सुतिरहेको अवस्थामा राति करिब १ बजेको समयमा आरोपितहरू घरभित्र प्रवेश गरी बालिकालाई जबरजस्ती उठाएर घरनजिकैको बाँसघारीमा लगेर दुवै जनाले सामूहिक बलात्कार गरेको पीडितले प्रहरीलाई बताएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी इन्स्पेक्टर विजयराज पण्डितले बताए। पीडित बालिकाको गौर अस्पतालमा उपचार भयो। आरोपितमध्येका बच्चा महतो सुडीलाई प्रहरीले साउन २५ गते र अन्य आरोपितहरूलाई साउन २७ गते गिरफ्तार गरी अदालतमा पेस गरेकामा रौतहट जिल्ला अदालतको ०७० भदौ २१ गतेको आदेशले आरोपिहरू पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको

काङ्ग्रेसका कार्यकर्ताको आक्रमणमा परी घाइते भएका किसुन महतो र सियाराम राय यादव

अन्त्यसम्म मुद्दाको फैसला भएन। पीडित बालिकाको साउन २५ गते जिल्ला अस्पतालमा उपचार भयो।

१४ वर्षीया एक बालिकालाई सर्लाही जिल्ला, हरिवन गाविस-३ घर भई हाल चन्द्रनिगाहपुर गाविस-३ मा बस्ने ३० वर्षीय सन्तोष धामीले ०७० भदौ २ गते साँझ जङ्गलमा बलात्कार गरेको आरोपमा पीडितले भदौ ९ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा जाहेरी दर्ता गराइन्। आरोपितलाई प्रहरीले भदौ ७ गते सार्वजनिक अपराध मुद्दामा गिरफ्तार गरी अनुसन्धान गरिरहेकामा पीडितको जाहेरीपछि जबरजस्ती करणी मुद्दामा म्याद थप गराई मुद्दा दायर गरेकामा रौतहट जिल्ला अदालतको ०७० असोज १ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन। पीडितको चन्द्रनिगाहपुर अस्पतालमा भदौ ९ गते स्वास्थ्य परीक्षण भयो।

१७ वर्षीया एक बालिकालाई ०७० असार १९ गते बिहान चन्द्रनिगाहपुर गाविस-७ का २४ वर्षीय सुमन परियारले बलात्कार प्रयास गरेको आरोपमा पीडितले असार २० गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा जाहेरी दर्ता गराइन्। बिहान ७ बजेको समयमा घरमा कोही नभएको मौका पारी आरोपितले बलात्कार प्रयास गरेको पीडितले बताइन्। बलात्कार प्रयास गरेको पीडितले बताइन्। आरोपितलाई प्रहरीले यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न नसकी साउन २२ गते रौतहट जिल्ला अदालतमा मुद्दा दायर गरेकामा आरोपित यस वर्षको अन्त्यसम्म अदालतमा हाजिर भएनन्।

जिल्ला वन कार्यालयको कम्पाउन्डभित्र रहेको प्रतीक्षालयमा आगजनी गर्दै एमाओवादी कार्यकर्ताहरू

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

दाइजोका कारण हत्या

सन्तपुर (म) गाविस-३ की २५ वर्षीया सञ्जुदेवी महरालाई ०७० वैशाख १२ गते पति २५ वर्षीय सिकिन्दर महरा, ससुरा ५८ वर्षीय रामधारी महरा र सासू ५४ वर्षीया बालकेसियादेवी महराले दाइजो कम ल्याएको भन्दै कुटपिट गरी हत्या गरेको आरोपमा मृतकका बाबु रामविलास महराले वैशाख १९ गते इलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुरमा जाहेरी दर्ता गराए। आरोपितहरू तीनै जनालाई प्रहरीले वैशाख १९ गते गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलाएकामा रौतहट जिल्ला अदालतको जेठ १४ गतेको आदेशले तीनै जना पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

बेचबिखन तथा ओसारपसार

सर्लाही जिल्ला कर्मैया गाविस-९, जङ्गलटोलका चार जना बालिका सेल्मो तामाङ, मनीषा घलान, अनिषा बल, सदीक्षामाया बल, शनिमाया स्याङ्लो र ३२ वर्षीया लक्ष्मी तामाङ तथा ४२ वर्षीया नानीमाया तामाङ सोही गाविस-६ लोप्चन टोलका एक बालिकालाई भारततर्फ बेचबिखनका लागि लैजाँदै गरेको अवस्थामा ०६९ माघ २२ गते राति सशस्त्र प्रहरीले उद्धार गरी जिल्ला प्रहरी कार्यालय रौतहटमा बुझायो। रौतहटको चन्द्रनिगाहपुरबाट गौरतर्फ आउँदै गरेको ना२ख ८६१५ नम्बरको सौदागर बसबाट उनीहरूलाई रौतहटको सदरमुकाम गौर नपा-१० बाट सशस्त्र प्रहरीले उद्धार गरेको थियो। भारतमा काम लगाइदिने प्रलोभनमा १४ वर्षमुनिका पाँच बालिका र दुई महिलालाई बेच्न लैजाँदै गर्दा गौर नपा-१० सवगढामा रहेको सशस्त्र प्रहरीको चेक प्वाइन्टबाट उनीहरूलाई प्रहरीले उद्धार गरेको थियो। उनीहरूलाई भारततर्फ लैजान खोज्ने सर्लाही जिल्ला कर्मैया गाविस-९ का २० वर्षीय ज्ञानबहादुर लामालाई प्रहरीले गिरफ्तार गरी मानव बेचबिखन उद्योग अन्तर्गत मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको ०६९ फागुन १५ गतेको आदेशले २० हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए। यस वर्षको अन्त्यसम्म उक्त मुद्दा फैसला भएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१९ वर्षीया एक महिलालाई ०७० साउन २७ गते शीतलपुर, बैरगनिया गाविस-८ का १९ वर्षीय समिर देवान, सोही ठाउँका २० वर्षीय सेख रुस्तम र

२४ वर्षीय सेख महमतसमेतले सामूहिक बलात्कार गरेको आरोपमा पीडितले साउन २७ गते इलाका प्रहरी कार्यालय सन्तपुर (दो)मा जाहेरी दर्ता गराइन्। पीडितको साउन २८ गते जिल्ला अस्पताल, गौरमा स्वास्थ्य परीक्षण भयो। शीतलपुर बजारबाट आफ्नो घरतर्फ गइरहेको अवस्थामा शीतलपुर, बैरगनिया-८ स्थित उखुवारीमा आरोपितहरूले सामूहिक बलात्कार गरेको पीडितको आरोप छ। आरोपितमध्येका समिर देवानलाई प्रहरीले ०७० साउन २७ गते गिरफ्तार गरी मुद्दा चलाएकामा रौतहट जिल्ला अदालतको ०७० भदौ २० गतेको आदेशले उनी पुर्पक्षका लागि थुनामा छन् भने अन्य आरोपितहरू यस वर्षको अन्त्यसम्म अदालतमा हाजिर भएनन्।

५० वर्षीया एक महिलालाई ०७० भदौ ६ गते राति पथरा, बुधराम गाविस-४ का ४५ वर्षीय रामभजु राय यादव, सोही गाविस-२ का २५ वर्षीय मनोज राय यादव, २२ वर्षीय सुरेश राय यादव, २५ वर्षीय किरित राय यादवसमेतले सामूहिक बलात्कार गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालय, रौतहटमा भदौ ७ गते जाहेरी दर्ता गराइन्। पीडितको भदौ ७ गते जिल्ला अस्पताल गौरमा स्वास्थ्य परीक्षण भयो। राति साढे ९ बजेको समयमा दिसा गर्न गएका बखत आरोपितहरूले बाटो छेकी आफूले लगाएको ब्लाउज च्याती सामूहिक बलात्कार गरेको पीडितको आरोप छ। प्रहरीले आरोपितहरूलाई गिरफ्तार गर्न नसकी असोज ६ गते रौतहट जिल्ला अदालतमा मुद्दा पेस गरेकामा यस वर्षको अन्त्यसम्म आरोपितहरू अदालतमा हाजिर भएनन्।

घरेलु हिंसा

गरुडा गाविस-३ की १९ वर्षीया पूजाकुमारी गुप्ताले पति पवनकुमार गुप्ताको गत ०६९ माघ २७ गते विष सेवनबाट मृत्यु भएपछि पतिको १३ दिनको किरिया गर्न ०६९ फागुन ११ गते घरमा जाँदा ससुरा ५५ वर्षीय रामधनी साह बानियाँ, सासू ५० वर्षीया शान्तिदेवी साह बानियाँ र देवर १८ वर्षीय दीपक साह बानियाँले घरमा प्रवेश गर्न र काज किरिया गर्न नदिएको भन्दै फागुन १२ गते जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्र, रौतहटमा उजुरी दर्ता गरिन्। पीडितका पतिले जेठी पत्नी सोभिताकुमारी हुँदाहुँदै पूजाकुमारी गुप्तासँग ०६९ साउन १८ गते बहुविवाह गरेको भन्दै बहुविवाहको मुद्दा परेपछि रौतहट जिल्ला अदालतको भदौ २६ गतेको आदेशले ५० हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भएपश्चात् सोही मितिदेखि दुवै जना आफ्नो घर छाडेर डेरामा बस्दै आएका थिए। यसै विषयलाई लिएर पति पवनकुमारले आत्महत्या गरेपछि उनले डेरामा नै किरिया गर्दै आएकामा १३औँ दिनको किरिया गर्न घरमा जाँदा आफूलाई किरिया गर्न र घरभित्र प्रवेश गर्न नदिएकाले घरमै किरिया गर्ने व्यवस्था मिलाई पाउन प्रहरीसमक्ष निवेदन दिइन् भने रौतहट जिल्ला अदालतमा आरोपितहरूविरुद्ध अंश मुद्दा हालिन्। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

गौर नपा-१० की ३५ वर्षीया कुन्तीदेवी बैठालाई ०७० जेठ ७ गते पति ४२ वर्षीय रामएकवाल बैठाले मार्ने उद्देश्यले शरीरमा मट्टीतेल छर्की आगो लगाएको आरोपमा पीडितले जेठ ८ गते जिल्ला प्रहरी कार्यालय गौरमा जाहेरी दर्ता गरिन्। पीडित महिलालाई आरोपितले यसअघि पनि विभिन्न किसिमका शारीरिक यातना दिँदै आएकामा सो दिन दिउँसो घरमा कोही नभएको मौका पारी आगो लगाई मार्ने प्रयास गरेको पीडितको आरोप छ। पीडितको जिल्ला अस्पताल, गौरमा उपचार भयो। आरोपितलाई प्रहरीले यस वर्षको अन्त्यसम्म पनि गिरफ्तार गर्न सकेन।

रङ्गपुर गाविस-५ की २० वर्षीया सुनीता गौतमलाई ०७० साउन ३ गते रातिपति २५ वर्षीय केदार भन्ने रमेश गौतमले जबरजस्ती विषादी खुवाई हत्या गरेको आरोपमा मृतकका बाबुले इलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुरमा साउन ८ गते जाहेरी दर्ता गराए। घरायसी विवादका कारण आरोपितले पीडितलाई जबरजस्ती विषादी खुवाएको पीडितको आरोप छ। आरोपितलाई प्रहरीले साउन ९ गते गिरफ्तार गरी मुद्दा चलाएकामा रौतहट जिल्ला अदालतको ०७० भदौ ११ गतेको आदेशले उनी पुर्पक्षका लागि थुनामा छन्।

पिप्रा भगवानपुर गाविस-४ की १९ वर्षीया नजावुन खातुनलाई पति २० वर्षीय सेख जुल्फेकारले ०७० साउन १७ गते जटहरा गाविस अन्तर्गतको परोहा टोलमा पुगेपछि पीडितले लगाएको ओड्ने सलले घाँटीमा अठ्याँई मार्ने प्रयास गरेको आरोपमा पीडितले साउन २१ गते जिल्ला प्रहरी कार्यालय, रौतहटमा जाहेरी दर्ता गराइन्। आरोपित जुल्फेकारलाई प्रहरीले ०७० साउन २३ गते गिरफ्तार गरी ज्यान मार्ने उद्योगमा मुद्दा चलाएकामा रौतहट जिल्ला अदालतको भदौ १७ गतेको आदेशले उनी ५० हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

परिवारजनबाट हत्या

पिप्रा पोखरिया गाविस-३ की ४८ वर्षीय सोनवादेवी यादवलाई ०७० भदौ २८ गते राति सोही ठाउँकी उनकै छोराबुहारी २० वर्षीया शोभादेवी यादवले धारिलो हतियार प्रहार गरी घाँटी रेटी हत्या गरेको आरोपमा मृतकका पति तेजिलाल राय यादवले भदौ २९ गते जिल्ला प्रहरी कार्यालय, रौतहटमा जाहेरी दर्ता गराए। आरोपित शोभादेवीलाई प्रहरीले भदौ ३० गते गिरफ्तार गऱ्यो। सासू सोनवादेवी यादवले विभिन्न कुरामा गाली बेइज्जति गर्ने र कुटपिट गर्ने गरेकाले सासू सुत्ने कोठामा कोही नभएको मौका पारी सासूको घाँटीमा गडासी प्रहार गरी हत्या गरेको आरोपित शोभादेवीले बताएको प्रहरीले जनायो। आरोपित यादव रौतहट जिल्ला अदालतको ०७० असोज १४ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा रहेकी छन् भने यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

अमानवीय व्यवहार

मिठुअवा गाविस-४ की ३६ वर्षीया ललितादेवी कापडलाई ०७० असार २९ गते राति सोही ठाउँकी ४० वर्षीया गीतादेवी कापड, १७ वर्षीय राजेश कापड, २५ वर्षीय अशोक कापड, २५ वर्षीय मोहन कापडसमेतले बोक्सीको आरोपमा कुटपिट गरेको आरोपमा पीडितले साउन २ गते इलाका प्रहरी कार्यालय, गरुडामा जाहेरी दर्ता गराइन्। आरोपित गीतादेवी कापडको गर्भमा रहेको बच्चालाई टुनामुना गरी गर्भ तुहाइदिएको भन्दै आफूलाई कुटपिट गरेको पीडितले बताइन्। आरोपितमध्येका रोशन कापड, अशोक कापड र राजेश कापडलाई प्रहरीले साउन २ गते गिरफ्तार गरी मुद्दा चलाएकामा रौतहट जिल्ला अदालतको साउन २५ गतेको आदेशले उनीहरू जनही १५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए भने यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय ६९ जना महिला र सात जना पुरुषले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, रौतहटमा उजुरी दर्ता गराए। उजुरीमध्ये कुटपिट गरेकामा ८३, घरनिकाला गरिएका ३२, खानलाउन नदिएका ४२, विवाह दर्ता तथा नागरिकता नबनाएका ६, गर्भपतन गराउन खोजेकामा एक, गाली बेइज्जति गरेकामा पाँच जना र श्रीमती माइतीमा बसी घरमा आउन नमानेका कारण घरेलु हिंसा भएको भन्दै सात जना पुरुषले उजुरी दर्ता गराएका थिए। दर्ता भएका उजुरीमध्ये उजुरीकर्ता सम्पर्कमा नआएका सात, गाउँघरमा मिलापत्र भएको जानकारी गराएका ३६, अदालत गएका १२ र १ सय २१ ओटा मुद्दा सेवा केन्द्रमा मिलापत्र गराइएको सेवा केन्द्रका इन्चार्ज प्रहरी सई गीता रानाभाटले बताइन्।

सबै प्रकारका जातीय विभेद

पिपरिया दोस्तिया गाविस-८ की ५० वर्षीया श्रीमतीदेवी चमार र सोही ठाउँकी ३५ वर्षीया अनीतादेवी चमारलाई ०७० वैशाख ३० गते दिउँसो सोही गाविस-५ का ३५ वर्षीय विजय साह बनियाँ, ४५ वर्षीय गोरख राय यादव, ३० वर्षीय धर्मेन्द्र ठाकुर हजाम, २६ वर्षीय सिकिन्दर पण्डित कुम्हार, २६ वर्षीय पनिलाल पण्डित, २८ वर्षीय लक्ष्मी राय यादव, ३० वर्षीय रामविलास साह बनियाँ र ४५ वर्षीय रामचन्द्र राय यादवले सार्वजनिक मन्दिर प्रवेश गर्न लाग्दा कुटपिट गरेको आरोपमा पीडितहरूले ०७० वैशाख ३१ गते इलाका प्रहरी कार्यालय, गरुडामा उजुरी दर्ता गरे। पिपरिया दोस्तिया गाविस-८ भीमडावर टोलका झमन राम चमारका छोरा उमेश राम चमारको विवाहमा सो गाविस-५ मा रहेको भगवती ब्रह्मस्थान मन्दिरमा बेहुलाबेहुलीलाई पूजा गर्न लैजाँदा आरोपितहरूले दलितहरूले मन्दिरमा प्रवेश गर्न र पूजा गर्न मिल्दैन भनी रोक लगाएको र नमान्दा कुटपिट गरेको पीडितहरूले बताए। आरोपितहरूलाई प्रहरीले गिरफ्तार गर्न सकेन।

मन्दिर प्रवेश गर्न नदिएको आरोपमा एक महिनाअघि कुटपिट भएको विषयमा चलेको मुद्दा फिर्ता नलिएको भन्दै कथित उपल्लो जातिका व्यक्तिहरूले ०७० जेठ २४ गते साँझ पिपरिया परोहा गाविस-८, भीमडावर टोलको पूरै दलित बस्तीमा आक्रमण गर्दा स्थानीय गुरुदयाल राम, मुनिलाल राम, बन्ती राम, हरदयाल राम, उपिन्द्र राम, महावीर राम, पार्वतीदेवी राम, जीतनीदेवी राम, सुतिनादेवी राम, चनरदेव महरा, चनरवतीदेवी महरा, कमोधियादेवी राम, सलेवर महरा, जितनीदेवी महरा, छोटेलाल महरा, कुन्तिदेवी राम, भागवत महरा, सुनैनादेवी महरा, कान्तिदेवी महरा घाइते भएका थिए। घाइतेहरूको गरुडास्थित अनामिका अस्पताल र गौर जिल्ला अस्पतालमा उपचार भयो।

दलितहरूले पूजा गर्न जाँदा कथित उपल्लो जातिका व्यक्तिहरूले मन्दिर प्रवेश गर्न नदिई कुटपिट गरेको विरुद्धमा दलितहरूले सो गाउँका आठ जनाविरुद्ध इलाका प्रहरी कार्यालय, गरुडामा किटानी जाहेरी

दिएका थिए। सो मुद्दा फिर्ता लिन स्थानीय बासिन्दा तथा काङ्ग्रेस जिल्ला कार्यसमिति, रौतहटका कोषाध्यक्ष हृदयनारायण राय यादवले दबाब दिएकामा पीडितहरूले नमानेपछि यादवकै नेतृत्वमा दलित बस्तीमा आक्रमण भएको थियो। आक्रमणपछि पूरै ६५ घर दलितहरू आफ्नो घर छाडेर विस्थापित भएका थिए। आक्रमणकारीहरूले दलितहरूको घरका छाना भत्काउनुका साथै पानी खाने धाराहरू भाँचिदिनुका साथै दलितहरूको घरमा रहेका सामानहरूसमेत तोडफोड र लुटपाट गरेका थिए। स्थानीय यादव थरका करिब २ सय जनाको समूहले पूरै दलित बस्ती घेरा हालेर आक्रमण गरेको पीडितहरूको आरोप थियो।

दलित बस्तीमा आक्रमण गर्नुअघि कथित उपल्लो जातिका मानिसहरूले मुद्दा फिर्ता लिन दबाब दिएकामा नमानेपछि उनीहरूको खेतबारीमा हिँड्न नदिने, आफ्नो घरको सडकअगाडिबाट हिँड्न प्रतिबन्ध लगाउनेजस्ता कार्य गर्दै आएको पीडित गुरुदयाल रामले बताए। घटनामा संलग्न रहेको आरोपमा पीडितहरूले स्थानीय हृदयनारायण राय यादवसहित ३९ जनाविरुद्ध जातीय छुवाछूत, ज्यान मार्ने उद्योग र डाँका मुद्दाको जाहेरी दर्ता गराएकामा प्रहरीले रामदेव राय यादव, छोटेलालप्रसाद यादव र तेजनारायण यादवलाई गिरफ्तार गरी मुद्दा चलाएकामा उनीहरू रौतहट जिल्ला अदालतको ०७० असार २३ गतेको आदेशले २७ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए भने अन्य आरोपितहरू हालसम्म पनि अदालतमा हाजिर नभएको अदालतले जनायो।

सिमरा भवानीपुर गाविस-५ मा रहेको ब्रह्मस्थान मन्दिरमा पूजा गर्ने विषयमा ०७० असार १३ गते स्थानीय चौधरी समुदाय र साह समुदायबीच झडप हुँदा सिम्रा भवानीपुर गाविस-५ का महेन्द्र साह, योगेन्द्र साह, मङ्गली राम र भदियादेवी राम घाइते भए। घटनामा संलग्न रहेको आरोपमा सोही दिन राति सिमराभवानीपुर गाविस-५ का वीरेन्द्र चौधरी र सोहन चौधरीलाई इलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुरले गिरफ्तार गरेको थियो। पीडितका तर्फबाट असार १४ गते सोही ठाउँका अनुठा धामी, वीरेन्द्र चौधरी, सोहन धामी, हेमन्त चौधरी र अर्जुन चौधरीविरुद्ध जाहेरी परेकामा प्रहरीले छलफलका नाममा गिरफ्तार भएका दुवै जनालाई म्याद थप नगरी गैरकानुनी हिरासतमा राखी असार १९ गते मिलापत्र गराएको थियो। मुद्दा मिलापत्र गराउँदा प्रहरीले जाहेरवालाहरूलाई आरोपित पक्षबाट १ लाख ९५ हजार रुपियाँ हर्जानासमेत तिराएको थियो। तराईमा मनाइने असारे पूजाको बहिपूजा गर्न गत असार १३ गते मन्दिर जाने क्रममा अन्य जातिका महिलाहरूले प्रसाद चढाउन जान लाग्दा चौधरी समुदायका केही व्यक्तिले नदिएपछि सम्झाउन पुगेका अन्य समुदायका बासिन्दामाथि लाठीले कुटपिट गर्दा दुवै पक्षबीच झडप भएको थियो। प्रहरीले गिरफ्तार गरेका कुनै पनि व्यक्तिलाई २४ घन्टाभन्दा बढी राख्नुपरेमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिनुपर्ने संवैधानिक व्यवस्थाविपरीत इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले दुई जनालाई गैरकानुनी हिरासतमा राखेको खुल्न आएको थियो। सरकारी मुद्दासम्बन्धी ऐन ०४९ को दफा १५ को उपदफा २ अनुसार २४ घन्टाभित्र म्याद थप गर्नुपर्ने कानुनी प्रावधान रहेको छ। इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका डीएसपी ध्रुवराज राउतले अदालतमा म्याद थप गर्नुपर्नेमा चौतर्फी दबाबका कारण म्याद थप हुन नसकेको र घटनामा मिलापत्र भएको स्वीकार गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

गैरराज्यपक्षबाट

एमाओवादीबाट

कार्यालय प्रमुख जिल्ला वन अधिकृत नन्दलाल राय यादवलाई कारबाहीको माग राख्दै घेराउ गर्न पुगेको एमाओवादी र भ्रातृसङ्गठन वाईसीएलका कार्यकर्ताले ०६९ चैत २२ गते दिउँसो नाराबाजी गर्दै जिल्ला वन कार्यालयको कम्पाउन्डभित्र रहेको प्रतीक्षालयमा आगजनी गर्नुका साथै कार्यालयको झ्यालका सिसा र गाडीमा तोडफोड गरे। सयौँको सङ्ख्यामा रहेका वाईसीएल कार्यकर्ताले प्रमुख वन अधिकृत नन्दलाल यादवलाई भ्रष्ट कार्यालय प्रमुख र वन जोगाउन नसकेको आरोप लगाउँदै विरोध प्रदर्शनमा उत्रिएका थिए। चन्द्रनिगाहपुर चोकदेखि वन अधिकृत यादवका विरुद्धमा नाराबाजी गर्दै जिल्ला वन कार्यालय, रौतहट पुगेका वाईसीएल कार्यकर्तालाई सुरक्षाकर्मीले कार्यालय प्रवेशमा रोक लगाएपछि उनीहरू तोडफोड र आगजनीमा उत्रेका थिए। कार्यालय प्रवेश गर्न खोज्ने क्रममा वाईसीएल कार्यकर्ता र सुरक्षाकर्मीबीच केहीबेर दोहोरो झडपसमेत भएको थियो। सोही क्रममा जिल्ला वन कार्यालयका सशस्त्र वन रक्षकले ११ राउन्ड हवाई फायर गरेका थिए। माओवादी कार्यकर्ताहरूले कार्यालयको झ्यालका सिसा र बा१झ ८२४७ नम्बरको पिकअप भ्यानमा समेत

तोडफोड गरेको जिल्ला वन कार्यालय रौतहटले जनायो। ढुङ्गा हानाहानमा सशस्त्र वन रक्षक रामेश्वर यादवलाई चोट लागेको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	२३		
उपस्वास्थ्यचौकी	७०		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	८	६	२
स्टाफ नर्स	८	१	७
ल्याब असिस्टेन्ट	२	२	
अहेब	५३	६३	३०
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२१	२१	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यान छ मुद्दा दर्ता भए। ज्यान मार्ने उद्योग ११ मुद्दा दर्ता भए। कुटपिट अङ्गभङ्ग छ मुद्दा दर्ता भए। मानव बेचबिखन तथा ओसारपसार तीन मुद्दा दर्ता भए। जबरजस्ती करणी तीन मुद्दा दर्ता भए। जबरजस्ती करण उद्योग तीन मुद्दा दर्ता भए। अपहरण तथा शरीर बन्धक दुई मुद्दा दर्ता भए। बोक्सीको आरोप एक मुद्दा दर्ता रहे। बहुविवाह दुई मुद्दा दर्ता भए। बालविवाह एक मुद्दा दर्ता भयो। जातीय छुवाछूत एक मुद्दा दर्ता भयो।

२.८ बारा



जिल्ला सदरमुकाम: कलैया
क्षेत्रफल (वर्ग कि. मि.): १,१९०
घरधुरी सङ्ख्या: १,०८,६३५
जम्मा जनसङ्ख्या: ६,८७,७०८
पुरुष: ३,५१,२४४
महिला: ३,३६,४६४
अपाङ्ग सङ्ख्या: ११,६४५
गाविस/नपा सङ्ख्या: ८५/१
पुरुष साक्षरता सङ्ख्या: २,०४,७१८
महिला साक्षरता सङ्ख्या: १,३०,१७८
हिन्दू धर्मावलम्बी प्रतिशत: ८१.७३
बौद्ध धर्मावलम्बी प्रतिशत: ४.५३
इस्लाम धर्मावलम्बी प्रतिशत: १३.०४
किराँत धर्मावलम्बी प्रतिशत: ०.१५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.२४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०८
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.१५१
प्रतिपरिवार सरदर सङ्ख्या: ६.३३

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
गैरराज्यपक्षबाट
अन्यबाट

लिपनीमाल गाविस-१ निवासी एमालेका केन्द्रीय सदस्य तथा बारा-४ का संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फका तत्कालीन उम्मेदवार ५० वर्षीय महमुद आलमको असोज १८ गते लिपनीमाल-८ स्थित चावासती खाद्य उद्योगनिर फोनमा कुरा गरिहेका बेला मोटरसाइकलमा आएका दुई जना व्यक्तिले गोली प्रहार

गरी हत्या गरे। दाहिने कन्चटमा गोली लागी गम्भीर घाइते आलमको तत्काल वीरगन्ज मेडिकलमा उपचार गरी थप उपचारका लागि सोही दिन आलमलाई नेपाली सेनाको हेलिकप्टरबाट त्रिवि शिक्षण अस्पताल, महराजगन्ज काठमाडौँमा भर्ना गरिएकामा उपचारका क्रममा ०७० असोज २४ गते अस्पतालले मृत घोषणा गऱ्यो। हत्या आरोपमा बन्जरिया गाविस-८ निवासी एमालेका पूर्वसंविधानसभा सदस्य ५० वर्षीय रामचन्द्र प्यासी, भारत, अलिगढ घर भई वीरगन्ज-४ बस्ने ३५ वर्षीय अतिक खान र भारत रक्सौल-४, डङ्कन रोडका ३६ वर्षीय राजु श्रीवास्तव 'बमा'लाई कात्तिक ९ गते केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)को टोलीले गिरफ्तार गरेकामा जिल्ला अदालतका न्यायाधीश तेजेन्द्र शर्मा सापकोटाको इजलासको मङ्सिर १६ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। मृतक आलम मुस्लिम इत्तेहाद सङ्गठनका केन्द्रीय सदस्य थिए। दोस्रो संविधानसभाको निर्वाचनका लागि असोज १७ गते उम्मेदवारी दिएका आलममाथि उम्मेदवारी दिएको २४ घन्टा नबित्दै असोज १८ गते गोली प्रहार गरिएको थियो। उनी संसदीय निर्वाचन ०५१ र संविधानसभा निर्वाचन ०६४ मा एमालेका तर्फबाट उम्मेदवार बनेका थिए। तर, दुवैपटकको निर्वाचनमा उनी पराजित भएका थिए।

आफ्नै पार्टीका सहकर्मीबाट गोली हानी हत्या गरिएका महमुद आलम

निजगढ गाविस-९ निवासी ट्रक चालक २६ वर्षीय राजु क्षेत्रीको पथलैया-निजगढ सडक खण्डको दुधौरा पुलनजिक कात्तिक २८ गते गुडिरहेको ट्रकमा गरिएको पेट्रोल बम प्रहारबाट जलेर घाइते भएकामा त्रिवि शिक्षण अस्पताल महराजगन्ज काठमाडौँमा उपचारका क्रममा मङ्सिर २ गते मृत्यु भयो। वीरगन्ज नारायणी उपक्षेत्रीय अस्पतालमा उनको उपचार हुन नसकी थप उपचारका लागि त्रिवि शिक्षण अस्पताल काठमाडौँमा भर्ना गरिएको थियो। बम प्रहराबाट घाइते सोही ठाउँका ट्रक धनी ४५ वर्षीय हरि प्रसाईं त्रिवि शिक्षण अस्पतालमा उपचार गरी घर फर्किए। पथलैयाबाट निजगढ जाँदै गरेको नाश्रख ५६९७ नम्बरको ट्रकलाई लक्षित गरी दुधौरापुलनजिक जङ्गलबाट निस्केका दुई व्यक्तिले पेट्रोल बम प्रहार गर्दा उनीहरू घाइते भएका थिए। यसैबीच नेपाल सरकारले मृतक परिवारलाई १० लाख रुपियाँ राहत उपलब्ध गराएको छ। ज्यान गुमाएका क्षेत्रीकी पत्नीसहित एक छोरा र एक छोरी छन्।

बेपत्ता/अपहरण

गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

निजगढ गाविस-८ निवासी स्वास्थ्यकर्मी (एग्रोभेटर) ३५ वर्षीय भगवान बडाल बारा-रौतहट सिमानाको जङ्गलको बीच बाटोबाट ०७० भदौ ३१ गते अपहरणमा परे। निजगढबाट रौतहटको कनकपुर गाविसको सिम्री गाउँमा पशुलाई भ्याक्सिन लगाउन जाँदा उनी अपहरणमा परेका थिए। उनको साथमा रहेको मोटरसाइकल र औषधीसहितको झोला जङ्गलबाट फेला परेको थियो। घटनाको दुई दिनपछि पीडितको परिवारले अपहरणकारीलाई हेटौँडास्थित राप्ती पुल नजिकैको भैरव डाँडामा पुगेर १० लाख रुपियाँ फिरौती बुझाएको थियो। पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा असोज २ गते जाहेरी दिए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले कनकपुर गाविस-५ सिम्री गाउँका विद्यादेवी माझी, फूलमाया माझी, मीना माझी, दिलीप माझी, रावण माझी र मकवानपुर राई गाउँ गाविस-८ घर भई सिम्रीस्थित ससुराली घरमा बस्दै आएका रामबहादुर माझीलाई गिरफ्तार गऱ्यो। जिल्ला

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१
बालअधिकार			३		३
अपहरण			१	१	३
महिलाअधिकार			६		६
भेला/सङ्गठित हुने अधिकार	११	११			
कुटपिट	१	१	३		३
धम्की				१	१
हत्या			३	५	६
जम्मा	१३	१३	१५	८	२३

अदालतको आदेशमा आरोपितहरू ०७० मङ्सिर १३ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

धम्की/कुटपिट

राज्यपक्षबाट

कलैया नपा-५ निवासी बाराका पूर्वसभासद ३६ वर्षीय प्रमोदप्रसाद गुप्तालाई ०७० वैशाख २१ गते साँझ प्रहरीले कुटपिट गरी घाइते बनायो। प्रहरीको कुटपिटबाट गुप्ताको ढाड र शरीरका अन्य भागमा चोट लागेको थियो। घाइते गुप्ताको कलैया अस्पतालमा उपचार भएको थियो। सवारी चेकजाँच गर्दा विवाद भएपछि प्रहरीले लाठी प्रहार गर्दा गुप्तासँगै रहेका ६ जनालाई पनि चोटपटक लागेको थियो। शरतसिंह भण्डारी नेतृत्वको राष्ट्रिय मधेस समाजवादी पार्टीका केन्द्रीय सदस्य रहेका गुप्ता पार्टीको राजधानीमा हुने केन्द्रीय पार्षदको बैठकमा सहभागी हुन कार्यकर्तासहित रात्रि बस चढ्न जाने क्रममा प्रहरीसँग विवाद हुँदा प्रहरीले नियन्त्रणमा लिई लाठीले कुट्दा गुप्ताको टाउको पछाडिपट्टिको भागमा एक सेमि गहिरो चोट लागेको थियो। घाइते गुप्ताको टाउकामा एउटा टाँका लागेको थियो। गुप्ताको शरीर रक्ताम्य भएको थियो। एसपी ठाकुरप्रसाद ज्ञवालीले भने चेकजाँचका क्रममा प्रहरीलाई अभद्र शब्द प्रयोग गरेपछि विवाद हुँदा समान्य लाठीचार्ज गर्दा चोट लागेको बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

डुमरवाना गाविस-७ का साप्ताहिक 'विमर्श'मा आबद्ध पत्रकार ४० वर्षीय हरिदेव खरेललाई ०६९ फागुन २१ गते नचिनेका करिब दस जनाको समूहले उनको घरमा गई मार्ने धम्की दियो। नेपाल पत्रकार महासङ्घले फागुन २३ गते लेख्न, बोल्न र बाँच्न पाउनु सबैको अधिकार भएको भन्दै दोषी पहिचान गरी कारबाही गर्न र उनको जीउधनको सुरक्षा दिन स्थानीय प्रशासनसँग माग गऱ्यो। पीडित पत्रकार खरेलले शान्ति सुरक्षाको माग गर्दै ०६९ फागुन २२ गते स्थानीय प्रशासनमा उजुरी दिए।

अज्ञात समूहद्वारा अपहरण गरी बेपत्ता पारिएका भगवान बडाल

नेकपा-माओवादीसहितको सङ्घीय गणतान्त्रिक मोर्चाले ०६९ फागुन २३ गते गरेको बन्द आह्वानका क्रममा जिल्लाका उद्योग, कलकारखाना, शैक्षिक संस्था, ग्रामीण तथा सहरी यातायात बन्द भएपछि जनजीवन प्रभावित बनेको थियो। यसैबीच राजमार्गमा चल्ने सार्वजनिक सवारीसाधनमाथि तोडफोड गर्ने पाँच जना बन्दकर्तालाई प्रहरीले दिनभर नियन्त्रणमा लिएर साँझ कागज गराई छाडेको थियो। जितपुर-सिमरा सडक खण्डमा ना१ज १७९४ नम्बरको टाटा सुमो, ना२ख नम्बरको ट्रक, र कलैया-वीरगन्ज सडक खण्डको ना३ख ५७४६ नम्बरको बस, ना१ह १०६२ नम्बरको टेम्पु तथा एक भारतीय गाडीमा तोडफोड गरेपछि उनीहरूलाई नियन्त्रणमा लिनुपरेको प्रहरीले जनायो। बन्दका क्रममा बन्दकर्ताहरूले जीतपुर बजार जबरजस्ती बन्द गराउँदा व्यापारी र बन्दकर्ताहरूबीच केही तनाव भएको थियो। प्रहरी समयमा पुगेपछि स्थिति सामान्य बनेको थियो। मनहर्वा-४ का राभरोस चौधरी, जीतपुरका जयराम साह, पिरा सिमराका शेखर कार्की, पर्सा घर भएका पूर्णबहादुर सापकोटा र स्याङ्जा घर भएका ढालबहादुर थापालाई नियन्त्रणमा लिइएको थियो। उनीहरूलाई सिमरा प्रहरी कार्यालयमा राखिएको थियो।

सरकारले म्यादी प्रहरीको सुविधामा कटौती गरेपछि म्यादी र प्रहरीबीच कलैयामा ०७० कात्तिक ४ गते झडप भयो। तीन महिनाको तलब सुविधा पाउनुपर्ने, जिल्लामै खटाइनुपर्ने र नियुक्ति पत्रमा स्पष्ट बेहोरा उल्लेख गर्नुपर्ने माग गर्दै सयौं म्यादीहरू विरोध प्रदर्शनमा उत्रिएपछि झडप भएको थियो। झडपका क्रममा कम्तीमा ६ प्रहरी र २० भन्दा बढी म्यादी प्रहरीलाई चोटपटक लागी घाइते भएका थिए। विरोधमा उत्रेका म्यादीमध्ये प्रहरीले १९ जनालाई हिरासतमा राखी १२ जनामाथि सार्वजनिक मुद्दा चलाएको थियो। प्रहरीका अनुसार मुस्तुफा हवारी, रामबालक पटेल, वीरेन्द्र साह तुराहा, रामनारायण कुसवाह, योगेन्द्र कुर्मी, अभिमन्यु जैसवाल, लालबाबु ठकुराई, शम्भु साह कलवार, दिलीपकुमार अधिकारी, नन्दकिशोर यादव, राजेशप्रसाद यादव र एक महिलासहित १२ जनाउपर मुद्दा चलाइएकोमा प्रति व्यक्ति १३ हजार ८ सय १९ रुपियाँ धरौटी राखी रिहा भए। म्यादी प्रहरीले ढुङ्गामुढा गरेपछि केही प्रहरीहरू घाइते भए भने प्रहरीको गाडीमा क्षति पुगेको थियो। घाइते प्रहरीको कलैया अस्पतालमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

तीन जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ९ सय ७२ थानमध्ये ५ सय ४० थानको फैसला भयो भने ४ सय ३२ थान बाँकी रहे। देवानी मुद्दातर्फ २ हजार ५ सय १७ थानमध्ये १ हजार २ सय ९२ थानको फैसला भयो भने १ हजार २ सय २५ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

पाँच जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय २९ थानमध्ये ४० थानको फैसला भयो भने १ सय ८९ थान बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय ४२ थानमध्ये ३९ थानको फैसला भयो भने ५ सय ३ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा २ हजार १ सय ६ थान र देवानी मुद्दा ५५ थान रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २ सय ६६ थान छ, जसमध्ये १ सय ८४ थान सफल भए भने ६८ थान असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या चार थान छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी १६ थानमध्ये ११ सफल र १२ असफल रहे। बलात्कारसम्बन्धी १७ थानमध्ये पाँच सफल र नौ असफल रहे। महिला बेचबिखनसम्बन्धी दुई मुद्दामध्ये एक असफल रह्यो। अपहरणसम्बन्धी सात मुद्दामध्ये एक सफल र दुई असफल रहे। बहुविवाहसम्बन्धी पाँच मुद्दामध्ये दुई सफल र दुई असफल रहे। बोक्सीसम्बन्धी एक मद्दा सफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या १ सय ३४ थान छ, जसमध्ये एक थान सफल भएको छ। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म १ सय ३३ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ४२ हजार ४ सय ३ मध्ये छात्र ७६ हजार ७ सय ७२ छात्रा ७८ हजार ३ सय २९ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १३ हजार २ सय ९० र छात्र १४ हजार २ सय १० रहेका छन्। सरकारी वा सामुदायिक विद्यालय गरी प्राविं तहमा महिला ४ सय ५२ र पुरुष १ हजार २ सय २० गरी जम्मा १ हजार ६ सय ७२ शिक्षक कार्यरत छन्। निमाविं तहमा महिला ८० गरी जम्मा ३ सय ३३ शिक्षक कार्यरत रहेका छन्। यसै गरी माविं महिला ५२ गरी जम्मा २ सय ४३ शिक्षक रहेका छन्।

बालविकास केन्द्र ५ सय ७२ मा छात्र ७ हजार ७ सय र छात्रा ७ हजार ५ सय रहेका छन्, जसमध्ये दलित बालक ७ सय ५० र बालिका ८ सय १० छन्। यसबाहेक अरू तथ्याङ्क जिल्ला शिक्षा कार्यालयले अद्यावधिक गरेको पाइएन।

हत्या प्रयास

निजगढ गाविस-१ की १४ वर्षीया बालिका सुस्मिता श्रेष्ठलाई ०७० भदौ २७ गते राति अज्ञात समूहले आक्रमण गरी हत्या प्रयास गऱ्यो। स्थानीय विद्यालयमा कक्षा ८ मा पढ्दै गरेकी उनी अचेत अवस्थामा भदौ २८ गते बिहान घरसँगैको मकैबारीमा भेटिएकी थिइन्। खाना खाएर राति १० बजे सुतेकी उनलाई उनकी आमाले उठाउन पुग्दा बारीमा अचेत भेटिएकी थिइन्। उनको कन्चट र टाउकामा धारिलो हतियारले प्रहार गरेको गम्भीर चोट लागेको थियो। रक्ताम्य र बेहोस अवस्थामा भेटिएकी छात्राको वीरगन्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। पीडित परिवारले भदौ २८ गते इलाका प्रहरी कार्यालय, निजगढमा उजुरी गरेको थियो। घटनाको आरोपमा निजगढ-१ का ३३ वर्षीय ज्ञानध्वज लामालाई असोज १२ मा प्रहरीले गिरफ्तार गरेकामा जिल्ला अदालतको असोज २७ गतेको आदेशमा आरोपित साधारण तारेखमा अदालतबाट छुटे।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सात बर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले डुमरवाना गाविस-८ का ५९ वर्षीय महम्मद इसाक हुसेनलाई ०६९ फागुन ८ गते गिरफ्तार गऱ्यो। आरोपित हुसेनले खेल्दै गरेकी बालिकालाई ०६९ फागुन ७ गते दिउँसो आफ्नो घरमा लगी बलात्कार गरेपछि स्थानीय बासिन्दाले सोही दिन नियन्त्रणमा लिई प्रहरीको जिम्मा लगाएका थिए। पीडितको वीरगन्जस्थित नारायणी उपक्षेत्रीय

अस्पतालमा स्वास्थ्य परीक्षण भयो। पीडित पक्षले घटना भएकै दिन इलाका प्रहरी कार्यालय सिमरामा उजुरी दर्ता गराएको थियो। जिल्ला अदालतको ०६९ चैत ४ गतेको आदेशले आरोपित हुसेन पुर्पक्षका लागि जेलमा छन्।

१५ वर्षीया एक बालिकालाई ०७० वैशाख २५ गते बिहानै मकैबारीमा बलात्कार गरेको आरोपमा इनर्वामाल गाविसका १८ वर्षीय शेष सदामविरुद्ध जिल्ला प्रहरी कार्यालयमा पीडितले वैशाख २६ गते उजुरी दर्ता गराएपछि आरोपित फरार छन्। आरोपितको खोजी कार्य भइरहेको प्रहरीले जनायो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २५ गते कलैया अस्पतालमा गरियो।

प्रहरीबाट कुटपिट गरी घाइते भएका प्रमोद गुप्ता

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३० वर्षीया एक महिलालाई ०७० असार ५ गते राति सामूहिक बलात्कार गरेको आरोपमा प्रहरीले बहुअरी गाविस-९ का १९ वर्षीय दोरपाली यादव र २० वर्षीय सुनील पटेललाई असार ६ गते गिरफ्तार गरी मुद्दा चलायो। जिल्ला अदालतको ०७० असार ३० गतेको आदेशले यादव पुर्पक्षका लागि जेल चलान भए भने घटनाका अर्का आरोपित पटेल फरार छन्। पीडित परिवारले असार ६ गते कलैया अस्पतालमा स्वास्थ्य परीक्षण गराई जिल्ला प्रहरी कार्यालयमा सोही दिन उजुरी दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

घरेलु हिंसा

प्रस्टोका गाविस-१ हरपुर टोलकी २३ वर्षीया नइमा खातुनलाई ०७० भदौ २४ गते बच्चा नजन्माएको आरोप लगाउँदै पति २६ वर्षीय अजमुदिन हक देवान, ५७ वर्षीय ससुरा जयतुल्लाह हक देवान र ५५ वर्षीया सासू सायदा खातुनले कुटपिट गरी हत्या प्रयास गरे। तीनै जनाले मिलेर बाँसको लौराले हात, खुट्टामा कुटपिट गरी घाँटीमा डोरी बाँधेर हत्या प्रयास गर्दा खातुनले रोइकराइ गरेपछि छिमेकीले उद्धार गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर रामनाथ घिमिरेले बताए। उनका अनुसार कुटपिट गरी हत्या प्रयास गर्ने खातुनकी सासू, ससुरा र पतिलाई गिरफ्तार गरी ज्यान मार्ने उद्योगमा मुद्दा चलाइएकामा पीडित नइमाका पति अजमुदिन अदालतको असोज १८ को आदेशमा पुर्पक्षका लागि जेलमा छन् भने ससुरा र सासू १०/१० हजार रुपियाँ धरौटीमा रिहा भए। घाइते खातुनको नारायणी उपक्षेत्रीय अस्पताल, वीरगन्जमा उपचार भयो। पर्सा जिल्लाको भौराटार गाविस-३ माइती भएकी खातुनको सात वर्षअघि सामाजिक परम्परा अनुसार विवाह भएको थियो।

परिवारजनबाट हत्या

प्रस्टोका गाविस-२ की २२ वर्षीया मोफिदुन नेसाको ०७० भदौ १९ गते राति नागरिकता बनाई दिन पति र सासूलाई दबाब दिएकै कारण घाँटीमा डोरीले कसेर हत्या गरिएको प्रहरीले जनायो। हत्या आरोपमा प्रहरीले मृतककी सासू ४५ वर्षीया नुरबानी खातुनलाई असोज २० गते गिरफ्तार गरेकामा जिल्ला अदालतको असोज १७ गतेको आदेशमा पुर्पक्षका लागि जेलमा छिन्। प्रतिकारका क्रममा उनको शरीरमा सामान्य चोटपटक लागेको र घरभित्र चुरा फुटेको प्रहरीको भनाइ थियो। मृतक नेसाका बाबु सैफुल्लाह अन्सारीले ०७० भदौ २२ गते जिल्ला प्रहरीमा सम्धिनी र ज्वाईँविरुद्ध किटानी जाहेरी दिए। नेसा विवाहको केही वर्षपछि नागरिकता बनाइदिनु भन्दै पति र सासूलाई घरमा तथा प्रहरी प्रशासनमा उजुरी दिएर नागरिकता बनाउन लगाएपछि त्यसको एक महिनापछि उनको हत्या भएको प्रहरी अनुसन्धान अधिकृत रामनाथ घिमिरेले बताए। मृतकको पोस्टमार्टम कलैया अस्पतालमा भदौ २० गते भयो।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा २ सय ५५ उजुरी दर्ता भए। उजुरीमा कुटपिट गरी घरनिकाला गरिएका ३४, खानलाउन नदिएका ९८, विवाह दर्ता तथा नागरिकता नबनाएका ३७, सम्बन्त्रविच्छेद चार, अर्की पत्नी ल्याएर हेला गरेकामा दुई, मार्ने धम्की दिइएकामा ४१ उजुरी परे। जसमध्ये १ सय ९३ मिलापत्र भएको र दुई उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

मधेसी जनअधिकार फोरम (गणतान्त्रिक)का जिल्ला सदस्य सिकेन्द्र दासको हरिहरपुर गाविस-९ स्थित घरमा कात्तिक १० गते राति अज्ञात समूहले सुतली बम विस्फोटन गरायो। विस्फोटले चार फिट लामो र डेढ फिट चौडासम्मको घरको छानामा समान्य क्षति पुगेको इलाका प्रहरी कार्यालय सिम्रौनगढका इन्स्पेक्टर किशोर उपाध्यायले बताए। घटनाको आरोपमा कोही पक्राउ परेनन्। ३० वर्षीय दास पार्टीका बारा-१ का उम्मेदवार रामकिशोर यादवसँग कलैयामा भएको मौका छोपेर सो समूहले विस्फोट गराएको थियो। आफूलाई चुनावी प्रतिस्पर्धाका क्रममा तर्साउनलाई विस्फोट गराएको हुन सक्ने उनले बताए। घटनाको छानबिन गर्न पीडित दासले इलाका प्रहरी कार्यालय सिम्रौनगढमा घटना भएको भोलिपल्ट उजुरी दिए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	४०		
उपस्वास्थ्यचौकी	४५		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	१५	६	१३
स्टाफ नर्स	१५	४	११
ल्याब असिस्टेन्ट	११	५	२
अहेब	२४५	१७६	७३
अनमि	१५५	७६	८३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	५७	१६	४१

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यान १३ मुद्दा दर्ता भए। बलात्कार आठ मुद्दा दर्ता भए। बहुविवाह चार मुद्दा दर्ता भए। अपहरण तीन मुद्दा दर्ता भए। ज्यान मार्ने उद्योग १२ मुद्दा दर्ता भए।

२.९ पर्सा



जिल्ला सदरमुकाम: विरगञ्ज
क्षेत्रफल (वर्ग कि. मि.): १,३५३
घरधुरी सङ्ख्या: ५५,५३६
जम्मा जनसङ्ख्या: ६,०१,०१७
पुरुष: ३,१२,३५८
महिला: २,८८,६५९
अपाङ्ग सङ्ख्या: ६,२१५
गाविस/नपा सङ्ख्या: ८२/१
पुरुष साक्षरता सङ्ख्या: १,५४,०००
महिला साक्षरता सङ्ख्या: १,१५,४५०
हिन्दू धर्मावलम्बी प्रतिशत: ८३.१
बौद्ध धर्मावलम्बी प्रतिशत: १.६८
इस्लाम धर्मावलम्बी प्रतिशत: १४.४८
किराँत धर्मावलम्बी प्रतिशत: ०.४३
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.१३
जैन धर्मावलम्बी प्रतिशत: ०.०२
शिख धर्मावलम्बी प्रतिशत: ०.०२२
अन्य धर्मावलम्बी प्रतिशत: ०.१४७
प्रतिपरिवार सरदर सङ्ख्या: ६.२५

जेल र बन्दी

'क' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता ७ सय जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ७ सय ९६ र कैद नतोकिएका ५ सय १८ जना थुनुवा गरी कुल १ हजार ३ सय १४ जना कैदी बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक ६ र बालिका चार गरी जम्मा १० जना बालबालिका छन्। यो जिल्ला कारागार ००७ सालमा निर्माण भएको हो। 'क' श्रेणीको जेल भए तापनि क्षमताभन्दा दोब्बर कैदी बन्दी रहेको यस जेलमा भौतिक सुविधाको अवस्था भने कमजोर रहेको छ। जेलभित्र रहेको पुस्तकालयमा

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१	१
बालअधिकार				१४	८	२२
अपहरण					१	१
महिलाअधिकार				५३		५३
भेला/सङ्गठित हुने अधिकार	१	७	८			
हत्या				१	१	३
जम्मा	१	७	८	६८	११	७९

पर्याप्त पुस्तकको समेत अभाव रहेको छ। जेलमा आवश्यक मात्रामा शौचालयको सुलभ नरहेको जेल प्रशासनले जनाएको छ।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

श्रीपुर गाविस-१४ का ट्रकका सहचालक १८ वर्षीय भोलु हवारीको ०६९ चैत २५ गते बिहान वीरगन्जको बाईपास रोडमा पर्ने नगवा चोकमा गुडिरहेको नाम्बर २५१३ नम्बरको ट्रकमा नेकपा-माओवादीका कार्यकर्ताले पेट्रोलसहितको बोतल फ्याँकेर आगजनी गर्दा घाइते भए। घाइते उनको पिठ्यूँ, नाक, गाला, कपाल र केही भागमा आगोले पोलेको थियो। घाइते उनको नारायणी उपक्षेत्रीय अस्पताल, वीरगन्जमा उपचार भयो।

सद्भावना पार्टीका केन्द्रीय सदस्य वीरगन्ज उमनपा-१४ का ४५ वर्षीया नेजामुद्दिन समानी, वीरगन्ज उमनपा-१६ की ४५ वर्षीया रेखा घिमिरे, जिल्ला अध्यक्ष भिषूवा गाविसका २५ वर्षीय अमजाद गद्दी, जिल्ला सचिव बगही गाविसका २५ वर्षीय राजेश साह, वीरगन्ज उमनपा-२ का ५५ वर्षीय रहमान मियाँ, क्षेत्र नम्बर ५ का क्षेत्रीय अध्यक्ष मिर्जापुर गाविसका ४२ वर्षीय जटाशङ्कर गिरी, मिर्जापुरकै ४२ वर्षीय वासदेव साह र ४१ वर्षीय महेश पटेललाई जेठ १२ गते काठमाडौँमा आमरण अनशनमा बसेका आफ्ना राष्ट्रिय अध्यक्ष राजेन्द्र महतोलाई प्रहरीले जबरजस्ती उठाएर अस्पतालमा लगेको विरोधमा बजार बन्द गराउँदै हिँडेका बेला वीरगन्जबाट प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरूलाई दिनभरि जिल्ला प्रहरी कार्यालय पर्सामा राखिएको थियो। गिरफ्तार नेता तथा कार्यकर्तालाई सोही दिन साँझ प्रहरीले रिहा गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

चार जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ हजार ६ सय ९८ थानमध्ये ८ सय ४० थानको फैसला भयो भने ८ सय ५८ थान बाँकी रहे। देवानी मुद्दातर्फ ३ हजार ४ सय ९९ थानमध्ये १ हजार ७ सय ९३ थानको फैसला भयो भने १ हजार ७ सय ६ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

६ जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ हजार १ सय ७९ थानमध्ये १ सय ४७ थानको फैसला भयो भने १ हजार ३२ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ हजार ३ सय ३८ थानमध्ये २ सय ८७ थानको फैसला भयो भने २ हजार ५१ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ३८ थान र देवानी मुद्दा ७७ थान रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ९ सय ६५ छ, जसमध्ये ३ सय २८ सफल भए भने ७७ असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या ६ थान रहयो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी २९ थान मुद्दामध्ये चार थान सफल र ११ थान असफल रहे। बलात्कारसम्बन्धी ११ थानमध्ये एक सफल र एक असफल रहयो। महिला बेचबिखनसम्बन्धी १३ थान मुद्दामध्ये एक सफल र दुई असफल रहे। अपहरणसम्बन्धी सात थान मुद्दामध्ये तीन असफल रहे। बहुविवाहसम्बन्धी ६ थान मुद्दामध्ये एक सफल र एक असफल रहयो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या ७ सय ७२ छ, जसमध्ये ३ सय ९ सफल भए। सरकारी वकिल सङ्ख्या तीन भए पनि हाल एक जना मात्र कार्यरत छन्। यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ४ सय ४० थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ४५ हजार ५ सय ५५ मध्ये छात्र ६० हजार ५ सय ३५ र छात्रा ६० हजार ५ सय ४८ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १४ हजार १ सय ८ हजार र छात्र १४ हजार ९ सय ९ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ३ सय ७७ र पुरुष १ हजार ३ सय ८२ गरी जम्मा १ हजार ७ सय ५९ शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला २ सय २२ र पुरुष ३ सय १८ गरी जम्मा ५ सय ४० शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला २१ र पुरुष २ सय ३० गरी जम्मा २ सय ५१ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ७ हजार ५ सय ३० र बालिका ७ हजार ७ सय १२ गरी जम्मा १५ हजार २ सय ४२ रहेका छन्, जसमध्ये दलित बालक २ हजार १ सय ४३ र बालिका १ हजार ९ सय ५६ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बेचबिखन तथा ओसारपसार

रौतहट जिल्ला ब्रह्मपुरीका १३ वर्षीय राजकुमार दास, शिवनगरका १२ वर्षीय अलाउदिन आलम, रामपुर्वाका १३ वर्षीय महम्मद तबरेज, जेठरहियाका १२ वर्षीय भरत साह, सगैयाका १३ वर्षीय टपेन्द्र राम, गरुडाका १३ वर्षीय विनोदकुमार दास, राजपुर बलुवाका १४ वर्षीय महम्मद तौकीर र बारा सिम्रौनगढका १३ वर्षीय राजेश दासलाई ०६९ फागुन १९ गते साँझ बाल मजदुरीका लागि एक्सप्रेस रेलमार्फत भारतको मुम्बई लैजान लागेका बेला डेभलपमेन्ट नेपाल नामक संस्थाले रक्सौल रेलवे स्टेसनबाट उद्धार गऱ्यो। उद्धार गरिएका बालकहरूलाई ०६९ फागुन २० गते उनीहरूका अभिभावकको जिम्मा लगाएर पठाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनायो। यस घटना सम्बन्धमा पीडितहरूले कतै उजुरी गरेनन्।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

१३ वर्षीया एक बालिकालाई आफ्नो स्थायी घर सखुवा प्रसौनीमा ल्याएर बलात्कार गरेको आरोपमा सखुवा प्रसौनी गाविस-८, सखुनीयाका १८ वर्षीय मुन्ना धुनिया भनिने सर्फुदिन मियालाई प्रहरीले वैशाख ३० गते चितवनको भरतपुर-१० बाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको जेठ १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ। भरतपुर-१० मा मोटरसाइकल मर्मतको व्यवसाय गर्दै आएका मियाले सोही ठाउँमा डेरा गरी बस्ने बालिकालाई आफ्नो स्थायी घर सखुवा प्रसौनीमा ल्याएर बलात्कार गरेको पीडित बालिकाको जाहेरीमा उल्लेख छ। मियाले वैशाख १५ देखि १७ गतेसम्म ती बालिकालाई आफ्नै घरमा राखेका थिए। मकवानपुर, काँगडाका स्थानीय बासिन्दा र बालिकाका परिवारजनले पीडित बालिकालाई वैशाख १८ गते आफूसँगै लगेका थिए। घटना सामसुम भयो भन्ने ठानेर मिया पुन: भरतपुर गएपछि पीडित बालिकाले दिएको उजुरीका आधारमा चितवन प्रहरीले उनलाई गिरफ्तार गरेर पर्सामा पठाएको प्रहरीले जनायो।

१४ वर्षीया एक बालिकालाई ०७० जेठ ७ गते राति घरदेखि उत्तरतिरको कुलोनजिक लगेर पर्साको ठोरी गाविसका २० वर्षीय अविनाश साह, २० वर्षीय मन्नु चौधरी र २० वर्षीय सोहन खवासले सामूहिक बलात्कार गरेको भनी पीडित बालिकाले जेठ १४ गते इलाका प्रहरी कार्यालय, ठोरीमा उजुरी दिइन्। आफू घरमै बसेका बेला घरबाहिर बोलाएर जबरजस्ती करणी गरेको बालिकाले बताइन्। आरोपितहरूले जबरजस्ती गरिरहेका बेला बालिकाका भिनाजुले देखेपछि तीनै जना युवक फरार भएका थिए। बलात्कारका घटना बारे सोही दिन आफन्तलाई जानकारी गराउँदा पनि समाजमा इज्जत-प्रतिष्ठा जाने डरले आफन्तले उल्टै हप्काएर घटनालाई ढाकछोप गर्ने प्रयास गरेका थिए। बलात्कारको घटनापछि पीडित किशोरी भारतको जमुनियास्थित मामाघरमा गएर बसेकी थिइन्। घटनाबारे गाउँघरमा हल्ला फैलिएपछि स्थानीय महिला अधिकारकर्मीले प्रहरीलाई जानकारी गराएलगत्तै इलाका प्रहरी कार्यालय, ठोरीले पीडित किशोरीलाई मामाघरबाट झिकाएको स्थानीय महिला अधिकारकर्मी भगवती धितालले बताइन्। बलात्कार घटनामा संलग्न युवकहरू फरार रहेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

१६ वर्षीया एक बालिकालाई असार ५ गते राति पीडितकै घरमा गएर निर्मलबस्ती गाविस-४ का २५ वर्षीय प्रदीप लामाले जबरजस्ती बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले असार ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराएपछि प्रहरीले जबरजस्ती करणी उद्योग अन्तर्गत मुद्दा दर्ता गरेको

कार्यालयले जनायो। घटनास्थलमा प्रहरीले लामाले लगाउने गरेको भेस्ट र चप्पल फेला पारेको इलाका प्रहरी कार्यालय, ठोरीले जनायो। बलात्कार प्रयासको घटनालाई स्थानीयस्तरमै मिलाउने प्रयास गर्दा ढिलो गरी घटना सार्वजनिक भएको थियो। बलात्कारका आरोपित लामा भने फरार छन्।

१५ वर्षीया एक बालिकालाई घाँस काट्न गएको अवस्थामा ०७० असार ६ गते लालपर्सा गाविस-४ का ३३ वर्षीय हीराप्रसाद यादवले बलात्कार गरेको आरोपमा पीडित बालिकाका बुबाले आरोपितविरुद्ध दिएको जाहेरीका आधारमा प्रहरीले असार १२ गते जबरजस्ती करणीको महल अन्तर्गत मुद्दा दर्ता गऱ्यो। बलात्कारका आरोपित यादव हाल फरार रहेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ। पीडितको स्वास्थ्य परीक्षण वीरगन्जको नारायणी उपक्षेत्रीय अस्पतालमा असार १० गते भयो।

१४ वर्षीय एक बालिकासँग पीडितको इच्छाविपरीत पटक-पटक यौन शोषण गरेको आरोप लागेका वीरगन्ज उमनपा-१३ का ३८ वर्षीय विपिन अग्रवालविरुद्ध ०७० असार २९ गते जिल्ला प्रहरी कार्यालय पर्सामा जाहेरी दर्ता भयो। पीडितका बुबाले आरोपित अग्रवालको घरबाट सवमिटर लगाएर विद्युत्को लाइन लिएका थिए। बुबाआमा घरबाहिर गएको मौका पारी विद्युत् लाइन चेक गर्ने बहानामा बालिकाको घरमा प्रवेश गरी यौन दुराचार गर्न विपिन पल्केको पीडित बालिकाले प्रहरीलाई बताएकी थिइन्। आरोपित अग्रवाल जिल्ला अदालतको ०७० साउन १० गतेको आदेशले ८० हजार रुपियाँ धरौटी राखी रिहा भए। आरोपितलाई प्रहरीले असार १५ गते गिरफ्तार गरेको थियो। पीडितको असार ३० गते स्थानीय अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

१२ वर्षीया एक बालिकालाई भदौ ६ गते ललाइफकाइ काठमाडौँ लगेर जबरजस्ती बलात्कार गरी फरार आरोपित बारा जिल्ला बरैनिया गाविस-२ का १७ वर्षीय एक बालकलाई वीरगन्ज उमनपा-१८ भिषूवाबाट पर्सा प्रहरीले ०७० भदौ १० गते गिरफ्तार गऱ्यो। काठमाडौँ मनपा-३५, कोटेश्वरको एक लजमा पुऱ्याई बालिकालाई जबरजस्ती करणी गरी आरोपित बैठा फरार भएका थिए। आरोपितलाई वारदात स्थान काठमाडौँमा पर्ने भएकाले आवश्यक अनुसन्धानका लागि महानगरीय प्रहरी परिसर काठमाडौँ पठाइएको प्रहरीले जनायो।

चार वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोप लागेका शङ्करसरैया गाविस-४ का १९ वर्षीय गौरीशङ्कर माझीलाई के गर्ने भन्ने विषयमा पञ्चायती भइरहेको अवस्थामा ०७० असोज २ गते राति प्रहरीले हस्तक्षेप गरेर गिरफ्तार गऱ्यो। बाटोमा खेलिरहेकी बालिकालाई असोज २ गते बिहान माझीले आफ्नो घरमा लगेर बलात्कार गरेको आरोप पीडित परिवारको छ। बालिका रोएको आवाज सुनेपछि आमा र बुबा माझीको घर पुग्दा बालिका रक्ताम्य अवस्थामा फेला परेको र आरोपित फरार भएका थिए। पीडित बालिकालाई लिएर उनको परिवार र गाउँका अगुवाहरूसमक्ष गई घटनाबारे जानकारी गराएपछि टोलका स्थानीय व्यक्तिहरू मिलेर आरोपित माझीलाई नियन्त्रणमा लिएका थिए। कुरा बाहिर नजाओस् भन्ने उद्देश्यले बालिकालाई घरमै राखेर उपचार गराइएको थियो। आरोपितलाई दिनभरि गाउँ-समाजले नियन्त्रणमा लिए पनि घटनाबारे प्रहरीलाई जानकारी गराइएको थिएन। उक्त अपराधलाई गाउँटोलभित्रै मिलाउन राति अबेरसम्म टोलका दारासिंह राउतको घरआँगनमा पञ्चायत बसेको थियो। पञ्चायत भइरहेको स्थानमा प्रहरी चौकी हरैयाका असई गणेश साह तात्वाको नेतृत्वमा गएको प्रहरीको गस्ती टोलीले हस्तक्षेप गरी आरोपित माझीलाई गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनायो। माझीलाई पर्सा जिल्ला अदालतको ०७० कात्तिक १ गतेको आदेशमा पुर्पक्षका लागि जेल चलान गरिएको छ। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

एक आठ वर्षीया बालिकालाई ०७० असोज ८ गते बलात्कार गरेको आरोपमा भवानीपुर गाविस-८ का १७ वर्षीय सनिलालविरुद्ध जिल्ला प्रहरी कार्यालय, पर्साले असोज ९ गते मुद्दा दर्ता गऱ्यो। आरोपित भने फरार रहेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनायो। बालिकाका बुबाआमा उपचारका लागि वीरगन्ज गएको मौका पारी आरोपितले बलात्कार गरेको आरोप छ। बालिकाको नारायणी उपक्षेत्रीय अस्पताल, वीरगन्जमा असोज १५ गते स्वास्थ्य परीक्षण गरिएको थियो। प्रहरीले आरोपितको खोजी भइरहेको जनाएको छ। आरोपित यस वर्षको अन्त्यसम्म फरार छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

सिन्धुली जिल्ला र चितवन जिल्लाका ३२ र २८ वर्षीया दुई जना महिलालाई भारत बेच्न लैजान

लागेको आरोपमा चितवन जिल्लाको रत्ननगर-२ का ३७ वर्षीय प्रकाश विश्वकर्माविरुद्ध ०७० असार ३ गते जिल्ला प्रहरी कार्यालय, पर्सामा मानव बेचबिखन तथा ओसारपसार ऐन अन्तर्गत जाहेरी दर्ता भयो। पीडित दुवै जना महिलालाई असार १ गते पर्साको पश्चिमी सीमा ठोरीको बाटो हुँदै भारततर्फ लैजान लागेको अवस्थामा पारालिगल कमिटी, ठोरीले आरोपित विश्वकर्मालाई नियन्त्रणमा लिई प्रहरीलाई बुझाएको थियो भने उनीसँगै रहेका नवलपरासी जिल्लाको अघौली गाविसका खड्गनारायण श्रेष्ठ फरार भए। आरोपितविरुद्ध माइती नेपालको वीरगन्ज कार्यालयकी प्रमुख सङ्गीता पुरी र पारालिगल कमिटी ठोरी गाविसकी अध्यक्ष मीना गिरीले ०७० असार ४ गते जाहेरी दिएका थिए। आरोपित विश्वकर्मा असार २८ गतेदेखि पर्सा जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि वीरगन्ज कारागारमा थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

निर्मलबस्ती गाविस-६ की ३५ वर्षीय एक महिलालाई ०७० पुस ५ गते वैदेशिक रोजगारका लागि साउदी अरब पठाइदिन्छु भनी प्रलोभन देखाई भारततर्फ लगिरहेको अवस्थामा इनर्वा प्रहरी चौकी र माइती नेपालको संयुक्त टोलीले चेकजाँचका क्रममा वीरगन्जको शङ्कराचार्य गेटनजिकैबाट उद्धार गऱ्यो। घटनामा संलग्न रहेको आरोपमा भारत बिहार बेतिया जिल्ला इनरुवा थाना घर भएका ३८ वर्षीय ओमप्रकाश साह र रक्सौल घर भएका ३० वर्षीय राजकिशोर महतोलाई सोही दिन मानव बेचबिखन तथा ओसारपसार अन्तर्गत मुद्दा चलाएको प्रहरीले जनायो। घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनायो।

वीरगन्ज उमनपा-१९ की २० वर्षीया एक महिलालाई बेच्न लागेको आरोपमा प्रहरीले भारतको बैशाली घर भएका २४ वर्षीय बिन्देश्वरकुमार कुशवाह र ४० वर्षीय जोगेन्द्र यादवलाई ०६९ माघ ७ गते गिरफ्तार गऱ्यो। आरोपित उनीहरूलाई प्रहरीले मानव बेचबिखन अन्तर्गत माघ ७ गते मुद्दा दर्ता गरी अदालत पेस गरेकामा पर्सा जिल्ला अदालतले ०७० भदौ ५ गते जनही १० वर्ष कैद र ५० हजार रुपियाँ जरिवाना हुने फैसला गरेको छ।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

३४ वर्षीया एक अपाङ्ग महिलालाई बलात्कार गरेको आरोपमा बागेश्वरी तित्रौना गाविस-५ का ५० वर्षीय लक्ष्मी महरा चमारलाई ०७० पुस १३ गते प्रहरीले गिरफ्तार गऱ्यो। उनले पुस १२ गते ती महिलालाई बलात्कार गरेको आरोपमा सोही दिन पीडित पक्षले प्रहरीमा जाहेरी दिएको थियो। यस सम्बन्धमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनायो।

३४ वर्षीय एक महिलालाई ०७० असोज ६ गते नयाँ कपडा किनिदिने लोभ देखाएर गोविन्दपुर गाविस-६ का ३५ वर्षीय मोतीलाल राउत कुर्मीले बलात्कार गरी फरार भए। कुर्मीले नयाँ कपडा किनिदिने लोभ देखाई आफ्नै मोटरसाइकलमा राखी ती महिलालाई सीमा पार बजार रक्सौल लगेका थिए। रक्सौलमा कुर्मीले ती महिलालाई ब्लाउज र साडी किनेर फर्किने क्रममा घरभन्दा दुई किलोमिटर वरै एकान्त बाटोको छेउमा रहेको नहरमा लगी जबरजस्ती गरेको जाहेरीमा उल्लेख छ। प्रहरीले कुर्मीविरुद्ध कात्तिक ५ गते मुद्दा दर्ता गऱ्यो। कुर्मी भने फरार रहेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ। पीडितले असोज ७ गते जिल्ला प्रहरी कार्यालय, पर्सामा जाहेरी दिएकी हुन्। पीडितको स्वास्थ्य परीक्षण नारायणी उपक्षेत्रीय अस्पताल, वीरगन्जमा असोज १६ गते भएको थियो।

अमानवीय व्यवहार

बिश्रामपुर गाविस-१ की ४६ वर्षीया सरस्वती देवीलाई कथित बोक्सीको आरोपमा ७० साउन २२ गते अभक्ष खुवाएर यातना दिएको आरोप लागेका सोही ठाउँकी ४३ वर्षीया देवमती देवी बरै, ४२ वर्षीया लालचनीयादेवी बरै र १८ वर्षीय मञ्जयप्रसाद बरै जिल्ला अदालतको भदौ १८ गतेको आदेशमा जनही १८ हजार रुपियाँ धरौटीमा रिहा भए। आरोपितहरूलाई साउन २४ गते गिरफ्तार गरिएको थियो।

कथित बोक्सीको आरोपमा हत्या

सुपौली गाविस-९ की ४५ वर्षीया पार्वतीदेवी चौधरीलाई ०७० साउन ३२ गते बोक्सीको आरोपमा स्थानीयले कुटपिट गरी हत्या गरे। कुटपिटमा संलग्न सोही ठाउँकी ५० वर्षीया पासपतिदेवी थारुलगायत ६ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो। छिमेकी जगदीश राउतकी २० वर्षीया छोरी प्रतिमा कुमारीलाई जादुटोना गरेको आरोपमा उनलाई स्थानीयले कुटपिट गरेका थिए। साउन ३१ गते राति वीरगन्जमा बस्दै आएका पूर्वमन्त्री मोहनलाल चौधरीको बैठकघरमा पञ्चायत बसेको र बोक्सीको आरोप लगाइएकी पार्वतीदेवीलाई गाउँनिकाला गर्ने निर्णय भएको थियो। पञ्चायतपछि

स्थानीय प्रतिमा चौधरी, अनिल चौधरीलगायतले उनलाई कुटपिट गरेको प्रहरीले जनायो। सोही ठाउँका विश्राम राउत, नवीन राउत, धनराज राउत कुटपिटमा संलग्न भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनायो। चौधरीको हत्यामा संलग्नमध्येका मुख्य आरोपित पर्साको सुपौली गाविस-९, ढडीका ४५ वर्षीय कारी खाँ थारूलाई भदौ ९ गते भारतीय प्रहरीको सहयोगमा इलाका प्रहरी कार्यालय, पटेर्वा सुगौलीका इन्स्पेक्टर श्यामकृष्ण केसीको नेतृत्वमा गएको प्रहरीको टोलीले भारतको गौनाहा थानाको पिपरिया गाउँबाट गिरफ्तार गरिएको प्रहरीले जनायो। यसै बीच भदौ ८ गते पर्साका प्रमुख जिल्ला अधिकारी कैलाशकुमार बजिमयले मृतक चौधरीका पति भगन चौधरीलाई किरिया खर्चका लागि २५ हजार रुपियाँ उपलब्ध गराएका थिए। पर्साको सुपौलीमा बोक्सीको आरोपमा मारिएकी चौधरीको हत्यामा संलग्नमध्येका अर्का मुख्य आरोपित सुपौलीका ६० वर्षीय जगदीश राउत थारुलाई भदौ १४ गते भारत बिहारको सहोदरा थाना क्षेत्रको धनौजी गाउँबाट गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो। हत्याका आरोपितमध्ये ४५ वर्षीया पासपतिदेवी थारु र धुरूप महतोसहित चार जनालाई पर्सा जिल्ला अदालतको भदौ २५ गतेको आदेशले पुर्पक्षका लागि जेल चलान गरिएको छ। गिरफ्तार अन्यलाई भने अनुसन्धानपछि रिहा गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

यो वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय ४ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, पर्सामा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १९, खानलाउन नदिएका ६१, बहुविवाहका तीन र अन्य घरेलु हिंसामा ६ जना पीडित भए। ती घटनामध्ये प्रहरीले ६१ घटनामा मिलापत्र गराएको र ३४ ओटा घटनाको काम बाँकी रहेको र नौ घटना गाउँघरमै मिलेको केन्द्रले जनाएको छ।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	**१**		
स्वास्थ्यचौकी	**८**		
उपस्वास्थ्यचौकी	**७१**		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	**६**	**४**	**२**
स्टाफ नर्स	**९**	**४**	**५**
ल्याब असिस्टेन्ट	**६**	**५**	**१**
अहेब	**३४**	**१४**	**२०**
अनमि	**४२**	**१६**	**२६**
खोप सुपरभाइजर	**२**	**२**	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	**१**	**१**	
हेल्थ असिस्टेन्ट	**३४**	**१४**	**२०**
स्वास्थ्य कार्यकर्ता	**८३**	**४२**	**२०**

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १६ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यानका तीन, मानव बेचबिखनका छ, अपहरणका दुई, हातहतियार खरखजानाका नौ, जबरजस्ती करणीका १३, जबरजस्ती करण उद्योगका तीन र बोक्सी आरोपका एक ओटा घटना दर्ता भए।

२.१० चितवन



जिल्ला सदरमुकाम: भरतपुर
क्षेत्रफल (वर्ग कि. मि.): २,२१८
घरधुरी सङ्ख्या: १,३२,४६२
जम्मा जनसङ्ख्या: ५,७५,५८४
पुरुष: २,७५,०८७
महिला: ३,००,८९७
अपाङ्ग सङ्ख्या: १२,५३७
गाविस/नपा सङ्ख्या: ३८/२
पुरुष साक्षरता सङ्ख्या: २,२०,२२८
महिला साक्षरता सङ्ख्या: २,०३,८७७
हिन्दू धर्मावलम्बी प्रतिशत: ८१.४
बौद्ध धर्मावलम्बी प्रतिशत: १३.०२
इस्लाम धर्मावलम्बी प्रतिशत: १.१६
किराँत धर्मावलम्बी प्रतिशत: ०.०४
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ३.३५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.६५
वोन धर्मावलम्बी प्रतिशत: ०.०१
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.३२६
प्रतिपरिवार सरदर सङ्ख्या: ४.३८

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाच्न पाउने अधिकार गोली/विस्फोटक पदार्थद्वारा घाइते गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

गोरखाको तान्द्राङ घर भएका ३० वर्षीय अस्मिन गुरुङ ०७० मङ्सिर २ गते बिहान भरतपुर नपा-४ नारायणगढको न्युरोडमा अज्ञात समूहले उनले चलाउने गरेको पानी बोक्ने मिनी ट्रकमा पेट्रोल बम प्रहार गर्दा गम्भीर घाइते भए। बाह्रघरेबाट नारायणगढ आउँदै गरेको बा१ख ९५५४ नम्बरको ट्रकलाई लक्षित गरेर मोटरसाइकलमा आएका दुई जनाले पेट्रोलले भरिएको सिसी आगो लगाएर फालिदिएको वडा प्रहरी कार्यालय नारायणगढले जनायो। ट्रक जलेर क्षतिग्रस्त भयो। घाइते भएका चालक गुरुङको कलेज अफ मेडिकल सासन्सेज, भरतपुरमा प्राथमिक उपचारपछि थप उपचार काठमाडौँमा भएको पीडित परिवारले जनायो। घटनामा संलग्नको पहिचान हुन नसकेको प्रहरीले जनायो।

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता १ सय ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २४ महिला र २ सय ५३ पुरुष गरी जम्मा २ सय ७७ जना रहेका छन्। त्यसै गरी कैद नतोकिएका २९ महिला र २ सय १८ पुरुष गरी जम्मा २ सय ४७ जना रहेका छन्। यस कारागारमा यस वर्षको अन्त्यसम्ममा जम्मा ५ सय २४ जना बन्दीहरू रहेका छन्। कारागारमा दुई आश्रित बालक छन्। वि.सं. ०२५ सालमा निर्माण भएको यस कारागारमा यस वर्ष पुरुष बन्दीगृहको 'ङ' ब्लक भवन निर्माण गरिएको छ। यस ब्लकमा १ सय १० जना पुरुष बन्दी छन्। त्यस्तै गरी कारागारमा पर्खाल लगाएर खेलकुद ग्राउन्ड पनि यसै वर्ष निर्माण गरिएको छ। खानेपानी तथा अन्य सुविधाका लागि पुरुषतर्फ तीनओटा चापाकल, १५ ओटा धारा, ६ ओटा ट्वाइलेट छन् भने महिलाहरूका लागि एक चापाकल, एक धारा, दुईओटा ट्वाइलेट रहेको कारागार प्रमुख चोलाकान्त पोखेलले बताए। उनले सबै व्यक्तिहरूलाई मनोरञ्जनको अधिकार हुने कुरालाई ध्यानमा राखी कारागारभित्र पुरुष बन्दीका लागि ६ ओटा टेलिभिजन, महिला बन्दीका लागि तीनओटा टेलिभिजनको व्यवस्था गरिएको र खेलकुद ग्राउन्ड र एउटा पुस्तकालय उपलब्ध रहेको बताए। पहिलेको तुलनामा केही सुधार भए पनि क्षमताभन्दा बढी कैदी र बन्दी भएकाले बस्न, खाना खान समस्या रहेको कारागार प्रमुख पोखेलले बताए।

धम्की/कुटपिट गैरराज्यपक्षबाट एमाओवादीबाट

गीतानगर गाविस-१ निवासी एमाले जिल्ला कमिटी सदस्य ३५ वर्षीय प्रकाश ढुङ्गाना र मङ्गलपुर

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते	१	५	६
बालअधिकार	१७		१७
अपहरण		१	१
महिलाअधिकार	९३		९३
कुटपिट	९	४	१३
हत्या	३	२	५
जम्मा	१३३	१२	१३५

गाविस-१ का ४४ वर्षीय एमाले क्षेत्रीय कमिटी सदस्य विश्वेश्वर न्यौपानेलाई ०७० कात्तिक १७ गते एकीकृत नेकपा माओवादीका कार्यकर्ताले आक्रमण गरी घाइते बनाए। चुनाव प्रचारका क्रममा क्षेत्र नम्बर ४ अन्तर्गत मङ्गलपुर पुगेका उनीहरूलाई छुरा प्रहार गर्दा दुवै जनाको ढाडमा चोट लागेको थियो। घाइते दुवै जनाको चितवन मेडिकल कलेज, भरतपुरमा उपचार भयो। एमाओवादीका स्थानीय कार्यकर्ता मधुसुधन न्यौपानेको निर्देशनमा सन्तोष विश्वकर्मा, मनोज पोखरेल र राम ठकुरीलगायतको समूहले छुरा प्रहार गरी भागेको थियो। पीडितले कात्तिक १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि आरोपितलाई कुनै कारबाही भएन।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

भरतपुर नपा-१० निवासी जिल्ला निर्वाचन कार्यालय चितवनका कर्मचारी ३५ वर्षीय काशीराम वाग्ले र सुरक्षाका लागि खटिएका प्रहरीलाई ०६९ चैत

अज्ञात समूहको पेट्रोल बम प्रहारबाट घाइते भएका अस्मिन गुरुङ

१५ गते कविलास गाविस-१ स्थित गाविस भवनमा मतदाता नामावली सङ्कलन गर्दै गरेको अवस्थामा नेकपा-माओवादी कार्यकर्ता भरतपुर नपा-१, रामनगर बस्ने १७ वर्षीय सरोज तामाङ, सोही स्थान बस्ने १६ वर्षीय रोशन गुरुङ, २५ वर्षीय तुलसीराम श्रेष्ठ, सोही गाविस-३ भार्लाङ बस्ने २३ वर्षीय सन्तोष श्रेष्ठ, दाहाखानी गाविस-५ बस्ने ३५ वर्षीय ढलक मगरले गालीगलौज गर्दै आक्रमण गरी नामावली सङ्कलन रजिस्टर खोसेर लगेको जिल्ला प्रहरी कार्यालय चितवनले जनायो। उनीहरूविरुद्ध जिल्ला प्रहरी कार्यालय, चितवनमा ०६९ चैत १६ गते मुद्दा दर्ता भयो। आरोपितहरूमध्ये सरोज तामाङ र रोशन गुरुङलाई प्रहरीले चैत १५ गते गिरफ्तार गरी अनुसन्धानपश्चात् जिल्ला प्रशासन कार्यालय चितवनमा मुद्दा पेस हुँदा प्रतिव्यक्ति १ सय रुपियाँ धरौटी राखी चैत १८ गते रिहा भए भने अन्य आरोपितहरू हालसम्म फरार छन्।

चितवन-५ अन्तर्गत पश्चिम चितवनको शुक्रनगर गाविसमा आज्ञात समूहले ०७० कात्तिक १० गते बिहान २ हजार थानभन्दा बढी मतदाता शिक्षा सामग्री नियन्त्रणमा लिएर जलायो। सो समूहले गाविसको ताला फोरेर हलभित्र रहेका मतदाता शिक्षा सामग्री (पाँच पोका) जलाइदिएको जिल्ला प्रहरी कार्यालय, चितवनका प्रहरी प्रबक्ता एवम् डीएसपी सञ्जयबहादुर राउतले बताए। सामग्री कसले जलाएको भन्ने थाहा नभएको डीएसपी राउतले बताए। मतदाता शिक्षाको हातेपुस्तिका १ हजार ७ सय थान, मतदातालाई सोधिने प्रश्नपत्र ३ सय थान र चारओटा व्याग, २५/३० ओटा फ्लिप चार्ट गाविस भवनभन्दा आधा किलोमिटर पर लगेर जलाइदिएको जिल्ला निर्वाचन कार्यालय चितवनका प्रमुख हरिप्रसाद ढकालले बताए। उनले शुक्रनगर गाविसका चार मतदान केन्द्रका सबै मतदाता शिक्षा सामग्री जलाइदिएको बताए।

एमाओवादी तर्फबाट चितवन-५ का प्रत्यक्षतर्फका उम्मेदवार अमिक शेरचनको रोकिरहेको बा९च ७६३६ नम्बरको स्कोरपियो गाडीमा ०७० कात्तिक २० गते साँझ दिव्यनगर गाविस-७, ज्योतिनगरमा अज्ञात समूहले आगजनी गऱ्यो। आगजनीबाट गाडीका अगाडिका सिट जलेका थिए। रोकिरहेको सो गाडीमा मोटरसाइकलमा आएका दुई जनाले साँझ पेट्रोल छर्किएर आगो लगाइदिएको जिल्ला प्रहरी कार्यालयले जनायो। एमाओवादीका कार्यकर्ता र

स्थानीयले गाडीमा लागेको आगो निभाएका थिए।

सर्लाहीबाट काठमाडौँतर्फ जाँदै गरेको ना४ख ४७३४ नबरको यात्रु बसमा ०७० कात्तिक २५ गते राति कविलास गाविस-१, नारायणगढ-मुग्लिन सडक खण्डको देवीटारमा अज्ञात समूहले डाँडाबाट बसको छतमा आगो फ्याँकिदिँदा बस जलेर पूर्ण क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनायो। यात्रुहरूका अनुसार डाँडामा पाँच/छ जना व्यक्ति देखिएको र उनीहरूले बसको पछाडिको भागमा आगोको मुस्लो फ्याँकेका थिए। घटनामा संलग्न रहेको आरोपमा मङ्सिर १ गते पूर्वी चितवनको शक्तिखोर गाविस-९, मजुवाका २८ वर्षीय नवीन बीसीलाई भरतपुर नपा-१२ टाउनबाट प्रहरीले गिरफ्तार गऱ्यो। बीसीलाई मुलुकी ऐनको ज्यानसम्बन्धी महल अन्तर्गत ज्यान मार्ने उद्योग र विस्फोटक पदार्थ ऐन, २०१८ अन्तर्गत कारबाही अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनायो। नेकपा-माओवादीले उक्त घटना नगराएको जिल्ला सेक्रेटरी मधुर नेपाल (विप्लव)ले जानकारी दिए। बस पूर्ण रूपमा क्षतिग्रस्त भएको थियो।

पिठुवा गाविस भवनको चौरमा ०७० कात्तिक २७ गते राति सिलिन्डर बम विस्फोट हुँदा गाविस भवनमा क्षति पुग्यो। गाविसको चौरमा बम विस्फोट हुँदा गाविसका झ्यालका सिसा फुटेको प्रहरीले जनायो। रातको समय भएकाले कार्यालयमा मानिस नभएकाले मानवीय क्षति भने भएन। यस घटनामा संलग्नलाई कुनै कारबाही भएन।

भरतपुर नपा-४, बाह्रघरेमा रोकी राखेको ना१क ३३५७ नम्बरको मालवाहक गाडीमा मोटरसाइकलमा आएका दुई जना व्यक्तिले ०७० कात्तिक २८ गते साँझ पेट्रोल बम प्रहार गरे। मङ्गलपुरमा रहेको फाइन फिड्सबाट दाना लिएर नारायणगढतर्फ आउँदै गरेको गाडीमा बम प्रहार भएपछि स्थानीयले देखेर आगोलाई नियन्त्रणमा लिएका थिए। घटनामा संलग्नको पहिचान हुन नसकेको प्रहरीले जनायो।

भरतपुर नपा-३, बेलटाँडीमा चितवन-३ का एमाओवादी उम्मेदवार नारायण दाहालको रोकिरहेका बा८च ६४२५ र बा६च ८४९६ नम्बरका गाडीमा ०७० मङ्सिर २ गते साँझ आज्ञात समूहले तोडफोड गऱ्यो। तोडफोडबाट दुईओटै गाडीका अगाडि-पछाडि दुवैतिरका सिसा फुटेका थियो। घटनामा संलग्न भएको आरोपमा मङ्सिर १७ गते भरतपुर नपा-१२ का युथफोर्सका केन्द्रीय सदस्य ३७ वर्षीय प्रकाश रेग्मीलाई प्रहरीले गिरफ्तार गऱ्यो। अनुसन्धानपश्चात् जिल्ला प्रशासन कार्यालयमा मुद्दा पेस हुँदा मङ्सिर २१ गतेको आदेशले ६० हजार रुपियाँ धरौटीमा रिहा भए। तर, आफ्ना कार्यकर्ताको सो घटनामा संलग्नता नरहेको भन्दै रेग्मीको गिरफ्तारीप्रति एमाले जिल्ला कमिटीले आपत्ति जनाएको थियो।

भरतपुर नपा-७ मा रहेको एमाले जिल्ला कार्यालयमा ०७० मङ्सिर २ गते राति मोटरसाइकलमा आएका तीन जनाको अज्ञात समूहले पेट्रोल बम प्रहार गऱ्यो। सोही दिन चुनाव प्रचारप्रसार सम्पर्क कार्यालय भरतपुर नपा-८, ११ र १२ मा बम विस्फोट भएको थियो। त्यसै गरी एमालेको भण्डारा गाविस र पिठुवा गाविसमा रहेका गाउँ पार्टी कार्यालयमा मङ्सिर १ गते राति तोडफोड भयो। बम विस्फोटनबाट जिल्ला कार्यालयका फर्निचरहरूमा क्षति भएको थियो। एमाओवादीले नियतवश बम विस्फोट गराएको एमालेले आरोप लगाए पनि घटनामा संलग्नलाई कानुनी कारबाही भएन।

भरतपुर नपा-११ मा रहेको नयाँकिरण माविको मतदान केन्द्रमा ०७० मङ्सिर ३ गते सिलिन्डर बम विस्फोट भयो। मानवीय क्षति भने भएन। मतदान केन्द्रको चौरमा बम विस्फोट भएको थियो। विस्फोटनमा संलग्नको पहिचान हुन नसकेको प्रहरीले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

तीन जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ हजार २ सय ७४ थानमध्ये ९ सय ६ थानको फैसला भयो भने ३ सय ६८ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार १ सय ३८ थानमध्ये ६ सय ८० थान फैसला भए भने ४ सय ५८ थान फैसला हुन बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

तीन जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ८ सय २५ थानमध्ये २ सय ४० थानको फैसला भयो भने ५ सय ८५ थान बाँकी रहे। देवानी मुद्दातर्फ ७ सय ७८ थानमध्ये १ सय ४९ थान फैसला भए भने ६ सय २९ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक थान र देवानी मुद्दा चार थान रहेका छन्।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४ सय २८ थान छ, जसमध्ये २ सय १३ थान सफल भए भने ४४ थान असफल भए भने १ सय ११ थान अदालती प्रक्रियामा छन्। मुलतवी र तामेली पेसीमा रहेका मुद्दा पाँच थान छन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी २३ थान मुद्दामध्ये १० थान सफल र तीन थान असफल रहे भने १० थान बाँकी रहे। बलात्कारसम्बन्धी ३१ थानमध्ये १२ थान सफल र एक थान असफल रह्यो भने १८ थान बाँकी रहे। बलात्कार प्रयास (जबरजस्ती करणी उद्योग)सम्बन्धी मुद्दा १० थानमध्ये चार थान सफल र चार थान असफल रहे भने दुई थान बाँकी रहे। महिला बेचबिखनसम्बन्धी मुद्दा चार थानमध्ये एक थान सफल र एक थान असफल रहे भने दुई थान बाँकी रहे। अपहरणसम्बन्धी मुद्दा तीन थानमध्ये एक थान सफल भयो भने दुई थान बाँकी रहे। बहुविवाहसम्बन्धी मुद्दा आठ थानमध्ये दुई थान सफल र तीन थान असफल रहे भने तीन थान बाँकी रहे। बालविवाहसम्बन्धी र छुवाछूतसम्बन्धी कुनै मुद्दा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या १ सय ७३ थान छ, जसमध्ये दुई थान सफल भए। सरकारी वकिल सङ्ख्या दुई जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १५ गतेसम्म १ सय ७१ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका छात्रा ६५ हजार १ सय ३५ र छात्र ७८ हजार ५ सय ६० जना विद्यालय भर्ना भए। यसमध्ये दलित छात्र १३ हजार १ सय ५४ रहेका छन्। सामुदायिक विद्यालयमा प्राविताहमा जम्मा १ हजार ८ सय ९० शिक्षक कार्यरत छन्। निमाविताहमा जम्मा ५ सय ३८ शिक्षक कार्यरत छन्। यसै गरी माविताहमा जम्मा ३ सय ८३ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ९ हजार ७ सय ७७ र बालिका ८ हजार ५ सय ८२ गरी जम्मा १८ हजार ३ सय ५९ रहेका छन्, जसमध्ये दलित बालक १ हजार ६३ र बालिका १ हजार १० छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

१३ वर्षीया एक बालिकालाई जुटपानी गाविस-३, गैँडाखोला बस्ने २५ वर्षीय रामराज खनाल क्षेत्रीले ०७० जेठ ४ गते पीडितको डेरामा बलात्कार गरेको आरोपमा स्थानीय बासिन्दाले जेठ १३ गते प्रहरीलाई खबर गरे। पीडित बालिकालाई बहिनी मानेर घरमा आउने जाने सम्बन्ध राखेका आरोपितले घरमा कोही नभएको मौका छोपी धम्क्याएर कहिले बाटोमा ढुकेर त कहिले बालिकाकै डेरामा आई जबरजस्ती गर्ने गरेको र ०६९ फागुन २३ गते हतियार देखाएर जबरजस्ती करणी गरेको जाहेरीमा उल्लेख छ। पछिल्लोपटक करणी गर्दै गर्दा बालिकाका दाजुले देखेपछि आरोपित भागेका थिए। बालिकाको स्वास्थ्य परीक्षण गर्दा पेटमा ६ महिना १ साताको गर्भ रहेको अस्पतालको रिपोर्टमा देखिएपछि स्थानीयले ०७० जेठ १३ गते प्रहरी चौकी, जुटपानीमा खबर गरी आरोपितलाई प्रहरीको जिम्मा लगाएका थिए। इन्सेक जिल्ला प्रतिनिधिको सहयोगमा दोषीलाई कारबाहीको माग गर्दै पीडित पक्षले ०७० जेठ १४ गते जिल्ला प्रहरी कार्यालय, चितवनमा जाहेरी दियो। पीडित बालिका घरमा गएर बस्न नसक्ने अवस्था भएपछि इन्सेक जिल्ला कार्यालयद्वारा पीडित बालिकाको आश्रयका लागि एक बालगृहमा सिफारिस गरिएको थियो। हाल ती बालिका बालगृहमा आश्रय लिएर बसेकी छन्। चितवन जिल्ला अदालतको असार ४ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

१० वर्षीया एक बालिकालाई ०७० जेठ १५ गते भरतपुर नपाका ३२ वर्षीय महेश कुमालले पीडित बालिकाको डेरामा नै बलात्कार गरेको आरोपमा दोषीलाई कारबाहीको माग गर्दै ०७० जेठ १५ गते नै पीडित परिवारले जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दियो। पीडित बालिकाले उजुरी दिएकै दिन भरतपुर अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको जेठ ३ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्ममा मुद्दाको फैसला भएन।

६ वर्षीया एक बालिकालाई १३ वर्षीय एक बालकले ०७० भदौ ९ गते बलात्कार गरेको आरोपमा पीडित परिवारले भदौ १० गते जिल्ला प्रहरी

कार्यालयमा जाहेरी दियो। जाहेरी परेकै दिन पीडित बालिकाको भरतपुर अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित बालकलाई उजुरी परेकै दिन प्रहरीले गिरफ्तार गऱ्यो। घटनाको अनुसन्धानपश्चात् अदालत पेस गर्दा चितवन जिल्ला अदालतको ०७० भदौ २३ गतेको आदेशले आरोपित बालक साधारण तारेखमा रिहा भए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

नुवाकोट जिल्लाका १८ वर्षीया र १७ वर्षीया दुई किशोरी र सिन्धुपाल्चोककी १६ वर्षीया एक बालिकालाई मकवानपुर जिल्ला सरिखेत गाविस-४ झिर्किनीका ३६ वर्षीय भीमबहादुर थिङले बेचबिखन गर्न लागेको भनी पीडितहरूले ०७० भदौ २० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। भीमबहादुर थिङसहित सोही घटनाका अन्य दुई आरोपित रूपन्देही जिल्ला पजरकट्टी गाविस-५ बस्ने ४५ वर्षीय सन्तकुमार धोबी र सर्लाही जिल्ला, भक्तिपुर गाविस-३, मनकपुर बस्ने ४२ वर्षीय रुद्रबहादुर बम्जनविरुद्ध पनि भदौ २० गते जिल्ला प्रहरी कार्यालयमा मानव बेचबिखन तथा ओसारपसारमा मुद्दा दर्ता भयो। आरोपित भीमबहादुरले काठमाडौँ बसेर अर्काको घरमा काम गर्दै आएका तीन किशोरीलाई 'घुम्न लैजान्छु, राम्रो काममा लगाइदिन्छु' भनेर फकाएर काठमाडौँबाट भारततर्फ लैजादै गर्दा बस चेकजाँचका क्रममा ०७० भदौ १९ गते नारायणगढमा शङ्का लागी सोधपुछ गरी किशोरीहरूलाई प्रहरीले उद्धार गरेको थियो। प्रहरीले उनीहरूसँगै रहेका आरोपित भीमबहादुरलाई पनि सोही ठाउँबाट गिरफ्तार गऱ्यो। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ अनुसार मुद्दा दर्ता भई अनुसन्धानपश्चात् अदालत पेस गर्दा चितवन जिल्ला अदालतको ०७० असोज १४ गतेको आदेशले आरोपितहरूमध्ये भीमबहादुर पुर्पक्षका लागि थुनामा छन् भने अन्य दुई आरोपित हालसम्म फरार रहेका छन्। यस वर्षको अन्तसम्ममा घटनाको फैसला भएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२० वर्षीया एक महिलालाई ०६९ माघ १४ गते महोत्तरी, सुगा गाविस-१ बस्ने ३१ वर्षीय पङ्कजकुमार रञ्जन मिश्रले चितवनको नारायणगढस्थित एक होटलमा बलात्कार प्रयास गरेको आरोपमा पीडित महिलाले ०६९ माघ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। घटनाको अनुसन्धानपछि प्रहरीले मिसिल जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा बुझाएको जिल्ला प्रहरी कार्यालयका सई रमेशराज कोइरालाले जनाए। आरोपित मिश्र यस वर्षको अन्त्यसम्म फरार छन्।

घरेलु हिंसा

परिवारजनबाट हत्या

अयोध्यापुरी गाविस-९ की २७ वर्षीया जुना प्रजालाई ०६९ फागुन १५ गते पति २८ वर्षीय प्रेम प्रजाले पिप्ले गाविस-५, गलानचोकस्थित जुनाकी दिदीको घरमा कुटपिट गरी हत्या गरे। सामान्य बादविवादका क्रममा पतिको कुटपिटबाट गम्भीर घाइते भएकी जुनाको उपचारका क्रममा भरतपुर अस्पतालमा सोही दिन बेलुका मृत्यु भएको थियो। दोषीलाई कारबाहीको माग गरी जुनाको माइती पक्षले ०६९ फागुन १७ गते इलाका प्रहरी कार्यालय, खैरहनीमा उजुरी दियो। प्रहरीले आरोपित प्रेमलाई घटना भएकै दिन गिरफ्तार गरेकामा घटनाको अनुसन्धानपश्चात् जिल्ला अदालतमा पेस हुँदा अदालतको ०६९ चैत ९ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

नवलपरासी कोटथर गाविस-३ घर भई हाल भरतपुर नपा-१३, आनन्दचोक बस्ने ३४ वर्षीया फूलमाया विश्वकर्माको ०६९ फागुन २० गते बिहान घरायसी विषयमा विवाद हुँदा पति ३६ वर्षीय मोहनबहादुर विश्वकर्माले लाठीले टाउकामा प्रहार गर्दा उनको घटनास्थलमै मृत्यु भयो। मृतकका माइती पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। आरोपितलाई घटना भएकै दिन नवलपरासी, गैँडाकोटको काङ्ग्रेस चोकनजिकबाट गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो। घटनाको अनुसन्धानपश्चात् प्रहरीले ०६९ चैत ११ गते सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा मुद्दा दायर गरेकामा अदालतको ०६९ चैत १४ गतेको आदेश अनुसार आरोपित पुर्पक्षका लागि थुनामा थिए। चितवन जिल्ला अदालतको ०७० भदौ ३१ गतेको फैसला अनुसार आरोपितलाई १० वर्ष कैद सजायको आदेश भएको छ।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय ७९ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। यसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ६०, खानलाउन नदिएका ९८, विवाह दर्ता

तथा नागरिकता नबनाएका ८०, अर्की पत्नी ल्याएर हेला गरेकामा २८, मार्ने धम्की दिइएकामा १२ र बोक्सीको आरोप लगाएको घटनामा एक पीडित भएको उल्लेख छ। यीमध्ये प्रहरीले २ सय ५० ओटा घटनामा मिलापत्र गराएको र २९ ओटा घटनामा मिलापत्र हुन नसकी अदालती प्रक्रियाका लागि गएको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

गैरराज्यपक्षबाट

स्थानीय बासिन्दाबाट

भरतपुर नपा-१० स्थित रहेको भरतपुर माविमा ०७० वैशाख ११ गते राति सोही ठाउँ बस्ने २० वर्षीय भूपेन्द्र खड्कालगायत पाँच जनाको सङ्ख्यामा आएको समूहले विद्यालयमा प्रवेश गरी विद्यालयमा तोडफोड गऱ्यो। विद्यालयले ०७० वैशाख १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गऱ्यो। सो समूहले विद्यालयका पाँचओटा ट्वाइलेटका सिट फुटाउनुका साथै कक्षाकोठामा झुन्ड्याइएका पङ्खासमेत खोली तोडफोड गरेको उजुरीमा उल्लेख छ। विद्यालयका चौकीदारका छोरा मिलन गुरुङले घटनामा संलग्न उनीहरूमध्ये भूपेन्द्र खड्कालाई नियन्त्रणमा लिई प्रहरीलाई बुझाएका थिए भने अन्य व्यक्तिको हालसम्म पहिचान हुन नसकेको र किटानी जाहेरीमा पनि भूपेन्द्र खड्काको मात्र नाम रहेको प्रहरीले जनायो। तोडफोडबाट लगभग ५० हजार रुपियाँबराबरको क्षति भएको सोही विद्यालयका प्रधानाध्यापक खेमनारायण पौडेलले बताए। जिल्ला प्रशासन कार्यालयको ०७० वैशाख २३ गतेको निर्णय अनुसार आरोपित खड्का ५ हजार रुपियाँ धरौटीमा रिहा भए।

भरतपुर नपा-१० स्थित चितवन मेडिकल कलेज भरतपुरमा ०७० असोज १५ गते उपचारका क्रममा बिरामीको मृत्यु भएपछि मृतकका आफन्तले तोडफोड गरे। असोज १० गते मिर्गौलाको उपचारका लागि अस्पतालमा भर्ना भएका जुटपानी गाविस-३ का ५५ वर्षीय छविलाल लम्सालको असोज ११ गते अप्रेसन भएको र होसमा नै नआई असोज १५ गते बिहान मृत्यु भएपछि गाउँबाट तीनओटा ट्र्याक्टरमा आएका युवाहरूको समूहले अस्पतालमा तोडफोड गरेको थियो। तोडफोडबाट अस्पतालको अगाडिका १४ ओटा सिसाको ढोका र १२ ओटा सिसाका झ्याल फुटेको जिल्ला प्रहरी कार्यालयले जनायो। पीडित परिवारले अप्रेसनपछि लम्सालको होस नै नआई निधन भएको दावी गऱ्यो। अस्पतालमा भएको तोडफोडको घटनामा संलग्न भएको आरोपमा जुटपानी गाविस-३ का ३८ वर्षीय तुलबहादुर मगर र १८ वर्षीय उमेश मोक्तानलाई प्रहरीले सोही स्थानबाट गिरफ्तार गऱ्यो। अस्पताल प्रशासनले तोडफोडबाट लाखौँको क्षति भएको जनायो। गिरफ्तार भएकाहरूलाई प्रहरीले अनुसन्धानपश्चात् जिल्ला प्रशासन कार्यालय पेस गर्दा असोज १८ गतेको आदेशले आरोपितहरू जनही ५ हजार रुपियाँ धरौटीमा रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	२४		
उपस्वास्थ्यचौकी	१२		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	५	५	
स्टाफ नर्स	१४	१४	
ल्याब असिस्टेन्ट	७	७	
अहेब	१०८	५५	५
अनमि	७०	७०	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	३२	१८	१४

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १६ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यानका १३, ज्यान मार्ने उद्योगका १२, गर्भपतनका एक, जबरजस्ती करणीका १८, मानव बेचबिखन तथा ओसारपसारका तीन, बहुविवाहका ११, केही सार्वजनिक अपराधका १ सय ९३, मानिस अपहरणका एक, अपहरण उद्योगका एक, हातहतियार खरखजानाका दुई, विस्फोटक पदार्थका एक, आत्महत्याका १ सय ३२ ओटा घटना दर्ता भए।

२.११ मकवानपुर



जिल्ला सदरमुकाम: हेटौँडा
क्षेत्रफल (वर्ग कि. मि.): २,४२६
घरधुरी सङ्ख्या: ८६,१२७
जम्मा जनसङ्ख्या: ४,२०,४७७
पुरुष: २,०६,६८४
महिला: २,१३,७९३
अपाङ्ग सङ्ख्या: ८,४६७
गाविस/नपा सङ्ख्या: ४३/१
पुरुष साक्षरता सङ्ख्या: १,४६,२२२
महिला साक्षरता सङ्ख्या: १,२३,२०२
हिन्दू धर्मावलम्बी प्रतिशत: ४८.२६
बौद्ध धर्मावलम्बी प्रतिशत: ४५.५७
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.४२
किराँत धर्मावलम्बी प्रतिशत: ०.०५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ४.८४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.६६
वोन धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.१९२
प्रतिपरिवार सरदर सङ्ख्या: ४.८८

नागरिक तथा राजनीति अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

कलैया नपा-७ का १७ वर्षीय राकेश यादवको पूर्व-पश्चिम राजमार्गको मकवानपुर बसामाडी गाविस-२, तीनताप्केमा ०७० कात्तिक २८ गते राति गुडिरहेको यात्रुवाहक बसमा अज्ञात समूहले प्रहार गरेको पेट्रोल बमबाट ०७० मङ्सिर ११ गते मृत्यु भयो। शिक्षण अस्पताल, काठमाडौँमा उपचारका क्रममा उनको मृत्यु भयो। अज्ञात समूहले प्रहार गरेको पेट्रोल बमबाट १२ जना यात्रु घाइते भए। घाइतेलाई उपचारका लागि काठमाडौँ लगिएको थियो। यादव बम प्रहारबाट जलेका थिए। सुरक्षाकर्मीको स्कर्टिङमा नारायणगढतर्फ गइरहेको बसमा राजमार्ग छेउमा बसेर अज्ञात व्यक्तिहरूले बसका चालक ४० वर्षीय भोला साहमाथि पेट्रोल बम प्रहार गरेका थिए। चालकलाई पेट्रोल बम लागेपछि बस सडक छेउमा गएर पल्टिएको थियो। कलैयाबाट काठमाडौँतर्फ गइरहेको अनमोल ट्राभल्सको ना४ख ९८३६ नम्बरको बसमा पेट्रोल बम प्रहार गरेका थिए। सडक छेउको जङ्गलमा लुकेर बसेका २ देखि ३ जनाले बसका चालकलाई दुईओटा पेट्रोल बम प्रहार गरेका थिए। बम प्रहारपश्चात् बस सडक छेउमा पल्टेर बसको अगाडीको भाग जल्न थालेपछि यात्रुहरू सिसा फुटेको ठाउँबाट बाहिर निस्केर बाँचेका थिए। बसमा ४० जनाभन्दा बढी यात्रुहरू थिए। हेटौँडाबाट करिब १२ किलोमिटरको दूरीमा एकान्तस्थलमा पेट्रोल बम प्रहार गरेका थिए। नेपाल सरकारले मृतक परिवारलाई राहतका लागि १० लाख रुपियाँ उपलब्ध गराएको छ।

जेल र बन्दी

जिल्ला कारागार शाखा, भीमफेदीको 'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता १ हजार २ सय जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २ सय ५ र कैद नतोकिएका ३ सय ९९ कैदी र थुनुवा गरी जम्मा ५ सय ४ जना रहेका छन्। जसमा महिला तथा बालबालिका छैनन्।

मकवानपुरको पूर्वसदरमुकाम भीमफेदीको यो जेल अत्यन्त जीर्ण भएको र भीमफेदीको हावापानी उपयुक्त भएकाले सरकारले निर्माण गरेको क्षेत्रीय कारागार भीमफेदीको महिला वार्डमा पुरुष बन्दीहरू राखिएका छन्। क्षेत्रीय कारागार भीमफेदीमा महिला वार्ड मात्र तयार भएकाले यस जेलमा रहेका पुरुष बन्दीहरूलाई ०६८ भदौ १४ गतेदेखि उक्त कारागारमा स्थानान्तरण गरिएको हो। कारागार विभागले पुरुष वार्ड पनि निर्माण गर्न थालेको छ। महिला वार्ड र पुरुष वार्डमा गरेर १ हजार २ सय बन्दी अटाउने जेलर चिरञ्जीवी थापाले बताए। यहाँका महिला बन्दीलाई वीरगन्जमा पठाउने गरिएको छ। जेलमा टेलिभिजनका साथै टेलिफोनको पनि सुविधा रहेको बन्दी हरिकृष्ण श्रेष्ठले बताए। पानी, शौचालय र बिजुलीको व्यवस्था हुनुका साथै खुला ठाउँ पनि छ। क्षमताभन्दा बढी

भएकाले बन्दीहरूलाई सुत्न र शौचालयको समस्या छ। बन्दीहरूलाई पढ्न, लेख्नका लागि पुस्तकालयको पनि व्यवस्था छ। कारागारका बन्दीहरूले रेडियो सुन्ने र पत्रपत्रिकाहरू पढ्ने अवसर पाएका छन्। भलिबल, चेस, लुडो र क्यारमबोर्ड पनि छ। बन्दीहरूले बाँसका मुढा बनाएर आयआर्जन गर्ने गरेका छन्। पाँच वर्षभित्रमा सम्पन्न गरिसक्ने लक्ष्यका आधारमा निर्माण कार्य सुरु भएको चार वर्ष पूरा भएको छ। क्षेत्रीय कारागार भीमफेदीमा पढ्ने स्कुलको भने चर्को अभाव रहेको छ।

गोली/विस्फोटक पदार्थद्वारा घाइते गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

हेटौँडा नपा-५ निवासी काङ्ग्रेस मकवानपुरका जिल्ला सचिव ५० वर्षीय विष्णु दाहाल, हेटौँडा नपा-२ निवासी शिक्षक सङ्घका नेता ५० वर्षीय पीताम्बर बास्तोला, छतिवन गाविस निवासी काङ्ग्रेसका स्थानीय कार्यकर्ता ३५ वर्षीय भक्त थिङ र ३३ वर्षीय शङ्कर जिम्वा ०७० कात्तिक २७ गते बेलुका छतिवन गाविस-५, गोठखोलामा अज्ञात समूहले जिपलाई लक्षित गरी प्रहार गरेको बमको छर्रा लागेर घाइते भए। उनीहरूको हेटौँडा अस्पतालमा उपचार गरियो। फापरबारीमा काङ्ग्रेसका उम्मेदवारको निर्वाचन प्रचारप्रसार गरेर फर्केका काङ्ग्रेस कार्यकर्ताहरूलाई लक्षित गरी बम विस्फोट गराइएको थियो। बम प्रहारबाट गाडीमा सामान्य क्षति पुगेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरी दुईओटा अदालत छन्। पुनरावेदन अदालत हेटौँडामा गत वर्ष ३ हजार ८ सय २६ थान मुद्दा थिए। तीमध्ये

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते	१	६	७
बालअधिकार	१३		१३
महिलाअधिकार	१३		१३
जातीय विभेद	१		१
हत्या	३	३	५
जम्मा	३०	९	३९

२ हजार ३ सय ९० थान मुद्दा फर्स्यौट भए भने १ हजार ४ सय ३६ थान फर्स्यौट हुन बाँकी रहे। ०७० मङ्सिर मसान्तसम्म जिम्मेवारी सरेर आएका १ हजार ४ सय ३६ र यस वर्ष दर्ता भएका १ हजार ३ सय २६ थानमध्ये २ हजार ७ सय ६२ थान मुद्दा पुनरावेदन अदालतमा रहेका छन्। तीमध्ये ७ सय ३४ मुद्दा फर्स्यौट भइसकेका छन्। २ हजार २८ मुद्दा फर्स्यौट हुन बाँकी रहेको निमित्त रजिस्ट्रार जितेन्द्र थपलियाले बताए। अदालतमा यस वर्षदेखि ११ ओटा न्यायाधीशको दरबन्दी रहेको छ। त्यसमध्ये १० जना नियमित कार्यरत छन्।

पुनरावेदन अदालतमा गत वर्ष दुनियावादी देवानीतर्फ जिम्मेवारी सरेर आएका ७ सय २८ थान र यस वर्ष दर्ता भएका ५ सय ७२ गरी १ हजार ३ सय थान मुद्दा रहेकामा ३ सय ५५ फर्स्यौट भएका छन् भने ९ सय ४५ फर्स्यौट हुन बाँकी रहेका छन्। फर्स्यौट हुन बाँकी रहेकामध्ये एक वर्ष नाघेका आठ थान मुद्दा छन्। दुनियावादी फौजदारीमा १ सय ३० थान जिम्मेवारी सरेर आएका छन् भने यस वर्ष दर्ता भएका १ सय ७९ थान मुद्दा गरी ३ सय ९ थान मुद्दा छन्। जसमध्ये ६९ थान फर्स्यौट भएका छन् भने २ सय ४० फस्यौट हुन बाँकी रहेका छन्। ६ थान मुद्दा एक वर्ष नाघेका छन्। सरकारवादी फौजदारीमा गत वर्षको जिम्मेवारी सरेर आएका ४ सय ४१ र यस वर्ष दर्ता भएका ४ सय ३२ गरी ८ सय ७३ थान मुद्दामा १ सय ९३ फर्स्यौट भएका छन्। ६ सय ८० थान मुद्दा फर्स्यौट हुन बाँकी छन्। निषेधाज्ञा गत वर्षको जिम्मेवारी सरेर आएका ४६ र हालसम्म दर्ता भएका ५० गरी ९६ मुद्दामा ४५ थान फर्स्यौट भएका छन्। वाणिज्यतर्फ जिम्मेवारी सरेर आएका नौ र यस वर्ष दर्ता भएका तीन गरी १२ थान मुद्दा छन्। त्यसमध्ये एकको मात्र फैसला भएको छ, ११ थान बाँकी छन्। पुनरावेदन अदालतमा गत वर्ष जिम्मेवारी सरेर आएका १ हजार ४ सय ३६ र ०७० मङ्सिर मसान्तसम्म दर्ता भएका १ हजार ३ सय २६ गरी २ हजार ७ सय ६२ थान मुद्दा पुनरावेदन अदालतमा रहेका छन्। तीमध्ये ७ सय ३४ मुद्दा फर्स्यौट भइसकेका छन्। २ हजार २८ मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्। दुई वर्ष नाघेको एउटा मुद्दा पनि छैन।

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ६ सयमध्ये ४ सय ९६

थानको फैसला भयो भने १ सय ४ थान बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ९४ थानमध्ये ३ सय थानको फैसला भयो भने ९४ थान बाँकी रहे। गत आर्थिक वर्षमा फौजदारी र देवानी गरी ९ सय ९५ थान मुद्दा दर्ता भएका थिए। तीमध्ये ७ सय ९७ मुद्दा अर्थात् ८० दशमलव १० प्रतिशत मुद्दा फैसला गरेर यस अदालतले इतिहास कायम गरेको छ। जिल्ला अदालत मकवानपुरको इतिहासमा यसअघि ८० प्रतिशत मुद्दा फैसला भएको छैन।

०७० साउनदेखि पुस १६ गतेसम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय ३९ थानमध्ये ५६ थानको फैसला भयो भने २ सय ३१ थान बाँकी रहे। देवानी मुद्दातर्फ २ सय २ थानमध्ये ८० थानको फैसला भयो भने १ सय ८३ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन्। देवानीतर्फ १ सय ७९ मुद्दा छन्। त्यसमध्ये २३ थानको फैसला भयो भने १ सय ५६ थान बाँकी छन्। दुई वर्ष नाघेका मुद्दा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३ सय १६ थानमध्ये २ सय ९ फर्स्यौट भएका छन्। १ सय ६६ सफल भएका छन् भने ४३ असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या १५ थान छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १ सय ७ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १५ थानमध्ये १२ थानको फैसला भयो। १० सफल र दुई असफल भए। तीन फैसला हुन बाँकी छन्। बलात्कारसम्बन्धी परेका २१ थान मुद्दामध्ये १७ सफल र दुई असफल भए भने चार थानको फैसला हुन बाँकी छ। मानव बेचबिखनसम्बन्धी पाँच मुद्दामध्ये तीनको फैसला भयो। दुई थान सफल भए भने एक असफल र दुई बाँकी छन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या १ सय १० थानमध्ये २२ थान मुद्दाको फैसला भयो। यस अवधिमा निर्वाचनका कारणले मुद्दा थोरै फैसला भएका छन्। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म १ सय ७ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

धम्की कुटपिट

गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

हेटौँडा नपा-९ घर भएका टीसीएन, हेटौँडाका कार्यालय सहायक ५४ वर्षीय सागरबहादुर गुरुङलाई अज्ञात व्यक्तिहरूले ०७० मङ्सिर २ गते पदमपोखरी गाविस-४, सिक्रेनीमा खुकुरी प्रहार गरी घाइते बनाए। पदमपोखरी गाविस-५, बुद्ध माविको मतदान केन्द्रबाट घर फर्कने क्रममा गुरुङलाई खुकुरी प्रहार गरिएको थियो। घाइते गुरुङको हेटौँडा अस्पतालमा उपचार भयो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र सङ्गठित हुने अधिकार)

नेकपा-माओवादीका कार्यकर्ता तथा हेटौँडा सुपर लिमिकोट्सका मजदुर नेता ३४ वर्षीय कृष्णराज कोइराला, हेटौँडा-४ का ३२ वर्षीय रेविन्द्र देउला, नेकपा माओवादी (मातृका समूह)का ३७ वर्षीय गोकुल दाहालसहित ३२ जनालाई ०६९ फागुन २३ गतेको बन्द आह्वानका क्रममा प्रहरीले गिरफ्तार गऱ्यो। जबरजस्ती उद्योग बन्द गर्न खोजेको आरोपमा उनीहरूलाई प्रहरीले औद्योगिक क्षेत्रबाट गिरफ्तार गरी सोही दिन बेलुका रिहा गऱ्यो।

मकवानपुर-३ का एमाओवादी उम्मेदवार प्रल्हाद लामिछानेको चुनाव प्रचारप्रसारमा प्रयोग गरिएको बाइच ५९५६ नम्बरको जिपमा ०७० कात्तिक १० गते राति अज्ञात व्यक्तिले आगजनी गरेर क्षति पुऱ्याए। जिप हेटौँडा नपा-५ स्थित घर- कम्पाउन्डमा राखिएको थियो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७८ हजार २ सय ४७ मध्ये ७४ हजार ६ सय ८५ विद्यालय जान्छन्। छात्र ३७ हजार १० र छात्रा ३७ हजार ६ सय ७५ प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३ हजार ८ सय २३ र छात्र ३ हजार १ सय ५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ७ सय ४३ र पुरुष १ हजार १ सय ३४ गरी जम्मा १ हजार ८ सय ८७ शिक्षक कार्यरत छन्। निमावि तहमा महिला १ सय

६५ र पुरुष ३ सय गरी जम्मा ४ सय ६५ शिक्षक कार्यरत छन्। यसै गरी माथि तहमा महिला ६० र पुरुष २ सय ३१ गरी जम्मा २ सय ९१ शिक्षक रहेका छन्।

मकवानपुरका पढ्ने उमेरका करिब पाँच प्रतिशत बालबालिकाले अझै पनि स्कुल देखेका छैनन्। गरिबी, अशिक्षा र स्कुल पहुँचमा नभएकाले जिल्लाका करिब ३ हजार ६ सय बालबालिका पढ्ने अवसरबाट वञ्चित रहँदै आएका हुन्। जिल्ला शिक्षा कार्यालयका अनुसार पाँच वर्षदेखि नौ वर्ष उमेरसम्मका मकवानपुरमा ७८ हजार २ सय ४७ बालबालिका रहेका छन्। तीमध्ये ७४ हजार ६ सय ८५ बालबालिकाले मात्र पढ्ने अवसर पाएका छन्। ३ हजार ५ सय ६२ बालबालिका पढ्ने अवसरबाट वञ्चित रहँदै आएका छन्। अशिक्षा, गरिबी र स्कुल पहुँचमा नभएकाले ती ३ हजार ५ सयभन्दा बढी बालबालिका पढ्ने अवसरबाट वञ्चित रहेका छन्। मुख्य गरी खाद्य सुरक्षा अभावले गर्दा जिल्लाका शतप्रतिशत बालबालिकालाई स्कुल प्रवेश गराउन नसकिएको शिक्षा कार्यालयका अधिकृत युवराज दाहालले बताए। स्कुलमा मात्र होइन, प्रारम्भिक बालविकास केन्द्रमा (ईसीडी)मा पनि जिल्लाका करिब ६ प्रतिशत बालबालिका आएका छैनन्। तीनदेखि चार वर्ष उमेरका जिल्लामा करिब २२ हजार ८४ बालबालिका छन्। तीमध्ये १६ हजार ८ सय ९१ बालबालिका मात्र प्रारम्भिक बाल विकास केन्द्रमा आउने गर्छन्। "प्रारम्भिक बालविकास केन्द्र स्कुल प्रवेश गर्ने मुहान हो"- शिक्षा कार्यालयका उपसचिव हिम शर्माले भने- "विद्यालयको पहुँचबाहिर रहेका ६ प्रतिशत बालबालिकालाई स्कुलमा प्रवेश गराउन विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छौं। मकवानपुरका ६ प्रतिशत बालबालिका विद्यालय नआएका मात्र होइनन्, एक कक्षामा भर्ना भएका विद्यार्थीमध्ये २१ प्रतिशत विद्यार्थीले एक वर्षभित्रैमा स्कुल छाड्ने गर्छन्। "एक कक्षामा भर्ना भएका विद्यार्थीमध्ये ३३ प्रतिशत मात्र १० कक्षासम्म पुग्छन्। ६७ प्रतिशत ड्रपआउट हुन्छन्"- उपसचिव शर्माले भने। मकवानपुरमा सामुदायिक र संस्थागत गरेर ६ सय ४ ओटा विद्यालय छन्। ५ सय २४ ओटा प्रारम्भिक बाल विकास केन्द्रहरू छन्। मकवानपुरको कुल जनसङ्ख्यामध्ये ६७ दशमलव ८५ प्रतिशत जनसङ्ख्या मात्र साक्षर छ। महिला ६० दशमलव ५९ प्रतिशत साक्षर छन् भने पुरुष ७५ दशमलव ४१ प्रतिशत साक्षर छन्।

बालविवाह

राईगाउँ गाविस-९ की १२ वर्षीया एक बालिकालाई ०६९ माघ २० गते सिन्धुलीका २८ वर्षीय बलबहादुर योञ्जनसँग अभिभावकले जबरजस्ती विवाह गरिदिए। उक्त बालविवाहलाई सिविन हेल्पलाइनलगायत गैरसरकारी संस्थाहरूको सहयोगमा प्रहरी कार्यालय, हेटौँडाबाट खारेज गरियो। दोषीहरूलाई कारबाही भने भएन।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

१७ वर्षीया एक बालिकालाई ०७० असार ११ गते हेटौँडाको नारायणी लजमा लगेर ६ जना युवाले सामूहिक बलात्कार गरेको आरोपमा हेटौँडा नपा-५ का २२ वर्षीय लक्ष्मण खत्री, भीमफेदी गाविस-६ का १८ वर्षीय विकास भनिने कान्छामान स्याङ्तान, आमभन्ज्याङ गाविस-७ का २५ वर्षीय होम स्याङ्तान, चित्लाङ गाविसका २५ वर्षीय हरि अर्याल, हेटौँडा नपा-४ का २५ वर्षीय सुयस ढकाल र भारत, चम्पानगर घर भई हेटौँडा नपा-३ बस्ने २४ वर्षीय गोपी सर्राफलाई प्रहरीले ०७० असार १२ गते गिरफ्तार गरेकामा ०७० साउन १९ गतेको जिल्ला अदालतको आदेश अनुसार आरोपित ६ जना पुर्पक्षका लागि थुनामा छन्। पीडितको स्वास्थ्य परीक्षण ०७० असार १२ गते हेटौँडा अस्पतालमा गरिएको थियो। ०७० असार १२ गते जिल्ला प्रहरी कार्यालय, हेटौँडामा पीडितले उजुरी दिएकी थिइन्।

१४ वर्षीया एक बालिकालाई ०७० असार ८ गते हेटौँडा नपा-४ का २४ वर्षीय अशोक देउलाले बलात्कार गरेको आरोपमा प्रहरीले ०७० असार ९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०७० पुस २३ गतेको आदेश अनुसार पीडक देउलालाई १० वर्ष कैद गर्ने फैसला गरेको छ भने २५ हजार रुपियाँ पीडितलाई पीडकबाट भराउने आदेश भएको छ। पीडितको स्थानीय अस्पतालमा उपचार भयो।

पाँच वर्षीया एक बालिकालाई ०७० साउन २ गते आग्रा गाविस-३ का १८ वर्षीय सुकमान स्याङ्तानले बलात्कार गरेको आरोपमा प्रहरीले ०७० साउन ४ गते आरोपितलाई गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण ०७० साउन ३ गते प्राथमिक स्वास्थ्य केन्द्र, पालुङमा भएको थियो। पीडकलाई जिल्ला अदालत मकवानपुरको ०७० पुस १४ गतेको फैसला अनुसार १२ वर्ष कैद गर्ने फैसला गर्नुका साथै १ लाख

रुपियाँ क्षतिपूर्तिस्वरूप पीडकबाट पीडितलाई भराउने फैसला गरेको छ।

आठ वर्षीया एक बालिकालाई हटिया गाविस-८ बस्ने ३८ वर्षीय चन्द्रप्रसाद खतिवडाले ०७० कात्तिक ७ गते बलात्कार गरेको आरोपमा आरोपितलाई प्रहरीले कात्तिक ९ गते गिरफ्तार गऱ्यो। मङ्सिर १० गतेको अदालतको आदेशबमोजिम आरोपितलाई पुर्पक्षका लागि थुनामा राखिएको छ। पीडितको स्वास्थ्य परीक्षण कात्तिक ८ गते हेटौँडा अस्पतालमा गरिएको थियो।

६ वर्षीया एक बालिकालाई ०७० कात्तिक १५ गते हाँडीखोला गाविस-१, चकरीमा बस्ने ३८ वर्षीय वीरमान घलानले यौन दुर्व्यवहार गरेको आरोपमा आरोपितलाई प्रहरीले कात्तिक १७ गते गिरफ्तार गरी मङ्सिर ११ गतेको जिल्ला अदालत, मकवानपुरको आदेश अनुसार थुनामा राखेको छ। पीडितको स्वास्थ्य परीक्षण कात्तिक १६ गते हेटौँडा अस्पतालमा गरिएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

सुस्त मनस्थितिकी २८ वर्षीया युवतीलाई ०६९ चैत १८ गते बेलुका हेटौँडा नपा-७ बस्ने २२ वर्षीय राजेश परियारले बलात्कार गरेको आरोपमा पीडित पक्षले चैत १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गऱ्यो। बलात्कारको आरोपमा चैत २० गते गिरफ्तारीमा परेका परियारलाई जिल्ला अदालतको ०७० वैशाख १० गतेको फैसलाले १० वर्ष कैद र पीडितलाई १ लाख रुपियाँ क्षतिपूर्ति भराउने आदेश गऱ्यो। पीडितको चैत १९ गते हेटौँडा अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो।

१८ वर्षीया एक किशोरीलाई कोरियाका ५० वर्षीय किम ज्याङ योङले ०७० भदौ ११ गते बलात्कार गरेको आरोपमा प्रहरीले भदौ १३ गते गिरफ्तार गऱ्यो। आरोपित असोज १५ गतेको जिल्ला अदालतको आदेश अनुसार पुर्पक्षका लागि थुनामा छन्। पीडितको भदौ १३ गते हेटौँडा अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। पीडितले भदौ १२ गते जिल्ला प्रहरी कार्यालय, हेटौँडामा उजुरी दिएकी थिइन्।

२६ वर्षीया बोल्न नसक्ने एक महिलालाई ०७० भदौ १४ गते बेलुका पदमपोखरी गाविस-४ स्थित मन्दिरनजिकको जङ्गलमा ६ जना युवाले सामूहिक बलात्कार गरेको आरोपमा पीडित पक्षले भदौ १५ गते पदमपोखरी प्रहरी चौकीमा लिखित उजुरी दियो। आरोपितहरूलाई प्रहरीले गिरफ्तार गर्न सकेको छैन। पीडितको स्वास्थ्य परीक्षण भएन।

१९ वर्षीया एक किशोरीलाई ०७० भदौ २४ गते धानबालीमा बलात्कार गरेको आरोपमा हेटौँडा नपा-५ बस्ने २० वर्षीय रितेश ढकाललाई प्रहरीले भदौ २५ गते गिरफ्तार गऱ्यो। आरोपित ढकाल असोज १३ गतेको जिल्ला अदालतको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा छन्। पीडितको भदौ २५ गते हेटौँडा अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो भने पीडितले सोही मितिमा प्रहरीमा उजुरी दिएका थिए।

बोल्न नसक्ने २१ वर्षीया युवतीलाई ०७० असोज २६ गते हर्नामाडी गाविस-८ का ४० वर्षीय मणिराज बास्तोलाले बलात्कार गरेको आरोपमा प्रहरीले असोज २८ गते गिरफ्तार गऱ्यो। आरोपितलाई कात्तिक १० गतेको जिल्ला अदालतको आदेश अनुसार पुर्पक्षका लागि थुनामा राखिएको छ। पीडितको स्वास्थ्य परीक्षण असोज २७ गते हेटौँडा अस्पतालमा गरिएको थियो। पीडितले हर्नामाडीस्थित प्रहरी चौकीमा असोज २७ गते उजुरी दिएकी थिइन्।

२४ वर्षीया सुस्तमनस्थितिकी एक महिलालाई हटिया गाविस-८ का २२ वर्षीय विक्रम घलानले ०७० कात्तिक ८ गते बलात्कार गरे। आरोपितलाई प्रहरीले कात्तिक ९ गते गिरफ्तार गरेकामा जिल्ला अदालतको मङ्सिर १० गतेको आदेशबमोजिम हाल उनी पुर्पक्षका लागि थुनामा छन्। पीडितको स्वास्थ्य परीक्षण हेटौँडा अस्पतालमा कात्तिक ९ गते गरिएको थियो भने सोही मितिमा हर्नामाडीस्थित स्वास्थ्य चौकीमा पीडितले उजुरी दिएकी थिइन्।

अमानवीय व्यवहार

हेटौँडा नपा-३ की १८ वर्षीया बिन्दावासिनी कंसाकारको अनुहारमा ०७० वैशाख ३० गते भारत घर भई हेटौँडा नपा-१० बस्ने २० वर्षीय राजकेशरी साहले तेजाब छ्यापेर फरार भए। तेजाबले पीडितको अनुहार पूर्ण रूपमा प्रभावित भएको छ। पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। घटनामा संलग्न साहलाई हालसम्म प्रहरीले गिरफ्तार गर्न सकेको छैन। आरोपित फरार छन्।

परिवारजनबाट हत्या

भार्ता गाविस-४, पाखेकी ४६ वर्षीया तुल्सीमाया मुक्तानलाई ०७० वैशाख ५ गते १८ वर्षीय

सौतेला छोरा राजेन्द्र मुक्तानले टाउकामा चिर्पटले हिर्काएर हत्या गरे। आरोपित मुक्तानलाई प्रहरीले वैशाख ६ गते गिरफ्तार गरेकामा जिल्ला अदालतको जेठ ९ गतेको आदेश अनुसार पुर्पक्षका लागि थुना राखिएको छ। हेटौँडा अस्पतालमा वैशाख ७ गते लासको पोस्टमार्टम गरिएको थियो। सौतनी आमासँग पैसा माग्दा नदिएको झोँकमा चिर्पटले हिर्काएर हत्या गरेको आरोपितले बयान दिएका थिए।

पालुङ गाविस-७, सोल्टुकी २५ वर्षीया सुभद्रा कार्कीको ०७० असोज २१ गते कुटपिट गरेर हत्या गरेको आरोपमा ससुरा ५३ वर्षीया सीताराम थापा, सासू ५४ वर्षीया तुलसा थापा र पति २१ वर्षीय मणि थापालाई प्रहरीले असोज २५ गते गिरफ्तार गरेकामा आरोपित तीनै जनालाई जिल्ला अदालत, मकवानपुरको कात्तिक १५ गतेको आदेश अनुसार पुर्पक्षका लागि थुनामा राखेको छ। असोज २२ गते प्राथमिक स्वास्थ्य केन्द्र पालुङमा पोस्टमार्टम गरिएको थियो। हत्याको कारण खुल्न सकेको छैन।

घरेलु हिंसा

भीमफेदी गाविस-६ की ४९ वर्षीया चम्पामाया सुनारलाई ०७० साउन २५ गते पति ५५ वर्षीय रामचन्द्र सुनारले यौनसम्पर्क गर्न नदिएको भन्दै कुटपिट गरेर घरबाट निकाला गरे। पीडित सुनारले जिल्ला अदालत मकवानपुरसमक्ष साउन २६ गते पतिविरुद्ध घरेलु हिंसामा मुद्दा दर्ता गराएकी छन्। आरोपित अदालतमा नै उपस्थित हुन आएनन्।

यसै गरी यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय १ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। उजुरीमध्ये कुटपिट गरी घरनिकाला गरिएका ५५, खानलाउन नदिएका २, विवाह दर्ता तथा नागरिकता नबनाएका दुई, अर्की पत्नी ल्याएर हेला गरेका ३५, मार्ने धम्की दिइएका पाँच, बोक्सीको आरोप लगाएका घटनामा दुई जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले ८५ ओटा घटनामा मिलापत्र गराएको र एउटा मात्र उजुरी अदालतसम्म पुगेको थियो।

अज्ञात समूहले यात्रु बाहक पेट्रोल बम प्रहार गरी क्षतिग्रस्त बनाइएको बस

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

एमाओवादीबाट

हेटौँडा औद्योगिक क्षेत्रका पाँचओटा उद्योग एमाओवादीनिकट मजदुरहरूले तलब वृद्धिको माग गर्दै ०७० साउन ५ गते बन्दको आह्वान गरेकामा दुवै पक्षबीच भएको सहमतिपश्चात् साउन ६ गते बन्द खुलेका थियो। नेकपा-माओवादीनिकट मजदुरले तलब वृद्धिको माग गर्दै हेटौँडास्थित सुपरलेमिकोट्स प्रालि ०७० साउन ६ गतेदेखि १२ गतेसम्म बन्द गराएका थिए।

अज्ञात समूहबाट

हेटौँडा नपा-४, स्कुलरोडस्थित हेटौँडा क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको कार्यकक्षमा ०६९ फागुन १५ गते अज्ञात व्यक्तिले आगजनी गरे। आगजनीबाट स्ववियु कोठाको फर्निचर, कागजपत्र सबै जलेर नष्ट भएका थिए।

हेटौँडा नपा-२ मकवानपुर बहुमुखी क्याम्पसको ना१क ३१९३ नम्बरको विद्यार्थी बोक्ने बसमा ०७० वैशाख २९ गते क्याम्पस हातामा नै अज्ञात व्यक्तिहरूले आगजनी गरे। भारत सरकारले सहयोगस्वरूप उक्त बस सो क्याम्पसलाई उपलब्ध गराएको थियो।

धार्मिक स्वतन्त्रता

मकवानपुर जिल्लामा यस अवधिमा धर्मको कारणले कसैलाई अपमान, दुर्व्यवहार गर्ने र गाउँनिकाला गरेका घटनाहरू सार्वजनिक भएका छैनन्। यहाँ कोही-कसैले जबरजस्ती धर्म परिवर्तन र धार्मिक आस्थामा रोक लगाउने कार्य भएको देखिँदैन। यस जिल्लामा विभिन्न धर्मावलम्बीहरूको बसोवास रहेको छ। यहाँ धार्मिक समुदायबीच सहिष्णुता छ। यहाँ कुनै पक्षबाट पनि सांस्कृतिक, धार्मिक र सामाजिक परम्पराहरू मनाउन र गर्नका लागि रोक लगाइएको छैन।

भूमिहीन तथा सुकुम्वासी समस्या

दैवी प्रकोपका कारण मकवानपुर जिल्लामा बर्सेनि ३ सय ६१ परिवार सुकुम्वासी बन्ने गरेको तथ्याङ्कले देखाएको छ। राज्य वा अन्य बाह्य पक्षबाट यस वर्ष सुकुम्वासी बनेका छैनन्। चार वर्षअघि सरकारले गरेको एक सर्वेक्षण अनुसार जिल्लाको ९४ प्रतिशत भूभाग जोखिममा रहेकाले बर्सेनि आउने बाढीपहिरोबाट थप ३ सय ६१ परिवार विस्थापित हुने क्रम छ। आठ वर्षअघि सुकुम्वासी आयोगले २ हजार ८ सय परिवार सुकुम्वासी रहेको जनाएको थियो। त्यो सङ्ख्या अहिले बढेर करिब साढे ५ हजार रहेको अनुमान गरिएको छ। ०५९ र ०६० मा आएको भीषण बाढी र पहिरोका कारण ८ सय परिवार घरवारविहीन भएका थिए। उक्त परिवारका करिब ५ हजार मानिस सुकुम्वासी भएका छन्। गत वर्ष खासै वर्षा नभएकाले बाढीपहिरो यस वर्ष गएन। तर, खोलाले बगाएर तीन जनाको मृत्यु भयो। मकवानपुरका परम्परागत रूपमा बस्दै आएका र बाढीपहिरोबाट घरवारविहीन सुकुम्वासीको सङ्ख्या करिब १२ हजारको हाराहारीमा छ। ती सुकुम्वासीहरू अहिले मनहरि गाविस-३, रमनटारको जङ्गल फँडानी गरेर बसेका छन्। त्यसअघि उनीहरू मनहरि खोलाको उकास जमिनमा छाप्रो बनाएर बसेका थिए। उक्त जमिनबाट वन्यजन्तु आरक्षले उठाएपछि उनीहरू बाध्य भएर रमनटारको जङ्गल फाँडेर छाप्रो बनाएर बसिरहेका छन्। त्यहाँबाट पनि उठ्न वन कार्यालयले उनीहरूलाई दबाब दिइरहेको छ। यसै गरी विगत ९ वर्षदेखि हेटौँडा नपा-११ स्थित राप्ती बगरमा करिब २ सय ७५ सुकुम्वासीहरू छाप्रो हालेर बसिरहेका छन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	२६		
उपस्वास्थ्यचौकी	१४		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	११	८	३
स्टाफ नर्स	१४	५	५
ल्याब असिस्टेन्ट	६	४	२
अहेब	९५	५१	४४
अनमि	५२	५१	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२३	१५	८

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १६ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कारका १६ ओटा घटनामा ११ ओटा मुद्दा फैसला भइसकेका र विचाराधीन मुद्दा पाँच ओटा रहेका छन्। घरेलु हिंसाका २८ ओटा घटनामा २६ ओटा मेलमिलाप, बलात्कार प्रयासका दुई ओटा घटनामा एक ओटा फैसला भइसकेका, यौन दुर्व्यवहारका एक ओटा घटनामा एक ओटा फैसला भइसकेका, जातीय विभेदका एक ओटा घटनामा मेलमिलाप भइसकेको, कर्तव्य ज्यानका चार ओटा घटनामा चार ओटै विचाराधीन, ज्यान मार्ने उद्योगका एक ओटा घटनामा विचाराधीन रहेका, बालविवाहका एक ओटा घटनामा मेलमिलाप भइसकेको छ। यसैगरी बहुविवाहका तीन, विस्फोटक पदार्थका दुई ओटा घटना दर्ता भए।

२.१२ ललितपुर



जिल्ला सदरमुकाम: ललितपुर
क्षेत्रफल (वर्ग कि. मि.): ३८५
घरधुरी सङ्ख्या: १,०५,७५७
जम्मा जनसङ्ख्या: ४,६८,१३२
पुरुष: २,३८,०८२
महिला: २,३०,०५०
अपाङ्ग सङ्ख्या: ४,५३४
गाविस/नपा सङ्ख्या: ४१/१
पुरुष साक्षरता सङ्ख्या: २,०३,८०१
महिला साक्षरता सङ्ख्या: १,६५,८१०
हिन्दू धर्मावलम्बी प्रतिशत: ७३.५३
बौद्ध धर्मावलम्बी प्रतिशत: १५.२७
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.६६
किराँत धर्मावलम्बी प्रतिशत: १.२४
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ५.०२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०५
वोन धर्मावलम्बी प्रतिशत: ०.०२
जैन धर्मावलम्बी प्रतिशत: ०.०१
शिख धर्मावलम्बी प्रतिशत: ०.०१६
वहाई धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.१७५
प्रतिपरिवार सरदर सङ्ख्या: ४.२६

जेल र बन्दीहरू

'ग' श्रेणीको यस नख्खु कारागारको कुल बन्दी क्षमता १ सय ७५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३ सय ३५ जना र कैद नतोकिएका १ सय ९५ जना थुनुवा गरी ५ सय ३० जना रहेका छन्, जसमध्ये ६५ जना विदेशी नागरिक रहेका छन्। यस कारागारमा बालबालिका छैनन्। राणाकालीन भवनलाई ०२७ सालदेखि कारागारका रूपमा प्रयोग गरिएकाले जेल जीर्ण रहेको छ। जनरल र सीआरसी गरी यस कारागारमा दुईओटा ब्लक छन्। नख्खु जेलका जेलर चक्रपाणि गौतमका अनुसार राणाकालीन भवनलाई कारागारका रूपमा प्रयोग गरिएकाले जेल जीर्ण रहेको छ। जेलभित्र शौचालय, खानेपानी, खेलकुद सामग्री, टेलिफोन, पत्र पठाउने, रेडियो, टेलिभिजन र पुस्तकालयको व्यवस्था रहेको छ। कारागारमा बन्दीको स्वास्थ्य उपचारका लागि एक जना हेल्थ असिस्टेन्टको दरबन्दी रहेको छ। विगतदेखि नै भोग्दै आएको पानीको समस्या यस वर्ष पनि समाधान नभएको जेलर गौतमले बताए। उनका अनुसार यो वर्ष ८० जनाले निमाविमा अध्ययन गरिरहेका छन्। जेलभित्रै स्थापना गरिएको विद्यालयलाई आउने वर्ष एसएलसीसम्म पुऱ्याइने लक्ष्य रहेको छ।

ललितपुरको नख्खु जेलमा ०७० वैशाख ९ गते चौकीदार परिवर्तन गरेको विषयप्रति असहमति जनाउँदै पुराना चौकीदार र उनका केही सहयोगीहरूले आन्दोलन गरे। चौकीदारले महँगोमा सामान बेचेको र जेलरलगायतलाई पैसा उठाएको भन्दै ०७० बैशाख १७ गते राति उनीहरूले आन्दोलन गरेका हुन्। उनीहरूले चौकीदारलाई बाहिरबाट ताल्चा लगाएर केहीबेर भित्रै थुनेका थिए। उनीहरूको कब्जामा रहेका चौकीदारलाई मुक्त गरी अवस्था सामान्य बनाउन दुई जना प्रहरी कारागारभित्र छिरेका थिए। आन्दोलनकारीले नख्खु कारागारको सुरक्षामा खटिएको सशस्त्र प्रहरीका डीएसपी चेतराज जोशी र नेपाल प्रहरीका सई श्यामकुमार लिम्बूलाई जेलभित्रै केही समय नियन्त्रणमा लिएर नख्खुको दुवै ब्लकमा ताल्चा लगाएका थिए। जेल कब्जामा लिनुअगाडि कैदीहरूले नयाँ चौकीदार मोहन सहनीलाई कुटपिट गरेर कोठामा लगी थुनेका थिए। नख्खु जेलका सहायक जेलर शिवचन्द्र धितालका अनुसार झगडा मिलाउन गएका दुवै प्रहरीलाई नियन्त्रणमा लिएर जेल पूरै कब्जामा लिएको सूचना आएलगत्तै महानगरीय प्रहरी परिसर, ललितपुरका एसएसपी राजेन्द्रमान श्रेष्ठसमेत जेल पुगेका थिए। उनले कैदीको कब्जामा रहेका दुवै प्रहरीलाई मुक्त गराएको र जेलको अवस्था सामान्य बनाउन भूमिका निर्वाह गरेका थिए। १ सय ७५ जनाको क्षमता रहेको नख्खुमा जनरल र सीआरसी गरी दुईओटा ब्लकमा कैदी/बन्दीलाई राख्ने गरिएको छ।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

नेकपा-माओवादीबाट

नेकपा-माओवादीलगायतका साना दलहरूले आयोजना गरेको बन्दका क्रममा बन्दकर्ताको समूहले समाचार सम्पादनका लागि कुपण्डोल पुगेका 'डेली नेपाल न्युज' (डीएनएन) अनलाइन समाचारका सम्पादक उदयपुर, त्रिवेणी-९ घर भई काठमाडौँ मीनभवन बस्ने ३२ वर्षीय नारद बास्तोलालाई ०६९ चैत १ गते हातपात गरे। बन्दकर्ताहरूले बा१झ ८८०४ नम्बरको स्वास्थ्य सेवा विभागको (ल्यान्ड रोवर) गाडी र बा१झ ५३२५ नम्बरको स्थानीय पूर्वाधार तथा कृषि सडक आयोजना (डोलिडार)को गाडी तोडफोड गरिरहेको अवस्थमा फोटो खिच्दा उनलाई अभद्र शब्द प्रयोग गर्नुका साथै हातपात गरेका थिए। सम्पादक बास्तोलाको प्रेस कार्डसमेत बन्दकर्ताले खोसी लगेकामा उक्त प्रेस कार्ड भने कुपन्डोल प्रहरीलाई उनीहरूले बुझाएकाले पछि गएर आफूले प्राप्त गरेको बास्तोलाले बताए। घटना हुँदा प्रहरीसमेत सोही ठाउँमा भएकाले प्रहरीमा उजुरी दिनु मनासिव नभएको उनको भनाइ थियो। प्रहरी मूकदर्शक भएर बसेको उनको आरोप छ।

धादिङ जिल्ला घर भई काठमाडौँ, कालीमाटी बस्ने 'राजधानी' दैनिक पत्रिकाका प्रशासन प्रमुख ४० वर्षीय देव श्रेष्ठलाई ०७० जेठ २ गते नेकपा-माओवादीनिकट सञ्चार तथा छापाखाना मजदुर सङ्गठनमा आबद्ध मजदुरको एक समूहले कुटपिट गऱ्यो। कुटपिटबाट घाइते भएका श्रेष्ठको स्थानीय मेडिकलमा उपचार भयो। सामान्य उपचारपछि उनले प्रहरीमा सोही दिन उजुरी गरे। उनको उजुरीका आधारमा महानगरीय प्रहरी परिसर ललितपुरले नेकपा-माओवादीका कार्यकर्ता काठमाडौँ बस्ने ३४ वर्षीय अङ्गत राई र कालीकोट घर भई काठमाडौँ बस्ने ३४ वर्षीय जन्मदेव जैसीलाई गिरफ्तार गरेको थियो। राजनीतिक मुद्दा भएको भन्दै गिरफ्तार गरेको दुई दिनपछि प्रहरीले उनीहरूलाई रिहा गऱ्यो।

एमाओवादीबाट

काठमाडौँ मनपा निवासी होटल सङ्घ नेपालका प्रथम उपाध्यक्ष तथा च्याडिसन होटलका प्रबन्ध निर्देशक अन्दाजी ४९ वर्षीय विके श्रेष्ठलाई ०६९ चैत २ गते ललितपुरको भनिमण्डलमा मोटरसाइकलमा आएका नकावधारीहरूको एक समूहले आक्रमण गऱ्यो। आक्रमणबाट श्रेष्ठ चढेको गाडी पूर्ण रूपमा क्षतिग्रस्त भएको थियो भने सर्वसाधारणको बाक्लो उपस्थितिका कारण उनी सकुशल रहेको होटल सङ्घ नेपालले जनायो। आक्रमणलगत्तै मजदुर युनियन च्याडिसनका उपाध्यक्ष माधव पाण्डेले घटनाको जिम्मेवारी लिएका थिए। उनी एमाओवादीनिकट मजदुर सङ्गठनमा क्रियाशील रहेका छन्। तर, एमाओवादी मजदुर नेता शालिकराम जमरकटेलले आफूहरूको संलग्नतालाई अस्वीकार गरेका थिए। घटनाको विषयमा प्रहरीमा भने कुनै उजुरी परेको छैन।

प्यूठान जिल्ला विजुवार गाविस-२ स्थायी घर भई काठमाडौँ मनपा-१०, बानेश्वर बस्ने 'इमेज च्यानल' मा कार्यक्रम निर्माता तथा प्रस्तोताका रूपमा कार्यरत पत्रकार ४३ वर्षीय भुवन भट्टलाई ०७० जेठ ३ गते एमाओवादीका कार्यकर्ताहरूको एक समूहले ललितपुरको ग्वार्कोमा आक्रमण गऱ्यो। नेपाल प्रेस युनियनका केन्द्रीय सचिवसमेत रहेका भट्ट कामका सिलसिलामा ग्वार्को पुगेका थिए। पत्रकार भट्टमाथि आक्रमण गर्नेलाई तत्काल पहिचान गरी कारबाही गर्न नेपाल पत्रकार महासङ्घका महासचिव ओम शर्माले विज्ञप्तिमार्फत माग गरे। उनी सवार गाडी रोकेर रड तथा हेल्मेटले प्रहार गरी आक्रमण गरेको भट्टले जनाए। उनले तत्काल महानगरीय प्रहरी परिसर, ललितपुरमा आएर उजुरी दिएको भए पनि प्रहरीले उजुरी लिन नमानेको बताए। पछि गृह मन्त्रालयको तोक लगाएर उजुरी लिएर जिल्ला प्रशासन कार्यालय, ललितपुर हुँदै महानगरीय प्रहरी परिसरमा पुगेका पत्रकार भट्टले न्याय नपाएको बताए।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१
बालअधिकार			१३	१	१३
महिलाअधिकार			१०		१०
भेला/सङ्गठित हुने अधिकार	३	३			
गिरफ्तारी/यातना	६	६			
कुटपिट				५	५
हत्या				१	१
जम्मा	१०	१०	२३	८	३०

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मधेसी जनअधिकार फोरम नेपाल, ललितपुरका अध्यक्ष राजकुमार थापा, जनमुक्ति पार्टी नेपालका ललितपुर अध्यक्ष अटलमान राई र ताम्सालिङ नेपाल राष्ट्रिय दलका केन्द्रीय सदस्य बेलबहादुर तामाङलगायत ३२ जनालाई ०६९ फागुन २४ गते सवारी आवागमनमा अवरोध गरेको भन्दै ललितपुर प्रहरीले ललितपुरका विभिन्न स्थानबाट गिरफ्तार गऱ्यो। महानगरीय प्रहरी परिसर, ललितपुरका इन्स्पेक्टर नारायणकुमार प्रधानका अनुसार कुपन्डोलबाट दुईपटक गरी सात महिलासहित १५ जना, बालकुमारीबाट ६ जना र सातदोबाटोबाट ११ जनालाई गिरफ्तार गरिएको थियो। गिरफ्तारीमा परेका सबै जनालाई सोही दिन साँझ रिहा गरिएको प्रहरीले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार
जिल्ला अदालत

तीन जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारी मुद्दा ६ सय २१ र देवानी मुद्दा १ हजार ३७ गरी कुल १ हजार ६ सय ५८ थान मुद्दाको जिम्मेवारी सरेर आएको जिल्ला अदालतले जनायो। ०७० साउनदेखि पाँच जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ जिम्मेवारी सरेर आएका ६ सय २१ र यस वर्षको पुस १६ सम्मका ४ सय ९ गरी १ हजार ३० थान मुद्दामध्ये २ सय ६५ थान मुद्दाको फैसला भयो भने ७ सय ६५ थान मुद्दा बाँकी रहे। देवानी मुद्दातर्फ गत वर्षबाट जिम्मेवारी सरेर आएका १ हजार ३७ र यस वर्षको पुस १६ सम्मका ४ सय २८ गरी १ हजार ४ सय ६५ मध्ये २ सय ९४ थानको फैसला भयो भने १ हजार १ सय ७१ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ३९ र देवानी मुद्दा १ सय २१ फैसला हुन बाँकी रहे।

प्रहरीको कुटपिटबाट घाइते भएका अनेरास्ववियुका तत्कालीन सचिवालय सदस्य ऐनसिं महर र अनेरास्ववियुका कार्यकर्ता सागर भट्ट

पुनरावेदन अदालत

पुनरावेदन अदालतमा गत वर्षबाट जिम्मेवारी सरेर आएका व्यक्तिवादी देवानी शीर्षकमा २ हजार ४ सय १० र ०७० पुस १६ सम्म दर्ता भएका १ हजार २ सय ८२ गरी कुल ३ हजार ६ सय ९२ मुद्दामध्ये ९ सय ६३ थान मुद्दा फैसला भए भने २ हजार ७ सय २९ थान मुद्दा बाँकी रहे। त्यसै गरी व्यक्तिवादी फौजदारी शीर्षकमा गत वर्षबाट जिम्मेवारी सरेर आएका ७ सय ६१ र ०७० पुस १६ सम्म दर्ता भएका ३ सय ९९ सय गरी जम्मा १ हजार १ सय ६० थान मुद्दामध्ये २ सय ९७ थानको फैसला भयो भने ८ सय ६३ थान बाँकी रहे। सरकारवादी फौजदारीतर्फ गत वर्षबाट जिम्मेवारी सरेर आएका १ हजार ३ सय ८ र ०७० पुस १६ सम्म दर्ता भएका १ हजार २ सय ३ गरी जम्मा २ हजार ५ सय ११ थान मुद्दामध्ये ८ सय ७ सफल भए भने १ हजार ७ सय ४ असफल भए। पुनरावेदन अदालत, पाटनमा २९ जना न्यायाधीश कार्यरत छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

अनेरास्ववियु केन्द्रीय कमिटी सचिवालय सदस्य बझाङका ३० वर्षीय ऐनसिं महर, पाटन संयुक्त क्याम्पस स्ववियु सभापति बर्दियाका २७ वर्षीय झपिन्द्र खत्री, २३ वर्षीय सागर भट्ट, जनक सिं, छिरिङ शेर्पा, प्रवेश खत्री, राजु राजवंशीलगायतका विद्यार्थीलाई ०७० असार १२ गते पाटन क्याम्पसमा भएको झडपमा संलग्न भएको आरोपमा गिरफ्तार गरिएकामा महानगरीय प्रहरी परिसर ललितपुरको कार्यालयभित्र महानगरीय प्रहरी परिसर जावलाखेलका प्रहरीले कुटपिट गरी घाइते बनाए। घटनाको अवस्था बुझ्न गएका सञ्चारकर्मीलाई करिब दुई घन्टा बाहिरै बस्न बाध्य पारियो। इन्सेकको पहलमा उनीहरूलाई परिचयपत्र हेर्दै प्रवेश दिइएको थियो। यस विषयमा उच्चस्तरीय छानबिन समिति गठन भएको भए पनि यस वर्षको अन्त्यसम्म समितिको प्रतिवेदन सार्वजनिक गरिएन।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ३७ हजार ६ सय ९८ मध्ये छात्र १७ हजार ९ सय ९२ र छात्रा १९ हजार ७ सय ६ जना प्राथमिक तहदेखि उच्च मावि तहसम्म भर्ना भए। जसमध्ये १ हजार २ सय ७६ छात्र र १ हजार ४ सय १७ दलित विद्यार्थी भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा १ हजार ९ शिक्षक कार्यरत छन् भने निमावि तहमा ३ सय १ शिक्षक कार्यरत छन्। त्यसै गरी मावि तहमा २ सय ५६ शिक्षक रहेका छन्। जसमध्ये प्रावि तहमा १ सय ४१, निमावि तहमा ४६ र मावि तहमा ७४ जना शिक्षक राहत दरबन्दीमा कार्यरत छन्। ललितपुर जिल्ला शिक्षा कार्यालयले ललितपुर जिल्लामा १ सय ९५ प्रावि, १ सय ४ निमावि, ७४ मावि र ३९ उच्च मावि रहेको जनायो। विद्यालयबाहिरका बालबालिकाको सङ्ख्या यकिन भन्न नसकिने भन्दै कार्यालयले अधिकांश विद्यालय जाने उमेरका बालबालिका विद्यालय आउने गरेको जनायो।

अज्ञात समूहबाट

लगनखेल-रत्नपार्क चल्ने बा१ज ६२८८ नम्बरको माइक्रोबसमा ०७० कात्तिक २६ गते विहान कुमारीपाटीमा पेट्रोल बम प्रहारबाट ललितपुर उमनपा लगनखेल बस्ने चार वर्षीय बालक अभिषेक लामा सामान्य घाइते भए। घाइते बालक लामाको अल्का अस्पताल, जावलाखेलमा उपचार भयो भने माइक्रोबसमा सामान्य क्षति पुगेको थियो। पीडित परिवारले उजुरी नगरेको महानगरीय प्रहरी परिसर, ललितपुरले जनायो।

बालश्रमिकको उद्धार

ललितपुर उमनपा-२ स्थिति तपबहादुर सिलवालको घरमा घरेलु बालश्रमिकका रूपमा ०७० भदौ महिनादेखि राखिएकी १३ वर्षीया एक बालिकाको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ललितपुर जिल्ला प्रतिनिधि र सिविसका प्रतिनिधिहरूले ०७० पुस ५ गते उद्धार गरे। घरमा काम बिगारेको भन्दै घरमालिक तथा मालिकनीले पिटेको र सोही घरमा काम गर्ने अर्का १९ वर्षीय युवकले बलात्कारको प्रयास गरेको भन्दै तीन दिनअघि घर छाडेर हिँडेकी ती बालिकालाई सानेपामा नै फेला पारी उद्धार गरियो। ती बालिकाको मौखिक उजुरीका आधारमा प्रहरीले पाटन अस्पतालमा आरोपित युवक र बालिकाको स्वास्थ्य परीक्षण गराएको थियो। स्वास्थ्य परीक्षणलगत्तै बालिकालाई सिविसका प्रतिनिधि प्रदीप डङ्गोल र अञ्जना घिमिरेलाई संरक्षण गर्न जिम्मा लगाइएको थियो। बालिकाले आफूमाथि अश्लील चलचित्र देखाएर केही समयअघि र पुस २ गते बलात्कार प्रयास गरेको भन्दै बर्दिया घर भएका १९ वर्षीय सुनील यादवलाई कारबाहीको माग गरिन्। उक्त घटनाको उजुरीलगत्तै छानबिन सुरु गरिएको र स्वास्थ्य परीक्षणपछि थप अनुसन्धान गर्ने महानगरीय प्रहरी परिसर, ललितपुरका प्रहरी अधिकृत सुरेश भट्टले जानकारी दिए। बलात्कार प्रयासको अभियोग लगाई पुस ८ गते ललितपुर जिल्ला अदालतमा मुद्दा दर्ता गराइएको सिविसका बाल संरक्षण अधिकृत प्रदीप डङ्गोलले जानकारी दिए।

एमाओवादी कार्यकर्ताहरूद्वारा कुटपिट गरिएका पत्रकार भुवन भट्ट

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

तीन वर्षीया एक बालिकालाई ०६९ पुस १७ गते नुवाकोट हल्दे-७ घर भई ललितपुर जिल्ला लुभु-८ बस्ने १३ वर्षीय एक बालकले बलात्कार प्रयास गरेको आरोपमा पीडित बालिकाको परिवारले सोही दिन प्रहरीमा उजुरी गऱ्यो। आरोपित बालकलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। घटनाको अनुसन्धानपछि जिल्ला अदालतमा ०६९ माघ ४ गते मुद्दा दायर गरेकामा अदालतले बोलाएको बखत हाजिर हुनु भन्दै आरोपित बालकलाई ०६९ माघ ५ गते साधारण तारेखमा रिहा गरियो।

१६ वर्षीया एक बालिकालाई ०६९ पुस २५ गते ललितपुर उमनपा, मङ्गलबजारका ६९ वर्षीय करुणारत्न बज्राचार्यले बलात्कार गरेको भनी पीडितको परिवारले ०६९ माघ ७ गते मङ्गलबजार प्रहरीमा उजुरी गऱ्यो। उजुरीका आधारमा प्रहरीले सोही दिन आरोपित बज्राचार्यलाई गिरफ्तार गरी ०६९ माघ २२ गते जिल्ला अदालतमा पेस गरेकामा अदालतले सोही दिन पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। आरोपित बज्राचार्य हाल नख्खु कारागारमा छन्। पीडितको स्थानीय स्वास्थ्य संस्थामा परीक्षण भयो।

१५ वर्षीया एक बालिकालाई

०६९ फागुन ९ गते ललितपुर उमनपा-२, सानेपाका २० वर्षीय सौगात लोहनीले सानेपाको आफ्नै डेरामा बलात्कार गरेको भनी पीडितका आफन्तले महानगरीय प्रहरी परिसरमा सोही दिन उजुरी गरिन्। पीडित बालिकाको स्थानीय स्वास्थ्य संस्थामा स्वास्थ्य परीक्षण भयो। उजुरीका आधारमा प्रहरीले फागुन १३ गते आरोपित लोहनीलाई गिरफ्तार गरी जिल्ला अदालतमा पेस गऱ्यो। अदालतको फागुन २८ गतेको आदेशअनुसार आरोपित १० हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए। उक्त फैसला चित्त नबुझेको भन्दै जिल्ला सरकारी वकिलको कार्यालयले पुनरावेदन गरेको जनाएको छ।

१७ वर्षीया एक बालिकालाई ०७० मङ्सिर २० गते बारा जिल्ला जितपुर-३, भवानीपुर घर भई ललितपुर, हरिसिद्धि-३ बस्ने ४६ वर्षीय मुम्ताज अन्सारीले बलात्कार गरेको भनी पीडित परिवारले सोही दिन प्रहरीमा उजुरी गऱ्यो। उजुरीका आधारमा प्रहरीले सोही दिन गिरफ्तार गरी अनुसन्धान गरेपछि ०७० पुस १६ गते अदालत पेस गरेकामा अदालती कारबाही नसकिएकाले प्रहरीमै फर्काइएको छ। पीडितको स्थानीय स्वास्थ्य संस्थामा स्वास्थ्य परीक्षण भयो।

६ वर्षीया एक बालिकालाई ०७० साउन १५ गते ललितपुर उमनपा-१६, भेल्चाटोल बस्ने ४० वर्षीय बाबुराजा व्यन्जनकारले बलात्कार गरेको आरोपमा पीडित परिवारले ०७० साउन २३ गते प्रहरीमा उजुरी गरेपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०७० भदौ १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाइएको छ। पीडित बालिकाको स्थानीय स्वास्थ्य संस्थामा उपचार भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

सैँबु, भैँसेपाटी ललितपुरका अन्दाजी ३२ वर्षीय मनीष थापामगर भनिने सविनकुमार केसीलाई बेचबिखन तथा ओसारपसार गरेको आरोपमा ०७० जेठ ३१ गते झापा जिल्ला गौडादुरा-७ बाट प्रहरीले गिरफ्तार गऱ्यो। चापागाउँ-६ की १८ वर्षीया एक युवतीलाई जेठ २६ गते चापागाउँबाट विवाह गर्न भनी केसीले भगाएर भारतमा बेच्न लगेको आरोपमा गिरफ्तार गरेको प्रहरीले जनायो। प्रहरीले घटनाको अनुसन्धान गरी आरोपित केसीलाई ०७० असार २९ गते जिल्ला अदालतमा पेस गरेकामा अदालतले सोही दिन पुर्पक्षका लागि थुनामा पठाएको छ।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

३८ वर्षीया एक महिलालाई ०६९ पुस ११ गते काभ्रे जिल्ला, चलाल गणेशस्थान-५ का ३४ वर्षीय रामहरि महतले ललितपुर उमनपा-७, लुकुसीमा बलात्कार गरेको भनी पीडितले पुस २९ गते प्रहरीमा उजुरी गरिन्। उजुरी परेकै दिन प्रहरीले आरोपित महतलाई गिरफ्तार गरी माघ १५ गते ललितपुर जिल्ला अदालतमा पेस गरेकामा माघ १६ गते अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। पीडितको स्थानीय स्वास्थ्य संस्थामा उपचार भयो।

२० वर्षीया एक महिलालाई ०७० भदौ ४ गते ललितपुर इमाडोल गाविस-६, नयाँबस्तीमा ललितपुर जिल्ला लेले गाविस-८ घर भई हाल इमाडोल गाविस-६ मा डेरा गरी बस्ने २६ वर्षीय धर्म गोले लामाले बलात्कार गरेको भनी पीडितले भदौ १३ गते प्रहरीमा उजुरी गरिन्। उजुरीपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरेकामा जिल्ला अदालतको असोज १६ गतेको आदेशले पुर्पक्षका लागि थुनामा पठाएको छ। पीडितको स्थानीय स्वास्थ्य संस्थामा उपचार भयो।

यसै गरी यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय ६४ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, ललितपुरमा उजुरी दर्ता गराए। तीमध्ये दुई थान घटनामा मुद्दा चलाइएको र बाँकी २ सय ६२ थान घटनामा मिलापत्र गराइएको महिला बालबालिका सेवा केन्द्र ललितपुरले जनाएको छ। कार्यालयमा बलात्कारका ११, बलात्कार प्रयासका तीन र बहुविवाहका छ थान उजुरी परेकामा सबैमा मुद्दा चलाइएको छ। अन्य झैझगडा शीर्षकमा २१ थान उजुरी दर्ता भए। ती सबैमा मिलापत्र गराइएको छ। यस जिल्लामा बालविवाहका कुनै उजुरी परेनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पत्ति क्षति

एमाओवादीबाट

एमाओवादी समर्थित अखिल क्रान्तिकारीका विद्यार्थीले ललितपुरको सानेपास्थित रेडियन्ट रिडर्स एकेडेमीमा ०६९ फागुन २० गते तोडफोड गरे। 'भेट्नुपर्ने काम छ' भन्दै विद्यालय हातामा प्रवेश गरेका विद्यार्थीले चारओटा कक्षाकोठाका झ्यालका सिसा

फोडेको विद्यालय प्रशासनले जनायो। प्याब्सनका महासचिव डीके ढुङ्गानाले सञ्चालन गरेको उक्त विद्यालयमा उनीहरूले नियोजित रूपमा तोडफोड गरेको विद्यालय प्रशासनको आरोप थियो। ललितपुर प्रहरीले घटनाबारे उजुरी आएको भन्दै घटनामा संलग्नको खोजी भइरहेको जनायो। अखिल क्रान्तिकारीले ०६९ फागुन २१ गते देशव्यापी निजी शिक्षण संस्थामा हडतालको कार्यक्रम राखेको थियो।

नेकपा-माओवादीबाट

ललितपुरको डीएभी सुशील केडिया विश्व भारती उच्च माविबाट निष्कासित तीन शिक्षकलाई पुन:बहाली गर्ने सहमति हुनै लाग्दा आन्दोलनरत अखिल नेपाल शिक्षक सङ्गठन र अनेरास्ववियु (क्रान्तिकारी)ले ०६९ फागुन १४ गते बिहान सो विद्यालयका दुईओटा गाडी तोडफोड गरे। बिहान विद्यार्थी लिएर विद्यालय आउँदै गर्दा ललितपुर, पुल्चोकको दमकलचोकमा बा२ख २४४४ र धोबीघाटको ठाडोढुङ्गामा बा१ख ६४२१ नम्बरको गाडी तोडफोड भएको विद्यालयका सहायक प्रिन्सिपल रामचन्द्र खनालले जानकारी दिए।

ललितपुर जिल्ला निर्वाचन कार्यालयको नियमित कार्यक्रम अन्तर्गत ०६९ चैत १६ गते चौघरेमा मतदाता नामावली सङ्कलन तथा फोटो खिचाउने कार्यक्रममा नेकपा-माओवादीका कार्यकर्ताहरूले अवरोध गर्दै ल्यापटप फुटाइदिए। नेकपा-माओवादी नेवा: राज्य समितिका सदस्य भाग्यराम महर्जनको नेतृत्वमा आएको १५ देखि १६ जनाको समूहले अवरोध गर्न खोजेपछि प्रहरीले त्यसलाई रोक्न खोज्दा केहीछिन झडप भएको थियो। महानगरीय प्रहरी वृत्त चापागाउँका डीएसपी बुद्धिराज गुरुङले महर्जनको नेतृत्वमा आएको टोलीले कम्प्युटर तोडफोड गरेको पुष्टि गरे। आक्रमणमा संलग्नहरूलाई सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाइएको र हाल उनीहरू फरार रहेको महानगरीय प्रहरी वृत्त चापागाउँले जनायो।

नेकपा-माओवादीनिकट मजदुर सङ्गठन अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घले बन्दको अवज्ञा गरेको भन्दै चौधरी ग्रुपको सानेपास्थित मुख्य कार्यालयमा आक्रमण गरी ०७० जेठ २३ गते तोडफोड गऱ्यो। न्यूनतम तलब वृद्धिलगायतका मागहरू राखेर जेठ २३ गतेदेखि सङ्गठनले देशभरका उद्योग, कलकारखाना तथा व्यवसाय बन्द गरेको थियो। तोडफोडबाट चौधरी ग्रुपको कार्यालयमा सुरक्षाकर्मी बस्ने दायाँबायाँ विटको सिसा फुटेको थियो भने दुईओटा मोटरसाइकलमा आएका चार जनाले सुरक्षा गार्ड बस्ने दायाँबायाँ दुवै विटमा तोडफोड गरी पर्चा छोडेर भागेको चौधरी ग्रुपको प्रशासनमा कार्यरत नवीन खड्काले जानकारी दिए।

नेकपा-माओवादीका कार्यकर्ताको एक समूहले ०७० जेठ २ गते आह्वान गरेको नेपाल बन्दको अवज्ञा गरेको भन्दै 'माउन्टेन टेलिभिजन'को भ्यानमा कोटेश्वरतर्फबाट कुपन्डोलस्थित कार्यालयमा बिहान आफ्ना सञ्चारकर्मी ल्याउँदै गर्दा बन्दकर्ताले यात्रु ओसारेको आरोप लगाएर बालकुमारीमा आक्रमण गरे। आक्रमणमा परेको भ्यानमा सात जना परिचयपत्र भएका सञ्चारकर्मी सवार रहेको सिर्जना कुईकेलले जनाइन्। आक्रमणबाट भ्यानको ढोकाको सिसा फुटेको थियो।

अन्यबाट

क्याम्पस हाताभित्र राजनीतिक कार्यक्रम गरेको विषयमा झडप हुँदा ललितपुरको ताल्छीखेलमा रहेको नेसनल क्याम्पसमा ०७० जेठ ११ गते तोडफोड भयो। एमाओवादीनिकट अखिल क्रान्तिकारीले आयोजना गरेको कार्यक्रममा अनेरास्ववियु, नेविसङ्घलगायतका विद्यार्थी सङ्गठनले कालो झन्डा देखाएर विरोध गर्ने क्रममा झडप भएको प्रहरीले जनायो। झडपका क्रममा क्याम्पस भवनको झ्यालका सिसा र केही फर्निचर तोडफोड भएको प्रहरीको भनाइ थियो। कार्यक्रममा अखिल क्रान्तिकारीले वाईसीएल बोलाएर हस्तक्षेप गरेका कारण झडप भएको नेविसङ्घ नेसनल क्याम्पस एकाइका सभापति प्रदीप शर्माको आरोप थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	४		
स्वास्थ्यचौकी	२२		
उपस्वास्थ्यचौकी	१६		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	६	२	४
स्टाफ नर्स	४	४	
ल्याब असिस्टेन्ट	३	३	
अहेब	५५	५५	
अनमी	६३	६३	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१४	१४	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १६ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कारका १४, बलात्कार प्रयासका चार, मानव ओसार पसार तथा जीउ मास्ने बेच्ने एक, कर्तव्य ज्यानका ९, ज्यान मार्ने उद्योगका १४, आत्महत्याका ७७, अपहरण गरी शरीर बन्धक बनाइएको छ, कुटपिटका दुई र केही सार्वजनिक अपराधका ३ सय ८७ ओटा घटना दर्ता भए।

२.१३ काभ्रे



जिल्ला सदरमुकाम: धुलिखेल
क्षेत्रफल (वर्ग कि. मि.): १,३५६
घरधुरी सङ्ख्या: ८०,७२०
जम्मा जनसङ्ख्या: ३,८१,५३७
पुरुष: १,८२,५३६
महिला: १,५५,००१
अपाङ्ग सङ्ख्या: ६,६७०
गाविस/नपा सङ्ख्या: ८७/३
पुरुष साक्षरता सङ्ख्या: १,३८,५८४
महिला साक्षरता सङ्ख्या: १,१८,१३०
हिन्दूधर्मावलम्बी प्रतिशत: ६२.५७
बौद्धधर्मावलम्बी प्रतिशत: ३४.६२
इस्लामधर्मावलम्बी प्रतिशत: ०.०८
किराँत धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.७८
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.६
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.३२२
प्रतिपरिवार सरदर सङ्ख्या: ४.७३

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार गोली/विस्फोटक पदार्थबाट घाइते गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

मेच्छे गाविस-८, मुक्पाटारका ४५ वर्षीय मुलुकसिंह तामाङ सशस्त्र द्वन्द्वको समयमा प्रयोग भएको रकेटजस्तो देखिने विस्फोटक पदार्थलाई फुटाउन खोज्दा ०६९ फागुन १६ गते गम्भीर घाइते भए। भीमखोरी गाविस-५, मास्तीका नीरबहादुर रायमाझीकी पत्नीले घाँस काट्न गएको समयमा तीन वर्षअघि फेला पारेको

उक्त विस्फोटक घरमा ल्याएर राखेकी थिइन्। सिकर्मीको काम गर्दै आएका तामाङले उक्त वस्तुलाई घनले फुटाउन खोज्दा विस्फोट भएको थियो। घटनामा गम्भीर घाइते तामाङको धुलिखेल अस्पतालमा उपचार भयो। घटनामा पीडितको दाहिने हातको साइली औँला गुमेको, दुवै हात र खुट्टामा छर्राले चोट लागेको थियो

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१०	१०
बालअधिकार				१८		१८
महिलाअधिकार				४९		४९
भेला/सङ्गठित हुने अधिकार					३	३
जेलमा मृत्यु		२	२			
कुटपिट					१६	१६
धम्की	१		१		२	२
हत्या				६	५	११
जम्मा	१	२	३	६४	३६	११०

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार धुलिखेलको बन्दी क्षमता ६१ जनाको छ। यस वर्षको अन्त्यसम्म यस कारागारमा कैद तोकिएका १ सय ३६ जना कैदी र कैद नतोकिएका ५० जना थुनुवा गरी जम्मा १ सय ८६ जना बन्दीहरू रहेका छन्। महिला र बालबालिका राख्ने व्यवस्था यहाँ छैन। जम्मा बन्दीहरूमध्ये यस कारागारमा २९ जना मानसिक रोगीहरू छन्। राणाकालीन समयमा बडाहाकिमले घोडा राख्ने तबेलालाई वि.सं. १९६० मा धुलिखेल कारागारको रूप दिइएको हो।

यस कारागारमा कर्तव्य ज्यान मुद्दामा ८०, डाँकामा १३, जबरजस्ती करणीमा ३३, ज्यान मार्ने उद्योगमा तीन, लागूऔषधमा चार, चोरीमा १२, सवारी ज्यानमा दुई, सार्वजनिक अपराध ऐन अन्तर्गत ६, अपहरण तथा शरीर बन्धक मुद्दामा १३, सरकारी छाप किर्तेमा सात, जीउ मास्ने-बेच्नेमा ६, हातहतियार खरखजाना मुद्दामा एक, रक्तचन्दन ओसारपसारमा एक, आगलागीमा एक, बहुविवाहमा एक, दूरसञ्चार ऐनमा दुई र अवैध गर्भपतनमा एक जना गरी १ सय ८६ बन्दी छन्।

यो कारागार ३ रोपनी ८ आना ३ पैसा क्षेत्रफलमा फैलिएको छ। यस कारागारमा बन्दीहरूले २ रोपनी ८ आना जग्गा मात्र प्रयोग गर्छन्। यस कारागारलाई दुई भागमा विभाजन गरी दक्षिणतर्फ मानसिक रोगीहरूलाई राखिने गरिन्छ। यस कारागारमा हावापानी राम्रो भएको भनी मानसिक रोगीहरूलाई किर्ते आरोप लगाएर अन्य कारागारबाट यहाँ पठाइन्छ। यस कारागारका कुल १० ओटा कोठामध्ये सातओटा कोठा साना छन्। बन्दीहरूका लागि आठओटा चर्पीको व्यवस्था छ भने बाहिर र भित्र गरी चारओटा धारा छन्। यस कारागारमा चर्पीको मर्मत, सम्भार र भवनको जिर्णोद्धार गर्नुपर्ने आवश्यकता देखिन्छ। खानाको गुणस्तर ठीकै रहेको यस कारागारमा खाद्यान्नतर्फ ६ सय ग्राम चामल र नगदतर्फ बन्दीलाई ४५ रुपियाँ प्रतिदिनका दरमा दिइन्छ। कारागार प्रशासनको आन्तरिक प्रशासनमा काम गर्ने चौकीदार, नाइके र सह-नाइकेलाई थप सुविधाको व्यवस्था गरिएको छ।

चितवन जिल्ला पार्वतीपुर गाविस-६ घर भएका ४७ वर्षीय कुमबहादुर कामीको ०६९ चैत १ गते धुलिखेल कारागारमा हृदयघातका कारण मृत्यु भयो। कर्तव्य ज्यान मुद्दामा २० वर्षको जेल सजाय भोगिरहेका कामी ०६६ साउन ८ गतेदेखि कारागारमा रहेका थिए।

काठमाडौँ जिल्ला, थानकोट गाविस-९ घर भएका ५७ वर्षीय धामी कृष्ण क्याप्छाकी मगरको ०७० जेठ १० गते धुलिखेल कारागारमा हृदयघातका कारण मृत्यु भयो। शिखर आम्बोटे गाविस-२ का ५९ वर्षीय स्थानीय उपस्वास्थ्य चौकीका पियन जनकबहादुर थापामगरलाई ०६५ असोज २९ गते बोक्सोको आरोपमा हत्या गर्ने धामी कृष्ण क्याप्छाकी मगर ०६५ असोज ३० गतेदेखि हिरासतमा रहेको भए पनि काभ्रे जिल्ला अदालतको ०६७ साउन २७ गतेको फैसलाले २० वर्षको जेल सजाय भोगिरहेका थिए। मृत्युअघि जेल प्रशासनले २७ दिन बनेपास्थित शिर मेमोरियल अस्पतालमा राखेर उपचारसमेत गराएको बतायो।

धम्की /कुटपिट
गैरराज्यपक्षबाट
एमाओवादीबाट

बल्थली गाविस-९, थुम्की घर भएका ग्रेस

एफएमका पत्रकार २५ वर्षीय कृष्ण न्यौपाने, दाप्चा छत्रेबाँझ गाविस-२, गोपालपोखरी घर भएका 'अभियान' दैनिकका काभ्रे संवाददाता २१ वर्षीय कृष्णचन्द्र बन्जारा, सिन्धुपाल्चोक जिल्ला लिसङ्खु गाविस-३, ककलिङ घर भएका 'रेडियो नमोबुद्ध'का समाचार सह-संयोजक २४ वर्षीय प्रकाश सुन्दास, पनौती नपा-४, टौखाल घर भएका 'नेपाल समाचारपत्र' दैनिकका संवाददाता ३४ वर्षीय रामकृष्ण चापागाईं, ढुंखर्क गाविस-२ महाँकालस्थान कानापाखा स्थायी घर भएका 'चेष्टा' साप्ताहिकका कार्यकारी सम्पादक २८ वर्षीय मोतीराम तिमल्सिना, कानपुर गाविस-७, कोटतिमाल घर भएका 'सञ्जीवनीपत्र' साप्ताहिक, पनौती नपा-२, बाँसघारी घर भएका 'नेपाल टेलिभिजन' काभ्रेका संवाददाता ४१ वर्षीय भोला थापा र देवभूमि बालुवा गाविस-८ घर भएका 'काभ्रे टाइम्स' साप्ताहिकका सम्पादक/प्रकाशक ४० वर्षीय राजन लुईटेल ०६९ माघ १६ गते एमाओवादी काभ्रेको दोस्रो जिल्ला अधिवेशन उद्घाटनका समयमा समाचार सङ्कलनका लागि गएका बेला वाईसीएल कार्यकर्ताहरूको आक्रमणमा परी घाइते भए। घाइतेमध्ये पत्रकार न्यौपाने र बन्जाराको अण्डकोष र करङमा चोट लागेका कारण धुलिखेल अस्पतालमा उपचार भयो। अन्य पत्रकारहरूको टाउको, बङ्गारा र हातमा चोट लागेको थियो। घाइते उनीहरूको धुलिखेल अस्पतालमा उपचार भयो। कुटपिटका क्रममा उनीहरूको मोबाइल, डायरी, कलम र कपडालगायतका सामग्रीमा क्षति भएको पीडितहरूले बताए।

सोही क्रममा पनौती नपा-९ मल्पी घर भएका 'कान्तिपुर' दैनिकका काभ्रे संवाददाता २६ वर्षीय मनोज बस्नेतलाई जिल्ला अधिवेशनको विषयलाई लिएर एमाओवादीका जिल्ला नेताहरूले बारम्बार फोन गरी 'तिमीलाई हान्ने रणनीति नभएको, कार्यालयमा आऊ बसेर कुराकानी गरौं' भनी फोनमा तनाव दिने गरेको पीडित पत्रकारले बताए। उनले ०६९ माघ १७ गते जिल्ला प्रशासन कार्यालय, धुलिखेलमा शान्ति-सुरक्षाका लागि निवेदन दिए। उनलाई एमाओवादीविरुद्धमा समाचार लेखेको भनी वाईसीएलले बारम्बार मार्ने धम्की दिएको थियो। घटनापछि उनलाई सादा पोसाकका प्रहरीले दुई सातासम्म सुरक्षा दिए।

यसैगरी कानपुर गाविस-७, कोटतिमाल घर भएका 'सञ्जीवनीपत्र' साप्ताहिक र 'माउन्टेन टेलिभिजन'मा कार्यरत २४ वर्षीय कपिल कोइरालालाई वाईसीएलले ढुङ्गा प्रहार गर्दै गरेको तस्बिर लिएको भनी क्यामरा थुत्दै तस्बिरहरू नमेटाए मारिदिने धम्की दिए। रिपोर्टिङका लागि निम्तापत्र दिएर आफूमाथि दुर्व्यवहार गरेको पत्रकार कोइरालाले बताए।

त्यसै गरी एमाओवादी काभ्रेको दोस्रो जिल्ला अधिवेशन उद्घाटन गर्न तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई राज्यशक्तिको दुरुपयोग गर्दै तामझामका साथ बनेपा आउने क्रममा तीनदोबाटोमा सरकारबाहिर रहेका राजनीतिक दलका कार्यकर्ताहरूले विरोध प्रदर्शन गर्ने क्रममा एमाओवादी र आन्दोलनरत दलका कार्यकर्ताबीच झडप हुँदा रविओपी गाविस-३, मुसेखर्कका ६३ वर्षीय होमनाथ अधिकारी, अनैकोट गाविसका नेपाली काङ्ग्रेस एकाइ सभापति गणेश केसी, अनैकोट गाविस-४ बरचौरका ४६ वर्षीय बासुदेव सापकोटा, खनालथोक गाविस-१ घर भएका काङ्ग्रेस महासमिति सदस्य कुन्साङ लामा, सर्स्यूखर्क गाविस निवासी एमालेका जिल्ला कमिटी सदस्य इन्द्रबहादुर तामाङ र उग्रचण्डी नाला घर भएका एमाले क्षेत्रीय कमिटीका सदस्य लीलाबहादुर घिमिरे, पनौती नपा-१० सुन्थानका रूपक महत र एमालेनिकट युवासङ्घका कार्यकर्ता काभ्रे दाप्चाका राकेश लामा, च्यासिङखर्क गाविस-१ का ३१ वर्षीय वाईसीएल कार्यकर्ता नारायण फुयाल घाइते भए। घाइते उनीहरूको बनेपास्थित करूणा फर्मा, बनेपास्थित शिर मेमोरियललगायतका अस्पतालमा उपचार भयो। वाईसीएलका कार्यकर्ताद्वारा विपक्षी दलका कार्यकर्तालाई गरिएको ज्यादतीका विरुद्ध काभ्रेका विपक्षी राजनीतिक दलहरूले ०६९ माघ २१ गते आइतबार काभ्रे बन्दको आयोजना गरेका थिए।

जैशिथोक गाविस-३, जैशिथोकका ४६ वर्षीय यज्ञप्रसाद न्यौपानेलाई ०७० कात्तिक ३ गते साँझ पाँचखाल गाविस-६, बोक्सेस्थित एक छाप्रो पसलमा

विस्फोटक पदार्थ फुटाउन खोज्दा घाइते भएका मुलुकसिंह तामाङ

सोही गाविस-९ तिमल्सिना गाउँका ३२ वर्षीय जयराम अधिकारीले कुटपिट गरे। एमालेका इलाकास्तरीय कार्यकर्ता न्यौपानेलाई एमाओवादीका कार्यकर्ता जयरामले फोन गरी बोक्सेस्थित छाप्रो पसलमा मदिरा खानका लागि बोलाएका थिए। दुवै व्यक्तिले मदिरा सेवन गरेपछि चुनावी विषय निकालेर एमाओवादी कार्यकर्ता जयरामले न्यौपानेलाई दाँत झर्ने गरी कुटपिट गरेका थिए। घाइते न्यौपानेको काठमाडौँस्थित हेल्पिङ हयान्स अस्पतालमा उपचार भयो। पाँचखाल प्रहरी चौकीका इन्चार्ज सई टीकाप्रसाद सापकोटाले आरोपितलाई साँझ नै गिरफ्तार गरी धुलिखेलस्थित जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको बताए पनि भोलिपल्ट उनलाई रिहा गरियो।

नेकपा-माओवादीबाट

महादेवस्थान गाविस-२, धाइटार घर भएका 'राजधानी' दैनिकमा कार्यरत पत्रकार २४ वर्षीय केशवराज पौड्याल र 'अरनिको टेलिभिजन'मा कार्यरत पत्रकार देवराज केसीलाई नेकपा-माओवादीसहितका ३३ दलको आह्वानमा ०७० भदौ ३० गते भएको 'ताम्सालिङ क्षेत्र' बन्दका क्रममा आन्दोलनकारीहरूको ढुङ्गा प्रहारबाट शरीरमा चोट लाग्यो। 'राजधानी' दैनिकमा कार्यरत पौड्याल र 'अरनिको टेलिभिजन'मा कार्यरत केसीलाई नेकपा-माओवादीका कार्यकर्ताहरूले आक्रमण गरेको भनी नेपाल पत्रकार महासङ्घ काभ्रे र प्रेस चौतारी काभ्रेले प्रेस विज्ञप्ति जारी गऱ्यो। विज्ञप्तिमा केसी चढेको बा३६प ८५७७ नम्बरको मोटरसाइकलमा क्षति पुगेको भन्दै क्षतिपूर्तिको माग गरिएको थियो।

होक्से गाविस-३ का २४ वर्षीय रमन परियारलाई धुलिखेलबाट मेलम्ची जाँदै गरेको यात्रु सवार बसमा ०७० भदौ ३० गते आगो लगाएको आरोपमा भदौ ३१ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित परियार नेकपा-माओवादीको युवा सङ्गठन राष्ट्रिय जनस्वयम्सेवक नेपालमा आबद्ध छन्। परियारलाई आगजनी तथा ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा लगाइएको छ। यो घटना अनुसन्धानका लागि वाग्मती अञ्चल प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय, काभ्रेले दुईओटा छुट्टाछुट्टै अनुसन्धान टोली गठन गरेको थियो। यस मुद्दालाई जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० असोज १८ गते अदालतमा पेस गर्दा काभ्रे जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश गऱ्यो। यसै गरी, यस घटनामा संलग्न भएको आशङ्कामा साठीघर गाविस-४ का सूर्य भेटवाललाई अदालतद्वारा पक्राउ पुर्जी जारी भयो। नेकपा-माओवादीसहितका ३३ दलको आह्वानमा भएको 'ताम्सालिङ क्षेत्र' बन्दको अवज्ञा गरेको भन्दै बन्दकर्ताहरूले धुलिखेल नपा-६ स्थित मिरावल चोकमा बनेपा-मेलम्ची चल्ने बा२ख ५६७२ नम्बरको सुपर एक्सप्रेस यात्रुवाहक बसमा आगो लगाएका थिए। यात्रुहरूलाई बसबाट नझारी बन्दकर्ताले पेट्रोल छर्केर बसमा आगो लगाएपछि यात्रुहरू झ्यालबाट फाल हाली ज्यान जोगाएका थिए। इन्सेकले भदौ ३१ गते विज्ञप्ति निकाली विरोध जनायो। नेकपा-माओवादीको जनवर्गीय सङ्गठन अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर सङ्घले असोज १३ गते प्रेस विज्ञप्ति प्रकाशन गरी निर्दोष व्यक्तिलाई षड्यन्त्रमूलक ढङ्गले फसाइएको जनायो। जसको विरोधस्वरूप उक्त सङ्घले असोज १७ गते हेलम्बु यातायात सेवा समितिका बसहरू बन्द गऱ्यो।

एमाओवादी कार्यकर्ताहरूसँगको झडपमा घाइते भएका इन्द्रबहादुर तामाङ, गणेश केसी र वासुदेव सापकोटा

काङ्ग्रेसबाट

गोकुले गाविस-७, स्याउलेडाँडामा घरदैलो कार्यक्रम सकेर फर्कने क्रममा ०७० असोज २९ गते घरेलु हतियार बोकेका काङ्ग्रेस कार्यकर्ताहरू सागर लामा र लोवाङ पाखिनको नेतृत्वमा आएको समूहले एमाओवादी कार्यकर्ता रङ्गबहादुर दर्लामी र राजेन्द्र घलानलाई संविधानसभा निर्वाचन प्रचारका क्रममा घरदैलो कार्यक्रममा हिँडेका समयमा कुटपिट गरे। घाइतेहरूको स्थानीय स्वास्थ्यचौकीमा उपचार भयो।

पोखरीनारायणस्थान गाविस-३ स्थित पसलमा बसिरहेका सरमथली गाविस-८ का एकीकृत माओवादीका कार्यकर्ता ४४ वर्षीय रेशमबहादुर तामाङ र मेच्छे गाविस-९ का ३१ वर्षीय लनम तामाङलाई ०७० कात्तिक २२ गते साँझ नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले कुटपिट गरे। मोटरसाइकलमा आएका पोखरीनारायणस्थान गाविस-८ का २५ वर्षीय भीमनारायण तामाङ, सोही ठाउँका शम्भु तामाङ र २२ वर्षीय मनोराज तामाङले एमाओवादीका कार्यकर्ताहरूलाई कुटपिट गरी बा५४प ९९१५ नम्बरको मोटरसाइकलसमेत तोडफोड गरेका थिए। टाउको र हातमा चोट लागेका पीडितहरूको धुलिखेल अस्पतालमा उपचार भयो। 'हामी तीर्थ लामाका मानिसहरू हौं, यहाँ तिमीहरू बस्ने अधिकार छैन' भनी एमाओवादीका कार्यकर्तालाई कुटिएको भनी पीडितहरूले कात्तिक २८ गते जिल्ला प्रशासन कार्यालय, काभ्रेमा केही सार्वजनिक अपराध अन्तर्गत मुद्दा दर्ता गराए। आरोपितहरू फरार रहेकाले मङ्सिर २३ गते जिल्ला प्रशासन कार्यालयबाट म्याद जारी गरिएको छ।

अन्यबाट

बनेपा नपाका ३५ वर्षीय सागर कर्माचार्यलाई ०६९ माघ २१ गते बन्द अवज्ञा गरेको आरोपमा काङ्ग्रेस, एमालेलगायतका कार्यकर्ताहरूले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट टाउकामा चोट लागी घाइते भएका कर्माचार्यको बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचार भयो। बन्दकर्ताले 'जताबाट आएको, उतै फर्कने' भनेको नमानेपछि उनको बा४२प ९९४२ नम्बरको मोटरसाइकल तोडफोड गरेकामा कर्माचार्य प्रहरीको सहयोगमा आफ्नो मोटरसाइकल तोडफोड गर्नेलाई खोज्न बन्दकर्ताको भीडमा गएपछि प्रहरीकै अगाडि उनलाई कुटपिट गरिएको थियो। एमाओवादीको दोस्रो काभ्रे जिल्ला अधिवेशन उद्घाटनका क्रममा काङ्ग्रेस र एमालेका कार्यकर्ता कुटिएको विरोधमा जिल्ला बन्दको आह्वान गरिएको थियो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

श्यामपाटी गाविस निवासी नेकपा-माओवादीका कार्यकर्ता दीप लामालाई निर्वाचनका सामग्री लुट्न खोजेको अभियोगमा ०६९ चैत १७ गते प्रहरीले गिरफ्तार गरेकामा ०६९ चैत १९ गते रिहा गऱ्यो। नेकपा-माओवादीका कार्यकर्ताले चापाखोरी गाउँ विकास समितिको कार्यालयबाट ०६९ चैत १६ गते राति निर्वाचन कार्यालयका सामग्री लुटे। फोटोसहितको मतदाता नामावली सङ्कलनका लागि चापाखोरी गएको निर्वाचन कार्यालयको टोलीको सामग्री राति माओवादी कार्यकर्ताले लुटेको निर्वाचन कार्यालय, काभ्रेले जनायो।

एमाओवादी कार्यकर्ताहरूसँगको झडपमा घाइते भएका कुन्साङ लामा, रुपक महत र होमनाथ अधिकारी

कार्यालय प्रमुख हरिश्चन्द्र घिमिरेका अनुसार एक थान ल्यापटप कम्प्युटर, एक थान वेभ-क्यामेरा, स्क्यान मेसिन, कर्मचारीका कपडा, चार्जरलगायतका सामग्री लुटिएको थियो। काभ्रेमा ०६९ चैत १५ गते छत्रेबाँझ गाविस कार्यालयमा फोटोसहितको मतदाता नामावली सङ्कलनका क्रममा नेकपा-माओवादीका कार्यकर्ताले सामग्री लुट्ने क्रममा प्रहरीसँग सामान्यः झडप भई कम्प्युटरमा क्षति पुग्यो।

बनेपा नपा-३ घर भएका नेकपा-माओवादी बनेपा नगर इन्चार्ज ४६ वर्षीय सौरभ कायस्थलाई ०७० मङ्सिर २ गते संविधानसभा निर्वाचन-२०७० बिथोल्ने क्रियाकलापमा संलग्न भएको आरोपमा स्थानीय प्रशासनले गिरफ्तार गऱ्यो। उनलाई मङ्सिर ६ गते जिम्मा-जमानीमा तारेखमा रिहा गरियो।

पोखरीचौरी गाविस-२ घर भएका काङ्ग्रेस कार्यकर्ता टुकप्रसाद गौतमले मतपेटिका फ्याँक्ने प्रयास गरेकाले ०७० मङ्सिर ४ गते प्रहरीले नियन्त्रणमा लियो। उनलाई मङ्सिर ६ गते जिम्मा-जमानीमा तारेखमा रिहा गरियो। पोखरीचौरी गाविस-८, हर्रेडाँडामा रहेको अरनिको माबि मतदान केन्द्रमा दिउँसो काङ्ग्रेसका स्थानीय नेता गौतमले मतपेटिका फ्याँक्ने प्रयास गरेपछि प्रहरीले आठ राउन्ड हावाई फायर गरेको थियो। यस मतदान केन्द्रमा ८ सय ९३ मतदाता थिए।

टुकुचा नाला गाविस-७, घिमिरेगाउँ पुगेका काभ्रे-३ का राप्रपा नेपालका उम्मेदवार शैलेन्द्रबहादुर तामाङलाई ०७० कात्तिक ८ गते घरदैलो कार्यक्रम गर्न नदिई नेकपा-माओवादीका कार्यकर्ताले फर्काए। मतका लागि घरदैलो गर्ने क्रममा गाउँ पुगेका तामाङसहित उनका कार्यकर्तालाई 'तपाईंहरूले किन भोट माग्ने' भन्दै फर्काइएको थियो। निर्वाचन प्रचारका लागि कार्यकर्ताले टाँसेको पोस्टरसमेत उप्काएर माओवादी कार्यकर्ताले तामाङलाई बालुवापाटी, देउपुरतिर पठाएका थिए।

काभ्रे-४ स्थित निर्वाचन अभियान लिएर कोसीपारि पुगेका एमाओवादीका उम्मेदवारसहितको टोलीलाई नेकपा-माओवादीका कार्यकर्ताले ०७० कात्तिक १ गते सिम्थलीबाट फर्काए। निर्वाचन प्रचार टोलीमा उक्त निर्वाचन क्षेत्रका उम्मेदवार नारायण बानियाँ र समानुपातिक उम्मेदवार गोविन्दनाथ उप्रेती थिए। घटनापछि एमाओवादीले विज्ञप्ति प्रकाशन गरी आफ्ना पार्टीको उम्मेदवारलाई नलखेटिएको बतायो। नेकपा-माओवादी काभ्रे जिल्ला कमिटीको ०७० कात्तिक ४ गते धुलिखेलमा बसेको बैठकले काभ्रेका तीन नगर र ८३ गाउँ कमिटीलाई लिखित निर्देशन दिँदै एउटा राजनीतिक शक्तिलाई बाहिर राखेर गर्ने निर्वाचनको अर्थ नभएकाले गाउँ पसेका उम्मेदवारलाई लखेट्न निर्देशन दिएको थियो।

काभ्रे-४ मा काङ्ग्रेसबाट उम्मेदवार रहेका कुमार लामिछाने चढ्ने भाडाको बा९च ११२६ नम्बरको टाटासुमो गाडीमा कात्तिक २१ गते राति अज्ञात व्यक्तिहरूले आगजनी गराए। बनेपा नपा-१, घोकेचौरस्थित चालकको निवासअगाडि राखिएको उक्त गाडीमा आगो लगाएपछि कुकुर कराएका कारण तत्काल आगो निभाउन सफल भएको काभ्रे सिम्थली घर भएका चालक गोपाल बुढाथोकीले बताए। उम्मेदवारको व्यानर र पार्टीको झन्डा राखिएको उक्त गाडी दिउँसोभर चुनाव प्रचारको काम सकी बेलुकी कोठाअगाडि राखिएको थियो। आगलागीबाट गाडीको टायर, पाताहरू र तेल ट्याङ्कीमा प्वाल परी क्षति भयो।

आन्दोलनकारीले ओखलढुङ्गाको घुर्मीबाट काठमाडौँ आइरहेको बा३ख २०३ नम्बरको यात्रुसहितको बसमा पात्लेखेत गाविस-८ डाँडागाउँमा कात्तिक २५ गते बिहान पेट्रोल बम प्रहार गरी क्षति पुऱ्याए। चालकको झ्यालनजिकै फ्याँकिएको पेट्रोल बमले बसमा सामान्यः क्षति पुगेको पाइयो। पाँचखाल गाविस-६ तामाघाट समाजकल्याण चोकस्थित विद्युत्को पोलमा तार बेरेर बाटोमा पोका राखेकामा उक्त

एमाओवादीका कार्यकर्ताहरूले कुटपिट गरी घाइते बनाएका पत्रकारहरू क्रमशः प्रकाश सुन्दास, कृष्णचन्द्र बञ्जारा, राजन लुईटेल, रामकृष्ण चापागाई, कृष्ण न्यौपाने, भोला थापा, मोतीराम तिमल्सिना, मनोज बस्नेत, केशवराज पौडेल र कपिल कोइराला

पोकामा बम हुन सक्ने आशङ्कामा कात्तिक २५ गते बिहान नेपाली सेनाले निष्क्रिय बनायो। धुलिखेल नपा-९ र पनौती नपा-१ को सिमाना खड्पुस्थित नैकिन्टार सडकमा पोकाभित्र रातो कपडा र बाहिर सेतो कपडाले बेरेर विद्युतीय तारसमेत जोडेको शङ्कास्पद वस्तुलाई कात्तिक २५ गते बिहान नेपाली सेनाले निष्क्रिय बनायो।

पोखरीचौँरी गाविस-६ क्यौरेनीस्थित जागृति उच्च मावि मतदान केन्द्रमा ६० प्रतिशत मत खसिसकेपछि एमाओवादी र काङ्ग्रेसका कार्यकर्ताबीच ०७० मङ्सिर ४ गते भएको झडपका कारण केही समय मतदान अवरुद्ध भयो। हर्रेडाँडाको मतदान केन्द्रबाट गढबढी भएपछि सुरक्षाकर्मीहरू त्यतातिर गएकाले एमाओवादी कार्यकर्ताले क्यौरिनीमा रहेका काङ्ग्रेसका कार्यकर्तालाई कुटपिट गरेका थिए। काङ्ग्रेस र एमाओवादी कार्यकर्ताको झडपमा मतदान केन्द्रका केही सामान तोडफोड भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ ६ सय ६१ थानमध्ये ४ सय ६० थान फैसला भए भने २ सय १ थान मुद्दा बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय ७६ थानमध्ये ३ सय ५१ थान फैसला भए भने २ सय २५ थान मुद्दा बाँकी रहे। यस वर्ष अदालतमा निषेधाज्ञासम्बन्धी पाँच थान मुद्दा परेकामा दुई थानको फैसला भयो भने तीन थान बाँकी रहेका छन्।

०७० साउनदेखि पुस १६ सम्म

तीन जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३ सय ४१ थानमध्ये ८१ थानको फैसला भयो भने २ सय ६० थान बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ६७ थान मध्ये ६७ थानको फैसला भयो भने ३ सय थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा नौ थान र देवानी मुद्दा १४ थान रहेको देखिन्छ। यस वर्ष २४ थान मुद्दा मेलमिलापमा मिलाएको अदालतले जनायो।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ४२ थान छ, जसमध्ये ६० थान सफल भए भने १३ थान असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या ६९ थान छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १६ थानमध्ये चार थान सफल र दुई थान असफल रहे। बलात्कारसम्बन्धी १६ थान मुद्दामध्ये चार थान सफल र चार थान असफल रहे। महिला बेचबिखनसम्बन्धी मुद्दा चार थानमध्ये एक थान सफल रहयो। बहुविवाहसम्बन्धी आठ थान मुद्दामध्ये एक सफल रहयो। बालविवाह र छुवाछूतसम्बन्धी मुद्दाहरू परेको पाइएन।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या ५६ थान छ, जसमध्ये नौ थान सफल भए। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ४७ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका छात्रछात्रामध्ये छात्र ५८ हजार ४२ र छात्रा ६१ हजार ६ सय ८९ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३ हजार ८ सय ३ र छात्र ३ हजार १ सय २६ जना रहेका छन्। सरकारी विद्यालयमा प्राविं तहमा महिला १ हजार १२ र पुरुष १ हजार ७ सय ११ गरी जम्मा २ हजार ७ सय २३ शिक्षक कार्यरत छन्। निमाविं तहमा महिला २ सय २० र पुरुष ५ सय ६० गरी जम्मा ७ सय ८० शिक्षक कार्यरत छन्। यसै गरी माविं तहमा महिला ७० र पुरुष १ सय ५० गरी जम्मा १ सय ७० शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ७ हजार ८ सय २९ र बालिका ७ हजार १ सय १७ गरी जम्मा १४ हजार ९ सय ४६ रहेका छन्, जसमध्ये दलित बालक ३ सय १९ र बालिका ६ सय २४ छन्। जिल्ला शिक्षा कार्यालय, काभ्रेले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको भने पाइएन।

कुटपिट

नित्यचण्डेश्वरी गाविस-८, सल्लेपानी घर भएकी १५ वर्षीया कविता विसुन्केलाई ०७० असोज १७ गते हनुमान उच्च माविं पात्लेखेतका शिक्षक चन्द्रबहादुर तामाङले टाउकामा हिर्काएका कारण एक

महिनापछि स्वास्थ्य समस्या आएको भनी न्याय र सहयोगका लागि पीडितकी आमा उद्धकुमारीले कात्तिक २४ गते इन्सेक प्रतिनिधिसँग आग्रह गरिन्। विद्यालयका सहायक प्रधानाध्यापकसमेत रहेका तामाङले कक्षा ९ मा अध्ययनरत विसुन्केलाई भुल्याएर मुक्कासमेत प्रहार गरेका थिए। जिल्ला बाल कल्याण समिति, काभ्रेले कविताको उपचारका लागि २ हजार रुपियाँ प्रारम्भिक सहयोग गऱ्यो। बालिकालाई यातना पीडित सरोकार केन्द्र (सिभिक्ट)ले मनोविमर्श सेवा प्रदान गऱ्यो।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

१५ वर्षीया एक बालिकालाई ०६९ चैत १३ गते साँझ घरमा खाना खाइरहेको अवस्थामा सामूहिक बलात्कार गर्ने सिपाली चिलाउने गाविस-३ का ५४ वर्षीय शंखमान मोक्तान, मेथिनकोट गाविस-९ का २५ वर्षीय विशाल भनिने पञ्चबहादुर स्याङ्तान, शिखरआम्बोटे गाविस-८ का २२ वर्षीय कुमार विश्वकर्मा, मेथिनकोट गाविस-९ का १८ वर्षीय रामबहादुर स्याङ्तान, सिपाली चिलाउने गाविस-३ का अनिल भनिने २० वर्षीय आकाश तामाङ र शिखरआम्बोटे गाविस-८, निगालेका २१ वर्षीय कृष्ण विश्वकर्मालाई ०७० वैशाख १३ गते प्रहरीले गिरफ्तार गऱ्यो। यसै गरी सामूहिक बलात्कारको योजना बनाएको भनी बनेपा नपा-८ की ४३ वर्षीया जानुकादेवी थापालाई ०६९ चैत २० गते प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरूलाई डाँका, ज्यान मार्ने उद्योग र जबरजस्ती करणी अन्तर्गत मुद्दा चलाइयो। यस मुद्दामा जिल्ला सरकारी वकिल कार्यालय, काभ्रेले ०७० वैशाख १५ गते नै जिल्ला अदालत काभ्रेमा अभियोग दर्ता गरायो। घरमा बाबु-छोरी मात्र बसेको अवस्थामा पानी खान भनी आएका अपरिचत व्यक्तिहरूले बाबुलाई बाँधेर कुटपिट गर्दै घरको दोस्रो तल्लामा लगी घाँटीमा खुकुरी राखी बालिकालाई सामूहिक बलात्कार गरेका थिए। बलात्कृत बालिकाको ०६९ चैत १४ गते शिक्षण अस्पताल, काठमाडौँमा स्वास्थ्य परीक्षण भयो। पीडित बालिकालाई ०६९ चैत १५ गतेदेखि एक महिना सुरक्षाका लागि अल्पकालीन महिला आश्रयस्थल (सेफ हाउस), धुलिखेलमा राखिएको थियो। घटनाका विषयमा इन्सेक प्रतिनिधि संलग्न एक मानवअधिकारकर्मीको टोलीले ०६९ चैत २२ गते घटनास्थलमा पुगी स्थलगत अध्ययन गऱ्यो। इन्सेक, सिविस, सिभिक्ट र ओरेकलगायतका संस्थाहरू सम्मिलित एक टोलीले ०७० वैशाख ४ गते प्रहरीले अनुसन्धानमा सक्रियता नदेखाएको भनी प्रधानमन्त्रीको कार्यालय र गृहमन्त्रालयमा गई आग्रह गरेको थियो। यस घटनामा पीडित र पीडितका परिवारलाई न्याय र संरक्षण देऊ भन्दै एसियन मानवअधिकार आयोगले ०७० वैशाख ४ गते अर्जेन्ट अपिल प्रकाशन गरेको थियो। घटनाका विषयमा ०६९ चैत २२ गते राष्ट्रिय मानवअधिकार आयोगको एक टोलीले स्थलगत अध्ययन गरी स्थानीय प्रशासनको ध्यानाकर्षण गरेको थियो। सामूहिक बलात्कार घटनाको निष्पक्ष छानबिन गर्न भन्दै ०७० वैशाख १३ गते महिलाअधिकारकर्मीहरूले स्थानीय प्रशासनमा ज्ञापन-पत्रसमेत दिएका थिए।

१६ वर्षीया एक बालिकालाई ०७० जेठ १२ गते गोठपानी गाविस-२ का ३० वर्षीय राजन ढुङ्गानाले बलात्कार गरेको भनी प्रहरीमा मुद्दा दर्ता भयो। पीडित बालिकाको शिक्षण अस्पताल, काठमाडौँमा स्वास्थ्य परीक्षण भयो। पीडित बालिकाका अनुसार उनलाई विगत तीन वर्षदेखि बलात्कार गर्दै आएका थिए। घटनाका आरोपित फरार रहेको प्रहरीले जनायो।

१७ वर्षीया एक सुस्त मनस्थितिकी बालिकालाई ०७० कात्तिक २१ गते दिउँसो घरमा कोही नभएको मौका छोपी मेच्छे गाविस-४, पौवा बस्ने २५ वर्षीय राजु वाइवाले बलात्कार गरेको भनी पीडितका आफन्तले कात्तिक २४ गते इलाका प्रहरी कार्यालय बनेपामा उजुरी गरे। पीडित बालिकाको सोही दिन धुलिखेल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित हालसम्म फरार छन्।

६ वर्षीया एक बालिकालाई ०७० असोज ९ गते दिउँसो मेच्छे गाविस-२ का १६ वर्षीय बालकले शौचालय गएको समयमा बलात्कार गरेको आरोपमा पीडितका आफन्तले सोही दिन प्रहरीमा उजुरी गरे। पीडित बालिकाको असोज १६ गते धुलिखेल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। बालिकाका आफन्तको जाहेरीका आधारमा प्रहरीले घटनाको अनुसन्धान गरिरहेको छ। काभ्रे जिल्ला अदालतले कात्तिक १० गते आरोपितका नाममा सातदिने वारेन्ट र ७० दिने म्याद जारी गऱ्यो। वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

१३ वर्षीया एक बालिकालाई ०७० मङ्सिर १३ गते सिन्धुपाल्चोक बतासे गाविस-५ का २८ वर्षीय नीरबहादुर भनिने रमेश थापाले पोखरीचौरी गाविस-४ स्थित रैकर जङ्गलमा लगी बलात्कार गरेको आरोपमा पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकालाई बलात्कारपछि दोलखाको मुडेमा लगी एक होटलमा

राखेर जबरजस्ती सिन्दुर-पोते लगाइदिएको भनी पीडित बालिकाले जिल्ला प्रहरी कार्यालय, काभ्रेमा उजुरी गरिन्। पीडित बालिकाको सोही दिन धुलिखेल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित थापा वर्षको अन्त्यसम्म फरार छन्। प्रहरीले जबरजस्ती करणी र अपहरण तथा शरीर बन्धकमा मुद्दा चलाएर आरोपितको खोजतलास गरिरहेको छ।

सात वर्षीया एक बालिकालाई ०७० पुस १५ गते बिहान सिपाली चिलाउने गाविस-६ का २२ वर्षीय मानबहादुर मोक्तानले गोपेखोलाको वनमारा घारीमा एकान्तमा भेटाएर बलात्कार गरेको आरोपमा पीडित पक्षले पुस १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको पुस १७ गते धुलिखेल अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

१४ वर्षीया एक बालिकालाई ०७० असार ९ गते दिउँसो च्यासिङखर्क गाविस-४ का छिमेकी ६१ वर्षका बाबुलाल रुम्वाले चुरोट खानका लागि लाइटर लिएर आउन भन्दै बलात्कारको प्रयास गरेको आरोपमा पीडित पक्षले असार १३ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। पीडित बालिकाको प्रसूति गृह, थापाथलीमा असार १३ गते स्वास्थ्य परीक्षण भयो। आरोपितलाई जबरजस्ती करणीको उद्योग अन्तर्गत असार १२ गते प्रहरीले गिरफ्तार गरेकामा काभ्रे जिल्ला अदालतको आदेशमा ०७० साउन ३ गतेदेखि पुर्पक्षका लागि थुनामा राखियो। पीडित बालिकाको धुलिखेल अस्पतालमा स्वास्थ्य परीक्षण गरियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार मानव बेचबिखन तथा ओसारपसार

ज्याम्दी गाविस-२ की २० वर्षीया एक महिलालाई ०७० पुस १४ गते भैरहवा नाका हुँदै भारततर्फ जाँदै गरेको अवस्थामा शान्ति पुनःस्थापना गृहका प्रतिनिधिले उद्धार गरे। पुस ३ गते कोटेश्वरमा रहेकी फुपूदिदीकहाँ जान्छु भनेर निस्किएकी उनलाई कुनै गिरोहले ललाइफकाइ भारततर्फ लैजान लागेको आशङ्का गरिएको थियो। भैरहवास्थित सिद्धार्थ नगरपालिकाको बसपार्कमा गाडीबाट ओर्लिएर भौतारिएको अवस्थामा गृहका प्रतिनिधिले सोधखोज गरेका थिए। पीडित महिलामा शारिरिक अपाङ्ता रहेको र कक्षा ९ को पढाइ छाडेर घरमा नै बसेकी थिइन्।

नुवाकोट जिल्ला मदानपुर गाविस-१ का ३८ वर्षीय कृष्णबहादुर दर्जी र काभ्रे जिल्ला होक्से गाविस-१ माइती भएकी कृष्णबहादुरकी पत्नी ३३ वर्षीया पूना ठकुरी दर्जीलाई मानव बेचबिखन तथा ओसारपसार एवम् अवैध रूपमा मिर्गौला झिक्ने काममा संलग्न रहेको आरोपमा ०७० वैशाख १९ गते प्रहरीले गिरफ्तार गऱ्यो। काभ्रे 'ए' को चैत २७ गते जाहेरीले तनहुँ मिर्लुङ गाविस-३ का ३१ वर्षीय कुमार अधिकारी र ललितपुर उमनपा-११ का ३७ वर्षीय सानुलाल महर्जनलाई ०७० वैशाख २४ गते प्रहरीले गिरफ्तार गऱ्यो। यस मुद्दालाई सरकारी वकिलको कार्यालयले ०७० जेठ ९ गते अदालतमा पेस गरेकामा ०७० जेठ १२ गते जिल्ला न्यायाधीश रमेशकुमार खत्रीको आदेशमा आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाइयो। पुनरावेदन अदालत पाटनको असोज १७ गते बसेको इजलासले आरोपितमध्येका कुमार अधिकारी र सानुलाल महर्जनलाई ५०/५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो।

होक्से गाविस-१ का ४५ वर्षीय प्रेमप्रसाद बजगाईं, पनौती नपा-७ का ३३ वर्षीय मनोज राउत र पाँचखाल गाविस-९, तीनपिप्लेका ४२ वर्षीय राजन दर्जीलाई काभ्रे 'बी' ले ०६९ चैत २८ गते प्रहरीमा दिएको जाहेरीले बजगाईंलाई चैत २९ गते र राउतलाई ०७० वैशाख १९ गते प्रहरीले गिरफ्तार गऱ्यो। घटनामा आरोपित राजन दर्जी भने फरार छन्। यस मुद्दालाई सरकारी वकिलको कार्यालयले वैशाख २२ गते अदालतमा पेस गऱ्यो। आरोपित दुवै जना अदालतको आदेशमा ३५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

नित्यचण्डेश्वरी गाविस-४ का ४० वर्षीय सुमन श्रेष्ठ, ललितपुर उमनपा-२१ का ३८ वर्षीय सचिन महर्जन, काठमाडौँ मनपा-८ का ३४ वर्षीय विनोद ढकाल र सोही ठाउँकी ३५ वर्षीया मीना दर्जीलाई मानवबेचबिखन तथा ओसारपसार एवम् अवैध रूपमा मिर्गौला झिक्ने काममा संलग्न रहेको आरोपमा काभ्रे 'सी' ले चैत २८ गते प्रहरीमा दिएको जाहेरीका आधारमा ०७० वैशाख ३१ गते प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरूले काभ्रेपलाञ्चोक जिल्लाको होक्से, बालुवा र महादेवस्थानलगायत गाविसका सर्वसाधारणलाई प्रलोभनमा पारी मिर्गौलाको व्यापार गर्दै आएको आरोप छ। यस मुद्दालाई सरकारी वकिलको कार्यालयले ०७० जेठ ९ गते अदालतमा पेस गरेकामा ०७० जेठ १२ गते जिल्ला न्यायाधीश रमेशकुमार खत्रीको आदेशमा आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाइयो। पुनरावेदन अदालत, पाटनको असोज

१७ गते बसेको इजलासले आरोपितमध्येका सचिन महर्जनलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

१८ वर्षीया एक महिलालाई ०६९ पुस २२ गते दोलखा, पोवटी गाविस-५ का २२ वर्षीय आकाश श्रेष्ठले काठमाडौँ-२, जोरपाटी बस्ने उमेश उप्रेतीको सहयोगमा नगरकोट गेस्ट हाउसमा लगी जबरजस्ती बलात्कार गरेको भनी पीडित महिलाले पुस २७ गते इलाका प्रहरी कार्यालय बनेपामा जाहेरी दिइन्। पीडित महिलाको पुस २७ गते प्रसूति गृह, थापाथली काठमाडौँमा स्वास्थ्य परीक्षण भयो। यस मुद्दालाई ०६९ माघ २४ गते जिल्ला सरकारी वकिलको कार्यालयले जिल्ला अदालतमा अभियोग दर्ता गरायो। आरोपित आकाश श्रेष्ठ र उमेश उप्रेतीलाई पुस २९ गते प्रहरीले गिरफ्तार गरेकामा जिल्ला अदालत काभ्रेको माघ २५ गतेको आदेशमा उमेशलाई व्यक्तिको जिम्मामा र आकाश श्रेष्ठलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गरियो। प्रेमिका उमेशसँग नगरकोट घुम्न गएकी ती महिलालाई प्रेमीले नै आकाश श्रेष्ठलाई सुम्पिएर बलात्कार गराएका थिए।

३६ वर्षीया एक अपाङ्ग महिलालाई ०६९ पुस २५ गते मङ्गलटार गाविस-८ का ४१ वर्षीय विष्णुबहादुर पुलामी भनिने मानबहादुर पुलामीले मङ्गलटार गाविस-८ स्थित खरपाखोमा लगी जबरजस्ती बलात्कार गरेको भनी पीडित महिलाका आफन्तले पुस २६ गते जिल्ला प्रहरी कार्यालय धुलिखेलमा जाहेरी दिए। पीडित महिलाको पुस २५ गते शिक्षण अस्पताल, काठमाडौँमा स्वास्थ्य परीक्षण भयो। यस मुद्दालाई माघ ९ गते जिल्ला सरकारी वकिलको कार्यालयले जिल्ला अदालतमा अभियोग दर्ता गरायो। आरोपित पुलामीलाई पुस २५ गते प्रहरीले गिरफ्तार गरेकामा जिल्ला अदालत काभ्रेको माघ १० गतेको आदेशमा पुर्पक्षका लागि थुनामा राखिएको छ। पीडितको अदालतमा बकपत्र गराउँदा दोभाषेको व्यवस्था गर्न अदालतले प्रहरीलाई परिपत्र गरेको छ।

नेपाल घुम्न आएकी जनगणतन्त्र दक्षिण कोरियाकी ३५ वर्षीया एक महिलालाई ०६९ चैत २३ गते बेलुकी नाल्दुम गाविस-८, नगरकोटस्थित अन्काई होटलमा ५० वर्षीय कोरियन नागरिक डेइयोङ पार्कले बलात्कार गरेको आरोपमा प्रहरीले कारबाही अघि बढायो। नेपालमा नै आएर चिनजान भएका डेइयोङ पार्कको नगरकोट घुम्न जाने प्रस्तावसँगै नगरकोटमा कोठा लिएका दुवै जनाले बेलुकी खानपान गरी सुत्ने तरखर गरेको समयमा आफू बलात्कृत भएको पीडित महिलाले प्रहरीमा दिएको जाहेरीमा उल्लेख छ। इलाका प्रहरी कार्यालय, बनेपाका अनुसार पीडित महिलाले ०६९ चैत २५ गते इलाका प्रहरी कार्यालयमा उजुरी गरेपछि चैत २६ गते प्रसूतिगृह थापाथलीमा स्वास्थ्य जाँच गरियो। जबरजस्ती करणी अन्तर्गत उक्त मुद्दा ६२ नम्बरमा दर्ता गरी आरोपितको खोजतलास भइरहेको छ। यो मुद्दालाई सरकारी वकिल कार्यालयले ०७० वैशाख २३ गते अदालतमा पेस गरेकामा अदालतले आरोपितका नाममा म्याद जारी गरेको छ।

रामेछाप जिल्ला साँघुटार गाविस-५ की २२ वर्षीया भवानी कार्कीलाई पति नभएको मौका पारी ०७० भदौ २८ गते साँझ अपहरणको धम्की दिएर डर-त्रासमा पारी धुलिखेल बोलाउने जिल्ला प्रहरी कार्यालय काभ्रेमा कार्यरत पीडितका आफन्त पर्ने प्रहरी जवान २८ वर्षीय रामहरि खड्कालाई पीडितको उजुरीका आधारमा सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितलाई प्रहरीले असोज २३ गते सरकारी वकिलको कार्यालयमार्फत अदालतमा पेश गरेकामा काभ्रे जिल्ला अदालतको कात्तिक ४ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्।

अमानवीय व्यवहार

डाँडागाउँ गाविस-८ निवासी ३८ वर्षीया विष्णुमाया वाइवालाई ०७० मङ्सिर २५ गते सोही ठाउँ निवासी रोशन स्याङ्तान र सालधारा नागपानीका तीर्थमान भ्लोन, सङ्गीन लोप्चन र काजीमान गोलेले बोक्सीको आरोपमा कुटपिट गरेको भनी पीडितका पति ४३ वर्षीय दोर्जे वाइवाले जिल्ला प्रहरी कार्यालय, काभ्रेमा उजुरी गरे। डाँडागाउँ गाविस-८ की भुइस्याल स्याङ्तानको स्तनमा घाउ आएको र झाँक्रीलाई देखाउँदा बोक्सी लागेकाले यस्तो भएको भनेका कारण निजका पति रोशन स्याङतानले ससुराली गाउँका मानिसको समेत साथ लिएर कुटपिट गरेकाले निजहरूलाई हदैसम्मको कारबाहीको माग गरिएको छ। घाइते विष्णुमायाको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। ०७० पुस ४ गते कारबाहीका लागि प्रहरी चौकी, तालढुङ्गामा निवेदन लिएर जाँदा वास्ता नगरेकाले बाध्य भएर आफू जिल्ला प्रहरी कार्यालयमा आउनुपरेको निवेदनमा उल्लेख छ। जिल्ला प्रहरी कार्यालय महिला तथा बालवालिका केन्द्रका अनुसार आरोपितहरूलाई

गिरफ्तार गरी जिल्ला ल्याउनका लागि पुस ४ गते नै तालढुङ्गा प्रहरी चौकीमा परिपत्र गरिएको छ।

घरेलु हिंसा

पारिवारिक हिंसा

नासिकास्थान साँगा गाविस-४ की २५ वर्षीया राधिका कार्कीलाई पति २९ वर्षीय नीरबहादुर कार्कीले जहाँ भेटे पनि यौनसम्बन्ध राख्ने गरेको र नमानेमा कुटपिट गर्ने गरेको भनी ०७० असार ३१ गते जिल्ला प्रहरी कार्यालयको महिला तथा बालवालिका सेवा केन्द्रमा उजुरी गरिन्। आरोपित वाग्मती अञ्चल प्रहरी कार्यालयमा हवल्दार छन्। पीडित महिलालाई असार २८ गतेदेखि सेफहाउसमा राखियो। पीडित महिलाले सम्बन्धविच्छेदका लागि जिल्ला अदालतमा उजुरी गरिन्।

च्यासिङखर्क गाविस-९ की ७५ वर्षीया सासू कान्छीमाया तामाङलाई ०६९ पुस २२ गते राति बुहारी ३५ वर्षीया निर्मला तामाङले कुटपिट गरी हत्या गरेको भनी मृतकका छोरा ५५ वर्षीय बलबहादुर तामाङले ०६९ पुस २३ गते इलाका प्रहरी कार्यालय, बनेपामा जाहेरी दिए। लासको ०६९ पुस २३ गते शिर मेमोरियल अस्पताल, बनेपामा पोस्टमार्टम गरियो। यस मुद्दालाई ०६९ माघ १८ गते जिल्ला सरकारी वकिलको कार्यालयले जिल्ला अदालतमा अभियोग दर्ता गरायो। आरोपित तामाङलाई ०६९ पुस २३ गते प्रहरीले गिरफ्तार गरेकामा जिल्ला अदालत काभ्रेको ०६९ माघ १९ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा राखियो।

पात्लेखेत गाविस-२ निवासी २० वर्षीया सोनी तामाङलाई ०६९ फागुन १३ गते पति २१ वर्षीय आशाकाजी भनिने मोनिक तामाङले हत्या गरेको भनी मृतकका बाबु मथुरापाटी फूलबारी गाविस-१ का नीरबहादुर तामाङले ०६९ फागुन १५ गते जिल्ला प्रहरी कार्यालय धुलिखेलमा जाहेरी दिए। लासको ०६९ फागुन १४ गते शिर मेमोरियल अस्पताल, बनेपामा पोस्टमार्टम गरियो। यस मुद्दालाई ०६९ चैत १४ गते जिल्ला सरकारी वकिलको कार्यालयले जिल्ला अदालतमा अभियोग दर्ता गरायो। आरोपित तामाङलाई ०६९ फागुन २० गते प्रहरीले गिरफ्तार गरेकामा जिल्ला अदालत काभ्रेको ०६९ चैत १५ गतेको आदेशमा १ लाख रुपियाँ धरौटीमा रिहा भए।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय ११ जनाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र धुलिखेलमा उजुरी दर्ता गराए। उजुरीमा शारीरिक यातना अन्तर्गत कुटपिटका १ सय ३ र कुटपिट तथा घर निकालाका १९ घटना रहेका छन्। मानसिक यातना अन्तर्गत बात लगाएका दुई, मार्ने धम्की दिएका दुई, बोक्सीको आरोप लगाई गालीगलौज गरेका एक र गालीगलौज मात्र गरेका पाँच उजुरी रहेका छन्। यौनजन्य यातनामा अर्की पत्नी ल्याएर हेला गरेका २६, विवाह दर्ता र नागरिकता नबनाइदिएका चार र धनमालसहित अर्को विवाह गरी हिँडेका एक उजुरी परेका छन्। आर्थिक यातनामा बेवास्ता गरेकामा तीन, बेवारिसे अवस्थामा छोडी भागेका दुई र खानलाउन नदिएकामा ४३ उजुरी परेका थिए। केन्द्रमा दर्ता भएका यी घटनामध्ये १ सय १३ घटनामा मिलापत्र भयो भने २६ घटनाका पीडित अदालत गएको, घटना दर्तापछि ६९ जना सम्पर्कमा नआएको, एक घटनामा मुद्दा चलेको र दुई जना पीडितलाई परिवारमा हस्तान्तरण गरेको केन्द्रले जनायो। महिला तथा बालबालिका सेवा केन्द्रमा आएका घटनामध्ये सबैभन्दा बढी जनजाति महिला ७३ जना पीडित रहेको पाइयो।

बन्दका क्रममा चलाएको भनी नेकपा-माओवादीले यात्रु सहितको गाडीमा गरेको आगजनी

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति, आगजनी

नेकपा-माओवादीबाट

धुलिखेल नपा-१ पकुचामा 'कान्तिपुर' दैनिक पत्रिका बोकेको गाडीलाई नेपाल कम्युनिस्ट पार्टी माओवादी (क्रान्तिकारी)का कार्यकर्ताले ०६९ चैत ३१ गते बिहान साढे ५ बजे पत्रिकासहित जलाए। घटनास्थलमा प्रहरीले फेला पारेको उक्त पार्टीका पूर्वी

फर्मेसन २ नम्बर बटालियनका कमान्डर राजेश अधिकारीद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिमा उक्त पार्टीका गतिविधिलाई ठूला भनिएका सञ्चारमाध्यमले स्थान नदिएको उल्लेख गरिएको छ। ०६९ चैत ३१ गतेको मितिमा जारी गरिएको उक्त प्रेस विज्ञप्तिमा ०६९ चैत २३ गतेको नेपाल बन्दलगायतका आन्दोलनका कार्यक्रमलाई ठूला भनिएका सञ्चारमाध्यमले स्थान नदिएर असफल बनाएकाले यस्तो गरेको उल्लेख छ। बिहान 'कान्तिपुर' दैनिक पत्रिका बोकेर काभ्रेका विभिन्न स्थानमा पत्रिका वितरण गर्न गएको बा९च ६६५८ नम्बरको टाटा मोबाइललाई काभ्रेको साँगानजिकैबाट नियन्त्रणमा लिई पकुचामा लगेर जलाइएको गाडीका चालक लीलाबहादुर थापाले बताए। भक्तपुरको पलासेबाट पाँच जना युवाहरूले गाडीलाई रोकेर त्यही गाडीमा बसी बनेपा-धुलिखेललगायतका स्थानमा समेत पत्रिका नछोडी त्यहाँ लगेर जलाएर आरोपितहरू मोटरसाइकलमा फरार भएका थिए। प्रहरीले घटनाको छानबिन र आरोपितहरूको खोजतलास गरिरहेको बतायो।

बनेपा नपा-६, चाँदनीचोकमा 'राजधानी' दैनिक पत्रिका पुऱ्याएर फर्किएको बा८च ३१७ नम्बरको टाटा मोबाइल गाडीलाई ०६९ फागुन २३ गते नेकपा-माओवादीसहित संयुक्त मोर्चाका कार्यकर्ताले ढुङ्गा र लाठी प्रहार गरी तोडफोड गरे। उक्त मोर्चाले प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा चुनावी सरकार बनाउने मुख्य राजनीतिक दलहरूको निर्णयविरुद्ध नेपाल बन्दको आयोजना गरेको थियो। प्रहार गरिएका ढुङ्गाहरू छलेर भागेका कारण चालक नारायण श्रेष्ठ भने घाइते हुनबाट जोगिएका थिए। सोही दिन बजार बन्द गराउँदै हिँडेका नेकपा-माओवादीका कार्यकर्ताले तीनदोबाटोस्थित गौतम मिठाई भण्डारमा तोडफोड गरे। उनीहरूले बन्दको अवज्ञा गरेको भन्दै बनेपामा बा१८प १७९० नम्बरको मोटरसाइकल पनि तोडफोड गरे। घटनाका विषयमा नेकपा-माओवादीका जिल्ला सेक्रेटरी दीपक भट्टराई (अनुप)ले तोडफोड गर्ने पार्टीको नीति नरहेको बताउँदै तीनदोबाटोको मिठाई पसल तोडफोड गर्नु गल्ती भएको स्वीकारे। यसै गरी, नेकपा-माओवादीलगायतका २३ दलको आह्वानमा ०६९ चैत २५ गते भएको नेपाल बन्दको अवज्ञा गरेको भन्दै वीरगन्जबाट बनेपा आउँदै गरेको ना४च २५२५ नम्बरको यात्रुवाहक रात्रिबस तोडफोड भयो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	**१**		
स्वास्थ्यचौकी	**२५**		
उपस्वास्थ्यचौकी	**६४**		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	**७**	**४**	**३**
स्टाफ नर्स	**१०**	**५**	**१**
ल्याब असिस्टेन्ट	**४**	**४**	
अहेब	**१५२**	**१२१**	**७१**
अनमि	**१२५**	**१०२**	**२७**
खोप सुपरभाइजर	**१**	**१**	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	**१**	**१**	
हेल्थ असिस्टेन्ट	**३२**	**१३**	**१५**

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १६ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कारका १५ ओटा घटना मध्ये एक फैसला, घरेलुहिंसाका २ सय ११ ओटा मध्ये १ सय १३ फैसला, कर्तव्य ज्यानका १४ ओटा मध्ये ७ फैसला, अपहरण गरी शरीर बन्धक बनाएको एक, र केही सार्वजनिक अपराधका ५६ ओटा घटनामा १६ ओटा फैसला भयो। बलात्कार प्रयासका ६, हातहतियार खरखजानाका दुई, बहुविवाहका आठ ओटा घटना दर्ता भए।

२.१४ भक्तपुर



जिल्ला सदरमुकाम: भक्तपुर
क्षेत्रफल (वर्ग कि. मि.): ११५
घरधुरी सङ्ख्या: ६८,६३६
जम्मा जनसङ्ख्या: ३,०४,६५१
पुरुष: १,५४,८८४
महिला: १,४५,७६७
अपाङ्ग सङ्ख्या: ३,२०४
गाविस/नपा सङ्ख्या: १६/२
पुरुष साक्षरता सङ्ख्या: १,३२,६१६
महिला साक्षरता सङ्ख्या: १,०४,५३७
हिन्दू धर्मावलम्बी प्रतिशत: ८७.८५
बौद्ध धर्मावलम्बी प्रतिशत: ५.१८
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.४५
किराँत धर्मावलम्बी प्रतिशत: ०.३८
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.५७
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०२
शिख धर्मावलम्बी प्रतिशत: ०.००२
अन्य धर्मावलम्बी प्रतिशत: ०.०५६
प्रतिपरिवार सरदर सङ्ख्या: ४.४४

बाल सुधारगृह

भक्तपुर जिल्लामा गैरसरकारी संस्थाको सहयोगमा ०५८ सालदेखि बाल सुधारगृह सञ्चालनमा रहेको छ। यसको क्षमता १ सय जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म फैसला भएका ४१ तथा फैसला नभएका ३३ जना गरी जम्मा ७४ जना बालबालिका यस बाल सुधारगृहमा रहेका छन्। यहाँ रहेकामध्ये बालक ६९ तथा बालिका पाँच जना रहेका छन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, भेला हुने र सङ्गठित हुने अधिकार)

कटुन्जे गाविस-६ बस्ने ३३ वर्षीय काङ्ग्रेस महाधिवेशन प्रतिनिधि पूर्ण विसङ्खे, कटुन्जे गाविस-९ बस्ने ४७ वर्षीय काङ्ग्रेस महाधिवेशन प्रतिनिधि दुर्लभ थापा, चाँगुनारायण गाविस-३ बस्ने २८ वर्षीय काङ्ग्रेस जिल्ला कमिटी सदस्य रोशन पौडेल, कटुन्जे गाविस-२ बस्ने ३५ वर्षीय नेकपा मालेका जिल्ला कमिटी सदस्य मनोज थापालाई ०६९ माघ १३ गते एमाओवादी नेताहरूलाई जिल्ला प्रवेश निषेध गर्न खोजेपछि प्रहरीले हस्तक्षेप गर्दा उनीहरू घाइते भए। घाइते उनीहरूलाई नेपाल रेडक्रस सोसाइटीको प्राथमिक स्वास्थ्य उपचार टोलीले घटनास्थलमै प्राथमिक उपचार गरेको थियो। एमाओवादीको भक्तपुर जिल्ला अधिवेशन उद्घाटन गर्न एमाओवादी अध्यक्ष पुपष्कमल दाहाल, प्रधानमन्त्री डा. बाबुराम भट्टराई, उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठलाई काङ्ग्रेस, एमाले, मालेलगायतका विपक्षीदलका नेता तथा कार्यकर्ताहरूले प्रधानमन्त्रीको राजीनामाको माग गर्दै अरनिको राजमार्गको सल्लाघारीमा ०६९ माघ १३ गते बिहान ११ बजे कालो झन्डासहित बाटो घेराउ गर्न खोज्दा प्रहरीले हस्तक्षेप गर्दै लाठीचार्ज गरेको थियो।

ललितपुर उमनपा-१५, सातदोबाटो खुमल्टार निवासी 'नेपाल टेलिभिजन'का पत्रकार ३१ वर्षीय शिव पँगेनी र काभ्रे जिल्ला घर भई काठमाडौँ मनपा-७ बस्ने 'नेपाल टेलिभिजन'का पत्रकार ३२ वर्षीया सुभद्रा गौतमलाई ०७० असार ३ गते समाचार सङ्कलन गर्ने क्रममा भक्तपुर छालीङ्ग-८ का दूध व्यवसाय सञ्चालकहरू ३२ वर्षीय विश्वराम खड्का, सोही स्थान बस्ने ३० वर्षीय उद्धव खड्का र सोही स्थान बस्ने २८ वर्षीय यज्ञबहादुर खड्काले हातपात गर्नुका साथै क्यामरामा समेत क्षति पुऱ्याए। घटनामा संलग्न आरोपितहरूलाई असार ४ गते प्रहरीले गिरफ्तार गरेकामा जिल्ला प्रशासन कार्यालयमा केही सार्वजनिक अपराध अन्तर्गत असार ५ गते पेस गर्दा जनही २८ हजार रुपियाँ धरौटीमा अरोपितहरू रिहा भए। दुग्धजन पदार्थ दुषित रहेको भनी सरकारी अनुगमन टोली खालिङ्ग गाविसस्थित खरिपाटी दूध उद्योगमा शिलबन्दी गर्न जाँदा सोको समाचार सङ्कलनका लागि गएका सञ्चारकर्मीहरूमाथि सञ्चालकहरूले आक्रमण गरेका थिए। क्यामराको क्षतिपूर्ति दिन स्वीकार गरेपछि सञ्चारकर्मीहरूले कतै पनि उजुरी नगरेको तर नेपाल सरकारको नै शिलबन्दी गर्ने कार्यमा बाधा पुऱ्याएको

आरोपमा सञ्चालक तीनै जनालाई प्रहरीले गिरफ्तार गरेको थियो।

सुगम निष्पक्ष र न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

दुई जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ६ सय ३० थानमध्ये ३ सय ८६ थानको फैसला भयो भने २ सय ४४ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ४ सय ९५ थानमध्ये ९ सय थानको फैसला भयो भने ५ सय ९५ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

तीन जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ४ सय १ थानमध्ये ६५ थानको फैसला भयो भने ३ सय ३६ थान बाँकी रहे। देवानी मुद्दातर्फ ९ सय १५ थानमध्ये १ सय ४५ थानको फैसला भयो भने ७ सय ७० थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १ थान र देवानी मुद्दा १४ थान रहे।

जिल्ला सरकारी कार्यालयबाट

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ३७ मध्ये ३९ थान सफल भए भने १२ थान असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या ८६ थान छ।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर एवम् पुरानो सरेका समेत ८६ मुद्दा गरी कुल १ सय ५७ थान मुद्दा छन्, जसमध्ये १३ थान सफल भए। सरकारी वकिल सङ्ख्या तीन जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म १ सय ४१ थान मुद्दा बाँकी छन्। तीन थान असफल रहे।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी ११ थानमध्ये चार थान सफल र सात थान असफल रहे। बलात्कारसम्बन्धी २१ थानमध्ये पाँच थान सफल र १७ थान असफल रहे। महिला बेचविखनसम्बन्धी दुई मुद्दा बाँकी रहे। अपहरणसम्बन्धी परेका तीन थानमध्ये एक थान असफल र दुई थान बाँकी रहे। बहुविवाहसम्बन्धी परेका सात थानमध्ये दुई थान सफल, चार थान असफल र एक बाँकी रहयो। बालविवाह र छुवाछूतसम्बन्धी मुद्दा परेनन्।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ६४ हजार ६ सय २० मध्ये छात्र २९ हजार २ सय ४० र छात्रा ३५ हजार ३ सय ८० प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १ हजार ४३ र छात्र ८ सय ७६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राविं तहमा महिला ३ सय ४८ र पुरुष ५ सय ५४ गरी जम्मा ९ सय २ शिक्षक कार्यरत छन्। निमाविं तहमा महिला ५२ र पुरुष १ सय ५४ गरी जम्मा २ सय ६ शिक्षक कार्यरत छन्। यसै गरी माविं तहमा महिला २२ र पुरुष १ सय ५५ गरी जम्मा १ सय ७७ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक २१ हजार ३ सय ४१ र बालिका १४ हजार ७ सय ९८ गरी जम्मा ३६ हजार १ सय ३९ रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

नौ वर्षीया एक बालिकालाई ०७० कात्तिक ३ गते साँझ भारत, मुजफरपुर घर भई मध्यपुर थिमी नपा-७ मा बस्ने ३५ वर्षीय राजेश महतोले बलात्कार गरेको भनी पीडित परिवारजनले कात्तिक ३ गते साँझ दिएको जाहेरीका आधारमा महानगरीय प्रहरी वृत्त थिमी प्रहरीले सोही राति आरोपितलाई गिरफ्तार गऱ्यो। भक्तपुर जिल्ला अदालतको ०७० कात्तिक २४ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्। पीडितको कात्तिक ४ गते पाटन अस्पतालमा स्वास्थ्य परीक्षण गरियो।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			५		५
अपहरण				१	१
महिलाअधिकार			५		५
भेला/सङ्गठित हुने अधिकार	४	४			
कुटपिट			१	२	३
हत्या			१	१	२
जम्मा	४	४	१२	४	१६

प्रहरीको कुटपिटबाट घाइते भएका पूर्ण विसुङ्खे र दुर्लभ थापा

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

१८ वर्षीया एक युवतीलाई ०६९ माघ १५ गते उदयपुर जिल्ला पञ्चावती गाविस-९ घर भई हाल भक्तपुर जिल्ला मध्यपुर थिमी नपा-१६, लोकन्थलीमा बस्दै आएका २८ वर्षीय लीलाबहादुर तामाङले बलात्कार गरेको भनी पीडित युवतीले महानगरीय प्रहरी वृत्त थिमी प्रहरी कार्यालयमा माघ १६ गते दिएको जाहेरीका आधारमा प्रहरीले आरोपित तामाङलाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०६९ फागुन ९ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन्। पीडितको माघ १६ गते पाटन अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

२३ वर्षीया एक युवतीलाई ०६९ फागुन ११ गते राति अपरिचित व्यक्तिले भक्तपुर नपा-८ को एकान्त स्थानमा हिँड्दै गर्दा समातेर बलात्कार गरेको भनी पीडित महिलाले भक्तपुर प्रहरी कार्यालयमा ०६९ फागुन १२ गते जाहेरी दिइन्। प्रहरीले आरोपित अपरिचित व्यक्तिको खोजी तथा अनुसन्धान जारी रहेको बतायो। पीडितको ०६९ फागुन १२ गते पाटन अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

यसै गरी यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ८१ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, भक्तपुरमा उजुरी दर्ता गराए। उजुरीमध्ये कुटपिट गरी घरनिकाला गरिएका ४०, खानलाउन नदिएका दुई, अर्की पत्नी ल्याएर हेला गरेकामा तीन, मार्ने धम्की तथा कुटपिटमा ११ जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले ४२ घटनामा मिलापत्र गराएको र दुई उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो। उजुरी दर्तापछि केही पीडितहरू सम्पर्कमा नरहेको समेत उक्त कार्यालयले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृति अधिकार

सम्पति क्षति

गैरराज्यपक्षबाट

नेकपा–माओवादीलगायत ३३ दलीय मोर्चाबाट

नेकपा-माओवादीलगायत ३३ दलीय मोर्चाले आह्वान गरेको आमहडतालका दिन ०७० कात्तिक २५ गते भक्तपुरको खरिपाटीमा पार्किङ गरी राखिएको शान्ति मन्त्रालयको बा१भ ७०८४ नम्बरको गाडीमा राति अज्ञात समूहले आगजनी गरेकामा समयमै नियन्त्रणमा आएकाले गाडीमा सामान्य क्षति भयो।

नेकपा-माओवादीलगायत ३३ दलीय मोर्चाले आह्वान गरेको आमहडतालको दिन ०७० कात्तिक २५ गते दुई जनाको समूहमा आएका र पहिचान खुल्न नसकेका व्यक्तिहरूले मध्यपुर थिमी नपा-११, बालुवा डिपोमा पार्किङ गरी राखिएको ना३ख ३७११ नम्बरको सिन्धुपाल्चोकको मुढे देउराली चल्ने बसमा बिहान पेट्रोल छरी आगजनी गरे। बस आगोले जलेर नष्ट भयो।

नेकपा–माओवादी लगायत ३३ दलीय मोर्चाका कार्यकर्ताद्वारा पेट्रोल छर्केर आगजनी गरिएको बस

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१४		
उपस्वास्थ्यचौकी	५		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	२		२
स्टाफ नर्स	३	३	
ल्याब असिस्टेन्ट	४	३	१
अहेब	५१	५२	
अनमि	३४	४०	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१८	१२	६

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यान तीन, आत्महत्या सात, ज्यान मार्ने उद्योग एक, बलात्कारका सात, बहुविवाह एक, हातहतियारका एक ओटा घटना दर्ता भए।

२.१५ काठमाडौँ



जिल्ला सदरमुकाम: काठमाडौँ
क्षेत्रफल (वर्ग कि. मि.): ३५५
घरधुरी सङ्ख्या: ४,३६,३४४
जम्मा जनसङ्ख्या: १७,४४,२४०
पुरुष: ८,१३,००१
महिला: ८,३१,२३९
अपाङ्ग सङ्ख्या: १७,१२२
गाविस/नपा सङ्ख्या: ५७/२
पुरुष साक्षरता सङ्ख्या: ७,९८,१७५
महिला साक्षरता सङ्ख्या: ६,३५,६३०
हिन्दू धर्मावलम्बी प्रतिशत: ८०.०१
बौद्ध धर्मावलम्बी प्रतिशत: १५.३९
इस्लाम धर्मावलम्बी प्रतिशत: १.२५
किराँत धर्मावलम्बी प्रतिशत: ०.७७
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.३३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०५
वोन धर्मावलम्बी प्रतिशत: ०.०१
जैन धर्मावलम्बी प्रतिशत: ०.०५
शिख धर्मावलम्बी प्रतिशत: ०.००४
अन्य धर्मावलम्बी प्रतिशत: ०.१३३
प्रतिपरिवार सरदर सङ्ख्या: ४००.००

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाच्न पाउने अधिकार गोली/विस्फोटक पदार्थबाट घाइते गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

काडाँघारी, पेप्सीकोला-८ घर भई काँडाघारी खहरेस्थित युरो किड्स इन्टरनेसनल स्कुलकी प्रिन्सिपल ३१ वर्षीया अञ्जु भनिने रमा भट्टराईलाई पेप्सीकोलास्थित मनोहरा पुलनजिकै ०७० वैशाख ६

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				७	३५	४२
बालअधिकार				२१	३	२४
अमानवीय व्यवहार					१	१
अपहरण				१	५	६
महिलाअधिकार				३५४		३५४
भेला/सङ्गठित हुने अधिकार	२८	४०	६८	१		१
जातीय विभेद				२	२	४
गिरफ्तारी/यातना		१	१			
कुटपिट				५	६	११
धम्की				२	३	५
हत्या				५	११	१६
जम्मा	२८	४१	६९	३९८	६६	४६४

गते साँझ बा३६प २३२६ नम्बरको स्कुटरमा जादै गर्दा अज्ञात समूहले गोली प्रहार गऱ्यो। भट्टराईको पेटमा गोली लागेको थियो। घाइते उनको बीएन्डबी अस्पतालमा उपचार भयो। घटनास्थलबाट प्रहरीले ७.४५ एमएमको गोलीका खोका बरामद गरेको थियो। घटनाका आरोपितहरू यस वर्षको अन्त्यसम्ममा गिरफ्तारीमा परेका छैनन्। घटनाको अनुसन्धान भइरहेको महानगरीय प्रहरी वृत्त नयाँबानेश्वरले जनायो।

बैतडी भूमेश्वरी गाविस-७ का ३३ वर्षीय ध्वजसिंह विष्ट, नुवाकोट जिल्ला रालुवा गाविस-७ का २६ वर्षीय सवारी चालक रामबहादुर थापा, धनगढी जिल्ला धनगढी नपा तारानगर-५ का ३९ वर्षीय विनोदबहादुर चन्द, पर्वत जिल्ला लिमिठाना-२ का २० वर्षीया मञ्जु पन्त, कपन-२ की २८ वर्षीया अप्सरा बस्नेत, दोलखा जिल्ला डाँडाखर्क-४ की २९ वर्षीया मिठु श्रेष्ठ, पाँच वर्षीया मञ्जु श्रेष्ठ, काठमाडौँ हात्तीगौँडाका ३४ वर्षीय सानुबाबु बस्नेत र सिन्धुपाल्चोक जिल्ला घर भई हाल काठमाडौँ लाम्जिमपाट बस्ने २३ वर्षीय राजकुमार छत्याल बा१ज ९८९१ नम्बरको भाडाको माइक्रोबसमा कात्तिक २७ गते साँझ अज्ञात समूहले पेट्रोल बम प्रहार गर्दा घाइते भए। बालाजुबाट महाराजगन्जतर्फ जादै गरेको उक्त माइक्रोबसमा मोटरसाइकलमा आएका दुई जना व्यक्तिले पेट्रोल बम प्रहार गरेका थिए। घाइते उनीहरूको अनुहार, घाँटी, हात जलेको थियो भने अप्सरा बस्नेतको खुट्टाको बूढीऔँला भाँचिएको थियो। घाइते उनीहरूको धापासीस्थित ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालमा उपचार भयो। उक्त घटना कसले र किन गरायो भन्नेबारेमा खुल्न नसकेको महानगरीय प्रहरी वृत्त महाराजगन्ज प्रहरीले जनायो।

रौतहट जिल्ला जोखा-६ का १४ वर्षीय मोहमद तपरेज, ४५ वर्षीय कलाम दर्जी, पाँच वर्षीया प्राजुन खातुन, ३९ वर्षीय मोहमद मुन्ना, ३५ वर्षीया हसिना खातुन, २७ वर्षीय रामविश्वास साह, सर्लाहीकी २२ वर्षीया साखिला खातुन, ४२ वर्षीया जरिन खातुन मियाँ कवाडी, कासुम सात र काठमाडौँका २१ वर्षीय उमेश महर्जन मङ्सिर १ गते काठमाडौँबाट रौतहटतर्फ जादै गरेको एक यात्रुबाहक बसमा अज्ञात समूहले पेट्रोल बम प्रहार गर्दा घाइते भए। घाइते उनीहरूको बागेश्वरी अस्पतालमा उपचार भयो। मोटरसाइकलमा आएका केही व्यक्तिको समूहले सतुङ्गल-९ स्थित सिप्रदी ट्रेडिङको कार्यालयअगाडि रोकिरहेको अवस्थामा बसमा तीनओटा पेट्रोल बम प्रहार गरेका थिए। तीनमध्ये दुईओटा बम विस्फोट भएको प्रहरीले जनायो। घटनालगत्तै सशस्त्र प्रहरीको टोलीले घाइतेहरूको उद्धार गरेको थियो। घाइते उनीहरूको टाउको, हात, खुट्टामा चोट लागेको थियो। प्रहरीले स्कर्टिङ गरेर लगिरहेको उक्त बस केही बेर रोकिँदा मोटरसाइकलमा आएका व्यक्तिले बम प्रहार गरेको प्रहरीको भनाइ थियो। नेकपा-माओवादीले बन्द आह्वान गरका बेलामा बस चलाएका कारण उनीहरूले नै उक्त बम प्रहार गरेको हुन सक्ने प्रहरीले अनुमान गरे पनि यस वर्षको अन्त्यसम्म घटनामा संलग्न दोषीलाई प्रहरीले गिरफ्तार गर्न सकेको छैन।

मकवानपुर हटिया गाविस-३ का २५ वर्षीय महेश नेपालीले काठमाडौँ मनपा-१४, कुलेश्वरस्थित आवास क्षेत्र लिङ्कन मार्गपछाडि मङ्सिर ३ गते बम प्रहार गर्न खोज्दा आफ्नै हातमा बम पड्किएर घाइते भए। बमको छर्रा लागी उनको आँखा र मुखमा गहिरो चोट लागेको थियो। घटनामा संलग्न तीन जना अरोपितमध्ये नेपाली र सिन्धुपाल्चोक आङराङ घर भएका २७ वर्षीय कृष्णबाहादुर श्रेष्ठलाई प्रहरीले सोही

दिन गिरफ्तार गरी जिल्ला अदालतमा मङ्सिर ६ गते विस्फोटक पदार्थसम्बन्धी मुद्दा दायर गऱ्यो भने ठेगाना खुल्न नसकेका किशोर भनेर चिनिने एक आरोपित भने हालसम्म फरार छन्। मुद्दा दायर गरिएका आरोपितका सम्बन्धमा जिल्ला अदालतको मङ्सिर २८ गतेको आदेशले प्रतिव्यक्ति २/२ हजार रुपियाँ जरिवाना तिराई रिहा गर्न आदेश दियो।

काठमाडौँ मनपा-१२, भोटेबहालका आठ वर्षीय समिर खड्गीको ०७० मङ्सिर ४ गते भोटेबहालस्थित अरनिको विद्यालयमा रहेको मतदान केन्द्रनजिकै अज्ञात समूहले राखेको बम विस्फोट हुँदा घाइते भए। बलाक समिरले खेलौनाका रूपमा खेलाउँदा सो बम विस्फोट भएपछि उनको हातका औँला टुक्रा-टुक्रा भएर चुँडिएको थियो। हातैमा बम विस्फोट हुँदा सो घटनामा आठ वर्षीया यमुना बलामी सामान्य घाइते भएको प्रहरीले जनायो। घाइते समिरको वीर अस्पतालमा उपचारपछि मङ्सिर २१ गते डिस्चार्ज भएको प्रहरीले जनायो। अन्य घाइते दुई बालबालिकाको स्थानीय मेडिकल पसलमा उपचार भएको स्थानीयले बतायो। घटनामा संलग्न व्यक्तिको खोजी भइरहेको प्रहरीले बताएको छ।

जेल र बन्दी

'क' श्रेणी अन्तर्गत क्रमश: केन्द्रीय कारागार, भद्र बन्दी कारागार र महिला कारागार गरी तीनओटा कारागार रहेका छन्। तीनओटै कारागारको कुल बन्दी क्षमता १ हजार २ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म केन्द्रीय कारागारमा कैद तोकिएको ५ सय ७४ र कैद नतोकिएका ८ सय ८९ गरी जम्मा १४ सय ६३ जना बन्दीहरू रहेका छन्। यसै गरी भद्रबन्दी कारागारमा यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३ सय ३३ जना कैदी र कैद नतोकिएका ३ सय ३८ गरी जम्मा ६ सय ७१ जना बन्दीहरू रहेका छन्। यसै गरी महिला कारागारमा यस वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ४४ जना र कैद नतोकिएका १ सय ७८ जना थुनुवा र नौ जना नाबालक गरी जम्मा ३ सय ३१ जना बन्दीहरू रहेका छन्। तीन ओटै कारागारमा रहेका बन्दीको कुल सङ्ख्या २ हजार ४ सय ६५ रहेको छ। यो कारागार १९७१ सालमा निर्माण भएको हो।

'ख' श्रेणी अन्तर्गत रहेको डिल्लीबजार कारागारको कुल बन्दी क्षमता १ सय ८० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २ सय ९३ र कैद नतोकिएको ३ सय ८ गरी जम्मा ६ सय १ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष बन्दीहरू मात्रै रहेका छन्। यस कारागारको स्थापना १९७८ सालमा भएको हो।

कैदी र थुनुवालाई आधारभूत आवश्यकता खानलाउन, बस्न, स्वास्थ्य उपचार, पत्रपत्रिका, रेडियो-टेलिभिजनलगायतका सुविधाहरू कारागारभित्र दिइने गरेको डिल्लीबजार कारागारका जेलर खड्गराज शर्माले बताए। साथै, क्षमताभन्दा बढी कैदी हुनु, भक्तपुरमा कारागार नभएका कारण कैदी, थुनुवालाई काठमाडौँका कारागारमा ल्याइनुले बन्दीहरूको चाप बढेको र सुत्नलाई समस्या हुने गरेको, भवन जीर्ण भएको, घामको प्रकाश कारागारभित्र नछिर्ने भएकाले अँध्यारोमा बन्दीहरू बस्नुपरेको, खानेपानीको समस्या, बन्दीहरूलाई घुमफिर गर्न स्थानको समस्या रहेको जेलर शर्माले जानकारी दिए।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

अन्यबाट

जोरपाटी-२ बस्ने समता शिक्षा निकेतनका सञ्चालक तथा इन्सेकका मानार्थ सदस्य ४० वर्षीय उत्तम सञ्जेललाई असार ३० गते साँझ स्कुलभित्रै रहेको मेडिकल पसलमा बसिरहेका बेला समता स्कुलका ठेकेदार रामबहादुर भुजेलसँगको विवादको विषयलाई लिएर दोलखा जिल्ला ठूलोपातल गाविस-७ घर भई हाल काठमाडौँ कामनपा-३२ डिल्लीबजार घर भई काठमाडौँ मनपा-६, बौद्ध बस्ने २५ वर्षीय सुशील मुखिया सुनुवार र काठमाडौँ मनपा-६ बौद्धका २८ वर्षीय सत्यमान लामाले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट सञ्जेलको नाकको भित्री कुरकुरे हड्डी भाँच्चिएर भित्र पसेको थियो। घाइते उनको टोखास्थित ग्रान्डी अस्पतालमा उपचार भयो। आरोपित दुवै जनालाई साउन १ गते महानगरीय प्रहरी वृत्त महाराजगन्जले गिफ्तार गरी कर्तव्य ज्यान उद्योगसम्बन्धी मुद्दा दायर गरेको थियो। सञ्जेल परिवारले घटना भएकै दिन महानगरीय प्रहरी वृत्त महाराजगन्जमा जाहेरी दिएका थिए। हाल आरोपितहरू जिल्ला अदालतको साउन २४ गतेको आदेशमा जनही ५० हजार रुपियाँ धरौटी तिरी रिहा भए। आरोपित सुशील मुखिया सुनुवारको घर बनाउने र पीडित उत्तम सञ्जेलको स्कुलको घर बनाउने दुवै काम ठेकदार रामबहादुर भुजेलले गरेको अवस्थामा आफ्नोमा समय नदिई उत्तम सञ्जेलको स्कुल बनाउन लागेको रिसमा आफूहरूले सञ्जेलमाथि आक्रमण गरेको प्रहरीलाई

बयान दिएका थिए। सो आक्रमण घटनाको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले भर्त्सना गरेको थियो। अध्यक्ष सुबोधराज प्याकुरेलद्वारा हस्ताक्षरित साउन १ गते जारी विज्ञप्तिमार्फत दोषीलाई कानुनी कारबाहीका लागि नेपाल सरकारसँग माग गरिएको थियो।

दोलखा जिल्ला सुरी गाविस-८ घर भई हाल काठमाडौँ कामानपा-३३, डिल्लीबजार बस्ने प्रेस चौतारी नेपालका केन्द्रीय सल्लाहकार तथा 'राजधानी' दैनिक पत्रिकाका समाचार-सम्पादक ३६ वर्षीय गणेश बस्नेतलाई ०७० वैशाख १४ गते राति पत्रिकाको काम सकेर घर फर्कने क्रममा बा८ख ४७०६ नम्बरको व्यक्तिगत कारले थापाथलीमा पिछा गर्दै तीनपटकसम्म आक्रमण प्रयास गऱ्यो। मोटरसाइकल पेटीमाथि चढाएपछि मात्रै समाचार-सम्पादक बस्नेत आक्रमण प्रयासबाट बच्न सफल भएका थिए। बस्नेतले घटनाका बारेमा महानगरीय प्रहरी प्रभाग, सिंहदरबारमा ०७० वैशाख १५ गते जाहेरी दिए। घटनाको वास्तविक दोषी हालसम्म पत्ता लागिनसकेको तर अनुसन्धान कार्य जारी रहेको महानगरीय प्रहरी परिसर हनुमानढोकाका प्रवक्ता तथा डीएसपी चक्रबहादुर सिंहले जानकारी दिए। घटनाका सम्बन्धमा प्रेस चौतारी नेपालले ०७० वैशाख १५ गते प्रेस विज्ञप्तिमार्फत घटनाप्रति आपत्ति तथा खेद प्रकट गर्दै घटनाका दोषीलाई कानुनी कठघरामा उभ्याउन नेपाल सरकारसमक्ष माग गऱ्यो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

उदयपुर जिल्ला त्रिवेणी गाविस घर भई हाल काठमाडौँ मनपा गैरीधारा बस्ने वरिष्ठ अधिवक्ता शम्भु थापा, ललितपुर जिल्ला उमनपा-१, कुपन्डोल बस्ने ६० वर्षीय मानवअधिकारकर्मी चरण प्रसाईं, ललितपुर जिल्ला उमनपा पाटनढोका बस्ने वरिष्ठ पत्रकार कनकमणि दीक्षित र बर्दिया जिल्ला गुलरिया नपा-२ घर भई हाल काठमाडौँ मनपा-५, कालोपुल बस्ने सहिद-पुत्र २४ वर्षीय द्रोण लामिछानेलाई ०७० वैशाख २५ गते बिहान अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा पूर्वमुख्यसचिव लोकमानसिंह कार्कीको नियुक्तिको विरोध गर्ने क्रममा राष्ट्रपति कार्यालय, शीतलनिवासमा धर्ना दिने क्रममा गिरफ्तार गरी महानगरीय प्रहरी वृत्त महाराजगन्जमा राखेकामा सोही दिन दिउँसो रिहा गरे। चौतर्फी विरोधका बाबजुद पनि जनआन्दोलनका दमनकर्ता तथा भ्रष्टाचारको अभियोग लागेर विवास्पद छवि भएका कार्कीलाई वैशाख २५ गते राष्ट्रपति रामवरण यादवले आयोगको प्रमुख आयुक्तमा नियुक्ति गरे।

सुधा महर्जन, सुशीला महर्जन, इशान अधिकारी, विदुषी ढुङ्गेल, जगन्नाथ लामिछाने, प्रज्ज्वल, मुकेश श्रेष्ठ, प्रकाश गिरी, कुञ्जन काफ्ले, महिश महर्जन, विक्रम श्रेष्ठ र उज्ज्वल थापालाई ०६९ चैत २७ गते बिहान महिला हिंसा अन्त्य गरी पीडितलाई न्यायको माग गर्दै प्रधानमन्त्रीनिवास बालुवाटारअगाडि अकुपाई बालुवाटार सत्याग्रह अभियानको ब्यानरमा धर्नामा बसेका बेला प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेका उनीहरूलाई महानगरीय प्रहरी प्रभाग कमलपोखरीमा राखी सोही दिन रिहा गऱ्यो।

शान्ति समाजका कृष्ण पहाडी, होमकान्त चौलागाईं, कृष्ण कँडेल, कुमराज सुवेदी, जानुका श्रेष्ठ भण्डारी, रत्नलक्ष्मी श्रेष्ठ, प्रताप पौडेल, कुमार घिमिरे, उत्तम पुडासैनी, राजकुमार रानामगर र बलबहादुर गाहा मगरलाई जेठ ८ गते सिंहदरबार दक्षिण ढोकामा धर्ना दिने क्रममा प्रहरीले गिरफ्तार गरी महानगरीय प्रहरी प्रभाग सिंहदरबारमा राखी सोही दिन रिहा गऱ्यो। गिरफ्तार गर्ने क्रममा मानवअधिकारकर्मीहरूलाई प्रहरीले दुर्व्यवहार तथा हातपातसमेत गरेको थियो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तको नियुक्तिको विरोध गर्दै समाजले सिंहदरबार दक्षिण ढोकाअगाडि धर्ना कार्यक्रमको आयोजना गरेको थियो।

अज्ञात समूहले राखेको बम विस्फोटनमा परी घाइते भएका बालक समीर खड्गी

काठमाडौँ जिल्ला महादेवस्थान-४ थानकोट बस्ने 'कारोबार' दैनिकका पत्रकार ३७ वर्षीय समिर रेग्मीलाई ०७० असार २ गते बन्दको अवज्ञा गरेको भन्दै नेकपा-माओवादीलगायत अन्य ४२ राजनीतिक दलहरूले आह्वानमा गरेको नेपाल बन्दका क्रममा बन्दकर्ताहरूले कलङ्कीमा हातपात गरे। बिहानको समयमा थानकोटबाट कार्यालयतर्फ जाँदै गर्दा उनी सवार बा२०प ७६३२ नम्बरको

मोटरसाइकलसमेत बन्दकर्ताहरूले तोडफोड गरी क्षति पुऱ्याई दिए। घटनालाई लिएर नेपाल पत्रकार महासङ्घ, कारोबार प्रतिष्ठान शाखाले सोही दिन विज्ञप्ति जारी गरी रेग्मीमाथि भएको आक्रमणप्रति निन्दा एवम् भर्त्सना गऱ्यो। तोडफोड के कारण भएको हो भन्ने खुल्न सकेन भने पीडितले हालसम्म क्षतिपूर्ति पाएका छैनन्। संविधानसभाको दोस्रो निर्वाचनको घोषणा र चारदलीय निर्णयको खारेजीको माग गर्दै नेकपा-माओवादीलगायत अन्य ४२ राजनीतिक दलहरूले नेपाल बन्दको आह्वान गरेका थिए।

सरकारले आफ्ना जायज मागलाई बेवास्ता गरेको भन्दै मागहरूको सम्बोधनका लागि दबाब दिन सिंहदरबार दक्षिणढोका पुगेका कमलरीहरूमाथि जेठ १९ गते प्रहरीले हस्तक्षेप गर्दा दाङकी उर्मिला चौधरी, कैलालीकी सुजता चौधरी, सीता चौधरी, कैलालीकी कमला चौधरी, रिता चौधरी, निर्मला चौधरी, दीपिका चौधरी, रिदिका चौधरी, एलिसा चौधरी, राजकुमारी चौधरी, सुखदैया चौधरीलगायत घाइते भए। घाइते उनीहरूको अन्नपूर्ण अस्पतालमा उपचार भयो। धर्नामा रहेका पूर्वसभासद सुखदैया चौधरी, राजकुमारी चौधरीलगायतलाई गिरफ्तार गरी महानगरीय प्रहरी प्रभाग सिंहदरबारमा राखी सोही दिन रिहा गऱ्यो। दाङ जिल्ला घर भई ललितपुरस्थित युवराज पौडेलको घरमा कमलरीका रूपमा बसेकी १२ वर्षीया सिर्जना चौधरीका हत्याराहरूलाई कारबाही गरिनुपर्ने, पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने, कमलरीहरूका लागि परिचयपत्रको व्यवस्था गरिनुपर्ने, उनीहरूका लागि बनेको कानुनी ऐनको संशोधन गरी उचित व्यवसथा अनुसार कमलरीहरूका जल्दाबल्दा समस्याहरूको समाधान गरिनुपर्ने, वार्षिक रूपमा सरकारले वितरण गरेको प्रतिव्यक्ति ५ हजार रुपियाँ अपुग भएकाले त्यसलाई बढाउनुपर्नेलगायतका माग राखी कमलरीहरूले जेठ १४ गतेबाट शान्तिबाटिकामा धर्ना कार्यक्रम सुरु गरेका थिए। पाँच दिनसम्म बाटिकामा धर्ना कार्यक्रम गरेका कमलरीहरूको मागप्रति सरकारले कुनै चासो नदेखाएपछि समितिले थप दबाब सिर्जना गर्न आन्दोलनको स्वरूप परिवर्तन गरी सिंहदरबारअगाडि धर्ना कार्यक्रम सुरु गरेको थियो।

अज्ञात समूहको पेट्रोल बम प्रहारबाट घाइते भएकी बालिका प्राजुन खातुन

संविधानसभा निर्वाचनका क्रममा काठमाडौँ-५ का काङ्ग्रेस उम्मेदवार नरहरि आचार्यले प्रयोग गर्दै आएको बा६च ४१९ नम्बरको जिप कात्तिक ११ गते धापासी कृष्णमन्दिरनजिकै पार्किङ गरेर राखिएको अवस्थामा दुईओटा पल्सर मोटरसाइकलमा आएको अज्ञात समूहले बिहान ९ बजे पेट्रोल छर्की आगजनी गऱ्यो। आगजनीबाट जिपमा सामान्य क्षति पुग्यो। त्यसै गरी संविधानसभा निर्वाचनका क्रममा धादिङ-३ का एमाले उम्मेदवार राजेन्द्र पाण्डले प्रयोग गर्दै आएको बा३च २६२ नम्बरको निसान गाडीमाथि कात्तिक ११ गते कामनपा-२, लाजिम्पाटस्थित नील सरस्वती ग्यारेजमा पार्किङ गरेर राखिएको अवस्थामा दुईओटा पल्सर मोटरसाइकलमा आएको अज्ञात समूहले बिहान ५ बजेर २५ मिनेट जाँदा पेट्रोल छर्की आगजनी गऱ्यो। आगजनीबाट गाडीको दाहिने ढोकामा क्षति पुगेको महानगरीय प्रहरी परिसरका प्रवक्ता तथा डीएसपी अर्जुन चन्दले बताए। चन्दका अनुसार, आगजनीका क्रममा अज्ञात समूहले 'एमाले मुर्दावाद, नेकपा-माओवादी जिन्दावाद' भनी नारा लगाएका थियो। आगजनी प्रयासपश्चात् उक्त समूह नक्सालतर्फ भागेको थियो। घटनामा संलग्न दोषीलाई हालसम्म प्रहरीले गिरफ्तार गर्न सकेको छैन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

१४ जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ८ हजार ६ सय १५ थानमध्ये ५ हजार ६ सय २३ थानको फैसला भयो भने २ हजार ९ सय ९२ थान बाँकी रहे। देवानी मुद्दातर्फ ७ हजार ५९ थानमध्ये ३ हजार ६ सय ३७ थानको फैसला भयो भने ३ हजार ४ सय २२ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ९३ थान र देवानी मुद्दा ८८ थान छन्।

०७० साउनदेखि पुस १६ गतेसम्म

१९ जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ५ हजार ५ सय १२ थानमध्ये १ हजार ५ सय १६ थानको फैसला भयो भने ३ हजार ९ सय ९६ थान बाँकी रहे। देवानी मुद्दातर्फ ४ हजार ९ सय ४ थानमध्ये ७ सय २३ थानको फैसला भयो भने ४ हजार १ सय ८१ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ३० थान र देवानी मुद्दा १ सय ६९ थान रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ हजार ९ सय ४२ थान छ, जसमध्ये १ हजार ७ सय ९४ थान सफल भए भने १ सय २० थान असफल भए। मुलतवी र तामेलीमा कुनै मुद्दा रहेका छैनन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी ६७ थानमध्ये नौ थान सफल र चार थान असफल रहे। बलात्कारसम्बन्धी मुद्दा ७९ थानमध्ये चार थान सफल र १० थान असफल रहे। मानव बेचबिखनसम्बन्धी मुद्दा २९ थानमध्ये तीन थान सफल र तीन थान असफल रहे। अपहरणसम्बन्धी मुद्दा ५३ थानमध्ये तीन थान सफल र सात थान असफल रहे। बहुविवाहसम्बन्धी मुद्दा ३१ थानमध्ये तीन थान सफल र दुई थान असफल रहे। छुवाछूतसम्बन्धी एक थान मुद्दा विचाराधीन अवस्था छ।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या ४ हजार ५ सय १ थान छ, जसमध्ये १ हजार २ सय १८ थान सफल र ८४ थान असफल रहे। सरकारी वकिलको सङ्ख्या नौ रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ३ हजार २ सय २७ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका २ लाख ९ हजार ६ सय ६६ मध्ये छात्र ९९ हजार ६ सय ७५ र छात्रा १ लाख ९ हजार ९ सय ९१ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३ हजार ७ सय ९३ र छात्र ४ हजार १ सय ८६ रहेका छन्। सरकारी तथा सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला र पुरूष गरी २ हजार ५९ जना शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला र पुरुष गरी ७ सय ७५ जना शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला र पुरुष गरी ७ सय २५ जना शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ३५ हजार ६ सय १६ र बालिका ३० हजार ७ सय १० गरी जम्मा ६६ हजार ३ सय २६ जना रहेका छन्, जसमध्ये दलित बालक १ हजार ९ सय ६२ र बालिका १ हजार ८ सय ८८ जना रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

१६ वर्षीया एक बालिकालाई ०६९ माघ १९ गते टेलिभिजनको जागिरका लागि अन्तर्वार्ता दिने भनी सुन्धारस्थित राप्ती गेस्ट हाउसमा बोलाएर मकवानपुर जिल्ला, हेटौँडा नपा-९ घर भएका ३० वर्षीय पुष्कर कार्कीले बलात्कार प्रयास गरे। बलात्कार प्रयास गर्ने क्रममा आरोपितले पीडित युवतीलाई मुख छोपी चक्कु देखाएका मार्ने धम्की दिएका थिए। युवतीले हारगुहार गरेर कराई जबरजस्ती ढोका खोली त्यहाँबाट उम्किएर महानगरीय प्रहरी परिसर, काठमाडौँमा खबर गरेकी थिइन्। आरोपित कार्कीलाई महानगरीय प्रहरी परिसर, काठमाडौँले वैशाख ४ गते गिरफ्तार गरी सोही दिन अपहरण तथा शरीर बन्धक मुद्दामा अदालतबाट म्याद थप गरेको थियो। जिल्ला अदालतको वैशाख १९ गतेको आदेशले आरोपित २५ हजार रुपियाँ धरौटीमा रिहा भए।

६ वर्षीया एक बालिकालाई ०६९ पुस १८ गते पीडितकै कोठामा बलात्कार गरी फरार भएका धादिङ जिल्ला, गजुरी गाविस-४ घर भई काठमाडौँ, महादेवस्थान-४ थानकोट बस्ने २४ वर्षीय सुमन श्रेष्ठलाई बाराको पथलैयाबाट ०६९ पुस १९ गते साँझ प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तारी परेकै दिन श्रेष्ठलाई काठमाडौँ ल्याइएको थियो। पीडित परिवारले घटना भएकै दिन थानकोट इलाका प्रहरी कार्यालयमा निवेदन दिएका थिए। पीडितको कान्ति बाल अस्पताल, महाराजगन्जमा उपचार भयो। आरोपित श्रेष्ठलाई पुस १९ गते महानगरीय प्रहरी परिसर, हनुमानढोकाले जबरजस्ती करणीसम्बन्धी मुद्दा दायर गऱ्यो। जिल्ला अदालतको माघ १८ गतेको आदेशमा आरोपित

पुर्पक्षका लागि थुनामा छन्।

१५ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा काठमाडौँ, कीर्तिपुर उमनपा-४ घर भई हाल थानकोट गाविस-८ बस्ने ५० वर्षीय राजकुमार महर्जन र पत्नी ४५ वर्षीया पार्वती साह महर्जनलाई महानगरीय प्रहरी वृत्त कालीमाटीले ०७० असार ५ गते गिरफ्तार गऱ्यो। पीडित बालिकालाई जेठ २४ गते घरेलु श्रमिकका रूपमा राखेकामा जेठ २५ गते राति पत्नी पार्वती महर्जनको सहयोगमा राजकुमार महर्जनले करकापमा पारी बलात्कार गरेको पीडितको आरोप छ। पीडित बालिकाको असार ५ गते थापाथलीस्थित प्रसूति गृहमा उपचार भयो। पीडितकी आमाले असार ५ गते महानगरीय प्रहरी वृत्त कालीमाटीमा जाहेरी दिइन्। आरोपित दुवै जनाविरुद्ध कालीमाटी प्रहरीले मुलुकी ऐनको जबरजस्ती करणी महलको १ नम्बर विपरीत कार्य गरेको भन्दै असार ६ गते जबरजस्ती करणीसम्बन्धी मुद्दा दायर गऱ्यो। अरोपित राजकुमार जिल्ला अदालतको असार २८ गतेको आदेशले पुर्पक्षका लागि कारागार चलान भए भने अर्की आरोपित पार्वती महर्जन २० हजार रुपियाँ धरौटीमा रिहा भइन्।

सात वर्षीया एक बालिकालाई नुवाकोट जिल्ला, विदुर नपा घर भई हाल काठमाडौँ मनपा-१६, बालाजु बस्ने ५५ वर्षीय रामबहादुर अधिकारीले ०६९ माघ १५ गते बलात्कार गरेको भन्दै पीडित परिवारले माघ २४ गते महानगरीय प्रहरी परिसर, काठमाडौँ महिला तथा बालबालिका सेवा केन्द्र, कालीमाटीमा जाहेरी दियो। पीडित बालिकाको माघ २३ गते थापाथलीस्थित प्रसूति गृहमा उपचार भयो। आरोपितलाई माघ २३ गते प्रहरीले गिरफ्तार गरी सोही दिन जबरजस्ती करणीसम्बन्धी मुद्दा दायर गरेकामा जिल्ला अदालतको फागुन २१ गतेको आदेशले आरोपित पुर्पक्षका लागि कारागार चलान भए।

१५ वर्षीया एक बालिकालाई ०६९ फागुन १८ गते भारत, झुजुङ जिल्ला पातुश्री थानास्थित तारपुरा घर भई हाल काठमाडौँ मनपा गंगोबुस्थित कालीगण्डकी गेस्ट हाउसमा बस्ने १९ वर्षीय मुकेश चौधरी, कास्की जिल्ला पोखरा उमनपा-९ घर भई हाल काठमाडौँ मनपा-१५ स्वयम्भू बस्ने १९ वर्षीया दिया मगर र काभ्रे जिल्ला, माझीफेदी गाविस-३ घर भई हाल काठमाडौँ मनपा ठमेल बस्ने १८ वर्षीय सुनिल गौतमले सामूहिक बलात्कार प्रयास गरेको अरोपमा महानगरीय प्रहरी परिसर, काठमाडौँ महिला तथा बालबालिका सेवा केन्द्र कालीमाटी प्रहरीले फागुन २३ गते गिरफ्तार गऱ्यो। पीडितले फागुन २४ गते अरोपितहरूविरुद्ध किटानी जाहेरी दिएकी थिइन्। प्रहरीले सोही दिन आरोपितहरूविरुद्ध जबरजस्ती करणी उद्योगसम्बन्धी मुद्दा दायर गरेकामा जिल्ला अदालतको चैत १८ गतेको आदेश अनुसार मुकेश चौधरी कारागार चलान भए भने अन्य अरोपित दुई जनालाई जनही २० हजार रुपियाँ धरौटी तिर्न भनेकामा तिर्न नसकेपछि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१४ वर्षीया एक बालिकालाई ०६९ चैत २२ गते बर्दिया जिल्ला, ठाकुरद्वारा गाविस-३ घर भई हाल काठमाडौँ, अनामनगर बस्ने २४ वर्षीय रामकृष्ण थारू र सोही ठाउँ बस्ने १८ वर्षीय मोहन तिरुवाले सामूहिक बलात्कार प्रयास गरेको आरोपमा महानगरीय प्रहरी परिसर, काठमाडौँ महिला तथा बालबालिका सेवा केन्द्र कालीमाटीले चैत २३ गते गिरफ्तार गऱ्यो। पीडित परिवारले चैत २५ गते अरोपितहरूविरुद्ध किटानी जाहेरी दिएका थिए। प्रहरीले जाहेरी परेकै दिन अरोपितहरूविरुद्ध जबरजस्ती करणी उद्योगसम्बन्धी मुद्दा दायर गरेकामा जिल्ला अदालतको ०७० वैशाख १९ गतेको आदेशले जनही १० हजार रुपियाँ तिरी धरौटीमा रिहा भए।

बालश्रम शोषण

सप्तरी जिल्ला घर भई हाल काठमाडौँ मनपा-३४, नयाँबानेश्वर थापागाउँस्थित सनराइज सिटीहोमको बी टू ब्लकमा बालश्रमिकका रूपमा काम गर्दै आएकी १२ वर्षीया ललिता चौधरीलाई जेठ ५ गते घरमालिकनी रीता कर्णले निर्घात कुटपिट गरिन्। कर्णले खान, बस्न र पढ्न भनी सप्तरीबाट १० महिनाअघि चौधरीलाई काठमाडौँ ल्याइएकी थिइन्। घटनामा संलग्न दोषीलाई प्रहरीले कुनै कारबाही नगरी जेठ ५ गते मिलापत्र गरी छाड्यो।

एक समूहको आक्रमणमा परी घाइते भएका समता शिक्षा निकेतनका सञ्चालक उत्तम सञ्जेल

महानगरीय प्रहरी वृत्त महाराजगन्जमा कार्यरत नेपाल प्रहरीका हवल्दार शारदा लामाले बसुन्धारास्थित

आफ्नै डेरामा बालश्रमिकका रूपमा काम गर्दै आएकी बारा जिल्ला अमलेखगन्ज घर भएकी ११ वर्षीया लक्ष्मी लामालाई बेहोस हुने गरी कुटपिट गरिन्। कुटाइबाट टाउको र हातखुट्टामा चोट लागेको पीडित लक्ष्मीलाई स्थानीयले भदौ ८ गते विहान १० बजे उद्धार गरी कान्ति बाल अस्पतालको आकस्मिक कक्षमा भर्ना गरेका थिए। पीडित बालिकाको थप उपचारका लागि शिक्षण अस्पतालमा भर्ना गरियो। पीडित हबल्दार शारदाले बालिकालाई प्रहरीले बोक्ने स्टिकले कुटेकी थिइन्। शारदा ड्युटीमा जाँदा उनका तीन छोरीलाई हेर्ने जिम्मा पीडित लक्ष्मीको थियो। पीडितले खाना धेरै खाएको र काम नगरेको भन्दै शारदाले कुटपिट गर्ने गरेकी थिइन्। पीडित लक्ष्मी तीन वर्षदेखि घरेलु कामदारका रूपमा हबल्दार लामाको घरमा बस्दै आएकी थिइन्। हाल बालिकाको स्वास्थ्य अवस्था सामान्य रहेको र सिविसको संरक्षणमा रहेकी छन् भने आरोपित लामालाई विभागीय कारवाही भइरहेको महानगरीय प्रहरी वृत्त महाराजगन्जका डीएसपी प्रभु ढकालले जानकारी दिए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

काभ्रे जिल्ला, श्यामपाटी गाविस-४ घर भएकी २२ वर्षीया निरमाया तामाङलाई ०६९ पुस १८ गते साँझ मकवानपुर जिल्ला, हेटौँडा नपा घर भई हाल काठमाडौँ मनपा-१६ बालाजु बस्ने २२ वर्षीय दीपक तामाङ, सोही ठाउँ बस्ने ५० वर्षीय एक नाम नखुलेको व्यक्ति, भारत जीबी रोड ६४ नम्बरमा कोठी सञ्चालन गरी बस्ने छायाँ घरवाली र भारत, दिल्लीस्थित जीबी रोड घर नम्बर ५६ मा कोठी सञ्चालन गरी बस्ने रूपाले बालाजुबाट कलङ्की हुँदै भारततर्फ बेचबिखनका लागि लैजाँदै गर्दा महानगरीय प्रहरी परिसर, कालीमाटीले गिरफ्तार गऱ्यो। पीडितले महानगरीय प्रहरी परिसर काठमाडौँ महिला तथा बालबालिका सेवा केन्द्र, कालीमाटीमा फागुन ३० गते जाहेरी दिएकामा सोही दिन प्रहरीले आरोपितहरूविरुद्ध मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दा दायर गरेको थियो। बालिकालाई भारततर्फ लगिँदै गरेको आशङ्का लागेर सिभिलमा खटिएका प्रहरी टोलीले उद्दार गरेको थियो भने आरोपितहरू हालसम्म फरार रहेको प्रहरीले जनायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३३ वर्षीया एक महिलालाई ०६९ चैत १ गते कञ्चनपुर, रैकवार विछवा-५ का २६ वर्षीय सुरेन्द्र ताम्राकारले महाराजगन्जस्थित गोर्खाली गेस्ट हाउसमा लगी बलात्कार गरेको आरोपमा पीडितले महानगरीय प्रहरी वृत्त महाराजगन्जमा ०६९ चैत ३ गते आरोपितविरुद्ध किटानी जाहेरी दिएकी थिइन्। लमजुङ जिल्ला बेसीसहरमा लुकेर बसिरहेको अवस्थामा आरोपित ताम्राकारलाई महाराजगन्ज प्रहरी वृत्तबाट खटिएको विशेष प्रहरी टोलीले ०६९ चैत ११ गते गिरफ्तार गरी जबरजस्ती करणीसम्बन्धी मुद्दा चलाएको थियो। आरोपित ताम्राकार जिल्ला अदालतको वैशाख ८ गतेको आदेशले २७ हजार रुपियाँ धरौटीमा रिहा भए।

घरेलु हिंसा

परिवारजनबाट हत्या

सप्तरी जिल्ला बैरवा गाविस-८ घर भई हाल काठमाडौँ मनपा- ३४, बानेश्वर बस्ने ३५ वर्षीया ममता चौरासियालाई ०६९ चैत १३ गते राति देवर २२ वर्षीय सन्तन चौरासियाले घाँटी थिची हत्या गरेको आरोपमा प्रहरीले चैत १६ गते गिरफ्तार गरी बयान लिँदा भाउजूको हत्या गरेको स्वीकार गरेका थिए। जिल्ला अदालतको वैशाख ९ गतेको आदेशले आरोपित पुर्पक्षका लागि कारागार चलान भए। महानगरीय प्रहरी वृत्त बानेश्वरमा आरोपित सन्तन आफैंले चैत १४ गते भाउजू विरामी भई मृत्यु भएको भनी जाहेरी दिएका थिए। लासको चैत १४ गते तीनकुनेस्थित कान्तिपुर अस्पतालमा पोस्टमार्टम भयो।

अमानवीय व्यवहार

काठमाडौँ मनपा-१५, स्वयम्भूकी ४० वर्षीया प्रमिला शाक्यलाई विगत नौ वर्षदेखि निरन्तर र अन्तिमपल्ट साउन १७ गते बोक्सीको आरोप लगाउँदै पति ४९ वर्षीय विश्वरत्न शाक्य, ४८ वर्षीया तुलसी प्रभा शाक्य र ४२ वर्षीया चम्पा प्रभा शाक्यले यातना दिई कुटपिट गरेको भन्दै महानगरीय प्रहरी वृत्त बालाजुले गिरफ्तार गऱ्यो। पीडितले ०७० साउन १७ गते दिएको जाहेरीका आधारमा आरोपित उनीहरूलाई गिरफ्तार गरेकामा पति विश्वरत्नलाई सोही दिन र आरोपित नन्दहरूलाई साउन १९ गते बोक्सीको आरोपमा मुद्दा दायर गरेको थियो। पीडित प्रमिलालाई आरोपितहरूले शारीरिक तथा मानसिक रूपमा यातना दिई, मासु पोल्ने झिरले जिब्रो पोलिदिने, खुसार्नीको धूलो नाकमा सुँघाइदिने, कुटपिट गर्नेजस्ता अमानवीय व्यवहार गर्ने गरेका थिए। विश्वरत्न र प्रमिलाको ०६१

मा विवाह भएकामा हाल उनका २० र १२ वर्षीय छोरा र १५ वर्षीया एक छोरी छन्। २० वर्षीय जेठा छोरा सुस्त मनस्थितिको जन्मिएका कारण बोक्सी भएको भन्दै विगतदेखि नै उनका परिवारले पीडित प्रमिलालाई निरन्तर यातना दिँदै आएका थिए। जिल्ला अदालतको ०७० भदौ १४ गतेको आदेशमा विश्वरत्न शाक्य ५० हजार रूपियाँ, लक्ष्मी शाक्य ३५ हजार रूपियाँ र चम्पा शाक्य १५ हजार रूपियाँ धरौटी राखी रिहा भए । हाल पीडित प्रमिला काठमाडौँ मनपा-१२ लगनस्थित माइतीघरमा बसिरहेकी छन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा कुल १ हजार ५ सय ६७ ओटा उजुरी दर्ता भए। उजुरीमध्ये ०६९ पुस १७ गतेदेखि ०७० असार मसान्तसम्म दर्ता भएका ५ सय ७८ ओटा घटनामा मिलापत्र भयो। निवेदन दिएर प्रहरी कार्यालयमा पुन: सम्पर्क नगर्नेको सङ्ख्या ४ सय ५४ रहयो। छुट्टाछुट्टै बस्नेको सङ्ख्या ९७ रहयो भने अदालतसम्म पुग्ने पीडितको सङ्ख्या ६८ रहयो। त्यसै गरी ०७० साउन महिनादेखि हालसम्ममा कुटपिटसम्बन्धी ४६ ओटा, मादक पदार्थ सेवनसम्बन्धी २५ ओटा, गालीगलौज तथा खानलाउन नदिएका सम्बन्धी २ सय ६८ ओटा, बोक्सीको अरोपसम्बन्धी एक र नेपाल प्रहरी सशस्त्र र नेपाली सेनाबाट भएका १२ ओटा महिला हिंसासम्बन्धी उजुरी महिला तथा बालबालिका सेवा केन्द्र, कालीमाटीमा दर्ता भएका छन्।

सबै प्रकारका जातीय विभेद

चितवन जिल्ला, खैरेनी गाविस-६ घर भई हाल काठमाडौँ गाम्चा गाविस-८ बसी सिलाइबुनाइको काम गर्ने ५१ वर्षीय डम्बरबहादुर परियार, पत्नी सीता परियार, छोरी रेखा परियारलाई ०६९ चैत १३ गते करिब ४० देखि ५० जनाको समूहमा आएका नेकपा-माओवादीका कार्यकर्ताले दलित भएका कारण कुटपिट गर्दा डम्बरको टाउको फुट्यो भन्ने अन्य सबैको जीउ, हात, खुट्टा र शरीरका केही भागमा चोट लागेको थियो। घाइते उनीहरूको वीर अस्पतालमा उपचार भयो। गाउँले नेकपा-माओवादीका कार्यकर्ताले पीडित परिवारका सदस्यलाई दलित भएकै कारण कुटपिट गरी ज्यान मार्ने धम्की दिएको पीडितका छोरा प्रेम परियारले बताए। पीडित परिवारले घटना भएकै दिन कपन प्रहरी प्रभागमा जाहेरी दिएकामा पछि प्रभागले सो मुद्दालाई महानगरीय प्रहरी वृत्त महाराजगन्ज पठाएको थियो। पीडित पक्षको सम्पूर्ण क्षतिपूर्तिको जिम्मेवारी आरोपित पक्षले दिने र आइन्दा गल्ती नगरी मिलेर जाने भन्ने दुवै पक्षबीच सहमति भएको महाराजगन्ज प्रहरीले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

गैरराज्य पक्ष

नेकपा-माओवादीबाट

काठमाडौँ कामनपा-१०, बिजुलीबजारस्थित ऐनसेलको कार्यालयमा हेलो नेपालबाट पूर्वनिष्कासित नेकपा-माओवादी समर्थित कर्मचारीहरूले ०६९ चैत ६ गते तोडफोड गरे। तोडफोड घटनामा संलग्न रहेको आरोपमा सिन्धुली जिल्ला बालाजोर गाविस-८ का २८ वर्षीय लीलाबहादुर थपा, गोर्खा जिल्ला नारेश्वर गाविस-८ का ३४ वर्षीय एकबहादुर खत्री र सोलुखुम्बु जिल्ला घर भएका ३१ वर्षीय टेकबहादुर बस्नेतलाई बानेश्वर प्रहरीले सोही दिन गिरफ्तार गरी सार्वजनिक अपराध ऐन अन्तर्गत चैत ६ गते मुद्दा चलाएकामा जिल्ला प्रशासन कार्यालयको बैशाख ६ गतेको आदेशले अरोपितहरू जनही २२ हजार रुपियाँ धरौटीमा रिहा भए। तोडफोडमा ऐनसेल कार्यालय मूलगेट साइडको सिसा, माथिल्लो भागको सिसा, कार्यालयभित्र रहेका केही कम्प्युटर र केही प्राविधिक डिभाइसहरूमा क्षति पुगेको थियो।

'नागरिक' दैनिक पत्रिकाको बा ४ प ४८७२ नम्बरको पत्रिका बोकेको गाडीमा नेकपा-माओवादीका कार्यकर्ताले कोटेश्वरको भाटभटेनी सुपरमार्केटनजिक तोडफोड गरे। प्रहरीले हालसम्म तोडफोडमा संलग्नहरूलाई गिरफ्तार गर्न सकेको छैन। जिल्ला प्रशासनको मापदण्ड अनुसार १५ हजार रुपियाँ क्षति राहतस्वरूप प्राप्त गरेको 'नागरिक' दैनिक स्रोतले जनायो।

अज्ञात समूहबाट

बा१ज ४१३५ नम्बरको निजी ट्याक्सीमा अज्ञात समूहले कात्तिक २७ गते काठमाडौँ मनपा कालोपुलमा आगजनी गऱ्यो। ट्याक्सीमा आगजनी भए पनि हालसम्म आगजनीको सम्बन्धमा पीडित पक्षले जाहेरी दिन प्रहरीमा नआएको महानगरीय प्रहरी वृत्तले जनायो। ट्याक्सी आगजनीमा संलग्नलाई हालसम्म प्रहरीले गिरफ्तार गर्न सकेको छैन।

बा४च २४३२ नम्बरको एक निजी स्यान्ट्रो गाडी काठमाडौँ मनपा-३५, सुविधानगरस्थित ट्रिटन कलेजको प्रवेशद्वारअगाडि मूल सडकमा पार्किङ गरी राखिएको अवस्थामा अज्ञात समूहले कात्तिक २४ गते राति आगजनी गर्दा ३ लाख ४० हजार ७ सय रुपियाँको क्षति भएको महानगरी प्रहरी वृत्त नयाँबानेश्वरले जनायो। सवारी धनी काभ्रे जिल्ला, टुकुचानाली-६ का शम्भुप्रसाद घिमिरेले घटनाका बारेमा सोही दिन महानगरीय प्रहरी वृत्त नयाँबानेश्वरमा जाहेरी दिए। प्रहरीले क्षतिबराबरको रकम सिफारिस गरी जिल्ला प्रशासन कार्यालयलाई निवेदन पठाएकामा जिल्ला प्रशासनले पीडितलाई क्षतिबराबरको रकम उपलब्ध गराएको प्रहरीले जनायो।

काठमाडौँ मनपा-३५, सुविधानगरस्थित एपोलो स्कुलनजिक पार्किङ गरी राखिएको बा ३ च ७८२७ नम्बरको एक निजी गाडीमा कात्तिक २४ गते राति अज्ञात समूहले तोडफोड गरी क्षति पुऱ्यायो। गाडीका धनी काठमाडौँ मनपा-३५ का बद्री भण्डारीले घटनाका सम्बन्धमा सोही दिन महानगरीय प्रहरी वृत्त नयाँबानेश्वरमा उजुरी दिए। प्रहरीले गाडीमा पुगेको क्षतिबराबरको राहत पीडितलाई दिन जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गरी पत्राचार पठाएकामा पीडितले क्षति बराबरको रकम पाइसकेको प्रहरीले जनायो।

बा १ ज ७१६७ नम्बरको भाडाको गाडी काठमाडौँ मनपा, बिजुलीबजारस्थित सडक खण्डमा रोकिरहेको अवस्थामा अज्ञात समूहले कात्तिक २५ गते तोडफोड गऱ्यो। गाडीधनी काठमाडौँ मनपा-३५ का मीठे थापा मगरले घटनाका बारेमा सोही दिन महानगरीय प्रहरी वृत्त नयाँबानेश्वरमा उजुरी दिए। प्रहरीले घटनामा संलग्न दोषीलाई हालसम्म गिरफ्तार गर्न सकेको छैन।

नेविसङ्घ कार्यकर्ताबाट

स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन स्थगनको विरोधमा त्रिचन्द्र क्याम्पसअगाडि जेठ २० गते नेविसङ्घका विद्यार्थीहरूले प्रदर्शन गरिरहेका बेला प्रहरीले लाठीचार्ज गरेपछि आक्रोशित विद्यार्थी समूहले बा१प ९८५३ र बा२ब १४९ नम्बरको सरकारी मोटरसाइकल तोडफोड गरेको महानगरीय प्रहरी प्रभाग दरबारमार्गका इन्चार्ज तथा इन्स्पेक्टर कुवोद ढुङ्गानाले जानकारी दिए। त्रिविले जेठ २३ गते तोकेको स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन स्थगन गरेपछि पुन: स्वयिु निर्वाचनको मिति घोषणा गर्नुपर्ने माग राख्दै बिहान ९ देखि १० बजेसम्म चक्काजाम गरेको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	७२		
स्वास्थ्यचौकी	२६		
उपस्वास्थ्यचौकी	३२		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	१७	१७	
स्टाफ नर्स	१२	१४	
ल्याब असिस्टेन्ट	१०	१०	
अहेब	१६१	१६१	
अनमि	१२१	१११	१०
खोप सुपरभाइजर	२	२	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	३६	३६	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यानका ३८, ज्यान मार्ने उद्योगका ६९, मानव बेचबिखन तथा ओसार पसारका २२, अपहरण तथा शरीर बन्धकका १८, अपहरण तथा शरीर बन्धक उद्योगका १०, बहुविवाहका ४२, जबरजस्ती करणका ६२, जबरजस्ती करणी उद्योगका २०, अवैध हातहतियार खरखजानाका २६, विस्फोटक पदार्थका चार र बोक्सीको आरोपका एक ओटा घटना दर्ता भए।

विगतको अनुगमन

सिलाइ बुनाइको काम गर्ने कामनपा-२१ जैसीदेवलकी ५१ वर्षीया छोरीमैयाँ महर्जन घरबाट निस्केर बानेश्वरमा बस्ने साथी निक्की भनिने सुरक्षा सिंहकोमा गएको दिन ०६८ फागुन १७ गतेदेखि बेपत्ता भइन्। बेपत्ता भएको खवर पाउनासाथ ०६८ फागुन १७ गते नै पीडित परिवारले महानगरीय प्रहरी परिसर हनुमानढोकामा निवेदन दिए। निवेदनसँगै प्रहरीले बेपत्ता भएकी छोरीमैयाँको खोजी गऱ्यो तर फेला भने पार्न सकेन। महर्जन परिवार र राजनीतिक दलका प्रतिनिधिले तत्कालीन गृहमन्त्रीलाई ०६८ फागुन ३० गते भेट गरी घटनाको विषयमा जानकारी गराई छानविन गर्न माग

गर्दा गृहमन्त्रीले घटनाको छानविन गर्न प्रतिबद्ध रहेको जनाएका थिए। सरकारले न्यायिक प्रक्रियालाई अघि नबढाएपछि विभिन्न अधिकारवादी सङ्घसस्थाहरूले छोरीमैयाँ घटनाको छानबिनका लागि सरकारलाई दबाव दिन ०६९ भदौ ६ गते मैनबत्ती ज्याली निकाले। मानवअधिकार सङ्घसंस्थाहरू, पीडित परिवार, द्वन्द्वपीडित परिवारहरूले संयुक्त रूपमा आ-आफ्नो मुद्दालाई लिएर न्यायका निम्ति दबावमुलक कार्यक्रम स्वरूप ०६९ पुस १३ गतेदेखि एकसय सात दिनसम्म लगातार बालुवाटारस्थित प्रधानमन्त्री निवास अगाडि धर्ना दिए।

२.१६ धादिङ



जिल्ला सदरमुकाम: धादिङबेशी
क्षेत्रफल (वर्ग कि. मि.): १,५२६
घरधुरी सङ्ख्या: ७३,८५१
जम्मा जनसङ्ख्या: ३,३६,०६७
पुरुष: १,५७,८३४
महिला: १,७८,२३३
अपाङ्ग सङ्ख्या: ७,८२७
गाविस/नपा सङ्ख्या: ५०/०
पुरुष साक्षरता सङ्ख्या: १,०५,००५
महिला साक्षरता सङ्ख्या: ८५,०७७
हिन्दू धर्मावलम्बी प्रतिशत: ७२.४२
बौद्ध धर्मावलम्बी प्रतिशत: २०.५७
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.३१
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ६.३२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.२४
वहाई धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.११५
प्रतिपरिवार सरदर सङ्ख्या: ४.५५

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ८१ जना र कैद नतोकिएका ५४ जना गरी जम्मा १ सय ३५ कैदी र बन्दीहरू रहेका छन्, जसमध्ये महिला १३ जना छन्। यो जिल्ला कारागार ०३२ सालमा निर्माण भएको हो। जीर्ण कारागार भत्किएर लड्न लागेको छ। बन्दी धेरै भएकाले कारागारको घरबाहिरपट्टिको भागमा त्रिपाल टाँगेर बन्दीहरू सुत्न बाध्य छन्। तीनओटा मात्र शौचालय भएकाले दिसा-पिसाब गर्नका लागि बन्दीहरू पालो कुरिरहेका हुन्छन्। धेरैजसो बन्दीहरूमा छालाजन्य रोग लागेको छ। जाडोको समयमा रुघाखोकीको समस्या धेरै देखिने निमित्त जेलर मदनकुमार श्रेष्ठले बताए।

धम्की/कुटपिट

राज्यपक्षबाट

नौबिसे गाविस-९,, नौबिसे निवासी काङ्ग्रेस जिल्ला कार्यसमितिका सहसचिव ४३ वर्षीय अर्जुन उप्रेतीलाई ०७० कात्तिक ६ गते राति झन्डाको विषयमा विवाद भएपछि कुटपिट गर्दा घाइते भए। काङ्ग्रेस कार्यकर्ताले प्रयोग गरेको झन्डा ठूलो भएपछि प्रहरीले निकाल्न अनुरोध गरेको र नमानेपछि प्रहरीले जबरजस्ती गाडीबाट झन्डा झिक्न लाग्दा झडप भएको थियो। काङ्ग्रेस कार्यकर्ताले प्रहरीमाथि हातपात गरेपछि झडप भएको प्रहरीले जनायो। झडपमा घाइते भएका उप्रेतीको कलङ्कीस्थित सहिद मेमोयिल अस्पतालमा उपचार भयो। प्रहरीले आफ्ना कार्यकर्ताहरूलाई बिनाकारण कुटेको भन्दै धादिङ-३ का काङ्ग्रेस उम्मेदवार बुद्धलक्ष्मी लामाले प्रहरीलाई कारवाही नभएसम्म आन्दोलन जारी रहने जनाए। घटनापछि काङ्ग्रेस कार्यकर्ताले राजमार्ग अवरुद्ध गर्दै प्रहरी विटसमेत भत्काइदिएका थिए। कात्तिक ७ गते दिनभर राजमार्ग तनावग्रस्त रह्यो। इलाका प्रहरी कार्यालय खानीखोलाअगाडि काङ्ग्रेसले धर्ना दिएको थिए। काङ्ग्रेसले कात्तिक ७ गते प्रेस विज्ञप्ति प्रकाशन गरी आफ्ना एक दर्जन कार्यकर्ता घाइते भएको जनायो। राजमार्गमा दिनदिनै तनाव उत्पन्न भएपछि सशस्त्र प्रहरी र जनपथ प्रहरी परिचालन गरी राजमार्ग सुचारु गरिएको थियो।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	६	८
बालअधिकार	१		१	१७	१	१८
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१
अपहरण					१	१
महिलाअधिकार				३६		३६
भेला/सङ्गठित हुने अधिकार	१८	६	३४		४	४
गिरफ्तारी/यातना		८	८			
कुटपिट		१	१	३	३०	३३
धम्की					७	७
हत्या				३	३	४
जम्मा	१९	१५	३४	५९	५२	१११

गैरराज्यपक्षबाट

एमाओवादीबाट

दार्खा गाविस-९ निवासी काङ्ग्रेसका जिल्ला सदस्य २५ वर्षीय जेम्स अनरस (परियार)लाई एमाओवादी कार्यकर्ताले ०६९ चैत २४ गते आक्रमण गरी घाइते बनाए। क्रिस्चियन धर्म अँगालेका अनरस सेन्देनखोर चर्चबाट सङ्गति सकेर घर फर्कदै गरेका बेला बाटो ढुकेर बसेका एमाओवादी कार्यकर्ताहरूले आक्रमण गरी घाइते बनाएका थिए। आक्रमणबाट गम्भीर घाइते भएका अनरसको स्थानीय स्वास्थ्य चौकीमा उपचार हुन नसकी हेलिकप्टरबाट उद्धार गरी शिक्षण अस्पतालमा उपचार भयो। आरोपितहरूविरुद्ध चैत २८ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी गरिएको पीडितले जनाए पनि उनीहरूलाई कारबाही भएन। अनरसले सोही गाविस-८ निवासी एमाओवादी कार्यकर्ता मैजा तामाङ, चर्को तामाङ, दुर्गा तामाङ, आशे तामाङलगायतले खुकुरी र खुँडा प्रहार गरी आफूमाथि आक्रमण गरेको भन्दै किटानी जाहेरी दिएका थिए।

कुम्पुर गाविस-९, रैकर निवासी ३५ वर्षीय भुवन श्रेष्ठलाई ०७० वैशाख २८ गते सोही गाविस-८, चेकबाडस्थित एक भातखुवाइको भोजमा निम्ता मान्न आएकाहरूबीच भएको विवादपछि एमाओवादी कार्यकर्ता २५ वर्षीय शङ्खनारायण श्रेष्ठले चिरपटले हान्दा घाइते भए। टाउकामा गम्भीर चोट लागी घाइते भएका श्रेष्ठको जिल्ला अस्पतालमा उपचार भयो। पीडितको टाउकामा १४ ओटा टाँका लगाइएको थियो। भातखुवाइ भोजमा पार्टीगत कुरा निस्केको र एमाओवादी कार्यकर्तामाथि आक्रमण भएको एमाओवादी जिल्ला संयोजक पुष्पविक्रम मल्लले वैशाख २९ गते प्रेस विज्ञप्तिमार्फत जनाए। घाइते श्रेष्ठ र शङ्खनारायणलाई प्रहरीले सोही दिन गिरफ्तार गरी दुई दिन हिरासतमा राखेर राजनीतिक सहमतिका आधारमा दुवै जनालाई रिहा गरिएको प्रहरीले जनायो।

मकवानपुर जिल्लाको धादिङसँग सिमाना जोडिएको टिस्टुङ गाविसका एमाले कार्यकर्ता ३५ वर्षीय किरण बल, ३५ वर्षीय सङ्ग्रामजित खड्का र ३० वर्षीय राजु लामालाई ०७० कात्तिक ३ गते साँझ एमाओवादी कार्यकर्ताले थाके गाविस-१, फोगटपुरमा आक्रमण गरी घाइते बनाए। एमालेको चुनावी सभाबाट मोटरसाइकलमा घर फर्कदै गरेका एमाले कार्यकर्तालाई दुईओटा बसले बाटो छेकेर आक्रमण गरेका थिए। सडकमा एमाओवादी कार्यकर्ताले बाटो छेकेर आक्रमण गरेपछि गम्भीर घाइते भएका एमाले कार्यकर्ताहरूको स्थानीयवासी र प्रहरीले उद्धार गरी स्थानीय मेडिकलमा उपचार गराए। उनीहरूको थप उपचार काठमाडौंस्थित मनमोहन अस्पतालमा भयो। अन्य व्यक्तिका बारेमा पीडित पक्षले जानकारी दिन नचाहेकाले थाहा हुन सकेन।

गोरखा जिल्ला घ्याल्चोक गाविस-७, घ्याल्चोकका २१ वर्षीय विवेक रेग्मी र २८ वर्षीय

दिनेश नेपालीलाई एमालेको प्रचारमा हिँडेको आरोपमा ०७० कात्तिक १५ गते साँझ जोगिमारा गाविस-९ मझीमटारमा पुगेका बेला एमाओवादी कार्यकर्ताले लठ्ठीले हानेर आक्रमण गरे। मोटरसाइकलमा आएका बेला उनीहरूलाई आक्रमण गरिएपछि उनीहरूले प्रयोग गरेका चारओटा मोटरसाइकलमा तोडफोड गरिएको थियो। घाइतेहरूलाई स्थानीयले उद्धार गरी स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गराए भने आक्रमणपछि घटनामा संलग्न आरोपितहरू भागेको पीडितहरूले बताए। घटनापछि प्रहरीले चुनावको विषय भनेर आक्रमणकारीको खोजी गरेन।

पीडा गाविस-९, गैरीगाउँका ६७ वर्षीय दुर्गाबहादुर तामाङ, ३९ वर्षीय राजु तामाङ र गान्टे चेपाङलाई एमालेको चुनावी सभामा सहभागी हुन जान लागेको आरोपमा ०७० कात्तिक २३ गते एमाओवादी कार्यकर्ताले आक्रमण गरी गम्भीर घाइते बनाए। चुनावी प्रचारका सिलसिलामा एमालेको चुनावी सभामा सहभागी हुन जान लागेका बेला एमाओवादी कार्यकर्ताले पीडा गाविस-४, लिस्नुफेदीमा बाटो ढुकेर रड, ढुङ्गा र लाठीले हानेर आक्रमण गरेका थिए। घाइतेको गजुरी अस्पतालमा उपचार भयो। घाइतेमध्ये दुर्गाबहादुरको अवस्था गम्भीर रहेको थियो। दुर्गाबहादुरको टाउकामा गहिरो चोट लागेको अवस्थामा एमाले कार्यकर्ताले उद्धार गरेका थिए। एमाओवादीले सो क्षेत्रमा वाईसीएलको क्याम्प राखेर बसेको स्थानीयले जानकारी दिए। घटनास्थालमा सशस्त्र प्रहरीको टोली पुगेर सुरक्षा व्यवस्था मिलाएको जनायो।

भूमेस्थान गाविस-६, का २० वर्षीय शिव दाहाल ०७० कात्तिक २५ गते सोही गाविस-३ मा एमालेले आयोजना गरेको सभामा एमाओवादीले आक्रमण गर्दा गम्भीर घाइते भए। एमाओवादीका कार्यकर्ताले एमालेको चुनावी कार्यक्रममा अवरोध गर्न लाग्दा एमाले कार्यकर्तामाथि ढुङ्गा हानेका थिए।

भूमेस्थान गाविस-३ स्थित नवज्योति प्राविका प्रधानाध्यापक २५ वर्षीय नवराज पौडेल र सोही गाविस-३ स्थित चौफाँट निवासी ८८ वर्षीय इन्द्रबहादुर तामाङलाई ०७० कात्तिक २६ गते पार्टीको समर्थन नगरेको आरोपमा एमाओवादी कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। घरबाट विद्यालय जान लागेका बेला पौडेललाई विद्यालय बाटोमा कुटपिट गरेका थिए। एमाओवादीको पोसाक लगाएको एक समूहले कुटपिट गरेपछि उनीहरूलाई स्थानीय र प्रहरीले उद्धार गरेका थिए। घाइते पौडेलको काठमाडौँस्थित मनमोहन मेमोरियल अस्पतालमा उपचार भयो भने तामाङको स्थानीय स्वास्थ्यकेन्द्रमा उपचार भयो। एमाओवादी समूहले तामाङलाई घरमै बसेको अवस्थामा कुटपिट गरेको थियो। पीडितले प्रहरीलाई कारवाहीका लागि मौखिक आग्रह गरे पनि उजुरी भने दिएनन्।

मैदी गाविस-१, उखुबारीमा एमाओवादी र काङ्ग्रेस कार्यकर्ताबीच ०७० कात्तिक २७ गते झडप हुँदा एक जना गम्भीर घाइते भए। एमाओवादी कार्यकर्ताहरू मोटरसाइकलमा र काङ्ग्रेस कार्यकर्ता सडकमा च्याली गरिरहेका बेला झडप भएको थियो। झडपका क्रममा काङ्ग्रेस कार्यकर्ताले प्रहार गरेको तरबार लागेर मैदी गाविस-६, पदेलीका २५ वर्षीय शिवराज श्रेष्ठ गम्भीर घाइते भए। चारओटा मोटरसाइकलामा आएका बेला च्याली गरिरहेका काङ्ग्रेस कार्यकर्ताले बाटो छेकेर ढुङ्गा हानेपछि लाठी र तरबार हानेर आक्रमण गरिएको घाइते श्रेष्ठले बताए। घाइते श्रेष्ठको जिल्ला अस्पतालमा उपचार भयो। पीडितका तर्फबाट कात्तिक २८ गते जिल्ला प्रहरी कार्यालय मैदीमा काङ्ग्रेस जिल्ला सभापति रणबहादुर शाहीसहितका आठ जनाविरुद्ध किटानी जाहेरी दिइयो। चुनावी झगडा भनेर प्रहरीले कारवाही गरेन।

खाल्टे गाविस-९, काउलेछाप निवासी काङ्ग्रेस कार्यकर्ता २६ वर्षीय सोमलाल तामाङलाई ०७० कात्तिक २८ गते एमाओवादी कार्यकर्ताले कुटपिट गरे। काङ्ग्रेसले टाँसेको पोस्टर किन च्याचेको भन्दा आफूमाथि आक्रमण भएको पीडित सोमलालले बताए। एमाओवादी कार्यकर्ताले काङ्ग्रेसको पोस्टर च्यातेको विषयमा भएको विवादपछि लठ्ठी र रडले प्रहार गर्दा सोमलालको टाउको र दाहिने हातमा गम्भीर चोट लागेको थियो। खाल्टे गाविस-८, कुसुन्दामा घटना भएपछि स्थानीयले घाइतेको उद्धार गरी जिल्ला अस्पताल पुऱ्याएका थिए। घटनामा संलग्नलाई कारवाहीको माग गर्दै पीडित तामाङले दुई जना एमाओवादी कार्यकर्ताविरुद्ध कात्तिक २९ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। आरोपितहरूलाई प्रहरीले चुनावको झगडा भएको भन्दै कारवाही गरेन।

एमालेले पृथ्वीराजमार्गमा निकालेको च्यालीमा एमाओवादी कार्यकर्ताले ०७० कात्तिक २९ गते दिउँसो बेनीघाट गाविस-७, चरौँदीमा आक्रमण गर्दा सात जना एमाले कार्यकर्ता घाइते भए। घाइते हुनेहरूमा महादेवस्थान गाविस-५ का २१ वर्षीय रामेश्वर रावल, बेनिघाट गाविस-३ का २६ वर्षीय सुरेन्द्र श्रेष्ठ, बैरेनी गाविस-८ का २४ वर्षीया विमला घिमिरे, गजुरी

गाविस-२ का २५ वर्षीय आयुष तामाङ, पीडा गाविस-२ का २५ वर्षीय गोकर्ण न्यौपाने, बेनिघाटका विशाल श्रेष्ठ र सोही गाविस-२ का ५० वर्षीय चुलबहादुर ठकुरी रहेका थिए। घाइतेहरूको मलेखुस्थित राजमार्ग सामुदायिक अस्पताल र बेनिघाट स्वास्थ्य चौकीमा उपचार भयो। उनीहरूलाई ढुङ्गा र बोतलले हानेर घाइते पारिएको थियो। एमाओवादी कार्यकर्ताले सडकमाथि बसेर ढुङ्गा, बोतल र लाठी हानेर आक्रमण गरेका थिए।

नलाङ गाविस-३ सुन्दरीपानी निवासी एमाले कार्यकर्ता २१ वर्षीय उमेश रेग्मीलाई ०७० कात्तिक २९ गते साँझ मोटरसाइकल च्याली गरिरहेका एमाओवादी कार्यकर्ताले आक्रमण गर्दा गम्भीर घाइते बनाए। २२ ओटा मोटरसाइकलमा आएका एमाओवादी कार्यकर्ताहरूले एमाले कार्यक्रमबाट घर जान लागेका रेग्मीलाई तरबारले हानेर आक्रमण गरी घाइते बनाएका थिए। घाइतेको जिल्ला अस्पाल र मनमोहन मेमोरियल अस्पताल, काठमाडौँमा उपचार भयो। रेग्मीलाई आक्रमण गर्ने र गाउँमा हतियारसहित प्रदर्शन गर्ने एमाओवादी कार्यकर्तामध्येका २५ जनालाई प्रहरीले मङ्सिर १ गते गिरफ्तार गऱ्यो। गाउँमा आतङ्क फैलिएको जानकारी पाएर घटनास्थल पुगेको नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीको संयुक्त टोलीले २५ जना एमाओवादी कार्यकर्तालाई गिरफ्तार गरेको थियो। उनीहरू जिल्लाबाहिरबाट आएकाहरूसमेत रहेका थिए। प्रहरीले गिरफ्तार गरिएकाहरूको विवरण उपलब्ध गराउन मानेन। गिरफ्तार गरिएका एमाओवादी कार्यकर्ताको साथबाट एक थान पेस्तोल, त्यसमा लाग्ने गोली र केही धारिलो हतियार, तरबारसमेत प्रहरीले बरामद गऱ्यो। घटनामा संलग्न भएकालाई गिरफ्तार गरी प्रहरीले हिरासतमा लिएपछि एमाओवादी उम्मेदवार कल्पना धमलाले आफ्ना कार्यकर्तालाई फसाउन खोजिएको भन्दै तत्काल रिहा गर्न माग गरिन्। प्रहरीले उनीहरूलाई विनाकारवाही मङ्सिर ३ गते रिहा गऱ्यो।

मैदी गाविस-४ सातदोबाटो निवासी काङ्ग्रेसनिकट नेपाल तरुण दल, मैदीका उपाध्यक्ष २० वर्षीय रमेश पाठकलाई ०७० मङ्सिर १ गते एमाओवादी कार्यकर्ताले सोही स्थानमा पसलमा चिया खान बोलाएर आक्रमण गरे। दुईओटा बोतलले टाउकामा हानेर उनलाई घाइते बनाइएको थियो। घाइते पाठकको जिल्ला अस्पतालमा उपचार भयो। उनको दाहिनेपट्टिको कानमा गहिरो चोट लागेको थियो। पीडितले घटना भएकै दिन उजुरी दिए पनि प्रहरीले चुनावी झगडा भन्दै कारवाही गरेन।

एमाले उम्मेदवार राजेन्द्रप्रसाद पाण्डे चढेको गाडीलाई मोटरसाइकलले बाटो छेकेर ०७० मङ्सिर २ गते एमाओवादी कार्यकर्ताले आक्रमण गरे। पृथ्वी राजमार्गको बेनिघाट गाविस-९ मा ६ ओटा मोटरसाइकलले सडक छेकेर आक्रमण गरेका थिए। मोटरसाइकलले सडक छेकेर खुकुरी प्रहार गर्न लाग्दा एमाले उम्मेदवारलाई निजी सुरक्षाकर्मीले बचाएपछि आक्रमणकारी एमाओवादी कार्यकर्ता गजुरी गाविस-२ निवासी सन्तोष लोहनीलाई एमाले कार्यकर्ताले नियन्त्रणमा लिएर प्रहरीलाई जिम्मा लगाएका थिए। लोहनीसहित अर्का एक जनालाई पनि प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेका ती दुई जना एमाओवादी कार्यकर्ता सामान्य घाइते भए। एमाओवादीको साथबाट एक थान पेस्तोल, म्यागजिन र खुकरीसमेत प्रहरीले बरामद गरेको थियो। आक्रमणमा प्रयोग गरिएका ६ओटा मोटरसाइकलसमेत प्रहरीले नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय, गजुरीमा राखेको थियो। घटनामा एमालेका एक जना र एमाओवादीका एक जना कार्यकर्ता घाइते भएको सम्बन्धित पक्षले जानकारी दिए पनि घाइतेहरूको नाम कसैले पनि खुलाएका छैनन्। घटनापछि राजमार्गको अवस्था सामान्य भएको प्रहरीले जनायो। एमाओवादी कार्यकर्ताले एमालेको



प्रहरीको लाठी प्रहारबाट घाइते भएका राम लामा, सूर्यबहादुर तामाङ, तोलाकुमारी पाठक र कमला कार्की

क्षेत्रीय कार्यालयमा समेत गएर आक्रमणको धम्की दिएको केहीबेरमै आक्रमणको प्रयास भएकाले एमाओवादीले नियोजित रूपमा घटना गराएको एमाले जिल्ला सचिव शिव कँडेलले बताए। प्रहरीले नियन्त्रणमा लिएको मोटरसाइकल र दुई जना एमाओवादी कार्यकर्तालाई चुनावी झगडा भनेर कारवाही नगरी छाडेको थियो। घटनामा सोही दिन गिरफ्तार गरिएका एमाले कार्यकर्ता बेनिघाट गाविस-७ का फणिन्द्रलाई मङ्सिर ३ गते रिहा गरियो।

नियोकका बैरेनी गाविस-९ निवासी ३५ वर्षीय केशव अधिकारी, बैरेनी गाविस-२ निवासी इन्सेक प्रतिनिधि ३७ वर्षीय सीताराम अधिकारी, किराञ्चोक गाविस-३ निवासी सञ्चारकर्मी 'कारोबार' दैनिकका ३८ वर्षीय राजेन्द्र बस्नेत, नलाङ गाविस-१ निवासी 'रेडियो धादिङ'का स्टेसन म्यानेजर राजाराम शर्मा, साङकोष गाविस-१ निवासी गैसस महासङ्घका अध्यक्ष दामोदर अर्याल, नीलकण्ठ गाविस-५ निवासी 'नेपाल टेलिभिजन'का संवाददाता शिव सिलवाल, चैनपुर गाविस-४ निवासी 'इमेज टेलिभिजन'का संवाददाता नवराज छत्कुलीलगायतलाई ०७० मङ्सिर २ गते एमाओवादी कार्यकर्ताले आक्रमणको धम्की दिए। प्रमुख निर्वाचन अधिकृतको कार्यालयअगाडि नै सार्वजनिक रूपमा एमाओवादी कार्यकर्ता सुदीप विकसहितको टोलीले मतदानको दिनसम्म आक्रमण गर्ने धम्की दिएको थियो। सञ्चारकर्मी र पर्यवेक्षकलाई धम्की दिएको विषयमा छलफल गरी सुरक्षा प्रमुखहरूलाई जानकारी गराइएको थियो। धम्की सम्बन्धमा प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद पोखेल र अन्य सुरक्षा प्रमुखहरूलाई समेत जानकारी गराइएको र आवश्यक सुरक्षा प्रबन्ध गरिएको पोखेलले बताए।

निर्वाचन पर्यवेक्षणका लागि नियोकबाट खटिएका पर्यवेक्षक बैरेनी गाविस-९ का केशव अधिकारी, बैरेनी गाविस-७ का पुष्प अधिकारी, बैरेनी गाविस-७ का पुरुषोत्तम अधिकारीलगायतका १० जना पर्यवेक्षकहरूलाई ०७० मङ्सिर ३ गते एमाओवादी कार्यकर्ताले बैरेनी गाविस-१ कार्कीडाँडामा पर्यवेक्षण गर्न जान रोक लगाए। पर्यवेक्षकहरूलाई किराञ्चोक कार्कीडाँडाको मतदानस्थलमा जान लागेका बेलामा एमाओवादी कार्यकर्ताहरूले बाटोमा अवरोध गरेका थिए।

एमाओवादी र काङ्ग्रेस कार्यकर्ताबीच मार्पाक गाविस-४, निमार्चोकमा मतदान कार्य समाप्त भएपछि ०७० मङ्सिर ४ गते साँझ भएको झडपमा दुई जना एमाओवादी कार्यकर्ता गम्भीर घाइते भए। मतदान कार्य समाप्त भएपछि मार्पाक गाविस-७ का २० वर्षीय रिकेश थापामगर र १८ वर्षीय विशाल अधिकारीलाई खुँडा प्रहार गरी घाइते पारिएको एमाओवादीले जनायो। घाइतेको राति नै उद्धार गरी काठमाडौँस्थित वीर अस्पतालमा उपचार भयो। चुनावी झगडा भन्दै प्रहरीले कसैलाई पनि कारबाही गरेन।

काङ्ग्रेसबाट

सल्यानटार गाविस-७ का ३० वर्षीय राजकुमार श्रेष्ठ र ३० वर्षीय पुष्प श्रेष्ठलाई ०६९ फागुन १९ गते स्थानीय काङ्ग्रेस कार्यकर्ता २८ वर्षीय राजेन्द्र इटनीले खुकुरी प्रहार गरी घाइते बनाए। नातेदारको ब्रतवन्धमा सहभागी भएका एमाले कार्यकर्तालाई राजनीतिक आस्थाका आधारमा आक्रमण गरिएको पीडितले बताए। घाइते उनीहरूको काठमाडौँस्थित वीर अस्पतालमा उपचार भयो। पीडितविरुद्ध पीडक पक्षले फागुन २० गते डाँका मुद्दा दर्ता गरेकाले अस्पतालबाटै प्रहरीले पीडित दुवै जनालाई फागुन २८ गते गिरफ्तार गऱ्यो।

एमाओवादी कार्यकर्ताहरूको आक्रमणमा परी घाइते भएकाहरू
विमला घिमिरे, चुलबहादुर श्रेष्ठ, सोमलाल तामाङ र गोकर्ण न्यौपाने

घटनामा संलग्न इटनीलाई भने प्रहरीले गिरफ्तार गरेको छैन। हिरासतमा रहेका पीडित दुवै जना चैत १० गते जिल्ला अदालतको आदेशले तारेखमा रिहा भए।

कल्लेरी गाविस-२, कल्लेरीटारका २९ वर्षीय अखिल खतिवडालाई एमालेको जिल्ला अधिवेशनमा सहभागी भएको आरोपमा ०६९ फागुन १८ गते काङ्ग्रेस कार्यकर्ताले मोटरसाइकलमा चढेको अवस्थामा आक्रमण गरी घाइते बनाए। घाइते खतिवडाको सहिद मेमोरियल अस्पतालमा उपचार भयो। काङ्ग्रेस कार्यकर्ताले लाठी र रडले हानेर घाइते बनाएपछि स्थानीय बजारवासीले खतिवडालाई उद्धार गरी अस्पताल पुऱ्याएका थिए। पीडितले जिल्ला प्रहरी कार्यालयमा गएर उजुरी गरेनन्। प्रहरीले नै आक्रमणका बारेमा अस्पतालमा आएर जानकारी लिएको थियो।

कल्लेरी गाविस-६, बसेरीका ६५ वर्षीय नाउबहादुर दर्लामीलाई काङ्ग्रेस पार्टीको समर्थन नगरेको आरोपमा ०७० कात्तिक १४ गते काङ्ग्रेस कार्यकर्ता सोही स्थानका ४५ वर्षीय लालबहादुर गर्जामगरको नेतृत्वमा आएको समूहले आक्रमण गऱ्यो। आक्रमणबाट दर्लामी घाइते भएकाले कात्तिक १५ गते मनमोहन मेमोरियल अस्पतालमा उपचार भयो। आरोपितविरुद्ध प्रहरीमा कात्तिक १४ गते नै उजुरी गरिए पनि चुनावी घटना भन्दै प्रहरीले कारबाही गर्न मानेन।

कल्लेरी गाविस-४, बरभञ्ज्याङ निवासी एमाले कार्यकर्ता ५५ वर्षीय नरबहादुर गन्द्रमा, २५ वर्षीय दीपक लामिछाने र ३५ वर्षीय एकबहादुर लामिछानेलाई ०७० कात्तिक २९ गते राति काङ्ग्रेस कार्यकर्ताले आक्रमण गरे। आक्रमणमा परी गम्भीर घाइते भएका नरबहादुर र दीपकको काठमाडौँस्थित वीर अस्पतालमा उपचार भयो भने अर्का घाइते एकबहादुरको स्थानीय स्वास्थ्यचौकीमा उपचार भयो। घटनाका सम्बन्धमा प्रहरी नायव उपरीक्षक अशोक सिंहले प्रहरीलाई घटनास्थलमा पठाइएको र घटनामा संलग्नलाई गिरफ्तार गर्ने जानकारी दिए। तर, घटनाका सम्बन्धमा प्रहरीले चुनावी झगडा भन्दै उजुरी परेको भए पनि कारबाही गर्न मानेन।

एमालेबाट

नीलकण्ठ गाविस-५ निवासी काङ्ग्रेस कार्यकर्ता २१ वर्षीय श्रीकृष्ण भण्डारी र २० वर्षीय न्युटन श्रेष्ठलाई ०६९ फागुन १८ गते एमालेनिकट युवा सङ्घका कार्यकर्ताले बीच बजारमा तरबार प्रहार गरी घाइते बनाए। घाइते दुवै जनाको जिल्ला अस्पताल र काठमाडौँस्थित स्टार अस्पतालमा उपचार भयो। पीडितले फागुन २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। एमालेको जिल्ला अधिवेशन चलिरहेका बेला बजारमा कार्यकर्ताले आक्रमण गरेका थिए। आक्रमणपछि बजारमा तनाव उत्पन्न भएको थियो। घटनामा संलग्न आरोपितहरूलाई कारबाही भएन।

निर्वाचन प्रचारप्रसारका क्रममा एमाले र एमाओवादी कार्यकर्ताबीच ०७० कात्तिक २६ गते साँझ झडप हुँदा एमाओवादी भूमेस्थान गाविसका सह-इन्चार्ज सोही गाविस-६ निवासी ३० वर्षीय जयराम रिजाल घाइते भए। एमाले कार्यकर्ता घरदैलो कार्यक्रममा हिँडेको बेला अवरोध भएपछि झडप भएको स्थानीय एमाले कार्यकर्ताहरूले जानकारी दिए। एमाले र एमाओवादी पक्षबीच झडप भएपछि दुई पार्टीका जिल्ला तहका नेताहरू बसेर आगामी दिनमा कुनै झडप नगर्ने सहमति गरेका थिए। घाइतेको काठमाडौँस्थित शिक्षण अस्पतालमा उपचार भयो।

गैरकानुनी गिरफ्तारी

मैदी गाविस-१ छापगाउँका सात जनालाई

एमाओवादी कार्यकर्ताहरूको आक्रमणबाट घाइते भएका
आयुष तामाङ, दुर्गाबहादुर तामाङ, राजु तामाङ र रामेश्वर रावल

०७० वैशाख १५ गते बेलुका घर-घरमा प्रवेश गरेर प्रहरीले आफूहरूलाई आक्रमण गरेको आरोपमा कुटपिट गर्दै गिरफ्तार गऱ्यो। रक्सी खाएर गाउँमा गएको प्रहरी टोली बाटोमा लडेर घाइते भएको र सोही कुरालाई लिएर प्रहरीले आफूमाथि आक्रमण गरेको र अपराधी गिरफ्तार गर्न अवरोध गरेको आरोपमा गाउँका युवाहरूलाई गिरफ्तार गरी कुटपिट गरेको थियो। प्रहरीले १५ वर्षीय विक्रम पुलामी, ३५ वर्षीय प्रेम पुलामी, २६ वर्षीय कूलबहादुर तुमसिङ, १८ वर्षीय सुमन पुलामी, १६ वर्षीय गोकुल थापा, १८ वर्षीय अर्जुन थापा, १८ वर्षीय सुनील मल्ललाई राति घरमा सुतेको अवस्थामै कुटपिट गर्दै गिरफ्तार गरेको थियो। उनीहरूलाई प्रहरीले हिरासतमा समेत कुटपिट गरेको नेपाली सेनामा कार्यरत कुलबहादुरले वैशाख १७ गते सेनाको सबुझ गणको रोहबरमा रिहा भएपछि जानकारी दिए। उनीहरूलाई मैदी प्रहरी चौकीका प्रमुख रामबाबु यादव र जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर सूर्य खड्काले घरघरमा गएर गाउँबासीलाई कुटपिट गरी उनीहरूलाई गिरफ्तार गरेको समिभञ्ज्याङ उच्चमाविका शिक्षकसमेत रहेका प्रेम पुलामीले बताए। अधिकारकर्मीहरूको टोली वैशाख १८ गते गाउँमा पुग्दा उनीहरूले आफ्नो कुरा सुनाएका थिए। वैशाख १५ गते राति १० बजेतिर रत्यौलीको विषयमा भएको झगडामा राजन अर्याल घाइते भएपछि सोही झगडामा संलग्नहरूलाई खोज्न गाउँ गएको प्रहरी टोलीले गाउँमा तनाव उत्पन्न गराएको थियो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

महिला अधिकारकर्मीहरूले निकालेको सिट्ठी जुलुसमा ०६९ पुस २० गते प्रहरीले जिल्ला प्रशासन कार्यालयअगाडि दुर्व्यवहार गर्दै हस्तक्षेप गर्दा १५ जना घाइते भए। प्रहरीको कुटपिटबाट महिला अधिकारकर्मी ३१ वर्षीया राधिका सापकोटा, ३६ वर्षीया गङ्गादेवी श्रेष्ठ, ३५ वर्षीया कमला कार्की, रुक्मिला पाण्डे, ४४ वर्षीया उषा भट्ट, मुना घिमिरे, २२ वर्षीया रमा रिजाल, ४० वर्षीया चिनु भण्डारी, ४५ वर्षीया टीकादेवी थापा, कमला अर्याल, ३५ वर्षीया भगवती अर्याल, २० वर्षीया कोपिला काप्री, २८ वर्षीया मीना कार्की, २५ वर्षीया ज्ञानु कँडेल र ३५ वर्षीया मुना भट्ट सामान्य घाइते भएका थिए। घटनापछि महिलाअधिकारकर्मीहरूले प्रमुख जिल्ला अधिकारी वेदप्रसाद खरेललाई कार्यकक्षमै भेटी ज्ञापनपत्र बुझाएका थिए। घटनामा प्रहरीको कमजोरी रहेको भन्दै खरेलले माफीसमेत मागेका थिए।

ज्यामरुङ गाविस-६, टारीबेसीकी २८ वर्षीया तोलाकुमारी पाठक, बनीघाट गाविस-१, रिचोकटारकी ४० वर्षीया मायाँ शर्मा, बैरेनी गाविस-२, सिर्वानीकी ३१ वर्षीया राधिका सापकोटालाई ०६९ फागुन २० गते एमाले अधिवेशनमा सहभागी भएका बेला प्रहरीले हस्तक्षेप गर्दा घाइते भए। घाइते उनीहरूको जिल्ला अस्पतालमा उपचार भयो। एमालेको अधिवेशन सञ्चालन भइरहेका बेला नेविसङ्घले धादिङ बन्द गरेकाले सोही बेला एमाले कार्यकर्तामाथि प्रहरीले हस्तक्षेप गरेको थियो। बन्दका क्रममा काङ्ग्रेस तथा विद्यार्थी सङ्गठन नेविसङ्घका कार्यकर्ताहरूले एमाले कार्यकर्ताले प्रयोग गरेको बा२च ९१११, बा२च ७५१६ र बा८च ८८५८ नम्बरको गाडी तोडफोड गरी आगो लगाइदिएका थिए। चार ओटा मोटरसाइकलमा पनि तोडफोड गरेपछि एमाले कार्यकर्ताले बजारमा प्रदर्शन गर्न खोज्दा प्रहरीले एमाले अधिवेशनस्थलमै हस्तक्षेप गरी केही राउन्ड अश्रुग्यास र हवाइफायर गर्नुका साथै लाठी प्रहारसमेत गरेको थियो। सो क्रममा एमाले कार्यकर्ता बसेको होटल जीविका एन्ड हुक्काबारमा पनि काङ्ग्रेस कार्यकर्ताहरूले तोडफोड गरी क्षति पुऱ्याएका थिए।

त्रिपुरेश्वर गाविस-३, सुकौराका २० वर्षीय

एमाओवादी कार्यकर्ताको आक्रमणबाट घाइते भएका सुरेन्द्र श्रेष्ठ, उमेश रेग्मी र रमेश पाठक

काङ्ग्रेसका कार्यकर्ताहरूको आक्रमणबाट घाइते भएका अखिल खतिवडा, नाउबहादुर दर्लामी र शिवराज श्रेष्ठ

दशरथ बानियाँलाई ०७० जेठ २ गते साँझ जिल्ला प्रशासन कार्यालयमा काम ढिलो भएकामा विरोध गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी हिरासतमा लियो। प्रमुख जिल्ला अधिकारी वेदप्रसाद खरेलको निर्देशनमा बानियाँलाई जिल्ला प्रशासन कार्यालयको झ्याल तोडफोड गरेको आरोप लगाई गिरफ्तार गरिएको थियो। जिल्ला प्रशासन कार्यालय, धादिडमा बिहानैदेखि काम नभएको र नागरिकता लिन आउनेहरू अलपत्र परेको अवस्थामा नागरिक बडापत्र अनुसार दुई घन्टामा किन नागरिकता नभएको भनेर प्रश्न गर्दा बानियाँलाई गिरफ्तार गरी गैरकानुनी थुनामा राखी जेठ ३ गते साँझ रिहा गरियो। हिरासतमा मानसिक यातना दिइएको र रिहा भएर बाहिँरिँदै गर्दा डीएसपी अशोक सिंहले आइन्दा यस्तो कार्य नगर्न धम्की दिएर बाहिर पठाएका थिए।

मौन अवधिमा एमाओवादी उम्मेदवार शालिकराम जमरकटेल ठूलो दलबलसहित चुनावी प्रचारमा हिँडे। ०७० मङ्सिर २ र ३ गते राति उनले बैरेनी गाविसका विभिन्न गाउँमा रातिको समयमा प्रचारप्रसार गरे। राति गाउँमा पुगेर उनले आफ्नो पार्टीविरोधीलाई भोट नहाल्न धम्कीसमेत दिएको स्थानीयले राति फोन गरेर जानकारी दिए। यसै गरी कल्लेरी गाविसको मैदान क्षेत्रमा पनि राति काङ्ग्रेस युवाहरूले गस्ती गरेका थिए भने धुवाकोट गाविसमा एमालेले र एमाओवादीले प्रचार गरेका थिए। मौन अवधिमा नै मङ्सिर ३ गते बिहान बैरेनी गाविसको किरान्चोक कार्कीडाँडा माविको मतदान स्थानको निषेधित क्षेत्र तोकिएको स्थानमै एमाओवादीले खसी काटेर भोजको आयोजना गरेको थियो। कार्यक्रममा एमाओवादी उम्मेदवार शालिकराम जमरकटेल नै सहभागी भए। जमरकटेल सोही गाविसको बिर्ताडाँडामा रहेको मतदान स्थललमा पुगेर भोट माग्दै हिँडेका थिए। घटनाका सम्बन्धमा प्रहरीले नै जिल्लास्थित प्रहरीलाई जानकारी गराएको थियो।

त्रिपुरेश्वर गाविस-३ निवासी धादिङ-१ का एमाले उपाध्यक्ष ३० वर्षीय दिनेश अधिकारीलाई प्रहरीले गिरफ्तार गरेको विरोधमा ०७० साउन १३ गते बैरेनी गाविस-८, गल्छीबजारमा प्रहरी र काङ्ग्रेस कार्यकर्तासँग एमाले कार्यकर्ताको झडप हुँदा ६ जना एमाले कार्यकर्ता घाइते भए। एमाले धादिङले दिएको जानकारी अनुसार सिन्धुपाल्चोक जिल्लाका राम लामा, सुजित लामा, सूर्यबहादुर तामाङ, नरेशजङ्ग लामाङ, धादिङ नौविसे गाविस-८ का २५ वर्षीय बालकृष्ण भुजेर र २२ वर्षीय सन्तोष लामा घाइते भएका थिए। एमालेको कार्यक्रममा सहभागी हुनका लागि काठमाडौँतर्फबाट मोटरसाइकलमा आउँदै गरेका बेला गल्छी बजारमा प्रहरीले गाडीले बाटो छेकेर मोटरसाइकललाई सडकमा लडाएर एमाले कार्यकर्तालाई घाइते बनाएको थियो। सो कार्यक्रममा प्रहरी र काङ्ग्रेस कार्यकर्ताले आक्रमण गर्दा ६ जना एमाले कार्यकर्ता घाइते भएका थिए भने बा४९प ४३९५ नम्बरको मोटरसाइकलसमेत प्रहरीले तोडफोड गरेको थियो। झडपपछि गल्छी क्षेत्र एक घन्टासम्म तनावग्रस्त भयो। एमालेका नेताहरूले कोणसभालाई सम्बोधन गर्न लागेको अवस्थामा आक्रमण गरिएको थियो। काङ्ग्रेस कार्यकर्ताले एक गाडीमा तरबारसमेत ल्याएर आक्रमण गर्न लागेपछि बा३च ८०७ नम्बरको गाडीलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। सो गाडीबाट तरबारहरू प्रहरीले बरामद गरेको जनायो। नियन्त्रणमा लिएको कारबाही बिना छाडियो। घाइतेहरूको स्थानीय स्वास्थ्य केन्द्रहरूमा प्राथमिक उपचारपछि काठमाडौँमा भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३ सय १३ थानमध्ये २ सय २१ थानको फैसला भयो भने ९२ थान बाँकी रहे। देवानी मुद्दातर्फ २ सय १ थानमध्ये ९९ थानको फैसला भयो भने १ सय २ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय थानमध्ये ७१ थानको फैसला भयो भने १ सय २९ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ४८ थानमध्ये ४२ थानको फैसला भयो भने १ सय ६ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक थान र देवानी मुद्दा तीन थान रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २ सय ३० थानसहित वर्षको अन्त्यमा ४ सय ३५ थान छन्, जसमध्ये १ सय ५० थान सफल भए भने ३३ थान असफल भए। मुलतवी र तामेलीमा कुनै मुद्दा छैनन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १७ थानमध्ये आठ थान सफल र दुई थान असफल रहे। बलात्कारसम्बन्धी मुद्दा २० थानमध्ये १० थान सफल र चार थान असफल रहे। महिला बेचबिखनसम्बन्धी मुद्दा चार थानमध्ये एक थान सफल र दुई थान असफल रहे। बहुविवाहसम्बन्धी मुद्दा आठ थानमध्ये पाँच थान सफल रहे। बालविवाहसम्बन्धी मुद्दा चार थानमध्ये एक थान सफल रह्यो। छुवाछूतसम्बन्धी एक थान मुद्दा रहेको छ।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या ९५ थान छ भने वर्षको अन्त्यमा ३ सय ३५ थान मुद्दा बाँकी रहे। यस वर्ष दायर मुद्दामध्ये चार थान सफल भए भने एक थान मुद्दा असफल रह्यो। सरकारी वकिल सङ्ख्या दुई जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ३ सय ४६ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ९९ हजार ६ सय ९ मध्ये छात्र ४८ हजार ५ सय ३७ र छात्रा ५१ हजार ७२ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार २ सय २० र छात्र ६ हजार ५ सय ८ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा १ हजार २ सय ८२ जना शिक्षक कार्यरत छन्। निमाथि तहमा २ सय ७ जना शिक्षक कार्यरत छन्। त्यसै गरी माथि तहमा १ सय ५४ जना शिक्षक रहेका छन्। महिला शिक्षक कति जना छन् भनेर जिल्ला शिक्षा कार्यालयको अभिलेख नरहेको पाइयो।

बालविकास केन्द्रमा बालक ४ हजार ३ सय ८२ र बालिका ४ हजार ७ सय ७५ गरी जम्मा ९ हजार १ सय ५७ रहेका छन्, जसमध्ये दलित बालक ८ सय ५९ र बालिका ९ सय ४९ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

नौ वर्षीया एक बालिकालाई ०६९ पुस २० गते मैदी गाविस-९, छापथोकका ५६ वर्षीय साने सार्कीले बलात्कार गरेको आरोपमा पीडित पक्षले पुस २१ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरायो। घरमा खेलिरहेकी नातिनी नाता पर्ने बालिकालाई खाने कुरा दिने प्रलोभन देखाएर कोठामा लगी जबरजस्ती करणी गरी फरार भएका आरोपितलाई प्रहरीले चितवनको खैरेनीबाट माघ ५ गते गिरफ्तार गऱ्यो। बालिकाको जिल्ला अस्पतालमा उपचार तथा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई जिल्ला अदालतको ०७० असार ९ गतेको आदेशले १३ वर्ष कैद र पीडितलाई २५ हजार रुपियाँ क्षतिपूर्ति तिर्न आदेश दियो।

नौ वर्षीया एक बालिकालाई ०६९ पुस २१ गते नौबिसे गाविस-४, जुगेडीका २१ वर्षीय दिपेश राईले बलात्कार गरेको आरोपमा पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा पुस २५ गते जाहेरी दर्ता गरायो। घरमा बसिरहेकी बालिकालाई ललाइफकाइ खानेकुरा दिएपछि बलात्कार गरी फरार भएका राईलाई इलाका प्रहरी

एमालेका कार्यकर्ताहरूको आक्रमणबाट घाइते भएका न्युटन श्रेष्ठ र श्रीकृष्ण श्रेष्ठ

कार्यालय, खानीखोलाले पुस २४ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको नौबिसे स्वास्थ्य चौकी र जिल्ला अस्पताल धादिङमा उपचार भयो। आरोपितलाई जिल्ला अदालत धादिङको ०७० असार २३ गतेको आदेशले पाँच वर्ष कैद गरी पीडितलाई ५० हजार रुपियाँ क्षतिपूर्ति दिन आदेश गऱ्यो।

६ वर्षीया एक बालिकालाई ०६९ माघ २१ गते मैदी गाविस-१, उखुबारीमा ६० वर्षीय चन्द्रबहादुर विश्वकर्माले बलात्कार गरेको आरोपमा पीडित पक्षले माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरायो। आरोपित विश्वकर्मालाई प्रहरीले सोही दिन गिरफ्तार गरी माघ २२ गते जबरजस्ती करणी मुद्दा दर्ता गऱ्यो। पीडितको जिल्ला अस्पतालमा एक सातासम्म उपचार भयो। पीडकलाई जिल्ला अदालतले ०७० असार ६ गते १० वर्ष कैद र २५ हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति दिनका लागि आदेश जारी गऱ्यो।

१३ वर्षीया एक बालिकालाई ०६९ चैत ९ गते कल्लेरी गाविस-२, स्यालटारीका ३५ वर्षीय हरि परियारले बलात्कार गरेको आरोपमा प्रहरीले मुद्दा दर्ता गर्न मानेन। घरमा एक्लै भएका बेलामा उनलाई अर्को घरमा लगेर लुगा खोलेर बलात्कार गरेका थिए। घटनापछि उनलाई घटना सार्वजनिक गरे मार्ने धम्की दिएका कारण उनले धेरै समयसम्म पनि कसैलाई घटना सार्वजनिक गर्न सकेकी थिइनन्। लामो समयसम्म पनि निको नभएकाले ०६९ भदौ १५ गते महिला मानवअधिकार रक्षक सञ्जालमा न्याय पाउन र उपचारको व्यवस्था गर्नका लागि पीडितकी आमाले आग्रह गर्दै निवेदन दिइन्। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। आरोपितले अहिले पनि फोन गरेर घटना अगाडि बढाए मार्ने धम्की दिएको पीडितले बताइन्। पीडितका बुबाले दोस्रो विवाह गरी घर छाडेका छन् भने आमासँग पीडित बालिका बस्दै आएकी थिइन्। पीडितले जिल्ला प्रहरी कार्यालयमा भदौ १५ गते उजुरी दिइन्। आरोपितले अहिले पनि फोन गरेर घटना अगाडि बढाए मार्ने धम्की दिएको पीडितले बताइन्। हदम्याद नाघेको भनेर जिल्ला प्रहरी कार्यालयले मुद्दा दर्ता गर्न नमानेपछि मुद्दा दर्ता भएन। पीडित र पीडितकी आमालाई आरोपित परिवारले अहिले पनि धम्क्याउने गरिरहेको पीडित पक्षले जनायो।

एक १५ वर्षीया बालिकालाई ०७० वैशाख १५ गते राती प्रहरीले घरमा प्रवेश गरी सुतेको स्थानबाट उठाएर कपडा समेत खोलेर दुर्व्यवहार गरेको पीडित बालिकाले अधिकारकर्मीलाई बताइन्। बालिकालाई सोही राती तीन पटकसम्म दुर्व्यवहार गरिएको पीडितले बताइन् । मैदी प्रहरी चौकीका प्रमुख रामबाबु यादव र जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर सूर्य खड्काले घर घरमा गएर गाउँबासीलाई कुटपिट गरी उनीहरूलाई गिरफ्तार गरेको समिभञ्ज्याङ उच्चमाविका शिक्षक प्रेम पुलामीले बताए। मैदी गाविस-१ छापगाउँमा वैशाख १५ गते राती १० बजेतिर रत्यौलीको विषयमा भएको झगडामा राजन अर्याल घाइते भएपछि सोही झगडामा संलग्नहरूलाई खोज्न गाउँ गएको प्रहरी टोलीले गाउँमा तनाव उत्पन्न गराएको थियो। इन्सेक जिल्ला प्रतिनिधि सीताराम अधिकारीको नेतृत्वमा जिल्ला बार एसोसिएशनका रामकृष्ण अधिकारी र रामचन्द्र भट्ट, मानवअधिकार एलाएन्सका राजाराम शर्मा, गैससमहासंघका जिल्ला अध्यक्ष दामोदर अर्याल, सञ्चारकर्मीहरु केशव अधिकारी, शिव सिलवाल, मनिष दुवाडीको टोली वैशाख १८ गते गाउँमा पुग्दा स्थानीय गाउँलेहरूले आफ्नो कुरा सुनाएका थिए।

११ वर्षीया एक बालिकालाई ०७० साउन ३२ गते तसर्पु गाविस-९, दामेचौरका चार जना बालकले सामूहिक बलात्कार गरेको बालिकाले प्रहरीसँगको बयानमा बताइन्। जिल्ला प्रहरी कार्यालय, धादिङले भदौ ३ गते प्रहरीले बालिकालाई सामूहिक बलात्कार गर्नेमध्येका दुई बालकलाई गिरफ्तार गऱ्यो। घटनामा आरोपित दुई जना बालक फरार छन्। प्रहरीले भदौ १ गते गिरफ्तार गरी जबरजस्ती करणी मुद्दा दर्ता गऱ्यो। बालिकाको जिल्ला अस्पताल, धादिङमा उपचार भयो। उनको अवस्था विक्षिप्त भएको र थप उपचार र मनोसामाजिक परामर्शका लागि सहयात्री एड्भोकेसी सेन्टरले सुरक्षा घरमा राखेर थप उपचारका लागि एक गैरसरकारी संस्थाको सहयोगमा जिल्लाबाहिर पठाएको सेन्टरले जनायो। जिल्ला अदालतको भदौ २२ गतेको आदेशले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश गऱ्यो।

१७ वर्षीया एक बालिकालाई ०७० भदौ २२ गते बलात्कार गरेको आरोपमा नलाङ गाविस-२ का ६० वर्षीय प्रेमबहादुर पुलामी मगरविरुद्ध पीडित पक्षले जिल्ला अदालत धादिङमा ०७० मङ्सिर ३० गते हाडनाता करणी मुद्दा दर्ता गरायो। पटक-पटक बलात्कार भए पनि पछिल्लोपटक भएको बलात्कारबाट उनी गर्भवती भएकी छन्। आरोपितको घरमा बस्दै आएकी महिलालाई घरको कोठामा जबरजस्ती करणी गरेका कारण उनको पेटमा तीन महिनाको बच्चासमेत भइसकेको र समस्यामा परेको पीडितकी आमाले

जानकारी गराइन्। जिल्ला अदालतमा मुद्दा दर्ता गरेपछि पीडितलाई स्थानीयले गाउँमा बस्ने वातावरण नबनाएका कारण उनी महिलाअधिकारकर्मीहरूको शरणमा पुगेकी छिन्। पीडितको परिवारमा तीन महिना पनि खाने कुरा घरमा नभएको र घर परिवारले ज्याला/मजदुरी गर्नुपर्ने अवस्था आएकाले मुद्दा गर्न नसकेको पीडित परिवारले जानकारी दियो। घरमा खानेकुरा नभएको र काममा गाउँमा पठाउन पनि गाउँवासीले नदिने भएकाले समस्या परेको उनीहरूको गुनासो छ। यस वर्षको अन्त्यसम्ममा जिल्ला अदालतले मुद्दा दर्ता गरे पनि कुनै कानुनी प्रक्रिया अगाडि बढाएन।

१६ वर्षीया एक बालिकालाई ०७० असोज २८ गते कुम्पुर गाविस-८, चेकबाङका २० वर्षीय खड्गबहादुर श्रेष्ठ र १९ वर्षीय रामकुमार श्रेष्ठले पीडितको घरमा बलात्कार गरेको आरोपमा पीडित परिवारले कात्तिक ४ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। प्रहरीले आरोपितमध्ये खड्गबहादुरलाई गिरफ्तार गरेकामा जिल्ला अदालतको मङ्सिर ६ गतेको आदेशले पुर्पक्षका लागि थुनामा पठाएको छ। पीडितको स्वास्थ्य परीक्षण गजुरी प्राथमिक स्वास्थ्य केन्द्रमा ०७० असोज २९ गते भयो।

सलाङ गाविस-८ घर भई नीलकण्ठ गाविस-५, पुछारबजारमा बस्ने १० वर्षीया दीपिका रानामगरलाई ०७० मङ्सिर १४ गते राति उनकी सौतेनी आमा २७ वर्षीया आशा रानामगरले कुटपिट गरिन्। विद्यालयबाट घर आएकी बालिकालाई कुचो र लठ्ठीले कुटेर घाइते पारिन्। बालिकालाई कुटपिट गर्दा हात, गाला र शरीरका विभिन्न भागमा नीलडाम र चोट लागेको थियो। पीडितलाई कुटपिट गरेर रातभरि चिसो भुइँमा सुताएर मङ्सिर १५ गते बिहान चिसोपानीमा चोपलेर आरोपितले पीडितलाई घरनिकाला गरी आफूले पनि घर छाडिन्। पीडितलाई स्थानीयले उद्धार गरी महिला मानवअधिकार रक्षक सञ्जालको कार्यालयमा मङ्सिर १५ गते पुऱ्याएका थिए। पीडितका तर्फबाट सञ्जालले जिल्ला प्रहरी कार्यालयमा घरेलु हिंसाको जाहेरी दर्ता गराई अस्पतालमा उपचार गरियो। यो वर्षको अन्त्यसम्म कारवाही प्रक्रिया जारी रहेको प्रहरीले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

रसुवा जिल्ला, राम्चे गाविस-३, राम्चेका तीन जना किशोरीलाई ०७० साउन १५ गते मोरङ जिल्ला उर्लाबारीकी ४३ वर्षीया हिमा दाहाल र रसुवा जिल्ला, राम्चे गाविस-३ का २७ वर्षीय कामी तामाङले बिक्रीका लागि भारततिर लैजाने प्रयास गरे। बैरेनी गाविस-८, गल्छीबाट पीडितहरूलाई उद्धार गरियो। घटनापछि आरोपितलाई स्थानीयको सहयोगमा प्रहरीले साउन १६ गते गिरफ्तार गरी मानव बेचबिखनविरुद्ध मुद्दा दर्ता गऱ्यो। कतारमा राम्रो काम लगाइदिउँला भनेर तीन युवतीसँग २५/२५ हजार रुपियाँ नगदसमेत लिई राहदानी नबनाई लिएर गएका थिए। बैरेनी गाविस-८, गल्छीस्थित एक होटलमा राखी भारत हुँदै विदेशमा बिक्री गर्न लैजान लागेको थाहा भएपछि स्थानीय एक गैरसरकारी संस्थाको सहयोगमा स्थानीयले प्रहरी चौकीमार्फत आरोपितलाई गिरफ्तार गर्न लगाएका थिए। रसुवा जिल्ला, राम्चे गाविस-३ का तीन युवतीलाई रसुवाबाट गल्छीसम्म कामी तामाङले र गल्छीबाट हिमा दहालसमेतले भारत हुँदै विदेश लैजान लागेको भन्ने पत्ता लागेकाले पीडितहरूको उद्धार गरिएको थियो। पीडित युवतीहरू १७ देखि २० वर्षका रहेका छन्। आरोपितहरूलाई सात वर्ष कैद र जनही १० हजार रुपियाँका दरले जरिवाना गर्न जिल्ला अदालतले ०७० मङ्सिर २३ गते फैसला गरेको छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४० वर्षीया एक महिलालाई केवलपुर गाविस-२ का ५० वर्षीय पतिले ०६९ माघ २३ गते पछिल्लोपटक बलात्कार गरेको पीडितले आरोप लगाइन्। महिलाले आफूमाथि पतिले बलात्कार गरेको जाहेरी जिल्ला प्रहरी कार्यालयमा ०६९ माघ २५ गते गरिन्। आफ्नो इच्छाविपरीत पतिले लगातार बलात्कार गरेकाले कुनै उपाय नलागेपछि कारबाहीका लागि प्रहरीमा आएको पीडितले बताइन्। विवाह गरेको २५ वर्ष भइसक्दा १५ वर्षअघिदेखि आफूमाथि यौन हिंसा हुने गरेको र कुटपिटका कारण आफू बिरामी परिरहेको पीडितको भनाइ थियो। प्रहरीले आरोपितलाई फागुन १५ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेको थियो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा फागुन १४ गते जबरजस्ती करणी मुद्दा दर्ता गराएकामा जिल्ला अदालतको ०७० असार ४ गतेको फैसलाले आरोपितलाई सफाइ दिएको थियो। पीडितलाई फैसला चित्त नबुझे पनि जिल्ला सरकारी वकिल कार्यालयबाट पुनरावेदनका लागि नगएकाले सुनुवाइ भएको छैन।

२७ वर्षीया एक महिलालाई ०७० जेठ २१ गते एक्लै घरमा बसेका बेला साङकोष गाविस-१, आँपस्वाँराका ४० वर्षीय नवराज सापकोटाले बलात्कार प्रयास गरेको आरोपमा पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए पनि हालसम्म आरोपितलाई कुनै कारबाही भएको छैन। आरोपितलाई प्रहरीले गिरफ्तार गरेको भए पनि तीन दिनपछि कारबाही नगरी रिहा गरेको पीडितले आरोप लगाइन्। पीडितको स्वास्थ्य परीक्षण जेठ २१ गते जिल्ला अस्पतालमा भयो।

बलात्कारपछि हत्या

दार्खा गाविस-८, नागछुलुङका ३४ वर्षीया कुमारी तामाङलाई ०७० जेठ ३० गते २६ वर्षीय बलबहादुर तामाङले बलात्कार गरी घाँटी थिचेर हत्या गरे। बाटोमा एक्लै हिँडेको मौका पारी बाटोनजिकै मकैबारीमा लगेर बलात्कार गरेपछि घाँटी थिचेर हत्या गरेको आरोपितले प्रहरीलाई बयान दिए। कुमारीका पति काशीराम तामाङसँग बलबहादुरको रिसइबी रहेकाले उनकी पत्नीलाई बलात्कार गरेर बर्बाद पार्न खोज्दा हत्या गरेको बताए। कुमारी तामाङ घाँस काट्न जाँदा शमशेरबहादुर तामाङको मकैबारीमा पुगदा बलबहादुरले भेटेर उनलाई समाते। दुई वर्षअघि आफू मलेसिया गएका बेला आफ्नो बच्चासहितकी पत्नीलाई कुमारीको पतिले अर्कोसँग विवाह गराएको भन्ने आरोप बलबहादुरले लगाएर पटक-पटक काशीरामसँग बदला लिन खोजिरहेकामा यसपटक आफू सफल भएको प्रतिक्रिया उनले दिए। बलबहादुरलाई प्रहरीले कर्तव्य ज्यान मुद्दा दायर गरी हिरासतमा लिएकामा जिल्ला अदालतले ०७० असार २६ गते सर्वश्वसहित जन्मकदैको फैसला सुनायो। आरोपितलाई प्रहरीले असार २ गते गिरफ्तार गरेको थियो।

घरेलु हिंसा

कल्लेरी गाविस-१, कल्लेरीघाटका ३३ वर्षीया अस्मिता तिवारीलाई ०६९ माघ २२ गते बेलुका पति ४० वर्षीय रसिन्द्र तिवारीले कुटपिट गरी घाइते बनाए। आरोपितले खेतमा पानी लगाउन गएको बेला अरू मानिससँग लागेको आरोपमा कुटपिट गरेका थिए। कुटपिटबाट गम्भीर घाइते भएकी अस्मिताको काठमाडौँस्थित वीर अस्पतालमा उपचार भयो। आरोपित तिवारीलाई प्रहरीले माघ २७ गते गिरफ्तार गरी घरेलु हिंसा मुद्दा दर्ता गऱ्यो। मुद्दाको अनुसन्धान गरी आरोपितलाई अदालतको फागुन २० गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन्।

धुषा गाविस-१, चरौँदीकी ३१ वर्षीया बुद्धिमायाँ परियारलाई ०७० जेठ १६ गते दाजु ३५ वर्षीय चितलाल परियारले लठ्ठीले कुटपिट गरी घाइते बनाए। विद्यालयको बैठक सकेर घर फर्कंदै गरेको बेला बाख्राले मकै खाएको आरोपमा कुटपिट गरी गम्भीर घाइते बनाएका थिए। शरीरका विभिन्न भागमा चोटपटक लागी घाइते भएको उनको जिल्ला अस्पतालमा उपचार भयो। पीडितले जेठ १७ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराए पनि आरोपितलाई कारबाही भएन।

मुरलीभञ्ज्याङ गाविस-५, पाल्पापौवा खाल्टाकी १८ वर्षीया सङ्गीता लम्साललाई ०७० जेठ २९ गते सासू ५४ वर्षीया फत्तमायाँ लम्साललेे कपाल भुल्लेर कुटपिट गरिन्। घरको काम नगरेको र अरू मानिससँग बोलेको आरोप लगाउँदै उनलाई कुटपिट गर्दै कपाल भुल्लेर घरनिकाला गरेकी थिइन्। घाइतेको स्थानीय मेडिकलमा उपचार भयो। पीडितले जेठ ३० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। पीडितका पति रामचन्द्र पोखरामा काम गरेर बसेका छन्। आफूलाई सासूले कुटपिट गरेको कुरा पतिलाई सुनाउँदा माइती गएर बस्न सल्लाह दिएको र आमालाई केही नभनेको पीडितको भनाइ छ। पटक-पटक कुटिएकाले सङ्गीताले जिल्ला अदालतमा अंशसहित छुट्टै बस्ने मुद्दा वैशाख २ गते हालेको जनाएकी छन्। मुद्दाका बारेमा कुनै छलफल भएको छैन। पीडित माइतीमै बसेकी छन्।

ज्यामरुङ गाविस-६, ढोडेनीकी २३ वर्षीया पार्वती विश्वकर्मालाई पति ३५ वर्षीय राजु विश्वकर्माले ०७० साउन २८ गते राति १२ बजेतिर कुटपिट गरी घरनिकाला गरे। घरमा सुतेका बेला उनलाई कुटपिट गरी घरनिकाला गरेपछि रातभर उनी घरमा बस्न नपाई घरबाहिर नै बसिन्। पीडितले साउन ३० गते जिल्ला प्रहरी कार्यालयमा पतिलाई कारबाही गर्न र आफूलाई न्याय दिन माग गर्दै जाहेरी दिइन्। आरोपितलाई कारबाही भएन।

अमानवीय व्यवहार

साङकोष गाविस-१ जमुनेचौरकी ३१ वर्षीया सीता नेपालीलाई ०७० साउन २८ गते बोक्सीको आरोपमा पति ३३ वर्षीय टङ्कबहादुर नेपाली र ससुरा ६७ वर्षीय आइते नेपालीले कुटपिट गरी घाइते बनाए। बोक्सी लागेर घर र अरू मानिसलाई बिरामी पारेको

भन्दै उनलाई कोदो रोप्न लागेको बेला बारीमा कुटपिट गरी घाइते बनाएका थिए। पीडितले साउन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले पीडितलाई न्याय दिनका लागि कुनै काम नगरेको र छलफलका लागि बोलाएको भए पनि आरोपितलाई कारबाही नभएको पीडितले गुनासो गरिन्।

सुनौलाबजार गाविस-४ की ३० वर्षीया चनमति मगराती र सोही स्थानकी ३२ वर्षीया पम्फा मगरातीलाई ०७० मङ्सिर २५ गते बोक्सीको आरोपमा सोही ठाउँका ४५ वर्षीया सुन्तली मगराती, २७ वर्षीया सीता मगराती र ४७ वर्षीया रूपबहादुर मगरातीले कुटपिट गरे। कुटपिटपछि गम्भीर घाइते भएकी चनमति मगरातीको जिल्ला अस्पतालमा उपचार भयो। उपचार खर्चसमेत नभएर उनीहरू समस्यामा परे। जिल्ला प्रहरी कार्यालयमा २६ गते जाहेरी दिएको भए पनि आरोपितहरूलाई छुटाउन नेताहरूले समेत दबाब दिए। बच्चा विद्यालय पठाएर घर फर्कन लागेको बेला बोक्सीले सबै मानिस, गाइवस्तु मारेको र बिरामी पारेको भनेर पीडितलाई आरोपित सुन्तलीले हँसियाले घाँटीमा हानिन्। चनमतिले हातले छेकेपछि उनको दाहिने हात गहिरोसँग काटियो। चनमतिलाई सीता मगरातीले पनि लठ्ठीले हानेर लडाएर गम्भीर घाइते बनाइन्। उनलाई आक्रमण गरेको देखेर छुट्याउन गएकी पम्फालाई पनि आक्रमण गरियो। उनको टाउकामा गम्भीर चोट लागेको थियो। मङ्सिर २७ गते पीडितहरूले बोक्सी र ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गराए। आरोपितहरू हिरासतमा छन्।

भूमेस्थान गाविस-९, घर्तीटोल की २० वर्षीया यशोदा तामाङलाई बोक्सीको आरोपमा ०७० पुस ८ गते पति २२ वर्षीय रोशन तामाङले कुटपिट गरी घरनिकाला गरे। केही समयअघिदेखि पतिले दोस्रो विवाह गरेको र आफूलाई बोक्सी भन्दै कपडासमेत च्यातेर कुटपिट गरी ज्यान मार्ने धम्की दिएको पीडितले बताइन्। हाल पीडित स्थानीय स्वास्थ्य चौकीमा उपचारपछि माइती घरमा बस्दै आएकी छन्। पीडितलाई घरपरिवारले लगातार लामो समयदेखि यातना दिएका कारण एकोहोरो हुने, कहिले झर्केर बोल्ने र कहिले बोल्न नै नचाहने जस्तो स्वभाव देखाएर बसेकी छन्। पीडितको उपचार हुन सकेको छैन। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०७० पुस ९ गते जाहेरी दिइन्। तर, प्रहीले आरोपितलाई कारबाही गरेन।

यसै गरी यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय ४० जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र धादिङमा उजुरी दर्ता गराए। उजुरीमध्ये घरेलु हिंसा र कुटपिट गरिएका १ सय ३२, बहुविवाह गरी घरनिकाला गरिएका ६ र बोक्सीको आरोप लगाएका घटनामा दुई जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले ७८ घटनामा मिलापत्र गराएको र ६ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पत्ति क्षति

गैरराज्य पक्षबाट

नेकपा-माओवादीबाट

नेकपा-माओवादीद्वारा भूमेस्थान गाविस-८ मा रहेको १७ रोपनी जग्गामा ०७० कात्तिक २१ गते कब्जा गरी झन्डा गाडे। भूमेस्थान गाविस-६ निवासी रामचन्द्र थापाका नाममा रहेको जग्गामा उनका दाजु प्रेमबहादुर थापाले साङ्घातिक हमला गरी जग्गामा खेतीसम्म गर्न दिएका थिएनन्। १५ वर्षअघि जग्गाको अंशबन्डा भएको भए पनि आफ्ना भाइले लिएको जग्गा सामन्तको भन्दै उजुरी गरेपछि नेकपा-माओवादीले जग्गामा झन्डा गाडेको हो। जग्गा नेकपा-माओवादीको कब्जामा रहेकाले बिक्रीवितरण गर्न नपाइने गरी कब्जा गरिएको सूचना टाँसी नेकपा- माओवादीको झन्डा र कालो झन्डासमेत गाडेर छाडिएको छ। जग्गाधनी थापाले आफूले मिहिनेत गरेर कमाएको पैसाले किनेको जग्गा भएकाले कसैको धम्कीका भरमा नदिने बताए।

नेकपा-माओवादीसहितका ३३ दलले ०६९ चैत २५ गते आयोजना गरेको बन्दका क्रममा एक निजी विद्यालयमा आक्रमण गरियो। सदरमुकामको बजार बन्द गराउन हिँडेका बन्दकर्ताहरूले धादिङ आवासीय उच्चमावि खोलेको आरोपमा विद्यालयको सिसा फुटाएका थिए। विद्यालयमा पुगेका बन्दकर्ताले आफ्ना कुरा नै नसुनी एक्कासि विद्यालयमा तोडफोड गरेको विद्यालयका कृष्णप्रसाद दहालले बताए। बन्दका कारण यातायात, शिक्षण संस्था, बजार र अन्य अतिआवश्यकीय सेवा बन्द हुँदा सर्वसाधारण मर्कामा परेका थिए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	३३		
उपस्वास्थ्यचौकी	१६		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	५	२	३
स्टाफ नर्स	६	६	
ल्याब असिस्टेन्ट	७	४	३
अहेब	१०६	५५	५१
अनमि	५२	४६	४६
खोप सुपरभाइजर	१		१
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	३८	१२	२६

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म मानव बेचबिखन तथा ओसारपसारका तीन मुद्दा दर्ता भई फैसला भए। जसमा दस जनालाई गिरफ्तार गरेका थिए। जबरजस्ती करणी १५ मुद्दा दर्ता भए। जसमा १८ जनालाई गिरफ्तार गरेका थिए। ज्यान मार्ने उद्योग आठ मुद्दा दर्ता भई पाँच फैसला भए भने तीन विचाराधीन रहे। जसमा १६ जनालाई गिरफ्तार गरेका थिए। बहुविवाह तीन मुद्दा दर्ता भई एक फैसला भए भने दुई विचाराधीन रहे। कर्तव्य ज्यान पाँच मुद्दा दर्ता भई दुई फैसला भए भने तीन विचाराधी रहे। बोक्सीको आरोप एक मुद्दा दर्ता भई विचाराधीन रहे। अपहरण गरी बेपत्ता दुई मुद्दा दर्ता भई विचाराधीन रहे। जबरजस्ती करणी उद्योग चार मुद्दा दर्ता भई विचाराधीन रहे। अपहरण तथा ज्यान मार्ने उद्योग एक मुद्दा दर्ता भई विचाराधीन रहे। बालविवाह एक मुद्दा दर्ता भई विचाराधीन रहे।

विगतको अनुगमन

हत्या गरेर विदेश गएका एक जना आरोपितलाई प्रहरीले गिरफ्तार गरी ०७० असार १८ गते जिल्ला अदालतमा पेस गरेको छ। सेमजोङ गाविस-८ का टोके तामाङलाई जिल्ला प्रशासन कार्यालयमा नयाँ राहदानी बनाउन आएका बेला असार १७ गते प्रहरीले गिरफ्तार गरेको थियो। ०५५ पुस १९ गते राति गाउँकै दुर्गाबहादुर गुरुङको हत्या गरेर फरार रहेका तामाङ विदेश गएर फर्केको र पुनः विदेश जानका लागि राहदानी बनाउन आएका बेला गिरफ्तार गरी फैसला कार्यान्वयन गरिएको डीएसपी अशोक सिंहले बताए। ०६७ जेठ २३ गते जिल्ला अदालत, धादिङले सर्वस्वसहित जन्मकैद तोकेको थियो।

२.१७ सिन्धुपाल्चोक



जिल्ला सदरमुकाम: चौतारा
क्षेत्रफल (वर्ग कि. मि.): २,५४२
घरधुरी सङ्ख्या: ६६,६८८
जम्मा जनसङ्ख्या: २,८७,७५८
पुरुष: १,३८,३५१
महिला: १,४५,४४७
अपाङ्ग सङ्ख्या: ६,६०८
गाविस/नपा सङ्ख्या: ७५/०
पुरुष साक्षरता सङ्ख्या: ८५,६८४
महिला साक्षरता सङ्ख्या: ७५,४२०
हिन्दू धर्मावलम्बी प्रतिशत: ५८.५८
बौद्ध धर्मावलम्बी प्रतिशत: ३७.५६
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०१
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.८३
प्रकृति धर्मावलम्बी प्रतिशत: १.०८
अन्य धर्मावलम्बी प्रतिशत: ०.१२६
प्रतिपरिवार सरदर सङ्ख्या: ४.३२

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको महिला बन्दीगृह भवनमा बन्दी क्षमता सात जनाको छ। यस जिल्ला कारागारको महिला बन्दीगृह भवन ०६८ सालमा निर्माण भएको हो भने पुरुष बन्दीगृह निर्माणाधीन अवस्थामा छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ६६ पुरुष र कैद नतोकिएका तीन महिला, ७३ पुरुषसहित ७६ जना थुनुवा गरी १ सय ४२ जना रहेका छन्। यस कारागारमा महिला बन्दी राखिएको छैन। कारागारमा राख्नुपर्ने तीन जना महिला बन्दीलाई ठाउँ अभावका कारण प्रहरी हिरासतमा राखिएको छ। सात जनाको क्षमता भएको महिला बन्दीगृहमा क्षमताभन्दा बढी बन्दी राखिएका कारण विभिन्न रोग लाग्ने गरेकाले समस्या बढेको बन्दीहरूको भनाइ छ। कारागारका बन्दीहरूलाई राज्यले उपलब्ध गराएको सिदा र विभिन्न स्थानीय पत्रपत्रिकाहरू पढ्ने सुविधा उपलब्ध गराइएको छ।

धम्की/कुटपिट

राज्यपक्षबाट

पाडताङ गाविस-१ का ५० वर्षीय रत्नबहादुर श्रेष्ठलाई ०६९ माघ २३ गते बेलुका ८ बजे सशस्त्र प्रहरी अञ्चल कार्यालय गुल्मबाट गएको प्रहरी टोलीले मादक पदार्थ सेवन गरी पाडताङ गाविस-१, कात्तिकेमा बन्दुकको कुन्दाले हानी घाइते बनायो। पीडितको सोही दिन जलवीरे प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडित पक्षले माघ २४ गते प्रहरी चौकी तेम्बाथानमा उजुरी गरेको थियो। आरोपितलाई कारबाहीको माग राखी स्थानीय गाउँलेले प्रहरी चौकी तेम्बाथान घेराउ गरे पनि कुनै कारबाही भएन। केही समयअघिदेखि त्यस भेगमा नेकपा-माओवादीको सशस्त्र गतिविधि बढेपछि माघ १७ गतेदेखि थप मद्धतका लागि अञ्चल प्रहरी कार्यालय गुल्मबाट १५ जनाको सशस्त्र टोली त्यस भेगमा पठाइएको थियो। सोही टोलीका एक जनाले उक्त घटना घटाएको जिल्ला प्रहरी कार्यालयले जनायो।

गैरराज्यपक्षबाट

नेकपा-चेवादीबाट

गोल्चे गाविस-५ का ३५ वर्षीय डेमाछिरिङ लामालाई ०६९ चैत १२ गते सशस्त्र समूह नेकपा-चेवादी समूहले सुराकी गरेको आरोपमा कुटपिट गरी गम्भीर घाइते बनायो। पीडित लामालाई चैत १२ गते काठमाडौँस्थित शिक्षण अस्पतालमा उपचारका लागि लगिएको थियो। उपचारपछि होसमा आएका लामा पत्नीको सहारामा चैत १६ गते जिल्ला प्रहरी कार्यालय पुगी उजुरी गरे। आफ्नै घरमा बसेका पीडित डेमाछिरिङ लामाको नेकपा-माओवादी समूहले कुटपिट गरी देब्रे खुट्टा, देब्रे हात र तीनओटा औँला भाँचिदिएको थियो।

एमाओवादीबाट

सिन्धुपाल्चोक-२ का प्रत्यक्षतर्फका एमाले उम्मेदवार ४८ वर्षीय सुभाष कर्माचार्यको टोली चुनाव प्रचारका क्रममा ठूलो सिरुवार गाविसस्थित डडुवामा चुनावी सभा गरेर फर्कने क्रममा ०७० कात्तिक २२ गते बेलुकी एमाओवादीका कार्यकर्ताले डडुवामा आक्रमण गरे। आक्रमणबाट एमालेका कार्यकर्ता घाइते भए। आक्रमणबाट उम्मेदवार चढेको मोटर र अन्य कार्यकर्ताहरू चढेको मोटर साइकलमा क्षति पुग्यो। घटनापछि चौतारीबाट प्रहरी टोली घटनास्थल पुगेको थियो। उम्मेदवार सुभाष कर्माचार्य ठूलोसिरुवारीस्थित रानीटारमा चुनावी सभा गरेर चौतारा सदरमुकाम फर्कने क्रममा एमाओवादी कार्यकर्ता बद्री नेपालको नेतृत्वमा आक्रमण गरेको एमालेको आरोप छ। आक्रमणविरुद्ध कात्तिक २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गर्न गएकामा प्रहरीले उजुरी दर्ता गरेन।

एमालेबाट

एमाओवादीका कार्यकर्ता चुनावी प्रचारप्रसार

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			१	३	३
बालअधिकार			१५	१	१६
अमानवीय व्यवहार	१	१			
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				१	१
महिलाअधिकार			३८		३८
जातीय विभेद				३	३
कुटपिट	१	१	१	७	८
धम्की				१	१
हत्या			१	४	५
जम्मा	३	३	५५	१९	७४

गर्ने क्रममा फुल्पिङकोट गाविस-६ स्थित च्यानडाँडा पुग्दा ०७० कात्तिक २२ गते दिउँसो एमाले कार्यकर्ताले आक्रमण गरे। आक्रमणमा हगाम गाविस घर भएका एमाओवादीका कार्यकर्ता हगाम गाविस-१ का ३२ वर्षीय गणेश श्रेष्ठ घाइते भए। घाइतेको उपचार बाह्रबिसे अस्पतालमा भयो। एमाओवादीको प्रचारमा गएको गाडीसमेत सो ठाउँमा तोडफोड गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ। पीडित पक्षले कात्तिक २२ गते प्रहरी चौकी, जलवीरेमा उजुरी दियो। आक्रमणमा संलग्न भएको आरोपमा फुल्पिङकोट गाविस-६ का ३० वर्षीय डुप्छिरिङ तामाङलाई प्रहरीले कात्तिक २२ गते बेलुका गिरफ्तार गरेकामा ज्यान मार्ने मुद्दा लगाई जिल्ला अदालतको मङ्सिर १२ गतेको आदेशले धरौटीमा रिहा भए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

'नागरिक' राष्ट्रिय दैनिकका जिल्ला संवाददाता ध्रुव दङ्गाललाई कात्तिक ३ गते दिउँसो समाचार सङ्कलनका लागि जिल्ला कारागार पुग्दा सो स्थानमा तैनाथ नेपाली सेना र प्रहरीले दुर्व्यवहार गरी क्यामराका सबै फोटो डिलिट गर्न लगाए। कारागारमा सेना परिचालित भएपछि रिपोर्टिङका क्रममा पुगेका पत्रकार दङ्गाललेे कारागारबाहिरबाट फोटो खिच्न खोज्दा सो स्थानमा तैनाथ रहेका प्रहरीका सई सन्तोष श्रेष्ठ र सेनाका क्याप्टेनले दुर्व्यवहार गरी क्यामरामा भएको फोटो जबरजस्ती डिलिट गर्न लगाएको पीडित पत्रकारले बताए। उनका अनुसार आफूमाथि भएको दुर्व्यवहारको जानकारी प्रमुख जिल्ला अधिकारीलाई तत्काल गरे पनि कुनै सुनुवाइ नभएको बताए।

चेवादीका कार्यकर्ताहरूले कुटपिट गरी घाइते बनाइएका डेमाछिरिङ लामा

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय १ थानमध्ये १२ थानको फैसला भयो भने ८९ थान बाँकी रहे। देवानी मुद्दातर्फ ५२ थानमध्ये १० थानको फैसला भयो भने ४२ थान बाँकी रहे।

०७० साउनदेखि ०७० पुस १६ गतेसम्म

जिल्ला अदालतमा फौजदारी मुद्दा १ सय १८ थान दर्ता भएकामा सबै मुद्दा बाँकी रहे। देवानीतर्फ ६८ थान दर्ता भएकामा सबै बाँकी रहेको अदलतको स्रेस्तामा देखिएको छ।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ३४ थान छ, जसमध्ये ५७ थान सफल भए भने २७ थान असफल भए। बाँकी मुद्दा ५० थान रहेका छन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी १० थानमध्ये नौ थान सफल र एक थान असफल रहे। बलात्कारसम्बन्धी १० थानमध्ये आठ थान सफल, एक थान असफल र एक थान बाँकी रह्यो। मानव बेचबिखनसम्बन्धी तीन थानमध्ये तीनै थान सफल रहे। अपहरणसम्बन्धी चार थानमध्ये चार थान नै बाँकी छन्। बहुविवाहसम्बन्धी चार थानमध्ये चार थान सफल रहे। छुवाछूतसम्बन्धी एक थानमध्ये एक थान नै बाँकी छ।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या ६८ थान छ, जसमध्ये सबै विचाराधीन अवस्थामा रहेका छन्। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १५ गतेसम्म १ सय १८ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ८४ हजार ४ सय ३२ मध्ये छात्र ४० हजार ४ सय २५ र छात्रा ४४ हजार ७ जना बालबालिका प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ४ हजार १ सय ३४ र छात्र ३ हजार ६ सय २७ रहेका छन्। सरकारी र सामुदायिक गरी प्राबि तहमा १ हजार ८ सय ५ जना शिक्षक कार्यरत छन्। त्यसै गरी निमाबि तहमा ४ सय १९ जना र माबि तहमा ४ सय १७ जना शिक्षक रहेका छन्। बालविकास केन्द्रमा बालक

२ हजार ११ जना र बालिका २ हजार १ सय २५ जना गरी जम्मा ४ हजार १ सय ३६ जना रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१७ वर्षीया एक बालिकालाई ०७० वैशाख २६ गते मेलम्ची गाविस-२ का २२ वर्षीय अनीष श्रेष्ठ र सोही ठाउँका २३ वर्षीय पवन श्रेष्ठले सामूहिक बलात्कार गरेको भन्दै पीडितले जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। पीडितको जेठ २ गते चौतारा अस्पतालमा स्वास्थ्य परीक्षण भयो। बलात्कार भएको कुरा अरूलाई भन्न नपाउने गरी गलैँचा कारखानाबाट बाहिर जान कारखाना मालिकले नदिएपछि तत्काल उजुरी गर्न नपाएको पीडितले बताइन्। पीडितले घटनाबारे आफ्नै बहिनीलाई बताएपछि महिला आत्मनिर्भरता केन्द्र मेलम्चीको सहयोगमा प्रहरी कार्यालयमा उजुरी परेको थियो। आरोपितहरू फरार रहेकाले उनीहरूको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

पाँच वर्षीया एक बालिकालाई ०७० साउन २७ गते किउल गाविस-१, ढोडिनीका १७ वर्षीय एक बालकले बलात्कार गरेको आरोपमा प्रहरीले साउन २८ गते गिरफ्तार गऱ्यो। आरोपितले घरमा कोही नभएको बेला बालिकालाई बलात्कार गरेको आरोप छ। पीडित पक्षले साउन २७ गते इलाका प्रहरी कार्यालय, मेलम्चीमा उजुरी गरेपछि आरोपितलाई प्रहरीले घरबाटै गिरफ्तार गरेको थियो। पीडितको मेलम्ची स्वास्थ्य उपचार केन्द्रमा साउन २७ गते स्वास्थ्य परीक्षण भयो। आरोपितलाई अदालतको भदौ १४ गतेको आदेशले बाल सुधारगृह, भक्तपुरमा राखिएको छ।

१४ वर्षीया एक बालिकालाई असोज ४ गते बलात्कार गरेको आरोपमा मानेश्वारा गाविस-१, छिपिडका २४ वर्षीय हरिबहादुर विश्वकर्मालाई असोज ९ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित पक्षले ०७० असोज ६ गते इलाका प्रहरी कार्यालयमा बलात्कारविरुद्ध उजुरी दिएको थियो। पीडितको बाह्रबिसे प्राथामिक उपचार केन्द्रमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई असोज १८ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्न आदेश गरेको छ।

१४ वर्षीया एक बालिकालाई ०७० असोज ५ गते दिउँसो तातोपानी गाविस-४ का २५ वर्षीय कृष्णबहादुर तामाङले बलात्कार प्रयास गरेको आरोपमा असोज ९ गते बेलुका प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित तामाङले दिउँसो बालिकालाई बलात्कार प्रयास गरेको पीडित पक्षको आरोप छ। पीडित पक्षले असोज ६ गते इलाका प्रहरी कार्यालय बाह्रबिसेमा उजुरी दर्ता गराएको थियो। पीडितको असोज ६ गते बाह्रबिसे अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई अदालतको कात्तिक ९ गतेको आदेशले पुर्पक्षका लागि थुनामा राखिएको छ।

१५ वर्षीया एक बालिकालाई ०७० मङ्सिर १७ गते दिउँसो कुन्चोक गाविस-५ का १९ वर्षीय रामबहादुर थापा र सोही ठाउँका २० वर्षीय राजेन्द्र थापाले यौन दुराचार गरेको आरोपमा चौतारा बजारबाट प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितलाई चौतारा गाविस-८ स्थित बजारमा यौन दुर्व्यवहार गरेको आरोप छ। पीडितले जिल्ला बालकल्याण समितिको सहयोगमा मङ्सिर १७ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरेका थिए। आरोपितहरूलाई सार्वजनिक अपराध मुद्दामा प्रहरी हिरासतमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनायो। पीडितको स्वास्थ्य परीक्षण भएन।

१७ वर्षीया एक बालिकालाई ०७० मङ्सिर १२ गते पिस्कर गाविस-६ का २४ वर्षीय श्याम खड्काले बलात्कार गरेको आरोपमा प्रहरीले मङ्सिर २० गते बेलुका गिरफ्तार गऱ्यो। आरोपित खड्काले धुस्कुन गाविसस्थित खादिलुङमा मेला हेर्न गएका बेला पीडितलाई बलात्कार गरेको आरोप छ। पीडितले मङ्सिर २० गते इलाका प्रहरी कार्यालय बाह्रबिसेमा उजुरी गरेको प्रहरीले जनायो। पीडितको मङ्सिर २० गते प्राथमिक स्वास्थ्य केन्द्र, बाह्रबिसेमा स्वास्थ्य परीक्षण भएको थियो। आरोपित हाल अनुसन्धानका लागि प्रहरी हिरासतमा छन्।

११ वर्षीया एक बालिकालाई ०७० पुस ९ गते बाह्रबिसे गाविस-५ का ५५ वर्षीय गुम्बे भन्ने तिलकबहादुर भण्डारी, गाती गाविस-१ का १७ वर्षीय, सोही ठाउँका १६ वर्षीय एक बालक, १३ वर्षीय एक बालक र १६ वर्षीय एक बालकले सामूहिक बलात्कार गरेको आरोपमा पुस ११ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरूलाई प्रहरीले अनुसन्धानका लागि प्रहरी हिरासतमा राखेको छ। पीडितले पुस १० गते इलाका प्रहरी कार्यालयमा उजुरी गरेकी थिइन्। पीडितको पुस १० गते बाह्रबिसे स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य परीक्षण भएको थियो।

कुटपिट

पिपलडाँडा गाविस-६ घर भई चौतारा गाविस-८ स्थित श्री वनदेवी मावि कक्षा ९ मा अध्ययनरत १२ वर्षीय भीषण मगरलाई ०७० साउन २२ गते सोही विद्यालयका शिक्षक लुमणी पौड्यालले कक्षाकोठामा कुटपिट गरी यातना दिएको आरोपमा ०७० असोज १३ गते पीडित पक्षले जिल्ला बाल कल्याण समितिमा उजुरी गऱ्यो। आरोपितलाई असोज १३ गते प्रहरीले गिरफ्तार गरेकामा असोज १६ गते पीडितलाई २५ हजार रुपियाँ उपचार खर्च दिने गरी मिलापत्र भयो। पीडित बालकलाई विद्यालय कक्षा कोठामा पढिरहेको अवस्थामा पाठ नगरेको आरोपमा कुटपिट गरी यातना दिएको आरोप छ। पीडितले काठमाडौँस्थित ओम अस्पतालमा उपचार गराएर फर्केपछि उजुरी गर्न आएको पीडित पक्षले बतायो। पीडित बालकको कानको जाली फुटेको चिकित्सकको रिपोर्टमा उल्लेख भएको पीडित पक्षको भनाइ छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

अज्ञात समूहबाट हत्या

लिस्ती गाविस-५ की ५५ वर्षीया मानकुमारी प्रधानलाई ०६९ माघ १६ गते बेलुका ९ बजे १५ देखि १६ जनाको अज्ञात समूहले घरैमा बसेका बेला खुकुरीले घाँटी रेटेर हत्या गऱ्यो। पत्नीलाई बचाउन गएका ६० वर्षीय भक्तबहादुर प्रधानलाई समेत सो समूहले खुकुरीले घाँटी रेटेर हत्या गऱ्यो। मृतकको प्राथमिक उपचार केन्द्र बाह्रबिसेमा पोस्टमार्टम भयो। घटनामा संलग्नको हालसम्म पहिचान हुन नसकेको प्रहरीले जनायो।

बेचबिखन तथा ओसारपसार

पाङ्ग्रेटार गाविस-७, स्वाराकी १९ वर्षीया शान्ता विश्वकर्मा र सोही ठाउँकी सुनीता विश्वकर्मालाई ०७० असार २६ गते १५ र १६ वर्षीया दुई बालिकालाई बेचबिखन गर्ने उद्देश्यले लैजान लागेको आरोपमा जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। पीडित पक्षले असार २३ गते प्रहरी चौकी लामोसाँघुमा उजुरी गरेका थिए। आरोपितहरू जिल्ला अदालतको साउन २७ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

एमालेका कार्यकर्ताहरूको आक्रमणमा परी घाइते भएका गणेश श्रेष्ठ

मार्मिङ गाविस-७ का २१ वर्षीय फुर्वा तामाङलाई ०७० भदौ १ गते तीन जना महिलालाई बिक्री गर्ने उद्देश्यले चीनको खासामा लैजाँदै गर्दा सीमा प्रहरी कोदारीले गिरफ्तार गऱ्यो। धादिङ, झापा र भक्तपुर जिल्ला घर बताउने १६/१७ वर्ष उमेर बताउने तीन जना किशोरीलाई आरोपितले बाह्रबिसे बजारको एक मोबाइल पसलबाट मासिक २५ हजार रुपियाँको जागिर लगाउने भन्दै खासातर्फ लैजान लाग्दा प्रहरीले गिरफ्तार गरेको थियो। केटाको नामको नागरिकतामा पीडित किशोरीहरूलाई सीमा पार गराउन खोज्दा गिरफ्तारीमा परेका थिए। आरोपित अदालतको असोज ४ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन्। पीडित महिलाहरूमध्ये धादिङ जिल्ला घर भएकीलाई घरमा पुनःस्थापित गराएको र अन्य दुई जना माइती नेपालको जिम्मामा रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

५५ वर्षीया महिलालाई ०७० कात्तिक १९ गते बेलुका पिस्कर गाविस-४ स्थित प्रहरी चौकीका असई नीरबहादुर तामाङले गोठबाट घरतर्फ जान लाग्दा बीच बाटोमा पेस्तोल देखाएर बल प्रयोग गरी बलात्कार गरेको आरोपमा कात्तिक २० गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित पक्षले कात्तिक २० गते मौखिक र कात्तिक २१ गते इलाका प्रहरी कार्यालय, बाह्रबिसेमा उजुरी गरेको थियो। पीडितको कात्तिक २१ गते बाह्रबिसेस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य परीक्षण भएको थियो। आरोपित हाल जिल्ला अदालतको मङ्सिर २४ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन्।

घरेलु हिंसा

कदमबास गाविस-९ घोर्सुकी ३२ वर्षीया गङ्गाकुमारी श्रेष्ठलाई ०७० साउन २१ गते पति ३४ वर्षीय कुमार श्रेष्ठले कुटपिट गरी यातना दिएको भन्दै पीडितले साउन २२ गते पतिविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। आरोपित कुमार श्रेष्ठले पीडित गङ्गाकुमारी श्रेष्ठविरुद्ध ६ महिनाअघि

बहुविवाह गरेका थिए। घरमा बसिरहेका बेला कान्छी पत्नीको कुरा सुनेर कुटपिट गरेको पीडितको आरोप छ। आरोपित फरार भएकाले काठमाडौँ पुगेको शङ्का लागेर काठमाडौँ महानगरीय प्रहरीलाई गिरफ्तारीका लागि पत्राचार भएको जिल्ला प्रहरी कार्यालयले जनायो।

अमानवीय व्यवहार

इचोक गाविस-९ स्थित सुलसिङ्गकी २७ वर्षीया कान्छी तामाङ र सोही ठाउँकी ४५ वर्षीया माइली तामाङलाई ०७० साउन २ गते बिहान ८ बजे सोही ठाउँका ४० वर्षीय मानसिं तामाङ, ४२ वर्षीय प्रताप तामाङ, १८ वर्षीया सुनीता तामाङ र २२ वर्षीया सुनी तामाङले घरमा बसिरहेका बेला डाकेर घरभन्दा केही माथि मानेमा लगी बोक्सीको आरोपमा कुटपिट गरी अभक्ष्य खुवाए। पीडितले साउन ४ गते इलाका प्रहरी कार्यालय, मेलम्चीमा उजुरी गरिन्। आरोपितहरूमध्ये मानसिं तामाङ र सुनीता तामाङलाई साउन ७ गते र अन्य दुई जनालाई साउन ९ गते घरमा बसिरहेका बेला प्रहरीले गिरफ्तार गऱ्यो। पीडितहरूको प्राथमिक स्वास्थ्य केन्द्र, मेलम्चीमा उपचार भयो। आरोपितहरूमध्ये प्रताप तामाङ विगत तीन महिनादेखि बिरामी परेका थिए। नुवाकोट जिल्लाका एक जना धामीलाई देखाउँदा मासु र जाँडमा बोक्सीले मन्त्र लगाएर खुवाएको बताएपछि पीडितहरूलाई बोक्सीको आरोपमा कुटपिट गरेका थिए। आरोपितहरूलाई जिल्ला अदालतले साउन २४ गते धरौटी माग गरिएकामा धरौटी रकम बुझाउन नसकेपछि थुनामा पठायो। आरोपितहरूमध्ये मानसिं तामाङ र प्रताप तामाङलाई ५०/५० हजार र सुनीता तामाङ र सुनी तामाङलाई २५/२५ हजार रुपियाँ धरौटी माग गरिएको थियो।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय ४१ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, चौतारमा उजुरी दर्ता गराए। उजुरीमध्ये कुटपिट गरी घरनिकाला गरिएका ५४, खानलाउन नदिएका १२, विवाह दर्ता तथा नागरिकता नबनाएका एक, अर्की पत्नी ल्याएर हेला गरेकामा १९, मार्ने धम्की दिइएकामा आठ, बोक्सीको आरोप लगाएका घटनामा नौ जना पीडित भए। तीमध्ये प्रहरीले १ सय ६ ओटा घटनामा मिलापत्र गराएको र सात उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको साथै २८ ओटा उजुरीका घटना प्रहरीको सम्पर्कमा नआएको केन्द्रले जनायो।

सबै प्रकारका जातीय विभेद

सिपापोखरे गाविस-७ का १६ वर्षीय धनबहादुर रोक्कालाई भोटसिपा गाविस-७ स्थित श्री चन्डेश्वरी उच्चमाविमा एसएलसी परीक्षा दिन आउँदा ०६९ फागुन ३१ गते दिउँसो ४ बजे भोटसिपा गाविस-७ का ४० वर्षीय टीकाप्रसाद आचार्यको घरमा बास बसेका बेला दलित भएका कारण बास बस्न नपाएको भन्दै पीडितले जातीय भेदभाव तथा छुवाछूतको कसुर र सजाय ऐन २०६८ को दफा (ग) अनुसार कारबाही गरी पाऊँ भनी वैशाख १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे। आरोपितलाई जिल्ला अदालतले वैशाख ४ गते तारेखमा रिहा गऱ्यो। घटनाको विषयलाई विभिन्न सञ्चारमाध्यमले समाचार प्रकाशित गरेको विषयमा खण्डन गर्दै श्री चण्डेश्वरी उच्चमाविले दलितहरूलाई अपमान नगरेको भन्दै प्रेस विज्ञप्ति प्रकाशित गरेको थियो।

सिपापोखरे गाविस-८ का १८ वर्षीय अनिश मगराँतीलाई ०६९ फागुन २६ गते दिउँसो ४ बजे भोटसिपा गाविस-८ की सीता नेपालको घरमा कोठा खोज्न जाँदा आफूलाई दलित भनी गालीगलौज गरी अपमान गरेको भन्दै जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन २०६८ को दफा ७ अनुसार कानुनी कारबाही गरीपाऊँ भनी जिल्ला प्रहरी कार्यालयमा वैशाख १० गते उजुरी गरे। आरोपितलाई जिल्ला अदालतले वैशाख ४ गते तारेखमा रिहा गऱ्यो।

थाम्पालधाप गाविस-६ का २२ वर्षीय सोमबहादुर बोगटी (सार्की)लाई बुबा दिलबहादुर बोगटी (सार्की)को नेतृत्वमा स्थानीय गाउँलेहरूले अन्तरजातीय विवाह गरेको आरोपमा सामाजिक बहिष्कार गरे। सामाजिक बहिष्कारमा परेका पीडित सोमबहादुर बोगटी (सार्की)ले ०७० जेठ २० गते इन्सेक जिल्ला प्रतिनिधिको कार्यालयमा पुगी सहयोगका लागि पहल गिरिदिन लिखित अनुरोध गरे। सोमबहादुर बोगटी (सार्की)ले ०६९ पुस २४ गते सोही गाविस-५ की १९ वर्षीया चमेली नेपालीसँग प्रेमविवाह गरेका थिए। छोराले तल्लो जातसँग विवाह गरेको भन्दै आरोपितले छोरालाई घरभित्र पस्न दिएनन्। आफ्नो घरमा पस्न नपाएका सोमबहादुरलाई हाल गाउँमा प्रवेश गर्नसमेत प्रतिबन्ध लगाइएको पीडितले बताए। पीडितले कानुनी कारबाहीका लागि कतै पनि उजुरी गरेनन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	६५		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	७	१	६
स्टाफ नर्स	७	६	१
ल्याब असिस्टेन्ट	४	१	३
अहेब	८३	४८	३५
अनमि	२०	१४	६
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१६	५	७
माशिका	६५	५५	६
स्वास्थ्य कार्यकर्ता	७५	३४	४५

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यानका आठ, जवरजस्ती करणी/उद्योगका १३, ज्यान मार्ने उद्योगका २२, बोक्सीको आरोपमा कुटपिटका एक, अपहरण तथा शरीर बन्धकका चार, बहुविवाहका सात, मानव बेचिबिखनका दुई, जातीय भेदभाव तथा छुवाछूतका एक मुद्दा दर्ता भए।

२.१८ नुवाकोट



जिल्ला सदरमुकाम: विदुर
क्षेत्रफल (वर्ग कि. मि.): १,१२१
घरधुरी सङ्ख्या: ५५,२१५
जम्मा जनसङ्ख्या: २,७७,४७१
पुरुष: १,३२,७८७
महिला: १,४४,६८४
अपाङ्ग सङ्ख्या: ४,६५०
गाविस/नपा सङ्ख्या: ६१/१
पुरुष साक्षरता सङ्ख्या: ८७,२३७
महिला साक्षरता सङ्ख्या: ७४,८१३
हिन्दू धर्मावलम्बी प्रतिशत: ५७.७७
बौद्ध धर्मावलम्बी प्रतिशत: ४०.०१
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१३
किराँत धर्मावलम्बी प्रतिशत: ०.१५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.६१
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.३१७
प्रतिपरिवार सरदर सङ्ख्या: ४.६५

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता ८० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ९८ र कैद नतोकिएका ५१ जना थुनुवा गरी कुल १ सय ४९ जना बन्दी रहेका छन्। जसमा जसमा महिला १८ र पुरुष १ सय ३१ रहेका छन्। साथै, आश्रित बालक एक र बालिका एक गरी जम्मा १ सय ५१ जना रहेका छन्। यो जिल्ला कारागार ०६६ सालमा निर्माण भएको हो।

यस कारागामा बन्दीहरूका लागि खानेपानी, स्वास्थ्य, शौचालयको व्यवस्था राम्रो रहेको पाइयो भने टेलिभिजन र खेल्न क्यारेमबोर्ड र आयआर्जनका लागि

मुडा बुनेर बेच्ने कार्य गरिरहेको जेलका सुब्बा गोविन्द श्रेष्ठले बताए।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

सुन्दरादेवी गाविस-८ निवासी स्थानीय पञ्चकन्या निमाविका शिक्षक ४५ वर्षीय विदुर भण्डारीलाई ०७० जेठ २९ गते राति मुखमा पट्टी बाँधेर सातदेखि आठ जनाको सङ्ख्यामा आएको समूहले घरमा बसिरहेका बेला खुकुरी प्रहार गरी घाइते बनायो। घाइते उनको काठमाडौँस्थित त्रिविवि शिक्षण अस्पताल, महाराजगन्जमा उपचार भयो। पीडित शिक्षक भण्डारीले ०७० असार ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे। यस वर्षको अन्त्यसम्ममा आरोपितको पहिचान हुन नसकेको प्रहरीले जनायो।

काङ्ग्रेसबाट

सामरी गाविस-१ बस्ने एमाओवादीका जिल्ला सदस्य ५२ वर्षीय रामेश्वर खड्का र छोरा मछिन्द्रनाथ खडकालाई ०७० कात्तिक २५ गते राति १२ बजे सामरी गाविस-६ स्थित पार्टी कार्यालयमा बैठक बसिरहेको अवस्थामा सामरी गाविस-३ निवासी काङ्ग्रेस क्षेत्रीय सभापति जगतबहादुर तामाङको अगुवाइमा सोही गाविस-२ बस्ने आशा तामाङ, सोही गाविस-३ बस्ने हरिकुमार तामाङसहित लगभग १५ जनाको समूहले खुकुरी तथा तरबार प्रहार गरी घाइते बनाएको पीडितले बताए। पीडितलाई सोही दिन राति उपचारका लागि त्रिवि शिक्षण अस्पताल काठमाडौँ लगिएको थियो। पीडित पक्षले जिल्ला प्रहरी कार्यलयमा ०७० कात्तिक २८ गते उजुरी दिए पनि कुनै कारबाही भएन।

एमाओवादीबाट

गाउँखर्क गाविस-१, कविलास गाविस निवासी काङ्ग्रेस कार्यकर्ता ४० वर्षीय रमेश महतसहित पार्टी कार्यकर्ता बास बसेको बेला ०७० कात्तिक १० गते राति एमाओवादीनिकट वाईसीएल इन्चार्ज भद्रटार गाविस निवासी नकुल भन्ने राजन गौतमको नेतृत्वमा लगभग १ सय जनाको समूहले घर घेरा हाली महतलाई मार्ने धम्की दियो। पीडित महतलाई 'मङ्सिर ५ गतेसम्म समुन्द्रटार नकट्नु, काटेमा सफाया हुने धम्की दिएको र त्यसको प्रतिकार गर्दा महतसँगै बसेका बेतिनी गाविस-५ निवासी काङ्ग्रेसका बुथ कमिटी सभापति ४५ वर्षीय नुरबहादुर तामाङ, नर्जामण्डप गाविस निवासी ३५ वर्षीय सहदेव उप्रेती, राउतबेसी गाविस-८ निवासी २७ वर्षीय अच्युत आचार्यलाई धारिलो हतियार प्रयोग गरी मार्न खोज्दा घाइते भए। सो घटनालाई लिएर पीडित महतले जिल्ला निर्वाचन कार्यालयमा ०७० कात्तिक ११ गते एमाओवादीविरुद्ध उजुरी दिए भने एमाओवादीका वाईसीएल इन्चार्ज नकुल भन्ने राजन गौतमविरुद्ध ज्यान मार्ने उद्योगको किटानी जाहेरी दिए। घटना सम्बन्धमा एमाओवादीका २ नम्बर क्षेत्रीय निर्वाचन परिचालन कमिटीका संयोजक रामभक्त उप्रेतीले 'सो ठाउँमा काङ्ग्रेसले पैसा बाँडेकाले स्थानीय गाउँलेले पैसा नबाँड्न भन्दै खेदाएको र खेदाउने क्रममा लडेर घाइते भएको' बताए। सो घटनामा संलग्न रहेको आरोपमा जिल्ला प्रहरी कार्यालयले समुन्द्रटार गाविस-३ बस्ने ३३ वर्षीय सुरेन्द्र तामाङलाई ०७० कात्तिक ११ गते र राउतबेसी गाविस-६ बस्ने जुगे तामाङलाई ०७० मङ्सिर १४ गते गिरफ्तार गरेकामा जिल्ला अदालतको ०७० कात्तिक २९ गतेको आदेशमा सुरेन्द्र तामाङ १५ हजार रुपियाँ धरौटीमा रिहा भए भने ०७० मङ्सिर २७ गतेको आदेशमा जुगे तामाङ २० हजार रुपियाँ धरौटीमा रिहा भए।

लच्याङ गाविस-७ निवासी काङ्ग्रेस कार्यकर्ता २५ वर्षीय इन्द्रबहादुर लामालाई सोही गाविसका वाईसीएल कार्यकर्ता २८ वर्षीय वीरबहादुर गोलेको अगुवाइमा आएको लगभग १० जनाको समूहले घरनजिकै ०७० कात्तिक २८ गते राति १२ बजे खुकुरी र चिरपटले कुटपिट गर्दा टाउकामा चोट लागी घाइते भए। घाइते उनको सदरमुकाम विदुरमा उपचार भएको काङ्ग्रेस जिल्ला सचिव लक्ष्मण श्रेष्ठले बताए। पीडितले प्रहरीमा उजुरी दिएनन्।

एमाओवादीका कार्यकर्ताहरूको आक्रमणबाट घाइते भएका इन्द्रबहादुर लामा

सुगम निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय ४१ थानमध्ये १ सय २० थानको फैसला भयो भने १ सय २१ थान बाँकी रहे। देवानी मुद्दातर्फ २ सय

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		३	३
बालअधिकार	५		५
अमानवीय व्यवहार		१	१
महिलाअधिकार	८		८
जातीय विभेद	१	१	२
कुटपिट		४	४
धम्की		१	१
हत्या	३		३
जम्मा	१६	१०	२६

३३ थानमध्ये १ सय २६ थानको फैसला भयो भने १ सय ७ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ जिम्मेवारी सरेर आएका १ सय २१ र यस आर्थिक वर्षमा परेका ५५ थान गरी १ सय ७६ मध्ये ३९ थानको फैसला भयो भने १ एक ३७ थान बाँकी रहे। देवानी मुद्दातर्फ जिम्मेवारी सरिआएका १ सय ६ र यस आर्थिक वर्षमा परेका ४५ थान गरी १ सय ५१ मध्ये ३६ थानको फैसला भयो भने १ सय १५ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक थान र देवानी मुद्दा पाँच थान बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या जिम्मेवारी सरी आएका समेत २ सय ५६ थानमध्ये १ सय ५६ थान सफल भए भने २६ थान असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या ७५ रहेको छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २१ थानमध्ये ११ थान सफल र तीन थान असफल रहे। सात थान बाँकी रहे। बलात्कारसम्बन्धी सात थानमध्ये दुई सफल र एक असफल रहे। महिला बेचबिखनसम्बन्धी २९ थान मुद्दामध्ये १० सफल र एक असफल रह्यो। अपहरणसम्बन्धी मुद्दा दुईमध्ये दुई नै बाँकी रहे। बहुविवाहसम्बन्धी मुद्दा ६ मध्ये दुई सफल र दुई असफल रहे भने दुई बाँकी रहे। बालविवाहसम्बन्धी र छुवाछूतसम्बन्धी मुद्दा दायर भएनन् भने बोक्सीको आरोपमा एउटा मुद्दा परेकामा हालसम्म बाँकी नै छ।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या जिम्मेवारी सरी आएका समेत १ सय २३ थान छन्, जसमध्ये १० थान सफल भए भने एक असफल भयो। सरकारी वकिलको सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म १ सय १२ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७५ हजार २ सय ३३ मध्ये छात्र ३५ हजार ५ सय ८२ र छात्रा ३९ हजार ६ सय ५१ प्राथमिक तहदेखि उच्चमावि तहसम्म सरकारी तथा सामुदायिक विद्यालयमा भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ६ सय ६८ र पुरुष ८ सय १२ गरी जम्मा १ हजार ४ सय ८० शिक्षक कार्यरत छन्। निमावि तहमा महिला ४१ र पुरुष २ सय ९५ गरी जम्मा ३ सय ३६ शिक्षक कार्यरत छन्। यसै गरी मावि तहमा महिला १८ र पुरुष २ सय ४३ गरी जम्मा २ सय ६१ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ३ हजार ७ सय ३२ र बालिका ३ हजार ७ सय ७६ गरी जम्मा ७ हजार ५ सय ८ रहेका छन्, जसमध्ये दलित बालक ३ सय ५१ र बालिका ४ सय ९१ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१४ वर्षीया एक बालिकालाई ०७० मङ्सिर १ गते घरनजिकैको जङ्गलमा कल्याणपुर गाविस-५ बस्ने ३२ वर्षीय गणेशबहादुर तामाङले बलात्कार गरेको आरोपमा पीडित पक्षले ०७० मङ्सिर २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई ०७० मङ्सिर २३ गते गिरफ्तार गरेकामा जिल्ला अदालत नुवाकोटको ०७० पुस ५ गतेको आदेशमा पुर्पक्षका लागि जिल्ला कारागार पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल त्रिशूली, नुवाकोटमा ०७० मङ्सिर १ गते भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

घ्याङफेदी गाविस-२ बस्ने १९ वर्षीया युवतीलाई ललाइफकाइ ०७० असार ४ गते बेच्न लगिरहेको अवस्थामा पीडित युवतीले प्रहरीलाई खबर गरेपछि आरोपित भनिएका घ्याङफेदी गाविस-२ बस्ने ३० वर्षीया चुलबुल भन्ने कान्छा तामाङ र सोही स्थान बस्ने २८ वर्षीय माहिला भन्ने साहिँला तामाङलाई असार ५ गते राउतबेसी गाविस-८ स्थित दुप्चेश्वर मन्दिर परिसरबाट गिरफ्तार गरेकामा जिल्ला अदालत नुवाकोटको साउन २१ गतेको आदेशमा पुर्पक्षका लागि जिल्ला कारागारमा छन् भने यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

राउतबेसी गाविस-९ बस्ने ३६ वर्षीया अप्सरा नेपालीसहित तीन जनालाई ललाइफकाइ बेच्न लगिरहेको अवस्थामा ०७० जेठ २९ गते इलाका प्रहरी कार्यालय खरानीटारबाट खटिएको प्रहरी टोलीले राउतबेसी गाविस-९ का २४ वर्षीया सुवास नेपाली, उर्लेनी गाविस-८ का २३ वर्षीय शङ्कर नेपाली र शिखरबेसी-३ का २६ वर्षीय अमित दमाईलाई खरानीटारबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालत नुवाकोटको ०७० असार २८ गतेको आदेशमा आरोपितहरू पुर्पक्षका लागि थुनामा छन् भने यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन। पीडितहरू गाउँमै छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४३ वर्षीया एक महिलालाई सुन्दरादेवी गाविस-३ बस्ने ३४ वर्षीय पुष्पराज सिटौलाले ०६९ माघ २६ गते पीडितको घरनजिकैको बाँसको झाङमा पुऱ्याई बलात्कार गरेको आरोपमा आरोपितलाई माघ २७ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित र आरोपितको ०६९ माघ २७ गते जिल्ला अस्पताल त्रिशूलीमा स्वास्थ्य परीक्षण गरिएको थियो। पीडितले ०६९ माघ २८ गते जिल्ला प्रहरी कार्यालयमा लिखित रूपमा जाहेरी दिएका थिए। जिल्ला अदालत नुवाकोटको ०६९ फागुन १४ गतेको आदेशमा आरोपित सिटौला पुर्पक्षका लागि जिल्ला कारागार नुवाकोटमा थुनामा छन् भने यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

धरेलु हिंसा

परिवारजनबाट हत्या

विदुर नपा-६ बस्ने २८ वर्षीया दीपा पौडेललाई ०६९ माघ २४ गते दिउँसो पति ३६ वर्षीय अणप्रसाद पौडेलले घरमै चक्कुले शरीरका विभिन्न भागमा प्रहार गरी हत्या गरे। प्रहरीले सोही दिन घटनास्थलबाट आरोपितलाई गिरफ्तार गरेकामा जिल्ला अदालत नुवाकोटको ०६९ भदौ १० गतेको आदेशले सर्वस्वसहित २० वर्षको जेल सजायको फैसला गरी जिल्ला कारागार नुवाकोटमा पठायो।

विदुर नपा-३ की ४० वर्षीया बालकुमारी बस्नेत कपालीलाई ०६९ चैत २० गते राति पति ५७ वर्षीय अष्टकुमार कपालीले हत्या गरी चैत २१ गते साँझ घरभन्दा १० मिटर पर खाल्डो खनेर पुरे। स्थानीयले चैत २२ गते घटना थाहा पाई प्रहरीलाई खबर गरेकामा स्थानीयको रोहवरमा चैत २३ गते सो खाल्डोबाट लासको उत्खनन गरी पोस्टमार्टमका लागि जिल्ला अस्पताल त्रिशूली लगिएको थियो। आरोपित अष्टकुमारलाई चैत २२ गते बेलुका प्रहरीले गिरफ्तार गरेकामा जिल्ला अदालतको ०७० वैशाख १७ गतेको आदेश अनुसार आरोपित पुर्पक्षका लागि जिल्ला कारागार नुवाकोट थुनामा छन् भने यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

सामरी गाविस-५ बस्ने १४ वर्षीया सन्तमाया तामाङलाई ०७० जेठ ३० गते दाजु १८ वर्षीय वीरबहादुर तमाङले नजिकैको जङ्गलमा लगी खुकुरी प्रहार गरी हत्या गरे। आरोपित वीरबहादुरलाई काठमाडौँ जिल्ला बालाजुस्थित गङ्गा हलबाट असार ७ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएकामा जिल्ला अदालत नुवाकोटको ०७० असार २५ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन् भने यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

अमानवीय व्यवहार

लच्याङ गाविस-२ बस्ने ३५ वर्षीया सानुकान्छी तामाङलाई ०६९ चैत २६ गते बोक्सीको आरोपमा सोही ठाउँ बस्ने ३३ वर्षीय कालुराम तामाङ, ३० वर्षीय शुकुलाल तमाङ, २० वर्षीय मिलन तमाङ, २६ वर्षीय आइतमान तमाङ, ३० वर्षीया गोमा तामाङ, २९ वर्षीया फुलमाया तामाङ, सोही गाविस-१ बस्ने २६ वर्षीया विष्णुलाल तामाङ, नर्जामण्डप गाविस बस्ने ५४ वर्षीय सूर्यबहादुर तामाङले कुटपिट गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा उनीहरूविरुद्ध ०६९ चैत ३० गते उजुरी दिएकामा सोही दिन आरोपितलाई गिरफ्तार गरी जिल्ला अदालत नुवाकोटमा मुलुकी ऐन २०३८ मा बोक्सीको आरोपसम्बन्धी महल अनुसार सरकारवादी

मुद्दा दर्ता भएकामा जिल्ला अदालत नुवाकोटको ०७० वैशाख २४ गतेको निर्णयले जनही ४० हजार रुपियाँ धरौटीमा रिहा भए।

सुन्दरादेवी गाविस-७ बस्ने ३० वर्षीया आशादेवी नेपालीलाई पति ३४ वर्षीय सानुबाबु नेपाली, सासू फूलमाया नेपाली, आमाजू विष्णुमाया नेपाली र ३२ वर्षीय बाबुराम नेपालीले बोक्सीको आरोपमा ०७० कात्तिक २२ गते राति कुटपिट गरी फलामले चिउँडो र च्यापुमा डामेको पीडितले बताइन्। पीडितले ०७० कात्तिक २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित तीनै जनालाई ०७० कात्तिक २४ गते गिरफ्तार गरेकामा जिल्ला अदालतको ०७० मङ्सिर २१ गतेको आदेशअनुसार आरोपितलाई जनही ३० हजार रुपियाँ धरौटी माग गरेकामा तिर्न नसकी पुर्पक्षका लागि जिल्ला कारागार नुवाकोटको थुनामा छन् भने यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३३ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। उजुरीमध्ये कुटपिट गरी घरनिकाला गरिएका एक, विवाह दर्ता तथा नागरिकता नबनाएका एक, अर्की पत्नी ल्याएर हेला गरेकामा एक, मार्ने धम्की दिइएकामा तीन, बोक्सीको आरोप लगाएकामा एक जना पीडित भएका थिए। त्यसै गरी महिला तथा बालबालिका हराएका २४ ओटा घटनामध्ये प्रहरीले ३० ओटा उजुरीमा मिलापत्र र अन्य मातहतको चौकीमा पठाएर मिलापत्र गराएको र तीनओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाइएको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

गैरराज्य पक्षबाट

नेकपा-माओवादीबाट

चतुराले गाविसमा निर्वाचन प्रयोजनका लागि फोटोसहितको निर्वाचन परिचयपत्र विवरण गर्न ०६९ चैत १३ गते राति ८ बजेतिर गएको टोलीसँग रहेको एक थान कम्प्युटर र सोमा लाग्ने उपकरण आफूलाई नेकपा-माओवादीका कार्यकर्ता बताउने चार जनाको नकाबधारी समूहले लुटेर लगेको जिल्ला निर्वाचन कार्यालयकी सो गाविसमा खटिएकी दर्ता कर्मचारी रिना अर्यालले बताइन्। सो घटनामा आफ्नो पार्टीको संलग्नता नरहेको नेकपा-माओवादी ताम्सालिङ राज्य समितिका सदस्य नारायण नेपालले बताए। नेपालले जिल्ला निर्वाचन कार्यालयलाई जिल्लामा परिचयसहितको फोटो खिच्ने कार्यक्रम नगर्न र गरिए गाविसमा अवरोध गरिने भनिए पनि सामान जफत गर्ने कार्य नभएको जनाए। घटनाको अनुसन्धान भइरहेको प्रमुख जिल्ला अधिकारी टुल्कुराज बस्नेतले बताए।

विदुर नपा-६, इनारपाटीस्थित खम्बाली क्याम्पमा नुवाकोट जिल्ला किङताङ गाविसका ४ सय घरधुरीलाई बाढीपीडितका नाममा राख्न लागेको विरोधमा ०७० असार ११ गतेबाट अनिश्चितकालीन नुवाकोट बन्दका क्रममा बन्दकर्तालले विदुर नपा-४ स्थित विदुर बसपार्कनजिकै बा२ख ७२३३ नम्बरको मिनीबस तोडफोड गरे।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	**१**		
स्वास्थ्यचौकी	**११**		
उपस्वास्थ्यचौकी	**५३**		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	**६**	**६**	
स्टाफ नर्स	**७**	**६**	**१**
ल्याब असिस्टेन्ट	**६**	**६**	
अहेब	**७२**	**६८**	**५**
अनमि	**२१**	**१७**	**४**
खोप सुपरभाइजर	**१**	**१**	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	**१**	**१**	
स्वास्थ्य कार्यकर्ता	**११५**	**५८**	**२१**

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यान तीन मुद्दा दर्ता भई एक फैसला भयो। जसमा तीन जनालाई गिरफ्तार गरेका थिए। जबरजस्ती करणी ६ मुद्दा दर्ता भए। जसमा नौ जनालाई गिरफ्तार गरेका थिए। बोक्सीको आरोपको एक मुद्दामा सात जनालाई गिरफ्तार गरियो। बहुविवाह एक मुद्दा दर्ता भयो। जसमा दुई जनालाई गिरफ्तार गरेका थिए। ज्यान मार्ने उद्योग तीन, जबरजस्ती पछि ज्यान एक, मानव बेचबिखन तथा ओसारपसार ६, अपहरण तथा शरीर बन्धकका दुई मुद्दा दर्ता भए।

२.१९ रसुवा



जिल्ला सदरमुकाम: धुन्चे
क्षेत्रफल (वर्ग कि. मि.): १,५४४
घरधुरी सङ्ख्या: ५,७७८
जम्मा जनसङ्ख्या: ४३,३००
पुरुष: २१,४७५
महिला: २१,८२५
अपाङ्ग सङ्ख्या: १,०१६
गाविस/नपा सङ्ख्या: १८/०
पुरुष साक्षरता सङ्ख्या: १२,४५२
महिला साक्षरता सङ्ख्या: ५,८६१
हिन्दूधर्मावलम्बी प्रतिशत: २५.३८
बौद्धधर्मावलम्बी प्रतिशत: ६५.५५
इस्लामधर्मावलम्बी प्रतिशत: ०.०२
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ४.३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०७
अन्य धर्मावलम्बी प्रतिशत: ०.२६१
प्रतिपरिवार सरदर सङ्ख्या: ४.४२

जेल र बन्दी

'ङ' श्रेणीको रसुवा जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ५५ जना र कैद नतोकिएका १४ जना रहेका छन्। बिगतमा महिला बन्दी नरहेकामा यसवर्ष एक जना महिला बन्दी छन्। ०४८ सालमा निर्माण भएको यस कारागारको भवन जीर्ण रहेको छ। यस वर्ष कारागारको घेरावार गरिएको छ। क्षमताभन्दा बढी कैदी र बन्दी रहेकाले पानी, शौचालयजस्ता अत्यावश्यक कुरामा समस्या रहेको छ। एक महिला र दुई पुरुष शौचालय रहेका छन्। यहाँका बन्दीहरूलाई दैनिक ७ सय ग्राम खाद्यान्न र ४५ रुपियाँ नगद दिइन्छ। जिल्ला सदरमुकाममा रहेको यस कारागारमा कैदी र बन्दीहरूले रेडियो सुन्न, टेलिभिजन हेर्न र पत्र-पत्रिका पढ्न पाएका छन्। कैदी र बन्दीहरूलाई सीपमूलक तालिम प्रदान गरिएको भए तापनि त्यहाँ उत्पादित सामानको बजार अभावका कारण समस्या रहेको उनीहरूले गुनासो गरेका छन्। कारागारमा पानी तथा शौचालयको व्यवस्था रहेको छ। टेलिभिजन एक थान बन्दीले आफैँले व्यवस्था गरेका छन्। कारागारमा क्यारेमबोर्ड र बुद्धिचाल खेल्ने व्यवस्था छ। दिउँसो घाम ताप्ने तथा आफन्त भेट्ने कोठा बाहिर निर्माण गरेपछि बन्दी भेटघाटका लागि सजिलो भएको छ। उनीहरूको स्वास्थ्य उपचार जिल्ला अस्पतालमा हुने गरेको छ भने जटिल समस्या आएमा राजधानी लैजाने गरिएको छ। उनीहरूको मागपछि गत वर्षबाट बिहान ८ बजेदेखि आफन्त भेट्ने व्यवस्था गरिएको छ। उपयुक्त भवन अभावमा सबै बन्दीहरू कोचिएर बस्नुपरेको बन्दीहरूको गुनासो छ। तीनओटा कोठामा कोचिएर सुत्नुपर्ने बाध्यता उनीहरूको छ।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

एमाओवादीबाट

लहरेपौवा गाविस-२ निवासी एमाले वाग्मती अञ्चल मोर्चा विभागका सदस्य एसबीए निर्माण सेवाका प्रबन्धक ३८ वर्षीय सुरेन्द्र लम्साललाई ०६९ चैत १३ गते साँझ फोनबाट एमाओवादी कार्यकर्ता बालकृष्ण घिमिरेले मार्ने धम्की दिए। धैबुङ गाविस-३, धारापानीमा ग्रामीण सडक पहुँच सुधार कार्यक्रम र जिविसको सहयोगमा एसबीआई निर्माण सेवा अन्तर्गत लम्सालले निर्माण गर्दै गरेको धारापानी-रुप्सेपानी सडक अन्तर्गत निर्माणाधीन पक्की पुलका सामानहरू सिमेन्ट, रड, मिक्चर मेसिन गरी ७ लाख रुपियाँ बराबरको सामान एमाओवादी कार्यकर्ताले जलाए। धम्की तथा सामग्री नष्ट गरेको घटनाको विरोधमा चैत १४ गते एक दिन बेत्रावतीवासी तथा युवासङ्घले रसुवा बन्द गरेका थिए। घटना हुनुअघि एमाओवादी कार्यकर्ता ३६ वर्षीय बालकृष्ण घिमिरेले फोन गरेर धम्की दिएको र उनकै आदेशमा भएको पीडित लम्सालले बताए। पीडितले घिमिरेसहित नौ जनाविरुद्ध कालिकास्थान प्रहरी चौकीमा किटानी जाहेरी दिए। युवासङ्घ रसुवाका अध्यक्ष माइला श्रेष्ठ र रसुवा निर्माण व्यवसायी सङ्घले विज्ञप्ति जारी गरी अनिश्चितकालीन रसुवा बन्दको घोषणा गरेका थिए। घटना भएको एक महिनापछि ५

लाख रुपियाँ क्षतिपूर्ति दिने सर्तमा मिलापत्र भयो।

एमाले टिमुरे गाउँ कमिटी सदस्य ३४ वर्षीय सान्डु तामाङलाई स्थानीय एमाओवादी टिमुरे गाविसका इन्चार्ज ३२ वर्षीय बुनिमा तामाङले ०७० कात्तिक २३ गते टिमुरे गाविस-४ टिमुरेमा कुटपिट गरे। आफ्ना कार्यकर्ता एमालेमा किन प्रवेश गराएको भन्दै अघिल्लो दिनदेखि नै मार्ने धम्की दिएको बुनिमाले आफ्नै घरमा बसिरहेका बेला चक्कुले टाउकामा हानेर कुटपिट गरी घाइते बनाए।

धैबुङ गाविस-९, जिबजिबेका एमाले धैबुङ गाउँ कमिटी अध्यक्ष ६४ वर्षीय चिरञ्जीवी पौडेल, स्थानीय ३६ वर्षीय अर्जुनप्रसाद पौडेल, १९ वर्षीय सानु पौडेल, ५० वर्षीय देवप्रसाद पौडेल र ४८ वर्षीय नेत्रप्रसाद पौडेललाई 'एमाले पार्टीमा लाग्ने तैं होइनस् ?' भन्दै घरमै सुतिरहेको अवस्थामा ३० देखि ३५ जनाको सङ्ख्यामा आएका एमाओवादी कार्यकर्ताले ०७० मङ्सिर २ गते राति खुकुरी र रडले कुटपिट गरी गम्भीर घाइते बनाए। आफ्नै घरमा सुतिरहेका पौडेललगायत पाँच जनामाथि एमाओवादीका कार्यकर्ताहरूले आक्रमण गरेका थिए। घाइतेमध्ये अर्जुनको हात भाँच्चिएको थियो। घाइते उनीहरूको नुवाकोट पञ्चकन्या सामुदायिक अस्पताल र काठमाडौँ बसुन्धारास्थित ग्रिन सिटी अस्पतालमा उपचार भयो। घटनाको छानबिन गरी दोषीउपर कारवाही माग गर्दै स्थानीय नारायण देवकोटा र अर्जुन देवकोटाले २५ जना एमाओवादी कार्यकर्ताविरुद्ध ०७० मङ्सिर ३ गते स्थानीय कालिकास्थान प्रहरी चौकीमा किटानी जाहेरी दिए। हालसम्म कोही पक्राउ परेनन्। एमाले जिल्ला कमिटी रसुवाले प्रेस विज्ञप्ति जारी गरी घटनाको भर्त्सना गऱ्यो।

एमाओवादीका कार्यकर्ताहरूको आक्रमणबाट घाइते भएका चिरन्जिवी पौडेल

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
महिलाअधिकार	३		३
कुटपिट	१	९	१०
धम्की		३	३
हत्या		१	१
जम्मा	४	१३	१७

नेकपा-माओवादीबाट

लहरेपौवा गाविस-३, बनुवाकी ३५ वर्षीया लक्ष्मी आचार्य ०७० कात्तिक ६ गते बिहान नेकपा-माओवादीका कार्यकर्ताहरूले एमाओवादीको निर्वाचन प्रचार सामग्री जलाउने क्रममा घाइते भएकी थिइन्। एमाओवादी कार्यकर्ताले राख्न दिएको पोस्टर खोसेर आगो लगाउँदा आफ्नो जीउमा पनि बल्न थालेपछि हत्तपत्त कपडा खोलेर फालेको पीडित लक्ष्मीले जनाइन्। घटनामा संलग्न नेकपा-माओवादी जिल्ला सचिव भीमबहादुर खड्का 'ध्रुव' र रमेश तामाङविरुद्ध प्रहरीले केही सार्वजनिक ऐन अन्तर्गत मुद्दा चलाए पनि आरोपितहरू फरार छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ तीन थानमध्ये दुई थानको फैसला भयो भने एक थान बाँकी रह्यो। देवानी मुद्दातर्फ चार थानमध्ये दुई थानको फैसला भयो भने दुई थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ पाँच थानमध्ये दुई थानको फैसला भयो भने तीन थान बाँकी रहे। देवानी मुद्दातर्फ सात थानमध्ये तीन थानको फैसला भयो भने चार थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक र देवानी मुद्दा एक बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २० थानमध्ये १७ थान सफल भए भने तीन थान असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या दुई थान रहेको छ। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर

मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा दुई थानमध्ये एक थान सफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या ६ थानमध्ये दुई थान सफल भए। यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म चार थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

जिल्ला शिक्षा कार्यालय रसुवाका अनुसार यस जिल्लामा संस्थागत र सरकारी गरी जम्मा विद्यालय सङ्ख्या १ सय ८ रहेको छ, जसमध्ये ७१ प्रावि, १७ निमावि र २० मावि तहका विद्यालय सञ्चालनमा छन्। हालै मात्र तीन प्रावि विद्यार्थी नभएर बन्द अवस्थामा छन्। एक मात्र क्याम्पसमा २ सय ९० जना विद्यार्थी अध्ययनरत छन्। मावि तहमा ८ सय २ छात्र तथा ७ सय ९९ छात्रा छन्। निमावि तहमा १ हजार ५ सय ६९ जना छात्र र १ हजार ७ सय ४६ जना छात्रा अध्ययनरत छन्। त्यस्तै गरी प्रावि तहमा ४ हजार ४१ जना छात्र र ३ हजार ८ सय १६ जना छात्रा छन्। यसरी ६ हजार ३ सय ८७ जना छात्र र ६ हजार ३ सय ३३ जना छात्रा गरी कुल १२ हजार ७ सय ७३ जना विद्यार्थी छन्। यसमध्ये दलित छात्र २५ र छात्रा २८ जना रहेका छन्। प्राविमा ७२ महिला र २ सय ८४ जना पुरूष गरी ३ सय ५६ जना शिक्षक, निमाविमा चार महिला र ४७ पुरुष शिक्षक तथा मावि तह तहमा दुई जना महिला र ३६ जना पुरुष गरी कुल ४ सय ४७ जना शिक्षक दरबन्दीमा रसुवामा कार्यरत छन् भने ३ सय ५ जना अस्थायी शिक्षक र ६४ जना राहत दरबन्दीमा कार्यरत शिक्षकहरू गरी कुल ५ सय ११ जना रहेका छन्। त्यस्तै गरी निजी विद्यालयमा मावितर्फ दुई मावि, दुई निमावि र प्रावि चार गरी आठ ओटा विद्यालय छन्। निजीतर्फका मावि तहमा २७ जना छात्र र २४ जना छात्रा छन् भने निमावि तहमा ७२ छात्र र ४८ छात्रा छन्। त्यस्तै निजीतर्फका प्रावि तहमा ४ सय ७५ जना छात्र र ३ सय ३५ जना छात्रा गरी ९ सय ८१ जना विद्यार्थी अध्ययनरत रहेको जिल्ला शिक्षा कार्यालयका उपसचिव देवी सुवेदीले बताए।

नेकपा-माओवादी कार्यकर्ताले एमाओवादीको निर्वाचन सामग्री जलाउने क्रममा घाइते भएकी लक्ष्मी आचार्य

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै एक जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र रसुवामा उजुरी दर्ता गराइन्। मार्ने धम्की दिइएको उक्त एक घटनामा पनि मिलापत्र गराएको केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या

रसुवा जिल्लामा क्रियाशील संस्था भूमिअधिकार मञ्चले दिएको तथ्याङ्क अनुसार १ हजारभन्दा बढी बिर्ताका पीडित छन्। हाकु गाविसका अधिकांश नागरिकको घरजग्गा पुरानो स्वयम्भूनाथ घ्याङ गुठीको समस्यामा छ। हाकु गाविसमा मात्र ३ सय ३६ परिवार गुठीको समस्याबाट पीडित छन्। जिल्लामा भूमिहीन, सुकुम्बासी तीन सय परिवार छ। उनीहरू आफ्नो भूस्वामित्व कायम गर्नका लागि सङ्गठित भएर आन्दोलन गर्दै आएका छन् भने दैवी प्रकोपले रसुवामा धेरै परिवारलाई सुकुम्वासी बनाउने गरेको छ। गत वर्ष मञ्चमार्फत भएको आन्दोलनपछि १ सय ५० परिवारले भूमिमाथि स्वामित्व पाएका छन्। जिल्ला मञ्चमार्फत यस वर्ष भोर्ले गाविसका १८ परिवारको खेमराजशमशेरले खोसेको भूमि हक फिर्ता गरी जग्गाधनी प्रमाण पुर्जा किसानले पाउन सफल भए।

संरचना, सम्पति क्षति गैरराज्यपक्षबाट

एमालेबाट

स्याफ्रु गाविस-९ स्थित स्याफ्रुबेसी बजारमा एमाओवादी कार्यकर्ताको सवारी साधनमाथि ०७० कात्तिक २३ गते साँझ एमाले कार्यकर्ताहरूले तोडफोड गरे। अघिल्लो दिन आफ्ना कार्यकर्तामाथि टिमुरेमा कुटपिट भएको भन्दै स्याफ्रुमा आक्रोशित एमाले कार्यकर्ताले पुन: एमाओवादी कार्यकर्ताहरूले धम्क्याएपछि मोटरसाइकल तोडफोड गरेको एमालेले जनायो। घटनामा १० ओटा मोटरसाइकल र एक सानो

गाडीमा क्षति पुग्यो। पीडित पक्षले भने उजुरी गरेन।

धुन्चे गाविस-५, धुन्चेबजारमा काङ्ग्रेस जिल्ला पार्टी कार्यालय, र स्थानीय हाइल्यान्ड आवासीय मावि रहेको तिरबहादुर गुरुङको घरमा ०७० मङ्सिर ३ गते साँझ एमाले कार्यकर्ताले ढुङ्गामुढा गरेर तोडफोड गरे। उनीहरूले स्थानीय तेम्पानुर्पु तामाङको गाडीमा समेत तोडफोड गरी क्षति पुऱ्याएको काङ्ग्रेसले जनायो। पीडित पक्षले भने उजुरी गरेन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१४		
उपस्वास्थ्यचौकी	३		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	३	२	१
स्टाफ नर्स	८	२	६
ल्याब असिस्टेन्ट	५	३	२
अहेब	१२०	८०	४०
अनमी	८१	५७	२४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
स्वास्थ्य कार्यकर्ता	५२	४४	४८

जिल्ला प्रहरी कार्यालय

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा केही सामान्य अपराधका चार, भवितव्य ज्यानका नौ, ज्यान मार्ने उद्योगका ६, कर्तव्य ज्यानका दुई, आत्महत्याका नौ, चोरीडाँकाका दुई, सवारी दुर्घटनामा मृत्यु, राहदानी अनधिकृत प्रयोग एक गरी ३३ ओटा घटना दर्ता भएका छन्।

पश्चिमाञ्चल

३.१ तनहुँ

३.२ गोरखा

३.३ लमजुङ

३.४ स्याङ्जा

३.५ कास्की

३.६ मनाङ

३.७ नवलपरासी

३.८ रुपन्देही

३.९ पाल्पा

३.१० कपिलवस्तु

३.११ अर्घाखाँची

३.१२ गुल्मी

३.१३ वाग्लुङ

३.१४ पर्वत

३.१५ म्याग्दी

३.१६ मुस्ताङ

३.१ तनहुँ



जिल्ला सदरमुकाम: दमौली
क्षेत्रफल (वर्ग कि. मि.): १,५४६
घरधुरी सङ्ख्या: ७८,३०५
जम्मा जनसङ्ख्या: ३,२३,२८८
पुरुष: १,४३,४१०
महिला: १,७५,८७८
अपाङ्ग सङ्ख्या: ६,६६८
गाविस/नपा सङ्ख्या: ४६/१
पुरुष साक्षरता सङ्ख्या: १,१०,७०२
महिला साक्षरता सङ्ख्या: १,१६,१३५
हिन्दू धर्मावलम्बी प्रतिशत: ८६.५१
बौद्ध धर्मावलम्बी प्रतिशत: ५.४४
इस्लाम धर्मावलम्बी प्रतिशत: १.२५
किराँत धर्मावलम्बी प्रतिशत: १.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.६५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१६
वोन धर्मावलम्बी प्रतिशत: ०.४५
अन्य धर्मावलम्बी प्रतिशत: ०.४०८
प्रतिपरिवार सरदर सङ्ख्या: ४.१३

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार

प्रहरी नियन्त्रणमा मृत्यु

पोखरीभञ्ज्याङ गाविस-४ घर भई व्यास नपा-१ भादगाउँमा डेरा गरी बस्ने २२ वर्षीय सुजन तामाङको ०६९ चैत १६ गते राति प्रहरी नियन्त्रणमा रहेको अवस्थामा मृत्यु भयो। लागूऔषध गाँजा सेवन गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयका असई शङ्कर चिदीमगरको नेतृत्वमा रहेको प्रहरी टोलीले तामाङलाई चैत १६ गते राति साढे १० बजे भादगाउँबाट नियन्त्रणमा लिई स्वास्थ्य परीक्षणका लागि दमौली अस्पताल लगेकामा अस्पताल परिसरमा पुगेपछि तामाङ प्रहरी नियन्त्रणबाट भाग्दा भीरबाट खसेर मृत्यु भएको प्रहरीले जनायो। तामाङका आफन्तले भने प्रहरीले नियन्त्रणमा लिइसकेपछि यातना दिई हत्या गरेको आरोप लगाए। सो घटनाको विरोधमा स्थानीयबासीले चैत १७ गते दमौलीमा विरोध प्रदर्शन गरे। चैत १७ गते जिल्ला प्रशासन कार्यालयमा बसेको सर्वपक्षीय बैठकले तामाङलाई नियन्त्रणमा लिने कार्यमा संलग्न असई चिदी मगरसहित चार जना प्रहरीलाई निलम्बन गर्ने निर्णय गऱ्यो भने मृतकको परिवारलाई १५ लाख रुपियाँ राहत उपलब्ध गराउने सहमति भयो। पीडित परिवारले पाँच लाख रुपियाँ मात्र प्राप्त गरे। सहमति भएअनुसारको बाँकी रकम पीडित परिवारले यस वर्षको अन्त्यसम्म प्राप्त गर्न सकेन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यपक्षबाट

व्यास नपा-२ का १७ वर्षीय कुशल कार्की, व्यास नपा-११ का १७ वर्षीय सुरज घिसिङ, पाल्पा जिल्ला धारापानी गाविसका २० वर्षीय दीपक बोगटी र लमजुङ सोतीपसलका २१ वर्षीय रवीन्द्र राना ०६९ चैत १६ गते दमौलीमा प्रहरीले चलाएको गोली लागेर घाइते भए। घाइतेमध्ये बोगटीको घुँडा, घिसिङ र रानाको तिघ्रा र कार्कीको हातमा गोली लागेको थियो। घाइतेहरूलाई दमौलीको रत्नहरि अस्पतालमा प्राथमिक उपचार गरी थप उपचारका लागि सोही दिन पश्चिमाञ्चल अस्पताल पोखरा लगियो। प्रहरीको नियन्त्रणमा रहेका पोखरीभञ्ज्याङ गाविस-४ का २२ वर्षीय सुजन तामाङको चैत १६ गते मृत्यु भएपछि भएको प्रदर्शनलाई नियन्त्रणमा लिन प्रहरीले गोली चलाउँदा उनीहरू घाइते भएका थिए। सो क्रममा एमालेका युवा नेता ऋषिराम भुसाल, ढासबहादुर विक पनि प्रहरीको लाठी प्रहारबाट घाइते भए। प्रदर्शन नियन्त्रण गर्न प्रहरीले सयभन्दा बढी अश्रुग्याँस र करिब तीन दर्जन हवाई फायर, एक दर्जन गोली प्रहार र लाठी चार्ज गरेको थियो। त्यस्तै प्रदर्शनको समाचार सङ्कलन गर्दै गरेका पत्रकारहरू नारायण खड्का, सोनी खनियाँ, सरोज पोखेल र प्रताप रानालाई प्रदर्शनकारीले कुटपिट गरे। प्रदर्शनकारीले पत्रकार पोखेलको क्यामेरासमेत लुटेका थिए। प्रदर्शनकारीले प्रहरी बिटमा आगो लगाउनुका साथै बजारका केही पसलहरूमा तोडफोड पनि गरेका थिए।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	४	४			
बालअधिकार			६		६
महिलाअधिकार			३		३
जातीय विभेद			१		१
गिरफ्तारी/यातना	५	५			
हिरासत वा थुनामा मृत्यु	१	१			
कुटपिट			३	३	६
धम्की	१	१		१	१
हत्या			३		३
जम्मा	११	११	१५	४	१९

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ६०, कैद नतोकिएका ६५ थुनुवा गरी जम्मा १ सय २५ जना बन्दीहरू रहेका छन्। कारागारमा बालबालिका र महिलाहरू रहेका छैनन्। यो जिल्ला कारागार ०२५ सालमा निर्माण भएको हो। क्षमताभन्दा बढी कैदी बन्दी रहँदा उनीहरूलाई बस्न निकै असुविधा भएको छ। कैदी बन्दीलाई राति सुत्नका लागि स्थान अभाव भएको छ भने शौचालय र खानेपानीको पनि अभाव भएको छ। यस वर्षको अन्त्यबाट कारागारका कैदी बन्दीलाई खानेपानीको वैकल्पिक व्यवस्था सुरु गरिएको छ। ५ सय मिटर टाढा रहेको स्थानमा इनार खनी त्यहाँबाट पाइपमार्फत कारागारमा खानेपानीको व्यवस्था गरिने योजना रहेको छ। कैदी बन्दीलाई पत्रपत्रिका पढ्न, नियमित स्वास्थ्य उपचार र कानुन व्यवसायी राख्ने सुविधा दिइएको छ। नाइके प्रेम परियारले अन्य सुविधा भए पनि स्थान साँघुरो भएको हुँदा सुत्न र बस्न समस्या भएको बताए।

गैरकानुनी गिरफ्तारी

छाङ गाविस-१ निवासी नेकपा-माओवादी एरिया नम्बर ४ का इन्चार्ज ३२ वर्षीय भानु परियारलाई ०७० कात्तिक १५ गते प्रहरीले बिहान पृथ्वीराजमार्गस्थित मौरीओडारबाट गिरफ्तार गऱ्यो। एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहालको जिल्ला भ्रमणको विरोधमा नेकपा-माओवादीले आह्वान गरेको यातायात बन्दका क्रममा प्रहरीले उनलाई गिरफ्तार गरेको थियो। उनी कात्तिक १८ गते रिहा भए।

भीरकोट गाविस निवासी नेकपा-माओवादी तमुवान राज्य समितिका सदस्य २६ वर्षीय विनोद विक, तनहुँसुर गाविस निवासी अनेरास्ववियु क्रान्तिकारीका जिल्ला अध्यक्ष २४ वर्षीय अविलास आचार्य, व्यास नपा-५ निवासी जिल्ला सचिव २१ वर्षीय वसन्त दरै र कास्की जिल्ला निवासी नेकपा-माओवादीका जिल्ला सदस्य ३४ वर्षीय घनश्याम गौतमलाई ०७० कात्तिक १६ गते प्रहरीले भीरकोट गाविस-९ दाङसिरी काफ्लेडाँडाबाट गिरफ्तार गऱ्यो। उनीहरूलाई संविधानसभा चुनावका विरुद्धमा जनतालाई भड्काएको आरोपमा प्रहरीले गिरफ्तार गरेको थियो। गिरफ्तार गरिएकालाई जिल्ला प्रहरी कार्यालयमा राखेर कात्तिक १८ गते रिहा गरियो।

प्रहरीको नियन्त्रणमा रहेको अवस्थामा मृत्यु भएका सुजन तामाङ

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

भीरकोट गाविस-६ निवासी काङ्ग्रेस भीरकोट गाउँ सभापति टुलबहादुर नेपालीलाई ०७० मङ्सिर २ गते दिउँसो भीरकोट गाविस-२ को थप्रेकमा नचिनेका मान्छेहरूको समूहले कुटपिट गरी घाइते बनायो। मङ्सिर ४ गतेको संविधानसभा निर्वाचनमा मतदान गर्न गाउँ जाँदै गरेका नेपालीलाई सो समूहले कुटपिट गरेको थियो। आक्रमणबाट घाइते नेपालीलाई नेपाली सेनाले उपचारका लागि भीमाद प्राथमिक स्वास्थ्य केन्द्रमा पुऱ्याएको थियो। उनको स्वास्थ्य केन्द्रमा उपचार भयो। कुटपिटमा संलग्नको पहिचान नहुँदा कुनै कारबाही भएन।

अरूणोदय गाविस-६ निवासी एमाले जिल्ला सदस्य भवानी शङ्कर लम्साललाई मङ्सिर ३ गते दिउँसो अरूणोदय गाविस-४ धाक्रेपानीमा नचिनेका मान्छेहरूको समूहले कुटपिट गऱ्यो। सोही गाविसको खुदेपानीमा रहेको मतदान केन्द्रमा भएको सर्वदलीय बैठकमा भाग लिई घरतर्फ जाँदै गरेका

लम्साललाई मुखमा कालो पट्टी बाँधेर बाटोमा बसेका चार-पाँच जनाको सङ्ख्यामा रहेको समूहले आक्रमण गरेको थियो। आक्रमणबाट लम्सालको बायाँ हात भाँचियो। पीडितको पश्चिमाञ्चल अस्पताल पोखरामा उपचार भयो। कुटपिटमा संलग्नको पहिचान तथा कुनै कारबाही भएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ पुस १७ देखि ०७० पुस १६ सम्म

दुई जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा यस वर्षभित्र फौजदारी मुद्दातर्फ सरकारवादी फौजदारी मुद्दातर्फ १ सय ३३ मध्ये २४ फैसला भई १ सय ९ फैसला हुन बाँकी रहे। यसै गरी सामान्य फौजदारी मुद्दातर्फ २ सय ५९ मुद्दा रहेको ७० फैसला भई १ सय ८९ मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ४७ मध्ये ३९ फैसला भई ३ सय ८ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ३ र देवानी मुद्दा ११ रहे।

जिल्ला सरकारी वकिल कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ पुस १७ देखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या १ सय २ छ, जसमध्ये १६ सफल भए भने दुई असफल भए। मुलतवी र तामेलीमा एक मुद्दा रहेको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ सम्म ८३ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ६ मध्ये एक सफल र एक असफल रहयो। बलात्कारसम्बन्धी मुद्दा सातमध्ये दुई सफल र एक असफल रहयो। महिला बेचबिखनसम्बन्धी मुद्दा एक रहेकामा सो सफल रहयो। अपहरणसम्बन्धी मुद्दा एकमध्ये सो मुद्दा विचाराधीन छ। बहुविवाहसम्बन्धी मुद्दा १० मध्ये दुई सफल र बाँकी विचाराधीन छन्। बालविवाहसम्बन्धी कुनै मुद्दा दर्ता भएन। जातीय छुवाछूतसम्बन्धी एक मुद्दामध्ये सो मुद्दा असफल रहयो।

बालअधिकार

शिक्षाको अवस्था

जिल्लामा बालविकास केन्द्रको सङ्ख्या ३ सय ४७ रहेको छ। त्यस्तै प्राथामिक विद्यालयको सङ्ख्या ३ सय ५४, निम्न माध्यमिक ६७, मावि १ सय ५ र धार्मिक १७ ओटा गरी जम्मा ८ सय ९० ओटा विद्यालय रहेका छन्। यस जिल्लामा ३५ हजार ५ सय ७३ छात्रा र ३१ हजार ८ सय १५ छात्र गरी जम्मा ६७ हजार ३ सय ८८ जना विद्यार्थी प्राविदेखि मावि तहसम्म भर्ना भए। जसमा प्रावि तहमा छात्रा १८ हजार ६ सय ६२ जना र छात्र १७ हजार २ सय ६३ जना गरी जम्मा ३५ हजार ९ सय ३२ जना रहेका छन्। यसमध्ये दलित छात्रा ४ हजार ४५ र छात्र ४ हजार ६ सय ९१ रहेका छन्। त्यसै गरी निमावि तहमा छात्रा ११ हजार २ सय १० र छात्र ९ हजार ७ सय २ गरी २० हजार ९ सय १२ रहेका छन्। निमावि तहमा दलिततर्फ छात्रा १ हजार ९ सय ८६ र छात्र १ हजार ७ सय ३४ रहेका छन्। त्यसै गरी मावि तहमा छात्रा ५ हजार ७ सय १ र छात्र ४ हजार ८ सय ५० गरी जम्मा १० हजार ५ सय ५१ जना रहेका छन्। दलिततर्फ मावि तहमा छात्रा ९ सय १४ र छात्र ८ सय ६ जना रहेका छन्।

सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा स्वीकृत दरबन्दी १ हजार ८ सय ७३ रहेको छ। जसमा महिला दरबन्दी ४२ र राहत ८८ जना गरी प्रावि तहमा कुल शिक्षक २ हजार ६ रहेका छन्। निमावि तहमा स्वीकृत दरबन्दी ३ सय ९३ र राहत १ सय १४ गरी जम्मा ५ सय ७ जना शिक्षक रहेका छन्। यसै गरी मावि तहमा स्वीकृत दरबन्दी ३ सय २६ रहेको छ भने राहत ८५ जना गरी ४ सय ११ जना शिक्षक रहेका छन्। बालविकास केन्द्रमा बालक ३ हजार ११ र बालिका ३ हजार १ सय ३० गरी जम्मा ६ हजार १ सय ४१ बलबालिका रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

चार वर्षीया एक बालिकालाई १७ वर्षीय, १६ वर्षीय र १७ वर्षीय बालकले ०७० वैशाख ५ गते साँझ सामूहिक बलात्कार गरेको आरोपमा पीडितको परिवारले ०७० वैशाख ६ गते इलाका प्रहरी कार्यालय देवघाटमा किटानी जाहेरी दियो। बालिका खेल्न गएको समयमा उनीहरूले बालिकालाई बलात्कार गरेको प्रहरीले जनायो। पीडितका बाबुको जाहेरीका आधारमा प्रहरीले सोही दिन तीन जना आरोपितलाई गिरफ्तार गऱ्यो। बालिकाको वैशाख ६ गते दमौली अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितमध्ये १७ वर्षीय दुई बालक जिल्ला अदालतले ०७० वैशाख २४ गते गरेको आदेश अनुसार पुर्पक्षका लागि थुनामा छन् भने १६

बर्षीय बालक पाँच हजार रुपियाँ धरौटीमा रिहा भए। मुद्दाको अझै फैसला भएको छैन।

११ वर्षीया एक बालिका ०७० वैशाख २० गते राति आफ्नै बाबुद्वारा बलात्कृत भएको प्रहरीले बतायो। बालिका राति चिच्याएको सुनेर छिमेकीहरू हेर्न जाँदा बाबुले बलात्कार गरेको फेला पारेका थिए। छिमेकीहरूले आरोपितलाई नियन्त्रणमा लिई वैशाख २१ गते विहान इलाका प्रहरी कार्यालय भीमादलाई बुझाए। पीडितको वैशाख २१ गते दमौली अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित जिल्ला अदालतको ०७० जेठ १६ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

नौ वर्षीया एक बालिकालाई बन्दीपुर गाविस-८ का ४८ वर्षीय शुकबहादुर थापाले ०७० असार १ गते बालिकाको घरमा बलात्कार गरेको आरोपमा बालिकाका बाबुले ०७० असार ५ गते इलाका प्रहरी कार्यालय आबुँखैरेनीमा जाहेरी दिए। आरोपितलाई प्रहरीले ०७० असार ६ गते आबुँखैरेनीबाट गिरफ्तार गऱ्यो। पीडितको असार ५ गते दमौली अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित जिल्ला अदालतको आदेशमा ०७० असार २५ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

आठ वर्षीया एक बालिकालाई ०७० साउन १९ गते एक १६ वर्षीय बालकले बलात्कार गरेको भन्दै बालिकाका आफन्तले साउन २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको सोही दिन दमौली अस्पतालमा स्वास्थ्य परीक्षण भयो। प्रहरीले आरोपित बालकलाई ०७० साउन २० गते गिरफ्तार गऱ्यो। उनी जिल्ला अदालतको आदेशमा भदौ १४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

१३ वर्षीया एक बालिकालाई ०७० भदौ १० गते चोकचिसापानी गाविस-४ का ३५ वर्षीय विष्णु भुजेलले सोही गाविसको लौडारीभञ्ज्याङ भन्ने स्थानमा बलात्कार गरेको आरोपमा पीडितका आफन्तले सोही दिन प्रहरीमा जाहेरी दिए। बालिका विद्यालय जाने क्रममा अभियुक्तले डर र त्रास देखाई बलात्कार गरेको प्रहरीले बतायो। बलात्कारपश्चात् अभियुक्तले कसैलाई नभन्नु भनी कापी, कलम किन्न एक सय रुपियाँ दिएको प्रहरीले बतायो। बालिकाले विद्यालयमा गई साथी तथा शिक्षकसँग घटनाका बारेमा जानकारी गराएपछि गाउँलेहरूले आरोपित भुजेललाई नियन्त्रणमा लिई प्रहरीलाई बुझाए। पीडितको भदौ ११ गते दमौली अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतले ०७० असोज १० गते भुजेललाई दोषी ठहर गरी आठ वर्ष कैद र पाँच हजार रुपियाँ जरिवाना गर्ने फैसला गऱ्यो।

१६ वर्षीया एक बालिकालाई थप्रेक गाविस-१ बतासेका २६ वर्षीय हिमलाल भनिने बाबुराम अधिकारीले ०७० असोज २८ गते सोही गाविस-२ आरुस्वारामा बलात्कार प्रयास गरेको अवस्थामा स्थानीयले देखेर बालिकाको उद्दार गरी अधिकारीलाई सोही दिन इलाका प्रहरी कार्यालय बेलचौतारामा बुझाए। कास्कीको थुमाकोडाँडास्थित मामाघरबाट दसैँको टीका लगाएर घरतर्फ जाँदै गरेको अवस्थामा अधिकारीले पिछा गर्दै बलात्कार प्रयास गरेको पीडितका आफन्तले बताए। पीडितको असोज २९ गते दमौली अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको आदेशमा आरोपित ०७० कात्तिक २४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२७ वर्षीया एक महिलालाई व्यास नपा-२ का ३५ वर्षीय रमेश श्रेष्ठले ०७० जेठ २२ गते राति श्रेष्ठकै घरमा बलात्कार गरेको पीडितले आरोप लगाइन्। श्रेष्ठको घरमा भाडामा बस्दै आएकी महिलालाई रातको समयमा उनकै कोठामा गई जबरजस्ती बलात्कार गरेको भन्दै पीडितले ०७० जेठ २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको प्रहरीले जनायो। उजुरीका आधारमा प्रहरीले श्रेष्ठलाई सोही दिन दमौली बजारबाट गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा असार १४ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

अमानवीय व्यवहार

६७ वर्षीया एक महिलालाई काहुँ शिवपुर गाविस-३ का धामी तुलबहादुर रिमालीले ०६९ माघ २६ गते कथित बोक्सीको आरोप लगाए। बिरामी भई धामीकहाँ उपचार गर्न गएकाहरूलाई झारफुक गर्ने क्रममा आफूलाई कथित बोक्सीको आरोप लगाएको पीडित महिलाले बताइन्। पीडितले ०६९ फागुन १ गते जिल्ला प्रहरी कार्यालयमा न्यायको माग गर्दै किटानी जाहेरी दिइन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी हिरासतमा राखेकामा जिल्ला

अदालतको ०६९ फागुन १० गतेको आदेशमा सात हजार रुपियाँ धरौटी राखी रिहा भए।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ५६ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र तनहुँमा उजुरी दर्ता गराए । जसमध्ये कुटपिट गरी घरनिकाला र मानसिक यातना १९ जना, खानलाउन नदिएको १० जना, विवाह दर्ता तथा नागरिकता नबनाएको दुई जना, अर्को श्रीमती ल्याएर हेला गरेकोमा चार, स्थानीय विवाद झै-झगडा १५ जना र पुरुष पीडित ६ जना रहेको जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका सेवा केन्द्रले जनाएको छ। ती घटनामध्ये प्रहरीले ५३ घटनामा मिलापत्र गराएको र तीन उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति क्षति

गैरराज्यपक्षबाट

नेकपा-माओवादीबाट

दुलेगौँडा गाविस-३ गाछेपानीका मीनबहादुर घलेको गएप ९१०६ नम्बरको मोटरसाइकल नेकपा-माओवादीका कार्यकर्ताले ०६९ फागुन ८ गते दिउँसो दुलेगौँडा गाविस-३ स्थित गाछेपानी-ढोरफिर्दी सडक खण्डमा आगजनी गरे। द्वन्द्वकालका मुद्दा ब्यूँताएको विरोधमा नेपाल बन्दको आह्वान गरेका नेकपा-माओवादीका कार्यकर्ताहरूले बन्द उल्लङ्घन गरेको भन्दै मोटरसाइकलमा आगजनी गरेका थिए। आगजनीपछि मोटरसाइकल पूर्णरूपमा क्षति भयो। पीडितले कतै उजुरी गरेनन्।

अज्ञात समूहबाट

काङ्ग्रेसका उपसभापति एवम् तनहुँ-२ का काङ्ग्रेसका उम्मेदवार रामचन्द्र पौडेलको प्रचारप्रसारमा प्रयोग भएको बाङच ७५५५ नम्बरको गाडीमा अज्ञात समूहले कात्तिक १४ गते राम्जाकोट गाविस-२ रूपटारमा पेट्रोल बम प्रहार गरी क्षति पुऱ्यायो। पेट्रोल बम प्रहारबाट गाडीको अगाडिको भागमा क्षति पुग्यो। घटनामा संलग्नको पहिचान नभएको जिल्ला प्रहरी कार्यालयले जनायो।

भारतीय पर्यटकसहितको बीआर३३एफ ७४११ नम्बरको जिप र बीआर०१बीजी ५७२३ नम्बरको गाडीमा अज्ञात समूहले ०७० कात्तिक २६ गते घाँसीकुवा गाविस-१ नाहालमा आगजनी गऱ्यो। संविधानसभा निर्वाचनको विरोधमा बन्द आह्वान गरेको नेकपा-माओवादीले यात्रुसहितको सवारी साधनलाई रोकी आगजनी गरेको प्रहरीले जनायो। आगजनीबाट गाडीमा सामान्य क्षति भयो। घटनामा संलग्नलाई प्रहरीले गिरफ्तार गर्न सकेन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	२६		
उपस्वास्थ्यचौकी	१५		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	७	५	२
स्टाफ नर्स	७	५	२
ल्याब असिस्टेन्ट	७	५	२
अहेब	८८	६१	२७
अनमि	६२	५६	६
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२५	१२	१३
स्वास्थ्य कार्यकर्ता	३१	२५	२

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कारका ६, बलात्कार प्रयासका एक, जातीय विभेदका चार, ज्यान मार्ने उद्योगका एक, आत्महत्या ४१, बहुविवाहका ६, बोक्सीको आरोपका एक, कर्तव्य ज्यानका पाँच र कुटपिट अङ्गभङ्गका दुई ओटा घटना दर्ता भए।

विगतको अनुगमन

०६९ जेठ ८ गते ढोरफिर्दी गाविस-७ की ४० वर्षीया एक महिलालाई बलात्कार गरेको आरोप लागेका सोही गाविस-७ का दलबहादुर राना र रणबहादुर मगरको मुद्दा यस वर्षको अन्त्यसम्म पनि जिल्ला अदालतमा चालू अवस्थामा रहेको छ।

०६९ भदौ १३ गते पुर्कोट गाविस-५ की नौ वर्षीया बालिकालाई बलात्कारको आरोप लागेका पुर्कोट गाविस-५ का विजय श्रेष्ठको मुद्दा यस वर्षको

अन्त्यसम्म पनि जिल्ला अदालतमा चालू अवस्थामा रहेको छ।

०६९ वैशाख ३० गते दुलेगौँडा गाविस-३ की १५ वर्षीया बालिकालाई बलात्कार गरेको आरोप लागेका सोही गाविस-५ का ध्रुव बसौलालाई जिल्ला अदालतले ०६९ कात्तिक ७ गते सफाइ दियो।

०६८ पुस ३० गते मनपाङ गाविस-३ सेराकी शर्मिला श्रेष्ठको हत्या आरोप लागेका मृतकका पति टेकनारायण श्रेष्ठलाई जिल्ला अदालतले ०७० कात्तिक १० गते जन्मकैदको सजाय सुनायो। यस्तै सोही मुद्दाका आरोपित मृतकका ससुरा सन्तमान श्रेष्ठ र सासू जौमाया श्रेष्ठलाई क्रमश: जिल्ला अदालतले सोही दिन तीन वर्ष कैद र सफाइ दिने फैसला सुनायो।

०६९ असोज २५ गते व्यास नपा-२ की ३० वर्षीया महिलालाई बलात्कारको आरोप लागेका सोही ठाउँका रजिन श्रेष्ठलाई जिल्ला अदालतले ०७० कात्तिक ६ गते सफाइ दियो।

०६९ जेठ ७ गते भानु गाविस-२ की ४५ वर्षीया महिलालाई बलात्कार गरेको आरोप लागेका भानु गाविस-२ का आइतबहादुर नेपालीलाई जिल्ला अदालतले ०७० असार ३ गते फैसला गर्दै मुद्दा मुल्तवीमा राखेको छ।

०६९ मङ्सिर १८ गते व्यास नपा-२ की २१ वर्षीया अञ्जना ढकालको हत्या गरेको आरोप लागेका मृतकका पति दिवस ढकाललाई जिल्ला अदालतले ०७० वैशाख १० गते सफाइ दियो।

०६९ असार ८ गते ढोरफिर्दी गाविस-३ की यममाया भुजेलको हत्या गरेको आरोप लागेका मृतकका पति मोहनबहादुर भुजेलको मुद्दा जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्म चालू अवस्थामा रहेको छ।

०६९ कात्तिक २८ गते रूपाकोट गाविस-२ की आठ वर्षीया बालिकालाई बलात्कार गरेको आरोप लागेका सोही ठाउँ घर भएका सैनिक जवान रूपबहादुर जीसीको मुद्दा जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्म चालू अवस्थामा रहेको छ।

३.२ गोरखा



जिल्ला सदरमुकाम: गोरखा
क्षेत्रफल (वर्ग कि. मि.): ३,६१०
घरधुरी सङ्ख्या: ६६,५०६
जम्मा जनसङ्ख्या: २,७१,०६१
पुरुष: १,२१,०४१
महिला: १,५०,०२०
अपाङ्ग सङ्ख्या: १२,५३७
गाविस/नपा सङ्ख्या: ६६/१
पुरुष साक्षरता सङ्ख्या: ८४,६७६
महिला साक्षरता सङ्ख्या: ८५,७४१
हिन्दू धर्मावलम्बी प्रतिशत: ७५.१५
बौद्ध धर्मावलम्बी प्रतिशत: १५.१
इस्लाम धर्मावलम्बी प्रतिशत: १.१३
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ३.२७
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.६१
बोन धर्मावलम्बी प्रतिशत: ०.६३
बहई धर्मावलम्बी प्रतिशत: ०.०१
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.१०५
प्रतिपरिवार सरदर सङ्ख्या: ४.०७

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ४५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ८७ जना कैदी र कैद नतोकिएका १५ जना थुनुवा गरी जम्मा १ सय २ जना कैदी तथा बन्दीहरू रहेका छन्, जसमा ९० जना पुरुष र १२ जना महिला रहेका छन्। कारागारमा आश्रित बालबालिका छैनन्।

धम्की/कुटपिट
गैरराज्यपक्षबाट
एमाओवादीबाट

खरिबोट गाविस-७ निवासी नेपाल विद्यार्थी सङ्घका कार्यकर्ता ३४ वर्षीय दुर्गाबहादुर धितालालाई एकीकृत माओवादीका कार्यकर्ता २८ वर्षीय राजु रोका र २४ वर्षीय धनबहादुर भुजेलले ०७० असोज १४ गते जिल्ला प्रशासन कार्यालय परिसरभित्र कुटपिट गरे। जिल्ला प्रशासन कार्यालयमा बयान दिँदै गरेका धितालालाई कुटपिट गरेपछि प्रशासनको कामकाज करिब एक घन्टा प्रभावित भएको थियो। घटनापछि रोका र भुजेल फरार भएको प्रहरीले जनाए। एमाओवादीले भने घटना व्यक्तिगत कारणबाट भएको जनाएको छ। नेविसङ्घका जिल्ला सचिव रूपबहादुर गुरुङले सोही दिन विज्ञप्ति जारी गरी घटनाबारे ध्यानाकर्षण भएको बताए। आरोपित यस वर्षको अन्त्यसम्म फरार छन्।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१३	१३
बालअधिकार			५	१	६
अमानवीय व्यवहार				३	३
महिलाअधिकार			९		९
भेला/सङ्गठित हुने अधिकार				३	३
जातीय विभेद			१	१	३
गिरफ्तारी/यातना	१	१			
कुटपिट			३	१०	१३
हत्या			३		३
जम्मा	१	१	१९	३९	४८

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

संविधानसभा निर्वाचन प्रचारप्रसारका क्रममा एमाओवादी र एमाले कार्यकर्ताबीच ०७० कात्तिक ६ गते राति धावा गाविस-२ मा झडप भयो। झडपमा धावा गाविस-२ निवासी एमाओवादीका कार्यकर्ताहरू २४ वर्षीय अमृत सुर्खेती, ३० वर्षीय राजकुमार सुर्खेती, २८ वर्षीय अनिल सुर्खेती, २२ वर्षीय कृष्ण बयालकोटी र एमालेका धावा गाउँ पार्टी अध्यक्ष ४० वर्षीय ध्रुव ढकाल र २७ वर्षीय कृष्ण विक घाइते भए। घाइतेको स्थानीय स्वास्थ्य चौकीमा सामान्य उपचार भयो। घटनमा संलग्नलाई कारबाही भएन।

संविधानसभा निर्वाचनको प्रचारप्रसारका क्रममा एमाओवादीका कार्यकर्ताले एमालेका कार्यकर्तालाई ०७० कात्तिक ७ गते राति स्वाँरा गाविस-४ खारचोकमा आक्रमण गरे। चुनावी कार्यक्रम सकेर सुत्न लागेको अवस्थामा भएको आक्रमणमा एमाले कार्यकर्ताहरू ताकुकोट गाउँ पार्टी अध्यक्ष ४८ वर्षीय भीमबहादुर थापा, उपाध्यक्ष ५० वर्षीय धनप्रसाद गुरुङ, स्वाँरा गाविस-५ का ३५ वर्षीय यमबहादुर गुरुङ, २९ वर्षीय विकास गुरुङ, ताकुकोट गाविस-३ का ३७ वर्षीय टेकबहादुर सारु, आरुआर्वाङ गाविस-९ का २४ वर्षीय शङ्कर नेपाली, स्वाँरा गाविस-४ का २२ वर्षीय सन्तोष थापा, २० वर्षीया अनु तामाङ, २१ वर्षीय मङ्गोल गुरुङ, २२ वर्षीय भक्तबहादुर बराम, २४ वर्षीय रमेश नेपाली, २७ वर्षीय भरत नेपाली ३० वर्षीय सुमन गुरुङ र स्थानीय शिक्षक ४२ वर्षीय रामबहादुर चौधरी घाइते भए। घाइतेमध्ये भीमबहादुर र धनप्रसादको काठमाडौँमा उपचार भयो भने अन्य जिल्ला अस्पतालमा सामान्य उपचारपछि घर फर्के। घटनामा संलग्नलाई कुनै कारबाही भएन।

काङ्ग्रेसका प्रचार विभाग प्रमुख मिनेन्द्र रिजाललगायत केन्द्रीय सदस्यहरू तथा कार्यकर्तालाई ०७० कात्तिक १३ गते एमाओवादीका कार्यकर्ताले ताक्लुङ गाविस-८ मा निर्वाचन प्रचारप्रसारका क्रममा ढुङ्गामुढा गरेर अवरोध गरे। ताक्लुङ गाविसको जलदेवी माबि विद्यालय परिसरको जङ्गल र घैरुङ गाविसको राना गाउँमा लुकेर बसेका एमाओवादी कार्यकर्ताले काङ्ग्रेस नेता-कार्यकर्ता चढेको गाडीमा ढुङ्गामुढा गरेका थिए। ढुङ्गामुढा भएपछि प्रहरीले दुई राउन्ड हवाई फायरिङ गऱ्यो। आक्रमणमा काङ्ग्रेस

एमाओवादी कार्यकर्ताद्वारा आक्रमण गरी घाइते बनाइएका एमालेका कार्यकर्ता धनप्रसाद गुरुङ

कार्यकर्ताले प्रयोग गरेको बा२५प ७२६२ नम्बरको सवारीसाधनलगायतमा क्षति पुग्यो। घटनाको काङ्ग्रेस कार्यकर्ताले प्रतिकार गरेका थिए।

एमाओवादी र एमालेबीच आरुचनौटे गाविसमा चुनाव प्रचारप्रसार गर्ने क्रममा ०७० कात्तिक २२ गते राति भएको झडपमा एमालेका आरुचनौटेका कार्यकर्ता २८ वर्षीय सङ्गम श्रेष्ठ सामान्य घाइते भए।

एमाओवादीका कार्यकर्ताले ०७० कात्तिक २३ गते काङ्ग्रेस बोर्लाङ गाउँ पार्टी कार्यालय तोडफोड गरे। एमाओवादी कार्यकर्ताले झन्डालगायत पार्टी कार्यालयको सामग्री जलाएको काङ्ग्रेसले जनायो। काङ्ग्रेस कार्यकर्ताले एमाओवादीका पोस्टर च्यातेपछि एमाओवादीले कार्यालय तोडफोड गरेका थिए।

निर्वाचनको प्रचारप्रसारका क्रममा कार्यकर्तालाई आमसभाबाट घर पुऱ्याई फर्कंदै गर्दा काङ्ग्रेस धावा गाविसका कार्यकर्ताले ०७० कात्तिक २५ गते राति ना३ख २५५८ नम्बर बसका चालक २९ वर्षीय अमृत परियार र ना२ख ५०५१ नम्बर बसका चालक ३२ वर्षीय जय श्रेष्ठलाई धावा गाविसमा कुटपिट गरे। मसेलको ध्याम्पेसाल बजारमा भएको एमाओवादी सभाबाट फर्केका कार्यकर्ता बोकेको आरोपमा स्थानीय प्रभात माविनजिकै उनीहरूमाथि कुटपिट भएको थियो। घटनामा घाइतेको जिल्ला अस्पतालमा उपचार भयो।

धावा गाविस निवासी काङ्ग्रेस कार्यकर्ता ३८ वर्षीय राजेन्द्र भट्टलाई ०७० कात्तिक २६ गते एमाओवादीनिकट वाईसीएलका कार्यकर्ताले धावा गाविस-३ धावा चौतारामा कुटपिट गरे। उनीहरूले निर्वाचन प्रचारका क्रममा राखिएका झन्डालगायत प्रचार सामग्री नष्ट गरी कुटपिट गरेको काङ्ग्रेसले जनायो।

एमाओवादी क्षेत्र नम्बर २ का उम्मेदवार हितराज पाण्डेलाई काङ्ग्रेसका कार्यकर्ताले ०७० कात्तिक २७ गते फुजेल गाविस-५ मा ढुङ्गामुढा गरेर अवरोध गरे। फुजेल गाविसको आमडाँडामा निर्वाचन प्रचारप्रसारका लागि गएका एमाओवादीका उम्मेदवार तथा कार्यकर्तालाई काङ्ग्रेस कार्यकर्ताले अवरोध गरेपछि झडप भई ढुङ्गामुढा हानाहान भयो। एमाओवादी र काङ्ग्रेस कार्यकर्ताको झडपलाई नियन्त्रणमा लिन प्रहरीले तीन सेल अश्रुग्यास प्रहार गरेको थियो।

एमाओवादीका कार्यकर्ताहरू २३ वर्षीय सुवास अधिकारी र २२ वर्षीय विनोद नेपालीलाई ०७० मङ्सिर १ गते काङ्ग्रेसका कार्यकर्ताले धावा गाविस-५ मा स्थानीय प्रभात उमावि मतदान केन्द्रमा भएको सर्वदलीय बैठकका क्रममा काङ्ग्रेसका कार्यकर्ताले आक्रमण गरेका थिए। घाइतेमध्ये नेपालीको टाउको, अनुहार र खुट्टामा गम्भीर चोट लागेको थियो भने विनोदको खुट्टा र ढाडमा चोट लागेको थियो। घाइते दुवै जनालाई जिल्ला अस्पतालमा सामान्य उपचारपछि थप उपचारका लागि काठमाडौँ लगियो। घटनामा काङ्ग्रेस कार्यकर्ताले गोलीसमेत चलाएको दावी गरियो। यसै गरी एमाओवादीका कार्यकर्ताले उक्त दिन काङ्ग्रेस धावा गाउँ पार्टी उपसभापति शिवप्रसाद लामिछानेमाथि समेत आक्रमण गरी कुटपिट गरेका थिए। लामिछानेको आरुघाटस्थित स्वास्थ्यचौकीमा उपचार भयो। सोही दिन एमाओवादी कार्यकर्ताहरूले घ्याल्चोक गाविसमा काङ्ग्रेस कार्यकर्ता शैलेश दवाडीमाथि कुटपिट गर्नुका साथै काङ्ग्रेस गाउँ पार्टी कार्यालय तोडफोड गरी झन्डा र होर्डिङ बोर्ड जलाएका थिए।

संविधानसभा निर्वाचनका दिन घैरुङ गाविसको हिमालय माबि बाँसकोट मतदान केन्द्रमा ०७० मङ्सिर ४ गते एमाओवादी र काङ्ग्रेस कार्यकर्ताबीच भएको झडपमा स्थानीय घैरुङ गाविसका ३६ वर्षीय विष्णु पौडेल, २३ वर्षीय विवेक ढकाल र ३० वर्षीय नन्दलाल रेग्मी घाइते भए। काङ्ग्रेसले एमाओवादी कार्यकर्ताले आक्रमण गरेको जनायो। उनीहरूको जिल्ला अस्पतालमा उपचार गरिएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय २३ थान मध्ये १ सय ७१ थान फैसला भए भने ५२ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ३३ थान मध्ये ७८ थान फैसला भए भने ५५ थान फैसला हुन बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ६ मध्ये ३५ थानको फैसला भयो भने ७१ थान बाँकी रहे। देवानीतर्फ १ सयमध्ये १९ थानको फैसला भयो भने ८१ थान मुद्दा बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी कुनै मुद्दा छैनन्।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको

सङ्ख्या १ सय ४० रहेकामा ६६ थान सफल भए भने १४ थान असफल रहे। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या ६० रहेको छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी आठ मध्ये पाँच थान सफल रहे। बलात्कारसम्बन्धी आठ मुद्दामध्ये पाँच थान सफल र दुई थान असफल रहे। महिला बेचबिखनसम्बन्धी दुई मुद्दामध्ये एउटा असफल रह्यो। बहुविवाहसम्बन्धी आठ थान मुद्दामध्ये चार थान सफल भए भने एउटा असफल रह्यो। बालविवाह र छुवाछूतसम्बन्धी कुनै मुद्दा दर्ता भएनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ सम्म दायर ३८ मुद्दामध्ये १८ थान सफल भए। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म १ सय ९३ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

नेकपा-माओवादीका कार्यकर्ताहरूले मुच्चोक गाविस-३ मुच्चोकटार निमाविका ४५ वर्षीय प्रधानाध्यापक इन्द्रलाल अधिकारीलाई ०७० भदौ ११ गते विद्यालय परिसरमा नै मोसो दलेर अमानवीय व्यवहार गरे। दिउँसो ११ बजे विद्यालय पुगेका जिल्ला सदस्य सुनिल परियारलगायत नेकपा-माओवादी कार्यकर्ताले शिक्षकलाई मोसो दलेर कार्यालयबाट बाहिर चौरमा निकालेर लछार-पछार गरे। विद्यालयमा महिला परिचर पदमा लीलामाया थापालाई नियुक्त नगरेको, विद्यालयको रकम हिनामिना गरेको, महिलाहरूलाई दुर्व्यवहार गरेको आरोपमा माओवादीले मोसो दलेर सचेत गराएको नेकपा-माओवादी इन्चार्ज परशुराम रम्तेलले बताए। नेकपा-माओवादी र काङ्ग्रेस कार्यकर्ताबीच भदौ १५ गते भएको छलफलमा माओवादीले गल्ती स्वीकार गरी मिलापत्र भयो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ६४ हजार ८ सय ४१ जनामध्ये छात्र ३१ हजार ३ सय ७५ र छात्रा ३३ हजार ४ सय ६६ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २३ हजार ३ सय र छात्र ४१ हजार ५ सय ५१ जना रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ५ सय ४७ र पुरुष २ सय ५५ गरी जम्मा ८ सय २ शिक्षक कार्यरत छन्। निमाथि तहमा महिला ५७ र पुरुष ३ सय ४४ गरी जम्मा ४ सय १ शिक्षक कार्यर छन्। यसै गरी माथि तहमा महिला १३ र पुरुष ५ सय ८ गरी जम्मा ५ सय २१ शिक्षक रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन्।

बेचबिखन तथा ओसारपसार

१३ वर्षीया एक बालिकालाई चितवन जिल्ला बगौडा गाविस-१ का ३५ वर्षीय दलबहादुर रानाभाट र ४५ वर्षीया मीना रानाभाटले भारत लगेर बेचबिखन गरेको भन्दै पीडितका बाबु होमबहादुर देवकोटाले ०७० जेठ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई जेठ १३ गते गिरफ्तार गऱ्यो। आरोपितले विवाह गर्ने बहानामा ०७० साल वैशाख १० गते बालिकालाई घरबाट लगेका थिए। जिल्ला अदालतको ०७० जेठ २८ गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाइएकामा ०७० पुस २५ गते कसुरबाट सफाइ पाए।

१५ वर्षीया एक बालिकालाई गोरखा भुम्लीचोक-८ का ३८ वर्षीय ठगबहादुर सुनारले ०७० भदौ ३ गते ललाइफकाई भारततर्फ बेच्न लैजान खोजेको आरोपमा पीडितका परिवारले भदौ ४ गते जिल्ला प्रहरी कार्यालयमा किटानी उजुरी दिए। उजुरीका आधारमा आरोपितलाई भदौ ६ गते प्रहरीले गिरफ्तार गरी मानव बेचबिखन तथा ओसारपोसारको आरोपमा मुद्दा चलायो। जिल्ला अदालतको ०७० पुस ८ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

तीन वर्षीया एक बालिकालाई ०७० जेठ १० गते एक १७ वर्षीय बालकले अश्लील भिडियो देखाएर बलात्कार गरेको आरोपमा पीडित परिवारले ०७० जेठ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई जेठ १३ गते गिरफ्तार गरेकामा जिल्ला अदालतको ०७० जेठ ३१ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१४ वर्षीया एक बालिकालाई विद्यालय जाँदै गरेको बेला साउन १५ गते बिहान गोरखा नपा-१० बाह्रकिलोमा चितवन शक्तिखोर-१ घर भई गोरखा नपा-१० मा अस्थायी बसोबास गर्ने ३२ वर्षीया विष्णु चेपाङले बालिकालाई जबरजस्ती गर्न खोजेको आरोपमा

पीडित परिवारले ०७० साउन १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको उजुरीपछि १६ गते नै चेपाङलाई गिरफ्तार गरी आरोपितविरुद्ध जबरजस्ती करणी उद्योगमा मुद्दा दर्ता गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१४ वर्षीया एक कामदार बालिकालाई पटक-पटक यौन दुर्व्यवहार गरेको भन्दै गोरखा नपा-४ का ४० वर्षीय सानुबाबु पाटामगरविरुद्ध ०७० भदौ १६ गते बालिकाका आफन्तले प्रहरीमा किटानी जाहेरी दिए। जाहेरीका आधारमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध जबरजस्ती करणी ऐनबमोजिम मुद्दा दर्ता गरिएको प्रहरीले जनाएको छ। बालिकाको जिल्ला अस्पतालमा भदौ १६ गते स्वास्थ्य परीक्षण भयो। उनको स्वास्थ्य अवस्था सामान्य रहेको प्रहरी जनाएको छ। आरोपितलाई जिल्ला अदालतको भदौ ३१ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बोल्न र कान सुन्न नसक्ने ४० वर्षीया एक महिलालाई धावा गाविस-३ का २९ वर्षीय विष्णु परियारले सोही गाविस-६ स्थित ओख्लेमा बाटोमा हिँडिरहेका बेला ०७० जेठ २० गते बलात्कार प्रयास गरेको आरोपमा पीडित परिवारले जेठ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित परियारलाई जेठ २० गते नै घ्याम्पेसाल प्रहरीले गिरफ्तार गऱ्यो। गोरखा अदालतको ०७० असार ११ गतेको आदेश अनुसार आरोपित पुर्पक्षका लागि थुनामा छन्। ०७० असोज ३० गते गोरखा अदालतले आरोपितलाई पाँच वर्ष कैदको सजाय सुनायो।

४८ वर्षीया एक महिलाले आफूलाई तारा उमावि गोरखा नपा-९ छेवेटार निवासी शिक्षक ४५ वर्षीय भरत ढकालले बलात्कार गरेको भनी ०६९ चैत ४ गते जिल्ला प्रहरी कार्यालयमा जबरजस्ती करणी मुद्दा दर्ता गराइन्। आरोपित ढकालले ०६९ चैत ३ गते साँझ पीडित महिलालाई बलात्कार गरेको आरोपमा प्रहरीले उनलाई चैत ४ गते गिरफ्तार गऱ्यो। प्रहरीले पीडित महिलाको बयान र स्वास्थ्य परीक्षणपछि उनीविरुद्ध मुद्दा दर्ता गरेको जनायो। पीडितको स्वास्थ्य परीक्षण गोरखा जिल्ला अस्पतालमा भएको थियो। आरोपित ढकालले मादक पदार्थ सेवन गरी बलात्कारको प्रयास गरेको अनुसन्धानबाट खुलेको इन्स्पेक्टर सुनीलजङ्ग शाहले बताए। आरोपितलाई अदालतको आदेशमा ०६९ चैत २३ गते पुर्पक्षका लागि थुनामा पठाइयो। अभियोग दावा नपुगेको भन्दै अदालतले ०७० मङ्सिर २० गते सफाइ दियो।

२८ वर्षीया एक महिलाले ०६९ पुस १८ गते राति छोप्राक-६ जरेबर स्थायी ठेगाना भएका ना४ख २१३ नम्बरका बसधनी तथा चालक माइला भनिने भीमसेन थापाले बलात्कार प्रयास गरेको आरोपमा पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिइन्। पीडक थापाले छोप्राक चोरेकाटे बजारबाट सामान किनेर घर फर्कदै गरेको बेला आफूलाई छोप्राक गाविसकै काभ्रे खोलाको खयरघारीमा जबरजस्ती गर्न खोजेको र आफू मुस्किलले भागेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल गारखामा भयो। आरोपित थापा ०६९ फागुन ११ गतेदेखि गोरखा अदालतको आदेशले पुर्पक्षका लागि थुनामा छन्। जिल्ला अदालतले ०७० जेठ २८ गतेको फैसलामा आरोपितलाई तीन वर्ष कैदको सजाय तोकेको छ।

४८ वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा सम्जुङ गाविस-७ ताप्ले घर भई मुच्चोक गाविस-१ भर्याभल्लाफाँट बस्ने ४८ वर्षीय मनबहादुर पाखिनलाई ०६९ माघ ४ गते जिल्ला प्रहरी कार्यालय गोरखाले गिरफ्तार गऱ्यो। पाखिनले ०६९ पुस १४ गते राति आफ्नै घरमा बलात्कार गरेको आरोपमा पीडितले माघ ४ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएकी थिइन्। पीडितको स्वास्थ्य परीक्षण सोही दिन जिल्ला अस्पताल गोरखामा भयो। आरोपितले भने सहमतिमा नै उनीसँग यौन सम्पर्क गरेको दावी गरे। जिल्ला अदालतको माघ १८ गतेको आदेशमा पाखिन साधारण तारेखमा रिहा भएका थिए। जिल्ला अदालतको ०७० असार १८ गतेको इजलासमा १५ हजार रुपियाँ क्षतिपूर्तिसहित पाँच वर्ष कैदको सजाय सुनायो।

बोल्न नसक्ने सुस्त मनस्थितिकी २१ वर्षीया महिलालाई मकैसिङ गाविस-१ बुटार निवासी सोमबहादुर चेपाङले ०६९ माघ ७ गते बलात्कार गरेको भन्दै पीडित परिवारले माघ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित चेपाङलाई ०६९ माघ १३ गते राति गिरफ्तार गरी प्रहरीले ०६९ माघ १४ गते मुद्दा दर्ता गऱ्यो। प्रहरीले गरेको अनुसन्धान र गोरखा अस्पतालमा गरिएको स्वास्थ्य परीक्षणबाट बलात्कार भएको पुष्टि भएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ माघ २४ गतेदेखि पुर्पक्षका

लागि थुनामा छन्। जिल्ला अदालतले ०७० असार २० गते ३० हजार रुपियाँ क्षतिपूर्तिसहित पाँच वर्ष कैदको फैसला गऱ्यो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

पालुङटार गाविस-४ बट्टडाँडाकी २८ वर्षीया सीता ठकुरी र उनकी तीन वर्षीया छोरी करिश्माको आफ्नै परिवारका सदस्यहरूले ०७० वैशाख १८ गते राति १२ बजे घाँटी थिचेर हत्या गरे। ०७० जेठ १ गते प्रहरीद्वारा आमाछोरीको लास आफ्नै घरको शौचालयको सेफ्टी ट्याङ्कीमा भेटिएपछि घटना खुलेको थियो। घरबाट हराएका आमाछोरीको सोही दिन सासू, ससुरासहित परिवारकै ६ जनाको पूर्वयोजना र मिलेमतोमा हत्या गरिएको हुनसक्ने प्रहरीले जनायो। अंशबण्डालगायत घरायसी विषयमा आपसी झगडा हुँदा ससुरा ६० वर्षीय टेकबहादुर सेनठकुरी, ५० वर्षीया सासू टीकाकुमारी ठकुरी, नन्दहरू २० वर्षीया मधु ठकुरी र २३ वर्षीया पशुपति ठकुरी, २५ वर्षीय जेठाजु गणेश सेनठकुरी र २४ वर्षीय देवर मनोज सेनले उनीहरूको घाँटी थिची हत्या गरेको आरोपितहरूले प्रहरीलाई बताएका थिए। हत्या गरेपछि सीताको घाँटी छिनाएर आमाछोरीलाई नै शौचालयको ट्याङ्कीमा फालिएको थियो। लास भेटेपछि प्रहरीले घटनामा संलग्न ६ जनालाई ०७० जेठ १ गते नै गिरफ्तार गऱ्यो। मृतकहरूको लास गोरखा अस्पताल गोरखामा ०७० जेठ २ गते पोस्टमार्टमपछि प्रहरीले माइतीपक्ष र घरतर्फका स्थानीयको जिम्मा लगाएको थियो। यसअघि पतिले कुटेर मध्यरातमा घरनिकाला गरेपछि सीता न्याय खोज्दै फागुन २३ मा सदरमुकाम आएकी थिइन्। पतिले कुटपिट गरेको भन्दै उनी प्रहरीमा उजुरी दर्ता गराएर घर फर्किएको दुई महिना नपुग्दै उनको र छोरीको हत्या भएको थियो। जिल्ला अदालतको जेठ २४ गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाइयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

पालुङटार गाविस-४ बट्टडाँडाकी २८ वर्षीया सीता ठकुरीले ०६९ फागुन २३ गते पति मनोज ठकुरीले कुटपिट गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितलाई पतिले फागुन १९ गते राति कुटपिट गरेपछि उनी फागुन २० गते सदरमुकाम आएकामा पीडितको जिल्ला प्रहरी कार्यालयको अनुरोधमा गोरखा अस्पतालमा नि:शुल्क घाउजाँच र उपचार भएको थियो। गोरखा अस्पतालले थप उपचारका लागि रिफर गरे पनि रकम अभावमा थप उपचार हुन सकेन। कुटपिटबाट उनको टाउको, निधार, आँखा र हातखुट्टामा चोट लागेको थियो। प्रहरी इन्स्पेक्टर गौतम मिश्रले पीडितको मौखिक उजुरीपछि आरोपितको खोजी भइरहे पनि उनी फरार रहेको जानकारी दिए। यस वर्षको अन्त्यसम्म आरोपित फरार रहेको प्रहरीले जनाएको छ।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय २५ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरिएका १९ जना र कुटपिट गरी घरनिकाला गरिएका ८३ जना, अर्की पत्नी ल्याएर हेला गरेकामा २३ जना पीडित भएका थिए। घटनामध्ये प्रहरीले १ सय १८ घटनामा मिलापत्र गराएको छ। प्रहरीमा उजुरी गरेका तर पछि सम्पर्कमा नआएका पीडित निवेदकको सङ्ख्या सात छ।

सबै प्रकारका जातीय विभेद

अन्तरजातीय विवाह गरेका लापु गाविस-८ का २३ वर्षीय जितबहादुर सुनार र सोही गाविस-४ की २० वर्षीया सुनीता गुरुङलाई गाउँलेले कुटपिट र दुर्व्यवहार गरेर १ लाख रुपियाँ जरिवाना लिए। गाउँबाट सदरमुकाम आएका उनीहरूले प्रहरीमा उजुरी गरे। उजुरीपछिको छलफलमा १ लाख रुपियाँ फिर्ता गर्ने तर गाउँमा मिलेर बस्ने सहमति भयो। पीडितहरूले पुन: जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गराए। उनीहरू ०७० मङ्सिर २८ गते प्रहरीमा उजुरी दिएका थिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

गैरराज्यपक्षबाट

नेकपा-माओवादीबाट

संविधानसभा निर्वाचन घोषणा गरेको विरोधमा नेकपा-माओवादीसहित अन्य दलले आह्वान गरेको नेपाल बन्दका क्रममा ०७० असार २ गते नेकपा-माओवादी कार्यकर्ताले गोरखा सदरमुकामको गोरखा नपा-३ हरमटारीमा बा ५ च ८२३८ नम्बरको निजी कारमा तोडफोड गरे। आँबुखैरेनी तर्फबाट गोरखा बजार आउँदै गरेको कारलाई बन्द गराउँदै हिँडेका माओवादी कार्यकर्ताले तोडफोड गरे। तोडफोडबाट कारको भ्यालका सीसा फुटेर क्षति पुगेको थियो। बन्द

अवज्ञा गरेका कारण कार तोडफोड गरेको नेकपा-माओवादी स्वीकार गऱ्यो।

नेकपा-माओवादीले आह्वान गरेको यातायात बन्दमा ०७० कात्तिक २७ गते बिहान ताप्ले गाविस कटुसघारीमा बा२४प २६१८ नम्बरको मोटरसाइकलमा आगजनी गरी क्षति पुग्यो। यसै गरी बुँकोट गाविस-१ को वनकालीमा बा४३प ५४५३ नम्बरको मोटरसाइकलमा आगजनी गरी क्षति पुऱ्याइयो।

एमाओवादीबाट

तान्द्राङ गाविस-१ टारीफाँट निवासी काङ्ग्रेसनिकट शिक्षक सङ्घका पूर्वजिल्ला सचिव तारा पुडासैनीको घरमा एमाओवादीका कार्यकर्ताले ०७० मङ्सिर १ गते राति आगजनी गरी क्षति पुऱ्याए। राति २ बजे गएका एमाओवादीका करिब १५/२० जनाको समूहले घरमा आगजनी गरे। आगजनीबाट अन्नपात, गहना, लत्ता कपडा, नगद, लालपुर्जा, विद्यालयका काजगपत्र सबै जलेको पीडितले बताए। अगजनीबाट घर जलेर पूर्ण रूपमा क्षति भएको थियो। प्रहरी प्रशासनले गरेको मुचुल्कामा करिब ५५ लाखको क्षति भएको उल्लेख छ। घटनामा संलग्नलाई कुनै कारबाही भएको छैन। हालसम्म पीडितले क्षतिपूर्ति पनि पाएका छैनन्।

एमाओवादीका कार्यकर्ताले राप्रपा नेपाल गोरखा क्षेत्र नं. १ का उम्मेदवार होमसिं बस्नेतको घरमा ०७० मङ्सिर ३ गते ढुङ्गामुढा गरी क्षति पुऱ्याए। बस्नेतको गोरखा नगरपालिका लक्ष्मीबजारस्थित घरमा गरिएको ढुङ्गामुढाबाट करिब ५५ हजारबराबरको क्षति भएको प्रहरीले जनाएको छ।

अज्ञात समूहबाट

गोरखा-आँबुखैरनी सडक खण्डको गोरखा नपा-११ बडेखोलानजिकै बा४१प १४७२ नम्बरको मोटरसाइकलमा ०७० कात्तिक २९ गते बिहान आगजनी भयो। नचिकेका मानिसहरू आगजनीमा संलग्न गरेका थिए। यसै गरी पालुङटारतर्फ जाँदै गरेको ना३ख ७७६८ नम्बरको यात्रुवाहक बस धुँवकोटाको टुङ्गेटारीमा तोडफोड भयो। तोडफोडबाट बसमा सामान्य क्षति पुग्यो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	**२**		
स्वास्थ्यचौकी	**२४**		
उपस्वास्थ्यचौकी	**४२**		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	**४**	**२**	**४**
स्टाफ नर्स	**४**	**१**	**३**
स्वास्थ्य कार्यकर्ता	**६९**	**५०**	**१९**
अहेब	**५२**		**२९**
अनमि	**५४**		**२६**
खोप सुपरभाइजर	**१**	**१**	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	**१**		
हेल्थ असिस्टेन्ट	**२**		

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म ज्यान मार्ने उद्योगका दुई, आत्महत्याका ६२, सार्वजनिक अपराधका ४४, मानव बेचबिखनका दुई, बहुविवाहका आठ, बोक्सीको आरोपका एक र जातीय छुवाछूतका एक घटना दर्ता भए।

३.३ लमजुङ



जिल्ला सदरमुकाम: वेशीसहर
क्षेत्रफल (वर्ग कि. मि.): १,६५२
घरधुरी सङ्ख्या: ४२,०७५
जम्मा जनसङ्ख्या: १,६७,७२४
पुरुष: ७५,५१३
महिला: ५१,८११
अपाङ्ग सङ्ख्या: ४,७४५
गाविस/नपा सङ्ख्या: ६१/०
पुरुष साक्षरता सङ्ख्या: ५५,५५४
महिला साक्षरता सङ्ख्या: ५७,०४८
हिन्दू धर्मावलम्बी प्रतिशत: ६३.५८
बौद्ध धर्मावलम्बी प्रतिशत: १७.०४
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.५६
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.७५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०४
वोन धर्मावलम्बी प्रतिशत: ०.०४
अन्य धर्मावलम्बी प्रतिशत: ०.४३५
प्रतिपरिवार सरदर सङ्ख्या: ३.५५

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ५१ जना कैदी, कैद नतोकिएको २४ जना थुनुवा गरी जम्मा ७५ जना बन्दीहरू र आश्रित बालिका १ गरी जम्मा ७६ जना रहेका छन्। कारागारमा ६८ पुरुष, ७ महिला रहेका छन्। यो जिल्ला कारागार ०२२ सालमा निर्माण भएको हो। जेलभित्र मुढा र माछा मार्ने जाली बुन्ने गरेको पाइयो। क्षमताभन्दा बढी बन्दीहरू हुँदा खानेपानीको समस्याका साथै टीभी र पत्रपत्रिका हेर्न समस्या भएको बन्दीहरूले बताए।

धम्की/कुटपिट

राज्यपक्षबाट

जिता गाविस-९ का ४५ वर्षीय राजु गिरीलाई ०७० कात्तिक १ गते सामान्य अंशबन्डाको विवादमा प्रहरीले गिरफ्तार गरी कुटपिट तथा यातना दिएको भन्दै पीडितले कात्तिक ४ गते घटनामा संलग्न प्रहरीलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आमा दुर्गा गिरीसँग अंश माग गरेपछि घरमा सामान्य विवाद तथा झगडा भएको विषयमा प्रहरीले गिरफ्तार गरी यातना दिएको पीडितले बताए। प्रहरी हबल्दार यम शाहीको नेतृत्वमा रहेको प्रहरीको टोलीले उनलाई गिरफ्तार गरी खुट्टा माथि गरेर पैतालामा लाठीले कुटपिट गर्ने, बुटले हिर्काउने गरी यातना दिएको पीडितले बताए। घटनामा संलग्न शाहीलाई पीडितको उजुरीका आधारमा सरुवा गरी विभागीय कारबाही गरिएको डीएसपी सन्दीप भण्डारीले बताए।

गैरराज्यपक्षबाट

काङ्ग्रेसबाट

भारते गाविस-३ निवासी एमाओवादी भारते गाउँ कमिटीका अध्यक्ष ६२ वर्षीय भीमबहादुर अधिकारीलाई ०६९ पुस २८ गते विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष पदमा एमालेका उम्मेदवारलाई समर्थन गरेको आरोपमा काङ्ग्रेसका कार्यकर्ताले कुटपिट गरे। पीडितको जिल्ला सामुदायिक अस्पतालमा उपचार भयो। एमाओवादीले माघ १ गते विज्ञप्ति जारी गरी घटनामा संलग्नलाई तत्काल कारबाही गर्न प्रशासनसँग माग गऱ्यो। घटनामा संलग्नलाई कुनै कारबाही भएन।

चिती गाविस-४ निवासी लमजुङ कृषि क्याम्पसमा अध्ययनरत अखिल क्रान्तिकारीका जिल्ला उपाध्यक्ष २४ वर्षीय हरिबहादुर मिजार र डडेलधुरा जिल्ला घर भई लमजुङ कृषि क्याम्पसमा अध्ययनरत जिल्ला सदस्य २२ वर्षीय नरेन्द्र पनेरुलाई ०७० जेठ १४ गते काङ्ग्रेस सुन्दरबजार गाउँ सभापति ३५ वर्षीय मुरली कुमाल, तरुण दलका गाउँ अध्यक्ष २८ वर्षीय उत्तम गुरुङसहितका कार्यकर्ताले स्ववियु निर्वाचनका बारेमा भएको विवादका क्रममा आक्रमण गरी कुटपिट गरे। घटनामा संलग्नलाई कुनै कारबाही भएन।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			३	३	५
महिलाअधिकार			५		५
कुटपिट	१	१	१	१५	१६
हत्या			१		१
जम्मा	१	१	१०	१८	२८

अनेरास्ववियु क्रान्तिकारीबाट

नेविसङ्घ कृषि क्याम्पस एकाइ अध्यक्ष २७ वर्षीय प्रदीपराज पौडेल, कार्यकर्ताहरू २५ वर्षीय दीपेन्द्र अर्याल, २४ वर्षीय मेघराज पौडेल, २२ वर्षीय हरिश भुजु र २६ वर्षीय मुक्ति चालिसेलाई ०७० असोज १० गते सुन्दरबजार गाविसस्थित लमजुङ कृषि क्याम्पसमा अखिल क्रान्तिकारीका विद्यार्थीहरूले कुटपिट गरे। पीडितहरूको स्थानीय स्वास्थ्य चौकीमा प्राथमिक उपचारपछि काठमाडौँको न्युरो अस्पतालमा थप उपचार भयो। घटनामा नेविसङ्घका कार्यकर्ताहरूको आक्रमणबाट अखिल क्रान्तिकारीका २४ वर्षीय राजन पौडेल, २५ वर्षीय विष्णु अधिकारी, २२ वर्षीय सरोज खड्का र २५ वर्षीय दीपेन्द्र ढकाल सामान्य घाइते भए। घटनामा संलग्न कुनै पनि पक्षलाई कुनै कारबाही भएन।

प्रहरीबाट गिरफ्तार गरिएका राजु गिरी

नेपाल तरुण दलबाट

भूलभूले गाविस-७ निवासी एमाले कार्यकर्ता ३० वर्षीय दूतराज गुरुङलाई पार्टीको नारा लगाएको आरोपमा नेपाल तरुण दलका अध्यक्ष खुसीजङ गुरुङ र कार्यकर्ता विशाल अधिकारीले बेँसीसहर गाविस-१ प्रशासन चोकमा ०७० मङ्सिर ६ गते धारिलो हतियार प्रहार गरी कुटपिट गरे। घटनामा घाइतेको जिल्ला अस्पतालमा उपचार भयो। घटनामा संलग्न दुवै जना फरार रहेको प्रहरीले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ८७ ओटामध्ये १ सय ३२ ओटाको फैसला भयो भन ५५ ओटा बाँकी रहे। देवानीतर्फ १ सय २४ ओटा मुद्दामध्ये ६४ ओटाको फैसला भयो भने ६० ओटा बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ८४ ओटामध्ये १८ ओटाको फैसला भयो भने ६६ ओटा बाँकी रहे। देवानीतर्फ ९१ ओटा मुद्दामध्ये १९ ओटाको फैसला भयो भने ७२ ओटा बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा नभएको जिल्ला अदालतले बतायो।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय १२ ओटा छन्, जसमध्ये ६० ओटा सफल भए भने ५२ ओटा असफल भए। मुलतवी र तामेलीमा कुनै मुद्दा छैनन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी १५ मध्ये १२ ओटा सफल र तीनओटा असफल रहे। ज्यान मार्ने उद्योगसम्बन्धी चारमध्ये दुई सफल र दुईओटा असफल भए। बलात्कारसम्बन्धी तीनमध्ये दुईओटा सफल भए भने एउटा असफल रह्यो। चोरीका १५ ओटा मुद्दामा १४ सफल भ एभने एउटा बाँकी रह्यो। लागूऔषधसम्बन्धी नौमध्ये आठ सफल भए भने एउटा मुद्दा बाँकी रह्यो। मानव बेचबिखनसम्बन्धी दुईओटा मुद्दा परेकामा दुईओटै असफल रहे। बहुविवाहसम्बन्धी पाँचओटा मुद्दामध्ये चार सफल र एउटा असफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या २४ छ, जसमध्ये तीनओटा सफल भए। सरकारी वकिलको सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ६६ ओटा मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ३३ हजार ८ सय ९१ मध्ये छात्र ११ हजार ७ सय ७३ र

छात्रा २२ हजार १ सय १८ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ५ हजार ६ सय ९४ र छात्र ५ हजार ९७ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ३ सय १८ र पुरुष ९ सय ८५ गरी जम्मा १ हजार ३ सय ३ शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला १६ र पुरुष २ सय ४१ गरी जम्मा २ सय ५७ शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला चार र पुरुष १ सय ८८ गरी जम्मा १ सय ९२ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ४ हजार १ सय ५० र बालिका ३ हजार ८ सय ८३ गरी जम्मा ८ हजार ३३ रहेका छन्। जसमध्ये दलित बालक ९ सय १ र बालिका ८ सय ९८ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

अनेरास्ववियु क्रान्तिकारीका कार्यकर्ताद्वारा कुटपिट गरी घाइते बनाइएका नेविसङ्घका प्रदीप पौडेल

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१३ वर्षीया एक बालिकालाई ०६९ माघ १५ गते भोटेओडार गाविसका ६९ वर्षीया केदारबहादुर थापाले बलात्कार गरेको आरोपमा पीडित बालिकाले सोही दिन जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। आरोपितले घरमा काम गर्न राखेको समयमा पटकपटक बालिकालाई बलात्कार गरेको अनुसन्धानबाट खुलेको प्रहरीले जनायो। पीडित बालिकाको माघ १६ गते जिल्ला सामुदायिक अस्पतालमा स्वास्थ्य परीक्षण भयो। घटनापछि फरार रहेका थापालाई प्रहरीले फागुन १३ गते तनहुँ जिल्लाको डुम्रे गाविसबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश काशीनाथ उपाध्यायको इजलासको आदेशमा आरोपित फागुन १४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।



नेपाल तरुण दलका कार्यकर्ताद्वारा कुटपिट गरी घाइते बनाइएका एमाले कार्यकर्ता दूतराज गुरुङ

महिलामाथि हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६९ वर्षीया एक वृद्धालाई ०६९ माघ २४ गते इशानेश्वर गाविस-८ का २३ वर्षीय शशी बास्तोलाले पीडितको घरमा बलात्कार गरेको आरोपमा पीडितका आफन्तले माघ २८ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको सोही दिन जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको ०६९ फागुन २३ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

शारीरिक अपाङ्गता भएकी १९ वर्षीया एक महिलालाई ०७० असार २८ गते तान्द्राङटक्सार गाविस-७ का ४५ वर्षीय शमशेर लम्सालले घरमा कोही नभएको समयमा बलात्कार गरेको भन्दै पीडित परिवारले असार २९ गते प्रहरीमा उजुरी दियो। पीडितको ०७० साउन १ गते सूर्यपालस्थित क्लिनिकमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई साउन १ गते प्रहरीले गिरफ्तार गरेकामा जिल्ला अदालतको साउन २३ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

२६ वर्षीया एक महिलालाई ०७० कात्तिक १६ गते धुसेनी गाविस-१ का ३० वर्षीय दीपक परियारले बलात्कार गरेको आरोपमा पीडित परिवारले ०७० कात्तिक १७ गते प्रहरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले कात्तिक १९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०७० मङ्सिर १२ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

घरेलु हिंसा

परिवारजनबाट हत्या

गाउँसहर गाविस-४ की ३० वर्षीया मनमाया परियारलाई ०६९ माघ १८ गते पति ३६ वर्षीय सुब्बा परियारले चिर्पट प्रहार गरी घरमै हत्या गरे। आरोपितलाई प्रहरीले माघ १९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ फागुन ११ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

यसैगरी यो वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १३ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र लमजुङमा उजुरी दर्ता गराए। जसमध्ये, खान-लाउन नदिएको नौ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको दुई, दोस्री पत्नी ल्याएर हेला गरेकामा तीन जना पीडित भएको जिल्ला प्रहरी कार्यालय, लमजुङको तथ्याङ्क छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

गैरराज्यपक्षबाट

नेकपा-माओवादीबाट

नेकपा-माओवादीलगायत ३३ दलले संविधानसभा निर्वाचनलाई लक्षित गरी आह्वान गरेको बन्दका क्रममा ०७० कात्तिक २५ गते नेपाल टेलिकम पोखराका बा५च २२१४ र बा९च १८५९ नम्बरका दुई ओटा गाडी चितीगाविस-७ धूवाँखोलामा तोडफोड भयो। पोखराबाट मोबाइलको टावर निर्माणका लागि सामग्री बोकेर गएको उक्त गाडी तोडफोड भएको थियो। बन्दकर्ताले आफूहरूले तोडफोड नगरेको बताए पनि उक्त समयमा भएका घटनाको नेकपा-माओवादीले सार्वजनिक रूपमा जिम्मेवारी लियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१३		
उपस्वास्थ्यचौकी	४५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२	१	१
स्टाफ नर्स	२		२
ल्याब असिस्टेन्ट	२	२	
अहेब	६७	५३	१४
अनमि	२४	१८	६
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१७	११	६
माशिका	५०	४६	४
स्वास्थ्य कार्यकर्ता	५	५०	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कारका चार, बहुविवाह दुई, महिला ओसारपसार जीउ मास्ने बेच्नेका एक, ज्यान मार्ने उद्योगका दुई, आत्महत्याका १९ तथा कर्तव्य ज्यानका ६ ओटा मुद्दा दर्ता भए।

३.४ स्याङ्जा



जिल्ला सदरमुकाम: पुतलीबजार
क्षेत्रफल (वर्ग कि. मि.): १,१६४
घरधुरी सङ्ख्या: ६८,८८१
जम्मा जनसङ्ख्या: २,८५,१४८
पुरुष: १,२५,८३३
महिला: १,६३,३१५
अपाङ्ग सङ्ख्या: ४,४५१
गाविस/नपा सङ्ख्या: ६०/२
पुरुष साक्षरता सङ्ख्या: ५५,३५८
महिला साक्षरता सङ्ख्या: १,०७,५५५
हिन्दू धर्मावलम्बी प्रतिशत: ५०.२१
बौद्ध धर्मावलम्बी प्रतिशत: ७.४४
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.६८
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
वोन धर्मावलम्बी प्रतिशत: १.२५
अन्य धर्मावलम्बी प्रतिशत: ०.१५५
प्रतिपरिवार सरदर सङ्ख्या: ४.३०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

राज्यपक्षबाट

चापाकोट गाविस-६ का २१ वर्षीय सूर्यबहादुर आले र सोही गाविस-४ का १८ वर्षीय कृष्णप्रसाद भट्टराईको ०७० कात्तिक १२ गते प्रहरी चौकी चापाकोटका प्रहरीले चलाएको गोली लागेर मृत्यु भयो। चापाकोट गाविस-५ की ३५ वर्षीया माया विकको असोज २७ गते भएको मृत्युका सम्बन्धमा आत्महत्या नभई परिवारजनबाट हत्या भएको भनी अनुसन्धान गरी कारवाहीको माग गर्दै आमा समूह तथा स्थानीय सर्वसाधारणले प्रहरी चौकीमा प्रदर्शन गरेपछि प्रहरीसँग झडप भएको थियो। झडपलाई नियन्त्रणमा लिन प्रहरीले प्रहार गरेको गोलीबाट उनीहरूको मृत्यु भएको थियो। उक्त घटनामा इन्स्पेक्टर कृष्णबहादुर थापासहित अन्य ३१ जना घाइते भए। घटनामा घाइते चापाकोट-६ की २६ वर्षीया गायत्री आचार्य, सोही ठाउँकी १७ वर्षीया पुष्पा विक, २० वर्षीया सुशीला विक, २६ वर्षीय मनोज कुँवर, चापाकोट गाविस-३ की २८ वर्षीया लिलु विक, १६ वर्षीया प्रतिभा कुमाल, २० वर्षीया गङ्गा श्रेष्ठ, चापाकोट गाविस-४ का २३ वर्षीय निर्मल भट्टराई, चापाकोट गाविस-१ की २७ वर्षीया फूलमाया परियारको मणिपाल शिक्षण अस्पतालमा उपचारपछि घर फर्किए। घाइते चापाकोट गाविस-३ की २८ वर्षीया कमला श्रेष्ठको शिक्षण अस्पताल काठमाडौँमा उपचार भयो। उक्त घटनामा घाइते म्यादी प्रहरीमध्ये केशवटार गाविस-७ तनहुँका २८ वर्षीय कर्ण भुजेल, सिन्धुली जिल्ला झाँगाझोली गाविस-१ का ३२ वर्षीय रवीन्द्रकुमार थापा, लुम्ले गाविस-४ कास्कीका २० वर्षीय गणेश देबकोटा, व्यास नपा-३ तनहुँका ४२ वर्षीय कृष्ण दराई, गोरखा नपा-७ नारेश्वरका ३० वर्षीय प्रभु बानियाँ, पकुवा गाविस-१ का १९ वर्षीय दिनेश सुवेदी, लुम्ले गाविस-१ कास्कीका २८ वर्षीय तिलबहादुर थापा, लहाचोक गाविस-१ कास्कीका २२ वर्षीय विवेक रानाभाट, भरतपोखरी गाविस-१ कास्कीका ३८ वर्षीय कमल आचार्य, रूपाकोट गाविस-८ कास्कीका २१ वर्षीय मनोज खत्री, सिद्ध गाविस-८ कास्कीका ३८ वर्षीय उमेश ढुङ्गाना, देउराली गाविस-७ कास्कीका ३२ वर्षीय श्रीराम पौडेल, बरभञ्ज्याङ गाविस-३ तनहुँका ३४ वर्षीय कृष्णकुमार श्रेष्ठ, सैमराङ गाविस-४ का २४ वर्षीय नारायण क्षेत्री, आर्वाविजय गाविस-४ कास्कीका ४० का प्रमेश्वर बराल, व्यास नपा-३ का तनहुँका १९ वर्षीय प्रकाश बजगाईं, कास्की हंसपुर गाविस-२ का ३० वर्षीय अग्नेश्वर खनाल, कास्कीकोट गाविस-२ का २९ वर्षीय नवराज त्रिपाठी र लेखनाथ नपा-१४ कास्कीका २७ वर्षीय प्रज्ज्वल देवकोटाको मणिपाल शिक्षण अस्पताल पोखरामा उपचार भयो। घटनाको सत्यतथ्य पता लगाउन गृहमन्त्रालयले प्रहरी किताबखानाका महानिर्देशक रुद्रप्रसाद पौडेलको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको छ। नेपाल प्रहरीका डीआईजी श्यामबहादुर खड्का र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक अर्जुनबहादुर केसी सदस्य

घटनाको प्रकार	राज्यबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	८	३१	३९			
बालअधिकार				५		५
महिलाअधिकार				१९		१९
हत्या		३	३	१	१	३
जम्मा	८	३३	३१	३५	१	३६

रहेको छानबिन समिति घटनास्थलको वस्तुस्थिति बुझी काठमाडौँ फर्केको छ भने त्यसलगत्तै मन्त्रिपरिषद्को अर्को बैठकले स्याङ्जा गोलीकाण्डको छानबिन गर्न पुनरावेदन अदालतका पूर्वन्यायाधीश कृष्णप्रसाद बस्यालको संयोजकत्वमा तीन सदस्यीय उच्चस्तरीय छानबिन आयोग गठन गऱ्यो। आयोगका सदस्यहरूमा नेपाल प्रहरीका डीआईजी श्यामबहादुर खड्का र सहन्यायाधिवक्ता किरण पौडेल रहेका छन्। जिल्लास्थित राजनीतिक दलहरूले गृहमन्त्रालयद्वारा गठित छानबिन आयोग अस्वीकार गरेपछि सरकारले पूर्वन्यायाधीशको संयोजकत्वमा उच्चस्तरीय स्वतन्त्र न्यायिक आयोग गठन गरेको थियो। दुवै छानबिन समितिका प्रतिवेदन सार्वजनिक गरिएका छैनन्।

जेल र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ६० जना कैदी र कैद नतोकिएका ३६ जना बन्दी र विदेशी २ जना थुनुवा गरी जम्मा ९८ जना कैदी तथा बन्दीहरू रहेका छन्। कारागारमा ५२ पुरुष र १० महिला रहेका छन्। कारागारमा क्षमताभन्दी बढी बन्दीहरू भएकाले व्यवस्थापनमा समस्या देखिएको छ। कारागारमा आश्रित बालबालिका भने छैनन्। यो जिल्ला कारागार ०३७ सालमा निर्माण भएको हो। कारागारका

प्रहरीको गोली लागी मारिएका कृष्णप्रसाद भट्टराई

कैदी बन्दीलाई खेलकुद सामग्री, पुस्तकालयलगायतका सरकारीसुविधा उपलब्ध गराइएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना न्यायाधीशको दरबन्दी रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३ सय १० मध्ये २ सय ३० थान फैसला भयो भने ८० थान बाँकी रहे। देवानीतर्फ २ सय ७३ मुद्दामध्ये १ सय ३७ थान फैसला भयो भने १ सय बाँकी रहे।

०७० साउनदेखि ०७० पुस १६ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ३ मध्ये ५९ ओटाको फैसला भयो भने ४४ थान बाँकी रहे। देवानीतर्फ ५४ मुद्दामध्ये २५ थान फैसला भयो भने २९ बाँकी रहे। दुई वर्ष नाघेका कुनै फौजदारी र देवानी मुद्दा छैनन्।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ६७ रहेकामा ३४ थान सफल भए भने चार असफल रहे। मुलतवी र तामेलीमा कुनै मुद्दा छैनन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी तीनओटामध्ये तीन सफल रहे। बलात्कारसम्बन्धी ११ ओटामध्ये सबै असफल रहे। बहुविवाहसम्बन्धी पाँचओटा मुद्दामध्ये एउटा सफल र चारओटा असफल रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या ४१ छ, जसमध्ये पाँच थान सफल भए। सरकारी वकिलको दरबन्दी सङ्ख्या दुई छ। यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ३६ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ३९ हजार ८ सय ६९ मध्ये छात्र १९ हजार ९ सय ६२ र छात्रा १९ हजार ९ सय ७ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ४ हजार ७

सय ५० र छात्र ४ हजार ६ सय ५१ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ७ सय १ र पुरुष १ हजार २ सय ७१ गरी जम्मा १ हजार ९ सय ७२ शिक्षक कार्यरत छन्। निमावि तहमा महिला ८७ र पुरुष ४ सय ७४ गरी जम्मा ५ सय ६१ शिक्षक कार्यरत छन्। यसै गरी मावि तहमा महिला २७ र पुरुष ४ सय ४ गरी जम्मा ४ सय ३१ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ६ हजार २ सय ६७ र बालिका ५ हजार ७ सय ५० गरी जम्मा १२ हजार १७ रहेका छन्, जसमध्ये दलित बालक १ हजार २ सय ४५ र बालिका १ हजार २ सय ५७ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

चार वर्षीया एक बालिकालाई ०७० जेठ ६ गते चित्रेभञ्ज्याङ गाविस-५ का ४४ वर्षीय कृष्णबहादुर मानन्धरले बलात्कार गरेको भन्दै ०७० जेठ ७ गते पीडित परिवारले प्रहरीमा जाहेरी दियो। बालिकाकी आमा कामले घरबाहिर गएको र बालिका एक्लै घरमा बसिरहेको अवस्थामा म पढाउँछु भनी घरभित्र छिरेको र आफू घर फर्कंदा बच्चा अर्धबेहोस अवस्थामा एक्लै भेटिएकाले गाउँलेलाई बोलाई तत्काल पोखरास्थित पद्म नर्सिङ होममा उपचारका लागि लगिएको जाहेरीमा उल्लेख छ। पीडितको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा थप उपचार गरी असार ८ गते अभिभावकको जिम्मा लगाइयो। जबरजस्ती करणी गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय कास्कीले जेठ ८ गते मानन्धरलाई गिरफ्तार गरी जेठ ९ गते जिल्ला प्रहरी कार्यालय स्याङ्जालाई थप अनुसन्धानका लागि पठायो। जिल्ला अदालतको ०७० जेठ २४ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

सुस्त मनस्थिति भएकी १२ वर्षीया बालिकालाई ०७० असार १८ गते बलात्कार गरेको आरोपमा पुतलीबजार नपा-८, सतौका ३२ वर्षीय प्रेमबहादुर विकलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। बालिका दिउँसो घरमै खेलिरहेको अवस्थामा एक्कासि रोएको आवाज बालिकाकी आमाले सुनेपछि घटनाको खुलासा भएको जाहेरीमा उल्लेख छ। पीडित बालिकाको असार १९ गते जिल्ला अस्पताल स्याङ्जामा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको आदेशमा आरोपित साउन ८ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

नौ वर्षीया एक बालिकालाई ०७० असार १८ गते अर्जुनचौपारी गाविस-६ का ६२ वर्षीय मनबहादुर रोकाले बलात्कार गरेको भन्दै पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा असार १९ गते उजुरी दिए। बालिका बजारदेखि घर फर्किने क्रममा जङ्गलमा बाखा चराइरहेको मनबहादुर रोकाले बोलाएर ललाई-फकाई जङ्गलमै जबरजस्ती करणी गरेको पीडितको जाहेरीमा उल्लेख छ। बालिकाको जिल्ला अस्पताल स्याङ्जामा असार २८ गते स्वास्थ्य परीक्षण गरियो। आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेकाले खोजी कार्य भइरहेको प्रहरीले जनायो।

१० वर्षीया एक बालिकालाई ०७० भदौ १९ गते ११ वर्षीय, १४ वर्षीय र १५ वर्षीय बालकहरूले जबरजस्ती बलात्कार गरेको आरोपमा असोज ५ गते आफन्तले प्रहरीमा जाहेरी दिएकामा सोही दिन गिरफतार गऱ्यो। बजारबाट घर फर्किने क्रममा बाटोमा कुरेर बसेका तीन जना बालकले बोलिस् भने मारिदिन्छौं भन्दै जबरजस्ती बलात्कार गरेको र बालिकालाई बेहोस अवस्थामा छाडेर भागेको बालिकाकी आमाले प्रहरीमा दिएको जाहेरीमा उल्लेख छ। तीनै जना बालकलाई बालमैत्री कक्षमा राखी अनुसन्धान गरिएकामा जिल्ला अदालतको ०७० असोज १८ गतेको आदेशमा तारेखमा रिहा भए।

१५ वर्षीया एक बालिकालाई ०७० कात्तिक २३ गते कास्की जिल्ला पुम्दीभुम्दी गाविस-२ का १९ वर्षीय चोकबहादुर खड्काले बलात्कार गरेको भनी पीडितका आफन्तले कात्तिक २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। देउसी भैलो खेलेर घर फर्किने क्रममा बाटो कुरेर बसेका खड्काले धाक-धम्की दिई नजिकैको कोदोबारीमा लगी बलात्कार गरेको जाहेरीमा उल्लेख छ। बालिकाको जिल्ला अस्पतालमा कात्तिक २४ गते स्वास्थ्य परीक्षण भयो। घटनापछि अरोपित

प्रहरीसँगको झडपमा परी घाइते भएकी गायत्री आचार्य

फरार रहेकाले यस वर्षको अन्त्यसम्म गिरफ्तार नगरिएको प्रहरीले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१९ वर्षीया एक महिलालाई ०७० वैशाख १७ गते बलात्कार प्रयास गरेको आरोपमा साँखर गाविस-८ का २७ वर्षीय विष्णुप्रसाद खनालविरुद्ध पीडितले वैशाख १८ गते प्रहरीमा जाहेरी दिइन्। सोही दिन आरोपितलाई प्रहरीले गिरफ्तार गऱ्यो। महिलालाई तानसेनमा उपचार गरी घर फर्कने क्रममा बाटोमा बलात्कार प्रयास गरेको जाहेरीमा उल्लेख छ। जिल्ला अदालतको जेठ २० गतेको आदेशमा आरोपित ५० हजार रुपियाँ धरौटीमा रिहा भए। उक्त घटनामा अन्य व्यक्तिको संलग्नता नपाइएको प्रहरीले जनाएको छ।

१९ वर्षीया एक मानसिक अवस्था ठीक नभएकी महिलालाई कोल्मा गाविस-१ नाम्चेका ४० वर्षीय देवेन्द्र थापाले ०७० वैशाख ३० गते जबरजस्ती करणी गरेको भन्दै पीडितका आफन्तले जेठ १ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। महिलाको जेठ १ गते जिल्ला अस्पताल स्याङ्जामा स्वास्थ्य परीक्षण भयो। पीडित महिलाकी आमाले छोरीलाई अर्धनग्न अवस्थामा देखेपछि घटना सार्वजनिक भएको थियो। यस प्रकारको घटना गाउँमा पटक-पटक हुने गरेको र गाउँस्तरमै मिलापत्र गर्ने गरेको पीडित पक्षले जनाएको छ। आरोपित थापा जिल्ला अदालतको आदेशमा जेठ २४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

२६ वर्षीया एक महिलालाई ०७० जेठ ७ गते बलात्कार गरेको भन्दै कुवाकोट गाविस-१ का २० वर्षीय पर्वत थापाविरुद्ध पीडितले जेठ ८ गते वडा प्रहरी कार्यालय वालिङमा जाहेरी दिए। प्रहरीले सोही दिन आरोपिलाई गिरफ्तार गऱ्यो। महिलाको घरमा काँक्रो किन्न गएका बेला घरभित्र लगेर जबरजस्ती करणी गरेको भनी जाहेरीमा उल्लेख छ। पीडितको वालिङ प्राथामिक स्वास्थ्य केन्द्रमा जेठ ८ गते स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको जेठ ३१ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

३४ वर्षीया एक सुस्त मनस्थिति भएकी बोल्न नसक्ने महिलालाई ०७० जेठ २७ गते राति पुतलीबजार नपा-१ का ३२ वर्षीय प्रकाश लम्सालले बलात्कार गरेको आरोपमा जेठ २८ गते पीडित परिवारले प्रहरीमा जाहेरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। बेलुका १० बजेको समयमा खाना खाएर बाहिर निस्केको बेलामा मकैबारीमा लगी जबरजस्ती करणी गरेको जाहेरीमा उल्लेख छ। उनले महिलालाई यसअगाडि पनि पटक-पटक बलात्कार गर्दै आएको तर सामाजिक डर र त्रासका कारण सार्वजनिक नभएको पीडितकी आमाले बताइन्। पीडितको जिल्ला अस्पतालमा जेठ २८ गते स्वास्थ्य परीक्षण गरियो। जिल्ला अदालतको असार १९ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

३४ वर्षीया एक महिलालाई ०७० असार १९ गते सेती दोभान गाविस-८ का ५१ वर्षीय तुलबहादुर विकले बलात्कार गरेको भनी पीडितले असार २० गते प्रहरीमा जाहेरी दिइन्। दिनभर खेतमा काम गरेर साँझपख घर फर्कदै गर्दा तुलबहादुरले बलात्कार गरेको पीडितको जाहेरीमा उल्लेख छ। जाहेरीका आधारमा प्रहरीले आरोपित विकलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडित महिलाको असार २० गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको साउन १० गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

२२ वर्षीया एक सुस्त मनस्थितिकी महिलालाई ०७० साउन ११ गते चिन्नेबास गाविस-७ का २३ वर्षीय मिलन थापाले बलात्कार गरेको भन्दै पीडितकी आमाले ०७० साउन १४ जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। घरमा कोही नभएको मौका छोपी बलात्कार गरेको उजुरीमा उल्लेख छ। पीडितको जिल्ला अस्पतालमा साउन १४ गते स्वास्थ्य परीक्षण भयो। घटनापछि आरोपित थापा फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

अमानवीय व्यवहार

७२ वर्षीया एक बृद्धा र ४२ वर्षीया महिलालाई ०७० असोज २ गते बोक्सीको आरोपमा कुटपिट गर्ने पुतलीबजार नपा-४ का ४८ वर्षीय भाजे कामी र २७ वर्षीया मञ्जु परियारविरुद्ध ०७० असोज ३ गते पीडितले प्रहरीमा किटानी जाहेरी दिए। उनीहरूले पीडितको घरमै गएर तिमीहरू सासू-बुहारी नै बोक्सी हौ भन्दै कुटपिट गरेको पीडितको जाहेरीमा उल्लेख छ। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरी अनुसन्धान गऱ्यो। आरोपितविरुद्ध ०७० असोज ३० गते सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा दर्ता गरिएकामा

०७० असोज २२ गते जनही पाँच-पाँच हजार रुपियाँ धरौटीमा जिल्ला प्रशासन कार्यालयबाट तारेखमा रिहा भए।

घरेलु हिंसा

बहुविवाह

दरौ गाविस-१ की ४४ वर्षीया द्रौपती अधिकारीले आफ्ना पति ४८ वर्षीय शेषकान्त अधिकारीले कास्की धितालकी भगवती अधिकारीसँग दोस्रो विवाह गरेको भनी ०७० जेठ १४ गते जिल्ला प्रहरी कार्यालय स्याङ्जामा उजुरी दिइन्। घरमा छोरा-छोरी हुँदाहुँदै ०६९ चैत २७ गते दोस्रो विवाह गरेको पीडितको जाहेरीमा उल्लेख छ। प्रहरीले ०७० जेठ १३ गते दुवैलाई गिरफ्तार गरी मुद्दा चलाएकामा जिल्ला अदालतको ०७० असार २ गतेको आदेशमा २० हजार रुपियाँ धरौटी राखी आरोपितहरू रिहा भए।

रत्नपुर गाविस-७ की २० वर्षीया रीमा सिञ्जाली घिमिरेले ०६९ वैशाख २५ गते पति २९ वर्षीय हरिप्रसाद घिमिरेले सोही ठाउँकी १९ वर्षीया मीना जिटीसँग दोस्रो विवाह गरेको भनी ०७० जेठ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले दुवै जनालाई जेठ २३ गते गिरफ्तार गरी मुद्दा चलाएकामा जिल्ला अदालतको ०७० असार १२ गतेको आदेशमा आरोपितहरू ५२ हजार रुपियाँ धरौटी राखी रिहा भए।

फापरथुम गाविस-८ की २२ वर्षीया शर्मिला अधिकारीले आफना पति २३ वर्षीय रामु अधिकारीले सोही ठाउँकी १९ वर्षीया सरिता अधिकारीसँग दोस्रो विवाह गरेको भनी ०७० जेठ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। हाल दुवै जना फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो। आरोपित हालसम्म फरार छन्।

किचनास गाविस-८ घर भई पुतलीबजार नपा-४ बाडखोला बस्ने २६ वर्षीया सरिता परियारले ०६९ साउत १३ गते पति ३० वर्षीय कमल परियारविरुद्ध जिल्ला प्रहरी कार्यालयमा बहुविवाह उजुरी दिइन्। उजुरीका आधारमा प्रहरीले पति कमल र पत्नी कमलालाई साउन १३ गते गिरफ्तार गरी बहुविवाहको मुद्दा चलायो। जिल्ला अदालतको साउन ३२ गतेको आदेशमा दुवै जना जनही ७५ हजार रुपियाँ धरौटीमा रिहा भए।

पकवादी गाविस-६ की ३१ वर्षीया केमकला खनालले पति ३२ वर्षीय हरिप्रसाद खनालविरुद्ध साउन २ गते वडा प्रहरी कार्यालय वालिङमा बहुविवाहको जाहेरी दिइन्। कृष्णगण्डकी गाविस-२ की १८ वर्षीया सीता न्यौपानेसँग दोस्रो विवाह गरेको भनी कानुनबमोजिम कारवाहीको माग गरी जाहेरी दिएकी हुन्। घटनापछि दुवै जना फरार रहेकाले खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

जगतभञ्ज्याङ गाविस-५ की ३१ वर्षीया उजेली सार्कीले ०७० असार ३१ गते पति ३२ वर्षीय टोपबहादुर सार्कीले बहुविवाह गरेको भनी वडा प्रहरी कार्यालय वालिङमा उजुरी दिइन्। नवलपरासी जिल्ला दुम्कीबास गाविस-३ की २० वर्षीया पवित्रा सार्कीसँग बहुविवाह गरेको जाहेरीमा उल्लेख छ। जाहेरीका आधारमा प्रहरीले दुवै जनालाई असार ३१ गते गिरफ्तार गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको ०७० भदौ २ गतेको फैसलाले पति ५२ हजार रुपियाँ धरौटीमा रिहा भए भने पवित्रा सार्की तारेखमा रिहा भइन्।

पुतलीबजार नपा घर भई पर्वत थापाठाना गाविस-२ हटिया बस्ने ३६ वर्षीया कलीलुन निशाले पति ३९ वर्षीय रसुल अलिमियाँले दोस्रो विवाह गरेको भन्दै ०७० असोज १ गते जिल्ला प्रहरी कार्यलयमा उजुरी दिइन्। पर्वत जिल्लाकी ३५ वर्षीया लैला निशासँग भदौ २२ गते बहुविवाह गरेको जाहेरीमा उल्लेख छ। उजुरीका आधारमा प्रहरीले दुवै जनालाई असोज १ गते गिरफ्तार गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको असोज २३ गतेको आदेशमा दुवै जना जनही ५१ हजार रुपियाँ धरौटीमा रिहा भए।

परिवारजनबाट हत्या

बानेथोक देउराली गाविस-२ की २७ वर्षीया तारा सार्कीलाई पति ३० वर्षीय धनबहादुर सार्कीले ०७० वैशाख ७ गते कुटपिट गरी हत्या गरे। हत्या गरिएको अवस्थामा पत्नीको लास कोठामा मृत अवस्थामा फेला परेको प्रहरीले जनायो। लासको वैशाख ९ गते जिल्ला अस्पतालमा पोस्टमार्टम भयो। घटनामा संलग्न धनबहादुरलाई प्रहरीले सोही दिन गिरफ्तार गरी अनुसन्धान गऱ्यो। जिल्ला अदालतको वैशाख ३० गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइएकामा भदौ २० गते जिल्ला अदालतद्वारा २० वर्षको कैद सजाय तोकी कारागार चलान गरिएको छ।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ५५ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र स्याङ्जामा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी

घरनिकाला गरिएका २४ जना, खानलाउन नदिएको १९ जना, अर्की पत्नी ल्याएर हेला गरेकामा १० र बोक्सीको आरोप लगाएको घटनामा दुई जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले ४० घटनामा मिलापत्र गराएको, १० उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको र पाँच जना सम्पर्कमा नआएको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

गैरराज्यपक्षबाट

नेकपा-माओवादी

फेदीखोला गाविस-१ मा नेकपा-माओवादीका कार्यकर्ताले बन्दको बेलामा सवारी साधन चलाएको आरोपमा पोखरा उमनपा- १७ का खेमकुमार गुरुङको ग १ प २१२५ नम्बरको मोटरसाइकलमा ०७० कात्तिक २६ गते आगजनी गरे । नेकपा-माओवादी कार्यकर्ताले मोटरसाईकलसँगै सोही ठाउँमा पोखराबाट स्याङजातर्फ जाँदै गरेको कास्की पोखरा निवासी रामबहादुर कार्कीको ग १ ज ३६९३ नम्वरको ट्याक्सीमा समेत तोडफोड गरेका थिए ।

वालिङ नपा-१ का नारायण विक्रम खाँडको लु १२ प २७८४ नम्वरको मोटरसाइक नेपाल बन्दको समयमा चलाएको आरोपमा नेकपा-माओवादीका कार्यकर्ताले ०७० कात्तिक २७ गते तीनदोवाटे गाविस-६ चिउरीमा नियन्त्रणमा लिई आगजनी गरे । घटनामा संलग्नलाई कुनै कारबाही भएन । नेकपा-माओवादीले संविधानसभा निर्वाचनको बहिस्कार गर्ने भन्दै ०७० कार्तिक २५ गतेदेखि निर्वाचनको दिनसम्म नेपाल बन्दको आयोजना गरेको थियो ।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	२६		
उपस्वास्थ्यचौकी	४०		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	१	१	
स्टाफ नर्स	६	६	
ल्याब असिस्टेन्ट	४	३	१
अहेब	१२५	७५	४६
अनमि	५४	६२	३२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	३२	६	२६

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कारका ११, आत्महत्याका ६१, बहुविवाहका १० र कर्तव्य ज्यानका दुईओटा मुद्दा दर्ता भए।

३.५ कास्की



जिल्ला सदरमुकाम: पोखरा
क्षेत्रफल (वर्ग कि. मि.): २,०१७
घरधुरी सङ्ख्या: १,२५,६७३
जम्मा जनसङ्ख्या: ४,५२,०५८
पुरुष: २,३६,३८५
महिला: २,५५,७१३
अपाङ्ग सङ्ख्या: ५,२१५
गाविस/नपा सङ्ख्या: ४३/२
पुरुष साक्षरता सङ्ख्या: १,५८,१५५
महिला साक्षरता सङ्ख्या: १,८३,६१८
हिन्दू धर्मावलम्बी प्रतिशत: ८२.३३
बौद्ध धर्मावलम्बी प्रतिशत: १३.४७
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.५
किराँत धर्मावलम्बी प्रतिशत: ०.०५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.१४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१३
वोन धर्मावलम्बी प्रतिशत: ०.५५
वहई धर्मावलम्बी प्रतिशत: ०.०१
शिख धर्मावलम्बी प्रतिशत: ०.००२
अन्य धर्मावलम्बी प्रतिशत: ०.३४
प्रतिपरिवार सरदर सङ्ख्या: ३.५२

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता ६० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २ सय ३ जना कैदी र कैद नतोकिएका २ सय ५९ जना थुनुवा गरी जम्मा ४ सय ६२ जना बन्दी रहेका छन्। यसमा आश्रित बालिका एक जना छन्। यो जिल्ला कारागार ०२२ सालमा निर्माण भएको हो।

जिल्ला कारागार, कास्कीमा क्षमताभन्दा झन्डै आठ गुणा बढी थुनुवा बस्न बाध्य भएका छन्। थुनुवाहरूको चाप भएपछि शौचालयमा बिहानदेखि बेलुकासम्म लाइनमा बसेर जानुपर्ने बाध्यता छ। सुत्ने ठाउँको अभावमा गल्लीमा समेत भेडाबाखाझैं राख्नुपरेको कारागार प्रमुख रमेशकुमार श्रेष्ठले बताए। खानेपानीको अभावमा दैनिक ट्याङ्करमा पानी ल्याउनुपरेको छ। जीर्ण भवन भएको हुँदा वर्षायाममा पानी चुहिने र टेन्ट हालेर सुताउनुपर्ने बाध्यता रहेको छ। ०६९ सालदेखि नयाँ भवन निर्माण कार्य सुरु भए तापनि बजेटको अभावमा सम्पन्न हुन सकेको छैन। कारागारमा टेलिभिजन, पत्रपत्रिका, रेडियो, कम्प्युटरजस्ता सुविधा रहेको छ। कारागारका महिला थुनुवाहरूले स्वीटर, पन्जा र मोजा बुन्ने तथा च्याउ खेती गरी आय आर्जन गरेका छन् भने पुरुष थुनुवाहरूले मुडा बुन्ने काम गरी आयआर्जन गरेका छन्। ०६९ सालमा कारागारमा झडप भएपछि कारागारमा सञ्चालित फर्निचर उद्योग भने बन्द गरिएको छ।

पोखरा उमनपा-५, मालेपाटन घर भई जिल्ला कारागार शाखा कास्कीमा बन्दी रहेका ३५ वर्षीय आनन्द केसीलाई कारागारका चौकीदार रमेश नेपाली, सन्तोष गुरुङ, दीपक मल्ल र नरेश श्रेष्ठले आक्रमण गरी ०७० जेठ ८ गते कुटपिट गरेको भन्दै सुरक्षाको माग गरी पीडितकी पत्नीले असार ४ गते इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालयमा उजुरी दिइन्। आफ्ना पतिमाथि आक्रमण भएको घटना परिवारलाई जानकारी नदिएको र भेट्नसमेत नदिई घटनालाई गुपचुप राखेकाले फेरि पनि घटना दोहोरिन नदिन र पीडकमाथि कारबाहीको माग गरिन्। उजुरीपछि इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालयका संयोजक शिव खकुरेलसहितको मानवअधिकारकर्मीको टोलीले असार ५ गते कारागारमा गएर घटनाको अनुगमन गरी घटनाप्रति कारागार प्रमुखको ध्यानाकर्षण गरायो। आरोपितहरूलाई कुनै कारबाही भएन।

कारागारका थुनुवा सैमराङ गाविस घर भई पोखरा उमनपा-१२, शीतलदेवी बस्ने जनाना भन्ने २२ वर्षीय हेमबहादुर तामाङ ०७० साउन ११ गते कारागारको पर्खाल नाघेर भागे। कारागारको फोहोर फाल्ने बहानामा उनी पश्चितर्फको तारबार नाघेर भागेका थिए। जबरजस्ती करणी मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका तामाङ भागेपछि प्रहरी इन्स्पेक्टर विनिमहादेव पौडेलको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरियो। घटनामा सुरक्षाकर्मीको

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					३४	३४
बालअधिकार				४०	५१	९१
महिलाअधिकार	१		१	३५		३५
भेला/सङ्गठित हुने अधिकार	१	१३	१३			
जातीय विभेद				१	१	२
गिरफ्तारी/यातना		१३	१३			
कुटपिट	२	७	९	४	१२	१६
हत्या				३	३	६
जम्मा	४	३२	३६	८३	९१	१७४

हेलचेक्याई भएको भन्दै कारागारमा कार्यरत चार जना प्रहरीलाई निलम्बन गरेको छ।

धम्की/कुटपिट

राज्यपक्षबाट

पोखरा उमनपा-९, नयाँबजारस्थित कृषि विकास बैंकको जग्गा नियन्त्रणमा लिई पोखराका फुटपाथ व्यवसायीले पसल सञ्चालन गर्ने क्रममा ०६९ चैत १० गते फुटपाथ व्यवसायी र प्रहरीबीच झडप भयो। झडपमा परी फुटपाथ व्यवसायी इन्द्रबहादुर कार्की, तारा अधिकारी, शान्ति थापा, अरविनकुमार शाह, भीम चिमोरिया, जगदीश भट्टराई, शङ्कर गौतम, मित्र पौडेल सामान्य घाइते भए। उनीहरूको चरक अस्पतालमा उपचार भयो।

स्याङ्जा जिल्ला कोल्मा गाविस-५ घर भई पोखरा उमनपा-१७, विरौटा बस्ने २३ वर्षीय विष्णु गुरुङलाई ०७० असार २४ गते सादा पोसाकमा आएका प्रहरीले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट पीडितको बायाँतर्फको एउटा करङ भाँचिएको छ। उनको पोखरा उमनपा-८, सिर्जनाचोकस्थित मेट्रोसिटी अस्पतालमा उपचार भयो। पोखरा उमनपा-६ लेकसाइडस्थित ओजन डान्स क्लबमा पार्टी खाएर पार्किङस्थलबाट मोटरसाइकल निकाल्ने क्रममा सादा पोसाकमा आएका तीन जना प्रहरीले बिनाकारण मोटरसाइकलको चाबी खोसेर हत्कडी लगाएर कुटपिट गरेको पीडितले बताए। वडा प्रहरी कार्यालय, बैदामका इन्स्पेक्टर झविन्द्र भट्टराईले गुरुङलाई नियन्त्रणमा लिने क्रममा सामान्य धकेलाधकेल भएको बताए। यसैबीच, असार २६ गते पीडितपक्ष र वडा प्रहरी कार्यालयबीच भएको छलफलमा घटनामा संलग्न प्रहरीहरूले गल्ती भएकामा क्षमा मागदै उपचार खर्च बेहोर्ने सर्तमा मिलापत्र भयो।

गैरराज्यपक्षबाट

अन्यबाट

पोखरा उमनपा-५ निवासी स्थानीय 'डन न्यूज' दैनिकका प्रकाशक/सम्पादक ३४ वर्षीय राजेन्द्र अधिकारीलाई पोखरा उमननपा-९, नयाँबजार निवासी मुस्लिम महिला आयोगका सदस्य ३७ वर्षीया जुविदा मियाले ०७० जेठ २ गते समाचार प्रकाशनको विषयलाई लिएर अपशब्द प्रयोग गरी हातपात गरिन्। पीडितले जेठ ३ गते जिल्ला प्रशासन कार्यालय र वडा प्रहरी कार्यालयमा शान्ति सुरक्षाको माग गर्दै उजुरी दिए तापनि आरोपितमाथि कुनै कारबाही भएन।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सङ्घीय समाजवादी नेपाल पार्टीद्वारा जिल्ला प्रशासन कार्यालयमा आयोजना गरिएको धर्ना कार्यक्रममा ०६९ चैत १९ गते प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा सात जना कार्यकर्ता घाइते भए। लाठीचार्जबाट पार्टीका केन्द्रीय सचिव ४० वर्षीय डिलबहादुर नेपाली, कार्यकर्ताहरू ६० वर्षीय बुद्धिबहादुर नेपाली, ६९ वर्षीय क्याप्टेन धनबहादुर तामाङ, ७० वर्षीय खड्गसिंह गुरुङ, ६५ वर्षीय क्याप्टेन मनप्रसाद तमु, अग्रगामी विद्यार्थी सङ्गठनका केन्द्रीय सदस्य २७ वर्षीय फरेन्द्र थापामगर र विद्यार्थी युनियनका २४ वर्षीय नवीन भण्डारी घाइते भए। उनीहरूको चरक अस्पताल पोखरामा उपचार भयो। हस्तक्षेपका क्रममा प्रहरी जवान किशोर जिटी, टीकाराम श्रेष्ठ, भीमबहादुर राना, हुमबहादुर राना, देवकुमार श्रेष्ठ सामान्य घाइते भए। २५ बुँदे संविधान संशोधन आदेश खारेज गर्नुपर्ने, पहिचानसहितको संविधान सुनिश्चित हुनुपर्नेलगायतको माग राख्दै उनीहरूले धर्ना दिएका थिए।

पोखरा उमनपा-१६, लामाचौरस्थित इन्जिनियरिङ अध्ययन संस्थान पश्चिमाञ्चल क्याम्पसमा ०७० जेठ १६ गते विद्यार्थी सङ्गठनबीच भएको झडपमा सात जना घाइते भए। अनेरास्ववियु

क्रान्तिकारीले केन्द्रीय कार्यक्रम अन्तर्गत क्याम्पसको स्ववियु निर्वाचन कार्यालयमा तालाबन्दी गर्ने क्रममा झडप भएको थियो। झडपमा काभ्रे जिल्ला सर्स्युखर्क गाविस-१ निवासी अनेरास्ववियु क्रान्तिकारीका एकाइ अध्यक्ष २० वर्षीय नारायण बडाल, गोरखा जिल्ला बोर्लाङ गाविस-१ निवासी अनेरास्ववियु क्रान्तिकारी जिल्ला सचिवालय सदस्य २१ वर्षीय राम पाण्डे, गोरखा जिल्ला हर्मी गाविस-९ निवासी क्रान्तिकारी जिल्ला सदस्य १९ वर्षीय विकास नेपाली, गोरखा जिल्ला अश्राङ गाविस-५ निवासी क्रान्तिकारी एकाइ उपाध्यक्ष २१ वर्षीय रमेश थापा, पोखरा उमनपा-१, सिमपानी निवासी एकाइ सदस्य १८ वर्षीय अच्युत भण्डारी र कञ्चनपुर जिल्ला महेन्द्रनगर नपा-१९ निवासी अखिल क्रान्तिकारीका सल्लाहकार २४ वर्षीय हर्क चन्द घाइते भए। घाइतेहरूको टाउको, खुट्टा, ढाड, हातमा चोट लागेकामा मणिपाल शिक्षण अस्पतालमा उपचार भयो। झडपका क्रममा प्रहरी जवान लोकबहादुर भट्टराई पनि सामान्य घाइते भए।

सद्भावना पार्टी नेपालका कार्यकर्ताद्वारा संविधानसभा निर्वाचनको मिति घोषणा गर्नुपर्ने, आमाको नामबाट नागरिकता प्रदान गर्नुपर्ने, भौगोलिक तथा सांस्कृतिक आधारमा निर्वाचन क्षेत्र घोषणा गर्नुपर्ने मागसहित ०७० वैशाख १७ गते जिल्ला प्रशासन कार्यालयमा तालबन्दी गर्ने क्रममा सो पार्टीका कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो। सद्भावना पार्टीका राष्ट्रिय सल्लाहकार हिम्मत मियाँ, जिल्ला अध्यक्ष फजुल्दिन मियाँ, उपाध्यक्ष वामदेव वाग्ले, महिला विभाग अध्यक्ष लक्ष्मी नेपाली, सदस्य लक्ष्मण ढुङ्गाना, मुस्लिम सङ्घका केन्द्रीय सदस्य इशाद मियाँलाई प्रहरीले गिरफ्तार गरेकामा सोही दिन रिहा गऱ्यो।

पोखरा उमनपा-९, नयाँबजारस्थित महेन्द्र उच्च माविमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने विषयमा काङ्ग्रेस र एमाओवादीका कार्यकर्ताबीच विवाद हुँदा ०७० असार २७ गते झडप भयो। झडपमा परी अनेरास्ववियु क्रान्तिकारीका जिल्ला अध्यक्ष २५ वर्षीय कृष्णराज दाहाल, सदस्यहरू २६ वर्षीय नेत्र चापागाईं र २४ वर्षीय सन्तोष सोनाम घाइते भए। घाइतेहरूमध्ये दाहालको मणिपाल शिक्षण अस्पताल र चापागाईंको फेवासिटी अस्पतालमा उपचार भयो। त्यसै गरी नेविसङ्घका कार्यकर्ताहरू २४ वर्षीय तारानाथ अधिकारी, २५ वर्षीय अविनाश गुरुङ, २६ वर्षीय सुवर्णजङ्ग केसी र २५ वर्षीय सुनील गुरुङ सामान्य घाइते भए। उनीहरूको स्थानीय मेडिकलमा उपचार भयो। व्यवस्थापन समितिको अध्यक्षमा काङ्ग्रेसका तर्फबाट विष्णुप्रसाद वास्तोला र एमाओवादीका तर्फबाट शिव सुनारले उम्मेदवारी दिएका थिए। झडपपछि एमाओवादी कार्यकर्ताले अध्यक्षका प्रत्यासी विष्णुप्रसाद वास्तोलाको न्युरोडस्थित घरमा ढुङ्गा प्रहार गरी सिसा फुटाएको वास्तोलाले आरोप लगाए।

एमाओवादी र एमालेका कार्यकर्ताबीच निर्मलपोखरी गाविसमा ०७० मङ्सिर २ गते राति १० बजे झडप हुँदा सात जना एमालेका कार्यकर्ता घाइते भए। निर्मलपोखरी गाविस-८ स्थित जनजागृति निमावि मतदानस्थलनजिकै टाँसिएको तुल, व्यानर र पोस्टर हटाउने क्रममा भएको विवादपछिको झडपमा एमाले कार्यकर्ताहरू कृस्तिनाच्नेचौर गाविस-२ का २२ वर्षीय राम गुरुङ, सोही ठाउँका २१ वर्षीय नवीन सुवेदी, २५ वर्षीय सुमन सुवेदी, वासुदेव सुवेदी, सोही गाविस-४ का २५ वर्षीय सुमन गुरुङ, २५ वर्षीय नरेश थापा, २७ वर्षीय कमल गुरुङ घाइते भए। उनीहरूमध्ये राम गुरुङ र नरेश थापाको पोखराको मेट्रोसिटी अस्पतालमा उपचार भयो। झडपका क्रममा ग८प ३३०६ र ग३प ४९ नम्बरको मोटरसाइकल एवं एउटा मोबाइलसमेत तोडफोड गरेको पीडित वासुदेव सुवेदीले बताए। घटना भएपछि मङ्सिर २ गते राति नै वडा प्रहरी कार्यालयका इन्स्पेक्टर झविन्द भट्टराई घटनास्थल पुगी स्थितिलाई नियन्त्रणमा लिएका थिए। यसैबीच घटनास्थलको इन्सेक, राष्ट्रिय मानवअधिकार आयोग र नियोकले अनुगमन गरेको थियो। राजनीतिक विषयमा दुवैपक्षबीच सामान्य झडप भएको पाइयो। घटनापछि उक्त क्षेत्रमा सुरक्षा व्यवस्था कडा बनाइयो।

प्रहरीको लाठी प्रहारबाट घाइते भएका फरेन्द्र थापामगर

गैरकानुनी गिरफ्तारी

नेकपा-माओवादीका राज्य समिति सदस्य २८ वर्षीय लालबहादुर गुरुङलाई ०७० कात्तिक १० गते संविधानसभा निर्वाचन, २०७० को प्रचारप्रसारका क्रममा काहुँ गाविसमा काङ्ग्रेसले निकालेको जुलुसका सहभागीलाई धम्की दिएको आरोपमा प्रहरीले अमरसिंह चोकबाट गिरफ्तार गऱ्यो। आरोपित गुरुङलाई सार्वजनिक मुद्दामा अनुसन्धानका लागि हिरासतमा राखेकामा कात्तिक १८ गते सादा तारेखमा रिहा भए। आरोपित गुरुङले भने जुलुसलाई धम्की नदिएको र आफ्नो पार्टीको निर्वाचन बहिष्कारको नीति नरहेको बताए।

नेकपा-माओवादीले मङ्सिर २५ गतेदेखि आह्वान गरेको आमहडतालको पूर्वसन्ध्यामा प्रहरीले नेकपा-माओवादीका पाँच जना कार्यकर्तालाई ०७० कात्तिक २४ गते गिरफ्तार गऱ्यो। प्रहरीले नेकपा-माओवादीका कार्यकर्ताहरू राजु सुनार र विष्णु कुँवरलाई हेम्जा गाविसबाट, कृष्ण राजमाझीलाई पोखरा उमनपा-१८, भेडीफारामबाट, त्यसै गरी पोखरा उमनपा-१, बगरबाट सन्देश गुरुङ र लेखनाथ नपा-२, अर्घौं चोकबाट हरि दवाडीलाई गिरफ्तार गरेकामा मङ्सिर ६ गते जनही २ हजार रुपियाँ धरौटीमा रिहा भए।

नेकपा-माओवादीको भ्रातृ सङ्गठन किसान महासङ्घ, कास्कीका अध्यक्ष दुर्गादत्त अधिकारीलाई प्रहरीले कात्तिक २७ गते बेलुका गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयले उनीविरुद्ध सार्वजनिक अपराध अन्तर्गत मुद्दा दर्ता गरी अनुसन्धान गरेकामा अधिकारीलाई मङ्सिर ६ गते रिहा गऱ्यो। नेकपा-माओवादीका कार्यकर्ता २७ वर्षीय कमल बुढा इमान्दारलाई प्रहरीले ०७० कात्तिक २९ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयले उनीविरुद्ध सार्वजनिक मुद्दा दायर गरी अनुसन्धान गरेकामा मङ्सिर ६ गते रिहा गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

तीन जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारीतर्फ ९ सय ३१ थान मुद्दा परेकामा ३ सय १४ थानको फैसला भयो भने ६ सय १७ थान बाँकी रहे। देवानीतर्फ ६ सय २७ थान मुद्दा परेकामा ९५ थानको फैसला भयो भने ५ सय ३२ थान बाँकी रहे।

०७० साउनदेखि ०७० पुस १६ गतेसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३ सय थानमध्ये १ सय ८५ थान फैसला भए भने १ सय १५ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय १४ थानमध्ये १ सय ७० थान फैसला भए भने १ सय ४४ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १२ थान र देवानी मुद्दा १० थान रहेका छन्।

पुनरावेदन अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

आठ जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारीतर्फ ४ सय ८२ थान मुद्दा परेकामा १ सय २९ थानको फैसला भयो भने ३ सय ५३ थान बाँकी रहे। देवानीतर्फ ३ सय ७० थान मुद्दा परेकामा १ सय २१ थानको फैसला भयो भने २ सय ४९ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

आठ जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ ४ सय ९५ थानमध्ये १ सय ७४ थान फैसला भए भने ३ सय २१ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ८१ थानमध्ये १ सय ५१ थान फैसला भए भने २ सय ३० थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १ थान बाँकी रह्यो।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ हजार ७० थान छन्, जसमध्ये ५५ थान सफल भए भने पाँच थान असफल भए। ९ सय ५७ थान मुद्दा मुलतवी र तामेलीमा रहेका छन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी १६, बलात्कारसम्बन्धी १६, महिला बेचबिखनसम्बन्धी तीन र बहुविवाहसम्बन्धी १० थान मुद्दा थिए। अपहरणसम्बन्धी १० मुद्दा रहेकामा दुई थान सफल रहे। बालविवाहसम्बन्धी र छुवाछूतसम्बन्धी कुनै मुद्दा थिएनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या १ सय ७ थान रहेकामा १० थान सफल भएको छ। सरकारी वकिल सङ्ख्या दुई जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ९७ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

पुनरावेदन सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ६ सय ६९ थान मध्ये १ सय १८ थान सफल भए भने २ सय ३२ थान असफल भए। ३ सय ५० थान मुल्तवीमा रहे।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी ५२ थान मुद्दामा १३ थान सफल र १४ थान असफल रहे भने २५ थान बाँकी रहे। बलात्कारसम्बन्धी २६ थान मुद्दामध्ये चार थान सफल र आठ थान असफल रहे भने १२ थान बाँकी रहे। महिला बेचबिखनसम्बन्धी ६ थान मुद्दामध्ये एउटा सफल र एउटा असफल भयो भने चार थान बाँकी रहे। अपहरणसम्बन्धी दुई थानमध्ये एउटा सफल रह्यो। बहुविवाहसम्बन्धी १५ थान मुद्दामध्ये पाँच थान सफल र तीनथान असफल रहे भने साता थान बाँकी रहे। बालविवाह र छुवाछूतसम्बन्धी कुनै मुद्दा दायर भएनन्।

पुनरावेदन सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या १ सय ८२ रहेकामा ७८ थान सफल भए। सरकारी वकिलको सङ्ख्या पाँच जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ४ सय ३ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

देउराली गाविस-२ का ६४ वर्षीय सन्तबहादुर गुरुङलाई ०७० भदौ १९ गते डाँडाकोनाक प्रहरी चौकीमा हिरासतका क्रममा प्रहरीले कुटपिट गरी घाइते बनाए। पेन्सन थापेर पोखरादेखि देउरालीतर्फ जाने क्रममा बसभाडाको विषयमा विवाद भएपछि बसका सहचालकले डाँडाकोनाक प्रहरी चौकीमा ओरालेका थिए। सोही क्रममा प्रहरीसँग विवाद गरेको भन्दै उनलाई प्रहरी चौकीमा लगिएको थियो। प्रहरीको कुटपिटबाट पीडितको मेरुदण्ड, बायाँ आँखा र करङमा चोट लागेको थियो। उनको पोखराको ओम अस्पतालमा उपचार भयो। घटनापछि पीडितका आफन्तहरूले घटनामा संलग्न दोषीलाई कारबाही माग गर्दै डाँडाको नाकप्रहरी चौकीमा भदौ २२ गते धर्ना दिए। जिल्ला प्रहरी कार्यालय, पीडितपक्ष र घटनामा संलग्नहरूबीच असोज २ गते छलफल हुँदा घटनाप्रति माफी माग्दै पीडितको सम्पूर्ण उपचार खर्च बेहोर्ने सर्तमा मिलापत्र भयो।

सार्दीखोला गाविस-९, चौराका २७ वर्षीय तोरण गुरुङ, सोही ठाउँका २५ वर्षीय दीपक गुरुङ र २६ वर्षीय सन्तोष गुरुङलाई वडा प्रहरी कार्यालय, बगरले हिरासतका क्रममा मङ्सिर ११ गते साँझ ७ बजे पाइप र लाठीले कुटपिट गरी यातना दिएको पीडितहरूले बताए। पीडित तोरण गुरुङले राति ८ बजे खाना खाएपछि सादा पोसाकमा आएका दुई जना प्रहरीले ढोकाको चुकुल लगाई पैतालामा पाइप र लाठीले कुटपिट गरी यातना दिएको र पाइप भाँच्चिएपछि बाँसको लाठीले कुटपिट गर्दै उफ्रन लगाएको पीडितले बताए। मङ्सिर १२ गते पीडितका आफन्त भेट्न जाने क्रममा पीडितले यसबारेमा भनेपछि घटना सार्वजनिक भएको थियो। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी राजेशनाथ वास्तोलाले घटनाका बारेमा गम्भीरतापूर्वक अनुसन्धान गरी दोषीलाई कानुनबमोजिम विभागीय कारबाही गरिने बताए। इन्सेकले मङ्सिर १३ गते राति ७ बजे पीडितहरूलाई भेटघाट गरी घटनामा संलग्न दोषीलाई कारबाही गर्न जिल्ला प्रहरी कार्यालयको ध्यानाकर्षण गरायो। पीडकलाई कुनै कारबाही भएन।

पोखरा उमनपा-१८, छिनेडाँडास्थित प्रगति टोलका १२ वर्षीय बालक सुजन नेपालीलाई वडा प्रहरी कार्यालय, रामबजारका प्रहरीले ०७० पुस ५ गते कुटपिट र यातना दिएको परिवारले आरोप लगायो। सोही ठाउँस्थित शिवालय टोलमा आगो तापेर बसेका पाँच जना बालकमध्ये सुजनलाई प्रहरीले गिरफ्तार गरी कुटपिट तथा यातना दिएको पीडितकी आमा अश्मि नेपालीले बताइन्। आफूहरू प्रहरीको गाडी देख्नेबित्तिकै भागेको र प्रहरीले नियन्त्रणमा लिने क्रममा कान, घाँटी र तिघ्रामा कुटपिट गरेको पीडित बालकले बताए। बिनाअभियोगमा बालकलाई नियन्त्रणमा लिई चौकीमा समेत कुटपिट गरी एक रात राखेर पुस ६ गते दिउँसो प्रहरीले रिहा गऱ्यो। घाइते बालकको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भयो। इन्सेकको नेतृत्वमा पुस ८ गते मानवअधिकारकर्मीको टोलीले घटनाको अनुगमन गऱ्यो। वडा प्रहरी कार्यालय, रामबजारले

बालकहरू प्रहरी देखेर भागेको र प्रहरीले नियन्त्रणमा लिन खोज्दा सामान्य बल प्रयोग भएको तर कुटपिट नगरिएको बताउँदै पीडितपक्षसँग मिलापत्र भएको जनायो। उपचार खर्च प्रहरीले नै बेहोर्ने सहमतिमा मिलापत्र भएको पीडितले बताए।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख १७ हजार ५ सय ६७ मध्ये छात्र ६० हजार १ सय १ र छात्रा ५७ हजार ४ सय ६६ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १२ हजार १ सय ४३ र छात्र ११ हजार ६ सय ५० रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला १ हजार २६ र पुरुष १ हजार १ सय ८७ गरी जम्मा २ हजार २ सय १३ शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला १ सय ४३ र पुरुष ४ सय ७१ गरी जम्मा ६ सय १४ शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला ४८ र पुरुष ४ सय ६८ गरी जम्मा ५ सय १६ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ८ हजार ४ सय १५ र बालिका ७ हजार ५ सय ६ गरी जम्मा १५ हजार ९ सय २१ रहेका छन्। जसमध्ये दलित बालक १ हजार ७ सय ८९ र बालिका १ हजार ७ सय ८९ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइयो।

लुम्ले गाविसस्थित बालमन्दिर विद्यालयको छात्रवासमा बसी छात्रवृत्तिमा अध्ययनरत ६८ जना विद्यार्थीहरूले आफूलाई शिक्षकहरूले शारीरिक र मानसिक यातना दिएको भन्दै ०६९ फागुन २१ गते विद्यालय छाडे। घटनाको फागुन २३ गते बिहान इन्सेकको अगुवाइमा शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्की र सिविनसहितले नगर प्रशिक्षण केन्द्रमा गई विद्यार्थीहरूसँग भेटघाट गरी सो घटनाको अवस्थाबारे जानकारी लिई स्थानीय सम्बन्धित सरोकारवालाहरूसँग भेटघाट गरी विद्यार्थीहरूबीच छलफल गरेको थियो। छात्रवासमा बसेर विभिन्न २२ जिल्लाका कक्षा ५ देखि ७ कक्षासम्म अध्ययन गर्दै आएका ५० जना छात्रा र १८ जना छात्र यातना सहन नसकी ०६९ फागुन २१ गते न्यायका लागि पोखरा आएका थिए। विद्यालयमा दिने मानसिक तथा शारीरिक यातनाका कारण असुरक्षित बनेका उनीहरू न्यायको आशामा नगर विकास प्रशिक्षण केन्द्र, पोखराको गेस्टहाउसमा बसेका थिए। घटनाको इन्सेक, शान्तिका लागि नागरिक समाजको सञ्जाललगायत संस्थाले अनुगमन गरी क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालयको ध्यानाकर्षण गराई उपयुक्त निकासका लागि आग्रह गरेका थिए। सो छलफलपछि पुनः सरोकारवाला, मानवअधिकारकर्मी र अभिभावकहरूबीच त्रिपक्षीय छलफल भई विद्यार्थीहरूलाई तत्काल अभिभावकसँग घर फर्काउने सहमति भएको थियो। उक्त विद्यालयमा नेपाल सरकारको छात्रवृत्तिमा २२ जिल्लाका ७१ जना विद्यार्थीले अध्ययन गर्दै आएका थिए। पीडित विद्यार्थीहरूले ०७० वैशाख ३ गते शिक्षामन्त्री माधवप्रसाद पौडेललाई ज्ञापनपत्र बुझाउँदै समस्या समाधान गर्न आग्रह गरे। वैशाख १६ गते शिक्षा विभागमा भएको सहमतिपछि पीडित विद्यार्थीहरूलाई पाल्पा जिल्लाको तानसेनस्थित जनता माध्यमिक विद्यालयमा स्थानान्तरण गरियो। विद्यालयका प्रिन्सिपल दयाराम सुवेदी र होस्टल वार्डेन कृष्णप्रसाद तिवारीलाई जिल्ला शिक्षा कार्यालयले फागुन २४ गते निलम्बन गऱ्यो।

कास्कीकोट गाविस-८, कालिका उच्च माविमा अध्ययरत विद्यार्थीहरूलाई सोही विद्यालय व्यवस्थापन समितिका सदस्य टेकप्रसाद अधिकारीको आदेशमा स्थानीय युवाहरूले ०६९ चैत ४ गते कुटपिट गरे। विद्यालयमा शिक्षक नियुक्तिको विषयमा विवाद भएपछि अधिकारीले विद्यालयमा तालाबन्दी गरेका थिए। तालाबन्दी विद्यार्थीहरूले तोडेपछि उनले युवाहरूलाई बोलाई विद्यार्थीहरूलाई कुट्न लगाएका थिए। कुटपिटबाट १४ वर्षीय अजित भुजेल, १५ वर्षीय रमेश लामा, १३ वर्षीय विराज सुवेदी, १३ वर्षीया सफला सुवेदी, १४ वर्षीया करिश्मा वस्तोकोटी र १५ वर्षीय रमेश सुवेदी सामान्य घाइते भए। उनीहरूको स्थानीय उपस्वास्थ्य चौकीमा उपचार भयो। पीडितपक्षले चैत ५ गते वडा प्रहरी कार्यालय वैदाममा उजुरी दिएकामा चैत ५ गते दुवैपक्षबीच मिलापत्र भयो।

पोखरा उमनपा-८ नागढुङ्गास्थित विज्डम कास्की इङ्लिस बोर्डिङ स्कुलको कक्षा २ मा अध्ययनरत आठ वर्षीया बालिका रोजिना गिरीलाई ०७० असार ९ गते शिक्षिका अन्तिम गुरुङले कुटपिट गरिन्। कुटपिटबाट बालिकाको पाखुरा र खुट्टामा नीलडाम रहेको छ। घटनाका बारेमा ०७० असार १० गते बालिकाका अभिभावक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र विद्यालयका शिक्षक-शिक्षिकाबीच छलफल

भएको थियो। छलफलका क्रममा शिक्षिकाले गल्ती भएको र आगामी दिनमा गल्ती नदोहोऱ्याउने भन्दै पीडित बालिकाका अभिभावकसँग माफी मागेपछि सहमति भयो।

पोखरा उमनपा-१२, माटेपानीस्थित हिलप्वाइन्ट हाई स्कुलमा अध्ययनरत पुनम रानामगरलाई ०७० साउन २६ गते होस्टेल वार्डेन चन्द्रप्रकाश पौडेलसहितले कुटपिट गरी यातना दिए। पीडितको माटेपानीस्थित विजी अस्पतालमा उपचार भयो। विद्यालयमा अनुशासन उल्लङ्घन गरेको भन्दै एक्कासि कुटपिट गरेको पीडितले बताइन्। यातना दिएपछि सोही विद्यालयमा अध्ययनरत विजय पुनले छात्रवासको तीन तलामाथिबाट हामफालेर घाइते भए। उनको मणिपाल शिक्षण अस्पतालमा उपचार भयो। घटनामा संलग्नलाई कारबाहीको माग गर्दै पीडितका आफन्तले साउन २७ गते धर्ना दिए। यसैबीच, पीडितपक्ष, पीडक र प्याव्सनका पदाधिकारीबीच साउन २८ गते भएको छलफलमा घटनामा संलग्न दोषीलाई १० दिन निलम्बन गर्ने, प्राचार्यले माफी माग्ने, पीडितको उपचारको व्यवस्था गर्ने लगायतका ६ बुँदे सहमति भयो।

बेचबिखन तथा ओसारपसार

१३ वर्षीया एक बालिकालाई पाल्पा जिल्ला भैरवस्थान गाविस-९ घर भई पोखरा उमनपा-८, सिर्जनाचोकमा निरमाया रेस्टुरेन्ट सञ्चालन गर्ने ४२ वर्षीय डोलबहादुर थापाले जबरजस्ती यौन कार्य गर्न लगाई आर्थिक लाभ लिएको भन्दै प्रहरीले ०७० जेठ २१ गते गिरफ्तार गऱ्यो। पीडित बालिका वैशाख १९ गते घरबाट लेखनाथस्थित आफन्तको घरमा बसमा आउने क्रममा निदाएपछि पृथ्वीचोक पोखरामा ओर्लिएकी थिइन्। त्यहाँ अलपत्र परेकी उनलाई एक जना ट्याक्सी चालकले आफन्तको घरमा पुऱ्याइदिन्छु भनी उक्त रेस्टुरेन्टमा लगेका थिए। रेस्टुरेन्ट सञ्चालकले सुरुमा भाँडा माझ्ने काम लगाएकामा पछि यौन कार्यमा लगाएपछि पीडित असार १ गते भागेर लेकसाइडस्थित आफन्तको घरमा गएकी थिइन्। त्यहाँबाट आफन्तले उद्धार गरेपछि उनका आफन्तले जिल्ला प्रहरी कार्यालय तनहुँमा असार १० गते उजुरी गरेकामा तनहुँबाट थप अनुसन्धानका लागि कास्की जिल्ला प्रहरी कार्यालयमा पठाएको थियो। पीडकविरुद्ध चेलीबेटी बेचबिखन तथा ओसारपसार अन्तर्गत मुद्दा दायर गरी अदालतमा पेस गरेकामा जिल्ला अदालतको साउन १४ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१६ वर्षीया एक बालिकालाई डर-धम्की दिएर पोखरा उमनपा-२ मा गेस्ट हाउस सञ्चालन गर्ने ४५ वर्षीय मदनसिंह ठकुरीले होटलका ग्राहकसँग जबरजस्ती यौन कार्य गर्न लगाई आर्थिक लाभ लिएको भन्दै पीडितले ०७० जेठ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित ठकुरीलाई प्रहरीले सोही दिन गिरफ्तार गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दा दर्ता गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको असार १९ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१६ वर्षीया एक बालिकालाई लेखनाथ नपा-१४ का ३२ वर्षीय कल्पना भुजेल र सोही ठाउँका ३५ वर्षीय निर्मल गुरुङले ०७० साउन ३० गते ललाइफकाई बेचबिखन गरेको भन्दै पीडितका आफन्तले साउन ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूलाई साउन ३२ गते गिरफ्तार गरी उनीहरूविरुद्ध प्रहरीले मानव बेचबिखन मुद्दा दर्ता गरी अनुसन्धान गऱ्यो। जिल्ला अदालतको भदौ २५ गतेको आदेशमा आरोपितहरू ७ हजार रुपियाँ धरौटीमा रिहा भए। पीडित बालिका घरमै छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

चार वर्षीया एक बालिकालाई ०६९ चैत ३० गते १६ वर्षीय एक बालकले बलात्कार गरेको भन्दै पीडित परिवारले ०७० वैशाख २ गते जिल्ला प्रहरी प्रहरी कार्यालयमा किटानी उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा वैशाख १ गते स्वास्थ्य परीक्षण तथा उपचार भयो। जिल्ला अदालतको आदेशमा ०७० जेठ २० गतेदेखि आरोपित बालक सराङकोटस्थित बालसुधार गृहमा छन्।

पाँच वर्षीया एक बालिकालाई १६ वर्षीय एक बालकले ०७० वैशाख ३ गते बलात्कार गरेको आरोपमा पीडित परिवारले वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपित बालकलाई वैशाख ५ गते गिरफ्तार गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको आदेशमा आरोपित बालक वैशाख २९ गते सराङकोट गाविसस्थित बाल सुधार गृहमा छन्।

१५ वर्षीया एक बालिकालाई भदौरेतामागी

गाविस-५ का २२ वर्षीय तिलक नेपालीले ०७० वैशाख ३० गते फकाइफुलाई लेकसाइडस्थित एक होटलमा बलात्कार गरेको भन्दै पीडितका आफन्तले ०७० जेठ १ गते जिल्ला प्रहरी प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितको जेठ २ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको ०७० जेठ २४ गतेको आदेशमा आरोपित नेपाली पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१६ वर्षीया एक बालिकालाई ०७० जेठ ११ गते लेखनाथ नपा-३ का ४९ वर्षीय पहलमान गुरुङले बलात्कार गरेको अरोपमा पीडितले जेठ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित गुरुङलाई प्रहरीले असार ३ गते गिरफ्तार गरी जबरजस्ती करणी मुद्दामा अनुसन्धान जारी राखेकामा असार १४ गतदेखि जिल्ला अदालतको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१५ वर्षीया एक बालिकालाई सराङकोट गाविस-३ का ४४ वर्षीय बुद्ध मगरले ०७० जेठ २१ गते बलात्कार गरेको आरोपमा पीडित बालिकाकी आमाले ०७० जेठ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितको जेठ २३ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको ०७० असार १४ गतेको आदेशमा आरोपित मगरलाई पुर्पक्षका लागि थुनामा पठाइयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१५ वर्षीया एक बालिकालाई ०७० असार २ गते आफन्तको घरमा गएका बेला पोखरा उमनपा-१३, मियाँपाटनका २२ वर्षीय राजन परियार र २१ वर्षीय फुल्तिन भन्ने वीरेन्द्र परियारले राति पोखरा उमनपा-१६, बाटुलेचौरमा बलात्कार गरेको आरोप लगाउँदै बालिकाका आफन्तले असार ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। लोडसेडिङ भएकाले मैनबत्ती लिन पसल गएकी बालिकालाई उनीहरूले जबरजस्ती बसभित्र लगेर बलात्कार गरेको उजुरीमा उल्लेख छ। पीडितको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल असार ३ गते स्वास्थ्य परीक्षण भयो। यस वर्षको अन्तसम्म आरोपितहरू फरार भएकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

स्याङ्जा जिल्ला फेदीखोला गाविस-१ घर भई पोखरा उमनपा-५ मालेपाटन बस्ने ४६ वर्षीय राजु रोकाले ११ वर्षीय बालिकालाई आफ्नै डेरामा ०७० साउन १० गते बलात्कार गरेको भन्दै पीडितकी आमाले साउन १४ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। प्रहरीले आरोपित रोकालाई साउन १३ गते गिरफ्तार गरी अनुसन्धान जारी राखेकामा जिल्ला अदालतको भदौ ४ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइयो। पीडितको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

लेखनाथ नपा-२ की १४ वर्षीया एक बालिकालाई लेखनाथ नपा-१ भण्डारढिकका १७ वर्षीय सुमन भण्डारीले फकाइफुलाई ०७० भदौ ७ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा भदौ ८ गते उजुरी दिए। आरोपित भण्डारी फरार रहेकाले आरोपितविरुद्ध जबरजस्ती करणी अन्तर्गत मुद्दा दर्ता गरी उनको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो। आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

१६ वर्षीया एक बालिकालाई ०७० भदौ ३१ गते म्यार्दी जिल्ला बावियाचौर गाविस-२ घर भई पोखरा उमनपा-१, सिमपानी बस्ने २५ वर्षीय भक्तराज महर्जनले पीडितको कोठामा बलात्कार गरेको भन्दै पीडितका आफन्तले असोज १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित महर्जनलाई प्रहरीले असोज ३ गते गिरफ्तार गरी जबरजस्ती करणी मुद्दामा अनुसन्धान जारी राख्यो। जिल्ला अदालतको असोज १६ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१५ वर्षीया एक बालिकालाई ०७० असोज १६ गते हेम्जा गाविस-२ का १९ वर्षीय दालचन विकले नजिकैको जङ्गलमा लगी बलात्कार गरेको भन्दै पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा असोज १७ गते उजुरी दिए। आरोपितलाई प्रहरीले असोज १८ गते गिरफ्तार गरी अनुसन्धान जारी राखेकामा जिल्ला अदालतको कात्तिक १५ गतेको आदेशमा बालसुधार गृह सराङकोटमा छन्। बालिकाको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

१२ वर्षीया एक बालिकालाई ०७० कात्तिक २० गते लेखनाथ नपा-७ घर भई पोखरा-९, पृथ्वीचोक बस्ने ५५ वर्षीय त्रिलोचन अधिकारीले बलात्कार गरेको भन्दै पीडितका आफन्तले मङ्सिर १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। कास्की-३ का शिवसेना

नेपालका उम्मेदवारसमेत रहेका अधिकारीले डर, धम्की देखाएर बलात्कार गरेको उजुरीमा उल्लेख छ। आरोपित अधिकारीलाई प्रहरीले मङ्सिर २ गते गिरफ्तार गरी उनीविरुद्ध जबरजस्ती करणी अन्तर्गत मुद्दा दर्ता गरी अनुसन्धान गरेकामा जिल्ला अदातलको मङ्सिर ८ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। पीडितको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा स्वास्थ्य परीक्षण भयो। यस वर्षको अन्त्यसम्म आरोपित फरार रहेको प्रहरीले जनाएको छ।

आठ वर्षीया एक बालिकालाई ०७० मङ्सिर १४ गते १६ वर्षीय एक बालकले नजिकैको जङ्गलमा लगी बलात्कार प्रयास गरेको भन्दै पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा मङ्सिर १५ गते उजुरी दिए। आरोपित बालकलाई प्रहरीले उजुरी दिएकै दिन गिरफ्तार गरी जबरजस्ती करणी उद्योग मुद्दा दर्ता गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको पुस ७ गतेको आदेशमा पुर्पक्षका लागि बालसुधार गृह सराङकोटमा छन्। पीडितको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

चार वर्षीया एक बालिकालाई ०७० मङ्सिर १५ गते घाचोक गाविस-५ का ७७ वर्षीय हरिदत्त आचार्यले बलात्कार प्रयास गरेको भन्दै पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा मङ्सिर १५ गते उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरी जबरजस्ती करणी उद्योग मुद्दा दर्ता गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको पुस ४ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। पीडितको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

३० वर्षीया एक महिलालाई काभ्रेपलाञ्चोक जिल्ला, पनौती नपा-४ का ४७ वर्षीय श्याम महतले अमेरिका लैजाने प्रलोभन देखाउँदै ०७० वैशाख ३ गते हेम्जाको शिवमन्दिरबाट विवाह गरेर भैरहवा हुँदै भारतबाट अमेरिका जाने बहानामा बुटवल पुऱ्याएको आरोप पीडितले लगाइन्। उनले बाटोमा पिसाब गर्न बस रोकेका बेला दाइलाई फोन गरी बुटवलतिर जाँदै गरेको बताएपछि युवतीका दाइ तथा आफन्तले मङ्गलापुरस्थित एक ग्यारेजबाट वैशाख ९ गते राति उद्धार गरे भने आरोपित महत त्यहाँबाट फरार भए। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०७० वैशाख १० गते मानव बेचबिखन तथा ओसारपसार मुद्दा दर्ता गरिन्। प्रहरीले आरोपितलाई जेठ ७ गते गिरफ्तार गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको आदेशमा ०७० असार २ गतदेखि पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

२३ वर्षीया महिलालाई कालिका गाविस-१ घर भई पोखरा उमनपा-२ मा होटल सञ्चालन गर्ने ४७ वर्षीय खेमराज बजगाईं शर्माले होटलमा आउने ग्राहकसँग जबरजस्ती यौन कार्य गर्न लगाई आर्थिक लाभ लिएको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा ०७० वैशाख २० गते उजुरी दिइन्। आरोपित बजगाईंलाई प्रहरीले सोही दिन गिरफ्तार गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दा दर्ता गरी अनुसन्धान गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित बजगाईं जेठ १४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

पर्वत जिल्ला फलेबास गाविस-२ घर भई पोखरा उमनपा-२, बाग्लुङ बसपार्कस्थित निसान रेस्टुरेन्टका सञ्चालक ३१ वर्षीय बाले खैरे भन्ने आर्यन मल्ल र सोही ठाउँका २८ दिनेश थापाले रेस्टुरेन्टमा कार्यरत १९ वर्षीया एक महिलालाई पृथ्वीचोकस्थित हिमाल दर्शन होटलमा लगी यौन कार्य गर्न लगाई आर्थिक लाभ लिएको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा कात्तिक ६ गते उजुरी दिइन्। आरोपित मल्ललाई प्रहरीले सोही दिन गिरफ्तार गरी मानव बेचबिखन मुद्दा दायर गरी अनुसन्धान जारी राखेकामा जिल्ला अदालतको कात्तिक २६ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। अर्का आरोपित दिनेश थापा भने फरार रहेकाले खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। आरोपित थापा यस वर्षको अन्त्यसम्म फरार भएको प्रहरीले जनायो।

१९ वर्षीया र २१ वर्षीया दुई महिलाले आफूहरूलाई चितवन जिल्ला, जगतपुर गाविस-४ घर भई पोखरा उमनपा-८, सिमलचौरस्थित बुद्ध खाजा घरका सञ्चालक ३३ वर्षीय सुबोध साखी, २७ वर्षीय कृष्ण थापा र मोहन मोक्तानले मानव बेचबिखन तथा ओसारपसार गरेको भन्दै मङ्सिर १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित साखीलाई प्रहरीले मङ्सिर १९ गते र थापालाई मङ्सिर २० गते गिरफ्तार गऱ्यो। आरोपित साखीले मङ्सिर १५ गते पोखरा ल्याई आफ्नो होटलमा राम्रो तलब दिने भन्दै प्रलोभनमा पारी जबरजस्ती यौन कार्य गर्न खोजेपछि पीडितहरूले प्रहरीमा उजुरी गरेका थिए। आरोपितहरूविरुद्ध मानव

बेचबिखन तथा ओसारपसार अन्तर्गत मुद्दा दर्ता गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको पुस ८ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइयो। घटनामा संलग्न मोहन मोक्तान भने फरार छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२५ वर्षीया एक महिलालाई बलात्कार गरेको अभियोगमा उनका ६० वर्षीय ससुरालाई ०६९ माघ २३ गते प्रहरीले गिरफ्तार गऱ्यो। पसलमा एक्लै भएका बेला ससुराले डर-धम्की देखाउँदै ०६९ माघ ९ गते पसलको गोदाममा लगेर जबरजस्ती बलात्कार गरेको पीडितका आफन्तले बताए। घटनापछि पीडितका आफन्तले पीडकलाई कारबाहीको माग गर्दै ०६९ माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई जबरजस्ती करणी अन्तर्गत मुद्दा दर्ता गरी माघ २३ गते गिरफ्तारपछि अनुसन्धान जारी राखेकामा जिल्ला अदालतले फागुन १० गते पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा दर्ता गरेपछि घरमा बस्न असुरक्षित भएको भन्दै पीडित महिला स्याङ्जास्थित माइतीघरको शरणमा रहेकी छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

२६ वर्षीया एक महिलालाई ०६९ चैत १७ गते काभ्रेपलाञ्चोक जिल्ला चलाल गाविस-६ घर भई मकवानपुर जिल्ला हेटौँडा नपा-९ बस्ने ३१ वर्षीय पुष्कर खड्काले जागिरका लागि अन्तर्वार्ता लिने भन्दै पोखराको महेन्द्रपुस्थित होटलमा डर-धम्की देखाएर यौन शोषण गर्नुका साथै पीडितको साथमा रहेको नगद र सुन लुटपाट गरी होटलको कोठामा थुनेर फरार भएको प्रहरीले जनायो। पीडितलाई होटलका कर्मचारीले उद्धार गरेकामा सोही दिन जिल्ला प्रहरी कार्यालयमा पीडितले उजुरी दिइन्। आरोपितलाई प्रहरीले ०७० वैशाख २५ गते गिरफ्तार गरी अपहरण तथा शरीर बन्धक मुद्दा दर्ता गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको जेठ २० गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

३२ वर्षीया एक महिलालाई ०७० जेठ ८ गते पोखरा उमनपा-१४, चाउथेका ५३ वर्षीय दिनेश गुरुङले बलात्कार गरेको आरोपमा पीडितले ०७० जेठ ९ गते जिल्ला प्रहरी प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित गुरुङलाई प्रहरीले जेठ १२ गते गिरफ्तार गऱ्यो। पीडितको जेठ १० गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको ०७० जेठ २७ गतेको आदेशमा आरोपित गुरुङ २५ हजार रुपियाँ धरौटीमा रिहा भए।

२६ वर्षीया एक महिलालाई भदौरेतामागी गाविस-१ का २८ वर्षीय राजु परियारले ०७० भदौ ५ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले भदौ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपित परियारलाई भदौ १२ गते गिरफ्तार गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको असोज १ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

हेम्जा गाविस-२ का ३६ वर्षीय हरिकुमार श्रेष्ठले ४१ वर्षीया एक महिलालाई पृथ्वीचोकस्थित दर्शन होटलमा ल्याएर डर-धम्की देखाएर ०७० कात्तिक २ गते बलात्कार गरेको भन्दै पीडितले कात्तिक ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपित श्रेष्ठलाई कात्तिक ४ गते गिरफ्तार गरी जबरजस्ती करणी मुद्दा दायर गरी अनुसन्धान जारी राखेकामा जिल्ला अदालतको कात्तिक २१ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। पीडितको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा कात्तिक ३ गते स्वास्थ्य परीक्षण भयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

धिताल गाविस-९ घर भई पोखरा उमनपा-६, लेकसाइड बस्ने २६ वर्षीय शिव परियारलले घुमाउन लैजाने बहानामा २६ वर्षीया एक अमेरिकन महिलालाई ०७० मङ्सिर १० गते राति १० बजे डर-धम्की दिएर बलात्कार गरेको भन्दै पीडितले आरोपितलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा मङ्सिर ११ गते उजुरी दिइन्। पोखरा घुम्न आएकी २६ वर्षीया अमेरिकी नागरिकलाई आरोपित परियारले घुमाउन लैजाने क्रममा हेम्जा गाविस-२ स्थित झाडीमा लगेर बलात्कार गरेको पीडितको उजुरीमा उल्लेख छ। ट्याक्सी चालक रहेका आरोपित परियारले पीडितलाई चार दिनसम्म आफ्नो ट्याक्सीमा राखेर पोखराका विभिन्न ठाउँ घुमाएका थिए। उनले मङ्सिर १० गते साइड सिन हेर्न जाने भन्दै युवतीलाई स्कुटरमा राखेर हेम्जा लगेर बलात्कार गरेका थिए। आरोपित परियारलाई प्रहरीले मङ्सिर ११ गते जबरजस्ती करणी मुद्दा दायर गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको पुस ३ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

२५ वर्षीया एक एकल महिलाले हेम्जा गाविस-६,

हनुमानचोकका ३२ वर्षीय रामचन्द्र त्रिपाठीले ०७० पुस १२ गते राति आफूलाई जबरजस्ती बलात्कार गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा न्यायको मागसहित पुस १४ गते किटानी जाहेरी दिइन्। बलात्कारका आरोपित त्रिपाठीलाई प्रहरीले पुस १४ गते गिरफ्तार गरी जबरजस्ती करणी अन्तर्गत मुद्दामा अनुसन्धान जारी राखेको छ। आरोपित त्रिपाठीले साँझ महिलाको घरमा गई मुख थुनी कपडा च्यातेर जबरजस्ती बलात्कार गरेको पीडितले बताइन्। पीडितका पतिको दुई महिनाअघि सवारी दुर्घटनामा परी निधन भएको थियो। पीडितको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा स्वास्थ्य परीक्षण भयो।

घरेलु हिंसा

पुरन्चौर गाविस-५ की २४ वर्षीया गोमादेवी शर्माले आफूलाई पटक-पटक पति, सासू र घरपरिवारबाट हिंसा भएको भन्दै ०६९ फागुन १ गते जिल्ला अदालतमा उजुरी दिइन्। पीडित शर्माले पति २७ वर्षीय देवराज गौतम, ५५ वर्षीय सासू पार्वती गौतम र ससुरा ६२ वर्षीय भोजराज गौतमले अपेक्षा गरेजति दाइजो नल्याएको भन्दै पटक-पटक कुटपिट गर्ने, खान-लाउन नदिने र घरनिकाला गरी शारीरिक र मानसिक यातना दिएको भन्दै उक्त उजुरी दिएको बताइन्। जिल्ला अदालतका श्रेस्तेदार वासुदेव न्यौपानेले पीडितको उजुरीका आधारमा अदालतमा मुद्दा दर्ता भएको बताए। तनहुँ जिल्ला ढोरफिर्दी गाविस-२, गणपति माइत भएकी पीडित शर्मा र देवराज गौतमबीच ०६७ असार २८ गते मागी विवाह भएको थियो। यसअघि पीडितले जिल्ला प्रहरी कार्यालय महिला सेलमा घरेलु हिंसा भएको भन्दै मङ्सिर २३ उजुरी दिएकामा गल्ती नदोऱ्याउने सर्तमा ०६९ मङ्सिर २४ गते मिलापत्र भएको थियो। मिलापत्र भए पनि मङ्सिर २६ गतेबाट पुनः शारीरिक र मानसिक यातना दिएको पीडितले बताइन्। घरपरिवारको शारीरिक र मानसिक यातनाबाट पीडित शर्मा हाल माइतीको शरणमा छन्।

परिवारजनबाट हत्या

चापाकोट गाविस-७, नयाँबस्तीकी ४५ वर्षीया सन्तकुमारी विकलाई ०६९ माघ २१ गते पति ५८ वर्षीय भविलाल विकले हथौडा प्रहार गरी हत्या गरे। पत्नीको हत्यापछि उनले समेत गलबन्दीले पासो लगाई आत्महत्या गरेका थिए। मृतकका छोरा हरिप्रसाद विकले आफू ससुराली गएको र भाइबुहारी काममा गएको बेला दिउँसो ३ बजेतिर एकान्तमा पारेर आमाको हत्या गरेको बताए। उनले यसअघि पनि पटक-पटक रक्सी सेवन गरी आमालाई कुटपिट गर्ने गरेपछि प्रहरीमा गएर मिलापत्रसमेत भएको बताए। एक साताअगाडि जिल्ला प्रहरी कार्यालयको पहलमा दुई छोरा र पति-पत्नीबीच अंशबन्डा गरिएको थियो। जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर रवीन्द्र पौडेलले लामो समयदेखिको उनीहरूबीचको झगडाका कारण पीडकले हथौडाले टाउकोमा प्रहार गरी खाटमुनि फालिएको अवस्थामा लास र हथौडा बरामद गरिएको र पीडकले समेत अर्को कोठामा गई गलबन्दीको पासोमा झुन्डिएको अवस्थामा लास बरामद गरिएको बताए। मृतकको ०६९ माघ २२ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा पोस्टमार्टम गरी रामघाटस्थित सेती नदीमा अन्तिम संस्कार गरियो।

पोखरा उमनपा-१२, चापापानीकी ४४ वर्षीया राममाया अधिकारीलाई ०७० मङ्सिर १२ गते पति ४४ वर्षीय हरिबहादुर अधिकारीले घरायसी विवादका क्रममा कुटपिट गरी हत्या गरे। मृतकका आफन्तले दोषीलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा मङ्सिर १३ गते उजुरी गरेकामा प्रहरीले आरोपित अधिकारीलाई मङ्सिर १४ गते गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा दर्ता गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको पुस ८ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइयो।

पोखरा उमनपा-१०, बुद्धचोककी ३५ वर्षीया मीना शाह गुरुङलाई ०७० पुस ४ गते पति ४१ वर्षीय तीर्थ गुरुङले घरायसी विवादका क्रममा कुटपिट गरी हत्या गरे। मृतकका आफन्तले दोषीलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा पुस ५ गते उजुरी गरेकामा प्रहरीले आरोपित अधिकारीलाई सोही दिन गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा दर्ता गरी अनुसन्धान जारी राखेको छ।

बहुविवाह

भाचोक गाविस-१ घर भई पोखरा उमनपा-१३, बाँझापाटन बस्ने ४५ वर्षीय रामबहादुर गुरुङले सोही ठाउँकी ३७ वर्षीया रीता गुरुङसँग ०६९ माघ ४ गते दोस्रो विवाह गरेको भन्दै जेठी पत्नी ४५ वर्षीया पञ्जुमाया गुरुङले ०६९ फागुन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले पीडक गुरुङलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान जारी राखेकामा जिल्ला अदालतले चैत २४ गते आरोपित गुरुङलाई

पुर्पक्षका लागि थुनामा पठाउने र कान्छी पत्नी रीतालाई सादा तारेखमा रिहा गर्ने आदेश गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

स्याङ्जा जिल्ला मल्याङकोट गाविस-३ घर भई पोखरा उपमनपा-१०, रामबजार बस्ने ४० वर्षीय अमरसिंह गुरुङले सोही ठाउँकी २८ वर्षीया खिमकुमारी गुरुङसँग ०६९ फागुन ३० गते दोस्रो विवाह गरेको भन्दै जेठी पत्नी ४१ वर्षीया सुमित्रा गुरुङले ०७० वैशाख ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित गुरुङलाई जेठ ३ गते प्रहरीले गिरफ्तार गरेकामा जिल्ला अदालतको ०७० जेठ ७ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

काहुँ गाविस-९ का शिववहादुर कार्कीले हेम्जा गाविसकी ३२ वर्षीया पार्वती कार्कीसँग ०७० वैशाख २० गते दोस्रो विवाह गरेको भन्दै जेठी पत्नी ३४ वर्षीया सरस्वती कार्कीले ७० वैशाख २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। प्रहरीले आरोपितलाई वैशाख २९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०७० जेठ २० गतेको आदेशमा आरोपित कार्की पुर्पक्षका लागि थुनामा छन् भने कान्छी पत्नी यस वर्षको अन्त्यसम्म फरार छिन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

स्याङ्जा जिल्ला, ढापुक सिमलभञ्ज्याङ गाविस-६ घर भई पोखरा उमनपा-१०, बुद्धचोक बस्ने २४ वर्षीय मनोज गुरुङले सोही ठाउँका ललिता भन्ने विष्णुमाया गुरुङसँग ०७० वैशाख २० गते दोस्रो विवाह गरेको भन्दै जेठी पत्नी २६ वर्षीया तिलसुवा गुरुङले वैशाख २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित गुरुङलाई प्रहरीले वैशाख २९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको जेठ २३ गतेको आदेशमा आरोपित गुरुङ ३५ हजार र कान्छी पत्नी विष्णुमाया १५ हजार रुपियाँ धरौटीमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

पर्वत जिल्ला, देउलीवास गाविस-१ घर भई पोखरा उमनपा-१७, विरौटा बस्ने २९ वर्षीय सित्तल बस्याललेे तनहुँ जिल्ला दुलेगौँडा गाविस-७ की २१ वर्षीया कविता भण्डारीसँग ०७० असार १२ गते दोस्रो विवाह गरेको भन्दै जेठी पत्नी २९ वर्षीया शान्ति बस्याललेे असार १७ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाहविरुद्ध मुद्दा दर्ता गरिन्। प्रहरीले पीडक बस्याललाई सोही दिन गिरफ्तार गरी अनुसन्धान जारी राखेकामा जिल्ला अदालतको साउन २ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। साथै कान्छी पत्नी कविता भण्डारी २५ हजार रुपियाँ धरौटीमा रिहा भइन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

पोखरा उमनपा-१३, सङ्गमटोलका २८ वर्षीय पदमबहादुर गुरुङले चितवन जिल्लाकी एक युवतीसँग ०७० असोज १८ गते बहुविवाह गरेको भन्दै जेठी पत्नी २५ वर्षीया आरती गुरुङले जिल्ला प्रहरी कार्यालयमा असोज १९ गते उजुरी दिइन्। प्रहरीले आरोपित गुरुङलाई असोज २० गते गिरफ्तार गरी बहुविवाहको मुद्दा दर्ता गरी अनुसन्धान जारी राखेको छ। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

लेखनाथ नपा-४, जलधरेडाँडाका ३८ वर्षीय हरिकृष्ण ढुङ्गानाले सोही ठाउँकी सिर्जना भन्ने माया ढुङ्गानासँग ०७० असोज २१ गते दोस्रो विवाह गरेको भन्दै जेठी पत्नी ३७ वर्षीया ईश्वरी ढुङ्गानाले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले कात्तिक ४ गते गिरफ्तार गरी बहुविवाह मुद्दा दायर गरी अनुसन्धान जारी राखेकामा जिल्ला अदालतको कात्तिक २४ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

पोखरा उमनपा-८, न्युरोडका २८ वर्षीय कृष्ण भुजेलले सोही ठाउँका २६ वर्षीया विमला भुजेलसँग ०७० मङ्सिर ३० गते दोस्रो विवाह गरेको भन्दै जेठी पत्नी २५ वर्षीया शर्मिला भुजेलले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले पुस १ गते गिरफ्तार गरी बहुविवाह मुद्दा दायर गरी अनुसन्धान जारी राखेकामा जिल्ला अदालतको पुस १३ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन् भने कान्छी पत्नी विमला १५ हजार रुपियाँ धरौटीमा तारेखमा रिहा भइन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४ सय २० जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, कास्कीमा उजुरी दर्ता गराए। यिनमा घरायसी झैझगडा तथा कुटपिट गरी घरनिकाला गरिएका २ सय ३०, खानलाउन नदिएको १ सय ६, विवाह दर्ता तथा नागरिकता नबनाएको ६६, अर्की पत्नी ल्याएर हेला गरेको १८ उजुरी थिए। यीमध्ये प्रहरीले २ सय ४५ घटनामा मिलापत्र गराएको र १८ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

सबै प्रकारका जातीय विभेद

लेखनाथ नपा-२ की ३८ वर्षीया सविता विकलाई सोही ठाउँकी ३५ वर्षीया रमा कुमालले मङ्सिर १० गते सार्वजनिक धारामा पानी भर्ने क्रममा आफ्नो गाग्री छोएको भन्दै कुटपिट र दुर्व्यवहार गरेकी थिइन्। कुटपिटपछि पीडितले डाँडाकोनाक प्रहरी चौकीमा सोही दिन उजुरी दिएकामा प्रहरीले मङ्सिर ११ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय पठाएको थियो। जिल्ला प्रहरी कार्यालयले आरोपित कुमालविरुद्ध मङ्सिर ११ गते जातीय विभेद तथा छुवाछूत कसुर ऐन अन्तर्गत मुद्दा दर्ता गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको मङ्सिर २० गतेको आदेशमा २५ हजार रुपियाँ धरौटीमा रिहा भए। कुटपिटबाट घाइते विकको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

गैरराज्यपक्षबाट

विद्यार्थी सङ्गठनहरूबाट

सरकारले खाना पकाउने ग्यासको मूल्यवृद्धि गरेको विरोधमा आन्दोलनरत विद्यार्थीहरूले महिला तथा बालबालिका कार्यालयको ग१ब २१७ नम्बरको मोटरसाइकलमा ०६९ फागुन २ गते आगजनी गरी क्षति पुऱ्याए। नेविसङ्घ, अनेरास्ववियु, अखिल छैँटौलगायतका विद्यार्थीहरूले पोखराको पृथ्वीनारायण क्याम्पसनजिकै मोटरसाइकलमा आगजनी गरेका हुन्। त्यसै गरी ०६९ फागुन २ गते अज्ञात समूहले इँटा प्रहार गरी जिल्ला प्रशासन कार्यालयको बा१भ १ नम्बरको गाडीको सिसा तोडफोड गरे।

लोकमानसिंह कार्कीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुखमा नियुक्त गरेको विरोधमा आन्दोलनमा उत्रिएका विद्यार्थी सङ्गठनले जिल्ला शिक्षा कार्यालय, लमजुङको बा१भ ६१०० नम्बरको गाडी ०७० वैशाख २५ गते पोखराको सिर्जनाचोकमा आगजनी गरी क्षति पुऱ्याए। यसै गरी आन्दोलनमा उत्रिएका विद्यार्थीहरूले सिँचाइ कार्यालय, पोखराको बा१भ ८५९० नम्बरको गाडी पोखराको रत्नचोकमा र क्षेत्रीय प्रशासन कार्यालयको बा१भ ५५१६ नम्बरको गाडी पार्दीमा तोडफोड गरे। घटनामा संलग्न भएको आरोपमा अनेरास्ववियुका भूगोल समिति उपाध्यक्ष शेखर गौतमलाई प्रहरीले गिरफ्तार गरी सोही दिन साँझ रिहा गऱ्यो।

पोखरा उमनपा-१६, लामाचौरस्थित इन्जिनियरिङ अध्ययन संस्थान पश्चिमाञ्चल क्याम्पसमा अनेरास्ववियुले स्ववियु निर्वाचनको आचारसंहिताविरुद्ध भेला गर्दा पनि क्याम्पस प्रशासनले कारबाही नगरेको भन्दै एमाओवादी निकट अनेरास्ववियु क्रान्तिकारी, नेकपा-माओवादी निकट अनेरास्ववियु क्रान्तिकारी, नेविसङ्घ र लोकतान्त्रिक विद्यार्थी फोरमले ०७० जेठ २४ गते तोडफोड र आगजनी गरे।

अज्ञात समूहबाट

नेकपा-माओवादीसहितको ३३ दलीय मोर्चाले आह्वान गरेको यातायात बन्दका क्रममा ०७० कात्तिक २६ गते अज्ञात समूहले ग१ज ४१८९ नम्बरको ट्याक्सीलाई तोडफोड गर्नुका साथै ट्याक्सी चालक पर्वत जिल्ला ठापाठाना गाविस घर भई पोखरा उमनपा जिरोकिमी बस्ने २२ वर्षीय किरण भन्ने श्यामबहादुर भण्डारीलाई कुटपिट गरे। पृथ्वीचोकमा पार्किङ गरिरहेका बेला ट्याक्सीलाई बिरामी लिन जाने भन्दै दुई जना पुरुषले पोखरा उमनपा-६, मासवारस्थित धारापानीमा पुऱ्याएर एक्कासि कुटपिट गरी ट्याक्सी तोडफोड गरेको पीडितले बताए। पीडितले क्षतिपूर्तिका लागि सोही दिन जिल्ला प्रशासनमा निवेदन दिएकामा प्रशासनले छानबिन गरी क्षतिपूर्ति उपलब्ध गराउने जनायो।

लेखनाथ नपा-११, बेगनासतालस्थित बेगनास युवा क्लबको गाडी पार्किङस्थलमा बेगनास रिसोर्टको ना१त्र ६० र ना१त्र ६१ नम्बरको पर्यटकीय गाडीमा अज्ञात समूहले ०७० कात्तिक २६ गते आगजनी गरी क्षति पुऱ्यायो। पार्किङ गरेर गाडीचालक खाना खान गएका बेला राति ९ बजे चार जनाको समूहमा आएको अज्ञात समूहले आगजनी गरेको स्थानीयवासीले बताए। आगजनीबाट गाडीको भित्री भाग क्षतिग्रस्त भएको छ।

कास्की-१ का एनेकपा माओवादी उम्मेदवार विष्णु पौडेलले संविधासभा निर्वाचनको चुनावी प्रचार-प्रसारका क्रममा घरदैलो अभियानमा प्रयोग गरेको ग१च ५१४३ नम्बरको बलेरो गाडी ०७० कात्तिक ६ गते बिहान ४ बजे अज्ञात समूहले आगजनी गऱ्यो। कास्की-१ को सिद्ध गाविस-६ स्थित निबुवास्वाँरामा पार्किङ गरी राखिएको अवस्थामा गाडीमा आगजनी भएको हो। घटनाको इन्सेकलगायतका मानवअधिकारवादी संस्थाले अनुगमन गरे।

कास्की-३ का एनेकपा माओवादी उम्मेदवार रामजी बरालले चुनाव प्रचार-प्रसारका लागि प्रयोग गरेको ग१च ३१०४ नम्बरको पिकअप गाडीमा ०७०

कात्तिक २० गते अज्ञात समूहले आगजनी गरी क्षति पुऱ्यायो। हेम्जा गाविसस्थित बास्कोटमा गएका बेला बिहानै ५ बजे चार जनाको समूहमा आएका उनीहरूले गाडीचालक जनकराज पराजुलीलाई पेस्तोल ताकेर गाडीबाट ओरालेपछि आगो लगाएका थिए। गाई फाराममा दूध लिन गएका बेला अज्ञात समूहले बाटो ढुकेर आगजनी गरिएको र घटनामा संलग्नहरू फरार भएको प्रहरीले बतायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२५		
स्वास्थ्यचौकी	२५		
उपस्वास्थ्यचौकी	२०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	२	१
स्टाफ नर्स	३	३	
ल्याब असिस्टेन्ट	५	५	
अहेब	५६	७०	२६
अनमि	६७	५६	११
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	३०	१०	२०
स्वास्थ्य कार्यकर्ता	४३	२५	१८

जिल्ला प्रहरी कार्यालयमा

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म जबरजस्ती करणी उद्योगका ६, जबरजस्ती करणीका २३, अपहरण उद्योगका पाँच, गर्भपतनका दुई, मानव बेचबिखनका नौ, छुवाछूतका एक, ज्यान मार्ने उद्योगका २४, सार्वजनिक अपराधका ७ सय ९६, बहुविवाहका १८, कर्तव्य ज्यानका १२ र हातहतियार खरखजानाका आठ ओटा मुद्दा दर्ता भए।

३.६ मनाङ



जिल्ला सदरमुकाम: चामे
क्षेत्रफल (वर्ग कि. मि.): २,२४६
घरधुरी सङ्ख्या: १,४८०
जम्मा जनसङ्ख्या: ६,५३८
पुरुष: ३,६६१
महिला: २,८७७
अपाङ्ग सङ्ख्या: २०४
गाविस/नपा सङ्ख्या: १३/०
पुरुष साक्षरता सङ्ख्या: २,९११
महिला साक्षरता सङ्ख्या: १,७४१
हिन्दू धर्मावलम्बी प्रतिशत: ३५.१५
बौद्ध धर्मावलम्बी प्रतिशत: ५५.१५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०६
किराँत धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.४२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.२१
वोन धर्मावलम्बी प्रतिशत:०.४७
शिख धर्मावलम्बी प्रतिशत: ०.०३
अन्य धर्मावलम्बी प्रतिशत: ३.४४१
प्रतिपरिवार सरदर सङ्ख्या: ४.४१

जेल र बन्दी

यस जिल्लामा कारागार भवन नभएकाले जिल्ला शिक्षा कार्यालयको भवनलाई भाडामा लिएर प्रयोग गरिएको छ । श्रेणीविहीन यस कारागारमा कैद तोकिएका जम्मा ११ जना पुरुष बन्दीहरू रहेका छन् । बन्दीलाई आवश्यक सम्पूर्ण सुविधा उपलब्ध गराइएको छ ।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका छात्र ४ सय १ र छात्रा ४ सय ४७ जना गरी जम्मा ८ सय ४८ जना विद्यार्थी प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १८ र छात्र ३४ जना रहेका छन्। यसैगरी निजी विद्यालयतर्फ १४ छात्र र १५ छात्रा निजी विद्यालयमा भर्ना भएका छन्।

सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ४७ र पुरुष ८० गरी जम्मा १ सय २७ शिक्षक कार्यरत छन्। निमाबि तहमा ५ महिला र ३६ पुरुष गरी जम्मा ४१ जना शिक्षक कार्यरत छन्। यसैगरी माबि तहमा २१ पुरुष शिक्षक रहेका छन्।

बाल विकास केन्द्रमा बालकमा ९६ र बालिका ७४ जना गरी जम्मा १ सय ७० जना रहेका छन्।

जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	३		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	२	३	
स्टाफ नर्स	२		२
ल्याब असिस्टेन्ट	१		१
अहेब	१०	४	६
अनमि	४	२	२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१२	५	७
स्वास्थ्य कार्यकर्ता	४	५	
माशिका	४	१	३

३.७ नवलपरासी



जिल्ला सदरमुकाम: परासी
क्षेत्रफल (वर्ग कि. मि.): २,१६२
घरधुरी सङ्ख्या: १,२८,७५३
जम्मा जनसङ्ख्या: ६,४३,५०८
पुरुष: ३,०३,६७५
महिला: ३,३५,८३३
अपाङ्ग सङ्ख्या: १०,८७३
गाविस/नपा सङ्ख्या: ७३/१
पुरुष साक्षरता सङ्ख्या: २,२५,११५
महिला साक्षरता सङ्ख्या: २,०२,५२६
हिन्दू धर्मावलम्बी प्रतिशत: ८८.१८
बौद्ध धर्मावलम्बी प्रतिशत: ३.०६
इस्लाम धर्मावलम्बी प्रतिशत: ३.७५
किराँत धर्मावलम्बी प्रतिशत: ०.०६
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.७४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०६
वोन धर्मावलम्बी प्रतिशत: ०.०७
अन्य धर्मावलम्बी प्रतिशत: ०.१३८
प्रतिपरिवार सरदर सङ्ख्या: ५.००

जेल र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ६१ जना कैदी र कैद नतोकिएका ५६ जना थुनुवा गरी जम्मा १ सय १७ जना बन्दीहरू रहेका छन्, जसमा आश्रित बालक तीन जना रहेका छन्। यस जिल्ला कारागारको निर्माण अभिलेख नरहेको र राणाकालीन अवस्थामा घोडा बान्ने तबेलालाई सामान्य मर्मतपछि कारागारको रूप दिइएकामा अहिले यसको अवस्था जीर्ण छ।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

रामग्राम नपा-५ स्थित रोडबाट उखु उत्पादक कृषक सङ्घले प्रधानमन्त्री डा. बाबुराम भट्टराई जिल्लामा आएको समय पारी ०६९ माघ १५ गते उखुको मूल्य निर्धारणका लागि ज्ञापनपत्र बुझाउन जाने क्रममा प्रहरीले शान्ति सुरक्षामा असर पर्ने बताउँदै समितिका अध्यक्ष उमेशचन्द्र यादव, उपाध्यक्ष खेमनारायण चौधरी, प्रवक्ता हम्युदिन शेष, सदस्य विषमिल्लाह अन्सारी, सदस्य असरफ चुरीहार, सल्लाहाकार अशोकजङ्ग राणा, सदस्य बजरङ्ग कुशवाहा, तमसरिया गाविस-९ का श्यामबहादुर कुमाल, शेषराज कँडेल, सदस्य रामजी सिंह, प्रतापुर गाविस-३ का जगदीश गुप्ता, तमसरिया गाविस-९ का टीकाराम अधिकारी, कुडिया गाविस-४ का हरिभक्त कण्डेल, गुठिप्रसौनी गाविस-७ का लक्ष्मणसिंह थापा, अमृत उपाध्याय, सोही गाविस-४ का जयराम भण्डारी, सुनीता खरेल, नारायणी गाविस-१ का मानबहादुर चौधरी, कुडिया गाविस-८ का जमुनाप्रसाद यादव, प्रतापुर गाविस-९ का मोतीलाल यादव, रूपौलिया गाविस-९ का चेतनारायण न्यौपाने, बालकिसुन लोहार, सोमनी गाविस-९ का शैलेन्द्र यादव, सोही ठाउँका महेन्द्र यादव, रूपौलिया गाविस-९ का श्रीधर पाण्डे, प्रतापुर गाविस-६ का केशवराज भर, सोही गाविस-९ का विष्णु पाण्डे, त्रिवेणीसुस्ता गाविस-६ का प्रकाश कुवँर, गुठीप्रसौनी गाविस-७ का श्रवणकुमार कुशवाहा, प्रतापुर गाविस-३ का बावुराम चौधरी, सोही ठाउँका शैलेन्द्र चौधरी, गुठिप्रसौनी गाविस-२ का पन्नालाल यादवलाई ०६९ माघ १५ गते जिल्ला प्रहरी कार्यालयका प्रहरीले गिरफ्तार गरे। प्रहरी नियन्त्रणमा शारीरिक र मानसिक यातना दिई १२ घन्टा प्रहरी हिरासतमा राखेकामा इन्सेक प्रतिनिधि, सङ्घसंस्थाका प्रतिनिधि, सर्वदलीय पदाधिकारी र प्रहरी प्रशासनका प्रतिनिधिबीच जिल्ला प्रशासनमा भएको छलफलपछि प्रमुख जिल्ला अधिकारीले गल्ती स्वीकार गरी रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार
जिल्ला अदालत
०६९ साउनदेखि ०७० असार मसान्तसम्म

तीन जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ७ सय ९४ मध्ये ५ सय ८० थानको फैसला भयो भने २ सय १४ थानको फैसला हुन बाँकी छ। देवानी मुद्दातर्फ १ हजार ३ सय ३९ मध्ये ८ सय ७७ थानको फैसला भयो भने ४ सय ६२ बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ४ सय ९३ मध्ये ९३ थानको फैसला भयो भने ४ सय थान बाँकी रहे। देवानीतर्फ ७ सय ८७ मुद्दा परेकामा ८७ थानको फैसला भयो भने ७ सय बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी १७ र देवानी ४२ थान मुद्दा रहे।

न्यायाधिवक्ता कार्यालयबाट दायर मुद्दा

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ७७ छन्, जसमध्ये १ सय २९ थान सफल भए भने ७ थान असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या ४१ रहेको छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी आठमध्ये पाँच थान सफल र तीनओटा असफल रहे। बलात्कारसम्बन्धी १४ मुद्दामध्ये ६ थान सफल र आठ थान असफल रहे। महिला बेचबिखनसम्बन्धी तीनमध्ये एउटा सफल र दुई थान असफल रहे। अपहरणसम्बन्धी परेको एक मुद्दा असफल रह्यो। बहुविवाहसम्बन्धी परेका सात मुद्दामध्ये दुई थान सफल र पाँच थान असफल रहे। बालविवाह र छुवाछूतसम्बन्धी कुनै मुद्दा परेनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या १ सय २ रहेकामा चार सफल भए भने ९८ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। सरकारी वकिलको सङ्ख्या दुई जना रहेको छ।

बालअधिकार
शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ८३ हजार ७ सय ७२ मध्ये छात्रा ९२ हजार ३१ र छात्र ९१ हजार ७ सय ४१ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १३ हजार ८ सय ५५ र छात्र १३ हजार ४ सय ८६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ३ सय ४९ र पुरुष १ हजार १ सय ४३ गरी जम्मा १ हजार ४ सय ९२ शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला २१ र पुरुष २ सय ९० गरी जम्मा ३ सय ११ शिक्षक

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
बालअधिकार				१९	३		३१
अमानवीय व्यवहार					३		३
आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार					१	१	३
अपहरण				३	३		५
महिलाअधिकार				३३			३३
भेला/सङ्गठित हुने अधिकार		९	९				
जातीय विभेद					१		१
गिरफ्तारी/यातना	३	३३	३४				
कुटपिट	३	३	४	१	३		३
हत्या				५	१		६
जम्मा	४	४३	४६	६१	११	१	७३

कार्यरत छन्। यसैगरी मावि तहमा महिला ६ र पुरुष २ सय २४ गरी जम्मा २ सय ३० शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ६ हजार ६ सय ४७ र बालिका ६ हजार ५ सय ४७ गरी जम्मा १३ हजार १ सय ९४ रहेका छन्, जसमध्ये दलित बालक १ हजार २ सय ६० र बालिका १ हजार ३ सय २५ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बेचबिखन तथा ओसारपसार

१५ वर्षीया एक बालिकालाई ०७० असार २८ गते ठूलोखैरटवा गाविस-५ का ३१ वर्षीय राजेश यादव, सोही ठाउँका ३१ वर्षीय अमलेश यादव, ४५ वर्षीय बडु यादव, भुजहवा गाविस-५ का ३२ वर्षीय राजदेव हरिजन र ३५ वर्षीय विष्णुराज भरले बिक्रीका लागि भारततर्फ लगेको भन्दै ०७० साउन ४ गते पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। जाहेरीका आधारमा आरोपितमध्ये राजेश र अमलेश यादवलाई साउन ३१ गते गिरफ्तार गरी अनुसन्धान गरेकामा भदौ २४ गते जिल्ला अदालतको आदेशमा राजेशलाई पुर्पक्षका लागि थुनामा पठायो भने अमलेश यादव एक लाख रुपियाँ धरौटीमा तारेखमा रिहा भए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१६ वर्षीया एक बालिकालाई ०६९ माघ ४ गते जमुनिया गाविस-४ गोपीगन्जका ३४ वर्षीय रामनाथ चौधरीले बिहान ट्युसन पढ्न गएको अवस्थामा आफ्नै घरको कोठामा बोलाई बलात्कार प्रयास गरेको भन्दै ०६९ माघ ५ गते जिल्ला प्रहरी कार्यालयमा पीडितले जाहेरी दिइन्। आरोपी चौधरीलाई प्रहरीले सोही दिन गिरफ्तार गरी अनुसन्धानपछि माघ २५ गते जिल्ला अदालतमा पेस गरेकामा जबरजस्ती करणी उद्योग अन्तर्गत मुद्दा चलाई पुर्पक्षका लागि थुनामा पठाइएकामा ०६९ फागुन २० गते जिल्ला अदालतको आदेशमा मुद्दा मूलतवीमा राख्दै तारेखमा रिहा भए।

११ वर्षीया एक बालिकालाई ०६९ माघ १२ गते १३ वर्षीय बालकले खेल्ने क्रममा बलात्कार प्रयास गरेको भन्द्रै आफन्तले ०६९ माघ १५ गते जिल्ला प्रहरीमा जाहेरी दिए। बालकलाई माघ १७ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरेकामा फागुन १० गते आरोपित नाबालक भएको भन्दै पीडितलाई क्षतिपूर्तिबापत १५ हजार रुपियाँ दिलाई परिवारको जिम्मा लगाइयो।

१० वर्षीया एक बालिकालाई ०६९ फागुन २ गते त्रिवेणीसुस्ता गाविस-१ त्रिवेणी का ६५ वर्षीय फुलेना बरईले बिहानको समयमा घरनजिकै विभिन्न प्रलोभनमा पारी बलात्कार गरेको भन्दै पीडित पक्षले

०६९ फागुन २ गते इलाका प्रहरी कार्यालय बेलाटारीमा जाहेरी दिए। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरी अनुसन्धानपछि ०६९ फागुन १५ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१७ वर्षीया एक बालिकालाई ०६९ फागुन ९ गते विद्यालयबाट घर फर्कदै गर्दा कुश्मा गाविस-७ का २८ वर्षीय राकेश पाण्डे, सोही ठाउँका २४ वर्षीय महमद मुस्ताफ र २२ वर्षीय महमद रजाले बाटोमा छेकी बलात्कार प्रयास गरेको भन्दै पीडितका आफन्तले ०६९ फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। उजुरीका आधारमा प्रहरीले राकेश पाण्डेलाई ०६९ फागुन ११ गते गिरफ्तार गरी अनुसन्धानपछि सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलायो। जिल्ला प्रशासन कार्यालयको ०६९ चैत २ गते आदेशमा आरोपित पाँच हजार रुपियाँ धरौटीमा रिहा भए भने अन्य आरोपित महमद मुस्ताफ र महमद रजा यस वर्षको अन्त्यसम्म फरार रहेकाले कुनै कानुनी कारबाही भएन।

१३ वर्षीया एक बालिकालाई ०६९ फागुन २६ गते बुबाले मादक पदार्थ सेवन गरी ०६९ फागुन २३ गते घरमै बलात्कार गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय बेलाटारीमा जाहेरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी अनुसन्धानपछि ०६९ चैत १२ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा पठाएकामा असार ४ गते जिल्ला अदालतको फैसलामा १८ वर्ष कैद र ५० हजार रुपियाँ जरिवाना सुनाएको छ।

सात वर्षीया एक बालिकालाई ०६९ चैत २५ गते भारत पूर्वी चम्पारण सीतामढी घर भएका १५ वर्षीय बालकले बलात्कार प्रयास गरेको भन्दै पीडित परिवारले इलाका प्रहरी कार्यालय गैँडाकोटमा चैत २७ गते उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान जारी राखेकामा जिल्ला अदालतको ०७० वैशाख ३० गतेको आदेशमा आरोपित नाबालक भएको भनी अभिभावकको जिम्मा लगाइयो।

पाँच वर्षीया एक बालिकालाई ०७० वैशाख १५ गते स्वाँठी गाविस-९ का ४३ वर्षीय मनवहादुर केसीले घरनजिकै खेलिरहेका बेला ०७० वैशाख १४ गते बलात्कार गरेको भन्दै पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको पृथ्वीचन्द्र अस्पताल परासीमा वैशाख १५ गते स्वास्थ्य परीक्षण तथा उपचार भयो। उजुरीका आधारमा आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरेकामा आरोपित ०७० जेठ १० गतेदेखि जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

१० वर्षीया एक बालिकालाई ०७० जेठ २५ गते १६ वर्षीय बालकले घरनजिकै खोलामा खेलिरहेका बेला बलात्कार गरेको आरोपमा पीडितका परिवारले जेठ २८ गते इलाका प्रहरी कार्यालय कावासोतीमा उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी अनुसन्धानपछि ०७० असार १९ गते जिल्ला अदालतमा पेस गरेकामा सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। पीडितको दुम्कौली स्वास्थ्य केन्द्रमा जेठ २८ गते स्वास्थ्य परीक्षण तथा उपचार भयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१६ वर्षीया एक बालिकालाई ०७० असार १० गते कुडिया गाविस-१ का १९ वर्षीय सुरेन्द्र बानियाँले घरनजिकै उखुबारीमा शौचालय गएको अवस्थामा बलात्कार प्रयास गरेको भन्दै ०७० असार १३ गते पीडित परिवारले इलाका प्रहरी कार्यालय बेलाटारीमा किटानी जाहेरी दिए। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरेकामा ०७० साउन ८ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१५ वर्षीया एक बालिकालाई ०७० असार १७ गते एक १६ वर्षीय बालक, कुडिया गाविस-८ का १९ वर्षीय ध्रुव हरिजन र २० वर्षीय रोहित हरिजनले यौन दुर्व्यवहार गरेको भनी परिवारले ०७० असार २३ गते इलाका प्रहरी कार्यालय बेलाटारीमा जाहेरी दिए। आरोपितलाई प्रहरीले असार ३० गते गिरफ्तार गरी अनुसन्धानपछि जिल्ला अदालतको साउन २३ गतेको आदेशमा बालकलाई अभिभावकको जिम्मा लगाइयो भने ध्रुव र रोहित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

सात वर्षीया एक बालिकालाई ०७० साउन ३ गते धौवादी गाविस-७ का ३५ वर्षीय विक्रम थापाले घरमै बलात्कार गरेको भन्दै परिवारले साउन ४ गते इलाका प्रहरी कार्यालय कावासोतीमा किटानी जाहेरी दिए। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको साउन ३१ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१६ वर्षीया एक बालिकालाई ०७० साउन १२

गते प्रसौनी गाविस-९ निवासी वीरेन्द्र माविका प्रधानाध्यापक ३७ वर्षीय जीवन पाण्डेले बलात्कार प्रयास गरेको भन्दै परिवारले ०७० भदौ २ गते इलाका प्रहरी कार्यालय कावासोतीमा जाहेरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको भदौ १७ गतेको आदेशमा ५० हजार रुपियाँ धरौटीमा सादा तारेखमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१७ वर्षीया एक बालिकालाई ०७० साउन १६ गते विद्यालयबाट घर फर्किदै गर्दा बलात्कार प्रयास गरेको भनी वीरेन्द्र माविका प्रधानाध्यापक ३७ वर्षीय जीवन पाण्डेविरुद्ध बालिकाले भदौ २ गते इलाका प्रहरी कार्यालय कावासोतीमा जाहेरी दिइन्। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको भदौ १८ गतेको आदेशमा ५० हजार रुपियाँ धरौटीमा सादा तारेखमा रिहा भए।

सात वर्षीया एक बालिकालाई ०७० भदौ ५ गते दाउन्नेदेवी गाविस-७ निवासी लुम्बिनी सामुदायिक विद्यालयका शिक्षक २४ वर्षीय रामप्रसाद भट्टराईले घरनजिकै बलात्कार प्रयास गरेको भन्दै परिवारले ०७० भदौ २३ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। आरोपितलाई भदौ २४ गते प्रहरीले गिरफ्तार गरी सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाई ०७० असोज २ गते जिल्ला प्रशासनको आदेशमा पाँच हजार रुपियाँ धरौटीमा सादा तारेखमा रिहा भए।

१४ वर्षीया एक बालिकालाई ०७० असोज २ गते देवगावँ गाविस-४ का १९ वर्षीय सोनु गुप्ताले घरनजिकै बलात्कार प्रयास गरेको भन्दै पीडितले असोज ६ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरेकामा अनुसन्धानपछि जिल्ला अदालतको आदेशमा ०७० असोज १८ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१५ वर्षीया एक बालिकालाई ०७० असोज २५ गते रौतहट जिल्ला जयनगर गाविस-५ का २३ वर्षीय सञ्जयकुमार गान्धीले दाउन्नेदेवी गाविस-९ स्थित एक घरमा बलात्कार गरेको भन्दै पीडित परिवारले ०७० कात्तिक १४ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। घटनापछि आरोपित फरार रहेको प्रहरीले जनायो। यस वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएनन्।

१२ वर्षीया एक बालिकालाई ०७० कात्तिक १० गते दुम्कीवास गाविस-४ का ३० वर्षीय बाबुराम परियारले बलात्कार गरेको भन्दै पीडितका आफन्तले कात्तिक २० गते इलाका प्रहरी कार्यालय कावासोतीमा जाहेरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको ०७० मङ्सिर १३ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१२ वर्षीया एक बालिकालाई ०७० कात्तिक १२ गते दुम्कीवास गाविस-९ का ५८ वर्षीय मनबहादुर परियारले बालिकाको घरमै बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० कात्तिक १३ गते इलाका प्रहरी कार्यालय कावासोतीमा जाहेरी दियो। जाहेरीका आधारमा आरोपिलाई सोही दिन प्रहरीले गिरफ्तार गरी अनुसनधान गरेकामा ०७० मङ्सिर ७ गते जिल्ला अदालतको आदेशमा १ हजार रुपियाँ धरौटीमा तारेखमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

नुवाकोट जिल्लाकी २५ वर्षीया, २७ वर्षीया, म्याग्दी जिल्लाकी २५ वर्षीया, मोरङ जिल्लाकी ३५ वर्षीया महिलालाई बाग्लुङ जिल्ला राङखानी गाविस-९ का ३६ वर्षीय धनबहादुर श्रीसमगर र सोही जिल्ला दमेक गाविसका अर्जुन सापकोटाले वैदेशिक रोजगारका लागि ओमान पठाउने भन्दै चोरबाटो प्रयोग गरी बेचबिखनका लागि भारततर्फ लैजाने क्रममा सरावल गाविसस्थित गोवरैया प्रहरी चौकीले ०७० वैशाख १४ गते उनीहरूको उद्धार गरी आरोपित धनबहादुर श्रीसमगरलाई गिरफ्तार गऱ्यो। पीडितहरूले किटानीसहित वैशाख १६ गते जिल्ला प्रहरी कार्यालयमा मानव बेचबिखन तथा ओसारपसार मुद्दा दर्ता गराए। आरोपित धनबहादुर श्रीसमगरलाई हिरासतमा राखी अनुसन्धान जारी राखेको छ भने घटनामा संलग्न अर्जुन सापकोटा र रामग्राम नपा-७ उजैनीका श्रीकान्त गुप्ता यस वर्षको अन्त्यसम्म फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२४ वर्षीया एक महिलालाई ०६९ चैत २ गते पिठौली गाविसका २२ वर्षीय महेन्द्र महतो र सोही ठाउँ निवासी २९ वर्षीय मिनराम महतोले शिवमन्दिर गाविस-३ स्थित बाटोमा बलात्कार गरेको आरोपमा पीडितले ०६९ चैत ३ गते इलाका प्रहरी कार्यालयमा

निवेदन दिइन्। आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनाएको छ।

१९ वर्षीया एक महिलालाई ०७० वैशाख २ गते सुनवल गाविस-६ का २५ वर्षीय निरज सुवेदीले विभिन्न प्रलोभनमा पारी राति ९ बजे फोनमार्फत काम छ भनी बोलाएर खोलाकिनारमा पुऱ्याई अन्य अपरिचित दुई व्यक्तिको सहयोगमा बलात्कार गरेको भन्दै पीडितले ०७० वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। चार वर्षदेखि नै पीडितलाई विवाह गर्ने प्रलोभनमा पारी प्रेम गर्ने नाममा पटक-पटक बलात्कार गर्दै आएको पीडितले उजुरीमा उल्लेख गरेकी छन्। पीडितको उजुरी प्रहरीले दर्ता नगरेपछि मानवअधिकारकर्मी सङ्घसंस्थाको पहलमा वैशाख १२ गते मुद्दा दर्ता भयो। घटनामा संलग्न आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

बोल्न र सुन्न नसक्ने एक ४२ वर्षीया महिलालाई ०७० जेठ २१ गते ठूलोखैरटवा गाविस-४ का ७० वर्षीय चन्द्रिका यादवले सोही ठाउँस्थित खेतमा घाँस काटिरहेका बेला बलात्कार गरेको आरोप लगाई उनका आफन्तले जेठ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको सोही दिन पृथ्वीचन्द्र जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। उजुरीका आधारमा अनुसन्धानका लागि आरोपितको खोजी गरिएकामा यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

घरेलु हिंसा

देवगाउँ गाविस-७ की २० वर्षीया नुरेसा नेसालाई ०६९ फागुन ३ गते पति २५ वर्षीय ऐनुलहक अन्सारी, सासू ४५ वर्षीया सरिफुम नेसा, ससुरा ५१ वर्षीय इब्राहिम अन्सारीले विभिन्न आरोप लगाई यातना दिने र पछिल्लोपटक कुटपिट गरी घरमा बस्न नदिएको भन्दै ०६९ चैत ८ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन्। उक्त घटनामा प्रहरीले घरेलु हिंसा कसुर ऐन अन्तर्गत मुद्दा चलाएको जनाएको छ। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

परिवारजनबाट हत्या

जौवारी गाविस-९ घर भई दिव्यपुरी गाविस-७ दुम्कौलीमा बस्दै आएकी २९ वर्षीया कमला विकलाई ०६९ पुस २९ गते राति पति ३२ वर्षीय शुकवहादुर विकले कुटपिट गरी हत्या गरेको आरोपमा पीडितका दाजु छविलाल सुनारले ०६९ माघ ५ गते इलाका प्रहरी कार्यालय कावासोतीमा जाहेरी दिए। प्रहरीले आरोपित विकलाई माघ ६ गते गिरफ्तार गरी अनुसन्धान गरेकामा ०६९ फागुन १ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा पठाएकामा ०७० जेठ २८ गतेको जिल्ला अदालतको फैसलाले २० वर्ष कैदको सजाय तोकेको छ।

शिव मन्दिर गाविस-२ की २७ वर्षीया पार्वती पौडेललाई ०७० वैशाख २१ गते परपुरुषसँग अनैतिक सम्बन्ध राखेको आरोपमा पति ३८ वर्षीय विश्वास पौडेलले राति घरमा सुतिरहेका बेला मसला पिस्ने सिलौटोले टाउकोमा प्रहार गरी हत्या गरे। आरोपितले पाँच वर्षीय छोरा आभूषण पौडेललाई दाजुको जिम्मा लगाई इलाका प्रहरी कार्यालय नवलपुर कावासोतीमा गई वैशाख २२ गते आत्मसमर्पण गरे। जिल्ला अदालतको ०७० जेठ ९ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।

ठूलोखैरटवा गाविस-६ की ४५ वर्षीया मुन्नादेवी यादवलाई ०७० साउन ६ गते जेठाजु ५५ वर्षीय चनमन यादव, निजका छोरा २० वर्षीय सन्तोष यादव, ज्वाइँ भारतीय नागरिक २४ वर्षीय सुरेन्द्र यादव, ठूलोखैरटवा गाविस-५ का सुग्रीम गुप्ता र कमलेश गुप्ताले घरनजिकै उखुखेतमा धारिलो हतियारले घाँटी रेटेर हत्या गरेको भन्दै ०७० साउन ७ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। जाहेरीका आधारमा साउन ८ गते प्रहरीले आरोपितहरूलाई गिरफ्तार गरेकामा अनुसन्धानपछि जिल्ला अदालतले भदौ १ गते पुर्पक्षका लागि थुनामा पठायो भने सन्तोष यादव यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनाएको छ। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

नयाँबेलहानी गाविस-८, टाँडीकी २३ वर्षीया रञ्जिता रसाइलीलाई ०७० साउन २१ गते पति २८ वर्षीय टोपबहादुर भन्ने टीकाराम रसाइलीले सामान्य घरायसी विवादका क्रममा घरमै कुटपिटपछि हत्या गरी झुन्ड्याएको अवस्थामा प्रहरीले लास बरामद गऱ्यो। माइतीपक्षले ०७० साउन २४ गते इलाका प्रहरी कार्यालय कावासोतीमा किटानी जाहेरी दिएकामा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको ०७० भदौ १९ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

गैँडाकोट गाविस घर भई चितवन जिल्ला

वीरेन्द्रनगर गाविस-२ मा बस्दै आएकी ५८ वर्षीया हरिकला विकलाई पति ६७ वर्षीय देवीलाल कामीले ०७० कात्तिक १३ गते डेरामै लाठी प्रहार गरी हत्या गरेको भन्दै पीडितपक्षले ०७० कात्तिक १४ गते इलाका प्रहरी कार्यालय गैंडाकोटमा जाहेरी दियो। आरोपितलाई प्रहरीले कात्तिक १५ गते गिरफ्तार गरी अनुसन्धान गरेकामा ०७० मङ्सिर १२ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय ४४ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ६०.जना, खानलाउन नदिएको ४५ जना, विवाह दर्ता तथा नागरिकता नबनाएका ३० अर्को श्रीमती ल्याएर हेला गरेकोमा ९ जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले १ सय १५ घटनामा मिलापत्र गराएको र २९ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पति कब्जा

गैरराज्यपक्षबाट

नेकपा-माओवादीबाट

अग्यौली गाविस-४ मा रहेको रामलक्ष्मण गुठीको नाममा रहेको तीन बिघा जग्गा व्यक्तिका नाममा दर्ता गराउन लागेको भन्दै ०७० जेठ २८ गते नेकपा-माओवादीनिकट अखिल नेपाल किसान सङ्घ क्रान्तिकारीले झन्डा गाडेर कब्जा गरेको घोषणा गऱ्यो। घटनाका बारेमा जानकारी लिँदा उजुरी नपरेकाले कुनै कारबाही नभएको प्रशासनले जनायो।

रामनगर गाविस-७ का देवीप्रसाद भट्टराई, लक्ष्मण भट्टराई र ध्रुव भट्टराईका नाममा रहेको सात बिघा जग्गा ०७० भदौ २८ गते नेकपा-माओवादीनिकट अखिल नेपाल किसान सङ्घ क्रान्तिकारीका जिल्ला अध्यक्ष यामलाल ढकालको नेतृत्वको टोलीले नक्कली कागजात बनाई जग्गा हड्पेको आरोपमा झन्डा गाडेर जग्गा कब्जा गरेको घोषणा गऱ्यो। घटनाका सम्बन्धमा कुनै उजुरी नपरेकाले कारबाही नभएको जिल्ला प्रशासन कार्यालयले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	८		
उपस्वास्थ्यचौकी	५३		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	११	१०	१
स्टाफ नर्स	१०	७	३
ल्याब असिस्टेन्ट	११	१०	१
अहेब	५०	७७	१३
अनमि	३२	२२	१०
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२६	१५	७
माशिका	७३	७१	२
स्वास्थ्य कार्यकर्ता	७०	६२	८

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यानका दुई, बहुविवाहका तीन, आत्महत्याका ६१, सार्वजनिक अपराधका ३८ र मानव बेचबिखनका दुई ओटा मुद्दा दर्ता भए।

३.८ रुपन्देही



जिल्ला सदरमुकाम: भैरहवा
क्षेत्रफल (वर्ग कि. मि.): १,३६०
घरधुरी सङ्ख्या: १,६३,५१६
जम्मा जनसङ्ख्या: ८,८०,१५६
पुरुष: ४,३२,१५३
महिला: ४,४८,००३
अपाङ्ग सङ्ख्या: ५,८५०
गाविस/नपा सङ्ख्या: ६५/२
पुरुष साक्षरता सङ्ख्या: ३,१८,२०२
महिला साक्षरता सङ्ख्या: २,५८,६५७
हिन्दू धर्मावलम्बी प्रतिशत: ८६.२४
बौद्ध धर्मावलम्बी प्रतिशत: ४.६१
इस्लाम धर्मावलम्बी प्रतिशत: ८.२३
किराँत धर्मावलम्बी प्रतिशत: ०.०३
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.६६
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०२
वोन धर्मावलम्बी प्रतिशत:०.०८
शिख धर्मावलम्बी प्रतिशत: ०.००
अन्य धर्मावलम्बी प्रतिशत: ०.१३
प्रतिपरिवार सरदर सङ्ख्या: ५.३७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

गैरराज्यपक्षबाट

अन्यबाट

केरवानी गाविस-८, सिङ्घास्थित देवदह फेलोसिप फाउन्डेसनको सुधारगृहमा राखिएका करहिया गाविस-८ का २३ वर्षीय एकराज शर्मा पौडेलको मङ्सिर १९ गते सोही संस्थाका रिह्याब इन्चार्ज सन्दीप श्रेष्ठको कुटपिटबाट मृत्यु भएको भनी आफन्तले सोही दिन इलाका प्रहरी कार्यालय बुटवलमा श्रेष्ठ, सोही सुधारगृहमा रहेका २८ वर्षीय ज्योतिराज सुवेदी, २७ वर्षीय विनोद पुन, २९ वर्षीय विशाल खत्री र ३१ वर्षीय अमृत अर्यालका विरुद्ध उजुरी दिए। सुधारगृहमा राखिएका पौडेललाई इन्चार्ज श्रेष्ठले कोठामा थुनेर डोरीले हातखुट्टा बाँधेर भाटा (दाउरा)ले प्रहार गर्दा मृत्यु भएको सोही केन्द्रमा उपचाररत अन्य युवाले बताए। जिल्ला अदालतका न्यायाधीश बालचन्द्र शर्माको इजलासले ०७० पुस १७ गते आरोपी श्रेष्ठलाई पुर्पक्षका लागि थुनामा पठायो भने अरूलाई रिहा गऱ्यो।

जेल र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता एक सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ७५ जना कैदी र कैद नतोकिएका २ सय ३९ जना थुनुवा गरी जम्मा ४ सय १४ जना बन्दीहरू रहेका छन्। यो जिल्ला कारागार वि.सं. १९९० मा निर्माण भएको हो। कारागार भवन जीर्ण छ। यहाँ शौचालय, खानेपानीको समस्या छ। कारागार भवन सुधारका लागि पटक-पटक माग गरिए पनि सम्बन्धित निकायले चासो नदिएको कारागारका कर्मचारीहरू बताउँछन्। कारागारमा रहेकाहरूको नियमित रूपमा स्वास्थ्य परीक्षण गरिने, टेलिफोन, पत्रपत्रिकाहरू दिइने गरेको छ। दैनिक सिधा ४५ रुपियाँ, चामल सिधा सात सय ग्राम, दसैं भत्ता तीन सय रुपियाँ, वर्षमा दुईपटक जाडो र गर्मीयामका कपडाहरू, कम्बल, काम्ब्लो, तन्ना, टाईहरू आवश्यकतानुसार वितरण गरिएको छ।

हिरासतमा मृत्यु

मर्चवार क्षेत्रको असुरैना गाविस-६, पर्सहवाका २२ वर्षीय रामसेवक धोबीलाई प्रहरीले हिरासतमा लिएर कुटपिट गर्दा ०७० साउन २९ गते मृत्यु भएको मृतकका परिवारले आरोप लगाए। इलाका प्रहरी कार्यालय मर्चवारद्वारा साउन २६ गते गिरफ्तार गरी हिरासतमा लिइएका धोबी साउन २९ गते बिहान मर्चवार क्षेत्रको मन्भरिया तालछेउको सडक किनारमा मृत अवस्थामा भेटिएका थिए। पीडितकी आमा र केही स्थानीयले प्रहरीको दबाबमा सोही दिन लास जलाएर अन्त्येष्टि गरेका थिए। धोबी संस्कार अनुसार अविवाहित व्यक्तिको लास नजलाई गाड्ने प्रचलन छ। प्रहरीले पोस्टमार्टम नगराएको र जबरजस्ती जलाउन लगाएकाले प्रहरीकै कुटपिटबाट मृत्यु भएको पीडितका

बाबु बाहोरी धोबीले दावी गर्दै घटनामा संलग्नलाई कारबाहीको माग गरे। जिल्ला प्रहरी कार्यालयका एसपी विक्रमसिंह थापाले घटनाका सम्बन्धमा सम्बन्धित कार्यालयका प्रहरीलाई भदौ ९ गते जिल्लामा फिर्ता बोलाई अनुसन्धान भइरहेको बताए। प्रहरीले घटनाको अनुसन्धान गर्दा ड्युटीमा रहेका प्रहरीको असावधानी ठहर गर्दै जिल्लामा फिर्ता बोलाएको बताएको छ। पीडितका परिवारले अन्त कतै उजुरी दिएनन्। अहिले अवस्था सामान्य छ।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	३
बालअधिकार			११		११
अपहरण			१		१
महिलाअधिकार			१०		१०
भेला/सङ्गठित हुने अधिकार				१	१
जातीय विभेद				१	१
हिरासत वा थुनामा मृत्यु	१	१			
कुटपिट	१	१			
धम्की				१	१
हत्या			४	१	५
जम्मा	३	३	३६	६	३३

गोली/विस्फोटक पदार्थद्वारा घाइते

गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

करिहया गाविस-३, पर्सावाल निवासी युवा सङ्घ नेपालका कार्यकर्ता २८ वर्षीय विमल गुरुङलाई ०६९ फागुन २४ गते दिउँसो मोटरसाइकलमा आएका अज्ञात व्यक्तिले घरम बसिरहेका बेला गोली प्रहार गरे। पेटमा गोली लागेका उनको भैरहवामा उपचार हुन नसकी सोही दिन हेलिकप्टरमार्फत काठमाडौँ पुऱ्याई उपचार गरियो। प्रहरीले घटनाबारे अनुसन्धान भइरहेको जनाए पनि हालसम्म घटनामा संलग्न कोही पनि अभियुक्त गिरफ्तार भएका छैनन्। प्रहरीले घाइते आफैंले बोकेको पेस्तोल पङ्किएको हुन सक्ने आशङ्का गरेको छ।

सिद्धार्थनगर नपा-११ पिपरैयाका ३१ वर्षीय जमसेद पठानलाई घरनजिकै चिया पसलमा चिया खाइरहेका बेला ०७० जेठ १९ गते दिउँसो भारतीय नम्बर प्लेटको मोटरसाइकलमा आएको अज्ञात समूहले गोली प्रहार गरी घाइते बनायो। दायाँ कुममा दुई ओटा गोली लागेर घाइते भएका पठानको भैरहवास्थित युनिभर्सल मेडिकल कलेजमा उपचार भयो। पीडित परिवारले जेठ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले भारतीय प्रहरीसमक्ष अभियुक्तको खोजीका लागि सहयोग गर्न आग्रह गरेको छ। प्रहरीले उक्त घटनामा भारतको महाराजगन्जस्थित नौतनवा बस्ने ४७ वर्षीय रामवचन भन्ने महेन्द्र यादव, सोही ठाउँका ४५ वर्षीय चिनक भन्ने अवधराज यादव र सोही ठाउँका ३६ वर्षीय भीमानी यादव संलग्न रहेको पत्ता लगाएको छ। उनीहरू सबै जना भारतीय नागरिक हुन्। घटनामा संलग्नहरूलाई गिरफ्तार गर्न नेपाल प्रहरीले भारती प्रहरीसमक्ष सहयोगको आग्रह गरेको छ। उनीहरू यस वर्षको अन्त्यसम्म पक्राउ परेका छैनन्।

सुधारगृहमा राखिएको अवस्थामा कुटपिटबाट मारिएका एकराज शर्मा पौडेल

धम्की/कुटपिट

राज्यपक्षबाट

बुटवल नपा-११, मिलनचोक तीनकुने निवासी एमाओवादीका कार्यकर्ता तथा मतदान प्रतिनिधि ३० वर्षीय कृष्ण रिमाललाई ०७० मङ्सिर ४ गते बेलुका इलाका प्रहरी कार्यालयका प्रहरीले कुटपिट गरे। कुटपिटबाट टाउको र छातीको करङ्ग भाँचिएर घाइते रिमालको काठमाडौँस्थित वीर अस्पतालमा उपचार भयो। चुनावपछि मतपेटिका भैरहवा सदरमुकाम लैजाने विषयमा प्रहरी र एमाओवादीका कार्यकर्ताबीच भएको झडपका क्रममा प्रहरीले उनीमाथि कुटपिट गरेको थियो। एमाओवादीका कार्यकर्ताले प्रहरीमाथि आक्रमण प्रयास गरेका थिए। भैरहवामा मतगणनाका क्रममा एमाओवादीले सोही विषयलाई लिएर केहीबेर मतगणना अवरुद्ध गरेको थियो। पछि घटनाबारे छानबिन गर्ने सहमति भएपछि मतगणना सुचारु भएको थियो। पीडितले अन्त कतै उजुरी दिएनन्।

गैरराज्यपक्षबाट

एमाओवादीबाट

बुटवल नपा-१० निवासी सङ्घीय एक्सप्रेस अर्धसाप्ताहिक पत्रिकाका संवाददाता ३५ वर्षीय भोला बानियाँलाई एमाओवादीका करहिया गाउँ समिति इन्चार्ज तथा करहिया गाविस-३ निवासी अकवर अली मुसलमानले ०६९ चैत २२ गते मार्ने धम्की दिए। पत्रिकामा प्रकाशित लेखको विषयमा एमाओवादीमा समेत रहेका मुसलमानले मार्ने धम्की दिएको पीडित पत्रकार बानियाँले बताए। पीडितले आफूआवद्ध पत्रकारहरूको सङ्गठन प्रेस युनियनमा बाहेक अन्त कतै उजुरी दिएनन्। एकीकृत माओवादीका जिल्ला इन्चार्ज माधव शर्माले भने पार्टीको नीति त्यस्तो नरहेको बताए। घटनामा संलग्न अकवर अलीलाई कुनै कारबाही भएन।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वन्तन्त्र र निष्पक्ष चुनावसमेत)

संविधानसभा चुनावका लागि प्रचारप्रसारका क्रममा ०७० मङ्सिर १ गते काङ्ग्रेसका कार्यकर्ताहरूले घरदैलो अभियानमा रहेका रुपन्देही-१ का एमाले उम्मेदवार छविलाल विकमाथि देवदह गाविस-९, चरेङ्गेमा आक्रमण गरी ढुङ्गामुढा गरे। आक्रमणसँगै काङ्ग्रेसका कार्यकर्ताले एमालको चुनावी कार्यक्रममा प्रयोग बा९च ५४९९ नम्बरको गाडी तोडफोड गरी क्षति पुऱ्याए। उनीहरूले देवदह गाविस-८, भलुहीमा रहेको एमालेको चुनावी कार्यालयका फर्निचरसमेत तोडफोड गरे। पीडितले अन्त कतै उजुरी दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

चार जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारी मुद्दा १ हजार ६ सय २८ रहेकामा ८ सय ८२ थान फैसला भए भने ७ सय ४६ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ६ सयमध्ये ७ सय ९८ थान फैसला भए भने ८ सय २ थान फैसला हुन बाँकी रहे।

०७० साउनदेखि पुस १५ सम्म

पाँच जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारी मुद्दा ८ सय ६६ रहेकामा १ सय ५४ थान फैसला भए भने ७ सय १२ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार १ सय ७ मध्ये १ सय ३२ थान फैसला भए भने ९ सय ७५ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ७ र देवानी मुद्दा ३० थान रहेका छन्।

जिल्ला न्यायाधिवक्ता

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ९ सय ५६ रहेकामा ४ सय ४४ थान सफल भए भने १ सय ३६ थान असफल रहे। मुलतवी र तामेलीमा ३ सय ७१ थान मुद्दा रहेका छन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १९ थान रहेकामा १ सफल र ११ थान असफल रहे। बलात्कारसम्बन्धी मुद्दा २८ मध्ये आठ सफल र पाँच थान असफल रहे। महिला बेचबिखनसम्बन्धी मुद्दा १२ मध्ये दुई सफल र एक थान असफल रहे। अपहरणसम्बन्धी मुद्दा १४ मध्ये ३ सफल र आठ थान असफल रहे। बहुविवाहसम्बन्धी नौ मुद्दामध्ये तीन सफल र दुई थान असफल रहे। बालविवाहसम्बन्धी मुद्दा दर्ता भएनन्। .छुवाछूतसम्बन्धी पनि कुनै मुद्दा दर्ता भएनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या ३ सय ९४ थान रहेकामा ३ सफल र २ सय ५५ थान असफल भए। सरकारी वकिल सङ्ख्या ३ जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ३ सय ९८ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

रूपन्देहीमा ५ देखि १६ वर्ष उमेर समूहको जनसङ्ख्या २ लाख १६ हजार ८ सय ७५ मध्ये राष्ट्रिय जनगणना ०६८ अनुसार २ लाख १६ हजार ८ सय ७५ जना विद्यालय तथा क्याम्पस तहको शिक्षामा संलग्न रहेका छन् भने ४० हजार ३ सय १७ जना विद्यालयबाहिर रहेका छन्।

यस जिल्लाका विद्यालय जाने उमेरका २ लाख ३४ हजार ५ सय ८२ मध्ये छात्र १ लाख १७ हजार ९ सय १४ र छात्रा १ लाख १६ हजार ६ सय ६८ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १६ हजार ३ सय २६ र छात्र १६ हजार १

सय ९५ रहेका छन्। सामुदायिक विद्यालयमा प्रावि तहमा महिला १ हजार ३२ जना र पुरुष ९ सय ८५ गरी जम्मा २ हजार १० शिक्षक कार्यरत छन्। निमावि तहमा महिला ४४ र पुरुष ३ सय १८ गरी जम्मा ३ सय ६२ शिक्षक कार्यरत छन्। यसै गरी मावि तहमा महिला १७ र पुरुष ३ सय २ गरी जम्मा ३ सय १९ जना शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक १२ हजार ९ सय ७ र बालिका १२ हजार ७८ गरी जम्मा २४ हजार ९ सय ८५ रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१५ वर्षीया एक बालिकालाई मोतीपुर गाविस-९ का ३१ वर्षीय विश्वास चौधरीले ०७० जेठ ८ गते बलात्कार गरेको आरोपमा पीडित परिवारले ०७० जेठ ९ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए। पीडितको उजुरीका आधारमा प्रहरीले चौधरीलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान जारी राखेको छ। यसअघि पनि चौधरीले घरमा पटक-पटक बलात्कार गर्ने गरेको र घटना सार्वजनिक गरेमा ज्यान मार्ने धम्की दिएकाले स्थानीय अगुवाहरूको सहयोगमा पीडित परिवारले प्रहरीमा उजुरी गरेका थिए। बालिकाको लुम्बिनी अञ्चल अस्पतालमा जेठ ९ गते स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतका न्यायाधीश बालेन्द्र रूपाखेतीको इजलासको आदेशमा आरोपित ०७० जेठ २० गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१५ वर्षीया एक बालिकालाई मोतीपुर गाविस-८ का २६ वर्षीय देवकुमार थारुले ०६९ पुस २७ गते राति बालिकाको घरमै बलात्कार प्रयास गरेको भन्दै पीडितका परिवारले पुस २७ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी गरे। प्रहरीले सोही दिन आरोपितलाई गिरफ्तार गऱ्यो। पीडित बालिकाको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। उनको अवस्था सामान्य छ। आरोपित जिल्ला अदालतको ०६९ माघ २४ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइए पनि मुद्दाको फैसला भएको छैन।

६ वर्षीया एक नाबालिकालाई गजेडी गाविस-२ का एक १४ वर्षीय बालकले ०६९ फागुन ६ गते नाबालिकाकै घरमा बलात्कार प्रयास गरेको भन्दै पीडितका परिवारले इलाका प्रहरी कार्यालय बुटवलमा फागुन ११ गते उजुरी दिए। प्रहरीले आरोपित बालकलाई फागुन १२ गते गिरफ्तार गरी बालमैत्री वातावरणमा हिरासतमा राख्यो। प्रहरीले अनुसन्धानपछि बालकलाई सुधार गर्न फागुन २४ गते अभिभावकको जिम्मा लगायो।

१५ वर्षीया एक बालिकालाई बुटवल नपा-११ स्थित बसपार्कमा रोकिरहेको बसमा लगेर सामूहिक बलात्कार भएको घटना सार्वजनिक भयो। उक्त घटना एक महिनापछि माघ १५ गते मात्र सार्वजनिक भएको हो। बालिकालाई सामूहिक बलात्कार गरेको अभियोगमा एक १७ वर्षीय बालक, बुटवल नपा-९ दीपनगरका २३ वर्षीय रमेश थापा र स्याङ्जा जिल्लाको वालिङ नपा-१ निवासी १९ वर्षीय हरि पाठकलाई माघ १४ गते गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख एसपी राजकुमार बैदवारले बताए। सौतेनी आमाको दुर्व्यवहार सहन नसकी गाउँकै एक युवकको सहयोगमा कामका लागि बुटवल आएकी बालिकालाई बुटवल बसपार्कमा रोकिरहेको लु१ख ३६०८ नम्बरको बसमा लगेर तीन जनाले सामूहिक बलात्कार गरेको प्रहरीले जनायो। आरोपितहरू १७ वर्षीय बालक, बुटवल नपा-९ दीपनगरका २३ वर्षीय रमेश थापा जिल्ला अदालतको ०६९ फागुन १० गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। हरि पाठकलाई फागुन २५ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइएको छ। जिल्ला अदालतका मुख्य न्यायाधीश बालेन्द्र रूपाखेतीको इजलासले उक्त आदेश गरेको थियो। मुद्दाको हालसम्म फैसला भएको छैन।

पाँच वर्षीया एक बालिकालाई दूधराक्ष गाविस-६, गड्वाका ४० वर्षीय मनिजुल शेख मुसलमानले ०७० जेठ ४ गते घरनजिकै बलात्कार प्रयास गरेको भन्दै पीडितका परिवारले इलाका प्रहरी कार्यालय बुटवलमा ०७० जेठ ५ गते उजुरी दिए। प्रहरीले सोही दिन आरोपितलाई गिरफ्तार गरी अनुसन्धानपश्चात् जिल्ला अदालतमा पेस गऱ्यो। बालिकाको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। अदालतको जेठ ३० गतको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। उक्त मुद्दाको पनि हालसम्म फैसला भएको छैन।

प्रहरीद्वारा कुटपिट गरिएका एमाओवादी कार्यकर्ता कृष्ण रिमाल

१२ वर्षीया एक बालिकालाई बुटवल नपा-४ का २८ वर्षीय रकी भन्ने लक्ष्मण थापाले ०६९ चैत २४ गते घरनजिकै बलात्कार प्रयास गरेको भन्दै पीडितका परिवारले इलाका प्रहरी कार्यालय बुटवलमा सोही दिन उजुरी गरे। प्रहरीले आरोपितलाई चैत २४ गते गिरफ्तार गरी अनुसन्धानपछि जिल्ला अदालतमा पेस गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बालेन्द्र रूपाखेतीको आदेशमा आरोपित ०७० वैशाख २२ गते ३० हजार रुपियाँ धरौटी राखी रिहा भए।

६ वर्षीया एक बालिकालाई मानपकडी गाविस-३, रजाडका १८ वर्षीय मनोज चौधरीले ०७० वैशाख १० गते घरनजिकै खेतमा बलात्कार प्रयास गरेको भन्दै पीडित परिवारले वैशाख १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। इलाका प्रहरी कार्यालय छपियाले बलात्कारका आरोपित फरार रहेकाले खोजी कार्य जारी रहेको जनायो। बालिकाको भैरहवास्थित भीम अस्पतालमा स्वास्थ्य परीक्षण र उपचार भयो। आरोपित अहिलेसम्म फरार रहेको प्रहरीले बताएको छ।

१३ र १४ वर्षीया दुई स्कुले छात्रालाई बुटवल नपा-१० मिलनचोकमा फेवा कटेजका सञ्चालक २४ वर्षीय योगेश बञ्जाडे र सोही कटेजका कुक २८ वर्षीय अर्जुन ज्ञवालीले ०७० असार २३ गते राति नियन्त्रणमा लिएर बलात्कार गरेको भन्दै पीडितका परिवारले इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए। प्रहरीले बलात्कारका आरोपित दुवै जनालाई असार २४ गते गिरफ्तार गरी अनुसन्धानपश्चात् जिल्ला अदालतमा पेस गरेको छ। जिल्ला अदालतको ०७० साउन २१ गतेको आदेशमा आरोपित दुवै जना पुर्पक्षका लागि थुनामा छन्। उक्त मुद्दाको फैसला अझै भएको छैन।

सुस्त मनस्थिति भएकी एक १५ वर्षीया बालिकालाई भदौ १८ गते बलात्कार गरेको आरोपमा पोखरभिन्डी गाविस-१ का ६० वर्षीय राजेन्द्रप्रसाद पाण्डेलाई प्रहरीले भदौ १९ गते गिरफ्तार गऱ्यो। बालिकालाई कोठामा लगेर हातखुट्टा बाँधेर जबरजस्ती बलात्कार गरेको भन्ने भदौ १८ गतेको उजुरीका आधारमा आरोपितालाई गिरफ्तार गरिएको प्रहरीले जनाएको छ। बालिकाको सोही दिन भैरहवास्थित भीम अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको असोज १० गतेको आदेशमा आरोपीलाई पुर्पक्षका लागि थुनामा पठाइयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१९ वर्षीया एक महिलालाई हर्नैया गाविस-६ निवासी प्रस्तावित सरस्वती प्राविका प्रधानाध्यापक २० वर्षीय जितु भन्ने भीमनारायण थारुले ०६९ फागुन ३ गते अपराह्न घरनजिकैको खरियानमा जबरजस्ती बलात्कार गरेको आरोपमा पीडितका बाबुले सोही दिन बेथरी चौकीमा उजुरी गरे। प्रहरीले आरोपितलाई फागुन ४ गते गिरफ्तार गऱ्यो। पीडितका बाबुले पछि फागुन ६ गते जिल्ला प्रहरी कार्यालय भैरहवामा किटानी जाहेरी पनि दिए। आरोपित थारुलाई जिल्ला अदालतको फागुन २८ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइएकामा यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

२८ वर्षीया एक सुस्तमनस्थिति भएकी महिलालाई अमुवा गाविस-४, अमुवाका १९ वर्षीय वसन्त रेग्मी, सोही ठाउँका २० वर्षीय सागर सुनार र १९ वर्षीय प्रेमबहादुर विकले साउन ५ गते सामूहिक बलात्कार गरेको आरोप लगाई साउन ८ गते पीडितका आफन्तले प्रहरीमा उजुरी दिए। उजुरीका आधारमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान गरेको छ। जिल्ला अदालतको भदौ ६ गतेको आदेशमा आरोपीहरूलाई पुर्पक्षका लागि थुनामा पठाइयो।

४५ वर्षीया एक महिलालाई मक्रहर गाविस-६, मन्द्राहनीका ३९ वर्षीय तिलक हिताङ्गेले ०७० मङ्सिर ८ गते चरङ्गे जङ्गलमा बलात्कार गरेको भन्दै पीडितले सोही दिन इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिइन्। आफन्तीको घरमा गएका बेला बलात्कार गरेको भनी उनले दिएको उजुरीका आधारमा आरोपितलाई प्रहरीले मङ्सिर ९ गते गिरफ्तार गरी अनुसन्धान गऱ्यो। आरोपी जिल्ला अदालतको ०७० पुस १४ गतेको आदेशमा ५० हजार रुपियाँ धरौटी बुझाएर तारेखमा रिहा भएका छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१८ वर्षीया एक महिलालाई उदयपुर जिल्लाको पौवासरा गाविस-८ घर भई बुटवल नपा-१० सुख्खानगरमा डेरा गरी बस्ने रिक्सा चालक २८ वर्षीय दीपक रानाले ०७० पुस ५ गते राति बलात्कार गरेको भन्दै पीडितले पुस ६ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिइन्। दिदीको घरमा बसेका बेलामा बलात्कार गरेको भनी उनले निवेदन दिएका आधारमा प्रहरीले आरोपीलाई सोही दिन गिरफ्तार गऱ्यो।

घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको र जिल्ला अदालतमा पेस गरिएको प्रहरीले बतायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

घरेलु हिंसा

परिवारजनबाट हत्या

पडसरी गाविस-७ गङ्गापुरकी २८ वर्षीया सुशीला पासीलाई पति ३५ वर्षीय वीरेन्द्र पासीले ०६९ फागुन २३ गते राति घरमै सामान्य विवादमा घाँटी रेटेर हत्या गरे। पतिले घाँटी रेटेर गम्भीर घाइते भएकी सुशीलाले हारगुहार गरेपछि राति नै गाउँलेले उद्धार गरी भैरहवास्थित युनिभर्सल मेडिकल कलेजमा उपचारका लागि पुऱ्याउने क्रममा पीडितको बाटोमै मृत्यु भयो। प्रहरीले हत्यामा संलग्न पीडकलाई फागुन २४ गते बिहान घरैबाट गिरफ्तार गऱ्यो। आरोपितलाई ०६९ चैत २० गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइएकामा मुद्दाको फैसला भएको छैन।

सेमलार गाविस-७ बेलभरियाकी ३१ वर्षीया सरु भन्ने सरस्वती अर्याललाई पति ३५ वर्षीय जनक भन्ने जनार्द्धन अर्याले भदौ ७ गते राति हत्या गरे। पतिले घाँटी थिचेर जबरजस्ती विष खुवाई हत्या गरेको भन्दै मृतकका आफन्तले इलाका प्रहरी कार्यालय बुटवलमा भदौ ८ गते किटानी जाहेरी दिएपछि प्रहरीले सोही दिन आरोपीलाई गिरफ्तार गऱ्यो। मृतकको लुम्बिनी अञ्चल अस्पतालमा पोस्टमार्टम गराई भदौ ८ गते बेलुका अन्त्येष्टि गरिएको थियो। आरोपीलाई जिल्ला अदालतको भदौ २० गतेको न्यायाधीश बालचन्द्र शर्माको इजलासले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ।

परिवारजनबाट हत्या गरिएकी सुशीला पासी

घाँटी रेटेर हत्या

हर्नैया गाविस-३, कुरमारकी ४५ वर्षीया वसन्ती थारु र सोही ठाउँकी २५ वर्षीया आरती लोधलाई ०६९ माघ २ गते छिमेकीहरू सोही ठाउँका ४५ वर्षीय गोविन्द थारु र ४७ वर्षीय तिलकराम थारुले घरनजिकै खेतमा घाँटी रेटेर हत्या गरे। हत्यामा संलग्न अभियुक्तहरूलाई प्रहरीले ०६९ माघ ६ गते घरैबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको माघ २१ गतेको आदेशमा पीडक दुवै जनालाई सर्वस्वसहित जन्मकैदको फैसला भयो।

अमानवीय व्यवहार

मोतीपुर गाविस-३ रानीगन्जकी २८ वर्षीया महिलालाई बोक्सीको आरोपमा छिमेकीहरूले ०६९ माघ १२ गते कुटपिट र दुर्व्यवहार गरे। पीडितको उजुरीका आधारमा इलाका प्रहरी कार्यालय बुटवलले आरोपितलाई माघ १३ गते घरैबाट गिरफ्तार गऱ्यो। प्रहरीले मोतीपुर गाविस-३, रानीगन्जका ५२ वर्षीय दिनेशहरि कठरिया, ३२ वर्षीया मीना कठरिया, ३० वर्षीया शोभा कठरिया, ३० वर्षीया लक्ष्मी थारु, २० वर्षीया आशा थारु, ४२ वर्षीया आशारानी कठरिया, २५ वर्षीय जीतबहादुर कुँवर र २७ वर्षीय रोहित कठरियालाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ फागुन ६ गतेको आदेशमा आरोपितहरू जनही पाँच/पाँच हजार रुपियाँ धरौटी राखेर तारेखमा रिहा भए।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय ६२ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र रूपन्देहीमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरिएका ५९ जना र कुटपिट गरी घरनिकाला गरिएका २३ जना, खानलाउन नदिएको ४८ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको ५, अर्की पत्नी ल्याएर हेला गरेकामा १७, मार्ने धम्की दिइएकामा २ जना, बोक्सीको आरोप लगाएको घटनामा ८ जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले १ सय ३७ घटनामा मिलापत्र गराएको छ। प्रहरीमा उजुरी गराएका तर पछि सम्पर्कमा नआएका पीडित अर्थात् निवेदकको सङ्ख्या १० छ। प्रहरीले १५ वटा मुद्दालाई सम्बन्धित निकायमा पठाएको बतायो।

सबै प्रकारका जातीय विभेद

बुटवल नपा-१५, बेलबासका ३६ वर्षीय

हरिलाल सुनारलाई सोही ठाउँका ४० वर्षीया कमला बस्नेतले तल्लो जात भएको भन्दै ०७० साउन ३२ गते कुटपिट गरिन्। पीडितले न्यायको माग गर्दै इलाका प्रहरी कार्यालय, बुटवलमा भदौ २ गते निवेदन दिए। आफू बिरामी पर्दा लिएको ऋण तिर्न बस्नेतको घरमा गएका बेला तल्लो जातकाहरू घरभित्र आएको भन्दै कुटपिट गरिएको निवेदनमा उल्लेख छ। चिया पसलमा राखेको पानी किन छोइदिएको भन्दै भोलिपल्ट घरमै आएर कुटपिट भएको सुनारकी पत्नी कमलाले बताइन्। पीडितले जातीय छुवाछूत कसुर र सजाय ऐन, २०६८ अनुरूप कारबाहीको माग गरे। प्रहरीले भदौ २ गते दुवै पक्षलाई बोलाई छलफल गरी आगामी दिनमा घटना नदोऱ्याउने सर्तमा मिलापत्र भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

गैरराज्यपक्षबाट

नेकपा-माओवादीबाट

एमाओवादी नेता तथा रूपन्देही-४ का उम्मेदवार बाबुराम भट्टराईले चुनावी प्रयोजनका लागि प्रयोग गरेको ग१च ५१५४ नम्बरको बलेरो जिपमा ०७० कात्तिक ६ गते राति नेकपा-माओवादीका कार्यकर्ताले आगजनी गरी क्षति पुऱ्याए। गस्तीमा रहेको इलाका प्रहरी कार्यालय रन्यौराको टोलीले आगो नियन्त्रणमा लिएको थियो। प्रहरीले घटनामा संलग्न रहेको आरोपमा परोहा गाविस-६ निवासी नेकपा-माओवादीका कार्यकर्ताहरू २७ वर्षीय दीपक थापा र २९ वर्षीय खेमानन्द पौडेललाई कात्तिक ७ गते गिरफ्तार गरी सार्वजनिक अपराधको मुद्दामा अनुसन्धान गरिएकामा कात्तिक १३ गते जिल्ला प्रशासनको आदेशमा दुई-दुई हजार रुपियाँ धरौटीमा रिहा भए।

अज्ञात समूहबाट

बुटवल नपा-६, लक्ष्मीनगरस्थित घरनजिकै पार्किङ गरिरहेको कपिलवस्तु क्षेत्र नं. ३ का सद्भावना (महतो)का उम्मेदवार गयाद्दिन कुर्मीले चढ्ने गरेको ग१च २०३१ नम्बरको मारुती कार कात्तिक २६ गते अज्ञात समूहले आगजनी गरी क्षति पुऱ्यायो। नेकपा-माओवादी नेतृत्वको ३३ दलीय मोर्चाले संविधानसभा निर्वाचनविरुद्ध आह्वान गरेको यातायात बन्दका क्रममा उक्त घटना भएको हो। प्रहरीले घटनामा संलग्न कसैलाई पनि गिरफ्तार गरेको छैन। पीडितले कतै पनि उजुरी दिएनन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	२६		
उपस्वास्थ्यचौकी	३८		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	५	७	
स्टाफ नर्स	५	३	२
ल्याब असिस्टेन्ट	५		
अहेब	१००	९६	४
अनमि	६६	६२	४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२	२	
माशिका	३८	३६	२
स्वास्थ्य कार्यकर्ता	६९	४५	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म अपहरणका एक, ज्यान मार्ने उद्योगका ११, आत्महत्याका १ सय ११, बहुविवाहका १५, बोक्सीको आरोपका दुई, हातहतियारका दुई, सार्वजनिक अपराधका १ सय ८१ र कर्तव्य ज्यानका १६ थान मुद्दा दर्ता भए।

३.९ पाल्पा



जिल्ला सदरमुकाम: तानसेन
क्षेत्रफल (वर्ग कि. मि.): १,३७३
घरधुरी सङ्ख्या: ५५,२५१
जम्मा जनसङ्ख्या: २,६१,१८०
पुरुष: १,१५,८४०
महिला: १,४५,३४०
अपाङ्ग सङ्ख्या: ६,५३७
गाविस/नपा सङ्ख्या: ६५/१
पुरुष साक्षरता सङ्ख्या: ५०,२८१
महिला साक्षरता सङ्ख्या: ५६,३५७
हिन्दू धर्मावलम्बी प्रतिशत: ५०.५२
बौद्ध धर्मावलम्बी प्रतिशत: ७.८२
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.४७
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.८८
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१७
अन्य धर्मावलम्बी प्रतिशत: ०.१४६
प्रतिपरिवार सरदर सङ्ख्या: ४.४१

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय ७५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३ सय १२ र कैद नतोकिएका ४४ जना बन्दी गरी ६५ महिला र २ सय ९१ पुरुष सहित जम्मा ३ सय ५६ जना कैदी तथा बन्दी रहेका छन। यसबाहेक आश्रित चार बालक र एक बालिका रहेका छन्। यस वर्षको अन्त्यसम्म एक जना बन्दीको उपचारका क्रममा मृत्यु भएको छ। यो जिल्ला कारागार वि.सं. १९८३ मा निर्माण भएको हो।

जेलको अवस्था ज्यादै जीर्ण छ। बस्न डरलाग्दो रहेको र कोठामाथिका दलिनलाई टेको दिएर अड्याएर काम चलाइएको छ। जेलमा सवारीसाधनको अभाव रहेकाले बिरामी बन्दीको उपचारका लागि अस्पताल ल्याउन लैजान कठिनाइ छ। सरकारी अस्पतालबाहेक अन्य ठाउँमा उपचारार्थ जाँदा सम्पूर्ण खर्च बन्दी आफैंले बेहोर्नुपर्ने गुनासो बन्दीहरूको छ। हालै प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा मर्मत-सम्भार र नयाँ भवन पुन:निर्माणको काम भइरहेको छ। महिला बन्दीलाई नयाँ भवनमा सारिने तयारी भएको प्रमुख जिल्ला अधिकारी शिवराज जोशीले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ १ सय ७९ मध्ये १ सय ४१ को फैसला भयो भने ३८ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ३ मध्ये ६० को फैसला भयो भने ४३ फैसला हुन बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

यस जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ १ सयमध्ये २८ को फैसला भयो भने ७२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७१ मध्ये ११ को फैसला भयो भने ६० को फैसला हुन बाँकी छ। दुई वर्ष नाघेका कुनै फौजदारी र देवानी मुद्दा नरहेको अदालतले जनाएको छ।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ९७ थान छन्, जसमध्ये ६९ सफल भए भने ७ थान असफल भएका छन्। मुलतवी र तामेलीमा २१ थान मुद्दा रहेका छन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा नौ थानमध्ये चार सफल र एक असफल रहे। बलात्कारसम्बन्धी आठ मुद्दामध्ये पाँच सफल र दुई थान असफल रहे। महिला बेचबिखनसम्बन्धी एउटा मुद्दा परेकामा त्यो पनि असफल रह्यो। बहुविवाहसम्बन्धी परेका तीन मुद्दामध्ये एउटा सफल र दुई थान असफल रहे। बालविवाह र छुवाछूतसम्बन्धी कुनै मुद्दा दर्ता भएनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या २५ छ। सरकारी वकिलको सङ्ख्या एक छ। यस जिल्ला

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	४		४
महिलाअधिकार	४७		४७
कुटपिट	६		६
हत्या		१	१
जम्मा	५७	१	५८

कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ४६ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७९ हजार ४ सय ७० मध्ये छात्र ३९ हजार ५ सय ७८ र छात्रा ३९ हजार ८ सय ९२ प्राथमिकतहदेखि माविसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ५ हजार ५ सय ४४ र छात्र ५ हजार १ सय ४८ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राविहमा महिला ६ सय र पुरुष १ हजार २ सय ५ गरी जम्मा १ हजार ८ सय ५ शिक्षक कार्यरत छन्। निमावि तहमा महिला ९४ र पुरुष ३ सय ८६ गरी जम्मा ४ सय ८० शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला ४१ र पुरुष ३ सय ५३ गरी जम्मा ३ सय ९४ शिक्षक रहेको जिल्ला शिक्षा कार्यालय पाल्पाले जनाएको छ।

बालविकास केन्द्रमा बालक ५ हजार ३ सय ९३ र बालिका ४ हजार ९ सय २ गरी जम्मा १० हजार २ सय ९५ रहेका छन्, जसमध्ये दलित बालक ७ सय ९८ र बालिका ६ सय ७८ रहेको जिल्ला शिक्षा कार्यालय पाल्पाले जनाएको छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१४ वर्षीया एक बालिकालाई ०७० जेठ २६ गते बलात्कार प्रयास गरेको आरोपमा सिलुवा गाविस-१ का २३ वर्षीय टोपबहादुर जर्घाविरुद्ध पीडितको परिवारले असार २ गते प्रहरीमा जाहेरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०७० असार २५ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

११ वर्षीया एक बालिकालाई ०७० असार ६ गते राति गाँडाकोट गाविस-५ का ४५ वर्षीय मनवीर श्रेष्ठले बलात्कार गरेको आरोपमा पीडित परिवारले इलाका प्रहरी कार्यालय, रामपुरमा ०७० असार ७ गते किटानी जाहेरी दियो। बलात्कार गरेको परिवार तथा छिमेकीले थाहा पाएपछि आरोपित घटनास्थलबाट भागेका थिए। प्रहरीले आरोपितलाई ०७० असार ११ गते तानसेन बसपार्कनजिकबाट गिरफ्तार गऱ्यो। पीडितको रामपुर स्वास्थ्यचौकीमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको आदेशमा आरोपित साउन ८ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१४ वर्षीया एक बालिकालाई ०७० भदौ ५ गते रामपुर गाविस-१ का १९ वर्षीय भक्तबहादुर भुजेलले बलात्कार गरेको आरोपमा पीडितको परिवारले सोही दिन प्रहरीमा किटानी जाहेरी दियो। प्रहरीले आरोपितलाई ०७० असोज ३ गते घरबाटै गिरफ्तार गरी अनुसन्धान गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा असोज १६ गते पुर्पक्षका लागि थुनामा छन्। पीडितको रामपुर स्वास्थ्य चौकीमा स्वास्थ्य परीक्षण भयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१६ वर्षीया एक बालिकालाई ०७० भदौ १५ गते बलात्कार गरेको आरोपमा मदनपोखरा गाविस-२ का २३ वर्षीय सुन्दर दर्जीलाई प्रहरीले असोज ५ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। बालिकालाई बलात्कार गरेको भनी परिवारले भदौ १६ गते उनीविरुद्ध प्रहरीमा उजुरी दिएको थियो। घटनापछि आरोपित फरार भएका थिए। जिल्ला अदालतको आदेशमा आरोपित ०७० असोज १२ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलामाथि हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गुल्मी जिल्ला घर भएकी एक ३२ वर्षीया महिलालाई ०७० असोज ४ गते तानसेन नपा-६ स्थित बसपार्क नजिक राति बलात्कार गरेको आरोपमा तानसेन नपा-१० का २७ वर्षीय शिवबहादुर खड्का, तानसेन नपा-१३ का २२ वर्षीय बसन्त थापा, भैरवस्थान गाविस-४ का २२ वर्षीय सन्दीप राई र एक १५ वर्षीय बालकलाई प्रहरीले सोही दिन बसपार्कबाट गिरफ्तार गऱ्यो। बसपार्कनजिक महिला चिच्याएको

आवाज सुनेपछि प्रहरीको गस्ती टोलीले महिलाको उद्धार गरेको थियो। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको असोज १४ गतेको आदेशमा आरोपित खड्का, थापा र राई पुर्पक्षका लागि थुनामा छन्। अर्का आरोपित १५ वर्षीय बालकलाई बाल सुधारगृहमा पठाइयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४७ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला र मानसिक यातना, खानलाउन नदिएको ४७ जना र अर्की पत्नी ल्याएर हेला गरेकामा तीन जनाले उजुरी दिएको जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवाकेन्द्रले जनाएको छ। ती घटनामध्ये प्रहरीले ४७ घटनामा मिलापत्र गराएको र बहुविवाहका ३ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सो केन्द्रले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	२५		
उपस्वास्थ्यचौकी	३३		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	८	२	६
स्टाफ नर्स	१०	६	४
ल्याब असिस्टेन्ट	६	५	१
अहेब	१३५	५५	४०
अनमि	५५	७४	२१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	३३	८	२५

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म आत्महत्याका २७, बहुविवाहका तीन, विस्फोटक पदार्थका दुई, बन्द हडतालका २२ र घरेलु हिंसाका ४७ ओटा मुद्दा दर्ता भए।

३.१० कपिलवस्तु



जिल्ला सदरमुकाम: तौलिहवा
क्षेत्रफल (वर्ग कि. मि.): १,७३८
घरधुरी सङ्ख्या: ५१,३२१
जम्मा जनसङ्ख्या: ५,७१,९३६
पुरुष: २,८५,५९५
महिला: २,८६,३३७
अपाङ्ग सङ्ख्या: ७,३३३
गाविस/नपा सङ्ख्या: ७७/१
पुरुष साक्षरता सङ्ख्या: १,७३,५५१
महिला साक्षरता सङ्ख्या: १,२४,११३
हिन्दू धर्मावलम्बी प्रतिशत: ८०.६२
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.८७
इस्लाम धर्मावलम्बी प्रतिशत: १८.१६
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.१५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०२
शिख धर्मावलम्बी प्रतिशत: ०.००४
अन्य धर्मावलम्बी प्रतिशत: ०.१३
प्रतिपरिवार सरदर सङ्ख्या: ६.२६

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ८५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ३५ जना कैदी र कैद नतोकिएका ७६ जना थुनुवा गरी जम्मा २ सय ११ जना बन्दी रहेका छन्। जसमा आश्रित बालकबालिका छैनन्। यो कारागार वि.सं. १९९५ मा निर्माण भएको हो। अहिले यसको अवस्था ज्यादै जीर्ण छ। वर्षाको समयमा चुहुने तथा कतिबेला भत्कन्छ भन्ने त्रास हुने गरेको बन्दीहरू बताउँछन्। राजनीतिक तथा महिला बन्दीका लागि करिब पाँच वर्षदेखि निर्माणाधीन अर्को नयाँ भवन

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		३	३	१		१
बालअधिकार				१३	१	१३
अमानवीय व्यवहार					३	३
आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार					७	७
अपहरण					३	३
महिलाअधिकार				३५		३५
गिरफ्तारी/यातना	३	४	६			
कुटपिट				३	१	३
धम्की					४	४
हत्या				३	१	३
जम्मा	३	७	९	५३	१९	७१

हस्तान्तरण नभएकाले महिला बन्दीहरूलाई बाहिरी जिल्लामा पठाउनुपरेको जेलरको भनाइ छ। राज्यले व्यवस्था गरे अनुरूप अन्य सेवासुविधा बन्दी तथा कैदीले पाएका छन्।

बेपत्ता/अपहरण

नेकपा-माओवादीबाट

खुरुहुरिया गाविसका सचिव ४५ वर्षीय झलककुमार श्रेष्ठ र गुगौली गाविसका सचिव ४५ वर्षीय कृष्ण शर्मालाई ०७० जेठ १२ गते बिहान १० बजे नागरिकता वितरण टोलीमा खटिएका बेला नेकपा-माओवादीका कार्यकर्ताले शिवपुर गाविस, हल्लानगरबाट अपहरण गरे। अपहरण गरिएका उनीहरू प्रहरीको सक्रियतामा सोही दिन साँझ शिवपुर गाविसबाट मुक्त भए। नेकपा-माओवादी वैद्य समूहका पश्चिम कमान्डको नेतृत्वमा शिवपुर गाविसको हल्लानगरबाट नागरिकता वितरण तथा मतदाता नामावली सङ्कलनका क्रममा उनीहरूको अपहरण गरिएको थियो। घटनापछि नागरिकता टोलीको काम सो दिन स्थगित भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

तीन जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारी मुद्दा ६ सय १० रहेकामा ३ सय ५४ को फैसला भयो भने २ सय ५६ बाँकी रहे। देवानीतर्फ १ हजार ५ सय १९ मुद्दा परेकामा ९ सय २ ओटाको फैसला भयो भने ६ सय १७ ओटा बाँकी रहे।

०७० साउनदेखि ०७० पुस १६ गतेसम्म

पाँच जना न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारी मुद्दा ४ सय ३३ रहेकामा ८२ ओटाको फैसला भयो भने ३ सय ४८ बाँकी रहे। देवानीतर्फ ९ सय ४१ रहेकामा १ सय १३ ओटा मुद्दाको फैसला भयो भने ८ सय १९ ओटा बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ३ र देवानी मुद्दा ९ ओटा रहेका छन्।

न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म ३ सय मुद्दा दायर भएकामा १६ थान सफल भए भने एउटा असफल भएको छ। मुलतवी र तामेलीमा २ सय ८३ मुद्दा रहेका छन्।

कर्तव्य ज्यानसम्बन्धी १३ मुद्दा दायर भएकामा एउटा सफल भयो भने १२ थान असफल रहे। बलात्कारसम्बन्धी १३ मुद्दा परेकामा एउटा सफल रह्यो भने बाँकी १२ थान असफल रहे। महिला बेचबिखनसम्बन्धी परेका चार मुद्दामध्ये चार थान बाँकी रहे। अपहरणसम्बन्धी परेका तीन मुद्दामा तीन थान बाँकी रहे। बहुविवाहसम्बन्धी परेका ६ थान मुद्दामा एउटा असफल रह्यो भने पाँच थान बाँकी रहे। बालविवाह र छुवाछूतसम्बन्धी कुनै मुद्दा परेनन्।

सरकारी वकिलको सङ्ख्या दुई जना रहेको छ। जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७०

साउनदेखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या ३ सय रहेकामा १६ थान सफल भए। यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म २ सय ८४ थान बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

हथौसा गाविस-८ निवासी नेकपा-माओवादीका जिल्ला सदस्य ४० वर्षीय कमल केसीलाई ०६९ चैत १९ गते दिउँसो पत्तेरीयास्थित सशस्त्र प्रहरीका हबल्दारसहितको टोलीले मतदाता नामावली सङ्कलनमा प्रयोग भएका सामग्री खोसेर भागेको आरोपमा नियन्त्रणमा लिई यातना दियो। निर्वाचन आयोगले पतेरीया गाविसमा मतदाता नामावली सङ्कलन गर्ने क्रममा केसीको नेतृत्वमा गएको टोलीले मतदाता नामावलीमा सङ्कलनमा प्रयोग गरिएका कागजपत्र लुटेर भागेपछि सशस्त्र प्रहरी हबल्दार जेपी श्रेष्ठको टोलीले केसीलाई नियन्त्रणमा लिई लाठी र बुटले कुटपिट गरी घाइते बनायो। घटनापछि केसीलाई इलाका प्रहरी कार्यालय पकडीमा बुझाइएकामा प्रहरीको सहयोगमा जिल्ला अस्पतालमा उपचार भयो। आदेशभन्दा बढी बल प्रयोग गरेको भन्दै चैत २४ गते प्रमुख जिल्ला अधिकारी र सशस्त्र प्रहरी उपरीक्षकहरूको बैठकले घटनामा संलग्न सशस्त्र प्रहरी हबल्दारलाई जिल्लामा झिकाई बढुवा रोक्कालगायतका विभागीय कारवाही गरिएको सशस्त्र प्रहरीले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ४३ हजार ४ सय ७० मध्ये छात्र ७४ हजार ३३ र छात्रा ६९ हजार ४ सय ३७ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १२ हजार १० र छात्र १३ हजार १ सय २६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ४ सय २९ र पुरुष ९ सय ९४ गरी जम्मा १ हजार ४ सय २३ जना शिक्षक कार्यरत छन्। निमावि तहमा महिला ४८ र पुरुष २ सय १६ गरी जम्मा २ सय ५९ शिक्षक कार्यरत छन्। यसै गरी माविं तहमा महिला १९ र पुरुष २ सय १६ गरी जम्मा २ सय ३५ शिक्षक रहेका छन्। उच्च माविं तहमा महिला २ र पुरुष ४७ गरी ४९ शिक्षक कार्यरत छन्।

५ सय २८ बालविकास केन्द्रमा बालक ११ हजार २० जना र बालिका ९ हजार ४६ जना गरी जम्मा २० हजार ६६ जना रहेका छन्, जसमध्ये दलित बालक १ हजार ७ सय १६ जना र बालिका १ हजार ७ सय ३ जना छन्। जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइयो।

बेचबिखन तथा ओसारपसार

१५ वर्षीया एक बालिकालाई ०६९ माघ २२ गते मानपुर गाविस-८ का २५ वर्षीय राजकुमार कुर्मीले घरबाट भगाई भारततर्फ लगेको भन्दै बाबु रामवृक्ष यादवले माघ २३ गते इलाका प्रहरी कार्यालय महाराजगन्जमा किटानी जाहेरी दिए। जाहेरी दिए पनि प्रहरीले कुनै प्रक्रिया अगाडि नबढाएको भन्दै पुन: ०६९ फागुन ८ गते जिल्ला प्रहरी कार्यालयको महिला सेलमा उजुरी गरे। घटनाका सम्बन्धमा कुर्मीलाई कुनै कानुनी कारबाही भएन। पीडित हाल घरमै छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१३ वर्षीया एक बालिकामाथि यौन दुर्व्यवहार गरेको आरोपमा तिलौराकोट गाविस-६ का ४५ वर्षीय खिमबहादुर विकलाई ०६९ माघ २६ गते प्रहरीले गिरफ्तार गऱ्यो। गाउँमा विवाहको भोज खाई घर फर्कने क्रममा ०६९ माघ २० गते बालिकालाई यौन दुर्व्यवहार गर्ने मनसायले हातपात गरेको भन्दै पीडित पक्षले माघ २६ गते प्रहरीमा उजुरी गरेपछि विकलाई प्रहरीले गिरफ्तार गरेको थियो। विकलाई प्रहरीले सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाई अनुसन्धान गरेकामा जिल्ला प्रशासन कार्यालयको ०७० माघ २९ गतेको आदेशमा आरोपी ६ हजार रुपियाँ धरौटी राखी सादा तारेखमा रिहा भए। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

सात वर्षीया एक बालिकालाई ०६९ फागुन १८ गते कोपवा गाविस-८ का १६ वर्षीय बालकले बलात्कार गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। घरको नजिकै खेलिरहेकी बालिकालाई मिठाई दिएर ललाइफकाई गाउँदेखि नजिकै रहेको नहर किनारामा पुऱ्याई बलात्कार गरेको र बालिका चिच्याएपछि स्थानीयले आरोपितलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय पिपरामा बुझाएका थिए। प्रहरीले बालिकाको स्वास्थ्य परीक्षण र उपचार पिपरा अस्पतालमा गरेको थियो। आरोपित जिल्ला अदालतको ०६९ चैत ११ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

नौ वर्षीया एक बालिकालाई बलात्कार प्रयास गरेको आरोपमा कालीजङ्ग गण गोरुसिङ्गेका सैनिक हबल्दार कुमार राईलाई ०६९ फागुन २६ गते साँझ इलाका प्रहरी कार्यालय गोरुसिङ्गेले गिरफ्तार गऱ्यो। बालिकालाई बलात्कार प्रयास गरी भागेर कालिकाजङ्ग गणमा लुकेको भन्दै फागुन २६ गते स्थानीयले नेपाली सेनाको तालिम केन्द्र घेराउ गरी नाराबाजीसहित प्रदर्शन गरे। घटनामा संलग्न दोषी नेपाली सेनाका हबल्दारलाई प्रहरीमा बुझाउन सहमत भएपछि स्थानीयवासी विरोध प्रदर्शन रोकी वार्तामा बसेका थिए। बालिकाकी भाउजू पार्वती पछाईले फागुन २६ गते साँझ गोरुसिङ्गे इलाका प्रहरी कार्यालयमा राईका विरुद्ध किटानी जाहेरी दिइन्। जाहेरीका आधारमा दोषीलाई जबरजस्ती करणी अन्तर्गतको मुद्दा चलाइएकामा जिल्ला अदालतका न्यायाधीश रामकृष्ण खनालको एकल इजलासले चैत १६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

१६ वर्षीया एक बालिकालाई ट्युसन पढेर घर फर्कने क्रममा यौन दुर्व्यवहार गरेको आरोपमा कपिलवस्तु नपा-१ का सोनु भनिने मदिर मुसलमान र सोही नपा-३ का रञ्जित कसौधनविरुद्ध ०६९ चैत ३ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। स्थानीयवासीले कारबाहीको माग गर्दै ०६९ चैत ३ गते जिल्ला प्रशासन घेराउ गर्दा रञ्जित कसौधनलाई ०६९ चैत ३ गते र मदिर मुसलमानलाई चैत ५ गते गिरफ्तार गरी सार्वजनिक अपराध अन्तर्गत मुद्दा दर्ता गऱ्यो। जिल्ला प्रशासन कार्यालयले ०६९ चैत २४ गते आरोपितलाई जनही पाँच हजार रुपियाँ धरौटी लिई सादा तारेखमा रिहा गऱ्यो। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

आठ वर्षीया एक बालिकालाई ०७० वैशाख ३० गते बाँसखोर गाविस-४ का १५ वर्षीय बालकले दिउँसो भैंसी चराउन गएको अवस्थामा बलात्कार गरेको भनी सोही दिन पीडितका आफन्तले इलाका प्रहरी कार्यालय पकडीमा मौखिक उजुरी गरे। प्रहरीले घटनामा संलग्नलाई मौखिक उजुरीका आधारमा सोही दिन गिरफ्तार गऱ्यो। घटनापछि बालिकाले घरमा गएर आमालाई बताएपछि प्रहरीमा मौखिक उजुरी गरिएको र वैशाख ३० गते लिखित जाहेरी गरिएको थियो। बालिकाको सोही दिन जिल्ला अस्पताल तौलिहवामा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको ०७० जेठ ५ गतेको आदेशमा आरोपित कास्की जिल्लाको सराङकोटस्थित बाल सुधारगृह छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

नौ वर्षीया एक बालिकालाई ०७० असार १६ गते कपिलवस्तु नपा-३ का ३५ वर्षीय बब्लु भन्ने दिनेश कसौधनले बलात्कार प्रयास गरेको आरोपमा आरोपितलाई ०७० असार २१ गते जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। बालिकालाई बलात्कार प्रयास गरेको भन्दै सोही दिन आफन्तले प्रहरीमा उजुरी गरेपछि आरोपित कसौधनलाई असार १६ गते गिरफ्तार गरेको थियो। सो घटनालाई सार्वजनिक नगर्ने भनी पीडितपक्षलाई उद्योग वाणिज्य सङ्घका अध्यक्षले दबाब दिएर प्रहरीमा गई मिलापत्र गराई गिरफ्तार भएका बब्लु कसौधनलाई छुटाएका थिए। तर, बलात्कारजस्तो गम्भीर मानवअधिकार ज्यादतीका घटनामा मिलापत्र गराएको भन्दै महिला अधिकारकर्मी माधुरी श्रेष्ठको अगुवाइमा गएको टोलीले पाँच दिनपछि असार २० गते किटानी जाहेरी दर्ता गराएको थियो। प्रहरीले जबरजस्ती करणी उद्योग अन्तर्गत मुद्दा दर्ता गरी फरार रहेका बब्लु भन्ने दिनेश यादवलाई पुनः असार २१ गते गिरफ्तार गरेकामा साउन १४ गते जिल्ला अदालतका न्यायाधीश नारायण श्रेष्ठको इजलासले दिनेश कसौधनलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१६ वर्षीया एक बालिकालाई ०७० भदौ १९ गते बरइपुर गाविस-५ का २६ वर्षीय तिलकाहे रैदासले बलात्कार गरेको आरोपमा बालिकाका आफन्तले भदौ २० गते प्रहरीमा किटानी जाहेरी दिए। आरोपितलाई वडा प्रहरी कार्यालय चन्द्रौटाले भदौ २२ गते गिरफ्तार गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको ०७० असोज १४ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

१६ वर्षीया एक बालिकालाई ०७० असोज २२ गते धरमपनिया गाविस-८ का ३५ वर्षीय नजरे आलम मुसलमानले बलात्कार गरेको आरोपमा बालिकाका आफन्तले असोज २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। दिउँसो खेतमा घाँस काट्न गएकी बालिकालाई जमुवार नदी किनारमा बलात्कार गरेको उजुरीमा उल्लेख छ। घटनापछि बलात्कारमा संलग्न फरार रहेको प्रहरीले जनाएको छ। बालिकाको असोज २३ गते जिल्ला अस्पताल तौलिहवामा स्वास्थ्य परीक्षण

भयो। यस वर्षको अन्त्यसम्म घटनामा संलग्न फरार रहेको प्रहरीले जनाएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

२२ वर्षीया एक महिलालाई ०६९ माघ २४ गते वीरपुर गाविस-७ का देवबहादुर विकले विभिन्न प्रलोभन देखाई विदेश पठाउने भनी भारततर्फ लैजाने क्रममा नेपाल-भारत सीमा क्षेत्र कृष्णनगरबाट प्रहरीले उद्धार गऱ्यो। भारततर्फ लैजाने क्रममा सीमा क्षेत्र बढनीबाट शान्ति पुन:स्थापना गृह कृष्णनगरका कर्मचारीले शोधखोज गर्दा दलालद्वारा बेचिन लागेको पुष्टि भएपछि उनको उद्धार गरेको कार्यक्रम संयोजक भूमिराज भट्टराईले जानकारी दिए। महिलालाई माघ २४ गते परिवारको जिम्मा लगाइयो। पीडित युवतीले आरोपित वीरपुर गाविस-७ का देवबहादुर विकका विरुद्ध कारवाहीको माग गरी माघ २४ गते नै इलाका प्रहरी कार्यालय चन्द्रौटामा उजुरी दिइन्। घटनामा संलग्न आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेकाले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालय कृष्णनगरले जनायो।

गुल्मी घर भएकी १५ वर्षीया एक बालिका र २१ वर्षीया एक महिलालाई विभिन्न प्रलोभनमा पारी बेचबिखनका लागि भारततर्फ लैजाँदै गर्दा ०७० भदौ २ गते इलाका प्रहरी कार्यालय चन्द्रौटाले उद्धार गऱ्यो। चनई गाविस-९ की २१ वर्षीया निर्मला लामा, सोही ठाउँकी ३१ वर्षीया सुकुमारी लामा र जाजरकोट जिल्ला पजारु गाविस-८ घर भई हाल चनई गाविस-८ मा होटल एन्ड रेस्टुरेन्ट सञ्चालन गर्ने ३७ वर्षीय करवीर शाहीलाई प्रहरीले सोही दिन चनई गाविस-८, बनकट्टाबाट गिरफ्तार गऱ्यो। आरोपितहरूलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दा चलाइएकामा जिल्ला अदालतको भदौ २६ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइयो। पीडितहरूलाई उद्धारपछि साथी संस्थाको आश्रयगृहमा राखी आफन्तको जिम्मा लगाइयो।

बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

१९ वर्षीया एक महिलालाई ०७० वैशाख २६ गते राति घुम्न निस्किएको समयमा सामान्य चिनजान भएका सोमडिहवा गाविस-२ का सुलभ भन्ने २५ वर्षीय योगेन्द्र श्रीवास्तवले घरमा पुऱ्याई दिने भनी मोटरसाइकलमा राखी कपिलवस्तु नपा-१, नयाँटोलका आफ्ना साथीहरू जगदीश पाण्डे र असरार खाँको कोठामा पुऱ्याई सामूहिक बलात्कार गरेको प्रहरीले जनायो। ती महिलाले उनीहरूको कब्जाबाट भागी सोही राति जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेपछि प्रहरीले घटनामा संलग्न तीनै जनालाई तत्काल गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामकृष्ण खनालको एकल इजलसले जेठ २३ गते सामूहिक बलात्कारमा संलग्नमध्येका योगेन्द्र श्रीवास्तवलाई पुर्पक्षका लागि थुनामा राख्ने र घटनामा संलग्न अन्य असरार खाँ र जगदीश पाण्डेलाई जनही २५/२५ हजार धरौटीमा रिहा गर्ने आदेश गऱ्यो। वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

३० वर्षीया एक महिलालाई ०७० असार २ गते अज्ञात व्यक्तिले हथौसा गाविसको देउवापार भन्ने स्थानमा बलात्कार गरेर छोडेको अवस्थामा असार ३ गते स्थानीयले उद्धार गरी माइतीको जिम्मा लगाए। उनको असार ५ गते पिपरा अस्पतालमा उपचार गरिएकामा बुटबल अञ्चल अस्पतालमा थप उपचार भयो। उनलाई विभिन्न सङ्घसंस्थाको आर्थिक सहयोगमा थप उपचारका लागि असार ८ गते काठमाडौँ लगियो। घाइते महिलाको प्रसूतिगृह, वीर अस्पताल हुँदै शिक्षण अस्पतालमा थप उपचार भएको थियो। घटनामा संलग्नको पहिचान यस वर्षको अन्त्यसम्म हुन नसकेको प्रहरीले जनायो।

४६ वर्षीया एक महिलालाई ०७० असार २४ गते फूलिका गाविस-३ का २४ वर्षीय कमलेश यादवले पचेहरास्थित नर्सरीमा घाँस काट्न गएको बेला बलात्कारको प्रयास गरेको भन्दै पीडितले सोही दिन प्रहरीमा उजुरी दिइन्। आफ्नी पत्नी हराएकाले खोजी गर्न आएको भन्दै आरोपितले कुराकानी गरी बलात्कार प्रयास गरेको पीडितले उजुरीमा उल्लेख गरेकी छन्। आरोपितलाई प्रहरीले सोही दिन घरबाट गिरफ्तार गऱ्यो। उनलाई जबरजस्ती करणी उद्योग अन्तर्गत मुद्दा चलाइएकामा जिल्ला अदालतका न्यायाधीश नारायण श्रेष्ठको इजलासले ०७० साउन १६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। मुद्दाको यस वर्षको अन्त्यसम्म फैसला भएको छैन। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

२२ वर्षीया एक महिलालाई ०७० साउन ३२ गते दोहनी गाविस-८ का २५ वर्षीय पञ्च गुलाम कोरीलाई बलात्कार प्रयास गरेको भन्दै पीडितले भदौ १ गते प्रहरीमा उजुरी दिइन्। उजुरीका आधारमा ०७० भदौ ३ गते आरोपिलाई प्रहरीले गिरफ्तार गऱ्यो।

उनलाई जबरजस्ती करणी अन्तर्गतको मुद्दामा अनुसन्धान गरिएकामा जिल्ला अदालतको भदौ २७ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा राखिएको छ। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

३२ वर्षीया एक एकल महिलालाई ०७० मङ्सिर २६ गते गजेहडा गाविस-४, थातीका ५९ वर्षीय यमबहादुर खड्काले बलात्कार गरेको भनी पीडितले मङ्सिर २९ गते इलाका प्रहरी कार्यालय पीपरामा उजुरी दिइन्। आरोपितलाई पुस १ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरेको छ। कसैलाई भने ज्यान मार्ने धम्की दिएका कारण घटना गोप्य राखेको पीडितले बताइन्। उक्त घटनाको आफन्तको सहयोगमा पीडितले उजुरी गरेकी हुन्। प्रहरीले जबरजस्ती करणी अन्तर्गत मुद्दा चलाएको छ। आरोपित यस वर्षको अन्त्यसम्म इलाका प्रहरी कार्यालय पिपराको हिरासतमा छन्।

घरेलु हिंसा

गुगौली गाविस-१, न्याउलागन्जकी ३० वर्षीय जुगमती चौधरीलाई ०६९ माघ १ गते पति ३५ वर्षीय दीपक चौधरीले गोली प्रहार गरे। गोलीबाट घाइते जुगमतीलाई तत्काल उपचारका लागि भैरहवा मेडिकल कलेजमा लगिएकामा थप उपचार काठमाडौँमा भएको इलाका प्रहरी कार्यालय गणेशपुरका इन्स्पेक्टर दिलबहादुर मल्लले बताए। गोली प्रहार गर्ने चौधरीलाई प्रहरीले ०६९ माघ १ गते गिरफ्तार गरी हिरासतमा राखिएकामा माघ २३ गते जिल्ला न्यायाधीश रामकृष्ण खनालको इजलासले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४४ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र तौलिहवा, कपिलवस्तुमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका नौ जना, खानलाउन नदिएको १६ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको १२ जना, अर्की पत्नी ल्याएर हेला गरेकामा चार, मार्ने धम्की दिइएकामा दुई, बोक्सीको आरोप लगाएको घटनामा एक जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले ४४ घटनामा मिलापत्र गराएको र अन्य कुनै उजुरीमा कानुनी प्रक्रिया अगाडि नबढेको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

अज्ञात समूहले जयनगर गाविसस्थित बलहुन्द्रा खोलामा ०७० कात्तिक २७ गते साँझ जयनगर-७ का ३५ वर्षीय राजेन्द्र मल्लको बा२२प ८७८८ नम्बरको मोटर साइकलमा आगजनी गरी क्षति पुऱ्यायो। बुटवलबाट गोरुसिङ्गेतर्फ जाँदै गरेका मल्ललाई गोरुसिङ्गे-मोतीपुरबीचको जङ्गलमा हतियारसहित बसेका दुई जना व्यक्तिले मोटरसाइकलमा आगजनी गरेको पीडितले बताए। घटनामा संलग्नलाई प्रहरीले गिरफ्तार गर्न सकेन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	३		
स्वास्थ्यचौकी	२७		
उपस्वास्थ्यचौकी	४५		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	७	४	३
स्टाफ नर्स	११	५	६
ल्याब असिस्टेन्ट	२	२	
अहेब	१४५	११७	३२
अनमि	८६	७४	१२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	६	४	२
माशिका	११००	११००	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कारका १४, बलात्कार प्रयासका पाँच, महिला ओसारपसार, जीउ मास्ने-बेच्नेका तीन, घरेलु हिंसाका ५६, ज्यान मार्ने उद्योगका दुई, आत्महत्याका ३५, बहुविवाहका चार र कर्तव्य ज्यानका नौ ओटा मुद्दा दर्ता भए।

३.११ अर्घाखाँची



जिल्ला सदरमुकाम: सन्धिखर्क
क्षेत्रफल (वर्ग कि. मि.): १,१५३
घरधुरी सङ्ख्या: ४६,८३५
जम्मा जनसङ्ख्या: १,५७,६३२
पुरुष: ८६,२६६
महिला: १,११,३६६
अपाङ्ग सङ्ख्या: ५,१६५
गाविस/नपा सङ्ख्या: ४२/०
पुरुष साक्षरता सङ्ख्या: ६३,१६७
महिला साक्षरता सङ्ख्या: ६५,०४०
हिन्दू धर्मावलम्बी प्रतिशत: ५७.०३
बौद्ध धर्मावलम्बी प्रतिशत: ४.३५
इस्लाम धर्मावलम्बी प्रतिशत: २.०६
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.२६
अन्य धर्मावलम्बी प्रतिशत: ०.१
प्रतिपरिवार सरदर सङ्ख्या: ४.२२

जेल र बन्दी

जेलको अवस्था यस जिल्लामा भौतिक रूपमा रहे पनि कैदीहरूलाइे राख्ने गरिएको छैन। यहाँबाट कैद फैसला भएका कैदीहरू पाल्पा, गुल्मी र कपिलवस्तु जिल्लामा पठाउने गरिएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारीतर्फ ८६ मुद्दा परेकामा ७६ ओटाको फैसला भयो भने १० बाँकी रहे। देवानीतर्फ ७३ ओटा परेकामा ३३ को फैसला भयो भने ४० ओटा फैसला हुन बाँकी रहे। ०७० साउनदेखि पुस १६ गतेसम्म जिल्ला अदालतमा फौजदारीतर्फ ३५ ओटा मुद्दा परेकामा १३ ओटाको फैसला भयो भने २२ फैसला हुन बाँकी रहे। देवानीतर्फ ३२ ओटा मुद्दा परेकामा ३ को फैसला भयो भने २९ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका कुनै पनि मुद्दा बाँकी छैनन्।

जिल्ला सरकारी वकिल कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ५८ छ, जसमध्ये नौओटा सफल भए भने चार असफल रहे। ४५ मुद्दा मुलतवी र तामेलीमा रहेका छन्। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म ३९ ओटा मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयबाट जानकारी प्राप्त भयो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी परेका तीन मुद्दामध्ये तीनओटै बाँकी रहे। बलात्कार र महिला बेचबिखनसम्बन्धी कुनै मुद्दा परेका छैनन्। बहुविवाहसम्बन्धी दुई मुद्दा परेकामा एउटा सफल भयो भने एउटा बाँकी रह्यो। जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या १५ छ, जसमध्ये सबै बाँकी छन्। सरकारी वकिल सङ्ख्या दुई रहेकामा यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म ४९ मुद्दा बाँकी रहे।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ५९ हजार ७ सय ५३ मध्ये छात्र २९ हजार १ सय ३ र छात्रा ३० हजार ६ सय ५० प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार ६ सय ९६ र छात्र ७ हजार १ सय २५ रहेका छन्। (सरकारी सामुदायिक) विद्यालय प्राबि तहमा महिला ४ सय १० र पुरुष ९ सय ८२ गरी जम्मा १ हजार ३ सय ९२ शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला ५० र पुरुष २ सय ८० गरी जम्मा ३ सय ३० शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला १३ र पुरुष २ सय ५५ गरी जम्मा २ सय ६८ शिक्षक रहेका छन्। ३ सय ८१ बाल विकास केन्द्र रहेकामा बालक ४ हजार ९ सय ७ र बालिका ४ हजार २ सय ९५ गरी जम्मा ९ हजार २ सय २ रहेका छन्, जसमध्ये दलित बालक १ हजार १ सय ४२ र बालिका १ हजार ८८

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		१	१
बालअधिकार	३		३
महिलाअधिकार	३६		३६
धम्की		४	४
हत्या	३		३
जम्मा	४१	५	४६

छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१३ वर्षीया एक बालिकालाई ०७० कात्तिक २० गते बाबुले बलात्कार प्रयास गरेको भन्दै बालिकाकी आमाले ०७० कात्तिक २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। घटनापछि बालिका घरबाट भागेर कपिलवस्तु गोरुसिङ्गे प्रहरी चौकीमा पुगी कात्तिक २२ गते प्रहरीमा मौखिक उजुरी दिइन्। घटनाको अनुसन्धानका लागि गोरुसिङ्गे प्रहरी चौकीले अर्घाखाँची प्रहरी कार्यालयमा पठाइएकामा आरोपितलाई प्रहरीले कात्तिक १३ गते गिरफ्तार गरी अनुसन्धान गऱ्यो। पीडितको जिल्ला जनस्वास्थ्य कार्यालयमा कात्तिक २५ गते स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको ०७० मङ्सिर १२ गतेको आदेशमा आरोपिलाई पुर्पक्षका लागि थुनामा पठाइयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

घरेलु हिंसा

नुवाकोट गाविस-१ की २३ वर्षीया महिलालाई ०७० वैशाख ११ गते पति २६ वर्षीय प्रेम पाण्डेले कुटपिट र गालीगलौज गरेको भनी ०७० वैशाख १२ गते जिल्ला अदालतमा मुद्दा दायर गरिन्। पतिले आफूलाई 'तँ जहाँ गए पनि जा मेरो सिन्दूर लगाउनुपर्दैन, तँ अन्तै जा म अर्को विवाह गर्छु' भन्दै कुटपिट र अमानवीय व्यवहार गरेको भनी न्यायको माग गर्दै मुद्दा दिएकी हुन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

परिवारजनबाट हत्या

हंसपुर गाविस-७, वामरुककी ६२ वर्षीया कृष्णा आचार्यलाई पति ६६ वर्षीय भुवनेश्वर आचार्यले ०७० साउन २३ गते राति घन प्रहार गरी हत्या गरे। स्थानीयवासीले घटनाबारेमा थाहा पाएपछि आरोपितलाई नियन्त्रणमा लिई साउन २४ गते प्रहरीलाई बुझाए। लासको साउन २५ गते जिल्ला अस्पतालमा पोस्टमार्टम भयो। आरोपित जिल्ला अदालतको आदेशमा भदौ १३ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

चिदिका गाविस-४ की ४५ वर्षीया मीना रेग्मीलाई ०७० असोज ११ गते पति ४५ बर्षीय कुलबहादुर रेग्मीले हत्या गरेर झुन्ड्याएको आरोपमा आफन्तले ०७० असोज १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पत्नीले घरमा झुन्डिएर आत्महत्या गरेको भन्दै प्रहरीलाई खबर नगरी आफैंले डोरी काटेर दाहसंस्कार गर्न लागेका बेला आफन्तले लासलाई दाहसंस्कार गर्न नदिई प्रहरीमा खबर गरेका थिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०७० कात्तिक ५ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय ४४ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ६०.जना, खानलाउन नदिएको ४५ .जना, विवाह दर्ता तथा नागरिकता नबनाएका ३० अर्को श्रीमती ल्याएर हेला गरेकोमा ९ जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले १ सय १५ घटनामा मिलापत्र गराएको र २९ उजुरीमा कानुनी प्रक्रिया अगाडि सो केन्द्रले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	२०		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	५	३	२
स्टाफ नर्स	६	३	३
ल्याब असिस्टेन्ट	४	३	१
अहेब	४६	३५	११
अनमि	४३	४०	३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
स्वास्थ्य कार्यकर्ता	२२	१३	५

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कार प्रयासका एक, कर्तव्य ज्यानका तीन, ज्यान मार्ने उद्योगका एक, आत्महत्याका ३३, बहुविवाहका दुई र हातहतियार तथा खरखजानासम्बन्धी एउटा मुद्दा दर्ता भयो।

३.१२ गुल्मी



जिल्ला सदरमुकाम: तम्घास
क्षेत्रफल (वर्ग कि. मि.): १,१७५
घरधुरी सङ्ख्या: ६४,५२१
जम्मा जनसङ्ख्या: २,८०,१६०
पुरुष: १,२०,९९५
महिला: १,५९,१६५
अपाङ्ग सङ्ख्या: ७,६७१
गाविस/नपा सङ्ख्या: ७५/०
पुरुष साक्षरता सङ्ख्या: ८८,८८८
महिला साक्षरता सङ्ख्या: ५८,७४५
हिन्दू धर्मावलम्बी प्रतिशत: ९६.७८
बौद्ध धर्मावलम्बी प्रतिशत: २.७८
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०७२
प्रतिपरिवार सरदर सङ्ख्या: ४.३२

जेल र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारमा २० जना पुरुष र पाँच जना महिला गरी जम्मा २५ जनाको क्षमता रहेकामा हाल गुल्मी र अर्घाखाँची जिल्लाका गरी ६३ जना पुरुष र नौ जना महिला बन्दी तथा थुनुवा रहेका छन्। जसमध्ये कैद तोकिएका पुरुष ५४ र थुनुवा नौ जना तथा कैद तोकिएका महिला ६ जना र थुनुवा तीन जना रहेका छन्। कारागारमा आश्रित बालक छैनन्। कारागार भवन मर्मत नभएको, कैदी बन्दीहरूले पाउने सिधा, लत्ता-कपडालगायका सेवा-सुविधामा समयानुकूल वृद्धि नभएको र सुधारगृहका रूपमा विकास हुनुपर्ने कारागारलाई राज्यका निकायले समेत उपेक्षा गरेको उनीहरूको गुनासो छ।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			८		८
महिलाअधिकार			९१		९१
जातीय विभेद			१	१	२
गिरफ्तारी/यातना	१	१			
कुटपिट	१	१	२	९	११
हत्या			१	३	४
जम्मा	२	२	१०३	१३	११६

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेटा गविस-४ निवासी युथफोर्स कार्यकर्ताहरू २३ वर्षीय राजेन्द्र केसी र १९ वर्षीय हिमाल केसीलाई ०७० कात्तिक २८ गते एमाओवादी कार्यकर्ता ३५ वर्षीय कृष्णबहादुर बस्नेतले संविधानसभा निर्वाचन प्रचारका क्रममा नेटा गाविस-५, इजरापोखरामा कुटपिट गरे। घाइतेमध्ये राजेन्द्रको लुम्बिनी मेडिकल कलेज पाल्पा र हिमालको तम्घास अस्पतालमा उपचार भयो। पीडितले ०७० कात्तिक २९ गते जिल्ला प्रहरी कार्यालयमा ठाडो उजुरी दिए पनि चुनावी घटना भन्दै कुनै कारबाही गरिएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीशको दरबन्दी रहेको गुल्मी जिल्ला अदालतबाट फौजदारीतर्फ १ सय २८ थान मुद्दा परेकामा ९३ थानको फैसला भयो भने ३५ बाँकी रहे। देवानीतर्फ १ सय ४ मध्ये ४४ थान मुद्दाको फैसला भयो भने ६० बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६८ मध्ये २० थान फैसला भए भने ४८ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७ थान मुद्दा फैसला भए भने २९ थान बाँकी रहे। दुई वर्ष नाघेका मुद्दा छैनन्।

जिल्ला न्यायाधीवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सख्या ८८ रहेको छ। जसमध्ये ६५ थान सफल भए भने आठ थान असफल भए। मुलतवी र तामेलीमा ९६ थान मुद्दा रहेका छन् भने १५ थान मुद्दा बाँकी रहे।

दायर मुद्दामध्ये ज्यानसम्बन्धी मुद्दातर्फ ८ थान सफल र १ थान फैसला हुन बाँकी रहे भने दुई थान असफल भए। बलत्कारसम्बन्धी पाँच थान मुद्दामध्ये एउटा सफल रह्यो भने तीन थान असफल र एउटा फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी परेको एक मुद्दा असफल रह्यो। बहुविवाहसम्बन्धी परेका तीन थान मुद्दामा एक सफल, एक असफल र एउटाको फैसला हुन बाँकी रह्यो।

०७० साउनदेखि ०७० पुस १६ सम्म

यस कार्यालयबाट दायर ४० थान मुद्दामध्ये ०७० पुस १६ सम्म ३६ मुद्दा बाँकी रहेका छन्। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दातर्फ तीन थानमा तीन थानको फैसला हुन बाँकी छ। बलात्कारसम्बन्धी चार थान मुद्दामध्ये चार थानको फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी दुईओटा मुद्दामध्ये दुई थानको फैसला हुन बाँकी छ। बहुविवाहसम्बन्धी परेका दुई थान मुद्दाको फैसला हुन बाँकी छ। गत वर्षको जिम्मेवारी सरेका १५ थान र यस वर्ष दायर २५ थान गरी जम्मा ४० मुद्दामा चार थानको फैसला भयो भने ३६ थान बाँकी रहे।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख २४ हजार १ सय ३३ मध्ये छात्र ४० हजार ७ सय ५२ र छात्रा ८३ हजार ३ सय ८१ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ९ हजार ७ सय ८८ र छात्र ९ हजार ३ सय १६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राविं तहमा महिला ४ सय ४६ र पुरुष ९ सय ८७ गरी जम्मा १ हजार ४ सय ३३ शिक्षक कार्यरत छन्। निमाविं तहमा महिला ११ र पुरुष २ सय ७१ गरी जम्मा २ सय ८२ शिक्षक कार्यरत छन्। यसै गरी माविं तहमा महिला ५ र पुरुष २ सय ५२ गरी जम्मा २ सय ५७ शिक्षक रहेका छन्।

बाल विकास केन्द्रतर्फ बालक ६ हजार ६ सय

८४ र बालिका ६ हजार ३ सय १ गरी जम्मा १२ हजार ९ सय ८५ रहेका छन्, जसमध्ये दलित बालक १ हजार ६ सय ६९ र बालिका १ हजार ५ सय ८६ जना छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बेचबिखन तथा ओसारपसार

पिपल्धारा गाविस-२ का १५ वर्षीया दुई बालिकालाई ०७० वैशाख १५ गते भारतमा काम लगाई दिने भन्दै तम्घास गाविस-५ की ४४ वर्षीया सरस्वती विक र सोही ठाउँ घर भई भारतको पन्जाबमा कार्यरत उनकी छोरी १९ वर्षीया सरिता विकको मिलेमतोमा भारत पुऱ्याए। पीडितका आफन्तले बालिकाहरूलाई प्रवासी नेपालीको सहयोगमा वैशाख २० गते फिर्ता ल्याए। पीडितले ०७० जेठ ५ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएकामा प्रहरीले आरोपित सरस्वतीलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान गऱ्यो। जिल्ला अदालतको ०७० जेठ २६ गतेको आदेशमा आरोपिलाई पुर्पक्षका लागि थुनामा पठाइयो भने अर्की आरोपित हालसम्म फरार छन्। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१२ वर्षीया एक बालिकालाई ०७० साउन १० गते घरमा कोही नभएको मौका पारी बलात्कार गरेको आरोपमा बालिकाका ३९ वर्षीय बाबुलाई साउन ११ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरेको छ। छोरीलाई बलात्कार गरेको भन्दै स्थानीयवासीको पहलमा प्रहरीमा साउन ११ गते उजुरी गरिएको थियो। प्रहरी अनुसन्धानका क्रममा उनले गल्ती भएको स्वीकार गरेका थिए। जिल्ला अदालतका न्यायाधीश ऋषिराम आचार्यको ०७० भदौ २ गतेको आदेशमा आरोपीलाई पुर्पक्षका लागि थुनामा पठाइयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

चार वर्षीया एक बालिकालाई ०७० भदौ २३ गते बलात्कार प्रयास गरेको अभियोगमा वाग्ला गाविस-९ थाप्लेचौरका १९ वर्षीय बाबुराम नेपालीविरुद्ध पीडित परिवारले ०७० भदौ २६ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। बालिकालाई ललाई-फकाई घरको पछाडि लगेर बलात्कार प्रयास गरेको जाहेरीमा उल्लेख छ। आरोपितलाई भदौ २५ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरेकामा जिल्ला न्यायाधीश ऋषिराम आचार्यको इजालासले असोज १७ गते तारेखमा रिहा गर्न आदेश दियो।

बाग्लुङ जिल्लाकी १४ वर्षीया एक बालिकालाई ०७० कात्तिक ४ गते दिदीको घरमा गएका बेला विसुखर्क गाविस-३ बेजनीका २१ वर्षीय राजु सार्कीले बिहे गर्ने प्रलोभनमा पारी बलात्कार गरेको भनी बालिकाका आफन्तले कात्तिक ५ गते प्रहरीमा उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतको कात्तिक २५ गतेको आदेशमा आरोपीलाई पुर्पक्षका लागि थुनामा पठाइयो।

१० वर्षीया एक बालिकालाई ०७० कात्तिक ५ गते दिगाम गाविस-३ का ४४ वर्षीय मनिराम भण्डारीले पैसा दिने प्रलोभनमा पारी घरनजिकैको जङ्गलमा लगी बलात्कार प्रयास गरेको भनी पीडितका आफन्तले ०७० कात्तिक ९ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। जाहेरीका आधारमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान गरेकामा जिल्ला अदालतले ०७० कात्तिक २० गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

६ वर्षीया एक बालिकालाई ०७० मङ्सिर २९ गते बलात्कार प्रयास गरेको भन्दै दोहोली गाविस-४ का ५५ वर्षीय चन्द्रबहादुर खड्काविरुद्ध बालिकाका आफन्तले मङ्सिर ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिका घरमा एक्लै भएको मौका पारी चक्लेट दिई बालिकालाई बलात्कार गर्ने प्रयास गरेको हजुरबुबाले देखेपछि प्रहरीमा उजुरी गरिएको थियो। आरोपीलाई इस्मा प्रहरी चौकीले मङ्सिर ३० गते गिरफ्तार गरी अनुसन्धान गरेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

५६ वर्षीया एक महिलालाई ०७० कात्तिक २० गते राति सुतिरहेको समयमा अमरपुर गाविस-९, टुनिपाटाका ३६ वर्षीय रामबहादुर महतले बलात्कार गरेको आरोपमा पीडितले ०७० कात्तिक २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उजुरीका आधारमा आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरी आवश्यक अनुसन्धानपश्चात् जिल्ला आदालतको ०७० मङ्सिर १३ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइयो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

अमरपुर गाविस-२ चण्डीथानकी २४ वर्षीया ओमकली कुमाललाई ०७० वैशाख १८ गते पति २८ वर्षीय विष्णुबहादुर कुमालले हत्या गरी झुन्ड्याएको भन्दै आफन्तले प्रहरीमा वैशाख १९ गते किटानी जाहेरी दिए। जाहेरीका आधारामा आरोपीलाई प्रहरीले ०७० वैशाख २० गते घरबाटै गिरफ्तार गरी अनुसन्धान गऱ्यो। जिल्ला अदालतको ०७० जेठ २९ गतेको आदेशमा आरोपीलाई पुर्पक्षका थुनामा पठाइयो।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय ३२ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ९० जना, खानलाउन नदिएको ४१ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको १५, अर्की पत्नी ल्याएर हेला गरेकामा १२, मार्ने धम्की दिएकामा ७१, बोक्सीको आरोप लगाएको घटनामा ३ जना पीडित भएका थिए। यीमध्ये प्रहरीले २ सय १७ घटनामा मिलापत्र गराएको र १५ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो।

सबै प्रकारका जातीय विभेद

दरबार देवीस्थान गाविस-९ का ५२ वर्षीय गोकर्ण नेपालीलाई ०७० मङ्सिर ९ गते सोही ठाउँका ४८ वर्षीय मोतीकुमार श्रेष्ठ र सोही गाविस-७ का ५५ वर्षीय अशोककुमार थापाले मालिकादेवी मन्दिरमा पूजा गर्न नदिएको र ज्यान मार्ने धम्की दिनुका साथै अमानवीय व्यवहार गरेको भनी पीडितले मङ्सिर १५ गते प्रहरीमा उजुरी दिए। मन्दिरमा धुपभेटी चढाएर पूजा गर्न खोज्दा धम्की दिएको पीडितको निवेदनमा उल्लेख छ। यसअगाडि दलितले मन्दिरपछाडिको सालको रूखमा पूजा गर्दै आएकामा मन्दिरभित्रै धुपभेटी चढाउन पाउनुपर्ने माग गर्दा धम्की दिएको पीडितले बताए। घटना सम्बन्धमा प्रहरीले दुवै पक्षसँग छलफल गरी आरोपितले गल्ती स्वीकार गरेर माफी मागेपछि ०७० मङ्सिर २१ गते मन्दिरमा गैरदलितसरह दलितले पनि पूजाआजा गर्न पाउने विषयमा मिलापत्र भयो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	**१**		
स्वास्थ्यचौकी	**१२**		
उपस्वास्थ्यचौकी	**६४**		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	**७**		
स्टाफ नर्स	**८**	**२**	**६**
अहेब	**८७**	**८५**	**२**
अनमि	**२६**	**२५**	**१**
खोप सुपरभाइजर	**१**	**१**	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	**१**		**१**
हेल्थ असिस्टेन्ट	**२**	**२**	
माशिका	**५६**	**८**	**६४**
स्वास्थ्य कार्यकर्ता	**६४**	**३८**	**२६**

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म जबरजस्ती करणीका दुई, मानव बेचबिखनका एक, महिलामाथि घरेलु हिंसाका २ सय ३२, ज्यान मार्ने उद्योगका एक, आत्महत्या ६६ र कर्तव्य ज्यानका तीन ओटा मुद्दा दर्ता भए।

३.१३ बाग्लुङ



जिल्ला सदरमुकाम: कालिका (बाग्लुङ)
क्षेत्रफल (वर्ग कि. मि.): १,७८४
घरधुरी सङ्ख्या: ६१,५२२
जम्मा जनसङ्ख्या: २,६८,६१३
पुरुष: १,१७,५५७
महिला: १,५०,६१६
अपाङ्ग सङ्ख्या: ६,१७५
गाविस/नपा सङ्ख्या: ५५/१
पुरुष साक्षरता सङ्ख्या: ८६,२५५
महिला साक्षरता सङ्ख्या: ५३,१८०
हिन्दू धर्मावलम्बी प्रतिशत: ८५.२७
बौद्ध धर्मावलम्बी प्रतिशत: ८.७४
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.२७
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.६३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.६७
वोन धर्मावलम्बी प्रतिशत: ०.०३
अन्य धर्मावलम्बी प्रतिशत: ०.३५२
प्रतिपरिवार सरदर सङ्ख्या: ४.३७

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४७ जना कैदी र कैद नतोकिएका ३५ जना थुनुवा गरी जम्मा ८२ जना बन्दीहरू र आश्रित १ बालिका गरी जम्मा ८३ जना रहेका छन्। यो जिल्ला कारागार ०२८ सालमा निर्माण भएको हो।

भवन जीर्ण भएकाले बन्दीहरूलाई बस्न असजिलो छ। खान, बस्नका लागि पुरुष बन्दीहरूलाई बढी समस्या छ। १८ जनाको क्षमता रहेको पुरुष बन्दीगृहमा ७३ जना बन्दी बस्दा सुत्ने ठाउँ, खानेपानीलगायतको समस्या छ। सात जनाको क्षमता रहेको महिला बन्दीगृहमा आठ जना रहेका छन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बाँगादोभान गाविस-८ निवासी तरुण दल गाउँ सदस्य २८ वर्षीय बालकुमार पुन र ३० वर्षीय भवानीशङ्कर पुनलाई ०७० कात्तिक ५ गते राति वाईसीएल कार्यकर्ताले आक्रमण गरी कुटपिट गरे। एमाओवादीका कार्यकर्ताले चुनावी प्रचारको विषयलाई लिएर खुकुरी प्रहार गर्दा बालकुमार घाइते भएको काङ्ग्रेसले विज्ञप्ति प्रकाशन गरी जनायो। घाइतेहरूको बाँगादोभान उपस्वास्थ्य चौकीमा सामान्य उपचारपछि काठमाडौँमा थप उपचार भयो। एमाओवादीले घटनामा आफ्नो संलग्नता नरहेको विज्ञप्तिमार्फत जनायो।

धुल्लुवास्कोट गाविस-३ निवासी एमालेका समर्थक ७० वर्षीया पार्वती जैसी, ३७ वर्षीय पूर्ण केसी, ३५ वर्षीय माया केसी र १३ वर्षीय जीवन केसीलाई ०७० कात्तिक १० गते राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले सोही गाविसमा कुटपिट गरे। राष्ट्रिय जनमोर्चाको २५/३० जनाको सङ्ख्यामा रेहको समूहले केसीको घरगोठ तोडफोड गर्नुका साथै परिवारका सदस्यहरूलाई कुटपिट गरेको थियो। घाइतेहरूको बरेङ स्वास्थ्य चौकीमा उपचार भयो। राजमोले एमाले कार्यकर्ताले रातको समयमा माइकबाट राजमोका बारेमा गलत प्रचार गरेकाले त्यसो नगर्न आग्रह गर्दा भनाभन भएको बतायो।

एमाओवादीका जिल्ला सचिवालय सदस्य तथा नेपाल दलित मुक्ति मोर्चाका केन्द्रीय सदस्य लालबहादुर परियार, जिल्ला सदस्य बुद्धिबल थापा, जिल्ला सदस्य कृश्मराज शर्मा र पैयुथन्थाप गाउँ कमिटीका सदस्य गोरबहादुर सप्लाङ्गीलाई ०७० कात्तिक २८ गते राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले पैयुथन्थाप गाविस-९, थापाडाँडाबाट अपहरण गरे। निर्वाचनको आचारसंहिताविपरीत जनतालाई प्रभावित पार्ने गरी कम्प्युटर वितरण गरेको भन्दै चुनाव प्रचारका क्रममा घरदैलो कार्यक्रम गरिरहेको समयमा नियन्त्रणमा लिएको एमाओवादी क्षेत्र नं १ निर्वाचन परिचालन कमिटीका संयोजक मदन कालामगरले बताए। प्रहरीको रोहबरमा अपहृतलाई सोही दिन साँझ पैयुथन्थाप गाविस-९, थापाडाँडाबाट मुक्त गरे।

राष्ट्रिय जनमोर्चाले निकालेको चुनावी च्यालीमा ०७० कात्तिक २९ गते एमाओवादीका कार्यकर्ताले

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			३	५	८
बालअधिकार			५		५
अपहरण				४	४
महिलाअधिकार			८		८
भेला/सङ्गठित हुने अधिकार			१	३	४
गिरफ्तारी/यातना	५	५			
कुटपिट			३	९	११
धम्की				८	८
हत्या			१	१	३
जम्मा	५	५	१८	३०	४८

हुग्दीशिर गाविसमा आक्रमण गर्दा राजमोका समानुपातिक उम्मेदवार मीना पुन, अखिल नेपाल युवक सङ्गठनका एरिया अध्यक्ष मीनबहादुर पुन, प्रेम थापालगायत घाइते भए। घाइते मीना पुनलाई हेलिकप्टरबाट काठमाडौँ लगेर उपचार गरियो भने अन्यको बरेङ स्वास्थ्य चौकीमा उपचार भयो। एमाओवादीले भने आक्रमण गरेको नभई झडप भएको र दुवैतर्फ घाइते भएको जनायो।

जैदी गाविस-५ निवासी नेपाल विद्यार्थी सङ्घका जिल्ला अध्यक्ष हरिहर शर्माको घरमा ०७० मङ्सिर २ गते साँझ अज्ञात समूहले आक्रमण गऱ्यो। घटनामा शर्मासँगै आमा नर्वदा सुवेदी, बाबु केदारनाथ सुवेदी, भाइहरू रामु सुवेदी, प्रेम सुवेदी, गोविन्द सुवेदी र बहिनी गङ्गा सुवेदी घाइते भए। आक्रमणकारीले घटनामा खुकुरीको प्रयोग गरेका थिए। घाइते नर्वदा सुवेदी, केदारनाथ उपाध्याय, प्रेम सुवेदी र राम सुवेदीको पोखरास्थित मणिपाल शिक्षण अस्पताल र काठमाडौँमा उपचार भयो। पीडितले राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले आक्रमण गरेको बताए पनि राष्ट्रिय जनमोर्चाले भने घटनामा आफूहरूको संलग्नता नरहेको दाबी गऱ्यो।

जैदी गाविस-८ निवासी काङ्ग्रेसका कार्यकर्ताहरू बमबहादुर क्षेत्री, कपिलमणि खनाल, भोजराज खनाल, युगनाथ खनाल, नारायण पौडेल, नरेश पौडेल, नवराज पौडेल अरूण पौडेलको घरमा ०७० मङ्सिर २ गते राष्ट्रिय जनमोर्चाका समर्थक कार्यकर्ताले ताडेफोड गरे। नेपाली काङ्ग्रेसलाई मत दिएमा कारबाही गर्ने धम्की दिँदै तोडफोड गरेको पीडितले बताए। यस्तै राष्ट्रिय जनमोर्चा समर्थित पशुपति शर्मा, हरि जीसी, शिव पौडेल, कृष्ण पौडेल, डिलबहादुर दमाई, सकस विक, रत्नकली शर्माको घरमा काङ्ग्रेस कार्यकर्ताले तोडफोड गरेको जनमोर्चाका कार्यकर्ताले बताए। घरका छाना, चर्पीको ढोका, पानीका ट्याङ्की तोडफोड गरेका थिए। पीडितहरूले ९ लाख रुपियाँ बराबरको क्षति भएको बताएका छन्।

पैयुथन्थाप गाविस निवासी काङ्ग्रेसका कार्यकर्ताहरू डोलेन्द्र थापा, टेकबहादुर राना, दयाराम सापकोटा, नन्दीकेशर पाध्या र नरजङ्ग रानामगरलाई ०७० मङ्सिर ३ गते संविधानसभा निर्वाचनसम्बन्धी सर्वदलीय बैठकका क्रममा राष्ट्रिय जनमोर्चाका कार्यकर्ताको आक्रमण गरे। घटनामा घाइतेमध्ये डोलेन्द्र थापा र टेकबहादुर रानाको खुट्टा भाँचिएको, दयाराम सापकोटाको टाउको र आँखामा चोट लागेकामा पैयु उपस्वास्थ्य चौकीमा सामान्य उपचारपछि धौलागिरि अञ्चल अस्पताल र पोखराको मणिपालमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीशको दरबन्दी रहेको यस जिल्ला अदालतमा फौजदारीतर्फ २ सय २० थान मुद्दा परेकामा १ सय ६९ थानको फैसला भयो भने ५१ फैसला हुन बाँकी रहे। देवानीतर्फ १ सय ८२ थान मुद्दा परेकामा १ सय १४ थानको फैसला भयो भने ६८ थान फैसला हुन बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतमा फौजदारीतर्फ १ सय २६ थान मुद्दा परेकामा ३९ थानको फैसला भयो भने ८७ थानको फैसला हुन बाँकी रहयो। देवानी मुद्दातर्फ १ सय १३ थानमध्ये २८ थानको फैसला भयो भने ८५ थानको फैसला हुन बाँकी रहयो। दुई वर्ष नाघेका फौजदारी र देवानी कुनै मुद्दा छैनन्।

जिल्ला न्यायाधीवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ३६ थान रहेकामा ८० थान सफल भए

भने ३० थान असफल भए। मुलतवी र तामेलीमा पाँच थान मुद्दा रहेका छन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी १७ मा तीन थान सफल र सात थान असफल रहे। सात थान मुद्दा बाँकी रहे। बलात्कारसम्बन्धी सात थान मुद्दामा दुई थान सफल र एउटा असफल रह्यो। अपहरणसम्बन्धी एउटा मुद्दा सफल रह्यो। बहुविवाहसम्बन्धी परेका ६ थान मुद्दामध्ये तीन थान सफल र तीन थान असफल रहे। बालविवाहसम्बन्धी परेको एउटा मुद्दा सफल रह्यो। छुवाछूतसम्बन्धी परेको एक मुद्दा भने असफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या ४६ ओटा रहेकामा १० ओटा सफल भए। सरकारी वकिलको सङ्ख्या दुई जना रहेको छ। जिल्ला कार्यालयबाट दायरमध्ये ०७० पुस १६ गतेसम्म १ सय ८५ ओटा मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ९८ हजार ५१ मध्ये छात्र ४८ हजार ४५ र छात्रा ५० हजार ६ जना प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १ हजार ४५ र छात्र १ हजार २ सय ७० रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ४ सय २६ र पुरुष १ हजार २ सय ८१ गरी जम्मा १ हजार ७ सय ७ शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला १ सय ७ र पुरुष ३ सय २६ गरी जम्मा ४ सय ३३ शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला ८६ र पुरुष २ सय ७९ गरी जम्मा ३ सय ६५ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ४ हजार ६ सय ९४ र बालिका ५ हजार २ सय ९७ गरी जम्मा ९ हजार ९ सय ९१ रहेका छन्, जसमध्ये दलित बालक १ हजार ४ सय ८५ र बालिका १ हजार ४ सय १२ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१४ वर्षीया एक बालिकालाई सुखौरा गाविस-३ का १९ वर्षीय अनिल गिरी, सोही ठाउँका १९ वर्षीय सुमन गिरी र १३ वर्षीय एक बालकले ०७० जेठ १४ गते वनमा गाई-बाख्रा चराउन गएका बेला बलात्कार गरेको आरोपमा पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा जेठ १५ गते उजुरी दियो। प्रहरीले आरोपितहरूलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको जिल्ला अस्पतालमा जेठ १५ गते स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको असार १३ गतेको आदेशमा आरोपित अनिल र सुमन पुर्पक्षका लागि थुनामा छन् भने १३ वर्षीय बालक पाँच हजार रुपियाँ धरौटीमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१३ वर्षीया एक बालिकालाई अधिकारीचौर गाविस-६ का १८ वर्षीय दुर्गाबहादुर अदै र अन्य दुई जना बालकले ०७० जेठ १४ गते राति ८ बजे बाटो छेकेर बलात्कार प्रयास गरेको भन्दै पीडितका आफन्तले जेठ १६ गते प्रहरीमा उजुरी दिए। उजुरीका आधारमा प्रहरीले तीनै जनालाई जेठ १६ गते गिरफ्तार गऱ्यो। जिल्ला न्यायाधीश डिल्लीरमण तिवारीको आदेशमा जेठ २४ गते दुर्गाबहादुर अदैलाई पुर्पक्षका लागि थुनामा पठाइएकामा असार १८ गते पाँच हजार रुपियाँ धरौटी राखेर रिहा भए भने दुई नाबालकमध्ये एकलाई कास्कीको सराङकोटस्थित बालसुधार गृह पठाइयो भने अर्का एक जना पाँच हजार रुपियाँ धरौटीमा रिहा भए।

१४ वर्षीया एक बालिकालाई ०७० कात्तिक २१ गते राजकूत गाविस-९ घर भई बुर्तिबाङ बजारमा बस्दै आएका २३ वर्षीय तारा कुँवरले बुर्तिबाङबाट घरतर्फ जाँदै गरेको समयमा बलात्कार प्रयास गरेको भन्दै पीडितले कात्तिक २२ गते प्रहरीमा उजुरी दिइन्। प्रहरीले आरोपित कुँवरलाई कात्तिक २२ गते गिरफ्तार गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको ०७० मङ्सिर २३ को आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२३ वर्षीया एक महिलालाई ०६९ चैत १३ गते बुर्तिबाङ गाविस-१ का २२ वर्षीय अगुन कुँवर र २१ वर्षीय कपिल महतले जबरजस्ती बलात्कार प्रयास गरेको भन्दै पीडितले चैत १४ गते प्रहरीमा उजुरी दिइन्। बुर्तिबाङ बजारबाट घरतर्फ जाँदै गर्दा उनीमाथि बलात्कार प्रयास गर्दा चिच्याएपछि स्थानीयवासीले उद्धार गरेका थिए। उजुरीका आधारमा चैत १८ गते आरोपितलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरेकामा चैत २२ गते जिल्ला अदालतले ३२ हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दियो। उक्त रकम

धरौटी बुझाउन नसकेपछि दुवै जना कारागार चलान भएकामा ०७० असार १३ गते धरौटीमा रिहा भए। पीडितको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र र धौलागिरि अञ्चल अस्पतालमा उपचार भयो।

२६ वर्षीया एक महिलालाई बाग्लुङ नपा-२ का १९ वर्षीय सन्तोष नेपालीले ०७० वैशाख २९ गते दिउँसो घरमा बलात्कार प्रयास गरेको भन्दै पीडितले वैशाख ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। बलात्कार प्रयास गर्ने क्रममा लछार-पछार गरी कपडासमेत च्यातिदिएको उजुरीमा उल्लेख छ। पीडितले चिच्याएपछि छिमेकी घटनास्थलमा पुगेपछि आरोपित भागेका थिए। स्थानीयवासीले घरनजिकैको पाखोमा लुकिरहेको अवस्थामा आरोपितलाई सोही दिन नियन्त्रणमा लिई प्रहरीको जिम्मा लगाए। जिल्ला अदालतको ०७० जेठ २१ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। पीडितको धौलागिरि अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

१९ वर्षीया एक महिलालाई ०७० जेठ २० गते हटिया गाविस-८ का २२ वर्षीय कृष्णबहादुर सुवेदीले घरायसी काम छ भनी बाग्लुङ नपा-२ स्थित एक होटलमा लगेर बलात्कार गरेको भन्दै पीडितले ०७० जेठ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई जेठ २६ गते गिरफ्तार गऱ्यो। पीडितको जिल्ला अस्पतालमा जेठ २५ गते स्वास्थ्य परीक्षण गरिएकामा बलात्कार भएको अस्पतालले पुष्टि गऱ्यो। जिल्ला अदालतको असार २४ गतेको आदेशमा आरोपीलाई पुर्पक्षका लागि थुनामा पठाइएकामा कात्तिक १२ गतेको फैसलापछि आरोपित ५२ हजार रुपियाँ धरौटीमा रिहा भए।

२२ वर्षीया एक महिलालाई ०७० साउन ६ गते बलात्कार प्रयास गरेको आरोपमा बाग्लुङ नपा-३ का ७५ वर्षीय शेरबहादुर शेरचनलाई साउन २५ गते प्रहरीले गिरफ्तार गऱ्यो। आफूलाई राति १ बजेको समयमा शेरचनले बलात्कार प्रयास गरेको भन्दै साउन २५ गते पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। जिल्ला अदालतको साउन ३० गतेको आदेशमा आरोपी ३२ हजार रुपियाँ धरौटीमा रिहा भए। पीडितको धौलागिरि अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

निसी गाविस-८ की २० वर्षीया महिला सुनमाया नेपालीलाई घरायसी विवादका क्रममा पति २२ वर्षीय देवीराम नेपालीले ०७० जेठ २ गते ढुङ्गाले हानेर हत्या गरे। पत्नी हत्याको आरोपमा प्रहरीले जेठ ६ गते गिरफ्तार गरी नेपालीलाई जेठ ७ गते अदालत पेस गरेकामा जिल्ला अदालतका न्यायाधीश डिल्लीरमण तिवारीको इजलासले जेठ ३१ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। मृतकको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा जेठ ३ गते पोस्टमार्टम गरियो। ३ गते नै बुर्तिबाडस्थित बडीगाड खोलामा सद्गत गरियो।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय १६ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। घरेलु हिंसाका ९५ ओटा घटनालाई जिल्ला प्रहरी कार्यालय बाग्लुङको महिला तथा बालबालिका सेवा केन्द्रले मेलमिलापमा टुङ्ग्याएको छ। १७ घटनाको फैसला भयो भने पाँच ओटा मुद्दा विचाराधीन छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

गैरराज्यपक्षबाट

नेकपा-माओवादीबाट

नेकपा-माओवादीका कार्यकर्ताले ०६९ चैत १५ गते जिल्ला निर्वाचान कार्यालय, बाग्लुङमा तोडफोड गरे। तीन जनाको सङ्ख्यामा आएका माओवादीका

एमाओवादी कार्यकर्ताहरूद्वारा आक्रमण गरी घाइते बनाइएका राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरू मीना पुन र मीनबहादुर पुन

कार्यकर्ताले कार्यालयमा रहेका एक थान फोन, कम्प्युटर, टेबुल र प्रिन्टर तोडफोड गरे। तोडफोड गर्ने समयमा अफिसभित्र एक्कासि पसेको र फोनमार्फत गफ गरिरहेको समयमा फोन तानिदिएको निर्वाचन कार्यालयका प्रमुख टोलराज उपाध्यायले बताए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	२१		
उपस्वास्थ्यचौकी	३७		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	३	१	२
स्टाफ नर्स	३	२	१
ल्याब असिस्टेन्ट	५	३	२
अहेब	१११	८५	२६
अनमि	७५	६०	१५
खोप सुपरभाइजर	१		१
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२६	५	१७
माशिका	१८	१८	
स्वास्थ्य कार्यकर्ता	१	१	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म जबरजस्ती करणीका सात, अपहरणका एक, गर्भपतनका एक, आत्महत्याका ३६, बहुविवाहका पाँच, कर्तव्य ज्यानका १० र केही सार्वजनिक अपराधका ६९ ओटा मुद्दा दर्ता भए।

३.१४ पर्वत



जिल्ला सदरमुकाम: कुस्मा
क्षेत्रफल (वर्ग कि. मि.): ४५४
घरधुरी सङ्ख्या: ३५,७१५
जम्मा जनसङ्ख्या: १,४६,५५०
पुरुष: ६५,३०१
महिला: ८१,२८५
अपाङ्ग सङ्ख्या: ३,६५३
गाविस/नपा सङ्ख्या: ५५/०
पुरुष साक्षरता सङ्ख्या: ५०,००५
महिला साक्षरता सङ्ख्या: ५१,२८०
हिन्दू धर्मावलम्बी प्रतिशत: ८५.४८
बौद्ध धर्मावलम्बी प्रतिशत: ५.३२
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.४३
किराँत धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.४५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०२
बोन धर्मावलम्बी प्रतिशत: ०.१५
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०५३
प्रतिपरिवार सरदर सङ्ख्या: ४.१०

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता पुरुष ६० र महिला १५ गरी ७५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ५४ र कैद नतोकिएका १२ जना गरी ६६ जना बन्दी रहेका छन्, जसमा ६ जना महिला बन्दी छन्। कारागारको क्षमता विस्तार गरिए पनि बन्दीको क्षमता अनुसार खानेपानीको व्यवस्था हुन सकेको छैन।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	३		३
महिलाअधिकार	७		७
कुटपिट	१	११	१३
हत्या	१	१	३
जम्मा	११	१३	३३

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

ठूलीपोखरी गाविसमा फर्जी मत हाल्न खोज्ने एमाओवादीका कार्यकर्तालाई रोक्न खोज्दा ०७० मङ्सिर ४ गते ठूलीपोखरी गाविस-८ निवासी एमाले कार्यकर्ताहरू १९ वर्षीय प्रेम लामिछाने, ५२ वर्षीय होमनाथ लामिछाने र २२ वर्षीय रमण लामिछाने घाइते भए। घाइतेको स्थानीय स्वास्थ्य केन्द्रमा सामान्य उपचार भयो। घटनामा संलग्न ठूलीपोखरी गाविस-४ निवासी एमाओवादी कार्यकर्ताहरू ३४ वर्षीय वीनबहादुर विक, २८ वर्षीय रामबहादुर कुँवर, छविलाल लामिछाने र ३८ वर्षीय चूडामणि पौडेलका विरुद्धमा ०७० मङ्सिर ९ गते उजुरी परेको प्रहरीले जनायो। आरोपित हालसम्म फरार रहेको प्रहरीले जनायो।

माझफाँट गाविस निवासी एमाले कार्यकर्ता ४२ वर्षीय खुमबहादुर नेपाली र पत्नी ३८ वर्षीया मुना नेपालीलाई ०७० मङ्सिर ६ गते नेपाली काङ्ग्रेसका कार्यकर्ता ४० वर्षीय सोमबहादुर खत्रीले पीडितको घरमा कुटपिट गरे। पीडितले न्यायको माग गर्दै मङ्सिर ७ गते मिलनचोक प्रहरी चौकीमा निवेदन दिए। निवेदनमाथि कुनै कारबाही भएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीशको दरबन्दी रहेको यस जिल्ला अदालतमा फौजदारीतर्फ ९२ मुद्दा परेकामा ३० थानको फैसला भयो भने ६२ बाँकी रहे। देवानीतर्फ ८६ मुद्दा परेकामा ४२ थानको फैसला भयो भने ४४ बाँकी रहे।

०७० साउनदेखि ०७० पुस १६ सम्म

फौजदारीतर्फ ७२ मुद्दा परेकामा १९ थानको फैसला भयो भने ५३ बाँकी रहे। देवानीतर्फ ७२ मुद्दा परेकामा १२ थानको फैसला भयो भने ६० बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म २७ मुद्दा दायर भए, जसमध्ये ८ थानको फैसला भयो। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म १९ थान बाँकी रहेको जिल्ला सरकारी वकिलको कार्यालयले जनायो। जिल्ला सरकारी वकिल कार्यालयबाट ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या ६ छ, जसमध्ये ६ थान सफल भए। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर भएका केही सार्वजनिक अपराधका ५४ मुद्दामध्ये तीन थानको फैसला भयो भने ५१ थान बाँकी रहे।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका छात्र १८ हजार ४ सय ९७ छात्र र छात्रा २० हजार २ सय ५८ जना गरी जम्मा ३८ हजार ७ सय ५५ जना विद्यार्थी प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ६ हजार ७ सय ४१ र छात्र ६ हजार ७ सय ४१ जना रहेका छन्। यसैगरी निजी विद्यालयतर्फ २ हजार ३ सय २१ छात्र र १ हजार ७ सय २१ छात्रा निजी विद्यालयमा भर्ना भएका छन्।

सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा १ हजार ३ सय ११ निमाबि तहमा ३ सय ६४ जना शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा ३ सय ४ जना शिक्षक कार्यरत रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१४ वर्षीया एक बालिकालाई ०६९ चैत ४ गते विद्यालयबाट घर फर्कंदै गर्दा बलात्कारको प्रयास गरेको आरोपमा शङ्करपोखरी गाविस-८ का २४ वर्षीय कमल विक, २० वर्षीय शिव सुनार र २३ वर्षीय सूर्य विकलाई चैत ६ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ चैत २१ गतेको आदेशमा कमल विक र शिव सुनारलाई पुर्पक्षका लागि थुनामा पठाइयो भने सूर्य विक तारेखमा रिहा भए। पीडितको चैत ५ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

१५ वर्षीया एक बालिकालाई ०७० मङ्सिर २ गते धाइरिङ गाविस-८ का २६ वर्षीय वेलु परियारले घरमा कोही नभएको समयमा बलात्कार गरेको आरोपमा आफन्तले ०७० मङ्सिर ८ गते प्रहरीमा जाहेरी दिए। जाहेरीका आधारमा प्रहरीले आरोपितलाई मङ्सिर ३ गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०७० मङ्सिर ३० गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाइयो। पीडितको म्याग्दी जिल्ला अस्पतालमा मङ्सिर ८ गते स्वास्थ्य परीक्षण भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

घरेलु हिंसा

शिवालय गाविस-६ की ३३ वर्षीया महिलालाई पति ४० वर्षीय अम्बरबहादुर रानाले अंश र सम्बन्धविच्छेदको मुद्दा दिएको आरोपमा गाँउमा बस्न नदिने भनी ०६९ फागुन ११ गते टेलिफोनबाट धम्की दिए। उनले ०६९ पुस ५ गते जिल्ला अदालतमा मुद्दा दिएकी थिइन्। धम्कीका कारण उनी फागुन १२ गतेदेखि माइतीमा बस्दै आएकी छन्। उनको हाल पर्वत जिल्ला अदालतमा अंश र सम्बन्धविच्छेदसम्बन्धी मुद्दा चलिरहेको छ। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

खौलालाकुरी गाविस-४ की ३५ वर्षीया महिलालाई पति ४९ वर्षीय भक्तबहादुर दमैले घरमा बस्न र खानसमेत नदिई कुटपिट गरेको भनी ०७० असोज ९ गते जिल्ला प्रशासन कार्यलयमा उजुरी दिइन्। उनी भक्तबहादुरका तीन पत्नीमध्ये माइली हुन्। पीडित महिलाका तर्फबाट तीन छोराको जन्म भएकामा बाबुले पालनपोषण नगरेका कारण अंशसहित सम्बन्धविच्छेदको माग गर्दै जिल्ला अदालतमा ०७० असोज २८ गते मुद्दा दर्ता गरिन्। मुद्दाको फैसला भएको छैन।

परिवारजनबाट हत्या

कुर्घा गाविस-३ का ५१ वर्षीया विष्णुकुमारी क्षेत्रीलाई पति ५७ वर्षीय गोविन्दबहादुर क्षेत्रीले ०६९ फागुन २५ गते कुटपिट गरी हत्या गरेको भनी पीडितका छोरा सूर्यबहादुर केसीले फागुन २६ गते प्रहरी किटानीमा उजुरी दिए। उजुरीका आधारमा हत्याका आरोपी क्षेत्रीलाई प्रहरीले फागुन २६ गते गिरफ्तार गरी अनुसन्धान गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा चैत १९ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। शवको ०६९ फागुन २७ गते जिल्ला अस्पतालमा पोस्टमार्टम गरी सोही दिन मोदीबेनीमा सद्गत भयो।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १८ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका सात जना, खान लाउन नदिएका दुई जना, विवाह दर्ता तथा नागरिकता नबनाएको चार, अर्की पत्नी ल्याएर हेला गरेकामा पाँच, मार्ने धम्की दिइएकामा दुई, बोक्सीको आरोप लगाएको घटनामा दुई जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले नौ घटनामा मिलापत्र गराएको र नौ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सो केन्द्रले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	**५**		
स्वास्थ्यचौकी	**१२**		
उपस्वास्थ्यचौकी	**४२**		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	**४**	**२**	**२**
स्टाफ नर्स	**५**	**४**	**१**
ल्याब असिस्टेन्ट	**२**	**१**	**१**
अहेब	**१०४**	**८८**	**१६**
अनमि	**६५**	**५५**	**१४**
खोप सुपरभाइजर	**१**	**१**	
हेल्थ असिस्टेन्ट	**२४**	**९**	**१५**

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यानका चार, जबरजस्ती करणीका एक, जबरजस्ती उद्योगका एक, बहुविवाहका दुई र आत्महत्याका ३८ थान मुद्दा दर्ता भए।

३.१५ म्याग्दी



जिल्ला सदरमुकाम: बेनी
क्षेत्रफल (वर्ग कि. मि.): २,२५७
घरधुरी सङ्ख्या: २७,७६२
जम्मा जनसङ्ख्या: १,१३,६४१
पुरुष: ५१,३५५
महिला: ६२,२४६
अपाङ्ग सङ्ख्या: ६,१२२
गाविस/नपा सङ्ख्या: ४१/०
पुरुष साक्षरता सङ्ख्या: ३७,७३७
महिला साक्षरता सङ्ख्या: ३७,७५३
हिन्दू धर्मावलम्बी प्रतिशत: ८७.१६
बौद्ध धर्मावलम्बी प्रतिशत: १०.३३
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१६
किराँत धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.३३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.७८
वोन धर्मावलम्बी प्रतिशत: ०.०२
अन्य धर्मावलम्बी प्रतिशत: ०.२०५
प्रतिपरिवार सरदर सङ्ख्या: ४.०५

जेल र बन्दी

'घ' श्रेणीको यस कारागारमा २५ पुरुष र ७ महिला बन्दीको क्षमता रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ५० जना र कैद नतोकिएका २८ जना कैदी र थुनुवा गरी जम्मा ७८ जना बन्दीहरू रहेका छन्। यसमध्ये ४६ जना पुरुष र ४ जना महिला कैदी छन्। २५ जना पुरुष र तीन जना महिला थुनुवा छन्। यस कारागारमा एक नाबालक पनि रहेका छन्। यो जिल्ला कारागार ०५० सालमा निर्माण भएको हो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

संविधानसभा निर्वाचन प्रचार-प्रसारका लागि ०७० असोज २४ गते साँझ विम गाविसको विम गाउँ पुगेका कुहुँ गाविस-६ निवासी एमाओवादीका जिल्ला सदस्य पुष्कर विकको टोलीलाई नेकपा-माओवादीका कार्यकर्ताले आक्रमण गरे। घटनामा घाइते पुष्करको टाउको र चिउँडोमा चोट लागेकामा जिल्ला अस्पतालमा उपचार भयो। नेकपा-माओवादीका कार्यकर्ताले निर्वाचन निषेधित क्षेत्रमा प्रवेश गरेकाले आक्रमण गरेको पीडितले बताए। घटनामा संलग्न रहेको आरोपमा विम गाविस-३ निवासी नेकपा-माओवादीका जिल्ला सेक्रेटरी ३२ वर्षीय रेशम जुरजाली 'सुविन'लाई प्रहरीले ०७० कात्तिक १३ गते बाबियाचौर गाविस-५, बजारबाट गिरफ्तार गरेकामा आगामी दिनमा आक्रमण र झडप नगर्ने लिखित सहमतिमा कात्तिक १६ गते साँझ प्रहरीले रिहा गऱ्यो।

संविधानसभा निर्वाचन प्रचार-प्रसार तथा घरदैलो अभियानमा रहेका एमालेका उम्मेदवार नवराज शर्मासहितको टोलीलाई ०७० असोज २८ गते नेकपा-माओवादीका कार्यकर्ताले पिप्ले गाविसमा अवरोध गरी माइक तथा अन्य सामग्री तोडफोड गरे। घटनाका सम्बन्धमा नेकपा-माओवादीका जिल्ला सह-इन्चार्ज लालु किसानले 'निर्वाचनको भद्र बहिष्कार र कारबाही गर्ने योजना' अन्तर्गत जनाताले अवरोध गरेको बताए। नेकपा-माओवादीका कार्यकर्ताले एमाले कार्यकर्ताको चुनावी अभियानका क्रममा रुम गाविसलगायत अन्य विभिन्न स्थानमा समेत अवरोधको प्रयास गरेका थिए।

नेपाली काङ्ग्रेसले घतान गाविसमा आयोजना गरेको चुनावी सभामा ०७० कात्तिक १७ गते स्थानीय देउसीभैलो समूहले आक्रमण गर्दा भएको झडपमा काङ्ग्रेसका कार्यकर्ता विशाल बरुवाल, प्रेम रोका र एमाले कार्यकर्ता युवा सङ्घका जिल्ला अध्यक्ष दिनेश केसी घाइते भए। घाइतेमध्ये दिनेश केसीको टाउकोमा चोट लागेकामा न्युरो अस्पताल काठमाडौँमा उपचार भयो। काङ्ग्रेस कार्यकर्ता विशाल बरुवालको मणिपाल शिक्षण अस्पताल पोखरामा र अन्यको जिल्ला अस्पतालमा उपचार भयो।

शिख गाविस-४, शिख देउरालीमा भोट माग्दै घरदैलो गरिरहेका एनेकपा माओवादीका जिल्ला सदस्य बागवीर पाइजामाथि ०७० कात्तिक २९ गते अज्ञात समूहले धारिलो हतियार प्रयोग गरी आक्रमण गऱ्यो।

निधारमा चोट लागेर घाइते पाइजाको शिख उपस्वास्थ्य चौकीमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारीतर्फ १ सय ५० थान मुद्दा रहेकामा १ सय १४ को फैसला भयो भने ३६ बाँकी रहे। देवानीतर्फ ९९ थान मुद्दा रहेकामा ६४ थानको फैसला भयो भने ३५ बाँकी रहे।

०७० साउनदेखि ०७० पुस १६ गतेसम्म

यस अदालतमा गत वर्षबाट जिम्मेवारी सरेर आएका फौजदारी मुद्दामध्ये ६५ ओटाको फैसला भयो भने ६६ बाँकी रहे। देवानीतर्फ नयाँ र पुरानासमेत २८ थानको फैसला भयो भने ७२ बाँकी रहे।

०७० पुस १६ गतेसम्म यस अदालतमा फौजदारीतर्फका ६६ र देवानीतर्फका ७२ थानसमेत गरी जम्मा १ सय ३८ थान मुद्दा बाँकी छन्। यस अदालतमा दुई थान रिट निवेदन पनि बाँकी छन्।

जिल्ला सरकारी वकिल कार्यालय

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

जिल्ला सरकारी वकिलको कार्यालयमा अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका ४२ थान र ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर ७८ समेत गरी जम्मा मुद्दाको सङ्ख्या १ सय २० रहेकामा ८ थान सफल भए भने १६ असफल भए। जिल्ला न्यायाधिवक्ताको सङ्ख्या १ रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म ९६ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

०७० साउनदेखि ०७० पुस १६ गतेसम्म

जिल्ला सरकारी वकिलको कार्यालयमा गत वर्षबाट जिम्मेवारी सरी आएका समेत १ सय ३३ थान मुद्दामध्ये अनुसूचीभित्रका जिल्ला अदालतमा पेस भएका तीन थान मुद्दा असफल रहे। ३९ थान फैसला हुन बाँकी छन्। प्रशासन कार्यालयमा पेस गरेका ४१ थान मुद्दा सफल रहे भने ४६ बाँकी छन्। अन्य निकायमा पेस गरेका चार थान मुद्दा फैसला हुन बाँकी छन्। त्यसैगरी अनुसूचीबाहिरका चार थान मुद्दामध्ये जिल्ला प्रशासनमा एक र अन्यमा तीन थान मुद्दाको फैसला हुन बाँकी छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		५	५
बालअधिकार	८		८
महिलाअधिकार	५		५
भेला/सङ्गठित हुने अधिकार	१	४	५
जम्मा	१४	९	२३

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ३२ हजार ३ सय ६१ मध्ये छात्र १६ हजार २ सय ७२ र छात्रा १६ हजार ८९ जना प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ४ हजार ५ सय ३९ र छात्र ४ हजार २ सय ३७ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राविं तहमा महिला २ सय १५ र पुरुष ४ सय ८२ गरी जम्मा ६ सय ९७ जना शिक्षक कार्यरत छन्। निमाविं तहमा महिला १७ र पुरुष १ सय ५८ गरी जम्मा १ सय ७५ शिक्षक कार्यरत छन्। यसै गरी माविं तहमा महिला एक र पुरुष १ सय १५ गरी जम्मा १ सय १६ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक १ हजार ९ सय ८१ र बालिका १ हजार ८ सय ७६ गरी जम्मा ३ हजार ८ सय ५७ रहेका छन्, जसमध्ये दलित बालक ६ सय ५७ र बालिका ७ सय २२ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बेचबिखन तथा ओसारपसार

१७ वर्षीया एक बालिकालाई होटलमा राम्रो काम दिने प्रलोभन दिई ०७० असार १४ गते पोखरा लैजाने क्रममा जिल्ला बालकल्याण समिति म्याग्दीले दिएको सूचनाका आधारमा शक्ति समूह र सिविन पोखराको सहयोगमा पोखराबाट उद्धार गरियो। दैलेख जिल्ला बालुवाटार गाविस-७ निवासी बा२ख ३४१६ नम्बरको माइक्रोबसका सहचालक शेरबहादुर सार्कीले पोखराको जाल्पारोडस्थित एक रेस्टुरेन्टमा राम्रो काम

लगाइदिने भन्दै पोखरा पुऱ्याएका थिए। बालिकालाई जबरजस्ती यौन व्यवसायमा संलग्न गराएको आरोपमा पटक-पटक प्रहरी कारबाहीमा परेकी सञ्चालिका माया लम्साल र बेनीबाट बालिका ओसारपसार गर्ने शेरबहादुरलाई प्रहरीले असार १५ गते गिरफ्तार गरी दुवै जनालाई सार्वजनिक अपराध अन्तर्गत मुद्दा दर्ता गऱ्यो। बालिकालाई ०७० असार २० गते परिवारलाई बुझाइयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

चार वर्षीया एक बालिकालाई १३ वर्षीय बालकले ०६९ फागुन ११ गते दिउँसो बलात्कार गरेको आरोपमा बालिकाका आफन्तले सोही दिन जिल्ला प्रहरीमा उजुरी गरेकामा बालकलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। बलात्कारपछि रक्ताम्मे भई बेहोस भएकी बालिकाको जिल्ला अस्पताल बेनीमा उपचार नभएपछि पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा उपचार भयो। जिल्ला अदालतले ०६९ फागुन २२ गते पीडकलाई बालबालिका ऐन २०४८ दफा ५०(१) अनुसार आमाको संरक्षणमा रहने गरी तारेखमा रिहा गर्न आदेश गऱ्यो।

१७ वर्षीया एक बालिकालाई ०६९ फागुन ११ गते बलात्कार गरेको आरोपमा ज्यामरुककोट गाविसका ४० वर्षीय झलक घिमिरेविरुद्ध पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा सोही दिन जाहेरी दिए। बारीमा मल फाल्न गएकी ती बालिकालाई बलात्कार गरेको पीडितले प्रहरीमा दिएको उजुरीमा उल्लेख छ। पीडितको फागुन ११ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपिलाई प्रहरीले फागुन १२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ फागुन ३० गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

आठ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा ०६९ चैत ९ गते एक १५ वर्षीय बालकलाई प्रहरीले गिरफ्तार गऱ्यो। मामाघर गएकी र घरमा सानीआमा (छामा)सँग बस्दै आएकी बालिकाले आमा घरमा फर्केपछि ०६९ चैत १९ गते घटना सार्वजनिक गरेकी हुन्। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतले ०७० वैशाख १२ गते आरोपितलाई बाल सुधारगृहमा राखी मुद्दाको पुर्पक्ष गर्न आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

११ वर्षीया एक बालिकालाई ०७० वैशाख ६ गते पिप्ले गाविस-६ का २३ वर्षीय बाबुलाल परियारले जङ्गलमा बलात्कार गरेको आरोप लगाउँदै पीडित परिवारले वैशाख १६ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दियो। विद्यालयबाट घर फर्कने क्रममा आरोपित परियारले बलात्कार गरेको जाहेरीमा उल्लेख छ। पीडितले वैशाख १५ गते विद्यालयमा अध्ययनका क्रममा तल्लो पेट दुख्यो भन्दै रुन थालेपछि शिक्षिकाले सोधपुछ गर्दा बलात्कार भएको घटना सार्वजनिक भएको थियो। पीडित परिवारको उजुरीका आधारमा प्रहरीले आरोपित परियारलाई सोही दिन उनकै घरबाट गिरफ्तार गरी अनुसन्धान गरेकामा जिल्ला अदालतको आदेशमा जेठ ८ गते आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

तीन वर्षीया एक बालिकालाई ०७० वैशाख २५ गते दरबाङ गाविस-७ का ३७ वर्षीय वीरबहादुर सार्कीले आफ्नै घरमा बलात्कार गरेको भन्दै पीडित परिवारले वैशाख २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको वैशाख २८ गते दरबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा परीक्षण भयो। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान जारी राखेकामा जिल्ला अदालतको आदेशमा जेठ १७ गतदेखि आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

नेकपा-माओवादीका कार्यकर्ताहरूको आक्रमणबाट घाइते भएका एमाओवादीका जिल्ला सदस्य पुस्कर विक

१५ वर्षीया एक बालिकालाई आफ्नै घरमा सुतिरहेको अवस्थामा ०७० साउन २८ गते राति बलात्कार गरेको आरोपमा १६ वर्षीय र १७ वर्षीय बालकलाई साउन ३२ गते प्रहरीले गिरफ्तार गऱ्यो। घरमा दुई दिदीबहिनी मात्र सुतिरहेको अवस्थामा राति घरको ढोका फोडी भित्र प्रवेश गरेका ६ जनामध्ये दुई बालकले बालिकालाई पालैपालो बलात्कार गरेको प्रहरीले जनायो। पीडितको रुम स्वास्थ्यचौकीमा उपचार गर्ने क्रममा घटना सार्वजनिक भएको हो। उनको जिल्ला अस्पतालमा थप उपचार भयो। आरोपितलाई जिल्ला

अदालतको ०७० भदौ २७ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएकामा सोही दिन आरोपितमध्ये एक जनाले जिल्ला अदालतको आदेशउपर पुनरावेदन अदालत बाग्लुङमा कैफियत प्रतिवेदनका लागि निवेदन दिए। हाल उक्त मुद्दामा जिल्ला अदालतले पुनरावेदनमा कैफियत पत्र पठाएको छ। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२९ वर्षीया एक अपाङ्ग महिलालाई ०७० साउन ३२ गते बलात्कार गरेको आरोपमा वीम गाविस-१ का ४२ वर्षीय टेकप्रसाद जुग्जालीलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। अपाङ्ग महिला बारम्बार बलात्कृत भएको समाचार प्रकाशित भएपछि प्रहरीले छानबिन गर्दा महिला छ महिनाको गर्भवती भएको सार्वजनिक भएको थियो। बलात्कार आरोपमा स्थानीय ४२ वर्षीय टेकप्रसाद जुग्जाली र ७० वर्षीय दरिलाल जुग्जालीलाई जिल्ला अदालत म्याग्दीले ०७० असोज ६ गतेको आदेशबाट पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

४६ वर्षीया एक महिलालाई ०७० भदौ २६ गते बलात्कार गरेको आरोपमा कुहुँ गाविस-५ का २१ वर्षीय बुद्धिबहादुर किसानलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। घरमा एक्लै रहेकी अपाङ्गता भएकी महिलालाई बलात्कार गरेको भनी आफन्तले भदौ २५ गते प्रहरीमा जाहेरी दिएका थिए। आरोपित जिल्ला अदालतको ०७० असोज १६ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा ०६९ साउनदेखि ०७० असार मसान्तसम्म जम्मा ६३ ओटा घरेलु/महिला हिंसाका घटना दर्ता भए। प्रहरीमा उजुरी परे पनि कुनै घरेलु/महिला हिंसाका घटना अदालतको थुनछेक प्रक्रियामा पुगेनन्। आव ०६९/०७० मा जिल्ला प्रहरी कार्यालयमा पतिले पत्नीलाई कुटपिट गरेका १९, सासूले बुहारीलाई हिंसा गरेका १५, बुहारीले सासूलाई गरेका हिंसा २० र पत्नीले पतिलाई गरेका ३ ओटा पारिवारिक हिंसाका घटना दर्ता भएका थिए। प्रहरीको अभिलेख अनुसार जातिगत रूपमा सबैभन्दा बढी दलित समुदायमा २८, क्षेत्री/बाहुनमा २१ र जनजाति समुदायमा १४ ओटा घरेलु/महिला हिंसाका घटना भएका थिए। प्रहरी कार्यालयमा ०७० साउनदेखि पुस ५ गतेसम्म जम्मा १३ थान घरेलु हिंसाका घटना दर्ता भए। तर, प्रहरीले नै मिलापत्र गराएकाले कुनै पनि घटना अदालतको थुनछेक प्रक्रियामा पुगेनन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	**१**		
स्वास्थ्यचौकी	**१६**		
उपस्वास्थ्यचौकी	**२३**		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	१	३
स्टाफ नर्स	४	१	३
ल्याब असिस्टेन्ट	१	१	
अहेब	७४	४१	३३
अनमि	५२	४०	१२
खोप सुपरभाइजर	१		१
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२०	२	१८

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा आव ०६९/०७० मा सवारी ज्यान एक, केही सार्वजनिक अपराध ४१, कर्तव्य ज्यान तीन, आत्महत्या २०, जुवा चार, ज्यान मास्ने तीन, डाँकाचोरी पाँच, भवितव्य ज्यान सात, लागूऔषध एक, कालोबजार दुई, आगलागी दुई, ठगी एक, जबरजस्ती करणीका सात, बालविवाह एक र कीर्ते नागरिकताका एकसमेत ९९ ओटा घटना दर्ता भए। दर्ता भएका घटनामध्ये ६९ ओटा घटनाको फर्स्यौट भयो। ३० ओटा घटना बाँकी छन्। दर्ता भएका मुद्दामध्ये जिल्लामा २० जनाले आत्महत्या गरेको प्रहरीले जनाएको छ। आत्महत्या गर्नेमा १४ जनाले झुन्डिएर आत्महत्या गरे। एक जना प्रहरी अधिकारीले गोली हानी आत्महत्या गरे। तीन जनाले खोलामा हाम फाले। दुई जनाले विष सेवन गरी आत्महत्या गरे।

त्यसै गरी ०७० साउनदेखि पुस १६ गतेसम्म जिल्ला प्रहरी कार्यालयमा सवारी ज्यान तीन, केही सार्वजनिक अपराध २७, कर्तव्य ज्यान एक, आत्महत्या ६, जुवा दुई, डाँकाचोरी एक, भवितव्य ज्यान पाँच, जबरजस्ती करणी/प्रयास तीनसमेत ४८ ओटा घटना दर्ता भए। दर्ता भएका घटनामध्ये ३६ ओटा घटनाको फर्स्यौट भयो भने १३ ओटा बाँकी रहे।

३.१६ मुस्ताङ



जिल्ला सदरमुकाम: जोमसोम
क्षेत्रफल (वर्ग कि. मि.): ३,५७३
घरधुरी सङ्ख्या: ३,३५४
जम्मा जनसङ्ख्या: १३,४५२
पुरुष: ७,०५३
महिला: ६,३५९
अपाङ्ग सङ्ख्या: २०४
गाविस/नपा सङ्ख्या: १६/०
पुरुष साक्षरता सङ्ख्या: ५,१७३
महिला साक्षरता सङ्ख्या: ३,४६६
हिन्दू धर्मावलम्बी प्रतिशत: ३७.४७
बौद्ध धर्मावलम्बी प्रतिशत: ६०.१८
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०२
किराँत धर्मावलम्बी प्रतिशत: ०.१४
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.१३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०४
जैन धर्मावलम्बी प्रतिशत: ०.०१
वोन धर्मावलम्बी प्रतिशत: ०.७३
अन्य धर्मावलम्बी प्रतिशत: ०.२५
प्रतिपरिवार सरदर सङ्ख्या: ४.०१

जेल र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता आठ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएको २ जना कैदी र कैद नतोकिएका ६ जना थुनुवा गरी जम्मा ८ जना बन्दी रहेका छन्। जसमा आश्रित बालकबालिका छैनन्। यो जिल्ला कारागार ०२८/०२९ सालमा निर्माण भएको हो। यो कारागार प्रशासकीय प्रयोजनका लागि निर्माण गरिएको हुँदा बन्दीहरू राख्न उपयुक्त छैन। बन्दीहरूका लागि कोठाको अभाव छ। कारागारमा कार्यरत कर्मचारी, सुरक्षाकर्मीहरूका लागि पर्याप्त कोठा नहुँदा उनीहरूका कार्यालय कक्ष र सुत्ने एउटै कोठा छन्। प्रत्येक वर्ष बन्दीहरूको संख्या बढ्दै गएको तर कारागार भवनको मर्मत तथा पुन:निर्माणमा सरकारले कुनै चासो नदेखाउँदा समस्या बढ्दै गएको छ। हिमाली जिल्लामा भौगोलिक हिसाबले पनि अत्यन्त चिसो भएकाले कोठाभित्र बस्न अत्यन्त समस्या हुने तर कम्पाउन्ड वाल नभएका कारण सुरक्षा दृष्टिले बाहिर घाम ताप्न नपाउने भएकाले चिसोका कारण बन्दीहरूलाई विभिन्न रोग लाग्न सक्ने सम्भावना उच्च छ। मानवअधिकार वर्ष पुस्तकमा उल्लेखित प्रतिवेदनले मुस्ताङमा जीर्ण अवस्थामा रहेको कारागारको पुन:निर्माण गर्न सरकारलाई दबाव पुग्ने अपेक्षा यस जिल्लाका स्थानीय बुद्धिजीवीहरू, प्रशासन, जनप्रतिनिधिहरू र स्थानीयवासीले गरेका छन्। सरकारले बन्दीहरूका लागि खानका लागि दिने रकम र लत्ताकपडा पनि अत्यन्त न्यून छ। कारागारमा बन्दीहरूको मनोरञ्जनका लागि पाइला नेपाल मुस्ताङले दिएको एउटा टेलिभिजन छ। पढ्नका लागि १ सय १३ थान पुस्तकको व्यवस्था गरिएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारीतर्फ ५ थान मुद्दा परेकामा ४ ओटाको फैसला भयो भने १ फैसला हुन बाँकी छ। देवानीतर्फ २ थान मुद्दा परेकमा २ ओटैको फैसला भयो।

०७० साउनदेखि पुस १६ सम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारीतर्फ ४ थान मुद्दा परेकामा सबै फैसला हुन बाँकी रहे। देवानीतर्फ परेको एउटा मुद्दा पनि बाँकी रह्यो। दुई वर्ष नाघेका फौजदारी मुद्दा नभएको देखियो।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म एउटा मुद्दा दायर भएका त्यसको पनि फैसला हुन बाँकी छ।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या तीन रहेकामा तीन थान मुद्दाको फैसला हुन बाँकी छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
महिलाअधिकार	१		१
हत्या		१	१
जम्मा	१	१	२

दायरा मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी एक, सवारी ज्यानसम्बन्धी एक र बहुविवाहसम्बन्धी एक छन्।

सरकारी वकिलको सङ्ख्या दुई जना रहेको यस जिल्ला न्यायाधिवक्ता कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म तीन थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका २ हजार ३ सय ३२ मध्ये छात्र १ हजार १ सय ६४ र छात्रा १ हजार १ सय ६८ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ सय ७९ र छात्र २ सय ६६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ७६ र पुरुष १ सय ५२ गरी जम्मा २ सय २८ शिक्षक कार्यरत छन्। निमाथि तहमा महिला ४ र पुरुष ४८ गरी जम्मा ५२ शिक्षक कार्यरत छन्। यसै गरी माथि तहमा महिला २ र पुरुष ४० गरी जम्मा ४२ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ३ सय ३२ र बालिका २ सय ९८ गरी जम्मा ६ सय ३० रहेका छन्, जसमध्ये दलित बालक ६६ र बालिका ५१ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको छ तर शिक्षा मन्त्रालयले तयार पारेको तथ्याङ्क सफ्टवेयर र इन्सेकको फरम्याट मेल नखाने हुँदा तथ्याङ्क लिन समस्या भएको छ।

बालअधिकार

यस जिल्लाको संस्कृति र परम्परागत चालचलनको प्रभाव सोझै बालबालिकाहरूमाथि परेको देखिन्छ। बहुपति प्रथालाई समाजले सहज रूपमा लिने गरेका कारणले त्यस घरमा जन्मेका बच्चाहरूका बाबुको नाम फरक-फरक हुन जाने भएकाले नागरिकता प्रमाणपत्र लिने र अन्य कानुनी कारबाहीमा समस्या पर्न गएको छ। त्यसै गरी कुमारी आमा बन्ने वा (ड्यालु (नाजायज सन्तान) जन्माउने कार्यले उक्त आमाबाट जन्मेका सन्तानले जीवनभरि विभिन्न समस्या भोग्नुपरेको छ। नागरिकता प्रमाणपत्र सजिलैसँग प्राप्त गर्न नसकिने, पैत्रिक सम्पत्तिबाट वञ्चित हुनुपर्ने, शिक्षा, स्वास्थ्य, ममता र सुरक्षाबाट वञ्चित हुनुपरेको देखिन्छ। आत्मनिर्णय गर्न नसक्ने उमेरका बालवालिकालाई अभिभावकको चाहना र सामाजिक परम्परा अनुरूप लामा तथा झुमा राखिने गरेको अझै पनि देखिन्छ। संस्कृति जोगाउने नाउँमा गरिने यस्ता क्रियाकलापहरू अभिभावकको चाहना अनुसार नभई स्वैच्छिक हुनुपर्छ। यस जिल्लामा बालश्रमिक राख्ने प्रचलन बढ्दो छ। कसैलाई धर्मपुत्र वा धर्मपुत्रीका रूपमा राखिए तापनि कानुनी प्रक्रिया पूरा नभएको पाइन्छ। यस जिल्लामा बालश्रमिकका रूपमा रहेका बालबालिकाहरूले शिक्षा, स्वास्थ्य, खान, बस्न र सुरक्षाको हिसाबले राम्रो भए तापनि बालअधिकारको दृष्टिकोणले अवैधानिक भएको देखिन्छ। सडक बालबालिकाहरूलाई ल्याई राम्रो शिक्षा दिने, संरक्षण दिने जस्ता प्रशंसनीय कार्य पनि यस जिल्लामा भएका छन् तर त्यस्ता बालबालिकालाई हेर्ने पहिलो दायित्व सरकारको हो भन्ने अधिकारकर्मीहरूको भनाइ छ।

हामीले कुनै पनि बालबालिकाहरूलाई मजदुरका रूपमा मात्र होइन, संरक्षण र शिक्षा दिने हिसाबले ल्याएका छौं। हामीले गरेका यस्ता प्रशंसनीय कार्यलाई कानुनी मान्यता दिनुपर्छ, नत्र सरकारले कुनै पनि नेपाली बालबालिकाहरू सडकमा नरहने व्यवस्था गर्नुपर्छ। हामीले त सरकारले गर्नुपर्ने कामलाई सहयोग मात्र गरेका हौं। यस जिल्लामा ८० प्रतिशतभन्दा बढी बालश्रमिकहरूले विद्यालय जाने अवसर पाएका छन्। कतिपय उच्च शिक्षा हासिल गरेर आफ्नो खुट्टामा उभिन सक्षम भएका छन्। कतिपय विवाह गरेर आफ्नै व्यवसाय गर्न सक्षम भएका छन्। हामीले घरमा राखेका बालबालिकाहरूलाई श्रमिकका रूपमा नसोची आफ्नै छोरछोरीसमान सोचेका छौं। दिनमा विद्यालय पठाउने, बिहान-बेलुका उनीहरूको क्षमता अनुसार काम सिकाई उनीहरूलाई व्यावहारिक ज्ञान पनि दिने गरेका छौं। फलस्वरूप उनीहरू हामीबाट टाढा गए पनि हामीले भन्दा राम्रो पेसा व्यवसाय गर्न सक्षम भएका पनि छन्। जुन किसिमको कार्य हाम्रा आफ्नै छोराछोरीले पनि गर्दै आएका छन् भन्ने यहाँका स्थानीयवासीहरूको भनाइ छ।

यस जिल्लामा प्राथमिक उमेरका बालवालिकाहरू विद्यालयबाट बाहिर नभएको भनी विभिन्न तथ्याङ्कहरूबाट प्रमाणित गरी ०६९ मङ्सिर

६ गते प्राथमिक उमेरका बालबालिकाहरूको शैक्षिक सुनिश्चितता घोषणा गरेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका तीन र बहुविवाहको एउटा घटना थियो। कुटपिटका तीन घटनामा प्रहरीले मिलापत्र गराएको र बहुविवाहको उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

झुमा प्रथा

यस जिल्लामा परम्परागत रूपमा रहिआएको झुमा प्रथा अन्तर्गत परिवारकी माइली छोरी बाध्य भई झुमा बस्नुपर्ने थियो। हाल आएर कुनै बाध्यता नभई स्वेच्छाले झुमा बस्ने प्रचलन पनि बढ्दै गएको छ। झुमा भएपछि विवाह गर्न कुनै रोकावट छैन तैपनि यदि झुमाले विवाह गरेमा माइतीका रूपमा महिलाका आमाबाबुको सट्टा सम्बन्धित गुम्बाको प्रमुख लामा वा गुरुलाई गुम्बाको नियम अनुसारको माफी माग्नुपर्ने चलन छ। झुमा भएर बसेपछि अन्य लामा वा ढावासरह गुम्बामा बसेर पढ्ने, पूजाआजामा समान सहभागिता हुने, कसैको घरमा पूजाआजामा जाँदा पुरुषसरह वा आफ्नो दक्षता अनुसारको ज्याला वा दक्षिणा पाउने गरेको घार गुम्बाका प्रमुख आनी छेवाडले बताइन्। अहिलेको अवस्थामा प्रायःजसो आमाले दुई सन्तानभन्दा बढी नजन्माउने भएका कारण पनि होला, माइली छोरी झुमा भन्ने प्रसङ्गै आउँदैन। त्यसकारण यहाँका गुम्बाहरूमा झुमा बस्न आउने बालिका तथा महिलाहरू अन्यत्र जिल्ला जस्तै डोल्पा, मुगु, काठमाडौंको बौद्धबाट प्रसस्त छन् भनी झोङ गाविस निवासी आनी धावा र आनी धावा खान्डोले बताए।

मुखिया प्रथा

परम्परागतदेखि यस जिल्लामा मुखिया प्रथाको प्रचलन रहिआएको छ। केही गाउँमा मुखियाहरूले सरकारको नीति नियमविपरीत कानुनलाई हातमा लिने कार्य भइरहेको देखिन्छ। यस्तो भए तापनि यस जिल्लाका अधिकांश स्थानीयवासी मुखिया प्रथाबाट सन्तुष्ट रहेको बताउँछन्। मुखियाबाट हुने काम-कारबाही छिटो, छरितो, पारदर्शी, कम झन्झटिलो र काम गर्ने तौरतरिकामा क्रमशः सुधार हुँदै आएको छ। साथै, मुखिया छनोट प्रक्रिया प्रजातान्त्रिक हुने गरेको त्यहाँको नागरिक समाजका चन्दबहादुर थकाली, हृदयप्रसाद श्रेष्ठ र पवन गुरुङले बताए। मुखिया छान्ने अधिकार धेरैजसो गाउँमा सबैलाई भएको र कतै पालैपालो बस्ने प्रावधान पनि देखियो। मुखियामा महिलाहरू पनि रहेको पाइयो। स्थानीय सरकारको अभावमा गाविस तथा गाउँस्तरका काम-कारबाही र विकास निर्माणका काममा अत्यन्त सहयोग पाइएको कुरा सरकारी कार्यालयका प्रतिनिधिहरूले बताए। यस जिल्लाको स्थानीय प्रशासनले पनि मुखियाका अधिकांश कार्यशैलीलाई प्रशंसनीय ढङ्गले नै हेरको पाइयो। समग्रमा हेर्दा राम्रो देखिए तापनि केही गाउँहरूमा अझ मुखिया प्रथाको निर्णयलाई प्रतिवाद गर्न नपाइने र गाउँको बैठकमा महिला र दलितहरू सहभागी हुन नपाइने अवस्था यथावत् छ।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	**१**		
स्वास्थ्यचौकी	**८**		
उपस्वास्थ्यचौकी	**७**		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३		३
स्टाफ नर्स	३	३	
ल्याब असिस्टेन्ट	३		३
अहेब	२०	७	१३
अनमि	१४	४	१०
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	५	५	४
माशिका	७	६	१
स्वास्थ्य कार्यकर्ता	१५	२	१३

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म ज्यान मार्ने उद्योगका एक, कर्तव्य ज्यानका एक, बहुविवाहका एक र आत्महत्याका तीन ओटा मुद्दा दर्ता भए।

मध्यपश्चिमाञ्चल

४.१ दाङ

४.२ प्यूठान

४.३ रोल्पा

४.४ सल्यान

४.५ रूकुम

४.६ बाँके

४.७ बर्दिया

४.८ सुर्खेत

४.९ जाजरकोट

४.१० दैलेख

४.११ डोल्पा

४.१२ जुम्ला

४.१३ कालीकोट

४.१४ मुगु

४.१५ हुम्ला

४.१ दाङ



जिल्ला सदरमुकाम: घोराही
क्षेत्रफल (वर्ग कि. मि.): २,५५५
घरधुरी सङ्ख्या: १,१६,४१५
जम्मा जनसङ्ख्या: ५,५२,५८३
पुरुष: २,६१,०५५
महिला: २,५१,५२४
अपाङ्ग सङ्ख्या: १२,८८१
गाविस/नपा सङ्ख्या: ३८/२
पुरुष साक्षरता सङ्ख्या: १,८८,५३३
महिला साक्षरता सङ्ख्या: १,७१,५५४
हिन्दू धर्मावलम्बी प्रतिशत: ९६.४६
बौद्ध धर्मावलम्बी प्रतिशत: १.१६
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.८७
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.३४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०७
वहई धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०७५
प्रतिपरिवार सरदर सङ्ख्या: ४.७५

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

काङ्ग्रेसबाट

हेकुली गाविस-४, मौली निवासी एमाओवादी कार्यकर्ता ४८ वर्षीय ठाकुरप्रसाद चौधरीलाई दाङ-५ का काङ्ग्रेस उम्मेदवारका भाइ ज्वाला गिरीको नेतृत्वमा आएको १५/१६ जनाको काङ्ग्रेस कार्यकर्ताको समूहले ०७० कात्तिक १० गते साँझ चौधरीको घरमा प्रवेश गरी गाउँमा एमाओवादीका नेता प्रवेश गराएको र कार्यक्रम गरेकामा गालीगलौज गर्दै गोली हानी मार्ने धम्की दियो। काङ्ग्रेस कार्यकर्ताले गाउँमा माइकबाट धम्क्याउनुका साथै एमाओवादी हेकुलीका सचिव डीएल पौडेल र सदस्यहरू भीम रेउले, ज्योतिप्रसाद चौधरीलाई समेत गोली हान्ने चेतावनी दिँदै एमाओवादीको कार्यक्रम नल्याउन र चुनाव प्रचारप्रसारमा नहिँड्न चेतावनी दिएको चौधरीले बताए। पीडितले यस वर्षको अन्त्यसम्म कतै उजुरी दिएनन्।

दोहोरो झडपमा घाइते

जिल्ला प्रशासन कार्यालय दाङद्वारा उरहरि गाविसमा ०७० जेठ ५ गते सञ्चालन भएको नागरिकता वितरण तथा मतदाता नामावली सङ्कलन घुम्ती शिविरमा प्रहरी र नेकपा-माओवादीका कार्यकर्ताबीच झडप हुँदा पुरन्धारा गाविस-४ का ४४ वर्षीय १४ नम्बर एरिया सदस्य दीर्घबहादुर विक, डुरुवा गाविस-२ का ३७ वर्षीय झङ्गु योगी, सोही गाविस-४ का २२ वर्षीय तिलक पुन, सोही गाविस-१ का ३८ वर्षीय हुपमान राना, श्रीगाउँ गाविसका २३ वर्षीय निमबहादुर डीसी, बिजौरी गाविस-८ का ४५ वर्षीय खड्गबहादुर वली, फूलबारी गाविस-४ का ३९ वर्षीय रमेश नेपाली, बाघमारे गाविस-३ का ४६ वर्षीय तुलबहादुर पुन, सोही गाविस-१ का ३५ वर्षीय गणेश परियार, तुलसीपुर नपा-५ का २० वर्षीय शालिकराम परियार र अन्य नाम नखुलेका दुई जनासहित १२ जना घाइते भएको नेकपा-माओवादी दाङले जानकारी दियो। शिविर सञ्चालन भएको स्थान अमर उमावि उरहरिमा नारा लगाउँदै गएका नेकपा-माओवादीका कार्यकर्ताले कागजपत्र नियन्त्रणमा लिन खोज्दा भएको झडपमा जनपथ प्रहरीका टीकाराम रावत र सशस्त्र प्रहरीका इन्द्रसिंह बोहरा सामान्य घाइते भएको प्रहरीले बतायो। टाउको, अनुहार, पिठ्यूँलगायत शरीरका विभिन्न ठाउँमा चोट लागेका घाइतेको तुलसीपुरस्थित दीर्घायु मेडिकल, राप्ती अञ्चल अस्पताल र राप्ती कियर अस्पताल तुलसीपुरमा उपचार भयो।

जेल र बन्दी

घोराही कारागार

'घ' श्रेणीको घोराही कारागारको बन्दी क्षमता ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ९७ जना कैदी र कैद नतोकिएका ४२ जना थुनुवा गरी जम्मा १ सय ३९ जना बन्दीहरू रहेका छन्। यस वर्षको अन्त्यसम्म यस जेलमा आश्रित बालबालिका छैनन्। यो जिल्ला कारागार ०६२ सालमा निर्माण भएको हो। कारागारको भौतिक अवस्था र कारागारभित्र दिइने सेवासुविधा ऐननियमोजिम स्वास्थ्य

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		१०	१०		१	१
बालअधिकार				७		७
महिलाअधिकार				८		८
भेला/सङ्गठित हुने अधिकार	४		४			
गिरफ्तारी/यातना		३	३			
हिरासत वा थुनामा मृत्यु		१	१			
कुटपिट					१	१
धम्की					१	१
हत्या				३		३
जम्मा	४	१३	१७	१८	३	३१

परीक्षण, मनोरञ्जन, नेट इन्टरनेट, टेलिभिजन, लाइब्रेरी, विभिन्न किसिमका खेलकुदका सामग्री, सीपमूलक तालिम र त्यसको बजार व्यवस्थापन गरिएको कारागार प्रशासनले जनायो।

तुलसीपुर कारागार

'ग' श्रेणीको तुलसीपुर कारागारको बन्दी क्षमता १ सय जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय १८ जना कैदी र कैद नतोकिएका २८ जना थुनुवा गरी जम्मा १ सय ४८ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक एक र बालिका एक गरी दुई जना छन्। यो जिल्ला कारागार ०३५ सालमा निर्माण भएको हो। कारागारको भौतिक अवस्था र कारागारभित्र दिइने सेवासुविधा ऐननियमबमोजिम स्वास्थ्य परीक्षण, मनोरञ्जन, इन्टरनेट, टेलिभिजन, लाइब्रेर, विभिन्न किसिमका खेलकुदका सामग्री, सीपमूलक तालिम र त्यसको बजार व्यवस्थापन उपलब्ध गराउँदै आएको कारागार प्रशासनले जनायो।

हिरासतभित्र मृत्यु

सैधा गाविस-७, धनडाँडा वाम्ला निवासी २९ वर्षीय गिरीराज खनाल ०७० पुस १५ गते जिल्ला प्रहरी कार्यालयको हिरासतभित्र रहेको शौचालयमा मृत अवस्थामा फेला परे। कर्तव्य ज्यान मुद्दाको अभियोगमा प्रहरी हिरासतमा रहेका खनालले झुन्डिएर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालयका एसपी शरदकुमार खत्रीले बताए। बुबा झरगुप्रसाद खनाललाई ०७० मङ्सिर ३० गते बन्चरो प्रहार गरी हत्या गरेको आरोपमा उनलाई ०७० पुस ५ गते घोराही नपा-६, मसिनाबाट प्रहरीले गिरफ्तार गरेको थियो। जिल्ला अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धानका लागि हिरासतमा राखिएको थियो। मृतकका परिवारले घटना सम्बन्धमा कहीं उजुरी दिएनन्।

गैरकानुनी गिरफ्तार

शान्तिनगर गाविस-७ निवासी ३१ वर्षीय नेकपा-माओवादीका जिल्ला सदस्य रेशम विक र सोही ठाउँका २५ वर्षीय जनक विक बजार बन्द गराउँदै हिँडेको आरोपमा ०७० कात्तिक २५ गते साँझ प्रहरीले तुलसीपुर नपा-५, तुलसीपुरबाट बिनापुर्जी गिरफ्तार गऱ्यो। पीडितहरू ०७० मङ्सिर ८ गते घोराहीबाट रिहा भए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

ललितपुरका युवराज पौडेलको घरमा कमलरी बसेकी सिर्जना चौधरीको ०६९ चैत १४ गते जलेर मृत्यु भएको भन्ने खबर सार्वजनिक भएपछि दोषीलाई कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा धर्नामा बसेका मुक्त कमलरीमाथि ०७० जेठ २० गते प्रहरी हस्तक्षेप हुँदा मुक्त कमलरी विकास मञ्चकी केन्द्रीय अध्यक्ष मञ्जीता चौधरी, सीता चौधरी, ज्ञानु थापा र अनीता चौधरी घाइते भए। जिल्ला प्रशासन कार्यालयको मूल गेटमा धर्नामा बसेका करिब ५० मुक्त कमलरीहरूलाई प्रहरीले सोही दिन गिरफ्तार गरी बन्द खोल्ने सर्तमा रिहा गऱ्यो।

घोराही नपा-११ स्थित घर भएका संविधानसभाका लागि एमाओवादीका प्रत्यक्षतर्फका उम्मेदवार निर्मल आचार्यको घरलाई लक्षित गरी ०७० मङ्सिर १ गते उनको घरको करिब २० मिटरअगाडि राखिएको सकेट बम साँझ ७ बजे फेला पारेको प्रहरीले बतायो। आचार्यको घरनजिक शङ्कास्पद बस्तु फेला परेपछि नेपाली सेनाको तारा दल गणको बम डिस्पोजल टोलीले सोही दिन राति करिब साढे ९ बजे निष्क्रिय गरायो।

टरिगाउँ गाविस-३ स्थित पशुपति माविको

परिसरमा ०७० मङ्सिर १ गते राति करिब ९ बजे एक अज्ञात समूहले सुतली बम विस्फोट गरायो। विस्फोटनबाट मानवीय तथा भौतिक क्षति नभएको प्रहरी जनायो।

एमालेका केन्द्रीय सचिव तथा दाङ-४ का उम्मेदवार शङ्कर पोखरेल चढेको गाडीमाथि नेकपा-माओवादीका कार्यकर्ताले ०७० कात्तिक ८ गते बिहान करिब ८ बजे तुलसीपुर नपा-५, नयाँ बसपार्कमा ढुङ्गा प्रहार गरी गाडीमा क्षति पुऱ्याए। ढुङ्गा प्रहारबाट पोखरेल चढेको गाडीका सिसा फुटेका थिए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले तुलसीपुर नपा-९, दोघरेका १६ वर्षीय बद्री खड्का, सोही नपा-६ का १७ वर्षीय समिर बुढामगर र हेकुली गाविस-४ का २१ वर्षीय सुरज परियारलाई सोही दिन प्रहरीले तुलसीपुरबाट गिरफ्तार गरेकामा ०७० मङ्सिर ८ गते साधारण तारेखमा रिहा भए।

दाङ-२ का काङ्ग्रेस उम्मेदवार सुशीला चौधरीको प्रचार-प्रसारमा प्रयोग भएको गाडी अज्ञात समूहले ०७० कात्तिक १३ गते करिब २ बजे राति आगजनी गऱ्यो। लालमटिया गाविस-४ का काङ्ग्रेस कार्यकर्ता युवराज भुसालको लु१अ ४५२३ नम्बरको नयाँ गाडी आफ्नै घरमा पार्किङ गरेको अवस्थामा आगजनी भएको प्रहरीले जनायो।

दाङ-३ की राष्ट्रिय जनमोर्चा उम्मेदवार कृष्णा राना र उनको प्रचार टोली संविधानसभा निर्वाचन प्रचारका क्रममा घोराही नपा-२, कर्जाही गएको अवस्थामा आफूलाई नेकपा-माओवादी बताउने चार जनाको समूहले ०७० कात्तिक २६ गते साँझ ५ बजे उम्मेदवार कृष्ण रानालाई लक्षित गरी दुईपटक बम विस्फोट गराएको राजमोका पूर्वकेन्द्रीय सल्लाहकार सुरेश थापाले आरोप लगाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारीतर्फ ७ सय २८ थान मुद्दा रहेकामा ५ सय १५ थानको फैसला भयो भने २ सय १३ थान बाँकी रहे। देवानीतर्फ ७ सय ३० थानमध्ये ४ सय ६८ थानको फैसला भयो भने २ सय ६२ थान बाँकी रहे।

०७० साउनदेखि ०७० पुस १६ गतेसम्म

दुई जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ४ सय २२ थानमध्ये ७५ थानको फैसला भयो भने ३ सय ४७ थान बाँकी रहे। देवानीतर्फ ४ सय ५१ थान मुद्दामध्ये १ सय ८ थानको फैसला भयो भने ३ सय ४३ थान बाँकी रहे। दुई वर्ष नाघेको एक थान मुद्दा रह्यो।

पुनरावेदन अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

तीन जना मात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतमा फौजदारी मुद्दातर्फ ३ सय ८५ थानमध्ये २ सय ७६ थानको फैसला भयो भने १ सय ९ थान बाँकी रहे। देवानीतर्फ ३ सय १८ थानमध्ये २ सय ३९ थानको फैसला भयो भने ७९ थान बाँकी रहे।

०७० साउनदेखि ०७० पुस १६ गते सम्म

६ जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतमा फौजदारी मुद्दातर्फ २ सय ४९ थानमध्ये ६३ थान फैसला भई १ सय ८६ थान बाँकी रहे। देवानीतर्फ १ सय ७९ थानमध्ये ४५ थान फैसला भई १ सय ३४ थान बाँकी रहे। यस वर्ष दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा एक/एक थान बाँकी रहे।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४९ थान छ, जसमध्ये २८ थान सफल भए भने २१ थान असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या २ सय ३७ थान छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी परेका सातमध्ये सातै थान असफल रहे। बलात्कारसम्बन्धी मुद्दा ९ थान मध्ये सबै असफल रह्यो। बालविवाह र अपहरणसम्बन्धी परेका एक/एक थान मुद्दामध्ये दुवै असफल रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या १९ थान छ, जसमध्ये कुनै सफल भएनन्। सरकारी वकिल सङ्ख्या चार जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म १९ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लामा विद्यालय जाने उमेरका १ लाख ४४ हजार २ सय ७५ जनामध्ये छात्र ६८ हजार २ सय ४० र छात्रा ७६ हजार ३५ प्राथमिकत हदेखि १२ कक्षासम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालयमा १ हजार ७ सय ४० स्वीकृत दरबन्दी र ६ सय ४५ शिक्षक अनुदान कोटा गरी जम्मा २ हजार ३ सय ८५ र उच्च माध्यमिक तहका शिक्षक अनुदान कोटा ४१ रहेका छन्। प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तहमा क्रमश: १ हजार २ सय ४०, २ सय ७८ र २ सय २२ स्वीकृत दरबन्दी रहेका छन् भने ४ सय ५५, १ सय ३४ र ५६ शिक्षक अनुदान कोटा रहेका छन्। यसरी स्वीकृत र शिक्षक अनुदान कोटा गरी हाल २ हजार ३ सय ८५ जना शिक्षकहरू कार्यरत छन्। निजी स्रोतबाट पारिश्रमिक पाउने गरी सामुदायिक विद्यालयहरूमा १ हजार ८० जना (प्राथमिक तह ३ सय ९६, निम्न माध्यमिक तह २ सय ६४ र माध्यमिक तह १ सय ८८) शिक्षकहरू कार्यरत छन्। स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरूमध्ये स्थायी शिक्षकहरूको सङ्ख्या १ हजार ३ सय ९१ (प्राथमिक १ हजार २६, निम्न माध्यमिक १ सय ९५ र माध्यमिक १ सय ७०) र अस्थायी शिक्षकहरूको सङ्ख्या ३ सय ४९ (प्राथमिक २ सय १४, निम्न माध्यमिक ८३ र माध्यमिक ५२) रहेको जिल्ला शिक्षाकार्यालय दाडले जानकारी दिएको छ।

५ सय ८६ बालविकास केन्द्रहरूमा छात्र ४ हजार ५ सय ६० र छात्रा ५ हजार ९ सय ८८ गरी जम्मा १० हजार ५ सय ४८ रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१६ वर्षीया एक किशोरीलाई हापुर गाविस-२ का १८ वर्षीय माधव गिरी, नारायणपुर गाविस-१ का १९ वर्षीय देवेन्द्र गिरीले घरमा सुतेको अवस्थामा ०६९ माघ १३ गते राति झ्यालबाट घरभित्र प्रवेश गरी मुख थुनेर घरदेखि दक्षिण केही पर पुऱ्याई सामूहिक बलात्कार गरेको भन्दै पीडितका आफन्तले ०६९ माघ १४ गते जिल्ला प्रहरी कार्यालय दाडमा किटानी जाहेरी दिए। आरोपितहरूलाई प्रहरीले ०६९ माघ १६ गते हापुर गाविस-४ बाट गिरफ्तार गरेकामा ०६९ माघ २२ गते जिल्ला अदालतको आदेश अनुसार पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। पीडितको स्वास्थ्य परीक्षण राप्ती अञ्चल अस्पताल तुलसीपुरमा भयो।

११ वर्षीया एक बालिकालाई ५२ वर्षीय बाबुले ओली होटलमा सुतिरहेको अवस्थामा ०६९ फागुन १ गते राति बलात्कार गरेको पीडित बालिकाले प्रहरीसमक्ष बयान दिइन्। आरोपितलाई प्रहरीले ०६९ फागुन २ गते गिरफ्तार गरेकामा ०६९ फागुन ८ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागार चलान भए।

१७ वर्षीया एक बालिका तुलसीपुरबाट घर जाँदै गरेको अवस्थामा चार-पाँच जनाको एक समूहले ०७० असार २१ गते बलात्कार गरेको पीडितका आफन्तले बताए। इन्सेक दाङ र ओरेक दाङले घटनाको विषयलाई लिएर ०७० असार २३ गते पीडित र पीडितका आफन्तसँग भेटी घटनाका बारेमा जानकारी लियो। घटनापछि उपचारका लागि ०७० असार २१ गते राति नै प्रहरीको सहयोगमा अञ्चल अस्पतालमा पुऱ्याइएकी ती बालिकाको शारीरिक परीक्षणपछि अस्पतालले बालिकामाथि बलात्कारको प्रयास मात्र भएको र बलात्कार नभएको भनी प्रहरीलाई प्रतिवेदन बुझायो। पीडितका आफन्तले बालिकामाथि बलात्कार भएको दाबी गर्दै जिल्ला सदरमुकाम घोराहीस्थित राप्ती उपक्षेत्रीय अस्पतालमा ०७० असार २५ गते पुन: स्वास्थ्य परीक्षणका लागि ल्याएपछि अस्पतालले बालिकामाथि बलात्कार भएको भन्दै ०७० असार २८ गते प्रहरीलाई प्रतिवेदन बुझायो। घटनामा संलग्न रहेको आरोपमा डुरुवा गाविस- ६ का १८ वर्षीय आसकुमार घर्तीलाई प्रहरीले साउन ५ गते गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा साउन २० गते साधारण तारेखमा रिहा भए।

मुक्त कमलरी

ललितपुर जिल्लामा कमलरी बस्दै आएकी लालमटिया गाविस-८ की १२ वर्षीया कमलरी बालिका सिर्जना चौधरीको ०६९ चैत १४ गते रहस्यमय मृत्यु भएको भन्दै छानबिनको मागसहित थारु कल्याणकारिणी सभा, कमलरी प्रथा उन्मूलनका लागि संयुक्त सङ्घर्ष समितिलगायत थारु सङ्घसंस्थाले ०७० वैशाख ३ र ४ गते पश्चिम तराई बन्द गरे। बन्दमा लामो तथा छोटो दूरीका कुनै पनि सार्वजनिक सवारी साधन चलेनन् भने शिक्षण संस्था र अन्य व्यवसायमा समेत प्रभाव पऱ्यो। ललितपुर, चाकुपाटस्थित इन्जिनियर युवराज पौडेलको डेरामा बस्दै आएकी सिर्जनाले आगो लगाएर आत्महत्या गरेको घटना सार्वजनिक भएको थियो। यस विषयमा

नेपाल सरकार र आन्दोलनरत समूहबीच ०७० जेठ २४ गते भएको वार्तामा छानबिन समिति गठन गरी दोषीलाई कानुनी कारबाही गर्ने सहमति भएको थियो। यस वर्षको अन्त्यसम्म आत्महत्या कि हत्या भन्ने केही खुलेको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

अज्ञात व्यक्तिबाट हत्या

चैलाही गाविस-२ की २५ वर्षीया प्रीति जैसवाललाई मुखमा गहिरो चोट लागेको र शरीरका विभिन्न भागमा नीलडाम परेको अवस्थामा ०७० असार २७ गते प्रहरीले उनकै कोठामा मृत फेला पाऱ्यो। बन्द कोठामा गन्ध आउन थालेपछि घरबेटीले प्रहरीलाई खबर गरेको र ढोकामा बाहिरबाट ताला लगाएको अवस्थामा उनको लास फेला पारेको वडा प्रहरी कार्यालय, लमहीले जानकारी दियो। घटनाको प्रकृति हेर्दा ती महिलाको हत्या गरिएको आशङ्का प्रहरीले गऱ्यो। घटना हुँदा ती महिलाले कडा प्रतिकार गरेको घटनाको प्रकृतिले देखाएको वडा प्रहरी कार्यालयका इन्स्पेक्टर महेन्द्र नेपालले बताए। पीडितका माइती पक्षले मृतकका पति प्रदीप जैसवालविरुद्ध वडा प्रहरी कार्यालयमा असार २७ गते किटानी जाहेरी दिए। घटनाका आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएका छैनन्।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

पवननगर गाविस-९ की १७ वर्षीया एक किशोरीलाई प्यूठान जिल्ला, खलङ्गा गाविस-१ का १८ वर्षीय विनोद केसी, सल्यान जिल्ला, थारमारे गाविस-५ का २२ वर्षीय युवराज डाँगी, सोही गाविस रागेचौरका २१ वर्षीय चन्द्र डाँगी र सल्यान जिल्ला फलाबाङ गाविस-५ का २० वर्षीय अर्जुन योगीले तुलसीपुर नपा-५, नयाँ बसपार्कमा बलात्कार गरेको आरोपमा प्रहरीले ०७० असार २३ गते आरोपित सबैलाई गिरफ्तार गऱ्यो। आरोपितहरूले बस पार्कमा ना२ख ५९२४ नम्बरको ट्रकमा लगेर बलात्कार गरिरहेको जानकारी पाएलगत्तै गएको प्रहरीले उनीहरूलाई गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय, तुलसीपुरले जानकारी दियो। बिहान करिब २ बजे ट्रकभित्र युवती कराइरहेको खबर पाएपछि घटनास्थलमा पुगेको प्रहरीले उनीहरूलाई गिरफ्तार गरेको थियो। घटनाका आरोपित जिल्ला अदालतको असार २७ गतेको आदेशमा हाल पुर्पक्षका लागि थुनामा छन्। पीडितको अञ्चल अस्पताल, तुलसीपुरमा स्वास्थ्य परीक्षण भयो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

टरीगाउँ गाविस-१ की ३६ वर्षीया सुषमा घर्तीलाई घरायसी विषयमा विवाद गरेको आरोपमा मादक पदार्थ सेवन गरी आएका ३६ वर्षीय पति नरेन्द्र घर्तीले ०६९ फागुन ४ गते ढोकाको गरालो प्रहार गरी हत्या गरेको भन्दै प्रहरीले ०६९ फागुन ५ गते आफ्नै घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार ०६९ चैत १ गते पुर्पक्षका लागि आरोपित कारागार चलान भएकामा ०७० वैशाख १२ गते जिल्ला अदालतले सर्वस्वसहित जन्मकैदको फैसला गऱ्यो।

लालमटिया गाविस-१ की ५८ वर्षीया सुशीला गौतमलाई ६० वर्षीय पति युद्धबहादुर गौतमले ०७० वैशाख १३ गते हत्या गरी घरपछाडिको करेसाबारीमा गाडेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय भालुवाङमा वैशाख १३ गते उजुरी दिए। प्रहरीले ०७० वैशाख २० गते आरोपितलाई घरबाट गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०७० वैशाख २७ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

अमानवीय व्यवहार

उरहरि गाविस-६ की ४२ वर्षीया फिरिया चौधरीलाई झट्केलो छोरा २६ वर्षीय कुलवीर चौधरी र २३ वर्षीय रेशमान चौधरीले बोक्सीको आरोपमा ०७० साउन ४ गते कुटपिट गरेको भन्दै ओरेक दाङको सहयोगमा ०७० साउन ६ गते पीडितले प्रहरीमा उजुरी दिइन्। दाहिने पाखुरा र देब्रे घुँडामा पीडितका नीलडामहरू देखिएका थिए। उनको स्वास्थ्य उपचार ओरेकको सहयोगमा ०७० साउन ६ गते एकद्वार सङ्कट व्यवस्थापन केन्द घोराहीमा भएको थियो। यसअघि पनि आफूलाई बारम्बार धम्की दिई मानसिक दबाब दिने गरेको पीडितले बताइन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय २९ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, दाङमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १५, खानलाउन नदिएको पाँच, विवाह दर्ता तथा नागरिकता नबनाएको १०, अर्की पत्नी

ल्याएर हेला गरेको १२, मार्ने धम्की दिइएको १८, बोक्सीको आरोप लगाएको घटनामा १० पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले १ सय २७ घटनामा मिलापत्र गराएको भने दुई उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

गैरराज्यपक्षबाट

अनेरास्ववियु (क्रान्तिकारी)बाट

घोराही नपास्थित जनज्योति विद्यामन्दिर, माउन्ट भ्यु बोर्डिङ स्कुल, अन्नपूर्ण बोर्डिङ स्कुल, विद्या नीलकण्ठ बोर्डिङ स्कुल, राप्ती आवासीय बोर्डिङ स्कुल र दाङ भ्याली उच्च माध्यमिक विद्यालय विज्ञान सङ्कायमा एमाओवादीनिकट विद्यार्थी सङ्गठन अनेरास्ववियु (क्रान्तिकारी)ले निजी विद्यालयहरूमा सङ्गठन खोल्न पाउनुपर्ने माग राखेर ०६९ फागुन २१ गते गरेको एकदिने निजी शिक्षण संस्था बन्दका क्रममा बन्दको उल्लङ्घन गरेको आरोपमा बन्दकर्ताहरूले विद्यालयका डेक्सबेन्च र झ्यालढोकामा तोडफोड गरी क्षति पुऱ्याए।

नेकपा-माओवादीनिकट नेपाल सङ्घीय जनगणतान्त्रिक मोर्चाबाट

घोराही नपास्थित बालविकास निमाविको कक्षाकोठा नेकपा-माओवादीनिकट नेपाल सङ्घीय जनगणतान्त्रिक मोर्चाले ०६९ फागुन २३ गते आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा मोर्चाका कार्यकर्ताहरूले तोडफोड गरे। ०६९ फागुन २४ गतेदेखि भरतपुरमा आयोजित विज्ञान प्रदर्शनीको तयारीका लागि कक्षा ८ का विद्यार्थीलाई बोलाएको र उनीहरू कक्षामा प्रवेश नगर्दै बन्दकर्ताको एक टोलीले कक्षा कोठामा तोडफोड गरेको विद्यालयले जनायो। यसै गरी मोर्चाका कार्यकर्ताहरूले सोही दिन घोराहीमा रहेको गोर्खा बोर्डिङ स्कुलको बसको सिसा फुटाले। त्यस्तै नेपाल पत्रकार महासङ्घ, दाङ शाखाको भवनमा सञ्चालित श्रृष्टि किराना पसलको सटरमा पनि ढुङ्गा प्रहार गरे। त्यसै गरी बन्दकर्ताहरूले शान्तिनगर गाविस-१, जुम्लेकुलामा रहेको मोर्डन ज्ञानज्योति बोर्डिङ स्कुलमा पनि तोडफोड गरे। तोडफोडबाट सामान्य क्षति पुगेको विद्यालयले बतायो। बन्दकर्ताहरूले बुटवलबाट दाङको तुलसीपुर आउँदै गरेको ना२ख ३०३४ नम्बरको ट्रक घोराहीको कटुवाखोलानजिकै तोडफोड गरे। यस्तै बन्दकर्ताहरूले घोराही क्षेत्रमा एउटा टिप्पर र चारओटा मोटरसाइकलमा पनि क्षति पुऱ्याएको प्रहरीले बतायो।

अज्ञात समूहबाट

मानपुर गाविस-६, लक्ष्मीपुरमा रहेको दीप सेकेन्डरी इङ्लिस बोर्डिङ स्कुलमा एक अज्ञात समूहले ०७० मङ्सिर १ गते बिहान आगजनी गऱ्यो। ढोकाको ताला फोडेर सो समूहले आगजनी गरेको र आगलागीबाट विद्यालयको प्रशासनिक कोठाका महत्त्वपूर्ण कागजातहरू जलेर नष्ट भएको विद्यालयका प्रधानाध्यापक डम्बर बस्नेतले जानकारी दिए। सो समूहले विद्यालयको परिसरमा शङ्कास्पद बस्तु छोडेको भए पनि उक्त बस्तु विस्फोटक पदार्थ नभएको प्रहरीले बतायो। आगजनी कसले र किन गरेको हो भन्ने यस वर्षको अन्त्यसम्म पहिचान हुन सकेन।

तुलसीपुर नपा-८ मा ०७० मङ्सिर १ गते साँझ ७ बजे तुलसीपुर नगरपालिकाको कार्यालयले बनाउँदै गरेको डम्पिङसाइडमा अज्ञात समूहले सिलिन्डर बम विस्फोट गरायो। बम विस्फोटनबाट कुनै मानवीय र भौतिक क्षति नभएको इलाका प्रहरी कार्यालय, तुलसीपुरले जानकारी दियो।

तुलसीपुर नपा-५ का ४५ वर्षीय कृष्ण श्रेष्ठको बा३ख ९६९६ नम्बरको बसमा तुलसीपुर नपा-५ पुरानो बसपार्कनजिक रोकी राखेको अवस्थामा अज्ञात समूहले ०७० कात्तिक २९ गते बिहान करिब साढे ४ बजे आगजनी गरी क्षति पुऱ्यायो। उक्त बस ०७० कात्तिक २८ गते काठमाडौँबाट दाङ आएको थियो। आगलागीबाट बसको अगाडिको भाग पूरै जलेको थियो भने सिसा, स्ट्रेरिङ, बोनट, वायरिङ र सिटहरू जलेको प्रहरीले बतायो। आगलागीको जानकारी पाउनासाथ प्रहरी र दमकलको सहयोगले आगो निभाएकाले पूरै क्षति हुनबाट बचेको इलाका प्रहरी कार्यालय, तुलसीपुरले जानकारी दियो। घटनामा संलग्न पक्षको यस वर्षको अन्त्यसम्म पहिचान हुन नसकेको प्रहरीले जनायो।

तुलसीपुर नपा-५ का व्यापारी मङ्गल गुप्ताको रा२प ३३७६ नम्बरको सुपर स्पिलिन्डर मोटरसाइकल तुलसीपुर-घोराही सडक खण्ड अन्तर्गत पर्ने बिजौरी गाविस-१ दुधरासको पत्रे खोलामा ५-६ जनाको समूहमा आएको अज्ञात समूहले ०७० कात्तिक २७ गते साँझ आगो लगायो। आगजनीबाट मोटरसाइकल पूर्ण रूपमा

क्षतिग्रस्त भएको प्रहरीले बतायो। घटनामा संलग्नहरूको यस वर्षको अन्त्यसम्म पहिचान हुन सकेन।

घोराही नपा-८, गौतमनगरमा ०७० कात्तिक २५ गते राति अज्ञात समूहले सुतली बम विस्फोट गराउँदा सोही ठाउँ निवासी तीर्था पाण्डेको जुत्ता पसलमा सामान्य क्षति भयो। विस्फोटबाट तीर्थाको पसलनजिकै रहेको शङ्कर मेडिकल हलका ल्यावका सामानहरूसमेत फुटेको र विस्फोटमा मानवीय क्षति नभएको प्रहरीले बतायो।

तुलसीपुर नपा-१, रानागाँउका २२ वर्षीय भीमकिसन सुनारको तुलसीपुरबाट रोल्पा जाँदै गर्दा बा२७प २७५५ नम्बरको मोटरसाइकलमा अज्ञात समूहले ०७० कात्तिक २५ गते तुनपा-१, गोठीखोलामा आगजनी गऱ्यो। आगजनीबाट मोटरसाइकल पूर्ण रूपमा क्षतिग्रस्त भएको प्रहरीले बतायो। बन्द गराउँदै हिँडेको आरोपमा प्रहरीले कात्तिक २५ गते नेकपा-माओवादीका कार्यकर्ताहरू तुलसीपुर नपा-१०, उरहरि निवासी २४ वर्षीय सुदर्शन विक, सोही नपा-८ का सविन विकलाई तुलसीपुर बजारबाट गिरफ्तार गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	३		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	२१		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	५०	३८	१२
स्टाफ नर्स	४२	३५	३
ल्याब असिस्टेन्ट	५	८	१
अहेब	१०१	९९	२
अनमि	७८	७३	५
क्षयरोग कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२७	२३	४

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कारका १० मुद्दा दर्ता भए। जसमा १० जनालाई गिरफ्तार गरेका थिए। घरेलु हिंसाको एक मुद्दा दर्ता भई मेलमिलाप भयो। कर्तव्य ज्यानका ११ मुद्दा दर्ता भए। जसमा १३ जनालाई गिरफ्तार गरेका थिए। ज्यान मार्ने उद्योगका १२ मुद्दा दर्ता भए। जसमा १८ जनालाई गिरफ्तार गरेका थिए भने चार जना अभियोगी पहिचान हुन सकेन। अपहरण गरी शरीर बन्धक एक मुद्दा दर्ता भयो। जसमा चार जनालाई गिरफ्तार गरेका थिए। बहुविवाहका तीन मुद्दा दर्ता भए। जसमा तीन जनालाई गिरफ्तार गरेका थिए। अपहरणका दुई मुद्दा दर्ता भए, जसमा तीन जनालाई गिरफ्तार गरेका थिए। बालविवाहका एक मुद्दा दर्ता भयो। जसमा एक जनालाई गिरफ्तार गरेको थियो।

४.२ प्यूठान



जिल्ला सदरमुकाम: खलङ्गा
क्षेत्रफल (वर्ग कि. मि.): १,३०५
घरधुरी सङ्ख्या: ४७,७३०
जम्मा जनसङ्ख्या: २,२८,१०२
पुरुष: १,००,०५३
महिला: १,२८,०४५
अपाङ्ग सङ्ख्या: ५,५३०
गाविस/नपा सङ्ख्या: ४५/०
पुरुष साक्षरता सङ्ख्या: ६८,३६५
महिला साक्षरता सङ्ख्या: ६८,५०४
हिन्दू धर्मावलम्बी प्रतिशत: ५६.६१
बौद्ध धर्मावलम्बी प्रतिशत: २.८२
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.२७
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.२४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०५४
प्रतिपरिवार सरदर सङ्ख्या: ४.७८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
गोली/विस्फोटक पदार्थद्वारा घाइते
राज्यपक्षबाट

गोठीबाङ गाविस-२ का २२ वर्षीय सन्तोष बुढामगर लोडसेडिङको विरोधमा जिल्लामा गठित सङ्घर्ष समितिद्वारा आयोजित झिमरुक जलविद्युत् उत्पादन गृहले जिम्मा लिएको नयाँगाउँ गाविस-३, दारिमचौरस्थित बुटवल पावर कम्पनी घेराउ कार्यक्रममा सहभागी भएको अवस्थामा ०६९ पुस २३ गते प्रहरीले गरेको हवाई फायरबाट गोली लागी घाइते भए। दाहिने पाखुरामा गोली लागेका घाइतेको भिङ्ग्री प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो। आन्दोलनकारीको ढुङ्गा प्रहारबाट जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी इन्स्पेक्टर कृष्ण कार्कीसहित १४ जना प्रहरी सामान्य घाइते भए। प्यूठान जिल्लामा नेपाल सरकारले दैनिक ६ घन्टाका दरले लोडसेडिङ गर्दै आएको विरोधमा सङ्घर्ष समितिले आन्दोलन गरेको थियो। आन्दोलनकारीको माग अनुसार ०६९ पुस २४ गते ऊर्जा मन्त्रालय, काठमाडौँमा सर्वपक्षीय बैठक बसी तत्कालका लागि लोडसेडिङ स्थगित गर्दै क्षतिको मूल्याङ्कन गर्ने सहमतिमा आन्दोलनकारीले आन्दोलन फिर्ता लिए।

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २८ र कैद नतोकिएका १८ कैदी र थुनुवा गरी जम्मा ४६ जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएका पुरुष २४ र महिला चार जना छन् भने कैद नतोकिएका पुरुष १३ र महिला पाँच रहेका छन्। यस कारागारमा आश्रित बालक र बालिका यस वर्षको अन्त्यसम्म छैनन्। कारागारभित्र टीभी दुई, पानीको धारा र पत्रपत्रिकाको सुविधा रहे पनि कारागार पुरानो भएकाले बस्न अप्ठ्यारो रहेको छ।

धम्की/कुटपिट
गैरराज्यपक्षबाट
नेकपा-माओवादीबाट

तिराम गाविस-२ निवासी एमाओवादी राज्य समिति सदस्य ४३ वर्षीय कृष्ण घिमिरेलाई निर्वाचन अभियानका क्रममा फोप्ली गाविस-२ निवासी एमाओवादी कार्यकर्ता ४३ वर्षीय जीवराज भण्डारीको घरमा बास बस्ने क्रममा ०७० कात्तिक २ गते राति फोप्ली गाविस-५ निवासी नेकपा-माओवादी राज्य समिति सदस्य ३८ वर्षीय निमे विक (फाइटर)को नेतृत्वमा आएका हरि भण्डारी, पदम पोखरेललगायत नेकपा-माओवादीका कार्यकर्ताबीच सामान्य कुराकानी गर्दागर्दै एक्कासि पछिबाट नेकपा-माओवादीका कार्यकर्ताले ढुङ्गा प्रहार गरे। ढुङ्गा प्रहारबाट छातीमा चोट लागी घाइते भएका घिमिरेको स्थानीय औषधी पसलमा उपचार भयो।

राष्ट्रिय जनमोर्चाबाट

जुम्रीकाँढा गाविस-७ निवासी एमाले कार्यकर्ता ४० वर्षीय सेवरे रोकालाई ०७० कात्तिक १६ गते साँझ सोही गाविस-५ मा जुम्रीकाँढा गाविस निवासी राष्ट्रिय जनमोर्चाका जिल्ला सदस्य ३८ वर्षीय दुर्गा भुसालको नेतृत्वमा रहेको समूहले एमाले पार्टीमा स्थानीय समुदायलाई प्रवेश गराएको तथा एमालेका उम्मेदवार वामदेव गौतमका संविधानसभा निर्वाचनका क्रममा टाँसिएका पोस्टरहरू राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले च्यात्न लाग्दा किन च्यातेको भनी सोधेको आरोपमा कुटपिट गऱ्यो। मुखमा चोट लागेका घाइतेको जिल्ला अस्पताल बिजुवारमा प्राथमिक उपचार भयो भने थप उपचार नेपालगन्ज मेडिकल कलेजमा भयो। पीडितले ०७० कात्तिक १८ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। यस वर्षको अन्त्यसम्म समस्या समाधानका लागि पटक-पटक जिल्ला प्रशासन कार्यालयमा छलफल भए पनि सहमति नभएको प्रहरीले जनायो।

बाङ्गेमरोट गाविस-७ निवासी एमाले कार्यकर्ता २२ वर्षीय राजु थापा सोही गाविस-९ मा एमालेद्वारा आयोजित संविधानसभा निर्वाचनसम्बन्धी कार्यक्रम सकेर घर फर्किरहेको अवस्थामा ०७० कात्तिक १७ गते साँझ बाङ्गेमरोट गाविस-९ निवासी राष्ट्रिय जनमोर्चाका गाउँस्तरीय कार्यकर्ता २६ वर्षीय शिवबहादुर विकको नेतृत्वमा लुकेर बसेका राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले ढुङ्गा प्रहार गरे। टाउकोमा चोट लागेका घाइतेको जिल्ला अस्पताल बिजुवारमा उपचार भयो। पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

एमाओवादीबाट

कोचिबाङ गाविस-५ निवासी एमाले कार्यकर्ता ५२ वर्षीय कुलबहादुर पुनलाई सोही गाविस-६ दाबाङ

पीपलचौतारमा एमाले निकटका युवाहरूले आयोजना गरेको संविधानसभा निर्वाचनसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरेको आरोपमा ०७० कात्तिक २२ गते राति करिब ११ बजे सोही गाविस-५ निवासी ४९ वर्षीय एमाओवादी कार्यकर्ता सत्यबहादुर घर्तीको नेतृत्वमा आएका कार्यकर्ताले कसको आदेशमा कार्यक्रम सञ्चालन गरेको भन्दै कार्यक्रम सञ्चालन गरिरहेको माइक खोस्नुका साथै लठ्ठीले कुटपिट गरे। टाउकोमा चोट लागेका कुलबहादुरको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। पीडितले ०७० कात्तिक २४ गते इलाका प्रहरी कार्यालय, भिग्रीमा निवेदन दिए। एमाले र एमाओवादीका कार्यकर्ताको उपस्थितिमा ०७० मङ्सिर २४ गते जिल्ला प्रहरी कार्यालयमा भएको छलफलमा पीडितको औषधी खर्च एमाओवादीका कार्यकर्ताले एमाले कार्यकर्तालाई उपलब्ध गराएपछि दुवैपक्षबीच मिलापत्र भयो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

तिराम गाविस-२ निवासी ४२ वर्षीय एमाओवादी जिल्ला संयोजक कृष्ण अधिकारी आफ्ना कार्यकर्तासँग भेटघाट गरी फर्कने क्रममा नयाँगाउँ गाविस-४, झ्याङ्लयाङ खोलानजिक नेकपा-माओवादीका जनस्वयंसेवक सङ्घका अध्यक्ष २८ वर्षीय विश्व केसी (सुबोध) र सचिव हरि बस्नेत (आकाश)को नेतृत्वमा रहेको समूहले ०७० असोज ८ गते साँझ आफ्ना कार्यकर्ता बिगारेको आरोपमा करिब एक घन्टा नियन्त्रणमा लिई अभद्र व्यवहार गऱ्यो।

थान मुद्दामध्ये २० थानको फैसला भयो भने ६१ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी ६ र देवानीतर्फ पाँच थान मुद्दा रहे।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४३ छ, जसमध्ये ११ थान सफल भए भने एक थान असफल भयो। मुलतवी र तामेलीमा रहेका मुद्दा छैनन्। एक सरकारी वकिल कार्यालय रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म ३१ थान मुद्दा बाँकी रहेको सरकारी वकिल कार्यालयले जनायो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी १२ थान मुद्दामध्ये दुई थान सफल र एक थान असफल रह्यो भने नौ थानको फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी आठ थानमध्ये दुई थान सफल र ६ थान फैसला हुन बाँकी रहे। महिला बेचबिखन, अपहरण, बहुविवाह, बालविवाह, छुवाछूतसम्बन्धी मुद्दा नभएको सरकारी वकिल कार्यालयले जनायो। जिल्ला सरकारी वकिल कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या ४९ छ, जसमध्ये ६ थान सफल भए। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ४३ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेका यस जिल्ला अदालतमा फौजदारीतर्फ १ सय ५२ थान मुद्दा रहेकामा ८२ थानको फैसला भयो भने ७० थान बाँकी रहे। देवानीतर्फ १ सय ३७ थान मुद्दामध्ये ७७ थानको फैसला भयो भने ६० थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतमा फौजदारीतर्फ १ सय ६ थान मुद्दा परेकामा २५ थानको फैसला भयो भने ८१ थान बाँकी रहे। देवानीतर्फ ८१

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	१			
बालअधिकार			४		४
महिलाअधिकार			८		८
भेला/सङ्गठित हुने अधिकार				१	१
कुटपिट			३	५	८
धम्की				१	१
हत्या			३		३
जम्मा	१	१	१६	८	३३

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७१ हजार ३ सय ६४ मध्ये छात्र ३४ हजार ८ सय ८४ र छात्रा ३६ हजार ४ सय ८० प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ८ हजार ६ सय २० र छात्र ८ हजार ९५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ३ सय ८२ र पुरुष ७ सय २४ गरी जम्मा १ हजार १ सय ६ शिक्षक कार्यरत छन्। निमाथि तहमा महिला २६ र पुरुष २ सय १ गरी जम्मा २ सय २७ शिक्षक कार्यरत छन्। यसै गरी माथि तहमा महिला चार र पुरुष १ सय ५८ गरी जम्मा १ सय ६२ शिक्षक रहेका छन्। बालविकास केन्द्रमा बालक ४ हजार ८२ र बालिका ४ हजार ३९ गरी जम्मा ८ हजार १ सय २१ रहेका छन्। बाल विकास केन्द्रका दलित बालक र बालिकाको तथ्याङ्क शिक्षा कार्यालयले अद्यावधिक नगरेको जनायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

आठ वर्षीया एक बालिकालाई लुङ गाविस-८ का १३ वर्षीय एक बालकले ०६९ माघ २२ गते दिउँसो विद्यालयबाट घर फर्कदै गरेको अवस्थामा बाटोमा बलात्कार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय वहानेमा ०६९ माघ २४ गते मौखिक जानकारी गरायो। आरोपित बालकलाई प्रहरीले ०६९ माघ २५ गते बालकको घरबाट गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेश अनुसार आरोपित ०६९ फागुन १६ गते साधारण तारेखमा रिहा भए। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०६९ माघ २५ गते जिल्ला अस्पताल बिजुवारमा भयो।

१३ वर्षीया र १४ वर्षीया दुई बालिकालाई तुषारा गाविस-४ का २० वर्षीय सुवास सुनार र सोही ठाउँका २५ वर्षीय खड्कबहादुर सुनारले ०७० मङ्सिर १७ गते दिउँसो घरनजिकैको जङ्गलमा सल्ला सङ्कलन गर्न गएको अवस्थामा मुखमा पट्टी बाँधेर बलात्कार गरेको भन्दै पीडितपक्षले ०७० मङ्सिर १८ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। आरोपित खड्कबहादुरलाई स्थानीयवासीले नियन्त्रणमा लिई ०७० मङ्सिर १८ गते प्रहरीसमक्ष बुझाएकामा जिल्ला अदालतको आदेश अनुसार आरोपित ०७० पुस १६ गते पुर्पक्षका लागि कारागार चलान भए। घटनाका अर्का आरोपित सुवास सुनार यस वर्षको अन्त्यसम्म फरार रहेको र खोजी कार्य भइरहेको प्रहरीले जनायो। पीडित दुवैको ०७० मङ्सिर १८ गते जिल्ला अस्पताल बिजुवारमा स्वास्थ्य परीक्षण भयो।

दुर्व्यवहार

१५ वर्षीया एक बालिकालाई विजयनगर गाविस-६ का २० वर्षीय सहदेव परियारले ०७० मङ्सिर २२ गते सोही गाविस-५ मा बाटोमा हिँडिरहेको अवस्थामा बाटो छेकी 'तँलाई विवाह गर्छु' भन्दै हातपात गरी दुर्व्यवहार गरेको भन्दै पीडितले ०७० मङ्सिर २३ गते बिजुवार प्रहरी चौकीका प्रहरीलाई मौखिक जानकारी गराइन्। आरोपितलाई ०७० मङ्सिर २३ गते आफ्नै घरबाट प्रहरीले गिरफ्तार गऱ्यो। घटना सम्बन्धमा पीडितले ०७० मङ्सिर २४ गते जिल्ला प्रहरी कार्यालयमा जबरजस्ती करणी उद्योग अन्तर्गत मुद्दा दर्ता गराइन्। बालिकाको स्वास्थ्य परीक्षण ०७० मङ्सिर २४ गते बिजुवार जिल्ला अस्पतालमा गरिएको र यस वर्षको अन्त्यसम्म आरोपितलाई थुनामा राखी घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

वादीकोट गाविस-७ की ७२ वर्षीया एक वृद्धालाई घरनजिकै जङ्गलमा घाँस काट्न गएको समयमा गुल्मी जिल्ला मलागिरी गाविस-३ का १८ वर्षीय सन्तोष सामतले ०६९ फागुन ९ गते दिउँसो बलात्कार गरेको भन्दै स्थानीयवासीले प्रहरीलाई खबर गरेपछि आरोपितलाई प्रहरीले ०६९ फागुन १० गते घरबाट गिरफ्तार गऱ्यो। अनुसन्धानका क्रममा सन्तोषले मादक पदार्थ सेवन गरी करणी गरेको बयान दिएको प्रहरीले जनायो। पीडितको स्वास्थ्य परीक्षण ०६९ फागुन १० गते जिल्ला अस्पताल बिजुवारमा भयो। आरोपित सन्तोषलाई जिल्ला अदालतले ०६९ चैत ५ गते पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

धरमपानी गाविस-४ की २० वर्षीया एक महिलालाई उनका ससुराले छोरा घरमा नभएको अवस्थामा पटकपटक बलात्कार गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा ०७० साउन १७ गते उजुरी दिइन्। प्रहरीले सोही दिन घरबाट गिरफ्तार गरेकामा जिल्ला अदालत प्यूठानको आदेशमा आरोपित ०७० भदौ ७ गते पुर्पक्षका लागि कारागार चलान भए।

पीडितको स्वास्थ्य परीक्षण भएन। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

हंसपुर गाविस-६ की ४५ वर्षीया एक महिलालाई हंसपुर गाविस-६ का ४५ वर्षीय रिमबहादुर रानाले ०७० पुस ६ गते घरनजिकैको जङ्गलमा घाँस काट्न गएको अवस्थामा हातपात गर्नुका साथै यौन दुर्व्यवहार गरेको भन्दै पीडितले न्यायका लागि जिल्ला प्रहरी कार्यालयमा ०७० पुस ११ गते जबरजस्ती करणी उद्योग अन्तर्गत मुद्दा दर्ता गराइन्। आरोपितलाई प्रहरीले ०७० पुस ११ गते घरबाट गिरफ्तार गरेकामा यस वर्षको अन्त्यसम्म अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा राखेको प्रहरीले जनायो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

बाङ्गेसाल गाविस-५ की ३२ वर्षीया भगवता विष्ट घरमा रहेको अवस्थामा ४२ वर्षीय पति बलदेव विष्टले ०७० वैशाख १९ गते राति कुटपिट गरेका कारण मृत्यु भएको भन्दै पीडितपक्षले जिल्ला प्रहरी कार्यालय, प्यूठानमा ०७० वैशाख २० गते उजुरी दियो। आरोपितलाई ०७० वैशाख २० गते प्रहरीले घरबाट गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेश अनुसार ०७० जेठ १४ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। पति-पत्नीको झडपमा बलदेव पनि घाइते भए। मृतकको शरीरभरि नीलडाम भएको र लासको ०७० वैशाख २० गते जिल्ला अस्पताल, बिजुवारमा पोस्टमार्टम भएको प्रहरीले जनायो।

कपिलवस्तु जिल्ला घर भई उदयपुरकोट गाविस-६ माइत भएकी ४० वर्षीया बकुली नेपाली माइती आएको समयमा ०७० वैशाख २२ गते घरायसी विषयमा विवाद हुँदा उदयपुरकोट गाविस-६ का ३३ वर्षीय दुर्गाबहादुर नेपालीले फुपू बकुलीको टाउकोमा कोदालोले हिर्काई हत्या गरेको प्रहरीले जनायो। घटनापछि दुर्गाबहादुर भाग्न खोज्दा गाउँलेले नियन्त्रणमा लिई प्रहरीलाई तत्काल खबर गरेपछि प्रहरीले आरोपितलाई घटनास्थलबाट गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेशमा ०७० जेठ १२ गते पुर्पक्षका लागि कारागार चलान भए। मृतकको ०७० वैशाख २३ गते जिल्ला अस्पताल बिजुवारमा पोस्टमार्टम भयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ६ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, प्यूठानमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका पाँच, विवाह दर्ता तथा नागरिकता नबनाएको एक छन्। खानलाउन नदिएको, अर्को पत्नी ल्याएर हेला गरेको, मार्ने धम्की दिइएका र बोक्सीको आरोप लगाएका घटना दर्ता नभएको जिल्ला प्रहरी कार्यालयले जनायो। दर्ता भएका घटनामध्ये प्रहरीले पाँच घटनामा मिलापत्र गराएको र एक घटना उजुरी प्रक्रियामा अगाडि बढाइएको केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

गैरराज्यबाट

राजनीतिक दलहरूबाट

नयाँगाउँ गाविस-३, दारिमचौरस्थित झिमरुक जलविद्युत् कार्यालयको पावर हाउसमा रहेको बुटवल पावर कम्पनीको कार्यालयमा ०६९ पुस २३ गते जिल्लाका आन्दोलित व्यक्तिहरूले तोडफोड गर्नुका साथै आगजनी गरे। प्यूठान जिल्लामा ०६९ पुस १६ गतेदेखि नेपाल सरकारले दैनिक ६ घन्टाका दरले लोडसेडिङ गर्न थालेपछि प्यूठान र रोल्पा जिल्लामा लोडसेडिङ फिर्ता लिन दबाब दिने उद्देश्यले गठित सङ्घर्ष समितिको आयोजनामा सोही दिन नयाँगाउँ गाविस-३, दारिमचौरमा कार्यालय घेराउ कार्यक्रममा सहभागी आन्दोलनकारीहरूले कार्यालय तोडफोड तथा आगजनी गरेका थिए। आगजनीबाट प्रशासनिक भवनहरू र कर्मचारीको व्यक्तिगत सम्पत्तिसमेत गरी करिब ८ करोड २६ लाख रुपियाँ बराबरको क्षति पुगेको पावर कम्पनीले जनायो।

नेकपा-माओवादीबाट

प्यूठान-१ का एमाओवादी उम्मेदवार नवराज सुवेदीलाई संविधानसभा निर्वाचन प्रचार-प्रसारका क्रममा बिजुली गाविस-७ मा गएको अवस्थामा उनले प्रयोग गर्दै आएको भे१च १४०५ नम्बरको जिप ०७० कात्तिक १४ गते दिउँसो करिब २ बजे नेकपा-माओवादीका कार्यकर्ताले आगजनी गरी पूर्ण रूपमा क्षतिग्रस्त पारे।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	२३		
उपस्वास्थ्यचौकी	२३		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	५	३	२
स्टाफ नर्स	६	४	२
ल्याब असिस्टेन्ट	३	२	१
अहेब	६५	४५	१६
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२८	१५	१३
अनमि	४३	२५	१४

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कारका पाँच मुद्दा दर्ता भई फैसला भए, जसमा पाँच जनालाई गिरफ्तार गरेका थिए। घरेलु हिंसा ६ मुद्दा दर्ता भई पाँच मेलमिलाप भयो भने एक विचाराधीन रह्यो। जसमा छ जनालाई गिरफ्तार गरेका थिए। बलात्कार प्रयासका तीन मुद्दा दर्ता भएकामा एक फैसला भयो भने दुई विचाराधीन रहे। जसमा तीन जनालाई गिरफ्तार गरेका थिए। कर्तव्य ज्यानका ११ मुद्दा दर्ता भई फैसला भए। जसमा १८ जनालाई गिरफ्तार गरेका थिए। ज्यान मार्ने उद्योग तीन मुद्दा दर्ता भई फैसला भए। जसमा तीन जनालाई गिरफ्तार गरेका थिए। बहुविवाहका एक मुद्दा दर्ता भई मेलमिलाप भयो। जसमा दुई जनालाई गिरफ्तार गरेका थिए।

४.३ रोल्पा



जिल्ला सदरमुकाम: लिवाङ
क्षेत्रफल (वर्ग कि. मि.): १,८७५
घरधुरी सङ्ख्या: ४३,७५७
जम्मा जनसङ्ख्या: २,२४,५०६
पुरुष: १,०३,१००
महिला: १,२१,४०६
अपाङ्ग सङ्ख्या: ७,४५८
गाविस/नपा सङ्ख्या: ५१/०
पुरुष साक्षरता सङ्ख्या: ६६,०५१
महिला साक्षरता सङ्ख्या: ५७,५८५
हिन्दू धर्मावलम्बी प्रतिशत: ८५.१७
बौद्ध धर्मावलम्बी प्रतिशत: ११.७४
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.७२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.६६
अन्य धर्मावलम्बी प्रतिशत: ०.६०६
प्रतिपरिवार सरदर सङ्ख्या: ५.१३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

मिझिङ-६ की ४२ वर्षीया पुनादेवी सुनार ०७० असार २२ गते सोही गाविस-७ र ९ को बीचमा पर्ने खोलामा मृत अवस्थामा फेला परिन्। मिझिङको सुलीचौरनजिक फेला परेकी उनको जिल्ला अस्पताल रेउघामा ०७० असार २३ गते पोस्टमार्टम भयो। कसले हत्या गरेको भन्ने बारेमा यस वर्षको अन्त्यसम्म पहिचान हुन सकेन। जिल्ला अस्पताल रेउघामा पोस्टमार्टम गरे पनि केही खुल्न नआएको जिल्ला

अस्पतालले बतायो। पीडित पक्षले घटनाका बारेमा अनुसन्धान गर्न उजुरी गरेन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

गैरराज्यपक्षबाट

अन्यबाट

कुरेली गाविस-५ निवासी गाउँ टोल सुरक्षा समितिका सदस्य २१ वर्षीय अशोक रोका ०६९ चैत १४ गते राति करिब ११ बजे सोही गाविस-५, जोगीडाँडास्थित बालकल्याण प्राविनजिक ५/६ जनाको समूहमा आएका अज्ञात व्यक्तिको समूहले चलाएको गोली प्रहारबाट घाइते भए। बायाँ हातको माइलो औँलामा गोली लागि घाइते भएका रोकाको जिल्ला अस्पताल रेउघामा उपचार भयो। गोली प्रहार गर्ने समूहको यस वर्षको अन्त्यसम्म पहिचान हुन सकेन।

विस्फोटक पदार्थ फेला

गैरीगाउँ गाविस-६, थुर्पा लेकको ओढारमा ०७० असार १८ गते फेला परेको ठूलो मात्राको सकेट बम र विस्फोटक पदार्थ ०७० असार २२ गते दाङ, तुल्सीपुरस्थित नेपाली सेनाको १९ नम्बर बाहिनीका उपसेनानी रामहरि श्रेष्ठको नेतृत्वमा आएको तीन जनाको टोलीले निष्क्रिय बनायो। सो लेकमा पहिलोपटक असार १८ गते करिब ७० ओटा सकेट बम, भरुवा बन्दुकको बारुद, बारुद बनाउन प्रयोग हुने दुई बोरा सुरा र डेटोनेटरलाई धमाका दिन प्रयोग हुने पाइप दुई बन्डल फेला परेको थियो भने ०७० असार २० गते थप २ सय ६५ थान सकेट बम, सकेट बम बनाउन प्रयोग गरिने कभर दुई बोरा, आलमुनियम पाइप ६ सय ५० थान, हाई एक्सकोलोसिप १ सय ५ केजी र तामाको पाइप पाँच पिस फेला परेको थियो। अँध्यारो कुनामा लुकाएर राखेको भएकाले थप खोजतलास गर्दा थप परिमाण फेला परेको थियो। विस्फोटक पदार्थ फेला पारेको स्थान माओवादी पूर्वलडाकुको पाँचौँ डिभिजन अन्तर्गत ज्वार स्मृति ब्रिगेडको शिविर रहेको स्थानददेखि एक घन्टाको दूरीमा पर्छ।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २८ जना कैदी र कैद नतोकिएका ६२ जना थुनुवा गरी जम्मा ९० जना बन्दीहरू रहेका छन्। जसमा महिला पाँच र पुरुष ८५ जना रेहका छन्। साथै, आश्रित बालक दुई जना गरी जम्मा ९२ जना रहेका छन्। यो जिल्ला कारागार ०२९ सालमा निर्माण भएको हो।

५० जनाको क्षमता भएको कारागारमा बढी कैदी तथा बन्दीहरू भएपछि जिल्ला कारागार रोल्पामा पुरुष बन्दीहरू महिला कोठामा सुत्न र रातमा बाल्टिनमा दिसा-पिसाब गर्न बाध्य छन्। महिलाका लागि चार कोठा र पुरुषका लागि ६ ओटा कोठा छुट्याइएको भए पनि पुरुषका लागि कोठा अपुग हुँदा महिला बन्दीको कोठामा बस्ने गरेका छन्। महिलाका लागि भित्रै शौचालय भए पनि पुरुषहरूका लागि बाहिर मात्र एउटा शौचालय रहेकाले रातको समयमा बन्दीहरूले कोठामा बाल्टिनमा दिसा-पिसाब गरेर बिहान फाल्ने गरेको कारागारले जनाएको छ।

बेपत्ता/अपहरण

गैरराज्यपक्षबाट

एमाओवादीबाट

हवामा गाविस-२ निवासी नेकपा-माओवादीका गाविस सहइन्चार्ज ३४ वर्षीय टीकमान बुढामगर, पार्टीका कार्यकर्ताहरू सोही ठाउँका आकाश बुढामगर, राजबहादुर बुढा, चमन बुढामगर, नरसिंह पुनमगर, झक्कुप्रसाद बुढामगर र यामराज बुढामगरसहित सात जनालाई संविधानसभा निर्वाचन बहिष्कार अभियानमा लागेको आरोपमा ०७० मङ्सिर ३ गते रातिदेखि ०७०

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			२	६	८
बालअधिकार			६		६
अपहरण				११	११
महिलाअधिकार			११		११
भेला/सङ्गठित हुने अधिकार				१	१
जातीय विभेद			१		१
कुटपिट	१	१	४	१३	१७
धम्की				२	२
हत्या			२	३	५
जम्मा	१	१	३७	३६	७३

मङ्सिर ४ गते दिउँसो २ बजेसम्म एमाओवादीका कार्यकर्ताहरूले नियन्त्रणमा लिई बन्धक बनाए। आफ्ना कार्यकर्ता तत्काल मुक्त गर्न भन्दै नेकपा-माओवादीका केन्द्रीय सदस्य एवं निर्वाचन बहिष्कार टोलीका रोल्पा प्रमुख अमर झाँक्रीले ०७० मङ्सिर ४ गते विज्ञप्तिमार्फत आग्रह गर्दै घटनाप्रति आपत्ति जनाए। अपहृत सबैलाई ह्वामा गाविसको ह्वामा गाउँबाट ०७० मङ्सिर ४ गते दिउँसो २ बजे छोडिएको थियो। साथै, सोही दिन कोटगाउँ गाविस-९ का नेकपा-माओवादीका कार्यकर्ता २१ वर्षीय कमल केसी र २४ वर्षीय बमबहादुर केसीलाई एमाओवादीका कार्यकर्ताले मङ्सिर ४ गते बिहान ६ बजे घरबाटै नियन्त्रणमा लिई कोटगाउँ-४ गाविस भवननजिकबाट दिउँसो ३ बजे छोडेका थिए। त्यसै गरी उवा गाविस-५ का ४६ वर्षीय किताब झाँक्रीलाई दिनभर कब्जामा लिएर बेलुकी मात्र छोडिएको नेकपा-माओवादीले जनायो।

धम्की/कुटपिट

राज्यपक्षबाट

डुब्रिङ गाविस-१ निवासी एमाले डुब्रिङ गाविसस्थित सम्पर्क कार्यालयका सहयोगी २५ वर्षीय कुलबहादुर बुढा होलेरीस्थित जलजला होटलमा सुतिरहेको अवस्थामा ०७० मङ्सिर २ गते राति इलाका प्रहरी कार्यालय होलेरीमा कार्यरत प्रहरी जवान हुर्मत अधिकारीले पाइप र लाठीले कुटपिट गरी घाइते बनाए। आँखा, मुख, छाती, ढाडलगायतका भागहरूमा चोट लागेका घाइतेको प्राथमिक स्वास्थ्य केन्द्र, होलेरीमा प्राथमिक उपचारपछि थप उपचार घोराहीस्थित राप्ती उपक्षेत्रीय अस्पतालमा भयो। कुटपिट गर्ने प्रहरी जवान अधिकारीलाई विभागीय कारबाही थालिएको डीएसपी ओम रानाले बताए। एमाले कार्यकर्ता बुढाले रक्सी खाएर एमाओवादीको घरमा ढुङ्गा हान्न गएको अवस्थामा गिरफ्तार गर्न गएको अवस्थामा सो घटना भएको प्रहरी प्रमुख ओमबहादुर रानाले बताए। रोल्पा-२ का एमाले उम्मेदवार कुमार दसौदीले एमाओवादी र वाईसीएलले एमालेका कार्यकर्तालाई कुटपिट गर्ने योजना बनाएको र त्यसलाई प्रहरीले सहयोग गरेको प्रतिक्रिया व्यक्त गरे।

गैरराज्यपक्षबाट

एमाओवादीबाट

भावाङ गाविस-२ निवासी नेकपा-माओवादीका कार्यकर्ता ३६ वर्षीय तिलक केसीलाई संविधानसभा निर्वाचन बहिष्कार गरेको आरोपमा एमाओवादीका कार्यकर्ताहरूले ०७० कात्तिक २८ गते राति घर घेरा हाली धम्की दिए।

नुवागाउँ गाविस-२ निवासी एमालेका कार्यकर्ता २२ वर्षीय तिलक परियार, सोही ठाउँका २२ वर्षीय गोविन्द बुढा र सोही गाविस-५ का १५ वर्षीय भुवन बुढालाई निर्वाचन सम्बन्धमा दिउँसो भएको विवादका विषयमा घरमा सुत्न लागेको अवस्थामा एमाओवादीका कार्यकर्ताद्वारा ०७० कात्तिक २९ गते राति कुटपिट गरे। छापामार शैलीमा आक्रमण गरेको भन्दै रोल्पा-२ का एमाले उम्मेदवार कुमार दसौदीले इलाका प्रहरी कार्यालय, होलेरीमा दोषीमाथि कारबाहीको माग गर्दै ०७० मङ्सिर २ गते एमाओवादी गैरीगाउँका कार्यकर्ता गोपाल बुढा झकाससहित १० जनाको नाममा किटानी उजुरी दिए। राजनीतिक घटना भएकाले राजनीतिक तहबाट सहमति गर्नुपर्ने भन्दै प्रहरीले सो उजुरी यस वर्षको अन्त्यसम्म दर्ता गरेन।

जुगार गाविस-५ निवासी एमालेनिकट युवा सङ्घ नेपालका केन्द्रीय सदस्य तथा एमाले रोल्पाका जिल्ला कमिटी सदस्य ३५ वर्षीय दिलबहादुर केसी चुनावी अभियानका क्रममा जेलबाङ पुगेको अवस्थामा सो क्षेत्र एमाओवादीको आधार इलाका भएको र केसीले युथफोर्स गठन गरी एमालेमा भोट हाल्न लगाएको आरोपमा एमाओवादीका कार्यकर्ताहरूले ०७० कात्तिक ९ गते दिउँसो १ बजे राङ्सी र भावाङ गाविसको बीचमा पर्ने जलबाङ जङ्गलनजिक खोलामा आक्रमण गरे।

नेकपा–माओवादीबाट

थवाङ गाविस-८ निवासी एमाओवादी कार्यकर्ता ३५ वर्षीय अजित झाँक्री, सोही गाविस-२ का २२ वर्षीय निस्पट घर्तीमगर, सोही गाविस-६ का ३६ वर्षीय दीपक रोकामगरलाई नेकपा-माओवादीका कार्यकर्ताले थवाङमा शून्य मतदान गराउने भन्दै नियन्त्रणमा लिई ०७० मङ्सिर ४ गते कुटपिट गरेको एमाओवादीले जनायो। नेकपा-माओवादीका कार्यकर्ताले झाँक्रीको टाउकोमा खुकुरी प्रहार, घर्तीमगरको निधारमा चक्कु प्रहार र रोकामगरलाई लाठीले हिर्काई घाइते बनाए। यसै गरी थवाङ गाविस-६ का ३५ वर्षीय सूर्य रोका, सोही गाविस-१ का ३८ वर्षीय चितमान घर्तीलाई पनि सोही दिन नेकपा-माओवादीका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। घाइतेहरूको स्थानीय स्वास्थ्य चौकीमा प्राथमिक उपचार भयो भने थप उपचार दाङमा भयो।

एमाओवादी र काङ्ग्रेस कार्यकर्ताबीच झडप

धवाङ गाविस-३ का काङ्ग्रेस कार्यकर्ता २५ वर्षीय कौशल केसी र सोही गाविस-१ का २७ वर्षीय आइतराम थापा र सोही गाविस निवासी एमाओवादी कार्यकर्ता ३५ वर्षीय मोतीलाल डाँगी सोही गाविस-१ सुनबाङमा एमाओवादीनिकट वाईसीएल र काङ्ग्रेस कार्यकर्ताबीच ०७० कात्तिक २७ गते भएको झडपमा घाइते भए। झडपमा काङ्ग्रेस कार्यकर्ताको टाउको र काँधमा चोट लागेको थियो भने एमाओवादीका कार्यकर्ता सामान्य घाइते भए।

एमाओवादी र नेकपा-माओवादीबीच झडप

संविधानसभा निर्वाचन प्रचारका लागि थबाङ गाविसमा पुगेका एमाओवादी र नेकपा-माओवादीका कार्यकर्ताहरूबीच ०७० कात्तिक ७ गते झडप हुँदा थबाङ गाविस-५ निवासी नेकपा-माओवादीका कार्यकर्ता ५० वर्षीय पूर्णबहादुर रोकामगर र सोही गाविस-५ का ४० वर्षीय जमान विक घाइते भए। घाइतेको स्थानीय स्वास्थ्य संस्थामा उपचार भयो। एमाओवादीले रोल्पा-२ का प्रत्यक्ष उम्मेदवार ओनसरी घर्तीमगरको नेतृत्वमा थबाङको ठूलो गाउँमै चुनावी सभा गर्न खोजेको थियो। तर, नेकपा-माओवादीले यसअघि नै थबाङलाई निषेधित क्षेत्र घोषणा गरेकाले एमाओवादीले थबाङ गाविस-७ को मरन्थानामा चुनावी कार्यक्रमको आयोजना गरेको थियो। चुनावी कार्यक्रम सम्पन्न हुन लागदा निर्वाचन बहिष्कार अन्तर्गत निषेधित क्षेत्र घोषणा भएको क्षेत्रमा आएर आफ्ना विरुद्धमा चर्का कुरा गरेको भन्दै नेकपा-माओवादीका कार्यकर्ताले विरोध गरेपछि एमाओवादीका कार्यकर्ताले आक्रमण गरेको नेकपा-माओवादीका जिल्ला इन्चार्ज केशबहादुर बाठाले बताए।

अन्यबाट

थबाङ गाविस-१ का ७४ वर्षीय भागे घर्तीको घरमा ०६९ चैत १२ गते राति करिब ३ बजे पाँच/सात जनाको समूहमा आएको अज्ञात व्यक्तिहरूको समूहले धारिलो हतियार प्रहार गरी घाइते बनायो। रातको समयमा आएको अज्ञात समूहको धारिलो हतियार प्रहारबाट घरमा रहेकी भागे घर्तीकी ७३ वर्षीया पत्नी तिहारमाली घर्ती र ३३ वर्षीया छोरी श्यामसरा घर्ती घाइते भए। दायाँ हात र टाउकोमा चोट लागी घाइते भएका घर्तीको थबाङस्थित स्थानीय मेडिकलमा उपचार भयो। घटनामा संलग्न समूहको यस वर्षको अन्त्यसम्म पहिचान हुन सकेन।

एमाओवादीको आक्रमणबाट घाइते भएका कौशल केसी

कोर्चावाङ गाविस-२ घर भई लिबाङ गाविस-६ मा बस्दै आएका नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा, रोल्पाका सचिव २६ वर्षीय मानसिंह विकलाई ०७० असार २१ गते बेलुका दुई जनाको सङ्ख्यामा रहेका अज्ञात व्यक्तिले 'बिहान गएको होइन ? साथी खै ? कहाँबाट आएको ? एक्लै हो ? होससँग हिँड्नु, ठूलो मानिस ध्यान दिएर हिँड'लगायतका धम्कीपूर्ण भाषा बोलेर करिब ५ देखि १० मिनेटसम्म बाटो छेक्दै दुर्व्यवहार गर्दै धम्की दिए। 'रोल्पा समाचार' साप्ताहिकका प्रकाशकसमेत रहेका पत्रकार विकलाई कोर्चाबाङमा आयोजना भएको युवा क्लबको तालिमबाट फर्कदै गर्दा कोटगाउँ गाविस-१ र ७ को बीचमा पर्ने माडीखोलाको पुलनजिक बेलुकी पौने ८ बजे दुई जना नचिनेका व्यक्तिले धम्की दिएको पत्रकार विकले बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

राङ्सी गाविस-४ का काङ्ग्रेस कार्यकर्ता ३५ वर्षीय नरबहादुर डाँगी, सोही गाविस निवासी एमाले कार्यकर्ता ३२ वर्षीय बमबहादुर डाँगी, सोही गाविस-३ का २४ वर्षीय नरेन्द्र डाँगी, सोही गाविस-५ का २७ वर्षीय बलवीर बुढालाई संविधानसभा निर्वाचनको दिन मतदान केन्द्रमा जाँदै गरेको अवस्थामा ०७० मङ्सिर ४ गते राङ्सी गाविस-३, गोपाल खोलामा एमाओवादी निकट वाईसीएलका कार्यकर्ताहरूले कुटपिट गरी घाइते बनाए।

एमालेले संविधानसभा निर्वाचनका क्रममा ०७० कात्तिक १४ गते भाबाङ गाविसमा आयोजना गरेको चुनावी सभा नेकपा-माओवादीका जिल्ला इन्चार्ज केशबहादुर बाठाको नेतृत्वमा रहेका कार्यकर्ताहरूको समूहले निर्वाचन प्रचारमा प्रतिबन्धित गाविसमा कार्यक्रम गर्न नपाइने भन्दै कार्यक्रम गर्न दिएनन्।

कार्यक्रम गर्न नपाइने भनेपछि चुनावी सभा स्थगित गरी कार्यकर्ता भेला मात्र गरिएको एमाले रोल्पाका अध्यक्ष हरिप्रसाद घर्तीमगरले जानकारी दिए।

इरिबाङ गाविस-१, नाफेबाट निर्वाचन स्वयंसेवकहरूले गाउँमा मतदाता शिक्षाका लागि प्रयोग गर्दै आएका पोस्टरहरू नेकपा-माओवादीका कार्यकर्ताहरूले ०७० कात्तिक १२ गते दिउँसो कब्जामा लिए। गाउँमा निर्वाचनका लागि पुऱ्याइएका निर्वाचन सामग्री र निर्वाचन शिक्षा पोस्टरहरू नेकपा-माओवादीका कार्यकर्ताहरूले कब्जामा लिएका थिए। निर्वाचन बहिष्कारको अभियानमा लागेको नेकपा-माओवादी रोल्पाले निर्वाचन प्रचारप्रसारमा रोक लगाउँदै ०७० कात्तिक १० गतेदेखि निषेधित जिल्ला घोषणा गरेको थियो।

संविधानसभा निर्वाचनका लागि मतदाता शिक्षा प्रदान गर्नका लागि घर्तीगाउँ गाविसबाट एक बोरा निर्वाचन सामग्रीसहित ओत गाविस-५, भिताबाङ पुगेका मतदाता शिक्षा स्वयंसेवकहरू रमेश वली र टेकबहादुर डाँगीबाट ०७० कात्तिक ११ गते दिउँसो नेकपा-माओवादीका कार्यकर्ताहरूले मतदाता शिक्षा सामग्रीहरू, मतदाता शिक्षाका पोस्टर, पुस्तिकाहरू कब्जामा लिए। निर्वाचन सामग्रीहरू कब्जा गरेको आरोपमा इलाका प्रहरी कार्यालय, घर्तीगाउँबाट गएको प्रहरीको टोलीले नेकपा-माओवादीका ओत गाविस इन्चार्ज हरिप्रसाद घर्ती र सचिव लक्ष्मण खड्कालाई सोही दिन गिरफ्तार गऱ्यो। कब्जामा लिएका सामग्रीहरू फिर्ता गर्ने सहमतिपछि सोही दिन राति प्रहरीले नेकपा-माओवादीका कार्यकर्ताहरूलाई रिहा गऱ्यो। सहमति अनुसार कब्जा गरिएका सामग्री नेकपा-माओवादीका कार्यकर्ताले फिर्ता गरे।

दोस्रो संविधानसभा निर्वाचनका लागि दिएको उम्मेदवारी फिर्ता नलिए त्यसबाट आइपर्ने समस्या व्यक्तिगत रूपमा उम्मेदवारले लिनुपर्ने नेकपा-माओवादी रोल्पाले चेतावनी दियो। ०७० मङ्सिर ४ गते सम्पन्न हुने संविधानसभा निर्वाचनको सशक्त र सक्रिय रूपमा बहिष्कारको अभियानमा लागेको नेकपा-माओवादीले रोल्पाका ०७० असोज २० गते उम्मेदवारहरूलाई आफ्नो उम्मेदवारी फिर्ता लिन आग्रह गऱ्यो। निर्वाचन बहिष्कारका पक्षमा आन्दोलनरत ३१ दलीय मोर्चाका तर्फबाट र नेकपा-माओवादी जिल्ला समिति रोल्पाका तर्फबाट रोल्पा-१ र २ का सबै उम्मेदवारलाई उम्मेदवारी फिर्ता लिन पत्राचार गरिएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेका यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ७७ थानमध्ये ४७ थानको फैसला भयो भने ३० थान बाँकी रहे। देवानी मुद्दातर्फ ३० थानमध्ये २६ थानको फैसला भयो भने चार थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ५० थानमध्ये १२ थानको फैसला भयो भने ३८ थान बाँकी रहे। देवानी मुद्दातर्फ १७ थानमध्ये एक थानको फैसला भयो भने १६ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा छैनन्

जिल्ला न्यायाधिवक्ता कार्यालयबाट दायर मुद्दा

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ६२ थान छ, जसमध्ये २२ थान सफल भए भने




एमाओवादी कार्यकर्ताहरूको आक्रमणबाट घाइते भएका एमाले कार्यकर्ता गोविन्द बुढा, भुवन बुढा र तिलक परियार

चार थान असफल रहे। यस अवधिमा जिल्ला सरकारी वकिलको कार्यालयमा मुलतवी र तामेलीमा कुनै मुद्दा रहेनन्। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० असार मसान्तसम्म ३६ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी नौ थानमध्ये दुई थान सफल र दुई थान असफल रहे। बलात्कारसम्बन्धी पाँच थानमध्ये एक थान सफल र एक थान असफल रहे। महिला बेचबिखनसम्बन्धी एक थान मुद्दा अनुसन्धानका क्रममा रहेको छ। अपहरणसम्बन्धी मुद्दा छैनन्। बहुविवाहसम्बन्धी दुई थान मुद्दाको फैसला हुन बाँकी छ। बालविवाह र छुवाछूतसम्बन्धी कुनै मुद्दा नभएको जिल्ला सरकारी वकिलको कार्यालयले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या १७ थान छ, जसमध्ये तीन थान सफल भए। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ४३ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७९ हजार ३ सय २८ मध्ये छात्र ३९ हजार १ सय २८ र छात्रा ४० हजार २ सय प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार २ सय १७ र छात्र ७ हजार १ सय १३ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राविं तहमा महिला र पुरुष गरी जम्मा १ हजार ७ शिक्षक कार्यरत छन्। निमाविं तहमा महिला र पुरुष गरी जम्मा २ सय ९ शिक्षक कार्यरत छन्। यसै गरी माविं तहमा महिला र पुरुष गरी जम्मा १ सय १६ शिक्षक रहेका छन्। त्यस्तै उच्च माविं तहमा महिला र पुरुष गरी जम्मा २० दरबन्दीमा शिक्षकहरू कार्यरत छन्। तर, प्राविं तहदेखि उच्च माविं तहसम्म नै निजी स्तरबाट उल्लिखित सङ्ख्याभन्दा बढी शिक्षकहरू कार्यरत रहेका छन्।

बालविकास केन्द्रमा बालक ४ हजार २ सय ७१ र बालिका ३ हजार ९ सय ५६ गरी जम्मा ८ हजार २ सय २७ रहेका छन्, जसमध्ये दलित बालक ९ सय र बालिका ८ सय १३ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

१७ वर्षीया एक बालिकालाई ०६९ पुस १८ गते गाउँनजिकैको जङ्गलमा स्याउला लिन गएको अवस्थामा ३५ वर्षीय बाबुले बलात्कार गरेको पीडितले आरोप लगाइन्। छोरीले गुहार मागदै चिच्याएको सुनेपछि गाउँलेहरूले सोही दिन माडीचौर प्रहरी चौकीमा उजुरी गरे। आरोपितलाई ०६९ पुस २९ गते गाउँलेको सहयोगमा प्रहरीले गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेश अनुसार ०६९ माघ ९ गते आरोपित पुर्पक्षका लागि कारागार चलान भए। आरोपित ०७० वैशाख २८ गते जिल्ला कारागारबाट सुरुङ खनी भागेकामा यस वर्षको अन्त्यसम्म फरार रहे। यस मुद्दाका सम्बन्धमा ०७० वैशाख २९ गते रोल्पा जिल्ला अदालतले १० वर्ष कैद सजाय हुने गरी फैसला सुनायो।

१२ वर्षीया एक बालिकालाई ०६९ फागुन ९ गते ३२ वर्षीय बाबुले सोही गाविस-९ मा बलात्कार गरेको आरोपमा प्रहरीले ०६९ फागुन १४ गते आरोपितलाई गिरफ्तार गऱ्यो। यसअघि पत्नीले आत्महत्या गरेपछि घरमा एक छोरा र एक छोरीसँग घर्ती बस्दै आएका थिए। घरमा केही दिनअघिदेखि साँझको समयमा छोरीलाई रूवाउँदै गरेको छिमेकीहरूले सुनेपछि सोध्दा छोरीले घटना बताएपछि गाउँलेहरूले इलाका प्रहरी कार्यालय, घर्तीगाउँमा ०६९ फागुन १३ गते निवेदन दिए। रोल्पा जिल्ला अदालतको आदेशले उनी हाल जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा रहेको प्रहरीले जनायो।

१२ वर्षीया एक बालिकालाई आमा घाँस-दाउरा गएका बेला डर-धम्की देखाएर ह्वामा गाविस-७ का ४० वर्षीय जसमान रोकाले ०७० साउन ८ गते बलात्कार गरेको भन्दै पीडितकी आमाले ०७० साउन ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीको टोलीले ०७० साउन १७ गते राति आरोपितलाई काठमाडौँबाट गाउँमा फर्केको सूचना पाएपछि गाउँबाटै गिरफ्तार गऱ्यो। छोरीमाथि एक वर्षयता पटक-पटक बलात्कार गर्दै आएको पीडितकी आमाले प्रहरी कार्यालयमा दिएको उजुरीमा उल्लेख छ। उजुरी दिन जान्छु भन्दा आरोपितले पत्नीलाई घरको कोठामा ढोकाको चुकुल लगाई थुनेर ०७० साउन १० गते फरार रहेको प्रहरीले जनायो। प्रहरीले साउन १८

गते पत्रकार सम्मेलन गरी आरोपितलाई सार्वजनिक गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

जङ्कोट गाविसकी ५० वर्षीया एक एकल महिलालाई ०७० कात्तिक १६ गते कोठामा रहेको अवस्थामा कोर्चाबाङ गाविस-९ का २१ वर्षीय सुनील परियारले बलात्कार गरेको भन्दै पीडितले माडीचौर चौकीमा ०७० कात्तिक १७ गते मौखिक उजुरी दिइन्। जङ्कोट गाविसको माडीचौरस्थित ससुराली घरबाट आरोपितलाई प्रहरीले ०७० कात्तिक १७ गते गिरफ्तार गऱ्यो। यस वर्षको अन्त्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा रहेको प्रहरीले जनायो।

घरेलु हिंसा

कोटगाउँ गाविस-१ की ३३ वर्षीया मनपुरी पुनमगरलाई पटक-पटक आफ्ना ३३ वर्षीय पति जीवप्रसाद पुनमगरले घरेलु हिंसा गर्दै आएको भनी पीडितले जिल्ला अदालत रोल्पामा ०६९ चैत ९ गते उजुरी दिइन्। लामो समयदेखि आफूमाथि कुटपिट र हिंसा गर्दै आएको र न्यायका लागि पहल गरी दिन कोटगाउँ गाविसको पारालिगल समितिमा चैत ६ गते उजुरी दिएपछि समितिले महिला तथा बालबालिकाको कार्यालयमा सिफारिस गरेको थियो। महिला बालबालिका कार्यालयले ०६९ चैत ८ गते जिल्ला कानुनी सहायता समितिमा कानुनी सहयोगका लागि अनुरोध गरेपछि जिल्ला कानुनी सहायता समितिको पहलमा जिल्ला अदालत रोल्पामा पीडितले उजुरी दिइन्। उक्त मुद्दा यस वर्षको अन्त्यसम्म फैसला भएन।

पाछावाङ गाविस-२ घर भई लिबाङ निवासी २० वर्षीया जुनमाया घर्तीलाई ०७० वैशाख १४ गते दिउँसो नेपाल टेलिकममा कार्यरत आफ्ना २१ वर्षीय पति गणेश घर्तीले खुमेलको सातदोबाटोमा चिरपटले हिर्काइ घाइते बनाए। जुनमायाले सम्बन्धविच्छेद र अशंबन्डाको माग गर्दै ०७० वैशाख १७ गते जिल्ला अदालत, रोल्पामा उजुरी दिइन्। घाइते जुनमायाको निधारमा चारओटा टाँका लगाइएको थियो। खुट्टामा समेत चोट लागेकी जुनमायाको उपचार जिल्ला अस्पताल, रेउघामा भयो। यसअघि पनि पटक-पटक कुटपिट गरेको र न्यायका लागि प्रहरी कार्यालय र गाउँका अगुवासमक्ष अनुरोध गरेको पीडितले जनाइन्। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

यसै गरी यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३९ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, रोल्पामा उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका पाँच, खानलाउन नदिएका ३०, अर्की पत्नी ल्याएर हेला गरेका दुई, मार्ने धम्की दिएकामा एक, बोक्सीको आरोप लगाएकामा एक जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले ३७ घटनामा मिलापत्र गराएको र एक उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो। एक उजुरीमा यस वर्षको अन्त्यसम्म मिलापत्र हुन नसकेको पाइयो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	२५		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	४	२	२
स्टाफ नर्स	४	३	१
ल्याब असिस्टेन्ट	२	२	
अहेब	१०७	७१	३६
खोप सुपरभाइजर	१		१
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२४	५	१५
अनमि	६७	४२	२५

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कार आठ मुद्दा दर्ता भई विचाराधीन रहे, जसमा आठ जनालाई गिरफ्तार गरेका थिए। बलात्कार प्रयास दुई मुद्दा दर्ता भई विचाराधीन रहे। जसमा एक जनालाई गिरफ्तार गरेको थियो। कर्तव्य ज्यान पाँच मुद्दा दर्ता भई विचाराधीन रहे। जसमा दुई महिला र पाँच पुरुष गरी नौ जनालाई गिरफ्तार गरेका थिए। ज्यान मार्ने उद्योग एक मुद्दा दर्ता भई विचाराधीन रहे। बहुविवाह दुई मुद्दा दर्ता भई विचाराधीन रहे, जसमा दुई जनालाई गिरफ्तार गरेका थिए।

४.४ सल्यान



जिल्ला सदरमुकाम: खलङ्गा
क्षेत्रफल (वर्ग कि. मि.): १,४६२
घरधुरी सङ्ख्या: ४६,५५६
जम्मा जनसङ्ख्या: २,४२,४४४
पुरुष: १,१५,९६९
महिला: १,२६,४७५
अपाङ्ग सङ्ख्या: ६,२३३
गाविस/नपा सङ्ख्या: ४७/०
पुरुष साक्षरता सङ्ख्या: ७८,७१५
महिला साक्षरता सङ्ख्या: ६६,२६५
हिन्दू धर्मावलम्बी प्रतिशत: ९७.७१
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.८२
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.११
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.२८
अन्य धर्मावलम्बी प्रतिशत: ०.०६८
प्रतिपरिवार सरदर सङ्ख्या: ५.२०

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ६३ जना कैदी र कैद नतोकिएका चार जना थुनुवा गरी जम्मा ६७ जना बन्दीहरू रहेका छन्। जसमा महिला १२ र पुरुष ५५ जना रहेका छन्। यस वर्षको अन्त्यमा कारागारमा आश्रित बालबालिका नरहेको कारागारले जनायो।

यस वर्ष कारागारमा रहेका ६५ वर्षीय चन्द्रबहादुर बस्नेतको ०७० कात्तिक १५ गते क्षयरोगका कारण मृत्यु भयो। क्षमताभन्दा चौबर बन्दी बस्नु पर्दा भुइँमा सुत्नुपर्ने अवस्था रहेको छ। झन्डै डेढ सय वर्षअघि निर्माण गरेको जिल्लाको कारागार भवन जीर्ण छ। राजा-रजौटाहरूले घोडा बान्ने तबेलाका लागि बनाएको भवन लामो समय तबेलाका रूपमा प्रयोग गरेपछि वि.सं. १९१० मा चारैतिरबाट पर्खाल लगाई कैदी राख्ने भवनमा परिणत गरिएको थियो।

धम्की/कुटपिट

राज्यपक्षबाट

दाङ जिल्ला गोल्टाकुरी गाविस-३ घर भई जिल्ला प्रहरी कार्यालय, सल्यानमा कार्यरत प्रहरी जवान ३१ वर्षीय यामबहादुर डाँगीलाई रूकुम जिल्ला, वाँफीकोट गाविस-४ घर भई जिल्ला प्रहरी कार्यालय, सल्यानमा कार्यरत प्रहरी जवान २७ वर्षीय खड्कु जैसीले ०६९ फागुन २२ गते राति गस्तीमा गइरहेको समयमा धारिलो हतियार प्रहार गरे। जैसीको प्रहारबाट हातमा चोट लागेका डाँगीको जिल्ला अस्पताल, सल्यानमा उपचार भयो। मदिरा सेवन गरेका जैसीले आफूलाई मार्ने प्रयास गरेको भन्दै पीडितले ०६९ फागुन २३ गते जिल्ला प्रहरी कार्यालय, सल्यानमा उजुरी दिए। घटनाको अनुसन्धान गरी प्रहरीले ०६९ चैत १४ गते जिल्ला अदालत, सल्यानमा मुद्दा दायर गरी कारबाही प्रक्रिया अगाडि बढायो। जिल्ला अदालत, सल्यानले आरोपित जैसीलाई ५० हजार रुपियाँ धरौटीमा तारेखमा रिहा गऱ्यो। ०७० जेठ २ गते जिल्ला अदालत, सल्यानको फैसलाले आरोपित खड्कुलाई मार्ने उद्योगबाट सफाइ दिई कुटपिटको घटनामा परिणत गऱ्यो। फैसलापछि पीडितले यस वर्षको अन्त्यसम्म पुनरावेदन दिएनन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

दार्माकोट गाविस-६ का १८ वर्षीय रामप्रसाद शर्मालाई ०७० भदौ २ गते क्याम्पसबाट घर फर्कने क्रममा संविधानसभा निर्वाचन बहिष्कारको पोस्टर च्यातेको आरोपमा ढाकाडाम गाविस-२ निवासी नेकपा-माओवादीका कार्यकर्ता २४ वर्षीय गणेशमान सिंह, कोटवारा गाविस-५ का २३ वर्षीय नारायण चन्द, वाफुखोला गाविस-२ का १९ वर्षीय गणेश वलीलगायतको समूहले कुटपिट गरी कान समातेर उठबस गर्न लगायो। पीडितले जिल्ला प्रहरी कार्यालयमा घटनामा संलग्न व्यक्तिलाई कारबाहीको माग गर्दै ०७० भदौ ७ गते उजुरी दिए।

एमाओवादीका नेता तथा कार्यकर्ताहरू पुरानो बसपार्क हुँदै संविधानसभा निर्वाचनमा सभासद्को उम्मेदवारी दर्ता गर्न जाँदै गरेको अवस्थामा संविधानसभाको निर्वाचन बहिष्कार गर्दै आएको नेकपा-माओवादीका कार्यकर्ताले खलङ्गा गाविस-५, पुरानो बसपार्कमा ०७० असोज १७ गते प्रमुख चार दलका शीर्ष नेताहरूको पुत्ला दहन गरिरहेको अवस्थामा दुवै पक्षबीच २० मिनेटसम्म भएको ढुङ्गा हानाहानमा दुवै पक्षका करिब एक दर्जन कार्यकर्ता सामान्य घाइते भएको दुवै पार्टीले दावी गरे। घटनापछि कोटमौला गाविस-३ घर भई सल्यान-रुकुम यातायात व्यवसायी सङ्घका अध्यक्ष ३६ वर्षीय लोकमान बुढाथोकीले नेकपा-माओवादीका तीन जना जिल्ला नेताहरूलाई प्रतिवादी बनाई प्रहरीमा ०७० असोज १८ गते मुद्दा दायर गरे। कोर्वाडभिम्पे गाविस-४ का ३६ वर्षीय लोकपाल भनिने नेकपा-माओवादीका जिल्ला सेक्रेटरी महेन्द्र केसी, ढाकाडाम निवासी जिल्ला इन्चार्ज असल क्षेत्री भनिने ३८ वर्षीय चन्द्रबहादुर खड्का र वडागाउँ गाविस-५ का ४६ वर्षीय विश्व भनिने डिल्लीराज शर्माविरुद्ध दायर मुद्दामा उनीहरूको आदेशबमोजिम विपक्षीहरूले खुकुरी, लठ्ठी र हातले आक्रमण गरेको आरोप छ। उनीहरूविरुद्ध अनुसन्धान भइरहेको र यस वर्षको अन्त्यसम्म कोही गिरफ्तार नपरेको प्रहरीले बतायो।

कोटमौला गाविस-३ निवासी ४८ वर्षीय एमाओवादी सल्यान-१ का उम्मेदवार टेकबहादुर बस्नेतसहितको टोली वाफुखोला गाविसमा चुनावी सभा सकेर कोटवारा गाविसमा आयोजित चुनावी सभामा जाँदै गरेको अवस्थामा ०७० कात्तिक ७ गते दिउँसो २ बजे कोटवारा गाविस-५, लेउटे मेलामा नेकपा-माओवादीका कार्यकर्तासँग झडप भयो। ०७० असोज १७ गते खलङ्गामा दुई पार्टीबीच भएको झडपको विषयमा विवाद हुँदा उक्त झडप भएको थियो। झडपमा एमाओवादीनिकट वाईसीएलका जिल्ला सदस्य २२ वर्षीय खिमबहादुर विक र वाईसीएल जिल्ला उपाध्यक्ष ३५ वर्षीय मङ्गल खत्री तथा कोटवारा गाविस-५ निवासी नेकपा-माओवादीका कार्यकर्ता २३ वर्षीय नारायण चन्द घाइते भए। घाइतेहरूको स्थानीय मेडिकलमा सामान्य उपचार भयो। यस वर्षको अन्त्यसम्म दुवै पक्षले कानुनी प्रक्रिया अघि बढाएनन्।

मूलखोला गाविस-६ निवासी एमाओवादी कार्यकर्ता २० वर्षीय टेकबहादुर विक र २० वर्षीय देवबहादुर विकलाई संविधानसभा निर्वाचनको प्रचारप्रसार गरेको आरोपमा सोही ठाउँ निवासी नेकपा-माओवादीका कार्यकर्ता २८ वर्षीय मोतीलाल पुन, ३२ वर्षीय बुद्धिमान पुन, २१ वर्षीय लालबहादुर पुन र ५१ वर्षीय डिल्ली पुनले ०७० कात्तिक २२ गते अमर प्राबि भूतखोला मूलखोलाको प्राङ्गणमा कुटपिट गरेको भन्दै ०७० कात्तिक २४ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालय, सल्यानमा उजुरी दिए। घटनाको अनुसन्धान भइरहेको र आरोपितहरू यस वर्षको अन्त्यसम्म फरार रहेको तथा उनीहरूको नाममा म्याद जारी भएको प्रहरीले बतायो।

एमाओवादीबाट

एमाओवादी र एमाले कार्यकर्ताबीच पार्टी प्रवेशको विषयमा ०७० मङ्सिर १ गते डाँडागाउँ गाविस-३ र कजेरी गाविस-६ मा झडप हुँदा दुवै दलका

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	१	१	८	९
बालअधिकार			४		४
महिलाअधिकार			३३		३३
जातीय विभेद			१		१
गिरफ्तारी/यातना	३	३			
कुटपिट	३	३		१४	१४
धम्की				३	३
हत्या			१	१	३
जम्मा	५	५	३९	३५	६४

एमाओवादी र नेकपा-माओवादीका कार्यकर्ताहरूबीच भएको झडप

चार जना कार्यकर्ता घाइते भए। डाँडागाउँ गाविस-३ मा पार्टी प्रवेशको विषयलाई लिएर दुई दलबीच विवाद बढेको थियो। सो क्रममा एमाले कार्यकर्ताको कुटपिटबाट डाँडागाउँ गाविस-१ का ३६ वर्षीय एमाओवादी कार्यकर्ता रेशम वली घाइते भए। घटनापछि सोही ठाउँबाट मोटरसाइकलमा घर जाँदै गरेका एमालेका जिल्ला सचिवालय सदस्य डाँडागाउँ गाविस-८ का ४२ वर्षीय कुलबहादुर गिरी, उनका छोरा १८ वर्षीय निकुञ्ज गिरी र सोही ठाउँका १८ वर्षीय गोविन्द गिरीलाई एमाओवादी कार्यकर्ताले कजेरी गाविसको वरलामा कुटपिट गरे। कुटपिटबाट घाइते सबै जनाको जिल्ला अस्पताल, सल्यानमा उपचार भयो भने एमाओवादी कार्यकर्ताले एमाले कार्यकर्ता चढेको रा२प ४३०३ नम्बरको मोटरसाइकल कजेरी गाविसको बरलामा आगो लगाइदिए।

सिद्देश्वरी गाविस-८ निवासी एमाओवादी कार्यकर्ता २९ वर्षीय विवेकमान बुढाथोकी, सोही ठाउँका २१ वर्षीय लालबहादुर परियार र २२ वर्षीय ज्ञानबहादुर परियारले एमालेका कार्यकर्ता कुलबहादुर गिरीसहित तीन जनालाई कुटपिट गरेको आरोपमा ०७० मङ्सिर १ गते राति एमालेका कार्यकर्ताले आक्रमण गरी घाइते बनाए। कजेरी गाविस-६ मा एमाओवादीका कार्यकर्ताले एमालेका कार्यकर्तालाई सोही दिन आक्रमण गरेका थिए। घाइते सबैको कान्तिपुर सामुदायिक अस्पताल, श्रीनगरमा उपचार भयो। पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३६ थानमध्ये १२ थानको फैसला भयो भने २४ थान बाँकी रहे। देवानी मुद्दातर्फ ३२ थानमध्ये ७ थानको फैसला भयो भने २५ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ८९ थानमध्ये ४० थानको फैसला भयो भने ४९ थान बाँकी रहे। देवानी मुद्दातर्फ ५९ थानमध्ये १४ थानको फैसला भयो भने ४५ थान बाँकी रहे। ०७० असार मसान्तसम्म जम्मा बाँकी मुद्दा ९४ थान रहे।

जिल्ला न्यायाधिवक्ता कार्यालयबाट दायर मुद्दा

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १० थान छ, जसमध्ये पाँच थान सफल भए भने एक थान असफल भयो। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या चार थान छ। दायर मुद्दामध्ये बलात्कारसम्बन्धी दुई थानमध्ये दुवै असफल भए। बेचबिखनसम्बन्धी परेको एक थान मुद्दा सफल रह्यो। बहुविवाहसम्बन्धी परेका दुई थान मुद्दामध्ये एक सफल र एक असफल रह्यो। बालविवाहसम्बन्धी परेको एक थान मुद्दा सफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या २२ थान छ, जसमध्ये नौ थान सफल भए। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म १० थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७३ हजार ८ सय ६२ मध्ये छात्र ३४ हजार ९ सय १९ र छात्रा .३८ हजार ९ सय ४३ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार १ सय १७ र छात्र ६. हजार ६ सय ५३ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि दरबन्दी ८ सय ४०, राहत ३ सय ५६ र परियोजना २५ गरी जम्मा १ हजार २ सय २१ शिक्षक कार्यरत छन्। निमावि तहमा दरबन्दी १ सय ३ र राहत १ सय गरी जम्म २ सय ३ शिक्षक कार्यरत छन्। यसै गरी माविं तहमा दरबन्दी ९१ र राहत ६२ गरी जम्मा १ सय ५३ शिक्षक रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

१५ वर्षीया एक बालिकालाई फालावाङ गाविस-४ का २८ वर्षीय खुमबहादुर बस्नेतले बारीमा घाँस काट्न गएको अवस्थामा ०७० भदौ १५ गते बेलुका बलात्कार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय, लुहाममा ०७० भदौ १६ गते उजुरी दियो। प्रहरीले आरोपितलाई ०७० भदौ १६ गते घरबाट गिरफ्तार गरेकामा ०७० मङ्सिर २४ गतेको जिल्ला

अदालत सल्यानको फैसलाबमोजिम आरोपित बस्नेतलाई पाँच वर्षको कैद सजाय सुनाइयो र बस्नेत कारागार चलान भए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

वडागाउँ गाविस-९ की २३ वर्षीया एक महिलालाई सोही ठाउँका ३५ वर्षीय प्रेम वलीले ०७० वैशाख १५ गते राति १० बजेको समयमा घरभित्र एक्लै सुतिरहेको समयमा हल्ला गरे मार्ने धम्की दिई बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० वैशाख १७ गते उजुरी दियो। सरकारी वकिल कार्यालयमा ०७० जेठ १६ गते प्रहरीले फाइल अघि बढायो। आरोपित प्रेम वली यस वर्षको अन्त्यसम्म फरार रहेको र खोजी भइरहेको प्रहरीले बतायो। पीडितको जिल्ला अस्पताल, सल्यानमा ०७० जेठ २४ गते स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालत सल्यानमा ०७० जेठ १८ गते दर्ता भएको मुद्दा यस वर्षको अन्त्यसम्ममा विचाराधीन रहेको प्रहरीले जनायो।

कुपिण्डेदह गाविस-३ की २५ वर्षीया एक महिलालाई ०७० साउन १० गते बिहान ११ बजे माझकाडा गाविस-४ का ३० वर्षीय हरि पुन मगरले कुपिण्डेदह गाविस-३ मा बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० साउन १२ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। प्रहरीले आरोपित पुन मगरलाई ०७० साउन १२ गते कुपिण्डेदह गाविस-३ बाट गिरफ्तार गऱ्यो। आरोपित पुन मगर जिल्ला अदालत, सल्यानको आदेश अनुसार ०७० भदौ ४ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल सल्यानमा ०६९ साउन १३ गते भएको थियो।

काभ्रा गाविस-७ की २० वर्षीया एक युवतीलाई कारागिठी गाविस-४ का २८ वर्षीय रामबहादुर विकले ०७० भदौ ३ गते घरमा रहेको अवस्थामा बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० भदौ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा ०७० भदौ १३ गते भयो। उक्त घटना जिल्ला अदालतमा वर्षको अन्त्यसम्ममा विचाराधीन रहेको प्रहरीले जनायो।

धारामा पानी छोएको आरोपमा हातपात गरिएकी प्रेमा बस्नेत विक

कुपिण्डे गाविस-७ की २० वर्षीया एक युवतीलाई घरमा सुतिरहेको अवस्थामा सोही ठाउँका २५ वर्षीय कुलबहादुर बोहराले ०६९ चैत २९ गते बलात्कार प्रयास गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा ०७० वैशाख ४ गते उजरी दिइन्। उजुरीपछि आरोपित बोहरा यस वर्षको अन्त्यसम्म फरार छन्। घटनामा संलग्न व्यक्तिको खोजी भइरहेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले बतायो। यस वर्षको अन्त्यसम्म मुद्दा जिल्ला अदालतमा विचाराधीन रहेको प्रहरीले जनायो।

अमानवीय दुर्व्यवहार

कुपिण्डदह गाविस-६, रातामाटाकी ४२ वर्षीया मेघी वलीले ०७० जेठ २७ गते राति ९ बजे आफूलाई बोक्सीको आरोप लगाई सामाजिक बहिष्कार गरेको भन्दै सोही ठाउँका ३८ वर्षीय टेकबहादुर वलीविरुद्ध जिल्ला प्रहरी कार्यालयमा ०७० असार २५ गते उजुरी दिइन्। उजुरीपछि प्रहरीले आरोपित टेकबहादुर वलीविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरी कारबाही प्रक्रिया बढायो। जिल्ला अदालत, सल्यानको आदेश अनुसार आरोपित ०७० साउन ९ गते १० हजार रुपियाँ धरौटीमा तारेखमा रिहा भए।

घरेलु हिंसा

परिवारजनबाट हत्या

कालीमाटी काल्चे गाविस-७ की ४१ वर्षीया हरिकला पुनलाई ४३ वर्षीय पति शशि पुनले ०७० असोज १६ गते तरकारी काट्ने चक्कु प्रहार गरी हत्या गरे। सामान्य वादविवादमा हत्या गरेको भन्दै मृतकका २० वर्षीय छोरा सुरेश पुनले इलाका प्रहरी कार्यालय, लुहाममा असोज १६ गते उजुरी दिएकामा प्रहरीले सोही दिन आरोपितलाई घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालत सल्यानको आदेशबमोजिम आरोपित ०७० कात्तिक १० गते पुर्पक्षका लागि कारागार चलान भए।

कुटपिट तथा यातना

हिवल्चा गाविस-७ की २२ वर्षीया तिला कुँवरलाई उनका पति २७ वर्षीय ईश्वरीप्रसाद कँवरले पटक-पटक मदिरा सेवन गरी ०६९ फागुन २ गते शारीरिक तथा मानसिक यातना दिएको, बाँधेर चिरपटले प्रहार गरेको, चुरोटको ठूटोले

पोल्ने गरेको भन्दै ०६९ फागुन ४ गते प्रहरी चौकी खैराबाङ हिवल्चामा उजुरी दिइन्। प्रहरीले ०६९ फागुन ५ गते दुवै पक्षलाई बोलाई सामान्य मिलापत्रमा विवाद समाधान गरी दुवैलाई घर फिर्ता पठायो। पतिले घरमा पुगेर फेरि यातना दिन सुरु गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालय, सल्यानमा ०६९ फागुन ९ गते उजुरी दिइन्। प्रहरीले घटनाको थप अनुसन्धान सुरु गरेर ०६९ फागुन १५ गते जिल्ला अदालतमा घटना दर्ता गरी कारबाही प्रक्रिया अघि बढायो। प्रहरीले बयान लिँदा माइती पक्षबाट आफूहरूलाई अलग गराउने खेल रचेको र पत्नीले पनि माइतीको पक्ष लिएर आफूसँग स-साना कुरामा विवाद गर्न थालेपछि आफू आवेशमा आएर कुटपिट गरेको बताए। जिल्ला अदालतको ०७० जेठ ३० गतेको फैसलाले आरोपित ईश्वरीप्रसाद कँवरलाई ३ हजार रुपियाँ जरिवानाको फैसला सुनायो।

घरनिकाला

हिवल्चा गाविस-९ की २२ वर्षीया हरिकला कँवरलाई २४ वर्षीय पति डिल्लीबहादुर कँवरले ०६८ वैशाख ९ गते शारीरिक तथा मानसिक यातना दिएको र मार्ने धम्की दिएको भन्दै ०६९ फागुन २९ गते जिल्ला अदालत सल्यानमा सम्बन्धविच्छेद गरी पाऊँ भनी पीडितले मुद्दा दायर गरिन्। पतिले कुटपिट गरी मार्ने धम्की दिएपछि सोही दिन राति पीडित भागेर माइतमा गइन्। यस वर्षको अन्त्यसम्म पीडित माइतमा बस्दै आएकी र पतिले पटक-पटक धम्की दिइरहेको तथा पालनपोषण नगरेको पीडितले जनाइन्। यस वर्षको अन्त्यसम्म जिल्ला अदालतमा मुद्दा विचाराधीन रहेको प्रहरीले जनायो।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३७ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, सल्यानमा उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका आठ, खानलाउन नदिएको २०, अर्की पत्नी ल्याएर हेला गरेका चार, मार्ने धम्की दिइएका चार र बोक्सीको आरोप लगाएका घटनामा एक जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले १७ ओटा घटनामा मिलापत्र गराएको र २० उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

सबै प्रकारका जातीय विभेद

दार्माकोट गाविस-२ घर भई सेजवालटाकुरा गाविस-१, साहुटोलमा डेरा गरी बस्ने २० वर्षीया प्रेमा बस्नेत विकलाई ०६९ चैत ३ गते बिहान सोही ठाउँको सार्वजनिक धारामा पानी छोएको आरोपमा सोही ठाउँकी २८ वर्षीया मेनका रानाले अछूत भनी गाली गरिन्। धारामा पानी छोएको निहुँमा अभद्र व्यवहार भएको भन्दै पीडित विकले घरमा गएर पतिलाई जानकारी गराएको र निजका पति २४ वर्षीय कैलाश विकले छुवाछूत गर्ने रानालाई सम्झाएर फर्किएपछि आरोपित रानाका पति ३२ वर्षीय डिल्लीबहादुर रानाले पीडितका पति कैलाश विकलाई मार्ने भन्दै उनकै कोठामा गएको अवस्थामा नभेटेपछि उनकी पत्नी प्रेमा बस्नेत विकलाई हातपात गरे। पीडित पक्षले ०६९ चैत ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले घटनाबारे अनुसन्धानका लागि सोही दिन आरोपित दुवै जनालाई गिरफ्तार गरी हिरासतमा राखेर बयान लियो। घटना भएकै दिन दुवैलाई गिरफ्तार गरेको प्रहरीले ०६९ चैत ९ गते जिल्ला अदालत सल्यानमा मुद्दा दायर गरी अदालतबाट थप पाँच दिन म्याद थपेर अनुसन्धान गऱ्यो। अन्तिम फैसलासम्मका लागि दुवै जनालाई जिल्ला न्यायाधीश राजेन्द्र अधिकारीको इजलासमा भएको थुनछेकसम्बन्धी बहसपछि प्रतिव्यक्ति २५ हजार रुपियाँ धरौटीमा रिहा भए। जिल्ला न्यायाधीश राजेन्द्र अधिकारीको इजलासले ०७० जेठ २ गते आरोपित राना दम्पतीलाई १० हजार जरिवाना र पीडितलाई २५ हजार रुपियाँ क्षतिपूर्ति तिर्नुपर्ने फैसला सुनायो।

मार्के गाविस-७ की ४७ वर्षीया निन्याउरी कमिनीले आफ्ना पतिसँग अंश दिलाइदिन माग गर्दै जिल्ला अदालतमा ०६९ चैत १२ गते मुद्दा दिइन्। पतिले अन्तरजातीय विवाह गरेका कारण घरमा नलगेर भारत लगेको, भारतमा हुँदा छोरी पनि जन्मिएको र भारतबाट फर्किएपछि घरमा पस्न नदिँदा ०६८ जेठ ८ गते जिल्ला प्रशासनमा उजुरी दिएपछि प्रशासनको पहलमा केही जग्गा पाएको भए पनि नामसारी नहुँदा फेरि पतिको परिवारले जग्गा उपभोग गर्न नदिएको भन्दै उनले अंश माग गर्दै अदालतमा मुद्दा दिएको बताइन्। आफू कथित तल्लो जातकी भएकाले परिवारले अंश पनि नदिएको र घरमा पनि बस्न नदिएको भन्दै पीडितले अधिकारकर्मीहरूसँग अधिकारका लागि पहल गरिदिन आग्रह गरिन्। यस वर्षको अन्त्यसम्म जिल्ला अदालतमा मुद्दा विचाराधीन रहेको प्रहरीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	३०		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	५	३	२
स्टाफ नर्स	६	३	३
ल्याब असिस्टेन्ट	१	१	
अहेब	५१	४३	८
अनमि	१६	१३	३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१४	११	३
स्वास्थ्य कार्यकर्ता	४७	३४	१३
माशिका	३६	१२	२४
स्वास्थ्य कार्यकर्ता	४७	३३	१४

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बलात्कार १० मुद्दा दर्ता भई एक फैसला भई नौ विचाराधीन रहे। जसमा ६ जनालाई गिरफ्तार गरेकामा चार जनाको अभियोगी पहिचान भएन। बलात्कार प्रयास दुई मुद्दा दर्ता भई एक फैसला भयो भने एक विचाराधीन रह्यो। जसमा एक जनालाई गिरफ्तार गरेकोमा अभियोगी पहिचान भएन। महिला बेचबिखन र ओसारपसार एक मुद्दा दर्ता भई विचाराधीन रहे। जसमा दुई जनालाई गिरफ्तार गरेका थिए। जातीय विभेद एक मुद्दा दर्ता भई फैसला भए। कर्तव्य ज्यान चार दर्ता भई विचाराधीन रहे। जसमा दुई जनालाई गिरफ्तार गरेकामा अभियोगी पहिचान भएन। ज्यान मार्ने उद्योग आठ मुद्दा दर्ता भई चार फैसला भए भने चार विचाराधीन रहे। जसमा चार जनालाई गिरफ्तार गरेका थिए। बहुविवाह चार मुद्दा दर्ता भई एक फैसला भए। बोक्सीको आरोपमा एक मुद्दा दर्ता भई फैसला भए। कुटपिटका दुई मुद्दा दर्ता भई दुई फैसला भए। जसमा एक जनालाई गिरफ्तार गरेको थियो।

४.५ रुकुम



जिल्ला सदरमुकाम: खलङ्गा
क्षेत्रफल (वर्ग कि. मि.): २,८७७
घरधुरी सङ्ख्या: ४१,८५६
जम्मा जनसङ्ख्या: २,०८,५६७
पुरुष: ९५,१५९
महिला: १,०९,४०८
अपाङ्ग सङ्ख्या: ५,९२२
गाविस/नपा सङ्ख्या: ४३/०
पुरुष साक्षरता सङ्ख्या: ६४,०६२
महिला साक्षरता सङ्ख्या: ५५,०९६
हिन्दू धर्मावलम्बी प्रतिशत: ९६.५१
बौद्ध धर्मावलम्बी प्रतिशत: १.०७
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०६
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.५९
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१७
अन्य धर्मावलम्बी प्रतिशत: ०.५९
प्रतिपरिवार सरदर सङ्ख्या: ४.९९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
झडपमा मृत्यु
गैरराज्यपक्षबाट
एमालेबाट

आठबिसकोट गाविस-२ निवासी अखिल क्रान्तिकारी, भक्तपुरका जिल्ला सहसचिव २२ वर्षीय नेत्र ओली ०७० मङ्सिर २ गते घेत्मा गाविस-३ मा एमाले र एमाओवादीका कार्यकर्ताबीच भएको झडपमा घाइते भएकामा उपचारका क्रममा ०७० मङ्सिर १४ गते काठमाडौँको शिक्षण अस्पतालमा मृत्यु भयो। ओलीलाई थप उपचारका लागि मङ्सिर ३ गते

हेलिकप्टरमार्फत काठमाडौँ लगिएको थियो। ओलीको निधनप्रति एमाओवादी रुकुमका जिल्ला इन्चार्ज सरुण बाठामगरले मङ्सिर १५ गते विज्ञप्ति प्रकाशित गर्दै मृतकलाई सहिद घोषणा र घटनामा संलग्न दोषीलाई कारबाहीको माग गरे। एमाओवादी रुकुमले जिल्ला प्रहरी कार्यालय रुकुममा एमाले कार्यकर्ता घेत्मा गाविस-६ का शरिम नेपाली, सोही ठाउँका सुरज परियार, पहलसिंह परियार, सोही गाविस-२ का कर्णबहादुर मल्ल र सोही ठाउँका निर्मल मल्लविरुद्ध ०७० मङ्सिर १८ गते किटानी जाहेरी दर्ता गऱ्यो। उक्त घटनामा आफ्नो पार्टीको संलग्नता नभएको एमालेले जनायो। यस वर्षको अन्त्यसम्म प्रहरीले आरोपितलाई गिरफ्तार गरेको छैन।

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ६१ कैदी र कैद नतोकिएका नौ थुनुवा गरी जम्मा ७० जना बन्दी रहेका छन्। जसमा महिला ६ र पुरुष ६४ जना रहेका छन्। साथै, आश्रित बालिका एक जना गरी ७१ जना रहेका छन्। कारागारको क्षमता पाँच महिला र १५ पुरुष गरी २० जनाको भए पनि हाल ७० जनालाई सँगै राख्दा भौतिक पूर्वाधारको अभाव भएपछि कारागारमा कैदीहरूलाई समस्या भएको छ। जीर्ण अवस्थामा रहेका तीनओटा भवनमा कोचाकोच गरेर कैदीहरू राखिएको छ।

बेपत्ता/अपहरण

गैरराज्यपक्षबाट

एमाओवादीबाट

चौखाबाङ गाविस-९ निवासी एमाले कार्यकर्ता ३२ वर्षीय जीवन केसी घरमा सुतिरहेको अवस्थामा ०७० मङ्सिर ३ गते राति सोही ठाउँ निवासी एमाओवादी कार्यकर्ता २९ वर्षीय रविप्रकाश ओली, सोही ठाउँका नवीन ओली, सोही ठाउँका २५ वर्षीय ओपेन्द्र ओली र खड्गबहादुर बुढाको नेतृत्वमा आएको समूहले अपहरण गऱ्यो। अपहृत केसीलाई एमाओवादीका कार्यकर्ताले ०७० मङ्सिर ४ गते रातभरि गाउँमै बन्द कोठामा थुनेर यातना दिएको भन्दै एमालेले खलङ्गामा मङ्सिर ५ गते आयोजित पत्रकार सम्मेलनमार्फत विरोध जनायो। एमाले कार्यकर्ता जीवन केसीले घटनामा संलग्न व्यक्तिलाई कारबाहीको माग गर्दै मङ्सिर ८ गते जिल्ला प्रहरी कार्यालय, रुकुममा उजुरी दर्ता गरे। घटनामा संलग्न एमाओवादीका कार्यकर्तालाई जिल्ला प्रहरी कार्यालयमा मङ्सिर १० गते बोलाएर मिलापत्र गर्ने प्रयास गरे पनि मुख्य योजनाकार रविप्रकाश ओली नआएकाले आफूले उक्त मिलापत्र अस्वीकार गरेको पीडितले बताए।

सिम्ली गाविस-५ निवासी काङ्ग्रेसका स्थानीय कार्यकर्ता कमल केसी र गराइला गाविस–३ का काङ्ग्रेस कार्यकर्ता जीवन केसीलाई एमाओवादी नेता बिर्खबहादुर विष्ट लगायतको समूहले सिम्लीबजारबाट ०७० जेठ १३ गते अपहरण गरी दिनभरि राखेर यातना दिएको काङ्ग्रेसले आरोप लगायो । आफूहरूलाई एमाओवादीका कार्यकर्ताले अमानवीय व्यवहार गरी कुटपिट तथा यातना दिएको र सोही दिन साँझ प्रहरीको सहयोगमा आफूहरू घर फिर्ता भएको पीडित केसीले बताए । राजनीतिक मुद्दा भएकाले पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी गरेनन् ।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

एमाओवादीबाट

गराइला गाविस-१ का काङ्ग्रेस कार्यकर्ता गोब्रे खड्का सोही गाविस-२ बेलटापुमा नेपाली काङ्ग्रेसले ०७० जेठ १२ गते आयोजना गरेको आमसभामा सहभागी भएको अवस्थामा एमाओवादीका कार्यकर्ताहरूले झन्डा खोसेपछि दुवै पार्टीका कार्यकर्ता

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			२	५	७
बालअधिकार			३	१	४
अपहरण				३	३
महिलाअधिकार			५		५
भेला/सङ्गठित हुने अधिकार				१	१
कुटपिट	२	२	२	३५	३७
हत्या			४	१	५
जम्मा	२	२	१६	४६	६२

बीच भएको झडपमा घाइते भए । कार्यक्रमका प्रमुख अतिथि काङ्ग्रेस नेता गगन थापामाथि समेत आक्रमणको प्रयास भयो । ढुङ्गा र बाँसका लठ्ठी बोकेका एमाओवादीका कार्यकर्ताहरूले ढुङ्गाले प्रहार गरेको काङ्ग्रेसले आरोप लगायो । घटनाको बारेमा दुवै पक्षले जेठ १३ गते विज्ञप्ति प्रकाशन गरी एक अर्काको आरोपको खण्डन गरे ।

पेउघा गाविस-८ का २२ वर्षीय प्रेम ओली र सोही ठाउँका २६ वर्षीय तुलसीराम खड्का मुरु गाविसमा आयोजित काङ्ग्रेसको चुनावी सभामा जाँदै गरेको अवस्थामा ०७० कात्तिक २१ गते एमाओवादीका कार्यकर्ताहरूले आक्रमण गरी घाइते बनाए। सोही दिन मुरु गाविस-३ को साधारण माविमा कार्यक्रम भइरहेको समयमा वाईसीएलको मार्चपास कार्यक्रम स्थलनजिक आएपछि दुवै पक्षबीच दोहोरो झडप भयो। सोही समयमा काङ्ग्रेसका कार्यकर्ताहरूले नजिकै रहेको एमाओवादीको सम्पर्क पार्टी कार्यालय तोडफोड गरी कार्यालय सचिव मुरु गाविस-१ का टेकबहादुर विकलाई कुटपिट गरी घाइते बनाए। घाइतेको जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि नेपालगन्ज लगियो। सोही दिन राति कार्यक्रममा सहभागी भई आफन्तकहाँ बास बस्न गएका छिवाङ गाविस-३ का १८ वर्षीय भूपलाल विष्टलाई एमाओवादीका कार्यकर्ताहरूले आक्रमण गरे। आक्रमणमा घाइते भएका विष्टको जिल्ला अस्पताल, सल्लेमा उपचार भयो।

खोलागाउँ गाविस-६ निवासी २५ वर्षीय जीवराज शर्मा घरमा रहेको अवस्थामा काङ्ग्रेस कार्यकर्ताहरूलाई भात खुवाएको आरोपमा एमाओवादीका कार्यकर्ताहरूले ०७० कात्तिक २५ गते राति कुटपिट गरे। एमाओवादीका कार्यकर्ताको कुटपिटबाट जीवराजका काका इन्द्रबहादुर शर्मा, फुपू नाता पर्ने शान्ता शर्मा घाइते भए। घाइतेको स्थानीय औषधी पसलमा उपचार भयो। राजनीतिक घटना भएकाले पीडितले यस वर्षको अन्त्यसम्म कतै उजुरी दिएनन्।

रुकुम-२ का काङ्ग्रेस उम्मेदवार गोपालजीजङ्ग शाहलाई सिम्ली गाविसमा आयोजना गरिएको चुनावी सभालाई सम्बोधन गर्न गएको अवस्थामा आफूहरूले बनाएको गेट भत्काइदिएको आरोपमा एमाओवादीका कार्यकर्ताहरूले ०७० कात्तिक २७ गते दिनभर कार्यक्रम स्थलमा थुने। एमाओवादी कार्यकर्ताको आक्रमणबाट काङ्ग्रेस महासमिति सदस्य खड्गबहादुर डाँगी र कार्यक्रम हेर्न पुगेकी नाम नखुलेकी ६८ वर्षीया एक वृद्धा घाइते भइन्। घाइतेको उपचार गरे। एमाओवादी कार्यकर्ताहरूले स्वास्थ्यकर्मीलाई मार्ने धम्की दिएको काङ्ग्रेसले बतायो। ०७० कात्तिक २७ गते गराइला गाविसमा सम्पन्न कार्यक्रम सकेर सिम्ली पुगेका शाहलगायत करिब १०/१२ जना काङ्ग्रेसका जिल्ला नेताहरूलाई दिनभर बाहिर निस्कन नदिएर थुनेको काङ्ग्रेस महासमिति सदस्य खड्गबहादुर डाँगीले जानकारी दिए। जिल्लाका एमाओवादी कार्यकर्ताहरू जम्मा भएर कार्यक्रमको चारैतिर थुनेर राखेपछि साँझसम्म आफूहरूले खानासमेत नखाएको डाँगीले बताए।

अर्मा गाविस-७ निवासी २३ वर्षीय नेविसङ्घ जिल्ला अध्यक्ष लालबहादुर ओली, काङ्ग्रेसका स्थानीय कार्यकर्ता रुवित रोका, भीमबहादुर डाँगी, मानबहादुर ओली र हरिबहादुर डाँगी चुनावी प्रचार सकेर घर फर्किरहेको अवस्थामा अर्मा गाविस-६ मा ०७० कात्तिक २८ गते एमाओवादी कार्यकर्ताको आक्रमणबाट घाइते भए। पीडितले यस वर्षको अन्त्यसम्म कतै उजुरी गरेनन्।

बाफीकोट गाविस-९ निवासी शिक्षक ५२ वर्षीय पूर्णबहादुर केसी, सोही ठाउँका ४५ वर्षीय कालीबहादुर बोहरा, सोही ठाउँका ४४ वर्षीय हर्कु ओली, सोही ठाउँका ४१ वर्षीय वीरजित परियार काङ्ग्रेसद्वारा बाफीकोटमा आयोजना गरिएको चुनावी सभामा सहभागी भई घर फर्कदै गरेको अवस्थामा ०७० असोज ३१ गते मुखमा पट्टी बाँधेर आएका एमाओवादी कार्यकर्ताहरूले धारिलो हतियार र लठ्ठी प्रहार गरी आक्रमण गरे। आक्रमणमा संलग्न व्यक्तिलाई कारबाहीको माग गर्दै शिक्षक केसीले इलाका प्रहरी कार्यालय, बाफीकोटमा ०७० कात्तिक ६ गते उजुरी दिए पनि प्रहरीले यस वर्षको अन्त्यसम्म कसैलाई गिरफ्तार गरेन। एमाओवादीको दबाबका कारण प्रहरीले गिरफ्तार गर्न नसकेको शिक्षक केसीले आरोप लगाए।

वाईसीएलबाट

छिवाङ्ग गाविस-१ मा खाना खाने समयमा होटलमा तरुण दल, रुकुमका जिल्ला सदस्य जेके बाठासँग विवाद गरिरहेका वाईसीएल कार्यकर्ताहरूबीच भइरहेको विवादलाई सामान्य बनाउन घटनास्थल पुगेका जिल्ला प्रहरी कार्यालय, रुकुमका प्रहरी जवान चेतलाल सिंह ठकुरीलाई काङ्ग्रेसको गार्ड बनेर आएको भन्दै ०७० असोज २८ गते राति करिब ९ बजे

वाईसीएलका कार्यकर्ताले कुटपिट गरी पेस्तोल खोसे। वाईसीएल कार्यकर्ताको कुटपिटबाट घाइते प्रहरी जवानको मुखमा चोट लागेको थियो भने टाउकामा चारओटा टाँका लगाइएको थियो। घटनामा संलग्नहरूलाई कुनै कारबाही भएन।

बाफीकोट गाविस-९ घर भई काठमाडौँ, थापाथलीस्थित इन्जिनियरिङ क्याम्पसका नेविसङ्घ एकाइ सहसचिव २० वर्षीय डम्बर केसी घरमा सुतिरहेको अवस्थामा बाहिर निस्कन लगाई ०७० कात्तिक २९ गते राति एमाओवादीका बाफीकोट गाविस इन्चार्ज चन्द्रबहादुर केसीको निर्देशनमा पुगेका वाईसीएल कार्यकर्ताहरू कस्तुप दाहाल, प्रकाश केसी, जसवीर कामीलगायतको समूहको धारिलो हतियार प्रहारबाट घाइते भए। टाउको, छाती तथा हातखुट्टामा चोट लागेका केसीको जिल्ला अस्पताल, सल्लेमा प्राथमिक उपचार भयो भने यस वर्षको अन्त्यसम्म घाइतेको थप उपचार शिक्षण अस्पताल, काठमाडौँमा भइरहेको छ। घाइतेको अवस्था सुधार हुँदै गइरहेको चिकित्सकले बताए।

एमाओवादी र काङ्ग्रेस कार्यकर्ताबीच झडप

संविधानसभा निर्वाचन प्रचारका क्रममा एमाओवादी कार्यकर्ता र काङ्ग्रेसका कार्यकर्ताहरूबीच आठबिसकोट गाविस-२ राडीबजारमा ०७० कात्तिक ३ गते साँझ झडप भयो। चुनावी सभाको कार्यक्रममा बास बस्न पुगेका काङ्ग्रेस र मार्च पास गरिरहेका एमाओवादीका कार्यकर्ताहरूबीच जम्काभेट हुँदा दुवै पक्षबीच दोहोरो झडप भयो। झडपमा दुली गाविस-१ निवासी तरुण दलका जिल्ला सदस्य ३५ वर्षीय जनककुमार बाठा, आठबिसकोट गाउँ एकाइ सभापति ३३ वर्षीय दीपक शाही, काङ्ग्रेस कार्यकर्ता आठबिसकोट गाविस-२ का ३२ वर्षीय गणेश सिंह घाइते भए। उपचारका लागि घाइतेहरूलाई ०७० कात्तिक ४ गते हेलिकप्टरमार्फत काठमाडौँ लगियो। घाइतेहरू काठमाडौँमा उपचारपछि घर फर्किए।

संविधानसभा निर्वाचन प्रचारप्रसारका क्रममा काङ्ग्रेसको विजयश्वरी गाविसस्थित शीतल क्याम्पसमा आयोजित चुनावी सभामा सहभागी काङ्ग्रेस कार्यकर्ता र बजार परिक्रमासँगै मार्चपास गरिरहेका एमाओवादी कार्यकर्ताबीच ०७० कात्तिक १४ गते झडप भयो। झडपलाई नियन्त्रणमा लिन प्रहरीले तीन राउन्ड अश्रुग्यास प्रहार गऱ्यो। सोही झडपको रिपोर्टिङमा गएका 'रेडियो सानो भेरी' एफएमका स्थानीय संवाददाता शेरप्रसाद ढकाल काङ्ग्रेसका कार्यकर्ताको आक्रमणबाट घाइते भए। काङ्ग्रेसले उक्त घटना 'भूलवश' भएको बतायो। सोही विषयमा 'रेडियो सानो भेरी'ले काङ्ग्रेसका समाचारहरू अनिश्चितकालका लागि प्रसारण नगर्ने भनी ०७० कात्तिक १९ गते विज्ञप्ति सार्वजनिक गऱ्यो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मग्गा गाविस-३ निवासी ३७ वर्षीय खम्बु खत्रीलाई राप्रपाका तर्फबाट संविधानसभाको निर्वाचनमा मतदान प्रतिनिधिका रूपमा सहभागी हुने थाहा पाएपछि ०७० मङ्सिर ३ गते साँझ एमाओवादीका कार्यकर्ताहरूले आक्रमण गरे। खत्रीसँगै अन्य चार जना नाम नखुलेका राप्रपाका कार्यकर्तालाई पनि फरक राजनीतिक आस्थाका कारण कुटपिट गरेको राप्रपाले जनायो।

बाफीकोट गाविस-६ निवासी ३१ वर्षीय काङ्ग्रेस कार्यकर्ता सीताराम केसी, सोही गाविस-१ का २४ वर्षीय मुगा मल्ल, सोही गाविस-२ का १९ वर्षीय चिरण मल्ल, सोही गाविस-६ का ३० वर्षीय डिलबहादुर

एमाओवादी कार्यकर्ताहरूले आक्रमण गरी घाइते बनाएका झूपलाल विष्ट र डम्बर केसी

खत्रीलगायत आठ जना कार्यकर्ताहरू बाफीकोट गाविसस्थित काङ्ग्रेस सभापति नरबहादुर चन्दको घरमा बसिरहेको अवस्थामा संविधानसभाको निर्वाचनमा पार्टी प्रतिनिधि खटिने आरोपमा ०७० मङ्सिर ३ गते राति एमाओवादी कार्यकर्ताहरूको आक्रमणबाट घाइते भए। घाइतेहरूको जिल्ला अस्पतालमा उपचार भयो। काङ्ग्रेसले घाइतेहरूलाई बाफीकोट गाविस-१ र ८ स्थित मतदान केन्द्रमा संविधानसभाको निर्वाचनमा पार्टी प्रतिनिधिका रूपमा खटाएको थियो। सोही दिन राति बाफीकोट गाविस-८ स्थानीदह निवासी गङ्गाराम ओलीको घरमा बसिरहेको अवस्थामा काङ्ग्रेस रुकुमका पार्टी सचिव हर्कसिंह खत्री र स्थानीय जङ्गबहादुर केसीलाई एमाओवादीका कार्यकर्ताले धारिलो हतियार र लाठी प्रहार गरे। टाउको र छातीमा चोट लागेका घाइतेको जिल्ला अस्पताल, सल्लेमा उपचार भयो।

आठबिसकोट गाविस-२ निवासी ३० वर्षीय एमाले जिल्ला कमिटी सदस्य वीरबहादुर शाही, सोही गाविस-८ का स्थानीय कार्यकर्ता जुद्धबहादुर सार्की, सोही ठाउँका २५ वर्षीय कैलो सार्की, वीरे सार्की, बलवरी सार्की, नन्दलाल पुन र भीमबहादुर सार्कीलाई संविधानसभा निर्वाचनका क्रममा आठबिसकोट गाविस-८ मा घरदैलो कार्यक्रम गरिरहेको अवस्थामा ०७० कात्तिक २९ गते एमाओवादीका स्थानीय कार्यकर्ता देवेन्द्र शाह भनिने दीपेन्द्रजङ्ग शाही, स्थानीय कार्यकर्ता टोपबहादुर ओली, सोही ठाउँका गर्जन भनिने कालो कुसारीको नेतृत्वमा आएको समूहको आक्रमणबाट घाइते भए। घाइतेको उपचार स्थानीय स्वास्थ्य चौकीमा भयो। पीडित पक्षले यस वर्षको अन्त्यसम्म कहीं उजुरी गरेन।

मग्गामा गाविस-६ निवासी काङ्ग्रेस कार्यकर्ता २३ वर्षीय सन्देश पुन र सोही ठाउँका २५ वर्षीय मनबहादुर बीसीलाई संविधानसभाको निर्वाचनमा पार्टी प्रतिनिधि रहेको आरोपमा ०७० मङ्सिर ३ गते राति एमाओवादी कार्यकर्ताहरूले मग्मा गाविस-१ मा धारिलो हतियार प्रहार गरी घाइते बनाए। टाउककामा चोट लागेपछि बेहोस भएका घाइते दुवैलाई एमाओवादीका कार्यकर्ताले स्थानीय औषधी पसलमा उपचारसमेत गर्न नदिएको काङ्ग्रेसले जनायो। घाइतेको जिल्ला अस्पताल, सल्लेमा प्राथमिक उपचार भयो भने काठमाडौंको शिक्षण अस्पतालमा यस वर्षको अन्त्यसम्म थप उपचार भइरहेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेका यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय ५४ थानमध्ये १ सय ९० थानको फैसला भयो भने ६४ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ८८ थानमध्ये १ सय २३ थानको फैसला भयो भने ६५ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

एक जना मात्र न्यायाधीश रहेका यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ६३ थानमध्ये ४७ थानको फैसला भयो भने १ सय १६ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय २२ थानमध्ये २१ थानको फैसला भयो भने १ सय १ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा छैनन्।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २९ थान छ, जसमध्ये २८ थान सफल भए भने एक थान असफल भयो। मुलतवी र तामेलीमा कुनै मुद्दा छैनन्। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी १० थान मुद्दामा ६ थान सफल भए भने चार थान असफल रहे। बलात्कारसम्बन्धी तीन थानमध्ये तीन थान नै सफल रहे। बहुविवाहसम्बन्धी परेको एक थान मुद्दा रह्यो। यस अवधिमा महिला बेचबिखन, अपहरण, बालविवाह र छुवाछूतसम्बन्धी कुनै मुद्दा नपरेको जिल्ला सरकारी वकिलको कार्यालयले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या २१ थान छ, जसमध्ये १८ थान सफल भए। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म १९ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ८३ हजार ७ सय २२ मध्ये छात्र ४० हजार ८ सय १२ र छात्रा ४२ हजार ९ सय १० प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ११ हजार ६० र छात्र १० हजार ४ सय ४ रहेका छन्। सरकारी

र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला २ सय ८० र पुरुष ७ सय ५८ गरी जम्मा १ हजार ३८ शिक्षक कार्यरत छन्। निमावि तहमा महिला १८ र पुरुष २ सय ६७ गरी जम्मा २ सय ८५ शिक्षक कार्यरत छन्। यसै गरी मावि तहमा महिला ५ र पुरुष १ सय ७१ गरी जम्मा १ सय ७६ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ५ हजार ९४ र बालिका २ हजार ८ सय २९ गरी जम्मा ७ हजार ९ सय २३ रहेका छन्, जसमध्ये दलित बालक ९ सय ५० र बालिका १२ सय ६६ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

नौ वर्षीय एक बालकलाई विवाह गर्छु भन्दै नुवाकोट गाविस-६ का १९ वर्षीय जीतु शर्माले ०६९ फागुन २३ गते घरबाट नेपालगन्ज लैजाँदै गरेको अवस्थामा प्रहरीले बाँके जिल्लाको कोहलपुरबाट गिरफ्तार गऱ्यो। प्रहरीको बयानमा आरोपितले बालकलाई विगत लामो समयदेखि जबरजस्ती अप्राकृतिक मैथुन गर्दै आएको प्रहरी बयानमा स्वीकार गरे। पीडितका आफन्तले ०६९ फागुन २५ गते जाहेरी दिए। आरोपितलाई दोषी ठहर गर्दै जिल्ला अदालत रुकुमले ०६९ चैत २५ गते नौ वर्षको कैद फैसला गऱ्यो।

६ वर्षीया एक बालिकालाई खोलागाउँ गाविस-४ का ६७ वर्षीय नरे खत्रीले ललाईफकाई ०७० असोज ११ गते आफ्नो कोठामा लगेर बलात्कार प्रयास गरेको भन्दै पीडित परिवारले प्रहरी चौकी, खोलागाउँमा ०७० असोज १५ गते उजुरी दियो। आरोपितलाई प्रहरीले ०७० असोज १६ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालत, रुकुमको आदेश अनुसार आरोपित ०७० कात्तिक १५ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

सात वर्षीया एक बालिकालाई घरमा कोही नभएको अवस्थामा ०७० भदौ १३ गते पेउघा गाविस-८ का ३० वर्षीय कालीबहादुर ओलीले अदुवाबारीमा लगेर बलात्कार गरेको आरोपमा प्रहरीले ०७० भदौ १४ गते गिरफ्तार गऱ्यो। बालिकाको जिल्ला अस्पताल, सल्लेमा उपचार भयो। आरोपितलाई प्रहरीले जबरजस्ती करणी अन्तर्गत भदौ १४ गते मुद्दा दर्ता गरेकामा जिल्ला अदालतको आदेश अनुसार ०७० असोज ४ गते पुर्पक्षका लागि आरोपित कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

सात वर्षीया एक बालिकालाई ०७० कात्तिक २८ गते साख गाविस-१ का २८ वर्षीय सुरेश परियारले बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० कात्तिक २९ गते प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले ०७० मङ्सिर १ गते आरोपितलाई घरबाट गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेश अनुसार ०७० मङ्सिर २३ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

२५ वर्षीया एक महिला घरमा रहेको अवस्थामा छिवाङ गाविस-४ का २१ वर्षीय कृष्ण विक, सोही ठाउँका २३ वर्षीय सागर रोका, २४ वर्षीय रामलाल बुढा, २५ वर्षीय बलबहादुर खत्रीले ०७० मङ्सिर १३ गते राति करिब १२ बजे महिलाको घरमा मदिरा सेवन गर्ने बहानामा पुगेको र पीडित शौचालय जान लाग्दा बलात्कार गरेको भन्दै पीडितले ०७० मङ्सिर १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले मङ्सिर १८ गते आरोपित चारै जनालाई घर-घरबाट गिरफतार गऱ्यो। प्रहरीका अनुसार गिरफ्तार गरिएका सबै मजदुरी गरेर पेट पाल्दै आएका थिए। जिल्ला अदालतको आदेश अनुसार आरोपित कृष्णबहादुर विक ०७० पुस १ गते पुर्पक्षका लागि कारागार चलान भए भने अन्य तीन जना सामान्य तारेखमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१९ वर्षीया एक युवतीलाई दुली गाविस-४ का ३५ वर्षीय बलबहादुर जैसीले ०७० साउन २५ गते बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले ०७० साउन २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले ०७० साउन २८ गते घरबाट गिरफ्तार गरेकामा ०७० मङ्सिर १९ गते जिल्ला अदालतले एक वर्षको कैद फैसला सुनायो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

हुकाम गाविस-२ की ३५ वर्षीया जगतमाया विकलाई सामान्य घरायसी विषयमा विवाद हुँदा ०७० जेठ २० गते राति १० बजे रन्मामैकोट गाविस-६ की ३५ वर्षीया लगन विकले धारिलो हतियार प्रहार गरी हत्या गरिन्। आफ्नै भाइबुहारी नाता पर्नेलाई हत्या

गरेको आरोपमा प्रहरीले लगनलाई सोही राति घरबाट गिरफ्तार गरेकामा जिल्ला अदालतले ०७० भदौ ३१ गते २० वर्ष कैदको फैसला गऱ्यो।

पेउघा गाविस-२ की ३५ वर्षीया मनकुमारी खड्कालाई घरमाथिबाट आइरहेको भल छेक्ने विषयमा विवाद गरेको आरोपमा ४५ वर्षीय जेठाजु तेजबहादुर खड्काले ०७० जेठ ३ गते कुटोले हिर्काएर हत्या गरेको पीडित पक्षले आरोप लगायो। भल छेक्ने नाली काटेर मनकुमारीको घरतर्फ लगाइदिएपछि मनकुमारीले त्यस्तो नगर्न भन्दा कोदालोले हिर्काएर हत्या गरेको स्थानीबासीहरूले बताए। घटना हुँदा मृतकका पति गणेश खड्का घरमा थिएनन्। हत्या गरी फरार भएका तेजबहादुरलाई ०७० असार ६ गते सिम्ली गाविसको सुलिहाले नजिक सानो भेरी नदी किनारमा प्रहरीले मृत अवस्थामा फेला पारेको थियो। निजले आत्महत्या गरेको हुन सक्ने प्रहरीले अनुमान गऱ्यो। पीडित पक्षले यस वर्षको अन्त्यसम्म कहीं उजुरी गरेन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	**१**		
स्वास्थ्यचौकी	**१४**		
उपस्वास्थ्यचौकी	**२७**		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	**४**	**२**	**२**
स्टाफ नर्स	**५**	**४**	**१**
ल्याब असिस्टेन्ट	**४**	**४**	
अहेब	**५६**	**४४**	**१२**
अनमि	**२४**	**१५**	**५**
खोप सुपरभाइजर	**१**	**१**	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	**१**		**१**
हेल्थ असिस्टेन्ट	**१५**	**१२**	**७**
माशिका	**३१**	**३१**	
स्वास्थ्य कार्यकर्ता	**३८**	**२७**	**११**

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यान दस मुद्दा दर्ता भए, जसमा पाँच जनालाई गिरफ्तार गरेका थिए। मानव बेचबिखन र ओसारपसार एक मुद्दा दर्ता भए, जसमा एक जनालाई गिरफ्तार गरेको थियो। ज्यान मार्ने उद्योग दुई मुद्दा दर्ता भए, जसमा दुई जनालाई गिरफ्तार गरेका थिए। बहुविवाह दुई मुद्दा दर्ता भए, जसमा दुई जनालाई गिरफ्तार गरेका थिए। जबरजस्ती करणी पाँच मुद्दा दर्ता भए, जसमा सात जनालाई गिरफ्तार गरेको थियो।

विगतको अनुगमन

बेचबिखन तथा ओसारपसार

भलाक्चा गाविस-५ की २२ वर्षीया एक महिलालाई चौखाबाग गाविस-७ का ३२ वर्षीय सुशील विकले फरक थर बताई ०६८ चैत २८ गते विवाह गर्छु भनी भगाए। पीडितलाई नेपालगन्जको नाम नखुलेको एक होटलमा राखेर समय-समयमा बिनाकारण कुटपिट गरी शारीरिक र मानसिक यातना दिई आफूलाई बेच्ने प्रयास गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालय, रुकुममा ०६९ माघ २६ गते मानव बेचबिखन तथा ओसारपसार मुद्दा दर्ता गराइन्। पीडितको निवेदनका आधारमा जिल्ला प्रहरी कार्यालयले आरोपितलाई खलङ्गाबाट ०६९ माघ २८ गते गिरफ्तार गरेकामा जिल्ला अदालत, रुकुमले ०७० असार १२ गते आरोपितउपर एक वर्षको कैद फैसला सुनायो।

४.६ बाँके



जिल्ला सदरमुकाम: नेपालगन्ज
क्षेत्रफल (वर्ग कि. मि.): २,३३७
घरधुरी सङ्ख्या: ५४,७७३
जम्मा जनसङ्ख्या: ४,५१,३१३
पुरुष: २,४४,२५५
महिला: २,४७,०५८
अपाङ्ग सङ्ख्या: ७,४६८
गाविस/नपा सङ्ख्या: ४६/१
पुरुष साक्षरता सङ्ख्या: १,५८,५४१
महिला साक्षरता सङ्ख्या: १,२८,५४८
हिन्दू धर्मावलम्बी प्रतिशत: ७८.४२
बौद्ध धर्मावलम्बी प्रतिशत: १.१४
इस्लाम धर्मावलम्बी प्रतिशत: १८.५८
किराँत धर्मावलम्बी प्रतिशत: ०.०३
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.३२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
जैन धर्मावलम्बी प्रतिशत: ०.०१
शिख धर्मावलम्बी प्रतिशत: ०.००८
अन्य धर्मावलम्बी प्रतिशत: ०.०८
प्रतिपरिवार सरदर सङ्ख्या: ५.१८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

गैरराज्यपक्षबाट

तराई जनतान्त्रिक पार्टी मधेसबाट

खजुराखुर्द गाविस-४ का ३५ वर्षीय दलबहादुर थापामगर ०६९ फागुन १० गते साइकलमा घरबाट इन्द्रपुरस्थित कत्था मिलमा जाँदै गरेको अवस्थामा भारतीय मोटरसाइकलमा आएका दुई जना अज्ञात व्यक्तिले गोली हानी हत्या गरे। घटनालगत्तै प्रहरीले चेकजाँचका क्रममा भारतीय नागरिक २२ वर्षीय प्रताप सिंह र २४ वर्षीय विशाल सिंहलाई हतियारसहित नेपालगन्ज नपा-१ बाट गिरफ्तार गऱ्यो। उक्त घटनाको तराई जनतान्त्रिक पार्टी, मधेसले जिम्मेवारी लिएको प्रहरीले जनायो। जिल्ला अदालतको आदेश अनुसार आरोपितहरू ०६९ चैत ७ गते कारागार चलान भएकामा यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। मृतकको पोस्टमार्टम भेरी अञ्चल अस्पताल, नेपालगन्जमा भयो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

गैरराज्यपक्षबाट

तराई जनतान्त्रिक मधेस पार्टीबाट

नेपालगन्ज नपा-७ का २८ वर्षीय गौरव मल्ललाई ०६९ माघ ११ गते बजारबाट घर गइरहेको अवस्थामा सोही नपास्थित रामलीला मैदाननजिक दुई जनाको सङ्ख्यामा मोटरसाइकलमा चढी आएका व्यक्तिले गोली हानी घाइते बनाए। मल्ललाई प्रहरीको सहयोगमा सोही दिन उपचारका लागि भेरी अञ्चल अस्पताल, नेपालगन्ज लगियो। टाउकामा चोट लागेका मल्लको नेपालगन्ज मेडिकल कलेज र भारतको लखनउमा समेत उपचार भयो। स्थानीय पत्रकारहरूलाई फोनमार्फत तराई जनतान्त्रिक पार्टी, मधेसका अध्यक्ष मुकेश चौधरी भनिने अर्जुन सिंहले आफ्नो पार्टीको सुराकी गरेको आरोपमा कारबाही गरेको बताए। उक्त पार्टीले सोही दिन पुनः सञ्चारकर्मीलाई फोनमार्फत घटनामा सर्वसाधारण परेको भन्दै शीघ्र स्वास्थ्य लाभको कामना गर्दै गल्ती स्वीकार गऱ्यो। हत्या घटनामा गिरफ्तार भएका भारतीय नागरिक २२ वर्षीय प्रताप सिंह र २४ वर्षीय विशाल सिंहले आफूले गोली हानेको स्वीकारेको प्रहरीले बतायो। जिल्ला अदालतको आदेश अनुसार आरोपित दुवै जना ०६९ चैत ७ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

जेल र बन्दी

'ग' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २ सय ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २ सय जना कैदी र कैद नतोकिएका २ सय ६३ जना थुनुवा गरी जम्मा ४ सय ६३ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक तीन जना रहेका छन्। वि.सं. २००० मा निर्माण भएको

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१	१
बालअधिकार				१३	२	१५
अपहरण					३	३
महिलाअधिकार				३३		३३
जेलमा मृत्यु	१		१			
गिरफ्तारी/यातना		८	८			
कुटपिट		२	२	१	३	४
धम्की					६	६
हत्या				५	२	७
जम्मा	१	१०	११	५२	१७	६९

जिल्ला कारागारको भौतिक अवस्था जीर्ण रहेको छ।

बाँके कारागारका कैदीहरूबीच ०७० असार १९ गते भएको झडपमा वसुदेवपुर गाविस-८ घर भई ज्यान मुद्दामा रहेका २४ वर्षीय भोला महाउत, भवानीयापुर गाविस-८ घर भई हातहतियार तथा खरखजाना मुद्दामा परेका २९ वर्षीय त्रिभुवन चौहान, रनियापुर गाविस-३ घर भई अपहरण मुद्दामा रहेका २२ वर्षीय रिजाजुद्दिन खाँ र सोही ठाउँ घर भई अपहरण मुद्दामा रहेका २५ वर्षीय समिर खाँ घाइते भए। घाइतेहरूको उपचार भेरी अञ्चल अस्पताल, नेपालगन्जमा भयो। कैदीहरूको एक समूहले कारागारका चौकीदार डम्बर शाही र नाइके रमेश मौर्यलाई हटाउनुपर्ने माग गरेपछि भएको विवाद झडपमा परिणत भएको थियो।

बेपत्ता/अपहरण

गैरराज्यपक्षबाट

तराई जनतान्त्रिक मधेस पार्टीबाट

नेपालगन्ज नपा-२ का ३७ वर्षीय देवेन्द्र शर्मालाई ०७० भदौ २४ गते हिरमिनिया गाविस-५ स्थित पुरानो इँटाभट्टाबाट अज्ञात समूहले अपहरण गऱ्यो। अपहृत शर्मा ०७० भदौ ३० गते १० लाख रुपियाँ बुझाएर भारतको नानपाराबाट अपहरणमुक्त भएको पीडितले जनाए। अपहरण गरी फिरौती असुलेको आरोपमा बेतहनी गाविस-१ का ३७.वर्षीय ध्रुवकुमार चौधरी कुर्मी, होलिया गाविस-१ का २८ वर्षीय नूर अहमद दर्जी, होलिया गाविस-७ का ३९.वर्षीय वेदराम पासी र रनियापुर गाविस-५ का ४२ वर्षीय सिकन्दर खाँलाई हिरमिनिया गाविस-८ बाट प्रहरीले ०७० मङ्सिर १५ गते गिरफ्तार गऱ्यो। गिरफ्तार भएका आरोपितलाई प्रहरीले मङ्सिर १७ गते पत्रकार सम्मेलनमार्फत सार्वजनिक गऱ्यो। प्रहरीले आरोपितहरूलाई तराई जनतान्त्रिक पार्टी, मधेसका सक्रिय कार्यकर्ता भएको जनायो। जिल्ला अदालतको आदेश अनुसार आरोपितहरू ०७० पुस ४ गते पुर्पक्षका लागि कारागार चलान भए।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

तराई जनतान्त्रिक पार्टी मधेसबाट

नेपालगन्ज नपा-२ निवासी नेपालगन्ज उद्योग वाणिज्य सङ्घ, बाँकेको निर्वाचनमा समावेशी समूहका तर्फबाट अध्यक्ष पदका उम्मेदवार ४६ वर्षीय कृष्णप्रसाद श्रेष्ठलगायत प्यानलका सदस्यहरूलाई भारतीय मोबाइल नम्बरबाट एसएमएसद्वारा धम्की आएको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा ०६९ माघ २७ गते सुरक्षाको माग गर्दै निवेदन दियो। निर्वाचन तयारीका क्रममा प्रचार-प्रसारका लागि घरदैलो अभियान चलिरहेको समयमा ०६९ माघ २६ गतेदेखि धम्की आउन सुरु भएको पीडित पक्षले बतायो। पीडितहरूले पत्रकार सम्मेलनमार्फत ०६९ माघ २७ गते अधिकारकर्मी र सञ्चारकर्मीसँग सुरक्षाका लागि पहल गरिदिन आग्रह गरेका थिए। घटनामा संलग्न व्यक्तिलाई प्रहरीले यस वर्षको अन्त्यसम्म गिरफ्तार गरेन।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सबै दलको सहमतिबिना संविधानसभाको निर्वाचन हुन नसक्ने र तीन दलको सहमतिले संविधान नबन्ने भन्दै नौबस्ता गाविस-५ र ९ मा सङ्कलन गरिएका मतदाता नामावली सङ्कलन फारम ०६९ चैत ११ गते नेकपा-माओवादीका कार्यकर्ताले च्याते। नेपाल राष्ट्रिय निमाविमा फारम भरिरहेको समयमा आफूलाई नेकपा-माओवादीका कार्यकर्ता बताउने समूहले मतदाता प्रक्रिया रोक्न निर्देशन दिएको भन्दै फारमहरू च्यातेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

पाँच जना जिल्ला न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ हजार १९ थानमध्ये १ सय २८ थानको फैसला भयो भने ८ सय ९१ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ३ सय ५ थानमध्ये २ सय २४ थानको फैसला भयो भने १ हजार ८१ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ३८ र देवानी मुद्दा ३७ थान छन्।

०७० साउनदेखि ०७० पुस १६ गतेसम्म

यस जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ १ हजार ५ सय ११ थानमध्ये ८ सय ३८ थानको फैसला भयो भने ६ सय ७३ थान बाँकी रहे। देवानी मुद्दातर्फ २ हजार ४७ थानमध्ये १ हजार १ सय ६ थानको फैसला भयो भने ९ सय ४१ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी १२ र देवानी मुद्दा ११ थान छन्।

पुनरावेदन अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

१० जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ ७ सय ८७ थानमध्ये २ सय १२ थानको फैसला भयो भने ५ सय ७५ थान बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय २४ थानमध्ये १ सय ३४ थानको फैसला भयो भने ३ सय ९० थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी ३१ र देवानी मुद्दा २७ थान छन्।

०७० साउन देखि ०७० पुस १६ सम्म

यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ २ सय ५४ थानमध्ये १ सय ५८ थानको फैसला भयो भने ९६ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ९८ थानमध्ये १ सय ५ थानको फैसला भयो भने ९३ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी ५७ र देवानी मुद्दा ४६ थान छन्।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४ सय ९३ थान छ, जसमध्ये १ सय ३३ थानको फैसला भयो। फैसला भएका मध्ये १ सय २१ थान सफल भए भने १२ थान असफल भए। ०७० पुस १६ गतेसम्म ३ सय ६० थान मुद्दा बाँकी छन्। मुलतवी र तामेलीमा कुनै मुद्दा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ सम्म दायर मुद्दा २ सय २५ थान चालू अवस्थामा रहेका छन्। सरकारी वकिलको सङ्ख्या दुई जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ५ सय ८५ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी २६ थानमध्ये ८ थान सफल भए भने १८ थानको फैसला हुन बाँकी छ। बलात्कारसम्बन्धी ३७ थानमध्ये पाँच थान सफल भए भने ३२ थान असफल रहे। महिला बेचबिखनसम्बन्धी परेका १४ थानमध्ये एक थान सफल र १३ थान असफल रहे। अपहरणसम्बन्धी परेका सात थानमध्ये सबै चालू अवस्थामा रहेका छन्। बहुविवाहसम्बन्धी परेका १९ थानमध्ये एक थान सफल भयो भने १८ थान असफल रहे। बालविवाहसम्बन्धी परेको एक थान मुद्दा रह्यो। छुवाछूतसम्बन्धी कुनै पनि मुद्दा दर्ता नभएको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

नौवस्ता गाविस–२ का ४२ वर्षीय पदमबहादुर शाहीलाई ०७० असार ९ गते नेपालगन्जबाट कोहलपुर जाने क्रममा गाडीवालासँग भाडाको विषयमा विवाद गरेको आरोपमा कोहलपुर चोकमा रहेका प्रहरीले कुटपिट गरे। त्यस पछि मोटरसाइकलमा राखी इलाका प्रहरी कार्यालय कोहलपुरमा पुऱ्याई सई नरपति भट्टलगायत प्रहरीहरूले कुटपिट गरेको पीडितले बताए। कुटपिटबाट उनको दाँतसमेत भाचिएको थियो।



प्रहरी हिरासतमा यातना पाएका पदमबहादुर शाही र भूपबहादुर विष्ट

शाहीलाई रिहा गर्न आएका साथीहरूबाट प्रहरीको पड्खा भाँचेको भन्दै २८ सय रुपियाँ माग गरेकामा शाहीले १४ सय रुपियाँ तिरेका थिए। शाहीले कानुनी कारबाहीको माग गर्दै ०७० असार १८ गते राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगन्जमा उजुरी दिए। घटनाका सम्बन्धमा इलाका प्रहरी कार्यालय कोहलपुरका डीएसपी माधव श्रेष्ठले पदमलाई प्रहरीले यातना नदिएको दाबी गरे। पूर्वप्रहरी रहेका पदमले प्रहरीले हिरासतमा यातना दिएको भन्दै ०७० साउन ९ गते जिल्ला अदालतमा घटनामा संलग्न प्रहरीमाथि कारबाही तथा क्षतिपूर्तिको माग गर्दै मुद्दा दायर गरे। यस वर्षको अन्त्यसम्म मुद्दाको सुनुवाइ भएको छैन।

बैजापुर गाविस-६ निवासी २४ वर्षीय 'नयाँ कोर्स' दैनिकका सहसम्पादक तथा 'न्युज २४' मा कार्यरत पत्रकार हेमन्त चौधरीलाई पुष्पलाल चोकबाट प्रेसतर्फ गइरहेको अवस्थामा ०७० साउन २२ गते राति पुष्पलाल चोकमा ड्युटीमा खटिएका दङ्गा नियन्त्रण प्रहरी गण, कोहलपुरमा कार्यरत प्रहरी जवान गान्धीराज गुरुङले कुटपिट गर्नुका साथै दुर्व्यवहार गरे। जिल्ला प्रहरी कार्यालयले ०७० साउन २३ गते इन्स्पेक्टर शिव सिंहको नेतृत्वमा छानबिन समिति गठन गरेको जनायो। घटनामा संलग्न प्रहरीलाई ०७० साउन २७ गते पहिलोपटक चेतावनी दिई आन्तरिक कारबाही गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो।

कचनापुर गाविस-७ का ३७ वर्षीय भूपबहादुर विष्टलाई प्रहरी हवल्दारसँग विवाद गरेको आरोपमा प्रहरी चौकी अगैयामा कार्यरत असई ४२ वर्षीय बुद्धिराज शर्मा, सोही कार्यालयमा कार्यरत प्रहरीले ०७० साउन १ गते हिरासतमा पालैपालो लाठी, मुक्का, लात्ती र बुटले कुटपिट गरेको भन्दै ०७० साउन ९ गते पीडितले जिल्ला अदालतमा यातना क्षतिपूर्तिसम्बन्धी मुद्दा दिए। उनको आँखा, दाँत र आँठमा चोट लागेको थियो भने कुम, तिघ्रामा नीलडाम परेका घाइतेको भेरी अञ्चल अस्पताल, नेपालगन्जमा उपचार भयो। पिठ्यूमा बुटले कुल्चेको जस्तो देखिने, छाला निस्केको घाउ थियो। छातीमा लागेको चोटका कारण खोक्दा खकारमा रगत निस्कने गरेको पीडितले बताए। प्रहरीले विष्टलाई ०७० साउन २ गते बिहान आफन्तलाई जिम्मा लगाएको थियो। विष्टलाई रिहा गराउन डम्बरबहादुर खत्री चौकीमा पुग्दा प्रहरीले उनलाई पनि हत्कडी लगाएर कुटपिट गरी १० पटक कान समातेर उठबस गराएपश्चात् कागजमा दस्तखत गराएर दुवैलाई रिहा गरेको खत्रीले बताए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ८१ हजार ८ सय ३ मध्ये छात्र ४० हजार १ सय १० र छात्रा ४१ हजार ६ सय ९३ जना प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्र ८ हजार ४ सय ३७ र छात्रा ८ हजार ४ सय २८ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला २ सय ७८ र पुरुष ५ सय ८ गरी जम्मा ७ सय ८६ शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला ३१ र पुरुष १ सय ४६ गरी जम्मा १ सय ७७ शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला २२ र पुरुष १ सय २७ गरी जम्मा १ सय ४९ शिक्षक रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बेचबिखन र ओसारपसार

दाङ तुलसीपुर नपा-३ की १६ वर्षीया एक किशोरीलाई तुल्सीपुरबाट जागिर लगाइदिने भन्दै नेपालगन्ज नपा-८ की ५० वर्षीया लक्ष्मी कौशलले ०६९ माघ २० गते ल्याई आफ्नो घरमा राखेर यौन कार्यमा लगाएको भन्दै पीडित पक्षले ०६९ माघ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपित लक्ष्मीलाई ०६९ फागुन १ गते घरबाट गिरफ्तार गऱ्यो भने पीडितलाई ०६९ फागुन १ गते आफन्तको जिम्मा लगायो। मुद्दा सम्बन्धमा जिल्ला अदालतले ०७० जेठ २६ गते १० वर्ष कैद र ५० हजार रुपियाँ जरिवानाको फैसला गऱ्यो।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

१४ वर्षीया एक बालिका घरनजिकैको मितेरी सामुदायिक वनमा बाखा चराउन गएको अवस्थामा कोहलपुर गाविस-६ का २० वर्षीय मनोज थारूले ०७० असोज २८ गते बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० असोज २९ गते इलाका प्रहरी कार्यालय, कोहलपुरमा उजुरी दियो। घटनापछि गाउँलेले सोही दिन गिरफ्तार गरेका आरोपितलाई इलाका प्रहरी कार्यालय, कोहलपुरका प्रहरीलाई ०७० असोज २८ गते गाउँमा बोलाई जिम्मा लगाए। पीडितको भेरी अञ्चल

अस्पताल, नेपालगन्जमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालत, बाँकेको ०७० कात्तिक १५ गतेको आदेश अनुसार आरोपित पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

६ वर्षीया र आठ वर्षीया दुई बालिकालाई नौवस्ता गाविस-२ का ३७ वर्षीय पूर्ण परियारले ०७० वैशाख २८ गते अप्राकृतिक यौनजन्य दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले ०७० वैशाख २९ गते उजुरी दियो। प्रहरीले आरोपितलाई ०७० वैशाख २९ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार ०७० जेठ १४ गते आरोपित पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। पीडितको स्वास्थ्य परीक्षण भेरी अञ्चल अस्पतालमा भयो।

१४ वर्षीया एक बालिकालाई ५० वर्षीय बाबुले पटक-पटक बलात्कार गरेको भन्दै बालिकाकी आमाले ०७० भदौ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले ०७० भदौ २२ गते घरबाट गिरफ्तार गऱ्यो। उजुरीमा अकबरले चार वर्षीया अर्की छोरीलाई पनि बलात्कार गरेको उल्लेख छ। जिल्ला अदालतको आदेश अनुसार आरोपित ०७० असोज १६ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। पीडितको स्वास्थ्य परीक्षण भेरी अञ्चल अस्पताल, नेपालगन्जमा भयो।

पाँच वर्षीया एक बालिकालाई उढरापुर गाविस-७ का २८ वर्षीय गङ्गाबहादुर बुढाले ०७० साउन १ गते बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० साउन १ गते जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी दियो। प्रहरीले आरोपितलाई ०७० साउन २ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको ०७० साउन ३ गते भेरी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको आदेश अनुसार आरोपित ०७० साउन ३० गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१३ वर्षीया एक बालिकालाई नौवस्ता गाविस-३ का २० वर्षीय पदमबहादुर विकले ०७० जेठ १२ गते बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० जेठ १३ गते इलाका प्रहरी कार्यालयमा उजुरी दर्ता गरायो। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०७० असार ४ गतेको आदेश अनुसार आरोपित पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

कुटपिट

हिर्मिनिया गाविस-१, भनघोट्ना घर भई भेरी जोन इङ्लिस मिडियम स्कुलमा नर्सरी कक्षामा अध्यनरत आठ वर्षीय बालक अजय धोबीलाई नेपाली विषयको पढाइ भइरहेको समयमा अन्य विद्यार्थीसँग चलेको आरोपमा ०७० असार ९ गते शिक्षिका ३६ वर्षीय आराधना रानाको कुटपिटबाट आँखामा चोट लाग्यो। अजयलाई विद्यालयले सोही दिन उपचारका लागि नेपालगन्जस्थित फत्तेवाल आँखा अस्पतालमा पुऱ्यायो। आँखाको उपचार खर्च विद्यालयले बेहोर्ने भनेपछि सुरुमा पीडित परिवारले घटना सार्वजनिक गरेन। आँखाको ज्योति गुमेको र थप उपचारका लागि काठमाडौँ तिलगङ्गा आँखा अस्पतालमा लैजान ०७० असार १७ गते फत्तेवाल आँखा अस्पतालले रिफर गरेपछि पीडित परिवारले उक्त घटना असार १८ गते सार्वजनिक गऱ्यो। उपचारमा संलग्न फत्तेवाल आँखा अस्पतालका डा. वासुप्रसाद अधिकारीले अजयको बायाँ आँखाको नानी च्यातिएको र हेर्ने शक्ति नभएको हुँदा थप उपचारका लागि काठमाडौँ रिफर गरिएको जानकारी दिए। बालकका बुबा मैकुलालले कानुन अनुसार कारबाहीको माग गर्दै ०७० असार १८ गते सिविन बाल हेल्पलाइन, नेपालगन्जमा निवेदन दिए। उनलाई थप उपचारका लागि काठमाडौँस्थित तिलगङ्गा आँखा अस्पतालमा पुऱ्याएर उपचार गर्दा समेत ठीक नभएपछि अस्पतालले बालकलाई घर पठायो। आरोपित शिक्षिकालाई जिल्ला सरकारी वकिल कार्यालयबाट ०७० साउन १४ गते आवश्यक परे बोलाउने भनी छोडेकामा जिल्ला अदालतले ०७० साउन ९ गते ५ सय रुपियाँ धरौटीमा रिहा गऱ्यो। पीडितले ०७० असार २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराएकी थिइन्। इन्सेक, सिविन, बाँके युनेस्को क्लब, बेसलगायतका संस्थाले पीडितलाई उपचारका लागि आर्थिक सहयोग गरेका थिए।

बेचबिखन तथा ओसारपसार

कचनापुर गाविस-२ की १२ वर्षीया एक बालिकालाई ललाईफकाई भारतमा बेच्न खोजेको आरोपमा कचनापुर गाविस-२ की ३० वर्षीया देवकुमारी चौधरी, सोही ठाउँका ३२ वर्षीय चुन्नीलाल चौधरी र भारतीय नागरिक अजयप्रसाद गौँडलाई कञ्चनपुरको गड्डाचौकी प्रहरीले बालिकासहित ०६९ चैत २४ गते गिरफ्तार गरी अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय, कोहलपुरमा सोही दिन पठायो।

जिल्ला अदालतको आदेश अनुसार आरोपित तीन जना ०७० वैशाख २३ गते पुर्पक्षका लागि कारागार चलान भए। बाँके जिल्ला अदालतबाट ०७० पुस १ गते आरोपितहरूले निर्दोष रहेको भनी सफाइ पाए।

तालाबन्दी

कोहलपुर गाविस-६, पिपरीस्थित नमुना सरस्वती निमावि व्यवस्थापन समितिको निर्वाचनको विषयमा विवाद उत्पन्न भएपछि ०७० जेठ २६ गतेदेखि अभिभावकहरूले गरेको तालाबन्दीका कारण ०७० असार १६ गतेसम्म विद्यालय बन्द भयो। बन्दका कारण विद्यालयमा अध्ययनरत ४ सय ५६ जना विद्यार्थीको पठनपाठन अवरुद्ध भयो। विद्यालय व्यवस्थापन समिति अध्यक्ष पदका लागि राजनीतिक चलखेलका कारण बन्द भएको विद्यालयका प्रअ जितबहादुर थापाले जनाए। अभिभावहरूले विद्यार्थीलाई अन्य स्कुलमा भर्नाका लागि पठाउन थालेपछि तेस्रो व्यक्तिलाई अध्यक्षमा मनोनीत गरे। विद्यालयको पठनपाठन ०७० साउन १५ गतेदेखि सुरु भयो

कमलरी संयुक्त सङ्घर्ष समितिले कमलरी हत्या घटना छानबिन हुनुपर्ने तथा कमलरी राख्नेलाई जेल पठाउने माग राख्दै ०७० वैशाख ३ र ४ गते पश्चिम तराईका बाँके, बर्दिया, दाङ, कैलाली र कञ्चनपुर जिल्ला बन्दको आह्वान गऱ्यो। जिल्लाका सम्पूर्ण शैक्षिक संस्थाहरू बन्द हुँदा बालबालिकाको पठनपाठन प्रभावित भयो। ०७० जेठ १५ गतेबाट सङ्घर्ष समिति धर्नामा बस्यो। नेपाल सरकार र आन्दोलनरत कमलरी संयुक्त सङ्घर्ष समितिबीच ०७० जेठ २४ गते भएको १० बुँदे सहमतिपछि धर्ना कार्यक्रम फिर्ता भयो।

नेकपा-माओवादीसहित ३३ दलीय मोर्चाले ०७० कात्तिक २५ गतेदेखि ०७० मङ्सिर ५ गतेसम्म आह्वान गरेको आमहडताल र बन्दका कारण जिल्लाको जनजीवन प्रभावित भयो। बन्दका कारण कलकारखाना, उद्योगधन्दा र विद्यालय सञ्चालनमा आएनन्। मोटरसाइकललगायत छोटो दूरीका सवारीसाधनहरू सञ्चालनमा आए पनि लामो दूरीका सवारी साधनहरू सञ्चालनमा आउन सकेनन्। राजनीतिक दलका चुनाव प्रचार/प्रसारका सवारी साधन भने निर्बाध रूपमा सञ्चालनमा आए। यस अवधिमा विद्यालयहरू पूर्ण रूपमा बन्द रहे।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार हत्या

वसुदेवपुर गाविस-६ की ३३ वर्षीया पानसा सिंह घरमा रहेको अवस्थामा दैलेख जिल्ला लकन्द्रा गाविस-६ का ३० वर्षीय ओपेन्द्र भनिने उदयबहादुर शाहीले ०७० जेठ २ गते हत्या गरेको आरोपमा प्रहरीले ०७० जेठ १८ गते आरोपितलाई सुर्खेतबाट गिरफ्तार गऱ्यो। सिंहलाई घाँटी थिचेर हत्या गरी कोठाको भित्तामा रहेको काठको खुट्किलोमा झुन्ड्याई उदय भागेको प्रहरीले बतायो। जिल्ला अदालतको आदेश अनुसार आरोपित ०७० असार १६ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। प्रहरीका अनुसार शाही नियमित रूपमा पीडितको घरमा आउने जाने गर्थे।

बेचबिखन तथा ओसारपसार

२० वर्षीया एक युवतीलाई नेपालगन्ज नपा-५ की २६ वर्षीया कमला पुनले विदेश पठाउने भन्दै एक जना नाम नखुलेका गुरुङ थरका व्यक्तिसँग सम्पर्क गराई ०७० असोज २४ गते भारत पुऱ्याएको र भारतको मनिकापुरमा एक महिलाको जिम्मा लगाई यौन शोषण गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा ०७० मङ्सिर १२ गते उजुरी दिइन्। शौचालय जाने बहानामा ०७० मङ्सिर ७ गते युवती भागेर नेपाल फर्किन्। आरोपित पुनलाई प्रहरीले ०७० मङ्सिर ११ गते घरबाट गिरफ्तार गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

सुर्खेत जिल्ला घर भई भारतको लदाखमा पतिसँग बस्दै आएकी ३२ वर्षीया एक महिलालाई सोही ठाउँमा काम गर्दै आएकी सिन्धुपाल्चोक जिल्ला तिपिने गाविस-६ की ४५ वर्षीया माया तमाङले दिल्लीमा राम्रो काम लगाइदिने भन्दै ०७० असार १८ गते १ हजार ७ सय भारतीय रुपियाँ दिएर दिल्लीमा एक नाम नखुलेका व्यक्तिलाई फोन गरी पीडितलाई दिल्ली पठाइन्। दिल्लीमा उक्त व्यक्तिले पीडितलाई जिवी रोडस्थित ५६ नम्बर कोठीमा पुऱ्यायो र यौन शोषणमा लगाएको पीडितले बताइन्। उक्त कोठीमा मकवानपुर गाविस-८ का रामशरण दर्लामी मगर र सोही जिल्ला डाँडाखर्क गाविस-९ का जीवन राना मगरले पीडितको अवस्था देखेर पीडितकी आमालाई फोनमार्फत जानकारी गराए। पीडितकी आमाले माइती नेपाल, नेपालगन्जमा जानकारी गराएपश्चात् माइती इन्डियाको सहयोगमा

पीडितलाई घर फर्काइयो भने आरोपित माया तमाङलाई माइती इन्डियाको सहयोगमा कृष्णनगर इलाका प्रहरी कार्यालय, कपिलवस्तुमा ०७० असोज १७ गते पुऱ्याइयो। जिल्ला अदालत बाँकेको आदेश अनुसार आरोपित ०७० कात्तिक ११ गते पुर्पक्षका लागि कारागार चलान भइन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

मोरङ जिल्ला घर भएकी २८ वर्षीया र काभ्रे जिल्ला घर भएकी २६ वर्षीया दुई महिलालाई ०६९ फागुन १४ गते दिल्लीमा राम्रो काम लगाइदिने भन्दै काभ्रे जिल्ला, सिसाखानी गाविस-७ का २३ वर्षीय डिलबहादुर लामाले नेपालगन्ज नाका भएर भारत लैजाँदै गर्दा जमुनाहा प्रहरी चौकी र माइती नेपालले शङ्काका आधारमा सोधपुछ गर्दा बेचबिखनका लागि भारत लैजाँदै गरेको खुलेपछि ०६९ फागुन १९ गते आरोपितलाई प्रहरीले जयसपुर गाविसस्थित जमुनाहाबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार आरोपित ०६९ चैत २६ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

नवलपरासी जिल्ला घर भएकी अन्दाजी ३२ वर्षीया एक महिलालाई ०६९ फागुन ५ गते नवलपरासी जिल्ला, मकर गाविस-४ की २६ वर्षीया सम्झना विकले विदेश पठाइदिने भन्दै भारत लैजाँदै गरेको अवस्थामा नेपालगन्जस्थित जमुनाहमा माइती नेपाल र नेपाल प्रहरीले सोधपुछ गर्ने क्रममा फकाएर लैजाँदै गरेको खुलेपछि आरोपितलाई ०६९ फागुन ९ गते जयसपुर गाविसस्थित जमुनाहाबाट प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार आरोपित ०६९ चैत ४ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

२६ वर्षीया एक महिला धनगढी जाने बस खोज्दै नेपालगन्ज नपा-५, बसपार्क पुगेको अवस्थामा ०६९ फागुन २४ गते राति सुर्खेत जिल्ला मालारानी गाविस-९ का २२ वर्षीय रूपलाल डीसी, खासकुश्मा गाविस-२ का १६ वर्षीय एक बालकले बसभित्र सामूहिक बलात्कार गरेको पीडितले आरोप लगाइन्। घटनास्थलमा पीडित रोएको सुनेपछि बसपार्क सुरक्षार्थ खटिएका प्रहरी घटनास्थलमा पुग्दा आरोपित दुवै भागेका थिए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले दुवै जनालाई ०६९ फागुन २५ गते नेपालगन्जबाट गिरफ्तार गऱ्यो। आरोपितहरूले धनगढी जाने बस यही हो भन्दै ना४ख ५३४ नम्बरको बसभित्र बलात्कार गरी भागेको पीडितले आरोप लगाइन्। युवती रोइकराइ गरिरहेको अवस्थामा प्रहरीले उद्धार गरी भेरी अञ्चल अस्पताल, नेपालगन्जमा उपचार गरेको प्रहरीले जनायो। जिल्ला अदालतको आदेश अनुसार ०६९ चैत २२ गते आरोपित रूपलाल पुर्पक्षका लागि कारागार चलान भए भने आरोपित बालकलाई सुधार गृहमा राख्ने आदेश दियो। अचार्य यस वर्षको अन्त्यसम्म पोखरास्थित बाल सुधार गृहमा रहेका छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

६० वर्षीया एक वृद्धालाई उढरापुर गाविस-२ का ५५ वर्षीय भतिजा नाता पर्नेले ०७० भदौ १२ गते बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० भदौ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई ०७० भदौ १४ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार आरोपित ०७० असोज ८ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन। पीडितको स्वास्थ्य परीक्षण भेरी अञ्चल अस्पतालमा भयो।

२५ वर्षीया एक महिलालाई उढरापुर गाविस-८ का २५ वर्षीय कलिम राय र सोही गाविस-९ का २९ वर्षीय जहरु भाटले घरनजिकैको जङ्गलमा ०७० भदौ ७ गते बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय, खजुरामा उजुरी दियो। प्रहरीले आरोपित रायलाई ०७० भदौ ८ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार आरोपित राय ०७० असोज २ गते पुर्पक्षका लागि कारागार चलान भए। आरोपित भाट यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। पीडितको स्वास्थ्य परीक्षण भेरी अञ्चल अस्पताल, नेपालगन्जमा भयो।

३५ वर्षीया एक महिलालाई कम्दी गाविस-९ का ५५ वर्षीय छविलाल शर्माले सोही गाविस-७ स्थित ववनपूर्वा सामुदायिक वनमा ०७० साउन ५ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले ०७० साउन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई ०७० साउन ६ गते घरबाट गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेश अनुसार ०७० साउन २९ गते पुर्पक्षका लागि कारागार चलान भए। पीडितको स्वास्थ्य परीक्षण भेरी अञ्चल

अस्पतालमा भयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

घरेलु हिंसा

परिवारजनबाट हत्या

रझेना गाविस-७ की १७ वर्षीया सिर्जना फडेरालाई २२ वर्षीय पति भरत फडेराले ०६९ माघ २९ गते काठमाडौँ जाऊँ भनी घरबाट कोहलपुर गाविस-३ स्थित न्यु चङ्खोले होटलमा दोपट्टाले घाँटी कसेर हत्या गरे। प्रहरीले भरतलाई सोही दिन कोहलपुरबाट गिरफ्तार गरेकामा ०७० असार १८ गते जिल्ला अदालतले फडेरालाई सर्वस्वसहित जन्मकैदको फैसला गऱ्यो।

कारकाँदो गाविस-२ की ४० वर्षीया कमरुन निशा नाउलाई १८ वर्षीय छोरा जलिल नाउले ०६९ माघ २६ गते चिरपटले कुटपिट गरे। घाइते कमरुनको ०६९ माघ २७ गते भेरी अञ्चल अस्पताल, नेपालगन्जमा उपचारका क्रममा मृत्यु भयो। आरोपित नाउलाई जिल्ला प्रहरी कार्यालयले ०६९ माघ २७ गते घरबाट गिरफ्तार गऱ्यो। प्रारम्भिक अनुसन्धान र पोस्टमार्टमपश्चात् कमरुनको लास मृतकका पति ५० वर्षीय अलिजाम नाउलाई ०६९ माघ २७ गते बुझाइएको प्रहरीले बतायो। छोराले हत्या नगरेको भन्दै मृतकका पतिले जाहेरी दिएपछि ०६९ माघ २८ गते आरोपित रिहा भए।

गनापुर गाविस-१ की २१ वर्षीया गङ्गाजली धोबीलाई दाइजो नल्याएका कारण ०७० वैशाख २५ गते घरपरिवारबाट हत्या गरिएको भन्दै माइती पक्षले घटनाको अनुसन्धान गरी दोषीलाई कारबाही गरिपाऊँ भनी ०७० वैशाख २७ गते उजुरी दियो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले २६ वर्षीय पति अरविन्द धोबी, ५५ वर्षीय ससुरा हेमराज धोबी, ५१ .वर्षीय सासू जुगन्ती धोबी र जुगन्तीकी बहिनी .४९ वर्षीय सुन्दरीया धोबीलाई वैशाख २८ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार आरोपित चारै जना ०७० जेठ २८ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। गङ्गाले आत्महत्या गरेको घरपरिवारले बताउँदै आएका छन्। माइती पक्षलाई जानकारी नदिई पोस्टमार्टमपश्चात् लास जलाइएको माइती पक्षले आरोप लगाउँदै आएका छन्।

अमानवीय व्यवहार

खजुराखुर्द गाविस-५ की ६६ वर्षीया वृद्धा अमृतादेवी खड्कालाई ०७० वैशाख १ गते नयाँ वर्षको दिन खाना खाइरहेको समयमा आफ्नै छोरा ३४ वर्षीय तेजजङ्ग खडकाले बोक्सीको आरोप लगाउँदै कुटपिट गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा ०७० वैशाख ५ गते उजुरी दिइन्। अमृताले खाना खाइरहेको समयमा छोरा बिरामी भएको कारण देखाउँदै 'तँ बोक्सीले गर्दा मेरो छोरा बिरामी भयो, मेरो छोरालाई खाने' भन्दै तेजजङ्गले कपाल समातेर लछार्दै कुटपिट गरेको अमृताले बताइन्। जिल्ला प्रहरी कार्यालयले ०७० वैशाख ८ गते आरोपितलाई घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित ०७० वैशाख २८ गते ५ हजार रुपियाँ धरौटीमा रिहा भए। यस वर्षको अन्त्यसम्म पीडित जेठो छोराकहाँ बस्दै आएकी छन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय ३९ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, बाँकेमा उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ५२, खानलाउन नदिएका २१, विवाह दर्ता तथा नागरिकता नबनाएका ६, अर्की पत्नी ल्याएर हेला गरेकामा पाँच पाँच थान मुद्दा छन्। गालीगलौज गरेको आरोपमा ५५ पीडित भएका थिए। मार्ने धम्की दिइएका र बोक्सीको आरोप लगाएका कुनै घटना दर्ता भएनन्। ती घटनामध्ये प्रहरीले ६८ घटनामा मिलापत्र गराएको र ९ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो। मिलापत्र भएका र कानुनी प्रक्रियामा गएका बाहेक केही घरमा मिलापत्र गरेर बसेका छन् भने केही निवेदन दिएर फर्केर नआएको महिला सेवा केन्द्र, बाँकेले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

नेपालगन्ज नपा-२ का ५६ वर्षीय पिन्टु सिद्दीकीको सनराइज यातायात व्यवसायी सङ्घमार्फत सञ्चालनमा रहेको टाटा म्याजिक जिपमा कोहलपुर गाविस-८ स्थित नेपालगन्ज-कोहलपुर सडक खण्डको बाबानगरमा ०७० कात्तिक २९ गते अज्ञात समूहले आगजनी गऱ्यो। कोहलपुरबाट सवारी लिएर नेपालगन्ज आइरहेको भे१ज ४०१ नम्बरको उक्त जिपमा यात्रु

बनेर आएका चार जनाको समूहले गाडी रोकी यात्रुहरूलाई बाहिर झारेर आगजनी गरेको प्रहरीले जनायो। आगजनीबाट गाडीको सिसा र भित्री भाग पूरै जलेको थियो। संविधानसभाको निर्वाचनको बहिष्कार गर्दै आइरहेको नेकपा-माओवादीसहितका ३३ दलद्वारा ०७० कात्तिक २५ गतेदेखि ०७० मङ्सिर ५ गतेसम्म बन्दको आह्वान गरेका थिए।

स्वास्थ्य सेवाको अधिकार

भेरी अञ्चल अस्पतालको मानसिक रोग विभाग बन्द रहँदा सेवाग्राहीहरू मर्कामा परे। अस्पतालमा मानसिक रोगसम्बन्धी डाक्टर नहुँदा ०६९ माघ १ गतेबाट बन्द भएको छ। तत्कालीन मेसु डा. नरेन्द्र रायले आफूलाई मेसुबाट हटाएको भन्दै ०६९ माघ १ गते ताला लगाएर अस्पतालमा हाजिर नभएदेखि बन्द भएको विभाग यस वर्षको अन्त्यसम्म बन्द रह्यो। बन्दका कारण टाढाबाट उपचार गराउन आउने बिरामी तथा आफन्तहरू मर्कामा परे। मध्य तथा सुदूर पश्चिमको केन्द्रका रूपमा रहेको भेरी अञ्चल अस्पतालमा ३० जना डाक्टरको दरबन्दी भए पनि यस वर्षको अन्त्यमा १५ जना डाक्टर कार्यरत छन्। १ सय ५० शय्या क्षमता भएको अञ्चल अस्पतालमा बिरामीको चाप बढी भएकाले भुइँमा सुताउनुपर्ने अवस्था छ। मानसिक रोगसम्बन्धी डाक्टरका लागि धेरैपटक स्वास्थ्य मन्त्रालय र विभागमा जानकारी गराई माग गरेको भए पनि विभागबाट पठाउने अश्वासन दिए पनि यस वर्षको अन्त्यसम्म नआएको डा. पीताम्बर सुवेदीले बताए। मानसिक रोग विभागमा दैनिक ४० देखि ५० जनाको सङ्ख्यामा बिरामी उपचार नपाएर फर्किने गरेको अस्पताल प्रशासनले जनायो।

रुकुम जिल्ला रुकुमकोट गाविसबाट बाँके नौवस्ता गाविस-२ स्थित मामाघर आएका १९ वर्षीय अपार शाहीको भेरी अञ्चल अस्पताल, नेपालगन्जमा सर्पदंशविरुद्ध दिइने एन्टी स्नेक भेनम नामक औषधी अभाव हुँदा ०७० भदौ २० गते बर्दिया जिल्ला अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भयो। अस्पतालमा औषधी नभएका कारण बर्दिया अस्पताल पुऱ्याइए पनि ढिलो भएका कारण मृत्यु भयो। यसअघि भेरी अञ्चल अस्पतालमा सर्पदंशका बिरामीमा प्रयोग गरिने एन्टी स्नेक भेनम औषधीको अभाव भएको अस्पतालले सार्वजनिक सूचना ०७० साउन २७ गते प्रकाशित गरेपछि ०७० साउन २८ गते इन्सेक, हिमराइटस, एडभोकेसी फोरम, माइती नेपाल, जिल्ला वार एसोसियसनलगायतका सङ्घसंस्थाहरूले अञ्चल अस्पतालका मेसु डाक्टर पीताम्बर सुवेदीसँग भेट गरी ध्यानाकर्षण गराएका थिए।

नौवस्ता गाविस-४ की २२ वर्षीया मुना थापालाई ०७० मङ्सिर १४ गते सुत्केरी गराउँदा भेरी अञ्चल अस्पतालमा चिकित्सकको लापरबाहीले मृत्यु भएको भन्दै मृतकका आफन्तले अस्पतालविरुद्ध नारावाजी गरे। अस्पताल प्रशासनले चिकित्सकको लापरबाही नभएको जानकारी दियो। सन् २०१३ मा थापालगायत अस्पतालमा डोल्पाकी सरस्वती बोहरा, बाँकेकी कृष्णवती कोरी, सरिता महावत, अप्साना जसगढ, मनिरानी यादव र बर्दियाकी आरजु थारु गरी आठ जना सुत्केरी आमाको मृत्यु भएको अस्पतालले जनायो। धेरैजसो घटनामा अन्तिम अवस्थामा अस्पताल आएकाहरूको मृत्यु भएको देखिएको मेसु पीताम्बर सुवेदीले बताए।

अस्पताल	१		
स्वास्थ्यचौकी	२०		
उपस्वास्थ्यचौकी	२४		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	३	२	१
स्टाफ नर्स	३	३	०
ल्याब असिस्टेन्ट	७	६	१
अहेब	११५	५४	२१
अनमि	६३	६१	२
खोप सुपरभाइजर	२	२	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१२	१२	
ग्रा. स्वास्थ्य कार्यकर्ता	४७	३५	१२

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्याद १६ मुद्दा दर्ता भए। जसमा २७ जनालाई गिरफ्तार गरेका थिए। ज्यान मार्ने १३ मुद्दा दर्ता भए। जसमा १९ जनालाई गिरफ्तार गरेका थिए। महिला बेचबिखन र ओसारपसार ११ मुद्दा दर्ता भए। जसमा १५ जनालाई

गिरफ्तार गरेका थिए। जबरजस्ती करणी १९ मुद्दा दर्ता भए। जसमा २० जनालाई गिरफ्तार गरेका थिए। जबरजस्ती करणी उद्यनोग छ मुद्दा दर्ता भए। जसमा छ जनालाई गिरफ्तार गरेका थिए। अपहरण चार मुद्दा दर्ता भए। जसमा सात जनालाई गिरफ्तार गरेका थिए। बोक्सीको आरोपमा एक मुद्दा दर्ता भई मेलमिलाप गरे। जसमा एक जनालाई गिरफ्तार गरेको थियो।

विगतको अनुगमन

हिर्मिनिया गाविस-६ निवासी ५५ वर्षीय सशस्त्र भूमिगत समूह जनतान्त्रिक तराई मधेस मुक्ति पार्टीका केन्द्रीय अध्यक्ष भगत सिंह भनिने अर्जुनसिंह सरदारलाई प्रहरीले ०७० मङ्सिर १४ गते नेपाल-भारतको सीमाबजार रपैडिहाबाट गिरफ्तार गऱ्यो। प्रहरीले गिरफ्तार गरेका सरदारलाई ०७० मङ्सिर १५ गते सार्वजनिक गऱ्यो। सिंहमाथि हत्या, अपहरण, चन्दा असुलीलगायतका घटनामा संलग्न रहेको प्रहरी आरोप छ। ०६८ जेठ १२ गते सइ रविलाल अस्लामीले जाहेरी दिएका थिए।

४.७ बर्दिया



जिल्ला सदरमुकाम: गुलरिया
क्षेत्रफल (वर्ग कि. मि.): २,०२५
घरधुरी सङ्ख्या: ८३,१७६
जम्मा जनसङ्ख्या: ४,२६,५७६
पुरुष: २,०५,०८०
महिला: २,२१,४९६
अपाङ्ग सङ्ख्या: ८,१५७
गाविस/नपा सङ्ख्या: ३१/१
पुरुष साक्षरता सङ्ख्या: १,३५,४१२
महिला साक्षरता सङ्ख्या: १,२१,३४०
हिन्दू धर्मावलम्बी प्रतिशत: ५४.१७
बौद्ध धर्मावलम्बी प्रतिशत: १.०१
इस्लाम धर्मावलम्बी प्रतिशत: २.६
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.१७
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
वहई धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०३४
प्रतिपरिवार सरदर सङ्ख्या: ५.१३

जेल र बन्दी

'ग' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता १ सय ३५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ३९ जना कैदी र कैद नतोकिएका ७४ जना थुनुवा गरी जम्मा २ सय १३ जना बन्दीहरू रहेका छन्। जसमा महिला १७ र पुरुष १९६ रहेका छन्। साथै, आश्रित बालक दुई र बालिका एक गरी जम्मा २ सय १६ जना रहेका छन्। यो जिल्ला कारागार ०३३ सालमा निर्माण भएको थियो। कारागारमा नियममावली अनुसार कैदी बन्दीहरूले पाउने सुविधाहरू राम्रो रहेको छ। पुरुषतर्फको भवन

पुरानो हुनुका साथै क्षमताभन्दा बढी कैदी भएको हुँदा खान, बस्न तथा शौचालयका लागि समस्या रहेको छ। खानेपानी धेरै आर्सेनिक भएको हुँदा कैदी बन्दीहरू समय-समयमा पानीका कारण बिरामी हुने गरेका छन्। खानेपानीको तत्काल व्यवस्था गर्नुपर्ने अवस्था छ। क्षमताभन्दा बढी कैदी बन्दीहरूसँगै बस्नुपर्ने भएकाले गर्मी महिनामा कोठामा बस्न तथा सुत्न निकै कठिन हुने गरेको बन्दीहरूको गुनासो छ। यसका लागि उचित व्यवस्था गर्नुपर्ने देखिन्छ। कैदीहरूले खाना बनाउन सुधारिएको चुलोको व्यवस्था हुनुपर्ने माग गरेका छन्।

धम्की/कुटपिट

राज्यपक्षबाट

ताराताल गाविस-६ का ४६ वर्षीय धनबहादुर सुनारलाई ०७० वैशाख २५ गते राति सानोश्री गाविस-३ स्थित सशस्त्र प्रहरी बलमा कार्यरत इन्स्पेक्टर रामशरण यादवको कमान्डमा गएको टोलीले बाटोमा उभिरहेको अवस्थामा एक्कासि लाठी, बुटले कुटपिट गरी घाइते बनायो। टाउको, ढाडमा चोट लागेका घाइतेको जिल्ला अस्पताल, गुलरियामा प्राथमिक र थप उपचार भेरी अञ्चल अस्पताल, नेपालगन्जमा भयो। छिमेकी वीरबहादुर विक, कृष्णबहादुर विक, विराज विकलाई प्रहरीले गैरकानुनी रूपमा सामान राखेको आरोपमा कुटपिट गरिरहेको अवस्थामा गुहार माग्दै गर्दा धनबहादुर घटनास्थलमा पुगेपछि प्रहरीले धनबहादुरलाई पनि कुटपिट गरेको थियो। गस्तीमा आएका प्रहरीले मादक पदार्थ सेवन गरेको पीडितले बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बाढीपीडित सङ्घर्ष समितिले राजापुर गाविस-१ स्थित इलाका प्रशासन कार्यालय, राजापुरमा आफ्ना माग पूरा नभएको भन्दै ०७० असार १७ गते तालाबन्दी गर्न खोज्दा भएको प्रहरीसँगको दोहोरो झडपमा दौलतपुर गाविस-९ का ४० वर्षीय रविलाल वडवाल, सोही गाविस-७ का ३० वर्षीय सन्तुराम थारुको प्राथमिक उपचार हेल्थ केयर सेन्टरमा भई थप उपचार नेपालगन्जमा भयो। उक्त घटनामा दौलतपुर गाविसका ६४ वर्षीय बेचु वली, ६० वर्षीय खुसीराम थारु, ३० वर्षीय नैनसिह चलाउने, ४२ वर्षीय दिलबहादुर सोनाहा, २७ वर्षीय धनीराम थारु, ४० वर्षीय बन्धु थारु, ३२ वर्षीय सुरज थारु, ३३ वर्षीय छन्दु सोनाहा, ५१ वर्षीय सुखलिया थारु, ६५ वर्षीय खुसीराम थारु, २७ वर्षीय हेमन्त धमला, २६ वर्षीय टेकलाल धमला, २५ वर्षीय रामप्रसाद थारु, ३८ वर्षीय हरिराम थारु, ३४ वर्षीय खजुवा थारु, ३९ वर्षीय काशी सनपाल, ३५ वर्षीय विष्णु भट्ट, ३९ वर्षीय सुखलिया सोनाहा, ३२ वर्षीय अमर सोनाहा, ३१ वर्षीय छल्लु सोनाहा, २३ वर्षीय कपिल ढुङ्गाना, ४१ वर्षीया रूपाली चौधरी, ३८ वर्षीय वेलु ढुङ्गाना, ३६ वर्षीय भगवती शाह घाइते भए। घाइतेहरूको स्थानीय औषधी पसलमा उपचार भयो। झडप नियन्त्रणका लागि प्रहरीले ६ सेल अश्रुग्यास प्रहार गरेको थियो। बाढीपीडितहरूको ढुङ्गा र लाठी प्रहारबाट असई तेजेन्द्र जीसी, प्रहरी हबल्दार नरबहादुर विक, प्रहरी हबल्दार टेकबहादुर सुनार, प्रहरी जवान चन्द्र विक, प्रहरी जवान दीपकराज गिरी, नरबहादुर फौजासहित ६ जना घाइते भए। उनीहरूको उपचार स्थानीय औषधी पसलमा भयो।

एमाले उम्मेदवार वितासिया थारुको एक समूह घरदैलो कार्यक्रम गरिरहेको अवस्थामा सानोश्री गाविस-७ शान्तिपुरमा ०७० कात्तिक १६ गते सोही ठाउँका १९ वर्षीय रञ्जीत खत्री र सुनील हमालको नेतृत्वमा रहेको समूहले काङ्ग्रेसको पकड भएको ठाउँमा एमाले किन प्रचार-प्रसार गर्न आएको भन्दै आक्रमण गऱ्यो। एमालेका प्रत्यक्ष तर्फका उम्मेदवारको घरदैलो र काङ्ग्रेसको मोटरसाइकल च्यालीको टोलीबीच भेट भई आ-आफ्नो बाटोतर्फ प्रस्थान भइसक्दा अन्तिममा च्यालीमै रहेको मोटरसाइकलले उभिरहेका एक जनालाई छोएपछि विवाद उत्पन्न भई झडप भएको थियो। घटना सम्बन्धमा दुवै पक्षले यस वर्षको अन्त्यसम्म कहीँ पनि उजुरी गरेनन्।

सानोश्री गाविस-१ मा ०७० कात्तिक १७ गते साँझ एमाओवादी र एमाले कार्यकर्ताबीच चुनावी पोस्टर च्यातेको विषयमा विवाद भई कुटाकुट हुँदा दुई जना घाइते भए। एमाले कार्यकर्ताको चिरपटको प्रहारबाट टाउकामा गम्भीर चोट लागेका सानोश्री गाविस-१ का ३० वर्षीय एमाओवादी कार्यकर्ता रामबहादुर थारुको प्रारम्भिक उपचार स्थानीय औषधी पसलमा भयो भने थप उपचार नेपालगन्ज मेडिकल कलेजमा भयो। घटनामा एमाओवादी कार्यकर्ताको लठ्ठी प्रहारबाट घाइते एमाले कार्यकर्ता विक्रम खत्रीको जिल्ला अस्पताल, गुलरियामा उपचार भयो। घटनामा संलग्न भएको आरोपमा एमाले कार्यकर्ता विक्रम खत्रीलाई ०७० कात्तिक १७ गते प्रहरीले गिरफ्तार गरेकामा जिल्ला प्रहरी कार्यालय, बर्दियामा दुवै पक्षबीच

घटनाको प्रकार	राज्यबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१३	१३
बालअधिकार				१७	३	२०
अमानवीय व्यवहार				१	१	२
आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार				४	१	५
अपहरण				१		१
महिलाअधिकार				४०		४०
भेला/सङ्गठित हुने अधिकार	३	२१	२४			
जातीय विभेद				१		१
गिरफ्तारी/यातना		१	१			
कुटपिट		१	१	३	१	४
हत्या				३		३
जम्मा	३	२३	२६	७०	१९	८९

घटना नदोहोऱ्याउने सहमति जनाएपछि प्रहरीले विक्रम खत्रीलाई ०७० कात्तिक १८ गते रिहा गऱ्यो।

गुलरिया नपा-१२, टेपरीमा दुवै पार्टीका कार्यकर्ताले एकले अर्काको पोस्टर च्यातेको विषयमा ०७० मङ्सिर १ गते राति एमाओवादी र काङ्ग्रेस कार्यकर्ताबीचको झडपमा सोही ठाउँका एमाओवादीका कार्यकर्ता १८ वर्षीय दिलबहादुर सुनार, सोही ठाउँका एमाओवादीका कार्यकर्ता १८ वर्षीय रामकुमार रामजाली मगर, २७ वर्षीय पुरन नेपाली, २३ वर्षीय गोपाल सुनार, २५ वर्षीय खिमबहादुर सुनार घाइते भए। घाइते दिलबहादुरको जिल्ला अस्पताल, गुलरियामा उपचार भयो। अन्यको शरीरमा नीलडाम रहेको थियो। जिल्ला प्रहरी कार्यालय बर्दियामा घटना नदोहोऱ्याउने दुवै पक्षबीच ०७० मङ्सिर २ गते सहमति भयो। घाइते अन्यको अवस्था सामान्य रहेको प्रहरीले जनायो।

संविधानसभा निर्वाचन प्रचार-प्रसारका क्रममा राजापुर गाविस-३, मोरैयामा ०७० असोज २६ गते राति काङ्ग्रेस कार्यकर्ताले एमाओवादी पार्टीका कार्यकर्ताको घरमा भोट माग्न गएको विषयमा विवाद भई एमाओवादी र काङ्ग्रेस कार्यकर्ताबीच झडप भयो। धारिलो हतियारबाट टाउकामा चोट लागी घाइते भएका राजापुर गाविस-३, मोरैया निवासी काङ्ग्रेस कार्यकर्ता ज्योतिविक्रम थारु र गणेशप्रसाद थारुको प्राथमिक स्वास्थ्य केन्द्रमा प्रारम्भिक उपचार भयो भने थप उपचार जिल्ला अस्पतालमा भयो। विवादपछि वाईसीएल कार्यकर्ता हतियारसहित आएपछि दुवै समूहबीच झडप भएको थियो। घटना सम्बन्धमा इलाका प्रहरी कार्यालय, राजापुरमा ०७० असोज २७ गते विवादित दुवै पक्षबीच छलफल भई संयम भएर अगाडि बढ्ने र थप घटना हुन नदिन सचेत रहेन सहमति भयो।



प्रहरीको कुटपिटबाट घाइते भएका धनबहादुर सुनार

एमाओवादी र एमालेका कार्यकर्ताबीच ०७० कात्तिक २८ गते बेलवा गाविसमा संविधानसभा निर्वाचनका क्रममा चुनाव केन्द्रित पर्चा एमाओवादीका कार्यकर्ताले च्यातेको विषयमा मोतीपुर गाविस-८ मा साँझ झडप हुँदा एमाओवादी कार्यकर्ता मोतीपुर गाविस-२ का २९ वर्षीय धनबहादुर विक र २८ वर्षीय आशाराम थारु घाइते भए। टाउको र कुममा चोट लागी घाइते भएका विकको मेडिकल कलेज, कोहलपुरमा र थारुको स्थानीय औषधी पसलमा उपचार भयो। झडपमा दुवै तर्फका कार्यकर्ताले प्रयोग गरेको भेउप ६१७३, भे४प ९२९, बा४१प ५६४६,

भे१प ६१८२, भे२प ५१५९, भे३प ८३१२, भे३प ४०२४ नम्बरका मोटरसाइकल तोडफोड भए। सबै मोटरसाइकलहरू इलाका प्रहरी कार्यालय, मोतीपुरले नियन्त्रणमा लियो भने भे२प ५५०५ नम्बरको मोटरसाइकल हरायो। घटनामा संलग्न दुवै पक्षले यस वर्षको अन्त्यसम्म कानुनी कारबाहीका लागि कतै निवेदन दिएनन्।

जमुनी गाविस-९, शान्तिपुरमा बर्दिया-१ बाट संविधानसभाका लागि विजयी एमालेका केन्दीय उपाध्यक्ष वामदेव गौतमको प्रदर्शन भएको विजय ऱ्यालीमा एमाले मुर्दावाद भन्ने नारा लगाइएपछि भएको विवाद झडपमा परिणत भएपछि सोही ठाउँका एमाले कार्यकर्ता २७ वर्षीय वीरेन्द्र थापा घाइते भए। स्थानीयवासी ३२ वर्षीय महेन्द्र सिंह ठकुरी र २३ वर्षीय सन्तोष सिंह ठकुरीको समूहले कुटपिट गरेको घाइते वीरेन्द्र थापाले आरोप लगाए। पीडितले इलाका प्रहरी कार्यालय, मैनापोखरमा ०७० मङ्सिर १० गते सार्वजनिक मुद्दा दर्ता गराए। प्रहरीले आरोपितलाई ०७० मङ्सिर ९ गते गिरफ्तार गरेकामा जिल्ला प्रशासन कार्यालय, बर्दियाको ०७० मङ्सिर २५ गतेको आदेश अनुसार आरोपित जनही १० हजार रुपियाँ धरौटीमा रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय ३४ थानमध्ये ३५ थानको फैसला भयो भने १ सय ९९ थान बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ४३ थानमध्ये ३३ थानको फैसला भयो भने ३ सय १० थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका देवानी मुद्दा तीन थान रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

दुई जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३ सय १२ थानमध्ये १ सय ९४ थानको फैसला भयो भने १ सय १८ थान बाँकी रहे। देवानी मुद्दातर्फ ४ सय ९२ थानमध्ये २ सय ७४ थानको फैसला भयो भने २ सय १८ थान बाँकी रहे।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३ सय ९७ थान छ, जसमध्ये १ सय २८ थान सफल भए भने ३३ थान असफल भए। १७ मुलतवीमा र २ सय १५ थान पेन्डिडमा रहेका छन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ३३ थानमध्ये आठ थान सफल र नौ थान असफल रहे। बलात्कारसम्बन्धी मुद्दा ४६ थानमध्ये ८ थान सफल र १० थान असफल रहे। महिला बेचबिखनसम्बन्धी पाँच थानमध्ये एक थान सफल र एक थान असफल रह्यो। अपहरणसम्बन्धी चार थानमध्ये सबै फैसला हुन बाँकी रहेका छन्। बहुविवाहसम्बन्धी मुद्दा ११ थानमध्ये तीन थान सफल र एक थान असफल रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या गत आर्थिक वर्षका बाँकी रहेका ५४ थान र यस आर्थिक वर्षका १५ थान छन्, जसमध्ये १३ थान सफल भए भने एक असफल भएको छ। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ४९ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

महम्मदपुर गाविस-८ घर भई सानोश्री गाविस-३, कुसुम्बा बजारमा सिलाई पसल गरिरहेका ३५ वर्षीय रत्नबहादुर परियारलाई ०७० साउन २० गते राति मदिरा सेवन गरी होहल्ला गरेको आरोपमा इलाका प्रहरी कार्यालय सानोश्रीका असई लोकेन्द्र सिंहले हिरासतमा लिएर यातना दिएको भन्दै पीडितले जिल्ला अदालत बर्दियामा ०७० साउन ३१ गते इलाका प्रहरी कार्यालयका इन्चार्ज सई चन्द्रशेखर वली, असई लोकेन्द्र सिंह, प्रहरी जवान नवीन शाहीलगायत चार जनाविरुद्ध उजुरी दिए। प्रहरीको यातनाबाट

प्रहरीको हिरासतमा यातना पाएका रत्नबहादुर परियार

आँखा, दुवै खुट्टा र दुवै नितम्बमा गहिरो चोट लागी नीलडाम परेका घाइतेको प्रारम्भिक उपचार स्थानीय मेडिकलमा भयो भने थप उपचार जिल्ला अस्पताल, गुलरिया र नेपालगन्जमा भयो। घटनाको विषयमा जिल्ला प्रशासन कार्यालय, बर्दियाले सहायक प्रमुख जिल्ला अधिकारी एकदेव अधिकारीको नेतृत्वमा ०७० असोज १ गते छानबिन टोली गठन गऱ्यो। छानबिन टोलीले इलाका प्रहरी कार्यालय, सानोश्रीका असई तथा घटनाका आरोपी लोकेन्द्र सिंह दोषी देखिएको भन्दै जिल्ला प्रहरी कार्यालय बर्दियालाई प्रहरी ऐन अनुसार कारबाही गर्न सिफारिस गऱ्यो। घटनाका आरोपित लोकेन्द्र सिंहलाई विभागीय कारबाही भएको सहायक प्रमुख जिल्ला अधिकारी एकदेव अधिकारीले बताए। घाइतेको उपचारका लागि इन्सेक क्षेत्रीय कार्यालय नेपालगन्जले पाँच हजार रुपियाँ सहयोग गरेको थियो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख २३ हजार ३ सय २२ मध्ये छात्र ६० हजार २ सय ५३ र छात्रा ६३ हजार ६९ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार ४ सय ८० र छात्र ७ हजार ३ सय २४ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला २ सय १३ र पुरुष ६ सय ४९ सय गरी जम्मा ८ सय ६२ शिक्षक कार्यरत छन्। निमाथि तहमा महिला १६ र पुरुष १ सय ६८ गरी जम्मा १ सय ८४ शिक्षक कार्यरत छन्। यसै गरी माथि तहमा महिला ९ र पुरुष १ सय ४५ गरी जम्मा १ सय ५४ शिक्षक रहेका छन्।

बाल विकास केन्द्रमा बालक ७ हजार ४ सय ३१ र बालिका ८ हजार १ सय ४१ गरी जम्मा १५ हजार ७ सय ७२ रहेका छन्, जसमध्ये दलित बालक १ हजार ६७ र बालिका १ सय १६ छन्।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

१२ वर्षीया एक बालिका घरनजिकको खेतमा दिसा गर्न गएको अवस्थामा ०६९ फागुन २४ गते साँझ साढे ६ बजे गुलरिया नपा-१० का १६ वर्षीय एक बालकले बलात्कार गरेको भन्दै पीडित पक्षले ०६९ फागुन २८ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दियो। बालिकाको ०६९ फागुन २५ गते जिल्ला अस्पताल, गुलरियामा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले ०६९ फागुन २५ गते घरबाट गिरफ्तार गरेकामा ०६९ चैत १९ गते बर्दिया जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

सात वर्षीया एक बालिकालाई घरमा कोही नभएको अवस्थामा पशुपतिनगर गाविस-२ का १८ वर्षीय चन्दबहादुर चौधरीले ०६९ चैत १४ गते बलात्कार गरेको भन्दै पीडित परिवारले ०६९ चैत १७ गते इलाका प्रहरी कार्यालय, पाताभारमा जाहेरी दियो। पीडितको जिल्ला अस्पताल बर्दियामा स्वास्थ्य परीक्षण भयो। प्रहरीले आरोपित चन्द्रबहादुरलाई ०६९ चैत १७ गते गाउँबाट गिरफ्तार गरेकामा ०७० वैशाख १६ गते बर्दिया जिल्ला अदालतको आदेश अनुसार पुर्पक्षका लागि कारागार चलान भए। बर्दिया जिल्ला अदालतले ०७० असार १० गते आरोपित चन्द्रबहादुरलाई १० वर्ष कैद र पीडितलाई ५० हजार रुपियाँ क्षतिपूर्ति दिनुपर्ने फैसला गऱ्यो।

१५ वर्षीया एक बालिकालाई ०७० वैशाख ३१ गते सूर्यपटुवा गाविस-७ का १८ वर्षीय डेविट नेपालीले साँझ आफ्नै घरमा टीभी हेर्न बोलाई कोठामा लगी भित्रबाट चुक्कुल लगाएर बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल, गुलरियामा भयो। घटनापछि तत्काल फरार रहेका आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१२ वर्षीया एक बालिकालाई आमा बनियाभार गाविसस्थित अर्को घरमा गएको अवस्थामा ०६९ फागुन १० गते ४६ वर्षीय बुबाले बलात्कार गरेको भन्दै ०७० जेठ १२ गते पीडित पक्षले जबरजस्ती तथा हाडनाता करणीमा मुद्दा दियो। यसअघि पनि पटक-पटक बलात्कार गर्ने गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण बर्दिया जिल्ला अस्पतालमा भयो। बालिकाको पेटमा तीन महिनाको गर्भ रहेको उपचारमा संलग्न चिकित्सकले जनाए। बालिकाले आफू पीडित भएको घटना बाहिर ल्याएपछि आरोपितलाई प्रहरीले ०७० जेठ १२ गते घरबाट गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेश अनुसार ०७० असार ३ गते पुर्पक्षका लागि कारागार चलान भए। बर्दिया जिल्ला अदालतका न्यायाधीश ऋषिप्रसाद अधिकारीको ०७० पुस ३ गतेको इजलासले दोषी ठहर गर्दै जबरजस्ती करणी अन्तर्गत १२ र हाडनाता करणीबापत १० गरी २२ वर्षको कैद

सजाय फैसला गर्नुका साथै पीडितलाई क्षतिपूर्तिबापत दुई लाख रुपियाँ दिनुपर्ने फैसला गऱ्यो।

१३ वर्षीया एक बालिका फुपूको घरबाट आँप लिएर घर फर्कदै गर्दा पहिले हिँडेको बाटोमा साँझमा भुतले तर्साउँछ भन्दै जङ्गलको बाटोबाट जानुपर्छ भनी लगेर ०७० जेठ १५ गते धधवार गाविस-३ का २९ वर्षीय महेश थारुले बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० जेठ १७ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। पीडितको बर्दिया जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। प्रहरीले आरोपितलाई ०७० जेठ १७ गते घरबाट गिरफ्तार गरेकामा बर्दिया जिल्ला अदालतको आदेश अनुसार ०७० असार ११ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१० वर्षीय एक बालक साइकलमा मानखोलाबाट घर फर्कदै गरेको अवस्थामा अलिपरसम्म लैजान आग्रह गर्दै सोरहवा गाविस-७ नजिकको जङ्गलमा लगी ०६९ पुस २१ गते सोरहवा गाविस-७ का ३५ वर्षीय आरिफ जागाले बलात्कार गरेको भन्दै ०६९ माघ १७ गते पीडित पक्षले इलाका प्रहरी कार्यालय, मैनापोखरमा उजुरी दिए। घटनास्थलनजिकको बाटो भएर हिँडेका स्थानीयवासीले घटना देखेपछि घटनामा संलग्न व्यक्ति सोही दिन फरार भए। पीडितको स्थानीय औषधी पसलमा उपचार भयो। यस वर्षको अन्त्यसम्म फरार रहेका अभियुक्तलाई प्रहरीले गिरफ्तार गर्न सकेको छैन। बर्दिया जिल्ला अदालतले ०७० मङ्सिर ३० गते आरोपितको अंश रोक्का गर्न आदेश दिएको प्रहरीले जनायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१२ वर्षीया बोलीसम्बन्धी अपाङ्गता भएकी एक बालिका घरनजिकको जङ्गलबाट दाउरा लिएर फर्कदै गरेको अवस्थामा ०७० भदौ २७ गते गुलरिया नपा-२ का २४ वर्षीय दिनेश चौधरीले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। आरोपितलाई प्रहरीले ०७० भदौ २७ गते घरबाट गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेश अनुसार ०७० असोज १५ गते पुर्पक्षका लागि कारागार चलान भए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल, गुलरियामा भयो। आरोपितले थुनछेकको आदेशविरुद्ध पुनरावेदन अदालत, नेपालगन्जमा निवेदन दिए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१० वर्षीया एक बालिकालाई ०७० असोज १६ गते तारातल गाविस-२ का ३८ वर्षीय देवबहादुर सुनारले गुलरिया नपा-२ स्थित बैरिया जङ्गलमा बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० असोज १७ गते जिल्ला प्रहरी कार्यालय, बर्दियामा जाहेरी दियो। पीडितको जिल्ला अस्पताल, गुलरियामा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको आदेश अनुसार आरोपित ०७० कात्तिक ११ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

अपहरण

धधवार गाविस-९ की १४ वर्षीया एक बालिकालाई ०६९ पुस २८ गते सोही ठाउँकी ३० वर्षीया शोभा परियारको सहयोगमा बाँके जिल्ला, कोहलपुर गाविस-७, जोगीडाँडा निवासी १५ वर्षीय बालक र सोही ठाउँका २३ वर्षीय अमर परियारले अपहरण गरे। पीडितको ४८ वर्षीय बुबा बुद्धिबहादुर गिरीले खोजतलास गर्दा ०६९ माघ ३ गते कोहलपुर गाविस-७, जोगीडाँडास्थित आरोपित बालकको घरबाट मुक्त भए। पीडितको कोहलपुर मेडिकल कलेजमा उपचार भयो। पीडितका बुबा बुद्धिबहादुर गिरीले आरोपित तीन जनाविरुद्ध ०६९ माघ ८ गते इलाका प्रहरी कार्यालय, बनियाभारमा अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणीको जाहेरी दर्ता गराए। प्रहरीले आरोपित शोभा, एक बालक र अमर परियारलाई ०६९ माघ १० गते घरबाट गिरफ्तार गरेकामा जिल्ला अदालतको ०६९ फागुन ८ गतेको आदेशमा शोभा परियार र अमर परियारलाई पुर्पक्षका लागि कारागार चलान गऱ्यो। बालकलाई बोलाएको समयमा उपस्थित हुने सर्तमा अदालतले अभिभावकको जिम्मा पठायो। जिल्ला अदालत बर्दियाले ०७० असार ४ गते शोभा परियार र अम्मर परियारलाई सफाइ दियो भने बालकलाई दोषी ठहर गरी ६ वर्षको आधा तीन वर्ष कैद बाल सुधारगृहमा पठाई सजाय असुल गर्ने र पीडितलाई ५० हजार रुपियाँ क्षतिपूर्ति दिनुपर्ने ठहर गऱ्यो।

कुटपिट

दौलतपुर गाविसस्थित नेपाल राष्ट्रिय निमाविका प्रधानाध्यापक ४५ वर्षीय प्रेम शाहीलाई दौलतपुर गाविस-९ का ४७ वर्षीय लड्डु थारुले ०७० असोज ७ गते कुटपिट गरेको विरोधमा ०७० असोज ८ गते शिक्षकहरूले दौलतपुर गाविसमा रहेका ६ ओटा

सरकारी विद्यालय बन्द गरे। ०७० असार ६ गते कर्णाली नदीमा आएको बाढीबाट पीडित परिवारका बालबालिकाका लागि वितरण गरिएको झोला नपाएको भन्दै लड्डु थारुले प्रद्यानाध्यापक शाहीलाई हातपात गरेका थिए। गाविसका सबै विद्यालय बन्द हुँदा दौलतपुर गाविसस्थित विद्यालयमा अध्ययनरत करिब ३ हजार बालबालिका पठनपाठनबाट वञ्चित भए। विद्यालयको पठनपाठन ०७० असोज ९ गतेदेखि सुचारु भयो।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

२४ वर्षीया एक महिलालाई घरमा कोही नभएको अवस्थामा ०६९ पुस २२ गते बनियाभार गाविस-४ का ३४ वर्षीय राजाराम थारुले बलात्कार गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय, बनियाभारमा ०६९ माघ १२ गते जाहेरी दिइन्। प्रहरीले आरोपित राजारामलाई ०६९ माघ १२ गते गाउँबाट गिरफ्तार गरेकामा बर्दिया जिल्ला अदालतको आदेश अनुसार आरोपित ०६९ माघ २६ गते पुर्पक्षका लागि कारागार चलान भए। बर्दिया जिल्ला अदालतले ०७० वैशाख २९ गते राजारामलाई दोषी ठहर गरी ६ वर्ष कैद सजायको फैसला गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल, गुलरियामा भयो।

४० वर्षीया एक महिलालाई ०७० कात्तिक ८ गते भीम्मापुर गाविस-२ का २३ वर्षीय खगेन्द्र भुलले बलात्कार प्रयास गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय राजापुरमा ०७० कात्तिक १० गते जबरजस्ती करणी प्रयासको जाहेरी दिइन्। प्रहरीले आरोपितलाई ०७० कात्तिक ९ गते गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेश अनुसार ०७० कात्तिक २३ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

दुर्व्यवहार

गुलरिया नपा-१२ की ३२ वर्षीया एक महिलालाई अनैतिक काम गरेको आरोपमा ०६९ फागुन १७ गते सोही गाउँका व्यक्तिहरूले टाउको मुन्डन गरी गाउँ घुमाए। घटनाको जानकारी पाएपछि सोही दिन प्रहरीले घटनामा संलग्न सोही ठाउँका ३५ वर्षीया फत्तु थारु, ३० वर्षीय मनबहादुर गाहामगर, ४५ वर्षीय श्रीप्रसाद थारु, २३ वर्षीय सुनील गुरूङ, ६९ वर्षीय कालुराम थारु, ४९ वर्षीय दीपबहादुर खड्का, २२ वर्षीय खिमबहादुर विक, २२ वर्षीय रामगोपाल पासी, २१ वर्षीय कृष्णबहादुर लामा, २० वर्षीय चेतराम थारुलाई सोही दिन गिरफ्तार गरेकामा ०६९ फागुन २० गते जिल्ला प्रहरी कार्यालय बर्दियामा सार्वजनिक मुद्दा दर्ता गरायो। सुस्त मनस्थिति रहेकी पीडित महिलाको बर्दिया जिल्ला अस्पतालमा उपचार भयो। घरमा कोही नभएको अवस्थामा सोही ठाउँका ७५ वर्षीय सुवबहादुर विकले ०६९ फागुन १६ गते राति जबरजस्ती घरमा प्रवेश गरी बलात्कार गर्न खोजेको र हारगुहार माग्दा गाउँलेले गलत आरोप लगाएर अमानवीय व्यवहार गरेको पीडितले बताइन्। जिल्ला प्रशासन कार्यालय, बर्दियाको ०७० चैत १ गतेको आदेशमा घटनाका आरोपीमध्ये खिमबहादुरलाई तीन हजार रुपियाँ र अन्य फत्तु, मनबहादुर, श्रीप्रसाद, सुनील, कालुराम, दीपबहादुरलाई साधारण तारेखमा रिहा गऱ्यो। घटनामा संलग्न फरारमध्ये सोही ठाउँका २० वर्षीय चेतराम थारुलाई ०७० मङ्सिर २० गते प्रहरीले गिरफ्तार गरेकामा जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराएपछि उनलाई सोही दिन पाँच हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गऱ्यो। अर्का फरार आरोपित २१ वर्षीय कृष्णबहादुर लामालाई प्रहरीले यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेको छैन। जिल्ला प्रशासन कार्यालयबाट अन्तिम मुद्दाको फैसला भएको छैन।

घरेलु हिंसा

बाँके जिल्ला नौवस्ता गाविस-२ की ३६ वर्षीया देवी श्रेष्ठ बुढाक्षेत्री बेलवा गाविस-५ स्थित ठूलीआमाको घर गएको अवस्थामा घरायसी विषयमा विवाद हुँदा ०७० कात्तिक १५ गते ३५ वर्षीय पति खड्कबहादुर बुढाक्षेत्रीले टाउकामा बन्चरो प्रहार गरी घाइते बनाए। घाइतेको मेडिकल कलेज, नेपालगन्जमा उपचार भयो। पीडितले ०७० मङ्सिर ११ गते जिल्ला प्रहरी कार्यालय, बर्दियामा पति खड्कबहादुर बुढाक्षेत्रीविरुद्ध ज्यान मार्ने उद्योगको मुद्दा दिइन्। प्रहरीले घटनाका आरोपित खड्कबहादुरलाई मङ्सिर ११ गते गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेश अनुसार ०७० पुस ९ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

परिवारजनबाट हत्या

गुलरिया नपा-१४ की २४ वर्षीया सरस्वती लोधलाई ०७० जेठ १५ गते पति २५ वर्षीय मङ्गल

लोधले हत्या गरेको आरोप लगाउँदै मृतकका बुबा प्रसादी लोधले जिल्ला प्रहरी कार्यालय, बर्दिया ०७० जेठ ३० गते जाहेरी दिए। घटना हुनुअघि सरस्वतीलाई पतिले मानसिक र शारीरिक हिंसा दिने गरेको माइती पक्षले आरोप लगाए। सरस्वतीले विष सेवन गरेको भन्दै घरपरिवारले जिल्ला अस्पतालमा उपचारका लागि लगेका थिए। मृतकको जिल्ला अस्पताल, गुलरियामा पोस्टमार्टम भयो। प्रहरीले घटनाका आरोपी मङ्गल लोधलाई ०७० कात्तिक १० गते गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेश अनुसार ०७० कात्तिक २६ गते आरोपित साधारण तारेखमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

कालिका गाविस-७ की ४६ वर्षीया नारायणी रानाभाट ०७० साउन २ गते आफ्नै घरपछाडि मृत अवस्थामा फेला परिन्। नारायणीको लास घरदेखि पछाडि झन्डै ४० मिटरको दूरीमा मृतकको पोते, काँटा, चुरा र भाँचिएका लट्ठीहरू भेटिएको थियो। मृतकको शरीरभरि कुटपिट गरेको नीलडाम र टाउकामा गहिरो चोट लागेको थियो। प्रहरीले पत्नीको हत्या गरेको आरोपमा मृतकका पति ४८ वर्षीय कृष्णबहादुर रानाभाटलाई ०७० साउन २ गते गिरफ्तार गऱ्यो। मृतक नारायणीका बुबा अर्णबहादुर कार्कीले कृष्णबहादुरविरुद्ध हत्या गरेको आरोपमा ०७० साउन २ गते जिल्ला प्रहरी कार्यालय, बर्दियामा किटानी जाहेरी दर्ता गराए। बर्दिया जिल्ला अदालतको आदेश अनुसार ०७० साउन २७ गते पुर्पक्षका लागि आरोपित कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३२ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका एक, खानलाउन नदिएका २८ र अर्की पत्नी ल्याएर हेला गरेका तीन थिए। ती घटनामध्ये प्रहरीले २९ घटनामा मिलापत्र गराएको र ३ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति, जग्गा कब्जा

गैरराज्यपक्षबाट

नेकपा-माओवादीबाट

खैरीचन्दनपुर गाविस-८, भगतपुरमा रहेको चुनावी मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीकी पत्नी शान्ता रेग्मीको १० बिघा, सोही ठाउँमा जग्गा भई हाल काठमाडौँ बस्दै आएका लक्ष्मीप्रसाद नेपालको ६ बिघा, उनकी पत्नी शारदा नेपालको ९ बिघा, माइली छोरी र कान्छी छोरीका नाममा रहेको १०-१० बिघा गरी ४५ बिघा जग्गा नेकपा-माओवादी, बर्दियाका सचिव द्रव्य शाहको नेतृत्वमा ०६९ चैत २१ गते गएको समूहले कब्जा गर्ने उद्देश्यले पार्टीको झन्डा गाड्यो। लक्ष्मीप्रसाद नेपाल रेग्मीका छोरीज्वाइँ हुन्। नेकपा-माओवादी बर्दियाका सेक्रेटरी द्रव्य शाहले चुनावी मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीको १० बिघा, लक्ष्मीप्रसाद नेपालको कब्जा जग्गा पार्टीको पोलिटब्युरो बैठकको निर्णय अनुसार केन्द्रीय नीति अनुसार नै गरेको दाबी गर्दै यसरी कब्जा गरिएका जग्गा स्थानीय जोताहा किसानलाई जोतभोगका लागि वितरण गरिने बताए। पीडितले न्यायका लागि यस वर्षको अन्त्यसम्म कतै निवेदन दिएनन्।

मधेसी जनअधिकार फोरमबाट

गुलरिया नपा-८ निवासी मानवअधिकार तथा वातावरण संरक्षण मञ्चका अध्यक्ष तथा कानुन व्यवसायी ३९ वर्षीय राजकुमार थारुको प्रोग्रेसिभ ल फर्ममा मधेसी जनअधिकार फोरमलगायत साना दलका कार्यकर्ताले बन्दको अवज्ञा गरेको भन्दै तोडफोड गर्नुका साथै मानवअधिकारकर्मी राजकुमार थारुलाई फर्मभित्र थुनेर राखे। तोडफोडबाट करिब १ हजार ५ सय रुपियाँबराबरको क्षति भयो। पीडितले न्यायका लागि यस वर्षको अन्त्यसम्म कतै निवेदन दिएनन्।

मधेसी जनअधिकार फोरम, नेपालसहितका साना दलले आह्वान गरेको बन्दको समाचार सङ्कलन गर्न गएका 'फूलबारी एफएम' बर्दियाका समाचार शाखा प्रमुख दीपक शर्मा चढेको बा२८प १९७१ नम्बरको मोटरसाइकल ०६९ फागुन २४ गते बन्दकर्ताले तोडफोड गरे। बन्दको समाचार सङ्कलनका लागि बर्दियाको सदरमुकाम गुलरिया बजारस्थित 'फूलबारी एफएम'का समाचार शाखा प्रमुख दीपक शर्मा र सोही एफएमका पत्रकार प्रदीप गुप्ता चढेको मोटरसाइकल आन्दोलनकारीले तोडफोड गरे। मोटरसाइकल तोडफोडबाट करिब ३ हजार रुपियाँबराबरको क्षति भयो। सञ्चारकर्मी चढेको मोटरसाइकल तोडफोड भएको विषयमा नेपाल पत्रकार महासङ्घ, बर्दिया र अन्य पत्रकारका सङ्गठनले ०६९ फागुन २४ गते प्रेस विज्ञप्ति प्रकाशित गरी घटनाप्रति खेद प्रकट गर्दै दोषीमाथि कारवाहीको माग गऱ्यो।

अज्ञात समूहबाट

बर्दिया-२ बाट एमाओवादी पार्टीका प्रत्यक्षतर्फका उम्मेदवार तिलक शर्मा (हिमाल)ले भाडामा प्रयोग गरेको डेउढकला गाविस-९ का ४७ वर्षीय नारायण रिमालको भेइज ३४३ नम्बरको गाडीमा ०७० कात्तिक २८ गते राति अज्ञात समूहले आगजनी गरी क्षति पुऱ्याए। दिनभरि चुनाव प्रचार-प्रसारको काम सकेर गुलरिया नपा-८ विद्युत् टोलमा पार्टी कार्यकर्ताले डेरा गरी बसेको घरमा राखेको अवस्थामा राति अज्ञात समूहले आगजनी गरेको थियो। आगजनीबाट १ लाख ५५ हजार रुपियाँबराबरको क्षति भएको गाडी मालिक नारायण रिमालले दाबी गरे। मालिक रिमालले ०७० कात्तिक २९ गते क्षतिपूर्तिको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए। हेवी डिभिजन, नेपालगन्जका प्रमुख भुवन अधिकारीको प्राविधिक टोलीले ०७० मङ्सिर २ गते गाडी आगजनीबाट ७४ हजार रुपियाँबराबरको क्षति भएको प्रतिवेदन जिल्ला प्रशासन कार्यालयलाई बुझायो। क्षतिपूर्ति समितिले ०७० मङ्सिर १० गते गाडी मालिकलाई ५५ हजार ८ सय ७५ रुपियाँ क्षतिपूर्तिका लागि सिफारिस गऱ्यो। जिल्ला प्रशासन कार्यालय, बर्दियाले तत्काल २५ हजार रुपियाँ क्षतिपूर्तिस्वरूप उपलब्ध गराएको र बाँकी रकमका लागि प्रक्रियामा रहेको जानकारी दियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	१५		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	६	५	१
स्टाफ नर्स	७	७	
ल्याब असिस्टेन्ट	६	५	१
अहेब	४६	४६	
अनमि	२१	२१	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१३	१३	
स्वास्थ्य कार्यकर्ता	३४	२८	६

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यान १२, अपहरण दुई, बहुविवाह ६, जबरजस्ती करणी १७, ज्यान मार्ने उद्योग चार, मानव बेचबिखन तीन, बोक्सीको आरोप एक, जबरजस्ती करणी उद्योग एक मुद्दा दर्ता भए।

४.८ सुर्खेत



जिल्ला सदरमुकाम: वीरेन्द्रनगर
क्षेत्रफल (वर्ग कि. मि.): २,४५१
घरधुरी सङ्ख्या: ७२,८६३
जम्मा जनसङ्ख्या: ३,५०,८०४
पुरुष: १,६५,४२१
महिला: १,८१,३८३
अपाङ्ग सङ्ख्या: १०,२५१
गाविस/नपा सङ्ख्या: ५०/१
पुरुष साक्षरता सङ्ख्या: १,२६,०४४
महिला साक्षरता सङ्ख्या: १,१०,१८७
हिन्दू धर्मावलम्बी प्रतिशत: ५१.८६
बौद्ध धर्मावलम्बी प्रतिशत: ४.११
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.५२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ३.४३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०७
प्रतिपरिवार सरदर सङ्ख्या: ४.८२

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
गोली/विस्फोटक पदार्थद्वारा घाइते
गैरराज्यपक्षबाट

अज्ञातबाट

वीरेन्द्रनगर नपा-४ निवासी स्वास्थ्यकर्मी ४६ वर्षीय प्रेमप्रकाश न्यौपानेलाई वीरेन्द्रनगरबाट घर गइरहेको अवस्थामा ०७० पुस ४ गते साँझ दुई जनाको सङ्ख्यामा मोटरसाइकलमा आएका अज्ञात व्यक्तिले सोही ठाउँको एरीचोकमा गोली प्रहार गरे। दाहिने गालामा चोट लागेका घाइतेको मेडिकल कलेज, कोहलपुरमा उपचार भयो। घटनामा संलग्न पक्षको यस वर्षको अन्त्यसम्म पहिचान खुलेन। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०७० पुस ५ गते निवेदन दिए पनि यस वर्षको अन्त्यसम्म कोही गिरफ्तार भएका छैनन्।

लाटीकोइली गाविस-९ का ३२ वर्षीय भूपेन्द्र बीसी वीरेन्द्रनगर बजारबाट घर जाँदै गरेको अवस्थामा बाटो कुरेर बसेका दुई जनाको सङ्ख्यामा रहेका अज्ञात व्यक्तिले ०७० पुस ६ गते साँझ सोही गाविस-७, अलायचौरमा गोली प्रहार गरे। बायाँ हातको पाखुरामा चोट लागेका घाइतेको क्षेत्रीय अस्पताल, सुर्खेतमा उपचार भयो। बीसीलाई गोली कसले र किन प्रहार गरेको हो भन्नेबारेमा खुल्न सकेको छैन। बीसीलाई गोली प्रहार गर्ने समूहलाई यस वर्षको अन्त्यसम्ममा प्रहरीले गिरफ्तार गरेको छैन।

वीरेन्द्रनगर नपा-३ निवासी काङ्ग्रेस कार्यकर्ता ३४ वर्षीय लोकबहादुर पन्त, उत्तरगङ्गा गाविस-९ का ४६ वर्षीय तेजबहादुर ढकाल, सोही गाविस-३ का ४० वर्षीय थुमबहादुर थापा, सोही ठाउँका २८ वर्षीय कृष्ण आचार्य, सोही ठाउँका ३२ वर्षीय दुर्गाबहादुर बम, सोही ठाउँकी ३६ वर्षीया चन्दा रामजाली, ४१ वर्षीय महेन्द्र शाही, उत्तरगङ्गा गाविस-८ का २६ वर्षीय कृष्ण विष्ट र वीरेन्द्रनगर नपा-६ का ४८ वर्षीय लक्ष्मीप्रसाद शाही चढेको भेरी१ख ९९८ नम्बरको बसमा ०७० कात्तिक २९ गते अज्ञात समूहले सुर्खेत-जुम्ला सडक खण्डको कुनाथरी गाविस-९, कुम्भीकोटमा पेट्रोल बम प्रहार गर्दा घाइते भए। संविधानसभा निर्वाचनको प्रचार-प्रसारका क्रममा बाबियाचौर गाविसमा सम्पन्न आमसभापछि फर्कंदै गर्दा गरिएको पेट्रोल बम प्रहारबाट काङ्ग्रेसका कार्यकर्ताहरू चढेको बस पूर्ण रूपमा क्षतिग्रस्त भयो। सबै जनाको क्षेत्रीय अस्पताल, सुर्खेतमा उपचार भयो। यस वर्षको अन्त्यसम्म घटनामा संलग्न समूहको पहिचान हुन सकेन।

जेल र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ७५ कैदी र कैद नतोकिएका ५९ थुनुवा गरी १ सय ३४ जना बन्दीहरू कारागारमा रहेका छन्। जसमा १ सय २१ पुरुष र १३ जना महिला रहेका छन्। एक नाबालक पनि कारागारमा छन्। जेलर रेशमबहादुर थापाले करिब ४० वर्षअघि निर्माण गरिदिएको कारागार जीर्ण बन्दै गएको र क्षमताभन्दा पाँच दोब्बर बढी बन्दीहरू एकै स्थानमा कोचिएर बस्नुपर्दा बन्दीहरूले अनेकौं दुःखहरू बेहोर्नुपरेको बताए। कारागारको भौतिक सुधारका लागि कारागार विभागमा २५ लाख रुपियाँबराबरको रकम माग गरेको पाँच महिना बितिसक्दा पनि कुनै सुनुवाइ भएको छैन। यस्तै विगत पाँच वर्षअघिदेखि सो कारागार कार्यालयलाई सुविधा सम्पन्न सुधारगृहका रूपमा भवन निर्माण कार्य सुरु गरिएको भए पनि यस वर्षको अन्त्यसम्ममा सुधारगृह निर्माण कार्य सम्पन्न हुन सकेको छैन।

धम्की/कुटपिट

राज्यपक्षबाट

वीरेन्द्रनगर नपा-११ की २२ वर्षीया अनीता सारु र सोही नपा-४ की ३२ वर्षीया रेणु विकलाई जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा केही दिनअघि यातना पाएकी गढी गाविस-४ की २० वर्षीया मनीषा थापाको नियमित उपचार र भेटघाट गर्न दिनुपर्ने माग राख्दै आन्दोलनमा उत्रेको आरोपमा ०६९ फागुन ११ गते प्रहरीले जिल्ला प्रहरी कार्यालय परिसरमा कुटपिट गरे। कुटपिटबाट सामान्य चोट लागेका उनीहरूको वीरेन्द्रनगरस्थित देउती नर्सिङ होममा उपचार भयो। महिलाहरूको ठूलो समूह कार्यालयमा आई तोडफोडमा उत्रन थालेपछि प्रतिकारका क्रममा उनीहरूमाथि कुटपिट भएको जिल्ला प्रहरी कार्यालय, सुर्खेतका एसपी विश्वनिरञ्जन प्रधानले प्रतिक्रिया दिए। पीडितहरूले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					११	११
बालअधिकार				८		८
अमानवीय व्यवहार					१	१
आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार				१	३	४
महिलाअधिकार				१३४		१३४
भूमिहीन/सुकुम्बासी समस्या	२	४	६			
भेला/सङ्गठित हुने अधिकार		३	३			
जातीय विभेद				१	३	४
गिरफ्तारी/यातना	१	३१	३३			
कुटपिट	५	३०	३५	२	८	१०
धम्की	१	१	२	१	३०	३१
जम्मा	९	४९	५८	१४६	४६	१९३

मैनतडा गाविस-३ का नेकपा-माओवादीका कार्यकर्ता ४३ वर्षीय सहवीर महर, ३८ वर्षीय टेकबहादुर तिरुवा र ३९ वर्षीय रामबहादुर सुनारले जिल्ला प्रशासन कार्यालय सुर्खेतको अगुवाइमा नागरिकता, फोटोसहितको नामावली सङ्कलन र राज्यद्वारा प्रदान गरिने सेवासुविधा उपलब्ध गराउन सञ्चालन गरिएको शिविरमा अवरोध गरेको आरोपमा ०७० जेठ १ गते प्रहरीले मैनतडा गाविस-३, जहरे बजारबाट नियन्त्रणमा लिई उनीहरूलाई लात्ती-मुक्का र लाठीले कुटपिट गरे। पीडित सबैको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। सो क्रममा प्रहरीले नेकपा-माओवादी जिल्ला कमिटी सदस्य जेबी सुनारलाई गिरफ्तार गरी सोही दिन रिहा गऱ्यो। नेकपा-माओवादीका कार्यकर्ताहरूले अवरोध गरेपछि स्थिति नियन्त्रण गर्दा कुटपिट भएको एसपी विश्वनिरञ्जन प्रधानले जनाए। पीडितहरूले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

लाटीकोइली गाविस-८ निवासी लेखगाउँ गाविस सचिव ५० वर्षीय बखतबहादुर शाही, उनकी ४८ वर्षीया पत्नी मानकुमारी शाही, छोरा २८ वर्षीय प्रमोद शाही, २५ वर्षीय प्रकाश शाही, सोही ठाउँका ३५ वर्षीय अर्जुन रावल, ३४ वर्षीय केशव कटुवाल र २५ वर्षीय मेघराज गुरुङले प्रहरीमाथि हातपात गरेको आरोपमा ०७० असार ९ गते लाटीकोइली गाविस-८ मा नगर प्रहरी इन्चार्ज रामबहादुर थापाको नेतृत्वमा सुरक्षा गस्तीमा खटिएको प्रहरीले गाली-बेइज्जती गर्नुका साथै उनीहरूलाई लाठी, लात्ती-मुक्का र बन्दुकको कुन्दाले कुटपिट गरे। सो क्रममा प्रहरीले बखत शाहीलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा यातना दिएको पीडितले बताए। पीडित सबैको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। एसपी विश्वनिरञ्जन प्रधानले प्रमोद र प्रकाश शाहीले प्रहरीका नगर इन्चार्ज थापालाई कुटपिट गरेपछि भएको विवादमा धरपकड मात्र गरिएको प्रतिक्रिया दिए। पीडितहरूले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

वीरेन्द्रनगर नपा-११ का ४० वर्षीय वीरबहादुर राना र ४३ वर्षीय शङ्कर चौधरीलाई ०७० असोज ४ गते मादक पदार्थ सेवन गरी आएका प्रहरीले सोही ठाउँमा बिनाआरोप कुटपिट गरे। पीडितहरूले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्। पीडितहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

गैरराज्यपक्षबाट

नेकपा-माओवादीबाट

मेहेलकुना गाविस सचिव ३५ वर्षीय गोविन्द रानाले पार्टीको नीतिविपरीत फोटोसहितको मतदाता नामावली सङ्कलन गरेको आरोपमा ०६९ चैत ११

गते नेकपा-माओवादीका कार्यकर्ताले गाविस भवनमा मतदाता नामावली सङ्कलन कार्य तत्काल बन्द गर्न धम्की दिए। नेकपा-माओवादीका कार्यकर्ताहरूले धम्कीपत्र बुझाउँदै मतदाता नामावली सङ्कलन कार्य बन्द नगरिए यसबाट हुने क्षति स्वयम् गाविस सचिवले बेहोर्नुपर्ने चेतावनी दिए। सो धम्कीपछि मतदाता नामावली सङ्कलन कार्य अवरुद्ध भएको थियो। पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

मैनतडा गाविस सचिव ५५ वर्षीय फर्सबहादुर तिवारीले पार्टीको नीतिविपरीत फोटोसहितको मतदाता नामावली सङ्कलन गरेको आरोपमा ०६९ चैत १३ गते नेकपा-माओवादीका कार्यकर्ताहरूले गाविस भवनमा मतदाता नामावली सङ्कलन कार्य तत्काल बन्द गर्नुपर्ने धम्की दिए। नेकपा-माओवादीका कार्यकर्ताहरूले धम्कीपत्र बुझाउँदै मतदाता नामावली सङ्कलन कार्य बन्द नगरिए यसबाट हुने क्षति स्वयम् गाविस सचिवले बेहोर्नुपर्ने चेतावनी दिए।

रामघाट गाविस सचिव ५२ वर्षीय ललित वली र दशरथपुर गाविस सचिव ५८ वर्षीय ललितबहादुर शाहीले०६९ चैत १५ गते, गुटु गाविस सचिव ४५ वर्षीय शरण बडुवाल र कुनाथरी गाविस सचिव ४२ वर्षीय लालबहादुर खत्रीलाई ०६९ चैत १८ गते तथा अवलचिङ गाविस कार्यालयका सचिव ३५ वर्षीय गणेशप्रसाद आचार्य र लेखफर्सा गाविस कार्यालयका सचिव ५९ वर्षीय तेजबहादुर रोकायलाई ०६९ चैत २० गते पार्टीको नीतिविपरीत फोटोसहितको मतदाता नामावली सङ्कलन गरेको आरोपमा नेकपा-माओवादीका कार्यकर्ताहरूले गाविस भवनमा मतदाता नामावली सङ्कलन कार्य तत्काल बन्द गर्न धम्की दिएका थिए ।

काङ्ग्रेसबाट

वेतान गाविस-३ निवासी युवासङ्घ सुर्खेत क्षेत्र नं. ३ का अध्यक्ष ३३ वर्षीय गणेश रानालाई नेपाल राष्ट्रिय उच्च मावि, वेतानको विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा उम्मेदवारी दिएको आरोपमा ०७० जेठ २५ गते काङ्ग्रेसका कार्यकर्ता सोही ठाउँका ३५ वर्षीय राजीव सावदर ३४ वर्षीय धनबहादुर सलामीले विद्यालय प्राङ्गणमा उनलाई लाठी र लात्ती-मुक्काले कुटपिट गरे। पीडितको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ०७० जेठ ३० गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ भएको छैन।

बावियाचौर गाविस-५ का नेकपा-माओवादी भेरी कर्णाली राज्य समिति सदस्य ४६ वर्षीय नवीन शाहीलाई फरक मत राखेको आरोपमा ०७० असोज २८ गते काङ्ग्रेस निकट शिक्षक सङ्घमा आबद्ध यामलाल कँडेल र देवीराम देवकोटाले बावियाचौर बजारबाट घर फर्कंदै गर्दा कुटपिट गरे। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

नेविसङ्घबाट

लगाम गाविस-३ स्थित महाकाली उच्च माविमा अध्ययनरत अनेरास्ववियुका कार्यकर्ता २६ वर्षीय खड्कबहादुर थापाले फरकमत राखेको आरोपमा ०६९ पुस २१ गते नेपाल विद्यार्थी सङ्घका कार्यकर्ताहरू प्रेम बान्तोला र दीपक बान्तोलासहितको समूहले उनलाई विद्यालय परिसरमा लात्ती-मुक्काले कुटपिट गरे। कुटपिटबाट टाउकोमा चोट लागेका पीडितको क्षेत्रीय अस्पताल, सुर्खेतमा उपचार भयो। पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

अज्ञात समूहबाट

विद्यापुर गाविस-५ निवासी मानवअधिकार एलाइन्सका कार्यकारी निर्देशक ३५ वर्षीय यादव वास्तोलालाई ०६९ फागुन १७ गते विद्यापुर गाविस-५, श्रीचौरको जङ्गलमा अज्ञात समूहले साङ्घातिक आक्रमण गरे। 'माओवादीलाई थुन्नुपर्छ भन्दै हिँड्ने, काङ्ग्रेस र एमालेको आडमा मानवअधिकारको वकालत गर्ने तैं होस्' भन्दै चार जनाको सङ्ख्यामा आएको अज्ञात समूहले सोही गाविस-५ को बीच जङ्गलमा बाटो छेकेर फलामको रड, लाठी र मुक्काले आक्रमण गऱ्यो। आक्रमणबाट घाइते वास्तोलाको वीरेन्द्र नगरस्थित देउती नर्सिङ होममा उपचार भयो। घटना सम्बन्धमा स्थानीय अधिकारकर्मी सङ्घसंस्थाले ०६९ फागुन १८ गते विज्ञप्ति जारी गरी विरोध जनाए। वास्तोलामाथि आक्रमण गर्ने समूह यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। पीडितले ०६९ फागुन १८ गते जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा सो समूहको पहिचान नभएको प्रहरीले जनायो।

प्रहरीको हिरासतमा यातना पाएकी मनीषा थापा

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

वीरेन्द्रनगर नपा-६ स्थित असीम अटोपार्ट्सका अटोमेकानिक्स मजदुरहरू २३ वर्षीय कलाम अहमद र २५ वर्षीय आरिफ खानलाई वीरेन्द्रनगर नपा-५ का अनुप शाहीले ०६९ चैत २१ गते कुटपिट गरेकामा प्रहरीले शाहीलाई गिरफ्तार गरी कारबाही नगरेको भनी जिफन्ट र अटोमेकानिक्सका मजदुरहरूले आह्वान गरेको सुर्खेत बन्दलाई ०६९ चैत २२ गते प्रहरीले हस्तक्षेप गऱ्यो। प्रहरीले बन्दपूर्व चैत २२ गते बिहान ५ बजे जिफन्टका अध्यक्ष तोरण विकलाई गिरफ्तार गरी बन्द फिर्ता गर्न बाध्य पारेको अटोमेकानिक्स मजदुरले जनाए। अध्यक्ष विक सोही दिन रिहा भए। उनीहरूले यस वर्षको अन्त्यसम्म कहीँ उजुरी दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार
जिल्ला अदालत
०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेका यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३ सय ६७ थानमध्ये २ सय ७० थानको फैसला भयो भने ९७ थान बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ९३ थानमध्ये १ सय ४३ थानको फैसला भयो भने १ सय ५० थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा दुई थान रहे।

०७० साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ७९ थानमध्ये ८६ थानको फैसला भयो भने ९३ थान बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ९८ थानमध्ये ५४ थानको फैसला भयो भने १ सय ४४ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा यस अवधिमा नभएको अदालतले जनायो।

जिल्ला सरकारी वकिल कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ९१ थान छ, जसमध्ये ६७ थान सफल भए भने २४ थान असफल भए।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी १० थानमध्ये आठ थान सफल र दुई थान असफल रहे। बलात्कारसम्बन्धी मुद्दा २३ थानमध्ये १८ थान सफल र पाँच थान असफल रहे। महिला बेचबिखनसम्बन्धी दुई थान मुद्दामध्ये दुवै सफल रहे। अपहरणसम्बन्धी परेको एक र बहुविवाहसम्बन्धी परेका तीन थान मुद्दामध्ये सबै सफल रहे। यस अवधिमा बालविवाह र छुवाछूतसम्बन्धी कुनै मुद्दा नरहेको जिल्ला सरकारी वकिल कार्यालयले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या ४९ थान छ, जसमध्ये ३७ थान सफल भए। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म १२ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

पुनरावेदन अदालत
०६९ साउनदेखि ०७० असार मसान्तसम्म

दुई जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ४४ थानमध्ये ३६ थानको फैसला भयो भने १ सय ८ थान बाँकी रहे। देवानी मुद्दातर्फ ३५ थानमध्ये ११ थानको फैसला भयो भने २४ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ १ सय ४४ थानमध्ये २६ थानको फैसला भयो भने १ सय १८ थान बाँकी रहे। देवानी मुद्दातर्फ २१ थानमध्ये ६ थानको फैसला भयो भने १५ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा नरहेको पुनरावेदन अदालतले जनायो।

पुनरावेदन वकिल कार्यालय

पुनरावेदन सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ६० थान छ, जसमध्ये १ सय १४ थान सफल भए भने २९ थान असफल भए। मुलतवीमा मुद्दा रहेका छैनन्। तामेलीमा रहेका मुद्दाको सङ्ख्या १७ थान छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी ४२ थानमध्ये ३५ थान सफल र सात थान असफल रहे। बलात्कारसम्बन्धी मुद्दा ३४ थानमध्ये २९ थान सफल र पाँच थान असफल रहे। महिला बेचबिखनसम्बन्धी ६ थानमध्ये पाँच थान सफल र एक थान असफल रह्यो। बहुविवाहसम्बन्धी १० थानमध्ये ६ थान सफल र चार थान असफल रहे। बालविवाह र छुवाछूतसम्बन्धी कुनै मुद्दा नभएको पुनरावेदन सरकारी वकिल कार्यालयले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या ८७ थान छ, जसमध्ये ६५ थान सफल र २२ असफल रहे। सरकारी वकिलको सङ्ख्या एक जना रहेको यस पुनरावेदन सरकारी वकिल कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १८ गतेसम्म बाँकी मुद्दा नरहेको पुनरावेदन सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गढी गाविस-४ की मनीषा थापालाई ०६९ फागुन ७ गते जिल्ला प्रहरी कार्यालय, सुर्खेतको हिरासतमा प्रहरीले पाइप र लाठीले कुटपिट गरेको पीडितले जनाइन्। वीरेन्द्रनगर नपा-११ बाट गिरफ्तारपछि प्रहरीको कुटपिटबाट घाइते मनीषाको क्षेत्रीय अस्पताल, सुर्खेतमा प्राथमिक उपचार भयो भने थप उपचारका लागि कोहलपुर शिक्षण अस्पतालमा क्षेत्रीय अस्पताल सुर्खेतले रिफर गरे पनि प्रहरीले कोहलपुर लैजान दिएन। हिरासतमा प्रहरीले कुटपिट गरेको विरोधमा इन्सेक, आवाज, एकल महिला, नेपाल मानव अधिकार सङ्गठन, मानवअधिकार तथा शान्ति समाज, महिला मानवअधिकार रक्षक सञ्जाल र एड्भोकेसी फोरमले ०६९ फागुन ९ गते संयुक्त प्रेस विज्ञप्ति जारी गरी विरोध गरे। घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, सुर्खेतका एसपी विश्वनिरञ्जन प्रधानले मनीषालाई कुटपिट नगरिएको प्रतिक्रिया दिए।

लाटीकोइली गाविस-८ का ३५ वर्षीय राजेन्द्र बुढा, सोही ठाउँका ५६ वर्षीय धनराज गुरुङ, ३२ वर्षीय सिंहराज गुरुङ, ३० वर्षीय चेतन सिं, ४० वर्षीय देवीदत्त बुढा, ४५ वर्षीय पञ्चसिं रोकाय र ११ वर्षीय सिम्रन रावतलाई काँक्रेविहार संरक्षित वनक्षेत्रभित्र गौतम बुद्धको मूर्ति स्थापना गर्न खाजेको आरोपमा ०७० जेठ ११ गते काँक्रेबिहारमा प्रहरीले लाठी र बन्दुकको कुन्दाले कुटपिट गरे। पीडितहरू सबै जनाको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। काँक्रेविहारमा मूर्ति स्थापनाका बारेमा लामो समयको विवादपछि बुद्ध जयन्तीको दिन खाम्पा समाज, सुर्खेतको अगुवाइमा काँक्रेविहारमा मूर्ति स्थापनाका लागि पहल गर्ने उद्देश्यले मूर्ति लैजाँदै गर्दा प्रहरीले अनावश्यक हस्तक्षेप गरी कुटपिट गरेको र आफूलाई केही समयसम्म नियन्त्रणमा लिई मार्ने धम्कीसमेत दिएको पीडित राजेन्द्र बुढाले बताए। पीडिहरूले यस वर्षको अन्त्यसम्म कहीँ उजुरी दिएनन्। पुरातत्व विभाग, जिल्ला प्रशासन कार्यालय सुर्खेत, जिल्ला विकास समिति सुर्खेत, लाटीकोइली गाविस र राजनीतिक दलहरूले काँक्रेविहारमा बुद्धको मूर्ति स्थापनाका लागि अनुमति दिए पनि वन ऐनले रोकेका कारण मूर्ति स्थापना विवाद यस वर्षको अन्त्यसम्म कायमै छ। प्रहरीले बुद्धको मूर्तिलाई ०७० जेठ ११ गते र १७ गते गरी दुईपटक नियन्त्रणमा लिई यस वर्षको अन्त्यसम्म आफ्नै नियन्त्रणमा राखेको छ।

लाटीकोइली गाविस-८ का ३२ वर्षीय छेडेन रोकाय, सोही ठाउँका ४२ वर्षीय मदन श्रेष्ठ र १८ वर्षीय नन्द बुढालाई काँक्रेविहारमा मूर्ति स्थापना विवादपछि खाम्पा समाज र बौद्ध धर्मावलम्बीहरूले आह्वान गरेको सुर्खेत बन्दका क्रममा सार्वजनिक यातायात तोडफोड गरेको आरोपमा ०७० जेठ १३ गते प्रहरीले वीरेन्द्रनगरबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, सुर्खेतको हिरासतमा कुटपिट गरे। जेठ १५ गते रिहा भएका पीडितहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितहरूलाई हिरासतमा कुटपिट नगरिएको जिल्ला प्रहरी कार्यालयका एसपी विश्वनिरञ्जन प्रधानले बताए। पीडितहरूले यस वर्षको अन्त्यसम्म कहीँ उजुरी दिएनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख २० हजार ३ सय ६० मध्ये छात्र ५१ हजार १ सय ६५ र छात्रा ६९ हजार १ सय ९५ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार १ सय १९ र छात्र ९ हजार २ सय ७२ रहेका छन्।

सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ६ सय ७१ र पुरुष १ हजार ६६ गरी जम्मा १ हजार ७ सय ३७ शिक्षक (राहत र अनुदानसमेत) कार्यरत छन्। निमावि तहमा महिला १ सय २७ र पुरुष ३ सय ८७ गरी जम्मा ५ सय १४ शिक्षक (राहत र अनुदानसमेत) कार्यरत छन्। यसै गरी मावि तहमा महिला ९८ र पुरुष २ सय १० गरी जम्मा ३ सय ८ शिक्षक (राहत र अनुदानसमेत) रहेका छन्।

बालविकास केन्द्रमा बालक ११ हजार ४ सय ३० र बालिका १२ हजार ७ सय ४५ गरी जम्मा २४ हजार १ सय ७५ रहेका छन्, जसमध्ये दलित बालक ७ सय ४३ र बालिका ८ सय २१ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१४ वर्षीया एक बालिकालाई सालकोट गाविस-५ का २१ वर्षीय गोपाल भनिने गणेश बीसीले ०७० भदौ ३१ गते घरनजिकैको जङ्गलमा बलात्कार गरेको भन्दै पीडित पक्षले ०६९ असोज १ गते जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा उजुरी दियो। पीडितको क्षेत्रीय अस्पताल, सुर्खेतमा उपचार भयो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरी जबरजस्ती करणीमा मुद्दा चलाएकामा जिल्ला अदालत, सुर्खेतको ०७० असोज १७ गतेको आदेशानुसार बीसी यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा छन्। पीडितको स्वास्थ्य परीक्षण क्षेत्रीय अस्पताल, सुर्खेतमा भयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१३ वर्षीया एक बालिकालाई लाटीकोइली गाविस-५ का २३ वर्षीय कमल सुनारले ०७० भदौ २५ गते बालिकाको घरनजिकको खोल्सामा बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले ०६९ भदौ २६ गते जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा उजुरी दियो। पीडितको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। आरोपितलाई प्रहरीले ०७० भदौ २६ गते लाटीकोइली गाविसबाट गिरफ्तार गरी जबरजस्ती करणी उद्योगमा सोही दिन मुद्दा चलायो। जिल्ला अदालत, सुर्खेतको ०७० कात्तिक ८ गतेको आदेशानुसार आरोपित पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन। पीडितको स्वास्थ्य परीक्षण क्षेत्रीय अस्पताल, सुर्खेतमा भयो।

फोटो सहितको परिचयपत्र वितरण शिविरमा नेकपा-माओवादीका कार्यकर्ताहरूले हस्तक्षेप गर्न खोज्दा सुरक्षा दिँदै प्रहरी

१४ वर्षीया एक बालिकालाई लाटीकोइली गाविस-१ का हटारु भनिने ३५ वर्षीय भीमबहादुर सुनारले ०७० भदौ ११ गते बालिकाको घरनजिकको जङ्गलमा बलात्कार गरेको भन्दै पीडित पक्षले ०६९ भदौ १२ गते जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा उजुरी दियो। पीडितको क्षेत्रीय अस्पताल, सुर्खेतमा उपचार भयो। आरोपितलाई प्रहरीले ०७० भदौ १२ गते घरबाट गिरफ्तार गरी जबरजस्ती करणीमा मुद्दा चलायो। जिल्ला अदालतको आदेशानुसार आरोपित ०७० असोज ४ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन। पीडितको स्वास्थ्य परीक्षण क्षेत्रीय अस्पताल, सुर्खेतमा भयो।

१५ वर्षीया एक बालिकालाई बाँके जिल्ला, कोहलपुर गाविस निवासी २७ वर्षीय चन्द्रनाथ योगीले कोहलपुरस्थित दिदीको घरमा पुऱ्याइदिन्छु भन्ने लोभलालचमा पारी ०७० साउन २२ गते कुनाथरी गाविसको सोतखोलामा बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० साउन २४ गते जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा उजुरी दियो। घटनापछि फरार रहेका आरोपित ०७० मङ्सिर २० गते आफैँ जिल्ला अदालतमा आई अभियोग स्वीकार गरेका थिए। योगीले अदालतमा अभियोग स्वीकार गरेपछि अदालतले सोही दिन पुर्पक्षका लागि थुनामा राख्न दिएको आदेश अनुसार आरोपित कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। पीडितको स्वास्थ्य परीक्षण क्षेत्रीय अस्पताल, सुर्खेतमा भयो।

१५ वर्षीया एक बालिकालाई ०७० वैशाख १९ गते कुनाथरी गाविस-३ का ४१ वर्षीय धनबहादुर विकले वीरेन्द्रनगर नपा-१ बाङ्गेसिमलस्थित डेरामा बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरी चौकी, कुनाथरीमा ०७० वैशाख २० गते उजुरी दियो।

आरोपितलाई वैशाख २२ गते सोही गाविस-४ बाट प्रहरीले नै भगाएको पीडितले आरोप लगाइन्। पीडितकी आमा सीता विकले आरोपित धनबहादुर र उनलाई भगाउने प्रहरी चौकीका असई गणेश सिंका विरुद्ध ०७० जेठ ७ गते जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा उजुरी दिए पनि आरोपित धनबहादुर यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो भने असई सिंलाई प्रहरीले कुनै कारवाही गरेन। पीडितको स्वास्थ्य परीक्षण क्षेत्रीय अस्पताल, सुर्खेतमा भयो।

६ वर्षीया एक बालिकालाई ०६९ फागुन २२ गते विद्यापुर गाविस-७ का २२ वर्षीय प्रेमराज वयकले घरनजिकैको जङ्गलमा बलात्कार गरेको आरोपमा पीडित पक्षले ०६९ फागुन २३ गते इलाका प्रहरी कार्यालय, बावियाचौरमा उजुरी दियो। प्रहरीले आरोपितलाई ०६९ फागुन २४ गते बावियाचौर बजारबाट गिरफ्तार गरेकामा जिल्ला अदालत, सुर्खेतको आदेश अनुसार ०७० जेठ २ गते आरोपित पुर्पक्षका लागि कारागार चलान भए। पीडितको स्वास्थ्य परीक्षण र उपचार क्षेत्रीय अस्पताल, सुर्खेतमा भयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

चार वर्षीया एक बालिकालाई ०६९ फागुन २७ गते बावियाचौर गाविस-५ का आफ्नै बाजे ६२ वर्षीय पुरे सार्कीले घरनजिकैको गोठमा मुख थुनेर बलात्कार गरेको आरोपमा इलाका प्रहरी कार्यालय बावियाचौरमा पीडित पक्षले ०६९ फागुन २८ गते उजुरी दियो। प्रहरीले सोही दिन आरोपितलाई गिरफ्तार गऱ्यो। प्रहरीले जबरजस्ती र हाडनाता करणीमा मुद्दा चलाएकामा जिल्ला अदालत, सुर्खेतले ०७० असार ६ गते सर्वस्वसहित २० वर्ष कैदको फैसला गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण क्षेत्रीय अस्पताल, सुर्खेतमा भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

२३ वर्षीया एक महिलालाई ०६९ माघ २ गते मैनतडा गाविस-३ का ४५ वर्षीय जस्मिन वादी, सोही ठाउँका ४३ वर्षीय पर्शुराम बुढाक्षेत्री, ४० वर्षीय ओम मिजार, ५५ वर्षीय विसे वादी, ४५ वर्षीय तुलसी वादी, ५५ वर्षीय मानबहादुर वादी, ३३ वर्षीया नन्दकली वादी र २२ वर्षीया ममता वादीले भारतको दिल्लीमा पुऱ्याई बेचबिखन गरे। प्रहरीले ०६९ माघ ४ गते जस्मिन, पर्शुराम, ओम, विसे र तुलसीलाई छिन्चु गाविस-७, छिन्चुबाट गिरफ्तार गरी बेचबिखनमा संलग्न सबै जनाका विरुद्ध मानव बेचबिखनमा मुद्दा चलाएकामा जिल्ला अदालत, सुर्खेतले ०६९ फागुन ४ गते दिएको आदेश अनुसार जस्मिन, पर्शुराम र ओम यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा छन्। सोही आदेशबाट विसे र तुलसी धरौटीमा रिहा भए। अदालतले मानबहादुर, नन्दकली र ममता वादीको हकमा ०६९ फागुन ४ गते वारेन्ट जारी गरेको थियो। दिल्लीको कोठीमा बेचबिखन गरिएकी ती महिला भारतीय नागरिकको सहयोगमा कोठीबाट मुक्त भएकी थिइन्।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

६० वर्षीया एक महिलालाई ०६९ माघ २० गते दशरथपुर गाविस-४ निवासी पृतना हेडक्वार्टर सुर्खेतमा कार्यरत नेपाली सेनाका जवान लोकबहादुर अधिकारीसमेत चार जनाको सङ्ख्यामा आएका नेपाली सेनाका जवानहरूले मार्ने धम्की दिई घरमा बलात्कार गरेको आरोपमा प्रहरीले ०६९ माघ ३० गते वीरेन्द्रनगर-७ बाट गिरफ्तार गऱ्यो। पीडितकी बुहारीको निर्देशनमा घटना भएको भन्दै प्रहरीले ०६९ माघ ३० गते उनलाई पनि गिरफ्तार गरेकामा जिल्ला अदालत, सुर्खेतको ०६९ चैत ४ गतेको आदेश अनुसार पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन। पीडितको स्वास्थ्य परीक्षण क्षेत्रीय अस्पताल, सुर्खेतमा भयो।

२५ वर्षीया एक महिलालाई सल्यान जिल्ला खलङ्गा गाविस-२ निवासी भीमदल गण, सुर्खेतमा कार्यरत अमलदार २७ वर्षीय प्रकाशबाबु श्रेष्ठले ०७० भदौ ३० गते घरमा कोही नभएको अवस्थामा बलात्कार गरेको अवस्थामा पीडितले होहल्ला गरेपछि गाउँलेको सहयोगमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। अमलदार श्रेष्ठले 'कसैलाई भनिस् भने मारिदिन्छु' भनी मुख थुनेर बलात्कार गरेको पीडितले आरोप लगाइन्। प्रहरीले श्रेष्ठका विरुद्ध ०७० असोज १६ गते जबरजस्ती करणीमा मुद्दा दायर गरेकामा जिल्ला अदालत, सुर्खेतको आदेश अनुसार ०७० असोज १७ गते आरोपित पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। पीडितको स्वास्थ्य परीक्षण क्षेत्रीय अस्पताल, सुर्खेतमा भयो।

५५ वर्षीया एक महिलालाई सालकोट गाविस-७ का ३४ वर्षीय डम्बर विकले मदिरा सेवन गरी घरमा आई कसैलाई भने मार्ने धम्की दिई ०७० मङ्सिर

१३ गते बलात्कार गरेको भन्दै पीडितले महिला विकास कार्यालय सुर्खेतको पहलमा ०७० मङ्सिर १६ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। घटनापछि आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो। पीडितको स्वास्थ्य परीक्षण क्षेत्रीय अस्पताल, सुर्खेतमा भयो।

दुर्व्यवहार

लाटीकोइली गाविस-८ की २६ वर्षीया कमला डाँगीलाई ०६९ चैत ६ गते जेठाजु ४३ वर्षीय टेकबहादुर डाँगी र अमाजू ५५ वर्षीया मञ्जु बीसीले परपुरुषसँग लागेको झूटो आरोपको कागजमा सहीछाप गर्न लगाई दुर्व्यवहार गरे। जेठाजु र अमाजूले आफ्नो सम्पत्ति हडप्नका लागि कागज गर्न बाध्य बनाएको पीडितले जनाइन्। पीडितले जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा ०६९ चैत १२ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ भएको छैन।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३ सय ५६ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, सुर्खेतमा उजुरी दर्ता गराए। तीमध्ये प्रहरीले २ सय ६४ घटनामा मिलापत्र गरायो भने ९२ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

सबै प्रकारका जातीय विभेद

मटेला गाविस-९ का २५ वर्षीय गोविन्द विक र २७ वर्षीय पूर्णबहादुर विकलाई कथित माथिल्लो जाति भनिने मटेला गाविस-६ का गणेश जीसी, सुरेश शर्मा, वीरबहादुर जीसी र हेमराज जीसीलगायतको समूहले मदिरा सेवन गरी ०७० असार १२ गते 'बजारमा किन हल्ला गरेका छौ, तिमी डुमहरू' भनी अनाहकमा गालीगलौज गर्नुका साथै कुटपिट गरे। पीडित पक्षले जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा किटानी जाहेरी दिन ०७० असार २० गते जाँदा प्रहरीले उजुरी दर्ता गरेन। पीडितहरूका अनुसार ती युवाहरूले प्रहरीकै सामुन्ने आफूहरूलाई कुटपिट गरे पनि प्रहरी भने मूकदर्शक बनेको र प्रहरी चौकी मटेलामा उजुरी नलिएपछि जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा असार २० गते पुगेका पीडितलाई जिल्ला प्रहरी कार्यालय, सुर्खेतका एसपी विश्वनिरञ्जन प्रधानले यस घटनाबारेमा बुझ्नुपर्छ भनी मुद्दा दायर गर्न नमानेको पीडितहरूले बताए। पीडितहरूले जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा ०७० साउन १८ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म प्रहरीले उनीहरूको उजुरी दर्ता गरेको छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

लाटीकोइली गाविस-९ का सुकुम्बासी ५६ वर्षीय हसिन खाँ, सोही ठाउँका ४५ वर्षीया करिन दिन, ५० वर्षीय महम्द मासिन, ४० वर्षीय जमिना विवि, ३५ वर्षीय ममिना विवि र ४३ वर्षीय विस्मी हस्नालाई गाविसको अनुमति नलिई ऐलानी जग्गामा छाप्रा बनाई बसेको आरोपमा ०६९ चैत १८ गते लाटीकोइली गाविस कार्यालयको निर्देशनमा प्रहरीले सुकुम्बासीहरूको घरटहरा भत्कायो। स्थानीय राजनीतिक दलहरूको मिलेमतोमा गाविसले पूर्वसूचना नदिनुका साथै खाद्यान्न र लत्ताकपडासमेत स्याहार्न नदिई उठीवास बनाएको पीडितहरूले आरोप लगाए। पुनःस्थापनाका लागि पीडितहरूले सुकुम्बासी जिल्ला आयोग र जिल्ला प्रशासन कार्यालय, सुर्खेतलगायतका सरोकारवाला निकायहरूमा पटक-पटक पहल गरे पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ भएको छैन। उठीवास बनाइएपछि ६ घरपरिवारका २७ जना यस वर्षको अन्त्यसम्म सोही ठाउँ निवासी आफन्त र छिमेकीको शरणमा बस्दै आएका छन्।

वीरेन्द्रनगर नपा-११ की ४५ वर्षीया लालसरी विकसहितका सुकुम्बासी मजदुरहरूले इत्रामखोलाको ढुङ्गा र बालुवा निकाली गुजारा गर्दै आएकामा ०७० भदौ ३ गते जिल्ला विकास समिति, सुर्खेतले प्रहरीको सहयोगमा ढुङ्गा र बालुवा झिक्न नदिई उनीहरूको हातमुख जोर्ने पेसाबाट वञ्चित गऱ्यो। उक्त ठाउँमा ३ सयभन्दा बढी घरपरिवारका १ हजार २ सय मजदुर गिट्टी कुटेर जीविकोपार्जन गर्दै आएका छन्। इत्रामखोलाबाट ढुङ्गा र बालुवा झिक्न रोक लगाइएपछि भोकभोकै बस्न बाध्य उनीहरूले विकल्प नदिई यसरी रोक लगाएको भनी ०७० भदौ ५ गते जिल्ला विकास समिति र जिल्ला प्रशासन कार्यालय, सुर्खेतमा धर्ना दिई आन्दोलनमा उत्रने चेतावनी दिएपछि जिविसले उनीहरूलाई इत्राम खोलाबाट ढुङ्गा र बालुवा झिक्न अनुमति दियो।

संरचना, सम्पत्ति क्षति

नेपालगन्जबाट तरकारी लिएर वीरेन्द्रनगर आइरहेको भारतीय नम्बर प्लेट यूपी २४-२२ नम्बरको मिनी ट्रकलाई अज्ञात समूहले ०७० कात्तिक

प्रहरीले घरटहरा भत्काएपछि विचल्लीमा परेका लाटीकोइली गाविस-९ का सुकुम्बासी

१३ गते लाटीकोइली गाविस-१ धुलियाविटमा आगजनी गऱ्यो। आगजनी गर्नुको कारण र कुन समूहले आगजनी गरेको हो भन्नेबारेमा यस वर्षको अन्त्यसम्ममा खुल्न सकेको छैन। उक्त दिन कुनै समूहले बन्दको आह्वान गरेको थिएन।

लाटीकोइली गाविस-९, शान्तिनगरस्थित सिद्धपाइला बोर्डिङ स्कुलको प्राङ्गणमा रोकी राखेको ना४ख ६१७२ नम्बरको विद्यार्थी बोक्ने बसलाई ०७० मङ्सिर २ गते राति अज्ञात समूहले आगजनी गरी ध्वस्त पाऱ्यो। आगजनी गर्नुको कारण र कुन समूहले आगजनी गरेको हो भन्नेबारेमा यस वर्षको अन्त्यसम्ममा खुल्न सकेको छैन। उक्त दिन नेकपा-माओवादी पार्टीले संविधानसभा निर्वाचनका विरुद्धमा बन्दको आह्वान गरेको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	३		
स्वास्थ्यचौकी	२२		
उपस्वास्थ्यचौकी	२३		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	३०	१२	१८
स्टाफ नर्स	१०	४	६
ल्याब असिस्टेन्ट	५	६	३
अहेब	७२	६५	७
अनमि	५४	४०	१४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	७	३	४
माशिका	५०	४७	३
स्वास्थ्य कार्यकर्ता	४०	४०	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म घरेलु हिंसाका ३ सय ५६ मुद्दा दर्ता भई ९२ फैसला भए। जसमा २ सय ६४ मुद्दा मिलापत्र भए। कर्तव्य ज्यानका सात, ज्यान मार्ने उद्योगका नौ, जबरजस्ती करणीका २१, अपहरणका एक, बहुविवाहका तीन मुद्दा दर्ता भयो।

४.९ जाजरकोट



जिल्ला सदरमुकाम: खलङ्गा
क्षेत्रफल (वर्ग कि. मि.): २,२३०
घरधुरी सङ्ख्या: ३०,४७२
जम्मा जनसङ्ख्या: १,७१,३०४
पुरुष: ८५,५३७
महिला: ८५,७६७
अपाङ्ग सङ्ख्या: ६,८४८
गाविस/नपा सङ्ख्या: ३०/०
पुरुष साक्षरता सङ्ख्या: ५०,७६७
महिला साक्षरता सङ्ख्या: ३८,७१५
हिन्दू धर्मावलम्बी प्रतिशत: ५८.५६
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.०५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.८७
अन्य धर्मावलम्बी प्रतिशत: ०.१०७
प्रतिपरिवार सरदर सङ्ख्या: ५.६२

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३६ कैदी र कैद नतोकिएका १९ थुनुवा गरी जम्मा ५५ जना बन्दीहरू रहेका छन्। जसमा महिला दुई र पुरुष ५३ जना रहेका छन्। आश्रित बालबालिका छैनन्। यो जिल्ला कारागार ०४७ सालमा

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	७	१	८
अपहरण	१		१
महिलाअधिकार	१४		१४
जातीय विभेद	६	४	१०
कुटपिट	५	१३	१८
धम्की	१		१
जम्मा	३४	१८	५२

निर्माण भएको हो। कारागारमा रेडियो, टेलिभिजन, पत्रपत्रिका, खेलकुद, पुस्तकालयको व्यवस्था गरिएको छ। कारागारको परिसर साँघुरो भएकाले थुनुवाहरूलाई घुमफिर गर्न समस्या भएको छ। कारागार परिसरमा बन्दीहरूलाई बिहान साढे ६ बजेदेखि साँझ साढे ६ बजेसम्म खुला छोडिने गरिएको छ।

जिल्ला कारागारका कैदी ३१ वर्षीय गोपाल सिंहले ०६९ चैत १९ गते बिहान ७ बजे आफू कारागारभित्रको नाइके हुन पाऊँ भन्दै अनशन बसे। कारागार प्रशासनले कैदी अनुशासित बन्दै गएपछि र रोलक्रम अनुसार नाइके पदको पालो आउने आश्वासन दिएपछि गोपालले सो दिन साँझ ६ बजे अनशन तोडेको कारागार प्रशासनले जनायो।

जिल्ला कारागारमा रहेका बन्दीहरूले कारागारभित्र नियमित उपचारका साथै स्वास्थ्यकर्मीको व्यवस्था, विद्युत्को नियमित व्यवस्था, खानेपानीको व्यवस्थालगायतको माग राख्दै ०७० जेठ २१ गते बिहानदेखि जेठको २२ गतेसम्म कारागार कम्पाउन्डको मूल ढोकामा तालाबन्दी गरे। कारागार प्रशासनले बन्दीहरूका केही माग जटिल भएका र केही सामान्य भएको भन्दै तत्काललाई जिल्लाबाट गर्न सकिने माग पूरा गर्ने प्रतिबद्धता कारागार प्रशासनले जनाएपछि ०७० जेठ २२ साँझ ५ बजे बन्दीहरूले तालाबन्दी कार्यक्रम फिर्ता लिए। प्रतिबद्धता अनुसार खानेपानी र विद्युत्को समस्या समाधान भए पनि स्वास्थ्यकर्मीको समस्या यस वर्षको अन्त्यसम्म समाधान हुन सकेन।

नेकपा-माओवादीका कार्यकर्ताहरूको आक्रमणबाट घाइते भएका शान्तबहादुर बस्नेत

बेपत्ता/अपहरण
गैरराज्यपक्षबाट
नेकपा-माओवादीबाट

पुन्मा गाविस-९ का २८ वर्षीय सन्तोष पुनलाई फोटोसहितको मतदाता नामावली सङ्कलन गर्न गएको अवस्थामा नेकपा-माओवादीले राखेका माग राज्यले सुनुवाइ नगरेको भन्दै ०६९ चैत १७ गते दिउँसो साढे ११ बजे नेकपा-माओवादी इलाका नम्बर ७ का इन्चार्ज ३४ वर्षीय प्रेम खत्रीको नेतृत्वमा आएको १०/१५ जनाको समूहले झाप्रा गाविस-४ स्थित बाल उच्च माविबाट अपहरण गऱ्यो। अपहृतलाई घटनास्थलदेखि नजिकको जङ्गलमा पुऱ्याएपछि तत्काल फर्कने सर्तमा सन्तोष सोही दिन दिउँसो ३ बजे झाप्रा गाविसनजिकको जङ्गलबाट मुक्त भए।

धम्की/कुटपिट
गैरराज्यपक्षबाट
एमाओवादीबाट

मजकोट गाविस-७ निवासी काङ्ग्रेस क्षेत्र नम्बर २ का सचिव ३२ वर्षीय वीरेन्द्रबहादुर शाहीलाई ०७० कात्तिक २६ गते राति घरमा रहेको अवस्थामा करिब १ सय ५० जनाको सङ्ख्यामा आएका एमाओवादीका कार्यकर्ताले धारिलो हतियार प्रहार गरे। टाउकामा चोट लागेका घाइतेको शिक्षण अस्पताल, काठमाडौँमा उपचार भयो। घाइतेलाई ०७० कात्तिक २८ गते हेलिकप्टरबाट उपचारका लागि काठमाडौँ लगिएको थियो। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०७० मङ्सिर ७ गते उजुरी दिए। प्रहरीले घटनामा संलग्न भएको आरोपमा सोही ठाउँ निवासी एमाओवादीका कार्यकर्ता २९ वर्षीय प्रेमबहादुर कार्कीसहित दुई जनालाई मङ्सिर १० गते दैलेख जिल्लाबाट गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेशमा आरोपित दुवै जना पुर्पक्षका लागि मङ्सिर १६ गते कारागार चलान भए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पजारु गाविस-८ का २६ वर्षीय खड्गबहादुर बुढा, सोही ठाउँका २७ वर्षीय हेमराज बुढा, सुवानाउली

गाविस-४ का २५ वर्षीय जनक शर्मा संविधानसभा निर्वाचनमा जाजरकोट-२ का काङ्ग्रेस उमेदवार राजीवविक्रम शाहको प्रचार-प्रसारमा हिँडेको अवस्थामा ०७० कात्तिक २० गते राति ९ बजे कोर्ताङ गाविस-८ स्थित स्थानीय गाउँलेको घरमा सुतेको अवस्थामा नाम नखुलेका २०/२५ जनाको समूहमा रहेका एमाओवादीका कार्यकर्ताहरूले लठ्ठीले कुटपिट गरे। टाउको, ढाड र खुट्टामा चोट लागेका घाइतेको स्थानीय औषधी पसलमा उपचार भयो। पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्। घटनामा संलग्न व्यक्तिको पहिचान हुन सकेन।

जाजरकोट-१ का काङ्ग्रेस प्रत्यक्ष उम्मेदवार दीपकजङ्ग शाहसहित काङ्ग्रेसका कार्यकर्ताहरू संविधानसभा निर्वाचनको चुनावी प्रचार सकेर घर फर्कदै गरेको अवस्थामा ०७० मङ्सिर १ गते राति ८ बजे खलङ्गा गाविस-९ सापदुलास्थित जङ्गलमा लुकेर बसेका एमाओवादीका कार्यकर्ताहरूले काङ्ग्रेसका उम्मेदवार शाहसहितका कार्यकर्ता चढेको ना४ख ९२१७ नम्बरको बसमा ढुङ्गा प्रहार गरे। ढुङ्गा प्रहारबाट बसका झ्यालका सिसा फुटे पनि उम्मेदवारसहित काङ्ग्रेस कार्यकर्ता सकुशल रहे।

नेकपा–माओवादीबाट

लहँ गाविस-४ का २३ वर्षीय विष्णु मल्ल, सकला गाविस-४ का २४ वर्षीय शान्तबहादुर बस्नेत, सोही गाविस-७ का ३४ वर्षीय सुनील जैसी र सोही गाविस-३ का २४ वर्षीय चेतबहादुर रावल एमाओवादीको चुनावी प्रचार सकेर स्थानीय गाउँलेको घरमा सुतिरहेको अवस्थामा ०७० कात्तिक २६ गते दुई सयको समूहमा गएका नेकपा-माओवादीका कार्यकर्ताहरूले घरभित्र प्रवेश गरी कुटपिट गरे। टाउकामा चोट लागेका घाइतेहरूको जिल्ला अस्पताल, जाजरकोटमा उपचार भयो। पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

संविधानसभा निर्वाचन बहिष्कारको घोषणा गरेको नेकपा-माओवादीले ०७० मङ्सिर ३ गते राति १० बजे स्थानीय जनतालाई निर्वाचनमा सहभागी नहुन चेतावनी दिँदै खलङ्गा गाविस-६, बाहुनथान जङ्गलमा सकेट बम विस्फोट गराए। सोही दिन राति ११ बजे नेकपा-माओवादीका कार्यकर्ताले जगतीपुर गाविस-१, सल्लेरी जङ्गल र कार्कीगाउँ गाविस-९ गाडेसाल जङ्गलमा पनि बम विस्फोट गराए। बम विस्फोटबाट मतदाताहरू भयभीत भएका थिए भने कुनै मानवीय क्षति भएन।

वाईसीएलबाट

खलङ्गा गाविस-२ का ३४ वर्षीय भीमबहादुर शाह र सोही गाविस-२ का ३३ वर्षीय गोकर्ण शाहलाई ०७० मङ्सिर ३ गते राति खलङ्गा-३ निवासी वाईसीएल कार्यकर्ता २४ वर्षीय प्रकाश शाहको नेतृत्वमा आएको टालीले कुटपिट गऱ्यो। उक्त घटनामा वाईसीएल कार्यकर्ताले भीमबहादुर शाहको टाउकामा छुरा प्रहार गरे। घाइते सबैको जिल्ला अस्पताल, जाजरकोटमा उपचार भयो। दोषीलाई कारबाहीको माग गर्दै पीडित पक्षले ०७० मङ्सिर ११ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। प्रहरीले दुवै पक्षका बीच छलफल गराई अबदेखि यस्ता कार्य नगर्ने सहमतिमा ०७० मङ्सिर १४ गते मिलापत्र गरायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ दुई थानमध्ये दुवै थान बाँकी रहे। देवानी मुद्दातर्फ थानमध्ये तीन थानको फैसला भयो भने १२ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

यस जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ २० थानमध्ये दुई थानको फैसला भयो भने १८ थान बाँकी रहे। देवानी मुद्दातर्फ ३५ थानमध्ये सबै बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा कुनै छैनन्।

न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३१ थान छ, जसमध्ये २० थान सफल भए भने ११ थान विचाराधीन छन्। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या ११ थान छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी दुई थानमध्ये दुवै सफल भए। बलात्कार र महिला बेचविखनसम्बन्धी परेका एक-थान मुद्दा सफल रहे। छुवाछूतसम्बन्धी परेको एक थान मुद्दा विचाराधीन छ। अपहरण, बहुविवाह र बालविवाहसम्बन्धी कुनै मुद्दा परेनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या २४ थान छ, जसमध्ये दुई थान सफल भए। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म २२ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ८२ हजार ७ सय ५९ मध्ये छात्र ४० हजार ७ सय ६७ र छात्रा ४१ हजार ९ सय ९२ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १४ हजार ७ सय ११ र छात्र १४ हजार १ सय ६६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा ६ सय ८१ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा ५ सय १ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा ५६ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक २ हजार ६ सय ५१ र बालिका ३ हजार २९ गरी जम्मा ५ हजार ६ सय ८० रहेका छन् जसमध्ये दलित बालक ९८ र बालिका १ सय १६ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

२७ वर्षीया एक महिलालाई ०७० असार ६ गते राति खलङ्गा गाविस-४ का २३ वर्षीय दीपक चन्दले खलङ्गा गाविस-१, खहरे खोलामा बलात्कार गरेको भन्दै पीडितले ०७० असार ७ गते जिल्ला प्रहरी कार्यालय, खलङ्गामा जाहेरी दिइन्। प्रहरीले आरोपित चन्दलाई खलङ्गा गाविस-१ बाट सोही दिन राति गिरफ्तार गऱ्यो। प्रहरीले जबरजस्ती करणीको मुद्दा दर्ता गरेपछि आरोपित चन्दलाई जिल्ला अदालतको आदेश अनुसार ०७० असार ३१ गते पुर्पक्षका लागि कारागार चलान गरेको प्रहरीले जनायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

३५ वर्षीया एक महिलालाई ०७० असोज ८ गते घर जाँदै गरेको अवस्थामा पैंक गाविस-९ का ४७ वर्षीय अमरबहादुर थापाले बलात्कार प्रयास गरेको भन्दै पीडितले ०७० असोज १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले असोज १३ गते घरबाट गिरफ्तार गरेकामा ०७९ कात्तिक १२ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

घरेलु हिंसा

खलङ्गा गाविस-४ की १९ वर्षीया रन्जना शाहीलाई ०६९ चैत १७ गते उनका पति २२ वर्षीय प्रकाश शाहीले बिनाआरोपमा कुटपिट गरी घर निकाला गरे। घरबाट निकालिएपछि पीडित सोही गाविस-५, राङ्सीस्थित माइतमा बस्दै आएकी छन्। पीडितले यस वर्षको अन्त्यसम्म कतै उजुरी दिइनन्। यस वर्षको अन्त्यसम्म पीडित घर फर्केकी छैनन्।

खलङ्गा गाविस-५ की १८ वर्षीया कमला शाहलाई २८ वर्षीय पति उद्धवजङ्ग शाहले ०७० भदौ २१ गते तीन महिनाको बच्चासहित घर निकाला गरे। डेढ वर्षअघि विवाह गरेकी कमलालाई पटकपटक पालन-पोषण र हेरचाह नगर्ने गरेको आरोप पीडितले लगाइन्। हाल उनी खलङ्गा गाविस-६, तिलङ्गेस्थित माइती घरमा बस्दै आएकी छन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १३ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, जाजरकोटमा उजुरी दर्ता गराए, ती सबै घटनामा प्रहरीले मिलापत्र गराएको सो केन्द्रले जनायो।

सबै प्रकारका जातीय विभेद

भुर गाविस-७ निवासी एमाओवादी भेरी-कर्णाली राज्य समिति सदस्य २७ वर्षीया पार्वती विक (शान्ता)लाई ०६९ चैत ३ गते बिहान ६ बजे खलङ्गा गाविस-२, ठाँटी बजारमा खलङ्गा गाविस-२ निवासी 'कान्तिपुर' दैनिकका उप-सम्पादक ५० वर्षीय हरिहर सिंह राठौरले सार्वजनिक स्थानमा दलित भनी अपमान गरेको भन्दै ०६९ चैत ५ गते जिल्ला प्रहरी कार्यालयमा जातीय विभेदसम्बन्धी जाहेरी दिइन्। घटनामा संलग्न व्यक्ति फरार रहेको प्रहरीले जनायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

पुन्मा गाविस-२ की १५ वर्षीया पार्वती नेपाली (थापा)लाई २१ वर्षीय पति प्रेमबहादुर थापाले ०६९ चैत ४ गते दलित भन्दै घर निकाला गरे। पीडितले कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा ०६९ चैत ५ गते जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्म

आरोपित फरार रहेका कारण गिरफ्तार गर्न नसकिएको प्रहरीले जनायो।

साल्मा गाविस-५ का २४ वर्षीय गणेशबहादुर नेपालीले सोही ठाउँकी २२ वर्षीया निर्मला बस्नेतसँग ०६९ चैत १७ गते अन्तरजातीय विवाह गरेको आरोपमा बस्नेत गाउँका माथिल्लो जातिले उनको परिवारलाई ०६९ चैत १९ गते गाउँ निकाला गरे। पीडितको परिवार यस वर्षको अन्त्यसम्म दशेरा गाविस-८, वडावनस्थित दिदीको घरमा बस्दै आएका छन्। पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएका छैनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

खाद्य सङ्कट

खाद्य सङ्कट जिल्लाका रग्दा, नायकवाडा, पजारु, दशेरा, खलङ्गालगायतका १६ ओटा गाविसमा ०७० भदौ १२ गतेदेखि खाद्यान्न अभाव हुँदा त्यस क्षेत्रका करिब ५ हजार घरपरिवार खाद्य सङ्कटमा परे। खाद्य संस्थानको टेन्डरमार्फत १० हजार क्विन्टल चामल ०७० असार मसान्तसम्म ढुवानी हुनुपर्नेमा ०७० कात्तिक महिनासम्म ढुवानी नहुँदा जिल्लावासीहरू खाद्य सङ्कटमा परेका हुन्।

भूमिहीन सुकुम्बासी

खलङ्गा गाविस-२ मा सार्वजनिक वन अतिक्रमण गरी बस्दै आएका ८७ जना सुकुम्बासीहरूका घर-टहरा वन कार्यालयका कर्मचारीहरूले ०६९ पुस १७ गते भत्काउँदा पशु-चौपाया मरे। पीडितहरूले मरेका पशु-चौपायको क्षतिपूर्ति माग गर्दै खलङ्गा गाविस-१, भगवती टोलस्थित जिल्ला वन कार्यालयमा ०६९ माघ १८ गते दिउँसो १२ बजे धर्ना दिए। सुकुम्बासीहरूले जिल्ला प्रशासन कार्यालयमा ०६९ पुस १७ गते डेढ घन्टा धर्ना दिए। यस वर्षको अन्त्यसम्म सुकुम्बासीहरू सोही ठाउँमा बसेका छन्। पीडितहरूले यस वर्षको अन्त्यसम्म क्षतिपूर्ति पाएनन्।

संरचना, सम्पत्ति क्षति

नेकपा-माओवादीबाट

संविधानसभा निर्वाचनका क्रममा जाजरकोट जिल्लामा एमाओवादीले दुवै क्षेत्रबाट उम्मेदवारी दिएको विरोधमा खलङ्गा गाविस-२ स्थित एमाओवादीको पार्टी कार्यालयमा ०७० असोज १७ गते नेकपा-माओवादीका कार्यकर्ताहरूले तोडफोड गरे। नेकपा-माओवादीका करिब १ सय ५० जनाको समूहमा आएका कार्यकर्ताहरूले 'एमाओवादी मुर्दावाद, आउँदो संविधानसभाको निर्वाचन सशक्त रूपमा बहिष्कार गरौं' भन्ने नारा लगाउँदै एमाओवादीको पार्टी कार्यालय तोडफोड गरे। नेकपा- माओवादीका कार्यकर्ताहरूले एमाओवादीको पार्टी कार्यालय तोडफोड गर्दा पार्टी कार्यालयको साइनबोर्डमा क्षति पुग्यो। उक्त पार्टी कार्यालयमा सुरक्षाकर्मीले सुरक्षा प्रदान गरेका थिए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	२१		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	४	३	१
स्टाफ नर्स	५	४	१
ल्याब असिस्टेन्ट	३	१	२
अहेब	४२	३१	११
अनमि	१५	६	१३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
स्वास्थ्य कार्यकर्ता	३४	१४	२०

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यान दुई मुद्दा दर्ता भई विचाराधीन रहे। जसमा चार जनालाई गिरफ्तार गरेकामा अभियोगी पहिचान भए। कर्तव्य ज्यान उद्योग चार मुद्दा दर्ता भई विचाराधीन रहे। जसमा आठ जनालाई गिरफ्तार गरेकामा अभियोगी पहिचान भए। जीउ मास्ने बेच्ने एक मुद्दा दर्ता भई विचाराधीन रहे। जसमा दुई जनालाई गिरफ्तार गरेकामा अभियोगी पहिचान भए। जबरजस्ती करणी तीन मुद्दा दर्ता भई विचाराधीन रहे। जसमा चार जनालाई गिरफ्तार गरेकामा अभियोगी पहिचान भए। जबरजस्ती करणी उद्योग छ मुद्दा दर्ता भई विचाराधीन रहे। जसमा चार जनालाई गिरफ्तार गरेकामा अभियोगी पहिचान भए।

४.१० दैलेख



जिल्ला सदरमुकाम: दैलेख
क्षेत्रफल (वर्ग कि. मि.): १,४०२
घरधुरी सङ्ख्या: ४८,५१५
जम्मा जनसङ्ख्या: २,६१,७७०
पुरुष: १,२६,५५०
महिला: १,३४,७८०
अपाङ्ग सङ्ख्या: ७,६०७
गाविस/नपा सङ्ख्या: ५५/१
पुरुष साक्षरता सङ्ख्या: ८२,८४६
महिला साक्षरता सङ्ख्या: ६६,०७५
हिन्दू धर्मावलम्बी प्रतिशत: ९७.४
बौद्ध धर्मावलम्बी प्रतिशत: १.९५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१८
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.४६
अन्य धर्मावलम्बी प्रतिशत: ०.०१२
प्रतिपरिवार सरदर सङ्ख्या: ५.३५

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १६ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४३ कैदी र कैद नतोकिएका २३ जना थुनुवा गरी जम्मा ६६ जना बन्दीहरू रहेका छन्। जसमा महिला सात र पुरुष ५९ रहेका छन्। साथै, आश्रित बालक एक जना गरी जम्मा ६७ जना रहेका छन्। यस जिल्ला कारागार कति सालमा निर्माण भएको हो भन्ने बारेमा कुनै पनि रेकर्ड नभएको जेलर जितबहादुर खत्रीले बताए। जिल्ला कारागार, दैलेखमा क्षमताभन्दा चार गुणा बढी कैदी र थुनुवा भएकाले खानेपानी र शौचालयको समस्या देखिएको छ भने कारागार भवन पुरानो भएकाले वर्षात्को समयमा पानी चुहिने हुँदा बस्न असुविधा भएको कैदीहरूले गुनासो गरेका छन्। कारागारका जेलर जितबहादुर खत्रीले कारागार भवन जीर्ण भएकाले विभिन्न अपराधमा कैदी र बन्दी जीवन बिताइरहेकाहरूलाई बस्न समस्या परेको साथै जिल्ला सदरमुकाममा नयाँ कारागार भवन बन्दै गरेको भए पनि यस वर्षको अन्त्यसम्म निर्माण सम्पन्न नभएको जानकारी दिएका छन्। कारागारमा हाल कैदी र बन्दीहरूलाई समय बिताउन टेलिभिजन, क्यारमबोर्ड र स्थानीय पत्रपत्रिका उपलब्ध गराइएको छ।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

एमाओवादीबाट

नारायण नपा-१ निवास ३० वर्षीय नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा दैलेखका अध्यक्ष पुष्कर थापासहितका पत्रकारहरूले एमाओवादीका कार्यकर्ताबाट भौतिक रूपमा असुरक्षित भएको भन्दै जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालसँग ०६९ पुस २३ गते सुरक्षाको माग गरे। महासङ्घका अध्यक्ष थापाद्वारा हस्ताक्षरित निवेदनमा पत्रकार डेकेन्द्रराज थापाको हत्यामा संलग्न एमाओवादी कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरी अनुसन्धान सुरु गरेपछि जिल्लामा कार्यरत पत्रकारहरू एमाओवादी कार्यकर्ताद्वारा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा धम्की आइरहेपछि जोखिममा परेको भन्दै पत्रकारको भौतिक सुरक्षाका लागि आवश्यक सहयोग गरिदिन अनुरोध गरेको जनाए। प्रमुख जिल्ला अधिकारी ढकालले पत्रकारले दिएको निवेदन लिँदै पत्रकारहरूको भौतिक सुरक्षाका लागि तत्काल प्रहरीलाई निर्देशन दिने र जिल्ला सुरक्षा समितिको बैठक राखी सुरक्षाको विषयमा आवश्यक कदम चाल्ने आश्वासन दिए। यस वर्षको अन्त्यसम्म जिल्ला सुरक्षा समितिको बैठक बसे पनि सो समस्याको विषयमा आवश्यक कुनै कदम चालिएन।

तोली गाविसस्थित नौमुले प्रहरी चौकीमा कार्यरत प्रहरीले पत्रकार डेकेन्द्रराज थापाको हत्यामा संलग्न व्यक्तिलाई गिरफ्तार गरेको आरोपमा एमाओवादीका कार्यकर्ताहरूले ०६९ पुस २४ गते प्रहरी चौकी आक्रमण गर्ने धम्की दिएको जिल्ला प्रहरी कार्यालयले जनायो। प्रहरीले पत्रकार डेकेन्द्रराज थापाको हत्यामा संलग्न द्वारी गाविस-१ का एमाओवादी कार्यकर्ता ४३ वर्षीय लक्षीराम घर्तीलाई ०६९ पुस १९ गते घरबाट गिरफ्तार गरेको थियो। प्रहरी चौकी आक्रमण गर्ने धम्की आएपछि सो चौकी र आसपासको क्षेत्रमा उच्च सुरक्षा सतर्कता अपनाइएको प्रहरी

कार्यालयले बतायो। एमाओवादीको धम्की आएपछि १५ जना प्रहरी रहेको सो चौकीमा ५० जना प्रहरी खटाइएको इन्स्पेक्टर विनोद शर्माले जानकारी दिए। नौमुले क्षेत्रमा एमाओवादी कार्यकर्ताहरूको भेला भई प्रहरी चौकी आक्रमणको तयारी गरिरहेको जानकारी प्राप्त भएपछि सो क्षेत्रमा व्यापक प्रहरी परिचालन गरिएको प्रहरी कार्यालयले जनायो। एमाओवादी कार्यकर्ताहरूले सो क्षेत्रमा स्थानीयवासीहरूसँग पुन: प्रहरी चौकी आक्रमण गर्ने अवस्था सिर्जना भएकाले स्थानीयवासीलाई सहयोग गर्न आह्वान गरेको प्रहरीले जनायो।

नारायण नपा-२ निवासी ३० वर्षीय नेपाल पत्रकार महासङ्घ, दैलेखका अध्यक्ष पुष्कर थापालगायत जिल्लाका २२ जना पत्रकारहरू एमाओवादी कार्यकर्ताले डेकेन्द्र हत्या प्रकरणलाई उठाउन खोजेका कारण मार्ने धम्की दिएपछि ०६९ माघ ११ गते सुर्खेत विस्थापित भए। पत्रकार डेकेन्द्रराज थापाको हत्यामा संलग्न एमाओवादीका कार्यकर्ता लक्षीराम घर्तीसहित पाँच जनालाई अनुसन्धानका लागि प्रहरीले ०६९ पुस १९ गते गिरफ्तार गरेपछि एमाओवादीका कार्यकर्ताले जिल्लाका अन्य पत्रकारहरूलाई मार्ने धम्की दिएपछि पत्रकारहरू विस्थापित भए। स्थानीय पत्रकारहरू विस्थापित भएपछि पुन:स्थापनाका लागि नेपाल पत्रकार महासङ्घको पहलमा क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेतले जिल्लामा सहज वातावरणमा निर्भयताका साथ पेसालाई सुचारू गर्न पर्याप्त सुरक्षा व्यवस्था प्रदान गर्ने भन्दै क्षेत्रीय प्रशासक शारदाप्रसाद त्रितालद्वारा लिखित प्रतिबद्धता व्यक्त गरेपछि विस्थापित पत्रकारहरू ०६९ माघ १६ गते कार्यक्षेत्रमा फर्किए। विस्थापित पत्रकारहरूका समस्याका विषयमा ०६९ माघ १६ गते नै दैलेख सदरमुकाममा भएको छलफल कार्यक्रममा बोल्दै क्षेत्रीय प्रशासक त्रितालले पत्रकारहरूको सुरक्षाको विषयमा प्रहरी प्रशासन गम्भीर भएको र अब आउन सक्ने जोखिम न्यूनीकरणका लागि सुरक्षा व्यवस्था प्रभावकारी बनाइने धारणा राखे। कार्यक्रममा नेपाल पत्रकार महासङ्घका अध्यक्ष शिव गाउँलेले पत्रकारहरूले समाचारका माध्यमबाट आलोचना गर्न सक्नुपर्ने र आलोचना सहन नसक्नेहरू पत्रकारहरूलाई तारो बनाउने भएकाले प्रेस स्वतन्त्रताविरुद्ध हुने त्यस्ता खालका व्यवहारलाई निस्तेज गर्न राज्य उत्तरदायी हुनुपर्नेमा जोड दिए। त्यसै गरी एमाओवादी सम्मेलन आयोजक कमिटीका संयोजक कर्ण बस्नेतले पत्रकारहरू विस्थापित भएको घटनाले दु:खी तुल्याएको बताउँदै अबदेखि पत्रकारलाई जिल्लामा भय-त्रासको अवस्था हुन नदिन सहज बातावरण बनाउने कार्यमा लाग्ने प्रतिबद्धता व्यक्त गरे। राष्ट्रिय मानवअधिकार आयोगका अधिकृत हरि ज्ञवालीले निर्भयका साथ पत्रकारहरू रहने स्थितिका लागि चनाखो भई निरन्तर अनुगमन गर्ने बताए।

काङ्ग्रेसबाट

चामुण्डा गाविस-३ घर भएका २६ वर्षीय एमाले कार्यकर्ता तथा दैलेख-२ का एमाले निर्वाचन प्रचार अभियान सांस्कृतिक टोली संयोजक शेरबहादुर थापा मगर सिंगासैन गाविस-७ स्थित कालिका उच्च माविनजिक आफन्तको घरमा बसिरहेको अवस्थामा ०६९ कात्तिक २५ गते साँझ २५/३० जनाको समूहमा आएका काङ्ग्रेस कार्यकर्ताहरूले घर घेरा हाली कुटपिट गरेको पीडितले जानकारी दिए। शरीरका विभिन्न ठाउँमा चोट लागेका घाइतेको स्थानीय मेडिकलमै उपचार भयो। पीडितले आफूमाथि काङ्ग्रेस कार्यकर्ताले कुटपिट गरेको पार्टीमा जानकारी गराए पनि कहींकतै उजुरी नदिएको एमाले जिल्ला कमिटी सदस्य प्रेम थापाले जनाए।

नारायण नपा-९ का ४२ वर्षीय एमाले कार्यकर्ता टेकबहादुर थापालाई काङ्ग्रेस उम्मेदवारसहित रहेका काङ्ग्रेसका कार्यकर्ताहरूले चुनावी कोणसभा सकेर आचारसंहिताविपरीत घरघरमा पुगी भोट माग्दै हिँडिरहेका बेला आफूले रोक्न खोजेपछि नारायण नपा-९ साँडुमा ०७० कात्तिक २९ गते

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते	५		५
बालअधिकार	४		४
महिलाअधिकार	१३		१३
भेला/सङ्गठित हुने अधिकार		२	२
जातीय विभेद	२	५	७
कुटपिट		३	३
धम्की		१	१
हत्या	३		३
जम्मा	२७	११	३८

कुटपिट गरे। नाम नचिनेका काङ्ग्रेस कार्यकर्ताले टेकबहादुरलाई कुटपिट गरेपछि 'नेपाली काङ्ग्रेस जिन्दावाद' भन्दै काङ्ग्रेस कार्यकर्ताहरू हिँडेका थिए। संविधानसभा सदस्य निर्वाचन आचारसंहिता ०७० विपरीत कार्य नगर भन्दा एमाले कार्यकर्तालाई कुटपिट गरिएको एमाले जिल्ला कमिटी सदस्य प्रेम थापाले जनाए।

चामुण्डा गाविस-३ निवासी ३५ वर्षीय नेकपा-माओवादीका भेरी कर्णाली राज्य समिति सदस्य बिनी शाहीलाई निर्वाचनमा हाडाकोट मतदान केन्द्रमा आक्रमण गरेको भन्दै नारायण नपा-१ देवकोटा चोकनजिक काङ्ग्रेस कार्यकर्ता २८ वर्षीय सूर्यबहादुर शाहीको नेतृत्वमा रहेको १०-१२ जनाको समूहले ०७० मङ्सिर ८ गते कुटपिट गरे। टाउकामा गहिरो चोट लागेको घाइतेको नेपालगन्ज मेडिकल कलेजमा उपचार भयो। पीडितले ०७० मङ्सिर ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला प्रहरी प्रमुख डीएसपी प्रज्ज्वल महर्जनले शाहीमाथिको आक्रमण सम्बन्धमा आवश्यक अनुसन्धान सुरु गरिएको बताए। तर, प्रहरीले कुटपिटमा संलग्न कोही कसैलाई पनि गिरफ्तार गरेन।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

संविधानसभा निर्वाचनमा एमाओवादीका तर्फबाट दैलेख-२ का उम्मेदवार थिरबहादुर कार्कीसहितका कार्यकर्ता सिंगौडी गाविसको हुलाकडाँडामा आयोजित चुनावी सभामा सहभागी भइरहेको अवस्थामा ०७० कात्तिक १३ गते नेकपा-माओवादीका २०/२५ जनाको समूहमा आएका कार्यकर्ताहरूले आक्रमणको प्रयास गर्दै सभामा प्रयोग गरिएको माइक, झन्डा र व्यानर कब्जा गरे। जिल्ला प्रहरी प्रमुख डीएसपी प्रज्ज्वल महर्जनले प्रहरीले उम्मेदवारलाई आफ्नो नियन्त्रणमा लिई आक्रमण गर्न आएका नेकपा-माओवादी कार्यकर्ताहरूलाई रोकेपछि थप क्षति हुन नपाएको जानकारी दिए। नेकपा-माओवादीका कार्यकर्ताहरूले एमाओवादीको चुनावी सभामा आक्रमण गरी प्रचार सामग्री लुटेपछि प्रहरीले उनीहरूलाई लखेटेको र प्रहरीमाथि नेकपा-माओवादीका कार्यकर्ताहरूले ढुङ्गामुढासमेत गरेको डीएसपी महर्जनले बताए।

काङ्ग्रेसका कार्यकर्ताहरूको आक्रमणबाट घाइते भएका बिनी शाही

सल्लेरी गाविस-५ निवासी ३७ वर्षीय एमाओवादी राज्य समिति सदस्य छवि सुवेदीसहितका एमाओवादी कार्यकर्ताहरू गोगनपानी गाविसमा संविधानसभा सदस्य निर्वाचन प्रचारप्रसारमा रहेको अवस्थामा ०७० कात्तिक २५ गते नेकपा-माओवादीका कार्यकर्ता मणि विष्टको नेतृत्वमा रहेको ६/७ जनाको समूहले हँसिया, बन्चरो जस्ता हतियारसहित आक्रमणको प्रयास गर्दै प्रचार-प्रसारमा रोक लगाए। एमाओवादीको चुनावी प्रचार-प्रसार टोलीमाथि आक्रमणको प्रयास भएपछि त्यसतर्फ सुरक्षाका लागि प्रहरी परिचालन गरिएको र आक्रमणको प्रयास गर्ने नेकपा-माओवादीका कार्यकर्ता फरार भएको जिल्ला प्रहरी प्रमुख डीएसपी प्रज्ज्वल महर्जनले जानकारी दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ४९ थानमध्ये ७८ थानको फैसला भयो भने ७१ थान बाँकी रहे। देवानी मुद्दातर्फ ५५ थानमध्ये २५ थानको फैसला भयो भने ३० थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

यस जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ १ सय ६ थानमध्ये ३२ थानको फैसला भयो भने ७४ थान बाँकी रहे। देवानी मुद्दातर्फ ३६ थानमध्ये दुई थानको फैसला भयो भने ३४ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा छैनन्।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ५४ थान छ, जसमध्ये १७ थान सफल भए भने ११ थान असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दा २६ थान छन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १७ थानमध्ये तीन थान सफल भए भने चार थान असफल रहे। बलात्कारसम्बन्धी मुद्दा ११ थानमध्ये दुई थान सफल भए भने तीन थान

असफल रहे। महिला बेचबिखन र अपहरणसम्बन्धी मुद्दा छैनन्। बहुविवाहसम्बन्धी आठ थान मुद्दामध्ये दुई थान सफल भए भने एक थान असफल रह्यो। बालविवाह र छुवाछूतसम्बन्धी मुद्दा छैनन्।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ४ हजार ३ सय ६५ मध्ये छात्र ५३ हजार २ सय १ जना र छात्रा ५१ हजार १ सय ६४ जना प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १४ हजार ४ सय ३७ जना र छात्र १४ हजार ५ सय ४५ जना रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा १ हजार २ सय ५४ जना शिक्षक कार्यरत छन्। निमाथि तहमा तहमा ३ सय ९ जना शिक्षक कार्यरत छन्। यसै गरी माथि तहमा २ सय १७ जना शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ३ हजार ९ सय ५५ जना र बालिका ४ हजार १ सय ७५ जना गरी जम्मा ८ हजार १ सय ३० जना रहेका छन्, जसमध्ये दलित बालक ८ सय ९५ जना र बालिका ८ सय १० जना छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

१७ वर्षीया एक बालिकालाई घरनजिक रहेको श्रीकृष्ण निमाविको कक्षा कोठामा विसाला गाविस-१ का २१ वर्षीय केशव नेपालीले ०७० जेठ ४ गते बलात्कार गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा ०७० जेठ ७ गते पीडित पक्षले जबरजस्ती करणीको मुद्दा दर्ता गरायो। पीडितका आफन्तले प्रहरीलाई जेठ ६ गते खबर गरेपछि प्रहरीले आरोपितलाई ०७० जेठ ६ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालत, दैलेखका न्यायाधीश रामकृष्ण भट्टको इजलासले ०७० जेठ १९ गते आरोपित केशवलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

२३ वर्षीया एक युवतीलाई गौरी गाविस-८ का मानबहादुर सार्कीले ०७० कात्तिक १९ गते घरमै बसिरहेको अवस्थामा राति बलात्कार गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालय, दैलेखमा ०७० कात्तिक २१ गते उजुरी दिइन्। प्रहरीले आरोपितलाई ०७० कात्तिक २० गते घरबाट गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेशमा ०७० मङ्सिर १६ गते आरोपित कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

घरेलु हिंसा

अवलपराजुल गाविस-३ की २५ वर्षीया खगीसरा न्यौपानेलाई ३० वर्षीय पति गङ्गाराम शर्माले बेवास्ता गरेको भन्दै जिल्ला अदालत दैलेखमा ०७० भदौ ११ गते सम्बन्धविच्छेद मुद्दा दर्ता गरिन्। पतिले विगतका वर्षदेखि नै खान लाउन नदिएका कारण मुद्दा दर्ता गरेको पीडितले गुनासो गरिन्। पतिले बेवास्ता गरेका कारण पीडित यस वर्षको अन्त्यसम्म एक्लै बसेकी छन्। जिल्ला अदालतले गङ्गाराम शर्माका नाममा ०७० भदौ ११ गते म्याद जारी गरी ०७० भदौ १६ गते म्याद तामेली गरेको श्रेस्तेदार आनन्दराज पन्तले जानकारी दिए।

परिवारजनबाट हत्या

तोलीजैसी गाविस-४ की २५ वर्षीया नामसरा कामीलाई पतिसँग विवाद गरेको आरोपमा २८ वर्षीय पति शिरे कामीले ०६९ माघ ६ गते राति घाँटी रेटेर हत्या गरे। मदिरा सेवन गरेका शिरेले घरमा एक्कासि हँसियाले घाँटी रेटेर पत्नीको हत्या गरेको प्रहरीले जनायो। पीडित पक्षले ०६९ माघ ८ गते प्रहरीमा कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता गरायो। मृतकको जिल्ला अस्पतालमा माघ ८ गते पोस्टमार्टम भयो। स्थानीयवासीले हत्या गरेको खबर पाएलगत्तै प्रहरीलाई खबर गरेपछि तिलेपाटा प्रहरी चौकीबाट गएको प्रहरी टोलीले आरोपितलाई ०६९ माघ ६ गते गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेशमा ०६९ फागुन ३ गते आरोपित पुर्पक्षका लागि कारागार चलान भए।

लालीकाँडा गाविस-५ की १८ वर्षीया नन्दा थापा घरमा सुतिरहेको अवस्थामा २५ वर्षीय पति वीरबहादुर थापाले ०६९ चैत १३ गते राति घाँटी थिचेर हत्या गरेको प्रहरीले जनायो। पत्नीको हत्यापश्चात् भागेका आरोपितलाई प्रहरीले ०६९ चैत १६ गते घरनजिकैबाट गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेश अनुसार ०७० वैशाख ९ गते पुर्पक्षका लागि कारागार चलान भए। मृतकको पोस्टमार्टम जिल्ला अस्पतालमा भयो। नन्दा र वीरबहादुरबीच एक वर्षअघि विवाह भएको थियो।

हाडाकोट उमावि मतदान केन्द्रमा मतदान गर्न आएका मतदातालाई नेकपा–माओवादीका कार्यकर्ताहरूले आक्रमण गरी घाइते बनाएपछि सेनाको हेलिकोप्टरबाट उपचारको लागि लगिँदै

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै पाँच जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, दैलेखमा उजुरी दर्ता गराए। यस वर्ष कुटपिट गरी घरनिकाला गरिएका, खानलाउन नदिएका, विवाह दर्ता तथा नागरिकता नबनाएका, मार्ने धम्की दिइएका र बोक्सीको आरोप लागेका घटना दर्ता भएका छैनन्। अर्की पत्नी ल्याएर हेला गरेकामा चार घटना छन्। चारै घटनामा प्रहरीले मिलापत्र गरायो। एक उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सो केन्द्रले जनायो।

सबै प्रकारका जातीय विभेद

रावतकोट गाविस-२ की ३५ वर्षीया रत्ना विकको परिवारले आफ्नै जग्गामा रहेको रूख काटेको अवस्थामा सोही ठाउँका मोहन विष्ट र दीपबहादुर विष्टले 'जग्गा हाम्रो हो, तिमी डुमहरूले काट्न पाउँदैनौ' भन्दै ०६९ चैत ३ गते कुटपिट गरे। आफूलाई जातीय विभेद गरी कुटपिट गरेको भन्दै पीडितले ०६९ चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। प्रहरीले आरोपित दीपबहादुरलाई ०६९ चैत २८ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आवश्यक अनुसन्धान गरी अदालतमा पठाएको र आरोपित जिल्ला अदालतको आदेशमा ०६९ चैत १५ गते धरौटीमा रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१६		
उपस्वास्थ्यचौकी	४०		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	५	३	२
स्टाफ नर्स	१०	४	६
ल्याब असिस्टेन्ट	३	३	
अहेब	१२१	८२	३५
अनमि	८१	६२	१५
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२२	११	११

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यानका १४ मुद्दा दर्ता भए। जसमा १४ जनालाई गिरफ्तार गरेका थिए। जबरजस्ती करणीका पाँच मुद्दा दर्ता भई विचाराधीन रहे। जसमा पाँच जनालाई गिरफ्तार गरेका थिए। ज्यान मार्ने उद्योगका तीन मुद्दा दर्ता भई विचाराधीन रहे। जसमा तीन जनालाई गिरफ्तार गरेका थिए। जातीय विभेद र छुवाछूतका दुई मुद्दा दर्ता भई विचाराधीन रहे। जसमा दुई जनालाई गिरफ्तार गरेका थिए। बहुविवाहका पाँच मुद्दा दर्ता भई चार मेलमिलाप भए भने एक विचाराधीन रहे। जसमा पाँच जनालाई गिरफ्तार गरेका थिए।

विगतको अनुगमन

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१९ वर्षीया एक युवती गाउँनजिकैको जङ्गलमा दाउरा काटेर घर फर्कँदै गरेको अवस्थामा वडाभैरव गाविस-६ का २३ वर्षीय गणेशबहादुर थापाले ०६९ पुस १५ गते साँझ खोरको जङ्गलमा मुख बाँधेर बलात्कार गरेको भन्दै पीडितले ०६९ पुस १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। घरमा पुगी पीडितले आफू बलात्कृत भएको आफन्तलाई भनेपछि आफन्तले प्रहरीमा सोही दिन खबर गरेका थिए। खबर

पाएलगत्तै प्रहरी टोली राति नै थापाको घरमा पुगी सोही दिन गिरफ्तार गरेको थियो। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनका आधारमा मुद्दा अघि बढाइएको प्रहरीले जनायो। जिल्ला अदालतले ०६९ माघ ११ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो।

घरेलु हिंसा

परिवारजनबाट

नारायण नपा-६ की ४० वर्षीया चावली सार्कीलाई मदिरा सेवन गरी आएका पति कमारो सार्कीले सामान्य विवाद हुँदा ०६९ पुस १३ गते एक्कासि शरीरमा आगो लगाएको भन्दै आवाज संस्थाको पहलमा पीडित पक्षले पतिविरुद्ध जिल्ला प्रहरी कार्यालय, दैलेखमा ०६९ पुस १५ गते ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा दर्ता गरिन्। पीडित चावलीको दाहिने खुट्टाको तिघ्रालगायत योनिको केही भाग जलेका कारण गम्भीर घाइते भएकी पीडितको जिल्ला अस्पताल र नेपालगन्जस्थित मेडिकल कलेजमा उपचार गर्दा समेत निको नभएपछि घरमै उनको मृत्यु भयो। प्रहरीले ०६९ पुस १४ गते घटनामा संलग्न कमारोलाई गिरफ्तार गरेपछि जिल्ला अदालत, दैलेखले ०६९ माघ ९ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

४.११ डोल्पा



जिल्ला सदरमुकाम: दुनै
क्षेत्रफल (वर्ग कि. मि.): ७,८८५
घरधुरी सङ्ख्या: ७,४८८
जम्मा जनसङ्ख्या: ३६,७००
पुरुष: १८,२३८
महिला: १८,४६२
अपाङ्ग सङ्ख्या: ७,४५८
गाविस/नपा सङ्ख्या: २३/०
पुरुष साक्षरता सङ्ख्या: ११,२२५
महिला साक्षरता सङ्ख्या: ७,११७
हिन्दू धर्मावलम्बी प्रतिशत: ७०.१५
बौद्ध धर्मावलम्बी प्रतिशत: २५.४
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०४
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.३८
वोन धर्मावलम्बी प्रतिशत: ०.०३
अन्य धर्मावलम्बी प्रतिशत: ०.००३
प्रतिपरिवार सरदर सङ्ख्या: ४.५०

जेल र बन्दी

'ङ' श्रेणीको यस कारागारको बन्दी क्षमता ३० जनाको रहेको छ। कैद तोकिएका पुरुष आठ तथा कैद नतोकिएका पुरुष १५ गरी जम्मा बन्दीको सङ्ख्या २३ रहेको छ। शौचालय, विद्युत्, पत्रपत्रिका, खेलकुदका सामग्री र रेडियो, टीभी जेलमा उपलब्ध छन्। अनौपचारिक कक्षा सञ्चालन भएको छ। कारागारमा खानेपानीको समस्या हुनुका साथै भवन जीर्ण भएकाले वर्षातको समयमा पानी चुहिएर समस्या हुने गरेको जेलर जगबहादुर बस्नेतले बताए। यो जिल्ला कारागार ०३७ सालमा निर्माण भएको थियो।

धम्की/कुटपिट

राज्यपक्षबाट

संविधानसभा निर्वाचनको मतपेटिका माझफालबाट सदरमुकाम दुनै ल्याउने क्रममा जुफाल गाविस-५ मा एमाओवादीका तीन जना कार्यकर्तालाई ०७० मङ्सिर ५ गते सुरक्षाकर्मीले कुटपिट गरे। माझफाल गाविस-३ का एमाओवादी दलित मुक्ति मोर्चाका केन्द्रीय सदस्य तथा ०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनमा माझफालको विद्या मन्दिर मावि मतदान केन्द्रमा एमओवादीका एजेन्ट रहेका ४० वर्षीय गोरबहादुर विक, सोही ठाउँका वाईसीएल कार्यकर्ता ३५ वर्षीय राजेन्द्र रोकाया, रुकुम जिल्ला रम्मामैकोट गाविस-३ का कविराज विकलाई मतपेटिकासँगै सुरक्षामा आएका असई डिल्ली चन्द, प्रहरी जवान दीपक बोहरा र नेपाली सेनाका जमदार सुजन खड्काले बन्दुकको कुन्दा र बुटले कुटपिट गरे। सुरक्षाकर्मीको कुटपिटबाट राजेन्द्र रोकायाको बायाँ तिघ्रा र पिठ्युमा, कविराज विकको टाउको र दायाँ खुट्टा र पछाडिको भागमा चोट लाग्यो। एमाओवादीका एजेन्ट र वाईसीएल कार्यकर्ताले लगाएको आरोप झूट्टा भएको भन्दै एमाले र एमाओवादीका कार्यकर्ताबीच झडप भई मतपेटिका सुरक्षामा समस्या देखिएपछि झडपलाई नियन्त्रणमा लिन कारबाही गर्दा केही कार्यकर्ता घाइते हुन पुगेको, नियतवश सुरक्षाकर्मीले कसैलाई कुटपिट नगरेको जिल्ला प्रहरी कार्यालय, डोल्पाका डीएसपी मोहनप्रसाद पोखरेलले बताए। यस वर्षको अन्त्यसम्म पीडितले कहीँ उजुरी दिएनन्।

गैरराज्यपक्षबाट

एमालेबाट

रुकुम जिल्ला रम्मामैकोट गाविस-५ निवासी वाईसीएल कार्यकर्ता २५ वर्षीय ज्ञानु रोक्कामगर दुनै गाविस-५ र ६ स्थित धुपीचौरमा संविधानसभा निर्वाचनको प्रचार-प्रसारमा रहेको अवस्थामा एमालेका उम्मेदवार धनबहादुर बुढाको अगुवाइमा रहेका एमाले कार्यकर्ताको समूहले लठ्ठी र चिरपटले कुटपिट गरे। टाउकोमा चोट लागेका घाइतेको जिल्ला अस्पताल दुनैमा प्राथमिक उपचार भयो भने थप उपचार काठमाडौँको नर्भिक अस्पतालमा भयो। ०७० कात्तिक १६ गते एमाओवादीको चुनावी सभालाई सम्बोधन गर्न डोल्पा आएका एमाओवादीका अध्यक्ष प्रचण्डको सुरक्षार्थ अन्य जिल्लाका वाईसीएल कार्यकर्ताहरू डोल्पा आएका थिए।

सुउँ गाविस-६ निवासी वाईसीएल जिल्ला अध्यक्ष ३७ वर्षीय सिद्ध विकलाई एमालेका विरुद्धमा जुलुस प्रदर्शन गरेको आरोपमा ०७० कात्तिक १२ गते दुनै गाविस-१ मा एमालेका कार्यकर्ताले आक्रमण गरे। दुई सयको सङ्ख्यामा भाला-लठ्ठीसहित आएका एमाले कार्यकर्ताले एमाओवादीको कार्यालय रहेको दुनैस्थित चन्द्रमान रोकायको घरका झ्यालढोका र बारदलीसमेत तोडफोड गरे। निधार र टाउकोमा चोट लागेका घाइतेको जिल्ला अस्पताल, दुनैमा उपचार भयो। एमालेका कार्यकर्ताले सहरतारा गाविसमा ०७० कात्तिक ११ गते एमाओवादी कार्यकर्तालाई आक्रमण गरी घाइते बनाएको घटनामा संलग्न दोषीलाई कारबाहीको माग गर्दै ०७० कात्तिक १२ गते दिउँसो एमाओवादीका कार्यकर्ताले सदरमुकाममा जुलुस प्रदर्शन र जिल्ला प्रशासनमा धर्ना दिए।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	३
बालअधिकार			१		१
महिलाअधिकार			५		५
भेला/सङ्गठित हुने अधिकार				१	१
कुटपिट	३	३	३	१३	१५
धम्की				१	१
जम्मा	३	३	९	१६	३५

लिकु गाविस-४ निवासी एमाओवादीका जिल्ला संयोजक ४२ वर्षीय नैनप्रसाद पहाडीलाई ०७० कात्तिक १३ गते दुनैस्थित त्रिवेणी चोकमा रहेको अवस्थामा एमालेका कार्यकर्ताले कुटपिट गरे। नाकमा चोट लागेका घाइतेको रिता औषधी पसल, दुनैमा उपचार भयो। पीडितले यस वर्षको अन्त्यसम्म कहीँ उजुरी दिएनन्।

त्रिपुराकोट गाविस-२ निवासी काङ्ग्रेस महासमिति सदस्य ६५ वर्षीय दिलबहादुर विष्टलाई 'भाते' भनी अपमान गरेको आरोपमा ०७० मङ्सिर १६ गते एमाले डोल्पाका सभासद् धनबहादुर बुढाको

निर्देशनमा एमालेका कार्यकर्ताले कुटपिट गरे। नाक, टाउको र खुट्टामा चोट लागेका घाइतेको उपचार त्रिपुरासुन्दरी औषधी पसलमा भयो। पीडितले कारबाहीको माग गर्दै ०७० कात्तिक १७ गते जिल्ला प्रहरी कार्यालयमा सभासद् बुढाका नाममा किटानी जाहेरी दिँदा प्रहरीले दर्ता गर्न नमानेपछि सोही दिन पीडितले हुलाकमार्फत उजुरी पठाएको जनाए। यस वर्षको अन्त्यसम्म उजुरी सुनुवाइ भएको छैन।

रह गाविस-५ निवासी एमाओवादीको भ्रातृ सङ्गठन वाईसीएलका जिल्ला अध्यक्ष ३५ वर्षीय धनप्रसाद कार्कीलाई ०७० भदौ ९ गते लावन गाविस-४ का एमाले कार्यकर्ता ३६ वर्षीय शेरबहादुर रानासमेतका कार्यकर्ताले कुटपिट गरे। टाउको, दुवै हातको कुम र दायाँ कोखामा चोट लागेका घाइतेको उपचार जिल्ला अस्पताल, दुनैमा भयो। लावन गाविसको बैठकमा जाँदै गर्दा बाटो कुरेर बसेका एमाले कार्यकर्ताले चक्कु, भाला र ढुङ्गाले कुटपिट गरेका थिए। वाईसीएल अध्यक्षबाट पेस्तोल बरामद भएको प्रहरीले जनायो। प्रहरीले हातहतियार तथा खरखजाना मुद्दा अन्तर्गत धनप्रसादलाई पुर्पक्षका लागि ०७० भदौ १२ गते कारागार चलान गरेकामा ०७० मङ्सिर २६ गते प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाको आदेशमा रिहा भए।

वाईसीएलबाट

ल्हाँ गाविस-८ निवासी एमाले गाउँ तहका कार्यकर्ता २३ वर्षीय दिलबहादुर बुढा घरमा रहेको अवस्थामा सोही ठाउँका वाईसीएल कार्यकर्ता ४० वर्षीय कमल रोकाय, तिलक चलाउने, थम्मन चलाउने, तुलसी चलाउने, हरिबहादुर चलाउने र पूर्ण चलाउनेलगायत २०/२५ जनाको समूहमा आएका वाईसीएल कार्यकर्ताले ०७० कात्तिक १० गते कुटपिट गरे। टाउकोमा गहिरो चोट लागेका एमाले कार्यकर्ता दिलबहादुर बुढाको स्थानीय स्वास्थ्य चौकीमा प्राथमिक उपचार भयो भने थप उपचार ब्ल्यु क्रस अस्पताल काठमाडौँमा भयो। दोषीलाई कारबाहीको माग गर्दै पीडितले ०७० मङ्सिर ९ गते ज्यान मार्ने उद्योग अन्तर्गत डोल्पा जिल्ला अदालतमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

अन्यबाट

दुनै गाविस-८ का २२ वर्षीया भीमकुमारी विकलाई बाटो नछोडेको आरोपमा ०७० साउन ५ गते सोही ठाउँका २२ वर्षीय नवीन रोकायले एक्कासि 'तँ आइमाईलाई अब कुट्छु' भन्दै लात्तीले दायाँबायाँ स्तनमाथि हानेर गम्भीर घाइते बनाए। पीडितले ०७० साउन ६ गते जिल्ला प्रहरी कार्यालयमा दोषीलाई कारबाही गरी पाऊँ भन्दै पीडित पक्षले निवेदन दिए। स्तनमा चोट लागेकी घाइतेको भेरी अञ्चल अस्पताल, नेपालगन्जमा उपचार भयो। यस वर्षको अन्त्यसम्म घटनामा संलग्न पक्षलाई कारबाही भएन।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

दुनै गाविस-१ घर भई संविधानसभा निर्वाचनमा एमालेका तर्फबाट उम्मेदवार धनबहादुर बुढाको टोली निर्वाचन प्रचारप्रसारका क्रममा ०७० कात्तिक ३ गते पहाडा गाविस-५, लादेमा पुगेको अवस्थामा एमाओवादीका कार्यकर्ताले बाटोमाथिबाट ढुङ्गा लडाएर अवरोध गर्ने प्रयास गरे। पहाडा गाविस-१, छलबाट प्रचारप्रसार गरी पहाडा गाविस-५, लाँदे पुगेको अवस्थामा एमाओवादी कार्यकर्ताले अवरोध गर्ने प्रयास गरेपछि एमालेका कार्यकर्ताले लखेटेका थिए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ पुस देखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेका यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १४ थान दर्ता भएकामा १० थानको फैसला भयो भने चार थान बाँकी रहे। देवानी मुद्दातर्फ पाँच थानमध्ये चार थानको फैसला भयो भने एक थान बाँकी रह्यो।

०७० असारदेखि ०७० पुस १६ गतेसम्म

यस जिल्ला अदालतको फौजदारीतर्फ २८ थानमध्ये १० थानको फैसला भयो भने १८ थान बाँकी रहे। देवानी मुद्दातर्फ ६ थानमध्ये चार थानको फैसला भयो भने दुई थान बाँकी रहे। यस जिल्ला अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा चार र देवानी मुद्दा एक थान रहेका छन्।

जिल्ला सरकारी वकिल कार्यालय

कर्तव्य ज्यानसम्बन्धी पाँच थान मुद्दा दायर भएकामा तीन सफल भए भने दुई असफल रहे। त्यस्तै, चोरीका चार थान मुद्दामध्ये तीन थान सफल भए भने एक थान असफल रह्यो। सार्वजनिक अपराधका १२

थानमध्ये ६ थान सफल र अन्य विचाराधीन अवस्थामा छन्।

न्यायाधिवक्ताको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २४ थान छ, जसमध्ये नौ थान सफल भए भने १२ थान असफल भए। मुलतवी र तामेलीमा तीन थान मुद्दा रहेका छन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी पाँच थानमध्ये तीन थान सफल र एक थान असफल रह्यो। बलात्कारसम्बन्धी परेको एक थान मुद्दा असफल रह्यो। महिला बेचबिखन, अपहरण, बहुविवाह, बालविवाह र छुवाछूतसम्बन्धी कुनै मुद्दा परेनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या नौ थान रहेको छ, जसमध्ये तीन थान सफल भए। सरकारी वकिलको सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ६ थान बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १३ हजार ९ सय ८९ बालबालिकाहरू प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। जिल्ला शिक्षा कार्यालयको तथ्याङ्क अनुसार जिल्लामा रहेका ८५ ओटा प्राथमिक विद्यालयतर्फ ३ हजार ३ सय ९६ छात्र र ३ हजार ७ सय १८ जना छात्रा अध्ययनरत छन्। यसै गरी निमाविonce तर्फ जिल्लामा रहेका १२ ओटा विद्यालयहरूमा छात्रतर्फ १ हजार ९८ र छात्रातर्फ ४ सय ९८ छन्। माबि १४ ओटा रहेकामा छात्रतर्फ ४ सय ९७ र छात्रा २ सय ५६ जना अध्यनरत छन्। जसमा दलित विद्यार्थीको सङ्ख्या छात्रतर्फ ९ सय ९८ र छात्रातर्फ ८ सय ९६ रहेको छ। निजी विद्यालयतर्फ प्राविमा छात्र २ सय ५० र छात्रातर्फ ८० अध्ययनरत छन्। जिल्लामा रहेका दुई ओटा क्याम्पसमा छात्र ६ सय ५६ र छात्रा ७९ छन्। जसमा दलित छात्रमा २७ र छात्रा २५ छन्। सामुदायिक विद्यालयतर्फ प्राविमा छात्र ३ हजार २ सय १८ र छात्रा ५ सय २३ छन्। जसमा दलिततर्फ छात्र ९ सय ६५ र छात्रा ७ सय ९८ छन्। यसै गरी पूर्वबालविकासतर्फ छात्र ८ सय ७९ र छात्रा ९ सय १२ रहेका छन्। जसमा दलिततर्फ छात्र १ सय ५६ र छात्रा १ सय ३९ रहेका छन्। शिक्षकको दरबन्दीतर्फ डोल्पा जिल्लामा प्राबि तहमा १ सय शिक्षिका र ३ सय १६ शिक्षक, निमावितर्फ शिक्षिका आठ र शिक्षक ६७ छन् भने मावितर्फ शिक्षिका एक र ४५ शिक्षक गरी कुल शिक्षिका सङ्ख्या १ सय ९ र शिक्षिक ४ सय २८ गरी जम्मा शिक्षिका र शिक्षक सङ्ख्या ५ सय ३७ रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

घरेलु हिंसा

माझफाल गाविस-९ की ३५ वर्षीया जयहरि बुढालाई ३९ वर्षीय पति वीरबहादुर बुढाले ०६९ चैत ५ गते काँडातालीभन्ने ठाउँमा कुटपिट गरे। कुटपिटबाट स्तन र पछाडिको भागमा चोट लागेकी घाइतेको माझफाल स्वास्थ्य केन्द्रमा उपचार भयो । पीडितले ०६९ चैत ६ गते सम्बन्धविच्छेद गरी पाऊँ भनी डोल्पा जिल्ला अदालमा उजुरी दिएकामा यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

सुर्खेत जिल्ला घर भई जुफाल गाविस-१, एयरपोर्टमा बस्दै आएकी २५ वर्षीया सुशीला पौडेललाई सुर्खेत जिल्ला घर भई जुफालस्थित नेपाल खाद्य संस्थानमा कार्यरत ४५ वर्षीय पति गोविन्द पौडेलले ०६९ पुस २० गते मदिरा सेवन गरी चिरपटले कुटपिट गरे। पटकपटक मदिरा सेवन गरेर कुटपिट गरेको भन्दै ०६९ पुस २१ गते जिल्ला अदालत दुनैमा सम्बन्धविच्छेद गरी पाऊँ भनी पीडितले उजुरी दिइन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै दुई जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र डोल्पामा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएको एक जना र खानलाउन नदिएको आरोपमा एक उजुरी दर्ता भएको थियो। ती घटनामध्ये प्रहरीले एक घटनामा मिलापत्र गराएको र एक उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

खाद्य सुरक्षाको अवस्था

जिल्लाका सर्मी, लिकु, पहाडा, काइगाउँ, रिमी, कालिका, नर्कु, ल्हाँ, त्रिपुराकोट, माझफाल, फोक्सुन्डो, रह र जुफाललगायतका गाविसहरूमा विनियोजित खाद्यान्न समयमा आपूर्ति हुन नसकेपछि ०७० वैशाखदेखि ०७० असोजको पहिलो सातासम्म डोल्पा जिल्लामा खाद्यान्न सङ्कट भयो। डोल्पाका लागि आर्थिक वर्ष ०७०/०७१ का लागि विनियोजित ५ हजार क्विन्टल चामल ढुवानी दररेटमा ठेकदारहरूले घाटा खानुपर्ने अवस्था आएपछि र वर्षातका कारण समयमा ढुवानी हुन नसकेपछि खाद्यान्न अभाव भएको थियो। झन्डै ६ महिनाभन्दा बढी समय खाद्यान्न अभाव रहेको डोल्पामा ०७० दसैँको अवसरमा सुर्खेत-डोल्पा नभई जुम्लाबाट डोल्पामा चामल आपूर्ति गरिएपछि डोल्पाको खाद्यान्न अभाव टरेको थियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पताल, आव ०६९/०७० का लागि क्षेत्रीय मेडिकल स्टोर सुर्खेतले डोल्पाका लागि पठाएको औषधी एक वर्षसम्म छिमेकी जिल्ला जाजरकोटमा थन्किएर औषधीको म्यादसमेत सकिएपछि र डोल्पामा एक आव सकिन लाग्दासमेत औषधी नआएपछि डोल्पामा औषधीको अभाव भयो। औषधीको अभावसँगै जिल्लाका कालिका, सर्मी, लिकु, माझफाल, काइगाउँ, रिमी, नर्कु र सुउ गाविसमा झाडापखाला, आउँ, रुघा र चिलाउने रोगको प्रकोप फैलियो। क्षेत्रीय मेडिकल स्टोर, सुर्खेतले रोग नियन्त्रणका लागि केही मात्रामा औषधी पठाए पनि औषधीको अभाव भने हट्न सकेन। डोल्पामा औषधी मात्र नभई ६ महिनासम्म डाक्टर नहुँदा जिल्लामा सामान्य रोगका बिरामीहरू पनि महँगो भाडा तिरेर नेपालगन्जलगायतका सहरमा औषधी उपचार गर्न जान बाध्य भए। ०७० असोजको पहिलो साता मात्र डोल्पा पुगेका करार सेवाका डा. विष्णु अधिकारी पनि जिल्लामा नियमित नबसेका कारण डोल्पामा स्वास्थ्य सेवा यहाँका सेवाग्राहीहरूले पाउन सकेनन्। जिल्ला अस्पताल, दुनैमा औषधी अभावका साथै डाक्टरको समेत अनुपस्थितले सिङ्गो जिल्लावासी औषधीको सुलभ सेवाबाट वञ्चित बन्नुपऱ्यो। यस वर्षको अन्त्यसम्म जिल्लामा औषधी र चिकित्सकको अभाव रहेको समस्या समाधान हुन सकेन।

अस्पताल	१		
स्वास्थ्यचौकी	५		
उपस्वास्थ्यचौकी	१४		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	२	१	१
स्टाफ नर्स	२	१	१
ल्याब असिस्टेन्ट	१	१	
अहेब	३	३	
अनमि	२		
खोप सुपरभाइजर	१		१
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट	२		
माशिका	५		
स्वास्थ्य कार्यकर्ता	२८	२३	५

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म ज्यानमार्ने उद्योगका तीन, कर्तव्य ज्यानका दुई, आत्महत्याका दुई, जातीय विभेदका दुई र घरेलु हिंसाका दुई मुद्दा दर्ता भए। दर्ता मुद्दामध्ये ज्यानमार्ने उद्योग र कर्तव्य ज्यानका मुद्दा विचाराधीन अवस्थामा रहेका छन्।

४.१२ जुम्ला



जिल्ला सदरमुकाम: खलङ्गा
क्षेत्रफल (वर्ग कि. मि.): २,५३१
घरधुरी सङ्ख्या: १५,३०३
जम्मा जनसङ्ख्या: १,०८,५२१
पुरुष: ५४,८५८
महिला: ५४,०२३
अपाङ्ग सङ्ख्या: ३,२४८
गाविस/नपा सङ्ख्या: ३०/०
पुरुष साक्षरता सङ्ख्या: ३३,८४३
महिला साक्षरता सङ्ख्या: २०,६५६
हिन्दू धर्मावलम्बी प्रतिशत: ५७.८५
बौद्ध धर्मावलम्बी प्रतिशत: १.२३
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.६६
अन्य धर्मावलम्बी प्रतिशत: ०.१२१
प्रतिपरिवार सरदर सङ्ख्या: ५.६४

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ११ जना कैदी र कैद नतोकिएका सात जना थुनुवा गरी जम्मा १८ जना बन्दीहरू रहेका छन्। जसमा महिला एक र पुरुष १७ जना रहेका छन्। यो जिल्ला कारागार ०६२ सालमा निर्माण भएको हो। कारागारमा रेडियो, टीभी, सुरक्षाकर्मीको प्रत्यक्ष निगरानीमा कैदीहरूलाई फोन सुविधा दिइएको छ भने सुत्नका लागि काठका पलङ्गको व्यवस्था गरिएको छ।

बेपत्ता/अपहरण

एमाओवादीबाट

ताम्ती गाविस-१ का २५ वर्षीय नेकपा-माओवादीका कार्यकर्ता गोविन्द कुँवरलाई हतियार पड्काएको आरोपमा एमाओवादीका कार्यकर्ताले ०७० कात्तिक २५ गते घरमा सुतिरहेको अवस्थामा अपहरण गरे। कब्जामा रहँदा एमाओवादीका कार्यकर्ताले गोविन्दलाई 'हतियार कहाँ छ' सोध्दै नभने मार्ने धम्की दिएको नेकपा-माओवादीले जनायो। अपहृत ताम्ती गाविसको तराफीबाट ०७० कात्तिक २६ गते मुक्त भए। जीउज्यानको सुरक्षाको माग गर्दै पीडितले प्रहरी चौकी कुडारीमा ०७० कात्तिक २७ गते निवेदन दिए पनि यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन। घटना सम्बन्धमा एमाओवादीले कुनै प्रतिक्रिया दिएन। घटनामा संलग्न एमाओवादी कार्यकर्ताको नाम, ठेगाना र पद यस वर्षको अन्त्यसम्म खुलेन।

धम्की कुटपिट

गैरराज्यपक्षबाट

एमालेबाट

गज्याङ्कोट गाविस-२ निवासी २४ वर्षीय एमाओवादीका स्थानीय कार्यकर्ता विष्णुबहादुर बुढालाई एमालेको चुनावी प्रचारप्रसारमा अवरोध गरेको आरोपमा ०७० कात्तिक २९ गते संविधानसभा निर्वाचन प्रचारप्रसारका क्रममा एमालेका स्थानीय कार्यकर्ता धर्मराज रावलको अगुवाइमा आएको समूहले कुटपिट गऱ्यो। मुखमा चोट लागेका घाइतेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लामा उपचार भयो। घटना सम्बन्धमा पीडितले कात्तिक ३० गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। पीडित पक्षले समयमा फलोअप नगरेका कारण यस वर्षको अन्त्यसम्म उक्त निवेदन अघि नबढेको प्रहरीले जनायो।

दोहोरो झडप

नेकपा-माओवादी र काङ्ग्रेस कार्यकर्ताबीच

चन्दननाथ गाविस-३ निवासी नेपाल कर्मचारी युनियनका सदस्य ३८ वर्षीय जनक सेजुवाल नेकपा-माओवादी र काङ्ग्रेस पार्टीका कार्यकर्ताबीचको व्यक्तिगत झगडा ०७० जेठ २६ गते राजनीतिक झगडामा परिणत भएपछि दुवै पार्टीका कार्यकर्ताबीच खलङ्गा बजारमा भएको झडपमा परी घाइते भए। टाउको र शरीरका विभिन्न भागमा लाठी र ढुङ्गाले चोट लागेका घाइतेको काठमाडौँको न्युरो अस्पतालमा उपचार भयो। काङ्ग्रेस कार्यकर्ता घनश्याम थापा र नेकपा-माओवादीका कार्यकर्ता मनोज वुढाथोकीबीच ०७० जेठ २५ गते व्यक्तिगत रूपमा मदिरा पसलमा भनाभन तथा हात हालाहाल भएको विषयमा नेकपा-

माओवादी र काङ्ग्रेस कार्यकर्ताबीच जेठ २६ गते झडप भएको थियो। झडपका क्रममा नेकपा-माओवादीका कार्यकर्ता राजबहादुर खत्री र मनोज बुढाथोकीको घर काङ्ग्रेसका कार्यकर्ताले तोडफोड गरे भने नेकपा-माओवादी कार्यकर्ताले काङ्ग्रेस कार्यकर्ता घनश्याम थापाको घर तोडफोड गरे। नेकपा-माओवादीले आफ्ना कार्यकर्ता राजबहादुर खत्री र मीनबहादुर भण्डारीलाई रिहाइको माग गर्दै ०७० जेठ २९ र ३० गते जिल्ला बन्दको आह्वान गरे। राजबहादुर खत्री र मीनबहादुर भण्डारीलाई प्रहरीले जेठ २९ गते जिल्ला प्रशासन कार्यालयबाट पक्राउ गऱ्यो। झडप नियन्त्रणमा लिन जिल्ला प्रशासन कार्यालय, जुम्लाले ०७० जेठ २८ गते राती र २९ गते दिउँसो कर्फ्यु जारी गरेको थियो। पीडित जनक सेजुवालले ०७० जेठ २८ गते नेकपा-माओवादीका कार्यकर्ता राजबहादुर खत्रीलगायत नौ जनाका नाममा ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा दर्ता गरे। आरोपित राजबहादुर खत्रीसहित नौ जनाले प्रतिव्यक्ति ५० हजार रुपियाँ धरौटी जिल्ला अदालतमा बुझाएपछि ०७० कात्तिक १९ गते आरोपितहरू तारेखमा रिहा भए। ज्यान मार्ने उद्योग मुद्दा ०७० पुस ४ गते छलफलका लागि जिल्ला अदालतमा पेस भयो।

धापा गाविस-६ निवासी तरुण दलका गाउँ समिति सदस्य २८ वर्षीय विनोद खत्री संविधानसभा निर्वाचनको विषयमा काङ्ग्रेस र नेकपा-माओवादीका कार्यकर्ताबीच ०७० कात्तिक २६ गते सोही ठाउँमा भएको झडपमा घाइते भए। अनुहार र शरीरका अन्य भागमा लाठी र ढुङ्गा प्रहारबाट चोट लागेका घाइतेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लामा उपचार भयो। नेकपा-माओवादीका कार्यकर्ताले बन्दको समयमा चुनाव प्रचार गर्न नपाउने भनेपछि विवाद भएको काङ्ग्रेसले जनाए पनि काङ्ग्रेसका कार्यकर्ताले चुनाव बहिष्कार कार्यक्रम सञ्चालन भइरहेको स्थानमा कार्यक्रम गर्न खोज्दा झडप भएको नेकपा-माओवादीले जनायो। नेकपा-माओवादीका नाममा इलाका प्रहरी कार्यालय नराकोटमा ०७० कात्तिक २७ गते ठाडो निवेदन दिएको काङ्ग्रेस जुम्लाले जनाए पनि यस वर्षको अन्त्यसम्म प्रहरीले कसैलाई पक्राउ गरेको छैन।

काङ्ग्रेस र एमाओवादी कार्यकर्ताबीच

पाण्डवगुफा गाविस-७ र ८ मा काङ्ग्रेस र एमाओवादीका कार्यकर्ताबीच ०७० कात्तिक २९ गते संविधानसभा निर्वाचनको प्रचारप्रसारका क्रममा कुन पार्टी के भन्ने विषयमा भएको विवाद झडपमा परिणत भएपछि सोही गाविस-८ निवासी काङ्ग्रेसका स्थानीय कार्यकर्ता २९ वर्षीय बलसिह भण्डारी, २७ वर्षीय पदम भण्डारी र ३२ वर्षीय कप्तान भण्डारी, एमाओवादीका स्थानीय कार्यकर्ता सोही गाविस-७ का ३२ वर्षीय गणेश सञ्ज्याल र २९ वर्षीय पुनिमल बोगटी घाइते भए। अनुहार र टाउकामा चोट लागेका घाइतेहरूको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लामा उपचार भयो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि असार मसान्तसम्म

एक जना मात्र न्यायधीश रहेका यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ४६ थानमध्ये १५ थानको फैसला भयो भने ३१ थान बाँकी रहे। देवानी मुद्दातर्फ ५८ थानमध्ये १७ थानको फैसला भयो भने ४१ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा दुई थान र देवानी मुद्दा एक थान रहे।

पुनरावेदन अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

दुई जना मात्र न्यायाधीश रहेको यस अदालतको फौजदारी मुद्दातर्फ ७७ थानमध्ये ५५ थानको फैसला भयो भने २२ थान बाँकी रहे। देवानी मुद्दातर्फ ५५ थानमध्ये ४१ थानको फैसला भयो भने १४ थान बाँकी रहे।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				७	७
बालअधिकार			२		२
अपहरण				१	१
महिलाअधिकार			२०		२०
भेला/सङ्गठित हुने अधिकार				१	१
कुटपिट	१	१	२	२	४
हत्या			३		३
जम्मा	१	१	२६	११	३८

नेकपा–माओवादी र काङ्ग्रेस कार्यकर्ताबीच झडप हुँदा घाइते भएका जनक सेजुवाल

०७० साउनदेखि पुस १६ गतेसम्म

यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ ४८ थानमध्ये २५ थानको फैसला भयो भने २३ थान बाँकी रहे। देवानी मुद्दातर्फ २० थानमध्ये १३ थानको फैसला भयो भने सात थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा पुनरावेदन अदालतमा रहेका छैनन्।

पुनरावेदन न्यायाधिवक्ता कार्यालय

पुनरावेदन सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३५ थान छ, जसमध्ये पाँच थान सफल भए भने १० थान असफल भए। मुलतवी र तामेलीमा कुनै मुद्दा छैनन्। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ११ थानमध्ये तीन थान सफल र चार थान असफल रहे। बलात्कारसम्बन्धी दुई थानमध्ये दुवै असफल रहे। महिला बेचबिखन, अपहरण, बहुविवाह र बालविवाहसम्बन्धी मुद्दा यस अवधिमा दर्ता नभएको पुनरावेदन सरकारी वकिल कार्यालयले जनायो। छुवाछूतसम्बन्धी एक थान मुद्दा असफल रह्यो।

पुनरावेदन सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या ११ थान छ। सरकारी वकिलको सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ११ थान मुद्दा बाँकी रहेको पुनरावेदन सरकारी वकिलको कार्यालयले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या १४ थान छ। यस जिल्ला सरकारी वकिलको कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म १४ थान बाँकी रहेको जिल्ला सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ३४ हजार ४ सय ५४ मध्ये छात्र १६ हजार ५ सय २६ र छात्रा १७ हजार ९ सय २८ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३ हजार २ सय १० र छात्र ३ हजार ३ सय १३ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला १ सय ३२ र पुरुष ३ सय ८ गरी जम्मा ४ सय ४० शिक्षक कार्यरत छन्। निमाथि तहमा महिला ६ र पुरुष ७८ जना गरी जम्मा ८४ जना शिक्षक कार्यरत छन्। यसै गरी माथि तहमा महिला १ र पुरुष ५९ जना गरी जम्मा ६० जना शिक्षक रहेका छन्। जिल्लामा १ सय ७८ ओटा बालविकास केन्द्र रहेका छन् भने प्रत्येक बालविकास केन्द्रमा कम्तीमा २० जना बालबालिकाहरूको सङ्ख्या हुनुपर्नेमा केही बालविकास केन्द्रमा ६० जना मात्र छन् भने केही बालविकास केन्द्रमा २ वा ४ जनासम्म रहेका छन्। स्रोत व्यक्तिहरूसँग उक्त तथ्याङ्क मागेकामा यस वर्षको अन्त्यसम्म कार्यालयमा नआएको जिल्ला शिक्षा कार्यालयले जनायो। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

परिवारजनबाट हत्या

छुमचौर गाविस-१ की ८ वर्षीया सुनदेवी रावतलाई ३० वर्षीय बाबु मुनबहादुर रावतले ०७० साउन ३१ गते कुटपिट गरी हत्या गरेको भन्दै मृतकका मामा गोरबहादुर रावतले जिल्ला प्रहरी कार्यालय, जुम्लामा ०७० भदौ २ गते जाहेरी दिए। कुटपिट गरी हत्या गरेर ०७० साउन ३२ गते डिल्लीचौर गाविस-८ स्थित खोलामा गाडेको सूचना मृतकका मामाले जिल्ला प्रहरी कार्यालयमा दिएको जाहेरीका आधारमा ०७० भदौ ४ गते उत्खनन गरी पोस्टमाटमपछि दाहसंस्कारका लागि प्रहरीले लास आफन्तलाई बुझायो। प्रहरीले भदौ ४ गते आरोपितलाई घरबाट गिरफ्तार गरेकामा जिल्ला अदालत, जुम्लाको आदेशमा ०७० भदौ ३१ गते पुर्पक्षका लागि कारागार चलान भए। जिल्ला प्रहरी कार्यालयले सरकारी वकिल कार्यालयमा प्रेषण गरिएको प्रतिवेदनको फोटोमा मृतकको शरीरका विभिन्न भागमा चोट लागेको देखिएको जनायो। घटनापछि लास गाड्ने कार्यमा संलग्न भएको आरोपमा सोही ठाउँका ३० वर्षीय टेक रावत, ३५ वर्षीय

मानबहादुर रावत, ३५ वर्षीय कालीसिंह रावत, ५० वर्षीय रामबहादुर रावत, २८ वर्षीय मनलाल रावत, २८ वर्षीय पृथ्वी रावत, ३५ वर्षीय प्रेम रावत, ३६ वर्षीय प्रेम रावत, २८ वर्षीय शुभ रावत र ३५ वर्षीय भक्तबहादुर रावत यस वर्षको अन्त्यसम्म फरार रहेका र उनीहरूका नाममा वारेन्ट जारी गरेको प्रहरीले जनायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

१० वर्षीया एक बालिका जङ्गलमा गाई चराउन गएको अवस्थामा नराकोट गाविस-७ का २६ वर्षीय वर्ग शाहीले ०७० जेठ २७ गते बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० असार ५ गते प्रहरी कार्यालयमा उजुरी दियो। जिल्ला अदालत, जुम्लामा ०७० असार ३० गते मुद्दा पेस भए पनि घटना भएकै दिनदेखि फरार आरोपितका नाममा वारेन्ट पुर्जी जारी गरिएको प्रहरीले जनायो। पीडितको स्वास्थ्य परीक्षण भएन। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

चन्दननाथ गाविस-७ की ३६ वर्षीया एक महिलालाई मुगु जिल्ला, मुगु गाविस-७ का ३४ वर्षीय गारा तामाङ र हुम्ला जिल्ला, हेप्का गाविस-१ का ३३ वर्षीय प्रेम तामाङले चन्दननाथ गाविस-६ स्थित नेपाली सेनाको गेटनजिक ०७० वैशाख २ गते दिउँसो सामूहिक बलात्कार गरेको भन्दै महिला सञ्जालको सहयोगमा जिल्ला प्रहरी कार्यालयमा सोही दिन पीडितले जबरजस्ती करणीसम्बन्धी मुद्दा दर्ता गरिन्। आरोपित प्रेम तामाङलाई ०७० वैशाख २ गते र गारा तामाङलाई वैशाख ३ गते चन्दननाथ गाविस-६, भारतिवाडाबाट प्रहरीले पक्राउ गरेकामा जिल्ला अदालत, जुम्लाको आदेश अनुसार आरोपित दुवै जना पुर्पक्षका लागि ०७० वैशाख ३० गते कारागार चलान भए। पीडितको स्वास्थ्य परीक्षण कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा वैशाख ३ गते भयो। मुद्दा यस वर्षको अन्त्यसम्म फैसला भएको छैन।

घरेलु हिंसा

विराट गाविस-९ की २६ वर्षीया एकमाया न्यौपानेले २८ वर्षीय सुरेशकुमार उपाध्यायसँग विवाह गरी ०७० वैशाख १६ गते छोराको जन्म भए पनि पतिले बेवास्ता गरेको भन्दै नाता कायम गरी छोराको न्वारन गरी पाऊँ भन्दै पीडितले जिल्ला अदालत, जुम्लामा ०७० असार १९ गते जाहेरी दिइन्। यस वर्षको अन्त्यसम्म मुद्दा प्रक्रियामा रहेको जिल्ला अदालत जुम्लाले जनायो।

कनकासुन्दरी गाविस-१ की २८ वर्षीया जसकली बुढालाई ३५ वर्षीय पति नन्दबहादुर बुढाले सधैँ कुटपिट गर्ने, खान लाउन नदिने भन्दै जिल्ला अदालतमा ०६९ पुस २६ गते सम्बन्धविच्छेदसहित अंश मुद्दा दर्ता गराइन्। जिल्ला अदालत, जुम्लाले लोग्नेस्वास्नीको नाताबाट सम्बन्धविच्छेद हुने गरी अंश दाबी छोडेर ०७० जेठ २० गते फैसला गऱ्यो।

परिवारजनबाट हत्या

गोठीचौर गाविस-४ की ३४ वर्षीया सीता (कठायत) बुढालाई माइत जाने विषयमा विवाद गरेको आरोपमा ३६ वर्षीय पति रतिमान रोकायाले ०६९ चैत २३ गते कोदालोको पासाले हान्दा घटनास्थलमा मृत्यु भएको प्रहरीले जनायो। प्रहरीले रतिमान रोकायालाई ०६९ चैत २९ गते पक्राउ गरेकामा ०७० वैशाख १५ गते आठ दिनको म्याद थप गरी अनुसन्धान गऱ्यो। जिल्ला अदालत जुम्लाको आदेश अनुसार आरोपित ०७० वैशाख २३ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन। घटनास्थलबाट कोदालो र लठ्ठी बरामद गरिएको प्रहरीले जनायो।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३६ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, जुम्लामा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका २३, खान-लाउन नदिएका १०, अर्की पत्नी ल्याएर हेला गरेका तीन छन्। प्रहरीले ३६ ओटै घटनामा मिलापत्र गराएको थियो। कानुनी प्रक्रियाका लागि कुनै पनि घटना अगाडि नबढाएको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

सुर्खेत जिल्ला लाटीकोइली गाविस निवासी ३८ वर्षीय राजु लामाको ना४ख. ८६५६ नम्बरको मिनीबस

महत गाविस-१, बसपार्कमा पार्किङ गरेको अवस्थामा ०७० मङ्सिर २ गते राति साढे १ बजे अज्ञात समूहको आगजनीबाट पूर्ण रूपमा ध्वस्त भयो। बसमा लगाइएको आगजनीबाट बसपार्कनजिकको घरमा राखिएको डिस्क, विद्युत्को तार र सटरमा समेत क्षति पुगेको जिल्ला प्रहरी कार्यालय, जुम्लाले जानकारी दियो। स्थितिलाई नियन्त्रणमा लिन नेपाली सेनाको टोली घटनास्थल पुगेको थियो। बसमा पेट्रोल बम प्रहार भएको जिल्ला प्रहरी कार्यालयले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१६		
उपस्वास्थ्यचौकी	१५		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	१		१
स्टाफ नर्स	१	१	
ल्याब असिस्टेन्ट	१	१	
अहेब	३६	३६	
अनमि	३८	३८	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२	२	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यानका पाँच मुद्दा दर्ता भए। बहुविवाह दुई मुद्दा दर्ता भए। जबरजस्ती करणीका पाँच मुद्दा दर्ता भए। ज्यान मार्ने उद्योगका ६ मुद्दा दर्ता भए।

४.१३ कालीकोट



जिल्ला सदरमुकाम: मान्मा
क्षेत्रफल (वर्ग कि. मि.): १,७४१
घरधुरी सङ्ख्या: २३,०१३
जम्मा जनसङ्ख्या: १,३६,५४८
पुरुष: ६८,८३३
महिला: ६८,११५
अपाङ्ग सङ्ख्या: ५,२६२
गाविस/नपा सङ्ख्या: ३०/०
पुरुष साक्षरता सङ्ख्या: ४१,७८४
महिला साक्षरता सङ्ख्या: २८,८७७
हिन्दू धर्मावलम्बी प्रतिशत: ५५.७५
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.०६
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०२१
प्रतिपरिवार सरदर सङ्ख्या: ५.५६

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४७ जना कैदी र कैद नतोकिएका १९ जना थुनुवा गरी जम्मा ६६ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक र बालिका छैनन्। यो जिल्ला कारागार ०३४ सालमा निर्माण भएको हो। भौतिक अवस्था निर्माणपश्चात् राम्रो छ। खानेपानीको व्यवस्था राम्रो छ। मनोरञ्जनका साधनमा लुडो र क्यारमबोर्ड खेल्न दिइन्छ।

धम्की/कुटपिट

राज्यपक्षबाट

सुकाटिया गाविस-१ का ४५ वर्षीय टेकराज शाही, सोही गाविस-७ का ३५ वर्षीय मुनबहादुर कार्की,

सोही ठाउँका ४० वर्षीय कृष्णप्रसाद आचार्यलाई बजारमा हल्ला गरेको आरोपमा ०७० जेठ २६ गते राति जिल्ला प्रहरी कार्यालयबाट गएको १५ जना प्रहरीको समूहले प्रतिमा चोकमा लाठी प्रहार गरी कुटपिट गऱ्यो। घुँडामा चोट लागेका घाइते टेकराज शाही र मुनबहादुर कार्कीको जिल्ला अस्पताल कालीकोटमा उपचार भयो। पीडितले यस वर्षको अन्त्यसम्म कहीँ उजुरी दिएनन्।

रुप्सा गाविस-५ निवासी नेकपा-माओवादीका रुप्सा गाउँ कमिटी इन्चार्ज २७ वर्षीय चङ्ख सहकारी, सोही ठाउँ निवासी नेकपा-माओवादीका गाउँ कमिटी सदस्यहरू धनबहादुर बोगटी, २१ वर्षीय मीनबहादुर बोगटी, २६ वर्षीय चन्चल सहकारीलाई एमाओवादीको चुनावी सभामा ढुङ्गा हानेको आरोपमा ०७० कात्तिक १३ गते इलाका प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले लाठीचार्ज गरी घाइते बनायो। सोही प्रहरी टोलीले नेकपा-माओवादीका इन्चार्ज चङ्ख सहकारीलाई सोही दिन गिरफ्तार गरेकामा ०७० कात्तिक १५ गते रिहा गऱ्यो। लाठीचार्जबाट सामान्य घाइते भएका पीडितहरूको कुमालगाउँ स्वास्थ्य चौकीमा उपचार भयो।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				४		४
अमानवीय व्यवहार					१	१
महिलाअधिकार	१		१	११		११
जातीय विभेद					३	३
गिरफ्तारी/यातना		११	११			
कुटपिट		९	९		९	९
धम्की				१	३	४
जम्मा	१	३०	३१	१६	१५	३१

गैरराज्यपक्षबाट

एमाओवादीबाट

बदालकोट गाविस-७ निवासी नेकपा-माओवादीनिकट राष्ट्रिय युवा जनस्वयम्सेवकका गाविस अध्यक्ष प्रदीप ऐडीलाई भ्रष्टाचारको आरोप लगाएकामा ०६९ माघ ११ गते राति घरमा सुतिरहेको अवस्थामा एमाओवादी जिल्ला कमिटी सदस्य ऐन खड्काको नेतृत्वमा गएको १० जनाको समूहले धारिलो हतियार प्रहार गऱ्यो। घाइतेको जिल्ला अस्पतालमा उपचार भयो। जनस्वयम्सेवक जिल्ला समिति अध्यक्ष वीरबहादुर मल्लले ०६९ माघ १२ गते प्रेस विज्ञप्ति प्रकाशित गरी दोषीलाई कारबाहीको माग गरे। पीडितले जिल्ला प्रहरी कार्यालय कालीकोटमा उजुरी दिए पनि प्रहरीले कारबाही अगाडि बढाएन।

काङ्ग्रेसबाट

पाँखा गाविस-८ निवासी एमालेका पाँखा गाउँ कमिटी सचिव जनकबहादुर शाहीलाई काङ्ग्रेसविरोधी काम गरेको आरोपमा ०६९ चैत १६ गते साँझ फोटोसहितको मतदाता नामावली दर्ता गरी घर फर्कदै गरेको अवस्थामा चौखोलामा लुकेर बसेका काङ्ग्रेस कार्यकर्ताहरू मनराज शाही, नरजित शाही, दीपराज शाहीलगायत सात जनाको समूहले चक्कु र फलामको रड प्रहार गऱ्यो। टाउको, हात, छाती र ढाडमा चोट लागी घाइते भएका जनकबहादुरको जिल्ला अस्पताल, कालीकोटमा उपचार भयो। घटना सम्बन्धमा एमाले गाउँ कमिटी पाँखाले ०६९ चैत १७ गते विज्ञप्तिमार्फत निन्दा गऱ्यो। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६९ चैत १८ गते ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा दिए। घटनामा संलग्नहरू यस वर्षको अन्त्यसम्म फरार रहेका कारण कसैलाई गिरफ्तार गर्न नसकेको प्रहरीले जनायो।

सिप्खाना गाविस-१ घर भई 'रेडियो नयाँ कर्णाली'मा कार्यरत पत्रकार प्रेमराज सिंखडालाई विद्यालयको विषयमा गलत समाचार प्रसारण गरेको आरोपमा ०७० वैशाख ८ गते कालीकोट जिल्ला, सिपखाना गाविस निवासी नेपाल शिक्षक सङ्घका केन्द्रीय उपाध्यक्ष ५१ वर्षीय दानबहादुर बम, थिर्पू गाविस घर भई सोही सङ्घका जिल्ला अध्यक्ष ३६ वर्षीय मानबहादुर रोकायालगायत आठ/नौ जनाको समूहले मान्मस्थित डेरामा आई मार्ने धम्की दियो। प्रेमराजले जिल्ला प्रशासन कार्यालयमा ०७० वैशाख ९ गते उजुरी दिएपछि जिल्ला प्रशासनले मेलमिलापका लागि सोही दिन सर्वपक्षीय बैठक गरे पनि यस वर्षको अन्त्यसम्म मिलापत्र हुन सकेन।

एमालेबाट

एमाओवादीले पाँखा गाविस-५ मा संविधानसभा निर्वाचन सम्बन्धमा ०७० कात्तिक २६ गते आयोजित चुनावी प्रचार सभा समयमा एमाओवादी कार्यकर्ताले

एमालेका उम्मेदवार र पार्टीलाई गालीगलौज गरेको आरोपमा एमाले जिल्ला कमिटी सदस्य एवम् इलाका नम्बर १ का इन्चार्ज ४२ वर्षीय तिलबहादुर शाहीको नतृत्वमा पाँखा गाविस-४ निवासी युवासङ्घ, कालीकोटका अध्यक्ष ३६ वर्षीय तुलाराज मल्ललगायत एमाले कार्यकर्ताहरूको समूहले कार्यक्रमस्थलमा ढुङ्गा प्रहार गरे। प्रहारबाट जुविथा गाविस निवासी वाईसीएल जिल्ला अध्यक्ष ३० वर्षीय गणेश शाही सामान्य घाइते भए। घटनाको एमाओवादी जिल्ला संयोजक दुर्गबहादुर रावतले ०७० कात्तिक २७ गते प्रेस विज्ञप्ति प्रकाशन गरी निन्दा गरे। पीडितले यस वर्षको अन्त्यसम्म कतै उजुरी दिएनन्।

नेकपा–माओवादीबाट

थिर्पू गाविस-७ की २१ वर्षीया फूलमाया रोकायालाई बन्दको अवज्ञा गरेको आरोपमा ०६९ माघ २८ गते नेकपा-माओवादीनिकटका पूर्वलडाकु सर्जन साउदसहितको समूहले मार्ने धम्की दियो। पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिइनन्।

नेमकिपाबाट

सिरहा जिल्ला घर भई हाल जनज्योति उमावि भर्तामा कार्यरत एवम् एमालेनिकट नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका केन्द्रीय प्रतिनिधि ३९ वर्षीय अरुण सिंहलाई विद्यालयमा राजनीति गरेको आरोपमा ०७० जेठ २२ गते भर्ता गाविस नेपाल मजदुर किसान पार्टी गाउँ कमिटी अध्यक्ष ३५ वर्षीय भक्तबहादुर शाहीको नेतृत्वमा गएको सात जनाको समूहले विद्यालय हाताभित्र लाठी र ढुङ्गाले हिर्कायो। छातीमा चोट लागेका अरुणको जिल्ला अस्पताल, कालीकोटमा उपचार भयो। पीडितले सार्वजनिक ठाउँमा कुटपिट गरेको भन्दै ०७० जेठ २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घटनाको विरोध गर्दै नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, कालीकोटका सचिव पुष्पराज आचार्यले ०७० जेठ २४ गते विज्ञप्तिमार्फत घटनामा संलग्न व्यक्तिलाई कारवाहीको माग गरे।

सिरहा जिल्ला घर भई जनज्योति उच्चमावि भर्तामा कार्यरत शिक्षक ४० वर्षीय अरुण सिंहलाई नेपाल मजदुर किसान पार्टी गाउँ कमिटी अध्यक्ष ३६ वर्षीय भक्तबहादुर शाहीको नेतृत्वमा आएको १०/११ जना युवा कार्यकर्ताहरूको समूहले ०७० भदौ ९ गते राति सुतेको कोठामा आई कुटपिट गरी घाइते बनायो। एमालेनिकट नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका केन्द्रीय प्रतिनिधिसमेत रहेका पीडित शिक्षक सिंहलाई सङ्गठनको पद त्याग गर्ने दबाब दिँदै कुटपिट गरे। लाठी र मुक्का प्रहारबाट गर्दा घाँटी, पाखुरा र टाउकामा चोट लागी घाइते भएका पीडितको स्थानीय मेडिकलमा उपचार भयो। पीडितले ०७० भदौ ११ गते उजुरी दिएपछि प्रहरीले भक्त शाहीलाई ०७० भदौ १२ गते गिरफ्तार गरेकामा ०७० भदौ २७ गते अबदेखि यस्तो कार्य नगर्ने सर्तमा कागज गराई रिहा गऱ्यो।

एमाओवादीको पूर्वलडाकुबाट

पाँखा गाविस-८ का ९ वर्षीय सुरेश शाहीलाई कालीकोटमा एमाओवादीतर्फका प्रत्यक्ष उम्मेदवार महेन्द्र शाहीको सुरक्षार्थ चुनाव प्रचारमा हिँडेका एमाओवादी पूर्वलडाकु ब्रिगेड कमान्डर रमेश मल्लको नेतृत्वमा ७० जना पूर्वलडाकुहरूको समूहले ०७० कात्तिक २६ गते सूर्य चिह्न भएको टोपी लगाएको आरोपमा कुटपिट गऱ्यो। चुनाव प्रचारका क्रममा सोही गाविसको चैत गाउँमा पुगेका एमाओवादी कार्यकर्ताहरूले एमाले पाँखाका कार्यकर्ता खोज्दै घरमा पुगेर पीडितलाई कुटेका थिए। एमाआवादी पूर्वलडाकुको कुटपिटबाट शिक्षक हस्तबहादुर मल्ल, एमालेका तर्फबाट समानुपातिक उम्मेदवार मीना शाही घाइते भए। उनीहरूले एमालेले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भन्दै एमालेका पोस्टर-पम्पलेट च्यातेर जलाए। घटनाको एमाले जिल्ला संयोजक धीरबहादुर बमले ०७० कात्तिक २८ गते विज्ञप्ति जारी गरी निन्दा गरे।

अन्यबाट

ओदानकु गाविस-४ निवासी नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा कालीकोटका उपाध्यक्ष तथा शैक्षिक पत्रिका 'इपेज'का संवाददाता ४१ वर्षीय देउलासिंह ठकुरीलाई ४५ वर्षीय जिल्ला शिक्षा अधिकारी विष्णुप्रसाद तिवारीले ०७० असोज १४ गते अभद्र व्यवहार गरे। जिल्ला शिक्षा कार्यालयको आयोजना, सेभ द चिल्ड्रेनको सयोग तथा किर्डाकको समन्वयमा सञ्चालन गरिएको दुईदिने पाँचवर्षे शैक्षिक रणनीति योजना तर्जुमा गोष्ठीको समाचार सङ्कलनका लागि किर्डाक कार्यालयको हलमा पुगेका ठकुरीलाई जिशिअ तिवारीले कार्यक्रमस्थलमा 'किन आएको, कसले बोलाएको हो' भन्दै सार्वजनिक ठाउँमा प्रतिष्ठामा आँच आउने गरी अपशब्द प्रयोग गरे। नेपाल पत्रकार महासङ्घ, कालीकोट शाखाले ०७० असोज १५ गते

विज्ञप्तिमार्फत पदीय मर्यादालाई भुल्दै सञ्चारकर्मीलाई तर्साउने प्रवृत्ति तथा पत्रकारलाई अभद्र व्यवहार गरिएको प्रति आपत्ति प्रकट गऱ्यो। पीडितले कार्यान्वयन नहुने भन्दै यस वर्षको अन्त्यसम्म कहीँ उजुरी दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय १४ थानमध्ये ७९ थानको फैसला भयो भने ३५ थान बाँकी रहे। देवानी मुद्दातर्फ ७५ थानमध्ये ५९ थानको फैसला भयो भने १६ थानको फैसला हुन बाँकी रह्यो।

०७० साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ८० थानमध्ये २१ थानको फैसला भयो भने ५९ थान बाँकी रहे। देवानी मुद्दातर्फ ४६ थानमध्ये ११ थानको फैसला भयो भने ३५ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी कुनै मुद्दा छैनन्।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २६ थान छ, जसमध्ये ११ थान सफल भए भने चार थान असफल भए। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या २७ थान छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी चार थानमध्ये एक असफल रह्यो भने बाँकी तीन चालू अवस्थामा रहेका छन्। बलात्कारसम्बन्धी तीन थानमध्ये सबै चालू अवस्थामा रहेका छन्। बहुविवाहसम्बन्धी चार मुद्दामध्ये दुई थान सफल र दुई थान चालू अवस्थामा रहेका छन्। बालविवाहसम्बन्धी एक मुद्दा चालू अवस्थामा रहेको छ।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ५९ हजार ५ सय १६ मध्ये छात्र ३० हजार २ सय २६ र छात्रा २९ हजार २ सय ९० प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार ६ सय ७९ र छात्र ८ हजार ५ सय १९ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला १ सय ४ र पुरुष ३ सय ३९ गरी जम्मा ४ सय ४३ शिक्षक कार्यरत छन्। निमाथि तहमा महिला १ र पुरुष ८५ गरी जम्मा ८६ शिक्षक कार्यरत छन्। यसै गरी माथि तहमा महिला १ र पुरुष ६४ गरी जम्मा ६५ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक २ हजार ९ सय ४० र बालिका २ हजार ९ सय १६ गरी जम्मा ५ हजार ८ सय ५६ रहेका छन्, जसमध्ये दलित बालक ८ सय ५० र बालिका ९ सय ११ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइयो।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

१७ वर्षीया एक किशोरीलाई दाहा गाविस-८ का २३ वर्षीय मेघे कार्की, २१ वर्षीय तुल कार्की, २४ वर्षीय वीरबहादुर कार्की र २१ वर्षीय दीपे कार्कीले ०७० साउन १० गते राति पीडित आफ्नो घरको तल्लो तलामा सुतेको अवस्थामा कोठाको ढोका फोडेर बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले ०७० साउन ११ गते घटनामा संलग्न व्यक्तिलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा किटानी उजुरी दियो। यस वर्षको अन्त्यसम्म आरोपितहरू फरार रहेको र खोजी भइरहेको प्रहरीले जनायो। पीडितको स्वास्थ्य परीक्षण तथा उपचार जिल्ला अस्पताल, कालीकोटमा भयो।

१६ वर्षीया शारीरिक अपाङ्गता रहेकी एक किशोरीलाई पाँखा गाविस-६ का २० वर्षीय सन्तवीरे विकले ०७० साउन १७ गते घरनजिकैको धारामा पानी लिन गएको अवस्थामा बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले प्रहरी चौकी, पाँखा सेरावाडामा ०७० साउन १८ गते उजुरी दियो। यस वर्षको अन्त्यसम्म उजुरीको सुनुवाइ भएन। घटनाको प्रतिकार गर्दा बालिकाको हात र कानमा चोट लागेको थियो। घाइतेको उपस्वास्थ्य चौकीमा उपचार भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

२७ वर्षीया एक महिलालाई मेहलमुडी गाविस-४ का ३७ वर्षीय छित बमले ०६९ पुस २८ गते राति घरमा सुतेको अवस्थामा पीडितको घरभित्र पसी बलात्कार प्रयास गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६९ माघ २ गते उजुरी दिइन्। पीडितका

पति विगत एक महिनादेखि कामका सिलसिलामा भारत गएका थिए। प्रतिकार गर्दा दायाँ हात भाँचिएको र शरीरमा नीलडाम रहेकी पीडितको उपचार जिल्ला अस्पताल, कालीकोटमा भयो। आरोपित फरार रहेका कारण यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न नसकिएको प्रहरीले जनायो।

१२ वर्षीया एक बालिका घरमा रहेको अवस्थामा छाप्रे गाविस-१ का २१ वर्षीय कल दमाइले ०७० असोज ९ गते राति बलात्कारको प्रयास गरेको भन्दै पीडित पक्षले ०७० असोज १० गते प्रहरी चौकी सेरावाडा पाँखामा उजुरी दियो। बलात्कारको प्रयास गर्दा पीडित चिच्याएपछि आरोपितको कुटपिटबाट बालिकाको घाँटी र छातीमा चोट लाग्यो। प्रहरी चौकी सेरावाडाका इन्चार्ज नारायणदत्त बडुको टोलीले आरोपितलाई ०७० असोज ११ गते घरबाट गिरफ्तार गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

घरेलु हिंसा

मुग्राह गाविस-७ की २३ वर्षीया सरस्वती शाहीलाई ०६९ पुस १८ गते ४५ वर्षीय ससुरा घैरा शाही, २९ वर्षीय जेठाजु दीप शाही र ४० वर्षीया सासू बुची शाहीले कुटपिट गरी घरनिकाला गरेपछि जिल्ला सदरमुकाममा विस्थापित भइन्। पीडितले ०६९ पुस २१ गते जिल्ला प्रहरी कार्यालय र महिला तथा बालबालिका कार्यालयमा उजुरी दिएपछि महिला तथा बालबालिका कार्यालयको सहयोगमा उपचारपश्चात् ०६९ पुस २८ गते घर फर्किइन्। पीडित यस वर्षको अन्त्यसम्म आफन्तको घरमा बसेकी छन्। यस वर्षको अन्त्यसम्म दोषीलाई कारबाही भएन।

पाँखा गाविस-९ की २५ वर्षीया बुची शाहीलाई उनका पति २८ वर्षीय भीमराज शाहीले ०७० असोज १२ गते राति बहुविवाह गर्न नदिएको आरोपमा कुटपिट गरी घरनिकाल गरे। छाती र टाउकामा चोट लागेकी पीडितको आफन्तको सहयोगमा जिल्ला अस्पताल, कालीकोटमा उपचार भयो। पीडितले ०७० असोज १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि आरोपितलाई प्रहरीले ०७० असोज १५ गते अबदेखि कुटपिट नगर्ने कागज गराई छाडेको थियो।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ११ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका चार, खानलाउन नदिएको दुई, विवाह दर्ता तथा नागरिकता नबनाएको एक, अर्की पत्नी ल्याएर हेला गरेकामा दुई, बोक्सीको आरोप लगाएको घटनामा दुई जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले ११ घटनामा मिलापत्र गराएको छ भने कुनै पनि उजुरीमा कानुनी प्रक्रिया अगाडि नबढाएको सो केन्द्रले जनायो।

सबै प्रकारका जातीय विभेद

नानीकोट गाविस-४ का २८ वर्षीय रति टमटा र उनका भाइ २५ वर्षीय पर टमटालाई सोही गाविस-६ का ज्ञानेन्द्र शाहीले ०७० असोज १० गते साँझ घरपरिवार खाना खान बसेको समयमा आफ्नो चुलोनजिक आएको आरोपमा कुटपिट गरे। सोही गाविसको भुरावगरस्थित होटलमा आरोपित शाहीको घरपरिवार खाना खान बसेको समयमा मदिरा माग्दै चुलोनजिक गएपछि आरोपित घरपरिवार र नजिकका आफन्तले लठ्ठी र पनियोले प्रहार गरे। टमटाको आँखा, टाउको र छातीमा चोट लागेको थियो भने उनका भाइ पर टमटाको आँखानजिकै र शरीरमा नीलडाम रहेको थियो। घाइतेको उपचार स्वास्थ्य चौकी, राम्नाकोटमा भयो। पीडित परिवारले जातीय विभेद तथा कुटपिटसम्बन्धी उजुरी ०७० असोज ११ गते दिएपछि आरोपितलाई इलाका प्रहरी थिर्पूले ०७० असोज ११ गते गिरफ्तार गरी सोही दिन पीडितको उपचार खर्च बेहोर्ने सर्तमा रिहा गऱ्यो। पीडितले उपचार खर्चबापत तीन हजार रुपियाँ पाए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

थिर्पू गाविस-४ घर भई प्रेस चौतारी नेपाल कालीकोटका सचिव एवम् 'रेडियो नयाँ कर्णाली' एफएम कालीकोटमा कार्यरत २९ वर्षीय पत्रकार भरतराज विष्टलाई आफ्नाविरुद्ध गलत समाचार प्रसारण गरेको आरोपमा ०७० वैशाख १२ गते साँझ भर्ता गाविस घर भई सदरमुकाम मान्ममा होटल व्यवसाय गर्दै आएका अक्कल शाहीले लाठीले कुटपिट गरे। छातीमा चोट लागेका घाइतेको स्थानीय औषधी पसलमा उपचार भयो। घटनाको नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा, कालीकोटले ०७० वैशाख १३ गते विज्ञप्तिमार्फत निन्दा गऱ्यो। यस वर्षको अन्त्यसम्म पीडितले कहीं उजुरी दिएनन्।

मान्म गाविस-९ निवासी 'न्यूज २४' तथा उज्यालो नेटवर्कका जिल्ला संवाददाता ३१ वर्षीय मनिराज पाण्डेलाई बिनाआरोप ०७० साउन ६ गते

दाहा गाविस-३ का २१ वर्षीय ज्ञानु शाही, जुविथा गाविसका २३ वर्षीय विवेक शाहीले जिल्ला प्रहरी कार्यालय परिसरभित्र कुटपिट गरे। जिविस कालीकोटको ०७० साउन ६ गते सम्पन्न वार्षिक समीक्षा कार्यक्रमको समाचार सङ्कलन गर्न जाँदै गर्दा मान्म गाविस भवननजिकै बाटोमा बसेका ज्ञानु र विवेकले कुटपिट गरेको विषयमा पीडितले ०७० साउन ६ गते उजुरी दिए। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०७० साउन ६ गते उजुरी दिएपछि प्रहरीले सोही दिन आरोपितलाई जिल्ला सदरमुकामबाट गिरफ्तार गरेकामा ०७० साउन २८ गते रिहा गऱ्यो। कामका सिलसिलामा आक्रमणमा परी घाइते भएका सञ्चारकर्मीलाई इन्सेकले उपचारका लागि चार हजार रुपियाँ सहयोग गरेको थियो।

स्वास्थ्य सेवाको अधिकार

अस्पताल	१		
स्वास्थ्यचौकी	१७		
उपस्वास्थ्यचौकी	११		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	३	२	१
स्टाफ नर्स	३		३
ल्याब असिस्टेन्ट	१	१	
अहेब	६१	४५	१२
अनमि	२१	१८	३
खोप सुपरभाइजर	१		१
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१

स्यूना गाविस-८ की २० वर्षीया यशोधा शाहीको ०६९ चैत १५ गते उच्च रक्तश्रावका कारण मृत्यु भएको घरपरिवारले बतायो। ०६९ चैत १२ गते सुत्केरी भएकी शाहीको रक्तश्राव नरोकिएको र उपचारका लागि उपस्वास्थ्य चौकी स्यूनामा लगिए पनि स्वास्थ्यकर्मी नभेटिएपछि पुनः घरमा फर्किएकी शाहीको घरमै मृत्यु भएको थियो। मृतकका आफन्त जीवन शाहीले उपस्वास्थ्य चौकीका इन्चार्ज अहेव ज्ञानेन्द्र पाण्डे घर बिदामा दुई महिनाअघि गएका कारण सुत्केरी भएको तीन दिनसम्म रक्तश्राव भएर उपचार नपाई मृत्यु भएको आरोप लगाए।

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बहुविवाहका दुई मुद्दा दर्ता भए। जसमा चार जनालाई गिरफ्तार गरेकामा दुई जना अभियोगी पहिचान हुन सकेन। जबरजस्ती करणी दुई मुद्दा दर्ता भए। जसमा दुई जना फरार रहे भने दुई जना अभियोगी पहिचान हुन सकेन। ज्यान मार्ने उद्योग दुई मुद्दा दर्ता भए। चार जना फरार रहे भने दुई जना अभियोगी पहिचान हुन सकेन। कर्तव्य ज्यान एक मुद्दा दर्ता भयो। जसमा सात जना गिरफ्तार भए भने एक जना अभियोगी पहिचान हुन सकेन।

४.१४ मुगु



जिल्ला सदरमुकाम: गमगढी
क्षेत्रफल (वर्ग कि. मि.): ३,५३५
घरधुरी सङ्ख्या: ५,६१५
जम्मा जनसङ्ख्या: ५५,२८६
पुरुष: २८,०२५
महिला: २७,२६१
अपाङ्ग सङ्ख्या: १,४१७
गाविस/नपा सङ्ख्या: २४/०
पुरुष साक्षरता सङ्ख्या: १६,५००
महिला साक्षरता सङ्ख्या: ५,५८८
हिन्दू धर्मावलम्बी प्रतिशत: ५१.६४
बौद्ध धर्मावलम्बी प्रतिशत: ८.०८
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०५६
प्रतिपरिवार सरदर सङ्ख्या: ५.७५

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता १५ जनाको रहेको छ। जिल्लामा कारागारको आफ्नै भवन नभएकाले कैदी र थुनुवालाई जुम्ला र बर्दिया कारागारमा पठाउने गरिएको छ।

धम्की/कुटपिट

राज्यपक्षबाट

जिमा गाविस-९ का २८ वर्षीय रतन शाही ०६९ फागुन १ गते दिउँसो १ बजे सदरमुकाम गमगढीस्थित श्री महाकाली उच्च माविबाट साथीहरूसँग आफ्नो घर फर्कदै गर्दा पुरानो भेरी कर्णाली होटलअगाडि प्रहरीले गिरफ्तार गर्न खोज्दा शाही जान नमानेको आरोपमा जिल्ला प्रहरी कार्यालय, मुगुमा कार्यरत नाम खुल्न नसकेका दुई जना प्रहरीले लठ्ठीले हिर्काउँदा दायाँ खुट्टा भाँचियो। घाइतेको प्राथमिक उपचार जिल्ला अस्पतालमा भयो भने थप उपचार वेस्टन हस्पिटल एन्ड रिसर्च सेन्टर, नेपालगन्जमा भयो। घाइतेका आफन्तले २ लाख ५० हजार रुपियाँमा फिस्टेल एयरको हेलिकप्टर रिजर्भ गरी ०६९ फागुन १ गते दिउँसो ५ बजे उपचारका लागि नेपालगन्ज पुऱ्याएका थिए। प्रहरीले गिरफ्तार गर्न खोज्दा भाग्न खोजेपछि लडेर खुट्टा भाँचिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख रणवहादुर रायमाझीले बताए। पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा घटनामा संलग्न प्रहरीलाई कारबाहीको माग गरे पनि यस वर्षको अन्त्यसम्म सुनुवाइ भएन। केही महिनाअघि एमाओवादीका कार्यकर्तालाई कुटपिट गरेको घटनामा संलग्न भएको आरोपमा प्रहरीले रतनलाई गिरफ्तार गर्न गएको थियो।

रोवा गाविस-८ का १७ वर्षीय छोरा अकल बुढाले मदिरा सेवन गरी होहल्ला गरेको भन्दै प्रहरीले गिरफ्तार गर्न खोज्दा छोराको गल्ती के हो भनी सोधेको आरोपमा प्रहरीले ०७० वैशाख २९ गते लठ्ठीले कुटे। दाहिने तिघ्रामा चोट लागेकी घाइतेको स्थानीय मेडिकलमा उपचार भयो। पीडित पक्षले ०७० जेठ १ गते उपचार खर्च र घटनामा संलग्न प्रहरीलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा मौखिक अनुरोध गऱ्यो। उक्त घटनामा प्रहरीको मोबाइल फोन हराएको प्रहरीले बताएपछि त्यसको क्षतिपूर्ति तिर्नुपर्ने डरले पीडित पक्षले यस वर्षको अन्त्यसम्म कतै उजुरी दिएन।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					८	८
महिलाअधिकार				८		८
कुटपिट	१	१	२		६	६
धम्की					१	१
जम्मा	१	१	२	८	१६	२४

गैरराज्यपक्षबाट

काङ्ग्रेसबाट

श्रीनगर गाविस-१ निवासी 'नागरिक' दैनिकका जिल्ला संवाददाता एवम् नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा, मुगुका उपाध्यक्ष ३२ वर्षीय सुमन मल्ललाई ०७० साउन ७ गते 'नागरिक' दैनिकमा सोरु भेगका सात गाविसको खाद्यान्न सदरमुकाम गमगढीमा बिक्री गरिएको समाचार प्रकाशित गरेको आरोपमा काङ्ग्रेस जिल्ला कार्य समिति, मुगुका सचिव लोकबहादुर शाही र नेविसङ्घ मुगुका निवर्तमान जिल्ला अध्यक्ष लोकेन्द्रबहादुर शाहीले ०७० साउन ८ गते मोबाइलबाट मार्ने धम्की दिए। पीडितले ०७० साउन ९ गते सुरक्षाको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए पनि यस वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

एमालेबाट

रोवा गाविस-४ का ३८ वर्षीय रामबहादुर बुढाले ०७० कात्तिक ३० गते सोही ठाउँ निवासी एमाले कार्यकर्ता २२ वर्षीय उन बुढा र २४ वर्षीय शुर बुढालाई कुटेको आरोपमा श्रीनगर गाविस-३ निवासी ३६ वर्षीय एमाले कार्यकर्ता दशरथ मल्लले ०७० मङ्सिर १ गते राति पीडितकै गाउँमा गएर कुटपिट गरे। पीडितले आफू एमाले कार्यकर्ताबाट कुटपिट भएको भन्दै जिल्ला प्रहरी कार्यालय, मुगुमा ०७० मङ्सिर ३ गते निवेदन दिए पनि जिल्ला प्रहरी कार्यालयले राजनीतिक घटना भन्दै यस वर्षको अन्त्यसम्म दर्ता गरेन।

नार्थबु गाविस-३ का ३० वर्षीय खगेन्द्र शाहीलाई ०७० मङ्सिर २ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा एमाले भ्रातृ सङ्गठन अनेरास्वियुका केन्द्रीय सदस्य बास्तोला शाही, अनेरास्वियुका जिल्लास्तरीय कार्यकर्ता गगन शाही,

राजेन्द्र शाहीले बिनाकारण कुटपिट गरे। टाउको र हातमा धारिलो हतियारले चोट लागेका घाइतेको स्थानीय औषधी पसलमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०७० मङ्सिर १० गते निवेदन दिए पनि जिल्ला प्रहरी कार्यालयले चुनावको समयमा भएको राजनीतिक घटना भन्दै यस वर्षको अन्त्यसम्म निवेदन दर्ता गरेन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा परेका फौजदारी मुद्दातर्फ ९६ थानमध्ये ६३ थानको फैसला भयो भने ३३ थान बाँकी रहे। देवानी मुद्दातर्फ ३० थानमध्ये १८ थानको फैसला भयो भने १२ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

यस जिल्ला अदालतमा परेका फौजदारी मुद्दातर्फ ६० थानमध्ये २५ थानको फैसला भयो भने ३५ थान बाँकी रहे। देवानी मुद्दातर्फ १९ थानमध्ये सात थानको फैसला भयो भने १२ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक र देवानी मुद्दा एक थान रहे।

न्यायाधिवक्ता कार्यालयबाट दायर मुद्दा

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १४ थान छ, जसमध्ये चार थान सफल भए भने तीन थान असफल रहे। मुलतवी र तामेलीमा कुनै मुद्दा छैनन्। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा चार थानमध्ये दुई थान चालू अवस्थामा छन् भने दुई थान असफल रहे। बलात्कारसम्बन्धी एक र बालविवाहसम्बन्धी एक थान मुद्दा चालू अवस्थामा रहेका छन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या ६ थान छ, जसमध्ये तीन थान सफल भएका छन् भने तीन थान अदालती प्रक्रियामा रहेको छ। एक सरकारी वकिलको सङ्ख्या रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म २१ थान मुद्दा अदालती प्रक्रियामा रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १७ हजार ५ सय २१ मध्ये छात्र ८ हजार ५ सय ४५ र छात्रा ८ हजार ९ सय ७६ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ हजार १ सय १५ र छात्र २ हजार १ सय ६२ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राविं तहमा महिला ७५ र पुरुष २ सय ७९ जना गरी जम्मा ३ सय ५४ शिक्षक कार्यरत छन्। निमाविं तहमा महिला २ र पुरुष ७२ गरी जम्मा ७४ जना शिक्षक कार्यरत छन्। यसै गरी माविं तहमा महिला १ र पुरुष ५३ जना गरी जम्मा ५४ जना शिक्षक कार्यरत छन्।

बालविकास केन्द्रमा बालक १ हजार ६ सय ५२ र बालिका १ हजार ६ सय २० गरी जम्मा ३ हजार २ सय ७२ रहेका छन्, जसमध्ये दलित बालक ८ सय ५२ र बालिका ५ सय छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

संविधानसभाको निर्वाचनमा भाग लिएका काङ्ग्रेस, एमाले, एमाओवादी, राप्रपा, मधेसी जनअधिकार फोरमलगायतका दलले निर्वाचन प्रचारप्रसारमा जिल्लाका विभिन्न कार्यक्रममा बालबालिकाको प्रयोग गरे। ०७० मङ्सिर ४ गते सम्पन्न संविधानसभाको निर्वाचनका क्रममा आचारसंहिताविपरीत कुनै पनि क्रियाकलाप सञ्चालन नर्गन जिल्ला प्रशासन कार्यालयको आयोजनामा ०७० असोज १४ गते बसेको सर्वदलीय बैठकमा जिल्लास्थित राजनीतिक दलले विद्यालयमा कुनै पनि राजनीतिक दलका कार्यक्रम सञ्चालन नगर्ने र विद्यालय जाने बालबालिकालाई चुनाव प्रचारप्रसारमा प्रयोग नगर्ने प्रतिबद्धता जनाएको भए पनि विद्यालय जाने बालबालिकालाई प्रयोग गरेका थिए। जिल्लास्थित राजनीतिक दलले विशेष गरी आ-आफ्नो चुनावी प्रचारप्रसारमा विद्यालय जाने बालबालिकालाई सांस्कृतिक कार्यक्रम र पोस्टर-पम्पलेट टाँस्ने काममा प्रयोग गरे।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

२१ वर्षीया एक अविवाहित युवतीलाई कार्कीबाडा गाविस-३ का २४ वर्षीय राजेश रावलले दुई वर्षअघिदेखि विवाह गर्छु भनी फकाएर यौन सम्पर्क गर्दै

आएकामा ०६८ माघ १० गते पीडितबाट छोरी जन्मेपछि रावलले आफ्नो बच्चा नभएको र केटी तल्लो जातको भएकाले यौन सम्पर्क नगरेको भनी उम्कने प्रयास गरे। पीडितले ०६९ चैत २० गते जिल्ला अदालतमा छोरीको जन्मदर्ता र नाता प्रमाणितका लागि मुद्दा दर्ता गराइन्। ०७० वैशाख २९ गते जिल्ला अदालतले साक्षी उपस्थित गराउनका साथै सक्कल नागरिता र अन्य प्रमाण पेस गर्न आदेश दियो। जिल्ला न्यायाधीश हरि शर्मा पङ्गेनीको इजलासले ०७० भदौ ११ गते वादी र प्रतिवादीबाट आधाआधा खर्च बेहोर्ने गरी जन्मेकी बालिका समेतको डीएनए परीक्षणका लागि राष्ट्रिय विधिविज्ञान प्रयोगशाला प्रतिष्ठानमा पठाउने आदेश दिए पनि पीडित परीक्षणका लागि गए पनि आरोपित रावल यस वर्षको अन्त्यसम्म डीएनए परीक्षणमा गएनन्। यस वर्षको अन्त्यसम्म पीडित माइतीमा छन्।

यसै गरी यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १७ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, मुगुमा उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका चार, खानलाउन नदिएको एक, विवाह दर्ता तथा नागरिकता नबनाएको एक, अर्की पत्नी ल्याएर हेला गरेको नौ रहे। ती घटनामध्ये प्रहरीले १३ घटनामा मिलापत्र गराएको र चार उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

खाद्य सङ्कट

जिल्लामा ०६९ माघ अन्तिम सातादेखि परेको हिमपातका कारण सतह मार्गबाट ढुवानीका लागि ल्याइएको खाद्यान्न कालीकोटको नाग्मा र जुम्ला जिल्लाको गोठीज्युलामा थन्किएको र खाद्य संस्थानको गोदाममा रहेको चामल सबै बिक्री वितरण भएपछि जिल्लामा ०७० पुसको अन्तिम साताबाट खाद्य सङ्कट सुरु भयो। जिल्ला प्रशासन कार्यालयमा ०६९ फागुन ९ गते बसेको सर्वदलीय बैठकले खाद्य सङ्कट समाधान गर्न तत्काल राहतका लागि सम्बन्धित निकायसँग २ हजार ५ सय क्विन्टल खाद्यान्न हवाई मार्गबाट ढुवानी गरी सङ्कटबाट मुक्त गर्न माग गरे पनि ०६९ फागुनको अन्तिम सातासम्म जिल्ला खाद्य संस्थान, मुगुमा खाद्य आपूर्ति हुन नसक्दा जिल्लाका २४ वटै गाविसका सर्वसाधारणले एक महिनासम्म खाद्य अभाव भोग्नुपऱ्यो।

स्वास्थ्य अधिकार

पुलु गाविस-८ का सात वर्षीय छिरिङ लामा झाडापखालाको बिरामी भई ०७० जेठ २५ गते उपचार गराउन पुलु स्वास्थ्य चौकीमा जाँदा कर्मचारी कोही नभएपछि सोही दिन आफ्नो घर ल्याउँदा ल्याउँदै बाटोमै मृत्यु भयो। गाउँका सबै जना यार्साको खोजीमा पाटन गएपछि बालकको लास तीन दिनसम्म घाटमा लैजाने मानिस नभएपछि घरमै राखिएको थियो। स्वास्थ्य चौकीका सबै कर्मचारी जिल्ला सदरमुकाममा रहेका थिए।

पिना गाविस-६ घर भई सोही गाविसको आरू खाडामा बस्दै आएका १५ वर्षीय राजगोविन्द रावल ०६९ फागुन ९ गते पेट दुखेको र उपचारका लागि स्वास्थ्य चौकी पिनामा पुऱ्याउँदा स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी नहुँदा पिना गाउँमा सञ्चालित निजी मेडिकलमा उपचार गराउन लैजाँदा लैजाँदै सोही दिन समयमा उपचार नपाउँदा मृत्यु भयो। स्वास्थ्य चौकी पिनाका इन्चार्ज पदम सेजुवाल र अहेव मानप्रसाद चौलागाईं गोष्ठी तथा औषधी लिन जिल्ला स्वास्थ्य कार्यालय, मुगुमा गएको अवस्थामा स्वास्थ्य चौकीमा अरू कर्मचारी नभेटिएपछि बिरामीका परिवारले उपचार गराउन गाउँमा सञ्चालित निजी मेडिकलमा पुऱ्याए पनि स्वास्थ्य संस्था बन्द हुँदा मेडिकलमा पुऱ्याउन ढिला भइसकेकाले मृत्यु भएको घरपरिवारले बतायो।

रोवा गाविस-७ की २५ वर्षीया लक्षिमा बुढालाई ०७० साउन १७ गते सुत्केरी व्यथा लागेपछि उपचारका लागि जिल्ला अस्पताल, गमगढीमा जाँदा स्वास्थ्यकर्मीले चार महिनाको शिशु गर्भमा तुहेको र शरीरमा चार प्वाइन्ट मात्र रगत रहेको भन्दै शिशु निकाल्न शल्यक्रिया गर्न डाक्टर र अन्य उपकरण नभएको भनी उपचारका लागि अन्यत्र रिफर गरे। आर्थिक अवस्था कमजोर रहेकी लक्षिमा थप उपचारका लागि बाहिरी जिल्ला जान नसक्ने भएपछि जिल्लास्थित रारा अस्पतालमा ०७० साउन १८ गते भर्ना भइन्। उक्त अस्पतालमा कार्यरत डा. किशोर परियारले लक्षिमाको शरीरमा रगतको मात्रा कम भएको र उनलाई तीन प्वाइन्ट रगत खोज्न भने अनुसार रगतको व्यवस्था भएपछि ०७० साउन २० गते औषधी सेवन गराई गर्भमा तुहेको शिशु निकाले पनि ०७० भदौ २ गते उपचार गरी घर फर्किएकी लक्षिमाको मृत्यु भयो। नेपाल रेडक्रस सोसाइटी मुगु शाखाले ०७० वैशाख २५ गतेदेखि जिल्ला अस्पताल मुगुमा ब्लड बैंक

सञ्चालनमा ल्याएको भए पनि आवश्यक उपकरणहरूको व्यवस्था नहुँदा रगत दिनुपर्ने बिरामीहरूका लागि नेपालगन्ज र सुर्खेत लैजानुपर्ने बाध्यता छ भने रगत सञ्चयका लागि आवश्यक उपकरण नहुँदा रगत दिनुपर्ने व्यक्तिलाई तत्काल खोजेर रगत दिनुपर्ने बाध्यताले शल्यक्रिया गर्ने बिरामीहरूले थप पीडा खेप्नुपर्ने समस्या यस वर्षको अन्त्यसम्म समाधान हुन सकेन।

भीई र धैनकोट गाविसमा ०७० मङ्सिरको २८ गते फैलिएको रुघाखोकीबाट भीई गाविस-६ का ६८ वर्षीय धनरूप सेजुवाल र सोही ठाउँकी ६५ वर्षीया बाँचु धामीको ०७० मङ्सिर २८ गते स्वास्थ्य चौकी भीईमा औषधी र स्वास्थ्यकर्मी नहुँदा मृत्यु भयो। यस रोगका कारण १५ जनाको ज्यान गएको भन्दै ०७० को संविधानसभाको निर्वाचनबाट निर्वाचित भएका मुगुका सभासद् मोहन बानियाँले सर्वोच्च अदालतमा सरकारविरुद्ध रिट दायर गरे। सर्वोच्च अदालतले तत्काल उपचारका लागि स्वास्थ्यकर्मी र औषधी पुऱ्याउन आदेश दिएको भए पनि जिल्ला अस्पतालका डाक्टर प्रशान्त कँडेलसहितको टोली ०७० पुस २ गते प्रभावित गाविसमा औषधीसहित पुगेको थियो। प्रकोप प्रभावित क्षेत्रबाट फर्किएको टोलीले ०७० पुस ९ गते जिल्ला स्वास्थ्य कार्यालयमा पत्रकार सम्मेलन आयोजना गरी सार्वजनिक गरिएको प्रतिवेदन अनुसार रुघाखोकीको महामारी नभई सामान्य रुघाखोकी फैलिएको, ल्याब परीक्षण गर्दा भाइरल निमोनिया भएको सार्वजनिक गऱ्यो।

प्रकोप प्रभावित क्षेत्रमा खटिएको स्वास्थ्यकर्मीको टोलीले दुवै गाविसमा ३ सय ४३ जनाको स्वास्थ्य परीक्षण गरेको, जसमा २ सय ३३ जनामा रुघाखोकीको सङ्क्रमण देखिएको र १ सय १० जनामा अन्य रोग देखिएको प्रतिवेदन सार्वजनिक गऱ्यो। ३ सय ३६ जना उपचारपछि निको भएका र सात जनालाई रिफर गरिएको पत्रकार सम्मेलनमा सार्वजनिक गरियो। प्रभावित क्षेत्रमा ६ क्विन्टल औषधी पुगेको र कुल खर्च ५ लाख १४ हजार रुपियाँ भएको जिल्ला स्वास्थ्य कार्यालयले जनायो। सर्वोच्चमा दायर गरिएको रिटमा १५ जनाको मृत्यु भएको भनिए पनि रुघाखोकीका कारण नभई आफ्नै कालगतिले अलग-अलग समयमा दुवै गाविसमा नौ जनाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयले जनायो। भीई गाविसमा मङ्सिर २६ र २७ गते दुई जना वृद्धवृद्धाको मृत्यु भएको, धैनकोट गाविसमा ०७० कात्तिकदेखि मङ्सिर अन्त्यसम्म आफ्नै कालगतिले सात जनाको मृत्यु भएको कार्यालयको प्रतिवेदनले जनायो। मृत्यु हुनेहरू सबै पहिलेदेखि बल्झिएको दीर्घरोगी रहेको तथा मृतक सबै ५० वर्षमाथिको उम्मेरका रहेका प्रतिवेदनमा उल्लेख छ। यसरी मृत्यु हुनेमा भीई गाविसका धनरूप सेजुवाल, बाँचु धामी, धैनकोट गाविसका फगु रोकाया, सर्जन रोकाया, बलबहादुर मल्ल, कौशिला मल्ल, मन्सु जैसी, कुसुकला नेपाली र जाड नेपाली रहेको स्वास्थ्य कार्यालयले जनायो।

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म ज्यान मार्ने उद्योग तीन मुद्दा दर्ता भई फैसला भए। जसमा एक जनालाई गिरफ्तार गरेको थियो भने तीन जना अभियोगी पहिचान हुन सकेन। जबरजस्ती करणी एक मुद्दा दर्ता भई फैसला भयो। जसमा एक जना अभियोगी पहिचान हुन सकेन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	**१**		
स्वास्थ्यचौकी	**१५**		
उपस्वास्थ्यचौकी	**५**		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	**३**	**२**	**१**
स्टाफ नर्स	**३**	**२**	**१**
ल्याब असिस्टेन्ट	**३**	**१**	**२**
अहेब	**५३**	**४३**	**१०**
अनमि	**२८**	**१६**	**१२**
खोप सुपरभाइजर	**१**	**१**	**१**
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	**१**		
हेल्थ असिस्टेन्ट	**३**	**१**	**२**

४.१५ हुम्ला



जिल्ला सदरमुकाम: सिमीकोट
क्षेत्रफल (वर्ग कि. मि.): ५,६५५
घरधुरी सङ्ख्या: ५,४७५
जम्मा जनसङ्ख्या: ५०,८५८
पुरुष: २५,८३३
महिला: २५,०२५
अपाङ्ग सङ्ख्या: २,४११
गाविस/नपा सङ्ख्या: २७/०
पुरुष साक्षरता सङ्ख्या: १४,३७५
महिला साक्षरता सङ्ख्या: ७,५९२
हिन्दू धर्मावलम्बी प्रतिशत: ८१.६२
बौद्ध धर्मावलम्बी प्रतिशत: १८.१२
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.०२
अन्य धर्मावलम्बी प्रतिशत: ०.०४१
प्रतिपरिवार सरदर सङ्ख्या: ५.३७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बमबाट

गोठी गाविस-१ का ३६ वर्षीय लालवीर रोकाय र उनका तीन वर्षीय छोरा लव रोकाय ०७० भदौ २५ गते बिहान घरको कुनामा रहेको सकेट बमलाई लालवीरले चलाउँदा विस्फोट भई घाइते भए। सशस्त्र द्वन्द्वको समयमा बेवारिसे अवस्थामा घरभित्र छोडिएको सकेट बम चलाउन खोज्दा विस्फोट भएको प्रहरीले जनायो। विस्फोटबाट लालवीरको दाहिने आँखा र लवको दाहिने हातमा चोट लागेको थियो। घाइते दुवैको स्वास्थ्य चौकी, मेलछाममा उपचार भयो। सशस्त्र द्वन्द्वका समयमा तत्कालीन माओवादीले रोकायको घरमा एरिया पार्टी कार्यालय सञ्चालन गरेको तथा विस्फोटक पदार्थ भण्डारणका लागि प्रयोग गर्ने गरेको स्थानीयबासीले बताए।

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका एक जना कैदी र कैद नतोकिएका सात जना थुनुवा गरी जम्मा आठ जना बन्दी रहेका छन्। यस जेलमा आश्रित बालबालिका छैनन्। जिल्ला कारागार कति सालमा निर्माण भएको हो भन्ने यकिन जानकारी नभएको कारागार प्रशासनले जनायो। कारागार भवन ०५५ सालमा भत्किएको र भवन जीर्ण भएको तथा भौतिक सुविधा नभएकाले हाल कैदी तथा थुनुवाहरूलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको र केहीलाई सुर्खेत तथा नेपालगन्ज कारागारमा पठाइने गरिएको कारागार प्रशासनले जनायो।

धम्की/कुटपिट

गैरराज्यबाट

नेपाली काङ्ग्रेसबाट

सर्कीदेउ गाविस-१ निवासी ३८ वर्षीय नेकपा-माओवादी जिल्ला कमिटी सदस्य गम्बिरे भनिने विसे नेपाली घरमा रहेको अवस्थामा राजनीतिक विषयमा विवाद गरेको आरोपमा ०७० कात्तिक १० गते संविधानसभाको चुनाव प्रचारप्रसारमा गएका काङ्ग्रेसका कार्यकर्ता ठेहे गाविस निवासी १९ वर्षीय राम बोहरालगायतको समूहले कुटपिट गऱ्यो। टाउको र पिठ्यूँमा चोट लागेको घाइतेको इलाका स्वास्थ्य चौकीमा उपचार भयो। उक्त समूहले नेपालीको घरको छतसमेत भत्कायो। पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

एमालेबाट

ठेहे गाविस-२ निवासी 'रेडियो कर्णाली आवाज' सिमकोटमा कार्यरत प्राविधिक २९ वर्षीय अर्जुन बोहरालाई एमालेद्वारा आयोजित चुनावी गतिविधिको समाचार प्रसारण नगरेको आरोपमा सिमकोट-५ का २२ वर्षीय एमालेनिकट युथफोर्सका जिल्ला सदस्य दिनेश रावतले ०७० कात्तिक ४ गते रेडियोको कार्यालयमा गई कुटपिट गरे। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरेकामा ०७० कात्तिक ५ गते

मादक पदार्थ सेवनबापतको एक हजार रुपियाँ जरिवाना तिर्न लगाई अबका दिनमा यस्ता कार्य नगर्ने सर्तमा आरोपित जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३६ थानमध्ये १३ थानको फैसला भयो भने २३ थान बाँकी रहे। देवानी मुद्दातर्फ पाँच थानमध्ये तीन थानको फैसला भयो भने दुई थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ गतेसम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ पाँच थानमध्ये एक थानको फैसला भयो भने चार थान बाँकी रहे। देवानी मुद्दातर्फ पाँच थानमध्ये तीन थानको फैसला भयो भने दुई बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा नरहेको जिल्ला अदालतले जनायो।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिल कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १० थान छ, जसमध्ये एक थान सफल भयो भने नौ थान असफल भए। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी तीन थानमध्ये तीन थान नै असफल रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या १२ थान छ, जसमध्ये चार थान सफल भए भने आठ थान चालू अवस्थामा रहेका छन्। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म आठ थान बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १९ हजार ७ सय मध्ये छात्र १० हजार २ सय २५ र छात्रा ९ हजार ४ सय ७५ प्राथमिक तहदेखि उमावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १ हजार ८ सय ५१ र छात्र १ हजार ५ सय २३ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ५४ र पुरुष २ सय ६५ गरी जम्मा ३ सय १९ शिक्षक कार्यरत छन्। निमावि तहमा महिला छैनन् भने ७५ पुरुष शिक्षक कार्यरत छन्। यसै गरी मावि तहमा पनि महिला छैनन् भने २४ पुरुष शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक १ हजार ६ सय ३५ र बालिका १ हजार ९ सय २७ गरी जम्मा ३ हजार ५ सय ६२ रहेका छन्, जसमध्ये दलित बालक ५ सय ९४ र बालिका ६ सय ५६ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइयो।

दुर्व्यवहार

लाली गाविस-३ घर भई मालिका उच्च माविमा अध्ययनरत १४ वर्षीया एक बालिका परीक्षा दिई घर फर्कंदै गरेको अवस्थामा ०७० मङ्सिर २८ गते राया गाविस-८ घर भई सोही विद्यालयमा अध्ययनरत १८ वर्षीय दावा रावलले विवाह गर्छु भन्दै उनीसहित आठ/दस जनाको समूहमा आएका व्यक्तिले जबरजस्ती दावाको घर लगे। 'तिम्री आमाले जबरजस्ती लैजान भन्नुभएको छ' भन्दै आफूलाई दावाले लगेको पीडित बालिकाले बताइन्। बालिकाको शरीरमा चोटपटक लाग्नुका साथै लगाएका कपडासमेत च्यातिएका थिए। बुबा र आफन्तको सहयोगमा ०७० मङ्सिर २९ गते घर फर्किएपछि जिल्ला प्रहरी कार्यालयमा ०७० पुस १ गते उजुरी दिइन्। जिल्ला प्रहरी कार्यालयले आरोपित दावा रावल, राया गाविस-८ का खड्क बुढालाई ०७० पुस २ गते गिरफ्तार

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	३
अपहरण			१		१
महिलाअधिकार			१		१
गिरफ्तारी/यातना	१	१			
कुटपिट			१	११	१३
हत्या				१	१
जम्मा	१	१	३	१४	१६

गरेकामा यस वर्षको अन्त्यसम्म अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर शङ्करप्रसाद सिटौलाले जनाए।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै २० जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएको एक, खानलाउन नदिएको दुई, विवाह दर्ता तथा नागरिकता नबनाएको एक, अर्की पत्नी ल्याएर हेला गरेको एक, मार्ने धम्की दिइएको एक थिए। ती घटनामध्ये प्रहरीले १९ घटनामा मिलापत्र गराएको र एक उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१४		
उपस्वास्थ्यचौकी	१२		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	२	१	१
स्टाफ नर्स	२	२	
ल्याब असिस्टेन्ट	२		२
अहेब	३	३	
अनमि	३	२	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		
हेल्थ असिस्टेन्ट	२		

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बहुविवाहका एक मुद्दा दर्ता भई विचाराधीन रहयो।

सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ

५.६ कञ्चनपुर

५.७ डडेल्धुरा

५.८ बैतडी

५.९ दार्चुला

हरु

५.१ कैलाली



जिल्ला सदरमुकाम: धनगढी
क्षेत्रफल (वर्ग कि. मि.): ३,२३५
घरधुरी सङ्ख्या: १,४२,४८०
जम्मा जनसङ्ख्या: ७,७५,७०५
पुरुष: ३,७८,४१७
महिला: ३,५७,२९२
अपाङ्ग सङ्ख्या: १५,३७८
गाविस/नपा सङ्ख्या: ४२/२
पुरुष साक्षरता सङ्ख्या: २,६७,५९३
महिला साक्षरता सङ्ख्या: २,१६,४०३
हिन्दू धर्मावलम्बी प्रतिशत: ९४.९१
बौद्ध धर्मावलम्बी प्रतिशत: २.०१
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.६१
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.८७
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.२२
शिख धर्मावलम्बी प्रतिशत: ०.००६
अन्य धर्मावलम्बी प्रतिशत: ०.३३१
प्रतिपरिवार सरदर सङ्ख्या: ५.४४

जेल र बन्दी

वि.सं. १९९७ मा स्थापना भएको 'घ' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ७८ जना पुरुष र १७ जना महिला तथा कैद नतोकिएका १ सय १५ पुरुष र १२ महिला थुनुवा रहेका छन्। त्यसै गरी एक आश्रित बालक रहेका छन्। यसरी कैलाली कारागारमा जम्मा ३ सय २३ जना बन्दी तथा थुनुवा रहेका छन्। यसरी एक सय जनाको क्षमता भएको कारागारमा क्षमताभन्दा तेब्बर बन्दी तथा थुनुवा बस्दा खानेपानी, शौचालय, पत्रपत्रिका, बस्ने स्थानको अभाव र खेलकुद सामग्रीको अभाव रहेको कैदी तथा थुनुवाहरूले बताए। क्यान्सर रोगबाट पीडित कैद नतोकिएका एक थुनुवा गदरिया गाविस-४ का ७२ वर्षीय शेरबहादुर साउँदको काठमाडौँमा उपचारका क्रममा ०७० मङ्सिर २ गते मृत्यु भयो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

रामशिखरझाला गाविस-५, जगतपुरस्थित मेलघट्टी निमाविनजिकैको चौरमा एमाले कार्यकर्ता र पिकनिक खाएर फर्किरहेको एकीकृत माओवादीका शुभेच्छुक तथा कार्यकर्ताको टोलीबीच ०७० कात्तिक २० गते दोहोरो झडप भयो। झडपमा रामशिखरझाला गाविस-२ निवासी एमाले कार्यकर्ता गोविन्द बुढा, २१ वर्षीय मीन बुढा र ३८ वर्षीय बाधुराम चौधरी घाइते भए। सोही झडपमा एकीकृत माओवादीका शुभचिन्तक रामशिखरझाला गाविस-५, जगतपुरका ४० वर्षीय हरिराम चौधरी, ३६ वर्षीय गहनलाला चौधरी, ३५ वर्षीय कलेगु चौधरी, २३ वर्षीय चक्रराम चौधरी, ३३ वर्षीय कृपाराम चौधरी, ३७ वर्षीय प्रेमलाल चौधरी, २७ वर्षीय रोहित चौधरी, २७ वर्षीय राजेश चौधरी, २६ वर्षीय विपिन चौधरी, २७ वर्षीय मानबहादुर चौधरी, ६० वर्षीय ठुन्डराम चौधरी र ३० वर्षीय हंसराज चौधरीलाई बायाँ पाखुरामा धारिलो वस्तु प्रहार गरेर घाइते पारियो। घाइतेहरूको घोडाघोडी अस्पतालमा उपचार भयो। क्षेत्र नम्बरका ४ का एनेकपा माओवादीका उम्मेदवार गौरीशङ्कर चौधरीले सोही दिन एमालेले सर्वसाधारण जनता र केही आफ्ना पार्टीका शुभेच्छुकमाथि आक्रमण गरेको भन्दै विज्ञप्ति जारी गरेका थिए। एमालेले भने एमाओवादीले एमालेको गाविसस्तरीय चुनावी सभा बिथोल्न आक्रमण गरेको बतायो।

फूलबारी गाविस-५, डिपोबजारमा एमाले कार्यकर्ता र काङ्ग्रेस कार्यकर्ताबीच ०७० मङ्सिर १ गते दोहोरो झडप हुँदा एमालेका धनमाया थापा र काङ्ग्रेसका प्रेम जोशी घाइते भए। दोहोरो झडपमा ढुङ्गा लागेर धनमाया थापाको टाउकोमा चोट लागेको थियो। एमाले कार्यकर्ताको आक्रमणबाट जोशी सामान्य घाइते भएका थिए। चुनावी प्रचारप्रसारको मौन अवधि सुरु भएको समयमा काङ्ग्रेसका कार्यकर्ताहरूले ट्र्याक्टरमा माइक राखेर ठूलो आवाजमा प्रचारप्रसार गरेको आरोपमा एमालेका कार्यकर्ताले रोक्न खोज्दा विवाद भएपछि झडप भएको थियो। चुनावका विषयमा उठेका विवाद बसेर छलफल र सहमतिका आधारमा

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	२	१	३	४	१५	१९
बालअधिकार				३१		३१
अमानवीय व्यवहार					१	१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	३
अपहरण					२	२
महिलाअधिकार				६३		६३
जातीय विभेद					१	१
गिरफ्तारी/यातना		९	९			
कुटपिट				१		१
धम्की					३	३
हत्या				६	७	१३
जम्मा	२	१०	१२	१०५	३२	१३७

समाधान गर्ने ०७० मङ्सिर १ गते दुवै पार्टीबीच सहमति भएपछि मिलापत्र भएको थियो।

नेकपा-माओवादीका कार्यकर्ताहरूले खैलाड गाविस-१, धनौरा गाउँमा संविधानसभाको मतदाता शिक्षा प्रचारप्रसारमा ०७० कात्तिक ७ गते अवरोध गरे। मतदाता शिक्षा प्रचारका लागि घरदैलो पुगेका शिक्षक रामदेव झाको साथमा रहेको मतदाता शिक्षा सामग्रीलाई चुनाव बहिष्कार गरिरहेको नेकपा-माओवादी कार्यकर्ताहरूले लुटेर लगेको जिल्ला प्रहरी कार्यालयका एसपी मोहनराज जोशीले जानकारी दिए। घटनामा संलग्न भएकाहरूलाई कुनै कानुनी कारबाही भएन।

धनगढी नपा-८ स्थित क्याम्पस रोडमा मधेसी जनअधिकार फोरम लोकतान्त्रिकले चुनावी प्रचारमा प्रयोग गरेको म१च १५५ नम्बरको गाडीमा ०७० कात्तिक ११ गते अज्ञात समूहले आगजनी गऱ्यो। आगजनीबाट गाडीको एक सिट जलेर सामान्य क्षति पुगेको थियो। गाडीमा आगो लागेको देखेपछि स्थानीयले आगो निभाएका थिए। चुनावी प्रचारका लागि क्याम्पस रोडमा रहेको पार्टी कार्यालयमा उक्त गाडी राखिएको थियो। गाडीमा नचिनेको व्यक्तिको एक समूह आएर आगजनी गरेर फरार भएको फोरम लोकतान्त्रिक जिल्ला कार्यालयले जनायो। अज्ञात समूहको आगजनीबाट डाइभर सिट जलिरहेको अवस्थामा स्थानीयले आगो निभाएपछि थप क्षति हुनबाट जोगिएको जिल्ला प्रहरी कार्यालयका एसपी मोहनराज जोशीले जानकारी गराए।

फूलवारी गाविस-४, इगाँउस्थित तुल्सीबारी टोलमा रहेको एमाओवादी क्षेत्र नम्बर ६ की प्रत्यक्षतर्फकी उम्मेदवार लीला भण्डारीको घरमा अज्ञात समूहले ०७० कात्तिक १५ गते बिहान आगजनीको प्रयास गऱ्यो। घरमा राखिएको कोइलाको बोरामा कसैले पेट्रोल छर्केर आगजनी गर्दा घरको भित्तामा सामान्य क्षति पुगेको जिल्ला प्रहरी कार्यालयका एसपी मोहनराज जोशीले जानकारी दिए। घरमा राखिएको पानी भरिएको पोलिट्याङ्कीको पाइप जलेकाले पानी आगोमा परेपछि आगो आफैं निभेको जिल्ला प्रहरी कार्यालयका एसपी जोशीले जानकारी दिए। घटना कसले किन गरेको हालसम्म कसैले जिम्मा लिएको छैन। चुनावमा एमाओवादीसँग पराजित हुने डरले अराजक तत्वले एमाओवादी उम्मेदवारको घरमा आगजनीको प्रयास गरेको एमाओवादीका थारुवान राज्य समितिका सदस्य रमेश बस्नेतले जानकारी दिए।

रामशिखरझाला-७, सिम्थरीमा राष्ट्रिय प्रजातन्त्र पार्टीको चुनावी प्रचारमा प्रयोग गरिएको भारतीय नम्बरप्लेट युपी००एफ ७१०० को जीपलाई नेकपा माओवादीका कार्यकर्ताहरूले ०७० कात्तिक ९ गते तोडफोड गरे। उक्त तोडफोडबाट गाडीका

सिसाहरूमा क्षति भएको राप्रपा क्षेत्र नम्बर ४ का उम्मेदवार वीरेन्द्र बमले बताए। गाडीको सिसामा क्षति पुगेको इलाका प्रहरी कार्यालय सुखडले जानकारी गरायो। राप्रपाले निर्वाचन प्रचारमा भारतीय नम्बरको गाडी प्रयोग गरेकाले आफ्ना कार्यकर्ताहरूले गाडी तोडफोड गरेको नेकपा-माओवादीका जिल्ला सचिव महेश बडुवालले जनाए।

धनगढी नपा-५, हसनपुरमा रहेको नेकपा एमाले वडा सम्पर्क पार्टी कार्यालयमा कात्तिक ८ गते राति अज्ञात समूहले तोडफोड गऱ्यो। तोडफोड कसले किन गरेको खुल्न नसकेको भए पनि कार्यालयको ढोका र कार्यालयमा झुन्ड्याएका झन्डा च्यातेर फालिएको एमालेले ०७० कात्तिक ९ गते एक विज्ञप्तिमार्फत जानकारी गरायो। एमालेका क्षेत्रीय निर्वाचन परिचालन समितिका संयोजक यज्ञराज वस्तोलाद्वारा हस्तक्षरित विज्ञप्तिमार्फत घटनामा संलग्न भएकालाई तत्काल कानुनी दायरामा ल्याउन स्थानीय प्रशासनलाई आग्रह गरिएको भए पनि प्रहरीले घटनामा संलग्नलाई गिरफ्तार गर्न सकेन। तोडफोडमा संलग्न भनिएकाहरूको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका एसपी मोहनराज जोशीले जानकारी दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारीतर्फ ५ सय ४० मुद्दा परेकामा ३ सय २४ थानको फैसला भयो भने २ सय १६ थान बाँकी रहे। देवानीतर्फ ४ सय ६९ मुद्दा परेकामा २ सय ३९ थानको फैसला भयो भने २ सय ३० बाँकी रहे।

एमाओवादी र एमालेका कार्यकर्ताहरूबीच झडप हुँदा घाइते भएका गोविन्द बुढा, मीन बुढा र बाधुराम चौधरी

०७० साउनदेखि पुस १६ सम्म

दुई जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारीतर्फ ३ सय ८८ मुद्दा परेकामा ३० थानको फैसला भयो भने ३ सय ६२ बाँकी रहे। देवानीतर्फ ३ सय ४७ मुद्दा परेकामा ३० थानको फैसला भयो भने ३ सय १७ बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १९ र देवानी मुद्दा ४५ थान रहे।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ५ सय ९७ रहेकामा २ सय ५२ थान सफल भए भने ३४ असफल भए। मुलतवी र तामेलीमा दुई थान मुद्दा रहेका छन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यान/उद्योगसम्बन्धी मुद्दा ५७ थानमध्ये १२ थान सफल र २१ थान असफल रहे। बलात्कारसम्बन्धी ४७ थान मुद्दामध्ये १५ थान सफल र आठ थान असफल रहे। महिला बेचबिखनसम्बन्धी सात थान मुद्दामध्ये दुई थान सफल र एक थान असफल रहे। बहुविवाहसम्बन्धी मुद्दा सात थानमध्ये एक थान सफल र दुई थान असफल रहे। बालविवाह, अपहरण र छुवाछूतसम्बन्धी कुनै पनि मुद्दा दर्ता भएको छैन।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या १ सय २८ ओटा छन्, जसमध्ये २५ थान सफल भए भने एक थान असफल रह्यो। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म १ सय २ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ७९ हजार ६ सय ७८ मध्ये छात्र ७९ हजार ५ सय ५८ र छात्रा ९० हजार १ सय २० प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २४ हजार ३ सय ७९ र छात्र २१ हजार ६ सय १४ जना रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ६ सय १० र पुरुष १ हजार २ सय ६१ गरी जम्मा १ हजार ८ सय ७१ शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला ७९ जना र पुरुष ४ सय ९८ गरी जम्मा ५ सय ७७ शिक्षक कार्यरत छन्। यसै गरी

मावि तहमा महिला २६ र पुरुष ३ सय ४३ गरी जम्मा ३ सय ६९ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ९ हजार ४ सय ६८ र बालिका ११ हजार ७ सय ११ गरी जम्मा २१ हजार १ सय ७९ रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन। यसमा कैलालीका प्राविदेखि मावि तहसम्मका २ सय ३२ संस्थागत तथा निजी विद्यालयको तथ्याङ्क अद्यावधिक नभएका कारण समावेश गरिएको छैन्।

बेचबिखन तथा ओसारपसार

स्याङ्जा जिल्ला, पञ्चमूल गाविसकी १५ वर्षीया एक बालिकालाई बेचबिखन तथा ओसारपसार गरेको आरोपमा मकवानपुर जिल्ला फापरवारी गाविस-७ का २७ वर्षीय दिनेश तामाङलाई ०७० वैशाख १९ गते जिल्ला प्रहरी कार्यालयले धनगढी भन्सार रोडबाट गिरफ्तार गऱ्यो। पीडित बालिकालाई स्याङ्जा जिल्लाको नाकडा भन्ने ठाउँबाट वैशाख ११ गते विवाह गर्ने बहानामा धनगढी भान्सार हुँदै भारत लगिरहेको अवस्थामा तमाङलाई ०७० वैशाख १९ गते जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका मुद्दा शाखाका सई उपेन्द्र बमले जानकारी दिए। धनगढीमा दिदीको घर जाने भन्दै स्याङ्जाबाट युवतीलाई फकाइफुल्याई धनगढी हुँदै भारततर्फ लगिरहेको अवस्थामा तामाङ र पीडित बालिकालाई माइती नेपाल धनगढी र त्रिनगर प्रहरी चौकीले सोधपुछ र चेकजाँच गरेपछि घटना थाहा भएको थियो। तामाङलाई मानव बेचबिखन तथा ओसारपसार ऐन अन्तर्गत कानुनी कारबाही गरी पाऊँ भनी पीडित बालिकाले जिल्ला प्रहरी कार्यालयमा वैशाख १९ गते जाहेरी दिइन्। घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका एसपी घनश्याम अर्यालले बताए। बालिकालाई ०७० जेठ २१ गते अभिभावकको जिम्मा लगाइएको माइती नेपालका जिल्ला संयोजक शिवचरण चौधरीले बताए। जिल्ला अदालतको ०७० जेठ १३ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि यस वर्षको अन्त्यसम्म थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१५ वर्षीया एक बालिकालाई ०६९ माघ ७ गते बलात्कार प्रयास गरेको आरोपमा मालाखेती गाविस-७, तेघरीका २६ वर्षीय भरत विकविरुद्ध ०६९ फागुन ११ गते जिल्ला अदालतमा मुद्दा दर्ता भयो। पीडित पक्षले ०७० माघ १० गते जिल्ला प्रहरी कार्यालयमा कैलालीमा विकका विरुद्धमा जाहेरी दिए। घरमा बसिरहेका बेला आरोपित विक घरमा आएर आफूलाई मुख थुनेर ०६९ माघ ७ गते जङ्गलमा पुऱ्याई बलात्कार प्रयास गरेको पीडितले उजुरीमा उल्लेख गरेकी थिइन्। पीडितको स्वास्थ्य परीक्षण ०६९ माघ १० गते सेती अञ्चल अस्पताल, धनगढीमा भयो। जिल्ला अदालतले विकका नाममा ०७० फागुन ११ गते वारेन्ट जारी गऱ्यो। पीडक भनिएका विकलाई जिल्ला प्रहरी कार्यालयले हालसम्म गिरफ्तार गर्न नसकेको जिल्ला अदालतले जनायो।

१२ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा ०६९ माघ ७ गते हसुलिया गाविस-६ का २१ वर्षीय कमल चौधरी, २३ वर्षीय सागर चौधरी र २२ वर्षीय प्रेम चौधरीलाई जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। पीडित बालिकाले आफूलाई कमल, सागर र प्रेमले स्थानीय जङ्गलमा ०६९ माघ ६ गते राति बलात्कार गरेको भन्दै तीन जनाका विरुद्धमा जिल्ला प्रहरी कार्यालयमा ०६९ माघ ७ गते किटानी जाहेरी दिएपछि आरोपितहरूलाई प्रहरीले गिरफ्तार

एमाओवादी र एमालेका कार्यकर्तांबीच झडप हुँदा घाइते भएका हरिराम चौधरी, चक्रराम चौधरी र हंसराज चौधरी

गरेको जिल्ला प्रहरी कार्यालयको मुद्दा शाखाका इन्स्पेक्टर सुदाम रावलले जानकारी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०६९ माघ ७ गते सेती अञ्चल अस्पतालमा भएको थियो। आरोपितहरूले घरमा सुतिरहेकी बालिकालाई ०६९ माघ ६ गते राति नियन्त्रणमा लिई स्थानीय जङ्गलमा लगेर सामूहिक बलात्कार गरेको जिल्ला प्रहरी कार्यालयले जनायो। आरोपितहरू ०६९ फागुन ९ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा रहेको जिल्ला अदालतले जनायो।

१५ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा ०६९ माघ ९ गते मसुरिया गाविस-६, साझाबजारका २४ वर्षीय पङ्कज जनाल, २५ वर्षीय खगेन्द्र कठायत र २५ वर्षीय पदम नेपालीलाई जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। आरोपितहरूले पीडित बालिकालाई ०६९ माघ ८ गते राति चौमाला गाविस-४ स्थित वासुदेवी सोरानी सामुदायिक वनमा लगेर सामूहिक बलात्कार गरेको भन्दै ०६९ माघ ९ गते प्रहरी कार्यालयमा पीडित पक्षले किटानी जाहेरी दिएको जिल्ला प्रहरी कार्यालयले जनायो। पीडितको स्वास्थ्य परीक्षण ०६९ माघ ९ गते सेती अञ्चल अस्पताल, धनगढीमा भएको जिल्ला प्रहरी कार्यालयले जनायो। आरोपितहरूलाई जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि ०६९ फागुन ९ गते जिल्ला कारागारमा थुनामा राखिएकामा पदम नेपाली ०७० साउन १९ गते पुनरावेदन अदालत, दिपायलको आदेशमा तारिखमा रिहा भए। अन्य अभियुक्तहरू यस वर्षको अन्त्यसम्म जिल्ला कारागारमा थुनामा रहेको जिल्ला अदालतले जनायो।

नौ वर्षीया एक बालिकालाई बलात्कार प्रयास गरेको आरोपमा ०६९ माघ २० गते चौमाला गाविस-८ का १४ वर्षीय एक बालकलाई चौमाला प्रहरीले गिरफ्तार गऱ्यो। बालिका ०६९ माघ १६ गते जङ्गलमा दाउरा लिन गएको अवस्थामा बलात्कार प्रयास भएको भन्दै पीडितका अभिभावकले इलाका प्रहरी कार्यालय, चौमालामा ०६९ माघ २० गते जाहेरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०६९ माघ २० गते सेती अञ्चल अस्पताल, धनगढीमा भयो। आरोपित नाबालक भएको भन्दै जिल्ला सरकारी वकिल कार्यालयले ०६९ फागनु २ गते अभिभावकको जिम्मा लगायो।

१३ वर्षीया एक बालिकालाई ०६९ फागुन २५ गते बलात्कार गरेको आरोपमा उदासीपुर गाविस-९ का २२ वर्षीय धर्मेन्द्र चौधरी र २१ वर्षीय उमेश चौधरीलाई ०६९ फागुन २६ गते इलाका प्रहरी कार्यालय, टीकापुरले गिरफ्तार गऱ्यो। घरनजिकै आफन्तको विवाहमा गएको समयमा आरोपितहरूले बलात्कार गरेको भन्दै पीडित पक्षले घटनाको दोस्रो दिन उजुरी दिएपछि आफूहरूले गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय, टीकापुरले जनायो। पीडितको स्वास्थ्य परीक्षण ०६९ फागुन २७ गते सेती अञ्चल अस्पताल, धनगढीमा भयो। अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा राखिएका आरोपितद्वय चौधरीलाई जिल्ला अदालतको आदेशमा ०६९ चैत २२ गते पुर्पक्षका लागि जिल्ला कारागार कैलालीमा पठाइएकामा आरोपितहरू यस वर्षको अन्त्यसम्म जिल्ला कारागारमा थुनामा रहेको जिल्ला अदालतले जनायो।

६ वर्षीया एक बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा ०७० वैशाख १८ गते स्थायी घर भारतको उत्तर प्रदेश हरियणाका ५० वर्षीय निर्मल भङ्गीलाई इलाका प्रहरी कार्यालय, मालाखेतीले गिरफ्तार गऱ्यो। पीडित बालिकाको घरमा कोही नभएको अवस्थामा भङ्गीले बालिकालाई ०७० वैशाख १८ गते अप्राकृतिक हस्तमैथुन गर्न लगाएकाले प्रहरीले गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता भक्त विष्टले बताए। आरोपित भङ्गी गेटा गाविस-१, गेटीमा एक वर्षअघिदेखि अस्थायी रूपमा बस्दै आएको बुझिएको जिल्ला प्रहरी कार्यालयले बतायो। घटनाका बारेमा पीडित बालिकाले अभिभावकहरूलाई बताएपछि अभिभावकले वैशाख १८ गते प्रहरीलाई खबर गरेका थिए। जिल्ला अदालतको आदेशमा ०७० असोज १४ गते फैसला अनुसार पीडक निर्मल भङ्गीलाई ११ वर्ष कैद सजाय र ५ हजार रुपियाँ क्षतिपूर्ति आदेश दिएपछि पीडक भङ्गी जिल्ला कारागारमा कैद सजाय भुक्तान गरिरहेका छन्।

१४ वर्षीया एक युवतीलाई बलात्कार गरेको आरोपमा ०७० वैशाख १८ गते भारतको लखिनपुर जिल्ला बेलारपुरसुवा बस्ने २६ वर्षीय कैलाश चौधरीलाई जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। पीडित भनिएकी युवतीले आफूलाई चौधरीले नियन्त्रणमा लिएर ०७० वैशाख १ गते रतनपुर गाविसस्थित नदीमा बलात्कार गरेको आरोप जिल्ला प्रहरी कार्यालयमा ०७० वैशाख १७ गते किटानी जाहेरी दिएपछि जिल्ला प्रहरी कार्यालयले ०७० वैशाख १८ गते चौधरीलाई गिरफ्तार गरेको प्रहरी प्रवक्ता भक्तबहादुर विष्टले बताए। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०७०

वैशाख १७ गते सेती अञ्चल अस्पताल, धनगढीमा भयो। जिल्ला अदालतको ०७० जेठ १० गतेको आदेशमा यस वर्षको अन्त्यसम्म अभियुक्त जिल्ला कारागारमा पुर्पक्षाका लागि थुनामा छन्।

१२ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा दोदोधरा गाविस-७ का २० वर्षीय लक्ष्मण टमाटालाई ०७० वैशाख ७ गते इलाका प्रहरी कार्यालय, सुख्खडले गिरफ्तार गऱ्यो। स्थानीय बजारबाट घरतर्फ फर्किरहेको अवस्थामा वैशाख ५ गते साँझ बालिकालाई नियन्त्रणमा लिई नजिकैको खेतमा बलात्कार गरेको भन्दै पीडितका बुबाले इलाका प्रहरी कार्यालय, सुख्खडमा वैशाख ७ गते किटानी जाहेरी दिएका थिए। पीडितको स्वास्थ्य परीक्षण सेती अञ्चल अस्पतालमा भयो। आरोपितलाई पुर्पक्षका लागि जिल्ला कारागारमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनायो। आरोपितलाई जिल्ला अदालतको ०७० वैशाख ३० गतेको आदेशमा यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि जिल्ला कारागारमा राखिएको छ।

आठ वर्षीया एक बालिकालाई मसुरिया गाविस-१ का २५ वर्षीय टीकाराम विकले बलात्कार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयले ०७० जेठ २१ गते गिरफ्तार गऱ्यो। पीडित भनिएकी बालिकालाई घरमा सुतिरहेको अवस्थामा ०७० जेठ २० गते बिहान बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा जाहेरी दिएको थियो। बालिकाको स्वास्थ्य परीक्षण सेती अञ्चल अस्पताल, धनगढीमा ०७० जेठ २१ गते भयो। आरोपित विक जिल्ला अदालत कैलालीको ०७० असार १४ गतेको आदेशमा यस वर्षको अन्त्यसम्म जिल्ला कारागारमा थुनामा छन्।

१४ वर्षीया एक बालिकालाई बलात्कार प्रयास गरेको भन्दै पदम अस्पतालमा एक्सरे विभागमा कार्यरत कञ्चनपुर जिल्ला रैकवारविचुवा गाविस-५, शान्तिपुरका ४८ वर्षीया शिवराज पाण्डेलाई जिल्ला प्रहरी कार्यालयले ०७० भदौ १५ गते गिरफ्तार गऱ्यो। पीडित भनिएकी बालिकाले ०७० भदौ १४ गते पदमा अस्पतालमा उपचारका लागि गएको अवस्थामा पाण्डेले बलात्कार प्रयास गरेको भन्दै प्रहरीमा सोही दिन जाहेरी दिएकी थिइन्। जिल्ला अदालतको ०७० असोज ७ गतेको फैसलापछि आरोपित पाण्डे ३० हजार रुपियाँ धरौटीमा रिहा भए। जिल्ला न्यायाधिवक्ताको कार्यालयले पाण्डेलाई पुन: थुनामा राखी अनुसन्धान गर्नुपर्ने माग गरे पनि अदालतको आदेश नभएको जिल्ला अदालतले जनायो।

तीन वर्षीया एक बालिकालाई ०७० साउन १४ गते बलात्कार गरेको आरोपमा मालाखेती गाविस-७, अत्तरियाका १९ वर्षीय सविन कटेललाई जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। पीडित पक्षले सोही दिन आरोपित कटेलका विरुद्धमा जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएपछि सोही दिन आरोपित कटेललाई प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित कटेललाई थप अनुसन्धानका लागि जिल्ला अदालतको आदेशमा ०७० भदौ ९ गतेदेखि यस वर्षको अन्त्यसम्म जिल्ला कारागारमा थुनामा राखिएको छ। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०७० साउन १४ गते सेती अञ्चल अस्पतालमा भएको थियो।

दस वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा बर्दिया जिल्ला, गोला गाविस-२ घर भई हाल टीकापुर नपा-९, शिविरमा बस्ने ५५ वर्षीय हजुरबालाई टीकापुर इलाका प्रहरी कार्यालयले ०७० असार २३ गते गिरफ्तार गऱ्यो। आरोपित हजुरबाले ०७० असार १४ गते नातिनीलाई बलात्कार गरेको भन्दै बुहारीले ०७० असार २२ गते इलाका प्रहरी कार्यालय, टीकापुरमा उजुरी दिएकी थिइन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०७० असार २२ गते टीकापुर अस्पतालमा भएको थियो। आरोपित ०७० साउन ४ गतेदेखि यस वर्षको अन्त्यसम्म जिल्ला अदालतको आदेशमा जिल्ला कारागारमा थुनामा छन्।

आठ वर्षीया एक बालिकालाई ०७० साउन १९ गते बलात्कार प्रयास गरेको आरोपमा धनगढी नपा-१२ का १८ वर्षीय महेन्द्र महराका विरुद्धमा ०७० साउन २१ गते जिल्ला प्रहरी कार्यालयमा पीडितकी आमाले किटानी जाहेरी दिइन्। अभियुक्त फरार भएकाले गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयले जनायो। बालिकाको स्वास्थ्य परीक्षण ०७० साउन २१ गते सेती अञ्चल अस्पताल धनगढीमा भयो। आरोपितका विरुद्धमा जिल्ला अदालतमा मुद्दा दर्ता भयो भने सोही दिन जिल्ला अदालतले फरार अभियुक्तका नाममा वारेन्ट जारी गऱ्यो।

१६ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा धनगढी नपा-८ का २० वर्षीय गुड्डु चौधरी र २० वर्षीय ध्रुव चौधरीले धानखेतमा बलात्कार गरेको भन्दै उनीहरूका विरुद्धमा जिल्ला प्रहरी कार्यालयमा ०७० भदौ २२ गते पीडित पक्षले किटानी जाहेरी दियो। आरोपितहरू फरार रहेको जिल्ला प्रहरी कार्यालयले बतायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०७० भदौ २१ गते सेती अञ्चल अस्पतालमा भएको थियो। फरार

अभियुक्तहरू यस वर्षको अन्त्यसम्म पनि गिरफ्तार नपरेको जिल्ला प्रहरी कार्यालयले जनायो।

१३ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा २४ वर्षीय राजकपुर चौधरीलाई इलाका प्रहरी कार्यालय, भजनीले ०७० भदौ ३ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपित चौधरीले आफ्नै घरमा सुत्न आएकी साली नाता पर्ने पीडित बालिकालाई ०७० साउन ३२ गते राति बलात्कार गरेको आरोपमा उनलाई गिरफ्तार गरिएको इलाका प्रहरी कार्यालय, भजनीका इन्स्पेक्टर लालबहादुर साउदले बताए। आरोपित चौधरीले बलात्कार गरेको आवेगमा उनकी पत्नी जुनी चौधरीले ०७० भदौ १ गते घरनजिकैको जमुनाको रूखमा झुन्डिएर आत्महत्या गरेपछि माइती पक्षले बलात्कार घटना सार्वजनिक गरेको थियो। जिल्ला अदालतको ०७० भदौ २४ गतेको आदेशमा पुर्पक्षाका लागि थुनामा रहेका चौधरी यस वर्षको अन्त्यसम्म जिल्ला कारागारमा रहेका छन्।

१० वर्षीया एक बालिकालाई ०७० असार २० गते बलात्कार गरेको आरोपमा श्रीपुर गाविस-३, लालपुरका २६ वर्षीया धनबहादुर बोगटीलाई जिल्ला प्रहरी कार्यालयले ०७० असार २१ गते गिरफ्तार गऱ्यो। पीडित पक्षले सोही दिन बोगटीका विरुद्धमा जिल्ला प्रहरी कार्यालयमा जबरजस्ती करणीमा किटानी जाहेरी दिएको थियो। घरनजिकैको जङ्गलमा भैंसी चराउन गएको अवस्थामा बालिकालाई बलात्कार गरेर पीडितको टाउको ढुङ्गामा ठोकी अचेत अवस्थामा जङ्गलमा फालिएको अवस्थामा ०७० असार २१ गते स्थानीयको सहयोगमा प्रहरीले उद्धार गरेको थियो। आरोपित बोगटीलाई जिल्ला अदालतको आदेशमा ०७० साउन १७ गतेदेखि पुर्पक्षाका लागि थुनामा राखिएको छ। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०७० असार २१ गते सेती अञ्चल अस्पताल, धनगढीमा भयो।

१४ वर्षीया एक बालिकालाई ०७० भदौ ५ गते राति घरमा आएर बलात्कार गरेको आरोपमा धनगढी नपा-७ का २० वर्षीय यमबहादुर भुजेललाई जिल्ला प्रहरी कार्यालयले ०७० असोज ५ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०७० असोज ६ गते सेती अञ्चल अस्पताल, धनगढीमा भयो। पीडित बालिकाले आफूलाई यमबहादुरले ०७० भदौ ५ गते राति घरमा आएर बलात्कार गरेको भन्दै असोज ५ गते प्रहरीमा किटानी जाहेरी दिएको प्रहरीले जनायो। गाउँघरमा घटना मिलाउन खोजेका कारण प्रहरीमा ढिला जाहेरी भएको बुझिएको जिल्ला प्रहरी कार्यालयले जनायो। जिल्ला अदालतको आदेशमा ०६० असोज १० गतेदेखि आरोपित यमबहादुर भुजेल यस वर्षको अन्त्यसम्म थुनामा रहेका छन्।

धनगढी नपा-१२, जुगेडाकी ११ वर्षीय एक बालिकालाई बलात्कार प्रयास गरेको भन्दै धनगढी नपा-१२, जुगेडाका ३२ वर्षीय दीपकसिंह ठकुल्लाका विरुद्धमा जिल्ला प्रहरी कार्यालयमा ०७० जेठ २३ गते किटानी जाहेरी दिइयो। पीडित भनिएकी बालिकालाई घरमा सुतिरहेको समयमा ०७० जेठ २२ गते राति बलात्कार प्रयास गरेको भन्दै बालिकाकी आमाले प्रहरीमा जाहेरी दिएकी थिइन्। बालिकाको स्वास्थ्य परीक्षण सेती अञ्चल अस्पताल, धनगढीमा जेठ २३ गते भएको थियो। आरोपित ठकुल्लालाई जिल्ला अदालतको आदेशमा ०७० असार १६ गतेदेखि थुनामा राखिएको छ। यस वर्षको अन्त्यसम्म ठकुल्ला थुनामै छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ४५ वर्षीया महिलाले आफू गोठाला गएको समयमा अज्ञात समूहले सामूहिक बलात्कार गरेको भन्दै ०६९ माघ १२ गते पीडकहरूको खोजविन गरी कारवाही गरिदिन भन्दै जिल्ला प्रहरी कार्यालयमा जबरजस्ती करणीमा जाहेरी दर्ता गरिन्। घरनजिकै रहेको रामपुर जङ्गलमा गोठाला गएको समयमा साइकलमा आएका दुई जना अपरिचित व्यक्तिले आफूलाई नियन्त्रणमा लिई ०६९ पुस २६ गते सामूहिक बलात्कार गरेको भन्दै प्रहरीमा जाहेरी दिएको जिल्ला प्रहरी कार्यालयका मुद्दा शाखाका सई उपेन्द्र बमले जानकारी दिए। पीडित महिलाको स्वास्थ्य परीक्षण ०६९ माघ १२ गते सेती अञ्चल अस्पताल, धनगढीमा भएको सई बमले बताए। पीडित महिलाले समाज र परिवारका डरले घटना ढिलो प्रहरीमा जाहेरी गरेको भए पनि घटनामा संलग्न भनिएकाहरूको महिलाले बताएको हुलियाका आधारमा खोजी भइरहेको प्रहरीले जनायो। यस वर्षको अन्त्यसम्म पनि पीडक पहिचान हुन नसकेका कारण प्रहरीले पीडकलाई गिरफ्तार गर्न सकेको छैन।

आफूमाथि बलात्कारको प्रयास भएको भन्दै २५ वर्षीया एक महिलाले ०६९ चैत २६ गते सप्तरी जिल्ला मधुवापुर गाविस-५ का ४० वर्षीय सुनील झाका विरुद्ध जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिइन्। घरमा कोही नभएको अवस्थामा ०६९ चैत २५ गते दिउँसो

झाले आफूलाई बलात्कार गर्ने प्रयास गरेको पीडितले जोहरीमा उल्लेख गरेकी छन्। आरोपित झालाई चैत २६ गते नै गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय, टीकापुरले जनायो। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत २६ गते टीकापुर अस्पतालमा भयो। जिल्ला अदालतको आदेशमा ०७० वैशाख १६ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागारमा राखिएकामा यस वर्षको अन्त्यसम्म पनि आरोपित थुनामै छन्।

गेटा गाविस-३, अत्तरियाका ३० वर्षीय गणेश थापामगरले ०६९ चैत ३० गते आफूलाई बलात्कारको प्रयास गरेको भन्दै ३० वर्षीया एक महिलाले उनका विरुद्धमा ०७० वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिइन्। पीडक फरार रहेकाले गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयले जनायो। घरमा कोही नभएको अवस्थामा आफूमाथि बलात्कार प्रयास गरिएको पीडितले जाहेरीमा उल्लेख गरेको प्रहरीले जनायो। अभियुक्त थापामगरका विरुद्धमा जिल्ला अदालतमा ०७० जेठ २ गते मुद्दा दर्ता भयो। सोही दिनदेखि अदालतले वारेन्ट जारी गरेको भए पनि अभियुक्त गिरफ्तार नपरेको जिल्ला अदालतले जनायो।

२५ वर्षीय एक महिलालाई बलात्कार प्रयास गरेको आरोपमा भारतको सीतापुर हरगाउँ बस्ने २३ वर्षीय मुजिव अलिलाई ०७० असोज ३ गते जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। पीडित महिलालाई धनगढी नपा-४, राजश्री मिलमा बसिरहेको अवस्थामा बलात्कार प्रयास गरेको भन्दै पीडितले ०७० असोज ४ गते प्रहरीमा जाहेरी दिएपछि सोही दिन प्रहरीले गिरफ्तार गरेको थियो। पीडितको स्वास्थ्य परीक्षण सेती अञ्चल अस्पताल, धनगढीमा गरिएको थियो। आरोपित मुजिव जिल्ला अदालतको ०७० कात्तिक ५ को आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

१८ वर्षीया एक युवतीलाई ०७० भदौ २७ गते बलात्कार प्रयास गरेको आरोपमा धनगढी नपा-३, बोराडाँडीका २५ वर्षीय कृसानपाल चौधरीलाई जिल्ला प्रहरी कार्यालयले ०७० भदौ २८ गते गिरफ्तार गऱ्यो। आरोपित चौधरीका विरुद्धमा पीडित पक्षले ०७० भदौ २८ गते जिल्ला प्रहरी कार्यालयमा जबरजस्ती करणीको उद्योगमा जाहेरी दिएको थियो। आरोपित कृसानपाललाई जिल्ला अदालतको ०७० असोज २४ गतेको आदेश अनुसार ३२ हजार रुपियाँ धरौटीमा तारिखमा रिहा गऱ्यो। उक्त मुद्दाको फैसाला यस वर्षको अन्त्यसम्म पनि भएको छैन।

२८ वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा ०७० असार १० गते गोदावारी गाविस-८ का ३२ वर्षीय हिक्मत बमलाई जिल्ला प्रहरी कार्यालयले ०७० असार ११ गते गिरफ्तार गऱ्यो। पीडित भनिएकी महिलाले आफूलाई आरोपित बमले बलात्कार गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा ०७० असार ११ गते जाहेरी दिइन्। पीडित महिलाको स्वास्थ्य परीक्षण ०७० साउन ११ गते सेती अञ्चल अस्पताल, धनगढीमा भयो। आरोपित बमलाई थप अनुसन्धानका लागि ०७० असार ३१ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा लिइएकामा यस वर्षको अन्त्यसम्म थुनामै छन्।

२५ वर्षीया एक महिलाले धनगढी नपा-८ का २८ वर्षीय विनोद बमले भदौ ६ गते बलात्कार प्रयास गरेको भन्दै भदौ ७ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। आरोपित बमलाई ०७० भदौ ७ गते जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। बमलाई जिल्ला अदालतको आदेशमा ०७० भदौ ९ गते २ हजार ३ सय रुपियाँ धरौटीमा तारिखमा रिहा गऱ्यो। अदालतमा सम्बन्धविच्छेदको मुद्दा चलिरहेको अवस्थामा बमले पूर्वपत्नीलाई बलात्कार प्रयास गरेको प्रहरीले जनायो।

३३ वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा जोशीपुर गाविस-३, रामनगरका ३० वर्षीय तिलकराम चौधरीलाई इलाका प्रहरी कार्यालय, भजनीले गिरफ्तार गऱ्यो। पीडित महिला घरमा सुतिरहेको अवस्थामा असोज १३ गते राति तिलकरामले बलात्कार गरेको आरोपमा प्रहरीले असोज १५ गते आरोपितलाई घरबाट गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय, भजनकीका इन्स्पेक्टर लालबहादुर साउदले जानकारी दिए। पीडितको स्वास्थ्य परीक्षण असोज १४ गते टीकापुर अस्पतालमा भएको थियो। आरोपित चौधरीलाई ०७० कात्तिक १२ गतेको जिल्ला अदालतको आदेशमा पुर्पक्षाका लागि थुनामा राखिएकामा यस वर्षको अन्त्यसम्मै थुनामा छन्।

१८ वर्षीया एक महिलालाई ०७० कात्तिक २० गते बलात्कार प्रयास गरेकामा पीडित पक्षले फूलबारी गाविस-६ का ३५ वर्षीया अर्जुन सुनारविरुद्धमा ०७० कात्तिक २५ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दियो। जाहेरी दिएको थाहा पाएपछि आरोपित सुनार फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो। आरोपित सुनारका विरुद्धमा ०७० मङ्सिर २५ गते जिल्ला अदालतमा जवरजस्ती करणी उद्योगमा मुद्दा दर्ता गरेको थियो। सोही दिन पीडक सुनारका नाममा सर्च वारेन्टसमेत जारी भए पनि पीडक भनिएका सुनारलाई

प्रहरीले गिरफ्तार गर्न सकेको छैन।

एक युवतीले आफूलाई ०७० कात्तिक २४ गते बलात्कार गरेको भन्दै सहजपुर गाविस-३ का ३६ वर्षीय भीमबहादुर रावतका विरुद्धमा ०७० कात्तिक २६ गते जिल्ला प्रहरी कार्यालयमा जबरजस्ती करणीमा जाहेरी दिइन्। पीडित महिलाको स्वास्थ्य परीक्षण ०७० कात्तिक २६ गते सेती अञ्चल अस्पताल, धनगढीमा भएको थियो। आरोपित विरुद्ध ०७० मङ्सिर २८ गते मुद्दा दर्ता भयो भने सोही दिन रावतको खोजी कार्यका लागि सर्च वारेन्ट जारी भयो। आरोपितलाई यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयले जनायो।

श्रीपुर गाविस-९ की १९ वर्षीया रूपा बोहरालाई तेजाब फाली मार्ने प्रयास गरेको आरोपमा गेटा गाविस-७ का २३ वर्षीय रवीन्द्र ठगुन्नालाई जिल्ला प्रहरी कार्यालयले पुस १२ गते गिरफ्तार गऱ्यो। आरोपित ठगुन्नाले ०७० मङ्सिर २४ गते युवतीको शरीरमा तेजाब खन्याएर मार्ने प्रयास गरेको भन्दै पुस ११ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दियो। घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर कृष्ण बडुवालले जनाए। रूपा र रवीन्द्रका बीच व्यक्तिगत विवादका कारण उक्त घटना भएको प्रहरीले जनायो। यस वर्षको अन्त्यसम्म आरोपितलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी प्रहरीले अनुसन्धान गरिरहेको छ।

घरेलु हिंसा

परिवारजनबाट हत्या/हत्याको प्रयास

गेटा गाविस-५ की ४६ वर्षीया भागरथी भट्टलाई ०७० वैशाख ८ गते पति ५८ वर्षीय विजयराज भट्टले घरायसी विवादमा चक्कु प्रहार गरी गम्भीर घाइते बनाए। घाइते भागरथीको उपचारका क्रममा ०७० भदौ ३० गते घरमै मृत्यु भयो। विजयले प्रहार गरेको चक्कुले भागरथीको शरीरका विभिन्न भाग, टाउको, हात, दायाँ पेटमा काटिएको अवस्थामा नेपाल र भारतका अस्पतालमा उपचार गरिएको थियो। कान्छी पत्नी भागरथीले पति विजयसँग अंशबन्डा माग गरी मुद्दा मामिला गरेको आवेगमा विजयले भागरथीलाई चक्कु प्रहार गरी मार्न खोजेको प्रारम्भिक अनुसन्धानबाट बुझिएको इलाका प्रहरी कार्यालय, मालाखेतीले जनायो। घटनामा संलग्न भट्ट फरार रहेको भए पनि घटनाको मतियार रहेको आरोपमा छोरा लवदेव भट्टलाई इलाका प्रहरी कार्यालय ,मालाखेतीले गिरफ्तार गऱ्यो। लवदेवलाई पुर्पक्षका लागि असार १६ गतेदेखि जिल्ला कारागारमा थुनामा राखिएको र बिजयराज भट्ट हालसम्म पनि फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो। लासको पोस्टमार्टम ०७० भदौ ३१ गते सेती अञ्चल अस्पताल, धनगढीमा भयो।

नारायणपुर गाविस-१, भगवानपुरकी २० वर्षीया पत्नी जानकी चौधरी र ४४ दिनकी छोरी ग्रीष्मा चौधरीलाई मङ्सिर ३ गते मट्टीतेल छर्केर हत्या गरेको आरोपमा पति २१ वर्षीय गणेश चौधरीलाई ०७० मङ्सिर ३० गते प्रहरीले गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय टीकापुरका डीएसपी भेषराज श्रेष्ठले जानकारी दिए। मृतक भएको कोठामा फेला परेको १० लिटरको जर्किनमा आधा लिटरभन्दा कम मट्टीतेल बाँकी रहेको थियो। सोही घरभित्र भाँडाकुँडा छरिएर रहेको अवस्थामा फेला परेको पनि डीएसपी श्रेष्ठले जानकारी दिए। लासको पोस्टमार्टम मङ्सिर ४ गते टीकापुर अस्पतालमा भयो। पीडक भनिएका गणेश चौधरीलाई यस वर्षको अन्त्यसम्म पनि जिल्ला प्रहरी कार्यालयको अनुसन्धानका लागि हिरासतमा राखिएको छ।

फूलबारी गाविस-९ की ५० वर्षीया जिरिया चौधरीलाई पति ६० वर्षीय मन्त्री चौधरीले बन्चरो प्रहार गरी असोज ९ गते गम्भीर घाइते तुल्याएकामा उपचारका क्रममा असोज १० गते सेती अञ्चल अस्पतालमा पीडितको मृत्यु भयो। मदिरा सेवन गरेका मन्त्रीले सामान्य विवादमा पत्नी जिरियाको टाउकोमा बन्चरो प्रहार गरेको जिल्ला प्रहरी कार्यालयका डीएसपी ऋषिराम कँडेलले जानकारी दिए। मन्त्रीलाई प्रहरीले असोज १० गते घरबाट गिरफ्तार गरेको थियो। लासको पोस्टमार्टम ०७० असोज १० गते सेती अञ्चल अस्पतालमा भयो। पीडक जिल्ला अदालतको आदेशमा ०७० कात्तिक ५ गतेदेखि जिल्ला कारागारमा रहेकामा यस वर्षको अन्त्यसम्म पनि थुनामै छन्।

अमानवीय व्यवहार

वेलादेवीपुर गाविस-८ की ६० वर्षीया एक वृद्ध महिला बोक्सी भएको आरोपमा ०६९ चैत २३ गते सोही गाविस-७, घोडसुवाकी २७ वर्षीया नीरा राना र रामसिंह रानाले उनलाई कुटपिट तथा टाउको मुण्डन गरी अभक्ष खुवाउने कार्य गरे। वृद्ध पीडित महिलाले आफ्नो गर्भमा रहेको बच्चालाई बोक्सी लगाएर गर्भपतन गराएको भन्दै नीरा र उनका देवर रामसिंह राना, धर्मसिंह राना, भलमान्सा चतुरे राना र नीराका पति लालसिंह रानाले ०६९ चैत २३ गते राति पीडित

महिलाको घरभित्र पसी उनलाई आँगनमा ल्याई कुटपिट गरेका थिए। सोही ठाउँका ५९ वर्षीय बन्दी राना पनि बोक्सा भएको आरोपमा ०६९ चैत २३ गते रामकुमारी चौधरी र नीरा रानाले कुटपिट गरी गम्भीर घाइते बनाए। कुटपिटबाट पीडित रानाको टाउकोमा गम्भीर चोट लागेको थियो। रानाको टाउकोमा स्टिलको जगले नीराले हिर्काएको र रामकुमारीले लाठी र हातले कुटपिट गरेको पीडित पक्षले बतायो। पीडितहरूको उपचार सेती अञ्चल अस्पताल, धनगढीमा भयो। पीडित पक्षले ०६९ चैत २३ गते ज्यान मार्ने उद्योगमा घटनामा संलग्नहरूका विरुद्धमा जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएपछि सोही दिन घटनामा संलग्न नीरा राना, चतुरे राना र रामकुमारी रानालाई प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत, धनगढीको आदेशमा ०७० वैशाख २० गते नीरा र रामकुमारीलाई पुर्पक्षका लागि जिल्ला कारागार कैलालीमा थुनामा राख्न आदेश दियो भने चतुरेलाई तारेखमा रिहा गऱ्यो। अन्य आरोपित भने फरार रहेको प्रहरीले जनाएको छ। यस वर्षको अन्त्यसम्म आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्।

श्रीपुर गाविस-४ की ६० वर्षीया गुल्फीदेवी चौधरी र ४७ वर्षीया असिया चौधरीलाई कथित बोक्सीको आरोपमा ०७० साउन ८ गते सोही ठाउँका ३० वर्षीय राजु चौधरीले मार्ने धम्की दिए। आफ्ना छोराछोरीलाई टुनामुना गरेर बिरामी पार्ने बोक्सी भन्दै राजु चौधरीले ०७० साउन ८ गते घरमा आएर पीडित पक्षलाई मार्ने धम्की तथा गाली बेइज्जती गरेको बुझिएको लालपुर प्रहरी चौकी असई मोहनसिंह विकले जानकारी दिए। दुवै पीडित महिलाले ०७० साउन ९ गते प्रहरी चौकी, लालपुरमा आरोपित राजुका विरुद्धमा जाहेरी दिए। दुवै पक्षलाई बोलाई छलफल गराउँदा ०७० साउन ११ गते जिल्ला प्रहरी कार्यालयमा मिलापत्र भएको जिल्ला प्रहरी कार्यालयले जानकारी दियो।

यस वर्ष घरेलु हिंसा तथा महिलासँग जोडिएका १ सय ९१ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र १ सय ९१ ओटा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका २० जना, खानलाउन नदिएको तथा सम्बन्ध कायमका ५० जना, छरछिमेकीसंग झगडा २५ अर्को श्रीमती ल्याएर हेला गरेकोमा ७, मार्ने धम्की दिइएकोमा २५, बोक्सीको आरोप लगाएको घटनामा दुई जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले १ सय १५ घटनामा मिलापत्र गराएको र १४ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि सो केन्द्रले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति र सम्पत्ति कब्जा गैरराज्यबाट

नेकपा-माओवादीबाट

लालबोझी गाविस-२, चर्काका नवराजबहादुर सिंहका नाममा रहेको २२ बिघा जग्गा नेकपा-माओवादीका एरिया इन्चार्ज शेरबहादुर देउवाको नेतृत्वमा गएको एक टोलीले ०६९ चैत २८ गते कब्जा गऱ्यो। माओवादीले पूर्वडीएसपीसमेत रहेका सिंहको २२ बिघा जग्गामा पार्टीको झन्डा गाडेर कब्जा गरेको घोषणा गरेको थियो। सशस्त्र द्वन्द्वकालमा माओवादीले ०५९ सालमा सिंहको जग्गा कब्जा गरेको थियो। शान्ति स्थापनापछि पनि माओवादीको कब्जामा रहेको जग्गा पुनः नेकपा-माओवादीले झन्डा गाडेर कब्जा गरेको बुझिएको इलाका प्रहरी कार्यालय, भजनीका प्रबक्ता धनबहादुर साउदले जानकारी दिए। जग्गाधनी नवराज सिंह सम्पूर्ण परिवारसहित ०५९ सालदेखि काठमाडौँमा बस्दै आएको प्रहरी प्रवक्ता साउदले जानकारी दिए। हालसम्म पनि सिंहको जग्गा माओवादीकै कब्जामा रहेको इलाका प्रहरी कार्यालय, भजनीले जनायो।

थापापुर गाविस-२ का भरत शाहका नाममा रहेको ६ बिघा जग्गा नेकपा-माओवादीका एरिया नम्बर १० इन्चार्ज शेरबहादुर देउवाको नेतृत्वमा गएको एक टोलीले ०७० जेठ १३ गते कब्जा गऱ्यो। द्वन्द्वकालमा माओवादीद्वारा कब्जा भएको उक्त जग्गा शान्ति स्थापनासँगै फिर्ता भए पनि हाल नेकपा-माओवादीले कब्जा गरेको इलाका प्रहरी कार्यालय, भजनीका इन्स्पेक्टर लालबहादुर साउँदले जानकारी दिए। पहिले नै कब्जा गरेको जग्गामा शाहका आफन्तले जबरजस्ती गहुँ खेती गर्न खोजेपछि आफूहरूले पुनः कब्जा गरेको माओवादीका कैलाली जिल्ला सचिव महेश बडुवालले बताए। पीडित पक्षले माओवादीले जग्गा कब्जा गरेको भन्दै ०७० जेठ १३ गते साँझ इलाका प्रहरी कार्यालय, भजनीलाई खबर गरेपछि प्रहरीले खेतमा गाडेको झन्डा हटाएको इन्स्पेक्टर साउँदले बताए पनि सो जग्गा आफ्नै कब्जामा रहेको नेकपा-माओवादी कैलाली जिल्ला सचिव महेश बडुवालले बताए।

लालबोझी गाविस-५ का सुरेश हमालका

नाममा रहेको बा२च २५९६ नम्बरको गाडीले बन्दको अवज्ञा गरेको आरोपमा नेकपा-माओवादीका कार्यकर्ताहरूले ०७० कात्तिक २७ गते उक्त गाडी तोडफोड गरे। तोडफोडबाट गाडीको सिसामा क्षति पुगेको इलाका प्रहरी कार्यालय, भजनीले जनायो। घरअगाडि राखिएको गाडीलाई बन्दको अवज्ञा गरेको भनी तोडफोड गरेकामा थापापुर गाविस-४ का ३९ वर्षीय मधुसुधन राजवंशी, सोही ठाउँका २७ वर्षीय अमृत कुर्मी, ४२ वर्षीय नारायण ओझा, २८ वर्षीय सुरेन्द्र जैशी, लालबोझी गाविसका २८ वर्षीय पदम बुढा र थापापुर गाविस-९ का २८ वर्षीय नरुल जागाका विरुद्धमा कात्तिक २८ गते इलाका प्रहरी कार्यालय, भजनीमा गाडीधनीले किटानी जाहेरी दिए। घटनामा संलग्न भएका मधुसुधनलाई ०७० कात्तिक २७ गते गिरफ्तार गऱ्यो। मधुसुधनलाई जिल्ला प्रशासन कार्यालयले ०७० पुस १ गते १६ हजार ८ सय ३४ रुपियाँ जरिवाना तिराएर रिहा गरेको थियो।

नेकपा-माओवादीसहितको ३३ दलीय मोर्चाका कार्यकर्ताहरूले आफूहरूको मोर्चाको नीतिविपरीत गाडी चलाएको आरोपमा ०७० असोज १९ भारतीय नम्बरप्लेट युपी३१टी ४१७० र युपी३१टी १८४४ नम्बरका गाडीमा ढुङ्गा प्रहार गरी धनगढीमा तोडफोड गरे। तोडफोडबाट गाडीका सिसाहरू फुटेको जिल्ला प्रहरी कार्यालयले जनायो। नेकपा-माओवादीले भारतीय प्लेटका सवारीसाधन नेपाल प्रवेशमा रोक अभियान चलाएको समयमा जबरजस्ती नेपाल आएका भारतीय गाडीमा तोडफोड भएको माओवादी जिल्ला सचिव महेश वडुवालले जानकारी गराए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	३		
स्वास्थ्यचौकी	२०		
उपस्वास्थ्यचौकी	१७		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	२५	१५	१०
स्टाफ नर्स	३७	२५	१२
ल्याब असिस्टेन्ट	१६	११	६
अहेब	११७	५८	१५
अनमि	६२	५६	६
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२८	१६	१२
माशिका	१७	१७	
स्वास्थ्य कार्यकर्ता	१२	८	४

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यानमा ४१ र जबरजस्ती करणीमा ३९ मुद्दा दर्ता भए, जसमा कर्तव्य ज्यानमा ३७ जना र जबरजस्ती करणीमा ३० जनालाई गिरफ्तार गरिएको थियो। यसै गरी मानव बेचबिखनमा पाँच, बहुविवाहमा ६, बोक्सीको आरोपमा एक मुद्दा दर्ता भए।

५.२ अछाम

जिल्ला सदरमुकाम: मङ्गलसेन
क्षेत्रफल (वर्ग कि. मि.): १,६८०
घरधुरी सङ्ख्या: ४८,३५१
जम्मा जनसङ्ख्या: २,५७,४७७
पुरुष: १,२०,००८
महिला: १,३७,४६५
अपाङ्ग सङ्ख्या: ८,६०२
गाविस/नपा सङ्ख्या: ७५/०
पुरुष साक्षरता सङ्ख्या: ७५,६७४
महिला साक्षरता सङ्ख्या: ५५,८७४
हिन्दू धर्मावलम्बी प्रतिशत: ९९.४३
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.३
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.१३
अन्य धर्मावलम्बी प्रतिशत: ०.०३६
प्रतिपरिवार सरदर सङ्ख्या: ५.३३

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३६ कैदी र कैद नतोकिएको चार थुनुवा गरी जम्मा ४० जना बन्दीहरू रहेका छन्। जसमा महिला तीन र पुरुष ३७ जना रहेका छन्। आश्रित बालबालिका छैनन्। यो जिल्ला कारागार ०३६ सालमा निर्माण भएको हो।

कारागारको भौतिक अवस्था जीर्ण रहेको छ। पानी परेको समयमा कारागारभित्र पानी चुहिने गरेको छ। नयाँ कारागार भवन निर्माण सम्पन्न हुने अन्तिम चरणमा पुगेको छ। दैनिक रूपमा ४५ रुपियाँका दरले कैदीलाई नगद सिदा दिने गरिन्छ भने ७ सय ग्रामका दरले दैनिक रासन सिधा दिने गरिन्छ। यसका साथै स्वास्थ्य उपचार शिक्षा पनि प्रदान गर्ने व्यवस्था छ।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

भाग्यश्वर गाविस -१ का एमाओवादी जिल्ला कमिटी सदस्य ३९ वर्षीय टङ्क रावलले आफूलाई एमाले कार्यकर्ताहरू सोही गाविस- १ का २५ वर्षीय मुकेश रावल ३२ वर्षीय विशाल रावल, २९ वर्षीय हिमाल रावल, २७ का हर्कजन रावल, ३२ वर्षीय बिशाल रावल, २९ वर्षीय हिमाल रावल, २७ वर्षीय हर्कजन रावल २७ वर्षीय धनबहादुर रावल ,सोही गाविस-२ का २८ वर्षीय दीपेन्द्र खत्री, २७ वर्षीय कमल रावल, सोही गाविस-४ का ३० वर्षीय तारामान रावल, ३२ वर्षीय योगेश रावल, ३४ वर्षीय ध्वज रावलले बुथ क्यापचर गर्न नदिएको आरोपमा ढुङ्गा प्रहार गरी घाइते बनाएको भन्दै ०७० मङसिर ५ गते जिल्ला प्रहरी कार्यालय अछाममा किटानी जाहेरी दिए। ढुङ्गा प्रहारबाट रावलको टाउकोमा चोट लागेको थियो। संविधानसभा निर्वाचनको दिन ०७० मङ्सिर ४ गते मतदान सम्पन्न भइसकेपछि मतपेटिकासँगै सदरमुकाम फर्किने क्रममा एमाले कार्यकर्ताहरुले बुथक्याप्चर गर्न नदिएको भन्दै मतदान सकिएपछि आफूमाथि ढुङ्गा प्रहार गरेको जाहेरीमा उल्लेख छ। उनको सोही दिन स्थानीय बयलपाटा अस्पतालमा उपचार भयो। उनको टाउकोमा आठ टाँका लागे। प्रहरीले रावलको घाउ जाँच फारम भरे पनि कुनै कारवाही प्रक्रिया अगाडि बढाएन। सोही घट्नामा अमरगढी नपा-६ घर भई बडिमालिका गण बनबेहडा कैलालीमा दरबन्दी भई भाग्यश्वर मतदान केन्द्रको सुरक्षार्थ खटिएका सशस्त्र प्रहरी जवान श्याम ताम्राकारको बायाँ हातमा चोट लाग्यो। उनको पनि सोही दिन बयलपाटा अस्पतालमा उपचार भयो। घटनामा संलग्न भनिएका दोषीमाथि हालसम्म कुनै पनि कारवाही भएन।

भाग्यश्वर गाविस -९ निवासी एमाओवादीका केन्द्रीय सदस्य ४५ वर्षीय तारामान स्वाँर र चण्डिका गाविस -१ निवासी सोही पार्टीका कार्यकर्ता ३० वर्षीय एकेन्द्र भुलले संविधानसभामा बुथ क्याप्चर गर्न नदिएको आरोपमा ०७० मङ्सिर ४ गते एमाले कार्यकर्ता २८ वर्षीय अशोक रावल लगायतले उनीहरुलाई कुटपिट गरेको भन्दै स्वार र भूलले प्रहरीमा जाहेरी दिए। कुटपिटबाट स्वाँरको छाती र खुट्टामा र भुलको खुट्टामा चोट लाग्यो । उनीहरूको सोही दिन बयलपाटा अस्पतालमा उपचार भयो । प्रहरीले पीडितहको घाउजाँच फारम भरे पनि दोषीलाई कारवाही भएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको अछाम जिल्ला अदालतमा फौजदारीतर्फ २२ थान मुद्दा परेकामा आठ थानको फैसला भयो भने १४ बाँकी रहे। देवानीतर्फ ११ थान मुद्दा परेकामा चार थानको फैसला भयो भने सात थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्ममा

अछाम जिल्ला अदालतको फौजदारीतर्फ नौ थान मुद्दा परेकामा कुनै मुद्दाको पनि फैसला भएन। देवानीतर्फ सात थान मुद्दा परेकामा एउटाको फैसला भयो भने ६ बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी कुनै मुद्दा रहेका छैनन्।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३५ छ, जसमध्ये १८ थान सफल भए भने ८ थान असफल भए। मुलतवी, तमेलीमा रहका मुद्दाको सङ्ख्या २३ थान छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी दुई थानमध्ये एक सफल र एक असफल रहे। बलात्कारसम्बन्धी तीन थान मुद्दामध्ये तीनै थान असफल रहे। महिला बेचबिखन र अपहरणसम्बन्धी कुनै पनि मुद्दा दर्ता नभएको अवस्था छ। बहुविवाहसम्बन्धी परेका दुई थान मुद्दामध्ये दुवै असफल रहे। बालविवाह र छुवाछूतसम्बन्धी कुनै मुद्दा दर्ता भएनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या आठ रहेकामा तीन थान सफल भए भने पाँच थान असफल रहे। सरकारी वकिलको सङ्ख्या एक जना रहेको अछाम जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म १६ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

अछाम जिल्लाका विद्यालय जाने उमेरका ९८ हजार २ सय ६८ मध्ये छात्र ४८ हजार २ सय ५४ र छात्रा ५० हजार १४ प्राविदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १५ हजार ५ सय ९६ र छात्र १५ हजार ६ सय ८३ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथमिक तहमा महिला ४ सय १८ र पुरुष १ हजार ५ सय ९५ गरी जम्मा २ हजार १३ शिक्षक कार्यरत छन्। निम्न माध्यमिक विद्यालय तहमा महिला ४८ र पुरुष ४ सय २७ गरी जम्मा ४ सय ७५ शिक्षक कार्यरत छन्। यसै गरी माध्यमिक तहमा महिला ५ र पुरुष २ सय ७९ गरी जम्मा २ सय ८४ शिक्षक कार्यरत छन्। कुल ४ सय ३२ बालविकास केन्द्रमा बालक ५ हजार ४ सय ८६ र बालिका ५ हजार ७ सय १८ गरी जम्मा ११ हजार २ सय ४ रहेका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		३	३
बालअधिकार	९		९
महिलाअधिकार	१६		१६
जातीय विभेद	१	१	३
कुटपिट		३	३
हत्या	१		१
जम्मा	३७	६	३३

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पाँच वर्षीया एक बालिकालाई १५ वर्षीय बालकले ०७० वैशाख १० गते बलात्कार गरेको आरोपमा बालिकाका आफन्तले कारवाहीको माग गर्दै ०७० वैशाख १६ गते प्रहरी चौकी, चौरपाटीमा उजुरी दिए। आरोपित बालकलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। बालिकाको वैशाख १७ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। प्रहरीले आरोपित बालकका नाममा ०७० वैशाख १९ गते जिल्ला प्रहरी कार्यालयमा जबरजस्ती करणीको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत, अछामले वैशाख २५ गते बालकलाई पुर्पक्षका लागि कारागार चलान गर्न आदेश दिएको भए पनि पुनः जिल्ला अदालतको जेठ २९ गतेको फैसला उनुसार नाबालक भएको भन्दै उनलाई साधारण तारेखमा रिहा गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१५ वर्षीया एक बालिकालाई ०६९ चैत २३ गते मङ्गलसैन गाविस-६ स्थित रङ्गशालानजिक बलात्कारको प्रयास गरेको भन्दै बालिकाका आफन्तले डोटी जिल्ला कानाचौर गाविस-१ का २२ वर्षीय गजेन्द्र बुढाविरुद्ध चैत २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन मङ्गलसैन गाविस-३, लाछिमानास्थित नातेदारको घरबाट गिरफ्तार गरी चैत २७ गते जबरजस्ती करणी उद्योगमा मुद्दा दर्ता गऱ्यो। आरोपित बुढालाई जिल्ला अदालतले ०७० वैशाख १८ गते पुर्पक्षका लागि कारागार चलान गरेकामा जेठ २८ गते १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो।

१५ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा ओलीगाउँ गाविस-४ का २० वर्षीय गंग भुलविरुद्ध पीडितकी आमाले ०७० जेठ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरिन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरेर जेठ १६ गते आरोपितविरुद्ध मुद्दा दर्ता गऱ्यो। भुलले ती किशोरीलाई जेठ ११ देखि १३ गतेसम्म गाउँकै भैंसी बाँध्ने गोठमा थुनेर बलात्कार गरेको पीडितको उजुरीमा उल्लेख भएको प्रहरीले बतायो। पीडित बालिकाको चिउँडो र छातीमा चोट लागेकामा उनको उपचार तथा स्वास्थ्य परीक्षण ०७० जेठ १५ गते जिल्ला अस्पताल, मङ्गलसैनमा गरियो। आरोपितलाई जिल्ला अदालतले जेठ १८ गते पुर्पक्षका लागि कारागारमा राख्न आदेश दियो। जिल्ला अदालले ०७० असोज १४ गते गंगलाई ६ बर्ष कैदको फैसला सुनायो। यस वर्षको अन्त्यसम्म आरोपितले कारागारमा कैद सजाय भोग्दै छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

घरेलु हिंसा

वलीगाउँ गाविस -२ की ४५ वर्षीया जलु नेपालीलाई अघिल्लो दिन बेलुकीको भात नराखेको भन्दै ०७० पुस ११ गते पति ५० वर्षीय सेते नेपालीले उनको बायाँ हात र शरीरमा तातो दाल खन्याएर घाइते बनाए। पीडित महिलाले पति सेतेले पुस ११ गते बिहान खाना खाने समयमा तातो दालको ताप्के बाँया हातमा खनाएको भन्दै ०७० पुस १६ गते प्रहरीमा दिएको जाहेरीमा उल्लेख छ । जाहेरीलगत्तै सेतेलाई घरबाट गिरफ्तार गरेर यस वर्ष अन्त्यसम्म प्रहरी हिरासतमा राखिएको छ। घाइते जलुको जिल्ला अस्पताल, अछाममा उपचार भयो । सेतेले यसअघि पनि बन्चरोले टाउकोमा र हँसियाले हातमा प्रहार गरी घाइते बनाएको तथा पाखुरामा फलामको रड तताएर घोचेको जलुले जिल्ला प्रहरी कार्यालयमा बताइन् । सेते यसअघि पटक-पटक प्रहरीको हिरासतमा पुगेर अबदेखि कुनै प्रकारको यातना नदिने भन्दै कागज गरेर छुट्ने गरेका प्रहरीले जनायो।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै पाँच जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, मङ्गलसैनमा उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका तीन जना, खानलाउन नदिएका दुई जना रहेको केन्द्रले बतायो। ती घटनामध्ये प्रहरीले पाँचओटै घटनामा मिलापत्र गराएको पाइयो।

सबै प्रकारका जातीय विभेद

बुढाकोट गाविस-६ का १९ वर्षीय रमेश विकलाई ०६९ माघ २८ गते बुढाकोट गाविस-३ र ४ को सीमामा अवस्थित नवदुर्गा मन्दिरका पूजारी चेतराज भट्टले दलित भन्दै प्रवेशमा रोक लगाए। उक्त मन्दिरमा माघ २४ देखि श्रीमद्भागवत ज्ञान महायज्ञ आयोजना भइरहेका बेला मन्दिरमा गएर टीका लगाउन खोज्दा पूजारीले दलित भन्दै प्रवेशमा रोक लगाएको विकले बताए। आयोजकले महायज्ञको नाम नै छुवाछूतमुक्त महायज्ञ भनेर राखेका भए पनि दलितलाई मन्दिर प्रवेश गर्न नदिएर करिब १० मिटर टाढाबाट टीका लगाई दिने गरेको विकले बताए। रमेशलाई मन्दिर प्रवेशमा रोक लगाएपछि उनीसँगै रहेका साथी सुरत सुनारलाई दलित भएको थाहा नपाएर पूजारीले टीका लगाउन खोजेपछि आफू पनि दलित हुँ भन्दै सुरतले टीका लगाउन मानेनन्। महायज्ञमा पुजारीले जातीय भेदभाव गरेको भन्ने सन्देश बाहिर नजाओस् भन्नका लागि महायज्ञ आयोजकहरूले रमेश र सुरतलाई फूलमाला लगाएर सम्मान गरेका थिए। पीडितहरूले यस विषयमा कतै उजुरी गरेनन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	६०		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	४	१	३
स्टाफ नर्स	५	२	३
ल्याब असिस्टेन्ट	३	१	२
अहेब	१५४	१११	४३
अनमि	८५	७५	१०
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट	२३	२२	१

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यान तीन मुद्दा दर्ता भई विचाराधीन रहे, जसमा पाँच जनालाई गिरफ्तार गरेका थिए। जबरजस्ती करणीका पाँच मुद्दा दर्ता भएकामा एक फैसला भई चार विचाराधीन रहे। जसमा पाँचजनालाई गिरफ्तार गरेका थिए। जबरजस्ती करणी उद्योग तीन मुद्दा दर्तामध्ये एक फैसला भई दुई विचाराधीन रहे। जसमा पाँच जनालाई गिरफ्तार गरेका थिए। जबरजस्ती विवाहका एक मुद्दा दर्ता भई मेलमिलाप भए, जसमा एक जनालाई गिरफ्तार गरेको थियो। बहुविवाहको एक मुद्दा दर्ता भयो।

५.३ डोटी



जिल्ला सदरमुकाम: सिलगढी
क्षेत्रफल (वर्ग कि. मि.): २,०२५
घरधुरी सङ्ख्या: ४१,४४०
जम्मा जनसङ्ख्या: २,११,७४६
पुरुष: ५७,२५२
महिला: १,१४,४५४
अपाङ्ग सङ्ख्या: ७,३०२
गाविस/नपा सङ्ख्या:
पुरुष साक्षरता सङ्ख्या: ६२,६०५
महिला साक्षरता सङ्ख्या: ४५,४२२
हिन्दू धर्मावलम्बी प्रतिशत: ५५.०४
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.७५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.१३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०१७
प्रतिपरिवार सरदर सङ्ख्या: ५.११

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
गैरराज्यपक्षबाट
अज्ञातबाट

अज्ञात समूहले सिमचौर गाविस-२ निवासी काङ्ग्रेसका भूतपूर्व जिल्ला विकास समिति सदस्य ६० वर्षीय उपेन्द्र बमको ०७० कात्तिक २४ गते हत्या गऱ्यो। गाविसको नजिक चपरतोलाबाट तल जाने दानेछेडा भीरबाट करिब ५० मिटर तल लुगा च्यातिएको, शरीरमा नीलडाम रहेको र बाटोमा उल्टो घोप्ट्याई फालेको अवस्थामा लास भेटिएको काङ्ग्रेसका नेता दिलबहादुर बमले बताए। आफ्ना कार्यकर्ताको

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		१४	१४
बालअधिकार	६		६
महिलाअधिकार	३३		३३
जातीय विभेद		३	३
कुटपिट	१	१३	१४
हत्या		१	१
जम्मा	३९	३०	५९

रहस्यमय तरिकाले हत्या भएको हुन सक्ने अनुमान गर्दै निर्वाचनमा आत्तिएकाहरूबाट घटना घटाएको हुन सक्ने भएकाले वास्तविकता पत्ता लगाई दोषीलाई कारबाही गर्न सम्बन्धित निकायसँग अपिल गर्दै नेपाली काङ्ग्रेस डोटीले ०७० कात्तिक २४ गते प्रेस विज्ञप्तिसमेत प्रकाशित गऱ्यो। लास सोही दिन प्रहरीले जिल्ला अस्पताल डोटीमा ल्याई पोस्टमार्टम गरी आफन्तलाई बुझायो। पीडित परिवारले जिल्ला प्रहरी कार्यालय, डोटीमा दिएको उजुरीको आधारमा ०७० मङ्सिर २६ गते सोही गाविस-५ का ३४ वर्षीय कमलबहादुर घर्तीमगर, ४२ वर्षीय शशिराम मगर, ३१ वर्षीय बीरबहादुर घर्तीमगर, ३१ वर्षीय हर्क घर्तीमगर, ३६ वर्षीया हीरा घर्तीमगर र २६ वर्षीय खेम मगरलाई अनुसन्धानका लागि गिरफ्तार गरी हिरासतमा राखी ०७० पुस ९ गते जिल्ला सरकारी वकिलको कार्यालयमा पेस गर्दा हत्या गरेको सबुत प्रमाण नभेटिएको र शङ्काको भरमा उजुरी दिएको कारण पछि कहीँबाट खुल्न आएमा कारबाही हुने गरी रिहा गरेको जिल्ला प्रहरी कार्यालयका अनुसन्धान अधिकृत परशुराम चौधरीले जानकारी दिए।

जेल र बन्दी

'ख' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता ४५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २६ कैदी र कैद नतोकिएका चार थुनुवा गरी जम्मा ३० जना पुरुष बन्दी रहेका छन्। महिला र आश्रित बालबालिका छैनन्। यस जिल्ला कारागारको निर्माण कति सालमा भएको हो भन्नेबारेमा कुनै पनि अभिलेख नपाइएको कारागार प्रमुख अशोक सार्कीले जानकारी दिए।

कारागार जीर्ण अवस्थामा रहेको छ। यसको मर्मत-सम्भार गर्नुपर्ने देखिन्छ। कारागारभित्र आईसीआरसीले खानेपानीको ट्याङ्की निर्माण गरिदिए पनि सोही ट्याङ्कीबाट पानी खाँदा जुका, आउँ पर्ने भएका कारण फिल्टरको आवश्यकता रहेको छ। आईसीआरसीले शौचालयको पनि व्यवस्था गरिदिएको छ। मानवअधिकारवादी संस्थाहरूले मासिक, पाक्षिक तथा वार्षिक प्रकाशनहरू उपलब्ध गराउँदै आएका छन्। यसै गरी कारागारभित्र जिल्ला विकास समितिले पुस्तकालयको व्यवस्था गरी विभिन्न प्रकारका पाठ्यसामग्री एवम् खेलकुदका सामग्रीहरूको पनि व्यवस्था गरेको छ। कारागारमा सञ्चारमाध्यमहरू रेडियो, टीभी, पत्रपत्रिका पनि उपलब्ध गराउने व्यवस्था गरेको छ। यस वर्ष कारागारभित्र कुनै पनि प्रकारका भोक हडताल, आमरण अनशन र कुनै माग राखी विरोध प्रदर्शन भएन। यस वर्षभित्र जेलभित्र रहेका कुनै पनि बन्दीको मृत्यु भएको छैन भने प्रहरीको हिरासतमा पनि मृत्यु भएको छैन। खेलसामग्रीहरू पर्याप्त नहुँदा बन्दीहरूलाई सुधारगृहको रूपमा विकास गर्न समस्या परेको कारागार प्रमुख अशोक सार्कीले जानकारी दिए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

लाटामाडौँ गाविस-२ का एमालेका कार्यकर्ता ३० वर्षीय खेमबहादुर रावल र ३२ वर्षीय लोकबहादुर रावलले ०७० मङ्सिर ४ गते साँझ मतदान गरी फर्कदै गरेका सोही गाविस-२ का ५२ वर्षीय कृष्णबहादुर महरालाई काङ्ग्रेसलाई भोट दिएको भन्दै कुटपिट गरी घाइते बनाए। सोही गाविस-६ को जङ्गलमा लुकीछिपी बसेका आरोपितहरूले मैले भनेको नमानी काङ्ग्रेसमा भोट हाल्ने भन्दै आक्रमण गरेको पीडितले बताए। आक्रमणबाट उनको दाँत भाँचिएको थियो भने निधारमा पनि चोट लागी रगताम्ये भएका थिए। आफूमाथि आक्रमण गर्ने आरोपितहरूलाई कारबाहीको माग गर्दै घटनाको दोस्रो दिन ०७० मङ्सिर ५ गते पीडितले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। आरोपितद्वयले पीडितलाई कुटपिट गर्ने मनसाय नभए पनि आक्रमण गरी गल्ती गरेकामा क्षमायाचना माग्दै औषधी उपचार खर्च बेहोर्ने बताए पनि पीडितका छोरा केशव महरा असहमत भएपछि ०७० मङ्सिर ९ गते आरोपितहरूलाई प्रहरीले हिरासतमा राख्यो। आरोपित र पीडितपक्षका बीचमा ०७० मङ्सिर १० गते छलफल गराउँदा उपचार गराइदिने सर्तमा सहमति कायम

भएपछि आरोपितहरूलाई रिहा गरियो। घाइतेको उपचार जिल्ला स्वास्थ्य कार्यालयमा हुन नसकेपछि उनीहरूको थप उपचारका लागि सुविधायुक्त अस्पतालमा लैजाने भन्ने वचन आरोपितहरूले दिएपछि काठमाडौँमा पीडितको उपचार भयो।

दिपायल सिलगढी नपा-१ निवासी डोटी-१ का प्रत्यक्षतर्फका एमाओवादी उम्मेदवार मोहन बम चुनावी प्रचारप्रसार समापन गरेर घर फर्कंदै गरेको अवस्थामा से१ज. ६०६ नम्बरको जिपमाथि ०७० कात्तिक २४ गते राति केही युवाहरूले दिपायल सिलगढी नपा-११ तिखामा आक्रमण गरी उनीसहित १४ जना नेता तथा कार्यकर्तालाई घाइते बनाउनुका साथै सवारी साधनसमेतमा क्षति गरे। आक्रमणबाट उम्मेदवार मोहन बमको टाउको, आँखा र शरीरमा, सेती महाकाली राज्य समिति सदस्य ६६ वर्षीय सहदेव खातीका दुई ओटै आँखा, ३२ वर्षीय राजनीतिक कार्यकर्ता राजकुमार मलासीको बायाँ हात भाँचिएको र दिपायल सिलगढी नपा-१३ का ४५ वर्षीय महादेव जोशीको घाँटीमा चोट लागेको थियो। आक्रमणकारीहरूले गाडी र कार्यकर्ताहरूमाथि रड प्रहार गरेका थिए। आक्रमणबाट कालिकास्थान गाविस- ९ निवासी एमाओवादीका समानुपातिक उम्मेदवार ३४ वर्षीया कलावती ओझा, दिपायल सिलगढी नपा- ५ का ४२ वर्षीय पद्मराज भट्ट, गैह्रागाउँ गाविस-१ का २६ वर्षीय कार्यकर्ता हेम कर्ण, खातिवडा गाविस-६ का २४ वर्षीय विष्णु बोगटी, दिपायल सिलगढी नपा-११ का ३६ वर्षीय स्वतन्त्र उम्मेदवार लोकबहादुर खड्का, सोही नपा-२ का ३१ वर्षीय राजु घले, सोही वडाका ३२ वर्षीय अनिल जोशी, सोही नपा-११ का ३५ वर्षीय बहादुर खड्का, सोही नपा- १ का ३० वर्षीय टेक खड्का र खातिवडा गाविस- ६ का ३६ वर्षीय देव बोगटी घाइते भएका उम्मेदवार मोहन बमले बताए। पीडित मोहन बमले आफूमाथि आक्रमण गर्नेमा दिपायल सिलगढी नपा-११ का ३० वर्षीय जयबहादुर खड्का, सोही गाउँका २४ वर्षीय डबलबहादुर खड्का, ३५ वर्षीय धर्म बाग, १८ वर्षीय भरत भण्डारी, ३४ वर्षीय उत्तम खड्का, २४ वर्षीय दिलबहादुर खड्का, ४० वर्षीय गोरख सिंह खड्का, २८ वर्षीय तेज खड्का, ३१ वर्षीय देवेन्द्र खड्का, १८ वर्षीय शङ्कर खड्का, ३५ वर्षीय शिव खड्का र ३० वर्षीय हिक्मत खड्काका नाममा ०७० कात्तिक २५ गते किटानी जाहेरी दिएपछि ०७० कात्तिक २८ गते दिपायल सिलगढी नपा-११ निवासी काङ्गेसका नगर सभापति ३८ वर्षीय विजय खड्का, सोही गाउँका ३७ वर्षीय शिवराज खड्का, ३४ वर्षीय जयबहादुर खड्का र ३४ वर्षीय उत्तम सिंह खड्कालाई ०७० कात्तिक २९ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयले आरोपितहरूका नाममा ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गरी जिल्ला अदालतमा पेस गर्दा जिल्ला अदालतका न्यायाधीश धनसिंह महराको एकल इजलासले विजय खड्का र शिव खड्काबाट २५/२५ हजार र जयबहादुर खड्का र उत्तम खड्काबाट १/१ लाख रुपियाँ धरौटी लिई ०७० मङ्सिर १० गते रिहा भए।



एमालेका कार्यकर्ताबाट कुटपिट गरी घाइते बनाइएका कृष्णबहादुर महरा

सातफरी गाविस- ७ का १९ वर्षीय टेकबहादुर विष्ट र १९ वर्षीय दिनेश साउँदलगायत १० जनालाई ०७० मङ्सिर ४ गते सोही गाविस-३ का एमाओवादी कार्यकर्ता प्रेम कुँवरको टोलीले एमाले पार्टीमा आस्था राखेको आरोपमा कुटपिट गर्दा टेकबहादुर विष्टको बायाँ खुट्टा भाँचियो भने दिनेश साउँद घाइते भए। कुटपिटबाट गम्भीर घाइते भएका दिनेश साउँद र टेकबहादुर विष्ट दुवै जनाको धनगढी अञ्चल अस्पतालमा उपचार भएको थियो भने अन्य सामान्य घाइतेहरूको स्थानीय अस्पतालमा नै उपचार गरिएको थियो। सामान्य घाइते हुनेहरूमा सातफरी गाविस-४ निवासी एमाले निर्वाचन क्षेत्र नं. २ का क्षेत्रीय कमिटी सदस्य २८ वर्षीय नवराज विनाडी, सोही गाविस-८ का गाउँ कमिटी सदस्य ४० वर्षीय दीर्घबहादुर विष्ट, सोही गाविस-७ निवासी ३८ वर्षीय गाउँ कमिटी सदस्य दीर्घ विष्ट, सोही गाविस-५ का २० वर्षीय देवराज जोशी, सोही गाविस-४ का ४५ वर्षीय महेश्वर विनाडी, २६ वर्षीय डिल्लीराज विनाडी, २२ वर्षीय गोविन्द विनाडी, सोही गाविस-१ का १९ वर्षीय जमन सिंह साउँद र सोही गाविस-७ का २२ वर्षीय रामबहादुर विष्ट रहेका थिए। सोही विषयलाई लिएर आरोपित मध्येका सातफरी गाविस-४ का शेरबहादुर ढोलीले दलित भनेर आत्मसम्मानमा चोट पुऱ्याएको आरोप लगाउँदै ०७० मङ्सिर १३ गते सोही गाविस-४ निवासी एमाले निर्वाचन क्षेत्र नं. २ का क्षेत्रीय कमिटी सदस्यसमेत रहेका २८ वर्षीय नवराज विनाडीसमेतका नाममा जातीय छुवाछूतमा मुद्दा दिएका छन् भने

पीडितहरूले पनि ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गराएको जिल्ला प्रहरी कार्यालयका अनुसन्धान अधिकृत परशुराम चौधरीले बताए। बायाँ खुट्टा भाँचिएका घाइते टेकबहादुर विष्टको खुट्टामा प्लास्टर गरिएको छ भने दिनेश साउँदको पेटभित्र रगत जमेकाले एक महिनाको औषधी दिएर ०७० मङ्सिर २७ गते धनगढीबाट डोटी फर्किएको पीडितले बताए। गिरफ्तार भने कसैलाई गरिएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारीतर्फ ४८ मुद्दा दर्ता भएकामा ३४ थानको फैसला भयो भने १४ बाँकी रहे। देवानीतर्फ २० थान मुद्दा दर्ता भएकामा १५ थानको फैसला भयो भने पाँच थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतको फौजदारीतर्फ ३३ थान मुद्दा दर्ता भएकामा १० थानको फैसला भयो भने २३ थान बाँकी रहे। देवानीतर्फ १२ थान मुद्दा दर्ता भएकामा पाँच थानको फैसला भयो भने सात थान बाँकी रहे। यस वर्ष दुई वर्ष नाघेका मुद्दाहरू छैनन्।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३३ थान छ, जसमध्ये १९ थान सफल भए भने ६ थान असफल भए। मुलतवी, तामेलीमा रहेका मुद्दाको सङ्ख्या एक छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा पाँच रहेकामा एउटा भयो भने चारओटा असफल रहे। बलात्कारसम्बन्धी मुद्दा पाँच थान रहेकामा दुई थान सफल रहे। महिला छुवाछूतसम्बन्धी परेको एक मुद्दा असफल नै रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ६५ हजार ९ सय २२ मध्ये छात्र ३२ हजार ६ सय ३ र छात्रा ३३ हजार ३ सय १९ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १० हजार २ सय २ र छात्र १० हजार ३ सय ५५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राविं तहमा ७ सय २४ दरबन्दी र ३ सय ४३ राहत दरबन्दी गरी जम्मा १ हजार ६७ जना महिा र पुरुष शिक्षक कार्यरत छन् भने निमाविं तहमा महिला र पुरुष गरी दरबन्दीमा १ सय ४६, राहतमा १ सय २० गरी जम्मा २ सय ६६ शिक्षक कार्यरत छन्। यसै गरी माविं तहमा महिला र पुरुष गरी दरबन्दीमा ९१ र राहतमा ९१ गरी जम्मा १ सय ८२ जना शिक्षक कार्यरत छन्।

सामुदायिकतर्फ ३ सय ९१ र संस्थागततर्फ २३ गरी जम्मा ४ सय १४ विद्यालय रहेको यस जिल्लामा प्राविं तहमा २ सय ५९, निमाविं तहमा ७८ र माविं तहमा ७७ विद्यालय रहेका छन्। बालविकास केन्दतर्फ २ हजार ५ सय ५१ छात्र र २ हजार ६ सय ७२ गरी जम्मा ५ हजार २ सय २३ बालबालिका अध्ययनरत छन्। जसमध्ये दलित छात्र ६ सय ६४ र छात्रा ७ सय ७२ गरी जम्मा १ हजार ३ सय ९१ अध्ययनरत छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको भए पनि शिक्षकहरूको हकमा महिला र पुरुषको तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सात वर्षीया एक बालिका गाईगोठबाट घर फर्कंदै गरेको समयमा ०६९ फागुन १० गते तिखातर गाविस-५ का ३५ वर्षीय खगेन्द्र बोगटीले बलात्कार प्रयास गरेको आरोपमा ०६९ फागुन ११ गते दुर्गामाडौं गाविसस्थित वायल प्रहरी चौकीको टोलीले आरोपित बोगटीलाई गिरफ्तार गऱ्यो। तिखातर गाविस-७ राप्तेडाँडामा आरोपितको गाईगोठ रहेको र आफू सोही बाटो भएर फर्किने क्रममा बलात्कारको प्रयास गरिएको पीडितले बताइन्। बहिनीको शरीरमा लगाएको लुगा च्यातिएको र रुँदै घर फर्किएपछि पीडित परिवारले प्रहरीलाई खबर गरेको थियो। जिल्ला प्रहरी कार्यालयले ०७० फागुन १२ गते आरोपितविरुद्ध जिल्ला अदालतमा बलात्कारको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित बोगटी ०६९ फागुन २६ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

लडागडा गाविस-७ का ३० वर्षीय रामबहादुर कठायतले ०७० वैशाख १५ गते सोही गाउँको जङ्गलबाट घर फर्किंदै गरेकी १५ वर्षीया बालिकालाई बलात्कार गर्ने मनसाय लिई पीडितलाई बाटो छेकी

यौन दुर्व्यवहार गर्ने प्रयास गरेको आरोपमा कारबाहीका लागि अनुरोध गर्दै सोही दिन पीडितका बुबाले लडागडा प्रहरी चौकीमा निवेदन दिएपछि प्रहरीले आरोपितलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेको थियो। आरोपितलाई केही सार्वजनिक अपराधमा मुद्दा लगाई जिल्ला प्रशासन कार्यालयमा पेस गर्दा प्रमुख जिल्ला अधिकारी दीपक काफ्लेको एकल इजलासले ०७० वैशाख २४ गते आरोपितबाट पाँच हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गरेकामा ०७० असार १६ गते आरोपितले सार्वजनिक अपराध, २०२७ को दफा २ विपरीत कसुर गरेको ठहर गरी उप्रान्त गल्ती कसुर गर्ने छैन भनी कागज गरेपछि रिहा गरेको जिल्ला प्रशासन कार्यालयका खरिदार तेजबहादुर खड्काले बताए।

१२ वर्षीया एक बालिका खेतबाट घर फर्कदै गरेको अवस्थामा ०७० साउन २० गते लामीखाल गाविस-८ का २४ वर्षीय रामबहादुर अधिकारीले बलात्कार गरेको आरोपमा प्रहरीले उनलाई ०७० साउन २२ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयलाई बुझाइएको थियो। खेतमा घाँस काटेर घर फर्किरहेकी पीडित भनिएकी बालिकामाथि जबरजस्ती करणी गर्दै गरेका समयमा बालिकाका बुबाले आरोपितका विरुद्धमा बोलेको भन्दै उनलाई समेत कुटपिट गरेको र कुटपिटबाट बुबाको दायाँ खुट्टासमेत भाँचिएको पीडित बालिकाका दाइले बताए। आरोपितलाई जबरजस्ती करणी उद्योगको आरोपमा ०७० साउन २४ गते मुद्दा दर्ता गरी ०७० भदौ ४ गते जिल्ला अदालतमा पेस गर्दा जिल्ला अदालतका न्यायाधीश धनसिंह महराको एकल इजलासले सोही दिन आरोपितलाई पुर्पक्षका लागि कारागार चलान गऱ्यो। अरोपितले जिल्ला अदालतको फैसलाविरुद्ध पुनरावेदन अदालतमा निवेदन पेस गरेपछि ०७० असोज १४ गते पुनरावेदन अदालत राजपुरको आदेशमा धरौटी राखी तारेखमा रिहा भए। पीडितको स्वास्थ्य परीक्षण र उपचार जिल्ला स्वास्थ्य कार्यालयमा भयो। बालिकाको स्वास्थ्य अवस्था सामान्य रहेको छ।

अज्ञात समूहले आक्रमण गरी घाइते बनाइएका एमाओवादीका नेता मोहन बम

१२ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा खातिवडा गाविस- २ निवासी २८ वर्षीय गाडी चालक श्याम कठायत र सहचालक विरुद्ध ०७० भदौ १५ गते इलाका प्रहरी कार्यालयल, दिपायलमा पीडितले उजुरी दिइन्। होटलका लागि मासु किन्न बजार गएकी बालिकालाई पसलमा पुऱ्याइदिने बहानामा दिपायलको सेती पुलमुनि मुख थुनेर सामूहिक बलात्कार गरेको पीडितले बताइन्। पीडित बालिका उजुरी दिन आउँदा उनको योनिबाट रगत बगेको, कपडामा पनि रगतले बिझेको इलाका प्रहरी कार्यालय दिपायलका इन्चार्ज सई महेन्द्रकुमार रानाले बताए। बलात्कारपश्चात् फरार भएका आरोपितहरूलाई ०७० भदौ २० गते प्रहरीले गिरफ्तार गरी ०७० भदौ २४ गते अरोपित श्याम कठायतका नाममा जबरजस्ती करणीमा मुद्दा दर्ता गरेकामा ०७० असोज ७ गते जिल्ला न्यायाधीश धनसिंह महराको एकल इजलासले पुर्पक्षमा राख्ने फैसला गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला स्वास्थ्य कार्यालयमा गरिएको थियो भने बालिकालाई सुरक्षाका लागि सुरक्षित अल्पकालीन जिल्ला महिला सेवा केन्द्र, डोटीमा राखिएकामा ०७० कात्तिक १० गते जिल्ला बाल कल्याण समिति, डोटीको पहल तथा केन्द्रीय बालकल्याण समिति काठमाडौँको संयोजनमा काठमाडौँस्थित नयाँपात नामक पुनःस्थापना केन्द्रमा पठाएकामा हालसम्म काठमाडौँमै रहेकी छन्।

छतिवन गाविस-९ का नवीन ओलीले ०७० असोज १७ गते १५ वर्षीया एक बालिकालाई जबरजस्ती करणी गरेको आरोपमा सोही दिन पीडितले प्रहरी चौकी, बुडरमा दोषीलाई कारबाही गरी न्याय दिलाई दिन अनुरोध गर्दै उजुरी दिइन्। आरोपित ओलीलाई सोही दिन प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा बुझायो। जिल्ला प्रहरी कार्यालयले दोषीका नाममा ०७० असोज २४ गते जबरजस्ती करणी उद्योगमा मुद्दा दर्ता गरी जिल्ला अदालतमा पेस गरेकामा जिल्ला अदालतका न्यायाधीश धनसिंह महराको एकल इजलासले ०७० मङ्सिर १४ गते पुर्पक्षका लागि दोषी नवीन ओलीलाई जिल्ला कारागार शाखामा राख्न आदेश दिएपछि आरोपितलाई

कारागारमा राखिएको छ।

१२ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा ०७० जेठ २१ गते दिपायल सिलगढी नपा-१ का ३२ वर्षीया प्रेम नेपालीलाई जिल्ला प्रहरी कार्यालय, डोटीले गिरफ्तार गऱ्यो। बालिकालाई ०७० वैशाख महिनादेखि पटक-पटक करणी गरेको र महिनावारी नभएपछि घरपरिवारलाई थाहा भएर प्रहरीमा उजुरी गरेको पीडितकी दिदीले बताइन्। नेपाल प्रहरीमा जागिर छोडेर आएका प्रेम नेपालीले फकाइफुल्याई बालिकालाई बलात्कार गरेको जानकारी भएपछि गिरफ्तार गरी अनुसन्धानका लागि हिरासतमा राखेर ०७० जेठ २२ गते जबरजस्ती करणीमा मुद्दा दायर गरी जिल्ला अदालतमा पेस गरिएको थियो। ०७० जेठ २३ गते जिल्ला अदालतका न्यायाधीश प्रकाश खरेलको एकल इजलासले आरोपित प्रेम नेपालीलाई पुर्पक्षका लागि जिल्ला कारागार शाखामा पठाएकामा जिल्ला अदालतका न्यायाधीश धनसिंह महराको एकल इजलासबाट प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी ०७० पुस २१ गते फैसला भएपछि सोही दिन आरोपितहरूलाई रिहा गरिएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

घरेलु हिंसा

नेपाली सेनाको भगतपुर ब्यारेक, कञ्चनपुरमा सैनिक पदमा कार्यरत टेकबहादुर धामीले बन्लेक गाविस-७ की २४ वर्षीया लक्ष्मी विष्टसँग विवाह गरी कञ्चनपुरमा लगेर अलपत्र पारेपछि पीडितले न्याय दिलाई दिन अनुरोध गर्दै ०६९ चैत २३ गते जिल्ला प्रहरी कार्यालय, डोटीमा उजुरी दिइन्। आरोपित धामी लक्ष्मी विष्टको ०६९ माघमा सेती अञ्चल अस्पताल, धनगढीमा जबरजस्ती गर्भपतन गराई फरार भएका थिए। पीडितलाई न्याय दिलाउन डोटीका महिलाअधिकारकर्मीले सुदूरपश्चिम पृतना हेडक्वार्टर दिपायलमा सम्पर्क समन्वय गर्दा समेत सेनाले बेवास्ता गरेपछि अलपत्र परेकी विष्टलाई अल्पकालीन महिला सेवा केन्द्र, डोटीको संरक्षणमा राखियो। पीडितलाई न्याय दिनका लागि कानुन व्यवसायीहरूले आरोपितका नाममा नाता कायममा मुद्दा दिनुपर्ने सल्लाह-सुझाव दिएपछि ०७० वैशाख १९ गते सुरक्षित अल्पकालीन महिला जिल्ला सेवा केन्द्र, डोटीको सहयोगमा जिल्ला अदालत, डोटीमा मुद्दा दर्ता गरियो। नाता कायम मुद्दामा जिल्ला अदालत, डोटीका न्यायाधीश धनसिंह महराको एकल इजलासले ०७० पुस ९ गते दुवैका बीचमा पति-पत्नीको सम्बन्ध स्थापित भएको ठहर गर्दै फैसला गऱ्यो। हाल टेकबहादुर धामी नेपाली सेनाको भगतपुर ब्यारेक, कञ्चनपुरमा कार्यरत छन् भने पत्नी लक्ष्मी विष्ट बन्लेक गाविस-७ स्थित माइती घरमा बस्दै आएकी छन्।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ५५ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा ५५ उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १०, खानलाउन नदिएको २५, विवाह दर्ता तथा नागरिकता नबनाएको १७ र अर्की पत्नी ल्याएर हेला गरेकामा तीन घटना थिए। प्रहरीले ४५ घटनामा मिलापत्र गराएको र १० ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सो केन्द्रले जनायो।

सबै प्रकारका जातीय विभेद

डौड गाविस-३, भल्माका श्याम कामी सामान किन्दा पसलभित्र प्रवेश गरी पसल छोइदिएको अरोपमा ०७० साउन १० गते सोही ठाउँका ३२ वर्षीय महादेव बोगटी, ३३ वर्षीय मानबहादुर बोगटी र ३६ वर्षीय गोरेबहादुर बोगटी, ३४ वर्षीय धनबहादुर बोगटी र ३० वर्षीय पदम बोगटीले कुटपिट गरे। कुटपिटमा संलग्नहरूलाई कानुनी कारबाही दिलाइदिन भन्दै पीडितले आरोपित पाँच जनाका नाममा जिल्ला प्रहरी कार्यालयमा ०७० साउन १३ गते उजुरी दिए। कुटपिटबाट पीडितको शरीरमा लगाएको लुगा च्यातिनुका साथै निधार र पिठ्यूमा चोटपटक लागेको थियो। सोही गाउँका बमी बोगटीको बेचिएको भैंसीको पैसा बुझाई पसलमा सामान किन्न जाँदा 'डुमले पसलमा आउने हैन' भन्दै हेपेका र पसलमा छुवाछूत गरेको सजायस्वरूप २० पटक कान समातेर उठबससमेत गराएको प्रत्यक्षदर्शी खड्क कामीले बताए। आरोपितहरूमध्ये धनबहादुर बोगटी र पदम बोगटी फरार रहेका र अन्य तीन जनाका नाममा ०७० साउन २७ गते छुवाछूत मुद्दा दर्ता गरी जिल्ला अदालतमा पेस गर्दा ०७० साउन २८ गते जिल्ला अदालतका न्यायाधीश प्रकाश खरेलको एकल इजलासले प्रतिव्यक्ति ५० हजार रुपियाँका दरले धरौटी राखी तारेखमा रिहा गऱ्यो। फरार रहेकाहरू हालसम्म पनि गिरफ्तार हुन सकेका छैनन्।

भूमिराजमाडौँ गाविस-४ निवासी भूमिराज मावि सलेनाका शिक्षक तारासिंह नेपालीलाई ०६९ फागुन ४ गते सरस्वती पूजाको दिन सोही विद्यालयका

शिक्षक गौरीशङ्कर जोशीले दलितलाई टीका लगाउनु सनातन धर्मका विरुद्ध हो भन्दै अपमान गरी टीका लगाएनन्। विद्यालय हाताभित्र रहेको सरस्वती मन्दिरमा पूजाआजा गरी शिक्षकहरूलाई टीका लगाउने क्रममा दलित शिक्षक तारासिंह नेपालीलाई भने पुजारी भएका शिक्षक गौरीशङ्कर जोशीले धकेलेर अपमान गरेका थिए। पुजारी भएका सोही विद्यालयका शिक्षक जोशीले दलित शिक्षकलाई टीका लगाउँदा सनातन धर्मका विरुद्ध हुने भएकाले दलित शिक्षकहरूलाई टीका नलगाउने बरू आफू मर्न तयार हुने धम्की दिएका थिए। विद्यालयमा विभेद भएको विषयमा सोही दिन छलफल भइरहँदा सोही गाविस-५ का ३१ वर्षीय पुष्पराज जोशीले सनातन धर्मका विरुद्धमा लाग्ने जोकोहीलाई पनि जुनसुकै समयमा जे पनि हुने भन्दै मार्ने धम्की दिएको दलित शिक्षकले बताए। उप्रान्त विद्यालय हाताभित्र विभेद नगर्ने, विभेद भएको खण्डमा दोषीलाई कानुनी कारबाहीका लागि दबाब दिने भन्दै ०६९ फागुन ६ गतेका दिन विद्यालयका प्रधानाध्यापक डिलबहादुर बलायरको रोहवरमा मिलापत्र भएको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	२०		
उपस्वास्थ्यचौकी	२५		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	५	४	१
स्टाफ नर्स	६	४	२
ल्याब असिस्टेन्ट	५	४	१
अहेब	५५	३५	२०
अनमि	५०	२२	२८
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट	२५	५	१०
माशिका	२५	२४	५
स्वास्थ्य कार्यकर्ता	५१	३४	१७

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यान दुई मुद्दा दर्ता भई जिल्ला अदालतमा पेस गरेकामा दुई जना गिरफ्तार भए पनि अभियोग पहिचान हुन सकेन। जबरजस्ती करणीका दुई मुद्दा दर्ता भई जिल्ला अदालतमा पेस गरेकोमा दुई जना गिरफ्तार भएकामा अभियोग पहिचान हुन सकेन। जातीय छुवाछूत एक मुद्दा दर्ता भई जिल्ला अदालतमा पेस गरेकामा तीन जना गिरफ्तार भए पनि अभियोग पहिचान हुन सकेन।

५.४ बाजुरा

जिल्ला सदरमुकाम: मार्तडी
क्षेत्रफल (वर्ग कि. मि.): २,१८८
घरधुरी सङ्ख्या: २४,५०८
जम्मा जनसङ्ख्या: १,३४,५१२
पुरुष: ६५,८०६
महिला: ६८,१०६
अपाङ्ग सङ्ख्या: ५,८५५
गाविस/नपा सङ्ख्या: २७/०
पुरुष साक्षरता सङ्ख्या: ३५,५५०
महिला साक्षरता सङ्ख्या: २७,४७६
हिन्दू धर्मावलम्बी प्रतिशत: ५८.६८
बौद्ध धर्मावलम्बी प्रतिशत: १.१४
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०७
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.०६
अन्य धर्मावलम्बी प्रतिशत: ०.०२७
प्रतिपरिवार सरदर सङ्ख्या: ५.४२

जेल र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३१ कैदी, कैद नतोकिएका तीन थुनुवा र एक जना आश्रित बालक बन्दी गरी जम्मा ३५ जना कैदीहरू रहेका छन्। जसमा पुरुष ३३, महिला एक र आश्रित एक बालक रहेका छन्। कैदी तथा बन्दीहरूलाई आधारभूत सुविधाहरू प्रदान गरिएको भए पनि भवनको अवस्था भने जीर्ण छ।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सडक निर्माण तथा बुढीगङ्गा नदीमा बेलिब्रिजको माग गर्दै जिल्ला प्रशासन कार्यालयको गेटमा ताला लगाएर धर्नामा बसेका स्थानीय बासिन्दामाथि ०७० वैशाख २४ गते प्रहरीले लाठी चार्ज र अश्रुग्यास प्रहार गरेपछि दिनभर दोहोरो झडप भयो। झडपका क्रममा कुल्देवमाडौँ-६ का २३ वर्षीय तिलक शाह र जगन्नाथका ४४ वर्षीय डबलबहादुर विष्ट गम्भीर घाइते भए। सोही क्रममा गोत्री गाविस-६ की ३० वर्षीया विनीता विकलाई प्रहरीले गालीगलौज गरी दुर्व्यवहार गऱ्यो भने कैलाशमाडौँ गाविस-३ कैलाशमाडौँ निवासी पत्रकार ३१ वर्षीय गगन अयडीले झडप भइरहेको तस्बिर खिचेको आरोपमा जिल्ला प्रशासन कार्यालयकै हाताभित्र प्रहरीले लाठी प्रहार गरी उनको क्यामेरा तोडफोड गरे। प्रहरीले अश्रुग्यास प्रयोग गर्दा बडीमालिका स्कुलका बालबालिका बेहोस भएका थिए। झडपका क्रममा डीएसपी जनकराज पाण्डेसमेत सामान्य घाइते भए। प्रहरीले दर्जनौँ सेल अश्रुग्यास प्रहार गर्नुका साथै लाठीचार्ज गरेका थिए भने आन्दोलनकर्ताले प्रहरीमाथि ढुङ्गामुढा प्रहार गरे। राजनीतिक दललगायत सम्पूर्ण स्थानीय बासिन्दा झडपका क्रममा प्रहरी प्रशासनविरुद्ध उत्रिएपछि उनीहरूले प्रमुख जिल्ला अधिकारीको आवासमा समेत आगजनी गरेका थिए। स्थिति नियन्त्रणमा लिन प्रशासनले निषेधाज्ञा जारी गरेको भए पनि अवस्था सामान्य नभएपछि स्थानीय देवीबक्स गुल्मका सेना परिचालित गरिएको थियो। नेपाल पत्रकार महासङ्घका उपाध्यक्षसमेत रहेका अयडी बुढीगङ्गा नदीमा बेलिब्रिज निर्माणको माग गर्दै सुरक्षाकर्मी र नागरिक समाजका प्रतिनिधिहरूबीच भइरहेको दोहोरो झडपको तस्बिर खिचिरहेको अवस्थामा उनीमाथि प्रहरीले लाठीचार्ज गरेको थियो। जिल्ला प्रशासन कार्यालय, बाजुरामा ०७० वैशाख २५ गते बसेको सर्वपक्षीय बैठकमा महिला र पत्रकारहरूमाथि भएको दुर्व्यवहार त्रुटिपूर्ण भएको प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डे र डीएसपी जनकराज पाण्डेले स्वीकार गरे। पत्रकारहरूले आफ्नो तोडफोड गरिएको क्यामेराको क्षतिपूर्ति माग गरेको भए पनि कुनै सुनुवाइ भएन।

कोटिला गाविस-४, कालसिल गाउँकी ३५ वर्षीया राधिका बोगटीलाई एमाओवादी उम्मेदवार सहदेव बोगटीको चुनाव प्रचारप्रसारमा गएका बेला ०७० कात्तिक २४ गते जुकोट गाविसको जुकोटमा स्थानीय एमाले कार्यकर्ताको समूहले ढुङ्गामुढा प्रहार गरी घाइते बनायो। गालामा ढुङ्गा लागेर घाइते भएकी बोगटीलाई एमाओवादीकै कार्यकर्ताले प्राथमिक उपचार गरेका थिए। ठूलो समूहले एकाएक ढुङ्गामुढा प्रहार गरेकाले यकिन पहिचान भने हुन नसकेको बोगटीले बताइन्। घटनालगत्तै प्रमुख जिल्ला अधिकारी ध्रुवराज जोशीलाई मौखिक जानकारी गराएको भए पनि लिखित उजुरी भने दिएनन्। राधिका बोगटी एमाआवादीका तर्फबाट उम्मेदवर भएका सहदेव बोगटीकी पत्नी हुन्।

मार्तडी गाविस-५ का १७ वर्षीय राजेश रानालाई अध्ययनका लागि काठमाडौँ जाँदै गर्दा राजनीतिक प्रतिशोधमा बाह्रविस गाविस-७ का दिनेश रावलले ०७० कात्तिक २० गते बाह्रविसको रिठा बजारमा बसबाट

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१	१
बालअधिकार				३	१	४
महिलाअधिकार	१		१	८		८
भेला/सङ्गठित हुने अधिकार	२	३	५		६	६
जातीय विभेद					२	२
कुटपिट				४	१	५
जम्मा	३	३	६	१५	११	२६

झारेर चक्कु प्रहार गरी घाइते बनाए। घाइते रानाको अछामको बयलपाटा अस्पतालमा उपचार भयो। दोषीलाई कारबाहीको माग गर्दै पीडितका बुबा खडक रानाले ०७० कात्तिक २१ गते जिल्ला प्रहरी कार्यालय, बाजुरामा उजुरी दिए। तर, प्रहरीले भने रावललाई गिरफ्तार गर्न नसकेकाले कुनै कारबाही गर्न सकेन। राना एमाले समर्थक रहेको र रावल नेपाली काङ्ग्रेस समर्थक हुन्। पीडितको अवस्था हाल सामान्य छ भने आरोपितलाई हालसम्म पक्राउ गर्न नसकिएको प्रहरीले जनायो।

एमाओवादी र एमाले कार्यकर्ताबीच कात्तिक १४ गते कोटिला गाविसको कोटिलामा दोहोरो झडप भयो। दुवै पक्षबीच ढुङ्गा हानाहान हुँदा एमाओवादीका ६ जना कार्यकर्ता घाइते भएको पार्टीका उम्मेदवार सहदेव बोगटीले बताए। एमाओवादी कार्यकर्ता देव भण्डारी, केशर भण्डारी, टीका भण्डारी, प्रजन रावत, मनराज भण्डारी र छक्क रावत घाइते भए। घाइतेको कोटिला उप-स्वास्थ्य चौकीमा उपचार भयो। पीडितहरूले प्रहरी कार्यालयमा लिखित उजुरी भने दिएनन्। दुवै पक्ष चुनावी प्रचारप्रसारमा थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायधीश रहेको यस जिल्ला अदालतको फौजदारीतर्फ ३७ मुद्दा परेकामा २२ थानको फैसला भयो भने १५ बाँकी रहे। देवानीतर्फ नौमध्ये चार थानको फैसला भयो भने पाँच थान बाँकी रहे।

०७० साउनदेखि ०७० पुस १६ सम्म

यस जिल्ला अदालतको फौजदारीतर्फ २२ मुद्दा परेकामा आठ थानको फैसला भयो भने १४ थान बाँकी रहे। देवानीतर्फ १४ मध्ये ६ थानको फैसला भयो भने आठ थान बाँकी रहे।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्मदायर मुद्दाको सङ्ख्या १२ थान छन्, जसमध्ये चार थान सफल भए भने पाँच थान असफल भएको छ। मुलतवी, तामेलीमा रहेका मुद्दाको सङ्ख्या तीन थान छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा तीन थानमध्ये तीन थान नै सफल रहे। बलात्कारसम्बन्धी मुद्दा दुई थान मध्ये एक थान सफल र एक थान मुलतवीमा छन्। महिला बेचविखन, अपहरण, बहुविवाह, बालविवाह, छुवाछूत सम्बन्धी छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या तीन थान रहेकामा तीन थान नै मुलतवीमा रहेका छन्। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म तीन थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ४९ हजार ९ सय ६२ मध्ये छात्र २४ हजार ४ सय ९१ र छात्रा २५ हजार ४ सय ७१ प्राथमिकदेखि माध्यामिक तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा र छात्र गरी जम्मा १४ हजार ३ सय ६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला २३ र पुरुष ५ सय ५ गरी जम्मा ५ सय २८ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा महिला शिक्षकको सङ्ख्या शून्य छ भने पुरुष १ सय ३३ कार्यरत छन्। यसै गरी माबि तहमा पनि महिला शिक्षक छैनन् भने ७२ जना पुरुष शिक्षक रहेका छन्। बालविकास केन्द्रमा बालक ३ हजार ४ सय ८२ र बालिका ३ हजार २ सय ५६ गरी जम्मा ६ हजार ७ सय ३८ रहेका छन्। जसमध्ये दलित बालबालिका १ हजार ६ सय ५८ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१५ वर्षीया एक बालिका आफ्नै गोठमा गएका बेला ०७० जेठ १७ गते गोत्री गाविस-४ का २२ वर्षीय कृष्ण बुढाले बलात्कार प्रयास गरेको आरोपमा ०७० जेठ १८ गते पीडित पक्षले प्रहरी चौकी, कुन्नामा जाहेरी दियो। ०७० असार १९ गते बुढालाई प्रहरीले गिरफ्तार गरी सोही दिन गाउँलेको रोहवरमा दुवै पक्षबीच छलफल गराउँदा बुढाले दुर्व्यवहार प्रयास गरेको बताउँदै आफूबाट गल्ती भएको स्वीकार गरे। प्रहरीको रोहवरमा पीडितका अभिभावक र गाउँलेहरूको सहमतिमा पीडकले उप्रान्त गल्ती नगर्ने लिखित कागज गरेपछि सोही दिन दुवै पक्षबीच मिलापत्र भयो।

१२ वर्षीया एक बालिकालाई ०७० भदौ ७ गते साँझपख गाउँनजिकै घाँस काट्न गएका बेला जुकोट गाविस-१ घर भएका २८ वर्षीय सुरजबहादुर शाहीले बलात्कार गरेको आरोपमा सोही दिन कुन्ना प्रहरी चौकीले गिरफ्तार गऱ्यो। बलात्कारका आरोपित शाहीले पिलुचौरनजिकै गणेखोला भन्ने स्थानमा घाँस काटिरहेको मौका छोपी ती बालिकालाई बलात्कार गरेको प्रहरीले जनायो। पीडितका काकाले बलात्कारपछि रक्ताम्मे भएकी बालिकालाई उद्धार गरी कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार गराएपछि पीडितको अवस्था सामान्य भयो। गिरफ्तार भएका आरोपित शाहीलाई थप अनुसन्धानका लागि ०७० भदौ ९ गते जिल्ला प्रहरी कार्यालय, बाजुरालाई कुन्ना प्रहरी चौकीले बुझायो। जिल्ला अदालत बाजुराले ०७० भदौ २८ गते शाहीलाई थप अनुसन्धानका लागि थुनामा राख्न आदेश दिएपछि जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा छन्। मुद्दाको फैसला भएको छैन।

१५ वर्षीया एक बालिकालाई ०६९ चैत १५ गते राति मार्तडीमा बस्दै आएका २४ वर्षीय दीपेन्द्र शाहीले बलात्कार प्रयास गरेको आरोपमा बालिकाका अभिभावकले राति नै घटना थाहा पाई प्रहरीलाई खबर गरेपछि प्रहरीले ०६९ चैत १६ गते शाहीलाई गिरफ्तार गरी ०६९ चैत १७ गते हिरासतमुक्त गऱ्यो। पीडितका अभिभावकले ०६९ चैत २२ गते जिल्ला प्रहरी कार्यालय, बाजुरामा जबरजस्ती करणीको मुद्दा दायर गरे पनि अभियुक्त शाही फरार रहेकाले गिरफ्तार गर्न नसकिएको प्रहरीले बतायो। फरार रहेका शाहीको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका सई ईश्वरीदत्त पाण्डेले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

घरेलु हिंसा

छाउपडी प्रथा

जुकोट गाविस-७, जुकुमा रहेको शम्भुसुनन्दा माध्यमिक विद्यालयमा देउताको मन्दिर भएकाले सो विद्यालयमा अध्ययनरत छात्राहरू महिनावारी भएका बेला विद्यालय भवनमा प्रवेश गर्न पाउँदैनन्। यसका कारण त्यस विद्यालयमा अध्ययनरत ६५ जना छात्राहरू नियमित विद्यालय जानबाट वञ्चित भएका छन्। विद्यालय भवन रहेको क्षेत्रभित्र स्थानीय समुदायले पूजाआजा गर्दै आएको खोन्दाई देउताको मन्दिर छ। महिनावारीको अवधिमा भवनमा प्रवेश गर्दा देउता बिग्रिने मान्यता भएकाले विद्यालयमा अध्ययनरत ६५ जनाभन्दा बढी छात्रा नियमिति पठनपाठनबाट वञ्चित रहेको विद्यालयका प्रधानाध्यापक तुलाराज रोकायाले बताए। विद्यालय हाताभित्र स्थानीय खोन्दाई देउताको मन्दिर भएकाले महिनावारी भएका महिलाहरू सो मन्दिरमा प्रवेश गर्दा छुई भएर देउता रिसाउने मान्यता भएकाले समुदायका कसैले पनि सो मान्यतालाई तोड्न नसकेको प्रधानाध्यपक रोकायाले बताए।

अमानवीय व्यवहार

जगन्नाथ गाविस-५, लुमाकी ३८ वर्षीया ललिता विष्ट बोक्सी भएको आरोपमा ०७० जेठ ३१ गते उनका जेठाजु नाता पर्ने ४४ वर्षीय काशी विष्टले ललिताकै घरमा गालीगलौज गरी दुर्व्यवहार गरे। पीडित ललिताले आफूलाई अन्याय गरिएको भन्दै विष्टका विरुद्धमा ०७० असार १ गते प्रहरी चौकी, कुन्नामा लिखित उजुरी दिइन्। प्रहरीले आरोपित विष्टलाई ०७० असार २ गते गिरफ्तार गरी छलफल गराउँदा आरोपित विष्टले उप्रान्त गल्ती नगर्ने लिखित कागज बनाएपछि दुवैपक्षबीच मिलापत्र भएको चौकीका इन्चार्ज असई धनीराम पन्तले बताए।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै १६ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय बाजुरामा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरिएका तीन जना, खानलाउन नदिएको एक जना, मार्ने धम्की दिइएकोमा एक,बोक्सीको आरोप लगाएको घटनामा दुई जना र गालीगलौज गरिएका घटनामा सात जना पीडित भएका थिए। ती घटनामा प्रहरीले १६ मिलापत्र गराएको जिल्ला प्रहरी कार्यालयले जनायो।

सबै प्रकारका जातीय विभेद

बाँधु गाविस-६ का ३४ वर्षीय जनक विकलाई दलित भएकै कारण ०७० भदौ ३ गते बुढीनन्दा मन्दिरका पुजारी ७० वर्षीय श्रीलाल बोहराले सार्वजनिक स्थलमा प्रवेश गर्न रोक लगाए। कोल्टी विमानस्थल सुरक्षा गार्डमा कार्यरत विकलाई मन्दिरका दर्शनार्थीहरूको सुरक्षाका लागि खटाएको थाहा पाएपछि पुजारी बोहाराले दलित मन्दिर परिसरमा गए अनिष्ठ हुने भन्दै असई शेरबहादुर चन्दलाई भनेपछि प्रहरी सुरक्षा टोलीबाट विकलाई फर्काएर प्रहरी चौकीमा ल्याइएको थियो। कोल्टीबाट प्रहरी सुरक्षा गस्तीमा गएका विक चरिदहबाट लामो यात्रा गरेर मन्दिर परिसरमा पुग्नुअगाडि पुनः उनलाई कोल्टी फर्काइएको थियो। चरिदहबाट फर्कन समय अपुग भएपछि बाटोमा

पर्ने जङ्गलको ओढारमा बास बसेर रात बिताएको पीडित सुरक्षाकर्मी विकले बताए। असई चन्दले समेत जातीय छुवाछूत गर्ने कार्य कानुनविपरीत हुँदा समेत आफूसँग गएका प्रहरीलाई समेत जातीय विभेद हुँदा पनि घटनाका विषयमा चासो नदिएको भन्दै जिल्ला दलित अधिकारकर्मी र मानवअधिकारकर्मी, बाजुराले ०७० भदौ ५ गते कोल्टीमा घटनाको विरोध गरे। घटनाको विरोध बढ्दै गएपछि जिल्ला प्रहरी कार्यालयले पुजारी, असई चन्द र पीडित जनकलाई ०७० भदौ १० गते प्रमुख जिल्ला अधिकारीसमक्ष झिकाए। प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा ०७० भदौ ११ गते घटनाको विस्तृत विवरण सार्वजनिक भयो। पुजारी बोहराले ०७० भदौ १३ गते जिल्ला प्रशासन कार्यालय, बाजुरामा सार्वजनिक माफी मागेपछि मिलापत्र भएको थियो। असई चन्दले. समेत उचित निर्णय लिन नसकेको स्वीकार गर्दै उनले पनि अधिकारकर्मीबीच माफी मागेका थिए। घटनामा संलग्न पुजारी र असईलाई कुनै कारबाही भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

मुक्त हलिया परिवारलाई सरकारले प्रदान गर्दै आएको परिचयपत्र लिन सदरमुकाम आउनुपर्ने भएकाले बाटोखर्च जोहो गर्न नसक्ने मुक्त हलिया परिवारहरूले परिचयपत्र लिन सकेका छैनन्। जिल्ला मालपोत कार्यालयबाट मात्रै परिचयपत्र वितरण हुने भएकाले सदरमुकाम पुग्दा कम्तीमा १ हजार रुपियाँ खर्च आवश्यक भएकाले रकम जुटाउन नसक्दा परिचयपत्र लिन नसकेको मुक्त हलियाहरूले बताए। १ हजार ३ सय ७४ जना प्रमाणीकरण भएका भए पनि हालसम्म ५ सय ३१ जनाले मात्रै परिचयपत्र लिएको कार्यालयले जनायो। १५ जना मुक्त हलियाका लागि जिल्ला मालपोत कार्यालयले व्यावसायिक तालिम प्रदान गर्ने कार्यक्रम राखेको जनायो।

खाद्य अधिकार

बाजुराको पूर्वोत्तर क्षेत्रका पाण्डुसेन, कोल्टी, कोटिला, बाँधु, वाई, जुकोट, साप्पाटा, गोत्री, रुगीन, बिच्छ्याँ र जगन्नाथ गरी ११ ओटा गाविसमा ०६९ चैत महिनाको दोस्रो सातादेखि खाद्यान्नको अभाव भयो। खाद्य संस्थान कोल्टी डिपोमा मौज्दात चामल अपर्याप्त भएपछि यस क्षेत्रमा खाद्यान्न अभाव देखियो। उपभोक्ताहरूको माग अनुसार साताको दुई दिन उपलब्ध गराउँदै आएको चामल अभाव भएपछि कोल्टी डिपोले महिनाको दुई दिन प्रतिपरिवार अधिकतम २० किलो मात्र खाद्य वितरण गऱ्यो। संस्थानको डिपोमा चार सय क्विन्टल चामल मात्र मौज्दात रहेको डिपोले जनायो। चामल अपुग भएपछि उपभोक्ताको माग अनुसार उपलब्ध गराउन नसकिएको र तत्काल चामल नआएमा चरम खाद्य सङ्कट हुने डिपोका प्रमुख रमेश सिंहले बताए। आवश्यकता अनुसार चामल नपाएपछि कोल्टी क्षेत्रका रुगीन, बिच्छ्याँ, कोल्टी, बाँधु, साप्पाटा, वाईलगायतका ११ गाविसका बासिन्दालाई खाद्यान्नको समस्या भयो। कोल्टी क्षेत्रमा स्थानीय उत्पादन न्यून हुने भएकाले यस क्षेत्रका बासिन्दाहरू संस्थानकै चामलमा निर्भर हुँदै आएका कारण उनीहरू पटक-पटक खाद्य सङ्कटमा पर्दै आएका छन्। चालू आर्थिक वर्षका लागि कोल्टी डिपोका संस्थानले ४ हजार ५ सय क्विन्टल चामलको कोटा छुट्याएको थियो। कृषि विकास कार्यालयका अनुसार यस क्षेत्रका लागि न्यूनतम १६ हजार क्विन्टल खाद्यान्न चाहिने बतायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	१५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२	१	१
स्टाफ नर्स	३	१	२
ल्याब असिस्टेन्ट	२	१	१
अहेब	४१	३५	६
अनमि	२२	११	११
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
स्वास्थ्य कार्यकर्ता	२७	२७	

जिल्लाको पूर्वोत्तर क्षेत्रका ११ गाविसमा स्वास्थ्य सेवा प्रदान गर्दै आएको प्राथमिक स्वास्थ्य केन्द्र कोल्टीमा स्वास्थ्यकर्मी नहुँदा सर्वसाधारण स्वास्थ्य सेवाबाट वञ्चित भए। कोल्टी प्राथमिक स्वास्थ्य केन्द्र ०६८ फागुनदेखि डाक्टरविहीन अवस्थामा छ। साधारण बिरामीले समेत नेपालगन्जलगायतका क्षेत्रमा जानुपर्ने अवस्था रहेको स्थानीय वलदेव रेग्मीले बताए। उक्त

स्वास्थ्य केन्द्र जिल्लाको पूर्वोत्तर क्षेत्रका ११ गाविससहित छिमेकी हुम्ला, कालीकोट र मुगुसमेतका बिरामीको उपचार केन्द्र हो। स्वास्थ्य केन्द्र हाल सिनियर अहेव अशोककुमार सिंहको भरमा सञ्चालन भएको छ। चिकित्सक नहुँदा गम्भीर प्रकृतिका कतिपय बिरामीको आफूले उपचार गर्न नसकेर रिफर गर्नुपर्ने बाध्यता रहेको अहेब सिंहले बताए।

जिल्ला प्रहरी कार्यालय

०६९ पुस १७ देखि ०७० पुस १६ गतेसम्म बलात्कारका दुई, बलात्कार प्रयासका एक, घरेलु हिंसाका २७, कर्तव्य ज्यानका एक, ज्यान मार्ने उद्योगका एक, चोरीका दुई मुद्दा दर्ता भए।

५.५ बझाङ

जिल्ला सदरमुकाम: चैनपुर
क्षेत्रफल (वर्ग कि. मि.): ३,४२२
घरधुरी सङ्ख्या: ३३,७८६
जम्मा जनसङ्ख्या: १,९५,१५९
पुरुष: ९२,७९४
महिला: १,०२,३६५
अपाङ्ग सङ्ख्या: ४,९७६
गाविस/नपा सङ्ख्या: ४७/०
पुरुष साक्षरता सङ्ख्या: ६०,०६५
महिला साक्षरता सङ्ख्या: ३८,६५१
हिन्दू धर्मावलम्बी प्रतिशत: ९९.७४
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.१८
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.०३
अन्य धर्मावलम्बी प्रतिशत: ०.०३७
प्रतिपरिवार सरदर सङ्ख्या: ५.७८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

सुर्मा गाविस-३ का २७ वर्षीय लोकेन्द्रबहादुर बोहरालाई ०७० साउन १० गते घरबाट भारत जाने भनी हिँडेको अवस्थामा सुर्मा गाविसस्थित सुर्मा तालमा हत्या गरी फालेको अवस्थामा नौ दिनपछि लास फेला पऱ्यो। सुरक्षाकर्मीका अनुसार मृतकको पेटमा छुरा प्रहार भएको, टाउको र कम्मरमा चोट लागेको थियो। लासको पोस्टमार्टम जिल्ला अस्पताल, सिमखेतमा भएको थियो। अपराधीहरूको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय, बझाङले बतायो।

जेल र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका नौ जना कैदी र कैद नतोकिएका ३१ जना थुनुवा गरी जम्मा ४० जना पुरुष बन्दी रहेका छन्। जसमा महिला र आश्रित बालबालिका छैनन्। यो जिल्ला कारागार ०४२ सालमा निर्माण भएको हो।

यस कारागारको भौतिक अवस्था एकदमै जीर्ण रहेको छ भने कारागारको पर्खाल पनि नभएको अवस्था छ। यस कारागारभित्रका कैदी तथा थुनुवाहरूलाई नेपाल सरकारले दिएको सुविधा अनुसार वितरण गरिएको प्रतिदिन भत्तावापत ४५ रुपियाँ, रासन प्रतिदिन ७ सय ग्राम र वार्षिक दुई जोर लुगा दिने र तीन/तीन वर्षमा कम्मल र दरी दिने व्यवस्था गरिएको छ।

कर्तव्य ज्यान मुद्दामा सजाय भोगिरहेका सुवेडा गाविस-१, खगेडाका २६ वर्षीय हरिप्रसाद जैशीले ०६९ चैत २३ गते कारागारको शौचालयमा झुन्डिएर आत्महत्या गरेको डीएसपी उदय तामाङले बताए। तामाङका अनुसार आत्महत्या गरेका जैशीले ०६८ मङ्सिर २२ गते आफ्नै बाजे पुरन जैशीको हत्या गरेका थिए। जिल्ला अदालत, बझाङले ०६८ पुस २० गते हत्या गरेको भनी फैसला सुनाएपछि उनलाई कारागार चलान गरिएको थियो। आत्महत्या गरेका २६ वर्षीय जैशी नेपाली सेनाका भगौडा जवान रहेको तामाङले बताए। मृतक जैशीको लासको पोस्टमार्टम ०६९ चैत २३ गते जिल्ला अस्पतालमा गरिएको थियो।

धम्की/कुटपिट
गैरराज्यबाट
काङ्ग्रेसबाट

पाटादेवल गाविस-४ निवासी एमाले समर्थक ४५ वर्षीय विष्णुबहादुर खड्कालाई सोही गाविस-३ का काङ्ग्रेस समर्थक २० वर्षीय किसन खड्काले ०७० मङ्सिर ४ गते हुने संविधानसभा निर्वाचनका लागि प्रचारप्रसार गर्ने क्रममा काङ्ग्रेस समर्थक दलित बस्तीमा प्रचारप्रसार गर्न नपाउने आरोपमा ०७० मङ्सिर ३ गते राति करिब ७ बजे मरणासन्न हुने गरी कुटपिट गरे। साथै, उनीहरूले एमाले कार्यकर्तामाथि खुकुरीसमेत प्रहार गर्ने प्रयास गरेको एमाले समर्थकहरूले बताए। ०७० मङ्सिर ४ गते दिपायलबाट थप सुरक्षाकर्मीसहित हेलिकप्टर घटनास्थलमा आई चुनाव सुचारु गर्नुका साथै कुटपिटका कारण गहिरो चोट लागेका पीडितको दिपायलको सुजन अस्पतालमा उपचार भयो। पीडितका आफन्तले ०७० मङ्सिर ४ गते जिल्ला प्रहरी कार्यालय, बझाडमा उजुरी दिए। पीडक फरार भए। सुरक्षाकर्मीले पीडकलाई जहिले भए पनि गिरफ्तार गरी कानुनी कारवाही गर्न सकिने बताए। आरोपित हालसम्म पनि घर फर्किएका छैनन्।

अन्यबाट

चैनपुर गाविस- १ निवासी तथा 'नयाँपत्रिका'का समाचारदाता २६ वर्षीय सम्राटबहादुर सिंहले ०७० जेठ ९ गते 'एक दिन विद्यालय नगएर ६ महिनाको हाजिर' भन्ने समाचार लेखेको आरोपमा ०७० जेठ ११ गते राती १० बजे खिरातडी गाविस-३ निवासी केदार नमुना प्रावि सेहडीका शिक्षक ३५ वर्षीय रमेश बोहोराले सामाचारको विषयलाई लिएर फोन गरी मार्ने धम्की दिए। चैनपुरबाट अन्यत्र गएको समयमा आफूलाई मार्ने धम्की दिइएको पीडितले बताए। पीडितले सुरक्षाको माग गर्दै ०७० जेठ १२ गते जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, बझाङ, मानवअधिकारकर्मी र पत्रकारलाई निवेदन दिए। अभियुक्त फरार रहेका कारण कारवाही अगाडि बढ्न नसकेको जिल्ला प्रहरी कार्यालय, बझाङले जनायो ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारीतर्फ ३८ थान मुद्दामध्ये ६ थानको फैसला भयो भने ३२ थान बाँकी रहे। देवानीतर्फ २२ थान मुद्दामध्ये एउटाको फैसला भयो भने २१ थान बाँकी रहे।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			१	१	२
महिलाअधिकार			६		६
जेलमा मृत्यु	१	१			
जातीय विभेद				७	७
कुटपिट				१	१
धम्की				१	१
हत्या			१	२	३
जम्मा	१	१	८	१२	२०

०७० साउनदेखि पुस १६ गतेसम्म

यस जिल्ला अदालतको फौजदारीतर्फ ५२ थान मुद्दा रहेकामा सातओटाको फैसला भयो भने ४५ थान बाँकी रहे। देवानीतर्फ नौओटामध्ये एउटाको फैसला भयो भने आठ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी १८ थान र देवानी १९ थान मुद्दा रहे।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार १६ सम्म दायर मुद्दाको सङ्ख्या ६८ थान छ, जसमध्ये सबै मुद्दा असफल भए। मुलतवी, तामेलीमा मुद्दा नभएको अवस्था छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी ११ थानमा सबै मुद्दा असफल रहे। बलात्कारसम्बन्धी तीन थान मुद्दामध्ये सबै असफल रहे। महिला अपहरणसम्बन्धी परेको एक मुद्दा असफल रह्यो। बहुविवाहसम्बन्धी परेका तीन थान मुद्दामध्ये सबै असफल रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या २२ थान छ, जसमध्ये एउटा मुद्दा पनि सफल भएन। सरकारी वकिलको सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म २२ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७७ हजार ८ सय १ मध्ये छात्र ३९ हजार ६० र छात्रा ३८ हजार ७ सय ४१ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार ३ सय ३६ र छात्र ७ हजार ३ सय १ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ३ सय २० र पुरुष ९ सय २१ गरी जम्मा १ हजार २ सय ४१ शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला ८ र पुरुष २ सय ८५ गरी जम्मा २ सय ९३ शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला ५ र पुरुष २ सय ३२ गरी जम्मा २ सय ३७ शिक्षक रहेका छन्।

बाल विकास केन्द्रमा बालक ४ हजार ८ सय ३४ र बालिका ४ हजार ८ सय ६६ गरी जम्मा ९ हजार ७ सय रहेका छन्, जसमध्ये दलित बालबालिकाहरू छैनन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

जिल्ला शिक्षा कार्यालय, बझाङमा हालसम्मको तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

लुयाटा गाविस-३ बस्टी घर भएकी २० वर्षीया ललिता सिंह सदरमुकाम चैनपुरमा रहेको महिला सेफ हाउसमा ०६९ चैत २३ गतेदेखि बस्दै आएकोमा उनी ०६९ चैत ३० गते सेफहाउस मै सुत्केरी भएपछि उनको जिम्मालिने मानिस नहुँदा बिचल्लीमा परिन्। जिल्ला सदरमुकामा रहेको सत्यवादी उमाविमा कक्षा ११ मा पढ्दै गरेकी ललिताको विवाह नगरी गर्भ रहेर सुत्केरी भएपछि उनका बुबा, आमा र आफन्तहरूले ०६९ चैत २२ गते उनलाई जसको गर्भ हो उसैको घरमा जाउ भनेर घरबाट निकालेका थिए। घरबाट निकालिएपछि उनी सदरमुकाममा रहेको अल्पकालीन सुरक्षित आवासगृहमा बस्दै आएकी थिइन्। लुयाटा गाविस, बस्टी गाउँका २१ वर्षीय तपेन्द्रसिंहले अवैध यौन सम्पर्क गरी गर्भ रहेको ललिताले बताउँदै आएकी छन्। महिलाअधिकार मञ्च, बझाङको सहयोगमा पीडितले ०६९ पुस २३ गते जिल्ला अदालत, बझाङमा तपेन्द्र सिंहसँग नाता कायम मुद्दा दर्ता गरेका थिइन। जिल्ला अदालत बझाङले तपेन्द्र र ललिता बीच नाता कायमको फैसला ०७० कात्तिक ३ गते गरेको थियो। जिल्ला अदालत बझाङले नाता कायमको फैसाला गरेको भए पनि पीडित महिला माईती घरमा बस्दै आएकी छन्।

३२ वर्षीया एक महिलालाई ०७० भदौ ३० गते राति घरमा सुतिरहेको समयमा कोटदेवल गाविस-५ का ४० वर्षीय कलक नेपालीले बलात्कार प्रयास गरेको आरोपमा पीडित भनिएकी महिलाले ०७० भदौ ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिँदा सोही दिन आरोपित नेपालीलाई प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित हालसम्म पनि जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि जिल्ला कारागारमा छन्। पीडित महिला हाल आफ्नै घरमा रहेकी छन्। उनको अवस्था सामान्य रहेको छ।

घरेलु हिंसा

परिवारजनबाट हत्या/हत्या प्रयास

चैनपुर गाविस - १ की २७ वर्षीया कल्पना जोशीलाई हत्या गरेको आरोपमा ५४ वर्षीया सासु नन्दा देवीजोशी, २५ वर्षीय पति देवराजजोशी र २३ वर्षीय देवर हरि जोशीलाई ०६९ फागुन ५ गते जिल्ला प्रहरी कार्यालय बझा ले गिरफ्तार गऱ्यो। मृतक माइती पक्षले कल्पनालाई उनका घर परीवारका सदस्यहरुले हत्या गरेको भन्दै ०६९ फागुन ५ गते जिल्ला प्रहरी कार्यालय बझाङमा किटानी जाहेरी दिएका थिए।प्रहरीले सासु नन्दा देवीलाई घरबाट र पति देवराज र उनकाभाई हरिलाई चिहान घाट सेती नदी तथा बाहुली किनारबाट प्रहरीले गरिफ्तार गरिएको जिल्लाप्रहरी कार्यालय, बझाङका निमित्त प्रहरी प्रमुख सागर बोहराले बताए। विषसेवन गरी आत्महत्या गरेको भन्दै पोइली पक्षले जिल्ला अस्पतालमा पोष्टमार्टम गरी ०६९ फागुन ५ गते अन्त्येष्टि गर्ने खोजे पछि माईती पक्षले विरोध गरेका थिए। लाशको पोष्टमार्टममा रिर्पाट र प्रहरी अनुसन्धानबाट कल्पना जोशीको कुटपिटबाट मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बझाङले जानकारी दियो । मृतकका पति, देवर र सासुले कल्पना लागु औषधी खाएर कोठामा बेहोस भएकी र उनलाई अस्पतालमा ल्याउँदै गर्दा मृत्यु भएको बताएका छन। हाल गिरफ्तार गरिएका अभियुक्त सासु नन्दा र पति देवराज ०७० जेठ १९ गते देखि यस वर्षको अन्त्यसम्म जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा रहेका छन्। देवर हरिलाई पुनरावेदन अदालत दिपायलले ०७० भदौ २७ गते पुर्पक्षका लागि थुनामा राख्न नपाइने भन्दै साधरण तारिखमा रिहा गर्ने आदेश गरेको थियो।

पाटादेवल गाविस-५ की २४ वर्षीया करुणाकुमारी थापा (खड्का)ले परपुरुषसँग यौन सम्पर्क गरेको आरोपमा उनका २८ वर्षीय पति दीपक खड्काले विगत तीन महिनादेखि मरणासन्न हुने गरी कुटपिट गर्दा उनको गर्भ तुहियो। पतिले तीन महिनादेखि कुटपिट गर्दा पनि सहँदै आएको तर पतिले कुटपिट गर्न नछाडेपछि न्यायका लागि जिल्ला प्रहरी कार्यालय, बझाडमा उजुरी दिन आएको पीडितले बताइन्। सुरक्षाका लागि महिला तथा बालबालिका कार्यालय र महिलाअधिकार मञ्चद्वारा सञ्चालित महिला सेफहाउसमा बस्दै आएको समयमा उनको गर्भ तुहिएको थियो। पीडितले महिलामाथि हुने घरेलु हिंसासम्बन्धी ऐन अन्तर्गत कारबाही गरी पाउँ भनी जिल्ला प्रहरी कार्यालय, दलित महिला सङ्घ, महिलाअधिकार मञ्च र महिला विकास कार्यालयलाई आवश्यक कारबाहीका लागि ०७० मङ्सिर १६ गते उजुरी दर्ता गरिन्। पीडित महिला अहिले सेफाहाउसबाट आफ्नो माइती घरमा बस्दै आएकी छन्। आरोपित फरार भएका कारण खोजतलास भइरहेको प्रहरीले जनायो।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएका महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा ३४ थान उजुरी दर्ता गराए, जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका, विवाह दर्ता तथा नागरिकता नबनाएका, अर्की पत्नी ल्याएर हेला गरेका, मार्ने धम्की दिइएका घटनाहरू थिएनन्। बोक्सीको आरोप लगाएको घटनामा दुई जना पीडित भएका थिए। सबै घटनामा प्रहरीले मिलापत्र गराएको बतायो।

सबै प्रकारका जातीय विभेद

रिठापाटा गाविस-६, खोलावाडाका ४३ वर्षीय भन्टु आग्रीलाई सोही ठाउँका ४९ वर्षीय श्यामबहादुर खड्काले खेतमा काम गर्ने मान्छेका लागि खाना बोकेर जाने समयमा खाना छोएको आरोपमा ०७० कात्तिक २१ गते दिउँसो १ बजे डुम भन्ने अपशब्द बोली गाली-बेइज्जत गरे। आरोपितलाई कानुनी कारबाहीका लागि सोही दिन प्रहरीमा उजुरी दिँदा दुवै पक्ष बोलाई उप्रान्त नगर्ने सर्तमा दुवै पक्षबीच मिलापत्र भयो। बाटोमा हिँडिरहेको अवस्थामा साँघुरो बाटो भएका कारण अन्जानमा छोइएको पीडितले बताए।

रिठापाटा गाविस-८, देवलका २९ वर्षीय दीपक नेपालीलाई सोही गाविस-५, पैयातोलाका ४५ वर्षीय मोहन बमले ०७० साउन १८ गते बिहान जातीय भेदभाव गरी गाली-बेइज्जती गरे। सार्वजनिक मन्दिरमा फूलपाती चढाउन गएका नेपालीलाई 'तँ डुम मन्दिरमा आउने भइस् ?' भन्ने अपशब्द प्रयोग गरी गालीगलौज गरेको पीडितले बताए। आरोपितलाई कानुनी कारबाहीका लागि सोही दिन प्रहरीमा उजुरी दिँदा प्रहरीले दुवै पक्षलाई बोलाई उप्रान्त यस्तो गल्ती नगर्ने सर्तमा मिलापत्र गराएको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	२०		
उपस्वास्थ्यचौकी	२५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३		३
स्टाफ नर्स	४		४
ल्याब असिस्टेन्ट	१	१	
अहेब	७२	३६	३६
अनमि	७२	१८	५४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२३	१३	१०
स्वास्थ्य कार्यकर्ता	८३	७२	११

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यान नौ मुद्दा दर्तामध्ये नौ थान नै विचाराधीन रहे, जसमा २४ जनालाई गिरफ्तार गरेका थिए भने एक जना अभियोग पहिचान हुन सकेन। जबरजस्ती करणीका दुई मुद्दा दर्ता भई विचाराधीन रहे, जसमा दुई जनालाई गिरफ्तार गरेका थिए। जबरजस्ती करणी उद्योग दुई मुद्दा दर्ता भई विचाराधीन रहे, जसमा दुई जनालाई गिरफ्तार गरेका थिए। अपहरण गरी शरीर बन्धकमा एक मुद्दा दर्ता भई विचाराधीन रहेयो। जसमा तीन जनालाई गिरफ्तार गरेका थिए। कुटपिट गरी अङ्गभङ्ग गरिएकामा एक मुद्दा दर्ता भई विचाराधीन रहेयो। जसमा दुई जनालाई गिरफ्तार गरेका थिए।

५.६ कञ्चनपुर



जिल्ला सदरमुकाम: महेन्द्रनगर
क्षेत्रफल (वर्ग कि. मि.): १,६१०
घरधुरी सङ्ख्या: ८२,१५२
जम्मा जनसङ्ख्या: ४,५१,२४८
पुरुष: २,१६,०४२
महिला: २,३५,२०६
अपाङ्ग सङ्ख्या: ५,०७२
गाविस/नपा सङ्ख्या: १५/१
पुरुष साक्षरता सङ्ख्या: १,६१,२१७
महिला साक्षरता सङ्ख्या: १,३५,२६२
हिन्दू धर्मावलम्बी प्रतिशत: ५५.०५
बौद्ध धर्मावलम्बी प्रतिशत: १.१५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.६५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.८२
वही धर्मावलम्बी प्रतिशत: ०.१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०५
प्रतिपरिवार सरदर सङ्ख्या: ५.४५

जेल र बन्दी

'ग' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता ९५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय १६ जना कैदी र कैद नतोकिएका ७३ जना थुनुवा गरी जम्मा १ सय ८९ जना बन्दी रहेका छन्। जसमा महिला १३ र पुरुष १ सय ७३ जना रहेका छन्। साथै, आश्रित बालक दुई जना गरी जम्मा १ सय ९१ जना रहेका छन्। यो जिल्ला कारागार २०२३ सालमा निर्माण भएको हो। कारागारको भवन जीर्ण भइसकेको अवस्थामा रहेको छ। कारागारमा क्षमताभन्दा दोब्बर सङ्ख्यामा कैदी र बन्दी भएका कारण खानेपानी, शौचालय र सुत्न समस्या रहेको कारागारले जनायो। कारागारभित्र मनोरञ्जनका लागि टीभी र आन्तरिक खेलकुदका सामानहरू रहेका छन्।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

नेविसङ्घबाट

भीमदत्त नगरपालिका-१८ स्थित सिद्धनाथ विज्ञान क्याम्पसमा ०६९ फागुन १४ गते वार्षिकोत्सवका अवसरमा आयोजना गरिने खेलकुदको सूचना टाँस गर्ने विषयमा अनेरास्ववियु क्रान्तिकारी र नेविसङ्घका विद्यार्थीहरूबीच भएको झडपमा परिसुडा गाविस-६ निवासी अनेरास्ववियु क्रान्तिकारीका जिल्ला अध्यक्ष २६ वर्षीय चन्द्रकान्त भट्ट र सोही ठाउँ बस्ने जिल्ला सदस्य जनकसिंह साउद घाइते भए। गम्भीर घाइते भएका अनेरास्ववियु क्रान्तिकारी जिल्ला अध्यक्ष चन्द्रकान्त भट्टको काठमाडौँ वीर अस्पताल र साउदको तिलगङ्गा आँखा अस्पताल, काठमाडौँमा उपचार भएको क्रान्तिकारीका केन्द्रीय सदस्य नवराज ऐरीले बताए। सोही क्रममा नेविसङ्घका जिल्ला उपाध्यक्ष अच्युत कलौनी गम्भीर घाइते भए। उनको टाउकोमा चोट लागेको थियो। उनको महाकाली अञ्चल अस्पताल, कञ्चनपुरमा उपचार भयो। आफूहरूले कहींकतै उजुरी नदिएको पीडितले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारीतर्फ २ सय ७० थान मुद्दा परेकामा १ सय ४४ थानको फैसला भयो भने १ सय २६ थान बाँकी रहे। देवानीतर्फ ४ सय २४ थान मुद्दामध्ये १ सय ७५ थानको फैसला भयो भने २ सय ४९ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय १९ थान मुद्दा परेकामा १३ थानको फैसला भयो भने २ सय ६ थान बाँकी रहे। देवानीतर्फ २ सय ३१ थान मुद्दामध्ये २१ ओटाको फैसला भयो भने २ सय १० बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा तीन थान र देवानी मुद्दा नौ थान रहे।

पुनरावेदन अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

चार जना मात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारीतर्फ १ सय ३५ थान मुद्दा रहेकामा ५८ थानको फैसला भयो भने ७७ थान बाँकी रहे। देवानीतर्फ ९८ थान मुद्दामध्ये २२ थानको फैसला भयो भने ७६ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

यस पुनरावेदन अदालतको फौजदारीतर्फ ४३ थान मुद्दा रहेकामा चारओटाको फैसला भयो भने ३९ थान बाँकी रहे। देवानीतर्फ १० थान मुद्दामध्ये एउटाको फैसला भयो भने नौ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी एक र देवानी ११ थान मुद्दा रहे।

पुनरावेदन न्यायाधिवक्ता कार्यालय

पुनरावेदन सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ८४ थान छन्, जसमध्ये १० थान सफल भए भने ३३ थान असफल भए। मुलतवी र तामेलीमा कुनै मुद्दा रहेका छैनन्।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी परेका १३ थानमध्ये दुईओटा सफल र एक असफल रहे। बलात्कारसम्बन्धी सात थान मुद्दामध्ये चार थान सफल र तीन थान असफल रहे। महिला बेचबिखनसम्बन्धी परेका पाँच थानमध्ये चार थान सफल र एक असफल रहयो। बहुविवाहसम्बन्धी पाँच थानमध्ये चार थान सफल र एक असफल रहयो। छुवाछूतसम्बन्धी परेको एउटा मुद्दा सफल रहयो।

न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ७६ रहयो, जसमध्ये एउटा सफल भयो भने २५ थान असफल भए। मुलतवी र तामेलीमा एउटा मुद्दा रहेको छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी १० ओटामध्ये चार थान सफल र चार थान असफल रहे। बलात्कारसम्बन्धी १५ थान मुद्दामध्ये दुई थान सफल र तीन थान असफल रहे। महिला बेचबिखनसम्बन्धी एक र छुवाछूतसम्बन्धी एक रहे भने बहुविवाहसम्बन्धी मुद्दा परेका सात थान मुद्दामा एक असफल रहयो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या ८८ छ, जसमध्ये एउटा सफल भएको छ। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म ८७ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	३	४		४	४
बालअधिकार				६		६
अमानवीय व्यवहार					१	१
अपहरण					३	३
महिलाअधिकार				१८		१८
जातीय विभेद					१	१
कुटपिट					१	१
हत्या				१	१	३
जम्मा	१	३	४	३५	१०	३५

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख १० हजार ८ सय ६० मध्ये छात्र ४८ हजार १ सय ४२ र छात्रा ६२ हजार ७ सय १८ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १२ हजार २ सय २२ र छात्र १० हजार ६ सय ७२ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला १ सय ७० र पुरुष ६ सय ५१ गरी जम्मा ८ सय २१ शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला २३ र पुरुष १ सय ८२ गरी जम्मा २ सय ५ शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला पाँच र पुरुष १ सय २९ गरी जम्मा १ सय ३४ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ५ हजार ५ सय ३० र बालिका ७ हजार ९ सय ९५ गरी जम्मा १३ हजार ५ सय २५ रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बेचबिखन तथा ओसारपसार

रुकुमकी १५ वर्षीया एक बालिकालाई बेचबिखनका लागि भारत लैजाँदै गर्दा ०७० साउन १८ गते भीमदत्त नपा-४ बाट प्रहरीले उद्धार गऱ्यो। मानव बेचबिखनविरुद्ध कार्यरत संस्था साना हातले भीमदत्त नपा-४ बजारस्थित बसपार्क क्षेत्रमा भारतको सिमाना गड्डाचौकी जाने बसमा चढ्ने क्रममा बालिकालाई सोधपुछ गर्दा शङ्का लागेपछि बालिकाको उद्धार गरेको थियो। बालिकालाई भारतमा काम गर्न लगाइदिने भन्दै पकाएर लैजान लागेका रुकुमका २५ वर्षीया विपना वटाला, ३१ वर्षीय धनबहादुर वटाला र २८ वर्षीय एवान वटालालाई प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका तीनै जनालाई जिल्ला अदालतको ०७० भदौ १६ गतेको आदेश अनुसार पुर्पक्षका लागि जिल्ला कारागार, कञ्चनपुरमा राखिएकामा उनी यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

एक बालिकालाई बलात्कार गरेको आरोपमा ०६९ फागुन १४ गते दोधारा गाविस-३ का १८ वर्षीय विकास थापा र १४ वर्षीय एक बालकलाई प्रहरीले गिरफ्तार गऱ्यो। छिमेकीमा रहेको विवाहघरमा गएका बेला पीडित बालिकालाई ०६९ माघ १३ गते राती आरोपितद्वयले नजिकैको एक विद्यालयमा लगेर सामूहिक बलात्कार गरेका थिए। पीडित बालिकाको महाकाली अञ्चल अस्पतालमा ०६९ माघ १४ गते स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको ०६९ फागुन १३ गतेको आदेश अनुसार आरोपित विकास थापालाई पुर्पक्षका लागि जिल्ला कारागार, कञ्चनपुर र १४ वर्षीय बालकलाई बाल सुधार केन्द्र, पोखरा, कास्कीमा पठाउने आदेश गऱ्यो।

आठ वर्षीया एक बालिकालाई श्रीपुर गाविस-७ का २२ वर्षीय धनबहादुर चौधरीले ०६९ फागुन १२ गते बलात्कार गरे। बालिकाको घरमा कोही नभएको बेला चौधरीले ललाइफकाई नजिकै रहेको उखुबारीमा लगेर बालिकालाई बलात्कार गरेपछि पीडित बालिकाले घटनाका बारेमा आफ्नी आमालाई बताएपछि पीडित परिवारले प्रहरीलाई खबर गरेका थिए। उजुरीका आधारमा बलात्कारका आरोपित चौधरीलाई इलाका प्रहरी कार्यालय, बेलौरीले ०६९ फागुन १२ गते राती गिरफ्तार गऱ्यो। जिल्ला अदालत कञ्चनपुरको ०६९ फागुन ३० गतेको आदेशले चौधरीलाई पुर्पक्षका लागि जिल्ला कारागार, कञ्चनपुरमा राखिएको छ। पीडित बालिकाको ०६९ फागुन १२ गते श्रीपुर प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार र स्वास्थ्य परीक्षण भयो। आरोपितलाई हालसम्म पनि थुनामै राखिएको छ।

१५ वर्षीया एक बालिकालाई ०६९ फागुन १६ गते रैकवार बिचवा गाविस- ५ का २० वर्षीय सियाराम राना, २० वर्षीय विजय राना र २१ वर्षीय रामदास रानाले घरनजिकैको खेतबारीमा लगेर सामूहिक बलात्कार गरेको आरोपमा पीडित परिवारले ०६९ फागुन १६ गते प्रहरीमा उजुरी गरेपछि बलात्कारमा संलग्न रहेका सियाराम राना र विजय रानालाई ०६९ फागुन १६ गते र रामदास रानालाई ०६९ फागुन १७ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरको हिरासतमा राखिएकामा जिल्ला अदालत कञ्चनपुरको ०६९ चैत १२ गतेको आदेश अनुसार पुर्पक्षका लागि कारागार चलान गरियो। हाल उनीहरू कारागारमा रहेका छन्। पीडित बालिकाको ०६९ फागुन १७ गते महाकाली अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपितहरू हालसम्म पनि थुनामै रहेका छन्।

आफ्नै चार वर्षीया एक छोरीलाई यौन दुर्व्यवहार गरेको आरोपमा पीडितका ३३ वर्षीय बुबालाई ०७० जेठ १९ गते प्रहरीले गिरफ्तार गऱ्यो। छोरीलाई यौन दुर्व्यवहार गरिरहेको अवस्थामा पीडितकी आमाले देखेपछि सोही दिन प्रहरी चौकी, सुडामा उजुरी दिएकी थिइन्। प्रहरीले जेठ १९ गते आरोपितलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालत, कञ्चनपुरले ०७० असार ७ गते दिएको आदेश अनुसार आरोपितलाई पुर्पक्षका लागि जिल्ला कारागार, कञ्चनपुरमा राखिएको छ। आरोपित हालसम्म पनि थुनामै रहेका छन्।

चार वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा त्रिभुवनबस्ती गाविस-८ का ५० वर्षीय रूपबहादुर खड्कालाई ०७० असार २१ गते इलाका प्रहरी कार्यालय, त्रिभुवनबस्तीले गिरफ्तार गऱ्यो। पीडित बालिकामा रक्तश्राव भएको देखेपछि बालिकाका अभिभावकले पीडित बालिकालाई सोधपुछ गर्दा बालिकालाई बलात्कार भएको कुरा खुलेको थियो। बलात्कारबाट घाइते भएकी बालिकाको सेती अञ्चल अस्पताल, धनगढीमा स्वास्थ्य परीक्षण एवं उपचार भयो। पीडितका परिवारले ०७० असार २१ गते आरोपित खड्काका नाममा उजुरी गरेपछि इलाका प्रहरी कार्यालय, त्रिभुवनबस्तीले ०७० असार २१ गते गिरफ्तार गरेकामा जिल्ला अदालत, कञ्चनपुरको ०७०

साउन ८ गतेको आदेश अनुसार पुर्पक्षका लागि जिल्ला कारागार चलान गरियो। हाल आरेपितलाई पुर्पक्षका लागि जिल्ला कारागार, कञ्चनपुरमा राखिएको छ। बालिकाको स्वास्थ्य स्थितिमा सुधार आएपछि उनलाई घर लगिएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

रुकुमकी १५ वर्षीया एक बालिकालाई बेचबिखनका लागि भारत लैजाँदै गर्दा ०७० साउन १८ गते भीमदत्त नपा-४ बाट प्रहरीले उद्धार गऱ्यो। मानव बेचबिखनविरुद्ध कार्यरत संस्था साना हातले भीमदत्त नपा-४ बजारस्थित बसपार्क क्षेत्रमा भारतको सिमाना गड्डाचौकी जाने बसमा चढ्ने क्रममा बालिकालाई सोधपुछ गर्दा शङ्का लागेपछि बालिकाको उद्धार गरेको थियो। बालिकालाई भारतमा काम गर्न लगाइदिने भन्दै पकाएर लैजान लागेका रुकुमका २५ वर्षीया विपना वटाला, ३१ वर्षीय धनबहादुर वटाला र २८ वर्षीय एवान वटालालाई प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका तीनै जनालाई जिल्ला अदालतको ०७० भदौ १६ गतेको आदेश अनुसार पुर्पक्षका लागि जिल्ला कारागार, कञ्चनपुरमा राखिएकामा उनी यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा छन्।

रुकुम जिल्ला निवासी २० वर्षीया एक महिलालाई आर्थिक प्रलोभन देखाएर बेचबिखनका लागि भारततर्फ लैजाँदै गरेको आरोपमा ०७० वैशाख २३ गते हुम्लाका नन्द कामी, तुलसिंह कामी र रुकुमकी दिलकुमारी घर्तीमगरका विरुद्ध प्रहरीले जिल्ला अदालत, कञ्चनपुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत, कञ्चनपुरले ०७० जेठ १३ गते तीनै जना आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएपछि उनीहरू जिल्ला कारागार, कञ्चनपुरमा थुनामा रहेका छन्। पीडित महिलालाई आर्थिक प्रलोभन देखाएर बेचबिखनका लागि भारततर्फ लैजाँदै गर्दा माइती नेपालको सहयोगमा प्रहरीले ०७० वैशाख १७ गते भीमदत्त नपा-१०, गड्डाचौकीबाट उनीहरूलाई गिरफ्तार गरेको थियो। पीडित युवतीलाई उनको घर फिर्ता पठाइएको जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरले बतायो। आरोपितहरू अझै थुनामै रहेका छन्।

बलात्कार, बालात्कार प्रयास र यौन दुर्व्यवहार

१९ वर्षीया एक महिलालाई भारत, पिलिभित निवासी ३५ वर्षीय नमरु गोलदारले बलात्कार प्रयास गरेको आरोपमा ०७० असार १७ गते इलाका प्रहरी कार्यालय दोधाराले गिरफ्तार गऱ्यो। नेपाल-भारत सीमामा घाँस काट्न गएकी पीडितलाई नमरु गोलदारले बलात्कार गर्न प्रयास गरेको पीडितले बताइन्। बलात्कार प्रयास गरेको भन्दै स्थानीयवासीले नमरु गोलदारलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय, दोधारामा बुझाए। आरोपित गोलदारलाई जिल्ला अदालतको ०७० साउन ४ गतेको आदेश अनुसार पुर्पक्षका लागि जिल्ला कारागार चलान गरकामा यस वर्षको अन्त्यसम्म आरोपितलाई जिल्ला कारागार, कञ्चनपुरमा राखिएको छ।

घरेलु हिंसा

परिवारजनबाट हत्या/हत्या प्रयास

कालिका गाविस-४, आईबीआरडीकी ३० वर्षीया विनीता शाहीलाई ०६९ माघ २८ गते हत्या गरेको आरोपमा ०६९ माघ २९ गते उनका ३५ वर्षीय पति नरबहादुर शाही, ५२ वर्षीया सासू अमृता शाही र ६० वर्षीय ससुरा ऐनबहादुर शाहीलाई इलाका प्रहरी कार्यालय, त्रिभुवनबस्तीले गिरफ्तार गऱ्यो। शाहीका परिवारले उनको लासलाई बिना जानकारी अन्तिम संस्कारका लागि आर्यघाट लैजाने तयारी गर्दा छिमेकीहरूले हत्या गरेको हुन सक्ने भन्दै अन्तिम संस्कार गर्न दिएनन्। स्थानीयवासीहरूले इलाका प्रहरी कार्यालय, त्रिभुवनबस्तीलाई घटनाका बारेमा जानकारी गराएपछि प्रहरी टोली घटनास्थल पुगेको थियो। घटनास्थल पुगेको प्रहरी टोलीले अनुसन्धानका लागि तीनै जनालाई गिरफ्तार गऱ्यो। मृतक महिलाको मुखबाट च्याल निस्केको र विषादी गन्ध आइरहेको अवस्था रहेकाले आफैं अथवा घरपरिवारले विष सेवन गराएको स्पष्ट खुल्न नसकेको इलाका प्रहरी कार्यालय, त्रिभुवनबस्तीका इन्सपेक्टर नृप शाहीले बताए। महिलाले आफैं विष सेवन गरेको भए प्रहरीलाई खबर गर्नुपर्ने तथा उपचारका लागि नजिकको स्वास्थ्य संस्था लग्नुपर्नेमा त्यसो नगरेको हुँदा घटना नियोजित हुन सक्ने आशङ्का रहेकाले उनका पतिसहित परिवारका सदस्यहरूलाई अनुसन्धानका लागि गिरफ्तार गरेकामा कञ्चनपुर जिल्ला अदालतको ०६९ फागुन ३० गतेको आदेश अनुसार तीनै आरोपितलाई पुर्पक्षका लागि जिल्ला कारागार, कञ्चनपुरमा राखिएको छ। मृतक महिलाको ०६९ माघ २९ गते सेती अञ्चल अस्पताल, धनगढीमा पोस्टमार्टम गरिएको थियो। आरोपितहरू अझै थुनामा रहेका छन्।

दैजी गाविस-४, बैतडाकी ३७ वर्षीया पार्वती धामी ०६९ माघ ११ गते उनका ४५ वर्षीय पति चन्द्रबहादुर धामीले बन्चरो प्रहार गर्दा गम्भीर घाइते भइन्। घरायसी विवादका कारण पार्वतीलाई घरभित्र लगेर उनका पति चन्द्रबहादुर धामी र देउरानी बिष्ना धामीले कुटपिट गरेका थिए। कुटपिट गर्दै चन्द्रबहादुरले बन्चरोको पछाडिको भाग (पासो)ले मुखमा प्रहार गरेको पीडितले बताइन्। बन्चरो प्रहारका कारण गम्भीर घाइते भएकी पार्वतीको महाकाली अञ्चल अस्पताल, कञ्चनपुरमा उपचार भयो। पीडितको उजुरीपछि ०६९ माघ १२ गते चन्द्रबहादुर धामी र बिष्ना धामीलाई प्रहरीले गिरफ्तार गरेको थियो। जिल्ला अदालत, कञ्चनपुरको ०७० वैशाख ३१ गतेको फैसलाले दुवै आरोपितलाई पाँच वर्ष कैद सजाय सुनाएपछि जिल्ला कारागार, कञ्चनपुरमा राखिएको छ।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ८६ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, कञ्चनपुरमा उजुरी दर्ता गराए। उजुरीमध्ये कुटपिट गरी घरनिकाला गरिएका ८१, बहुविवाह चार, दाइजो नल्याएको भन्दै यातना दिइएका एक थिए। तीमध्ये प्रहरीले ७३ घटनामा मिलापत्र गराएको र १३ उजुरी कानुनी प्रक्रियामा अगाडि बढाइएको सो केन्द्रले जनायो।

सबै प्रकारका जातीय विभेद

दैजी गाविस-४, बैतडा बस्ने क्रान्तिकारी पत्रकार सङ्घ, कञ्चनपुरका कोषाध्यक्ष २८ वर्षीय राजुराम सार्कीलाई ०७० असार २६ गते दैजी-२, शान्तिपुरका ३५ वर्षीय बहादुर चन्दले अपशब्द प्रयोग गरी जातीय विभेद गरे। दैजी गाविस-२ स्थित जनचेतना हरियाली महिला संरक्षण समूहको वनमा बहादुर चन्दले रूख काट्दै गर्दा राजुराम सार्कीले चन्दलाई रूख नकाट्न आग्रह गरेका थिए। समाचार सङ्कलनका लागि गएका जनक्रान्ति दैनिकका संवाददाता सार्कीले रूख नकाट्न आग्रह गरेको रिसमा चन्दले सार्कीलाई गालीगलौज गर्नुका साथै अपशब्द प्रयोग गरेको सार्कीले बताए। घटनाबारे जानकारी लिने क्रममा उनीमाथि दुर्व्यवहार तथा जातीय विभेद गरिएको भन्दै क्रान्तिकारी पत्रकार सङ्घ, कञ्चनपुरले ०७० असार २७ गते दुर्व्यवहारको निन्दा गर्दै चन्दलाई कारबाही गर्न स्थानीय प्रशासनसँग माग गरी विज्ञप्ति जारी गरेको थियो। पीडकलाई कुनै कारबाही नभएको पीडितले बताए। पीडितले ०७० असार २६ गते प्रहरी चौकी, सुडामा उजुरी दिएपछि सोही दिन आरोपितलाई जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा पठाइएको थियो। जिल्ला प्रहरी कार्यालयमा पीडकले माफी मागेर गल्ती नगर्ने सर्तमा ०७० असार २७ गते दुवै पक्षबीच मिलापत्र गराइयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

नेकपा-माओवादीबाट

जिल्ला कृषि विकास कार्यालय, कञ्चनपुरले बन्दको अवज्ञा गरी कार्यालय सञ्चालन गरेको आरोपमा ०६९ फागुन ८ गते नेकपा-माओवादीका कार्यकर्ताहरूले कार्यालयमा रहेका सातओटा कुर्सी तोडफोड गरे। प्रधानन्यायाधीशको नेतृत्वमा चुनावी सरकार गठन गर्ने दलहरूको तयारीको विरोध तथा दैलेखका पत्रकार डेकेन्द्रराज थापाको हत्याको अभियोगमा पक्राउ परेका कार्यकर्ताको रिहाइको माग राखी नेकपा-माओवादीले बन्दको आह्वान गरेको थियो।

अनेरास्ववियु (क्रान्तिकारी) र नेविसङ्घबाट

भीमदत्त नपा-१८ स्थित सिद्धनाथ साइन्स क्याम्पसमा ०६९ फागुन १४ गते वार्षिकोत्सवका अवसरमा आयोजना गरिने खेलकुदको सूचना टाँस गर्ने विषयमा अनेरास्ववियु (क्रान्तिकारी) र नेविसङ्घका विद्यार्थीहरूबीच विवाद हुँदा आक्रोशित विद्यार्थीहरूले क्याम्पस प्रमुखको कक्षमा रहेको एक थान कम्प्युटर र एक थान प्रिन्टर तोडफोड गरे। आक्रोशित विद्यार्थीहरूले क्याम्पस परिसरभित्रै रहेको पिपलाडी गाविस-३ निवासी अनेरास्ववियु क्रान्तिकारीका केन्द्रीय सदस्य २९ वर्षीय नवराज ऐरीको म१प.४८९८ नम्बरको मोटरसाइकल तोडफोड गरे।

नेकपा-माओवादीनिकट अखिल नेपाल शिक्षक सङ्गठनबाट

प्रवेशिका परीक्षा सञ्चालन निर्देशिका विपरीत केन्द्राध्यक्ष नियुक्त गरेको आरोपमा नेकपा-माओवादी निकट अखिल नेपाल शिक्षक सङ्गठनसँग आवद्ध शिक्षकहरूले ०६९ फागुन २९ गते केन्द्राध्यक्षहरूलाई प्रशिक्षण चलिरहेको समयमा जिल्ला शिक्षा कार्यालय, कञ्चनपुरमा तोडफोड गरे। आन्दोलित समूहले जिल्ला शिक्षा अधिकारीको कुर्सी तोडफोड तथा झ्यालका सिसा फुटाएका थिए। तोडफोडमा संलग्नहरूलाई कुनै कारबाही भएन।

अज्ञात समूहबाट

संविधानसभा निर्वाचनमा एमाओवादीको कञ्चनपुर-४ का उम्मेदवार मोहन गिरीको प्रचारप्रसारका लागि प्रयोग गरिरहेको भीमदत्त नपा-५, वनखेतका ५७ वर्षीय अर्जुन शाहीको १.ज.७३ नम्बरको जिपलाई भीमदत्त नपा-५, वनखेत पूर्वपश्चिम राजमार्गमा रोकिरहेको अवस्थामा ०७० कात्तिक ९ गते अज्ञात समूहले आगजनी गऱ्यो। उम्मेदवार गिरीको जिपलाई पार्किङ गरेर भीमदत्त नपा-९ मा प्रचारप्रसार गर्न गएको समयमा मोटरसाइकलमा सवार अज्ञात समूहले पेट्रोल छर्केर आगजनी गर्दा दुईओटा सिट जले।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	८		
उपस्वास्थ्यचौकी	११		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	२१	१२	५
स्टाफ नर्स	२२	२२	
ल्याब असिस्टेन्ट	१०	१०	
अहेब	४४	४४	
अनमि	२२	२२	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	५	५	
माशिका	१०	१०	
स्वास्थ्य कार्यकर्ता	५	५	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यानका ६ मुद्दा दर्ता भई पाँच मुद्दा फैसला भए। जबरजस्ती करणीका आठ मुद्दा दर्ता भई फैसला भए। ज्यान मार्ने उद्योगका पाँच मुद्दा दर्ता भई चार मुद्दा फैसला भए। बहुविवाहका सात मुद्दा दर्ता भई फैसला भए। जबरजस्ती करणी उद्योगका सात मुद्दा दर्ता भई फैसला भए। अपहरणका एक मुद्दा दर्ता भई फैसला भए।

५.७ डडेल्धुरा



जिल्ला सदरमुकाम: डडेल्धुरा
क्षेत्रफल (वर्ग कि. मि.): १,५३८
घरधुरी सङ्ख्या: २७,०४५
जम्मा जनसङ्ख्या: १,४२,०५४
पुरुष: ६६,५५६
महिला: ७५,५३८
अपाङ्ग सङ्ख्या: ५,१५०
गाविस/नपा सङ्ख्या: २०/१
पुरुष साक्षरता सङ्ख्या: ४७,५५५
महिला साक्षरता सङ्ख्या: ३७,२५४
हिन्दू धर्मावलम्बी प्रतिशत: ५८.८८
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.७१
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०३
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.३३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०३
अन्य धर्मावलम्बी प्रतिशत: ०.०१६
प्रतिपरिवार सरदर सङ्ख्या: ५.२५

जेल र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३० जना कैदी र कैद नतोकिएका सात जना थुनुवा गरी जम्मा ३७ जना बन्दी रहेका छन्। जसमा महिला ६ र पुरुष ३१ जना रहेका छन्। साथै, आश्रित एक बालिका गरी जम्मा ३८ जना रहेका छन्। यो जिल्ला कारागार ०४४ सालमा निर्माण भएको हो।

यस कारागारमा विभिन्न सङ्घसंस्थाहरूले दैनिक पत्रिकाहरू उपलब्ध गराउँदै आएका छन्। कारागारमा सञ्चारमाध्यम टीभी, पत्रपत्रिका रहेका छन्। कारागारमा क्षमताभन्दा बढी कैदीहरू हुँदा शौचालय, खानेपानीको समस्या हुनुका साथै कोचिएर

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	५		५
महिलाअधिकार	५८		५८
धम्की		१	१
जम्मा	६३	१	६४

सुत्नुपर्ने अवस्था रहेको छ भने कैदी बस्ने घर जीर्ण अवस्थामा रहेको जेलर सुवास रावलले बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

रूपाल गाविस-१, विरखम्ब निवासी स्थानीय ३७ वर्षीय व्यापारी गोविन्द नाथले आफूले चन्दास्वरूप माग गरेको १ लाख ५० हजार रुपियाँ दिन अस्वीकार गरको आरोपमा ०७० साउन ४ गते बेलुका सोही ठाउँ निवासी राप्रपा नेपालका जिल्ला सचिव ४२ वर्षीय मदन नाथले मार्ने धम्की दिएको भनी सुरक्षाको माग राखी आरोपीविरुद्ध ०७० साउन २८ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। प्रहरीले मदन नाथलाई सोही दिन जिल्ला प्रहरी कार्यालय, डडेलधुरामा बोलाई फरार रहेका जगदीश नाथलाई पनि १५ दिनभित्र प्रहरीमा उपस्थित गराउने सर्तमा राप्रपा नेपालका जिल्ला अध्यक्ष कालीप्रसाद जोशीको रोहबरमा मदन नाथलाई ०७० साउन २८ गते रिहा गरिए पनि जिल्ला प्रहरी कार्यालयले फरार रहेका जगदीश नाथलाई नभेटाएको भन्दै कारबाही प्रक्रिया अगाडि नबढाएको जिल्ला प्रहरी कार्यालय डडेलधुराले जनाएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारीतर्फ ५३ थान मुद्दा रहेकामा ३६ थानको फैसला भयो भने १७ थान बाँकी रहे। देवानीतर्फ २२ थान मुद्दा रहेकामा ६ थान फैसलाको भयो भने १६ थान बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २९ थान मध्ये १२ थानको फैसला भयो भने १७ थान बाँकी रहे। देवानीतर्फ १९ थान मुद्दामध्ये नौ थानको फैसला भयो भने १० थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा नभए पनि देवानी मुद्दा भने दुई थान छन्।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १९ थान छ, जसमध्ये नौ थान सफल भए भने पाँच थानअसफल रहे। मुलतवी र तामेलीमा रहेका मुद्दा एक/एक थान रहे। जिम्मेवारी सरी आएका चार थान मुद्दाको फैसला हुन बाँकी छ।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी तथा अन्य ज्यान मुद्दा सात थानमध्ये दुई थान सफल रहे भने तीन थान असफल रहे। बलात्कारसम्बन्धी दुई थान मुद्दा परेकामा दुई थान नै सफल रहे भने बहुविवाहसम्बन्धी परेको एउटा मुद्दा असफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुस १६ गतेसम्म दायर मुद्दाको सङ्ख्या १० थान छ, जसमध्ये दुई थान सफल भए। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म १८ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

डडेलधुरा जिल्लाका विद्यालय जाने उमेरका ४७ हजार ८ सय ०८ मध्ये छात्र २३ हजार २ सय ५० र छात्रा २४ हजार ५ सय ५८ प्राथमिकदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ५ हजार ६ सय ४३ र छात्र ५ हजार ३ सय ४७ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राविं तहमा ८ सय ८ जना शिक्षक कार्यरत छन्। निमाविं तहमा २ सय २६ जना शिक्षक कार्यरत छन्। यसै गरी माविं तहमा २ सय शिक्षक रहेका छन् भने शिक्षकहरूको विवरणमा महिला र पुरुष छुट्याएर अभिलेख राखिएको छैन। बाल विकास केन्द्रमा बालक ३ हजार २ सय २२ र बालिका २ हजार ७ सय ९५ गरी जम्मा ६ हजार २२ जना रहेका छन्, जसमध्ये दलित बालक ८ हजार ६७ र बालिका ८ सय ५२ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

१५ वर्षीया एक बालिकालाई घरमा कोही नभएको समय पारी ०७० मङ्सिर ५ गते राती अमरगढी नपा-७, पोखरा बस्ने ४० वर्षीय पदम भट्टराईले घरभित्र जबरजस्ती बलात्कार गरेको आरोपमा पीडितपक्षले जिल्ला प्रहरी कार्यालय, डडेलधुरामा उजुरी दिएपछि प्रहरीले ०७० मङ्सिर ८ गते जबरजस्ती करणीको मुद्दा दर्ता गरेको र फरार अभियुक्तको खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय, डडेलधुराका प्रमुख डीएसपी कृष्ण प्रसाईंले बताए। पीडित बालिकाको उपक्षेत्रीय अस्पताल डडेलधुरामा स्वास्थ्य परीक्षण गरिएको थियो। पीडित बालिकालाई नेपालगन्जमा रहेको साथी संस्थाको सेफ हाउसमा राखिएको छ।

१२ वर्षीया एक छोरीलाई बुबाले बलात्कार गरेको आरोपमा ०७० भदौ २ गते प्रहरीले आरोपित बुबालाई गिरफ्तार गऱ्यो। पीडित बालिकाको ०७० भदौ २ गते नै उपक्षेत्रीय अस्पताल, डडेलधुरामा स्वास्थ्य परीक्षण तथा उपचार गरिएको थियो। प्रहरीले अनुसन्धान प्रक्रिया सम्पन्न गरेपछि ०७० भदौ २६ गते अदालतको आदेशमा आरोपितलाई पुर्पक्षका लागि जिल्ला कारागार, डडेलधुरामा राखिएको छ। फैसला हुन बाँकी छ।

१४ वर्षीया एक छोरीलाई ०७० भदौ ५ गते बलात्कार गरेको अरोपमा ३२ वर्षीय बुबालाई प्रहरीले ०७० भदौ ६ गते गिरफ्तार गरी अनुसन्धानका लागि हिरासतमा राख्यो। पीडित बालिकाको ०७० भदौ ६ गते उपक्षेत्रीय अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपितविरुद्ध ०७० भदौ ७ गते बलात्कार तथा हाडनाता करणीसम्बन्धी मुद्दा दर्ता गरिएको जिल्ला प्रहरी कार्यालय, डडेलधुराले बतायो। जिल्ला अदालतले ०७० भदौ ३१ गते दिएको आदेश अनुसार अरोपितलाई पुर्पक्षका लागि जिल्ला कारागारमा राखिएको छ। बालिकाको स्वास्थ्य स्थित सामान्य रहेको परिवारजनले बतायो। फैसला हुन बाँकी छ।

१३ वर्षीया एक बालिकालाई ०७० वैशाख ३० गते आतिलात गाविस-४ का २४ वर्षीय भगीरथ बोहराले ०७० वैशाख ३० गते बलात्कार गरेको आरोपमा पीडितका बुबाले ०७० जेठ ३ गते इलाका प्रहरी कार्यालय, जोगबुडामा उजुरी दिए। आरोपित बोहरालाई प्रहरीले सोही दिन गिरफ्तार गरी अनुसन्धानपश्चात् जिल्ला अदातलको आदेशमा ०७० जेठ २८ गते पुर्पक्षका लागि थुनामा रहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर सूर्य चन्दले बताए। पीडित बालिकाको स्वास्थ्य परीक्षण तथा उपचार जिल्ला अस्पतालमा गरिएको थियो। मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार घरेलु हिंसा

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ७२ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, डडेलधुरामा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ४५, खानलाउन नदिएका १४, विवाह दर्ता तथा नागरिकता नबनाएका पाँच, अर्की पत्नी ल्याएर हेला गरेका दुई, मार्ने धम्की दिइएको आरोपमा पाँच जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले ७१ घटनामा मिलापत्र गराएको र एक उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सो केन्द्रले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	**१**		
स्वास्थ्यचौकी	**२०**		
उपस्वास्थ्यचौकी	**४**		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	**५**	**७**	
स्टाफ नर्स	**४**	**७**	
ल्याब असिस्टेन्ट	**५**	**५**	
अहेब	**७**	**७**	
अनमि	**४**	**१२**	
खोप सुपरभाइजर	**१**	**१**	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	**१**	**१**	
हेल्थ असिस्टेन्ट	**२**	**४**	
माशिका	**४**	**४**	
स्वास्थ्य कार्यकर्ता	**२४**	**२४**	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म बहुविवाहका एक मुद्दा दर्ता भएकामा विचाराधीन रहयो। जसमा एक जना गिरफ्तार भए। जबरजस्ती करणी पाँच मुद्दा दर्ता भएकामा सबै विचाराधीन रहे। जसमा तीन जना गिरफ्तार भए।

५.८ बैतडी



जिल्ला सदरमुकाम: बैतडी
क्षेत्रफल (वर्ग कि. मि.): १,५१५
घरधुरी सङ्ख्या: ४५,१५१
जम्मा जनसङ्ख्या: २,५०,८५८
पुरुष: १,१७,४०७
महिला: १,३३,४५१
अपाङ्ग सङ्ख्या: ७,७८८
गाविस/नपा सङ्ख्या: ६२/१
पुरुष साक्षरता सङ्ख्या: ८२,३७७
महिला साक्षरता सङ्ख्या: ६१,१६६
हिन्दू धर्मावलम्बी प्रतिशत: ९९.९३
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.०२
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.०२
अन्य धर्मावलम्बी प्रतिशत: ०.०१४
प्रतिपरिवार सरदर सङ्ख्या: ५.५५

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

गोली/विस्फोटक पदार्थद्वारा मृत्यु/घाइते

गैरराज्यपक्षबाट

अन्यबाट

वाशुलिङ गाविस-२ का ११ वर्षीय ईश्वर विष्टको ०७० वैशाख २१ गते घर भित्र रहेको विस्फोटक पदार्थ पड्काउन खोज्दा भएको विस्फोटमा परी घटनास्थलमै मृत्यु भयो। घटनामा परी सोही ठाउँका छ वर्षीय दीपक बिष्ट घाइते भए। मृतकका बुबा भारतमा मजदुरी गर्ने र उनले उतैबाट ल्याएको विस्फोटक पदार्थ डिटोनेटर घर भित्र राखेका थिए। घटनामा बाँया हातको हत्केला अलग भई अत्यधिक रक्तश्रावका कारण उनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, बैतडीका प्रमुख डिएसपी कमल खरेलले बताए। घाइते दीपकलाई सोही दिन जिल्ला अस्पताल बैतडीमा उपचारका लागि लगिएकोमा उनी भोलिपल्ट घर फर्केको र उनको अवस्था समान्य रहेको जिल्ला अस्पताल, बैतडीका डाक्टर गुणराज अवस्थीले बताए।

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३६ जना कैदी र कैद नतोकिएका १३ जना थुनुवा गरी जम्मा ४९ जना पुरुष बन्दी रहेका छन्। जसमा महिला र आश्रित बालबालिका छैनन्। यो जिल्ला कारागारको निर्माण सम्बन्धमा कार्यालयमा कुनै लगत नभेटिएको जेलर केशवराज जोशीले बताए।

कारागारभित्र टिनको छाना चुहिने र शौचालयको ट्याङ्की भरिएर भित्रै दुर्गन्ध फैलिने, कारागारमा १५ जना पुरुष क्षमता भएको घरभित्र झन्डै तीन गुणाभन्दा बढी ४९ जना थुनुवाले बस्नुपरेको कारागार प्रशासनले जनायो।

कारागारभित्रको भौतिक अवस्थाको अनुगमन इन्सेक जिल्ला प्रतिनिधि शेरबहादुर चन्दको नेतृत्वमा पत्रकार सम्मिलित एक टोलीले ०७० वैशाख १७ गते गरेको थियो। अनुगमनपश्चात् त्यहाँको भौतिक अवस्था र कैदीहरूले भोगिरहेका समस्याका विषयमा समाचार प्रसारण भएको थियो। त्यसपछि कारागारको भौतिक अवस्था सुधारका लागि केन्द्रबाट सहयोग उपलब्ध भएको सो कारागारका प्रमुख जोशीले बताए। कारागारभित्र नियमबमोजिम सुविधाहरू नियमित रूपमा वितरण गर्ने गरेको सो कारागारका कैदीहरूले बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

संविधानसभा सदस्य निर्वाचन २०७० मा घरदैलो र प्रचारप्रसार गर्ने कार्यक्रममा एमाओवादी र एमाले कार्यकर्ताबीच राजनीतिक विषयमा विवाद बढ्दा ०७० कात्तिक २७ गते हाट गाविस-९ को गिरीगाडामा दुवै पक्षबीच झडप भयो। झडका क्रममा कुवाकोट गाविस-५ निवासी एमाओवादीका राज्य समिति सदस्य दीपेन्द्र कुँवरलगायत सात जना कार्यकर्ताको प्रहारबाट भटना गाविस-३ का ४५ वर्षीय हर्क धानुक, कुवाकोट गाविस-९ का ४८ वर्षीय कर्ण जागरी घाइते भएको सो पार्टीले जनायो। झडपमा परी एनेकपा माओवादीको

भ्रातृ सङ्गठन अनेरास्ववियु (क्रान्तिकारी)का जिल्ला कमिटी सदस्य दिनेश धानुक र जितेन्द्र कुँवरलगायत घाइते भएको एमाओवादी बैतडीले जनायो। हाट गाविसको गिरीगाडामा ०७० कात्तिक २७ गते मेला लागेको र सो मेलामा आ–आफ्नो पार्टीको निर्वाचन प्रचारप्रसारका क्रममा घटना भएको थियो। घाइतेहरूको उपचार स्थानीय स्वास्थ्य चौकीमा भयो। उपचारपछि उनीहरूको स्थिति सामान्य रहेको हाट स्वास्थ्य चौकीले जनायो। घटनासम्बन्धी पीडितहरूले एकीकृत नेकपा माओवादीका सेती-महाकाली राज्य समिति सदस्य कुवाकोट निवासी दीपेन्द्र कुँवर, सोही पार्टीका जिल्ला सदस्य कोटिला गाविसका कृष्ण बडु, भूमिराज गाविसका चक्र खडायत, मल्लादेही गाविसका उद्धव धामी, सोही ठाउँका कैलाश धामी, कोटिला गाविसका देवेन्द्र बडु र लोकेन्द्र बडुका नाममा ०७० कात्तिक २९ गते सार्वजनिक अपराध अन्तर्गत जिल्ला प्रशासनमा मुद्दा दायर गरे। हाल आरोपितहरू फरार रहेको जिल्ला प्रहरी कार्यालय, बैतडीले जनायो।

संविधानसभा सदस्य निर्वाचनको प्रचारप्रसार गर्ने क्रममा मल्लादेही गाविस-८, बवेडामा ०७० कात्तिक २८ गते दिउँसो ३ बजे एमाओवादीले एमाले कार्यकर्ताको प्रचार टोलीमाथि आक्रमण गरी कुटपिट गर्दा एमालेका सात जना कार्यकर्ता घाइते भए। घाइते हुनेहरूमा रौलेश्वर गाविस-९ का एमाले महाकाली अञ्चल कमिटी सदस्य नरेन्द्र विष्ट, वसन्तपुर गाविस-१ निवासी सोही पार्टीका अञ्चल कमिटी सदस्य नरेश विक, सो पार्टीका बैतडी जिल्ला कमिटी सदस्य एवं शंकरपुर गाविस-१ का भगीरथ कुँवर, सोही ठाउँका सो पार्टीका कार्यकर्ता जनक कुँवर, रौलेश्वर-९ का कर्णबहादुर विष्ट र पाटन गाविस-८ का दिलीप विष्ट घाइते भएका थिए। घाइतेहरूको उपचार जिल्ला अस्पताल, बैतडीमा गरियो। मल्लादेही गाविसमा एक्कासि एमाओवादीको टोलीले आक्रमण गरी आफूहरूसँग भएको नगद दुई लाख रुपियाँ र ११ ओटा मोबाइल सेटहरूसमेत लुटिएको पीडित नरेन्द्र विष्टले बताए। एमाओवादी बैतडीले दोहोरो झडपमा आफ्ना पार्टीका दुई जना कार्यकर्ता घाइते भएको जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारीतर्फ ५५ थान मुद्दा रहेकामा ३४ थानको फैसला भयो भने २१ थान बाँकी रहे। देवानीतर्फ १६ थान मुद्दामध्ये ११ थानको फैसला भयो भने पाँच थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी एक-एक मुद्दा रहे।

घटनाको प्रकार	राज्यबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				८	८
बालअधिकार			९		९
महिलाअधिकार			११		११
जातीय विभेद			१	३	४
कुटपिट	१	१	२	६	९
हत्या				२	२
जम्मा	१	१	२३	२०	४३

०७० साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतको फौजदारीतर्फ ४३ थान मुद्दा रहेकामा १४ थानको फैसला भयो भने २९ थान बाँकी रहे। देवानीतर्फ १६ थान मुद्दामध्ये दुई थानको फैसला भयो भने १४ थान बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी एक र देवानी तीन थान मुद्दा रहे।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३६ छ, जसमध्ये कुनै पनि सफल र असफल रहेनन्। मुलतवी र तामेलीमा रहेका मुद्दाको सङ्ख्या ३६ रह्यो। यस वर्ष कुनै पनि मुद्दा फर्स्यौट नभएको जिल्ला सरकारी वकिलको कार्यालयले जनायो। कर्तव्य ज्यानसम्बन्धी तीन, बलात्कारसम्बन्धी दुई र बहुविवाहसम्बन्धी एक मुद्दा परेका थिए। त्यसै गरी साधारण चोरीका ६, नकबजनी चोरीका चार, डाँकाचोरी एक गरी जम्मा १७ ओटा र केही सार्वजनिक अपराध अन्तर्गतका नौ थान मुद्दा गरी २६ थान मुद्दा परेका थिए। यस वर्ष कुनै पनि मुद्दा फर्स्यौट भएनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या २६ छ, जसमध्ये कुनै सफल भएनन्। सरकारी वकिल सङ्ख्या १ जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म २६ थान नै मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

एमाओवादी कार्यकर्ताले आक्रमण गरी घाइते बनाएका दिलीप बिष्ट, नरेश विक र भगीरथ कुँवर

बालअधिकार

शिक्षाको अधिकार

बैतडी जिल्लाका विद्यालय जाने उमेरका ९७ हजार २ सय ७२ मध्ये छात्र ४६ हजार २ सय ४४ र छात्रा ४७ हजार ५ सय १४ जना प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १० हजार ६ सय ७९ र छात्र १० हजार ४ सय ६२ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला र पुरुष गरी जम्मा १ हजार ३ सय ३५ जना शिक्षक कार्यरत छन्। निमाबि तहमा महिला र पुरुष गरी जम्मा ३ सय ६९ जना शिक्षक कार्यरत छन्। यसै गरी माबि तहमा महिला र पुरुष गरी जम्मा २ सय ६६ जना शिक्षक रहेका छन्। (यसमध्ये महिला शिक्षकको तथ्याङ्क जिल्ला शिक्षा कार्यालयसित नभएको अवस्था रहेको छ।

बाल विकास केन्द्र जम्मा ३ सय ९९ ओटा रहेको र जसमा बालक ५ हजार २ सय ९८ र बालिका ५ हजार १ सय ९४ गरी जम्मा १० हजार ४ सय ९२ रहेका छन्, जसमध्ये दलित बालक १ हजार २ सय १८ जना र बालिका १ हजार २ सय ३१ जना रहेका छन्।

एमाओवादी कार्यकर्ताले आक्रमण गरी घाइते बनाएका नरेन्द्र बिष्ट

यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१७ वर्षीया एक अपाङ्ग बालिकालाई ०७० वैशाखमा वाशुलिङ गाविस-६ का ३६ वर्षीय धर्मानन्द भट्टले जङ्गलमा बाखा चराउन गएको समयमा घरनजिकैको जङ्गलमा बलात्कार गरेपछि आफ्नो गर्भ रहन गएको भन्दै बालिकाले न्यायको माग राखी ०७० कात्तिक ७ गते जिल्ला प्रहरी कार्यालय, बैतडीमा उजुरी दिइन्। बालिकाको सात महिनाको गर्भ भइसकेकाले घरछिमेकलाई मुख देखाउनसमेत अप्ठ्यारो भएकाले न्यायका लागि प्रहरीमा उजुरी गरेको भए पनि प्रहरीले उजुरी दर्ता गर्न नमान्दा पीडितको पूरै परिवार गाउँबाट विस्थापित हुनुपरेको पीडितका काका नन्दराज भट्टले बताए। जबरजस्ती करणी गरेको घटनाको उजुरी हदम्याद ३५ दिन तोकिएको र बलात्कार भएको भनिएको अवधि बढी भएकाले घटना दर्ता हुन नसक्ने जिल्ला प्रहरी कार्यालय, बैतडीले जनायो। छरछिमेकको लाजले उनका आमाबाबु घर छोडी भारततिर जाँदा उनी घरमा एक्लै भएको र छिमेकीहरूको शरणमा गई मागेर खानुपर्ने अवस्था आएको पीडित पक्षले बतायो। पीडितले एक हात र एक खुट्टा चलाउन सक्दिनन्।

सात वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा ०७० असार ३० गते शर्मालि गाविस-७, बवेडाका १८ वर्षीय पदमराज जोशीका बिरुद्धमा पीडित पक्षले शर्मालि प्रहरी चौकीमा निवेदन दिएपछि सोही दिन आरोपितलाई गिरफ्तार गऱ्यो। घटना ०७० जेठ २८ गते भएको भए पनि गाउँघरमा मिलाउन खोज्दा सार्वजनिक नगरिएको तर पीडित बालिकाका मामाले उजुरी दिएपछि मात्रै घटना सार्वजनिक भएको इलाका प्रहरी कार्यालय, मेलौलीले जनायो। बलात्कारपश्चात् बालिकाको स्वस्थ्य अवस्था गम्भीर भएकाले उनको उपचार गर्न भारतको चम्पावत लगिएको भए पनि उनको थप उपचारका लागि भारतकै उद्यमसिंह नगरको खटीमा उपचार भएको थियो। पीडित बालिकाको स्वास्थ्य अवस्था हाल सामान्य रहेको उनका आफन्तले बताए। आरोपितलाई जिल्ला कारागार,

बैतडीमा पुर्पक्षका लागि थुनामा राखी बलात्कारको मुद्दा चलाएको जिल्ला प्रहरी कार्यालय, बैतडीले जनायो। घटनापछि पीडित पक्षले ०७० असार ३० गते प्रहरीमा उजुरी गरेकामा सोही दिन प्रहरीले आरोपितलाई पक्राउ गरी हाल जिल्ला कारागार, बैतडीमा थुनामा राखिएको छ।

नौ वर्षीया एक बालिकालाई उनकै बुबाले ०७० साउन ३२ गते घरमै बलात्कार गरेको आरोपमा प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। घटनापछि बालिकाको उपचार जिल्ला अस्पताल, बैतडीमा भयो। बालिकाको स्वास्थ्य अवस्था सामान्य भएपछि ०७० भदौ १० गते उनलाई घर पठाइएको जिल्ला अस्पतालले जनायो। पीडित वालिकाकी आमा यसअघि भारततिर बेपत्ता भएको र आरोपित बुबालाई बलात्कारको आरोपमा ०७० साउन ३२ गते प्रहरीले गिरफ्तार गरेपछि पीडित बालिका र उनका अन्य भाइबहिनीहरूको संरक्षणमा समस्या आएकाले उनीलगायत उनका भाइबहिनीहरू हाल ठूलाबुबाको घरमा बस्दै आएको जिल्ला प्रहरी कार्यालय, बैतडीले जनायो। आरोपितलाई पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

यस वर्ष घरेलु हिंसाका कारणले पीडित भएको भन्दै ३७ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका केन्द्रमा उजुरी दिए। जसमध्ये कुटपिट गरी घर निकाला गरेका २९, बहुविवाहका तीन, बोक्सीको आरोप लागेका तीन घटनामा उजुरी परेका थिए। तीमध्ये ३५ ओटा घटनामा मिलापत्र गराएको र दुई उजुरी कानुनी प्रक्रियामा अगाडि बढाएको छ।

सबै प्रकारका जातीय बिभेद

दशरथ चन्द नपा-१, देवलहाटका ६५ वर्षीय गजले भट्टले सार्वजनिक पानीको धारमा जातीय विभेद गरेको आरोपमा सोही नपा-१ मा डेरा गरी बस्ने आमचौरा गाविस-६, चौडाली भनेगाडाका २२ वर्षीय गणेशराम सार्की र उनका भाइ २० वर्षीय प्रेमराम सार्कीले ०७० साउन १७ गते जिल्ला प्रशासन कार्यालय, बैतडीमा उजुरी दिए। उजुरीपछि ०७० साउन २० गते जिल्ला प्रहरी कार्यालयमा दुवै पक्षलाई बोलाई सोधपुछ गर्दा दुवैले एकअर्काप्रति दुर्व्यवहार र विभेद गरेको पाइएकाले उप्रान्त गल्ती नगर्ने सर्तमा सहमतिमा सोही दिन जिल्ला प्रहरी कार्यालयमा मिलापत्र भएको प्रहरीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	२०		
उपस्वास्थ्यचौकी	४५		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	५	१	४
स्टाफ नर्स	६	३	३
ल्याब असिस्टेन्ट	१	१	
अहेब	७६	५७	१५
अनमि	७३	५७	१६
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१५	४
माशिका	५५	५३	२
स्वास्थ्य कार्यकर्ता	६७	३५	२८

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यान दुई मुद्दा दर्ता भए, जसमा चार जनालाई गिरफ्तार गरेको थियो। ज्यान मार्ने उद्योग दुई मुद्दा दर्ता भए। जबरजस्ती करणी तीन मुद्दा दर्ता भए, जसमा तीन जनालाई गिरफ्तार गरेको थियो।

५.९ दार्चुला



जिल्ला सदरमुकाम: खलङ्गा
क्षेत्रफल (वर्ग कि. मि.): २,३२२
घरधुरी सङ्ख्या: २४,६१८
जम्मा जनसङ्ख्या: १,३३,२७४
पुरुष: ६३,६०५
महिला: ६५,६६९
अपाङ्ग सङ्ख्या: ३,६६५
गाविस/नपा सङ्ख्या: ४१/०
पुरुष साक्षरता सङ्ख्या: ४५,१२२
महिला साक्षरता सङ्ख्या: ३४,२०२
हिन्दू धर्मावलम्बी प्रतिशत: ९८.८८
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.८८
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.०६
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१५
अन्य धर्मावलम्बी प्रतिशत: ०.०१२
प्रतिपरिवार सरदर सङ्ख्या: ५.४१

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ४० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका १४ जना कैदी र कैद नतोकिएका ३५ जना थुनुवा गरी जम्मा ४९ जना बन्दीहरू रहेका छन्। यो जिल्ला कारागार ०२२ सालमा निर्माण भएको हो।

कारागारभित्र खानेपानी, क्यारेमबोर्ड, टीभी, भलिबल, चेस, पत्रपत्रिका र सीप सिक्नलाई उनीहरूलाई विभिन्न सामग्री उपलब्ध गराइएको छ। कैदीहरूले नियमानुसार पाउने दैनिक भत्ताबापत आधा जेल सजाय काटेकाहरूले ४६ रुपियाँ र नयाँ जेल पसेकाहरूलाई ४५ रुपियाँ सरकारी सुविधा निरन्तर पाइरहेका छन्।

जिल्ला कारागार दार्चुलाको भौतिक अवस्था जीर्ण रहेको छ। कर्कट पाताले छाएको भवन वर्षातमा चुहिने समस्या रहेको कैदी बन्दीहरूले बताएका छन्। पाँचओटा कोठा रहेको भवनमा चार कोठामा बन्दी र कैदी राखिएको छ भने एक कोठामा गार्ड बस्दै आएका छन्। कैदी बन्दीहरूलाई सुत्न अभाव छ। महिला वार्डमा अहिले पुरुष कैदी बन्दी राख्नुपरेको निमित्त जेलर टीका द्वालले बताए। वर्षातमा चुहिने समस्याले सताउने गरेको कैदी खार-३ का ५६ वर्षीय मङ्गलसिंह विष्टले बताए। पटक-पटक आग्रह गर्दा पनि मर्मत हुन सकेको छैन।

निमित्त जेलर द्वालले भने मर्मतका लागि पटक-पटक आग्रह गरेको बताए। अहिलेसम्म कसैले चासो नदिँदा समस्या भएको उनले बताए।

धम्की/कुटपिट

राज्यपक्षबाट

लटिनाथ गाविस-८ का ५५ वर्षीय प्रजापति विष्टलाई ०७० असोज ८ गते राति मदिरा सेवन गरी होहल्ला तथा गालीगलौज गरेको आरोपमा प्रहरीले खार गाविसको दल्लेखमा कुटपिट गरे। सदरमुकाम खलङ्गाबाट घर गइरहेका बेला दल्लेख प्रहरी चौकीमा कार्यरत प्रहरी जवान प्रकाश जोशीले कुटपिट गरे। कुटपिट गर्ने प्रहरीलाई कारबाहीको माग गर्दै पीडितका नातेदार वीरेन्द्रसिंह विष्टले ०७० असोज ११ गते जिल्ला प्रहरी कार्यालय, खलङ्गामा जाहेरी दिए। प्रहरीको कुटाइबाट विष्टको बायाँ हात र पाखुरा तथा गालामा चोट लाग्यो। घाइते विष्टलाई उपचारका लागि ०७० असोज ९ गते जिल्ला अस्पताल, दार्चुलामा भर्ना गरिएको भए पनि विष्टको भित्री शरीरमा चोट लागेका कारण सिटीस्क्यान गर्नुपर्ने अवस्था आएको डा. नविन तिवारीले बताएपछि ०७० असोज १२ गते थप उपचारका लागि उनलाई कोहलपुर रिफर गरियो। घटनामा संलग्न प्रहरीलाई कारबाही भएन।

गैरराज्यपक्षबाट

एमाओवादीपक्षबाट

नेकपा-माओवादीका कार्यकर्ता देथला-६ का ४१ वर्षीय जयमल ओड र सोही ठाउँका ३८ वर्षीय चक्रमान विकलाई ०७० कात्तिक १५ गते एमाओवादीका नेता मानबहादुर धामीले गोकुलेश्वरमा निर्घात कुटपिट गरे। राती सुतेको होटलमा एमाओवादी कार्यकर्ता धामीको टोलीले कुटपिट गरेपछि उनीहरू गम्भीर घाइते भएका थिए। प्राथमिक स्वास्थ्य केन्द्र

गोकुलेश्वरमा उपचार हुन नसकेपछि जिल्ला अस्पताल, दार्चुलामा उनीहरूको उपचार भयो। नेकपा-माओवादीका जिल्ला सङ्गठन समिति सचिव करनसिंह कार्कीले कात्तिक २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेका थिए। पार्टीका तर्फबाट मात्र जाहेरी परेका कारण कारबाही प्रक्रिया अघि नबढेको प्रहरीले जनायो।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			३		३
महिलाअधिकार			१३		१३
भेला/सङ्गठित हुने अधिकार	३	३			
कुटपिट	१	१	१	३	३
धम्की				३	३
हत्या			१	१	३
जम्मा	३	३	१६	५	३३

नेकपा-माओवादी

चमेलिया जलविद्युत् आयोजनाका परामर्शदाता खेलानन्द ठाकुरले मागेजति चन्दा नदिएको आरोपमा ०७० भदौ ४ गते बिहान नेकपा-माओवादीका कार्यकर्ताहरूले हातपात गरे। चमेलिया जलविद्युत् आयोजनामा विगत साढे ६ वर्षदेखि परामर्शदाताका रूपमा रहेको ठाकुरमाथि नेकपा-माओवादीले कार्यालय कक्षमै हातपात गरेको पीडित पक्षले बतायो। छ/सात जनाको सङ्ख्यामा रहेका माओवादी कार्यकर्ताले कार्यकक्षमै बोलाइ हातपात गरेको ठाकुरले बताए। चमेलियाका परार्मशदाता ठाकुरले किटानी जाहेरी नगरेका कारण कसैलाई गिरफ्तार गर्न नसकिएको डीएसपी टीकाबहादुर केसीले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६९ साउनदेखि ०७० असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २० थानमध्ये तीन थानको फैसला भयो भने १७ थान बाँकी रहे। देवानी मुद्दातर्फ १० थानमध्ये १० थान नै बाँकी रहे।

०७० साउनदेखि पुस १६ सम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २० थानमध्ये तीन थानको फैसला भयो भने १७ थान बाँकी रहे। देवानी मुद्दातर्फ १० थानमध्ये १० थान नै बाँकी रहे। दुई वर्ष नाघेका कुनै मुद्दा बाँकी छैनन्।

जिल्ला न्यायाधिवक्ता कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०७० असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १२ थान छ, जसमध्ये ६ थान सफल भए भने ६ बाँकी रहे। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी दुई थानमध्ये दुई थान नै सफल रहे। महिला बेचबिखनसम्बन्धी एक थान मुद्दा दायर गरिएकामा त्यो सफल रह्यो। जिल्ला सरकारी वकिलको कार्यालयबाट ०७० साउनदेखि ०७० पुससम्म दायर मुद्दाको सङ्ख्या तीन थान छ, जसमध्ये दुई थान सफल भए। सरकारी वकिलको सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०७० पुस १६ गतेसम्म नौ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ४७ हजार २ सय ४४ मध्ये छात्र २३ हजार २ सय ७४ र छात्रा २३ हजार ९ सय ७० प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ हजार ८ सय ९९ र छात्र २ हजार ९ सय ५३ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राविं तहमा महिला १ सय ९७ र पुरुष ६ सय ४ गरी जम्मा ८ सय १ शिक्षक कार्यरत छन्। निमाविं तहमा महिला ११ र पुरुष १ सय १२ गरी जम्मा १ सय २३ शिक्षक कार्यरत छन्। यसै गरी माविं तहमा महिला २ र पुरुष ९९ सय गरी जम्मा १ सय १ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ३ हजार १ सय ६० र बालिका २ हजार ६ सय ३१ गरी जम्मा ५ हजार ७ सय ९१ रहेका छन्, जसमध्ये दलित बालक ३ सय ७६ र बालिका ४ सय १ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार घरेलु हिंसा

खरकडा गाविस-६ का २५ वर्षीया कलावती गिरीले ०७० असार २८ गते सासू, ससुरा, जेठाजु र पतिबाटै यातना पाएको भन्दै उनीहरूविरुद्ध जिल्ला प्रहरी कार्यालय, दार्चुलामा उजुरी गरिन्। विगत सात-आठ वर्षदेखि पति-पत्नीबीचको सम्बन्ध नभएका गिरीले हाल आएर अंशबन्डाको माग गर्दै जिल्ला प्रहरी कार्यालय, दार्चुलामा निवेदन दिएकी थिइन्। आरोपितले ०७० असार २९ गते रकम दिएर मिलापत्र गर्न खोजे पनि पीडित महिलाले चित्त नबुझेको भन्दै अदालतमा उजुरी गरिन्। अहिले उनको मुद्दा फैसला हुन बाँकी रहेको छ।

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४५ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र दार्चुलामा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १५, खानलाउन नदिएका १२ र विवाह दर्ता तथा नागरिकता नबनाएका पाँच घटना थिए। तीमध्ये ४२ घटनामा प्रहरीले मिलापत्र गरायो भने तीन उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	२२		
पद	दरबन्दी	कार्यरत	रिक्त
डाक्टर	३	२	१
स्टाफ नर्स	४	३	१
ल्याब असिस्टेन्ट	१	१	
अहेब	४४	४३	१
अनमि	१६	१५	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट	२२	१७	५
माशिका	४१	३५	२
स्वास्थ्य कार्यकर्ता	४१	३३	८

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १७ गतेदेखि ०७० पुस १६ गतेसम्म कर्तव्य ज्यान दुई मुद्दा दर्ता भई फैसला भए। जसमा पाँच जना गिरफ्तार गरेका थिए। ज्यान मार्ने उद्योग एक मुद्दा दर्ता भए। बेचबिखन र ओसारपसार एक मुद्दा दर्ता भए। जसमा एक जनालाई गिरफ्तार गरेको थियो। बहुविवाह दुई मुद्दा दर्ता भए। जसमा चार जनालाई गिरफ्तार गरेका थिए।

मानवअधिकार उल्लङ्घन तथ्याङ्क २०१३

अनुसूची

२

परिशिष्ट १.१

नेपाल- घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
घाइते							
बम विस्फोटनबाट				८	४९		५७
दोहोरो झडपमा घाइते	३	३९	४२	११	१३१		१४२
आफ्नै बम विस्फोटनबाट					२		२
एसिड छर्केर				४			४
गोलीबाट	८	९	१७	६	२१		२७
धारिलो हतियारबाट		१	१	१५	८८		१०३
जम्मा	**११**	**४९**	**६०**	**४४**	**२९१**		**३३५**
बालअधिकार							
बालश्रम				४	३		७
बालबालिका बेचबिखन				५१	१५		६६
बालविवाह				१८	२		२०
बलात्कार				४०६			४०६
नवजात शिशुको हत्या				१६	११		२७
विद्यालयमा शारीरिक सजाय				२६	५८		८४
यौन दुर्व्यवहार	१		१	१७१	१०		१८१
कमलरी				७			७
जम्मा	**१**		**१**	**६९९**	**९९**		**७९८**
अमानवीय व्यवहार							
बोक्साको आरोपमा					८		८
अन्य		१	१	४	११		१५
अनुहारमा मोसो लगाएको				४	३		७
जुत्ताको माला लगाएको				१	१		२
कपाल खौरिएको		५	५	१	१		२
जम्मा		**६**	**६**	**१०**	**२४**		**३४**
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार							
आफ्नो सम्पत्तिको अधिकार				५	१९	२	२६
अन्य					१		१
जागिरबाट निष्कासन					८		८
ज्यालाबाट वञ्चित				१	३		४
जम्मा				**६**	**३१**	**२**	**३९**

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
अपहरण							
अपहरण				१६	६१		७७
महिलाअधिकार							
बेचबिखनको प्रयास				१३			१३
बोक्सीको आरोपमा				६९			६९
बलात्कार				३१५			३१५
बलात्कारको प्रयास				८९			८९
बहुविवाह				३८३			३८३
महिला बेचबिखन				५३			५३
जारी				१			१
प्रसूति सेवा	४		४				
पारिवारिक हिंसां				१५६९			१५६९
यौन दुर्व्यवहार				५३			५३
गर्भपतन				१			१
जम्मा	**४**		**४**	**३३४४**			**३३४४**
भूमिहीन/सुकुमवासी समस्या							
भूमिहीन/सुकुमवासी	३	४	६				
भेला/सङ्गठित हुने अधिकार							
भेला/सङ्गठित हुने अधिकार	५७	१२३	१७९	३	५०		५३
लाठी चार्ज	१३	८१	९४				
जम्मा	**७०**	**२०३**	**२७३**	**३**	**५०**		**५३**
जेलमा मृत्यु							
जेलमा मृत्यु	१	३	४				
जातीय विभेद							
सार्वजनिक स्थलमा प्रवेशबाट वञ्चित				३	८		११
अन्तरजातीय विवाह				११	९		२०
जातीय छुवाछूत				३४	४६		७०
जम्मा				**३८**	**६३**		**१०१**
गिरफ्तारी/यातना							
गिरफ्तारी/यातना	६	१६५	१७१				
हिरासत वा थुनामा मृत्यु							
हिरासत/थुनामा मृत्यु		४	४				

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
कुटपिट							
कुटपिट	१३	८५	९८	११८	४५९		५८८
धम्की							
धम्की	३	८	९	१३	९८		१११
हत्या							
घाँटी रेटेर				१	१		३
घाँटी थिचेर				११			११
घन प्रहारबाट				३			३
ढुङ्गाले किचेर				५	३		८
बम विस्फोटनबाट					४		४
बलात्कारपछि				६			६
दोहरो भिडन्तमा		१	१				
आगो लगाएर हत्या				३	३		५
भीर वा डाँडाबाट खसालिएको				१	१		३
झुन्ड्याएर				१४	३		१८
विष खुवाएर				११	१		१३
लठ्ठी प्रहारबाट				५	५		१०
यातना दिई		१	१				
कुटपिट गरी				५८	५४		११३
गोली हानी		३	३	१	९		१०
खुकुरी प्रहारबाट				८	६		१३
धारिलो हतियार प्रहारबाट				४८	५३		१०१
हत्याको प्रकृति नखुलेको				५	६		११
जम्मा		**५**	**५**	**१८८**	**१४८**		**३३६**
कुल जम्मा	**१०९**	**५३१**	**६४०**	**३४६९**	**१३३४**	**३**	**४८९५**

परिशिष्ट १.२ भौतिक संरचनामा क्षति

राजनीतिक पार्टी कार्यालय	५
स्वास्थ्य केन्द्र	१
सरकारी सवारी साधन	४
सरकारी कार्यालय	७
सञ्चार क्षेत्र	१
सडक	३
निजी सवारीसाधन	१००
निजी घर	८
निजी कार्यालयहरु	८
जलविद्युत् आयोजना	१
प्रहरी चौकी	१

निजी सम्पत्ति	४
जिल्ला शिक्षा कार्यालय	१
विद्यालय	६
विश्वविद्यालय	२
एम्बुलेन्स	२
कृषि उपकेन्द्र	१
क्याम्पस	८
गाविस भवन	१
हुलाक कार्यालय	३
जम्मा	**१६६**

परिशिष्ट १.३ पेसागत आधारमा पीडित सङ्ख्या

पेसा	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
कृषक	३९	१५७	१८६	१४७२	३६६		१८३८
सशस्त्र प्रहरी		१	१				
उद्योग व्यवसायी	२	१९	२१	५०	४१		९१
जागिरे/कर्मचारी		२२	२२	८	४७		५५
स्वास्थ्य कार्यकर्ता				६	३		९
मानवअधिकारकर्मी	३४	२७	६१		३		३
पत्रकार	१	१८	१९	१	६५		६६
मजदुर	३	३१	३४	१२८	४६		१७४
कानुन व्यवसायी		१	१		२		२
प्रहरी		४	४	२	१०		१२
राजनीतिक कार्यकर्ता	११	१४४	१५५	१८	३७९		३९७
सामाजिक कार्यकर्ता	१		१	२	५		७
विद्यार्थी	६	३६	४२	४४९	१९२		६४१
शिक्षक	३	६	९	९	२८		३७
नखुलेको	१९	६५	८४	१३२४	१३७	२	१४६३
कुल जम्मा	**१०९**	**५३१**	**६४०**	**३४६९**	**१३२४**	**२**	**४७९५**

परिशिष्ट २.१ पूर्वाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
घाइते		५	५	६	३३		३९
बालअधिकार				३१३	१६		३३८
अमानवीय व्यवहार		५	५	८	१०		१८
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				१	१४	१	१६
अपहरण				५	१३		१८
महिलाअधिकार	१		१	५३३			५३३
भेला/सङ्गठित हुने अधिकार	८	५४	६२		१९		१९
जातीय विभेद				३	६		८
गिरफ्तारी/यातना	१	३८	३८				
हिरासत वा थुनामा मृत्यु		१	१				
कुटपिट	३	३३	३४	३३	७५		१०८
धम्की		३	३	८	१६		३४
हत्या		३	३	६६	६०		१३६
जम्मा	१३	११८	१३०	८७३	३५३	१	११३६

परिशिष्ट २.२ मध्यमाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३१	१११	१३३
बालअधिकार	१		१	३०३	१७	३३०
अमानवीय व्यवहार		१	१	१	३	३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	३
अपहरण				४	१८	३३
महिलाअधिकार				९००		९००
भेला/सङ्गठित हुने अधिकार	५३	९९	१५१	१	७	८
जेलमा मृत्यु		३	३			
जातीय विभेद				१८	३१	३९
गिरफ्तारी/यातना		३३	३३			
कुटपिट		७	७	३८	१४७	१७५
धम्की	१	३	४	३	१९	३१
हत्या		१	१	५१	५३	१०३
जम्मा	५४	१३५	१८९	१३३९	३९६	१६३५

परिशिष्ट २.३ पश्चिमाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यबाट			गरराज्यबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
घाइते	८	३८	३६	३	४९		५२
बालअधिकार				१३१	५७		१८८
अमानवीय व्यवहार					७		७
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					८	१	९
अपहरण				४	८		१२
महिलाअधिकार	१		१	३४३			३४३
भेला/सङ्गठित हुने अधिकार	१	३१	३२	२	११		१३
जातीय विभेद				४	५		९
गिरफ्तारी/यातना	४	६१	६५				
हिरासत वा थुनामा मृत्यु		२	२				
कुटपिट	४	१२	१६	२४	७२		९६
धम्की		१	१		१८		१८
हत्या		२	२	२५	१४		३९
जम्मा	**१८**	**१३७**	**१४५**	**५३६**	**३४९**	**१**	**८८६**

परिशिष्ट २.४ मध्यपश्चिमाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		१२	१२	१०	६४	७४
बालअधिकार				८०	७	८७
अमानवीय व्यवहार				१	३	४
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				५	४	९
अपहरण				३	१८	२१
महिलाअधिकार	१		१	३५४		३५४
भूमिहीन/सुकुमवासी समस्या	२	४	६			
भेला/सङ्गठित हुने अधिकार	७	२४	३१		७	७
जेलमा मृत्यु	१		१			
जातीय विभेद				१२	१४	२६
गिरफ्तारी/यातना	१	४६	४७			
हिरासत वा थुनामा मृत्यु		१	१			
कुटपिट	६	४२	४८	२५	१३७	१६२
धम्की	१	१	२	३	३८	४१
हत्या				२६	८	३४
जम्मा	**१९**	**१३०**	**१४९**	**५१९**	**३००**	**८१९**

परिशिष्ट २.५ सुदूरपश्चिमाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यबाट			गैरराज्यबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	३	४	७	४	४४	४८
बालअधिकार				७३	२	७५
अमानवीय व्यवहार					२	२
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३	३
अपहरण					४	४
महिलाअधिकार	१		१	२१४		२१४
भेला/सङ्गठित हुने अधिकार	२	५	७		६	६
जेलमा मृत्यु		१	१			
जातीय विभेद				२	१७	१९
गिरफ्तारी/यातना		९	९			
कुटपिट		२	२	९	२८	३७
धम्की					७	७
हत्या				१०	१४	२४
जम्मा	६	२१	२७	३१२	१२७	४३९

परिशिष्ट ३ नेपाल- पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

घटनाको प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	Total
अपहरण	७	८	६	५	९	५	३	३	२	१	२३	५	७७
गिरफ्तारी/यातना	४२	१	३	१३	८	१५	५	१	४	२४	५०	५	१७१
कुटपिट	३०	३१	५०	४१	४६	३८	२८	३२	४३	९७	२२९	९	६७४
बालअधिकार	६२	८६	१२८	५६	७४	६३	७५	९६	६६	३१	२५	३७	७९९
हिरासत वा थुनामा मृत्यु			१	१				१				१	४
जेलमा मृत्यु			२	१	१								४
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	८		३	१७	२	२	१	२	१	२	१		३९
अमानवीय व्यवहार	१	४	११	१		३	८	३	३	३	१	२	४०
घाइते	२५	२१	२३	७	२०	२३	१०	५	११	८५	१५८	७	३९५
हत्या	२७	३६	३६	२८	३३	२२	२१	३०	२१	२७	२८	२२	३३१
भूमिहीन/सुकुमवासी समस्या				६									६
जातीय विभेद	७	६	१७	८	५	२७	६	९	३	४	३	६	१०१
भेला/सङ्गठित हुने अधिकार	५०	६	३२	२५	७२	३०	३०	६	१३	३६	२६		३२६
धम्की	६	१०	१४	१३	८	३	९	१०	११	७	२६	३	१३०
महिलाअधिकार	२४२	२०७	२११	१९९	१९४	२३८	२६४	२६८	२२०	१३०	८६	८९	२३४८
जम्मा	५०७	४१६	५३७	४२१	४७२	४६९	४६०	४६६	३९८	४४७	६५६	१८६	५४३५

परिशिष्ट ४ जातजातिका आधारमा पीडित सङ्ख्या

जात	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
आदिवासी	३	४	७	७४	३०		९४
बनिया		३	३	२			२
ब्राह्मण	३७	१०३	१३०	४०२	३८३		६८५
क्षेत्री	३०	१०७	१३७	७५२	३३३		१०८५
दलित	१३	६३	७६	६३८	१६७		७९५
गोडिया	१	६	७	५	३		८
जनजाति	३१	१०६	१३७	८५२	३९५		११४७
कायस्थ		१	१	२	३		५
कोइरी	१	४	५	३५	१०		३५
मण्डल	१	९	१०	४१	४		४५
मुस्लिम	४	३१	३५	१०७	५२		१५९
नेवार	१०	१३	२३	१२१	३८		१४९
सन्यासी		२	२	८			८
तेली	१	११	१२	५९	१९		७८
यादव	२	३७	३९	७५	३८		११३
नखुलेको	५	३१	३६	३१६	६९	२	३८७
जम्मा	१०९	५३१	६४०	३४६९	१३३४	२	४७९५

परिशिष्ट ५ सन् २०१३ डिसेम्बर महिनामा जेलमा रहेका बन्दीहरूको सङ्ख्या

क्र. सं.	जिल्ला	श्रेणी	जेलको क्षमता	सन् २०१३ को अन्त्यमा जेलमा रहेकाहरूको सङ्ख्या					जेलमा आश्रित सङ्ख्या		जेलमा मृत्यु भएको सङ्ख्या
				थुनुवा	कैदी	महिला	पुरुष	जम्मा	बालक	बालिका	
१.१	झापा	ग	२२५	३६३	३३५	४५	६५३	६९८	५	४	
१.२	इलाम	ङ	१२५	८६	१८८	२०	२४०	२०४	१	१	
१.३	पाँचथर	ङ	२५	५८	७३	११	१२०	१३१	१		
१.४	ताप्लेजुङ	ङ	२५	३१	६६		९०	९०			
१.५	मोरङ	ख	३००	२२१	४०३	५२	५०२	६२४	१	४	१
१.६	सुनसरी	ख	५००	२९९	४५६		०५५	०५५			४
१.७	धनकुटा	ङ	२५	१०	४४	५	५६	६१			
१.८	तेह्रथुम	घ	३५	४०	१२	३	४९	५२			
१.९	भोजपुर	ङ	२५	३३	५३	९	००	८६	२	१	
१.१०	सङ्खुवासभा	घ	२५	३०	८०	१०	१००	११०			
१.११	सप्तरी	घ	१२५	१५२	९०	०	२४२	२४९			१
१.१२	सिरहा	घ	१५०	१६४	४१	११	१९४	२०५		१	२
१.१३	उदयपुर	ङ	५०	०३	५१	११	१११	१२४	१		
१.१४	खोटाङ	ङ	९९	६०	३६	०	८९	९६		१	
१.१५	ओखलढुङ्गा	ङ	२५	२१	३३	६	४८	५४	१		१
१.१६	सोलुखुम्बु	घ	२५	१२	४४	८	४८	५६			
२.१	धनुषा	जेल छैन									
२.२	महोत्तरी	ख	१३५	३०९	०४	३३	४२०	४५३	२	४	
२.३	सर्लाही	ग	१००	बन्दी छैन							
२.४	सिन्धुली	घ	३५	३१	६२	१०	८३	९३			१
२.५	रामेछाप	ङ	५५	६४	२१४	२२	२५६	२०८			
२.६	दोलखा	ग	१५	२०	२०		५४	५४			
२.७	रौतहट	ग	०५	९५	६३	६	१५२	१५८	१	१	
२.८	बारा	जेल छैन									
२.९	पर्सा	ख	००	५१८	०९६	९९	१२१५	१३१४	६	४	
२.१०	चितवन	घ	१५०	२४०	२००	५३	४०१	५२४	२		१
२.११	मकवानपुर	ख	१२००	३९९	२०५		६०४	६०४			
२.१२	ललितपुर	ग	१०५	३३५	१९५		५३०	५३०			
२.१३	काभ्रे	घ	६१	५०	१३६		१८६	१८६			२
२.१४	भक्तपुर	बाल सुधार गृह	१००	३३	४१	५	६९	७४			
२.१५	काठमाडौँ	क	१२००	१४०५	१०५१	३२२	२१३४	२४५६	९		
२.१६	धादिङ	ङ	३५	५४	८१	१३	१२२	१३५	१		
२.१७	सिन्धुपाल्चोक	घ	७	७६	६६	३	१३९	१४२			
२.१८	नुवाकोट	घ	८०	५१	९८	१८	१३१	१४९	१	१	
२.१९	रसुवा	ङ	२५	१४	५५	१	६८	६९			

क्र. सं.	जिल्ला	श्रेणी	जेलको क्षमता	सन् २०१३ को अन्त्यमा जेलमा रहेकाहरूको सङ्ख्या					जेलमा आश्रित सङ्ख्या		जेलमा मृत्यु भएको सङ्ख्या
				थुनुवा	कैदी	महिला	पुरुष	जम्मा	बालक	बालिका	
३.१	तनहुँ	ग	३५	६५	६०		१३५	१३५			
३.२	गोरखा	घ	४५	१५	८६	१२	९०	१०२			
३.३	लमजुङ	घ	३५	३४	५१	६	६८	६५		१	
३.४	स्याङ्जा	ङ	३५	३८	६०	१०	८८	९८			
३.५	कास्की	घ	६०	२०३	२५९	४३	४१९	४६२		१	
३.६	मनाङ	श्रेणीविहीन			११		११	११			
३.७	नवलपरासी	ङ	३५	५६	६१	१५	१०२	११७	२	१	
३.८	रुपन्देही	ख	१००	२३९	१७५		४१४	४१४			
३.९	पाल्पा	ग	१७५	४४	३१२	६५	२९१	३५६	४	१	१
३.१०	कपिलवस्तु	घ	८५	७६	१३५		२११	२११			
३.११	अर्घाखाँची	ङ	बन्दी छैन								
३.१२	गुल्मी	ङ	३५	१२	६०	९	६३	७२			
३.१३	बाग्लुङ	घ	३५	३५	४७	८	७४	८२		१	
३.१४	पर्वत	घ	७५	१२	५४	६	६०	६६			
३.१५	म्याग्दी	घ	३२	२८	५०	७	७१	७८			
३.१६	मुस्ताङ	ङ	८	६	३	१	७	८			
४.१	दाङ	ग र घ	१५०	१३५	१६०	११	२६६	२८५	१	१	
४.२	प्यूठान	घ	३५	१८	३८	९	३७	४६			
४.३	रोल्पा	ङ	३०	१५	८	५	१८	३३	१	१	
४.४	सल्यान	घ	३०	४	६३	१२	५५	६७			१
४.५	रुकुम	घ	३०	६१	९	६	६४	७०		१	
४.६	बाँके	ग	२५०	२६३	२००	४७	४१६	४६३		३	
४.७	बर्दिया	ग	१३५	७४	१३९	१७	१९६	२१३	२	१	
४.८	सुर्खेत	ङ	३५	५९	७५	१३	१३१	१३४	१		
४.९	जाजरकोट	घ	३५	१९	३६	२	५३	५५			
४.१०	दैलेख	घ	१६	४३	२३	७	५९	६६	१		
४.११	डोल्पा	ङ	३०	८	१५		२३	२३			
४.१२	जुम्ला	घ	३०	७	११	१	१७	१८			
४.१३	कालीकोट	ङ	३५	१९	४७	५	६१	६६			
४.१४	मुगु	ङ	१५	बन्दी छैन							
४.१५	हुम्ला	ङ	३५	७	१		८	८			
५.१	कैलाली	घ	१००	१२७	१९५	३९	३९३	३३२	१		
५.२	अछाम	घ	३५	४	३६	३	३७	४०			
५.३	डोटी	घ	४५	४	३६		३०	३०			
५.४	बाजुरा	ङ	३५	३	३१	१	३३	३४	१		
५.५	बझाङ	ङ	३५	३१	९		४०	४०			१
५.६	कञ्चनपुर	घ	९५	७३	११६	१३	१७६	१८९	३		
५.७	डडेल्धुरा	घ	३५	७	३०	६	३१	३७	३		
५.८	बैतडी	घ	३५	१३	३६		४९	४९			
५.९	दार्चुला	घ	४०	३५	१४		४९	४९			
कुल जम्मा	जम्मा			७३१०	८१८५	११७५	१४३३०	१५४९५	५३	३४	१६

अनुसूची

३

सन् २०१३ को मानवअधिकार स्थितिबारे राजनीतिक दलका धारणा

नेपाली काङ्ग्रेस

नेपाल कम्युनिस्ट पार्टी (एमाले)

राष्ट्रिय प्रजातन्त्र पार्टी

नेकपा (माले)

राष्ट्रिय जनमोर्चा

नेपाल मजदुर किसान पार्टी

नेपाल सद्भावना पार्टी

नेकपा (माओवादी)

नेपाली काङ्ग्रेस

मुलुकमा वर्षभरि भएका मानवअधिकार उल्लङ्घनसम्बन्धी विभिन्न प्रकृतिका घटनाहरूलाई समेटेर सङ्ग्रहका रूपमा विगत २२ वर्षदेखि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)द्वारा प्रकाशन गरिँदै आएको 'मानवअधिकार वर्षपुस्तक' मानवअधिकार संरक्षण र संवर्द्धनका लागि सर्वाधिक उपयोगी र मार्गदर्शक पाठ्यसामग्रीका रूपमा रहेको छ। मानवअधिकार उल्लङ्घनकर्ता र संरक्षक दुवै पक्षका लागि यो प्रकाशनले भविष्यमा मानवअधिकार उल्लङ्घनका घटनाहरूको पुनरावृत्ति गर्नबाट रोक्नका लागि प्रभावकारी मार्गदर्शन तथा प्रेरणा प्रदान गर्ने उद्देश्यसमेत राखेको पाइन्छ। मानवअधिकारको संरक्षण र संवर्द्धनमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को यो अथक प्रयास र प्रयत्नको नेपाली काङ्ग्रेस हार्दिक सराहना गर्दछ।

सन् २०१२ सरह बाबुराम भट्टराई नेतृत्वको सरकारको कार्यकाल (०७० फागुन मसान्तसम्म) मुलुकको मानवअधिकारको चरम दुरावस्थाले संसारकै ध्यानाकृष्ट गरिरह्यो। नेपालपक्ष रहेका मानवअधिकारको संरक्षण र संवर्द्धनसम्बन्धी मानवअधिकार घोषणापत्र, मानवअधिकारसम्बन्धी विभिन्न सन्धि, अभिसन्धि, सम्झौता, घोषणा तथा वडापत्रका प्रावधानहरूको ठाडो उल्लङ्घन हुने गरी मुलुककै प्रतिष्ठालाई समेत आँच पुऱ्याई मानवअधिकारको उल्लङ्घनमा भट्टराई सरकार निरन्तर क्रियाशील रह्यो। अत्यन्त दु:खका साथ उल्लेख गर्नैपर्दछ कि, मानवअधिकार उल्लङ्घनका घटनाहरूमा सरकार नै संलग्न भएपछि सन् २०१३ को प्रारम्भ मानवअधिकारको दृष्टिकोणले अत्यन्त अशुभ र इतिहासकै सर्वाधिक दु:खद र दयनीय वर्षका रूपमा प्रारम्भ हुन पुग्यो।

सन् २०१३ को मुलुकको मानवअधिकारको अवस्थाको विश्लेषण गर्दा मूलत: तीनओटा खण्डमा राखेर हेर्नुपर्ने देखिन्छ। १. बाबुराम भट्टराई सरकारको पदबहालीसम्मको मानवअधिकारको सन् २०१२ कै सरह सर्वाधिक दयनीय अवस्था, २. बाबुराम भट्टराईको बहिर्गमनपश्चात् बनेको खिलराज रेग्मी नेतृत्वको गैरराजनीतिक दलहरूको सरकारको निर्वाचन प्रक्रियापूर्वको मानवअधिकारको अवस्था र ३. निर्वाचन प्रक्रिया प्रारम्भपश्चात्का मानवअधिकारको अवस्था।

मुलुकमा एकछत्र शासन गर्ने अभीष्टका साथ एमाओवादी दलको नीति र मान्यताका अनुकूल नरहेका सम्पूर्ण राज्य संरचनाहरूलाई ध्वस्त बनाउँदै मुलुकमा गम्भीर सङ्कट उत्पन्न गर्ने कार्यलाई भट्टराई नेतृत्वको सरकारको बहाली रहुन्जेल सन् २०१२ मा झैं सन् २०१३ मा पनि निरन्तरता दिइराख्यो।

दैलेखका पत्रकार डेकेन्द्रराज थापाको हत्यामा संलग्न रहेको स्वीकार गरिसकेका अपराधीको बयानलगायतमा कानुनी प्रक्रियालाई निष्क्रिय बनाउन स्वयम् प्रधानमन्त्री, महान्यायाधिवक्ता र प्रहरी प्रमुखसमेत खुलारूपमा अग्रसर हुँदा मुलुकको मानवअधिकारको अवस्था मृतप्राय: हुन पुग्यो। एमाओवादी पार्टीका अराजक र हिंस्रक जत्थाबाट डेकेन्द्र थापाको हत्यासँग सम्बन्धित विषयलाई अगाडि बढाउन खोजिए, कानुनी अनुसन्धान र कारबाहीको प्रक्रियामा संलग्न सरकारी कर्मचारी तथा प्रहरी प्रशासनका अधिकृत तथा जवानहरू र निजहरूका परिवारका सदस्यहरूलाई नै सिध्याइदिने धम्की दिने काम गरी प्रशासनिक संयन्त्रमा सन्त्रास र भय सिर्जना गरी निकम्मा बनाउने प्रयास गरियो। मन्त्रालयका सचिवहरूको एकै महिनामा तीन-तीनपटकसम्म सरुवा गर्ने काम गरियो भने निर्वाचन आयोगको प्रशासनिक नेतृत्व परिवर्तन गरियो।

बालबालिका, किशोरी र महिला, वृद्ध, अपाङ्गसँग सम्बन्धित कैयन् घटनाहरू हुन पुगे। दाइजोका कारण कुटपिट यातना र हत्यासमेत भयो भने बोक्सीको आरोपमा अमानवीय यातना, कुटपिट, बहिष्कार गर्ने, बँधुवा घरेलु कामदारका रूपमा बालबालिकाको चरम शोषण गर्ने, यातना दिने, रहस्यमय मृत्यु हुने, बलात्कृत हुने, लामो समयसम्म यौनजन्य हिंसा हुने, जबरजस्ती गर्भवती बनाइने, आजीवन अपाङ्ग र अशक्त बन्ने गरी यातना दिनेजस्ता घटनामा संलग्न दोषीहरूउपर कडा कारबाही हुनुको सट्टा प्रश्रय दिने काम भयो। देशका विभिन्न भागमा भएका विभिन्न प्रकृतिका महिला तथा बालिकासँग सम्बन्धित हिंसाका घटनाको विरोधमा र दोषीउपर कारबाहीको माग राख्दै एक महिनादेखि निरन्तर प्रदर्शनमा रहेका अधिकारकर्मीहरूलाई भट्टराई सरकारले माघ १२ गते प्रहरी प्रयोग गरी दुर्व्यवहार गर्दै धरपकड र बर्बरतापूर्वक कुटपिट गर्दै गिरफ्तार गऱ्यो।

भक्तपुरमा प्रधानमन्त्रीको भ्रमणको विरोधमा

माघ १३ गते शान्तिपूर्ण प्रदर्शनमा उत्रिएका नेपाली काङ्ग्रेसका समर्थक, कार्यकर्ता तथा नेताहरूमाथि सरकारद्वारा प्रहरी परिचालन गरी निर्ममतापूर्वक लाठी चार्ज गराई दर्जनौँ नेता तथा कार्यकर्ताहरूलाई गम्भीर घाइते बनाइयो। काभ्रेको बनेपामा माघ १६ गते प्रधानमन्त्रीको विरोधमा गरिएको प्रदर्शनमा प्रहरीसँग वाईसीएल कार्यकर्तासमेत मिलेर आक्रमण गर्दा नेपाली काङ्ग्रेसका महासमिति सदस्य कुन्साङ लामासमेत कैयन् घाइते भए। यसैगरी, खोटाङमा माघ २७ गते सरकारको विरोधमा गरिएको शान्तिपूर्ण संयुक्त विरोध प्रदर्शनमा प्रहरी हस्तक्षेप गराई दर्जनौँ नेता तथा कार्यकर्तालाई गम्भीर घाइते बनाइयो।

सन् २०१३ मा हत्या, हिंसाका घटनामा पनि कमी भएन। गत वर्ष चितवन कारागारभित्र नेपाल तरुण दल चितवनका तत्कालीन अध्यक्ष शिवप्रसाद पौडेलको हत्या गरिएको घटनाकै पुनरावृत्ति गर्दै सिन्धुली कारागारभित्र रहेका नेपाल तरुण दलका सक्रिय सदस्य निरज देवकोटाको बाहिरबाट आक्रमणकारी प्रवेश गराई मरणासन्न हुने गरी कुटपिट गरेकोमा उपचारका क्रममा काठमाडौँमा उनको निधन भयो। नेपाली काङ्ग्रेस रुकुम डुली गाउँ कार्यसमितिका सभापति कविराम खत्रीलाई पुस १३ गते अपहरण गरी १६ गते हत्या गरिएको अवस्थामा लास फेला पऱ्यो। एमाओवादीबाट सो घटना भएको स्थानीयको भनाइ रहेको थियो। नेपाली काङ्ग्रेस दाङका नेता एवम् २००७ सालको जनक्रान्तिका सेनानी ८८ वर्षीय हिमलाल बस्नेतको हापुर खरिबोटस्थित आफ्नै निवासमा सुतिरहेको अवस्थामा धारिलो हतियार प्रहार गरी हत्या गरियो।

राज्यको चौथो अङ्गका रूपमा रहेको सञ्चार क्षेत्र पनि सन् २०१२ कै तुलनामा सन् २०१३ को प्रारम्भ कालका केही महिनासम्म अत्यन्त असुरक्षित र त्रासमय अवस्थामा रह्यो। दैलेखमा माओवादीद्वारा ज्यूँदै खाल्डोमा गाडेर हत्या गरिएका पत्रकार डेकेन्द्रराज थापाको जस्तै हालत बनाइदिने भनी माओवादीबाट धम्की आएपछि दैलेखस्थित स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय सञ्चार माध्यमसँग आबद्ध सम्पूर्ण सञ्चारकर्मीहरू आफ्नो कार्यक्षेत्र छाडी सामूहिक रूपमा विस्थापित हुन पुगे। जेठ ७ गते आयोजित नेपाल आदिवासी जनजाति महासङ्घको बन्दका क्रममा दर्जनौँ सञ्चारकर्मीमाथि आक्रमण, दुर्व्यवहार, सञ्चारगृहका सवारी साधनमाथि तोडफोड, आगजनी तथा लाखौँको सम्पत्तिको क्षति पुऱ्याउने काम गरियो। 'कारोवार' दैनिकका संवाददाता लीला घिमिरेलाई चैत ३ गते बन्दको समयमा मोटरसाइकल चलाएको भनी प्रेस अनुमति पत्र देखाउँदा देखाउँदै पनि नेकपा-माओवादीका कार्यकर्ताले साङ्घातिक आक्रमण गरे। नेपाल प्रेस युनियनका सचिव, 'इमेज टेलिभिजन'का पत्रकार भुवन भट्टमाथि एमाओवादीका कार्यकर्ताले जेठ ३ गते सातदोबाटो ललितपुरमा आक्रमण गरी गाडीसमेत तोडफोड गरिदिए।

देशभर नेपाली काङ्ग्रेसका नेता तथा कार्यकर्ताहरूमाथि आक्रमणका घटनाहरू पनि यस अवधिमा असङ्ख्य रहे। धनुषाको सिर्सिया गाउँ कार्यसमितिका सभापति राजेन्द्र यादवमाथि जेठ १७ गते साङ्घातिक आक्रमण गरियो। महोत्तरी-६ का नेपाली काङ्ग्रेसका महाधिवेशन प्रतिनिधि वीरेन्द्र चौधरीलाई भदौ १६ गते साङ्घातिक आक्रमण गरी सख्त घाइते बनाइयो। सिन्धुलीमा असोज २५ गते नेपाली काङ्ग्रेसले आयोजना गरेको शान्तिपूर्ण च्यालीमा एमाओवादी जत्थाले आक्रमण गरी सो च्यालीमा सहभागी नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूलाई निर्घात कुटपिट गरी घाइते बनाए। साथै, नवराज श्रेष्ठ, कान्छामान बल र प्रकाश कार्कीलाई अपहरणसमेत गरे। दाङको गढवामा कात्तिक ६ गते मधेसी जनअधिकार फोरमका जिल्ला सदस्य वीरेन्द्र चौधरीको नेतृत्वमा आएको समूहले नेपाल तरुण दलका सक्रिय कार्यकर्ता नारायण थापा र प्रभात योगीलाई गोली हानी गम्भीर घाइते बनाए। दाहोरो भिडन्त निम्त्याउने र प्रशासनको दुरुपयोग गरी प्रदर्शनकारीहरूमाथि बर्बर दमन गर्ने निरङ्कुश अभीष्टका साथ अत्यन्त गैरजिम्मेवार किसिमले माघ १० गते प्रधानमन्त्री भट्टराईले दैलेख भ्रमण गरेपछि सो भ्रमणको विरोधमा स्थानीयवासीले गरेको प्रदर्शनमा वाईसीएल र प्रहरी प्रशासन मिलेर आक्रमण गर्दा नेपाली काङ्ग्रेस, दैलेखका सभापति कृष्णकुमार बीसी, सचिव भूपेन्द्र शाही, सहसचिव रेशम विकसहित ४० जना भन्दा बढी व्यक्तिहरू गम्भीर घाइते भए। सो घटनामा प्रहरीद्वारा दर्जनौँपटक हवाई फायर गर्नुका साथै ५ सय राउन्डभन्दा बढी अश्रुग्यास प्रहार गरियो। शान्तिपूर्ण प्रदर्शनमा धावा बोलेर सरकारले सम्पूर्ण दैलेखवासीलाई आतङ्कित तुल्यायो। चैत ३ गते च्याडिसन होटलका प्रबन्ध निर्देशक तथा नेपाल उद्योग वाणिज्य महासङ्घका सदस्य विके श्रेष्ठमाथि एमाओवादी सम्बद्धहरूबाट जावलाखेलनजिक आक्रमण गरियो। साथै, सो सङ्घका उपाध्यक्ष पशुपति मुरारकाको गाडीमा आक्रमण गरी सवारी चालकलाई

समेत घाइते बनाइयो। नेपाली काङ्ग्रेस रुकुमको आयोजनामा जेठ १२ गते गरायला बेलटापुमा नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य गगनकुमार थापाको प्रमुख आतिथ्यमा आयोजित आमसभामा एमाओवादीले सुनियोजित रूपमा आक्रमण गरी ठूलो सङ्ख्यामा एमाओवादी कार्यकर्ताहरू नेपाली काङ्ग्रेसमा प्रवेश गर्न लागेको कार्यक्रमलाई बिथोल्ने दुस्प्रयास गऱ्यो। केन्द्रीय सदस्य गगनकुमार थापा चढ्नुभएको गाडीमा ढुङ्गामुढा गरियो। गरायला गाउँका घरघरमा राति गई नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूलाई मरणासन्न हुने गरी एमाओवादी कार्यकर्ताले कुटपिट गरी कैयन्लाई घाइते समेत बनाए। साउन ३ गते बभ्राङ-२ का नेपाली काङ्ग्रेसका क्षेत्रीय सभापति गणेशबहादुर भण्डारीमाथि ज्यानै लिने उद्देश्यले नेकपा-माओवादी जत्थाले खुकुरी प्रहार गरी शरीरका विभिन्न अङ्ग काटिदिनुका साथै आँखासमेत फुटाइदिए। रुकुम छिवाङ गाविसमा भदौ १२ गते नेपाली काङ्ग्रेसका जिल्ला नेताहरू गोपालजीजङ्ग शाह, प्रेमप्रकाश वलीलगायतमाथि एमाओवादीका कार्यकर्ताहरूले साङ्घातिक आक्रमण गर्नुका साथै सुरक्षामा रहेका सुरक्षाकर्मीको पेस्तोल समेत खोसेर लगे। यसै गरी, रुकुमकै आठबीसकोटमा कात्तिक ४ गते एमाओवादी कार्यकर्ताले हतियारसहित आक्रमण गरी नेपाल तरुण दलका जिल्ला सदस्य जनककुमार बाठा र आठबीसकोट गाउँ एकाइ सभापति दीपककुमार शाहीमाथि धारिलो हतियार प्रयोग गरी मरणासन्न बनाए।

सन् २०१३ मा सम्पन्न संविधानसभाको दोस्रो निर्वाचनको प्रचारप्रसारका क्रममा पनि मुलुकभर मानवअधिकार उल्लङ्घनका सयौँ घटना भए। प्रचारप्रसारको अभियानमा अवरोध पुऱ्याउने अभिप्रायले आक्रमण गर्ने, सवारीसाधन तोडफोड, प्रचार सामग्री लुटने, जलाउने, बम प्रहार गर्ने एवम् विस्फोट गराउने, उम्मेदवार तथा समर्थकहरूलाई मानसिक यातना र धम्की दिने, भौतिक सम्पत्ति तोडफोड गरिदिने, सवारी साधनमा आगो लगाइदिनेलगायतका घटनाहरू भए। डडेल्धुरा, नुवाकोट, सुर्खेत, चितवन, रुकुम, ओखलढुङ्गा, मकवानपुर, जुम्ला, डोल्पा, जाजरकोट, काठमाडौँ, दोलखा, कपिलवस्तु, खोटाङ, पर्वत, सर्लाही, गोरखा, काभ्रे, बाँके, तनहुँ, दाङ, धनकुटा, सिन्धुली, गुल्मी, बाग्लुङ, धादिङ, सोलुखुम्बुलगायतका जिल्लामा नेपाली काङ्ग्रेसको चुनावी प्रचारप्रसारको अभियानमा विभिन्न प्रकृतिका घटनाहरू गरी गम्भीर अवरोध खडा गर्ने कार्य गरियो। निर्वाचनका क्रममा नेपाली काङ्ग्रेसका दर्जनौँ नेता तथा कार्यकर्ता एमाओवादी, नेकपा (एमाले), मधेसी जनअधिकार फोरम लोकतान्त्रिकलगायतका मधेसवादी दलहरूको आक्रमणका कारण घाइते हुन पुगे। मूलतः एमाओवादी र कतिपय स्थानमा नेकपा (एमाले)लगायतका अन्य दलहरूको समेत अराजक शैलीका कारण निर्वाचनका क्रममा मानवअधिकारको निर्बाध उपभोग गर्न पाउने जनताको अधिकार कुण्ठितसमेत हुन पुग्यो।

समग्रमा, सन् २०१३ को प्रारम्भका करिब साढे २ महिनाको अवधि (भट्टराई सरकारको कार्यकालसम्म) मानवअधिकारका दृष्टिकोणले सन् २०१२ सरह नै अत्यन्त दुःखद समयका रूपमा रह्यो। जनसमर्थनबाट नभई दलीय समझदारीबाट गठन भएको खिलराज रेग्मी नेतृत्वको सरकारले सरकार सञ्चालनको स्पष्ट मार्गचित्र बनाउन अन्योल र ढिलाइ गर्दा भट्टराई सरकारको बिहर्गमनपश्चात् पनि केही महिनासम्म सोही सरकारको अराजकता र उद्दण्डताका अवशेषहरू जीवितै रहेको प्रतीत गराउने गरी मानवअधिकार उल्लङ्घनका घटनाहरूले निरन्तरता पाइरहेको अनुभूति गर्नुपऱ्यो। संविधानसभाको दोस्रो निर्वाचनको मूल जिम्मेवारीसहित स्थापित रेग्मी नेतृत्वको सरकारको प्राथमिकता पनि निर्वाचन नै रहेकाले मानवअधिकारसँग सम्बन्धित विषयहरूले त्यति धेरै प्राथमिकता पाउन नसकेको जस्तो देखियो।

सन् २०१३ को अन्त्य र सन् २०१४ को आगमनसँगै मुलुकवासीमा आशाको नयाँ किरण उदाएको छ। संविधानसभाको दोस्रो निर्वाचन सफलतापूर्वक सम्पन्न भई जननिर्वाचित संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान निर्माण हुने विश्वास आमनेपाली जनताले गरेका छन्। मुलुकले राजनीतिक स्थायित्व प्राप्त गरी मानवअधिकारको पूर्ण प्रत्याभूतिका लागि आगामी सन् २०१४ अत्यन्त उत्साहवर्द्धक र फलदायी वर्षका रूपमा रहन सक्नेछ भन्ने सबै नेपालीको अभिलाषा रहेको छ। यो राष्ट्रिय जिम्मेवारी, कर्तव्य तथा नेपाली जनताको भरोसालाई सबैले आ-आफ्नो स्थानबाट पूरा गर्न अग्रसर भई मुलुकको मानवअधिकार अवस्थाको सूचकाङ्कलाई सकारात्मक बढोत्तरीतर्फ योगदान पुऱ्याउन सक्नुपर्दछ।

चिनकाजी श्रेष्ठ
मुख्य सचिव

नेकपा (एमाले)

सन् २०१३ वर्ष पनि मानवअधिकारको क्षेत्रमा कुनै उल्लेखनीय र ठोस प्रगतिबिना नै बिदा भएको छ। नोभेम्बर १९ मा सम्पन्न संविधानसभाको निर्वाचनमा पनि थुप्रै नागरिक मताधिकारबाट वञ्चित भएका छन्। अनौपचारिक श्रम क्षेत्रमा बालश्रम शोषण कायमै छ। बालबालिकाहरूको अपहरण, बेचबिखन र हत्याका घटनाहरू यस वर्ष पनि भए। राज्यका कतिपय निर्णयहरू र तिनको कार्यान्वयन र गतिविधिहरूबारे नागरिकहरू सही सूचनाबाट वञ्चित रहे। आर्थिक तथा सामाजिक समानताको हकबाट नेपालीहरू वञ्चित नै रहे। गरिबी र राज्यको बेवास्ताका कारण भोक, जाडो र सङ्क्रामक रोगका कारण नागरिकको अकालमा ज्यान जाने क्रम पनि रोकिएन। राज्यले प्रदान गरेको ज्येष्ठ नागरिक भत्ता, अशक्त, विधवा तथा दलित, अल्पसङ्ख्यक, सीमान्तकृत एवम् लोपोन्मुख आदिवासी जनजातिहरूले पाउने भत्ता उनीहरूले या त समयमा पाउन सकेनन् या त भ्रष्टाचारका कारण पाउन सकेनन्। तर, सरकारको यथोचित ध्यान गएन। कैयौं अव्यवस्थित बस्तीहरूमा आधारभूत शिक्षा, स्वास्थ्य र खानेपानीबाट नागरिकहरू वञ्चित रहे। कलकारखाना लगायतका औपचारिक श्रम क्षेत्रहरूमा श्रमिकहरूले मानवोचित व्यवहार पाएनन्। यस वर्ष पनि कतिपय राजनीतिक दलका नेता-कार्यकर्ताहरूद्वारा निजी तथा सार्वजनिक जग्गा-जमिन कब्जा गर्ने, जबरजस्ती चन्दा सङ्कलन गर्ने कामहरू भए। सङ्क्रमणकालको व्यवस्थापन हुन नसक्दा राजनीतिक स्थिरता भएन। फलस्वरूप दण्डहीनताको कहालीलाग्दो स्थिति यथावत् नै रह्यो। राजनीतिक पार्टीहरू र तिनका ठूला नेताहरूको संरक्षणमा कानुन हातमा लिई समाजमा अराजकता मच्चाउने, गुण्डागर्दी गर्ने, व्यक्तिगत सम्पत्तिमा धावा बोल्ने, जबरजस्ती चन्दा सङ्कलन गर्ने, हप्ते उठाउने डनवादी प्रवृत्तिहरू यथावत् नै रहे। बालबालिका तथा महिलाहरूको अपहरण, बेचबिखन, बलात्कारका घटनाहरू, बोक्सीको आरोपमा कुटपिट, बेइज्जती, अभक्ष खुवाउने, नाङ्गो पार्ने र हत्या गर्नेसम्मका ज्यादै निन्दनीय हिंसाका घटनाहरू भए।

सन् २०१३ मा सम्पन्न संविधानसभाको निर्वाचन शान्तिपूर्ण एवम् व्यापक जनसहभागितामा सम्पन्न भयो। यसले शान्ति र स्थिरता कायम हुँदै जाने आशा पलाएको छ। एक वर्षभित्र संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी गरी सङ्क्रमणकालको अन्त्य हुने स्थितितर्फ मुलुक उन्मुख भएको छ। यस्तो स्थितिमा मानवअधिकार र कानुनको शासन नै लोकतन्त्रको मेरुदण्ड हो भन्ने कुरामा अडिग नेकपा (एमाले) लोकतान्त्रिक संविधान निर्माण गर्ने कुरामा प्रतिबद्ध छ। राज्यका विभिन्न अङ्गहरूबीच शक्तिको विभाजनले सुशासन कायम हुने र लोकतन्त्र सुदृढ गर्ने काममा महत्त्वपूर्ण भूमिका निर्वाह हुन्छ भन्ने कुरामा प्रतिबद्ध हाम्रो पार्टी जनताको घरदैलोमा सरकारको उपस्थितिका लागि र विविधताबीचको एकता कायम गर्न, सामाजिक सद्भाव र सांस्कृतिक सहअस्तित्वलाई प्रोत्साहित गर्नका लागि स्थानीय निकायको निर्वाचन अपरिहार्य छ भन्ने मान्यता राख्छ। द्वन्द्वोत्तर नेपालमा शान्ति र स्थिरता स्थापनाका लागि सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोग गठन गरी तत्काल कार्यान्वयन गर्नु मानवअधिकार रक्षा र विकासको दृष्टिले अत्यन्तै महत्त्वपूर्ण काम हो। अन्तमा मानवअधिकार, शान्ति र सामाजिक न्यायको क्षेत्रमा अनौपचारिक सेवा केन्द्र (इन्सेक)ले गर्दै आएको कार्य प्रशंसनीय छ। आगामी दिनमा त्यस संस्थाले अझ सशक्त रूपमा आफ्नो भूमिका निर्वाह गर्नेछ भन्ने आशा एवम् विश्वास छ। इन्सेकको कार्य सफलताको हार्दिक शुभेच्छा प्रकट गर्दछु।

पृथ्वी सुब्बा गुरुङ
सचिव, केन्द्रीय कार्यालय

राष्ट्रिय प्रजातन्त्र पार्टी

नेपालमा मानवअधिकारको संरक्षण र अनुगमनका लागि इन्सेकले पुऱ्याएको योगदान उल्लेख्य छ। संस्थाले वर्षपुस्तक प्रकाशित गरी सन् २०१३ मा नेपालमा मानवअधिकारको स्थिति र अवस्थाबारे यथार्थ अवस्था नेपाली जनता र अन्तर्राष्ट्रिय समुदायलाई गराउन लागेको थाहा पाउँदा खुसी लागेको छ। यसका निम्ति इन्सेक धन्यवादको पात्र छ।

नेपालमा मानवअधिकारको कुरा गर्दा यस धारणालाई निरपेक्ष रूपमा नलिइ समय, परिस्थिति, पात्र र सैद्धान्तिक धरातल सापेक्षित व्याख्या, विश्लेषण र व्यवहार हुँदै आएको छ। मानवअधिकार भन्नासाथ यसले केवल राजनीतिक अधिकारलाई मात्र सम्बोधन गरेको हुँदैन, व्यक्तिका नैसर्गिक हक र अधिकार, जसमा

व्यक्तिले आफ्नो मुलुक वा मानव समुदायमा जुनसुकै परिस्थितिमा पनि शान्ति सुरक्षाको अनुभूति गर्ने, गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र न्यायको प्रत्याभूति पाउनेजस्ता अत्यन्त संवेदनशील मानवीय पक्षलाई सम्बोधन गरेको हुनुपर्दछ। नेपालमा त्यस्तो अवस्था निर्माण भएको छैन। अहिले पनि जनता भोक, रोग, गरीबी, अशिक्षा, पछौटेपन, अराजकता, दण्डहीनता र सामाजिक, आर्थिक एवम् राजनीतिक वञ्चितीकरण र हिंसाबाट पीडित छन्। सर्वसाधारण जनताले राज्यको उपस्थिति र मानवअधिकार उपभोगको सुखानुभूति लिन सकिरहेका छैनन्। मानवअधिकारलाई आमजनताको वास्तविक अवस्थासँग गाँसेर हेर्दा कतै हामी यसलाई सेवाभन्दा बढी व्यवसाय त बनाइरहेका छैनौँ भन्ने आशङ्का उब्जिन्छ।

आशा छ, इन्सेकले विगतमा मानवअधिकार क्षेत्रमा गरेका कार्यहरूको अनुभवका आधारमा (मानवअधिकारको पक्षमा) राज्यमाथि दबाब दिने, आमजनसमुदायलाई सचेत र शिक्षित तुल्याउने तथा अधिकार हनन गरिएकाहरूको पक्षमा खडा भएर वास्तविक रूपमा मानवअधिकार उपभोग गराउनेमा सफलता हासिल गर्ने विश्वास लिएको छु।

सूर्यबहादुर थापा
अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री

नेकपा (माले)

वस्तुत : मानवअधिकार भनेको मानवको बाँच्न पाउने अधिकार हो। बाँच्न पाउने अधिकार भन्नाले गाँस, बास, कपास, औषधी, इन्धन, शिक्षा, रोजगार र सामाजिक क्रियाकलापमा भाग लिने स्वतन्त्रताजस्ता आधारभूत विषयहरू एउटा मानिसका लागि जन्मसिद्ध अधिकार हुनुपर्छ भन्ने हो।

हाम्रो मुलुकको आजको सङ्क्रमणकालीन राजनीतिक परिस्थितिमा केही मानवअधिकारवादी सङ्घ-संस्थाहरूले मानवअधिकारका नाममा उक्त विषयहरूलाई किनारा लगाउँदै सामान्यत: सङ्कीर्ण जातीय, धार्मिक, साम्प्रदायिक र क्षेत्रीय विचार तथा व्याख्या/विष्लेषणलाई सतहमा ल्याएर अनि राजनीतिक अधिकारका खोक्रा नाराहरूको मात्र फलाको हालेर मानवअधिकारको साँचो अर्थलाई विकृत पार्न थालेको पाइन्छ। त्यसमा पनि सामान्यतया पुँजीवादी व्यवस्थामा सम्पूर्ण जनताको जीवन सुरक्षा गर्नु, बेरोजगारी तथा महँगी समाप्त गर्नु, सामाजिक सुरक्षाको ग्यारेन्टी गर्नु, शिक्षा आर्जन र स्वास्थ्योपचारलाई जन्मसिद्ध अधिकारका रूपमा स्थापित गर्नुजस्ता विषयहरू मानवअधिकारको व्याख्याभित्र पर्दैनन्।

आजको सभ्य समाजको प्रगतिशील दृष्टिकोणमा मानवअधिकार भन्नाले मूल रूपमा निम्नानुसारका अधिकारहरू पर्दछन् :

(क) जीवनरक्षाका निम्ति न्यूनतम् आवश्यकताहरू हरेक मानिसलाई प्राप्त हुनु ।
(ख) सबैका निम्ति योग्यता अनुसारको काम र काम अनुसार दामको ग्यारेन्टी हुनु ।
(ग) सबै व्यक्तिले आफ्नो योग्यता निरन्तर वृद्धि गर्ने अवसर पाउनु ।
(घ) स्वास्थ्योपचार र शिक्षा आर्जनको अवसर पाउनु।
(ङ) मानवले मानवमाथि गर्दै आएको शोषण-उत्पीडन निर्मूल पारिनु । र,
(च) सामाजिक सुरक्षाको ग्यारेन्टीका साथै बोल्ने, लेख्ने, सभा-सङ्गठन गर्न पाउने अधिकारको ग्यारेन्टी हुनु।

माओवादी विद्रोह (०५२-०६२) पछि मानवअधिकार संरक्षण गर्ने नाममा सङ्कीर्ण भएर धर्म, आस्था, वर्ण र जात-जातिका अधिकार सुनिश्चित गर्ने चर्को आवाज उठाइएको पनि पाइयो। आफ्नो कित्ताका मानिस मर्दा मानवअधिकारको उल्लङ्घन हुने तर विरोधी कित्ताका मानिस मार्दा भने मानवअधिकारको वास्ता नगर्ने जस्ता उदाहरणहरू पनि नभएका होइनन्। हामी के कुरामा प्रस्ट हुनुपर्दछ भने मानवअधिकार भनेको मानवको जीवनरक्षाको अधिकार नै हो।

हाम्रो मुलुकमा गत सालको मानवअधिकारको स्थिति बडो पीडादायक रहेको छ। गत वर्ष विभिन्न खाले मानवअधिकार हननका मासिक औसत ६५ ओटा घटना सार्वजनिक हुनुले हामी हतप्रभ हुन्छौँ। पहिलो, यस लोकतान्त्रिक अवधिमा विशेष गरेर हाम्रो समाजको विभिन्न वर्ग, तह, तप्का एवम् पेसा/व्यवसायमा लागेका जनताका सन्तान त्यसमा पनि छात्रा/छात्र जो देश विकासका लागि भविष्यका कर्णधार पनि हुन्, तिनीहरूको अपहरण र हत्या गरिनु एवम् आफ्ना पेसागत दायित्व गरिरहेका, पत्रकार, व्यापारी, उद्योगपतिको अपहरण र हत्या गरिनुजस्ता घटनाहरू नेपालमा भयङ्कर मानवअधिकार हननका उदाहरण हुन् भन्ने नेकपा (माले)को ठहर रहेको छ।

दोस्रो, स्वतन्त्रतापूर्वक आफ्नो पेसा/व्यवसाय गर्न पाउने अधिकारको हनन, चेलीबेटी बेचबिखन र

बलात्कार, विविध घरेलु हिंसाबाट हुने महिलाहरूको हत्या, दुर्गम भेगका नेपाली जनता भोकभोकै पर्नु, मुलुकमा यत्रतत्र जाडोले कठ्याङ्ग्रिएर जनता मर्नु एवम् सामाजिक अपराधीहरू र राजनीतिक आवरणका आततायीहरूबाट जनसाधारणहरूको जीउ-धन मासिने घटनाहरू जस्ता सबै घटनाहरू मानवअधिकार हननका विषयहरू हुन्। तेस्रो, सरकारको लापरबाही र साधन-मालिकहरूको अति लोभलालचका कारण दैनिकजसो बाटोमा गुड्ने सवारीहरूको दुर्घटनाबाट ठूलो सङ्ख्यामा यात्रीहरूको मरण भइरहेको छ। के यो मानवअधिकारमाथि सम्बन्धित पक्षको खोलबाड होइन ? यस्ता सारा कार्यको जिम्मेवारी राज्यको हो।

आर्थिक-सामाजिक आस्थाको केन्द्रीभूत अभिव्यक्ति नै राजनीति हो। हाल हाम्रो मुलुकमा राजनीतिक अवस्था सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ। यस्तो स्थितिमा दण्डहीनता, अनुशासन पालनामा लापरबाही तथा अराजकता बढ्ने गर्दछन्। अनि मानवअधिकार उल्लङ्घनका घटनाहरूमा वृद्धि हुने गर्दछ। मुलुकमा शान्ति, सुशासन र राजनीतिक स्थिरता रहेको खण्डमा आधारभूत रूपले मानवअधिकारहरू स्थापित नभइसकेका भए पनि तुलनात्मक रूपले मानवअधिकार उल्लङ्घनका घटनाहरूमा कमी आउने गर्दछ।

वस्तुत: मानवअधिकार भनेको गर्भमा रहँदादेखि बूढाबूढी भएर मर्नुपर्यन्त सम्पूर्ण नागरिकहरूको जीवनलाई सुरक्षित र सुनिश्चित गर्नु नै हो। त्यो काम जनताको जनवादी व्यवस्थाले मात्र गर्न सक्छ। जहाँ बेरोजगारी र अर्थभावका कारणले सामाजिक विकृति र विसङ्गतिले प्रश्रय पाउने अवस्था रहँदैन। त्यस्तो देखिन थाले, तत्काल उपचार सुरु भइहाल्छ। सुरक्षा निकायहरू भ्रष्ट र अनुशासनहीन हुन पाउँदैनन् वा त्यस्तो देखिए तुरुन्त उपचार हुने गर्दछ। सबै जनताले काम र काम अनुसारको दाम पाउँछन्। राज्यले शिक्षा र स्वास्थ्यलाई जन्मसिद्ध अधिकार बनाउँछ। अपराधीले यथोचित दण्ड पाउँछन् र सुधिने औसर पनि पाउँछन्। त्यस्तो शासन व्यवस्था स्थापित नहुँदासम्म मानवअधिकार उल्लङ्घनका घटना बढैरै जाने हो।

नेपालमा मानवअधिकार हननका घटनाहरू रोक्न राज्य संवेदनशील बन्नुपर्दछ। लापरबाही र मनोमानी गर्ने कुनै पनि निकाय वा व्यक्ति दण्डको भागीदार हुनुपर्दछ। शान्ति, सुशासन र सुव्यवस्था गर्न, बढ्दो बेरोजगारी अन्त्य गर्न, अनुशासनहीनता र अराजकतालाई रोक्न राज्यले यथाशीघ्र समुचित कदम चाल्नु पर्दछ। यस्ता सबै काममा राजनीतिक पार्टीहरू विशेषत: प्रगतिशील/जनपक्षीय राजनीतिक पार्टीहरू र सबै प्रबुद्ध नागरिकहरूको पनि महत्त्वपूर्ण उत्तरदायित्व रहेको हुन्छ। सम्बन्धित सबै पक्षमा उत्तरदायित्वको बोध, अधिकारको रक्षाका निम्ति प्रभावकारी कानुनहरूको निर्माण र कानुन-कार्यान्वयन गर्ने सामाजिक चेतनाको अभिवृद्धिले मात्र मानवअधिकार संरक्षणको अवस्थालाई सुधार्दै लैजान सकिन्छ।

राष्ट्रिय जनमोर्चा

इन्सेकले मानवअधिकार वर्षपुस्तक २०१४ प्रकाशन गर्न लागेकामा प्रशन्नता व्यक्त गर्दै इन्सेकले मानवअधिकारको क्षेत्रमा गरेको योगदानको हामी उच्च कदर गर्दछौं। भविष्यमा पनि अझै उच्च र सशक्त ढङ्गको भूमिकाका लागि आशा गर्दै निरन्तर यात्राको सफलताका लागि हार्दिक कामना पनि गर्दछौं।

देशको संविधान र कानुनप्रदत्त अधिकारहरूलाई उपयोग गरी आफ्ना गतिविधिहरूलाई सञ्चालन गर्न पाउनु हरेक नागरिकको मौलिक अधिकारभित्रको कुरा हो। राजनीतिक विषयहरूले मानवअधिकारका क्षेत्रमा धेरै ठाउँ लिने भएकाले देशको राजनीतिक अवस्था, राज्य, सरकार र राजनीतिक दलहरूबाट अलग रहेर मानवअधिकारको सन्दर्भमा मूल्याङ्कन गर्न मिल्दैन। दण्ड र न्यायको सुनिश्चितता एवम् प्रत्याभूति गराउने राज्य र त्यसलाई कार्यान्वयन गर्ने सरकार एवम् शासित नागरिकहरूको सम्बन्धसित मानवअधिकारको प्रश्नले विशेष अर्थ राख्दछ। खास गरी खिलराज रेग्मीको सरकार गठनबाट उत्पन्न राजनीतिक विवादले सुरुमा नै स्थान लिएको थियो। प्रजातान्त्रिक परिपाटीमा सरकारको निर्माण राजनीतिक शक्तिहरूले नै गर्ने गरेको सर्वव्यापी मान्यता अन्तर्गतको कुरा हो। तर, गत वर्ष नेपालमा प्रमुख मानिएका चार राजनीतिक शक्तिहरूले सर्वोच्च अदालतका प्रधानन्यायाधीशलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउने निर्णय गरेर प्रजातान्त्रिक मान्यताहरूको खिल्ली उडाए। देशभित्रका हाम्रो पार्टीलगायतका अन्य राजनीतिक पार्टी र सङ्गठनहरू कानुनी बहसमा सहभागी हुने कानुनवेत्ताहरूको सङ्गठन बार एसोसिएसन र नागरिक समाजले समेत त्यसका विरुद्ध आवाज उठाए। त्यससम्बन्धमा सर्वोच्च अदालतमा रिटहरू परे। तर, राज्य, सरकार र ती प्रमुख भनिएका राजनीतिक

शक्तिहरूले उक्त कानुनसम्मत आवाजहरूको कुनै सुनुवाइ गरेनन्। प्रजातान्त्रिक परिपाटीभित्रको शक्ति पृथकीकरणले सिद्धान्तमाथि आक्रमण गरेर ती प्रमुख दलहरूले राज्य शक्तिको सम्प्रभुता आफूमा केन्द्रित गरे। त्यो केवल कथित राजनीतिक सहमतिका नाममा गरेको प्रजातान्त्रिक विधिविरुद्धको कदम थियो। उक्त सहमतिमा विभिन्न राजनीतिक शक्तिहरूबाट एसोसिएसन, नागरिक समाजलगायत देशका बहुसङ्ख्यक जनताको समर्थन थिएन। यो प्रजातान्त्रिक परिपाटी र न्यायालयविरुद्ध भएको आक्रमण थियो। अर्कोतिर, सर्वोच्चमा परेको उक्त मुद्दाको रिटको सुनुवाइ अझैसम्म नभएकाले न्यायालयजस्तो निकाय राजनीतिबाट प्रभावित भएको स्पष्ट नै छ। यसरी प्रजातान्त्रिक परिपाटी एवम् स्वतन्त्र न्यायपालिकामाथि राजनीतिक हस्तक्षेप बढेर गएपछि आगामी दिनहरूमा प्रजातान्त्रिक पद्धति, कानुन र नियमहरू तथा न्यायालयको स्वतन्त्र र निष्पक्ष भूमिका र न्याय सम्पादनमा प्रश्नचिह्नहरू खडा भएका छन्। रेग्मीको सरकारले देशमा दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न गरेको भए तापनि उक्त सरकार प्रजातान्त्रिक मूल्य र मान्यताविरुद्ध निर्माण भएको इतिहासको गलत नजिर हो। यस्तो दुर्घटना हुने मुलुकमा जुनसुकै बेला पनि मानवअधिकारको उल्लङ्घन हुने, मनपरीतन्त्र चल्ने र मौलिक हक-अधिकारमाथि दमन गरिने जस्ता घटनाहरू बारम्बार दोहोरिने हुन्छन्। यस खतराबाट हाम्रो मुलुक मुक्त छैन भन्ने उक्त नजिरबाट थाहा हुन्छ।

सङ्घीयताको विषयमा बहस भइरहँदा जातिवाद र क्षेत्रीयतावादले प्रश्रय पाएकाले देशभक्त शक्तिमाथि जातिवादीहरूले व्यापक आक्रमण गरे। विशेष गरी राष्ट्रिय जनमोर्चाले गत भदौ १० गतेदेखि असोज ५ गतेसम्म सञ्चालन गरेको राष्ट्रिय प्रचारात्मक अभियानका क्रममा नेपालको पूर्वी भागमा परिचालित भएको टोलीका कार्यक्रमहरूमाथि जातिवादीहरूले पटक-पटक आक्रमण गरे। शान्तिपूर्ण ढङ्गले परिचालन भएको उक्त प्रचारात्मक कार्यक्रममा राष्ट्रियता र गणतन्त्रको मुद्दालाई उठाउँदै सङ्घीयताको विरोध गरिएको थियो। सामान्यरूपले शान्तिपूर्ण आन्दोलन र विचार प्रवाहका गतिविधिहरू प्रजातान्त्रिक मूल्य र मान्यताहरू हुन्। प्रजातान्त्रिक मूल्य र मान्यताहरूलाई चुनौती दिँदै जातिवादी कठमुल्लावादीहरूले राजमोको उक्त प्रचारात्मक अभियानका क्रममा पूर्वमा ६ स्थानमा आक्रमण गरेका थिए। राज्य र सरकारले त्यस प्रकारको प्रजातान्त्रिक मूल्य र मान्यतामा नै प्रश्नचिह्न खडा गर्नेहरूलाई कुनै कारबाही र दण्डित नगर्नुले मानवअधिकारको उल्लङ्घनको घटनामा स्वयम् राज्य र सरकार पनि सामेल भएको ठहर्छ।

भर्खरै सम्पन्न संविधानसभाको निर्वाचनमा भएका आचारसंहिताका उल्लङ्घनहरू कमजोर निर्बलहरूको प्रजातन्त्रलाई खिल्ली उडाउने अनियन्त्रित र निर्वाचन खर्च, किनबेच, भोजभतेर आदि पक्षहरू पनि मानवअधिकारका प्रश्नहरूसित सम्बन्धित छन्। सबैलाई समान व्यवहार र नियम कानुनको भागीदार बन्नुपर्ने आचारसंहितामा उल्लेख भए पनि कारबाहीको दायरामा ल्याउनु पर्नेलाई नल्याएकाले अधिकार प्रयोगको सवाल विभेदपूर्ण भएको छ। तडकभडकबाट मुक्त पर्ने प्रयास नभएकाले गरिखाने वर्गका मान्छेहरूले राजनीति गर्न नसक्ने कुरा अगाडि आएको छ। मानवअधिकारको उपभोग समान ढङ्गले गर्नका लागि कानुनी मूल्य र मान्यताहरू एवम् कारबाहीको उचित सीमा नभएकाले जनताको ठूलो हिस्सा राजनीतिक अधिकारबाट वञ्चित बनेको देखिन्छ। सवाल आचारसंहिताको उल्लङ्घनको मात्र नभएर चुनावी नतिजा आफ्नो पक्षमा पार्नका लागि विरोधी पक्षका कार्यकर्ताहरूमाथि भएका आक्रमण र हत्याका घटनाहरूले प्रश्रय पाएको देखिन्छ। यसै सिलसिलामा बारलुङको हुग्दीशिर गाविसमा चुनाव प्रचारप्रसारका सिलसिलामा एमाओवादीद्वारा राजमोका चार जना कार्यकर्तामाथि निर्घात र साङ्घातिक आक्रमण गरियो। घाइतेहरूको उपचार काठमाडौँमा गरियो भने आक्रमणकारीहरूलाई कारबाहीको दायरामा ल्याउने काममा सरकार उदासीन रह्यो। यसै गरी, प्यूठानको सौतामारेमा एमालेद्वारा राजमोका कार्यकर्तामाथि भएको आक्रमणमा सामेल भएका आक्रमणकारीहरूलाई कारबाही गर्न सरकार उदासीन रह्यो। यसरी मानवअधिकारको उल्लङ्घन गर्ने पक्षहरूलाई छुट दिने सरकारी रवैयाका कारण स्थिति अझै जटिल बन्दै गएको देखिन्छ।

गत एक वर्षदेखि आफ्नो सुरक्षा र अधिकारको माग गर्दै आइरहेका ज्येष्ठ नागरिकहरूको आन्दोलनप्रति सुझबुझपूर्व नीति अख्तियार गरी समस्याको समाधान गर्ने कार्यमा सरकार पूरै असफल भएको देखिन्छ। ज्येष्ठ नागरिकका हकअधिकारको संरक्षण गरी उनीहरूको सुरक्षा गर्ने जिम्मेवारी सरकार र राज्यको नै हो। तर एक वर्षसम्म लगातार आन्दोलन चलिरहँदा पनि कुनै सुनुवाइ नगर्नाले सरकार गैरजिम्मेवार र मानवअधिकार

उल्लङ्घनकर्ता भएको बुझिन्छ। यो राष्ट्रका लागि कहालीलाग्दो एवम् मानवअधिकारको क्षेत्रमा सरकारी लज्जाको विषय हो।

०६१ सालमा माओवादीद्वारा मारिएका आफ्ना छोराको विषयलाई लिएर नन्दप्रसाद अधिकारी र गङ्गामाया अधिकारीको सङ्घर्ष गत एक वर्षदेखि लगातार चल्दै आएको छ। आफ्नो छोराको हत्यारालाई कानुनबमोजिम दण्डित गर्नका लागि सरकारसित माग राख्दै लामो समयसम्म पटकपटक अनशन जारी राख्ने गरेका छन्। अधिकारी दम्पत्तिको उक्त मागलाई सरकारले जिम्मेवारीपूर्ण ढङ्गले लिएको देखिएन। उनीहरूले उठाएका माग जायजपूर्ण छन् र त्यस प्रकारका देशव्यापीरूपमा भएका मानव अपराधविरुद्धका सबै अपराधीहरूलाई दण्डित गर्नुपर्ने आवश्यकता छ। तर, सरकारले त्यस विषयमा आवश्यक कदम चाल्न उदासीन देखिएकाले त्यस प्रकारका मानव अपराधका घटनाहरूले दिन-प्रतिदिन ठाउँ लिँदै गइरहेको देखिन्छ।

जातीय छुवाछूतविरुद्धका कानुनहरूले व्यावहारिक रूपधारण नगरेकाले त्यस प्रकारको कुप्रथाले अझै पनि प्रश्रय पाइरहेको अवस्था छ। महिला हिंसाविरुद्धका कानुनहरू कागजी मात्र साबित भएकाले अपराधीहरूले महिला हिंसालाई तीव्रता दिएको देखिन्छ। दाइजो प्रथा, छाउपडी प्रथा आदि कुसंस्कारहरूले नेपाली समाजमा घर बनाई बसेकाले तिनको उन्मूलनका लागि सरकारले यथोचित कदम चालेको देखिँदैन। सरकारको मौनताले त्यस प्रकारका घटनाहरूमा सरकारको भूमिकामा नै प्रश्नचिह्नहरू खडा भएका छन्।

विदेशस्थित नेपालीहरूको सुरक्षा, हक, अधिकारका सन्दर्भमा सरकारले गुन्जायसपूर्ण भूमिका खेलेको देखिँदैन। आफ्ना नागरिकमाथि विदेशीहरूको हेपाहा प्रवृत्तिप्रति चुपचाप हेरिरहने सरकारको गैरजिम्मेवार तरिका हो। यसलाई सही मान्न सकिन्न।

उपर्युक्त घटनाहरूका आधारमा भन्न सकिन्छ कि निर्दलीय सरकारको निर्माणदेखि अपाङ्गहरूको आन्दोलनमाथि भएको दमनसम्मका घटनाहरू देशभित्र भएकाले मानवअधिकारको स्थिति सन् २०१३ मा सन्तोषजनक रहन सकेन। विधि, नियम र कानुनको उचित मर्यादा र पालना नगराउँदासम्म मानवअधिकारमा प्रगति हुन पनि सक्दैन।

चित्रबहादुर केसी
अध्यक्ष

नेपाल मजदुर किसान पार्टी

सन् २०१३ सकारात्मक र नकारात्मक प्रभावहरू छोड्दै हामीबाट बिदा भयो। वर्षको प्रारम्भमा देश जनप्रतिनिधिविहीन थियो। संविधानसभाको विघटनपछि निर्वाचन सरकार गठनको विवादमै लामो समय बित्यो। व्यवस्थापिका नभएको अवस्थामा न्यायपालिकाका प्रमुखलाई नै कार्यपालिका प्रमुख बनाउन एमाओवादी, काङ्ग्रेस र एमालेजस्ता 'ठूला' दलहरू सहमत भए र खिलराज रेग्मीको अध्यक्षतामा निर्वाचन सरकार गठन भयो। त्यो सहमति अन्तरिम संविधान, कानुनको सर्वमान्य सिद्धान्त र शक्ति पृथकीकरणको सिद्धान्तको विपरीत थियो। लोकतन्त्र, स्वतन्त्र न्यायपालिकाको वकालत गर्ने काङ्ग्रेस र एमालेजस्ता पार्टीहरूले विदेशीको इसारामा खिलराज रेग्मीलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउने एमाओवादी प्रस्तावलाई स्वीकार गरे पनि नेमकिपाले भने राष्ट्रपति शासनमार्फत स्वतन्त्र व्यक्तिहरूको निर्वाचन सरकार गठन गरी देशलाई निकास दिने अडानलाई कायमै राख्यो।

संविधानसभा विघटनपछि चार राजनीतिक दल एमाओवादी, काङ्ग्रेस, एमाले र मधेसी मोर्चाले सहमतिको नाउँमा भागबन्डा गरी राजदूतहरू, संवैधानिक आयोगका आयुक्तहरू नियुक्त गरे। व्यवस्थापिका-संसद्को दुईतिहाइ बहुमतले मात्रै गर्न सक्ने संविधान संशोधनसमेत चार शासक दलले बाधा अड्काउ फुकाउका नाममा पटक-पटक गरे। चार शासक दलहरू संविधानसभा र संसद् होइन, संसद्को काम ती दलहरूले गर्नु प्रजातान्त्रिक मूल्य र मान्यताविपरीत थियो। ०६२/०६३ को प्रतिगमन विरोधी आन्दोलन दबाएका र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नै सरकारी सेवामा नियुक्तिको लागि अयोग्य घोषित लोकमानसिंह कार्कीलाई चार दलले भागबन्डा गरेर अख्तियार प्रमुखमा नियुक्त गरे। त्यो नियुक्ति आन्दोलनकारी जनता र जनआन्दोलनकै अपमान थियो।

अन्तरिम संविधान घोषणापछि जन्मका आधारमा लाखौँ विदेशी नागरिकले नेपाली नागरिकता पाए। त्यस व्यवस्थाबाट महत्त्वपूर्ण पदहरूमा जन्मका आधारमा नागरिकता प्राप्त व्यक्तिहरू पुग्न सक्ने हुँदा त्यसलाई ध्यानमा राखेर विघटित संविधानसभाले

राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्री, सभामुख, उपसभामुख, संवैधानिक आयोगका प्रमुखहरू, सुरक्षा निकायका प्रमुखहरू, प्रदेश, व्यवस्थापिकाका प्रमुखहरू वंशजको नागरिक मात्रै बन्न पाउने सहमति गऱ्यो तर संविधानसभा विघटनपछि त्यो सहमति विपरीत चार शासक दलले ०६९ फागुन ३० गते जन्मका आधारमा नागरिकता पाएकाका सन्तानहरूलाई वंशजको नागरिकता दिने सहमति गरे र चैत १ गते अध्यादेशमार्फत संविधान संशोधन गरे। त्यस सहमतिबाट निर्वाचनका नाममा नेपाली जनताको अधिकार कुण्ठित भयो। नेपाली जनताले मात्रै पाउने अधिकार जन्मका आधारमा नागरिकता पाएका विदेशीहरूले समेत पाउने व्यवस्था गर्नु राष्ट्रघात हो। यस कदमबाट नेपाल फिजीकरण हुने सम्भावना बढ्यो।

आवधिक निर्वाचन प्रजातन्त्रको एउटा व्यवस्था हो। निर्वाचनमा भाग लिने, आफूले मन पराएका व्यक्तिलाई जिताउने जनताको दायित्व पनि हो। १६ वर्षदेखि स्थानीय निकायको निर्वाचन भएको छैन। ११ वर्षदेखि स्थानीय निकाय जनप्रतिनिधिविहीन छ। लोकतन्त्रवादी र प्रजातन्त्रवादी दाबी गर्ने काङ्ग्रेस र एमाले पार्टीहरू परिस्थिति आफ्नो अनुकूल नभएसम्म निर्वाचन गराउन चाहँदैनन्। नेमकिपा एक्लैले पनि स्थानीय निकायको निर्वाचनमा जोड दिँदै आएको छ। मङ्सिर ४ गते संविधानसभाको निर्वाचनसँगै स्थानीय निकायको पनि निर्वाचन गराउन नेमकिपाले जोड दिएको थियो तर शासक दलहरूले त्यसप्रति कुनै चासो समेत देखाएनन्। लामो समयसम्म जनताले मतदान गर्न नपाउनु संविधानप्रदत्त जनताको मानवअधिकारको हनन हो।

सत्य निरुपण तथा मेलमिलाप आयोग विधेयक र बेपत्तासम्बन्धी छानबिन आयोग विधेयक विगतका सरकारहरूले नै संसद्मा प्रस्तुत गरेका थिए र त्यो संसद्को सम्पत्ति बनिसकेको थियो। संसद्मा प्रस्तुत भई छलफल अघि बढिसकेको विधेयक संसद्को अनुमतिबिना सरकारले फिर्ता लिन सक्दैन। बाबुराम भट्टराई सरकारले पटक-पटक फिर्ता लिने कोसिस गरेको थियो र संविधानसभा विघटनपछि ०६९ चैत १ गते दुवै विधेयक एउटै बनाएर अध्यादेश जारी गऱ्यो। आगजनी, बलात्कार, क्रूर हत्या, जस्ता जघन्य अपराध गरेका व्यक्तिहरूलाई समेत सशस्त्र युद्धका नाममा उन्मुक्ति दिन सक्ने थुप्रै प्रावधानहरू त्यसमा थिए। कतिपय विषयहरू मेलमिलाप नै हुन नसक्ने प्रकृतिका पनि थिए। सार्वजनिक महत्त्वको त्यस विधेयकबारे सर्वोच्च अदालतले व्यक्ति बेपत्तासम्बन्धी अध्यादेशमा समावेश भएका व्यवस्थाहरू संविधान, कानुन र अदालतबाट प्रतिपादित कानुनी सिद्धान्तविपरीत भएका जति अध्यादेशबाट हटाउने फैसला गऱ्यो।

मङ्सिर ४ गते सम्पन्न संविधानसभाको निर्वाचनमा पनि विगतका निर्वाचनहरूझैं अनियमितता र धाँधलीले निरन्तरता पायो। पुँजीवादी निर्वाचनमा स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्भव हुँदैन। यो व्यवस्थामा पैसाको छेलोखेलो, गुण्डागर्दी, प्रशासनको दुरुपयोग आदिका आधारमा निर्वाचन हारजितको निर्णय हुने गर्छ।

एमाओवादी, काङ्ग्रेस, एमालेजस्ता दलहरूले निर्वाचन आचारसंहिताविपरीत पैसाको खोलो बगाए, गाउँगाउँमा भोज खुवाए, विकास निर्माणका असम्भव सपनाहरू बाँडे र डर-धम्की देखाएर मतदातालाई आफ्नो प्रभावमा पारे। युवाहरूलाई जाँड-रक्सी खुवाउने, मोटरसाइकलमा पेट्रोल हालिदिने र मतदाताहरूको नैतिकतालाई डर-धम्की दिएर विचलित पार्नेजस्ता घृणित कार्यसमेत निर्वाचनका क्रममा ती पार्टीहरूले गरे। वैदेशिक हस्तक्षेपविरुद्ध लडिरहेका नेमकिपाका उम्मेदवारहरूलाई हराउन काङ्ग्रेस र एमालेजस्ता पार्टीहरू राप्रपा नेपालजस्ता राजावादी पार्टीसँग समेत सिद्धान्तहीन सम्झौता गर्न पछि परेनन्।

आत्मनिर्णयको अधिकारसहितको जातीय राज्य, एक मधेस एक प्रदेशको विदेशी एजेन्डा बोकेर पहिलो संविधानसभामा सबभन्दा ठूलो दल बनेको एमाओवादी र चौथो दल बनेको मधेसी मोर्चा नराम्ररी पराजित भए। संविधानसभाको दोस्रो निर्वाचनले जातीय, क्षेत्रीय र धार्मिक साम्प्रदायिकतालाई जनादेशले अस्वीकार गऱ्यो। दोस्रो संविधानसभामा देखिएको यो नयाँ दृश्य हो।

समानुपातिक सभासद् चयनमा ठूला दलहरूमा देखिएको भाँडभैलो र करोडौँको चलखेलका समाचारहरूले निर्वाचन प्रणालीप्रति नै प्रश्नचिह्न खडा गऱ्यो।

०७० पुस ९ गते एमाओवादी, काङ्ग्रेस र एमालेसहित आठ राजनीतिक दलबीच शान्ति प्रक्रियाको बाँकी काम र संविधान निर्माणमा सहयोग पुऱ्याउन प्रमुख राजनीतिक दलका शीर्ष नेताहरू रहने गरी एक समिति गठन गर्ने सहित चारबुँदे सहमति भयो। त्यो सहमति संविधानसभा ओझेलमा पार्ने विगतकै अभ्यासको निरन्तरता हो। संविधान निर्माण कार्य संविधानसभाभित्र भन्दा होटल, रिसोर्टहरू र बन्द कोठाभित्र विदेशीहरू साक्षी राखेर गर्ने प्रवृत्तिकै कारण पहिलो संविधानसभा विघटन भएको हो। संविधानका हरेक विषय जनप्रतिनिधिहरूबीच छलफल चलाएर निष्कर्षमा पुग्ने परम्परा कायम गर्नु आवश्यक छ।

यस वर्ष भक्तपुर र काभ्रेका किसानहरूले लगाएका हाइब्रिड धान बाली बीउ बिक्रेता कम्पनी र सरकारको लापरवाहीका कारण बिग्रियो। हजारौँ किसानहरू भोकमरीमा बाँच्न बाध्य छन्। सरकारले किसानहरूको समस्याबारे ध्यान दिएन। बर्डफ्लुका कारण सयौँ किसानहरू मर्कामा परे। कुखुराको मासुको लागि आत्मनिर्भर नेपाललाई बर्डफ्लुका नाममा परनिर्भर बनाइयो। हजारौँ जनताको आर्थिक क्षति भयो। विदेशी एकाधिकार पुँजीको सेवा गर्ने र कृषि अर्थतन्त्र ध्वस्त पार्नेहरूलाई कडा कारबाही गर्नुपर्दछ र पीडित किसानहरूलाई उचित क्षतिपूर्ति दिनुपर्दछ।

बजार भाउ आकाशिएको छ, पटक-पटक पेट्रोलियम पदार्थ र ग्यासको मूल्यवृद्धिले जनता ठूलो मारमा छन्। लोडसेडिङ् विगतमा भन्दा बढेको छ। खानेपानीमा हाहाकार यथावत् छ। स्वास्थ्य सेवाको अवस्था दयनीय छ। अस्पतालहरूमा आवश्यक स्वास्थ्यकर्मीहरू छैनन्। हत्या, लुट, बलात्कार अपहरणजस्ता घटनाहरूमा कमी आएको छैन। देशमा अधिकांश कलकारखाना बन्द छन्। देश वार्षिक एक खर्बभन्दा बढी खाद्यान्न आयात गर्नुपर्ने अवस्थामा पुगेको छ। खर्बौंको व्यापार घाटा छ। भन्सार, मालपोत, अड्डा-अदालत भ्रष्टाचारको अखडा बनेका छन्। सरकार परिवर्तन भए पनि कुनै पनि क्षेत्रमा आशालाग्दो प्रगति भएको देखिँदैन।

दैनिक हजारौँ युवा खाडीलगायतका देशहरूमा रगत र पसिना बगाउँदै सस्तो ज्यामी बन्न जान बाध्य छन्। बेरोजगारी समस्याले समाज आक्रान्त छ। म्यानपावर कम्पनीहरूले नेपाली युवाहरूलाई खाडीलगायतका देशहरूमा दासजस्तै बेच्दैछन् र कैयौँलाई बिचल्ली पार्दैछन्। म्यानपावर कम्पनीहरू मानव बेचबिखन गर्ने संस्थाहरू भएको हुँदा त्यसका सञ्चालकहरूलाई ज्यानसम्बन्धी मुद्दा चलाउने कानुनी व्यवस्था आवश्यक छ। सरकारमा जाने दलहरू स्वदेशमै रोजगारी सिर्जना गर्नेतर्फभन्दा विदेशबाट आएको रेमिट्यान्सले देश चलेकामा गर्व गर्दैछन्। विदेशी विश्वविद्यालयबाट सम्बन्धनप्राप्त काठमाडौँमा सञ्चालित कलेजहरू साम्राज्यवादी र विस्तारवादी देशहरूका लागि सस्तो ज्यामी उत्पादन गर्ने कारखाना बनिरहेका छन्।

ठेक्कापट्टामा हुने बेइमानीका कारण सडकहरू लथालिङ्ग र भताभुङ्ग छन्। विगतमा भन्दा सडक दुर्घटनाहरू बढेका छन्। दिनहुँ मान्छेको ज्यान गइरहेको छ। जनता जोखिम मोलेर यात्रा गर्न बाध्य छन्।

संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भएको बाहेक उल्लेखनीय प्रगति सन् २०१३ मा केही भएको पाइँदैन। देश र जनताको हितमा संविधान बन्ने सुनिश्चितता अझै छैन। यो वर्ष पनि विगत वर्षहरूझैं नेपाली जनतामा निराशा छोडेर बिदा भयो।

सुनिल प्रजापति
सचिव

सद्भावना पार्टी

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको वर्षपुस्तक यस वर्ष पनि प्रकाशन गर्न लागेको सुन्दा खुसी लागेको छ । नेपाल मानवअधिकार वर्षपुस्तक २०१४ प्रति धेरै नै खुसी तथा यस पुस्तकको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। सन् २०१३ मानवअधिकारका दृष्टिकोणले २०१२ को अनुपातमा सुधारउन्मुख अवस्था हो। विगतका वर्षभन्दा यो वर्ष गैरन्यायिक हत्यामा कमी आएको छ। तर, यातना र विभेदका मुद्दा यथावत् रहेको हाम्रो अनुभूति छ। गैरकानुनी गिरफ्तारी, यातना एवम् राज्यपक्षले मधेसी दलित, गरिबसँग गर्ने भेदभावमा कुनै कमी आएको छैन।

विगतमा भएको गैरन्यायिक हत्याको कुनै पनि प्रकारको ठोस अनुसन्धान नभएको अवस्थामा अब आगामी दिनमा एक आयोग बनाई यस्ता हत्याको अनुसन्धानको अपेक्षा गर्दछु। मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का अध्यक्ष मनेजर भनिने रामनारायण महतोलाई भारतको बिहारमा गिरफ्तार गरी नेपाल प्रहरीलाई बुझाएको र नेपाल प्रहरीले उनको हत्या गरेको हालै बिहार मानवअधिकार आयोगले अनुसन्धान गरी दोषी भारतीय प्रहरीलाई कारबाही एवम् पीडित परिवारलाई रातहस्वरूप १ लाख रुपियाँ प्रदान गर्ने निर्णय गरेको छ। तर, यस विषयमा नेपालका मानवअधिकार सङ्घसंस्था एवम् राष्ट्रिय मानवअधिकार अयोगले अझै पनि अनुसन्धान गर्न सकेका छैनन्। यस्ता थुप्रै घटना छन्। यस सम्बन्धमा एउटा आयोग बनाइ छानविन होस् भन्ने हाम्रो अपेक्षा छ। आगामी दिनमा मानवअधिकार हनन र उल्लङ्घनसम्बन्धी घटनाहरू यस संस्थाले उजागर गर्दै जाओस् भन्ने अपेक्षाका साथ हार्दिक सफलतासहित धन्यवाद दिन चाहन्छु।

राजेन्द्र महतो
राष्ट्रिय अध्यक्ष

नेकपा (माओवादी)

नेपालको मानवअधिकार अवस्थाका सम्बन्धमा हाम्रो पार्टीको दृष्टिकोण माग्नुभएकामा धन्यवाद दिन चाहन्छौं। दसवर्षे महान् जनयुद्ध, संयुक्त जनआन्दोलन, मधेस आन्दोलन, आदिवासी जनजातिलगायत विभिन्न प्रगतिशील आन्दोलनपछि पनि मानवअधिकारको क्षेत्रमा खासै सुधार आएको छैन। किनभने, शोषण, दमन र उत्पीडन कायम रहँदासम्म मानवअधिकार उल्लङ्घन भएको मानिन्छ। नेपालमा राज्यद्वारा र आपराधिक समूहहरूबाट व्यापक आतङ्क कायम छ भने दण्डहीनताले प्रश्रय पाइरहेको तथ्य हाम्रा सामु छर्लङ्गै छ। भ्रष्टाचार, कालोबजारी, तस्करी, कृत्रिम महँगी, कमिसनखोरीले मुलुक आक्रान्त बनेको छ। विदेशी प्रतिक्रियावादी शासकहरूको नाङ्गो हस्तक्षेप र तथाकथित ठूला राजनीतिक दल र ती दलका नेताहरूका कारण नेपालमा मानवअधिकारको अवस्था जर्जर रहेको हाम्रो पार्टीको स्पष्ट दृष्टिकोण छ।

हुनत कतिपय अवस्थामा कतिपय सङ्गठन तथा व्यक्तिहरूप्रति जनताले आलोचना मात्रै होइन, आक्रोश र घृणा पनि प्रदर्शन गरेका छन् तथापि पञ्चायतकालमा होस् वा बहुदलीय व्यवस्थामा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) साथै मानवअधिकारवादी सङ्घ-संस्थाले सशक्त आवाज उठाउँदै आइरहेका छन्। सत्य र तथ्यलाई आधार बनाएर मात्र इन्सेकले आफ्नो वर्षपुस्तक प्रकाशित गरोस् भन्ने हाम्रो शुभकामना छ।

सुजन
सेक्रेटरी
वाग्मती व्युरो, नेकपा (माओवादी)

सन् २०१३ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणा

राष्ट्रिय मानवअधिकार आयोग

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गृह मन्त्रालय

परराष्ट्र मन्त्रालय

नेपाली सेना

नेपाल प्रहरी

सशस्त्र प्रहरी बल

राष्ट्रिय महिला आयोग

राष्ट्रिय दलित आयोग

नेपाल बार एसोसिएसन

नेपाल पत्रकार महासङ्घ

अनुसूची

४

राष्ट्रिय मानवअधिकार आयोग

मानवअधिकारको क्षेत्रमा निरन्तर रूपमा कार्य गर्दै आएको गैरसरकारी संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले प्रत्येक वर्ष मानवअधिकार हनन, ज्यादती र अपराधका घटनालाई समावेश गरी 'नेपाल मानवअधिकार वर्षपुस्तक' प्रकाशन गर्दै आएको छ, यो एक आवश्यक र प्रशंसनीय कार्य हो।

मुलुकमा पटक-पटक राजनीतिक परिवर्तन भए पनि त्यसबाट प्राप्त उपलब्धिहरू संस्थागत हुन नसक्नु निश्चय नै दुःखद पक्ष हो। विस्तृत शान्ति सम्झौतापछि पनि अन्य क्षेत्रका अलावा मानवअधिकारको क्षेत्रमा पनि अपेक्षाकृत सुधार हुन सकेको छैन। शान्ति सम्झौताका सात वर्ष बितिसक्दा पनि बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको खोजबिनका लागि बेपत्तासम्बन्धी आयोग गठन र सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरूको न्याय प्राप्ति र मेलमिलापका निम्ति सत्य निरुपण तथा मेलमिलाप आयोग गठन हुन सकेको छैन। फलतः सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरू न्यायबाट वञ्चित हुन पुगेका छन् भने पीडकहरू कानुनको दायरामा आउन सकेका छैनन्। गम्भीर मानवअधिकार उल्लङ्घन गर्ने वा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरूमाथि कारबाही हुन सकेको छैन।

राजनीतिक आस्थाका आधारमा मुद्दा फिर्ता लिई न्यायिक प्रक्रियाबाट उन्मुक्ति दिने प्रवृत्तिबाट दण्डहीनताले प्रश्रय पाइरहेको छ। यसबाट राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतीकरणको प्रवेश, लामो समयसम्म पनि सङ्क्रमणकाल लम्बिरहनु, संविधानसभाबाट निर्धारित समयमा संविधान बन्न नसक्नु लोकतन्त्र र मानवअधिकारका निम्ति पनि गम्भीर चुनौतीको विषय हो। सफलतापूर्वक संविधानसभाको दोस्रो निर्वाचनले भने संविधान निर्माण भई मुलुकले स्वाभाविक गति लिन सक्ने अपेक्षा गर्न सकिन्छ तर यसका लागि साझेदारी र खबरदारीको भने जरुरी छ।

मानवअधिकारको दृष्टिकोणबाट हेर्दा यो वर्ष पनि अपेक्षाकृत रूपमा सुखद रहन सकेन। सरकार आफ्ना प्रतिबद्धताहरूमा टिक्न सकेको छैन। राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरू कार्यान्वयन नहुनु यसको ज्वलन्त उदाहरण हो।

गत वर्षझैं यस वर्ष पनि आयोगको तथ्याङ्कले मानवअधिकारको अवस्था सकारात्मक देखाउँदैन। विगत एक वर्षको अवधिमा यस आयोगमा बेपत्ता, अपहरण, यातना, दुर्व्यवहार, गैरन्यायिक थुना, हत्या, धम्की, न्यायप्रशासन, सम्पत्ति कब्जा, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार हनन आदि विषयमा २ सय १९ ओटा उजुरी परेका छन्। समग्र मानवअधिकार, महिला अधिकार, ज्येष्ठ नागरिकको अधिकार, बालअधिकार, जातीय भेदभावविरुद्धको अधिकार, राजनीतिक दल, तिनका भ्रातृसङ्गठन, जातजातिका बन्द-हडताल, विरोध कार्यक्रमजस्ता विषयमा १ सय ६५ पटक अनुगमन भएको छ भने १ हजार ३ सय ४६ ओटा उजुरीमाथि अनुसन्धान भएको छ। यसै गरी ५ सय ४ ओटा उजुरीहरूका सम्बन्धमा अन्तिम निर्णय गरिएको छ, जसमा कानुनी कारबाही/क्षतिपूर्ति/विभागीय कारबाही वा अन्तरिम राहत आदि सिफारिस १ सय २, नीतिगत सिफारिस पाँच, तामेली ३ सय ६, खारेजी/टुङ्ग्याउने २१ छन्। त्यसै गरी ३ सय ७ ओटा अन्तरक्रिया, तालिम, छलफल, बैठक भएका छन्। मानवअधिकारसम्बन्धी निर्देशिकाहरू, नेपालमा बालबालिकाको अवस्थासम्बन्धी राष्ट्रिय प्रतिवेदन, मानव बेचबिखन अवस्थासम्बन्धी १३ ओटा प्रतिवेदनहरू प्रकाशन भएका तथा एउटा पत्रकार सम्मेलन र ४५ पटक मानवअधिकारसँग सम्बन्धित विविध विषयहरूमा प्रेस-विज्ञप्ति तथा प्रेस नोटहरू जारी भएका छन्। गत वर्ष आप्रवासी कामदारहरूको अधिकार संरक्षण र संवर्द्धन सम्बन्धमा एसिया तथा प्रशान्त क्षेत्रका राष्ट्रिय मानवअधिकार संस्थाहरूको अन्तर्राष्ट्रिय सम्मेलन गरी काठमाडौं घोषणापत्र जारी भएको छ।

आयोगका उल्लिखित प्रयत्नहरूका बावजुद पनि नेपालमा मानवअधिकारको अवस्था सन्तोषजनक रहन नसकेको स्थिति छ। शान्तिसुरक्षामा गम्भीर चुनौती, साना हतियारको बिगबिगी, बम विस्फोट, आगजनी, हत्या, अपहरण, यातना, महिला हिंसा, सामाजिक विभेदजन्य व्यवहार, बालश्रम, शिक्षा-स्वास्थ्य-रोजगारीमा समस्या, आप्रवासी कामदारहरूको कारुणिक अवस्था, उपभोक्ताका कुण्ठित अधिकार, भ्रष्टाचारजन्य क्रियाकलाप, अनुत्तरदायी सार्वजनिक सेवा प्रवाह, न्याय प्रशासनमा ढिलासुस्ती जस्ता अनेकन् अवस्थाहरूले नागरिकको मर्यादित जीवनप्रति उपहास भइरहेको अवस्था विद्यमान छ।

अन्त्यमा, विगतझैं यस वर्ष पनि मुलुकको मानवअधिकारका विविधि मुद्दालाई समेटी प्रकाशित हुन गइरहेको मानवअधिकार वर्षपुस्तकको सफलताको

कामना गर्दै आगामी दिनमा पनि मानवअधिकारको संरक्षण, संवर्द्धन एवम् विकासका लागि यस संस्थाले थप प्रभावकारी भूमिका निर्वाह गर्न सकोस् भन्ने शुभेच्छा प्रकट गर्दछु।

वेदप्रसाद भट्टराई
कामु सचिव
राष्ट्रिय मानवअधिकार आयोग

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने राज्यको प्राथमिक दायित्व हो। यो दायित्व पूरा गर्न नेपाल सरकार प्रतिबद्ध छ। हालसम्म मानवअधिकारसम्बन्धी विभिन्न २२ ओटा महासन्धिहरू (सार्कस्तरीय दुईओटासहित)लाई नेपालले अनुमोदन गरेको र यसबाट सिर्जना हुने राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय दायित्वलाई वहन गर्न र मुलुकमा मानवअधिकार संस्कृतिको विकास गर्न नेपाल सरकार हरसम्भव प्रयासरत छ।

सन् १९९३ मा अस्ट्रियाको राजधानी भियनामा सम्पन्न भएको संयुक्त राष्ट्रसङ्घीय विश्व मानवअधिकार सम्मेलनले सबै पक्ष राष्ट्रहरूलाई मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न तथा मानवअधिकार संस्कृतिको विकास गर्न राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन गर्न आह्वान गरे अनुरूप नेपालले मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने दृढ अठोटका साथ नागरिक समाज र निजी क्षेत्रको समन्वयात्मक प्रयासमा आ.व. ०६१/०६२ देखि त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। यस क्रममा तीनओटा त्रिवर्षीय कार्ययोजना सम्पन्न भई हाल चौथो चरणको मानवअधिकार राष्ट्रिय कार्ययोजना (आ.व. ०७०/०७१-०७४/०७५) को मस्यौदा तयार गरी क्षेत्रीय स्तरमा परामर्श लिइसकिएको र केन्द्रस्तरमा समेत परामर्श लिएपछि शीघ्र कार्यान्वयनमा ल्याइने भएको छ। प्रस्तुत चौथो कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट मुलुकमा कानुनको शासनलाई प्रत्याभूत गर्न, सबै नागरिकलाई आधारभूत मानवअधिकार सुनिश्चित गर्न र मुलुकमा मानवअधिकार संस्कृतिको विकास गर्नमा सहयोग पुग्ने विश्वास लिइएको छ।

यसै गरी, लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजनालाई समयसापेक्ष परिमार्जन गरी ०६९ साउनदेखि आगामी पाँच वर्षसम्मका लागि लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ लाई कार्यान्वयनमा ल्याइएको छ। उक्त राष्ट्रिय रणनीति तथा कार्ययोजनामा सम्बद्ध मन्त्रालयहरूको मन्त्रालयगत कार्ययोजना समावेश गरी कार्यान्वयन भइरहेको छ भने जातीय भेदभाव उन्मूलनका लागि पनि योजनाबद्धरूपमा प्रभावकारी कार्यक्रम लागू हुँदैछन्।

मानवअधिकार उल्लङ्घनका घटनामा राष्ट्रिय मानवअधिकार आयोगबाट ०५८ सालदेखि हालसम्ममा भएका सिफारिसहरूलाई कार्यान्वयन गर्न सम्बन्धित निकायमा लेखी पठाउनुका साथै त्यसको प्रभावकारी कार्यान्वयन भए/नभएका बारेमा अनुगमन गर्ने र अभिलेख अद्यावधिक गर्ने लगायतका कार्यहरू भइरहेको छ। आयोगबाट हालसम्म भएका सिफारिस अनुसारको क्षतिपूर्ति/राहत रकम पीडित एवम् पीडितका परिवारलाई दिने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्)बाट निर्णय भई शान्ति तथा पुनःनिर्माण मन्त्रालय र गृह मन्त्रालयबाट त्यसरी सिफारिस गरिएका व्यक्तिहरूलाई तोकिएबमोजिमको रकम वितरण भइरहेको छ।

मानवअधिकार उल्लङ्घनका घटनामा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सङ्घसंस्थाबाट माग भएका जवाफ तथा जानकारी समयमै उपलब्ध गराउने र नेपाल सरकारका तर्फबाट पेस गर्नुपर्ने प्रतिवेदन एवम् प्रतिक्रियासमेत सम्बन्धित निकायहरूको संलग्नतामा तयार गरी पठाउने गरिएको छ।

विभिन्न मानवअधिकारसम्बन्धी महासन्धिको नेपाल पक्ष भएबापत बुझाउनुपर्ने अन्य आवधिक प्रतिवेदनहरू समेत समयमै बुझाउन आवश्यक व्यवस्था मिलाइएको छ। यसै गरी, Universal Periodic Review (UPR) सम्बन्धी नेपालको राष्ट्रिय प्रतिवेदन तयार गरी जनवरी २०११ मा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा पेस गरिएको र उक्त प्रतिवेदनउपर प्राप्त सुझाव एवम् सिफारिसहरूको कार्यान्वयनका लागि कार्ययोजना तयार गरी कार्यान्वयन भइरहेको छ। साथै, दोस्रो चरणमा नेपालले बुझाउनुपर्ने UPR सम्बन्धी प्रतिवेदनको मस्यौदा तयार गर्न नेपाल सरकारले अन्तरमन्त्रालयस्तरीय समिति गठन गर्न लागेको छ।

नेपाल सरकारबाट मानवअधिकारको संरक्षण र संवर्द्धनार्थ राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको संस्थागत सुदृढीकरण गर्नुका साथै सम्बद्ध मन्त्रालयहरूमा मानवअधिकार महाशाखा र तीनओटै सुरक्षा निकायहरूमा मानवअधिकार निर्देशनालय/एकाइको गठन गरी कार्यसम्पादन भइरहेको छ। साथै, नेपाल सरकारले मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू र सरकारका विभिन्न निकायहरूबीच समन्वय गरी मानवअधिकारको संरक्षण र संवर्द्धनका लागि आवश्यक कार्यहरू सम्पादन गर्दै आएको छ।

प्रकाशकुमार अधिकारी
उपसचिव
मानवअधिकार प्र. शाखा

गृह मन्त्रालय

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले विगत वर्षहरूमा झैं यसपटक पनि नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्न लागेको जानकारी पाउँदा हामीलाई खुसी लागेको छ। यस वर्षपुस्तकले नेपालको मानवअधिकार अवस्थाको यथार्थ चित्रण गर्नेछ भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

नेपालको अन्तरिम संविधान, २०६३ ले मानवअधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ लगायतका विभिन्न कानुनी व्यवस्थाले मानवअधिकार संरक्षण र प्रवर्द्धनका लागि आवश्यक व्यवस्था गरेको छ र यातनासम्बन्धी ऐनलगायतका थप कानुनी प्रावधानहरूसमेत व्यवस्थापिका-संसद्मा विचाराधीन रहेका छन्। नेपालले मानवअधिकार संरक्षण सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा प्रतिबद्धता जनाउनुका साथै यातना विरुद्धका महासन्धि सीएटी, नागरिक र राजनीतिक अधिकारसम्बन्धी आईसीसीपीआरजस्ता विभिन्न महासन्धिहरूको पक्षराष्ट्रसमेत बनेको छ।

जनताको मानवअधिकार संरक्षणका लागि नेपाल सरकार क्रियाशील र प्रतिबद्ध रहेको छ। गृह मन्त्रालय र यस अन्तर्गतका सुरक्षा निकाय (नेपाल प्रहरी र सशस्त्र प्रहरी बल)ले मानवअधिकार हननविरुद्ध शून्य सहनशीलताको नीति अङ्गीकार गरेका छन्। सुरक्षा निकायका राष्ट्रसेवकहरूका लागि मानवअधिकारसम्बन्धी अभिमुखीकरण/तालिम सञ्चालन गरी सचेत र सजग बनाइएको छ। राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार संरक्षण र प्रवर्द्धनका लागि नेपाल सरकारलाई गरेका सिफारिसहरू कार्यान्वयन गर्ने सिलसिलामा सुरक्षा निकाय सम्बद्ध राष्ट्रसेवकबाट यदाकदा भएका त्रुटि केलाएर विभागीय कारबाही गरिनुका साथै पीडितलाई क्षतिपूर्तिसमेत उपलब्ध गराइएको छ। मानवअधिकार संरक्षण र प्रवर्द्धनका क्षेत्रमा अझ सजग र संवेदनशील बनाएको छ। आगामी दिनमा समेत यस्ता सङ्घसंस्थाले मानवअधिकार उल्लङ्घनका घटनाको निगरानी गरी सरकारलाई रचनात्मक सहयोग उपलब्ध गराउने अपेक्षा गरिएको छ।

लामो सशस्त्र द्वन्द्व समाधानको राजनीतिक यात्रा सुरु भएको करिब सात वर्ष पूरा भइसकेको छ। वर्तमान राजनीतिक सङ्क्रमणकालीन अवस्थामा सङ्क्रमणकालीन न्याय प्रणालीका संयन्त्रहरू स्थापित गरी द्वन्द्वकालीन घटनाहरूको यथोचित व्यवस्थापन हुन जरुरी छ। तथापि, विद्यमान कानुनको परिधिमा रही प्रहरीले उक्त मुद्दाहरूको अनुसन्धान/तहकिकात भने जारी राखेको छ। विगत वर्षहरूको तुलनामा सन् २०१३ मा मानवअधिकारको उल्लङ्घनका घटनाहरूमा उल्लेख्य रूपमा कमी आएको दोषीलाई कानुनी दायरामा ल्याउन सरकार सफल हुँदै आएको तथ्याङ्कले देखाएको छ।

मानवअधिकार उल्लङ्घनका मुद्दाउपर प्रहरीले तत्काल सरोकार राख्ने गरेको छ भने घटनामा दोषी पाइएका नेपाल प्रहरी र सशस्त्र प्रहरीका अधिकृत तथा जवानहरूलाई विभागीय कारबाहीसमेत गरिएको छ। राष्ट्रिय मानवअधिकार आयोगको सिफारिस तथा अदालतको फैसलाबमोजिम पीडितलाई सरकारका तर्फबाट क्षतिपूर्ति उपलब्ध गराइएको छ। गृह मन्त्रालय र अन्तर्गतका निकायमा मानवअधिकार एकाइहरू स्थापना गरी मानवअधिकार उल्लङ्घनका घटनाहरूको छानबिन, अनुगमन एवम् मानवअधिकार प्रवर्द्धनसम्बन्धी कार्यमा क्रियाशील बनाइएको छ। कारागार सुधारका लागि विभिन्न प्रयासहरू अगाडि बढाउँदै कैदी बन्दीहरूको मानवअधिकार संरक्षण गर्न प्रतिबद्ध रहेको छ। यसै सिलसिलामा कैदीहरूको हकहित संरक्षणका लागि कारागार सुधार आयोगका प्रतिवेदन कार्यान्वयन गर्दै जाने काम सुरु भएको छ।

अन्त्यमा, सन् २०१३ मा नेपालको मानवअधिकारको स्थिति सन्तोषजनक रहेको तथ्यप्रति

विश्वस्त हुँदै मानवअधिकार संरक्षण र प्रवर्द्धनका लागि मानवअधिकारवादी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग सहकार्य गर्दै अगाडि बढ्न गृह मन्त्रालय सदैव प्रतिबद्ध रहेको विश्वास दिलाउन चाहन्छु। यस वर्षपुस्तकले नेपालको मानवअधिकार अवस्थाको यथार्थ चित्रण गर्नुका साथै सम्बद्ध सबैलाई आगामी दिनमा उपयुक्त मार्ग पहिल्याउन सहयोग गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

रामधीन यादव
सहसचिव, गृह मन्त्रालय

परराष्ट्र मन्त्रालय

वर्तमान विश्व परिवेशमा मानवअधिकारको संरक्षण, संवर्द्धन एवम् प्रवर्द्धनले परराष्ट्र सम्बन्धका क्षेत्रमा पनि महत्त्वपूर्ण स्थान ओगट्दै आएको छ। मानवअधिकारसम्बन्धी मूलभूत नौओटा अन्तर्राष्ट्रिय महासन्धिमध्ये सातसहित २४ ओटा अन्तर्राष्ट्रिय दस्तावेजहरूको पक्षराष्ट्र भएको सन्दर्भमा देशको प्रचलित नियम, कानुन तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता एवम् दायित्वहरूबमोजिम मानवअधिकार संरक्षण तथा प्रवर्द्धनका क्षेत्रमा नेपाल सरकार सधैँ पूर्ण प्रतिबद्ध रहेको तथ्य स्थापित भइसकेको छ। नेपाली नागरिकको मानवअधिकारको संरक्षण एवम् संवर्द्धन तथा वैयक्तिक स्वतन्त्रतालाई नेपालको अन्तरिम संविधान, २०६३ ले निःसन्देह सर्वोपरी महत्त्व दिएकाले नेपाल सरकारका मानवअधिकारसम्बन्धी क्रियाकलापहरू सोही अनुसार निर्देशित हुँदै आएका छन्।

मानवअधिकारको संरक्षण र संवर्द्धनका लागि स्वतन्त्र र संवैधानिक अङ्गका रूपमा राष्ट्रिय मानवअधिकार आयोगको स्थापना भई सो आयोगले आफ्नो कार्यसम्पादन गरिरहेको छ। राष्ट्रिय मानवअधिकार आयोगलाई सक्षम, सुदृढ र साधन सम्पन्न बनाइ मानवअधिकारको संरक्षण र संवर्द्धन गर्ने अग्रणी संस्थाका रूपमा विकास गर्न सरकार प्रतिबद्ध रहेको छ। यस क्रममा आयोगलाई थप सुदृढ एवम् अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप कार्य सम्पादन गर्न सक्षम बनाउने उद्देश्यका साथ राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ जारी भइसकेको अवस्था छ। आयोगलाई अझ बढी सक्षम, सुदृढ एवम् प्रभावकारी रूपमा क्रियाशील बनाउने दिशामा नेपाल सरकारले सदैव सहयोगी भूमिका निर्वाह गर्दै आइरहेको छ।

त्यसै गरी, लक्षित समुदायको मानवअधिकारको संरक्षण र संवर्द्धनका लागि स्थापना भएका राष्ट्रिय मानवअधिकार निकायहरू जस्तै राष्ट्रिय महिला आयोग, नेपाल दलित आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानजस्ता निकायको क्षमता अभिवृद्धि गरी आमनागरिकको मानवअधिकारको संरक्षण र संवर्द्धन गर्नमा सरकार प्रयासरत् रहेको छ।

कार्यकारी निकाय अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन तथा मानवअधिकार प्रवर्द्धन महाशाखा मानवअधिकारको क्षेत्रमा राष्ट्रिय सम्पर्क विन्दुका रूपमा कार्यरत छ। मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन कार्यलाई प्रभावकारी बनाउन यसले विभिन्न निकायहरूबीच समन्वय र सहयोग गरिरहेको छ। यस एकाइको समन्वय र सम्बन्धित निकायहरू तथा सरोकारवालाहरूको सक्रिय सहभागितामा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार आयोगको विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review) अन्तर्गत नेपालले व्यक्त गरेको प्रतिबद्धता एवम् प्राप्त सिफारिसहरूको प्रभावकारी कार्यान्वयनका लागि कार्ययोजना तयार पारी कार्यान्वयन गरिँदै आइएको छ। त्यस्तै, विगतको द्वन्द्वका क्रममा भएका मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लङ्घनका गम्भीर घटनाहरूलाई सम्बोधन गर्ने गरी बृहत् शान्ति सम्झौता र अन्तरिम संविधानमा व्यवस्था भएबमोजिम सङ्क्रमणकालीन न्याय प्रणालीसँग सम्बन्धित कानुन निर्माण गर्ने उद्देश्यले राजनीतिक सहमति, प्रतिबद्धता एवम् समर्थनका आधारमा अन्तर्राष्ट्रिय मापदण्डबमोजिम तयार पारिएका बेपत्ता नागरिक छानबिन तथा सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने विषयमा सरकारको प्रतिबद्धताबमोजिम ०६९ चैत १ मा अध्यादेश जारी गरिएको थियो। हाल उक्त अध्यादेशमा हुनुपर्ने सुधारसहितका बुँदाहरू सिफारिस गर्दै सम्मानित सर्वोच्च अदालतले मिति ०७० पुस १८ गते आदेश जारी गरिसकेको अवस्था छ। सम्मानित अदालतबाट हुने ओदश अनुरूप राजनीतिक सहमति एवम् स्थापित राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यता अनुकूल हुने गरी उक्त विषयमा उपयुक्त राय सुझावहरू समावेश गर्न नेपाल सरकार सदैव सकारात्मक छ।

मानवअधिकारका विषयमा नेपाल पक्ष भएको विभिन्न अन्तर्राष्ट्रिय सन्धि/अभिसन्धिहरूबाट सिर्जित दायित्व तथा नेपालको अन्तरिम संविधानमा व्यवस्था गरिएका प्रतिबद्धताहरू पूरा गर्न नेपाल सरकारले आर्थिक वर्ष ०६१/०६२ देखि आवधिक रूपमा

मानवअधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गरिरहेको छ। सोही क्रममा तेस्रो त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना, ०६७/०६८-०६९/०७० को कार्यान्वयन अवधि सम्पन्न भई हाल चौथो मानवअधिकार राष्ट्रिय कार्ययोजना, २०७०/०७१-२०७३/०७४ (पञ्चवर्षीय)को तयारी अन्तिम चरणमा पुगेको र यसको तत्कालै कार्यान्वयन गर्ने सरकारले तयारी गरिरहेको छ। तेस्रो त्रिवर्षीय कार्ययोजनाबमोजिम गत आर्थिक वर्ष ०६९/७० मा मानवअधिकार संरक्षणका क्षेत्रमा प्रवर्द्धनात्मक एवम् सुधारात्मक गतिविधिहरू सञ्चालन गरिएका थिए, जसले पिछडिएका जनजाति, दलित, वृद्ध नागरिक, महिला तथा बालबालिका एवम् भिन्नै रूपले सक्षम (Differently Abled) व्यक्तिका अधिकारको संरक्षण एवम् प्रवर्द्धनलाई समेत समेटेको छ।

नेपालले भ्रष्टाचारविरुद्धको राष्ट्रसङ्घीय महासन्धिलाई सन् २०११ मा अनुमोदन गरी सोको सदस्य राष्ट्र भएको सन्दर्भमा महासन्धिले सिर्जना गरेको दायित्व कार्यान्वयनका लागि सरकारले राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ स्वीकृत गरी कार्यान्वयन सुरु गरेको छ। त्यस्तै लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९/७०-२०७३/०७४, कार्यान्वयनको क्रममा रहेको छ। संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्का प्रस्तावहरू १३२५ र १८२० कार्यान्वयन गर्न कार्ययोजना तयार गरी लागू भइसकेको र उक्त प्रस्तावहरू कार्यान्वयन गर्ने नेपाल दक्षिण एसियामै पहिलो राष्ट्र बनेको छ। साथै, अन्तर्राष्ट्रिय सङ्गठित अपराधसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि (UN Convention Against Transnational Organized Crime)लाई अनुमोदन गरी सन् २०११ को डिसेम्बरदेखि नेपाल सो महासन्धिको पक्षराष्ट्र बनेको छ।

राष्ट्रिय मानवअधिकार आयोगले सन् २०१३ भरि नै मानवअधिकार उल्लङ्घनका घटनाहरूमाथि अनुगमन गर्ने, छानबिन गर्ने र दोषीमाथि कारवाहीको सिफारिस गर्ने स्वतन्त्र, निष्पक्ष एवम् सक्रिय संवैधानिक अङ्गका रूपमा कार्य सम्पादन गरेको थियो। यस मन्त्रालयसँग सम्बन्धित विषयमा राष्ट्रिय मानवअधिकार आयोगले कार्यान्वयनका लागि गरेका अधिकांश सिफारिसहरू कार्यान्वयन भइसकेका छन्। यसबारेको प्रगति राष्ट्रिय मानवअधिकार आयोगमा उपलब्ध गराइएको र आयोगका अन्य सिफारिसहरू प्रक्रियामा रहेकाले यसको कार्यान्वयनमा नेपाल सरकार दृढ छ। राष्ट्रिय मानवअधिकार आयोगले गरेको सिफारिसहरू बाध्यकारी हुन्छन् भन्ने तथ्यप्रति मनन गर्दै सरकारले त्यस्ता सिफारिसहरूको कार्यान्वयन गर्न सक्दो प्रयास जारी राखेको छ। मानवअधिकार उल्लङ्घन एवम् हनन भएका उजुरीका विषयमा उक्त आयोगको निर्णय र सिफारिसका आधारमा सन् २०१३ को नोभेम्बरसम्ममा नेपाल सरकारका तर्फबाट जम्मा ९ करोड ५० लाख २४ हजार ८ सय २८ रुपियाँ पीडितलाई क्षतिपूर्ति तथा राहतस्वरूप प्रदान गरिएको जानकारी मन्त्रालयले प्राप्त गरेको छ।

त्यसै गरी मानवअधिकार उल्लङ्घनका घटनामा ६ महिनाभित्र राष्ट्रिय मानवअधिकार आयोगसमक्ष उजुरी गरिसक्नुपर्ने प्रावधानको खारेजी गर्दै आवश्यक सुधार गर्न नेपाल सरकारका नाममा सम्मानित सर्वोच्च अदालतको ०६९ फागुन (५ मार्च २०१३) को फैसलाबाट निर्देशनात्मक आदेश जारी भइसकेको अवस्था छ, जसलाई मानवअधिकारको प्रवर्द्धन र रक्षा गर्ने दिशामा गत वर्षको महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। उक्त फैसलाबमोजिम राष्ट्रिय मानवअधिकार आयोग ऐनमा संशोधन विधेयक ल्याउने तयारी नेपाल सरकारले गरिरहेको बुझिएको छ।

दोस्रो संविधानसभा निर्वाचन, २०७० लाई लक्षित गरी शान्ति सुरक्षाको अवस्थालाई सुदृढ गर्ने उद्देश्यले नेपाल सरकारद्वारा ल्याइएको विशेष सुरक्षा योजनाको कार्यान्वयन र सफलतापूर्वक सम्पन्न निर्वाचनले देशको समग्र परिस्थितिमा सकारात्मक प्रभाव पारेको कारण मानवअधिकार उल्लङ्घनका घटनाहरूमा कमी आएको देखिन्छ।

संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद् तथा समितिमा नेपालविरुद्ध परेको वैयक्तिक उजुरी तथा प्रक्रियामार्फत उठाइएका जिज्ञासाहरूलाई नेपाल सरकारले यथोचित महत्त्वका साथ आफ्नो धारणा स्पष्ट गर्दै आएको छ। गत वर्ष मानवअधिकार परिषद्का २३औँ र २४औँ अधिवेशनको उच्च तहको बैठकमा नेपालका तर्फबाट सक्रिय सहभागिता जनाइ नेपालको मानवअधिकारप्रतिको राष्ट्रिय प्रतिबद्धता, धारणा तथा संरक्षण एवम् प्रवर्द्धनका क्षेत्रमा भएका प्रयासहरूका बारेमा अद्यावधिक स्थिति विश्व समुदायसमक्ष प्रस्तुत गरिएको थियो। विभिन्न अन्तर्राष्ट्रिय सन्धि/अभिसन्धिहरूको पक्षराष्ट्रको हैसियतले नेपालले संयुक्त राष्ट्रसङ्घका सम्बन्धित निकायसमक्ष आवधिक

रूपमा पेस गर्नुपर्ने प्रतिवेदनहरू अपवादलाई छाडेर नियमित रूपमा प्रस्तुत भइसकेका र अन्य बुझाउनुपर्ने सन्धि/महासन्धिहरूसम्बन्धी राष्ट्रिय प्रतिवेदनहरू जस्तै आईएलओ १६९ लगायतका हकमा सम्बन्धित सरोकारवालाहरूसँग परामर्श गरी अन्तिम रूप दिने कार्य भइरहेको छ। नेपाल सरकारका तर्फबाट पेस गरिएका विभिन्न आवधिक प्रतिवेदनउपर सम्बन्धित समितिहरूबाट नेपाल सरकारलाई गरिएका सिफारिसहरूको कार्यान्वयन तथा कार्यान्वयन स्थितिको जानकारीसमेत संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद्का विभिन्न सन्धि समितिहरूमा नियमित रूपमा प्रेषित भइरहेको छ। त्यस्तै मानवअधिकार परिषद्ले व्यवस्था गरेको Universal Periodic Review अन्तर्गत सन् २०१५ मा नेपालको समग्र मानवअधिकारको दोस्रो आवधिक समीक्षा हुने भएकाले यसका लागि नेपालको राष्ट्रिय प्रतिवेदन तयार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा गठित कार्यदलले आफ्नो कार्य प्रारम्भ गरिसकेको छ भने सोही विषयमा राष्ट्रिय मानवअधिकार आयोगले ०७० साउनमा आयोजना गरेको नेपालको विश्वव्यापी आवधिक समीक्षा यूपीआरको निष्कर्ष तथा सुझावहरूको कार्यान्वयनको अवस्थाका सम्बन्धमा तयार गरेको मध्यावधि समीक्षाउपर यस मन्त्रालयका तर्फबाट आफ्नो धारणा तथा सुझावहरू राखिएको थियो।

मानवअधिकारका क्षेत्रमा कार्यरत सक्रिय एवम् जागरुक नागरिक समाजको सकारात्मक प्रयासहरूले पनि नेपाल सरकारलाई नेपालमा मानवअधिकारको क्षेत्रमा सचेत एवम् संवेदनशील रहन अभिप्रेरित गरेको छ। यस प्रकार सन् २०१३ मा मानवअधिकार संरक्षण, संवर्द्धन र प्रवर्द्धनका क्षेत्रमा नेपाल सरकार पूर्णत: प्रतिबद्ध रही जिम्मेवारीपूर्वक कार्यरत रहेको बेहोरा स्पष्ट छ। साथै, नेपालको मानवअधिकारको समग्र स्थिति क्रमिकरूपले सुधारोन्मुख हुँदै गइरहेको छ। नेपाल पक्षराष्ट्र भई सिर्जित दायित्वलाई ऐन, कानुन र संस्थागत संरचना तर्जुमा गरी क्रमिक रूपमा कार्यान्वयन गर्ने यसको प्रगति प्रतिवेदन संयुक्त राष्ट्रसङ्घ मानवअधिकार उच्चायुक्तको कार्यालय ओएचसीएचआर तथा सम्बन्धित महासन्धिद्वारा बनेका समितिहरू (Treaty Bodies) मा पठाउने, नेपालका मानवअधिकारसम्बन्धी मुद्दाहरूमा अन्तर्राष्ट्रिय रूपमा उठाइएका सवालहरूलाई सम्बन्धित निकायसँग सम्पर्क र समन्वय गरी जवाफ तयार गरी पठाउने कार्यमा यस मन्त्रालय निरन्तर लागिरहेको छ। यसै गरी मानवअधिकारको क्षेत्रमा अध्ययन र विश्लेषण गरी प्रतिवेदनहरू पेस गर्न संयुक्त राष्ट्रसङ्घ मानवअधिकार उच्चायुक्तको कार्यालय ओएचसीएचआरमार्फत खटिई आउने समाधिक्षक (Rapporteur), विशेष समाधिक्षक (Special Rapporteur), कार्यादिशवाहक-अनुदेशक (Mandate Holders) आदिको भ्रमण व्यवस्थाको समन्वय गर्ने कार्य पनि परराष्ट्र मन्त्रालयले गर्दै आएको छ।

मानवअधिकारको संरक्षण र संवर्द्धन गर्ने दिशामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सहयोग र सहकार्यलाई जारी राख्दै नेपालले गर्दै आएका प्रयासहरूप्रति अन्तर्राष्ट्रिय समझदारी जुटाउने र देशमा भए गरेका प्रगतिहरूबारे अन्तर्राष्ट्रिय समुदायलाई जानकारी पुऱ्याउने कार्य परराष्ट्र मन्त्रालयले गर्दै आएको छ। संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय समुदायले नेपालको मानवअधिकारका क्षेत्रमा संस्थागत सुदृढीकरण र क्षमता विकासका लागि पुऱ्याएको सकारात्मक सहयोगप्रति नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमार्फत कृतज्ञता जाहेर गर्ने गरेको छ। सोही परिप्रेक्ष्यमा द्वन्द्वकालीन परिस्थितिमा सन् २००५ मेदेखि नेपालमा आएर सन् २०११ डिसेम्बरसम्म मुलुकमा कार्यरत संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय ओएचसीएचआरसमेतको सहकार्यमा खास गरी बृहत् शान्ति सम्झौता, २००६ पश्चात् मुलुकमा मानवअधिकार प्रवर्द्धनको अवस्थामा आएको उल्लेख्य सुधारका क्रममा मानवअधिकारका क्षेत्रमा कार्यरत राष्ट्रिय संस्थाहरूको क्षमता वृद्धि र क्रियाशीलतालाई संस्थागत निरन्तर राष्ट्रिय क्षमता अभिवृद्धिद्वारा दिगो र दीर्घकालीन रूपमा सम्बोधन गर्नु नै उपयुक्त विकल्प भएको परिप्रेक्ष्यमा संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय समुदायले नेपालको मानवअधिकार क्षेत्रमा संस्थागत सुदृढीकरण र क्षमता विकासका लागि अनवरत योगदान गरी मानवअधिकारको संरक्षण र संवर्द्धनमा सकारात्मक सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

मानवअधिकारका क्षेत्रमा कार्यरत सरकारी र गैरसरकारी निकाय, सङ्घ-संस्थाहरूको समग्र रूपमा क्षमता अभिवृद्धि गरी तल्लो तहसम्म मानवअधिकारको पूर्ण प्रत्याभूति हुने वातावरण सिर्जना गर्न आवश्यक छ। मानवअधिकारका अवधारणाहरू विश्वव्यापी, अविभाज्य, अन्तरनिर्भर तथा एकआपसमा अन्तरनिहित हुने हुँदा यसलाई एकपक्षीय रूप (Selective

Basis)मा हेर्नु हुँदैन। मानवअधिकारका सबै पक्ष र आयामहरूलाई समान महत्त्व दिई हेरिनुपर्दछ भन्ने हाम्रो मान्यता छ र त्यसमा पनि आर्थिक, सामाजिक, राजनीतिक र विकासको अधिकारलाई हाम्रोजस्तो अल्पविकसित राष्ट्रको सन्दर्भमा महत्त्व दिएर हेरिनुपर्दछ भन्नेमा सायद दुईमत नहोला। सरकारी निकाय र नागरिक समाजका सङ्घ, संस्था, सङ्गठनहरूले आपसी साझेदारी, समन्वय र सहकार्यका माध्यमबाट मानवअधिकारको संवर्द्धन र संरक्षणमा परिपूरकको भूमिका निर्वाह गर्न सक्छन्।

आफ्नो क्षेत्राधिकारभित्र पर्ने विषयमा मुलुकभित्र र बाहिर सञ्चार, समन्वय, सहकार्य र सहजीकरण गरी मानवअधिकार संरक्षण र संवर्द्धन गर्ने कार्यमा सहयोग पुऱ्याउन परराष्ट्र मन्त्रालय सदाझैं कटिबद्ध रहेको छ।

मानवअधिकारका मूल्य-मान्यताका साथ स्वतन्त्रताको उपभोग गर्दै आफ्नो क्षमतालाई अधिकतम रूपमा हासिल गर्न सबै मानव जातिलाई सक्षम बनाउने महान् र पवित्र उद्देश्य लिएर अन्तर्राष्ट्रिय मानवअधिकार अभियान निरन्तर जारी छ। यसको प्राप्तिका लागि मुलुकको आर्थिक, सामाजिक र चेतनाको अवस्थाले ठूलो भूमिका निर्वाह गर्दछ। मानवअधिकारका सबै आदर्शहरू एकैचोटि प्राप्त गर्न सम्भव नभए तापनि क्रमिकरूपमा तिनीहरूको प्राप्तिका लागि सत्प्रयास लगाइराख्नु महत्त्वपूर्ण हुन्छ।

विष्णुप्रसाद गौतम
उपसचिव

नेपाली सेना

१. नेपाली सेना सदैव नेपाली जनतामा अन्तरनिहित सार्वभौमसत्ताको व्यावहारिक प्रत्याभूति गर्ने विषयलाई आत्मसात् गर्दै विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानवअधिकारको पालना/संरक्षण गर्न कटिबद्ध छ।

२. नेपालको अन्तरिम संविधान तथा सैनिक ऐन, २०६३ ले निर्दिष्ट गरेबमोजिम नेपाली सेनालाई अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको मूल्यद्वारा प्रशिक्षण गर्ने कार्य निरन्तर रूपमा सम्पन्न भइरहेको छ। सोही अनुरूप नेपाली सेना IHL Intergration Order लागू गराएपछि सम्पूर्ण फौजहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको संरक्षण र संवर्द्धन गर्ने कार्यमा तत्कालै सैद्धान्तिक र व्यावहारिक रूपमा पालना गरी व्यवहारमा लागू गर्ने र क्रमिक रूपमा सकल दर्जालाई IHL/IHRL तालिम गराउँदै लगिएको साथै सोही कुरालाई सेनाको तल्लो तहसम्म अति संवेदनशील तरिकाले सचेत गराउन सशस्त्र द्वन्द्वको कानुनसम्बन्धी नेपाली सेनाको प्रकाशित हाते पुस्तक 'Nepal Army Hand Book on Law या Armed Conflict' र यस निर्देशनालयबाट मानवीय कानुनसम्बन्धी तालिम डकुमेन्ट्री तयार गरी सेनाको सम्पूर्ण युनिटहरूमा वितरण गरिनुका साथै तालिमहरूमा समेत त्यस बारेमा जानकारी गराउने गरिएको छ।

३. नेपाल सरकार रक्षा मन्त्रालय र UN Women बीच भएको MoU अन्तर्गत रहेर यस निर्देशनालयसँग भएको LOA समाप्त भएको, जसको फलस्वरूप यस निर्देशनालय र UN Women को संयुक्त प्रयासमा जङ्गी अड्डा, पृतना, निर्देशनालय, शिक्षालय र बाहिनी अड्डाहरूमा UNSCRs 1325 & 1820 सम्बन्धी तालिम सञ्चालन गर्ने गरिएको छ। नेपाली सेनाद्वारा लैङ्गिक समानता तथा संयक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को तालिम प्रस्ताव नम्बर १३२५ र १८२० सम्बन्धी तालिमहरू भविष्यमा अन्य संस्थाहरूको सहयोगबिना नेपाली सेनाभित्रका प्रशिक्षकहरूको प्रयोग गर्ने गरी Teaching Manual र Training Video तयार भई वितरण गर्ने कार्य भइरहेको छ। यस कार्यलाई निरन्तरता दिन नेपाल सरकार शान्ति मन्त्रालयद्वारा प्रकाशन गरिएको National Action Plan अन्तर्गत रहेर UNSCRs 1325 & 1820 र लैङ्गिक समानता सम्बन्धमा तालिमहरू सञ्चालन हुँदै आएको छ। जसले नेपाली सेनामा लैङ्गिक हिंसाविरुद्धको कार्यहरूप्रति सजग एवम् रोकथाम गर्ने कार्य तथा लैङ्गिक समानता, महिलाप्रतिको व्यवहार र आदर कायम गर्न अहम् भूमिका निर्वाह गर्ने आशा गरिएको छ।

४. अन्तमा इन्सेकबाट प्रकाशित हुन लागेको मानवअधिकार वर्षपुस्तक २०१४ को सफलताका

लागि नेपाली सेना मानवअधिकार निर्देशनालय शुभकामना व्यक्त गर्दछ।

राजेश्वर भट्टराई
प्राड महासेनानी, का.मु. निर्देशक

नेपाल प्रहरी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले सन् १९९२ देखि हरेक वर्ष नेपालमा मानवअधिकारको अवस्थाबारे 'नेपाल मानवअधिकार वर्षपुस्तक' प्रकाशन गर्दै आइरहेको र यस वर्ष पनि प्रकाशन गर्न लागेकामा हामीलाई अत्यन्तै खुसी लागेको छ।

नेपाल प्रहरीले स्थापनाकालदेखि नै जनताको शान्ति सुरक्षा र अपराध अनुसन्धान गरी आधारभूत मानवअधिकारको संरक्षण गर्दै आइरहेको छ। मानवअधिकारको संरक्षण सम्वर्द्धनलाई नेपाल प्रहरीले जनताप्रतिको आफ्नो उत्तरदायित्वका रूपमा मनन गरी मानवअधिकारलाई जनताको सेवा र आफ्नो व्यावसायिक दक्षताको मापदण्ड बनाएको हुँदा कानुन कार्यान्वयन गर्ने जस्तो अत्यन्तै महत्त्वपूर्ण एवम् संवदेनशील जिम्मेवारीलाई अपराधको रोकथाम तथा अनुसन्धानको माध्यमद्वारा नागरिकहरूको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्दै समाजमा शान्ति सुव्यवस्था कायम गर्ने अहम् जिम्मेवारी बहन गर्न हरेक क्रियाकलापहरूलाई परिष्कृत एवम् परिमार्जित गर्दै जनताका हक अधिकारहरूको संरक्षण एवम् संवर्द्धनतर्फ लक्षित एवम् निर्देशित गर्दै आइरहेको छ।

संविधानप्रदत्त मौलिक हक तथा जनतामा निहित सार्वभौम अधिकारबाट प्राप्त लोकतन्त्र र कानुनी शासनको मेरुदण्डका रूपमा रहेको मानवअधिकारको व्यावहारिक अभ्यासबिना लोकतान्त्रिक शासन व्यवस्थाको संस्थागत विकास असम्भव रहेका कारण नागरिकको जीउ, धन, मानव मर्यादा र प्रतिष्ठाको सम्मान, सुरक्षा तथा अधिकतम हितहरूको संरक्षण र समग्र देशको विकासका लागि कानुनी राज्य, लोकतान्त्रिक शासन व्यवस्था र मानवअधिकारका विश्वव्यापी तथा आधारभूत सिद्धान्तहरूलाई नेपाल प्रहरीले पूर्ण आत्मसात् गर्दै जनताका आधारभूत अधिकारहरूको संरक्षण गर्दै आइरहेको छ।

मानवअधिकारको संरक्षण एवम् संवर्द्धनलाई नेपाल प्रहरीले साङ्गठनिक प्राथमिकताका रूपमा आत्मसात् गरी रणनीतिक योजना बनाइ प्रत्येक प्रहरी कर्मचारीलाई मानवअधिकारको बढीभन्दा बढी ज्ञान दिने उद्देश्यले नेपाल प्रहरी मानवअधिकार स्थायी आदेश पुस्तिकालाई परिमार्जन गरी सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई वितरण गर्ने कार्य गर्दै आइरहेको छ। साथै, मानवअधिकार नागरिकका अभिन्न अधिकार हुन्, यसको सम्मान, संरक्षण र पालना गर्नु कुनै पनि लोक कल्याणकारी राज्यको परम कर्तव्य हो। मानवअधिकारको प्राप्ति र प्रयोजनमा सबै नागरिकहरूको समान हक र पहुँच हुनुपर्दछ। राज्यले मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धनका निमित्त संविधान, कानुनसम्मत निर्णय गरी हरसम्भव प्रयत्न गर्नुपर्दछ। मानवअधिकारसम्बन्धी कानुनहरूको एक पक्षराष्ट्रको हैसियतले मानवअधिकार सम्मान, संरक्षण र पालनाका निम्ति थुप्रै प्रतिबद्धताहरू जाहेर गरेको छ। यसलाई व्यावहारिक रूपमा रूपान्तरित गर्न देशको संविधान, कानुन, नीति, नियम र त्यसलाई कार्यान्वयन गर्न राज्यका कानुन कार्यान्वयन गर्ने प्रहरीहरूलाई मानवअधिकारप्रति दायित्ववान् बनाउन विभिन्न प्रयासहरूको सन्दर्भमा नेपाल प्रहरी र राष्ट्रिय मानवअधिकार आयोगको समन्वयमा सुरक्षाकर्मीहरूको लागि मानवअधिकार स्रोत पुस्तिका तर्जुमा गरी प्रकाशनका साथै मानवअधिकार तालिम पनि समय-समयमा दिइँदै आइरहेको छ।

मानवअधिकारको संवर्द्धन, संरक्षण र समन्वयलाई मुख्य कार्यप्रणालीका रूपमा लिई नेपाल प्रहरी मानवअधिकार एकाइको स्तरोन्नति गरी सबै क्षेत्रीय र अञ्चल प्रहरी कार्यालयहरूमा मानवअधिकार सेल र सबै जिल्ला प्रहरी कार्यालयहरूमा मानवअधिकार डेस्क स्थापना गरी क्रियाशील रहने योजना रहेको छ। प्रहरी कर्मचारीहरूका लागि सञ्चालन हुने सबै तहका तालिम कार्यक्रमहरूमा मानवअधिकारसम्बन्धी कक्षाहरू सञ्चालन गर्ने उद्देश्यले उक्त तालिम कार्यक्रमका पाठ्यक्रममा मानवअधिकारका विषय समावेश गरिएको छ। Human Rights and Democratic Policing, Human Rights and Law Enforcement, Crime Investigation Related to Women and Children विषयमा छुट्टै एवम् विशिष्टीकृत तालिम पाठ्यक्रम, तालिम निर्देशिका निर्माण गरी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, क्षेत्रीय, अञ्चल र जिल्लास्तरमा तालिम तथा अनुशिक्षण कार्यक्रम सञ्चालन गरी ७ हजारभन्दा बढी प्रहरी कर्मचारीहरूलाई मानवअधिकारसम्बन्धी प्रशिक्षत गरिएको छ।

नेपाल सरकारको मानवअधिकारसम्बन्धी कार्ययोजना अनुरूपका कार्यक्रमहरूको निर्माण र

कार्यान्वयन गरी मानवअधिकारको प्रभावकारी संरक्षण एवम् संवर्द्धनका लागि राष्ट्रिय मानवअधिकार आयोगलगायत मानवअधिकारसँग सम्बन्धित विभिन्न सरकारी एवम् गैरसरकारी सङ्घसंस्थाहरूसँग समन्वय एवम् सहकार्यलगायतका अन्य कार्यहरू मानवअधिकारको संरक्षण एवम् संवर्द्धनमा नेपाल प्रहरीले चालेका केही महत्त्वपूर्ण प्रयासहरू हुन्।

मानवअधिकार दिवसको अवसरमा राष्ट्रिय मानवअधिकार आयोगसँगको समन्वय र सहकार्यमा नेपाल प्रहरीले मानवअधिकार महाभेलामा आयोजकका रूपमा सहभागिता जनाई मानवअधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा गरिरहेको क्रियाकलापको जानकारी तथा प्रकाशित प्रकाशनहरूको नि:शुल्क रूपमा वितरण र मानवअधिकारको संरक्षण र संवर्द्धनमा नेपाल प्रहरीको प्रतिबद्धता तथा ऐक्यबद्धता जनाउन स्थानीय स्तरमा पनि विभिन्न अन्तरक्रियात्मक कार्यक्रम गरी मनाइने गरिएको छ। नेपाल प्रहरीले मानवअधिकारको संरक्षण तथा संवर्द्धनलाई साङ्गठनिक प्राथमिकताको रूपमा अङ्गीकार गरेको फलस्वरूप मानवअधिकार उल्लङ्घनका घटना र उजुरीहरूमा व्यापकरूपमा कमी आएको छ। प्रहरी हिरासतहरूको समय-समयमा अनुगमन गरी हिरासतमा रहेका थुनुवाहरूसँग समेत कुराकानी गरी प्रहरी क्रियाकलापहरूलाई सुधार गर्न क्रियाशील रही आएको छ। मानवअधिकारसँग सम्बन्धित प्राप्त उजुरीहरूको सङ्ख्यालाई विश्लेषण गर्दा पछिल्ला आर्थिक वर्षहरूमा उजुरीहरूको सङ्ख्या र मानवअधिकार उल्लङ्घनका घटनाका संलग्न प्रहरी कर्मचारीहरूलाई गरिएको कारबाहीको सङ्ख्या पनि क्रमश: घट्दै गइरहेको छ। मानवअधिकारको विषयमा शून्य सहनशीलताको नीति अपनाएको नेपाल प्रहरीले मानवअधिकार उल्लङ्घनको आरोपमा हालसम्म ६ सय २२ जना प्रहरी कर्मचारीहरूउपर कारबाही चलाइसकेको छ। साथै, मानवअधिकार संरक्षण एवम् संवर्द्धनलाई नेपाल प्रहरीले उच्च प्राथमिकतामा राखी हरेक प्रहरी क्रियाकलापलाई मानवअधिकार मैत्री बनाउने विभागीय नीतिअनुरूप नेपाल प्रहरीको रणनीतिक योजना २०७०/०७२ मा मानवअधिकार संरक्षण र प्रवर्द्धनमा नेपाल प्रहरीको भूमिका सबल र सक्रिय बनाउने विषय समावेश गरी त्यसै अनुरूप कार्ययोजनाहरू अगाडि बढाइरहेको छ।

कानुनको कार्यान्वयन गराउने जिम्मेवारी नेपाल प्रहरीको काँधमा रहेकाले प्रहरीका हरेक क्रियाकलापमा मानवअधिकारको प्रश्न उत्पन्न हुने भएकाले नागरिकका संविधानप्रदत्त हक अधिकारहरूको हनन् कुनै अवस्थामा हुनुहुँदैन भन्ने कुरामा नेपाल प्रहरी सचेत, सजग र प्रतिबद्ध रहेको छ। हाम्रो यो प्रतिबद्धता र प्रयासलाई मूत रूप दिन र अपराधको प्रभावकारी रूपमा रोकथाम, नियन्त्रण र सफल अनुसन्धान गरी शान्ति, सुरक्षा र न्यायपूर्ण सामाजिक वातावरणको सिर्जना गर्न नेपाल प्रहरीलाई कानुन कार्यान्वयनको दृष्टिकोणबाट स्वच्छ, स्वतन्त्र र व्यावसायिक रूपबाट अझ बढी दक्ष एवम् साधन, स्रोत र विधि सम्पन्न बनाउन सम्बन्धित सबैको निरन्तर सकारात्मक पहल र सहयोगको अपेक्षाका साथै इन्सेकलाई यो पुस्तक प्रकाशनको सफलताको कामना गर्दछौं।

देवबहादुर बोहरा
नेपाल प्रहरी मानवअधिकार एकाइ

सशस्त्र प्रहरी बल

१. विगत वर्षहरूमा झैं यस वर्ष पनि मुलुकभरको मानवअधिकार अवस्थाका बारेमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले सत्यतथ्यमा आधारित रही प्रकाशनमा ल्याउन लागेको 'मानवअधिकार वर्षपुस्तक २०१४'को सफलताको कामना गर्दछौं। साथै, इन्सेकले आउँदा दिनहरूमा आमनागरिकहरूको मानवअधिकार संरक्षण एवम् संवर्द्धन गर्ने कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सफल हुनेछ भन्ने यस सङ्गठनले विश्वास लिएको छ।

२. मानवअधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने उद्देश्यले सशस्त्र प्रहरी बलमा मानवअधिकार हनन तथा दण्डहीनतालाई प्रश्रय नदिने नीति अवलम्बन गरेअनुरूप सशस्त्र प्रहरी बलका कुनै पनि सदस्यहरूबाट मानवअधिकार उल्लङ्घन भएको भनी जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटनाहरूउपर तत्काल अनुसन्धान गरी दोषी ठहरिएमा आवश्यकतानुसार सशस्त्र प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गरिँदै आएको छ। साथै, सशस्त्र प्रहरी बलले कमान्ड जिम्मेवारी नियुक्त भएर जाने अधिकृतहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनबारेमा सचेत गरी आफू र आफ्नो मातहतमा रहेका फौजहरूलाई सदैव सचेत गराउन सशस्त्र प्रहरी बलले

मानवअधिकार हनन गर्नेलाई दण्डितसमेत गरी शून्य सहनशीलताको नीतिले अहम् भूमिका खेलेको छ।

३. मानवअधिकार र मानवीय कानुनप्रति राज्यले गरेका विभिन्न सन्धि सम्झौता, घोषणापत्रमार्फत व्यक्त गरेका प्रतिबद्धताअनुरूप राज्यले दायित्व सुम्पेको अवस्थामा सशस्त्र प्रहरी बलले नेपाली जनताको संविधान प्रदत्त मानवअधिकारको संरक्षण गर्ने गराउने कार्यमा सधैँ सजग र प्रतिबद्ध रहेको जगजाहेरै छ। सोहीबमोजिम विश्वसनीयता कायम राख्न सशस्त्र प्रहरी बल प्रधान कार्यालय अन्तर्गत रहने गरी केन्द्रीय मानवअधिकार सेलको स्थापना गरिनुका साथै सशस्त्र प्रहरी बल महानगरीय सशस्त्र प्रहरी कार्यालय काठमाडौँ र पाँचओटा विकास क्षेत्रमा क्षेत्रीय मानवअधिकार सेलको गठन भई केन्द्रीय तथा क्षेत्रीय तहबाट काम-कारबाहीहरू हुँदै आएको छ।

४. सङ्गठनले मानवअधिकारको संरक्षण र संवर्द्धनलाई उच्च प्राथमिकतामा राखी विभिन्न शान्ति, सुरक्षा, उद्धार, लैङ्गिक तथा यौनजन्य अपराध कार्यमा शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ। यसै गरी हुल तथा दङ्गा व्यवस्थापन कार्यमा परिचालित रहँदा समानुपातिकता, वैधानिकता, व्यावसायिक सुझबुझ र आवश्यकताको सिद्धान्तलाई आत्मसात् गरेको छ।

५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारका मूल्य, मान्यता र सिद्धान्तहरू अवलम्बन गर्न विभिन्न समयमा मानवअधिकारसम्बन्धी पाठ्यपुस्तकहरू आन्तरिक रूपमा प्रकाशन गरी वितरण गरिएको छ। यसै क्रममा कसैको पनि मानवअधिकार हनन हुन नपाओस् भन्ने उद्देश्यले सशस्त्र प्रहरी बलले प्रत्येक सशस्त्र प्रहरी कर्मचारीहरूका लागि 'मानवअधिकार निर्देशिका २०६६' प्रकाशन गरी वितरण गरिसकेको र त्यसै क्रमलाई निरन्तरता दिँदै मानवअधिकारमा असर नपरोस् भन्ने उद्देश्यले सशस्त्र प्रहरी बलले 'सशस्त्र प्रहरी बल परिचालन हातेपुस्तिका २०६८' प्रकाशन गरी सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीलाई वितरण गरिएको छ।

६. आन्तरिक सुरक्षा संयन्त्र सुदृढ भएमा मात्र मानव स्वतन्त्रता तथा मानवीय मूल्य एवम् मान्यता सुरक्षित अनि सुनिश्चित रहन्छ। मानव स्वतन्त्रता अन्ततः मानवीय प्रतिष्ठा तथा नैसर्गिक अधिकारहरूमा समाहित हुन्छ। यी सबैको संरक्षण र रक्षा गर्ने पहिलो दायित्व निःसन्देह सुरक्षा निकायमा कार्यरत कर्मचारीहरू सञ्चालन गर्ने क्रममा सशस्त्र प्रहरी बलमा कार्यरत सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूबाट मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन कुण्ठित हुने अवस्था सिर्जना हुन नदिनेतर्फ सङ्गठन सदा प्रतिबद्ध रहेको छ। साथै मानवअधिकारको संरक्षण र संवर्द्धनलाई सैद्धान्तिक रूपमा मात्र सीमित नगरी व्यावहारिक रूपमै संस्थागत गर्ने उद्देश्य सशस्त्र प्रहरी बलले लिएको छ।

७. लैङ्गिक हिंसा मानवअधिकारको उल्लङ्घन मात्र नभई यसले उत्पादकत्वमा अवरोध पुऱ्याउने, मानवअधिकार संशोधनमा कमी ल्याउने र सङ्गठन विस्तारमा समेत प्रत्यक्ष असर पार्ने कटु यथार्थलाई गहन मनन गरी यस सङ्गठनमा कार्यरत रहेका महिला सशस्त्र प्रहरी कर्मचारीहरूको हकहितको संरक्षण, सशक्तीकरण एवम् विकासका लागि अधिकारहरू प्रदान गर्ने उद्देश्यका साथ महिला हिंसाविरुद्ध उजुरी सुन्ने व्यवस्था गर्नका निमित्त सङ्गठनभित्रै केन्द्रीय स्तरमा एक महिला सेलको गठन र गुनासो सुन्ने सशस्त्र प्रहरी महिला नोडल अधिकृत कर्मचारीसमेतको व्यवस्था गरिएको छ। यसै क्रममा सङ्गठनले गृह मन्त्रालयलगायत अन्य सरोकारवाला सङ्घसंस्थासँग समन्वय एवम् सहकार्य गरी लैङ्गिक अभिमुखीकरणजस्ता तालिमहरूदेखि लिएर लैङ्गिक हिंसाविरुद्ध चेतना अभिवृद्धि अनुशिक्षण कक्षा तथा अन्तरक्रिया कार्यक्रम केन्द्रीयदेखि स्थानीयस्तरसम्म सञ्चालन गर्दै आइरहेको छ। साथै सशस्त्र प्रहरी बलमा सञ्चालन हुने विभिन्न तालिमको पाठ्यक्रमहरूमा लैङ्गिकतामा आधारित हिंसासम्बन्धी विषयहरूको समायोजन कार्यको थालनीसमेत भइसकेको छ।

८. त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना आर्थिक वर्ष २०६९/०७० को प्रभावकारी कार्यान्वयन गर्दै आइरहेको, जसअन्तर्गत सशस्त्र प्रहरी बल मातहत एकाइहरूमा मानवअधिकारसम्बन्धी अनुशिक्षण तालिम,

जनचेतना अभिवृद्धि कार्यक्रम, अन्तरक्रिया कार्यक्रम र कार्यशाला सञ्चालन गरी विभिन्न विषयमा कक्षा सञ्चालन गरिएको र चौथो मानवअधिकार राष्ट्रिय कार्ययोजना तयार गरी गृह मन्त्रालयमा पठाइएको।

९. अन्त्यमा, सशस्त्र प्रहरी बल मानवअधिकारको संरक्षण र संवर्द्धनमा प्रतिबद्ध रही मानवअधिकार हननविरुद्ध शून्य सहनशीलताको नीतिअनुरूप आगामी दिनहरूमा पनि कटिबद्धताका साथ निरन्तरता जारी राख्दै मानवअधिकारको क्षेत्रमा सहयोग र समन्वय गर्ने सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै पुस्तक प्रकाशन गर्न लागेकामा सफलता मिलोस् भनी यसै अवसरमा शुभकामनासमेत व्यक्त गर्दछौं।

कोषराज वन्त
सशस्त्र प्रहरी महानिरीक्षक

राष्ट्रिय महिला आयोग

महिला हकहितको संरक्षण एवम् संवर्द्धन गरी विकासको मूलप्रवाहमा महिलालाई समाहित गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्य अनुरूप स्थापित राष्ट्रिय महिला आयोग आफ्नो उद्देश्य प्राप्तिमा क्रियाशील रहँदै आएको छ। यस अन्तर्गत आयोगले महिला हकहितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि सिफारिस गर्ने, प्रचलित कानुनमा सुधार गरी लैङ्गिक न्याय कायम गर्ने तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयनसमेतको विषयमा अनुगमन गरी सरकारलाई सिफारिस गर्ने, महिला अधिकार उल्लङ्घन तथा महिला हिंसाका घटनाहरूको अनुगमन तथा जाँचबुझ गर्नेसमेतका कार्यहरू सम्पादन गर्दै आएको छ।

सन् २०१३ मा महिला मानवअधिकारको उल्लङ्घन तथा महिलामाथि हुने हिंसाबाट पीडित महिलाले यस आयोगमा दिएको उजुरी हेर्दा कर्तव्य ज्यान, महिला, बालिका तथा अपाङ्गता भएकी बालिकामाथि बलात्कार तथा बलात्कारको उद्योग, कार्यस्थलमा यौन दुर्व्यवहार, मानव बेचबिखन, दाइजो नल्याएको वा कम ल्याएको निहुँमा यातना, भ्रुणको लिङ्ग पहिचान गरी गर्भपतन, गर्भवती महिलाको उपचारमा अस्पतालको लापरवाही, सामाजिक सञ्जाल फेसबुक, इमेल, टेलिफोन आदिमार्फत चरित्रहत्या, बोक्सीको आरोपमा यातना तथा आगो लगाई ज्यान मार्ने प्रयास, बिनाविवाह सँगै बस्ने क्रममा शारीरिक तथा मानसिक यातना, अन्तरजातीय विवाह गरेका कारण हिंसा, बन्धक बनाउने, बहुविवाह, दलित भएका कारण सार्वजनिक धारामा पानी भर्न नदिइ कुटपिट, वैदेशिक रोजगारीमा ठगी, प्रहरीबाट कुटपिट तथा जाहेरी दर्ता गर्न इन्कार, जिल्ला प्रशासनले आमाको नामबाट नागरिकता दिन इन्कार गरेको जस्तो उजुरी दर्ता भएको देखिन्छ। यसै गरी सञ्चारमाध्यममा प्रकाशित प्रसारित घटना हेर्दा पनि समाजमा विद्यमान रहँदै आएको सामाजिक कुरीति तथा कुसंस्कार आदिका कारण महिलामाथि गरिँदै आएको हिंसामा यस वर्ष पनि खासै कमी आएको देखिएन। साथै, संविधानसभाको अर्को निर्वाचनको परिणाम हेर्दा संविधानसभामा महिलाको सहभागिता विघटित संविधानसभामा भन्दा पनि कम हुने प्रस्ट देखिएबाट पनि सरकार तथा राजनीतिक दलहरू लैङ्गिक समानता कायम गर्दै विभेदको अन्त्य गर्नेतर्फ संवेदनशील नरहेको तथा महिलामाथि राजनीतिक हिंसाले पश्रय पाएको देखिएको छ।

यस वर्ष आयोगमा दर्ता भएका उजुरीको सङ्ख्यात्मक अवस्था हेर्दा घरेलु हिंसाका २ सय ५३ र महिलामाथि हुने अन्य हिंसाका १ सय ३९ गरी ३ सय ९२ ओटा उजुरी दर्ता भएका छन्। आयोगमा दर्ता भएका निवेदनहरूमा आयोगका तर्फबाट पक्षहरूको सहमतिमा मिलापत्र, कानुनी सहायता तथा मनोसामाजिक परामर्श सेवा तथा अन्य आवश्यक सहयोगका लागि सम्बन्धित निकायमा सिफारिस गरिँदै आएको छ। यसका अलावा आयोगले महिलाविरुद्ध हुने हिंसाका विभिन्न घटनाहरूको स्थलगत अनुगमन गरी पीडितलाई न्याय र आरोपित पक्षलाई कानुनी कारबाहीको माग गरेको छ। संविधानसभाको विघटनपश्चात् कानुन निर्माण गर्ने निकाय विधायिका संसद् नरहेका कारण विद्यमान कानुनमा समसामयिक संशोधन, महिला अधिकारको संरक्षणका लागि राष्ट्रिय महिला आयोगबाट मस्यौदा गरिएको बोक्सीको आरोपसम्बन्धी कसुर तथा सजाय विधेयकलगायत अन्य विधेयकहरू पारित हुन नसकेका कारण पीडितको न्यायमा पहुँचको अवस्था अझ चुनौतीपूर्ण बनेको छ। यसै गरी, विद्यमान राजनीतिक अस्थिरताका कारण दण्डहीनताले प्रश्रय पाउनुका साथै कानुन कार्यान्वयनमा

समेत चुनौती देखिएको छ। यी सम्पूर्ण समस्याको असर सबैभन्दा बढी जोखिममा रहेका महिला तथा बालबालिकामा परेको देखिन्छ।

अन्त्यमा, इन्सेकले सत्यको अभिलेख र प्रसारद्वारा न्याय र सहअस्तित्वको वातावरण निर्माण गर्ने उद्देश्य अनुरूप मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सङ्कलन गरी यस वर्ष पनि नेपाल मानवअधिकार वर्षपुस्तक २०१४ प्रकाशन गर्न लागेकामा राष्ट्रिय महिला आयोगका तर्फबाट शुभकामना व्यक्त गर्दछु।

शरदराज विष्ट
सचिव
राष्ट्रिय महिला आयोग

राष्ट्रिय दलित आयोग

मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सङ्कलन गरी नेपाल मानवअधिकार वर्षपुस्तक २०१४ प्रकाशन गर्न लागेकामा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)लाई धन्यवाद दिन चाहन्छौँ।

सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक एवम् सांस्कृतिक क्षेत्रमा पछाडि पारिनुका साथै छुवाछूत जस्तो अमानवीय व्यवहारको सिकार भई बाँच्न बाध्य दलित समुदायको मानवअधिकारको अवस्थामा अपेक्षाकृत सुधार नभएको कुरा विगतका घटनाक्रमले स्मरण गराउँछ। नेपाली समाजमा विभिन्न स्वरूप र बहानामा दलित र गैरदलित बीचमा छुवाछूत तथा जातीय भेदभाव, लैङ्गिक असमानता र पुरातनवादी सोच प्रमुख समस्याका रूपमा रहेका छन्।

हाल नेपालमा 'जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८' लागू भएपछि पनि जातकै आधारमा सार्वजनिक तथा निजी क्षेत्रमा सेवा सुविधाबाट वञ्चित गरिनु, स्वास्थ्य तथा शिक्षाजस्ता आधारभूत कुराहरू नपाउनु, सुमधुर सामाजिक सम्बन्ध सुधारको पाटोका रूपमा रहेको अन्तरजातीय विवाहलाई स्वीकार नगर्नु, परम्परागत सीपलाई मान्यता नदिनु, अझै पनि न्यून ज्यालामा काम लगाउनु वा बालीघरे प्रथा कायम रहनु, जबरजस्ती सिनो खानुपर्ने तथा फाल्नुपर्ने जस्ता अमानवीय काममा लगाउनु, जातीयताको संज्ञा दिई अभद्र तथा अशिष्ट शब्द बोलेर आत्मसम्मानमा चोट पुऱ्याउनु, दलित समुदायका मान्छेलाई अशुभ ठान्ने र छोइछिटो हाल्ने जस्ता व्यवहारहरू कायमै रहेको पाइन्छ।

यसका साथै कानुन कार्यान्वयनमा आएपछि पनि अन्तरजातीय विवाहित जोडीलाई गाउँबाट निकाला गरिदिनु, क्षतिपूर्ति तिराउनु, बोक्सीको आरोपमा अखाद्य वस्तु खुवाउनु, यौन हिंसा गर्नु, जातीयताका आधारमा विवाह गरेकालाई अपहरणको मुद्दा लगाउनु तथा दलित भएकै कारण मारिनुपर्ने कारणले यस्ता समस्याहरू देशमा विद्यमान रहेकाले उक्त ऐनको कार्यान्वयनमा चुनौती देखा परेको छ।

दलित मानवअधिकारको क्षेत्रमा विगतमा भन्दा केही सुधार भए पनि आयोगमा आएको उजुरीहरूको अनुगमन र अनुसन्धान चुनौतीपूर्ण छ। राज्यका जिम्मेवार निकाय र पदाधीकारीहरूको यसप्रतिको बेवास्ताका कारण एक्काइसौँ शताब्दीमा पनि यो समुदायका मानिसहरू पशुवत् व्यवहार सहन र भाग्यलाई सराप्दै बस्न विवश छन्।

अन्य सरकारी निकायले उजुरी नलिए आयोगमा उजुरी दिन पाइने कानुनी प्रावधानबमोजिम यस कार्यालयमा केही उजुरीहरू दर्ता भएका छन्। आयोगलाई आफैँ कानुनी रूपमा कार्य गर्न अधिकार प्राप्त नभएकाले ती उजुरीहरूलाई सम्बन्धित क्षेत्रमा कानुनी प्रक्रियाका लागि पठाउने र ताकेता गर्ने गरिएको छ।

दलित अधिकार संरक्षण र संवर्द्धन गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा छुवाछूतजस्ता जघन्य अपराधको अन्त्य गर्न यस पुस्तकले दबाब सिर्जना गर्न सकोस्।

नेपाल बार एसोसिएसन

नेपाल बार एसोसिएसन आफ्नो स्थापनाकालदेखि नै मानवअधिकारको संवर्द्धन र प्रवर्द्धन एवम् संरक्षणमा क्रियाशील रही आएको नेपालको अग्रणी व्यावसायिक संस्था भएको नाताले इन्सेकजस्ता सामाजिक संस्थाहरूसँग समान चासो र सरोकारका विषयमा आवश्यकता अनुसार सहकार्य गरेर अघि बढ्न इच्छुक र उत्साहित रहेको छ। नेपाल बार एसोसिएसन दशौँ हजार सदस्य र ८६ ओटा बार एकाइसहित एक राष्ट्रिय सञ्जाल भएकाले यसका प्रत्येक सदस्यहरू मुलुकभरि विधिको शासन, संवैधानिक सर्वोच्चता र स्वतन्त्र, सक्षम अनि जवाफदेही न्यायपालिकाका लागि क्रियाशील रही आएका छन्। यसका अतिरिक्त नेपाल बारले आफ्ना सदस्य एकाइमार्फत कानुनी सहायतासमेत

प्रदान गरी आएको छ। विगतमा जस्तै इन्सेकजस्ता मानवअधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्थासँग मिलेर मानवअधिकारको नियमित अनुगमन गर्न नेपाल बार सदैव तत्पर रही आएको छ।

सन् २०१३ मा समग्रमा मानवअधिकारको स्थिति सन्तोषजनक भए तापनि दण्डहीनता अन्त्यका लागि सार्थक परिणाम प्राप्त हुन सकेन। विधिको शासन, स्वतन्त्र न्यायपालिका र संवैधानिक सर्वोच्चताबिना मानवअधिकारको रक्षाको कल्पना गर्न सकिँदैन। सन् २०१३ स्वतन्त्र न्यायपालिका र संवैधानिक सर्वोच्चता एवम् शक्ति पृथकीकरणको सिद्धान्तको दृष्टिकोणले इतिहासकै सबैभन्दा आलोचित वर्षका रूपमा रह्यो। संविधानको स्पष्ट र बाध्यात्मक व्यवस्थालाई पूर्णरूपमा इन्कार गरी बहालवाला प्रधानन्यायाधीशलाई कार्यपालिकको प्रमुख बनाइयो। यसको प्रभाव र असर मानवअधिकार आन्दोलनमा स्पष्टरूपले देखा पऱ्यो। गम्भीर संवैधानिक र मानवअधिकारको प्रश्न उपस्थित भएका संवैधानिक विवादहरूको निरूपण गर्न सर्वोच्च अदालत असमर्थ रह्यो। जनआन्दोलनका दोषीहरू विभिन्न महत्त्वपूर्ण संवैधानिक र सरकारी निकायमा मनोनयन गरिएको घटनाले दण्डहीनतालाई प्रश्रय दिन खोजेको स्पष्ट नै थियो। अकुपाई बालुवाटार अधिकारी दम्पतीको आन्दोलनलाई पूर्ण बेवास्ता गरी मानवअधिकारप्रति सरकार संवेदनशील रहन सकेन।

अन्तर्राष्ट्रिय अभ्यास र सर्वोच्चको फैसलाविपरीत सत्य निरूपण तथा मेलमिलाप आयोग हालसम्म बन्न सकेका छैनन्। समग्रमा सन् २०१३ विधिको शासन र संवैधानिक सर्वोच्चताले शिर निहुऱ्याउनुपर्ने अवस्था रह्यो। तर, लोकतान्त्रिक विधि प्रक्रिया सुचारु गर्ने जनप्रतिनिधिमूलक संस्थाको जन्म भएको कारणले आगामी दिनमा लोकतान्त्रिक अभ्यासले निरन्तरता पाउनेछ भन्ने आशा व्यक्त गर्दछु।

हरिकृष्ण कार्की
अध्यक्ष
नेपाल बार एसोसिएसन

नेपाल पत्रकार महासङ्घ

नेपालको अन्तरिम संविधानले विचार तथा अभिव्यक्ति र आमसञ्चारसम्बन्धी अधिकारको स्वतन्त्रताको ग्यारेन्टी गरेको छ। तर पनि नेपालमा प्रेस पूर्णरूपमा स्वतन्त्र र सुरक्षित भने छैन। सूचना प्रवाह गरी नागरिकलाई सुसूचित गर्नु पत्रकारको जिम्मेवारी तथा संवैधानिक अधिकार भए तापनि पटक-पटक पत्रकारहरू समाचार प्रकाशन तथा प्रसारण गरेकै कारण पीडित हुने गरेका छन्।

प्रसारण प्रकाशन भएको समाचारमाथि कुनै गुनासो भए कानुनी कारबाहीको विकल्प हुँदाहुँदै पनि पत्रकारहरूमाथि धम्की, आक्रमण, दुर्व्यवहारलगायतका प्रेस स्वतन्त्रता हननका घटनाहरूको महासङ्घले सदैव निन्दा गर्दै आएको छ। नेपाल पत्रकार महासङ्घमा रहेको प्रेस अनुगमन समितिले हरेक वर्ष कति प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाहरू भए भन्ने विस्तृत विवरण राख्ने गर्दछ, जसमा घटनाको पुष्टि गरेर मात्र प्रेस विज्ञप्ति सार्वजनिक गर्ने गरिन्छ।

महासङ्घको अनुगमन समितिको अभिलेख अनुसार गत वर्षको तुलनामा २०१३ मा प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाहरू कम भएका छन्। २०१३ मा ५४ प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाहरू भएका छन्। यसबाट नेपालमा प्रेसको अवस्था सुधिँदो छ भन्ने देखिन्छ। जसमा हत्या-१, रेडियो जनकपुरमा कार्यरत सञ्चारकर्मी सत्यनारायण गडेरी धनुषा जिल्ला गाविस-६ मा सेप्टेम्बर २७ का दिन मृत अवस्थामा भेटिएका थिए। उनको लास गोलीको चोट र घाँटी रेटिएको अवस्थामा फेला परेकाले उनको हत्या गरिएको पुष्टि हुन्छ।

त्यसै गरी, आक्रमणका १३, दुर्व्यवहार तथा हातपातका ११, कब्जाका एक, गिरफ्तारका तीन, धम्कीका सात, प्रकाशन तथा प्रसारणमा रोकका तीन, स्वतन्त्र पत्रकारितामा बाधाका नौ, जागिरबाट हटाइएको तीन, सञ्चारगृहमा आक्रमण र धम्कीका एक र सधान तोडफोडका दुई रहेका छ।

यस विवरणका आधारमा यस वर्ष विद्युतीय कारोबार ऐन लगाएर पत्रकार गिरफ्तार हुने घटना बढेको छ, जस अन्तर्गत नेपाल पत्रकार महासङ्घ गोरखा एफएम शाखाका अध्यक्ष तथा Nepalionlinehead.com का सम्पादक, सुशील पन्त अनलाइनमा प्रकाशित डिल्लीबजार क्याम्पससम्बन्धी समाचारका कारण गिरफ्तार भएका थिए भने सेयरबजार साप्ताहिकका सम्पादक दिनेश आचार्य पत्रिकामा प्रकाशित उद्योगपति निर्वाण चौधरीसम्बन्धी समाचार सो पत्रिकाको फेसबुक पेजमा सार्वजनिक गरेका कारण चौधरीले गरेको उजुरीका आधारमा गिरफ्तार परेका थिए।

सूचना प्रवाह गर्नु पत्रकारको जिम्मेवारी मात्र नभईकन नैसर्गिक अधिकार हुँदाहुँदै पनि समाचार प्रसारण/प्रकाशनकै कारण विभिन्न पक्षबाट धेरै मात्रामा प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाहरू भएका छन्। २०१३ मा भएका प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनामध्ये धेरै घटनाहरू राजनीनिक दलका कार्यकर्ताबाट भएका छन् भने सुरक्षा निकायका अधिकारी, सञ्चारगृहका मालिक तथा केही अज्ञात पक्षबाट भएका छन्। ३३ दलले संविधानसभाको चुनाव बहिष्कार गर्दै नेपाल बन्द गरेको समयमा देशभरि करिब ११ भन्दा बढी प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाहरू भएका छन्, जसमध्ये मध्यमाञ्चलमा धेरै घटना भएका थिए। वर्षभर भएका घटनामध्ये पनि मध्यमाञ्चल क्षेत्रमा नै धेरै घटना भएका छन्।

२००४ मा अपहरण गरी हत्या गरिएका पत्रकार डेकेन्द्रराज थापाको हत्याका आरोपित पाँच जनालाई गिरफ्तार गरिनु २०१३ को उल्लेखनीय घटना हो। गिरफ्तार परेका आरोपितहरूको बयान बदल्न विभिन्न राजनीतिक दलबाट भएको दबाबका बेला पत्रकारहरूले गरेको देशव्यापी विरोध पनि उल्लेखनीय नै छ। पत्रकार थापाको हत्याको छानबिनमा माओवादी र अन्य राजनीतिक दलबीच भएको द्वन्द्वका कारण दैलेखका पत्रकारहरूलाई एमाओवादीका कार्यकर्ताबाट पटक-पटक धम्की आउनुका साथै असुरक्षाका कारण करिब दुई दर्जन पत्रकार जिल्लाबाट विस्थापित हुनुपरेको थियो। सो समयमा नेपाल पत्रकार महासङ्घले सक्रिय रूपमा देशव्यापी विरोध कार्यक्रम आयोजना गरी सरकारलाई दबाब दिनुका साथै महासङ्घकै पहलमा विस्थापित पत्रकारहरूलाई दैलेखमा पुनःस्थापित गरिएको थियो।

समग्रमा सन् २०१३ प्रेस स्वतन्त्रता हननका घटनाहरू कम हुनुले नेपालमा प्रेसको अवस्था केही माथि उठेको प्रस्ट हुन्छ। तर पनि निर्वाध, त्रासमुक्त भएर पत्रकारले आफ्नो काम गर्न सक्ने अवस्था पूर्ण रूपमा रहेको छैन।

शिव गाउँले
सभापति, नेपाल पत्रकार महासङ्घ

अनुसूची

५

क्रिया/प्रतिक्रिया

नेपाल मानवअधिकार वर्षपुस्तकले सर्वसाधारणको मानवअधिकारमाथिको अतिक्रमणलाई उजागर गर्दै मानवअधिकार रक्षामा उल्लेखनीय योगदान पुऱ्याएको छ। तथापि, न्यायिक कारबाही र मानवअधिकारको ठाडो हस्तक्षेपलाई छुट्टाछुट्टै खण्डमा उल्लेख गरेर पुस्तक प्रकाशन गर्नु अझ उपयोगी हुन्छ। घटना विवरण र मानवअधिकार उल्लङ्घनलाई एकै ठाउँमा समावेश गर्दा अलमलिने सम्भावना रहन्छ। घटना विवरणको एउटा र मानवअधिकार उल्लङ्घनको अर्को पुस्तक गरी दुइटा पुस्तक प्रकाशन भए सुनमा सुगन्ध हुन्थ्यो जस्तो लाग्छ। द्वन्द्वकाल समाप्त भइसकेको हुँदा बन्द-हडताल र कारागारको अवस्थाका बारेमा इन्सेक अझ सक्रिय भएर लाग्नुपर्दछ।

बाबुराम खतिवडा
प्रमुख जिल्ला अधिकारी, इलाम

नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ अध्ययन गर्ने अवसर मिल्यो। पुस्तकमा प्रकाशित हुने मानवअधिकार हननबारेका सूचना, अभिलेख र तिनका सम्बन्धमा भए/गरेका कारबाहीबारेको यथार्थ प्रस्तुतिले यस क्षेत्रमा क्रियाशील सबै सरोकारवाला संस्थालाई आफ्नो काम-कारबाही गर्ने क्रममा सचेत र जिम्मेवार बनाउँदै आएको छ। यस पुस्तकले समाजमा ओझेलमा परेका घटनाहरू प्रकाशमा ल्याउनुका साथै कानुनी राज्यको स्थापना, पीडितलाई न्याय तथा उल्लङ्घनकर्तालाई कानुनी कठघरामा उभ्याउन मद्दत मिलेको छ। घटना न्यूनीकरण गर्नसमेत नेपाल मानवअधिकार वर्षपुस्तकले सहयोगी भूमिका खेलेको छ।

सञ्जीवबाबु खड्का
इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय, पाँचथर

नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ मा पाँचथर जिल्लाको मानवअधिकार हननका घटनाहरू नछुटाइ समावेश गरिएका छन्। यसले पीडकलाई कानुनी दायरामा ल्याउन र पीडितलाई कानुनी उपचार खोज्न सहयोग पुगेको छ। साथै, मानवअधिकार हननका घटनाहरू न्यूनीकरणमा यो पुस्तकले सहयोग पुऱ्याउँदै आएको छ।

बृजहाङ आङदेम्बे, सहसचिव
नेपाली काङ्ग्रेस, जिल्ला कार्यसमिति, पाँचथर



नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ लाई नियाल्दा जिल्लाका सबै घटनाक्रमहरूलाई अटाउने प्रयत्न गरिएको पाइयो। यद्यपि, मानवअधिकार उल्लङ्घन र हननसँग सम्बन्धित केही घटना छुटेका रहेछन्। केही घटनाहरू जिल्ला प्रतिनिधिले वार्षिक र अर्धवार्षिक समीक्षामा प्रस्तुत गरे पनि नेपाल मानवअधिकार वर्षपुस्तकमा नअटाएको पाइयो। सम्पादन गर्ने क्रममा तलमाथि परेको हुन सक्छ। तर, मानवअधिकार हनन र उल्लङ्घनका घटनालाई अभिलेखीकरण गर्ने यो पुस्तकमा जिल्लाका कुनै पनि घटना नछुटून्।

लक्ष्मी गौतम
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, पाँचथर शाखा

नेपाल मानवअधिकार वर्षपुस्तक मुलुकको मानवअधिकारको दस्तावेज हो। यस पुस्तकमा राखिने घटनाहरूमा संवेदनशील भएर राखिनुपर्ने देखिन्छ। पुस्तकमा आपराधिक प्रकृतिका घटनाहरू समावेश गर्दा प्रस्ट खुलाएर राखिनुपर्ने हुन्छ। महिलामाथि हुने विभिन्न किसिमका हिंसाका घटनाहरू कानुनी उपचारका लागि बाहिर आएका छन्। यस पुस्तकले नागरिक सचेतना जनाउनुका साथै मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूमा मानवअधिकारको क्षेत्रमा काम

गर्ने सरोकारवालाहरूको ध्यानाकर्षण गराउन सफल भएको छ।

गणेशराज कार्की
प्रमुख जिल्ला अधिकारी, मोरङ

नेपाल मानवअधिकार वर्षपुस्तकले समग्र नेपालको मानवअधिकारको अवस्थालाई झल्काउँछ। तर, विभिन्न आपराधिक घटनाहरूसमेत मानवअधिकारको विषयमा जोडेर राखेका कारणले कहिल्यै पनि नेपालको मानवअधिकारको स्थिति राम्रो वा सुधिएको देखिँदैन। यसले गर्दा प्रहरीको टोली नेपालका तर्फबाट विदेश मिसनमा जाँदा विदेशीहरूले विश्वास नगर्ने अवस्था सिर्जना भएको देखिन्छ। तसर्थ, मानवअधिकारको विषयमा हामी सबैको दायित्व भएकाले गम्भीर रूपमा छलफल गरी मुख्य घटनाहरू मात्र समावेश गरेमा वास्तविक अवस्था झल्किने भएकाले यसतर्फ पनि ध्यान दिनुपर्ने देखिन्छ।

विश्वराज पोखरेल
एसपी, जिल्ला प्रहरी कार्यालय, मोरङ

मानवअधिकार हनन र उल्लङ्घनका घटना समेटेर निकाल्ने पुस्तकले देशको मानवअधिकारको अवस्थाको चित्रण गर्छ। प्रकाशित घटनाहरू सत्यतथ्यमा आधारित हुने हुनाले यो विश्वसनीय र पठनयोग्य पनि छ। समाजमा अहिले पनि विभिन्न घटनाहरू गाउँगाउँमा हुने गरेका छन्। त्यस्ता घटनामा मानवअधिकारको हनन भएको पाइन्छ। त्यस्ता घटना पनि नेपाल मानवअधिकार वर्षपुस्तकमा समेट्न पाए अझ राम्रो हुने थियो। नेपाल मानवअधिकार वर्षपुस्तकमा अहिले प्रहरी र अदालतमा आइपुगेका घटनाहरू मात्र समेटिएको महसुस गरेको छु।

अशोक मेहता
सचिव, नेपाल बार एकाइ, सुनसरी

इन्सेकले धेरै ठाउँमा आफ्ना संयन्त्रमार्फत घटनाहरूलाई समेटेर पुस्तककार दिनु एकदमै सराहनीय काम हो। यसले देशमा मानवअधिकार उल्लङ्घन र हननका घटना कति भइरहेका छन् भन्ने दर्शाउँछ र राज्यलाई घच्घच्याउन मद्दत पुग्छ। नेपाल मानवअधिकार वर्षपुस्तकले धेरै कुरा समेटेको छ। अझ स-साना घटनालाई पनि यसले समेट्न सके राम्रो हुने थियो।

वीरबहादुर खड्का
जिल्ला शिक्षा अधिकारी, सुनसरी

नेपालको मानवअधिकारको परिवेश बुझ्नका लागि नेपाल मानवअधिकार वर्षपुस्तक आफैँ तथ्यहरूको वार्षिक सङ्ग्रहालय भएको छ। मैले नेपाल मानवअधिकार वर्षपुस्तकलाई थुप्रै सन्दर्भबाट उपयोगी पाएको छु। घटनाहरूलाई हेर्ने मानवअधिकारको दृष्टिकोण दिन्छ। मैले आफ्ना लेखन र अन्य प्रयोजनमा नेपाल मानवअधिकार वर्षपुस्तकलाई निकै धेरै प्रयोग गरेको छु।

केशव दाहाल
अधिकारकर्मी, सुनसरी

नेपाल मानवअधिकार वर्षपुस्तक अध्ययनबाट मानवबाट मानवकै निम्ति समाजमा मानवीय संवेदनासमेत ख्याल नगरी मानवअधिकार उल्लङ्घनका घटनाहरू हुँदा रहेछन् भन्ने प्रस्ट हुन्छ। यस्ता घटनाहरू नहून् भनी सचेतकका रूपमा नेपाल मानवअधिकार वर्षपुस्तकले गरिरहेको योगदान प्रशंसनीय छ।

सोविस चेम्जोङ
अध्यक्ष, मानवअधिकार एलायन्स शाखा, धनकुटा

सन् २०१४ को नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशनको पूर्वसन्ध्यामा पुस्तक अध्ययन गर्ने मौका पाएँ। नेपाल मानवअधिकार उल्लङ्घनका घटनाहरूको सार्वजनिकीकरण भई पीडकलाई कानुनबमोजिमको कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिन मद्दत पुऱ्याउँछ। समाजमा सम्मानपूर्वक बस्ने वातावरण बनाइ मानवअधिकारको रक्षाका लागि राज्यका अङ्गलाई जिम्मेवार बनाउन र समाजमा भएका घटनाहरूको निष्पक्ष रूपमा अध्ययन/अनुसन्धान गरी सार्वजनिकीकरण गर्न यसले मद्दत पुऱ्याउँछ । साथै, सरोकारवाला पक्षबाट पीडकलाई कारबाही गरी पीडित पक्षलाई क्षतिपूर्ति भराउने महत्त्वपूर्ण प्रमाणका रूपमा वर्षपुस्तक रहेको छ।

रोहितकुमार डाँगी, अध्यक्ष
पुनरावेदन अदालत बार एसोसिएसन, धनकुटा

नेपाल मानवअधिकार वर्षपुस्तक राज्य तथा गैरराज्यपक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सत्यतथ्य र निष्पक्ष ढङ्गबाट दस्तावेजीकरण हुने पुस्तक हो। यसले राज्य तथा गैरराज्यपक्षबाट हुने मानवअधिकार हननको घटनालाई निरुत्साहित गर्ने

आशा र अपेक्षा गर्न सकिन्छ। नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ ले पनि सबै पक्षलाई 'हाम्रो नेपाल मानवअधिकार वर्षपुस्तक' भन्ने अनुभूति दिएको छ।

सन्देश बिहानी
नेकपा-माओवादी, धनकुटा

जिल्ला तहमा इन्सेकले द्वन्द्वको अवधिमा निर्वाह गरेको भूमिका र मानवअधिकारका बारेमा तयार गरेका तथ्याङ्कहरू सबैका लागि सही हुन सकून्। पुस्तकमा मानवअधिकार उल्लङ्घनका महत्त्वपूर्ण पक्षलाई समेटेको पाएको छु। समाजमा घरेलु हिंसा र दण्डहीनताको अवस्था कायम रहेको हुनाले त्यस्ता घटनालाई नेपाल मानवअधिकार वर्षपुस्तकमा समेटिनु जरुरी भएको छ।

कालीप्रसाद पराजुली
प्रमुख जिल्ला अधिकारी, तेह्रथुम

जिल्लामा भएका मानवअधिकारका घटनालाई नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत प्रकाशन हुनेमा म विश्वस्त छु। पीडितको यथार्थ विवरण यस पुस्तकमा वास्तविक घटनाको सूचना र तथ्याङ्कमा आधारित भएर सार्वजानिक होस्। नेपाल मानवअधिकार वर्षपुस्तकका माध्यमबाट समाजमा रहेको दण्डहीनताको अन्त्य हुनेछ।

गोविन्दप्रसाद ढुङ्गाना, सभापति
नेपाली काङ्ग्रेस जिल्ला कार्यसमिति, तेह्रथुम

यस पुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाहरू दोहोरिन नदिन नैतिक दबाबमा सिर्जना गर्दछ। इन्सेकले प्रकाशन गर्न लागेको यो एउटा महत्त्वपूर्ण दस्तावेज हुने कुरामा म विश्वास गर्दछु।

तेजमान कन्दङ्वा
अध्यक्ष, नेकपा एमाले जिल्ला कमिटी, तेह्रथुम

मानवअधिकार वर्षपुस्तकमा मानवअधिकार उल्लङ्घनका घटनाहरू अद्यावधिक गर्ने कार्य सराहनीय छ। यसबाट यस्ता घटनाहरू अभिलेखीकरणको महत्त्वपूर्ण अंशका रूपमा भावी पिँढीका लागि सुरक्षित रहने विश्वास लिएको छु। जिल्लाको परिप्रेक्ष्यमा मानवअधिकारकर्मीहरूको विकास गरी संस्थागत गर्न इन्सेकसँग प्रयासको अपेक्षा गर्दछु।

रघुनाथ गौतम, सहसेक्रेटरी,
एकीकृत नेकपा माओवादी जिल्ला समिति, तेह्रथुम

यस पुस्तकमा समेटिने मुलुकभरिका महत्त्वपूर्ण घटनाहरूको अध्ययनबाट देशको मानवअधिकारको स्थिति बोध हुन्छ। प्रस्तुत पुस्तकले मानवअधिकार उल्लङ्घन र ज्यादतीका कारण र सोको कानुनी उपचार एवम् पीडितको अवस्थाबारे जानकारी गराउने गर्दछ। अपराध र सोको निराकरणको बाटो खोज्नेहरूलाई यस पुस्तकले बृहत् ज्ञान दिलाउँछ नै।

अनुभूतिबम नेपाली
अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, तेह्रथुम

नेपाल मानवअधिकार वर्षपुस्तकका राम्रा-नराम्रा जेजति टीका-टीप्पणीहरू भए पनि यो एकदमै यथार्थपरक छ। मानवअधिकारको सवालमा वर्षौंदेखि लामो अनुभव र अध्ययन गरी अभिलेखीकरण गर्नु आफैंमा उल्लेखनीय काम हो। मानवअधिकारको सवालमा भएका घटनाहरू अभिलेखीकरण गर्नु चुनौतीपूर्ण र प्रशंसायोग्य काम हो। आगामी दिनहरूमा पनि यस्तै आशा र अपेक्षा लिएको छु। कतिपय सानातिना कमी-कमजोरीहरूले पनि ठूलो रूप लिने भएकाले आगामी दिनमा तथ्यपरकरूपमा अध्ययन गरी अभिलेखीकरण गर्नका लागि सुझाव दिन्छु।

उद्धवबहादुर थापा
प्रमुख जिल्ला अधिकारी, भोजपुर

नेपाल मानवअधिकार वर्षपुस्तक आफैंमा एउटा महत्त्वपूर्ण दस्तावेज हो। यथार्थरूपमा घटनाहरूलाई सङ्ग्रहित गर्नु नै संस्थाको विश्वसनीयता भएकाले यसको निरन्तरताको आशा गर्दछौं। मानवअधिकारको क्षेत्रमा इन्सेकले गरेको काम उल्लेखनीय छ। यसले हामीलाई पनि ठूलो सहयोग मिलेको छ। आगमी दिनहरूमा पनि मानवअधिकारको क्षेत्रमा इन्सेकको सकारात्मक भूमिकाको अपेक्षा राख्दछौं।

नान्तीराज गुरुङ
डीएसपी, जिल्ला प्रहरी कार्यालय, भोजपुर

नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत मानवअधिकारका घटनाहरूलाई लिपिबद्ध गरी अभिलेखीकरण गर्नु आफैंमा सराहनीय छ। विगत लामो समयदेखि मानवअधिकारको क्षेत्रमा इन्सेकले खेलेको भूमिकाप्रति हामी विशेष आभारी छौं र आगमी दिनहरूमा पनि यस्तै भूमिकाको आशा लिएको छौं।

देवीराम चौलागाई
उपाध्यक्ष, नेकपा एमाले, भोजपुर

मानवअधिकार उल्लङ्घनका घटना विवरणको प्रकाशनबाट निश्चित रूपमा मानवअधिकारप्रति सम्मान गर्ने सोचाइमा सकारात्मक प्रभाव पर्छ नै । अगामी दिनमा मानवअधिकारको पूर्ण सम्मान गर्दै उल्लङ्घनका घटनाको न्यूनीकरणका लागि हामी सबै सरोकारवाला पक्षहरूबाट सकारात्मक प्रयास जारी रहनेछ भन्ने आशा र विश्वास लिएको छु।

शेखरचन्द्र अर्याल
न्यायाधीश, जिल्ला अदालत, सिरहा

नेपाल मानवअधिकार वर्षपुस्तकले नेपालमा मानवअधिकारको अवस्था, उल्लङ्घनका घटनाहरूबारे प्रकाश पार्दै राज्यका अङ्गहरूलाई जिम्मेवारीबोध गर्न अझ संवेदनशील गराउँदै आएको छ। अधिकार र कर्तव्य एउटै सिक्काका दुइटा पाटा भएकाले सँगै राखेर अघि बढाउन अनुरोध गर्दै सफलताको कामना गर्दछु।

पूर्णचन्द्र जोशी
एसपी, जिल्ला प्रहरी कार्यालय, सिरहा

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकारमा काम गर्नेहरूका लागि मात्र नभई आमपाठकका लागि पनि सूचनामूलक र सङ्ग्रहणीय सामग्रीका रूपमा रहेको छ। कानुन कार्यान्वयनका क्षेत्रमा भएका सकारात्मक कार्यहरूका साथै आइपरेका कठिनाइहरूलाई पनि समीक्षामूलक ढङ्गले उल्लेख गर्न सकिएमा देशको कानुन सुधार गर्न र सुशासन कायम गर्नेतर्फ अझ सहयोगी बन्न सक्ने थियो भन्ने लागेको छ। धेरै पुराना कानुन र कानुन मिच्ने प्रवृत्तिका कारण सिर्जना भएका कठिनाइहरू के कसरी अन्त्य गर्न सकिएला ? यसतर्फ पनि समीक्षामूलक तवरले उल्लेख गरिदिनुभएमा सुनमा सुगन्ध हुने थियो।

डा. गोपीचन्द्र भट्टराई
जिल्ला न्यायाधिवक्ता, सिरहा

नेपाल मानवअधिकार वर्षपुस्तकले आमजनमानसमा घटनाहरूको आधिकारिकता पस्कन सफल भएको छ। पुस्तकलाई सन्दर्भ सामग्रीका रूपमा सरकारी तथा गैरसरकारी निकायले लिने गरेको पाइन्छ। बालअधिकार, आर्थिक तथा सामाजिक अधिकार, सांस्कृतिक, राजनीतिक अधिकारका विषयमा समेत भएका घटनाहरूको विवरण राखी प्रकाशन गर्न सके सुनमा सुगन्ध हुने थियो। जिल्लामा कति घटना भए भन्ने विवरण खोज्न नेपाल मानवअधिकार वर्षपुस्तक हेरेर अन्य निकायहरू पनि प्रस्तुत हुन थालेका छन्।

कृष्णप्रसाद दङ्गाल
अधिकृत, जिल्ला बालकल्याण समिति, सिरहा

इन्सेकले देशभरिका मानवअधिकार हननका घटनालाई नेपाल मानवअधिकार वर्षपुस्तकको माध्यमबाट एक ठाउँमा बसेर अध्ययन गर्न पाउने सुविधा त जुटाइदिएको छ तर यो पुस्तक सबै सरोकारवालासम्म पुग्न सक्दैन। वार्षिक प्रकाशनले अभिलेखको अर्थचाहिँ राम्रै दिन्छ। यस मानेमा इन्सेकको यो प्रयत्न नेपालको मानवअधिकारको इतिहासमा अब्बल छ, अतुलनीय भन्दा पनि अतिशयोक्ति हुँदैन।

कृष्ण आचार्य
नवसंवाद पाक्षिक, खोटाङ

इन्सेकले कसैप्रति पूर्वाग्रह नराखी मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई छर्लङ्ग रूपमा प्रकाशित गरेर सरोकारवाला निकायलाई सचेत गराउने काम गर्दै आएको छ। विगतका घटनाहरू अध्ययन गर्दा इन्सेकको यस प्रकाशनले समाजमा सकारात्मक भूमिका निर्वाह गर्न तथा सरोकारवाला निकायलाई जिम्मेवार बनाउन निकै सघाउ पुग्न गएको छ ।

रमेशकुमार देव
इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय, खोटाङ

सर्वप्रथम त मानवअधिकार उल्लङ्घनका घटनालाई विषय बनाएर नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गरेकामा इन्सेकप्रति आभार व्यक्त गर्दछु। घटनाहरूको खोज अनुगमन गरी तथ्यपरक रूपमा सबैसामु पस्कने यस कार्यबाट राज्यलाई आफ्नो दायित्वप्रति सजग र संवेदनशील बन्न झकझक्याएको छ। पीडितलाई न्याय र पीडकलाई कारबाही गर्न एवम् मानवअधिकार उल्लङ्घनका घटना न्यूनीकरण गर्न यस वर्षपुस्तकका माध्यमबाट सहयोग मिलेको छ।

विशाल भट्टराई
संविधानसभा सभासद्, खोटाङ-२, खोटाङ

इन्सेकले मुलुकभरका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई केलाएर नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत सार्वजनिक गर्दै आएको छ,। वर्षभरिका मानवअधिकार उल्लङ्घन र ज्यादतीका

घटनाहरूलाई राम्ररी विश्लेषण गर्ने गरेको काम सराहनीय छ। प्रकाशित हरेक घटनाहरूको गहन अध्ययन गरिएको छ। दण्डहीनताको अन्त्यका लागि इन्सेकले गरेको प्रयासलाई भुल्न सकिदैन। यो निकै नै सराहनीय र प्रशंसनीय काम हो।

सुरेश राई
कार्यालय सचिव, एकीकृत नेकपा माओवादी
जिल्ला सम्मेलन आयोजक समिति, खोटाङ

इन्सेकले देशमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आदि कारणले हुने गरेको मानवअधिकार हननका घटनाहरूलाई नजिकबाट नियाल्ने, लिपिबद्ध गर्ने र राज्यमा सरोकारवाला पक्ष माझ बर्सेनि नेपाल मानवअधिकार वर्षपुस्तकका रूपमा प्रकाशित गरी लैजाने जुन अथक मिहिनेत छ, इन्सेकको यो अभियान प्रशंसनीय रहेको छ। मानवअधिकार हननका घटनाहरूलाई नेपाल मानवअधिकार वर्षपुस्तकका माध्यमबाट सार्वजनिक गरी पीडितलाई न्याय दिलाउने र पीडकलाई सजाय दिलाउन सम्बन्धित निकायलाई दबाब दिने कार्यमा इन्सेकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

नारायणदास राई
अध्यक्ष, नेपाल बार एसोसिएसन, खोटाङ

नेपाल मानवअधिकार वर्षपुस्तक अध्ययन गर्ने मौका पाएको छु। देशका पचहत्तरै जिल्लाको मानवअधिकार उल्लङ्घनको प्रस्ट तस्विर पुस्तकमार्फत सार्वजनिक गरेर सम्बन्धित निकायलाई झकझक्याउने साहसप्रति आभार व्यक्त गर्दछु। साथै महिला र बालबालिकाको क्षेत्रमा समेत इन्सेकले लामो समयदेखि काम गर्दै आएको छ। महिला र बालबालिकाको अधिकारको विषयमा पनि इन्सेकले खेलेको भूमिकाको उच्च मूल्याङ्कन गर्न चाहन्छु।

रविन राई, बालअधिकार अधिकृत
जिल्ला बालकल्याण समिति, खोटाङ

नेपाल मानवअधिकार वर्षपुस्तकको माध्यमबाट मानवअधिकार उल्लङ्घन, ज्यादतीका घटनाहरूलाई सार्वजनिक गरेर पीडितलाई न्याय दिलाउने तथा पीडकलाई कारबाहीको दायरामा ल्याउन सहयोग पुऱ्याउने कार्य सराहनीय छ।

हरिबोल आचार्य
अध्यक्ष, प्रेस चौतारी, खोटाङ

इन्सेकले तयार गरेको नेपाल मानवअधिकार वर्षपुस्तक सन्तुलित भए पनि गाउँमा भएका तर बाहिर नआएका घटनालाई आगामी दिनमा प्रथामिकतामा राख्दा उपयुक्त हुन्छ। मानवअधिकार संरक्षण गर्न एक व्यक्ति वा संस्थाले मात्रै सम्भव हुँदैन। सबैको सहकार्य र सहयोग भए सफलता हासिल गर्न सकिन्छ। जिल्लामा मानवअधिकार संरक्षण गर्न राज्यका सबै निकाय लागेका छन्। हरेक वर्ष इन्सेकले सार्वजनिक गर्ने प्रतिवेदनले धेरै घटनाक्रम उजागर गरेको छ। यसले सबैलाई सजग हुन सतर्क गराउने गर्दछ। इन्सेकलाई राज्यका निकायमा उजुरी नआएका घटनालाई बाहिर ल्याउन सुझाव दिन्छु।

सूर्यबहादुर खत्री
प्रमुख जिल्ला अधिकारी, ओखलढुङ्गा

इन्सेकको प्रतिवेदनले अघिल्ला वर्षमा भन्दा यस वर्ष हननका घटना बढेको देखाएको पाइयो। जिल्लामा सन् २०१२ मा एक जनाको हत्या भएकामा २०१३ मा पाँच जनाको हत्या भएको तथ्याङ्क आएकाले सम्मानितरूपले बाँच्ने आधारभूत अधिकार रक्षा गर्न राज्य चुकेकाले राज्यलाई जिम्मेवार बनाउन भूमिका निर्वाह गर्नुपर्छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका घटनालाई इन्सेकले अभिलेखीकरण गर्न बढी महत्त्व दिनुपर्छ।

टुकराज निरौला
सचिव, नेपाल बार एसोसिएसन, ओखलढुङ्गा

इन्सेकले सङ्कलन गरेको अभिलेख सराहनीय भए पनि सार्वजनिक नभएका घटना खोजेर अभिलेखीकरण गर्नुपर्छ। प्रहरी, प्रशासन, अदालतमा नआएका घटना अभिलेखीकरण गरे पीडितले न्याय पाउन इन्सेकको अभिलेखले सहयोग गर्ने थियो। घटना अभिलेखीकरण मात्र होइन, घटनाका कारण, आरोपितसमेत पहिचान हुने गरी अझ विस्तृत प्रतिवेदन दिए राम्रो हुन्छ।

मोहनकुमार श्रेष्ठ
उपाध्यक्ष, नेकपा एमाले, ओखलढुङ्गा

महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका बारेमा बढी ध्यान दिएर काम गर्न सुझाव छ। मानवअधिकार हननका घटना पनि संस्थापिच्छे फरकफरक परिभाषित गर्ने प्रचलनले विवादित पनि बनाउने गरेको छ। यसमा हेर्ने

दृष्टिकोणको कुरा पनि आउँछ। सबै अधिकारवादी संस्थाहरूले एउटा घटनालाई हेर्ने दृष्टिकोण एकै किसिमको बनाउन सके अभियान सफल हुन्छ। इन्सेकको अभिलेखले न्याय पाउने बाटो देखाएको छ।

मोहनकुमार खड्का
इन्चार्ज, नेकपा-माओवादी, ओखलढुङ्गा

इन्सेकको अभिलेखले न्याय सम्पादनमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। अहिले धेरै पीडित महिला र बालबालिका हुने भएकाले उनीहरूसँग सम्बन्धित घटनालाई बढी महत्त्व दिनुपर्छ। इन्सेकले अभिलेखीकरण गर्ने घटना महत्त्वपूर्ण छन्। तर, अनुसन्धान भइरहेका र कसुर के हुने भन्ने निर्क्योल नभएका घटनाहरू नेपाल मानवअधिकार वर्षपुस्तकमा नराख्दा राम्रो हुन्छ।

एकराज अधिकारी, जिल्ला न्यायाधिवक्ता
जिल्ला सरकारी वकिलको कार्यालय, ओखलढुङ्गा

मानवअधिकार संरक्षणजस्तो क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ अध्ययन गर्न पाएँ। नेपाल मानवअधिकार वर्षपुस्तक २०१४ ले मानवअधिकार क्षेत्रमा संलग्न एवम् चासो राख्ने सबैलाई महत्त्वपूर्ण सहयोग मिल्नेछ भन्ने पूर्ण विश्वास लिएको छु।

सीताराम कार्की
प्रमुख जिल्ला अधिकारी, सोलुखुम्बु

नेपाल मानवअधिकार वर्षपुस्तक तयार गर्नु नै इन्सेकको महत्त्वपूर्ण कार्य हो भन्ने मैले ठानेको छु । नेपाल मानवअधिकार वर्षपुस्तकमा सत्यतथ्य घटनाहरू उल्लेख हुने भएकाले यसले मानवअधिकारसम्बन्धी कार्य गर्दै आएका अन्य सङ्घसंस्था एवम् नेपाल सरकारलाई समेत सहयोग पुऱ्याउनेमा कुनै दुईमत छैन।

बद्रीविक्रम थापा
डीएसपी, जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बु

मानवअधिकार जो आमनागरिकको जन्मसिद्ध अधिकार हो, यो अधिकारलाई कहीं न कहीं कुनै तत्त्वबाट उल्लङ्घन भइरहेका छन्। यस्ता सूचना नेपाल मानवअधिकार वर्षपुस्तकले दिन्छ । अन्यायमा परेकालाई न्याय र आरोपितलाई दण्डसजायको भागीदार बनाउनमा इन्सेक सदैव जागरुक भइरहोस् भन्ने शुभकामना छ।

शुभलक्ष्मी कोइराला, अध्यक्ष
महिला मानवअधिकार रक्षक सञ्जाल, सोलुखुम्बु

मानवअधिकारको क्षेत्रमा इन्सेकले महत्त्वपूर्ण योगदान दिएको छ। कुनै पनि राजनीतिक पार्टीप्रति आस्था र झुकाव नभई निर्भीक रूपमा सत्यतथ्य रूपमा मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई जस्ताको तस्तै जनमानसमा ल्याई छर्लङ्ग पार्नु नै इन्सेकको विशेषता हो भन्ने मैले ठानेको छु।

मानवीर राई, कार्यवाहक अध्यक्ष
नेकपा एमाले जिल्ला कमिटी, सोलुखुम्बु

पुस्तकमा वर्षभरि भएका मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूको चिरफार गरिएको पाइन्छ। धनुषा जिल्लाभित्रको मानवअधिकारको अवस्था र मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूको अध्ययनबाट जिल्ला प्रहरी कार्यालय, धनुषाले यसतर्फ गम्भीर भई भविष्यमा मानवअधिकार संरक्षणमा आफूलाई खरो रूपमा उतार्नेछ भन्ने प्रतिबद्धतासमेत जाहेर गर्न चाहन्छु।

उत्तमराज सुवेदी
एसपी, जिल्ला प्रहरी कार्यालय, धनुषा

इन्सेकद्वारा वार्षिक रूपमा प्रकाशित हुने नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकारको क्षेत्रमा काम गर्ने मानवअधिकार रक्षक र यसबारे जिज्ञासा राख्ने जोसुकैका लागि महत्त्वपूर्ण स्रोत सामग्रीका रूपमा रहेको छ। नेपालको मानवअधिकार अवस्था र त्यसको प्रयोगबारे सार्वजनिक रूपमा जानकारी पस्किने इन्सेकको यो प्रयास अत्यन्तै सराहनीय छ। मानवअधिकार अभिलेखन गर्नु कठिन कार्य भएकाले यस पुस्तकमा समेटिएका विषयसम्बन्धी जानकारी आफैंमा महत्त्वपूर्ण रहेको हुनाले भविष्यमा प्रकाशित हुने नेपाल मानवअधिकार वर्षपुस्तक अझै व्यावहारिक र प्रमाणिक बन्न सकोस्।

बुद्धनारायण साहनी केवट
क्षेत्रीय प्रमुख, राष्ट्रिय मानवअधिकार आयोग,
क्षेत्रीय कार्यालय, जनकपुर

नेपाल मानवअधिकार वर्षपुस्तक देशमा वर्षभरि भएका मानवअधिकार उल्लङ्घन एवम् घटनाको समग्र चित्रण गर्ने एउटा निष्पक्ष दस्तावेज हो। यस पुस्तकको अध्ययनबाट सम्बन्धित व्यक्ति एवम् पदाधिकारीलगायत सम्पूर्ण इच्छुक व्यक्तिले सहज एवम् सरल रूपमा अधिकांश घटनाका बारेमा जानकारी प्राप्त गर्न सक्दछ। साथै, मानवअधिकार उल्लङ्घन एवम् आपराधिक घटनाको रोकथाम र न्यूनीकरण गर्नका लागि पनि राज्यका अङ्ग एवम् पदाधिकारीहरूलाई दबाब सिंजना गर्दछ। त्यसैले पनि यो दस्तावेज आफैंमा महत्त्वपूर्ण छ। यस पुस्तकको पाना थपिँदै गइरहेको परिवेशमा मानवअधिकार उल्लङ्घनको घटनामा वृद्धि हुँदै गएको बुझ्नुपर्ने हुन्छ। त्यसैले सम्बन्धित सबैले आफ्नो कर्तव्य एवम् सीमाभित्र बसेर आफ्नो जिम्मेवारी निर्वाह गर्दै जाने हो भने यसमा सुधार हुँदै जानेछ भनी अपेक्षा राख्न सकिन्छ।

राजकुमार महासेठ
अधिवक्ता, एडभोकेसी फोरम, धनुषा

इन्सेकले प्रकाशित गर्ने नेपाल मानवअधिकार वर्षपुस्तक एउटा ऐतिहासिक दस्तावेजका रूपमा रहेको छ। प्रकाशित घटनाले पीडकलाई निरुत्साहित र पीडितलाई न्याय दिलाउन सहयोग पुगेको छ। जनता र प्रहरी एकअर्काका सहयोगी हुन् र हुनुपर्छ।

रवीन्द्रबहादुर धानुक,
एसपी, जिल्ला प्रहरी कार्यालय, सर्लाही

नेपाल मानवअधिकार वर्षपुस्तकले देशभरिका मानवअधिकारसँग सम्बन्धित घटनालाई लिपिबद्ध गरी सबैसामु प्रस्तुत गर्दै आइरहेको छ। मानवअधिकारको सम्मान र संवर्द्धन गर्न र सबैलाई पाठ सिकाउन इन्सेकले सराहनीय भूमिका निर्वाह गरेको छ। अतः मानवअधिकारसम्बन्धी विभिन्न पुस्तकहरू प्रकाशन गरेर इन्सेकले सबैलाई अध्ययन र अनुसन्धान गर्न बाटो देखाएको छ।

जङ्गीलाल यादव, संविधानसभा सभासद् एवम्
जिल्ला अध्यक्ष, तमलोपा नेपाल, सर्लाही

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्दै आइरहेको नेपाल मानवअधिकार वर्षपुस्तकले देशको वास्तविक मानवअधिकारको अवस्थाका बारेमा उजागर गरेको छ। यस पुस्तक प्रकाशनका कारणले मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई न्यायको कठघरामा उभ्याउन मद्दत पुगेको छ। देशमा अहिले दण्डहीनताको अवस्था विद्यमान रहेकाले यस पुस्तकले कुनै समयमा पनि पीडकलाई कारबाही गर्न र पीडितलाई न्याय दिलाउनका लागि सहयोग पुऱ्याउनेछ।

राजनारायण साह
उपाध्यक्ष, एमाले जिल्ला कमिटी, सर्लाही

नेपाल मानवअधिकार वर्षपुस्तकमा प्रकाशित घटनाले पीडकलाई निरुत्साहित र पीडितलाई राहत पुऱ्याउने गरेको छ। पुस्तकमा प्रकाशित घटनाले इन्सेकले विश्वास आर्जन गर्न सफल भएको छ। इन्सेकले प्रकाशित गर्ने नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकारको क्षेत्रमा एक ऐतिहासिक दस्तावेजका रूपमा रहेको छ।

लक्ष्मण राय, सभापति
नेपाली काङ्ग्रेस, जिल्ला कार्यसमिति, सर्लाही

इन्सेक मानवअधिकार आन्दोलनको एक पर्याय हो। इन्सेकले मानवअधिकारको सवालमा राज्य पक्षलाई सजग बनाई पीडित पक्षलाई राहत र पीडकलाई निरुत्साहित बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। हरेक वर्षझैं यस वर्ष पनि पुस्तक प्रकाशन हुन लागेकामा हार्दिक शुभकामना व्यक्त गर्दछु।

कमल बुढाथोकी
सहइन्चार्ज, एकीकृत नेकपा माओवादी, सर्लाही

यस वर्ष महिला हिंसाका घटनाहरू बढी देखिएको र घटनामा संलग्न पीडकहरूलाई कारबाही नभएको देख्दा आगामी दिन झन् कहालीलाग्दो स्थिति रहने आभास हुन्छ। पीडितले न्याय नपाएकाले दण्डहीनताले झन् प्रश्रय पाउने स्थिति देखियो । यसमा राज्यपक्ष बढी जिम्मेवार हुनुपर्छ। इन्सेकले प्रकाशित गर्ने पुस्तकको महत्त्वपूर्ण भूमिका छ, पुस्तक प्रकाशनको शुभकामना व्यक्त गर्दछौं।

प्रमोद साह
संयोजक, स्थानीय शान्ति समिति, सर्लाही

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार संरक्षण र संवर्द्धन गर्न सहयोगीको भूमिका निर्वाह गरेको छ। इन्सेकले घटनाहरूप्रति आग्रह/पूर्वाग्रह नराखी सही, सत्य र तथ्य कुराहरू मात्रै प्रकाशन गर्नुपर्दछ। त्यसो

हुनसके आगामी दिनमा यस पुस्तकको विश्वसनीयता र प्रभावकारितामा वृद्धि हुनेछ।

बासुप्रसाद काफ्ले
सहायक प्रमुख जिल्ला अधिकारी, सिन्धुली

नेपाल मानवअधिकार वर्षपुस्तकमा प्रकाशन गरिने घटनामा शब्द चयनमा ख्याल गर्नुपर्दछ। हामी राजनीतिक पार्टीप्रति नकारात्मक बन्दै गएका छौं। नेपाल मानवअधिकार वर्षपुस्तकमा प्रकाशन गर्ने घटनाहरूमा राजनीतिक पार्टीलाई आक्षेप लगाउँदा राम्रो हुँदैन। व्यक्तिले गरेका घटनामा व्यक्तिलाई नै राखियोस्। पार्टी-पार्टी छुट्याएर घटना नराख्दा राम्रो हुन्छ।

रामहरि शर्मा काफ्ले
जिल्ला न्यायाधिवक्ता, सिन्धुली

सिन्धुली जिल्लामा घरेलु हिंसाका घटनाहरू धेरै भएका छन्। महिला सेललाई व्यवस्थित गर्न सके घरेलु हिंसाका घटनालाई अझै व्यवस्थित ढङ्गले अभिलेखीकरण गर्न र घटनामा कमी ल्याउन सकिन्छ। महिला सुरक्षा भवनलाई व्यवस्थित गर्नेतर्फ प्रयास भइरहेको र राजनीतिक दललगायत सबै क्षेत्रबाट माथिल्लो निकायमा वकालत गर्न आवश्यक छ।

नरेन्द्रप्रसाद उप्रेती
एसपी, जिल्ला प्रहरी कार्यालय, सिन्धुली

इन्सेकद्वारा प्रकाशित हुने नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको संरक्षण गर्नेतर्फ भूमिका निर्वाह गरेको छ। घटनाहरू इन्सेकको पुस्तकमा लेख्नुभन्दा अगाडि अदालतमा परेका मुद्दाको मिसिलहरू हेरेर सोही अनुसार प्रतिवेदन तयार गर्दा अझ तथ्यपरक हुने भएकाले इन्सेकले बाहिर आएका हल्लाभन्दा आधिकारिक कागजातलाई आधार मान्नुपर्दछ।

मनोजकुमार श्रीवास्तव
श्रेस्तेदार, जिल्ला अदालत, सिन्धुली

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तकको प्रकाशनलाई विगतदेखि निरन्तरता दिएर आमनागरिकको मानवअधिकारको संरक्षणमा ठूलो भूमिका निर्वाह गरेको छ। नेपाल मानवअधिकार वर्षपुस्तकमा धेरै कुरा समेटिएका छन्। गाउँघरमा धेरै घटनाहरू मिलाउने गरिएका छन्। त्यस्ता घटनाहरूलाई पनि खोजेर पुस्तककमा समेट्दा राम्रो हुन्छ। घटनाहरू जस्ताको तस्तै आउनुपर्छ। व्यक्तिले गरेका घटनामा राजनीतिक दललाई मुछ्नु हुँदैन।

प्रदीप कटुवाल
अध्यक्ष, नेकपा एमाले, सिन्धुली

नेपाल मानवअधिकार वर्षपुस्तकले घटनाहरूलाई समेटेर देशको समग्र मानवअधिकारको अवस्थाको चित्रण गरेको छ। जिल्लाका घटनाहरू समेटेर प्रतिवेदन तयार गरिएको पाएँ। समाजमा अधिकारको उल्लङ्घनका थुप्रै घटना छन्। सामाजिक संरचनाका कारण धेरै घटना बाहिर सतहमा आउन नसकेका कारण घटनाहरू छुट्ने गरेका छन्। व्यक्तिगत हत्या र आत्महत्याका घटनाहरूको पनि भित्री कारण मानवअधिकारसँग सम्बन्धित हुने भएको र यो पुस्तकमा यस्ता घटना समेटिएका छैनन्। यस्ता घटनाहरू पनि समेट्न सुझाव दिन्छु। इन्सेकको पुस्तक मानवअधिकारको संरक्षणमा सकारात्मक रहेको छ। यसलाई अझै यथार्थपरक बनाउन आवश्यक छ।

सुरदबहादुर स्याङ्तान
कार्यालय सचिव, एकीकृत नेकपा माओवादी, सिन्धुली

इन्सेकले घटना समेट्ने प्रयास गरेको छ। गाउँमा धेरै घटनाहरू भएका छन्। जनताले राज्यमा सरकार रहेको अनुभूति गर्न पाएका छैनन्। संविधानसभाको निर्वाचनका समयमा हामीलाई देख्नासाथै गिरफ्तार गर्न आदेश दिने सरकारले सबैभन्दा बढी मानवअधिकारको उल्लङ्घन गरेको छ। यो कुरालाई पनि नेपाल मानवअधिकार वर्षपुस्तकमा उल्लेख गरिनु पर्दछ। धेरै कुरा लुकेका छन्। हरेक नागरिक असुरक्षित छ। प्रत्येक नागरिकको मानवअधिकार खोसिएको छ। महिलाअधिकार, बालअधिकारलगायत अधिकारका कुरा राज्यको व्यवस्थासँग जोडिएका हुन्छन्। समतामूलक समाजबिना अधिकार प्राप्ति असम्भव छ।

विनोद दाहाल
जिल्ला सचिव, नेकपा-माओवादी, सिन्धुली

नेपाल मानवअधिकार वर्षपुस्तकमा प्रतिनिधिमूलक घटनाहरू मात्रै आएका छन्। यीभन्दा धेरै घटना गाउँमा छन्। ग्रामीण महिलाहरू अहिले पनि उजुरी गर्न आउन सक्ने अवस्था नभएका कारण घटनाहरू ओझेलमा पर्ने गरेका छन्। राजनीतिक दल तथा विभिन्न शक्ति केन्द्रहरूको हस्तक्षेपका कारण दण्डहीनता बढेको छ। बहुविवाह, बलात्कारजस्ता

घटनाहरू पनि मेलमिलाप गराएर महिलाप्रति अन्याय गरिएको अवस्था छ। यस्ता घटनाहरूको वकालत गर्दा मानवअधिकार रक्षकहरू नै खतरामा पर्ने गरेका छौं। यो पुस्तकमा अत्यधिक घटनाहरू महिलाहरूको रहेको पाएँ। महिला हिंसाका घटनाहरू समेटेकामा इन्सेकलाई धन्यवाद दिन्छु।

सविता कोइराला, सचिव
महिला मानवअधिकार रक्षक सञ्जाल, सिन्धुली

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तकमा वर्षभरिमा भएका देशैभरका घटनालाई वास्तविक सत्यतथ्य केलाइ अभिलेख र विश्लेषण गर्न थालेको २२ वर्ष पूरा भएको छ। नेपालको शान्ति प्रक्रिया टुङ्गिने चरणमा छ। दस्तावेजका अनेक ठाउँमा मानवअधिकारको सम्मान र दण्डहीनता अन्त्यका लागि नेपाल मानवअधिकार वर्षपुस्तकले निर्वाह गरेको भूमिका सराहनीय छ। नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ मा दाइजोका नाममा भएको महिला हिंसालाई केलाएर विश्लेषण गरिएको छ। शान्ति सम्झौतामा भएका प्रावधानहरूको प्रगति विवरणसमेतको चर्चा गरिनुले यो पुस्तक शान्ति निर्माणको अभिन्न अङ्ग बनेको देखिन्छ। मानवअधिकारको संरक्षण र संवर्द्धन गर्ने अठोटका महत्त्वपूर्ण उपलब्धिसम्बन्धी विषयवस्तुहरूलाई थपेर प्रकाशन गरिएमा नेपाल मानवअधिकार वर्षपुस्तकको महत्त्व अझै बढ्ने थियो।

रुद्रबहादुर खड्का, प्रकाशक/प्रबन्ध सम्पादक,
स्वाधीन अर्धवार्षिक खबर पत्रिका
तथा अध्यक्ष, रिलेक नेपाल, जिल्ला शाखा सिन्धुली

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक नेपालको मानवअधिकार अभियानका लागि ऐतिहासिक दस्तावेज हो। दस्तावेजीकरणको हिसाबले यसको महत्त्व छ। त्यसैले नेपाल मानवअधिकार वर्षपुस्तकमा आउने घटनाहरू तथ्यपरक हुनुपर्छ। घटनाहरू तथ्यपरक हुन सकेनन् भने इतिहास बिग्रन सक्छ। इन्सेकको तथ्याङ्क सङ्कलकले यस्ता कुरामा अति ध्यान पुऱ्याउनुपर्छ। जिल्लामा मानवअधिकारको अवस्थामा सुधार आएको छ। सरकारी निकायका कर्मचारीहरूका बीचमा भएका विवादका घटनाहरू जो आन्तरिक रूपमा सम्बोधन पनि भइसकेका छन्। घटनामा संलग्नलाई आन्तरिक कारबाही पनि भइसकेको छ । त्यस्ता घटनालाई मानवअधिकार उल्लङ्घन भयो भन्ने हिसाबले नहेर्दा राम्रो हुन्छ। त्यस्ता घटनाहरू नेपाल मानवअधिकार वर्षपुस्तकमा आउँदा आमनागरिकमा पनि सकारात्मक सन्देश नजाने भएकाले त्यसतर्फ इन्सेकको ध्यान जाओस्।

गोपालप्रसाद पराजुली
प्रमुख जिल्ला अधिकारी, रामेछाप

इन्सेकले एउटा ऐतिहासिक काम गरेको छ। मानवअधिकार उल्लङ्घनका घटनाहरूको देशभरिको तथ्य एकै ठाउँमा राखेर यसबारेमा चासो राख्नेहरूलाई एउटै पुस्तकबाट सबै सूचना दिएको छ। यसका साथै देशको मानवअधिकारको अवस्था कुन वर्ष कस्तो रह्यो भन्ने कुरा हेर्नका लागि यो मात्र एउटा नेपालको ऐतिहासिक दस्तावेज बनेको छ। सङ्कलित घटनाहरू तथ्यपरक छन्। तथापि, जिल्लाका सबै क्षेत्रका सबै घटनाहरू अझै आउन सकेका छैनन्। ती घटनाहरूलाई पनि ल्याउनुपर्छ। विगतको तुलनामा मानवअधिकारविरुद्धका घटनाहरू कम भएका छन् तथापि सङ्क्रमणका नाममा अहिले पनि धेरै कुराहरू सोचेजस्तो हुन सकेको छैन। यसको व्यवस्थापनका लागि सबै पक्ष लाग्नु जरुरी छ।

आनन्द श्रेष्ठ
सचिव, नेकपा एमाले, रामेछाप

हामी अहिले सिक्ने अभ्यासमा छौं। अभ्यास गर्दा कतिपय कुराहरू बिग्रन्छन्। त्यस्ता बिग्रिएका कुराहरूबाट पाठ सिक्दै अगाडि बढ्नुपर्छ। मानवअधिकारका सवालमा हामी अहिले त्यहींनेर छौं। लोकतान्त्रिक अभ्यासका क्रममा कतिपय कमजोरीहरूलाई सच्याएर अगाडि बढ्नुपर्छ। विगतमा के भयो भन्दा पनि अब कसरी अघि बढ्न सकिन्छ भन्ने कुरालाई प्राथमिकतामा राख्नुपर्छ। विगतमा भएका कमजोरीहरूबाट पाठ सिकेर अघि बढ्नु आजको आवश्यकता हो। मानवअधिकारका सवालमा पनि यो कुरा लागू हुन्छ। हामी मानवअधिकारको संरक्षण गर्नु पर्छ भन्ने कुरामा पूर्ण प्रतिबद्ध छौं। यति हुँदाहुँदै पनि कहींकतै गल्ती भयो भने यहाँहरूबाट प्राप्त सुझावका आधारमा अघि बढ्न चाहन्छौं। नेपाल मानवअधिकार वर्षपुस्तकले यी कमजोरीहरू औंल्याउन सकोस्। मानवअधिकार संरक्षण गर्ने बाटो देखाउन सकोस्।

रमेश बस्नेत
नेता, एकीकृत नेकपा माओवादी, रामेछाप

विगतको तुलनामा मानवअधिकारको अवस्थामा धेरै सुधार आएको छ। तैपनि, अझै कतिपय सुधार हुनु आवश्यक छ। ती विषयहरूको उठान इन्सेकले गर्नुपर्छ। नेपाल मानवअधिकार वर्षपुस्तकले यी कुराहरूमा सुधारका लागि सहयोग पुऱ्याउनेछ भन्ने हामीले आशा राखेका छौँ। इन्सेकले अहिले गरिरहेको काम सराहनीय छ।

कुमार श्रेष्ठ
नेता, नेपाली काङ्ग्रेस, रामेछाप

इन्सेकले वर्षभरिका घटनाहरू सङ्कलन गरेर जिल्लामा मानवअधिकारको अवस्था कस्तो रहयो भनेर हरेक वर्ष सार्वजनिक गर्छ, यो आफैँमा महत्त्वपूर्ण काम हो। यस्तो तथ्याङ्क अरू कसैसँग पनि छैन। यसलाई हेरेर हामीले हाम्रो अवस्था कस्तो छ भनेर हर्ने र त्यसमा कसरी सुधार गर्न सकिन्छ भनी काम गर्न सक्छौँ। इन्सेकले ल्याएको रिपोर्टका आधारमा हामीले रामेछाप जिल्लामा मानवअधिकारको अवस्था सुधारका लागि के गर्ने भनेर जिल्लाको योजना नै बनाउन पनि सक्छौँ। सबै जना लाग्ने हो भने घटना कम गराउन पनि सकिन्छ। त्यसैले यसमा इन्सेक एक्लै होइन, हामी सबै लाग्नु जरुरी छ।

वीरेन्द्र श्रेष्ठ
अध्यक्ष, गैसस महासङ्घ रामेछाप

नेपाल मानवअधिकार वर्षपुस्तक यथार्थपरक र महत्त्वपूर्ण छ, प्रकाशनपूर्वको समीक्षाले अझ सत्यतथ्य खोजेको छ। मानवअधिकार संरक्षणमा पुस्तक उपयोगी छ। कानुनको कार्यान्वयनमा सबै पक्षको सकारात्मक सहयोग आवश्यक छ।

प्रह्लाद पोखरेल
प्रमुख जिल्ला अधिकारी, दोलखा

नेपाल मानवअधिकार वर्षपुस्तकमा प्रकाशित घटनाले ऐनाको काम गरेको छ। विगत वर्षको समेत वार्षिक आँकडा प्रस्तुत गर्न सकिए विगत र यस वर्षको अवस्था तुलना गर्न सकिने थियो। लाइसेन्सबिना गाडी चलाएर दुर्घटना गराउनेहरूले मानवअधिकारमाथि ज्यादती गरेका छन्, आगामी वर्षदेखि त्यस्ता घटना समेत आँकडामा आओस्। महिला तथा बालबालिका कार्यालय, अदालत, जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका घटना र मिलापत्र भएका घटनासमेत सामेल गरोस्।

सुरेश काफ्ले
डीएसपी, जिल्ला प्रहरी कार्यालय, दोलखा

इन्सेक प्रतिनिधिले हिरासतमा अनुगमन गर्ने व्यवस्था भएमा थप जानकारी पाउन सकिन्छ। झुन्डिएर र विष सेवन गरेर आत्महत्या गर्नेको सङ्ख्या बढेको छ। आगामी दिनमा यसको कारण इन्सेकले खोज्ने काम गरोस्।

चिरञ्जीवी मास्के
नागरिक समाज, संयोजक, दोलखा

नेपाल मानवअधिकार वर्षपुस्तकका कारण विगतमा बेपत्ता पारिएका परिवारले राहत पाएका छन्। विगतको तुलनामा मानवअधिकारको अवस्था राम्रो छ। राजनीतिक दलले समेत यो महत्त्वपूर्ण दस्तावेजलाई थप पूर्णता दिन सहयोग गर्नुपर्दछ। यो पुस्तकलाई राजनीतिक नजरले हेर्नु हुँदैन।

राजन सिवाकोटी, उपाध्यक्ष
नेपाल पत्रकार महासङ्घ, दोलखा शाखा, दोलखा

नेपाल मानवअधिकार वर्षपुस्तक महत्त्वपूर्ण र निष्पक्ष दस्तावेज साबित भइसकेको छ। बालबालिका र महिला हिंसाको चपेटामा बढी परेका छन्। दलितमाथिको भेदभाव लुकेको अवस्थामा छ, बाहिर निस्कन सकेको छैन, थप गहिरिनुपर्छ। राज्य स्थिर नभएसम्म हिंसा बढी हुने गर्छ, चेतना वृद्धि नभई हिंसा सहनुपर्ने हुन्छ। चेतना विस्तारका काममा इन्सेक लाग्नु पर्दछ।

हीरा थोकर
जिल्ला सचिवालय सदस्य, एमाले, दोलखा

नेपाल मानवअधिकार वर्षपुस्तक समाजको ऐना हो, यसले तेरो मेरो नभनी यथार्थ आँकडा प्रस्तुत गरेको छ र प्रकाशन पनि हुने गरेको छ। यस पुस्तकले सबैलाई कानुनी दायरामा ल्याउन सहयोग गरेको छ।

दुर्गा काफ्ले
नेपाली काङ्ग्रेस, दोलखा

नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन राम्रो छ। समयसापेक्ष छ। अनाथ, होटलमा काम गर्ने बालबालिका, बेसहाराको सवालमा कार्यक्रमसहित अघि बढ्न सक्नुपर्दछ।

ईश्वर थापा, जिल्ला सचिवालय सदस्य
एकीकृत नेकपा माओवादी, दोलखा

सबै राजनीतिक दल, सम्बन्धित सरोकारवाला निकायको सुझावबाट प्रकाशन हुने गरेको छ। यसको निरन्तरता रहोस् भन्ने कामना गर्दछु।

बलबहादुर तमाङ
जिल्ला सदस्य, राप्रपा, दोलखा

गाउँमा भएका महिला अधिकारका घटनालाई आगामी दिनमा कसरी समेट्न सकिन्छ, गाउँका सबै घटना सदरमुकामसम्म आइपुगेका छैनन्। जिल्लादेखि स्थानीय तहसम्म भएका मिलापत्रका घटना समेटियोस्।

सिर्जना कार्की
संयोजक, महिलाअधिकार रक्षक सञ्जाल, दोलखा

नेपाल मानवअधिकार वर्षपुस्तक नेपालको सन्दर्भमा निष्पक्ष दस्तावेजका रूपमा इतिहास निर्माण गर्न सफल भएको छ। अझ कतिपय यस्ता घटनाहरू छन्, जो प्रहरी वा प्रशासनसम्म पनि आएका छैनन्। सञ्चारमाध्यमको पहुँचमा पनि कम आएका छन् । विभिन्न शक्ति वा प्रभावका कारण ओझेलमा परेका त्यस्ता घटनाहरू नेपाल मानवअधिकार वर्षपुस्तकमा सङ्ग्रहित हुनु जरुरी छ। नेपाल मानवअधिकार वर्षपुस्तक पठनीय र सङ्ग्रहणीय दस्तावेजका रूपमा स्वदेश र विदेशका सरोकारवालाहरूका सामु स्थापित भइसकेको छ।

अमृतनाथ तिमल्सिना
केन्द्रीय सदस्य, प्रेस चौतारी नेपाल

नेपाल मानवअधिकार वर्षपुस्तकको तथ्याङ्कले समग्र देशको मानवअधिकार अवस्थाका बारेमा स्पष्ट पारेको छ। सायद एउटा गैरसरकारी संस्थाले गरेको प्रयासले तस्विर त आउला तर पूर्ण भने हुन सक्दैन। नेपाल मानवअधिकार वर्षपुस्तक सरकारको सहयोगी बन्न सक्छ। यही पुस्तकको रिपोर्टका आधारमा मानवअधिकारको अवस्था सुधारका लागि जिल्लाका सरोकारवालाहरूसँग छलफल गर्न सक्छौं।

रामहरि घिमिरे
उपाध्यक्ष, गैरसरकारी संस्था महासङ्घ
नेपाल, ललितपुर जिल्ला शाखा

नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गरेर इन्सेकले एउटा ऐतिहासिक काम गरेको छ। यो नेपालको मानवअधिकारको अवस्थाका बारेमा संसारभरिका अधिकारकर्मी, मानवअधिकार, लोकतन्त्र र विधिको शासनमा विश्वास गर्नेहरूका लागि पनि नेपालका तर्फबाट सन्दर्भ सामग्रीका रूपमा रहेको मैले पाएको छु। पुस्तकमा समावेश प्रतिवेदनहरू अहिलेसम्म गलत भयो भन्ने हामीले थाहा पाएका छैनौं। यो पुस्तक भावी पुस्ताका लागि पनि विगतको मानवअधिकारको अवस्था, लोकतन्त्र, मानवअधिकार र विधिको शासन अध्ययन गर्न चाहनेहरूका लागि अत्यन्तै उपयोगी भएको छ। बैठक कोठा, पुस्तकालयमा सङ्ग्रह गर्नेदेखि उच्च शिक्षा हासिल गर्ने र अनुसन्धान गर्नेहरूले समेत यो पुस्तकलाई सन्दर्भसामग्रीका रूपमा प्रयोग गरेको मैले पाएको छु।

भवानीप्रसाद खरेल, महासचिव
राष्ट्रिय मानवअधिकार प्रतिष्ठान, काठमाडौं

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक सम्पूर्ण नागरिक र राज्यका लागि उपयोगी छ। पुस्तकले घटना हुन नदिनेप्रति सजग र सचेत गराउँदै आएको छ। दोषीलाई कानुनी कठघरामा ल्याउन सघाउ पुऱ्याउँदै आएको छ। मानवअधिकार उल्लङ्घनका घटना कस्ता हुन्छन् भनेर आमनागरिक र राज्यलाई जानकारी गराउन पुलको काम गरेको छ।

दिनेश भट्टराई,
प्रमुख जिल्ला अधिकारी, बारा

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तकले 'वाचडग'का रूपमा काम गरेको छ। लुकेका मानवअधिकारसँग सम्बन्धित घटना उजागर गर्दै आएको छ र दण्डहीनतालाई अन्त्य गर्न सहयोग पुऱ्याइरहेको छ। मानवअधिकार उल्लङ्घनकर्तालाई निरुत्साहित पार्ने काम यस पुस्तकले गरिरहेको छ।

ईश्वरबाबु कार्की
एसपी, जिल्ला प्रहरी कार्यालय, बारा

देशैभरिका मानवअधिकार उल्लङ्घनका घटनाहरू समेटेर प्रकाशित भइरहेको नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत भरपर्दो र विस्तृत तथ्याङ्क राख्न इन्सेक सफल भएको छ। यो तथ्याङ्कले मानवअधिकार उल्लङ्घनकर्तालाई कानुनी दायरामा ल्याउन र पीडितलाई न्याय दिने कार्यमा फलदायी छ र मानवअधिकार उल्लङ्घनका घटना दोहोरिन नदिन राज्य तथा नागरिकलाई सुसूचित गराउने काम गरिरहेको छ।

रोशनकुमार भट्टराई
श्रेस्तेदार, जिल्ला अदालत, बारा

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटना रोक्नेतिर सम्बन्धित सबैलाई प्रेरित गरिरहेको छ। मानवअधिकार उल्लङ्घनका घटना भएपछि आरोपित कानुनी दायरामा आयो कि आएन भन्ने सन्देश दिइरहेको छ। कानुनपालना कति भयो/भएन भन्ने चित्रण यस पुस्तकले गरिरहेको छ। कानुन उल्लङ्घन र मानवअधिकार पालना गराउन दबाबमूलक र चेतनामूलक भूमिका पुस्तकले निर्वाह गरिरहेको छ।

गोविन्दप्रसाद उपाध्याय , जिल्ला न्यायाधिवक्ता
जिल्ला सरकारी वकिलको कार्यालय, बारा

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तकमा मानवअधिकार उल्लङ्घनका घटना यथार्थ चित्रण गरिएको हुन्छ। उल्लङ्घनकर्तालाई सजग तुल्याउने काम यस पुस्तकले गरेको छ। देश र समाजप्रति उत्तरदायी भएर मानवअधिकार उल्लङ्घनका घटना झल्काउने काम गरिरहेको छ। आर्थिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक स्वतन्त्रता के हो भनेर स्पष्ट ढङ्गले समेटेर चिनाउने काम यस पुस्तकले गरिरहेको छ र यी सबै अधिकार तथा स्वतन्त्रता कायम गराउन अग्रणी भूमिका निर्वाह गरिरहेको छ।

बलवीर चौधरी
अध्यक्ष एवम् सभासद्, नेकपा एमाले, बारा

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक नागरिकका लागि राज्यबाट प्रत्याभूत अधिकार रक्षामा सहयोगी छ। मानवअधिकार उल्लङ्घनका घटनालाई सार्वजनिक गरेर सुसूचित गराउने काम गरिरहेको छ। विश्वस्तरमै इन्सेकको यो काम सराहनीय छ। सूचना प्रवाह गरेर मानवअधिकार उल्लङ्घनका घटनामा कमी ल्याउने काम गरिरहेको छ।

राधेचन्द्र यादव
संविधानसभा सदस्य एवम् जिल्ला सभापति,
नेपाली काङ्ग्रेस, बारा

नेपाल मानवअधिकार वर्षपुस्तकले मानवविरोधी हुने सबै खाले हिंसालाई न्यूनीकरण गर्ने काम गरिरहेको छ। कतिपय पीडितले यस पुस्तकको माध्यमबाट न्याय पाइरहेका छन् र नेपाल सरकारलाई मार्गदर्शन दिएको छ। समाजका विकृति, विसङ्गति र गैरकानुनी कार्यलाई निरुत्साहित गर्ने काम यस पुस्तकले गरेको छ। यस पुस्तकका माध्यमले सरकारी निकायलाई काम गर्न प्रेरित गरेको छ।

राजनारायण साह
अध्यक्ष, राप्रपा नेपाल, बारा

नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाबारे अभिलेखीकरण गरेकोप्रति खुसी लागेको छ। भविष्यमा मानवविरोधी घटना हुन नदिन यस पुस्तकले ऐनाका रूपमा काम गरिरहेको छ। महिला, बालबालिकालगायतका विषयमा उठान गरेका मुद्दाहरू सराहनीय छन्। मानवअधिकार रक्षाका लागि यो पुस्तक सहयोगी छ।

रामबाबु यादव
अध्यक्ष, मधेसी जनधिकार फोरम, नेपाल, बारा

पछिसम्मका लागि नेपाल मानवअधिकार वर्षपुस्तक स्रोत पुस्तकका रूपमा रहन्छ। मानवअधिकारसँग जोडिएका घटना वा समग्रमा नेपालको मानवअधिकारको अवस्था बुझ्नका लागि नेपाल मानवअधिकार वर्षपुस्तक महत्त्वपूर्ण छँदैछ। त्यसभन्दा पनि त्यसमा सत्यतथ्य कुराहरू समावेश हुने भएकाले हामीलाई कसरी राम्रो काम गर्ने भन्ने कुरामा निर्देश गर्नुका साथै उत्प्रेरित पनि गर्दछ।

धीरजप्रताप सिंह
एसपी, जिल्ला प्रहरी कार्यालय, पर्सा

नेपाल मानवअधिकार वर्षपुस्तकले समग्र मानवअधिकारको अवस्थाको अभिलेखीकरण गरेको हुन्छ। नेपाल सरकारले मानवअधिकारको क्षेत्रमा गरेका र गर्न बाँकी रहेका कामसमेतलाई यसले समेटेर स्मरणमा राखिदिने काम गरेको छ। त्यसभन्दा पनि शान्तिसुरक्षा कायम गर्ने क्रममा हामीजस्ता प्रशासकलाई यसले धेरै ठूलो सहयोग गरेको हुन्छ। सरुवा भएर जुन जिल्लामा गयो, त्यहाँको अवस्था बुझ्न हामीलाई पनि नेपाल मानवअधिकार वर्षपुस्तक नै चाहिन्छ।

कैलाशकुमार बजिमय
प्रमुख जिल्ला अधिकारी, पर्सा

नेपाल मानवअधिकार वर्षपुस्तकले मुलुकको मानवअधिकारको अवस्थाको विषयमा वार्षिकरूपमा समीक्षा गरेको हुन्छ, यो सराहनीय काम हो। नेपाल

मानवअधिकार वर्षपुस्तकले शासकीय अङ्गहरूलाई पनि जिम्मेवार बनाउने काममा मद्दत पुगेको हुन्छ, जसले गर्दा उनीहरू मानवअधिकारको विषयमा संवेदनशील हुने अवस्था आएको छ।

सुरेन्द्र चौधरी
संविधानसभा सदस्य, पर्सा-४ एवम् सभापति,
नेपाली काङ्ग्रेस, पर्सा

नेपाल मानवअधिकार वर्षपुस्तक नेपालको मानवअधिकारको अवस्था कस्तो छ भनेर हेरिने ऐना हो। सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमै नागरिकलाई धेरै कुरा दिने कबुल गरेको छ तर व्यवहारामा दिन सकेको देखिँदैन । सरकारले यस्तो गर्न हुँदैन भनेर नेपाल मानवअधिकार वर्षपुस्तकले खबरदारी पनि गरेको पाइन्छ। समग्रमा राज्यलाई नागरिकको अधिकारप्रति जिम्मेवार र जवाफदेही बनाउन नेपाल मानवअधिकार वर्षपुस्तकले राम्रो भूमिका निर्वाह गरेको छ।

प्रह्लाद गिरी
संयोजक, एकीकृत नेकपा माओवादी, पर्सा

राज्यले मानवअधिकार कति उल्लङ्घन गऱ्यो, मुलुकमा अपराध कति भयो, अपराधीहरूलाई कानुनको दायरामा ल्याउन राज्य कति सफल भयो अर्थात् मानवअधिकारको प्रत्यभूति दिन राज्य कति जिम्मेवार छ भनेर हेर्नुपऱ्यो भने इन्सेकले प्रकाशन गर्ने नेपाल मानवअधिकार वर्षपुस्तक नै एउटा यस्तो दस्तावेज हो, जसबाट हामीले मुलुकको मानवअधिकारको अवस्था नियाल्न सक्छौँ। यस अर्थमा नेपाल मानवअधिकार वर्षपुस्तक ऐतिहासिक दस्तावेज हो भन्न सकिन्छ।

चिरञ्जीवी आचार्य
संयोजक, नेकपा एमाले, पर्सा

नेपाल मानवअधिकार वर्षपुस्तकले देशको हरेक स्थानको मानवअधिकारको स्थितिका बारेमा सबै जनतामाझ सार्वजनिक गरेको छ। प्रत्येक नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकारका सवालका घटनाहरू हाम्रासामु प्रकाशन गर्नाले राज्यका जिम्मेवार निकायलाई संवेदनशील बनाउँछ। अघिल्लो नेपाल मानवअधिकार वर्षपुस्तकको तुलनामा यस वर्ष बढी हिंसाका घटनाहरूको अभिलेखीकरण तुलनात्मकरूपमा वृद्धि भएको पाइन्छ। यसरी देशव्यापी रूपमा राज्यपक्ष र गैरराज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई इन्सेकले जनतामाझ ल्याउन गरेको प्रयास सराहनीय र स्वागतयोग्य छ।

खेमराज पाठक
जिल्ला सरकारी वकिल कार्यालय, चितवन

मानवअधिकार सर्वव्यापी, सर्वमान्य, नैसर्गिक, आदरणीय र अविभाज्य विषय भएको र यो शिक्षाको अधिकारदेखि विकासको अधिकारसम्म, स्वच्छ वातावरणको अधिकारदेखि मर्न पाउने अधिकारसम्म, स्वास्थ्यको अधिकारदेखि शान्तिको अधिकारसम्म विभिन्न आयामहरूमा स्थापित भइरहेको अवस्थामा इन्सेकद्वारा हरेक वर्ष प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकारको संरक्षण र संवर्द्धनमा महत्त्वपूर्ण एवम् प्रशंसनीय रहेको छ र रहने अपेक्षा गर्दछु। सो कार्यमा निरन्तर मिहिनेतका साथ लाग्ने इन्सेकका जिल्ला प्रतिनिधिहरू एवम् अन्य व्यक्तिहरूको कार्य जिल्लामा सराहनीय रहेको देखिएको छ।

विद्याराज पौडेल
श्रेस्तेदार, जिल्ला अदालत, चितवन

इन्सेकले लामो समयदेखि वार्षिक रूपमा प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तकलाई मैले ऐतिहासिक दस्तावेजका रूपमा लिएको छु। सूचना र तथ्याङ्कमा केन्द्रित रहने सञ्चार क्षेत्रलाई यो पुस्तक भरपर्दो स्रोत बनेको छ। नेपालको मानवअधिकारको क्षेत्रमा सबैका लागि सधैँका लागि नेपाल मानवअधिकार वर्षपुस्तक दर्पण बनेको छ। पीडितहरूको प्रमाणको सँगालो पनि बनेको छ। अन्य क्षेत्रमा विषय केन्द्रित भएर काम गर्ने जिल्ला तहसम्म पहुँच रहेका राष्ट्रियस्तरका संस्थाहरूले पनि यो कार्यको अनुकरण गर्न योग्य ठान्छु।

राधेश्याम खतिवडा
सचिव, नेपाल पत्रकार महासङ्घ, चितवन शाखा

वर्षभरिका मानवअधिकार हनन, ज्यादती एवम् आपराधिक घटनाहरूलाई सूक्ष्मरूपले विश्लेषण गरी नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्ने कार्य ज्यादै नै सराहनीय छ। मानवअधिकारसँग सम्बन्धित राज्यका सरोकारवाला निकायहरूको जिम्मेवारीमा यस पुस्तकले अझ बढी दायित्वबोधको दबाब सिर्जना त गरेकै छ, साथसाथै आमनागरिकलाई पनि सुसूचित गरेको छ।

नकुल पोखरेल, डीएसपी
इलाका प्रहरी कार्यालय रत्ननगर टाँडी, चितवन

नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको सत्यतथ्य घटनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा उजागर गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ र निरन्तर रूपमा आफ्नो अभियान उचाइमा पुऱ्याउन सफल रहोस्। आगामी प्रकाशनमा समीक्षाका क्रममा उठेका विषय के कति समेट्न सकियो/सकिएन, सोबारे प्रकाशन हुन सके अझ प्रभावकारी हुने थियो।

राजकुमार श्रेष्ठ
अध्यक्ष, जिल्ला अदालत, बार एसोसिएसन, चितवन

यस पुस्तक प्रकाशनबाट मानवअधिकार उल्लङ्घन एवम् ज्यादतीका घटनाहरू न्यूनीकरण गर्न राज्य तथा सम्बन्धित पक्षलाई सहयोग पुग्ने आशा लिएको छु। निष्पक्ष एवम् सत्यतथ्य घटनाहरू समावेश गरी प्रकाशन गर्ने र सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने इन्सेकको यो प्रयासको सराहना गर्दै आगामी दिनमा यस किसिमका घटनाहरू बाहिर ल्याउने काम निरन्तर रहिरहोस्।

राजेन्द्र पौडेल
सभापति, मानवअधिकार तथा शान्ति समाज, चितवन शाखा

मानवको स्वतन्त्रतापूर्वक बाँच्ने र व्यवसाय गर्न र हिँड्डुल गर्न पाउने प्राकृतिक एवम् नैसर्गिक अधिकारहरूउपर भएका अतिक्रमणलाई न्यूनीकरण गर्ने कार्यमा यस पुस्तकको योगदान रहँदै आएको छ। यो पुस्तक मुलुकको मानवअधिकारको अवस्थाको ऐना बन्न सफल होस्।

एकनारायण अर्याल
प्रमुख जिल्ला अधिकारी, मकवानपुर

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार उल्लङ्घनका घटना सम्बन्धमा चासो र अनुसन्धान गर्ने व्यक्ति र समुदायलाई महत्त्वपूर्ण दस्तावेज साबित भएको छ। यो पुस्तकले प्रहरी सङ्गठनलाई मानवअधिकारप्रति सचेत र सजग बनाउने काम गरेको छ।

गणेशबहादुर ऐर
एसपी, जिल्ला प्रहरी कार्यालय मकवानपुर

पुस्तकले राज्य र गैरराज्य दुवै पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सार्वजनिक गर्न मद्दत पुगेको छ। पुस्तक प्रकाशनको कार्यले निरन्तरता पाइरहोस्।

रघुरमण न्यौपाने
सभापति, नेपाली काङ्ग्रेस, मकवानपुर

यो पुस्तक मुख्यगरी राज्य र गैरराज्यपक्षबाट भएका मानवअधिकार हननका घटनाहरूको सँगालो हो। यो पुस्तकले मुलुक कुन दिशातिर लम्किरहेको छ भन्ने कुरा जानकारी गराउँछ। यो पुस्तक आगामी दिनमा अझै परिस्कृत हुँदै अघि बढोस्।

रामेश्वर राना
अध्यक्ष, नेकपा एमाले, मकवानपुर

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकारका सबै विषयलाई समेटेर सन्तुलित ढङ्गले प्रकाशित हुनुपर्छ। पुस्तक आग्रह र पूर्वाग्रहबाट मुक्त हुनुपर्छ। यो पुस्तक पढ्दा मुलुकको मानवअधिकारको अवस्था छर्लङ्ग होस्। यस्तो कार्यले निरन्तरता पाइरहोस्।

सोनाम सिंह स्याङतान (विजय)
इन्चार्ज, एकीकृत नेकपा माओवादी, मकवानपुर

नेपाल मानवअधिकार वर्षपुस्तक पठनीय छ। यो पूर्वाग्रहमुक्त भएर निरन्तर रूपमा प्रकाशित भइरहोस्। यही शुभकामना छ।

नवराज विष्ट
अध्यक्ष, राप्रपा नेपाल, मकवानपुर

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तकले मुलुकको मानवअधिकारका अवस्थाका बारेमा जानकारी गराउनुका साथै मानवअधिकारमैत्री बन्न सबैलाई प्रेरित पनि गरेको छ।

कुमारी मोक्तान
इन्चार्ज, नेकपा-माओवादी, मकवानपुर

नेपाल मानवअधिकार वर्षपुस्तकले मुलुकको मानवअधिकारको समग्र चित्रण गर्न सफल भएको छ। यसले मुलुकमा कुन-कुन पक्षबाट मानवअधिकारको उल्लङ्घन भएको छ भन्ने कुरा सार्वजनिक गर्नुका साथै पीडकलाई कारबाही गर्न र गराउन दबाब दिने काम

गर्दै आएको छ। यो कार्यले निरन्तरता पाइरहोस्।

मदन दाहाल
अध्यक्ष, पुनरावेदन अदालत बार एसोसिएसन, हेटौँडा

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तकको प्रकाशन गरेर अत्यन्त महत्त्वपूर्ण कार्य गर्दै आएको छ। समाजमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीको अवस्थालाई उजागर गरी राज्यलाई जवाफदेही बनाउन यस अभियानले मद्दत पुऱ्याएको छ। विगतमा यस्ता विषयलाई राम्रोसँग समिटिएको छ भने नेपाल मानवअधिकार वर्षपुस्तक-२०१४ ले पनि यस्ता कुरामा ध्यान दिन्छ भन्नेमा आफूलाई विश्वास छ। मानवअधिकारका विषयमा ज्ञान र सूचना लिन चाहनेहरूका लागि यो पुस्तक निकै फलदायी छ।

नन्दीकेशर त्रिपाठी
सहायक प्रमुख जिल्ला अधिकारी, काभ्रे

नेपाल मानवअधिकार वर्षपुस्तक-२०१३ पढ्न पाउँदा खुसी लाग्यो। यस पुस्तकले नेपालमा भएका मानवअधिकार हननका सम्पूर्ण घटना समेटेको छ। यो पुस्तकबाट साँच्चै नै प्रहरी निकायबाट कसरी अपराधका घटनालाई न्यूनीकरणका प्रयास भएका छन् भन्ने अवस्थाको चित्रण गरेको छ। भविष्यमा योजना निर्माण अध्ययन-अनुसन्धानका लागि यो पुस्तकले ठूलो मद्दत पुऱ्याउनेछ। अझै यस पुस्तकलाई परिमार्जित गरी सम्पूर्ण घटनालाई समेटेर प्रकाशन गर्न सफल हुनुहोस् भन्ने शुभकामना दिन चाहन्छु।

अरूण बीसी
एसपी, जिल्ला प्रहरी कार्यालय, काभ्रे

विगतमा चेतनाका कमीका कारण महिला हिंसाका घटना भए पनि बाहिर आउन सकेका थिएनन्। महिला हिंसाका सवाललाई नेपाल मानवअधिकार वर्षपुस्तकले अझै महत्त्वका साथ उठान गर्नुपर्छ भन्ने मेरो सुझाव छ।

लक्ष्मी शाह
प्रमुख, महिला विकास अधिकृत, महिला तथा बालबालिका कार्यालय, काभ्रे

नेपाल मानवअधिकार वर्षपुस्तक-२०१४ प्रकाशन गर्न लाग्नुभएकामा इन्सेकलाई शुभकामना छ। वास्तविक तथ्याङ्क सङ्कलन गरी यसलाई स्थानगत, विषयगत, घटना अनुसार विश्लेषण गरी त्यसमा सरोकारवालाहरूबीच छलफल गरी पुस्तक प्रकाशन गर्नु निकै प्रशंसनीय काम हो। यो पुस्तकले मानवअधिकार उल्लङ्घनका घटना रोकथामका लागि ठूलो मद्दत गर्दछ।

महेशकुमार पोखरेल
जेलर, जिल्ला कारागार कार्यालय, काभ्रे

नेपाल मानवअधिकार वर्षपुस्तक-२०१४ प्रकाशित गर्न लागेकामा अत्यन्त खुसी लागेको छ। इन्सेकले विगत २२ वर्षदेखि मुलुकको मानवअधिकार अवस्थाका विषयमा निरन्तर पुस्तक प्रकाशित गरी मानवअधिकार उल्लङ्घन र ज्यादतीको अवस्थालाई चित्रण गरेको छ। राज्यका निकायहरूले निर्वाह गर्नुपर्ने भूमिकालाई प्रभावकारी तुल्याउने सन्दर्भमा यो काम अत्यन्त सकारात्मक छ। नेपाल मानवअधिकार वर्षपुस्तक-२०१३ ले मानवअधिकारको अवस्थालाई वास्तविक एवम् प्रभावकारी रूपमा चित्रण गरेको छ। आगामी दिनमा अझै इन्सेकको भूमिका प्रभावकारी हुन्छ भन्ने मेरो अपेक्षा छ।

नवराज बडाल
अध्यक्ष, नेपाल बार एसोसिएसन, काभ्रे

नेपाल मानवअधिकार वर्षपुस्तक-२०१३ मा समग्र मानवअधिकारको अवस्थाका बारेमा दिइएको जानकारी प्रशंसनीय एवम् अनुकरणीय छ। यस्ता प्रकाशनले प्रणाली स्थापना एवम् कानुनी प्रक्रियाका लागि सहयोग र सम्वर्द्धन गर्न उल्लेखनीय भूमिका निर्वाह गर्दछ।

जयराम कर्माचार्य, बालअधिकार अधिकृत
जिल्ला बालकल्याण समिति, काभ्रे

इन्सेकले मानवअधिकारका घटनाहरू उल्लेख गरी प्रकाशन गरेको नेपाल मानवअधिकार वर्षपुस्तक हेर्ने मौका मिल्यो। मानवअधिकार उल्लङ्घनका घटना सङ्कलन तथा विश्लेषण गर्दा जिल्लामा कार्यरत मानवअधिकारवादी सङ्घ सङ्गठनहरूसँग छलफल गरी घटनाको अद्यावधिक गर्नु सराहनीय कार्य हो। एउटा संस्थाको अथक् प्रयास प्रसंशनीय रहेको छ। यस संस्थाले आगामी दिनमा प्रगति गर्दै जाओस् भन्ने कामना गर्दछु।

किरण नेउपाने, उपसभापति
नेपाली काङ्ग्रेस १ नम्बर क्षेत्रीय समिति, भक्तपुर

नेपाल मानवअधिकार वर्षपुस्तक वार्षिक रूपमा प्रकाशित गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

व्यक्तिहरूलाई मानवअधिकारको क्षेत्रमा सुसूचित एवम् सचेत गराउने कार्य गरेको छ। यस पुस्तकमा जिल्लागत मानवअधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाहरू समाविष्ट गरिएको छ। मानवअधिकारका अन्य निकायबाट भएका कार्यक्रमसमेत अगामी दिनमा यस पुस्तकले समेट्नेमा आशावादी छु।

प्रभाकर खनाल
अधिवक्ता, बालमनोवैज्ञानिक, भक्तपुर

नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत मानवअधिकार उल्लङ्घनका घटनाहरूका बारेमा समाजलाई सूचित गराएर मानवअधिकार संरक्षणका क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्न सकेकामा बधाइ ज्ञापन गर्दै आगामी दिनमा अझै सशक्त रूपमा मानवअधिकार रक्षाको असल पहरेदारीको भूमिका पूरा गर्न सकिरहोस् भन्ने कामना गर्दछु।

सोम शर्मा बजगाईं
अध्यक्ष, प्रेस चौतारी नेपाल, भक्तपुर

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक अध्ययन गर्दा जिल्लाभित्र भएका सम्पूर्ण घटनालाई बिनाआग्रह/पूर्वाग्रह समेट्न खोजेको देखियो। पीडितलाई न्याय र दोषीलाई कारवाही गराउनेतर्फ इन्सेकको ध्यान आकृष्ट हुन सकोस् भन्ने अपेक्षा राखेको छु। नेपाल मानवअधिकार वर्षपुस्तक सत्यतथ्यमा आधारित भएको मेरो बुझाइ छ। यसले सम्पूर्ण नेपालीहरूलाई मानवअधिकारप्रति सजग, सतर्क र सचेत रहन टेवा पुऱ्याउनेछ भन्ने कुरामा मेरो पूर्ण विश्वास छ।

रमेशराज पोखेल
जिल्ला न्यायाधीश, जिल्ला अदालत, धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ अध्ययन गर्ने अवसर मिल्यो। नेपाल मानवअधिकार वर्षपुस्तकमा उल्लिखित घटनाहरू तथ्यमा आधारित, खोजमूलक र जनता सुसूचित भएका छन्। मानवअधिकारका घटना बाहिर आएका छन्। नेपाल मानवअधिकार वर्षपुस्तकमा मतदान केन्द्रहरू कब्जा भएको विषयहरू उल्लेख गर्नका लागि अनुरोध गर्दछु। पारिवारिक कलहका घटनाहरूलाई वर्षपुस्तकमा उल्लेख नगर्न अनुरोध छ। कुनै अपराध गर्दा धेरै जनाले गर्ने र प्रहरी तथा अदालतमा थोरैले मात्र अपराध स्वीकार गरी धेरै अपराध गर्नेहरू छुटिरहेकाले नेपाल मानवअधिकार वर्षपुस्तकमा यस्ता विषयहरू खोजेर उल्लेख गर्दा अझै राम्रो हुन्छ। नेपाल मानवअधिकार वर्षपुस्तकको निरन्तरताको कामना गर्दछु।

गुरूप्रसाद बुर्लाकोटी
संविधानसभा सभासद्, धादिङ-२, धादिङ

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ प्रकाशन गरेकामा आभार प्रकट गर्दछु। नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ ले मुलुकमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको यथार्थ खोज अनुसन्धान गरी तथ्यपरक रूपमा पस्केने जुन जमर्को गरेको छ, त्यसबाट उल्लङ्घनकारीलाई सजाय तथा पीडितलाई न्याय प्राप्ति गराउन ठूलो सहयोग मिलेको छ। आग्रहपूर्वाग्रहबाट मुक्त रही सबै ठाउँमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सही र तथ्यपरक रूपमा नेपाल मानवअधिकार वर्षपुस्तकमा समेट्ने कार्यमा सफलता प्राप्त होस्।

विजय पौडेल,
सहायक प्रमुख जिल्ला अधिकारी, धादिङ

इन्सेकले मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई निरन्तर रूपमा प्रकाशन गरेर देशको मानवअधिकार अवस्थालाई विश्वसामु उजागर गरिरहेको छ। नेपालमा मानवअधिकारको अवस्थालाई सुदृढ गर्नका लागि सरकारका लागि नेपाल मानवअधिकार वर्षपुस्तक एउटा तथ्याङ्कीय प्रमाणका रूपमा लिई योजना निर्माणका लागि प्रभावकारी साधनसमेत हुने देखिन्छ। नेपाल मानवअधिकार वर्षपुस्तक परिस्कृत हुँदै गइरहेको अनुभव गरेको छु। मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई नेपाल मानवअधिकार वर्षपुस्तकले समेट्न सकेको छ। कुनै पनि व्यक्तिगत घटनाहरूलाई जब प्रहरीले मुद्दा दर्ता गर्न मान्दैन वा न्यायिक निकाय जवाफदेही बन्दैन त्यस्ता घटनाहरूको पनि खोजी गरी पुस्तकमा समेट्न सके अझै प्रभावकारी हुन सक्ने देखिन्छ। महिलामाथि हुने हिंसाका घटनालाई अझै बढी समेट्न ध्यान दिन जरुरी छ।

राधिका सापकोटा, केन्द्रीय सदस्य
महिला मानवअधिकारहरूको राष्ट्रिय सञ्जाल

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ अध्ययन गर्ने अवसर प्राप्त भयो। नेपाल प्रहरीले मानवअधिकार संरक्षणका लागि निरन्तर

काम गरिरहेको छ। महिला, बालबालिका, अपाङ्गता भएका र ज्येष्ठ नागरिकहरूको विषयलाई छिटो न्याय प्रणालीका लागि काम गर्ने र शून्य सहिष्णुताका लागि नेपाल प्रहरी क्रियाशील छ। नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनालाई उजागर गरी न्याय सम्पादनमा समेत सहयोग पुऱ्याएकाले यसको निरन्तरताको कामना गर्दछु।

अशोक सिंह
डीएसपी, जिल्ला प्रहरी कार्यालय, धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तकको पूर्वसमीक्षा कार्यक्रममार्फत सरोकारवालाहरूलाई घटनाहरूबारे जानकारी गराउने कार्य सराहनीय छ। नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको संस्कृति कायम गराउन पहल गरेको छ। आगामी दिनमा मानवअधिकार उल्लङ्घनको समीक्षा गर्न लायकका घटनाहरू उल्लेख गर्दा अझै नेपाल मानवअधिकार वर्षपुस्तक राम्रो हुने विश्वास लिएको छु।

बद्रीप्रसाद नेपाल
सहायक जिल्ला न्यायाधिवक्ता, धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तक समसामयिक र स्तरीय छ। यसलाई जिल्लाको मानवअधिकार र उल्लघङ्नका तथ्याङ्कहरू समावेश गरी जिल्लाबाट नै नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्नका लागि इन्सेकलाई आग्रह गर्दछु। विद्यालयस्तरमा हुने बालअधिकार उल्लङ्घनका घटनाहरू पनि समेटेर पुस्तकलाई प्रकाशन गर्ने व्यवस्थाका लागि अनुरोध छ।

रमा अर्याल पन्थी
सहायक जिल्ला शिक्षा अधिकारी, धादिङ

इन्सेकले प्रकाशन गर्ने नेपाल मानवअधिकार वर्षपुस्तकमा महिला हिंसाका घटनाहरू अझै धेरै समावेश गर्ने वातावरण बनाउन सुझाव दिन चाहन्छु।

भूला भण्डारी, महिला विकास अधिकृत
महिला तथा बालबालिका कार्यालय, धादिङ

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गरेकामा उच्च सम्मान गर्न चाहन्छु। महिला बालबालिका, अपाङ्गता भएकाहरूको विषयमा भएका घटनाहरू नछुटून्। इन्सेकको नेपाल मानवअधिकार वर्षपुस्तक सधैँ प्रकाशन भइरहोस्।

विनोद अर्याल
सामाजिक विकास अधिकृत, जिविस, धादिङ

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक समसामयिक छ। पूर्वाधार विकासमा राज्य र ठेकेदारहरूले काम नगर्दा पार्ने असर, सेवाप्रदायक निकायबाट हुने ढिलासुस्ती, आर्थिक प्रलोभन, आर्थिक शोषण आदि विषयका साथै विद्यालय शान्ति क्षेत्र भनिए पनि त्यहाँ हुने सबै गतिविधि नेपाल मानवअधिकार वर्षपुस्तकमा समावेश गर्दा सुनमा सुगन्ध हुन्छ।

कृष्णलाल उप्रेती
सिअहेव अधिकृत, जिल्ला अस्पताल, धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तक उपयोगी र सङ्ग्रणीय छ। पुस्तकमा सबै किसिमका घटनालाई समावेश गर्दा राम्रो हुन्छ। समग्रमा जिल्लाका घटनाहरू नछुटून् भन्ने अपेक्षा गरेको छु।

सानुबाबु तिमिल्सिना
समाचार संयोजक, रेडियो धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तकले सबै घटनालाई आधिकारिक रूपमा लिएकाले यसको निरन्तर प्रकाशन हुनुपर्‍यो। राजनीतिक दलमा महिलामाथि हुने राजनीतिक हिंसाका घटनाहरू पनि उल्लेख हुनुपर्छ

जानुका सिंखडा
अध्यक्ष, महिला सचेतन केन्द्र, धादिङ

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तकले सबैलाई फाइदा पुगेको छ। प्रत्यक्ष रूपमा घटना कसरी भयो भन्नेबारे जानकारी राख्नेहरूका लागि सजिलो भएको छ भने घटना पढेर पुराना अभिलेखहरू हेर्न र थाहा पाउन सकिन्छ।

विमला बुढाथोकी
जिल्ला प्रहरी कार्यालय, धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तकमा मानवअधिकार उल्लङ्घनका घटनाहरू प्रस्ट र निष्पक्ष रूपमा प्रस्तुत भएको पाइयो। सारोकारवालाहरूलाई यो पुस्तकले अझ बढी जिम्मेवारीपूर्वक काम गर्नका लागि मार्गदर्शन गरिरहेको छ। हाल समेटिएका विषय र विधाहरूलाई निरन्तरता दिँदै सबै नागरिकको पहुँचमा पुग्ने गरी यसको उपलब्धता भए राम्रो हुनेछ भन्ने आशा गरेको छु।

ठाकुर राई, वरिष्ठ कार्यक्रम अधिकृत
युनाइटेड मिसन टू नेपाल, धादिङ

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक नेपालको मानवअधिकारको अवस्था झल्काउने एक खालको ऐना हो। नेपालमा मानवअधिकारको संरक्षण संवर्द्धनमा उल्लेख्य भूमिका निर्वाह गर्दै आएको इन्सेकले अझ गहन अध्ययन र विश्लेषण गर्दै मानवअधिकारको संस्थागत संरक्षणका लागि जोड दिनुपर्छ।

डिल्लीराज पोखरेल, प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक

नेपाल मानवअधिकार वर्षपुस्तकमा समावेश गरिएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सङ्क्षिप्त रहेका छन्। त्यसलाई विश्लेषणात्मक बनाउन जरुरी छ।

टङ्क कार्की
जिल्ला सदस्य, नेपाली काङ्ग्रेस, सिन्धुपाल्चोक

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तकमा उल्लेख भएका मानवअधिकारसँग सम्बन्धित घटनाहरू भूगोलमा क्रियाशील भएका मानवअधिकारकर्मीहरूले प्रत्यक्षरूपमा सङ्कलन र अनुसन्धान गरेर समावेश गरेको पाइन्छ, त्यसैले नेपालका लागि यो दस्तावेज भरपर्दो र आधिकारिक रूपमा लिन सकिन्छ।

झम्क नेपाल
जिल्ला अध्यक्ष, नेकपा एमाले, सिन्धुपाल्चोक

नेपालमा मानवअधिकारको क्षेत्रमा पुऱ्याएको योगदानप्रति एकीकृत नेकपा माओवादी सिन्धुपाल्चोक इन्सेकलाई धन्यवाद दिन चाहन्छ। इन्सेक प्रतिनिधिले तयार पारेको नेपाल मानवअधिकार वर्षपुस्तकमा उल्लेख भएका घटनाहरू सत्यतथ्यमा आधारित भएकाले यो आधिकारिक मानवअधिकारको दस्तावेज हो।

टङ्कप्रसाद ढुङ्गेल, जिल्ला नेता
एकीकृत नेकपा माओवादी, सिन्धुपाल्चोक

नेपाल मानवअधिकार वर्षपुस्तकले जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका घटनाको प्रकाशन भई भावी दिनहरूमा यसतर्फ सतर्क र सचेत रहन सबैलाई प्रेरणा दिनेछ भन्ने लागेको छ।

डुल्लुराज बस्नेत
प्रमख जिल्ला अधिकारी, नुवाकोट

नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ हेर्ने मौका मिल्यो। इन्सेकले द्वन्द्वको समय होस् वा शान्ति प्रक्रियाको समयमा, मानवअधिकारको रक्षाका निम्ति सहयोग पुऱ्याउँदै आएको छ । मुलुकका कुनाकन्दराहरूमा भएका सम्पूर्ण मानवअधिकार उल्लङ्घनका घटनालाई एकीकृत रूपमा समेटेर इन्सेकले हरेक वर्ष नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको छ। नेपाल मानवअधिकार वर्षपुस्तकले निरन्तरता पाइरहोस् र स्वतस्फूर्त मानवअधिकार उल्लङ्घनसम्बन्धी यथार्थ घटनालाई लिपिबद्ध गर्दै मानवअधिकार संरक्षणको कार्यमा ठोस योगदान पुऱ्याउन सकोस्।

गौतम रिमाल
सहायक प्रमुख जिल्ला अधिकारी, रसुवा

नेपाल मानवअधिकार वर्षपुस्तकका माध्यमबाट देशभरका मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू सार्वजनिक हुँदै आएको कुरा सान्दर्भिक छ। यो निकै उत्कृष्ट काम हो। आर्थिक, सामाजिक अधिकारजस्तो महत्त्वपूर्ण कुरालाई पनि समेटेर जान आवश्यक छ। नेपाल मानवअधिकार वर्षपुस्तकले हत्या र हिंसाका मात्र नभई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उल्लङ्घनका घटनाहरू समेटोस्।

भवानी न्यौपाने
अध्यक्ष, जिल्ला भूमि अधिकार मञ्च, रसुवा

नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ अध्ययन गर्दा मुलुकको मानवअधिकारको अवस्था स्पष्ट हुन्छ। पुस्तक मानवअधिकारको तथ्याङ्कहरूको सँगालोका रूपमा छ। यो पुस्तक प्रकाशनले मानवअधिकार उल्लङ्घनका घटना न्यून गर्न उल्लेखनीय भूमिका निर्वाह गर्न सकेको छ। पुस्तक प्रकाशनले निरन्तरता पाइरहोस् भन्ने शुभकामना दिन चाहन्छु। प्रहरीमा जाहेरी नपर्ने र राज्यको जानकारीमा नआएका महिला हिंसा तथा बालअधिकारका घटनाहरू प्रकाशमा ल्याउनुपर्ने देखिन्छ।

नवराज न्यौपाने, अध्यक्ष, मानवअधिकार तथा
सामुदायिक विकास स्रोत केन्द्र, रसुवा

नेपाल मानवअधिकार वर्षपुस्तक सन् २०१३ सरसर्ती अध्ययन गर्ने मौका मिल्यो। मानवअधिकार उल्लङ्घनका सम्पूर्ण घटनाहरू एकै सँगालोमा समेटेर

प्रकाशित हुनु राम्रो पक्ष हो। पुस्तकमा विगतमा मानवअधिकार उल्लङ्घनका घटनाहरू तथ्यपरक ढङ्गबाट विश्लेषण भएको पाइयो। यस पुस्तकबाट मानवअधिकारको उल्लङ्घनकर्तालाई नैतिक दबाब परेको महसुस भएको छ। पुस्तक सङ्ग्रहणीय, पठनीय र अति उपयोगी छ।

छोवाङतेन्जिङ तामाङ
सभासद्, रसुवा

नेपाल मानवअधिकार वर्षपुस्तकमा सन् २०१३ मा मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूलाई राम्ररी विश्लेषण गरेको पाइयो। प्रकाशित हरेक घटनाको गहन अध्ययन गरिएको छ। दण्डहीनताको अन्त्यका लागि इन्सेकले गरेको प्रयासलाई भुल्न सकिँदैन। नेपाल मानवअधिकार वर्षपुस्तक निरन्तर प्रकाशनको कामना गर्दछु।

उपेन्द्रराज लम्साल
महाधिवेशन प्रतिनिधि, नेपाली काङ्ग्रेस, रसुवा

नागरिकका दायित्व तथा नागरिक शिक्षाका बारेमा समेत पुस्तकमा समावेश गर्न सकेमा मानवअधिकार संरक्षण र संवर्द्धनमा थप बल पुग्न जाने देखिन्छ। नागरिकका मानवअधिकारको संरक्षण र संवर्द्धनमा प्रकाशोन्मुख पुस्तकले थप योगदान पुऱ्याउन सकोस् भन्ने कामना गर्दछु।

शङ्करप्रसाद खरेल, प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, तनहुँ

नेपाल मानवअधिकार वर्षपुस्तकमा राज्यपक्ष वा गैरराज्यपक्षबाट भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू नेपाल मानवअधिकार वर्षपुस्तकमा समावेश होस्। मानवअधिकार उल्लङ्घनका घटनाको कानुनी उपचार र पीडितलाई के कस्तो न्याय प्राप्त भयो भन्ने कुरा पनि नेपाल मानवअधिकार वर्षपुस्तकमा समेट्दा अझ बढी प्रभावकारी हुन्छ भन्ने लागेको छ।

भुवनेश्वर पौडेल, जिल्ला न्यायाधिवक्ता
जिल्ला सरकारी वकिल कार्यालय, तनहुँ

मानवअधिकारजस्तो अति संवेदनशील विषयवस्तु तथा घटनाहरू समावेश गरी प्रकाशन हुने यस पुस्तकको माध्यमबाट मानवअधिकार संरक्षणमा ठूलो योगदान पुग्नेछ। यस्ता प्रकाशनले मानवअधिकार उल्लङ्घनका घटनामा पीडितको सङ्ख्या यकिन गर्न, पीडितलाई न्याय दिलाउन, आमनागरिकलाई मानवअधिकारप्रति सचेत, सजग र जागरूक बनाउने तथा मानवअधिकारकर्मी एवम् मानवअधिकार हनन गर्न सक्ने निकायलाई मानवअधिकार संरक्षण गर्न समेत प्रेरित गरी लोककल्याणकारी राज्य व्यवस्था स्थापना गर्नमा यसले सकारात्मक मार्गदर्शन गर्नेछ भन्नेमा मैले विश्वास लिएको छु। मानवअधिकार उल्लङ्घनका घटनालाई प्रकाशनमा ल्याई देशव्यापी रूपमा राज्यपक्ष र गैरराज्यपक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनालाई उजागर गर्ने प्रयास गरेकामा खुसी लागेको छ।

गोपीमान श्रेष्ठ
एसपी, जिल्ला प्रहरी कार्यालय, तनहुँ

नेपाल मानवअधिकार वर्षपुस्तकमा देशभरिका मानवअधिकार उल्लङ्घनका घटनाहरू उल्लेख हुने हुँदा पीडकलाई सार्वजनिक गराई कारबाहीका लागि दबाब दिन र पीडितलाई राहत महसुस गराउन सहयोग मिलेको छ। मानवअधिकार उल्लङ्घनका घटनाहरू न्यूनीकरण गर्न केही हदसम्म सहयोग पुऱ्याएकामा इन्सेकलाई धन्यवाद दिन चाहन्छु।

ध्रुव वाग्ले
सभापति, नेपाली काङ्ग्रेस, तनहुँ

मानवअधिकार हननका घटनाबारे नेपाल मानवअधिकार वर्षपुस्तकमा समावेश सामग्रीहरूले दण्डहीनताको अन्त्य गर्न, पीडितलाई न्याय दिलाउन र पीडकलाई कारबाहीका लागि दबाब सिर्जना गर्न महत्त्वपूर्ण सहयोग गर्नेछ।

केदार सिग्देल
अध्यक्ष, नेकपा एमाले, तनहुँ

नेपाल मानवअधिकार वर्षपुस्तक निश्चय नै मानवअधिकार क्षेत्रमा क्रियाशील सबैलाई सन्दर्भ सामग्री हुनेछ। यस्तो महत्त्वपूर्ण सामग्री प्रकाशन गर्नका लागि इन्सेकका तर्फबाट अग्रसरता देखाउनु सराहनीय कार्य हो।

अतिन्द्रकेशरी न्यौपाने
सेक्रेटरी, नेकपा माओवादी, तनहुँ

नेपाल मानवअधिकार वर्षपुस्तक अध्ययन गर्ने मौका पाएँ। यस पुस्तकले सङ्क्रमणकालीन द्वन्द्वलाई सटीक ढङ्गले प्रस्तुत गरेकाले नेपाल मानवअधिकार

वर्षपुस्तक हाम्रो समाजको यथार्थ ऐना बनेको छ। दण्डहीनता अन्त्य गरी सामाजिक न्यायको निरूपण गर्नका लागि यस पुस्तकले मानवअधिकारकर्मी राजनीतिकर्मी, प्रशासक, न्यायकर्मी, प्रहरी र सामाजिक अभियन्ताहरूलाई सघाउ पुऱ्याउने विश्वास लिएको छु। यी घटनाका अतिरिक्त घरेलु हिंसालाई पनि समेटेर प्रकाशनमा ल्याउन सके सतहभित्र लुकेका तत्त्वहरू बाहिर आउने थिए।

धनञ्जय दवाडी
अध्यक्ष, नेकपा एमाले, लमजुङ

नेपाल मानवअधिकार वर्षपुस्तक नेपालको एक मात्र मानवअधिकारको अवस्था झल्काउने सामग्रीका रूपमा मैले पाएँ। मानवअधिकारका विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूभित्र रहेर सबै सवालका घटनालाई थप उजागर गरेमा प्रभावकारी हुने थियो। यसो गर्दा नेपालको मानवअधिकारको स्पष्ट चित्र आउने थियो।

नवीनचन्द्र घिमिरे, बालअधिकार अधिकृत
जिल्ला बालकल्याण समिति, लमजुङ

नागरिक स्वतन्त्रताका निम्ति राज्यले प्रदान गर्ने हरेक अवसरहरू मानवअधिकार हुन पुगेका छन्। जीवनमुखी र आनन्दमुखी मानवीय चेतना सफलतातर्फ उन्मुख हुँदा सम्बन्धभित्र देखिने खिचातानीमा अधिकारका सवालहरू उठ्छन्। नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन पनि यही मान्यता स्थापनाका लागि सहयोगी बनोस् भन्ने कामना गर्दछु।

कुमार रानामगर
सचिव, नेपाली काङ्ग्रेस, स्याङ्जा

मानवअधिकारको पक्षमा वकालत गर्दै सचेतना अभिवृद्धि गर्ने, खबरदारी गर्ने र मानवअधिकार उल्लङ्घनका घटनाहरूको सार्वजनिक गर्दै मानवअधिकारविरोधी व्यक्ति, सङ्घ-संस्थाहरूलाई नैतिक-सामाजिक साथै न्यायको कठघरामा उभ्याउने अभियानमा इन्सेकको भूमिका महत्त्वपूर्ण रहँदै आएको छ। आगामी दिनमा मानवअधिकार हननका घटनाहरूको गहन अध्ययन गर्दै महिलामाथि हुने हिंसाका घटनाहरूको समेत सत्यतथ्य बाहिर ल्याउन नेपाल मानवअधिकार वर्षपुस्तक सफल होस्।

देवी थापा, अध्यक्ष
महिला मानवअधिकार रक्षकहरूको सञ्जाल, स्याङ्जा

मानवअधिकार उल्लङ्घनका घटनाहरू सङ्कलन गरेर नेपाल मानवअधिकार वर्षपुस्तकको रूपमा प्रकाशित गरी समाजमा सुसूचित गराउने एकदमै सराहनीय कार्य गरेकामा इन्सेकप्रति आभार व्यक्त गर्दछु। घटनाहरू तथ्यपरक रूपमा समाजमा ल्याइ सूचित गर्ने गहन र महत्त्वपूर्ण कार्य पूरा हुन सकोस् भन्ने शुभेच्छा राख्दछु।

विष्णुप्रसाद उपाध्याय
अध्यक्ष, जिल्ला बार एसोसिएसन, स्याङ्जा

नेपाल मानवअधिकार वर्षपुस्तक समय सान्दर्भिक छ। वस्तुपरक ढङ्गले समाजमा भए गरेका घटनालाई चित्रित गर्दै घटना विशेषलाई दलगत आस्था र विश्वाससँग नजोडी यस वर्षपुस्तकको मर्म र विश्वसनीयता, तटस्थतामा आधारित रहेर नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन होस् भन्ने कामना गर्दछु।

ओमप्रकाश शर्मा
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, स्याङ्जा

इन्सेकले मानवअधिकारलाई निगरानी गर्ने कार्यमा उल्लेख्य विकास गर्दै मानवअधिकारका घटनामा सुधार ल्याउन एउटा बलियो इँटाको काम गरोस्। सम्पूर्णमा मानवअधिकारको सम्मान गर्नुपर्छ भन्ने चेतनाको विकास होस्। साथै, नेपाल मानवअधिकार वर्षपुस्तक अझै परिस्कृत र परिमार्जित भएर नेपालको गरिमालाई माथि पुऱ्याउन सहयोग गरोस् भन्दै वर्षपुस्तकको निरन्तरताको शुभकामना व्यक्त गर्दछु।

आभूषण तिमिल्सिना
डीएसपी, जिल्ला प्रहरी कार्यालय, स्याङ्जा

नेपाल मानवअधिकार वर्षपुस्तक आफैँमा विवरणात्मक पुस्तक हो। हाम्रो समाजमा घरेलु हिंसाका घटना धेरै छन्, तीमध्ये एकदमै थोरै मात्र बाहिर आएका छन्। ती सबै घटनालाई नेपाल मानवअधिकार वर्षपुस्तकले बाहिर ल्याउन सहयोगी भूमिका खेलोस्। पुस्तक आफैँमा स्तरीय छ, अझै थप सूचनामूलक भयो भने राम्रो हुनेछ।

मुकुन्द आचार्य
श्रेस्तेदार,जिल्ला अदालत, स्याङ्जा

विधिको शासनबिना दण्डहीनताको संस्कृतिको अन्त्य गर्न सम्भव छैन। यसका लागि शान्ति र संविधान आमनागरिकका तत्कालीन एजेन्डा हुन्। दण्डहीनताले आक्रान्त वर्तमान सङ्क्रमणकालीन अवस्थामा पनि मानवअधिकार वर्षपुस्तकले निकै मिहिनेत र परिश्रमसाथ मानवअधिकार उल्लङ्घनका घटनालाई प्रकाशनमा ल्याएर नागरिकलाई सुसूचित गरेको छ।

वासुदेव अर्याल
अध्यक्ष, नागरिक समाज, पाल्पा

नेपाल मानवअधिकार वर्षपुस्तक हरेक वर्ष अध्ययन गर्ने अवसर दिएकामा हाम्रो पार्टी इन्सेकप्रति आभारी छ। देशभरमा भएका मानवअधिकार उल्लङ्घनका घटनाको जानकारीले हामीलाई धेरै सहयोग पुऱ्याएको छ। मानवअधिकार उल्लङ्घनका घटनालाई प्रकाशनमा ल्याएर नागरिकलाई सुसूचित गर्दै नैतिक दबाब दिन सफल भएको छ।

देवी बस्याल
जिल्ला उपाध्यक्ष, नेकपा एमाले, पाल्पा

वर्षभरका मानवअधिकार उल्लङ्घनका घटनाहरूको तथ्यपरक सँगालोका रूपमा रहेको वर्षपुस्तक राज्यकै लागि महत्त्वपूर्ण अभिलेख हो। विधिको शासनबाट दण्डहीनताको संस्कृतिको अन्त्य, मानवअधिकार संरक्षण तथा संवर्द्धनमा सामाजिक न्यायको परिपूरणतर्फ उन्मुख इन्सेकलाई कार्यकुशलताका लागि मेरो सुभकामना छ।

शिवराज जोशी
प्रमुख जिल्ला अधिकारी, पाल्पा

नेपाल मानवअधिकार वर्षपुस्तक हरेक वर्ष अध्ययन गर्ने अवसर दिएकामा हाम्रो पार्टी आभार व्यक्त गर्दछ। मानवअधिकार उल्लङ्घनका घटनाहरूको तथ्यमा आधारित पुस्तकले पीडितलाई न्याय र पीडकलाई दण्ड दिन सहयोगी बनेको छ। राज्यलाई मानवअधिकारप्रति सचेत बनाएको छ भने नागरिकलाई चनाखो बन्न प्रेरणा दिएको छ। महिला हिंसाका घटनाहरू कम प्रकाशित भएको पाइयो । यसलाई प्राथमिकता दिन आग्रह गर्दछु।

शान्ति पाण्डेय
वैतनिक वकिल, जिल्ला अदालत, पाल्पा

इन्सेकले हरेक वर्ष मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनालाई समेटेर प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तकले समग्र मुलुकको मानवअधिकारको अवस्था चित्रण गरेको छ। यो पुस्तक सूचनामूलक छ। वर्षपुस्तकमा फौजदारी न्याय प्रणालीमा सरकारी प्रहरी र अदालतको मात्र भूमिका लेखिएकाले न्याय सम्पादन प्रक्रियामा सरकारी वकिलको भूमिका समेट्न सकेमा राम्रो हुनेछ। जिल्ला अदालतबाट छुटेका कतिपय घटना पुनरावेदन सरकारी वकिलको कार्यालयबाट मुद्दा चलाइएकाले त्यसलाई नेपाल मानवअधिकार वर्षपुस्तकमा छुटाउन हुँदैन। नेपाल मानवअधिकार वर्षपुस्तक अझ सत्य, तथ्य र विश्वसनीय बनाइ मानवअधिकार संरक्षणमा मानवअधिकार वर्षपुस्तक २०१४ ले थप योगदान दिन सकोस् भन्ने कामना गर्दछु।

नारायणप्रसाद पौडेल, सहन्यायाधिवक्ता, पुनरावेदन सरकारी वकिलको कार्यालय पोखरा, कास्की

इन्सेकले प्रकाशन गर्ने नेपाल मानवअधिकार वर्षपुस्तकलाई सत्य, तथ्य र विश्वसनीय बनाउन सम्बन्धित निकायसँग सहकार्य गरेर अगाडि बढ्नुपर्छ। नेपाल मानवअधिकार वर्षपुस्तकमा घटना विवरण मात्र सार्वजनिक भयो। विभिन्न समयमा भएका मानवअधिकार उल्लङ्घनका घटनाको अनुगमन गर्दा के फेला पऱ्यो, त्यो उल्लेख गर्दा उपयुक्त हुन्छ।

चन्द्रनाथ गौतम
सहायक प्रमुख जिल्ला अधिकारी, कास्की

अपराध र मानवअधिकारबीचको फरक छुट्याएर नेपाल मानवअधिकार वर्षपुस्तकमा समावेश गर्नुपर्छ। हामी आरोपितको अधिकारमा बढी केन्द्रित छौं, पीडितका अधिकारका बारेमा ध्यान दिएर अझ अनुसन्धानमूलक बनाउनुपर्छ। यथार्थपरक र तथ्यपरक सूचना समावेश गरी नेपाल मानवअधिकार वर्षपुस्तकलाई अझ प्रभावकारी र विश्वसनीय बनाउन सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

यज्ञप्रसाद अधिकारी
निमित्त निर्देशक, राष्ट्रिय मानवअधिकार आयोग, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा

नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको इन्सेकको कार्य अत्यन्तै सराहनीय छ।

मानवअधिकार उल्लघङ्नका घटनाहरूलाई तथ्यगत रूपमा उल्लेख गरी प्रकाशित हुने यस नेपाल मानवअधिकार वर्षपुस्तकले एकातिर मानवअधिकार उल्लङ्घनकर्ताको कार्यलाई हतोत्साही बनाउँछ भने अर्कातिर आमसमुदायलाई सुसूचित गर्दछ, जसले सबैलाई आफ्नो कर्तव्यप्रति उत्तरदायी र कर्तव्यनिष्ठ बनाउन दबाब सिर्जनासमेत गर्दछ।

विष्णुप्रसाद कोइराला
जिल्ला न्यायाधीश, जिल्ला अदालत, नवलपरासी

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ लाई यस वर्ष पनि सरसर्ती हेर्ने र अध्ययन गर्ने अवसर मिल्यो। यस प्रयासबाट मानवअधिकारको रक्षाका पक्षमा के, कति योगदान पुग्यो, त्यसको समीक्षा र लेखाजोखा नेपाल मानवअधिकार वर्षपुस्तक २०१४ मा रूपान्तरित गरिदिने अपेक्षा गरेको छु।

लीलाधर मरासिनी
अध्यक्ष, नेपाल बार एसोसिएसन, नवलपरासी

नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ समयमै प्राप्त भई अध्ययन गर्ने अवसर प्राप्त भयो। आगामी वर्षहरूमा नागरिक, राजनीतिक, आर्थिक र सामाजिक अधिकारलाई समेट्दै दूरदराजका दलित तथा सुकुमवासी बस्तीहरूमा अधिकारमुखी कार्यक्रम लैजादै अघि बढ्न सफलता मिलोस् भन्ने कामना गर्दछु।

विष्णु लामिछाने
सचिव, नेपाली काङ्ग्रेस, नवलपरासी

नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ अध्ययन गर्ने अवसर प्राप्त भयो। आर्थिक र सामाजिक रूपमा पछाडि पारिएका वर्गहरूलाई अगाडि बढाउन इन्सेकले गरेको प्रयासको सराहना गर्दछु। मानवअधिकार उल्लङ्घनका घटनाहरू निर्भीकताका साथ तथ्यपरक विश्लेषण गर्दै पीडितलाई न्याय र पीडकलाई कानुनी दायरामा ल्याउन सफलता प्राप्त गरी आगामी वर्षमा पुस्तकलाई झन् उत्कृष्ट रूपमा प्रकाशन गर्ने सफलता मिलोस् भन्ने कामना गर्दछु।

तिलक महत
अध्यक्ष, नेकपा एमाले, नवलपरासी

नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ अध्ययन गर्ने अवसर प्राप्त भयो। पुस्तकले क्षेत्रगत, जिल्लागत रूपमा मानवअधिकार हनन तथा सामाजिक तथा सांस्कृतिक विकृति फैलाउने खालका घरेलु हिंसा, जातीय हिंसालगायतका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गरेको छ। कानुनको पालना, कानुनी शासनको प्रत्याभूतिमा राज्यलाई टेवा पुगेको र नागरिक अधिकार स्थापित गर्दा नागरिकको कर्तव्य पनि अधिकारसँग जोडिने हुँदा राज्यद्वारा सम्पादित सकारात्मक र उत्कृष्ट कार्यहरू पनि नेपाल मानवअधिकार वर्षपुस्तकमा समावेश गर्न सकिएमा अझ राम्रो हुने थियो।

केशवराज घिमिरे
प्रमुख जिल्ला अधिकारी, नवलपरासी

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकारको राष्ट्रिय दस्तावेज हो। यसमा अझै पनि मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका कतिपय घटना छुट्ने गरेका गुनासाहरू छन्। खासगरी घरेलु हिंसाका घटनाहरू छन्, तिनलाई छुटाउनै हुँदैन। दण्डहीनताका कारण मुलुकको मानवअधिकारको अवस्था पनि दयनीय बन्दै गएको छ।

रामकृष्ण खाँड
सचिव, नेपाली काङ्ग्रेस जिल्ला समिति, रूपन्देही

नेपाल मानवअधिकार वर्षपुस्तक राष्ट्रिय दस्तावेज हो। यो राज्यका लागि समेत ऐना हो। पुस्तकले राजनीतिक दल, नागरिक र राज्यपक्षलाई समेत सुसूचित बनाउने काम गरेको छ। इन्सेकले केन्द्र, क्षेत्र र जिल्ला प्रतिनिधिमार्फत मानवअधिकार र सामाजिक न्यायका पक्षमा निरन्तर अभियान सञ्चालन गरेर राज्य र सरोकारवालाहरूलाई जवाफदेही बनाउने काम गरेको छ।

शिराज सुवेदी
उपाध्यक्ष, नेकपा एमाले, रुपन्देही

नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्नु आफैंमा महत्त्वपूर्ण र चुनौतीपूर्ण काम हो। इन्सेकले सङ्कट र चुनौतीको अवस्थामा पनि यसलाई निरन्तरता दिएको छ। यसलाई मुलुकको मानवअधिकारको एक मात्र दस्तावेजका रूपमा लिन सकिन्छ। वर्षपुस्तकले राज्य कत्तिको जवाफदेही बनेको छ भन्ने कुरालाई उजागार गरेको छ। मानवअधिकारबारे जनचेतना जगाउनुका साथै देशमा भएका मानवअधिकार उल्लङ्घनका घटनालाई अझ निर्भीकताका साथ

ल्याउनेतर्फ इन्सेकको जारी सामाजिक अभियान अझ सशक्त बनोस्, हाम्रो शुभकामना।

पुरुषोत्तम धिमिरे, अध्यक्ष, सामाजिक जागरण तथा विकास मञ्च (फोसाड), रुपन्देही

मानवअधिकारको संरक्षण, संवर्द्धन र रक्षाका लागि इन्सेकले गर्दै आएको अभियान उदाहरणीय छ। यसले मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा सराहनीय काम गरेको छ। मानवअधिकारको रक्षा र संवर्द्धनका लागि निरन्तर क्रियाशील भएर काम गर्नु आफैँमा जटिल कुरा हो। अहिले संविधान निर्माणको प्रक्रिया सुरु भएको छ। कानुनी राज्य, विधिको शासन र लोकतन्त्रका लागि मानवअधिकारकर्मीहरूको भूमिका महत्त्वपूर्ण हुन्छ।

महेन्द्र पाण्डे
संयोजक, जवाफदेहिता निगरानी समिति, लुम्बिनी

इन्सेकजस्ता गैरसरकारी संस्थाहरूले मानवअधिकारको क्षेत्रमा जुन भूमिका निर्वाह गरेका छन्, यो अति नै सराहनीय काम हो। राज्यलाई आफ्नो दायित्वतर्फ जागरुक र अभिमुख गराउने, गैरराज्यपक्षलाई पनि कर्तव्यप्रति प्रतिबद्ध गराउने काममा इन्सेकले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। यो अभियान अझ बढी प्रभावकारी बन्न सकोस्।

मोहनसागर बस्याल
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिलको कार्यालय, रुपन्देही

इन्सेकको २० वर्ष लामो अभियानले राज्य निकायलाई आफ्नो दायित्व र कर्तव्यप्रति उत्तरदायी र जवाफदेही बनाउन दबाब सिर्जना गरेको छ। सामाजिक न्यायको जुन अभियान छ, त्यो अरू बढी सशक्त बन्न सकोस्। इन्सेकको अभियानमा राष्ट्रिय मानवअधिकार आयोगको पनि निरन्तरको सहकार्य छ। सोही क्रममा इन्सेकले आयोगको सहकार्यमा यस जिल्लामा पनि धेरै अभियान चलाएको छ। मानवअधिकार संस्कारको विकासका लागि इन्सेकजस्ता संस्थाहरूबीच आयोगले सहकार्य गर्दै अगाडि बढ्ने छ।

चन्द्रकान्त चापागाई
अनुसन्धान अधिकृत, राष्ट्रिय मानवअधिकार आयोग, उपक्षेत्रीय कार्यालय, बुटवल

जस्तोसुकै जटिल परिस्थितमा पनि देशभर भएका मानवअधिकार उल्लङ्घनका घटनालाई सङ्ग्रहित गरेर परिपालनातर्फ राज्य र सरोकारवालाहरूलाई घचघच्याउन यस नेपाल मानवअधिकार वर्षपुस्तकले ठूलो महत्त्व राख्दछ।

शिव गौडेल
एड्भोकेसी फोरम, रुपन्देही

इन्सेकले मानवअधिकार र सामाजिक न्यायका लागि जसरी देशव्यापी रूपमा अभियानलाई निरन्तरता दिँदै आएको छ, त्यो सराहनीय र उदाहरणीय काम हो। यसको अभियानले राज्यका निकायलाई पनि झकझक्याउने काम गरेको छ। मानवअधिकार संरक्षण र संवर्द्धनमा इन्सेकको भूमिका उदाहरणीय नै छ। राज्यका निकायहरूसँग पनि समन्वय गर्दै अगाडि बढोस्। इन्सेकको मानवअधिकार वर्षपुस्तकले कानुनी राज्य र विधिको शासन सञ्चालनका लागि मार्गदर्शनको पनि काम गरेको छ। मानवअधिकारसँगै कर्तव्यमुखी अभियानमा पनि इन्सेकको ध्यान जान सकोस्।

बालकृष्ण पन्थी, प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, रुपन्देही

नेपाल मानवअधिकार वर्षपुस्तक मुलुकको मानवअधिकार क्षेत्रको दस्तावेज हो। यद्यपि, यसमा घरेलु हिंसाका घटना कम आउने गरेका छन्। कुनै पनि घटना नछुटून्।

थानकुमारी थापा
उपाध्यक्ष, अनेमसङ्घ, रुपन्देही

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार क्षेत्रमा अति नै प्रभावकारी र महत्त्वपूर्ण पुस्तक हो। यद्यपि, जातीयता र छुवाछूतका आधारमा हुने भेदभाव र अमानवीय क्रियाकलापहरू सबै समेट्न नसकिएको जस्तो लाग्यो। गाउँका धेरैजस्तो समुदायमा छुवाछूतको भेदभाव अझै पनि कायमै छ। यस्ता घटनालाई पनि इन्सेकले उजागर गर्न सकोस्।

अविराम विक
दलित अगुवा, रुपन्देही

देशभर भएका मानवअधिकार उल्लङ्घन, ज्यादती र हननका घटनालाई जस्ताको तस्तै र निर्भीकताका साथ नेपाल मानवअधिकार वर्षपुस्तकमा

समावेश गरेर इन्सेकले ऐतिहासिक काम गर्दै आएको छ। अझै पनि अधिकारकर्मी र पत्रकारहरू जोखिममा छन्। उनीहरूलाई अझै पनि विभिन्न समूहका नाममा धम्की आउने गर्छन्। यस्ता खाले घटनालाई पनि नेपाल मानवअधिकार वर्षपुस्तकमा समावेश गर्नु उचित हुन्छ। इन्सेकजस्ता मानवअधिकार संस्थाहरूसित सहकार्य गर्न पत्रकार महासङ्घ तयार छ।

दीपक ज्ञवाली
सभापति, नेपाल पत्रकार महासङ्घ, रुपन्देही

नेपाल मानवअधिकार वर्षपुस्तकमा नेपालकै मानवअधिकारको अवस्था, घटनाहरू, समस्या र प्रवृत्ति विश्लेषण गरी प्रकाशन गरिने हुँदा यी प्रकाशनहरू मानवअधिकारको स्थितिसम्बन्धी नियमित अभिलेखहरू पनि हुन्। यी प्रकाशनले जिल्लाको अवस्था र स्थितिको नियमित अभिलेखीकरण हुने गरेको छ। यस जिल्लामा सरकारीस्तरबाट मानवअधिकारको संरक्षणमा गरिएको प्रयासस्वरूप मानवअधिकार हननका घटनाहरू कम हुँदै गएको छ। यस अभिलेखले मानवअधिकारकर्मी, मानवअधिकारका क्षेत्रमा काम गर्ने निकाय र सरकारी निकायहरूलाई पनि मानवअधिकार रक्षा एवम् संवर्द्धनमा उत्प्रेरित गर्ने गरेको मेरो ठम्याइ छ।

कृष्णचन्द्र घिमिरे
प्रमुख जिल्ला अधिकारी, कपिलवस्तु

विगतमा पनि नेपाल मानवअधिकार वर्षपुस्तक पढ्न पाएको थिएँ। नेपाल मानवअधिकार वर्षपुस्तकको विशेषता भनेकै सत्यतथ्यमा आधारित मानवअधिकार उल्लङ्घनका घटनाहरूको सङ्ग्रह हो। वर्षको समग्र मानवअधिकार अवस्था बुझ्न नेपाल मानवअधिकार वर्षपुस्तक अध्ययन गरे पुग्ने अवस्था छ। यो पुस्तक नीति निर्मातादेखि कार्यान्वयन तहमा रहेर काम गर्ने सबैलाई सन्दर्भ सामग्रीका रूपमा सहयोगी बन्न सक्छ। जिल्ला प्रहरी कार्यालयले जस्तै यस कार्यालयले सम्पादन गरेका कामको तथ्याङ्क पनि समावेश गरेको थियो।

कमलराज ढकाल, प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, गुल्मी

नेपाल मानवअधिकार वर्षपुस्तकमा प्रकाशित हुने घटनाहरूले प्रहरीलाई सजग र जिम्मेवारीबोध गराउने गरेका छन्। यो पुस्तकमा जिल्लाको समग्र तथ्याङ्कसमेत समावेश गरिँदा अध्येता र अनुसन्धानमा काम गर्नेहरूका लागि पनि उपयोगी छ। पुस्तकमा प्रकाशित भएको सूचना र जिल्ला प्रहरी कार्यालयमा भएको तथ्याङ्कमा तालमेल मिलाउन आवश्यक ठानेको छु।

निशान्त श्रीवास्तव
इन्स्पेक्टर जिल्ला प्रहरी कार्यालय, गुल्मी

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार उल्लङ्घनका घटनाहरूको दस्तावेज हो, जसले राष्ट्रको मानवअधिकार अवस्थालाई प्रस्टसँग देखाएको छ। यसको आधारमा राज्यपक्षलाई सजग बनाउँदै मानवअधिकारमैत्री कानुन बनाउन र कार्यान्वयनका संयन्त्रहरू खडा गर्न सहयोग पुऱ्याउने मेरो विश्वास छ।

सिर्जना त्रामुमगर
सभासद्, संविधानसभा, गुल्मी

सन् २०१३ को नेपाल मानवअधिकार वर्षपुस्तकमा जिल्लाको मानवअधिकारका विविध पक्षहरूका बारेमा तथ्याङ्क उपलब्ध गराइएको छ। मानवका राजनीतिक तथा अन्य मौलिक हकको कार्यान्वयनको अवस्था, सरकारी तथा गैरसरकारी क्षेत्रबाट मानवअधिकारको सुनिश्चितताका लागि गरिएका प्रयासहरू तथा भएका कमजोरीहरूका बारेमा समेत पुस्तकमा उल्लेख गरिएको छ। महिला तथा बालबालिकाहरूको अधिकार हननका घटनालाई प्रतिनिधि घटनाका रूपमा लिइएको छ। पुस्तकको प्रकाशनले सरोकारवाला निकायहरूलाई आगामी दिनमा सम्पूर्ण मानवहरूको आधारभूत मानवअधिकारको सुनिश्चित गर्नका लागि सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूका बारेमा समेत सहयोग पुग्ने देखिन्छ।

भुवीन्द्र गैरे, बालअधिकार अधिकृत
जिल्ला बालकल्याण समिति, गुल्मी

इन्सेकले प्रकाशन गर्ने नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घन गर्नेलाई खबरदारी गर्नुपर्छ। जिल्लामा कुनै पनि पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटना सत्यतथ्य र विश्वसनीय हुनुपर्छ। नेपाल मानवअधिकार वर्षपुस्तक पीडितका पक्षमा समर्पित हुनुपर्छ। धेरैजसो महिलामाथि हुने हिंसाका घटना समेटिएका छन्, यसका लागि जनचेतना र महिलाप्रति गरिने व्यवहारमा परिवर्तन हुन

जरुरी छ। यो पुस्तक नयाँ पुस्ताका लागि सचेतना अभिवृद्धि र सङ्ग्रहणीय विषय बन्नेछ।

उमेशकुमार ढकाल
प्रमुख जिल्ला अधिकारी, पर्वत

इन्सेकले प्रकाशन गरेको नेपाल मानवअधिकार वर्षपुस्तकले २० वर्षपहिले कस्ता घटना भएका थिए, त्यसको अभिलेखीकरण गरेको छ। यो उदाहरणीय कार्य हो, यसका साथै राजनीति अधिकारलाई मात्रै समावेश गरेर पुरदैन, आर्थिक सामाजिक, सांस्कृतिक विषयका साथै दैवीप्रकोपका विषय पनि समावेश गरिनुपर्छ।

राजु पौडेल
अध्यक्ष, नेकपा एमाले, पर्वत

इन्सेकद्वारा सन् १९९२ देखि निरन्तर प्रकाशन भइरहेको नेपाल मानवअधिकार वर्षपुस्तक नियमित अध्ययन गरिरहेको छु। यस पुस्तकमा अभिलेखीकरण गरिएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटना सार्वजनिक हुँदा सरोकारवालालाई जिम्मेवार बन्न दबाब पुऱ्याएको छ। नेपालको मानवअधिकार क्षेत्रको सवालमा यो एउटा सन्दर्भ सामग्री नै हो। द्वन्द्वकालमा यसमा अभिलेखित घटनाबाट राज्यले उपलब्ध गराएको हानीपूरण प्राप्त गर्न प्रमाणित दस्तावेजसमेत बनेको थियो। वर्षपुस्तक अझै पीडितमुखी बन्न सकोस्।

हरिकृष्ण श्रेष्ठ
अध्यक्ष, नेकपा एमाले, जिल्ला कमिटी, म्याग्दी

इन्सेकले हरेक वर्ष प्रकाशित गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तक बर्सेनि परिस्कृत हुँदै भरपर्दो मानवअधिकार विषयको दस्तावेज बनेको छ। यति हुँदाहुँदै पनि घटनाको प्रस्तुतिमा अझै तठस्थता र निष्ठा कायम गर्न सुझाव दिन चाहन्छु।

रेशमबहादुर बानियाँ
सभापति, नेपाली काङ्ग्रेस, म्याग्दी

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार उल्लङ्घनका घटनाको अभिलेखीकरण गर्ने र राज्य तथा गैरराज्य पक्षलाई मानवअधिकारप्रति उत्तरदायित्वबोध गराउन सहयोगी बनेको छ। पुस्तकले समेटेका घटनाहरू तथ्यपरक भएका कारण सबै पक्षले ग्रहण गर्न योग्य बनेको छ। पछिल्ला केही वर्षदेखि वर्षपुस्तकमा समावेश गरिने घटनामाथि पूर्वसमीक्षा गर्ने प्रचलनले पुस्तक झन् भरपर्दो र विश्वसनीय मानवअधिकार दस्तावेज बनेको छ।

सुरत केसी, अध्यक्ष
नेपाल पत्रकार महासङ्घ, जिल्ला शाखा, म्याग्दी

नेपाल मानवअधिकार वर्षपुस्तक मुलुकको मानवअधिकारको अवस्था बुझ्न चाहनेका लागि सहयोगी दस्तावेजका रूपमा स्थापित हुन सफल छ। वर्षपुस्तक सबैका लागि राम्रो सन्दर्भ सामग्रीका रूपमा रहँदै आएको छ। शान्ति, लोकतन्त्र र मानवअधिकारकै नाममा मुलुकमा धेरै सशस्त्र र निशस्त्र सङ्घर्ष भए। मानवअधिकार उल्लङ्घन र ज्यादतीका विषयको उठान गर्दा लैङ्गिक पक्षमा अलि ध्यान पुगेजस्तो लाग्दैन। घरदेखि राज्यका निकायसम्म हिंसा, दुर्व्यवहार र विभेदको सामना खेपिरहेका महिलाहरूको मानवअधिकारको अवस्था उजागर गर्न आगामी दिनमा विशेष ध्यान जानेछ भन्ने कुरामा आशावादी छु।

लक्ष्मी आचार्य, केन्द्रीय सदस्य
महिला मानवअधिकार रक्षक सञ्जाल, दाङ

इन्सेकले प्रकाशन गर्ने नेपाल मानवअधिकार वर्षपुस्तक नेपालकै राम्रो दस्तावेज हो। म यसको सराहना गर्दछु। नेपालमै मानवअधिकारका घटनाहरू समावेश गरी नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्नु महत्त्वपूर्ण कुरा हो। द्वन्द्वको समयमा पीडित भएका पीडितहरूले नेपाल मानवअधिकार वर्षपुस्तकमा समावेश घटनालाई प्रमाणका रूपमा मानी राहत प्राप्त गरेका धेरै उदाहरण छन्। इन्सेकले प्रकाशन गर्ने नेपाल मानवअधिकार वर्षपुस्तकका घटनालाई स्थानीय प्रशासन र शान्ति समितिलगायतले प्रमाणका रूपमा समेत लिने गरेको छ। वर्षपुस्तकमा आधिकारिक घटनाहरू समावेश हुने भएकाले यसले नेपाल सरकारलाई पनि सहयोगीको भूमिका खेलेको छ। पीडितहरूलाई न्याय पाउन सहयोग पनि मिलेको छ। नेपाल मानवअधिकार वर्षपुस्तकको गरिमा र विश्वसनीयतालाई कायम राख्न जिल्लाका मुख्य घटनाहरूलाई छुटाउनु हुँदैन। नेपाल मानवअधिकार वर्षपुस्तकमा घटना प्रकाशित हुँदा परिस्कृत भएर आउने अपेक्षा गरेको छु।

पुण्यप्रसाद लुइँटेल
सहायक प्रमुख जिल्ला अधिकारी, दाङ

सर्वप्रथम इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक २०१४ प्रकाशन गर्न लागेकामा बधाई तथा खुसी व्यक्त गर्दछु। एउटा संस्थाले यत्रो काम गर्नु भनेको अति महत्त्वपूर्ण हो। पुस्तकले समाजमा हुने मानवअधिकार हनन र ज्यादतीका घटनाहरू तथ्यगत रूपमा बाहिर ल्याउने गरेको छ। यसले अनुसन्धान गर्न, पीडितलाई न्याय र पीडकलाई कारवाही गर्न सहयोगी भूमिका खेली समाजमा शान्ति स्थापना गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। पुस्तकमा समाजमा हुने घटनाहरू सत्यतथ्यका आधारमा समेटी प्रकाशित होस्। इन्सेकको वर्षपुस्तकमा भएका सबै घटना आधिकारिक हुने गरेका छन्। यसले नेपाल सरकारलाई सहयोगीको भूमिका निर्वाह गरेको छ। पुस्तक आमनेपालीको साथीका रूपमा रहेको छ। सबै घटना सत्य साबित बनाउनतिर ध्यान जाओस्।

अरूणकुमार शाह
डीएसपी, जिल्ला प्रहरी कार्यालय, दाङ

महत्त्वपूर्ण अभिलेख दस्तावेजका रूपमा रहेको नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार आन्दोलन र मानवअधिकार मैत्री नयाँ नेपाल निर्माणका लागि महत्त्वपूर्ण, सान्दर्भिक र उपयोगी रहेको छ। यसले विद्यमान सङ्क्रमणकालको अवस्थामा नागरिकलाई सुसूचित गराउनुका साथै राज्यपक्षलाई सचेत बनाउने विश्वास लिएको छु।

केशवकुमार शर्मा
अध्यक्ष, मानवअधिकार जागरण मञ्च एवम्
संयोजक, मानवअधिकार सञ्जाल, दाङ

मानवअधिकार उल्लङ्घनका घटनाका सत्यतथ्य विवरण जनता माझ उजागर गरी मानवअधिकार र शान्तिमैत्री संविधान निर्माणमा सहयोग पुऱ्याउन नेपाल मानवअधिकार वर्षपुस्तक २०१४ सफल रहोस्।

सन्तोष पोख्रेल, कार्यालय सचिव (शाखा अधिकृत)
स्थानीय शान्ति समिति, दाङ

नेपाल मानवअधिकार वर्षपुस्तक नेपालभित्र विभिन्न क्षेत्रमा भइरहेको मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई जनतासमक्ष पुऱ्याउने भएकाले यस पुस्तकको महत्त्व छुट्टै रहेको छ। जसले गर्दा समाजमा भएका घटनाहरूका बारेमा जनतालाई सुसूचित हुने अधिकार प्रदान गरेको छ। यसको सकारात्मक कार्यको म स्वागत गर्न चाहन्छु।

शङ्कर डाँगी,
सचिव, नेपाली काङ्ग्रेस, दाङ

नेपाल मानवअधिकार वर्षपुस्तक निरन्तर हेर्दै आएको छु। मुख्य गरी यो नेपालको मानवअधिकार उल्लङ्घन, हनन र ज्यादतीलगायतका घटनाको ऐना बनेको छ। यस पुस्तकमा मानवअधिकार उल्लङ्घनका घटनाको तथ्यपरक ढङ्गबाट विश्लेषण गरेको पाइन्छ। यसले देश कुन दिशामा गइरहेको छ भन्ने बताउँछ।

टीकाराम खड्का
सदस्य, नेकपा एमाले अञ्चल कमिटी, राप्ती

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तकले राज्य एवम् गैरराज्यबाट भएका मानवअधिकार उल्लङ्घनका घटनालाई तथ्यगत आधारमा सङ्कलन, सम्पादन र प्रकाशन गर्दै आएको छ। विशेष गरी महिला हिंसा र विभेदका विषयमा दण्डहीनता र कानुनको बढ्दो उल्लङ्घनले समाज आक्रान्त एवम् भयभित बन्दै जान थालेको वर्तमान अवस्थामा पनि यथार्थपरक ढङ्गबाट नागरिकलाई घटनाबारे सुसूचित गराउने जिम्मेवारी निर्वाह गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तक परिवार धन्यवादको पात्र बनेको छ।

टीकाराम रेग्मी
संयोजक, नागरिक समाज, दाङ

वर्षपुस्तकले द्वन्द्वसँग सम्बन्धित घटनालाई समेटेर तयार पारिएको वर्षपुस्तक प्रमाण पनि हो। वर्षभरिका घटना जस्ताको तस्तै प्रकाशन गर्ने भएकाले निकै निष्पक्ष पुस्तक पनि हो। यो पुस्तकको अध्ययनबाट समग्र नेपालको वस्तुस्थितिका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ। नेपाल मानवअधिकार वर्षपुस्तक विगतको जस्तै निष्पक्ष भएर प्रकाशित भइरहोस्। नेपाल मानवअधिकार वर्षपुस्तक नेपालको द्वन्द्व विश्लेषण र व्यवस्थापनबारेमा अध्ययन गर्ने सबै विद्वान्का लागि महत्त्वपूर्ण खुराक र स्रोत बन्न सक्ने कुरामा म विश्वस्त रहेकी छु।

सरीता भुसाल
जिल्ला संयोजक, ओरेक नेपाल, दाङ

नेपाल मानवअधिकार वर्षपुस्तक २०१४ प्रकाशित हुन लागेको जानकारी पाउँदा अत्यन्तै खुसी

लागेको छ। नागरिकहरूको रक्षा गर्दै राज्यलाई जिम्मेवार बनाउने काममा यो पुस्तकले महत्त्वपूर्ण सहयोग गरेको छ। यसले बालअधिकार, महिलाअधिकार र हत्या हिंसालगायतका सम्पूर्ण घटनालाई उजागर गरेको छ। नेपाल मानवअधिकार वर्षपुस्तकले कानुनी राज्य तथा विधिको शासनमा जोड दिँदै सामाजिक न्यायका पक्षमा निरन्तर अभियान सञ्चालन गरेको छ। यसले मानवअधिकार उल्लङ्घन गर्नेलाई निरुत्साहित गर्न, जवाफदेही बनाउन र मानवअधिकारलाई संरक्षण र संवर्द्धन गर्न उल्लेखनीय भूमिका निर्वाह गरोस्।

नेत्रप्रकाश पाण्डेय
सचिव, नेकपा माले, दाङ

नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ ले नेपालमा मानवअधिकार उल्लङ्घनका घटनाहरूको यथार्थ अवस्था अभिलेखका रूपमा चित्रण गर्ने प्रयास गरेकामा बधाई दिन्छु। इन्सेकले राजनीतिक-आर्थिक अधिकारका साथै सामाजिक र सांस्कृतिक अधिकार उल्लङ्घनका घटनाहरूलाई पनि नेपाल मानवअधिकार वर्षपुस्तकमा अभिलेखीकरणका रूपमा समेट्ने प्रयास गरेको छ। वर्षपुस्तक अध्ययनकर्ताका लागि स्रोत, पीडितका लागि न्यायको मार्ग र न्यायालय तथा कानुन कार्यान्वयनकर्ताका लागि प्रमाण बन्न सकोस्।

पार्वता आचार्य
संयोजक, मानवअधिकार सञ्जाल, प्यूठान

मानवीय मर्यादालाई बचाई राख्ने एउटा सशक्त माध्यमका रूपमा रहेको यो मानवअधिकार वर्षपुस्तक आफैंमा एउटा सुनौलो पुस्तक हो। छरिएर रहेका मानवअधिकारसम्बन्धी विषयवस्तु समेटिने यो पुस्तक एउटा सिङ्गो दस्तावेज पनि हो। समाजलाई मानवअधिकार रक्षाका लागि दिशानिर्देश गर्ने यो पुस्तकले दण्डहीनताको अन्त्य, दोषीलाई दण्ड, पीडितलाई न्याय दिइ अपराधमुक्त समाजको निर्माण गरी कानुनी राज्यको अवधारणालाई मूर्तरूप दिन यो पुस्तकले एउटा कोशेढुङ्गाका रूपमा काम गरेको छ। यो पुस्तकले विगतका कुरा समीक्षा गरी भविष्यमा हुनुपर्ने कार्ययोजनाका बारेमा पनि केही तथ्यगत विचारलाई उजागर गर्न सकोस्।

देवराज भारती, जिल्ला न्यायाधिवक्ता
जिल्ला सरकारी वकिल कार्यालय, रोल्पा

नेपाल मानवअधिकार वर्षपुस्तक विगतको भन्दा यस वर्षको विशेष महत्त्वको हुनेछ भन्ने लागेको छ। नेपाल अत्यन्तै सङ्क्रमण र सङ्कटको घडीबाट गुज्रिरहेको छ। घटनाहरू सत्यतथ्य आउनुपर्छ। इन्सेकको स्पष्टताको आशा सधैँ सबैले गरेका हुन्छन्।

कृष्णबहादुर घर्तीमगर
सभापति, नेपाली काङ्ग्रेस, रोल्पा

नेपाल मानवअधिकार वर्षपुस्तकले समाजमा हुने मानवअधिकार उल्लङ्घनका धेरै घटनालाई सत्यतथ्य पत्ता लगाइ घटना सार्वजनिक गर्दै नागरिकलाई मानवअधिकारप्रति सचेत र जागरुक गराएको छ। नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकारलाई कसैले पनि हनन नगर्न/नगराउन सचेत गराउने कामसमेत गर्ने गरेको छ। अबको पुस्तकमा पनि समाजमा घट्ने सत्य घटनाहरू नछुट्याइ ल्याउन र मानवअधिकार संरक्षणमा सफलता मिलोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

हरिप्रसाद घर्तीमगर
अध्यक्ष, नेकपा एमाले, रोल्पा

नेपाल मानवअधिकार वर्षपुस्तक मैले ०६१/०६२ सालदेखि नियमित रूपमा विभिन्न माध्यमबाट अध्ययन गर्ने मौका पाएको छु। द्वन्द्वकालमा एउटा स्वतन्त्र र निष्पक्ष रूपमा सत्यतथ्य बाहिर लिने माध्यम बनेको हुँदा त्यसैबेलादेखि नै मेरो सन्दर्भ सामग्रीको रूपमा रहिआएको हो। नेपाल मानवअधिकार वर्षपुस्तकको अध्ययनले गर्दा नै मेरो स्नातकोत्तरको सोधपत्र तयार गर्दा इन्सेकका अन्य प्रकाशनले समेत धेरै सहयोग गरेका थिए। यस अवस्थामा राष्ट्रले गर्ने एउटा प्रमुख कार्य मानवअधिकारको संरक्षण र सामाजिक न्यायमा नेपाल मानवअधिकार वर्षपुस्तक एउटा भरपर्दो सिपाही भएको महसुस मैले गरेको छु।

रामकुमार न्यौपाने
सूचना अधिकृत, जिल्ला विकास समिति, रोल्पा

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई बर्सेनि उजागार गर्दै अइरहेको छ। यस संस्थाले मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई छर्लङ्ग सार्वजनिक गर्ने हुँदा यसले कानुन कार्यान्वयन गर्ने निकायहरूलाई समेत सजग एवम् सचेत गराउँदै आएको छ। अतः आगामी दिनहरूमा तटस्थ रही

तथ्यपरक ढङ्गले विस्तृत रूपमा मानवअधिकार उल्लङ्घनका घटनाहरू जनसमक्ष ल्याउन सफल होस् भन्ने कामना गर्दछु।

ओमबहादुर राना
डीएसपी, जिल्ला प्रहरी कार्यालय, रोल्पा

नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ अध्ययन गर्दा नेपालमा व्यापक रूपमा मानवअधिकारको हनन भइरहेको तथ्याङ्क देखिन्छ। राज्य र गैरराज्यपक्षबाट मानवअधिकार हनन भएको छ। मानवअधिकार हनन भइसकेपछि त्यसको तथ्याङ्क सङ्कलन र प्रकाशन गरेर मात्र मानवअधिकारको संरक्षण र संवर्द्धन हुन सक्दैन। मानवअधिकार सङ्घसंस्थाले निगरानी र खबरदारी गर्नुपर्छ। इन्सेकले मानवअधिकार उल्लङ्घन भएको घटनालाई जेजति रूपमा उजागर गरेको छ, सो धेरै नै सराहनीय रहेको छ।

गोपीकृष्ण श्रेष्ठ, जिल्ला न्यायाधिवक्ता
जिल्ला सरकारी वकिलको कार्यालय, सल्यान

इन्सेकले यस अवधिमा मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई व्यवस्थित रूपमा नेपाल मानवअधिकार वर्षपुस्तकमा अभिलेख गरेको छ। यो नेपाल र नेपालीका लागि अन्तर्राष्ट्रिय गौरवको विषय बनेको छ। यस जिल्लाको मानवअधिकार उल्लङ्घनका घटनाहरू व्यवस्थित गर्ने क्रममा यसले एउटा ऐतिहासिक दस्तावेजका रूपमा काम गरेको छ।

गिर्दल बोहरा
अध्यक्ष, नेपाल बार एसोसिएसन, सल्यान

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गरी मानवअधिकार हननसम्बन्धी देशैभरि भएका घटना समाजसामु उजागर गर्ने गरेको छ। जसले गर्दा राज्य पक्षलाई दबाब सिर्जना भएको छ भने ज्यादतीलगायतका घटनामा संलग्न पक्ष र सरोकारवाला अन्य पक्ष त्यसतर्फ सचेत हुने गरेका छन्। नागरिक तहबाट राज्य र अरू सरोकारवालालाई खबरदारी आवश्यक छ, जुन काम नेपाल मानवअधिकार वर्षपुस्तकले गरेको छ। घटनाहरू कसैले पनि एकीकृत रूपमा सङ्कलन गर्न नसकेको अवस्थामा इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत जुन दस्तावेज तयार पार्दै आइरहेको छ, यसले मानवअधिकारका सन्दर्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा दीर्घकालीन र सकारात्मक प्रभाव पार्दछ।

रमेशकुमार गौतम
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, सल्यान शाखा

नेपाल मानवअधिकार वर्षपुस्तकले जिल्लास्थित कारागारको विषयमा पनि चासो लिएकाले मलाई खुसी लागेको छ। जीर्ण अवस्थामा रहेका कतिपय कारागारले कैदी बन्दीको सङ्ख्यामा वृद्धि हुँदा क्षमताभन्दा झन्डै चौब्बर कैदी बन्दीहरू राख्नुपर्दा सुधारगृह नभइ बिस्तारै यातनागृहतर्फ उन्मुख भएको महसुस गरेको छु। नेपाल मानवअधिकार वर्षपुस्तकले प्रत्येक वर्ष यस्ता कारागारका लागि आफ्ना तर्फबाट सक्दो सहयोगका लागि सम्बन्धित निकायको ध्यानाकर्षणका लागि पहल गरिदिनुपर्दछ।

विक्रम केसी
जेलर, कारागार कार्यालय, सल्यान

नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घन गर्नेलाई निरुत्साहित गर्ने, मानवअधिकारलाई संरक्षण र संवर्द्धन गर्न उल्लेखनीय भूमिका खेल्दै आएको छ। यस पुस्तकको प्रकाशनले मानवअधिकारप्रति सचेत र जिज्ञासु नागरिकका लागि मार्गदर्शक दस्तावेजको काम गरिरहेको छ। ग्रामीण क्षेत्रका समुदायस्तरमा हुने गरेका मानवअधिकार उल्लङ्घनका घटनालाई सकभर नछुटाएर प्रकाशन गर्न आग्रह गर्दछु। सल्यान जिल्लामा इन्सेकसँग हातेमालो गर्दै काम गरिरहेका छौं, जसका कारण नागरिकलाई मानवअधिकारको प्रत्याभूतिमा टेवा पुगेको छ।

सोबिता बस्नेत, अध्यक्ष
महिला मानवअधिकार रक्षक सञ्जाल, सल्यान

नेपाल मानवअधिकार वर्षपुस्तकको अध्ययन गर्दा नेपालमा मानवअधिकार उल्लङ्घनका घटनाका बारेमा जानकारी पाइयो। पछिल्ला दिनहरूमा इन्सेकले मानवअधिकारको संरक्षण एवम् संवर्द्धनका लागि धेरै भूमिका निर्वाह गरेको मैले पाएको छु । नेपाल मानवअधिकार वर्षपुस्तकमा मानवअधिकार उल्लङ्घनका घटनामा आफ्नो विस्तृत जानकारी आउने डरले पनि कतिपय उल्लङ्घनकर्ता निरुत्साहित भएका छन्। पुस्तकको माध्ययमबाट घटनालाई प्रकाशन गरी

पीडितलाई न्याय दिन र पीडकलाई कानुनी दायरामा ल्याउने अनुभूति मैले गरेको छु।

निमबहादुर नेपाली, इन्चार्ज
मध्यपश्चिम गैरसरकारी संस्था महासङ्घ, नेपाल

नेपाल मानवअधिकार वर्षपुस्तकले नेपालको मानवअधिकारको वास्तविकता चित्रण गरेको छ। पुस्तकमा उल्लेखित बालअधिकार, महिला हिंसा, घरेलु हिंसाजस्ता नेपालका समस्यालाई ऐनाजस्तै छर्लङ्ग पारिएको यो पुस्तक ज्यादै मर्यादित, लाभदायक र प्रशंसनीय रहेको छ। समाजमा भएका मानवअधिकार विरोधी क्रियाकलाप यस पुस्तकमा पढ्न पाइयो। अझ समयमै सम्बन्धित ठाउँमा प्रेषित गरी सबैले पढ्न पाउने अवसर प्रदान गरेमा यसको गरिमा बढ्ने कुरामा दुईमत छैन। यसको पहुँच सबै ठाउँ, वर्ग, क्षेत्र, लिङ्ग र जातजातिमा रहोस्।

यज्ञराज बोहरा, प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, सल्यान

नेपाल मानवअधिकार वर्षपुस्तक एक व्यवस्थित दस्तावेज मात्रै नभई मानवअधिकार उल्लङ्घनका घटनालाई समाजका अगाडि छर्लङ्ग पार्ने ऐना पनि हो। इन्सेकले निकै जिम्मेवारीपूर्ण ढङ्गले मानवअधिकारका क्षेत्रमा काम गरिरहेको छ। देशका विभिन्न स्थानमा भएका मानवअधिकार उल्लङ्घनका घटनाको खोजी गरी नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत प्रकाशन गर्ने यस संस्थाको काम अत्यन्त सराहनीय छ।

हरि केसी
अध्यक्ष, नेकपा एमाले, सल्यान

नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनकर्तालाई दबाब सिर्जना गरेको छ। सञ्चारकर्मीका लागि नेपाल मानवअधिकार वर्षपुस्तक निकै उपयोगी बनेको छ।

धनराज खड्का
प्रचार विभाग प्रमुख, नेकपा एमाले, रुकुम

द्वन्द्वको समयमा नेपाल मानवअधिकार वर्षपुस्तक महत्त्वपूर्ण दस्तावेज नै बनेको हो। यसपछि पनि नेपाल मानवअधिकार वर्षपुस्तकले हरेक वर्ष नेपालका मानवअधिकारका घटनाहरू सार्वजनिक गर्ने कार्य निकै राम्रो छ। राज्यलाई समेत चुनौती दिँदै मानवअधिकारको क्षेत्रमा पुस्तकले गरेको योगदानको कदर गर्नुपर्छ।

मीठु मल्ल
सभासद्, नेपाली काङ्ग्रेस, रुकुम

नेपाल मानवअधिकार वर्षपुस्तकले गाउँदेखि सहरसम्मका मानवअधिकारका घटनाहरू प्रकाशित गरी देशको मानवअधिकारको अवस्था प्रस्ट पारेको छ। आगामी दिनमा पनि यसले देशको मानवअधिकार प्रवर्द्धन गर्नका लागि अझै महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ।

कालीबहादुर खड्का
अध्यक्ष, नेमकिपा, रुकुम

मानवअधिकारको अवस्था चित्रण गर्नका लागि यसले द्वन्द्वको समयमा सङ्कलन गरेका घटनाहरू जति बेला पनि पल्टाएर हेर्न सजिलो भएको छ। नेपाल मानवअधिकार वर्षपुस्तकमा समेटिने सबै मानवअधिकार उल्लङ्घनका घटनाले मानवअधिकारको रक्षार्थ सचेत बनाएको छ । आगामी दिनमा अझ निष्पक्ष तरिकाले छुटेका घटनालाई स्थान दिइ निरन्तरता पाउने आशा छ।

धनवीर ओली
राज्य समिति सदस्य, एकीकृत नेकपा माओवादी, रुकुम

मानवअधिकार उल्लङ्घनका घटनालाई पल्टाएर हेर्नका लागि यो पुस्तक उपयोगी भएको छ। राज्यलाई मानवअधिकारको रक्षार्थ यसले सचेत बनाएको छ। यो पुस्तकमा समेटिएका मानवअधिकारका घटनाहरू विश्वसनीय हुन्छन्।

अर्जुन भण्डारी
सहायक प्रमुख जिल्ला अधिकारी, रुकुम

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तकका रूपमा प्रकाशन गर्दै आएको यस दस्तावेजको राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा अर्थ रहने गरेको छ। यसलाई अझ विश्वसनीय तथ्यपरक बनाउन घटनाका सूचना सङ्कलनदेखि प्रतिवेदन प्रकाशनसम्मका हरेक प्रक्रियामा ध्यान दिनुपर्छ। प्रतिवेदनमा उल्लेख भएका घटना विवरण र सङ्ख्याबाट जिल्लाको मानवअधिकार चिन्ताजनक रहेको प्रस्ट हुन्छ। कानुनको कार्यान्वयन कडाइका साथ नहुँदा मानवअधिकार उल्लङ्घन र

ज्यादतीका घटनामा वृद्धि भएको हो। धेरै घटनाहरू प्रकाशमा आउन सकेका छैनन्। घटना अभिलेखीकरण गर्दा भाषा सन्तुलन र मर्म नबिग्रने गरी लेख्नुपर्छ। ती घटना अभिलेखीकरण गरी जिल्लाको वास्तविक मानवअधिकार अवस्था बाहिर ल्याउन इन्सेक लाग्नुपर्छ।

डा. मानबहादुर विके, प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, बर्दिया

नेपाल मानवअधिकार वर्षपुस्तकमा छापिने प्रतिवेदनले जिल्लाको मानवअधिकारको अवस्था देखाएको छ। संविधानले दिएको मौलिक हक संरक्षण गर्न सके मात्र पनि समुदाय र देशमा मानवअधिकार विरोधी घटना न्यूनीकरण हुँदै जान्छन्। कुनै पनि मुद्दामा आरोपित अदालतले अन्तिम फैसला नगर्दासम्म दोषी हुँदैन। यस किसिमका घटनाको विवरण लेख्दा पीडित र आरोपितको मानवअधिकारको संवेदनशीलतालाई ख्याल गर्न आवश्यक छ।

दिवाकर शर्मा खनाल
निमित्त श्रेस्तेदार, जिल्ला अदालत, बर्दिया

घटनालाई प्रतिवेदनका रूपमा नेपाल मानवअधिकार वर्षपुस्तकमा मात्र निकाल्ने नभई त्यसलाई न्यूनीकरण गर्न प्रभावित समुदायमा सचेतना फैलाउने किसिमको कार्यक्रम पनि लैजानुपर्छ। प्रतिवेदनमा समेटिएका कतिपय घटना प्रहरीसमक्ष आए पनि केही घटनाका पीडितहरू अझै पनि सीधै प्रहरीमा आउन सकेका छैनन्। घटनाका पीडितहरूलाई न्यायिक प्रक्रियामा ल्याउन पनि पहल गर्न आवश्यक छ।

सुरेशविक्रम शाह
एसपी, जिल्ला प्रहरी कार्यालय, बर्दिया

वर्षपुस्तक मानवअधिकारको महत्त्वपूर्ण दस्तावेजका रूपमा स्थापित छ। कानुनी दायरामा नआएका घटना सम्बन्धमा इन्सेकले दायरा फराकिलो बनाउँदै दोषीले कानुनी सजाय पाए/नपाएको विषयमा निरन्तर अनुगमन गर्नुपर्ने देखिन्छ। अनुसन्धान र कानुनी प्रक्रियामा रहेका घटनाका सम्बन्धमा वर्षपुस्तकमा समेत संवेदनशीलतालाई ध्यान दिन आवश्यक छ। अदालतमा विचाराधीन मुद्दाको विवरण लेख्दा हुने शब्दको प्रयोगमा संवेदनशीलतालाई ध्यान दिनु आवश्यक छ।

नरेन्द्र शर्मा
अध्यक्ष, जिल्ला बार एसोसिएसन, बर्दिया

मानवअधिकारको विश्वव्यापी अवधारणालाई आत्मसात् गर्दै प्रत्येक व्यक्तिको मानवअधिकारलाई संरक्षण गर्नमा इन्सेकले पुऱ्याएको योगदान सराहनीय रहेको छ। प्रत्येक मानवले मानवोचित व्यवहार पाउनु उसको नैसर्गिक अधिकार हो। नैसर्गिक अधिकार हनन हुने गरी मानवअधिकार उल्लङ्घन गर्ने व्यक्तिलाई विद्यमान कानुनको दायरामा ल्याउने प्रक्रियाले आउँदा दिनमा मानवअधिकार उल्लङ्घनका घटनामा कमी आइ नागरिकको मानवअधिकार संरक्षणमा इन्सेकले गरेको प्रयासले थप योगदान पुग्ने विश्वास व्यक्त गर्दछु। राज्यको कानुन कार्यान्वयन गर्ने निकायका रूपमा काम गर्दै आएको नेपाल प्रहरीलाई समेत नागरिकको मानवअधिकारलाई संरक्षण गर्न इन्सेकले गरेका प्रयासले मार्गनिर्देश गर्ने कार्यमा थप सहयोग पुऱ्याइरहेको समेत जानकारी गराउँदै आउँदा दिनहरूमा यस क्षेत्रमा अझ प्रभावकारी कार्य सम्पादन गरी मानवअधिकार संरक्षणको क्षेत्रमा सफलता प्राप्त होस् भनी शुभकामना व्यक्त गर्दछु।

प्रेमबहादुर बस्नेत
डीएसपी, जिल्ला प्रहरी कार्यालय, बाँके

मानवअधिकार वर्षपुस्तक मानवअधिकार अभिलेखको महत्त्वपूर्ण दस्तावेज हो। राज्यका सबै निकायहरूबाट कार्यसम्पादन गर्ने क्रममा मानवअधिकारको अवस्थाको स्थिति आकलन र मूल्याङ्कन एवम् मानवअधिकार रक्षाका क्षेत्रमा कार्यरत मानवअधिकार रक्षकले अवस्थाका बारेमा समेत पुस्तक सन्दर्भ सामग्रीका रूपमा रहेको छ। वर्षपुस्तकले यस क्षेत्रमा भएका मानवअधिकार हननका घटनाका अतिरिक्त शान्ति प्रक्रियालगायत समग्र मानवअधिकार स्थितिको मूल्याङ्कन समेत प्रस्तुत गरेका कारण यसको सान्दर्भिकता विविध क्षेत्रका लागि महत्त्वपूर्ण हुन गएको महसुस गरेको छु। इन्सेकले मानवअधिकारको संवर्द्धनको क्षेत्रमा पुऱ्याएको योगदानको सराहना गर्दै भविष्यमा समेत यस प्रकारका कार्यहरूको निरन्तरताको कामना गर्दछु।

जीवनप्रसाद वली, प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, बाँके

नेपाल मानवअधिकार वर्षपुस्तकले देशको सिङ्गो मानवअधिकारको प्रतिविम्बन गरिरहेको छ। पुस्तकमा मानवअधिकार उल्लङ्घनका घटनाहरू समेट्ने र गलत गर्नेहरू सार्वजनिक हुने हुँदा मानवअधिकार उल्लङ्घन गर्दा जिम्मेवार निकाय तथा अधिकारी सोचेर मात्र काम गर्न बाध्य भएका छन्। पुस्तकले सबैलाई जिम्मेवार हुन र कानुनी राज्य स्थापना गर्न सघाउ पुऱ्याएको छ भने पुस्तकले सम्बन्धित सरोकारवालालाई मानवअधिकारप्रति सचेत र चेतनशील बनाउन मद्दत गरेको छ। यसका साथसाथै प्रत्येक घटनाको गहिराइमा पुगेर खोजबिन गरी प्रकाशित गर्नुपर्दछ। स्रोतलाई विश्वसनीय र भरपर्दो बनाउँदै सूचना सङ्कलन गर्दा राजनीतिक पूर्वाग्रहरहित हुनुपर्दछ। जिल्लाका मानवअधिकार उल्लङ्घनका धेरै घटना छुटेका छन्। इन्सेक प्रतिनिधि सदरमुकाम केन्द्रित हुनु हुँदैन। पुस्तकको स्तर अझै उचाइमा पुऱ्याउन इन्सेक प्रतिनिधिहरूको क्षमता विकास गर्नु पर्दछ।

राजेन्द्र कार्की
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, जाजरकोट

नेपाल मानवअधिकार वर्षपुस्तकमा विगतका वर्षहरू भन्दा यस वर्ष मानवअधिकार उल्लङ्घनका घटनाहरूको विषयमा फराकिलो ढङ्गले विश्लेषण गरेको मैले महसुस गरेको छु। आगामी दिनमा अझ वस्तुगत ढङ्गले अघि बढोस्। नेपाल मानवअधिकार वर्षपुस्तक नेपालकै मानवअधिकारको सन्दर्भमा ऐतिहासिक दस्तावेज भएकाले यसमा समेटिने घटनाहरू स्थायी शान्तिमा सहयोग पुग्ने हुनुपर्दछ।

प्रशान्त राना, सचिव
नेकपा-माओवादी जिल्ला सङ्गठन समिति, सुर्खेत

नेपाल मानवअधिकार वर्षपुस्तकमा समेटिने मानवअधिकार उल्लङ्घनका घटनाहरूले मुलुकमा स्थायी शान्ति कायम गर्नमा ठूलो सहयोग पुगेको छ। आगामी दिनमा यस कुरालाई मध्यनजर गरी निरन्तरताको कामना गर्दछु।

मोहन थापा
संयोजक, स्थानीय शान्ति समिति, सुर्खेत

मानवअधिकार वर्षपुस्तक नेपालको एक मात्र मानवअधिकारको दस्तावेजमा समेटिने घटनाहरू पीडितलाई न्याय दिने र पीडकलाई कारवाहीको दायरामा ल्याउनेतर्फ उन्मुख बनोस्।

नवराज रावत
अध्यक्ष, नेकपा एमाले, सुर्खेत

मानवअधिकारको संरक्षण, संवर्द्धनमा निरन्तररूपमा लागिपरेको इन्सेकले आफ्नो अभियानलाई अक्षुण्ण राखी अगाडि बढोस्। पक्षपातरहित तवरले मानवअधिकार उल्लङ्घनका घटनालाई समेट्ने प्रयास गरोस्।

श्यामकुमार भारती
सचिव, नेपाली काङ्ग्रेस, सुर्खेत

ऐतिहासिक दस्तावेजका रूपमा रहेको नेपाल मानवअधिकार वर्षपुस्तकमा समेटिने घटनाहरू यथार्थपरक, निष्पक्ष, वस्तुगत र सबैको आशाको केन्द्रविन्दु बन्नुपर्छ। साथै, इन्सेकले राज्य र सरोकारवाला सबैलाई मानवअधिकारको संरक्षणप्रति जवाफदेही कसरी बनाउने भन्नेतर्फ अभियान सञ्चालन गरोस्।

भीमबहादुर मल्ल
संयोजक, एकीकृत नेकपा माओवादी, सुर्खेत

नेपाल मानवअधिकार वर्षपुस्तकले नेपालको मानवअधिकार हनन र उल्लङ्घनका घटनाको पहरेदारी र खबरदारी गर्ने काम गरेको छ। वर्षपुस्तक नेपालको मानवअधिकारको सिङ्गो दस्तावेज भएको छ। यस पुस्तकले दैलेखका धेरै द्वन्द्वपीडितले राहत महसुस गरेका छन्। १० वर्षे द्वन्द्वका समयमा भएका घटनाको प्रलेखीकरणले राज्यका निकायलाई राहत तथा क्षतिपूर्ति दिन दैलेखमा सहयोग गरेको छ। सशस्त्र द्वन्द्व समाप्त भए पनि अझै त्यस समयमा राज्य र विद्रोही पक्षबाट भएका घटनाको खोज तथा अनुसन्धान हुन सकेको छैन। नेपाल मानवअधिकार वर्षपुस्तकमा ती घटना राख्नुपर्‍यो।

गोविन्ददेव भारती
अध्यक्ष, प्रेस चौतारी, दैलेख

मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई पुस्तकमार्फत जिल्लागत रूपमा सार्वजनिक हुँदै आएको विषयले पक्कै पनि मानवअधिकार उल्लङ्घनविरुद्ध पहरेदारी गरेको छ। यो पुस्तकले मानवअधिकारको

क्षेत्रमा महत्त्वपूर्ण काम गर्दै आएकामा दुईमत छैन।

खड्गबहादुर सिजापति
अध्यक्ष, नेपाल बार एसोसिएसन, दैलेख

मानवअधिकार हनन, ज्यादती, विभिन्न अपराधसम्बन्धी घटनाहरू राजनीतिक दल तथा गाउँका भद्र भलादमीहरूको दबाबका कारण गाउँमा नै बढी मिलापत्र हुने गरेकाले अझै पनि पीडितहरू न्यायिक निकायमा आउन सकेका छैनन्। गाउँघरमा नै मिलापत्र गरेका घटनामा पीडितले न्याय नपाउने भएकाले तथा यस्ता घटनामा न्यायिक निकायले न्याय सम्पादन नगरेको जस्तो जनमानसमा पर्ने हुँदा यस विषयमा समेत वर्षपुस्तकमा समावेश गरिनु पर्दछ।

गौरीशङ्कर उपाध्याय
तहसीलदार, जिल्ला अदालत जुम्ला

इन्सेकले प्रत्येक वर्ष नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गरी देशको मानवअधिकारको अवस्थालाई दर्शाउने गरेको छ। जिल्लाका ३० ओटै गाविस तथा इलाकास्तरका घटनालाई कसरी समेट्न सकिन्छ भन्ने विषयमा इन्सेकले प्रभावकारी व्यवस्थापन गर्नु पर्दछ।

राजेन्द्र न्यौपाने, निमित्त प्रमुख, राष्ट्रिय मानवअधिकार आयोग उपक्षेत्रीय कार्यालय, जुम्ला

इन्सेकले हरेक वर्ष मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनालाई सङ्कलन गरी पुस्तक प्रकाशनमार्फत बाहिर ल्याउने काम गरेको छ। अघिल्ला वर्षका घटनामा संलग्न व्यक्तिलाई कारबाही भयो भएन भन्ने विषयका घटना पनि समावेश गर्न सके पुस्तकको गरिमा अझ बढ्ने थियो।

दयादत्त हमाल
सचिव, नेपाली काङ्ग्रेस जिल्ला समिति, जुम्ला

नेपाल मानवअधिकार वर्षपुस्तकले एउटा प्रमाणका रूपमा काम गरेको छ। जिल्लाभरका मानवअधिकार उल्लङ्घनका घटनालाई अभिलेखीकरणका लागि हामी सबै सूचनाका स्रोतका रूपमा रहेर सहयोग गर्नेछौं।

भीमप्रसाद चौलागाई
नायब सुब्बा, जिल्ला प्रशासन कार्यालय, जुम्ला

नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गरेर इन्सेकले देशको मानवअधिकार अवस्थाबारे छर्लङ्ग्याउने प्रयास गरेको छ। नागरिकका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उल्लङ्घनका घटनाहरूलाई विशेष ढङ्गले समेट्दै प्रकाशन गरेमा पुस्तकको गरिमा अझ उचाइमा पुग्ने देखिन्छ।

यमबहादुर बुढा
सहायक प्रमुख जिल्ला अधिकारी, कालीकोट

मानवअधिकारको संरक्षण र संवर्द्धनका लागि इन्सेक नेपाल मानवअधिकार वर्षपुस्तकले पहरेदारीको काम गर्दै आएको छ। यो प्रशंसनीय कार्य हो। हरेक वर्ष मानवअधिकार उल्लङ्घनका घटनामा कमी ल्याउन यसले सकारात्मक भूमिका निर्वाह गर्नेमा आशावादी छु।

हिक्मतबहादुर विष्ट
अध्यक्ष, नेपाल बार एसोसिएसन, कालीकोट

नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनसम्बन्धी सत्यतथ्य घटनाको जानकारी लिन सहयोग मिल्छ। नेपालको सन्दर्भमा राज्य र गैरराज्यबाट उल्लङ्घन भएका घटना पीडित र पीडकपक्षको पहिचान गर्ने एक महत्त्वपूर्ण दस्तावेजका रूपमा काम गरी कठिन मिहिनेतका साथ सूचना सम्प्रेषण गरेको पाइन्छ। अत: आगामी दिनमा गल्ती-कमजोरीलाई सुधार गर्दै नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशनलाई जोड दिनुपर्ने देखिन्छ।

पदमबहादुर शाही, अध्यक्ष
नेपाल निजामती कर्मचारी सङ्गठन, कालीकोट

नेपाल मानवअधिकार वर्षपुस्तकले देशभर हुने मानवअधिकार उल्लङ्घनका घटनालाई इतिहास कायम गराउन अभिलेखीकरण गरिरहेको छ भने घटनामा दोषी देखिएकाहरूलाई कारबाहीको दायरामा ल्याउन तथा पीडितलाई न्याय प्रदान गर्न सहज बनाएको छ। मुगुजस्ता दुर्गम तथा पिछडिएका जिल्लाका नागरिकका समग्र अधिकार सुनिश्चित गर्न, नागरिकका अधिकारको रक्षाका लागि राज्यलाई प्रतिबद्ध बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

सुमन मल्ल, कार्यवाहक अध्यक्ष
नेपाल पत्रकार महासङ्घ शाखा, मुगु

मुगु जिल्लाको सन्दर्भमा मानवअधिकार सम्बन्धी उल्लङ्घनका घटनाहरू विगतका वर्षहरूमा झैं यस वर्ष पनि देखिएका छन्। खाद्यान्न अभाव,

महिलासम्बन्धी विभिन्न खाले हिंसा तथा राजनीतिक दल एवम् उनीहरूका भ्रातृ सङ्गठनबाट मानवअधिकारका घटना उल्लङ्घन भएका पाइएकाले पीडितलाई न्याय र पीडकलाई कानुनी सजाय दिनका लागि नेपाल मानवअधिकार वर्षपुस्तक पीडित पक्षको आवाज बन्नुपर्छ।

तोरण पराजुली, निमित्त प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, मुगु

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशनलाई निरन्तरता दिँदै नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ मा पनि राज्य, प्रहरी, प्रशासन, न्यायिक तथा गैरन्यायिक निकाय राजनीतिक दल एवम् जनप्रतिनिधिहरूबाट महिला, बालबालिका एवम् अन्य नागरिकउपर भएका मानवअधिकार उल्लङ्घनका घटना सार्वजनिक गरी मानवअधिकारका बारे सम्बन्धित सरोकारवाला निकाय र जनतालाई सुसूचित हुने मौका प्रदान गरेको छ। इन्सेकले कोही कसैको मानवअधिकार उल्लङ्घन भएको अवस्था देखिएको खण्डमा सम्बन्धित निकायलाई सचेत पहल गर्नु र यथार्थ घटनालाई मात्र प्रकाशन गर्नका लागि प्राथमिकता दिएकाले पनि नेपाल मानवअधिकार वर्षपुस्तक पीडितहरूको पक्षमा रहेको र पीडितको दस्तावेज बनेको छ।

नरेन्द्र देवकोटा, निमित्त जिल्ला न्यायाधिवक्ता,
सरकारी वकिल कार्यालय, मुगु

मानवअधिकार उल्लङ्घनका कतिपय घटनालाई बर्सेनि मानवअधिकार वर्षपुस्तकमार्फत बाहिर ल्याउने तथ्यलाई नकार्न मिल्दैन। पीडितको पक्षमा नेपाल मानवअधिकार वर्षपुस्तकले सत्यतथ्य घटना बाहिर ल्याउने गरेकाले मानवअधिकारको अवस्था छरपस्ट देखिएको छ।

डम्बर रावल, क्याम्पस प्रमुख
रारा शिक्षा क्याम्पस नाउर, मुगु

नेपाल मानवअधिकार वर्षपुस्तकले राष्ट्रको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको स्थितिलाई जानकारी गराउनुका साथै समाजमा भएका घटनालाई जस्ताको तस्तै उजागर गर्ने महत्त्वपूर्ण कार्य गरेको छ। यस कार्यमा नेपाल मानवअधिकार वर्षपुस्तकले समाजमा लुकेर रहेका विभिन्न घटनालाई निरन्तर समाजका सामु छर्लङ्ग हुने गरी ग्रामीणस्तरका नागरिकहरूलाई चेतनामूलक कार्यक्रम ल्याउन अझ आवश्यक छ। नागरिकसँग जनसरोकारका विषयमा सरोकारवाला निकायलाई पूर्णरूपमा जिम्मेवारी र जवाफदेही बनाउनका निम्ति सकारात्मक दबाब बढाउने कार्य गर्नेछ भन्ने कामना गर्दछौँ।

दल फडेरा (सञ्जय)
सचिव, नेकपा माओवादी, हुम्ला

नेपाल मानवअधिकार वर्षपुस्तक देशभर भएका मानवअधिकार उल्लङ्घनका घटनाको ऐतिहासिक सङ्ग्रह हो। यसलाई अझ व्यापक बनाउन समाजमा रहेका विद्यमान सामाजिक, आर्थिक, पक्षलाई उजागर गर्दै आगामी अङ्कमा पिछडिएका वर्ग, क्षेत्र, लिङ्गका समस्याहरूलाई समेटियोस्।

रमेश ऐडी
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, हुम्ला

इन्सेकले मानवअधिकारको प्रत्याभूति गराउनका लागि प्रत्येक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको छ। पुस्तकले विभिन्न तह र तप्काबाट भएका मानवअधिकार हननका घटनाहरू निष्पक्ष र स्वतन्त्र रूपमा प्रकाशन हुने गरेको छ भन्ने विश्वास लिएको छु।

कुँगा सन्डुप लामा
बाल कल्याण अधिकृत, जिल्ला बालकल्याण
समिति, सिमीकोट, हुम्ला

नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको क्षेत्रमा सराहनीय भूमिका निर्वाह गरेको छ। दुर्गम जिल्लाका विकट गाउँठाउँका मानवअधिकार हननसम्बन्धी विषयलाई इन्सेकले खोतलखातल गरेर आमपाठकसामु पस्कनु महत्त्वपूर्ण र प्रभावकारी कार्य हो। आउँदा दिनमा मानवअधिकारका साथै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक मुद्दालाई पनि इन्सेकले दरो रूपमा उठान गर्नेछ भन्ने आशा लिएको छु ।

नन्दबहादुर रोकाया
सहायक क्याम्पस प्रमुख, मानसरोवर
बहुमुखी क्याम्पस, हुम्ला

नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत मानवअधिकारका सत्यतथ्य घटनाहरूको सङ्कलन गरी राष्ट्रमा मानवअधिकार रक्षाको प्रत्याभूतिका लागि

महत्त्वपूर्ण भूमिका निर्वाह गरेकामा इन्सेकप्रति आभार प्रकट गर्न चाहन्छु। सांस्कृतिक, आर्थिक अधिकारसँग सम्बन्धित घटनालाई उजागर गर्न सके उचित हुन्छ।

राजबहादुर रोकाया
जिल्ला संयोजक, कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र, हुम्ला

नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको क्षेत्रमा पुऱ्याउँदै आइरहेको योगदान अतुलनीय छ। यसले निरन्तरता पाइरहोस्। यस प्रकाशनले कुनै पनि घटनाको उल्लेख गर्दा कोही कसैप्रति पूर्वाग्रह नराखी निष्पक्ष र यथार्थताको उत्खनन गर्ने कुरामा म विश्वस्त छु। यस प्रकाशनले समाजमा सकारात्मक सन्देश प्रवाह गर्दै जाओस् र देश विकासमा प्रभावकारी भूमिका निर्वाह गरोस्।

शम्भुप्रसाद सिटौला, निमित्त कार्यालय प्रमुख
जिल्ला प्रहरी कार्यालय, हुम्ला

मुलुकको वर्तमान सङ्क्रमणकालीन परिस्थितिका कारण महिला हिंसालगायत मानवअधिकार उल्लङ्घनका घटनाहरू दिन प्रतिदिन बढिरहेका छन्। वर्षपुस्तकले राज्य र गैरराज्यपक्षबाट विभिन्न क्षेत्र र समयमा भए/गरेका मानवअधिकार उल्लङ्घनका घटनाहरू एउटै पुस्तकमा समेटेर सार्वजनिक गर्नु साहसिक र महत्त्वपूर्ण कार्य हो। आगामी दिनमा मानवअधिकार उल्लङ्घनका सत्यतथ्य घटना जनतासमक्ष ल्याउन नेपाल मानवअधिकार वर्षपुस्तक अझ सफल हुनेछ भन्ने आशा गरेको छु। साथै सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक मुद्दा आगामी दिनमा विशेष रूपले उठान हुनेछ भन्ने अपेक्षा लिएको छु।

दल रावल
अध्यक्ष, नेकपा एमाले, हुम्ला

मानवअधिकार उल्लङ्घनका घटनाहरू उल्लेख गरी कसैप्रति पूर्वाग्रह नराख्ने गरी सबै सरोकारवालासँग नियमित समन्वय र सहकार्य गरेर मात्र सत्यतथ्य रूपमा अनन्तकालसम्म यस्ता प्रकाशनहरू प्रकाशित हुँदै जाओस्। विगत केही समयका घटनाहरू अध्ययन गर्दा यसबाट समाजमा सकारात्मक भूमिका निर्वाह गर्न तथा सरोकारवालालाई जिम्मेवारी महसुस गराउन यस्ता पुस्तक प्रकाशनबाट निक्कै नै सघाउ पुग्न गएको हुनाले समाजलाई सन्तुलितरूपमा विकास कार्यमा अग्रसर गराउन यस्ता प्रकाशनहरू कोसेढुङ्गा साबित हुन सकून् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

शङ्करहरि आचार्य, प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, हुम्ला

नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको विषयमा मानवअधिकारसम्बन्धी जनचेतनाको विकास गरी आफ्नो अधिकारका बारेमा आफैँ चेतनशील हुन सिकाओस् भन्दै समाजमा सकारात्मक भावनाको विकास गरोस् भन्ने अपेक्षासहित यो पुस्तकले निरन्तरता पाओस् भन्ने शुभकामना दिन्छु।

कुलबहादुर फडेरा, जिल्ला शिक्षा अधिकारी
जिल्ला शिक्षा कार्यालय, हुम्ला

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्न लागेकामा हार्दिक आभार व्यक्त गर्दछु। व्यक्तिलाई समुदायमा भएका विभिन्न किसिमका सूचनाका बारेमा जानकारी गराउँदै गरिब, निमुखा जनताप्रतिको हित प्रवाहका लागि मानवअधिकारको प्रत्याभूति गराउन यो पुस्तकले सहयोग पुऱ्याउने मैले अपेक्षा गरेको छु।

निमित्त श्रेस्तेदार
जिल्ला अदालत, हुम्ला

नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घन, ज्यादती र हननसम्बन्धी घटनाहरूको अनुसन्धान गर्न तथा मानवअधिकारको अवस्था बुझ्न अत्यन्त उपयोगी भएको मैले महसुस गरेको छु। इन्सेकको यो कार्य अत्यन्तै सराहनीय छ। नेपाल मानवअधिकार वर्ष २०१४ ले मानवताको सम्मान, कानुनी राज्यका अवधारणा, न्यायपूर्ण शासनमा आधारित शान्ति, सुव्यवस्था होस् भन्ने विश्वासका साथ मानवअधिकारको संरक्षण र संवर्द्धन कार्यको प्रयास निरन्तर होस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

राजेन्द्रप्रसाद चौधरी
एसपी, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाहरूको राम्ररी जानकारी हुने गरेको छ। पीडितहरूलाई राहत पुग्ने र मानवअधिकारका सवालमा आमजनतालाई जागरुक बनाउने महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

कतिपय कारणले उजागर हुन नसकेका मानवअधिकार उल्लङ्घनका घटनाको गहन अध्ययन र विश्लेषण गरी बाहिर ल्याउनसके नेपाल मानवअधिकार वर्षपुस्तक आफ्नो उद्देश्यमा अझ सफल हुनेछ।

सुरेन्द्र विष्ट
सचिव, नेकपा (एमाले) जिल्ला कमिटी, कञ्चनपुर

नेपाल मानवअधिकार वर्षपुस्तकले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। मानवअधिकार उल्लङ्घनका घटनाहरूको सङ्कलन र अभिलेखीकरणले मानवअधिकारको अवस्थाका बारेमा जानकारीसमेत दिने गरेको छ। यस पुस्तकलाई मानवअधिकार अवस्थाको अध्ययन तथा अनुसन्धानका लागि सरोकारवाला सबैले स्रोत सामग्रीका रूपमा प्रयोग गर्नु उपयुक्त भएकाले यस पुस्तकसम्म सबैको पहुँच पुऱ्याउनुपर्छ।

राजेन्द्रप्रसाद भट्ट, कार्यवाहक अध्यक्ष
नेपाल पत्रकार महासङ्घ, जिल्ला शाखा, कञ्चनपुर

नेपाल मानवअधिकार वर्षपुस्तकमा मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई निर्विवाद रूपमा निकाल्दै आइरहेको छ। इन्सेकले प्रकाशन गरेका मानवअधिकार उल्लङ्घनका घटनाहरूको पुनरावलोकन गरी पीडितले न्याय पाए/नपाएको अवस्थालाई पनि यस पुस्तकमा समेटिए यस पुस्तकको प्रभावकारिता अझै बढ्ने थियो।

भुवनकुँवर केसी
क्षेत्रीय कार्यक्रम अधिकृत, कोक्याप,
कञ्चनपुर

नेपाल मानवअधिकार वर्षपुस्तक सबैको साझा दस्तावेज भएकाले यसको सफलताको कामना गर्दछु। पुस्तकमा प्रकाशित मानवअधिकार उल्लङ्घनका घटना भरपर्दा, विश्वसनीय हुने भएकाले यसको महत्त्व राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा बढेको छ। देश सङ्क्रमणकालीन परिस्थितिमा भएको यस अवधिमा हुने सबैखाले बन्द-हडताल, चक्काजाम, व्यक्तिगत हत्याका घटनालाई समावेश गर्दा भावी पुस्ताले सङ्क्रमणकालीन परिस्थितिमा नेपालमा भएको गतिविधिका बारेमा जान्ने मौका पाउने भएकाले यस्ता घटना पनि समावेश गरेमा वर्षपुस्तक अझै विश्वसनीय हुन्छ।

जगतबहादुर खड्का
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, बझाङ

नेपाल मानवअधिकार वर्षपुस्तकका उल्लेख गरिएका घटना सत्य र जीवन्त इतिहासको रूप बन्नुपर्छ। मैले विगतदेखि नै नेपाल मानवअधिकार वर्षपुस्तकहरू अध्ययन गर्ने अवसर पाएको छु। यो पुस्तक अध्ययन गर्दा बौद्धिक क्षमता आर्जन हुने गरेको अनुभूति भएको छ।

दिलबहादुर सिंह
अध्यक्ष, नेकपा एमाले जिल्ला कमिटी, बझाङ

नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई प्रकाशनमा ल्याई आमनागरिकहरूलाई मानवअधिकारप्रति सचेत, सजग र जागरुक बनाउने तथा सुरक्षाकर्मीलाई यस पुस्तकले मार्गदर्शनका रूपमा सघाउने विश्वास लिँदै यस प्रकाशनको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

आशा विक
संयोजक, स्थानीय शान्ति समिति, बझाङ

मानवअधिकार उल्लङ्घनका घटनाहरूमा विगतमा भन्दा अलि फराकिलो ढङ्गले विश्लेषण गरेको अनुभूति भएको छ। आगामी दिनमा अझै सकारात्मक ढङ्गले र सही वस्तुगत किसिमले घटनाहरूलाई बाहिर ल्याउन अत्यन्तै आवश्यक हुन्छ र इन्सेकले यो जिम्मेवारी निर्वाह गर्नेछ।

पृथ्वीबहादुर सिंह
सभापति, नेपाली काङ्ग्रेस, बझाङ

मानवअधिकारको अवस्था झल्काउने नेपाल मानवअधिकार वर्षपुस्तकको प्रकाशनको निरन्तर प्रयासले नागरिकको सुरक्षित जीवन, कानुनी राज्य र विधिको शासनबारे समग्र जानकारी हुन्छ। भविष्यमा समाजका लागि बितेका घटनाको समीक्षा गर्ने सबल माध्यमका रूपमा रहने मैले विश्वास लिएको छु।

सोनु सिंह
अध्यक्ष, गैसस महासङ्घ, बझाङ

नेपाल मानवअधिकार वर्षपुस्तकहरू मैले अध्ययन गर्ने मौका पाएको छु। यी पुस्तकहरूमा मानवअधिकार उल्लङ्घनका घटनाहरू उजागर गरी तथ्यपरक रूपमा कसैप्रति पूर्वाग्रही नभई यर्थाथ विवरण जनतासामु पस्केने गरेको मैले महसुस गरेको छु। आगामी दिनमा पीडितलाई न्याय दिलाइ पीडकलाई

कारबाहीको भागीदार बनाउन पक्का पहरेदारी गर्न यसले ध्यान दिनेछ।

अनन्तराज मरासिनी
श्रेस्तेदार, जिल्ला अदालत, दार्चुला

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गरेर देशभरको मानवअधिकारको अवस्थालाई उजागर गर्दै आएको छ। नेपाल मानवअधिकार वर्षपुस्तक राष्ट्रिय दस्तावेज बन्दै गएको छ। राज्यका निकायहरूलाई जवाफदेही बन्न गम्भीर बनाउने कार्य गरेको छ। यो अभियान अझ सशक्त, निर्भीक र निष्पक्ष बनोस्। हरेक नेपालीले यो देश मेरो पनि हो भन्ने अनुभूति गर्न सकून्।

शेरसिंह धामी
सदस्य, नेकपा एमाले, दार्चुला

मानवअधिकार हननका घटनाहरू जनतासामु ल्याउने कार्य नेपाल मानवअधिकार वर्षपुस्तकले गर्दै आइरहेको छ। यस कार्यको निरन्तरताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

मनोरथ जोशी, बालअधिकार अधिकृत,
जिल्ला बाल कल्याण समिति, दार्चुला

नेपाल मानवअधिकार वर्षपुस्तकमा समेटिएका विषयवस्तु ज्ञानवर्द्धक हुनुका साथै जीवनोपयोगी पनि छन् । जिल्लाको समग्र चिनारी पाइनु यसको अर्को विशेषता हो ।

दीपक काफ्ले
प्रमुख जिल्ला अधिकारी, डोटी

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार हननका घटना अनुगमन स्वतन्त्र र निष्ठापूर्वक गरी सङ्ग्रह गरिएको पुस्तक हो। नेपाल मानवअधिकार वर्षपुस्तकले नेपालमा मानवअधिकारको अवस्था र राज्यले खेल्नुपर्ने भूमिकाका बारेमा सधैं पृष्ठपोषण गर्दै आएको छ। इन्सेकले मानवअधिकार क्षेत्रमा राज्यलाई रचनात्मक सहयोग प्रदान गर्दै आएको छ।

वेदप्रसाद लेखक
प्रमुख जिल्ला अधिकारी, कैलाली

नेपाल मानवअधिकार वर्षपुस्तकको विगत लामो समयदेखि आफू पाठक भएको स्मरण गराउन चाहन्छु। नेपालमा मानवअधिकारको निष्पक्ष, निष्ठापूर्वक र यर्थापरक वार्षिकरूपमा प्रतिवेदन ल्याएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा समेत नेपालको मानवअधिकारको अवस्थाका बारेमा पाठकलाई सूचित गरेको पाइएको महसुस गरिएको छ। स्थानीय शान्ति समितिका लागि नेपाल मानवअधिकार वर्षपुस्तक एक कोसेढुङ्गा साबित भएको छ। विगतमा भएको सशस्त्र युद्धमा भएको मानवीय तथा भौतिक क्षतिको विवरण अभिलेख राखेकाले शान्ति स्थापनापछि पीडितलाई राहत तथा क्षतिपूर्ति दाबीका लागि पीडितको प्रमाणका रूपमा समेत लिँदै आएको पाइन्छ।

वीरबहादुर जेठारा
संयोजक, स्थानीय शान्ति समिति, कैलाली

नेपाल मानवमानवअधिकार वर्षपुस्तक नियमित रूपमा पढ्न पाउँदा ज्यादै खुशी छु। नेपाल मानवअधिकार वर्षपुस्तकमा प्रकाशित तथ्याकङ्हरूले नेपालमा हुने गरेका मानवअधिकार विरोधी क्रियाकलापहरूलाई सुचिकृत गरेको छ। ज्येष्ठ नागरिकहरूमाथि भएको सबै प्रकारका दुव्यर्वहार, अत्याचार आदिको पूर्ण विवरण तथा पीडकलाई दण्ड र पीडितलाई राहत प्राप्त गरेको विवरण पुस्तकमा समावेश गरिनुपर्छ। पुस्तकका आलेखहरूले राज्यलाई नीति निर्माणमा, अनुसन्धानमा, सरोकारवालाहरू अति नै उपयोगी हुने गरेको छ । ज्येष्ठ नागरिकहरूसम्बन्धी ऐन २०६३ ले परिभाषा गरेअनुसार ६० वर्ष पुगेका नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक भनेको छ। वर्षपुस्तकमा ज्येष्ठ नागरिकसम्बन्धी छुट्टै अनुसूची वा परिच्छेद बनाई प्रकाशन गरिएमा म जस्ता धेरै सरोकारवालाहरू इन्सेकप्रति अझ बढी आभारी हुने थियौं।

मनोहर उप्रेती
सचिव, राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घ
तथा
राष्ट्रिय प्रतिनिधि, ज्येष्ठ नागरिक दुर्व्यवहार
विरुद्धको अन्तर्राष्ट्रिय सन्जाल

अनुसूची

६

मानवअधिकार वर्षपुस्तक २०१४ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरु

परिच्छेद २ : संविधानसभा : अग्रगमनको प्रस्थान विन्दु

लेखक : मदन पौडेल

समीक्षक : विजयराज गौतम

परिच्छेद ३

३.१ न्यायपालिका

लेखक : प्रशन्नता वस्ती

समीक्षक : टेकनारायण कुँवर

३.२ कार्यपालिका

लेखक : गणेश भण्डारी

समीक्षक : प्रा.डा. रामकुमार दाहाल

३.३ व्यवस्थापिका

लेखक : नीर लामा

समीक्षक : प्रा. डा. रामकुमार दाहाल

परिच्छेद ४ : जोखिममा नेपाली मानवअधिकार रक्षक

लेखक : सम्झा श्रेष्ठ

परिच्छेद ५ : आप्रवासी नेपाली कामदार र मानवअधिकार

लेखक : बालकृष्ण बस्नेत

५.१ सप्तरी र सिरहामा जनता आवास कार्यक्रम

लेखक : दीपेन न्यौपाने/मनोहर पोखरेल/दुर्गा परियार

५.२ सिन्धुपाल्चोक जिल्लामा मानव बेचबिखनको अवस्था

लेखक : राजु पासवान/नातिबाबु धिताल

५.३ रुपन्देही जिल्लामा सुकुमवासी समस्या

लेखक : टङ्क खनाल/अमृत गिरी

५.४ कालीकोटमा स्वास्थ्य अधिकारको अवस्था

लेखक : नारायण सुवेदी/कालीबहादुर मल्ल

५.५ डडेल्धुरामा मुक्त हलियाको अवस्था

लेखक : कृष्ण विक/राजेन्द्र ठगुन्ना

जिल्ला प्रतिनिधिहरू

१. पूर्वाञ्चल

१.१ झापा - अर्जुनकुमार बस्नेत
१.२ इलाम - कोकिला ढकाल
१.३ पाँचथर - सन्दीप राई/मङ्गल बेघा
१.४ ताप्लेजुङ - देवराज गुरुङ
१.५ मोरङ - दीपेन नेउपाने/सुकदेव चौधरी
१.६ सुनसरी - सुकदेव चौधरी/शेखर ढकाल
१.७ धनकुटा - सन्तोष रुचाल
१.८ तेह्रथुम - छत्र रिमाल
१.९ भोजपुर - ज्ञानेन्द्र खड्का/किरण राई
१.१० सङ्खुवासभा - छेटु शेर्पा
१.११ सप्तरी - मनोहर पोखरेल
१.१२ सिरहा - दुर्गा परियार
१.१३ उदयपुर - कुशलबाबु बस्नेत
१.१४ खोटाङ - डीएम चाम्लिङ
१.१५ ओखलढुङ्गा - शिवप्रसाद ढुङ्गाना
१.१६ सोलुखुम्बु - पासाङ बम्जन तामाङ

२. मध्यमाञ्चल

२.१ धनुषा - विनोदकुमार रविदास
२.२ महोत्तरी - ईश्वरी काफ्ले
२.३ सर्लाही - विदुर प्याकुरेल
२.४ सिन्धुली - आनन्दप्रसाद दाहाल
२.५ रामेछाप - नवराज पथिक
२.६ दोलखा - उद्धव पोखरेल
२.७ रौतहट - विपीन गौतम
२.८ बारा - लक्ष्मी साह
२.९ पर्सा - कृष्णचन्द्र लामिछाने
२.१० चितवन - सावित्री सापकोटा
२.११ मकवानपुर - प्रताप विष्ट
२.१२ ललितपुर - रमेशप्रसाद तिमिल्सिना
२.१३ काभ्रेपलान्चोक - भोजराज तिमल्सिना
२.१४ भक्तपुर - रोशनराज अर्याल
२.१५ काठमाडौं - विवेक ढुङ्गाना
२.१६ धादिङ - सीताराम अधिकारी
२.१७ सिन्धुपाल्चोक - नातिबाबु धिताल
२.१८ नुवाकोट - केशव मिश्र
२.१९ रसुवा - हेमनाथ खतिवडा

३. पश्चिमाञ्चल

३.१ तनहुँ - प्रकाशचन्द्र भट्टराई
३.२ गोरखा - सुदीप कैनी
३.३ लमजुङ - कृष्ण अधिकारी
३.४ स्याङ्जा - सङ्गीता रानाभाट
३.५ कास्की - सनबहादुर थापा
३.६ मनाङ - कमानबहादुर गुरुङ
३.७ नवलपरासी - नारायण पराजुली
३.८ रुपन्देही - अमृत गिरी
३.९ पाल्पा - माधव बस्याल
३.१० कपिलवस्तु - नन्दराम पौडेल

३.११ अर्घाखाँची - नारायणप्रसाद भुसाल
३.१२ गुल्मी - नरेश भण्डारी
३.१३ बाग्लुङ - रामबहादुर जीसी
३.१४ पर्वत - माधवराज पाण्डेय
३.१५ म्याग्दी - घनश्याम खड्का
३.१६ मुस्ताङ - शर्मिला गुरुङ

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ - शालिकराम मुसाफिर/ गमनसिं खड्का
४.२ प्यूठान - रवीन्द्र पाण्डे
४.३ रोल्पा - धरेन्द्र डाँगी
४.४ सल्यान - मीना बुढाथोकी
४.५ रुकुम - आदर्श केसी
४.६ बाँके - विनोद पाण्डे
४.७ बर्दिया - मानबहादुर चौधरी
४.८ सुर्खेत - दुर्गा थापा
४.९ जाजरकोट - राजुकुमार शाक्य
४.१० दैलेख - यज्ञराज थापा
४.११ डोल्पा - विष्णुप्रसाद देवकोटा
४.१२ जुम्ला - मानदत्त रावल
४.१३ कालीकोट - कालीबहादुर मल्ल
४.१४ मुगु - जीवन सेजुवाल
४.१५ हुम्ला - मिमसिं नेपाली

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली - सुरबहादुर परियार
५.२ अछाम - शिवराज खत्री
५.३ डोटी - लवदेव भट्ट
५.४ बाजुरा - अर्जुन शाह
५.५ बझाङ - प्रकाश विक
५.६ कञ्चनपुर - कोमलनिरञ्जन भाट
५.७ डडेल्धुरा - राजेन्द्र ठगुन्ना
५.८ बैतडी - शेरबहादुर चन्द
५.९ दार्चुला - नरेन्द्रसिंह कार्की

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल

१. सोमराज थापा २. दीपेन न्यौपाने

मध्यमाञ्चल

१. कृष्ण गौतम २. राजु पासवान

पश्चिमाञ्चल

१. शिव खकुरेल २. टङ्क खनाल

मध्यपश्चिमाञ्चल

१. भोला महत २. नारायण सुवेदी

सुदूरपश्चिमाञ्चल

१. खडकराज जोशी २. कृष्ण विक

सन्दर्भ सामग्री स्रोत

इन्सेक पुस्तकालय

फोटो स्रोत

विमलचन्द्र शर्मा
इन्सेक जिल्ला प्रतिनिधिहरू

पुरस्कृत जिल्ला प्रतिनिधिहरू

गत वर्षझैं यस वर्ष पनि सम्पूर्ण प्रतिनिधिमध्येबाट एक जनालाई राष्ट्रियस्तरको 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले, अन्य पाँच जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि'लाई प्रशंसापत्र र रू. १०,०००।- तथा 'उत्कृष्ट जिल्ला प्रतिनिधि' लाई प्रशंसापत्र र रू. ७,०००।- प्रदान गरिएको छ।

सर्वोत्कृष्ट

मनोहर पोखरेल, सप्तरी

उत्कृष्ट

सन्तोष रुचाल, धनकुटा, पूर्वाञ्चल
नवराज पथिक, रामेछाप, मध्यमाञ्चल
प्रकाशचन्द्र भट्टराई, तनहुँ, पश्चिमाञ्चल
मानबहादुर चौधरी, बर्दिया, मध्यपश्चिमाञ्चल
प्रकाश विक, बझाङ, सुदूरपश्चिमाञ्चल

इन्सेक पुस्तक १६८ / २०७०



विगतमा जनताका विरुद्ध गरिएका अत्याचारको उपचार र फेरि त्यस्तो नदोहोऱ्याउने भरपर्दो सङ्कल्प अर्को प्रमुख एजेन्डा हो। हिजो संस्थागत अपराध भएकोले संस्थागत सुधारका दृष्टिकोणले यो विषयको उपचार खोजिनुपर्छ। सङ्क्रमणकालीन न्यायका विश्वस्तरीय परिभाषा छन्। हाम्रो सर्वोच्च अदालतले यथेष्ठ फैसला र निर्देशनसमेत दिइसकेको छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतको पक्षराष्ट्र बन्नका लागि पुनर्स्थापित संसद्ले सर्वसम्मत निर्देश पनि दिइसकेको हो। हामी संसारबाट अलग्गिएर रहन सक्दैनौं। सङ्क्रमणकालीन सजायको कानुन बनाएर र विशेष अदालतको गठन गरेर स्थापित न्यायिक प्रक्रिया नबिग्रने गरी विगतका द्वन्द्वको समाधान खोज्नुपर्छ।

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार
पत्र मञ्जुषा : २७२६, काठमाडौं
फोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेबसाइट : www.insec.org.np, www.inseconline.org

ISBN 978-9937-8583-5-9